इ.पु ५८०

तुलसीदास

रामायण

इ.पु. ५८०

तुलसीदास

रामायण

* भजद्रुजिनभञ्जनो जयति जानकीशो हरिः *

श्रीमद्गोस्वामि-तुलसीदासकृत-मानस

रामायण

प्रति·पृ·५८० 2

साहित्यमणि-विद्याभूषण-साहित्याचार्य
कुलचन्द्रगौतम-निर्मित भावबोधिनी
टीकासहित

यस्मा ग्रन्थको तात्पर्य बुझाउने सरस-सरल टीका, उपयुक्त अनेकानेक टिप्पणी, प्रासङ्गिक कथा, गोस्वामीजीको जीवनचरित, रामायणमाहात्म्य, रामायण-पारायणको विधिविस्तार, काम्यपारायण विधि, संकटमोचनाष्टक इत्यादिको संग्रह भएको छ

यो ग्रन्थ ने. भा. प्र. समितिबाट सम्मत भएको छ.

यस्को सर्वाधिकार टीकाकारको स्वाधीन छ.

यो
ज्ञानमण्डल-यन्त्रालय कबीरचौरा काशीमा, माधव विष्णु पराड़कर द्वारा छापियो.

विक्रम-संवत् १९९६

प्रथम-संस्करण

प्रति संख्या ५०००

प्रकाशक—पं० कुलचन्द्र गौतम, छोटीगैवी, काशी ।

R.

NEPAL SANSKRIT UNIVERSITY, 1986 AD
पुस्तकालय

Acc: 1112
९९९२

श्रीरामचरितमानसको विषयानुक्रमणिका

पृष्ठसंख्या

१ भूमिका ७
२ टीकाकारको निवेदन ११
३ संशोधकको वक्तव्य १२
४ तुलसीदासजीको जीवनचरित्र १३
५ पारायणका विषयमा वक्तव्य १९
६ पारायणविधि २०
७ रामायणका काम्यपारायणमा वक्तव्य २७
८ काम्यप्रयोग २८
९ रामायणमाहात्म्य ३२
१० मंगलाचरण ३२

प्रथमसोपान—बालकाण्ड

कथा प्रसङ्ग

विषय

१ मंगलाचरण १
२ खलवर्णन ९
३ विधाताका प्रपञ्चको विचित्रता १३
४ कुसंगतिले हानी र सुसंगतिले लाभ १५
५ राम-नामको वन्दना ३२
६ रामचरितमानसलाई मानस (सरोवर)भन्नाको कारण ... ५८
७ कथारम्भ ६९
८ सती-चरित्र ७३
९ पार्वती-जन्म र तपस्या ९१
१० काम-दाह र रति-वरदान १०८
११ शंकर-प्रार्थना ११४
१२ पार्वती-परीक्षा ११५
१३ पार्वती-मंगल ११७
१४ कैलास-महिमा र शिवपार्वती-संवाद १३२
१५ काकभुशुण्डी-गरुडसंवादमा राम-चरित्र वर्णन १४७
१६ जय-विजय शाप र जालंधरवध १४९
१७ नारद-मोह र विष्णु-श्राप १५५
१८ मनु-शतरूपाको तपस्या १६७
१९ भगवान्का-स्वरूपको वर्णन १७१

विषय ... पृष्ठ
२० प्रतापभानु-कथा र श्राप १७६
२१ रावण-कुम्भकर्ण-जन्म, तप, वर-प्राप्ति, र अत्याचार १९६
२२ पृथ्वीको देवताहरू-सहित ब्रह्मलोक गमन २०५
२३ ईश्वर-स्तुति र आकाश-वाणी २०७
२४ दशरथपुत्रेष्टियज्ञ र पुत्रोत्पत्ति २११
२५ नामकरण, बाललीला, र संस्कार २१८
२६ विश्वामित्रको अयोध्यामा आगमन र यज्ञ-रक्षार्थ राम-लक्ष्मण-याचना २२७
२७ ताडका-वध र मुनिमख-रक्षा २२९
२८ अहल्या-श्राप-मोचन, गंगा-स्नान, र जनकपुरप्रवेश २३२
२९ पुष्प-वाटिकामा राम-जानकीको परस्पर-दर्शन प्रेम २५०
३० धनुषयज्ञ र धनुर्भंग २६१
३१ परशुराम-क्रोध, लक्ष्मण-परशुराम संवाद र क्रोध-निवृत्ति ... २८८
३२ जनकजीको दूत-प्रेषण र बरियाती गएको वर्णन ३०५
३३ दशरथ-विश्वामित्र-मिलन ३२०
३४ राम-लक्ष्मण-भरत-शत्रुघ्नको विवाह ३२५
३५ जनकपुरबाट बरियातीको बिदाई र अयोध्याआगमन ३५५
३६ मङ्गलाचार ३५८
३७ विश्वामित्रको निजआश्रमगमन ३७१
३८ फलस्तुति ३७२

द्वितीयसोपान—अयोध्याकाण्ड

कथाप्रसंग

१ मङ्गलाचरण ३७५
२ रामयौवराज्याभिषेकोत्सव ३७७
३ देवताहरूले डराएर उत्सवभंगगर्न सरस्वती-संग प्रार्थना ... ३८५
४ मंथरा-कैकेयी संवाद र कैकेयीको कोप-भवनमा प्रवेश ... ३८६
५ महाराज-दशरथको कैकेयीका अन्तःपुरमा गमन ... ३९७
६ कैकेयीको वरयाचना र दशरथ-विलाप ४००
७ सुमंत्रले रामजीलाई बोलाएको, कैकेयी-श्रीरामसंवाद, श्रीरामको माता कौशल्या संग बिदाहुनु, राम-जानकी संवाद, र लक्ष्मणको वन जानाका निमित्त प्रार्थना ४१०
८ वनयात्रा ४४६
९ शृंगवेरपुर-प्राप्ति ४५१
१० निषादले पाउ धोएको र सुरसरितरण ४६५
११ भरद्वाजमुनिसंग भेट ४६९
१२ मार्गनिवासीहरूको प्रेम र वाल्मीकिमिलन ४७२

ई. ई. ५८०

विषय पृष्ठ
१३ चित्रकूट निवास ४९२
१४ दशरथको शरीरत्याग ५११
१५ भरतको मावलीबाट आगमन, कैकेयी-भर्त्सना र दशरथ-अंत्येष्टिक्रिया ५१६
१६ भरतको चित्रकूटतर्फ प्रयाण ५४०
१७ भरत-भरद्वाज ५५७
१८ प्रयागबाट प्रस्थान ५६६
१९ बन्धुमिलन ५८८
२० जनकागमन ६१४
२१ रामवनमा भ्रमण ६४७
२२ अन्तिमसभा ६५०
२३ पादुका प्रदान ६५३
२४ भरत विदाई ६५४
२५ फलस्तुति ६६३

तृतीयसोपान—अरण्यकाण्ड

कथाप्रसंग

१ मङ्गलाचरण ६६५
२ जयन्तकथा ६६६
३ अत्रिमुनिका आश्रममा सवारी ६६९
४ विराधवध ६७७
५ शरभङ्गदर्शन ६८०
६ सुतीक्ष्णमुनिदर्शन ६८२
७ अगस्त्यमुनिदर्शन ६८८
८ दण्डकारण्य (पंचवटी) प्रवेश ६९१
९ राम-लक्ष्मण संवाद ६९२
१० शूर्पणखादुश्चरित्र ६९५
११ खरदूषणसैन्यविध्वंस ६९८
१२ शूर्पणखाबाट रावणको उत्तेजना ७०५
१३ रावणमारीचसंवाद ७०७
१४ मारीचवध ७१२
१५ सीताहरण ७१४
१६ जटायुरावणयुद्ध ७१७
१७ श्रीरामजीको विलाप ७२०
१८ जटायुको मोक्ष ७२४
१९ कबन्धमोचन ७२७
२० शवरीसंवाद ७२८

	विषय	पृष्ठ
२१	पम्पावर्णन	७३५
२२	नारदागमन	७३७
२३	सन्तको लक्षण	७४१
२४	फलस्तुति	७४२

❀ चतुर्थसोपान—किष्किन्धाकाण्ड ❀

कथाप्रसंग

१	मंगलाचरण	७४५
२	ऋष्यमूकगमन	७४६
३	हनूमान् र रामको संवाद	७४७
४	सुग्रीव-मैत्री	७४९
५	बालिवधप्रतिज्ञा	७५२
६	बालिवध	७५५
७	वालिरामसंवाद	७५७
८	ताराविलाप	७६०
९	ताराप्रबोध	७६०
१०	सुग्रीवराज्याभिषेक	७६१
११	प्रवर्षणवास	७६२
१२	वर्षावर्णन	७६३
१३	शरद्वर्णन	७६६
१४	सुग्रीवभर्त्सना	७६७
१५	सीतान्वेषण	७७१
१६	हनूमदादिप्रेषण	७७२
१७	गुहादर्शन	७७३
१८	स्वयंप्रभा (योगिनी) दर्शन	७७४
१९	संपातिदर्शन	७७५
२०	हनूमत्प्रोत्साहना	७८०
२१	फलस्तुति	७८१

❀ पंचमसोपान—सुन्दरकाण्ड ❀

कथाप्रसंग

१	मंगलाचरण	७८३
२	हनूमान्जीको लंकायात्रा	७८४
३	मैनाकदर्शन	७८४
४	सुरसाहनूमत्संवाद	७८५
५	छायाग्रहनिग्रह	७८६

विषय … पृष्ठ
६ लङ्कादर्शन … … … … ७८६
७ लङ्किनीदण्डन … … … … ७८८
८ विभीषणसंगम … … … … ७८९
९ सीतादर्शन … … … … ७९२
१० रावण-सीतासंवाद … … … … ७९२
११ मुद्रिकार्पण … … … … ३९६
१२ सीताहनूमत्संवाद … … … … ७९७
१३ वाटिका-विध्वंस … … … … ८०१
१४ हनूमद्बन्धन … … … … ८०२
१५ रावण-हनूमत्संवाद … … … … ८०३
१६ लंकादहन … … … … ८०७
१७ चूडामणिसमर्पण … … … … ८०८
१८ सीतासन्देश … … … … ८०९
१९ मधुवनधर्षण … … … … ८१०
२० सीतावृत्तान्तवर्णन … … … … ८१२
२१ श्रीरामजीको विजययात्रा … … … ८१५
२२ विभीषणशरणागति … … … … ८१७
२३ समुद्रवंधन … … … … ८२९
२४ शुकको गिरिफ्तारी … … … … ८३०
२५ समुद्रनिग्रह … … … … ८३६
२६ फलस्तुति … … … … ८३९

❀ षष्ठसोपान—लङ्काकाण्ड ❀

कथाप्रसंग

१ मंगलाचरण … … … … ८४१
२ सेतुबन्ध … … … … ८४२
३ सुवेलशैलवृत्तान्त … … … … ८५१
४ मन्दोदरीले गरेको प्रबोध … … … ८५५
५ अङ्गदप्रेषण … … … … ८५७
६ अंगद-रावणसंवाद … … … … ८५९
७ मंदोदरीले फेरी-गरेको प्रबोध … … … ८७५
८ युद्धको आरम्भ … … … … ८७८
९ माल्यवान्ले गरेको उपदेश … … … ८८६
१० मेघनादको युद्ध … … … … ८८७
११ लक्ष्मण मूर्छा … … … … ८९१
१२ रामविलाप … … … … ८९६

विषय ... ... पृष्ठ
१३ कुम्भकर्ण-वध ८९८
१४ मेघनाद्-वध ९०८
१५ राम-रावण युद्ध ९१३
१६ रावणवध ९४२
१७ ब्रह्मादि-देवताले गरेको रामस्तुति ९५३
१८ फलस्तुति ९६६

❀ सप्तमसोपान—उत्तरकाण्ड ❀

कथाप्रसंग

१ मंगलाचरण ९६७
२ भरतमिलाप ९६८
३ रामराज्याभिषेक ९७९
४ सामवेदले गरेको रामस्तुति ९८३
५ यजुर्वेदले गरेको रामस्तुति ९८४
६ ऋग्वेदले गरेको रामस्तुति ९८५
७ शंकरकृत रामस्तुति ९८७
८ वानरवीरको विदाई ९९०
९ रामको सौराज्य ९९४
१० उपवन दर्शन १००६
११ सन्त र असन्तका लक्षण १०११
१२ प्रजालाई रामजीको उपदेश १०१९
१३ वसिष्ठरामसंवाद १०२३
१४ मानसको उपसंहार १०२७
१५ काकभुशुण्डी-गरुड संवाद १०३२
१६ काकभुशुण्डीको पूर्व-वृत्तान्त १०६७
१७ कलिधर्मवर्णन १०६९
१८ सतपञ्च-चौपाई (राम रहस्य) १०९४
१९ ज्ञानदीपक १०९९
२० भक्ति-चिन्तामणि ११०६
२१ सप्तप्रश्न १११०
२२ मानसरोग १११२
२३ गरुडभुशुण्डी-संवादको उपसंहार १११७
२४ फलस्तुति ११२६

५·२·४८०

श्री ३ महाराज जुद्ध संशेर जंग बहादुर राणा

श्रीमते जानकीजीवनाय नमः

* भूमिका *

कोटि शारदाको-भन्दा अधिक चातुर्य, सयकरोड-ब्रह्माको-भन्दा अधिक सृष्टिकुशलता, सयकरोड-विष्णुको-भन्दा अधिक पालनशक्ति, सयकरोडरुद्रको-भन्दा अधिक संहार-शक्ति भएका * उपमारहित † अनन्तकोटिब्रह्माण्डनायक ईश्वरले **"जैले २ धर्मको बाधा र अधर्मको वृद्धि उपस्थित हुन्छ, त्यसै-समयमा म अवतार लिन्छु"** यस्तो आफ्नो वचनको अनुसार रावणादिवध-रूपी-लीलाका निमित्त दशरथनन्दन-रामको रूप लिएर गरेका चरित्रलाई **रामायण** भन्दछन् । कल्पकल्पमा अनेक रावणादि-दुष्ट पैदा भएर धर्मबाधा र अधर्मवृद्धि गर्न लागेमा बराबर रामको अवतार लिएर लोककल्याणकारी-धर्मको रक्षा ईश्वरबाट भई-रहेको छ । **"वहाँका चरित्रको श्रवण-कीर्तनादि गरेर प्राणीहरू संसारमहासागरका पार पुगून्"** यस्तो उत्तम उद्देश्य लिई-कन दयानिधान-दिव्यदृष्टि-बाल्मीकि-महामुनिले रचना-गरिएको रघुनाथ-चरित **(रामायण)** सयकरोड-श्लोकप्रमाणको भएर स्वर्ग-मर्त्य-पातालका प्राणिको उद्धार गरि-रहेको छ ।

---

*चौ०—सारदकोटि अमित चतुराई * विधिसतकोटि सृष्टि निपुनाई ॥
विष्णुकोटिसत पालनकरता * रुद्रकोटिसतसम संहरता ॥

† छं०—निरुपम न उपमा आन रामसमान राम निगम कहै ।
जिमि कोटिसतखद्योतसम रवि कहत अतिलघुता लहै ॥
एहि भाँति निजनिजमतिविलास मुनीस हरिहि वखानहीं ।
प्रभु भावगाहक अतिकृपाल सप्रेम सुनि सुख मानहीं ॥

अनन्तकोटि-ब्रह्माण्डमा ब्रह्माण्डपीछे १।१ ब्रह्मा–विष्णु–महेश्वर रहेका छन् , अनन्तकोटि-ब्रह्माण्डनायक (पति) जो एकमात्र निर्गुण–र सगुण दुवै–अवस्थामा एकैसमय रहन शक्ने अचिन्त्यशक्तिमान् ईश्वर (महाविष्णु) हुन् , उनैले रामावतार लिएको हो, एकब्रह्माण्डपति विष्णुले होइन । यो कुरा सुन्दरकाण्डका—

चौ०—सुनु रावन ! ब्रह्माण्ड निकाया * पाय जासु बल विरचति माया ।
जा के बल विरञ्चि हरि ईसा * पालत सृजत हरत दससीसा ! ॥
संकर सहस विष्णु अज तोही * सकहिं न राखि रामकर द्रोही ॥

इत्यादिवचनबाट स्पष्ट बुझिन्छ ।

(१) यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत ! ।
अभ्युत्थानमधर्मस्य तदात्मानं सृजाम्यहम् ॥ [गीता०]

(२) चरितं रघुनाथस्य शतकोटिप्रविस्तरम् ।
एकैकमक्षरं पुंसां महापातकनाशनम् ॥

मर्त्यलोकमा रहेका अनेकानेक-रामायणमध्ये बाल्मीकीयरामायण अध्यात्मरामायण अगस्त्यरामायण अग्निवेशरामायण आनन्दरामायण जैमिनिरामायण नारदरामायण पुलस्त्यरामायण वसिष्ठरामायण ब्रह्मरामायण विश्वामित्ररामायण भरद्वाजरामायण भुशुण्डरामायण महारामायण याज्ञवल्क्यरामायण मार्कण्डेयरामायण (भारतीयवनपर्वान्तर्गत) ई रामायण लोकप्रचलित भएर ग्रन्थकर्ताहरूको उद्देश्यलाई सिद्ध गराउँदै-थिए । **अपसोस ! महाअपसोस !** कराल-कलिकालका प्रभावले संस्कृतवाणीका प्रचारको ह्रास-पूर्वक अपहेलना हुन लाग्यो, पूर्वोक्त-सवै-रामायणको अर्थबोध सवैलाई नहुने हुन-गयो, भक्ति-र-ज्ञानको मार्गै भत्केजस्तो हुन-जाँदा परमार्थका पथिकहरू नपाइने सम्म भए, आचार हरायो, कर्तव्याकर्तव्यको ज्ञान नहुँदा प्राणिहरू ऐहिकसुखवाट-पनि च्युत हुँदै-जान लागे, धेरै के भनौं ? भारतको भाग्यसूर्य अस्तायो ! भारतवर्षलाई गाढ-अन्धकारले घेर्‍यो !! । यही-समयमा ईश्वरीयकरुणाले बाल्मीकि-महामुनिका अवतार-स्वरूप **गोस्वामी तुलसीदासजीको** प्रादुर्भाव भयो, वहाँले **रामचरितमानस (तुलसीदासकृतरामायण)** प्रभृति अनेक-भाषाग्रन्थ बनाउनु भयो ❋ आस्ते-आस्ते गरीबगुरुवाका झोपड़ी (छाप्रा) देखी लिएर धनी-महाजनका महल र राजा-महाराजाका दर्वार-पर्यन्तको अन्धकार घट्तै जान-लाग्यो ! । अर्थात् धनी-गरीब, उच्च-नीच, बाल-वृद्ध, स्त्री-पुरुष, मूर्ख-पण्डित, सवै-भारतीय-प्रजाले सर्वत्र ती-ग्रन्थको आश्रय गरेर आफ्ना जीवनको सुधारणा गर्दै आफुलाई कृतार्थ गराउन लागे । **भारतीय प्रजाले-मात्र होइन-की विधर्मी-विदेशी विद्वान्‌हरूले-समेत आफ्ना-आफ्ना-भाषामा यसको अनुवाद (उल्था) गरेर आफ्नू गुणग्राही-पनालाई चरितार्थ गराउँदै मुक्तकण्ठतया यसको प्रशंसा गरेका छन् ।** सकलशास्त्रको सार लिएर रचना-गरिएको यो-ग्रन्थ पढ्दा सुन्दा जुन्प्रकारले चित्तमा आह्लाद भएर भक्तिरसको प्रवाह हुन लाग्दछ, त्यस्प्रकारले भक्तिरसको प्रवाह गराउने ग्रन्थ भाषाग्रन्थमा ता के कुरा संस्कृत-ग्रन्थमा पनि विरलै होलान् ।

तुलसीदासकृतग्रन्थावली—

१ रामचरितमानस
२ गीतावली
३ कवितावली
४ वैराग्यसन्दीपनी
५ रामाज्ञा प्रश्न
६ तुलसीसतसई
७ दोहावली
८ पार्वतीमङ्गल
९ रामललानहछू
१० जानकीमङ्गल
११ श्रीकृष्णगीतावली
१२ वरवैरामायण
१३ विनयपत्रिका

ई-सवै-ग्रन्थ मुद्रित भई भारतवर्षव्यापी भएका छन्, रामचरितमानसको प्रचार अधिक छ, प्रायः भारतवर्षका प्रत्येक छापाखानामा अनेक रूपले अनेक-आवृत्ति छापिएर यो-ग्रन्थ फैलिएको छ,

भूमिका

महाराज-दशरथ-जस्ता सत्यप्रतिज्ञ राजर्षि, श्रीरामजीजस्ता पितृ[२]-मातृभक्त सर्वसद्गुण[३]सागर चरित्रनायक, भरतजस्ता भ्रातृभक्त [४]धार्मिक अनुरक्त भाई, महारानी-कौसल्याजस्ती कर्तव्य[५]परायणा पातिव्रत्यपवित्रान्तरा नारी, महारानी सुमित्राजस्ती दूरदर्शिनी[६]-क्षात्रधर्मकुशला विदुषी, महारानी-सीताजीजस्ती आदर्शमहिलाँ[७]को संघटनावाट घटित हुन-गयेका-पवित्र-चरित्रले भूषित भएको यो ग्रन्थ सवै-सज्जनवर्गको प्यारो र सवै-ग्रन्थ-मध्ये उत्तम ठहरिन जानु उचितै हो ।

रामचरितमानस (यो-रामायण) रस-गुण-अलंकारको यथोचित समावेश गरेर रचिएको हुनाले साहित्यशास्त्रको मर्मज्ञ-भएका विद्वद्वर्गमा आदरणीय हुनु पनि उचितै हो, त्यसैकारणले विधर्मी-द्वीपान्तरनिवासी-विद्वान्हरूले समेत लाचारीका-साथ यसको यथोचित आदर गर्नु परेको हो । ज्यादा के लेखौं "रामचरितमानसले यावत्–संसारका बुद्धिमान्-सज्जनलाई अनुगृहीत गरेको छ" यसो भन्दा अत्युक्ति ठहरिने छैन ।

यस्तो अपूर्व यो ग्रन्थ विविधप्रकारका तत्कालप्रचलित-अनेक-देशीय भाषाशब्दले संक-

---

(१) महाराज-दशरथजीले प्राणभन्दा प्यारा रामजीलाई वनवास दिएर प्राणपरित्याग गरे; यहाँ भन्दा अधिक सत्यप्रतिज्ञता कहाँ पाइएला ?

(२) भोलीपल्ट राज्याभिषेक पाउने निश्चय भएकोमा अघिल्लै-दिन वनवासको कठोर आज्ञा पाउँदा-पनि मुख मलिन नपार्ने, माताजीवाट पिताका आज्ञाको उल्लङ्घन गर्ने सम्मति पाउँदा **"सुनु जननी ! सोइ सुत बड़ भागी * जो पितु मातु वचन अनुरागी"** यस्तो जवाव दिएर वनतर्फ रवाना हुने रामजीको पितृमातृभक्ति आबाल-वृद्ध प्रसिद्ध छ ।

(३) **"रामजी सवै-सद्गुणका सागर हुनुहुदो रहेछ"** भन्ने कुरा १ आवृत्ति यो रामायण पढ्यो भने विदित हुन्छ । यहाँ उल्लेख गर्दा अर्को रामायण तयार हुन्छ, तेती अवकाश छैन,

(४) खास-रामजीका मुहारवाट निस्केको—

"जो न होत जग जनम भरतको * सकल धर्मधुर धरनि धरत को " ॥

यो वचनवाट भरतको धार्मिकता स्पष्ट हुन्छ ।

(५) पिताको आज्ञापालन गर्न तयार भएका प्राणप्रिय छोरा–रामजीलाई आशीर्वाद दिएर जङ्गलतर्फ रवाना गरेर कर्तव्यपरायणतालाई स्थिर गराउने महारानी–कौसल्याको धैर्यलाई धन्यवाद छ ।

(६) केवल-भ्रातृप्रेमले वन जान लागेका प्यारा-छोरा लक्ष्मणजीलाई **"बाबू ! तिम्रा पिता राम, तिम्री माता सीता हुन्, जङ्गल तिम्रो राजधानी अयोध्या हो, सुविस्ता-साथ जाउ है"** भनेर विदागर्ने महारानी-सुमित्राको दूरदर्शिता र क्षात्रधर्मनिपुणतालाई बड़ेबड़े-नीतिनिपुण-विद्वान्ले खूब विचार गरेर धन्यवाद दिनुपर्दछ ।

(७) सासू-ससुरा-गुरु-पुरोहित-आमा-वाबू र अरु-सवैको अनुरोध-पछी न लागेर—

"मोहि मग चलत न होइहि हारी * छिन छिन चरन सरोज निहारी ॥
सबहिं भाँति पिय ! सेवा करिहौं * मारग जनित सकलस्रम हरिहौं ॥
पाँव पखारि बैठि तरु छाँहीं * करिहौं बात मुदित मनमाहीं ॥"

यस्तो प्रतिज्ञा गरी-कन पति (राम) का–पछि लागेर वनमा प्रतिज्ञानुसार पतिसेवागर्ने सीताजीको आदर्शभाव संसारमा सर्वोच्च छ ।

लित भएको हुनाले सर्वसाधारणले यसको अर्थ बुझ्न नशकेको देखेर हिन्दीका-विद्वान्हरूले अनेक टीका बनाएर छपाईकन यो ग्रन्थलाई सर्वसुगम पारेका छन् ।

हिन्दुस्तानमा निम्नश्रेणीका अपठित-व्यक्ति-लगायत-उच्चश्रेणीका बड़ेबड़े विद्वान्पर्यन्तका मानिस यसको गान गरेर जन्मलाई सफल गराउँदै-छन् ।

परन्तु हिन्दूको स्वतन्त्र-साम्राज्य भएको नेपाल देशमा, हिन्दीमा सर्वोच्च-भएका यो-ग्रन्थको प्रचार अति विरल भएको र, श्रद्धासम्पन्न, पवित्रदेशोत्पन्न, भक्तिमार्गावलम्बी-नेपालीय जनताले यस्वाट यथार्थबोध पाउन अद्यावधि नशकेकोमा आश्चर्य र ठूलो अपसोस थियो ।

आज **अचिन्त्यशक्तिमान्-भगवान् अनाथनाथ-दशरथनन्दन-रघुनाथ श्रीरामजीका चरणकमल संझेर कोटिकोटि वन्दना गर्दछु**, जसका अतुल-करुणाले प्रेरणागर्दा **प्रजावत्सल–धार्मिकधुरन्धर–विवेकसागर** इत्यादि-विशेषणलाई चरितार्थ गराएर देशको उद्धारमा तत्पर होइवक्सेका **श्री ३ महाराज जुद्धसंशेरजंगबहादूर-राणाको** पवित्र अन्तःकरणमा **"तुलसीकृत-रामचरितमानस-रामायणको आफ्ना प्रजावर्गमा अर्थबोधपूर्वक पूर्ण-प्रचार हवोस् र समस्त-राष्ट्र भगवद्भक्तिभावित भएर कल्याणमार्गारूढ हवोस्"** यस्तो सत्सङ्कल्प दृढ़ भईकन यथोचित व्यवस्थापूर्वक यो-भावबोधिनी-नामक टीका-सहित भएको रामचरितमानस छपाएर योग्य व्यक्तिलाई वितरण गर्ने अनुमति हुन-गयो ।

मेरा–मनोरथ–वमोजीम पूर्वोक्त **श्री ३ महाराज जुद्धसंशेरजङ्गबहादुरराणावाट** यो कार्य हुन गएको ले म हर्षगद्गद भएर श्रीरामजीका चरणकमलमा **"यो-सत्कर्मका प्रभावले समग्र-राष्ट्रको कल्याण र समग्रराष्ट्रको कल्याणकारी कर्मका-प्रभावले सदासर्वदा वहाँको पूर्ण कल्याण हवोस्"** यो प्रार्थना गर्दछु । इत्यलमधिकेन ।

मौनीबाबा
रत्नसागर धाम, जनकपुर ।

* टीकाकारको निवेदन *

अनन्तकोटिब्रह्माण्डनायक-श्रीरामजीका चरणकमलमा कोटिकोटि साष्टाङ्गदण्डवत्प्रणाम छ । भगवन् ! हजुरका-प्रेरणानुसार श्रीमौनीवावाका पवित्र-अन्तःकरणमा नेपालीयजनताको सेवा गर्नाका निमित्त तुलसीकृत-रामायणको नेपालीयभाषामा भावबोधिनी-टीकाको प्रचार गराउनामा श्रद्धा पैदा भएको हो । वहाँले यस-कामका निमित्त मलाई आदेश दिनुभयो ।

विविधभाषामय हुनाले र गम्भीर-भावपूर्ण हुनाले तुलसीकृत-रामायणको टीका बनाउने योग्यता ममा विल्कुल थिएन । तेस्माथी प्राक्तनकर्मार्जित-दुःखका कठोर-आघातले गर्दा थोडाबहुत भएको सँस्कृतको योग्यता पनि चकनाचूर भइ-सकेको थियो । यस्तो परिस्थितिमा पनि हजुरका अलङ्घनीय-प्रेरणाले लाचारीका-साथ टीका लेख्न तयार भएँ, अनेकानेक विघ्न-बाधा पर्दै-गए, तथापि यथाकथंचित् ग्रन्थको भावमात्र बुझाउने भावबोधिनी नामक टीका तयार भयो । ग्रन्थको छपाई-सम्बन्धी-काममा चाहिनु-पर्ने एकाग्रता-चित्तप्रसन्नता-इत्यादि-सामग्रीमध्ये कुनै-एउटा-सामग्रीलाई पनि रहन नदिने परिस्थिति पनि आई-लाग्यो, तथापि आज यो ग्रन्थ छापिएर जो समाप्त भयो, यस्मा फगत हजुरको अनुग्रह कारण हो ।

मूकं करोति वाचालं पङ्गुं लङ्घयते गिरिम् ।
यत्कृपा तमहं वन्दे परमानन्दमाधवम् ॥

यो-वचनको उदाहरण मलाई गरि-वक्सियो । म अनुगृहीत भएँ । भगवन् ! रघुवीर ! यो-टीकाका रचनामा अज्ञानमूलक जो जो त्रुटि हुन गएका छन्, छाप्ता-खेरी जो जो दोष पर्न गएका छन्, तिनका विषयमा क्षमा वक्सिएर दीन-दुःखी-अजान-प्रजावर्गमा यस्को प्रचार गराइ-वक्सनामा जो तजवीज ।

अनाथ, करुणाभिलाषी भृत्य–

कुलचन्द्र गौतम

❀ संशोधकको वक्तव्य ❀

"भाषा पढे बुद्धि विग्रन्छ" यस भनाईलाई सत्य मानी मैले भाषाका पुस्तकहरू धेरै जसो हेरेको थिएन। तुलसीकृत-रामायणको धेरै प्रचार देखता "यस्मा विशेष के रहेछ र सवैको यस्तो प्रवृत्ति छ" भन्ने कुतूहल ता अवश्य थियो, तर आलस्यवश अथवा समयन-आई-पुगेकाले हेर्ने संयोग परेको थिएन। ऐल्हे श्रीरामचन्द्रजीका अनुग्रहले नै भनौं सुप्रसिद्ध, पंडित, कुलचन्द्र गौतमजीले श्रीरामचरितमानसको नेपालीटीका वनाई "मौनीवावा" महात्माजीका आज्ञाले छपाउनलाग्दा, प्रूफ संशोधनको काम मैले गरेको हुँ।

"श्रीरामचरितमानस" अमूल्य ग्रन्थरत्न रहेछ। आदिदेखी अन्तसम्म निरवच्छिन्न (एकनास) भक्तिरसको प्रवाह वगीरहेकाले हेर्ने सुन्ने भक्तहरूलाई एक अलौकिक-आनन्द मिल्ने रहेछ। रामायण संस्कृतमा भाषाहरूमा धेरै छन्, श्रीरामचन्द्रको चरित्र वर्णन गर्नु नै सवैको-उद्देश्य छ, तर यसमा भक्तिनै प्रधान पारि सुन्दर-शैलीले वर्णनगरेकाले, यस्को ज्यादा प्रचार भएको हो। हिन्दीभाषामा "भक्तिरसप्रधान" भएको अर्को यस्तो पुस्तक छैन।

पंडित कुलचन्द्र गौतमजीको पाण्डित्य र सुन्दर-उत्कृष्ट-रचनाहरूले नेपाली-संसार लाई उज्वल पारेको छ, तसर्थ वहाँको परिचय दिनु व्यर्थ छ। वहाँले बनाएका यसटीकामा सरल-सुन्दर भाषा छ। वीच २ का टीप्पणीमा स्थानस्थानवाट संकलनगरी उद्धृत गरेका प्रासङ्गिक श्लोकहरू तत्तत् स्थानका उपयुक्त कथाहरू र सुन्दर आफ्ना कविताहरू राखि झन् सुन्दर "सुन्मा सुगन्ध" पारेको छ। श्रीरामचरितमानसमा संस्कृत, हिन्दीभाषा, उपभाषाहरूका शब्दहरूको धेरै समावेश भएकाले हामी (नेपाली) हरूलाई बुझ्न सारै कठिन थियो, तर पंडितजीले खुवै परिश्रम गरी वनाएका यस पुस्तकले हाम्रो जाति वहाँको सदा ऋणी रहनेछ। मलाई पूर्ण-विश्वास भयो कि यस पुस्तकले हाम्रा धार्मिक-संसारमा एक ठूलो-अभावको पूर्ति गर्नें छ।

यस पुस्तकको प्रकाशन चाँडै गर्नु परेकाले समयको सारै न्यूनता भो। रामायणमा पनि पाठभेदका उपद्रवले र प्रेस पनि नेपाली-भाषा एकदम न जान्ने "कोरा" पर्न गएकाले स्थानस्थानमा त्रुटी रहन गएको छ, तेस्मा विज्ञ-पाठकहरूले संशोधकको परिश्रम विचार गरि क्षमा गर्नु होला भन्ने आशामा छु।

साहित्यशास्त्री उदयराज।

श्रीगोस्वामितुलसीदासजीको

संक्षिप्तजीवनचरित्र

आजभन्दा करीब-चारसयेवर्ष अघि सोरोंगाउँ (सूकरक्षेत्र) मा एउटा कङ्गाली-भिक्षुक-ब्राह्मणकी धर्मपत्नीवाट एउटा बालक पैदा भयो । बालक पैदा हुनाका साथ ब्राह्मणीले प्राण छाडिन्, केही-दिन-पछि मातृहीन-बालकको पालन-पोषण गर्दा–गर्दै ब्राह्मणदेवताको पनि देहान्त भयो । मातृहीन-पितृहीन-धनहीन-जनहीन-भएको त्यो बालक यथाकथंचित् यताउतीका सज्जनहरूको आश्रय पाउँदा जीवित रहेर डुल्न-फिर्न सम्म शक्ने भयो । अनि त्यो रामराम भन्दै यत्र-तत्र डुलेर मागीमागीकन पेट पाल्ने हुन गयो । पेटको प्रचण्ड-अग्निज्वालाले पोलिएको त्यो-बालकले स्वजाति-विजाति, स्वदेश-विदेश, केही विचार नराखीकन घर-घर घुमी-घुमी-कन पाइएका अन्नमुष्टिले प्राणत्राण गर्‍यो । त्यो बालक बाजाबजेको सुन्नाका साथ दौडेर पुग्दथ्यो र पुरा-पात पाउँदा दङ्ग पर्दथ्यो, भोज-भतेरको खबर-मात्र पाउँदा–पनि प्रसन्न हुन्थ्यो र गृहस्थ-हरूका द्वारद्वारमा धर्ना दिन पुग्दथ्यो, एवं-रीत्या दुःखको परा-काष्ठामा पुगेको त्यो-बालक घुम्दैफिर्दै सोरोंग्राम-निवासी-स्मार्तवैष्णव-नरसिंहजीका अगाडी पुग्यो. उनले प्रेमका साथ तेस-बालकलाई आफ्ना-आश्रममा आश्रय दिएर राखे, त्यो बालक रामराम भन्दै हिंड्ने-हुँनाले रामबोला भन्ने-नामले प्रख्यात भएको थियो, अव महात्मा-नरसिंहदासजीले त्यस्को उपनयनसंस्कार (व्रतबन्ध) गरेर दीक्षा समेत दिए, तदनन्तर त्यो बालक तुलसीदासनामले प्रख्यात भयो । उनै-महात्मा-नरसिंहदासवाट सवै विद्या पढ्न पाउँदा यथा-समय ती-तुलसीदास धुरन्धर-विद्वान्, र महाकवि, समेत भए । गुणानुरागी-विवेकवान्–दीनबन्धु-पाठककी कन्यासँग इनको विवाह भयो, तुलसीदासजी आफ्नी-गृहिणीका साथ रहन लागे । उनकी–गृहिणीको शील–स्वभाव–सौन्दर्य उत्तमोत्तम थियो, त्यसो–हुनाले ती १ घडी–पनि स्त्रीसँग अलग हुन चाहँदैनथे ।

धेरै–पटक पाठकजीले स्नेहवश भएर केही–दिनको विदा मागेर छोरीलाई लिएर आउनु भनी मानिस पठाए, परन्तु विदा नपाउँदा तुलसीदासजीकी नवविवाहिता–धर्मपत्नीले माइत जान पाइनन्, उनका पिताले लाचारी–साथ छोरीलाई ल्याउन खास आफ्नै–छोरालाई पठाए, जिन–तिन भाईका साथ लागेर पाठकजीकी छोरी सुटुक्क माइत गइन्, तुलसीदास बाहिरवाट घर आउँदा घर शून्य देखेर झसङ्ग भए, सुन्दरी–प्यारी–यौवनवती–शीलवती–स्त्रीको विरहलाई तिनले वर्दास्त गर्न शकेनन्, रातारातगरेर लड्दै–पर्दै ससुराली पुगे । राती ढोका वन्द थियो बाहिरवाट आफ्नी–स्त्रीको नाम लिएर कराउन लागे, विना–आज्ञा माइत पुगेकी पाठक–जीकी–छोरीले पतिको आवाज सुनिन् र ढोका खोलिन्, अलोकति चित्तलाई कडा पारेर पाठकपुत्रीले पतिलाई **“यस्तो अन्धकारमय-रात्रिसमयमा मलाई पछ्याउँदै आउनुभयो, यसै-गरी पछ्याउनुपर्दैनथ्यो, यस्ता-प्रेमको आधा-प्रेम गरेर पछ्याएको भए खास-भगवान्-परमेश्वर भेट्टिनुहुनेथियो, र यो-अपार-संसारको पार पुग्नुहुनेथियो । हाड[2]-मासु-मल-मूत्रको थैला-भएको यो मेरो मैला शरीरमा यस्तो-विधिको प्रेम गर्ने तपाईंजस्ता बुद्धिमान्-पुरुषलाई**

---

(१) यो सोरोंग्राम राजपूताना, व्रज-गोकुल, पंजाब, काठियावाड़ इत्यादिप्रदेशको मुख्य तीर्थस्थान हो ।

(२) हाडमांसको देह मम, तापर जितनी प्रीति ।
तिसु आधी जो रामप्रति, अवसि मिटिहि भवभीति ॥
तुलसीदासजीकी प्रणयिनीले भनेको दोहा यही हो ।

धन्यवाद छ” यस्तो खस्रो–वचन सुनाइन् । ईश्वरका प्रेरणाले प्रेमवती–धर्मपत्नीका मुखवाट निस्केको त्यो–वचन तुलसीदासजीका कलेजामा बाणझैं गाडियो । तुलसीदासजी तिनै–स्त्रीगुरुले दिएको मन्त्रका एक–एक–अक्षर जस्तै फरक्क फर्के । त्यो–खवर पाएर पाठकजीका–छोरा तुलसीदासजीलाई फर्काउन गएका थिए, तर तुलसीदासजी भेट्टिएनन् र लाचार–भई आफैमात्र फर्के । ती घर–आउँदा तुलसीदासजीकी–धर्मपत्नी मूर्च्छा–परेकी थिइन्, व्यूँझे–पछी तिनले “म आफ्ना-पतिदेवतालाई रुखा-उपदेश गर्ने आपकी हूँ, वहाँ जानुभयो, अव म पनि जान्छु” भन्दाभन्दै प्राण छाडिन् । तुलसीदासजी त्यसरी विरक्तभई हिंडेर प्रयाग पुगे, त्यहाँ तिनले गृहस्थको भेष छाडेर साधु (वैरागी) को भेष लिए ।

त्यतावाट, अयोध्या, काशी, जगन्नाथ, रामेश्वर, द्वारिका बदरीनारायण, इत्यादि–तीर्थको यात्रा गर्दैगर्दै महात्मा–तुलसीदासजी मानससरोवर पुगे, त्यहाँ अनेक–साधुसन्तको दर्शन भयो, खास–काक–भुसुण्डीको पनि त्यहीं दर्शन भयो, कैलासपर्वतको परिक्रमा गरेर तुलसीदासजी तीर्थ–तीर्थमा विश्राम लिंदै फेरी काशी आइ–पुगे, यो तीर्थभ्रमण १४ वर्ष र १० महिना १७ दिन मा पूर्ण भएको हो भन्दछन् ।

काशीमा रहँदा श्रीरामजीको कथा सुनाएर भक्तजनलाई अनुगृहीत गर्ने नियम तुलसीदासजीले गरेको थियो। यी·महात्मा प्रतिदिन दिशाफराकत गर्न जङ्गल–तर्फ जान्थे, वाँकी रहेको पानी एउटा-पिप्पलवृक्षका फेदमा गिराइ–दिन्थे । रामजीका–सच्चा–भक्तका हातको पानी पिप्पल वृक्षका फेदमा दिनदिन पर्न लाग्यो, त्यहाँ रहेको प्रेत प्रसन्न भएर “महात्माजी ! तपाईंलाई जे इच्छा छ, भन्नुहोस्, म त्यो पूर्ण गरि-दिउँला ” भन्दै प्रकट भयो। तुलसीदासजीले–“म दशरथनन्दन-रामजीको दर्शन गर्न चाहन्छु” भने। प्रेतले विचार गरेर—“तपाई कर्णघंटामा रामकथा सुन्न जानुहोस्, हनूमान्जी पनि कथा सुन्न तहीं आउनुहुन्छ, तर वहाँलाई चिह्न मुश्किल छ। झुम्रेझाम्रे-कोढीको वेष लिएर सव-भन्दा पहिले आएर सव-भन्दा-पछि जाने हनुमान्जी हुन्, तिनैको शरण पर्नुहोस्, तपाईंको मनोरथ पूर्ण हुने छ ” भनी भन्यो।

तुलसीदासजी तदनुसार कथा सुन्न आएका विकृत-वेषभएका हनुमानूजीका पीछा परे। “चित्र-कूटमा श्रीरामजीको दर्शन पाउला, उहीं जाउ” भनेर हनुमानूजी अन्तर्धान भए।

तुलसीदासजी चित्रकूट पुगेर रामघाटमा आश्रम जमाएर वस्न लागे । ती प्रतिदिन मन्दाकिनी मा स्नान गरेर श्रीरामजीका दर्शनाभिलाषी भएर रामायणको पाठ र रामजीको नाममन्त्रको जप श्रद्धा साथ गर्दथे। एकदिन राममन्दिरको परिक्रमा गर्न जाँदा–खेरि वाटामा तुलसीदासजीले घोडामा चढेका धनु वाण लिएका, स्याम र गौर शरीर भएका अद्वितीय राम्रा दुई राजकुमारलाई देखे, परन्तु चिन्ह शकेनन्। तिनै–दुई राजकुमारको शरीरसौन्दर्य संझेर टोलाइ–रहेका–वेलामा हनुमानूजी प्रकट भएर “रामलक्ष्मणको दर्शन ता पायौ, चिह्नयौ कि चिन्हेनौ हँ ?“ भन्दा तुलसीदासजी ठुलो–पछितो मानेर थक्क ! थक्क ! गर्न लागे। हनूमानूजी–“धैर्य गर, भोली पनि दर्शन पाउला” भनी अन्तर्धान भए।

भोलीपल्ट–विहान तुलसीदासजी साविकवमोजीम ठाकुरजीको पूजा-लाई चन्दन घोट्न लागेका थिए, त्यसैवेलामा एउटा–अतिसुन्दर–किशोर–अवस्थाका–पुरुष आएर “वावा ! चन्दन दो” भन्दै अगाडी भए। तिनको मनोहर मूर्ति देखेर तुलसीदासजी एकटक–भई हेर्न लागे। “यस्पाली पनि तुलसीदासले प्रभुलाई चिह्न आँटेनन्” भन्ने विचारले हनूमानूजी सुगाको रूप लिई-कन तँही आएर—

चित्रकूटके घाट पर भइ सन्तनकी भीर।
तुलसिदास चन्दन घिसे तिलक देत रघुवीर॥

यो–दोहा पढ्न लागे। त्यो सुन्दा तुलसीदासजी ती–दिव्य पुरुषलाई हेर्दा–हेर्दै प्रेमविह्वल भएर

मूर्च्छा परे। भक्तवत्सल–प्रभुजीले आफैं चन्दन लाउनुभयो, तुलसीदासलाई–पनि चन्दनको प्रसाद लाई–दिनुभयो र अन्तर्धान हुनुभयो।

विउँझे–पछि प्रभुजीको रूप–माधुरी र भक्तवत्सलता संझदा तुलसीदासजीलाई बड़ो वेचैनी भयो। [एक–फेर झलक्क दर्शन पाएका थिए, नेत्र अघाएकै थिएनन् , त्यत्तिकैमा मूर्च्छा परि–हाले, फेरी दर्शन पाएनन् , वेचैनी किन नहोस् ?]

दिन–भरि खूव छट्पटाए, रामभक्तप्रेमी–हनुमानूजीले राती आएर आश्वासना दिए, केहि उपदेश पनि गरे, तुलसीदासजीको वेचैनी ता केहि घट्यो, रामरूपका दर्शनको उत्कण्ठा-भने झन् वढ्दै-गयो।

एक–दिन तुलसीदासजी जङ्गलतर्फ गएका थिए, तिनले जङ्गलैमा अत्यन्त–राम्रो रामलीला हुन–लागेको देखे। रामभक्तले रामलीला देखे–पछि कुन्–कुराको कसर हुन्थ्यो, धोको पुऱ्याएर राम लीला खूव हेरे। रावणवध भएर विभीषणलाई राजगद्दी दिएको उत्सव हेरेर हर्ष गद्गद भई तुलसीदासजी आफ्ना आश्रमतर्फ फर्के। वाटामा–भेटिएको–एउटा–ब्राह्मणसंग कुरा–कहानी गर्दा तुलसीदासजीले आफुले–देखेका–रामलीलाको वयान गरे। त्यो–व्राह्मणले “के कुरा गर्नु हुन्छ ? असौज-महिनामा हुने राम-लीला आजकाल किन हुन्थ्यो?”भन्दा तुलसीदासजीले—“पत्याउनुभएन हो कि ? लौ हिड्नुहोस्, रामलीलाका पात्र र स्थानको दर्शन ता गर्नुहोस्” भनेर ती ब्राह्मणलाई साथ लिएर उही ठाउँमा जाँदा केही देखेनन् र लज्जित हुनुपऱ्यो। “वारंवार प्रभुजीको दर्शन ता पाएँ, तर चिन्ह शकिन, म-जस्ता-अधमलाई पनि वारंवार दर्शन दिने दयासागर महाप्रभुको परिचय-पूर्वक दर्शन-पाए कस्तो होला,त्यो दर्शन कैले पाउँला’ इत्यादि विचार गर्दा–गर्दा प्रभुजीका–रूपको चिन्तन गर्दा–गर्दा तुलसीदासजीका अन्तर्दृष्टिमा श्रीरामजीको त्यो (अघिदेखिएको) रूप जम्यो, हिड्दा–डुल्दा, खादा–पींदा, व्यूँझदा–निदाउँदा त्यही–रूप झलमल्ल देखिन लाग्यो, कङ्गालीका कुलमा जन्मेका, दुःखको परा काष्ठा भोगेर भजन–मार्गमा लागेका, तुलसीदास सच्चा–महात्मा भए।

ई–घटना भए–पछि तुलसीदासजी चित्रकूटवाट अयोध्या गए, केही–दिन–पछि त्यतावाट काशी आएर प्रह्लादघाटमा रहन लागे। तिनै–ताकमा इनले भक्तिमार्गमा दृढ़ता गराउने रसिला, गीतावली कवितावली, दोहावली, विनयपत्रिका, वैराग्यसंदीपिनी, पार्वतीमङ्गल, जानकीमङ्गल, वरवैरामायण, श्रीकृष्ण गीतावली, रामललानहछू, तुलसीसतसई, इत्यादि ग्रन्थको रचना गरेर ठूलो लोकोपकार गरे।

“भाषामा रामायण बनाएर लोकोपकार गर”भन्ने श्रीरामजीको आज्ञा सपनामा पाएर इनले ‘रामचरिमानस’ [यो रामायण] वनाए। यो-ग्रन्थ वने-पछि इन्को ठूलो-ख्याति भयो, इन्का आश्रममा श्रद्धावान्-भक्तवर्गको भीड लाग्न लाग्यो। यस्तो प्रतिष्ठा देखेर काशीका पण्डितवर्गका चित्तमा ईर्ष्याको आगो वल्न लाग्यो। तिनीहरू हुल बाँधेर गोस्वामी-तुलसीदासजीका अगाडी आयेर भाषाग्रन्थ-बनाउमा शास्त्रीय-प्रमाण माग्न लागे, तुलसीदासजीले–

हरिहरजस सुरनरगिरा, वरनहिं सन्त सुजान।
हाँडी हाटक चारु, चिर राँधे स्वाद समान॥

यस्तो जवाव दिएर “म वादविवाद गरेर पाण्डित्यप्रकाश गर्न चाहन्न, तपाईंहरू वृथा समय नष्ट नगर्नुहोस्” भने। ती-शास्त्रिहरूले लज्जित भएर तिन्ताकका माननीय-परमहँस-मधुसूदनसरस्वती सँग तुलसीदासका विद्वत्ताको ईर्ष्यापूर्ण प्रसङ्ग उठाए। कुनै-मौकामा मधुसूदनसरस्वती र तुलसीदासजीको भेट भयो। मधुसूदनसरस्वतीले तुलसीकृत रामामायण हेरे, सच्चा-गुणको सर्वत्र-नभए-पनी कुनै-कुनै-विवेकवान्-पुरुषका-अगाडी पूर्ण कदर हुन्छ, सँस्कृतका-धुरन्धर-विद्वान्-मधुसूदनसरस्वतीका मुखारविन्दवाट–

आनन्दकानने ह्यस्मिन् जङ्गमस्तुलसीतरुः ।
कविता मञ्जरी यस्य रामभ्रमरभूषिता ॥

यस्तो उदार उद्गार निस्क्यो ।

तुलसीदासजी अघि काशी प्रह्लादघाटमा रहन्थे । एकदिन तिनका आश्रममा एउटा चोर आयो । त्यस्ले धनु-बाण लिएर पहरा दिन लागेका श्यामशरीर-किशोर-अवस्थामा-रहेका अत्यन्त सुन्दर १जनालाई देख्यो र चोरी गर्न शकेन । त्यस्ले भोलीपल्ट-विहान तुलसीदासजीसँग–"तपाईंका ढोकामा धनु-बाण लिएर पहरा दिने श्याममूर्ति-सुन्दर-पुरुष को हुन् ?" भनि सोध्यो । तुलसीदासजी छक्क परे । "मेरा धन-मालको हिफाजतका निमित्त महाप्रभुले पहरा दिनु-पर्दो-रहेछ, वहाँलाई तकलीफ दिने माल-ताल-धन-दौलत अव म राखिन" भनेर आफ्नू सर्वस्व कङ्गालहरूलाई वाँडेर तुलसीदासजीले त्यागव्रत लिए ।

नवद्वीपनिवासी-रविदत्त-नामभएका विद्वान्-ब्राह्मण काशीमा रहेका थिए, तिनले आग्रहपूर्वक तुलसीदासजीसँग शास्त्रार्थ गरे । त्यसमा तिनैले हारे । तिनका मनमा भयानक ईर्ष्याग्नि वल्न लाग्यो । गोस्वामीतुलसीदासजी स्नानगर्न गङ्गाजीतर्फ जाँदा-खेरि रविदत्तले उनलाई एकलासमा पीटनाका निमित्त कठवाँसको लाठो लिएर जाईलागे, तर नगीचमा पुग्दा खास-महावीरजीलाई तुलसीदासको रक्षाका निमित्त तयार रहेका देख्ता तिनको बहादूरी र ती संसँगै भागे । केहि–पछितो केही-रीस भएका कपटी-रविदत्त तुलसीदासको दिनदिनै सेवा गर्न लागे तिनका सेवाले तुलसीदासजीले प्रसन्नभएर "तपाईं के चाहनुहुन्छ ? भन्नुहोस्, म त्यो कुरा सिद्ध गरि-दिनेछु" यस्तो प्रतिज्ञा गर्दा तिनले "तपाईं काशी छाडेर अन्यत्र रहनुहोस्" यस्तो वर मागे, लाचारीकासाथ तुलसीदासजीले काशी छाड्नुपर्‍यो । विश्वनाथजीको वन्दना गरेर गोस्वामी-तुलसीदासजी काशी छाडेर दक्षिण–दिशापट्टी लागे । लागे ता पनि तिनको मन विश्वनाथमा एकाग्र लागेको थियो, त्यसो हुनाले वाटामा प्रकट भईकन शंकरजीले तिन्लाई धैर्य दिएर काशी–तर्फ फर्काउनु भयो । उता रविदत्तजी आफ्नू इष्टसिद्धि भएको हुनाले विश्वनाथजीको दर्शन गर्न गए, तुरन्तै मन्दिरको ढोका अचानक आफै वन्द भयो, भित्र–पट्टी–वाट "गोस्वामीतुलसीदासका पाउ पर, उनलाई मनाएर काशीमा राख । होइन भने तेरो सर्वनाश हुनेछ" यस्तो गंभीर भयानक ध्वनि निस्क्यो ।

त्यो ध्वनि धेरैले सुने, काशीका प्रतिष्ठित-व्यक्ति-टोडरमलले प्रार्थना गरेर आग्रह गरिकन तुलसीदासजीलाई काशी ल्याएर अस्सीघाट-निर आश्रम र घाट समेत बनाई-दिएर राखे ।

गोस्वामी तुलसीदासजी ध्यानावस्थामा रहेका–वेलमा एउटा–जोगी अलख अलख भन्दै आएर "वावा ! अलख कहो" भन्न लाग्यो । तुलसीदासजीले त्यसका-वचनमा ध्यान नदिंदा त्यो रिसाएर गाली गर्न लाग्यो, अनि गोस्वामी–तुलसीदासजीले झर्किएर—

हम लख हमहिं हमार लख, हम हमारके बीच ।
तुलसी अलखहिं का लखै, रामनाम जपु नीच ॥

यो दोहा पढे, त्यो जोगी लज्जित भएर गोस्वामीजीका पाउमा गिर्‍यो

माघमहिनामा एकदिन गोस्वामी-तुलसीदासजी कम्मरसम्मको पानिमा उभिएर तपस्या गरि–रहेको–वेलामा एउटी-वेश्याले आएर "ई-वाहुनलाई शरीरको माया कत्ति रहेनछ" भनी । तुलसीदासजी जलवाट उत्रेर जव धोतीमा जलछर्केर धोती फेर्न लागेथे, त्यस-वेलामा एउटा–छीटा वेश्याका शरीरमा पर्न–गयो । वेश्या दिव्यदृष्टि भइ–गई । त्यसका दृष्टिले स्वर्ग–मर्त्य–पातालका सवै–वृत्तान्त र वेश्यावृत्ति

लिएर गरेका पापको फलभोग–स्वरूप–भएका [आफुले भोग्नुपर्ने] यमयातना झलमल्ल देखी । तत्काल त्यो वेश्या गोस्वामीजीका पाउमा शरण परी । उनका उपदेशानुसार त्यसले रामजीको नामजप गरेर आफ्नु जिन्दगी सुधारी ।

महात्मा–तुलसीदासजीको अकवरवादशाहका–मन्त्री–खानखानाका–छोरा–अवदुलरहीमसँग गाढ मित्रता थियो, एकदिन तुलसीदासजीले **“सुरतिय नरतिय नागतिय, सह वेदन सव कोय”** [अर्थात् देवताका स्त्रीहरू, मनुष्यका स्त्रीहरू, नागका स्त्रीहरू सवैजना [प्रसूतीको] वेदना सहि–रहेका छन्] यस्तो समस्या लेखेर अबदुलरहीमकहाँ पठाइदिए । अबदुलरहीमले त्यो–समस्याको **“गर्भ लिए हुलसी फिरै तुलसीसौ सुत होय”** [अर्थात् तुलसीदासजस्तो छोरा होला कि भन्ने उत्साहले युक्त भएर] [ती स्त्रीहरू] गर्भ लिएर [पनि] डुल-फिर-गर्दै रहन्छन्] यस्तो पूर्ति गरेर पठाइ-दिए । गोस्वामीजी खूब खुशी भए ।

कुनै-दिन कुनै-ब्राह्मण मरे. तिनको लाशलाई बोकेर ब्राह्मणहरू **“श्रीरामनाम सत्य है”** भन्दै श्मशान-तर्फ जान लागेका थिए । लाशका पछि-पछी सती जान भनेर ब्राह्मणी हिडि-रहेकी थिइन्, बाटामा-उभिएका तुलसीदासजीलाई देखेर ती-ब्राह्मणीले हात जोरीकन प्रणाम गरिन् । तुलसीदासजीले **“सौभाग्यवती भव”** यस्तो आशिष दिए । मलामी-हरूले **“पतिका साथ सती जान लागेकी ब्राह्मणीलाई तपाईंका आशीर्वादले के फल देला ? गोस्वामीजी !”** यस्तो वचन अनादरका साथ बोले । गोस्वामीजी **“एकछिन इनको दागवत्ति नगर म चाँडै आउछु”** भनेर गइ-कन गङ्गाजीमा गोता लाएर ध्यानारूढ भएथे, अल्लिबेरमा ता त्यो-लाश निद्रावाट–विउँझेझैं गरेर जुर्मुराउदै उठ्यो । यो–घटनाले सवै जना छक्क परे, **श्रीराम ! जयराम ! जय जय राम !”** भन्दै पुनर्जीवित–ब्राह्मणलाई पत्नी–सहित अघि लगाएर सवै–मलामीहरु हर्षाश्रुका धारा वगाउदै फर्के ।

जव यस्ता-यस्ता–घटना हुन लागे अनि दिल्लीका बादशाहले खवर सुनेर तुलसीदासजीलाई वोलाई–पठाए । गोस्वामीजी चित्रकूट, ओडछा-को वाटो गरेर दिल्ली जान लागे । ओडछामा पुगे–पछि केशवदास-नाम-भएका कुनै–ठूलाव्यक्ति प्रेतरूपले गोस्वामीजीसित भेट गर्न आए, उनले विना-प्रयास प्रेतत्व हठाएर तिनको उद्धार गरे, ती विमान चढेर स्वर्गतर्फ गए ।

चरवारी गाउँका ठाकुरकी अत्यन्त–सुन्दरी छोरी थिइन् । परन्तु तिन्की आमाले जन्मने–वित्तिकै–देखि तिकन्यालाई पुत्र पैदा भयो भनि ढाँटेकी थिइन् । दैववश ति–कन्याको देशान्तरवासिनी कुनै–कन्यासँग विवाह पनि भैसकेर पछिवाट भेद खुल्दा त्यो घरमा बडो विषाद फैलिएको थियो. तिनै-ताकमा गोस्वामीजी तहाँ पुगे । सवैको प्रार्थना स्वीकार गरेर गोस्वामीजीले विधिविधानसहित–श्रीरामचरितमानस (यहीरामायण) को नवाहपारायण गरे, समाप्तिका–दिन टाकुरकी–कन्या अकस्मात् जवान-पुरुष भइन । यस्तो अघटित-घटना हुँदा चरवारीग्राम–निवासी–सवैका मुखवाट अप्रतिहत भएर घेरै–कालसम्म **“जय सीताराम !”** यस्तो अत्युच्च-ध्वनि निस्क्यो । गोस्वामीजी हर्षित भएर दिल्लीतर्फ रवाना भए ।

दिल्लीका वादशाहले गोस्वामीजीलाई बोलाएर **केही चमत्कार देखाऊ** भने । गोस्वामीजीले **“मलाई केही चमत्कार थाह छैन”** भन्दा वादशाहले उनलाई कैद गरे । तुलसीदास झ्यालखानामा पुग्नाका–साथ अकस्मात् लाखौं–वानरको बथान दिल्लीमा आएर उत्पात मचाउन लाग्यो । साराशहरमा हाहाकार पर्‍यो । वादशाहलाई ठुलो चोट लाग्यो । तुरन्तै तुलसीदासजीलाई कैदवाट छुटाएर उनले प्रार्थना गर्नुपर्‍यो । प्रार्थना-गर्नाका साथ वानरहरूको उत्पात शान्त भयो । आदर-सन्मानका साथ महात्मा–तुलसीदासजीलाई वादशाहले विदा गरे ।

महात्मा-तुलसीदासजीका इत्यादि अनेकानेक अद्‌भुत चरित्र, र करामात रघुवरदासकृत तुलसी–चरित, वावा–वेनीमाधवदासरचित–मूलगोसाईं–चरित, इत्यादि–हिन्दीग्रन्थमा विस्तार-गरिएका छन् । श्रीरामजीका कृपापात्र भैसकेका हुनाले ई–महात्माले अद्‌भुत–अद्‌भुत करामात अवश्य गरेका होलान्, ती करामातमा आधुनिक–सभ्यताका प्रभावले कसैकसैलाई विश्वास नभएपनि महात्मा–तुलसीदासजीका अरूअरू अविश्वसनीय (नपत्याइने) करामातभन्दा रामचरितमानसको रचनारूपी करामात अति-ठूलो छ, थोडाबहूत जान्ने साधारणव्यक्तिदेखी धुरन्धर—विद्वान्-सम्मका–व्यक्तिले यो रचनालाई ठूलो·करामात संझनुपर्दछ, अरू चरित्र सच्चा या झूटा जस्तासुकै हून्, तिन्को मीमांसागर्ने अधिकार हामीलाई छैन ता पनि रामायणरचनारूपी अद्‌भुत-चरित्र-र-करामात देखी-रहेका हामीहरूले लाचारीका साथ तुलसीदासजीलाई अलौकिक-महापुरुषसंझेर उनको आदेशमा यथाशक्ति चल्नै पर्दछ। यो-ग्रन्थको कलेवर सानो देखिन्छ ता पनि ठुलाठुला सकल-धार्मिक-ग्रन्थमध्यमा यो ग्रन्थ अतिठुलो छ। यो-ग्रन्थको रचना गर्ने सकसले गागरमा सागर भन्ने उक्तिलाई सत्य गराएका छन्। यत्रतत्र उपमा रूपक-उत्प्रेक्षा-स्वभावोक्ति आदिगरेका-अलंकारले सुशोभित-भएको यो·ग्रन्थ प्रधानतया भक्तिभावलाई जागरित पार्ने हुनाले आनन्द र कल्याणको मुख्य–साधन हुन-गएको छ। यसैकारणले महात्मा–तुलसीदास-जीका अरू-अरू–चरित्रको विस्तार गर्न–पछि नलागेर–उनका विषयमा।

यो-ग्रन्थजस्तो यो-ग्रन्थ बनाएर अहा! गयौ।
तुलसीदास गोस्वामी! तिमी-जस्ता तिमी भयौ॥

यत्ति भने पुग्दछ।

महात्मा–तुलसीदासजीको जन्मकाल कसैले विक्रम संवत् १५८३, कसैले १५८९ मानेका छन् जन्मकालको यथार्थ निर्णय हुन नशके पनि यो–रामायण (रामचरितमानस) को रचनाकाल—

संवत सोरह सै एकतीसा * करउँ कथा हरिपद धरि सीसा।
नौमी भौमवार मधुमासा * अवधपुरी यह चरित प्रकासा॥

[रामचरितमानस पृष्ठ ५५ चौ० ४–५]

यो–चौपाईका अनुसार संवत् १६३१ चैत्र [शुक्ल] नवमी मङ्गलवार खास ग्रन्थकारका उक्तिवाट स्पष्ट छ।

महात्मा–तुलसीदासजीको निर्याणकाल (मरणसमय)—

संवत् सोरहसै असी * असी गङ्गके तीर।
सावन सुकला सत्तमी * तुलसी तजेउ सरीर॥

यत्र–तत्र प्रचलित भएको यो–दोहाको अनुसार १६८० संवत्, श्रावणशुक्लसप्तमी मानिएको छ। महात्मा–तुलसीदासजीले कलेवर छाडने–वेलामा "तुलसीदास रामजीका नामको र यशको वर्णन गरि–सकेर अव–मौन–हुन चाहन्छ, अव तुलसीका मुखमा झट्ट तुलसीपत्र र सुवर्ण राखि–दिनुहोस्" यो–आशय–भएको—

राम नाम जस वरनि कै, भयो चहत अव मौन।
तुलसीके मुख दीजिये, अव-ही तुलसी सोन॥

यो–दोहा रचेको हो भन्दछन्।

यत्रतत्र छापिएका तुलसीकृतरामायणका पुस्तकमा रहेका जीवन चरित्र वाट यो जीवन चरित्र संगृहीत गरेको हो,

इति शुभम्.

पारायणका विषयमा वक्तव्य

श्रीरामचरितमानसको पाठ साधारण-पाठ, व्युत्क्रमपाठ, एकांशपाठ, संपुटपाठ, संपुटवल्लीपाठ, का भेदले ५ प्रकारको हुन्छ । आदिदेखि अन्तसम्म यथाक्रम गरिनेपाठ साधारणपाठ हो । कामनाभेदले बीच-बीचका दोहा-चौपाईदेखि आरम्भ गरेर उत्तरकाण्ड सिध्याइ कन बालकाण्डदेखि अघि आरंभगरेका दोहा-चौपाई सम्म गरिनेपाठ व्युत्क्रमपाठ हो । कामनानुसार कुनै दोहा-चौपाईकोमात्र गरिनेपाठ एकांशपाठ हो । कामनानुसारका दोहा-चौपाईलाई प्रत्येक दोहा-चौपाई-छन्दहरूका अन्त्य अन्त्यमा १।१ फेर पढेर गरिने-पाठ संपुटपाठहो, प्रत्येक दोहा-चौपाई-छन्दहरूका आदि र अन्त्यमा एकएक फेर कामनाअनुसारका दोहा-चौपाईलाई पढेर गरिनेपाठ संपुटवल्लीपाठ हो । ई पाठ उत्तरोत्तर अधिक-फल-दायक छन् । फेरी-साधारण, पारायण, नवाहपारायण, मासिकपारायण, यस्ता अनेकप्रकारका पारायण संप्रदायवेत्ताहरूले बताएका छन् । आफ्ना शक्ति-मौका-फुर्सद-अनुसार अनियमितरूपले गरिने पारायण साधारण पारायण हो । विधिपूर्वक तोकिएका ठाउँमा विश्राम गरेर ३० दिनमा समाप्तगरिने पारायण मासिक पारायण हो ।

नवाहपारायणको विश्रामस्थान—

प्रथम दिनमा	हिय हरषे कामारि०	योदोहाको समाप्ति सम्म	पृष्ठ.	१४७
द्वितीय ,,	सतानन्दपदवन्दि प्रभु०	,,	,,	२६१
तृतीय ,,	कीन्हि सौचसव सहज सुचि०	,,	,,	३७०
चतुर्थ ,,	स्यामल गौर किशोरवर	,,	,,	४७८
पञ्चम ,,	रामसैल सोभा निरषि	,,	,,	५८५
षष्ठ ,,	हारिपरा खल बहुविधि	,,	,,	७१९
सप्तम ,,	कह मारुतसुतसुनहु प्रभु	,,	,,	८५३
अष्टम ,,	जहँतहँ धावन पठइमुनि	,,	,,	९८०
नवम दिनमा	पुण्यं पापहरं सदाशिवकरं०	,, योश्लोकको समाप्तिसम्म	,,	११२६

मासिकपारायणको विश्रामस्थान—

दिन	विश्रामस्थान	पृ०	दिन		पृ०
१	ब्रह्मरामते नामबड ।	४२	१६	स्यामलगौरकिसोरवर	४७८
२	गई समीप महेस तव ।	८१	१७	लषन जानकी सहितप्रभु	४९३
३	कहाहमार नसुनेहुतव ।	११५	१८	भरतकमल करजोरि	५३२
४	हियँहरषे कामारि तव ।	१४७	१९	संपति चकई भरतचक	५६६
५	यह इतिहास पुनीत अति ।	१७६	२०	रामसैल सोभानिरखि	५८५
६	वरनि न जाइ अनीति घोर	२०४	२१	भरतचरित करिनेमु	६६३
७	असप्रभु दीनबन्धु हरि	२३४	२२	दीपसिखा समयुवतितन	७४३
८	सतानन्द पदवन्दि प्रभु	२६१	२३	नीलोत्पल तनस्याम	७८१
९	सभयविलोके लोकसव	२८९	२४	सकलसुमङ्गलदायक	८३९
१०	आवत जानिवरातवर	३१८	२५	हिरण्याछभ्रातासहित	८८६
११	पुनिपुनि रामहिंचितव	३४४	२६	मुरुछाविगत भालु	९६६
१२	सियरघुवीर विवाहुजे	३७४	२७	यह कलिकालमलायतन	१०३६
१३	भूपमनोरथ सुभगवनु	४०१	२८	ज्ञानीभगत सिरोमनि	१०९४
१४	कहि प्रियवचन विवेकमय	४२९	२९	ताते यहतन मोहिंप्रिय	१०९४
१५	भगतभूमि भूसुरसुरभि	४५७	३०	पुण्यं पापहरं सदाशि०	११२६

❀ मानस [रामायण] पारायणविधि ❀

श्रीरामचरितमानसको पारायण (पाठ) यथाशक्ति विधिपूर्वक गर्नु उत्तम छ । स्नानसन्ध्या-प्रभृति-नित्यकर्म सिध्याएर पूजनसामग्री सबै तयार पारीकन पूर्वाभिमुख भएर शुद्ध-आसनमा बस्नु र "रामाय नमः रामचन्द्राय नमः रामभद्राय नमः" यी ३ मन्त्रले ३ आचमन गर्नु । चन्दन-अक्षता-फूल लिएर आफ्ना अगाडी पूर्वदिशामा—

"गणाधिप ! नमस्तुभ्यमिहागच्छ गजानन ! ।
पूर्वां दिशं समाश्रित्य पूजनं प्रतिगृह्यताम् ॥

ध्यानम्—आवाहनम्-आसनं-पूजनं समर्पयामि श्रीमन्मङ्गलमूर्तये विघ्नविनाशनाय गजाननाय नमः" ।

भन्दै यथालाभ-उपचारले पूजागर्नु । आग्नेयदिशामा चन्दन-अक्षता-फूल लिएर—

" श्रीशंकर ! नमस्तुभ्यमिहागच्छार्यया सह ।
अग्निकोणं समाश्रित्य पूजनं प्रतिगृह्यताम् ॥

ध्यानम्—आवाहनम्-आसनं पूजनं समर्पयामि पार्वतीसहिताय शंकराय नमः" भन्दै यथालाभ-उपचारले पूजागर्नु ।

ईशानदिशामा (आफ्ना अगाडी वायाँपट्टी) चन्दन-अक्षता-फूल लिएर—

"श्रीबाल्मीके ! नमस्तुभ्यमिहागच्छ महामुने ! ।
ऐशानीं दिशमाश्रित्य पूजनं प्रतिगृह्यताम् ॥

ध्यानम्—आवाहनम्-आसनं-पूजनं समर्पयामि श्रीबाल्मीकिमहामुनये नमः" भन्दै यथालाभ-उपचारले पूजन गर्नु ।

नैर्ऋत्यदिशामा (आफ्ना हाराहारीमा दाहिनेतर्फ) चन्दनअक्षताफूल लिएर

"तुलसीदास ! गोस्वामिन्निहागच्छ शुचिव्रत ! ।
नैर्ऋत्य उपविश्येदं पूजनं प्रतिगृह्यताम् ॥

ध्यानम्—आवाहनं-आसनं-पूजनं समर्पयामि श्रीतुलसीदासाय नमः" भन्दै यथालाभ-उपचारले पूजन गर्नु ।

दक्षिणदिशामा चन्दन-अक्षता-फूल लिएर—

"याज्ञवल्क्य ! नमस्तुभ्यमिहागच्छ शुभप्रद ! ।
याम्यां दिशं समाश्रित्य पूजनं प्रतिगृह्यताम् ॥

ध्यानम्—आवाहनम्-आसनम्-पूजनं समर्पयामि याज्ञवल्क्याय नमः" भन्दै यथालाभ-उपचारले पूजन गर्नु ।

उत्तरपट्टी चन्दन-अक्षता-फूल लिएर—

"भोभुशुण्डिन् ! नमस्तुभ्यमिहागच्छ शुचिव्रत ! ।
उत्तरां दिशमाश्रित्य पूजनं प्रतिगृह्यताम् ॥

ध्यानम्—आवाहनम्-आसनं-पूजनं समर्पयामि श्रीकाकभुशुण्डिने नमः”
भन्दै यथालाभ-उपचारले पूजागर्नु ।

वायव्य (आफ्ना हाराहारीमा वायाँपट्टी) मा चन्दन-अक्षता-फूल लिएर—

“विभीषण ! नमस्तुभ्यमिहागच्छ प्रभुप्रिय ! ।
वायवीं दिशमाश्रित्य पूजनं प्रतिगृह्यताम् ॥

ध्यानम्—आवाहनम्-आसनं-पूजनं समर्पयामि श्रीविभीषणाय नमः”
भन्दै यथालाभ-उपचारले पूजागर्नु ।

पूर्वदिशामा (आफ्ना अगाडी) चन्दन-अक्षता-फूल लिएर—

“श्रीहनूमन् ! नमस्तुभ्यमिहागच्छ कृपानिधे ! ।
पूर्वां दिशं समाश्रित्य पूजनं प्रतिगृह्यताम् ॥

ध्यानम्—आवाहनम्-आसनं-पूजनं समर्पयामि श्रीमते पवननन्दनाय हनूमते नमः”
भन्दै यथालाभ-उपचारले पूजन गर्नु ।

ईशान (आफ्ना अगाडी वायाँपट्टी) मा चन्दन-अक्षता-फूल लिएर—

“ऋक्षराज ! नमस्तुभ्यमिहागच्छ शुभप्रद ! ।
ऐशानीं दिशमाश्रित्य पूजनं प्रतिगृह्यताम् ॥

ध्यानम्—आवाहनम्-आसनं-पूजनं समर्पयामि श्रीऋक्षराजाय जाम्बवते नमः”
भन्दै यथालाभ-उपचारले पूजन गर्नु ।

दक्षिण र आग्नेयका बीचमा चन्दन-अक्षता फूल लिएर—

“भो सुग्रीव ! नमस्तुभ्यमिहागच्छ प्रभुप्रिय ! ।
अग्निदक्षिणयोर्मध्ये पूजनं प्रतिगृह्यताम् ॥

ध्यानम्—आवाहनम्—आसनं—पूजनं समर्पयामि श्रीसुग्रीवाय नमः”
भन्दै यथालाभ—उपचारले पूजनगर्नु ।

उत्तरदिशामा चन्दन-अक्षता-फूल लिएर—

“श्रीशत्रुघ्न ! नमस्तुभ्यं श्रुतकीर्त्या सह प्रभो ! ।
उत्तरां दिशमाश्रित्य पूजनं प्रतिगृह्यताम् ॥

ध्यानम्—आवाहनम्-आसनं पूजनं समर्पयामि श्रुतकीर्तिसहिताय श्रीशत्रुघ्नाय नमः”
भन्दै यथालाभ-उपचारले पूजन गर्नु ।

दक्षिणपट्टी चन्दन-अक्षता-फूल लिएर—

“श्रीलक्ष्मण ! नमस्तुभ्यमागच्छोर्मिलया सह ।
दक्षिणां दिशमाश्रित्य पूजनं प्रतिगृह्यताम् ॥

ध्यानम्-आवाहनम्-आसनं-पूजनं समर्पयामि ऊर्मिलासमन्विताय श्रीलक्ष्मणाय नमः”
भन्दै यथालाभ-उपचारले पूजन गर्नु ।

पश्चिमपट्टी चन्दन-अक्षता-फूल लिएर—

श्रीमन्भरत ! माण्डव्या सहागच्छ कृपाम्बुधे ! ।
पश्चिमां दिशमाश्रित्य पूजनं प्रतिगृह्यताम् ॥

ध्यानम्—आवाहनम्-आसनं-पूजनं समर्पयामि माण्डवीसहिताय श्रीमते भरताय नमः" भन्दै यथालाभ-उपचारले पूजन गर्नु ।

माझमा पुस्तक राखेर त्यसैमा-चन्दन-अक्षता-पुष्प लिएर—

"श्रीमानस ! समागच्छ रामरूप ! शुभप्रद ! ।
पीठमध्यं समाश्रित्य पूजनं प्रतिगृह्यताम् ॥

ध्यानम्—आवाहनम्-आसनम्-पूजनं समर्पयामि श्रीरामरूपाय श्रीमानसाय नमः" भन्दै यथालाभ-उपचारले पूजन गर्नु ।

अनि पुष्पाञ्जलि लिएर प्रधानदेवता (श्रीरामजी) को—

"रक्ताम्भोजदलाभिरामनयनं पीताम्बरालङ्कृतं
श्यामाङ्गं द्विभुजं प्रसन्नवदनं श्रीसीतया शोभितम् ॥
कारुण्यामृतसागरं प्रियगणैर्भ्रात्रादिभिर्भावितं
वन्दे विष्णु-शिवादिसेव्यमनिशं भक्तेष्टसिद्धिप्रदम् ॥ १ ॥
आगच्छ जानकीनाथ ! जानक्या सह राघव ! ।
गृहाण मम पूजां च वायुपुत्रादिभिर्वृतः ॥ २ ॥

ध्यानम्—आवाहनं च समर्पयामि श्रीजानकीपतये सपरिवाराय सभ्रातृवर्गाय श्रीरामाय नमः" भनेर ध्यान र आवाहन गर्नु, अनि तत्तत्-मन्त्र पढेर तत्तत्–उपचार चढाउनु, जस्तै—

सुवर्णखचितं राम ! दिव्यास्तरणशोभितम् ।
आसनं हि मया दत्तं गृहाण मणिचित्रितम् ॥ ३ ॥
आसनं समर्पयामि श्रीजानकीपतये श्रीरामाय नमः ।
इदं सुशीतलं वारि प्रपन्नेन मयार्पितम् ॥
गृहाण जानकीजाने ! कुरु पादावनेजनम् ॥ ४ ॥
पाद्यं समर्पयामि श्रीजानकीपतये श्रीरामाय नमः ।
"दिव्यौषधिरसोपेतं दिव्यसौगन्ध्यसंभृतम् ।
तुलसी-पुष्प-दर्भाढ्यमर्घ्यं मे प्रतिगृह्यताम् ॥
अर्घ्यं समर्पयामि श्रीजानकीपतये श्रीराम नमः" ॥
"दिव्यतीर्थाहृतैस्तोयैर्दिव्यौषधिसमन्वितैः ।
विहितं स्नपनं भक्त्या गृह्यतां रघुनन्दन ! ॥
शुद्धोदकस्नानं समर्पयामि श्रीजानकीपतये श्रीरामाय नमः" ॥
पयोदधिघृतक्षौद्रशर्कराभिर्विनिर्मितम् ।
स्नपनं गृह्यतां देव ! जानकीजीवन ! प्रभो ! ॥
पञ्चामृतस्नानं समर्पयामि श्रीजानकीपतये श्रीरामाय नमः ॥
पञ्चामृतविलिप्ताङ्गः पुनः कोष्णेन भूयसा ।
स्नाहि हेजानकीनाथ ! प्रीत्या प्रत्तेन पाथसा ॥
पञ्चामृतस्नानाङ्गं शुद्धोदकस्नानं समर्पयामि श्रीजानकीपतये श्रीरामाय नमः" ।
उत्तप्तरूक्मसदृशं पीताम्बरयुगं प्रभो ! ।

उपादेहि जगन्नाथ ! रामचन्द्रकृपानिधे ! ॥
पीतवस्त्रयुगं समर्पयामि श्रीजानकीपतये श्रीरामाय नमः ॥
"सुगन्धवासितं शीतं निर्मलं सरयूदकम् ।
आचम्यतां जगन्नाथ ! जानक्या सहित ! प्रभो ! ॥
वस्त्राङ्गमाचमनीयं समर्पयामि श्रीजानकीपतये श्रीरामाय नमः"
"यज्ञोपवीतं सौवर्णं मयादत्तं रघूत्तम ! ।
गृहाण सुमुखीभूय करुणावरुणालय ! ॥
यज्ञोपवीतं समर्पयामि श्रीजानकीपतये श्रीरामाय नमः"
अनूपवीतग्रहणं निर्मलं सरयूजलम् ।
पुनराचम्यतां नाथ ! विधिवन्दित ! राघव ! ॥
ब्रह्मसूत्राङ्गमाचमनीनं समर्पयामि श्रीजानकीपतये श्रीरामाय नमः ॥
हारनूपुरकेयूरकिरीटकटकादिकम् -
नानामणिमयं दिव्यं भूषणं प्रतिगृह्यताम् ॥
भूषणं समर्पयामि श्रीजानकीपतये श्रीरामाय नमः" ॥
मलयाचलसंभूतं शीतमानन्ददायकम् ।
सकर्पूरं सकाश्मीरं चन्दनं प्रतिगृह्यताम् ॥
अये ! त्रिलोकीतिलक ! त्रयीनुत ! त्रिकालसत्य ! त्रिपुरारिवल्लभ ! ।
प्रभो ! भवद्भालतलेऽतिनिर्मले त्रिरेखमूर्द्ध्वं तिलकं निवेशये ॥
सचन्द्रकश्मीरजकेशरोल्लसत्प्रशस्तकस्तूरिकया सुगन्धिना ।
ललाटदेशं तुलितेन्दुना विभोर्विभूषये चन्दनविन्दुना पुनः ।
चन्दनतिलकं समर्पयामि श्रीजानकीपतये श्रीरामाय नमः ॥
"शमीदलैर्बिल्वदलैश्च कोमलैस्तथाहरिद्भिर्हरितादलैरपि ।
कृताभयं दाशरथे ! यथेप्सितं दद्त्त्वदीयं पदपद्ममर्चये ॥
शमी-विल्व-दूर्वादिदलानि समर्पयामि श्रीजानकीपतये श्रीरामाय नमः ।
"भृता प्रसूनैरखिलर्तुसंभवैः कदम्बपुष्पप्रतिपूरितान्तरा ॥
अतीतजानुद्वितया मयाऽर्पिता ददीत मोदं वनमालिका प्रभोः ।
वनमालां समर्पयामि श्रीजानकीपतये श्रीरामाय नमः ॥
उरःस्थलाभ्यर्णवितीर्णयाऽनया दयामयाभ्यन्तर ! नव्यरूपया ।
जगत्पते ! सौरभसाहितीस्रजा प्रसीद सद्यस्तुलसीदलस्रजा ॥
तुलसीदलमालिकां समर्पयामि श्रीजानकीपतये श्रीरामाय नमः ।
असाधुशील-त्रिदशारिशान्तये दशावतारादिदशामुपेयुषे ।
इमं दशाङ्ग खलु धूपमादराद् दिशामि देवाय दशास्यघातिने ॥
धूपं समर्पयामि श्रीजानकीपतये श्रीरामाय नमः ।
"भजद्गते ! सृष्टवते सते स्वयं दृगास्यचित्तेन विरोचनत्रयम् ॥
अहीनतल्पाय नदीपवर्तितां गताय तुभ्यं ननु दीपमर्पये ॥

दीपं समर्पयामि श्रीजानकीपतये श्रीरामाय नमः ।
"परेश ! तुभ्यं विरसेन मृत्युनोपसिच्य लोकानदते चराचरान् ॥
अवेद्यधाम्ने निरवद्य कीर्तये प्रसद्य नैवेद्यमिदं निवेद्यते
नैवेद्यं समर्पयामि श्रीजानकीपतये श्रीरामाय नमः ।
"क्षुधार्तदेवद्विजवर्गशूलहृत्–सकन्दमूलप्रतिभक्षण ! प्रभो ! ।
सकामलोकत्रयपर्युपासित ! प्रसीद राम ! त्रिरुपस्पृशन्नपः ॥
आचमनीयं समर्पयामि श्रीजानकीपतये श्रीरामाय नमः" ।
"क्वचित्प्रजातानि मनोरथद्रुमे दृढैकमूले बहुशाखतां गते ।
ददानि नानाकृतिकानि कानिचित् फलानि तुभ्यं रुचिराणि मापते !
फलानि समर्पयामि श्रीजानकीपतये श्रीरामाय नमः" ॥
"समन्वितोपस्करमिष्टसौरभं त्रिपिष्टपत्राणपरायण ! प्रभो ! ।
गृहाण जाम्बूनदपत्रवेष्टितं सभक्ति ताम्बूलमिदं समर्पितम् ॥
ताम्बूलं समर्पयामि श्रीजानकीपतये श्रीरामाय नमः" ।
"हनूमदादित्यतनूजबालिभूविभीषणादिभ्य इमं पृथग्धृतम् ।
कृताञ्जलिभ्यः प्रणयेन सादरं प्रभो ! प्रसादं भवतः समर्पये ॥
प्रसादं समर्पयामि हनूमत्सुग्रीवाङ्गदविभीषणादिभगवद्भक्तेभ्यो नमः" ।
"सभक्ति नीराजनमाचरन्निदं जगत्त्रयीदीपकचिद्घनात्मनः ।
तवाऽग्रतः श्रीरघुनाथ ! नर्तये प्रदीप्तदीपावलि दीपवृक्षकम् ॥
नीराजनं समर्पयामि श्रीजानकीपतये श्रीरामायनमः" ॥
"अनन्यभक्तिप्रणते जनेजने धनेशताधायिपदाब्जधूलये ।
विपक्षमन्दाक्षजिता प्रसीदता व्यतारि तुभ्यं जलजाक्ष ! दक्षिणा ॥
उपायनद्रव्यं समर्पयामि श्रीजानकीपतये श्रीरामायनमः ॥
"बृहन्ति सूक्ष्माणि च देहिनां क्षणाद्विधीयमानो वृजिनानि हन्ति यः ।
स जानकीजीवन ! ते वितीर्यते भवोद्भवभ्रान्तिहरः परिक्रमः ॥
प्रदक्षिणां समर्पयामि श्रीजानकीपतये श्रीरामायनमः" ॥
"अबाध्यरूपाद्बृहतः स्ववैभवादनङ्घ्रि गन्त्रे जगदेकहेतवे ।
प्लवङ्गनिर्मापितसिन्धुसेतवे दशास्यहन्त्रे हरये मुहुर्नमः ॥
नमस्कारं समर्पयामि श्रीजानकीपतये श्रीरामाय नमः" ॥
"त्वदङ्घ्रिराजीवरजःसमागमात् पयोधिरन्तः किल नाथ ! पङ्किलः ।
अबीभवत् कल्पलतां श्रतामिति स्मृतोपचारा अपि जोषमास्महे ॥
भवत्पदाम्भोरुहभक्तिवैभवे स्पृहावता किं न भवे समर्जितम् ।
महीमिलन्मौलि कृताञ्जलि प्रभो ! प्रपद्यमानेन न किं समर्पितम् ॥
दयासुधाब्धे ! वनवासिना त्वया कृतप्रसादां शबरीं विजानती ।
कमन्यमभ्येतु कमाश्रयेत वा मतिर्मदीया मलिनाऽपि संप्रति ॥
खरान्तक ! त्वत्पदपङ्कजद्वयात् स्थितः पराचीनतयाऽप्यहं भिया ।

न विश्वतश्चक्षुरसीत्यवीक्षणादुपेक्षणीयोऽस्मि दयामय ! त्वया ॥
रजोरसस्वीकृतिपङ्कसंकुलं कृतानुतापं प्रणतं पदाब्जयोः ।
समुद्दिशन्त्यो जगदीश ! हन्त ! मां पतन्तु सान्द्रास्तव दृष्टिवृष्टयः ॥
स्तुतिपुष्पाञ्जलिं समर्पयामि श्रीजानकीपतये श्रीरामाय नमः" ।

आवाहनं न जानामि न जानामि विसर्जनम् ।
पूजां चैव न जानामि क्षमस्व परमेश्वर ! ॥

क्षमापनं समर्पयामि श्रीजानकीपतये श्रीरामाय नमः" ॥

यस्ताप्रकारले श्रीराममूर्तिमा अथवा पुस्तकमा अथवा चित्र (तस्वीर) मा पूर्वोक्त पूजन सिध्याएपछि हातमा जल लिएर—

ॐअस्य श्रीमन्मानसरामायणश्रीरामचरितस्य शंभुः ऋषिः श्रीसीतारामौ देवते श्री रामनाम वीजं नानाविधानिछंदांसि भवरोगहरी भक्तिः शक्तिः वैराग्यसहितँज्ञानंकीलकं अमुक (……) गोत्रस्य……मम निरस्ताशेषविघ्नतया श्रीसीतारामप्रीति–फलसिद्धये (मनोभिलषित……फलसिद्धये वा) पाठे विनियोगः ।

यति पढेर त्यो जल भूमिमा छाडिदिनु । अनि—

श्रीसीतारामाभ्यां नमः । श्रीरामचन्द्राय नमः । श्रीरामभद्राय नमः ।

ई ३ मन्त्र पढेर ३ फेर आचमन गर्नु । श्रीरामजीको मन्त्र यथाशक्ति (१०।२७।५४।१०८) जपेर पूरक-कुम्भक-रेचक तीनप्रकारको प्राणायाम गर्नु, अनि करन्यास र अङ्गन्यास गर्नु जस्तै—

जगमङ्गल गुनग्राम रामके, दानि मुकुति धन धरम धामके। अङ्गुष्ठाभ्यां नमः
[यसो भनेर चोर चोर औंलाले दुवैवूढीऔंलाको फेद छुनु]
राम राम कहि जे जमुहाहीं, तिन्हहि न पापपुंज समुहाहीं । तर्जनीभ्यां नमः
[यसो-भनेर २ बुढीऔंलाले २ चोरऔंलाको फेद छुनु]
राम सकल नामन्हते अधिका, होउ नाथ अघखगगनवधिका । मध्यमाभ्यां नमः ।
[यसो-भनेर बुढी औंलाले माझका औंलाको फेद छुनु]
उमादारुजोषितकीनाईं, सवहि नचावत रामु गोसाईं । अनामिकाभ्यां नमः
[यसोभनेर अङ्गुष्ठले साहिली-औंलाको फेद छुनु]

सनमुख होइ जीव मोहि जवही, जन्मकोटि अघ नासहिं तवहीं । कनिष्ठिकाभ्यां नमः
[यसो भनेर अङ्गुष्ठले कान्छीऔंलाको फेद छुनु]
मामभिरक्षय रघुकुलनायक, धृतवरचाप रुचिरकरसायक । करतलकरपृष्ठाभ्यांनमः
[यसो भनेर २ हत्केला र १ करपृष्ठ (हर्थुङ्गो) जोर्नु]
जगमङ्गल गुनग्रामरामके, दानि मुकुतिधनधरम धामके । हृदयाय नमः ।
[यसो भनेर हृदयस्थान छुनु]
रामराम कहि जे जमुहाहीं, तिन्हहि न पापपुंज समुहाहीं । शिरसे स्वाहा ।
[यसो भनेर शिरस्थान छुनु]
राम सकल नामन्ह ते अधिका, होउ नाथ अघखगगन वधिका । शिखायै वषट् ।
[यसो भनेर शिखास्थान छुनु]
उमा दारुजोषितकी नाईं सवहि नचावत रामु गोसाईं । कवचाय हुम् ।

[यसो भनेर दाहिनावायाँहातले वायाँदाहिना कुम छुनु]

सनमुख होइ जीव मोहि जवहीं, जन्मकोटि अघ नासहिं तवहीं । नेत्राभ्यां वौषट् ।

[यसो भनेर दाहिने अङ्गुष्ठ र अनामिकाले २नेत्र छुनु]

मामभिरक्षय रघुकुल नायक, धृतवरचापरुचिरकरसायक । अस्त्राय फट् ।

[यसो भनेर वायाँहत्केलामा दाहिनेहातका औंला वजाउनु]

अनि नेत्र अर्धनिमीलित, चित्त एकाग्र, पार्नु र हात जोरेर–

"मामवलोकय पंकजलोचन ! । कृपाविलोकनि सोचविमोचन ॥
नीलतामरसस्याम काम अरि । हृदयकंज मकरंद मधुम हरि ॥
जातुधानवरूथबलभञ्जन ! । मुनिसज्जनरञ्जन अघगञ्जन ! ॥
भूसुरससि नववृन्दवलाहक ! । असरनसरन दीनजनगाहक ! ॥
भुजबलविपुलभारमहिखण्डित ! । खरदूषनविराधवधपण्डित ! ॥
रावनारि सुखरूप भूपवर ! । जय दसरथकुलकुमुदसुधाकर ! ॥
सुजसपुरानविदित निगमागम । गावत सुरमुनि सन्तसमागम ॥
कारुनीक व्यलीकमदखण्डन ! । सवविधि कुसल कोसलामण्डन ! ॥
कलिमलमथननाम ! ममताहन ! । तुलसिदास प्रभु ! पाहि प्रनत जन" ॥

यति ध्यानवाक्य पढनु र श्रीरामजीको षडक्षर मन्त्र १०८ जप्नु, मङ्गलाचरणको पुष्पाञ्जलि चढाएर अनि पाठ गर्न थाल्नु ।

रामायणका काम्य पारायणमा वक्तव्य

श्रीरामचरितमानसको पारायण केवल-श्रीरामज्ञीको-प्रीतिका निमित्त गर्नु उत्तम-पक्ष हो। आधि-व्याधिले-व्याकुल भएका-संसारी-प्राणिले त्यस्ता-प्रकारको पारायण-गर्नु असंभव नभये-पनि कठिन ता अवश्य छ, आर्त-भक्त, अर्थार्थी भक्त-पनि परमेश्वरका दर्वारमा असलै गनिएका छन्। तुच्छातितुच्छ-वस्तुका निमित्त यत्र-तत्र डुलेर केवल दैन्यप्रकाश गर्नु भन्दा अनन्तकोटिब्रह्माण्डपतिका अगाडी आफ्नू-दुःखदर्दको प्रकाश-गर्नु धेरै असल हो। अत एव लोककल्याणाभिलाषी महात्माहरूले रामचरितमानसको काम्य-प्रयोग पनि प्रकाश गरेका छन्। परपीडा न-हुने-गरि आफ्ना मनोरथको सिद्धिका निमित्त काम्य-प्रयोग गर्नु उचितमात्र होइन कि परम-उचित छ। तसर्थ काम्यप्रयोगमध्यका केही-प्रयोग यहाँ लेखिन्छन्। जुन्सुकै-कर्ममा पनि श्रद्धा-र-विश्वासको आवश्यकता अत्यन्त रहन्छ, यो-कुराको हेक्का राखेर पारायण भयो-भने कामना सिद्ध हुनेछ।

रामायणको काम्यपारायणमा अघिवाट गर्नुपर्ने कर्म

श्रीरामायणको काम्यपारायण गर्नेले अघिल्ला-दिन हविष्यान्नको भोजन गर्नु, रात्रिका-समयमा पवित्र-स्थानमा पवित्र-वस्त्र पहिरेर वस्नु र शान्तचित्त भएर श्रीहनूमानूजीको स्मरण गर्नु। अनुकूल पर्नेले श्रीहनूमानूजीका नाम-मन्त्रले १००० अथ वा १०८ हवन गर्नु। अनुकूल नपर्नेले किष्किन्धाकाण्डको पाठ गर्नु। सुत्ने-वेलामा भगवान्-रामचन्द्रको स्मरण गरेर छातीमा दुई हात राखी-कन हनूमानूजीलाई संझँदै आफ्ना मनोरथ-सिद्धिको प्रार्थना र त्यसका निमित्त गर्नु-पर्ने काम्यप्रयोगको जिज्ञासा गर्दै निदाउनु। सपनामा हनूमानूजीवाट "यो प्रयोग गर" भन्ने सूचना हुनेछ। श्रद्धा-विश्वास-सहितको आर्तभावले गरेको प्रार्थनालाई श्रीहनूमानूजी स्वीकार गर्नुहुन्छ, सपनामा सूचना पाए-पछि तदनुसारको प्रयोग गर्नु।

काम्यप्रयोग

(१)

नवाहपारायण-मासिकपारायण साधारण-पारायण ई-मध्यका कुनै-तरीकाले १०५ आवृत्ति पारायण गर्न शके श्रीरामजीको प्रत्यक्ष–दर्शन पाइन्छ। यस्तो पारायण गर्न लागे–पछि प्रतिदिन पारायणका आदिमा र अन्त्यमा हात जोरेर प्रेमका साथ—

जौं अनाथहित ! हमपर नेहू ✱ तौ प्रसन्न होइ यह वर देहू ॥
जो सरूप वस सिव मनमाहीं ✱ जेहि कारन मुनि जतन कराहीं ॥
जो भुशुण्डि मनमानस हंसा ✱ सगुनअगुन जेहिनिगम प्रसंसा ॥
देखहिं हम सो रूप भरिलोचन ✱ कृपा करहु प्रनतारतिमोचन ! ॥ [पृ० १७०]

ई चौपाई पढनु-पर्दछ। पारायण सकिए–पछि पनि प्रतिदिन श्रद्धा–विश्वास–भक्तिका साथ इनै–चौपाई तल्लीन-भएर पढनु–पर्दछ।

(२)

स्वायम्भुव–मनु–र–शतरूपा–महारानीले जुनस्वरूपको दर्शन पाएको हो, भगवान्‌का उही-स्वरूपको दर्शन पाउँनाका निमित्त—

नील सरोरुह नीलमनि, नील नीरधर स्याम।
लाजहिं तनसोभा निरखि, कोटिकोटि सत काम ॥ [पृ० १७१]

यही–दोहा–देखी पाठको आरम्भ गरेर उत्तरकाण्डको समाप्ति गरि–कन बालकाण्डको आरम्भ गरेर यही-दोहासम्म पाठ गर्नुपर्छ। यो–पाठका–आवृत्तिसंख्याको नियम छैन, भक्ति–श्रद्धा–भाग्य-अनुसार १ आवृत्ति, ३ आवृत्ति, १२ आवृत्ति, मा दर्शन पाइन्छ।

(३)

श्रीरामजीमा दृढभक्ति पाउनाको इच्छा हुनेले—

धरि धीरजु एक आलि सयानी, सीतासन बोली गहि पानी। [पृ० २५६]

यो-चौपाईदेखी आरंभ गरेर उत्तरकाण्ड समाप्त गरिकन बालकाण्डको आरम्भगरेर यही-चौपाईका अघिल्लो—

केहरि कटि पट पीत धर, सुषमा सील निधान।
देखि भानुकुल भूषनहिं, विसरा सखिन्ह अपान ॥ [पृ० २५६]

यो-दोहामा समाप्ति गर्नु-पर्दछ।

भगवान्-रामजीमा दृढभक्ति पाउनाको इच्छा हुनेले—

भक्तकल्पतरु प्रनतहित, कृपासिन्धु सुखधाम।
सोइ निजभगति मोहिप्रभु, देहु दया करि राम ! ॥ [पृ०]

यो-दोहाले रामचरितमानसका आरम्भ-देखी अन्त-सम्म प्रत्येकदोहा-चौपाई-छन्दहरुको संपुटवल्ली पाठ गरे-पनि हुन्छ।

(४)

श्रीरामजीलाई प्रसन्न पार्नाको इच्छा हुनेले—

हरषि सुरन्ह दुन्दुभी वजाई * वरषि प्रसून अप्छरा गाई ॥ [पृ०]

यो-चौपाईवाट आरम्म गरेर उत्तरकाण्ड सिध्याउनु, अनि बालकाण्ड-देखी आरम्भ गरेर यही-चौपाईसम्म भन्नु ।

(५)

विद्याप्राप्तिको अभिलाषा हुनेले—

गुरगृह गए पढन रघुराई * अलपकाल विद्या सव आई । [पृ० २२५]

यो-चौपाईले संपुट (पुटित) गरेर रामचरितमानसको आद्यन्त-पाठ गर्नु ।

(६)

आफ्नु रक्षाको इच्छा गर्नेले—

मामभिरक्षय रघुकुल नायक ! * धृतवरचाप रुचिर कर सायक ।
मोरे हित हरिसम नहिं कोऊ * एहि अवसर सहाय सोइ होऊ ॥ [पृ०]

यो चौपाईले संपुट गरेर आद्यन्त-पाठगर्नु । अथ वा फगत यही-चौपाईको-यथोचितसंख्याले (१०८।१०००।१२००० सम्म) जप गर्नु ।

(७)

उद्योगका सफलताको इच्छा गर्नेले—

प्रविसि नगर कीजे सव काजा * हृदय राखि कोसलपुरराजा ॥ [पृ०]

यो-चौपाइले संपुट गरेर आद्यन्त पाठ गर्नु ।

(८)

संकष्टनिवृत्तिको इच्छा गर्नेले—

जो प्रभु दीनदयाल कहावा * आरति हरन वेद जस गावा ॥
जपहिं नामजन आरतभारी * मिटहिंकुसंकटहोहिं सुखारी ॥
दीनदयाल विरिदु सह्मारी * हरहु नाथ ! मम संकट भारी ॥

ई ३ चौपाइले संपुट गरेर आद्यन्त पाठ गर्नु । अथ वा फगत इनै-चौपाइको यथोचित-संख्याले (१०८।१०००।१२००० सम्म) जपगर्नु ।

दारिद्र्यनिवृत्तिको इच्छा गर्नेले—

अतिथि पूज्य प्रियतम पुरारिके * कामदघन दारिद दवारिके ॥

यो चोपाईले संपुट गरेर आद्यन्त पाठ गर्नु ।

(१०)

देशोपद्रवशान्तिका निमित्त—

दैहिक दैविक भौतिक तापा * रामराज नहिं काहुहि व्यापा ॥

यो चौपाईले संपुट गरेर आद्यन्त पाठ गर्नु ।

(११)

मनोरथसिद्धिका निमित्त—

भवभेषज रघुनाथ जसु * सुनहिं जे नर अरु नारि ।
तिन्हके सकल मनोरथ * सिद्ध करहिं त्रिसिरारि ॥

यो चौपाई पढदै आफ्नु-कामपरेको ठाउँ (कचहरी-राजद्वार धनिकद्वार इत्यादि) सम्म जानु । आफ्ना कामको प्रसङ्ग नउठे-सम्म यही-चौपाई मनमनले जप्नु, बस ।

(१२)

भूत–प्रेम–डाकिनी भएको निवृत्तिका निमित्त—

प्रनवउँ पवनकुमार, खलवन पावक ग्यान घन ।
जासु हृदय आगार, बसहिं राम सरचाप घर ॥

यो सोरठाको उचित संख्याले [७।२१।५४।१०८ सम्म] जप गर्नु ।

(१३)

महामारीको शान्तिका निमित्त—

जय रघुवंश वनजवन भानू * गहन दनुजकुल दहन कृशानू ॥
मंगल भवन अमंगल हारी * द्रवहुसो दशरथ अजिर विहारी ॥
मामभिरक्षय रघुकुल नायक * धृतवरचाप रुचिर करसायक ॥

ई-चौपाईलाई विहानवेलुका भक्ति-श्रद्धा-विश्वासका साथ हात जोरेर उच्चस्वरले पढनु ।

(१४)

अथ वा

जयजय गिरिवर राजकिशोरी । जयमहेस मुखचन्द चकोरी ॥
जय गजवदन षडानन माता । जगत जननी दामिनि दुतिगाता ॥
नहि तव आदि मध्य अवसाना । अमित प्रभाव वेद नहि जाना ॥
भवभवविभव पराभवकारिनि । विश्वविमोहिनि स्ववसविहारिनि ॥

पतिदेवता सुतीयमहँ, मातु प्रथम तव रेख ।
महिमा अमित नसकहिं कहि, सहससारदा शेष ॥

सेवत तोहि सुलभ फलचारी । वरदायिनी पुरारि पियारी ।
देविपूजि पदकमल तुह्मारे । सुरनर मुनि सबहोहिं सुखारे ॥ [पृ० १५७-५८]

यति-चौपाई-दोहालाई हात जोरेर विहान वेलुका आर्द्रचित्त भएर उच्चस्वरले पढनु ।

(१५)

हरतरहका संकष्टबाट वचावट पाउनाका निमित्त—

जयजय सुरनायक ! जनसुखदायक ! प्रनतपाल ! भगवन्ता !
गोद्विजहितकारी ! जय असुरारी ! सिन्धुसुताप्रियकन्ता ! ॥
पालन सुरधरनी अद्भुतकरनी मरम न जाने कोइ ।
जो सहज कृपाला दीनदयाला करौ अनुग्रह सोइ ॥

जयजय अविनासी ! सवघटवासी ! व्यापक ! परमानन्दा ।
अविगत गोतीतं ! चरितपुनीतं ! मायारहित ! मुकुन्दा ! ॥
जेहिलागि विरागी अतिअनुरागी विगतमोह मुनिवृन्दा ।
निसिवासर ध्यावहिं गुनगनगावहिं जयति सच्चिदानन्दा ॥
जेहि सृष्टि उपाई त्रिविध बनाई सङ्ग सहाय न दूजा ।
सो करउ अघारी चिन्त हमारी जानिय भक्ति न पूजा ॥
जो भवभयभञ्जन मुनिमनरञ्जन गञ्जनविपति वरुथा ।
मनवच क्रमवानी छाडि सयानी सरणसकल सुरजूथा ॥
शारद् श्रुतिशेषा ऋषय अशेषा जाकहँकोउ नहि जाना ।
जेहि दीन पिआरे वेदपुकारे द्रवो सो श्रीभगवाना ।
भववारिधिमन्दर ! सवविधिसुंदर ! गुनमन्दिर ! सुखपुञ्जा !
मुनिसिद्ध सकल सुर परमभयातुर नमतनाथ पदकञ्जा ॥

जानि सभय सुरभुमि सुनि, वचन समेत सनेह ।
गगनगिरा गम्भीर भइ, हरनि सोक सन्देह ॥ [पृ० २०७-८]

ई-छन्द-र-दोहालाई अर्थमा ध्यान दिएर एकान्तमा वसेर उच्चस्वरले भक्तिभाव श्रद्धा।विश्वासका साथ विहान वेलुका पढने-गर्नु ।

अथ

श्रीरामचरितमानसरामायणमाहात्म्यं प्रारभ्यते

धनुर्बाणधरं रामं क्रीडन्तं सरयूतटे ।
ब्रह्माण्डकोटिकर्तारं वन्दे राजेन्द्रबालकम् ॥ १ ॥

श्रीभरद्वाज उवाच ।

घोरे कलियुगे ब्रह्मन्! जनानां पापकर्मणाम् ।
मनःशुद्धिविहीनानां निष्कृतिश्च कथं भवेत् ॥ २ ॥
नित्यं दाशरथेर्धामाऽयोध्याख्यं वर्णितं त्वया ।
बाल्मीकिं नारदः प्राह ब्रह्मलोकं गमिष्यति ॥ ३ ॥
ममाऽन्तःकरणे त्वत्र जाता शङ्का गरीयसी
तां निवर्तय मे ब्रह्मन्! रामतत्वविदांवर! ॥ ४ ॥
यथा तुष्यति देवेशो देवदेवो जगद्गुरुः ।
तच्चापि वद धर्मज्ञ! सर्वधर्मभृतां वर! ॥ ५ ॥

टीका ।

धनुर्वाणधारण गर्नें, सरयू-नदीका तीरमा विहार गर्नें, अनन्त-कोटिब्रह्माण्डका कर्ता [भएर पनि] राजपुत्र-स्वरूप भएका श्रीरामजीको वन्दना गर्दछु ॥ १ ॥

भरद्वाजमुनि प्रश्न गर्दछन् ।

हेब्रह्मन्! पापकर्म-गर्नें हुनाले चित्तशुद्धि नहुने-मानिसलाई घोरकलियुगमा निस्तार कसरी होला? ॥ २ ॥ दशरथनन्दन-रामजीको अयोध्याधाम नित्य (अविनाशी) छ भनेर तपाईंले वर्णन गर्नुभयो, [११हजारवर्ष राज्य गरेर] रामजी ब्रह्मलोक जानुहुनेछ भनी नारदजीले बाल्मीकिलाई भन्नुभएको छ। मेरा अन्तःकरणमा भने यस्कुरामा ठुलो शङ्का पैदाभयो। रामजीको तत्त्वजान्ने हरूमा श्रेष्ठ भएका—हेमहामुने! मेरो त्यो शङ्कालाई हटाइ-दिनुहोस् ।३।४ धर्म जान्ने र धर्मधारण गर्नें हरूमा श्रेष्ठ भएका-हेब्रह्मन्! देवताका देवता, जगत्का-गुरु, देवाधि-पति-रामजी जुन्प्रकारले प्रसन्न हुनुहुन्छ। त्यो-पनि वताउनुहोस् ॥ ५ ॥

याज्ञवल्क्य उवाच ।

बाल्मीकिस्तुलसीदासो भविष्यति कलौयुगे ।
श्रीशङ्करकृतं ग्रन्थं पार्वतीं प्रतिबोधितुम् ॥ ६ ॥
रामभक्तिप्रवाहार्थं स भाषायां करिष्यति ।
रामायणं मानसाख्यं तत्ते शङ्कां निवारयेत् ॥ ७ ॥
करिष्यति स रामस्य रुचिरं च नखोत्सवम् ।
विरागदीपनी नाम बरवा च सुमङ्गलम् ॥ ८ ॥
पार्वती जानकी नाम्ना रामाज्ञा भक्तिवर्धिनी ।
दोहावलीं कवित्ताख्यां रामगीत कथानकम् ॥ ९ ॥
कृष्णगीतं मानसं च पत्रीं विनयसंज्ञिकाम् ।
सुखदं सर्वजीवानां संसारतिमिरापहम् ॥१०॥
रामधामप्रदं भव्यं मङ्गलानां सुमङ्गलम् ।
समस्तमन्त्रशास्त्रस्य यन्त्रं मन्त्रं सविस्तरम् ॥११॥
स्थापयिष्यति गोस्वामी पत्रीविनयमध्यतः ।
सर्वमन्त्रमयं काव्यं साधकानां सुसिद्धिदम् ॥१२॥
सत्यं सत्यं मुनिश्रेष्ट ! सद्यः सिद्धिप्रदं कलौ ।
दशोनदशसाहस्रं श्रीमद्रामायणं मुने ! ॥१३॥

याज्ञवल्क्यमुनि भन्दछन् ।

बालमीकि नाम भएका [रामायणकर्ता] महामुनि कलियुगमा तुलसीदासका रूपले अवतार लिनेछन् । पार्वतीजीलाई बुझाउनाका निमित्त शिवजीले बनाएको ग्रन्थ (संस्कृत मानसरामायण) लाई रामभक्तिको अविच्छिन्न प्रवाह चलाउनाका निमित्त तिनै तुलसीदास लौकिक भाषामा रचना गर्नेछन्, त्यही मानसरामायणले तिम्रो शङ्का हटाउला ॥६॥७॥ तिनै तुलसीदास श्रीरामजीको सुन्दर नखोत्सव (विवाहमा नख काट्ता हुने उत्सवलाई लिएर वर्णनगरिने "रामललानहछू" नामक ग्रन्थ) वनाउने छन् । तिनैले वैराग्य सन्दीपिनी, वरवा रामायण, पार्वतीमङ्गल, जानकीमङ्गल, रामाज्ञा प्रश्न, दोहावली, कवितावली, श्रीकृष्ण गीतावली, मानसरामायण, विनयपत्रिका, वनाउने छन्, ती ग्रन्थ-मध्ये मानसरामायण प्राणिमात्रलाई सुख दिने, संसाररूपी अन्धकार हर्ने, श्रीरामजीको धाममा पुऱ्याइ-दिने, सुन्दर, परम मङ्गल हुनेछ । गोस्वामी-तुलसीदास विनय-पत्रिका नामक ग्रन्थमा संपूर्ण-मन्त्रशास्त्रका यन्त्र-मन्त्रलाई गुप्तरूपले विस्तारका साथ स्थापना गर्नेछन् (राख्नेछन्) ॥८॥९॥१०॥११॥१२॥

हेमुनिश्रेष्ठ ! योमानसरामायणकाव्य जस्मै मन्त्रमय हुनालेसाधकहरूको सिद्धिदायक छ । कलियुगमा तत्कालसिद्धिदायक छ, यो कुरा सत्य हो सत्य हो ।

यो मानसरामायण दशकम-दशहज्जार (९९९०) श्लोक प्रमाण भएको छ ।

संख्या-विरहितं चान्यत् स वै काव्यं करिष्यति ।
सर्वं भाषाकृतं काव्यं रामचारित्रसंयुतम् ॥१४॥
भाषारामायणस्यैव पठनाच्छ्रवणान्मुने ! ।
सद्यः शुध्यन्ति सर्वे वै चिरकालात्तथाऽन्यतः ॥१५॥
धर्मार्थकाममोक्षाणां साधनं च द्विजोत्तम ! ।
श्रोतव्यं च सदा भक्त्या रामायणरसामृतम् ॥१६॥
नानाविधिनिषेधाश्च मूढता गुरुशुक्रयोः ।
न स्पृशन्ति कदाचिद्वै सदा सर्वत्र सिद्धिदम् ॥१७॥
ऊर्जे माघे सिते पक्षे चैत्रे च द्विजसत्तम ! ।
अहोभिर्नवभिः श्राव्यं रामायणकथामृतम् ॥१८॥
अथवा माधवे विप्र ! मार्गशीर्षे च श्रावणे ।
आश्विने फाल्गुने चैव शुक्लपक्षे विशेषतः ॥१९॥
वार्षिके द्विशतं दद्यात् त्रिंशद् दद्याच्च मासिके ।
दक्षिणात्त्वेन दद्याच्च नवाहे पञ्चविंशतिम् ॥२०॥
अन्यथा कुरुते यस्तु न तस्य फलभाग् भवेत् ।
भवेन्निरयगामी च पश्चात् कुष्ठी भवेद् ध्रुवम् ॥२१॥
अत्र ते कथयिष्यामि इतिहासं पुरातनम् ।
जगन्नाथ पुरस्याऽऽसीद्राजा परमधार्मिकः ॥२२॥

तुलसीदास संख्या-नियम नभएका अरूकाव्य पनि वनाउनेछन् । तुलसीदासले वनाएका सवै भाषाकाव्य रामचरित्रले संयुक्तछन् । [तथापि] यही मानसरामायणको पाठगर्नाले र श्रवण गर्नाले सवै प्राणी तत्कालैमा शुद्ध, हुन्छन् । अरू-ग्रन्थबाट धेरैकालपछि [शुद्ध हुन्छन्]॥१२॥ ॥१३॥१४॥१५॥ हेब्राह्मणोत्तम! यो रामायण धर्म-अर्थ-काम-मोक्ष-यीचारै पुरुषार्थको सिद्धिकर्ता छ । अमृतरूपी रस भएको यो रामायण भक्तिका–साथ सदा–सर्वदा सुन्न-योग्य छ ॥ १६ ॥

नानाप्रकारका विधिवाक्य निषेधवाक्य, र बृहस्पति र शुक्रको अस्त-मूढतादिदोष पनि यो रामायणलाई छुन शक्तैनन् । यो रामायण सदासर्वदा र सर्वत्र सिद्धिदायक छ ॥१७॥ हेब्राह्मणोत्तम ! कार्तिक, माघ,चैत्र, ई महिनाको शुक्लपक्षमा नउ (९) दिन लगाएर कथारूपी अमृत भएको रामायण सुन्नु योग्य छ ॥ १८ ॥ अथवा-वैशाख, मार्गशीर्ष, श्रावण, आश्विन, फाल्गुन, यी महिनाका शुक्लपक्षमा श्रवण गर्नुपर्दछ ॥ १९ ॥ वर्षदिन लगाएर यो रामायण सुनेमा कमसेकम दुई सये (२००), महिना दिन लगाएर सुनेमा कमसेकम तीस (३०), नउदिन लगाएर सुनेमा कमसेकम (२५) रुपया दक्षिणा दिनु पर्दछ ॥ २० ॥ यस्मा जो अन्यथा गर्दछ, त्यसले पाठको फल पाउदैन, नरकगामी हुन्छ, नरक भोग सकिए-पछि कुष्ठी-भई जन्मन आउँछ, यो कुरा निश्चित छ ॥ २१ ॥

हेभरद्वाजमुने ! यसविषयमा तिमीलाई प्राचीन ईतिहास वताउँछु-[सुन] जगन्नाथ

वैष्णवाराधनरतो भगवद्धर्मपालकः ।
कौतूहलवशात्तेन समाजसहितेन हि ॥
श्रुतं रामायणं सर्वं मानसं तु मनोहरम् ॥२३॥
वाचकं वैष्णवं शुद्धं रामभक्तिपरायणम् ।
भाषायां कोविदं मत्त्वा भाषां रामायणं तथा ॥२४॥
अवज्ञया द्वयोश्चासौ दत्तवान् न च दक्षिणाम् ।
तेन पापेन शुद्धोऽपि वैष्णवोऽपि नृपोत्तमः ॥२५॥
देहान्ते नरकं गत्वा शुशोच पापकृद्यथा ।
तं विलोक्य सकोपेन यमेनोक्तः स राजराट् ॥२६॥
पापात्माऽयं महामानी मिथ्यालापी विमूढधीः ।
रामायणं वेदसमं भाषां मत्वा कुबुद्धितः ॥२७॥
अनादृत्य विमूढात्मा वाचकं वैष्णवं तथा ।
श्रुत्वा रामायणं सर्वं दक्षिणां नैव दत्तवान् ॥२८॥
संतुष्टं शीलसंपन्नमाचार्यं प्राप्य भाग्यतः ।
मिष्टमिष्टतरैर्वाक्यैर्न प्रसादितवान् स्वयम् ॥२९॥
ततोऽयं नरकं प्राप्तो विष्णुधर्मरतोऽपि च ।
स्वधर्मं भस्मसात् कृत्वा मत्समीपमिहागतः ॥३०॥
वैष्णवाराधनाच्चासौ स्वल्पकालं वसत्विह ।
पुनः स्वदेहप्राप्त्यर्थं शीघ्रं पततु भूतले ॥३१॥

पुरीमा वैष्णवको सेवामा तत्पर भएका, भागवतधर्मका पालक भएका, एउटा परम-धर्मात्मा राजा थिए। तिनले कौतूहलको वश भएर (रहरगरेर) समाज (परिवार) सहित भइ-कन मनोहर भएको यो मानसरामायण सुने ॥ २२ ॥ २३ ॥ [तर] रामजीका भक्तिमा तत्पर भए का, शुद्ध अन्तःकरण हुने वैष्णव वाचक (पण्डित) लाई भाषाका पण्डित र यो रामायण लाई भाषाग्रन्थ ठानेर हेलाँ–गरीकन ती राजाले दक्षिणा दिएनन्। ती राजा शुद्ध थिए असल थिए ता पनि त्यसपापले देहपात भएपछि नरक पुगेर पापी जस्तै भएर नरकभोगको शोक गर्न लागे। तिनलाई देखेर यमराज कुपित भए। यमराजले तिनलाई—"यो पापीहो, यो मिथ्यावादी महामूर्ख हो, यसले वेदतुल्य-भएको रामायणलाई कुबुद्धिले गर्दा भाषा संझेर आदर गरेन, यो मूढमतिले वैष्णवब्राह्मणका मुखबाट समग्र रामायण सुनेर पनि दक्षिणा दिएन। भाग्ययोगले सन्तोषी-शीलवान्-वाचक फेला पारेर पनि मीठामीठा वचनले पनि आफु अघिसरेर वाचकलाइ प्रसन्न पार्न सकेन ॥ २४ ॥ २५ ॥ २६ ॥ २७ ॥ २८ ॥ २९ ॥

त्यसै-कारणले यो वैष्णवधर्ममा आसक्त थियो ता पनि आफ्ना धर्मलाई भस्मीभूत पारेर मेरा नगीच आयो [नरक पुग्यो] ॥ ३० ॥ यहाँ एकछिन रहेर वैष्णवहरूको सेवा गरेका प्रभावले आफ्नै उही शरीर पाउनाका निमित्त मर्त्यलोकमा शीघ्र जाओस् ॥ ३१ ॥

ततश्च रामचरितं मानसं तु समादरात् ।
शृणुयाद्वैष्णवाच्छुद्धात् पूजयित्वा विशेषतः ॥३२॥
द्विगुणां दक्षिणां दत्वा समाहृत्य पुनः पुनः ।
तदा पापविनिर्मुक्तो रामधाम गमिष्यति ॥३३॥
तच्छ्रुत्वा यमराजस्य वचनं स नृपोत्तमः ।
नरकादागतस्तस्मिन् स्वदेहे प्रविवेश ह ॥३४॥
किञ्चित्कालान्तरे राजा कुष्ठरोगेण पीडितः ।
त्यक्त्वा कार्याण्यशेषेण रामायणपरोऽभवत् ॥३५॥
माहात्म्यश्रवणं कृत्वा लब्ध्वा गोस्वामिदर्शनम् ।
मानसस्य कथां श्रुत्वा दत्तचित्तः समादरात् ॥३६॥
वाचकं पूजयामास रामरूपं विबुध्य च ।
वस्त्र–रत्न–हिरण्यादि–गो–भूमि–वरदक्षिणाम् ।
दत्वा क्षमापयामास स्वापराधमशेषतः ॥३७॥
तस्मिन्नेव क्षणे राजा कुष्ठरोगविवर्जितः ।
बभूव शक्तिसंपन्नो रूपवान् सुमनोहरः ॥३८॥
नत्वा पुनश्च तान् सर्वान् वैष्णवान् हृष्टमानसः ।
ततः प्रभृति राजाऽसौ सीतारामं परात्परम् ॥३९॥
मत्वा ब्रह्मादिदेवानां कारणं दृढभक्तितः ।
चकारोपासनं प्रेम्णा नामोच्चारणतत्परः ॥४०॥

अनि विशेष सत्कार गरिकन शुद्ध-वैष्णवका मुखबाट आदरका साथ रामचरित मानस रामायण सुनोस् । वारंवार आदर गरेर दोवर दक्षिणा दिएर पापमुक्त भए-पछि रामजीको धाममा जानेछ ॥ ३२ ॥ ३३ ॥ यस्तो यमराजको वचन सुनेर ती राजा नरकवाट आएर आफ्ना शरीरमा प्रविष्ट भए ॥ ३४ ॥ केही समय-पछि ती राजा कुष्ठरोगले दुःखित भए र जम्मै काम-काज छाडि-कन रामायणमा तत्पर भए ॥ ३५ ॥ तिनले गोस्वामीको दर्शन पाए र रामायणमाहात्म्यको श्रवण गरि-कन दत्तचित्त भएर आदरकासाथ रामचरितमानसको कथा सुनेर वाचकलाई श्रीरामरूप संझेर पूजन गरे ॥ वस्त्र, रत्न, सुवर्ण, रौप्य, गाई, भूमि इत्यादि दक्षिणा प्रशस्त दिएर आफ्ना जम्मै अपराधको क्षमापना गराए ॥ ३६ ॥ ३७ ॥

उसैवखतमा राजा कुष्टरोगवाट छुट्कारा पाएर बलवान् रूपवान् मनोहर भए ॥ ३८ ॥ तहाँउप्रान्त ती राजा प्रसन्नचित्त भएर ती सवैवैष्णहरूलाई नमस्कार गरेर दृढ़-भक्तिका प्रभावले श्रीरामजीलाई ब्रह्मादिदेवताका कारण (जन्मदाता) भएका परात्पर (परमात्मा) जानेर नामजपमा तत्पर भइ-कन प्रेमका साथ उपासना गर्नलागे ॥३९॥४०॥

मानसं रामचरितं सर्वतः श्रेष्ठमुत्तमम् ।
ततः प्रचारयामास देशेदेशे गृहेगृहे ॥४१॥
बहुकालं सुखं भुक्त्वा जगाम हरिमन्दिरम् ।
तद्दिनाद्रामचरितं मानसाख्यं विशेषतः ॥४२॥
प्राचुर्यतः सर्वदेशे प्रचारं समविन्दत ।
राजा कुष्ठविनिर्मुक्तो मुक्तिं लेभे सुदुर्लभाम् ॥४३॥
मानसस्य प्रभावेणेत्यूचुः सर्वेऽपि मानवाः ।
सर्वे स्वधर्मनिरता रामायणपरायणाः ॥४४॥
बभूवुर्ज्ञानसंपन्ना रामोपासनतत्पराः ।
तस्माद्रामायणं विप्र ! मानसं सर्वकामदम् ॥४५॥
श्रोतव्यं शुद्धमनसा रामभक्तिपरायणैः ।
दक्षिणा भूरिशो देया कार्पण्यं न समाचरेत् ॥४६॥
रामायणे श्रुते दद्याद्रथं हेममयं सुधीः ।
चतुर्भिर्वाजिभिर्युक्तं पताकासमलङ्कृतम् ॥
रत्नैश्च विविधैर्युक्तं गां च दद्यात् पयस्विनीम् ॥४७॥
वैष्णवान् ब्राह्मणान् भक्त्या भोजयेन्मतिमान् जनः ।
अष्टोत्तरं शतं किंवा वित्तहीनो द्वयंद्वयम् ॥४८॥
एवं कृते विधाने तु जायते सकलं फलम् ।
वेदानां सपुराणानां श्रवणात् समुपार्जितम् ॥४९॥

सवतरहले सवभन्दा श्रेष्ठभएको रामचरितमानसलाई देशदेश घरघरमा प्रचलित गराए, धेरै कालसम्म सांसारिक सुख भोगेर रामधाम (मुक्तिपद) मा गए ॥ ४१ ॥ त्यसवखतदेखी रामचरितमानस सर्वदेशमा विशेष-गरेर प्रचलित भयो ॥ सवैजना "रामचरितमानसका प्रभावले कुष्टरोगवाट छुटेर राजाले अति दुर्लभ मुक्ति पाए" भन्न लागे ॥ सवैजना स्वधर्मनिष्ठ र रामायणको पठन-श्रवणमा र रामजीको उपासना गर्नामा तत्पर भएका छँदा ज्ञानवान् भए ॥ हेभरद्वाज ! त्यसकारणले संपूर्ण-मनोरथ सिद्ध गराइ-दिने यो रामायणलाई रामभक्तिको चाहगर्ने मानिसले भक्तिपूर्वक शुद्धचित्तले श्रवणगर्नुपर्दछ । दक्षिणा प्रशस्त दिनुपर्दछ, कार्पण्य (कंजूसी) गर्नुहुँदैन ॥ ४१ ॥ ४२ ॥ ४३ ॥ ४४ ॥ ४५ ॥ ४६ ॥ बुद्धिमान् धनवान् मानिसले रामायण सुने पछि चारघोड़ाले, पताकाले, अनेक–रत्नले संयुक्त–भएको सुवर्णको रथ दान गर्नुपर्दछ, पयस्विनी (दूदप्रशस्तदिने) गाई पनि दानगर्नु पर्दछ ॥ ४७ ॥

बुद्धिमान्-मानिसले एकसयेआठ (१०८) वैष्णव र ब्राह्मण भोजन गराउनुपर्छ धनहीन मानिसले पनि कमसे कम २ वैष्णव, २ ब्राह्मणलाई भोजन गराउनुपर्छ ॥ ४८ ॥ यस्तो विधान गरेपछि संपूर्णवेद र संपूर्ण-पुराणको श्रवण गर्दा पाइने पुण्य संपूर्ण पाइन्छ ॥४९॥

श्रुत्वा रामायणं सर्वं वाचकाय च दक्षिणाम् ।
दद्यात् सुवर्णं रत्नं च वासांसि विविधानि च ॥५०॥
कर्णयोः कुण्डले दद्यादङ्गुलीयकमेव च ।
शय्याऽऽसनं च छत्रं च कर्कं चाऽथाप्युपानहौ ॥५१॥
भूमिदानं तथान्नस्य दानं ताम्बूलमेव च ।
भक्ष्यं भोज्यं तथा पेयं लेह्यं चोष्यं समृद्धिमान् ॥५२॥
प्रयागादीनि तीर्थानि गङ्गाद्याः सरितस्तथा ।
नैमिषादीन्यरण्यानि कुरुक्षेत्रादिकान्यपि ॥५३॥
कृतानि तेन लोकेऽस्मिन् येन रामायणं श्रुतम् ।
सत्यं सत्यं महाभाग ! रामायणमघापहम् ॥५४॥
हेमभारं कुरुक्षेत्रे ग्रस्ते भानौ ददाति यः ।
यश्च रामायणं भक्त्या शृणोति सम एव सः ॥५५॥
पुराणं भारतंवापि रामायणमथाऽपि वा ।
दत्वा यत्फलमाप्नोति न तत्सर्वैर्महामखैः ॥५६॥
मानसं रामचरितं दद्यात् प्रीत्यै परात्मनः ।
रामभक्ताय शुद्धाय विरक्ताय सुशीलिने ॥५७॥
अभक्ताय नदातव्यं धर्मद्वेषपराय च ।
दत्वा पापमवाप्नोति घोरं मान्यापमानतः ॥५८॥

रामायण सबै सुने-पछि वाचकलाई दक्षिणा, सुवर्ण, रत्न, अनेकवस्त्र, कानमा कुण्डल, अऊँठी, शय्या, आसन, छत्र, कमण्डलु, जूता, दिनुपर्दछ । भूमिदान,अन्नदान, ताम्बूलदान, गर्नुपर्दछ । भक्ष्य (चपायेरमात्रै खाइनेकुरा) भोज्य (नचपायेर पनि खान शकिने कुरा) पेय (पिउनेकुरा) लेह्य (चाट्ने कुरा) चोष्य (चूस्नेकुरा) पनि धनवान्‌ले दानगर्नुपर्दछ ॥ ५० ॥ ५१ ॥ ५२ ॥ जसले रामायण सुन्यो त्यसले प्रयागआदिगरेका तीर्थ, गङ्गाआदि गरेका नदी, नैमिषआदिगरेका अरण्य, कुरुक्षेत्रआदिगरेका क्षेत्रको यथायोग्य यात्रा गर्‍यो भनि जान । हेभाग्यवन् ! भरद्वाज ! रामायण समस्त पापहर्ता छ, यो कुरा सत्य सत्य हो ॥ ५३ ॥ ५४ ॥ सूर्यग्रहणका पर्वमा कुरुक्षेत्र गएर जो एकभार (८००० तोला) सुवर्ण-दानगर्छ त्यो र जो भक्तिपूर्वक रामायण सुन्दछ-त्यो व्यक्ति सर्वथा तुल्य छ ॥ ५५ ॥ पुराण, भारत, रामायण दान-गर्दा जो फल पाइन्छ, त्यो फल संपूर्ण ठूलाठूला यज्ञले पनि पाइदैन ॥५६॥

परमात्मा (रामजी) का प्रीतिका निमित्त रामजीमा भक्तिगर्ने, चित्त शुद्ध हुने विरक्त, शील असल भएका ब्राह्मणलाई रामचरितमानसको पुस्तक दानगरेर दिनु ॥ ५७ ॥ भक्ति-नभएका, धर्मको द्वेषगर्नामा तत्पर-भएका, मानिसलाई न दिनु । त्यस्तालाई दिंदाखेरी मान्यको अपमान हुन जान्छ र पाप लाग्दछ ॥ ५८ ॥

अश्वमेधसहस्रस्य वाजपेयशतस्य च ।
फलं हि लभते दानात् श्रद्धापूतो हि मानवः ॥५९॥

+ \+ \+

[मानसरामायणविधान]

मानसस्य ऋषिः शम्भुः श्रीरामेतिचबीजकम् ।
नाना छन्दो देवते तु सीतारामौ परात्परौ ॥६०॥
भवरोगहरीभक्तिः शक्तिरत्र प्रकीर्तिता ।
ज्ञानंवैराग्यसहितं कीलकं सर्वसम्मतम् ॥
श्रीसीताराम प्रीत्यर्थे विनियोग इतिस्मृतः ॥६१॥
करन्यासं ततः कुर्यादङ्गन्यासं ततश्चरेत् ।
मामेति च ततो ध्यायेत् रुद्ध्वा हृदयमात्मनः ॥६२॥
षडक्षरेण वा ध्यायेद्रामं राजीवलोचनम् ।
इतश्च पापिनां वृत्तिं वक्ष्यामि मुनिसत्तम ! ॥६३॥
मनसा कर्मणा वाचा कथाविघ्नस्य कारकाः ।
कथां श्रोतुं न गच्छन्ति गच्छेयुर्यदिदैवतः ॥६४॥
तुङ्गमासनमारुह्य स्मरन्ति विषयान् बहून् ।
अहंकारयुतं प्रश्नं कृत्वा दूषणतत्पराः ॥६५॥

श्रद्धाले पवित्र भएको मानिस मानसरामायणका दानमात्रले हजार-अश्वमेध सये-वाजपेययज्ञको फलपाउँछ, यसमा सन्देह छैन ॥ ५९ ॥

[यो रामायणका पाठको आरम्भ गर्दा पूजनहरू सिध्याएर हातमा जल लिएर] "ॐअस्य श्रीमन्मानसस्य श्रीशंभुः ऋषिः, श्रीरामनाम बीजम्, नानाविधानि छन्दांसि, श्रीसीतारामौ देवते, भवरोगहरी भक्तिः शक्तिः, वैराग्यसहितं ज्ञानं कीलकम्, श्रीसीतारामप्रीत्यर्थे पाठे विनियोगः" [भनेर त्यो जल जमीनमा गिराइ-दिनु] ॥६०॥६१॥

अनि करन्यास गर्नु र अङ्गन्यास गर्नु । वहाँ-पछि चित्तवृत्तिलाई रुद्ध गरेर मामवलोकय इत्यादि चौपाई पढ्दै श्रीरामजीको ध्यानगर्नु ॥ ६२ ॥ अथवा षडक्षर मन्त्र पढ्दै कमलका दल-जस्ता विशाल-नयन हुने श्रीरामजीको ध्यान गर्नु [यसरी पाठको आरंभ गर्नु । त्यो पाठमा अनेक तरहका विघ्न पर्दछन् र एकाग्रता नभएर पाठ निष्फल हुन जान्छ। तसर्थ विघ्नकारीहरूको आवागमन यथासंभव रोक्नु पर्दछ, कथाको विघ्न गर्ने पापी हुन्, तिनको वृत्ति(चाल) चिन्हु पर्दछ, सुन] ॥ ६३ ॥ हेमुनिसत्तम ! पापीहरूको वृत्ति वताउँछु । मन-वचन-कर्मले कथाको विघ्नगर्ने पापीहरू प्रायः कथा सुन्न जाँदै जाँदैनन्, दैव-योगले गइ-हाले भने पनि अग्ला आसनमा वस्तछन् र अनेकतरहका विषय

कुर्वन्ति विषयालापमनर्थेष्वर्थदृष्टयः ।
सपादुकाश्च गच्छन्ति व्याजेन मलमूत्रयोः ॥
निर्गच्छन्ति कथां त्यक्त्वा फलमेषां कथं भवेत् ॥६६॥
नवाह्नस्य च विश्रामं शृणु वक्ष्यामि सुव्रत ।
लभते येन मनुजो वाञ्छितार्थमशेषतः ॥६७॥
वर्णानामिति चारभ्य प्रोवाचकरुणानिधिः ।
इतिपर्यन्त माद्येऽह्नि कुर्यात्पारायणं सुधीः ॥६८॥
द्वितीये दिवसे चैव शतानन्दस्य वन्दनम् ।
तृतीये शौचकरणं, चतुर्थे वारिजेक्षणः ॥६९॥
पञ्चमे रामशैलान्तं षष्ठेऽशोकस्थितिः श्रियः ।
सप्तमे मारुतेर्वाक्यं चन्द्रवर्णनगोचरम् ॥७०॥
अष्टमे गुरुवाक्येन राज्यसंभारसंभृतिः ।
नवमे भानुकिरणैर्दह्यन्ते नैव मानवाः ॥७१॥
एवं क्रमेण श्रोतव्यं तदिदं नवभिर्दिनैः ।
तत्समाप्तौ च हवनं तर्पणं मार्जनं चरेत् ॥७२॥

संझन लाग्दछन् । कोही-कोही अहङ्कारका साथ प्रश्न गर्दछन् र कथामा खोट लाउन तत्पर हुन्छन् । कोही अनर्थस्वरूप भएका विषयमा अर्थदृष्टिगर्ने (विषयलाईनै परमार्थ संझने) भएका विषयैको चर्चा गर्न लाग्दछन् । जूता-खराऊ लाई-कन कथा स्थानमा जान्छन् हुनलागेको कथालाई छाडेर मलमूत्रका निहुँले निस्कन्छन्, यस्तालाई ता कथाको फल किन हुन्थ्यो ? [तिन्का संसर्गले अरुको पनि कथाको फल नष्ट हुन्छ] ॥६३॥ ६४ ॥ ६५ ॥ ६६॥

हेसुव्रत-भरद्वाजमुने ! मानिस जसद्वारा चिताएको वस्तु समस्त पाउँछ, त्यो नवाहको विश्रामस्थान वताउँछु, सुन ॥ ६७ ॥ वर्णानां भन्ने श्लोकवाट उठान गरेर हियहरषे भन्नेदोहाको आखीरमा (बोलेकृपानिधान) मा प्रथम-दिनमा विश्राम गर्नु ॥ ६८ ॥ द्वितीय दिनमा शतानन्द पदवन्दिप्रभु योदोहाको अन्त्यमा विश्राम गर्नु । तृतीय-दिनमा-कीन्हि सौचसव सहज सुचि यो दोहाको अन्त्यमा विश्राम गर्नु । चतुर्थ-दिनमा-श्यामलगौर किशोरवर यो दोहाको अन्तमा विश्राम गर्नु ॥ ६९ ॥ पञ्चमदिनमा-रामसैल सोभा निरपि योदोहाको अन्तमा विश्राम गर्नु । षष्ठदिनमा-हारिपरा खलबहु विधि यो दोहाको अन्तमा विश्राम गर्नु । सप्तमदिनमा-कह हनुमन्त सुनहु प्रभु यो दोहाको अन्तमा विश्राम गर्नु । अष्टम-दिनमा-जहँ तहँ धावन पठइमुनि यो दोहाको अन्तमा विश्राम गर्नु । नवमदिनमा दह्यन्ति नो मानवाः यो श्लोकान्तमा विश्राम गर्नु ॥ ७० ॥ ७१ ॥ यस्ता क्रमले नउ-दिन लगाएर यो रामायण सुन्नु पर्दछ । समाप्तिमा होम-तर्पण-मार्जन गर्नुपर्दछ ॥ ७२ ॥

वैष्णवान् भोजयेत् प्रेम्णा ब्राह्मणानितराँस्तथा ।
सर्वाभीष्टमवाप्नोति रामभक्तिं च पुष्कलाम् ॥७३॥
सर्वलोकोपकाराय प्रेरितो हरिणा हृदा ।
बाल्मीकिस्तुलसीदासरूपेणाऽवातरद् भुवि ॥७४॥
भाषाकाव्यं मानसाख्यं रामायणमनुत्तमम् ।
करिष्यति जनानां स कलौ शीघ्रफलप्रदम् ॥७५॥
तस्य श्रवणमात्रेण इहलोके परत्र च ।
सर्वकार्याणि सिध्येयुः सत्यमेतन्न संशयः ॥७६॥

भरद्वाज उवाच ।

मुनिवर्य ! महाभाग ! प्राणित्राणपरायण ! ।
मासपारायणस्याऽपि विश्रामस्थानमुच्यताम् ॥७७॥

याज्ञवल्क्य उवाच ।

श्रूयतां संप्रवक्ष्यामि मासपारायणस्य च ।
विश्रामं येन विधिना सर्वान्कामानवाप्नुयात् ॥७८॥
प्रथमे दिवसे चैव ब्रह्मरामात् परं मनुः ।
द्वितीये ब्रूहि सत्यं तु तृतीये कामनाशनम् ॥७९॥

समाप्तिका दिन वैष्णव (वैरागी) र ब्राह्मणहरू र अरूहरूलाई समेत प्रेमका साथ भोजन गराउनुपर्दछ । यसो गर्नाले चिताएको इष्टफल र श्रीरामजीमा पूर्णभक्ति पाइन्छ ॥ ७३ ॥ भगवान्-विष्णुले मनैमनले प्रेरणा गरिएका बाल्मीकिमुनिले संपूर्णप्राणिका उपकारका निमित्त पृथ्वीतलमा गोस्वामीतुलसीदास भएर अवतार लिनुभएको हो ॥ ७४ ॥

तो तुलसीदास कलियुगमा प्राणिहरूलाई शीघ्रफलदायक भएको मानसरामायण नामक भाषाकाव्य बनाउनेछन् ॥ ७५ ॥ त्यसकाव्यका श्रवणमात्रले ऐहलोकिक र पारलौकिक सबैकार्य सिद्ध हुनेछन् यो कुरा सत्य हो, सन्देह छैन ॥ ७६ ॥ भरद्वाज भन्दछन् । प्राणिरक्षा गर्नामा तत्पर भएका हेभाग्यवन् ! मुनीन्द्र ! मासपारायणको पनि विश्रामस्थान बताउनुहोस् ॥ ७७ ॥ याज्ञवल्क्य भन्दछन्-। हेमुनिवर ! जुनविधिले मानिस इष्टफल सबै पाउँछ, त्यो मासपारायणको विश्रामस्थान वताउँछु ॥ ७८ ॥

पहिला	दिनमा	ब्रह्मराम ते नामबड	यो दोहाको	अन्तमा	विश्राम गर्नु
दोस्रा	,,	गई समीप महेसतब	,,	,,	,,
तेस्रा	,,	कहा हमार नसुनेहु तव	,,	,,	,,
चउथा	,,	हियहरषे कामारि तव	,,	,,	,,
पांचौं	,,	यह इतिहास पुनीतअति	,,	,,	,,

चतुर्थे गिरिजाऽऽश्वासः पञ्चमे जन्महेतुहि ।
षष्ठेमिति पदान्ते च सप्तमे कपटंत्यज ॥८०॥
अष्टमे जनकाह्वानं नवमे रघुवीरहि ।
दशमे अगवानेति नैनेत्येकादशे तथा ॥८१॥
द्वादशे बालकाण्डान्ते वाखेति च त्रयोदशे ।
चतुर्दशादिने दोष जाल पञ्चदशे तथा ॥८२॥
षोडशेनैनशब्दे च समेते च ततः परम् ।
अष्टादशे च सबहि सार एकोनविंशके ॥८३॥

छैटौं	,,	वरनि नजाइ अनीति घोर	यो दोहाको	अन्तमा	विश्राम गर्नु
सातौं	,,	अस प्रभु दीनबन्धु हरि	,,	,,	,,
आठौं	,,	सतानन्द पदवन्दि प्रभु	,,	,,	,,
नवौं	,,	सभय विलोकि लोक सब	,,	,,	,,
दशौं	,,	आवत जानि वरातवर	,,	,,	,,
एघारौं	,,	पुनिपुनि रामहिं चितव	,,	,,	,,
वाह्रौं	,,	सियरघुवीर विवाह जे	,,	,,	,,
तेह्रौं	,,	भूपमनोरथ सुभगवन	,,	,,	,,
चउधौं	,,	कहि प्रिय वचन विवेकमत	,,	,,	,,
पन्ध्रौं	,,	भगत भूमि भूसुर सुरभि	,,	,,	,,
सोह्रौं	,,	स्यामल गौर किसोरवर	,,	,,	,,
सत्रौं	,,	लषन जानकी सहित प्रभु	,,	,,	,,
अठारौं	,,	भरत कमलकर जोरि	,,	,,	,,
उण्डैशौं	,,	संपति चकई भरतचक	,,	,,	,,
वीशौं	,,	राम सैल सोभानिरषि	,,	,,	,,
एक्काइसौं	,,	भरतचरित करिनेम	,,	,,	,,
वाइसौं	,,	दीपशिखासम युवतितन	,,	,,	,,
तेइसौं	,,	नीलोत्पल तनस्याम	,,	,,	,,
चौविसौं	,,	सकल सुमङ्गलदायक	,,	,,	,,
पच्चिसौं	,,	हिरण्याच्छ भ्रातासहित	,,	,,	,,
छब्विसौं	,,	मुरुछा विगत भालु	,,	,,	,,
सत्ताइसौं	,,	यह कलिकाल मलायतन	,,	,,	,,

विंशे नेम पदान्ते च विरतौ चैकविंशतौ ।
समस्तारण्यपठनं द्वाविंशति दिने तथा ॥८४॥
किष्किन्धा च त्रयोविंशे चतुर्विंशे च सुन्दरम् ।
विरोधे पञ्चविंशेऽह्नि षड्विंशे त्रासशब्दतः ॥८५॥
सप्तविंशे अधारेति भगवान् अष्टविंशतौ ।
ऊनत्रिंशे प्रतापे च त्रिंशेचोत्तर पूर्णता ।
एवं श्रीमानसस्यैष मासिकः पाठ इरितः ॥८६॥
रामायणं ये शृण्वन्ति कथयन्ति च भक्तितः ।
ते सर्वपापनिर्मुक्ता यान्ति ब्रह्म सनातनम् ॥८७॥
मानसं ये हि शृण्वन्ति पूजयन्ति वदन्ति च ।
विनाऽऽयासं यमं जित्वा यान्ति ब्रह्म सनातनम् ॥८८॥
यो वेत्ति भौतिकं देहं रामस्य परमात्मनः ।
श्रौतात् स्मार्तांद् बहिष्कार्यः सोऽन्त्यजोनाऽन्त्यजोऽन्त्यजः ॥८९॥
रामायणं न शृण्वन्ति ये जना दूषयन्ति वा ।
मायया मोहितास्ते च नूनं निरयगामिनः ॥९०॥
बहुपुण्यविपाकैश्च शुद्धभावाश्च ये जनाः ।
तीर्थाद्यैः क्षीणपापाश्च ते वै शृण्वन्ति मानसम् ॥९१॥

अट्ठाइसौं	,,	ज्ञानी भगत सिरोमनि	यो दोहाको	अन्तमा विश्राम गर्नु
उनन्तिसौं	,,	ताते यह तन मोहि प्रिय	,,	,, ,,
तीसौं	,,	पुण्यं पापहरं	यो आखिरी श्लोकको समाप्तिमा विश्रामगर्नु	

यस्ता प्रकारले मानसरामायणका मासपारायणको विश्राम स्थान बताइएको छ। जो मानिस यस-क्रमले मासपारायण गर्दछ त्यो श्रीरामजीको प्रेमपात्र हुन्छ ॥ ८० ॥ ८१ ॥ ॥ ८२ ॥ ८३ ॥ ७४ ॥ ८५ ॥ ८६ ॥

जो मानिस भक्तिपूर्वक रामायणको श्रवण र पारायण (पाठ) गर्दछन् , तिनीहरू सवै पापवाट छुटेर सनातन-ब्रह्मपदमा पुग्दछन् ॥ ८७ ॥ जो मानिस मानसरामायणको श्रवण पूजन पारायण गर्दछन् , तिनीहरू विना परिश्रम यमराजलाई हस्स पारेर सनातन ब्रह्मपदमा पुग्दछन् ॥ ८८ ॥ जो मानिस परमात्मा-रामजीको शरीरलाई [अरूसंसारी-प्राणिको जस्तो] केवल पृथिवी-जल-तेज-वायु-आकाश ई पञ्चमहाभूतले वनेको (भौतिक) ठान्दछ, त्यो मानिस श्रौत-स्मार्त कर्ममा वहिष्कार गर्न(हटाउन) लायक छ, त्यो शूद्र हो, चतुर्थवर्णमात्रै शूद्र होइन [चतुर्थवर्ण जातिशूद्र हो, त्यो कर्मशूद्र हो] ॥ ८९ ॥ मायाले मोहित-भएर जो मानिस रामायणको श्रवण गर्दैनन् , रामायणमा दोषारोप गर्दछन् , तिनीहरू नरकगामी हुन् , यस्मा सन्देह छैन ॥९०॥ अनेकानेक पुण्यको परिपाकले अन्तःकरण शुद्ध भएका, अनेक तीर्थ

एतत्ते सर्वमाख्यातं मानसाऽऽगमकारणम् ।
सन्देहनाशनं चैव रामभक्तिविवर्धनम् ॥९२॥
शृण्वन्ति रामायणमादितः कलौ पारायणं मारुतसुनुसन्निधौ ।
सन्तानमालां च वितत्यभूमौ गच्छन्ति साकेतपदं हि मानवाः ॥९३॥

इति श्रीबृहद्ब्रह्मपुराणे भविष्यप्रस्तावे सिद्धान्तखण्डे याज्ञवल्क्य-भरद्वाजसंवादे
श्रीमानसपारायणादिविधिवर्णनोनाम प्रथमोऽध्यायः ।

* * *

भरद्वाजउवाच ।

रामायणस्य माहात्म्यं पारायणविधिं मुने ! ।
मासे यस्मिन् दिने यस्मिन् देशे यस्मिन् दयानिधे !॥ १ ॥
श्रवणं पूजनं दानं होमादि च विधीयते ।
तच्च सर्वं समासेन ब्रूहि सर्वार्थसिद्धये ॥ २ ॥

याज्ञवल्क्य उवाच ।

चैत्रे शुक्लदले कुर्यादारम्भं प्रतिपद्दिने ।
समापयेत मतिमान् श्रीरामनवमीदिने ॥ ३ ॥
पारायणे मानसस्य सर्वे मासाः शुभाः स्मृताः ।
श्रीरामजन्ममासस्तु विशेषफलदायकः ॥ ४ ॥

का सेवाले निष्पाप भएका मानिस रामायणलाई श्रद्धापूर्वक सुन्दछन् ॥ ९१ ॥ हेभरद्वाज ! मानसरामायणको आविर्भावको यो कारण तिमिलाई वताएँ,यो प्रस्ताव सन्देहनाशक र राम भक्तिवर्धक छ ॥ ९२ ॥ जो मानिस कलियुगमा हनूमान्जीका मूर्तिका नगीचमा वसेर प्रारंभ देखी अन्तसम्म यो रामायण सुन्दछन् , तिनीहरू दुनियाँमा सन्तान फैलाएर श्रीरामजीका-धाममा पुग्दछन् ॥ ९३ ॥

× × × ×

भरद्वाज भन्दछन्

हे दयानिधान ! हे मुनीश्वर ! रामायणको माहात्म्य र पारायणविधि संक्षेपले वताउनुहोस् । जुन्महिनामा, जुन्दिनमा, जुन्ठाउँमा श्रवण-पूजन-दान-हवन इत्यादि गर्नुपर्दछ, त्यो पनि संक्षेपले वताउनुहोस् ॥ १ ॥ २ ॥

याज्ञवल्क्य भन्दछन्

हे भरद्वाजमुने ! बुद्धिमान्-मानिसले चैत्रमहिना-शुक्लपक्ष-परेवातिथिमा [नवाहको] आरम्भ गर्नु पर्दछ, श्रीरामनवमीका दिन समाप्ति गर्नुपर्दछ ॥ ३ ॥ मानसरामायणको पारायणमा सवैमहिना उत्तम छन्ता पनि श्रीरामजीको जन्ममहिना (चैत्र) अधिकफलदायक छ ॥४॥

वैशाखः कार्तिको माघः श्रावणः शुभदायकः ।
मार्गशीर्षो विशेषेण मलमासो विशेषतः ॥ ५ ॥
अहोभिर्नवभिः साध्यो नवाहाख्यो मखोत्तमः ।
पारायणान्तरे प्राणा गच्छेयुर्यदि देहिनाम् ॥ ६ ॥
पापवन्तोऽपि गच्छन्ति ते हरेः स्थानमव्ययम् ।
मासिकोऽप्युत्तमः प्रोक्तः पारायणविधिर्बुधैः ॥ ७ ॥
याद्दच्छिकोऽपि कर्तव्यः पाठः श्रीरामतुष्टिदः ।
सपादात्प्रहरादेव परस्तात्पाठ इष्यते ॥ ८ ॥
प्रातः किंपुरुषे वर्षे हनुमान् रामपूजनम् ।
करोति प्रथमे यामे तस्माद्यामं. विवर्जयेत् ॥ ९ ॥
मिथिलायां दर्दुरेषु विश्वामित्राश्रमेऽपि च ।
अयोध्यायां चित्रकूटे स्थानेष्वेषु विशेषतः ॥१०॥
पारायणं मानसस्य श्रेष्ठमुक्तं पुरातनैः ।
यत्र श्रीरामचरितं भक्तियुक्तेन पठ्यते ॥११॥
तत्र सर्वाणि तीर्थानि देवता ऋषयो मुने ! ।
गङ्गाद्या अपि नद्यश्च समायान्ति विशुद्धये ॥१२॥
आरामे नगरे वापि स्थाने शुद्धे शुभे समे ।
मण्डपं कारयेत्तत्र सवितानं सविस्तरम् ॥१३॥

वैशाख, कार्तिक, माघ,श्रावण, उत्तम छन् , मार्गशीर्ष र मलमास विशेष (अधिक) फलदायक छ ॥ ५ ॥ नवाहनाम भएको यो ठूलो-यज्ञ नवै-दिन लाएर सिद्ध गर्नुपर्दछ । पारायण गर्दा गर्दै सुन्दासुन्दै बीचमा मानिसका प्राण छुटे भने ती मानिस पापो भएपनि विष्णुभगवान्को शाश्वतपद (वैकुण्ठ) मा पुग्दछन् । महिनादिन लाएर गरिने पारायण (मासपारायण) पनि उत्तम हो भनीकन विद्वान्हरूले भनेको छ ॥ ६ ॥ ७ ॥ श्रीरामजीको प्रीतिपात्र भएको याद्दच्छिक पारायण (दिनसंख्याको नियम न गरेर गरिने साधारण पारायण) पनि [उत्तम हो] गर्नुपर्द छ । पाठ गर्दा सवापहर (३ घंटा ४५·मिनट) दिन चढे उप्रान्त गर्नु उत्तम छ ॥ ८ ॥

प्रातःकालमा हनूमान्जी किंपुरुषवर्षमा रहेर १ प्रहरसम्म रामजीको पूजन गर्नु हुन्छ, त्यसो हुनाले [हनूमान्जी आउने वेलाको विचार गरेर] १ प्रहरको समय अवश्य छाड्नु पर्दछ ॥९॥ [रामायण पारायण गर्नें स्थानका हकमा] मिथिला १, दर्दुर २, विश्वामित्राश्रम ३, अयोध्या ४, चित्रकूट ५, ई ५ स्थानमध्यका [कुनै स्थानमा मानसको पारायण उत्तम छ भनीकन प्राचीन-महर्षिहरूले भनेका छन् । हेमुने ! जुन्ठाउँमा भक्तिमान् मानिसले रामायणको पारायण गरिन्छ, त्यहाँ शुद्धता लिनाका-निमित्त संपूर्णतीर्थ, देवता, ऋषि, गङ्गादिनदी, हरू आउँछन् ॥ १० ॥ ११ ॥ १२ ॥ [पारायण गर्नें ठाउँका हकमा] वघैचामा

मध्ये व्यासासनं प्रोक्तं कोमलं श्लक्ष्णमुत्तमम् ।
तस्योपरि परंचित्रं वितानं कारयेद्बुधः ॥१४॥
मध्ये रामध्वजः स्थाप्यः पीतवर्णपताकया ।
हनुमतः पताका च रक्ता पूर्वे प्रकीर्तिता ॥१५॥
दक्षिणे भरतस्यैव पश्चिमे लक्ष्मणस्य च ।
शत्रुघ्नस्योतरे प्रोक्ता पताका विधिवेदिभिः ॥१६॥
ततः सुग्रीवमाग्नेय्यां नैरृत्यां च विभीषणम् ।
वालिसूनुंचवायव्यामैशान्यामृक्षनायकम् ॥१७॥
पूजयेन्नाममन्त्रेण गन्धपुष्पाक्षतादिभिः ।
ध्वजबन्धनमेतच्च पार्षदस्थापनं चरेत् ॥१८॥
ततश्चारम्भदिवसे प्रातः स्नात्त्वा कृतक्रियः ।
शिलामयीं मणिमयीं मृण्मयीं वा मनोहराम् ॥१९॥
दारुजां वा लोहजां वाऽऽलेख्यजां वा यथोचितम् ।
प्रतिमां गोमयमयीमथवा श्रीहनूमतः ॥२०॥
स्थापयेत्पूर्वदिग्भागे रामयज्ञमहोत्सवे ।
गणेशपूजनं कृत्वा स्वस्तिवाचनपूर्वकम् ॥२१॥
हनूमत्प्रतिमां चैव पूजयेद्विधिपूर्वकम् ।
चन्दनाक्षतपुष्पाद्यैरुपचारैर्यथार्जितैः ॥२२॥

अथवा गाउँमा, शहरमा जहाँहुन्छ, शुद्ध, सुन्दर, सम्मठाउँमा चँदुवासमेतको विशाल मण्डप वनाउनु ॥ १३ ॥ वीचमा नरम-मसीनु उत्तम व्यासासन बनाउनु र त्यसका माथिवाट पनि चित्रवस्त्रको चँदुवा टाङ्नु ॥ १४ ॥ वीचमा पहेलो पताकाले युक्तभएको रामजीको ध्वजा खडा गर्नु, पूर्वतर्फमा रातोपताकाले युक्तभएको हनुमान्जीको ध्वजा खडा गर्नु ॥१५॥ दक्षिण पट्टी भरतको, पश्चिमपट्टी लक्ष्मणको, उत्तर पट्टी शत्रुघ्नको ध्वजा राख्नु पर्दछ भनी विधिवेत्ताहरूले भनेका छन् ॥ १६ ॥ वहाँ-पछि चन्दन-अक्षता-फुल इत्यादिले आग्नेय दिशामा सुग्रीवको, नैऋत्यदिशामा विभीषणको, वायव्यमा अङ्गदको, ईशानमा जाम्बवान्को, नाममन्त्र पढेर पूजागर्नु ॥

यस्ताप्रकारले ध्वजबन्धन र पार्षदस्थापन गर्नु र आरम्भका दिनमा प्रातःकालमा स्नानगरेर नित्यकर्म सिध्याएपछि श्रीरामजीको नवाहरूपी-यज्ञका महोत्सवमा हनूमान्जीको शिलामय-मणिमय-मृत्तिकामय-काष्ठमय-लोहमय-चित्रमय-गोमयमय जुन् हुन्छ, सुन्दर त्यो मूर्तिलाई पूर्वपट्टी विधिपूर्वक स्थापनागर्नु ॥ स्वस्तिवाचन गरेर गणेशपूजन गर्नु ॥ १८ ॥ ॥ १९ ॥ २० ॥ २१ ॥ अनि हनूमान्का प्रतिमाको विधिपूर्वक पूजनगर्नु, [पूजन गर्दा प्रत्येक उपचार चढाउँदा-खेरि "ॐ नमो भगवते हनूमते आञ्जनेयाय रामसन्देशहारिणे लङ्कोद्दी-

विलिम्पेद्भक्तिभावेन सिन्दूरेण विशेषतः ।
मोक्षार्थी मृण्मये पात्रे कामार्थी पिष्टनिर्मिते ॥२३॥
दीपं प्रज्वाल्य वितरेद्विधिना वायुसूनवे ।
मोक्षार्थी सप्तभिः सूत्रैः कामार्थी पञ्चभिस्तथा ॥२४॥
निर्माय वर्तिकां कुर्याद्भक्त्या नीराजनं ततः ।
युग्मवस्त्रं सकौपीनं मन्त्रपूर्वकमर्पयेत् ॥२५॥
पुस्तकं चैव वक्तारं गीतवाद्येन चाऽऽनयेत् ।
रामबुद्ध्या चानयनमुच्चासनविधारणम् ॥ २६ ॥
उदङ्मुखो भवेद्वक्ता श्रोता च प्राङ्मुखः स्थितः ।
यद्वा पूर्वमुखो वक्ता श्रोता चोत्तरदिङ्मुखः ॥ २७ ॥
वरणं पञ्चविप्राणां सर्वविघ्ननिवृत्तये ।
कथाविघ्नविनाशाय कलशस्थापनं हितम् ॥ २८ ॥
जलपात्रद्वयेनैव धौतवस्त्रद्वयेन च ।
कर्तव्यं वरणं वक्तुः श्रद्धया धर्मतत्परैः ॥ २९ ॥
पुस्तकं पूजयेद्धीमान् चन्दनाक्षतपुष्पकैः ।
धूपं दीपं च नैवेद्यमारार्तिक्यमथाचरेत् ॥ ३० ॥
प्रारम्भे श्रीफलं द्रव्यं कनकं च समर्पयेत् ।
रामबुद्ध्या स्तुतिः कार्या वक्तारं प्रणमेत्ततः ॥ ३१ ॥

पनकारिणे आजन्मब्रह्मचारिणे लक्ष्मणप्राणदात्रे सीताशोकविनाशकारिणे कामाम्बुधिपारविहारिणे...समर्पयामि'' यो मन्त्रले चढाउनु पर्दछ]॥ चन्दन-अक्षता-फूलइत्यादि यथालाभ उपचारले पूजन गर्नु ॥ २२ ॥ विशेषगरि-कन भक्तिपूर्वक हनूमान्जीलाई सिन्दूर-विलेपन गर्नु । मोक्षाभिलाषीले माटाका दियामा, भोगाभिलाषीले गहूँका पिठाका दियामा वत्तिवालेर हनूमान्जीलाई अर्पणगर्नु । मोक्षार्थीले सातसूते, भोगार्थीले पाँचसूते वत्ति बालेर नीराजन गर्नु । २वस्त्र (उत्तरीय-अन्तरीय = उपर्ना धोती) र कौपीन (लँगोटी) पनि मन्त्रपूर्वकै चढाउनु ॥ २३ ॥ २४ ॥ २५ ॥

गीत गाउँदै वाजा वजाउँदै पुस्तकलाई र वाचकलाई मण्डपमा ल्याउनु । ल्याउदा खेरी श्रीरामजीनै हुन् भन्ने संझेर ल्याउनु र ऊचा आसनमा राजगराउनु ॥ २६ ॥ वक्ताले उत्तरमुख, श्रोताले पूर्वमुख भएर वस्नु । अथवा वक्ताले पूर्वमुख, श्रोताले उत्तरमुख भएर वस्नु ॥ २७ ॥ कथाको विघ्ननिवृत्तिका निमित्त पाँचजना ब्राह्मणको वरणगर्नु, कलशस्थापन पनि गर्नु ॥ २८ ॥ वरण गर्दा धर्ममा तत्पर भएका सज्जनले श्रद्धासाथ २ जलपात्र, २ वस्त्र, ले वरण गर्नु ॥ २९ ॥ चन्दन-अक्षता-पुष्प-धूप-दीप-नैवेद्य-नीराजन इत्यादि उपचारले यथाविधि पूजन गर्नु ॥ ३० ॥ आरम्भमा नरिवल [पगरी] द्रव्य, सुवर्ण अर्पणगर्नु, खास रामजीनै

प्रथमं कीर्तनं कार्यं वैष्णवैश्च पुनःपुनः ।
सीतारामेति रामेति सीतारामेति हर्षतः ॥ ३२ ॥
अवसाने पुनः कार्यो जयरामेत्ययं ध्वनिः ।
संपूर्तिदिवसे विप्र ! होमः कार्यो विधानतः ॥ ३३ ॥
रामायणोक्तमन्त्रेण पञ्चाङ्गेन यथाविधि ।
अथवा मन्त्रराजेन पायसैःशर्करा-घृतैः ॥ ३४ ॥
पुत्रार्थिना पायसेन कमलेन धनार्थिना ।
सर्वार्थिना श्रीफलेन दूर्वया च कुलार्थिना ॥ ३५ ॥
शत्रुनाशे राजिकाभी राज्यार्थे कदलीफलैः ।
एवं होमविधिं कृत्वा गां प्रदद्यात् पयस्विनीम् ॥ ३६ ॥
सीतारामस्वरूपं च पुस्तकं पूजयेत्ततः ।
सकुङ्कुमेन पीतेन चन्दनेनाऽक्षतैरपि ॥ ३७ ॥
तुलसीदलपुष्पैश्च धूपदीपादिभिस्तथा ।
नैवेद्य-श्रीफल-स्वर्णैं रजतै रत्नजातिभिः ॥ ३८ ॥
पौरुषेयाणि वस्त्राणि राघवाय निवेदयेत् ।
स्त्रैणानि जानकीदेव्यै देयान्याभूषणानि च ॥ ३९ ॥
सौभाग्यद्रव्यदानेन सुप्रीता जनकात्मजा ।
स्त्रीभ्यो ददाति सौभाग्यं धनं धान्यं तथा यशः ॥
पुत्रान् पौत्राँस्तथाऽऽरोग्यं गतिमन्ते यथेप्सिताम् ॥ ४० ॥

संझेर स्तुतिगर्नु र वक्ता (वाचक) लाई प्रणाम गर्नु ॥ ३१ ॥ प्रारम्भमा वैष्णवहरूले हर्षकासाथ वारंवार "सीताराम राम सीताराम राम" यस्ताप्रकारले र "सीताराम सीताराम" यस्ताप्रकारले नामकीर्तन गर्नु ।३२।कथासमाप्तिका समयमाप्रतिदिन जयराम जयराम जयजयराम यस्ता-तरीकाले उच्चध्वानका-साथ कीर्तनगर्नु । समाप्तिकादिन विधिपूर्वक होमगर्नु ॥ ३३ ॥

पञ्चाङ्गयुक्त भएका रामायणोक्त मन्त्रले, अथवा षडक्षर मन्त्रराजले होमगर्नु खीर-सख्खर-घिउको चरु गर्नु ॥ ३४ ॥ पुत्रको इच्छा हुनेले पायसको, धनको इच्छा हुनेले कमलको, सर्वबीजको इच्छाहुनेले नरिवलको,सन्तान वृद्धिको इच्छा हुनेले दूवाको चरुगर्नु ॥ ३५ ॥ शत्रुनाशको इच्छा भएमा रायोको, राज्यको इच्छा भएमा कदलीफलको, चरुगर्नु । यसरी होमको विधान गरेर पयस्विनी-गाई दानगर्नु ॥ ३६ ॥ अनि सीतारामस्वरूप मानेर पुस्तकको पूजनगर्नु । [पूजनगर्दा] केशरमिलेको पहेलो चन्दन, अक्षता (जउ) तुलसीदल फूल, धूप, दीप, नैवेद्य,नरिवल, सुवर्ण, रौप्य, अनेकप्रकारका रत्न चढाउनु ॥ ३७ ॥ ३८ ॥ रामचन्द्रका प्रीतिका निमित्त पौरुषेयवस्त्र (मर्दाना पोशाक) र सीताजीका प्रीतिका निमित्त स्त्रैणवस्त्र (जनानावस्त्र) र गहना चढाउनु ॥ ३९ ॥ सौभाग्यद्रव्य (सिदूर-टीका-

वाचकं तु सपत्नीकं रामतत्त्वार्थवेदिनम् ।
वसिष्ठारुन्धतीबुद्ध्या वस्त्राद्यैः परिपूजयेत् ॥ ४१ ॥
नवाहमखसंप्राप्तवस्त्रभूषणधारिणी ।
वाचकस्त्री च सौभाग्यमचलं लभते ध्रुवम् ॥ ४२ ॥
विरक्तो वैष्णवो विद्वान् विधेयः कोऽपि वाचकः ।
तस्य वाक्येन च श्रोत्रा लभ्यते सकलं फलम् ॥ ४३ ॥
पुस्तकं पूजयित्वा च नमस्कारो विधीयते ।
वैष्णवानां पूजनं च नीराजनविधिं ततः ॥ ४४ ॥
नृत्यं च कीर्तनं चैव जय शब्द समन्वितम् ।
प्रदक्षिणां ततः कुर्यात् सर्वपापक्षयाय च ॥ ४५ ॥
यानिकानि च पापानि ब्रह्महत्यासमानि च ।
तानि सर्वाणि नश्यन्तु प्रदक्षिणपदेपदे ॥ ४६ ॥
पारायणं ये श्रृण्वन्ति श्रीमद्रामायणस्य च ।
महापापोपपापाद्यैर्मुच्यन्ते ते न संशयः ॥ ४७ ॥
श्रीरामचरितं विप्र ! श्रृण्वतां वदतां तथा ।
जायते गद्गदा वाणी मनो द्रवति तत्क्षणात् ॥ ४८ ॥
सद्यो हृष्यन्ति रोमाणि साश्रुतां याति लोचनम् ।
तथाविधेन भावेन पापानि सकलान्यपि ॥
सद्यो विलयमायान्ति लघूनि च बृहन्ति च ॥ ४९ ॥

पोतेइत्यादि) अर्पणगर्नाले सीताजी खूब खुशी हुनुहुन्छ र स्त्रीहरूलाई सौभाग्य-धन-धान्य-यश-पुत्रपौत्र-आरोग्य र आखीरमा चिताए वमोजीमको सद्गति दिनुहुन्छ ॥ ४० ॥

रामरहस्य जान्ने वाचक सपत्नीक छ-भने वसिष्ठ र अरुन्धतीको भावना गरेर वस्त्र-भूषणले पूजनगर्नु ॥ ४१ ॥ नवाहयज्ञमा दानपाएका सौभाग्य-द्रव्य धारणगर्ने वाचक-स्त्रीपनि अचल-सौभाग्य पाउँदछे. सन्देह छैन ॥ ४२ ॥ वैराग्ययुक्त-वैष्णवदीक्षा-लिने-विद्वान् कुनैयोग्य व्यक्ति वाचक गराउनुपर्छ, त्यसका वाक्यले श्रोता संपूर्ण श्रवणफल पाउँछ ॥४३॥ पुस्तकको पूजन गरेपछि नमस्कारगर्नुपर्दछ । अनि वैष्णवहरूको पूजन र नीराजन गर्नु। ॥ ४४ ॥ [वाजासहित] नृत्य र जयशब्द सहित कीर्तन गर्नु र संपूर्णपापको नाशका निमित्त प्रदक्षिणा गर्नु ॥ ४५ ॥ [प्रदक्षिणा गर्दा] "ब्रह्महत्यातुल्य-भएका जुन्सुकै पाप भए पनि ती सबै परिक्रमा गर्दा-खेरि पाइलै-पीछे नष्टहुउन्" यस्तो अर्थ भएको "यानिकानिच पापानि" यो प्रार्थना मन्त्र पढनु पर्दछ ॥ ४६ ॥ श्रीरामायणको पारायण जो सुन्दछन्, तिनीहरू महापातक-उपपातक-अतिपातक इत्यादिवाट छुट्तछन्, सन्देह छैन ॥ ४७ ॥ हेमुने ! श्रीरामायण सुन्नेको र भन्नेको समेत वचन गद्गद हुनजान्छ, मन तुरन्तै पग्लन्छ । रोमाञ्च

क्षय-कुष्ठप्रमेहार्शोभगन्दरमुखा अपि ।
रोगाः सर्वे प्रशाम्यन्ति श्रीमद्रामायणे श्रुते ॥ ५० ॥
एतत् ते सर्वमाख्यातं रामायण फलं शुभम् ।
यः पठेच्छृणुयाद्वापि सर्वपापैः स मुच्यते ॥ ५१ ॥

इति श्री बृहद्ब्रह्मरामायणे भरद्वाजयाज्ञवल्क्यसंवादे भविष्यप्रस्तावे सिद्धान्तखंडे मानसरामायणमाहात्म्य-विधिवर्णनोनाम द्वितीयोऽध्यायः ।

इति शुभम् ।

खड़ाहुन्छ, नेत्रमा आँसू भरिन्छन् । त्यस्तो हालत हुनगयो भने वाचक-श्रोता सवैका साना ठूला सव पाप वेपत्ता भएर नष्ट हुन्छन् ॥ ४८ ॥ ४९ ॥

क्षय-कुष्ठ-प्रमेह-अर्श-भगन्दर इत्यादि दुःसाध्य रोग पनि श्रीरामायणश्रवणगरेपछि सवैनष्ट हुन्छन् ॥ ५० ॥ हेभरद्वाज ! यो रामायणको शुभफल तिमिलाई मैले वताएँ । यस्लाई पढ्यो सुन्यो भने संपूर्णपापवाट मुक्त हुन्छ ॥ ५१ ॥

इति मानसरामायणमाहात्म्यम्
संपूर्ण–शुभं भूयात्.

मङ्गलाचरण

जयति रघुवंशतिलकः, कौशल्याहृदयनन्दनो रामः ।
दशवदननिधनकारी, दाशरथिः पुण्डरीकाक्षः ॥ १ ॥
कूजन्तं रामरामेति मधुरं मधुराक्षरम् ।
आरुह्य कविता शाखां वन्दे बाल्मीकिकोकिलम् ॥ २ ॥
बन्धन्तमञ्जलिं सन्तं कथां शृण्वन्तमादरात् ।
भक्तिमन्तं दाशरथौ हनूमन्तं नमाम्यहम् ॥ ३ ॥
उल्लङ्घ्य सिन्धोः सलिलं सलीलं यः शोकवह्निं जनकात्मजायाः ।
आदाय तेनैव ददाह लङ्कां नमामि तं प्राञ्जलिराञ्जनेयम् ॥ ४ ॥
रामं रामानुजं सीतां भरतं भरतानुजम् ।
सुग्रीवं वायुसूनुं च प्रणमामि पुनःपुनः ॥ ५ ॥
यः पृथ्वीभरवारणाय दिविजैः संप्रार्थितश्चिन्मयः
संजातः पृथिवीतले रघुकुले मायामनुष्योऽव्ययः ॥
निश्चक्रं हतराक्षसः पुनरगाद्ब्रह्मत्त्वमाद्यां स्थिरां
कीर्तिं पापहरां विधाय जगतां तं जानकीशं भजे ॥ ६ ॥

श्रीमते सपरिवाराय रामभद्राय नमः

॥ श्रीः ॥

अथ

श्रीमद्गोस्वामितुलसीदासनिर्मितं रामायणं प्रारभ्यते

तत्रेदं

बालकाण्डम्

मङ्गलम्

वर्णानामर्थसंघानां रसानां छंदसामपि ।
मङ्गलानां च कर्तारौ वंदे वाणीविनायकौ ॥१॥
भवानीशंकरौ वंदे श्रद्धाविश्वासरूपिणौ ।
याभ्यां विना न पश्यन्ति सिद्धाः स्वान्तःस्थमीश्वरम् ॥२॥

श्री १०८ मान्यमौनिमुनिपुङ्गवको पवित्र,
आदेश देशहितकारक माथ धर्छु ।
श्रीरामचन्द्रचरणद्वय संझि सानू,
भाषानुवाद तुलसीकृतमा म गर्छु ॥ १ ॥

वर्णसमूह, अर्थसमूह, रससमूह, छन्दःसमूह, र मङ्गल (कल्याण) का कर्ता (उत्पत्ति गर्ने) भएका श्रीसरस्वती र श्रीगणेशजीलाई म (तुलसीदास) नमस्कार गर्छु ॥ १ ॥ (क)

जुनविना (जो २ नहुञ्ज्याल) सिद्धहरू पनि आफ्ना अन्तःकरणमा रहेका ईश्वरलाई देख्न पाउँदैनन्, त्यस्ता श्रद्धा र विश्वासस्वरूप भएका पार्वती र शंकरलाई म नमस्कर गर्छु ॥ २ ॥ (ख)

(क) चेतनामयी सरस्वती भगवतीका र विघ्नविनाशन श्रीगणेशजीका अनुग्रहले नै वर्णको उत्पत्ति, अर्थको बोध, रसको आस्वाद, छन्दको विकास भई यो जगत् उज्यालो भएको छ, नत्र गाढ़ान्धकारमा रहने थियो, रस र विविध अर्थले भूषित भएकी सत्यरूपा वाङ्मयी सरस्वतीको निर्विघ्न उदय गराउन सके दुनियाँका मनोरथ पूर्ण हुन्छन्, अलच्छिन हट्तछ, सत्कीर्ति पैदा हुन्छ, पाप हराउँछ, सबै कल्याण मौजूद रहन्छन्.

“कामान् दुग्धे विप्रकर्षत्यलक्ष्मीं कीर्तिं सूते दुष्कृतं या हिनस्ति ।
तां चाप्येतां मातरं मङ्गलानां धेनुं धीराः सूनृतां वाचमाहुः” [महाकवि भवभूति]

यसै कारणले सर्वप्रथम मङ्गलमूर्ति वाणी र विनायकको वन्दना गरेको हो ।

(ख) आस्तिक्यबुद्धिलाई श्रद्धा, “इदमित्थमेव” यस्तो निश्चयलाई विश्वास भन्दछन् । घट

वंदे बोधमयं नित्यं गुरुं शंकररूपिणम् ।
यमाश्रितो हि वक्रोऽपि चंद्रः सर्वत्र वंद्यते ॥३॥
सीतारामगुणग्रामपुण्यारण्यविहारिणौ ।
वंदे विशुद्धविज्ञानौ कवीश्वरकपीश्वरौ ॥४॥

जसको आश्रय पाउनाले कुटिल (टेढो) भएको चन्द्रमा पनि जगत्भरमा नमस्कार गरिएको छ, ती ज्ञानमय-अविनाशी-जगद्गुरु-भगवान्-शंकरलाई अभिवादन गर्छु (ढोग दिन्छु) ॥ ३ ॥ (ग)

जनकनन्दिनी र दशरथनन्दन श्रीराम यी २ जनाका गुणको समूह नै, (अन्तःकरण निर्मल गराई अनेकानेक ताप हटाउने) भएका कवीश्वर (आदिकवि-वाल्मीकि) र कपीश्वर (वानरपति-श्री हनूमानजी) लाई प्रणाम गर्दछु ॥ ४ ॥

उद्भवस्थितिसंहारकारिणीं क्लेशहारिणीम् ।
सर्वश्रेयस्करीं सीतां नतोऽहं रामवल्लभाम् ॥५॥
यन्मायावशवर्ति विश्वमखिलं ब्रह्मादिदेवासुरा
यत्सत्त्वादमृषैव भाति सकलं रज्जौ यथाऽहेर्भ्रमः ।
यत्पादप्लवमेकमेव हि भवाम्भोधेस्तितीर्षावतां
वंदेऽहं तमशेषकारणपरं रामाख्यमीशं हरिम् ॥६॥

सृष्टि-स्थिति-प्रलय गर्ने, संपूर्ण क्लेश (दुःख) हर्ने, सम्पूर्ण कल्याण दिने, श्रीराम-वल्लभा (रामकी प्रियतमा) सीताजीलाई म नमस्कार गर्छु ॥ ५ ॥ (घ)

संपूर्ण संसार र ब्रह्मादि देवता-दैत्यहरू जसकी माया (शक्ति)का वशमा रहेका छन्, जसका सत्ताका प्रभावले यो (मिथ्या) जगत्-डोरीका सत्ताले भ्रान्तिगोचर भएको (भ्रमले

घटव्यापी परमेश्वर पनि श्रद्धा विश्वास नहुञ्ज्याल देखिँदैनन् । साधनसंपत्ति भएपछि पनि श्रद्धा-विश्वास-को खूब आवश्यकता रहन्छ, "श्रद्धावित्तो भूत्वा आत्मन्येवात्मानं पश्येत् ।" यसै कारणले रामायणारम्भ पुण्यकर्ममा श्रद्धाविश्वासरूप भवानीशंकरको वन्दना गरेको हो ।

(ग) टेढामेढा भएका चन्द्रमालाई "हरमुकुटनिवासाय बालचन्द्र नमोऽस्तुते" भनेर दुनियाँ नमस्कार गर्दछ, यसमा कारण जगद्गुरु-भगवान्-शंकरको आश्रयै हो,—नत्र त्यो खण्डित चन्द्रमाको को आदर गर्दथ्यो, दोषदूषित भएको म पनि गुरु-शंकरको वन्दनाद्वारा आश्रय गर्छु र जगत्को आदरपात्र हुन्छु ।

(घ) जगत्को सृष्टि स्थिति-प्रलय गर्ने माया (शक्ति) स्वरूपा भगवती जनकनन्दिनी नै हुन्. राम ता शुद्ध ब्रह्मस्वरूप हुन् "रामं विद्धि परं ब्रह्म सच्चिदानन्दमद्वयम् । सर्वोपाधिविनिर्मुक्तं सत्तामात्रमगोचरम् मां विद्धि मूलप्रकृतिं सर्गस्थित्यन्तकारिणीम् । तस्य सन्निधिमात्रेण सृजामीदमतन्द्रिता ॥ यो अध्या० रामा० को उक्तिबाट पनि यही कुरा प्रमाणित हुन्छ ।

भासमान भएको, वास्तवमा मिथ्या ठहरिने) सर्प झैं साँचै भासमान भइरहेको छ, संसारसागरको पार पुग्न चाहने (मुमुक्षु) हरूका निमित्त जसका चरणकमल केवल नौका (नाउ) स्वरूप छन् भनी सिद्धान्त (निश्चय) भएको छ, त्यस्ता कार्यकारणभावदेखि पर रहेका, "राम" यो नामले प्रख्यात भएका (योगिजनहरूले समाधिसिद्धि भएपछि आनन्दमय भई रमाउने स्थानस्वरूप) सर्वजगतपति सर्वपापहारी सर्वदुःखहारी परमेश्वरलाई म नमस्कार गर्छु ॥ ६ ॥

नानापुराणनिगमागमसंमतं य-
द्रामायणे निगदितं क्वचिदन्यतोऽपि ।
स्वान्तःसुखाय तुलसी रघुनाथगाथा-
भाषानिबन्धमतिमञ्जुलमातनोति ॥ ७ ॥

आफ्ना चित्तको आनन्दका निमित्त तुलसीदास अनेक पुराण वेद शास्त्रहरूले मंजूर गरिएको (मानिएको) र रामायणमा बताइएको र कहीं २ आफ्नो अनुभवले र शिष्टहरूका संप्रदायको किंवदन्ती (ऐतिह्यप्रमाण) ले सिद्ध भएको श्रीरामचरित्रलाई एकत्र गरेर अतिसुन्दर भाषाग्रन्थ बनाउँछन् ॥ ८ ॥

सोरठा—जेहि सुमिरत सिधि होइ गननायक करिबरबदन ।
करौ अनुग्रह सोइ बुद्धिराशि सुभ गुन सदन ॥ १ ॥

जसको स्मरण मात्र गर्नाले पनि कार्यसिद्धि हुन्छ, जसको मुख हात्तीको जस्तो सुन्दर छ, जो बुद्धिका समूहरूप छन्, जो सद्गुणका निवासरूप छन्, ती गणेशजी ममाथि दया गरून् ॥ १ ॥

मूक होइ बाचाल पंगु चढै गिरिबर गहन ।
जासु कृपाँ सो दयाल द्रवौ सकलकलिमलदहन ॥ २ ॥

जसका कृपाले लाटो व्यक्ति पनि वाचाल (वक्ता) हुन जान्छ, जसका कृपाले पंगु (लँगडो) व्यक्ति पनि अग्ला २ पर्वत चढ्न सक्छन् संपूण-कलिकल्मषलाई (कलियुगका प्रभावले हुन जाने पापपुञ्जलाई) भस्म पारिदिने दयालु ती (भगवान् विष्णु) मेराउपर पग्लून् (दयावान् होउन्) ॥ २ ॥

नील सरोरुह स्याम तरुन अरुन बारिजनयन ।
करौ सो मम उर धाम सदा छीरसागर सयन ॥ ३ ॥

नीलकमल जस्तो श्यामसुन्दर शरीर भएका, छिपिएको लाल कमल जस्ता नजर भएका, क्षीरसमुद्रमा शेषनागको शय्या गर्ने ती (बुद्धिले संझिएका) भगवान् विष्णु मेरा हृदयमा सदासर्वदा निवास गरून् ॥ ३ ॥

कुंद इंदु समदेह उमारमन करुना अयन ।
जाहि दीन पर नेह करौ कृपा मर्दन मयन ॥ ४ ॥

कुन्दपुष्प र चन्द्रमा जस्तो श्वेत शरीर भएका, गिरिराजकुमारीसंग विहार गर्ने, करुणानिधान श्री मन्मथमथन (कामदेवलाई भस्म पार्ने) शङ्करजी यो दीन (दुःखी) का उपर स्नेह गरून् ॥ ४ ॥

बंदौं गुरुपद कंज कृपासिंधु नररूप हरि ।
महामोह तम पुंज जासु वचन रबिकर निकर ॥ ५ ॥

जसको वचन महामोहरूपी अन्धकारसमूहमा सूर्यकिरणसमूहरूप छ (सूर्यकिरणले तम हटाए झैं महामोह हटाउँछ) ती करुणासागर मनुष्यमूर्ति-विष्णुस्वरूप गुरु (रामजी) का चरणकमललाई प्रणाम गर्दछु (महात्मा तुलसीदासका गुरु नरसिंहदास हुन्, संस्कृतमा सिंहलाई पनि हरि भन्दछन्, नररूप हरिको (नरसिंह) को चरणकमललाई प्रणाम गर्दछु) यस्तो गुप्तरीतिले गुरुवन्दना गरेको पनि बुझिन्छ ॥ ५ ॥

चौपाई—बंदौं गुरु पद पदुम परागा ❀ सुरुचि सुबास सरस अनुरागा ॥१॥
अमियमूरिमय चूरउ चारू ❀ समन सकल भवरुज परिवारू ॥२॥

सुन्दर, सुगन्धित, रसिला, अनुराग (भक्तिरस) पैदा गर्ने, गुरुका चरणकमलको पराग (धूलो) को वन्दना गर्दछु ॥ १ ॥ त्यो (गुरुचरणकमलपराग) चूर्ण अति असल छ किनभने त्यो अमृत (पीयूष र मोक्ष) को जरो (मूलकारण) हो, त्यसले संसारसम्बन्धी सबै रोगका (आध्यात्मिक, आधिदैविक, आधिभौतिक तापका) परिवार (सन्तानहरूलाई) शान्त गराइदिन्छ (हटाउँछ) ॥ २ ॥

सुकृत संभु तन बिमल बिभूति ❀ मंजुल मंगल मोद प्रसूती ॥३॥
जन मन मंजु मुकुर मल हरनी ❀ कियें तिलक गुन गन बसकरनी ॥४॥

त्यो गुरुचरणकमलपराग सुन्दर शंकरजीका गाथमा लागेको विभूति (भस्म) तुल्य छ र त्यसले असल मङ्गल र आनन्द पैदा गर्छ ॥ ३ ॥ त्यो चूर्णले मानिसका मनरूपी दर्पणको मल (मैला) हरण गर्दछ, त्यो चूर्णको तिलक (टीका) लाउने (भक्त शिष्य) मानिसले गुणगणलाई वश पार्ने हुनाले त्यो चूर्ण वशीकरण चूर्ण हो ॥ ४ ॥

श्रीगुरपद नख मनि गन जोती ❀ सुमिरत दिव्य दृष्टि हियँ होती ॥५॥
दलन मोह तम सो सुप्रकासू ❀ बड़े भाग उर आवइ जासू ॥६॥

गुरुका पाउका नखरूपी मणिसमूहको ज्योति (तेज) अरू तेजभन्दा विलक्षण शक्तिशाली छ र यसमा ध्यान दिने (संझने) मानिसका हृदयमा दिव्यदृष्टि (ज्ञानमय प्रकाश) पैदा हुन्छ ॥ ५ ॥ त्यो (गुरुपदनखमणिजोती) सूर्य जस्तो प्रकाशवान् छ र मोहरूपी तमलाई नष्ट गर्छ, त्यो वस्तु जसका हृदयमा रहन्छ त्यो मानिस बड़ो भाग्यवान् हो ॥ ६ ॥

उघरहिं बिमल विलोचन ही के ❀ मिटहिं दोष दुख भव रजनी के ॥७॥
सूझहिं रामचरित मनि मानिक ❀ गुपुत प्रगट जहँ जो जेहिं खानिक ॥८॥

(त्यो गुरुपदनखमणिजोती उदाउँदा) हृदयको निर्मल नेत्र (ज्ञानचक्षु) उघ्रन्छ, संसाररूपी रात्रिको अज्ञानान्धकाररूपी दोष (खराबी) र जन्मजरामरणरूपी दुःख मेटिन्छ ॥ ७ ॥ फेरि त्यो जोतिका प्रभावले गुप्त रहेका र प्रकट रहेका जहाँ जो जुन खानिबाट पैदा भएका रामचरित्ररूपी मणि माणिक्य छन् ती सबै (झलमल्ल) देखिन आउँछन् ॥८॥

दोहा—जथा सुअंजन अंजि दृग साधक सिद्ध सुजान ।
कौतुक देखहिं सैल बन भूतल भूरि निधान ॥ १ ॥

जस्तै सिद्धाञ्जन (मन्त्रसिद्धिले जगाएको गाजल) आँखामा लाएर साधक (निधिदर्शनादि सिद्धि भएको मानिस) ज्ञानवान् भएर पर्वत वन समभूमि जहाँ तहींको खानि आश्चर्यपूर्ण भएर देख्तछ, (त्यस्तै गुरुपदनखमणिजोति उदाएको मानिस जुन जुन ठाँउमा जुन जुन गुप्त अथवा प्रकट रहेका रामचरित्ररूपी मणि माणिक्य छन् ती सबैलाई झलमल्ल देख्तछ) ॥१॥

चौ०—गुरपद रज मृदु मंजुल अंजन ❀ नयन अमिय दृग दोष बिभंजन ॥१॥
तेहि करि बिमल बिबेक बिलोचन ❀ बरनउँ रामचरित भवमोचन ॥२॥

गुरुका चरणको रज (धूलो) मृदु (मुलायम = नबिझाउने) र राम्रो अञ्जनै हो, दृष्टि (आँखा = ज्ञान) का संपूर्ण दोषलाई हटाउने नयनामृत हो । त्यसैका सेवनले विवेक (छ्यान) रूपी नेत्रलाई निर्मल पारेर संसारदुःख छुटाउने रामचरित्रको वर्णन गर्छु ॥ १ ॥ २ ॥

बंदौं प्रथम महीसुरचरना ❀ मोहजनित संशय सब हरिना ॥३॥
सुजनसमाज सकल गुनखानी ❀ करौं प्रनाम सप्रेम सुबानी ॥४॥

मोह (अज्ञान) बाट पैदा भएका सब सन्देहलाई हरण गर्ने ब्राह्मणका चरणलाई (स्वर्गीय देवता र गुरुको वन्दना गरिसकेपछि अरू वन्दनीय जनभन्दा) पहिले वन्दना गर्छु ॥ ३ ॥ संपूर्ण सद्गुणका खानिस्वरूप भएका सज्जनवर्गलाई प्रेमका साथ मधुर वचनले प्रणाम गर्छु ॥ ४ ॥

साधु सरिस सुभचरित कपासू ❀ निरस बिसद गुनमय फल जासू ॥५॥
जो सहि दुख परछिद्र दुरावा ❀ बंदनीय जेहिं जग जसु पावा ॥६॥

सज्जनको चरित्र कपास जस्तो असल हुन्छ किनभने जसको फल (परिणाम र फल) नीरस (संसारसुखविमुख र रूखा) भएर पनि विशद (स्वच्छ र सेतो) भईकन गुणमय (हितकारक र धागोस्वरूप) हुन्छ, जो कपासतुल्य भएको सज्जनवर्ग दुःख सहेर पनि अर्काको छिद्र (गोप्य अङ्ग र बिग्रने मौका) ढाकिदिन्छ । जसले दुनियाँमा तारीफ गर्नलायक भएको कीर्ति पाएको छ ॥ ५ ॥ ६ ॥ (क)

(क) (कपासको प्रशंसा)
शीतोष्णवातवर्षा सहेर वनमा प्रफुल्लता ल्यायौ । ऐंटाका अन्तरमा रहेर कति यातना पायौ ॥१॥
धुनियौ धमाधम अनी वटारियौ योग्यमा गनियौ । चर्खाका सुइरामा रहेर नाच्यौ र तानमा भरियौ ॥२॥
ठोकेर ठीक गरियौ पिटाइयौ काटियौ सिइयौ । दिनरात दैवगतिले निर्दयतासाथ गाथले दलियौ ॥३॥

मुद मंगल मय संतसमाजू ❀ जो जग जंगम तीरथराजू ॥७॥
रामभगति जहँ सुरसरिधारा ❀ सरसइ ब्रह्म बिचार प्रचारा ॥८॥
बिधि निषेध मय कलिमल हरनी ❀ करमकथा रबिनंदिनी बरनी ॥९॥
हरि हर कथा बिराजति बेनी ❀ सुनत सकल मुद मंगल देनी ॥१०॥

सन्तहरूको समाज आनन्द र मङ्गल यी २ पदार्थको मिश्रणले बनेको हुन्छ, मानौं त्यो समाज दुनियाँभरमा हिंड्ने तीर्थराज (प्रयाग) हो, जहाँ रामभक्तिरूपी भागीरथीको धारा, ब्रह्मविचार र ब्रह्मप्रचाररूपी सरस्वतीको धारा, कलिमल हरण गर्ने विधिमय (विहित = यो गर्नु भनी बताइएका) निषेधमय (यो नगर्नु भनी बताइएका) कर्मका कथारूपी रविनन्दिनी (यमुना) को धारा वर्णन गरिन्छ, श्रवण मात्रले सकल आनन्द दिने र कल्याण गर्ने हरिहर२को कथारूपी वेनी (३ नदीको संगम) विराजमान छ । (एकै ठाउँमा डल्लिइरहने तीर्थराजभन्दा यत्रतत्र हिंडेर लोकोपकार गर्ने सन्तसमाजरूपी तीर्थराज सेवनीय छ) ॥ ७ ॥ ८ ॥ ९ ॥ १० ॥

बट बिस्वासु अचल निज धरमा ❀ तीरथ साज समाज सुकरमा ॥११॥
सबहि सुलभ सब दिन सब देसा ❀ सेवत सादर समन कलेसा ॥१२॥
अकथ अलौकिक तीरथराऊ ❀ देइ सद्य फल प्रगट प्रभाऊ ॥१३॥

सन्तसमाजरूपी तीर्थराज (प्रयाग) मा दृढविश्वासरूपी अक्षयवट रहन्छ, त्यो वट-वृक्षको निश्चलपना स्वधर्म हो । त्यो तीर्थराजको समाज (यात्रीगण) सुकर्म (पुण्यकर्म) हुन् । त्यो तीर्थराज सबैलाई सबै दिन सबै ठाउँमा सुलभ छ, त्यसको सादर सेवाले सबै क्लेश शान्त हुन्छन् । त्यो सन्तसमाजरूपी तीर्थराज अकथनीय (बर्णन गर्न नसकिने) र अलौकिक (अपूर्व-अति ठूलो) छ, प्रकट प्रभाव (स्पष्ट शक्ति) भएको त्यो तीर्थराज तत्काल फलदायक छ ॥ ११ ॥ १२ ॥ १३ ॥

दो०—सुनि समुझहिं जन मुदितमन मज्जहिं अति अनुराग ।
लहहिं चारिफल अछत तनु साधुसमाज प्रयाग ॥ २ ॥

सज्जनहरू यो सन्तसमाजरूपी प्रयागको माहात्म्य (प्रभाव) सुनेर त्यसको मर्म बुझ्दछन् र प्रसन्न हुन्छन्, अनि खूब प्रेमका साथ त्यस प्रयागमा गोता लगाउँछन् (साधुवर्गमा मिलित हुन्छन्) तिनीहरू अक्षततनु भएर (देहपात नहुँदै यही जन्ममा) धर्म अर्थ-काम-मोक्ष यी ४ फल पाउँछन् ॥ २ ॥

चौ०—मज्जनफलु पेखिअ ततकाला ❀ काक होहिं पिक बकउ मराला ॥१॥
सुनि आचरज करै जनि कोई ❀ सतसंगति महिमा नहिं गोई ॥२॥

सन्तसमाजरूपी तीर्थराजमा मज्जन (गोता लाउने काम) को फल तत्काल देखिन्छ,

दुर्जनसमेत सबको दुर्मत हररोज राखिदियौ । हितका निमित्त सबको रूप हजारौं मजा बुझेर लियौ ॥४॥
तिम्रा मुकाबिलाको चीज कुनै पाउनेछैनौं । स्याबास्! कपास ! तिम्रो यो उपकार बिर्सनेछैनौं ॥५॥

के भने ? त्यहाँ मज्जन गर्नाले काग पनि कोइली हुन्छ, बकुल्लो पनि [हंस हुन्छ यो कुरा सुनेर कसैले पनि आश्चर्य नमान्नु, किनभने, सत्संगको प्रभाव छिपेको छैन ।। १२ ।।

बालमीकि नारद घटजोनी ❀ जिन निज मुखनि कही निज होनी ॥३॥
जलचर थलचर नभचर नाना ❀ जे जड़ चेतन जीव जहाना ॥४॥

वाल्मीकि–नारद–अगस्त्य यिनले आफ्ना आफ्ना मुखले आफ्नो उत्पत्ति बताएका छन् । (क) (त्यसरी जन्मनेको त्यो उच्च अवस्था सत्संगका प्रभावले नै भएको हो) । फेरि जलचर स्थलचर नभश्चर जड़ चेतन अनेक प्रकारका जति जीव छन्, संसारमा

मति कीरति गति भूति भलाई ❀ जब जेहि जतन जहाँ जेहिं पाई ॥५॥
सो जानब सतसंग प्रभाऊ ❀ लोकहुँ बेद न आन उपाऊ ॥६॥ (ख)

ती जीवले जहिले जुन उपायले–जति–जहाँ–जो–मति (बुद्धि) कीर्ति (यश) गति

(क) "म अघि निन्दनीय आचारवाला व्याधा थिएँ, साधुहरूको अनुग्रह पाएर हजूरको उल्टो नाम 'मरा' यस्तो मन्त्र जप्ता जप्तै भक्तवत्सल करुणासागर हजूरका करुणाले जगदादरणीय महामुनि र आदि कवि हुन पाएँ" भनी वाल्मीकि महामुनिले रामचन्द्रका हजूरमा अफ्नो जीवनी विन्ति चढाएका छन् ।

"म अघिल्ला जन्ममा दासीपुत्र थिएँ, सज्जनहरूले गरेको हरिकथाको कीर्तन सुन्न र उनको पूरा खान पाउँदा मलाई भगवद्भजनमा प्रेम लाग्यो । एक पटक भगवान्को सुनेबमोजिमको स्वरूप मेरा हृदयमा झलमल्ल झल्क्यो, मेरो मन पल्क्यो । द्वितीय जन्ममा म ब्रह्माजीको पुत्र भई जन्में, हरिकीर्तन गर्दछु, मस्त छु" भनी नारदजीले व्यासजीलाई भनेका छन् ।

"स्वर्वेश्या (उर्वशी) लाई देख्ता घडामा स्खलित भएका मित्रावरुणका वीर्यबाट जन्मेको म सत्सङ्गका प्रभावले रामभक्ति पाई कृतकृत्य भएँ" भनी अगस्त्यले शङ्करजीमा विन्ति गरेका छन् ।

(ख) जलचर[१]–स्थलचर[२]–नभचर[३]–जड़[४]–चेतन[५] यी ५ प्रकारका अघिल्ला चौपाईमा बताएका जीवले यथाक्रम मति[१]–कीर्ति[२]–गति[३]–भूति[४]–भलाई[५] पाएका छन् । जलचर[१] राघव नाम भएको ठूलो एउटा माछाले लोककण्टक रावणका निष्ठुरताले समुद्रमा डुबाइदिएकी कौसल्यालाई उनका पिता कोसलराजका हजूरमा दाखिल गरायो, दशरथसंग विवाह भएपछि कौसल्याबाट राम पैदा हुनुभयो र रावणलाई मार्नुभयो। त्यो राघव माछाले मति[१] (सद्बुद्धि) पाएको सत्संगका प्रभावले हो । स्थलचर[२]–गजेन्द्रले ठूलो यश पाएको वृत्तान्त भागवत–महाभारत–प्रभृतिमा प्रसिद्ध छ । त्यो कीर्ति पाउनामा कारण उनका पूर्वजन्मको सत्संग हो । नभचर[३]–जटायुले सद्गति[३] पाएको वृत्तान्त रामायणमा प्रसिद्ध छ, त्यसमा पनि दण्डकारण्यनिवासी मुनिजनको सङ्ग नै कारण हो । जड़[४] पाषाण भएकी अहल्याले पतिप्राप्ति चेतन देह–प्राप्तिरूप ऐश्वर्य[४] पाउनामा कारण उनका अघिको सत्सङ्ग नै हो । चेतन[५] जीव सुग्रीव हनूमान् प्रभृतिले कल्याण[५] पाएको सत्सङ्गको प्रभावले हो" भनी यी २ चौपाईमा यथासंख्य अलङ्कार मानेर टीकाकारहरूले माथि देखाएका उदाहरणको उल्लेख गरेका छन्। सत्संगका प्रभावले माथि बताएबमोजिम एक एक कुरा पाउने नियम नदेखिएकोले जलचरादि सबै जीवले मति प्रभृति सबै चीज सत्संगका प्रभावले पाउन सक्तछन् । के गजेन्द्रले यश मात्रै पाए ? के सद्गति र ऐश्वर्य पाएनन् ? त्यस्तै अरू जीवमा पनि बुझ्नुपर्दछ" भन्ने सद्विचारले यसमा यथासंख्य अलंकार नामाने नै ठीक ठहर्ला कि ?

(सद्गति) भूति (ऐश्वर्य) भलाइ (कल्याण) पाए-तिनै जीव सत्सङ्गको प्रभावलाई ठीक ठीक जान्दछन् । लोक र वेदमा अर्को (मति-कीर्ति प्रभृति प्राप्त गराउने) उपाय छैन ॥५॥६॥

बिनु सतसंग बिबेक न होई ❀ रामकृपा बिनु सुलभ न सोई ॥७॥
सतसंगति मुद मंगल मूला ❀ सोइ फल सिधि सब साधन फूला ॥८॥

विनासत्संग ज्ञान (विवेक) हुँदैन, त्यो (सत्संग) रामजीको कृपाविना सुलभ (सजिलैसित पाइने) हुँदैन ॥७॥ त्यो सत्संग आनंद र कल्याणरूपी वृक्षको मूल (जरो) हो, त्यो सत्संगतिरूपी मूल हुने आनन्दकल्याणरूपी वृक्षका तप-स्वाध्याय-यज्ञ-दान इत्यादि साधन मूलस्वरूप हुन् , मोक्ष र सिद्धि त्यस वृक्षका फल हुन् ॥८॥

सठ सुधरहिं सतसंगति पाई ❀ पारस परस कुधातु सुहाई ॥९॥

सत्संगति पाएर दुर्जन पनि सुध्रन्छ (सप्रन्छ), कुधातु (फलाम) पारस (स्पर्शमणि) लाई छुँदा शोभायमान हुन्छ (सुवर्ण बन्दछ) ॥९॥

बिधिबस सुजन कुसंगति परहीं ❀ फनिमनि सम निज गुन अनुसरहीं ॥१०॥
बिधि हरि हर कबि कोबिद बानी ❀ कहत साधुमहिमा सकुचानी ॥११॥
सो मो सन कहि जात न कैसें ❀ साकबनिक मनिगन गुन जैसें ॥१२॥

दैवसंजोगले सज्जनहरू कुसंगमा परे पनि सर्पका फणाका मणि जस्तै भई आफ्नो स्वाभाविक गुण तिनले छाड्दैनन् (सर्पका विषको संसर्ग भए पनि फणाका मणिले दिएको स्वभाव लिएको हुँदैन) ॥१०॥

ब्रह्माजी-विष्णु भगवान्-शंकरजी-कवि-विद्वान्-यिनीहरू र खास सरस्वतीजी पनि साधु (सज्जन) को महिमालाई संकोच मानेर बताउँछन् (निर्धक्क भएर "यत्ति हो; यस्तै हो, साधुको महिमा" भन्न नसक्ने हुनाले साधुको महिमा बताउनुपर्दा संकोच मान्दछन्) ॥११॥

त्यो (साधुमहिमा) मबाट बयान गर्न कसरी सकिंदैन भने जसरी सागपात बेच्ने पसलेबाट हीरा-पन्ना-मानिक प्रभृति मणिहरूको गुण बयान गर्न सकिंदैन, त्यसै गरी (बिचरा आलुभण्टा प्रभृतिको चर्चाले जिन्दगी बिताउने पसले हीरा-पन्नाहरूको गुण के जानोस् र बताओस्) ॥१२॥

दो०—बंदौं संत समानचित हित अनहित नहिं कोउ ।
अंजलिगत सुभ सुमन जिमि सम सुगन्ध कर दोउ ॥३॥
संत सरलचित जगतहित जानि सुभाउ सनेहु ।
बालबिनय सुनि करि कृपा रामचरन रति देहु ॥४॥

म अब समानचित्त (समदृष्टि) भएका, कसैका उपर पनि शत्रु र मित्रभाव नगर्ने सन्तलाई वन्दना गर्दछु । जो सन्त दाहिने बायां दुवै हातलाई सुगन्धित पार्ने, अञ्जलिमा रहेका असल फूल जस्ता हुन्छन् । (अञ्जलिमा रहेको खुशबूदार (खूब बास्ना आउने) फूल दुवै हातलाई समभावले सुगन्धित गर्छ "यो हात मलाई बोटबाट चुँडेर ल्याउने शत्रु हो,"

"यो हात मलाई ईश्वरार्पण गर्ने मित्र हो" "यो हात मलमूत्र बेहोर्ने–शुभकर्ममा नलिएको अधम हो" "यो हात शुभकर्ममा अघि सर्ने उत्तम हो" यस्तो भेदभाव गर्दैन) ॥ ३ ॥ (क) ।

यस्ता सन्त (साधु) समदृष्टि भएर पनि सरलचित्त (छलकपट चित्तमा नहुने) र जगत्का हितकारक हुन्छन् । तिनीहरू मेरो स्वभाव र स्नेह (स्वगत प्रेम) बुझेर बालक (अजान) मेरो विनय (विन्ति) सुनेर कृपापूर्वक मलाई रामचरणरति (रामजीका चरण कमल युगलमा प्रेम) दिऊन् (यस्तो प्रार्थना गर्दछु) ॥ ४ ॥

खलवर्णन

चौ०—बहुरि बंदि खलगण सति भाएँ ❀ जे बिनु काज दाहिनेहु बाएँ ॥१॥
परहित हानि लाभ जिन्ह केरें ❀ उजरे हरष बिषाद बसेरें ॥२॥

अब म खलगण (दुर्जनवर्ग) लाई धेरै वन्दना गर्दछु, जसको यो स्थिर स्वभाव छ कि विनाकारण दाहिने र बायाँ रहन्छन् (घात गर्न अगल बगल मौजूद रहन्छन्) ॥ १ ॥ (ख)

जसको लाभ (फायदा) अर्काका हितको हानि नै छ (अर्काको अहित हुँदा आफ्नो हित भएको ठान्दछन्) अरू उज्रँदा (बिग्रँदा) उनलाई हर्ष हुन्छ, अरू बस्ता (जम्दा = सप्रँदा) उनलाई विषाद (खेद = दिक्दारी) हुन्छ ॥ २ ॥

हरि हर जस राकेस राहु से ❀ पर अकाज भट सहसबाहु से ॥३॥
जे परदोष लखहिं सहसाँखी ❀ परहित घृत जिन्ह के मन माँखी ॥४॥

हरिहरको यशरूपी पूर्णचन्द्रका हकमा राहु जस्ता (हरिहरको कथारूपी पूर्णचन्द्रमा उदाएर आह्लाद गर्न लागेका वेलामा अतर्कित अन्भरिएर नचाहिने कुरा गरी कथाविच्छेदरूपी ग्रहण लाइदिने) द्विबाहु भए पनि अर्काको काम बिगार्नेलाई सहस्रबाहु (१००० हात भएका) बहादुर हुने ॥ ३ ॥ जो (खलगण) अर्काका दोषलाई १००० आँखाले हेर्छन्, परहितरूपी घिउमा जसको मन माखा (झिंगो) भई डुब्दछ (मर्न कबूल गरेर पनि परहितघृतलाई दूषित पार्दछ) ॥ ४ ॥ (ग)

(क) दीर्घां दयां प्रतिजनं मनसा दधानः
साधुर्जनः सुजनदुर्जनयोः समानः ।
पाणिद्वयं समतयाऽञ्जलिमध्यवर्ती,
पुष्पोच्चयोऽतिसुरभिः सुरभीकरोति ॥ [सूक्ति]

(ख) "ओः ! मैले बिराएँ, वाणी-विनायक-प्रभृति देवतालाई पहिले वन्दना गरें, कस्तो मेरो सुर ! धिक्कार ! । भाइ दुर्जनगण ! क्षमा गर्नुहोस्, मैले "दुर्जनं प्रथमं वन्दे सज्जनं तदनन्तरम्" इत्यादि विधिवाक्य सुनेको ता थिएँ, तर ऐले बिर्सेछु, लौ जो भयो भयो, वाणी-विनायक भवानी-शंकर इत्यादि २।२ देवतालाई १।१ वन्दना गर्दा एउटा एउटाले आधा आधा वन्दना पाउँथ्यो, तपाईंहरूका गणलाई "सर्वेभ्यो ब्राह्मणेभ्यो नमः" भने झैं एउटै वन्दना गर्नुपर्नेमा शिष्टाचारलाई नटेरेर पनि लाचारीले धेरै वन्दना गर्दछु, त्यो लिनुहोस्" यस्तो भाव "बहुरि" पदबाट व्यङ्ग्य भई झल्कन्छ ।

(ग) "खलजन अर्काको दोष (खोट) देख्नालाई हजार आँखे (सहस्रनेत्र) हुन्छ, अर्काको

तेज कृसानु रोष महिषेसा ❀ अघ अवगुन धन धनी धनेसा ॥५॥
उदय केतु सम हित सब ही के ❀ कुम्भकरन सम सोवत नीके ॥६॥

जसको तेज अग्निसमान र जसको क्रोध महिषासुरको* जस्तो छ, जो पाप र दुर्गुण-रूपी धनले कुबेरतुल्य धनी छन्, जसको उदय धूमकेतुको (पुच्छ्रे ताराको) उदय जस्तो सबैको हितकारक (महाअनिष्ट) छ, ती खलगण कुम्भकर्ण जस्तै भएर ६। ६ महीना सुतिदिए बेश थियो (भला १ वर्षमा ६ महीना ता संसारले सुख पाउने थियो) ॥ ५ ॥ ६ ॥

पर अकाज लगि तनु परिहरहीं ❀ जिमि हिम उपल कृषी दलि गरहीं ॥७॥
बन्दौं खल जस सेष सरोसा ❀ सहस बदन बरनइँ परदोषा ॥८॥

जसरी असिना खेती (बालीनाली) लाई नष्ट पारेर आफू गल्दछ, त्यसै गरी आफू नष्ट हुन कबूल गरी खलहरू अर्काको कार्य नष्ट गर्दछन् ॥ ७ ॥

म फेरि खल (दुर्जन) लाई वन्दना गर्छु, जो खल हजार मुख भएका शेषजीले हरि-कीर्तन गरे झैं हजार मुख गरेर (जथाभावी बोलेर) पराइका दोषको वर्णन गर्छन् (भए नभएका अर्काका दोषको कीर्तन गरेर आफ्नू जिन्दगी बरबाद भएको परवाह नराखी अर्काको पाप घटाइदिने खलको वारंवार वन्दना नगरे कसको गर्ने ? आफ्नो स्वार्थ बिग्रेको परवाह नगरी अर्काको गुप्तरीतिले हित गर्ने खल महाशयलाई डबल वन्दना गर्नै पर्दछ) ॥ ८ ॥

पुनि प्रनवौं पृथुराज समाना ❀ पर अघ सुनइ सहस दस काना ॥९॥
बहुरि सक्र सम बिनवौं तोही ❀ संतत सुरा नीक हित जेही ॥१०॥
बचन बज्र जेहि सदा पिआरा ❀ सहस नयन परदोष निहारा ॥११॥

दशहजार कानले परदोष सुन्ने (अर्काको दोष सुन्दा २ कानलाई दशहजार कानको पावर (शक्ति) दिएर नटट्टाई नपट्टाई अर्काको दोष सुन्न सक्ने) खल (दुर्जन) लाई पृथु महाराज जस्तै वन्दनीय संझेर म फेरि वन्दना गर्दछु × ॥९॥ जसलाई सुरा (मदिरा) नीक (बेश) हित (फाइदा गर्ने) हुन्छ त्यो खलजनलाई सुरानीक (देवसैन्य) हित (हितकारी) हुने इन्द्र जस्तै संझेर

बदख्वाई (निन्दा) गर्नालाई हजारसुखे (सहस्रवदन) हुन्छ। यी दुई कुरामा खलजनका २ इन्द्रिय (नेत्र-जिह्वा) का उन्नतिको अवधि त्यत्ति हो। नेत्र र जिह्वा त्यतिभन्दा बढ्ता हुँदैनन्। अर्काका हितको विघात गर्नुपर्दा ता खलजनका बाहुको संख्या परार्धलाई नाघ्दछ" भनी कुनै कविले पनि भनेको छ—

दोषेक्षणेऽपवादे सहस्रनयनः सहस्रास्यः ।
परहितघाते पिशुनः परार्धपरबाहुतां भजते ॥

* महिषासुरले इन्द्रवरुण प्रभृति देवतालाई समेत पदच्युत (स्थानभ्रष्ट) गराएर दुःख दिएको थियो।

× पृथुराजादेखि प्रसन्न भएर भगवान् विष्णुले 'वरं ब्रूहि' यस्तो आज्ञा गरेमा भक्तजनमुकुटमणि-पृथुराजाले मेरा २ कानले मलाई पुग्दैन, हजूरका कीर्तिगान सुन्ने वेलामा मलाई दशहजार कान बक्सनुहोस्, मैले माग्ने वरदान यही हो भन्ने आशयले "विधत्स्व कर्णायुतमेष मे वरः" यस्तो वर मागी तदनुसार भएका थिए, यो कथा भागवत स्कन्ध ४ मा छ ॥

म धेरै प्रणाम गर्छु, जुन खलेन्द्रलाई वचनरूपी वज्र प्यारो छ (त्यो वज्र बराबर चलाउनुपर्ने हुनाले एकछिन पनि छाड्दैन) फेरि जो खलेन्द्र हजार आँखाले अर्काको दोष हेर्दछ ॥१०॥११॥

दोहा–उदासीन अरि मीत हित सुनत जरहिं खल रीति ।
जानि पानि जुग जोरि जनु बिनती करइ सप्रीति ॥५॥

“उदासीन (तटस्थ), शत्रु मित्र यी ३ को हित भएको सुन्दा खलहरू जल्दछन् (जली-मरी खाक हुन्छन्) अब यिनले खुशी हुने ठाउँ नै बाँकी राखेनन्” खलहरूको यो रीति बुझेर समझदार मानिस प्रीतिसाथ दुइ हात जोडेर विनय गर्दछ ॥५॥

चौ०–मैं अपनी दिसि कीन्ह निहोरा ❀ तिन्ह निज ओर न लाउब भोरा ॥१॥
पायस पलिअहिं अति अनुरागा ❀ होहिं निरामिस कबहुँ कि कागा ॥२॥

मैले अफ्ना तर्फबाट (गर्न सकेसम्म) निहोरा (अनुनय = विनय) गरें तथापि ती खलहरू आफ्ना तरफ भोलापन (सीधापन) ल्याउँदैनन् ॥१॥ खूब प्रेमका साथ खीर खुवाएर पाले पनि काग कहिल्यै निरामिष (मासु छाड्ने) हुन्छ र ? ॥१२॥

बंदौ संत असज्जन चरना ❀ दुखप्रद उभय बीच कछु बरना ॥३॥
बिछुरत एक प्रान हरि लेई ❀ मिलत एक दारुन दुख देई ॥४॥

अब सज्जन र दुर्जनका चरणमा म समभावले वन्दना गर्दछु, यी दुवैजना दुःखदायी छन्, यी दुईमध्येमा केही फरक जो छ त्यो वर्णन गर्छु ॥३॥ ती दुईमध्येको एउटा (सज्जन)ले छुट्टिंदाखेरि प्राण हरेर लिन्छ (प्राणान्तिक कष्ट दिन्छ), अर्को (दुर्जन) भेट हुँदा दारुण (कडा) दुःख दिन्छ (बस ! फरक यही हो) ॥४॥ (क)

उपजहिं एक संग जग माहीं ❀ जलज जोंक जिमि गुन बिलगाहीं ॥५॥
सुधा सुरा सम साधु असाधू ❀ जनक एक जग जलधि अगाधू ॥६॥

जस्तै कमल र जूका एकसाथ एकै ठाउँमा (पोखरी प्रभृतिमा) पैदा हुन्छन् तापनि गुणमा बेग्लै बेग्लै हुन्छन् , एवं एउटै (उही) अगाध समुद्र जनक (पैदा गर्ने) भएका (एउटै समुद्रबाट पैदा भएका) सुधा (अमृत) र सुरा (मदिरा जस्तै, एउटै संसारमा जन्मेका साधु र असाधु पनि गुणमा बेग्लै बेग्लै हुन्छन् ॥६॥

भल अनभल निज निज करतूती ❀ लहत सुजस अपलोक बिभूती ॥७॥
सुधा सुधाकर सुरसरि साधू ❀ गरल अनल कलिमल सरि ब्याधू ॥८॥

(क) “सज्जनसँग भेटै नहोस्, भेट भइगो भने प्रेम नलागोस्, प्रेम लागिगयो भने छुट्टिन नपरोस्, छुट्टिन परिगोभने जिन्दगीको तृष्णा नरहोस्” भनी कुनै सज्जनले

“मा भूत् सज्जनयोगो, यदि योगो मा पुनः स्नेहः, ।
स्नेहो यदि विरहो मा, यदि विरहो जीविताशा मा” ॥

यस्तो उद्गार निकालेको छ ।

गुन अवगुन जानत सब कोई ❀ जो जेहि भाव नीक तेहि सोई ॥९॥

भला र कुभला (सुजन र दुर्जन) मानिस आफ्ना आफ्ना करतूत (कारवाई) ले फलस्वरूपी सत्कीर्ति र दुर्यशरूपी दौलत पाउँछन् ॥७॥ साधु (सज्जन) हरू अमृत चन्द्रमा गङ्गाजी जस्ता (क्रमैले अमर गराउने, आह्लाद गराउने, पाप हटाउने) हुन्छन् । व्याधा जस्ता घातक दुष्टहरू विष, अग्नि, कर्मनाशा नदी जस्ता × (क्रमैले मार्ने, ताप गर्ने, पुण्य हर्ने) हुन्छन् ॥८॥ गुण र अवगुण (दोष) सबैले जान्दछन् , तर जो मानिस जुन भाव (संस्कार) वाला हुन्छ त्यसलाई त्यही मन पर्दछ (सुसंस्कारवालालाई गुण, दुःसंस्कारवालालाई दोष मन पर्दछ) ॥९॥

दोहा—भलो भलाइहि पै लहै लहै निचाइहिं नीचु ।
सुधा सराहिअ अमरता गरल सराहिअ मीचु ॥६॥

भलाले भलाइद्वारा इज्जत पाउँछ, नीचले नीचाइ (नीचता) द्वारा इज्जत पाउँछ । अमरता (मरण छुटाउनाले अमृत सह्राइन्छ (तारीफ गरिन्छ) मीच (मरण) गराउनाले विष सह्राइन्छ । विषले मार्न सकेनभने छीः ! कस्तो खराब विष रहेछ भन्दछन् , ठहरै पार्न सक्योभने आहा ! क्या असल विष रहेछ भन्दछन्) ॥६॥

चौ०—खल अघ अगुन साधु गुन गाहा ❀ उभय अपार उदधि अवगाहा ॥१॥
तेहि तें कछु गुन दोष बखाने ❀ संग्रह त्याग न बिनु पहिचाने ॥२॥

खल (दुर्जन) दोषग्राही (दोष दोष लिने) हुन्छ, सज्जन गुणग्राही (गुण गुण लिने) हुन्छ । तर यी दुवैजना अति गम्भीर अपार समुद्र जस्ता हुन्छन् (यिनको महत्व बुझ्न मुश्किल छ) ॥ त्यसै कारणले केही गुण र दोषको बखान गरेको हो । विनापहिचान ग्रहण (स्वीकार) र परित्याग हुँदैन ॥२॥

भलेउ पोच सब बिधि उपजाये ❀ गनि गुन दोष बेद बिलगाये ॥३॥
कहहिं बेद इतिहास पुराना ❀ बिधिप्रपंचु गुन अवगुन साना ॥४॥

असल खराब दुवै तरहका सब चीज विधाताले उत्पन्न गरेका हुन् तर वेदले गुण र दोष गणना गरी छुट्ट्याएका छन् ॥३॥ वेद, इतिहास, पुराणहरू विधाताको प्रपञ्च (संसार) गुण र अवगुण (दोष) ले मिश्रित भएको छ भन्दछन् ॥४॥

× कर्मनाशानदीका जलको स्पर्श भयोभने सबै पुण्यकर्महरू नष्ट हुन्छन् भनी पुराणको लेख छ । कर्मनाशानदीका जलको स्पर्श गऱ्योभने पतित हुन्छ, पुनःसंस्कार गर्नुपर्दछ भनी धर्मशास्त्रले भनेको छ ।

कर्मनाशाजलस्पर्शात् करतोयाविलङ्घनात् ।
गण्डकीबाहुतरणात् पुनःसंस्कारमर्हति ॥ [त्रिस्थलीसेतु]

विधाताका प्रपञ्चको विचित्रता–

दुख सुख पाप पुन्य दिन राती ❀ साधु असाधु सुजाति कुजाती ॥५॥
दानव देव ऊँच अरु नीचू ❀ अमिअ सुजीवनु माहुरु मीचू ॥६॥
माया ब्रह्म जीव जगदीसा ❀ लछि अलछि रंक अवनीसा ।
कासी मग सुरसरि कविनासा ❀ मरू मारव महिदेव गवासा ॥७॥
सरग नरक अनुराग बिरागा ❀ निगम अगम गुन दोष बिभागा ॥८॥

दुःख र सुख, पाप र पुण्य, दिन र रात्रि, सज्जन र दुर्जन, सुजात र कुजात, दैत्य-दानवहरू र देव-गन्धर्वहरू, ऊँचा र नीचा, प्राणदाता अमृत र प्राणहारी विष, माया र ब्रह्म, जीव र ईश्वर, लच्छिन र अलच्छिन, गरीब र राजा, पवित्र काशी पुरी र अपवित्र मगधदेश, पापहारिणी गङ्गा र पुण्यहारिणी कर्मनाशा, निर्जल मरुदेश र सजल मालवदेश, ब्राह्मण र कसाई, स्वर्ग र नरक, अनुराग र विराग (वैराग्य), इत्यादि सबै परस्पर विरोधी स्वभाव भएका चीज विधाताका प्रपञ्चमा रहेका छन्, वेदशास्त्रद्वारा यिनीहरूमध्ये यो असल यो खराब भनेर विभाग (पृथक्करण)हुन्छ ॥५॥६॥७॥८॥

दोहा–जड चेतन गुन दोष मय बिस्व कीन्ह करतार ।
संत हंस गुन गहहिं पय परिहरि बारि बिकार ॥७॥

विधाताले जड़-चेतन, गुण-दोष, मिसिएको संसार बनाएको छ तापनि सज्जनरूपी हंसहरू दोष (विकार) रूपी पानीलाई छाडेर गुणरूपी दूध ग्रहण गर्दछन् । (राजहंसहरू पानी मिसिएको दूधमा आफ्ना अपूर्व विवेकशक्तिका प्रभावले दूध दूध मात्रै पिएर पानी पानीलाई छाडिदिन्छन्, त्यस्तै विवेकशक्ति भएका सज्जनहरू गुणदोष मिसिएका चीजबाट गुण गुण लिन्छन्, दोष दोष छाडिदिन्छन् यो काम जस्ता तस्ता अरूबाट हुन सक्तैन) ॥७॥

चौ०–अस बिबेक जब देइ बिधाता ❀ तब तजि दोष गुनहिं मनु राता ॥१॥
काल सुभाउ करम बरिआई ❀ भलेहु प्रकृतिबस चुकइ भलाई ॥२॥

यस्तो विवेकशक्ति जब दैवले दिन्छ तब यो दोष छाडेर गुणमा मन रक्त (प्रेम गर्ने) हुन्छ ॥१॥ काल (समय), स्वभाव (प्रकृति), कर्म (प्राचीन कर्म) यी ३ बलवान छन्, यिनैका प्रभावले असल मानिस पनि कहिले कहिले माया मोहित भईं भलाइ गर्नामा चुक्तछन् (फेल हुन्छन्) ॥२॥ (क)

(क) महाराज परीक्षित् हरतरहबाट लायक ठहरिएका हुन्, तर आखिरमा ती पनि मुनि शमीकका हकमा नालायकी गरेर मरेको सर्प गलामा लाइदिंदा शाप पाएर परलोक गए, तिनलाई काल (भोक-प्यास थकाइ लागेको वेलारूपी समय) स्वभाव (क्षात्रप्रकृति) र प्राक्तनकर्म यी ३ कुराले लाचार पाऱ्यो र त्यस वेलामा भलाइपट्टि लाग्न दिएन, हाय ! अफसोस ! ओः ! भवितव्यताले ठूला र लाई पनि छाडेन ।
"सद्वृत्तोऽपि मुनावेवं परीक्षिदुदवर्तत ॥ हा ! हन्त ! कष्टं ! शिष्टानामपीष्टे भवितव्यता" ।

भागवतमञ्जरी प्र० स्क० अ० १९

सो सुधारि हरिजन जिमि लेहीं ❀ दलि दुख दोष बिमल जसु देहीं ॥३॥
खलहु करहिं भल पाई सुसंगू ❀ मिटइ न मलिन सुभाउ अभंगू ॥४॥

जसरी हरिजन (भक्तिमान् सज्जन) हरू त्यो चूक (दैवगतिले हुन गएको भूल) लाई सह्यालेर, दुःख-दोष नष्ट गरी निर्मल कीर्ति फैलाइदिन्छन्, (आफ्नो स्वाभाविक उत्तम प्रकृति लिन्छन्) (❀) त्यसै गरी दुर्जनहरू पनि दैवयोगले सत्संग पाएर कहिलेकाहीं असल काम पनि गर्छन्, तर तिनीहरूको अभंगुर (अविनाशी) मैला स्वभाव मेटिंदैन ॥३॥४॥

लखि सुबेष जग बंचक जेऊ ❀ बेषप्रताप पूजिअहिं तेऊ ॥५॥
उघरहिं अंत न होइ निबाहू ❀ कालनेमि जिमि रावन राहू ॥६॥

जुन दुर्जन सज्जनको भेष (स्वरूप) लिएर जगद्वंचक (दुनियाँ ठग्ने) हुन्छन्, तिनीहरू पनि भेषका प्रभावले पूजिन्छन् (मान्य संझी आदर पाउँछन्) तर आखिरमा ती दुर्जनको त्यो (कपट) उघ्रन्छ (प्रकट हुन्छ), सधैं कायम रहन नसक्ता त्यो कपटले निर्वाह चल्दैन । जसरी कालनेमि, रावण, राहु यिनको बनावटी भेष आखिरमा प्रकट भई त्यसले निर्वाह नहुने भयो ॥५॥६॥ (क)

कियेहु कुबेषु साधु सनमानू ❀ जिमि जग जामवंत हनुमानू ॥७॥
हानि कुसंग सुसंगति लाहू ❀ लोकहुँ बेद बिदित सब काहु ॥८॥

कुवेष (खराब बेष) गरे पनि साधु सज्जनहरूको जगत्मा जाम्ववान् र हनुमानजीको जस्तै सन्मान हुन्छ ॥ (ख) ॥७॥

"कुसंगतिले हानि र सुसंगतिले लाभ हुन्छ" यो कुरा लोकप्रसिद्ध र वेदवर्णित हुनाले सबैलाई जाहेर छ ॥ ८ ॥

× × × ×

कुसंगतिले हानि, सुसंगतिले लाभ

गगन चढइ रज पवनप्रसंगा ❀ कीचहिं मिलइ नीच जल संगा ॥९॥
साधु असाधु सदन सुक सारीं ❀ सुमिरहिं रामु देहिं गनि गारीं ॥१०॥

---

* महाराज परीक्षित्‌ले शाप पाएपछि आफूले गरेको चूकलाई गृहत्याग, गङ्गातीरनिवास, साधु सज्जनदर्शन, श्रीमद्भागवतसप्ताहश्रवण, मुक्तिलाभ यी कुराले सह्याली कीर्ति फैलाउनुभयो ॥

(क) कालनेमीले हनूमान्‌लाई ठग्न सज्जनको भेष लिएथ्यो, भेद खुल्यो हनूमान्‌जीबाट गुरुदक्षिणाको मुक्का खाएपछि मुख बायो ! । राहुले देवताको भेष लिई अमृत पिउँदा पिउँदै भेद खुल्यो र विष्णु भगवान्‌का सुदर्शन चक्रका धारले २ टुक्रा भयो । रावणका साधुभेषको कथा प्रसिद्धै छ ॥

(ख) जाम्ववान् र हनूमान्‌जी भालू र बानरको झुम्रेझाम्रे भेषमा रहन्थे तापनि समझदारले आदर गर्दथे । फजूलको आडम्बरले फायदा हुँदैन, सद्‌गुण हुनुपर्दछ, दूध कत्ति छैनभने घाँटीमा झुण्डाएका घंट र ठूला ठूला कौडीका मालाहरूका प्रभावले मात्रै गाई बिक्दैनन् ।

गुणेषु क्रियतां यत्नः किमाटोपैः प्रयोजनम् ।
विक्रीयन्ते न घण्टाभिर्गावः क्षीरविवर्जिताः ॥

रज (धूलो) वायुको संग पाउनाले आकाशमा चढ्दछ (ठूला ठूलाका शिरमा पनि रहन्छ) त्यही रज नीच (सधैं ओह्रालो बाटो हिंड्ने उकालोपट्टि नजाने) जलको संग पाउनाले हिलोरूपी अधम वस्तुमा मिल्दछ ॥ ९ ॥ सज्जनका घरका सुगा र मैना "राम, सीताराम, गोपीकृष्ण, राधेश्याम" इत्यादि रूपले रामनाम स्मरण गर्दछन्, दुर्जनका घरका सुगा-मैना नाना प्रकारका अमंगलप्रायः गालीगुप्ता दिने हुन्छन् ॥१०॥

धूम कुसंगति कारिख होई ❀ लिखिअ पुराण मंजु मसि सोई ॥११॥
सोइ जल अनल अनिल संघाता ❀ होइ जलद जग जीवनदाता ॥१२॥

पातपतिंगर प्रभृति खराब चीजको संगतिले धूवाँ बेकम्मा ध्वाँसो बन्दछ, (घिउ-तेल प्रभृति असल चीजका संगतिले) त्यही धूवाँ मोसो बनेर असल मसी बन्दछ र पुराण प्रभृति उत्तम ग्रन्थ लेख्ने काम दिन्छ ॥ ११ ॥ त्यही धूवाँ, पानी बिजुली हावा यी ३ चीजको संगति पाएर बादल बन्दछ र जगतभरलाई जीवन (पानी र प्राण) दिने हुन्छ ॥ १२ ॥

दोहा—ग्रह भेषज जल पवन पट पाइ कुजोग सुजोग ।
होहिं कुबस्तु सुबस्तु जग लखहिं सुलक्खन लोग ॥८॥

ग्रह १, औषध २, जल ३, वायु ४, वस्त्र ५, यी ५ चीज कुसंग र सुसंग पाउँदा खराब र असल हुन जान्छन्, तिनलाई समझदारले चिन्दछन् ॥ ८ ॥

सम प्रकास तम पाख दुहुँ नामभेद बिधि कीन्ह ।
ससि सोषक पोषक समुझि जग जस अपजस दीन्ह ॥९॥

दुवै पक्षमा तम र प्रकाश (चन्द्रिका) बराबरै रहन्छन् । विधाताले चन्द्रमालाई बढ़ाउँदै लैजाने पक्षलाई नामभेद गरेर (शुक्लपक्ष भनेर) यश दिए, चन्द्रमालाई घटाउँदै लैजाने पक्षलाई "कृष्णपक्ष" भनेर अपयश (दुर्यश) दिए ॥ ९ ॥

जड चेतन जग जीव जत सकल राममय जानि ।
बंदौं सब के पद कमल सदा जोरि जुग पानि ॥१०॥
देव दनुज नर नाग खग प्रेत पितर गन्धर्ब ।
बंदौं किन्नर रजनिचर कृपा करहु अब सर्ब ॥११॥

यस जगतमा जड़ चेतन जति जीव छन् ती सब राममय (रामस्वरूप) जानेर २ हात जोरीकन सबैका चरण कमलमा वन्दना गर्दछु ॥ १० ॥ (क)

(क) यस्ता प्रकारले जड़ चेतन यावत्पदार्थमा भगवद्भाव (राममयता) जानेर वन्दना गर्ने महात्मा तुलसीदासको योगारूढ (योगका उच्चकोटिमा पुगेको) अवस्था भागवत एकादशस्कन्धका निमिजायन्तसंवादमा बताएको पनि छ—

देवता, दानव, मानिस, नाग, पक्षी, प्रेत, पितृ, गन्धर्व, किन्नर, राक्षस, सबैलाई बन्दना गर्दछु, अब (रामायणारंभ गर्ने वेलामा) सबैले कृपा गरून् ॥ ११ ॥

चौ०–आकर चारि लाख चौरासी ❀ जाति जीव जल थल नभ बासी ॥१॥
सिय राम मय सब जग जानी ❀ करौं प्रनाम जोरि जुग पानी ॥२॥

चार प्रकारका खानिबाट पैदा हुने, चौरासी लाख जातका नभचर जलचर थलचर सबै जीवलाई सीताराममय जानेर २ हात जोरीकन प्रणाम गर्छु ॥ १ ॥ २ ॥

जानि कृपाकर किंकर मोहू ❀ सब मिलि करहु छाड़ि छल छोहू ॥३॥
निज बुधि बल भरोस मोहि नाहीं ❀ तातें बिनय करौं सब पाहीं ॥४॥

यी सबै रामरूप वस्तुले मलाई सेवक संझेर छल कपट छाडीकन कृपा गरून् ॥ ३ ॥ मलाई आफ्ना बुद्धिका बलको भरोसा छैन, त्यसैले सबैसँग विन्ति गर्दछु ॥ ४ ॥

करन चहौं रघुपति गुन गाहा ❀ लघु मति मोरि चरित अवगाहा ॥५॥
सूझ न एकौ अंग उपाऊ ❀ मन मति रंक मनोरथ राऊ ॥६॥

म रघुपति भगवान् रामचन्द्रका गुणको गाथा (कविता) गर्न चाहन्छु तर मेरी बुद्धि सानी छ, रघुपतिको चरित्र अथाह गहिरो छ ॥ ५ ॥ कसरी गाथा (कविता) गर्ने हो कविता अङ्ग (शक्ति-निपुणता लोकशास्त्रज्ञान अभ्यास इत्यादि अङ्ग) र उपाय (युक्ति) केही सुझ्दैन (देखिदैन) ॥ मनोरथभने राजा (साह्रै ठूलो) भयो, बुद्धिभने कङ्गाल (दरिद्र) छ ॥ ६ ॥

मति अति नीचि ऊँचि रुचि आछी ❀ चहिअ अमिअ जग जुरै न छाछी ॥७॥
छमिहहिं सज्जन मोरि ढिठाई ❀ सुनिहहिं बाल बचन मन लाई ॥८॥

बुद्धिभने साह्रै नीच छ अभिलाषा भने साह्रै ठूलो र असल छ। "अमृत चाहिन्छ दुनियाँमा मही (मठ्ठा) पनि कहाँ पाइन्छ ?" भने जस्तो भयो ॥ ७ ॥ सज्जनहरू यो मेरो धृष्टतामा क्षमा गर्नेछन्, मन लाएर बालकको वचन सुन्नेछन् ॥ ८ ॥

जौं बालक कह तोतरि बाता ❀ सुनहिं मुदित मन पितु अरु माता ॥९॥
हँसिहहिं कूर कुटिल कुबिचारी ❀ जे परदूषन भूषन धारी ॥१०॥

जस्तै बालक तोते बोली बोल्दछ तापनि माता र पिता मुदित मन भएर (खुशी भएर) सुन्दछन् ॥ ९ ॥ जो मानिस परदोषरूपी गहना लाउने सौख भएका छन् (अर्काको दोषै दोषले आफूलाई सजाउँछन्), क्रूर (निर्दय), कुटिल (कपटी), कुविचारी (खराब विचारवाला) तीभने हाँस्नेछन् ॥ १० ॥

निज कबित्त केहि लाग न नीका ❀ सरस होउ अथवा अति फीका ॥११॥
जे परभनिति सुन हरषाहीं ❀ ते बर पुरुष बहुत जग नाहीं ॥१२॥

खं वायुमग्निं सलिलं महीं च ज्योतींषि सत्वानि दिशो द्रुमादीन् ।
सरित्समुद्रांश्च हरेः शरीरं यत्किं च भूतं प्रणमेदनन्यः ॥

सरस होस् अथवा फीका (नीरस) होस्, जस्तोसुकै भए पनि आफ्नो कविता कसलाई निको लाग्दैन ? ॥११॥ अर्काको कविता सुनेर जो हर्षित हुन्छन्, त्यस्ता ती पुरुषवर (श्रेष्ठ पुरुष) जगत्मा धेरै हुँदैनन् ॥ १२ ॥

जग बहु नर सर सरि सम भाई ❀ जे निज बाढ़ि बढ़हिं जल पाई ॥१३॥
सज्जन सकृत सिंधु सम कोई ❀ देखि पूर बिधु बाढ़ै जोई ॥१४॥

भाइहो ! यस जगत्मा धेरै मानिस सरोवर (ताल-तलाउ-पोखरी) र नदीजस्ता छन् जो जल (जलजस्तो अलिकति परकीयविद्या) पाएर आफ्नो स्थिति (पोजिशन) छाडेर झट्ट बढिहाल्छन् ॥ १३ ॥ एउटा कोही सज्जनभने समुद्रसमान रहन्छ (घट बढ़ गर्दैन)। त्यो समुद्र पूर्ण भएको चन्द्रका देख्न पाउँदा हर्षले बढ्दछ (आफ्नो जलका आमदनीले नबढ्ने समुद्र, अर्काको वृद्धि देखेर खुशीसाथ बढ्दछ) सज्जन त्यस्तै हुन्छ ॥ १४ ॥

दोहा—भाग छोट अभिलाषु बड़ करउँ एक बिस्वास ।
पैहहिं सुख सुनि सुजन जन खल करिहहिं उपहास ॥१२॥

मेरो भाग्य छोटो (सानो) छ, अभिलाषाभने ठूलो छ, तर मलाई एउटा विश्वास छ कि, सुनेर सज्जनहरू आनन्द पाउनेछन्, खलहरू (मात्र) उपहास (ठट्टा) गर्नेछन् ॥ १२ ॥

चौ०—खलपरिहास होई हित मोरा ❀ काक कहहिं कलकंठ कठोरा ॥१॥
हँसहि बक मादुर चातकही ❀ हँसहिं मलिन खल बिमल बतकही ॥२॥

खलहरूका परिहासले मेरो हितै हुन्छ, हानि केही छैन (म ता दुनियाँलाई हँसाउनै चाहन्छु रुवाउन ता चाहन्न)। फेरि कागहरू कोइलीलाई कठोर (कडा निष्ठुर बोल्ने) भन्दछन्। बकुल्लाहरू हंसको उपहास गर्दछन् (रङ्ग न ढङ्गको हिंडाइ गर्ने हामीभन्दा तिमी बेश हो कि ? हंस ! भन्दछन्)। भ्यागुताहरू चातक पक्षीको उपहास गर्छन् (टर्र र बोल्ने आफूलाई असल संझेर, “भाइ ! चातक ! तिम्रो बोली साह्रै राम्रो छ हो कि ?” भन्दछन्) त्यस्तै—मैला प्रकृति भएका खलहरू निर्मल-रामचरित्रका बात सुन्दा हाँस्तछन्, ठट्टा उडाउँछन्, हाँसून् ठट्टा उडाऊन् ॥ २ ॥ (क)

कबितरसिक न रामपद नेहू ❀ तिन्ह कहँ सुखद हास रस एहू ॥३॥
भाषाभनिति भोरि मति मोरी ❀ हँसिबे जोग हँसे नहिं खोरी ॥४॥

जो मानिस केवल कविताका शौकीन मात्र छन्, श्रीरामचन्द्रका चरण-कमलमा भक्तिमान् छैनन्, तिनीहरूले यो ग्रन्थ हेरे सुनेभने यसबाट हास्यरस उठेर आनन्द पाउनेछन्

(क) योग्य अधिकारीलाई यस ग्रन्थबाट फायदा भए मेरो परिश्रम सफल छ. अयोग्य-अनभिज्ञका उपहासले के गर्छ ? गुणको ज्ञान गुणीलाई हुन्छ, बलको ज्ञान बलवान्‌लाई हुन्छ, गुणहीनले गुणको, र बल हीनले बलको उपहास गर्नु ता स्वाभाविकै हो—

गुणी गुणं वेत्ति न वेत्ति निर्गुणो, बली बलं वेत्ति न वेत्ति निर्बलः ।
पिको वसन्तस्य गुणं न वायसः, करी च सिंहस्य बलं न मूषिकः ॥

(यो ग्रन्थ कवितापे्रमीका निमित्त बनेको होइन, फगत भगवद्भक्तिप्रेमीका निमित्त हो) । फेरि प्रथम यो कविता भाषाको छ, त्यसमाथि मेरी मति अति मन्द छ, हाँस्नै मुनासीब छ, हाँस्नामा दोष छैन ॥३।४॥

प्रभुपद प्रीति न सामुझि नीकी ❀ तिन्हहिं कथा सुनि लागहि फीकी ॥५॥
हरि हर पद रति मति न कुतरकी ❀ तिन्ह कहुँ मधुर कथा रघुबर की ॥६॥

जसको श्रीरामचन्द्रचरणमा प्रीति र असल समझ (ज्ञान) छैन, तिनीहरूलाई श्रीरामकथा सुन्दा फीका (बेस्वाद) लाग्दछ ॥५॥ जसको हरिहरको चरणमा प्रीति छ, जसको बुद्धि कुतर्कले[1] भ्रष्ट भएको छैन, तिनीहरूलाई रघुवर श्रीरामचन्द्रको कथा मीठो लाग्दछ ॥३॥

रामभगति भूषित जिअ जानी ❀ सुनिहहिं सुजन सराहि सुबानी ॥७॥
कबि न होउँ नहि बचन प्रबीनू ❀ सकल कला सब बिद्या हीनू ॥८॥

जुन सज्जनहरू हृदयले रामभक्ति भूषित भएको जानेर यो रामकथा सुन्नेछन् , तिनीहरू मीठो बोलीले सह्राउनेछन् ॥७॥ म कवि होइन, चलाक शिक्षित पनि होइन, सबै कलैं[2] र सबै विद्याले[3] हीन (रहित) छु ॥८॥

आखर अरथ अलंकृति नाना ❀ छंद प्रबंध अनेक बिधाना ॥९॥
भावभेद रसभेद अपारा ❀ कबित दोष गुण बिबिध प्रकारा ॥१०॥
कबितबिबेक एक नहि मोरें ❀ सत्य कहौं लिखि कागर कोरें ॥११॥

शब्दका र अर्थका अलंकार[4] अनेक प्रकारका छन्, छन्दका[5] रचना नाना तरह-

---

(१) कुतर्कले भ्रष्टबुद्धि भएका मानिस आफ्ना तर्कले रामकथाका विषयलाई सत्य मान्ने सौभाग्य नपाएका हुनाले रामकथालाई मीठो मान्दैनन् । "राम ईश्वर हुन्‌भने जङ्गल जङ्गल भट्‌कने, विलाप गर्ने किन भए ? रावणलाई इच्छा मात्रले मार्न सक्नेले त्यत्रो हैरानी पाएर युद्ध किन गर्नुपर्‍यो ? । मामूली मानिस जस्तै भएर स्त्रीका इच्छानुसार मायामृगका पछिपछि किन दौड़ेका ?" इत्यादि नाना तरहका शङ्का गर्दछन्, तिनका निमित्त यो रामकथा नमीठो होला ? रामचन्द्रजीका चरणमा प्रेम गर्ने, शास्त्रानुसारी तर्कले परिष्कृत बुद्धि भएका सज्जनलाई रामकथा अति मीठो लाग्दछ ।

(२) गीतम् १, वाद्यम् २, नृत्यम् ३, नाट्यम् ४, विशेषकच्छेद्यम् ५, इत्यादि ६४ कला शैवतन्त्रमा लेखिएका छन् भनी श्रीधरस्वामीले भागवतटीका (स्क० १० अ० ४५) मा लेखेका छन् ।

(३) शिक्षा १, कल्प २, व्याकरण ३, निरुक्त ४, ज्योतिष ५, छन्द, ६ वेदाङ्ग र— ऋग्वेद ७, यजुर्वेद ८, सामवेद ९, अथर्ववेद १०, मीमांसा ११, न्याय, १२, पुराण १३, धर्मशास्त्र १४, यी १४ विद्या हुन् ।

(४) शब्दका अलङ्कार अनुप्रास, यमक-प्रभृति अनेक छन् । अर्थका अलंकार उपमा, रूपक, प्रभृति अनेक छन् ।

(५) उक्ता, अत्युक्ता, गायत्री, उष्णिक, अनुष्टुप् , वृहती, इत्यादि अनेक छन्द छन् ।

का छन्, भाव[6] र रसका[7] भेद अपार छन्, कविताका दोष[8] गुण[9] धेरै तरहका छन्। यी कुनै कुरा नजान्ने हुनाले मलाई कविताको ज्ञान छैन, यो कुरा म कोरा (नलेखेका) कागतमा लेखेर साँचो भन्छु (कबूलनामा लेखन तयार छु ।।९।।१०।।११।।

दोहा–भनिति मोरि सब गुन रहित बिस्वबिदित गुन एक ।
सो बिचारि सुनहहिं सुमति जिन्ह के बिमल बिबेक ।।१३।।

मेरी भणिति (कविता) सबै गुणले रहित भएकी छ, तापनि जगत्प्रख्यात एउटा गुण त्यसमा छ ❀ त्यो विचार गरेर जसमा शुद्ध विवेक छ ती बुद्धिमान् सज्जनहरू सुन्नेछन् ।।१३।।

चौ०–एहि महु रघुपति नाम उदारा ❀ अति पावन पुरान श्रुति सारा ।।१।।
मंगलभजन अमंगलहारी ❀ उमा सहित जेहि जपत पुरारी ।।२।।

यो रामकथारूपी कवितामा अति पवित्र र पुराण-वेदको सार-स्वरूप भएको, अति ठूलो रामको नाम ता छ, जुन नामलाई मङ्गलको भवन (वासस्थान) र अमङ्गलहारी (अमङ्गल हर्ने हुनाले पार्वतीसहित शंकरजी नित्य जप्नुहुन्छ ।।१।।२।।

भनिति बिचित्र सुकबिकृत जोऊ ❀ राम नाम बिनु सोह न सोऊ ।।३।।
बिधुबदनी सब भाँति सँवारी ❀ सोह न बसन बिना बर नारी ।।४।।

सत्कविले बनाएको चमत्कारकारी कविता जो छ, त्यो पनि रामनामरहित छभने शोभित हुँदैन ।।३।। उत्तम स्त्री चन्द्रमण्डल जस्तो मनोहर मुख भएकी (चन्द्रवदना) र सब तरहले श्रृङ्गार गरेकी भए पनि वस्त्ररहित (नग्न) छभने शोभित हुन्न ।।४।।

सब गुन रहित कुकबिकृत बानी ❀ राम नाम जस अङ्कित जानी ।।५।।
सादर कहहिं सुनहिं बुध ताही ❀ मधुकर सरिस संत गुनग्राही ।।६।।*

सर्वगुणरहित (कुनै गुण नभएको) कुकवि (ढङ्ग नभएको कवि)ले बनाएको कविता पनि श्रीरामजीका कीर्तिले अङ्कित (चिह्नित = भूषित) छभने भ्रमर जस्ता सारग्राही भएका गुणग्राही समझदार सज्जनहरू त्यो कवितालाई आदरसाथ पढ्दछन् सुन्दछन् ।।५।।६।।

---

(६) भाव, विभाव, अनुभाव, संचारी भाव इत्यादिभाव अनेक छन् ।

(७) श्रृङ्गार, वीर, करुण आदि गरेका रस अनेक छन् ।

(८) श्रुतिकट्टप्रभृति शब्ददोष अपुष्टतर प्रभृति अर्थदोष, शब्दवाच्यता प्रभृति रसदोष अनेकानेक छन् ।

(९) श्लेष-प्रसाद आदि र, माधुर्य, ओज, प्रसादादि गुण अनेक छन्, अलंकार-भाव-रस-इत्यादिको निरूपण साहित्यशास्त्रमा गरिएको छ । छन्दको निरूपण पिङ्गल प्रभृति छन्दःशास्त्रमा छ ।

* (क) असंबद्ध पारेर (ठीक-ठीक नमिलाएर) रचना गरेको कविता भए पनि ईश्वरको नामले भूषित छभने उत्तमोत्तम ठहरिन्छ, त्यसले दुनियाँको पापलाई नष्ट गर्छ ।

स वाग्विसर्गो जनताघसंप्लवो यस्मिन् प्रतिश्लोकमबद्धवत्यपि ।।
नामान्यनन्तस्य यशोङ्कितानि यच्छृण्वन्ति गायन्ति गृणन्ति साधवः ।।

श्रीमद्भागवत द्वादशस्कन्ध अ० १२

जदपि कबि रस एकौ नाहीं ✻ रामप्रताप प्रगट एहि माहीं ॥७॥
सोइ भरोस मोरें मन आवा ✻ केहिं न सुसंग बड़त्तनु पावा ॥८॥

यद्यपि यसमा कविताको रस एकजात पनि छैन, तैपनि यसमा रामजीको प्रताप प्रकट गरिएको छ, मेरा मनमा त्यत्तिले भरोसा आयो, सुसङ्गका प्रभावले बड़प्पन (महत्त्व) कसले पाएको छैन ? (ख) ॥७।८॥

धूमौ तजै सहज करुआई ✻ अगरुप्रसंग सुगंध बसाई ॥९॥
भनिति भदेस बस्तु भली बरनी ✻ रामकथा जग मंगलकरनी ॥१०॥

जस्तै—अगरु (धूपी)को संग पाएर धूआँ पनि आफ्नो कटुता (पीरोपना) छाड्दछ र सुगन्ध (वास्ना आउने) हुन्छ ॥९॥ त्यस्तै मेरी कविता भद्दा (नराम्री) भए पनि यसले जगन्मङ्गलकारक रामकथालाई राम्रै गरी बयान गरेकी छ (र आफ्नो दोष बेपत्ता पारेर उत्तम गुण लिनेछ) ॥१०॥

छन्द—मंगलकरनि कलिमलहरनि तुलसी कथा रघुनाथ की ।
गति कूर कबिता सरित की ज्यों सरित पावन पाथ की ॥
प्रभु सुजस संगति भनिति भलि होइहि सुजन मन भावनी ।
भव अंग भूति मसान की सुमिरत सुहावनि पावनी ॥१॥

तुलसीदास भन्दछन् कि—रघुनाथकी कथा मङ्गलकारिणी र कलिमलनिवारिणी छँदै छ, गङ्गाप्रभृति नदीका जलको जस्तै कविताको गति कडा (टेढा मेढा) हुन्छ। (गंगादि नदीको गति (बगाइ) टेढो-मेढो भए पनि त्यसको (गतिको) वास्ता नराखेर पवित्रताको खायस भएका सज्जनले जल लिन्छन्, खण्डान्वय गर्नुपर्दा यता र उति दृष्टि पुऱ्याउनुपर्ने हुनाले टेढी मेढी भएकी मेरी कवितामा पवित्र जल जस्तै रहेकी रामकथालाई मङ्गल र कलिमलहरणको खयाल भएका सज्जनले स्वीकार गर्नेछन्।) फेरि—यो मेरी कविता प्रभु रामचन्द्रको सुयशका संबन्धले सज्जनको मनपर्ने असलै हुनेछ,—किनभने, श्मशानको खरानी पनि शंकरजीका शरीरमा रहँदा शोभायमान र स्मरण गर्ने व्यक्तिलाई पवित्र गर्ने हुन्छ ॥१॥

दोहा—प्रिय लागिहि अति सबहि मम भनिति रामजस संग ।
दारु बिचारु कि करइ कोउ बंदिअ मलयप्रसंग ॥१४॥

(ख) तुच्छै छ तापनि रामप्रतापको आश्रय गरेको हुनाले मेरी कविता उच्च दर्जामा पुग्ली, फूलमा अल्मलिएको कमिला शंकरजीका माथमा पुगेर चन्द्रबिम्बको चुम्बन गर्न पाउँछ।

इतो दृशौ न्यस्य वयस्य ! पश्य भक्ते जनेऽभ्यर्चति चन्द्रचूडम् ।
परागरक्ता सुभगा वराकी पिपीलिका चुम्बति चन्द्रबिम्बम् ॥सू०॥

स्याम सुरभि पय बिसद अति गुनद करहिं सब पान ।
गिरा ग्राम्य सिय राम जस गावहिं सुनहिं सुजान ॥१५॥

मेरी कविता श्रीरामचन्द्रजीका यशको संबन्धले गर्दा सबैलाई प्यारी लाग्नेछ, जस्तै—मलयाचलको संबन्ध पाएका काठलाई को "यो काठ हो" भन्ने विचार गर्छ र ? (गर्दैन) विनाविचारै त्यो काठको आदर गर्दछ (चन्दन संझन्छ, काठ ता हो नि भन्दैन) ॥१४॥ जस्तै गाई काली भए पनि दूध सेतो र गुणकारी हुन्छ र सबै जना पिउँछन्। त्यस्तै—मेरी वाणी (कविता) ग्राम्य (गँवारी—पाखे) भए पनि सीतारामको यशले भरिएकी हुनाले समझदार सज्जनले त्यसलाई गाउँदछन; सुन्दछन् ॥१५॥

चौ०—मनि मानिक मुकुता छवि जैसी ❀ अहि गिरि गज सिर सोह न तैसी ॥१॥
नृपकिरीट तरुनीतनु पाई ❀ लहहिं सकल सोभा अधिकाई ॥२॥
तैसेहि सुकबि कबित बुध कहहीं ❀ उपजहिं अनत अनत छबि लहहीं ॥३॥

जस्तै—सर्पको फणामा मणि रहन्छ, पर्वतमा माणिक रहन्छ, हात्तीका गण्डस्थलमा मोती रहन्छ, त्यहाँ रहुञ्ज्याल ती ३ चीजको उस्तो शोभा हुँदैन। ती ३ चीज राजाको शिरपेचमा र तरुणीहरूका नाक-कान-शिर-हात प्रभृतिमा रहन आउँदा खूब शोभा पाउँछन्, त्यस्तै—सत्कविको कविता पनि अन्त उब्जन्छ, अन्त शोभा पाउँछ (मणि-माणिक्य-मोती कविता यी ४ चीजको जन्मभूमिमा कदर र शोभा हुँदैन, कदरदान दूरवर्ती विदेशीहरू नै हुन्छन्) भनी विद्वानहरू भन्दछन् ॥१॥ ॥२॥ ॥३॥

भगतहेतु बिधिभवन बिहाई ❀ सुमिरत सारद आवति धाई ॥४॥
रामचरित सर बिनु अन्हवायें ❀ सो श्रम जाई न कोटि उपायें ॥५॥
कबि कोबिद अस हृदयँ बिचारी ❀ गावहिं हरिजस कलिमलहारी ॥६॥

"भक्तिरूप—कारणले गर्दा संझनेबित्तिकै विधिभवन (ब्रह्मलोक) छाडेर सरस्वती दौड़दै आउनुहुन्छ (साह्रै परिश्रम पर्दछ हो कि ?) रामचरितरूपी सरोवर (तलाउ) मा नुहाए (स्नान गराए) विना उहाँको त्यो परिश्रम (थकाइ) करोड़ौं उपायले पनि जाँदैन। (रामचरितसरोवरमा गोता लाउनाका साथ सरस्वतीको थकाइ मर्दछ) मनमा यस्तो विचार गरेर कविहरू र विद्वान्हरू कलिमलहरण गर्ने हरिको यश गाउँछन् (हरियश गाएर सरस्वतीलाई कृतार्थ गर्दछन्) ॥४॥५॥६॥

कीन्हे प्राकृत जन गुन गाना ❀ सिर धुनि गिरा लगत पछिताना ॥७॥
हृदय सिंधु मति सीप समाना ❀ स्वाती सारद कहहिं सुजाना ॥८॥
जौं बरषै बर बारि बिचारू ❀ होहिं कबित मुकुतामनि चारू ॥९॥

त्यसरी भक्तिबलले ब्रह्मलोकदेखि दौड़दै आएकी सरस्वती-माता प्राकृतजन (मामूली मानिस) को गुणगान गर्न लाग्दा नामञ्जूरीले शिर हल्लाउँदै पछिताउनुहुन्छ (यो स्वाँठका भक्तिका लहै लहैमा लागेर ब्रह्मलोकदेखि दौड़दै आएँ, यसले भने मामूली मानिसको

बयानमा मलाई नचाउन लाग्यो, किन आइछ ? थक्क !" भन्नुहुन्छ) ॥७॥ ज्ञानीहरू हृदयलाई समुद्र, बुद्धिलाई सीपी, सरस्वतीलाई स्वाति नक्षत्र भन्दछन्, सरस्वती-स्वातिले सद्विचाररूपी पानी जब बर्साउँछ अनि पो मतिरूपी सीपीमा राम्रा कवितारूपी मुक्तामणि (मोती) पैदा हुन्छन् (नत्र फुस्सा !) ॥८॥९॥

दोहा—जुगुति बेधि पुनि पोहिअहिं रामचरित बर ताग ।
पहिरहिं सज्जन बिमल उर सोभा अति अनुराग ॥१६॥

(त्यसरी तयार भएको मुक्तामणिलाई) सज्जनहरू युक्ति (मनोयोग = एकाग्रता) रूपी सुइराले छेड्दछन् (वल्लो छेउदेखि पल्लो छेउसम्म एकाग्रतारूपी सुइरो घुसार्छन्, अर्थात् खूब समालोचना गर्छन्) अनि रामचरित्ररूपी धागामा उन्दछन् र निर्मल त्यो मुक्ताहारलाई (मोतीको मालालाई) प्रेमसँग हृदयमा पहिरन्छन्, खूब शोभा हुन्छ ॥१६॥

चौ०—जे जनमे कलिकाल कराला ❀ करतब बायस बेष मराला ॥१॥
चलत कुपंथ बेदमग छाँड़े ❀ कपट कलेवर कलिमल भाँड़े ॥२॥

जो मनुष्य यो कराल (डरलाग्दो) कलिकालमा जन्मेका छन्, तिनको आचार कौवाको जस्तो अति अशुद्ध हुन्छ, तर भेषभने हंसको जस्तो सफा देखिन्छ ॥१॥ यिनीहरू वेदमार्गलाई छाडेर दम्भीहरूले स्वार्थसिद्धिका निमित्त खडा गरेका पाखण्ड मार्गले हिंड्दछन्; यिनीहरू मूर्तिमान् खास कपटै हुन्, यिनीहरू कलिमलका भाँडावर्तन (पात्र) हुन् ॥२॥

बंचक भगत कहाइ राम के ❀ किंकर कंचन कोह काम के ॥३॥
तिन्ह महँ प्रथम रेख जग मोरी ❀ धींग धरमध्वज धंधक धोरी ॥४॥

रामकिङ्कर (श्रीरामका भक्त) कहलाकर दुनियाँ ठग्ने तिनीहरू कामकिङ्कर (काम दास) क्रोधकिङ्कर (क्रोधका दास) काञ्चन किङ्कर (सुन चाँदीका दास) हुन्छन्, तिनीहरू मध्यमा पहिला नम्बर मेरो छ । धर्मध्वजाको धन्धा गर्ने (दुनियाँ ठग्न अनेक आडम्बर गरेर धर्म देखाउने, धर्मको झण्डा मात्रै लिएका, धर्मको अत्तापत्ता केही नपाएका धन्धा (परिभ्राट) खूब गर्ने) यस्ता मानिसमा धुर्य (मुख्य) भएका म जस्तालाई धिक्कार छ ॥३॥४॥

जौं अपने अवगुन सब कहऊँ ❀ बाढ़ै कथा पार नहि लहऊँ ॥५॥
तातें मैं अति अलप बखाने ❀ थोरे महुँ जानिहहिं सयाने ॥६॥

म आफ्ना सबै अवगुण भनौंभने कथा बढेर पार पाउनेछैन, ॥ ५ ॥ त्यसै कारणले अलिकति दोषको बखान गरेको हुँ, समझदार मानिस थोरैमा जानिहाल्छन् (त्यति भए पुगिगयो) ॥६॥

समुझि बिबिध बिधि बिनती मोरी ❀ कोउ न कथा सुनि देइहि खोरी ॥७॥
एतेहु पर करिहहिं जे असंका ❀ मोहि तें अधिक जे जड़ मति रंका ॥८॥

अब अनेक प्रकारको मेरो बिन्ती संझेर यो कथा सुनेपछि कोही पनि दोष (खोट)

लाउनेछैन ॥७॥ यति माथि पनि जो शंका गर्लान्, ती मभन्दा बढ्ता जड र बुद्धिहीन हुन् ॥८॥

कबि न होउँ नहिं चतुर कहावौं ❀ मति अनुरूप रामगुन गावौं ॥९॥
कहँ रघुपति के चरित अपारा ❀ कहँ मति मोरि निरत संसारा ॥१०॥

म कवि होइन, चलाक पनि कहलाएको छैन, (फगत) बुद्धिअनुसार रामका गुण गाउँछु ॥९॥ अपार भएका रघुपतिको चरित्र कहाँ ? संसारमा आसक्त भएकी मेरी बुद्धि कहाँ ? (यी २ चीजको ठूलो अन्तर छ, मेरी तुच्छ बुद्धिले रघुपतिका सबै चरित्र के भेट्टाउली र म रामगुण गाउँला) ॥१०॥

जेहि मारुत गिरि मेरु उडाहीं ❀ कहहु तूल केहिं लेखे माहीं ॥११॥
समुझत अमित रामप्रभुताई ❀ करत कथा मन अति कदराई ॥१२॥

जुन हुरी मेरुपर्वतलाई उडाउँछ (त्यसका अगाडि) रुवा (कपास) कुन गिन्तीमा छ ? लौ भन ॥११॥ रामजीको अपरिमेय (इयत्ताशून्य) भएको प्रभुताई (प्रभाव) संझदा संझदै उनको कथा वर्णन गर्दा मन कातरता गर्दछ (हच्कन्छ) ॥१२॥

दोहा—सारद सेष महेस बिधि आगम निगम पुरान ।
नेति नेति कहि जासु गुन करहिं निरन्तर गान ॥१७॥

जसका गुण (स्वभाव—पारमार्थिक अवस्था)को यथार्थ निरूपण गर्न न सकेर सारदा, शेष शंकर ब्रह्मा शास्त्र वेद पुराणहरू केवल व्यावृत्तिरूपले (जगत्सम्बन्धी तत्तत्पदार्थस्वरूप ब्रह्म होइन भन्ने तरीकाले) परिशेषरूप (तत्तत्पदार्थको निषेध गर्दा बाँकी रहने वस्तु ब्रह्म हो भन्ने रीतिले स्थिर गरिएको) बताउनलाई "नेति नेति" (यो यस्तो होइन, यो यस्तो होइन, यसदेखि बाहेक को छ, बताउन सकिंदैन, छन ता छ) भनेर निरन्तर गान गर्दछन् ॥१७॥

चौ०—सब जानत प्रभुप्रभुता सोई ❀ तदपि कहें बिनु रहा न कोई ॥१॥
तहाँ बेद अस कारन राखा ❀ भजनप्रभाउ भाँति बहु भाखा ॥२॥

त्यस्ता प्रभुको त्यो प्रभुत्व (अकथनीय) छ भनी सबै जान्दछन्, तैपनि त्यो प्रभुत्वको कथन नगर्ने कोही छैन, त्यसमा वेदले यो कारण राखेर भनेको छ कि "भजनको प्रभाव (श्रवण कीर्तन—प्रभृतिको फायदा) धेरै तरहको छ ॥१॥२॥ [क]

(क) "जसको कीर्तन, जसको स्मरण, जसको दर्शन, जसको वन्दन, जसको श्रवण, जसको पूजन, दुनियाँको पापलाई तुरन्त नष्ट गर्छ, त्यस्ता कल्याणकीर्ति भगवान्‌लाई वारंवार नमस्कार छ" भनी भागवतका द्वितीय स्कन्धमा शुकदेवजीले भन्नुभएको छ ।

यत्कीर्तनं यत्स्मरणं यदीक्षणं यद्वन्दनं यच्छ्रवणं यदर्हणम् ।
लोकस्य सद्यो विधुनोति कल्मषं तस्मै सुभद्रश्रवसे नमोनमः ॥

"परमेश्वरको गुणानुवाद गर्नु नै मानिसले गरेका तपस्या—वेद शास्त्राध्ययन, यज्ञ-याग, सूक्त-पाठ-ज्ञान दान प्रभृति पुण्यकर्मको अविनाशी फल हो भनी विद्वान्‌हरूले निर्णय गरेको छ" भनेर नारदजीले व्यासजीलाई प्रथम स्कन्ध पञ्चमाध्यायमा भन्नुभएको छ ।

एक अनीह अरूप अनामा ❀ अज सच्चिदानंद परधामा ॥३॥
ब्यापक बिस्वरूप भगवाना ❀ तेहिं धरि देह चरित कृत नाना ॥४॥

एक[1], निष्क्रिय[2], रूपरहित[3], नामरहित[4], उत्पत्तिरहित[5], सत्[6], चित्[7], आनन्दरूप[8], परधाम[9], व्यापक[11], विश्वरूप[12], जो ईश्वर भगवान् होइबक्सिन्छ, उहाँले शरीर धारण गरेर अनेक चरित्र गरिबक्सिएको छ ॥३॥४॥

सो केवल भगतन हित लागी ❀ परम कृपाल प्रनत अनुरागी ॥५॥
जेहि जन पर ममता अति छोहू ❀ जेहिं करुना करि कीन्ह न कोहू ॥६॥

ऊ (ईश्वर) फगत भक्तजनका हितका निमित्त परमदयालु र प्रणतानुरागी (शरणागतवत्सल) होइबक्सिन्छ। जुन ईश्वरको भक्त व्यक्तिका उपर ममता (मेरो भन्ने ख्याल) र छोहू (माया) रहन्छ, तिनका उपर करुणा गर्ने (त्यो ईश्वरले) क्रोध गरेन ॥५॥६॥

गई बहोर गरीबनिवाजू ❀ सरल सबल साहिब रघुराजू ॥७॥
बुध बरनहिं हरिजस अस जानी ❀ करहिं पुनीत सुफल निज बानी ॥८॥

श्रीरघुराज (रामचन्द्रजी) गईबहोरी (गएका वस्तुलाई फेरि दिने अर्थात् मायाका प्रभावले लुप्तशक्ति, लुप्तज्ञान,, लुप्तैश्वर्य भएको जीवलाई भजन मात्रले पूर्णशक्तिमान्, पूर्णज्ञानवान्,

---

इदं हि पुंसस्तपसः श्रतस्य वा स्विष्टस्य सूक्तस्य च बुद्धिदत्तयोः ॥
अविच्युतोऽर्थः कविभिर्निरूपितो यदुक्तमश्लोकगुणानुवर्णनम् ॥

परमेश्वरले दिएकी वाणीले परमेरश्वरको गुण कीर्तन गरिएन अरू प्रपञ्चका कुरा मात्र गरियोभने त्यो वाणी होइन प्रलाप हो। गुणकीर्तन संसारमा सत्य छ (अरू कुरा मिथ्या हो।) अहा! संसारमा मंगल–पुण्य–भगवद्गुण प्रकाश त्यही हो, हर घड़ी नयाँ नयाँ भएर रुचि (प्रेम) बढाउने रमणीय वस्तु त्यही हो। हमेशा मनको महोत्सव त्यही हो। मानिसको शोकसागर सुकाउने वस्तु त्यही हो जो भगवान्‌का यशको कीर्तन हुन्छ" भनी भागवत द्वादश स्कन्धका द्वादशाध्यायमा सूतजीले भन्नुभएको छ।

मृषा गिरस्ताह्यसतीरसत्कथा न कथ्यते यद्भगवानधोक्षजः।
तदेव सत्यं तदुहैव मङ्गलं तदेव पुण्यं भगवद्गुणोदयम् ॥
तदेव रम्यं रुचिरं नवं नवं तदेव शश्वन्मनसो महोत्सवम्।
तदेव शोकार्णवशोषणं नृणां यदुत्तमश्लोकयशोऽनुगीयते ॥

१ "एकं ब्रह्मैवाद्वितीयं समस्तम्" स्कन्द पु० काशीखण्ड। २ "निष्क्रियं निर्मलं शान्तम्"। ३ रूप नहुने। ४ नाम नहुने। ५ अज (नजन्मने)। ६ सदा रहने। ७ चैतन्यरूप। ८ अलौकिक सुखरूप। ९ कसैका नेत्रादिले नभेट्टाइने ठाउँमा रहने। १० सबै ठाउँमा रहेका। ११ सर्वमय भएका। १२ ६ प्रकारको ऐश्वर्यवाला (पूर्णप्रभुत्व, पूर्णशक्ति, पूर्णयश, पूर्णश्री, पूर्णज्ञान, पूर्णवैराग्य यति ६ चीजलाई "भग" भन्दछन्, त्यो हुनेलाई भगवान् भन्दछन्।

ऐश्वर्यस्य समग्रस्य वीर्यस्य यशसः श्रियः।
ज्ञानवैराग्ययोश्चैव षण्णां भग इतीरणा ॥

पूर्णैश्वर्यवान् गराएर आफ्नो स्वरूप दिने) ([13]गरीबनिवाज (गरीबको परवस्ती गर्ने) सरल[14] (सोझो चित्त हुने छल कपट नगर्ने) र बलवान्[15] (कर्तुम् अकर्तुम् अन्यथाकर्तुम् समर्थ) होइबक्सिन्छ । यस्तो जानेर समझदार मानिस रामका यशको वर्णन गर्दछन् र आफ्नो वाणीलाई पवित्र पार्दछन् ॥ ७ ॥ ८ ॥

तेहि बल मैं रघुपति गुन गाथा ❀ कहिहउँ नाइ रामपद माथा ॥९॥
मुनिन्ह प्रथम हरि कीरति गाई ❀ तेहि मग चलत सुगम मोहि भाई ॥१०॥

त्यही बलले (रघुराज गरीबनिवाज हुनुहुन्छ यही भरोसाले) म रामचन्द्रजीका चरणमा शिर राखेर (वन्दना गरेर) रघुपति रामको चरित्रकीर्तन गर्दछु ॥ ९ ॥

वाल्मीकि व्यास प्रभृति मुनिवर्गले अघि रामकीर्ति गान गरेको छ,—त्यही मार्ग (त्यसै गरी) बाट चल्दा सुगम (सजिलो) होला भन्ने मलाई लाग्दछ ॥ १० ॥

दोहा—अति अपार जे सरितबर जौं नृप सेतु कराहिं ।
चढि पिपीलिकउ परम लघु बिनु श्रम पारहि जाहिं ॥१८॥

जस्तै राजाले अपार (तर्न नसकिने) नदीमा सुन्दर पुल बनाइदिएभने अति सानो कमिला पनि त्यो पुल चढेर विनापरिश्रम पारि पुग्दछ (नत्र नदीपार पुग्न कमिलाको के ताकत ?) ॥ १८ ॥ (क)

चौ०—एहि प्रकार बल मनहि देखाई ❀ करिहौं रघुपतिकथा सुहाई ॥१॥
× × × ×
ब्यास आदि कबिपुंगव नाना ❀ जिन्ह सादर हरि सुजस बखाना ॥२॥
चरन कमल बंदौं तिन्ह केरे ❀ पूरहुँ सकल मनोरथ मेरे ॥३॥

त्यस्तै प्रकारले मनमा बल देखाएर सुन्दर रघुपति कथा बनाउँला ॥ १ ॥ व्यास, वाल्मीकि प्रभृति अनेक जुन जुन कविले आदरपूर्वक हरिको सुयश बखानेका छन् तिनको चरणकमलमा वन्दना गर्दछु तिनले मेरा सबै मनोरथ पूर्ण गरून् ॥ २ ॥ ३ ॥

कलि के कबिन्ह करौं परनामा ❀ जिन्ह बरने रघुपति गुन ग्रामा ॥४॥
जे प्राकृत कबि परम सयाने ❀ भाषा जिन्ह हरिचरित बखाने ॥५॥

---

[13] राज्यच्युत भएर यत्रतत्र भागिरहेका सुग्रीवलाई तुरुन्तै त्यो समृद्धि र त्यो इज्जत दिने सकसलाई गरीबनिवाजै भन्नुपर्दछ ।

[14] गुहजस्ता साधारण व्यक्तिसँग पनि भ्रातृभाव गर्नेलाई सरलै भन्नुपर्दछ ॥

[15] एक धम्कीमा समुद्रलाई कायल पार्ने, त्रिलोकविजयी रावणलाई मार्ने, अकेला खड़ा रहेर—१४००० राक्षसगणसहित भएका, अजय्य भनी जगत्प्रख्यात भएका बुझेर रावणले भारतवर्षको दक्षिण प्रान्त (दण्डकारण्य) मा लङ्काको हिफाजतका निमित्त खटाइएका वीराग्रगण्य खर-दूषण-त्रिशिरालाई एकछिनमा खतम पार्ने प्रभु रघुराज जस्तो बलवान् को होला ?

(क) यस दोहामा तुलसीदासजीले रामचरित्रलाई नदीको, प्राचीन कविवर्गलाई राजाको, प्राचीन रामायणलाई पुलको आफूलाई कमिलाको उपमा दिएको हो ।

भये जे अहहिं जे होइहहिं आगें ❀ प्रनवौं सबहि कपट सब त्यागें ॥६॥
होहु प्रसन्न देहु बरदानू ❀ साधुसमाज भनिति सनमानू ॥७॥
जो प्रबंध बुध नहिं आदरहीं ❀ सो श्रम बादि बाल कबि करहीं ॥८॥
कीरति भनिति भूति भलि सोई ❀ सुरसरि सम सब कहँ हित होई ॥९॥

जसजसले रघुपतिका गुणग्राम (गुणसमूह) को वर्णन गरेका छन् ती कलिकालका भवभूति प्रभृति संस्कृतका कवीश्वरलाई प्रणाम गर्छु ॥ ४ ॥ जसजसले भाषामा हरिचरित्र बखानेका छन्, परम प्रवीग (खूब सिपालु) ती अधि भएका, ऐलेसम्म रहेका, पछि हुने, सबै प्राकृत कविलाई छल-कपट मनमा नलिईकन प्रणाम गर्दछु ॥५॥६॥ रामचरितानुरागी ! हे कवि-वर्ग ! तपाईं प्रसन्न हुनुहोस्, "साधुका समाजमा मेरी कविता संमानित होस्" (यो वरदान मलाई दिनुहोस्) ॥ ७ ॥ पण्डितहरू जुन कविताको आदर गर्दैनन्, त्यस्ता रद्दी कवितामा मिहिनेत गर्ने कविहरू केटाकेटी हुन् (त्यो कवितै होइन, केटाकेटीको प्रलाप हो) ॥८॥ गङ्गाजी जस्तै सबैलाई हित गर्ने भएभने, कीर्ति, कविता, संपत्ति यी ३ चीज असल ठहरिन्छन् (नत्र त्यो कीर्तिलाई, त्यो कवितालाई, त्यो संपत्तिलाई धिक्कारै छ) ॥ ९ ॥

राम सुकीरति भनिति भदेसा ❀ असमंजस अस मोहि अँदेसा ॥१०॥
तुम्हरि कृपाँ सुलभ सोउ मोरें ❀ सिअनि सुहावनि टाट पटोरें ॥११॥

महात्मा प्राचीन कविहो ! "रामकी कीर्तिभने उत्तम, मेरी कविताभने भद्दी छ," यस्तो असजिलो पर्न आयो, कसो होला ? भन्ने मलाई अन्देस (सन्देह) छ तापनि तपाईं-हरूका कृपाले त्यो (रामयशगान) सुलभै होला र टाटमा रेशमको सिलाई जस्तो अनोठै हुनेछ (टाट जस्ती मेरी कविता रेशमको डोरा जस्तो रामचरित्रले जोरिंदा अनौठै राम्रो देखिनेछ) ॥ १० ॥ ११ ॥

करहु अनुग्रह अस जिअ जानी ❀ बिमल जसहि अनुहरै सुबानी ॥१२॥

यस्तो मनले जानेर तपाईंहरू अनुग्रह गर्नुहोस् । निर्मल यशको अनुसरण गरी (पछि लागी) भने वाणी सुवाणी हो (नत्र कुवाणी हो) ॥ १२ ॥

दोहा—सरल कबित कीरति बिमल सोहि आदरहिं सुजान ।
सहज बयर बिसराइ रिपु जो सुनि करहिं बखान ॥१९॥
सो न होइ बिनु बिमल मति मोहि मतिबल अति थोर ।
करहु कृपा हरिजस कहउँ पुनि पुनि करउँ निहोर ॥२०॥
कबि कोबिद रघुबरचरित मानस मंजु मराल ।
बालबिनय सुनि सुरुचि लखि मो पर होहु कृपाल ॥२१॥

कविता सरल होस्, कीर्ति निर्मल होस, यस्तो हुनगयोभने मात्र समझदारले आदर गर्दछन् । जुन (निर्मल कीर्ति वर्णन गर्ने सरल कविता) सुनेर शत्रु पनि स्वाभाविक

शत्रुता बिर्सेर बखान (तारीफ) गर्दछ ॥१९॥ त्यो कविता निर्मल बुद्धिविना हुनसक्तैन, मेरो बुद्धिबल अति थोरै छ। तपाईंहरू कृपा गर्नुहोस्, हरियश वर्णन गर्न सकौं, वारंवार निहोरा (अनुनय विनय) गर्छु ॥२०॥ रघुवर रामका चरित्ररूपी सरोवरमा कवि र विद्वान्‌रूपी असल हंस (खेलिरहने) हुन्छन्। (त्यसो हुनाले तिनीहरूलाई त्यो सरोवरको ठीक ठीक ज्ञान रहन्छ र) ती हंसहरू (कवि-कोविदहरू) बालकको विन्ति सुनेर, बालकको उत्कण्ठा (ठूलो रहर) देखेर मेराउपर दयालु होऊन् (सरोवरको ठीक ठीक ज्ञान गराऊन्) ॥२१॥

सोरठा—बंदौं मुनि पद कंजु, रामायन जेहिं निरमयेउ।
सखर सुकोमल मंजु, दोष रहित दूषन सहित ॥६॥

जसले—खरले युक्त भएको पनि (खरनामक राक्षसको वर्णन भएको र कडापना भएको), खूब कोमल (मधुर) दोषले रहित भएको पनि, दूषण (दोष र दूषण राक्षस) ले सहित भएको अनौठा रामायणको निर्माण गरेको छ,—त्यस्ता महात्मा वाल्मिकि मुनिका चरणकमलको वन्दना गर्दछु ॥६॥ (क)

बंदौं चारिउ वेद भव बारिधि बोहित सरिस।
जिन्हहि न सपनेहु खेद बरनत रघुबर बिसद जस ॥७॥
बंदौं बिधिपद रेनु भवसागर जेहिं कीन्ह जहँ।
संत सुधा ससि धेनु प्रगटे खल बिष बारुनी ॥८॥

संसारसागरका जहाज जस्ता ४ वेदलाई म वन्दना गर्छु, रघुपतिको निर्मल यश वर्णन गर्दा जुन वेदलाई सपनामा पनि थकाइ लाग्दैन (विपनाको के कुरा ?) (ख) ॥७॥

जसबाट सज्जनरूपी अमृत, चन्द्रमा, कामधेनु र दुर्जनरूपी विष, मदिरा प्रकट भए, त्यस्तो यो भवसागर जसले बनायो, ती अद्भुत प्रभाव विधाताको चरणधूलीलाई म वन्दना गर्दछु ॥८॥

दोहा—बिबुध बिप्र बुध ग्रह चरन बंदि कहौं कर जोरि।
होइ प्रसन्न पुरवहु सकल मंजु मनोरथ मोरि ॥२२॥

देवता, ब्राह्मण, विद्वान् ग्रह यिनका चरणमा वन्दना गरेर अञ्जलि बाँधीकन "प्रसन्न भएर मेरा सब मनोरथ राम्रो गरी पूर्ण गर्नुहोस्" यस्तो प्रार्थना गर्दछु ॥२२॥

(क) नल-चम्पूका मङ्गल प्रकरणमा—"सदूषणाऽपि निर्दोषा सखरापि सुकोमला। नमस्तस्मै कृता येन रम्या रामायणी कथा ॥" यो श्लोक छ। महात्मा तुलसीदासको र नलचम्पूका कर्ताको कल्पनाप्रवाह काकतालीयले मिलेको हो कि ? यो श्लोक र यो सोरठाको मिलान हुन आएपछि टीकाकारले फर्माएका अरू २ अर्थ तुलसीदासका सम्मतिका होइनन्, यसमा जो चमत्कार छ विरोधाभासैले छ।

(ख) चारै वेद मूर्तिमान् भई ब्रह्मलोकमा रहन्छन्, तिनैले सपनामा पनि नथाकी ईश्वरको गुणगान गर्दछन्।

चौ०–पुनि बंदौं सारद सुरसरिता ❀ जुगल पुनीत मनोहर चरिता ॥१॥
मज्जन पान पाप हर एका ❀ कहत सुनत एक हर अबिबेका ॥२॥

पवित्र र मनोहर चरित्र भएका शारदा र गङ्गाजीलाई म फेरि वन्दना गर्छु ॥१॥ ती २ मध्येमा एउटी (गङ्गा) स्नान-पानले पाप हर्ने, अर्की एउटी (शारदा) कीर्तन श्रवणले अविवेक (अज्ञान) हर्ने हुन् ॥२॥

गुर पितु मातु महेस भवानी ❀ प्रनवौं दीनबंधु दिनदानी ॥३॥
सेवक स्वामि सखा सियपी के ❀ हित निरुपधि सब बिधि तुलसी के ॥४॥

सीताप्रिय (भगवान् रामचन्द्रजी)का सेवक, स्वामी, मित्रस्वरूप भएका, तुलसीदासको सब तरहबाट निष्कपट हितस्वरूप भएका, दीन (दुःखी) का बान्धव भएका, दिन (ठीक मौका) मा दानी भएका, गुरु माता-पितास्वरूप गौरी र शंकरलाई वन्दना गर्दछु ॥३॥४॥

कलि बिलोकि जगहित हर गिरिजा ❀ सावर मंत्रजाल जिन्ह सिरिजा ॥५॥
अनमिल आखर अरथ न जापू ❀ प्रगट प्रभाउ महेसप्रतापू ॥६॥

कलियुग आउन लागेको देखेर संसारका हितका निमित्त (कलिमा आचारभ्रष्ट भएका मानिसले वैदिक मंत्रबाट हितसिद्धि गर्न सक्नेछैनन्, यताबाट ता विनाप्रयास हितसिद्धि गर्लान् भन्ने आशयले) गौरी-पार्वती र ईश्वर (शंकरजी) ले अनेक प्रकारका शाबरमंत्र सृष्टि गर्नुभयो ॥५॥ ती मन्त्रमा अक्षरको मेल हुँदैन अर्थ पनि संगत हुँदैन, विधिपूर्वक जप पुरश्चरण केही गर्नुपर्दैन, तैपनि ती मन्त्र महेश्वरजीका प्रतापले प्रकट प्रभाव (जाग्रत) छन् ॥६॥ (क)

सो उमेस मोहि पर अनुकूला ❀ करिहि कथा मुद मंगल मूला ॥७॥
सुमिरि सिवा सिव पाई पसाऊ ❀ बरनउँ रामचरित चित चाऊ ॥८॥

जस्ता ऊ (भोलानाथ करुणासागर) महेश्वर मेराउपर अनुकूल (हितकारी) हुनुहुन्छ र आनन्द र मंगलको मूलकारण भएका कथाको रचना गर्दछु। शिवा (पार्वती) र शिवको प्रसाद (अनुग्रह) पाएर चित्तले चिताएबमोजिम राम्रै तवरले रामचरित्रको वर्णन गर्दछु ॥७॥८॥

भनिति भोरि सिवकृपा बिभाती ❀ ससिसमाज मिलि मनहुँ सुराती ॥९॥

जस्तै चन्द्रमा-ताराहरूको समाज मिल्दा रात्रिलाई सुरात्रि मान्दछु, त्यस्तै शिवजीको कृपा पाउनाले मेरी कविता सुन्दर हुनेछ भनी मान्दछु (ठान्दछु) ॥९॥

(क) सिद्धशाबरतन्त्रमा अनौठा २ शाबरमन्त्र लेखिएका छन्, तिनको नमूना बौलाहा कुकुरको विष झार्ने—"हडवड कुत्ता खडवड दाँत, कुत्तेकी बाँधौं सातौ डाढ, आवे न लोहू पाके न घाव, कुत्तेका विष उतर जाव, वीर हनुमन्तकी दुहाई, रामलछुमनकी दुहाई, फुरोमन्त्र ईश्वरोवाचा" ७ फेर मन्त्रेको गुड (चाकू = सख्खर) खान दिनु विष उत्रन्छ !

जे एहि कथहि सनेह समेता ❀ कहिहहिं सुनिहहिं समुझि सचेता ॥१०॥
होइहहिं रामचरन अनुरागी ❀ कलिमल रहित सुमंगल भागी ॥११॥

सचेता (दिलदार = उदार चित्त हुने) जो सज्जन प्रेमयुक्त भई यो कथा बुझेर भन्दछन् सुन्दछन्, तिनीहरू रामचरणानुरागी, कलिमलपरित्यागी, सन्मङ्गलभागी हुनेछन् ॥ १० ॥ ११ ॥

दोहा–सपनेहु साचेहु मोहि पर जौं हर गौरि पसाउ ।
तौ फुर होउ जो कहेउँ सब भाषा भनिति प्रभाउ ॥२३॥

(विपनामा म भन्दिनँ) सपनामा पनि मेराउपर हरगौरीको प्रसाद (अनुग्रह) यदि साँच्चै नै छभने, म भाषाकविताको जो प्रभाव भन्दछु त्यो सब फुर (स्फुट = स्पष्ट-सत्य) होओस् ॥ २३ ॥

चौ०–बंदौं अवधपुरी अति पावनी ❀ सरजू सरि कलिकलुष नसावनि ॥१॥
प्रनवौं पुर नर नारि बहोरी ❀ ममता जिन्ह पर प्रभुहि न थोरी ॥२॥

म, जहाँ कलिकलुषहारिणी सरयूनदी बहन्छिन् ती त्यस्ती परम पवित्र भएकी अयोध्यालाई वन्दना गर्दछु (क) ॥१॥ जसका उपर प्रभु रामचन्द्रको ममता (प्रेम) थोरै थिएन (खूब थियो) त्यस्ता, अयोध्या नगरीका नर-नारीलाई पनि वन्दना गर्दछु ॥ २ ॥

सिय निंदक अघ ओघ नसाए ❀ लोक बिसोक बनाइ बसाए ॥३॥
बंदौं कौसल्या दिसि प्राची ❀ कीरति जासु सकल जग माची ॥४॥

जसले सीताको निन्दा गर्ने अधमाधम धोबीका पापपुञ्जलाई नष्ट पारे र शोकवर्जित भएको (शोक कत्ति नहुने) लोक (सान्तानिकलोक) बनाएर त्यसैमा राखे ॥ (ख) जसकी कीर्ति सारा संसारमा छाइएको छ (फैलिएकी छ) त्यस्ती जगद्विख्यात भएकी कौसल्या महारानी पूर्व दिशा जस्ती हुनुहुन्छ, उहाँलाई म वन्दना गर्दछु ॥ ३ ॥ ४ ॥

प्रगटेउ जहँ रघुपति ससि चारू ❀ बिस्व सुखद खल कमल तुसारू ॥५॥
दशरथ राउ सहित सब रानी ❀ सुकृत सुमंगल मूरति मानी ॥६॥

(क) अयोध्यानगरी सबै पुण्यनगरीभन्दा श्रेष्ठ संझेर सतपुरीमा सर्वप्रथम मानिएकी छन् ।

अयोध्या मथुरा माया काशी काञ्ची अवन्तिका, पुरी द्वारावती चैव सप्तैता मोक्षदायिकाः ॥

(ख) रावणवध भएपछि रामराज्यको समयमा एउटी धोबिनी पतिको आज्ञा नलिई माइत गएर ३ दिनमा घर आई र धोबीले "१४ महीना रावणका पञ्जामा रहेकी सीतालाई रानी बनाएर राज्य गर्ने राम म होइन, जा वेश्ये, तँलाई म राख्तिनँ" भन्यो । त्यो खबर जासूसद्वारा रामचन्द्रका हजूरमा जाहेर भयो । रामचन्द्र महाराजले लोकापवादबाट बच्नाका निमित्त सीतालाई परित्याग गर्नुभयो, त्यो अधमाधम धोबीलाई पनि अरू पुण्यात्मा अयोध्यानिवासी नरनारीहरूको सरह सान्तानिकनामक नवीन लोकमा राखिबक्सनुभयो ।

करौं प्रनाम करम मन बानी ❀ करहु कृपा सुतसेवक जानी ॥७॥
जिन्हहिं बिरचि बड़ भयेउ बिधाता ❀ महिमा अवधि राम पितु माता ॥८॥

जुन कौसल्यारूपी पूर्व दिशामा सुन्दर चन्द्रमा रामचन्द्र उदाउनुभयो, जो रामचन्द्र संसारलाई सुख दिने र दुर्जनरूपी कमल ध्वस्त पार्नलाई तुषारस्वरूपी होइबक्सियो ॥ ५ ॥ सबै रानीसहित भएका महाराज दशरथजीलाई पुण्यमूर्ति र मङ्गलमूर्ति मानेर मनसा कर्मणा वाचा प्रणाम गर्दछु, "आफ्ना छोरा (राम) को सेवक संझेर करुणा गरिबक्सियोस्" भनी विन्ति गर्दछु ॥ ६ ॥ ७ ॥ जसलाई उत्पन्न गर्दा विधाता ठूला भए (इज्जत पाए) ती रामपिता (दशरथ) र राममाता (कौशल्या) महिमा (महत्त्व) का अवधि (सीमा = हद्द) हुन्॥ ८ ॥

सोरठा—बंदौं अवधभुआल सत्य प्रेम जेहि रामपद ।
बिछुरत दीनदयाल प्रिय तनु तृन इव परिहरेउ ॥९॥

जसको रामचन्द्र-चरणमा सत्य प्रेम थियो, त्यस्ता ती अवधभूपाल (अवधराज-दशरथ) लाई वन्दना गर्दछु—जसले दीनदयाल रामचन्द्रसँग छुट्टिनुपर्दा आफ्नो प्रिय शरीरलाई तृणवत् छाड़िदिए ॥ ९ ॥

चौ०—प्रनवौं परिजन सहित बिदेहू ❀ जाहि रामपद गूढ़ सनेहु ॥ १ ॥
जोग भोग महुँ राखेउ गोई ❀ राम बिलोकत प्रगटेउ सोई ॥ २ ॥

जसको रामचन्द्रका चरणमा गुप्त स्नेह (प्रेम) थियो, त्यस्ता महाराज जनकजीलाई परिवारसहित वन्दना गर्दछु, जुन स्नेहलाई महाराज जनकले भोगसमेतको योगमा लुकाएर राखेका थिए, त्यही स्नेह रामजीलाई देख्ता प्रकट हुन आयो[1] ॥ १ ॥ २ ॥

प्रनवौं प्रथम भरत के चरना ❀ जासु नेम ब्रत जाइ न बरना ॥ ३ ॥
रामचरन पंकज मन जासू ❀ लुबुध मधुप इव तजै न पासू ॥ ४ ॥

जसको नियम-व्रत वर्णन गर्न सकिँदैन, जसको मन रामचरणकमलमा लागेको छ, लुब्ध (लोभी) भ्रमर झैं त्यो चरणकमलको पास (समीप) लाई छाड्दै छाड्दैन त्यस्तो भरतजीको चरण प्रथम वन्दना गर्दछु ॥ ३ ॥ ४ ॥

---

(१) ईश्वरप्रेम केवल योगीहरूमा प्रकटै देखिन्छ, त्यागपूर्वक योगाभ्यास गर्नलाग्योभने यो ईश्वरप्रेमी रहेछ भनेर सबैले थाहा पाउँछन्, राजा जनकको ईश्वरप्रेम गुप्त थियो किनभने त्यस्तो राज्य भोगमा लागेका जनकलाई यी ईश्वरप्रेमी हुन् भनेर साधारण मानिसले भन्दैनथे, राजा जनक ता ईश्वरप्रेमी नै थिए, किनभने योगको उच्च अवस्था (समाधि) मा ईश्वरविषयक पूर्ण प्रेम रहन्छ । जनकराजाको त्यो गूढ़ प्रेम रामजीको दर्शन पाएका वेलाको जनकवचनबाट प्रकट हुन आयो । जनकराजाको त्यो वचन—

सहज विराग रूप मन मोरा * थकित होत जिमि चन्द्रचकोरा ॥
इनहि देखि मन अति अनुरागा * बरवस ब्रह्म सुखहिं मन त्यागा ॥
यो चौपाई बालकाण्डका २५४ नम्बरको दोहासँग छ।

बंदौं लछिमनपद जलजाता ❀ सीतल सुभग भगत सुखदाता ॥५॥
रघुपतिकीरति बिमल पताका ❀ दंड समान भयेउ जस जाका ॥६॥

जसको यश रघुपतिका कीर्तिरूप निर्मल पताका (झंडा) को दण्डसमान भएको छ, त्यस्ता लक्ष्मणजीका शीतल सुन्दर भक्तसुखदाता चरण-कमललाई वन्दना गर्दछु ॥ ५ ॥ ६ ॥

सेष सहस्रसीस जग कारन ❀ जो अवतरेउ भूमिभय टारन ॥७॥
सदा सो सानुकूल रह मो पर ❀ कृपासिंधु सौमित्रि गुनाकर ॥८॥
रिपुसूदनपद कमल नमामी ❀ सूर सुसील भरत अनुगामी ॥९॥
महाबीर बिनवौं हनुमाना ❀ राम जासु जस आपु बखाना ॥१०॥

हजार फणा भएका शेषजीले जगत्को कल्याणका निमित्त पृथ्वीका भारको भय हरण गर्नेलाई अवतार लिंदा जसको स्वरूप लिइबक्सियो, त्यस्ता (शेषावतार) गुणनिधान करुणासागर ती सुमित्रापुत्र (लक्ष्मणजी) मेराउपर सदासर्वदा अनुकूल (कल्याणकारी) रहून् ॥ ७ ॥ ८ ॥ शूर (बहादुर) सुशील (असल स्वभाववाला) भरतको हमेशा अनुसरण गर्ने (पछिलाग्ने) यस्ता रिपूसूदन (शत्रुघ्न) का चरणकमललाई नमस्कार गर्दछु ॥ ९ ॥ जसको यश खास स्वयं रघुनाथजीले मुक्तकंठ बखान गर्नुभएको छ, त्यस्ता ती महावीर (सकलवीरगणाग्रगण्य हनुमान्जीलाई प्रणाम गर्छु ॥ १० ॥

सोरठा—प्रनवौं पवनकुमार खल बनपावक ज्ञानघन ।
जासु हृदय आगार बसहिं राम सर चाप धर ॥१०॥

दुर्जन-गणरूपी जङ्गलमा दावाग्नि (डढेलो) स्वरूप भएका र ज्ञानपुञ्जस्वरूप भएका पवनकुमार (वायुपुत्र हनुमान्जी) लाई वन्दना गर्दछु, जसको हृदयरूप भवनमा धनुर्बाणधारी भगवान् रामचन्द्र राज हुनुभएको छ ॥ १० ॥

चौ०—कपि पति रिछ निसाचर राजा ❀ अंगदादि जे कीस समाजा ॥१॥
बंदौं सब के चरन सुहाये ❀ अधम सरीर राम जिन्ह पाये ॥२॥

वानरराज (सुग्रीव), ऋक्षराज (जाम्बवान्), राक्षसराज (विभीषण) र अङ्गद प्रभृति (नल-नील-सुषेण आदि गरेका) सबै वानरवर्गका सुन्दर चरणमा वन्दना गर्छु, जसले अधम (वानरको तुच्छ) शरीर लिएर पनि राम प्रभु पाए ॥ १ ॥ २ ॥

रघुपतिचरन उपासक जेते ❀ खग मृग सुर नर असुर समेते ॥३॥
बंदौं पद सरोज सब केरे ❀ जे बिनु काम राम के चेरे ॥४॥

श्री रामजीका चरणको सेवा गर्ने गरुड, काकभुशुंडी, जटायु प्रभृति पक्षी, हनुमान सुग्रीव अङ्गद प्रभृति पशु (वानर), इन्द्रादि देवता, भक्त मनुष्य, विभीषणादि राक्षससमेत सबैका चरणकमलमा वन्दना गर्दछु, जसले विनाकामना (फगत भक्ति मात्रले) श्रीरामजीको दासत्व लिए ॥ ३ ॥ ४ ॥

सुक सनकादि भगत मुनि नारद ❀ जे मुनिबर बिज्ञानबिसारद ॥५॥
प्रनवौं सबहि धरनि धरि सीसा ❀ करहु कृपा जन जानि मुनीसा ॥६॥

शुकदेवस्वामी, सनक-सनन्दन-सनातन सनत्कुमार यी ४ कुमार, भक्त नारदमुनि, यी र अरू ज्ञानविज्ञानपारङ्गत जति मुनीश्वर छन् ती सबैलाई धरतीमा शिर राखेर प्रणाम गर्दछु, आफ्नो जानेर ती मुनीश्वरहरू मेराउपर कृपा गर्नुहुनेछ ॥ ५ ॥ ६ ॥

जनकसुता जगजननि जानकी ❀ अतिसय प्रिय करुनानिधान की ॥७॥
ताके जुग पद कमल मनावौं ❀ जासु कृपा निर्मल मति पावौं ॥८॥
पुनि मन बचन कर्म रघुनायक ❀ चरन-कमल बंदौं सब लायक ॥९॥
राजिवनयन धरें धनु सायक ❀ भगत बिपति भंजन सुखदायक ॥१०॥

जनकनन्दिनी जगज्जननी करुणानिधान रघुनन्दनकी प्रियतमा जो जानकी (सीता) हुनुहुन्छ, उहाँको चरणकमललाई प्रणाम गरेर मनाउँछु, जसका कृपाले निर्मल बुद्धि पाउँला ॥ ७ ॥ ८ ॥ फेरि म सब तरहबाट लायक भएका हुनाले रघुराजकुलनायक भएका श्रीरामजीका चरणकमललाई मनसा कर्मणा वाचा वन्दना गर्दछु । आहा ! उहाँ राजीवनयन (कमलदललोचनयुगल) धनुर्वाणधारी, भक्तजनविपत्तिहारी, सुखकारी होइबक्सिन्छ ! ॥ ९ ॥ १० ॥

दोहा—गिरा अरथ जल बीचि सम कहिअत भिन्न न भिन्न ।
बंदौं सीता राम पद जिन्हहिं परम प्रिय खिन्न ॥२४॥

जस्तै—वाणी र अर्थ, जल र तरङ्ग यी २।२ चीज नाममात्रले भिन्न (छुट्टा) छन् (वस्तु विचार गर्दा अभिन्नै छन्) त्यस्तै नाममात्रले भिन्न भएर एकाकार भएका (दाहकत्व शक्तिले युक्त भएका दहन (अग्नि) तुल्य एकरूप भएका) सीताजी र रामजी (दुईको जोडा) लाई म पाउमा वन्दना गर्दछु,—जुन सीता राम युगलमूर्तिलाई खिन्न (दुःखी) भएका आर्त भक्तहरू खूबै प्यारा छन् ।

रामनामको वन्दना

चौ०—बंदौं नाम राम रघुबर को ❀ हेतु कृसानु भानु हिमकर को ॥१॥
बिधि हरि हर मय बेद प्रान सो ❀ अगुन अनूपम गुननिधान सो ॥२॥

---

(१) (आर्तभक्त, जिज्ञासुभक्त, अर्थार्थीभक्त, ज्ञानीभक्त, यी ४ भक्तमध्ये ज्ञानीभक्त ता रामस्वरूपै हो, "ज्ञानी त्वात्मैव मे मतम्" त्यसको कुरै छैन । बाँकी ३ भक्तमा आर्तभक्त भगवान्को साह्रै प्यारो हुन्छ र त्यसका निमित्त भगवान्लाई खूब हतपत गर्नुपर्दछ । आर्त भएका गजराजलाई भगवान्ले कस्तो हतपत गरेर अनुगृहीत गर्नुभयो, आर्त भएकी द्रौपदीलाई कौरवसमाजका माझमा कसरी भगवान्ले अद्भुत रक्षा गरेर आफ्नो आर्तभक्तप्रियता प्रकट गर्नुभयो ! जिज्ञासुभक्त उद्धवले धेरै झुल्नुपरेको छ, अर्थार्थी भक्त बालक ध्रुवले पनि धेरै (६।६ महीना) झुल्नुपरेको छ, "यो कुरा (आर्तभक्तत्राण) राममा मात्रै पनि छैन, जगज्जननी नारायणशक्तिरूपा जानकीजी पनि आर्तभक्तको रक्षा गर्न मशहूर हुनुहुन्छ ।

३

रघुकुलमा श्रेष्ठ भएका दशरलनन्दन[१]को "राम" यो नामलाई वन्दना गर्दछु, त्यो नाम कृशानु (अग्नि) भानु (सूर्य) हिमकर (चन्द्रमा) को हेतु (कारण) छ ॥ (क) ॥ १ ॥

त्यो नाम ब्रह्मा विष्णु-महेश्वरमय छ ॥ (ख) ॥ त्यो नाम वेदको प्राणरूप छ ॥ (ग) ॥ त्यो नाम निर्गुण, उपमारहित, गुणको (हितको) निधान, (खानि) स्वरूप छ, (घ) ॥ २ ॥

महामन्त्र जोइ जपत महेसू ❀ कासीं मुकुतिहेतु उपदेसू ॥ ३ ॥
महिमा जासु जान गनराऊ ❀ प्रथम पूजिअत नामप्रभाऊ ॥ ४ ॥

महामन्त्रस्वरूप भएको तारक जुन नामलाई शंकरजी जप्नुहुन्छ, मुक्तिका निमित्त काशीमा मर्न लागेका प्राणीलाई त्यही मन्त्रको उपदेश गर्नुहुन्छ ॥ ३ ॥ (ङ)

---

(१) "राम" यो नाम ३ जनाको (परशुराम-दाशरथि राम-बलरामको) छ, ३ मध्ये माझका व्यक्तिको नाम मलाई मीठो लाग्दछ (केटाकेटीहरू समेत "वरिपरि तीतो, माझको मीठो" भन्दछन्) र म त्यही नामको वन्दना गर्दछु ।

(क) "र" यो अग्निबीज हो,—त्यसले शुभाशुभकर्मलाई भस्म पार्दछ । "आ" यो भानुबीज हो, त्यसले अज्ञानमय अन्धकारलाई ध्वस्त पार्दछ । "म्" यो चन्द्रबीज हो,—त्यसले त्रिविध ताप हटाउँछ । "अ" यो अन्तर्यामी परमात्माको बीज हो,—त्यसले अग्निबीज-चन्द्रबीजलाई उक्त शक्ति प्रदान गर्दछ र र् = आ = म् = अ = × "राम" यो नाम कृशानु प्रभृति ३ चीजको शक्तिप्रदानद्वारा कारण छ । "राम" यो-नामले शुभाशुभकर्म भस्म पारेर, अज्ञान हटाएर, त्रिविध ताप दूर गरेर परमात्मासँग एकता गराइदिन्छ । अथवा कृशानु-भानु-हिमकर यी ३ चीजमा 'राम' यो नामका बीजलाई एक-एक गरी हटाउँदा "क्शानु-भ्नु-ह्किर" यस्तो हुनजान्छ र ती ३ चीजको स्वरूपै हराउँछ । उक्त बीज जोरिदिंदा बताएबमोजिमको स्वरूपलाभ हुन्छ र "राम" यो नाम उक्त ३ चीजको कारण हुन आउँछ । यो कुरा महारामायणमा लेखिएको छ ।

(ख) नाम र नामीको एकता सर्वसंमत हुनाले यो नामले बुझिने नामी (परमात्मा) ब्रह्मा-विष्णु-महेश्वरस्वरूप छँदैछन् ।

(ग) वेदको सत्ता र प्रामाण्य ईश्वरसत्ताको अधीन छ (ईश्वर नहुँदो हो ता वेदको आविर्भावै हुने थिएन, वेद ईश्वरबाट आविर्भूत नहुँदा हुन् ता तिनको प्रामाण्य रहने थिएन) त्यो ईश्वर (नामी) को र नामको एकता हुनाले, नाम वेदको प्राणस्वरूप छ ।

(घ) नाम नामीको एकता हुनाले नै नामी जस्तो छ नाम पनि निर्गुण पनि, सगुण पनि, हुनाले अनुपम (नामीबाहेक अर्को उपमान नभएको) छ । त्यो नाममा धेरै गुण हुनाले त्यसलाई गुण-निधान भन्दछन् । "जसले ईश्वरको नामकीर्तन गर्दछ त्यसले तपस्या-यज्ञ-याग-तीर्थस्नान-ब्रह्मविचार सबै गर्‍यो, जसका जिह्वाका अग्रभागमा ईश्वरको नाम रहेको छ, त्यो चण्डालजातीय भए पनि साह्रै ठूलो हो" भनी देवहूतिले भगवन्नामकीर्तनको महिमा गाउनुभएको छ ।

अहो ! बत ! श्वपचोऽतो गरीयान् यज्जिह्वाग्रे वर्तते नाम तुभ्यम् ।
तेपुस्तपस्ते जुहुवुः सस्नुरार्या ब्रह्मानूचुर्नाम गृणन्ति ये ते" भाग. तृ. ३३ अ. ।

(ङ) "म हजूरको नाम जपेर कृतार्थ-भई पार्वतीसाथ काशीमा रहन्छु, मुमूर्षु (मर्न लागेका) मानिसलाई मुक्ति दिनका निमित्त हजूरको नाममन्त्र सुनाइदिन्छु" श्रीरामका हजूरमा शंकरले विन्ति गर्नुभएको छ ।

महामन्त्रस्वरूप जुन नामको महिमा जान्नाले (त्यो नाममहिमाज्ञानको प्रभावले) गणेशजी सबै देवताभन्दा पहिले पूजिनुभएको छ ॥ ४ ॥ (क)

जान आदिकबि नामप्रतापू ❀ भयेउ सुद्ध करि उलटा जापू ॥ ५ ॥
सहस नाम सम सुनि सिवबानी ❀ जपि जेई पियसंग भवानी ॥ ६ ॥
हरषे हेतु हेरि हरु ही को ❀ किये भूषन तियभूषन ती को ॥ ७ ॥
नामप्रभाउ जान सिव नीको ❀ कालकूट फलु दीन्ह अमी को ॥ ८ ॥

जो सकस उल्टो यो नाम जप्ताजप्तै (मरा मरा भन्दाभन्दै) सिद्ध भए, ती आदिकवि वाल्मीकिजी यो नामको प्रताप जान्दछन् ॥ ५ ॥ (ख)

"यो यौटा महामन्त्र रामनाम विष्णुभगवान्का हजार नाम-समान छ" भन्ने शिवजीको वचन सुनेर त्यही एउटा नाम जपीकन पार्वतीले शंकरसंग बसेर भोजन गर्नुभयो ॥ ६ ॥ (ग)

पार्वतीका हृदयको श्रद्धाविश्वासरूप कारण देखेर शंकरजी खुशी हुनुभयो र पार्वतीलाई सबै स्त्रीगणको भूषण (शिरोमणि) बनाएर पनि पुगेन भन्ने ख्याल गरेर आफ्ना शरीरको पनि भूषण (अर्धशरीरहारिणी = वामाङ्गिनी) बनाउनुभयो ॥ ७ ॥

यो नामको प्रभाव शंकरजी राम्रा तवरले जान्नुहुन्छ, यही नामका प्रभावले उहाँले पिएको कालकूट विषले अमृतको फल दियो ॥ ८ ॥ (घ)

"अहं भवन्नामजपन् कृतार्थो वसामि काश्यामनिशं भवान्या । मुमूर्षमाणस्य विमुक्तयेऽहं दिशामि मन्त्रं तव राम ! नाम ॥"

(क) "पृथ्वीको परिक्रमा गरेर जो चाँडो आउला उसैलाई प्रथम पूजा दिनेछु" भनी ब्रह्माजीले भन्नुभयो र देवताहरू परिक्रमा गर्न दौडे, लम्बोदर मूषकवाहन गणेशजीले रामनाम लेखेर त्यसैको परिक्रमा गरी झट ब्रह्माजीका सामने जानुभयो, अरूको अत्तोपत्तो थिएन, आएपछि गणेशजीको चातुर्य र रामनामको प्रभाव वर्णन गरी गणेशजीलाई नै प्रथम पूजा दिनुभयो ।

(ख) एउटा व्याधालाई ऋषिमुनिहरूले दया गरी त्यसको प्रकृति बुझेर 'मरा' जप्न लगाएका थिए त्यसले खूब जप्यो, जप्ताजप्तै धमिराले माटो धुप्प्याएर पुरिदिए, तैपनि जप छाडेन र त्यो व्याधा सिद्ध भई धमिराका माटोको थुप्राबाट (वल्मीकबाट) निस्केर वाल्मीकि नामले जगत्पूज्य भयो ।

(ग) शंकरजी जिउनारमा राज भएको थियो, उहाँले, भोजन गर्न पार्वतीलाई पनि बोलाउनुभयो, "विष्णु सहस्रनामको पाठ बाँकी छ त्यो सिध्याई आउँछु" भनी पार्वतीले विन्ति गर्दा शंकरजीले—"रामरामेतिरामेति रमेरामेमनोरमे ॥ सहस्रनाम तत्तुल्यं रामनाम वरानने !" यस्तो बोल्दा पार्वतीले सहस्रनामको सट्टामा रामनाम जपेर शंकरजीका साथै भोजन गर्नुभयो, श्रद्धा-विश्वासपूर्वकको ईश्वरमा दृढनिष्ठा देखेर पार्वतीलाई स्त्रीजनमा सर्वोच्चता दिनुभयो, त्यत्तिले पुगेन भन्ने संझेर आफ्नो आधा शरीर दिई आफू अर्धनारीश्वर हुनुभयो ।

(घ) समुद्रमन्थन हुँदा पहिले काटकूट विष निस्क्यो, त्यसका उग्रतेजले देव दानव दैत्य सबै आकुल भए, हाहाकार मच्चियो, सबै शंकरका शरण पर्न आए, शंकरजीले जगत्कल्याणका निमित्त रामनाम संझेर त्यो विष जम्मै पिउनुभयो, त्यो विष कण्ठसम्म पुग्दा विषै थियो र कण्ठलाई पोलेर नीलो पारिदियो भित्र पुग्दा अमृत भयो, नीलकण्ठ शङ्कर मृत्युञ्जय हुनुभयो ।

दोहा—बरषा रितु रघुपति भगति तुलसी सालि सुदास ।
राम नाम बर बरन जुग सावन भादव मास ॥२५॥

रघुपति रामचन्द्रकी भक्ति वर्षाऋतु हो, परम किङ्कर तुलसीदास शालिधान हो, (हिंउँदमा हुने जौ गहुँ जस्तो होइन, वर्षाऋतु पाएनभने यो मरिहाल्छ)। (१ ऋतुमा दुई महीना हुन्छन् । (भक्तिरूप वर्षाऋतुमा) "रा" यो श्रावण महीना हो,—"म" यो भदौ हो (यी दुई महीना राम्ररी पायो भने तुलसी धान सप्र्यो, नत्र हर्गिज बाँच्तैन !) ॥ २५ ॥

चौ०–आखर मधुर मनोहर दोऊ ❀ बरन बिलोचन जनजियँ जोऊ ॥१॥
सुमिरत सुलभ सुखद सब काहू ❀ लोक लाहु परलोक निबाहू ॥१॥
कहत सुनत समुझत सुठि नीके ❀ राम लखन सम प्रिय तुलसी के ॥३॥

"राम" यो नाममा दुई वर्ण मधुर र मनोहर जो छन् ती, दुई मानिसका हृदयका आँखा हुन् (तिनै द्वारा देख्नुपर्ने कुरा देख्नु पाइन्छ, यी बाहिरका छालाका आँखाले देख्नुपर्ने कुरा देखिदैन, यिनले देखिने कुरा देख्नलायक ठहरिएको छैन)। त्ये नाम अति सुलभ छ, स्मरणमात्रले सुख दिन्छ, त्यो नाम नै दुनियाँको लाभ हो (अरू लाभ लाभ होइन,) त्यसैले परलोकमा निर्वाह चलाइदिन्छ (निर्वाह् चलाउन जम्मा गरेका धन-दौलत-प्रभृति-चीजलाई यहीं छाडेर हिंड्नुपर्दछ) ॥ १ ॥ २ ॥ नामका यी दुई अक्षर (राम) उच्चारण गर्दा सुन्दा बुझ्दा सुठि (सुष्ठु = बेश) असल छन्, यी दुई अक्षर तुलसीदासलाई राम लक्ष्मण जस्ता प्यारा लाग्दछन् ॥ ३ ॥

बरनत बरन प्रीति बिलगाती ❀ ब्रह्म जीव इव सहज सँघाती ॥४॥
नर नारायन सरिस सुभ्राता ❀ जगपालक बिशेष जनत्राता ॥५॥
भगति सुतिअ कल करनविभूषन ❀ जगहित हेतु बिमल बिधु पूषन ॥६॥

ब्रह्म र जीव झैं स्वाभाविक संघाती (मिलेर रह्ने) भएका यी दुई वर्णको वर्णन गर्दा हुने उत्तम प्रीति पनि संमिलितै रहन्छे, भिन्न भिन्न हुन्न ॥ ४ ॥ यी दुई वर्ण जगत्को पालना गर्ने, र शिष्टजनका रक्षक हुनाले मिलेका दाज्यूभाइ नर-नारायणजस्तै छन् ॥ ५ ॥ यी दुई वर्ण भक्तिरूपी सुन्दरी स्त्रीलाई शोभायमान पार्ने दोटा कर्णविभूषण (कानका गहना) हुन् । (यी दुई गहना कानमा परेभने भक्तिसुन्दरी झलक्क हुन्छिन्)। यी दुई वर्ण जगत्का हितका निमित्त चन्द्र र सूर्य हुन् (यी दुई वर्ण उदाएभने जगत्लाई आह्लाद हुन्छ, अज्ञानान्धकार नष्ट हुन्छ) ॥ ६ ॥

स्वाद तोष सम सुगति सुध के ❀ कमठ शेष सम धर बसुधा के ॥७॥
जनमन मंजु कंज मधुकर से ❀ जीह जसोमति हरि हलधर से ॥८॥

यी दुई वर्ण मुक्तिरूपी अमृतको स्वाद र तज्जन्य हर्षस्वरूप छन्। यिनै दुई वर्ण पृथ्वीका धारक (रक्षक) हुनाले पृथ्वीधारक कूर्म शेषतुल्य छन् ॥ ७ ॥ सज्जन मानिसका हृदयरूपी कमलमा यी दुई वर्ण राम्रा २ भ्रमरजस्ता छन्। जिह्वारूपी जसोदा माईलाई यी दुई

वर्ण २ भाइ कृष्ण बलरामजस्ता छन् । सज्जन जिह्वामयी यशोदाले यी दुई वर्णरूपी कृष्ण बलराम लाई प्यार गरेर काखमा राखी पोषण गरेकी छन्) ॥ ८ ॥

दोहा—एकु छत्रु एकु मुकुट मनि सब बरननि पर जोउ ।
तुलसी रघुबर नामके बरन बिराजत दोउ ॥२६॥

तुलसीदास (म) भन्दछु—कि, रघुवरका नाममा परेका २ वर्ण (स्वर नभएको र् म्) मध्ये एउटा र् सबै वर्णका शिरमा छाता भएर उपकार गर्दछ, (स्वर नभएको हल् र् वर्णलाई "जलतुम्बिकान्यायेन रेफस्योर्द्ध्वगमनम्" यो व्याकरणवचनको अनुसार अरू वर्णको लहरमा नराखेर पल्ला वर्णको शिरमा राख्नुपर्दछ) अर्को वर्ण म् अनुस्वार (शिरोबिन्दु) भएर अरू वर्णको मुकुटमणि जस्तो (ं) भई वर्णलाई शोभित गर्दछ ॥ (यस रीतले रघुवर रामचन्द्रका नामका १।१ अवयव पनि वर्णमय जगत्का उपकारी छन्, उहाँको अविकल (सिंगै) नाम ता अनन्त कोटि ब्रह्माण्डको एकमात्र उद्धारक छ) ॥ २६ ॥

समुझत सरिस नाम अरु नामी ❀ प्रीति परसपर प्रभु अनुगामी ॥१॥
नाम रूप दुइ ईस उपाधी ❀ अकथ अनादि सुसामुझि साधी ॥२॥

संझदा बुझ्दा नाम र नामी (नामवाला) समान छन्, यी २ को प्रेम, स्वामीको सेवकमाथि र सेवकको स्वामीमाथि जस्तै परस्पर समान छ ॥ १ ॥ नाम र रूप यी दुवै परमेश्वरका मायाले खडा गरेका उपाधि (आगन्तुक) हुन् । वास्तवमा यी दुवै ईश्वर (शुद्धब्रह्म) मा छैनन तापनि, यो मायाप्रपञ्च अनादि हुनाले नाम-रूप पनि अनादि छन्, यिनको पूर्वापरभाव (यो पहिले यो पछिल्लो भन्ने कुरा) पनि अकथनीय (भन्न नसकिने) छ । (नाम जेठो कि रूप जेठो भनी विचार गर्दा इदमित्थ गर्न सकिंदैन) यो कुरा खूब बुझेर साधना (नामद्वारा नामीको उपासना) गर्नुपर्दछ ॥ २ ॥

को बड़ छोट कहत अपराधू ❀ सुनि गुन भेदु समुझिहहिं साधू ॥३॥
देखिअहि रूप नाम आधीना ❀ रूपज्ञान नहि नाम बिहीना ॥४॥
रूप बिसेष नाम बिनु जानें ❀ करतल गत न परहिं पहिचानें ॥५॥

नाम र रूप (नामी) २ मध्यमा कुन ठूलो ? कुन सानो ? भन्दा पनि अपराध लाग्दछ । यिनका गुण सुनेपछि सज्जनहरू स्वयमेव यस कुराको भेद (मर्म) बुझ्नेछन् ॥ ३ ॥ नाम नभै रूपको ज्ञान हुँदैन र रूप नामको अधीन देखिन्छ ॥ ४ ॥ नामज्ञानविना हत्केलामा राखेका चीजको पनि रूप विशेष गरीकन जानिंदैन ॥ ५ ॥

सुमिरिअ नामु रूप बिनु देखें ❀ आवत हृदयँ सनेह बिसेषें ॥६॥
नाम रूप गति अकथ कहानी ❀ समुझत सुखद न परति बखानी ॥७॥
अगुन सगुन बिच नाम सुसाखी ❀ उभय प्रबोधक चतुर दुभाषी ॥८॥

रूप नदेखे पनि नामको स्मरण गर्दा हृदयमा स्नेहविशेष (अनौठो प्रेम) आउँछ ॥ ६ ॥ यसो हुनाले नाम र रूपका गुण अकथनीय छन्, संझदा आनन्द हुन्छ; बयान गर्न सकिंदैन,

॥ ७ ॥ अगुण र सगुण यी दुइ चीजका बीचमा नामै साक्षी (द्रष्टा) भएको छ, त्यो नाम सिपालु दुइभाषे जस्तो भएर दुवैलाई बुझाउँछ, (अर्थात् नामद्वारा र निर्गुण र सगुणको परिचय हुन्छ) ॥ ८ ॥

दोहा—राम नाम मनि दीप धरु जीह देहरीं द्वार ।
तुलसी भीतर बाहरहुँ जौं चाहसि उजिआर ॥२७॥

तुलसीदास ! यदि तिमी भित्र र वाहिर उज्यालो चाहन्छौभने जिह्वारूपी देहलीद्वारमा (दहिला ठेलामा) रामनामरूपी मणिद्वीप (आँधीबेहरी आए पनि ननिभ्ने, उज्ज्वल झलझल उज्यालो पार्ने मणिरूप बत्ती) राख (दहिलाका ठेलामा राखेका बत्तीले भित्र बाहिर दुवैतिर उज्यालो पार्छ) ॥ २७ ॥

चौ०—नाम जीहँ जपि जागहिं जोगी ❀ बिरति बिरंचि प्रपंच बियोगी ॥१॥
ब्रह्मसुखहि अनुभवहिं अनूपा ❀ अकथ अनामय नाम न रूपा ॥२॥

योगीहरू यो विधाताको प्रपञ्च (संसार) देखि विमुख भएर त्यागी भईकन सबैलाई लठ्ठ पार्ने मोहरात्रिमा यही नाम जिह्वाले जपीकन जागा रहन्छन् र अकथनीय निरापद नामरूप वर्जित-अनुपम ब्रह्मानन्दको अनुभव गर्न पाउँछन् ॥ १ ॥ २ ॥

जानी चहहिं गूढ़ गति जेऊ ❀ नाम जीह जपि जानहु तेऊ ॥३॥
साधक नाम जपहिं लय लाएँ ❀ होहिं सिद्ध अनिमादिक पाएँ ॥४॥

जो मायाको गूढ़ गति (बुझिनसकिने खेल) जान्न चाहन्छन्, तिनीहरू जिह्वाले हरिनाम जपेर जान्दछन् । जो साधक लय लगाएर (मन एकाग्र गरेर ।) नाम जप्तछन् तिनीहरू अणिमा लघिमा आदि अष्ट सिद्धि पाउने सिद्ध हुन्छन् ॥ ३ ॥ ४ ॥

जपहिं नामु जन आरत भारी ❀ मिटहिं कुसंकट होहिं सुखारी ॥५॥
रामभगत जग चाँरि प्रकारा ❀ सुकृती चारिउ अनघ उदारा ॥६॥

---

(१) आर्तभक्त[१] (दुःख पाएर भक्ति गर्ने) जिज्ञासुभक्त[२] (ज्ञानको इच्छाले भक्ति गर्ने) अर्थार्थी भक्त[३] (धन दौलत इज्जत सन्तान इत्यादि पाउनाका निमित्त भक्ति गर्ने) ज्ञानीभक्त[४] (ईश्वरको इदमित्थ ज्ञान भएर भक्ति गर्ने) यी ४ प्रकारका भक्त हुन्छन् ।

गीता—चतुर्विधा भजन्ते मां जनाः सुकृतिनोऽर्जुन ! ।
आर्तो जिज्ञासुरर्थार्थी ज्ञानी च भरतर्षभ ! ॥

यी ४ मध्यमा तत्त्व जान्ने हुनाले अनन्य भई म (वासुदेव परमात्मा) मा नित्य लागेको ज्ञानीभक्त अरूभन्दा श्रेष्ठ छ । ज्ञानी भक्तले मलाई खूब प्रिय (प्यारो) संझन्छ, त्यसलाई म पनि प्रिय संझन्छु ।

यी ४ भक्तमा सबै पुण्यात्मा, सबै निष्पाप, सबै ठूला हुन् , तर ज्ञानी भक्त ता मेरो आत्मा (स्वरूपै) हो किनभने, त्यो युक्तात्मा (मेरो तादात्म्य गर्ने) उत्तमोत्तम गतिस्वरूप भएका ममा पुगिसकेको हुन्छ ।

खूब आर्त (दुःखपीड़ित) भएको प्राणी नामै जपेर रहेभने तिनका ती कष्ट मेटिन्छन्, ती सुखी हुन्छन् (जस्तै गजेन्द्र,—जस्तै कौरवसभावर्तिनी दुःशासनपीड़िता द्रौपदी) रामका भक्त-जन ४ प्रकारका हुन्छन्, चारै प्रकारका भक्त पुण्यात्मा निष्पाप ठूला हुन् ॥ ५ ॥ ६ ॥

चहूँ चतुर कहुँ नाम अधारा ❀ ज्ञानी प्रभुहि बिसेषि पिआरा ॥७॥
चहुँ जुग चहुँ श्रुति नामप्रभाऊ ❀ कलि बिसेषि नहि आन उपाऊ ॥८॥

यी ४ चतुर (बुद्धिमान्) भक्तलाई नामैको आधार छ, यी ४ भक्तमध्यमा ज्ञानी भक्त प्रभुको ज्यादै नै प्यारो छ ॥ ७ ॥ (क) चारै युगमा, चारै वेदमा नामको प्रभाव छ तर विशेष गरेर कलियुगमा ता अर्को उपाय छँदैछैन ॥ ८ ॥

दोहा—सकल कामना हीन जे रामभगति रस लीन ।
नाम पेम पीयूष ह्रद तिन्हहुँ किए मन मीन ॥२८॥

दुःखनिवृत्ति, ज्ञानप्राप्ति, धनसंपत्ति मान-संतानादि प्राप्ति, इत्यादि कुनै वस्तुको कामना (इच्छा) नराखेर जो ज्ञानी भक्त रामभक्तिरसमा डुबेका हुन्छन्, तिनले पनि आफ्नो मनलाई नामप्रेमरूपी अमृतकुण्डमा मीन (माछा) बनाएका छन् (उत्तम श्रेणिमा गनिएका निष्काम ज्ञानी भक्तहरू पनि मनरूपी माछालाई नामप्रेमरूपी अमृतकुण्डमा खेल्न

(क) तेषां ज्ञानी नित्ययुक्त एकभक्तिर्विशिष्यते ।
प्रियो हि ज्ञानिनोऽत्यर्थमहं स च मम प्रियः ॥
उदाराः सर्व एवैते ज्ञानी त्वात्मैव मे मतम् ।
आस्थितः स हि युक्तात्मा मामेवानुत्तमां गतिम् ॥ गीता अ. ७ श्लो. ॥ १७ ॥ १८ ॥

"कुनै चीजमा पनि ममता नगर्ने, इन्द्रिय र मनलाई वश पार्ने, समदृष्टि भएको, चित्तलाई मपट्टि लाउनाले हरहमेशा संतुष्ट रहने भक्तलाई दशै दिशामा सुखै सुख छ ।

ममा चित्त लगाउने भक्त मदेखि बाहेक ब्रह्मपद, इन्द्रपद, चक्रवर्तिपद, राजपद, अष्टसिद्धि, मुक्ति केही चाहँदैन) त्यसलाई म भए पुग्दछ ।

उद्धवजी ! भक्त हुनाले तपाईं जत्तिको मेरो प्रिय हुनुहुन्छ, त्यत्तिको प्रिय ब्रह्मा पनि छैनन्, शंकर पनि छैनन्, शेष पनि छैनन्, लक्ष्मी पनि छैनन्, धेरै किन चाहियो, यो मेरो शरीर पनि तपाईं जत्तिको प्रिय छैन" भनी खास भगवान्‌ले उद्धवलाई भन्नुभएको छ । उद्धव जिज्ञासु भक्त हुन्, तिनको ता त्यत्रो महिमा भने ज्ञानी भक्तको महिमा कस्तो होला ।

अकिञ्चनस्य दान्तस्य शान्तस्य समचेतसः ।
मया सन्तुष्टमनसः सर्वा सुखमया दिशः ॥
न पारमेष्ठ्यं न महेन्द्रधिष्ण्यं न सार्वभौमं न रसाधिपत्यम् ।
न योगसिद्धिरपुनर्भवं वा मय्यर्पितात्मेच्छति मद्विनान्यत् ॥
न तथा मे प्रियतम आत्मयोनिर्न शंकरः ।
न च संकर्षणो न श्रीर्नैवात्मा च यथा भवान् ।

[श्रीमद्भागवत स्कन्ध ११ अ. १४ श्लो. १३-१५]

लगाएर रहेका छन् अर्थात् तिनीहरू पनि प्रेमपूर्वक हरिनामको मानसजप गरिरहन्छन्) ॥ २८ ॥

चौ०-अगुन सगुन दुइ ब्रह्म सरूपा ❀ अकथ अगाध अनादि अनूपा ॥१॥
मोरें मत बड नामु दुहूँ तें ❀ किये जेहि जुग निज बस निज बूते ॥२॥

निर्गुण-सगुण दुवै ब्रह्मका स्वरूप छन् , दुवै स्वरूप अकथनीय-गंभीर-अनादि र अनुपम छन् ॥ यी दुई प्रकारले रहेको ब्रह्मभन्दा पनि यी दुईलाई वश पार्न सकेर रहेको आफ्नो प्रभावले दुवै प्रकारको ब्रह्मलाई ज्ञानगोचर गराइदिने) हरिनाम नै श्रेष्ठ (ठूलो) हो" यस्तो मेरो मत छ ॥ १ ॥ २ ॥ (क)

प्रौढि सुजन जनि जानहिं जन की ❀ कहउँ प्रतीति प्रीति रुचि मन की ॥३॥
एकु दारुगत देखिअ एकू ❀ पावक सम जुग ब्रह्म बिबेकू ॥४॥

बुद्धिपूर्ण भएका सज्जनहरू मानिसका मनको कुरा जान्दछन् , म आफ्नो मनको अनुभव आफ्नो मनको खुशी आफ्नो मनको रुचि भनिरहेको छु ॥ (के त भने) यौटा अग्नि दाउराभित्र व्यापक भएर अदृश्य रहेको हुन्छ, त्यही अग्नि उपायले दृश्य पनि हुन आउँछ र अर्कै एउटा अग्नि जस्तो भान हुन्छ, बाहिरका अग्निको र भित्रका अग्निको झैं अवस्थाको मात्र भेद हो वस्तुभेद छैन (भित्रको अग्नि निर्गुण ब्रह्म जस्तो हो, बाहिरको सगुण ब्रह्म जस्तो हो), दुई ब्रह्मको (सगुण निर्गुणको) विवेक (ज्ञान) यही हो ॥ ३ ॥ ४ ॥

उभय अगम जुग सुगम नाम तें ❀ कहेउँ नामु बड़ ब्रह्म राम तें ॥५॥
ब्यापकु एकु ब्रह्म अबिनासी ❀ सत चेतन घन आनँद रासी ॥६॥

अगम (जान्न नसकिने) ती दुई प्रकारका ब्रह्म नामकीर्तन नामस्मरणद्वारा सुगम हुन आउँछन् मैले ब्रह्मस्वरूप रामभन्दा पनि रामको नाम ठूलो भनेको हुँ ॥ ५ ॥ सर्वव्यापी एक (द्वितीयरहित), अविनाशी, (अविकारी) सत (सत्तामय), चेतन (चिन्मय), घन आनन्दराशि (पूर्णआनन्दस्वरूप), ब्रह्म भनेर वेदशास्त्रमा बताइएका ॥ ६ ॥

(क) यहाँ मेरो मत यस्तो छ भन्नाले "अरू शास्त्रको मत र अरू भक्त महानुभावहरूको मत भिन्न छ" भन्ने आशय होइन, "यो कुरा सबैले स्वीकार गरेका छन् , त्यसमा मेरो पनि सोहै आना मञ्जुरी छ, मतभेद छैन" यो आशय हो । निरञ्जन निराकार निर्गुण ब्रह्मको साक्षात्कार गर्नु यही प्राणिमात्रको मुख्य कर्तव्य हो, त्यो साक्षात्कार भएपछि संसारी जीवात्मा पनि उही ब्रह्मरूप हुन्छ र जन्मजरामरणको चर्खाबाट छुट्छ भनी वेद र शास्त्र भन्दछन् । अब त्यसको साक्षात्कारका निमित्त धेरै अरू अरू धारणा-ध्यान-समाधि प्रभृति साधन शास्त्रले बताएका छन् तापनि, ती साधन दुष्कर (सहजै गर्न नसकिने) हुनाले ती साधनद्वारा सगुण ईश्वरको साक्षात्कार हुन पनि कठिन छ, निर्गुणको ता के कुरा ? नाम-कीर्तन-रूप साधनले सगुण ईश्वरको र निर्गुण ईश्वरको समेत साक्षात्कार हुन्छ । यस प्रकारले स्वतन्त्र अगोचररूप ईश्वर नाम कीर्तनका प्रभावले परतन्त्र जस्तो भएर गोचर (जानिने) हुन आउँदछ र "ईश्वरको नाम ईश्वरभन्दा ठूलो छ" भनी भक्तशिरोमणि तुलसीदास प्रभृतिले भनेको हो । वास्तवमा "जसको नाम ता त्यस्तो छ त्यो कस्तो होला" यस्तो विचारको डिग्री पढेपछि ईश्वरको महत्व अलिकति संझिएला ।

अस प्रभु हृदयँ अछत अबिकारी ❀ सकल जीव जग दीनदुखारी ॥७॥
नामनिरूपन नामजतन तें ❀ सोउ प्रगटत जिमि मोल रतन तें ॥८॥

यस्ता प्रभु हृदयमा सदा सर्वदा अविकारी (ज्यौंका त्यौं) छँदा छँदै पनि जगत्मा सबै जीव दीन-दुःखी भइरहेका छन् , (तिनै प्रभुलाई प्रकट देख्न नसकेर बद्ध संसारी भएका छन्) । जस्तै उत्तम रत्नको मोल प्रकट गर्नलाई रत्नपरीक्षाको खूब अभ्यास गर्नुपर्छ, रत्न हेर्दा हेर्दा अभ्यास परिपक्क हुन्छ र रत्नको मोल प्रकट हुन्छ, रत्न हेर्ने बानी नगरेका मानिसले रत्नको मोल प्रकट गर्न सक्तैन, त्यस्तै प्रभुलाई प्रकट गर्न (ज्ञानगोचर गर्न = देख्न) लाई नामनिरूपण (प्रभुका नामको कीर्तन र त्यसका अर्थको विचार) रूपी यत्न गर्दा २ अभ्यास पूर्ण भएपछि रत्नको मोल जस्तो प्रभु प्रकट हुनुहुन्छ (अर्थात् वारंवार रत्न हेर्ने मानिसले यत्न-अनुसार ढीलो चाँडो रत्नको मोल प्रकट गर्छ (ठमाउँछ) । वारंवार नामनिरूपणरूप यत्न गर्ने मानिसले यत्नअनुसार ढीलो चाँडो प्रभुलाई प्रकट गर्छ (ठमाउँछ) । नाम रत्न हो, ईश्वर त्यसको मोल हो, त्यस रत्नको खूब अभ्यास गऱ्योभने मोल ठमाइन्छ) ॥ ७ ॥ ८ ॥

दोहा—निरगुन तें येहि भाँति बड़ नामप्रभाउ अपार ।
कहउँ नामु बड़ राम तें निज बिचार अनुसार ॥२९॥

यस प्रकारले नामको प्रभाव निर्गुण ब्रह्मभन्दा पनि अपार छ र आफ्नू विचार-अनुसार म 'रामभन्दा रामको नाम ठूलो छ' भन्दछु ॥ २९ ॥

चौ०—राम भगतहित नरतनु धारी ❀ सहि संकट किये साधु सुखारी ॥१॥
नामु सप्रेम जपत अनयासा ❀ भगत होहिं मुद मंगल बासा ।२॥

रघुनाथजीले भक्तजनका हितका निमित्त मनुष्यशरीर धारण गरेर अनेक कष्ट सहीकन साधु सज्जनहरूलाई सुखी गराइबक्सनुभयो, (भक्तका निमित्त रामले पनि कष्ट सहन पऱ्यो, भक्तले पनि उहाँका सेवाका निमित्त केही कष्ट सहनुपऱ्यो) ॥ १ ॥

प्रेमका साथ केवल नाम जप्ता जप्तै भक्तजनहरू विनाप्रयास (मिहिनेत नगरीकन) आनन्द र मङ्गलको निवास (बस्ने ठाउँ) हुन्छन् (नामलाई पनि केही कष्ट छैन, नामजप गर्नेलाई पनि विनाकष्ट आनन्दमङ्गल प्राप्ति हुन्छ ! धन्य ! हरिनाम !) ॥ २ ॥

राम एक तापसतिय तारी ❀ नाम कोटि खल कुमति सुधारी ॥३॥
रिषिहित राम सुकेतुसुता की ❀ सहित सेन सुत कीन्हि बिबाकी ॥४॥
सहित दोष दुख दास दुरासा ❀ दलइ नामु जिमि रबि निसि नासा ॥५॥

रघुनाथजीले एउटी तपस्वीकी स्त्री (अहल्या) लाई तार्नुभयो, वहाँका नामले करोड़ौं दुर्बुद्धि दुष्टजनलाई सपाऱ्यो (धन्य ! नाम !) ॥ ३ ॥ रघुनाथजीले ऋषिहरूको हितका निमित्त सुकेतुपुत्री (ताडका) र उसका छोरा सुबाहु मारीचलाई सेनासमेत विमाख (निःशेष) पार्नुभयो (मार्नुभयो) । वहाँका नामले सूर्यले रात्रिको नाश गरे झैं भक्तजनका अनेक दोषले युक्त भएकी दुराशा (संसार तृष्णा) को नाश गर्दछ (धन्य ! नाम !) ॥४॥५॥

भंजेउ राम आपु भवचापू ❀ भवभय भंजन नामप्रतापू ॥६॥
दंडक बनु प्रभु कीन्ह सुहावन ❀ जनमन अमित नाम किये पावन ॥७॥
निसिचर निकर दले रघुनंदन ❀ नामु सकल कलिकलुष निकंदन ॥८॥

रघुनाथजीले आफ्ना बाहुलीले भवचाप (शिवधनु) को भञ्जन (तोडाइ) गर्नुभयो, वहाँका नामको सिर्फ प्रतापले भवभय (संसारभय) को भंजन (भंग) गर्छ (धन्य ! नाम !) ॥ ६ ॥ रघुनाथजीले खास आफैं दण्डकारण्यलाई शोभित पार्नुभयो, वहाँका नामले बेगिन्ती (असंख्य) मानिसका मनलाई पवित्र गराएको छ (धन्य ! नाम !) ॥ ७ ॥ रघुनाथजीले राक्षसहरूको दल (पल्टन) लाई दलित (नष्ट) पार्नुभयो, वहाँका नामले संपूर्ण कलिकल्मषलाई ध्वस्त पार्दछ (धन्य ! नाम !) ॥ ८ ॥

दोहा—सबरी गीध सुसेवकनि सुगति दीन्हि रघुनाथ ।
नाम उधारे अमित खल बेदबिदित गुनगाथ ॥३०॥

रघुनाथजीले शबरी, गिद्ध (जटायु) र सद्भक्त भएका कसै कसैलाई सद्गति बक्सनुभयो, वहाँका नामले असंख्य दुर्जनहरूको उद्धार गर्‍यो । त्यो नामका गुणको गाथा (कथा) वेदमा प्रख्यात छ (धन्य ! नाम !) ॥ ३० ॥

चौ०-राम सुकंठ बिभीषन दोऊ ❀ राखे शरन जान सबु कोऊ ॥१॥
नाम गरीब अनेक नेवाजे ❀ लोक बेद बर बिदित बिराजे ॥२॥

रघुनाथजीले सुग्रीव र विभीषण दुई जनालाई शरण लिइबक्सियो, यो कुरा सब जान्दछन् ॥ १ ॥ वहाँका नामले गरीब (दयापात्र) भएका धेरै जना (पिंगल गणिका अजामिलहरू) लाई अनुगृहीत गर्‍यो । त्यो नामको उत्तम विरुदावलि (प्रशस्ति) दुनियाँमा र वेदमा समेत बखानिएको छ (धन्य ! नाम !) ॥ २ ॥

राम भालु कपि कटकु बटोरा ❀ सेतु हेतु श्रमु कीन्ह न थोरा ॥३॥
नामु लेत भव सिंधु सुखाहीं ❀ करहु बिचारु सुजन मन माहीं ॥४॥

रघुनाथजीले सिन्धु (समुद्र)मा सेतु (पुल) बनाउनाका निमित्त भालू र वानरको समूह बटुल्नुभयो, खूब परिश्रम गर्नुभयो । वहाँको नाम लिंदा लिंदै भवसिंधु (संसारसागर) सुक्तछ । सज्जनहो ! यो कुरा आफ्नै मनमा विचार गर्नुहवस् (अनि पछि राम ठूला कि ? वहाँको नाम ठूलो ? यो प्रश्नको जवाफ आफै पाउनुहुनेछ) ॥ ३ ॥ ४ ॥

राम सकुल रन रावनु मारा ❀ सीय सहित निज पुर पगु धारा ॥५॥
राजा रामु अवध रजधानी ❀ गावत गुन सुर मुनि बर बानी ॥६॥
सेवक सुमिरत नामु सप्रीती ❀ बिनु श्रम प्रबल मोहदलु जीती ॥७॥
फिरत सनेहँ मगन सुख अपनें ❀ नामप्रसाद सोच नहि सपनें ॥८॥

रघुनाथजीले युद्धमा पुत्र-पौत्र-प्रभृति-समेत रावणलाई मार्नुभयो, सीताजीलाई साथ लिई आफ्ना नगरीमा पाउ राख्नुभयो, वहाँ अयोध्या राजधानीमा राजा हुनुभयो, त्यस

808

अयोध्याका गुणलाई देवता-मुनिहरू उत्तम वाणीले गाउँछन् (रामको चरित्र मोटा-मोटी यत्ति न हो, अब नामको चरित्रपट्टि दृष्टि दिऊँ) ॥ ५ ॥ ६ ॥

भक्त प्रेमका साथ नाम संझन्छ र विनापरिश्रम रावणभन्दा पनि बलिया बलिया महामोह (अज्ञान) का दलका दल (बथानका बथान) जितेर प्रेमका साथ मग्न परेर आफ्ना सुखमा फिर्दछ (अर्थात यो संसार रावणको लंका जस्तो महामोहको राजधानी हो, यहाँको राजा (मोह) ले त्रैलोक्य पिटेको छ, भक्तले रामजस्तो नामलाई साथ लिन्छ र त्यसका मदतले त्यो प्रचंड महामोहलाई परिवारसमेत (मोहका सन्तान रागद्वेष काम-क्रोध प्रभृति-सहित) ध्वस्त पार्दछ र सीताजस्ती–खुशीका साथ रहेको नामलाई नछाडेर दुश्मन महामोहको राजधानी यो संसारलाई छाडेर आत्मानन्दस्वरूप भएको खास आफ्ना मुलुकमा फिर्दछ (ब्रह्मस्वरूप हुन्छ)। त्यसको त्यो दीर्घप्रवास (लामो मुसाफिरी) खतम हुन्छ)। नामका मद्दतले त्यहाँ पुगेपछि त्यो भक्तलाई शोक-सुर्ता सपनामा पनि पर्दैन ॥ ७ ॥ ८ ॥

दोहा—ब्रह्म राम तें नामु बड़ बरदायक बरदानि ।
रामचरित सत कोटि महँ लिए महेस जियँ जानि ॥३१॥

"निर्गुण ब्रह्म र सगुणराम ब्रह्मभन्दा (नाम) ठूलो छ, यो नाम वरदायक (ब्रह्मादि देवतालाई वर दिने (महाप्रभावशाली) हो"। यो कुरा शंकरले हृदयमा जानेर सयकरोड़ श्लोकले बनेको रामचरित्रमध्येको दुई अक्षर "राम" यत्ति लिनुभयो ॥ ३१ ॥ (क)

चौ०—नामप्रसाद संभु अबिनासी ❀ साजु अमंगल मंगलरासी ॥१॥
सुक सनकादि सिद्ध मुनि जोगी ❀ नामप्रसाद ब्रह्मसुख भोगी ॥२॥
नारद जानेउ नामप्रतापू ❀ जग प्रिय हरि हरि हर प्रिय आपू ॥३॥

यही नामजपका प्रभावले शंकरजी अविनाशी (अजर अमर) हुनुभएको हो, वहाँको साजबाज (आफूलाई सिंगार्ने मुण्डमाला जहरिला सर्प, श्मशानको खरानी इत्यादि

(क) अघि वाल्मीकि मुनिले ब्रह्माजीका आज्ञानुसार शतकोटिप्रमाण भएको (सयकरोड अनुष्टुप् छन्दका श्लोक जति) रामायण बनाएर त्यो सुनाउन शिवलोक (कैलाश) जानुभयो। त्यो खबर पाएर स्वर्ग-मर्त्य-पातालका देव-मनुष्य-नागहरू रामायण सुन्न कैलाश पुगे, शंकरजीका संमुखमा वाल्मीकिले रामायण बाँच्न लाग्नुभयो, शंकरलगायत सबैले प्रेमसाथ रामायणकथा सुने। कथासमाप्ति भएपछि देवताप्रभृतिले यो कथाको केही हिस्सा हामीलाई पनि बक्से आफ्ना आफ्ना लोकमा प्रचार गर्नेथियौं, भनी शंकरजीमा बिन्ति चढाउँदा वहाँले त्यो रामायणको बराबर ३ भाग लाउनुभयो र एक भाग (तेत्तीस कोटि तेत्तीसलाख तेत्तीसहजार तीनसय, तेत्तीस श्लोक र १० अक्षर) इन्द्रलाई स्वर्गमा प्रचार गर्न बक्सनुभयो, एक भाग उत्ति शेषजीलाई पातालतिर प्रचार गर्न बक्सनुभयो, बाँकी रहेको १ भाग उत्ति मर्त्यलोकमा प्रचार गर्न ऋषिमुनिहरूको जिम्मा दिनुभयो। यसरी ३ भाग बराबर लाउँदा १००००००००० प्रमाण भएका रामायणका दुई अक्षर शेष रहन गए। ती दुई अक्षरको ३ भाग गर्न नहुने हुनाले सबैको चित्त बुझाउनाका निमित्त "बाँड्न हुनेसम्म मैले बाँडे, अब दुई-अक्षर बाँकी छन्, यसको बण्डा गरेर ३ भाग गर्न हुँदैन, यत्ति म लिन्छु यति भए मलाई पुग्छ, तिमीहरू जाओ" भनी देव-मनुष्य-नागहरूलाई बिदा बक्सनुभयो। ती दुई अक्षरलाई वहाँले हमेशा हृदयमा राख्नुभयो, ती दुई अक्षर "राम" यिनै हुन् ॥

बीज) असंगलै अमंगल छन्, तापनि त्यही नामजपका प्रभावले वहाँ "मङ्गलराशि" (कल्याण-समूहरूप) भई "शिव" नामले प्रख्यात हुनुहुन्छ, वहाँको स्मरण कीर्तनादिले संसार कल्याण पाउँछ (धन्य ! नाम !) ॥ १ ॥ (क)

शुकदेव–सनक-सनन्दन-सनातन-सनत्कुमार-इत्यादि साधु-मुनि-योगीहरूले यही नामका प्रसादले ब्रह्मानन्द भोग्न पाए (धन्य ! नाम !) ॥ २ ॥

नारदजीले हरिनामको प्रताप जान्नुभएको छ, किनभने, हरि र हर यी दुई जगत्का प्रिय हुनुहुन्छ, यी दुईको अभेद (एकता) छ, उभयात्मक भगवान् विष्णुका पनि नारदजी प्रिय हुनुहुन्छ. (जगत्प्रियको प्रिय हुन पाउनु साधारण कुरा हो र ?) यसमा कारण नामजपै हो (धन्य नाम !) ॥ ३ ॥ (ख)

नामु जपत प्रभु कीन्ह प्रसादू ❀ भगतसिरोमनि भे प्रहलादू ॥४॥
ध्रुव सगलानि जपेउ हरिनाऊँ ❀ पायेउ अचल अनूपम ठाऊँ ॥५॥

यही नाम जप्ता प्रभुले अनुग्रह गर्नुभयो र प्रह्लादजी भक्तशिरोमणि हुन गए ॥ ४ ॥(ग) ग्लानि (मनोविघात) ले पीडित भएका ध्रुवजीले हरिनाम जपेर अचल अनुपम स्थान पाए ॥ ५ ॥

(क) हे वरदायक ! शंकर ! यद्यपि हजूरको निवास र विहार अमङ्गल श्मशान छ, हे कन्दर्पनाशन ! हजूरका सहचर (साथी) पिशाच प्रमथ-प्रभृति-अमङ्गल प्राणी छन्, हजूरको विलेपन चिताको अमङ्गल खरानी छ, हजूरको माला अमङ्गल छ, एवंरीत्या हजूरको स्वभावै अमङ्गलप्रायः देखिन्छ, देखियोस्, त्यसले केही हर्जा छैन, फगत स्मरण मात्र गर्ने प्राणीलाई हजूर परम–मङ्गल-स्वरूप होइबक्सिन्छ, (हजूरको परमगूढ़ प्रभाव हामीले नजाने पनि यति कुरा ता हामीले पक्का जानेका छौं) भनी पुष्पदन्तले शंकरजीको परममङ्गलदायकताको प्रशंसा गरेको छ,

"श्मशानेष्वाक्रीडा स्मरहर ! पिशाचाः सहचरा-
श्चिताभस्मालेपः स्रगपि नृकरोटीपरिकरः ।
अमङ्गल्यं शीलं भवतु तव नामैवमखिलं
तथापि स्मर्तॄणां वरद परमं मङ्गलमसि" ॥ [शिवमहिम्नस्तोत्र]

(ख) केवल नामकीर्तनका प्रभावले दासीपुत्रबाट ब्रह्मपुत्र हुन गएर देवर्षिमुख्य भएका नारदजीले नामको प्रभाव खूब जानेका छन्, साक्षात् कृष्ण भगवान्ले अर्जुनलाई आफ्ना विभूतिको दिक्प्रदर्शन गराउँदा "देवर्षीणां च नारदः" भनेर नारदमुनिलाई आफ्नै विभूति (अंश) मान्नुभएको छ ।

(ग) विष्णुको द्रोह गर्ने हिरण्यकशिपुनामक दैत्यराज अजर-अमर हुने खायश गरेर ब्रह्माको तपस्या गर्न गएको थियो । त्यो मौका पारेर अघि पिटिएका देवताहरूले दैत्यगणका उपर हमला गरे, हिरण्यकशिपुकी रानी कयाधु गर्भिणी थिइन्, इन्द्रले तिनको गर्भमा रहेका बालकको घात गर्नाका निमित्त निर्दयताका साथ तिनलाई घसिट्न लागे । दैवयोगले नारदमुनि आएर इन्द्रलाई संझाई बुझाई कयाधुलाई आफ्ना आश्रममा सुरक्षित राखेर वैष्णव धर्मको उपदेश दिंदै तिनलाई धैर्य दिन्थे । गर्भमा रहेका बालकले त्यो उपदेश सबै सुन्दथ्यो । सत्संगका प्रभावले त्यो बालकलाई गर्भैमा हरिभजनमा प्रेम बस्यो । धन्य ! सत्संग, बालक जन्म्यो, त्यसको नाम प्रह्लाद रह्यो । हिरण्यकशिपुले वर पाएर फर्केपछि त्रैलोक्यमा उधूम मचाउन लाग्यो । त्यो विष्णु भगवान्को घोर विरोधी थियो । ५ वर्षका उमेरमा प्रह्लादको विद्यारम्भ भयो तापनि गर्भसंस्कारका प्रभावले ती हरिनामकै कीर्तनमा आसक्त भएर पढाइपट्टि विमुख हुन लागे ।

सुमिरि पवनसुत पावन नामू ❀ अपने बस करि राखे रामू ॥६॥
अपरु अजामिलु गजु गनिकाऊ ❀ भये मुकुत हरिनाम प्रभाऊ ॥७॥
कहउँ कहाँ लगि नामबड़ाई ❀ रामु न सकहिं नामगुन गाई ॥८॥

पवनसुत (वायुपुत्र हनुमान्‌जी) ले यही पवित्र नामको स्मरण गरेर प्रभु रघुनाथजीलाई वश गरिराख्नुभएको छ ॥ ६ ॥ (क)

अपन (भ्रष्ट पतित) भएका अजामिल[१], गजेन्द्र[२], पिंगला[३] वेश्या यी ३ पनि हरिनाम-जपका प्रभावले मुक्त भए (मुक्ति पाउने भए) ॥ ७ ॥

नामको महत्त्वलाई मन्दगति म कति भनौं,–खास रामचन्द्र पनि नामको गुण सबै गाउन सक्नुहुन्छ ॥ ८ ॥ (ख)

अध्यापकहरू लाचार भए, हिरण्यकशिपुले तिनको त्यो प्रकृति छुटाउन हरतरहको उपाय गऱ्यो, केही सीप लागेन । आखिरमा मार्दछु भनेर तयार भयो तापनि दृढचित्त भएका प्रह्लादको प्राकृतिक भक्तिको प्रवाह नै बढ्यो, मरणको भयमा पनि उनले आफ्ना हरिलाई नै सर्वव्यापक र शरण्य संझी निर्भय रहे । भगवान् विष्णुले आफ्नो सर्वव्यापकता र भक्तवत्सलता प्रकट गर्न नृसिंहरूपले खंबाबाट उत्पन्न भएर लोक-कण्टक हिरण्यकशिपुलाई मारेर भक्त प्रह्लादको रक्षा गर्नुभयो । नामकीर्तनको यस्तो प्रभाव छ ।

ध्रुवले ५ वर्षको उमेरमा सौतेनी आमाको दुर्वचनले दुःखित भएर नारदका उपदेशको अनुसार हरिनामको जप गरे, ६ महीनामा तिनका त्यो तपस्याले भक्तवत्सल भगवान् प्रकट हुनुभयो र तिनलाई संपूर्ण ग्रह-नक्षत्रहरूको आधारस्वरूप ध्रुवपद बक्सनुभयो । ३६ हजार वर्ष साम्राज्य गरेर ती ध्रुवपदमा पुगे, नामकीर्तनको प्रभाव यस्तो छ ॥

(क) पवननन्दन महावीर हनुमान्‌जी प्रसन्न हुनुभयोभने साक्षात् रामचन्द्र पनि प्रसन्न हुनुहुन्छ । हनुमान्‌जी प्रसन्न हुँदा रामको दर्शन पाएको वृत्तान्त तुलसीदासजीहरूका जीवनचरित्रमा देखिन्छ ।

(१) अजामिल नाम भएको यौटा पतित ब्राह्मणले रोगग्रस्त भएको अवस्थामा यमदूत देख्यो र डरले आफ्नु छोराको नाउँ काढेर "नारायण" भन्यो, तुरन्तै भगवान् विष्णुका दूतहरू आइपुगेर हरिनामकीर्तनको प्रभाव वर्णन गरी यमदूतलाई हटाइदिए । त्यो नामकीर्तनमहिमा सुनेपछि अजामिल सप्र्यो, बाँचुञ्ज्याल हरिकीर्तन गऱ्यो र आखिरमा त्यसले मुक्ति पायो ।

(२) ग्राहले ग्रास गरेका वेलामा दैवयोगले हरिनामकीर्तनको महिमा संझेर गजेन्द्रले नामकीर्तन गर्दा त्यो आपत्तिबाट बचेर मुक्ति पाएका छन् ।

(३) पिंगला नाउँ भएकी एउटी वेश्याले नाठा ढुक्दा ढुक्दै आधारात भएपछि विरक्त भएर हरिभजनले अब जिन्दगी बिताउँछु भन्ने नियम लिई वेश्यावृत्ति छाडी । त्यसले पनि नामकीर्तनका प्रभावले मुक्ति पाई ।

(ख) "नामकीर्तनको महत्त्व रामले पनि गाउन सक्नुहुन्न" भनेपछि रामको ईश्वरत्वमा (कर्तुं अकर्तुं समर्थ भन्ने कुरामा) असंगति पऱ्यो (ईश्वरले किन नसक्ने ? भन्ने शंका लाग्यो) भनेर शंका गर्नु हुँदैन । ईश्वरको नियम ईश्वरले तोड्नु हुँदैन, नामकीर्तनका गुणलाई ईश्वरले अनन्त बनाउनुभएको छ, त्यो-अनन्तगुणको आफैले कसरी अन्त लिने ? ? "खरायोको सीङ ईश्वर पनि जान्दैन, त्यो सीङ ईश्वरले पनि पाउँदैन" यो नियम ईश्वरीय हो, त्यो नजान्दा त्यो नपाउँदा ईश्वरको सर्वज्ञता र प्रभुता नष्ट हुन्छ र ? "न हि शशविषाणाज्ञानं तदप्राप्तिर्वा शक्तिवैभवं विहन्ती'। भनेर यस कुराको समाधान श्रीमद्भागवतको वेदस्तुतिको व्याख्यानमा श्रीधरस्वामीले गर्नुभएको छ ।

दोहा—नामु राम को कलपतरु कलि कल्याननिवासु ।
जो सुमिरत भयो भाँग तें, तुलसी तुलसीदासु ॥३२॥

कलियुगमा कल्याणको घरजस्तो रामनामरूपी कल्पवृक्ष छ, जसलाई संझदा भाङ-स्वरूपभएको (गाँजा-भाङ जस्तो अधम तामसी) तुलसीदास पनि तुलसी ("नमस्तुलसि ! कल्याणि ! गोविन्दचरणप्रिये !" भनेर दुनियाँले मान्नुपर्ने भगवान्‌की प्यारी तुलसी) भएको छ ॥ ३२ ॥

चौ०—चहुँ जुग तीनि काल तिहुँ लोका ❀ भये नाम जपि जीव बिसोका ॥१॥
बेद पुरान संत मत एहू ❀ सकल सुकृत फल रामसनेहू ॥२॥

सत्य-त्रेता-द्वापर-कलि यी ४ युग, भूत-वर्तमान-भविष्यत् यी ३ काल, स्वर्ग-मर्त्य-पाताल यी तीन लोकमा नाम जपेर जीवहरू विशोक (शोकरहित = मुक्त) भए ॥ १ ॥ वेद-पुराण-ऋषि मुनि-सिद्धि महात्माहरूको मत "रामजीमा स्नेह नै सबै पुण्य कर्मको फल हो" यस्तो छ ॥२॥

ध्यानु प्रथम जुग मखबिधि दूजें ❀ द्वापर परितोषत प्रभु पूजें ॥३॥
कलि केवल मलमूल मलीना ❀ पाप पयोनिधि जनमन मीना ॥४॥
नाम कामतरु काल कराला ❀ सुमिरत समन सकल जगजाला ॥५॥
राम नाम कलि अभिमतदाता ❀ हित परलोक लोक पितु माता ॥६॥
नहि कलि करम न भगति बिबेकू ❀ राम नाम अवलंबन एकू ॥७॥
कालनेमि कलि कपटनिधानू ❀ नाम सुमति समरथ हनुमानू ॥८॥

प्रथमयुग (सत्ययुग) मा ध्यान हितकारी छ, द्वितीय युग (त्रेता) मा मखविधि (यज्ञयाग गर्नु) हितकारी छ, द्वापर युगका पूजनले हरि प्रसन्न हुनुहुन्छ (त्यही हितकारी छ) ॥ ३ ॥ (क)

कलियुग फगत पापको मूलकारण मैलो छ, त्यो मानिसका मानरूपी माछाले युक्त भएको पापको समुद्र हो ॥ ४ ॥ त्यो कराल (भयानक) कलिकालमा हरिनाम कल्पवृक्ष हो, त्यसको स्मरणले सबै जंजाल (संसारको टंटा) शान्त (नष्ट) हुन्छ ॥ ५ ॥

कलिमा अभिमत (इष्ट फल) दिने रामनामै छ, त्यो परलोकमा हित गर्ने र जीव-मात्रको हितकारी हुनाले माता-पिता-स्वरूप छ ॥ ६ ॥ कलियुगमा यज्ञयागादि पुण्यकर्म—भक्ति-विवेक केही यथार्थ हुन सक्तैन,—फगत यै एउटा रामनामको अवलम्बन (आश्रयण)

(क) कृते यद् ध्यायतो विष्णुं त्रेतायां यजतो मखैः ।
द्वापरे परिचर्यायां कलौ तत् हरिकीर्तनात् ॥५१॥
कलेर्दोषनिधे राजन् अस्ति ह्येको महान् गुणः ।
कीर्तनादेव कृष्णस्य मुक्तसङ्गः परं व्रजेत् ॥५२॥

श्रीमद्भागवत द्वादश स्कन्धः अ० ३

हुन सक्तछ ॥७॥ नाना प्रकारका कपटको निधान (खानि) स्वरूप भएको कलियुग कालिनेमि दैत्य हो,—(त्यसलाई मार्नाका निमित्त) हरिनामै बुद्धिमान् र समर्थ भएको हनुमान् हो ॥ ८ ॥

दोहा—राम नाम नरकेसरी कनककसिपु कलिकाल ।
जापक जन प्रहलाद जिमि पालिहि दलि सुरसाल ॥३३॥

रामनाम नृसिंहभगवान् हो, कलिकाल हिरण्यकशिपु दैत्य हो, रामनाम जप्ने भक्त प्रह्लाद हो, रामनामरूप नृसिंह कलिकालरूपी हिरण्यकशिपु दुष्ट दैत्यलाई मारेर भक्तरूपी प्रह्लादको रक्षा गर्नुहुन्छ ॥ ३३ ॥

चौ०-भायँ कुभायँ अनख आलसहूँ ❀ नामजपत मंगल दिसि दसहूँ ॥१॥
सुमिरि सो नाम रामगुन गाथा ❀ करौं नाइ रघुनाथहि माथा ॥२॥

भाव (भक्ति) ले अथवा अभाव (अभक्ति ले, अथवा ईर्ष्याले, अथवा आलस्यले जेले भए पनि रामनाम जप्ना दशै दिशामा (जतासुकै पनि) मंगलै मंगल (कल्याणै कल्याण) हुन्छ, ॥ १ ॥ (क) ॥ त्यही रामनाम संझेर रघुनाथजीका पाउमा शिर राखी (वन्दना गरी) वहाँका गुणको गाथा (कविता) गर्दछु ॥ २ ॥

मोरि सुधारिहि सो सब भाँती ❀ जासु कृपाँ नहि कृपा अघाँती ॥३॥
राम सुस्वामि कुसेवकु मो सो ❀ निज दिसि देखि दयानिधि पोसो ॥४॥
लोकहुँ बेद सुसाहिब रीती ❀ बिनय सुनत पहिचानत प्रीती ॥५॥
गनी गरीब ग्राम नर नागर ❀ पंडित मूढ मलिन उजागर ॥६॥
सुकबि कुकबि निज मति अनुहारी ❀ नृपहि सराहत सब नरनारी ॥७॥

(क) भक्तिले राम ! राम ! भनेको प्रसिद्धै छ । भित्र भक्ति नभए पनि मुखमात्रले कोही कोही राम ! राम भन्दछन् । "त्यो पाजी मेरो जोडा लाग्न खोज्दछ, राम ! राम !" इत्यादि रूपले ईर्ष्या (रीस) चढेका वेलामा पनि राम ! राम ! भन्दछन् । आलस्यले चेत पारेका वेलामा हाई हाई गर्दै राम ! राम ! भन्दछन् । जसरी भए पनि रामनाम जप्ना सर्वैतिर कल्याणै हुन्छ ॥

सांकेत्य[1] (कसैको नाउँ राखेर व्यवहार गरिएको) पारिहास्य[2] (ठट्टामा प्रयोग गरिएको) स्तोभ[3] (गानामा आलाप मिलाउन बोलिएको) हेलन[4] (कसैलाई हेलाँ गर्दा बोलिएको) हरिनामले पनि सर्वै पाप नष्ट गर्दछ ।

सांकेत्यं पारिहास्यं वा स्तोभं हेलनमेय वा ।
वैकुण्ठनामग्रहणमशेषाघहरं विदुः ॥ श्रीमद्भागवत स्कन्ध ६. श्लो.
रामेति वर्णद्वयमादरेण सदा स्मरन् मुक्तिमुपैति जन्तुः ।
कलौ युगे कल्मषदूषितानामन्यत्र धर्मे खलु नाधिकारः ॥
हरेर्नामैव नामैव नामैव मम जीवनम् ।
कलौ नास्त्येव नास्त्येव नास्त्येव गतिरन्यथा ॥

यिनको अर्थ स्पष्ट छ ।

जसको कृपा कृपा गर्न अघाउँदैन, उनै प्रभु रघुनाथजी मेरी कवितालाई हरतरहले सुधार्नुहुनेछ (असल पार्नुहुनेछ) ॥ ३ ॥ रामजस्ता परमउत्तम मालिक, मजस्तो अधमाधम चाकर, (यस्तो हुनु बेमुनासीब छ) तर आफ्नातर्फ मात्रै हेरेर (आफ्ना उच्च स्वामिभावको विचार गरेर मेरा अधमतामा दृष्टि नदिएर) दयानिधान प्रभुले मेरो पोषण (रक्षा) गर्नुभएको छ ॥ ४ ॥ "विन्तिभाउ सुन्नाका साथ प्रीतिको पहिचान गर्नु" यो कुरा लोकप्रसिद्ध र वेदविहित भएको सुस्वामिरीति (असल मालिकको चलन) हो ॥ ५ ॥ धनी-गरीब, ग्रामजन (पाखे)—नागर (सदरिया), पण्डित-मूर्ख, मलिन-उज्याला, सुकवि-कुकवि, इत्यादि सबै नर-नारीहरू आफ्ना बुद्धिअनुसार राजालाई सह्राउँछन् (स्तुति गर्छन्) ॥ ६ ॥ ७ ॥

साधु सुजान सुसील नृपाला ❀ ईस अंस भव परम कृपाला ॥८॥
सुनि सनमानहि सबहि सुबानी ❀ भनिति भगति नति गति पहिचानी ॥९॥
यह प्राकृत महिपाल सुभाऊ ❀ जानसिरोमनि कोसलराऊ ॥१०॥
रीझत राम सनेह निसोतें ❀ को जग मंद मलिन मति मो तें ॥११॥

राजाहरू परोपकारी, ज्ञानवान्, सत्स्वभाव, ईश्वरका अंशले पैदा भएका हुनाले परमदयालु, तिनको अवस्था, तिनको दर्जा, सबै चिन्हेर यथायोग्य आदर गर्दछन् ॥ ८ ॥ ९ ॥

साधारण राजाको यो स्वभाव हुन्छ,—कोशलराज (रघुनाथ) ता अनन्तकोटि ब्रह्माण्डपति र ज्ञानघन हुनाले सर्वज्ञानीशिरोमणिसमेत हुनुहुन्छ (भने मेरा भणिति-भक्ति नति-गति बुझ्नामा के कसर रहला ?) ॥ १० ॥ शुद्ध स्नेहले रामचन्द्र रिझिनुहुन्छ, तर दुनियाँमा मभन्दा मलिन बुद्धि र मन्दबुद्धि को छ ? (सर्वोपरि मलिन बुद्धि मै छु, शुद्ध स्नेह कहाँबाट ल्याऊँ र रामजीलाई रिझाऊँ ? हरे !) ॥ ११ ॥

दोहा—सठ सेवक की प्रीति रुचि रखिहहिं राम कृपालु ।
उपल किये जलजान जेहिं सचिव सुमति कपि भालु ॥३४॥

रामजी दयालु होइबक्सिन्छ, वहाँबाट स्वाँठ सेवक मेरो प्रीति र रुचि (खायस) लाई राखिबक्सिनेछ (पूर्ण गरिबक्सिनेछ)। जसले पत्थरलाई जलयान (नाउ) जस्तो पारेर समुद्रका पानीमाथि अड्यायो, जसले वानर र भालूलाई बुद्धिमान मन्त्री बनायो, (उस्ता महाप्रभुलाई मेरो प्रीति रुचि पूर्ण गर्नु कत्रो चीज हो र ?) ॥ ३४ ॥

दोहा—हौंहु कहावत सबु कहत राम सहत उपहास ।
साहिब सीतानाथ सो सेवक तुलसीदास ॥३५॥

म रामजीको दास हुँ भनेर कहलाएको छु, सबै जना रामदास भन्छन्, यो उपहास ("सीतापति भगवान् रघुनाथजस्ता मालिक,—तुलसीदास जस्तो (तुच्छ) सेवक, आहा ! क्या घटना !" यस्तो ठट्टा) लाई पनि रामजीले सहिरहनुभएको छ (धन्य ! प्रभु !) ॥ ३५ ॥

चौ०–अति बडि मोरि ढिठाई खोरी ❀ सुनि अघ नरकहुँ नाक सँकोरी ॥१॥
समुझि सहम मोहि अपडर अपने ❀ सो सुधि राम कीन्हि नहि सपने ॥२॥

"म रामजीको दास हुँ" यसो भन्नु मेरो खराब र ठूलो ढिठ्याइँ (ढिटोपना) हो। त्यो सुनेर पापी नरकले पनि घृणाका साथ नाक खुम्च्याउने छ ॥ १ ॥ यो कुरा संझँदा बुझ्दा मलाई आफैं डर लाग्दछ (मैले रामजीको दास हुँ भनें, म नालायकले त्यसो भन्न हुन्थ्यो र? अब मेरो के गति? भनेर म डराउँछु), तर प्रभु रघुनाथजीलाई सपनामा पनि त्यस कुराको ख्याल छैन ("यो अधम हो, मेरो दास किन हुन्थ्यो,", यस्तो विचार सपनामा पनि गर्नुहुन्न) ॥ २ ॥

सुनि अवलोकि सुचित चख चाही ❀ भगति भोरि मति स्वामि सराही ॥३॥
कहत नसाइ होइ हिअँ नीकी ❀ रीझत राम जानि जन जी की ॥४॥

भन्दाखेरि खराबै भए पनि हृदयमा बेश छभने रामचन्द्रजी मानिसका हृदयको कुरा जानेर खुशी हुनुहुन्छ ॥ ४ ॥ यसकारणले वेद-शास्त्र-सन्तका वचन सुनेर मैले निर्मल भएका मनरूपी नेत्रले रामचन्द्रजीका हजूरमा मेरी भक्ति करती ठहरिएकी छ भनेर हेर्दा मेरी भक्तिलाई प्रभुले मनमनमा सह्राएको देखें ॥ ३ ॥ (क)

रहति न प्रभुचित चूक किये की ❀ करत सुरति सय बार हिये की ॥५॥
जेहि अघ बधेउ ब्याध जिमि बाली ❀ फिरि सुकंठ सोइ कीन्हि कुचाली ॥६॥
सोइ करतूति बिभीषन केरी ❀ सपनेहुँ सो न राम हियँ हेरी ॥७॥
ते भरतहि भेंटत सनमाने ❀ राम सभाँ रघुबीर बखाने ॥८॥

प्रभु रघुनाथजीका चित्तमा भक्तले गरेको चूक (बिराएको) रहँदैन (वहाँले बिराएको कुरा संझनुहुन्न)। भक्तले १ पटक हृदय शुद्ध गरेर गरेको सेवालाई सयकडौंबार प्रेमका साथ संझनुहुन्छ ॥ ५ ॥ (ख)

जुन अपराधबापत वहाँले व्याधाजस्तो भएर बालीलाई मार्नुभयो, पछिबाट सुग्रीवले पनि त्यही कुचाल गरेका थिए (प्रभुले त्यसको विचार गर्नुभएन, सुग्रीवका १ फेरको सेवाले सब अपराध बिसाईदियो) ॥ ६ ॥ त्यस्तै—विभीषणले उही चाल पछिबाट गरे, रामजीले त्यो कुरा सपनामा पनि हृदयले देख्नुभएन ॥ ७ ॥ बरु

(क) शुद्ध अन्तः करण भएको मानिसले आफूलाई ईश्वरानुगृहीत (ईश्वरले अनुग्रह गरिएको) संझन्छ। मैला अन्तःकरण हुने मानिसको र उसका हृदयमा रहने अन्तर्यामीको सधैं झगड़ा रहन्छ। (त्यो अन्तर्यामीले त्यसलाई सधैं धिक्कार गर्दछ) त्यो अन्तर्यामीसंग मेल गर्न सकेदेखि, गङ्गास्नान पनि गर्नुपर्दैन, कुरुक्षेत्रको यात्रा पनि गर्नुपर्दैन (सबै पुण्यकर्म स्वतःसिद्ध हुन आउँछन्)।

यमो वैवस्वतो देवो यस्तवैष हृदि स्थितः। तेन चेदविवादस्ते मा गङ्गां मा कुरून् गमः ॥
महाभारत।

(ख) कथं चिदुपकारेण कृतेनैकेन तुष्यति। न स्मरत्यपकाराणां शतमप्यात्मवत्तया ॥
वाल्मी. रा.।

देख्नुभएन ॥ ७ ॥ भरतजीसंग भेट भएमा ती दुई जनाको खूब संमान गरेर तिनले गरेका उपकारको सभाका बीचमा बयान गर्नुभयो (धन्य ! कृतज्ञता !) ॥ ८ ॥ (क)

दोहा—प्रभु तरुतर कपि डार पर ते किये आपु समान ।
तुलसी कहूँ न राम से साहिब सीलनिधान ॥३६॥
राम निकाईं रावरी है सब ही को नीक ।
जौं यह साँची है सदा तौ नीको तुलसी क ॥३७॥
एहिं बिधि निज गुन दोष कहि सबहि बहुरि सिरु नाइ ।
बरनउँ रघुबर बिसद जसु सुनि कलिकलुष नसाइ ॥३८॥

प्रभु रघुनाथजीभने रूखमन्तिर भईंमा राज हुने,—त्यही रूखका हाँगाहाँगामा वानर नाच्ने, यस्तो अर्घेली गर्ने नासमझ वानरलाई पनि मित्र बनाएर प्रभुले आफ्नु समान पार्नुभयो म तुलसीदास भन्दछु कि—“श्रीरामजस्तो शीलनिधान (सत्स्वभावनिधि) अर्को मालिक कुनै छैन” ॥ ३६ ॥

प्रभो राम ! हजूरको यो राम्रो निकाइ (निकोपना) सबैलाई निको (हितकारी) छ यो कुरा सदासर्वदा साँचो छभने तुलसीदासको पनि निको नै (हितै) छ ॥ ३७ ॥

यसप्रकारले आफ्ना गुणदोष भनेर सबैमा फेरि शिर झुकाएर (वन्दना गरेर) जुन सुन्दा कलिकल्मषको नाश हुन्छ, त्यो निर्मल रघुपतिका यशको वर्णन गर्छु ॥ ३८ ॥

चौ०—जागबलिक जो कथा सुहाई ❀ भरद्वाज मुनिबरहि सुनाई ॥१॥
कहिहौं सोइ संबाद बखानी ❀ सुनहु सकल सज्जन सुखु मानी ॥२॥

जुन सुन्दर कथा याज्ञवल्क्यले मुनिश्रेष्ठ भरद्वाजजीलाई सुनाउनुभएको थियो, त्यही संवाद वर्णन गर्दछु, सज्जनहो ! आनन्द मानेर तपाईंहरू त्यो सबै सुन्नुहवोस् ॥ १ ॥ २ ॥

संभु कीन्ह यह चरित सुहावा ❀ बहुरि कृपा करि उमहि सुनावा ॥३॥
सोइ शिव कागभुसुंडिहि दीन्हा ❀ राम भगत अधिकारी चीन्हा ॥४॥

पहिले शंकरजीले यो सुन्दर राम चरितमानस बनाउनुभयो र कृपा गरेर पार्वतीलाई सुनाउनुभयो, पछि रामभक्त-अधिकारी (लायक) भनी चिह्नेर त्यो रामचरितमानस काकभुशुण्डीलाई दिनुभयो (सुनाउनुभयो) ॥ ३ ॥ ४ ॥ (ग)

(क) सुग्रीवले अघि “सुखसंपति परिवार बडाई । सब परिहरि करिहौं सेवकाई ॥” भनेको थियो । निष्कंटक राज्य पाएपछि त्यो कुरा बिर्सेर बालीजस्तै विषयसुखासक्त भए तापनि रामजीले त्यो कुरा मनमा लिनुभएन । विभीषणको पनि यस्तै चाल भयो ॥

(ग) **काकभुशुंडी**—रामभक्त चिरञ्जीवी काक हुन् । अलम्बुसादेवीका वाहन एउटा चन्द्र नाम भएका काग थिए । तिनले हंसी (हाँसकी पोथी) मा यिनलाई पैदा गरेको हो । चन्द्र कागका छोरा जम्मा २१ थिए सबै मरे, काकभुशुण्डी चिरञ्जीवी भए । यी अघिल्ला जन्ममा अयोध्यानिवासी शूद्र थिए ।

तेहि सन जागबलिक पुनि पावा ❀ तिन्ह पुनि भरद्वाज प्रति गावा ॥५॥
ते श्रोता बकता समसीला ❀ सबदरसी जानहिं हरिलीला ॥६॥
जानहिं तीनि काल निज ज्ञाना ❀ करतलगत आमकल समाना ॥७॥
औरौ जे हरिभगत सुजाना ❀ कहहिं सुनहिं समुझहिं बिधि नाना ॥८॥

उ कागभुशुण्डीबाट याज्ञवल्क्यले पाउनुभयो, वहाँले भरद्वाज मुनिका अगाडि रामचरितमानस गाउनुभयो ॥ ५ ॥ ती श्रोता ती वक्ता दुवैजना समानस्वभाव भएका समदर्शी भएका र हरिलीला जान्ने भएका थिए ॥ ६ ॥ तिनीहरू आफ्ना ज्ञानले भूत-भविष्यत्-वर्तमान तीनै कालको वृत्तान्तलाई हत्केलामा रहेको अमलाको फल जस्तै छर्लङ्ग देख्तथे ॥ ७ ॥ (यस्तो परम्पराले आएको रामचरितमानसलाई) अरू अरू ज्ञानवान् हरिभक्तहरू नाना तरहले भन्दैछन् सुन्दैछन् बुझ्दैछन् ॥ ८ ॥

दोहा—मैं पुनि निज गुर सन सुनी कथा सो सूकरखेत ।
समुझी नहिं तसि बालपन तब अति रहेउँ अचेत ॥३९॥
श्रोता बकता ज्ञाननिधि, कथा राम कै गूढ़ ।
किमि समुझौं मैं जीव जड कलिमल ग्रसित बिमूढ़ ॥४०॥

मैले ता त्यो कथा सूकरक्षेत्रमा आफ्ना गुरुबाट सुनें, तर केटाकेटी हुनाले उस्तो बुझिन, किनभने, त्यस वेलामा म साह्है नै अजान थिएँ ॥ ३९ ॥ (त्यस वेलामा) अरू श्रोता र वक्ता गुरु पनि ज्ञाननिधि (ज्ञानपूर्ण) थिए, रामजीको कथा गूढ छ, कलिकल्मषले ग्रास गरेको मूढमति जडजीव (म) कसरी बुझौं ? ॥ ४० ॥

चौ०—तदपि कही गुर बारहि बारा ❀ समुझि परी कछु मति अनुसारा ॥१॥
भाषाबद्ध करबि मैं सोई ❀ मोरे मन प्रबोध जेहि होई ॥२॥

तैपनि गुरुले वारंवार त्यो कथा भन्नुभयो र बुद्धिअनुसार केही बुझियो ॥ १ ॥ मेरा मनमा जो ज्ञान छ तदनुसार म त्यो कथालाई भाषा कवितामा बद्ध गर्दछु ॥ २ ॥

जस कछु बुधि बिबेक बल मेरे ❀ तस कहिहौं हियँ हरि कें प्रेरें ॥३॥
निज संदेह मोह भ्रम हरनी ❀ करौं कथा भवसरिता तरनी ॥४॥

मेरो बुद्धि र विवेकको जो कुछ बल छ, तदनुसार हृदयमा राज भएका प्रभुका प्रेरणाले भन्नेछु ॥ ३ ॥ आफ्नो सन्देह-अज्ञान-भ्रान्तिलाई हर्ने, संसाररूप नदीको नाउ जस्तो कथा निरूपण गर्छु ॥ ४ ॥ (क)

शंकरको पूजा गर्न लागेको वेलामा आएका गुरुको यिनले यथोचित आदर गरेनन् र शंकरले शाप दिनुभयो। ती सर्प भए, शंकरैका करुणाले तृतीय जन्ममा ती ऐलेका काकभुशुंडी रामजीको उपासना गर्ने ब्राह्मण भई जन्मे, त्यो जन्ममा पनि कारणवश तिनले लोमशऋषिको शाप पाएर चतुर्थ जन्ममा काग भएर जन्मनुपर्‍यो। यी कागभुशुंडी रामजीका परमभक्त र शंकरप्रभृति देवताका परमप्रिय थिए।

(क) अघि अघि संसारलाई समुद्र भन्ने महात्मा तुलसीदास अब नदी भन्न लागे, रामकथा-

बुध बिश्राम सकल जन रंजनि ❀ रामकथा कलिकलुष बिभंजनि ॥५॥
रामकथा कलि पन्नग भरनी ❀ पुनि बिबेक पावक कहुँ अरनी ॥६॥
रामकथा कलि कामद गाई ❀ सुजन सजीवनि मूरि सुहाई ॥७॥
सोइ वसुधातल सुधातरंगिनी ❀ भय भंजनि भ्रम भेक भुअंगिनी ॥८॥

यो रामकथा समझदार मानिसको विश्रामस्थान (आराम लिने ठाउँ) हो । यो रामकथा कलिकल्मषको भङ्ग (तोडाइ) गर्ने चीज हो । यो रामकथा कलिरूपी सर्पका निमित्त भरणी[1] हो । यो रामकथा विवेकरूपी अग्नि उत्पन्न गर्नाका निमित्त अरणि (यज्ञयागादिमा अग्नि उत्पन्न गराउने काष्ठयन्त्र) हो ॥ ५ ॥ ६ ॥

यो रामकथा कलियुगमा कामधेनु गाई हो । यो रामकथा सज्जनहरूको संजीवनी औषधिको सुन्दर जरो हो । सो यो रामकथा पृथिवीतलको अमृतनदी हो । यो रामकथा भयको भंग गर्ने भएर पनि भ्रान्तिरूप भ्यागुताका निमित्त सर्पिणी हो ॥ ७ ॥ ८ ॥

असुरसेन सम नरक निकंदिनि ❀ साधु बिबुध कुलहित गिरिनंदिनि ॥९॥
सन्तसमाज पयोधि रमा सी ❀ बिस्वभार भर अचल छमा सी ॥१०॥
जमगन मुह मसि जग जमुनासी ❀ जीवन मुकुति हेतु जनु कासी ॥११॥

यो रामकथा दैत्यका सेनाजस्ता नाना प्रकारका भयानक नरकसमूहलाई नाश गर्ने र सज्जनसमूहरूपी देवगणलाई हित गर्ने हुनाले भगवती—दुर्गास्वरूपिणी हो ॥ ९ ॥

यो रामकथा सज्जनसमाजरूपी समुद्रबाट निस्केकी भगवती लक्ष्मीजस्ती छ, यो रामकथा स्थिर भएर संसारको बोझा थाम्ने हुनाले पृथ्वी जस्ती छ ॥ १० ॥

यो रामकथा संसारमा पापहरण गर्न यमुना नदी-जस्ती भएर यमदूतको मुख कालो पार्न मसीस्वरूप छ । यो रामकथा जीवहरूको मुक्तिका निमित्त मानौं काशी (वाराणसी पुरी) छ ॥ ११ ॥

नुरागका प्रभावले संसारलाई हेर्दै आए ।

तुलसीदासजीले आफ्ना सन्देह-अज्ञान-भ्रम निवारण गर्न परिश्रमका साथ बनाएको यो ग्रन्थ सबै भक्तजनको सन्देह-अज्ञान-भ्रम निवारण गर्ने भयो । ठीक हो, भगीरथ राजाले आफ्ना पुर्खालाई तार्न ल्याएकी गङ्गाजीका जलले तमाम दुनियाँ तर्पण गरेर आफ्ना-आफ्ना पुर्खालाई तादछ ।

"गङ्गाजलैर्भुवि भगीरथयत्नलब्धैः किं ? तर्पणं न विदधाति नरः पितृणाम्"

(१) "सर्पको विष झार्ने मन्त्रलाई "भरणी" भन्दछन्" भनी कसैले भनेका छन् । "कलिरूपी सर्पका हकमा रामकथा "भरणी" (मयूरी) हो ।" (मुजुरकी पोथीले सर्प खाए झैं रामकथाले कलिलाई खाइदिन्छे) भनी कसैले लेखेका छन् ।

"भरणी नाम भएको पक्षी फिस्टा जस्तो सानो काँढै काँढाको पखेटा भएको र महाधूर्त हुन्छ । सर्पका अगाडि त्यो पक्षी गुट्मुटिएर रहन्छ, सर्पले त्यसलाई क्याप्प खान्छ (ग्रास गर्दछ), त्यो पक्षी सर्पका पेटमा पुग्दछ र पखेटा फैलाएर सर्पलाई पेटदेखि टाउकासम्म तीखा काँढाजस्ता पखेटाले चिर्दै बाहिर निस्कन्छ सर्प ठहरै मर्दछ । रामकथारूपी भरणी पक्षी पनि कलिरूपी सर्पका पेटभित्र पुगेर त्यसलाई मारिदिन्छ" भनी श्रद्धेय कुनै महात्माले व्याख्यान गरेको छ ।

रामहि प्रिय पावनि तुलसी सी ❀ तुलसिदास हित हिय हुलसी सी ॥१२॥
सिवप्रिय मेकल सैल सुता सी ❀ सकल सिद्धि सुख संपति रासी ॥१३॥
सद्गुन सुरगन अंब अदिति सी ❀ रघुबरभगति प्रेम परमिति सी ॥१४॥

यो रामकथा तुलसीजस्तै पवित्र र रामजीकी प्यारी छ। यो रामकथा तुलसीदासको हार्दिक हित गर्नलाई हुलसी (मेरी आमा) जस्ती छ ॥ १२ ॥

यो रामकथा संपूर्ण सिद्धि दिने संपत्तिकी राशिस्वरूप भएकी र शिवजीकी प्यारी भएकी हुनाले मेकलपर्वतपुत्री (नर्मदा नदी) जस्ती छ ॥ १३ ॥

यो रामकथा सद्गुणरूपी देवगणकी अम्बा (माता = उत्पत्तिकारिणी) हुनाले अदिति (देवमाता) जस्ती छ। यो रामकथा रघुनाथजीको भक्ति र प्रेमकी सीमा (हद) जस्ती छ ॥ १४ ॥

दोहा—रामकथा मंदाकिनी चित्रकूट चित चारु।
तुलसी सुभग सनेह बन सिय रघुबीर बिहारु ॥४१॥

तुलसीदासजी भन्दछन् कि—रामकथा मन्दाकिनी नदी हो, निर्मल-चित्त चित्रकूट पर्वत हो, सुन्दर प्रेम सीतारामको बिहार गर्ने वन हो, (मन्दाकिनी नदीले सुशोभित भएका चित्रकूट पर्वतका वनमा अघि सीतारामले विहार गरेको हो, त्यो स्थान सीतारामलाई मनपरेको छ। अब हामी चित्तरूपी चित्रकूटलाई रामकथारूपी मन्दाकिनी नदीले सुशोभित पारौं र चित्तरूप चित्रकूटमा शुद्ध स्नेह रूप वन जमाऔं। त्यति भएपछि त्यहाँ विहार गर्नालाई सीता राम अवश्य आउनुहुनेछ, हामी दर्शन पाउनेछौं) ॥ ४१ ॥

चौ०—रामचरित चिंतामनि चारू ❀ संत सुमति तिअ सुभग सिंगारू ॥१॥
जगमंगल गुनग्राम राम के ❀ दानि मुकुति धन धरम धाम के ॥२॥

रामचरित्र सुन्दर चिन्तामणि (चिताएको कुरा पूर्ण गर्ने दिव्य रत्न) हो, त्यो सन्तहरूकी मतिरूपी स्त्रीको सुन्दर श्रृंगार हो ॥ १ ॥ रामका गुणका समूह जगत्मा मंगलमय र मुक्ति-धन-धर्म–धाम (सद्गति) का दानी (दाता) छन् ॥ १ ॥ २ ॥

सदगुर ज्ञान बिराग जोग के ❀ बिबुधबैद भव भीम रोग के ॥३॥
जननि जनक सिअ राम प्रेम के ❀ बीज सकल ब्रत धरम नेम के ॥४॥
समन पाप संताप सोक के ❀ प्रिय पालक परलोक लोक के ॥५॥
सचिव सुभट भूपति बिचार के ❀ कुंभज लोभ उदधि अपार के ॥६॥

रामचरित्र ज्ञान-वैराग्य-योग यी ३ कुराको सद्गुरु (उपदेशदाता) हो, संसाररूपी भयानक रोगको देववैद्य (अश्विनीकुमार) हो ॥ ३ ॥ सीतारामविषयक प्रेमको रामचरित्र बाबु-आमा हो। संपूर्ण व्रत-धर्म-नियमको रामचरित्र बीज (कारण) हो ॥ ४ ॥ रामचरित्र पाप–सन्तान–शोक यी ३ चीजको शमन (शान्तिकर्ता) हो । रामचरित्र यो लोक र परलोकको प्रियपालक (प्यारो रक्षक) हो ॥ ५ ॥ रामचरित्र विचाररूपी

राजाको हिफाजतका निमित्त बहादुर मन्त्री हो। अपार भएको लोभरूपी समुद्रलाई ग्रास गर्नाका निमित्त रामचरित्र अगस्त्यमुनि स्वरूप हो ॥ ६ ॥

काम कोह कलिमल करिगन के ❀ केहरिसावक जन मन बन के ॥७॥
अतिथि पूज्य प्रियतम पुरारि के ❀ कामद घन दारिद दवाँरि के ॥८॥
मन्त्र महामनि बिषय ब्याल के ❀ मेटत कठिन कुअंक भाल के ॥९॥

रामचरित काम-क्रोध कलिमलरूपी हात्तीका बथानको ध्वंस पार्नालाई सज्जनका मनरूपी वनमा रहने सिंहको बच्चा हो ॥ ७ ॥ रामचरित्र पुरारि (भगवान् शंकर) को पूजनीय प्यारो अतिथि (पाहुना) हो। रामचरित्र दारिद्र्यरूपी डढेलाको यथेच्छ वृष्टि गर्ने मेघ हो ॥ ८ ॥ रामचरित्र विषयरूपी सर्पको विष उतार्नाका निमित्त गरुडमन्त्र र गारुडमणि हो। रामचरित्र विधाताले दुनियाँका ललाटमा लेखेका कर्मरेखाका खराब अङ्क मेट्तछ ॥ ९ ॥

हरन मोह तम दिनकर कर से ❀ सेवक सालि पाल जलधर से ॥१०॥
अभिमतदानि देवतरूबर से ❀ सेवत सुलभ सुखद हरि हर से ॥११॥
सुकबि सरद नभ मन उडगन से ❀ रामभगत जन जीवन धन से ॥१२॥
सकल सुकृति फल भूरि भोग से ❀ जग हित निरूपधि साधु लोग से ॥१३॥
सेवक मन मानस मराल से ❀ पावन गंग तरंग माल से ॥१४॥

यो रामचरित्र मोहरूपी अन्धकार हर्नलाई सूर्यको किरणजस्तो, भक्तरूपी शालिधानको रक्षाका निमित्त मेघजस्तो छ ॥ १० ॥ यो रामचरित्र इष्ट फल दिनामा कल्पवृक्ष जस्तो, सेवा गर्नेलाई सुलभ भईकन सुख दिनामा हरिहरजस्तो छ ॥ ११ ॥ यो रामचरित्र सत्कविहरूको मनरूपी शरत्कालीन आकाशमा तारागणजस्तो, रामभक्त भएका जनमा जीवन र धनजस्तो छ ॥ १२ ॥ यो रामचरित्र संपूर्ण पुण्यका फलको धेरै भोगजस्तो, छल कपटविना लोकहित गर्नामा साधु सज्जनजस्तो छ ॥ १३ ॥ यो रामचरित्र भक्तका मनरूपी सरोवरमा हंसजस्तो, पवित्र गर्नामा गंगाजीको तरंगमालाजस्तो छ ॥ १४ ॥

दोहा—कुपथ कुतरक कुचालि कलि कपट दंभ पाषंड।
दहन राम गुनग्राम जिमि इंधन अनल प्रचंड ॥४२॥
रामचरित राकेसकर सरिस सुखद सब काहु।
सज्जन कुमुद चकोर चित हित बिसेषि बड़ लाहु ॥४३॥

श्रीरामजीका गुणको समूह कुमार्ग, कुतर्क, कुचाल, कलि (झगडा तगडा), कपट, दंभ (कपटपूर्ण धर्माचरण), पाखंड (वेदविरुद्ध आचार) यी रूपी दाउरालाई भस्म गर्न प्रचंड अग्निस्वरूप छ ॥ ४२ ॥ रामचरित्र पूर्णिमाका चन्द्रका किरणजस्तो सबैलाई आह्लाद गर्ने छ, तर सज्जनरूपी कुमुद (चन्द्रकमल) र सज्जनै रूपी चकोर (च्याखुरा) को चित्तलाई विशेष (ज्यादा) हितकारी र ठूलो लाभस्वरूप छ ॥ ४३ ॥

भूमिका

चौ०–कीन्हि प्रस्न जेहिं भाँति भवानी ❀ जेहि बिधि संकर कहा बखानी ॥१॥
सो सब हेतु कहब मैं गाई ❀ कथा प्रबंध बिचित्र बनाई ॥२॥
जेहिं यह कथा सुनी नहि होई ❀ जनि आचरजु करै सुनि सोई ॥३॥
कथा अलौकिक सुनहिं जे ज्ञानी ❀ नहिं आचरजु करहिं अस जानी ॥४॥

जुन प्रकारले भवानी (पार्वती) ले प्रश्न गर्नुभयो, जुन प्रकारले शंकरजीले विस्तारपूर्वक बताउनुभयो त्यो सब कारण गाएर कथाको प्रबन्ध (काव्य) बनाएर म भन्दछु ॥ १ ॥ २ ॥ जसले यो कथा सुनेको नहोला, तिनीहरू यो कथा सुन्दा आश्चर्य नमानून् जो ज्ञानीहरू अलौकिक (लोकोत्तर) यो कथा सुन्लान् तिनीहरू पनि यो जानेर (अब बताइने कुरा बुझेर) आश्चर्य मान्नेछैनन् ॥ ३ ॥ ४ ॥

रामकथा कै मिति जग नाहीं ❀ असि प्रतीति तिन्ह के मन माही ॥५॥
नाना भाँति राम अवतारा ❀ रामायन सत कोटि अपारा ॥६॥
कलपभेद हरिचरित सुहाए ❀ भाँति अनेक मुनीसन्ह गाए ॥७॥
करिअ न संसय अस उर आनी ❀ सुनिअ कथा सादर रति मानी ॥८॥

"संसारमा रामकथाको सीमा छैन" यस्तो प्रतीति (पत्यार) तिनको मनमा छँदैछ ("तिनले आश्चर्य नमान्नू" यो वाक्यशेष अघिल्ला चौपाईमा जोड्नुपर्छ) ॥ ५ ॥ रामका अवतार नाना प्रकारका छन्, रामायण शतकोटि श्लोक भएको हुनाले अपार छ (जाबो सवालाख श्लोक भएको महाभारत ता ऐले अपार भइरहेछ, सयकड़ौं श्लोक भएको पूरा रामायण अपार नभए के होस् ?) ॥ ६ ॥

फेरि हरिका सुन्दर सुन्दर चरित्र कल्पभेदले अनेक प्रकारका (भिन्न २) हुन्छन् भनेर मुनीश्वरहरूले गाएका छन् ॥ ७ ॥ यो कुरा मनमा ल्याएर सन्देह नगर्नु, खुशी मानेर आदरपूर्वक रामकथा सुन्नू ॥ ८ ॥ (क)

(क) ब्रह्माजीका १ दिनलाई कल्प भन्दछन्। एक कल्पमा १४ मन्वन्तर १४ इन्द्र हुन्छन्। सत्य-त्रेता-द्वापर-कलि यी ४ युगको १ चौकड़ी हुन्छ, ७१ चौकड़ीको यौटा मन्वन्तर हुन्छ, १४ मन्वन्तरको एउटा ब्राह्मदिन हुन्छ, त्यसैलाई कल्प भन्दछन्। सत्ययुगमा मानुषवर्ष १७२८०००, त्रेतामा १२९६०००, द्वापरमा ८६४०००, कलिमा ४३२००० हुन्छन्। यस्ता ७१ चौकडीको १ मन्वन्तर र १४ मन्वन्तरको १ कल्प हुन्छ। कल्प कल्पमा भगवान्को अवतार हुन्छ, सबै अवतारमा सबै चरित्र एकै प्रकारका हुन्छन् भन्ने नियम छैन, जस्तै ऐले प्रचलित भएका वाल्मीकि प्रभृतिका रामायणमा कुंभकर्णको बध रामबाट भएको लेखिएको छ, महाराज युधिष्ठिरलाई मार्कण्डेय मुनिले सुनाएको रामायणमा कुंभकर्णको बध लक्ष्मणजीबाट भएको महाभारत वनपर्वमा लेखिएको छ, (२८७ अध्याय हेर्नू)।

यस्तै अरू अरू चरित्रमा पनि भेद देखियोभने कल्पभेदले त्यो भेद भएको संझेर रामायण प्रभृति धर्मपुस्तकमा श्रद्धा नघटाईकन हरिकथा सुन्नू। भिन्न भिन्न ग्रन्थमा भिन्न भिन्न कुरा देखेर यो नकली, यो

दोहा—राम अनंत अनंत गुन अमिति कथा बिस्तार ।
सुनि आचरजु न मानिहहिं, जिन्हके बिमल बिचार ॥४४॥

श्रीरामजी अनन्त (अन्त नपाइसक्ना) हुनुहुन्छ, वहाँका गुण पनि अनन्त छन्। वहाँका कथाको विस्तार अमिति (निःसीम = निरवधि) छ, जसको विचार निर्मल छ, त्यस्ता सज्जनहरू यो कथा सुनेर आश्चर्य मान्नेछैनन् ॥ ४४ ॥

चौ०–येहिं बिधि सब संसय करि दूरी ❀ सिर धरि गुरपद पंकज धूरी ॥१॥
पुनि सबही बिनवौं कर जोरी ❀ करत कथा जेहि लाग न खोरी ॥२॥

यस प्रकारले सब संशय दूर गरेर, गुरुका चरणकमलको धूलो शिरमा राखेर फेरि हात जोडेर सबैलाई प्रणाम गर्दछु, किनभने, यो कथाको रचना गर्दा केही खोट नलागोस् ॥ १ ॥ २ ॥

सादर सिवहिं नाइ अब माथा ❀ बरनौं बिसद रामगुन गाथा ॥३॥
संवत सोरह सै एकतीसा ❀ करौं कथा हरिपद धरि सीसा ॥४॥
नौमी भौम बार मधुमासा ❀ अवधपुरीं यह चरित प्रकासा ॥५॥

आदरका साथ शिवजीका हजूरमा शिर झुकाएर निर्मल रामायणगाथा (रामजीका गुणको रचना) वर्णन गर्दछु ॥ ३ ॥ प्रभु रघुनाथजीका पाउमा शिर राखेर संवत् सोह्रसय एकतीस (१६३१) मा यो कथाको रचना गर्दछु ॥ ४ ॥

अवधपुरी (अयोध्या) मा चैत्र महीना नवमी-तिथि, मंगलबारका दिन यो रामचरित्र प्रकाश भयो (शुरू भयो) ॥ ५ ॥ (क)

सकली भन्ने साहस जस्ता कूप-मण्डूकले गर्न हुँदैन । एक छिनका निंति एउटा ग्रन्थलाई नकली माने पनि, "त्यो नकली ग्रन्थ बनाउने विद्वान्ले सकली ग्रन्थ हेरेको पनि रहेन छ, कस्तो बेकूफ रहेछ" भन्नुपर्दछ । त्यो विद्वान्को विद्वत्तामा समालोचना गर्न हाम्रो ल्याकत पुग्छ र ? तसर्थ नकली भए पनि सकली भए पनि हरिकथाका ग्रन्थको आदर गर्नुपर्दछ, श्रद्धापूर्वक हरिकथा सुन्नुपर्दछ, श्रद्धाले हामीलाई हित गर्दछ, अश्रद्धाले हाम्रा सबै पुण्यकर्मको परिश्रमलाई भुस्याइदिन्छ,—

चरितं रघुनाथस्य शतकोटिप्रविस्तरम् ।
एकैकमक्षरं पुंसां महापातकनाशनम् ॥

यो वचनमा विश्वास राख्नुपर्दछ ॥

(क) रिक्ता तिथि क्रूरबारका दिन ग्रन्थारम्भ भएकोमा ज्योतिषीहरूको शंकानिवारणार्थ "नवमी तिथि दुर्गाको इष्टदिन हो । मंगलबार हनुमान्जीको इष्टबार हो । चैत्रनवमी प्रभु रघुनाथजीको जन्मदिन हो । दुर्गा र सीताको शास्त्रमा अभेद देखाएकै छ । राम-सीता-हनुमान्का भक्त भएका तुलसीदासजीले भक्तिका प्रभावले साइतको वास्ता नराखेर इष्टदिनमा कथारम्भ गरेको हो" भनी कोही कोही भन्दछन् ।

"रामजीका अनन्य भक्त भएका महात्मा तुलसीदासजीले रामजीका जन्म-दिनको मात्र अनुसन्धान गरेको पक्कै हो, अरू कुरा केवल तार्किकहरूका तर्क मात्र हुन्, बनाउन आँटेको त्यो ग्रन्थलाई त्यस दिन शनिबारै परेको भए पनि बनाउन्यै थिए" भनी कोही भन्दछन्, वास्तव उनै जानून् ।

जेहि दिन रामजनम श्रुति गावहिं ❀ तीरथ सकल तहाँ चलि आवहिं ॥६॥
असुर नाग खग नर मुनि देवा ❀ आइ करहिं रघुनायकसेवा ॥७॥
जन्म महोत्सव रचहिं सुजाना ❀ करहिं राम कल कीरति गाना ॥८॥

जुन दिन रामजीको जन्मदिन हो भनी वेदले गाएको छ, जुन दिन त्यहाँ (अयोध्यामा) संपूर्ण तीर्थ आउँदछन्, भक्त दैत्य-नाग-गरुडादि पक्षी मानिस-मुनि-देवता आएर रघुनाथजीको सेवा गर्दछन् ती समझदार भक्तहरू श्रीरामजीका जन्मदिनको ठूलो उत्सव गर्दछन् र श्रीरामजीका कीर्तिको मधुर गान गर्दछन् ॥ ६ ॥ ७ ॥ ८ ॥

दोहा—मज्जहिं सज्जनबृंद बहु पावन सरजू नीर ।
जपहिं राम धरि ध्यान उर सुंदर स्याम सरीर ॥४५॥

जुन दिन धेरै सज्जनसमूह पवित्र भएको सरयूनदीका जलमा गोता लगाउँछन् अनि सुन्दर श्यामशरीर भएका रामजीलाई ध्यानले हृदयमा राखेर वहाँको नाममन्त्र जप्तछन ॥ ४५ ॥ (त्यसै दिन)

चौ०—दरस परस मज्जन अरु पाना ❀ हरै पाप कह बेद पुराना ॥१॥
नदी पुनीत अमित महिमा अति ❀ कहि न सकै सारदा बिमल मति ॥२॥

सरयूनदी दर्शन-स्पर्शन-स्नान-पानले सबै पाप हर्ने, अपार महिमा भएकी परम-पवित्र हुन् भनी वेदपुराणले भनेको छ, तिनको महिमा निर्मल बुद्धिस्वरूपिणी (सरस्वतीले पनि वर्णन गर्न सकिदैन ॥ १ ॥ २ ॥

रामधामदा पुरी सुहावनी ❀ लोक समस्त बिदित अति पावनी ॥३॥
चारि खानि जग जीव अपारा ❀ अवध तजै तनु नहिं संसारा ॥४॥
सब बिधि पुरी मनोहर जानी ❀ सकल सिद्धि प्रद मंगलखानी ॥५॥
बिमल कथा कर कीन्ह अरंभा ❀ सुनत नसाहिं काम मद दंभा ॥६॥

त्यो सुन्दर अयोध्यानगरी सब संसारमा प्रख्यात भएकी अति पवित्र र रामधाम (रामलोक = वैकुंठ) दिने हो ॥ ३ ॥ जगत्का स्वेदज[1]-अण्डज[2]-उद्भिज[3]-जरायुज[4] यी प्रकारका अनन्त जीव अवध (अयोध्या) मा देहत्याग गर्नाले मुक्त हुन्छन, तिनलाई फेरि संसारमा फिर्नुपर्दैन ॥ ४ ॥ (क) ॥ यसै नगरीलाई सब तरहबाट मनोहर, सकलसिद्धिदायिनी, मंगलकी खानि संझेर, यहीं निर्मल कथाको प्रारंभ गरेको हुँ जुन कथा सुन्नाले काम-मद (गर्व) दंभ नष्ट हुन्छन् ॥ ५ ॥ ६ ॥

---

१ जमीनका पसीना (बाफ) बाट पैदा हुने दंशमशकादि प्राणी, २ अण्ड (फूल) बाट पैदा हुने पक्षिसर्पादि प्राणी, ३ जमीनबाट उम्रने तृणगुल्मादि प्राणी, ४ जरायुज (सालनालबाट पैदा हुने) मनुष्यादि ।

(क) अयोध्यानगरी मुक्ति दिने सब नगरीमध्यमा प्रथम श्रेणीमा छ ।

[1]अयोध्या [2]मथुरा [3]माया [4]काशी [5]काञ्ची [6]अवन्तिका ।
[7]पुरीद्वारावती चैव सप्तैता मोक्षदायिकाः ॥

रामचरितमानस एहि नामा ❀ सुनत श्रवन पाइअ बिश्रामा ॥७॥
मन करि बिपय अनल बन जरई ❀ होइ सुखी जौं येहिं सर परई ॥८॥

यस कथाको नाम रामचरितमानस हो, यसलाई कानले[1] सुन्दा संसारी प्राणीले विश्राम पाउँछ (संसार यात्राको थकाइ सकिन्छ = मुक्त हुन्छ) ॥ ७ ॥ मानिसको मनरूपी हात्ती विषयरूपी[2] अग्नि (डढेलो) ले जलिरहेको छ, त्यो हात्ती यदि यो रामचरितरूपी मानस (सरोवर) मा पस्योभने सुखी हुन्छ ॥ ८ ॥

रामचरितमातस मुनि भावन ❀ बिरचेउ संभु सुहावन पावन ॥९॥
त्रिबिध दोष दुख दारिद दावन ❀ कलि कुचालि कुलि कलुष नसावन ॥१०॥

शंकरजीले मुनि महात्माहरूलाई मन पर्ने, सुन्दर, पवित्र, रामचरितमानस बनाउनुभयो ॥ ९ ॥ त्यो रामचरितमानसले ३ प्रकारका[3] दोष, दुःख, दारिद्र्यरूपी डढेलालाई र कलिका दुराचाररूपी कुल (सबै) कल्मष (पाप) लाई नष्ट पार्दछ ॥ १० ॥

रचि महेस निज मानस राखा ❀ पाइ सुसमउ सिवा सन भाषा ॥११॥
तातें रामचरितमानस बर ❀ धरेउ नाम हिअँ हेरि हरषि हर ॥१२॥
कहौं कथा सोई सुखद सुहाई ❀ सादर सुनहु सुजन मन लाई ॥१३॥

यो बनाएर शंकरजीले आफ्नै मानस (मन) मा राख्नुभयो (कसैलाई सुनाउनुभएको थिएन) पछि असल मौका पाएर पार्वतीलाई बताउनुभयो ॥ ११ ॥

यसै कारण शंकरजीले मनमा विचार गरेर खुशी भई यसको "रामचरितमानस" यस्तो सुन्दर नाम राख्नुभयो ॥ १२ ॥ सुखदायक र सुन्दर त्यही कथा म भन्दछु (बताउँछु), सुजनहो ! तपाईंहरू आदरका साथ मन लाएर सुन्नुहवस् ॥ १३ ॥

दोहा–जस मानस जेहिं बिधि भयेउ जग प्रचार जेहिं हेतु ।
अब सोइ कहौं प्रसंग सब सुमिरि उमा वृषकेतु ॥४६॥

---

(१) सुनिने कुरा कानैले सुनिन्छ, "कान लाएर सुन, कान दिएर सुन" भन्दा 'श्रवणमा एकाग्रता गर" यस्तो विशेष अर्थ बुझ्नुपर्दछ ।

(२) रूप-रस-गन्ध-स्पर्श-शब्द यी ५ विषय हुन् । सबैले भोग्नुपर्ने यिनै हुन् । यिनै ५ विषयमा सारा संसार आसक्त भएको छ, यिनैको आर्जन-वर्धन-रक्षण गर्नाका पीरले सारा संसारको मन पोलिएको छ, त्यो मन मत्ता-हात्तीजस्तो दुर्दम (तहलाउनलाई मुश्किल पर्ने) र अति बलवान् छ, कदाचित् प्राचीन पुण्यका प्रभावले त्यो (मनोगज) रामचरितमानसरूपी सरोवरमा पर्न आयोभने मात्रै विषयदावानलबाट बच्तछ, नत्र त्यसको त्यो दुरवस्था कहिल्यै छुट्तैन ।

(३) कायिक (शरीरले गरेका), वाचिक (वचनले गरेका), मानसिक (मनले गरेका) यी ३ प्रकारका पापलाई त्रिदोष भन्दछन् । अथवा आध्यात्मिक (मनमा हुने शोक-मोह प्रभृति) आधिदैविक (दैवगतिले परिआउने भूकंप वज्रपात प्रभृति) अधिभौतिक (मनुष्य-सिंह-व्याघ्र-प्रभृतिबाट परिआउने झगड़ा तगडा प्रभृति) दुःखलाई पनि त्रिदोष (त्रिताप) भन्दछन् ।

अब जुन प्रकारले रामचरितमानसको जगत्मा यश भयो, जुन कारणले त्यसको जगत्मा प्रचार पनि भयो, त्यो सबै प्रसंग पार्वती र शंकरजीलाई स्मरण गरेर भन्दछु ॥ ४६ ॥

चौ०–संभुप्रसाद सुमति हिअँ हुलसी ❀ रामचरितमानस कबि तुलसी ॥१॥
करइ मनोहर मति अनुहारी ❀ सुजन सुचित सुनि लेहुँ सुधारी ॥२॥

शंकरजीका अनुग्रहले हृदयमा सद्बुद्धिको उल्लास (प्रफुल्लता) हुनआयो र तुलसीदास रामचरितमानसनामक काव्यका कवि (रचयिता) भई बुद्धिअनुसार सुन्दर रचना गर्दछ। सज्जनहो ! सुचित्त भएर राम्रो गरी धारणा गरेर सुनिलिनुहवोस ॥ १ ॥ २ ॥

रामचरितमानसलाई मानस (सरोवर) भन्नाको कारण

सुमति भूमि थल हृदय अगाधू ❀ वेद पुरान उदधि घन साधू ॥३॥
बरषहिं राम सुजस बर बारी ❀ मधुर मनोहर मंगलकारी ॥४॥

असल बुद्धि भूमितल (जमीन) हो, हृदय अगाधता (गंभीरता) हो। वेद-पुराण समुद्र हुन। साधु (ऋषि-मुनि-सन्तहरू) मेघ हुन्, यिनीहरू मीठो-मनोहर-माङ्गलिक भएको रामकीर्तनरूपी उत्तम जल वर्षाउँछन्, (अर्थात् जसरी मेघहरू समुद्रको जल लिएर असल जमीनमा रहेको गहिरो मानस सरोवरमा वर्षाउँछन्, त्यसै गरी साधुहरू वेद-पुराणको सारस्वरूप भएको रामकीर्तिलाई, गंभीर भएको असल जमीनमा (सद्बुद्धिमा) रहने भक्तजन्को मानस (चित) मा वर्षाउँछन्, अरूबाट त्यो कुरा त्यसरी त्यहाँ वर्षन सक्तैन) ॥ ३ ॥ ४ ॥

लीला सगुन जो कहहिं बखानी ❀ सोइ स्वछता करै मलहानी ॥५॥
प्रेम भगति जो बरनि न जाई ❀ सोइ मधुरता सुसीतलताई ॥६॥

प्रभुका सगुण अवस्था जो जो लीला बखान गरेर (प्रशंसापूर्वक फैलाएर) भन्दछन्, त्यो (सगुणलीलावर्णन) त्यसको (रामयशरूपी जलको) स्वच्छता हो, त्यसले सबै मल (पाप) को हानि (नाश) गर्दछ। बयान गर्न नसकिने जो प्रेमभक्ति छ, त्यही त्यसको (रामयशरूपी जलको) मीठोपना र शीतलपना हो ॥ ५ ॥ ६ ॥

सो जल सुकृत सालि हित होई ❀ रामभगत जन जीवन सोई ॥७॥
मेधा महि गत सो जल पावन ❀ सकिलि श्रवन मग चलेउ सुहावन ॥८॥

त्यो (रामकीर्तिरूपी) जल पुण्यरूपी धानलाई हित हुन्छ (पुण्यरूपी धान रामकीर्ति श्रवणरूपी असल पानी पायोभने सप्रन्छ) त्यो जल रामभक्तहरूको जीवन (प्राण राख्ने वस्तु) हो, त्यो असल जल वर्षंदा सबैका कानको बाटो गरेर बुद्धिरूपी पृथ्वीमा पुग्दछ, त्यो जल अति पवित्र छ ॥ ७ ॥ ८ ॥

भरेउ सुमानस सुथल थिराना ❀ सुखद सीतरुचि चारु चिराना ॥९॥

अनि त्यो जल बुद्धिरूपी पृथ्वीमा रहेको मानस (चित्त सरोवर) मा भरिन्छ र स्थिर हुन्छ। प्रेम (रूचि) रूपी शीतकालमा पुरानो हुनगएको त्यो जल सुखदायी हुन्छ (मनमा रहेको रामचरित्र प्रेमभक्ति आएको वेलामा झन् असल मीठो लाग्ने हुन्छ) ॥ ९ ॥

दोहा–सुठि सुंदर संवाद बर बिरचे बुद्धि बिचारि ।
तेइ एहिं पावन सुभग सर घाट मनोहर चारि ॥४७॥

बुद्धिका विचारले, खूब सुन्दर जो ४ संवाद छन् तिनै चार संवाद यो रामचरितरूपी मानस-सरोवरका सुन्दर ४ घाट हुन् ॥ ४७ ॥ (क)

चौ०–सप्त प्रबंध सुभग सोपाना ❀ ज्ञान नयन निरखत मन माना ॥१॥
रघुपतिमहिमा अगुन अबाधा ❀ बरनब सोइ बर बारि अगाधा ॥२॥

त्यो सरोवरमा ७ कांडरूपी ७ सिंढी बनेका छन् ती सिंढीलाई ज्ञाननेत्रले हेर्दा मन प्रसन्न हुन्छ । गुणातीत भएको (सत्त्व-रज-तमदेखि फरक रहेको) र निर्बाध (निरुपद्रव) भएको रघुपतिको महिमा उही (साधु मेघले वर्षाएको) अगाध उत्तम जल हो, त्यसको वर्णन गर्छु ॥ १ ॥ २ ॥

राम सीअ जस सलिल सुधा सम ❀ उपमा बीचिविलास मनोरम ॥३॥
पुरइनि सघन चारु चौपाई ❀ जुगुति मंजु मनि सीप सुहाई ॥४॥

यो सरोवरमा राम र सीताजीको यशरूप जल अमृतसमान छ, राम्रा राम्रा उपमाहरू त्यो यशसरोवरका सुन्दर सुन्दर तरंगका विलास (शोभाविशेष) हुन् । सुन्दर चौपाई त्यसका बाक्ला २ पुरइन (कमलका बोटका लहरा (हुन्), त्यसमा युक्ति (कवित्व चातुर्य) रूपी सुन्दर मौक्तिक मणि (मोती) का सिपी शोभायमान छन् ॥ ३ ॥ ४ ॥

छंद सोरठा सुंदर दोहा ❀ सोइ बहुरंग कमलकुल सोहा ॥५॥
अरथ अनूप सुभाव सुभासा ❀ सोइ पराग मकरंद सुवासा ॥६॥

(क) मानससरोवरमा वर्हने ४ घाट छन्, यसमा याज्ञवल्क्य–भरद्वाज संवाद, शंकर-पार्वती संवाद, काकभुशुंडी-गरुडसंवाद, तुलसीदास–साधुजनसंवाद यी ४ घाट छन् ।

(१) सरोवरमा सुन्दर तरंगशोभा रहन्छ, ती तरङ्ग नाना प्रकारका चमत्कारी देखिन्छन् । यसमा उपमालंकार ठूलो (मुख्य) तरङ्ग हो, त्यसका अरू २ भेद (रूपक सन्देह इत्यादि) तरङ्ग विलास हुन् ।

सुन्दर सादृश्यवर्णनलाई "उपमा" भन्दछन् ! यसमा उपमान-उपमेय-वाचक-शब्द-साधारण-धर्म यी ४ रहेभने पूर्णोपमा कहिन्छ । चारमध्येको कुनै छैनभने लुप्तोपमा हुन्छ । जस्तै "चन्द्र झैं सुन्दर मुख" यहाँ चन्द्र उपमान हो, मुख उपमेय हो, झैं वाचक शब्द हो, सुन्दर साधारण (दुवैमा रहने) धर्म हो र यहाँ पूर्णोपमा भयो । "चन्द्रजस्तो मुख" यहाँ सुन्दर यो धर्म राखेको छैन । यो लुप्तोपमा भयो । यसैमा भनाइ बेग्ला बेग्लै गरेमा बेग्लै बेग्लै अलंकार हुन्छन्, जस्तै "मुख चन्द्र हो" यहाँ झैं झिक्दा उही उपमालंकार रूपक भनेर कहिन्छ । सादृश्य छँदैछ । "मुख हो कि ? चन्द्र हो ?" यहाँ उही सादृश्य हुनाले "संदेह" अलंकार पऱ्यो । इत्यादि कुरा साहित्यका लक्षणग्रन्थमा लेखिएका छन् ।

यसमा जो सोरठा दोहा प्रभृति सुन्दर छन्द छन्, तिनै अनेक रंग भएका कमलका जात जात शोभित छन्॥ ५॥ यसमा जो अनुपम (बेजोड़) भएका अर्थ भाव भणिति छन् तिनीहरू नै क्रमैले पराग-मकरन्द-सुगन्ध हुन्॥ ६॥ (क)

सुकृतपुंज मंजुल अलिमाला ❀ ज्ञान बिराग बिचार मराला ॥७॥
धुनि अवरेब कबित गुन जाती ❀ मीन मनोहर ते बहु भाँती ॥८॥

यसमा (रामचरित-सरोवरमा) पुण्य-पुंज नै सुन्दर भ्रमरवर्ग हो (रामचरित कीर्तन भएका ठाउँमा फूलमा भँवरा झुम्मिए झैं (बटुलिए झैं) पुण्य बटुलिन आउँछन्)। यो सरोवरमा विवेक–वैराग्य–विचार यिनै हंस छन्॥ ७॥ यसमा जो❋ ध्वनि–†अवरेवकाव्य ‡गुण + जाति छन्, तिनै अनेक प्रकारका सुन्दर माछा हुन्॥ ८॥

अरथ धरम कामादिक चारी ❀ कहब ज्ञान बिज्ञान बिचारी ॥९॥
नव रस जप तप जोग बिरागा ❀ ते सब जलचर चारु तड़ागा ॥१०॥

अर्थ (संपत्ति) धर्म–काम (विषय भोग) मोक्ष (मुक्ति) यी ४ पुरुषार्थ र

(क) वाच्य-लक्ष्य व्यङ्ग ३ प्रकारका अर्थ ती छन्दरूपी कमलका पराग (धूला) हुन्। अनेक प्रकारका भाव छन्दरूपी कमलका मकरन्द (पुष्परस) हुन्। सुभाषा (भणिति = अनौठा भनाइ) सुगन्ध (खुशबू) हो। पराग मकरन्द सुगन्ध यी ३ चीज हुनाले कमल सुशोभित भए झैं, अर्थ–भाव भणिति ३ कुरा रहँदा छन्दरूपी कमल सुशोभित हुन्छ।

(❋) मानससरोवरमा अनेक प्रकारका माछा हुन्छन्। तीमध्ये ठूला ठूला माछा जलभित्र गहिरा ठाउँमा रहन्छन्, यहाँ पनि ध्वनिकाव्य छन्, ती ठूला माछा झैं गहिरोमा डुब्ने मानिसले (व्यङ्ग्यार्थ बुझ्ने प्रौढबुद्धि भएका मानिसले) फेला पारिन्छन्। वाच्यार्थभन्दा व्यङ्ग्यार्थमा चमत्कार बढ्ता भयोभने "ध्वनि काव्य" हुन्छ ! यसको उदाहरण जस्तै—

कृपणको धन, केसर सिंहको, मणि मनोहर भीषण नागको।
स्तन सुशील कुलीन कुमारिको इ जिउँदा जिउँदै छुन सकूछ को ? ॥

(†) एउटै वस्तुलाई अनेक रूप मानेर वर्णन गरेमा "अवरेव काव्य" हुन्छ भनी हिन्दी साहित्यको तुल्सीभूषणमा लेखिएको छ, संस्कृत साहित्यमा त्यो मालारूपक हो, जस्तै—

राम कथा कलि पन्नग भरणी, रामकथा कलि विटप कुठारी ॥

यहाँ रामकथालाई भरणी (पक्षिविशेष) र कुठारी (बञ्चरो) रूप मानेर वर्णन गरेको छ।

यस्तो अवरेव काव्य सर्पजस्तो अनेक किसिमले हिंड्ने वाममाछातुल्य भई यो सरोवरमा रहेको छ।

(‡) कसैले २४, कसैले १०, कसैले ३ काव्यगुण मानेका छन्। ३ गुण मान्नेले १० गुणलाई ३ गुणका पेटभित्र हाल्छ (१० गुणको अन्तर्भाव गर्छ)। १० गुण मान्नेले २४ गुणलाई १० गुणका पेटभित्र हाल्छ (१० गुणमा २४ गुणको अन्तर्भाव गर्छ)। यस प्रकारले सजातीयलाई कुक्षिगत गराउने यी काव्यगुण विचार गर्दा माछै हुन्। ती साना ठूला भएर यो सरोवरमा रहेका छन्।

(+) जस्ताको तस्तो गरेर यथास्थित वर्णन गर्नालाई "जाति" भन्दछन्। त्यस्ता जातिकाव्य यो सरोवरमा प्रशस्त छन्, ती जातिकाव्य बथानका बथान भएर हिंड्ने साना २ माछा हुन्।

ज्ञान, विज्ञान (शिल्प-शास्त्रबोध) विचार, ९ प्रकारका रस[1] जप, तप, योग, वैराग्य यी सब कुरा त्यस सरोवरका सानातिना नाना प्रकारका जीवजन्तु हुन् ॥ ९ ॥ १० ॥

सुकृती साधु नाम गुन गाना ❀ ते बिचित्र जलबिहग समाना ॥११॥
संतसभा चहुँ दिसि अँबराई ❀ श्रद्धा रितु बसंत सम गाई ॥१२॥

यसमा—पुण्यात्माहरूका र सन्तहरूका जो नाम-गुणगान छन्, ती विचित्र विचित्र जलपक्षी हुन् ॥ यसका चारैतर्फ जो सज्जनसमाज रहेको छ त्यो आम्रवाटी (आँपको बगैंचा) हो ॥ यसमा जो श्रद्धा छ त्यो वसन्त ऋतु भनेर कहिएको छ ॥ ११ ॥ १२ ॥

भगति निरूपन बिबिध बिधाना ❀ छमा दया दम लता बिताना ॥१३॥
सम जम नियम फूल फल ज्ञाना ❀ हरिपद रति रस बेद बखाना ॥१४॥
औरौ कथा अनेक प्रसंगा ❀ तेइ सुक पिक बहु बरन बिहंगा ॥१५॥

यसमा जो अनेक प्रकारका भक्तिका निरूपण र क्षमा (सहिष्णुता) दया (कृपा) दम (इन्द्रिय निग्रह) वर्णित भएर रहेका छन्, ती सब लतावितान (लताका झाङ) हुन्। यसमा संयम[2]-नियमरूपी[3] फूल र ज्ञानरूपी फल, हरिचरणानुरागरूपी रस छ भनी वेदले भनेको छ। अनेक प्रसंगमा अरू-अरूका जो जो कथा रहेका छन् ती सब सुगा कोइली आदि रंगविरंग-का पक्षी हुन् ॥ १३ ॥ १४ ॥ १५ ॥

दोहा—पुलक बाटिका बाग बन सुख सुबिहंग बिहारु ।
माली सुमन सनेह जल सींचत लोचन चारु ॥४८॥

यो रामचरित्र सुन्दा जो रोमाञ्च हुन्छ त्यो बागबघैंचा हो। यो सुन्दा जो आनन्द हुन्छ, त्यो पक्षीहरूको खेल हो। श्रद्धारूपी वसंतऋतुले रमाइलो पारेको त्यो रोमाञ्चरूपी बघैंचा-को माली शुद्ध मन हो, त्यसले आँखारूपी हजारा (जलसेचन गर्ने छिद्र धेरै भएको भाँडो) द्वारा प्रेमरूपी जलको सेचन गर्दछ ॥ ४८ ॥

चौ०—जे गावहिं यह चरित सँभारे ❀ तेइ येहि ताल चतुर रखवारे ॥१॥
सदा सुनहिं सादर नर नारी ❀ तेइ सुरबर मानस अधिकारी ॥२॥

सम्झालेर (यथाभावी नगरेर) यो चरित्र जो जो गाउँछन्, तिनै सिपालु गवैयाहरू यो रामचरित्रमानसका रखवारा (रखवाली गर्ने) हुन् ॥ १ ॥

जुन जुन नरनारी आदरसाथ यसलाई सुन्दछन् ती देवता हुन् (मनुष्य होइनन्)। तिनीहरू मानससरोवरमा रहनलाई अधिकारी छन् (देवताबाहेकले मानससरोवरमा सधैं बस्न पाउँदैन) ॥ २॥

---

(१) श्रृङ्गार—वीर—करुण—अद्भुत—हास्य—भयानक—वीभत्स—रौद्र—शान्त ९ रस छन्।

(२) धारणा—ध्यान-समाधि यी ३ लाई संयम भन्दछन्। "त्रयमेकत्र संयमः" योगसूत्र।

(६) शौच—सन्तोष—तपः—स्वाध्याय—ईश्वरचिन्तन यी ५ नियम कहिन्छन् "शौचसंतोष तपःस्वाध्यायेश्वरप्रणिधानानि नियमः" योगसूत्र।

अति खल जे बिषयी बग कागा ❀ एहिं सर निकट न जाहिं अभागा ॥३॥
संबुक भेक सेवार समाना ❀ इहाँ न विषय कथा रस नाना ॥४॥
तेहि कारन आवत हिअँ हारे ❀ कामी काक बलाक बिचारे ॥५॥

जस्तै मानससरोवरमा बकुल्ला र काग जाँदैनन्, त्यस्तै यो रामचरितमानसका नगीचमा (रामायणकथा हुन लागेमा) अति दुष्ट भएका विषयका विषयलंपट मानिस अभागी हुनाले आउँदैनन्। (किनभने) यसमा नाना प्रकारका रसिला विषयका कुरारूपी घोघी (क्षुद्रशंख) भ्यागुता, सिवाली (काई) केही छैन। (काग बकुल्लाहरू घोघी भ्यागुता कीरा फट्यांग्रा भएका ठाउँमा जान्छन्, यहाँ के खान आउँथे ?)॥ त्यसै कारणले विचारा कामीरूपी काग र बकुल्ला यहाँ आउन हिम्मत हार्दछन् (आँट्न सक्तैनन्)॥ ३ ॥ ४ ॥ ५ ॥

आवत येहिं सर अति कठिनाई ❀ रामकृपा बिनु आइ न जाई ॥६॥
कठिन कुसंग कुपंथ कराला ❀ तिन्ह के बचन बाघ हरि ब्याला ॥७॥
गृहकारज नाना जंजाला ❀ तेइ अति दुर्गम सैल बिसाला ॥८॥
वन बहु बिषम मोह मद माना ❀ नदीं कुतर्क भयंकर नाना ॥९॥

यो सरोवरमा आउन पनि मानससरोवरमा आउन जत्तिकै कठिन छ। रामजीका कृपाविना रामचरितमानसमा आउन सकिंदैन॥ (किनभने) यहाँ आउँदाखेरि डरलाग्दा कुसंग हुन आउँछन्, डरलाग्दा कुमार्ग पनि भेटिन्छन्। ती कुत्सित जन र कुमार्गगामीहरूका वचन व्याघ्रजस्ता-सिंहजस्ता-सर्पजस्ता हुन्छन् (कसरी तिनीहरूबाट बचेर त्यहाँ पुग्ने हो ?)॥ ६ ॥ ७ ॥

फेरि अनेक बखेडा भएका गृहकार्य (घरकाज) रूपी दुर्गम (चढेर पार गर्न नसकिने) ठूला ठूला पहाड छन् (कसरी त्यहाँ पुग्ने ?)। मोह (अज्ञान) मद (उद्धतपना) मान (अभिमान) यिनै रूपी भयानक ठूलो बन पनि बाटैमा छ (कसो गर्ने) भयंकर भएका (बगाएर बेपत्ता पारिदिने) अनेक प्रकारका कुतर्करूपी नदी त्यहाँ जानलाग्दा भेटिन्छन् (तिनलाई कसरी तर्नु र रामचरितमानस भेट्टाउनु ?)॥ ८ ॥ ९ ॥

दोहा–जे श्रद्धा संवल रहित नहि संतन्ह कर साथ।
तिन्ह कहुँ मानस अगम अति जिन्हहिं न प्रिय रघुनाथ ॥४९॥

जो मानिस श्रद्धारूपी सामलतोमल (बाटामा खाने वस्तु) ले रहित छ, (सामल नभएको रित्तो छ), जो मानिस सन्तजनसँग साथ लाग्दैन, जसलाई रघुनाथजी प्रिय हुनुहुन्न (रामलाई जो प्यारो गर्दैन) त्यस्ता मानिसलाई यो रामचरित-मानस-रूपी मानससरोवर अत्यन्त अगम छ॥ ४९ ॥

चौ०–जौं करि कष्ट जाइ पुनि कोई ❀ जातहिं नींद जुड़ाई होई ॥१॥
जडता जाड बिषम उर लागा ❀ गएहुँ न मज्जन पाव अभागा ॥२॥
करि न जाइ सर मज्जन पाना ❀ फिरि आवै समेत अभिमाना ॥३॥

जौं बहोरि कोउ पूछन आवा ❀ सरनिंदा करि ताहि बुझावा ।।४।।

फेरि कोही दुःख गरेर त्यो सरोवरमा पुगिहाल्योभने पनि पुग्नेबित्तिकै निद्रारूपी कामजरो आउँछ र झुल्न लाग्छ । खप्न नसकिने मूर्खतारूपी जाडाले मुटु कलेजा ढाक्तछ, अभागी त्यसले त्यहाँ गएर पनि मज्जन गर्न (डुब्न) पाएन ।। १ ।। २ ।।

त्यस सरोवरमा स्नान-पान गर्न सक्तैन, अभिमानसाथ फर्केर आउँछ (यस्ता सरोवर कति छन् कति भन्दै फर्कन्छ) । कोही सोध्न आयोभने त्यो सरोवरको निन्दा गरेर त्यसको चित्त बुझाउँछ ।। ३ ।। ४ ।।

सकल बिघ्न ब्यापहिं नहिं तेही ❀ राम सुकृपा बिलोकहिं जेही ।।५।।
सोइ सादर सर मज्जनु करई ❀ महा घोर त्रयताप न जरई ।।६।।
ते नर यह सर तजहिं न काऊ ❀ जिन्हके राम चरन भल भाऊ ।।७।।
जो नहाइँ चह एहिं सर भाई ❀ सो सतसंग करौ मन लाई ।।८।।

जसलाई रघुनाथजी कृपा गरेर हेर्नुहुन्छ (जसले रामजीको कृपाकटाक्ष पाएको छ) त्यसलाई माथि बताएका कुनै विघ्नले पनि व्याप्त गर्न (रोक्न) सक्तैन । त्यही सकस मात्र त्यो रामचरितमानसरूपी सरोवरमा स्नान गर्न सक्तछ (डुबेर रामचरित बुझ्दछ) त्यसलाई भयंकर तापत्रय (आध्यात्मिक-आधिदैविक-आधिभौतिक यी ३ प्रकारका ताप) ले जलाउन सक्तैन ।। ५ ।। ६ ।।

जसलाई रामजीका चरण असल लाग्दछन् ती मानिस यो सरोवरलाई कहिल्यै पनि छाड्दैनन् । भाइसाहेब ! यो सरोवरमा नुहाउन चाहन्छभने, मानिस मन लाएर (प्रीतिपूर्वक) सत्सङ्ग गरोस् (तिनका मद्दतले भने त्यो काम सिद्ध हुन्छ, नत्र ता अशक्य छ) ।। ७ ।। ८ ।।

अस मानस मानसचख चाही ❀ भइ कबिबुद्धि बिमल अवगाही ।।९।।
भयेउ हृदयँ आनंद उछाहू ❀ उमगेउ प्रेम प्रमोद प्रबाहू ।।१०।।

यस्तो मानसमा स्नान गर्नालाई हृदयको नेत्र चाहिन्छ, जसमा स्नान गर्नाले कविकी बुद्धि निर्मल भई ।। ९ ।। हृदयमा आनन्द उत्साह भयो, प्रेम र प्रमोद (मस्तीसमेतको हर्ष) को प्रवाह उर्लेर आयो ।। १० ।।

चली सुभग कबिता सरिता सो ❀ राम बिमल जस जल भरिता सो ।।११।।
सरजू नाम सुमंगलमूला ❀ लोक वेद मत मंजुल कूला ।।१२।।
नदी पुनीत सु मानसनंदिनी ❀ कलिमल त्रिन तरु मूल निकंदिनी ।।१३।।

मानससरोवरमा उर्लेर आएका प्रेम-प्रमोदका धाराले सुन्दर कविताको रूप लिएर बग्न थाल्यो, त्यही कवितानदीप्रवाह रामजीको निर्मल यशरूपी जलले भरिएको छ ।। ११ ।। त्यो नदी मंगलको मूलकारण, लोक र वेदमा मानिएकी र मनोहर तीर भएकी छ, त्यसको नाम सरजू हो ।। १२ ।। त्यो रामकथाकवितानदी मानससरोवरबाट निस्केकी हुनाले

मानसनन्दिनी (मानसपुत्री-सरयूनदी) नै हो, त्यो पनि उस्तै कलिमलरूपी तट (तीर) मा रहेका वृक्षको मूल (जरो) उखाड्ने हो ॥ १३ ॥ (क)

दोहा–श्रोता त्रिविध समाज पुर ग्राम नगर दुहुँ कूल ।
संतसभा अनुपम अवध सकल सुमंगलमूल ॥५०॥

तीन (३) प्रकारका श्रोताको समाज त्यस नदीका दुई किनारामा रहेका पुर[१]ग्राम[२]-नगर[३] हुन् । (ख) । संपूर्ण मंगलको मूलकारण भएको सज्जनसमाज त्यो नदीलाई साथ राख्ने अवधपुरी (अयोध्या) हो ॥ ५० ॥

चो०–रामभगति सुरसरि तहि जाई ❀ मिलि सुकीरति सरजु सुहाई ॥१॥
सानुज राम समर जसु पावन ❀ मिलेउ महानदु सोन सुहावन ॥२॥

त्यही कथारूपी सरयूनदी पछि रामभक्तिरूपी गङ्गाजी (भागीरथी) मा मिल्न जान्छिन् र तिनको ठूलो यश पाएर (क्याबात रामकथा ! तिमी रामभक्तिसँग मिल्यौ यस्तो श्लाघा पाएर) सुशोभित हुन्छिन् । फेरि त्यो कथा सरयूनदीमा लक्ष्मणसहित रामजीको पवित्र युद्धयश (लड़ाइँमा पाएको यश) रूपी शोणभद्र नद पनि मिल्न आउँछ र सुशोभित हुन्छ ॥ १ ॥ २ ॥

जुग बिच भगति देवधुनि धारा ❀ सोहति सहित सुबिरति बिचारा ॥३॥
त्रिविध ताप त्रासक तिमुहानी ❀ रामसरूप सिंधु समुहानी ॥४॥

यी २ का बीचमा रामभक्तिरूपी गंगाजीकी धारा वैराग्य र विचारका माझमा रहेकी भक्तिजस्तै शोभायमान छन् । यस्ता प्रकारले यी ३ नदीको त्रिमुहानी तयार भएर ३ प्रकारका तापलाई तर्साउने (रामकथा, रामयश, रामभक्ति मिलेपछि ३ प्रकारको ताप तर्सन्छ) त्यो श्रीरामरूपी सागरको सम्मुख हुन्छ ॥ ३ ॥ ४ ॥

मानसमूल मिली सुरसरिह ❀ सुनत सुजनमन पावन करिही ॥५॥
बिच बिच कथा बिचित्र बिभागा ❀ जनु सरि तीर तीर बनु बागा ॥६॥

यो कथारूपी सरयूनदीको मूल उत्पत्तिस्थान मानस-जस्तो पवित्र छ, अनि त्यो रामभक्ति जस्ती गङ्गामा मिलेकी छन्, त्यसो हुनाले तिनमा अद्भूत शक्ति छ र सुन्नेवित्तिकै सज्जनको मनलाई पवित्र गर्दछिन् ॥ ५ ॥

यी कथानदीका वीचमा जो जो विचित्र उपकथा भिन्न भिन्न छन्, मानौं ती त्यो नदीका तीर र तीरका बगैंचा र वन हुन् ॥ ६ ॥ (ग)

(क) सरयूनदी मानस-सरोवरबाट निस्केर अयोध्याको बाटो गरी गङ्गाजी (भागीरथी) मा मिल्दछिन् । शोणभद्र नद पनि गङ्गाजीमै मिल्दछ, २ नदी र १ नदको समागम भएपछि सरयू र शोणलाई आफूमा अन्तर्गत गराई गङ्गा एउटै स्वनामले समुद्रमा मिल्दछिन् ।

(ख) श्रोताहरू ३ थरी हुन्छन्—एउटा मुक्त, अर्को मुक्त हुन खोज्ने—मुमुक्षु, तेस्रो विषयी ।

(१) राजा रहने शहर (राजधानी) लाई पुर भन्दछन् । (२) गाउँलाई ग्राम भन्दछन् । (३) अरू शहरलाई नगर भन्दछन् ।

(ग) अर्थात् याज्ञवल्क्य र भरद्वाजको संवाद १ । पार्वतीको जन्म २ । पार्वतीको तपस्या ३ ।

उमा महेस बिवाह बराती ❀ ते जलचर अगनित बहु भाँती ॥७॥
रघुबर जनम आनंद बधाई ❀ भवर तरंग मनोहरताई ॥८॥

पार्वती र शिवजीका विवाहमा जो बराती (जन्ती) वर्णन गरिएका छन्, ती यो कथानदीका अनेक प्रकारका बेगिन्ती जलचर हुन् ॥ ७ ॥ रघुनाथजीका जन्ममा जो आनन्द र बधाई (कल्याण कामना वर्णन गरिएको छ, त्यो क्रमैले यो कथानदीको भुँवरी र तरङ्गको सुन्दरता हो ॥ ८ ॥ (ख)

दोहा—बालचरित चहुँ बंधुके बनज बिपुल बहुरंग ।
नृप रानी परिजन सुकृत मधुकर बारि बिहंग ॥५१॥

राम-लक्ष्मण-भरत-शत्रुघ्न यी ४ भाइको जो बाललीला वर्णन गरिएको छ, त्यो अनेक रंग हुने धेरै कमल हो । राजा दशरथ र कौशल्या प्रभृति रानीहरूको पुण्य जो छ, त्यो बाललीलारूपी कमलको भ्रमर हो (भ्रमरले कमलमा लुटुपुटु गरेर आनन्द पाउँछ, राजारानी को पुण्यले ४ भाइका बाललीलामा लुटुपुटु गरेको छ)। परिजन (नोकर-चाकर) को सुकृत (पुण्य) जलपक्षी हो (जलपक्षीले अलि टाढै रहेर कमलको आनन्द भोग्दछ)॥ ५१ ॥

चौ०—सीयस्वयंबर कथा सुहाई ❀ सरित सुहावनि सो छबि छाई ॥१॥
नदी नाव पटु प्रस्न अनेका ❀ केवट कुसल उतर सबिबेका ॥२॥

सीताजीको जो सुन्दर स्वयंवरकथा छ, त्यही यो रामकथानदीको राम्रो छाइरहेको (नदीलाई व्याप्त गरिरहेको) शोभा हो ॥ १ ॥ यसमा राम्रा राम्रा अनेक प्रश्न जो छन्, ती कथानदीका नाउ हुन् । विवेकपूर्ण भएका उचित जो उत्तर छन् ती कैवर्त (माझी) हुन् । (नदीमा नाउ रहन्छन् ती नाउ माझीले पार लाउँछन् र त्यसको आश्रय गर्ने पारि पुग्न पाउँछन् । यो कथानदीमा ठाउँ ठाउँमा आएका प्रश्न नाउ हुन्, तिनको आश्रय गरेर रहनेलाई ती प्रश्नको उत्तरस्वरूपी माझीले पारि पुऱ्याइदिन्छ (कथानदीको पारंगत पारिदिन्छ) ॥ २ ॥

सुनि अनुकथन परस्पर होई ❀ पथिकसमाज सोह सरि सोई ॥३॥
घोर धार भृगुनाथरिसानी ❀ घाट सुबद्ध राम बर बानी ॥४॥

कथा सुनेर परस्पर पछिबाट जो कुरा हुन्छ, त्यो कथानदीमा स्नान गर्न आएका पथिक (यात्री) हरूको शोभा हो (कथा सिद्धिएपछि श्रोताहरूमा कुराकहानी हुनलाग्छ, त्यो कुरा कहानी कथानदीमा स्नान गरिसकने यात्रीहरूको हल्लखल्ल हो) ॥ ३ ॥

महादेव र पार्वतीको विवाह ४ । महादेव र पार्वतीको संवाद ५ । स्वायम्भुव मनु र शतरूपाको कथा ६ । यी कुरा साह्रै राम्रा हुनाले कथानदीका बगैंचा हुन् । सतीको मोह १ । सतीजीको शरीरपरित्याग २ । नारदमुनिको मोह ३ । प्रतापभानुको वृत्तान्त ४ । रावणको जन्मवृत्तान्त ५ । रावणको दिग्विजय ६ । यो कुरा चित्तलाई बडै रमाइला नभएका हुनाले कथानदीका वन हुन् ।

(ख) आनन्दले चित्तलाई तानेर लान्छ र त्यो भुँवरी हो । बधाई (कल्याणकाभना) मा चित्त उर्लेर नाच्न लाग्छ र त्यो तरंगको सुन्दरपना हो ।

यसमा जो भृगुनाथजी (भृगुपति परशुराम) को रिसानी (क्रोध) छ, त्यो कथानदीको भयानक धारा (मूलप्रवाह) हो (त्यसै धाराले गर्दा सोधपूछ भलाकुसारीरूपी नाउ कता हुत्तिए कता !)

सारा जगत्मा बन्धुभाव (भ्रातृभाव) गर्ने रामचन्द्रको मधुर बोली त्यो घोर धारा भएकी कथा–नदीको घाट हो ॥ ४ ॥

सानुज राम बिवाह उछाहू ❀ सो सुभ उमग सुखद सब काहू ॥५॥
कहत सुनत हरषहिं पुलकाहीं ❀ ते सुकृती जन मुदित नहाहीं ॥६॥

यसमा जो भाइसमेत रामजीका विवाहको उत्साह (तरखर, दौडधूप, धूमधाम) छ, त्यो सबैलाई सुख दिने र राम्रो कथानदीको उमंग (उल्लास) हो ॥ ५ ॥

भन्दा सुन्दा वक्ता र श्रोताहरू जो रोमाञ्चित (रोमाञ्च भएका = शरीरमा सिरिंग काँढा उम्रेका) हुन्छन्, त्यो पुण्यात्माहरू खुशीसाथ नुहाएर रोमाञ्चित भएका हुन् (चिसो जलमा नुहाउँदा रोमाञ्च हुन्छ) ॥ ६ ॥

रामतिलक हित मंगल साजा ❀ परब जोग जनु जुरे समाजा ॥७॥
काई कुमति केकई केरी ❀ परी जासु फल बिपति घनेरी ॥८॥

यसमा रामजीको राजतिलक (राज्याभिषेक) का निमित्त जो मंगल सजाएको छ (तयार गरेको छ) त्यो पूर्व (उत्सव) को संजोग परेमा एकत्र भएको जनसमूह हो ॥ ७ ॥

यो रामकथानदीमा कैकेयीको दुष्ट बुद्धिरूपी–काई लागेको छ, त्यही, काईको फल धेरै विपत्ति (रामवनवास-दशरथमरण–सीताहरण इत्यादि) हुन् ॥ ८ ॥

दोहा–समन अमित उतपात सब भरतचरित जप जाग ।
कलि अघ खल अवगुन कथन ते जलमल बग काग ॥५२॥

यसमा उक्त विपत्तिरूप जो जो उत्पात भए ती सबैको शान्तिका निमित्त भरतजीको चरित्ररूपी जप र यज्ञ भएका छन् । (अर्थात् जप-पाठ-होम-हवनहरूले उत्पातको शान्ति गरेझैं भरतजीका निर्मल चरित्रले गर्दा रामवनवास प्रभृति उत्पातको शान्ति गरिदिएको हुनाले त्यो उत्पातले दुनियाँलाई पिर्न पाएन, वरु भरतजीका सच्चरित्ररूपी शान्तिले दुनियाँलाई पछिपरन्तुसम्म आनन्दै आनन्द भयो, धन्य शान्ति !) ॥

फेरि यसमा कलिको पाप र दुर्जनहरूका दुर्गुणको जो कथन गरेको छ, ती पाप र दुर्गुण यो रामकथानदीका जलका मयलस्वरूप बकुल्ला र काग हुन् ॥ ५२ ॥

चौ०–कीरति सरित छहुँ रितु रूरी ❀ समय सुहावनि पावनि भूरी ॥१॥
हिम हिमसैलसुता सिव ब्याहू ❀ सिसिर सुखद प्रभु जनम उछाहू ॥२॥
बरनन राम बिवाह समाजू ❀ सो मुद मंगल मय रितुराजू ॥३॥
ग्रीषम दुसह राम बन गवनू ❀ पंथकथा खर आतप पवनू ॥४॥

यी रामकीर्तिकथानदी छवैवटा ऋतुमा भरपूर रहन्छिन् (घटबढ़ छैन), जुनसकै समयमा पनि खूब राम्री र खूब पवित्र छन् ॥ (किनभने) हिमालय पर्वतकी पुत्री पार्वतीको र शिवजीको विवाह सबै जगत्‌लाई शीतल पार्ने हुनाले हेमन्तऋतु (मंसीर पूस) हो, त्यसमा पनि यो रामकीर्तिकथानदी उत्तिकै रमणीय र पूर्ण छन्। प्रभु रघुनाथजीको जन्मका उत्सवको उत्साह (तयारी) शिशिर ऋतु हो (त्यसमा ता रामकथानदी झन् ठण्डा रमणीय पूर्ण छन्) ॥ रामजीका विवाहका समाजको जो वर्णन छ, त्यो हर्ष-मङ्गल-पूर्ण भएको ऋतुराज (वसन्त) हो (त्यसमा पनि यी रामकथानदी पूर्ण छन्) ।

रामजीको वनवास दुःसह (खप्न नसकिने) ग्रीष्मऋतु हो, रामजीले हिंड्नुपरेको जंगलको कुरा कडा घाम र ग्रीष्मऋतुको हावा (लू) हो (त्यसमा पनि यो रामकीर्तिनदी उत्तिकै पूर्ण छन् घट्तिनन्) ॥ १ ॥ २ ॥ ३ ॥ ४ ॥

बरषा घोर निसाचररारी ❀ सुरकुल सालि सुमंगलकारी ॥५॥
रामराज सुख बिनय बड़ाई ❀ बिसद सुखद सोइ सरद सुहाई ॥६॥

राक्षसहरूसँग जो भयानक लड़ाइँ छ, त्यो देवताका गणरूपी शालिधानलाई कल्याण (हित) गर्ने वर्षाऋतु हो ॥ ५ ॥ रामराज्य हुँदा हुने सुख-नीति-उन्नति जो छ, त्यो सुन्दर स्वच्छ सुखदायक शरद्‌ऋतु हो ॥ ६ ॥

सतीसिरोमनि सिय गुन गाथा ❀ सोई अमल अनूपम पाथा ॥७॥
भरतसुभाउ सुसीतलताई ❀ सदा एक रस बरनि न जाई ॥८॥

सतीगणशिरोमणि सीताजीका गुणको जो वर्णन छ, त्यो कथानदीका जलको निर्मल अनुपम गुण हो ॥ ७ ॥ भरतजीको जो स्वभाव वर्णन छ, त्यो हमेशा एकनासको रहने शीतलता (ठण्डापना) हो, त्यो वर्णन गर्न सकिँदैन ॥ ८ ॥

दोहा—अवलोकनि बोलनि मिलनि प्रीति परसपर हास ।
भायप भलि चहुँ बंधु की, जल माधुरी सुबास ॥५३॥

हेराइ, बोलाइ, मिलाइ, परस्पर प्रीति, परस्परको हास्य (हँसी ठट्टा) यस प्रकारको चारै भाइको जो भ्रातृभाव (सौभ्रात्र) छ, त्यो कथानदीका जलको मीठोपना र सुगन्ध हो ॥ ५३ ॥

चौ०—आरति बिनय दीनता मोरी ❀ लघुता ललित सुबारि न थोरी ॥१॥
अदभुत सलिल सुनत गुनकारी ❀ आस पिआस मनोमल हारी ॥२॥

यसमा—मेरो दुःख नम्रता दीनता जो वर्णित छ, त्यो कथानदीका असल जलको राम्रो हल्कापना हो, त्यो दोष होइन (यो कथा-नदीका जललाई हल्का पारेर सबै सज्जनलाई पियाएर फाइदा दिलाउनाका निमित्त मैले आफ्नो हल्कापन वर्णन गरेको हो, त्यो दोष छैन) (क) ॥ १ ॥ सुन्दाखेरि गुण गर्ने यो कथानदीको जल अद्भुत छ, यो जल तृष्णारूप प्यासलाई र मनका मललाई हटाउँछ ॥ २ ॥

(क) यत्र-तत्र तुलसीदासजीले आफ्नो दुःख-दैन्य-अधमता देखाएको छ, यो कथानदीको जललाई हलुका पारेको हो, हलुका जल सबैलाई हित गर्छ (भारी जल १ फेर कसैले पियो भने बैगुन

राम सुपेमहि पोषत पानी ❀ हरत सकल कलिकलुष गलानि ॥३॥
भवश्रम सोषक तोषक तोषा ❀ समन दुरित दुख दारिद दोषा ॥४॥

यो कथानदीको जल रामप्रेम (रामजीमा लाग्ने भक्तको प्रीति) लाई पोषण गर्छ। (पुष्ट-पार्दछ) संपूर्ण कलिकल्मष र ग्लानिलाई हर्दछ ॥ ३ ॥ यो जल भवश्रमलाई (संसारमा वारंवार जन्म-जरा-मरण भोग्दा लागेको थकाइलाई) सुकाइदिन्छ (मुक्ति दिएर जन्मनु बूढो हुनु मर्नु कुरालाई हर्दछ) यो जल तोषकतोष छ (भोजन-जलपान पाउँदा मानिसहरू सन्तुष्ट हुन्छन्, त्यसो हुनाले भोजन र जलपानलाई "तोषक" भन्दछन्, यो कथानदीको जल पनि तोषक (भोजन-जल) जत्तिकै तोषक छ (भोक प्यास लागेको भए पनि भक्तिमान् सज्जनहरू यो कथानदीको जल पिउन पाएभने भोजन र अरू जलको पान गर्नाको वास्तै राख्तैनन्, खाना-पीना छाडेर पनि यसैमा लाग्दछन्) फेरि यो जल पाप, दुःख, दारिद्र्य, यी रूपी दोष (खराबी) लाई शान्त गर्दछ ॥ ४ ॥

काम कोह मद मोह नसावन ❀ बिमल बिबेक बिराग बढावन ॥५॥
सादर मज्जन पान किए तें ❀ मिटहिं पाप परिताप हिए तें ॥६॥

यो जल—काम क्रोध मद मोहलाई नष्ट गर्छ, निर्मल ज्ञान र वैराग्यलाई बढाउँछ ॥ ५ ॥ आदरसाथ यो जलको स्नान-पान गर्नाले सकल पाप र हृदयका सकल तापसमेत मेटिन्छन् ॥ ६ ॥

जिन्ह एहिं बारि न मानस धोए ❀ ते कायर कलिकाल बिगोए ॥७॥
तृषित निरषि रबिकर भव बारी ❀ फिरिहहिं मृगा जिमि जीव दुखारी ॥८॥

जसले यो जलले मनलाई पखाल्दैनन्, तिनै लाच्छीलाई कलिकालले बिगार्छ। प्यासले युक्त भएका र सूर्य-किरणको पानी (मृगतृष्णाको भ्रान्तिजन्य जल) लाई देखेर दुःखित (हतमनोरथ) भएका मृगझैं ती जीव (यस जलले मन नपखाल्ने लाच्छीहरू) यत्र तत्र भट्किरहन्छन् ॥ ७ ॥ ८ ॥ (ख)

हुन्छ र त्यो मललाई जान्ने बुझ्ने कसैले पनि स्वीकार गर्दैन) यसै कारणले तुलसीदासजीको यो कथानदी-जल आज सारा संसारमा आदरणीय भएको छ, यो जललाई विदेशीहरूले पनि आफ्ना आफ्ना भाषाका ठूला-ठूला बोतलमा भरेर सुरक्षित राखेका छन्, यो जलको जन्मभूमि भारतवर्षमा ता शहर-शहर गाउँ-गाउँ घर-घरमा रंक-राजा, धनी-गरीव, मूर्ख-विद्वान्, बाल-वृद्ध, नर-नारी, सबैले यो कथानदीका जलको आस्वादन गरेर आफ्नो जीवन कृतकृत्य गर्न पाएका छन्। यस्तो कराल कलिकालमा पनि यत्र तत्र जो रामभक्तिको उल्लास देख्न पाइन्छ, त्यो यही रामचरितमानसको प्रभाव हो ॥

(ख) बालुवै बालुवा भएका ठाउँमा दिउँसो टाढ़ाबाट हेर्दा जल टल्केजस्तो देखिन्छ, र प्यासले व्याकुल भएका मृगहरू टाढ़ाबाट दौडँदै त्यहाँ पुग्छन्, त्यहाँ पानी नपाउँदा यताउति पल्याकपुलुक हेर्दछन्, टाढ़ाको त्यतै बालुवै बालुवावाला ठाउँ देख्ता फेरि दौड़न्छन्, एवं-रीत्या दौड़दै तिनीहरू प्राणान्तिक-कष्ट पाउँछन्। रामचरितमानसका जलले मन पखाल्न नसक्ने (रामायण सुनेर मनलाई निर्मल गराउन नसक्ने) लाच्छीहरू (त्यस्तो सजिलो सुलभ उपाय छँदा छँदै मनलाई मैला राखेर आकुल व्याकुल हुँदा पनि नचेत्ने हुतिहाराहरू) मनको निर्मलताका निमित्त जताततै दौडिरहन्छन्, ती उक्त मृगजस्तै भएर दुःख पाउँछन् ॥

दोहा–मति अनुहारि सुबारि गुन गन गनि मन अन्हवाइ ।
सुमिरि भवानी संकरहि कह कबि कथा सुहाइ ॥५४॥

बुद्धिअनुसार त्यही असल जलका गुणगणमा मनलाई नुहाएर पार्वती र शंकर संझी कवि (तुलसीदास) यो सुन्दर कथाको प्रारंभ गर्दछन् ॥ ५४ ॥

अब रघुपतिपद पंकरुह हिअँ धरि पाइ प्रसाद ।
कहौं जुगल मुनिबर्ज कर मिलन सुभग संबाद ॥५५॥

अब हृदयमा रघुनाथजीका चरणकमल राखेर तिनको अनुग्रह पाईकन मुनिश्रेष्ठ दुईका निर्मल र सुन्दर संवादको वर्णन गर्दछु ॥ ५५ ॥

भरद्वाज जिमि प्रश्न किय याज्ञवल्क्य मुनि पाय ।
प्रथम मुख्य संवाद सोई कहि हौं हेतु बुझाय ॥५६॥

याज्ञवल्क्य मुनिलाई पाएर भरद्वाज मुनिले जसरी प्रश्न गर्नुभयो, पहिले कारण बुझाएर त्यही मुख्य (प्रधान) संवादको वर्णन गर्दछु ॥ ५६ ॥

इति सकलकलिकलुषविध्वंसने रामचरितमानसे प्रथमो विश्रामः ॥ १ ॥

अथ कथारम्भः ।

चौ०–भरद्वाज मुनि बसहिं प्रयागा ❀ तिन्हहिं रामपद अति अनुरागा ॥१॥
तापस सम दम दया निधाना ❀ परमारथपथ परम सुजाना ॥२॥

जसलाई श्रीरामजीका चरणमा खूब अनुराग (प्रेम) छ, त्यस्ता शम-दम-दयाका निधान (निधिखानि) स्वरूप, परमार्थपथ (परलोकमार्ग) मा खूब सिपालु, तपस्वी, भरद्वाज मुनि प्रयागमा निवास गर्नुहुन्छ ॥ १ ॥ २ ॥

माघ मकरगत रबि जब होई ❀ तीरथपतिहि आव सब कोई ॥३॥
देव दनुज किन्नर नर श्रेनी ❀ सादर मज्जहिं सकल त्रिबेनी ॥४॥

जब माघमहीनामा सूर्य मकरराशिमा रहन्छन् त्यस वेलामा सबैजना तीर्थराज (प्रयाग) आउँछन् ॥ ३ ॥ देवता-दानव-किन्नर-नर यिनका लश्करका लश्कर आएर आदरसाथ सबै गोता लाउँछन् ॥ ४ ॥

पूजहिं माधवपद जलजाता ❀ परसि अखयबटु हरषहिं गाता ॥५॥
भरद्वाज आश्रम अति पावन ❀ परम रम्य मुनिबर मन भावन ॥६॥

तिनीहरू वेनीमाधवका चरणकमलको पूजा गर्छन्, अक्षयवटको स्पर्श गरेर प्रसन्न हुन्छन् । त्यहाँ अत्यन्त पवित्र, अत्यन्त रमणीय, मुनिवरहरूलाई मन पर्ने, भरद्वाज मुनिको आश्रम छ ॥ ५ ॥ ६ ॥

तहाँ होइ मुनि रिषय समाजा ❀ जाहिं जे मज्जन तीरथराजा ॥७॥
मज्जहिं प्रात समेत उछाहा ❀ कहहिं परसपर हरि गुन गाहा ॥८॥

जो स्नान गर्ने तीर्थराज (प्रयाग) जान्छन्, ती मुनि-ऋषिहरूको त्यहाँ समाज (जमात) हुन्छ। तिनीहरू उत्साहसहित भएर प्रातःकालमा गोता लाउँछन्, परस्परमा हरिका गुणको गाथा (रचना = स्तोत्र = पाठ प्रभृति) गाउँछन् ॥ ८ ॥

दोहा—ब्रह्म निरूपन धर्मबिधि बरनहिं तत्त्वबिभाग।
कहहिं भगति भगवंत कै संजुत ज्ञान बिराग ॥५७॥

एकत्र भएका तिनीहरू ब्रह्मनिरूपण (वेदान्तविचार), धर्मविधि (श्रौतस्मार्त धर्मको विधिविधान), तत्त्व-विभाग (सांख्यशास्त्र) र भगवद्भक्ति (उपासना-कांड) लाई ज्ञान-वैराग्यसहित वर्णन गर्छन् (उक्त विषयमा परस्पर छलफल गर्छन्) ॥ ५७ ॥

चौं०—एहिं प्रकार भरि माघ नहाहीं ❀ पुनि सब निज निज आश्रम जाहीं ॥१॥
प्रति संबत अति होइ अनन्दा ❀ मकर मज्जि गवनहिं मुनिबृन्दा ॥२॥

यस्तै प्रकारले मकरको भेलाभरि स्नान गर्दछन्, अनि सबै आफ्ना-आफ्ना आश्रममा जान्छन् ॥ हरसाल (सूर्य मकरस्थ भएको वेलामा) यस्तो आनन्द हुन्छ, मकरस्नान सकेपछि मुनिवर्ग त्यहाँबाट हिंड्दछन् ॥ १ ॥ २ ॥

एक बार भरि मकर नहाए ❀ सब मुनीस आश्रमन्ह सिधाए ॥३॥
जागबलिक मुनि परम बिबेकी ❀ भरद्वाज राखे पद टेकी ॥४॥

एकफेरा (१ साल) मकरको मेलाभरि नुहाएर सबै मुनीश्वरहरू आफ्ना २ आश्रममा गए। भरद्वाजमुनिले पाउमा परेर (प्रार्थना गरेर) परम ज्ञानी याज्ञवल्क्यमुनिलाई आफ्ना आश्रममा राख्नुभयो ॥ ३ ॥ ४ ॥

सादर चरन सरोज पखारे ❀ अति पुनीत आसन बैठारे ॥५॥
करि पूजा मुनि सुजसु बखानी ❀ बोले अति पुनीत मृदु बानी ॥६॥

आदरसाथ चरणकमल धोएर अति पवित्र आसनमा बसाउनुभयो, पूजा गरेर मुनि (याज्ञवल्क्य) का यशको प्रशंसा गर्नुभयो र अति पवित्र कोमल वचन बोल्नुभयो ॥ ५ ॥ ६ ॥

नाथ! एक संसउ बड़ मोरें ❀ करगत बेदतत्त्व सबु तोरें ॥७॥
कहत सो मोहि लागत भय लाजा ❀ जो न कहौं बड होइ अकाजा ॥८॥

स्वामिन्! मलाई यौटा ठूलो सन्देह लागेको छ। सबै वेदतत्व तपाईंको हातमा छ (वेदको यथार्थ ज्ञान तपाईंलाई नै छ) भन्दाखेरि मलाई डर र लाज लाग्दछ, (मेरो परीक्षा लिन खोज्ने भन्ठान्नुहुन्छ कि? भन्ने डर, यस्तो बूढो भएर पनि यत्ति नजान्ने भन्नुहोला भन्ने लाज) नभनूँ भने ठूलो अकाज (हानि) हुन्छ ॥ ७ ॥ ८ ॥

दोहा–संत कहहिं असि नीति प्रभु, श्रुति पुरान मुनि गाव ।
होइ न बिमल बिवेक उर गुर, सन कियें दुराव ॥५८॥

प्रभु ! सन्तहरू यस्तो नीति भन्दछन्, वेद पुराणमा पनि यो कहिएको छ कि गुरुसँग अज्ञान लुकाएदेखि हृदयमा उज्ज्वल ज्ञान हुँदैन (तस्मात् नजानेको कुरा डर लाज नमानेर गुरुसँग सोध्नै पर्दछ) ॥ ५८ ॥

चौ०–अस बिचारि प्रगटौं निज मोहू ❀ हरहुँ नाथ करि जन पर छोहू ॥१॥
राम नाम कर अमित प्रभावा ❀ संत पुरान उपनिषद गावा ॥२॥

यस्तो विचार गरेर आफ्नो अज्ञान प्रकट गर्दछु, यो दासजनका उपर दया गरेर त्यो अज्ञान हरिदिनुहोस् ॥ १ ॥

रामनामको प्रभाव अमित (बेहद) छ भनेर सन्त महात्माहरूले पुराणले र उपनिषद्ले (वेदको ज्ञानकाण्डले) समेत गाएको छ ॥ २ ॥

संतत जपत संभु अबिनासी ❀ सिव भगवान ज्ञान गुन रासी ॥३॥
आकर चारि जीव जग अहहीं ❀ कासीं मरत परम पद लहहीं ॥४॥

यो रामनामलाई अविनाशी (अविकारी) शिव (मङ्गलमूर्ति) भगवान् (सर्वैश्वर्य-वाला) ज्ञानगुणराशि (ज्ञान र सबै सद्गुणका समूहरूप) भएका शंकरजी पनि सधैं जप्नुहुन्छ ॥ ३ ॥ जगत्मा चार खानिबाट पैदा भएका (जरायुज[1]-स्वेदज[2] अण्डज[3] उद्भिज्ज[4]) जति जीव छन्, ती काशीमा मर्दा मुक्तिपद पाउँछन् ॥ ४ ॥ (क)

(क) काशीमरणले मुक्त हुने कुरा वेद-शास्त्र-पुराण सबैले एकमत भई भनेको छ, अन्यत्र अधिकार पुगेकाले मात्र मुक्ति पाउँछ, काशीमा अधिकारको वास्ता रहँदैन,

शशका मशका बकाः शुकाः कलविंकाश्च वृकाः सजम्बुकाः ।
तुरगोरगवानरा नरा गिरिजे ! काशिमृताः परामृतम् ॥ [स्कन्दपु. काशी,]

अन्यत्र सद्गति पाउनामा स्थानविशेषको मरण र दुर्मरण (दुर्मृत्यु ब्याघ्रादिबाट मर्नु) बाहेकको मरण कारण छ, काशीमा जहाँ भए पनि जसरी भए पनि मरेदेखि मुक्त हुन्छ ॥

सूच्यग्रमात्रमपि नास्ति ममास्पदेऽस्मिन् स्थानं सुरेश्वरि ! मृतस्य न यत्र मुक्तिः ।
भूमौ जले वियति वाऽशुचिमध्यतो वा सर्पाग्निदस्युपविभिर्निहतस्य जन्तोः ॥

काशीमा मर्ने वेलामा खास जगद्गुरु भगवान् शंकरले तारकोपदेश गर्नुहुन्छ, अरूले देख्ता मर्न लागेको मानिससा केही वैलक्षण्य देखिदैन तापनि, वास्तव त्यो मानिसलाई मरणसमयको कुनै परिश्रम पर्दैन, त्यस वेलामा खास जगज्जननी पार्वती आफ्ना पछेउराका छेउले हम्कन लाग्नुहुन्छ, र कस्तूरीको वास्ना भएको हावा लाग्दछ, त्यसले गर्दा मरणमा परिश्रम पनि पर्दैन, तारकमन्त्रको श्रवण पनि ठीक ठीक हुन्छ ।

अनिलो मृगनाभिरेणुगन्धैरधिकाशि प्रणवोपदेशकाले ।
हरते मरणश्रमं नराणां हरवामार्धकुचोत्तरीयजन्मा ॥

इत्यादि काशीको महिमा काशीखण्ड-काशीरहस्य प्रभृतिमा विस्तारपूर्वक लेखिएको छ ।

सोपि राममहिमा मुनिराया ❀ सिव उपदेसु करत करि दाया ॥५॥
रामु कवन प्रभु पूछौं तोही ❀ कहिय बुझाइ कृपानिधि मोही ॥६॥

हे मुनिराज ! शिवजी दया गरेर जुन नामको उपदेश काशीमा गर्नुहुन्छ, त्यो नामको महिमा त्यो (मुक्तिलाभ) हो कि ? प्रभु ! तपाईंसँग म सोध्दछु, राम भनेका को हो ? हे कृपानिधान ! मलाई बुझाएर बताउनुहोस् ॥ ५ ॥ ६ ॥

एक राम अवधेसकुमारा ❀ तिन्ह कर चरित बिदित संसारा ॥७॥
नारिबिरह दुखु लहेउ अपारा ❀ भएउ रोषु रन रावनु मारा ॥८॥

एउटा राम अवधराज दशरथका कुमार (छोरा) हुन्, तिनको चरित्र संसारभरमा विदित छ। तिनले स्त्रीवियोगको अपार दुःख सहे, रीस उठ्यो र युद्धमा रावणलाई मारे ॥ ७ ॥ ८ ॥

दोहा—प्रभु सोइ रामु कि अपर कोउ जाहि जपत त्रिपुरारि ।
सत्यधाम सर्बज्ञ तुम्ह कहहु बिबेकु बिचारि ॥५९॥

प्रभु ! जसलाई त्रिपुरारि (शंकरजी) जप्नुहुन्छ, ती राम यिनै (दशरथनन्दन) हुन् कि अर्कै कुनै हुन् ? यो कुरा सत्यवादी र सर्वज्ञ भएका तपाईं विवेकले विचार गरेर मलाई भन्नुहोस् ॥ ५९ ॥

चौ०—जैसें मिटै मोर भ्रम भारी ❀ कहहु सो कथा नाथ ! बिस्तारी ॥१॥
जागबलिक बोले मुसुकाई ❀ तुम्हहि बिदित रघुपतिप्रभुताई ॥२॥

हे नाथ ! जसरी मेरो यो ठूलो अज्ञान र भ्रम मेटिन्छ, त्यसै गरी त्यो कथा विस्तारपूर्वक भन्नुहोस् ॥ १ ॥ यस्तो भरद्वाजमुनिको प्रश्न सुनेर याज्ञवल्क्यमुनिले मुसुक हाँसेर भन्नुभयो कि, "रघुनाथजीको प्रभुत्व तपाईंलाई थाहा छ ॥ २ ॥

रामभगत तुम्ह मन क्रम बानी ❀ चतुराई तुम्हारि मैं जानी ॥३॥
चाहहु सुनै रामगुन गूढा ❀ कीन्हिहु प्रस्न मनहु अति मूढा ॥४॥

तपाईं मन-कर्म-वाणीले रामभक्त हुनुहुन्छ। तपाईंको चलाकी मैले जानें, रामजीका गूढ (गुप्त) रहस्य सुन्न चाहनुहुन्छ, होइन ? मानौं अत्यन्त मूढ छु भन्ने हिसाबले प्रश्न गर्नुभयो (धन्य ! चलाकी) ॥ ३ ॥ ४ ॥

तात सुनहु सादर मनु लाई ❀ कहहुँ राम कै कथा सुहाई ॥५॥
महामोहु महिषेसु बिसाला ❀ राम कथा कालिका कराला ॥६॥

बाबु ! भरद्वाज ! मन लाएर आदरसाथ सुन्नुहोस्, सुन्दर रामकथा भन्दछु। महामोह (ठूलो अज्ञान) जो छ त्यो ठूलो महिषासुर हो, रामकथा जो छ त्यो भयानक कालिका (दुर्गा) हो (दुर्गाले महिषासुर मारे झैं रामकथाले महामोह मार्दछ) ॥ ५ ॥ ६ ॥

रामकथा ससिकिरन समाना ❀ संत चकोर कहिं जेहि पाना ॥७॥
अैसेइ संशय कीन्ह भवानी ❀ महादेव तब कहा बखानी ॥८॥

रामजीको कथा चन्द्रमाको किरणजस्तो (सबैलाई आह्लाद दिने शीतल) छ, साधुसन्तहरू चकोर (च्याखुरा) जस्ता भएर त्यही रामकथाको पान गर्दछन् । यस्तै संशय पार्वतीले गर्नुभएको थियो र महादेवले विस्तारपूर्वक बताउनुभएको थियो ॥ ७ ॥ ८ ॥ (क)

दोहा—कहौं सो मति अनुहारि अब उमासंभु संबाद ।
भएउ समय जेहि हेतु जेहि सुनु मुनि ! मिटिहि बिषाद ॥६०॥

हे मुने ! अब म त्यही उमा-शंभु-संवाद बुद्धिअनुसार बताउँछु, जुन समयमा त्यो संवाद भयो, जुन संवाद सुन्दा विषाद (दुःख) मेटिन्छ, त्यो संवाद सुन्नुहोस् ॥ ६० ॥

(सतीचरित्र)

एक बार त्रेता जुग माहीं ❀ संभु गए कुंभज रिषि पाहीं ॥१॥
संग सती जगजननि भवानी ❀ पूजे रिषि अखिलेस्वर जानी ॥२॥

एक समय त्रेतायुगमा शंकरजी कुम्भजऋषि (अगस्त्यऋषि*) कहाँ जानुभयो, साथमा जगज्जननी दक्षपुत्री सतीदेवी पनि हुनुहुन्थ्यो, अगस्त्यऋषिले वहाँलाई संसारका ईश्वर जानेर पूजा गर्नुभयो ॥ १ ॥ २ ॥

रामकथा मुनिबर्ज बखानी ❀ सुनी महेस परम सुखु मानी ॥३॥
रिषि पूछी हरिभगति सुहाई ❀ कही संभु अधिकारी पाई ॥४॥

अगस्त्य मुनिले रामकथा वर्णन गर्नुभयो, त्यो सुनेर शंकरजीले आनन्द मान्नुभयो । फेरि अगस्त्यले शंकरजीसंग सुन्दर हरिभक्ति सोध्नुभयो र शंकरजीले अधिकारी (लायक पात्र) पाउँदा (हरिभक्तिको विषय) बताउनुभयो ॥ ३ ॥ ४ ॥

कहत सुनत रघुपति गुन गाथा ❀ कछु दिन तहाँ रहे गिरिनाथा ॥५॥

(क) चकोर पक्षी चन्द्रमाका किरण चुस्तछ । कविहरूले चकोरलाई चन्द्रप्रेमी भनेका छन्, “चञ्चूपुटं चटुलयन्ति चिरं चकोराः” ज्योत्स्नाकरम्भमुदरम्भरयश्चकोराः” इत्यादि ।

*“अगस्त्यऋषि मित्रावरुण देवताका वीर्यले घडाबाट पैदा भएका हुन् । यिनको महत्त्व साह्रै ठूलो छ । यिनले बढेर सूर्यको गति रोक्ने विन्ध्यपर्वतलाई यथास्थित पारेर दुनियाँको दुःख हटाएका छन् । आतापी र इल्वल नाम भएका दुष्ट दैत्यलाई हजम पारेर अगणित तपस्वीहरूको प्राण यिनले बचाएका छन् । अद्यावधि यी महात्मा तारारूपले आकाशमा दक्षिणपङ्क्ति सूर्य हस्त नक्षत्रमा जाँदा उदाउँछन्, रोहिणीमा जाँदा अस्ताउँछन् । यी उदाएमा यिनको पूजा अर्घदान गर्नाले सबैको, विशेष गरेर राजाको कल्याण हुन्छ” भनी बृहत्संहितामा लेखिएको छ ।

स्मरणादपि पापमपाकुरुते किमुत स्तुतिभिर्वरुणाङ्गरुहः ।
मुनिभिः कथितोऽस्य यथार्घविधिः कथयामि तथैव नरेन्द्रहितम् ॥

यसै कारणले जगद्गुरु भगवान् शंकरजी सपत्नीक भएर यिनको आश्रममा जानुभयो, केही दिन बस्नुभयो, मित्रताको व्यवहार गर्नुभयो ।

मुनि सन बिदा मागि त्रिपुरारी ❀ चले भवन सँग दक्षकुमारी ॥६॥

श्री रघुनाथजीको गुणानुवाद (गुणकीर्तन) गर्दै सुन्दै गिरिनाथ (कैलासपति शंकरजी) अगस्त्यका आश्रममा केही दिन रहनुभयो र पछि अगस्त्यसंग बिदा मागेर दक्षकन्या (सती) का साथ आफ्ना भवनमा जानुभयो ॥ ५ ॥ ६ ॥

तेहि अवसर भंजन महिभारा ❀ हरि रघुबंस लीन्ह अवतारा ॥७॥
पिताबचन तजि लाजु उदासी ❀ दंडक बन बिचरत अबिनासी ॥८॥

त्यही अवसरमा (तिनै ताक) पृथ्वीको भारभञ्जन (हरण) गर्न विष्णुभगवान्‌ले रघुराजाका वंशमा अवतार लिएर पिता (दशरथ) का वचनले लाज र दिक्‌दारी त्याग गरीकन आफू अविकारी हुनाले निर्भयताका साथ दण्डकारण्यमा घुम्न लाग्नुभएको थियो ॥ ७ ॥ ८ ॥

दोहा—हृदय बिचारत जात हर केहि बिधि दरसनु होइ ।
गुप्त रूप अवतरेउ प्रभु गएँ जान सबु कोइ ॥६१॥

शंकरजी—"कुन प्रकारले दर्शन होला ? प्रभु (ब्रह्म) ले गुप्त अवतार लिनुभएको छ, म दर्शन गर्न जाउँभने वहाँलाई सबैले (ब्रह्म पो रहेछन् भनेर) चिन्हान्" यी कुरा विचार गर्दै जान लाग्नुभयो ॥ ६१ ॥

सोरठा—संकर उर अति छोभ सती न जानहि परमु सोइ ।
तुलसी दरसन लोभु मन डरु लोचन लालची ॥११॥

शंकरजीका हृदयमा अत्यन्त क्षोभ (असजिलो खलबल) पर्‍यो, त्यो मर्म सतीदेवीले जान्नुभएन। तुलसीदास भन्दछन् कि शंकरजीलाई त्यस वेलामा साकार ब्रह्मले साकार भएर लीला गर्न लागेको हेर्नालाई लोभ किन नहोस् !) मनमा डर पनि छ। "गुप्त रूपले लीला गर्न लागेको मलाई भेटेर तिमीले मेरो वास्तव स्वरूप दुनियाँमा प्रकट गरिदियौ, व्यर्थ किन आयौ ?" यस्तो रामजीबाट आज्ञा हुन्छ कि भन्ने डर पनि हुनै पर्छ। फेरि रामजीका दर्शन निमित्त र नेत्रले खूब लालच (उत्कण्ठा) गर्न लाग्दा ती नेत्रको अभिलाषा पनि पूर्ण गर्नु मुनासीबै थियो र शंकरजीलाई असजिलो पर्‍यो ॥ ११ ॥

रावन मरनु मनुजकर जाचा ❀ प्रभु बिधिबचनु कीन्ह यह साचा ॥१॥
जौं नहि जाउँ रहै पछितावा ❀ करत बिचारु न बनत बनावा ॥२॥

रावणको मरण मनुष्यका हातबाट निश्चित छ, प्रभु रामचन्द्र विधाताको वचनलाई साँचो गर्न चाहनुहुन्छ, दर्शन गर्न नजाउँभने पछितो रहिरहन्छ (फेरि यस्तो अपूर्व मौका कहाँ पाउँला ?) यस्तो विचार गर्दा र बनाव (यसै गर्नुपर्छ भन्ने निश्चय) बनेन (ठहरिएन) ॥ १ ॥ २ ॥

एहि बिधि भए सोचबस ईसा ❀ तेहीं समय जाइ दससीसा ॥३॥

लीन्ह नीच मारीचहि संगा ❀ भएउ तुरत सोइ कपट कुरंगा ॥४॥

यतातिर शंकरजी त्यसरी शोचविचारको फन्दामा पर्नुभयो, उनातिर त्यही मौकामा नीच रावण मारीचलाई साथ लिएर दण्डकारण्य आयो, त्यहीं मारीच तुरन्तै कपटमृग (मायाहरिण) भयो (बन्यो) ॥ ३ ॥ ॥ ४ ॥

करि छलु मूढ़ हरी बैदेही ❀ प्रभुप्रभाउ तस बिदित न तेही ॥५॥
मृग बधि बंधु सहित हरि आए ❀ आश्रमु देखि नयन जलु छाए ॥६॥

त्यो मूर्ख रावणले छल गरेर सीता हऱ्यो, त्यसलाई प्रभुको प्रताप उस्तो विदित थिएन। मायामृगलाई मारेर रघुनाथजी लक्ष्मणसहित आश्रममा आउनुभयो, आश्रमको अवस्था देखेर प्रभुका नजरमा पानी भरियो ॥ ५ ॥ ६ ॥

बिरहबिकल नर इव रघुराई ❀ खोजत बिपिन फिरत दोउ भाई ॥७॥
कबहूँ जोग बियोग न जाकें ❀ देखा प्रगट बिरहदुखु ताकें ॥८॥

रघुराज रामजी विरहले मनुष्यजस्तै व्याकुल हुनुभयो, दुवै भाइ जानकीजीलाई खोज्दै जंगल २ घुम्न लाग्नुभयो। जसका हकमा योग र वियोग भन्ने कुरै रहँदैन (शुद्धसत्त्वस्वरूप ईश्वरकी माया (इच्छाशक्ति) छभने सधैं छ, छैनभने कहिल्यै पनि छैन, यस रीतले मायाको संयोग छ भन्न पनि सकिदैन, छैन भन्न पनि सकिदैन र तत्स्वरूप रामजीमा योग वियोग भन्ने कुरै छैन) उस्ता प्रभुको विरहदुःख स्पष्ट देखियो (यो वहाँको लीला मात्र हो) ॥ ७ ॥८ ॥

दोहा–अति बिचित्र रघुपतिचरित जानहिं परम सुजान।
जे मतिमंद बिमोहबस हृदय धरहिं कछु आन ॥६२॥

यस्तो यो विचित्र रघुनाथजीको चरित्रलाई पूर्ण ज्ञानीहरू जान्दछन्। जो मन्दबुद्धि छन् तिनीहरू ता अज्ञानवश भएर हृदयमा अन्यथा संझन्छन् ॥ ६२ ॥ (क)

चौ०–संभु समय तेहि रामहि देखा ❀ उपजा हिय अति हरषु बिसेषा ॥१॥
भरिलोचन छबि सिंधु निहारी ❀ कुसमय जानि न कीन्हि चिन्हारी ॥२॥

शंकरजीले त्यसै बखतमा रामजीलाई देख्नुभयो र मनमा विशेष (ज्यादा) क्षोभ (व्याकुलता) पैदा भयो। त्यस बखतमा प्रभुको विरहव्याकुलताको शोभासमुद्रलाई शंकरजीले आँखाभरि देख्नुभयो, बखत ठीक छैन भन्ने बुझेर चिह्नापरिचय गर्नुभएन ॥ १ ॥ २ ॥

जय सच्चिदानंद! जगपावन ❀ अस कहि चलेउ मनोजनसावन ॥३॥
चले जात सिव सती समेता ❀ पुनि पुनि पुलकित कृपानिकेता ॥४॥

(क) रामजीको चरित्र विचित्र (बहुरंगा) छ भनेकोमा "वहाँको तपस्वीवेश शान्तरसमय उज्ज्वल छ, धनुर्बाणधारी भएका वेलाको वहाँको वीररसमय चरित्र लाल छ, सीतासमेत रहेका अवस्थाको शृङ्गारमय चरित्र श्याम छ, मारीचवधसमयको रौद्ररसमय चरित्र कालो छ, सीतावियोगका समयको करुणरसमय चरित्र पहेंलो छ, इत्यादि रूपले कोही २ रसिक टीकाकारहरूले समर्थन गरेका छन्।

त्यस बखतमा कृपानिकेत (करुणानिधान) मनोजनशावन (मन्मथमथन) शंकरजी मनमनमा हर्षित भएर “प्रभो ! सत् (सदा रहने) चित् (चैतन्य) आनन्द (खुशी) स्वरूप भएका हजूरको जय रहोस्, जगत्पावन ! (यसरी लीलाविहार गरेर) यिनै लीलाविहारद्वारा अधमको उद्धार गर्ने (लीलाविहारको कीर्तन स्मरण गर्ने जनलाई पवित्र पार्ने भएका) प्रभुको सदा जय रहोस्” यसो वारंवार भन्दै सतीदेवीका साथ सरासर जानुभयो ॥ ३ ॥ ४ ॥

सतीं सो दसा संभु कै देखी ❀ उर उपजा संदेहु बिसेषी ॥५॥
संकरु जगतबंद्य जगदीसा ❀ सुर नर मुनि सब नावत सीसा ॥६॥

शंकरजीको त्यो अवस्था देखेर सती देवीका हृदयमा विशेष गरेर (बढेर) सन्देह पैदा भयो । कस्तो भने, “शंकरजी सबै जगत्का वन्दनीय र सबै जगत्का ईश्वर हुनुहुन्छ, देवता मनुष्य मुनि सबै जना शंकरजीका पाउमा शिर निहुराउँछन् ॥ ५ ॥ ६ ॥

तिन्ह नृपसुतहि कीन्ह परनामा ❀ कहि सच्चिदानंद परधामा ॥७॥
भए मगन छबि तासु बिलोकी ❀ अजहुँ प्रीति उर रहति न रोकी ॥८॥

उनै शंकरजीले ऐले राजकुमारलाई सच्चिदानन्द परमधाम भनेर प्रणाम गर्नुभयो, उनको छवि (शोभा) देखेर खूब प्रसन्न हुनुभयो, ऐलेसम्म त्यो हृदयको प्रीति हृदयमा रोकटोक नभई रहिरहेकी छ ॥ ७ ॥ ८ ॥

दोहा–ब्रह्म जो ब्यापक बिरज अज अकल अनीह अभेद ।
सो कि देह धरि होइ नर जाहि न जानत बेद ॥६३॥

जो ब्रह्म व्यापक (अनन्तकोटि ब्रह्माण्ड ढाक्ने) विरज (रजोगुण नहुनाले तज्जन्य प्रवृत्ति नहुने) अज (उत्पत्तिरहित) अकल (अखण्ड) अनीह (क्रियारहित) अभेद (भेदशून्य=एकाकार) छ, जसलाई वेदले पनि यथार्थ जान्दैनन्, त्यो ब्रह्म देहधारणा गरेर के मानिस होला ? र ॥ ६३ ॥

चौ०–बिष्नु जो सुर हित नरतनु धारी ❀ सोउ सर्बज्ञ जथा त्रिपुरारी ॥१॥
खोजै सो कि अज्ञ इव नारी ❀ ज्ञानधाम श्रीपति असुरारी ॥२॥

यदि साकार ब्रह्म विष्णु भगवान्ले देवताका हितका निमित्त नरशरीर धारण गर्नुभएको होभने शंकरजी जस्तै वहाँ (विष्णुभगवान्) सर्वज्ञ हुनुपर्दछ ॥ १ ॥

के उनै विष्णुभगवान् मूर्खजस्ता भएर स्त्रीलाई खोज्दै हिंड्लान् र ? उ ता लक्ष्मीपति दैत्यघाती ज्ञानधाम (ज्ञानका घर) पो छन् ॥ २ ॥

संभुगिरा पुनि मृषा न होई ❀ सिव सर्बज्ञ जान सबु कोई ॥३॥
अस संसय मन भएउ अपारा ❀ होइ न हृदय प्रबोधप्रचारा ॥४॥

फेरि शंकरजीकी वाणी पनि झूटी (असत्य) हुन्न । शंकरजीलाई सबैले सर्वज्ञ भनेर जानेका छन्” यस प्रकारको संदेह सतीदेवीका हृदयमा अपार भएर (अनिवार्य भएर) रह्यो । हृदयमा ज्ञानको प्रचार भएन ॥ ३ ॥ ४ ॥

जद्यपि प्रगट न कहेउ भवानी ❀ हर अंतरजामी सब जानी ॥५॥
सुनहि सती ! तव नारिसुभाऊ ❀ संसय अस न धरिय उर काऊ ॥६॥

यद्यपि सती देवीले त्यो सन्देह स्पष्ट भनेको थिएन, तथापि अन्तर्यामी हुनाले शंकरजीले सबै सन्देह जान्नुभयो र "सती ! सुन, तिम्रो स्वभाव स्त्रीस्वभाव हो, हृदयमा यस्तो सन्देह कैल्यै पनि नराख" [भन्नुभयो] ॥ ५ ॥ ६ ॥

जासु कथा कुंभज रिषि गाई ❀ भगति जासु मैं मुनिहि सुनाई ॥७॥
सोइ मम इष्टदेव रघुबीरा ❀ सेवत जाहि सदा मुनि धीरा ॥८॥

"जसको कथा अगस्त्यमुनिले मेरा संमुख गाए, जसको भक्ति मैले अगस्त्यमुनिलाई सुनाएँ, उनै यी मेरा इष्टदेवता रघुबीर (रामजी) हुनुहुन्छ, जसलाई बुद्धिमान् मुनिहरू सेवा गर्दछन् ॥ ७ ॥ ८ ॥

छन्द–मुनि धीर जोगी सिद्ध संतत बिमल मन जेहि ध्यावहीं ।
कहि नेति निगम पुरान आगम जासु कीरति गावहीं ॥
सोइ रामु ब्यापक ब्रह्म भुवननिकाय पति मायाधनी ।
अवतरेउ अपनें भगत हित निज तंत्र नित रघुकुलमनी ॥२॥

मुनि–धीर (बुद्धिमान्)—योगी–सिद्धहरू निरन्तर निर्मल मनले जसको ध्यान गर्दछन्, वेद–पुराण–शास्त्रहरू नेति नेति भनेर (यो होइन, यो बाहेकको भनेर व्यावृत्ति रूपले) जसको कीर्ति गाउँदछन् , उही ब्रह्माण्डकोटिपति–मायापति–स्वतन्त्र–व्यापक–ब्रह्म ऐले आफ्ना भक्तको हित गर्नाका निमित्त रघुकुलमणि रामरूपले पृथ्वीमा वर्हेको (अवतीर्ण भएको) छ" ॥ २ ॥

सोरठा–लाग न उर उपदेसु जदपि कहेउ सिव बार बहु ।
बोले बिहसि महेसु हरिमाया बलु जानि जिय ॥१२॥

यद्यपि संकरजीले यो उपदेश वचन धेरै फेरा भन्नुभयो, तथापि त्यो वचन सती देवीका हृदयमा घुसेन । हरिका मायाको प्रभाव हृदयले बुझेर शङ्करजी हाँस्तै भन्न लाग्नुभयो ॥ १२ ॥

चौ०–जौ तुम्हरें मन अति संदेहु ❀ तौ किन जाइ परीछा लेहू ॥१॥
तब लगि बैठ अहौं बट छाहीं ❀ जब लगि तुम्ह ऐहहु मोहि पाहीं ॥२॥

"यदि तिम्रा मनमा ठूलो सन्देह छ, तब गएर परीक्षा किन लिन्नौ ? म तबसम्म वटवृक्षका छायामा बसिरहुँला, जबसम्म तिमी म भएका ठाउँमा नआउली ॥ १ ॥ २ ॥

जैसें जाइ मोह भ्रम भारी ❀ करेहु सो जतनु बिबेकु बिचारी ॥३॥
चलीं सती सिव आयसु पाई ❀ करहिं बिचारु करौं का भाई ॥४॥

जसरी तिम्रो मोह र ठूलो भ्रम जान्छ, त्यसै गरी विवेक विचारले त्यो यत्न गर" ॥ ३ ॥ शंकरजीको यस्तो आज्ञा पाएर सतीदेवी "के गरौं भाइ !" (क) (सन्देह निवारणार्थ कुनै उपाय गरौं न ?) यस्तो विचार गर्दै हिंड्नुभयो, ॥ ४ ॥

इहाँ संभु अस मन अनुमाना ❀ दक्षसुता कहुँ नहि कल्याना ॥५॥
मोरेहु कहें न संसय जाहीं ❀ बिधि बिपरीत भलाई नाहीं ॥६॥

यता शंकरजीले "दक्षकुमारी (सती) को कल्याण छैन, मैले भन्दा पनि यिनको संशय जाँदैन, दैव विपरीत भयो, अब भलो छैन" यस्तो अनुमान मनमा गर्नुभयो ॥ ५ ॥ ६ ॥

होइहि सोइ जो राम रचि राखा ❀ को करि तर्क बढ़ावै साखा ॥७॥
अस कहि लगे जपन हरिनामा ❀ गईं सती जहँ प्रभु सुखधामा ॥८॥

"रामजीले जो रचिराख्नुभएको छ (आँट्नुभएको छ) त्यही हुनेछ, अनेक तर्क गरेर शाखा (कल्पनाका हाँगा) को बढ़ाओस् ?" यसो भनेर शंकरजी हरिनाम जप्न लाग्नुभयो, सती देवी पनि सुखधाम (आनन्दनिवास = श्रीरामजी) जहाँ हुनुहुन्थ्यो, वहाँ पुग्नुभयो ॥ ७ ॥ ८ ॥

दोहा–पुनि पुनि हृदय बिचारु करि धरि सीता कर रूप ।
आगे होइ चलिं पन्थ तेहिं जेहिं आवत नरभूप ॥६४॥

सतीदेवी पनि वारंवार मनमा विचार गरी सीताजीको रूप धारण गरेर सामुन्ने भई जुन बाटोबाट देवपति (श्रीरामजी) आउन लाग्नुभएको छ, त्यही बाटो गरी हिंड्नुभयो ॥ ६४ ॥

चौ०–लछिमन देखि उमाकृत बेषा ❀ चकित भए भ्रम हृदय बिसेषा ॥१॥
कहि न सकत कछु अति गंभीरा ❀ प्रभुप्रभाउ जानत मतिधीरा ॥२॥

लक्ष्मणजी सीताको भेष लिएकी सतीदेवीलाई देखेर मनमनमा छक्क पर्नुभयो, विशेष (ज्यादा) भ्रम पर्‍यो ("अघिल्ला २ अवतारमा रावणवध भएपछि सीताजीसँग भेट हुन्थ्यो, यसपालि पहिल्यै भेट भयो यो क्या हो ?" यस्तो भ्रान्ति पर्‍यो) तापनि वहाँ धीरबुद्धि हुनाले प्रभुको प्रभाव अति गहिरो छ भनी जान्नुहुन्थ्यो र केही भन्न सक्नुभएन ॥ १ ॥ २ ॥

सतीकपटु जानेउ सुरस्वामी ❀ सबदरसी सब अन्तरजामी ॥३॥
सुमिरत जाहि मिटै अज्ञाना ❀ सोइ सर्बज्ञ रामु भगवाना ॥४॥

जसलाई संझदा सब अज्ञान मेटिन्छ, जो सर्वदर्शी (सबै देख्ने) सर्वान्तर्यामी (सबैका भित्र रहेर नियन्ता भएका) छन्, उनै देवपति सर्वज्ञ राम भगवानले सतीको त्यो कपट जान्नुभयो (के आश्चर्य ?) ॥ ३ ॥ ४ ॥

(क) "के गरौं भाइ !" यो हिन्दी बोलीको मुहाविरा हो, भाइलाई बोलाएको सोधेको होइन। यस्तो–मौकामा नेपालीयहरू "के गरौं नि ?" भन्दछन् ।

सती कीन्ह चह तहहुँ दुराऊ ❀ देखहु नारिसुभाव प्रभाऊ ।।५।।
निज माया बलु हृदय बखानी ❀ बोले बिहसि रामु मृदु बानी ।।६।।

सतीदेवी त्यहाँ पनि (रामजीका हजूरमा पनि) छिपाव (छिपावट) गर्ने दुराग्रह गर्न चाहनुहुन्छ, भरद्वाजजी ! स्त्रीस्वभावको प्रभाव हेर्नुहोस् ।। ५ ।।

श्रीरामजीले आफ्नी मायाका बलको मनमनमा बखान (प्रशंसा) गर्नुभयो र (मेरी माया ! तँ बलवती नै रहिछस्, यस्ता यस्तालाई पनि तैंले मोहित पारिस , स्याबास !" यस्ता तरहले तारीफ गर्नुभयो र) मन्द हास्य गरेर मधुर वचन बोल्नुभयो ।। ६ ।।

जोरि पानि प्रभु कीन्ह प्रनामू ❀ पितासमेत लीन्ह निज नामू ।।७।।
कहेउ बहोरि कहाँ बृषकेतू ❀ बिपिन अकेलि फिरहु केहि हेतू ।।८।।

प्रभु रघुनाथजीले पितासमेत आफ्नो नाम लिनुभयो र हात जोडेर सतीलाई प्रणाम गर्नुभयो ("दशरथपुत्र राम म प्रणाम गर्दछु" भनेर हात जोर्नुभयो) ।। ७ ।। र "वृषकेतु (ध्वजामा धर्मस्वरूप नन्दीलाई राख्ने शंकरजी) लाई कहाँ छाड्नुभो र जंगलमा एक्लै घुमिरहनुहुन्छ ? के कारण हो" भन्नुभयो ।। ८ ।।

दोहा–रामबचन मृदु गूढ सुनि उपजा अति संकोचु ।
सती सभीत महेस पहँ चलीं हृदय बड सोचु ।।६५।।

रामजीको कोमल र गूढ (गम्भीर) वचन सुन्दा साह्रै नै संकोच (लज्जाविशेष) भयो र डराएकी सतीदेवी हृदयमा ठूलो अफसोस मान्दै शंकरका समीप जान लाग्नुभयो ।। ६५ ।।

चौ०–मैं संकर कर कहा न माना ❀ निज अज्ञानु राम पर आना ।।१।।
जाइ उतरु अब दैहौं काहा ❀ उर उपजा अति दारुन दाहा ।।२।।

"मैले शंकरजीले भनेको मानिनँ, आफ्नो अज्ञानले रामजीका समीप आएँ, अब गएर के उत्तर दिउँला ?" यस्तो विचार गर्ने सतीदेवीका हृदयमा भयानक दाह (पश्चात्ताप) पैदा भयो ।। १ ।। २ ।।

जाना राम सती दुखु पावा ❀ निज प्रभाउ कछु प्रगटि जनावा ।।३।।
सती दीख कौतुकु मग जाता ❀ आगें रामु सहित श्री भ्राता ।।४।।

रामजीले जान्नुभयो कि सतीदेवीले दुःख पाउनुभयो । तब आफ्नो प्रभाव अलिकति प्रकट गर्नुभयो ।। ३ ।। सतीदेवीले बाटामा जाँदाखेरि एउटा कौतुक (अनौठा दृश्य) देख्नुभयो, अघिल्तिर सीता र लक्ष्मणसहित भएका रामजी (खडा !) ।। ४ ।।

फिरि चितवा पाछें प्रभु देखा ❀ सहित बंधु सिय सुंदर बेषा ।।५।।
जहँ चितवहि तहँ प्रभु आसीना ❀ सेवहिं सिद्ध मुनीस प्रबीना ।।६।।

(क) "धर्मको झंडा खडा गर्ने धार्मिकधुरन्धर शंकरजीलाई छाडेर, पातिव्रत्य-धर्ममा रहने तपाईंको यो के चाला हो ? एक्लै एक्लै यो जङ्गलमा किन हिंड्नुभएको हो ?" इत्यादि रूपले रामजीको मधुर वचन गूढ भएर विचारवान्का हृदयमा झल्कन्छ ।

सतीदेवीले फेरि चिताएर पछिल्तिर हेर्दा भाइ लक्ष्मण र सीताजीले सहित भएका सुन्दर भेष लिएका प्रभुलाई देख्नुभयो । जहाँ चिताउनुहुन्थ्यो उहीं प्रभु रघुनाथजीलाई खडा भएका र सिद्ध-मुनीश्वर-ज्ञानीहरूले सेवा गरिरहेका देख्नुभयो ॥ ५ ॥ ६ ॥

देखि सिव बिधि बिष्नु अनेका ❀ अमित प्रभाउ एक तें एका ॥७॥
बंदत चरन करत प्रभु सेवा ❀ बिबिध बेष देखे सब देवा ॥८॥

अमितप्रभाव (अनन्तशक्ति भएका) एकसे एक शंकर-ब्रह्मा-विष्णु अनेक (धेरै) देखिए । रामजीका चरणमा वन्दना गरिरहेका, सेवा गरिरहेका, अनेक प्रकारको भेष लिएका सबै देवता पनि देखिए ॥ ७ ॥ ८ ॥

दोहा–सती बिधात्री इंदिरा देखीं अमित अनूप ।
जेहि जेहि बेष अजादि सुर तेहि तेहि तन अनुरूप ॥६६॥

सतीदेवीले हेर्दा धेरै अनुपम सती (आफै) सरस्वती र लक्ष्मी देखिए । ब्रह्मादि देवता जुन जुन वेषमा थिए त्यही त्यही वेष र त्यहीअनुसारको शरीर भएका शक्ति (देवीहरू) पनि देखिए ॥ ६६ ॥ (क)

चौ०–देखे जहँ तहँ रघुपति जेते ❀ सक्तिन्ह सहित सकल सुर तेते ॥१॥
जीव चराचर जो संसारा ❀ देखे सकल अनेक प्रकारा ॥२॥

सीता सहित भएका रघुनाथजी जहाँ जहाँ जति जति देखिए त्यहाँ त्यहाँ त्यति र शक्तिसहित भएका सबै देवता देखिए । यो संसारमा अनेक प्रकारका जो जो चर र अचर जीव छन् ती पनि देखिए ॥ १ ॥ २ ॥ (ख)

पूजहिं प्रभुहि देव बहु बेषा ❀ रामरूप दूसर नहि देखा ॥३॥
अवलोके रघुपति बहुतेरे ❀ सीता सहित न बेष घनेरे ॥४॥

देवताभने धेरै भेष भएका र प्रभुको पूजा गर्न लागेका देखिए, रामजीको रूपभने अर्को देखिएन (अनेक रामको रूप एक थियो)। सीतासहित भएका रघुपति (राम) धेरै देखिए परन्तु वेष (भेष) धेरै थिएन ॥ ३ ॥ ४ ॥

सोइ रघुवर सोइ लछिमनु सीता ❀ देखि सती अति भईं सभीता ॥५॥
हृदय कंप तन सुधि कछु नाहीं ❀ नयन मूदि बैठीं मग माहीं ॥६॥

उनै रामजी, उनै लक्ष्मणजी, उनै सीताजी देखेर सतीदेवी अत्यन्त भयभीत हुनुभयो । मुटु कलेजा थर्थर काम्न लाग्यो, शरीरको सुद्धि केही रहेन, आँखा चिम्लेर बाटैमा थचक्क बस्नुभयो ॥ ५ ॥ ६ ॥

(क) शुम्भनिशुम्भको युद्धमा तत्तद्देवताका तत्तत् शक्ति तत्तत् रूपले प्रकट भएका थिए.
यस्य देवस्य यद्रूपं यथाभूषणवाहनम् ।
तद्वदेव हि तच्छक्तिरसुरान्योद्धुमाययौ ॥ (सप्तशती (चंडी) अ. ८ श्लो.)
यहाँ पनि उस्तै भयो ।

(ख) सतीदेवीले जगद्गुरु भगवान् शंकरजीको वचनमा पूर्ण विश्वास नमानेर मोहवश भई

बहुरि बिलोकेउ नयन उघारी ❀ कछु न दीख तहँ दक्षकुमारी ॥७॥
पुनि पुनि नाइ रामपद सीसा ❀ चली तहाँ जहँ रहे गिरीसा ॥८॥

नेत्र खोलेर यताउति हेर्दा ता दक्षकन्या सतीदेवीले केही पनि देख्नुभएन (सबै दृश्य गुम् !) अनि मनले वारंवार रामजीका चरणमा शिर झुकाएर, जहाँ शंकरजी रहनुभएको थियो, त्यहाँ जानुभयो ॥ ७ ॥ ८ ॥

दोहा—गईं समीप महेस तब हँसि पूछी कुसलात ।
लीन्हि परीछा कवन बिधि कहहु सत्य सब बात ॥६७॥

सती देवी जब नगीचै पुग्नुभयो अनि शंकरजीले क्षेमकुशल सोधेर "कुन प्रकारले परीक्षा लियौ सबै कुरा साँचो भन" भन्नुभयो ॥ ६७ ॥

(मासपारायण–द्वितीय विश्राम)

चौ०–सती समुझि रघुबीरप्रभाऊ ❀ भयबस सिव सन कीन्ह दुराऊ ॥१॥
कछु न परीछा लीन्हि गुसाईं ❀ कीन्ह प्रनामु तुम्हारिहि नाईं ॥२॥

सती देवीले रघुवीरको प्रभाव संझेर भयभीत (डरले कायल) भईकन शिवजी संग दुराउ (छिपावट–कुरा लुकाउने काम) गर्नुभयो र "स्वामी ! केही परीक्षा लिइनँ, हजूरले जस्तै मैले प्रणाम गरें (त्यत्तिकै हो) ॥ १ ॥ २ ॥

जो तुम्ह कहा सो मृषा न होई ❀ मोरें मन प्रतीति अति सोई ॥३॥
तब संकर देखेउ धरि ध्याना ❀ सतीं जो कीन्ह चरित सबु जाना ॥४॥

(कि भने) "जो हजूरले भन्नुभयो, त्यो झूटो हुँदैन" यस्तो यो विश्वास मेरो मनमा छ" भन्नुभयो ॥ ३ ॥ तब शंकरजीले ध्यान गरेर सतीदेवीले जे चरित्र गरेको थियो, त्यो सबै जान्नुभयो ॥ ४ ॥

बहुरि राममायहि सिरु नावा ❀ प्रेरि सतिहि जेहि झूठ कहावा ॥५॥
हरि इछा भावी बलवाना ❀ हृदय बिचारत संभु सुजाना ॥६॥

जसले प्रेरणा गरेर सतीलाई झूटो बोल्न लगाई त्यो रामजीकी मायालाई शंकर

परीक्षा लिन खोज्दा यस प्रकारले महामोहको वश पर्नुपर्‍यो तापनि उहाँलाई कोटि २ धन्यवाद छ, किनभने, राममय जगत् उहाँले देख्नुभयो, ज्ञान नभए नहोस् कत्रो खाँचो। त्यस्तो नसीब हाम्रो पनि भए कस्तो हुन्थ्यो ? रावणका फौजका राक्षसहरूलाई पनि भयले गर्दा त्यस्तै अवस्था भएको थियो। त्यही अवस्था संझेर कवितार्किकचूड़ामणि भक्त श्रीहर्षले पनि "प्रभु ! रघुवीर ! मलाई तत्वज्ञान नबक्से पनि त्यो महामोह बक्सनुहोस् (यो मामूली मोहले मलाई पुगेन) जुन महामोहले गर्दा रावणका फौजले सारा जगत् हजूरमय देख्यो, त्यो महामोह पाए म अनुगृहीत हुन्छु" भनेका छन्—

नो ददासि यदि तत्वधियं मे यच्छ मोहमपि तं रघुवीर !।
येन रावणचमूर्युधि मूढ़ा त्वन्मयं जगदपश्यदशेषन् ॥ (नैषधचरित सर्ग २१ श्लो. २१)

जीले वारंवार प्रणाम गर्नुभयो। "हरिको इच्छा र भावी बलवान्" भनी ज्ञानी शंकरजीले मनमा विचार गर्न लाग्नुभयो ॥ ५ ॥ ६ ॥

सतीं कीन्ह सीता कर बेषा ❀ सिव उर भएउ बिषाद बिसेषा ॥७॥
जो अब करौं सती सन प्रीती ❀ मिटै भगतिपथु होइ अनीती ॥८॥

सतीदेवीले सीताको वेष गर्नुभयो (तसर्थ) शिवजीका हृदयमा ज्यादै नै विषाद (खेद) भयो। यदि अब सतीसँग प्रीति गरौं, तब ता भक्तिको मार्ग मेटिन्छ अनीति (अन्याय) हुन्छ। (इष्टदेवी सीताजीको रूप लिने सतीलाई स्त्री संझेर प्रीति गर्दा भक्तिमा बट्टा लाग्ने भयो, त्यसो गर्नु अन्याय पनि हो) ॥ ७ ॥ ८ ॥

दोहा—परम पुनीत न जाइ तजी किएँ प्रेमु बड़ पापु।
प्रगटि न कहत महेसु कछू हृदय अधिक संतापु ॥६८॥

"पूर्ण प्रेम छाड्न सकिंदैन, प्रेम गर्दा ठूलो पाप लाग्छ" हृदयमा यो विचार गर्दा शंकरजीलाई ज्यादै नै ताप भयो, (तथापि मुखले) केही पनि स्पष्ट भन्नुभएन ॥ ६८ ॥

चौ०—तब संकर प्रभुपद सिर नावा ❀ सुमिरत रामु हृदय अस आवा ॥१॥
एहिं तन सतिहि भेट मोहि नाहीं ❀ सिव संकल्पु कीन्ह मन माहीं ॥२॥

उस वेला शंकरजीले प्रभु रघुनाथजीका पाउमा शिर झुकाउनुभयो र रघुनाथजीलाई संझनाका साथ वहाँको हृदयमा यस्तो कुरा आयो—"यो शरीरमा (सतीशरीरमा) सतीसँग मेरो भेट हुँदैन यो संकल्प (आँट) शंकरजीले मनै मनमा गर्नुभयो ॥ १ ॥ २ ॥

अस बिचारि संकरु मतिधीरा ❀ चले भवन सुमिरत रघुबीरा ॥३॥
चलत गगन भै गिरा सुहाई ❀ जय महेस भलि भगति दृढ़ाई ॥४॥
अस पन तुम बिनु करै को आना ❀ रामभगत समरथ भगवाना ॥५॥

यो विचार गरेर धीरबुद्धि (गंभीर) भएका शंकर रघुनाथजीलाई संझदै आफ्ना भवनतर्फ हिंड्नुभयो, हिंडदा "जय महेश! भलि भक्ति दृढाई" ("शंकरजी हजूरको जय होस्, भक्तिको मजबूती बेश रहेछ") यस्तो र "अस पन तुम्ह बिनु करै को आना, रामभगत समरथ भगवाना" ("हजूरबाहेक अर्को कुन सकस यस्तो प्रण गर्दछ? हजूर रामभक्त! हजूर रामभक्त समर्थ! हजूर भगवान्") यस्तो आकाशवाणी भयो ॥ ३ ॥ ४ ॥ ५ ॥

सुनि नभगिरा सती उर सोचा ❀ पूछा सिवहि समेत सकोचा ॥६॥
कीन्ह कवन पन कहहु कृपाला ❀ सत्यधाम प्रभु दीनदयाला ॥७॥
जदपि सती पूछा बहु भाँती ❀ तदपि न कहेउ त्रिपुर आराती ॥८॥

यस्तो आकाशवाणी सुनेर सतीदेवीका हृदयमा शोच (विचार) भयो र संकोचसाथ शंकरजीसँग सोध्नुभयो। दयासागर! सत्यवादिन्! दीनदयाल! प्रभु! हजूरले कुन प्रण गर्नुभयो? ॥ ६ ॥ ७ ॥

यद्यपि सतीले धेरै तरहसँग सोध्नुभयो, तथापि (तैपनि) त्रिपुरारातिले (पुरारि-शंकरजीले) भन्नुभएन ॥ ८ ॥

दोहा—सतीं हृदय अनुमान किय सबु जानेउ सर्बग्य ।
कीन्ह कपटु मै शंभु सन, नारि सहज जड़ अग्य ॥६९॥

सतीदेवीले हृदयमा अनुमान गर्नुभयो कि "सर्वज्ञ शंकरजीले मेरो सब चरित्र जान्नुभयो" मैले शंकरजीसंग कपट गरें। छिः ! स्त्रीको जात स्वभावैले जड़ र मूर्ख ॥ ६९ ॥

सोरठा—जलु पय सरिस बिकाइ देखहु प्रीति कि रीति भलि ।
बिलग होइ रसु जाइ कपटु खटाई परत पुनि ॥१३॥

याज्ञवल्क्यमुनि भन्नुहुन्छ कि भरद्वाजजी ! प्रीतिको असल रीति हेर्नुहोस्—के भने ? दूध र पानी एकै भाउमा बिक्तछ (बराबर मिलेको दूध र पानी (मेलका प्रभावले) एकै भाउमा बिक्तछ, पानी पाजीको पनि दूध सरहको कदर ! धन्य ! मेल !)।

सरोबरी पानी मिलेको दूधमा कपटजस्तो अमिलो चीज पर्न गयोभने दूध फाट्तछ, पानी बेग्लै दूध बेग्लै हुन्छ (त्यस्तै दुई जनाको प्रीति पूर्ण भए पनि चूक जस्तो चह्ख्याउने कपटभाव पर्न गयोभने त्यो प्रीति दूध जस्तै फाटतछ, यौटा एकातिर, अर्को अर्कातिर हुन्छ) ॥ १३ ॥ (क)

चौ०—हृदय सोचु समुझत निज करनी ❀ चिन्ता अमित जाइ नहि बरनी ॥१॥
कृपा सिंधु सिव परम अगाधा ❀ प्रगट न कहेउ मोर अपराधा ॥२॥

आफ्नो करनी (काम) संझदा हृदयमा सोच (सुर्ता) लाग्दछ। अनन्त चिन्ताको बयान गर्नु सकिंदैन। दयासागर अतिगंभीर शंकरजीले मेरो अपराध स्पष्ट भन्नुभएन ॥ १ ॥ २ ॥

(क) प्रीतिका विषयमा कुनै एउटा महात्माले खूब राम्रो विचार प्रकट गरेका छन्—के भने ? "आफूसंग राम्ररी मिल्न आएका पानीलाई, दूधले आफ्नो गुण र रूपसमेत दिएर राख्तछ र त्यो पानी ईमानदारीका साथ दूध तताउने वेलामा आफू सुकेर पनि दूधलाई जतिको तति राख्तछ सुक्न दिंदैन, (पानी मिसाएको दूध तताउँदा पानीको हिस्सा छउञ्ज्याल दूध घट्तैन, पानी सुकिसकेपछि मात्रै दूध घट्न सुक्न लाग्छ) यस्ता प्रकारले पानीले आफ्नो ज्यान छउञ्ज्याल रक्षा गरिएको दूध पानीको नाश (समाप्ति) भएपछि मानौं प्रेम-व्याकुल भएर आगामा हामफाल्न तयार हुन्छ (उम्लन लाग्दछ)। त्यस वेलामा उही मित्रस्वरूप पानी अलिकति पायोभने थामिन्छ (उम्लन लागेको दूधमा पानी हाल्दा थामिन्छ)। जस्तोसुकै आगो लाए पनि बराबर पानी मिलेको दूध खटखटी पाकेर प्रेमीको सहानुभूति गर्दछ, प्रेमी नपाउँदा आत्मत्याग गर्न वेर लाउँदैन, सज्जनको प्रीति यस्तै हुन्छ !

क्षीरेणात्मगतोदकाय हि गुणा दत्ताः पुरा तेऽखिलाः।
क्षीरे तापमवेक्ष्य तेन पयसा ह्यात्मा कृशानो हुतः ॥
गन्तुं पावकमुन्मनस्तदभवत् दृष्ट्वा तु मित्रापदं।
युक्तं तेन जलेन शाम्यति सतां मैत्री पुनस्त्वीदृशी ॥१॥

संकररुख अवलोकि भवानी ❀ प्रभु मोहि तजेउ हृदय अकुलानी ॥३॥
निज अघ समुझि न कछु कहि जाई ❀ तपै अवा इव उर अधिकाई ॥४॥

शंकरजीको रुख (आकार इंगित) देखेर सतीदेवी "मलाई प्रभुले त्याग गर्नुभयो" भन्ने मनमा ठानेर व्याकुल हुनुभयो । आफ्नो कसूर संझेर केही भन्न पनि नसक्ने हुँदा अवाल झैं हृदयमा खूब संतप्त हुनुभयो ॥ ३ ॥ ४ ॥ (क)

सतिहि ससोच जानि बृषकेतू ❀ कही कथा सुंदर सुखहेतू ॥५॥
बरनत पन्थ बिबिध इतिहासा ❀ बिस्वनाथ पहुँचे कैलासा ॥६॥

वृषकेतु (झंडामा धर्मरूप नन्दी राख्ने = परमधार्मिक शंकरजी) ले सतीदेवीलाई सशोच (सुर्ता गर्ने) जानेर उनको आनन्दका निमित्त सुन्दर २ कथा भन्नुभयो ॥ ५ ॥

बाटामा अनेक प्रकारका इतिहास (कहानी) वर्णन गर्दै २ विश्वनाथ (शंकरजी) कैलास पुग्नुभयो ॥ ६ ॥

तहँ पुनि संभु समुझि पन आपन ❀ बैठे बटतर करि कमलासन ॥७॥
संकर सहज सरूपु सँभारा ❀ लागि समाधि अखंड अपारा ॥८॥

त्यहाँ पुगेपछि ता शङ्करजी आफ्नो प्रण संझेर वटवृक्षका छायामा पद्मासन बाँधेर बस्नुभयो र अखण्ड अपार समाधि लाग्यो, उहाँले आफ्नो स्वाभाविक स्वरूप (सच्चिदानन्दरूप अवस्था) सम्हाल्नुभयो (लिनुभयो) ॥ ७ ॥ ८ ॥

दोहा—सती बसहिं कैलाश तब अधिक सोचु मन माहि ।
मरमु न कोऊ जान कछु जुग सम दिवस सिराहि ॥७०॥

तब सतीदेवी कैलासमै बस्नुभयो, मनमा ज्यादा सुर्ता थियो, कोही पनि यो मर्म केही पनि जान्दैनथे, १ दिन १ युगजस्तो भएर बित्न लाग्यो ॥ ७० ॥

चौ०—नित नव सोचु सती उर भारा ❀ कब जैहौं दुखसागर पारा ॥१॥
मैं जो कीन्ह रघुपति अपमाना ❀ पुनि पतिबचनु मृषा करि जाना ॥२॥
सो फलु मोहि बिधाता दीन्हा ❀ जो कछु उचित रहा सोई कीन्हा ॥३॥

सतीदेवीका चित्तमा नित्य नयाँ नयाँ शोक सुर्ताको बोझा भरिंदै गयो । "म यो दुःखसागरको पार कैले पुगुँला ? मैले जो रघुपतिको अपमान गरें, अनि पतिको वचन झूटो भनेर संझे, त्यसैको फल विधाताले मलाई दिए, जो कुछ उचित थियो त्यो गरे ॥ १ ॥ २ ॥ ३ ॥

अब बिधि अस बूझिअ नहि तोही ❀ संकरबिमुख जिआवसि मोहि ॥४॥
कहि न जाइ कछु हृदय गलानि ❀ मन महु रामहि सुमिर सयानीं ॥५॥
जौं प्रभु दीनदयालु कहावा ❀ आरतिहरन बेद जसु गावा ॥६॥

(क) अवाल (ईंट प्रभृति पोल्ने भट्टा) बाहिरपट्टि उस्तो प्रज्वलित हुँदैन तापनि त्यसको भित्रपट्टि प्रचण्ड अग्नि ज्वाला रहन्छ ।

तौ मैं बिनय करौं कर जोरी ❀ छूटौ बेगि देह यह मोरी ॥७॥
जौ मोरें सिवचरन सनेहू ❀ मन क्रम बचन सत्य ब्रतु एहू ॥८॥

'हे विधाता ! अब तिम्रो यो विधिले म बुझिदनँ (मान्दिनँ)। शंकरजी मदेखि विमुख हुनुभयो, तिमी मलाई जीवित राख्तछौ ?" यस्ता प्रकारको सतीदेवीका हृदयको ग्लानि वर्णन गर्न सकिंदैन । अनि बुद्धिमती सतीदेवीले मनमा रामजीलाई संझेर (यस्तो प्रार्थना गर्नुभयो कि)। प्रभो ! (राम !) यदि हजूर दीनदयालु हुनुहुन्छ र हजूरले दुःखीका दुःखको हरण गर्दा भएको जस वेदले गाएको साँचो होभने, म हात जोरेर विन्ति गर्दछु, अब यो मेरो शरीर चाँडै नै छुटोस् । शंकरजीका चरणमा ममता-कर्मणा-वाचा मेरो स्नेह रहेछभने, मेरो यो पातिव्रत्यको व्रत साँचो रहेछभने ॥ ४ ॥ ५ ॥ ६ ॥ ७ ॥ ८ ॥

दोहा–तौ सबदरसी सुनिय प्रभु करौ सो बेगि उपाइ ।
होइ मरनु जेहि बिनहि श्रम दुःसह बिपति बिहाइ ॥७१॥

हे समदर्शी ! प्रभु ! (राम !) मेरो विन्ति सुनेर चाँडै नै त्यो उपाय गर्नुहोस्, यो खपीनसक्नु विपत्ति छाडेर विनापरिश्रम जेले मेरो मरण होस् ।" ॥ ७१ ॥

चौ०–एहि बिधि दुखित प्रजेसकुमारी ❀ अकथनीय दारुन दुखु भारी ॥१॥
बीते संबत सहस सतासी ❀ तजी समाधि संभु अबिनासी ॥२॥

यस प्रकारले दक्षप्रजापतिपुत्री (सतीदेवी) दुःखित हुनुभयो । उहाँको ठूलो कडा त्यो दुःख अकथनीय थियो । सतासी हजार (८७०००) वर्ष बिते, अनि खेरि निर्विकार शंकरजीको समाधि खुल्यो ॥ १ ॥ २ ॥

राम नाम सिव सुमिरन लागे ❀ जानेउ सतीं जगतपति जागे ॥३॥
जाइ संभुपद बंदनु कीन्हा ❀ सनमुख संकर आसनु दीन्हा ॥४॥
लगे कहन हरिकथा रसाला ❀ दक्ष प्रजेस भये तेहि काला ॥५॥

शंकरजी रामनामको स्मरण गर्न लाग्नुभयो । सतीदेवीले जगतपति भगवान् शंकरजी जाग्नुभयो (समाधिवाट व्युत्थित हुनुभयो) भनी थाहा पाउनुभयो र सामने गई शंकरका चरणकमलको वन्दना गर्नुभयो । शंकरजीले सतीदेवीलाई आफ्ना सामुन्ने आसन दिनुभयो (साबिकबमोजिम बायाँ काखमा राख्नुभएन), अनि शंकरजी रसिलो हरिकथा भन्न लाग्नुभयो (सतीदेवीसँगको साबिकबमोजिमको प्रेमालाप गर्नुभएन)। तिनै ताकमा दक्षले प्रजापतिको पदवी पाए ॥ ३ ॥ ४ ॥ ५ ॥

देखा बिधि बिचारि सब लायक ❀ दक्षहि कीन्ह प्रजापतिनायक ॥६॥
बड़ अधिकार दक्ष जब पावा ❀ अति अभिमानु हृदयँ तब आवा ॥७॥
नहि कोउ अस जनमा जग माही ❀ प्रभुता पाइ जाहि मद नाही ॥८॥

ब्रह्माजीले विचार गरेर सब तरहबाट लायक देख्नुभयो र दक्षलाई सबै प्रजापतिमा मुख्य प्रजापति गर्नुभयो ॥ दक्षले जब ठूलो अधिकार पाए, अनि उनका हृदयमा अति ठूलो

अभिमान आयो। संसारमा यस्तो कोही जन्मेन जसलाई प्रभुत्व पाएर मद (अभिमान) भएन ॥ ६ ॥ ७ ॥ ८ ॥

दोहा–दक्ष लिए मुनि बोलि सब करन लगे बड़ जाग।
नेवते सादर सकल सुर जो पावत मखभाग ॥७२॥

तब दक्षप्रजापतिले मुनिहरूलाई बोलाए, ठूलो यज्ञ गर्न लागे। जुन जुन देवता यज्ञभाग पाउँदथे, ती सबै देवतालाई निमन्त्रण गरे ॥ ७२ ॥

चौ०–किन्नर नाग सिद्ध गंधर्बा ❀ बधुन्ह समेत चले सुर सर्बा ॥१॥
बिष्नु बिरंचि महेस बिहाई ❀ चले सकल सुर जान बनाई ॥२॥

किन्नर-नाग-सिद्ध-गन्धर्व इत्यादि सबै देवता आफ्ना आफ्ना स्त्रीले सहित भएर हिंडे। विष्णु-ब्रह्मा-शंकरबाहेक सबै देवता आफ्नो आफ्नो सवारी सजाएर हिंडे ॥ १ ॥ २ ॥

सतीं बिलोके ब्योम बिमाना ❀ जात चले सुंदर बिधि नाना ॥३॥
सुरसुंदरीं करहिं कल गाना ❀ सुनत श्रवन छूटहिं मुनिध्याना ॥४॥

सतीदेवीले अनेक प्रकारका सुन्दर सुन्दर विमान आकाशमार्गले जानलागेका देख्नुभयो। जुन गाना कानले सुन्दा मुनिहरूको समेत ध्यान टुट्छ, त्यस्तो मधुर गाना सुरसुन्दरी (देवी) हरू गरिरहेका थिए ॥ ३ ॥ ४ ॥

पूछेउ तब सिव कहेउ बखानी ❀ पिताजग्य सुनि कछु हरषानी ॥५॥
जौ महेस मोहि आयसु देहीं ❀ कछु दिन जाइ रहौं मिष एहीं ॥६॥

सतीदेवीले सोध्नुभयो, तब शंकरजीले सब विस्तार गर्नुभयो र सतीदेवी पिताको यज्ञसमाचार सुनेर हर्षित हुनुभयो। "शंकरजीले मलाई आज्ञा दिनुभए ता, यही निहुँले माइत गएर केही दिन बस्नेथिएँ" यस्तो विचार गर्नुभयो ॥ ५ ॥ ६ ॥

पतिपरित्याग हृदय दुखु भारी ❀ कहै न निज अपराध बिचारी ॥७॥
बोलीं सती मनोहर बानी ❀ भय संकोच प्रेम रस सानी ॥८॥

हृदयमा पतिले परित्याग गर्दा भएको दुःख ठूलो थियो, तापनि आफ्नो अपराध विचार गरेर (त्यस विषयमा) केही भन्नुभएन। सतीदेवीले भय-संकोच-प्रेमरस यी ३ कुराले सानिएकी (मिसिएकी) मनोहर वाणी बोल्नुभयो ॥ ७ ॥ ८ ॥

दोहा–पिताभवन उत्सव परम जौं प्रभु आयसु होइ।
तौ मैं जाउँ कृपायतन सादर देखन सोइ ॥७३॥

हे करुणानिधान! स्वामी! पिताजीका घरमा ठूलो उत्सव छ, प्रभुको आज्ञा भएदेखि त्यो उत्सवलाई आदरसाथ हेर्न म जाउँ कि? ॥ ७३ ॥

चौ०–कहेउ नीक मोरेहुँ मन भावा ❀ यह अनुचित नहि नेवत पठावा ॥१॥
दक्षसकल निज सुता बोलाईं ❀ हमरें बयर तुम्हौं बिसराईं ॥२॥

(शंकरजी बोल्नुभयो) सती ! बेश भन्यौ, यो, कुरामा मेरो चित्त बुझ्यो । निम्ता पठाएको भएदेखि अनुचित (बेमुनासीब) थिएन । दक्षले आफ्ना सबै छोरीहरूलाई बोलाए, मसँगको वैरभाव हुनाले तिमीलाई बिर्से (यो कुरा उनलाई विपरीत लागेर भएको हो, छोरीको हितका निमित्त जुवाइँसंगको वैरभाव बिर्सनुपर्दथ्यो, जुवाइँसंगको वैरभाव कायम राखेर छोरीलाई बिर्सन हुँदैनथ्यो) ॥ १ ॥ २ ॥

ब्रह्मसभाँ हम सन दुखु माना ✿ तेहि तें अजहुँ करहि अपमाना ॥३॥
जौ बिनु बोलें जाहु भवानी ✿ रहै न सीलु सनेहु न कानी ॥४॥

ब्रह्माजीका सभामा मदेखि दक्षले दुःख माने (अर्थात् मबाट आदर नपाउँदा दक्षले दुःखित भएर क्रोधसमेत गरी शाप पनि दिए ✿) त्यसै कारणले आजसम्म मेरो अपमान गर्दैछन् ॥ सती ! तिमी विनानिमन्त्रण गयौभने शील (सहिष्णुता प्रभृति सत्स्वभाव) रहनेछैन, स्नेह पनि रहनेछैन, नाता पनि रहनेछैन ॥ ३ ॥ ४ ॥

जदपि मित्र प्रभु पितु गुर गेहा ✿ जाइअ बिनु बोलेहु न सँदेहा ॥५॥
तदपि बिरोध मान जहँ कोई ✿ तहाँ गए कल्याण न होई ॥६॥

यद्यपि विनानिमन्त्रण पनि मित्रका, मालिकका, बाबुका, गुरुका, घरमा जानुपर्दछ, यस कुरामा सन्देह छैन, तथापि जहाँ विरोधी रहेको हुन्छ, तहाँ गएर कल्याण हुँदैन" ॥ ५ ॥ ६ ॥ (क)

भाँति अनेक संभु समुझावा ✿ भावीबस न ज्ञानु उर आवा ॥७॥
कह प्रभु जाहु जो बिनहिं बोलाएँ ✿ नहि भलि बात हमारें भाएँ ॥८॥

इत्यादि अनेक प्रकारसँग शंकरजीले संझाउनुभयो, परन्तु भवितव्यताका प्रभावले सतीका हृदयमा ज्ञान आएन ॥ ७ ॥ (ख)

(❋) "कोही समयमा ब्रह्माजीले सत्र (धेरै वर्ष लाएर गर्नुपर्ने यज्ञविशेष) थाल्नुभएको थियो । त्यसमा संसारभरका ठूला ठूला व्यक्ति उपस्थित हुन्थे, एकदिन ब्रह्माका सभामा विष्णुका साथ म बसेको थिएँ, ब्रह्माजी पनि हुनुहुन्थ्यो । पछिबाट दक्ष पनि आए । सबै जनाले उठेर दक्षको स्वागत सत्कार गरे । म पनि उठिनँ, विष्णु पनि उठ्नुभएन, दक्ष ब्रह्माजीलाई प्रणाम गरेर उहाँका आज्ञाले बसे । बसिरहेको मलाई देख्ता मदान्ध भएका दक्ष प्रजापतिलाई क्रोधले पछाऱ्यो र नाना प्रकारका दुर्वाच्यको प्रलाप गरायो । आखिरमा "अरू देवतासरह यज्ञभाग नपाएस्" भनेर मलाई तिनले शाप दिए । त्यहाँदेखि यता ती मेरो मानभङ्ग गर्न खूब लागेका छन् । तिमीलाई निमन्त्रण नदिनु पनि मेरो मानभङ्ग हो" इत्यादि रूपले विस्तारपूर्वक आफ्नो वृत्तान्त शंकरले बताउनुभएको छ ॥

(क) "निमन्त्रण नआए पनि मित्रका, मालिकका, बाबुका, गुरुका घर शिष्टहरू बराबर जाँदैछन्" भनेर सतीदेवीले

"अनाहुता अप्यभियन्ति सौहृदं भर्तुर्गुरोर्देहकृतश्च केतनम्" [श्रीभाग०]

यो बहस गर्नुभएकोमा शंकरजीले यो उत्तर दिनुभएको हो ।

(ख) अवश्य हुनुपर्ने कुरामा विधाताको इच्छा वेगवान् वायुजस्तो अप्रतिहत भएर जतातिर दौडन्छ, प्राणीका मनले तृणजस्तो भएर त्यतैतिर हुत्तिनुपर्छ अड्न सक्तैन ।

अनि फेरि शंकरजीले "नबोलाईकन पनि गयौभने, असल हुनेछैन, भन्ने कुरा मेरो हृदयले देख्तछ" भन्नुभयो ॥ ८ ॥ (क)

दोहा–कहि देखा हर जतन बहु रहै न दक्षकुमारि ।
दिए मुख्य गन संग तब बिदा कीन्ह त्रिपुरारि ॥७४॥

त्रिपुरारि (शंकरजी) ले अनेक कोशिश (यत्न) का साथ भनेर हेर्नुभयो, तर सतीदेवी रहनुभएन । अनि आफ्ना मुख्य गण साथ लाइदिएर सतीदेवीलाई विदा गर्नुभयो ॥ ७४ ॥

चौ०-पिता भवन जब गई भवानी ❀ दक्षत्रास काहु न सनमानी ॥१॥
सादर भलेहि मिली एक माता ❀ भगिनी मिलीं बहुत मुसुकाता ॥२॥

सतीदेवी पिताका घरमा जब जानुभयो, तब दक्षका डरले कसैले पनि सन्मान गरेन । एउटी आमाले आदरसाथ भेट गरिन्, दिदीबहिनीहरूले मुसुक्क मुसुक्क हाँस्तै भेट गरे ॥ १ ॥ २ ॥

दक्ष न कछु पूछी कुसलाता ❀ सतिहि बिलोकि जरे सब गाता ॥३॥
सतीं जाइ देखेउ तब जागा ❀ कतहु न दीख संभु कर भागा ॥४॥

दक्षप्रजापतिले कुशल-मंगल (छेमकुशल) केही सोधेनन्, सतीलाई देखेर उनको सब शरीर रिसले जल्न लाग्यो । तब सतीले गएर यज्ञशाला हेर्नुभयो, शंकरजीको भाग कहीं देखिएन ॥ ३ ॥ ४ ॥

तब चित चढेउ जो शंकर कहेऊ ❀ प्रभु अपमानु समुझि उर दहेऊ ॥५॥
पाछिल दुखु न हृदय अस ब्यापा ❀ जस यह भएउ महा परितापा ॥६॥

अनि शंकरजीले जो भन्नुभएको थियो, त्यो कुरा सतीदेवीका हृदयमा चढ्यो । प्रभु शंकरजीको अपमान संझेर उहाँको कलेजा जल्न लाग्या । अहिले जसरी यो महासंतापले हृदय ढाक्यो, त्यसरी ता अघिल्ला दुःखले (रामपरीक्षाको पर्वना भएका दुःखले) हृदय ढाकेको थिएन ॥ ५ ॥ ६ ॥

अवश्यभव्येष्वनवग्रहग्रहा यया दिशा धावति वेधसः स्पृहा ।
तृणेन वात्येव तयानुगम्यते जनस्य चित्तेन भृशावशात्मना ॥

[कवितार्किकशिरोमणि श्रीहर्ष]

(क) यही कुरा "मेरो वचन नाघेर तिमी गयौभने, तिम्रो भलो हुनेछैन, किनभने, प्रतिष्ठित (इज्जतदार) व्यक्तिलाई आपस्तबाट तिरस्कार हुन आयोभने, त्यो तिरस्कारले तुरन्तै प्राण लिन्छ।"

यदि व्रजिष्यस्यतिहाय मद्वचो भद्रं भवत्या न ततो भविष्यति ।
संभावितस्य स्वजनात् पराभवो यदा स सद्यो मरणाय कल्पते ॥

[श्रीमद्भागवत दक्षयज्ञोपाख्यान]

भनेर भागवतमा स्पष्ट खोलेको छ ।

जद्यपि जग दारुन दुख नाना ❀ सब तें कठिन जाति अवमाना ॥७॥
समुझि सो सतिहि भएउ अति क्रोधा ❀ बहु बिध जननी कीन्ह प्रबोधा ॥८॥

यद्यपि संसारमा नाना प्रकारका कडा-कडा दुःख छन्, तथापि सबभन्दा कडा दुःख जाति (आपस्त) को अपमान हो । यो कुरा संझेर सतीदेवीलाई अत्यन्त क्रोध चढ्यो । उहाँकी आमाले धेरै तरहले प्रबोध गरिन् (संझाइन् बुझाइन्) ॥ ७ ॥ ८ ॥

दोहा–सिव अपमानु न जाइ सही हृदय न होइ प्रबोध ।
सकल सभहि हठि हटकि तब बोलीं बचन सक्रोध ॥७५॥

शंकरजीको अपमान सहन नसकिने भयो, हृदयमा ज्ञान भएन (संसार यस्तै हो, मान-अपमान-लाभ-हानि-सुख-दुःख हुनु सांसारिक स्वभावै हो, सबै प्राणी प्राक्तनकर्मका अधीन छन् इत्यादि विवेक हुन सकेन) र सारा सभालाई जबर्दस्तीले हट्केर (खबरदार ! मूर्खहो ! थाहा पाउला इत्यादि बोलेर) क्रोधका साथ सतीदेवीले यो वचन बोल्नुभयो ॥ ७५ ॥

चौ०–सुनहु सभासद सकल मुनिंदा ❀ कही सुनी जिन्ह संकर निंदा ॥१॥
सो फलु तुरत लहब सब काहूँ ❀ भली भाँति पछिताव पिताहूँ ॥२॥

"सभासद्हो ! मुनीन्द्रहो ! सबैजना सुन, जसले शंकरजीको निन्दा गर्दछ, जसले शंकरजीको निन्दा सुन्दछ, त्यसको त्यो फल तिमीहरू सबैले पाए, पिता (दक्ष) पनि खूब पछिताऊन् ॥ १ ॥ २ ॥

संत संभु श्रीपति अपबादा ❀ सुनिअ जहाँ तहँ असि मरजादा ॥३॥
काटिअ तासु जीभ जो बसाई ❀ श्रवन मूदि न त चलिअ पराई ॥४॥

भोलानाथ शंकरजीको र श्रीपति भगवान् विष्णुको जहाँ निन्दा हुन्छ, त्यहाँ यस्तो मर्यादा (थिति) छ, कि ताकत छभने निन्दा गर्नेको जिभ्रा (जिह्वा) लाई चटक्क चुँडिदिनू, छैनभने २ कान थुनीकन भागेर जानू ॥ ३ ॥ ४ ॥ (क)

जगदातमा महेस त्रिपुरारी ❀ जगतजनक सब के हितकारी ॥५॥
पिता मंदमति निंदत तेही ❀ दक्ष सुक्र संभव यह देही ॥६॥

(क) यदा "यदा हि धर्मस्य ग्लानिर्भवति भारत ! अभ्युत्थानमधर्मस्य तदात्मानं सृजाम्यहम् ॥
परित्राणाय साधूनां विनाशाय च दुष्कृताम् । धर्मसंस्थापनार्थाय संभवामि युगे युगे ॥"
यस्तो आश्वासन वचन दिने धर्मरक्षक परमेश्वरलाई निरंकुश (मनपरी गर्ने मनपरी बोल्ने दुर्जन) हरूले निन्दा गर्न लागेमा ताकत पुग्दैनभने दुइ कान थुनेर त्यहाँबाट हिंडोस्, ताकत पुग्दछभने अलच्छिनी बोली बोल्ने त्यो दुष्ट जिह्वालाई छ्वाट्ट चुँडिदेओस् र त्यसबापत प्राण छोड्नुपर्दछभने छाडोस्, धर्म त्यही हो " भनी भागवतका दक्षयज्ञोपाख्यानमा पनि भनेको छ—

कर्णौ पिधाय निरियाद्यदकल्प ईशे, धर्मावितर्यसृणिभिर्नृभिरस्यमाने ।
छिन्द्यात् प्रसह्य रुशतीमसतीं प्रभुश्चेज्जिह्वामसूनपि ततो विसृजेत् स धर्मः ॥

शंकरजी जगत्का आत्मा, ठूला मालिक, त्रिपुरासुरलाई मारेर संसारको रक्षा गर्ने, जगत्पिता, सर्वहितकारी हुनुहुन्छ। उम्ता उहाँलाई यी महामूर्ख मेरा बाबु निन्दा गर्दछन्? यो मेरो शरीर यिनै पापी दक्षका शुक्र (वीर्य) बाट पैदा भएको हो ॥ ५ ॥ ६ ॥

तजिहौं तुरत देह तेहि हेतू ❀ उर धरि चन्द्रमौलि बृषकेतू ॥७॥
अस कहि जोग अगनि तनु जारा ❀ भएउ सकल मख हाहाकारा ॥८॥

चन्द्रशेखर वृषकेतु (धर्मस्वरूप नन्दीकेश्वरलाई झण्डामा राख्ने = महाधार्मिक) शंकरजीलाई हृदयमा राखेर, म त्यसै कारणले यो पाजी शरीर छाड्दछु" यस्तो बोलेर सतीदेवीले योगाग्निद्वारा (योगको धारणा गरेर उठाएका अग्निले) आफ्नो शरीर जलाउनुभयो। सारा यज्ञमण्डपमा हाहाकार मच्चियो ॥ ७ ॥ ८ ॥ (क)

दोहा—सतीमरनु सुनि संभुगन लगे करन मख खीश।
जग्यबिधंस बिलोकि भृगु रक्षा कीन्हि मुनीस ॥७६॥

सतीदेवीका मरणको खबर सुनेर शंकरजीका प्रमथगण यज्ञको विध्वंस गर्नलागे। यज्ञको विध्वंस भएको देखेर भृगुनाम भएका मुनिपुङ्गवले रक्षा गरे ॥ ७६ ॥ (ख)

चौ०—समाचार जब संकर पाए ❀ बीरभद्रु करि कोपु पठाए ॥१॥
जग्यबिधंस जाइ तिन्ह कीन्हा ❀ सकल सुरन्ह बिधिवत फलु दीन्हा ॥२॥

जब शंकरजीले त्यो समाचार पाउनुभयो तब क्रोधले वीरभद्र पैदा गर्नुभयो र पठाउनुभयो। तिनले गएर यज्ञको विध्वंस गरे, त्यहाँ रहेका देवता ऋषि प्रभृति सबैलाई विधिवत् (विधि पुऱ्याएर = जसलाई जसो गर्नु पर्छ उसै गरी, अथवा विधाताले जसरी कर्मको फल दिन्छन् उसै गरी) फल दिए ॥ १ ॥ २ ॥

भै जगबिदित दक्षगति सोई ❀ जसि कछु संभुबिमुख कै होई ॥३॥
यह इतिहास सकल जग जानी ❀ ताते मैं संक्षेप बखानी ॥४॥

शङ्करदेखि विमुख हुने सकसको जस्तो गति (नतीजा) हुनुपर्दछ, दक्षप्रजापतिको जगत्प्रख्यात उस्तै गति भयो (बोकेको टाउको टाँसेर मे मे गर्नु पर्‍यो) ॥ ३ ॥

(क) सतीदेवीको यो चरित्रबाट दुनियाँले उपदेश लिनुपर्दछ, के भने ?

बाबूले यज्ञ गर्दा सब दिदिबहिनी डाकिई रद्द पर्दा
निम्तासिम्ता नगर्दा पनि गइ हठले बाबुको मन्नपर्दा।
बेपर्दा भै सतीले रिस गरि बहुतै यज्ञका बीच मर्दा
जान्यौ ! सज्ञान-जन्हो ! पर-गृह नगए लोभले बुद्धि हर्दा ॥

पुरुषार्थकल्पवल्ली

(ख) प्रमथगणले यज्ञविध्वंस गर्न लाग्दा भृगुऋषिले यज्ञघ्न (यज्ञविघ्न गर्नेलाई मार्ने) मन्त्र पढेर होम गरे, त्यताबाट ऋभुनाम भएका अनेकानेक देवता पैदा भए र तिनैले यज्ञवेदीमा बलिरहेका अगुल्टाको प्रहार गरेर प्रमथगणलाई भगाए।

यो इतिहास सारा संसारले जानेको छ, त्यसै कारणले मैले संक्षेपसँग भने ॥ ४ ॥

सतीं मरत हरि सन बरु मागा ❀ जनम जनम सिवपद अनुरागा ॥५॥
तेहि कारन हिमगिरिगृह जाई ❀ जनमी पारबती तनु पाई ॥६॥

"जन्मजन्ममा शङ्करजीका चरणमा प्रेम रहोस्" यस्तो वर सतीदेवीले मर्ने वेलामा रामजीसँग माग्नुभएको थियो, त्यसै कारणले हिमालयनामक पर्वतराजका घरमा पुगेर पार्वतीको चोला लिएर जन्मनुभयो ॥ ५ ॥ ६ ॥ (क)

जब तें उमा सैलगृह जाई ❀ सकल सिद्धि संपति तहँ छाई ॥७॥
जहँ तहँ मुनिन्ह सु आश्रम कीन्हे ❀ उचित बास हिम भूधर दीन्हे ॥८॥

जैलेदेखि सती देवी पर्वतराज हिमालयको घर जानुभयो, त्यसै वेलादेखि त्यो घरमा सिद्धि-संपत्ति भरिन लागे। हिमालयले मुनासीब मुनासीब गरेर वास दिए र जहाँ-तहीं मुनिहरूले राम्रा २ आश्रम बनाए ॥ ७ ॥ ८ ॥

दोहा–सदा सुमन फल सहित सब द्रुम नव नाना जाति।
प्रगटीं सुन्दर सैल पर मनि आकर बहु भाँति ॥७७॥

त्यो पर्वतमा (पार्वतीजन्मका उप्रान्त) नाना प्रकारका नयाँ नयाँ वृक्ष पैदा भए, ती वृक्ष सधैं फुल्ने सधैं फल्ने सुन्दर थिए। अनेक प्रकारका राम्रा २ मणिका खानि पनि त्यहाँ प्रकट भए ॥ ७७ ॥

चौ०–सरिता सब पुनीत जलु बहहीं ❀ खग मृग मधुप सुखी सब रहहीं ॥१॥
सहज बयरु सब जीवन्ह त्यागा ❀ गिरि पर सकल करहिं अनुरागा ॥२॥

हिमालयका सब नदी पवित्र जल जलवाहिनी भए। पक्षी, मृग, भ्रमर सबै सुखी भएर रहन लागे। सबै जीव-जन्तुले स्वाभाविक परस्पर वैरभाव छोड़े। त्यहाँ सबै प्राणी प्रेम गर्न लागे ॥ १ ॥ २ ॥

सोह सैल गिरिजा गृह आएँ ❀ जिमि जनु रामभगति के पाएँ ॥३॥
नित नूतन मंगल गृह तासू ❀ ब्रह्मादिक गावहिं जसु जासू ॥४॥

रामभक्ति पाउनाले मानिस सुशोभित भए झैं पार्वती घरमा आउनाले हिमालय सुशोभित भए। तिनको घर नित्य नयाँ नयाँ मंगल (उत्सव) ले युक्त भयो, जुन घरको यशलाई ब्रह्मादि देवता पनि तारीफ गर्दछन् ॥ ३ ॥ ४ ॥

नारद समाचार सब पाए ❀ कौतुकहिं गिरिगेह सिधाए ॥५॥
सैलराज बड़ आदर कीन्हा ❀ पद पखारि बर आसनु दीन्हा ॥६॥

(क) नदी पर्वतप्रभृतिका २-२ रूप हुन्छन्। एउटा रूप पानी र पहाडको हो, अर्को रूप अरू देवताको जस्तो हुन्छ। अतएव गङ्गानदीबाट भीष्मपितामह जन्मेझैं हिमालयपर्वतकी पत्नी मेनाबाट पार्वती जन्मनुभयो। पर्वतकी छोरी हुनाले पार्वती नाम रहेको हो।

नारदमुनिले यो सब समाचार पाउनुभयो, लहड लाग्यो र उहाँ हिमालयका घर जानुभयो, पर्वतराज हिमालयले बड़ो आदर गरे, पाउ पखालेर उत्तम आसन दिए ॥ ५ ॥ ६ ॥

नारि सहित मुनिपद सिरु नावा ❀ चरन सलिल सबु भवनु सिचावा ॥७॥
निज सौभाग्य बहुत गिरि बरना ❀ सुता बोलि मेली मुनिचरना ॥८॥

हिमालयले स्त्रीसहित भएर मुनिका चरणमा शिर राखे। नारदमुनिको चरणोदक घरमा सर्वत्र छर्के। आफ्ना भाग्यको तारीफ गरे। छोरी (पार्वती) लाई बोलाएर नारदमुनिका पाउमा राखिदिए ॥ ७ ॥ ८ ॥

दोहा–त्रिकालग्य सर्बग्य तुम्ह गति सर्बत्र तुम्हारि ।
कहहु सुताके दोष गुन मुनिबर ! हृदय बिचारि ॥७८॥

हे मुनिवर ! तपाईं त्रिकालज्ञ (तीनै कालको वृत्तान्त जान्ने) र सर्वज्ञ हुनुहुन्छ। तपाईंको गति सर्वत्र छ (जहाँ पनि जान सक्नुहुन्छ) हृदयमा विचार गरेर यो छोरीको गुणदोष (शुभाशुभ) बताउनुहवोस्" ॥ ७८ ॥ [भनी गिरिराजले सोधे]

चौ०–कह मुनि बिहसी गूढ़ मृदु बानी ❀ सुता तुम्हारी सकल गुन खानी ॥१॥
सुंदर सहज सुसील सयानी ❀ नाम उमा अंबिका भवानी ॥२॥

नारदमुनिले हाँसेर "तपाईंकी छोरी सकल सद्गुणकी खानि रहिछन्। यी सुन्दर असल शीलस्वभावले जन्मैदेखि सुशोभित भएकी र बुद्धिमती रहिछन्। यिनका उमा, अम्बिका भवानी यी नाम प्रसिद्ध हुनेछन्" भनेर गूढ़[1] कोमल वचन बोल्नुभयो ॥ १ ॥ २ ॥

सब लक्षन संपन्न कुमारी ❀ होइहि संतत पिअहि पिआरी ॥३॥
सदा अचल एहि कर अहिवाता ❀ एहि तें जसु पैहहिं पितु माता ॥४॥
होइहि पूज्य सकल जग माही ❀ एहि सेवत कछु दुर्लभ नाही ॥५॥
एहि कर नामु सुमरि संसारा ❀ त्रिय चढ़िहहिं पतिब्रत असिधारा ॥६॥
सैल ! सुलक्षन सुता तुम्हारी ❀ सुनहु जे अब अवगुन दुइ चारी ॥७॥

[नारदजीले फेरि भन्नुभयो कि] गिरिराज ! तपाईंकी यी कन्या सर्वलक्षणसंपन्न (सबै लच्छिनले संयुक्त भएकी) रहिछन्। यी सदामर्वदा पतिकी प्यारी हुनेछन्। यिनको अभिभात (सौभाग्य) सदा अचल रहनेछ। यिनबाट बाबु-आमाले जस पाउनेछन् ॥ ३ ॥ ४ ॥

यी जगत्मा सर्वत्र पूज्य हुनेछन्। यिनको सेवा गर्‍योभने कसैलाई केही दुर्लभ हुनेछैन। संसारमा यिनको नाम सम्झेर स्त्रीहरू तरवारको धारजस्तो (अलिकति तलमाथि पर्दा चोट पुर्‍याउने) पातिव्रतधर्ममा चढ्नेछन् ॥ ५ ॥ ६ ॥

---

(१) नारदका गूढ़ वचनबाट "यी तिम्री छोरी सत्व रज तम यी तीनै गुणकी खानि (आधार) हुन् अर्थात् गुणत्रयमयी महामाया हुन्, यी तपस्याले प्रसिद्ध भएको नाम (उमा), आफ्ना स्वाभाविक गुणले (जगत् उत्पन्न गर्न र पाल्न सक्ने हुनाले) जगज्जननीत्वलाई प्रकट गर्ने नाम (अम्बिका), भव (शंकरजी) सँगको नाता बुझाउने नाम (भवानी) ले प्रसिद्ध हुनेछन्" यस्तो वास्तविक अर्थ पनि बुझिन्छ ॥

शैलराज ! तपाईंकी छोरी सुलक्षणी (लच्छिनी) छन् , अब यिनका अवगुण (दोष) २४ जो छन् , ती पनि सुन्नुहोस् ॥ ७ ॥

अगुन अमान मातु पितु हीना ❀ उदासीन सब संसय छीना ॥८॥

गुण[1] कत्ति नभएका, मान[2] (इज्जत) नभएका, आमा[3]-बाबु नभएका, उदासीन[4] (कुनै काममा पनि तङ् नलाउने) सबै[5] सन्देहले क्षीण भएका (गलेका)—॥ ८ ॥

दोहा–जोगी जटिल अकाम मन नगन अमंगल बेष ।
अस स्वामी एहि कहँ मिलिहि परी हस्त असि रेख ॥७९॥

जोगी,[6] जटाधारी[7], अकाममन[8] (मनले काम गर्न नचाहने = अल्छी) नगन[9] (नांगा = कंगाली) अमङ्गल[10] भेष भएका यस्ता पति यिनले पाउनेछन् , यिनको हस्तरेखा यस्तै परेको छ" ॥ ७९ ॥

चौ०–सुनि मुनिगिरा सत्य जिय जानी ❀ दुखु दंपति हि उमा हरषानी ॥१॥
नारदहूँ यह भेदु न जाना ❀ दसा एक समुझब बिलगाना ॥२॥

नारदमुनिको वचन सुन्दा मनले साँचो ठानेर ती दम्पतिलाई (हिमालय र मेनालाई) दुःख लाग्यो, पार्वतीभने हर्षित हुनुभयो । नारदसमेतले यो भेद जानेनन् , किनभने, देख्ताखेरि तीनै जनाको (हिमालय-मेना-पार्वती यिनको) दशा (हालत) एकै किसिमको थियो, तर बुझ्दा तिनको दशा बेग्लै २ थियो (अर्थात् विषादको र हर्षको प्रभावले एक प्रकारको अवस्था पार्‍यो तापनि समझदार ज्ञानचक्षु भएका व्यक्तिले हेर्दा त्यो अवस्था बेग्लै थियो, (कसरी भने ?) ॥ १ ॥ २ ॥

सकल सखीं गिरिजा गिरि मैना ❀ पुलक सरीर भरे जल नैना ॥३॥
होइ न मृषा देवरिषि भाषा ❀ उमा सो बचनु हृदय धरि राखा ॥४॥

पार्वतीका सबै संगिनी पार्वती-हिमालय-मेना यिनका शरीरभरी पुलक (रोमाञ्च) उम्र्यो, नेत्रमा जल भरियो (पार्वतीका भविष्यत्पतिको त्यो दुरवस्था सुनेर अरूहरूलाई दुःखले रोमाञ्च भयो, आँसु पनि आयो । आफूले सतीदेह त्याग गर्दा "सती मरत हरि सन बर मागा, जनम-जनम सिवपद अनुरागा" यो वचनको अनुसार हरिसंग मागेको वरबाट जातिस्मरण भई शिवजीमा अनुराग लागेको हुनाले र आफ्नो प्रार्थना पूर्ण गरिदिने रघुनाथजीमा विशेष भक्ति

---

(१) सत्व रज-तम यी ३ गुणदेखि पर रहेर गुणातीत कहलाएका । (२) परिमाण नभएका = यत्राउत्रा भन्न नसकिने, यस्ता उस्ता भन्न पनि न सकिने अर्थात् अप्रमेय । (३) उत्पत्तिवर्जित । (४) मायादेखि फरक रहेर केवल साक्षीरूपले मायाको प्रपञ्च देख्ने । (५) सन्देहहीन (सर्वज्ञ) भएका । (६) योगको पराकाष्ठा = समाधिमा फेला पर्ने । (७) नाना प्रकारका रूपमध्ये धूर्जटिरूपलाई रुचाउने । (८) आप्तकाम हुनाले कुनै काभना नगर्ने अर्थात् सर्वैश्वर्यपूर्ण । (९) गन (गण अर्थात् जनसमूह) नहुने अर्थात् "एकं ब्रह्मैवाद्वितीयम् समस्तम्" "एको रुद्रो न द्वितीयोऽवतस्थे" भनेर शास्त्रले बखान गरिएका) । (१०) अमंगल (सर्वोपरि रहेको मंगल) वेष भएका । नारजीका गूढवचनमा यस्तो पारमार्थिक अर्थ बुझिन्छ ।

जाग्रत भएको हुनाले पार्वतीलाई पनि रोमाञ्च र अश्रुपात भयो), तर देख्ने मानिसको ता कुरा ? नारदजीले पनि यो भेद बुझ्न सक्नुभएन ॥ ३ ॥

देवऋषि नारदजीले जो बोल्नुभयो त्यो मिथ्या हुनेछैन भनेर पार्वतीले नारदका वचनलाई हृदयमा पक्डिराख्नुभयो (बिर्सनुभएन) ॥ ४ ॥

उपजेउ सिवपद कमल सनेहू ❀ मिलन कठिन मन भा संदेहू ॥५॥
जानि कु अवसरु प्रीति दुराई ❀ सखि उछंग बैठी पुनि जाई ॥६॥
झूठि न होइ देवरिषि बानी ❀ सोचहिं दंपति सखीं सयानी ॥७॥
उर धरि धीर कहै गिरिराऊ ❀ कहहु नाथ का करिअ उपाऊ ॥८॥

शिवजीका चरणकमलमा स्नेह (प्रेम) उत्पन्न भयो, तर मनमा "मिल्न (भेट हुन) कठिन (मुश्किल) छ" भन्ने सन्देह पनि भयो, कुसमय (बेमौका) जानेर प्रीतिलाई छिपाउनुभयो र गईकन पार्वतीजी सखीका काखमा बस्नुभयो ॥ ५ ॥ ६ ॥

हिमालय-मेना-चतुर सखीहरू "देवऋषि (नारद) की वाणी झूट (असत्य) हुन्न" भनेर सुर्ता गर्न लागे। हृदयमा धैर्य धारण गरेर गिरिराज हिमालयले "हे नाथ ! के उपाय गर्ने हो, बताउनुहोस्" भने ॥ ७ ॥ ८ ॥

दोहा—कह मुनीस हिमवंत सुनु जो बिधि लिखा लिलार।
देव दनुज नर नाग मुनि कोउ न मेटनिहार ॥८०॥

नारदमुनिले भन्नुभयो कि हे हिमवन्त ! सुन्नुहवोस्, विधाताले ललाटमा जो लेखेको छ, त्यो कर्म रेखालाई देवता-दानव-मनुष्य-नाग-मुनि कोही पनि मेट्न सक्तैनन् ॥ ८० ॥

चौ०—तदपि एक मैं कहौं उपाई ❀ होइ करै जौं दैउ सहाई ॥१॥
जस बरु मैं बरनेउँ तुम्ह पाहीं ❀ मिलिहि उमहि तस संसय नाहीं ॥२॥

तैपनि म एउटा उपाय भन्दछु, दैवले सहायता गऱ्योभने त्यो हुनसक्तछ ॥ १ ॥

मैले तपाईंसंग जस्तो वर वर्णन गरें, त्यस्तै वर पार्वतीले पाउँछिन्, यसमा केही संदेह छैन ॥ २ ॥

जे जे बर के दोष बखाने ❀ ते सब सिव पहि मैं अनुमाने ॥३॥
जो बिवाहु संकर सन होई ❀ दोषौ गुनसम कह सबु कोई ॥४॥

मैले वर (पति) का जुन जुन दोष बखान गरें, ती सबै दोष शिवजीमा छन् भनी मैले अनुमान गरें। शंकरसंग पार्वतीको विवाह भयोभने सबै जना ती दोषलाई गुणसमान भन्नेछन् ॥ ३ ॥ ४ ॥

जौं अहिसेज सयन हरि करहीं ❀ बुध कछु तिन्ह कर दोषु न धरहीं ॥५॥
भानु कृसानु सर्ब रस खाहीं ❀ तिन्ह कहँ मन्द कहत कोउ नाहीं ॥६॥
सुभ अरु असुभ सलिल सब बहई ❀ सुरसरि कोउ अपुनीत न कहई ॥७॥

समरथ कहुँ नहि दोषु गोसाँई ❀ रबि पावक सुरसरि की नाई ॥८॥

विष्णुभगवान् सर्पको पलंगमा जो शयन गर्नुहुन्छ, त्यसमा उहाँलाई कुनै समझदारले पनि केही दोष लाउँदैन । सूर्य र अग्नि सबै रस खान्छन् (यो रस पवित्र यो अपवित्र भन्ने विवेक राख्तैनन्) ती दुईलाई पनि कोही मूर्ख भन्दैन ॥ ५ ॥ ६ ॥

देवनदी गङ्गाजी पवित्र अपवित्र सबै चीज धारणा गर्नुहुन्छ, अथवा बगाउनुहुन्छ, उहाँलाई कोही अपवित्र भन्दैन । गोस्वामी भन्दछन् कि सूर्य-अग्नि-गङ्गाजीलाई जस्तै समर्थलाई दोष लाग्दैन ॥ ७ ॥ ८ ॥

दोहा–जौं अस हिसिषा करहिं नर जड बिबेक अभिमान ।
परहिं कलप भरि नरक महु जीव कि ईस समान ॥८१॥

जो व्यक्ति त्यसै (पूर्ण सामर्थ्य नभैकन) जडविवेक (चेतनज्ञान नभएको) हुनाले अभिमानका साथ ईर्ष्या (उनले गर्न हुने हामीले किन नहुने ? यस्तो रिस) गर्दछन्, ती बेवकूफहरू कल्पभर नरक पर्दछन् । तुच्छातितुच्छ जीव ईश्वरसमान हुन्छ र ? ॥ ८१ ॥

चौ०–सुरसरि जलकृत बारुन जाना ❀ कबहुँ न संत करहिं तेहि पाना ॥१॥
सुरसरि मिलें सो पावन जैसें ❀ ईस अनीसहि अंतरु तैसें ॥२॥

मदिरा गङ्गाजीका पवित्र जलले बनाएको हो भनेर जान्ने सन्तहरू त्यो मदिरा कहिल्यै पिउँदैनन् (किनभने, गङ्गाजल पवित्र हो तापनि अपवित्र मदिराका पदार्थमा मिल्न गएको छ, जसरी निर्मल ब्रह्म शरीरमा रहँदा मलिन जीव हुन्छ) फेरि त्यो मदिरा गङ्गाजीका प्रवाहमा पोखिदिंदा पनि गङ्गाजीको जल पवित्रै हुन्छ, त्यो कसरी ? (त्यति जाबो मदिराले त्यत्री गङ्गाजीलाई अपवित्र पार्न सक्तैन अर्थात् ठूलामा मिल्न गएको सानो पनि ठूलो हुन्छ, सानामा मिल्न गएको ठूलो पनि सानो हुन्छ) ईश (ईश्वर) र अनीश (जीव) र ? यी दुईको अन्तर (भेद) यस्तै छ ॥ (अर्थात् व्यापक ब्रह्म र परिच्छिन्न ब्रह्म (जीव) मा, वास्तव अभेद भए पनि साधनद्वारा व्यापक ब्रह्मको तादात्म्य भएपछि मात्रै परिच्छिन्न ब्रह्म (जीव) उच्च-कोटिमा पुग्दछ र "समरथको नहिं दोष गुसाँई" को उदाहरण हुन आउँछ । व्यापक ब्रह्मको तादात्म्य नहुनाले तुच्छ कोटिमा रहेको परिच्छिन्न ब्रह्म (जीव) ता "परहिं कलप भरि नरक महु" यसको उदाहरण हुन आउँछ) । [त्यसो हुनाले "कृष्णले यसो यसो गरे, हामीले किन नगर्नू ?" इत्यादि बकवाद गर्नु फगत आफ्नो जडविवेक देखाउनु हो] ॥ १ ॥ २ ॥

संभु सहज समरथ भगवाना ❀ एहिं बिवाह सब बिधि कल्याना ॥३॥
दुराराध्य पै अहहिं महेसू ❀ आसुतोष पुनि किएँ कलेसू ॥४॥

शंकरजी स्वभावसिद्ध समर्थ र भगवान् (षडैश्वर्यसंपन्न) हुनुहुन्छ, उहाँसँग विवाह भयोभने सब तरहबाट कल्याण हुन्छ । परन्तु महेश (शंकरजी) दुराराध्य (रिझाउन मुश्किल पर्ने) हुनुहुन्छ, क्लेश गरेपछि ता (दुःख खपेर सेवा गरे ता) आशुतोष (चाँडो खुशी हुने) पनि हुनुहुन्छ ॥ ३ ॥ ४ ॥

जौ तपु करै कुमारि तुम्हारी ❀ भाविउ मेटि सकहिं त्रिपुरारी ॥५॥
जद्यपि बर अनेक जग माही ❀ एहि कहँ सिव तजि दूसर नाही ॥६॥

यदि तपाईंकी छोरी तपस्या गरून् ता शंकरजी भावीलाई पनि मेट्न सक्नुहुन्छ। यद्यपि जगत्मा वर अनेक छन्, तथापि यिनका हकमा शिवजीबाहेक अर्को दोस्रो छैन॥ ५ ॥ ६ ॥

बरदायक प्रनतारतिभंजन ❀ कृपासिंधु सेवक मन रंजन ॥७॥
इछित फल बिनु सिव अवराधें ❀ लहिअ न कोटि जोग जप साधें ॥८॥

शंकरजी वरदाता प्रणतार्तिभञ्जन (शरणागतदुःखहारी) दयासागर र भक्तजन मनरञ्जन हुनुहुन्छ। विना शंकरजीको आराधनाले करोडौं उपाय जप तप जोग साधे पनि (गरे पनि) इष्ट-फल पाइँदैन ॥ ७ ॥ ८ ॥

दोहा—अस कहि नारद सुमिरि हरि गिरजहि दीन्हि असीस।
होइहि यह कल्यान अब संसय तजहु गिरीस ! ॥८२॥

यसो भनेर, हरिको स्मरण गरीकन नारदजीले पार्वतीलाई आशीष दिनुभयो। फेरि "हे गिरिराज ! अब यिनको कल्याण हुनेछ, सन्देह छाड्नुहोस्" ॥ ८२ ॥

चौ०—कहि अस ब्रह्मभवन मुनि गएऊ ❀ आगिल चरित सुनहु जस भएऊ ॥१॥
पतिहि एकांत पाइ कह मैना ❀ नाथ न मैं समुझे मुनिबैना ॥२॥

यसो भनेर नारदमुनि ब्रह्मलोक जानुभयो, हेभरद्वाज ! त्यहाँउप्रान्तको जस्तो चरित्र भएको छ त्यो सुन्नुहवोस् ॥ १ ॥

एकान्तमा पतिलाई भेटेर मेनाले भन्न लागिन् कि "हे स्वामी ! मैले नारदमुनिको वाणी वुझिनँ ॥ २ ॥

जौ घरु बरु कुलु होइ अनूपा ❀ करिअ बिवाहु सुता अनुरूपा ॥३॥
न त कन्या बरु रहे कुआरी ❀ कंत उमा मम प्रानपिआरी ॥४॥

हे कान्त ! (प्रिय !) घर १ वर २ कुल ३ यी कुरा अनुपम (बेजोड) असल छन्-भने छोरीको अनुरूप (लायक = सुहाउँदो) विवाह गर्नुहोस्, त्यसो होइनभने बरु छोरी कुमारी (अविवाहिता) नै रहोस्। यो छोरी मेरी प्राणप्यारी छ ॥ ३ ॥ ४ ॥

जौ न मिलिहि बरु गिरिजहि जोगू ❀ गिरि जड सहज कहिहि सबु लोगू ॥५॥
सो बिचारि पति करेहु बिवाहू ❀ जेहि न बहोरि होइ उर दाहू ॥७॥

पार्वतीले योग्य वर पाइनन् (अयोग्यमा परिन्) भने, सबजना "पर्वत स्वभावैले जड हुन्छ" भन्न थाल्नेछन्। स्वामी ! त्यो विचार गरेर विवाह गर्नुहोस्, जसरी हृदयमा ठूलो दाह (संताप) नहोस् ॥ ५ ॥ ६ ॥

अस कहि परी चरन धरि सीसा ❀ बोले सहित सनेह गिरीसा ॥७॥
बरु पावक प्रगटै ससि माही ❀ नारदबचनु अन्यथा नाही ॥८॥

यसो भनेर मेना शिर राखेर पतिका चरणमा परिन् । गिरिराज हिमालय स्नेह-सहित भएर बोले कि "बरू चन्द्रमाबाट आगो निस्कला, नारदको वचन अन्यथा हुनेछैन ॥ ७ ॥ ८ ॥

दोहा–प्रिया सोचु परिहरहु सब सुमिरहु श्रीभगवान ।
पारबतिहि निरमएऊ जेहि सोइ करिहि कल्यान ॥८३॥

प्यारी ! मेना ! शोक-सुर्ता सबै छोड़, श्रीभगवान्‌लाई संझ । जसले पार्वतीको जन्म दियो उसैले कल्याण पनि गर्नेछ ॥ ८३ ॥

चौ०–अब जौं तुम्हहि सुता पर नेहू ❀ तौ अस जाइ सिखावनु देहू ॥१॥
करै सो तपु जेहि मिलहिं महेसू ❀ आन उपाय न मिटिहि कलेसू ॥२॥

अब छोरीका ऊपर तिम्रो स्नेह छभने, गएर यस्तो शिक्षा अर्ती देऊ ती (छोरी) त्यो तपस्या गरून्, जेले शंकरजी मिलून्, अर्को उपायले यो क्लेश मेटिंदैन ॥ १ ॥ २ ॥

नारदबचन सगर्भ सहेतू ❀ सुंदर सब गुन निधि बृषकेतू ॥३॥
अस बिचारि तुम्ह तजहु असंका ❀ सबहि भाँति संकरु अकलंका ॥४॥

नारदको वचन सगर्भ (भित्रभित्र धेरै कुरा भरिएको) र कारणसहित भएको छ । शंकरजी पनि सर्वगुणनिधान र सुन्दर हुनुहुन्छ । यो विचार गरेर तिमी सबै शंका छाड़ । सब तरहबाट शंकरजी अकलंक (बेदाग=खोट नभएका) हुनुहुन्छ" ॥ ३ ॥ ४ ॥

सुनि पतिबचन हरषि मन माहीं ❀ गईं तुरत उठि गिरिजा पाहीं ॥५॥
उमहि बिलोकि नयन भरे बारी ❀ सहित सनेह गोद बैठारीं ॥६॥

मेना पतिको वचन सुनेर मनमा हर्षित भइन्, तुरन्त उठेर पार्वतीका समीप गइन् । पार्वतीलाई देख्ता नेत्रमा जल भरियो, स्नेहसहित भएर पार्वतीलाई आफ्ना काखमा राखिन् ॥ ५ ॥ ६ ॥

बारहि बार लेति उर लाई ❀ गदगद कंठ न कछु कहि जाई ॥७॥
जगतमातु सर्बग्य भवानी ❀ मातुसुखद बोली मृदु बानी ॥८॥

मेना पार्वतीलाई वारंवार छातीमा लिन (अंगालो हाल्न) लागिन्, कण्ठ गद्गद भएर रोकियो केही पनि बोल्न नसकिने अवस्था भयो ॥ ७ ॥

अनि जगज्जननी सर्वज्ञ पार्वतीले आफ्नी आमालाई आनन्दित गराउने मीठो नरम-वचन बोल्नुभयो ॥ ८ ॥

दोहा–सुनहि मातु मैं दीख अस सपन सुनावौं तोहि ।
सुंदर गौर सुबिप्रबर अस उपदेसेउ मोहि ॥८४॥

आमा ! सुन्नुहोस्, मैने सपनामा यस्तो देखें, तपाईंलाई सुनाउँछु । एउटा राम्रा गोरा असल ब्राह्मणले मलाई यस्तो उपदेश दिए (के भने ?) ॥ ८४ ॥

करहि जाइ तपु सैलकुमारी ! ❀ नारद कहा सो सत्य बिचारी ॥१॥
मातु पितहि पुनि यह मत भावा ❀ तपु सुखप्रद दुख दोष नसावा ॥२॥

"पर्वतकुमारि ! गएर तपस्या गर, नारदजीले जे भनेको हो, त्यो सत्य हो भन्ने विचार गरेर तिम्रा माता-पितालाई पनि यो मत मनपरेको छ। तपस्या सुखदायक र दुःख-दोष निवारक छ ॥ १ ॥ २ ॥

तपबल रचै प्रपंचु बिधाता ❀ तपबल बिष्नु सकल जग त्राता ॥३॥
तपबल संभु करहिं संघारा ❀ तपबल सेषु धरै महिभारा ॥४॥

विधाता (ब्रह्माजी) तपोबलले यो प्रपञ्चको रचना गर्नुहुन्छ। विष्णुभगवान् तपोबलले सकल जगत्त्राता (सब जगत्को रक्षा गर्ने) हुनुभएको छ। शंभु पनि तपोबलले जगत्को संहार गर्नुहुन्छ। शेषनाग पनि तपोबलले पृथ्वीको भार धारणा गर्नुहुन्छ ॥ ३ ॥ ४ ॥

तप अधार सब सृष्टि भवानी ❀ करहि जाइ तपु अस जिय जानी ॥५॥
सुनत बचन बिसमित महतारी ❀ सपन सुनाएहु गिरिहि हँकारी ॥६॥

पार्वती ! यो सबै सृष्टि तपस्याको आधारमा छ, यो कुरा मनले जानीकन गएर तपस्या गर" (यस्तो सपनामा बाहुनबाट मैले उपदेश पाएँ भनी पार्वतीले मेनालाई स्वप्नवृत्तान्त सुनाउनुभयो) ॥ ५ ॥

आमा मेनाले वचन सुन्नेबित्तिकै आश्चर्य मानेर हिमालयलाई ह्पारिन् (बोलाइन्) र स्वप्नवृत्तान्त सुनाइन् ॥ ६ ॥

मातु पितहि बहु बिधि समुझाई ❀ चलीं उमा तप हित हरषाई ॥७॥
प्रिय परिवार पिता अरु माता ❀ भए बिकल मुख आव न बाता ॥८॥

माता-पितालाई धेरै प्रकारले संझाई-बुझाई हर्षित भएर पार्वती तप गर्न जानुभयो। त्यस वेलामा पार्वतीका प्यारा परिवार-(सखी परिचारिकाहरू) माता पिता सबै जना व्याकुल भए। बोल्न खोज्दा वाक्य नखुल्ने भयो ॥ ७ ॥ ८ ॥

दोहा—बेदसिरा मुनि आइ तब सबहि कहा समुझाइ ।
पारबती महिमा सुनत रहे प्रबोधहि पाइ ॥८५॥

तब वेदशिरा मुनि आएर सबैलाई संझाएर बुझाएर पार्वतीको महिमा सुनाए, त्यो सुन्दा सबैलाई ज्ञान भयो ॥ ८५ ॥

चौ०—उर धरि उमा प्रानपतिचरना ❀ जाइ बिपिन लागीं तपु करना ॥१॥
अति सुकुमार न तनु तप जोगू ❀ पतिपद सुमिरि तजेउ सबु भोगू ॥२॥

पार्वती हृदयमा प्राणपति शंकरजीको चरण राखेर जंगलमा गई तपस्या गर्न लाग्नुभयो। उहाँको शरीर अति सुकुमार हुनाले तपस्याको योग्य थिएन, तथापि पतिको चरण संझेर (उहाँको संगम खोजेर) सबै भोग (सुख आराम) छाड्नुभयो ॥ १ ॥ २ ॥

नित नव चरन उपज अनुरागा ❀ बिसरी देह तपहि मन लागा ।।३।।
संबत सहस मूल फल खाए ❀ सागु खाइ सत बरष गवाए ।।४।।
कछु दिन भोजनु बारि बतासा ❀ किए कठिन कछु दिन उपवासा ।।५।।
बेलपाती महि परै सुखाई ❀ तीनि सहस संबत सोइ खाई ।।६।।
पुनि परिहरे सुखानेउ परना ❀ उमहि नामु तब भएउ अपरना ।।७।।
देखि उमहि तप खीन सरीरा ❀ ब्रह्मगिरा भइ गगन गभीरा ।।८।।

शंकरजीका चरणमा नित्य नयाँ नयाँ अनुराग (प्रेम) पैदा भयो र वहाँले आफ्नो शरीरसमेत बिर्सनुभयो, तपस्यामा खूब प्रेम लाग्यो ।। ३ ।। हजार वर्ष फल-फूल खानुभयो, केवल सागपात खाएर शय वर्ष बिताउनुभयो ।। ४ ।। केही दिन जल र वायु खानुभयो, केही दिन कडा उपवास (निराहार) गर्नुभयो ।। ५ ।। तीनहजार वर्ष ता भूमिमा खसेका पात-पतिंगर सुकाएर त्यही खानुभयो ।। ६ ।। फेरि ती सुकाएका पर्ण (पात-पतिंगर) पनि खान छाड्नुभयो र उहाँको नाम "अपर्णा" रह्यो ।। ७ ।। पार्वतीलाई तपस्याले क्षीणशरीर भएको देखेर आकाशमा गंभीर ब्रह्मवाणी (आकाशवाणी) भयो ।। ८ ।।

दोहा—भएउ मनोरथ सफल तव सुनु गिरिराजकुमारि ।
परिहरु दुसह कलेस सब अब मिलिहहिं त्रिपुरारि ।।८६।।

"हे गिरिराजकुमारि ! सुन, तिम्रो मनोरथ सफल भयो, सहिनसक्नु यो सबै क्लेश छाड, अब शंकरजीलाई पाउनेछौ ।। ८६ ।।

चौ०—अस तपु काहु न कीन्ह भवानी ❀ भए अनेक धीर मुनि ज्ञानी ।।१।।
अब उर धरहु ब्रह्म बर बानी ❀ सत्य सदा संतत सुचि जानी ।।२।।

पार्वति ! धीर (धैर्यवाला) मुनि र ज्ञानी अनेकानेक भए, तर यस्तो तपस्या कसैले गरेन। अब यो ब्रह्मवाणीलाई साँचो र हरहमेशा शुद्ध जानेर मनमा राख ।। १ ।। २ ।।

आवै पिता बोलावन जबहीं ❀ हठ परिहरि घर जाएहु तबही ।।३।।
मिलहिं तुम्हहि जब सप्त रिषीसा ❀ जानेहु तब प्रमान बागीसा ।।४।।

जसै तिमीलाई बोलाउन तिम्रा पिता आउलान्, उत्तिखेरै तिमी यो हठ छाडेर घर गए। जब सप्तऋषि (कश्यप-अत्रि भरद्वाज-विश्वामित्र-गौतम-जमदग्नि-वशिष्ठ) सँग भेट होला तब तिमीले यो आकाशवाणीलाई प्रमाण (सत्य) जाने" ।। ३ ।। ४ ।।

सुनत गिरा बिधि गगन बखानी ❀ पुलक गात गिरिजा हरषानी ।।५।।
उमाचरित सुंदर मैं गावा ❀ सुनहु संभु कर चरित सुहावा ।।६।।

आकाशमा विधाताले बोलेको वाणी सुनेर पार्वती हर्षित हुनुभयो, उहाँको शरीरमा रोमाञ्च भयो ।। ५ ।।

भरद्वाजमुनि ! मैले पार्वतीको यहाँसम्मको चरित्र गाएँ (बताएँ), अब शंकरजीको सुन्दर चरित्र सुन्नुहवोस् ।। ६ ।।

जब तें सतीं जाइ तनु त्यागा ❀ तब तें शिव मन भएउ बिरागा ॥७॥
जपहिं सदा रघुनायकनामा ❀ तहँ तहँ सुनहिं राम गुन ग्रामा ॥८॥

जैले सतीदेवीले गएर शरीर परित्याग गर्नुभयो त्यहाँदेखि शंकरजीका मनमा वैराग्य भयो, सधैं रघुनाथजीको नाम जप्ने, जहाँ तहाँ रामजीको गुणानुवाद सुन्ने हुनुभयो ॥ ७ ॥ ८ ॥

दोहा–चिदानंद सुखधाम सिव बिगत मोह मद काम ।
बिचरहिं महि धरि हृदय हरि सकल लोक अभिराम ॥८७॥

चैतन्यरूप, आनन्दरूप, सुखका स्थान, मोह–मद–कामरहित, सकल लोकमनोहर, यस्ता शंकरजी हृदयमा हरिलाई राखेर (हरिको ध्यान गर्दै) पृथ्वीमा विचरण गर्न (घुम्न) लाग्नुभयो ॥ ८७ ॥

चौ०–कतहु मुनिन्ह उपदेसहिं ज्ञाना ❀ कतहु रामगुन करहिं बखाना ॥१॥
जदपि अकाम तदपि भगवाना ❀ भगत बिरह दुख दुखित सुजाना ॥२॥

शंकरजी कहीं मुनिहरूलाई ज्ञान उपदेश गर्नुहुन्थ्यो, कहीं रामजीका गुणको वर्णन गर्नुहुन्थ्यो । यद्यपि भगवान शंकरजी कामविकारले रहित र ज्ञानपूर्ण हुनुहुन्छ, तथापि भक्तको विरहका दुःखले दुःखित हुनुहुन्छ (अर्थात् कामलंपट भएर शंकरजीले सतीका विरहको दुःख मानेको होइन, किन्तु भक्तवत्सल शंकरजीले भक्त भएकी सतीदेवीको विरहले दुःख मानेको हो) ॥ १ ॥ २ ॥

एहि बिधि गएउ कालु बहु बीती ❀ नित नै होइ रामपद प्रीती ॥३॥
नेमु प्रेमु संकर कर देखा ❀ अबिचल हृदय भगति कै रेखा ॥४॥

यसै प्रकारले धेरै काल बितेर गयो, रामचरणको प्रीति नित्य नयाँ नयाँ हुँदै गयो । रामजीले शंकरजीको नियमनिष्ठा प्रेम र हृदयमा स्थिर रहेको भक्तिको रेखा (छाँट) पनि देख्नुभयो ॥ ३ ॥ ४ ॥

प्रगटे रामु कृतज्ञ कृपाला ❀ रूप सील निधि तेज बिसाला ॥५॥
बहु प्रकार संकरहि सराहा ❀ तुम्ह बिनु अस ब्रतु को निरबाहा ॥६॥

कृतज्ञ (गरेको सेवा नबिर्सने) दयालु, रूप (सौन्दर्य) र शील (सुस्वभाव) का खानि, बड़ा तेजस्वी यस्ता रामजी प्रकट हुनुभयो र "हजूरबाहेक यस्तो कठोर व्रत कसले पूर्ण गरेको छ ?" भनेर शंकरजीलाई सराहना गर्नुभयो ॥ ५ ॥ ६ ॥

बहु बिधि राम सिवहि समुझावा ❀ पारबती कर जन्मु सुनावा ॥७॥
अति पुनीत गिरिजा कै करनी ❀ बिस्तर सहित कृपानिधि बरनी ॥८॥

रामजीले शंकरजीलाई अनेक भाँतिले सम्झाउनुभयो, पार्वतीको जन्म सुनाउनुभयो, करुणानिधान रामजीले अति पवित्र पार्वतीचरित्र पनि विस्तारपूर्वक वर्णन गर्नुभयो ॥ ७ ॥ ८ ॥

दोहा–अब बिनती मम सुनहु सिव जौं मो पर निजु नेहु ।
जाइ बिबाहहु सैलजहि यह मोहि मागें देहु ॥८८॥

रामजीले भन्नुभयो कि "शिवजी ! अब मेरो बिन्ती सुन्नुहोस्, यदि मेराउपर हजूरको स्नेह छभने गएर पार्वतीसँग विवाह गर्नुहोस्, यही मैले मागेको (वर) दिनुहोस्" ॥ ८८ ॥

चौ०–कह सिव जदपि उचित अस नाहीं ❀ नाथबचन पुनि मेटि न जाहीं ॥१॥
सिर धरि आएसु करिअ तुम्हारा ❀ परम धरमु यह नाथ हमारा ॥२॥

शंकरजीले भन्नुभयो कि "नाथ ! यस्तो कुरा उचित छैन, तथापि प्रभुको वचन मेट्न सकिंदैन । हजूरको आज्ञा शिरमा धारण गरेर आज्ञाबमोजिम गर्दछु, प्रभु ! यो मेरो परम-धर्म हो ॥ १ ॥ २ ॥

मातु पिता गुरु प्रभु कै बानी ❀ बिनहि बिचार करिअ सुभ जानी ॥३॥
तुम्ह सब भाँति परम हितकारी ❀ आज्ञा सिर पर नाथ तुम्हारी ॥४॥

माता-पिता-गुरु-मालिक यिनको वचन विनाविचार असल ठानेर मान्नुपर्दछ ॥ ३ ॥ हे नाथ ! हजूर सब तरहबाट मेरा हितकारी हुनुहुन्छ, हजूरको आज्ञा शिरोपर छ" ॥ ४ ॥

प्रभु तोषेउ सुनि संकर बचना ❀ भक्ति बिबेक धर्म जुत रचना ॥५॥
कह प्रभु हर तुम्हार पन रहेउ ❀ अब उर राखेउ जो हम कहेऊ ॥६॥

भक्ति-विवेक- धर्मले युक्त गरेर रचेको शंकरवचन सुन्दा प्रभु रामजी संतुष्ट हुनुभयो र भन्न लाग्नुभयो कि "शंकरजी ! हजूरको प्रण रह्यो, अब जे भनेको छु, त्यो हृदयमा राख्नुहोला" ॥ ५ ॥ ६ ॥

अन्तरधान भए अस भाषी ❀ संकर सोइ मूरति उर राखी ॥७॥
तबहि सप्तरिषि सिव पहि आए ❀ बोले प्रभु अति बचन सुहाए ॥८॥

यस्तो बोलेर प्रभु रघुनाथजी अन्तर्धान हुनुभयो, शंकरजीले त्यो (दर्शन गरिएका) प्रभुको मूर्तिलाई हृदयमा राख्नुभयो। अनि सप्तर्षिहरू शंकरजीका समीप आए । प्रभु (शंकरजी) ले यस्तो अति सुन्दर वचन बोल्नुभयो कि—॥ ७ ॥ ८ ॥

दोहा–पारबती पहि जाइ तुम्ह प्रेमपरीछा लेहु ।
गिरिहिं प्रेरि पठएहु भवन दूरि करहु संदेहु ॥८९॥

"तिमीहरू पार्वतीका समीप गएर प्रेमको परीक्षा लेऊ। अनि हिमालयलाई प्रेरणा गरेर पार्वतीलाई घर पठाऊ। तिनीहरूको सन्देह दूर गर (हटाऊ)" ॥ ८९ ॥

चौ०–सुनि सिव बचन परम सुख मानी ❀ चले हरषि जहँ रहीं भवानी ॥१॥
रिषिन्ह गौरि देखी तहँ कैसी ❀ मूरतिमंत तपस्या जैसी ॥२॥

शंकरजीको यो वचन सुनेर सप्तर्षिले परमानन्द माने, खुशीसाथ जहाँ भवानी (पार्वती) हुनुहुन्थ्यो वहाँ पुगे। गौरीले ऋषिहरूलाई त्यहाँ कस्तो देख्नुभयोभने आफूले गरेको तपस्या मूर्तिमान् भएर खड़ा भएको जस्तो ॥ १ ॥ २ ॥

बोले मुनि सुनु सैलकुमारी ❀ करहु कवन कारन तपु भारी ॥३॥
केहि अवराधहु का तुम्ह चहहू ❀ हम सन सत्य मरमु सब कहहू ॥४॥

सप्तर्षिले भने कि–"हे पर्वतपुत्रि ! सुन, तिमी के कारण ठूलो तपस्या गर्दछ्यौ ? कसको आराधना गर्दछ्यौ ?, तिमी के चाहन्छ्यौ ? सबै मर्म हामीसँग साँचो साँचो भन" ॥ ३ ॥ ४ ॥

सुनत रिषिन्ह के बचन भवानी ❀ बोलीं गूढ़ मनोहर बानी ॥५॥
कहत मरमु मन अति सकुचाई ❀ हसिहहु सुनि हमारि जड़ताई ॥६॥

यस्तो ऋषिहरूको वचन सुनेर पार्वतीले गूढ़ (गंभीर अर्थ भएको) र मनोहर वचन बोल्नुभयो ॥ ५ ॥ "हे मुनीश्वरहो ! आफ्नो मर्म कुरा भन्दा मन अत्यन्त संकुचित हुन्छ (संकोच मान्दछ) मेरो मूर्खता सुनेर तपाईंहरू हाँस्नुहुनेछ ॥ ६ ॥

मनु हठ परा न सुनै सिखावा ❀ चहत बारि पर भीति उठावा ॥७॥
नारद कहा सत्य सोइ जाना ❀ बिनु पंखन्ह हम चहहिं उडाना ॥८॥
देखहु मुनि अबिबेकु हमारा ❀ चहिअ सदासिवहि भरतारा ॥९॥

मनमा हठ (जिद्दी) परेको छ, शिक्षा-अर्ती त्यो सुन्दैन। पानीमाथि भित्ति (भित्तो–गारो) उठाउन चाहन्छ ॥ ७ ॥ नारदले भनेका कुरा मैले सत्य जानें, म विनापंख (पखेटा नभैकन) उड्न चाहन्छु ॥ ८ ॥ हे मुनिश्वरहो ! मेरो अज्ञान हेर्नुहोस् ? मलाई निर्विकार शङ्करजी पति चाहिन्छन्" ॥ ९ ॥

दोहा–सुनत बचन बिहसे रिषय गिरिसंभव तव देहु ।
नारद कर उपदेसु सुनि कहहु बसेउ किस गेहु ॥९०॥

यो वचन सुन्नाका साथ ती ऋषिहरू [खिलल] हाँसेर भन्न लागे कि "पार्वती !" तिम्रो यो शरीर पर्वतबाट जन्मेको साँचो रहेछ (नत्र जड़ किन हुन्थ्यो ?)। नारदको उपदेश सुनेपछि घरमा को बसेको छ ? लौ भन ! ॥ ९० ॥

चौ०–दक्षसुतन्ह उपदेसेन्हि जाई ❀ तिन्ह फिर भवनु न देखा आई ॥१॥

नारदजीले गएर दक्षप्रजापतिका छोरालाई उपदेश दिए, तिनीहरूले फेरि आएर घर देखेनन् ॥ १ ॥ (क)

(क) दक्षप्रजापतिले हर्यश्व नाम भएका दशहजार पुत्र सृष्टि गरेर सृष्टिको वृद्धिका निमित्त तिनीहरूलाई तपस्या गर्न पठाएका थिए, बीचमा नारदले भेटे र उपदेश दिए, त्यो उपदेशले गर्दा तिनीहरू विरक्त भई घरद्वारको माया छाडेर कता गए कता ? फेरि फर्केनन्। दक्षप्रजापतिले दिक्क मानेर फेरि शवलाश्व नाम भएका दशहजार पुत्र सृष्टि गरेर तपस्या गर्न पठाए, तिनलाई पनि नारदले बहकाएर उसै

चित्रकेतु कर घरू उन्ह घाला ❀ कनककसिपु कर अस हाला ।।२।।
नारदसिख जौं सुनहिं नर नारी ❀ अवसि तजि भवनु होहिं भिखारी ।।३।।
मन कपटी तन सज्जन चीन्हा ❀ आपु सरिस सबही चह कीन्हा ।।४।।

उनै नारदले चित्रकेतु राजाको घर बिगारिदिए ।। (ख) ।। फेरि उनैले गर्दा हिरण्यकशिपु दैत्यराजको पनि उही हाल भयो (ग) ।। २ ।। नारदको शिक्षा जुन जुन नरनारीले सुन्दछन् तिनीहरू अवश्यमेव घरद्वार छोडेर भिखारी हुन्छन् ।। ३ ।। चिह्नेपछि "नारद मनका कपटी, तनका सज्जन" भन्ने कुरा बुझिन्छ । ती सबैलाई अरूजस्तै (वैरागी) पार्न चाहन्छन् ।। ४ ।।

तेहि के बचन मानि बिस्वासा ❀ तुम्ह चाहहु पति सहज उदासा ।।५।।
निर्गुन निलज कुबेष कपाली ❀ अकुल अगेह दिगंबर ब्याली ।।६।।

गरी बेपत्ता पारिदिए । अनि दक्षप्रजापतिले रिसाएर "२ घडी भन्दा बढ्ता एक ठाउँमा टिक्न नसकेस् भनेर सराप दिए । त्यस्ता नारदको लहैलहैमा लागेर तिमी तपस्या गर्न आइछौ, घर कसरी फर्कौली ?

(ख) चित्रकेतु राजाका धेरै रानी थिए, एउटीमा पनि सन्तान थिएन । अङ्गिराऋषिले वरदान दिंदा सबभन्दा कान्छीचाहिं रानीले छोरा पाइन् र राजा तिनै रानीमा ज्यादा प्रेम गर्न लागे । अरू रानीहरूलाई ईर्ष्याको डाह हुन लाग्यो र मौका पारेर विष खुवाई त्यो बालकलाई मारिदिए । राजा र ती रानीलाई ता वज्रपातै परयो, आलापविलाप गर्न लागे, आफ्नो अत्याचार छिपाउनका लागि अरू रानीहरू पनि खूब चिच्याउन लागे । नारदमुनिले आएर संझाए बुझाए, तर राजाको चित्त बुझेन र त्यो बालकको प्रेतात्मालाई बोलाएर "आफ्नो शरीरमा रहेर आमाबाबुलाई आनन्दित गराउँदै राज्यको सुखभोग गर नजाऊ" भने । त्यो प्रेतात्माले "को बाबु ! को आमा ? को छोरो ! अघिल्ला जन्ममा म पनि राजा थिएँ, विरक्त भएर वनमा तपस्या गर्न लागेको वेलामा एउटी स्त्रीले मलाई एउटा फल दिई, त्यो फल काँचो रहेछ, मैले आगामा पोलें, त्यसमा लाखौं कमिला रहेछन् सबै मरे, ऐल्हे तिनै कमिला राजाका रानी भएका छन् , जसले त्यो फल दिएको हो त्यो बुढ़िया ऐल्हे मेरी आमा हुन आंएकी हुन् , तिनै कमिलाका अवतार भएका रानीहरूले विष खुवाएर मलाई मारेको हो, अब म बस्तिनँ जान्छु" यति भनेर आफ्नो बाटो लियो । राजा पनि विरक्त भएर राजपाट छाडी जंगलको बाटो लागे, यस्तो भताभुंग पार्ने नारदै हुन् ।

(ग) हिरण्यकशिपु तपस्या गर्न गएका वेलामा देवताहरूले अघिअघिको अत्याचार संझेर दैत्यहरूका उपर हमला गरे । हिरण्यकशिपु रानी (कयाधु) गर्भवती थिइन् , इन्द्रले तिनलाई क्रोधवश भएर घसिट्न् (घिच्याउन) लागे । यिनै महात्मा नारदजीले इन्द्रलाई संझाई बुझाई कयाधुलाई आफ्ना आश्रममा आश्वासना दिएर हिरण्यकशिपु नफर्कूंन्ज्याल राखे, बखत बखतमा रानीलाई अनेक उपदेश दिन्थे, हिरण्यकशिपु आएपछि रानी आफ्ना घर गइन् , तिनले ता नारदको उपदेश भुसुक्क बिर्सिन् बेसै भयो । तिनका पेटको बच्चा जन्मेपछि गर्भका संस्कारले गर्दा संसारमा विरक्त भई हरिनाम जप्न लाग्यो, बाबुलाई टेरेन, नटेर्नु ता परै रहोस् , बागीजस्तो भएर बाबुका विपक्ष विष्णुको चाकरी गर्न लाग्यो, त्यो कुरामा क्रुद्ध भएर हिरण्यकशिपुले त्यो छोरा (प्रह्लाद) लाई मार्न खोज्दा विष्णुले नृसिंहरूप लिएर उसलाई मारिदिनुभयो, एउटा प्रह्लादलाई केही गर्नुभएन, अरू दैत्यगणको विध्वंस भयो । नारदको चरित्र यस्तै छ ।

तिनैका वचनमा विश्वास मानेर, स्वाभाविक, उदासीन, निर्गुण, निर्लज्ज, निन्दितवेष कपाल (खप्पर) धारी, कुलरहित, गृहरहित, दिगम्बर, सर्पभूषण, यस्ता शिवलाई तिमी पति तुल्याउन चाहन्छ्यौ होइन ? ॥ ५ ॥ ६ ॥ (क)

कहहु कवन सुखु अस बरु पाएँ ❀ भल भूलिहु ठग के बौराएँ ॥७॥
पंच कहें सिव सतीं बिवाही ❀ पुनि अवडेरि मराएन्हि ताही ॥८॥

लौ तिमी नै भन, यस्तो वर पाएर कुन सुख होला ? ठगले बहकाउँदा खूब भुल्यौ । पञ्चहरूले भन्दाखेरि शिवले सतीसँग विवाह गरे, आखिरमा हेलाँ गरेर तिनलाई मराए ॥ ७ ॥ ८ ॥

दोहा–अब सुख सोवत सोचु नहीं भीख मागि भव खाहिं ।
सहज एकाकिन्ह के भवन कबहुँ कि नारि खटाहिं ॥९१॥

अबता ती शिव आनन्दसँग सुत्तछन्, केही फिक्री छैन, भीख मागेर खान्छन् । स्वाभाविक एक्लै रहने (ठिंगे)का घरमा कहिल्यै स्वास्नी ठहर्दछन् ? [खप्तछन् ?] ॥ ९१ ॥

चौ०–अजहूँ मानहु कहा हमारा ❀ हम तुम्ह कहुँ बरु नीक बिचारा ॥१॥
अति सुंदर सुचि सुखद सुसीला ❀ गावहिं बेद जासु जसु लीला ॥२॥

पार्वति ! अझ पनि हामीले भनेको मान, हामीले तिम्रा निंति असल वर विचार गरेका छौं । ती खूब राम्रा, पवित्र, सुखदाता र सुशील छन् । जसको यश र लीलालाई वेदहरू गाउँदछन् (ती लर्तरा हुनन् त ?) ॥ १ ॥ २ ॥

दूषन रहित सकल गुन रासी ❀ श्रीपति पुर बैकुंठ निवासी ॥३॥
अस बरु तुम्हहि मिलाउब आनी ❀ सुनत बिहसि कह बचन भवानी ॥४॥

दोषरहित र सबै गुणका समूहजस्ता, लक्ष्मीका पति, वैकुंठपुरीमा निवास गर्ने यस्ता वरलाई ल्याएर तिमीसँग मिलाइदिन्छौं" (यस्तो सप्तऋषिको वचन) सुन्नेबित्तिकै हाँसेर पार्वतीले वचन बोल्नुभयो ॥ ३ ॥ ४ ॥

(क) "पार्वती ! शिवसँग विवाह गर्दा तिमी मात्रै ठगिने होइनौ, तिमी, तिम्रा बाबु, तिम्री आमा, तिम्रा बाबुका बान्धववर्ग (दाज्यूभाई = फुकी), अरू इष्टमित्र, जम्मै ठगिन्छन् , किनभने कन्याले सुन्दर वर रोज्नुपर्छ (त्यो नहुने भयो)। कन्याका बाबुले शास्त्र इलम जानेको वर रोजिदिनुपर्दछ (त्यो नहुने भयो)। कन्याकी माताले धनदौलत भएको वर रोज्नुपर्दछ (त्यो नहुने भयो)। कन्या पक्षका बान्धवले-कुलघराना रोज्नुपर्दछ (त्यो नहुने भयो)। अरू इष्टमित्रले भोजभतेर राम्रो रोज्नुपर्दछ (त्यो पनि नहुने भयो)। यो कुरा हामीले फर्माएर भनेको होइन है—

"कन्या वरयते रूपं, माता वित्तं, पिता श्रुतम् ॥
बान्धवाः कुलमिच्छन्ति, मिष्टान्नमितरे जनाः"

यो वृद्धवचन तिमीले सुनेकी छैनौ कि ! कसो हो ?" यस्तो व्यंग्यार्थ यो चौपाईबाट निस्कन्छ ।

सत्य कहेहु गिरिभव तनु एहा ❀ हठ न छूट छूटै बरु देहा ॥५॥
कनकौ पुनि पखान तें होई ❀ जारेहु सहजु न परिहर सोई ॥६॥

हे मुनीश्वरहो ! तपाईंहरूले साँचो भन्नुभयो । यो शरीर पर्वतबाट जन्मेको हो, त्यसै हुनाले बरु शरीर छुटोस् हठ छुट्तैन । पाषाण (ढुङ्गा) बाट कनक (सुवर्ण) पैदा हुन्छ र त्यो सुवर्ण हजारौं फेर गाले पनि आफ्नो उही स्वभाव (साह्रोपना) लाई छाड्दैन ॥ ५ ॥ ६ ॥

नारदबचन न मैं परिहरऊँ ❀ बसौ भवनु उजरौ नहि डरऊँ ॥७॥
गुर के बचन प्रतीति न जेही ❀ सपनेहु सुगम न सुख सिधि तेही ॥८॥

नारदको वचन म छाड्ने होइन, घर चाहे बसोस् (जमोस्) चाहे उज्रोस् म डराउन्न । जसलाई गुरुको वचनमा प्रतीति (पत्यार) छैन, त्यसलाई सुख र सिद्धि सपनामा पनि सुलभ छैन ॥ ७ ॥ ॥ ८ ॥

दोहा–महादेव अवगुनभवन बिष्नु सकल गुन धाम ।
जेहि कर मनु रम जाहि सन तेहि तेहि सन काम ॥९२॥

शंकरजी अवगुण (दुर्गुण = दोष) का भवन (घर) हुनुहुन्छ, विष्णु सबै गुणका धाम (भवन) हुनुहुन्छ लौ, परन्तु जसको मन जससँग रम्दछ (राजी हुन्छ) त्यसको त्यसैसँग मतलब छ (अर्काको के मतलब ?) ॥ ९२ ॥

चौ०–जौ तुम्ह मिलतेहु प्रथम मुनीसा ❀ सुनतिउँ सिख तुम्हारी धरि सीसा ॥१॥
अब मैं जन्मु संभुहित हारा ❀ को गुन दूषन करै बिचारा ॥२॥

हे मुनीश्वरहो ! तपाईंहरू अघिबाट भेटिनुभएको भए म तपाईंहरूकै शिक्षालाई शिरोपर गरी सुन्नेथिएँ, अब ता मैले यो जिन्दगी शंकरको हितका निमित्त (उहाँको सेवा-टहलका निंति) हारें (अर्पण गरिसकें) । अब (यो शरीर शंकराधीन भैसकेपछि) गुणको र दोषको विचार को गरोस् ? (तपाईंहरू नै भन्नुहोस्न) ॥ १ ॥ ॥ २ ॥

जौ तुम्हरे हठ हृदय बिसेषी ❀ रहि न जाइ बिनु किएँ बरेखी ॥३॥
तौ कौतुकिअन्ह आलसु नाही ❀ बर कन्या अनेक जग माही ॥४॥

तपाईंहरूका हृदयमा विशेष (ज्यादा) हठ छभने र वरेखी (लमीपना = वर-कन्याको घटना गराउने काम) नगरीकन रहन सकिंदैनभने, यस्तो रहर गर्ने सकसलाई आलस्य हुँदैन, जगत्मा अनेक वर र अनेक कन्या छँदैछन् ॥ ३ ॥ ४ ॥

जन्म कोटि लगि रगर हमारी ❀ बरौं संभु न तु रहौं कुआरी ॥५॥
तजौं न नारद कर उपदेसू ❀ आपु कहहिं सत बार महेसू ॥६॥
मैं पाँ परौं कहै ज़गदंबा ❀ तुम्ह गृह गवनहु भएउ बिलंबा ॥७॥
देखि प्रेमु बोले मुनि ज्ञानी ❀ जय जय जगदंबिके भवानी ॥८॥

हे मुनीश्वरहो ! यो जन्ममा मात्र होइन कि कोटिजन्ममा मेरो यो रटना लाग्यो, कि ता शङ्करजीलाई वरण गरौं, होइनभने आबालब्रह्मचारिणी रहूँ ॥ ५ ॥ शंकरजीले आफैं सयफेर भने पनि नारदको उपदेश छाडिदिनेछैन ॥ ६ ॥ (पार्वती भन्नुहुन्छ कि) "म पाउ पर्दछु, तपाईंहरूलाई घर जान विलम्ब भयो होला" ॥ ७ ॥ यस्तो (अलौकिक) प्रेम देखेर त्रिकालदर्शी भएका सप्तर्षिले भक्तिगद्गद भएर "जय जय जगदिम्बके ! भवानी" भने ॥ ८ ॥

दोहा–तुम्ह माया भगवान सिव सकल जगत पितु मातु ।
नाइ चरन सिर मुनि चले पुनि पुनि हरषत गातु ॥९३॥

"हजूर माया, शिवजी परमेश्वर ब्रह्म, हजूरहरू दुइ जना सकल जगत्का पिता र माता" । यति मात्रै बोलेर (अरू कुरा भक्तिगद्गद भएका कंठबाट निकाल्न नसकेर) रोमाञ्चले शरीर ढाकिएका (सर्वाङ्गमा रोमाञ्च भएका) ती सप्तर्षिहरू वारंवार पार्वतीका चरणमा शिर राखेर (ढोगेर) हिंडे ॥ ९३ ॥

चौ०–जाइ मुनिन्ह हिमवंतु पठाए ❀ करि बिनती गिरिजहि गृह लाए ॥१॥
बहुरि सप्तरिषि सिव पहि जाई ❀ कथा उमा कै सकल सुनाई ॥२॥

ती सप्तऋषिले गएर हिमालयलाई पठाए, उनले विन्ति गरेर पार्वतीलाई घर ल्याए ॥ १ ॥ अनि सातै जना ती ऋषिहरूले सदाशिवका समीप गएर पार्वतीको सबै वृत्तान्त सुनाए ॥ २ ॥

भए मगन सिव सुनत सनेहा ❀ हरषि सप्तरिषि गवने गेहा ॥३॥
मनु थिरु करि तब संभु सुजाना ❀ लगे करन रघुनायकध्याना ॥४॥

पार्वतीको स्नेह (प्रेम) सुनेर शंकरजी मग्न हुनुभयो (दङ्ग पर्नुभयो) । सप्तर्षि हर्षित भएर घर घर गए ॥ ३ ॥ अनि ज्ञानी शङ्करजी मन स्थिर गरेर रघुनाथजीको ध्यान गर्न लाग्नुभयो ॥ ४ ॥

तारकु असुर भएउ तेहि काला ❀ भुज प्रताप बल तेज बिसाला ॥५॥
तेहि सब लोक लोकपति जीते ❀ भए देव सुख संपति रीते ॥६॥

त्यही ताकमा भुजाको प्रताप, बल, तेज ठूलो भएको तारकनाम भएको असुर (दैत्य) थियो, त्यसले सबै लोक (भूलोक भुवर्लोक, स्वर्लोक आदि गरेका १४ लोक) र इन्द्र-अग्नि-यम आदि गरेका १० दिक्पाललाई जित्यो । देवताहरू सुखले र संपत्तिले रित्ता (शून्य) भए ॥ ५ ॥ ६ ॥

अजर अमर सो जीति न जाई ❀ हारे सुर करि बिबिध लराई ॥७॥
तब बिरंचि सन जाइ पुकारे ❀ देखे बिधि सब देव दुखारे ॥८॥

त्यो दैत्य (तारकासुर) अजर अमर भएका देवताले पनि जितिनसक्नु थियो, देवताहरूले किसिम किसिमको लडाइँ गरे, तर हारे ॥ ७ ॥ अनि तिनीहरूले ब्रह्माजीसँग गएर दुःखपुकारा गरे,—ब्रह्माजीले सब देवतालाई दुःखी देख्नुभयो ॥ ८ ॥

दोहा–सब सन कहा बुझाइ बिधि दनुजनिधन तब होइ ।
संभुसुक्र संभूत सुत एहि जीतै रन सोइ ॥९४॥

ब्रह्माजीले सबैलाई बुझाएर "जो शंकरका वीर्यबाट पैदा भएको पुत्र होला उसैले यसलाई युद्धमा जित्नेछ, तब (उसैबाट) यो दानवको मरण हुनेछ" भन्नुभयो ॥ ९४ ॥

चौ०–मोर कहा सुनि करहु उपाई ❀ होइहि ईश्वर करिहि सहाई ॥१॥
सती जो तजी दक्षमख देहा ❀ जनमी जाइ हिमाचलगेहा ॥२॥

(यद्यपि शंकरजीको सन्तानै छैन, सतीदेवी पनि दग्ध भइसकिन्) तथापि म एउटा उपाय बताउँछु, ईश्वरले सहायता गर्‍योभने त्यो हुन सक्तछ ॥ १ ॥ के भने ? सतीदेवीले दक्षयज्ञमा देह छाडिन् र गएर हिमालयका घरमा जन्मिन् ॥ २ ॥

तेहि तपु कीन्ह संभुपति लागी ❀ सिव समाधि बैठे सबु त्यागी ॥३॥
जदपि अहै असमंजस भारी ❀ तदपि बात एक सुनहु हमारी ॥४॥

तिनले शंकरजीलाई पति पाऊँ भनेर तपस्या गरिन् । शंकरजी सबै कुरा त्यागेर समाधि चढाएर बस्नुभएको छ ॥ यद्यपि साह्रै नै असजिलो छ तथापि मेरो एउटा कुरा तिमीहरू सुन ॥ ३ ॥ ४ ॥

पठवहु कामु जाइ सिव पाहीं ❀ करै छोभु संकरमन माहीं ॥५॥
तब हम जाइ सिवहि सिर नाई ❀ करवाउब बिवाहु बरिआई ॥६॥

(के भने ?) कामदेवलाई पठाऊ, त्यो शिवका समीप गएर शिवको मनमा क्षोभ (चंचलता) गरोस् , अनि म गएर शिवजीलाई शिरसा वन्दन गरेर पनि जबर्दस्ती विवाह गराइदिनेछु ॥ ५ ॥ ६ ॥

एहि बिधि भलेहि देवहित होई ❀ मत अतिनीक कहै सबु कोई ॥७॥
अस्तुति सुरन्ह कीन्हि अति हेतू ❀ प्रगटेउ बिषमबान झषकेतू ॥८॥

यस प्रकारले देवताको बेस हित हुनेछ (यदि ब्रह्माजीले भन्दा) "यो सम्मति अति असल हो" भनेर देवताले राय दिए । अनि देवताले यस कामका निमित्त कामदेवको स्तुति गरे, विषमबाण (बिजोर अर्थात् ५ बाण लिने) झषकेतु (ध्वजामा माछा राख्ने कामदेव) प्रकट भए ॥ ७ ॥ ८ ॥ (क)

(क) कामदेवको धनु पनि फूलको, वाण पनि फूलका ५ छन् , ध्वजामा माछा छ, त्यसै हुनाले उनलाई "पुष्पधन्वा, कुसुमेषु, पञ्चबाण, र मीनध्वज (झषकेतु) भन्दछन्,। ती ५ बाण ५ थरी फूलका छन्—कमल १, अशोक २, आम्र ३, नवमल्लिका (नेवारे-वसन्ती) ४, नीलकमल ५ यी ५ फूल ५ बाण हुन् । यी ५ बाणको काम पनि बेग्लै बेग्लै छ, उन्मत्त पार्नु १, संतप्त पार्नु २, शरीर सुकाइदिनु ३, शरीर अकड्याइदिनु ४, मूर्छा पारिदिनु ५ ॥

दोहा—सुरन्ह कही निज बिपति सब सुनि मन कीन्ह बिचार ।
संभुबिरोध न कुसल मोहि बिहसि कहेउ अस मार ॥९५॥

देवताहरूले जब आफ्नो विपत्तिको कुरा गरे, अनि त्यो सुनेर कामदेवले मनमा विचार गरीकन हाँसेर "शंकरसँग विरोध गर्दा मलाई भलो हुँदैन ॥ ९५ ॥

चौ०—तदपि करब मैं काजु तुम्हारा ❀ श्रुति कह परम धरम उपकारा ॥१॥
परहित लागि तजै जो देही ❀ संतत संत प्रसंसहिं तेही ॥२॥

तैपनि म तपाईंहरूको काम गर्दछु । वेदहरू परमधर्म उपकार हो भन्दछन् । जसले अर्काको हितका निमित्त देहत्याग गर्दछ, सज्जनहरू हमेशा त्यसैलाई सहाउँछन्" (यसो भने) ॥ १ ॥ २ ॥

अस कहि चलेउ सबहि सिर नाई ❀ सुमनधनुष कर सहित सहाई ॥३॥
चलत मार अस हृदय बिचारा ❀ सिवबिरोध ध्रुव मरनु हमारा ॥४॥

यसो भनेर सबैलाई सिरले वन्दना गरी, हातमा फूलको धनुलाई सहाय लिएर (अरू वसन्त प्रभृति सहायवर्गका साथ) कामदेव हिंडे, जाँदाखेरि मनमा "शिवजीसँग विरोध गर्नाले मेरो मरण अवश्य हुन्छ' यस्तो विचार गरे ॥ ३ ॥ ४ ॥

तब आपन प्रभाउ बिस्तारा ❀ निज बस कीन्ह सकल संसारा ॥५॥
कोपेउ जबहि बारिचरकेतू ❀ छन महु मिटेउ सकल श्रुतिसेतू ॥६॥

अनि कामदेवले आफ्नो प्रभाव फैलाए, सारा संसारलाई आफ्नो अधीन (वश) पारे । मीनकेतु (कामदेव) जब कुपित (क्रुद्ध) भए, तब एकछिनमा वेदशास्त्रको मर्यादा (थिति) सबै मेटियो ॥ ५ ॥ ६ ॥

ब्रह्मचर्ज ब्रत संजम नाना ❀ धीरज धर्म ज्ञान बिज्ञाना ॥७॥
सदाचार जप जोग बिरागा ❀ सभय बिबेककटकु सबु भागा ॥८॥

विवेकका (सत् असत् , कर्तव्य अकर्तव्य, इत्यादिको छयानरूपी राजाका) कटक (फौज बस्ने ठाउँ = छाउनी) स्वरूप भएको ब्रह्मचर्य (आठ प्रकारका मैथुनको[1] परित्याग)

अरविन्दमशोकं च चूतं च नवमल्लिका ।
नीलोत्पलं च पञ्चैते पञ्चबाणस्य सायकाः ॥
उन्मादनस्तापनश्च शोषणःस्तम्भनस्तथा ।
संमोहनश्च कामस्य पञ्चबाणाः प्रकीर्तिताः ॥

(१) "मिथुनस्य (स्त्रीपुंसयोः) कर्म (कार्यं) मैथुनम्" यस्तो यौगिकअर्थले स्त्रीपुरुष दुइजनाको अनुरागजन्य कर्मलाई मैथुन भन्दछन् । त्यो कर्म परस्पर हेर्नु १, परस्पर स्पर्श गर्नु २, परस्पर खेल्नु ३, दुइजना एकान्तमा रहनु ४, गुप्ती कुरा गर्नु ५, "संगम भए पछि यसो गरौंला" यस्ता प्रकारको मनसुबा गर्नु ६, मसक्क आँट्नु ७, आँटेको कुरा······गर्नु ८, यस्ता ८ अवस्थाले रहेको हुन्छ । यी आठै कुरामा एउटा पनि छैन भने मात्र सच्चा ब्रह्मचारी हुन्छ ।

व्रत नियम धैर्य ज्ञान (मोक्ष विषयको बोध) विज्ञान (शास्त्र-शिल्प विषयको बोध) सदाचार, जप, योग, वैराग्य यिनको सबै समूह डराएर भाग्यो ॥ ७ ॥ ८ ॥ (क)

छन्द–भागेउ बिबेकु सहाय सहित सो सुभट संजुगमहि मुरे ।
सदग्रंथ पर्वत कंदरन्हि महु जाइ तेहि अवसर दुरे ॥
होनिहार का करतार को रखवार जग खरभरु परा ।
दुइ माथ केहि रतिनाथ जेहि कहुँ कोपि कर धनु सरु धरा ॥३॥

विवेक (ज्ञान) सहायसहित (ब्रह्मचर्य-व्रत-संयम इत्यादिले सहित भएर) भाग्यो । त्यसका योद्धाहरू (उनै ब्रह्मचर्य-व्रत-संयमहरू) युद्धिभूमिबाट भागेर त्यस वेलामा सद्ग्रन्थ (धर्मशास्त्र-वेद-पुराण) रूपी पर्वतका गुफामा गएर लुके (अर्थात् कामदेव महाराज जागेर जब आफ्नो प्रताप फैलाउन लागेथे, त्यस वेलामा ब्रह्मचर्य-व्रत-संयमहरू अन्त टिक्न सकेनन्, ग्रन्थरूपी पर्वतका कन्दरामा गएर लुके, अर्थात् ग्रन्थमा भने ब्रह्मचर्य-व्रत-संयम लेखेको देखिने भयो, ब्रह्मचर्य-व्रत-संयम गर्ने कुनै सकस दुनियाँमा देखिएन (यत्र तत्र सबै प्राणी कामातुर भए) । "के हुने हो ? कुन ईश्वर रक्षक होला" यस्तो खलबल संसारमा मच्चियो । "जसदेखि रिसाएर रतिनाथले (कामदेवले) हातमा धनु र बाण लिनुपरेको छ, त्यो दुइटाउके को होला !" (एकटाउके व्यक्तिका निमित्त ता कामदेवले यत्तिको जाग्न पर्दैनथ्यो") (दुनियाँ यसो भन्न लाग्यो) ॥ ३ ॥

दोहा–जे सजीव जग अचर चर नारि पुरुष अस नाम ।
ते निजनिज मरजाद तजि भए सकल बस काम ॥९६॥

"स्त्री" "पुरुष यस्तो नाउँ मात्रै परेका, चर-अचर जति जो जीव थिए, ती सबै आफ्नो मर्यादा (थिति) छाडेर कामवश (कामातुर) भए ॥ ९६ ॥

चौ०–सब के हृदय मदन अभिलाषा ❀ लता निहारि नवहिं तरु साखा ॥१॥
नदीं उमगि अंबुधि कहुँ धाई ❀ संगम करहिं तलाव तलाई ॥२॥
जहँ असि दसा जड़न्ह कै बरनी ❀ को कहि सकै सचेतन करनी ॥३॥
पसु पक्षी नभ जल थल चारी ❀ भए कामबस समय बिसारी ॥४॥

दर्शनं स्पर्शनं केली रहस्यं गुह्यभाषणम् ।
संकल्पोऽध्यवसायश्च क्रियानिर्वृत्तिरेव च ॥
एतन्मैथुनमष्टाङ्गं प्रवदन्ति मनीषिणः ।

(क) कामदेवको र विवेकको परस्पर निरोध छ, विवेकरूपी राजाका परिवार ब्रह्मचर्य-यम-नियम ज्ञान-विज्ञान, जप तप वैराग्य इत्यादि हुन्, कामदेवका परिवार स्त्री, वसन्त, चन्द्रमा, भ्रमरपंक्ति इत्यादि हुन् । विवेकका परिवार अघि आनन्दसाथ संसारमा रहेका थिए, ऐले कामदेवरूपी महाराज आफ्ना परिवारका साथ जागेर आउँदा तिनीहरू डरले भागे ।

सबैका हृदयमा काम (संगम) को अभिलाषा बढ्यो । लतासमेतले भर्खरका (तरुण) वृक्षशाखातर्फ ताक्न लागे । नदीहरू उर्लेर समुद्रतर्फ दौड्न लागे । तलाउ (पोखरा) हरू र तलाई (पोखरी) हरू जोरिन लागे । जहाँ जड़हरूको ता यस्तो हाल बयान गरिन्छ, त्यहाँ चेतन जीवका अवस्था को बयान गर्न सक्तछ ? नभचर-जलचर-थलचर सबै पशु, पक्षी बखत[1]को ख्याल छाडेर कामातुर भए ॥ १ ॥ २ ॥ ३ ॥ ४ ॥

मदन अंध ब्याकुल सब लोका ❀ निसि दिनु नहि अवलोकहिं कोका ॥५॥
देव दनुज नर किन्नर ब्याला ❀ प्रेत पिशाच भूत बेताला ॥६॥
इन्ह कै दशा न कहेउँ बखानी ❀ सदा काम के चेरे जानी ॥७॥
सिद्ध बिरक्त महामुनि जोगी ❀ तेपि नामबस भए बियोगी ॥८॥

सबै प्राणी कामदेवले अन्ध र व्याकुल भए । कोक (चक्रवाक = चखेवा, राती छुट्टिने दिउँसो दिउँसो भाले-पोथी मिलेर आनन्द मनाउने पक्षी) पनि दिन[2]रात केही नहेर्ने (हरबखत नछुट्टिने) भए । देवता, दानव, मनुष्य, किन्नर, सर्प-नाग, प्रेत, पिशाच, भूत, वेताल, यिनको हालसूरतको मैले बखान गरेको होइन, यिनलाई ता म सदासर्वदा कामदेवका चेला नै जान्दछु (ठान्दछु) । (सदासर्वदा कामकिङ्कर भएका स्त्रीसहित भएका यिनको बखान गर्नु व्यर्थै छ ।) वियोगी (स्त्रीविरहित भएका) सिद्ध, वैरागी, महामुनि, योगी, यिनीहरू पनि कामदेवका वश भए (त्यसो हुनाले पो हाहा पर्‍यो) ॥ ५ ॥ ६ ॥ ७ ॥ ८ ॥

छन्द—भए कामबस जोगीस तापस पावरन्हि की को कहे ।
देखहिं चराचर नारिमय जे ब्रह्ममय देखत रहे ॥
अबला बिलोकहिं पुरुषमय जगु पुरुष सब अबलामयं ।
दुइ दंड भरि ब्रह्मांड भीतर कामकृत कौतुक अयम् ॥४॥

बड़े-बड़े जोगी, बड़े-बड़े तपस्वी पनि कामवश भए, पामर (नीच = चुत्था) हरूको कुरा को गरोस् ? (ती ता सधैं कामवश छँदैछन्) । जो महात्मा चराचर जगत्लाई ब्रह्ममय देख्तथे, तिनै ऐहले स्त्रीमय देख्न लागे । २ घड़ीसम्म सारा ब्रह्माण्डभित्र स्त्रीहरू पुरुषमय जगत् देख्न लागे, पुरुषहरू स्त्रीमय जगत् देख्न लागे, कामदेवका प्रतापले यो कौतुक (तमाशा) भयो ! ॥ ४ ॥

सोरठा—धरी न काहूँ धीर सबके मन मनसिज हरे ।
जे राखे रघुबीर ते उबरे तेहि काल महु ॥१४॥

---

(१) पशुपक्षीहरूको कामातुर हुने समय नियमित हुन्छ, यिनीहरू यथाभावी गरेर बरालिंदैनन्, सुगा-मैना-भमरा-कोइलीहरू वसन्त ऋतुमा, ऊँट-गदहा प्रभृति ग्रीष्मऋतुमा, चकोर-चातक-मृग-मयूर प्रभृति वर्षाऋतुमा, खञ्जन-चक्रवाक-सारस-साँढे-बाछा-कुकुरप्रभृति शरदऋतुमा कामातुर हुन्छन् । इत्यादि । ऐहले यो नियम छाडेर यथाभावी गर्न लागे ।

(२) कामले अन्ध भएपछि दिन र रात्रिको निर्णयै हुन सकेन ।

कसैले पनि धैर्य-धारणा गरेन। मनसिजले (कामदेवले) सबैको मन हरे। जसलाई रघुनाथजीले राख्नुभयो (बचाउनुभयो) तिनीहरू त्यस बखतमा उब्रे (बचे) (ज्ञानको र कर्मको कन्दर्पले ध्वंस पार्‍यो तापनि, उपासनाको उस्तो नाश भएन, धन्य उपासना ! धन्य भक्ति !) ॥ १४ ॥

चौ०–उभय घरीं अस कौतुक भएऊ ❀ जब लगि काम संभु पहि गएऊ ॥१॥
सिवहि बिलोकि ससंकेउ मारू ❀ भएउ जथाथिति सबु संसारू ॥२॥

जबतक कामदेव शंकरजीका समीप गए, तबतक (त्यतिञ्जेल) दुइ घडीसम्म यो कौतुक (तमाशा) भयो। (क) अनि शंकरजीलाई देखेर कामदेव सशंक भए (झस्के) अनि तुरन्तै सबै संसार यथास्थित (अघि-अघि-जस्तो) भयो ॥ १ ॥ २ ॥

भए तुरत जग जीव सुखारे ❀ जिमि मद उतरि गएँ मतवारे ॥३॥
रुद्रहि देखि मदन भय माना ❀ दुराधरष दुर्गम भगवाना ॥४॥

तुरन्त सबै जीव त्यसरी सुखी भए, जसरी मद (नाश) उत्रँदा मतवालाहरू (भंगड-गँजड़ी-अफीमची-जँड्याहाहरू) सुखी हुन्छन् ॥ ३ ॥

दुराधर्ष (हेप्न नसकिने) दुर्गम (नगीच पर्न नसकिने) भगवान् (षडैश्वर्यसंपन्न भएका*) शंकरजीलाई देखेर मदनले डर माने ॥ ४ ॥

फिरत लाज कछु करि नहि जाई ❀ मरनु ठानि मन रचेसि उपाई ॥५॥
प्रगटेसि तुरत रुचिर रितुराजा ❀ कुसुमित नव तरुराजि बिराजा ॥६॥
बन उपबन बापिका तडागा ❀ परम सुभग सब दिसा बिभागा ॥७॥
जहँ तहँ जनु उमगत अनुरागा ❀ देखि मुएँहु मन मनसिज जागा ॥८॥

"फर्केर त्यसै गए लाज हुनेभयो, गर्नभने केही पनि सकिएन" (भन्ने विचार गरेर) मर्नसमेत आँटेर मदनले उपाय रचे (गरे) ॥ ५ ॥

उसै बखतमा मदनका मित्र वसन्तऋतु प्रकट भए, ती सुन्दर बसन्त प्रकट हुँदा नयाँ नयाँ भई वृक्षहरू फुलेर शोभायमान भए ॥ ६ ॥

वन-बगैँचा-वापिका (वावली), तलाऊ प्रभृति सबै जलाशय र दिशा दिशाका हरएक हिस्सा, परमसुभग (अति मनोहर सुन्दर) भए ॥ ७ ॥

मानौं जताततै प्रेम उम्लेर आउन लाग्यो। यो दृश्य देखेर मरेको मन पनि मदनका मेहरवानीले जाग्यो ॥ ८ ॥

(क) यो कार्रवाई १ घडी दिन बाँकीमा शुरू भएछ, १ घडी रात जाउन्ज्यालसम्म रहेछ। त्यसै हुनाले "२ घड़ीको यो तमाशा हुनलागेपछि दिनरात प्राणीहरू कामवश भए" भन्ने कुरा असंगत हुँदैन।

* षडैश्वर्य—"ऐश्वर्य[१]स्य समग्रस्य धर्मस्य यशसः[३] श्रिय[४]ः। ज्ञान[५]वैराग्य[६]योश्चैव षण्णां भग इतीरणा" अथवा–उत्पत्तिं[१] प्रलयं[२] चैव भूतानामागतिं[३] गतिम्[४]। वेत्ति विद्या[५]मविद्यां[६] च स वाच्यो भगवानिति।" अर्थ स्पष्ट छ।

छन्द–जागै मनोभव मुएँहु मन बनसुभगता न परै कही।
सीतल सुगंध सुमंद मारुत मदन अनल सखा सही॥
बिकसे सरन्हि बहुकंज गुंजत पुंज मंजुल मधुकरा।
कल हंस पिक सुक सरस रव करि गान नाचहिं अपछरा॥५॥

त्यस बखतमा मदन मरेका मनमा पनि जागे (जीउँदा मनको के कुरा ?) वनको सौन्दर्य वर्णन गर्न नसकिने भयो। मदनरूपी अग्निको मित्र (मदन बढ़ाउने) भएको वायु ठण्डापना सुगन्धता-मदता यी ३–गुणसहित भएर चल्न लाग्यो। सरोवर प्रभृति जलाशयमा धेरै जातका कमल फुले। तिनमा बथानका बथान भएर भ्रमरहरू राम्रो राम्रो गुंजन (आवाज) गर्नलागे। हंस कोइली, सुगा, सारस, यिनीहरू मीठो बोली बोल्न लागे। अप्सराहरू गाउन नाच्न लागे॥ ५॥

दोहा–सकल कलाकरि कोटि बिधि हारेउ सेन समेत।
चली न अचल समाधि सिव कोपेउ हृदयनिकेत॥९७॥

करोडौं तरहले सब उपाय गरेर पनि सैन्यसहित मदन हारे, शिवजीको अचल समाधि डगेन र मदन झन् क्रुद्ध भए॥ ९७॥

चौ०–देखि रसाल बिटप बर साखा ❀ तेहि पर चढेउ मदन मन माखा॥१॥
सुमन चाप निज सर संधाने ❀ अति रिस ताकि श्रवन लगि ताने॥२॥
छाडे विषम बिसिष उर लागे ❀ छूटि समाधि संभु तब जागे॥३॥
भएउ ईसमन छोभु बिसेषी ❀ नयन उघारि सकल दिसि देखी॥४॥

अनि मदनले आम्रवृक्षको राम्रो हाँगा देखे। मनमा क्रोध गरेर त्यसैमा चढे (क)॥ १॥ फूलको धनुमा फूलैको संमोहनबाण जोरेर खूब झोकका साथ कानसम्म ताने—अनि हाने। विषम (सहिनसक्नु कडा) त्यो बाण हृदयमा लाग्यो र शंकरजी समाधिबाट जाग्नुभयो॥ २॥ ३॥ शंकरका मनमा विशेष गरेर क्षोभ भयो (मन चंचल भयो) र नजर खोलेर सबैतिर हेर्नुभयो॥ ४॥

सौरभ पल्लव मदनु बिलोका ❀ भएउ कोपु कंपेउ त्रैलोका॥५॥
तब सिव तीसर नयन उघारा ❀ चितवत कामु भएउ जरि छारा॥६॥
हाहाकार भएउ जग भारी ❀ डरपे सुर भए असुर सुखारी॥७॥
समुझि कामसुखु सोचहिं भोगी ❀ भए अकंटक साधक जोगी॥८॥

मगमग बास्ना आउने आँपका पल्लवको आड गरेर रहेको मदनलाई शंकरजीले

(क) आम्रवृक्षका शाखामा चढ्नाको कारण 'निशाना सोझ्याउनलाई हो' भनी कोही भन्दछन्, कोही 'हानेपछि आम्रपल्लवले छेकिएर लुक्नाका निमित्त हो' भन्दछन्, कोही कोही आम्रपल्लव कामको उद्दीपनविभाव हुनाले आफ्नो तेजोवृद्धिका निमित्त त्यहाँ चढेको भन्दछन्।

८

देख्नुभयो र खूब रिस उठ्यो । (उहाँ रिसाउँदा) त्रैलोक्य थर्थर काँप्न लाग्यो ॥ ५ ॥ अनि शंकरजीले ललाटको तेस्रो (अग्निमय) नेत्र उघार्नुभयो (धग्धग् गर्ने आगाको ज्वाला-समेत भएको त्यो तृतीय नेत्रले) हेर्नेबित्तिकै कामदेव जलेर खाग (खरानी) भए ॥ ६ ॥ (क) संसारभरमा ठूलो हाहाकार मच्चियो, देवताहरू डराए, असुरहरू सुखी भए ॥ ७ ॥ भोगीहरू (शौकीनहरू) कामका अनुग्रहले पाइने सुख संझेर शोक गर्नलागे, योगीहरू अकंटक भएर साधक (साधना गर्ने) भए ॥ ८ ॥

छन्द–जोगी अकंटक भए पतिगति सुनत रति मुरुछित भई ।
रोदति बदति बहु भाँति करुना करति संकर पहि गई ॥
अति प्रेम करि बिनती बिबिध बिधि जोरि कर सन्मुख रही ।
प्रभु आसुतोष कृपाल सिव अबला निरखि बोले सही ॥६॥

जोगीहरू ता अकंटक भए, तर पतिको गति सुन्दा रति मूर्छित भइन् र रुँदै, अनेक प्रकारको विलाप गर्दै, पतिका उपर माया गर्दै शंकरका समीप पुगिन्, अनि अति प्रेमले हात जोरेर अनेक प्रकारले विन्ति गरीकन शंकरजीका संमुखमा खड़ी भइन् ; ती अबलालाई देखेर आशुतोष (चाँडै खुशी हुने) दयालु भगवान् शंकरजीले उचित वचन बोल्नुभयो ॥ ६ ॥

दोहा–अब तें रति तव नाथ कर होइहि नामु अनंग ।
बिनु बपु ब्यापिहि सबहि पुनि सुनु निज मिलन प्रसंग ॥९८॥

हे रति ! अब उप्रान्त तिम्रा पतिको 'अनंग' यो नाम हुनेछ, फेरि त्यो शरीरविना सबैलाई व्याप्त गर्नेछ । अब उसँग भेट हुने कुराको प्रसंग सुन ॥ ९८ ॥

चौ०–जब जदुबंस कृष्न अवतारा ❀ होइहि हरन महा महिभारा ॥१॥
कृष्नतनय होइहि पति तोरा ❀ बचनु अन्यथा होइ न मोरा ॥२॥
रति गवनी सुनि संकरबानी ❀ कथा अपर अब कहौं बखानी ॥३॥
देवन्ह समाचार सब पाए ❀ ब्रह्मादिक बैकुंठ सिधाए ॥४॥

(क) यसै समयका शंकरजीको रूप संझेर शंकरभक्तमुकुटमणि लंकेश्वरले (रावणले)—

"तलतिर (ललाटमा) प्रचण्ड अग्नि उठेको देखेर, जटारूपी कडाहीमा (छिरेर भाग्न नपाइने जटाजूटमा) घबराहटका साथ फनफनी घुम्न लागेकी गङ्गाजीका लामा लामा चञ्चल तरङ्गले शिरमा सुशोभित भएका, विशाल भएको ललाटका माझमा "धगत्-धगत्-धगत्" यस्तो आवाज गर्ने प्रचण्ड अग्नि-ज्वालाले भयानक देखिने, भालस्थलमथि रहेको बालचन्द्रलाई सुरक्षित राख्ने, अद्भुतशक्तिमान् शंकरजीमा मेरो हरहमेशा प्रेम रहोस्" यस्तो प्रार्थना गरेको छ ।

जटाकटाहसंभ्रमभ्रमन्निलिम्पनिर्झरी—
विलोलवीचिवल्लरीविराजमानमूर्धनि ।
धगद्धगद्धगज्ज्वलल्ललाटपट्टपावके
किशोरचन्द्रशेखरे रतिः प्रतिक्षणं मम ॥ [लंकेश्वरकृत शिवताण्डवस्तव]

“पृथिवीको ठूलो भार हर्नाका निमित्त जब यदुवंशमा कृष्णभगवान्‌को अवतार होला, अनि तिम्रा पति कृष्णका पुत्र भएर जन्मनेछन्; यो मेरो वचन अन्यथा हुनेछैन” ॥ १ ॥ २॥ यस्तो शंकरजीको वचन सुनेर रतिदेवी गइन् । भरद्वाजमुनि ! अब अर्कोतिरको कथा विस्तारपूर्वक भन्दछु (सुन्नुहोस्) ॥ ३ ॥ ब्रह्मादि देवताले यो समाचार पाए, अनि ती वैकुण्ठधाममा गए ॥ ४ ॥

शंकरप्रार्थना

सब सुर विष्णु बिरंचि समेता ❀ गए जहाँ सिव कृपानिकेता ॥५॥
पृथक पृथक तिन्ह कीन्हि प्रसंसा ❀ भए प्रसन्न चन्द्र अवतंसा ॥६॥
बोले कृपासिंधु वृषकेतू ❀ कहहु अमर आए केहि हेतू ॥७॥
कह विधि ! तुम्ह अन्तरजामी ❀ तदपि भगतिबस बिनवौं स्वामी ॥८॥

जहाँ करुणासागर शंकरजी हुनुहुन्थ्यो; विष्णु-ब्रह्मासहित सबै देवता त्यहीं गएर तिनीहरूले पृथक् स्तुति गरे । भालचन्द्र भगवान् शंकरजी प्रसन्न हुनुभयो ॥ ५ ॥ ६ ॥

करुणासागर वृषकेतु (नन्दिध्वज)-शंकरजीले “हे देवताहो ! तिमीहरू केकानिमित्त ? आएका होऊ, भन” भन्नुभयो ॥ ७ ॥ अनि ब्रह्माजीले “प्रभु ! हजूर अन्तर्यामी हुनुहुन्छ (सबैका मनका कुरा जान्नुहुन्छ) तैपनि भक्तिवश भएर विन्ति गर्दछु ॥ ८ ॥

दोहा—सकल सुरन्ह कें हृदय अस संकर परम उछाहु ।
निज नयनन्हि देखा चहहिं नाथ तुम्हार बिवाहु ॥९९॥

“हे नाथ ! शंकर ! सबै देवताका मनमा ठूलो अभिलाषा यो छ कि, यिनीहरू खूब उत्साहका साथ हजूरको विवाह हेर्न चाहन्छन् ॥ ९९ ॥

चौ०—यह उत्सव देखिअ भरि लोचन ❀ सोइ कछु करहु मदन मद मोचन ॥१॥
कामु जारि रति कहुँ बरु दीन्हा ❀ कृपासिंधु यह अति भल कीन्हा ॥२॥

हे मदनमदमोचन ! हे दयासागर ! शंकर ! यो उत्सव आँखाभरी देख्न पाऊँ, त्यही कुनै उपाय गर्नुहोस् । कामदेवलाई जलाएर रतिलाई वरदान दिनुभयो, यो कुरा अति असल गर्नुभयो ॥ १ ॥ २ ॥

सासति करि पुनि करहिं पसाऊ ❀ नाथ प्रभुन्ह कर सहज सुभाऊ ॥३॥
पारबतीं तप कीन्ह अपारा ❀ करहु तासु अब अंगीकारा ॥४॥

हे नाथ ! शंकर ! सास्ती गरेर (दुःख दिएर) फेरि प्रसाद (अनुग्रह) गर्दछन् ; यो प्रभु (समर्थ मालिक) को जन्मसिद्ध स्वभाव हो ॥ ३ ॥ पार्वतीले अपार तपस्या गरेको छ, (खूब सास्ती पाउनुभएको छ) अब उहाँको स्वीकार गर्नुहवस्” ॥ ४ ॥

सुनि बिधिबिनय समुझि प्रभु बानी ❀ ऐसेई होउ कहा सुखु मानी ॥५॥
तब देवन्ह दुन्दुभी बजाई ❀ बरषि सुमन जय जय सुरसाई ॥६॥

यस्तो ब्रह्माजीको विन्ति सुनेर, अघिको रघुनाथजीको वचनसमेत संझेर शंकरजीले आनन्द मानीकन "लौ, तिमीहरूले भने जस्तै होस्" भन्नुभयो। अनि देवताहरूले दिव्य दुन्दुभि बजाएर पुष्पवृष्टि गरेर "सुरस्वामिन्! (देवताका मालिक! प्रभु शंकर!) हजूरको जय होस् जय होस्" भने ॥ ५ ॥ ६ ॥

अवसरु जानि सप्तरिषि आए ❀ तुरतहि बिधि गिरि भवन पठाए ॥७॥
प्रथम गए जहँ रहीं भवानी ❀ बोले मधुर बचन छल सानी ॥८॥

मौका ठीक ठानेर सप्तऋषिहरू आए। उनलाई ब्रह्माजीले तुरन्तै हिमालयका घर पठाउनुभयो। तिनीहरू जहाँ पार्वती हुनुहुन्थ्यो, पहिले वहाँ गए, र छल (कपट) ले मिलेको मीठो वचन भन्नलागे—॥ ७ ॥ ८ ॥

पार्वतीपरीक्षा

दोहा–कहा हमार न सुनेहु तब नारद कें उपदेस।
अब भा झूठ तुम्हार पन जारेउ कामु महेस ॥१००॥

"लौ पार्वती! हामीले भनेको कुरा नारदको उपदेशपट्टि लागेर सुनिनथ्यौ, अब तिम्रो प्रण झूठा भयो, शंकरले कामदेव जलाइदिनुभयो ॥ १०० ॥

चौ०–सुनि बोलीं मुसुकाइ भवानी ❀ उचित कहेहु मुनिबर बिज्ञानी ॥१॥
तुम्हरें जान कामु अब जारा ❀ अब लगि संभु रहे सबिकारा ॥२॥

यो वचन सुनेपछि पार्वतीले मुसुक्क हाँसेर "मुनिवरहो! हे ज्ञानीहो! तपाईंहरूले ठीक भन्नुभयो, तपाईंहरूका समझमा ऐहे पो काम जलेछन्, यतिञ्ज्याल शंकरजी सविकार (कामविकारसहित) हुनुहुँदो रहेछ (होइन?) ॥ १ ॥ २ ॥

हमरें जान सदा सिव जोगी ❀ अज अनबद्य अकाम अभोगी ॥३॥
जो मैं सिव सेए अस जानी ❀ प्रीति समेत कर्म मन बानी ॥४॥
तौ हमार पन सुनहु मुनीसा ❀ करिहहिं सत्य कृपानिधि ईसा ॥५॥

मेरा समझमा ता शंकरजी सदा सर्वदा योगी, जन्मशून्य, निर्दोष, निष्काम, भोगशून्य नै हुनुहुन्छ॥ मैले यस्तै संझेर शंकरजीको प्रीतिसाथ मनसा-कर्मणा-वाचा सेवा गरेकी रहेछुभने, दयासागर शंकरजीले मेरो प्रण पूर्ण गर्नुहुनेछ, सुन्नुहवोस्! मुनीश्वरहो! ॥ ३ ॥ ४ ॥ ५ ॥

तुम्ह जो कहा हर जारेउ मारा ❀ सोइ अति बड़ अबिबेकु तुम्हारा ॥६॥
तात अनल कर सहज सुभाऊ ❀ हिम तेहि निकट जाइ नहि काऊ ॥७॥
गएँ समीप सो अवसि नसाई ❀ असि मन्मथ महेस कै नाई ॥८॥

तपाईंहरूले "शंकरले मदनलाई जलाउनुभयो" भनेर जो भन्नुभयो, त्यो तपाईंहरूको साह्रै ठूलो अज्ञान हो ॥ ६ ॥ (किनभने ?)

बाबा ! मुनीश्वरहो ! अग्निको यस्तो सहज (सदासर्वदा साथमा रहने) स्वभाव छ कि, त्यसको नगीचमा हिम (जाडो) कहिल्यै पनि जाँदैन, गयोभने पनि अवश्य नष्ट हुन्छ, यस्तै कामदेवले शंकरजीमा गरेको हो (कामदेव जोरी खोजेर शंकरका समीपमा नजाँदा हुन् ता शंकरले के गर्नुहुन्थ्यो र ? जाडो आगाको नगीच गएनभने बाँचिरहन्छ, जानी बुझी आगाको समीप जाडो गयोभने त्यो जाडो मर्दछ, आगाको ता स्वभावसिद्ध जलाउने कामै छ, त्यहाँ होम्मिन जाने व्यक्ति आफ्नै मूर्खताले मर्दछ, आगाको के दोष ? त्यस्तै यहाँ पनि शंकरजीले कामदेवलाई जलाएको होइन कि, त्यो मूर्ख कामदेव आफैं जलेको हो) ॥ ७ ॥ ८ ॥

दो०–हिय हरषे मुनि बचन सुनि देखि प्रीति बिस्वास ।
चले भवानिहि नाइ सिर गए हिमाचल पास ॥१०१॥

पार्वतीको यो वचन सुनेर ती मुनिहरू प्रीति र विश्वास देख्ता मनमा हर्षित भएर पार्वतीलाई वन्दना गरीकन हिमालयका समीप गए ॥ १०१ ॥

चौ०–सब प्रसंगु गिरिपतिहि सुनावा ❀ मदन दहन सुनि अति दुखु पावा ॥१॥
बहुरि कहेउ रति कर बरदाना ❀ सुनि हिमवंत बहुत सुखु माना ॥२॥

तिनीहरूले हिमालयलाई सबै वृत्तान्त भने । कामदेवको दाहवृत्तान्त सुनेर ती दुःखित भए । फेरि तिनीहरूले रतिलाई दिएको वरदानको वृत्तान्त पनि भने, त्यो सुन्दा हिमालय खूब आनन्दित भए ॥ १ ॥ २ ॥

हृदय बिचारि संभुप्रभुताई ❀ सादर मुनिबर लिए बोलाई ॥३॥
सुदिन सुनखतु सुघरी सोचाई ❀ बेगि बेद बिधि लगन धराई ॥४॥

मनले शंकरजीका सामर्थ्यको विचार गरेर, आदरका साथ अरू अरू मुनिवरहरूलाई समेत बोलाएर असल दिन, असल नक्षत्र, असल घड़ी, विचार गर्न लगाईकन चाँडैनै वैदिक विधिका विवाहको लगन लेखाए ॥ ३ ॥ ४ ॥

पत्री सप्तरिषिन्ह सो दीन्ही ❀ गहि पद बिनय हिमाचल कीन्ही ॥५॥
जाइ बिधिहि तिन्ह दीन्ह सो पाती ❀ बाचत प्रीति न हृदय समाती ॥६॥

त्यो लग्नपत्रिका सप्तऋषिलाई दिए, अनि हिमालयले तिनीहरूको पाउ समातेर विनय (विन्तिभाउ) गरे । ती ऋषिहरूले गएर त्यो लग्नपत्रिका ब्रह्माजीलाई दिए, त्यो पत्रिका बाँच्ता ब्रह्माजीका हृदयमा आनन्द अटाएन ॥ ५ ॥ ६ ॥

लगन बाचि बिधि सबहि सुनाई ❀ हरषे मुनि सब सुरसमुदाई ॥७॥
सुमनबृष्टि नभ बाजन बाजे ❀ मंगल कलस दसहु दिसि साजे ॥८॥

अनि उहाँले त्यो लग्नपत्रिका बाँचेर सबैलाई सुनाउनुभयो, मुनि र सबै देवताका

८–क

समूह त्यो सुन्दा खुशी भए। पुष्पवृष्टि भयो, आकाशमा मङ्गलवाद्य बज्न लागे, दशै दिशामा पूर्ण मंगल छाइयो ॥ ७ ॥ ८ ॥

पार्वती-मङ्गल

दोहा–लगे सँवारन सकल सुर बाहन बिबिध बिमान।
होहिं सगुन मंगल सुभद करहिं अपछरा गान ॥१०२॥

सबै देवताहरू आफ्ना आफ्ना अनेक प्रकारका वाहन र विमानलाई सजिसजाउ पार्न लागे, सगुन मङ्गलकलश इत्यादि तयार भए, अप्सरा गाउन लागे ॥ १०२ ॥

चौ०–सिवहि संभुगन करहिं सिंगारा ❀ जटा मुकुट अहि मौरु सँवारा ॥१॥
कुंडल कंकन पहिरे ब्याला ❀ तन बिभूति पट केहरिछाला ॥२॥
ससिललाट सुंदर सिर गंगा ❀ नयन तीनि उपबीत भुजंगा ॥३॥
गरल कंठ उर नर सिर माला ❀ असिव बेष सिवधाम कृपाला ॥४॥

उतापट्टि शंकरका गणले शंकरजीको शृङ्गार गर्न लागे, जटाको मुकुट बनाएर सर्पको मौर (डोरी) ले सजाए। कानमा सर्पको कुंडल, हातमा सर्पको कंकन पहिराए। शरीरभर खरानी घसे, बाघको छालारूपी वस्त्र लगाए। ललाटमा चन्द्रमा छँदैछन् , शिरमा सुन्दर गङ्गाजी छँदैछन्। नेत्र तीन छँदैछन्। सर्पको जनै छँदैछ। गलामा विषको टीको छँदैछ। छातीमा मुण्डमाला छँदैछ। (यस्ता प्रकारले शंकरजीको शृंगार भयो) (देख्ने प्राणीका दृष्टिले) शंकरजीको त्यो वेष अमङ्गल थियो तापनि दयासागर शंकरजी स्वयं शिवधाम (मंगलको निवास-स्थान) हुनुभएको थियो (वेष जस्तोसुकै होस वेषले के गर्छ ? "अमङ्गल वेष भएर पनि मङ्गल गर्नु" ईश्वरत्व यही हो, "वेष मङ्गल गराएर आफू अमङ्गलरूप हुनु" ता सारा संसारका तुच्छातितुच्छ प्राणीमा चलिरहेको छ) ॥ १ ॥ २ ॥ ३ ॥ ४ ॥

कर त्रिसूल अरु डमरु बिराजा ❀ चले बसहँ चढि बाजहिं बाजा ॥५॥
देखि सिवहि सुरत्रिय मुसुकाहीं ❀ बर लायक दुलहिनी जग नाहीं ॥६॥

शंकरजीका हातमा त्रिशूल र डमरू सुशोभित भयो, अनि उहाँ बसाहमा चढेर रवाना हुनुभयो, बाजा बज्न लागे। यो दृश्य देखेर देवाङ्गनाहरू मुसुक हाँस्न लागे। "यस्ता दुलहालाई सुहाउने दुलही संसारमा छैन" [भन्न लागे] ॥ ५ ॥ ६ ॥

बिष्नु बिरंचि आदि सुरब्राता ❀ चढि चढि बाहन चले बराता ॥७॥
सुरसमाज सब भाँति अनूपा ❀ नहि बरात दूलह अनुरूपा ॥८॥

विष्णु-ब्रह्मा-आदि गरेका देवताका वर्ग आफ्ना आफ्ना वाहन चढेर बरियात गए ॥ ७ ॥ सब देवताको समाज सब तरहले अनुपम थियो, यो बरियात [भने] दुलहाका अनुरूप (रूपको योग्य) भएन ॥ ८ ॥

दोहा–बिष्नु कहा अस बिहसि तब बोलि सकल दिसिराज ।
बिलग बिलग होइ चलहु सब निज निज सहित समाज ॥१०३॥

अनि विष्णु भगवान्ले हाँसीकन सबै दिक्पालहरूलाई बोलाएर "आफ्ना आफ्ना जमातलाई साथ लिएर तिमीहरू अलग अलग भएर मिलीकन हिंड" भन्नुभयो ॥ १०३ ॥

चौ०–बर अनुहारि बरात न भाई ❀ हँसी करैहहु परपुर जाई ॥१॥
बिष्नुबचन सुनि सुर मुसुकाने ❀ निज निज सेन सहित बिलगाने ॥२॥

"भाइहो ! यो बरियात वरअनुसारको भएन, अर्काका नगरमा पुगेर तिमीहरूले गिज्ञा गराउन आँट्यौ ।" यस्तो विष्णुभगवान्को वचन सुनेर देवताहरूले मन्दहास्य गरे, अनि आफ्ना आफ्ना दललाई साथ लिएर छुट्टा छुट्टा भए (तैपनि बरियात खुलेन) ॥ १ ॥ २ ॥

मनही मन महेसु मुसुकाहीं ❀ हरिके बिंग्य बचन नहि जाहीं ॥३॥
अति प्रिय बचन सुनत प्रिय केरे ❀ भृंगिहि प्रेरि सकल गन टेरे ॥४॥

शंकरजी मनैमनमा हाँस्नुभयो, विष्णुभगवान्को व्यंगवचन हृदयबाट नहट्ने भयो (विष्णुभगवान्ले "शंकरजीका गणलाई साथैसाथ लगेदेखि यो बरियात खूब खुल्दछ, नत्र ता दुलहा यस्ता, बरियाती देवताहरू यस्ता हुनाले बेमज्जा भयो" यसो नभनेर 'बरियात वरअनुसारको भएन' यत्ति मात्रै भनेको सुन्दा त्यो व्यंग्य-वचन शंकरजीको हृदयमा प्रेम-परिहास हुनाले (प्रेमको ठट्टा हुनाले) खूब गड्यो) अनि शंकरजीले विष्णुभगवान्को त्यो प्रिय वचन सुनेर भृङ्गी'नामक आफ्नो सेवकलाई अह्राएर सबै गण बटुल्नुभयो ॥ ३ ॥ ४ ॥

सिव अनुसासन सुनि सब आए ❀ प्रभुपद जलज सीस तिन्ह नाए ॥५॥
नाना बाहन नाना बेषा ❀ बिहसे सिव समाज निज देखा ॥६॥
कोउ मुखहीन बिपुल मुख काहू ❀ बिनु पद कर कोउ बहु पद बाहू ॥७॥
बिपुल नयन कोउ नयन बिहीना ❀ रिष्टपुष्ट कोउ अति तन खीना ॥८॥

शंकरजीको आज्ञा सुनेर सबै गण सामेल भए तिनले शंकरजीका चरणकमलमा शिर झुकाए ॥ ५ ॥ तिनीहरूमध्ये कोही मुखै नभएका, कोही धेरै मुख भएका, कोही हातखुट्टै नभएका, कोही धेरै हात धेरै खुट्टा भएका, कोही धेरै आँखा भएका, कोही आँखै नभएका, कोही हृष्टपुष्ट शरीर भएका, कोही क्षीणशरीर भएका थिए ॥ ६ ॥ ७ ॥ ८ ॥

छन्द–तन खीन कोउ अति पीन पावन कोउ अपावन गति धरें ।
भूषन कराल कपाल कर सब सद्य सोनित तन भरें ॥

---

(१) "बिगुल बजाएर पल्टन सामेल गराएझैं, शंकरजीले भृंगी (पपीरी नाम भएको बाजा) बजाएर गणलाई सामेल गराउनुभयो" यस्तो व्याख्यान पनि कसै कसैले गरेका छन् । "भृंगीलाई प्रेरणा गरे" भन्दा "शंकरसेवक भृंगीलाई अह्राएर" यो अर्थ स्पष्ट र, "बाजाविशेषलाई प्रेरणा गरे" भन्द "अर्थात् भृगी बाजा बजाएर" यो अर्थ अस्पष्ट र जबर्दस्ती मान्नुपर्ने हुन्छ कि ?

खर स्वान सुअर सृकाल मुख गनबेष अगनित को गने।
बहु जिनस प्रेत पिसाच जोगि जमाति बरनत नहि बने ॥७॥

कोही दुब्ला, कोही खूब मोटा, कोही सुग्घरी कोही फोहोरी भएर हिंडेका थिए। तिनका गहना डरलाग्दा थिए, सबैका हातमा रगत भरिएको खप्पर रहेको थियो, तिनीहरूले पनि सर्वाङ्गमा ताजा रगत लाएका थिए, ती गण कोही गदहामुखे, कोही कुकुरमुखे, कोही सुँगूरमुखे, कोही स्यालमुखे थिए, तिनको भेष बेगिन्ती थियो, को गन्न सक्तछ ? धेरै प्रकारका प्रेत-पिशाच जोगीका गणको वर्णन गर्न सकिंदैन ॥ ७ ॥

सोरठा—नाचहिं गावहिं गीत परम तरंगी भूत सब।
देखत अति बिपरीत बोलहिं बचन बिचित्र बिधि ॥१५॥

ती तरङ्गी भएका भूत-प्रेत-प्रमथहरू बाटा बाटामा नाच्तछन्, गीत गाउँदछन्, डरलाग्दो गरी हेर्दछन्, अनेक किसिमले विचित्र २ बोली बोल्दछन्, (एवं रीतले हिंडे) ॥ १५ ॥

चौ०—जस दूलह तसि बनी बराता ❀ कौतुक बिबिध होहिं मग जाता ॥१॥
इहाँ हिमाचल रचेउ बिताना ❀ अति बिचित्र नहिं जाइ बखाना ॥२॥

जस्ता दुलहा थिए बरियात पनि त्यस्तै भयो (अब भने विष्णुभगवान्ले भनेबमोजिम भयो, सुहाउँदो बरियात भयो), जाँदाखेरि बाटामा अनेक प्रकारका कौतुक (तमाशा) हुन्थे। अब दुलहीपट्टि हिमालयले अति विचित्र बयान गर्न नसकिने वितान (सामियाना) तयार गरे ॥ १ ॥ २ ॥

सैल सकल जहँ लगि जग माहीं ❀ लघु बिसाल नहि बरनि सिराहीं ॥३॥
बन सागर सब नदीं तलावा ❀ हिमगिरि सब कहुँ नेवत पठावा ॥४॥

जगतमा भएसम्मका, गिन्ती गरेर पृथक् पृथक् बयान गर्न नसकिने, संपूर्ण पर्वत-वन-समुद्र-नदीनाला-सरोवर सबैलाई हिमालयले निमन्त्रण पठाएका थिए ॥ ३ ॥ ४ ॥

कामरूप सुंदर तनु धारी ❀ सहित समाज सहित बर नारी ॥५॥
गए सकल तुहिनाचलगेहा ❀ गावहिं मंगल सहित सनेहा ॥६॥
प्रथमहि गिरि बहु गृह सँवराए ❀ जथाजोगु जहँ तहँ सब छाए ॥७॥
पुर सोभा अवलोकि सुहाई ❀ लागै बिरंचि लघु निपुनाई ॥८॥

कामरूप (इच्छानुसार रूप लिन सक्ने) तिनीहरू सुन्दर शरीर धारण गरेर आफ्ना २ परिवारवर्ग स्त्रीले सहित भईकन हिमालयका घर गए। अनि प्रेमपूर्वक मंगलगान गर्न लागे ॥ ५ ॥ ६ ॥ पहिल्यैदेखि गिरिराजले (निमन्त्रितहरूका निमित्त) घर ठीकठाक पारेका थिए, ती निमन्त्रितहरू आएर तिनै घरमा जहाँतहीं भरिए। सुहाएको नगरशोभा देख्ता ब्रह्माजीको निपुणता (सीप) पनि सानो लाग्दथ्यो ("यहाँका कारीगर ब्रह्माभन्दा पनि सिपालु रहेछन्" भन्नुपर्दथ्यो ॥ ७ ॥ ८ ॥

छन्द—लघु लाग बिधिकी निपुनता अवलोकि पुरसोभा सही ।
बन बाग कूप तडाग सरिता सुभग सब सक कौ कही ?॥
मंगल बिपुल तोरन पताका केतु गृह गृह सोहदीं ।
वनिता पुरुष सुन्दर चतुर छबि देखि मुनिमन मोहहीं ॥८॥

अब नगरको शोभा देख्ता विधाताकी चतुरता पनि सानी लाग्न लागी । बन-बगैंचा कूवा-तलाऊ-नदी सबै सुन्दर देखिन लागे, तिनको बयान गर्न को सक्तछ । घर घरमा धेरै मंगलाचार हुन लागे । तोरन पताका ध्वजा शोभायमान भए । स्त्री पुरुष सुन्दर र चलाक भएका थिए । यो शोभा देखेर मुनिजनको मन पनि मोहित भयो ॥ ८ ॥

दोहा—जगदंबा जहँ अवतरी सो पुरु बरनि कि जाइ ।
रिधि सिधि संपत्ति सुख नित नूतन अधिकाइ ॥१०४॥

खास जगज्जननी गिरिजाले जहाँ अवतार लिनुभयो, त्यो नगरको वर्णन गर्न सकिन्छ र ? ऋद्धि-सिद्धि संपत्ति सबै किसिमका सुख नित्य नयाँ नयाँ भएर बढ़िरहेका थिए ॥ १०४ ॥

चौ०—नगर निकट बरात सुनि आई ❀ पुर खरभरू सोभा अधिकाई ॥१॥
करि बनाव सजि बाहन नाना ❀ चले लेन सादर अगवाना ॥२॥

बरियात शहरको नगीच आइपुगेको सुनेर सहरमा खलबलको शोभा बढ्यो । हरएक चीजको बनावट ठीक गरेर अनेक प्रकारका वाहन सजेर बरियात लिन अगुवानी गर्न सबै हिंडे ॥ १ ॥ २ ॥

हिय हरषे सुर सेन निहारी ❀ हरिहि देखि अति भए सुखारी ॥३॥
सिब समाज जब देखन लागे ❀ बिडरि चले सब बाहन भागे ॥४॥

तिनीहरू अगाडि अगाडि रहेको देवताको समूहलाई देखेर मनमा खुशी भए । विष्णु भगवान्‌लाई देख्ता ता चौपट्टै खुशी भए ॥ ३ ॥ जब तिनले शंकरजीका गणलाई देख्न लागे, अनि तिनका वाहन (हात्ती-घोड़ा प्रभृति) हरू भड्के, भागेर हिंडे ॥ ४ ॥

धरि धीरजु तहँ रहे सयाने ❀ बालक सब लै जीव पराने ॥५॥
गए भवन पूछहिं पितु माता ❀ कहहिं वचन भयकंपित गाता ॥६॥
कहिअ काह कहि जाइ न वाता ❀ जमकर धारि किधों बरियाता ॥७॥
वरू बौराह वसह असवारा ❀ ब्याल कपाल बिभूषन छारा ॥८॥

त्यहाँ बूढाबाँका (बलिया बाङ्गा) हरू धैर्य गरेर जिनतिन अडे, केटाकेटीहरू ज्यान लिएर भागे । घर पुगेर बाबु-आमाले सोद्धा डरले थरथर काँप्तै भन्न लागे कि “के भनौं ? कुरा गर्नै सकिंदैन जमराजको पलटन हो कि बरियात हो ? दुलहा बौलाहा, गोरुमा चढेको, सर्प ! खप्पर ! गहना ! छाला ! ॥ ५ ॥ ६ ॥ ७ ॥ ८ ॥

छन्द–तन छार ब्याल कपाल भूषन नगन जटिल भयंकरा ।
सँग भूत प्रेत पिसाच जोगिनि बिकट मुख रजनीचरा ॥
जो जिअत रहिहि बरात देखत पुन्य बड़ तेहि कर सही ।
देखिहि सो उमाबिवाहु घर घर बात असि लरिकन्ह कही ॥९॥

आङभरी खरानी, सर्पका गहना, खप्पर, नांगा, जटा पालेका, डरलाग्दा, साथमा भूत-प्रेत-पिशाच-जोगिनी ! डरलाग्दो मुख भएका राक्षस ! ॥ (क)

त्यस्तो बरियात देख्ता देख्तै पनि जो बाँचिरहला ठूलो पुण्य त्यसैलाई सही ! (हामी ता कायल बाबा !) त्यसैले पार्वतीको विवाह हेर्ला" यस्ता प्रकारका कुरा घर घरमा केटाकेटीहरूले गरे ॥ ९ ॥

दोहा–समुझि महेससमाज सब जननि जनक मुसुकाहिं ।
बाल बुझाए बिबिध बिधि निडर होउ डरु नाहिं ॥१०५॥

आमा-बाबुले शङ्करजीको समाज (परिवार) बुझेर मुसुक्क हाँसे । "तिमीहरू निडर होऊ (नडराऊ) डर छैन" भनेर बालकहरूलाई अनेक प्रकारले बुझाए ॥ १०५ ॥

चौ०–लै अगवान बरातहि आए ❀ दिए सबहि जनवास सुहाए ॥१॥
मैना सुभ आरती सँवारी ❀ संग सुमंगल गावहिं नारी ॥२॥

अगवानहरूले (अगुवानी गर्न गएका हिमालयका इष्टमित्रले) बरियात लिएर आए । सबैलाई सुन्दर जनवास (जन्ती राख्ने स्थान) दिए । मेनाले सुन्दर आरती (आरती गर्ने थलिया) सवारिन् (हिफाजतसाथ हातमा लिइन्) स्त्रीहरू संसँगै मंगल गाउन लागे ॥ १ ॥ २ ॥

कंचन थार सोह बर पानी ❀ परिछन चली हरहि हरषानी ॥३॥
बिकट बेष रुद्रहि जब देखा ❀ अबलन्ह उर भय भएउ बिसेषा ॥४॥

मेनाका सुन्दर (अलंकृत) हातमा रहेको सुवर्णको थाल सुशोभित भयो, ती मेना हर्षित भएर शङ्करजीलाई पर्छन (आरती गर्न) गइन् । शङ्करजीको भयानक वेष जब देखे अनि ती अबलाहरूका हृदयमा ज्यादै नै भय पैदा भयो ॥ ३ ॥ ४ ॥

भागि भवन पैठीं अति त्रासा ❀ गए महेसु जहाँ जनवासा ॥५॥
मैना हृदय भएउ दुखु भारी ❀ लीन्ही बोलि गिरीसकुमारी ॥६॥

(क) माथिल्लो छैटौं चौपाईमा र यो छन्दका पूर्वार्धमा रहेको न्यूनपदताले (कुरा नपुग्ने, अधूरा वाक्यले) केटाकेटीहरूका त्रासको खूब पोषण गर्दछ र त्यो दोषका बदलामा गुण हुन जान्छ । "उक्तावानन्द मग्नादेः, स्यान्यूनपदता गुणः" [साहित्यदर्पण]

ज्यादै नै डराएकी मेना भागेर घरभित्र घुसिन् । शङ्करजी फर्केर जनवासमा (जन्ती-घरमा) जानुभयो । मेनाका मनमा ठूलो दुःख लाग्यो र पार्वतीलाई बोलाइन्—॥ ५ ॥ ६ ॥

अधिक सनेह गोद बैठारी ❀ स्याम सरोज नयन भरे बारी ॥७॥
जेहि बिधि तुम्हहिं रूपु अस दीन्हा ❀ तेहि जड बरु बाउर कस कीन्हा ॥८॥

ज्यादा प्रेमले काखमा राखिन् । तिनका काला नजरमा मोतीजस्तो सेतो पानी भरिएर आयो । ती भन्न लागिन् कि "प्यारी ! छोरी ! जुन विधाताले तिमीलाई यस्तो रूप दियो, उसैले यस्तो (डरलाग्दो) जड-बौलाहा वर (दुलहा) कसरी दियो ? ॥ ७ ॥ ८ ॥

छन्द—कस कीन्ह बरु बौराह बिधि जेहिं तुम्हहि सुंदरता दई ।
जो फलु चहिअ सुरतरुहिं सो बरबस बबूरहिं लागई ॥
तुम्ह सहित गिरि तें गिरौं पावक जरौं जलनिधि महु परौं ।
घरु जाउ अपजसु होउ जग जीवत बिवाहु न हौं करौं ॥१०॥

नानी ! छोरि ! जसले तिमीलाई यस्तो सुन्दरता दियो, त्यही विधाताले बौलाहा वर (दुलाहा) कसरी दियो ? जुन फल कल्पवृक्षलाई चाहिन्थ्यो (कल्पवृक्षमा रहनुपर्दथ्यो) त्यो फल लाचारीसाथ बबूरका वृक्षमा लाग्यो । बेटी ! तिमीसहित भएर पहाडबाट हामफालूँला, आगामा जलूँला, समुद्रमा डुबूँला, घर जाओस्, दुनियाँमा अपजस हवोस्, बाँचुञ्ज्याल हर्गिज म विवाह गर्ने होइन ॥ १० ॥

दोहा—भईं बिकल अबला सकल दुखित देखि गिरिनारि ।
करि बिलापु रोदति बदति सुतासनेहु सँभारि ॥१०६॥

गिरिराजपत्नी मेनालाई यसरी दुःखित भएकी देखेर सबै स्त्रीहरू व्याकुल भए । फेरि मेना छोरी पार्वतीलाई स्नेहले सँभारेर (काखमा च्यापेर = अँगालो हालेर) रुँदै आलाप-विलाप गर्दै भन्न लागिन् ॥ १०६ ॥

चौ०—नारद कर मैं काह बेगारा ❀ भवनु मोर जिन्ह बसत उजारा ॥१॥
अस उपदेसु उमहि जिन्ह दीन्हा ❀ बौरे बरहि लागि तपु कीन्हा ॥२॥

जसले बसेको (राम्रो गरी जमेको) मेरो घर उजारे (बिगारे) जसले यस्तो उपदेश पार्वतीलाई दिए, ती नारदको मैले के बिगारेकी थिएँ ? (हाय ! हाय !) बौलाहा दुलाहाका निमित्त पनि तपस्या गरिन् ? ॥ १ ॥ २ ॥

साचेहु उन्ह के मोह न माया ❀ उदासीन धनु धामु न जाया ॥३॥
पर घर घालक लाज न भीरा ❀ बाँझ कि जान प्रसव कै पीरा ॥४॥

साँच्चै हो उनलाई माया-दया-मोह-ममता केही रहेनछ । ती उदासनै छन् , न धन छ, न घर छ, न स्त्री छ । अर्काको घर बरवाद पार्ने तिनलाई न लाज छ, न डर छ, । बाँझी स्वास्नीले प्रसूतिको पीडा के जान्दछे र ? ॥ ३ ॥ ४ ॥ (यसरी)

जननिहि बिकल बिलोकि भवानी ❀ बोली जुत बिबेक मृदु बानी ॥५॥
अस बिचारि सोचहि मति माता ❀ सो न टरै जो रचै बिधाता ॥६॥
करम लिखा जो बाउर नाहू ❀ तौं कत दोसु लगाइअ काहू ॥७॥
तुम्हसन मिटहिं कि बिधि के अंका ❀ मातु ! ब्यर्थ जनि लेहु कलंका ॥८॥

आमालाई व्याकुल भएकी देखेर पार्वतीले विवेकयुक्त मधुर वचन बोल्नुभयो ॥ ५ ॥ आमा ! यस्तो विचार गरेर शोक सुर्ता नगर्नुहोस्, विधाताले जे रचेको छ, त्यो टर्दैन ॥ ६ ॥ (किनभने) कर्ममैमा बौलाहा पति लेखेको रहेछ, त्यसो हुनाले कतै अर्को कसैलाई दोष लाउनहुन्छ ?। भावीको कर्मरेखा तपाईंबाट मेटिन्छ र ? आमा ! व्यर्थै कलंक नलिनुहोस् ॥ ७ ॥ ८ ॥

छन्द–जनि लेहु मातु कलंकु करुना परिहरहु अवसरु नहीं ।
दुखु सुखु जो लिखा लिलार हमरें जाब जहँ पाउब तहीं ॥
सुनि उमावचन बिनीत कोमल सकल अबला सोचहीं ।
बहु भाँति बिधिहि लगाइ दूषन नयनबारि बिमोचहीं ॥११॥

आमा ! कलंक नलिनुहोस्, मेरो माया छाडिदिनुहोस्, यो त्यसो गर्ने वेला होइन, मेरा पुर्पुरामा दुःख-सुख जे लेखिएको छ, जहाँ गए पनि म त्यही पाउँछु। पार्वतीको यस्तो नम्र कोमल वचन सुनेर सबै स्त्रीहरू सुर्ता गर्न लागे, अनेक प्रकारले विधातालाई दोष लगाएर (दैवलाई धिक्कार गरेर) आँसु गिराउन लागे ॥ ११ ॥

दोहा–तेहि अवसर नारद सहित अरु रिषि सप्त समेत ।
समाचार सुनि तुहिनगिरि गवने तुरत निकेत ॥१०७॥

त्यस वेलामा त्यो समाचार (स्त्रीवर्गको रुवाबासीको खबर) सुनेर नारद र सप्तर्षि सहित भएर गिरिराज हिमालय हतपताउँदै घरभित्र पसे ॥ १०७ ॥

चौ०–तब नारद सबही समुझावा ❀ पूरब कथा प्रसंगु सुनावा ॥१॥
मयना ! सत्य सुनहु मन बानी ❀ जगदंबा तव सुता भवानी ॥२॥
अजा अनादि सक्ति अबिनासिनी ❀ सदा संभु अरधंग निवासिनी ॥३॥
जग संभव पालन लय कारिनी ❀ निज इछा लीला बपु धारिनी ॥४॥
जनमीं प्रथम दक्षगृह जाई ❀ नामु सती सुंदर तनु पाई ॥५॥
तहँहु सती संकरहि बिबाही ❀ कथा प्रसिद्ध सकल जग माही ॥६॥
एक बार आवत सिवसंगा ❀ देखेउ रघुकुल कमल पतंगा ॥७॥
भएउ मोहु सिव कहा न कीन्हा ❀ भ्रमबस बेषु सिअ कर लीन्हा ॥८॥

अनि नारदजीले सबैलाई संझाई, बुझाई पूर्वकथाको प्रसङ्ग सुनाए ॥ १ ॥ (के भने)

"हे मेना ! मेरो सत्यवचन सुन । तिम्री छोरी खास जगज्जननी भगवती हुन् । यिनी उत्पत्ति-रहित, आदिरहित (अनादि) शक्ति, अविनाशिनी, शंकरशरीरार्धनिवासिनी, जगत्दुत्पत्ति-पालन-प्रलय-कारिणी, इच्छानुसारलीलाशरीरधारिणी (महामाया) हुन् ॥ २ ॥ ३ ॥ ४ ॥

पहिले यिनी दक्षको घरमा "सती" भन्ने नाम पाएर सुन्दर शरीरधारिणी भएर प्रकट भइन् । त्यो जन्ममा सती शंकरजी सँगै विवाहित भइन्, त्यो कथा सारा संसारमा प्रसिद्ध छ । एकफेर शंकरजीसँगै आउँदा उनले रघुकुल-कमल-दिवाकर (रघुराजका कुलरूपी कमललाई प्रफुल्ल गर्न सूर्यरूप भएका अर्थात् रघुनाथजी) लाई देखिन्, उनलाई मोह (अज्ञान) भयो, शंकरले भनेको मानिनन्, भ्रान्तिको फेला परेर सीताजीको भेष लिइन् ॥ ५ ॥ ६ ॥ ७ ॥ ८ ॥

छन्द–सियबेषु सती जो कीन्ह तेहि अपराध संकर परिहरीं ।
हरबिरह जाइ बहोरि पितु कें जग्य जोगानल जरीं ॥
अब जनमि तुम्हरें भवन निज पति लागि दारुन तपु किया ।
अस जानि संसय तजहु गिरिजा सर्बदा संकरप्रिया ॥१२॥

सतीदेवीले जो सतीको भेष गरिन्, त्यही अपराधले गर्दा शंकरजीले उनलाई त्याग्नुभयो, अनि ती शंकरको ठूलो विरहले गर्दा बाबुका यज्ञमा गएर योगाग्निले जलेर मरिन् । अब तिम्रा घरमा जन्मिन्, आफ्ना पतिको प्राप्तिका निमित्त कठोर तपस्या गरिन् । यो कुरा जानेर सबै सन्देह छाड, यी पार्वती सदासर्वदा शंकरजीकी नै प्यारी (स्त्री) हुन्" ॥ १२ ॥

दोहा–सुनि नारद के बचन तब सब कर मिटा बिषाद ।
छन महु ब्यापेउ सकल पुर घर घर यह संबाद ॥१०८॥

नारदको यस्तो वचन सुनेर सबैको विषाद (खेद) मेटियो । एकक्षणमा शहरभरी घरघरमा यो समाचार फैलियो ॥ १०८ ॥

चौ०–तब मयना हिमवंतु अनंदे ❀ पुनि पुनि पारबतीपद बंदे ॥१॥
नारि पुरुष सिसु जुवा सयाने ❀ नगर लोग सब अति हरषाने ॥२॥

अनि मेना र हिमालय आनन्दित भए । उनले पार्वतीका पाउमा वारंवार वन्दना गरे । स्त्री-पुरुष-बालक-तरुण-वृद्ध सबै नगरनिवासीहरू अत्यन्त हर्षित भए ॥ १ ॥ २ ॥

लगे होन पुर मंगल गाना ❀ सजे सबहिं हाटकघट नाना ॥३॥
भाँति अनेक भई जेवनारा ❀ सूपसास्त्र जस कछु ब्यवहारा ॥४॥

शहरमा अनेक मंगलगान हुन लागे, सबैले घरघरमा नाना प्रकारसंग सुवर्णका पूर्णकलश सिंगारे, सूपशास्त्र (पाकशास्त्र) मा जस्तो चलन छ, तदनुसार अनेक प्रकारको खाना बन्यो ॥ ३ ॥ ४ ॥

सो जेवनार कि जाइ बखानी ❀ बसहि भवन जेहि मातु भवानी ॥५॥
सादर बोले सकल बराती ❀ बिष्नु बिरंचि देव सब जाती ॥६॥

त्यो जेवनार (खाना) को बयान गर्न सकिन्छ र', जुन घरमा खास जगज्जननी अन्नपूर्णा हुनुहुन्छ । (त्यहाँका खानाको के बयान ?) अनि विष्णु ब्रह्मा प्रभृति सबै देवताहरूलाई आदरसाथ बोलाए ॥ ५ ॥ ६ ॥

बिबिध पाँति बैठी जेवनारा ❀ लागे परुसन निपुन सुआरा ॥७॥
नारिबृंद सुर जेवत जानी ❀ लगी देन गारीं मृदु बानी ॥८॥

जेवनार गर्नेहरू (भोज खानेहरू) अनेक प्रकारको लश्कर लागेर बसे, सिपालु सिपालु भान्सेहरू परोस्न (बाँड्न) लागे । देवताहरू खान लागेको थाहा पाएर स्त्रीहरूले मीठो बोली गरेर गाली गाउन थाले ॥ ७ ॥ ८ ॥ (क)

छन्द–गारीं मधुर स्वर देहिं सुंदरि बिंग्य बचन सुनावहीं ।
भोजनु करहिं सुर अति बिलंबु बिनोदु सुनि सचु पावहीं ॥
जेवत जो बढ्यो अनंदु सो मुख कोटिहूँ न परै कह्यो ।
अचवाइ दीन्हे पान गवने बास जहँ जाको रह्यो ॥१३॥

सुन्दरीहरू मीठो मीठो गाली दिनलागे, देवताहरू व्यंग्यवचन (गहिरो ठट्टा) सुनाउन लागे । देवताहरू खूब ढीलो गरेर भोजन गर्न लागे, त्यो विनोद सुनेर संचो मान्दथे (रिसाउँदैनथे) । त्यो भोज हुँदाखेरि जो आनन्द बढ्यो, त्यो आनन्द करोड मुखले पनि बयान गर्न नसकिने थियो । अनि सबैलाई चुठाइदिए, पान दिएर देवताहरू जहाँ जसको वास थियो, वहाँ गए ॥ १३ ॥

दोहा–बहुरि मुनिन्ह हिमवंत कहुँ लगन सुनाई आइ ।
समय बिलोकि बिवाह कर पठए देव बोलाई ॥१०९॥

अनि धेरैजना मुनिहरूले हिमालयसँग “लगनको वेला आउन लाग्यो” भने र बखत ठीक हेरीकन उनले शंकरजी प्रभृति सब देवतालाई बोलाए ॥ १०९ ॥

चौ०–बोलि सकल सुर सादर लीन्हे ❀ सबहि जथोचित आसन दीन्हे ॥१॥
बेदी बेदबिधान सँवारी ❀ सुभग सुमंगल गावहिं नारी ॥२॥

सबै देवतालाई आदरसाथ बोलाए, अनि सबैलाई यथोचित आसन दिए ॥ १ ॥ देववचनानुसार वेदी तयार भएको थियो, स्त्रीहरू राम्रो गरी मंगल गाउन लागे ॥ २ ॥

सिंघासनु अति दिब्य सुहावा ❀ जाइ न बरनि बिरंचि बनावा ॥३॥

(क) दुलहा जन्तीहरू खान लागेका वेलामा दुलहीपट्टिका स्त्रीवर्गले गाली गाउँदछन् , यो चलन भारतवर्षमा यत्रतत्र अद्यावधि छँदैछ ।

बैठे सिव बिप्रन सिर नाई ❀ हृदय सुमिरि निज प्रभु रघुराई ॥४॥

दिव्य सिंहासन अत्यन्त शोभायमान भयो। त्यसको बयान गर्न सकिंदैन, किनभने ? त्यो सिंहासन खास ब्रह्माजीबाट बनेको हो ॥ ३ ॥ ब्राह्मणलाई नमस्कार गरेर, हृदयमा आफ्ना स्वामी रघुनाथजीलाई संझेर शंकरजी त्यसमा बस्नुभयो ॥ ४ ॥

बहुरि मुनीसन्ह उमा बोलाईं ❀ करि सिंगारु सखीं लै आईं ॥५॥
देखत रूपु सकल सुर मोहे ❀ बरनै छबि अस जग कबि को है ॥६॥

मुनीश्वरहरूले पार्वतीलाई बोलाई पठाए, सिंगार गरेर सखीहरूले पार्वतीलाई ल्याए, उनको रूप देखेर सबै देवताहरू मोहित भए। जो त्यो शोभाको वर्णन गर्ला, त्यस्तो कवि जगत्मा को छ र ? ॥ ५ ॥ ६ ॥

जगदंबिका जानि भवभामा ❀ सुरन्ह मनहि मन कीन्ह प्रनामा ॥७॥
सुंदरतामरजाद भवानी ❀ जाइ न कोटिहुँ बदन बखानी ॥८॥

देवताहरूले शंकरप्रिया पार्वतीलाई जगज्जननी जानेर मनै मनले प्रणाम गरे ॥ ७ ॥ पार्वती सुन्दरताको मर्यादा (सीमा+हद) हुनुहुन्थ्यो, करोड़ौं मुखले पनि त्यो शोभा वर्णन गर्न सकिंदैनथ्यो ॥ ८ ॥

छन्द–कोटिहु बदन नहिं बनै बरनत जगजननि सोभा महा।
सकुचहिं कहत श्रुति सेष सारद मंदमति तुलसी कहा ॥
छबिखानि मातु भवानि गवनी मध्य मंडप सिव जहाँ।
अवलोकि सकहि न सकुच पतिपद कमल मनु मधुकर तहाँ ॥१४॥

जगज्जननीको त्यो अपूर्व शोभा कोटि मुखले पनि वर्णन गर्न नसकिने थियो। वेद, शेष, शारदाहरूसमेत संकोचले बयान गर्दछन्भने, मन्दमति तुलसीदास जाबाको के कुरा ? शंकरजी जहाँ बस्नुभएको थियो, त्यहीं मण्डपको माझमा शोभाकी खानि जगज्जननी भवानी पनि पुग्नुभयो, लज्जा संकोचले गर्दा शंकरजीलाई हेर्न सक्नुभएन तापनि मनरूपी भ्रमरलाई शंकरजीका चरणरूपी कमलमा (पठाउनुभयो) ॥ १४ ॥

दोहा–मुनि अनुसासन गनपतिहि पूजेउ संभु भवानि।
कोउ सुनि संसय करै जनि सुर अनादि जिय जानि ॥११०॥

शंकरजीले र भवानीले मुनिहरूको आज्ञानुसार गणेशजीको पूजा गर्नुभयो। यो कुरा सुनेर "सबै देवता अनादिरहेछन्" भनी जानीकन कसैले पनि सन्देह नगर्नू ॥ ११० ॥ (क)

(क) गणपति आदि गरेका पञ्चायतनदेवता अनादि छन्, यी निरञ्जन निराकार ब्रह्मको पूर्ण शक्तिसम्पन्न साकार अवस्थास्वरूप हुनाले वास्तवमा ब्रह्म हुन्, "गणेश ता पछिपछि पार्वती र शंकरजीबाट पैदा भएका हुन्, विवाहको वेलामा बाबुआमाले छोराको पूजा गरे त ?" यस्तो शंका गर्नुहुँदैन, अनादिसिद्ध गणेशजी नै पछि शंकर-गिरिजापुत्र हुन आएका (अवतार लिएका हुन्)। दुवैको एकता रामको र

चौ०-जस बिवाह कै बिधि श्रुति गाई ❀ महा मुनिन्ह सो सब करवाई ॥१॥
गहि गिरीस कुस कन्या पानी ❀ भवहि समरपीं जानि भवानी ॥२॥

वेदले विवाहको जस्तो विधि बताएको छ, त्यही विधि महामुनिहरूले गराए। गिरिराज हिमालयले कुशसमेत कन्याको हात समातेर "यी भवानी भवकी हुन्" यो जानीकन अर्पण गरे ॥ १ ॥ २ ॥ (क)

पानिग्रहन जब कीन्ह महेसा ❀ हिय हरषे तब सकल सुरेसा ॥३॥
वेदमंत्र मुनिबर उच्चरहीं ❀ जय जय जय संकर सुर करहीं ॥४॥

शंकरजीले जब पार्वतीको पाणिग्रहण गर्नुभयो, अनि सकल देवतासहित दिक्पालहरू मनमा खुशी भए। मुनीश्वरहरू वेदमन्त्र पढ्न लागे, देवताहरू "जय जय जय शंकर" यो ध्वनि गर्न लागे ॥ ३ ॥ ४ ॥

बाजहिं बाजन बिबिध बिधाना ❀ सुमनबृष्टि नभ भै बिधि नाना ॥५॥
हर गिरिजा कर भएउ बिवाहू ❀ सकल भुवन भरि रहा उछाहू ॥६॥
दासी दास तुरग रथ नागा ❀ धेनु बसन मनि बस्तु बिभागा ॥७॥
अन्न कनकभाजन भरि जाना ❀ दाइज दीन्ह न जाइ बखाना ॥८॥

अनेक प्रकारका बाजा बज्न लागे, आकाशबाट अनेक किसिमको पुष्पवृष्टि भयो ॥ ५ ॥ गौरी र शंकरजीको विवाह विधि भइसक्यो, सारा संसारभरी उत्साह थियो ॥ ६ ॥ गिरिराजले दासी-दास-घोड़ा-रथ-हात्ती-गाई-वस्त्र भिन्न भिन्न प्रकारका रत्न सुवर्णका भाँडामा भरीभरी गरेर हालेको अन्न (भक्ष्य-भोज्य) यान (सवारी = म्याना = डोली प्रभृति) दाइजो दिए, त्यसको वयान गर्न सकिंदैन ॥ ७ ॥ ८ ॥

छन्द–दाइज दियो बहु भाँति कर जोरि हिमभूधर कह्यो।
का देउँ पूरनकाम संकरचरन पंकज गहि रह्यो॥
सिव कृपासागर ससुर कर संतोषु सब भाँतिहि कियो।
पुनि गहे पद पाथोज मयना प्रेम परिपूरन हियो ॥१५॥

विष्णुभगवान्को जस्तै हो। अघिअघि पनि (दशरथले र उनका बाबुबराज्युले पनि रामनाम जप्तथे, त्यो कसरी भने परमात्माको "राम" यो–नाम छँदैछ, त्यही संझेर दशरथहरू जप्तथे। पछि उनै परमात्मा दशरथनन्दन भएर "राम" नामले प्रसिद्ध भए। समुझदारहरू उनलाई परमात्मा संझेर रामनाम जप्तछन्, स्थूलबुद्धिहरू "राम भनेका दशरथका छोरा हुन्" यत्ति जान्दछन्। त्यस्तै यहाँ पनि गणेश (ब्रह्म) को २ अवस्था जान्नुपर्दछ। यो कुरा वेदबाट स्पष्ट बुझिन्छ।

(क) 'भव' भनेका शंकरजी हुन्, तिनकी पत्नीलाई "भवानी" भन्दछन्। "भवस्य स्त्री" यस्तो विवक्षा गर्दा "इन्द्रवरुणभवशर्वरुद्रमृडहिमारण्ययवयवनमातुलाचार्याणामानुक् ४।१।४९।" यो सूत्रले ङीप् प्रत्यय र आनुक् आगम हुँदा "भवानी" यस्तो रूप सिद्ध हुन्छ।

हिमालयले अनेकानेक प्रकारको दाइजो दिए, फेरि हात जोरेर "पूर्णकाम ! भगवन् ! शंकर ! म के दिउँ ? (इच्छामात्रले सबै प्रपंच सृष्टि गर्न हजूर सक्नुहुन्छ, म कति दिउँला ? हजूरलाई कुन कुराले खाँचो छ ?) भनेर शंकरजीको चरणकमल समातिराखे। अनि करुणासागर शंकरजीले सब तरहबाट ससुरालाई संतुष्ट गर्नुभयो। अनि मेनाले शंकरजीको पाउ समातेर हृदयमा प्रेमपूर्ण भई (भन्न लागिन्) ॥ १५ ॥

दोहा–नाथ उमा मम प्रान सम गृहकिंकरी करेहू ।
क्षमेहु सकल अपराध अब होइ प्रसन्न बरु देहू ॥१११॥

"प्रभु ! यी उमा मेरी प्राणसमान छन्, यिनलाई गृहकिंकरी (घरकी दासी) गर्नुहोस्, अब सबै अपराध क्षमा गर्नुहोला, प्रसन्न भएर यो वरदान दिनुहोस् ॥ १११ ॥ (क)

चौ०-बहु बिधि संभु सासु समुझाई ❀ गवनीं भवन चरन सिरु नाई ॥१॥
जननीं उमा बोलि तब लीन्ही ❀ लै उछंग सुंदर सिख दीन्ही ॥२॥
करेहु सदा संकर पद पूजा ❀ नारि धरम पतिदेउ न दूजा ॥३॥
बचन कहत भरे लोचन बारी ❀ बहुरि लाइ उर लीन्हि कुमारी ॥४॥

(यो वचन सुनेर) शंकरजीले धेरै प्रकारसँग सासुलाई संझाउनु-बुझाउनुभयो। अनि शंकरजीका चरणमा वन्दना गरेर मेना घर गइन्। आमा मेनाले पार्वतीलाई बोलाइन् र काखमा राखेर शिक्षा दिन लागिन् ॥ १ ॥ २ ॥

"उमा ! तिमी सधैं शंकरजीका चरणको पूजन गरे स्त्रीधर्ममा पति नै देवता हुन्, दोस्रा देवता छैनन् ।" यति भन्दाभन्दै आँखाभरी पानी भरियो, छोरीलाई धेरै बेरसम्म अँगालो हालिन् ॥ ३ ॥ ४ ॥

कत बिधि सृजीं नारि जग माही ❀ पराधीन सपनेहु सुखु नाहीं ॥५॥
भै अति प्रेम बिकल महतारी ❀ धीरजु कीन्ह कुसमय बिचारी ॥६॥
पुनि पुनि मिलति परति गहि चरना ❀ परम प्रेम कछु जाइ न बरना ॥७॥
सब नारिन्ह मिलि भेटि भवानी ❀ जाइ जननि उर पुनि लपटानी ॥८॥

"पराधीन हुनेलाई सपनामा पनि सुख छैन, जगत्मा स्त्रीहरूलाई विधाताले कताबाट (किन) बनाए हुनन्" यस्ता प्रकारको प्रेमव्याकुल भएर बोल्ने मेनाले पछि विचार गरेर बेमौका जानिन् (छोरी अन्भाउने वेलामा आमाले आलाप-विलाप गर्नु ठीक छैन भन्ने बुझिन्) र धैर्यधारणा गरिन्। अनि पनि पार्वतीलाई वारंवार अंगालो हाल्दै पाउ समातेर गिर्दै, गर्न लागिन् । त्यो परमप्रेमको वर्णन हुन सक्तैन । पार्वतीले आफै गएर सबै स्त्रीहरूसँग भेटघाट गर्नुभयो र फेरि गएर आमाका छातीमा टाँसिएर लुटुपुटु गर्न लाग्नुभयो ॥ ५ ॥ ६ ॥ ७ ॥ ८ ॥

(क) सतीको जीवनवृत्तान्त सुनेको हुनाले "अघि यिनले अपराध गरेकी रहिछन् , तदनुसारको सजाय पनि हजूरले दिनुभएछ, अब यिनले अपराधै गर्नेछैनन् , कदाचित् गरिहालिन्भने पनि क्षमा गर्नुहोला, यो वरदान म पाऊँ" यस्तो प्रार्थना मेनाले गरिन् ।

छन्द–जननिहि बहुरि मिलि चलीं उचित असीस सब काहूँ दईं।
फिरि फिरि बिलोकति मातु तन तब सखीं लै सिव पहि गईं॥
जाचक सकल संतोषि संकरु उमा सहित भवन चले।
सब अमर हरषे सुमन बरषि निसान नभ बाजे भले॥१६॥

फर्कंदै आमासँग भेट गर्दागर्दै बल्लबल्ल पार्वती बिदा हुनभयो, सबै स्त्रीजनले उचित आशीष दिए, वारंवार फर्कंदै आमाको शरीर हेर्दै गरेर सखीहरूलाई साथ लिई शंकरजीका समीप पुग्नुभयो। शंकरजी त्यहाँका सबै याचकहरूलाई संतुष्ट पारेर पार्वती-सहित भई आफ्नो धामतर्फ रवाना हुनुभयो। सब देवता प्रसन्न भए। पुष्पवृष्टि भयो। आकाशमा दुन्दुभि बाजा खूब बज्न लागे॥ १६॥

दोहा–चले संग हिमवंत तब पहुचावन अति हेतु।
बिबिध भाँति परितोषु करि बिदा कीन्ह बृषकेतु॥११२॥

त्यस वेलामा अति प्रेमले पुऱ्याउनाका निमित्त हिमालय पनि सँगै हिंडे, शंकरजीले उनलाई हरतरहले खुशी पारेर बिदा गर्नुभयो॥ ११२॥ (क)

चौ०–तुरत भवन आए गिरि राई ❀ सकल सैल सर लिए बोलाई॥१॥
आदर दान बिनय बहु माना ❀ सब कर बिदा कीन्ह हिमवाना॥२॥

अनि गिरिराजले तुरुन्तै घर आएर सबै पर्वत सरोवर-नदीहरूलाई बोलाए, अनि यथोचित आदर-दान-विनय-बहुमान (अत्यादर) गरेर सबलाई बिदा गरे॥ १॥ २॥

जबहि संभु कैलासहि आए ❀ सुर सब निज निज लोक सिधाए॥३॥
जगत मातु पितु संभु भवानी ❀ तेहिं सिंगारू न कहउँ बखानी॥४॥

जब शंकरजी कैलासमा आउनुभयो अनि सब देवताहरू आफ्ना आफ्ना लोकमा गए। जगत्पिता शंकरजी र जगत्माता भवानीको संभोगश्रृङ्गारलाई विस्तारपूर्वक वर्णन गरेर म (याज्ञवल्क्य) भन्दिन (अरू उद्धत उत्ताउला, बेसमझहरू भने भनून्)॥ ३॥ ४॥ (ख)

करहिं बिबिध बिधि भोग बिलासा ❀ गनन्ह समेत बसहिं कैलासा॥५॥
हर गिरिजा बिहार नित नयउ ❀ एहि बिधि बिपुल काल चलि गयउ॥६॥

(क) "साइत गरेर हिंडेका व्यक्तिलाई पुऱ्याउन जाँदा टाढासम्म साथ जान हुँदैन, फेरि त्यो व्यक्ति फर्कंदाखेरि भने टाढा टाढासम्म पनि लिन जानुपर्दछ"। "गएको गयै होस् फेरि न फर्कोस्" यस्तो दुःसंकल्प गर्नेले ता टाढैसम्म पुऱ्याउन जानुपर्दछ। यो कुरा विचार गर्ने जुवाइं ससुराले उचित व्यवहार गरेको हो।

(ख) "उत्तम देवताहरूको संभोग श्रृङ्गार वर्णन गर्दा बाबुआमाको संभोग बखाने जस्तो अत्यन्त अत्यन्त अनुचित हुन्छ" भनेर साहित्यसिन्धुकर्णधार मम्मटभट्टले भनेको छ, जस्तै "रतिः संभोगश्रृंगाररूपा उत्तमदेवताविषया न वर्णनीया। तद्वर्णनं हि पित्रोः संभोगवर्णनमिवात्यन्तमनुचित्तन्" काव्यप्रकाश. उ. ७।

तब जनमेउ षटबदन कुमारा ❀ तारकु असुरु समर जेहिं मारा ॥७॥
आगम निगम प्रसिद्ध पुराना ❀ षन्मुख जन्मु सकल जग जाना ॥८॥

गौरी र शंकरजी अनेक प्रकारका भोगविलास गर्नुहुन्थ्यो, आफ्ना गणसहित भएर कैलासमा बस्नुहुन्थ्यो ॥ ५ ॥ गौरी र शंकरजीका नित्य नयाँ नयाँ विहार हुन्थे, यही प्रकारले धेरै समय बित्यो ॥ ६ ॥ अनि जसले युद्धमा तारकासुरलाई मारे, उनै षण्मुख (६ मुख- भएका स्वामिकार्तिक कुमार) पार्वतीबाट जन्मेका हुन् ॥ ७ ॥ षण्मुखको (स्वामिकार्तिकको) जन्म वेदशास्त्रपुराणमा प्रसिद्ध र सबै संसारले जानेको छ (त्यसो हुनाले) त्यसको विस्तार म गर्दिनँ ॥ ८ ॥

छन्द–जगु जान षन्मुख जन्मु कर्मु प्रतापु पुरुषारथु महाँ ।
तेहि हेतु मैं बृषकेतुसुतकर चरित संक्षेपहि कहा ॥
यह उमा संभु बिवाहु जे नर नारि कहहिं जे गावहीं ।
कल्यान काज बिवाह मंगल सर्बदा सुखु पावहीं ॥१७॥

षण्मुख (स्वामिकार्तिक) को जन्म-कर्म-प्रताप ठूलो पुरुषार्थ जगत् जान्दछ । त्यसै कारणले उहाँको चरित्र मैले संक्षेपले भनें । यो गौरीशंकरको विवाहवृत्तान्तलाई, चाड- कल्याणमा, विवाहमा, अरू मंगलकार्यमा जो भन्दछन्, जो गाउँदछन्, तिनीहरू सदा-सर्वदा सुख पाउँदछन् ॥ १७ ॥

दोहा–चरित सिंधु गिरिजारमन बेद न पावहिं पारु ।
बरनै तुलसीदासु किमि अति अतिमंद गवारु ॥११३॥

गिरिजारमण (पार्वतीप्रिय शंकरजी) को चरित्ररूपी समुद्रको वेदहरू पनि पार पाउँदैनन् । अत्यन्त मन्दबुद्धि भएको गँवार म तुलसीदास के वर्णन गरूँला ? ॥ ११३ ॥

चौ०–संभुचरित सुनि सरस सुहावा ❀ भरद्वाज मुनि अति सुखु पावा ॥१॥
बहु लालसा कथा पर बाढी ❀ नयनन्हि नीरु रोमावलि ठाढी ॥२॥

सरस र शोभायमान भएको शंभुचरित्र सुनेर भरद्वाजमुनिले अत्यन्त आनन्द पाउनुभयो, कथामा लालसा (श्रवणको ठूलो इच्छा) बढेर आयो, नेत्रमा नीर (भक्तिभाव- बाट पैदा भएको आँसु) आयो सर्वाङ्गमा रोमाञ्च भयो ॥ १ ॥ २ ॥

प्रेम बिबस मुख आव न बानी ❀ दसा देखि हरषे मुनि ग्यानी ॥३॥
अहो ! धन्य ! तब जन्मु मुनीसा ❀ तुम्हहिं प्रान सम प्रिय गौरीसा ॥४॥

प्रेमपराधीन भएका हुनाले मुखबाट वाक्य खुलेन । भरद्वाज मुनिको यो अवस्था देखेर याज्ञवल्क्य मुनि हर्षित हुनुभयो र (भन्नुहुन्छ कि)—“हे मुनीश्वर ! भरद्वाज- जी ! ओहो ! तपाईंको जन्मलाई धन्यवाद छ, तपाईंलाई शंकरजी प्राणसमान प्रिय हुनु- हुँदो रहेछ ॥ ३ ॥ ४ ॥

सिवपद कमल जिन्हहि रति नाहीं ❀ रामहि ते सपनेहु न सोहाहीं ॥५॥
बिनु छल बिस्वनाथपद नेहू ❀ रामभगत कर लक्षन एहू ॥६॥

जसलाई शंकरजीका चरणकमलमा प्रीति छैन, ती प्राणी रघुनाथजीलाई सपनामा पनि असल लाग्दैनन्, विश्वनाथ (जगत्पति भगवान् शंकरजी) का चरणमा विनाछल (कामना-रहित) भक्ति प्रीति लाग्नु नै रामभक्तहरूको लक्षण हो ॥ ५ ॥ ६ ॥

सिव सम को रघुपति ब्रत धारी ❀ बिनु अघ तजी सती असि नारी ॥७॥
पनु करि रघुपतिभगति देखाई ❀ को सिव सम रामहि प्रिय भाई ॥८॥

रघुपति रामजीको सेवारूपी व्रत धारणा गर्ने शंकरजस्तो अर्को को छ ? जसले सतीजस्ती स्त्रीलाई विनाअघ (विना दुःख) त्यागिदिनुभयो ॥ (क) ॥ प्रण गरेर वहाँले रघुपतिका भक्तिको नमूना देखाउनुभयो, शंकरसमान रामजीको प्यारो को छ ? लौ भाई भन्नुहोस् त ? ॥ ७ ॥ ८ ॥

दोहा–प्रथमहि मैं कहि सिवचरित बूझा मरमु तुम्हार ।
सुचि सेवक तुम्ह रामके रहित समस्त बिकार ॥११४॥

भरद्वाजजी ! मैले पहिले शिवचरित्र वर्णन गरेर तपाईंको मर्म (गूढ हृदय) बुझें, तपाईं सर्वविकारवर्जित (सर्वदोषशून्य) शुद्ध रामभक्त हुनुहुँदो रहेछ ॥ ११४ ॥

चौ०–मैं जाना तुम्हार गुन सीला ❀ कहौं सुनहु अब रघुपतिलीला ॥१॥
सुनु मुनि आजु समागम तोरें ❀ कहि न जाइ जस सुखु मन मोरें ॥२॥

मैले तपाईंको गुण र स्वभाव जानें, अब रघुपतिका लीलाको वर्णन गर्दछु, सुन्नुहोस् ॥ १ ॥ सुन्नुहोस् भरद्वाजमुनि ! आज तपाईंका समागमले गर्दा मेरा मनमा जो आनन्द भयो, त्यो बयान गर्न सकिंदैन ॥ २ ॥

रामचरित अति अमित मुनीसा ❀ कहि न सकहिं सत कोटि अहीसा ॥३॥
तदपि जथाश्रुत कहौं बखानी ❀ सुमिरि गिरापति प्रभु धनुपानी ॥४॥

हे मुनीश्वर ! शयकरोड श्लोकले बखानिएको रामचरित्र अमित (अपार) छ, त्यो सबै वर्णन गर्न शेषभगवान पनि (१००० मुख भएका शेष नागराज पनि) सक्नु-

---

(क) "विन—अघ" यसको "विनाअपराध" यो अर्थ पनि गर्दछन् , तर "सच्चा रामभक्तले विनाअपराध सतीजस्ती स्त्रीलाई छाडे" भन्दा अह्लि अनुचित ठहर्ला कि ? "जो अब करौं सती सन प्रीति, मिटे भगतिपथ होइ अनीति" यस्तो शंकरजीको वचन छँदा छँदै "सतीदेवीको सीतास्वरूपधारणरूपी अपराधलाई अपराध होइन" भन्न मुश्किलै पर्ला । "अंहो दुःखव्यसनेष्वघम्" यो कोशवचनको अनुसार अघशब्दका पाप-दुःख-कुत्सित ३ यी अर्थमध्ये दुःख यही अर्थ मुनासीब पनि पर्ला कि ? "सती जस्ती स्त्रीलाई त्याग गर्दा शंकरजीलाई कत्रो दुःख भयो, परन्तु त्यो दुःखलाई दुःख नमानेर (विनादुःख) त्यागेको त्यागै गरीकन आफ्नो प्रण पूर्ण गर्नुभयो" यही अर्थ ठीक होला भन्ने लाग्दछ, विचारवान्को जो यिचार ।

हुन्न । तथापि वाणीपति धनुष्पाणि प्रभु रघुनाथजीलाई संझेर यथाश्रुत (सुनेअनुसार) विस्तार सहित वर्णन गर्दछु ॥ ३ ॥ ४ ॥ (क)

सारद दारुनारि सम स्वामी ❀ रामु सूत्रधर अंतरजामी ॥५॥
जेहि पर कृपा करहिं जनु जानी ❀ कबि उर अजिर नचावहिं बानी ॥६॥

शारदा (वाणी-सरस्वती) कठपुतली जस्ती, अन्तर्यामी प्रभु रामचन्द्र सूत्रधार जस्ता (धागाका द्वारा कठपुतली नचाउने नटजस्ता) हुनुहुन्छ, जुन कविका उपर "यो मेरो भक्त हो" यस्तो संझेर रघुनाथजी दया गर्नुहुन्छ, त्यही कविको हृदयरूपी चौतारामा कठपुतलीजस्ती वाणीलाई नचाउनुहुन्छ (अरूका हृदयमा भगवत्कीर्तनका निमित्त सरस्वती आउँदिनन्) ॥ ५ ॥ ६ ॥

प्रनवौं सोइ कृपाल रघुनाथा ❀ बरनौं बिसद तासु गुनगाथा ॥७॥
परम रम्य गिरिबरू कैलासू ❀ सदा जहाँ सिव उमा निवासू ॥८॥

उनै कृपालु रघुनाथजीलाई प्रणाम गर्दछु र उहाँकै निर्मल गुणचरित्रको वर्णन गर्दछु ॥ ७ ॥ जहाँ शंकर र गौरीको निवास छ, त्यो कैलास नाम भएको एउटा परम रमणोय पर्वत छ ॥ ८ ॥

दोहा--सिद्ध तपोधन जोगिजन सुर किन्नर मुनि बृंद ।
बसहिं तहाँ सुकृती सकल सेवहिं सिव सुखकंद ॥११५॥

त्यहाँ सिद्ध-तपस्वी-योगी-देवता-किन्नर-मुनिवर्ग इत्यादि पुण्यवान्हरू रहन्छन्, तिनीहरू सुखकन्द (सुखका मूलकारण) शंकरजीका सेवा गर्दछन् ॥ ११५ ॥

चौ०–हरि हरबिमुख धर्मरति नाहीं ❀ ते नर तहँ सपनेहु नहि जाहीं ॥१॥
तेहि गिरि पर बट बिटप बिसाला ❀ नित नूतन सुंदर सब काला ॥२॥

जुन प्राणी हरि र हरदेखि विमुख छन्, जसलाई धर्ममा प्रीति छैन, ती मानिसहरू सपनामा पनि त्यहाँ जान पाउँदैनन् । त्यही पर्वतमा नित्य नयाँ रहने, (नथोत्रिने) सबै समयमा राम्रै रहने, ठूला र हाँगा भएको वटवृक्ष (वरको रूख) छ ॥ १ ॥ २ ॥

त्रिबिध समीर सुसीतलि छाया ❀ सिव बिश्राम बिटप श्रुति गाया ॥३॥
एक बार तेहि तर प्रभु गएउ ❀ तरु बिलोकि उर अति सुखु भएउ ॥४॥
निज कर डासि नागरिपुछाला ❀ बैठे सहजहि संभु कृपाला ॥५॥

त्यहाँ ठंडा सुगन्ध मन्दमन्द हवा र छाया खूब ठंडा थियो, त्यसलाई वेदले

(क) खास—वाणीपति ता रामचन्द्रजी नै हुनहुन्छ, शुद्ध चैतन्यरूप रामजीकै अधीनमा सरस्वती रहनुभएको छ, उहाँका अनुग्रहले अलिकति अरूभन्दा बढ्ता सरस्वतीको संसर्ग पाएका अरू (देवगुरु-ब्रह्माहरू) पनि, वाक्पति गीर्पति, वाणीपति कहलाएका हुन् । "वाक्पतिं वरदं वाच्यं श्रीपतिं पक्षिवाहनम्" इत्यादि रूपले सनत्कुमारसंहिताया रामजीका प्रशस्ति लेखिएका छन् ॥

शंकरजीको विश्राम गर्ने वृक्ष भनेको छ। एक दिन शंकरजी त्यही वृक्षको छायामा जानुभयो, वृक्ष देखेर मनमा अत्यन्त आनन्द भयो, व्याघ्रको चर्म आफ्नै हातले ओछ्याएर भोलानाथ दयासागर शंकरजी बस्नुभयो ॥ ३ ॥ ४ ॥ ५ ॥

कुंद इंदु दर गौर सरीरा ❀ भुज प्रलंब परिधन मुनीचीरा ॥६॥
तरुन अरुन अंबुज सम चरना ❀ नखदुति भगत हृदय तम हरना ॥७॥
भुजग भूति भूषन त्रिपुरारी ❀ आननु सरद चंद छबि हारी ॥८॥

शंकरजीको शरीर कुन्दपुष्प–चन्द्रमा–शंख जस्तो गोरो, भुजा लामा लामा, वस्त्र मुनिहरूको जस्तो वृक्षका बोक्रा प्रभृतिको, २ चरण छिपिएका लालकमलजस्ता, नखको कान्ति भक्तका हृदयको तम हर्ने, गहना सर्प र खरानी थिए। त्रिपुरारिको (त्रिपुरासुरलाई भस्म गर्ने शंकरजीको) मुहार (मुखमंडल) शरत्कालका चन्द्रमाको कान्तिलाई खोस्ने (अर्थात् तत्तुल्य) थियो ॥ ६ ॥ ७ ॥ ८ ॥

दोहा–जटा मुकुट सुरसरित सिर लोचन नलिन बिसाल।
नीलकंठ लावन्यनिधि सोह बालबिधु भाल ॥११६॥

उहाँको जटा मुकुटजस्तो परेको थियो, उहाँका नेत्रकमल लावण्य निधि (लावण्यको खानि) जस्ता विशाल थिए। उहाँको कंठ नीलो थियो। उहाँ लावण्यनिधि (लावण्यको खानि) हुनुहुन्थो (क)। उहाँका ललाटमा बालचन्द्र सुशोभित थिए ॥ ११६ ॥

चौ०–बैठें सोह कामरिपु कैसें ❀ धरें सरीरु सांतरसु जैसें ॥१॥
पारबती भल अवसरु जानी ❀ गईं संभु पहि मातु भवानी ॥२॥

त्यहाँ राजभएका शंकरजी कसरी शोभायमान हुनुभयोभने, शरीर धारण गरेकी (मूर्तिमान) शान्तरस जसरी शोभायमान हुन्छ, (त्यसै गरी) ॥ १ ॥

जगज्जननी भगवती पार्वती भवानी पनि मौका असल ठानेर शंकरजीका समीप जानुभयो ॥ २ ॥

जानि प्रिया आदरु अति कीन्हा ❀ बाम भाग हर आसनु दीन्हा ॥३॥
बैठीं सिव समीप हरषाई ❀ पुरुब जन्म कथा चित्त आई ॥४॥
पतिहिय हेतु अधिक अनुमानी ❀ बिहँसि उमा बोलीं प्रिय बानी ॥५॥

शंकरजीले थाहा पाउनुभयो र प्यारी पार्वतीको खूब आदर गर्नुभयो, आफ्नो बायाँतर्फ आसन दिनुभयो। अनि पार्वती हर्षित भएर शंकरजीका समीपमा बस्नुभयो। पूर्वजन्मको कथा चित्तमा आयो (संझियो) ॥ ३ ॥ ४ ॥

(क) जस्तै पानीदार मोतीमा शोभाको चंचमाहट हुन्छ, त्यस्तै सुन्दर शरीरमा एक किसिमको अनौठा सर्वाङ्गव्यापी शोभा हुन्छ त्यसैलाई लावण्य भन्दछन्, हिस्सी भनेको त्यही हो।

मुक्ताफलेषु च्छायायास्तरलत्वमिवान्तरा ॥
प्रतिभाति यदङ्गेषु तल्लावण्यमिहोच्यते ॥

पतिका हृदयमा प्रेम अधिक रहेछ भन्ने अनुमान गरेर पार्वती हाँस्तै मीठो वचन बोल्न लाग्नुभयो ॥ ५ ॥

कथा जो सकल लोक हितकारी ❀ सोइ पूछब चह सैलकुमारी ॥६॥
बिस्वनाथ मम नाथ पुरारी ❀ त्रिभुवन महिमा बिदित तुम्हारी ॥७॥
चर अरु अचर नाग नर देवा ❀ सकल करहिं पद पंकज सेवा ॥८॥

जुन कथा सकल लोकको हितकारी छ, गिरिनन्दिनी त्यही कथा सोध्न चाहनुहुन्थ्यो र (भन्नुभयो कि) विश्वनाथ ! पुरारी ! मेरा प्राणनाथ ! हजूरको महिमा त्रिभुवनमा प्रख्यात छ, अचर-चर-नाग-नर-देवता सबै हजूरका चरण कमलको सेवा गर्दछन् ॥ ६ ॥ ७ ॥ ८ ॥

दोहा—प्रभु समरथ सर्बज्ञ सिव सकल कला गुन धाम ।
जोग ज्ञान बैराग्य निधि प्रनत कलपतरु नाम ॥११७॥

प्रभु ! हजूर समर्थ सर्वज्ञ कल्याणमूर्ति सकलकलापूर्ण[1] सकलपूर्ण[2] योगनिधि, ज्ञाननिधि, वैराग्यनिधि हुनुहुन्छ, हजूरको नाम भक्तहरूको कल्पवृक्ष हो (अर्थात् हजूरको नामकीर्तन नामस्मरण गर्ने भक्तहरूका सबै मनोरथ पूर्ण हुन्छन्) ॥ ११७ ॥

चौ०—जौं मो पर प्रसन्न सुखरासी ❀ जानिय सत्य मोंहि निज दासी ॥१॥
तौं प्रभु हरहु मोर अज्ञाना ❀ कहि रघुनाथकथा बिधि नाना ॥२॥
जासु भवनु सुरतरु तर होई ❀ सहि कि दरिद्रजनित दुखु सोई ॥३॥
ससिभूषन अस हृदय बिचारी ❀ हरहु नाथ मम मतिभ्रम भारी ॥४॥

हे आनन्दवृन्द ! (सुखसमूहरूप !) प्रभु ! मेराउपर हजूर प्रसन्न हुनुहुन्छ र मलाई आफ्नी दासी साँचै संझनुहुन्छभने नानाप्रकारका रघुनाथकथा भनेर मेरी अज्ञान हर्नुहोस् ॥ १ ॥ २ ॥ हे शशिभूषण ! "जसको घर कल्पवृक्षको छाहारीमा होला, त्यो व्यक्ति दारिद्र्यजन्य दुःख सहला र ?" यस्तो विचार गरेर मेरा मनको ठूलो भ्रान्तिलाई हर्नुहोस् ॥ ३ ॥ ४ ॥

प्रभु जे मुनि परमारथवादी ❀ कहहिं राम्रु कहुँ ब्रह्म अनादी ॥५॥
सेस सारदा बेद पुराना ❀ सकल करहिं रघुपति गुन गाना ॥६॥
तुम्ह पुनि राम राम दिन राती ❀ सादर जपहु अनंग अराती ॥७॥
रामु सो अवध नृपति सुत सोई ❀ की अज अगुन अलखगति कोई ॥८॥

प्रभु ! परमार्थवादी (यथार्थवक्ता) मुनिहरू जो छन् तिनीहरू रामलाई अनादिब्रह्म भन्दछन । शेष—शारदा—वेद—पुराण सबै रघुपतिको गुणगान गर्दछन् । हे मन्मथध्वंसन !

---

(१) "गीत-वाद्य-नृत्य-नाट्य आदि गरेका ६४ कला छन् , तिनको विशेष वर्णन शैवतन्त्रमा छ" भनी श्रीधरस्वामीले भागवत दशमस्कन्धमा लेखेको छ । (२) गुण अनेकानेक छन् , तापनि महापुरुषमा रहने स्वाभाविक गुण, शोभा-कान्ति दीप्ति-माधुर्य-प्रागल्भ्य-औदार्य धैर्य, इत्यादि नै हुन् यिनको विशेष परिचय साहित्यदर्पणबाट हुन्छ ।

हजूर पनि दिनरात आदरका साथ रामराम जप्नुहुन्छ । ती राम उनै अवधभूपतिपुत्र (अयोध्याधीश दशरथपुत्र) हुन् कि ?, अज–अगुण–अलक्ष्यगति (अज्ञेयचरित्र) अरू कुनै हुन् ? ॥ ५ ॥ ६ ॥ ७ ॥ ८ ॥

दोहा–जौं नृपतनय त ब्रह्म किमि नारिबिरह मति भोरि ।
देखि चरित महिमा सुनत भ्रमति बुद्धि अति मोरि ॥११८॥

दशरथ राजाका छोरा नै राम हुन्भने स्त्रीविरहले व्याकुलबुद्धि भएका ती ब्रह्म कसरी ?, उनको त्यस्तो चरित्र देख्ता, उनको त्यस्तो महिमा सुन्दा, मेरी बुद्धि अत्यन्त भ्रान्त (भ्रममा परेकी) हुन्छे ॥ ११८ ॥

चौ०–जौं अनीह ब्यापक बिभु कोऊ ❀ कहहु बुझाइ नाथ मोहि सोऊ ॥१॥
अज्ञ जानि रिस उर जनि धरहू ❀ जेहि बिधि मोह मिटै सोइ करहू ॥२॥

हे नाथ ! यदि राम कोही अनीह (क्रियारहित) व्यापक–समर्थ आर्कै हुन्भने, मलाई बुझाएर उनैको उपदेश गर्नुहोस । प्रभु ! मलाई अजान जानेर हृदयमा रिसानी नगर्नुहवोस्, जुन प्रकारले मेरो अज्ञान मेटिन्छ, त्यही उपाय गर्नुहोस् ॥ १ ॥ २ ॥

मैं बन दीखि रामप्रभुताई ❀ अति भय बिकल न तुम्हहिं सुनाई ॥३॥
तदपि मलिन मन बोधु न आवा ❀ सो फलु भली भाँति हम पावा ॥४॥

मैले अघि वनमा रामजीको प्रभुता देखें, भयले अत्यन्त व्याकुल भएर हजूरलाई (त्यो कुरा) सुनाइनँ । तैपनि मलिन (मैला) भएको मेरा मनमा ज्ञान आएन, त्यसको फल पनि मैले राम्ररी पाएँ ॥ ३ ॥ ४ ॥

अजहूँ कछु संसउ मन मोरें ❀ करहु कृपा बिनवौं कर जोरें ॥५॥
प्रभु तब मोहि बहु भाँति प्रबोधा ❀ नाथ सो समुझि करहु जनि क्रोधा ॥६॥
तब कर अस बिमोह अब नाहीं ❀ रामकथा पर रुचि मन माहीं ॥७॥
कहहु पुनीत रामगुन गाथा ❀ भुजगराजभूषन सुरनाथा ॥८॥

प्रभु ! अझसम्म मेरा मनमा केही संशय छँदैछ, दया गर्नुहोस् हात जोरेर विन्ति गर्दछु । उहिले मलाई हजूरले धेरै प्रकारले बुझाउनुभएथ्यो, त्यो संझेर रिसानी नगर्नुहवोस् । उहिलेको जस्तो अज्ञानता अब छैन, तर मनमा रामकथाउपर रुचि खूब छ । हे भुजगराजभूषण ! (वासुकिनागाभरण !) हे सुरनाथ ! (महादेव !) पवित्र रामगुणगाथा सुनाउनुहोस् ॥ ५ ॥ ६ ॥ ७ ॥ ८ ॥

दोहा–बंदौं पद धरि धरनि सिरु बिनय करौं कर जोरि ।
बरनहु रघुबर बिसद जसु श्रुतिसिद्धांत निचोरि ॥११९॥

प्रभु ! पृथ्वीमा शिर राखेर चरणको वन्दना गर्दछु, हात जोरेर विन्ति गर्दछु,

वेदको सिद्धान्तको निचोड (सार) स्वरूप भएको, रघुवरका निर्मल यशको वर्णन गर्नुहोस्॥ ११९॥

चौ०–जदपि जोषिता नहि अधिकारी ❀ दासी मन क्रम बचन तुम्हारी ॥१॥
गूढौ तत्व न साधु दुरावहिं ❀ आरत अधिकारी जहँ पावहिं ॥२॥
अति आरति पूछौं सुरराया ❀ रघुपति कथा कहहु करि दाया ॥३॥

यद्यपि म स्त्री हुनाले अनधिकारिणी (गूढतत्व बुझ्ने बुद्धि नहुनाले अयोग्य) छु, तथापि मनसा कर्मणा वाचा हजूरकी दासी हुँ, (त्यसो हुनाले मलाई गूढतत्व बुझाउनुपर्दछ) महात्माहरू जहाँ आर्त भएको (संसारका तापले दुःखी भएको) र अधिकारी (लायक) भएको व्यक्ति पाउँदछन्, त्यहाँ तत्व गूढै भए पनि लुकाउँदैनन् (उपदेशै गर्दछन्) । हे देवाधिपति ! प्रभु ! म अत्यन्त आर्तिले (संसार तापले) सोद्धछु, दया गरेर रघुपति रामको कथा वर्णन गर्नुहवोस् ॥ १ ॥ २ ॥ ३ ॥

प्रथम सो कारन कहहु बिचारी ❀ निर्गुन ब्रह्म सगुन बपु धारी ॥४॥
पुनि प्रभु कहहु राम अवतारा ❀ बालचरित पुनि कहहु उदारा ॥५॥

प्रभु ! पहिले निर्गुण ब्रह्म सगुण भएर शरीरधारी भएको जुन कारणले हो, त्यो बताउनुहवोस्, अनि रामजीका अवतारको कारण बताउनुहवोस्, अनि रामजीको उदार (महत्त्वपूर्ण भएको) बालचरित्र बताउनुहवोस्॥ ४ ॥ ५ ॥

कहहु जथा जानकी बिवाही ❀ राज तजा सो दूषन काही ॥६॥
बन बसि कीन्हे चरित अपारा ❀ कहहु नाथ जिमि रावन मारा ॥७॥
राज बैठि कीन्ही बहु लीला ❀ सकल कहहु संकर सुखसीला ॥८॥

प्रभु ! सुखशील ! (आनन्द स्वभाव !) शंकर ! जसरी जानकीजी विवाहित हुनुभयो त्यो बताउनुहवोस्, रामजीले राज्य छाड्नुभयो, त्यसमा के दोष थियो ? । वनमा निवास गर्दा अपारका चरित्र गर्नुभयो, जसरी रावणलाई मार्नुभयो त्यो सबै चरित्र बताउनुहवोस् । राज्यमा रहेर धेरै लीला गर्नुभयो त्यो पनि सबै विस्तारपूर्वक बताउनुहवोस्॥ ६ ॥ ७ ॥ ८ ॥

दोहा–बहुरि कहहु करुनायतन कीन्ह जो अचरज राम ।
प्रजा सहित रघुबंस मनि किमि गवने निज धाम ॥१२०॥

हे करुणायतन ! फेरि रामजीले जो जो आश्चर्य चरित्र गर्नुभयो त्यो र रामजी प्रजासहित आफ्ना धाममा कसरी जानुभयो ?, त्यो पनि बताउनुहवोस्॥ १२० ॥

चौ०–पुनि प्रभु कहहु सो तत्त्व बखानी ❀ जेहि बिज्ञान मगन मुनि ज्ञानी ॥१॥
भगति ज्ञान बिज्ञान बिरागा ❀ पुनि सब बरनहु सहित बिभागा ॥२॥
औरौ रामरहस्य अनेका ❀ कहहु नाथ अति बिमल बिबेका ॥३॥

जो प्रभु मैं पूछा नहि होई ❀ सोउ दयाल राखहु जनि गोई ॥४॥

प्रभु जुन जान्नाले मुनिहरू ज्ञानी कहलाएका र मस्त रहेका छन्, त्यो तत्त्व पनि विस्तारपूर्वक बताउनुहोस् । फेरि विभागसहित (यति यति भेद यसका हुन्छन् भन्ने कुरा खोलेर) भक्ति-ज्ञान-विज्ञान-वैराग्यको सबै वर्णन गर्नुहवोस् ॥ १ ॥ २ ॥ हे नाथ ! अति निर्मल र विवेकपूर्ण भएका रामजीका रहस्य (गुप्त) चरित्र अरू अरू जो छन्, ती पनि बताउनुहोस् ।

हे दयाल ! प्रभु ! जो कुरा मैले सोधेको होओइन, त्यो पनि बताउनुहवोस्, गुप्त नराख्नुहवोस् ॥ ३ ॥ ४ ॥ (क)

तुम्ह त्रिभुवन गुर बेद बखाना ❀ आन जीव पावर का जाना ॥५॥
प्रश्न उमा कै सहज सुहाई ❀ छल बिहीन सुनि सिव मन भाई ॥६॥
हरहिय रामचरित सब आए ❀ प्रेम पुलक लोचन जल छाए ॥७॥
श्रीरघुनाथरूप उर आवा ❀ परमानन्द अमित सुख पावा ॥८॥

प्रभु ! हजूरलाई वेदहरू 'त्रिभुवनगुरु' भनेर बखान्दछन्, अरू पामर जीव के जानून् ?" यस्ता प्रकारको निष्कपटभावले गरेको पार्वतीप्रश्न सुन्दा शंकरजीको मनलाई बडो बेश लाग्यो ॥ ५ ॥ ६ ॥

शंकरजीका हृदयमा रामजीका चरित्र सबै आइपुगे, शरीरभरीमा प्रेमको रोमाञ्च र नेत्रमा प्रेमाश्रु भरियो । हृदयमा श्रीरघुनाथजीको दिव्य शरीर झलकन लाग्यो, शंकरजीले निःसीम (निरवधि) आनन्द सुख पाउनुभयो ॥ ७ ॥ ८ ॥

दोहा–मगन ध्यानरस दंड जुग पुनि मन बाहेर कीन्ह ।
रघुपतिचरित महेस तब हरषित बरनै लीन्ह ॥१२१॥

शंकरजी दुइघडीसम्म ता रामजीको ध्यानरसमा डुब्नुभयो, अनि उहाँले मनलाई बहिर्मुख गर्नुभयो, र हर्षित भएर रघुपति रामजीको चरित्र वर्णन गर्न लाग्नुभयो ॥ १२१ ॥

चौ०–झूठेउ सत्य चाहिं बिनु जाने ❀ जिमि भुजंग बिनु रजु पहिचाने ॥१॥
जेहि जाने जग जाइ हेराई ❀ जागे जथा सपन भ्रम जाई ॥२॥

"डोरी हो" भनेर नजानुन्ज्याल जसरी सर्प सत्य हुन आउँछ (डोरीमा भ्रान्तिले खडा गरेको सर्प पनि सत्य भएर भय-कम्प गराउन लाग्दछ, "डोरी हो" भनेर चिह्नेपछि त्यो भ्रांतिसर्प हराउँछ डोरी मात्रै सच्चा देखिन्छ) त्यसै गरी, जुन वस्तु (ब्रह्म) लाई नजान्दा, झूटो भएको (अज्ञानले कल्पना गरिएको) यो संसार सत्य भइरहेको छ, जुन (ब्रह्म) लाई जान्दा बिउँझेपछि स्वप्नको भ्रम हराएझैं यो जगत् हराएर जान्छ (ब्रह्मदेखि अतिरिक्त केही पनि रहँदैन, सबै हराउँछ) ॥ १ ॥ २ ॥

(क) साधारण गुरुले पनि दीनवत्सल भएर शिष्यले सोध्न नजानेको कुरा बताउनुपर्दछभने त्रिभुवनगुरु भएका हजूरले नबताए मर्यादा कसरी रहला ?

"अनापृष्टमपिब्रूयुर्गुरवो दीनवत्सलाः" भागवत.

वंदौं बालरूप सोइ रामू ❀ सब सिधि सुलभ जपत सिसु नामू ॥३॥
मंगलभवन अमंगलहारी ❀ द्रवौ सो दसरथ अजिर बिहारी ॥४॥

बालरूप धारण गर्ने उनै (ब्रह्मस्वरूपै भएका) रामजीलाई वन्दना गर्दछु, जसको नाम जप्ना सबै सिद्धि सुलभ हुनआउँछन्। सकलमंगलालय अमंगलहारी दशरथ-भवनांगण-विहारी, उनै बालमूर्ति भगवान् रामजी मेराउपर दयाले पग्लून्" ॥ ३ ॥ ४ ॥

करि प्रनाम रामहि त्रिपुरारी ❀ हरषि सुधा सम गिरा उचारी ॥५॥
धन्य धन्य गिरिराजकुमारी ❀ तुम्ह समान नहिं कोउ उपकारी ॥६॥
पूँछेहु रघुपति कथा प्रसंगा ❀ सकल लोक जगपावनि गंगा ॥७॥
तुम्ह रघुबीरचरन अनुरागी ❀ कीन्हिहु प्रस्न जगतहित लागी ॥८॥

यत्ता प्रकारले रामजीलाई प्रणाम गर्नुभयो र शंकरजीले अमृततुल्य मीठो वचन बोल्नुभयो ॥ ५ ॥ प्यारि ! गिरिराजकुमारि ! तिमीलाई वारंवार धन्यवाद छ, तिमीबराबरको उपकारी जगत्मा कोही छैन ॥ ६ ॥ तिमीले रघुपति रामजीको कथाप्रसंग सोध्यौ ? (ओहो ! धन्य !) जस्तै गङ्गाजीले सकल लोकलाई पवित्र गर्दछिन्, त्यस्तै रघुवीरचरणानुरागिणी तिमीले पनि जगत्का हितका निमित्त यो प्रश्न गर्‍यौ (गिरिराज हिमालयका दुवै छोरी (उमा र गंगा) दिदी-बहिनी भएर जगत्को कल्याण गर्न लागेका छौ, धन्य हो ! स्याबास् !, तिम्रा नाताले गर्दा हिमालयसमेत स्मरणीय भए) ॥ ७ ॥ ८ ॥

दोहा—रामकृपा तें पारबति सपनेहु तव मन माहि ।
सोक मोह संदेह भ्रम मम बिचार कछु नाहि ॥१२२॥

हे पार्वती ! मेरा विचारमा ता, रामजीका कृपाले तिम्रा मनमा शोक अज्ञान-संदेह-भ्रम केही छैन (यस्तो ठहर्दछ) ॥ १२२ ॥

चौ०—तदपि असंका कीन्हिहु सोई ❀ कहत सुनत सब कर हित होई ॥१॥
जिन्ह हरिकथा सुनी नहि काना ❀ श्रवनरंध्र अहि भवन समाना ॥२॥

तथापि तिमीले उही शंका गर्‍यौ, (बेश हो) भन्दा सुन्दा सबैको हित हुन्छ ॥ १ ॥ जुन कानले हरिकथा सुनेका छैनन्, ती कान अहिभवनसमान (सर्पबस्ने प्वाल=दुला) जस्तै हुन् ॥ २ ॥ (क)

नयनन्हि संतदरस नहि देखा ❀ लोचन मोरपंख कर लेखा ॥३॥
ते सिर कटु तूंबरि समतूला ❀ जे न नमत हरि गुरु पद मूला ॥४॥

जुन नेत्रले सन्तद्दश्य (साधुसन्तले दर्शन गरिने भगवान्का लीला-शरीर मूर्ति) देखेनन् ती नेत्र मयूरका प्वाँखका नेत्रक (आँखाजस्तो आकार परेका मण्डल)

(क) मानिसका जुन कर्णपुट भगवान्का गुण सुन्दैनन् ती कर्ण कर्णै होइनन्, सुन्नुपर्ने कुरा सुन्नेलाई पो कर्ण भन्दछन्, नचाहिने कुराले भरिने ती ता रछानका खाल्डाजस्ता खाल्डै मात्र हुन् "बिलेवतोरुक्रम विक्रमान् ये न शृण्वतः कर्णपुटे नरस्य" श्रीमद्भागवत, स्कन्ध २, अ. ३ श्लो. २०

जस्तै हुन् (देख्नालाई राम्रै भए पनि हेर्ने कुरा नहेर्ने हुन्) (क) ॥ जुन शिर हरि र गुरुका चरणकमलमा झुक्तैनन् ती शिरलाई "तीतो तुम्बाका डल्लाजस्ता' भनेर उपमा दिए हुन्छ ॥ ३ ॥ ४ ॥

जिन्ह हरिभगति हृदय नहि आनी ❀ जीवन सव समान तेइ प्रानी ॥५॥
जो नहि करै राम गुन गाना ❀ जीह सो दादुरजीह समाना ॥६॥
कुलिस कठोर निठुर सोइ छाती ❀ सुनि हरि चरित न जो हरषाती ॥७॥
गिरिजा सुनहु राम कै लीला ❀ सुरहित दनुज बिमोहन सीला ॥८॥

जसले आफ्ना हृदयमा हरिभक्ति राख्न सकेन, त्यो प्राणी जीउँदैमा मृतक (मुर्दा) समान हो । (ख) ॥ ५ ॥ जुन जिह्वाले रामजीको गुणगान गर्दैन, त्यो जिह्वा दर्दुरजिह्वा समान (भ्यागुताको जिभ्रा जस्तो विनाकामले पनि कर्णकटु बोली बोलिरहने) हो ॥ ६ ॥ (ग)

जसको मन हरिचरित्र सुनेर हर्षित हुँदैन, त्यो मन होइन त्यो ता वज्रको साह्रो चाहिने सार (चुरो) हो ॥ ७ ॥ (घ) हे प्यारि ! गिरिराजकुमारि ! देवताको हितका निमित्त दैत्य-दानवहरूलाई मोहित पार्ने खभाव भएका रामजीका लीला सुन ॥ ८ ॥

दोहा—रामकथा सुरधेनु सम सेवत सब सुखदानि ।
सतसमाज सुरलोक सब को न सुनै अस जानि ॥१२३॥

सेवा गर्नेलाई सबै सुख दिने रामकथा कामधेनु जस्तो छ । त्यो कामधेनु जस्ती रामकथाबाट कृतार्थ हुने साधु सज्जनको समाज देवसमूह जस्तो छ । यो कुरा जानेपछि हरिकथा को सुनोइन ? ॥ १२३ ॥

(क) "बर्हायिते ते नयने नराणां लिङ्गानि विष्णोर्न निरीक्षतो ये," [श्रीमद्भाग० २।३।२२]

(ख) अवश्यमेव मर्नुपर्ने मानिस भएर पनि भगवान्का चरणको धूलिलाई जुन मानिस शिरसा धारण गर्दैन त्यो नमरीकन मऱ्यो । विष्णुभगवान्का चरणमा रहेकी तुलसीको गन्ध जसले सुँघ्न सकेन (अर्थात् जसले धेरै बेरसम्म विष्णुभगवान्का चरणमा शिर राखेन) त्यो मानिस पनि जीवन्मृत हो ।—

"जीवञ्छवो भागवताङ्घ्रिरेणुं न जातु मर्त्योऽभिलभेत यस्तु ।
श्रीविष्णुपद्या मनुजस्तुलस्याः श्वसञ्छवो यस्तु न वेद गन्धम्" [श्रीमद्भाग० २।३।२३

(ग) "जिह्वाऽसती दार्दुरिकेव सूत ! न चोपगायत्युरुगायगाथाः [श्रीमद्भाग० २।३।२०]

(घ) हर्षित भएका मनको लक्षण नेत्रमा हर्षाश्रु, शरीरमा रोमाञ्च, वचनमा गद्गदता निर्लज्जता प्रसन्नतापूर्वक नामकीर्तन इत्यादि हो, हरिचरित्र सुन्दा कुनै यी कुरा भएनन्भने, मानिसको मन मन होइन पत्थर हो । यी लक्षण भएको भक्त छभने, त्यसले संसारैलाई पवित्र पार्दछ (आफ्नु के कुरा ?)

"वाग्गद्गदा द्रवते यस्य चित्तं रुदत्यभीक्ष्णं हसति क्वचिच्च ।
विलज्ज उद्गायति नृत्यते च मद्भक्तियुक्तो भुवनं पुनाति" ॥

यो वचन भगवान् श्रीकृष्णले उद्धवजीलाई सुनाउनुभएको हो । [भाग ११।१४।२४]

चौ०–रामकथा सुंदर करतारी ❀ संसय बिहग उडावनिहारी ॥१॥
रामकथा कलि बिटप कुठारी ❀ सादर सुनु गिरिराजकुमारी ! ॥२॥

प्यारि ! गिरिराजकुमारी ! रामकथा संशयरूपी पक्षीलाई भुर्र उडाइदिने करताल (बाजाविशेष), (अथवा हातको ताली हो) (जस्तै करताल बाजा बजाउँदा अथवा हातको ताली बजाउँदा बसेका पक्षी भुर्र उड्दछन् त्यस्तै रामकथा सुन्दा सबै सन्देह भुर्र उड्छन् अर्थात् हट्तछन्) ॥ १ ॥ रामकथा कलिरूपी वृक्षको छेदन गर्नलाई कुठारी (बंचरो) हो, त्यो रामकथा तिमी सुन ॥ २ ॥

राम नाम गुन चरित सुहाए ❀ जनम करम अगनित श्रुति गाए ॥३॥
जथा अनंत राम भगवाना ❀ तथा कथा कीरति गुन गाना ॥४॥

रामजीका सुन्दर–सुन्दर–नाम–गुण–चरित्र–जन्म–कर्म अगणित छन् भनेर वेदले गाएको छ ॥ ३ ॥ जस्तो राम भगवान अनन्त हुनुहुन्छ, त्यस्तै कीर्तिको गुणगानले युक्त भएकी रामकथा पनि अनन्त छ ॥ ४ ॥ (क)

तदपि जथाश्रुत जसि मति मोरी ❀ कहिहौं देखि प्रीति अति तोरी ॥५॥
उमा प्रश्न तव सहज सुहाई ❀ सुखद संतसंमत मोहि भाई ॥६॥

तैपनि तिम्रो प्रीति ज्यादा देखेर जानेसुनेअनुसार, मेरी बुद्धि जस्ती छ तदनुसार भन्दछु ॥ ५ ॥ उमा ! स्वभावैले सुन्दर भएको तिम्रो प्रश्नलाई मैले सुखदाता र सन्तसम्मत (साधुसन्तले सम्मान गरिने) ठहराएको छु ॥ ६ ॥

एक बात नहि मोहि सुहानी ❀ जदपि मोहबस कहेउ भवानी ॥७॥
तुम्ह जो कहा राम कोउ आका ❀ जेहि श्रुति गाव धरहिं मुनि ध्याना ॥८॥

पार्वती ! यद्यपि तिमीले अज्ञानवश भएर भनेकी होऊ तैपनि एउटा कुरा मलाई मनपरेन। "जसलाई वेद गाउँदछन्, मुनिहरू जसको ध्यान गर्दछन्, ती राम अर्कै कोही हुन्" कि यसो जो भन्यौ (त्यो मलाई मनपरेन) ॥ ७ ॥ ८ ॥

दोहा–कहहिं सुनहिं अस अधम नर ग्रसे जो मोह पिसाच ।
पाखंडी हरिपद विमुख जानहिं झूठ न साच ॥१२४॥

तिमीले भने जस्तो कुरा भन्ने र सुन्ने मानिस अधम हुन्, ती मोह-पिशाचले ग्रास गरेका ठहरिन्छन् (तिनले मोहपिशाचको आवेश हुँदा ज्यद्वातद्वा बोलेका हुन्)। हरिचरणदेखि विमुख भएका मानिस पाखण्डी हुन्छन्, तिनीहरू झूटो र साँचो जान्दैनन् (ठहराउन सक्तैनन्) ॥ १२४ ॥

(क) अनन्तकोटि ब्रह्माण्डमा रहेका पृथ्वीका परमाणुलाई पनि ठीक ठीक गन्न सक्ने सकस पनि विष्णुभगवान्‌का लीलापराक्रमको गणना गर्न सक्तैन" यस्तो आशय भएका वेदको अनुवाद (उल्था) व्यासजीले श्रीमद्भागवतमा गर्नुभएको छ ।

विष्णोर्नु वीर्यगणनां कतमोर्हतीह यः पार्थिवान्यपि कविर्विममे रजांसि ॥

चौ०-अज्ञ अकोविद अंध अभागी ❀ काई बिषय मुकुर मन लागी ॥१॥
लंपट कपटी कुटिल बिसेषी ❀ सपनेहु संत सभा नहि देखी ॥२॥

जो जड हुनाले विद्याहीन, विद्याहीन हुनाले अन्धा, अन्धा हुनाले अभागी छन्, जसका मनरूपी ऐनामा विषयवासनारूपी काई परेको छ, ती मानिस विषयलंपट, कपटी, विशेष गरीकन कुटिल हुन्छन्, तिनीहरूले सपनामा पनि साधु सन्तहरूको सभा देखेको हुँदैन ॥ १ ॥ २ ॥

कहहिं ते वेद असंमत बानी ❀ जिन्ह के सूझ लाभु नहिं हानी ॥३॥
मुकुर मलिन अरु नयन बिहीना ❀ रामरूप देखहिं किमि दीना ॥४॥

तिनीहरू वेदविरुद्ध बचन बोल्दछन्, (मूर्तिपूजा नगर, ईश्वर अवतार लिंदैन, इत्यादि बकवाद गर्दछन्) जसलाई आफ्नै हानि र लाभको पहिचान छैन (त्यस्ताका कुराको के कुरा ?), बिचरा तिनीहरूको मनोदर्पण (मनरूपी ऐना) पनि धमिलो छ, (आफ्नो स्वरूप हेर्न तिनले पाएनन्) शास्त्ररूपी नेत्र पनि छैनन् (अन्धा छन्, तिनले वरपरको ता देख्तैनन् टाढाको के देखून् ? त्यसो हुनाले ती) दीनदुःखीहरूले रामजीको रूप कसरी देखून् र (रामजीका रूपको विषयमा ठीक ठीक कुरा गर्न सकून् ?) ॥ ३ ॥ ४ ॥

जिन्ह के अगुन न सगुन बिबेका ❀ जल्पहिं कल्पित बचन अनेका ॥५॥
हरिमाया बस जगत भ्रमाहीं ❀ तिन्हहिं कहत कछु अघटित नाहीं ॥६॥

जसलाई सगुण र निर्गुणको ज्ञानै छैन, तिनीहरू कल्पित (कपोलकल्पित = शास्त्रविरुद्ध) अनेक वचन बोल्दछन्। जो परमात्माका मायाका वशमा परेर जगत्मा घुमिरहेका छन्, त्यस्ता ती अज्ञानी जीवले त्यसो भन्नु केही असंभव होइन ॥ ५ ॥ ६ ॥

बातुल भूत बिबस मतवारे ❀ ते नहि बोलहिं बचन बिचारे ॥७॥
जिन्ह कृत महामोह मद पाना ❀ तिन्ह कर कहा करिअ नहिं काना ॥८॥

वातूल १, (वातपीडित = अर्थात् वातरोगविशेषले ज्यादा बोल्ने = बताहा) भूतको आवेश भएको २, मतवाला ३, यी ३ जना विचार नगरीकन झट्टपट्ट बोल्दछन् (यिनका कुराको के भाउ ?) जसले महामोहको (ठूला अज्ञानको) मद (नशा) पिएको छ, ती मतवालाको वचन कानमा नपार ॥ ७ ॥ ८ ॥

सोरठा—अस निज हृदय बिचारी तज संसय भजु रामपद ।
सुनु गिरिराजकुमारि भ्रम तम रबिकर बचन मम ॥१६॥

हे गिरिराजकुमारि ! हृदयमा यस्तो विचार गरेर संशय छाड, रामजीका चरणको भक्ति गर, भ्रमरूपी तम हटाउनामा सूर्यकिरणस्वरूप भएका मेरा वचन सुन ॥ १६ ॥

चौ०-सगुनहि अगुनहि नहि कछु भेदा ❀ गावहिं मुनि पुरान बुध बेदा ॥१॥
अगुन अरूप अलख अज जोई ❀ भगत प्रेमबस सगुन सो होई ॥२॥

सगुनमा र निर्गुनमा भेद (फरक) छैन, यो कुरा मुनिहरू पुराणहरू विद्वानहरू र वेदहरूले समेत भनेका छन् । जो वस्तु अगुन–अरूप–अलख (अलक्ष्य = लख गर्न नसकिने ।) अज (जन्मवर्जित) छ, त्यही वस्तु भक्तप्रेमपराधीन भएर सगुण पनि हुन्छ ॥ १ ॥ २ ॥

जो गुन रहित सगुन सोइ कैसें ❀ जलु हिम उपल बिलग नहिं जैसें ॥३॥
जासु नाम भ्रम तिमिर पतंगा ❀ तेहि किमि कहिअ बिमोहप्रसंगा ॥४॥

जो गुणरहित छ, त्यही सगुण कसरी भने ? जसरी जल र हिमोपल (असिन), बेग्लै छैनन् त्यसै गरी । (निगुण व्यवस्था जलजस्तो सगुण अवस्था असिनाजस्तो हुनाले अवस्थाका भेदले वस्तुभेदको भान भएको हो, वस्तुतः जल र असिनाको अभेद झैं अगुण र सगुणको अभेदै छ)। जसको नाम भ्रमरूपी अन्धकारको ध्वंस गर्नलाई सूर्य-स्वरूप छ, उनलाई अज्ञानको संबन्ध छ भनेर कसरी भन्नु ? ॥ ३ ॥ ४ ॥

राम सच्चिदानंद दिनेसा ❀ नहिं तहँ मोह निसा लवलेसा ॥५॥
सहज प्रकाशरूप भगवाना ❀ नहिं तहँ पुनि बिज्ञान बिहाना ॥६॥

पार्वती ! रामजी सच्चिदानन्दस्वरूप हुनाले सूर्यजस्ता हुनुहुन्छ र उहाँमा अज्ञानरूपी रात्रिको लवलेश पनि रहन सक्तैन । (उसो भने "अज्ञान नरहेपछि ज्ञान ता रहला नि" भनौली) स्वभावशुद्ध प्रकाशस्वरूप भगवान्मा ज्ञानरूपी प्रातःकाल पनि छैन, (जस्तै अरूलाई पो रात्रि र दिन, सूर्यलाई रात्रि पनि छैन दिन पनि छैन, त्यस्तै जीवलाई पो अज्ञान र ज्ञान हुन्छ, स्वतःसिद्ध शुद्धज्ञानस्वरूप परमात्मालाई न अज्ञान छ, न ज्ञान छ, (ज्ञान भनेको चीज पनि अविद्याले नै खडा गरेको हो, जान्नु यो क्रियात्मक वस्तु निष्क्रिय परमात्मामा रहन सक्तैन) ॥ ५ ॥ ६ ॥ (क)

हरष बिषाद ज्ञान अज्ञाना ❀ जीवधर्म अहमिति अभिमाना ॥७॥
राम ब्रह्म व्यापक जग जाना ❀ परमानंद परेस पुराना ॥८॥

हर्ष-विषाद-ज्ञान-अज्ञान यी र "अहम्" यस्तो अभिमान पनि जीवनका धर्म हुन्, (परमात्मा रामजीका होइनन्) रामजी ता जगद्व्यापक जगत्साक्षी परमानन्दरूप परमप्रभु परमपुराण पुरुष ब्रह्मस्वरूप हुनुहुन्छ ॥ ७ ॥ ८ ॥

दोहा–पुरुष प्रसिद्ध प्रकासनिधि प्रगट परावर नाथ ।
रघुकुलमनि मम स्वामि सोई कहि सिव नाएउ माथ ॥१२५॥

(क) "यथाऽप्रकाशो न तु विद्यते रवौ ज्योतिःस्वभावे परमेश्वरे तथा ।
विशुद्धविज्ञानघने रघूत्तमेऽविद्या कथं स्यात् परतः परात्मनि" ॥
नाहोऽन रात्रिः सवितुर्यथा भवेत् प्रकाशरूपाव्यभिचारतः क्वचित् ।
ज्ञानं तथाऽज्ञानमिदं द्वयं हरौ रामे कथं स्थास्यति शुद्धचिद्घने ॥

पाँचौ छैटौं चौपाईको अर्थ जो हो, यी २ श्लोकको अर्थ पनि उही हो । यी श्लोक शंकरजीले पार्वतीलाई बताएका हुन्, अध्यात्मरामायणमा छन् ।

हे भरद्वाजमुनि ! शंकरजीले "प्रसिद्धपुरुष (पुरुषोत्तम), प्रकाशनिधि (ज्ञान-सागर), परावरनाथ (माया र जीवका नियन्ता), (खास यत्ता रहने पनि) रघुकुलमणि (रघुराजवंशरत्न) भएर प्रकट भएका जो ब्रह्मरूप राम छन्, उनै मेरा स्वामि हुन्" भनेर शिर झुकाउनुभयो (अनि फेरि बोल्न लाग्नुभयो) ॥ १२५ ॥

चौ०–निज भ्रम नहिं समुझहि अज्ञानी ❀ प्रभु पर मोह धरहिं जड़ प्रानी ॥१॥
जथा गगन घनपटल निहारी ❀ झाँपेउ भानु कहहिं कुविचारी ॥२॥

जस्तै–राम्रो विचार गर्न नसक्ने जड़ प्राणीहरू आकाशमा बादलको टाटो देखेर सूर्य छोपिए भन्दछन्, (वास्तवमा सूर्य छोपिएका होइनन्, तिनीहरूका आँखा छोपिएका हुन्, त्यत्रा[1] (भूमिमण्डलभन्दा ठूला) सूर्य, त्यत्रो (अति सानु) बादलले कसरी छोपिन्थे ?) त्यस्तै अज्ञानी भएका जड प्राणीहरू आफ्नो भ्रम-मोह जान्दैनन् र प्रभुमा भ्रम-मोह कल्पना गर्छन् ॥ १ ॥ २ ॥ (क)

चितव जो लोजन अंगुलि लाएँ ❀ प्रगट जुगल ससि तेहि के भाएँ ॥३॥
उमा राम विषइक अस मोहा ❀ नभ तम धूम धूरि जिमि सोहा ॥४॥

जो मानिस आँखानेर अंगुलि लाएर हेर्दछ, त्यो यौटै चन्द्रमालाई दोटा स्पष्टै देख्तछ। पार्वति ! जस्तै निर्लेप भएको आकाशमा धूँवा धूलो लिप्त भएर (टांसिएर) रहेको छ भन्ने भान हुन्छ परन्तु मानिसका दृष्टिदोषले मात्र त्यो भान भएको हो, अन्धकारहरू आकाशमा लिप्त छैनन्, रामजीका विषयमा पनि त्यस्तै सुख-दुख हर्ष-विषादको काम मात्र हुन्छ, वास्तवमा रामजीमा ती कुनै उपाधि छैनन् ॥ ३ ॥ ४ ॥

बिषय करन सुर जीव समेता ❀ सकल एक तें एक सचेता ॥५॥
सब कर परम प्रकासक जोई ❀ राम अनादि अवधपति सोई ॥६॥

शब्दादि गरेका ५ विषय, चक्षु आदि गरेका १० इन्द्रिय, दिशा आदि गरेका १०

(क) "मेघले आँखा छोपिएको मूर्ख मानिस, सूर्यलाई मेघले ढकिएको निस्तेज संझन्छ, त्यस्तै परमात्मालाई पनि मूढबुद्धि भएको जीव बद्ध (संसारी) नै देख्तछ, वास्तवमा ता त्यो नित्यज्ञान स्वरूपै छ, त्यसको र अहंप्रत्ययग्राह्य जीवको अभेदै छ, त्यस्ता अभेदको अनुभव हुनालाई उच्चकोटिको उपासना (भक्ति) चाहिन्छ" भनेर हस्तामलकाचार्यले पनि यही कुरा देखाएको छ।

घनच्छन्नदृष्टिर्घनच्छन्नमर्कं
यथा मन्यते निष्प्रभं चातिमूढः ।
तथा बद्धवद्भाति यो मूढदृष्टेः
स नित्योपलब्धिस्वरूपोऽहमात्मा ॥

[1] सूर्यमण्डल पृथ्वीमण्डलभन्दा धेरै ठूलो र यहाँबाट चारकरोड पैंसट्ठीलाख (४६५०००००) कोस टाढा छ। त्यति ठूलो सूर्यमण्डललाई अतिसानो मेघले ढाक्न कदापि सक्तैन, अति टाढा हुनाले त्यो सानो देखिएका हो। मेघले त्यसलाई ढाकेको देखिन्छ तापनि त्यरतो देख्नु भ्रान्ति हो, वास्तवमा मेघले मानिसका आँखालाई ढाकेको हो, सूर्यलाई ढाकेको होइन।

इन्द्रियका १० देवता, जीव यिनीहरू एकभन्दा एक चेतन छन् यी सबैलाई चेतन पारेर प्रकाश गर्ने जुन प्रभु हुन् उनै अनादि प्रभु अयोध्यापति रामजी हुन् ॥ ५ ॥ ६ ॥ (क)

जगत प्रकास्य प्रकाशक रामू ❀ मायाधीस ज्ञान गुन धामू ॥७॥
जासु सत्यता तें जड़ माया ❀ भास सत्य इव मोह सहाया ॥८॥

जो यो जगत् प्रकाशमान भएको छ, त्यसको प्रकाशक (प्रकाश गर्ने) राम हुनुहुन्छ उनै राम मायाधीश र ज्ञानगुणनिवास हुनुहुन्छ, उहाँकै सत्यता (सच्चापना) ले गर्दा जडभएकी माया मोहलाई साथ लिएर सत्यझैं भासमान हुन्थे ॥ ७ ॥ ८ ॥

दोहा—रजत सीप महुँ भास जिमि जथा भानुकर बारि ।
जदपि मृषा तिहुँ काल सोई भ्रम न सकै कोउ टारि ॥१२६॥

जसरी सीपीमा चाँदीको भान हुन्छ, जसरी बालुवामा टल्केका सूर्यकिरणमा जलको भान हुन्छ, त्यो भान यद्यपि तीनै कालमा झूटो हो (सीपीमा चाँदी छैन, सूर्यकिरणमा जल छैन) तथापि भ्रमस्वरूप त्यसलाई कोही हटाउन सक्तैन ॥ १२६ ॥

चौ०—एहि बिधि जग हरि आश्रित रहई ❀ जदपि असत्य देत दुख अहई ॥१॥
जौं सपनें सिर काटै कोई ❀ बिनु जागें न दूर दुख होई ॥२॥

यद्यपि यो जगत् असत्य (मिथ्या) छ, तथापि भ्रान्तिका सर्पले भय दिएझैं यसले पनि दुःख दिन्छ । रज्जु (डोरी) मा सर्प रहेझैं परमात्मामा जगत् आश्रित भएर रहेको छ । सपनामा सिर काटेको दुःख सहनुपर्छ, सपना छउञ्ज्याल त्यो दुःख हट्तैन (जागे

(क) इन्द्रिय —चक्षु-श्रोत्र-घ्राण-रसन-त्वक्-वाक् पाणि पाद पायु-उपस्थ यी १० हुन् । इन्द्रियका विषय—रस-रूप-शब्द-गन्ध-स्पर्श-वचन-आदान-गमन-उत्सर्ग-आनन्द यी १० हुन् । इन्द्रियाधिष्ठातादेवता क्रमैले सूर्य-दशदिशा-अश्विनीकुमार-वरुण-वायु-अग्नि-इन्द्र-विष्णु-यम-प्रजापति यी १० छन् ।

यिनको स्पष्ट विवरण

इन्द्रियको नाम	इन्द्रियको विषय (भोग्यवस्तु) र कर्म	इन्द्रियका देवता
चक्षु (आँखा)	रूप (शुक्लकृष्णनीलपीतादि ७) (देख्नु)	सूर्य
श्रोत्र (कान)	शब्द (ध्वन्यात्मक र वर्णात्मक) (सुन्नु)	दशदिशा
घ्राण (नाक)	गन्ध (सुगन्ध र दुर्गन्ध) (सुँघ्नु)	अश्विनीकुमार
रसन (जिभ्रो)	रस (मधुर-अम्ल प्रभृति ६) (चाख्नु)	वरुण
त्वक् (छालाविशेष)	स्पर्श (उष्ण-शीत-मृदु-कठोर) (छुनु)	वायु
वाक् (वाणी)	वचन (बोल्नु)	अग्नि
पाणि (हात)	दानादानादि (दिनु-लिनु प्रभृति)	इन्द्र
पाद (पाउ)	विहरत (हिंड्नु डुल्नु)	विष्णु
पायु (गुदद्वार)	उत्सर्ग (मलत्याग)	यम
उपस्थ (लिङ्ग योनि)	आनन्द (रतिसुख)	प्रजापति

पछि त्यो शिरश्छेदको दुःख पनि हराउँछ, शिर काटिदिने शत्रु पनि हराउँछ, एउटा अनौठा आनन्द हुन्छ,) ॥ १ ॥ २ ॥

जासु कृपा अस भ्रम मिटि जाई ❀ गिरिजा सोई कृपाल रघुराई ॥३॥
आदि अंत कोउ जासु न पावा ❀ मति अनुमानि निगम अस गावा ॥४॥

जसका कृपाले त्यस्तो (रज्जुमा सर्पको, सपनामा शिरश्छेदको जस्तो) भ्रम मेटिन्छ, ती कृपाल रघुवीरै हुन् (अरूले हज्जार उपाय गरे पनि त्यो भ्रम मेटिंदैन) । गिरिराजकुमारी ! जुन रघुवीरको आदि अन्त कसैले पाएन, फगत वेदले बुद्धिका अनुमानले यसो भनेको हो, (उनै रघुवीरको कृपा भए यो संसारभ्रम मेटिन्छ) ॥ ३ ॥ ४ ॥

बिनु पद चलै सुनै बिनु काना ❀ कर बिनु करम करै बिधि नाना ॥५॥
आनन रहित सकल रस भोगी ❀ बिनु बानी बकता बड़ जोगी ॥६॥
तन बिनु परस नयन बिनु देखा ❀ ग्रहै घ्रानबिनु बास असेषा ॥७॥
असि सब भाँति अलौकिक करनी ❀ महिमा जासु जाई नहिं बरनी ॥८॥

प्यारी ! गिरिराजकुमारी ! त्यो परमात्माको पाउ छैन तापनि त्यो हिंड्छ (सबै ठाँउमा पुगेकै छ)। त्यसको कान छैन तापनि त्यो सबै कुरा सुन्दछ (सर्वसाक्षी छ)। त्यसका हात छैनन् तापनि त्यो नाना प्रकारका कर्म गर्दछ (सर्वकारण त्यो छ) । त्यो मुखरहित छ तापनि सबै रसको (विषयसुखको) भोगी (भोक्ता) छ। त्यसको वाणी (वागिन्द्रिय) छैन तापनि, त्यो बड़ो वक्ता योगी छ (स्वाधीन वाणीप्रेरक छ)। त्यो शरीर शरीररहित छ तापनि, सबैलाई छोइरहेको छ (सर्वव्यापी छ)। त्यो नेत्ररहित छ तापनि सबै कुरा देख्तछ (द्रष्टा = सर्वदर्शी छ)। त्यसको घ्राण (नाक) छैन तापनि सबै बास्ना (सुगन्ध दुर्गन्ध) को ग्रहण गर्छ (सर्वज्ञ छ)। यस्ता प्रकारले त्यसको जम्मै करनी (काम) अलौकिक (दुनियाँका चलचलनमा नमिल्ने) छ। त्यसको प्रभाव वर्णन गर्न नसकिने (अवर्णनीय) छ ॥ ५ ॥ ६ ॥ ७ ॥ ८ ॥ (क)

(क) प्रभुको यस्तै अवर्णनीय प्रभाव मनमा लिएर एउटा दासले विनय गरेको छ, त्यसको नमूना, जस्तै—

(१) विना-नेत्रले विश्व देखी-रहेका विना-कानले शब्द सुन्दै रहेका ।
रसज्ञा-विना चीज चाखी-रहेका त्वचाले-विना सुम्सुम्याई-रहेका ॥
(२) विना-घ्राणले गन्ध सूँघी-रहेका विना–वाक्यले वाक्य बोली–रहेका ।
विना–हातले काम गर्दै रहेका विना–पाउले दौड गर्दै रहेका ॥
(३) विना–जन्म यौवन् जवानै रहेका पुरापुर्हमेशा पुरानै रहेका ।
विना–प्राणले नित्य बाँची-रहेका विना–भाग्यले भाग्य भोगी–रहेका ॥
(४) अलख् नै थियो लख् नपाएर तिम्रो, अलख् गर्दथे जो सदा जोश-धारी ।
खरानी घसेका गुफामा बसेका हजारौं बिते ती नपाएर पारी ॥
(५) उदायो दया यो लहड् गर्न लाग्यौ लियौ गाथ यो शक्तिका साथ आयौ ।
परस्त्री–परद्रव्यका लालसाको नतीजा भयानक जगत्मा जतायौ ॥
(६) पढें ब्रह्मविद्या गरें तीर्थयात्रा थिएँ आजितै आजतक् अल्लमल्ल ।
भुलायौ भलीभाँति ऐले उदायौ हरे ! राम ! लौ चित्तमा बल्लबल्ल ॥

दोहा–जेहि इमि गावहिं बेद बुध जाहि धरहिं मुनि ध्यान ।
सोइ दशरथसुत भगतहित कोसलपति भगवान ॥१२७॥

जसलाई वेद र विद्वानहरू यसप्रकारले गाउँदछन्, जसको ध्यान मुनिहरू गर्दछन्; उनै परमेश्वर भक्तजनको हितका निमित्त अयोध्याधिराज दशरथजीका छोरा हुनुभयो ॥ १२७ ॥

चौ०–कासी मरत जंतु अबलोकी ❀ जासु नाम बल करौं बिसोकी ॥१॥
सोई प्रभु मोर चराचर स्वामी ❀ रघुबर सब उर अंतरजामी ॥२॥

प्यारी ! गिरिराजनन्दिनी ! जुन प्रभुका नामको बलले म काशीमा मर्न लागेको प्राणीलाई देखेर (तारक राममन्त्र सुनाउँछु र) विशोक (शोकरहित = मुक्त) गरिदिन्छु; चर अचर जगत्का मालिक सबैका हृदयमा अन्तर्यामी भएर रहेका उनै प्रभु रघुनाथजी मेरा प्रभु (मालिक) हुनुहुन्छ ॥ १ ॥ २ ॥

बिबसहु जासु नाम नर कहहीं ❀ जनम अनेक रचित अघ दहहीं ॥३॥
सादर सुमिरन जे नर करहीं ❀ भवबारिधि गोपद इव तरहीं ॥४॥

जसको नाम विवश (असमर्थ) भएका मानिसले उच्चारण गर्‍योभने पनि त्यो मानिस अनेक जन्मका पापलाई दग्ध गर्दछ, (समर्थ अवस्थामा गरेका नामोच्चारणको के कुरा ?) । जो मानिस आदरपूर्वक रामको नामस्मरण गर्दछन् ती संसार समुद्रलाई गोष्पद (गाईका पाउले टेकेर परेको खाल्डो) जस्तै गरेर तर्दछन् ॥ ३ ॥ ४ ॥

राम सो परमातमा भवानी ❀ तहँ भ्रम अति अबिहित तव बानी ॥५॥
अस संसय आनत उर माहीं ❀ ज्ञान बिराग सकल गुन जाहीं ॥६॥

पार्वति ! उनै राम परमात्मा हुन् उनमा पनि भ्रम ? तिम्रो वचन अत्यन्त अयोग्य छ है ! । यस्तो संशयलाई मनमा ल्याउनाका साथ, ज्ञान वैराग्य सकल गुण जान्छन् (हट्छन् = होश गर) ॥ ५ ॥ ६ ॥

सुनि सिव के भ्रमभंजन बचना ❀ मिटिगै सब कुतरक कै रचना ॥७॥
भइ रघुपतिपद प्रीति प्रतीती ❀ दारुन असंभावना बीती ॥८॥

शंकरजीको भ्रमभञ्जन (भ्रान्तिलाई तोडिदिने) वचन सुनेर पार्वतीका कुतर्करचना (कुतर्कले गरेका वाहियात कुरा) मेटिए। रामजीका चरणमा प्रीति र प्रतीति (विश्वास) भयो, भयानक बेपत्यार सिद्धियो ॥ ७ ॥ ८ ॥

दोहा–पुनि पुनि प्रभुपद कमल गहि जोरि पंकरुह पानि ।
बोली गिरिजा बचन बर मनहुँ प्रेमरस सानि ॥१२८॥

भरद्वाजजी ! अनि पार्वतीले कमलतुल्य भएका दुइ हात जोरेर, शंकरजीको चरण पकडेर मनका प्रेमरसले मिश्रित भएको मधुर वचन बोल्नुभयो ।। १२८ ।।

चौ०–ससिकर सम सुनि गिरा तुम्हारी ❀ मिटा मोह सरदातप भारी ।।१।।
तुम्ह कृपाल सबु संसय हरेऊ ❀ रामस्वरूप जानि मोहि परेऊ ।।२।।

"नाथ ! हजूरको चन्द्रकिरणजस्तो शीतल वचन सुन्दा शरदातपजस्तो (असौज-कार्तिकको घामजस्तो) मेरो ठूलो मोह नष्ट भयो । हे दयासागर ! हजूरले मेरा सबै सन्देह हरिदिनुभयो । अब मैले रामजीको स्वरूप जानें ।। १ ।। २ ।।

नाथकृपा अब गएउ बिषादा ❀ सुखी भइउँ प्रभुचरन प्रसादा ।।३।।
अब मोहि आपन किंकरि जानी ❀ जदपि सहज जड नारि अयानी ।।४।।
प्रथम जो मैं पूछा सोइ कहहू ❀ जौं मोपर प्रसन्न प्रभु अहहू ।।५।।

अब प्रभुको कृपाले मेरो विषाद (खेद) गयो, प्रभुका चरणका अनुग्रहले म सुखी भए, यद्यपि म स्वभावैले मूर्ख र अज्ञानी स्त्री हुँ, तथापि अब मलाई आफ्नी दासी संझेर मेराउपर हजूर प्रसन्न हुनुहुन्छभने अघि मैले जुन प्रश्न गरें त्यसको उत्तर बताउनुहोस् ।। ३ ।। ४ ।। ५ ।।

राम ब्रह्म चिनमय अविनासी ❀ सर्ब रहित सब उर पुर बासी ।।६।।
नाथ धरेउ नरतन केहि हेतू ❀ मोहिं समुझाई कहहु बृषकेतू ! ।।७।।
उमाबचन सुनि परम बिनीता ❀ रामकथा पर प्रीति पुनीता ।।८।।

नाथ ! रामजी चैतन्यरूप–अविनाशी–सर्वसंगवर्जित–सर्वहृदयनगरनिवासी ब्रह्मरूप हुनुहुन्छ (त्यो ता मैले बुझें) । उहाँले कुन कारण नरशरीर धारणा गर्नुभयो ?, हे वृषकेतु ! (नन्दिध्वज ! धार्मिकधुरन्धर ! शंकर) त्यो मलाई बुझाएर भन्नुहोस् । यस्ता प्रकारको अत्यन्त नम्रभाव भएको, रामकथामा प्रीति हुनाले पवित्र भएको पार्वतीको वचन सुनेर— ।। ६ ।। ७ ।। ८ ।।

दोहा–हिय हरषे कामारि तब संकर सहज सुजान ।
बहु बिधि उमहि प्रसंस पुनि बोले कृपानिधान ।।१२९।।

मदनघाती स्वतःसिद्ध ज्ञानवान् भगवान् शंकरजी हृदयमा प्रसन्न हुनुभयो र पार्वतीको प्रशंसा गरेर बोल्नुभयो ।। १२९ ।।

सोरठा–सुनु सुभ कथा भवानि रामचरित मानस बिमल ।
कहा भुसुंडि बखानि सुना बिहगनायक गरुड़ ।।१७।।
सो संवाद उदार जेहिं विधि भा आगे कहब ।
सुनहु राम अवतार चरित परम सुंदर अनघ ।।१८।।

हरि गुन नाम अपार कथा रूप अगनित अमित ।
मैं निज मति अनुसार कहौं उमा सादर सुनहु ॥१९॥

[प्र० नवाह]

पार्वती ! अब मानससरोवरजस्ता शीतल उज्ज्वल निर्मल रामजीका चरित्रका उत्तम कथा सुन । यो कथा काकभुशुण्डीले अघि भनेको, पक्षिराज गरुडजीले सुनेको हो ॥ १७ ॥

त्यो दुइ जनाको उत्तम संवाद जुन प्रकारले भयो, त्यो कुरा पछि भनौंला । ऐल्हे अति सुन्दर अति पवित्र राम-चरित्र सुन ॥ १८ ॥

उमा ! हरिका गुण र नाम अपार छन् । उहाँको कथा पनि अगणित (गणनातीत) र अमित (अनन्त) छ, तथापि म आफ्ना बुद्धिको अनुसार भन्दछु, आदर मानेर सुन ॥ १९ ॥

चौ०–सुनु गिरिजा हरिचरित सुहाए ❀ बिपुल बिसद निगमागम गाए ॥१॥
हरि अवतार हेतु जेहि होई ❀ इदमित्थं कहि जाइ न सोई ॥२॥
राम अतर्क्य बुद्धि मन बानी ❀ मत हमार अस सुनहि सयानी ॥३॥
तदपि संत मुनि बेद पुराना ❀ जस कछु कहहिं स्वमति अनुमाना ॥४॥
तस मैं सुमुखि सुनावौं तोही ❀ समुझि परै जस कारन मोही ॥५॥

गिरिनन्दिनि ! सुन्दर विशाल निर्मल वेदशास्त्रले गाएको हरिचरित्र सुन । जुन कारणले हरिको अवतार हुन्छ, त्यो कारण इदमित्थम् गरेर (यो यस्तै हो भनेर ठोकुवा गरेर) भन्न सकिदैन ॥ बुद्धिमति ! पार्वती ! "रामजी बुद्धि-मन-वचनका पनि अगोचर (बुद्धिले ठहराउन नसकिने, मनले अड्कल गर्न नसकिने, वचनले भन्न नसकिने) हुनुहुन्छ" मेरो यो मत छ, तिमी सुनिराख । तैपनि साधु सन्तहरू मुनिहरू वेदहरू पुराणहरू आफ्ना बुद्धिका अनुमानले जसरी केही केही (थोरबहुत भन्दछन्) त्यसै गरी म पनि मलाई जस्तो कारण समुझ परेको छ (मैले जुन कारण संझेको छु) त्यस्तै तिमीलाई सुनाउँछु, सुमुखि ! (प्रियवादिनी ! प्रिये !) सुन ॥ १ ॥ २ ॥ ३ ॥ ४ ॥ ५ ॥

जब जब होइ धरम कै हानी ❀ बाढहिं असुर अधम अभिमानी ॥६॥
करहिं अनीति जाइ नहि बरनी ❀ सीदहिं बिप्र धेनु सुर धरनी ॥७॥
तब तब प्रभु धरि बिबिध शरीरा ❀ हरहिं कृपानिधि सज्जनपीरा ॥८॥

जैल्हे जैल्हे धर्मको हानि हुन्छ, अधम अभिमानी असुरहरू बढ्दछन् र अवर्णनीय अन्याय गर्न लाग्दछन्, ब्राह्मण-गाई देवता-पृथ्वीमाता दुःखित हुन्छन्, त्यसै त्यसै बखतमा दयानिधान प्रभुजी अनेक प्रकारको शरीर धारणा गरी अवतार लिनुहुन्छ र सज्जनको दुःख हर्नुहुन्छ ॥ ६ ॥ ७ ॥ ८ ॥

दोहा–असुर मारि थापहिं सुरन्ह राखहिं निज श्रुतिसेतु ।
जग बिस्तारहिं बिसद जस रामजन्म कर हेतू ॥१३०॥

"असुरलाई मारेर सुरलाई स्थापित गर्नुहुन्छ, आफ्नो वेदरूपी पुल (संसारसमुद्र को पारी जानलाई तयार गरिएको वेदरूपी पुल) राख्नुहुन्छ (वैदिकधर्म र वेदको प्रचार गर्नुहुन्छ), जगत्मा निर्मलयश (कीर्ति) फैलाउनुहुन्छ" बस, रामजीले जन्म लिनाको कारण यही हो ॥ १३० ॥

चौ०–सोइ जस गाइ भगत भव तरहीं ❀ कृपासिंधु जन हित तनु धरहीं ॥१॥
राम जनम के हेतु अनेका ❀ परम बिचित्र एक तें एका ॥२॥
जनम एक दुइ कहौं बखानी ❀ सावधान सुनु सुमति भवानी ॥३॥

त्यही यश (कीर्ति) गाएर भक्तहरू संसार तर्दछन्, दयासागर रामजी लोकहितका निमित्त देहधारण गर्नुहुन्छ । रामजीका जन्मका अनेक कारण छन्, ती कारण एकभन्दा एक परम विचित्र छन् । बुद्धिमती ! पार्वति ! रामजीका एक-दुई जन्म विस्तारपूर्वक भन्दछु, सावधान भएर सुन ॥ १ ॥ २ ॥ ३ ॥

द्वारपाल हरि के प्रिय दोउ ❀ जय अरु बिजय जान सब कोऊ ॥४॥
बिप्रस्राप तें दूनौ भाई ❀ तामस असुरदेह तिन्ह पाई ॥५॥
कनककसिपु अरु हाटकलोचन ❀ जगतबिदित सुरपति मद मोचन ॥६॥

जय र विजय नाम भएका सबैले जानिएका, विष्णुभगवान्का प्यारा, दुइ भाई द्वारपाल थिए । ती दुवै भाइले ब्राह्मणको शाप पाएका हुनाले तामसी असुरदेह (दैत्यजन्म) पाए । ती दुइ जना जगत्प्रख्यात र इन्द्रको घमंड तोड्ने, हिरण्यकशिपु र हिरण्याक्ष भए ॥ ४ ॥ ५ ॥ ६ ॥ (क)

बिजई समर बीर बिख्याता ❀ धरि बराहबपु एक निपाता ॥७॥
होइ नरहरि दूसर पुनि मारा ❀ जन प्रहलाद सुजस बिस्तारा ॥८॥

भगवान विष्णुले वाराह शरीर धारण गरेर, समरविजयी (युद्धमा जितिछोड्ने) जगद्विख्यात ती दुइमध्ये एउटा (हिरण्याक्ष) लाई फेरि नउठ्ने गरी पछार्नुभयो (मार्नुभयो) । फेरि नरसिंहरूप भएर अर्को (हिरण्यकशिपु) लाई मार्नुभयो, जगत्मा प्रह्लादको सत्कीर्ति फैलाउनुभयो ॥ ७ ॥ ८ ॥

दोहा–भए निसाचर जाइ तेई महाबीर बलवान ।
कुंभकरन रावन सुभट सुरबिजई जग जान ॥१३१॥

(क) ब्रह्माजीका मनबाट पैदा भएका, सनक-सनन्दन-सनत्कुमार नाम भएका, सधैं ५ वर्षको उमेर कायम रहने, जीवन्मुक्त अवस्थामा पुगेका नाङ्गा नाङ्गा सुन्दर सुन्दर ४ जना कुमार घुम्दै घुम्दै विष्णु दर्शनार्थी भएर वैकुंठका विष्णु भगवानको द्वारमा पुगेका थिए, द्वारपाल जयविजयले रोकिदिए, त्यसमा रिसाएर "सत्त्वगुणी भगवान्का द्वारपाल भएर पनि तमोगुणी व्यवहार गरेबापत ३ पटक तिमी दुइले तामसी जुनि पाए" यो शाप दिए । कर्तुमकर्तुम् अन्यथाकर्तुम् समर्थ भएका भगवान् विष्णुले पनि त्यो शाप मञ्जूर गर्नुभयो !

फेरि तिनै दुइ जना (जय विजय) रावण र कुम्भकर्ण नाम भएका, जगत्प्रख्यात, सकलदेवविजयी, बलवान् योद्धा, बड़ा वीर राक्षस भए ॥ १३१ ॥

चौ०–मुकुत न भए हते भगवाना ❀ तीनि जनम द्विज बचन प्रमाना ॥१॥
एक बार तिन्ह के हित लागी ❀ धरेउ सरीर भगत अनुरागी ॥२॥

"३ जन्म आसुरी योनि होस्" यस्तो ब्राह्मणवचन प्रमाण (सत्य) हुनुपर्ने हुनाले तिनीहरू भगवान्का हातबाट मर्दा पनि मुक्त भएनन् ।. भक्तजनानुरागी भगवान्ले तिनीहरूका लागि १ बार शरीरधारण गर्नुभयो ॥ १ ॥ २ ॥

कस्यप अदिति तहाँ पितु माता ❀ दशरथ कौसल्या बिख्याता ॥३॥
एक कलप एहि बिधि अवतारा ❀ चरित पवित्र किए संसारा ॥४॥

त्यहाँ (त्यो रामावतारमा) कश्यप प्रजापति दशरथ, अदिति कौसल्या, भएका थिए, तिनै दुइ पिता र माता भए । एउटा कल्पमा यस प्रकारले अवतार लिनुभयो र आफ्ना चरित्रले संसारलाई पवित्र गर्नुभयो ॥ ३ ॥ ४ ॥

एक कलप सुर देखि दुखारे ❀ समर जलंधर सन सब हारे ॥५॥
संभु कीन्ह संग्राम अपारा ❀ दनुज महाबल मरै न मारा ॥६॥
परम सती असुराधिप नारी ❀ तेहि बल ताहि न जितहिं पुरारी ॥७॥

एउटा कल्पमा देवताहरूलाई जालन्धर दैत्यसँग युद्ध गर्दा हारेर दुःखित भएका देखेर शंकरले ठूलो युद्ध गर्नुभयो, तर त्यो जालन्धर दैत्य शंकरजीले मार्न खोज्दा पनि मरेन । त्यो दैत्यराज जालन्धरकी रानी अत्यन्त पतिव्रता थिइन्, त्यही पतिव्रत्यधर्मका प्रभावले त्यसलाई शंकरले जित्न सक्नुभएन ॥ ५ ॥ ६ ॥ ७ ॥

दोहा–छल करि टारेउ तासु ब्रत प्रभु सुरकारज कीन्ह ।
जब तेइ जानेउ मरम तब श्राप कोप करि दीन्ह ॥१३२॥

भगवान् विष्णुले छल गरेर तिनको पातिव्रत्यको भङ्ग गर्नुभयो र सुरकार्य (देवताको काम अर्थात् जालन्धरवध) गर्नुभयो (शंकरद्वारा उसलाई मराउनु भयो) । जब तिनले त्यो छल थाहा पाइथिन् अनि रिसाएर भगवान् विष्णुलाई शाप दिइन् (सरापिन्) ॥ १३२ ॥

चौ०–तासु श्राप हरि कीन्ह प्रमाना ❀ कौतुकनिधि कृपाल भगवाना ॥१॥
तहाँ जलन्धर रावन भएउ ❀ रन हति राम परम पद दयऊ ॥२॥

ती जालन्धर पत्नीको शापलाई भगवान् विष्णुले आफू कौतुकनिधि (अनेकानेक प्रकारको लहड गर्ने) हुनाले र दयासागर हुनाले प्रमाण (सत्य) गर्नुभयो ॥ १ ॥ त्यसो

हुनाले जालन्धर दैत्य रावण भई जन्म्यो, रामजीले त्यसलाई युद्धमा मारेर परमपद दिनुभयो ॥ २ ॥ (क)

एक जनम कर कारन एहा ✿ जेहि लगि राम धरी नरदेहा ॥३॥
प्रति अवतार कथा प्रभु केरी ✿ सुनु मुनि बरनी कबिन्ह घनेरी ॥४॥

जसका लागि रामजीले नरदेह ग्रहण गर्नुभयो, यो एउटा (वृन्दाशाप)जन्मको कारण हो। कविहरूले मुनीश्वरहरूका मुखारविन्दबाट प्रत्येक रामावतारको कथा सुनेर विस्तारपूर्वक वर्णन गरेको छ ॥ ३ ॥ ४ ॥

नारद श्राप दीन्ह एक बारा ✿ कलप एक तेहि लगि अवतारा ॥५॥
गिरिजा चकित भई सुनि बानी ✿ नारद बिष्नु भगत पुनि ज्ञानी ॥६॥
कारन कवन श्राप मुनि दीन्हा ✿ का अपराध रमापति कीन्हा ॥७॥

जालन्धर दैत्यको संक्षिप्त कथा—

(क) जालन्धर नाम भएको दुर्जय दैत्यले सबै देवतालाई युद्धमा परास्त गर्‍यो। देवताको सहायताका निमित्त शंकरजी र विष्णु भगवान्‌समेत युद्ध गर्न लाग्नुभयो, तर उहाँहरूको पनि जोर चलेन। दैत्यराज जालन्धरकी वृन्दा नाम गरेकी रानी बड़ी पतिव्रता थिइन्। तिनैका पातिव्रत्य धर्मका प्रभावले जालन्धर नहार्ने भयो र विष्णु भगवान् तिनको धर्म नष्ट गर्न योगीको रूप लिएर जालन्धरका घर जानुभयो, वृन्दाले आफ्ना पतिको युद्धवृत्तान्त सोध्न लागिन्। त्यसै वेलामा छिन्न भिन्न भएको जालन्धरको लाश त्यहीं गिर्न आयो, त्यो देखेर वृन्दा आलाप-विलाप गर्न लागिन्। योगिवेषधारी हरिले "तिमी साह्रै ठूली पतिव्रता छौ, किन रुन्छयौ ? काटिएका अङ्गप्रत्यङ्ग जोरेर सुमसुम्याइदेउ जालन्धर बाँच्छन्" भन्नुभयो। लौ त भनेर वृन्दाले त्यसै गरिन्, त्यो लाश जीवित भएर उठ्यो, वृन्दा खुशी भएर पति संझेर त्यसको पाउ दाब्न लागिन्। त्यस वेलामा युद्ध गर्न लागेको जालन्धर दैत्यलाई शङ्करले मार्नुभयो, कृत्रिम योगी र कृत्रिम जालन्धर दुवैजना अन्तर्धान भए। परपुरुषको स्पर्श नगर्ने वृन्दाले कपटमा परेर परपुरुषको स्पर्श गरेबाबत पातिव्रत्य धर्म नष्ट भयो र जालन्धर मर्‍यो। वृन्दा विधवा भइन्, अनि उनले यो छलकपट गरेको थाहा पाएर विष्णु भगवान्‌लाई "यसरी छल गरेर मेरो सतीत्व नष्ट पारेर मेरा पतिलाई मार्‍यौ, तसर्थ तिमीलाई स्त्रीको विरह होइजाओस, तिम्री स्त्रीलाई मेरा पतिले हरिहाल्छन्" यस्तो शाप दिइन्।

पातिव्रत्य-महिमा

(१) जसकी स्वास्नी सच्ची पतिव्रता छ, त्यो पुरुष विजयी-धनी-सुखी हुन्छ।

(२) पतिव्रताका तेजका साम्ने सूर्य प्रभृति तेजस्वी देवता पनि थर्थर काँपछन्।

(३) पति बाँचे बाँच्ने, पति मरे मर्ने, पति खुशी भएमा खुशी हुने, स्वाभाविक प्रेमरसले पूर्ण भएकी कुलीनकी छोरीको संसारमा उपमै छैन।

(१) यस्य पत्नी भवेत् साध्वी पतिव्रतपरायणा । स जयी सर्वलोकेषु स सुखी स धनी पुमान् ।

(२) कम्पन्ते सर्वतेजांसि दृष्ट्वा पातिव्रतं महः ।

(३) जीवति जीवति नाथे, मृते मृता या मुदा युता मुदिते ।
सहजस्नेहरसाला कुलवनिता केन तुल्यास्ति ॥

"एउटा कल्पमा एकफेर नारदमुनिले शाप दिए, त्यसैका लागि प्रभु रामजीले अवतार लिनुभयो", यस्तो शंकरजीको वचन सुनेर पार्वती आश्चर्यचकित (आश्चर्य मानेर जिल्ल) हुनुभयो र (उहाँले) "नारद विष्णुभक्त र ज्ञानी हुन्, ती मुनिले के कारण शाप दिए ? लक्ष्मीपति भगवान्ले के अपराघ गर्नुभयो ? यो प्रसंग मलाई भन्नुहोस् नाथ ! त्रिपुरघाती ! मुनिका मनमा पनि मोह ? ठूलो आश्चर्य हो भन्नुभयो ॥ ५ ॥ ६ ॥ ७ ॥ ८ ॥

दोहा—बोले बिहँसि महेस तब ज्ञानी मूढ़ न कोइ ।
जेहि जस रघुपति करहिं जब सो तस तेहि छन होइ ॥१३३॥

भरद्वाजजी ! ! गिरिजाको यो वचन सुनेर शंकरजी हाँसेर बोल्नुभयो कि, गिरिनन्दिनि ! कोही ज्ञानी छैन, कोही मूर्ख छैन, रामजी जैले जसलाई जस्तो पार्नुहुन्छ, त्यो प्राणी तत्क्षण त्यस्तै हुन्छ (स्वतन्त्र को छ र ?) ॥ १३३ ॥

सोरठा—कहौं राम गुन गाथ भरद्वाज सादर सुनहु ।
भव भंजन रघुनाथ भजु तुलसी तजि मान मद ॥२०॥

(याज्ञवल्क्य मुनि भन्नुहुन्छ) भरद्वाजजी ! आदरसहित भएर सुन्नुहोस्, रामजीका गुणगाथाको वर्णन गर्दछु । तुलसीदास ! मान (अभिमान) र मद (उद्धतपना) छाडेर भज, रघुनाथजी भवभञ्जन (संसारभयहारी) हुनुहुन्छ । (उहाँको भजन भयोभने सप्रिन्छ, मदमानमा मस्त भइयोभने बिग्रिन्छ । ज्ञानी हुँ, भक्त हुँ भन्न हुँदैन) ॥ २० ॥

चौ०—हिमगिरि गुहा एक अति पावनि ❀ वह समीप सुरसरी सुहावनि ॥१॥
आश्रम परम पुनीत सुहावा ❀ देखि देव रिषिमन अति भावा ॥२॥
निरखि सैल सरि बिपिन बिभागा ❀ भएउ रमापति पद अनुरागा ॥३॥

हिमालयपर्वतमा अत्यन्त पवित्र एउटा गुफा छ, त्यसका समीपमा गङ्गाजी शोभायमान भएर बगेकी छन्, त्यहाँ परमपवित्र र सुन्दर एउटा आश्रम देखेर नारदको मन पर्‍यो, पर्वत नदी वनविभाग (वनका छुट्टाछुट्टा हिस्सा) देखेर नारदको भगवान्मा भक्ति बढ्यो ॥ १ ॥ २ ॥ ३ ॥

सुमिरत हरिहि श्रापगति बाधीं ❀ सहज बिमल मन लागि समाधी ॥४॥
मुनिगति देखि सुरेश डेराना ❀ कामहि बोलि कीन्ह सनमाना ॥५॥
सहित सहाय जाहु मम हेतू ❀ चलेउ हरषि हिय जलचरकेतू ॥६॥

नारदले हरिस्मरण गर्न लाग्दा शापगति (दक्षप्रजापतिले "२ घडीभन्दा बढता १ स्थानमा अड्न नपाए" भनेर दिएका शापको प्रभाव) बाधित भयो । ("हरिस्मृतिः सर्वविपद्विमोचनम्" यो वचनानुसार हरिस्मरणले त्यो शापरूपी विपत्ति काटिदियो) र नारदजीको स्वभावतः निर्मल भएको मनमा समाधि लाग्यो (हरिस्मरण गर्दा गर्दै नारदमुनिको समाधि चढ्यो) ॥ ४ ॥

नारदको समाधि-अवस्था थाहा पाएर इन्द्र डराए, कामदेवलाई बोलाएर सन्मान गरीकन इन्द्रले भने कि—"तिमी मेरा निमित्त सहायसहित भई (नारदका तपस्याको विघ्न गर्न) जाऊ।" (यो हुकूम सुनेपछि) त्यो जलचरकेतु (माछो झंडामा राख्ने महामूर्ख अविवेकी कामदेव) मनमा खुशी भएर हिंड्यो ॥ ५ ॥ ६ ॥

सुनासीरमन महुँ असि त्रासा ❀ चहत देवरिषि मन पुर बासा ॥७॥
जे कामी लोलुप जग माहीं ❀ कुटिल काक इव सबहि डेराहीं ॥८॥

इन्द्रलाई "नारदमुनि मेरा नगरमा बस्न चाहन्छन् कि ?" भन्ने डर थियो, (इन्द्रले त्यसरी डराउनु मुनासिबै हो किनभने ?) जगत्मा जो जो कामी र लोलुप (लोभले खग्रास पारेका) व्यक्ति छन् तिनीहरू कुटिलै हुन्छन् (सीधा-सादा चालमा ती चल्दैनन्, तिनलाई सधैं छक्का-पञ्जा चाहिन्छ) तिनीहरू कागजस्ता हुनाले सबैसँग डराउँछन्। (रछानको खकार सिंगान मल हाड-खोरमा लटट्टू भएको विचारा कागलाई कसले के गर्‍यो र डराउनु-पर्‍यो ? तर त्यो काग स्वयं नीचकर्मका तासीरले मानिस देख्नेबित्तिकै झस्कन्छ डराउँछ, त्यस्तै कामी लोलुप कुटिलहरू आफ्नो स्वार्थ बिग्रला भन्ने दहशतले कुनै सज्जन नगीच नआओस भनेर अनेक जाल गर्दछन्) ॥ ७ ॥ ८ ॥

दोहा–सूख हाड लै भाग सठ स्वान निरखि मृगराज ।
छीनि लेइ जनि जान जड तिमि सुरपतिहि न लाज ॥१३४॥

बदमाश मूर्ख कुकुर सिंहलाई देखेपछि "खोस्ने पो हो कि ?, खोस्न नपाओस" यस्तो ख्याल गरेर सुकेको हाड मुखले च्यापेर भाग्दछ, (नासमझको त्यो काम गर्दा त्यस उल्लूलाई लाज लाग्दैन।) त्यस्तै यो काम गर्दा इन्द्रलाई लाज लागेन। (तुच्छ विषय सुकेको हाडजस्तो हो, किनभने ? त्यो विषयको भोग गर्दा अपूर्वलाभ केही हुँदैन प्रत्युत हानि हुन्छ, त्यही हानिलाई कामीहरू सुख संझन्छन्; जस्तै स्त्रीपुरुषको परस्पर संगममा जीवनाधार शुक्रको हानि हुन्छ तापनि त्यो शुक्रमोचनैलाई मूर्ख कामीहरू सुख संझन्छन्, कुकुरले सुकेका हाड चपाउन लाग्छ, चपाउँदा चपाउँदै त्यसको गीजाबाट रगत आउँछ, त्यही आफ्नो रगत चुस्तछ र हाड चपाउँदा सुख पाएँ भनी ठान्छ। विषयलम्पट भएका इन्द्र हाड च्यापेर बचाउन खोज्ने कुकुरजस्ता हुन्, नारद सिंहजस्ता हुन् (उनलाई ती तुच्छ विषयको वास्तै थिएन, आफ्ना पुरुषार्थद्वारा सिंहले शिकारबाट सुख हासिल गरेझैं नारद मुनिले आफ्ना साधनाद्वारा इन्द्रानन्दभन्दा कोटि २ गुण बढ्ता भएको ब्रह्मानन्दभन्दा पनि ठूलो हरिसेवानन्द हासिल गरेका थिए) ॥ १३४ ॥

तेहि आश्रमहिं मदन जब गएऊ ❀ निज माया बसंत निरमएऊ ॥१॥
कुसुमित त्रिविध बिटप बहु रंगा ❀ कूजहिं कोकिल गुँजहिं भृंगा ॥२॥
चली सुहावन त्रिबिध बयारी ❀ कामकृसानु बढ़ावननिहारी ॥३॥
रंभादिक सुरनारि नवीना ❀ सकल असमसर कला प्रबीना ॥४॥
करहिं गान बहु तान तरंगा ❀ बहु बिधि क्रीडहिं पानि पतंगा ॥५॥

त्यो आश्रममा कामदेव पुग्यो, वसन्तले आफ्नो माया (कपट) फैलाउन लाग्यो ॥ १ ॥ अनेक प्रकारका वृक्ष अनेक प्रकारसँग फुले, कोइली कूजन गर्न, भ्रमर गुञ्जन गर्न लागे ॥ २ ॥ कामरूपी अग्निलाई जगाउने ३ प्रकारको (मन्द-सुगन्ध-शीतल) सुन्दर हावा चल्न लाग्यो ॥ ३ ॥ कामकलामा प्रवीण भएका (वात्स्यायनले बताएका गीत-वाद्य-नृत्य आदि गरेका औपयिकी ६४ कला र, आलिङ्गन-चुम्बन आदि गरेका सांप्रयोगिक ६४ कलामा पारंगत भएका) तरुणी रम्भा मेनका आदि गरेका सबै अप्सरा तानका तरङ्गले (दीर्घ दीर्घ तानले) गान गर्न लागे, अनेक प्रकारसँग हात नचाउँदै कन्दुक (हातले खेल्ने भकुंडो) खेल्नल गे ॥ ४ ॥ ५ ॥

देखि सहाय मदन हरषाना ❀ कीन्हेसि पुनि प्रपंच बिधि नाना ॥६॥
कामकला कछु मुनिहि न ब्यापी ❀ निज भय डरेउ मनोभव पापी ॥७॥
सीम कि चाँपि सकै कोउ तासू ❀ बड़ रखवार रमापति जासू ॥८॥

यस्ता प्रकारले सहायता गर्न लागेका वसन्त-अप्सराप्रभृति-सहायवर्गलाई देखेर मदन हर्षित भयो र फेरि नाना प्रकारको प्रपञ्च (कोशिश) गर्न लाग्यो ॥ ६ ॥

कामदेवका कलाले (चलाकीले) नारदमुनिलाई व्याप्त गर्न (मोहित पार्न) सकिन, पापी (कृतापराध) कामदेव आफ्ना भयले आफै डराउन लाग्यो (अर्घेली गर्ने व्यक्ति पछि आफै डराउन लाग्दछ, कसैले केही गर्नुपर्दैन) ॥ ७ ॥ जसका रक्षक खास लक्ष्मीपति भगवान् हुनुहुन्छ त्यसको कोही सीमा नाघ्न सक्तछ र ? (त्यसका नगीच पर्न कोही सक्त छ र ? ॥ ८ ॥

दोहा—सहित सहाय सभीत अति मनि हारि मन मयन ।
गहेसि जाइ मुनिचरन कहि सुठि आरत मृदु बयन ॥१३५॥

कामदेवले मनमा हार मानेर, सहायसमेत अत्यन्त डराईकन नारदमुनिका पाउ समात्यो, खूब दुःखित भएर नरम वचन बोल्न लाग्यो ॥ १३५ ॥

चौ०—भयेउ न नारदमन कछु रोषा ❀ कहि प्रिय बचन काम परितोषा ॥१॥
नाई चरन सिरु आयसु पाई ❀ गएउ मदन तब सहित सहाई ॥२॥

नारदका मनमा रिस कत्ति पनि भएन र, प्रिय वचन बोलेर उनले कामदेवलाई खुखी पारे । अनि नारदका पाउमा शिर राखेर आज्ञा पाएपछि सहायसहित कामदेव गयो ॥ १ ॥ २ ॥

मुनि सुसीलता आपनि करनी ❀ सुरपतिसभाँ जाइ सब बरनी ॥३॥
सुनि सब के मन अचरजु आवा ❀ मुनिहि प्रसंसि हरिहि सिरु नावा ॥४॥

उसले इन्द्रका सभामा गएर नारदमुनिका असल शीलको र आफ्ना कामको सबै वर्णन गर्‍यो ॥ ३ ॥ त्यो सुनेर सबैका मनमा आश्चर्य लाग्यो, नारदको प्रशंसा गरेर सबैले विष्णुभगवान्‌लाई नमस्कार गरे ॥ ४ ॥

तब नारद गवने सिव पाहीं ❀ जिता काम अहमिति मन माहीं ॥५॥
मारचरित संकरहि सुनाए ❀ अति प्रिय जानि महेस सिखाए ॥६॥

उतातिर नारदमुनि "मैले कामलाई जितें" त्यस्तो अहंकार मनमा राखेर शिवजीका समीप गए, कामदेवको चरित्र तिनले शिवजीलाई सुनाए, अनि शिवजीले प्यारो मानेर नारदलाई शिक्षा दिनुभयो ॥ ५ ॥ ६ ॥

बार बार बिनवौं मुनि तोही ❀ जिमि यह कथा सुनाएहु मोही ॥७॥
तिमि जनि हरिहि सुनावहु कबहूँ ❀ चलेहु प्रसंग दुराएहु तबहूँ ॥८॥

(शिवजीले भन्नुभयो कि) नारदमुनि ! तिमीलाई म वारंवार विन्ति गर्दछु—जसरी तिमीले यो वृत्तान्त मलाई सुनायौ, त्यसरी विष्णु भगवान्‌लाई कहिल्यै नसुनाए है, कुराको प्रसंग चल्योभने पनि तुरन्तै त्यो कुरा अलमल्याइदिए है ॥ ७ ॥ ८ ॥

दोहा–संभु दीन्ह उपदेस हित नहि नारदहि सोहान ।
भरद्वाज कौतुक सुनहु हरि इच्छा बलवान ॥१३६॥

शिवजीले हित उपदेश दिनुभयो, तर नारदलाई मनपरेन, भरद्वाजजी ! तमाशा सुन्नुहोस्‌न, अहा ! हरिइच्छा बड़ी बलवती छ ॥ १३६ ॥

चौ०–राम कीन्ह चाहहिं सोइ होई ❀ करै अन्यथा अस नहि कोई ॥१॥
संभुबचन मुनिमन नहि भाए ❀ तब बिरंचि के लोक सिधाए ॥२॥

रामजी जे गर्न चाहनुहुन्छ, त्यही हुन्छ, त्यसमा अन्यथा गर्न सक्ने कोही छैन ॥ १ ॥ शिवजीको वचन नारदजीलाई मन परेन, अनि ती (नारद) ब्रह्मलोक गए ॥ २ ॥

एक बार करतल बर बीना ❀ गावत हरिगुन गानप्रबीना ॥३॥
छीरसिंधु गवने मुनिनाथा ❀ जहँ बस श्रीनिवास श्रुतिमाथा ॥४॥

एक समयमा (कदाचित्) गाउनामा सिपालु ती नारदमुनि हातमा वीणा लिएर विष्णु भगवान्‌को गुणगान गर्दै जहाँ श्रीनिवास (लक्ष्मीजीका वासभवन) श्रुतिमाथ (वेदका-शिर अर्थात् मालिक) विष्णु भगवान् रहनुहुन्छ, त्यो क्षीरसमुद्रतर्फ गए ॥ ३ ॥ ४ ॥

हरषि मिले उठि रमानिकेता ❀ बैठे आसन रिषिहि समेता ॥५॥
बोले बिहसि चराचरराया ❀ बहुते दिनन कीन्हि मुनि दाया ॥६॥

रमानिकेत (श्रीनिवास विष्णु भगवान्) ले खुशीका साथ उठेर भेट गर्नुभयो, नारदऋषिसमेत (साथ) आसनमा बस्नुभयो। चराचर जगत्का राजा (स्वामी) विष्णु भगवान्‌ले—"मुनिराज ! नारदजी ! तपाईंले धेरै दिनमा दया गर्नुभयो" ("धेरै दिनपछि आउने मेहरबानी गर्नुभयो" (यो वचन बोल्नुभयो) ॥ ५ ॥ ६ ॥

कामचरित नारद सब भाखे ❀ जद्यपि प्रथम बरजि सिव राखे ॥७॥
अति प्रचंड रघुपति कै माया ❀ जेहि न मोह अस को जग जाया ॥८॥

यद्यपि शिवजीले अघि वर्जित गरिराखेको थियो (मनाई गरेको थियो) तैपनि नारदजीले कामदेवको चरित्र सबै बताए । रामजीकी प्रचंड (बलवती) मायाले जसलाई मोहित पारेकी छैन, त्यस्तो सकस यो जगत्मा को जन्मेको छ र ? ॥ ७ ॥ ८ ॥

दोहा—रूख वदन करि वचन मृदु बोले श्रीभगवान ।
तुम्हरे सुमिरन तें मिटहिं मोह मार मद मान ॥१३७॥

विष्णु भगवान्ले मुख रूखो पारेर (मुख हेर्दा स्नेह रहेनछ भन्ने भान पर्ने गरी) मीठो वचन बोल्नुभयो । “नारदजी ! तपाईंका स्मरणले मोह-मदन-मद-मान यी ४ (चारै) कुरा मेटिन्छन्” ॥ १३७ ॥

चौ०—सुनु मुनि मोह होइ मन ताकें ❀ ज्ञान बिराग हृदय नहिं जाकें ॥१॥
ब्रह्मचरज ब्रत रत मतिधीरा ❀ तुम्हहिं कि करै मनोभव पीरा ॥२॥

“मुनिवर ! नारदजी ! सुन्नुहोस् जसका मनमा ज्ञान-वैराग्य छैन, त्यसैका मनमा मोह हुन्छ । ब्रह्मचर्यव्रतमा तत्पर भएका, धीरबुद्धि भएका तपाईंलाई कामदेवले पीडा दिन के सक्तथ्यो ?” ॥ १ ॥ २ ॥

नारद कहेउ सहित अभिमाना ❀ कृपा तुम्हारि सकल भगवाना ॥३॥
करुनानिधि मन दीख बिचारी ❀ उर अंकुरेउ गर्व तरु भारी ॥४॥

(यो भगवान्को वचन सुनेर) नारदले हृदयमा अभिमान लिएर “भगवन् ! यो सबै हजूरको कृपा हो” भने । अनि करुणानिधि भगवान्ले विचार गरेर “नारदका हृदयमा गर्ववृक्ष (घमण्डरूपी वृक्ष) को अङ्कुर (टुसो) उम्रे छ भनेर देख्नुभयो ॥ ३ ॥ ४ ॥

बेगि सो मैं डारिहौं उखारी ❀ पन हमार सेवकहितकारी ॥५॥
मुनि कर हित मम कौतुक होई ❀ अवसि उपाय करबि मैं सोई ॥६॥
तब नारद हरिपद सिर नाई ❀ चले हृदय अहमिति अधिकाई ॥७॥
श्रीपति निज माया तब प्रेरी ❀ सुनहु कठिन करनी तेहि केरी ॥८॥

“त्यो गर्ववृक्षको अङ्कुरलाई म झट्टै उखेल्ने हुँ, सेवकको हित गर्ने मेरो प्रण छ । मुनिको हित हुने मेरो लहड हुने जो उपाय छ, अवश्य त्यही उपाय गर्दछु” (यस्तो विचार भगवान्ले गर्नुभयो) ॥ ५ ॥ ६ ॥

अनि नारदजी विष्णु भगवान्को वन्दना गरेर हिंडे, हृदयमा अहम् यस्तो (अहंकार) झन् बढ्यो । अनि लक्ष्मीपति भगवान्ले आफ्नी माया (इच्छाशक्ति) लाई प्रेरणा गर्नुभयो । भरद्वाजमुनिजी ! त्यो मायाको भयानक कार्रवाई सुन्नुहोस् ॥ ७ ॥ ८ ॥

दोहा—बिरचेउ मग महु नगर तेही सत योजन बिस्तार ।
श्रीनिवासपुर तें अधिक रचना बिबिध प्रकार ॥१३८॥

ती वैष्णवीमायाले नारद हिंड्ने बाटैमा शययोजन (४०० कोस) विशाल भएको नाना प्रकारका बनावटले वैकुंठभन्दा बढ्ता राम्रो, एउटा नगर (शहर) बनाइन् ॥ १३८ ॥

चो०-बसहिं नगर सुंदर नर नारी ❀ जनु बहु मनसिज रति तनुधारी ॥१॥
तेहि पुर बसै सीलनिधि राजा ❀ अगनित हय गय सेन समाजा ॥२॥
सत सुरेस सम बिभव बिलासा ❀ रूप तेज बल नीति निवासा ॥३॥
बिस्वमोहिनी तासु कुमारी ❀ श्री बिमोह जिसु रूपु निहारी ॥४॥

त्यस नगरमा मानो धेरै शरीर धारणा गरेका कामदेव र रति हुन् कि भनेजस्ता सुन्दर सुन्दर नर-नारी रहेका थिए। त्यही नगरमा बेगिन्ती घोड़ा-हात्ती-सेना भएका शीलनिधिनामक राजा रहेका थिए। ती राजा सज्जन, शय इन्द्रतुल्य धनी, शय इन्द्रतुल्य भोगी, रूप-तेज-बल-नीति यी ४ कुराका खास निवासस्वरूप थिए। जसको रूप हेर्दा लक्ष्मीको भ्रान्ति हुन्छ, त्यस्ती परमसुन्दरी, जगन्मोहिनी एउटी छोरी तिनकी थिइन् ॥ १ ॥ २ ॥ ३ ॥ ४ ॥

सोइ हरिमाया सब गुन खानी ❀ सोभा तासु कि जाइ बखानी ॥५॥
करै स्वयंबर सो नृपबाला ❀ आए तहँ अगनित महिपाला ॥६॥
मुनि कौतुकी नगर तेहि गएऊ ❀ पुरबासिन्ह सब पूछत भएऊ ॥७॥
सुनि सब चरित भूपगृह आए ❀ करि पूजा नृप मुनि बैठाए ॥८॥

ती सबै गुणकी खानि (निधिस्वरूप) भएकी उनै विष्णुमाया हुन्, तिनको शोभा बयान गर्न सकिन्छ र ? ॥ ५ ॥ ती राजाले ती कन्याको स्वयंवर गर्न लागे, त्यहाँ बेगिन्ती राजाहरू आए ॥ ६ ॥ लहडी नारदमुनि त्यो शहरमा गए, नगरनिवासीहरूसँग सबै वृत्तान्त सोधे ॥ ७ ॥ सबै चरित्र सुनेर नारद राजाका महलमा गए, राजाले सत्कार गरेर तिनलाई आसनमा राखे ॥ ८ ॥

दोहा-आनि देखाइ नारदहिं भूपति राजकुमारि।
कहहु नाथ गुन दोष सब एहि के हृदय बिचारि ॥१३९॥

अनि राजाले राजकुमारी ल्याएर नारदलाई देखाई "स्वामिन्! यिनको गुण-दोष के के छ? हृदयमा विचार गरेर बताउनुहोस्" भनी सोधे ॥ १३९ ॥

चौ०-देखि रूप मुनि बिरति बिसारी ❀ बड़ी बार लगि रहे निहारी ॥१॥
लच्छन तासु बिलोकि भुलाने ❀ हृदय हरष नहि प्रगट बखाने ॥२॥

नारदमुनिले ती कन्याको रूप देखेर वैराग्य बिर्सीकन धेरै बेरसम्म टुलुटुलु हेरिरहे ॥ १ ॥ अनि तिनको लक्षण हेरेर मोहित भए, तिनले हृदयमा भएको हर्षलाई (गुप्त राखे) प्रकट बयान गरेनन् ॥ १ ॥ २ ॥

जो एहि बरै अमर सोइ होई ❀ समरभूमि तेहि जीत न कोई ॥३॥
सेवहिं सकल चराचर ताही ❀ बरै सीलनिधि कन्या जाही ॥४॥
लच्छन सब बिचारि उर राखे ❀ कछुक बनाइ भूप सन भाषे ॥५॥

(नारदले लक्षण हेरेर विचार गरे कि) "यिनलाई जसले वरण गर्ला त्यो पुरुष अमर हुनेछ, त्यसलाई युद्धभूमिमा कसैले जित्न सक्नेछैन । चराचर जगत्ले त्यसको सेवा गर्नेछ ।" (यस्ता प्रकारले सौन्दर्य मोहित भएर कर्तृ कर्मका प्रधान्यको अव्यवस्था गरेर विचार गरेपछि) यो विचार मनैमा राखेर केही कुरा बनाएर राजालाई नारदले भने ॥ ३ ॥ ४ ॥ ५ ॥

सुता सुलछन कहि नृप पाहीं ❀ नारद चले सोच मन माहीं ॥६॥
करौं जाई सोइ यतन बिचारी ❀ जेहि प्रकार मोहि बरै कुमारी ॥७॥
जप तप कछु नहोइ तेहि काला ❀ हे बिधि मिले कवन बिधि बाला ॥८॥

"राजन् ! तपाईंकी छोरी असल लक्षण भएकी रहिछिन्" यत्ति भनेर मनमा फिक्री गर्दै नारद हिंडे । "गएर विचारपूर्वक त्यही यत्न गर्ने हुँ जुन प्रकारले यी राजकन्या मलाई वरण गर्लिन्, यो समयमा जप-तप केही हुन सक्तैन, हे विधाता ! ती बालिका कुन प्रकारले पाइएलिन् ? ॥ ६ ॥ ७ ॥ ८ ॥

दोह–एहि अवसर चाहिअ परम सोभा रूप बिसाल ।
जो बिलोकि रीझै कुअँरि तब मेलइ जयमाल ॥१४०॥

यो मौकामा ता ठूलो शोभा र ठूलो रूप चाहिन्थ्यो, (ती २ कुरा देखेर राजकुमारी राजी होऊन्, तब यो स्वयंवरको जयमाला लाइन पाइन्थ्यो, (ती २ कुरा छैनन् अफसोस !) ॥ १४० ॥

चौ०–हरि सन मागौं सुंदरताई ❀ होइहि जात गहरु अति भाई ॥१॥
मोरें हित हरि सम नहि कोऊ ❀ एहि औसर सहाय सोइ होऊ ॥२॥
बहु बिधि बिनय कीन्हि तेहि काला ❀ प्रगटेउ प्रभु कौतुकी कृपाला ॥३॥

भगवान्संग गएर सुन्दरता मागौं ? (भएन) जाँदाखेरि ज्यादा विलम्ब हुन्छ, के गर्ने हो ? हे विधाता ! भगवान् विष्णु जत्तिको मेरो हित गर्ने कोही छैन, यो मौकामा उनै भगवान् मेरो सहाय हुनुहोस्", यस प्रकारसंग नारदले त्यस वेला प्रार्थना गर्दा कौतुकी (लहडी) र अति दयालु भगवान् प्रकट हुनुभयो ॥ १ ॥ २ ॥ ३ ॥

प्रभु बिलोकि मुनिनयन जुडाने ❀ होइहि काजु हिएँ हरषाने ॥४॥
अति आरति कहि कथा सुनाई ❀ करहु कृपा करि होहु सहाई ॥५॥
आपन रूप देहु प्रभु मोही ❀ आनि भाँति नहि पावौं ओही ॥६॥

प्रभुलाई देखेर नारदमुनिका नेत्र ठंडा भए (ताप हट्यो) । कार्य सिद्ध भयो भन्ने ख्यालले मनमा हर्षित भए । अत्यन्त लाचार भएर सबै वृत्तान्त सुनाएपछि "प्रभो ! कृपा गर्नुहोस्, सहाय हुनुहोस् ! प्रभो ! मलाई आफ्नो रूप दिनुहोस्, अन्यथा म उनलाई (राजकन्यालाई) पाउन्न ॥ ४ ॥ ५ ॥ ६ ॥ (क)

(क) स्वयंवरमा कन्याले पो वरण गर्छन्, पुरुष ता वरण गरिन्छन्, (कन्या कर्त्री हो, पुरुष कर्म हो) त्यो कुराको होश रहेन, के गर्नु ? महात्मा नारदजी त्यस वेलामा राजकन्याका सौन्दर्यले मोहित हुनुभएको थियो, विचार लरबरिन गयो ।

जेहि बिधि नाथ होइ हित मोरा ❀ करहु सो वेगि दास मैं तोरा ॥७॥
निज माया बल देखि बिसाला ❀ हिय हसि बोले दीनदयाला ॥८॥

हे नाथ ! जुन तरहले मेरो हित हुन्छ, त्यो कुरा चाँडै नै गर्नुहोस्, हजूरको दास हुँ" भने ॥ ७ ॥

आफ्नी मायाको अद्‌भुत ठूलो प्रभाव देखेर मनमनमा हाँसेर दीनवत्सल भगवानले बोल्नुभयो ॥ ८ ॥

दोह–जे बिधि होइहि परम हित नारद सुनहु तुम्हार ।
सोइ हम करब न आन कछू बचन न मृषा हमार ॥१४१॥

"नारद ! सुन, जुन कामले तिम्रो परम हित हुन्छ, त्यही काम म गर्नेछु, अरू कुनै काम गर्नेछैन, मेरो वचन मिथ्या छैन ॥ १४१ ॥

चौ०–कुपथ माँग रुजब्याकुल रोगी ❀ बैद न देइ सुनहु मुनि जोगी ॥१॥
एहि बिधि हित तुम्हार मैं ठएऊ ❀ कहि अस अंतरहित प्रभु भएऊ ॥२॥

हे योगीजी ! नारद ! रोगले व्याकुल भएको रोगी कुपथ माग्दछ, वैद्य दिँदैन, यस्तै तरहले म तिम्रो हित गर्नेछु, यत्ति बोलेर प्रभु अन्तर्धान हुनुभयो ॥ १ ॥ २ ॥

माया बिबस भए मुनि मूढ़ा ❀ समुझि नहि हरि गिरा निगूढ़ा ॥३॥
गवने तुरत तहाँ रिषिराई ❀ जहाँ स्वयम्बर भूमि बनाई ॥४॥

मायाका फन्दामा परेका ती ऋषिराज नारदजी मूढ़ भए र प्रभुको गूढ़ वचन तिनले बुझेनन् । जहाँ स्वयंवर गर्ने स्थान बनेको थियो, तुरन्त त्यहीं पुगे ॥ ३ ॥ ४ ॥

निज निज आसन बैठे राजा ❀ बहु बनाव करि सहित समाजा ॥५॥
मुनिमन हरष रूप अति मोरें ❀ मोहि तजि आनहि बरिहि न भोरें ॥६॥

चुनिचुनाउ भएर राजाहरू आफ्ना आफ्ना जमातसहित आफ्ना आफ्ना आसनमा बसे । मुनिका मनमा "मेरो रूप अति सुन्दर छ, मलाई छाडेर राजकन्या भुलेर पनि (झुक्किएर पनि) अरूलाई वरण गर्ने छैनन् (किन झुक्किन्थिन् ?)" यो विचार भयो ॥ ५ ॥ ६ ॥

मुनिहित कारन कृपानिधाना ❀ दीन्ह कुरूप न जाइ बखाना ॥७॥
सो चरित्र लखि काहु न पावा ❀ नारद जानि सबहि सिर नावा ॥८॥

नारदमुनिका हितका निमित्त करुणानिधान भगवान्‌ले बयान गरिनसकिने कुरूप दिनुभयो, त्यो चरित्र कसैले जान्न पाएनन् , नारदै जानेर सबैले प्रमाण गरे ॥ ७ ॥ ८ ॥

दोहा–रहे तहाँ दुई रुद्रगन ते जानहि सब भेउ ।
बिप्रबेष देखत फिरहिं परम कौतुकी तेउ ॥१४२॥

त्यहाँ रुद्रगणमध्येका २ जना थिए (मैले भनेको कुरा नारदलाई मनपरेन, अब अहंकारी नारदले कुन कुन भुक्तमान पाउँछन् ? लौ हेरौं त भनेर तिनलाई शंकरजीले नारदको चेवा-गर्न गुप्तरूपले खटाउनुभएको थियो) ती दुइजना यो सबै भेद थाहा पाउँदथे। ती दुइजना परमकौतुकी (बडा लहड़ी) थिए, ब्राह्मणको रूप लिएर नारदका साथसाथ फिर्दथे ॥ १४२ ॥

चौ०—जेहि समाज बैठे मुनि जाई ❀ हृदय रूप अहमिति अधिकाई ॥१॥
तहँ बैठे महेसगन दोऊ ❀ बिप्रबेष गति लखै न कोऊ ॥२॥

जुन समाजमा नारदमुनि गएर बसे, मनमा 'रूपका हकमा म नै छु" यस्तो अभिमान पनि खूब गर्न लागे। त्यहीं गएर ब्राह्मण भेषधारी ती दुइ गणपुरुष पनि बसे, तिनीहरूलाई कसैले लख गर्न सकेन ॥ १ ॥ २ ॥ (क)

करहिं कूटि नारदहि सुनाई ❀ नीकि दीन्हि हरि सुंदरताई ॥३॥
रीझिहिं राजकुअँरि छबि देखी ❀ इन्हहि बरिहि हरि जानि बिसेषी ॥४॥

नारदले सुन्ने गरी ती दुइजना "हरिले वेस सुन्दरता दिनुभएछ, यो शोभा देखेर राजकुमारी राजी हुनेछन् , विशेष गरेर (राम्रैसँग) यिनै (यिनैलाई) हरि विष्णुजस्तै जानेर वरण गर्नेछन्" यस्तो ठट्टा गर्न लागे ॥ ३ ॥ ४ ॥ (ख)

मुनिहि मोह मन हाथ पराएँ ❀ हसहिं संभुगन अति सचु पाएँ ॥५॥
जदपि सुनहिं मुनि अटपटि बानी ❀ समुझि न परै बुद्धि भ्रम सानी ॥६॥

मुनि नारदको मन मोहले गर्दा पराइको हातमा थियो (स्वाधीन थिएन) शिवजीका गणपुरुष खूब संचो मानेर (आनन्दसँग) हाँस्न लागे। यद्यपि मुनिले तिनको अण्डबण्ड कुरा सुनेथे, तथापि बुद्धिमा भ्रम मिसिन गएको हुनाले त्यो कुराको यथार्थ समझ भएन ॥ ५ ॥ ६ ॥

काहु न लखा सो चरित बिसेषा ❀ सो सरूप नृपकन्या देखा ॥७॥
मर्कटबदन भयंकर देही ❀ देखत हृदय क्रोध भा तेही ॥८॥

(क) त्यस वेलामा नारदमुनि आफ्नो रूप विष्णुभगवान्को जस्तै देख्तथे, अरूले देख्ता जस्ताको तस्तै (उही पुराना नारद) देखिन्थे, राजकन्याका दृष्टिले नारदजी भयानक शरीर भएका वानरमुखे देखिन्थे। धन्य ! माया ! ।

(ख) गणपुरुषको ठट्टामा काकु (स्वरभंग) र श्लेष (द्व्यर्थकशब्दको प्रयोग) ले गर्दा वास्तव (माथि लेखेका अर्थको विपरीत सच्चा) अर्थ झल्कन्छ, कसरी भने ?

"रीझिहिं ? राजकुअँरि छबि देखी * इ नहि बरिहि जानि बिसेषी"

यस चौपाईको—"राजकुमारी यिनलाई देखेर राज़ी हुनिन् ? (कदापि राजी हुनेछैनन्) बिसेषी (विशेष गरेर = राम्रै गरी) हरि जानि (वानर भनेर जानेपछि) इ (यिनलाई) नहि बरिहि (वरण गर्नेछैनन्)। अथवा—रीझहि राजकुअँरि छबि देखी * इ नहि बरिहि हरि जानि बिसेषी" राज (राज्यमा रहेकी राजकुमारी) यी (कन्या) कुँवरिछवि (कुप्रा बूढाको यो अनुहार) देखेर—इत्यादि पूर्ववत्। अथवा—इ हरि (यो वानरलाई) ज-आनि = जानि (ज्—थो अक्षर लाएर) वरिहि = जरिहि (जल्नेछन् झोकिनेछन्)" इत्यादि अनेकानेक अर्थान्तर हुन सक्तछन्।

नारदको जुन स्वरूप राजकन्याले देखिन्, त्यो अद्भुत चरित्र अरू कसैले ताड्न (लख गर्न) सकेनन् । राजकन्यालाई मुख बानरको, शरीर भयानक देख्ता मनमा रिस उठ्यो ॥ ७ ॥ ८ ॥

दोहा–सखी सँग लै कुअँरि तब चलि जनु राजमराल ।
देखत फिरै महीप सब कर सरोज जयमाल ॥१४३॥

अनि हातमा जयमाला (वरणमाला) लिएकी सखीसहित भएकी राजकुमारी, सबै राजालाई हेर्दै, मानौं राजहंसी नै हुन् कि भनेजस्तो गरी ढल्कँदै त्यहाँ आइन् ॥ १४३ ॥

चौ०–जेहि दिसि बैठे नारद फूली ❀ सो दिसि तेहि न बिलोकी भूली ॥१॥
पुनि पुनि मुनि उकसहिं अकुलाहीं ❀ देखि दसा हरगन मुसुकाहीं ॥२॥

नारदजी फुलेर (फुरुक्क परेर=गंकेर) जुन दिशामा (जतातिर) बसेका थिए, ती राजकुमारीले त्यो दिशामा (त्यतातिर) भुलेर पनि (झुक्किएर पनि) हेरिनन् ॥ १ ॥ मुनिजीभने वारंवार उकुसमुकुस भए, चटपटाउन व्याकुल हुन लागे, त्यो दशा देखेर गणपुरुषले मुसुक्क २ हाँस्न थाले ॥ २ ॥

धरि नृपतनु तहँ गएउ कृपाला ❀ कुअँरि हरषि मेलेउ जयमाला ॥३॥
दुलहिनि लैगे लच्छिनिवासा ❀ नृपसमाज सब भएउ निरासा ॥४॥

दीनदयाल लक्ष्मीनिवास भगवान् राजाको स्वरूप लिएर त्यहां जानुभएको थियो, राजकुमारीले उहाँलाई नै जयमाला पहिराइन् । दुलहीलाई लिएर भगवान् हिंड्नुभयो, सबै राजाहरू निराश भए (हस्स परे) ॥ ३ ॥ ४ ॥

मुनि अति बिकल मोह मति नाठी ❀ मनि गिरि गई छूटि जनु गाँठी ॥५॥
तब हरगन बोले मुसुकाई ❀ निजि मुख मुकुर बिलोकहु जाई ॥६॥

नारदमुनि मोहले अति व्याकुल भए, बुद्धि नष्ट भई, ती गाँठीबाट (बाँधेर राखेका गाँठोबाट) खसेर मणि हराएको व्यक्तिजस्ता भए ॥ ५ ॥ अनि ती गणपुरुषले हाँसेर "गएर ऐनामा आफ्नो मुख हेर्नुहोस् त !" भने ॥ ६ ॥

अस कहि दोउ भागे भय भारी ❀ बदन दीख मुनि बारि निहारी ॥७॥
बेषु बिलोकि क्रोध अति बाढ़ा ❀ तिन्हहि सराप दीन्ह अति गाढा ॥८॥

त्यसो भनेर ती दुइ जना खूब डराएर भागे । नारदले पानी हेरेर आफ्नो मुख देखे । आफ्नो वेष (पुरानो साबिकबमोजिमको मात्रै पनि नभएको विष्णुको जस्तो ता परै रहोस् वानरको भएको) देखेर मनमा अत्यन्त क्रोध चढ्यो । ती दुइ जनालाई अति कडा सराप दिए ॥ ७ ॥ ८ ॥

दोहा–होहु निसाचर जाइ तुम्ह कपटी पापी दोउ ।
हँसेहु हमहिं सो लेहु फल बहुरि हँसेहुँ मुनि कोउ ॥१४४॥

कपटी ! पापीहो ! तिमी दुवैजना राक्षस भए, जाऊ, मलाई हँसी गरेथ्यौ, त्यसको फल पाऊ । यसै गरी कुनै मुनिलाई हँसी गरे है ! ॥ १४४ ॥

चौ०–पुनि जल दीख रूप निज पावा ❀ तदपि हृदय संतोष न आवा ॥१॥
फरकत अधर कोप मन माहीं ❀ सपदि चले कमलापति पाहीं ॥२॥

फेरि नारदले पानीमा हेरेर आफ्नो स्वाभाविक रूप देखे, तैपनि तिनका हृदयमा सन्तोष आएन ॥ ओठ थरथर काँप्न लाग्यो, मनमा रीस जाग्यो, झटपट विष्णु भगवान्‌का समीप जान लागे ॥ १ ॥ २ ॥

देहौं श्राप कि मरिहौं जाई ❀ जगत मोरि उपहास कराई ॥३॥
बीचहि पन्थ मिले दनुजारी ❀ संग रमा सोइ राजकुमारी ॥४॥

"कि सराप दिउँला, कि उनका अघिल्तिर गएर अपहत्या गरेर मरुँला, दुनियाँमा मेरो हँसी गराए" भन्दै नारद हिंडेका थिए, बीच बाटैमा भगवान् विष्णु भेटिनुभयो, साथमा लक्ष्मी र उनै राजकन्या थिइन् ॥ ३ ॥ ४ ॥

बोले मधुर बचन सुरसाईं ❀ मुनि कहँ चले बिकल की नाईं ॥५॥
सुनत बचन उपजा अति क्रोधा ❀ मायाबस न रहा मन बोधा ॥६॥

सुरस्वामी भगवान् विष्णुले "मुनिजी ! व्याकुल जस्तो भएर कता जान लाग्नुभयो ?" यस्तो मधुर वचन बोल्नुभयो ॥ त्यो वचन सुन्दा ता झन् रीस चढेर आयो, मायाका प्रभावले मनमा ज्ञान रहेन ॥ ५ ॥ ६ ॥

परसंपदा सकहु नहि देखी ❀ तुम्हरे इरिषा कपट बिसेषी ॥७॥
मथत सिंधु रुद्रहि बौराएहु ❀ सुरन्ह प्रेरि बिषपान कराएहु ॥८॥

नारदमुनि क्रोधान्ध भएर भगवान्‌लाई झाँट्न लागे, "तिमी अर्काको संपत्ति देख्न सक्तैनौ, ईर्ष्या (रीस-डाह) र कपट (छल) तिमीलाई बढ्तै छ । समुद्र-मथन गर्दा शंकरलाई पागल (सिल्ली) पाऱ्यौ र देवतालाई प्रेरणा गरेर उनलाई विषसमेत खुवायौ (वाः !) ॥ ७ ॥ ८ ॥

दोहा–असुर सुरा बिष संकरहि आपु रमा मनि चारु ।
स्वारथ साधक कुटिल तुम्ह सदा कपट॰व्यवहारु ॥१४५॥

दैत्यदानवलाई मदिरा, शंकरजीलाई विष, आफूलाई राम्री लक्ष्मी, राम्रो मणि ? (वाः !) तिमी स्वार्थसाधक कुटिल रहेछौ, तिम्रो व्यवहार हरहमेशा कपटपूर्ण छ ॥ १४५ ॥

चौ०–परम स्वतंत्र न सिर पर कोई ❀ भावै मनहि करहु तुम्ह सोई ॥१॥
भलेहि मंद मंदेहि भल करहू ❀ बिसमय हरष नहिअँ कछु धरहू ॥२॥
डहकि डहकि परचेहु सब काहू ❀ अति असंक मन सदा उछाहू ॥३॥
करम सुभासुभ तुम्हहि न बाधा ❀ अब लगि तुम्हहिं न काहू साधा ॥४॥

तिमी पूर्ण स्वतन्त्र छौ, तिम्रा शिरमाथि (उपर) कोही छैन, तिमी जे मनपर्छ उही गर्छौ, तिमी असललाई खराब, खराबलाई असल गर्दछौ। तिम्रा मनमा हर्ष–विषाद केही छैन । तिमी ठगी ठगीकन सबैको परीक्षा लिन्छौ । तिम्रा मनमा शंका छैन, सदा उत्साहै रहन्छ । शुभाशुभकर्मले तिमीलाई पिर्दैन । आजसम्म तिमीलाई कसैले सधाएन ॥ १ ॥ २ ॥ ३ ॥ ४ ॥

भले भवन अब बायन दीन्हा ❀ पावहुगे . फल आपन कीन्हा ॥५॥
बंचेउ मोहि जवनि धरि देहा ❀ सोइ तनु धरहु श्राप मम एहा ॥६॥
कपि आकृति तुम्ह कीन्हि हमारी ❀ करिहहिं कीस सहाय तुम्हारी ॥७॥
मम अपकार कीन्ह तुम्ह भारी ❀ नारी बिरह तुम होब दुखारी ॥८॥

अब असल घरमा बैना[1] दियौ, आफूले गरेका कामको फल पाउनेछौ। जुन शरीर लिएर मलाई ठग्यौ, त्यही शरीर तिमीले लिए, मेरो सराप यही भो, तिमीले मेरो अकार वानरको पारिदियौ, तसर्थ वानरैको सहायता तिमीले लिनुपरोस् । तिमीले मेरो भारी अपकार गर्‍यौ, तसर्थ स्त्रीका विरहले तिमी दुःखित भए" ॥ ५ ॥ ६ ॥ ७ ॥ ८ ॥

दोहा–श्राप सीस धरि हरषि हिय प्रभु बहु बिनती कीन्हि ।
निज माया कै प्रबलता करषि कृपानिधि लीन्हि ॥१४६॥

यस्ता प्रकारको नारदका शापलाई शिरोपर गरेर मनमा खुशी भईकन प्रभुले धेरै विन्ति गर्नुभयो, अनि करुणानिधान प्रभुले आफ्नी मायाको प्रभावलाई खिचेर लिनुभयो (माया प्रपञ्च हरायो, नारद झसंग भए) ॥ १४६ ॥

चौ०–जब हरि माया दूरि निवारी ❀ नहि तहँ रमा न राजकुमारी ॥१॥
तब मुनि अति सभीत हरिचरना ❀ गहे पाहि प्रनतारतिहरना ॥२॥
मृषा होउ मम श्राप कृपाला ❀ मम इछा कह दीनदयाला ॥३॥
मैं दुर्बचन कहे बहुतेरे ❀ कह मुनि पाप मिटिहि किमि मेरे ॥४॥

जब हरिले मायालाई हटाइदिनुभयो, अनि ता त्यहाँ न लक्ष्मी देखिइन्, न राजकुमारी देखिइन् , फगत नारायण देखिनुभयो । अनि नारदमुनि अत्यन्त भयभीत भएर पाउ समातीकन "भगवन् ! भक्तजनपीड़ाहरण ! प्रभु ! रक्षा गर्नुहोस्, भगवन् ! दयानिधे ! मैले दिएको सराप मिथ्या होस् (नलागोस्)" भनेर प्रार्थना गर्न लागे । दीनबन्धु भगवान्ले "मेरो इच्छा" भन्ने जवाब दिनुभयो ॥ १ ॥ २ ॥ ३ ॥ नारद मुनिले "मैले धेरै दुर्वचन बोलें, कसरी मेरो पाप मेटिन्छ ?" (यो प्रश्न गरे) ॥ ४ ॥

जपहु जाइ संकर सतनामा ❀ होइहि हृदय तुरत विश्रामा ॥५॥

---

(१) असल घरमा (इज्जतदारका हातमा) बैना दिएपछि जेको बैनाबट्टा भएको छ त्यो काम अवश्य सफल हुन्छ, तिमीले भुक्तमान्का निमित्त मलाई यो फजितीरूपी बैना दिएका छौ, लौ भुक्त–
मान म दिन्छु, बैना लिइसकेपछि त्यो कुरा नदिई भएन के गरौं ? तिमीले पाउने भुक्तमानको प्रोग्राम सुनाइदिन्छु सुन।

कोउ नहि सिव समान प्रिय मोरें ❀ असि परतीति तजहु जनि भोरें ।।६।।

अनि भगवानले नारदजीलाई ‘‘गएर शंकरजीको शत’नामस्तोत्र जप, तिम्रा हृदयमा चाँडै नै शान्ति हुनेछ, शिवजीबराबरको मेरो प्यारो दुनियाँमा कोही छैन, यो विश्वास नछाडे है लाटा ! ।। ५ ।। ६ ।।

जेहि पर कृपा न करहिं पुरारी ❀ सो न पाव मुनि भगति हमारी ।।७।।
अस उर धरि महि बिचरहु जाई ❀ अब न तुम्हहि माया नियराई ।।८।।

शंकरजी जसका उपर कृपा गर्नुहुन्न, त्यो व्यक्तिले मेरो भक्ति पाउँदैन । नारद ! यो कुरा मनमा राखेर पृथ्वीमा विचरण गर, अब तिमीलाई मायाले घच्याउनेछैन’’ ।। ७ ।। ८ ।।

दोहा—बहु बिधि मुनि प्रबोधि प्रभु तब भए अंतरधान ।
सत्यलोक नारद चले करत राम गुन गान ।।१४७।।

यस्ता अनेक प्रकारले नारदलाई बुझाएर प्रभु अन्तर्धान हुनुभयो, रामजीको गुण गान गर्दै नारदजी सत्यलोक गए ।। १४७ ।।

चौ०—हरगन मुनिहि जात पथि देखी ❀ विगत मोह मन हरष बिसेषी ।।१।।
अति सभीत नारद पहिं आए ❀ गहि पद आरत बचन सुनाए ।।२।।

---

(१)

शिवशतनामस्तोत्र ॥

शिवो महेश्वरः शम्भुः पिनाकी शशिशेखरः । वामदेवो विरूपाक्षः कपर्दी नीललोहितः ॥ १ ॥
शङ्करः शूलपाणिश्च खट्वाङ्गी विष्णुवल्लभः । शिपिविष्टोऽम्बिकानाथः श्रीकण्ठो भक्तवत्सलः ॥ २ ॥
भवः शर्वस्त्रिलोकेशः शितिकण्ठः शिवाप्रियः । उग्रः कपाली कामारिरन्धकासुरसूदनः ॥ ३ ॥
गङ्गाधरो ललाटाक्षः कालकालः कृपानिधिः । भीमः परशुहस्तश्च मृगपाणिर्जटाधरः ॥ ४ ॥
कैलासवासी कवची कठोरस्त्रिपुरान्तकः । वृषाङ्को वृषभारूढो भस्मोद्धूलितविग्रहः ॥ ५ ॥
सामप्रियः स्वरमयस्त्रयीमूर्तिरनीश्वरः । सर्वज्ञः परमात्मा च सोमसूर्याग्निलोचनः ॥ ६ ॥
हविर्यज्ञमयः सोमः पञ्चवक्त्रः सदाशिवः । विश्वेश्वरो वीरभद्रो गणनाथः प्रजापतिः ॥ ७ ॥
हिरण्यरेता दुर्धर्षो गिरीशो गिरिशोऽनघः । भुजङ्गभूषणो भर्गो गिरिधन्वा गिरिप्रियः ॥ ८ ॥
कृत्तिवासाः पुरारातिर्भगवान् प्रमथाधिपः । मृत्युञ्जयः सूक्ष्मतनुर्जगद्व्यापी जगद्गुरुः ॥ ९ ॥
व्योमकेशो महासेनजनकश्चारुविक्रमः । रुद्रो भूतपतिः स्थाणुरहिर्बुध्न्यो दिगम्बरः ॥१०॥
अष्टमूर्तिरनेकात्मा सात्विकः शुद्धविग्रहः । शाश्वतः खण्डपरशुरजःपाशविमोचकः ॥११॥
मृडः पशुपतिर्देवो महादेवोऽव्ययः प्रभु । पूषदन्तभिदव्यग्रो दक्षाध्वरहरो हरः ॥१२॥
भगनेत्रभिदव्यक्तः सहस्राक्षः सहस्रपात् । अपवर्गप्रदोऽनन्तस्तारकः परमेश्वरः ॥१३॥
इमानि दिव्यनामानि जप्यन्ते सर्वदा मया ।
नामकल्पलतेयं मे सर्वाभीष्टप्रदायिनी ॥ १४ ॥

‘‘सयपटक शिवशिवशिव जप’’ यो अर्थ पनि कुनै कुनै टीकाकारले गरेका छन् ।

हरगन हम न बिप्र मुनिराया ❀ बड अपराध कीन्ह फल पाया ॥३॥
श्राप अनुग्रह करहु कृपाला ❀ बोले नारद दीनदयाला ॥४॥

शिवजीका गणपुरुषले जान लागेका नारदलाई बाटामा देखे, मोह नष्ट भएका मन-मा अति हर्षित भएका नारदका समीपमा त' दुइजना डराउँदै आएर पाउ समातेर आर्त वचन (दीनवाणी) सुनाउन लागे—"हे मुनिराज ! हामी दुइ ब्राह्मण शिवजीका गण हौं, हामीले ठूलो अपराध गर्‍यौं, फ़ल पनि पायौं, अब दयालु भएर शापानुग्रह (शापमोचन) गर्नुहोस् (यो कुरा सुनेर) दीनदयाल नारदजी बोले ॥ १ ॥ २ ॥ ३ ॥ ४ ॥

निसिचर जाइ होहु तुम दोऊ ❀ बैभव बिपुल तेज बल होऊ ॥५॥
भुजबल बिस्व जितब तुम जहिआ ❀ धरिहहिं बिष्नु मनुजतनु तहिआ ॥६॥
समर मरन हरिहाथ तुम्हारा ❀ होइहहु मुकुत न पुनि संसारा ॥७॥
चले जुगल मुनिपद सिर नाई ❀ भए निसाचर कालहि पाई ॥८॥

"तिमी दुवैजना गएर राक्षस होओ, धनदौलत, बल, पराक्रम खूब होला । जैले तिमीहरू भुजबलले विश्वविजयी (संसार जित्ने) होउला, त्यसै समयमा विष्णु भगवान् मनुष्यशरीर धारण गर्नु हुनेछ (मानिस भएर जन्मनुहुनेछ) ॥ ५ ॥ ६ ॥

उनै प्रभुका हातबाट युद्धमा तिमीहरूको मरण होला, अनि मुक्त हुनेछौ, फेरि तिमी-हरूलाई संसारगति हुनेछैन ।" यो वचन सुनेपछि मुनिका पाउमा शिर राखेर (वन्दना गरेर) ती दुइ गए । यथायोग्य समय पाएर राक्षस भएर जन्मे ॥ ७ ॥ ८ ॥

दोहा—एक कलप एहिं हेतु प्रभु लीन्ह मनुज अवतार ।
सुररंजन सज्जन सुखद हरि भंजन भुविभार ॥१४८॥

(शंकरजी भन्नुहुन्छ कि पार्वति !) एउटा कल्पमा यो कारणले प्रभुले मनुष्यावतार लिनुभयो । रामजी सुररञ्जन (देववर्गलाई खुशी पार्ने) सज्जनलाई सुख दिने, पृथ्वीका भारको भंजन (तोडफोड) गर्ने हुनुहुन्छ ॥ १४८ ॥

चौ०—एहि बिधि जनम करम हरि केरे ❀ सुंदर सुखद बिचित्र घनेरे ॥१॥
कलप कलप प्रति प्रभु अवतरहीं ❀ चारु चरित नाना बिधि करहीं ॥२॥

यस्तै तरहले प्रभुका जन्म र कर्म, सुन्दर सुखदायक विचित्र धेरै हुन्छन् ॥ १ ॥ प्रत्येक कल्पमा (कल्पैपीछे) प्रभुजी अवतार लिनुहुन्छ, नाना प्रकारका सुन्दर सुन्दर चरित्र (लीला) गर्नुहुन्छ ॥ २ ॥

तब तब कथा मुनीसन्ह गाई ❀ परम पुनीत प्रबन्ध बनाई ॥३॥
बिबिध प्रसंग अनूप बखाने ❀ करहिं न सुनि आचरजु सयाने ॥४॥

तब तब (जैले जैले अवतार हुन्छ उहिले उहिले) मुनीश्वरहरू अति पवित्र प्रबन्ध (ग्रन्थ) बनाएर हरिकथाको गान गर्दछन् ॥ ३ ॥ ती प्रबन्धमा अनेक तरहका प्रसंगले अनूप

(अनुपम अनौठा अनौठा) कुरा बयान गरिएका हुन्छन्, त्यो सुनेर बुद्धिमान्हरू आश्चर्य मान्दैनन् (हतबुद्धिहरू कि अति आश्चर्य मान्दछन्, कि त्यो कुरै पत्याउँदैनन्) ॥ ४ ॥

हरि अनंत हरिकथा अनंता ❀ कहहिं सुनहिं बहु बिधि सब संता ॥५॥
रामचंद्र के चरित सुहाए ❀ कलपकोटि लगि जाहिं न गाए ॥६॥

जसरी हरि अनन्त (अन्त नपाइसकिने) हुनुहुन्छ, उसै गरी उहाँको कथा पनि अनन्त छ, अनेक प्रकारसँग सबै साधुसन्तहरू त्यो कथा भन्दछन् पनि, सुन्दछन् पनि। रामचन्द्रजीका सुन्दर चरित्र कोटिकल्पसम्मका समयमा गाइरहे पनि सिद्धिँदैनन् ॥ ५ ॥ ६ ॥

यह प्रसंग मैं कहा भवानी ❀ हरि माया मोहहिं मुनि ज्ञानी ॥७॥
प्रभु कौतुकी प्रनत हितकारी ❀ सेवत सुलभ सकल दुखहारी ॥८॥

पार्वति ! "हरिकी माया बडे बडे मुनि र ज्ञानीलाई मोहित गर्दछिन्" यो कुरा र "प्रभु रामजी कौतुकी (लीलारसिक) प्रणतहितकारी (शरणागतपालक) सेवासुलभ (भजनसुलभ) र सकलदुःखहारी हुनुहुन्छ" यो कुराको प्रसंग मैले बताएँ ॥ ७ ॥ ८ ॥

सोरठा—सुर नर मुनि कोउ नाहीं जेहि न मोह माया प्रबल ।
अस बिचारि मन माहिं, भजिअ महामायापतिहि ॥२१॥

प्यारि ! पार्वती ! देवता, मनुष्य, मुनि यिनमा जसलाई बलवती महामायाले मोहित पारेको छैन, त्यस्तो कुनै सकस छँदैछैन, मनमा यो विचार गरेर महामायापति (भगवान् विष्णु) लाई नै भज्नुपर्दछ ("मायाले सबैलाई पिट्टा दिएकी छ, त्यो कुनै प्रकारले पनि हटतिन, त्यसको पिट्टा खप्ता दुनियाँ आजित भएको छ, त्यसका पतिको आश्रय गरेर रहनेलाई त्यो केही गर्दिन" यो थाहा पाएपछि महामायापतिको सेवाटहल भजन-कीर्तन नगरेर के गर्ने हो ?) ॥ २१ ॥

चौ०—अपर हेतु सुनु सैलकुमारी ❀ कहौं बिचित्र कथा बिस्तारी ॥१॥
जेहि कारन अज अगुन अरूपा ❀ ब्रह्म भएउ कोसलपुर भूपा ॥२॥

जुन कारणले अज (जन्मरहित) अगुण (गुणवर्जित) अरूप (रूपरहित) ब्रह्म पनि कोशलपुरभूप (अयोध्याधिराज) हुनुभयो, त्यसको अर्को कारण पनि सुन, विस्तारपूर्वक विचित्र कथा सुनाउँछु ॥ १ ॥ २ ॥

जो प्रभु बिपिन फिरत तुम्ह देखा ❀ बंधु समेत धरें मुनिबेषा ॥३॥
जासु चरित अवलोकि भवानी ❀ सतीसरीर रहिहु बौरानी ॥४॥
अजहु न छाया मिटति तुम्हारी ❀ तासु चरित सुनु भ्रम रुज हारी ॥५॥
लीला कीन्हि जो तेहि अवतारा ❀ सो सब कहिहौं मति अनुसारा ॥६॥

पार्वति ! तिमीले भाई (लक्ष्मण) सहित मुनिवेष धारण गरेका, सीताविरहले जंगलमा यताउति चहारिरहेका जुन प्रभुलाई देखिथ्यौ, जसको चरित्र देखेर तिमी सती-

शरीरमा छउञ्ज्याल पागल भएकी (बौल्हाएजस्ती) थियौ, ऐल्हेसम्म पनि तिम्रो त्यो छाँट छँदै छ, उनै महाप्रभुको भ्रमरागहरण गर्ने चरित्र सुन ॥ ३ ॥ ४ ॥ ५ ॥

त्यो अवतारमा प्रभुले जुन जुन लीला गर्नुभएको छ, बुद्धिअनुसार सबै वर्णन गर्दछु ॥ ६ ॥

भरद्वाज मुनि संकर बानी ❀ सँकुचि सप्रेम उमा मुसुकानी ॥७॥
लग बहुरि बरनै बृषकेतू ❀ सो अवतार भएउ जेहि हेतू ॥८॥

भरद्वाजमुनि ! शंकरजीको यस्तो वचन सुनेर पार्वती प्रेमका साथ मस्केर मुसुमुसु हाँस्नुभयो ॥ ७ ॥

अनि भगवान् वृषकेतु (वृषध्वज = शंकरजी) जुन कारणले त्यो अवतार भएको हो, त्यो कारणको विस्तारपूर्वक वर्णन गर्न लाग्नुभयो ॥ ८ ॥

दोहा–सो मै तुम्ह सन कहौं सबु सुनु मुनीस मन लाइ ।
रामकथा कलिमलहरनि मंगलकरनि सुहाइ ॥१४९॥

भरद्वाजमुनि ! त्यो शंकरजीले वर्णन गरेको कलिमलहारी-मंगलकारी-सुन्दर-रामचरित म तपाईंलाई सुनाउँछु मन लगाएर सुन्नुहोस् ॥ १४९ ॥

चौ०–स्वायंभू मनु अरु सतरूपा ❀ जिन्ह तें भै नरसृष्टि अनूपा ॥१॥
दंपति धरम आचरन नीका ❀ अजहुँ गाव श्रुति जिन्ह कै लीका ॥२॥
नृप उत्तानपाद सुत तासू ❀ ध्रुव हरिभगत भएउ सुत जासू ॥३॥

जुन दम्पतिका पालादेखि यो उत्तम मानवसृष्टि (मनुष्यसृष्टि) हुन लागेको हो, ती स्वायंभुव मनु र शतरूपा रानी मनुष्यजातिका मूलपुरुष हुन् (अघिका सृष्टि प्रायः मानसिक (मनले गरेको) थियो, यिनका पालादेखि मैथुनसृष्टि हुन लाग्यो) यी दम्पती (स्त्रीपुरुष) को धर्म र आचार अति असल थियो, अद्यावधि यिनको लीक (मर्यादाको लाइन = नीति) श्रुतिले गाइरहेका छन् । जसका छोरा हरिभक्त ध्रुवजी हुन्, ती उत्तानपाद राजा यिनै स्वायंभुव मनुका छोरा हुन् ॥ १ ॥ २ ॥ ३ ॥

लघु सुत नाम प्रियब्रत ताही ❀ वेद पुरान प्रसंसहिं जाही ॥४॥
देवहूति पुनि तासु कुमारी ❀ जो मुनि कर्दम कै प्रिय नारी ॥५॥
आदिदेव प्रभु दीनदयाला ❀ जठर धरेउ जेहि कपिल कृपाला ॥६॥
सांख्य सास्त्र जिन्ह प्रगट बखाना ❀ तत्व बिचार निपुन भगवाना ॥७॥
तेहि मनु राज कीन्ह बहु काला ❀ प्रभु आयसु सब बिधि प्रतिपाला ॥८॥

जसलाई वेद र पुराणले प्रशंसा गरेको छ, त्यस्ता ती प्रियव्रत तिनै स्वायंभुव मनुका कान्छा छोरा हुन् (जेठा ता उत्तानपाद भै हाले) । तिनै स्वायंभुव मनुकी छोरी देवहूति थिइन्, ती कर्दममुनिकी प्यारी (स्त्री) भइन् । जुन देवहूतिले आदिदेव दीनदयाल प्रभु विष्णु भगवान्-लाई गर्भमा धारणा गरिन् र दयालु कपिल मुनिजस्ता पुत्र पैदा गरिन् ॥ ४ ॥ ५ ॥ ६ ॥

देवहूतिपुत्र, नारायणावतार, तत्वविचारनिपुण जुन कपिलदेवले सांख्यशास्त्रको अविष्कार गरेर आफ्नी आमा देवहूतिलाई सर्वप्रथम सुनाउनुभयो उनै (दिगन्तकीर्ति) मनु (स्वायंभुव) ले भगवानको आज्ञाअनुसार अनेक प्रकारले प्रजाको प्रतिपालन गरेर धेरै कालसम्म राज्य गरे ॥ ७ ॥ ८ ॥ (क)

सोरठा—होइ न बिषय बिराग भवन बसत भा चौथपन ।
हृदय बहुत दुख लाग जनम गएउ हरिभगति बिनु ॥२२॥

गृहस्थ भएर घरमा बस्ताबस्तै उमेरको चतुर्थ अवस्था (बुढ्याइँ) भयो, तर विषयमा वैराग्य भएन, हरिभजनविना जन्म व्यर्थै बित्यो भनेर स्वायंभुव मनुलाई हृदयमा बडो दुःख लाग्यो ॥ २२ ॥

चौ०—बरबस राज सुतहि तब दीन्हा ❀ नारि समेत गवन बन कीन्हा ॥१॥
तीरथ बर नैमिष बिख्याता ❀ अति पुनीत साधक सिधिदाता ॥२॥
बसहिं तहाँ मुनि सिद्ध समाजा ❀ तहँ हिअ हरषि चलेउ मनु राजा ॥३॥

लाचारीका साथ छोरालाई राज्य दिएर स्वायंभुव मनु स्त्रीसहित भई वनतर्फ लागे ॥ १ ॥ अत्यन्त पवित्र, साधकहरूलाई सिद्धि दिने, जगत्प्रख्यात भएको नैमिषारण्यनामक तीर्थ छ, त्यहाँ मुनीश्वरहरू सिद्धहरू बसिरहेका हुन्छन्, स्वायंभुव मनु पनि मनमा हर्षित भएर त्यतैतिर लागे ॥ २ ॥ ३ ॥

पंथ जात सोहहिं मतिधीरा ❀ ज्ञान भगति जनु धरें सरीरा ॥४॥
पहुँचे जाइ धेनुमति तीरा ❀ हरषि नहाने निरमल नीरा ॥५॥

स्त्रीसहित भएका धीरबुद्धि ती स्वायंभुव मनु बाटामा हिंड्दाखेरि मानौं शरीर धारण गरेका (मूर्तिमान्) ज्ञान र भक्तिका जोडा नै हुन् कि ? भनेजस्ता भएर सुशोभित भए ॥ ४ ॥ जाँदा २ गामती नदीका तीरमा पुगे, खुशी भएर गोमतीका निर्मल जलमा नुहाए ॥ ५ ॥

आए मिलन सिद्ध मुनि ज्ञानी ❀ धरमधुरंधर नृपरिषि जानी ॥६॥
जहँ जहँ तीरथ रहे सुहाए ❀ मुनिन्ह सकल सादर करवाए ॥७॥
कृस सरीर मुनिपट परिधाना ❀ सतसमाज नित सुनहिं पुराना ॥८॥

धार्मिकधुरन्धर राजर्षि स्वायंभुव मनु आएको थाहा पाएर सिद्ध मुनि ज्ञानीहरू भेट गर्न आए । जहाँ जहाँ सुन्दर तीर्थ थिए, मुनिहरूले आदरसाथ ती तीर्थ गराए (यात्रा गराए) ॥ ६ ॥ ७ ॥ राजा स्वायंभुवको शरीर दुब्लो, पहिरने कुरा मुनिपट (मुनिले लाउने

(क) यी कर्दममुनि ब्रह्माजीका छायाबाट पैदा भएका हुन् । स्वायंभुवकन्या देवहूतिसित यिनले भगवान्का आज्ञाअनुसार विवाह गरे । देवहूतिमा ९ कन्या र एउटा कपिलनामक पुत्र पैदा भएपछि यिनले सबै कुरा त्याग गरेर हिंडे । यिनको योगबल अद्भुत थियो, यिनका छोरा कपिलदेव भगवान् विष्णुका अवतार हुन् । कपिलदेवले आफ्नी आमा देवहूतिलाई सांख्ययोगको उपदेश गरेर जीवन्मुक्त गर्नुभयो र आफू दीर्घसमाधि लिएर बस्नुभएको छ ।

वृक्षको बोक्राको वस्त्र) थियो, ती नित्य साधुसन्तका जमातमा रहेर पुराण सुन्दथे ॥ ८ ॥

दोहा–द्वादश अछर मंत्र पुनि जपहिं सहित अनुराग ।
वासुदेवपद पंकरुह दंपतिमन अति लाग ॥१५०॥

तिनीहरू दुइजना (राजारानी) खूब प्रेमले भगवान्को द्वादशाक्षर मन्त्र जप्तथे, दुवैको मन भगवान् विष्णुका चरणकमलमा दृढ भएर लाग्यो ॥ १५० ॥

करहिं अहार साक फल कंदा ❀ सुमिरहिं ब्रह्म सच्चिदानंदा ॥१॥
पुनि हरि हेतु करन तप लागे ❀ बारि अधार मूल फल त्यागे ॥२॥

ती दम्पती सागपात-फलफूल-कन्दमूलको आहार गर्दथे, सच्चिदानन्द ब्रह्मको स्मरण गर्दथे। फेरि तिनीहरूले भगवान्को प्राप्तिका निमित्त तपस्या गर्न लागे र फगत जलको आधारमा रहीकन कन्दमूल-फलफूलसमेत खान छाडे ॥ १ ॥ २ ॥

उर अभिलाष निरंतर होई ❀ देखिअ नयन परम प्रभु सोई ॥३॥
अगुन अखंड अनंत अनादी ❀ जेहि चिंतहिं परमारथवादी ॥४॥
नेति नेति जेहि बेद निरूपा ❀ निजानंद निरुपाधि अनूपा ॥५॥
संभु बिरंचि बिष्णु भगवाना ❀ उपजहिं जासु अंस तें नाना ॥६॥
ऐसेउ प्रभु सेवकबस अहई ❀ भगत हेतु लीलातनु गहई ॥७॥
जौ यह वचन सत्य श्रुति भाषा ❀ तौ हमार पूजिहि अभिलाषा ॥८॥

तिनका हृदयमा उनै परम प्रभु विष्णु भगवानलाई आँखाले देख्न पाँउ भन्ने अभिलाषा निरन्तर भएको थियो । "परमार्थवादी (सत्यवादी महात्माहरू) अगुण-अखंड-अनन्त-अनादि भएको जुन परमेश्वरको ध्यान गर्दछन् , आत्मानन्दस्वरूप उपाधिरहित उपमावर्जित जुन वस्तुलाई वेदहरू नेति नेति (यो बाहेकको, यो बाहेकको भनेर अपोहरूपले मात्र) भनेर निरूपण गर्दछन् , जुन वस्तुका अंशबाट अनेक शंभु, अनेक ब्रह्मा, अनेक विष्णु भगवान्) उब्जन्छन् , उस्ता (अकथनीय शक्तिमान्) प्रभु पनि भक्तका अधीन हुनहुन्छ, भक्तैका कल्याणका निमित्त लीलाशरीर धारण गर्नुहुन्छ" भनेर श्रुति (वेद) ले बोलेको वचन सत्य (साँचो) होभने हाम्रो अभिलाषा पूर्ण हुनेछ" (यो दृढनिश्चय तिनले गरेका थिए ।) ॥ ३ ॥ ४ ॥ ५ ॥ ६ ॥ ७ ॥ ८ ॥

दोहा–एहि बिधि बीते बरस षट सहस बारि आहार ।
संबत सप्त सहस्र पुनि रहे समीर अधार ॥१५१॥

यस प्रकारले फगत जलाहार गरेर रहँदा छ हजार (६०००) वर्ष बिते, अनि जल पनि छाडेर फगत वायुमात्रको आहार गरेर तपस्या गर्दा सात हजार (७०००) वर्ष बिते ॥ १५१ ॥

चौ०-बरष सहस दस त्यागेउ सोऊ ❀ ठाढे रहे एक पद दोऊ ॥१॥
बिधि हरि हर तप देखि अपारा ❀ मनु समीप आए बहु बारा ॥२॥
माँगहु बर बहु भाँति लोभाए ❀ परम धीर नहि चलहिं चलाए ॥३॥
अस्थि मात्र होइ रहे शरीरा ❀ तदपि मनाग मनहि नहि पीरा ॥४॥

अनि दश हजार (१०,०००) वर्षसम्म त्यो वायु-आहार पनि छाडेर (प्राणनिरोध गरेर) एउटै पाउले मात्र धर्तीमा टेकेर खडा रहीकन दुवैजनाले तपस्या गरे ॥ १ ॥ ब्रह्मा, विष्णु, शंकर त्यो अपारका तपस्या देखेर स्वायंभुव मनुका समीपमा धेरै फेर आए, “वर माग” भनेर तिनीहरूले भलीभाँति लोभ्याए; परन्तु, परमधीर भएका ती मनु विचलित गराउँदा पनि विचलित भएनन् ॥ २ ॥ ३ ॥ तिनको शरीर अस्थिमात्रावशेष (हड्डी मात्रै शेष रहेको) भएर पनि अडिरहेको थियो, तैपनि तिनका मनमा दुःख कत्ति पनि थिएन ॥ ४ ॥

प्रभु सर्वज्ञ दास निज जानी ❀ गति अनन्य तापस नृप रानी ॥५॥
माँगु माँगु बरु भै नभबानी ❀ परम गभीर कृपामृत सानी ॥६॥
मृतकजिआवनी गिरा सुहाई ❀ श्रवनरंध्र होइ उर जब आई ॥७॥
हृष्ट पुष्ट तन भए सुहाए ❀ मानहु अबहि भवन तें आए ॥८॥

अनन्यगति (अरू कसैको भरोसा नराख्ने) तपस्वी भएका राजा र रानीलाई सर्वज्ञ प्रभुले सच्चा भक्त संझनुभयो र अत्यन्त गम्भीर दयारूपी अमृतले मिश्रित भएकी, “माग माग” यस्ती आकाशवाणी भई ॥ ५ ॥ ६ ॥

अत्यन्त मधुर भएकी मृतकलाई पनि बचाउने (मृतसंजीवनीस्वरूप) त्यो आकाशवाणी कानका छिद्रको बाटो गरेर ती दम्पतिका हृदयमा जब पुगी, बस, तुरुन्तै तिनको शरीर सुन्दर हृष्टपुष्ट, भर्खर घरबाट आएको हो कि ? भने जस्तो भै गयो ॥ ७ ॥ ८ ॥

दोहा-श्रवन सुधा सम बचन सुनी पुलक प्रफुल्लित गात ।
बोले मनु करि दण्डवत प्रेम न हृदय समात ॥१५२॥

अमृतसमान भएको त्या वचन कानले सुन्नेबित्तिकै तिनको शरीर रोमाञ्चले प्रफुल्ल (फुलेको = कदम्बको फूलजस्तो) भयो। प्रेम हृदयमा नअटाउने भयो, साष्टाङ्ग दण्डवत् गरेर स्वायंभुव मनुले विन्ति गरे ॥ १५२ ॥

चौ०-सुनु सेवक सुरतरु सुरधेनू ❀ बिधि हरि हर बंदित पदरेनू ॥१॥
सेवत सुलभ सकल सुखदायक ❀ प्रनतपाल सचराचरनायक ॥२॥

हे भक्तकल्पवृक्ष ! हे भक्तकामधेनो ? हे ! ब्रह्माविष्णुशङ्करशिरोधृतचरणधूले ! हे भक्तिगम्य ! हे सकलसुखदायक ! हे प्रणतपालक ! हे चराचरजगत्पते ! सुनिवक्सियोस् ॥ १ ॥ २ ॥

जौ अनाथहित हमपर नेहू ❀ तौ प्रसन्न होइ यह बर देहू ॥३॥
जो सरूप बस सिवमन माहीं ❀ जेहि कारन मुनि जतन कराहीं ॥४॥

जो भुसुंडिमन मानस हंसा ❀ सगुन अगुन जेहि निगम प्रसंसा ॥५॥
देखहिं हम सो रूप भरि लोचन ❀ कृपा करहु प्रनतारतिमोचन ॥६॥

हे अनाथनाथ ! मेरा उपर स्नेह छभने प्रसन्न भएर यो वर बक्सनुहोस् ॥ ३ ॥ (केभने) जुन हजूरको स्वरूप शिवजीका मनमा स्थिर रहेको छ, जसका निमित्त (जुन-देख्नाका निमित्त) मुनिहरू यत्न गर्दछन् , जुन रूप भुशुंडीका चित्तरूपी सरोवरमा हंसस्वरूप भएर खेलिरहेको छ, जुन रूपको सगुण निर्गुण दुवै अवस्थालाई वेदहरू प्रशंसा (स्तुति) गर्दछन्, त्यही रूप हामी (२ जना) आँखाभरी देख्न पाऔं, हे प्रणतार्तिमोचन ! भगवन् ! कृपा गरिबक्सियोस् ॥ ४ ॥ ५ ॥ ६ ॥

दंपतिबचन परम प्रिय लागे ❀ मृदुल बिनीत प्रेमरस पागे ॥७॥
भगतबछल प्रभु कृपानिधाना ❀ बिस्वबास प्रगटे भगवाना ॥८॥

दम्पतीका ती वचन प्रेमरसको पागमा डुबाएर निकालेका हुनाले (सप्रेम बोलिएका हुनाले) नरम र मीठा भएका थिए र भगवान्लाई खूब मनपरे । (तृणजातीय उखुका रसको पागमा डुबाएका मिठाई ता नरम र मीठा हुन्छन् र सबैलाई मनपर्दछन् , अमृतभन्दा कोटिगुण अधिक भएको प्रेमरसको पनि पागसमेत लाएर (गाढा पारेर) त्यसमा डुबाईकन उतारेका वचन किन नरम हुँदैनथे ? किन मीठा हुँदैनथे ?, पत्रं पुष्पंले पनि खुशी हुने भगवानलाई किन मनपर्दैनथे ? खूब मनपरे) अनि भक्तवत्सल, कृपानिधान, जगन्निवास, भगवान् प्रकट हुनुभयो ॥ ७ ॥ ८ ॥

भगवान्का स्वरूपको वर्णन

दोहा–नील सरोरुह नील मनि नील नीरधर स्याम ।
लाजहिं तनसोभा निरखि कोटि कोटि सत काम ॥१५३॥

(भगवान्को स्वरूप कस्तो छ ? भने) नीलो कमल, नीलो मणि, नीलो बादलजस्तो श्याम वर्ण भएको छ, जुन स्वरूपको शोभा देखेभने एकत्र भएका शयकडौं करोड कामदेव-पनि लज्जित हुन्छन् ॥ १५३ ॥

चौ०–सरदमयंक बदन छबिसीवाँ ❀ चारु कपोल चिबुक दर ग्रीवाँ ॥१॥
अधर अरुन रद सुंदर नासा ❀ बिधुकर निकर बिनिंदक हासा ॥२॥
नव अंबुज अंबकछबि नीकी ❀ चितवनि ललित भावँती जी की ॥३॥
भृकुटि मनोजचाप छबि हारी ❀ तिलक ललाट पटल दुतिकारी ॥४॥
कुंडल मकर मुकुट सिर भ्राजा ❀ कुटिल केस जनु मधुप समाजा ॥५॥
उर श्रीबत्स रुचिर बनमाला ❀ पदिक हार भूषन मनि जाला ॥६॥
केहरि कंधर चारु जनेऊ ❀ बाहु बिभूषन सुंदर तेऊ ॥७॥
करिकर सरिस सुभग भुजदंडा ❀ कटि निषंग कर सर कोदंडा ॥८॥

शोभाको सीमा भएको मुखमण्डल शरत्समयको चन्द्रमाजस्तो, गाला सुन्दर, चिबुक (चिउँडो) सुन्दर, घाँटी शंखजस्तो ३ रेखा परेको छ ॥ १ ॥ ओठ लाल, दन्तपंक्ति सुन्दर, नासिका सुन्दर, मन्दहास्य (हँसाइ) चन्द्रकिरणसमूहको निन्दा गर्ने, ॥ २ ॥ नेत्रको शोभा नयाँ कमलको जस्तो सुन्दर, हेराइ अतिसुन्दर मनोहर, ॥ ३ ॥ भ्रू (आँखीभौं) कामदेवका धनुको शोभा हरण गर्ने, तिलक (टीका) निधारको मैदानलाई सुशोभित पार्ने, ॥ ४ ॥ कुण्डल मकराकार (ग्राहमुखे), मुकुट शिरमा सुशोभित भएको, कुटिलकुटिल केश भ्रमरसमूहजस्ता, ॥ ५ ॥ वक्षस्थल (छाती) सुन्दर श्रीवत्स[1] (भृगुलाञ्छन = चिह्न) र वनमाला[2], हीराको हार र अनेक मणिका कंठाप्रभृति गहनाले युक्त भएको, ॥ ६ ॥ गर्दन सिंहको जस्तो, जनै सुन्दर, बाहुमा पहिरेका बाजू कडा प्रभृति गहना सुन्दर, ॥ ७ ॥ भुजदंड (कुमदेखि औंलासम्मको, भुजभाग) हात्तीका सूँड जस्तो, पृष्ठभाग (पिठिउँ) मा निषङ्ग (ठाक्रो) भिरेको, हातमा बाण र धनु लिएको ॥ ८ ॥

दोहा–तडित बिनिंदक पीत पट उदर रेख बर तीनि ।
नाभि मनोहर लेति जनु जमुनभँवर छबि छीनि ॥१५४॥

पीताम्बर बिजुलीको निन्दा गर्ने (बिजुलीभन्दा चमकदार सुन्दर), पेटमा सुन्दर ३ रेखा (त्रिवलि = लुँदा), सुन्दर नाभि यमुनानदीका भुँवरीको शोभा खोसेर लिन्छ कि भनेजस्तो (बटारिएर गहिरो भएको) ॥ १५४ ॥

चौ०–पद राजीव बरनि नहिं जाहीं ❀ मुनिमन मधुप बसहि जेन्ह माहीं ॥१॥
बाम भाग सोभति अनुकूला ❀ आदि सक्ति छबिनिधि जगमूला ॥२॥
जासु अंस उपजहिं गुनखानी ❀ अगनित लछि उमा ब्रह्मानी ॥३॥
भृकुटिबिलास जासु जग होई ❀ राम बाम दिसि सीता सोई ॥४॥

जसमा मुनिहरूका मनरूपी अनन्त भ्रमर झुम्मिइरहेका छन्, त्यो चरणकमलयुगलको शोभा अवर्णनीय छ ॥ १ ॥ भगवान्‌का बायाँतर्फ आज्ञाकारिणी अनुपम अनन्त शोभाधारिणी, जगत्सृष्टिस्थितिप्रलयकारिणी आद्या-शक्ति शोभायमान हुनुहुन्छ ॥ २ ॥ जुन आद्याशक्तिका वंशबाट अनन्त गुणपूर्ण भएका अनेक लक्ष्मी, अनेक पार्वती, अनेक ब्रह्माणी पैदा हुन्छन् ॥ ३ ॥ जसका भ्रूकुटिविलासले (जसले नजरको इशारा मात्र गर्दा) यो जगत् पैदा हुन्छ, भगवान्‌का बायाँतर्फ रहेकी आदिशक्ति उनै सीताजी हुन् ॥ ४ ॥

छबिसमुद्र हरिरूप बिलोकी ❀ एकटक रहे नयनपट रोकी ॥५॥
चितवहिं सादर रूप अनूपा ❀ तृप्ति न मानहिं मनु सतरूपा ॥६॥
हरष बिबस तनदसा भुलानी ❀ परे दण्ड इव गहि पद पानी ॥७॥
सिर परसे प्रभु निज करकंजा ❀ तुरत उठाए करुनापुंजा ॥८॥

---

[1] (१) भगवान्‌का छातीका माझमा दाहिने बटारिएको रौंको भुँवरी परेको छ, त्यसैलाई "श्रीवत्स = भृगुलाञ्छन" भन्दछन्, श्री (लक्ष्मी) त्यसैमा रहनुहुन्छ ।

[2] (२) सबै ऋतुका फूलले पाउसम्म बनाएको-मालालाई वनमाला भन्दछन् ।

शोभाको समुद्र भएको भगवान्‌को रूप देख्ता स्वायंभुव मनु र शतरूपा महारानी नजरको पर्दालाई रोकेर एकटक गरेर आदरसाथ प्रभुको अनुपम रूप हेर्नलागे ॥ ५ ॥ ६ ॥

हर्षविवश भएर तिनका शरीरको अवस्था बिर्सियो (शरीरको सुद्धि रहेन)। ती दुइले हातले भगवान्‌का पाउ समातेर साष्टाङ्ग दण्डवत् गरिरहे ॥ ७ ॥ दयाराशि प्रभुले आफ्ना कर-कमलले तिनीहरूको शिर सुमसुम्याउनुभयो र तुरन्त उठाउनुभयो ॥ ८ ॥

दोहा—बोले कृपानिधान पुनि अति प्रसन्न मोहि जानि ।
माँगहु वर जोहि भाव मन महादानि अनुमानि ॥१५५॥

अनि कृपानिधान भगवान्‌ले "मलाई अति प्रसन्न भएको बुझेर, मलाई महादानी छन् भन्ने अनुमानसमेत गरेर मनमा जे इच्छा छ त्यो वर माग" यस्तो आज्ञा गर्नुभयो ॥ १५५ ॥

चौ०—सुनि प्रभुबचन जोरि जुग पानी ❀ धरि धीरज बोले मृदु बानी ॥१॥
नाथ देखि पद कमल तुम्हारे ❀ अब पूरे सब काम हमारे ॥२॥

प्रभुका यी वचन सुनेर ती दुइले दुइ हात जोरेर धैर्यधारणा गरीकन (हर्षले भएको विह्वलपनालाई जिनतिन हटाएर बल्ल बल्ल)—"प्रभो ! हजूरका चरण-कमलको दर्शन पायौं, अब हाम्रा सकल मनोरथ परिपूर्ण भए" यस्तो नरम वचन बोले ॥ १ ॥ २ ॥

एक लालसा बड़ि उर माहीं ❀ सुगम अगम कहि जाति सो नाहीं ॥३॥
तुम्हहिं देत अति सुगम गोसाईं ❀ अगम लाग मोहि निज कृपनाईं ॥४॥
जथा दरिद्र बिबुधतरु पाई ❀ बहु संपति माँगत सँकुचाई ॥५॥
तासु प्रभाउ जान नहि सोई ❀ तथा हृदय मम संसय होई ॥६॥
सो तुम्ह जानहु अंतरजामी ❀ पुरवहु मोर मनोरथ स्वामी ॥७॥
सकुच बिहाई माँगु नृप मोही ❀ मोरें नहिं अदेय कछु तोही ॥८॥

"भगवन् ! मेरा मनमा एउटा ठूलो अभिलाषा छ, त्यो अभिलाषा सुगम पनि भन्न सकिदैन, अगम पनि भन्न सकिदैन ॥ ३ ॥ प्रभु ! गोस्वामी ! (इन्द्रियवर्ग र वचनका प्रवर्तक मालिक !) हजूरले दिंदा त्यो मनोरथ अति सुगम छ। आफ्नो कृपणता (तुच्छता) ले गर्दा (मेरा औकातले विचार गर्दा) मलाई त्यो मनोरथ अगम लाग्दछ ॥ ४ ॥ जस्तै कोही कंगाली कल्पवृक्ष पाएपछि संकोच मानेर धेरै संपत्ति माग्दछ (जत्ति भने पनि खराखर दिने कल्पवृक्षसँय माग्दा संकोच किन गर्नुपर्दथ्यो ? त्यो कल्पवृक्ष अरू दाता जस्तो त्यति ता त्यो ता, दिन-सक्तिन भन्ने हो र ?) ॥ ५ ॥ त्यो कंगाली त्यो कल्पवृक्षको प्रभाव यथार्थ जान्दैन (अतएव आफ्नो औकात सानो हुनाले धेरै माग्दा संकोच मान्दछ)। प्रभु ! मेरा हृदयमा त्यस्तै संशय (पाउँला कि पाओइन ? यो सन्देह भइरहेको छ ॥ ६ ॥ त्यो कुरा अन्तर्यामी हजूर जान्नुहुन्छ, प्रभु ! त्यो मेरो मनोरथलाई परिपूर्ण गरिबक्सनुहोस्" ॥ ७ ॥ यो वचन सुनेर विष्णु भगवान्‌ले) राजा ! संकोच छाडेर मसँग माग' तिम्रा हकमा

मेरो अदेय (दिन नसकिने, दिन नहुने कुरा) केही छैन" ॥ ८ ॥ (भन्नुभयो र मनु विन्ति गर्दछन्)

दोहा–दानिशिरोमनि कृपानिधि नाथ कहौं सतिभाउ ।
चाहौं तुम्हहिं समान सुत प्रभु सन कवन दुराउ ॥१५६॥

"प्रभु ! करुणानिधान ! दानिशिरोमुकुटमणि ! भगवन् ! सत्य-भाव (आशय = मनसाय) विन्ति गर्दछु, म हजूरजस्तो पुत्र चाहन्छु, प्रभुसँग केको दुराउ (छिपावट = के कुरा छिपाउनु ?) ॥ १५६ ॥

चौ०–देखि प्रीति सुनि बचन अमोले ❀ एवमस्तु करुनानिधि बोले ॥१॥
आपु सरिस खोजौं कहँ जाई ❀ नृप तव तनय होब मैं आई ॥२॥
सतरूपहि बिलोकि कर जोरें ❀ देवि माँगु बरू जो रुचि तोरें ॥३॥

त्यस्तो प्रीति देखेर त्यस्ता अमूल्य वचन सुनेर करुणानिधान भगवान्ले "एवमस्तु" ("तथास्तु") (भनिसकेपछि फेरि "आफूजस्तो (मजस्तो) कहाँ गएर खोजौं ? राजा ! म आफैं आएर तिम्रो छोरो होउँला" (पनि भन्नुभयो) ॥ १ ॥ २ ॥

फेरि महारानी शतरूपालाई हात जोरिरहेकी देखेर "देवि ! तिमीलाई जे इच्छा छ वर माग" (पनि भन्नुभयो) ॥ ३ ॥ (शतरूपा बोलिन्)

जो बरु नाथ चतुर नृप माँगा ❀ सोइ कृपालु मोहि अति प्रिय लागा ॥४॥
प्रभु परंतु सुठि होति ढिठाई ❀ जदपि भगतिहित तुम्हहिं सुहाई ॥५॥
तुम्ह ब्रह्मादि जनक जगस्वामी ❀ ब्रह्म सकल उर अंतरजामी ॥६॥
अस समुझत मन संसय होई ❀ कहा जो प्रभु प्रवान पुनि सोई ॥७॥
जे निज भगत नाथ तव अहहीं ❀ जो सुख पावहिं जो गत लहहीं ॥८॥

हे नाथ ! हे दीनदयाल ! जुन वर बुद्धिमान् राजाले माग्नुभयो, त्यो वर मलाई अति असल लाग्यो । यद्यपि त्यस्तो वरदान दिनु भक्तहितकारी, भक्तवत्सल, भक्तपराधीन हजूरलाई नै सुहाउँछ, परन्तु हामीलाई ता त्यस्तो वरदान माग्नु खूब ढिठ्याइँ (धृष्टता) हो ("प्रभुले दिनुहुन्छ भन्दैमा त्यस्तो वरदान माग्न हुन्थ्यो ? कस्तो धृष्टता ? परमेश्वरको पनि बाबु हुन खोज्नू ? धन्य ! धृष्टता" मनले यसो भन्छ) ॥ ४ ॥ ५ ॥

हजूर ब्रह्मादि देवताका उत्पत्तिकर्ता, जगत्का स्वामी, सबैका हृदयका अन्तर्यामी हुनुहुन्छ, यो कुरा संझदा मनमा संशय हुन्छ । (यो वर माग्नु ठीक हो कि ? बेठीक हो ? यसको निर्णय गर्न सकिदैन) तथापि प्रभुले जो भन्नुभयो (एवमस्तु = तथास्तु भन्ने जो वचन दिनुभयो) त्यो प्रमाण (सत्य) छ (बाबावाक्यं प्रमाणं भनेजस्तै हजूरको वाक्यलाई प्रमाण मानेर राजाले माग्नुभएको वर ठीक (उचित) रहेछ भनेर जान्नुपर्‍यो) ॥ ६ ॥ ७ ॥

("हजूरसँगको सेव्यसेवकभाव अब रहोइन, पितापुत्र माता-पुत्रभाव भएपछि सेव्यसेवकभावको सुख-गति-भक्ति-स्नेह-विवेक-ज्ञान-परिस्थिति हराउला कि" भन्ने आशंकाले प्रार्थना गर्दछु कि) ।

हे नाथ ! हजूरका जो आत्मीय भक्त छन्, तिनले जुन सुख पाउँछन्, जुन गति पाउँछन् ॥ ८ ॥

दोहा–सोइ सुख सोइ गति सोइ भगति सोइ निज चरन सनेहु ।
सोइ बिबेक सोइ रहनि प्रभु हमहिं कृपा करि देहु ॥१५७॥

उही सुख, उही गति, उही भक्ति, उही चरणस्नेह, उही विवेक ज्ञान, उही परिस्थिति मलाई कृपा गरेर दिनुहोस्" ॥ १५७ ॥

चौ०–सुनि मृदु गूढ़ रुचिर बचरचना ❀ कृपासिंधु बोले मृदु बचना ॥१॥
जो कछु रुचि तुम्हरे मन माहीं ❀ मैं सो दीन्ह सब संसय नाहीं ॥२॥
मातु बिबेक अलौकिक तोरें ❀ कबहुँ न मिटिहि अनुग्रह मोरें ॥३॥

दयासागर प्रभुले नरम गंभीर सुन्दर यस्ता यी वचन सुनेर मीठो वचन बोल्नुभयो ॥ १ ॥ तिम्रो जे जे इच्छा मनमा छ त्यो सबै मैले दिएँ, सन्देह नमान ॥ २ ॥

माता ! तिम्रो यस्तो यो विवेक अलौकिक (दुनियाँमा कतै नपाइने) रहेछ, तसर्थ मेरो अनुग्रह अटूट भएर तिम्रा उपर रहनेछ ॥ ३ ॥

बंदि चरन मनु कहेउ बहोरी ❀ अवर एक बिनती प्रभु मोरी ॥४॥
सुतबिषैक तव पद रति होऊ ❀ मोहि बड मूक कहै किन कोऊ ॥५॥

फेरि वारंवार चरणको वन्दना गरेर स्वायंभुव मनुले "प्रभु ! अर्को एउटा मेरो विन्ति छ, हजूर पुत्र भएको बेलामा पनि पुत्रस्वरूप हजूरका चरणमा प्रीति लागोस् "छोराको पनि त्यो विन्नको भक्ति गर्ने बड़ो मूढ रहेछ" भनेर कसैले भन्दछ भने भनोस्न् (मलाई त्यस कुराको लाज छैन) ॥ ४ ॥ ५ ॥

मनि बिनु फनि जिमि जल बिनु मीना ❀ मम जीवन तिमि तुम्हहि अधीना ॥६॥
अस बरु मागि चरन गहि रहेऊ ❀ एवमस्तु करुनानिधि कहेऊ ॥७॥
अब तुम्ह मम अनुसासन मानी ❀ बसहु जाइ सुरपति रजधानी ॥८॥

जस्तै मणिविना सर्प बाँच्तैन (फणाको मणि हरायोभने सर्प मर्दछ), जस्तै जलविना माछो बाँच्तैन (जलसँग छुटिन पर्योभने माछो मर्दछ) त्यस्तै मेरो जिन्दगी हजूरको अधीनमा रहोस् (पुत्ररूप हजूरको वियोग भएपछि बाँच्न नपरोस्) यस्तो वर मागेर भगवान्को चरण समातिराखे । दयानिधान भगवान्ले "एवमस्तु = तथास्तु" भन्नुभयो ॥ ६ ॥ ७ ॥

फेरि "अब तिमी सपत्नीक मेरो आज्ञा मानेर इन्द्रको राजधानी (अमरावतीपुरी) मा गएर बस—॥ ८ ॥

सोरठा–तहँ करि भोग बिसाल तात गएँ कछु काल पुनि ।
होइहहु अवध भुआल तब मैं होब तुम्हार सुत ॥२३॥

बाबु ! स्वायंभुव ! अमरावतीमा स्वर्गीय ठूला ठूला भोगविलास गर र केही कालपछि पृथिवीमा अवधभूपाल (अयोध्याधिपति = दशरथ) हुनेछौ, अनि म तिम्रो पुत्र हुनेछु॥ २३ ॥

चौ०–इछामय नरबेष सँवारें ❀ होइहौं प्रगट निकेत तुम्हारें ॥१॥
अंसन सहित देह धरि ताता ❀ करिहौं चरित भगत सुखदाता ॥२॥
जे सुनि सादर नर बड भागी ❀ भव तरिहहिं ममता मद त्यागी ॥३॥
आदिसक्ति जेहि जग उपजाया ❀ सोउ अवतरिहि मोरि यह माया ॥४॥

इच्छामय भएको (इच्छाले बनेको) मनुष्य वेष धारण गरेर तिम्रा घरमा प्रकट हुनेछु ॥ १ ॥ बाबु ! स्वायंभुव ! आफ्ना अंशहरूसमेत भएर देहधारण गरीकन भक्तजनलाई सुख दिने अनेक चरित्र गर्नेछु ॥ २ ॥ जुन चरित्र सादर सुन्न पाएर भाग्यवान् मानिस ममता र मदलाई त्याग गरीकन संसारसागर तर्नेछन् ॥ ३ ॥ जसले यो जगत् उत्पन्न गरेको हो, ती आद्याशक्ति पनि अवतार लिनेछन् यी मेरी माया (शक्ति) हुन् ॥ ४ ॥

पूरब मैं अभिलाष तुम्हारा ❀ सत्य सत्य पन सत्य हमारा ॥५॥
पुनि पुनि अस कहि कृपानिधाना ❀ अंतरधान भए भगवाना ॥६॥
दंपति उर धरि भगतकृपाला ❀ तेहि आस्रम निबसे कछु काला ॥७॥
समय पाइ तनु तजि अनयासा ❀ जाई कीन्ह अमरावति बासा ॥८॥

म तिम्रो अभिलाषा पूर्ण गर्नेछु, मेरो प्रण सत्य सत्य सत्य छ” । यस्तो कुरा भन्नुभयो र दयानिधान भगवान अन्तर्धान हुनुभयो ॥ ५ ॥ ६ ॥ ती दम्पती दयालु भगवान् भक्ति मनमा राखेर केही काल त्यही आश्रममा बसे ॥ ७ ॥ समय पाएर (बखत पुगेपछि) अनायासैले (विनातकलीफ) शरीर–परित्याग गरे, अमरावतीमा निवास गर्न लागे ॥ ८ ॥

दोहा–यह इतिहास पुनीत अति उमहि कही बृषकेतु ।
भरद्वाज सुनु अपर पुनि रामजनम कर हेतु ॥१५८॥

याज्ञवल्क्य मुनि भन्नुहुन्छ, हे भरद्वाज मुनि ! वृषकेतुले (शंकरजीले) यो अति पवित्र इतिहास पार्वतीलाई भन्नुभयो । अब फेरि रामजीका जन्मको अर्को कारण पनि सुन्नुहोस् ॥ १५८ ॥

चौ०–सुनु मुनि कथा पुनीत पुरानी ❀ जो गिरिजापति संभु बखानी ॥१॥
बिस्वबिदित एक कैकय देसू ❀ सत्यकेतु तहँ बसे नरेसू ॥२॥
धरमधुरंधर नीतिनिधाना ❀ तेज प्रताप सील बलवाना ॥३॥

भरद्वाजमुनि ! शंकरजीले पार्वतीलाई जुन कथा बताउनुभयो, त्यो पवित्र पुरानो कथा सुन्नुहोस् ॥ १ ॥ संसारमा प्रसिद्ध भएको एउटा कैकयनाम भएको देश छ, त्यहाँ सत्यकेतु नाम भएका राजा थिए ॥ २ ॥ ती राजा धार्मिकधुरन्धर (बडा धार्मिक) नीतिनिधान (नीतिनिसाफका खानि) तेजस्वी, प्रतापी, शीलवान्, बलवान् थिए ॥ ३ ॥

तेहि कें भए जुगल सुत वीरा ❀ सबगुन धाम महा रनधीरा ॥४॥
राजधनी जो जेठ सुत आही ❀ नाम प्रतापभानु अस ताही ॥५॥
अपर सुतहि अरिमर्दन नामा ❀ भुजबल अतुल अचल संग्रामा ॥६॥

तिनका शूरवीर सर्वगुणनिवास महायुद्धधीर दुइ पुत्र थिए ॥ ४ ॥ राज्याधिकारी जेठा छोरा जो थिए, तिनको नाम "प्रतापभानु" यो थियो ॥ ५ ॥ अर्को छोरा "अरिमर्दन" नाम भएका र भुजबलमा अद्वितीय, संग्राममा अचल (स्थिर) थिए ॥ ६ ॥

भाइहि भाइहि परम समीती ❀ सकल दोष छल बरजित प्रीती ॥७॥
जेठे सुतहि राज नृप दीन्हा ❀ हरि हित आपु गवन बन कीन्हा ॥८॥

भाई-भाईमा खूब सम्मति (एकता) थियो, ती दुइको प्रीति पनि दोषरहित र छलरहित थियो ॥ ७ ॥ राजाले जेठा छोरा (प्रतापभानु) लाई राज्य दिएर हरिभजनका निमित्त वनगमन (वनयात्रा) गरे ॥ ८ ॥

दोहा–जब प्रतापरबि भएउ नृप फिरी दोहाई देस ।
प्रजापाल अति बेदबिधि कतहुँ नहीं अघलेस ॥१५९॥

जब प्रतापभानु राजा भए अनि देशभरमा दुहाई फिऱ्यो (कहीं कहीं दुःखित भएका परराष्ट्रनिवासी प्रजाले 'महाराज प्रतापभानुकी दुहाई" भन्दैमा तिनको दुःख टर्ने भयो) वेदोक्त विधिले प्रजाको पालना हुन लाग्यो, कतै पनि पापको लेश पनि थिएन ॥ १५९ ॥

चौ०–नृप हितकारक सचिव सयाना ❀ नाम धरमरुचि सुक्रसमाना ॥१॥
सचिव सयान बंधु बलबीरा ❀ आपु प्रतापपुंज रनधीरा ॥२॥

तिनका बुद्धिमान् राजहितकारी, नीतिमा शुक्राचार्यसमान, धर्मरुचि नाम भएका मन्त्री थिए ॥ १ ॥ आफू प्रतापका थुप्रै हुन्कि भनेजस्ता (अति प्रतापी), भाइ उस्तै बलवान् र वीर, मन्त्री त्यस्ता बुद्धिमान् , ॥ २ ॥

सेन सँग चतुरंग अपारा ❀ अमित सुभट सब समर जुझारा ॥३॥
सेन बिलोकि राउ हरषाना ❀ अरु बाजे गहगहे निसाना ॥४॥

साथमा चतुरङ्ग (हात्ती-घोडा-प्यादा-रथ यी ४ कुराले पूर्ण भएको) अपार फौज पनि मौजूद, त्यस फौजका सिपाही पनि असंख्य र समरयोद्धा (लडाइँमा तंसिने = लडाका) थिए (अर्थात् सब तरहबाट युद्धको समय उचित थियो) ॥ ३ ॥ सेना हेरेर राजा खुशी भए (युद्धयात्राका) ठूला ठूला निशान बज्न लागे ॥ ४ ॥

बिजय हेतु कटकई बनाई ❀ सुदिन साधि नृप चलेउ बजाई ॥५॥
जहँ तहँ परी अनेक लराईं ❀ जीते सकल भूप बरिआईं ॥६॥
सप्त दीप भुजबल बस कीन्हे ❀ लै लै दंड छाडि नृप दीन्हे ॥७॥
सकल अवनिमंडल तेहि काला ❀ एक प्रतापभानु महिपाला ॥८॥

दिग्विजयका निमित्त सेनाका दलका दल तयार गरिए, असल साइत गरेर समर-दुन्दुभि बजाएर राजा हिंडे ॥ ५ ॥ जहाँ तहाँ अनेक लडाइँ पर्न आए, तर प्रतापभानुले बलवान् बलवान् सब राजालाई जिते ॥ ६ ॥ भुजबलले सप्तद्वीप (जम्बू-प्लक्ष-शाल्मलि-कुश क्रौञ्च-शाक-पुष्कर नाम भएका सातै द्वीप अर्थात् समग्र भूमण्डल) वश गरे ठाउँठाउँका राजालाई दंड (कर) लिएर छाडिदिए ॥ ७ ॥ त्यस वेला संपूर्ण भूमंडलमा एउटा प्रतापभानु राजा (चक्रवर्ती) भए ॥ ८ ॥

दोहा—स्वबस बिस्व करि बाहुबल निज पुर कीन्ह प्रबेसु ।
अरथ धरम कामादि सुख सेवै समय नरेसु ॥१६०॥

बाहुबलले सारा संसारलाई स्वाधीन पारेर प्रतापभानुले आफ्ना नगरमा प्रवेश गरे । ती राजाले अर्थ-धर्म-काम-सुख, यिनको सेवा यथायोग्य बखतमा गरे ॥ १६० ॥❋

❋ यहाँ धर्मको प्रधानता देखाउनालाई धर्मको नाम माझमा राखेको हो । वात्स्यायन मुनिले "धर्मार्थकामेभ्यो नमः" भनेर पहिले धर्मको नमस्कार गरेर "एषां समवाये पूर्वः पूर्वो गरीयान्" भनेर कामभन्दा अर्थ, अर्थभन्दा धर्म, प्रधान (मुख्य) छ भन्ने सिद्धान्त गरेको छ ।

(१) जताबाट ऐहलौकिक र पारलौकिक (वरत्र-परत्र) कल्याण पाइन्छ त्यसलाई धर्म भन्दछन् । "यतोऽभ्युदयनिःश्रेयससिद्धिः स धर्मः" त्यो धर्मको सामान्य संक्षेप—"यज्ञः, तपस्या, दान, दया, क्षमा, अहिंसा, सत्य, तीर्थसेवा, स्वाध्याय, सत्सङ्ग, देवपूजा, गुरु-मातृ-पितृसेवा ब्राह्मण सेवा, इन्द्रियनिग्रह, ब्रह्मचर्य, अमात्सर्य, गङ्गास्नान, हरि-हरपूजन, नारायणध्यान, आत्मचिन्तन, यत्ति हो भनी विष्णुधर्मोत्तरमा लेखिएको छ ।

तस्य द्वाराणि यजनं तपो दानं दया क्षमा । हिंसात्यागस्तथा सत्यं तीर्थानुसरणं शुभम् ॥
स्वाध्यायसेवा साधूनां सहवासः सुरार्चनम् । गुरूणां चैव शुश्रूषा ब्राह्मणानां च पूजनम् ॥
इन्द्रियाणां जयश्चैव ब्रह्मचर्यममत्सरम् । गङ्गास्नानं हरिहराभ्यर्चनं स्वात्मचिन्तनम् ॥
ध्यानं नारायणस्यैतत् संक्षेपाद्धर्मलक्षणम् ॥

(२) विद्या, भूमि, रुपैयाँ पैसा, गाई भैंसी घोड़ा प्रभृति पशुवर्ग, अन्नपात, भाँडाबर्तन, इष्टमित्र इत्यादि वस्तु (चीज) कमाउनु (आर्जनु) र कमाएकालाई बढाउनुलाई अर्थ भन्दछन् ।

"विद्याभूमिहिरण्यपशुधान्यभाण्डोपस्करमित्रादीनामर्जनमर्जितस्य विवर्धनमर्थः" [वात्स्या०]

(३) श्रोतात्वक्-चक्षु-जिह्वा घ्राण इत्यादि इन्द्रियको शब्द-स्पर्श-रूप-रस-गन्धप्रभृति विषयमा अनुकूलप्रवृत्ति (इच्छानुसार भोग) लाई काम भन्दछन् ।

(४) धर्म-अर्थ काममध्ये एउटाले अर्कालाई बाधा नपार्ने गरी यिनको सेवा गर्नु नै यथायोग्य सेवा हो, धर्मको मात्रै सेवा गरेर अर्थ र कामको त्याग पनि गर्नुहुँदैन । अर्थको मात्रै सेवा गरेर (धनदौलत बटुलेर) धर्मको र कामको त्याग गर्नु पनि हुँदैन । कामको मात्रै सेवा गरेर (विषयलंपट भएर) धर्मको र अर्थको त्याग गर्न हुँदैन । परस्पर बाधा नपर्ने गरी त्रिवर्गको (धर्म-अर्थ-काम यी तीनैको) सेवा गर्नुपर्दछ ।

"विभज्य कालमन्योन्यानुपघातकं त्रिवर्गं सेवेत" [वात्स्यायन]

(५) त्रिवर्गको सेवा गर्दा धर्म-अर्थ काममध्ये बरू पल्लापल्लालाई बाधा पर्छ भने परोस् अघिल्ला अघिल्लाई बाधा हर्गिज नपरोस् (अर्थात् धर्मको सेवा गर्दा अर्थार्जनमा र कामोपभोगमा

चौ०–भूप प्रतापभानु बल पाई ❀ कामधेनु भै भूमि सुहाई ॥१॥
सब दुख बरजित प्रजा सुखारी ❀ धरमसील सुंदर नर नारी ॥२॥
सचिव धरम रुचि हरिपद प्रीती ❀ नृपहित हेतु सिखव नित नीती ॥३॥
गुर सुर संत पितर महिदेवा ❀ करै सदा नृप सब कै सेवा ॥४॥

राजा प्रतापभानुको बल पाएर पृथ्वी कामधेनु भएर सुशोभित भइन् ॥ १ ॥ प्रजाहरू सर्वदुःखवर्जित र सुखी भए । सबै नर-नारीहरू बेश धर्मशील भए ॥ २ ॥ धर्ममा रुचि र हरिचरणमा प्रीति गर्ने मन्त्री (धर्मरुचि) पनि राजाका हितका निमित्त नीतिको उपदेश बराबर गर्दथे ॥ ३ ॥ गुरु-देवता-साधु-सज्जन-पितृ-ब्राह्मण यिनको यथायोग्य सेवा राजा सधैं गर्दथे ॥ ४ ॥

भूपधरम जे बेद बखाने ❀ सकल करै सादर सुख माने ॥५॥
दिन प्रति देइ बिबिध बिधि दाना ❀ सुनै सास्त्र बर बेद पुराना ॥६॥
नाना बापी कूप तडागा ❀ सुमन बाटिका सुंदर बागा ॥७॥
बिप्र भवन सुर भवन सुहाए ❀ सब तीरथन्ह बिचित्र बनाए ॥८॥

वेदले जो राजधर्म बताएको छ, त्यो सबै धर्म आदरसाथ आनन्दसाथ यिनले गरे ॥ ५ ॥ प्रतिदिन अनेक विधिविधानले दान गरे । सच्छास्त्र (बुद्धिभ्रष्ट नपार्ने शास्त्र) र वेद-पुराण सुने ॥ ६ ॥ तीर्थतीर्थमा विचित्र विचित्र वापी (बावली) कूप (इनार) तडाग (तलाऊ) पुष्पबाटिका (फुलवारी) बाग (बगैंचा) विप्रभवन (ब्राह्मणभवन) देवभवन (देवमन्दिर) राम्रा राम्रा बनाए ॥ ७ ॥ ८ ॥

दोहा–जहँ लगि कहै पुरान श्रुति एक एक सब जाग ।
बार सहस्र सहस्र नृप किए सहित अनुराग ॥१६१॥

वेद र पुराणले जहाँसम्म (जति जति) यज्ञ याग एक एक गरेर बताएको छ, त्यो त्यो यज्ञयाग हजार हजार पटक प्रेमसाथ गरे ॥ १६१ ॥

हृदय न कछु फल अनुसंधाना ❀ भूप बिबेकी परम सुजाना ॥१॥
करै जे धरम करम मन बानी ❀ बासुदेव अर्पित नृप ज्ञानी ॥२॥

ती राजा विवेकी ज्ञानी थिए र मनसा-वाचा-कर्मणा जे जे धर्मकर्म गर्दथे त्यो धर्मकर्म

बाधा पर्छ भने परोस् , अर्थार्जन गर्दा कामोपभोगमा बाधा पर्छ भने परोस् , कामोपभोग गर्दा अर्थार्जनमा र धर्मार्जनमा बाधा पर्न सर्वथा हुँदैन । धर्मार्जन र धनार्जनबाट कामोपभोग हुन्छ, फलको मात्रै वास्ता राखेर वृक्षको सर्वनाश गर्नेले फेरि (आघौंपराघौं) फलभोग गर्न पाउँदैन ।

"त्रिवर्गसाधकं यत् स्यात् द्वयोरेकस्य वा पुनः ।
कार्यं तदपि कुर्वीत न त्वेकार्थं द्विबाधकम् ॥
"फलभूताश्च धर्मार्थयोः (कामाः) [वात्स्यायन]

परमेश्वरलाई अर्पण गर्दथे, मनमा त्यो धर्मकर्मका फलको अनुसन्धान (खायश) केही राख्तैनथे ॥ १ ॥ २ ॥ (क)

चढि बर बाजि बार एक राजा ❀ मृगया कर सब साजि समाजा ॥३॥
बिंध्याचल गंभीर बन गएऊ ❀ मृग पुनीत बहु मारत भएऊ ॥४॥
फिर बिपिन नृप दीख बराहू ❀ जनु बन दुरेउ ससिहि ग्रसि राहू ॥५॥
बड बिधु नहिं समात मुख माहीं ❀ मनहु क्रोधबस उगिलत नहीं ॥६॥

एक समयमा शिकारलाई चाहिने सब साजबाज समाज (मानिस) सजाएर उत्तम घोडा चढेर राजा प्रतापभानु विन्ध्याचलको घना जंगलमा गए। तिनले पवित्र (भक्षणीय) धेरै मृग मारे ॥ ३ ॥ ४ ॥ वनबाट फर्कदा तिनले एउटा वराह (बँदेल) देखे, त्यो कस्तो थियो-भने मोटा दाह्रा निस्केको हुनाले "या चन्द्रमालाई ग्रास गरेर वनमा लुक्न आएको राहु हो कि ? ठूला हुनाले चन्द्रमा त्यसका मुखमा नअटाएर बाहिरपट्टि देखिएका हुन् कि ? निल्न नसकेपछि उकेल्नुपर्नेमा ज्यादा रिसको झोकले गर्दा राहुले चन्द्रमा नउकेलेको हो कि ?" (यस्तो तर्क गराउने थियो) ॥ ५ ॥ ६ ॥

कोल कराल दशनछबि गाई ❀ तनु बिसाल पीवर अधिकाई ॥७॥
घुरुघुरात हय औरौ पाएँ ❀ चकित बिलोकत कान उठाएँ ॥८॥

त्यो बँदेलका भयानक दाह्राको शोभा वर्णनीय थियो, त्यसको शरीर ठूलो र त्यसको मोटाइ (मोटापन) पनि खूब थियो ॥ ७ ॥ त्यो घोडाका टापको आवाज सुनेर घुरघुर शब्द गर्दै झस्केर कान ठाडा पारेर यताउति हेर्न लाग्यो ॥ ८ ॥

दोहा—नील महीधर सिखरसम देखि बिसाल बराहु ।
चपरि चलेउ हय सुटुकि नृप हाँकि न होइ निबाहु ॥१६२॥

नीलो पहाडको शिखर जस्तो ठूलो बँदेल देखेर राजाले घोडा पिटेर चाँडो दौडाए नहाँकी, नपिटी निर्वाहै नहुने थियो (बँदेल टाढा थियो के गर्नु ?) ॥ १६२ ॥

(क) उच्चश्रेणीका विवेकी ज्ञानी महात्माहरूको आचरण यस्तै हुन्छ । धर्म कर्म छाडेर वेदान्ती बाबा बन्ने चलन महावाहियात हो । ईश्वरको आज्ञानुसार आफ्नो आफ्नो वर्णाश्रम-धर्म गर्नुपर्दछ, ब्रह्मज्ञान भइसकेपछि पनि ठूला ठूलाले ता लोकसंग्रहका निमित्त कर्म गरिहनुपर्दछ । त्यो कर्मले तिनलाई बन्धन गर्दैन, किनभने कर्तृत्वाभिमान पनि नभएको र त्यो कर्म ईश्वरमा अर्पित भएको हुनाले त्यसको फल ज्ञानीले भोग्नुपर्दैन । यही कुरा भगवान् कृष्णले अर्जुनलाई भन्नुभएको छ ।

यतः प्रवृत्तिर्भूतानां तेन सर्वमिदं ततम् ।
स्वकर्मणा तमभ्यर्च्य सिद्धिं विन्दति मानवः ॥
कर्मण्येवाधिकारस्ते मा फलेषु कदाचन ।
मा कर्मफलहेतुर्भूर्मा ते सङ्गोऽस्त्वकर्मणि ॥
यत्करोषि यदश्नासि यज्जुहोषि ददासि यत् ।
यत्तपस्यसि कौन्तेय ! तत्कुरुष्व मदर्पणम् ॥ [भगवद्गीता]

चौ०-आवत देखि अधिक रवबाजी ❀ चलेउ बराह मरुतगति भाजी ॥१॥
तुरत कीन्ह नृप सरसन्धाना ❀ महि मिलि गएउ बिलोकत बाना ॥२॥
तकि तकि तीर महीस चलावा ❀ करि छल सुअर सरीर बचावा ॥३॥
प्रकटत दुरत जाइ मृग भागा ❀ रिसबस भूप चलेउ सँग लागा ॥४॥

बडो वेगसँग घोडा आउन लागेको देखेर त्यो बँदेल हावासमान दौडेर भाग्यो ॥ १ ॥ राजाले झट्ट शरसंधान गरे (धनुमा बाण लाएर छाडे) तर त्यो बाण जमीनमा गिर्न गयो (उसलाई लागेन) ॥ २ ॥ फेरि राजाले ताकी ताकीकन बाण चलाए, बँदेलले छलेर जीउ बचायो ॥ ३ ॥ टाढा टाढा देखिने भएर बँदेल भाग्यो, रीसको वश परेर राजा पनि पछिपछि (सँग) लागे ॥ ४ ॥

गएउ दूरि बन गहन बराहू ❀ जहँ नाहिन गज बाजि निबाहू ॥५॥
अति अकेल बन बिपुल कलेसू ❀ तदपि न मृगमग तजै नरेसू ॥६॥
कोल बिलोकि भूप बड़ धीरा ❀ भागि पैठ गिरि गुहा गँभीरा ॥७॥
अगम देखि नृप अति पछिताई ❀ फिरेउ महाबन परेउ भुलाई ॥८॥

त्यो बँदेल जहाँ हात्तीको घोडाको पहुँच पुग्दैनथ्यो त्यस्तो घना जंगलमा पस्यो ॥ ५ ॥ राजा फगत एक्ला थिए, त्यो जंगल दुःखदायक थियो, तथापि राजाले बँदेलको पाइला खेद्न छाडेनन् ॥ ६ ॥ राजालाई पछ्याइरहेको देखेर बँदेल भाग्यो र पहाडको ठूलो गुफाभित्र पस्यो ॥ ७ ॥ त्यो ठाउँ अगम देखेर राजा पछिताउँदै फर्के । ठूलो जंगल हुनाले राजा अलमलिए ॥ ८ ॥

दोहा-खेदखिन्न छुद्धित तृषित राजा बाजि समेत ।
खोजत ब्याकुल सरित सर जल बिनु भएउ अचेत ॥१६३॥

घोडासहित राजा थकित क्षुधित (भोकले पीडित भएका) तृषित (प्यासले सताइएका) हुनाले नदी पोखरी खोज्दा व्याकुल भए, आखिर जल नपाउँदा अचेत (साह्रै उद्भ्रान्त) भए ॥ १६३ ॥

चौ०-फिरत बिपिन आश्रम एक देखा ❀ तहँ बस नृपति कपट मुनि भेषा ॥१॥
जासु देस नृप लीन्ह छडाई ❀ समर सेन तजि गएउ पराई ॥२॥
समय प्रतापभानु कर जानी ❀ आपन अति असमय अनुमानी ॥३॥
गएउ न गृह मन बहुत गलानी ❀ मिला न राजहि नृप अभिमानी ॥४॥
रिस उर मारि रंक जिमि राजा ❀ बिपिन बसै तापस कै साजा ॥५॥

जंगलमा घुम्दा घुम्दै राजाले एउटा आश्रम देखे । त्यहाँ एउटा राजा कपटले मुनिको भेष लिएर बसेको थियो ॥ १ ॥ (त्यो कस्तो होभने ?) अघि राजा प्रतापभानुले युद्धमा त्यसको मुलुक जितेर लिएको थियो, त्यो आफ्नु सैन्यसमेत छाडेर भागेको हो ॥ २ ॥ प्रतापभानुको दिन सप्रेको जानेर आफ्ना दिन ठीक छैनन् भन्ने अनुमान गर्‍यो र त्यो राजा

घर फर्केन, मनमा धेरै ग्लानि भयो । अभिमानी पनि थियो, त्यसो हुनाले विजयी प्रतापभानुसँग भेट गर्न पनि गएन ॥ ३ ॥ ४ ॥ मनको रिस मनैमा मारेर (दबाएर) त्यो जंगलमा तपस्वीको साजबाज देखाईकन राजा हो तापनि रंक (कंगाली) जस्तै भएर बसेको थियो ॥ ५ ॥

तासु समीप गवन नृप कीन्हा ❀ यह प्रतापरबि तब तेहिं चीन्हा ।।६।।
राउ तृषित नहि सो पहिचाना ❀ देखि सुबेष महामुनि जाना ।।७।।
उतरि तुरग तें कीन्ह प्रनामा ❀ परम चतुर न कहेउ निज नामा ।।८।।

राजा प्रतापभानु त्यसैका नगीच गए, अनि त्यसले ता यी प्रतापभानु हुन् भनेर चिन्ह्यो ॥ ६ ॥ राजा प्रतापभानुले प्यासको पीडाले गर्दा चिह्न सकेनन् र साधुसन्तको वेष देखेपछि ठूला मुनीश्वर हुन् भनी ठहराए ॥ ७ ॥ उनले घोडाबाट ओर्लेर प्रणाम गरे तर, परम चतुर हुनाले आफ्नो नाम बताएनन् ॥ ८ ॥

दोहा– भूपति तृषित बिलोकि तेहिं सरबरु दीन्ह देखाइ ।
मज्जन पान समेत हय कीन्ह नृपति हरषाइ ।।१६४।।

त्यो कपटी मुनिले राजालाई तृषित (प्यास लागेका) देखेर एउटा सरोवर (ताल) देखाइदियो । राजा प्रतापभानुले खुशी भएर घोडासमेत स्नान र जलपान गरे ॥ १६४ ॥

चौ०–गै श्रम सकल सुखी नृप भएऊ ❀ निज आश्रम तापस लै गएऊ ।।२।।
आसन दीन्ह अस्त रबि जानी ❀ पुनि तापस बोलेउ मृदु बानी ।।२।।
को तुम्ह कस बन फिरहु अकेलें ❀ सुन्दर जुवा जीव परहेलें ।।३।।
चक्रवर्ति के लछन तोरें ❀ देखत दया लागि अति मोरें ।।४।।

सबै परिश्रम हरायो, राजा आनन्दित भए, त्यो कपटमुनिले राजालाई आफ्ना आश्रममा लग्यो ॥ १ ॥ सूर्य अस्ताएको जानेर आसन दियो र त्यो कपटमुनिले मीठो वचन बोल्यो ॥ २ ॥ "तिमी को होऊ ? वनमा एकलै किन घुमिरहेका ? तिमी सुन्दर जवान छौ, आफ्ना जीउका उपर हेलाँ गर्दछौ ? ॥ ३ ॥ तिम्रा लक्षण (चिन्ह) चक्रवर्ती राजाका जस्ता छन्, देख्ता मलाई अत्यन्त माया लाग्यो" ॥ ४ ॥ (यो वचन सुनेर राजाले–) ।

नाम प्रतापभानु अवनीसा ❀ तासु सचिव मैं सुनहु मुनीसा ।।५।।
फिरत अहेरें परेउँ भुलाई ❀ बड़ें भाग देखेउँ पग आई ।।६।।
हम कहँ दुर्लभ दरस तुम्हारा ❀ जानत हौं कछु भल होनिहारा ।।७।।
कह मुनि तात भएउ अँधियारा ❀ जोजन सत्तरि नगरु तुम्हारा ।।८।।

"जो प्रतापभानु नाम भएका राजा छन्, तिनैको म मन्त्री हुँ, शिकारमा घुम्दा घुम्दै अलममलिएँ, बड़ो भाग्य रहेछ आएर पाउ देखें ॥ ५ ॥ ६ ॥ तपाईंको दर्शन हामीहरूलाई दुर्लभ छ, (त्यो दुर्लभ दर्शन पाउनाले) मनमा "केही भलो हुन आँट्यो" भन्ने लाग्दछ" ॥

॥ ७ ॥ (यसो भने), अनि कपट–मुनिले “बाबु ! अँध्यारो भयो, तिम्रो नगर यताबाट सत्तरी (७०) योजन (२८० कोस) छ— ॥ ८ ॥

दोहा–निसा घोर गंभीर बन पंथ न सुनहु सुजान ।
बसहु आजु अस जानि तुम्ह जाएहु होत बिहान ॥१६५॥

रात भयंकर छ, जंगल घना छ, बाटो देखिदैन, हे चतुर पुरुष ! यो कुरा बुझेर तिमी आज बस, भोलि बिहान जाउला” (भन्यो) ॥ १६५ ॥

तुलसी जसि भवितब्यता तैसी मिलै सहाइ ।
आपुनु आवै ताहि पहि ताहि तहाँ लै जाइ ॥१६६॥

तुलसीदास भन्दछन् कि–भवितव्यता जस्तो छ, सहाय उस्तै फेला पर्दछन्, त्यो भवितव्यता त्योसँग (भुक्तमान भोग्नुपर्ने मानिससँग) आफै आउँदैन, त्यसलाई त्यहाँ (भुक्तमान, भोग्नुपर्ने ठाउँमा) लैजान्छ (घिच्याउँछ) ॥ १६६ ॥

चौ०–भलेहि नाथ आयसु धरि सीसा ❀ बाँधि तुरग तरु बैठ महीसा ॥१॥
नृप बहु भाँति प्रसंसेउ ताही ❀ चरन बंदि निज भाग्य सराही ॥२॥
पुनि बोलेउ मृदु गिरा सुहाई ❀ जानि पिता प्रभु करौं ढिठाई ॥३॥
मोहि मुनीस सुत सेवक जानी ❀ नाथ नाम निज कहहु बखानी ॥४॥

राजा “अच्छा महाराज !” भनेर त्यो आज्ञा शिरोपर गरीकन वृक्षमा घोडा बाँधेर त्यसका समीप आई बसे ॥ १ ॥ अनि त्यसको अनेक भाँतिले प्रशंसा गरे, चरणको वन्दना गरेर आफ्ना भाग्यको सह्ननी (तारीफ) गरे ॥ २ ॥ फेरि राजाले “प्रभु ! पिता संझेर धृष्टता गर्दछु, मलाई पुत्र र सेवक संझीकन आफ्नो शुभनाम बताइदिनुहोस्” यस्तो परम असल वचन बोले ॥ ३ ॥ ४ ॥

तेहि न जान नृप नृपहि सो जाना ❀ भूप सुहृद सो कपट सयाना ॥५॥
बैरी पुनि छत्री पुनि राजा ❀ छल बल कीन्ह चहै निज काजा ॥६॥
समुझि राजसुख दुखित अराती ❀ अवा अनल इव सुलगै छाती ॥७॥
सरल बचन नृप के सुनि काना ❀ बयर सँभारि हृदय हरषाना ॥८॥

राजा त्यसलाई चिन्दैनथे, त्यो राजालाई चिन्दथ्यो, राजा सोझा मनका थिए, त्यो कपटचतुर थियो ॥ ५ ॥ एक ता त्यो वैरी, दोस्रो क्षत्री, तेस्रो राजा हुनाले छल बल गरेर आफ्नो कार्य सिद्ध गर्ने चाहन्थ्यो ॥ ६ ॥ त्यो दुःखित भएको दुश्मन अधिको आफ्नो राज्यसुख संझेर अवालको आगोझैं भित्रै भित्र जलिरहेका थियो ॥ ७ ॥ ऐले राजाका सरल वचन कानले सुनेर वैरभाव लुकाएर मनमा हर्षित भयो ॥ ८ ॥

दोहा–कपट बोरि बानी मृदुल बोलेउ जुगुति समेत ।
नाम हमार भिखारि अब निर्धन रहित निकेत ॥१६७॥

त्यसले कपटले बारिएको (मिलेको) मीठो (नरम) वचन युक्तिका साथ बोल्यो कि—"निर्धन र घर पनि नहुने मेरो नाम ऐले "भिखारी" हो ॥ १६७ ॥

चौ०–कह नृप जे बिज्ञाननिधाना ❀ तुम्ह सारिखे गलित अभिमाना ॥१॥
सदा रहहिं अपनपौ दुराएँ ❀ सब बिधि कुसल कुबेष बनाएँ ॥२॥
तेहि तें कहहिं संत श्रुति टेरें ❀ परम अकिंचन प्रिय हरि केरें ॥३॥
तुम्ह सम अधन भिखारि अगेहा ❀ होत बिरंचि सिवहि संदेहा ॥४॥
जोसि सोसि तव चरन नमामी ❀ मो पर कृपा करिअ अब स्वामी ॥५॥

राजा बोले—"ज्ञान–विज्ञानका निधान भएका तपाईंजस्ता महात्मा गलिताभिमान (अभिमानरहित) रहन्छन् । तिनीहरू सब तरहबाट उत्तम (असल) छन् तापनि भेष अधम बनाएर आफूलाई लुकाएर (छिपाएर) रहन्छन् ॥ १ ॥ २ ॥ त्यसै हुनाले ता सन्तहरू र वेदहरू चिच्याएर —"पूरा अकिञ्चन (टकटका दरिद्र) भगवानका प्रिय हुन्छन्" भन्दछन् ॥ ३ ॥ तपाईंजस्ता धनरहित गृहरहित भिखारीबाट ब्रह्मा र शंकरलाई पनि संदेह उठ्छन् [यसले हाम्रो पद पो लिने हो कि ? भन्ने संशय हुन्छ] ॥ ४ ॥ भैगो, जोसुकै भए पनि तपाईंको चरणकमललाई नमस्कार गर्छु, प्रभु ! अब मेरा उपर कृपा गर्नुहोस्" ॥ ५ ॥

सहज प्रीति भूपति कै देखी ❀ आपु बिषय बिस्वास बिसेषी ॥६॥
सब प्रकार राजहि अपनाई ❀ बोलेउ अधिक सनेह जनाई ॥७॥
सुनु सतिभाउ कहौं महिपाला ❀ इहाँ बसत बीते बहुकाला ॥८॥

त्यो कपटी महात्माले सब तरहबाट राजाको प्रीति स्वाभाविक र आफ्नु विषयमा (राम्रै) विश्वास देख्यो र राजालाई आफ्नु पारेर (वश गरेर) खूब स्नेह जनाउँदै बोल्न लाग्यो ॥ ॥ ६ ॥ ७ ॥ "राजा ! सुन्नुहवोस्, सत्य आशय भन्दछु । यहाँ बस्ता-बस्तै धेरे समय बित्यो ॥ ८ ॥

दोहा–अब लगि मोहि न मिलेउ कोउ मैं न जनावौं काहु ।
लोकमान्यता अनल सम कर तप कानन दाहु ॥१६८॥

आजसम्म मैले कोही (योग्य) पाएको थिएन र कसैलाई आफ्नो परिचय दिएको थिइनँ । किनभने लोकले (दुनियाँले) गरेको मान्यता आगोजस्तो हुन्छ (पोल्दछ) । अतएव त्यसले तपस्यारूपी वनलाई डढाउँछ [दुनियाँले मानगुन गर्न लागेभने कच्चा योगी फुरुक्क पर्दछ, त्यसको जपतप भुसुक्क हुन्छ ॥ १६८ ॥

सोरठा--तुलसी देखि सुबेषु भूलहि मूढ़ न चतुर नर ।
सुन्दर केकिहि पेखु बचन सुधा सम असन अहि ॥२४॥

तुलसीदास भन्दछन् कि–असल भेष देख्ता मूर्ख मात्र ठगिने होइनन् कि परमचतुर-भएका नर पनि ठगिन्छन् । राम्रा मयूर हेरन (ती कस्ता हुन्छन् होकि ?) तर तिनको

वचन अमृतसमान मीठो भए पनि तिनीहरू सर्प खान्छन् (तिनको काम डरलाग्दो हुन्छ) ॥ २४ ॥

चौ०–ताते गुपुत रहौं जग माहीं ❀ हरि तजि किमपि प्रयोजन नाहीं ॥१॥
प्रभु जानत सब बिनहि जनाएँ ❀ कहहु कवन सिधि लोक रिझाएँ ॥२॥

त्यसै हुनाले वनमा गुप्त भएर बसेको छु, हरिबाहेक कुनै कुराको प्रयोजन (मतलब) छैन ॥ १ ॥ नजनाए पनि प्रभु (हरि) सब जान्नुहुन्छ, तपाईं नै भन्नुहोस्न, आफूले कष्ट गरी कमाएको सिद्धि खर्च गरेर दुनियाँलाई को रिझाओस् ? ॥ २ ॥

तुम्ह सुचि सुमति परम प्रिय मोरें ❀ प्रीति प्रतीति मोहि पर तोरें ॥३॥
अब जौं तात दुरावौ तोही ❀ दारुन दोष घटै अति मोही ॥४॥

तपाईं शुद्ध मन, भएका, बुद्धिमान् हुनाले मेरा परमप्रिय (खूब प्यारो) हुनुभयो, मेरा उपर तपाईंको प्रीति र प्रतीति (विश्वास) पनि छ, ॥ ३ ॥ अब बाबु ! म तपाईंसँग आफूलाई छिपाउँभने मलाई अत्यन्त भयानक दोष लाग्दछ (त्यसो गर्न भएन हो कि ?) ॥ ४ ॥

जिमि जिमि तापसु कथै उदासा ❀ तिमि तिमि नृपहि उपज बिस्वासा ॥५॥
देखा स्वबस कर्म मन बानी ❀ तब बोला तापस बकध्यानी ॥६॥
नाम हमार एकतनु भाई ! ❀ सुनि नृप बोलेउ पुनि सिरु नाई ॥७॥
कहहु नामकर अरथ बखानी ❀ मोहि सेवक अति आपन जानी ॥८॥

त्यो कूट महात्मा बडो निर्लिप्त भएर ज्यौं ज्यौं बोल्दथ्यो त्यौं त्यौं त्यसका उपर राजाको विश्वास जम्दै जान्थ्यो ॥ ५ ॥ जब मनसा-कर्मणा-वाचा राजा स्वाधीन भएको देख्यो अनि त्यो ‘[१]बकुल्लाभगत महात्माले भन्न लाग्यो ॥ ६ ॥ “भाई ! मेरो नाम ‘एकतनु’ हो” यत्ति बोलेर त्यो चूप लाग्यो र राजा फेरि शिर झुकाएर सोध्न लागे ॥ ७ ॥ “महात्मन् ! मलाई आफ्नो परम सेवक जानेर यो नामको अर्थ विस्तारपूर्वक बताउनुहवोस्” ॥ ८ ॥ (राजाको यो प्रार्थना सुनेर त्यो कपटी साधु भन्न लाग्यो)

दोहा–आदि सृष्टि उपजी जबहि तब उतपति भै मोरि ।
नाम एकतनु हेतु तेहिं देह न धरी बहोरि ॥१६९॥

---

(१) दम्भ (देखावटी धर्म) गर्नामा सिपालु भएको व्यक्तिलाई बकुल्लाभगत भन्दछन् । दम्भले कुनै व्यक्तिलाई भ्रष्ट नपारेको छैन । पक्षीहरूमध्ये बकुल्लो खूब दम्भ गर्न जान्दछ, माछा टिप्नाका निमित्त निश्चेष्ट भएर एउटा खुट्टा टेकेर त्यो धेरै बेरसम्म जलाशयका तीरमा उभिन्छ, आफूले टिप्न सकिने माछा देख्नाका साथ टप्प टिपेर उड्दछ—

मत्स्यार्थी चरति तपः सुचिरं निःस्पन्द एकपादेन ।
तीर्थेषु बकतपस्वी तेन विहङ्गान् गतो दम्भः ॥ (कलाविलास १।९३)

बाबु ! जैले आदिसृष्टि उत्पन्न भयो, त्यसै वेलामा मेरो उत्पत्ति भएको हो । त्यसै कारणले 'एकतनु' नाम रह्यो, मैले धेरै देह धारण गरिन ॥ १६९ ॥

चौ०–जनि आचरजु करहु मन माहीं ❀ सुत तप तें दुर्लभ कछु नाहीं ॥१॥
तपबल तें जग सृजै बिधाता ❀ तपबल बिष्नु भए परित्राता ॥२॥
तपबल संभु करहिं सँघारा ❀ तप तें अगम न कछु संसारा ॥३॥

बच्चा ! मनमा आश्चर्य नमान । तपस्याले दुर्लभ केही छैन ॥ १ ॥ विधाता तपोबलले जगत्सृष्टि गर्दछन् , विष्णु तपोबलले जगत्पालक भएका हुन् , शंभुजी तपोबलले संहार गर्दछन् , संसारमा तपोबलले नपाइने कुरा केही छैन" ॥ २ ॥ ३ ॥

भएउ नृपहि सुनि अति अनुरागा ❀ कथा पुरातन कहै सो लागा ॥४॥
करम धरम इतिहास अनेका ❀ करै निरूपन बिरति बिबेका ॥५॥
उदभव पालन प्रलय कहानी ❀ कहेसि अमित आचरज बखानी ॥६॥
सुनि महीप तापसबस भएऊ ❀ आपन नाम कहन तब लएउ ॥७॥
कह तापस नृप जानौं तोही ❀ कीन्हेहु कपट लाग भल मोही ॥८॥

यस्ता कुरा सुन्दा राजालाई त्यसमाथि प्रेम खूब बस्यो, अनि त्यसले प्राचीन २ कथा भन्न लाग्यो ॥ ४ ॥ धर्म-कर्मको निरूपण, अनेक इतिहासको र वैराग्य-विवेकको वर्णन त्यसले गर्‍यो ॥ ५ ॥ उत्पत्ति-स्थिति-प्रलयको कथा पनि खूब विस्तारपूर्वक आश्चर्यका साथ बयान गर्‍यो ॥ ६ ॥ सबै कुरा सुन्दा राजा त्यसका वश परेर आफ्नो नाम बताउन लागे (तर बताउने सुरसार गर्दैमा त्यो महात्मा बोलिहाल्यो) राजा ! म तपाईंलाई जान्दछु, कपट गर्नुभयो (अघि मलाई नाम बताउनुभएन) त्यो पनि मलाई बेस लाग्यो (किन ? भन्नुहोस्न) ॥ ७ ॥ ८ ॥

सोरठा–सुनु महीस असि नीति जहँ तहँ नाम न कहहिं नृप ।
मोहि तोहि पर अति प्रीति सोइ चतुरता बिचारि तव ॥२५॥

"राजा ! सुन्नुहोस् , यस्तो नीति छ कि राजाहरू जहाँ तहाँ आफ्नो नाम बताउँदैनन् । तपाईंको त्यही चातुर्य देखेर ता तपाईंका उपर मेरो ठूलो प्रीति लाग्यो नि ? ॥ २५ ॥

चौ०–नाम तुम्हार प्रतापदिनेसा ❀ सत्यकेतु तव पिता नरेसा ॥१॥
गुरप्रसाद सब जानिअ राजा ! ❀ कहिअ न आपन जानि अकाजा ॥२॥
देखि तात तव सहज सुधाई ❀ प्रीति प्रतीति नीति निपुनाई ॥३॥
उपजि परी ममता मन मोरें ❀ कहौं कथा निज पूँछे तोरें ॥४॥

राजा ! तपाईंको नाम प्रतापभानु (होइन ?) तपाईंका पिताजीको नाम राजासत्यकेतु (होइन ?) ॥ १ ॥ गुरुमहाराजका कृपाले सब जान्दछु राजा ! आफ्नो अकाज (कार्यहानि) हुन्छ भनेर म भन्दिन ॥ २ ॥ बाबु ! तपाईंको सुधो स्वभाव-प्रीति-प्रतीति-नीति

चतुरता देखेर मेरा मनमा ममता उत्पन्न भयो (के गर्नु ? ममता ता नगर्नुपर्ने हो, तर लाचार भएँ) तपाईंले सोधेको हुनाले मैले आफ्नो वृतान्त भनें ॥ ३ ॥ ४ ॥

अब प्रसन्न मैं संसय नाहीं ❀ माँगु जो भूप भाव मन माहीं ॥५॥
सुनि सुबचन भूपति हरषाना ❀ गहि पद बिनय कीन्हि बिधि नाना ॥६॥
कृपासिंधु मुनि दरसन तोरें ❀ चारि पदारथ करतल मोरें ॥७॥
प्रभुहि तथापि प्रसन्न बिलोकी ❀ माँगि अगम बरु होउँ असोकी ॥८॥

राजा ! अब म प्रसन्न भएँ सन्देह नमान, मनमा जे इच्छा छ त्यो वर माग" ॥ ५ ॥ यस्ता मीठा वचन सुनेर राजा खुशी भए, पाउ समातेर नाना प्रकारले विन्ति गर्न लागे—॥ ६ ॥ "दयासागर ! मुनीश्वर ? तपाईंको दर्शन पाउँदा चारै पदार्थ (धर्म-अर्थ-काम-मोक्ष) मेरा हस्तगत भए ॥ ७ ॥ तथापि प्रभुलाई प्रसन्न भएको देखेपछि अगम (अलभ्य) वर मागेर विशोक (शोकरहित) हुन पाऊँ ॥ ८ ॥

दोहा—जरा मरन दुख रहित तनु समर जितै जिनि कोउ ।
एकछत्र रिपुहीन महि राज कलप सत होउ ॥१७०॥

प्रभु ! मेरो शरीर बुढ्याइँ-मरण-दुःख यिनले रहित होस्, मलाई युद्धमा कसैले नजितोस्, सयकलपसम्म निष्कण्टक एकछत्र पृथ्वीको राज्य रहोस्" ॥ १७० ॥ (भनेर राजाले वर मागे) ॥

चौ०—कह तापस नृप ऐसेइ होऊ ❀ कारन एक कठिन सुनु सोऊ ॥१॥
कालौ तुअ पद नाइहि सीसा ❀ एक बिप्रकुल छाडि महीसा ! ॥२॥
तपबल बिप्र सदा बरियारा ❀ तिन्ह कें कोप न कोउ रखवारा ॥३॥
जो बिप्रन बस करहु नरेसा ❀ तौ तुअ बस बिधि बिष्नु महेसा ॥४॥

त्यो कपटी तपस्वीले भन्यो कि—"राजा ! यस्तै होला (तथास्तु ', तर एउटा ठूलो कारण छ, त्यो सुन ॥ १ ॥ राजा ! एउटा ब्राह्मणवर्गबाहेक काल (मृत्यु) पनि तिम्रा पाउमा शिर राख्नेछ ॥ २ ॥ तपस्याको बल हुनाले ब्राह्मण सधैं बलियै हुन्छ, त्यो ब्राह्मण रिसाएमा रक्षक (त्राण गर्ने) कोही छैन ॥ ३ ॥ तिमीले ब्राह्मणवर्गलाई वश गर्‍यौभने ब्रह्मा-विष्णु-महेश्वर पनि तिम्रा वश पर्दछन् ॥ ४ ॥

चल न ब्रह्मकुल सन बरिआई ❀ सत्य कहौं दोउ भुजा उठाई ॥५॥
बिप्रश्राप बिनु सुनु महिपाला ❀ तोर नास नहि कवनेहु काला ॥६॥
हरषेउ राउ बचन सुनि तासू ❀ नाथ न होइ मोर अब नासू ॥७॥
तव प्रसाद प्रभु कृपानिधाना ❀ मो कहु सर्व काल कल्याना ॥८॥

ब्राह्मणवर्गसँग कसैको जोर चल्दैन, यो कुरा म दुई हाथ ठड्याएर (खुल्लमखुल्ला चिच्याएर) साँचो भन्दछु ॥ ५ ॥ राजा ! ब्राह्मणको शापबाहेक अरू कुनै कारणले कहिल्यै

पनि तिम्रो नाश हुनेछैन' ॥ ६ ॥ त्यसको यस्तो वचन सुनेर खुशी भएका राजा भन्न लागे कि— "प्रभु ! अब मेरो नाश नहुने भयो ! ॥ ७ ॥ हे कृपानिधान ! प्रभुका कृपाले मलाई सदा कल्याण हुने भयो" ॥ ८ ॥

दोहा—एवमस्तु कहि कपटमुनि बोला कुटिल बहोरि ।
मिलब हमार भुलाब निज कहहु त हमहि न खोरि ॥१७१॥

त्यो कपटमुनि "एवमस्तु तथास्तु" भनेर खूब कपटी कुटिल वचन बोल्नलाग्यो । "राजा ! आफू अलमलिएको र मसँग भेट भएको कुरा कसैसँग भन्यौभने मेरो दोष छैन है ? (न मालूम तिम्रो के गति होला, म जान्दिन) ॥ १७१ ॥

चौ०—ताते मैं तोहिं बरजौं राजा ❀ कहें कथा तव परम अकाजा ॥१॥
छठें श्रवन यह परत कहानी ❀ नास तुम्हार सत्य मम बानी ॥२॥
यह प्रगटें अथवा द्विजश्रापा ❀ नास तोर सुनु भानुप्रतापा ॥३॥
आन उपाय निधन तव नाहीं ❀ जौं हरि हर कोपहिं मन माहीं ॥४॥

त्यसो हुनाले म तिमीलाई मनाई गर्दछु, राजा ! यो कुरा कतै खुस्कायौभने तिम्रो अकाज (कार्यनाश) हुनेछ ॥ १ ॥ (तिम्रा दुइ कान, मेरा दुइ कानले यो कुरा सुनेको छ, अब कसैका दुइ कानले समेत) ६ कानले यो कुरा सुनेभने तिम्रो सर्वनाश हुनेछ, यो मेरो वचन सत्य जाने ॥ २ ॥ राजा ! भानुप्रताप ! कि ता यो कुरा प्रकट भयोभने तिम्रो नाश होला, कि ता ब्राह्मणको सराप पर्‍योभने तिम्रो नाश होला ॥ ३ ॥ अरू कारणले तिम्रो नाश हुनेछैन (धेरै कुरा किन) हरि-हर झोक्किए पनि तिम्रो नाश हुनैछैन" ॥ ४ ॥ (यो वचन सुनेर)—

सत्य नाथ पद गहि नृप भाषा ❀ द्विज गुरु कोप कहहु को राखा ॥५॥
राखै गुर जौं कोप बिधाता ❀ गुरबिरोध नहि कोउ जगत्राता ॥६॥
जौं न चलब हम कहें तुम्हारें ❀ होउ नास नहिं सोच हमारें ॥७॥
एकहि डर डरपत मन मोरा ❀ प्रभु महिदेव श्राप अति घोरा ॥८॥

राजाले त्यसको पाउ समातेर बोले कि—"प्रभु ! सत्य हो, ब्राह्मणकोपले र गुरुकोपले कसलाई बाँकी राखेको छ र ? ॥ ५ ॥ विधाताको कोप भयोभने गुरुले बचाउँछ, गुरुसँग विरोध पर्‍योभने जगत्मा बचाउने कोही छैन ॥ ६ ॥ प्रभुले भनेबमोजिम चलिनभने मेरो सत्यानाश होस् , त्यसमा मलाई फिक्री छैन ॥ ७ ॥ परन्तु एउटा डरले मेरो मन साह्रै डराउँछ, प्रभु ! ब्राह्मणको सराप अत्यन्त भयानक छ ॥ ८ ॥

दोहा—होहिं बिप्रबस कवन बिधि कहहु कृपा करि सोउ ।
तुम्ह तजि दीनदयाल निज हितू न देखौं कोउ ॥१७२॥

हे दीनदयाल ! प्रभु ! कुन उपायले ब्राह्मण वश हुन्छन् ? कृपा गरेर त्यो कुरा बताउनुहोस् । तपाईंबाहेक मेरो हित गर्ने म देख्तिन ॥ १७२ ॥ (यो वचन सुनेर कपटमुनि भन्न लाग्यो कि—)

चौ०-सुनु नृप बिबिधि जतन जग माहीं ❀ कष्टसाध्य पुनि होहिं कि नाहीं ॥१॥
अहै एक अति सुगम उपाई ❀ तहाँ परन्तु एक कठिनाई ॥२॥

राजा ! सुन, जगत्मा अनेक प्रकारका उपाय छन्, तर ती कष्टसाध्य छन्—हुन सक्छान् अथवा हुन सकोइनन् (निश्चय छैन) एउटा अति सजिलो उपाय थियो, तर त्यसमा पनि एउटा कठिनता (असजिलो) छ ॥ १ ॥ २ ॥

मम आधीन जुगुति नृप सोई ❀ मोर जाब तव नगर न होई ॥३॥
आजु लगें अरु जब तें भएउँ ❀ काहु के गृह ग्राम न गएउँ ॥४॥
जौं न जाउँ तव होइ अकाजू ❀ बना आइ असमंजस आजू ॥५॥

राजा ! त्यो युक्ति (उपाय) मेरो अधीन थियो, तर तिम्रा नगरमा मेरो जवाइ (जानु) हुँदैन ॥ ३ ॥ जैले जन्मेथें, त्यहाँदेखि लिएर आजसम्म कसैको घर कसैको गाउँ गएको छैन ॥ ४ ॥ नजाऊँभने तिम्रो अकाज (कार्यहानि) हुने । आज कस्तो असजिलो पर्न आयो (हेर)" ॥ ५ ॥

सुनि महीस बोलेउ मृदु बानी ❀ नाथ निगम असि नीति बखानी ॥६॥
बड़े सनेह लघुन्ह पर करहीं ❀ गिरि निज सिरनि सदा तृन धरहीं ॥७॥
जलधि अगाध मौलि बह फेनू ❀ संतत धरनि धरत सिर रेनू ॥८॥

कपटमुनिको वचन सुनेर राजाले मधुर वचन बोले—"प्रभु ! वेदले यस्तो नीति बताएको छ कि ॥ ६ ॥ ठूला बडाहरू सानातिनाका उपर स्नेह गर्दछन् । पर्वत सदासर्वदा तृणलाई शिरमा राख्तछ ॥ ७ ॥ अगाध समुद्र फेन (फींज) लाई आफ्ना शिरमा धारण गरिरहन्छ । धर्ती-माता हरहमेशा धूलालाई शिरमा राखिरहेकी छन्" ॥ ८ ॥

दोहा-अस कहि गहे नरेस पद स्वामी होहु कृपाल ।
मोहि लागि दुख सहिअ प्रभु सज्जन दीनदयाल ॥१७३॥

यसो भनेर राजाले त्यसको पाउ समाते, फेरि बोल्न लागे, "हे सज्जन ! हे दीनदयाल ! प्रभु ! दयालु हुनुहोस् (दया गर्नुहोस्), मेरा नीति दुःख सहिदिनुहोस्" ॥ १७३ ॥ (यति राजाले भनेपछि)

चौ०-जानि नृपहि आपन आधीना ❀ बोला तापस कपट प्रबीना ॥१॥
सत्य कहौं सुनु भूपति तोही ❀ जग नाहिन दुर्लभ कछु मोही ॥२॥
अवसि काज मैं करिहौं तोरा ❀ मन तन बचन भगत तैं मोरा ॥३॥
जोग जुगुति जप मन्त्र प्रभाऊ ❀ फलै तबहि जब करिअ दुराऊ ॥४॥

कपट-कुशल त्यो तपस्वी राजालाई पूरा तवरले अधीन भएको जानेर भन्न लाग्यो ॥ १ ॥ "राजा ! म तिमीलाई साँचो भन्दछु, सुन, जगत्मा मलाई केही दुर्लभ छैन, ॥ २ ॥ तिम्रो काम म अवश्य गरौंला, किनभने, तिमी मनसा-कर्मणा-वाचा मेरा भक्त छौ ॥ ३ ॥ योग-जुक्ति-

जप-मन्त्र यिनको प्रभाव यिनको दुराउ (गोपन = गोप्य राख्ने काम) गरे मात्रै सफल हुन्छ, (यथाभावी योग-युक्ति-जप-मन्त्र प्रकाश गर्न लाग्योभने ती निष्फल हुन्छन्) ॥ ४ ॥

जौं नरेश मैं करौं रसोई ❀ तुम्ह परसहु मोहि जान न कोई ॥५॥
अन्न सो जोइ जोइ भोजन करई ❀ सोइ सोइ तव आयसु अनुसरई ॥६॥
पुनि तिन्ह कें गृह जेवै जोऊ ❀ तव बस होइ भूप सुनु सोऊ ॥७॥
जाइ उपाय रचहु नृप एहू ❀ संबत भरि संकलप करेहू ॥८॥

राजा ! जब म भोजन तयार गरूँ, तब तिमीले परोस्नू (बाँड्नू) । मलाई कसैले नचिह्नोस्, त्यो अन्न जो जो खाला, त्यो त्यो मानिस तिम्रा आज्ञानुसार चल्नेछ ॥ ५ ॥ ६ ॥ फेरि तिनका (तिमीकहाँ खाएर गएका मानिसका) घरमा जो भोजन गर्ला, त्यो पनि तिम्रो वश होला, सुन्यौ ? ॥ ७ ॥ राजा ! गएर यो उपाय रच, एक वर्षभरि यो संकल्प गर ॥ ८ ॥

दोहा–नित नूतन द्विज सहस सत बरेहु सहित परिवार ।
मैं तुम्हरे संकलप लगि दिनहिं करबि जेवनार ॥१७४॥

रोज-रोज नयाँ-नयाँ परिवारसहित (स्वास्नी छोरा प्रभृति समेत) एक-एक लाख ब्राह्मणलाई निमन्त्रण गरे । म तिम्रा संकल्पका निमित्त दिनदिनै भोजन तयार गर्नेछु ॥ १७४ ॥

चौ०–एहि बिधि भूप कष्ट अति थोरें ❀ होइहहिं सकल बिप्र बस तोरें ॥१॥
करिहहिं बिप्र होम मख सेवा ❀ तेहि प्रसंग सहजहि बस देवा ॥२॥

राजा ! यस प्रकारले अलिकति कष्ट गर्दा सम्पूर्ण ब्राह्मण तिम्रा वश हुनेछन् ॥ १ ॥ ती ब्राह्मण होम-यज्ञ-सेवा (आजापूजा) गर्न्यैछन्, त्यही प्रसंगले गर्दा (ती ब्राह्मणका घरको भोजन गरेका हुनाले) सहजैमा (विनामिहिनेत) देवता पनि तिम्रा वश हुनेछन् ॥ २ ॥

और एक तोहि कहौं लखाऊ ❀ मैं एहि बेष न आउब काऊ ॥३॥
तुम्हरे उपरोहित कहँ राया ❀ हरि आनब मै करि निज माया ॥४॥
तपबल तेहि करि आपु समाना ❀ रखिहौं इहाँ बरष परवाना ॥५॥
मैं धरि तासु बेषु सुनु राजा ❀ सब बिधि तोर सँवारब काजा ॥६॥

फेरि म एउटा कुरा भन्छु, म यो वेषले कहिल्यै आउनेछैन ॥ ३ ॥ राजा ! म आफ्नो माया गरेर तिम्रा पुरोहितज्यूलाई हरेर यहाँ ल्याउनेछु, आफ्ना तपोबलले तिनलाई आफूसमान गराएर यही आश्रममा १ वर्षसम्म राख्नेछु ॥ ४ ॥ ५ ॥ राजा ! ("पुरोहितजी नहुँदा १ वर्षसम्म उनले गर्नुपर्ने कामकाज कसले गर्ला ?" यस्तो फिक्री लिनुपर्दैन) म पुरोहितको वेष लिएर सब तरहले तिम्रा कामकाज सह्मालिदिनेछु ॥ ६ ॥

गै निसि बहुत सयन अब कीजै ❀ मोहि तोहि भूप भेंट दिन तीजै ॥७॥
मैं तपबल तोहि तुरग समेता ❀ पहुँचैहौं सोवतहि निकेता ॥८॥

राजा ! रात धेरै गयो, अब सुत्नुपर्छ सुत । अब तेस्रा दिनमा मेरो र तिम्रो भेट होला । म तपोबलले सुतेका सुतैमा घोडासमेत तिमीलाई घर पुऱ्याइदिउँला ॥ ७ ॥ ८ ॥

दोहा–मैं आउब सोइ बेषु धरि पहिचानेहु तब मोहि ।
जब एकान्त बोलाइ सब कथा सुनावौं तोहि ॥१७५॥

म उही (पुरोहितको) वेष लिएर आउनेछु र तिमीलाई एकान्तमा बोलाएर अघिको वृत्तान्त सुनाउनेछु, अनि मलाई पहिचाने" ॥ १७५ ॥

चौ०–सयन कीन्ह नृप आयसु मानी ❀ आसन जाइ बैठ छलज्ञानी ॥१॥
श्रमित भूप निद्रा अति आई ❀ सो किमि सोव सोच अधिकाई ॥२॥
कालकेतु निसिचर तहँ आवा ❀ जेहि सूकर होइ नृपहि भुलावा ॥३॥
परम मित्र तापस नृप केरा ❀ जानै सो अति कपट घनेरा ॥४॥

राजाले आज्ञा मानेर शयन गरे (सुते) । त्यो कपटी महात्मा आसनमा गएर बस्यो ॥ १ ॥ थाकेका हुनाले राजालाई भने खूब निद्रा लाग्यो, शोचविचारका प्रपञ्चले त्यो कपटमुनि कसरी सुतोस् ? (सुतेन) ॥ २ ॥

जसले बँदेलको रूप लिएर राजालाई छकाएथ्यो, त्यो "कालकेतु" नाम गरेको राक्षस त्यहीं आयो, त्यो कपटमुनि भएका राजाको परम मित्र थियो, अनेकानेक कपट गर्न खूब जान्दथ्यो ॥ ३ ॥ ४ ॥

तेहि के सत सुत अरु दस भाई ❀ खल अति अजय देवदुखदाई ॥५॥
प्रथमहिं भूप समर सब मारे ❀ बिप्र संत सुर देखि दुखारे ॥६॥
तेहि खल पाछिल बयरु सँभारा ❀ तापस नृप मिलि मंत्र बिचारा ॥७॥
जेहि रिपुछय सोइ रचेन्हि उपाऊ ❀ भावीबस नजान कछु राऊ ॥८॥

त्यसका दुर्जन अजेय देवदुःखदाता भएका १०० छोरा र १० भाई थिए ॥ ५ ॥ यी राजा प्रतापभानुले ब्राह्मण-साधुसन्त देवतालाई दुःखित भएको देखेर अघि ती सबैलाई मारेका थिए ॥ ६ ॥

त्यो दुष्टले त्यही पछिल्लो वैरभाव संझेर कपटमुनिसँग भेट-घाट गरी सल्लाह गर्‍यो । जुन हिसाबले शत्रुको क्षय (वैरसाधना) हुन्छ, त्यो उपाय रच्यो, भवितव्यताका वश परेका राजाले केही थाहा पाएनन् ॥ ७ ॥ ८ ॥

दोहा–रिपु तेजसी अकेल अपि लघु करि गनिअ न ताहु ।
अजहुँ देत दुख रबि ससिहि सिर अवसेषित राहु ॥१७६॥

एउटै भए पनि शत्रु तेजस्वी छभने, त्यसलाई सानो नसंझनू, टाउको मात्रै बाँकी रहेको (धड छुट्टिएको) राहु आजसम्म चन्द्रसूर्यलाई दुःख दिंदैछ । [टाउको काटियो अमृत पिएको हुनाले मरेन, यसले के गर्न सक्ला ? भनी देवताहरूले छाडिदिएको हुनाले केवल टाउको मात्रै रहेको तेजस्वी (पानीदार) राहु अद्यावधि पुरानु बैरभाव संझेर, छिपेर अमृत पान गर्दा

बताइदिने चन्द्रसूर्यलाई बखत बखतमा झंटदैछ, शत्रुको शेष राख्ता यस्तै आपत्ति परिआउँछ] ॥ १७६ ॥

चौ०–तापस नृप निज सखहि निहारी ❀ हरषि मिलेउ उठि भए सुखारी ॥१॥
मित्रहि कहि सब कथा सुनाई ❀ जातुधान बोला सुख पाई ॥२॥
अब साधेउँ रिपु सुनहु नरेसा ❀ जौं तुम्ह कीन्ह मोर उपदेसा ॥३॥
परिहरि सोच रहहु तुम्ह सोई ❀ बिन औषध बिआधि बिधि खोई ॥४॥

त्यो कपटतपस्वी राजाले आफ्ना मित्रलाई देखेर खुशीका साथ उठेर भेट गऱ्यो, आनन्दित भयो ॥ १ ॥ त्यो मित्र राक्षसलाई सबै कुरा सुनायो, राक्षस पनि आनन्दित भएर भन्न लाग्यो कि—"राजा ! अब शत्रुसाधना गर्नुभयो, तपाईंले मेरो उपदेश मानेको हुनाले ॥ २ ॥ ३ ॥ अब शोक सुर्ता फिक्री सबै छाडेर सुतिरहनुहोस्न (यतिका दिनसम्म निद्रा मारीकन जाग्नुभएको थियो) दैवले विनाऔषधि व्यधि हटाइदियो (कत्तिको मजा भयो हो कि ?) ॥ ४ ॥

कुल समेत रिपु मूल बहाई ❀ चौथें दिवस मिलब मैं आई ॥५॥
तापस नृपहि बहुत परितोषी ❀ चला महाकपटी अति रोषी ॥६॥
भानुप्रतापहि बाजि समेता ❀ पहुचाएसि छन माझ निकेता ॥७॥
नृपहि नारि पहि सयन कराई ❀ हय गृह बाँधेसि बाजि बनाई ॥८॥

अब कुलकुटुम्बसमेत राजा प्रतापभानुलाई निर्मूल पारेर आजका चौथा दिनमा म आएर भेटुँला ॥ ५ ॥ यस्ता प्रकारले त्यो तपस्वी राजालाई खूब खुशी पारेर महाकपटी क्रोधी त्यो राक्षस हिंड्यो ॥ ६ ॥ प्रतापभानुलाई घोडासमेत एकछिनमा घर पुऱ्याएर तिनलाई रानीनिर सुताइदिएर घोडालाई तबेलामा ठीक गरी बाँधिदियो ॥ ७ ॥ ॥ ८ ॥

दोहा–राजा कै उपरोहितहि हरि लै गएऊ बहोरि ।
लै राखेसि गिरि खोह महुँ माया करि मति भोरि ॥१७७॥

राजाका पुरोहितजीलाई सुतेका सुत्यै हरेर लग्यो र मायाका प्रभावले लट्ठ पारेर पर्वतका गुफामा राख्यो ॥ १७७ ॥

चौ०–आपु बिरचि उपरोहितरूपा ❀ परेउ जाइ तेहि सेज अनूपा ॥१॥
जागेउ नृप अनभएँ बिहाना ❀ देखि भवन अति अचरजु माना ॥२॥
मुनिमहिमा मनमहँ अनुमानी ❀ उठेउ गवहिं जेहिं जान न रानी ॥३॥
कानन गएउ बाजि चढि तेहीं ❀ पुर नर नारि न जानेउ केहीं ॥५॥

अनि आफू पुरोहितको रूप लिएर त्यही अत्युत्तम पलँगमा पसारियो ॥ १ ॥ राजा उज्यालो नहुँदै बिउँझे, घर देखेर अति आश्चर्य माने ॥ २ ॥ मनमनमा मुनिको महिमा अनुमान गरेर रानीले थाहा पाउलिन् भन्ने शंकाले उठनेबित्तिकै बाहिर निस्के ॥ ३ ॥ अनि

उही घोडामा चढेर जंगलतर्फ गए, शहरका नरनारीहरूले समेत यस्तो कार्रवाई भएको केही थाहा पाएनन् ॥ ४ ॥

गए जाम जुग भूपति आवा ❀ घर घर उत्सव बाज बधावा ॥५॥
उपरोहितहि देख जब राजा ❀ चकित बिलोक सुमिरि सोइ काजा ॥६॥

दुइ पहर दिन चढ्दा राजा घर फर्के, घर घरमा बाजा बजे, बधाई (कल्याणकामनाका ध्वनि) भए। जब राजाले पुरोहितलाई देखे अनि झसंग भएर आफ्नो उही काम संझे ॥ ५ ॥ ६ ॥

जुग सम नृपहि गए दिन तीनी ❀ कपटी मुनि पद रहि मति लीनी ॥७॥
समय जानि उपरोहित आवा ❀ नृपहि मतें सब कहि समुझावा ॥८॥

राजाका ३ दिन युगसमान भएर बिते, कपट मुनिका चरणमा बुद्धि (मन) लीन भएर लागेको थियो (त्यसैलाई संझिरहेका थिए) बखत जानेर पुरोहित आए, आफ्ना कुरा भनेर राजालाई संझाए ॥ ७ ॥ ८ ॥

दोहा–नृप हरषेउ पहिचानि गुरु भ्रमबस रहा न चेत।
बरे तुरत सत सहस बर बिप्र कुटुंब समेत ॥१७८॥

राजा आफ्ना गुरुलाई चिह्नेर हर्षित भए (जंगलमा भेटिएको कपटमुनिलाई राजाले गुरु मानेका थिए, ऐलेका पुरोहित उनै गुरु महाराज हुन् भन्ने ख्याल राजालाई थियो र "गुरुलाई चिन्हेर हर्षित भए" भनेको हो)। भ्रमका वश परेका हुनाले तिनको चेत थिएन (विचेत भएका थिए) तुरन्तै कुटुम्बसहित एकलाख (१,००,०००) ब्राह्मणलाई निमन्त्रण गरे ॥ १७८ ॥

चौ०–उपरोहित जेवनार बनाई ❀ छ रस चारि बिधि जसि श्रुति गाई ॥१॥
मायामय तेहिं कीन्हि रसोई ❀ बिंजन बहु गनि सकै न कोई ॥२॥
बिबिध मृगन्ह कर आमिष राँधा ❀ तेहि महुँ बिप्रमाँसु खल साँधा ॥३॥
भोजन कहुँ सब बिप्र बोलाए ❀ पद पखारि सादर बैठाए ॥४॥

पुरोहितले जिउनार (भोजन) बनाए (पकाए)। त्यो भोजन जस्तो वेदमा वर्णन गरिएको छ उस्तै छ (६) रस (गुलियो-अमिलो-नुनिलो-पीरो-टर्रो-तीतो यी ६ रस) यथायोग्य भएको र, चार (४) प्रकारको ([1]भक्ष्य—चपाएर खानुपर्ने चीज) [2]भोज्य (न चपाएर पनि खाइने चीज) [3]लेह्य (चाटेर खाइने चीज) [4]चोष्य (चुसेर खाइने चीज) चीजबीजले सजिएको थियो ॥ १ ॥ त्यसले त्यो भोजन मायामय (मायाले बनेको) बनायो, त्यसमा व्यञ्जन (तरकारी-अचार-प्रभृति परिकार) धेरै थिए, तिनको गिन्ती गर्न कोही सक्तैनथ्यो ॥ २ ॥ अनेक प्रकारका मृगको मासु पनि पाकेको थियो, त्यसैमा त्यो बदमाशले ब्राह्मणको मासु पनि मिलायो ॥ ३ ॥ (राजाले) भोजनका निमित्त सबै ब्राह्मणलाई बोलाएर तिनका पाउ धोईकन आदरपूर्वक बसाए ॥ ४ ॥

परुसन जबहि लाग महिपाला ❀ भै अकासबानी तेहि काला ॥५॥
बिप्रबृंद उठि उठि गृह जाहू ❀ है बड़ि हानि अन्न जनि खाहू ॥६॥
भएऊ रसोई भूसुरमाँसू ❀ सब द्विज उठे मानि बिस्वासू ॥७॥
भूप बिकल मति मोह भुलानी ❀ भावीबस न आव मुख बानी ॥८॥

गुरु महाराजका आज्ञानुसार जब खास राजा बाँड्न लागे त्यसै वेलामा "ए ! ब्राह्मणवर्गहो, उठ उठ, घर जाऊ, बडो हानि छ है त्यो अन्न नखाऊ, भोजनमा ब्राह्मणको मासु मिलेको छ (खबरदार !)" यस्तो आकाशवाणी भयो* सबै ब्राह्मण आकाशवाणीको विश्वास (पत्यार) मानेर उठे ॥ ५ ॥ ६ ॥ ७ ॥ मोह (माया) ले भुलेका राजाको बुद्धि व्याकुल भयो । भवितव्यताका प्रभावले राजाका मुखबाट बोली निस्केन ॥ ८ ॥

दोहा—बोले बिप्र सकोप तब नहि कछु कीन्ह बिचार ।
जाइ निसाचर होउ नृप मूढ सहित परिवार ॥१७९॥

अनि ब्राह्मणहरूले केही विचार नगरीकन क्रोधान्ध भएर "मूढ ! राजा ! परिवारसहित राक्षस भएस्—॥ १७९ ॥

चौ०—छत्रबंधु तैं बिप्र बोलाई ❀ घालै लिए सहित समुदाई ॥१॥
ईस्वर राखा धरम हमारा ❀ जैहसि तैं समेत परिवारा ॥२॥
संबत मध्य नास तव होऊ ❀ जलदाता न रहिहि कुल कोऊ ॥३॥

हे क्षत्रियाधम ! तैंले ब्राह्मणहरूलाई परिवारसहित बोलाएर बिताइहालिथिस् तर—ईश्वरले हाम्रो धर्म बचायो । तँ सपरिवार बितेर जानेछस् (सुन्), वर्षदिनभित्र ता तेरो सर्वनास हुनेछ, तेरा कुलमा पानीपिंड दिने कुनै बाँकी रहनेछैन" (भनी शाप दिए) ॥ १ ॥ ॥ २ ॥ ३ ॥

नृप सुनि श्राप बिकल अति त्रासा ❀ भै बहोरि बर गिरा अकासा ॥४॥
बिप्रहु श्राप बिचारि न दीन्हा ❀ नहिं अपराध भूप कछु कीन्हा ॥५॥
चकित बिप्र सब सुनि नभ बानी ❀ भूप गएउ जहँ भोजनखानी ॥६॥

यस्तो सराप सुनेर राजा भयले आकुल व्याकुल भए, अनि असल आकाशवाणी भयो । 'हे ब्राह्मणहो ! तिमीहरूले सोच विचार नगरीकन सराप दियौ, राजाले केही अपराध गरेको थिएन । यस्तो आकाशवाणी सुनेर ब्राह्मणहरू छक्क परे । राजा भान्सा जहाँ थियो उहीं गए ॥ ४ ॥ ५ ॥ ६ ॥

तहँ न असन नहिं बिप्र सुआरा ❀ फिरेउ राउ मन सोच अपारा ॥७॥
सब प्रसंग महिसुरन्ह सुनाई ❀ त्रसित परेउ अवनी अकुलाई ॥८॥

---

* यो आकाशवाणी कपटमुनिको मित्र कालकेतु राक्षसले नै बदमाशी गरेर आकाशमा पैदा गरेको हो ।

त्यहाँ न भोजन रहेछ, न भान्छेबाहुन रहेछन्, राजा मनमा अफसोस मानेर फर्के ॥ ७ ॥ ब्राह्मणलाई सबै प्रसंग (कुरा) सुनाए, अनि भय-व्याकुल भएर पृथिवीमा पछारिए ॥ ८ ॥

दोहा–भूपति भावी मिटै नहि जदपि न दूषन तोर ।
किएँ अन्यथा होइ नहिं बिप्रश्राप अति घोर ॥१८०॥

"राजा ! यद्यपि तिम्रो दोष रहेनछ, तथापि भवितव्यता मेटिंदैन, ब्राह्मणको सराप अन्यथा गर्न खोजे पनि अन्यथा हुँदैन, बड़ो भयानक हुन्छ" ॥ १८० ॥

चौ०–अस कहि सब महिदेव सिधाए ❀ समाचार पुरलोगन्ह पाए ॥१॥
सोचहिं दूषन दैवहि देहीं ❀ बिरचत हंस काग किअ जेहीं ॥२॥
उपरोहितहि भवन पहुँचाई ❀ असुर तापसहि खबरि जनाई ॥३॥

यत्ति भनेर ब्राह्मणहरू हिंडे, नगरनिवासी सबै जनाले यो खबर पाए ॥ १ ॥ तिनीहरू जुन दैवले डुल्न फिर्न लागेको हाँसलाई काग बनायो उही दैवलाई अफसोस मानेर दोष दिन लागे ॥ २ ॥ (क)

कालकेतु राक्षसले पुरोहितजीलाई घर पुऱ्याइदियो, आफूले गरेको सबै उत्पातको खबर कपट मुनिलाई बतायो ॥ ३ ॥

तेहि खल जहँ तहँ पत्र पठाए ❀ सजि सजि सेन भूप सब धाए ॥४॥
घेरेन्हि नगर निसान बजाई ❀ बिबिध भाँति नित होइ लराई ॥५॥
जूझे सकल सुभट करि करनी ❀ बंधु समेत परेउ नृप धरनी ॥६॥
सत्यकेतु कुल कोउ नहिं बाँचा ❀ बिप्रश्राप किमि होइ असाँचा ॥७॥
रिपु जिति सब नृप नगर बसाई ❀ निज पुर गवने जय जसु पाई ॥८॥

त्यो बदमाश कपटी तपस्वीले जहाँतहीं चिट्ठी पठायो । सबै राजा आफ्ना आफ्ना फौज सजाएर आए (चढ़ाइ गरे) ॥ ४ ॥ निशानबाजा बजाएर शहरलाई घेरे, प्रतिदिन अनेक भाँतिसँग लडाइँ हुन लाग्यो ॥ ५ ॥ सबै योद्धाहरू भरमगदूर लडे; तर राजा प्रतापभानु भाइसमेत धर्तीमा गिरे (अर्थात् मरे) ॥ ६ ॥ राजा सत्यकेतुका वंशमा कोही बाँचेन, ब्राह्मण सराप झूटो कसरी हुन्थ्यो र ? ॥ ७ ॥ सबै राजा मिलेर शत्रुसाधना गरेपछि नगर बसाएर जयको यश कमाई आफ्ना नगरतर्फ हिंडे ॥ ८ ॥

दोहा–भरद्वाज सुनु जाहि जब होइ बिधाता बाम ।
धूरि मेरु सम जनक जम ताहि ब्याल सम दाम ॥१८१॥

भरद्वाजमुनि ! सुन्नुहोस्, जैले जसको दैव वाम (प्रतिकूल) हुन्छ, त्यसै बखतमा

(क) सब तरहले उच्च दर्जामा पुऱ्याएर प्रतापभानु राजालाई एकदम नीच दर्जा (राक्षसता) मा पुऱ्याए, डुल्दा डुल्दैको हाँसलाई कौवा बनाए, यस्ता अविवेकी विधातालाई धिक्कार ! भन्न लागे ।

धूलाको सानो अंश पनि सुमेर पहाडसमान, जन्म दिने बाबु यमराजसमान, सुख दिने माला पनि सर्पसमान हुन आउँछ ॥ १८१ ॥ (क)

चौ०–काल पाइ मुनि सुनु सोइ राजा ❀ भएउ निसाचर सहित समाजा ॥१॥
दस सिर ताहि बीस भुजदंडा ❀ रावन नाम बीर बरिबंडा ॥२॥
भूप अनुज अरिमर्दन नामा ❀ भएउ सो कुंभकरन बलधामा ॥३॥
सचिव जो रहा धरमरुचि जासू ❀ भएउ बिमात्र बंधु लघु तासू ॥४॥
नाम बिभीषन जेहि जग जाना ❀ बिष्नुभगत बिज्ञाननिधाना ॥५॥

भरद्वाजमुनि ! सुन्नुहोस्, ती राजा आफ्ना परिवारसमेत समय पाएर राक्षस भई जन्मन गए ॥ १ ॥ ती राजा दश शिर भएको, बीस भुजा भएको, रावण नाम भएको महावीर भए ॥ २ ॥ तिनका भाई अरिमर्दन चाहिने बलवान् कुम्भकर्ण भए ॥ ३ ॥ तिनका मन्त्री धर्मरुचि जो थिए ती चाहिने रावणका कान्छा विमातृ (सौतेनी आमाका छोरा) भाई भए ॥ ४ ॥ तिनको नाम जगत्प्रख्यात विभीषण थियो, ती ज्ञानका निधि (खानि) जस्ता र विष्णु भगवान्का भक्त थिए ॥ ५ ॥

रहे जे सुत सेवक नृप केरे ❀ भए निसाचर घोर घनेरे ॥६॥
कामरूप खल जिनस अनेका ❀ कुटिल भयंकर बिगत बिबेका ॥७॥
कृपा रहित हिंसक सब पापी ❀ बरनि न जाइ बिस्वपरितापी ॥८॥

ती राजाका छोरा सेवकहरू जो जो थिए ती पनि अनेक भयानक राक्षस भए । ॥ ६ ॥ ती सबै इच्छानुसारको रूप लिन सक्ने, बदमाश, जटाधारी, विकृत (विकराल) वेष भएका, कुटिल (बाँउठा) डरलाग्दा, विवेकरहित, निर्दय (निष्ठुर) हिंसातत्पर, र पापी थिए, संसारैलाई पिर्ने तिनको वर्णनै हुन सक्तैन ॥ ७ ॥ ८ ॥

दोहा–उपजे जदपि पुलस्त्यकुल पावन अमल अनूप ।
तदपि महीसुर श्राप बस भए सकल अघरूप ॥१८२॥

यद्यपि ती सबै पुलस्त्यऋषिका पवित्र निर्मल अतिउत्तम कुलमा जन्मे, तथापि ब्राह्मणहरूका सरापका प्रभावले ती सबै (विभीषणबाहेक) मूर्तिमान् पापपुञ्जजस्तै भए ॥ १८२ ॥ (ख)

(क) दैव विपरीत भएको हुनाले धूलो समानको कालकेतु राक्षस पाजीले प्रतापभानुजस्ता-प्रतापीलाई पहाड़जस्तो भएर थिच्यो । बाबुसमान मानेको कपटमुनि यमराजसमान भयो । मालासमान (प्रेमले आदर गरिएको) ब्राह्मणसमाजले सर्पजस्तो भएर डस्यो ।

रावणतर्फको संक्षिप्त परिचय

(ख) ब्रह्माजीका नाभिबाट पैदा भएका पुलस्त्यमुनि सुमेरु पर्वतमा तपस्या गर्न लागेका थिए । तृणविन्दु नाम भएका राजर्षि पनि त्यही पर्वतमा आश्रम गरेर सकुटुम्ब रहेका थिए । पुलस्त्य मुनिको आश्रम मनोहर दर्शनीय थियो । एकान्तमा रहेर तपस्या गर्न लागेका ती महात्मालाई देवकन्या ऋषिकन्याहरू आश्रममा आएर खलबल गर्दै पिर्न लागे । पुलस्त्य मुनिले त्यो उपद्रव हटाउनका निमित्त

चौ०—कीन्ह बिबिध तप तीनिहु भाई ❀ परम उग्र नहिं बरनि सो जाई ।।१।।
गएउ निकट तप देखि बिधाता ❀ माँगहु बर प्रसन्न मैं ताता ।।२।।
करि बिनती पद गहि दससीसा ❀ बोलेउ बचन सुनहु जगदीसा ।।३।।
हम काहू के मरहिं न मारे ❀ बानर मनुज जाति दुइ बारे ।।४।।
एवमस्तु तुम्ह बड़ तप कीन्हा ❀ मैं ब्रह्मा मिलि तेहि बर दीन्हा ।।५।।

तीनै भाई (रावण-कुम्भकर्ण-विभीषण) ले अनेक प्रकारका परम उग्र तपस्या गरे, त्यो तपस्याको वर्णन गर्न सकिदैन ।। १ ।। त्यस्तो तपस्या देखेर ब्रह्माजी तिनका समीप जानुभयो र "बाबु ! म प्रसन्न भएँ, वर माग" भन्नुभयो ।। २ ।। रावणले ब्रह्माजीका पाउ समातेर "हे जगतपति ! विधाता ! सुनिब्रक्सियोस् ; म वानर र मनुष्य यी २ जातबाहेक अरू कुनै प्राणीले मार्न खोज्दा पनि नमरूँ" यस्तो वचन बोल्यो ।। ३ ।। ४ ।। ब्रह्माजीले "एवमस्तु तथास्तु तिमीले ठूलो तपस्या गऱ्यौ, म ब्रह्मा आएर तिमीलाई त्यही वर दिएँ" भन्नुभयो ।। ५ ।।

"जुन कन्या मेरा संमुख आउली त्यो गर्भवती होली" यस्तो सराप दिए । उपद्रव शान्त भयो, एकदिन तृणविन्दु राजर्षिकी कन्या पुलस्त्यमुनिका संमुख पुगिछन्, तिनलाई सरापको वृत्तान्त थाहा थिएन । ती गर्भवती भैछन्, केही दिनपछि तृणविन्दुले थाहा पाएर ती कन्या पुलस्त्यमुनिलाई नै दिए । तिनबाट धार्मिकधुरन्धर विश्रवा पैदा भए । तिनलाई योग्य अवस्थामा भरद्वाजमुनिले कन्या दिए, त्यताबाट वैश्रवण (कुवेर) पैदा भए । कुबेरले तपस्या गरेर शंकरजीलाई प्रसन्न पारेका हुनाले दिक्पाल पदवी निधिपति पदवी शंकरमित्र पदवी पाए । उनले आफ्ना पिता विश्रवामुनिका आज्ञानुसार अघिअघि राक्षसहरूकी राजधानी भइरहेकी, विष्णु भगवान्ले ती दुष्ट राक्षसहरूलाई पातालतिर धपाएपछि खाली रहेकी लंका नगरीमा निवास गर्न लागे । ती ब्रह्माजीले दिएको पुष्पकनामक दिव्य विमानमा चढेर कतै जान लागेका थिए, त्यसै वेलामा परम सुन्दरी आफ्नी कन्या साथमा लिएर योग्य वर खोज्दै हिंडेको सुमाली राक्षसले कुबेरलाई देख्यो । त्यसलाई "कुवेरजस्तो छोरो मेरी छोरी केकसीले पाए बेस हुन्थ्यो" यस्तो रहर लाग्यो र छोरीलाई मनाएर त्यसले विश्रवामुनिका समीप पठायो । ती कन्या केकसीले आफ्नो अभिप्राय नबताउँदै विश्रवाले ज्ञानदृष्टिद्वारा सबै मनोरथ जानिहाले, र "यो घोर सन्ध्याकालमा पुत्रार्थिनी भएर आइछौ, घोर (डरलाग्दा) घोर राक्षस पुत्र पाउली" भने । ती कन्याले "तपाईंजस्ता महात्माका छोरा राक्षस मात्रै त ?" भन्दा विश्रवा खुशी भएर "एउटा छोरो धर्मात्मा पनि जन्मनेछ, लौ" भने । तदनुसार तिनले ३ पुत्र पैदा गरिन् रावण र कुम्भकर्ण ब्राह्मणवीर्यबाट पैदा भएर पनि दुवै प्रकृतिका प्रभावले राक्षस भए, विभीषण चाहिने धर्मात्मा भए । तिनै केकसीबाट शूर्पणखा नाम भएकी एउटी अलच्छिनी छोरी पनि जन्मी । शूर्पणखाको विवाह रावणले विद्युजिह्व नामक राक्षससँग गरिदियो । रावणको मयदानवकी छोरी मन्दोदरीसँग, कुम्भकर्णको बलिको छोरोकी छोरी (बलिकी नातिनी) वज्रज्वालासँग, विभीषणको गन्धर्वराज—शैलूषकी छोरी सरमासँग विवाह भयो । रावणले सारा देवलोक जितेर पातालको विजय गर्न कालकेयहरूसँग युद्ध गर्दा विद्युजिह्व (रावणको बहिनी-जुवाइँ) कालकेयहरूका दलपट्टि मिलेर युद्ध गर्न खडा भएको थियो, नचिन्हेर त्यसलाई (रावणले) मार्‍यो । त्यो युद्धमा ब्रह्माजीका आज्ञानुसार रावण र कालकेयहरूको सन्धि (मेल) भयो । विधवा भएकी बहिनी शूर्पणखालाई रावणले १४,००० राक्षस र आफ्ना विमातृ भाई खर दूषण त्रिशिराका साथ जनस्थानमा उच्छृङ्खल (छाडा) गराएर राखेको थियो । त्यही शूर्पणखाका दुश्चरित्रले गर्दा जनस्थानको र लङ्काको महायुद्ध भएर राक्षसवंशको संहार भयो ।

पुन प्रभु कुंभकरन पहि गएऊ ❀ तेहि बिलोकी मन बिसमय भएऊ ॥६॥
जौं एहि खल नित करब अहारू ❀ होइहि सब उजारि संसारू ॥७॥
सारद प्रेरि तासु मति फेरी ❀ माँगेसि नींद मास षट केरी ॥८॥

अनि ब्रह्माजी कुम्भकर्णका समीप जानुभयो, त्यसलाई देख्ता उहाँको मनमा बडो आश्चर्य लाग्यो। "यो पर्वताकार शरीर भएको राक्षसी प्रकृतिवाला दुष्टले रोजिन्दा आहार गर्न लाग्योभने, संपूर्ण संसार उजाड हुनेछ" यस्तो विचार गरेर शारदा (सरस्वती) लाई प्रेरणा गर्नुभयो र त्यसको बुद्धिको परिवर्तन गराउनुभयो (अघि माग्न आँटेका वरको उल्टो वर माग्ने पार्नुभयो) त्यसो हुँदा कुम्भकर्णले ६ महीनाको निद्रा माग्यो ॥ ६ ॥ ७ ॥ ८ ॥ (क) [ब्रह्माजी तथास्तु भनेर]

दोहा–गए बिभीषन पास पुनि कहेउ पुत्र बर मागु।
तेहि मागेउ भगवंत पद कमल अमल अनुरागु ॥१८३॥

विभीषणका समीप जानुभयो, र "पुत्र ! बाबु ! वर माग" भन्नुभयो। उनले भगवान्‌का चरणकमलमा विशुद्धप्रेम (पूर्णभक्ति) मागे ॥ १८३ ॥

चौ२–तिन्हहिं देइ वर ब्रह्म सिधाए ❀ हरषित ते अपने गृह आए ॥१॥
मयतनुजा मंदोदरि नामा ❀ परम सुंदरी नारि ललामा ॥२॥
सोइ मय दीन्हि रावनहिं आनी ❀ होइहि जातुधानपति जानी ॥३॥
हरषित भएउ नारि भलि पाई ❀ पुनि दोउ बंधु बिआहेसि जाई ॥४॥

तिनीहरूलाई वर दिएर ब्रह्माजी ब्रह्मलोक जानुभयो। तिनीहरू हर्षित भएर आफ्ना घर आए ॥ १ ॥

मय दानवकी अत्यन्त सुन्दरी, स्त्रीवर्गका मध्यमा सर्वश्रेष्ठ भएकी, मन्दोदरीनाम भएकी कन्या थिइन्। मयदानवले रावण राक्षसाधिराज हुनेछ भन्ने जानेर ती कन्या ल्याएर रावणलाई दियो ॥ २ ॥ ३ ॥ असल स्त्री पाउनाले रावण हर्षित भयो, अनि दुवै भाई (कुम्भकर्ण विभीषण)को विवाह गरायो ॥ ४ ॥

गिरि त्रिकूट एक सिंधु मझारी ❀ बिधि निर्मित दुर्गम अति भारी ॥५॥
सोइ मय दानव बहुरि सँवारा ❀ कनक रचित मनि भवन अपारा ॥६॥
भोगावति जसि अहिकुलबासा ❀ अमरावति जसि सक्र निवासा ॥७॥

(क) कुम्भकर्णले १ दिन सुत्ने ६ महीना जाग्ने वर माग्न आँटेको थियो, त्यो वर पाएको भए मनुष्याहारी त्यसले यो संसार चाँडै सिद्ध्याउने थियो, साह्रै अर्चेली गर्न खोज्ने त्यसको मनोरथ पूर्ण भएन र संसार बाँच्यो। ठीक हो, बाघका दुर्जनका, सर्पका, मनोरथ सबै सिद्ध हुन पाउँदैनन् र यो जगत् जिनतिन अडेको छ—

व्याघ्राणां च खलानां च सर्पाणां च मनोरथाः ॥
न सर्वे सिद्धिमायान्ति तेनेदं वर्तते जगत् ॥

तिन्ह तें अधिक रम्य अति बंका ❀ जग बिख्यात नाम तेहि लंका ॥८॥

समुद्रका माझमा विधाताले बनाएको अत्यन्त दुर्गम ठूलो एउटा त्रिकूट नाम भएको पर्वत थियो, त्यसैलाई मयदानवले अबाद गरेर त्यसमा नाना प्रकारका मणिले सुशोभित भएका, सुवर्णका ठूला ठूला घर बनाएर नागहरूको वासस्थान भोगावतीनगरी र इन्द्रको निवास अमरावतीभन्दा पनि अत्यन्त राम्री र अत्यन्त मजबूत नगरी (शहर) बनाएको थियो, त्यो नगरीको जगत्प्रख्यात नाम लङ्का हो ॥ ५ ॥ ६ ॥ ७ ॥ ८ ॥

दोहा–खाई सिंधु गभीर अति चारिहुँ दिसि फिरि आव ।
कनककोट मनि-खचित दृढ बरनि न जाइ बनाव ॥१८४॥
हरिप्रेरित जेहि कलप जोइ जातुधानपति होइ ।
सूर प्रतापी अतुल बल दल समेत बस सोइ ॥१८५॥

त्यो लंकानगरीका चारैतर्फ वरिपरि अत्यन्त गहिरो समुद्ररूपी खाई थियो (किल्लाका वरिपरि कृत्रिम खाई बनेको हुन्छ, यहाँ स्वतःसिद्ध खाई थियो) त्यहाँ मणिहरूले झकाझक पारेको सुवर्णको कोट (किल्ला) थियो, त्यसको शोभा र बनावट अवर्णनीय थियो। भगवान् (ईश्वर) का इच्छानुसार जुन कल्पमा जो राक्षसवर्गको राजा हुन्थ्यो, शूर प्रतापी बलवान् त्यही राजा आफ्नो दलबल साथ लिएर त्यहीं रहन्थ्यो ॥ १८४ ॥ १८५ ॥

चौ०–रहे तहाँ निसिचर भट भारे ❀ ते सब सुरन्ह समर सँघारे ॥१॥
अब तहँ रहहिं सक्र के प्रेरे ❀ रच्छक कोटि जच्छपति केरे ॥२॥

अघि त्यहाँ बडे बडे वीर राक्षस रहन्थे, लडाइँमा तिनीहरूलाई देवताले संघार गरे (कोही मरे कोही भागे)। अब त्यहाँ त्रैलोक्यपति इन्द्रका अह्रावटअनुसार यक्षपति (कुबेर) का करोडौं यक्षहरू नगरीका रक्षक भएर रहेका थिए ॥ १ ॥ २ ॥

दसमुख कतहुँ खबरि असि पाई ❀ सेन साजि गढ घेरेसि जाई ॥३॥
देखि बिकट भट बडि कटकाई ❀ जच्छ जीव लै गए पराई ॥४॥
फिरि सब नगर दसानन देखा ❀ गएउ सोच सुख भएउ बिसेषा ॥५॥
सुंदर सहज अगम अनुमानी ❀ कीन्हि तहाँ रावन रजधानी ॥६॥
जेहि जस जोग बाँटि गृह दीन्हे ❀ सुखी सकल रजनीचर कीन्हे ॥७॥
एक बार कुबेर पर धावा ❀ पुष्पक जान जीति लै आवा ॥८॥

यो खबर (लंका खाली छ भन्ने समाचार) रावणले कतैबाट पायो र सेना तयार गरेर लंकानगरीलाई घेर्‍यो ॥ ३ ॥ रावणका फौजका बडे बडे भयानकवीरहरूलाई देखेर यक्षहरू ज्यान जोगाएर भागे* ॥ ४ ॥ अनि रावणले लंकानगरी सबै हेर्‍यो, त्यसको सुर्ता

---

* तिनताक कुबेर लंकामा थिए, आफ्ना भाई संझेर अति उद्धत भएको रावणलाई संझाए बुझाए, "ब्रह्माजीका कुलमा पैदा भएकाले यस्तो तामसी काम गर्नु हुँदैन, मूर्ख! मैले रोक्ता रोक्तै अबुझ भएर

(कहाँ राजधानी बनाउँ ? भन्ने फिक्री) हरायो, अति आनन्द भयो ।। ५ ।। त्यो ठाउँ अति अगम ठहराएर रावणले त्यहाँ राजधानी (राजा भएर बस्ने नगरी) बनायो, ।। ६ ।। जसलाई जस्तो घर जोग्य थियो तदनुसार घर बाँडिदियो र सबै राक्षसलाई सुखी गरायो ।। ७ ।। एक फेर रावणले कुवेरका ऊपर चढाइ गर्‍यो, उनलाई जितेर पुष्पक विमान लिई आयो ।। ८ ।।

दोहा–कौतुकहीं कैलास पुनि लीन्हिसि जाइ उठाइ ।
मनहुँ तौलि निज बाहुबल चला बहुत सुख पाइ ।।१८६।।

फेरि लहडैले कैलास-पर्वत उठाएर लियो (थाम्या) मनैमनले आफ्ना बाहुका बलको तौल गर्‍यो र खूब आनन्दित भई फर्क्यो ।। १८६ ।। (क)

यस्तो उद्धत काम गर्न लागिस् , यस्ता कामको फल कस्तो हुँदो रहेछ, नरक पुगेपछि थाहा पाउलास् । जुन मूर्ख मूर्खताले मीठो मानेर विष पिउँछ, त्यो विषको परिणाम हुनलागेपछि विषपानको फल जान्दछ ।"

"..................युक्तं ! पैतामहे कुले ।। १७ ।।
यन्मया वार्यमाणस्त्वं नावगच्छसि दुर्मते ! ।
पश्चादस्य फलं प्राप्य ज्ञास्यसे निरयं गतः ।। १८ ।।
यो हि मोहाद् विषं पीत्वा नावगच्छति दुर्मतिः ।
स तस्य परिणामान्ते जानीते कर्मणः फलम्" ।। १९ ।। (वा रा. ७।१५)

यस्ता प्रकारले बुझाउँदा पनि रावणले हठ छाडेन, कुवेर र रावणको युद्ध भयो । आखिर कुवेरले हारे, लंका र पुष्पक छाड्नुपर्‍यो । कुवेरजी कैलाशका नगीचमा अलकापुरी बनाएर बसे, लंकामा रावणको ढलीमली चल्यो ।

(क) कुवेरलाई परास्त गरेपछि रावण कैलाशका नगीचैको शरवण (कार्तिकेय कुमारको जन्मभूमि) मा पुग्यो । त्यताबाट एउटा पर्वतमाथि पुगेको थियो, अकस्मात् पुष्पक–विमान अड्यो । पुष्पक अडिएपछि त्यसका साथमा रहेका मन्त्री–सेनापतिहरू खल्लबल्ल गर्न लागे, अनि त्यसका सामुन्ने डरलाग्दा कालो कैलो रूप भएका, पुड्का, छोट छोटा हात भएका, बलवान् नन्दी नाम भएका शंकरजीका प्रधान सेवक आएर "दशकन्धर ! तिमी फर्क, शंकरजी यो पर्वतमा राज भएको छ, यो पर्वतमा कोही आउन पाउँदैन" भनेर गए । रावण झोक्किएर "शंकर भनेको को हो ?" भन्दै पर्वतका फेदीमा गयो र शंकरजी राज भएका ठाउँमा पहरा दिन लागेका उनै नन्दिकेश्वरलाई देख्यो । जाज्वल्यमान भएको त्रिशूल हातमा लिएका, वानरको जस्तो मुख भएका नन्दिकेश्वरलाई देख्ता भदौको मेघ गर्जे जत्तिकै गरेर रावणले अट्टहास गर्‍यो (चिच्याएर हाँस्यो) । नन्दिकेश्वर रिसाएर "पाजी ! दशकन्धर ! मेरो रूप देखेर तँ हाँसिस् होइन ? मेरै रूप भएका असंख्य वानरले तेरो, तेरा छोराको, तेरा भाई-भतिजाको समेत घमंड तोडेर तेरा कुलको संहार गर्नेछन् । म अहिल्यै तँलाई मार्ने थिएँ, भएन के गरूँ ? तँ आफ्ना कुकर्मले मृतप्राय भइसकेको छस् , तँलाई मार्नु कत्रो कुरा थियो र ।" यसो भन्दा आकाशबाट पुष्पवृष्टि भयो, दिव्यदुन्दुभि बज्न लागे । मदान्ध रावण त्यस कुराको पर्वाह नराखेर कैलास पर्वतलाई २० हातले हल्लाउन लाग्यो, पर्वत खूब हल्लियो, शंकरजीका गणहरू हल्लखल्ल गर्न लागे, पार्वतीले डराएर शंकरजीलाई अंगालो हाल्नुभयो । शंकरजीले पाउका अङ्गुष्ठले (बूढी औंलाले) कैलासलाई थिच्नुभयो, त्यसो गर्दा पर्वत उचाल्न छरिएका रावणका २० हातमध्ये केही हातलाई किच्तै त्यो पर्वत ठाउँमा बस्यो, हात किचिंदा रावण चिच्च्याउन लाग्यो । रावणका चिच्च्याहटले त्रैलोक्य तर्स्यो । प्रलयकालका मेघको जस्तो गर्जना त्रैलोक्यमा

सुख संपति सुत सेन सहाई ❀ जय प्रताप बल बुद्धि बढाई ॥१॥
नित नूतन सब बाढत जाई ❀ जिमि प्रतिलाभ लोभ अधिकाई ॥२॥
अतिबल कुंभकरन अस भ्राता ❀ जेहि कहुँ नहि प्रति भट जग जाता ॥३॥
करै पान सोवै षट मासा ❀ जागत होइ तिहूँ पुर त्रासा ॥४॥

रावणका सुख, संपति, छोरा, छोरी, सेना, सहाय, जय, प्रताप, बल, बुद्धि, वृद्धि, यी सबै कुरा नित्य नयाँनयाँ भएर, लाभैपीछे लोभ बढेझैं बढदै गए ॥ १ ॥ २ ॥

जसको प्रतिभट (जोडा मिलेको योद्धा) जगत्मा कहीं पनि जन्मेन, त्यस्तो अतिबलवान् कुम्भकर्णजस्तो भाई थियो, जो सकस (यथेष्ट) मदिरा पिएर ६।६ महीना सुत्तथ्यो त्यो बिउँझदा त्रैलोक्यमा हाहाकार हुन्थ्यो ॥ ३ ॥ ४ ॥

जौं दिन प्रति अहार कर सोई ❀ बिस्व बेगि सब चौपट होई ॥५॥
समर धीर नहिं जाइ बखाना ❀ तेहि सम अमित बीर बलवाना ॥६॥
बारिदनाद जेठ सुत तासू ❀ भट महुँ प्रथम लीक जग जासू ॥७॥
जेहि न होइ रन सनमुख कोई ❀ सुरपुर नितहि परावन होई ॥८॥

त्यसले रोजिन्दा आहार गर्ने भएको भए सारा संसार झट्टै नै चौपट (खतम) हुने थियो । युद्धमा त्यसको धैर्य अवर्णनीय थियो (भाईको कुरा यो भयो अनि) त्यस्तै अतुलपराक्रमी अतुल बलवान् भएको, दुनियाँमा जसको योद्धामा प्रथम गणना थियो (पहिला लंबरको योद्धा भनेर दुनियाँ भन्दथ्यो) त्यस्तो मेघनाद (इन्द्रजित्) जस्तो ता जसको जेठो छोरो थियो । युद्धमा जसको संमुख पर्ने कोही थिएन, देवलोकमा समेत सधैं भागाभाग पर्दथ्यो (मेघनाद त्यस्तो हो) ॥ ५ ॥ ६ ॥ ७ ॥ ८ ॥

दोहा–कुमुख अकंपन कुलिसरद धूमकेतु अतिकाय ।
एक एक जग जीति सक ऐसे सुभट निकाय ॥१८७॥

दुर्मुख, अकम्पन, वज्रदँष्ट्र धूमकेतु, अतिकाय इत्यादि गरेका रावणका योद्धाहरू एकसे एक थिए, एउटैले जगत जित्न सक्तथे, यस्ता योद्धाहरू दलका दल थिए ॥ १८७ ॥

पुग्यो तत्तत् लोकका देवतापर्यन्त डरले कायल भए । मन्त्रीहरूले भन्दा रावणले मान्यो र शंकरको अनेक प्रकारले स्तुति गऱ्यो, शंकरले प्रसन्न भएर अंगुष्ठको बोझ हटाइदिंदा रावणले थिचिएका सबै हात झिक्यो र शंकरजीलाई सामुन्ने देख्यो । शंकरजीले "दशकन्धर ! तेरो हुंडर देख्ता म खुशी भएँ, तैंले कराएर सारा संसारलाई थर्काइस् त्यसो हुनाले तँलाई अबउप्रान्त दुनियाँले "रावण" भन्नेछन्, अब जहाँ जान्छस् जा" भन्नुभयो । धृष्ट रावणले "मदेखि खुशी हुनुभएको भए मलाई आफ्नो खड्ग (चन्द्रहास) दिनुहोस्न त" भन्यो । शंकरजीले "ला लैजा, यसको अपमान गरिस् भने यो फर्केर मसँग आउनेछ" भनेर त्यसलाई जगत् प्रसिद्ध चन्द्रहास नाम भएको खड्ग दिनुभयो, शंकरलाई ढोगदिएर रावण हिंड्यो ॥ (वाल्मीकीय रामायण ७ । १८)

चौ०–कामरूप जानहिं सब माया ❀ सपनेहुँ जिन्ह के धरम न दाया ॥१॥
दसमुख बैठ सभा एक बारा ❀ देखि अमित आपन परिवारा ॥२॥
सुतसमूह जन परिजन नाती ❀ गनै को पार निसाचरजाती ॥३॥
सेन बिलोकि सहज अभिमानी ❀ बोला बचन क्रोध मद सानी ॥४॥

यिनीहरू कामरूपी (इच्छानुसारको रूप लिन सक्ने) थिए, यी सपनामा पनि धर्म र दया गर्दैनथे ॥ १ ॥ एकदिन रावण सभामा बसेको थियो, त्यसले आफ्ना सबै परिवार त्यहाँ देख्यो, बथानका बथान छोरा, नोकर-चाकर, नातीका ताँती, बेगिन्ती ज्ञाति (स्वजातीय राक्षस) (त्यसको परिवार यत्रो थियो) ॥ २ ॥ ३ ॥ त्यसले आफ्नो फौज जम्मा भएको ता देखेकै थियो । स्वभावैले अभिमानी भएको (त्यो सैन्य र परिवार देख्ता अनन्तगुण अभिमान बढेको) रावण क्रोध र घमंडले मुछिएका वचन बोल्न लाग्यो ॥ ४ ॥

सुनहु सकल रजनीचर जूथा ❀ हमरे बैरी बिबुधबरूथा ॥५॥
ते सनमुख नहिं करहिं लराईं ❀ देखि सबल रिपु जाहिं पराईं ॥६॥
तेन्ह कर मरन एक बिधि होई ❀ कहौं बुझाइ सुनहु अब सोई ॥७॥
द्विजभोजन मख होम सराधा ❀ सब कै जाइ करहु तुम्ह बाधा ॥८॥

हे राक्षससैन्यहो ! सबैजना सुन । देवताको समूह हाम्रो वैरी हो ॥ ५ ॥ त्यो (देवसमूह) हाम्रो संमुख भएर लडाइँ गर्दैन, बलवान् शत्रु देख्ता भागेर जान्छ ॥ ६ ॥ तिनीहरूका मरणको एउटा उपाय छ, त्यो बुझाएर भन्दछु, सुन ॥ ७ ॥ ब्राह्मणभोजन, यज्ञयाग, श्राद्ध, यी सबै कामको तिमीहरू यत्रतत्र गएर बाधा (विघ्न) गर ॥ ८ ॥

दोहा–छुधाछीन बलहीन सुर सहजेहि मिलिहहिं आइ ।
तब मारिहौं कि छाडिहौं भली भाँति अपनाइ ॥१८८॥

अनि भोकले क्षीण शरीर भएका, बलहीन भएका देवताहरू सहजैमा (विनातकलीफ) आएर मिल्नेछन् (शत्रुभाव गर्दैनौं भन्न आउनेछन्) त्यस वेलामा कि ता सबैलाई मारिदिउँला, कि ता भलीभाँति स्वाधीन पारेर छाडिदिउँला ॥ १८८ ॥ (यति कुरा राक्षसहरूलाई अह्राएपछि)

चौ०–मेघनाद कहुँ पुनि हँकरावा ❀ दीन्ही सिख बलु बयरु बढावा ॥१॥
जे सुर समर धीर बलवाना ❀ जिन्ह कें लरिबे कर अभिमाना ॥२॥
तिन्हहिं जीति रन आनेसु बाँधी ❀ उठि सुत पितु अनुशासन काँधी ॥३॥

अनि मेघनादलाई बोलायो र बल वैरभाव बढाउने शिक्षा दिनलाग्यो ॥ १ ॥ "जुन जुन देवता युद्धमा धीर र बलवान् छन्, जसलाई लडाइँमा अभिमान छ, तिनीहरूलाई युद्धमा जितेर बाँधीकन ल्याएस् है" यस्तो आज्ञा दियो । मेघनादले उठेर त्यो आज्ञा शिरोपर गर्‍यो ॥ २ ॥ ३ ॥

एहि बिधि सबही आज्ञा दीन्ही ❀ आपुन चलेउ गदा कर लीन्ही ॥४॥
चलत दसानन डोलति अवनी ❀ गर्जत गर्भ स्रवहि सुररवनी ॥५॥
रावन आवत सुनेउ सकोहा ❀ देवन्ह तके मेरु गिरि खोहा ॥६॥
दिगपालन्ह के लोक सुहाए ❀ सूने सकल दसानन पाए ॥७॥
पुनि पुनि सिंघनाद करि भारी ❀ देइ देवतन्ह गारि पचारी ॥८॥

यस प्रकारले सबैलाई आज्ञा दियो र आफू हातमा गदा लिएर हिंड्यो ॥ ४ ॥ रावण हिंड्दा पृथ्वी डग्मगाउँथिन्, उसले गर्जदा देवाङ्गनाको गर्भपात गर्भस्राव हुन्थो (देवांगनाहरू तुहुन्थे)। रावण रिसाएर आउन लागेको खबर सुन्दा देवताहरू सुमेरु पर्वतका गुफा–कन्दरा–खोल्सा ताक्न लाग्दथे ॥ ५ ॥ ६ ॥ दिक्पालहरूका सुन्दर सुन्दर नगरहरूलाई रावण आएर शून्य देख्तथ्यो र ॥ ७ ॥ बारंबार ठूलो सिंहनाद गरेर देवताहरूलाई गाली गर्न लाग्दथ्यो ॥ ८ ॥

रनमद मत्त फिरइ जग धावा ❀ प्रतिभट खोजत कतहुँ न पावा ॥९॥
रबि ससि पावन बरुन धनधारी ❀ अगिनि काल जम सब अधिकारी ॥१०॥
किंनर सिद्ध मनुज सुर नागा ❀ हठि सब ही के पंथहि लागा ॥११॥
ब्रह्मसिष्टि जहँ लगि तनुधारी ❀ दशमुख बसवर्ती नर नारी ॥१२॥
आयसु करहिं सकल भयभीता ❀ नवहिं आइ नित चरन बिनीता ॥१३॥

यसरी मदमत्त भएर जगत्मा दौडेर घुमिरहेको थियो, खोज्दा पनि त्यसले आफ्नो प्रतिभट (जोडा लाग्ने जोद्धा) कहीं पाएन ॥ ९ ॥ हठ गरेर सूर्य, चन्द्र वायु वरुण, कुवेर, अग्नि, काल, यम, यी अधिकारी देवगण र सिद्ध, मनुष्य, देवता, नाग, यिनीहरूको रास्तामा लाग्यो (यिनलाई तंग पार्‍यो) ॥ १० ॥ ११ ॥ ब्रह्माजीका सृष्टिमा जतिसम्म शरीरधारी नर–नारी थिए, ती सबै दशमुखवशवर्ती (रावणाधीन) भएर भयभीत भैकन हुकूम मान्दथे, नित्य आएर नम्रताका साथ चरणमा घोप्टिन्थे ॥ १२ ॥ १३ ॥

दोहा–भुजबल बिस्व बस्य करि राखेसि कोउ न सुतंत्र ।
मंडलीकमनि रावन राज करै निज मंत्र ॥१८९॥
देव जच्छ गंधर्ब नर किंनर नाग कुमारि ।
जीति बरीं निज बाहुबल बहु सुन्दर बर नारि ॥१९०॥

त्यसले भुजबलका प्रभावले सारा संसारलाई वश पारेर राख्यो, कोही स्वतन्त्र थिएन । माण्डलिक राजाका मध्यमा मणिजस्तो भएर आफ्नै विचारले राज्य गर्दथ्यो । देवता, यक्ष, गन्धर्व, मनुष्य, किन्नर, नाग यिनलाई आफ्ना बाहुबलले जितेर राम्रा राम्रा असल असल यिनका कन्या विवाह गर्‍यो ॥ १८९ ॥१९० ॥

चौ०–इंद्रजीत सन जो कछु कहेऊ ❀ सो सब जनु पहिलेहिं करि रहेऊ ॥१॥
प्रथमहिं जिन्ह कहुँ आयसु दीन्हा ❀ तिन्ह कर चरित सुनहु जो कीन्हा ॥२॥

रावणले इन्द्रजीतसँग जो कुछ भनेको (अह्राएको) थियो, त्यो ता मानौं पहिल्यै गरिसकेको थियो (अर्थात् अह्राएको काम पहिल्यै गरिसकेको थियो कि ? भन्ने भान पर्ने गरी फूर्तिका साथ काम गर्दथ्यो)। सर्वप्रथम जुन राक्षसहरूलाई आज्ञा दिएथ्यो, तिनले जे जे काम गरे, त्यो तिनको चरित्र सुन॥॥ १॥ २॥

देखत भीम रूप सब पापी ❀ निसिचरनिकर देवपरितापी ॥३॥
करहिं उपद्रव असुरनिकाया ❀ नाना रूप धरहिं करि माया ॥४॥
जेहि बिधि होइ धरम निरमूला ❀ सो सक करहिं बेदप्रतिकूला ॥५॥

देवतालाई पिर्ने, देख्तैमा डर लाग्ने, ती पापी राक्षसगणहरू माया गरेर नाना प्रकारको रूप लिईकन उपद्रव गर्नलागे॥ ३॥ ४॥ जुन उपायले धर्म निर्मूल हुन्छ, वेदविरुद्ध त्यही त्यही उपाय गर्न थाले॥ ५॥

जेहि जेहि देस धेनु द्विज पावहिं ❀ नगर गाँउ पुर आगि लगावहिं ॥६॥
सुभ आचरन कतहुँ नहि होई ❀ देव बिप्र गुरु मान न कोई ॥७॥
नहिं हरिभगति जज्ञ तप ज्ञाना ❀ सपनेहु सुनिय न वेद पुराना ॥८॥

जुन जुन ठाउँमा गाई-ब्राह्मण भेट्टाउँथे, त्यो ठाउँमा नगर गाउँ पुर जे भए पनि आगो सल्काइदिन्थे॥ ६॥ असल आचार कहीं पनि नहुने भयो, देवता ब्राह्मण, गुरु माता-पिताको कसैले पनि मान गर्न लागेन! हरि-भक्त, यज्ञ, तप, ज्ञान हराए। वेद-पुराण सपनामा पनि नसुनिने भए॥ ७॥ ८॥

छन्द—जप जोग बिरागा तप मख भागा श्रवन सुनै दससीस।
आपुन उठि धावै रहै न पावै धरि सब घालै खीस॥
अस भ्रष्ट अचारा भा संसारा धरम सुनिअ नहि कान।
तेहि बहु बिधि त्रासै देस निकासै जो कह बेद पुरान॥१८॥

जप, योग, वैराग्य, तप, यज्ञभाग, कतै भएको कुरा कानले सुन्योभने झट उठेर रावण रिसले चुरिंदै दौडन्थ्यो र ती पुण्यकर्म रहन पाउँदैनथे, पक्डी पक्डीकन ध्वस्त पार्दथ्यो। संसारमा आचार यस्तो भ्रष्ट भयो कि कानले धर्मको कुरा सुन्न नपाइने भयो (धर्म गर्नाको ता के कुरा ?)। जसले वेद-पुराण पढ्दथ्यो, त्यसलाई अनेक प्रकारको यातना दिएर देशबाट निकालिदिन्थ्यो॥ १८॥

सोरठा—बरनि न जाइ अनीति घोर निसाचर जो करहिं।
हिंसा पर अति प्रीति, तिन्ह के पापहि कवनि मिति॥२६॥

ती दुष्ट राक्षस जो अन्यान्य गर्दथे त्यो बयान गर्न सकिंदैन। जसको प्रीति हिंसामा छ (अरू प्राणिमात्रमा प्रीति छैन) तिनका पापको के हिसाब ? (गणनै छैन)॥ २६॥

चौ०-बाढे खल बहु चोर जुआरा ❀ जे लंपट परधन परदारा ॥१॥
मानहिं मातु पिता नहीं देवा ❀ साधुन्ह सन करवावहिं सेवा ॥२॥
जिन्ह के यह आचरन भवानी ❀ ते जानेहु निसिचर सम प्रानी ॥३॥
अतिसै देखि धर्म कै ग्लानी ❀ परम सभीत धरा अकुलानी ॥४॥

पराइका धनमा र पराइका स्त्रीमा लंपट भएका बदमाश, चोर, जुवारी खूब बढे ॥ १ ॥ दुनियाँले आमा-बाबु देवता मान्न छाड्यो, आफ्नो सेवा-टहल साधुसन्तलाई पकडेर तिनैद्वारा गराउन लाग्यो ॥ २ ॥ पार्वति ! जसका आचरण यस्ता छन् ती प्राणीलाई (मनुष्यै भए पनि) राक्षससमान जान ॥ ३ ॥ यस्ता प्रकारले धर्मको खूब हानि (बाधा) भएको देखेर भयभीत भएकी पृथ्वीमाता अति व्याकुल भइन् ॥ ४ ॥

गिरि सरि सिंधु भार नहि मोही ❀ जस मोहि गरुव एक परद्रोही ॥५॥
सकल धर्म देखै बिपरीता ❀ कहि न सकै रावनभय भीता ॥६॥
धेनुरूप धरि हृदय बिचारी ❀ गई तहाँ जहँ सुरमुनि झारी ॥७॥
निज संताप सुनायेसि रोई ❀ काहु तें कछु काज न होई ॥८॥

(पृथ्वीमाता मनै मनमा भन्न लागिन् कि) "पहाड़, नदी, समुद्रको मलाई उत्तिको गह्रौं भार लाग्दैन, जत्तिको गह्रौं भार परद्रोहीको लाग्दछ ।" (यो विचार गरेर) सबै धर्म विपरीत भएको (अहिंसाको ठाउँमा हिंसा, सत्यको ठाउँमा मिथ्या, इत्यादि भएको) देखेर पृथ्वी साह्रै डराइन् तापनि रावणका डरले केही बोल्न सकिनन् र गाईको रूप धारण गरेर विचारपूर्वक (ज्यान जोगाउँदै) जहाँ देवता र मुनीश्वर थिए तहाँ गइन् ॥ ५ ॥ ६ ॥ ७ ॥ (क)

धेनुरूपधारिणी धर्तीमाताले रोएर आफ्नो संताप सुनाइन् , कसैबाट केही उपकारको काम भएन ॥ ८ ॥

छन्द-सुर मुनि गंधर्बा मिलि करि सर्बा गे बिरंचि के लोक ।
सँग गोतनुधारी भूमि बिचारी परमबिकल भय सोक ॥

(क) पृथ्वी, नदी, पर्वतहरूको २ रूप (भौतिक र दैविकरूप) हुन्छ, यिनीहरूलाई पनि सुख दुःखको अनुभव हुन्छ । [१]साधु-सन्त, [२]उदार दाता, [३]पतिव्रता स्त्री, [४]सत्यवादी, [५]गाई, [६]ब्राह्मण, [७]वेद, यति ७ चीज ठीक रहेभने पृथ्वी सुविस्ता साथ रहन्छिन् , यिनमा गडबड भयोभने पृथ्वीमातालाई आपत्ति पर्दछ । पृथ्वीमातालाई आपत्ति परेपछि पृथ्वीमा रहने, पृथ्वीका उब्जनीले जीविका चलाउने मनुष्य प्रभृति प्राणीको सर्वसंहार हुन आउँछ ।

साधुभिर्दानवीरैश्च सतीभिः सत्यवादिभिः ।
गोभिर्विप्रैश्च वेदैश्च सप्तभिर्धार्यते मही ॥

दुनियाँलाई सुरक्षित राख्ने (यो लोक परलोक दुवै सपारिदिने) आचरणलाई धर्म भन्दछन् , त्यसैले प्रजाको भलो हुन्छ । धर्म भत्क्यो भने सबै कुरा भत्कन्छ ॥

"धारणाद्धर्म इत्याहुर्धर्मो धारयते प्रजाः ।" मनु.

ब्रह्मा सब जाना मन अनुमाना मोर कछु न बसाइ ।
जा करि तैं दासी सो अबिनासी हमरेउ तोर सहाइ ॥१९॥

देवता,मुनि,गन्धर्व इत्यादि सबै साथसाथ भएर ब्रह्मलोक गए, भय र शोकले अति व्याकुल भएकी बिचारी गोरूपधारिणी पृथ्वी पनि सँगै गइन् । ब्रह्माजीले मनैका अनुमान (अडकल) ले सबै कुरा जान्नुभयो र "धेनुरूपधारिणि ! वसुन्धरे ! तिमी जसकी दासी छौ उनै अविनाशी (विष्णु भगवान्) मेरा र तिम्रा सहायक हुनुहुन्छ" (मैले मात्रै के गर्न सक्तछु र ?) (भन्नुभयो) ॥ १९ ॥

सोरठा–धरनि धरहि मन धीर, कह बिरंचि हरिपद सुमिरु ।
जानत जन की पीर, प्रभु भंजिहि दारुन बिपति ॥२७॥

ब्रह्माजीले, "विष्णु भगवान्का चरणको स्मरण गर, उनै प्रभु भक्तका मनको पीर जान्नुहुन्छ, उनै प्रभु यो भयानक आपत्ति नष्ट पार्नुहुनेछ, हे धर्ति ! धैर्य धारण गर" भन्नुभयो ॥ २७ ॥

चौ०–बैठे सुर सब करहिं बिचारा ❀ कहँ पाइअ प्रभु करिय पुकारा ॥१॥
पुर बैकुंठ जान कह कोई ❀ कोउ कह पयनिधि बस प्रभु सोई ॥२॥
जाके हृदय भगति जसि प्रीती ❀ प्रभु तहँ प्रगट सदा तेहि रीती ॥३॥
तेहि समाज गिरिजा मै रहेऊँ ❀ अवसर पाइ बचन एक कहेऊँ ॥४॥

अनि सबै देवताहरू बसेर विचार गर्न लागे, "प्रभु भगवान् विष्णु कहाँ भेट्टाइनुहोला ? र दुःखपुकारा गरौंला हँ ?" यसो कोही भन्दथे, कोही वैकुण्ठपुरी जानुपर्दछ भन्दथे, कोही क्षीरसमुद्रमा प्रभुभगवान् रहनुभएको छ भन्दथे । पार्वति ! जसका हृदयमा जस्तो भक्ति जस्तो प्रीति छ, तदनुसार प्रभुजी सदा-सर्वदा त्यहीं प्रकट हुनुहुन्छ ॥ १ ॥ २ ॥ ३ ॥ गिरिजे ! म पनि त्यही समाजमा थिएँ, मौका पाएर एउटा वचन बोलें (के भने ?) ॥ ४ ॥

हरि ब्यापक सर्बत्र समाना ❀ प्रेम तें प्रगट होहिं मैं जाना ॥५॥
देस काल दिसि बिदिसिहु माही ❀ कहहु सो कहाँ जहाँ प्रभु नाहीं ॥६॥
अग जग मय सब रहित बिरागी ❀ प्रेम तें प्रभु प्रगटै जिमि आगी ॥७॥
मोर बचन सब के मन माना ❀ साधु साधु करि ब्रह्म बखाना ॥८॥

"हरि सर्वत्र समानभावले व्यापक हुनुहुन्छ । मेरा समझमा प्रेमले प्रकट हुनुहुन्छ ॥ ५ ॥ देश, काल, दिशा, विदिशा (दिशा दिशाको माझ) मध्ये कुन देश, कुन काल, कुन दिशा, कुन विदिशामा प्रभु हुनुहुन्न; त्यो बताउनुहोस् त ? अग (गतिरहित) जगमय (सब रूप) भए पनि प्रेमले प्रभुजी प्रकट हुनुहुन्छ । जस्तै अग्नि सर्वत्र फैलिएका अदृश्य छन् तापनि मथनादि प्रयत्नले प्रकट (दृश्य) हुन्छन्, त्यस्तै परमेश्वर व्यापक हुनुहुन्छ तापनि पूर्ण प्रेमरूपी प्रयत्नले प्रकट (दृश्य) हुनुहुन्छ" ॥ ६ ॥ ७ ॥ पार्वति ! यस्तो मेरो वचन सबैलाई मनपर्‍यो (सबैले मनासीव माने) ब्रह्माजीले साधु ! साधु ! (ठीक ! ठीक !) भनेर बयान गर्नुभयो ॥ ८ ॥

दोहा–सुनि बिरंचि मन हरष तन पुलकि नयन बह नीर ।
अस्तुति करत जोरि कर सावधान मतिधीर ॥१९१॥

मेरो वचन सुनेर मन हर्षित भयो, शरीरमा रोमाञ्च भयो, आठै नेत्रबाट हर्षाश्रुको धारा बग्न लाग्यो, सावधान भएर बुद्धि स्थिर गरेर आठै हात जोरेर (४ अञ्जलि बाँधेर) ब्रह्माजी स्तुति गर्न लाग्नुभयो ॥ १९१ ॥

छन्द–जय जय सुरनायक जनसुखदायक प्रनतपाल भगवंत ।
गो द्विज हितकारी ! जय असुरारी ! सिंधुसुता प्रिय कंत ॥
पालन सुर धरनी अद्‌भुत करनी मरम न जानै कोइ ।
जो सहज कृपाला दीनदयाला करौ अनुग्रह सोइ ॥२०॥

हे सुरनायक ! हजूरको जय होस् (देवताका नायक भएका हजूरले आत्मीयदेवतावर्गको ऐल्हे रक्षा नगरे रावणद्वारा यिनीहरूको नाश हुनलाग्यो, ऐल्हे ता प्रभुले आफ्नो उत्कर्ष (जय) प्रकाश गर्ने समय छ, तस्मात् हजूरको जय जय (डबल उत्कर्ष) होस्) । हे जनसुखदायक ! हजूरको जय जय होस् (प्राणिमात्रलाई सुख दिने प्रण गर्ने हजूरले रावणद्वारा दुःखित भएका प्राणीको उद्धारका निमित्त आफ्नो उत्कर्ष (जय) प्रकाश गर्ने समय छ, तस्मात् हजूरको जय जय होस्) । हे प्रणतपाल ! हजूरको जय होस् (शरणागतपालक भएका हजूरले शरणागत भएका हाम्रो पालनाका निमित्त त्रैलोक्यकण्टक रावण प्रभृतिको दमन गर्नुपर्ने हुनाले उत्कर्ष (जय) प्रकाश गर्ने समय भयो, तस्मात् हजूरको जय जय होस्) । हे भगवान् ! हजूरको जय जय होस् ! (षडैश्वर्यसंपन्न भएका हजूरको जय स्वतःसिद्धै छ, अब रावणको पीर खप्न सकिदैन, त्यो जय प्रकाश गर्नुहोस्) । हे गोद्विजहितकारी ! हजूरको जयहोस् गाई र ब्राह्मणले साह्रै दुःख पाए, यिनको हितका निमित्त उत्कर्ष (जय) प्रकाश गर्नुहोस्) । हे असुरारी ! हजूरको जय होस् (विषयभोगैलाई परमार्थ संझने मूढमति असुरहरूलाई पिटेर तहलाउने हुनाले आपाततः (सुन्नेबित्तिकै) दैत्यका (असुरका) शत्रु भएका हजूरले ती असुरलाई तहलाउन उत्कर्ष देखाउने वेला भयो, ती साह्रै भाँडिए, लर्तेरा चोटले तह लाग्दैनन्, तस्मात् हजूरको जय प्रकट होस्) । हे सिन्धुसुताप्रियकान्त ! हजूरको जय जय होस् (भगवती क्षीरसागरनन्दिनी लक्ष्मीका प्राणवल्लभ हजूरै हुनुहुन्छ, लक्ष्मीका भौतिक र दैविक दुइ स्वरूप- मध्ये त्रैलोक्यको भौतिकस्वरूप रुपया पैसा, सुना-चाँदी, जर्जवाहरात, जम्मै रावणले गुटमु- ट्याइक्यो, लक्ष्मीको अर्धशरीरापहार भयो, अब विलम्ब गर्ने वेला छैन, उत्कर्ष (जय जय) प्रकट होस्) । प्रभो ! देवता र पृथिवीका रक्षाका निमित्त हजूरबाट अद्भुत अद्भुत जुन जुन कर्म हुन्छन्, तिनको मर्म (रहस्य) कोही जान्दैन । हजूर स्वाभाविक दयालु र दीनदयालु हुनुहुन्छ, त्यति कारणले (हामीले सेवा पूर्ण गर्न सकेका छैनौं तापनि) अनुग्रह गर्नुहोस् ॥ २० ॥

जय जय अबिनासी सब घट बासी ब्यापक परमानंद ।
अबिगत गोतीतं चरित पुनीतं माया रहित मुकुंद ॥

जेहि लागि बिरागी अति अनुरागी बिगत मोह मुनिबृंद ।
निसिवासर ध्यावहिं गुनगन गावहिं जयति सच्चिदानंद ॥२१॥

हे भगवन् ! अविनाशी ! घटघटवासी ! व्यापक ! परमानन्दरूप ! हजूरको जय जय होस्। हे गति र इन्द्रियदेखि पर रहेका ! (नभेट्टाइने नजानिने भएका), हे पवित्र चरित्र ! हे मायारहित ! हे मुकुन्द ! (हे मुक्तिदाता) ! भगवन् ! जसका लागि (जुन कुराको प्राप्तिका निमित्त) वैराग्यवान्, अत्यन्त भक्तिमान्, मोहरहित भएका मुनिवृन्दहरू (मुनीश्वरहरूका समूहका समूह) अहोरात्र ध्यान गर्दछन्, गुणगान गर्दछन्, त्यही सत् (नित्य सत्तावान्) चित् (चैतन्यरूप) आनन्द (सुखरूप) हुनाले "सच्चिदानन्द" भनेर वर्णन गरिएको वस्तु हजूरै होइबक्सिन्छ, अतएव हजूरै सर्वश्रेष्ठ होइबक्सिन्छ ॥ २१ ॥

जेहि सृष्टि उपाई त्रिबिध बनाई संग सहाय न दूजा ।
सो करउ अघारी चिंत हमारी जानिय भक्ति न पूजा ॥
जो भवभय भंजन मुनिमन रंजन गंजन बिपतिबरूथ ।
मन बच क्रम जानी छाड़ि सयानी सरन सकल सुरजूथ ॥२२॥

जसले दोस्रो सहाय (मद्दत) विना सृष्टिको उपाय तीन प्रकारको (सत्त्वगुणी विष्णु, रजोगुणी म, तमोगुणी रुद्र) बनायो, उनै हजूर पापहारी हुनुहुन्छ, हाम्रो चिन्ता (मनोरथ) पूर्ण गर्नुहोस् (पापका प्रभावले ऐलेसम्म पूर्ण नभएको हाम्रो मनोरथ ऐले पापहारी हजूरका स्मरणले पाप नष्ट भएर पूर्ण होस्) । भगवन् ! भक्ति र पूजा म जान्दिनँ (फगत स्मरण मात्रको आधारमा छु) किनकि ? हजूर भवभयभंजन (संसारभयसंहारी) मुनिमनरञ्जन (मुनीश्वर हर्षकर) र विपत्तिका परंपरा नष्ट गर्ने हुनुहुन्छ, तस्मात् संपूर्ण देवसमूह चातुर्य छाडेर अकल गुम् हुन गएर) ऐले मनसा कर्मणा वाचा र स्वभावले हजूरको शरण परेको छ ॥ २२ ॥

सारद श्रुति सेषा रिषय असेषा जा कहुँ कोउ नहि जान ।
जेहि दीन पिआरे बेद पुकारे द्रवौ सो श्रीभगवान ॥
भव बारिधि मंदर ! सब बिधि सुंदर ! गुनमंदिर ! सुख पुंज ! ।
मुनि सिद्ध सकल सुर परम भयातुर नमत नाथपद कंज ॥२३॥

जसलाई शारदा, श्रुति, शेष, संपूर्ण ऋषिमध्ये कसैले जानेन, जसलाई वेदले "दीन वत्सल" भनेर पुकारेको छ, उनै श्रीभगवान् हाम्रा उपर दयाले पग्लून् (दयाद्रुत होऊन्) हे भववारिधिमन्दर ! (संसारसमुद्रको मथन गरेर मुक्तिरूपी अमृत निकाल्नलाई मन्दराचलरूप भएका !) हे सर्व प्रकार सुन्दर ! हे सुखसमूहरूप ! हे नाथ ! भयले अत्यन्त व्यकुल भएका मुनि-सिद्ध-देवताहरू हजूरका चरणकमलको वन्दना गरिरहेका छन् (प्रभु ! करुणा रहोस्) ॥ २३ ॥

दोहा–जानि सभय सुर भूमि सुनि बचन समेत सनेह ।
गगन गिरा गम्भीर भइ हरनि सोक सन्देह ॥१९२॥

देववर्ग र पृथ्वीलाई डराएको जानेर स्नेहसहितको प्रार्थना वचन सुनेपछि शंका र सन्देहलाई हरण गर्ने अति गंभीर आकाशवाणी भयो ॥ १९२ ॥

चौ०–जनि डरपहु मुनि सिद्ध सुरेसा ❀ तुम्हहिं लागि धरिहौं नरबेसा ॥१॥
अंसन्ह सहित मनुज अवतारा ❀ लैहौं दिनकरबंस उदारा ॥२॥
कस्यप अदिति महा तप कीन्हा ❀ तिन्ह कहुँ मैं पूरब बर दीन्हा ॥३॥
ते दसरथ कौसल्या रूपा ❀ कोसलपुरी प्रगट नरभूपा ॥४॥

"हे मुनि, सिद्ध, देवताहो ! नडराऊ, म तिमीहरूका निम्ति मनुष्यरूप धारण गर्नेछु ॥ १ ॥ सूर्यका उत्तम वंशमा आफ्ना अंशले सहित भएर मनुष्यको अवतार लिनेछु ॥ २ ॥ कश्यप-प्रजापति र अदितिले ठूलो तप गरेका थिए, तिनलाई मैले अघि वर दिएको थिएँ ॥ ३ ॥ ती दुई जना ऐह्ले कोसलपुरी (अयोध्या) मा राजा दशरथ र कौसल्यारानीको रूपले प्रकट भएका छन् ॥ ४ ॥

तिन्ह कें गृह अवतरिहौं जाई ❀ रघुकुलतिलक सुचारिउ भाई ॥५॥
नारदबचन सत्य सब करिहौं ❀ परमसक्ति समेत अवतरिहौं ॥६॥
हरिहौं सकल भूमि गरुआई ❀ निर्भय होहु देव समुदाई ॥७॥
गगन ब्रह्मबानी सुनि काना ❀ तुरत फिरे सुर हृदय जुड़ाना ॥८॥
तब ब्रह्मा धरनिहि समुझावा ❀ अभय भई भरोस जिय आवा ॥९॥

रघुकुलतिलक (रघुराजाका कुलको शृङ्गार स्वरूप) ४ भाइ भएर तिनैका घरमा अवतार लिन जानेछु ॥ ५ ॥ नारदका सबै वचन सत्य गर्नेछु, आदिशक्तिसहित भएर अवतार लिनेछु ॥ ६ ॥ पृथ्वीको सकल भार हर्नेछु, हे देववर्गहो ! तिमीहरू निर्भय होऊ" ॥ ७ ॥ यस्ती आकाशमा पैदा भएकी ब्रह्मवाणी (परमात्माकी वाणी) कानले सुनेर देवताहरू चित्त शीतल भएर फर्के ॥ ८ ॥ अनि ब्रह्माजीले पृथ्वीलाई संझाउनुभयो (सान्त्वना दिनुभयो) र ती निर्भय भइन्, तिनका चित्तमा भरोसा आयो ॥ ९ ॥

दोहा–निज लोकहिं बिरंचि गे देवन्ह इहै सिखाइ ।
बानरतनु धरि धरि महि हरिपद सेवहु जाइ ॥१९३॥

देवताहरूलाई "पृथिवीमा वानरको शरीर धारण गरेर भगवान्का चरणको सेवा गर" यति शिक्षा दिएर ब्रह्माजी आफ्नो लोकमा जानुभयो ॥ १९३ ॥ (क)

(क) "अघिको "सुरमुनि गन्धर्वा मिलि करि सर्वा गै बिरंचि कै लोका" यो वचनको अनुसार ब्रह्माजीले ब्रह्मलोकमै रहेर भगवान्को प्रार्थना गरेका थिए, अब त्यताबाट ब्रह्मलोक जानुभयो भन्ने कुरा कसरी संगत हुन्छ ?" कोही यस्तो शंका गर्दछन् । त्यसमा—"देवताहरू अघि खास ब्रह्मलोकमा गएका होइनन् । सुमेरु पवतको ब्रह्मसभामा गएका हुन्, ब्रह्माजीले त्यहीं ईश्वरप्रार्थना गर्नुभयो र त्यताबाट ब्रह्मलोक

चौ०–गए देव सब निज निज धामा ❀ भूमि सहित मन कहुँ बिस्रामा ॥१॥
जो कछु आयसु ब्रह्मा दीन्हा ❀ हरषे देव बिलंब न कीन्हा ॥२॥
बनचरदेह धरी छिति माहीं ❀ अतुलित बल प्रताप तिन्ह पाहीं ॥३॥
गिरि तरु नख आयुध सब बीरा ❀ हरिमारग चितवहिं मतिधीरा ॥४॥

सबै देवता आफ्ना आफ्ना लोकमा गए, पृथ्वीसहित भएका तिनका मनमा विश्राम (आराम = सुविस्ता) भयो ॥ १ ॥ ब्रह्माजीले जो आज्ञा दिनुभयो, त्यस कुरामा हर्षित भएर विलम्ब गरेनन् ॥ २ ॥ तिनीहरूले पृथिवीमा वनचर (वानर) को रूप धारण गरे, तिनमा बल-प्रताप अतुल (अनुपम) थियो ॥ ३ ॥ वीर भएका तिनीहरू पर्वतायुध (पर्वतै हतियार भएका) वृक्षायुध नखायुध भएर र धीर बुद्धि भएर भगवान्को बाटो हेरिरहेका (भगवान् लाई पर्खिरहेका) थिए ॥ ४ ॥

गिरि कानन जहँ तहँ भरि पूरी ❀ रहे निज निज अनेक रुचि रूरी ॥५॥
यह सब रुचिर चरित मैं भाषा ❀ अस सो सुनहु जो बीचहिं राखा ॥६॥

ती जतातत्तै पहाड जंगल भरिपूर पारेर आफ्ना आफ्ना दल राम्रो गरी तयार गरेर बसे ॥ ५ ॥ पार्वती ! यो प्रसंगले आएको, सुन्दर चरित्र मैले बताएँ, अब बीचमा थामिएको (सिलसिला छुटेको) त्यो वृत्तान्त सुनाउँछु, सुन ॥ ६ ॥

अवधपुरी रघुकुलमनि राऊ ❀ बेदबिदित तेहि दशरथ नाऊ ॥७॥
धर्मधुरंधर गुननिधि ज्ञानी ❀ हृदय भगति मति सारँगपानी ॥८॥

अयोध्यामा रघुकुलमणि राजा थिए, वेदमा पनि बखानिएका ती राजाको नाम दशरथ थियो ॥ ७ ॥ ती राजा धार्मिक–धुरन्धर, राज-गुणपूर्ण, ज्ञानी थिए । तिनका हृदयमा भक्ति थियो, तिनका बुद्धिमा भगवान् शार्ङ्गपाणि (शार्ङ्गधनु लिने विष्णु) हुनुहुन्थ्यो ॥ ८ ॥

दोहा–कौसल्यादि नारि प्रिय सब आचरन पुनीत ।
पति अनुकूल प्रेम दृढ़ हरिपद कमल बिनीत ॥१९४॥

तिनका प्यारा, पवित्र आचरणवाला, अनुकूल (आशयअनुसार चल्ने,) हरिचरणमा दृढ प्रेमी, नम्र, कौशल्या आदि गरेका (कौशल्या–कैकेयी–सुमित्रा यी ३ प्रधान) रानी थिए ॥ १९४ ॥

चौ०–एक बार भूपतिमन माहीं ❀ भै गलानि मोरे सुत नाहीं ॥१॥
गुरगृह गए तुरत महिपाला ❀ चरन लागि करि बिनय बिसाला ॥२॥
निज दुख सुख सब गुरहि सुनाएउ ❀ कहि बसिष्ठ बहु बिधि समुझाएउ ॥३॥

एक समयमा राजा दशरथका मनमा मेरा छोरा छैनन् भन्ने ग्लानि (खेद) भयो ॥ १ ॥ अनि ती राजाले झट्टै गुरु वशिष्ठका घर गएर पाउपरीकन विस्तारपूर्वक विन्ति

जानुभयो'' यस्तो समाधान कसै कसैले गरेका छन् । ''तिमीहरू आजकाल रावणका त्रासले राती नीद न दिन भोक भएका छौ, अब—निजलो (निदाऊ) कही (भनेर) ब्रह्माजी जानुभयो (भवनका भित्र पाल्नुभयो)'' यस्तो समाधान पनि हुन सक्तछ ।

गरे ॥ २ ॥ राजाले आफ्नो दुःख-सुख सब गुरुलाई सुनाए । अनि वशिष्ठजीले धेरै तरहसँग संझाएर भने कि—॥ ३ ॥

धरहु धीर होइहहिं सुत चारी ❀ त्रिभुवन बिदित भगतभय हारी ॥४॥
सृंगी रिषिहि बसिष्ठ बोलावा ❀ पुत्रकाम सुभ जज्ञ करावा ॥५॥
भगति सहित मुनि आहुति दीन्हे ❀ प्रगटे अगनि चरु कर लीन्हे ॥६॥
जो बसिष्ठ कछु हृदय बिचारा ❀ सकल काज भा सिद्ध तुम्हारा ॥७॥
यह हबि बाँटि देउ नृप जाई ❀ जथाजोग जेहि भाग बनाई ॥८॥

"राजन् ! धैर्य धारण गर । त्रैलोक्यमा प्रख्यात भएका, आफ्ना भक्तको भय हरण गर्ने चार (४) छोरा हुनेछन्" । यति भनेर वशिष्ठले श्रृंङ्गी ऋषिलाई बोलाई पठाए (उनी आएपछि) पुत्रको कामना गरेर शुभ यज्ञ (पुत्रेष्टि) गराए ॥ ४ ॥ ५ ॥ ऋष्यश्रृङ्गमुनिले भक्तिसहित भएर आहुति दिए, अग्निनारायण मूर्तिमान् भएर हातमा चरु (पायस—खीर) लिएर प्रकट भए ॥ ६ ॥ अग्निले बोले—राजन् ! वशिष्ठले हृदयमा जो कुछ विचार गरेको थियो त्यो तिम्रो सबै काम सिद्ध भयो । गएर यो हवि (चरु—पायस) यथायोग्य जति भाग गर्नुपर्छ त्यति भाग गरेर रानीहरूलाई बाँडिदेउ ॥ ७ ॥ ८ ॥ (क)

दोहा—तब अदृस्य भए पावक सकल सभहि समुझाइ ।
परमानंद मगन नृप हरष न हृदय समाइ ॥१९५॥

(क) दशरथ राजाकी शान्ता नाम भएकी कन्या थिइन् । अंगदेशका राजा रोमपादले ती कन्यालाई आफ्नी छोरी गराएर पालेका थिए, यी दुई राजाहरूको घनिष्ठ मित्रता थियो । "अघिबाट जसको सन्तान जन्मन्छ उसले त्यो सन्तान मित्रलाई दिनु" यस्तो वाचाबन्धन गरेको हुनाले दशरथले पहिले जन्मेकी एउटी छोरी दिनुपरेको हो । ती छोरी दिएपछि कुनै सन्तान जन्मेका थिएनन् । उतातिर रोमपादका राज्यमा एक समय ठूलो अनावृष्टि पर्‍यो, त्यसको शान्तिका निमित्त सल्लाह हुनलाग्दा ऋषिहरूले "विभाण्डक ऋषिका छोरा ऋष्यश्रृङ्ग साह्रै ठूला तपस्वी छन्, तिनलाई यहाँ ल्याए वृष्टि हुन्छ" यस्तो राय दिए । ऋष्यश्रृङ्ग आजन्म आफ्नो आश्रम नछाडेका ब्रह्मवर्चस्वी (ब्रह्मतेज पूर्ण भएका) स्त्रीव्यक्ति नदेखेका थिए । उनका बाबु विभाण्डक अति उग्र स्वभावका समर्थ महातपस्वी थिए । "लोभ—लाल्चाले ऋष्यश्रृङ्ग अवश्य आउँदैनन्, केही जाल गर्नुपर्छ" यस्तो विचार गरेर राजाले सिपालु सुन्दरी सुन्दरी वेश्याहरू पठाए र तिनीहरूले विभाण्डक नभएको मौका पारेर नाना प्रकारका स्त्रीचेष्टा गरी ऋष्यश्रृङ्गलाई बहकएर अङ्गदेशमा ल्याइपुर्‍याए । ऋष्यश्रृङ्गले अङ्गदेश छुनाका साथ यथेष्ट वृष्टि भयो, विभाण्डक ऋषि क्रोधले जाज्ज्वल्यमान भएर छोरालाई पछ्याउँदै आइपुगे । तिनको क्रोधले विकराल भएको स्वरूप देखेर तिनको तपोबल थाहा पाउने राजालाई साह्रै ठूलो भय र सन्ताप पर्‍यो । हात जोडेर "महात्मन् ! देशको भलाइका निमित्त विनातपाईंको आज्ञाले तपाईंका छोरालाई यहाँ ल्याएँ, क्षमा पाउँ" भनेर धेरै अनुनय विनय गर्दा महात्माजीको क्रोध केही शान्त भयो र "छोरालाई बाँचुञ्ज्याल ब्रह्मचारी नै राख्ने विचार गरेको थिएँ, यी बजिनी वेश्याहरूले त्यसको ब्रह्मचर्य भ्रष्ट पारेछन् मैले थाहा पाएँ । अब त्यसको विवाह नगरी भएन, तिम्री छोरी दिन्छौभने भैगो, होइनभने हेरत" यो वचन बोले । लाचारीका साथ राजाले आफ्नी छोरी शान्ता ऋष्यश्रृङ्गलाई दिएर खूब आदरका साथ बिदा गरे । उनै ऋष्यश्रृङ्गलाई ठूलो प्रभाव भएका तपस्वी र आफ्ना जुवाइंसमेत संझेर दीर्घदर्शी वशिष्ठजीले बोलाएर यज्ञ गर्न लगाए ।

अनि सबै सभालाई कुरा बुझाएर अग्नि अदृश्य (अन्तर्धान) भए। राजा परमानन्दमा डुबे (मग्न परे) मनमा हर्ष नअटाउने भयो ॥ १९५ ॥

चौ०–तबहिँ राय प्रिय नारि बोलाईँ ❀ कौसल्यादि तहाँ चलि आईँ ॥१॥
अर्ध भाग कौसल्यहि दीन्हा ❀ उभय भाग आधे कर कीन्हा ॥२॥
कैकेई कहँ नृप सो दएऊ ❀ रह्यो सो उभय भाग पुनि भएऊ ॥३॥
कौसल्या कैकेई हाथ धरि ❀ दीन्ह सुमित्रहि मन प्रसन्न करि ॥४॥

उत्तिखेरै राजाले प्यारी रानीहरूलाई बोलाए। कौशल्या आदि गरेका (३ जना) रानी त्यहाँ (यज्ञमण्डपमा) आए ॥ १ ॥ राजाले त्यो पायसको आधा आधा गरेर दुइ भाग लाए, एउटा अर्धभाग कौशल्यालाई दिए ॥ २ ॥ बाँकी रहेको अर्ध भागको दुइ भाग लाएर एक भाग कैकेयीलाई दिए। अर्का भागको आधा आधा गरेर फेरि दुइ भाग गरे, एक एक भाग कौशल्या र कैकेयीका हाथमा राखि दए, (तिनद्वारा) मन प्रसन्न गरेर (दुवै भाग) सुमित्रालाई दिए ॥ ३ ॥ ४ ॥ (क)

एहिँ बिधि गर्भ सब नारी ❀ भईं हृदयँ हरषित सुख भारी ॥५॥
जा दिन तें हरि गर्भहि आए ❀ सकल लोक सुख संपति छाए ॥६॥
मंदिर महुँ सब राजहिं रानी ❀ सोभा सील तेजकी खानी ॥७॥
सुखजुत कछुक काल चलि गएऊ ❀ जेहि प्रभु प्रगट सो अवसर भएऊ ॥८॥

यस्ता प्रकारले गर्भवती भएका रानीहरू हृदयमा हर्षित भए, तिनलाई ठूलो सुख थियो ॥ ५ ॥ जुन दिन प्रभु विष्णु भगवान्ले गर्भमा प्रवेश गर्नुभयो, उसै दिनदेखि सारा संसारमा सुख र संपत्ति छाइयो (व्याप्त भयो)। शोभा र शीलका खानि (निधि) भएका सबै रानीहरू आफ्ना आफ्ना भवनमा प्रकाशमान भए ॥ ६ ॥ ७ ॥ सुख संजुक्त भएको केही काल बित्यो, अनि जुन समयमा प्रभुजीले प्रकट हुनुपर्दथ्यो, त्यो समय आइपुग्यो ॥ ८ ॥

दोहा–जोग लगन ग्रह बार तिथि सकल भए अनुकूल।
चर अरु अचर हरषजुत रामजन्म सुखमूल ॥१९६॥

योग, लग्न, बार, तिथि सबै अनुकूल (भनेजस्ता) भए। सुखको मूल कारण रामजीका जन्ममा चर अचर (स्थावरजङ्गम) सबै हर्षयुक्त भए ॥ १९६ ॥

चौ०–नौमि तिथि मधु मास पुनीता ❀ सुकल पछ अभिजित हरिप्रीता ॥१॥
मध्य दिवस अति सीत न घामा ❀ पावन काल लोकबिश्रामा ॥२॥
सीतल मंद सुरभि बह बाऊ ❀ हरषित सुर संतन्ह मन चाऊ ॥३॥

(क) "कौशल्याको भागमध्ये उनले बंडा गरेर आधा सुमित्रालाई दिएकी थिइन् र त्यस्ताबाट पैदा भएका लक्ष्मण, कौशल्याका छोरा रामजीका हुन आए। कैकेयीको भागमध्ये उनले बंडा गरेर आधा सुमित्रालाई दिएकी थिइन् र त्यताबाट पैदा भएका शत्रुघ्न, कैकेयीका छोरा भरतजीका सहचारी भए"—भनी अध्यात्मरामायणमा लेखिएको छ।

नवमी तिथि, चैत्रको पवित्र महीना, शुक्ल पक्ष, प्रभुको प्यारो अभिजित् मुहूर्त, प्रीति-योग, मध्यान्ह् समय, न ज्यादा ठंडा न ज्यादा घाम भएको र सबैलाई आरामी दिने पवित्र मौसम, (आयो) ॥ १ ॥ २ ॥

ठंडा सुगन्ध मन्द हावा चल्न लाग्यो, देवता हर्षित भए, साधु-सन्तको मन हर्षले प्रफुल्ल भयो ॥ ३ ॥

बन कुसुमित गिरिगन मनिआरा ❀ स्रवहिं सकल सरितामृतधारा ॥४॥
सो अवसर बिरंचि जब जाना ❀ चले सकल सुर साजि बिमाना ॥५॥
गगन बिमल संकुल सुरजूथा ❀ गावहिं गुन गन्धर्बबरूथा ॥६॥
बरषहिं सुमन सुअंजलि साजी ❀ गहगहि गगन दुंदुभी बाजी ॥७॥
अस्तुति करहिं नाग मुनि देवा ❀ बहु बिधि लावहिं निज निज सेवा ॥८॥

सबै वन प्रफुल्लित भए, पर्वतगणहरूमा मणि उत्पन्न भए, सबै नदीहरू अमृतको प्रवाह गर्न लागे ॥ ४ ॥ जब ब्रह्माजीले त्यो मौका थाहा पाउनुभयो अनि सबै देवताहरू विमान सजाएर अयोध्यातर्फ हिंडे ॥ ५ ॥ देवसमूहले साँघुरो भएको पनि आकाश निर्मलै रह्यो, गन्धर्वगणहरू भगवान्‌को गुणगान गर्न लागे ॥ ६ ॥ अञ्जलि शोभायमान पारेर देवताले पुष्पवृष्टि गर्न लागे, आकाशमा गम्भीर उच्चस्वरले दुन्दुभि बज्न लागे ॥ ७ ॥ नाग, मुनि, देवताहरू स्तुति गर्न लागे, सबै वस्तु आफ्नो आफ्नो चाकरी जाहेर गर्न लागे ॥ ८ ॥

दोहा–सुर समूह बिनती करि पहुँचे निज निज धाम ।
जगनिवास प्रभु प्रगटे, अखिल लोक बिश्राम ॥१९७॥

देवताहरू स्तुति गरिसकेर आफ्ना आफ्ना घर गए । अनि संपूर्ण संसारलाई आरामी स्वरूप भएका जगन्निवास प्रभु प्रकट हुनुभयो ॥ १९७ ॥

छन्द–भए प्रगट कृपाला परम दयाला कौसल्याहितकारी ।
हरषित महतारी मुनिमनहारी अद्‌भुत रूप बिचारी ॥
लोचन अभिरामं तनु घनस्यामं निज आयुध भुज चारी ।
भूषन बनमाला नयन बिसाला सोभासिंधु खरारी ॥२४॥

पार्वति ! कृपालु (होइन ! होइन !) परमदयालु कौशल्या-हितकारी भगवान् प्रकट हुनुभयो । मुनिजनको मनलाई हरण गर्ने अद्‌भुतरूप देखेर माता कौशल्याजी हर्षित हुनुभयो । त्या रूप दृष्टिलाई खिचेर लिने मेघजस्तो श्याम शरीर भएको, ४ भुजामा यथायोग्य शंख चक्र गदा पद्म लिएको, अनेक अलंकार र वनमाला पहिरेको, विशाल नेत्र भएको, शोभाको समुद्र भएको, क्रूर प्रकृति भएका खरदूषणप्रभृति राक्षसगणको ध्वंस पार्ने थियो ॥ २४ ॥

कह दुइ कर जोरी अस्तुति तोरी केहि बिधि करैं अनंत ।
माया गुन ज्ञानातीत अमाना बेद पुरान भनत ॥

करुना सुख सागर सब गुन आगर जेहि गावहिं श्रुति संत ।
सो मम हित लागी जन अनुरागी भएउ प्रगट श्रीकंत ॥२५॥

कौशल्या महारानीले दुइ हात जोरेर स्तुति गर्नुभयो—"भगवन्! अनन्त! (अन्त नपाइएका) हजूरको स्तुति कुन तरहले गरौं? वेद-पुराणहरू पनि हजूरलाई '[1]माया-[2]गुण-[3]ज्ञान यी ३ कुरादेखि पर रहेका अतएव 'अप्रमेय' (अज्ञेय) भन्दछन् (भने मेरो के ताकत?) (क) जसलाई वेदहरू र महात्माहरू करुणासागर सुखसागर सर्वगुणनिवास भनेर गाउँछन् उनै भक्तजनानुरागी लक्ष्मीपति हजूर मेरो हित गर्नाका लागि प्रकट हुनुभयो! ॥ २५ ॥

ब्रह्मांडनिकाया निर्मित माया रोम रोम प्रति बेद कहैं ।
मम उर सो बासी यह उपहासी सुनत धीर मति थिर न रहैं ॥
उपजा जब ज्ञाना प्रभु मुसुकाना चरित बहु बिधि कीन्ह चहैं ।
कहि कथा सुहाई मातु बुझाई जेहि प्रकार सुतप्रेम लहै ॥२६॥

मायाले बनाएका अनन्तकोटि ब्रह्मांड हजूरका रोम रोममा रहेका छन् भनेर वेद भन्दैछन्, उनै प्रभु मेरा गर्भमा निवास गर्ने? यो उपहास (ठट्टा) सुन्दा धीर बुद्धि भएका महात्माहरूको बुद्धि पनि स्थिर होओइन (यो के चमत्कार हो? भनेर चक्कर खानेछ)" (यस्ता प्रकारको स्तुति कौशल्याले गर्दा) ज्ञान उब्जेछ भनेर प्रभुजीले मन्दहास्य गर्नुभयो! अनेक प्रकारको जुन जुन चरित्र प्रभु गर्न चाहनुहुन्थ्यो, त्यो सबै कुरा र जुन प्रकारले कौशल्या महारानीले पुत्रवात्सल्य (पुत्र-प्रेम) पाउनुहुन्छ त्यसको कारण भएको पूर्वकथा (शतरूपा अवस्थाको तपोवृत्तान्त र आफूले दिएको वरदानको कुरा) भनेर सुनाउनुभयो ॥ २६ ॥

माता पुनि बोली सो मति डोली तजहु तात यह रूप ।
कीजै सिसुलीला अति प्रियसीला यह सुख परम अनूप ॥
सुनि बचन सुजाना रोदन ठाना होइ बालक सुरभूप ।
यह चरित जे गावहिं हरिपद पावहिं ते न परहिं भव कूप ॥२७॥

त्यो बुद्धि (ईश्वरसँगको सेव्यसेवकभावको बुद्धि) दोलायमान भयो (विचलित भयो) र कौशल्या महारानीले विन्ति गर्नुभयो कि—"बाबु! यो रूप छाड। अत्यन्त प्यारो स्वभाव भएको बाललीला गर, यो सुख अति अनुपम छ।" यस्ता वचन सुनेर देवाधिपति भगवान् विष्णु बालरूप भएर (च्याँ च्याँ गरेर) रुन थाल्नुभयो। पार्वति! भगवान्को यो जन्म चरित्र जो गाँउदछन् तिनीहरू हरिपद पाउँदछन्, संसारकूपमा पर्दैनन् ॥ २७ ॥

---

(१) मायाका विकारले छुन नसकिएका। (२) सत्व-रज-तम यी ३ गुणदेखि अलग रहेका। (३) ज्ञानदेखि पर रहेका (जान्न नसकिने) जेले यो सबै प्रपञ्च जानिन्छ त्यसलाई केले जान्ने? ए बाबा! जान्नेलाई केले जान्ने?।

(क) "येनेदं सर्वं विजानाति तं केन विजानीयात्, विज्ञातारमरे! केन विजानीयात्"(बृहदारण्यक)

दोहा-बिप्र धेनु सुर संत हित लीन्ह मनुज अवतार ।
निज इच्छा निर्मित तनु माया गुन गो पार ॥१९८॥

मायाका सत्त्व रज तम यी गुण र गो (इन्द्रिय) देखि पार रहेका प्रभुले आफ्ना इच्छाले शरीर बनाएर ब्राह्मण, देवता साधु सन्तको हितका निमित्त मनुष्यको अवतार लिनुभयो ॥ १९८ ॥

चौ०-सुनि सिसुरुदन परम प्रिय बानी ❀ संभ्रम चलि आईं सब रानी ॥१॥
हरषित जहँ तहँ धाईं दासी ❀ आनँद मगन सकल पुरबासी ॥२॥
दसरथ पुत्रजन्म सुनि काना ❀ मानहुँ ब्रह्मानंद समाना ॥३॥
परम प्रेम मन पुलक सरीरा ❀ चाहत उठन करत मति धीरा ॥४॥

अति प्यारो लाग्ने आवाजले बालक रोएको सुनेर झटपट रानीहरू दौडेर आए ॥ १ ॥ सुसारेहरू खुशी भएर यता र उति दौडन लागे । सारा नगरनिवासीहरू आनन्दमा डुबे ॥ २ ॥ कानले पुत्रजन्मको खबर सुनेर दशरथ राजाले ब्रह्मानन्द जस्तो आनन्द माने ॥ ३ ॥ तिनका मनमा परम प्रेम र शरीरमा हर्षरोमाञ्च भयो, बुद्धिलाई दृढ गरेर उठ्न खोज्दथे [परन्तु हर्ष-विह्वल भएर उठ्न सक्तैनथे] ॥ ४ ॥

जाकर नाम सुनत सुभ होई ❀ मोरें गृह आवा प्रभु सोई ॥५॥
परमानंद पूरि मन राजा ❀ कहा बोलाइ बजावहु बाजा ॥६॥
गुरु बसिष्ठ कहँ गएउ हँकारा ❀ आए द्विजन सहित नृपद्वारा ॥७॥
अनुपम बालक देखिन्हि जाई ❀ रूपरासि गुन कहि न सिराई ॥८॥

"जसको नाम सुन्दा कल्याण हुन्छ उनै प्रभु मेरा घर आउनुभयो !" ॥ ५ ॥ यस्तो विचार गर्ने राजाका मनमा परमानन्द भरियो र नोकरलाई बोलाएर बाजा बजाऊ भने ॥ ६ ॥ गुरु वशिष्टकहाँ बोलाहट गयो, ब्राह्मणहरूलाई साथ लिएर ऊ राजद्वारमा आए ॥ ७ ॥ अनि उनका साथ राजाले अनुपम बालकलाई हेरे। बालकको रूपराशि र गुन वर्णन गर्न नसकिने थियो ॥ ८ ॥

दोहा-नंदीमुख सराध करि जातकरम सब कीन्ह ।
हाटक धेनु बसन मनि नृप बिप्रन्ह कहँ दीन्ह ॥१९९॥

राजा दशरथले नान्दीमुख (आभ्युदयिक) श्राद्ध गरेर जातकर्म (छोरा जन्मेका वेलामा गर्नुपर्ने वैदिक विधि) सबै गरे। ब्राह्मणहरूलाई सुवर्ण, गाई, वस्त्र, मणि इत्यादि (दान गरेर) दिए ॥ १९९ ॥

चौ०-ध्वज पताक तोरन पुर छावा ❀ कहि न जाइ जेहिं भाँति बनावा ॥१॥
सुमनबृष्टि अकास तें होई ❀ ब्रह्मानंद मगन सब लोई ॥२॥
बृंद बृंद मिलि चलीं लोगाईं ❀ सहज सिंगार किएँ उठि धाईं ॥३॥

शहरभरी ध्वजा, पताका, तोरण व्याप्त भए। ती कसरी बनाएका हुन्, त्यो कुरा बयान गर्न सकिदैन (ध्वजा पताका तोरणहरूको विन्यास अवर्णनीय थियो) ॥ १ ॥ आकाशबाट पुष्पवृष्टि भयो। सब जना ब्रह्मानन्दमा डुबे ॥ २ ॥ स्त्रीवर्ग जुर्मराउँदै उठेर (हतपतले) साधारण स्वाभाविक शृंगार मात्रै गरेर डफाका डप्फा भएर हिंडे ॥ ३ ॥

कनककलस मंगल भरि थारा ❁ गावत पैठहिं भूपदुआरा ॥४॥
करि आरति नेवछावरि करहीं ❁ बार बार सिसुचरनन्हि परहीं ॥५॥
मागध सूत बंदिगन गायक ❁ पावन गुन गावहिं रघुनायक ॥६॥

सुवर्णको कलश र दहि दुभो फल फूल इत्यादि मंगल पदार्थ थालभरी लिएर गाउँदै राजद्वारभित्र सरासर पसे ॥ ४ ॥ आरती गरेर तिनले निछावर गरे, अनि वारंवार बालकका पाउ पर्नलागे ॥ ५ ॥ मागध (राजाका वंशावलीको गान गर्ने) सूत (पुराना पुराना राजाका जीवनचरित्र गाउने) बन्दी (राजाको स्तुति गर्ने भाट) गायक (गवैया) यिनीहरू सबैजना रघुनाथजीको पवित्र गुणको गान गर्नलागे ॥ ६ ॥

सर्बस दान दीन्ह सब काहू ❁ जेहिं पावा राखा नहिं ताहूँ ॥७॥
मृगमद चंदन कुंकुम कीचा ❁ मची सकल बीथिन्ह बिच बीचा ॥८॥

सबैले सर्वस्व दान गरे जसले पायो त्यसले पनि त्यो दान राखेन दानै गर्‍यो [यो व्याख्यान लहैलहैमा लागेर गरेको हो, किनभने ? आफ्नो सर्वस्व पनि दान गर्नु, अर्काको सर्वस्व दान लिएको पनि नराख्नु दानै गर्नु, यस्तो हुँदा रामजीका जन्मोत्सवमा सबै नङ्गा भएछन् भन्नुपर्दछ, त्यो अव्यवस्था कसरी हुन सक्तछ। तस्मात्—"जेहि पावा राखा नहिं ताहूँ" (त्यो हर्षव्याकुल भएका बखतमा, दिनलायकको जे जे कुरा भेट्टायो, त्यो कुरा राखेन) "सर्वस दान दीन्ह स काहुँ" (यस प्रकारले सबैले यथायोग्य सर्वस्व दान गरे") यस्तो व्याख्यानै ठीक होला कि ?] ॥ ७ ॥ सारा सडकका बीचबीचमा कस्तूरी-चन्दन कुंकुम (केशर) का हिलो फैलियो ॥ ८ ॥

दोहा—गृह गृह बाज बधाव सुभ प्रगटेउ सुषमाकंद।
हरषवंत सब जहँ तहँ नगर नारि नर बृंद ॥२००॥

सुखका कन्द (मूल) स्वरूप प्रभु प्रकट हुनुभयो र घरघरमा बाजा बज्न लागे, शुभ वधाई (कल्याणकामनाका पुकार, जयजयकार) हुन लागे। नगरका नरनारी सबैजना जहाँतहाँ हर्षित भए ॥ २०० ॥

चौ०—कैकयसुता सुमित्रा दोऊ ❁ सुंदर सुत जनमत भैं ओऊ ॥१॥
वोह सुख संपति समय समाजा ❁ कहि न सकै सारद अहिराजा ॥२॥
अवधपुरी सोहै येहिं भाँती ❁ प्रभुहि मिलन आई जनु राती ॥३॥
देखि भानु जनु मन सँकुचानी ❁ तदपि बनी संध्या अनुमानी ॥४॥

कैकयराजाकी छोरी कैकेयी र सुमित्रा यी दुवैले पनि सुन्दर पुत्र जन्माए ॥ १ ॥ त्यो त्यस वेलाको सुख-संपत्ति-समय-समाज यिनको वर्णन गर्न शारदा (सरस्वती) र शेषनाग

पनि सक्तैनन् ॥ २ ॥ (मंगलकार्यमा रातै राता चीजको ज्यादा व्यवहार गर्नुपर्ने हुनाले अयोध्याभरी रातै राता अबीर प्रभृति चीजबीज व्याप्त भएका थिए) अवधपुरी कसरी शोभायमान भइन्‌भने, मानौं प्रभुसंग भेट गर्न आएकी रात्रि सूर्य देखेर मनमा संकोच मानीकन मैले ता भएन तथापि सन्ध्याले ता सूर्यका सामुन्ने पर्न होला नि भन्ने अनुमान गरीकन सन्ध्या (प्रातःकाल र सायंकालको रातो टाइम) को स्वरूप लिएर रहेकी हुन् कि? (भनेजस्तै शोभायमान भइन्) ॥ ३ ॥ ४ ॥

अगर धूप बहु जनु अँधिआरी ❀ उडै अबीर मनहुँ अरु नारी ॥५॥
मंदिर मनिसमूह जनु तारा ❀ नृपगृह कलस सो इंदु उदारा ॥६॥

(रात्रिले सन्ध्याको स्वरूप धारण गरेर त्यहाँ रहेपछि सन्ध्याका सबै लक्षण रहनुपर्दछ, रहेका पनि छन्, कसरी भने?) धेरै-धेरै-अगुरु (धूपी) का धूपको जो धूवाँ थियो त्योफीका अन्धकारै थियो। बेहिसाबसँग अबीर उडाइएको जो थियो त्यो साँझको लाली नै थियो, राजाका दरबारमा मणिहरू जो टलिकरहेका हुन् ती मानौं तारै हुन्, राजाका घरमा सुवर्णको मंगलकलश जो राखिएको थियो, त्यो सन्ध्याका लालीले मिश्रित भएको रातो पहेंलो पूर्णचन्द्र नै थियो ॥ ५ ॥ ६ ॥

भवन बेदधुनि अति मृदु बानी ❀ जनु खग मुखर समय जनु सानी ॥७॥
कौतुक देखि पतंग भुलाना ❀ एक मास तेइँ जात न जाना ॥८॥

राजमहलमा वेदध्वनिको मीठो बोली जो सुनिन्थ्यो, मानौं, त्यो पक्षीका कलकल शब्दले युक्त भएको सुखमिश्रित समय थियो। यो तमाशा देखेर सूर्यनारायण पनि मानौं अलमलिनुभया र जहाँले १ महीना गएको थाहा पाउनुभएन (अर्थात् १ महीनासम्म यस्तै धूमधामसँग उत्सव भयो) ॥ ७ ॥ ८ ॥

दोहा—मास दिवस कर दिवस भा मरम न जानै कोइ।
रथ समेत रबि थाकेउ निसा कवन बिधि होइ ॥२०१॥

१ महीनाका ३० दिनको १ दिन भयो (१ महीना बित्ता १ दिन भयो) यो मर्म (रहस्य) कसैले जानेन। रथमा राज भएका सूर्यनारायण (त्यो तमाशा हेर्न) स्थिर भए, कुन किसिमले रात्रि होस् (रामजीको जन्मोत्सवमा १ महीनासम्म रात्रि नै भएन, दिनरात दिनै थियो, यो कुराको मर्म "सूझहिं राम-चरित मणिमानिक गुपुत प्रकट जहँ जो जेहि खानिक" यो वचनानुसार कोही कोही गुरुकृपापात्रले मात्र बुझेका होलान्, अरू मानिसले ता बुझेन) ॥ २०१ ॥

चौ०—यह रहस्य काहू नहिं जाना ❀ दिनमनि चले करत गुनगाना ॥१॥
देखि महोत्सव सुर मुनि नागा ❀ चले भवन बरनत निज भागा ॥२॥

यो रहस्य कसैले जानेन, सूर्य-नारायण रामजीका गुणगान गर्दै जानुभयो ॥ १ ॥ अनि त्यो महोत्सव हेरिसकेर देवता मुनि नागहरू पनि आफ्ना भाग्यको वर्णन गर्दै आफ्ना घरतर्फ फर्के ॥ १ ॥ २ ॥

औरौ एक कहौं निज चोरी ❀ सुनु गिरिजा अति दृढ़ मति तोरी ॥३॥
काकभुसुंडि सँग हम दोऊ ❀ मनुजरूप जानै नहि कोऊ ॥४॥
परमानंद प्रेम सुख फूले ❀ बीथिन्ह फिरहिं मगन मन भूले ॥५॥
यह सुभ चरित जान पै सोई ❀ कृपा राम के जापर होई ॥६॥

(शंकरजी भन्नुहुन्छ) पार्वती ! तिम्रो बुद्धि रामचरित्रश्रवणमा अति दृढ छ ("जो प्रभु ! मै पूछा नहि होई ❀ सोउ दयालु ! राखहु जनि गोई" भनेकी थियौ, तिमीले नसोधेको रहस्य रामचरित्र पनि सुनाउँछु)। एउटा मेरो आफ्नो चोरी (गुप्तरहस्यकर्म) सुन, काकभुशुंडी र म दुइ जना मनुष्यरूप लिएर गएका थियौं, कसैले चिह्नेन ॥ ३ ॥ ४ ॥ प्रेमका परम आनन्दले प्रफुल्ल भएर, आनन्दको कारणले बेखबर भई अयोध्याका गल्ली गल्लीमा घुम्यौं, (रामजीका जन्मको महोत्सव आँखैले हेर्‍यौं, कानैले सुन्यौं।) ॥ ५ ॥ जसका उपर रामजीको कृपा हुन्छ, त्यही भाग्यवान् प्राणी मात्र यो शुभचरित्र जान्न पाउँछ ॥ ६ ॥

तेहि अवसर जो जेहि बिधि आवा ❀ दीन्ह भूप जो जेहिं मन भावा ॥७॥
गज रथ तुरग हेम गो हीरा ❀ दीन्हे नृप नाना बिधि चीरा ॥८॥

त्यो अवसरमा जुन किसिमसँग जो आएको थियो, त्यसै किसिमसँग जसलाई जे चाहिन्थ्यो, राजाले त्यही दिए ॥ ७ ॥ हात्ती, रथ, घोड़ा, सुवर्ण, गाई, हीरा पन्ना प्रभृति रत्न, नाना प्रकारका वस्त्र पनि राजाले दिए ॥ ८ ॥ (क)

दोहा–मन संतोष सबन्हि के जहँ तहँ देहिं असीस ।
सकल तनय चिरजीवहु तुलसिदासके ईस ॥२०२॥

जहाँ तहाँ रहेका सबैका मन संतुष्ट भयो। सबैले "तुलसीदासका मालिक भएका सबै छोरा चिरञ्जीवी होऊन्" यस्तो आशिष दिए ॥ २०२ ॥

चौ०–कछुक दिवस बीते येहिं भाँती ❀ जात न जानिय दिन अरु राती ॥१॥
नामकरन कर अवसरु जानी ❀ भूप बोलि पठए मुनि ज्ञानी ॥२॥
करि पूजा नृपति अस भाषा ❀ धरिअ नाम जो मुनि गुनि राखा ॥३॥

यही भाँति केही दिन बिते, दिन र रात बितेको जानिएन ॥ १ ॥ अनि नामकरण (न्वारन) को समय जानेर राजाले मुनि, ज्ञानीहरूलाई बोलाइपठाए ॥ २ ॥ (ती आए-

---

(क) अभ्युदयका समयमा चित्त प्रसन्न रहन्छ, चित्त प्रसन्न भएमा श्रद्धा र भक्ति पूर्ण रहन्छ, श्रद्धा भक्ति पूर्ण भएका वेलामा गरेका साना साना दानका पनि ठूला ठूला फल पूर्ण मिल्दछन्, अतएव पुत्र-जन्म प्रभृति अभ्युदय (वृद्धि) का समयमा दान गर्नु उत्तम छ भन्ने शास्त्रको ज्ञान भएका महाराज दशरथले उत्तम मध्यम अधम यी ३ प्रकारका दानभन्दा परम उत्तम दान गरेको हो।

अम्लं दधि मधु त्राणं गो-भू-रुक्मा-श्व-हस्तिनः ।
दानान्युत्तमदानानि उत्तम द्रव्यदानतः ।

देबलस्मृति ।

पछि) सत्कार गरेर "मुनीश्वरजी ! तपाईंले मनमा जुन नाम ठमाइराख्नुभएको छ, त्यो नाम राख्नुहोस्" भने ॥ १ ॥ २ ॥ ३ ॥

इन्ह के नाम अनेक अनूपा ❀ मैं नृप कहब स्वमति अनुरूपा ॥४॥
जो आनंदसिंधु सुखरासी ❀ सीकर तें त्रैलोक सुपासी ॥५॥
सो सुखधाम राम अस नामा ❀ अखिल लोक दायक बिश्रामा ॥६॥

(मुनीश्वर (वशिष्ठ) भन्दछन् कि राजन् !) यिनका नाम अनुपम र अनेक छन्, म आफ्ना बुद्धिको अनुसार भन्दछु कि—आनन्दसागर र सुखराशि भएका जसका शीकरले (आनन्दसागरका छिटाले) त्रैलोक्य आनन्दी र सुखी हुन्छ, उनको नाम सुखको धाम "राम यो हो, यो नाम सकल लोकको विश्रामदायक छ, (संसारयात्राको तकलीफले व्याकुल भएका प्राणीलाई आराम दिन्छ) ॥ ४ ॥ ५ ॥ ६ ॥

बिस्व भरन पोषन कर जोई ❀ ताकर नाम भरत अस होई ॥७॥
जाकें सुमिरन तें रिपुनासा ❀ नाम सत्रुहन बेद प्रकासा ॥८॥

जो यी बालक संसारको पालन पोषण गर्नेछन् यिनको नाम "भरत" यो हुनेछ। जसका स्मरणले शत्रुको नाश हुन्छ, त्यस्ता यी बालकको नाम "शत्रुघ्न" भनेर वेदले बखानेको छ ॥ ७ ॥ ८ ॥

दोहा–लच्छनधाम रामप्रिय सकल जगत आधार ।
गुर बसिष्ठ तेहि राखा लछिमन नाम उदार ॥२०३॥

जुन बालक सबै सुलक्षणका निवासस्वरूप, रामका प्यारा, सकल जगत्का आधार छन्, तिनको उत्तम नाम वशिष्ठगुरुले "लक्ष्मण" राखे ॥ २०३ ॥

चौ०–धरे नाम गुर हृदय बिचारी ❀ बेदतत्त्व नृप तव सुत चारी ॥१॥
मुनिधन जनसरबस सिवप्राना ❀ बाल केलि रस तेहिं सुख माना ॥२॥
बारेहि तें निज हित पति जानी ❀ लछिमन रामचरन रति मानी ॥३॥
भरत सत्रुहन दूनौ भाई ❀ प्रभु सेवक जसि प्रीति बडाई ॥४॥

गुरु वशिष्ठले हृदयमा विचार गरेर यस्ता यस्ता नाम राखेर भने कि—"राजन् ! तपाईंका चारै छोरा वेदतत्त्व (वेदका तात्पर्यभूत ईश्वररूप) हुन्, यी मुनिजनका धन र जन हुन्, यी शिवजीका प्राण हुन्, यिनीहरूले ऐल्हे बाललीलाको रसलाई सुख माने (र तपाईंका छोरा हुन आए)" ॥ १ ॥ २ ॥

अँ, तिनीहरूमध्ये बाल्यकालदेखि नै लक्ष्मणजीले आफ्ना हित र आफ्ना स्वामी संझेर रामजीका चरणमा प्रीति माने (प्रेमी भए) ॥ ३ ॥ भरत र शत्रुघ्न दुई भाईले प्रभु रामजीमा सेवकको जस्तो प्रीति बढाए (रामजीलाई सेव्य आफूलाई सेवक संझेर प्रीति गरे) ॥ ४ ॥

स्याम गौर सुंदर दोउ जोरी ❀ निरखहिं छबि जननी तृन तोरी ॥५॥
चारिउ सील रूप गुन धामा ❀ तदपि अधिक सुखसागर रामा ॥६॥
हृदय अनुग्रह इंदु प्रकासा ❀ सूचत किरन मनोहर हासा ॥७॥
कबहुँ उछंग कबहुँ बर पलना ❀ मातु दुलारै कहि प्रिय ललना ॥८॥

दुई जोडी दाज्यू भाई श्याम र गोरा थिए (राम श्याम, लक्ष्मण गोरा । भरत श्याम, शत्रुघ्न गोरा थिए) । यिनको शोभा हेर्दा यिनका आमाहरू तृण तोडेर (नजर नलागोस् भन्ने आशयले दूबो प्रभृति तृणलाई चुटुक्क चुँडेर) हेर्दथे ॥ ५ ॥ चारैजना शील रूप गुणका भवनस्वरूप थिए, तथापि बढ्ता सुखसागर रामजी नै हुनुभयो ॥ ६ ॥ रामजीका मनोहर हास्यको चमकले उहाँका हृदयमा रहेका दयारूपी चन्द्रमाका किरणको भान पार्दथ्यो ॥ ७ ॥ कैले काखमा कैले उत्तम झुलनामा राखेर माताजी प्यारा लालनाका वचनले प्यार गर्नुहुन्थ्यो (हो बाबा ! नानीबाबा ! नीनी बाबा ! इत्यादि फतफताउनुहुन्थ्यो) ॥ ८ ॥

दोहा—ब्यापक ब्रह्म निरंजन निर्गुन बिगत बिनोद ।
सो अज प्रेम भगति बस कौसल्या के गोद ॥२०४॥

पार्वति ! जुन ब्रह्म, व्यापक, निरञ्जन, (मायारहित) निर्गुण, विगतविनोद (निष्क्रिय) अज (जन्मरहित) छ, प्रेमपूर्ण भएको भक्तिको पराधीन भएर त्यही ब्रह्म कौशल्याजीका काखमा रह्यो (हेर भक्तिको प्रभाव) ॥ २०४ ॥

चौ०—काम कोटि छबि स्याम सरीरा ❀ नील कंज बारिद गंभीरा ॥१॥
अरुन चरन पंकज नखजोती ❀ कमलदलन्हि बैठे जनु मोती ॥२॥
रेख कुलिस ध्वज अंकुस सोहे ❀ नूपुरधुनि सुनि मुनिमन मोहे ॥३॥
कटि किंकिनी उदर त्रय रेखा ❀ नाभि गंभीर जान जिहिं देखा ॥४॥

रामजीका शरीरमा कोटि (करोड) कामदेवको शोभा थियो, त्यो शोभा (रंग = वर्ण) नीलकमलको जस्तो र जलपूर्ण मेघको जस्तो गहिरो श्याम थियो ॥ १ ॥ लाललाल चरणकमलका २० नख (नङ) को ज्योतिः पुञ्ज लालकमलका दलमा छरिएका मोतीको पुञ्ज हो कि ? भने जस्तो थियो ॥ २ ॥ पैतालामा वज्र, ध्वजा अंकुश यिनको आकार परेका रेखा सुशोभित थिए । पाउजेबको मधुर ध्वनि सुन्दा मुनिहरूको मन पनि मोहित हुन्थ्यो । कम्मरमा घुङ्रा, पेटमा त्रिवली सुशोभित थियो । नाभिको गंभीरतालाई जसले देखेको थियो त्यही व्यक्ति जान्ला (भगवान्का नाभिको गहिरोपना[1] ब्रह्माजीले थाहा पाएका छन्, अरू के थाहा पाउन् ?) ॥ ३ ॥ ४ ॥

---

(१) "भगवान्का नाभिकमलमा उत्पन्न भएका ब्रह्माजी आफ्नो जन्मभूमिको पत्ता लगाउनानिमित्त त्यही कमलका डाँठको सहारा गरेर खूब तलतल पुगे, सयवर्ष बिते तैपनि कमलको उत्पत्ति स्थान भेट्टिएन" भनेर भागवत तृतीयस्कन्धमा लेखिएको छ ।

स इत्थमुद्वीक्ष्य तदब्जनालनाडीभिरन्तर्जलमाविवेश ।
नार्वाग्गतस्तत्खरनालनालनाभिं विचिन्वँस्तदविन्दताजः ॥ ८ ॥ १९ ॥

भुज बिसाल भूषन जुत भूरी ❀ हिय हरि नख अति सोभा रूरी ॥५॥
उर मनिहार पदिककी सोभा ❀ बिप्रचरन देखत मन लोभा ॥६॥
कंबु कंठ अति चिबुक सुहाई ❀ आनन अमित मदनछबि छाई ॥७॥
दुइ दुइ दसन अधर अरु नारे ❀ नासा तिलक को बरनै पारे ॥८॥

भूषण (बाजू कडा प्रभृति गहना) ले युक्त भएका विशाल (लामा र मोटा) भुजा, र हृदयमा बाघका नंग्राहरूको रछमाला खूब शोभायमान थिए । वक्षःस्थल (छाती) मा मणिको कण्ठा र हीराको हार सुशोभित थियो । छातीको भृगुलाञ्छन-चिन्ह देख्ता मन लुब्ध हुन्थ्यो ॥ ५ ॥ ६ ॥ घाँटी शंखजस्तो ३ रेखाले सुशोभित थियो । चिबुक (चिउँडो) अति मनोहर थियो । मुखमण्डलमा असंख्य कामदेवको कान्ति छाइएको थियो ॥ ७ ॥ भर्खर उम्रेका दुइ दुइ दाँत, लाललाल ओठ, नाक, तिलक, यिनका वर्णनको पार को पाउला ? ॥ ८ ॥

सुन्दर श्रवन सुचारु कपोला ❀ अति प्रिय मधुर तोतरे बोला ॥९॥
नील जलज दोउ नयन बिसाला ❀ बिकट भ्रुकुटि लटकन बर भाला ॥१०॥
चिक्कन कच कुंचित गभुआरे ❀ बहु प्रकार रचि मातु सँवारे ॥११॥
पीत झगुलिआ तनु पहिराई ❀ जानु पानि बिचरनि मोहि भाई ॥१२॥
रूप सकहिं नहिं कहि श्रुति सेषा ❀ सो जानै सपनेहुँ जेहि देखा ॥१३॥

सुन्दर दुई कान, अति राम्रा गाला, अति प्यारो मीठो तोते बोली ॥ ९ ॥ नीलकमलका दलजस्ता विशाल दुई नेत्र, धनुजस्ता टेढा आँखीभौं, निधारमा झुण्डिएका सुन्दर-सुन्दर केश ॥ १० ॥ आमाले धेरै प्रकारसँग सम्म्याएर रचेका चिल्ला काला घुङ्रिएका गर्भकेश सुशोभित थिए ॥ ११ ॥ पहेंलो झंगुलिया (कुर्ता = अँगरखा) शरीरमा पहिराएको थियो । पार्वति ! उहाँको दुई घुँडा र दुई हात टेकेको हिंडाई मलाइ साह्रै मनपर्‍यो ॥ १२ ॥ वेद र शेषले पनि रूपको वर्णन गर्न सक्तैनन् , जसले सपनामा पनि त्यो रूप देखेको होला त्यही व्यक्ति त्यो रूप जान्ला ॥ १३ ॥

दोहा—सुखसंदोह मोहपर ज्ञान गिरा गोतीत ।
दंपति परम प्रेम बस कर सिसुचरित पुनीत ॥२०५॥

पार्वति ! अज्ञानदेखि पर रहेका, ज्ञान-वाणी इन्द्रिय यिनले नभेट्टाइने आनन्द पुञ्जस्वरूप भएका प्रभुजी राजा-रानीका प्रेमको वश परेर पवित्र बालचरित्र गर्न लाग्नुभयो ॥ २०५ ॥

चौ०—एहि बिधि राम जगत पितु माता ❀ कोसलपुरबासिन्ह सुखदाता ॥१॥
जिन्ह रघुनाथचरन रति मानी ❀ तिन्ह की यह गति प्रगट भवानी ॥२॥
रघुपतिबिमुख जतन कर कोरी ❀ कवन सकै भवबन्धन छोरी ॥३॥
जीव चराचर बस कै राखे ❀ सो माया प्रभु सों भय भाखे ॥४॥

यस प्रकारले सकल जगत्का पिता-माता भएका प्रभुजी अयोध्यावासीहरूलाई सुखदाता हुनुभयो ॥ १ ॥ हे भवानि ! जसले रघुनाथजीका चरणमा प्रीति मानेको छ, तिनको यो परिणाम (नतीजा) स्पष्ट छ ॥ २ ॥ रघुपतिदेखि विमुख भएर करोडौं यत्न गरोस् तापनि यो संसार-बन्धन फुकाउन को सक्तछ ? जुन मायाले यो चराचर जगत्लाई वश पारिराखेको छ, ती माया पनि प्रभुजीसँग डराई डराई बोल्दछिन् ॥ ३ ॥ ४ ॥

भ्रुकुटिबिलास नचावै ताही ❀ अस प्रभु छाडि भजिय कहु काही ॥५॥
मन क्रम बचन छाडि चतुराई ❀ भजत कृपा करिहहिं रघुराई ॥६॥
एहिं बिधि सिसुबिनोद प्रभु कीन्हा ❀ सकल नगरबासिन्ह सुख दीन्हा ॥७॥
लै उछंग कबहुँक हलरावै ❀ कबहु पालने घालि झुलावै ॥८॥

पार्वति ! त्यस्ती बलवती महामायालाई जो आँखीभौंका इशाराले नचाउँछ, त्यस्ता प्रभुजीलाई छाडेर कसको भजन गरौं ? तिमी नै भनन । ५ ॥ बठ्याइँ छाडेर (बुझक्कड छु भन्ने घमंड नगरेर) मन-वचन-कर्मले भजन गर्दा रघुनाथजी कृपा गर्नुहुन्छ ॥ ६ ॥ यस प्रकारले प्रभुजीले बाललीला गर्नुभयो, नगरनिवासी सबैलाई सुख दिनुभयो ॥ ७ ॥ (कौशल्या महारानी) प्रभुलाई कहिले काखमा राखेर हल्लाउनुहुन्थ्यो, कहिले पालनामा राखेर झुलाउनुहुन्थ्यो ॥ ८ ॥

दोहा–प्रेममगन कौसल्या निसि दिन जात न जान ।
सुत सनेह बस माता बालचरित कर गान ॥२०६॥

कौशल्यामाता प्रेममा मग्न हुनुभयो, रात र दिन बितेको थाहा नहुने भयो । पुत्रः स्नेहको वश भएर प्रभुको बालचरित्र गाउनुहुन्थ्यो ॥ २०६ ॥

चौ०–एक बार जननी अन्हवाए ❀ करि सिंगार पलना पौढाए ॥१॥
निज कुल इष्टदेव भगवाना ❀ पूजाहेतु कीन्ह अस्नाना ॥२॥
करि पूजा नैबेद्य चढ़ावा ❀ आपु गई जहँ पाक बनावा ॥३॥
बहुरि मातु तहवाँ चलि आई ❀ भोजन करत देखि सुत जाई ॥४॥

एक-फेर माता कौशल्याले प्रभुजीलाई नुहाइदिएर सिंगारपटार गरीकन पलना (झुलना) मा सुताउनुभयो । अनि आफ्नो इष्टदेवता भगवान्का पूजाका निमित्त आफूले पनि स्नान गर्नुभयो । पूजा गरेर नैवेद्य चढाउनुभयो र भान्सातर्फ जानुभयो, फेरि तुरन्तै फर्केर त्यहीं आउनुभयो । छोराले त्यहीं गएर नैवेद्यहरू खान लागेको देख्नुभयो ॥ १ ॥ २ ॥ ३ ॥ ४ ॥

गै जननी सिसु पहिं भयभीता ❀ देखा बाल तहाँ पुनि सूता ॥५॥
बहुरि आइ देखा सुत सोई ❀ हृदयँ कंप मन धीर न होई ॥६॥
इहाँ उहाँ दुइ बालक देखा ❀ मतिभ्रम मोर कि आन बिसेषा ॥७॥
देखि राम जननी अकुलानी ❀ प्रभु हँसि दीन्ह मधुर मुसुकानी ॥८॥

अनि भयभीत भएर छोराका समीप जानुभयो, त्यहाँ पनि बालकलाई जस्ताको तस्तै सुतिरहेको देख्नुभयो ॥ ५ ॥ फेरि (पूजाकोठामा) आएर हेर्दा उही (नैवेद्य खपाखप खान लागेको) बालकलाई देख्नुभयो, र मुटुकलेजा काँप्न लाग्यो मनमा धैर्य रहेन ॥ ६ ॥ “यहाँ र वहाँ २ बालक देखें, मेरो बुद्धिभ्रम हो कि? अरू केही कारण विशेषले (इष्टदेवताको प्रसन्नतापूर्वक प्रादुर्भावले) यस्तो भएको हो” (यस्तो विचार गर्न लाग्नुभयो) ॥ ७ ॥ प्रभु रामजीले आफ्नी जननीलाई आकुल भएको देखेर मधुर मुस्कान गरेर (अलि अलि मुसुक्क) हाँसिदिनुभयो ॥ ८ ॥

दोहा–देखरावा मातहि निज अद्भुत रूप अखंड ।
रोम रोम प्रति लागे कोटि कोटि ब्रह्मंड ॥२०७॥

प्रभुजीले आफ्नी मातालाई रोम रोममा कोटि ब्रह्माण्ड रहेको, अखण्ड अद्भुत रूप (विश्वरूप) देखाउनुभयो ॥ २०७ ॥

चौ०–अगनित रबि ससि सिव चतुरानन ❀ बहु गिरि सरित सिंधु महि कानन ॥१॥
काल कर्म गुन ज्ञान सुभाऊ ❀ सोउ देखा जो सुना न काऊ ॥२॥
देखी माया सब बिधि गाढी ❀ अति सभीत जोरें कर ठाढी ॥३॥

अनगिन्ती सूर्य, चन्द्र, शिव, ब्रह्मा, र धेरै धेरै पर्वत, नदी, समुद्र, पृथ्वी, जंगल देख्नुभयो ॥ १ ॥ काल, कर्म, गुण, ज्ञान, स्वभाव पनि देख्नुभयो, जुन चीज कसैले सुनेको पनि थिएन त्यो पनि देख्नुभयो ॥ २ ॥ हरतरहले बलवती भएकी प्रभुकी मायालाई कौशल्या महारानीले देख्नुभयो र अति भयभीत भईकन दुइ हात जोडेर खडी हुनुभयो ॥ ३ ॥

देखा जीव नचावै जाही ❀ देखी भगति जो छोरै ताही ॥४॥
तन पुलकित मुख बचन न आवा ❀ नयन मूँदि चरननि सिरु नावा ॥५॥
बिसमयवंत देखि महतारी ❀ भए बहुरि सिसुरूप खरारी ॥६॥
अस्तुति करि न जाइ भय माना ❀ जगत पिता मैं सुत करि जाना ॥७॥
हरि जननी बहु बिधि समुझाई ❀ यह जनि कतहुँ कहसि सुनु माई ॥८॥

जसले जीवलाई नचाएको छ (संसारचक्रमा घुमाएको छ) त्यो मायालाई पनि देख्नुभयो, जसले जीवलाई त्यो फन्दाबाट छुटाएको छ (जीवलाई मुक्त पारेको छ) त्यो भक्तिलाई पनि देख्नुभयो ॥ ४ ॥ कौशल्या महारानीको शरीर रोमाञ्चित भयो, मुखबाट वचन निस्केन, आँखा चिम्लेर पाउ पर्नुभयो ॥ ५ ॥ आफ्नी मातालाई आश्चर्यचकित भएको देखेर प्रभु रामजी झट्ट बालरूप हुनुभयो ॥ ६ ॥ “जगतपिता भगवान्‌लाई मैले पुत्र भनेर ठानें” यस प्रकारको डरले कौशल्याबाट स्तुति हुन सकेन ॥ ७ ॥ अनि प्रभुजीले अनेक प्रकारसँग बुझाउनुभयो र “आमा ! यो वृत्तान्त कतै नभन्नुहोला है, सुन्नुभो ?” यसो भन्नुभयो ॥ ८ ॥

दोहा–बार बार कौसल्या बिनय करै कर जोरि ।
अब जनि कबहूँ ब्यापै प्रभु मोहि माया तोरि ॥२०८॥

कौसल्याले वारंवार हात जोडेर "प्रभु! अब कहिल्यै पनि हजूरकी मायाले मलाई नढाकोस्" यो विन्ति गर्नुभयो ॥ २०८ ॥

चौ०—बालचरित हरि बहु बिधि कीन्हा ❀ अति अनंद दासन्ह कहँ दीन्हा ॥१॥
कछुक काल बीते सब भाई ❀ बड़े भए परिजन सुखदाई ॥२॥

प्रभुले अनेक प्रकारका बाललीला गर्नुभयो, आफ्ना सेवकहरूलाई खूब आनन्द दिनुभयो। केही काल बितेपछि परिजनसुखदायी (सेवक सुखदायी) चारै भाई ठूला भए ॥ १ ॥ २ ॥

चूडाकरन कीन्ह गुर जाई ❀ बिप्रन्ह पुनि दछिना बहु पाई ॥३॥
परम मनोहर चरित अपारा ❀ करत फिरत चारिउ सुकुमारा ॥४॥
मन क्रम बचन अगोचर जोई ❀ दसरथ अजिर बिचर प्रभु सोई ॥५॥

खास गुरु वशिष्ठ आएर चूडाकर्म गरे, त्यसमा पनि ब्राह्मणहरूले खूब दक्षिणा पाए ॥ ३ ॥ परमोत्तम ती ४ कुमार अति मनोहर अपार चरित्र गर्दै यताउति डुल्न लागे ॥ ४ ॥ (पार्वति! हेर) जुन प्रभु मन कर्म वचनको अगोचर (अविषय) हुनुहुन्थ्यो, उनै प्रभु दशरथका आँगनमा डुल्न लाग्नुभयो ॥ ५ ॥

भोजन करत बोल जब राजा ❀ नहि आवत तजि बालसमाजा ॥६॥
कौसल्या जब बोलन जाई ❀ ठुमुक ठुमुक प्रभु चलहिं पराई ॥७॥
निगम नेति सिव अंत न पावा ❀ ताहि धरै जननी हठि धावा ॥८॥
धूसर धूरि भरे तनु आए ❀ भूपति बिहसि गोद बैठाए ॥९॥

जब राजा दशरथले भोजन गर्दा बोलाए, त्यस वेलामा बालसमाज (आफ्ना साथीको जमात) छाडेर प्रभुजी आउनुभएन ॥ ६ ॥ जब कौशल्या बोलाउन गइन्, अनि प्रभुजी ढुम्ढुम् (टम्टम्) भागेर जानुभयो ॥ ७ ॥ पार्वति! जसको अन्त (पार) नपाएर वेदहरू नेति नेति भन्न लागे, शिव भनाउँदो मैले पनि अन्त पाइनँ, उनैलाई "नसमाती केको छोडौंला" भनेर हठका साथ दौडेकी कौशल्याले समातिन् (पक्डिन्!) ॥ ८ ॥ (क) आङ्भरी धूलो भरिएका फुस्राधुस्रा प्रभुजी आए, राजाले हाँसेर काखमा राखे ॥ ९ ॥

दोहा—भोजन करत चपल चित इत उत अवसरु पाइ।
भाजि चले किलकत मुख दधि ओदन लपटाइ ॥२०९॥

(क) भगवति! भक्तिदेवि! तिमीलाई हजारौं पटक नमस्कार छ। तिम्रो सहायता पाएर कौशल्या महारानीले लखेटीकन जुन वस्तु पक्डिन्, त्यही वस्तुलाई जसोदा नाउँ भएकी एउटी गोपालगृहिणीले पक्डीकन दाम्लाले समेत बाँधिन्। त्यो वस्तु "म इन्द्रिय-मन-वचन-वेद इत्यादिको अगोचर छु" इत्यादि संझदै रहोस्न, तिम्रा प्रभावले त्यसको त्यो दशा भयो, के बयान गरौं!।

भक्ते! सहस्रशस्तुभ्यं नमो यदनुकम्पया। आम्नायाऽगोचरं वस्तु दाम्ना बद्धं यशोदया ॥

भोजन गर्दा पनि चञ्चल-चित्त भएर मौका परेका वेलामा दहिभात लतपतिएको मुखारविन्दले खिल्ल-खिल्ल हाँस्तै यता र उति भाग्नुहुन्थ्यो ॥ २०९ ॥

चौ०–बालचरित अति सरल सुहाए ❀ सारद सेष संभु श्रुति गाए ॥१॥
जिन्ह कर मन इन्ह सन नहि राता ❀ ते जन बंचित किए बिधाता ॥२॥
भए कुमार जबहि सब भ्राता ❀ दीन्ह जनेऊ गुर पितु माता ॥३॥
गुरगृह गए पढ़न रघुराई ❀ अलप काल बिद्या सब आई ॥४॥

प्रभुजीका अति सरल र सुन्दर बालचरित्र शारदा, शेष, शंकर, वेदले गाएको छ ॥ १ ॥ पार्वति ! जसको मन यी प्रभु रामजीसँग अनुरक्त (प्रेमी) छैन, त्यो प्राणी विधाताले वञ्चित (ठगिएको) गरेको हो ॥ २ ॥ सबै भाई जब कुमार भए, अनि गुरु-माता-पिताले जनै दिए (उपनयन गरे) ॥ ३ ॥ रघुनाथजी पढ्न गुरु-गृहमा जानुभयो, थोरै समयमा सबै विद्या आए ॥ ४ ॥

जाकी सहज स्वास श्रुति चारी ❀ सो हरि पढ़ यह कौतुक भारी ॥५॥
बिद्या बिनय निपुन गुनसीला ❀ खेलहिं खेल सकल नृपलीला ॥६॥
करतल बान धनुष अति सोहा ❀ देखत रूप चराचर मोहा ॥७॥
जिन्ह बीथिन्ह बिहरैं सब भाई ❀ थकित होहिं सब लोग लुगाई ॥८॥

चार वेद जसका स्वाभविक श्वासबाट प्रकट भएका छन्, उनै महाप्रभु पढ्ने ? यो ता साह्रै ठूलो तमाशा हो (क) ॥ ५ ॥ विद्यावान् विनीत (नम्र), निपुण (सिपालु), गुणी, शीलवान् भएका ती ४ भाई खेल्दा पनि राजाको सबै लीला गरेर (राजा-मन्त्री, सेनापति इत्यादि सबै वनाएर) खेल्दथे ॥ ६ ॥ हातमा बाण र धनु अति शोभायमान थियो । त्यो रूप देख्ता चराचर सबै मोहित हुन्थे ॥ ७ ॥ चारै भाई जुन बाटाबाट पैदल हिंड्थे, त्यहाँका स्त्रीजनहरू थकित हुन्थे (थाक्तथे) ॥ ८ ॥ (ख)

दोहा–कोसलपुरबासी नर नारि बृद्ध अरु बाल ।
प्रानहुँ तें प्रिय लागत सब कहुँ राम कृपाल ॥२१०॥

अयोध्या-नगरीनिवासी भएका नर-नारी-वृद्ध-बाल सबैलाई दयालु प्रभुजी प्राणभन्दा पनि प्यारा लाग्नुभएको थियो ॥ २१० ॥

चौ०–बंधु सखा सँग लेहिं बुलाई ❀ बन मृगया नित खेलहिं जाई ॥१॥
पावन मृग मारहिं जिय जानी ❀ दिन प्रति नृपहि देखावहिं आनी ॥२॥
जे मृग रामबान के मारे ❀ ते तनु तजि सुरलोक सिधारे ॥३॥

(क) परमेश्वरका निःश्वासबाट वेदको प्रादुर्भाव हुन्छ भन्ने कुरा "यस्य निश्वसितं वेदाः" इत्यादि वचनबाट बुझिन्छ । (ख) रामजीमा प्राण अर्पण गर्ने (अति प्रेमी) स्त्रीवर्ग तदात्मा (रामाभिन्न) भएको थियो, अतएव रामजी पैदल हिंडदा स्त्रीवर्ग पनि थाक्तथ्यो ।

रघुनाथजी आफ्ना भाई र मित्रवर्गलाई बोलाएर साथसाथै वनमा पुगेर सधैं शिकार खेल्नुहुन्थ्यो ॥ १ ॥ मनले ठहराईकन (वध्य र अवध्यको विचार गरेर) पवित्र मृगहरू मार्नुहुन्थ्यो र ल्याएर राजा दशरथलाई देखाउनुहुन्थ्यो ॥ २ ॥ जुन मृग रामजीका बाणले मारिन्थे, ती पशुयोनि छाडेर स्वर्गलोक जान्थे ॥ ३ ॥

अनुज सखा सँग भोजन करहीं ❀ मातु पिता अज्ञा अनुसरहीं ॥४॥
जेहि बिधि सुखी होहिं पुरलोगा ❀ करहिं कृपानिधि सोइ संजोगा ॥५॥

करुणानिधान रामजी आफ्ना भाईहरू र मित्रवर्गका साथ भोजन गर्नुहुन्थ्यो, माता पिताका आज्ञाको पालन गर्नुहुन्थ्यो ॥ ४ ॥ जे काम गर्नाले नगरनिवासी प्रजाहरू राजी रहन्थे, त्यही काम संजुक्त पारेर गर्नुहुन्थ्यो ॥ ५ ॥

बेद पुरान सुनहिं मनलाई ❀ आपु कहहिं अनुजन्ह समुझाई ॥६॥
प्रातकाल उठि कै रघुनाथा ❀ मातुपिता गुरु नावहिं माथा ॥७॥
आयसु माँगि करहिं पुरकाजा ❀ देखि चरित हरषै मन राजा ॥८॥

रघुनाथजी मन एकाग्र गरेर वेद-पुराण सुन्नुहुन्थ्यो र भाईहरूलाई बुझाएर आफू पनि भन्नुहुन्थ्यो ॥ ६ ॥ प्रातःकालमा उठेर रघुनाथजी माता-पिता-गुरुका चरणमा शिर राख्नुहुन्थ्यो ॥ ७ ॥ आज्ञा मागेर नगरको काम (अयोध्या-नगरीमा रहेका प्रजावर्गको मामला मुद्दा हेर्ने, बर-बन्दोबस्त गर्ने काम) गर्नुहुन्थ्यो । [यो चरित्र देखेर राजा दशरथ मनमा हर्षित भए ॥ ८ ॥

दोहा—ब्यापक अकल अनीह अज निर्गुन नाम न रूप ।
भगतहेतु नाना बिधि करत चरित्र अनूप ॥२११॥

व्यापक, अखण्ड, निष्क्रिय, जन्मरहित, निर्गुण, नामरूपरहित भएका परमात्मा भक्तका निमित्त अनेक प्रकारका अनुपम चरित्र गर्नुहुन्छ ॥ २११ ॥

चौ०—यह सब चरित कहा मैं गाई ❀ आगिलि कथा सुनहु मन लाई ॥१॥
बिस्वामित्र महामुनि ज्ञानी ❀ बसहि बिपिन सुभ आश्रम जानी ॥२॥
जहँ जप जज्ञ जोग मुनि करहीं ❀ अति मारीच सुबाहुहि डरहीं ॥३॥
देखत जज्ञ निसाचर धावहिं ❀ करहिं उपद्रव मुनि दुख पावहिं ॥४॥

(शंकरजी भन्नुहुन्छ कि) पार्वति ! तिमीले सोधेको प्रभुजीको यो बालचरित्र वर्णन गरें, अबउप्रान्तको कथा पनि मन लाएर सुन ॥ १ ॥

विश्वामित्र नाम भएका ज्ञानवान् महामुनि यो आश्रम बेस छ भन्ने कुरा जानेर जंगलका सिद्धाश्रममा बसेका थिए ॥ २ ॥ त्यहाँ मुनिहरू जपतप यज्ञयाग गर्दथे, तर मारीच र सुबाहु नाम भएका दुष्ट राक्षसदेखि ती मुनिहरू डराउँथे ॥ ३ ॥ (किनभने) यज्ञ देख्नाका साथ ती राक्षसहरू दौडेर आउँथे र उपद्रव गर्दथे, मुनिहरू दुःख पाउँथे ॥ ४ ॥

गाधितनय मन चिन्ता ब्यापी ❀ हरि बिनु मरहिं न निसिचर पापी ॥५॥
तब मुनिबर मन कीन्ह बिचारा ❀ प्रभु अवतरेउ हरन महिभारा ॥६॥
एहूँ मिस देखौं पद जाई ❀ करि बिनती आनौं दोउ भाई ॥७॥
ज्ञान बिराग सकल गुन अयना ❀ सो प्रभु मैं देखब भरि नयना ॥८॥

गाधिपुत्र विश्वावित्रका मनमा चिन्ता फैलियो, “यी पापी राक्षस विष्णु भगवान्‌बाहेक अरूका हातबाट मर्दैनन्” (यस्तो चिन्ता गरेर) मुनिवर विश्वामित्रले “पृथ्वीको भारहरण गर्न प्रभुजीले अवतार लिनुभएको छ, यसै (राक्षसपीडा) का बहानाले गएर वहाँका चरणको दर्शन गर्छु र विन्ति गरेर दुई भाईलाई ल्याउँछु, ज्ञान-वैराग्य-सकल गुण यिनका आधार भएका उनै भगवान् विष्णुलाई म आँखाभरी हेर्दछु” (यस्तो विचार गरे) ॥५॥६॥७॥८॥

दोहा–बहु बिधि करत मनोरथ जात लागि नहिं बार।
करि मज्जन सरऊजल गए भूपदरबार ॥२१२॥

यस्ता अनेक मनोरथ गर्दै जाँदाखेरि विश्वामित्रलाई बेर लागेन। सरयू-नदीका जलमा स्नान गरेर राजा दशरथका दरबारमा पुगे ॥ २१२ ॥

चौ०–मुनि आगमन सुना जब राजा ❀ मिलन गएउ लै बिप्रसमाजा ॥१॥
करि दंडवत मुनिहि सनमानी ❀ निज आसन बैठारेन्हि आनी ॥२॥
चरन पखारि कीन्हि अति पूजा ❀ मो सम आजु धन्य नहि दूजा ॥३॥
बिबिध भाँति भोजन करवावा ❀ मुनिबर हृदय हरष अति पावा ॥४॥

विश्वामित्रमुनिको आगमन सुनेर राजा दशरथ ब्राह्मण-समाज साथ लिएर भेट्न गए ॥ १ ॥ विश्वामित्रलाई दण्डवत् गरेर सम्मानपूर्वक भित्र ल्याएर आफ्नै आसनमा बसाए ॥ २ ॥ अनि पाउ पखालेर खूब पूजा गरे “तपाईं आउनाले आज मजस्तो धन्य (भाग्यवान्) दोस्रो छैन” भनेर अनेक प्रकारको भोजन गराए। मुनि विश्वामित्रका हृदयले खूब आनन्द पायो ॥ ३ ॥ ४ ॥

पुनि चरननि मेले सुत चारी ❀ राम देखि मुनि देह बिसारी ॥५॥
भए मगन देखत मुखसोभा ❀ जनु चकोर पूरन ससि लोभा ॥६॥
तब मन हरषि बचन कह राऊ ❀ मुनि अस कृपा न कीन्हिहु काऊ ॥७॥

अनि पछि मुनिका चरणमा चारैजना छोरालाई ढोगाए, रामजी देख्ता मुनिजीले आफ्नो शरीर पनि बिर्से ॥ ५ ॥ पूर्णचन्द्रमामा लुब्ध भएको च्याखुराजस्तो भएर मस्त भईकन रामजीको मुख-शोभा हेर्न लागे ॥ ६ ॥ अनि राजाले मनमा हर्षित भएर बोले कि– “मुनीश्वर! यस्तो कृपा ता कहिल्यै गर्नुभएको थिएन (आज बड़ो कृपा गर्नुभयो)” ॥ ७ ॥

केहि कारन आगमन तुम्हारा ❀ कहहु सो करत न लावौं बारा ॥८॥
असुरसमूह सतावहिं मोहीं ❀ मैं जाचन आएउँ नृप तोही ॥९॥

अनुज समेत देहु रघुनाथा ❀ निसिचरबध मैं होब सनाथा ॥१०॥

"के कारण तपाईं आउनुभयो ? भन्नुहोस्, त्यो काम गर्दा म बेर लाउनेछैन ।" (राजाले यसो भने, अनि विश्वामित्रले) "मलाई राक्षस समूहले हैरान पार्‍यो, तपाईंसँग याचना गर्न आएको हुँ, भाईसहित रघुनाथजी दिनुहोस्। राक्षसको वध पनि होस् म पनि सनाथ हुन पाऊँ ॥ ८ ॥ ९ ॥ १० ॥

दोहा–देहु भूप मन हरषित तजहु मोह अज्ञान ।
धर्म सुजस प्रभु तुम्ह कौं इन्ह कहँ अति कल्यान ॥२१३॥

प्रभु ! महाराज ! मनमा हर्षित भएर दिनुहोस्, मोह र अज्ञान छाड्नुहोस्, तपाईंलाई धर्म र सुयश, यिनलाई अतिकल्याण हुनेछ" (यसो भने) ॥ २१३ ॥

चौ०–सुनि राजा अति अप्रिय बानी ❀ हृदय कंप मुखदुति कुमुलानी ॥१॥
चौथें पन पाएउँ सुत चारी ❀ बिप्र बचन नहिं कहेहु बिचारी ॥२॥
माँगहु भूमि धेनु धन कोसा ❀ सर्बस देउँ आजु सहरोसा ॥३॥
देह प्रान तें प्रिय कछु नाहीं ❀ सोउ मुनि देउँ निमिष एक माहीं ॥४॥

यस्तो अप्रिय वचन सुन्दा राजाको हृदय कम्पित, भयो, मुखको कान्ति वैलायो ॥ १ ॥ (राजाले बोले कि) "ब्राह्मणदेवता ! तपाईंले विचारपूर्वक बोल्नुभएन, उमेरको आखिरीमा ४ छोरा पाएँ; भूमि, गाई, धन, खजाना, सर्वस्व माग्नुहोस्, दिन्छु, रिस सहनुहोस् (नरिसाउनुहोस्) ॥ २ ॥ ३ ॥ देह र प्राणभन्दा प्रिय केही छैन, मुनीश्वर ! त्यो पनि एक-निमेष (१ पलक) मा दिन्छु ॥ ४ ॥

सब सुत प्रीय प्रानकी नाईं ❀ राम देत नहि बनै गोसाईं ॥५॥
कहँ निसिचर अति घोर कठोरा ❀ कहँ सुंदर सुत परम किसोरा ॥६॥
सुनि नृपगिरा प्रेमरस सानी ❀ हृदय हरष माना मुनि ज्ञानी ॥७॥

सबै छोरा मलाई प्राणजस्तै प्यारा छन्, हे गोसाईंजी । रामजी दिंदा बन्दैन (रामजी दिन सकिंदैन) ॥ ५ ॥ अति घोर र अति कठोर राक्षस कहाँ ? अति सुन्दर र अति सुकुमार मेरो पुत्र कहाँ ? (यस्तालाई त्यस्तासँग भिडाउन कसरी ठीक पर्ला ?) ॥ ६ ॥ यस्ता प्रेमरससमिश्रित भएका राजाका वचन सुनेर ज्ञानवान् मुनिले मनमा हर्ष माने ॥ ७ ॥

तब बसिष्ठ बहु बिधि समुझावा ❀ नृपसंदेह नास कहँ पावा ॥८॥
अति आदर दोउ तनय बोलाए ❀ हृदय लाइ बहु भाँति सिखाए ॥९॥
मेरे प्रान नाथ सुत दोऊ ❀ तुम्ह मुनि पिता आन नहिं कोऊ ॥१०॥

अनि वशिष्ट[1]जीले राजालाई अनेक भाँतिले बुझाए र राजाको सन्देह नष्ट भयो ॥ ८ ॥

---

[1] (१) वशिष्ठजीले विश्वामित्रका अद्भुत तपस्याको प्रभाव, उनका दिव्यज्ञानको व्यवहार, रामजीका जन्मकर्मको रहस्य सुनाउँदा, "कार्य सिद्धि गरेर झट्टै आइहाल्छन्" भन्ने विश्वास मानेर, अघि "मनि

अति आदरका साथ दुवै छोरा (राम लक्ष्मण) बोलाएर आलिङ्गन गरीकन शिक्षा दिए ॥ ९ ॥ “प्रभु ! मुनीश्वर ! यी दुवै छोरा मेरा प्राण हुन्, तपाईं पराई हुनुहुन्न, मेरा पितृतुल्य हुनुहुन्छ” (यति मात्रै यथा कथंचित् बोलेर) ॥ १० ॥

दोहा–सौंपे भूपति रिषिहि सुत बहु बिधि देइ असीस ।
जननीभवन गए प्रभु चले नाई पद सीस ॥२१४॥

अनेक आशिष दिएर राजाले ऋषिलाई छोरा सुम्पिदिए, अनि प्रभु रघुनाथजी कौशल्या माता कहाँ गएर ढोगभेट गरीकन हिंड्नुभयो ॥ २१४ ॥

सोरठा–पुरुषसिंह दोउ बीर हरषि चले मुनिभय हरन ।
कृपासिंधु मति धीर अखिल बिस्व कारन करन ॥२८॥

पुरुषसिंह (सिंहसमान वीर, जवाँमर्द) मुनिभयहारी, करुणासागर समस्त संसारका कारणलाई पैदा गर्ने दुई जना (राम लक्ष्मण) हिंडे ॥ २७ ॥

चौ०–अरुन नयन उर बाहु बिसाला ❀ नील जलज तनु स्याम तमाला ॥१॥
कटि पट पीत कसे बर भाथा ❀ रुचिर चाप सायक दुहुँ हाथा ॥२॥
स्याम गौर सुंदर दोउ भाई ❀ बिस्वामित्र महानिधि पाई ॥३॥
प्रभु ब्रह्मन्य देव मैं जाना ❀ मोहि निति पिता तजेउ भगवाना ॥४॥

(हे पार्वति ! त्यस वेलामा प्रभुजीको अवस्था कस्तो राम्रो थियो सुन) नजर लाल लाल थिए, वक्षस्थल विशाल थियो, बाहु पुष्ट र लामा थिए, शरीर मेघ र तमाल जस्तो श्याम थियो ॥ १ ॥ विश्वामित्र मुनिले श्यामशरीर र गौरशरीर भएका यी दुई भाईरूपी दुई ठूला ठूला निधि (खानि) पाए ॥ २ ॥ (त्यसो हुनाले विश्वामित्र मनमा विचार गर्न लागे कि—) “प्रभु रामजी ब्रह्मण्यदेव (वेद र ब्राह्मणका भक्त भएका देवता) हुनुहुँदो रहेछ, यो कुरा मैले जानें, किनभने, मेरा निम्ति भगवानले मातापितालाई छाडेर आउनुभयो” ॥ ३ ॥ ४ ॥

चले जात मुनि दीन्हि देखाई ❀ सुनि ताड़का क्रोध करि धाई ॥५॥
एकहि बान प्रान हरि लीन्हा ❀ दीन जानि तेहि निज पद दीन्हा ॥६॥

जाँदा जाँदैमा विश्वामित्र मुनिले देखाइदिए, मुनिको वचन[1] सुनेर ताडका रिसाएर

विनु फनि जिमि जल बिनु मीना, मम जीवन तिमि तुम्हहिं अधीना” यसो भन्ने, १ क्षण पनि विरह नचाहने राजा दशरथले रामजीलाई पठाए ।

(१) विश्वामित्र मुनिले “सुकेतु नाम भएका यक्षले तपस्या गरेर ब्रह्माजीका वरदानबाट हजार हात्तीको बल भएकी ताडका नाम भएकी छोरी पायो । त्यो ताडका तरुणी भएपछि सुन्दनामक दैत्यलाई विवाह गरिदियो । ताडकाबाट मारीच जन्म्यो, अगस्त्य-ऋषिका सरापले सुन्द मर्‍यो र ताडकाले र मारीचले अगस्त्यलाई झम्टन गए, अगस्त्यका शापले दुवै राक्षस भए । अनि यिनीहरूले खूब दुष्ट भएर धर्मबाधा

दौडी ॥ ५ ॥ प्रभुजीले एउटा बाणले त्यसको प्राण हरेर त्यसलाई दीन दुःखी संझेर विष्णुपद (वैकुंठ) दिनुभयो ॥ ६ ॥

तब रिषि निज नाथहि जिय चीन्ही ❀ बिद्यानिधि कहुँ बिद्या दीन्ही ॥७॥
जोतें लाग न छुधा पियासा ❀ अतुलित बल तनु तेज प्रकासा ॥८॥

तब (ताडकालाई १ बाणले मारेपछि) विश्वामित्र मुनिले रामजीलाई आफ्नो मालिक (परमात्मा महाविष्णु) भनी चिन्हेर, विद्यानिधि भगवान् रामजीलाई जुन विद्या जान्नाले भोक प्यास लाग्दैन, बल र तेज अनुपम भएर प्रकाशमान हुन्छ, त्यो विद्या (बला र अतिबला) दिए ॥ ७ ॥ ८ ॥ (क)

दोहा–आयुध सर्ब समर्पि कै प्रभु निज आश्रम आनि ।
कन्द मूल फल भोजन दीन्ह भगति हित जानि ॥२१५॥

सम्पूर्ण [१]अस्त्र-शस्त्र समर्पण गरेर रामजीलाई आफ्ना आश्रममा ल्याएपछि भक्तिले

गर्न लागिरहेछन् , ऋषिमुनिहरूलाई ज्यान जोगाउन मुश्किल भयो, बाबू ! राम ! यसलाई मार, स्त्री हो भनेर दया नगर, यो आततायी हो यसलाई मार्दा पाप लाग्दैन ।” भनेको सुनेर रामजीले—

“कथं नु स्त्रीवधं कुर्यामहमद्य महामुने । स्त्रीवधे तु महत्पापं प्रवदन्ति मनीषिणः ॥

यस्तो शङ्का गरेर वध गर्न असजिलो मान्नुभयो । फेरि विश्वामित्र महात्माले—

अस्यास्तु निधनाद्राम ! जनाः सर्वे निराकुलाः ॥
भवन्ति सततं तस्मादस्याः पुण्यप्रदो वधः ॥ [नृसिंह पुराण]
न हि ते स्त्रीवधकृते घृणा कार्या नरोत्तमः ! ॥
राज्यभारनियुक्तानामेष धर्मः सनातनः ॥
अधर्म्यां जहि काकुत्स्थ ! धर्मो ह्यास्यां न वर्तते ॥
श्रुयते हि पुरा शक्रो विरोचनसुतां नृप ! ॥
पृथिवीं हन्तुमिच्छन्तीं मन्थरामभ्यसूदयत् ॥ [बा० रा०]

इत्यादि शास्त्रसंमति देखाउँदा गुरुको आज्ञा शिरोपर गरेर रामजीले ताडकावध गर्नुभयो ।

(क) बला र अतिबला नाउँ भएका दुई मन्त्र विद्या हुन् , अथर्ववेदमा यी दुईको निरूपण गरेको छ । यी विद्या सिद्ध गर्न सके भोक-प्यास-थकाइ लाग्दैन, बल-तेज खूब बढ्दछ, विश्वामित्रजस्ता नूतनजगत्स्रष्टिकर्ता प्रतापी महात्माले दिएको (उपदेश गरेको) हुनाले रामजीलाई यी दुई विद्याले तत्कालमा गुण दिए, पुरश्चरण पनि गर्नुपरेन ।

मन्त्रग्रामं गृहाण त्वं बलामतिबलां तथा । न श्रमो न ज्वरो वा ते न रूपस्य विपर्ययः ।
न च सुप्तं प्रमत्तं वा धर्षयिष्यन्ति नैर्ऋताः ॥···बलामतिबलां चैव पटतस्तात ! राघव ! ॥

इत्यादि रूपले बला र अतिबलाको वाल्मीकीयरामायणमा धेरै गुण देखाइएका छन् ।

(१) १ दण्डचक्र, २ धर्मचक्र, ३ कालचक्र, ४ विष्णुचक्र, ५ ऐन्द्रचक्र, ६ वज्रास्त्र, ७ शैवशूलवत, ८ ब्रह्मशिर, ९ ऐषीक, १० ब्रह्मास्त्र, ११ मोदकीगदा, १२ शिखरीगदा, १३ धर्मपाश, १४ कालपाश, १५ वरुणपाश, १६ शुष्कवज्र, १७ आर्द्रवज्र, १८ पिनाकास्त्र, १९ नारायणास्त्र, २० आग्नेयास्त्र, २१ वायव्यास्त्र, २२ हयशिरोस्त्र, २३ क्रौञ्चास्त्र, २२-२५ शक्त्यस्त्र दुइ प्रकारका, २६ वैद्याधरास्त्र, २७ नन्दनखड्ग

अर्पण गरेको चीज असलै ठहर्ला भन्ने कुरा बुझेर विश्वामित्रले रामजीलाई कन्द-मूल-फलको भोजन दिए ॥ २१५ ॥

प्रात कहा मुनि सन रघुराई ❀ निर्भय जज्ञ करहु तुम्ह जाई ॥१॥
होम करन लागे मुनिझारी ❀ आपु रहे मख की रखवारी ॥२॥
सुनि मारीच निसाचर क्रोही ❀ लै सहाय धावा मुनिद्रोही ॥३॥
बिनु फर बान राम तेहि मारा ❀ सत जोजन गा सागर पारा ॥४॥

रघुनाथजीले प्रातःकालमा मुनि विश्वामित्रलाई "तपाईं गएर निर्भय भई यज्ञ गर्नुहोस्" भन्नुभयो ॥ १ ॥ सबै मुनि जम्मा भएर यज्ञ गर्न लागे, रघुनाथजी यज्ञको रखवारी गर्न लाग्नुभयो ॥ २ ॥ त्यो खबर पाएर मुनिद्रोही भएको मारीचनामक एउटा राक्षस आफ्ना सहायसहित दौडेर आयो ॥ ३ ॥ रामजीले फल नभएको (विनापुङ्खको) एउटा बाण हानेर सययोजन परतिर सागरका किनारामा पुऱ्याइदिनुभयो ॥ ४ ॥

पावकसर सुबाहु पुनि मारा ❀ अनुज निसाचरकटकु सँघारा ॥५॥
मारि असुर द्विज निर्भयकारी ❀ अस्तुति करहिं देव मुनि झारी ॥६॥
तहँ पुनि कछुक दिवस रघुराया ❀ रहे कीन्हि बिप्रन्ह पर दाया ॥७॥
भगतिहेतु बहु कथा पुराना ❀ कहें बिप्र जद्यपि प्रभु जाना ॥८॥

रघुनाथजीले आग्नेयास्त्र प्रयोग गरेर सुबाहुलाई जलाइदिनुभयो। भाई लक्ष्मणजीले राक्षसका फौजको सँघार गर्नुभयो ॥ ५ ॥

यस्ता प्रकारले दुष्ट राक्षस मारेर प्रभुजीले ब्राह्मणवर्गलाई निर्भय गर्नुभयो। देवता मुनिहरूले एकत्र भएर स्तुति गरे ॥ ६ ॥ ब्राह्मणरूका उपर दया गरेर प्रभु रघुनाथजी केही दिन त्यही आश्रममा रहनुभयो ॥ ७ ॥ यद्यपि प्रभुजीले जान्नुभएको थियो, तथापि ब्राह्मण हरू भक्तिका कारण भएका (भक्ति बढाउने) धेरै कथा भन्दथे ॥ ८ ॥

तब मुनि सादर कहा बुझाई ❀ चरित एक प्रभु देखिअ जाई ॥९॥
धनुषजज्ञ सुनि रघुकुलनाथा ❀ हरषि चले मुनिबर के साथा ॥१०॥
आश्रम एक दीख मग माहीं ❀ खग मृग जीव जंतु तहँ नाहीं ॥११॥
पूछा मुनिहि सिला प्रभु देखी ❀ सकल कथा मुनि कही बिसेषी ॥१२॥

---

२८ गन्धर्वास्त्र, २९ मोहनास्त्र, ३० प्रशमनास्त्र, ३१ वर्षणास्त्र, ३२ सौम्यास्त्र, ३३ शोषणास्त्र, ३४ संतापनास्त्र, ३५ विलापनास्त्र, ३६ मादनास्त्र, ३७ मानवास्त्र, ३८ पिशाचास्त्र, ३९ तामसास्त्र, ४० सौमनास्त्र, ४१ संवर्तास्त्र, ४२ मौसलास्त्र, ४३ सत्यास्त्र, ४४ तेजःप्रभास्त्र, ४५ सोमास्त्र, ४६ त्वाष्ट्रास्त्र, ४७ भगास्त्र, ४८ शातेषु, ४९ मानद, ५० कपाल, किंकिणी, यी शस्त्रअस्त्र दिएपछि यिनका मूर्तिमान् तेजस्वी देवताहरू हात जोडेर रामजीका हजूरमा हाजिर भए ! "प्रभु ! यी हामी सबै हाजिर छौं, हजूरको जे इच्छा जो हुकूम छ त्यो सिद्ध गर्छौं" यस्तो विन्ति पनि गरे। रघुनाथजीले "मेरा मनले संझनेबित्तिकै तिमीहरू आउनु" भनेर तिनीहरूलाई बिदा गर्नुभयो भनी वाल्मीकीयरामायणमा बालकाण्डका सत्ताईसौं सर्गमा लेखिएको छ।

अनि विश्वामित्र मुनिले आदरसाथ प्रभुजीलाई बुझाएर "प्रभु ! गएर एउटा चरित्र हेर्नुहोस" भने ॥ ९ ॥ रघुनाथजी धनुषयज्ञको कुरा सुनेर हर्षित भईकन विश्वामित्रका साथ हिंडनुभयो ॥ १० ॥ बाटामा एउटा आश्रम देखियो, त्यहाँ पक्षी मृग आदि गरेका कुनै जीव जन्तु थिएनन् ॥ ११ ॥ प्रभुजीले एउटा शिला (पत्थर) देख्नुभयो र त्यसको वृत्तान्त सोध्नुभयो, मुनिले विस्तारपूर्वक त्यसको कथा भनेर सुनाए ॥ १२ ॥

दोहा–गौतम नारि श्रापबस उपलदेह धरि धीर ।
चरनकमल रज चाहति कृपा करहु रघुबीर ॥२१६॥

प्रभु ! रघुवीर ! गौतमकी स्त्री अहल्या शापका प्रभावले शिलाको स्वरूप धारण गरेर स्थिर भईकन रहेकी छन् , हजूरका चरण-कमलको धूलो चाहन्छिन् (त्यो पाए यिनको उद्धार हुन्छ) कृपा गर्नुहोस् ॥ २१६ ॥ (क)

(क) अघि ब्रह्माजीलाई तपस्याले रिझाउँदा रावणले अतुल पराक्रम अद्भुत ऐश्वर्य पायो । उसको छोरो मेघनाद सकलविजयी भयो, त्यसले इन्द्रलाई पनि जित्यो र जगत्प्रख्यात भएको "इन्द्रजित्!" यस्तो पदवीसमेत पायो । रावणको त्यो चकचकी देख्ता र युद्धमा आफ्नु छोरो जयन्त बेपत्ता भएको हुँदा देवराज इन्द्रलाई साह्रै दुःख लाग्यो र चिन्ता-ग्रस्त भई घोरिन लागे । अनि ब्रह्माजी प्रकट हुनुभयो र इन्द्रलाई "देवराज ! किन झोक्राउँछौ ? अघि पाप गरेका थियौ, त्यसैले गर्दा तिमी पराजित भयौ सुन । मैले सबै स्त्रीलाई समानाकार (एकैनासको अनुहार, एकैनासको सौन्दर्य भएका) बनाएँ र पछि फरक-फरक पारेर स्त्रीको सृष्टि गर्ने इच्छा हुँदा पहिले सबै सौन्दर्यको सार सार लिएर एउटी स्त्री बनाएँ, त्यो स्त्री सर्व-सौन्दर्यपूर्ण भएकी थिई, हल्य (खूनखान = दोष) केही थिएन र त्यसको नाम अहल्या राखें । यस्ती अपूर्व सुन्दरी यो अहल्या कसलाई दिऊँ ? भन्ने विचार गर्दैथिएँ, तिमीले त्यसलाई देखेर आफ्नो औकात ठूलो ठानेर "त्यो कन्या जसरी भए पनि मैं लिउँला" यो विचार गरेका थियौ । मैले त्यो कन्या गौतम मुनिलाई नासो राख्न दिएँ, हजारौं वर्षसम्म गौतमले शुद्ध अन्तःकरणले त्यो कन्याको हिफाजत गरेर पछि मलाई बुझाउन ल्याए, मुनिका सच्चरित्रले म खुशी भएँ र त्यो कन्या तिनैलाई दिएँ । धेरैले आँखा गाडेका थिए, सबै निराश भए, गौतम मुनि अहल्या पाएर प्रसन्न भई गृहस्थी गर्न लागे, तिमीले गौतम नभएका वेलामा गौतमको रूप लिएर अहल्याको उत्तम पातिव्रत्यधर्मलाई नष्ट पार्‍यौ । देवराज ! गौतमले तिम्रो त्यो दुराचार देखेर "योनिलंपट ! दुष्टात्मन् । १००० योनि तिम्रो शरीरमा प्रकट होस् , तिमी शत्रुका वश परे, कहिल्यै नचलेको चलन (परस्त्रीगमन) तिमीले चलायौ, अब उप्रान्त जसले जसले परस्त्रीगमन गर्ला, त्यसको आधा पाप तिमीलाई होला" भनेर तिमीलाई सराप दिए । अनि अहल्यालाई "उत्ताउली ! उल्लू ! मेरो आश्रमको नगीच पनि बस्न न पा जा, तँ रूपवती यौवनवती छु भन्ने घमण्ड गर्छेस् , तेरो रूप सबै संसारका स्त्रीहरूलाई बाँडियोस् , तँ मात्रै राम्री हुन पाउन्नस् , शिला भएर बसेस्" यस्तो सराप दिए । अहल्याले "अज्ञानले गरेको अपराधमा क्षमा पाऊँ" भनी धेरै प्रार्थना गर्दा "त्रेतायुगमा दशरथनन्दन भएर विष्णु भगवान् जन्मनुहुनेछ, उहाँका चरणको स्पर्श पाएपछि तेरो उद्धार होला" यस्तो वरदान दिएर गौतमऋषि तपस्या गर्न लागे । देवराज ! गौतमका सरापले तिम्रो यो दुरवस्था भएको हो । वैष्णवयाग गर, अनि तिमी निष्पाप र बलवान् अजेय हुनेछौ, तिम्रो छोरो जयन्त मर्ला भनेर उसैको मातामह पुलोमा दानवले घर लगी सुरक्षित राखेको छ, शाक नगर" भनेर ब्रह्माजी अन्तर्धान हुनुभयो (यो कथा. वा. रा. ३० सर्गमा छ)

छन्द–परसत पद पावन सोक नसावन प्रगट भई तप पुंज सही ।
देखत रघुनायक जनसुखदायक सनमुख होई कर जोरि रही ॥
अति प्रेम अधीरा पुलक सरीरा मुख नहि आवै बचन कही ।
अतिसय बड़ भागी चरनन्हि लागी जुग नयनन्हि जलधार बही ॥२८॥

पवित्र र शोक नाश गर्ने प्रभुका चरणको स्पर्श हुनाका साथ ती तपस्याको साँचो समूहस्वरूप भएकी (तपोमूर्ति) स्त्री (अहल्या) प्रकट भइन् । भक्तजन-सुखकारी अवध-विहारी रघुनाथजीलाई देख्नेबित्तिकै सन्मुख गएर हात जोरिकन खडा भइन् । ती गाढ प्रेमले अधीर (व्याकुल) भइन् , तिनका सर्वाङ्गमा रोमाञ्च भयो, मुखबाट वचन ननिस्कने भयो (गला थुनियो) । पूर्ण भाग्यवती अहल्या प्रभुका पाउमा परिन् , तिनका दुई नेत्रबाट हर्षाश्रु र प्रेमाश्रुको धारा बग्यो ॥ २८ ॥

छन्द–धीरजु मन कीन्हा प्रभु कहुँ चीन्हा रघुपति कृपा भगति पाई ।
अति निर्मल बानी अस्तुति ठानी ज्ञानगम्य जय रघुराई ॥
मैं नारि अपावन प्रभु जगपावन रावनरिपु जनसुखदाई ।
राजीव बिलोचन भवभय मोचन पाहि पाहि सरनहि आई ॥२९॥

मनमा धैर्य गरिन् , प्रभुलाई चिन्हिन् , रघुनाथजीका कृपाले भक्ति पाइन् , अनि अहल्याले निर्मल वाणीले स्तुति गर्न लागिन् "ज्ञानद्वारा मात्र फेला पर्ने ! हे रघुराज ! हजूरको जय होस् , म अपवित्र स्त्रीजाति, प्रभु जगत्पवित्र गर्ने, रावणको संहार गर्ने, भक्तजनहरूलाई सुख दिने हुनुहुन्छ, हे कमलदलसदृशनयन ! हे भवभयमोचन ! शरण परेकी मलाई रक्षा गर्नुहोस रक्षा गर्नुहोस् ॥ २९ ॥

छन्द–मुनि श्राप जो दीन्हा अति भल कीन्हा परम अनुग्रह मैं माना ।
देखेउँ भरि लोचन हरि भवमोचन इहै लाभ संकर जाना ॥
बिनती प्रभु मोरी मैं मतिभोरी नाथ न माँगौं बर आना ।
पद कमल परागा रस अनुरागा मम मन मधुप करै पाना ॥३०॥

मेरा स्वामी मुनिजीले जो सराप दिनुभएथ्यो त्यो असल काम गर्नुभएछ, त्यो सरापलाई मैले अनुग्रह जानें, संसारबन्धन छुटाउने प्रभुलाई मैले आँखाभरी देख्न पाएँ, शंकरजीले प्रभुको दर्शनैलाई परम लाभ संझनुभएको छ । मेरो मनरूपी भ्रमर प्रभुका चरण-कमलका धूलाको रसमा अनुरक्त (प्रेमी) रहोस् , प्रभु ! म अजान अल्पबुद्धि छु, यही वर माग्दछु, अर्को वर माग्दिन, मेरो विन्ति छ ! ॥ ३० ॥

छन्द–जेहि पद सुरसरिता परमपुनीता प्रगट भई सिव सीस धरी ।
सोइ पदपंकज जेहि पूजत अज मम सिर धरेउ कृपाल हरी ॥

एहि भाँति सिधारी गौतमनारी बार बार हरिचरन परी ।
जो अति मन भावा सो बरु पावा गै पतिलोक आनंद भरी ॥३१॥

जसका चरणबाट परमपवित्र गङ्गाजी उत्पन्न भइन्, तथा उनलाई शिवजीले माथमा धारण गर्नुभयो, जुन चरणकमललाई ब्रह्माजी पुज्नुहुन्छ, त्यही चरणकमल दीनदयाल प्रभुले मेरा शिरमा राखिदिनुभयो।" (धन्य! मेरो भाग्य) यस्ता प्रकारले स्तुति गरेर वारंवार रघुनाथजीका चरणमा शिर राखेर गौतम-पत्नी अहल्या जो चिताएको थियो, त्यो वर पाएर आनन्दपूर्ण भईकन पतिलोक (पतिको आश्रम) मा गइन् ॥ ३१ ॥

दोहा–अस प्रभु दीनबंधु हरि कारन रहित दयाल ।
तुलसिदास सठ तेहि भजु छाड़ि कपट जंजाल ॥२१७॥

तुलसीदास भन्दछन्, मूर्ख! यस्ता समर्थ, दीनबन्धु, विनाकारण दया गर्ने, भगवान्लाई कपट र संसारका मायामाहको जंजाल छाडेर भज ॥ २१७ ॥

चौ०–चले राम लछिमन मुनिसंगा ❀ गए जहाँ जग पावनि गंगा ॥१॥
गाधिसूनु सब कथा सुनाई ❀ जेहि प्रकार सुरसरि महि आई ॥२॥

रामजी र लक्ष्मणजी विश्वामित्र-मुनिका साथ हिंड्नुभयो र जहाँ जगत् पवित्र गर्ने गङ्गाजी हुनुहुन्थ्यो, त्यहाँ पुग्नुभयो ॥ १ ॥ जुन प्रकारले गंगाजी भूमितलमा आउनुभएको हो, त्यो सबै कथा विश्वामित्र-मुनिले रामजीलाई सुनाउनुभयो ॥ २ ॥ (१)

---

(१) विश्वामित्रजीले भने कि "रघुनन्दन! यी गङ्गाजीको उत्पत्ति बयान गर्छु, सुन्नुहोस्। हजूरका वंशमा अघि सगर नाम भएका प्रतापी राजा थिए। तिनका पुत्र साठीहजार (६००००) भए। राजा सगरले अश्वमेध यज्ञ ९९ पटक गरिसकेपछि, अर्को अश्वमेध गर्न आफ्ना छोराहरूका रक्षकतामा यज्ञिय अश्व छाडेका थिए, इन्द्रले ईर्ष्यावश भएर ("१०० अश्वमेध पूर्ण गरेर मजस्तो हुन केको दिउँला" यस्तो रीस लिएर) त्यो घोडा लगीकन कपिलमुनिका आश्रममा बाँधिदिए। इन्द्र अदृश्य थिए, त्यो काम गर्दा कसैले देखेन, घोडा हराउँदा खल्लबल्ल पऱ्यो। सारा भूमण्डलमा घोडा खोजे, कहीं पाइएन, अनि साठी हजार बलवान् सगरपुत्रले धमाधम पृथ्वी खनेर उपद्रव मचाए, तैपनि घोडा पाइएन र लाचार भई फर्केर पिता सगरलाई सबै वृत्तान्त सुनाए। सगर राजाले "खन्न पुगेन, अरू खन", भन्ने हुकूम दिए। फेरि तिनीहरूले झोक्किएर धमाधम खन्न थाले। सबैतिर खनिसके, आखिरमा ईशानदिशा खनेर तिनीहरू पातालसम्म पुगे, त्यहाँ कपिल-मुनिका आश्रममा आफ्नो घोडा चर्न लागेको देखे। समाधि चढाएर रहेका कपिल-मुनिलाई पनि देखेर "घोडाचोर यही हो" भनेर हल्लखल्ल गर्दै पिट्न जाइलागे। तिनका हल्लखल्लले कपिलदेवमुनिको समाधि बेटाइममा टुट्न गयो र उनले धेरै कालसम्म चिंलिराखेका आँखा खुले, योगका प्रभावले धग्धगाकार आगाको मुस्लो आँखाबाट निस्क्यो, त्यसले साठी हजार राजकुमारलाई एकै घान गरेर भस्म पाऱ्यो। धेरै काल बित्यो छोराहरू आएनन् र सगर राजाले आफ्नो नाती अंशुमान्लाई बाबुहरू खोज्न पठाए। जाँदा जाँदा अंशुमान् उही कपिलाश्रममा पुगे, घोडा पनि देखे, भस्मका थुप्राका थुप्रा पनि देखे। विचारवान् भएका अंशुमान्ले आफ्ना बाबुहरू मरेकै ठहराएर विलाप गर्नलाग्दा त्यहाँ पक्षिराज गरुडजी देखिए, तिनले सबै वृतान्त बताएर "आफ्ना बाबुहरूको उद्धार गंगाजीका जलले गर, अरू

तब प्रभु रिषिन्ह समेत नहाए ❀ बिबिध दान महिदेवन्ह पाए ॥३॥
हरषि चले मुनिबृंद सहाया ❀ बेगि बिदेह नगर निअराया ॥४॥
पुररम्यता राम जब देखी ❀ हरषे अनुज समेत बिसेषी ॥५॥

प्रकारले ब्रह्मदण्डले डढेकाको उद्धार हुँदैन" भने। अंशुमान्ले दुःखपीड़ित भएर कपिलमुनिलाई प्रणाम गरीकन घोडा फर्काएर ल्याए। सगरले सबै वृतान्त सुने, यथाकथंचित् त्यो यज्ञ सिद्धाए, तीस हजार वर्ष राज्य गरिसकेका थिए, गंगाजी ल्याउने उपायको सुरसार गर्दैमा स्वर्गवासी भए। अंशुमान् राजा भए। तिनका छोरा दिलीप समर्थ भएपछि, तिनैलाई राज्य दिएर ती गंगाजीको तपस्या गर्न गए। ती अंशुमान् हजारौं वर्षसम्म तपस्या गर्दागर्दै स्वर्गवासी भए। अनि दिलीपले आफ्ना छोरा भगीरथलाई राज्य दिएर तपस्या गर्न थाले, ती पनि कृतार्थ भएनन् त्यसै स्वर्गवासी भए। भगीरथका सन्तान भएका थिएनन्, मन्त्रीका हातमा राज्य सुंपेर आफ्ना पुर्खाको उद्धारका निमित्त "देहं वा पातयामि, कार्य वा साधयामि" यस्तो संकल्प गरेर उग्र तपस्या गरे, ब्रह्माजी खुशी हुनुभयो र प्रकट भईकन "वरंब्रूहि" भन्नुभयो, उत्साहधुरन्धर भगीरथले "अगति परेका मेरा पुर्खाको उद्धारका निमित्त गंगाजी पृथ्वीतलमा उत्रुन्" यो वर मागे। आफ्नो स्वार्थपट्टि नलागेर फगत पितृभक्ति गरेर त्यस्तो वर माग्दा ब्रह्माजी अति खुशी हुनुभयो र "तथास्तु, अन्यं च वरं ब्रूहि" भन्नुभयो, भगीरथले हात जोडेर "महाराज सगरका कुलमा सन्तानविच्छेद नहोस्" यस्तो वर मागे। ब्रह्माजीले "तथास्तु तथास्तु" भन्नुभयो र "गंगाजी ता पृथ्वीतलमा उत्रलिन्, तिनको वेग थाम्न पृथ्वी सक्तिनन्, शंकरजीलाई मनाऊ, उहाँले मानेपछि गंगाजी उत्रने छन्" भन्नुभयो र अन्तर्धान हुनुभयो राजा भगीरथले उग्र तपस्या गर्दा आशुतोष भगवान् शंकर प्रसन्न हुनुभयो र "गंगाजीको वेग रोकेर सुस्त सुस्त पृथ्वीतलमा पुऱ्याइदिउँला" भन्नुभयो। भगीरथजीले गंगाजीको स्तुति गरे, "शंकरजीलाई हुत्याएर पाताल पुऱ्याइदिन्छु" यस्तो हौसला गरेर बडो वेगका साथ गंगाजी शंकरजीका खुला जटामा गिर्नुभयो। शंकरले त्यो जटा विशाल-घन गरी तुरन्तै बाँध्नुभयो र गंगाजी छिर्न पनि नपाएर धेरै कालसम्म जटाजूटैमा घुमिरहनुभयो। भगीरथले फेरि शंकरजीको स्तुति गरे अनि शंकरजीले जटाजूटसा ७ प्वाल पारिदिनुभयो र ७ तर्फ लागेर ७ नामले (¹ह्लादिनी, ²पावनी, ³नलिनी, ⁴सुचक्षु, ⁵सीता ⁶सिन्धु ⁷अलकनन्दा) गंगाजीका धार चले; अघिअघि दिव्यरथमा चढेका भगीरथ, पछिपछि पतितपावनी गंगा भएर अपूर्व शोभा भयो। जाँदा जाँदा बाटामा जह्नु राजर्षिको यज्ञमण्डपलाई गंगाजीले बगाइदिनुभयो र समर्थ जह्नु राजर्षिले तपोबलको अद्भुत प्रभाव देखाएर जम्मै गंगाजीलाई पिइदिए। देवता-ऋषि भगीरथले मनाउँदा जह्नुले कानबाट गंगाजी निकासिदिए, देवताहरू खुशी भएर "महाप्रभाव! राजर्षे! यी गंगा तपाईंकी छोरी भइन्, जह्नुनन्दिनी, जह्नुतनया, जाह्नवी इत्यादि नामले प्रसिद्ध हुनेछन्" भने। अनि सरासर गंगाजीको धारालाई पछि लाएर राजा भगीरथ कपिलाश्रममा पुगे। भस्मावशेष भएका सगरराजाका छोराहरूले विष्णुपदी धर्मद्रवा पतितपावनी गंगाका जलको स्पर्श पाए (खरानीका थुप्रा गंगाजीका जलमा रयालिए) साठीहजार राजकुमार १ डफ्फा भएर सरासर स्वर्ग पुगे। अनि ब्रह्माजी त्यहीं प्रकट हुनुभयो र प्रसन्नताका साथ— "राजन्! भगीरथ! स्याबास, तिमीले आफ्ना पुर्खालाई तार्‍यौ, जहाँसम्म गंगाजीको जल पृथ्वीमा रहला तहाँसम्म सगरका पुत्रहरू देवतै भएर स्वर्गमा रहनेछन्, यिनै गंगाजी तिम्री छोरी भइन् यिनैले भागीरथी (भगीरथपुत्री) इत्यादि नामद्वारा तिम्रो नाम अजर-अमर पार्नेछन्। बाबु! भगीरथ! तिमीले आफ्नो पुर्खाको मात्रै उद्धार गरेको होइन, स्वर्ग-मर्त्य-पातालका सबै प्राणी गङ्गा पाउँदा अनुगृहीत भए,

अनि रघुनाथजीले ऋषिसहित स्नान गर्नुभयो । ब्राह्मणहरूले अनेक प्रकारको दान पाए ॥ ३ ॥ मुनिवर्गका साथ हर्षित भएर रघुनाथजी छिटो छिटो हिंड्नुभयो, विदेहनगर (जनकपुर) नगीचै आइपुग्यो ॥ ४ ॥ जब रामजीले जनकपुरको रमणीयता देख्नुभयो, अनि ता भाईसमेत खूब हर्षित हुनुभयो ॥ ५ ॥

तिमीले गरेको यो धर्म अनन्त छ । अब यिनै गङ्गाका जलले आफू पनि स्नान गर, पितृ-पितामहहरूको तर्पण पनि गर, तिम्रो भलो होस् । राजन् ! सगरकुलतिलक ! यो काम गर्दागर्दा तिम्रा ३ पुस्ता बितेर गए तापनि तिमीले सिद्ध गरिछाड्यौ अब कृतार्थ भयौ, तिमीलाई धन्यवाद छ, घर जाऊ, राज्य गर, म पनि अब जान्छु है" भनेर अन्तर्धान हुनुभयो । राजा भगीरथले श्रीगङ्गाजीको स्तुति गरे—गङ्गाजी प्रसन्न भएर—'पिताजी ! महाराज ! जहाँसम्म पृथिवीमा तुलसीको पूजा हुन्छ, जहाँसम्म आकाशमा बृहस्पति तारा उदाउँछन्, जहाँसम्म स्वर्गमा कल्पवृक्ष रहन्छ, जहाँसम्म समुद्रमा वडवानल रहन्छ, त्यहाँसम्म तपाईंका रथका पाङ्ग्राले खनेका बाटामा म रहनेछु" यस्तो आशय भएको—

"यावद्धरण्यां तुलसी प्रपूज्यते गुरुर्नभःस्थो दिवि कल्पपादपः ॥
यावत्समुद्रे वडवानलश्च वसामि राजँस्तव चक्रखाते" ॥

यस्तो प्रतिज्ञा गर्नुभयो । राजा भगीरथ कृतार्थ भएर घर फर्के, कीर्तिरूपी अमर शरीर यहाँ राखेर, नश्वर शरीर छाडीकन अमर पदमा गए ।

रघुनन्दन ! यो गङ्गावतरणको कथा कसैलाई सुनाए मात्रै पनि सुनाउनेका ऊपर पितृ र देवता प्रसन्न हुन्छन्, जो श्रद्धाका साथ सुन्दछ त्यसका मनोरथ पूर्ण हुन्छन्, सुन्ने सुनाउने दुवैका पाप नष्ट हुन्छन्, आयु र यश बढ्दछ" ॥

यस्ता प्रकारले गङ्गाजीको महिमा रामायण, महाभारत, अठारपुराण, उपपुराण, तन्त्रशास्त्र, अरू शास्त्र, वेदसमेतले वर्णन गरेको छ ।

सनत्कुमार-संहितामा रहेको—

कलेर्दशसहस्राणि विष्णुस्तिष्ठतिमेदिनीम् ।
तदर्धं जाह्नवीतोयं तदर्धं ग्रामदेवताः ।

यो वचन देखेर "कलियुगको ५ हजार वर्ष जाँदा गङ्गाजी जानुभयो । विक्रमसम्वत् १९५६ उप्रान्त गंगाजी हुनुहुन्न" यस्तो भ्रममा परेर धेरै जनाले गङ्गाजीमा श्रद्धाभक्ति घटाउन लागेका छन् । त्यस्ता भ्रमग्रस्त भएका सज्जनवर्गमा सविनय हात जोडेर गंगाजीको प्रस्ताव चलेका प्रसंगमा उनका विषयमा अलिकति निवेदन गर्दछु, अर्घेली नठानेर मेरा वक्तव्यमा ध्यान दिनुहोला के ? भने—

(१) "लौ कलिका ५ हजार वर्षमा गंगाजी ता जानुभएछ, १० हजार वर्षमा विष्णु पनि जानुहुनेछ होइन ? । विष्णु ऐलेसम्म कहाँ हुनुहुन्छ, पछि कहाँ जानुहोला ?" यस्तो तर्क गरेका खण्डमा व्यापक विष्णुको सत्ता पृथिवीबाट हटेपछि पृथिवीको सत्ता पनि रहँदैन भन्नुपर्दछ, दशहजार वर्षपछि पृथ्वी हराउलिन् त ? पृथिवी हराएपछि प्रलय भएन त ?, दशै हजार वर्षमा प्रलय होइहाल्ला त, इत्यादि असंगत कुरा उठेर आउँछन् । त्यसो हुनाले "विष्णु जान्छन् भनेको होइन, विष्णुको भक्ति हराउँछ" भनेको हो, त्यस्तै "गंगाजी जान्छिन् भनेको होइन, गङ्गाजीको भक्ति श्रद्धा हराउँछ" भनेको हो" । यस्तो विचार कसै कसैले गरेका छन् । तर "यो विचार सर्वांशमा ठीक हो" भन्न सकिदैन, किनभने ?

कलेर्दशसहस्राणि भन्ने श्लोकको तात्पर्य यो अट्ठाईसौं कलिमा छैन यो श्वेतवाराहकल्पका पछिल्लो एकहत्तरौं कलिमा तात्पर्य छ, यो कुरामा—

वापी कूप सरित सर नाना ❀ सलिल सुधासम मनिसोपाना ॥६॥
गुंजत मंजु मत्त रस भृंगा ❀ कूँजत कल बहु बरन बिहंगा ॥७॥
बरन बरन बिकसे बन जाता ❀ त्रिबिध समीर सदा सुख दाता ॥८॥

"पृथिवी गङ्गया हीना भविष्यत्यन्तिमे कलौ ।
तदैव विष्णुस्त्यजति मेदिनीं नरपुंगव !"

यो विष्णुपुराणको वाक्यसँग एकवाक्यता गर्नु प्रमाण हुन आउँछ ॥

(२) फेरि—"यावद्धरण्यां तुलसी प्रपूज्यते गुरुर्नभःस्थो दिवि कल्पपादपः ।
यावत्समुद्रे वडवानलश्च वसामि तावत्तव चक्रखाते ॥"

यो प्रायश्चित्ततत्वमा उद्धृत गरेका गङ्गावाक्यको पनि प्रामाण्य हुन आउँछ ।

(३) फेरि—"कल्किभगवान् आखिरमा चित्तग्लानि भएर २ स्त्रीलाई साथ लिई जङ्गलतिर जानुभयो, जाँदा जाँदा मुनिजनले व्याप्त भएको, गङ्गाजलले पूर्णभएको, देवगणले सेवा गरिएको मनोहर हिमालय पर्वतमा पुग्नुभयो, त्यहाँ जाँदा भगवान् कल्किलाई ४ तर्फबाट देवताहरूले सेवा गर्न घेरे, अनि उहाँले गङ्गाजीका तीरमा चतुर्भुजरूप धारण गरेर आफ्नो स्वरूप संझनुभयो" यस्तो आशय भएका कल्किपुराणका उन्नाईसौं अध्यायका—

प्रययौ ल्किन्नहृदयः पत्नीभ्यां सहितो वनम् ॥ १९ ॥
हिमालयं मुनिगणैराकीर्णं जाह्नवीजलैः ॥
परिपूर्णं देवगणैः सेवितं मनसः प्रियम् ॥ २० ॥
गत्वा विष्णुः सुरगणैर्वृतश्चरु चतुर्भुजः ॥
उषित्वा जाह्नवीतीरे सस्मारात्मानमात्मना ॥ २१ ॥

यी श्लोकबाट पनि यो कलिका अन्त्यमा पैदा भएका कल्किभगवान्का पालासम्म आदरपूर्वक गंगाजीको सेवा हुने कुरा सिद्ध हुन्छ ।

(४) फेरि—यी गङ्गाजीलाई पृथिवीतलमा उतार्ने राजा भगीरथ रामजीका पुर्खा हुन् , सागरले हनुमान्को सत्कार गर्नालाई मैनाक पर्वतसँग गरेका कुराबाट यो कुरा स्पष्ट छ, । (सुन्दरकाण्ड हेर्नुपर्दछ)

(५) रामचन्द्रको अवतार यही कल्पका चौबीशौं कलिमा भएको हो भन्ने कुरा हरिवंशका एक चालीसौं अध्यायका—

चतुर्विंशे युगे चापि विश्वामित्रपुरःसरः ।
जज्ञे दशरथस्याथ पुत्रः पद्मायतेक्षणः ॥ २१ ॥
कृत्वाऽऽत्मानं महाबाहुश्चतुर्धा प्रभुरीश्वरः ।
लोके राम इति ख्यातस्तेजसा भास्करोपमः ॥ २२ ॥

यी २ श्लोकबाट स्पष्ट छ ।

अब—कलेर्दशसहस्राणि यो वचन संझदा चौबीसौं कलिमा नै गङ्गाजी गइसकेका हुनुपर्दछ भने, अठ्ठाईसौं कलिका आदि (द्वापरान्त) मा अवतार लिएका बलरामले र उनका समकालीन विदुरले तीर्थयात्रा गर्दा गङ्गाको यात्रा गर्नु नपर्ने हो ।

भागवत, दशमस्कन्धमा "गङ्गासागरसंगमे" भनेर बलदेवको यात्रा देखाएको छ, तृतीयस्कन्धमा "द्वारि द्युनद्या ऋषभः कुरूणाम्" भनेर विदुरको गङ्गायात्रा देखाएको छ, । तस्मात् "बलरामका समयसम्म

अनेकानेक वापी (बावली) कूवा, नदी पोखरी थिए, जल अमृतसमान मीठो थियो, मणिका सिंढी बनेका थिए ॥ ६ ॥ पुष्परस पान गर्नाले मस्त भएका भ्रमरहरू मधुर शब्द गर्न-लागेका, अनेक वर्ण भएका पक्षीहरू मीठो बोली बोलन लागेका थिए ॥ ७ ॥ रङरङका कमल फुलिरहेका थिए, ठण्डा सुगन्ध मन्द भएको, सबै मौसममा आनन्द दिने हावा चलिरहेको थियो ॥ ८ ॥

दोहा–सुमन बाटिका बाग बन बिपुल बिहग निवास ।
फूलत फलत सुपल्लवत सोहत पुर चहुँ पास ॥२१८॥

धेरै प्रकारका पक्षी रहेका फुलवारी, बगैंचा; वनका वृक्ष कोही फुलिरहेका, कोही फलिरहेका, कोही राम्रो पालुवा हालिरहेका जनकपुरका चारैतर्फ सुशोभित थिए ॥ २१८ ॥

चौ०–बनै न बरनत नगरनिकाई ❀ जहाँ जाइ मन तहहिं लोभाई ॥१॥
चारु बजार बिचित्र अँवारी ❀ मनिमय जनु बिधि स्वकर सँवारी ॥२॥
धनिक बनिक बर धनद समाना ❀ बैठे सकल वस्तु लै नाना ॥३॥
चौहट सुंदर गली सुहाई ❀ संतत रहहिं सुगंध सिंचाई ॥४॥

नगरको निकोपना (शोभा) वर्णन गर्न नसकिने थियो । जहाँ जाउ, तहीं मन लोभिन्थ्यो ॥ १ ॥ बजार राम्रो, विचित्र थियो । त्यसको अँवारी (पंक्ति = लहर) मणिमय

गंगाजी रहेकी थिइन्" यो कुरा सिद्ध भएपछि "चौबीसौं, पच्चीसौं, छब्बीसौं, सत्ताईसौं कलिसम्म गंगाजी रहनुभयो, अठ्ठाईसौं कलिले के अपराध गर्‍यो र पाँचहजार वर्षैमा गङ्गाजीले पृथ्वी छाडेर जानुपर्‍यो ?" यस्तो अखण्डनीय प्रत्युत्तर खडा हुन आउँछ । तस्मात् "अन्तिम एकहत्तरौं कलिमा यो कल्प समाप्त हुँदा खेरि महाप्रलयका टाइमसम्म गङ्गाजी रहनुहुन्छ, अनि जानुहुन्छ, ऐले जानुभएको छैन," यो कुरा सिद्ध हुन आयो ।

"५ हजार वर्ष बितिसकेउप्रान्त पनि, यज्ञयागादि श्रौतकर्म लुप्तप्राय भइसकेपछि पनि, नाना प्रकारका तपस्याको प्रचार ध्वस्त भइसकेपछि पनि, आजकाल गङ्गाजीको आश्रय गरेर अनेकानेक सिद्ध तपस्वी महात्माहरू रहेका छन्, करोडौं भक्तजन पर्वपर्वमा पतितपावनी गङ्गाजीको सेवा गर्न श्रद्धापूर्ण भएर जाँदैछन् , गङ्गाजीको प्रताप कहिल्यै जाँदैन, यो दुनियाँ गएपछि पनि गङ्गाजीको प्रताप रहन्छ, जैले सर्वसंहार होला, त्यसै बखत्मा गङ्गाको प्रताप जाला" भनेर श्रुति–स्मृति–पुराणको ऐकमत्य बुझ्ने कुनै गङ्गादासले—

मखानां चर्चायामपि विगलितायां कलिबला–
दपध्वस्ते नानाविधवपुषि सर्वत्र तपसि ।
जनानां यत्कोटिर्भजति भवतीं भक्तिभरिता
प्रतापोऽयं गङ्गे ! तव जयति भङ्गेन रहितः ॥ [गङ्गागौरव]

यस्तो उद्गार निकालेको छ ।

प्रत्येक हिन्दू सन्तानले प्रतिदिन गङ्गाको सेवा गर्नुपर्दछ, समयका प्रभावले अरू धर्मकर्म यथार्थ हुन नसक्ने भयो, आफ्नो उद्धार अन्यथा हुन नसकेपछि अनन्यभक्तिले पतितपावनी, पापपुञ्जनाशिनी भगवती भागीरथीको स्मरण, कीर्तन, दर्शन, स्पर्शनले आफ्नो उद्धार गर्नुपर्दछ ।

(मणिले खचाखच भरिएको) हुनाले मानौं विधाताले नै आफ्ना हातले रचेको हो कि भनेजस्तो थियो ॥ २ ॥ कुवेरसमान धनाढ्य भएका वैश्यहरू नाना प्रकारका चीजबीज लिएर बसेका थिए ॥ ३ ॥ चौबाटा र गल्लीहरू राम्रा राम्रा सुशोभित र सधैं गन्धजल (गुलाबजल, केवडापानी) ले सिंचिएका (सेचन गरिएका) थिए ॥ ४ ॥

मंगलमय मंदिर सब केरें ❀ चित्रित जनु रतिनाथ चितेरें ॥५॥
पुन नर नारि सुभग सुचि संता ❀ धरमसील ज्ञानी गुनवंता ॥६॥
अति अनूप जहँ जनक निवासू ❀ बिथकहिं बिबुध बिलोकि बिलासू ॥७॥
होत चकित चित कोट बिलोकी ❀ सकल भुवन सोभा जनु रोकी ॥८॥

सबैका घर आनन्दमङ्गलपूर्ण, चित्रविचित्रका हुनाले मानौं रतिनाथ (कामदेव रूपी चित्रकारले सजाएका हुन् कि भनेजस्ता थिए ॥ ५ ॥ शहरका नर-नारीहरू भाग्यवान्, शुद्ध, सज्जन, धर्मशील, ज्ञानी, गुणी थिए ॥ ६ ॥ जहाँ अति अनुपम (उपमा नै नभएका) जनक राजर्षिको निवास थियो, जहाँका राजा जनकजीको योग-ज्ञानसहितका राज्यभोगको अपूर्व आनन्द देखेर देवताहरू थाक्तथे (जनकको राज्यभोगानन्द नहेरी चित्त बुझ्दैनथ्यो थकित हुन मञ्जूर भएर पनि त्यो अनौठा आनन्द हेरिरहन्थे) ॥ ७ ॥ त्यहाँको कोट (किल्ला) हेर्दा चित्त चकित हुन्थ्यो, मानौं यो किल्लामा चौद्ध भुवनको शोभा थुनिएको छ कि ? भन्ने भान हुन्थ्यो ॥ ८ ॥

दोहा–धवल धाम मनि पुरट पटु सुघटित नाना भाँति ।
सिय निवास सुंदर सदन, सोभा किमि कहि जाति ॥२१९॥

नाना प्रकारसँग सुवर्णका पातामा मणि जडेर जोरेका सेता घर (अरूका) थिए । सीताजीका सुन्दर भवनको शोभा कसरी वर्णन गर्न सकिन्छ ॥ २१९ ॥

चौ०–सुभग द्वारा सब कुलिस कपाटा ❀ भूप भीर नट मागध भाटा ॥१॥
बनी बिसाल बाजि गज साला ❀ हय गज रथ संकुल सब काला ॥२॥
सूर सचिव सेनप बहुतेरे ❀ नृपगृह सरिस सदन सब केरे ॥३॥
पुर बाहेर सर सरित समीपा ❀ उतरे जहँ तहँ बिपुल महीपा ॥४॥

राजद्वार अति राम्रो थियो, त्यसको ढोका वज्रसमान दृढ़ थियो । त्यहाँ राजाहरूको भीड लागिरहन्थ्यो, नट, मागध (राजवंशकीर्तन गर्ने गवैया), भाटहरू त्यहीं रहन्थे ॥ १ ॥ तबेला र हात्तीसार विशाल (ठूलो) थियो, त्यहाँ घोडा, हात्ती रथ, हरहमेशा भरिभराउ रहन्थे ॥ २ ॥ शूरवीरहरू, मन्त्रीहरू, सेनापतिहरू धेरै थिए । सबैका घर राजमहलका उचित थिए ॥ ३ ॥ शहरका बाहिर नगीचैमा नदी र तलाऊ थिए, धेरै राजाहरू देशान्तरबाट आँउदा जहाँ तहाँ त्यहीं उत्रन्थे ॥ ४ ॥

देखि अनूप एक अँबराई ❀ सब सुपास सब भाँति सुहाई ॥५॥
कौसिक कहेउ मोर मनु माना ❀ इहाँ रहिअ रघुबीर सुजाना ॥६॥

भलेहि नाथ कहि कृपानिकेता ❀ उतरे तहँ मुनिबृंद समेता ॥७॥
बिस्वामित्रु महामुनि आए ❀ समाचार मिथिलापति पाए ॥८॥

सबै कुरालाई सजिलो पर्ने सब तरहबाट राम्रो, अनुपम, एउटा अँवराई (आँपको बगैंचा) देखेर विश्वामित्र मुनिले "मलाई मनपर्‍यो, बुद्धिमान् ! रघुनाथजी ! यहाँ बसौं" भने ॥ ५ ॥ ६ ॥ "अच्छा महाराज !" भनेर दयानिवास भगवान् रघुनाथजी मुनिवर्गसहित त्यहीं उत्रनुभयो ॥ ७ ॥ मिथिलाधिपति जनकजीले विश्वामित्र महामुनि आएको समाचार पाए ॥ ८ ॥

दोहा–सँग सचिव सुचि भूरि भट भूसुर बर गुर ज्ञाति ।
चले मिलन मुनिनायकहिं मुदित राउ एहि भाँति ॥२२०॥

साथमा शुद्ध भएका मन्त्री, अनेक योद्धा वीर, आचारवान् ब्राह्मण, गुरु, ज्ञातिवर्ग, यस प्रकारले लिएर राजा जनक मुनीश्वर विश्वामित्रलाई भेट्न हर्षित भएर गए ॥ २२० ॥

चौ०–कीन्ह प्रनामु चरन धरि माथा ❀ दीन्हि असीस मुदित मुनिनाथा ॥१॥
बिप्रबृंद सब सादर बंदे ❀ जानि भाग्य बड़ राउ अनंदे ॥२॥
कुसल प्रश्न कहि बारहि बारा ❀ बिस्वामित्र नृपहि बैठारा ॥३॥

चरणमा शिर राखेर राजाले वन्दना गरे, मुनिनाथ विश्वामित्रले खुशी भएर आशीष दिए ॥ १ ॥ अनि ब्राह्मणवर्गलाई आदरसहित वन्दना गरे, ठूलो भाग्य संझेर राजा आनन्दित भए ॥ २ ॥ वारंवार कुशल प्रश्न गरे, विश्वामित्रले राजालाई बसाए ॥ ३ ॥

तेहि अवसर आये दोउ भाई ❀ गए रहे देखन फुलवाई ॥४॥
स्याम गौर मृदु बयस किसोरा ❀ लोचन सुखद बिस्व चित चोरा ॥५॥
उठे सकल जब रघुपति आए ❀ बिस्वामित्र निकट बैठाए ॥६॥

त्यही वेलामा दुवै भाई (राम-लक्ष्मण) आउनुभयो, उहाँहरू फुलवारी हेर्न जानुभएको थियो ॥ ४ ॥ श्यामवर्ण र गौरवर्ण भएका, १५ वर्षको कलिलो उमेर भएका, नेत्रलाई-आनन्दित गरिदिने, संसारको चित्त हरण गर्ने, यस्ता रघुनाथजी र लक्ष्मणजी आउँदा, सबैजना उठे । विश्वामित्रजीले उहाँलाई नगीचै बसाउनुभयो ॥ ५ ॥ ६ ॥

भए सब सुखी देखि दोउ भ्राता ❀ बारि बिलोचन पुलकित गाता ॥७॥
मूरति मधुर मनोहर देखी ❀ भयेउ बिदेहु बिदेहु बिसेषी ॥८॥

दुवै भाईलाई देख्ता सबैका नजरमा हर्षाश्रु भरियो, शरीरमा रोमाञ्च भयो, सबै हर्षित भए । मधुर मनोहर मूर्ति देखेर विदेहराजा (जनक राजा) विशेष गरेर (अरूभन्दा बढ्ता, अधिको भन्दा बढ्ता) विदेह (देहको भान नभएका = देहाभिमानरहित भएका) भए ॥ ७ ॥ ८ ॥

दोहा–प्रेम मगन मनु जानि नृपु करि बिबेकु धरि धीर ।
बोलेउ मुनिपद नाइ सिरु गदगद गिरा गभीर ॥२२१॥

राजा जनकले (आफ्नो) मन प्रेमले मग्न भएको जानेर, विवेकले धैर्य धरेर, विश्वामित्र मुनिका पाउमा शिर राखीकन गद्गद र गंभीर वाणीले—॥ २२१ ॥

चौ०-कहहु नाथ सुंदर दोउ बालक ❀ मुनिकुलतिलक कि नृपकुलपालक ॥१॥
ब्रह्म जो निगम नेति कहि गावा ❀ उभय बेष धरि की सोइ आवा ॥२॥
सहज बिराग रूप मन मोरा ❀ थकित होत जिमि चंद चकोरा ॥३॥
ता ते प्रभु पूछौं सति भाऊ ❀ कहहु नाथ जनि करहु दुराऊ ॥४॥

"हे नाथ ! सुन्दर यी दुई बालक मुनिकुलका तिलक हुन् कि ? राजकुलका पालक हुन् ? (अर्थात् ब्राह्मण हुन् कि क्षत्रिय हुन् ?) कि वेदले नेति नेति भनेर गाइएका उनै ब्रह्म दुई रूप धारण गरेर आएका हुन् ?, भन्नुहोस् ॥ १ ॥ २ ॥ स्वाभाविक रागरहित भएको (कहिल्यै पनि विषयको सुन्दरताले नभुल्ने) मेरो मन, यी दुई बालकलाई देख्ता, चन्द्रमालाई देख्ता चकोर (च्याखुरा) जस्तो भएर थकित (हेर्दा हेर्दा नअघाउने अर्थात् रागपूर्ण) भयो ॥ ३ ॥ त्यसै हुनाले राम्रो भावले मैले सोधेको हुँ, हे नाथ ! बताउनुहोस्, छिपावट नगर्नुहोस् ॥ ४ ॥

इन्हहि बिलोकत अति अनुरागा ❀ बरबस ब्रह्म सुखहि मनु त्यागा ॥५॥
कह मुनि बिहसि कहेहु नृप नीका ❀ बचन तुम्हार न होइ अलीका ॥६॥
ए प्रिय सबहि जहाँ लगि प्रानी ❀ मन मुसुकाहिं रामु सुनि बानी ॥७॥
रघुकुलमनि दशरथ के जाए ❀ मम हित लागि नरेस पठाए ॥८॥

यिनलाई देख्ता अनुरागरहित भएका मनमा अनुराग खूब भयो, मनले जबर्दस्तीमा परेजस्तो भएर ब्रह्मानन्दलाई पनि छाड्यो" ॥ ५ ॥ (यो वचन बोले) । (यस्ता जनकजीका वचन सुनेर) विश्वामित्र मुनिले हाँसेर—"राजन् ! ठीक भन्नुभयो, तपाईंको वचन झूटो होइन । यी जहाँतक प्राणी छन् ती सबै प्राणीका प्रिय छन्" यत्ति बोल्दा बोल्दै रामजीले त्यो वाणी सुनेर मनमा अलीकति हाँस्नुभयो (गुप्तरूपले लीला गर्न आँटेको ता गुरुमहाराजले प्रेमका मस्तीमा कुरा खुस्काएर भण्डाफोर पो गर्न लाग्नुभयो, भन्ने आशयले हाँस्नुभयो) ॥ ६ ॥ ७ ॥ (अनि भगवान्का मनको हास्य र अभिप्राय पनि थाहा पाउने दिव्यदृष्टि भएका विश्वामित्रले भने) "राजन् ! यी दुइ रघुकुलमणि दशरथका पुत्र हुन् । मेरा हितका निमित्त राजा दशरथले यिनलाई पठाए ॥ ८ ॥

दोहा-रामु लषनु दोउ बंधु वर रूप सील बलधाम ।
मख राखेउ सबु साखि जगु जिते असुर संग्राम ॥२२२॥

रूप शील, बल, यिनका निवासस्वरूप भएका यी दुई राम र लक्ष्मण नाम भएका दुई भाई हुन् । यिनले युद्धमा राक्षसगणलाई जितेर यज्ञको रक्षा गरे, यस कुरामा सबै जगत् साक्षी छ ॥ २२२ ॥

चौ०-मुनि तव चरन देखि कह राऊ ❀ कहि न सकौं निज पुन्यप्रभाऊ ॥१॥
सुंदर स्याम गौर दोउ भ्राता ❀ आनंदहू के आनंददाता ॥२॥

(राजाले भने कि)—"हे मुनीश्वर ! तपाईंको चरण देख्न पाउँदा आफ्ना पुण्यको प्रभाव बताउन सक्तिन । श्याम र गौरवर्ण भएका सुन्दर यी दुई भाई आनन्दका पनि आनन्द-दाता रहेछन् (यिनैले गर्दा आनन्द पनि आनन्दमा पर्ला) ॥ १ ॥ २ ॥

इन्ह कै प्रीति परसपर पावनि ❀ कहि न जाइ मन भाव सुहावनि ॥३॥
सुनहु नाथ कह मुदित बिदेहू ❀ ब्रह्म जीव इव सहज सनेहू ॥४॥

यी दुई भाईको परस्पर प्रेम पवित्र रहेछ, सबैलाई मनपर्ने सुन्दर यो प्रेम वर्णन गर्न नसकिने रहेछ । मुनिमहाराज ! सुन्नुहवोस्, यी दुई जना परमात्मा र जीवात्माजस्ता स्वाभाविक स्नेहवान् (परस्पर मिलेजुलेका) रहेछन्" (भनेर राजा जनकले खुशी भई बोले) ॥ ३ ॥ ४ ॥

पुनि पुनि प्रभुहि चितव नरनाहू ❀ पुलक गात उर अधिक उछाहू ॥५॥
मुनिहि प्रसंसि नाई पद सीसू ❀ चलेउ लवाइ नगर अवनीसू ॥६॥

राजा वारंवार प्रभुजीलाई हेरेर शरीरमा रोमाञ्चित हृदयमा उत्साहवान् भए । मुनिको प्रशंसा गरेर, पाउमा शिर राखेर मुनि र प्रभुजीहरूलाई नगरतर्फ सँगै लगे ॥ ५ ॥ ६ ॥

सुंदर सदनु सुखद सब काला ❀ तहाँ बासु लै दीन्ह भुआला ॥७॥
करि पूजा सब बिधि सेवकाई ❀ गयेउ राउ गृह बिदा कराई ॥८॥

सबै समयमा सुविस्ता दिने सुन्दर महल जो थियो, राजाले त्यहीं उहाँहरूलाई वास लिइदिए (राखिदिए) र सत्कार, सब तरहको सेवा, गरेर आफू बिदा भई घर गए ॥ ७ ॥ ८ ॥

दोहा—रिषयसँग रघुबंसमनि करि भोजनु बिश्रामु ।
बैठे प्रभु भ्राता सहित दिवसु रहा भरि जामु ॥२२३॥

रघुराजाका वंशमा मणिस्वरूप भएका प्रभुजी ऋषिवर्गसंगसँगै भोजन गरेर भाई लक्ष्मणजीका साथ आरामी (विश्राम) गर्न लाग्नुभयो । दिन १ पहर बाँकी रहेको थियो ॥ २२३ ॥

चौ०—लषनहृदय लालसा बिसेषी ❀ जाइ जनकपुर आइअ देखी ॥१॥
प्रभुभय बहुरि मुनिहि सकुचाहीं ❀ प्रगट न कहहिं मनहि मुसुकाहीं ॥२॥

लक्ष्मणजीका मनमा "जनकपुर जाऊँ, हेरेर आऊँ" यस्तो लालसा (प्रबल इच्छा) खूब थियो, तर प्रभुजीलाई मुनिको डर थियो (विश्वामित्र रिसाउनुहोला कि भन्ने शंका थियो) र संकोच मान्नुहुन्थ्यो, स्पष्ट भन्नुभएन, मनैमनमा हाँस्न लाग्नुभयो ॥ १ ॥ २ ॥

राम अनुज मन की गति जानी ❀ भगतबछलता हिय हुलसानी ॥३॥
परम बिनीत सकुचि मुसुकाई ❀ बोले गुर अनुसासन पाई ॥४॥

रामजीले लक्ष्मणका मनको अवस्था जान्नुभयो, उहाँका हृदयमा भक्तवत्सलता (भक्तप्रेम) उर्लन लाग्यो । अनि अति विनय (नम्रता) गरेर, संकोच मानेर, मन्दहास्य गरेर गुरुजीको आज्ञा पाएपछि बोल्नुभयो ॥ ३ ॥ ४ ॥

नाथ लषनु पुरु देखन चहहीं ❀ प्रभु सकोच डर प्रगट न कहहीं ॥५॥
जौ राउर अयसु मैं पावउँ ❀ नगर देखाइ तुरत लै आवउँ ॥६॥

"प्रभु ! भाई लक्ष्मण जनकपुर हेर्न चाहन्छन्, प्रभुदेखि डराएर, संकोच मानेर स्पष्ट भन्दैनन्। महाराजको आज्ञा म पाउँछुभने, यिनलाई जनकपुर देखाएर तुरन्तै ल्याउँछु" ॥ ५ ॥ ६ ॥

सुनि मुनीसु कह बचन सप्रीति ❀ कस न राम तुम्ह राखहु नीती ॥७॥
धरमसेतु पालक तुम्ह ताता ❀ प्रेम बिबस सेवकसुखदाता ॥८॥

रामजीको वचन सुनेर विश्वामित्रले प्रीतिका साथ बोले—"रामजी ! तिमी नति कसरी (किन) राख्तैनथ्यो (नीतिको उल्लङ्घन किन गर्थ्यौं ?) बाबु ! रामजी ! तिमी धर्मसेतुपालक (धर्ममर्यादारक्षक) छौ (त्यसो हुनाले गुरुको गौरव राख्नलाई आज्ञा माग्यौ), फेरि तिमी प्रेम-पराधीन भएर भक्तका सुखदाता छौ (त्यसो हुनाले लक्ष्मणको मनोरथ पूर्ण गर्नाका निमित्त आराम लिने बखतमा पनि आराम नलिएर नगरदर्शन गर्न जान लाग्यौ) ॥ ७ ॥ ८ ॥

दोहा—जाइ देखि आवहु नगरु सुखनिधान दोउ भाइ ।
करहु सुफल सब के नयन सुंदर बदन देखाइ ॥२२४॥

सुखका निधान (निधि = खानि) स्वरूप भएका दुई भाई गएर शहर हेरीकन आऊ। सुन्दर मुखारविंद देखाइदिएर सबैका नेत्रलाई सफल (कृतार्थ) गर" ॥ २२४ ॥

चौ०—मुनिपद कमल बंदि दोउ भ्राता ❀ चले लोकलोचन सुखदाता ॥१॥
बालकबृंद देखि अति सोभा ❀ लगे सँग लोचन मनु लोभा ॥२॥

(विश्वामित्रको यो वचन सुनेर) दुवै भाई लोकलोचनसुखदाता (देख्न पाउने मानिसका नेत्रलाई आनन्द दिने) भएर विश्वामित्रका चरणकमलको वन्दना गरीकन हिंडे ॥ १ ॥ जनकपुरनिवासी बालकहरू ठूलो शोभा देखेर नेत्र र मन लुब्ध हुँदा सँगै हिंडे ॥ २ ॥

पीत बसन परिकर कटि भाथा ❀ चारु चाप सर सोहत हाथा ॥३॥
तन अनुहरत सुचंदनखोरी ❀ स्यामल गौर मनोहर जोरी ॥४॥
केहरि कंधर बाहु बिसाला ❀ उर अति रुचिर नागमनि माला ॥५॥
सुभग सोन सरसीरुह लोचन ❀ बदन मयंक ताप त्रय मोचन ॥६॥
कानन्हि कनकफूल छबि देहीं ❀ चितवत चितहि चोरि जनु लेहीं ॥७॥
चितवनि चारु भृकुटि बर बाँकी ❀ तिलक रेख सोभा जनु चाँकी ॥८॥

पीताम्बर पहिरेको छ, पीताम्बरैको पटुका छ, पृष्ठभागमा ठोक्रो भिरेको छ, सुन्दर दुई हातमा बाण र धनु शोभायमान छ, शरीरका वर्णलाई सुहाउने केसरका चन्दनको तिलक छ, यस्ता प्रकारले श्यामवर्ण भएका दुई भाईको जोडा मनोहर थियो ॥ ३ ॥ ४ ॥

काँध सिंहको जस्तो, बाहु विशाल, वक्षस्थल राम्रो, गजमोतीको माला लाएको, कान अति सुन्दर, नजर कमलजस्ता, मनोरम मुखमण्डल, तीन प्रकारका (आधिभौतिक–आधिदैविक–आध्यात्मिक) ताप हटाउने र चन्द्रमा जस्तो उज्यालो ॥ ५ ॥ ६ ॥ कानमा सुवर्णको फूल (कर्णफूल) शोभा दिइरहेका, मानौं हेर्ने सबैको चित्तलाई चोरेर लिन्छन् कि ? भनेजस्ता छन् । हेराइ मनोहर छ, भ्रू (आंखीभौं) टेढ़ा र सुन्दर छन्, तिलकका रेखा मानौं शोभाको मर्यादा (सीमाको कीला) छन् ॥ ७ ॥ ८ ॥

दोहा–रुचिर चौतनी सुभग सिर मेचक कुंचित केस ।
नख सिख सुंदर बंधु दोउ सोभा सकल सुदेस ॥२२५॥

शिर सुन्दर चौतनी (ताज = सिरपेच) ले सुशोभित भएको छ, केश काला र घुगुँरिएका छन्, नखदेखि टुपीसम्म राम्रै राम्रा भएका दुई भाई सकल शोभाका सुदेश थिए (असल देशमा अन्नजल असल पाउँदा मानिसहरू मोटाएझैं यी दुई भाईका शरीरमा शोभा मोटाएको थियो) ॥ २२५ ॥

चौ०–देखन नगरु भूपसुत आए ❀ समाचार पुरबासिन्ह पाए ॥१॥
धाए धाम काम सब त्यागी ❀ मनहु रंक निधि लूटन लागी ॥२॥

नगरनिवासीहरूले राजकुमार नगर हेर्न आए भन्ने समाचार पाए र मानो फेला परेको खानि लुट्न दौंडेको गरीब गुरुवा हुन् कि भनेजस्तो गरी घर काम सब छाडेर दौडे ॥ १ ॥ २ ॥

निरखि सहज सुंदर दोउ भाई ❀ होहिं सुखी लोचनफल पाई ॥३॥
जुवतीं भवनझरोखन्हि लागीं ❀ निरखहिं रामरूप अनुरागीं ॥४॥
कहहिं परसपर बचन सप्रीती ❀ सखि इन्ह कोटि काम छबि जीती ॥५॥

स्वभाव सुन्दर दुई भाईलाई देख्ता नेत्र फल पाएर सुखी हुन्छन्—(भनेर) स्त्रीहरू घरघरका झ्यालमा टाँसिएर प्रेमपूर्ण भईकन रामजीको रूप हेर्न लागे ॥ ३ ॥ ४ ॥ अनि परस्पर प्रीतिको वचन बोल्नलागे—"सखि ! यिनीहरूले करोडौं कामदेवको शोभा जितेको छ ॥ ५ ॥

सुर नर असुर नाग मुनि माहीं ❀ सोभा असि कहुँ सुनिअति नाहीं ॥६॥
बिष्नु चारि भुज बिधि मुख चारी ❀ बिकट बेष मुख पंच पुरारी ॥७॥
अपर देउ अस कोउ न आही ❀ यह छबि सखि पटतरिय जाही ॥८॥

देव, मनुष्य, असुर, नाग, मुनि यिनीहरूमा यस्तो शोभा कहीं पनि सुनिदैन ॥ ६ ॥ विष्णुका हात (४) चार छन् (त्यो के राम्रो हो कि ?) ब्रह्माजीका मुख (४) चार छन् (त्यो पनि राम्रो होइन) शंकरजीको ता वेष पनि डरलाग्दो, मुख पनि (५) पाँच छन् (हेरी नसक्नु ढाँचा) जससँग यो शोभाको तुलना गरौं—त्यस्तो अर्को देवता कोही छैन (अलिअलि तुलना हुनसके विष्णु प्रभृति ३ जना हुन्, तिनको त्यो गति छ) ॥ ७ ॥ ८ ॥

दोहा–बय किसोर सुषमासदन स्याम गौर सुखधाम ।
अंग अंग पर वारिअहिं कोटि कोटि सत काम ॥२२६॥

यिनको उमेर किशोर अवस्थाको (१५।१६ वर्षको) छ, यी दुवै श्यामवर्ण र गौर वर्ण भएका कुमार परम शोभाका भवनरूप छन् , यिनका एकएक अङ्गमा सय सय करोड कामदेव न्यौछावर हुन्छन् ॥ २२६ ॥

चौ०–कहहु सखी अस को तनुधारी ❀ जो न मोह येह रूप निहारी ॥१॥
कोउ सप्रेम बोली मृदु बानी ❀ जो मैं सुना सो सुनहु सयानी ॥२॥

हे सखि ! लौ भन,—यस्तो कुन शरीरधारी छ, जो यो रूप देखेर मोहित होओइन । कोही स्त्री प्रेमका साथ मधुर वचन बोल्नलागी कि—"हे सयानि ! (बुद्धिमति !) मैले जे सुनेकी छु, त्यो सुन ॥ १ ॥ २ ॥

ए दोऊ दसरथ के ढोटा ❀ बाल मरालन्हि के कल जोटा ॥३॥
मुनि कौसिक मख के रखवारे ❀ जिन्ह रन अजिर निसाचर मारे ॥४॥

मानौं बालमराल (राजहंसका बच्चाका) सुन्दर जोडा नै हुन् कि भनेजस्ता यी दुई भाई दशरथ राजाका पुत्र हुन् । यी दुई जना कौशिकमुनि (विश्वामित्र) का यज्ञका रक्षक हुन् , जसले युद्धभूमिमा राक्षस मारे ॥ ३ ॥ ४ ॥

स्याम गात कल कंज बिलोचन ❀ जो मारीच सुभुज मदु मोचन ॥५॥
कौसल्यासुत सो सुखखानी ❀ नामु रामु धनु सायक पानी ॥६॥

जसले मारीच राक्षसको प्रचंड घमण्डलाई नष्ट पारेको हो, श्यामशरीर भएका कमलका दलजस्ता नेत्र भएका, सुखका खानि (आनन्दमय) हातमा धनुबाण लिएका, ती चाहिने कौशल्या महारानीका छोरा हुन् , तिनको नाम राम हो ॥ ५ ॥ ६ ॥

गौर किसोर बेषु बर काछें ❀ कर सर चाप राम के पाछें ॥७॥
लछिमनु नामु राम लघु भ्राता ❀ सुनु सखि तासु सुमित्रा माता ॥८॥

सखि ! सुन, गौरवर्ण भएका किशोर अवस्थाका (१५।१६ वर्षका) उत्तम वेष धारण गरेका, दुई हातमा बाण र धनु लिएका, रामजीका पछिपछि रहने, लक्ष्मण नाम भएका रामजीका भाई हुन् , यिनकी आमा सुमित्रा महारानी हुन् ॥ ७ ॥ ८ ॥

दोहा–बिप्रकाजु करि बंधु दोउ मग मुनिबधू उधारि ।
आए देखन चापमख सुनि हरषीं सब नारि ॥२२७॥

यी दुई भाई ब्राह्मणहरूको कार्य सिद्ध गरेर बाटामा मुनिपत्नीको उद्धार गरेर धनुष यज्ञ हेर्न आएका हुन्" यस्तो वचन सुनेर सबै स्त्रीहरू हर्षित भए ॥ २२७ ॥

चौ०–देखि रामछबि कोउ एक कहई ❀ जोगु जानकिहि येह बरु अहई ॥१॥
जौ सखि इन्हहि देख नरनाहू ❀ पन परिहरि हठि करै बिवाहू ॥२॥

रामजीको शोभा देखेर कोही एउटी स्त्री "यी वर जानकीजीका योग्य रहेछन्, यिनलाई राजा जनकजीले देखेभने, आफ्नो प्रण छाडेर पनि अश्यमेव विवाह गर्नेछन्" यसो भन्न लागी ॥ १ ॥ २ ॥

कोउ कह ए भूपति पहिचाने ❀ मुनि समेत सादर सनमाने ॥३॥
सखि परंतु पनु राउ न तजई ❀ बिधिबस हठि अबिबेकहि भजई ॥४॥

कोही स्त्री—"सखि ! राजाले यिनलाई चिह्नेको छ, मुनिसहित यिनको आदरका साथ सम्मान गरे, परन्तु राजा आफ्नो प्रण छाडदैनन् (के गर्नु ?) दैवका वश परेका राजा हठ गरेर अज्ञानै लिइराख्न लागे" भन्न लागी ॥ ३ ॥ ४ ॥

कोउ कह जौ भल अहइ बिधाता ❀ सब कहँ सुनिअ उचित फलदाता ॥५॥
तौ जानकिहि मिलिहि बरु एहू ❀ नाहिन आलि इहाँ सन्देहू ॥६॥

कोही स्त्री—"सखि ! सुन, यदि विधाता भला छन्, सबैलाई उचित उचित फल दिने सुनिएका छन्भने तब जानकीजीलाई यिनै वर मिल्नेछन्, यस कुरामा सन्देह छैन" भन्न लागी ॥ ५ ॥ ६ ॥

जौ बिधिबस अस बनै सँजोगू ❀ तौ कृतकृत्य होइ सब लोगू ॥७॥
सखि हमरें आरति अति तातें ❀ कबहुँक ए आवहिं येहि नातें ॥८॥

कोही स्त्री—"यदि दैववश भएर यो संजोग बन्योभने ता सबैजना कृतकृत्य हुने थिए ॥ ७ ॥ सखि ! मलाई मनमा परी लाग्यो, त्यसो भइदिएका खंडमा यही नाताले कहिलेकाहीं ता यी आउने थिए (दर्शन पाइने थियो) ॥ ८ ॥

दोहा—नाहि त हम कहुँ सुनहु सखि इन्ह कर दरसनु दूरि ।
येह संघटु तब होइ जब पुन्य पुराकृत भूरि ॥२२८॥

सखि ! सुन, ऐह्ले भनेजस्तो भएनभने हामीहरूलाई यिनको दर्शन गर्नु दुर्लभै छ । यो संघटना (रामसीतासंबंध) तब हुनसक्तछ, जब अघिअघि गरेको पुण्य खूब धेरै हुन आउँछ (अन्यथा यो घटना हुन मुश्किल छ") भन्न लागी ॥ २२८ ॥

चौ०—बोली अपर कहेउ सखि नीका ❀ येहि बिआह अति हित सब ही का ॥१॥
कोउ कह संकरचाप कठोरा ❀ ए स्यामल मृदु गात किसोरा ॥२॥
सबु असमंजस अहइ सयानी ❀ येह सुनि अपर कहै मृदु बानी ॥३॥

अर्की स्त्री—"सखि ! ठीक भन्यौ, यो विवाह भइदियोभने सबैलाई अति हित हुने थियो" (भन्न लागी) ॥ १ ॥ कोही स्त्री—"शंकरजीको धनु अति कडा छ, यी श्याम शरीर भएका राजकुमार कोमल शरीर र किशोरअवस्थाका (१५।१६ वर्षका) मात्र छन् (कसरी प्रण पूर्ण होला र ?) सब तरहबाट असजिलै छ" (भन्न लागी)। यसको वचन सुनेर अर्की चलाक स्त्रीले मधुर वचन बोली ॥ २ ॥ ३ ॥

सखि इन्ह कहँ कोउ कोउ अस कहहीं ❀ बड़ प्रभाउ देखत लघु अहहीं ॥४॥
परसि जासु पद पंकज धूरी ❀ तरी अहल्या कृत अघ भूरी ॥५॥
सो कि रहिहि बिनु सिवधनु तोरें ❀ यह प्रतीत परिहरिअ न भोरें ॥६॥
जेहि बिरंचि रचि सीय सँवारी ❀ तेहि स्यामल बरु रचेउ बिचारी ॥७॥
तासु बचन सुनि सब हरषानी ❀ ऐसेइ होउ कहहिं मृदु बानी ॥८॥

सखि ! यिनलाई कोही कोही यसो भन्दछन् कि— "यिनको प्रताप ठूलो छ, देख्ताखेरि (मात्रै) यी साना साना छन् ॥ ४ ॥ जसका चरणकमलका धूलाले छुँदाखेरि अहल्याले अनेकानेक प्राक्तन पाप तरिन् (पापमुक्त भइन्) ॥ ५ ॥ ती रामजी शिवधनु नतोडी रहन्छन् ? यो विश्वासलाई बिर्सेर पनि नछाड्नु ॥ ६ ॥ जुन विधाताले सीताजीलाई रचेर (आजसम्म) संभार गरेका छन्, उनै विधाताले तिनै श्याममूर्ति रामजीलाई विचारपूर्वक वर रचेका छन्" सयानीको यो वचन सुनेर सबै स्त्री हर्षित भए, तिनले मीठो बोली गरेर "सखिहो ! यस्तै होस् यस्तै होस्" भने ॥ ७ ॥ ८ ॥

दोहा—हिय हरषहिं बरषहिं सुमन सुमुखि सुलोचनि बृंद ।
जाहिं जहाँ जहँ बंधु दोउ तहँ तहँ परमानंद ॥२२९॥

उज्यालो मुख भएका, सुन्दर नेत्र भएका, स्त्रीहरूका डफ्काका डफ्काले मनमा हर्षित भएर फूल वर्षाए, दुई भाई जहाँ जहाँ जान्थे, तहाँ तहाँ परमानन्द हुन्थ्यो ॥ २२९ ॥

चौ०—पुर पूरुब दिसि गे दोउ भाई ❀ जहँ धनुमख हित भूमि बनाई ॥१॥
अति बिस्तार चारु गच ढारी ❀ बिमल बेदिका रुचिर सँवारी ॥२॥
चहुँ दिसि कंचनमंच बिसाला ❀ रचे जहाँ बैठहिं महिपाला ॥३॥
तेहि पाछे समीप चहुँ पासा ❀ अपर मंच मंडली बिलासा ॥४॥

जहाँ धनुषयज्ञको लायक जमीन बनाएको थियो, त्यतै जनकपुरका पूर्वतर्फ दुवै भाई गए ॥ १ ॥ त्यहाँ खूब फराक जमीन राम्रो ठस (साह्रो) पानीढलुवा पारेको थियो, बीचमा सफा राम्रो वेदी पनि उस्तै (ठस र ढालुवा) बनाएको थियो ॥ २ ॥ चारै तर्फ सुवर्णका फराक फराक मञ्च (माँच=अर्थात् बेञ्च) तयार थिए, जहाँ राजाहरू बस्नेछन् ॥ ३ ॥ त्यसका पछिल्तिर नगीचैमा चारैतिर मंचको घेरा सुशोभित थियो ॥ ४ ॥

कछुक ऊँचि सब भाँति सुहाई ❀ बैठहिं नगर लोग जहँ जाई ॥५॥
तिन्ह के निकट बिसाल सुहाए ❀ धवल धाम बहु बरन बनाए ॥६॥

ती मञ्चको घेरा अलिकति अग्लो शोभायमान थियो, जहाँ नगरनिवासीहरू गएर बस्नेछन् ॥ ५ ॥ ती मञ्चमण्डलीका नगीचमा अनेक तरहका सेता सेता विशाल विशाल घर बनाएका थिए ॥ ६ ॥

जहँ बैठे देखहिं सब नारीं ❀ जथाजोगु निज कुल अनुहारीं ॥७॥
पुरबालक कहि कहि मृदु बचना ❀ सादर प्रभुहि देखावहिं रचना ॥८॥

जहाँ बसेर स्त्रीहरू आफ्ना आफ्ना कुलको अनुसार (खानदानको इज्जतबमोजिम) यथायोग्य देख्न पाउँथे, (तदनुसारको भवन बनेको थियो) ॥ ७ ॥

नगरका बालकहरू मीठो मीठो बोली गरेर आदरका साथ प्रभुजीलाई रचना (बनावट) देखाउन लागे ॥ ८ ॥

दोहा—सब सिसु येहिं मिस प्रेमबस परसि मनोहर गात ।
तनु पुलकहिं अति हरषु हिय देखि देखि दोउ भ्रात ॥२३०॥

ती नगरबालकहरू यही निहुँले प्रेमवश भईकन प्रभुजीको शरीर छोएर शरीरमा रोमाञ्चित हुन्थे, वारंवार दुई भाईलाई हेरीकन हृदयमा हर्षित हुन्थे ॥ २३० ॥

चौ०—सिसु सब राम प्रेमबस जाने ❀ प्रीति समेत निकेत बखाने ॥१॥
निज निज रुचि सब लेहिं बोलाई ❀ सहित सनेह जाहिं दोउ भाई ॥२॥
रामु देखावहिं अनुजहि रचना ❀ कहि मृदु मधुर मनोहर बचना ॥३॥

सबै बालकले रामजी प्रेमले वश हुनुहुँदो रहेछ भनेर जाने, अनि प्रीतिसहित भैकन आफ्ना आफ्ना घरको बयान गरे, सबैले आफ्ना आफ्ना इच्छानुसार प्रभुलाई बोलाए, स्नेहसहित भएर दुवै भाई (तिनको घर हेर्न) जानुभयो ॥ १ ॥ २ ॥ रामजीले नरम मीठो मनोहर वचन बोलेर नगरको रचना (कारीगरी) लक्ष्मणजीलाई देखाउनुभयो ॥ ३ ॥

लव निमेष महु भुवननिकाया ❀ रचै जासु अनुसासन माया ॥४॥
भगतिहेतु सोइ दीनदयाला ❀ चितवत चकित धनुषमख साला ॥५॥

जसको हुकूमले माया १ लव (१ निमेषको तृतीयांशकाल) मा अथवा ढीलो भएका खण्डमा एकै निमेषमा (१ पलकमा) यो भुवनसमूह रच्तछिन्, उनै दीनदयाल प्रभुजी भक्तिको कारणले गर्दा आश्चर्यचकित भएर (छक्क परेर) धनुषयज्ञको मण्डप हेर्न लाग्नुभयो ॥ ४ ॥ ५ ॥

कौतुकु देखि चले गुर पाहीं ❀ जानि बिलंबु त्रास मन माहीं ॥६॥
जासु त्रास डर कहुँ डर होई ❀ भजनप्रभाउ देखावत सोई ॥७॥
कहि बातैं मृदु मधुर सुहाई ❀ किए बिदा बालक बरिआई ॥८॥

त्यो तमाशा (दृश्य) हेर्दा विलम्ब भयो भनी जानेर मनमा डराउँदै प्रभुजी गुरुका समीप जानुभयो ॥ ६ ॥ पार्वति ! हेर, जसका त्रासले डरलाई पनि डर हुन्छ, उनै प्रभुजीले भक्तिको प्रभाव (यस्तो हुन्छ भनेर) देखाउनुभयो (बुझ्यौ ?) ॥ ७ ॥ अनि प्रभुजीले नरम मधुर सुन्दर वचन बोलेर (आफ्ना साथ लागेका) बालकहरूलाई जिनतिन विदा गर्नुभयो (ती बालक प्रेमपाशले बद्ध भै गए, प्रभुका प्रेरणाले मात्र बिदा भए) ॥ ८ ॥

दोहा—सभय सप्रेम बिनीत अति सकुच सहित दोउ भाइ ।
गुरपद पंकज नाइ सिर बैठे आयेसु पाइ ॥२३१॥

अत्यन्त भय, अत्यन्त प्रेम, अत्यन्त नम्रता, अत्यन्त संकोचले सहित भएका दुवै भाई गुरुका चरणकमलमा वन्दना गरेर आज्ञा पाएपछि बसे ॥२३१॥

चौ०–निसि प्रबेस मुनि आयेसु दीन्हा ❀ सबहीं संध्याबंदनु कीन्हा ॥१॥
कहत कथा इतिहास पुरानी ❀ रुचिर रजनि जुग जाम सिरानी ॥२॥
मुनिबर सयन कीन्हि तब जाई ❀ लगे चरन चापन दोउ भाई ॥३॥

मुनिले रात पर्ने वेलामा आज्ञा दिए र सबैले सन्ध्यावन्दन गरे ॥ १ ॥ कथा इतिहास पुराणका राम्रा राम्रा कुरा गर्दा-गर्दै दुई पहर रात बित्यो ॥ २ ॥ अनि विश्वामित्र मुनिवरले गएर शयन गरे, दुई भाई पाउ दाब्न लागे ॥ ३ ॥

जिन्ह के चरन सरोरुह लागी ❀ करत बिबिध जप जोग बिरागी ॥४॥
तेइ दोउ बंधु प्रेम जनु जीते ❀ गुरपद कमल पलोटत प्रीते ॥५॥
वार वार मुनि अज्ञा दीन्ही ❀ रघुबर जाइ सयन तब कीन्ही ॥६॥

जसका चरणकमलको प्राप्तिका निमित्त विरागी (रागद्वेषरहित भएका मुनिजन) हरू नाना प्रकारका जप-तप योगाभ्यास गर्दछन्, उनै दुई भाई मानौं प्रेमले जितिएजस्ता भएर प्रसन्न भईकन गुरुका चरण-कमलको सेवा गर्न लागे ॥ ४ ॥ ५॥ मुनिले वारंवार आज्ञा दिए अनि रघुवरले गएर शयन गर्नुभयो ॥ ६ ॥

चापत चरन लखन उर लाएँ ❀ सभय सप्रेम परम सचु पाएँ ॥७॥
पुनि पुनि प्रभु कह सोवहु ताता ❀ पौढ़े धरि उर पद जलजाता ॥८॥

अनि लक्ष्मणजी मन लाएर, (बिउँझनु होला कि भन्ने) डरले सहित भईकन (सुस्त २) परम आनन्द मानेर प्रभुका पाउ दाब्न (गोडा मिच्न) लाग्नुभयो ॥ ७ ॥ प्रभुजीले वारंवार "बाबु ! सुतन" भन्नुभयो र प्रभुजीका चरण कमल छातीमा राखेर लक्ष्मणजी सुत्नुभयो ॥ ८ ॥

दोहा–उठे लखन निसि बिगत सुनि अरुनसिखाधुनि कान ।
गुर ते पहलेहि जगतपति जागे राम सुजान ॥२३२॥

रात बित्यो, लक्ष्मणजीले ताम्रचूड (कुखुरा) का ध्वनि (आवाज) कानले सुन्नुभयो र उठनुभयो । जगत्पति ज्ञानी रामजी पनि गुरुभन्दा पहिले जागा हुनुभयो ॥२३२॥

चौ०–सकल सौच करि जाइ नहाए ❀ नित्य निबाहि मुनिहि सिर नाए ॥१॥
समय जानि गुर आयेसु पाई ❀ लेन प्रसून चले दोउ भाई ॥२॥

अनि शौच सिध्याएपछि गएर नुहाउनुभयो, नित्यकर्म गरिसकेर गुरुको वन्दना गर्नुभयो, बखत बुझेर गुरुको आज्ञा पाएपछि दुवै भाई फूल लिन (फूल टिप्न) जानुभयो ॥ १ ॥ २ ॥

भूपबागु बर देखेउ जाई ❀ जहँ बसंत रितु रही लोभाई ॥३॥
लागे बिटप मनोहर नाना ❀ बरन बरन बर बेलि बिताना ॥४॥

नव पल्लव फल सुमन सुहाए ❀ निज संपति सुररूख लजाए ॥५॥
चातक कोकिल कीर चकोरा ❀ कूजत बिहग नटत कल मोरा ॥६॥

गएर प्रभुजीले राजा जनकजीको बघैंचा देख्नुभयो, जुन बघैंचामा बसन्तऋतु लोभिएको थियो (बसन्तऋतु रहेको थियो) ॥ ३ ॥ अति मनोहर नाना प्रकारका वृक्ष र तिनमा लागेका रङ्ग रङ्गका सुन्दर लतावितान (लहराका झाङ) थिए ॥ ४ ॥ वृक्षवृक्षमध्ये कसैमा नयाँ पालुवा पलाइरहेका, कसैमा फल फलिरहेका, कसैमा फूल फुलिरहेका, सुशोभित थिए । ती वृक्षले आफ्ना पल्लव फलफूलरूपी संपत्तिले कल्पवृक्षलाई पनि लज्जित पारेको थियो ॥ ५ ॥ चातक (काकाकुल) कोइली, सुगा, चकोर इत्यादि पक्षी मीठो बोलिरहेका, मयूर नाचिरहेका थिए ॥ ६ ॥

मध्य बाग सरु सोह सुहावा ❀ मनिसोपान बिचित्र बनावा ॥७॥
बिमल सलिलु सरसिज बहु रंगा ❀ जल खग कूजत गुंजत भृंगा ॥८॥

बघैंचाको बीच सुशोभित थियो, त्यसमा सुन्दर तलाउ थियो, त्यो तलाउमा विचित्र मणिको सीढी बनेको थियो । त्यसमा निर्मल जल र अनेक रंगका कमल थिए, जल–पक्षी आफ्नु आफ्नु शब्द गरिरहेका, भ्रमर गुञ्जन गरिरहेका थिए ॥ ७ ॥ ८ ॥

दोहा–बागु तड़ागु बिलोकि प्रभु हरषे बंधु समेत ।
परम रम्य आरामु येहु जो रामहिं सुख देत ॥२३३॥

बघैंचा र तलाउ देख्ता प्रभुजी भाईसहित खुशी हुनुभयो । जसले रामजीलाई पनि सुख दियो त्यो आराम (बघैंचा) वास्तवमा परम रमणीय हो ॥ २३३ ॥

चौ०–चहुँ दिसि चितइ पूछि मालीगन ❀ लगे लेन दल फूल मुदित मन ॥१॥
तेहि अवसर सीता तहँ आई ❀ गिरिजा पूजन जननि पठाई ॥२॥

चारैतिर हेरेर मालीहरूसँग सोधीकन प्रसन्न चित्त भएर प्रभुजी फूलपत्ती लिन (टिप्न) लाग्नुभयो ॥ १ ॥ त्यही वेलामा आमाले पार्वतीको पूजा गर्न पठाएकी जानकीजी तहाँ आइपुग्नुभयो ॥ २ ॥

संग सखीं सब सुभग सयानी ❀ गावहिं गीत मनोहर बानी ॥३॥
सर समीप गिरिजागृहु सोहा ❀ बरनि न जाइ देखि मनु मोहा ॥४॥
मज्जनु करि सर सखिन्ह समेता ❀ गईं मुदित मन गौरिनिकेता ॥५॥

साथमा सबै सुन्दर चतुर सखीहरू मनोहर वाणीले गीत गाइरहेका थिए ॥ ३ ॥ तलाउका नगीचमा वर्णन गर्न नसकिने, देख्तै मन मोहित हुने, गिरिजा (पार्वती) को मन्दिर सुशोभित थियो ॥ ४ ॥ सखीसहित तलाउमा स्नान गरेर (जानकीजी) प्रसन्नचित भईकन गौरीमन्दिर (पार्वतीस्थान) मा जानुभयो ॥ ५ ॥

पूजा कीन्हि अधिक अनुरागा ❀ निज अनुरूप सुभग बर मागा ॥६॥
एक सखी सियसंगु बिहाई ❀ गई रही देखन फुलवाई ॥७॥

तेहि दोउ बंधु बिलोके जाई ❀ प्रेम बिबस सीता पहि आई ॥८॥

बड़ो प्रीतिले पूजा गर्नुभयो र सीताजीले आफूसुहाउँदो सुन्दर वर (दुहाला) माग्नुभयो ॥ ६ ॥ एउटी सखी सीताजीको साथ छाडेर फूलवारी (बगैँचा) हेर्न गएकी थिइन्, तिनले गएर दुई भाईलाई देखिन् र प्रेमले विवश भएर (प्रेमव्याकुल भएर) सीताजीका समीप आइन् ॥ ७ ॥ ८ ॥

दोहा—ताखु दसा देखी सखिन्ह पुलक गात जलु नयन ।
कहु कारनु निज हरष कर पूछहिं सब मृदु बयन ॥२३४॥

शरीरभरी रोमाञ्च, आँखाभरी हर्षाश्रु भएको तिनको हालत सबै सखीहरूले देखेर “आफ्नु हर्षको कारण बताऊ” भनेर कोमल वचनले सोध्न लागे ॥ २३४ ॥

चौ०—देखन बागु कुँअर दुइ आए ❀ बय किसोर सब भाँति सुहाए ॥१॥
स्याम गौर किमि कहऊँ बखानी ❀ गिरा अनयन नयन बिनु बानी ॥२॥

(उही सखी भन्दछिन् कि—) “दुई कुमार बगैँचा हेर्न आएका छन्, तिनको अवस्था किशोर (१५।१६ वर्षको) छ, सब तरहले शोभायमान छन्, एउटा श्याम, अर्को गोरा छन्, कसरी वर्णन गरौं, वर्णन गर्ने वाणीको आँखा छैन (नदेख्ने वाणीले के बयान गर्नु ?) देख्ने आँखाको वाणी छैन (देखेर मात्रै के गर्नु ? आँखाले बयान गर्न सक्तैन, जसले देख्यो उसैले बयान गर्न पाए ठीक ठीक बयान गर्नेथियो, एउटाले देखेका कुराको अर्काले बयान गर्न सक्तै सक्तैन) ॥ १ ॥ २ ॥ (क)

सुनि हरषीं सब सखीं सयानी ❀ सियहिय अति उतकंठा जानी ॥३॥
एक कहइ नृपसुत तेइ आली ❀ सुने जे मुनिसँग आए काली ॥४॥
जिन्ह निज रूप मोहनी डारी ❀ कीन्हे स्वबस नगर नरनारी ॥५॥
बरनत छबि जहँ तहँ सब लोगू ❀ अवसि देखिअहि देखन जोगू ॥६॥

यो वचन सुनेर चतुर सखीहरू सबै हर्षित भए। सीताजीका हृदयमा अत्यन्त उत्कण्ठा[१] भएको जानेर एउटी सखी भन्न लागिन् कि—“सखि ! हिजो मुनिसँग जो आएका थिए, तिनै राजकुमार हुनन्, जसले आफ्ना रूपले मोहिनी लाएर नगरका नरनारीहरूलाई

(क) “हे सखीहो ! अनन्तशक्तिमान् विधाताको अनुग्रह पाएर मेरी वाणीले देख्न पाओस्, मेरी दृष्टिले यदि बोल्न पाओस् ता, ती दुईजना (वाणी र दृष्टि) मिलेर दशरथकिशोर दुई जनाको परम शोभा ठीक २ बखान्नु पनि सकियोस् एउटाको के ताकत ?” यस्तो अभिप्राय भएको—

“धातुः प्रसादमधिगत्य विशालशक्तेर्वीक्षेत गीर्यदि वदेद्यदि दृङ्मदीया ।
उद्येत सम्यगपि तद्द्वितयेन सख्यः ! साकेतराजसुतयोः सुषमाविशेषः ॥”

यो उक्ति यहाँ संगत हुनेछ ।

[१] जुन वस्तु पाउनाले चक्षु श्रोत्र आदि गरेका सबै इन्द्रिय आनन्दित हुन्छन्, त्यस्ता वस्तु

आफ्नु अधीन पारे, तिनको शोभा जहाँ तहाँ सबैजना बयान गर्दछन्, अवश्य हेर्नुपर्दछ, हेर्न लायक छन्'' ॥ ३ ॥ ४ ॥ ५ ॥ ६ ॥

तासु बचन अति सियहि सोहाने ❀ दरस लागि लोचन अकुलाने ।।७।।
चली अग्र करि प्रिय सखि सोई ❀ प्रीति पुरातन लखै न कोई ।।८।।

तिनको वचन सीताजीलाई मनपर्‍यो, दर्शन गर्नाका लागि नेत्र हतपताउन लागे ॥ ७ ॥ तिनै प्यारी सखीलाई अघिलाएर हिंड्नुभयो । पार्वति ! प्राचीन प्रीति कोही जान्दैन हो कि ॥ ८ ॥

दोहा—सुमिरि सीय नारदबचन उपजी प्रीति पुनीत ।
चकित बिलोकति सकल दिसि जनु सिसु मृगी सभीत ।।२३५।।

सीताजीले नारदमुनिको¹ वचन संझनुभयो र पवित्र प्रीति उद्बुद्ध भयो (लक्ष्मी अवस्थाको प्रेम जाग्यो) अनि भयभीत भएकी बालहरिणीजस्ती भएर चारैतर्फ पल्याकपुलुक गरी हेर्न लाग्नुभयो ॥ २३५ ॥ (क)

चौ०—कंकन किंकिनि नूपुर धुनि सुनि ❀ कहत लषन सन-राम हृदय गुनि ।।१।।
मानहु मदन दुंदुभी दीन्ही ❀ मनसा बिस्वबिजय कहँ कीन्ही ।।२।।
अस कहि फिरि चितये तेहि ओरा ❀ सियमुख ससि भये नयन चकोरा ।।३।।

कंकन, घुँगुरा, पाउजेबको शब्द सुनेर रामजी मनमा विचार गरेर लक्ष्मणजीलाई भन्नुहुन्छ कि—''भाई ! लक्ष्मण ! (सुनत कस्तो मीठो आवाज आयो) मानौं मदन देवले दुन्दुभि वजाएर विश्वविजय गर्न मनसाय गर्‍यो'' ॥ १ ॥ २ ॥ यति बोलेर रामजीले फेरि त्यतैतिर हेर्न लाग्नुभयो, वहाँका नेत्ररूपी चकोर (च्याखुरा) सीताजीका मुखरूपी चन्द्रमामा लागिहाले ॥ ३ ॥

को संकल्पसहित (त्यो वस्तु पाए यसो यसो गर्ने थिएँ, भन्ने मनोराज्यले सहित भएको) उत्कट इच्छालाई 'उत्कण्ठा' भन्दछन्—

सर्वेन्द्रियसुखास्वादो यत्रास्तीत्यभिमन्यते ।
तत्प्राप्तीच्छां ससंकल्पामुत्कण्ठां कवयो विदुः ॥

(१) पार्वतीको पूजा गर्न सीताजी नित्य जानुहुन्थ्यो । एकदिन पूजा गर्न जाँदा बाटामा नारद मुनि भेट्टिए । नारदजीले ''कता हो'' भनेर सोधे, सीताजीले ''गिरिजाजीको पूजा गर्न'' भन्नुभयो । नारदजीले खुशी भएर ''यही फूलवारीमा रामजी आउनुहुनेछ, तपाईंका स्वामी उनै हुनुहुनेछ'' यस्तो आशीर्वाद दिए । सीताजीले ''मैले कसरी चिह्न ?'' भन्दा ''जसको गुणवर्णन सुन्दा, जसको स्वरूप देख्ता, स्वभावशुद्ध भएका तपाईंका हृदयमा प्रेम आसक्ति पैदा होला, तिनैलाई स्वामी संझनुहोला, अरूमा तपाईंको हृदय जानेछैन'' भन्ने वर दिएका थिए, त्यही कुरा ऐले सीताजीले संझनुभयो ।

(क) शुद्ध मनले जन्मान्तरको प्रीति संझिराखेको हुन्छ, त्यो प्रीति प्रीतिपात्रको दर्शन पाएमा अकस्मात् उद्बुद्ध भएर (जागेर) आउँछ । ''मनोहि जन्मान्तरसंगतिज्ञम्'' [कवि-कालिदास]

भये बिलोचन चारु अचंचल ❀ मनहु सकुचि निमि तजे दृगंचल ॥४॥
देखि सियसोभा सुखु पावा ❀ हृदय सराहत बचनु न आवा ॥५॥
जनु बिरंचि सब निज निपुनाई ❀ बिरचि बिस्व कहँ प्रगट देखाई ॥६॥

रामजीका, सुन्दर दुइ नेत्र (जानकीजीको स्वरूप हेर्ने) अचञ्चल (स्थिर) भए, मानौं निमिराजले[1] (निमेष = चिम्लनुले) दृष्टिको प्रान्तभाग (छेउ) लाई संकोच मानेर छाडेको हो कि ? (भनेजस्तो गरी दुवै नेत्र टकटक हेर्ने मात्रै, नचिम्लिने भए) ॥ ४ ॥ सीताजीको शोभा देखेर रामजीका हृदयले सुख पायो र सराउन ता लाग्यो, तर त्यसबाट वचन निस्केन (के गरोस् ? त्यसै खुम्चिन पर्‍यो) ॥ ५ ॥ मानौं विधाताले आफ्नो चातुर्य एकत्र रचेर संसारलाई प्रकट देखाएको हो कि ?" (भन्ने ख्याल हुन्थ्यो) ॥ ६ ॥

सुंदरता कहुँ सुंदर करई ❀ छबिगृह दीपसिखा जनु बरई ॥७॥
सब उपमा कबि रहे जुठारी ❀ केहि पटतरौं बिदेहकुमारी ॥८॥

धपधप बलिरहेको घरभित्रका बत्तीको ज्योतिजस्तो जानकीजीको शोभा सुन्दरतालाई पनि सुन्दर पार्ने थियो। (सुन्दर सुन्दर पदार्थ पनि दीपज्योति नहुन्ज्याल सुन्दर ठहरिंदैनन् त्यस्तै सीताजीका शोभाको चमक परेका सुन्दर सुन्दर पदार्थ सुन्दर हुन आएका हुन्, अघिबाट तिनीहरू फीका थिए अर्थात् अन्धकारमा रहेका जस्ता सुन्दर सुन्दर वस्तु दीपज्योति जस्तो सीताजीको शोभा उदाउँदा झकाझक भए)। सबै उपमालाई कविहरूले मामूली मामूली स्त्रीहरूमा दिएर जूठो पारिरहेछन्, (ती अर्कोले उपयोग गरेका जूठा उपमा जगज्जननी

---

(१) अघि जनक महाराजका पुर्खामा निमि नाम भएका प्रतापी धार्मिक राजा थिए। उनले यज्ञ गर्नाका निमित्त आफ्ना गुरु वशिष्ठजीलाई निमन्त्रण गरे, वशिष्ठजी "मलाई यज्ञ गराउन इन्द्रले निमन्त्रण गरेका छन्, इन्द्रको यज्ञ सिद्धयाएर आउँला, अनि तपाईंको यज्ञ गराउँला, अहिले पर्खनुहोस्" भनेर गए। "गुरु आउने कैले हो ! कैले हो ! जिन्दगीको के ठेकान !" भनेर अरू ब्राह्मणद्वारा निमिराजाले यज्ञ गरे। पछि वशिष्ठजी आउँदा सबै खबर पाए, राजाको अभिप्राय पनि बुझे। तिमीले मलाई निमन्त्रण गरेर मर्छु भन्ने डरले मेरो अपमान गर्‍यौ, जान्नेतान्ने भयौ, लौ मरिजाऊ; तिम्रो शरीर गिरोस्" भनेर सराप दिए। राज निमिले पनि झोक्किएर "विनाअपराध यत्रो सराप, लौ तिम्रो शरीर पनि गिरोस् मरे।" यस्तो सराप दिए। वशिष्ठजीले त्यो शरीर छाडेर अर्को शरीर धारण गरे। राजा निमिलाई देवता-ब्राह्मणले पुनर्जीवित गर्न खोजेथे, उनले नमानेर "मनुष्य प्रभृति प्राणीका नेत्रप्रान्तमा वायुरूप भएर बस्न पाऊँ" यो वर मागे। देवताहरूले तथास्तु भने। राजाको देहपात भयो, उनको जीव अद्यावधि प्राणीका नेत्रप्रान्तमा निमेष (पलक = झिम्म पार्ने वायु) को रूपले रहेको छ। तिनका सन्तान थिएनन्, राजगद्दी खाली भयो, दुनियाँमा मनपरी हुन लाग्यो र ब्राह्मणदेवताहरूले तिनको शरीर मथेर त्यताबाट एउटा कुमार खडा गरे। मन्थन गरेर पैदा गरिएका ती कुमारको नाम मिथिल रह्यो, तिनै कुमारले मिथिला नगरी बनाएर राजधानी त्यही गरे, निमिराजका वंशमा जति पैदा भए ती सबै ब्रह्मज्ञानी र धार्मिक भए, त्यस खानदानका सबै राजा 'मैथिल, विदेह, जनक' नामले प्रख्यात भए, तिनको खास नाम बेग्लै थियो। निमिपुत्र मिथिलराजा देखि पछि एक्काईसौं पुस्तामा "सीरध्वज" नाम भएका जनक पैदा भए। सीताजीका पालकपिता यिनै हुन् ॥

सीताजीलाई आफ्ना कुलकी बच्ची संझने निमेषरूपी निमिराजाले त्यस्ता मौकामा त्यहां रहनु बेमुनासीब संझेर नेत्रप्रान्त छाड्नै पर्‍यो।

सीताजीलाई कसरी दिनु ?) त्यसो हुनाले विदेहकुमारीको उपमा कोसंग गरौं ? (उपमै छैन, कस्ती भनौं ?) ॥ ७ ॥ ८ ॥

दोहा–सियसोभा सिय बरनि प्रभु आपनि दसा बिचारि ।
बोले सुचि मन अनुज सन बचन समय अनुहारि ॥२३६॥

प्रभु रामजी सीताजीको शोभालाई हृदयले वर्णन गरेर, आफ्ना अवस्थाको विचार गरीकन समयअनुसारको शुद्ध (कपटरहित) वचन लक्ष्मणसँग भन्न लाग्नुभयो ॥ २३६ ॥

चौ०–तात जनकतनया येह सोई ❀ धनुषजग्य जेहि कारन होई ॥१॥
पूजन गौरि सखीं लै आई ❀ करत प्रकासु फिरहि फुलवाई ॥२॥
जासु बिलोकि अलौकिक सोभा ❀ सहज पुनीत मोर मनु छोभा ॥३॥
सो सबु कारन जान बिधाता ❀ फरकहिं सुभद अंग सुनु भ्राता ॥४॥

"बाबु ! लक्ष्मण ! जसका निमित्त धनुषयज्ञ हुन लागेको छ, ऊ जनकनन्दिनी यिनै हुन् ॥ १ ॥ गौरीजीको पूजा गर्न सखीहरूलाई साथ लिएर आएकी, उज्यालो पार्दै फूलवारीमा टहल्न लागेकी छन् ॥ २ ॥ जसको अलौकिक शोभा देख्ता स्वभावशुद्ध भएको मेरो मनमा क्षोभ (खलबली) भयो ॥ ३ ॥ त्यो सबै कारण विधाता जानून् , भाई ! सुन, मेरो शुभसूचन गर्ने दाहिने अङ्ग फर्फराउन लागेको छ ॥ ४ ॥

रघुबंसिन्ह कर सहज सुभाऊ ❀ मनु कुपंथ पग धरै न काऊ ॥५॥
मोहि अतिसय प्रतीति मन केरी ❀ जेहि सपनेहु परनारि न हेरी ॥६॥
जिन्ह कै लहहिं न रिपु रन पीठी ❀ नहि पावहिं परतिय मनु डीठी ॥७॥
मंगन लहहिं न जिन्ह कै नाहीं ❀ ते नरबर थोरे जग माहीं ॥८॥

भाई ! रघुवंशी ठाकुरहरूको यस्तो जन्मसिद्ध स्वभाव हुन्छ कि तिनीहरू मनले पनि कुमार्गमा पाइलो कदापि राख्तैनन् ॥ ५ ॥ मलाई मनको यस्तो पूरा विश्वास छ कि मैले परस्त्रीलाई सपनामा पनि हेरेको छैन ॥ ६ ॥ बाबु ! लक्ष्मण ! युद्धमा शत्रुहरू जसको पीठ (पिठ्यु ँ) पाउँदैनन् (जो पीठ देखाएर भाग्दैनन्), जसको मन र दृष्टिलाई परस्त्रीहरूले लिन पाउँदैनन् , जसको "नाहीं" (नाई = नास्ति) यो लबज मगन्ताहरूले सुन्न पाउँदैनन् , ती नरधुरन्धर जगत्मा थोरै छन्" ॥ ७ ॥ ८ ॥

दोहा–करत बतकही अनुज सन मन सियरूप लोभान ।
मुख सरोज मकरंद छबि करै मधुप इव पान ॥२३७॥

यस प्रकारले भाई लक्ष्मणजीसँग बातचीत पनि गर्दै रहनुभएको थियो, तर रामजीको मन सीताजीका रूपमा लोभिएकै थियो । भ्रमर जस्तो भएर सीताजीका मुखरूपी कमलको शोभारूपी मकरन्द (रस) को पान गर्दै रहनुभएको थियो ॥ २३७ ॥

चौ०–चितवति चकित चहूँ दिसि सीता ❀ कहँ गए नृपकिसोर मनु चिंता ॥१॥
जहँ बिलोकि मृग सावक नैनी ❀ जनु तहँ बरिस कमल सित श्रेनी ॥२॥

"मेरा मनचिन्तित राजकुमार कहाँ गए ?" भन्ने आशयले सीताजी चकित भईकन चारै दिशा हेर्न लाग्नुभयो । बालहरिणीका जस्ता नेत्र भएकी सीताजी जतातिर हेर्नुहुन्थ्यो, उतातिर मानौं सेताकमलको ताँती बर्सेको हो कि ? भनेजस्तो हुन्थ्यो ॥ १ ॥ २ ॥ (क)

लता ओट तब सखिन्ह लखाए ❀ स्यामल गौर किसोर सुहाए ॥३॥
देखि रूप लोचन ललचाने ❀ हरषे जनु निज निधि पहिचाने ॥४॥
थके नयन रघुपतिछबि देखे ❀ पलकन्हिहूँ परिहरीं निमेषें ॥५॥

अनि सखीहरूले लताका आडमा रहेका (लताले अल्झि छेकिएका) सुन्दर श्याम-र गौरवर्ण भएका दुई कुमार देखाइदिए ॥ ३ ॥ हेर्न लालच भएका सीताजीका दुई नेत्र प्रभुजीको रूप हेर्न पाउँदा, मानौं आफ्नु निधि (खजाना) पहिचानेर (चिह्नेर) खुशी भएका हुन् कि ? भनेजस्ता भए ॥ ४ ॥ रघुपतिको शोभा हेर्दाहेर्दा जानकीजीका नयन थाके, ती नयनका दुई पलकले निमेष (चिम्लने काम) छाडे ॥ ५ ॥

अधिक सनेह देह भै भोरी ❀ सरदससिहि जनु चितव चकोरी ॥६॥
लोचनमग रामहि उर आनी ❀ दीन्हे पलक कपाट सयानी ॥७॥
जब सिय सखिन्ह प्रेमबस जानीं ❀ कहि न सकहिं कछु मन सकुचानीं ॥८॥

ज्यादा स्नेह (प्रेम) ले गर्दा सीताजीको शरीर लाटोजस्तो (निश्चल) भयो र चकोरी (च्याखुराको पोथी) ले शरत्कालका चन्द्रमालाई हेर्न लागेजस्तो भान पर्ने भयो ॥ ६ ॥ (अनि बल्लबल्ल) चतुर भएकी किशोरीजीले आँखाको बाटो गरेर रामजीलाई हृदयमा ल्याइ-पुऱ्याउनुभएपछि पलकरूपी ढोका बन्द गरिदिनुभयो ("अब ता मैले टुल्टुल् हेरेको सखीहरूले नदेख्ने भए, मनभित्र लगेका प्रभुलाई मनैले खूब हेर्छु भन्ने" आशय व्यङ्ग्य छ) ॥ ७ ॥ जब सखीहरूले सीताजीलाई प्रेमका वश परेकी जानेथे, अनि संकोचले केही भन्न सकेनन् ॥ ८ ॥

दोहा–लताभवन तें प्रगट भे तेहि अवसर दोउ भाइ ।
निकसे जनु जुग बिमल बिधु जलदपटल बिलगाई ॥२३८॥

त्यसै वेलामा दुवै भाई मेघका पटल (टाटा) लाई छाडेर निर्मल दुई चन्द्रमा निस्के जस्ता भएर लतागृहबाट प्रकट भए (निस्के) ॥ २३८ ॥

चौ०–सोभासीवँ सुभग दोउ बीरा ❀ नील पीत जलजाभ सरीरा ॥१॥
मोरपंख सिर सोहत नीके ❀ गुच्छ बीच बिच कुसुमकली के ॥२॥

(क) कविहरू स्त्रीहरूका हेराइलाई कतै सेतो, कतै कालो वर्णन गर्दछन् । यहाँ सीताजीका हेराइलाई सेतो मानेर त्यसमा श्वेतकमलका पंक्तिका वृष्टिको उत्प्रेक्षा (संभावना) गरेको हो ।

दुवै वीर राम लक्ष्मण खूब सुन्दर र शोभाका सीमा, नीलकमल र पीतकमलजस्तो शरीर भएका हुनुहुन्छ, शिरमा मयूरको प्वाँख खूब शोभायमान थियो, त्यसका बीचबीचमा फूलका कोपिलाको झुप्पा छ ॥ १ ॥ २ ॥

भाल तिलक श्रमबिंदु सुहाए ❀ श्रवन सुभग भूषनछबि छाए ॥३॥
बिकट भृकुटि कच घूँघरवारे ❀ नव सरोज लोचन रतनारे ॥४॥
चारु चिबुक नासिका कपोला ❀ हास बिलास लेत मनु मोला ॥५॥

ललाटमा तिलक र पसीनाका बूँद सुशोभित छन्, कानमा सुन्दर मकराकार कुण्डलको शोभा छाइएको छ ॥ ३ ॥ आँखीभौं टेढ़ा, केश घुँगुरिएका, नेत्र नयाँ कमलका दल जस्ता लाल छन् ॥ ४ ॥ चिबुक (चिउँडो) नासिका (नाक) कपोल (गाला) सुन्दर, हँसाइको ढाँचा चित्तलाई मोल लिने (चित्तलाई किन्ने अर्थात् अधीन पार्ने) छ ॥ ५ ॥

मुख छबि कहि न जाइ मोहि पाहीं ❀ जो बिलोकि बहु काम लजाहीं ॥६॥
उर मनिमाल कंबु कल ग्रीवा ❀ काम कलभ कर भुज बलसीवाँ ॥७॥
सुमन समेत बाम कर दोना ❀ साँवर कुँअर सखी ! सुठि लोना ॥८॥

जुन शोभा देखेर धेरै कामदेव लज्जित हुन्छन्, त्यो मुखको शोभा मैले भन्न सकिदैन छातीमा मणिका माला छन्, घाँटी राम्रो शंखजस्तो (३ रेखा परेको) छ, बलको सीमा भएको भुजदण्ड मदनरूपी हात्तीका बच्चाको शुण्डादण्डजस्तो छ, बायाँ हातमा फूलसहित भएको दोना (दूना = खोचा) हे सखि ! (यी दुईमध्ये) श्याम वर्णभएका कुमार खूब राम्रा छन् ॥ ६ ॥ ७ ॥ ८ ॥

दोहा—केहरि कटि पट पीत धर सुषमा सील निधान ।
देखि भानुकुलभूषनहि बिसरा सखिन्ह अपान ॥२३९॥

कम्मर सिंहको जस्तो (सानु) छ त्यसमा पीताम्बरको पटुका छ। शोभा र शीलको भवन हुनुहुन्छ, यस्ता सूर्यकुलालंकार रामजीलाई देखेर सखीहरूले आफूलाई बिर्से (हामी को हौं, कहाँ छौं, के गर्न आएका हौं, के गर्न लाग्यौं, इत्यादि केही खयाल नभएर सखीहरू पक्क परे) ॥ २३९ ॥

चौ०—धरि धीरजु एक आलि सयानी ❀ सीता सन बोली गहि पानी ॥१॥
बहुरि गौरिकर ध्यान करेहू ❀ भूपकिसोर देखि किन लेहू ॥२॥
सकुचि सीय तब नयन उघारे ❀ सनमुख दोउ रघुसिंघ निहारे ॥३॥
नख सिख देखि राम कै सोभा ❀ सुमिरि पिता पनु मनु अति छोभा ॥४॥

यौटी चतुर सखीले धैर्य धरेर हात समातीकन (सख्यभाव पूर्ण देखाएर) सीतासँग बोलिन् "सखि ! गौरीजीको ध्यान खूब गर्‍यौ, अब राजकुमारलाई किन हेर्दिनौ ?"

---

(१) सीताजीको त्यो ध्यानावस्थाको मर्म बुझ्ने चतुर सखीले "गौरिकर (गौर गरेर अर्थात् खूब गडेर) ध्यान गर्दछ्यौ, अब ता तिमीले ध्यान गरेका राजकुमार नगीचै आइपुगेका छन्, आँखा खोलेर

॥ १ ॥ २ ॥ सीताजीले संकोच मानेर नजर खोल्नुभयो, आफ्ना सम्मुखमा दुई रघुसिंहलाई[1] देख्नुभयो ॥ ३ ॥ नखदेखि शिखासम्म रामजीको शाभा हेर्दा पिता जनकजीका प्रण संझनुभयो र वहाँको मनमा अत्यन्त क्षोभ (व्याकुलता) भयो ॥ ४ ॥

परबस सखिन्ह लखी जब सीता ❀ भये गहरु सब कहहिं सभीता ॥५॥
पुनि आउब येहि बेरिआँ काली ❀ अस कहि मन बिहसी एक आली ॥६॥
गूढ़ गिरा सुनि सिय सँकुचानी ❀ भयेउ बिलंबु मातुभय मानी ॥७॥
धरि बड़ि धीर रामु उर आने ❀ फिर अपनपउ पितुबस जाने ॥८॥

जब सखीहरूले सीताजीलाई प्रेम-परवश भएकी देखे, अनि सबै डराएर बेर भयो भन्न लागे ॥ ५ ॥ यौटी छटेल सखीले—"यही बेलामा भोलि आउँला" भनेर मनमा (छेड हान्नें भन्ठानेर) हाँसी ॥ ६ ॥ सीताजीले त्यो गहिरो बचन सुनेर संकोच मान्नुभयो, विलम्ब भयो भनेर आमाको डर पनि मान्नुभयो ॥ ७ ॥ बडो धैर्य धारण गरेर रामजीलाई हृदयमा राखीकन आफूलाई पिताको अधीन जानेर फर्कनुभयो ॥ ८ ॥

दोहा—देखन मिस मृग बिहग तरु फिरै बहोरि बहोरि ।
निरखि निरखि रघुबीरछबि बाढ़ै प्रीति न थोरि ॥२४०॥

मृग-पक्षी-वृक्ष हेर्ने निहुँले वारंवार फर्कनुभयो, रघुवीरको शोभा वारंवार हेर्दा प्रीति अत्यन्त बढ्यो ॥ २४० ॥

चौ०—जानि कठिन सिवचाप बिसूरति ❀ चली राखि उर स्यामल मूरति ॥१॥
प्रभु जब जात जानकी जानी ❀ सुख सनेह सोभा गुन खानी ॥२॥
परम प्रेममय मृदु मसि कीन्ही ❀ चारु चित्त भीती लिखि लीन्ही ॥३॥

शंकरजीका धनुको भञ्जन कठिन ठानेर श्याममूर्ति (रामजी) लाई हृदयमा राखेर सीताजी हिंड्नुभयो ॥ १ ॥ प्रभु रामजीले सुख-प्रेम-शोभा-गुण यिनकी खानिस्वरूप भएकी सीताजीलाई जब जान लागेकी बुझ्नुभयो ॥ २ ॥ अनि उहाँले परम प्रेमरूपी असल मसी बनाएर सफा भएका चित्तरूपी भित्तामा (सीताजीको तस्वीर) लेखिहाल्नुभयो ॥ ३ ॥

गई भवानीभवन बहोरी ❀ बंदि चरन बोलीं कर जोरी ॥४॥
जय जय गिरिबरराजकिसोरी ❀ जय महेस मुख चन्द चकोरी ॥५॥
जय गजबदन षडानन माता ! ❀ जगतजननि दामिनिदुति गाता ॥६॥
नहि तव आदि अंत अवसाना ❀ अमित प्रभाउ बेदु नहि जाना ॥७॥
भव भव बिभव पराभव कारिनि ! ❀ बिस्व बिमोहनि स्वबस बिहारिनि ॥८॥

अनि सीताजी फेरि भवानीका भवनमा (गिरिजाको मन्दिरमा) जानुभयो र वहाँको

किन हेर्दिनौ !" यस्तो व्यङ्ग्यवचन बोलेको हो । (१) सिंहजस्ता पराक्रमी रामजीलाई देख्ता सीताजीले धनु उठाउनुपर्ने प्रणको शंका मान्नुहुँदैन" यो आशयले रघुसिंह पदको प्रयोग गरेको हो ।

चरणलाई वन्दना गरेर हात जोरेर बोल्नुभयो (स्तुति गर्न लाग्नुभयो) ॥ ४ ॥ "हे गिरिवर-हिमधराधरनन्दिनि ! हजूरको जय होस् जय होस्, हे शङ्कर-वदन-चन्द्र-चकोरि ! हजूरको जय होस्, ॥ ५ ॥ हे गणेश-जननि ! हे षडानन (कुमार) जननि ! हजूरको जय होस्। हे जगज्जननि ! हे विद्युत्प्रभा-सदृश-देहे ! हजूरको जय होस् ॥ ६ ॥ भगवति ! हजूरको आदि मध्य अन्त छैन, हजूरको अतुल प्रभावलाई वेद पनि जान्दैनन् ॥ ७ ॥ हजूर भवको (संसारको) भव (उत्पत्ति) विभव (रक्षा) पराभव (नाश) गर्ने हुनुहुन्छ, हजूर संसारलाई मोहित गर्ने, हुनुहुन्छ, हजूर स्वच्छन्दचारिणी हुनुहुन्छ ॥ ८ ॥

दोहा–पतिदेवता सुतीय महु मातु प्रथम तव रेख।
महिमा अमित न सकहिं कहि सहस सारदा सेष ॥२४१॥

माता ! पति देवता भएका (पतिलाई नै देवता संझने) असल (पतिव्रता) स्त्रीहरूमा हजूरको रेखा पहिला छ (हजूर पहिला लंबरकी हुनुहुन्छ) हजूरका अतुल महिमाको वर्णन-गर्न हज्जारौं शारदा हज्जारौं शेष पनि सक्तैनन् ॥ २४१ ॥

चौ०–सेवत तोहि सुलभ फल चारी ❀ बरदायनी पुरारिपिआरी ॥१॥
देवि पूजि पद कमल तुम्हारे ❀ सुर नर मुनि सब होहिं सुखारे ॥२॥
मोर मनोरथु जानहु नीकें ❀ बसहु सदा उर पुर सब ही कें ॥३॥
कीन्हेउँ प्रगट न कारन तेहीं ❀ अस कहि चरन गहे बैदेहीं ॥४॥

हे वरदायिनी ! हे पुरारि (शंकर) पियारी ! हजूरको सेवा गर्दा धर्म-अर्थ-काम मोक्ष यी ४ फल सुलभ हुन्छन् ॥ १ ॥ हे भगवति ! हजूरका चरणकमलको पूजा गरेर देवता-मनुष्य-मुनि सबै सुखी हुन्छन् ॥ २ ॥ मेरो मनोरथलाई हजूर राम्रो गरी जान्नुहुन्छ, (किन-भने ?) सबैका हृदयरूपी नगरमा हजूर सदा रहनुभएको छ ॥ ३ ॥ त्यही कारणले मैले त्यो मनोरथ प्रकट गरिन" यस्तो प्रार्थनावचन बोलेर विदेहनन्दिनी सीताजीले गिरिजाको चरण समात्नुभयो ॥ ४ ॥

बिनय प्रेम बस भई भवानी ❀ खसी माल मूरति मुसुकानी ॥५॥
सादर सिय प्रसादु सिर धरेऊ ❀ बोली गौरि हरषु हिय भरेऊ ॥६॥
सुनु सिय सत्य असीस हमारी ❀ पूजिहि मनकामना तुम्हारी ॥७॥
नारदबचन सदा सुचि साचा ❀ सो बरु मिलिहि जाहि मनु राचा ॥८॥

भवानी विनय र प्रेमले वश भइन्, माला खस्यो, भवानीको मूर्ति हाँस्यो ॥ ५ ॥ (क) सीताजीले आदरसाथ त्यो प्रसाद शिरमा राख्नुभयो, अनि हृदयमा हर्ष भरिएकी (हर्षित भएकी) गौरीले बोलिन् "सीता ! सुन, मेरो आशीष सत्य छ, तिम्रो मनकामना

(क) गौरीलाई अघि (पूजा गर्दा) चढाएको माला प्रसादरूप भएर खस्यो, गौरीको मूर्ति हाँस्यो (हामीजस्ता अनन्त गौरीका सृष्टि गर्ने आदिशक्ति भगवती सीताजी मसँग वर माग्ने धन्य ! लीला ! भनेर गौरी हाँसिन्) यही अर्थ वास्तव हो, अरू अरू अर्थ टीकाकारहरूका बुद्धिको चमत्कार देखाउने मात्रै हुन्।

पूर्ण हुनेछ, नारदमुनिको वचन सदासर्वदा शुद्ध र साँचो छ, मनले जुन वर रचेको छौ, तिनै वर मिल्नेछन् ॥ ६ ॥ ७ ॥ ८ ॥

छन्द–मनु जाहि राचेउ मिलिहि सो बरु सहज सुंदर साँवरो ।
करुनानिधानु सुजान सीलु सनेह जानत रावरो ॥
येहि भाँति गौरि असीस सुनि सिय सहित हियँ हरषी अलीं ।
तुलसी भवानिहि पूजि पुनि पुनि मुदित मन मंदिर चलीं ॥३२॥

मनले जुन वर रोजेकी छौ, तिनै स्वभाव-सुन्दर श्यामलमूर्ति वर मिल्नेछन् । ती करुणानिधान ज्ञानवान् छन्, तिम्रो शील र स्नेहलाई राम्रो गरी जान्दछन्" । यस्ता प्रकारको गौरीजीको आशीष सुनेर सखीसहित सीताजी हृदयमा हर्षित हुनुभयो । गोस्वामीजी भन्दछन् कि फेरि वारंवार भवानीको पूजन गरेर हर्षित चित्त भएर जानकीजी आफ्ना भवनतर्फ हिंडनुभयो ॥ ३२ ॥

सोरठा–जानि गौरि अनुकूल सियहिय हरषु न जाइ कहि ।
मंजुल मंगल मूल बाम अंग फरकन लगे ॥२९॥

गौरी अनुकूल (प्रसन्न) भएको जानेर सीताजीका हृदयमा जो हर्ष भयो, त्यसको बयान गर्न सकिदैन । मंगल (शुभ) को मूलकारण भएको सुन्दर वाम अङ्ग (देब्रेपट्टिको आँखा बाहु उरु इत्यादि) फरफराउन लागे ॥ २९ ॥

× × × ×

चौ०–हृदय सराहत सीयलोनाई ❀ गुर समीप गवने दोउ भाई ॥१॥
रामु कहा सबु कौसिक पाहीं ❀ सरल सुभाउ छुआ छल नाहीं ॥२॥
सुमन पाइ मुनि पूजा कीन्हीं ❀ पुनि असीस दुहुँ भाइन्ह दीन्ही ॥३॥
सफल मनोरथ होहुँ तुम्हारे ❀ रामु लषनु सुनि भये सुखारे ॥४॥

दुवै भाई सीताजीको सौन्दर्यलाई मनमनले सह्राउँदै गुरुका समीप जानुभयो ॥ १ ॥ रामजीले कौशिक (विश्वामित्र) का समीपमा सबै वृत्तान्त भन्नुभयो, उहाँको स्वभाव सरल थियो, छलकपटले उहाँलाई छोएको थिएन ॥ २ ॥ फूल पाएपछि मुनिले पूजा गर्नुभयो, अनि दुवै भाईलाई "तिम्रो मनोरथ सफल होस्" यस्तो आशीष दिनुभयो । यो वचन सुनेर रामलक्ष्मण आनन्दित भए ॥ ३ ॥ ४ ॥

करि भोजनु मुनिबर बिज्ञानी ❀ लगे कहन कछु कथा पुरानी ॥५॥
बिगत दिवसु गुर आएसु पाई ❀ संध्या करन चले दोउ भाई ॥६॥
प्राची दिसि ससि उयेउ सुहावा ❀ सियमुख सरिस देखि सुखु पावा ॥७॥
बहुरि बिचारु कीन्ह मन माहीं ❀ सीयबदन सम हिमकर नाहीं ॥८॥

ज्ञानी मुनिवर विश्वामित्र भोजन गरेर पुराना कुनै कथा भन्न लागे ॥ ५ ॥ दिन बितेपछि गुरुको आज्ञा पाएर दुवै भाई सन्ध्या गर्न गए ॥ ६ ॥ पूर्वदिशामा सुन्दर चन्द्रमा उदाए, सीताजीका मुखमण्डल-जस्तो देखेर रामजीले आनन्द पाउनुभयो ॥ ७ ॥ मनमा घेरै विचार गर्नुभयो र "चन्द्रमा सीताका मुखतुल्य छैनन्, ॥ ८ ॥ (किनभने ?)—

दोहा–जनमु सिंधु पुनि बंधु बिषु दिन मलीन सकलंकु ।
सियमुख समता पाव किमि चंदु बापुरो रंकु ॥२४२॥

जन्म समुद्र (खारा पानीवाला) बाट छ, फेरि यिनको सहोदर भाई विष हो, दिउँसो मलिन (निन्याउरा) हुन्छन्, यी सकलंक (दागी) छन्, (राजाकी छोरी, असल भाईबहिनी भएकी, सधैं उज्याली, कलंकरहित, भएकी) सीताका मुखको समतालाई बौरा-गरीब चन्द्रमा कसरी पाऊन् ? ॥ २४२ ॥

चौ०–घटै बढ़ै बिरहिनि दुखदाई ❀ ग्रसै राहु निज संधिहि पाई ॥१॥
काक सोकप्रद पंकजद्रोही ❀ अवगुन बहुत चंद्रमा तोही ॥२॥
बैदेहीमुख पटतर दीन्हे ❀ होइ दोषु बड़ अनुचित कीन्हे ॥३॥

कहिले घट्तछौ, कहिले बढ्दछौ, विरहलाई दुःख दिन्छौ, मौका पाएर राहुले ग्रास गरिन्छौ चक्रवाक (चखेवा) लाई दुःख दिन्छौ, कमलको द्रोह गर्छौ, हे चन्द्रमा ! तिम्रा अवगुण छन् (सीताको अवगुण केही छैन)। तिम्रो र सीताका मुखको तुलना (तौल) गर्दाखेरि अनुचित काम गरे बाबतको ठूलो दोष लाग्दछ" ॥ १ ॥ २ ॥ ३ ॥

सिय मुखछबि बिधुब्याज बखानी ❀ गुर पहिं चले निसा बड़ि जानी ॥४॥
करि मुनिचरन सरोज प्रनामा ❀ आयेसु पाइ कीन्ह बिश्रामा ॥५॥
बिगत निसा रघुनायक जागे ❀ बंधु बिलोकि कहन अस लागे ॥६॥
उयेउ अरुन अवलोकहु ताता ❀ पंकज कोक लोक सुखदाता ॥७॥
बोले लखनु जोरि जुग पानी ❀ प्रभुप्रभाउ सूचक मृदु बानी ॥८॥

चन्द्रमाका निहुँले सीताजीका मुखको कान्ति बखानेर, रात धेरै गएको बुझीकन रघुनाथजी गुरुका समीप जानुभयो ॥ ४ ॥ मुनिका चरणकमलमा प्रणाम गरेर आज्ञा पाएपछि विश्राम गर्नुभयो ॥ ५ ॥ रात बितेपछि रघुनाथजी जागा हुनुभयो र भाई लक्ष्मणतर्फ हेरेर यसो भन्न लाग्नुभयो ॥ ६ ॥ "भाई ! लक्ष्मण ! कमलसमूह, चक्रवाकपक्षिसमूह अरू प्राणीसमूहलाई सुख दिने सूर्य उदाउनुभयो हेर" ॥ ७ ॥ लक्ष्मणजीले दुई हात जोरेर प्रभुको प्रतापलाई सूचन गर्ने मीठो वचन बोल्नुभयो ॥ ८ ॥

दोहा–अरुनोदय सकुचे कुमुद उडगन जोति मलीन ।
जिमि तुम्हार आगमन सुनि भए नृपति बलहीन ॥२४३॥

"प्रभु ! हजूरको सवारी भएको सुनेर राजाहरू बलहीन (तेजोहीन) भएजस्तै गरेर

सूर्यनारायणको उदय भएको देख्ता, कुमुद (चन्द्रकमल) खुम्चिए, तारागणको ज्योति मलिन भयो ॥ २४३ ॥

चौ०–नृप सब नषत करहिं उजिआरी ❀ टारि न सकहिं चाप तम भारी ॥१॥
कमल कोक मधुकर खग नाना ❀ हरषे सकल निसा अवसाना ॥२॥
ऐसेहि प्रभु सब भगत तुम्हारे ❀ होइहहिं टूटें धनुष सुखारे ॥३॥
उएउ भानु बिनु श्रम तम नासा ❀ दुरे नखत जगु तेजु प्रकासा ॥४॥
रबि निज उदय ब्याज रघुराया ❀ प्रभुप्रतापु सब नृपन्ह देखाया ॥५॥

सबै राजारूपी नक्षत्रहरू उज्यालो गर्न खोज्दछन्, परन्तु शिवधनुषरूपी ठूलो अन्धकार हटाउन सक्तैनन् ॥ १ ॥ रात्रिको समाप्ति भयो, जसरी कमल, चक्रवाक-पक्षी, भ्रमर नाना प्रकारका पक्षी हर्षित भए, त्यसै गरी शिवजीको धनुष टुटेपछि हजूरका सबै भक्तहरू हर्षित हुनेछन् ॥ २ ॥ ३ ॥ सूर्य उदाउनुभयो, विनापरिश्रम तम नष्ट भयो, नक्षत्र लुके, जगत्मा तेज प्रकाशमान भयो ॥ ४ ॥ प्रभु ! रघुराज ! सूर्यनारायणले आफ्ना उदयका निहुँले प्रभुको प्रताप राजाहरूलाई देखाउनुभयो ॥ ५ ॥

तव भुजबल महिमा उदघाटी ❀ प्रगटी धनुबिघटन परिपाटी ॥६॥
बंधुबचन सुनि प्रभु मुसुकाने ❀ होइ सुचि सहज पुनीत नहाने ॥७॥
नित्यक्रिया करि गुर पहि आए ❀ चरन सरोज सुभग सिर नाए ॥८॥

धनुविघटनको (धनुर्भङ्गको) परिपाटी (रीति) जो प्रकट भएको छ, त्यो हजूरका भुजबलको महिमा (प्रताप) रूपी सूर्यको उदयका निमित्त उदयाचलपर्वतको घाँटी (उच्च दुर्गम स्थान) हो (अर्थात् धनुर्भङ्गरूपी उदयाचलका घाँटीबाट हजूरको भुजप्रतापरूपी सूर्य उदाउने वेला भयो) । भाई लक्ष्मणजीका यस्ता वचन सुनेर प्रभुजीले मन्दहास्य गर्नुभयो र स्वभावैले पवित्र हुनुहुन्थ्यो तापनि नुहाएर पवित्र हुनुभयो ॥ ६ ॥ ७ ॥ अनि नित्यकर्म गरेर गुरुका समीप आउनुभयो, र चरणकमलमा सुन्दर शिर राख्नुभयो (वन्दना गर्नुभयो) ॥८॥

सतानंदु तब जनक बोलाए ❀ कौसिक मुनि पहि तुरत पठाए ॥९॥
जनक बिनय तिन्ह आइ सुनाइ ❀ हरषे बोलि लिए दोउ भाई ॥१०॥

राजा जनकले पुरोहित शतानन्दलाई बोलाएर विश्वामित्र मुनिका समीप तुरन्त पठाए ॥ ९ ॥ तिनले आएर जनकजीको विन्ति सुनाए ! विश्वामित्रले हर्षित भएर दुई भाईलाई बोलाए ॥ १० ॥

दोहा–सतानंदपद बंदि प्रभु बैठे गुर पहि जाइ ।
चलहु तात मुनि कहेउ तब पठवा जनक बोलाइ ॥२४४॥

प्रभु (राम लक्ष्मण) शतानन्दमुनिका चरणको वन्दना गरेर गुरुका समीप गई बस्नुभयो । अनि मुनि (विश्वामित्र) ले "बाबु ! रघुवीर ! तिमीहरूलाई जनकजीले बोलाइपठाएको रहेछ हिंड" भने ॥ २४४ ॥

चौ०–सीयस्वयंबरु देखिअ जाई ❁ ईसु काहि धौं देइ बड़ाई ॥१॥
लखन कहा जसभाजनु सोई ❁ नाथ कृपा तव जा पर होई ॥२॥
हरषे मुनि सब सुनि बर बानी ❁ दीन्हि असीस सबहि सुखु मानी ॥३॥

"गएर सीताजीको स्वयंवर हेर्नुपर्दछ, (हेरौं) ईश्वरले कसलाई बडाई (महत्व = इज्जत) दिन्छ ?" ॥ १ ॥ (यो विश्वामित्रको वचन सुनेर) लक्ष्मणजीले "प्रभु ! हजूरको जसमाथि कृपा हुन्छ, उही सकस (कीर्तिमान्) हुन्छ" भन्नुभयो ॥ २ ॥ यस्तो नम्र वाणी सुनेर सबै मुनिहरू खुशी भए। सबैले आनन्द मानेर आशीष दिए ॥ ३ ॥

पुनि मुनिबृंद समेत कृपाला ❁ देखन चले धनुष मखसाला ॥४॥
रंगभूमि आए दोउ भाई ❁ असि सुधि सब पुरबासिन्ह पाई ॥५॥
चले सकल गृहकाज बिसारी ❁ बाल जुवान जरठ नर नारी ॥६॥

अनि दीनदयाल प्रभुजी मुनिवर्गसहित भएर धनुषयज्ञको यज्ञशाला हेर्न हिंड्नुभयो ॥ ४ ॥ "दुवै भाई रङ्गभूमि (स्वयंवर स्थान) मा आए" यस्तो खबर सब नगर-निवासीहरूले पाए ॥ ५ ॥ आफ्ना घरको कामकाज बिर्सेर बालक, जवान, बूढा, पुरुष, स्त्री सबै जना दौडे ॥ ६ ॥

देखी जनक भीर भै भारी ❁ सुचि सेवक सब लिये हकारी ॥७॥
तुरत सकल लोगन्ह पहिं जाहू ❁ आसन उचित देहु सब काहू ॥८॥

जनकराजाले भारी भीड भएको देखेर, शुद्ध अन्तःकरण भएका सबै सेवकलाई बोलाए, र "झटपट सबैजनाका समीप जाऊ र सबैलाई उचित आसन (बस्ने चीज) देऊ" यो हुकूम दिए ॥ ७ ॥ ८ ॥

दोहा–कहि मृदु बचन बिनीत तिन्ह बैठारे नर नारि।
उत्तम मध्यम नीच लघु निज निज थल अनुहारि ॥२४५॥

तिनीहरूले नम्र भईकन नरम वचन बोलेर, उत्तम-मध्यम-अधम भएका नरनारीहरूलाई आफ्ना आफ्ना अनुसारका स्थानमा चाँडै नै बसाए (इन्तजामको प्रभावले ज्यादा हल्ला भएन) ॥ २४५ ॥

चौ०–राजकुअँर तेहि अवसर आए ❁ मनहु मनोहरता तन छाए ॥१॥
गुनसागर नागर बर बीरा ❁ सुंदर स्यामल गौर सरीरा ॥२॥
राजसमाज बिराजत रूरे ❁ उडगनमहँ जनु जुग बिधु पूरे ॥३॥
जिन्ह के रही भावना जैसी ❁ प्रभुमूरति देखी तिन्ह तैसी ॥४॥

त्यसै वेलामा गुणका समुद्र, चतुर, उत्तम वीर, सुन्दर, श्याम र गौरशरीर भएका राजकुमार (राम लक्ष्मण) आइपुग्नुभयो। वहांहरू दुई जना "मानौं सुन्दरता (शोभा) ले शरीर छोपेर आउनुभएको हो कि ?" भनेजस्ता हुनुहुन्थ्यो, ॥ १ ॥ २ ॥ मानौं नक्षत्र

(तारा) का गणका मध्यमा रहेका दोटा पूर्णचन्द्र हुन् कि ?" भनेजस्तो भएर ती दुई भाई राजसमाजमा विराजमान हुनुभयो ॥ ३ ॥ जसको भावना (संस्कार) जस्तो थियो, तिनले प्रभुको मूर्ति त्यस्तै देखे ॥ ४ ॥

देखहिं रूप महा रनधीरा ❀ मनहु बीररसु धरे सरीरा ॥५॥
डरे कुटिल नृप प्रभुहि निहारी ❀ मनहु भयानक मूरति भारी ॥६॥
रहे असुर छलछोनिप बेषा ❀ तिन्ह प्रभु प्रगट काल सम देखा ॥७॥
पुरबासिन्ह देखे दोउ भाई ❀ नरभूषन लोचनसुखदाई ॥८॥

राजाहरूले प्रभुजीलाई मानौं शरीरधारी वीररसै हुन् कि ? भनेजस्ता महायुद्धमा धीर भएर रहने देखे ॥ ५ ॥ कुटिल चित्त भएका (कपटी) राजाहरूले प्रभुजीलाई मानौं भारी मूर्तिमान् भयानक रस हुन् कि ? भनेजस्ता देखेर डराए ॥ ६ ॥ जो असुर (दैत्य राक्षसहरू) छल गरेर राजाको वेष लिई त्यहाँ रहेका थिए, तिनले प्रभुजीलाई प्रकट भएको काल (मृत्यु) जस्ता रौद्र (अति उग्र) देखे ॥ ७ ॥ नगर-निवासीहरूले दुवै भाईलाई नरभूषण (मनुष्यालंकार) र लोचनसुखदायी (नयनानन्ददाता) देखे ॥ ८ ॥

दोहा—नारि बिलोकहिं हरषि हिय निज निज रुचि अनुरूप ।
जनु सोहत सिंगार धरि मूरति परम अनूप ॥२४६॥

स्त्रीजनहरूले मनमा हर्षित भएर प्रभुजीलाई आफ्ना आफ्ना रुचि (खायश) को अनुसार मानौं अति अनुपम मूर्ति धारण गरेर शोभायमान भएको श्रृंगार रस हो कि ? भनेजस्ता देखे ॥ २४६ ॥

चौ०—बिदुषन्ह प्रभु बिराटमय दीसा ❀ बहु मुख कर पग लोचन सीसा ॥१॥
जनकजाति अवलोकहिं कैसे ❀ सजन सगे प्रिय लागहिं जैसे ॥२॥
सहित बिदेह बिलोकहिं रानी ❀ सिसु सम प्रीति न जाति बखानी ॥३॥
जोगिन्ह परम तत्व मय भासा ❀ सांत सुद्ध सम सहज प्रकासा ॥४॥

विद्वान्हरूले प्रभुजीलाई हज्जारौं मुख, हज्जारौं बाहु, हज्जारौं पाउ, हज्जारौं नेत्र, हज्जारौं शिर भएका विराट-रूपी देखे ॥ १ ॥ जनकजीका जातबिरादरी (दाज्यूभाई) ले प्रभुजीलाई साख्खै आत्मीय (आपस्त) जस्ता प्यारा लाग्ने देखे ॥ २ ॥ रानीसहित भएका राजा जनकले प्रभुजीलाई अवर्णनीय प्रीतिपात्र भएको आफ्नो बालकजस्तो देखे ॥ ३ ॥ योगिराजहरूका दृष्टिमा प्रभुजी शान्त-शुद्ध-सम स्वतःप्रकाश भएको परमतत्त्व (परमात्मा) रूप देखिनुभयो ॥ ४ ॥

हरिभगतन्ह देखे दोउ भ्राता ❀ इष्टदेव इव सब सुख दाता ॥५॥
रामहि चितव भाव जेहि सीया ❀ सो सनेहु सुखु नहि कथनीया ॥६॥
उर अनुभवति न कहि सक सोऊ ❀ कवन प्रकार कहै कबि कोऊ ॥७॥
जेहि बिधि रहा जाहि जस भाऊ ❀ तेहि तस देखेउ कोसलराऊ ॥८॥

हरिभक्तहरूले दुई भाई प्रभुजीलाई सर्वसुखदाता इष्टदेव जस्ता देखे ॥ ५ ॥ सीताजी जुन भावले रामजीलाई हेर्नुहुन्थ्यो त्यो भावको प्रेमसुख कथनीय छैन (वर्णन गर्न सकिदैन) ॥ ६ ॥ सीताजीसमेत त्यो प्रेम-सुखलाई हृदयले मात्र अनुभव गर्ने, भन्न नसक्ने हुनुभएको थियो। कोही अरू कवि कुन प्रकारले त्यो प्रेमसुखको वर्णन गरून् ?॥ ७ ॥ यस्ता प्रकारले जसको जस्तो भाव थियो, त्यसले प्रभुजीलाई त्यस्तै देख्यो ॥ ८ ॥

दोहा–राजत राजसमाज महु कोसलराजकिसोर ।
सुन्दर स्यामल गौर तन बिस्वबिलोचन चोर ॥२४७॥

श्याम र गौर शरीर भएका संसारभरका नेत्रलाई चोर्ने कोशलराज (दशरथ) का दुई कुमार राजाहरूका समाजमा विराजमान भए (धन्य यिनको प्रभाव !) ॥ २४७ ॥ (क)

चौ०–सहज मनोहर मूरति दोऊ ❀ कोटि काम उपमा लघु सोऊ ॥१॥
सरदचंद निंदक मुख नीके ❀ नीरज नयन भावते जी के ॥२॥
चितवनि चारु मारमनु हरनी ❀ भावति हृदय जाति नहि बरनी ॥३॥
कल कपोल श्रुतिकुंडल लोला ❀ चिबुक अधर सुंदर मृदु बोला ॥४॥

दुवै मूर्ति स्वभावसुन्दर थिए, कोटि कामदेवको उपमा पनि उनका निमित्त सानो हुन्थ्यो (कोटि कामदेवको सौन्दर्य पुञ्जभन्दा यिनको सौन्दर्य बढ्ता थियो) ॥ १ ॥ शरत्कालका चन्द्रको निन्दा गर्ने भए पनि यिनको मुख असल थियो (अनौठै कुरा हो, अर्काको निन्दा गर्ने मुख पनि असल ?) नीलकमलको निन्दा गर्ने यिनका नयन सबैका मनका र नयनका प्यारा थिए ॥ २ ॥ मार (कामदेव) को मद (घमंड) तोड्ने यिनको हेराइ मनलाई भने मनपर्ने, वर्णन गर्नभने नसकिने थियो ॥ ३ ॥ गाला सुन्दर (पुष्ट-स्निग्ध) थिए। कानमा कुण्डल चञ्चल थिए। चिबुक (चिउँडो) र अधर (ओठ) सुन्दर थियो। बोली कोमल थियो ॥ ४ ॥

कुमुदबंधुकर निंदक हाँसा ❀ भृकुटी बिकट मनोहर नासा ॥५॥
भाल बिसाल तिलक झलकाहीं ❀ कच बिलोकि अलि अवलि लजाहीं ॥६॥
पीत चौतनी सिरन्हि सुहाई ❀ कुसुमकली बिच बीच बनाई ॥७॥
रेखैं रुचिर कंबु कल गीवा ❀ जनु त्रिभुवनसुषमा की सीवा ॥८॥

(क) यिनै विश्वविलोचन-चोर कोशलराजकिशोरजी केही दिनपछि मख्खनटोल (गोकुल-वृन्दावन) मा माखन-चोर हुन गएका थिए, त्यस वेलामा पनि यिनको इदमित्थ परिचय कसैले गर्न सकेन, पहलमानका दृष्टिले वज्र, मनुष्यका दृष्टिले पुरुषोत्तम, स्त्रीजनका दृष्टिले मूर्तिमान् मदन, गोपालवर्गका दृष्टिले गोपाल, दुष्ट राजाका दृष्टिले दण्डधर, बाबुआमाका दृष्टिले बच्चा, कंसका दृष्टिले काल, मूर्खका दृष्टिले मामूली मानिस, योगीजनका दृष्टिले ब्रह्मतत्त्व, यादवहरूका दृष्टिले इष्टदेवता देखिएका थिए।

मल्लानामशनिर्नृणांनरवरः स्त्रीणां स्मरोमूर्तिमान् । गोपानां स्वजनोऽसतांक्षितिभुजां शास्ता स्वपित्रोः शिशुः ।
मृत्युर्भोजपतेर्विराडविदुषां तत्त्वं परं योगिनां । वृष्णीनां परदेवतेति विदितो रङ्गं गतः साग्रजः ॥
(श्रीमद्भागवत १०।४३।१७)

हँसाइ [१]चन्द्रमाका किरणको निन्दा (परिहास = ठट्टा) गर्ने थियो। आँखीभौं टेढ़ा, नाक मनोहर थियो ॥ ५ ॥ तिलकले प्रभुजीको विशाल भाल (ठूलो ललाट) लाई झल्काएको (उज्यालो पारेको) थियो, केश देख्ता भ्रमरपंक्ति लज्जित हुन्थ्यो ॥ ६ ॥ शिरमा पहेंलो ताज (शिरपेच) शोभायमान थियो। त्यसका बीचबीचमा फूलका कोपिला सजाइएका थिए ॥ ७ ॥ ग्रीवा (घाँटी) शंखजस्तो सुन्दर तीनरेखा भएको, मानौं त्रिभुवनका शोभाको सीमा हो कि ? भनेजस्तो थियो ॥ ८ ॥

दोहा–कुंजरमनि कंठा कलित उरन्हि तुलसिकामाल।
बृषभ कंध केहरि ठवनि बलनिधि बाहु बिसाल ॥२४८॥

वक्षस्थल (छाती) मा गजमोतीको कंठा र तुलसीले सहित भएको वनमाला थियो। काँध साँढ़ेको जस्तो, हिंडाइ सिंहको जस्तो थियो। भुजा विशाल र बलनिधि थिए ॥ २४८ ॥

चौ०–कटि तूनीर पीत पट बाँधे ❀ कर सर धनुष बाम बर काँधे ॥१॥
पीत जग्य उपवीत सुहाए ❀ नख सिख मंजु महाछबि छाए ॥२॥

कम्मरमा तूणीर (ठोक्रो) भिरेको र पहेंलो पटुका बाँधेको थियो। बायाँ काँधमा सुन्दर धनु, हातमा बाण थियो ॥ १ ॥ पहेंला जनै सुशोभित थिए। नखदेखि शिखासम्म सुन्दर र महाशोभाले ढाकिएका थिए ॥ २ ॥

देखि लोग सब भये सुखारे ❀ एकटक लोचन चलत न तारे ॥३॥
हरषे जनकु देखि दोउ भाई ❀ मुनिपद कमल गहे तब जाई ॥४॥

दुई भाई प्रभुजीलाई देखेर सबजना सुखी भए। सबैका आँखा एकटक भए, नानीपर्यन्त नहल्लने भयो। जनकजी दुई भाई प्रभुजीलाई देखेर हर्षित भए, अनि गएर विश्वामित्र मुनिका चरणकमल तिनले समाते (छोए) ॥ ३ ॥ ४ ॥

करि बिनती निज कथा सुनाई ❀ रंग अवनि सब मुनिहि देखाई ॥५॥
जहँ जहँ जाहिं कुअँर बर दोऊ ❀ तहँ तहँ चकित चितव सबु कोऊ ॥६॥

---

(१) कविहरूका कानूनमा हास्य र कीर्ति श्वेतवर्णका हुन्छन्। "धवलता वर्ण्यते हासकीर्त्योः" (साहि०)

"खालि १ प्रकारको ताप मात्रै हरण गर्ने चन्द्रमालाई तीन प्रकारको ताप र अनन्त प्रकारको पाप हरण गर्ने प्रभुका हासले परिहास (ठट्टा) गर्दछ, त्यस्तो प्रभुको हास मेरा मनमा रहोस्" भनेर कसैले प्रार्थना गरेको छ।

त्रिविधामपि तापसन्ततिं भजनां पापभरं च निर्हरन्।
परिहासकरः सुधारुचेर्हरिहासः श्रयतां मनो मम ॥
[हरिवरिवस्या, ध्यानोल्लास]

विन्ति गरेर (सविनय) 'आफ्नो कथा सुनाए, मुनिलाई रङ्गभूमि (स्वयंवर-मण्डप) सबै देखाए ॥ ५ ॥ सुन्दर दुई कुमार जहाँ जहाँ जानुहुन्थ्यो, ताहाँ ताहाँ सबैजना चकित भएर (छक्क परेर) हेर्दथे ॥ ६ ॥

निज निज रुख रामहि सबु देखा ❀ कोउ न जान कछु मरमु बिसेषा ॥७॥
भलि रचना मुनि नृप सन कहेऊ ❀ राजा मुदित महासुखु लहेऊ ॥८॥

सबैले रामजीलाई आफ्ना आफ्ना सम्मुख देखे, यसको कर्म कसैले विशेष गरेर जानेन ॥ ७ ॥ विश्वामित्रमुनिले राजालाई "रचना बेस भएको रहेछ" भने, (त्यो सुनेर) राजा आनन्दित भए, उनले ठूलो सुख पाए ॥ ८ ॥

दोहा–सब मंचन्ह तें मंचु एकु सुंदर बिसद बिसाल ।
मुनि समेत दोउ बंधु तहँ बैठारे महिपाल ॥२४९॥

सबै मञ्च (सिंहासन) भन्दा एउटा मञ्च राम्रो सफा फराक थियो, राजा जनकजीले विश्वामित्रमुनिसहित दुई भाईलाई तहीं बसाए ॥ २४९ ॥

---

(१) जनकजीले बताएको आफ्नु कथा

"अघि यसै धनुले त्रिपुरदाह गरेर शंकरजीले यो धनु मेरा पितापुर्खाका जिम्मामा नासो राख्न दिनुभएको हो, मैले यज्ञका निमित्त सुनका हलाले पृथ्वीमा जोत्न लाग्दा एउटी कन्या उत्पन्न भइन् , सीता (हलाको सियो) ले जमीन कोर्दा पैदा भएकी हुनाले ती कन्याको नाम "सीता" राखें। कन्या अलौकिक शील स्वभाव सौन्दर्य भएकी हुनाले र अयोनिज (योनिबाट नजन्मेकी) हुनाले तीनको वर त्यस्तै अलौकिक उचित ठानेर बलपराक्रमको परीक्षाका निमित्त "यो शंकर-धनु जो उठाउन सक्ला, उसैलाई सीता दिउँला" यस्तो प्रण गरेको छु" यस्तो कथा यत्र-तत्र देखिएको छ।

(१) "कसैले पनि उचाल्न नसकिने यो धनु शहरबाहिर रहेको थियो, म नित्य त्यसको दर्शन गर्न जान्थें, एकदिन नानी सीता पनि मेरा साथ गइन् , धनुषको दर्शन गर्‍यौं, "यत्तिका निंति पिताजीले यहाँसम्म रोजरोज किन आउनु ? यसलाई दरबारैमा राखे सजिलो होला" भनेर सीताले त्यो धनु जुरुक्क उचालेर विनाप्रयास दरबारमा ल्याएर रखिदिइन् , म छक्क परें। "जसले त्यो धनु उचाल्न सक्ला उसैलाई अलौकिक शक्तिशालिनी सीता दिउँला" यस्तो प्रण पनि गरें । यस्तो कथा एउटा कल्पको हो ।

(२) अर्को-कल्पको–"यो शैव-धनु मेरा दरबारमा धेरै पहिलेदेखि थियो, म यसको नित्य पूजन गर्दथें, मेरी रानी श्रद्धासाथ लिपपोत गरेर पूजनसामग्री तयार गर्दथिन् , अन्त सबै ठाउँ पोतिन्थ्यो, धनु राखेको ठाउँ कहिल्यै पनि पोतिदैनथ्यो, मेरी रानी रजस्वला भएको वेलामा आमाको साटो काम गर्न सीता गइछन्। मैले पूजा गर्न जाँदा जम्मै पूजाकोठामा लिप-पोत गरिसकेर पूजन-सामग्रीसमेत तयार गरेर बसिरहेकी सीतालाई देखें। जिल्ल परेर "यो धनु कसले हटायो र तिमीले लिप-पोत गर्‍यौ" भनी सोधें। "बाबा ! मैले नै हटाएर लिपपोत गरेकी हुँ" भनी सीताले भनिन् , देख्ने परिचारिका (सुसारेहरू) ले "हो हो" भने, मैले आश्चर्यचकित भएर "यो धनु जसले उठाउला, उसैलाई सीता दिनेछु" यस्तो प्रण गरें । यस्तो कथा छ ।

(३) फेरि अर्को कल्पको—"कुनै दिन सखीहरूका साथ सीता लुकामारी खेल्न लागेकी थिइन्, यता र उति लुक्ताखेरि सीताका हातको झटका परेछ र त्यो धनु केही हटेछ । मैले थाहा पाएर "जसले यो उठाउला उसैलाई सीता दिनेछु" यस्तो प्रण गरें, यस्तो कथा छ ।

यी ३ कथा केवल किंवदन्तीरूपले सुनिएका छन् , प्रामाणिक लेख देखिएको छैन ।

चौ०-प्रभुहि देखि सब नृप हिय हारे ❀ जनु राकेस उदय भये तारे ॥१॥
असि प्रतीति सब के मन माहीं ❀ राम चाप तोरब सक नाहीं ॥२॥
बिनु भंजेहु भवधनुषु बिसाला ❀ मेलिहि सीय राम उर माला ॥३॥
अस बिचारि गवनहु घर भाई ❀ जसु प्रतापु बलु तेजु गवाई ॥४॥

प्रभुजीलाई देखेर चन्द्र उदाएपछि ताराले झैं सब राजाले हृदयमा हारे (हरेसखाए), सबैका मनमा—"रामचन्द्रजी नै धनुष तोड्दछन्, शंका छैन" (पक्का) यस्तो विश्वास पर्‍यो (र भन्न लागे) ॥ १ ॥ २ ॥ "यो विशाल शिवधनु नतोडे पनि सीताले रामचन्द्रैका गलामा माला पहिराउँछिन् । भाइहो ! यस्तो विचार गरेर यश, प्रताप, बल, तेज गुमाएर घरघर जाउँ हिंड ।" ॥ ३ ॥ ४ ॥ (मध्यम श्रेणीका राजाहरूका)

बिहसे अपर भूप सुनि बानी ❀ जे अबिबेक अंध अभिमानी ॥५॥
तोरेहु धनुषु ब्याहु अवगाहा ❀ बिनु तोरे को कुअँरि बिआहा ॥६॥
एक बार कालउ किन होऊ ❀ सिय हित समर जितब हम सोऊ ॥७॥
येह सुनि अवर महिप मुसुकाने ❀ धरमसील हरिभगत सयाने ॥८॥

"यस्ता वचन सुनेर जो अज्ञानले अन्ध भएका र अभिमानी थिए, ती अरू राजा हाँसे (अनि भन्न लागे) ॥ ५ ॥ धनुष तोडेपछि पनि बिहे हुन कठिन (मुश्किल) छ, धनुष नतोडीकन राजकुमारीसँग बिहा गर्ने को हो ? ॥ ६ ॥ एकचोटिलाई कालै न होस् सीताका निंति त्यसलाई पनि हामी युद्धमा जित्तछौं ॥ ७ ॥ (अधमश्रेणीका राजाहरूको) यो वचन सुनेर धर्मशील हरिभक्त, चतुर भएका अरू राजाहरू हाँसे ॥ ८ ॥ (अनि भन्न लागे)

सोरठा-सीय बिआहबि राम गरबु दूरि करि नृपन्ह के ।
जीति को सक संग्राम दसरथ के रनबाँकुरे ॥३०॥

"राजाहरूको घमण्ड दूर गरेर (तोडेर) रामजी नै सीतासित विवाह गर्नेछन् , यिनलाई संग्राममा जित्न को सक्तछ ?, यी दशरथनन्दन हुन् , युद्धमा बलिष्ठ छन् ॥ ३० ॥

चौ०-ब्यर्थ मरहु जनि गाल बजाई ❀ मनमोदकन्हि कि भूख बताई ॥१॥
सिखि हमारि सुनि परम पुनीता ❀ जगदंबा जानहु जिय सीता ॥२॥
जगतपिता रघुपतिहि बिचारी ❀ भरि लोचन छबि लेहु निहारी ॥३॥
सुंदर सुखद सकल गुनरासी ❀ ए दोउ बंधु संभु उर बासी ॥४॥

तिमीहरू गाला बजाएर (बकवाद बोलेर) व्यर्थै नमर । मनका लड्डूले के भोक मर्छ र ॥ १ ॥ हाम्रो परम पवित्र शिक्षा सुन, हृदयले सीताजीलाई जगदम्बा जान ॥ २ ॥ रघुपति रामचन्द्रलाई जगतपिता बुझ, अनि आँखाभरि गरेर शोभा हेरिलेऊ ॥ ३ ॥ सुन्दर सुखदाता सकल गुणराशि यी दुई भाई शंकर-हृदयनिवासी (परमात्मा) हुन् ॥ ४ ॥

सुधासमुद्र समीप बिहाई ❀ मृगजलु निरखि मरहु कत धाई ॥५॥

करहु जाइ जा कहुँ जोइ भावा ❀ हम तौ आजु जनमफलु पावा ॥६॥
अस कहि भले भूप अनुरागे ❀ रूप अनूप बिलोकन लागे ॥७॥
देखहिं सुर नभ चढ़े बिमाना ❀ बरषहिं सुमन करहिं कल गाना ॥८॥

नगीचको सुधासमुद्रलाई छाडेर मृगतृष्णा देखेर कतातिर दौडेर मर्दछौ ? ॥ ५ ॥ जाउ जसलाई जे मनपर्छ गर, हामीले ता आजै जन्मको फल पायौं ।" यसो भनेर सज्जन राजाहरू भगवान्सा अनुरक्त (पूर्णप्रेमी) भएर अनुपम भएको भगवान्को रूप हेर्न लागे ॥ ६ ॥ ७ ॥ देवताहरू विमान चढेर आकाशमा आई हेर्न, फूल बर्साउन, मधुर गान गर्न लागे ॥ ८ ॥

दोहा–जानि सुअवसरु सीय तब पठई जनक बोलाइ ।
चतुर सखीं सुंदर सकल सादर चलीं लवाइ ॥२५०॥

अनि जनकजीले ठीक अवसर (मौका) जानेर सीताजीलाई बोलाई पठाए । चलाक सुन्दर सबै सखीहरूले आदरसाथ सीताजीलाई ल्याए ॥ २५० ॥

चौ०–सियसोभा नहि जाय बखानी ❀ जगदंबिका रूप गुन खानी ॥१॥
उपमा सकल मोहि लघु लागी ❀ प्राकृत नारि अंग अनुरागी ॥२॥
सिय बरनिय तेइ उपमा देई ❀ कुकबि कहाइ अजसु को लेई ॥३॥

सीताजीका शोभाको वर्णन गर्न सकिदैन, (किनभने ?) रूप र गुणकी खानिस्वरूप भएकी (यावत्संसारले उनैबाट रूप र गुण लिएर रूपवान् गुणवान् हुनुपर्ने अवस्थाकी = गुणमयी आदिशक्ति) सीताजी जगन्माता हुनुहुन्छ ॥ १ ॥ (उहाँको वर्णन गर्न कुनै स्त्रीको उपमा दिऊँभने) मामूली स्त्रीहरूका अङ्गमा लागिसकेका (चन्द्रजस्तो मुख, नीलकमलजस्ता नेत्र, पल्लवजस्ता पाउ इत्यादि) सबै उपमा मलाई लघु (तुच्छ = जूठा) लागे ॥ २ ॥ सीताको वर्णन गर्दा त्यही · उपमा दिनुपर्ला, (त्यसो गरेका खंडमा) कुकवि कहलाएर अपयश को लेला ? ("सीताजीजस्तीको वर्णन गर्दा पनि अरू भारेभुरे स्त्रीको वर्णन-जस्तै गऱ्यो, कस्तो हलम्बु कवि रहेछ" भन्ने बदनामी उठाउन सकिदैन बाबा !! उपमा पाइएन भनेर चुप लाग्नै बेस छ, कुकवि किन कहलाउनु ?) ॥ ३ ॥

जौ पटतरिअ तीय सम सीया ❀ जग असि जुवति कहाँ कमनीया ॥४॥
गिरा मुखर तन अरध भवानी ❀ रति अति दुखित अतनु पति जानी ॥५॥
बिष बारुनी बंधु प्रिय जेही ❀ कहिअ रमा सम किमि बैदेही ॥६॥

यदि कुनै स्त्रीसँग सीताजीको तुलना गरौंभने, खोइ ? जगतमा यस्ती रमणीय स्त्री कहाँ छन् ? ॥ ४ ॥ सरस्वती मुखाले छन् (मितवादिनी सीताको उपमा कसरी दिनु ?) भवानीकों शरीरै सिंगो छैन आधा छ (यस्ती सीताको त्यस्तो उपमा दिए दुनियाँ के भन्ला ?) रति आफ्ना पतिको देहपात भएको जानेर दुःखित भएकी (झोक्राएकी) छन् (उज्ज्वलमुखी सीताको उपमा कसरी दिनु ?) ॥ ५ ॥ जसको भाई विष छ, जसकी बहिनी वारुणी (मदिरा) छ, त्यस्ती लक्ष्मीजस्ती जनकनन्दिनी छन् कसरी भन्ने हो ? ॥ ६ ॥

जौ छबिसुधा पयोनिधि होई ❀ परम रूप मय कच्छपु सोई ॥७॥
सोभा रजु मंदरू सिंगारू ❀ मथै पानि पंकज निज मारू ॥८॥

यदि छबि (शरीरको चमक) को सुधासमुद्र होस्, अर्थात् छबि नै सुधासमुद्र बनोस् त्यो परम रूप कछुवा बनोस्, शोभा रज्जु (मथन गर्ने डोरी) बनोस्, शृंगार मन्दर पर्वत बनोस्, कामदेव आफ्ना करकमलले मन्थन गरून् ॥ ७ ॥ ८ ॥

दोहा–येहि बिधि उपजै लच्छि जब सुंदरता सुख मूल ।
तदपि सकोच समेत कबि कहहिं सीय समतूल ॥२५१॥

यस प्रकारले जब सुंदरता र सुखको मूलकारण भएकी (सर्वसुखकारिणी) अर्की लक्ष्मी पैदा होऊन्, तैपनि कविहरू संकोचका साथ (गाह्रो मानेर) ती लक्ष्मीको र सीताजीको समतुल्यता (बराबरी) छ भन्नेछन् (त्यत्रो परिश्राट गरेर पैदा गराएकी लक्ष्मीजीलाई सीताजीजस्ती ता भइनन् भनेर कसरी अपमान गर्नु भन्ने ख्याल गरेर यी लक्ष्मी र सीता तुल्यै हुन् भनिटोपल्नेछन्) ॥ २५१ ॥

चौ०–चली सँग लै सखीं सयानी ❀ गावत गीत मनोहर बानी ॥१॥
सोह नवल तनु सुंदर सारी ❀ जगतजननि अतुलित छबि भारी ॥२॥

मनोहर बोलीले गीत गाउँदै चतुर सखीहरूले सीताजीलाई साथ लिएर आए ॥ १ ॥ सीताजीका शरीरमा नयाँ सुन्दर साडी शोभायमान छ, जगज्जननी सीताजीको भारी शोभा अतुल छ ॥ २ ॥

भूषन सकल सुदेस सुहाए ❀ अंग अंग रचि सखिन्ह बनाए ॥३॥
रंगभूमि जब सिय पगु धारीं ❀ देखि रूप मोहे नर नारीं ॥४॥

सखीहरूले अङ्ग-अङ्गमा रचेर बनाएका (लाइदिएका) संपूर्ण गहना ठीक ठाउँ पाएर सुशोभित भए ॥ ३ ॥ जब सीताजीले रङ्गभूमि (स्वयंवरमंडल) मा पाउ राख्नुभयो, उहाँको रूप देखेर स्त्री-पुरुष सबै मोहित भए ॥ ४ ॥

हरषि सुरन्ह दुंदभी बजाई ❀ बरषि प्रसून अपछरा गाई ॥५॥
पानि सरोज सोह जयमाला ❀ अवचट चितए सकल भुआला ॥६॥

देवताले हर्षित भएर दुन्दुभी बजाए, फूल वर्षाएर अप्सराले गाए ॥ ५ ॥ सीताजीका करकमलमा जयमाला (वरणमाला) शोभित थियो, उहाँले अपझटमा (अनिच्छामा) सारा राजाहरूलाई देख्नुभयो ॥ ६ ॥

सीय चकित चित रामहि चाहा ❀ भये मोहबस सब नरनाहा ॥७॥
मुनि समीप देखे दोउ भाई ❀ लगे ललकि लोचन निधि पाई ॥८॥

चकित चित्त भएकी सीताजीले रामजीलाई चाहनुभयो, सब राजाहरू मोहवश भए ॥ ७ ॥ मुनिजीका समीपमा बसेका दुई भाईलाई देखेर सीताजीका नेत्र खानि फेला पारेका जस्ता भएर लम्की लम्कीकन उतैतिर लाग्न गए ॥ ८ ॥

दोहा—गुर जन लाज समाजु बड़ देखि सीय सकुचानि ।
लागि बिलोकन सखिन्ह तन रघुबीरहि उर आनि ॥२५२॥

ठूलो राजसमाज देखेर गुरुजन (पूज्यवर्ग) का लाजले सीताजी संकुचित हुनुभयो र रघुवीरलाई हृदयमा ल्याएर सखीहरूको शरीरपट्टि हेर्न लाग्नुभयो ॥ २५२ ॥

चौ०—रामरूपु अरु सियछबि देखें ❀ नर नारिन्ह परिहरीं निमेषें ॥१॥
सोचहिं सकल कहत सकुचाहीं ❀ बिधि सन बिनय करहिं मन माहीं ॥२॥
हरु बिधि बेगि जनकजड़ताई ❀ मति हमारि असि देहि सुहाई ॥३॥
बिनु बिचार पनु तजि नरनाहू ❀ सीय राम कर करै बिबाहू ॥४॥

नरनारीहरू निमेष (चिम्लन) छाडेर रामजीको रूप र सीताजीको शोभा हेर्न लागे ॥ १ ॥ तिनीहरू सबैजना मनमा विचार मात्र गर्दथे, भन्नलाई संकोच मान्दथे र मनैमनमा विधातासँग विन्ति गर्न लागे ॥ २ ॥ हे विधाता ! जनकको मूर्खतालाई "झट्ट हटाइदिनुहोस्, हाम्रोजस्तो सुन्दर बुद्धि दिनुहोस् ॥ ३ ॥ राजा जनक विचार गर्नपछि नलागेर आफ्नो प्रण छाडीकन सीता र रामजीको विवाह गरून् ॥ ४ ॥

जगु भल कहिहि भाव सब काहू ❀ हठ कीन्हे अंतहु उर दाहू ॥५॥
एहि लालसा मगन सबु लोगू ❀ बरु साँवरो जानकीजोगू ॥६॥

(यसो गर्नाले) जगत्‌ले भलो (बेस) भयो भन्नेछ, (यो कुरा) सबैलाई मनपर्नेछ, हठ (ढिपी) गर्नाले आखिरमा हृदयदाह (संताप) हुन्छ ।" ॥ ५ ॥ "श्याम शकल भएका वर जानकीका योग्य छन्", यही लालसामा सबैजना डुबेका थिए ॥ ६ ॥

तब बंदीजन जनक बोलाए ❀ बिरिदावली कहत चलि आए ॥७॥
कह नृपु जाइ कहहु पन मोरा ❀ चले भाट हिय हरषु न थोरा ॥८॥

अनि जनकजीले बन्दी (राजस्तुति गर्ने) हरूलाई बोलाए, तिनीहरू विरुदावली (राजप्रशस्ति) भन्दै आए ॥ ७ ॥ राजा जनकले "तिमीहरू (राजसमाजका बीचमा) गएर मेरो प्रण भन (सुनाउ)" भन्दा तिनीहरू खूब हर्षित भएर (उतैतिर) गए ॥ ८ ॥

दोहा—बोले बंदी बचन बर सुनहु सकल महिपाल ।
पन बिदेह कर कहहिं हम भुजा उठाइ बिसाल ॥२५३॥

ती वन्दीहरूले विशाल हात उठाएर "हामीहरू महाराज जनकजीको प्रण सुनाउँदछौं, सब राजाहरू सुन्नुहोस्" यस्तो वचन बोले ॥ २५३ ॥

चौ०—नृपभुज बलु बिधु सिवधनु राहू ❀ गरुअ कठोर बिदित सब काहू ॥१॥
रावन बानु महाभट भारे ❀ देखि सरासनु गवहिं सिधारे ॥२॥
सोइ पुरारिकोदंडु कठोरा ❀ राजसमाज आजु जोइ तोरा ॥३॥
त्रिभुवनजय समेत बैदेही ❀ बिनहि बिचार बरै हठि तेही ॥४॥

"राजाहरूको बल मानौं चन्द्रमा हो, शिवजीको धनु मानौं राहु हो, (यसले राजाहरूको बलरूपी चन्द्रमालाई खग्रास गर्दछ) यो धनु गह्रौं र कडा छ भन्ने कुरा सबैमा जाहेर छ ॥ १ ॥ रावण र बाणासुरजस्ता भारी (पराक्रमी) ठूला दुई योद्धाहरू पनि यो धनु देखेर त्यसै सीधा भएर (लत्रेर) फर्के ॥ २ ॥ उही शंकरजीको कठोर धनुलाई आज यो राजसमाजमा जसले तोड्दछ, त्यही बहादुरलाई त्रिभुवन-विजयसहित भएकी जनकनन्दिनीजी विनाविचार आग्रह साथ वरण गर्नेछन् ॥ ३ ॥ ४ ॥

सुनि पन सकल भूप अभिलाषे ❀ भट मानी अतिसय मन माखे ॥५॥
परिकर बाँधि उठे अकुलाई ❀ चले इष्टदेवन्ह सिर नाई ॥६॥

(यस्तो बन्दीजनहरूले सुनाएको) प्रण सुनेर सबै राजाले अभिलाषा मात्र गरे, मानी (घमंडी) योद्धा राजाहरू खूब रिसाएर कम्मर कसीकन हडबडाउँदै उठे, आफ्ना इष्टदेवलाई प्रणाम गरिटोपलेर हिंडे ॥ ५ ॥ ६ ॥

तमकि ताकि तक सिवधनु धरहीं ❀ उठइ न कोटि भाँति बलु करहीं ॥७॥
जिन्ह के कछु बिचारु मन माहीं ❀ चाप समीप महीप न जाहीं ॥८॥

तमक देखाएर (तंसिएर), ताकि ताकेर (अर्थात् एकदृष्टि गरेर) ताकी (हेरेर) शिवधनु समाते, कोटि भाँति बल गरे (धनु) उठेन ॥ ७ ॥ जसजसका मनमा केही विचार थियो ती राजा धनुका नगीचै गएनन् ॥ ८ ॥

दोहा–तमकि धरहिं धनु मूढ़ नृप उठै न चलहिं लजाइ ।
मनहु पाइ भटबाहु बलु अधिकु अधिकु गरुआइ ॥२५४॥

मूढ राजाहरू तंसिएर धनु समात्तथे, धनु उठ्तैनथ्यो र लाज मानेर हिंड्थे, मानौं योद्धाहरूको बाहुबल पाउँदा पाउँदा (खाँदा खाँदा) त्यो धनु अधिक अधिक (उत्तरोत्तर) गह्रौं भएको हो कि ? (भनेजस्तो भयो) ॥ २५४ ॥

चौ०–भूप सहस दस एकहि बारा ❀ लगे उठावन टरै न टारा ॥१॥
डगै न संभुसरासनु कैसें ❀ कामीबचन सतीमनु जैसें ॥२॥

दशहज्जार राजाहरू एकैचोटि उठाउन लागे, सर्कंदा पनि सर्केन (वरको पर पनि भएन, उठ्नाको ता के कुरा ?) ॥ १ ॥ कामी (कामलंपट) का वचन सुन्दा सच्ची पतिव्रताको मन जसरी डग्दैन (चल्दैन) त्यसै गरी शंकरको धनु डगेन ॥ २ ॥

सब नृप भये जोगु उपहासी ❀ जैसे बिनु बिराग संन्यासी ॥३॥
कीरति बिजय बीरता भारी ❀ चले चापकर बरबस हारी ॥४॥

विनावैराग्यका ([1]वैराग्य नभएका) संन्यासीजस्तै सब राजाहरू उपाहासयोग्य

---

(१) एउटा वैराग्य नभएको मानिस रुद्रीपाठ सुनेर आफ्नो श्रीसंपति छाडीकन मुडिएछ र धुनि जगाउन लागेछ, केही दिनपछि त्यो मानिस चोरीमा पकडिएर ठानामा ल्याइयो। हप्कीदप्की गर्दा त्यसले

राखेर वेदमा श्रद्धा मुडिएँ अरु के गरौं ?।
मिलेन लौ सुन् धुनिमा न चोरौं के उसै मरौं ? ॥ (यस्तो बक्यो)

त्यसले रुद्रीको "तंप्रत्नथा" भन्ने मन्त्रमध्येको "धुनिमा सुन्" यत्ति पकडेको थियो। वैराग्य नभएक्रा संन्यासीहरू यस्तै ढाँचाका हुन्छन्।

(ठट्टा गर्ने लायकका) भए। तिनीहरू धनुसँग ठूली कीर्ति, ठूलो विजय, ठूली वीरता हारेर लाचार भई हिंडे ॥ ३ ॥ ४ ॥

श्रीहत भये हारि हिय राजा ❀ बैठे निज निज जाइ समाजा ॥५॥
नृपन्ह बिलोकि जनकु अकुलाने ❀ बोले बचन रोष जनु साने ॥६॥

सब राजाहरू हरेस खाएर श्रीहत (निःश्रीक = निन्याउरा) भएर आफ्ना आफ्ना डफ्फामा गएर बसे ॥ ५ ॥ राजाहरूलाई देखेर जनक आकुल भए र मानौं रिसले मुछिएका हुन् कि ? भनेजस्ता वचन बोल्न लागे ॥ ६ ॥

दीप दीप के भूपति नाना ❀ आए सुनि हम जो पनु ठाना ॥७॥
देव दनुज धरि मनुजसरीरा ❀ बिपुल बीर आए रनधीरा ॥८॥

"मैले जो प्रण ठहराएको थिएँ, त्यो सुनेर द्वीप द्वीपका (टापू टापूका) राजाहरू आए, वीर रणधीर भएका देव दानवहरू पनि मनुष्यरूप धरेर आए ॥ ७ ॥ ८ ॥

दोहा—कुअँरि मनोहर बिजय बड़ि कीरति अति कमनीय ।
पावनिहार बिरंचि जनु रचेउ न धनु दमनीय ॥२५५॥

[1]मेरी कुमारी (सीता) मनोहर छन्, [2]विजय (उत्कर्ष) पनि ठूलै हुने थियो, [3]कीर्ति अतिशय कमनीय (खायस गर्ने लायककी) हुने थिई, (तर अफसोस !) यो धनुको दमन (भञ्जन) गर्नेलायकको भएर यी ३ कुरा हासिल गर्नसक्ने सकस मानौं विधाताले बनाएकै रहेनछ ॥ २५५ ॥

चौ०—कहहु काहि येहु लाभु न भावा ❀ काहुँ न संकरचाप चढ़ावा ॥१॥
रहौ चढ़ाउब तोरब भाई ❀ तिलु भरि भूमि न सके छडाई ॥२॥
अब जनि कोउ भाखै भट मानी ❀ बीरबिहीन मही मैं जानी ॥३॥
तजहु आस निज निज गृह जाहू ❀ लिखा न बिधि बैदेहिबिबाहू ॥४॥

लौ भन, यो लाभ कसलाई मन परेको छैन ?, कसैले पनि शंकरको धनु चढाएन ॥ १ ॥ भाईहो ! चढाउनु र तोड्नु ता परै रहोस्, तिलभर जमीन पनि छोडाउन सकेनौ ॥ २ ॥ अब कुनै अभिमानीले म योद्धा छु भन्ने घमंड नगरे, मैले यो भूमण्डललाई वीरविहीन (वीरै नभएकी) जानिसकें ॥ ३ ॥ आशा छाड, आफ्ना आफ्ना घर जाओ, सीताको विवाह विधाताले लेखेको रहेनछ ॥ ४ ॥

सुकृतु जाइ जौ पनु परिहरऊँ ❀ कुअँरि कुआँरि रहउ का करऊँ ॥५॥
जौ जनतेउँ बिनु भट भुवि भाई ❀ तौ पनु करि होतेउँ न हसाई ॥६॥

यदि आफ्नो प्रण छाडौं, (तब ता) पुण्य नष्ट भैजान्छ, कुमारी सीता कुमारी नै

(अविवाहितै) रहून् के गरौं ॥ ५ ॥ भाईहो ! यदि म पृथ्वी वीररहित छन् भनी जान्दो हुँ ता प्रण गरेर आफ्नो हँसी गराउने थिइनँ” ॥ ६ ॥

जनकबचन सुनि सब नर नारी ❀ देखि जानकिहि भये दुखारी ॥७॥
माखे लखनु कुटिल भै भौंहें ❀ रदपट फरकत नयन रिसौहें ॥८॥

सबै नरनारीहरू जनकको वचन सुनेपछि सीताजीलाई हेरेर दुःखित भए ॥ ७ ॥ लक्ष्मणजी जङ्गिनुभयो, उहाँका भृकुटी टेढा भए, ओठ फर्फराउन लागे, आँखा लाल २ भए ॥ ८ ॥

दोहा—कहि न सकत रघुबीरडर लगे बचन जनु बान ।
नाइ रामपद कमल सिरु बोले गिरा प्रमान ॥२५६॥

जनकजीका वचन बाणसमान भएर हृदयमा गडे, तैपनि रघुनाथजीका डरले केही बोल्न सक्नुभएन, अनि रामजीका चरणकमलमा शिर राखेर लक्ष्मणजीले उचित वाणी बोल्नुभयो ॥ २५६ ॥

चौ०—रघुबंसिन्ह महु जहँ कोउ होई ❀ तेहि समाज अस कहै न कोई ॥१॥
कही जनक जसि अनुचित बानी ❀ बिद्यमान रघुकुलमनि जानी ॥२॥

रघुकुलमणि श्रीरामजीलाई मौजूद भएको जानीजानीकन जनकजीले जस्तो अनुचित वचन बोल्नुभयो, त्यस्तो अनुचित वचन रघुवंशी ठाकुरमध्येको कोही व्यक्ति जहाँ रहला, त्यो समाजमा कोही बोल्नेछैन ॥ १ ॥ २ ॥

सुनहु भानुकुल पंकज भानू ❀ कहौं सुभाउ न कछु अभिमानू ॥३॥
जौ तुम्हारि अनुसासनि पावौं ❀ कंदुक इब ब्रह्मांड उठावौं ॥४॥
काचे घट जिमि डारौं फोरी ❀ सकौं मेरु मूलक जिमि तोरी ॥५॥
तव प्रताप महिमा भगवाना ❀ को बापुरो पिनाक पुराना ॥६॥

हे भानुकुलपंकजभानु ! (सूर्यका कुलरूपी कमलको प्रफुल्लता गर्न सूर्यस्वरूपै भएका !) भगवन् (प्रभु !) दाज्यू ! सुन्नुहोस्, स्वभाव (वास्तव कुरा) भन्दछु, अभिमान केही छैन ॥ ३ ॥ यदि हजूरको हुकूम पाउँ ता यो ब्रह्माण्डैलाई भकुण्डो जत्तिकै गरेर उडाइदिऊँ ॥ ४ ॥ अथवा माटाको काँचो घडाजस्तै फोरिदिऊँ, सुमेर पर्वतलाई मूलाजस्तै उखेलिदिऊँ ॥ ५ ॥ हजूरका प्रतापको प्रभावले जाबो थोत्रो धनु कुन चीज हो ? ॥ ६ ॥

नाथ जानि अस आयेसु होऊ ❀ कौतुकु करौं बिलोकिअ सोऊ ॥७॥
कमलनाल जिमि चाप चढ़ावौं ❀ जोजन सत प्रमान लै धावौं ॥८॥

हे प्रभु ! यो कुरा जानेर यस्तो आज्ञा होस्, खेलवाड गरौं न, हजूर त्यो खेलवाड हेर्नुहोस् ॥ ७ ॥ कमलको डाँठ जस्तै यो धनु चढाएर (ताँदो लाएर) सय योजन (४०० कोस) सम्म यसलाई लिएर दौड़ौं ? ॥ ८ ॥ (अथवा)

दोहा—तोरौं छत्रकदंड जिमि तव प्रताप बल नाथ ।
जौ न करौं प्रभुपद सपथ कर न धरौं धनु भाथ ॥२५७॥

हे प्रभु ! हजूरका प्रतापका बलले यो धनुलाई च्याउको डाँठजस्तै गरेर भाँचिदिऊँ। यति मैले भने जति काम नगरौं ता प्रभुका चरणको शपथ (किरिया) गर्दछु, धनु र ठोक्रो हातमा लिनेछैन ।। २५७ ।।

चौ०-लषन सकोप बचन जे बोले ❀ डगमगानि महि दिग्गज डोले ।।१।।
सकल लोग सब भूप डेराने ❀ सियहिय हरषु जनकु सकुचाने ।।२।।
गुर रघुपति सब मुनि मन माहीं ❀ मुदित भये पुनि पुनि पुलकाहीं ।।३।।
सयनहि रघुपति लखनु नेवारे ❀ प्रेम समेत निकट बैठारे ।।४।।

यसरी लक्ष्मणजीले झोक्किएर जब बोल्नुभयो, (तुरन्तै) धर्ती डगमगाइन् , दिग्गजहरू धर्मराउन (चट्पटाउन) लागे ।। १ ।। सबै राजा र सबै अरू जना डराए, सीताजीका हृदयमा हर्ष भयो (भाई ता यस्ता रहेछन् दाज्यूचाहिने झन् कस्ता होलान् भनेर सीताजी खुशी हुनुभयो) । जनकराजा (मैले के बोलेछु ? भनेर) संकोच मान्न लागे ।। २ ।। गुरु विश्वामित्र, रघुनाथजी, सबै मुनिहरू मनमा हर्षित भएर वारंवार रोमाञ्चित (रोमाञ्चयुक्त) भए ।। ३ ।। रघुनाथजीले सान गरेर (आँखाहरूका इशाराले) लक्ष्मणजीलाई निवारण (मनाई) गर्नुभयो र प्रेमसहित नगीचै बसाउनुभयो ।। ४ ।। (क)

बिस्वामित्रु समय सुभ जानी ❀ बोले अति सनेहमय बानी ।।५।।
उठहु राम भंजहु भवचापा ❀ मेटहु तात जनकपरितापा ।।६।।
सुनि गुरबचन चरन सिरु नावा ❀ हरषु बिषादु न कछु उर आवा ।।७।।
ठाढ़े भये उठि सहज सुभाए ❀ ठवनि जुवा मृगराजु लजाए ।।८।।

विश्वामित्रमुनिले समय असल जानेर अत्यन्त स्नेहयुक्त भएको वचन बोले— "वावु ! रघुनाथजी ! उठ, शंकरधनु भाँच, जनकराजाको संताप मेट" ।। ५ ।। ६ ।। गुरुका यस्ता वचन सुनेर प्रभुजीले उनका चरणमा शिर राख्नुभयो (वन्दना गर्नुभयो) उहाँका मनमा हर्ष र विषाद केही आएन ।। ७ ।।

स्वाभाविक सुन्दर चालले (गंभीरता धीरता सहितको चालले) उठेर प्रभुजी आफ्ना चालले जवान सिंहलाई लज्जित पार्दै (जवान सिंहको भन्दा पनि धीर गति लिंदै) खड़ा हुनुभयो ।। ८ ।।

(क) प्रभुजीले साह्रै बोलेर लक्ष्मणजीलाई निवारण गरेको भए उनको अपमान हुनेथियो, त्यो दंगलमा भाईको अपमान गर्नु बहुतै अनुचित थियो । त्यसरी झोक्किएका समर्थ लक्ष्मणजी दाज्यूका इशारैमा शान्त भए । लक्ष्मणजी ! प्रभु ! हजूरको भ्रातृभक्तिलाई कोटिकोटि धन्यवाद छ । प्रभु ! रघुनाथजी ! त्यसरी भाईले प्रतापकीर्तन गर्न लागेका वेलामा उनलाई चूप पारेर आफ्नु प्रतापकीर्तन सुन्न नचाहने हजूरको धीरोदात्तभाव हाम्रा हृदयमा सदा जागा रहोस् र हाम्रो कल्याण गरोस् । लक्ष्मणले आज्ञा माग्दै उनलाई आज्ञा नदिएर गुरुको अदब कायम राख्ने, (गुरु छँदाछँदै आज्ञो दिनु अर्घेली ठान्ने) आज्ञा पाएपछि आफू उठ्ने आज्ञा नपाउञ्ज्याल गंभीर रहने हजूरको गुरुभक्ति र गांभीर्य कल्याणार्थीहरूका हृदयमा झल्किरहोस् ।

दोहा—उदित उदयगिरि मंचपर रघुबर बालपतंग ।
बिकसे संत सरोज सब हरषे लोचन भृंग ॥२५८॥

मञ्चरूपी उदयाचलमा रघुनाथजीरूपी बालसूर्य उदाउनुभयो। साधुसन्तरूपी सबै कमल फुले, नेत्ररूपी भ्रमर हर्षित भए ॥ २५८ ॥

चौ०–नृपन्ह केरि आसा निसि नासी ❀ बचन नखत अवली न प्रकासी ॥१॥
मानी महिप कुमुद सकुचाने ❀ कपटी भूप उलूक लुकाने ॥२॥
भये बिसोक कोक मुनि देवा ❀ बरिसहिं सुमन जनावहिं सेवा ॥३॥

राजाहरूको आशारूपी रात्रि नष्ट भयो, तिनैका वचनरूपी नक्षत्रावली (तारापंक्ति) प्रकाश हुन छाडे (रामजी उठेको देखेर सबै राजाले आशा मारे, चूँ पनि नगरेर चूपचाप भए) ॥ १ ॥ घमण्डी राजारूपी चन्द्रकमल खुम्चिए, कपटी राजारूपी लाटाकोसेरा (भुल्का) लुक्न लागे ॥ २ ॥ मुनि, देवतारूपी चखेवा शोकरहित भएर (आफ्ना आफ्ना सहचरसँग रहेर) फूल बर्षाउन सेवा जाहेर गर्न लागे ॥ ३ ॥

गुरपद बंदि सहित अनुरागा ❀ राम मुनिन्ह सन आएसु मागा ॥४॥
सहजहि चले सकल जग स्वामी ❀ मत्त मंजु बर कुंजर गामी ॥५॥
चलत रामु सब पुर नर नारी ❀ पुलक पूरि तन भये सुखारी ॥६॥
बंदि पितर सुर सुकृत सँभारे ❀ जौ कछु पुन्यप्रभाउ हमारे ॥७॥
तौ सिवधनु मृनाल की नाईं ❀ तोरहुँ रामु गनेस गोसाईं ॥८॥

प्रेमसहित भएर गुरुको चरणवन्दना गरीकन रामजीले मुनिहरूसँग आज्ञा माग्नुभयो ॥ ४ ॥ अनि सकल जगत्स्वामी मत्तमञ्जुवरकुञ्जरगामी (मत्ताएको राम्रो असल हात्तीझैं हिंड्ने स्वभाव भएका) रघुनाथजी आफ्नै साबिकको चालले हिंड्नुभयो ॥ ५ ॥ रामजी हिंड्दा नगरका सबै नरनारीहरू रोमाञ्चपूर्ण शरीर (शरीरभरी रोमाञ्च भएका) र सुखी (आनन्दित) भए ॥ ६ ॥ तिनीहरूले देवता-पितृको वन्दना गरेर कर्तव्य कुरा सम्झाले (गरे) अनि–"यदि हामीहरूको केही पुण्यको प्रभाव छभने, हे गणेशजी ! हे परमेश्वर ! रामजी यो धनुलाई कमलको डाँठजस्तो गरेर तोडून्" (यो प्रार्थना गरे) ॥ ७ ॥ ८ ॥

दोहा—रामहि प्रेम समेत लखि सखिन्ह समीप बोलाइ ।
सीतामातु सनेहबस बचन कहै बिलखाइ ॥२५९॥

सीताजीकी माताले रामजीलाई प्रेमसहिंत हेरेर आफ्ना सखीहरूलाई बोलाएर स्नेहवश र बिलखन्द भईकन वचन बोल्न लागिन् ॥ २५९ ॥

चौ०–सखि सब कौतुकु देखनिहारे ❀ जेउ कहावत हितू हमारे ॥१॥
कोउ न बुझाइ कहै गुर पाहीं ❀ ए बालक असि हठ भलि नाहीं ॥२॥

रावन बान छुआ नही चापा ❀ हारे सकल भूप करि दापा ॥३॥
सो धनु राजकुअँर कर देहीं ❀ बाल मराल कि मंदर लेहीं ॥४॥

सखि ! जो मेरा हितू (हितचिन्तक) कहलाएका थिए, ती सबै तमाशा हेर्ने रहेछन् । "यी बालक छन्, यस्तो हठ गर्न (धनु नउठाई छोरी दिन्न भन्ने ढिपी गर्न) बेस छैन" भनेर कसैले महाराजका समीपमा बुझाउँदैनन् (हेर) ॥ १ ॥ २ ॥ रावण र बाणासुरले ता यो धनु छोएनन्, सब राजाहरूले दर्प (घमण्ड) गरेर हारे ॥ ३ ॥ उही धनु राजकुमार (रामजी) लाई दिन्छन् (लौ उठाऊ भन्छन्) ! के हाँसको बच्चा मन्दराचल उठाउन सक्तछ ? ॥ ४ ॥

भूपसयानप सकल सिरानी ❀ सखि बिधिगति कछु जाति न जानी ॥५॥
बोली चतुर सखी मृदु बानी ❀ तेजवंत लघु गनिअ न रानी ॥६॥
कहँ कुंभज कहँ सिंधु अपारा ❀ सोखेउ सुजसु सकल संसारा ॥७॥
रबिमंडल देखत लघु लागा ❀ उदयँ तासु तिभुवनतम भागा ॥८॥

हे सखि ? राजाको बठ्याइँ सब हिंडेछ, विधाता (दैव) को गति जान्न सकिंदो रहेनछ" ॥ ५ ॥ (रानीको यो वचन सुनेर–)

चतुर सखीले कोमल वाणी बोलिन्–"रानी ! तेजस्वीलाई सानोमा नगन्नुहोस्, ॥ ६ ॥ (हेर्नुहोस्न) कुम्भज (घडाबाट जन्मेका अगस्त्यमुनि) कहाँ ? अपार भएको समुद्र कहाँ ? (दोटाको कत्रो अन्तर छ होकि ?) तैपनि कुम्भजमुनिले समुद्रलाई सुकाइदिए (पिइदिए) उनको त्यो सुजस सकल संसारमा प्रसिद्ध छ ॥ ७ ॥ (क) ॥ फेरि सूर्यमण्डल देख्ता सानो लाग्दछ, तर त्यसको उदय हुँदा त्रिभुवनको अन्धकार भाग्दछ ॥ ८ ॥

(क) घडाले २।४ पाथी पानी पिउँछ, घडाबाट जन्मेका अगस्त्यमुनिले समुद्रै पिइदिए । कोही कोही सपूत छोराहरू आफ्ना सच्चरित्रले बाबुबराज्यूहरूलाई पनि माथ गर्दछन्—

कुम्भः परिमितमम्भः पिबत्यसौ कुंभसंभवोऽम्भोधिम् ।
अतिरिच्यते सुजन्मा कश्चन खलु पूर्वजेभ्योऽपि ॥

अगस्त्यमुनिको समुद्रशोषण वृत्तान्त—

कुनै समयमा एउटा साना पक्षीका ३ बच्चा समुद्रले बगाइदिएछ, शोकपीडित भएको त्यो पक्षीले क्रोधका साथ "समुद्र नसुकाइछोड्दिन" यस्तो प्रतिज्ञा गरेर आफ्ना चुच्चाले समुद्रको जल लिंदै बाहिर मिल्काउँदै गर्न लाग्यो, दैववशात् घुम्दै फिर्दै अगस्त्य मुनि त्यहीं आइपुगे । त्यो चरित्र देखेर अगस्त्यले सोद्धा पक्षीले आफ्नो उद्देश्य बतायो, दुःखित भएर पनि उत्साही भएको पक्षीलाई देख्ता अगस्त्यमुनिका मनमा दया उठ्यो र "यो समुद्र जड–उद्धत छ यसलाई चेताउँछु" भन्ने विचारले समुद्रका किनारामा बसेर पाठपूजा गर्न लागे । समुद्रका छालले पूजासामग्री आसन पञ्चपात्र प्रभृति हुत्याइदियो । महातपस्वी समर्थ अगस्त्य मुनिले तपोबलका अद्‌भुत प्रभावले ४ आचमन गर्दैमा जम्मै समुद्र सुकाइदिए । केही दिनपछि देवताहरूले प्रार्थना गर्दा अगस्त्य महात्माले लघुशंका गरेर समुद्रको खाल्डो भरिदिए । त्यसैले समुद्रको पानी नुनिलो हुन गएको हो ।

**दोहा–मंत्र परम लघु जासु बस बिधि हरि हर सुर सर्ब ।
महामत्त गजराज कहुँ बस कर अंकुस खर्ब ॥२६०॥**

जसका वशमा ब्रह्मा, विष्णु, महेश्वर, प्रभृति सबै देवता रहन्छन् , त्यो मन्त्र अति अति सानो हुन्छ । सानो भएको अंकुशले मत्त भएको ठूलो गजराज (हात्ती) लाई वश पार्दछ, (सानो भनेर हुन्छ ?) ॥ २६० ॥

**चौ०–काम कुसुम धनु सायक लीन्हे ❀ सकल भुवन अपने बस कीन्हे ॥१॥
देवि तजिअ संसउ अस जानी ❀ भंजब धनुषु राम सुनु रानी ॥२॥**

फूलको धनु, फूलैका बाण लिने कामदेवले सकल भुवनलाई वश गरेको छ ॥ १ ॥ महारानी ! यो कुरा जानेर सन्देह छाड्नुहोस् । सुन्नुहोस् महारानी ! रामजीले धनुष तोड्नेछन्” ॥ २ ॥

**सखीबचन सुनि भै परतीती ❀ मिटा बिषादु बढ़ी अति प्रीती ॥३॥
तब रामहि बिलोकि बैदेही ❀ सभय हृदय बिनवति जेहि तेही ॥४॥**

सखीको वचन सुन्दा रानीलाई प्रतीति (विश्वास) भयो, विषाद (खेद) मेटियो, प्रेम बढ्यो । अनि सीताजी रामलाई हेरेर हृदयमा सभय भएर जुन भयो उही (सबै) देवतालाई मनाउन लाग्नुभयो ॥ ३ ॥ ४ ॥

**मनही मन मनाव अकुलानी ❀ होहु प्रसन्न महेस भवानी ॥५॥
करहु सफल आपनि सेवकाई ❀ करि हितु हरहु चापगरुआई ॥६॥
गननायक बरदायक देवा ❀ आजु लगे कीन्हिउ तुअ सेवा ॥७॥
बार बार बिनती सुनि मोरी ❀ करहु चापगुरुता अति थोरी ॥८॥**

आकुल भएर सीताजी मनै मनमा देवता मनाउन लाग्नुभयो—“हे महेश्वर ! हे महेश्वरि ! मैले गरेको आफ्नो सेवा सफल गर्नुहोस् , धनुको भारीपनालाई हर्नुहोस् , मेरो हित गर्नुहोस् ॥ ५ ॥ ६ ॥

हे वरदायक ! हे गणेशजी ! हे देव ! आजैका लागि तपाईंको सेवा गरेकी हुँ, वारंवार गरेको मेरो विन्ति सुनेर धनुको भारीपनालाई अति थोरै पारिदिनुहोस् ॥ ७ ॥ ८ ॥

**दोहा–देखि देखि रघुबीर तन सुर मनाव धरि धीर ।
भरे बिलोचन प्रेमजल पुलकावली सरीर ॥२६१॥**

रघुवीरको शरीर हेरी हेरीकन धैर्य धारण गरेर देवता मनाउनुभयो । (मनाउँदा मनाउँदै) आँखाभरी प्रेमजल (प्रेमाश्रु) भरियो । शरीरभरी रोमाञ्चराशि उठ्यो ॥ २६१ ॥

**चौ०–नीके निरखि नयन भरि सोभा ❀ पितुपनु सुमिरि बहुरि मनु छोभा ॥१॥
अहह तात दारुनि हठ ठानी ❀ समुझत नहि कछु लाभु न हानी ॥२॥**

सीताजीले आँखाभरी शोभा खूब हेर्नुभयो, बाबुको प्रण संझेर उहाँको मनमा व्याकुलता खूब भयो र (मनमनमा भन्न लाग्नुभयो कि) "पिताजी ! तपाईंले कठोर प्रण गर्नुभयो, तपाईं लाभ र हानि केही संझनुहुँदो रहेनछ, अहह ! (अफसोस !) ॥ १ ॥ २ ॥ (क)

सचिव सभय सिख देइ न कोई ❀ बुधसमाज बड़ अनुचित होई ॥३॥
कहँ धनु कुलिसहु चाहि कठोरा ❀ कहँ स्यामल मृदुगात किसोरा ॥४॥
बिधि केहि भाँति धरौं उर धीरा ❀ सिरससुमन कन बेधिअ हीरा ॥५॥

मन्त्रीहरू डराएर कोही पनी शिक्षा दिदैनन्, विद्वान्का समाजमा बडो अनुचित हुनलाग्यो ॥ ३ ॥ वज्रभन्दा पनि कठोर भएको धनु कहाँ ? नरम शरीर भएका, किशोर अवस्थाका यी श्याममूर्ति (राम) कहाँ (यस्तो नसुहाउँदो घटना पनि गर्नु हुन्थ्यो ?) ॥ ४ ॥ हे विधाता ! हृदयमा धैर्य कसरी धरौं ?, शिरीषको फूलले हीरा छेड्न कहीं सक्तछ ॥ ५ ॥

सकल सभा कै मति भै भोरी ❀ अब मोहि संभुचाप गति तोरी ॥६॥
निज जड़ता लोगन्ह पर डारी ❀ होहि हरुअ रघुपतिहि निहारी ॥७॥
अति परिताप सीयमन माहीं ❀ लव निमेष जुग सय सम जाहीं ॥८॥

सकल सभाकी बुद्धि भोरी (लाटी) भई, हे शंकरधनु ! अब मेरो आधार तिम्रै छ, आफ्नो जडतालाई यी जनहरूमाथि मिल्काएर रघुनाथजीलाई हेरीकन हलुको होइदेऊ" ॥ ६ ॥ ७ ॥ यस्ता प्रकारले सीताजीका मनमा अत्यन्त संताप भयो, १ लव (निमेषको तृतीयांश) र निमेष पनि सय युगसमान लामो भएर जान (बित्न) लाग्यो ॥ ८ ॥

दोहा—प्रभुहि चितइ पुनि चितव महि राजत लोचन लोल ।
खेलत मनसिजमीन जुग जनु बिधुमंडल डोल ॥२६२॥

प्रभुलाई हेरेर पृथ्वीतिर बराबर हेर्ने (लज्जा र औत्सुक्यको हानाहान हुँदा कैल्हे पृथ्वीतिर, कैल्हे रामतिर छिटो छिटो हेर्ने) जानकीजीका चञ्चल दुई नेत्र मानौं उहाँका [१]मुख चन्द्ररूपी पीङमा चढेर खेल्न (हल्लन) लागेका कामदेवका दुई माछा (ध्वजामा बराबर राख्नुपर्ने हुनाले कामदेवले प्रेमसाथ पालेर पूर्व र पच्छिम हल्लिरहने चन्द्रमण्डलरूपी पीङमा चढ्न पठाएका माछा) हुन् कि ? भनेजस्ता भएर सुशोभित भए ॥ २६२ ॥

(क) "कछुवाको पीठजस्तो कडा यो धनु, मधुर कोमल मूर्ति भएका यी रामजी, यिनले यो धनु कसरी चढाउनु ? पिताजी ! तपाईंको प्रण बड़ो कडा छ, अफसोस !" यो आशय भएको—

"कमठपृष्ठकठोरमिदं धनुर्मधुरमूर्तिरसौ रघुनन्दनः ।
कथमधिज्यमनेन विधीयतामहह ! तात ! पणस्तव दारुणः ॥"

यो श्लोक हनूमन्नाटकमा छ ।

(१) ती माछा चन्द्रमण्डलैमा पीङ खेलिरहेका थिए, चन्द्रमण्डलले सीताजीका मुखको स्वरूप लिएर आउँदा ती दुई माछा पनि सीताजीका दुई आँखाको स्वरूप लिएर साथै आए । माछाको र सुन्दर आँखाको कविहरूले सादृश्य मानेको छ, त्यही सादृश्यमूलक यस्तो उत्प्रेक्षा गरेको हो ।

चौ०–गिरा अलिनि मुख पंकज रोकी ❀ प्रगट न लाज निसा अवलोकी ॥१॥
लोचनजलु रह लोचनकोना ❀ जैसे परम कृपन कर सोना ॥२॥
सकुची व्याकुलता बड़ि जानी ❀ धरि धीरजु प्रतीति उर आनी ॥३॥
तन मन बचन मोर पनु साचा ❀ रघुपतिपद सरोज चितु राचा ॥४॥

लाजरूपी रात्रि आएको देखेर वाणी रूपी भ्रमरी मुखरूपी कमलभित्र रोकिई (कमलभित्र रहेकी भ्रमरी रात परेपछि कमल खुम्चिन्छ र रोकिन्छे, सीताजीकी वाणी लाजले मुखभित्रै रही) प्रकट भइन ॥ १ ॥ नेत्रको जल नेत्रैका कुनामा रह्यो (गहभरी आँसु भएको थियो तापनि लाजले गर्दा त्यो आँसु जहाँको त्यहीं रह्यो खसेन), त्यो आँसु परमकृपण (मक्खीचूस = कञ्जूस) को सुवर्ण[1] (सुन) जस्तो भयो ॥ २ ॥ व्याकुलता बढेको जानेर सीताजी आफैं संकुचित हुनुभयो (यस्तो व्याकुलता अरूले देख्ता के भन्ठान्लान् भनी आफै संकोच मान्न लाग्नुभयो) । अनि धैर्य धरेर हृदयमा विश्वास ल्याउनुभयो (मनमा ढुक्क हुनुभयो) ॥ ३ ॥ (र मनै मनमा भन्न लाग्नुभयो) "मेरो प्रण तन, मन, वचनले साँचो रहेछ, मेरो चित्त रघुनाथजीका चरणमा लागेको रहेछभने ॥ ४ ॥

तौ भगवानु सकल उर बासी ❀ करिहि मोहि रघुबर कै दासी ॥५॥
जेहि के जेहि पर सत्य सनेहू ❀ सो तेहि मिलै न कछु सन्देहू ॥६॥

सर्व–हृदयनिवासी भगवान् (परमात्मा) ले मलाई रघुनाथजीकी दासी (पत्नी) गर्नुहुनेछ ॥ ५ ॥ जसको जसका उपर सत्य स्नेह रहन्छ, त्यसले त्यो अवश्य पाउँछ, केही सन्देह छैन" ॥ ६ ॥

प्रभु तन चितै प्रेमतन ठाना ❀ कृपानिधान रामु सबु जाना ॥७॥
सियहि बिलोकि तकेउ धनु कैसें ❀ चितव गरुरु लघु ब्यालहि जैसें ॥८॥

सीताजीले प्रभुजीको शरीर हेरेर प्रेमको प्रण गर्नुभयो (रघुनाथजी पाइनभने प्राणपरित्याग गर्नेछु भन्ने संमठ बाँध्नुभयो) । कृपानिधान रामजीले त्यो सबै जान्नुभयो ॥ ७ ॥ अनि प्रभुजीले सीताजीलाई देखेर जसरी गरुडले सानो सर्पलाई हेर्दछ त्यसै गरी धनुलाई हेर्नुभयो ॥ ८ ॥

दोहा–लखन लखेउ रघुबंसमनि ताकेउ हरकोदंडु ।
पुलकि गात बोले बचन चरन चापि ब्रह्मंडु ॥२६३॥

---

(१) कृपणले (कंजूसले) सुवर्ण हात पारयोभने, त्यो सुवर्ण कसैलाई दिदा पनि—दिदैन, आफू पनि त्यसको भोग गर्दैन, फगत नपुंसकले स्वास्नी सुमसुम्याएझै सुमसुम्याइरहन्छ ।

न दातुं नोपभोक्तुं च शक्नोति कृपणः श्रियम् ॥
किं तु स्पृशति हस्तेन नपुंसक इव स्त्रियम् ॥

त्यस्तै सीताजीका नेत्रले पाएको आँसुलाई खसाल्दा पनि—खसालेनन्, आफूले पनि पिएनन्, फगत खेलाइराखे ।

रघुवंशमणि भगवान् रामचन्द्रले शंकरको धनु ताकेको (हेरेको) लक्ष्मणजीले देख्नुभयो र रोमाञ्चित भएर आफ्ना चरणले ब्रह्माण्ड (पृथ्वी) लाई थिचीकन वचन बोल्नुभयो ॥ २६३ ॥

चौ०–दिसिकुंजरहु कमठ अहि कोला ❀ धरहु धरनि धरि धीर न डोला ॥१॥
रामु चहहिं संकरधनु तोरा ❀ होहु सजग सुनि आयेसु मोरा ॥२॥

हे दिग्गजहो ! हे कूर्मराज !. हे शेषनाग ! हे वराह ! धैर्य धरेर नहल्लीकन पृथ्वीलाई धारणा गर, हेर है ? मेरो आज्ञा सुनेर सावधान होऊ, रामजी शंकरधनु तोड्न चाहनुहुन्छ (तोड्न लाग्नुभयो) ॥ १ ॥ २ ॥ (क)

चाप समीप रामु जब आए ❀ नर नारिन्ह सुर सुकृत मनाए ॥३॥
सब कर संसउ अरु अज्ञानू ❀ मंद महीपन्ह कर अभिमानू ॥४॥
भृगुपति केरि गरबगरुआई ❀ सुर मुनिबरन्ह केरि कदराई ॥५॥
सिय कर सोचु जनक पछितावा ❀ रानिन्ह कर दारुन दुख दावा ॥६॥
संभुचाप बड़ बोहितु पाई ❀ चढ़े जाइ सब संगु बनाई ॥७॥
रामबाहु बल सिंधु अपारू ❀ चहत पारु नहि कोउ कड़हारू ॥८॥

रामजी जब धनुका नजिकै पुग्नुभयो, अनि नरनारीहरूले देवता र पुण्य मनाउन लागे ॥ ३ ॥ सबैको संशय,[१] अज्ञान,[२] मूर्ख राजाहरूको अभिमान[३], परशुरामका घमण्डको भारीपना[४], देवता र मुनिवरहरूको कातरता[५], सीताजीको सुर्ता[६], जनकराजाको पश्चात्ताप[७], रानीहरूको दारुण दुःखरूपी डढेलो[८], यति आठ (८) चीजको डफ्फा सँगसँगै भएर शंकरजीको धनुरूपी जहाज फेला पारेर त्यसमा चढीकन (त्यसको आश्रय गरेर) रामजीको बाहुबलरूपी अपार समुद्रको पार जान चाहन्थे, तर, कोही कर्णधार (माझी) थिएन (त्यसो हुनाले तिनीहरू पार पाउन नसकेर डुब्न आँटे) ॥ ४ ॥ ५ ॥ ६ ॥ ७ ॥ ८ ॥

दोहा–राम बिलोके लोग सब चित्र लिखे से देखि ।
चितई सीय कृपायतन जानी बिकल बिसेषि ॥२६४॥

रामजीले सबैलाई हेर्नुभयो । सबै चित्र (तस्वीर) मा लेखिएजस्ता निश्चल

(क) "हे पृथिवि ! तिमी स्थिर होऊ, हे शेषनाग ! तिमी यिनलाई राम्ररी धारण गर, हे कूर्मराज ! (हे कच्छप !) तिमी यी दोटैलाई राम्रो गरी थामे, हे दिग्गजहो ! तिमीहरू यी ३ लाई धारण गर्न चित्त लगाए है ! दाज्यू (रामजी) शिवधनु चढाउन लाग्नुभयो" यो आशय भएको लक्ष्मणको उक्ति महानाटकमा लेखिएको छ—

पृथ्वि ! स्थिरा भव, भुजङ्गम ! धारयैतां,
त्वं कूर्मराज ! तदिदं द्वितयं दधीथाः ।
दिक्कुञ्जराः ! कुरुत तन्त्रितयोद्दिधीर्षा–
मार्यः करोति हरकार्मुकमाततज्यम् ॥

देखिए। करुणानिवास रामजीले सीताजीलाई हेर्नुभयो र विशेष (अधिक) विकल (व्याकुल) जान्नुभयो ॥ २६४ ॥

चौ०–देखी बिपुल बिकल बैदेही ❀ निमिष बिहात कलप सम तेही ॥१॥
तृषित बारि बिनु जो तनु त्यागा ❀ मुयें करै का सुधातडागा ॥२॥
का बरसा जब कृषी सुखाने ❀ समय चुकें पुनि का पछितानें ॥३॥
अस जिय जानि जानकी देखी ❀ प्रभु पुलके लखि प्रीति बिसेषी ॥४॥

एक निमेषलाई एककल्प समानता गरेर बिताउन लागेकी सीताजीलाई खूब व्याकुल भएकी देखेर ॥ १ ॥ "तृषित (प्यासा) भएको व्यक्तिले पानीविना शरीर छाडिहाल्योभने मरिसकेपछि अमृतका तलाउले पनि के गर्छ ? । कृषि (खेतीको बाली) सुकिसकेपछि वर्षा भएर के (हुन्छ), त्यस्तै बखतमा चुकेपछि पछितो गरेर के (हुन्छ) ?" ॥ २ ॥ ३ ॥ यस्तो विचार गरेर प्रभुजीले फेरि सीताजीलाई हेर्नुभयो, उहाँको प्रीतिविशेष (प्रेमले भएका आकार इंगित चेष्टाहरू) देखेर रोमाञ्चित हुनुभयो ॥ ४ ॥

गुरहि प्रनामु मनहिं मन कीन्हा ❀ अति लाघव उठाइ धनु लीन्हा ॥५॥
दमकेउ दामिनि जिमि जब लयेऊ ❀ पुनि धनु नभमंडल सम भयेऊ ॥६॥
लेत चढ़ावत खैंचत गाढ़ें ❀ काहु न लखा देख सबु ठाढ़ें ॥७॥
तेहि छन राम मध्य धनु तोरा ❀ भरे भुवन धुनि घोर कठोरा ॥८॥

मनै मनले गुरुलाई प्रणाम गर्नुभयो र खूब छिटो धनु उठाएर लिनुभयो ॥ ५ ॥ जब जमीनबाट हातमा धनु लिनुभयो, त्यस वेलामा बिजुली चंकेको जस्तो भयो (उचाल्दाखेरि बिजुली चंकेको जत्तिकै टाइम लाग्यो, त्यो तेजिलो धनु भईंबाट रामजीका हातमा पुग्दा बिजुली चंकेको जस्तो देखियो) अनि त्यो धनु आकाशमंडलजस्तो तेर्साको बाटुलो भयो ॥ ६ ॥ धनु लिंदा, चढाउँदा, (ताँदो मिलाउँदा) खूब खिच्ता कसैले देखेन, सबै खडा थिए ॥ ७ ॥ तत्क्षणैमा रामजीले त्यो धनु माझमा भाँच्नुभयो, महाकठोर भयङ्कर ध्वनिले भुवन (आकाश पाताल) भरियो ॥ ८ ॥

छन्द–भरे भुवन घोर कठोर रव रबिबाजि तजि मारगु चले ।
चिक्करहिं दिग्गज डोल महि अहि कोल कूरुम कलमले ॥
सुर असुर मुनि कर कान दीन्हे सकल बिकल बिचारहीं ।
कोदंड खंडेउ राम तुलसी जयति बचन उचारहीं ॥३३॥

आकाश-पातालमा महाकठोर प्रचंडध्वनि (आवाज) भरियो, (आकाशतिर) सूर्यकारथका घोडा बाटो छाडेर हिंडे (भट्केर यथाभावी हिंडन लागे), (पातालतिर) दिग्गजहरू चीत्कार गर्न लागे ! धर्ती डगमगाउन लागिन् । शेष, वराह, कूर्म धर्मराउन लागे, देव, दैत्य, दानव, मुनिहरूले आफ्ना हात कानमा राखे (कान थुने), सबजना व्याकुल भएर विचार गर्न-

लागे, (तुलसीदास भन्दछन् कि) सबजना जय वचन (जयजयकार बोली) उच्चारण गर्न लागे ॥ ३३ ॥

सोरठा–संकरचापु जहाज सागरु रघुबरबाहु बलु ।
बूड़ सो सकल समाजु चढ़ा जो प्रथमहि मोहबस ॥२६१॥

रघुवरजीको वाहुबलरूपी समुद्र थियो, शंकरजीको धनु जहाज थियो, त्यसमा अघि मोहवश भएर जो समाज चढेको थियो, त्यो सबै समाज डुब्यो (जहाज दुई टुक्रा भएपछि के गरोस्?) ॥ ३१ ॥ (क)

चौ०–प्रभु दोउ चाप खंड महि डारे ❀ देखि लोग सब भये सुखारे ॥१॥
कौसिकरूप पयोनिधि पावन ❀ प्रेम बारि अवगाह सुहावन ॥२॥
रामरूप राकेसु निहारी ❀ बढ़त बीचि पुलकावलि भारी ॥३॥

प्रभुजीले धनुका दुई टुक्रा जमीनमा मिल्काइदिनुभयो। सबैजना देखेर सुखी भए ॥ १ ॥ प्रेमरूपी मीठो जल भरिएको हुनाले प्रवेश गर्नलाई मनचिन्ते भएको (भनेजस्तो भएको) पवित्र विश्वामित्ररूपी सागर (जो छ सो) रामरूपी पूर्ण चन्द्रमालाई देखेर ठूलो रोमाञ्चरूपी जुवार भाटाका रूपले बढ्न लाग्यो (रामजीलाई देखेर विश्वामित्र खुशीले रोमाञ्चित भए) ॥ २ ॥ ३ ॥

बाजे नभ गहगहे निसाना ❀ देवबधू नाचहिं करि गाना ॥४॥
ब्रह्मादिक सुर सिद्ध मुनीसा ❀ प्रभुहि प्रसंसहिं देहिं असीसा ॥५॥
बरिसहिं सुमन रंग बहु माला ❀ गावहिं किंनर गीत रसाला ॥६॥

आकाशमा निशानबाजा घनाघन बज्न लागे। अप्सराहरू गाना गरेर नाच्न लागे ॥ ४ ॥ ब्रह्मादि देवता, सिद्ध, मुनीश्वरहरू प्रभुको प्रशंसा गर्न लागे, आशीष पनि दिन लागे ॥ ५ ॥ किन्नरहरू फूल, अबीर, माला बर्साउँदै रसिलो गान गाउन लागे ॥ ६ ॥

रही भुवन भरि जय जय बानी ❀ धनुषभंग धुनि जात न जानी ॥७॥
मुदित कहहिं जहँ तहँ नर नारी ❀ भंजेउ राम संभुधनु भारी ॥८॥

संसारभरमा जयजयकारको बोली भरियो, धनुर्भङ्गको ध्वनि चिह्न नसकिने भयो (जयध्वनि र धनुर्भङ्गध्वनि मिसियो) जताततै नरनारीहरू खुशी भएर "रामजीले भारी शंकरधनु तोडे" यही वचन बोल्न लागे ॥ ७ ॥ ८ ॥

दोहा–बंदी मागध सूत गन बिरिद बदहिं मतिधीर ।
करहिं निछावरि लोग सब हय गय धन मनि चीर ॥२६५॥

बन्दी (स्तुतिपाठ गर्ने भाट), मागध (कत्थक) सूत (पौराणिक), हरू बुद्धि

(क) २६३ नंबरको दोहाका माथि रहेका ४।५।६। नंबरका चौपाईमा देखाएका ८ थरी समाज यो धनुरूपी जहाजमा अडेका थिए, यो जहाज भाँचिदा ती सबै डुबे ॥

स्थिर पारेर विरुदावलि (यशःप्रशस्ति) भन्न लागे । सबैजना यथायोग्य घोडा, हात्ती, धन, रत्न, वस्त्रको न्यौछावर (प्रीतिदान) गर्न लागे ॥ २६५ ॥

चौ०–झाझि मृदंग संख सहनाई ❀ भेरि ढोल दुंदुभी सुहाई ॥१॥
बाजहिं बहु बाजने सुहाए ❀ जहँ तहँ जुवतिन्ह मंगल गाए ॥२॥
सखिन्ह सहित हरषी अति रानी ❀ सूखत धान परा जनु पानी ॥३॥

सुन्दर झ्याँझ, मृदंग, शंख, सहनाई (सनही), भेरी, ढोल, दुन्दुभी, इत्यादि धेरै बाजा राम्रो गरी बज्न लागे । जहाँ तहाँ युवति (तरुणी) ले मंगल गाए ॥ १ ॥ २ ॥ सुक्न-लागेका धानमा पानी परेजस्तो हुदाँ रानी सखीसहित अति हर्षित भइन् ॥ ३ ॥

जनक लहेउ सुखु सोचु बिहाई ❀ पैरत थकें थाह जनु पाई ॥४॥
श्रीहत भये भूप धनु टूटें ❀ जैसे दिवस दीप छबि छूटें ॥५॥
सीयसुखहि बरनिय केहि भाती ❀ जनु चातकी पाइ जलु स्वाती ॥६॥

मानौं थाकेको पौडी खेल्ने मानिसले थाइ पाएकै (टेक्ने ठाउँ भेट्टाएकै) हो कि भनेझैं जनकराजाले शोकसुर्ता छाडेर सुख पाए ॥ ४ ॥ धनु टुट्ताखेरि, दिउँसो बत्तीको तेज छुटेझैं राजाहरू श्रीहत भए (राजाहरूको श्री (तेज) छुट्यो) ॥ ५ ॥ सीताजीका आनन्दको कुन प्रकारले वर्णन गर्नु ? मानौं [१]चातकीले (काकाकुलकी पोथीले) स्वाती नक्षत्रको मेघको पानी पाएकी हो कि ? (भनेजस्ती हुनुभयो) ॥ ६ ॥

रामहि लखनु बिलोकत कैसें ❀ ससिहिं चकोरकिसोरकु जैसें ॥७॥
सतानंद तब आयेसु दीन्हा ❀ सीता गमनु राम पहि कीन्हा ॥८॥

---

(१) चातक (काकाकुल) नाम भएको पक्षी मेघबाट बर्संदा बर्संदैको पानी पाए पिउँछ, अन्यत्र रहेको पानी पिउँदैन, बरु मर्न कबूल गर्छ । मेघबाट गिरेका बूँदले मात्र आफू प्राण धारण गर्ने यो आदर्श पक्षी स्वाती नक्षत्रमा सूर्य रहेका वेलाको (कार्तिक महीनामा स्वात्यां रविः भनेका दिनदेखि विशाखायां रविः भनेका दिनका बीचका १२।१३ दिनको) जलका निमित्त हत्ते हाल्छ, त्यो जल पाए अमृतै पाएजस्तो मान्दछ. तिनताक बर्सेर सीपीमा परेको जल मोती बन्दछ ।

"असल पात्रमा बखत असल पारेर दिएको चीज सानै भए पनि बहुमूल्य हुन जान्छ, सीपीमा गिरेको स्वाती नक्षत्रको जल मोती हुन जान्छ, भनी कुनै व्यवहारदर्शी कविले भनेको पनि छ

सति पात्रे सति समये वस्तु वितीर्णं महर्घतां भजते !
शुक्तौ स्वात्यां पतितं मौक्तिकतां वारि मेघजं भजते ॥

चातकपक्षीका अन्योक्तिमा–"हे मेघ ! गर्जन्छस् (मात्रै) पानी दिंदैनस् , म चातक पक्षी व्याकुल भएको छु (तेरो ढाँचा गर्दा गर्दै भएको विलम्ब बर्दास्त गर्न सक्तिन) दैवयोगले (तैंले ढाचा गर्दा गर्दै) दक्षिणपट्टिको हावा चल्योभने तँ कहाँ, म कहाँ, तेरो जलपात कहाँ" यो आशय भएको,

"गर्जसि मेघ ! न यच्छसि तोयं चातकपक्षी व्याकुलितोऽहम् ।
दैवादिह यदि दक्षिणवातः क्व त्वं ! क्वाहं ! क्व च जलपातः ॥"

यो श्लोक जगत्प्रसिद्ध छ ।

जसरी चकोरपक्षी (च्याखुरा) को बच्चा चन्द्रमालाई (सप्रेम) हेर्दछ, लक्ष्मणजीले रामचन्द्रजीलाई त्यसै गरी हेर्न लाग्नुभयो ॥ ७ ॥ अनि शतानन्द पुरोहितजीले आज्ञा दिए र सीताजी रामचन्द्रका समीप जानुभयो ॥ ८ ॥

दोहा—संग सखी सुंदरि चतुरि गावहिं मंगल चार ।
गवनी बाल मराल गति सुषमा अंग अपार ॥२६६॥

(त्यस वेलामा) साथ रहेका सुन्दर चतुरा सखीजनहरू मङ्गलाचार (मंगलगान) गाउन लागे । शरीरमा अपार शोभा भएकी सीताजी राजहंसीको चालले हिंड्नुभयो ॥ २६६ ॥

चौ०—सखिन्ह मध्य सिय सोहति कैसे ❀ छबिगन मध्य महाछबि जैसे ॥१॥
कर सरोज जयमाल सुहाई ❀ बिस्वबिजय शोभा जेहि छाई ॥२॥
तन सकोचु मन परम उछाहू ❀ गूढ़ प्रेमु लखि परै न काहू ॥३॥

छबिगणका मध्यमा (शोभापुञ्जका माझमा) महाछवि (महाशोभा) जस्तो हुन्छ, उस्तै गरी सखीहरूका मध्यमा सीताजी सुशोभित हुनुभयो ॥ १ ॥ जसमा विश्वविजय (संसारवर्तीवीरजनविजय) को शोभा छाइरहेको थियो, त्यो जयमाला (स्वयंवरमाला) जानकीजीका करकमलमा शोभायमान थियो ॥ २ ॥ शरीरमा संकोच, मनमा परम उत्साह, भएको त्यो गूढ प्रेम कसैले पनि लख्न (ताड्न) सकेन ॥ ३ ॥

जाइ समीप रामछबि देखी ❀ रहि जनु कुअँरि चित्र अवरेखी ॥४॥
चतुरि सखीं लखि कहा बुझाई ❀ पहिरावहु जयमाल सुहाई ॥५॥
सुनत जुगल कर माल उठाई ❀ प्रेम बिबस पहिराइ न जाई ॥६॥

जनककिशोरीले नगीचमा पुगेर रामजीको शोभा हेर्दा मानौं चित्रलिखित (तस्वीरमा लेखेकी जस्ती निश्चल) जस्ती हुनुभयो ॥ ४ ॥ जब चतुर भएकी सखीले त्यो अवस्था (निश्चलता) देखेर बुझाईकन (रघुनाथजीका कंठमा) “राम्रो गरी जयमाला पहिराउनुहोस्” भनिन् त्यो वचन सुन्नेबित्तिकै जानकीजीले दुई हातले माला उठाउनुभयो, प्रेमविह्वल भएर त्यो माला झट्ट पहिराउन सक्नुभएन ॥ ५ ॥ ६ ॥

सोहत जुग जनु जलज सनाला ❀ ससिहि सभीत देत जयमाला ॥७॥
गावहिं छबि अवलोकि सहेली ❀ सिय जयमाल राम उर मेली ॥८॥

मानौं डाँठसमेतका २ कमलले डराई डराईकन चन्द्रमालाई जयमाला टक्र्याउन लागेका हुन् कि ? भन्ने भान हुने गरी जानकीजीका दुई हातमा रहेको जयमाला सुशोभित भयो ॥ ७ ॥ (क) त्यो शोभा देखेर सहेली (सखी) हरू गाउन लागे, अनि जानकीजीले रामचन्द्रजीका वक्षस्थलमा जयमाला पहिराउनुभयो ॥ ८ ॥

(क) कमलको र चन्द्रमाको परस्पर विरोध छ, चन्द्रमाले कमललाई जितेको हुनाले चन्द्रोदयमा कमल खुंचिन्छन् । हार्नेले जित्नेलाई जयमाला पहिराएर सत्कार गर्नुपर्छ । जानकीजीका हातरूपी डाँठसमेतका—कमलले रामजीका मुखरूपी चन्द्रमालाई डराई डराई जयमाला पहिराउन लाग्यो ।

सोरठा–रघुबर उर जयमाल देखि देव बरिसहिं सुमन ।
सकुचे सकल भुआल जनु बिलोकि रबि कुमुदगन ॥३२॥

रघुवरका हृदयमा जयमाला देखेर देवताहरू फूल वर्षाउन लागे । सूर्यलाई देखेर कुमुदगण (चन्द्रकमलसमूह) झैं (जयमालाले शोभित भएका रामजीलाई देखेर) सकल राजाहरू खुंचिए ॥ ३२ ॥

चौ०–पुर अरु ब्योम बाजने बाजे ❀ खल भये मलिन साधु सब राजे ॥१॥
सुर किंनर नर नाग मुनीसा ❀ जय जय जय कहि देहिं असीसा ॥२॥

शहरमा र आकाशमा बाजा बज्न लागे । दुर्जनहरू अँध्यारा, सज्जनहरू उज्याला भए ॥ १ ॥ देवता, किन्नर, मानिस, नाग, मुनीश्वरहरू जय जय जय भनेर आशीष दिन लागे ॥ २ ॥

नाचहिं गावहिं बिबुधबधूटीं ❀ बार बार कुसुमांजलि छूटीं ॥३॥
जहँ तहँ बिप्र बेदधुनि करहीं ❀ बंदी बिरिदावलि उच्चरहीं ॥४॥
महि पाताल नाक जसु ब्यापा ❀ राम बरी सिय भंजेउ चापा ॥५॥

पठ्ठी पठ्ठी देवाङ्गनाहरू नाच्न लागे गाउन लागे । वारंवार (आकाशबाट) पुष्पाञ्जली गिर्न लागे ॥ ३ ॥ जहाँतहाँ ब्राह्मणहरू वेदध्वनि गर्न लागे । बन्दीहरू विरुदावलिको (प्रशस्तिको) उच्चारण गर्न (पढ्न) लागे ॥ ४ ॥ "सीताजीले रामजीको वरण गरिन्, धनु भाँचियो" यस्तो यश स्वर्ग-मर्त्य-पातालमा व्याप्त भयो ॥ ५ ॥

करहिं आरती पुर नर नारी ❀ देहिं निछावरि बित्त बिसारी ॥६॥
सोहत सीय राम कै जोरी ❀ छबि सिंगारु मनहुँ एक ठोरी ॥७॥
सखीं कहहिं प्रभुपद गहु सीता ❀ करति न चरन परस अति भीता ॥८॥

नगरका नरनारीहरू आरती गर्न लागे, आफ्नो धन बिर्सेर (औकातभन्दा बढ्ता) न्यौछावर (प्रीतिदान) दिन लागे ॥ ६ ॥ मानौं शोभा र शृंगार एकै ठाउँमा रहेको हो कि भनेजस्तो गरी सीतारामको जोडी शोभायमान भयो ॥ ७ ॥ सखीहरू "सीताजी ! प्रभुको पाउ समात्नुहोस्" भन्ने, "सीताजी खूब डराएर रामजीको चरण स्पर्श नगर्ने" (यस्तो कौतुक भयो) ॥ ८ ॥

दोहा–गौतमतिय गति सुरति करि नहि परसति पद पानि ।
मन बिहसे रघुबंसमनि प्रीति अलौकिक जानि ॥२६७॥

गौतमपत्नी (अहल्या) को गति संझेर सीताजीले रामजीको पाउ हातले छुनुभएन । यस्तो अनौठा प्रीति जानेर रघुवंशमणि (रामजी) मनै मनमा हाँस्नुभयो ॥ २६७ ॥

चौ०–तब सिय देखि भूप अभिलाषे ❀ कूर कपूत मूढ़ मन माखे ॥१॥
उठि उठि पहिरि सनाह अभागे ❀ जहँ तहँ गाल बजावन लागे ॥२॥

लेहु छड़ाइ सीय कह कोऊ ❀ धरि बाँधहु नृपबालक दोऊ ॥३॥
तोरे धनुषु चाड़ नहि सरई ❀ जीवत हमहिं कुअँरि को बरई ॥४॥

अनि जानकीजीलाई देखेर राजाहरू लालच गर्न लागे, क्रूर कपूत मूढ अभागी राजाहरू मनमनमा रिसाएर धमाधम उठीकन कवच पहिरेपछि जताततै गाला बजाउन (बकवाद बोल्न) लागे ॥ १ ॥ २ ॥ कोही दुर्जन राजा, "सीताजीलाई खोस र दोटै राजकुमारलाई पक्डेर बाँध, धनुष तोड्दैमा मनोरथ पूर्ण हुन सक्तैन, हामी जीउँदा छँदाछँदै राजकुमारीलाई बिहा गर्न को सक्तछ ? ॥ ३ ॥ ४ ॥

जौ बिदेहु कछु करै सहाई ❀ जीतहु समर सहित दोउ भाई ॥५॥
साधु भूप बोले सुनि बानी ❀ राजसमाजहि लाज लजानी ॥६॥
बलु प्रतापु बीरता बड़ाई ❀ नाक पिनाकहि संग सिधाई ॥७॥
सोइ सूरता कि अब कहुँ पाई ❀ असि बुधि तौ बिधि मुहु मसि लाई ॥८॥

राजा जनक (रामतर्फ लागेर) केही सहायता गर्दछन्भने, दुई भाईसहित तिनलाई पनि युद्धमा जित," (भन्न लागे) ॥ ५ ॥ त्यो वचन सुनेर सज्जन राजाहरू बोले "राजाहो ! यो राजसमाजमा लज्जा लज्जित भइछ (यो राजसमाजका सामुन्ने पर्नलाई लाजले लाजमानेछ,) अतएव निर्लज्ज भएर यस्ता कुरा बक्न लाग्यौ ॥ ६ ॥ बल, प्रताप, वीरता, इज्जत, यी ४ चीज र नाकसमेत ५ चीज पिनाक (शिवधनु) सँगसँगै गए (भाँचिए) ॥ ७ ॥ तिमीहरूको शूरता उही (अघिको) हो कि ? अब कतैबाट पाएको (नयाँ) हो ? यस्तै बुद्धि छ र ता विधाताले तिम्रा मुखमा मसी लाइदियो (मुख कालो पारिदियो) ॥ ८ ॥

दोहा—देखहु रामहिं नयन भरि तजि इरिषा मदु कोहु ।
लखनरोषु पावकु प्रबलु जानि सलभ जनि होहु ॥२६८॥

ईर्ष्या (रीस) मद (घमंड) मोह (अज्ञान) छाडेर आँखाभरी रामजीलाई हेर । लक्ष्मणको क्रोध प्रचंड अग्नि छ, जानीजानीकन (त्यो अग्निमा) सलह नहोऊ (सलह-फट्यांग्राजस्ता भएर होमिन नजाऊ) ॥ २६८ ॥

चौ०—बैनतेयबलि जिमि चह कागू ❀ जिमि ससु चहै नाग अरि भागू ॥१॥
जिमि चह कुसल अकारन कोही ❀ सब संपदा चहै सिवद्रोही ॥२॥

जसरी काग गरुडको भाग लिन चाहन्छ, जसरी शश (खरायो) सिंहको भाग लिन चाहन्छ, जसरी अकारणक्रोधी (विनाकारण रिसाउने व्यक्ति) कुशल (कल्याण) चाहन्छ, जसरी शिवद्रोही व्यक्ति पूर्णसंपत्ति चाहन्छ ॥ १ ॥ २ ॥

लोभलोलुप कल कीरति चहई ❀ अकलंकता कि कामी लहई ॥३॥
हरिपद बिमुख परम गति चाहा ❀ तस तुम्हार लालचु नरनाहा ॥४॥

जसरी लोभी लोलुप (लोभले अति लुब्ध भएको) व्यक्ति, असल कीर्ति चाहन्छ, कामी व्यक्ति अकलंकता के पाउँछ र ? जसरी हरिपददेखि विमुख भएको व्यक्ति सद्गति चाहन्छ, हे राजाहो ! तिमीहरूको यो लालच (चाहना) त्यसै गरी भएको हो ॥ ३ ॥ ४ ॥

कोलाहलु सुनि सीय सकानी ❀ सखी लवाइ गई जहँ रानी ॥५॥
रामु सुभाय चले गुर पाहीं ❀ सियसनेहु बरनत मन माहीं ॥६॥
रानिन्ह सहित सोचबस सीया ❀ अब धौं बिधिहि काह करनीया ॥७॥
भूपबचन सुनि इत उत तकहीं ❀ लखनु राम डर बोलि न सकहीं ॥८॥

सीताजी राजाहरूको यो कोलाहल (हल्लखल्ल) सुनेर शंकित हुनुभयो र सखीहरूलाई साथ लिई जहाँ रानी थिइन् उहाँ जानुभयो ॥ ५ ॥ रामचन्द्र पनि मनमनमा सीताको स्नेह वर्णन गर्दै प्रसन्न भएर गुरुका समीप जानुभयो ॥ ६ ॥ सीताजी रानीसहित "अब विधाताले के गर्न आँटे ?" यस्तो शोच (सुर्ता) को वश पर्नुभयो ॥ ७ ॥ लक्ष्मणजीले राजाहरूको वचन सुनेर यता र उति हेर्न लाग्नुभयो, रामजीका डरले (अदबले) बोल्न सक्नुभएन ॥ ८ ॥

दोहा—अरुन नयन भृकुटी कुटिल चितवत नृपन्ह सकोप ।
मनहु मत्त गज गन निरखि सिंघकिसोरहु चोप ॥२६९॥

लक्ष्मणजीका नेत्र लाल २ भए, भृकुटी (भ्रू) टेढो भयो, क्रोधका साथ मानौं "मत्ताएका हात्तीको झुण्ड (बथान) देखेर सिंहका बच्चाले जोश (सूर) गर्न लागेको हो कि ?" यस्तो भान पर्ने गरी राजाहरूलाई हेर्न लाग्नुभयो ॥ २६९ ॥

चौ०—खरभरु देखि बिकल पुरनारी ❀ सब मिलि देहिं महीपन्ह गारी ॥१॥
तेहि अवसर सुनि सिवधनु भंगा ❀ आयेउ भृगुकुल कमल पतंगा ॥२॥

खल्लबल्ल देखेर व्याकुल भएका नरनारीहरू सबै एकत्र भएर राजाहरूलाई गाली गर्न लागे ॥ १ ॥ त्यसै वेलामा शंकरको धनु तोडेको सुनेर भृगुकुलकमलपतङ्ग (भृगुऋषिको कुल रूपी कमलको प्रकाश गर्न सूर्यरूप भएका अर्थात् भार्गव = परशुराम) आइपुगे ॥ २ ॥

देखि महीप सकल सकुचाने ❀ बाज झपट जनु लवा लुकाने ॥३॥
गौरि शरीर भूति भल भ्राजा ❀ भाल बिसाल त्रिपुंड बिराजा ॥४॥
सीस जटा ससिबदनु सुहावा ❀ रिसबस कछुक अरुन होइ आवा ॥५॥

परशुरामलाई देखेर, बाजले झंटदा लवा (लाभेचरो) लुके जस्तै गरेर सब राजाहरू खुँचिए ॥ ३ ॥ उनको गोरो शरीर विभूति (भस्म) ले खूब उज्ज्वल भएको थियो । विशाल ललाटमा भस्मको त्रिपुण्ड्र सुशोभित थियो ॥ ४ ॥ शिरमा जटा थियो, चन्द्रजस्तो सुन्दर गोरो वदन रीसका वश हुनाले केही लाल हुँदै आएको थियो ॥ ५ ॥

भृकुटी कुटिल नयन रिस राते ❀ सहजहु चितवत मनहु रिसाते ॥६॥
बृषभ कन्ध उर बाहु बिसाला ❀ चारु जनेउ माल मृगछाला ॥७॥
कटि मुनिबसन तून दुइ बाँधें ❀ धनु सर कर कुठारु कल काँधें ॥८॥

भृकुटी (भ्रू) टेढ़ो थियो, आँखा रीसले राता थिए, मामूली चालले हेर्दा पनि मानौं

रिसाएका छन् कि भन्ने भान पर्दथ्यो ॥ ६ ॥ गर्दन साँढेको जस्तो, छाती ठूलो, बाहु विशाल थिए । राम्रो (सफा) जनै छातीमा, राम्रो रुद्राक्षमाला कंठमा, राम्रो मृगचर्म शरीरमा थियो ॥ ७ ॥ कटिनिर मुनिवस्त्र (कौपीन) थियो । दुइ तूणीर (ठोक्रा) भिरेका, २ हातमा धनु र बाण, काँधमा उज्ज्वल कुठार (बंचरो) लिएका थिए ॥ ८ ॥

दोहा—सांत बेषु करनी कठिन बरनि न जाइ सरूप ।
धरि मुनि तनु जनु बीररसु आयेउ जहँ सब भूप ॥२७०॥

वेष भने शान्त, चरित्र भने कडा, स्वरूपको वर्णन गर्न सकिदैन । मानौं "वीररस मुनिको रूप लिएर जहाँ सब राजा रहेका छन्, त्यहाँ आएको हो कि ?" (यस्तो तर्क गर्नुपर्दथ्यो) ॥ २७० ॥

चौ०—देखत भृगुपतिबेषु कराला ❀ उठे सकल भयबिकल भुआला ॥१॥
पितु समेत कहि कहि निज नामा ❀ लगे करन सब दंड प्रनामा ॥२॥
जेहि सुभाय चितवहिं हितु जानी ❀ सो जानै जनु आइ खुटानी ॥३॥

वेषले डरलाग्दा परशुरामलाई देख्नाका साथ सबै राजाहरू भयव्याकुल भएर उठे ॥ १ ॥ अनि बाबुको समेत आफ्नो नाम लिंदै पाउ परेर दण्डवत् प्रणाम गर्न लागे ("अमुकराजपुत्रः अमुकराजवर्माऽहम् अभिवादये" भन्दै दण्डवत् प्रणाम गर्न लागे) ॥ २ ॥ जसलाई साधारण हितै संझेर परशुराम हेर्दथे, त्यो व्यक्ति (मानिस) आफ्नो आयु खोट्टिएको (छोट्टिएको) जान्दथ्यो (परशुरामले मामूली चालसँग हेरिदिंदा पनि लौ सिद्धिएँ अब बाँच्तिन भनेर मानिस कहालिन्थे) ॥ ३ ॥

जनक बहोरि आइ सिरु नावा ❀ सीय बोलाइ प्रनामु करावा ॥४॥
आसिष दीन्हि सखीं हरषानीं ❀ निज समाज लै गईं सयानीं ॥५॥
बिस्वामित्रु मिले पुनि आई ❀ पद सरोज मेले दोउ भाई ॥६॥

राजा जनकले तुरन्तै आएर शिर झुकाए, सीतालाई बोलाएर प्रणाम गर्न लगाए ॥ ४ ॥ (परशुरामले) आशिष दिए ("सौभाग्यशालिनी भूयाः" भने) अनि चतुर सखीहरूले हर्षित भएर सीताजीलाई आफ्ना समाजमा (स्त्रीवर्गका डफ्फामा) लगे ॥ ५ ॥ विश्वामित्रले आएर भेट गरे, अनि दुई भाई (रामलक्ष्मण) लाई परशुरामका पाउमा ढोगाए ॥ ६ ॥

रामु लखनु दशरथ के ढोटा ❀ दीन्हि असीस देख भल जोटा ॥७॥
रामहि चितइ रहे थकि लोचन ❀ रूपु अपार मारमद मोचन ॥८॥

दशरथका छोरा राम लक्ष्मण दुई भाईको मनोहर जोडी देखेर आशिष दिए ॥ ७ ॥ रामचन्द्रजीलाई देख्ता (परशुरामका) नेत्र थकित भए (वारंवार हेर्दा नअघाउने भए) (किनभने ?) रामजीको मारमदमोचन (कामदेवको घमंड तोड्ने) रूप अपारको (लोकोत्तर) थियो ॥ ८ ॥

दोहा–बहुरि बिलोकि बिदेह सन कहहु काह अति भीर ।
पूछत जानि अजान जिमि ब्यापेउ कोपु सरीर ॥२७१॥

फेरि परशुरामको शरीरलाई क्रोधले व्याप्त गर्‍यो, (त्यसो हुनाले) जानेको पनि नजाने झैं गरेर, जनकसंग "लौ भन' यो ठूलो भीड़ किन भएको हो ?" भनी सोध्न लागे ॥ २७१ ॥

चौ०–समाचार कहि जनक सुनाए ❀ जेहि कारन महीप सब आए ॥१॥
सुनत बचन फिरि अनत निहारे ❀ देखे चापखंड महि डारे ॥२॥
अति रिस बोले बचन कठोरा ❀ कहु जड़ जनक धनुष कैं तोरा ॥३॥
बेगि देखाउ मूढ़ न त आजू ❀ उलटौं महि जहँ लहि तव राजू ॥४॥

जुन कारणले सब राजाहरू आएका हुन् त्यो समाचार (सीतास्वयंवरवृत्तान्त) जनकले भनेर सुनाए ॥ १ ॥ वचन सुन्नाका साथ फर्केर अन्त (यताउति) हेरे, जमीनमा मिल्किएका धनुका दुई टुक्रा देखे ॥ २ ॥ अनि अत्यन्त क्रोधले कठोर वचन बोल्नलागे—"मूर्ख ! जनक ! लौ भन्, धनु कसले तोडेको हो ? ॥ ३ ॥ हे मूढ़ ! झट्ट देखाइदे, नत्रभने आज जहाँसम्म तेरो राज्य छ, त्यहाँसम्मको पृथ्वीतल घोप्ट्याइदिनेछु (उल्टाउनेछु)" ॥ ४ ॥

अति डरु उतरु देत नृपु नाहीं ❀ कुटिल भूप हरषे मन माहीं ॥५॥
सुर मुनि नाग नगर नर नारी ❀ सोचहिं सकल त्रास उर भारी ॥६॥
मन पछिताति सीयमहतारी ❀ बिधि अब सँवरी बात बिगारी ॥७॥
भृगुपति कर सुभाउ सुनि सीता ❀ अरध निमेष कलप सम बीता ॥८॥

अत्यन्त डरले राजा जनकले उत्तर नदिने भए । दुष्ट राजाहरू मनमनमा हर्षित भए ॥ ५ ॥ देवता मुनि नागहरू र नगरका सकल नरनारीहरू हृदयमा ठूलो त्रास (डर) हुँदा सोच (अफसोस) गर्नलागे ॥ ६ ॥ सीताजीकी माता महारानी मनमा पछुताएर ("बिनसित्ति धनुको प्राण गरेको, नगर भन्दा मानेनन्, के गर्नु ?" यस्तो विचार गरेर) "अब विधाताले सह्यालेको (बनाएको) कुरा बिगार्‍यो" भन्न लागिन् ॥ ७ ॥ सीताजीले जब परशुरामको स्वभाव सुन्नुभयो अनि ता आधा निमेषको काल पनि कल्प समान लामो भएर बित्न लाग्यो ॥ ८ ॥

दोहा–सभय बिलोके लोग सब जानि जानकी भीरु ।
हृदय न हरषु बिषादु कछु बोले श्रीरघुबीरु ॥२७२॥

श्रीरघुवीर रामजीले सबैलाई सभय भएका देखेर, जानकीलाई डराएकी जानेर, हृदयमा हर्ष-विषाद केही नलिईकन बोल्नुभयो ॥ २७२ ॥

चौ०–नाथ संभुधनु भंजनिहारा ❀ होइहि केउ एक दास तुम्हारा ॥१॥
आयेसु काह कहिअ किन मोही ❀ सुनि रिसाइ बोले मुनि कोही ॥२॥

"प्रभु ! शंकरजीको धनु तोड्ने कोही एउटा तपाईंकै सेवक होला, परंतु आज्ञा के छ ? मलाई किन भन्नुहुन्न ?" रामजीको यो वचन सुनेर क्रोधी मुनि (परशुराम) बोले ॥ १ ॥ २ ॥

सेवकु सो जो करै सेवकाई ❀ अरिकरनी करि करिअ लराई ॥३॥
सुनहु राम जेहि सिवधनु तोरा ❀ सहसबाहु सम सो रिपु मोरा ॥४॥
सो बिलगाउ बिहाइ समाजा ❀ न त मारे जैहहिं सब राजा ॥५॥

जो सेवा गर्दछ, सेवक भनेको त्यही हो, शत्रुको करनी (काम) गरेपछि लड़ाइँ गर्नुपर्दछ ॥ ३ ॥ राम ! सुन, जसले यो धनु तोड्यो त्यो मेरो सहस्रबाहु–(कार्तवीर्य) जत्तिकै शत्रु हो ॥ ४ ॥ त्यो सकस समाज छाडेर छुट्टै होस् (डफ्फादेखि छुट्टिएर एक्लै खड़ा होस्) नत्रभने सबै राजा मारिनेछन्" ॥ ५ ॥

सुनि मुनिबचन लखन मुसुकाने ❀ बोले परसुधरहि अवमाने ॥६॥
बहु धनुही तोरी लरिकाईं ❀ कबहुँ न असि रिस कीन्हि गोसाईं ॥७॥
येहि धनु पर ममता केहि हेतू ❀ सुनि रिसाइ कह भृगुकुलकेतू ॥८॥

परशुराम मुनिका यस्ता वचन सुनेर लक्ष्मणजीले मन्दहास्य गर्नुभयो। अनि परशु-धारण गर्ने (अति भयानक) तिनलाई हेपीकन बोल्नुभयो ॥ ६ ॥ "केटाकेटीको अवस्थामा धेरै धनुही (सानु गुलेली) तोडेका थियौं, हे गोसाईं ! कहिल्यै पनि तपाईंले रिस गर्नुभएन, यही धनुका उपर के कारणले ममता हो ?" (यस्ता लक्ष्मणजीका वचन) सुनेर भृगुवंशका झंडाजस्ता परशुराम) रिसाएर भन्न लागे—॥ ७ ॥ ८ ॥

दोहा–रे नृपबालक कालबस बोलत तोहि न सँभार ।
धनुही सम तिपुरारिधनु बिदित सकल संसार ॥२७३॥

"ए राजाका केटा ! ए कालाधीन ! तँलाई बोल्ने शहूर रहेनछ। सकल संसारमा प्रख्यात भएको त्रिपुरदाह गर्ने शंकरको धनु पनि धनुही (गुलेली) जस्तै हो ? ॥ २७३ ॥

चौ०–लखन कहा हसि हमरे जाना ❀ सुनहु देव सब धनुष समाना ॥१॥
का छति लाभु जून धनु तोरें ❀ देखा राम नयन के भोरें ॥२॥
छुअत टूट रघुपतिहु न दोसू ❀ मुनि बिनु काज करिअ कत रोसू ॥३॥

लक्ष्मणजीले हाँसेर भन्नुभयो कि "सुन्नुहोस् देवता ! मेरा समुझमा ता सबै धनु समानै छन्, जीर्ण भएको (थोत्रो) धनु तोड्दा के हानि ? के नाफा छ ? र रामजीले ता भूल परेर नयाँ भन्ठान्नुभयो र हेर्नुभएको हो, छुनाका साथ भाँचियो, रघुपति रामजीको दोष छैन। मुनिजी ! विना-काम कतै रिस गर्न हुन्छ ?" ॥ १ ॥ २ ॥ ३ ॥ (लक्ष्मणजीका यी वचन सुनेर परशुराम–)

बोले चितै परसु की ओरा ❀ रे सठ सुनेहि सुभाउ न मोरा ॥४॥
बालकु बोलि बधौं नहि तोही ❀ केवल मुनि जड़ जानहि मोही ॥५॥

बाल ब्रह्मचारी अति कोही ❀ बिस्वबिदित क्षत्रियकुल द्रोही ॥६॥
भुजबल भूमि भूप बिनु कीन्ही ❀ बिपुल बार महिदेवन्ह दीन्ही ॥७॥
सहसबाहुभुज छेदनिहारा ❀ परसु बिलोकु महीपकुमारा ॥८॥

परशु (कुठार) का तर्फ हेरेर बोले—“बदमाश ! मेरो स्वभाव सुनेको छैनस् ? तँलाई बालक भनिहालें, त्यसो हुनाले मार्दिन । मूर्ख ! मलाई तँ केवल मुनि (साधारण मुनि) संझन्छस् ॥ ४ ॥ ५ ॥ म आबालब्रह्मचारी, अति क्रोधी, जगतप्रख्यात, क्षत्रियकुलद्रोही छु ॥ फगत आफ्ना भुजबलले पृथ्वीमण्डललाई राजरहित गराएँ र धैरै पटक ब्राह्मणहरूलाई दान गरेर दिएँ ॥ ६ ॥ ए राजकुमार ! सहस्रबाहु (कार्तवीर्य) का सहस्र बाहु काट्ने कुठार यही हो, हेर् ॥ ७ ॥ ८ ॥

दोहा—मातु पितहि जनि सोचबस करसि महीसकिसोर ।
गर्भन्ह के अर्भक दलन परसु मोर अति घोर ॥२७४॥

ए राजकिशोर ! आमाबाबुलाई शोकग्रस्त नगर (नपार) गर्भमा रहेका अर्भक (बच्चा) लाई पनि छेदन गर्ने मेरो कुठार अति घोर (भयानक) छ” (परशुरामका यस्ता कडा वचन सुनेर—) ॥ २७४ ॥

चौ०—बिहसि लखनु बोले मृदु बानी ❀ अहो मुनीसु महाभट मानी ॥१॥
पुनि पुनि मोहि देखाव कुठारू ❀ चहत उड़ावन फूँकि पहारू ॥२॥

लक्ष्मणजीले हाँसेर मीठो बोली बोल्नुभयो—“मुनीश्वर ! तपाईं महायोद्धा हुँ भन्ठान्नुहुँदोरहेछ । वारंवार मलाई कुठार देखाउनुहुन्छ, फुकेर पहाड उडाउन खोज्नुभएको हो कि ? ॥ १ ॥ २ ॥

इहाँ कुम्हड़बतिआ कोउ नाहीं ❀ जे तरजनी देखि मरि जाहीं ॥३॥
देखि कुठारु सरासन बाना ❀ मैं कछु कहा सहित अभिमाना ॥४॥
भृगुकुल समुझि जनेउ बिलोकी ❀ जो कछु कहहु सहौं रिस रोकी ॥५॥

यहाँ तर्जनी (चोरऔंलो) देखेर मरी जाने फर्सीका कैंडा कोही छैनन् ॥ ३ ॥ कुठार, धनु, बाण देखेर मैले अभिमानसहित भएर केही बोलें (त्यत्तिकै हो) । तपाईं जे भन्नुहुन्छ भन्नुहोस्, म ता भृगुकुललाई संझेर तपाईंको जनै देखेर रिस रोकीकन सहन्छु ॥ ४ ॥ ५ ॥

सुर महिसुर हरिजन अरु गाई ❀ हमरे कुल इन्ह पर न सुराई ॥६॥
बधें पापु अपकीरति हारें ❀ मारतहू पा परिअ तुम्हारें ॥७॥
कोटि कुलिस सम बचनु तुम्हारा ❀ ब्यर्थ धरहु धनु बान कुठारा ॥८॥

देवता, ब्राह्मण, विष्णुभक्त, गाई, ४ यी जो छन्, यिनका उपर हाम्रा कुलले शुखाइँ गर्दैन ॥ ६ ॥ (किनभने ?) यिनलाई मारेदेखि [1]पाप लाग्छ, यिनदेखि हार्खोभने अपकीर्ति

---

(१) बालहिंसा, स्त्रीवध, न्यासापहरण, नास्तिक्य, क्षत्रिय-वैश्य-शूद्रवध, यी समान पाप हुन् ।
शूद्रवैश्यक्षत्रवधो नास्तिक्यं चापि पातकम् ।
अपहृत्य च निक्षेपं कृत्वा स्त्रीबालघातनम् ॥

(बदनामी) हुन्छ । (त्यसो हुनाले) तपाईंले लात हान्दाहान्दै पनि तपाईंको पाउ पर्नुपर्दछ ॥ ७ ॥ तपाईंको वचन करोड वज्र जत्तिकै कडा छँदैछ, व्यर्थै धनु बाण कुठार लिनुहुन्छ (यिनलाई मिल्काइदिए पनि केही हर्जा छैन) ॥ ८ ॥

दोहा—जो बिलोकि अनुचित कहेउँ छमहु महामुनि धीर ।
सुनि सरोष भृगुबंसमनि बोले गिरा गभीर ॥२७५॥

जुन कुरा देखेर (धनु बाण कुठार देखेर) मैले अनुचित बोलें, हे महामुने ! हे धीर ! त्यो क्षमा गर्नुहोस् ।” लक्ष्मणजीका यस्ता वचन सुनेर भृगुवंशमणि (भृगुकुलरत्न परशुराम) ले गंभीर वाणी बोले ॥ २७५ ॥

चौ०—कौसिक सुनहु मंद येहु बालकु ❀ कुटिलु कालबस निज कुल घालकु ॥१॥
भानुबंस राकेस कलंकू ❀ निपट निरंकुसु अबुधु असंकू ॥२॥
कालकवलु होइहि छन माहीं ❀ कहौं पुकारि खोरि मोहि नाहीं ॥३॥
तुम्ह हटकहु जौ चहहु उबारा ❀ कहि प्रतापु बलु रोषु हमारा ॥४॥

“ए विश्वामित्र ! सुन, यो बालक मूर्ख कुटिल कालले घेरेको आफ्नो कुलको नाश गर्ने, सूर्यवंशरूपी चन्द्रमाको कलंक, बिलकुल उच्छृंखल (छाडा भएको) अबूझ, निडर रहेछ, एक छिनमा यो काल (मृत्यु) को ग्रास हुनेछ, पुकारेर (सबैले सुन्ने गरी चिच्याएर) भन्दछु, मेरो दोष छैन है । यदि तिमी यसको बचावट चाहन्छौ भने मेरो प्रताप, बल, क्रोध, बताएर यसलाई हटक” (थुतुनु चलाउन नदेऊ) ॥ १ ॥ २ ॥ ३ ॥ ४ ॥ (परशुरामका यी वचन सुनेर—)

लखन कहेउ मुनि सुजसु तुम्हारा ❀ तुम्हहि अछत को बरनै पारा ॥५॥
अपने मुहु तुम्ह आपनि करनी ❀ बार अनेक भाँति बहु बरनी ॥६॥
नहि संतोषु त पुनि कछु कहहू ❀ जनि रिस रोकि दुसह दुख सहहू ॥७॥
बीरब्रती तुम्ह धीर अछोभा ❀ गारी देत न पावहु सोभा ॥८॥

लक्ष्मणजीले भन्नुभयो कि—“मुनिजी ! तपाईं छँदाछँदै तपाईंको सुजस अर्को कसले बयान गर्ने ? आफ्ना मुखले आफ्नो काम अनेक प्रकारले धेरै बखान्नुभयो, अझ संतोष छैनभने फेरि पनि बखान्नुहोस्, रिस रोकेर दुःसह (खप्न मुश्किल पर्ने) दुःख नसहनुहोस् । तपाईं वीरव्रती (उत्साह धैर्य प्रभृति गुण भरपूर भएका वीरहरूको चालमा चलेका), धैर्यवान्, अक्षोभ (नहडबडाउने) हुनुहुन्छ, गाली दिंदाखेरि तपाईं शोभा पाउनुहुन्न (यस्ता ठूला बडाले गाली गर्दा के शोभा ?) ॥ ५ ॥ ६ ॥ ७ ॥ ८ ॥

दोहा—सूर समर करनी करहिं कहि न जनावहिं आपु ।
बिद्यमान रन पाइ रिपु कायर कथहिं प्रलापु ॥२७६॥

शूरहरू युद्धमा (गर्नुपर्ने) काम गरिहाल्छन् , आफ्नु मुखले भनेर काम जनाउँदैनन् (हातले काम देखाउँछन्) कातरहरू भने युद्धमा खडा भएको शत्रु भेट्टाउँदा प्रलाप गर्न लाग्दछन् (बेसूरका कुरा गर्न थाल्दछन्) ॥ २७६ ॥

चौ०–तुम्ह तौ कालु हाँक जनु लावा ❀ बार बार मोहि लागि बोलावा ॥१॥
सुनत लखन के बचन कठोरा ❀ परसु सुधारि धरेउ कर घोरा ॥२॥
अब जनि देइ दोसु मोहि लोगू ❀ कटुबादी बालकु बधजोगू ॥३॥
बाल बिलोकि बहुत मैं बाँचा ❀ अब येहु मरनिहार भा साँचा ॥४॥

तपाईंले ता काललाई धपाएर (हाँकेर) सँगसँगै ल्याउनुभएको छ कि क्या हो ? मेरा निंति वारंवार (काललाई) बोलाउनुभयो" ॥ १ ॥

लक्ष्मणजीका यस्ता कठोर बचन सुन्दा परशुरामले (काँधमा राखेको) कठोर कुठारलाई हातमा सह्यालेर (प्रहार गर्न सजिलो हुने हिसाबले) लिए ॥ २ ॥ (अनि बोल्न लागे—) "अब लोकले (दुनियाँले) मलाई दोष नदेओस् , कटुवादी (कटुभाषी = नमीठो बोल्ने) यो बालक वधयोग्य (मार्नलायक) छ ॥ ३ ॥ केटाकेटी देखेर मैले यसलाई धेरै बचाएँ अब यो साँच्चै मर्ने भयो" ॥ ४ ॥

कौसिक कहा छमिअ अपराधू ❀ बाल दोष गुन गनहिं न साधू ॥५॥
खर कुठार मैं अकरुन कोही ❀ आगे अपराधी गुरुद्रोही ॥६॥

विश्वामित्रले भने कि—"अपराध क्षमा गर्नुहोस् , साधु सज्जनहरू बालकको गुणदोष गन्दैनन्" (वास्तै राख्तैनन्) ॥ ५ ॥ (परशुराम भन्दछन्—) हातमा कुठार मौजूद छ, म अकारण क्रोधी छु, अपराधी गुरुद्रोही अघिल्तिर खडै छ— ॥ ६ ॥

उतर देत छोड़ौं बिनु मारे ❀ केवल कौसिक सील तुम्हारे ॥७॥
न त येहि काटि कुठार कठोरे ❀ गुरहि उरिन होतेउँ श्रम थोरे ॥८॥

(उसमाथि पटापट) उत्तर दिंदैछ । हे विश्वामित्र मुनि ! फगत तिम्रा शीलस्वभावका मुलाहिजाले यसलाई नमारीकन छाड्नुपर्‍यो नत्रभने यो कठोर कुठारले यसलाई काटेर अलिकति परिश्रम गर्दैमा गुरुको उऋण (ऋणमुक्त) हुने थिएँ ॥ ७ ॥ ८ ॥ (परशुरामको यो वचन सुन्दा)

दोहा–गाधिसूनु कह हृदय हसि मुनिहि हरियरे सूझ ।
अयमय खाँड़ न ऊखमय अजहुँ न बूझ अबूझ ॥२७७॥

विश्वामित्र हाँसेर मनै मनमा भन्दछन् कि—"यी मुनिलाई हरि पनि अरि (शत्रु) सूझ्ने (भान परे) यो खाँड (सख्खर) लोहमय हो, इक्षुमय (उखुको) होइन (उखुको सख्खर चपाएझैं अरू क्षत्रियलाई चपाएको थिएँ, यसलाई पनि त्यसै गरी चपाउँछु भन्ठानेका छन् , तर राम-लक्ष्मणरूपी सख्खर इक्षुमय होइन, यो ता लोहमय सख्खर हो, यसलाई चपाउन खोज्दा

बङ्गारा झर्नेछन्) । यी अबुझले अझ पनि (शिवधनुर्भङ्ग देख्ता पनि) बुझेनन् ॥ २७७ ॥ (क)

चौ०—कहेउ लखन मुनि सीलु तुम्हारा ❀ को नहि जान बिदित संसारा ॥१॥
माता पितहि उरिन भये नीकें ❀ गुररिनु रहा सोचु बड़ जी कें ॥२॥
सो जनु हमरेहि माथें काढ़ा ❀ दिन चलि गये ब्याज बड़ बाढ़ा ॥३॥
अब आनिअ ब्यवहरिआ बोली ❀ तुरत देउँ मैं थैली खोली ॥४॥

लक्ष्मणजी भन्नुहुन्छ–“मुनिराज ! संसारमा प्रख्यात भएको तपाईंको स्वभाव को जान्दैन ? ॥ १ ॥ तपाईं माता र पिताको ता राम्रै गरी ऊऋण हुनुभयो (मातृऋण र पितृ ऋण ता तपाईंले राम्रै गरी तिर्नुभयो, बाँकी केही रहेन) गुरु (शंकरजी) को ऋण तिर्नु बाँकी रहेको थियो, त्यसका निमित्त तपाईंका मनमा बडो पीर लागेको थियो, ॥ २ ॥ त्यो ऋण मानौं मेरा टाउकामा बोकाउन आँट्नुभयो (मलाई काटेर गुरुको ऋण तिर्न आँटेपछि त्यो ऋण मेरै टाउकामा पर्‍यो, म नभई नतिरिने भयो, हुन्छ, म साविकबमोजिम त्यो ऋण तिरिदिन तयार छु, तर) दिन धेरै बिते, ब्याज खूब बढेको होला, (हिसाब–किताब गर्नुपर्छ) ॥ ३ ॥ अब व्यवहारी (ऋण दिने शङ्कर साहू) लाई बोलाएर ल्याउनुहोस्, तुरन्तै म थैली खोलिदिन्छु, (बाँकी शून्य गरिदिनेछु, भाका पनि माग्नेछैन) ॥ ४ ॥ (ख)

(क) यो दोहामा—अनेक पाठ भेद छन् , एउटा पाठ—

गाधिसुनु कह हृदय हँसि, मुनिहि हरिअरेइ सूझ ।
अजगव खंडेउ ऊख जिमि, अजहुँ न बूझ अबूझ ॥

गाधिसुनु (विश्वामित्र) हृदयमा हाँसेर भन्छन् कि—“यी मुनिलाई हरियै सूझ्द छ (साउनमा आँखा फुटेको गोरूले सधैं हरियो देख्तछ, “श्रावणे स्फुटितलोचनो वृषः सर्वदैव हरितानि पश्यति” भनेको कुरा साँचो रहेछ, मामूली मामूली क्षत्रिय–पुरुषलाई देख्ता देख्ता सबै क्षत्रियलाई मामूली संझन लागेका हुनाले परशुरामले गोरूझैं भएर राम लक्ष्मणलाई पनि मामूली क्षत्रिय नै देखे) ऊखुजस्तै गरेर अजगवनामक शंकर-धनु भाँचिदिए, अझ पनि यी अबुझले बुझेनन् , इत्यादि ।

परशुरामजीको वृत्तान्त

(ख) परशुरामजीका पिता जमदग्नि-मुनि हुन् , माता राजपुत्री रेणुका हुन् , जमदग्नि मुनिको तपोबल लोकोत्तर थियो, एकदिन चोखो जल लिन गएकी रेणुका नदीमा गन्धर्वहरूको जलविहार हेर्नपछि लागेर पूजाको समय बितेपछि घर आइन् , रिसले चूर भएका जमदग्निले रेणुकाको वध गर्नाका निमित्त छोराहरूलाई क्रमैसँग खटाए, कसैले पनि आमालाई मार्न मञ्जूर गरेनन् , कान्छा छोरा परशुरामजी आफ्ना पिताका तपोबलको प्रभाव खूब जान्दथे र आज्ञा पाउनाका साथ उनले आफ्नी आमा रेणुकाको वध गरे । “आज्ञा नमान्ने दाज्यूहरूलाई पनि मारिदे” भन्ने बाबुको आज्ञा शिरोपर गरेर उनले दाज्यूहरूलाई पनि खतम पारे । अनि जमदग्निले खुशी भएर “लौ वर माग्” भने, परशुरामले आफूले मारेका आमा दाज्यूहरूको पुनर्जीवन र वधविस्मरण मागे, जमदग्निले सबैलाई जिलाइदिए । “रेणुकाको कंठच्छेदन गरेपछि मातृऋण राम्रै गरी तिर्‍यौ” भन्ने छेड लक्ष्मणका व्यंग्य उक्तिबाट बुझिन्छ ।

स्त्रीवध पुत्रवध गराएपछि जमदग्नि मुनिले क्रोधतत्वलाई बिलकुल हटाएर पूर्ण शान्तिको अवस्थामा रहेर तप गर्न लागे । एकदिन परशुराम नभएका वेलामा सहस्रबाहु राजा कार्तवीर्य जमदग्निका आश्रममा ससैन्य आए, ससैन्य राजाको जमदग्निले खूब आतिथ्यसेवा गरे । उनका आश्रममा एउटी कामधेनु

सुनि कटु बचन कुठार सुधारा ❀ हाय हाय सब सभा पुकारा ॥५॥
भृगुबर परसु देखावहु मोही ❀ बिप्र बिचारि बचौं नृपद्रोही ॥६॥
मिले न कबहुँ सुभट रन गाढ़े ❀ द्विजदेवता घरहि के बाढ़े ॥७॥
अनुचित कहि सबु लोगु पुकारे ❀ रघुपति सयनहि लखनु नेवारे ॥८॥

लक्ष्मणजीका कटु वचन सुनेर परशुरामले कुठार सोझ्याए, सभावासी सबैले हाई ! हाई ! भन्नलागे ॥ ५ ॥ (अनि लक्ष्मणजीले फेरि भन्नुभयो–) भृगुवर ! मलाई कुठार पनि देखाउँछौ ! हे राजद्रोही ! ब्राह्मण संझेर म आफै हटेको हुँ (नत्र...) ॥ ६ ॥ युद्धमा कुनै बलिष्ठ योद्धा कहिल्यै भेटिएनछन्, ब्राह्मणदेवताहरू घरैका ठूला हुन्छन्" (यस्ता लक्ष्मणका वचन सुनेर) सबै लोकले "अनुचित, अनुचित" भन्नलागे, रघुनाथजीले सान (इशारा) गरेर लक्ष्मणजीलाई हट्कनुभयो ॥ ७ ॥ ८ ॥

दोहा–लखन उतर आहुति सरिस भृगुबरकोपु कृसानु ।
बढ़त देखि जल सम बचन बोले रघुकुलभानु ॥२७८॥

भृगुवर परशुरामको क्रोध अग्नितुल्य थियो, त्यसमा लक्ष्मणजीको वचन आहुतितुल्य थियो क्रोधाग्नि बढ्दै गएको देखेर रघुनाथजीले जलसमानको वचन बोल्नुभयो (क्रोधाग्निलाई निभाउन वचन जलै समर्थ छ, अर्को उपायले क्रोधाग्नि निभ्दैन) ॥ २७८ ॥

चौ०–नाथ करहु बालकपर छोहू ❀ सूध दूधमुख करिअ न कोहू ॥१॥
जौं पै प्रभुप्रभाउ कछु जाना ❀ तौ कि बराबरि करै अयाना ॥२॥
जौं लरिका कछु अचगरि करहीं ❀ गुर पितु मातु मोद मन भरहीं ॥३॥
करिअ कृपा सिसु सेवक जानी ❀ तुम्ह समसील धीर मुनि ज्ञानी ॥४॥

प्रभु ! बालकका उपर दया गर्नुहोस्, यो शुद्ध दुग्धमुख (दूध पिउँदैको बच्चा = ओठ निचोर्दा दूध आउला भनेजस्तो) छ, यसका उपर क्रोध नगर्नुहोस्, ॥ १ ॥ यो बालक-

---

बाहेक अरू कुनै संपत्ति थिएन, राजाले लालच गरेर कामधेनु मागे, नपाउँदा जबर्दस्ती गरेर कामधेनु लगे। जमदग्निले क्रोध बिलकुल हटाएका थिए र जबर्दस्ती गर्दा पनि चूप लागिरहे। परशुराम आएर सबै खबर पाए। एउटा कुठारको सहायताले आफ्नी गाईं फर्काएर ल्याए। क्रोधान्ध भएका राजकुमारहरूले परशुराम नभएको वेलामा जमदग्निलाई मारेर कामधेनु लगे। रेणुका छाती पिट्तै विलाप गर्न लागेकी थिइन्, परशुराम आएर २१ पटक छाती पिटे बाबत २१ पटक पृथ्वीलाई निःक्षत्रिय पार्ने प्रतिज्ञा गरी सो प्रत्तिज्ञा पूर्ण पनि गरे। यही वृत्तान्त संझेर "जमदग्निको शिरश्छेद गराएपछि पितृऋण पनि राम्रै गरी तिरियो, अब यस्तै किसिमले गुरुऋण पनि तिर्नुपर्छ, "तैं द्वारा गुरुऋण तिर्छु" भनेपछि तपाईंले त्यो ऋण मलाई बोकाउनुभयो, म तयार छु तपाईंले पितृऋण तिरे झैं गरी गुरुऋण म तिरिदिन्छु, आफ्ना धनिक गुरुलाई बोलाउनुहोस्, थैला (ठोक्रा) बोकिराखेको छु, धनिक खडा हुनाका साथ ब्याजसमेत चुक्ती हुने गरी थैला खन्याएर (बाण बर्साएर) गुरुऋण तिरिदिउँला, धन्दा नमान्नुहोस्?" भन्ने छेड लक्ष्मणोक्तिबाट बुझिन्छ।

ले प्रभुको प्रभाव केही जानेको हुँदो हो ता यो अजान यसरी बराबरी गर्ने थियो र ? ॥ २ ॥ केटाकेटीहरूले केही अचाक्ली गरेभने पनि गुरु माता-पिताहरू मनमा आनन्दित हुन्छन् ॥ ३ ॥ तपाईं समशील (समदृष्टि = मानापमानमा समान) धीर, मुनि, ज्ञानी हुनुहुन्छ तसर्थ बालक र सेवक जानेर कृपा गर्नुहोस् ॥ ४ ॥

रामबचन सुनि कछुक जुड़ाने ❀ कहि कछु लखनु बहुरि मुसुकाने ॥५॥
हसत देखि नख सिख रिस ब्यापी ❀ राम तोर भ्राता बड़ पापी ॥६॥

रामजीका यस्ता वचन सुनेर परशुराम मुनि केही ठण्डा (शान्त) भए, लक्ष्मणजी सुस्त सुस्त केही बोलेर (धन्य दाज्यू ! यस्ताको पनि त्यस्तो तारीफ इत्यादि बोलेर) बारंबार हाँस्न लाग्नुभयो ॥ ५ ॥ लक्ष्मणलाई हाँस्न लागेको देखेर तालुदेखि नङसम्म रिसले ढाक्यो र परशुराम बोले, "राम ! तिम्रो भाई अति पापी छ ॥ ६ ॥

गौर सरीर स्यामु मन माहीं ❀ कालकूटमुख पयमुख नाहीं ॥७॥
सहज टेढ़ अनुहरै न तोही ❀ नीचु मीचु सम देख न मोही ॥८॥

यो शरीरमा गोरो मनमा कालो रहेछ । (तिमीले यसलाई दुग्धमुख भनेथ्यौ) यो दुग्धमुख होइन, कालकूटमुख हो (यसका मुखमा कालकूट विष भरिएको रहेछ) ॥ ७ ॥ स्वभावैले टेढो यो तिमीअनुसारको रहेनछ । यो नीच मीचसम (मृत्युतुल्य) भई खडा रहेको मलाई देख्तैन ॥ ८ ॥

दोहा—लखन कहेउ हँसि सुनहु मुनि क्रोधु पाप कर मूल ।
जेहि बस जन अनुचित करहिं चरहिं बिस्वप्रतिकूल ॥२७९॥

लक्ष्मणजीले हाँसेर भन्नुभयो—"मुनिजी ! सुन्नुहोस्—जसको वश पर्दा मानिस अनुचित कर्म गर्दछन् र संसारका प्रतिकूल (बर्खिलाफ) हुन्छन्, त्यो क्रोध पापको मूल (कारण) हो–॥ २७९ ॥

चौ०—मैं तुम्हार अनुचर मुनिराया ❀ परिहरि कोपु करिअ अब दाया ॥१॥
टूट चाप नहि जुरिहि रिसानें ❀ बैठिअ होइहिं पाय पिरानें ॥२॥
जौं अति प्रिय तौ करिअ उपाई ❀ जोरिअ कोउ बड़ गुनी बोलाई ॥३॥

हे मुनिराज ! म तपाईंको सेवक हुँ, रिस छाडेर अब दया गर्नुहोस् ॥ १ ॥ रिसाएर भाँचिएको यो धनु जोरिदैन, बस्नुहोस् (कि भने ?) कोही ठूलो (सिपालु) गुनी (सिकर्मी) लाई बोलाएर जोर्न लाउनुहोस् (ज्याला मसित लिनुहोला) ॥ २ ॥ ३ ॥

बोलत लखनहि जनकु डेराहीं ❀ मष्ट करहु अनुचित भल नाहीं ॥४॥
थर थर काँपहिं पुर नर नारी ❀ छोट कुमार खोट बड़ भारी ॥५॥
भृगुपति सुनि सुनि निरभय बानी ❀ रिस तन जरै होइ बलहानी ॥६॥

लक्ष्मणजीले यस्तो बोल्दा राजा जनक डराए "चूप गर अनुचित बेस हुँदैन" भन्नलागे ॥ ४ ॥ नगरका नरनारीहरू थरथर काँप्न लागे । "सानाचाहिने राजकुमारको

अति ठूलो खोट (दोष) रहेछ" भन्न लागे ।। ५ ।। निर्भय वाणी सुन्दा अघिभन्दा बढेर रिसले परशुरामको शरीर जलाउन लाग्यो, बल घट्यो ।। ६ ।।

बोले रामहि देइ निहोरा ❀ बचौं बिचारि बंधु लघु तोरा ।।७।।
मनु मलीन तनु सुंदर कैसे ❀ बिषरस भरा कनकघटु जैसे ।।८।।

अनि रामजीलाई निहोरा दिएर (निहोरा = मुलाहिजा गरेर) परशुराम बोले— "राम" ! तिम्रो कान्छो भाई संझेर यसलाई बचाइदिएँ, सुवर्ण घडा विषको रसले भरिएको जस्तै यो (तिम्रो भाई) शरीर राम्रो, मन कालो भएको रहेछ" ।। ७ ।। ८ ।।

दोहा—सुनि लछिमन बिहसे बहुरि नयन तरेरे राम ।
गुर समीप गवने सकुचि परिहरि बानी बाम ।।२८०।।

परशुरामका कुरा सुनेर लक्ष्मणजी फेरि हाँस्नुभयो, रामजीले आँखा तर्नुभयो । अनि चुमुक्क परेर टेढा कुरा गर्न छाडीकन गुरु (विश्वामित्र) का नगीचै जानुभयो ।। २८० ।।

चौ०—अति बिनीत मृदु सीतल बानी ❀ बोले रामु जोरि जुग पानी ।।१।।
सुनहु नाथ तुम्ह सहज सुजाना ❀ बालकबचनु करिअ नहि काना ।।२।।
बररै बालकु एकु सुभाऊ ❀ इन्हहि न संत बिदूषहिं काऊ ।।३।।
तेहिं नाही कछु काज बिगारा ❀ अपराधी मैं नाथ तुम्हारा ।।४।।

रामजीले दुई हात जोरेर अनि नम्र भईकन नरम शीतल वचन बोल्नुभयो ।। १ ।। "प्रभु ! सुन्नुहोस्, तपाईं स्वभावतः ज्ञानवान् हुनुहुन्छ, बालकको वचनमा कान लाउनुहुँदैन ।। २ ।। बारुला र केटाकेटीको स्वभाव एकैनासको हुन्छ, समुझदार भएको कोही मानिस यिनलाई छेडछाड गर्दैन ।। ३ ।। त्यसले तपाईंको केही काम बिगारेको छैन, प्रभु ! म पो तपाईंको अपराधी (कसूरमन्द) हुँ ।। ४ ।।

कृपा कोपु बधु बंध गोसाईं ❀ मो पर करिअ दास की नाईं ।।५।।
कहिअ बेगि जेहि बिधि रिस जाई ❀ मुनिनायक सोइ करौं उपाई ।।६।।
कह मुनि राम जाइ रिस कैसे ❀ अजहुँ अनुज तव चितव अनैसे ।।७।।
येहि के कंठ कुठारु न दीन्हा ❀ तौ मैं काह कोपु करि कीन्हा ।।८।।

हे गोसाईं ! कृपा, क्रोध, वध, बन्धन जे गर्नुपर्छ दासका उपर (मेराउपर) गर्नुहोस्, ।। ५ ।। जुन विधि-विधानले तपाईंको रिस जान्छ, भन्नुहोस्, हे मुनिराज ! म त्यही उपाय गर्दछु ।। ६ ।। परशुराम मुनिले भने—"राम ! मेरो रिस कसरी जाला ? अझसम्म तिम्रो भाई टेढो आँखाले हेरिरहेको छ ।। ७ ।। यसका गर्दनमा कुठारको चोट दिइनँभने मैले रिस गरेर के गरें ? ।। ८ ।।

दोहा—गर्भ स्रवहिं अवनिप रवनि सुनि कुठारगति घोर ।
परसु अछत देखौं जिअत बैरी भूपकिसोर ।।२८१।।

जुन कुठारको घोर गति (प्रचंड पराक्रम) सुनेर राजाहरूका रानीहरूको गर्भ तुहुन्छ, त्यो कुठार मौजूद छँदाछँदै पनि वैरी भएको बच्चालाई जीउँदै देखिरहेको छु ॥ २८१ ॥

चौ०-बहै न हाथु दहै रिस छाती ❀ भा कुठारु कुंठित नृपघाती ॥१॥
भयेउ बाम बिधि फिरेउ सुभाऊ ❀ मोरे हृदय कृपा कसि काऊ ॥२॥

हात चल्दैन, रिसले छाती जल्दछ, राजघाती (क्षत्रियध्वंसी) यो कुठार कुंठित भयो (कुँढिएजस्तो भयो) दैव विपरीत भयो, स्वभाव बदलियो, मेरो हृदयमा कसैमा दया कसरी ? (आयो) ॥ १ ॥ २ ॥

आजु दया दुखु दुसह सहावा ❀ सुनि सौमित्रि बिहसि सिरु नावा ॥३॥
बाउ कृपामूरति अनुकूला ❀ बोलत बचन झरत जनु फूला ॥४॥
जौ पै कृपा जरिहि मुनि गाता ❀ क्रोधु भये तनु राख बिधाता ॥५॥

आज दयाले गर्दा दुःसह दुःख सहनुपर्‍यो" (यो परशुरामको वचन) सुनेर हाँसीकन लक्ष्मणजीले प्रणाम गर्नुभयो (र बोल्नुभयो) ॥ ३ ॥ दयाको स्वरूप लिएर अनुकूल (सुखदायी) वायु (हावा) चल्न लाग्यो, बोल्दाखेरि मानौं फूलजस्ता वचन झर्न लागे ॥ ४ ॥ मुनिराज ! दया गर्दा ता छाती जल्दछभने, क्रोधभएका वेलामा ता तपाईंको शरीरलाई विधाताले बचाउँदा हुनन् (क्रोधले तपाईंको शरीर खरानी नहुनामा विधाताको अनुग्रह कारण होला)" ॥ ५ ॥ (लक्ष्मणजीको यो वचन सुनेर परशुराम बोले-)

देखु जनक हठि बालकु एहू ❀ कीन्ह चहत जड़ जमपुर गेहू ॥६॥
वेगि करहु किन आँखिन्ह ओटा ❀ देखत छोट खोट नृपढोटा ॥७॥
बिहसे लखनु कहा मन माहीं ❀ मूदे आँखि कतहुँ कोउ नाहीं ॥८॥

“ए जनक ! हेर यो हठी, मूढ, बालक यमपुरीमा घर बनाउन खोज्दछ ॥ ६ ॥ यसलाई चाँडै मेरा आँखाको ओटमा (नदेखिने ठाँउमा) किन गर्दैनौ ?, देख्ताखेरि यो छोटो (सानो) छ, राजाको छोरो भए पनि यो खोटो (खराब) हो” ॥ ७ ॥ (यो वचन सुनेर) लक्ष्मणजीले हाँसेर (मलाई हेर्न मन छैनभने) “आँखा चिम्लनुहोस्, कतै पनि कोही हुँदैन (कोही देखिदैन)” ॥ ८ ॥ (भन्नुभयो, त्यो सुनेर-)

दोहा–परसुराम तब राम प्रति बोले उर अति क्रोधु ।
संभुसरासनु तोरि सठ करसि हमार प्रबोधु ॥२८२॥

हृदयमा क्रोध अत्यन्त भएका परशुराम रामजीका प्रति बोल्नलागे—“ए बदमाश ! शंकरको धनु तोडेर मलाई बुझाउन लागिस् ? ॥ २८२ ॥

चौ०-बंधु कहै कटु संमत तोरे ❀ तू छलबिनय करसि कर जोरे ॥१॥
करु परितोषु मोर संग्रामा ❀ नाहि त छाड़ु कहाउब रामा ॥२॥

छलु तजि करहि समरु सिवद्रोही ❀ बंधु सहित न त मारौं तोही ॥३॥
भृगुपति बकहिं कुठार उठाए ❀ मन मुसुकाहिं रामु सिर नाए ॥४॥

तेरो भाई तेरै सम्मतिले कटु वचन बोल्ने, तँ छलको विनय गरेर हात जोर्ने ॥१॥ संग्राममा मलाई खुशी पार् (हात जोरेर म खुशी हुन्न बुझिस् ?) होइनभने राम कहलाउन छाडिदे (यो नामको परित्याग गर) ॥ २ ॥ हे शिवद्रोही ! छल छाडेर युद्ध गर् , नत्र भाई-सहित तँलाई मार्दछु" ॥ ३ ॥ यति बकेर भृगुपति परशुरामले कुठार उठाए (उचाले) अनि रामजीले मनमा हाँसेर शिर झुकाउनुभयो (प्रणाम गर्नुभयो-) र (बोल्नुभयो) ॥ ४ ॥

गुनह लखन कर हम पर रोषू ❀ कतहुँ सुधाइहु ते बड़ दोषू ॥५॥
टेढ़ जानि सब बंदे काहू ❀ बक्र चंद्रमहि ग्रसै न राहू ॥६॥
राम कहेउ रिस तजिअ मुनीसा ❀ कर कुठारु आगे येह सीसा ॥७॥
जेहि रिस जाइ करिअ सोइ स्वामी ❀ मोहि जानिअ आपन अनुगामी ॥८॥

यो गुनाह (अर्घेली) लक्ष्मणको हो, (भनेर मनले बुझ्नुभएकै छ) रिसभने मेरा उपर (बाः !) सीधापनाले पनि कतै कतै बड़ो दोष (ठूलो खराबी हुँदोरहेछ) ॥ ५ ॥ टेढो जानेर सबैलाई शंका हुँदोरहेछ (टेढो देख्ता सबै झस्कँदा रहेछन्) टेढो चन्द्रमालाई राहु पनि ग्रास गर्दैन (सोझो पूर्णचन्द्रमालाई झंटन्छ)" ॥ ६ ॥ रामजीले फेरि भन्नुभयो—हे मुनीश्वर ! त्यो कुठार तपाईंकै हातमा छ, मेरो शिर पनि सामुन्ने नै छ ॥ ७ ॥ जेले रिस जान्छ, त्यही उपाय गर्नुहोस् , प्रभु ! मलाई आफ्नो अनुगामी (सेवक) जान्नुहोस् ॥ ८ ॥

दोहा—प्रभुहि सेवकहि समरु कस तजहु बिप्रबर रोसु ।
बेषु बिलोके कहेसि कछु बालकहू नहि दोसु ॥२८३॥

प्रभुको र सेवकको युद्ध कसरी ?' हे ब्राह्मणधुरंधर ! रिस छाड्नुहोस् , तपाईंको वेष देखेर (शस्त्र-अस्त्रले सुसज्जित भएको वेष देखेर यो बालकले) केही भन्यो लौ, बालकको पनि दोष ता छैन ॥ २८३ ॥

चौ०—देखि कुठारु बान धनु धारी ❀ भै लरिकहि रिस बीरु बिचारी ॥१॥
नामु जान पै तुम्हहि न चीन्हा ❀ बंससुभाय उतरु तेहिं दीन्हा ॥२॥
जौं तुम्ह औतेहु मुनि की नाईं ❀ पदरज सिर सिसु धरत गोसाईं ॥३॥
छमहु चूक अनजानत केरी ❀ चहिअ बिप्र उर कृपा घनेरी ॥४॥

तपाईंलाई कुठारधारी, धनुर्बाणधारी देखेर वीर हुन् भन्ने विचार गरीकन यो लडकालाई रिस उठ्यो, तपाईंको नाम जानेको (सुनेको) थियो तापनि तपाईंलाई (यसले) चिह्नेन र क्षत्रियवंशको स्वभावले उत्तर दियो ॥ १ ॥ २ ॥ तपाईं मुनिजस्ता भएर आउनुहुँदोहो ता, हे गोसाईं ! यो लडका तपाईंको पाउका धूलालाई शिरमा राख्ने थियो ॥ ३ ॥ अजानको भूल-चूक क्षमा गर्नुहोस् । ब्राह्मणका हृदयमा खूब करुणा चाहिन्छ ॥ ४ ॥

हमहि तुम्हहि सरिबरि कसि नाथा ❀ कहहु न कहाँ चरन कहँ माथा ॥५॥
राम मात्र लघु नाम हमारा ❀ परसु सहित बड़ नाम तोहारा ॥६॥

हे नाथ ! हाम्रो र तपाईंको बराबरी कसरी (हुन्छ ?) तपाईं नै भन्नुहोस्न, कहाँ चरण ? कहाँ शिर ? ॥ ५ ॥ मेरो नाम सानो "राम" यत्ति हो, तपाईंको ता परशुसहित भएको ठूलो "परशुराम" नाम छ (जातभातले मात्र होइन कि, नामले पनि तपाईं मभन्दा धेरै ठूला हुनुहुन्छ) ॥ ६ ॥

देव एकु गुनु धनुष हमारे ❀ नव गुन परम पुनीत तुम्हारे ॥७॥
सब प्रकार हम तुम्ह सन हारे ❀ छमहु बिप्र अपराध हमारे ॥८॥

हे देव ! हाम्रो धनु एउटा गुण (डोरो) भएको छ, (हाम्रो बल त्यही हो, त्यतैका भरमा बाँचिरहेका छौं) तपाईंका ता परम पवित्र भएका नौओटा (९) गुण (डोरा र धर्म) छन्, (नौडोरे जनै तपाईंको बल हो त्यसैका प्रभावले तपाईंलाई कोही केही गर्दैन । (९) डोरे जनै मात्र लाउने मामूली ब्राह्मण पनि बलियो हुन्छ, त्यसमाथि, ऋजुता १, तपस्या २, संतोष ३, शुद्धता ४, मनोनिग्रह ५, इन्द्रियनिग्रह ६, दान ७, विद्या ८, दया ९, यी ९ गुणसमेत भएका उत्तम ब्राह्मण तपाईंको जोडा लाग्न एउटा गुण हुने धनु लिने कोही क्षत्रिय सक्ला ?) ॥ ७ ॥ (क) सब तरहले म तपाईंसंग हारेको छु, हे ब्राह्मणदेवता ! मेरो अपराध क्षमा गर्नुहोस् ॥ ८ ॥

दोहा—बार बार मुनि बिप्रबर कहा राम सन राम ।
बोले भृगुपति सरुष हसि तहूँ बंधु सम बाम ॥२८४॥

रामजीले परशुरामसँग (कुरा गर्दा) वारंवार मुनि विप्रवर (मुनि र ब्राह्मणश्रेष्ठ) भन्नुभयो, (त्यसै बाबतमा) क्रुद्ध भएका परशुरामले हाँसेर—"तँ पनि भाईजस्तै कुटिल रहिछस्—॥ २८४ ॥

चौ०—निपटहि द्विज करि जानहि मोही ❀ मैं जस बिप्र सुनावौं तोही ॥१॥
चाप स्रुवा सर आहुति जानू ❀ कोपु मोर अति घोर कृसानू ॥२॥
समिधि सेन चतुरंग सुहाई ❀ महा महीप भये पसु आई ॥३॥
मैं येहि परसु काटि बलि दीन्हे ❀ समर जग्य जय कोटिन्ह कीन्हे ॥४॥
मोर प्रभाउ बिदित नहि तोरें ❀ बोलसि निदरि बिप्र के भोरें ॥५॥
भंजेउ चापु दापु बड़ बाढ़ा ❀ अहमिति मनहु जीति जगु ठाढ़ा ॥६॥

मलाई कोरा ब्राह्मण ठान्दछस् ?, म जस्तो ब्राह्मण हुँ, तँलाई सुनाउँछु (सुन्) ॥ १ ॥ धनुलाई सुरो, बाणलाई आहुति जान्, मेरो रिसलाई प्रचंड अग्नि जान् ॥ २ ॥ चतुरङ्ग सेनालाई (हात्ती, घोडा, रथ, प्यादासमेतका फौजलाई) असल समिधा (बल्ने-

---

(क) "ऋजुस्तपस्वी संतुष्टः शुचिर्दान्तो जितेन्द्रियः, दाता विद्वान् दयालुश्च ब्राह्मणो नवभिर्गुणैः ।"
(स्मृति०)

दाउरा) जान् ; बडे बडे राजाहरू पशु भएर अघिसरेका थिए, तिनलाई यसै कुठारले काटेर बलि दिएँ र यसै जगत्मा करोडौं समरयज्ञ गरें ॥ ३ ॥ ४ ॥

मेरो प्रभाव तँलाई थाह रहेनछ, निर्भय भएर ब्राह्मणै ता हो नि भन्ने भूलमा परेर बोलिस् ॥ ५ ॥ एउटा धनुष तोडिस्, घमंड खूब बढ्यो, मानौं खडा रहेको जगतै जितें भन्ठानेर अहं अहं भन्नलागिस् (तेर्सिरहेको धनु भाँचिस्, खडा रहेको कुनै वीरलाई मार्दो होस ता अहं अहं भनेको पनि अलि सुहाउँथ्यो) ॥ ६ ॥

राम कहा मुनि कहहु बिचारी ❀ रिस अति बड़ि लघु चूक हमारी ॥७॥
छुअतहि टूट पिनाक पुराना ❀ मैं केहि हेतु करौं अभिमाना ॥८॥

अनि रामजीले भन्नुभयो कि—"मुनिजी ! विचार गरेर बोल्नुहोस्, तपाईंको रीस साह्रै ठूलो छ, मेरो चूक सानो छ। पुरानो पिनाकधनु छुनाका साथ भाँच्चियो, म केका निंति अभिमान गर्थें, (अर्कालाई त्यसै अभिमानी भन्न हुन्छ ?) ॥ ७ ॥ ८ ॥

दोहा—जौं हम निदरहिं बिप्र बदि सत्य सुनहु भृगुनाथ ।
तौ अस को जग सुभटु जेहि भयबस नावहिं माथ ॥२८५॥

हे भृगुनाथ ! साँचो कुरा सुन्नुहोस्, यदि म तपाईंलाई ब्राह्मण भनेर निरादार गर्दो हुँ ता जगत्मा यस्तो महायोद्धा को छ ? जसलाई डराएर म ढोगिदिंदो हुँ (मैले आदरै गरेर तपाईंलाई बार बार ढोगदिएको हुँ, निरादर गरेर होइन, भित्र मनमा आदरै नभैकन ढोगिदिनु ता भयको चिन्ह हो, मैले भय मानेर ढोगिदिनुपर्ने सकस दुनियाँमा कुन छ ? तपाईं नै बताउनुहोस्) ॥ २८५ ॥

चौ०—देव दनुज भूपति भट नाना ❀ समबल अधिक होउ बलवाना ॥१॥
जौं रन हमहि पचारै कोऊ ❀ लरहिं सुखेन कालु किन होऊ ॥२॥
क्षत्रियतनु धरि समर सकाना ❀ कुलकलंकु तेहि पावर आना ॥३॥
कहौं सुभाउ न कुलहि प्रसंसी ❀ कालहु डरहिं न रन रघुबंसी ॥४॥
बिप्रबंस कै असि प्रभुताई ❀ अभय होइ जो तुम्हहि डेराई ॥५॥

देवता होस् कि दानव होस्, अनेक राजा होऊन् कि अनेक योद्धा होऊन्, समबल (बराबरको) होस् कि बढ्ता बलवान् होस्, कोही मलाई युद्धमा हाँक दिन्छ (ललकार्छ) भने त्यो सकस काल नै होस्, मज्जासँग लड्दछु ॥ १ ॥ २ ॥ क्षत्रियको चोला लिएर लडाइँमा डराउँछ भने, कुलकलंक त्यो पामर अर्कैको हो (क्षत्रियको छोरै होइन, जारपुत्र = दोग्ला हो) ॥ ३ ॥ म कुलको स्वभाव (प्रकृति) भन्दछु, यो प्रशंसा (तारीफ) गरेको होइन, रघुवंशी ठाकुरहरू युद्धमा कालदेखि पनि डराउँदैनन् ॥ ४ ॥ (कालदेखि नडराउने सकसले मलाई हात किन जोरेको त ? भन्नुहोला नि—) ब्राह्मणवंशको प्रभुत्व नै यस्तो छ कि—अभय भएर पनि तपाईं ब्राह्मणदेखि म सभय भएँ ॥ ५ ॥ (क)

(क) यो उक्तिबाट रघुनाथजीले—नमो ब्रह्मण्यदेवाय गोब्राह्मणहिताय च ।
जगद्धिताय कृष्णाय गोविन्दाय नमोनमः ॥
यो वाक्यले प्रतिपादन गरिएको आफ्नो विष्णुभाव सूचन गर्नुभएको हो ।

सुनि मदु गूढ़ बचन रघुपति के ❀ उघरे पटल परसुधरमति के ॥६॥
राम रमापति कर धनु लेहू ❀ खैंचहु मिटै मोर संदेहू ॥७॥
देत चापु आपुहि चलि गएऊ ❀ परसुराममन बिसमय भयेऊ ॥८॥

रघुनाथजीका नरम र गूढ भएका वचन सुन्दा परशुरामका बुद्धिको पर्दा उघ्र्यो (बुद्धिले यी परमेश्वरै हुन् भनी चिह्ने) (अनि भन्न लागे-) ॥ ६ ॥

हे राम ! [1]लक्ष्मीपतिको (विष्णुको) धनु हातमा लिनुहोस् र खिच्नुहोस्, मेरो

---

(१) विश्वकर्माले दुष्टदमनका निमित्त सर्वलोकोत्तर दुई धनु बनाएर देवताहरूलाई बुझाए। ती दुई धनु धारण गर्नलाई लोकपालहरू पनि समर्थ थिएनन्, सबैका सम्मतिले एउटा धनु शंकरजीले लिनुभयो, त्यसैद्वारा अजय्य भएको त्रिपुरासुरलाई भस्म पार्नुभयो, अर्को धनु विष्णु भगवान्ले लिनुभएको थियो, "ती दुई धनुमध्येमा कुनचाहिने जब्बर छ" भनेर उत्सुक भएका लोकपालहरूले प्रेरणा गर्दा ब्रह्माजीले विष्णुको र शंकरको झगरा पार्नुभयो (अदना अदना मानिस पनि झगरा पार्न सिपालु हुन्छन्, ब्रह्माजी जस्ताले विष्णुको र शंकरको झगरा पार्नुमा के आश्चर्य ?)। ती दुई धनु लिएर दुई जना (विष्णु र शंकर) परस्पर जयार्थी भएर धेरै कालसम्म भयानक युद्ध गर्न लाग्नुभयो। आखिरमा विष्णुका हुंकारले धनुसहित-शंकरजी स्तम्भित हुनुभयो (अकडिनुभयो, नचल्ने हुनुभयो) शंकरको धनुभन्दा विष्णुको धनु जब्बर ठहरियो। ब्रह्मादि देवताले प्रार्थना गरेर विष्णुको र शंकरको यथापूर्व (साबिकबमोजिम) मेल गराए। शंकरजीले त्यो धनु जनक राजाका पूर्वज (पुर्खा) देवरात राजाका जिम्मामा नासो राख्नुभयो, (उहाँलाई त्यो-धनु अल्लि मनपरेन)। विष्णु भगवान्ले पनि आफ्नो धनु ऋचीक नाम भएका महात्मा मुनिका जिम्मामा नासो राख्नुभयो। ऋचीकले आफ्ना छोरा जमदग्निलाई दिनुभयो, पिता जमदग्निबाट मैले पाएँ, यो उही वैष्णवधनु हो। भगवन् ! रामचन्द्र ! हजूरका अंशको आश्रय पाउँदा मैले आज्ञानुसार दुष्टसंहार गरेर भूमण्डल निःक्षत्रिय पारें र महेन्द्रपर्वतमा आश्रम गरी बसेको छु, शंकरको उही धनु तोड्दा हजूरलाई मैले विष्णु भगवान् जस्तै संझें, अरूको ताकतले त्यो धनु उठाउन पनि नसकिने, तोड्नाको के कुरा ? अब यो वैष्णवधनु लिएर ताँदो चढाईकन खिचिदिनुभयोभने मेरो शंका बिलकुल हट्छ" भनी परशुरामजीले विन्ति चढाएको वृतान्त वाल्मीकीयरामायणका बालकाण्डको ७५ सर्गमा लेखिएको छ।

रामजीले परशुरामका हातको धनु लिएर ताँदो चढाईकन बाणसंधान गर्नुभयो र "लौ अब यो अमोघ बाण कहाँ हान्ने हो ? तिमी ब्राह्मणका शरीरमा हान्नु भएन" भनी भन्दा परशुराममा रहेको विष्णुको अंश खिचिएर रामजीमा मिल्न[1] आयो, परशुरामले रामजीलाई परमेश्वर जानेर स्तुति गरे।

अनि-"प्रभो राम ! आजपर्यन्त मैले तपस्या गरेर जुन जुन पुण्य कमाएको छु, तिनमा[2] हजूरको अमोघ बाण छुटोस्, पुण्यलोकको सुखभोगमा मलाई तृष्णा छैन, हजूरको दर्शन पाएँ कृतार्थ भएँ, म अब समुद्रलाई हटाएर बनाएको आफ्नो आश्रम महेन्द्रपर्वतमा जान्छु, दान गरेर ब्राह्मणलाई दिएको यो भूमण्डलमा मैले रात्रिनिवास गर्न हुँदैन। अनन्तकोटिब्रह्माण्डनायकसँग हारेबाबत मलाई लाज कत्ति छैन, आजसम्म हजूरको शक्तिले म अजय्य थिएँ, त्यो शक्ति प्रभुले लिइबक्सियो तापनि मलाई विषाद छैन, अब निर्लेप भएर प्रभुको तादात्म्य पाएँ, अनुग्रहको पराकाष्ठा भयो, * हजूरलाई नमस्कार छ, म बिदा भएँ," भनेर रामजीलाई प्रदक्षिणा गरेर परशुराम गएको वृत्तान्त वाल्मीकीयरामायणमा (१।७६) छ।

(१) ततः परशुरामस्य देहान्निर्गत्य वैष्णवम्।
पश्यतां सर्वदेवानां तेजो राममुपागमत् ॥ [नृसिंहपुराण.]

सन्देह मेटियोस् ॥ ७ ॥ (यति भनेर परशुरामले आफूले लिएको वैष्णवधनु दिन खोज्दा भगवान् रामचन्द्रले त्यो धनु लिनुभयो) । त्यो वैष्णवधनु दिंदाखेरि आफ्ना स्वामी विष्णु भगवान् रामचन्द्रसंग पुग्यो र चढ्यो । परशुरामका मनमा आश्चर्य भयो ॥ ८ ॥

दोहा—जाना रामप्रभाउ तब पुलक प्रफुल्लित गात ।
जोरि पानि बोले बचन हृदय न प्रेमु अमात ॥२८६॥

अनि परशुरामले रामजीको प्रभाव जाने, उनको शरीर रोमाञ्चले प्रफुल्ल भयो । हृदयमा प्रेम नअटाउने भयो । दुई हाथ जोरेर बोल्न लागे—॥ २८६ ॥

चौ०-जय रघुबंस बनज बन भानू ❀ गहन दनुज कुल दहन कृसानू ॥१॥
जय सुर बिप्र धेनु हितकारी ❀ जय मद मोह कोह भ्रम हारी ॥२॥
विनय सील करुना गुन सागर ❀ जयति बचनरचना अति नागर ॥३॥
सेवकसुखद सुभग सब अंगा ❀ जय सरीरछबि कोटि अनंगा ॥४॥

रघुराजाको वंशरूपी कमलवनका सूर्यस्वरूप भएका (हे राम !) हजूरको जय होस् । जंगलसमान भएका राक्षसकुलको दाह गर्नलाई अग्निसमान भएका (हे राम !) हजूरको जय होस् ॥ १ ॥ देवता ब्राह्मण गाईहरूको हित गर्ने भएका (हे राम !) हजूरको जय होस् , मद (घमंड) मोह (अज्ञान) क्रोध, भ्रम हरण गर्ने भएका (हे राम !) हजूरको जय होस् ॥ २ ॥ नम्रता, शीलस्वभाव, करुणा, गुण यिनका सागर (समुद्र) भएका वचनरचनामा (बोल्नामा) अति नागर (अति कुशल) भएका (हे राम !) हजूरको (सदासर्वदा) जयै छ ॥ ३ ॥ भक्तलाई सुख दिने भएका, सर्वाङ्गसुन्दर भएका, शरीरका शोभाले कोटि कामदेवतुल्य भएका (हे राम !) हजूरको जय होस् ॥ ४ ॥

करौं काह मुख एक प्रसंसा ❀ जय महेसमन मानस हंसा ॥५॥
अनुचित बहुत कहेउँ अज्ञाता ❀ क्षमहु क्षमामंदिर दोउ भ्राता ॥६॥
कहि जय जय जय रघुकुलकेतू ❀ भृगुपति गये बनहिं तपहेतू ॥८॥
अपभय कुटिल महीप डेराने ❀ जहँ तहँ कायर गवहिं पराने ॥८॥

प्रभु ! म एउटा मुखले हजूरको प्रशंसा कसरी गरौं ? शंकरजीका मनरूपी मानस सरोवरमा हंसरूप भएर खेल्ने भएका (हे राम !) हजूरको जय होस् ॥ ५ ॥ मैले नजानीकन धेरै अनुचित बोलें, क्षमामन्दिर (क्षमाभवन) भएका हजूरहरू दुवै भाईले क्षमा गर्नुहोस् ॥ ६ ॥ रघुकुलको झण्डासमान भएका (हे राम !) हजूरको जय जय होस्” यति भनेर भृगुपति

---

(२) देव यद्यत् कृतं पुण्यं मया लोकजिगीषया ।
तत्सर्वं तव बाणाय भूयाद्राम ! नमोऽस्तु ते ॥ (अध्यात्मरामायण)

* तपस्याले परशुरामजी क्षीणकल्मष (निष्पाप) हुनुभएको थियो, तपस्याको पुण्यको संचय ठूलो थियो, पापरूपी लोहश्रृङ्खला टुटेको थियो तापनि, पुण्यरूपी सुवर्णश्रृङ्खलाले परशुरामजी बाँधिनुभएको थियो, अब पुण्य-पापवर्जित भई जीवन्मुक्त हुनुभयो, जीबको परम उच्च अवस्था यही हो, पुण्यको बन्धनमा रहनु मध्यम अवस्था हो । पापको बन्धनमा रहनु अधम अवस्था हो ।

(परशुराम) तपस्याका निमित्त वनतर्फ गए ॥ ७ ॥ कुटिल राजाहरू आफ्नै डरले डराए ("कृतापराधः स्वयमेव शङ्कते" भनेमुताबिक झस्कन लागे) अरू कातर राजाहरू यत्र-तत्र भागेर गए॥ ८ ॥

दोहा—देवन्ह दीन्ही दुंदभी प्रभु पर बरषहिं फूल ।
हरषे पुर नर नारि सब मिटी मोह भय सूल ॥२८७॥

देवताहरूले दनादन दुन्दुभी बजाएर प्रभुका उपर फूल वर्षाउन लागे । नगरका सबै नरनारीहरू हर्षित भए, मोह, भय, चिन्ता मेटियो ॥ २८७ ॥

चौ०–अति गहगहे बाजने बाजे ❀ सबहि मनोहर मंगल साजे ॥१॥
जूथ जूथ मिलि सुमुखि सुनयनी ❀ करहिं गान कल कोकिलबयनी ॥२॥
सुखु बिदेह कर बरनि न जाई ❀ जन्मदरिद्र मनहु निधि पाई ॥३॥
बिगत त्रास भइ सीय सुखारी ❀ जनु बिधु उदयँ चकोरकुमारी ॥४॥

बाजाहरू खूब घनाघन बज्न लागे, सबैले सुन्दर सुन्दर मङ्गल पदार्थ सजाए ॥ १ ॥ सुन्दरमुखी, सुनयनी, कोकिलकलवादिनी, नारीहरू डफ्फा-डफ्फा मिलेर मधुर गान गर्नलागे ॥ २ ॥ मानौं जन्मदरिद्रले खानि पाएजस्तै हुँदा जनक राजाको आनन्द अवर्णनीय भयो, ॥ ३ ॥ गतत्रास (भयरहित) भएकी सीताजी, चन्द्रमाको उदयमा चकोरकिशोरी (चकोर बालिका) झैं आनन्दित हुनुभयो ॥ ४ ॥

जनक कीन्ह कौसिकहि प्रनामा ❀ प्रभुप्रसाद धनु भंजेउ रामा ॥५॥
मोहि कृतकृत्य कीन्ह दुहुँ भाई ❀ अब जो उचित सो कहिअ गोसाईं ॥६॥

जनकले कौशिक (विश्वामित्र) लाई प्रणाम गरेर "प्रभुका अनुग्रहले रामजीले धनु तोड्नुभयो, दुवै भाईले मलाई कृतकृत्य गराए, हे गोस्वामी ! अब जे उचित छ सो भन्नुहोस्" ॥ ५ ॥ ६ ॥ (भन्दा)

कह मुनि सुनु नरनाथ प्रबीना ❀ रहा बिवाहु चाप आधीना ॥७॥
टूटतहीं धनु भयेउ बिवाहू ❀ सुर नर नाग बिदित सब काहू ॥८॥

विश्वामित्रले "हे प्रवीण ! (चतुर !) राजन् ! जनक ! सुन्नुहोस् , विवाह धनुको अधीन थियो ॥ ७ ॥ धनु टुट्नाका साथ देवता-मनुष्य-नाग सबैलाई विदित भएको (सबैले थाहा पाएको) विवाह भइसक्यो (देवता-मनुष्य-अग्निलाई साक्षी राखेर वरको र कन्याको नाता बाँध्नु नै विवाह हो, त्यो ता भइसक्यो) ॥ ८ ॥

दोहा—तदपि जाइ तुम्ह करहु अब जथा बंसब्यवहारु ।
बूझि बिप्र कुलबृद्ध गुर बेद बिदित आचारु ॥२८८॥

तैपनि तपाईं गएर ब्राह्मणकुलका वृद्ध वृद्धहरू र गुरुसँग बुझेर आफ्ना वंशमा चलेको कुलाचार र वेदले निधान गरेको आचार (विधिविधान) गर्नुहोस् ॥ २८८ ॥

चौ०–दूत अवधपुर पठवहु जाई ❀ आनहिं नृप दसरथहि बोलाई ।।१।।
मुदित राउ कहि भलेहि कृपाला ❀ पठए दूत बोलि तेहि काला ।।२।।
बहुरि महाजन सकल बोलाए ❀ आइ सबन्हि सादर सिर नाए ।।३।।

गएर अयोध्यामा दूत पठाउनुहोस् त्यो गएर राजा दशरथलाई बोलाई ल्याओस्" (भने) ।। १ ।। राजा जनकले खुशी भएर "हवस् दयानिधान !" भनेर तत्कालैमा दूत बोलाएर (अयोध्यातर्फ) पठाए ।। २ ।। फेरि सकल महाजनलाई पनि बोलाए, सबै तिनीहरूले आएर आदरसाथ शिर झुकाए ।। ३ ।। (अनि राजाले अह्राए)

हाट बाट मंदिर सुरबासा ❀ नगरु सँवारहु चारिहु पासा ।।४।।
हरषि चले निज निज गृह आए ❀ पुनि परिचारक बोलि पठाए ।।५।।
रचहु बिचित्र बितान बनाई ❀ सिर धरि बचन चले सचु पाई ।।६।।

"बजार, सडक, घर, देवमन्दिरलगायत चारैतर्फ नगरको संस्कार (सफाई) गर" (यो हुकूम पाएर तिनीहरू) हर्षित भएर हिंडे । आफ्ना आफ्ना घर आई नोकरचाकर बोलाएर तिनीहरूले "विचित्र मण्डप बनाएर सजाऊ" भने । मालिकको आज्ञा शिरोपर गरेर ती आनन्दित भईकन गए ।। ४ ।। ५ ।। ६ ।।

पठए बोलि गुनी तिन्ह नाना ❀ जे बितानबिधि कुसल सुजाना ।।७।।
बिधिहि बंदि तिन्ह कीन्ह अरंभा ❀ बिरचे कनककदलि के खंभा ।।८।।

तिनीहरूले जुन जुन मण्ड़परचनामा सिपालु र समुझदार थिए तिनै तिनै अनेक प्रकारका कारीगरलाई बोलाई पठाए ।। ७ ।। तिनीहरूले प्रथम विधाताको वन्दना गरेर आरंभ गरे, पहिले सुवर्णैका केराका थाम बनाए ।। ८ ।।

दोहा–हरितमनिन्ह के पत्र फल पदुमराग के फूल ।
रचना देखि बिचित्र अति मनु बिरंचि कर भूल ।।२८९।।

तिनका पात र फल पन्नाका बनाए, त्यसका फूल (बुंगा) माणिकका बनाए । अति विचित्र त्यो रचना देखेर ब्रह्माजीको मनमा पनि भूल हुने भयो (साँच्चिकै केराको बोट ठान्नेसम्म भयो) ।। २८९ ।।

चौ०–बेनु हरित मनि मय सब कीन्हे ❀ सरल सपरब परहिं नहि चीन्हे ।।१।।
कनककलित अहिबेलि बनाई ❀ लखि नहि परै सपरन सुहाई ।।२।।
तेहि के रचि पचि बंध बनाए ❀ बिच बिच मुकुतादाम सुहाए ।।३।।

हरियै हरिया मणिले सोझा आँख्ला समेतका बाँस बनाए, ती चिह्न नसकिने भए ।। १ ।। सुवर्णका पानवेल (पानका लहरा) पातसमेतका बनाइए, ती सुन्दर पानवेल पनि नचिह्निने (ठीक ठीक पानै जस्तै) भए ।। २ ।। सुवर्णैका लचका—पट्टा बनाएर मण्डपलाई (यज्ञशालालाई) बाँधे (घेरे) बीचबीचमा सुन्दर मोतीका माला राखे ।। ३ ।।

मानिक मरकत कुलिस पिरोजा ❀ चीरि कोरि पचि रचे सरोजा ॥४॥
किए भृंग बहुरंग बिहंगा ❀ गुंजहिं कूजहिं पवनप्रसंगा ॥५॥

माणिक, पन्ना, हीरा, पिरौजा काटी चिरी जडीकन (अनेक रंगका) कमल बनाए ॥ ४ ॥ भ्रमर र अनेक रंगका पक्षीहरू पनि हावा लाग्दा भँवरै जस्ता गुञ्जन गर्ने, पक्षीजस्तै कूजन गर्ने (बोल्ने) बनाए ॥ ५ ॥

सुरप्रतिमा खंभन्ह गढ़ि काढ़ी ❀ मंगल द्रब्य लिये सब ठाढ़ी ॥६॥
चौकैं भाँति अनेक पुराई ❀ सिंधुर मनि मय सहज सुहाई ॥७॥

मंगलद्रव्य (फल-फूल प्रभृति) लिएर खडा भएका देवताका प्रतिमा (पुतली) बनाएर खम्भा खम्भामा जडिए ॥ ६ ॥ स्वभावैले सुन्दर भएका आँगनमा गजमोतीमय भएका चौका पुरिए ॥ ७ ॥

दोहा—सौरभ पल्लव सुभग सुठि किए नीलमनि कोरि ।
हेमबौरु मरकतघवरि लसति पाटमय डोरि ॥२९०॥

नीलमणि चिरेर खूब सुन्दर आम्रपल्लव बनाए। तिनमा सुवर्णको बौरी (मुजुरा) र पन्नाको कोपिला बनाए, रेशमको डोरीमा ती शोभायमान भए (उनेर टाँगिए) ॥ २९० ॥

चौ०—रचे रुचिर बर बंदनिवारे ❀ मनहु मनोभव फंद सँवारे ॥१॥
मंगल कलस अनेक बनाए ❀ ध्वज पताक पट चमर सुहाए ॥२॥
दीप मनोहर मनिमय नाना ❀ जाइ न बरनि बिचित्र बिताना ॥३॥

मानौं कामदेवलाई फसाउन बनाएका ठीक पारेर थापेका फन्दा (पास) हुन् कि भनेजस्ता सुन्दर बन्दनिवार (फूलका मालाका तोरण) बनाए ॥ १ ॥ अनेक मंगल-कलश बनाए, सुन्दर ध्वजा पताका, वस्त्र, चमर तयार गरे ॥ २ ॥ मणिका दीपहरू नाना प्रकारसँग (यत्रतत्र) राखे, वितान (चँदुवा) को विचित्र शोभा वर्णन गर्न नसकिने थियो ॥ ३ ॥

जेहि मंडप दुलहिनि बैदेही ❀ सो बरनै असि मति कबि केही ॥४॥
दूलहु रामु रूप गुन सागर ❀ सो बितानु तिहुँ लोक उजागर ॥५॥
जनकभवन कै सोभा जैसी ❀ गृह गृह प्रति पुर देखिय तैसी ॥६॥

जुन मण्डपमा खास जनकनन्दिनी दुलही भएर बस्नुहुनेछ, त्यो मंडपको वर्णन गर्ने जस्तो बुद्धि कुन कविको छ र ? ॥ जुन मण्डपमा रूप-गुणसागर रामजी दुलहा भएर बस्नुहुनेछ, त्यो मण्डप तीनलोकभन्दा उज्यालो थियो। जनकराजाका दरबारको शोभा जस्तो थियो, जनकपुरका घरघरको शोभा त्यस्तै थियो ॥ ४ ॥ ५ ॥ ६ ॥

जेहि तेरहुति तेहि समय निहारी ❀ तेहि लघु लगहिं भुवन दस चारी ॥७॥
जो संपदा नीचगृह सोहा ❀ सो बिलोकि सुरनायक मोहा ॥८॥

त्यस समयमा जसले तिरहुतको (जनकपुरको) शोभा देख्यो, त्यसलाई चतुर्दश-

भुवनको शोभा सानु लाग्दथ्यो ॥ ७ ॥ जनकपुरमा अदना अदना मानिसका घरमा जो संपत्ति शोभायमान थियो, त्यो संपत्ति देखेर देवराज इन्द्र पनि मोहित हुन्थे ॥ ८ ॥

दोहा–बसै नगर जेहि लछि करि कपटनारि बर बेषु ।
तेहि पुर कै सोभा कहत सकुचहिं सारद सेषु ॥२९१॥

जुन नगरमा मायाले सुन्दर स्त्रीको रूप धारण गरेर साक्षात् लक्ष्मी रहनुभएको छ, त्यो नगरको शोभा वर्णन गर्दा शारदा र शेष पनि संकुचित हुन्छन् ॥ २९१ ॥

चौ०–पहुचे दूत रामपुर पावन ❀ हरषे नगर बिलोकि सुहावन ॥१॥
भूपद्वार तिन्ह खबरि जनाई ❀ दसरथ नृप सुनि लिए बोलाई ॥२॥
करि प्रनामु तिन्ह पाती दीन्ही ❀ मुदित महीप आपु उठि लीन्ही ॥३॥
बारि बिलोचन बाँचत पाती ❀ पुलक गात आई भरि छाती ॥४॥

दूतहरू पवित्र रामपुर (अयोध्या) पुगे, सुन्दर नगर देखेर हर्षित भए ॥ १ ॥ तिनीहरूले राजद्वारमा खबर जाहेर गरी पठाए, सुनेर राजा दशरथले तिनीहरूलाई बोलाए ॥ २ ॥ प्रणाम गरेर तिनीहरूले पत्रिका (चिठ्ठी) दिए, राजा दशरथले हर्षित भएर आफैं उठीकन (त्यो पत्रिका) लिए ॥ ३ ॥ पत्रिका बाँच्ताखेरि आँखाभरी जल (हर्षाश्रु), शरीरभरी रोमाञ्च भयो, छाती भरिएर आयो (छाती भारी भयो) ॥ ४ ॥

राम लखनु उर कर बर चीठी ❀ रहि गये कहत न खाटी मीठी ॥५॥
पुनि धरि धीर पत्रिका बाँची ❀ हरषी सभा बात सुनि साँची ॥६॥
खेलत रहे तहाँ सुधि पाई ❀ आए भरतु सहित हित भाई ॥७॥
पूछत अति सनेह सकुचाई ❀ तात कहाँ तें पाती आई ॥८॥

हृदयमा राम लक्ष्मण, हातमा शुभसमाचारको चिट्ठी, बाँच्तै टप्प अडिए, खट्टा मीठा केही थाह भएन (प्रेमविह्वल भएर हर्ष र विषाद बिर्सीकन पक्क परे ॥ ५ ॥ फेरि धैर्य धारण गरेर चिट्ठी बाँचे, साँचो कुरा सुनेर सब सभा (बैठकका मन्त्री सेनापति प्रभृतिको समूह) हर्षित भई ॥ ६ ॥ भरत शत्रुघ्न जहाँ खेलिरहेका थिए त्यहीं खबर पाएर दुवै भाई आए ॥ ७ ॥ अत्यन्त स्नेहले संकोच गरीकन “पिताजी ! पत्रिका कहाँबाट आयो ? ॥ ८ ॥

दोहा–कुसल प्रानप्रिय बंधु दोउ अहहिं कहहु केहि देस ।
सुनि सनेहँ साने बचन बाची बहुरि नरेस ॥२९२॥

प्राणप्यारा दाज्यूहरू दुवै जना कुशल हुनुहुन्छ ? कुन देशमा हुनुहुन्छ ? आज्ञा होस्” भनी सोधे। त्यस्तो स्नेहले मिश्रित भएको वचन सुनेर राजा दशरथले फेरि पत्रिका बाँचे ॥ २९२ ॥

चौ०–सुनि पाती पुलके दोउ भ्राता ❀ अधिक सनेहु समात न गाता ॥१॥
प्रीति पुनीत भरत कै देखी ❀ सकल सभा सुखु लहेउ बिसेषी ॥२॥

पत्रिका सुनेर दुवै भाई रोमाञ्चित भए, बढेको प्रेम शरीरमा नअटाउने भयो। भरतको पवित्र प्रीति देखेर सकल सभाले विशेष (अधिक) आनन्द पायो ॥ १ ॥ २ ॥

तब नृप दूत निकट बैठारे ❀ मधुर मनोहर बचन उचारे ॥३॥
भैआ कहहु कुसल दोउ बारे ❀ तुम्ह नीकें निज नयन निहारे ॥४॥
स्यामल गौर धरे धनु भाथा ❀ बय किसोर कौसिक मुनि साथा ॥५॥

अनि राजाले दूतहरूलाई नगीचैमा बसाएर मधुर मनोहर वचन बोले ॥ ३ ॥ "भाइहो! भन दुवै भाई कुशल छन्?, तिमीहरूले आफ्नै आँखाले तिनलाई कुशल देखेका होऊ? ॥ ४ ॥ तिनीहरू श्याम र गौर छन्, धनु लिएका, ठोक्रो भिरेका छन्, तिनको उमेर किशोर छ, साथमा कौशिकमुनि हुनुहुन्छ ॥ ५ ॥

पहिचानहु तुम्ह कहहु सुभाऊ ❀ प्रेम बिबस पुनि पुनि कह राऊ ॥६॥
जा दिन तें मुनि गए लवाई ❀ तब ते आजु साँचि सुधि पाई ॥७॥
कहहु बिदेह कवन बिधि जाने ❀ सुनि प्रिय बचन दूत मुसुकाने ॥८॥

तिमीहरू उनलाई चिन्दछौ? स्वभाव (कस्तो छ?) भन" यस्तो कुरा राजाले प्रेमपरवश भएर वारंवार बोले ॥ ६ ॥ (फेरि राजाले भने कि) "जुन दिनदेखि विश्वामित्र मुनिले (तिनीहरूलाई) लिएर जानुभयो उहिलेदेखि (बल्ल) आज साँच्चिकै शुद्धि पाएँ ॥ ७ ॥ भन राजा जनकजीले कुन तरहले चिन्नुभयो?" यो प्रिय वचन सुनेर दूतहरूले मन्दहास्य गरे ॥ ८॥ (अनि विन्ति गर्न लागे)—

दोहा—सुनहु महीपति मुकुटमनि तुम्ह सन धन्य न कोउ।
रामु लखनु जिन्ह के तनय बिस्वबिभूषन दोउ ॥२९३॥

"हे महीपतिमुकुटमणि! महाराज! सुनिबक्सियोस्, जसका छोरा, राम र लक्ष्मण संसारका गहना हुनुभएको छ, उस्ता हजूरबराबरको धन्य अर्को कोही छैन ॥ २९३ ॥

चौ०—पूछन जोगु न तनय तुम्हारे ❀ पुरुषसिंघ तिहुँ पुर उजिआरे ॥१॥
जिन्ह के जस प्रताप के आगे ❀ ससि मलीन रबि सीतल लागे ॥२॥
तिन्ह कहँ कहिअ नाथ किमि चीन्हे ❀ देखिअ रबि कि दीप कर लीन्हे ॥३॥

हजूरका छोराहरू सोध्नलायक हुनुहुन्न (सोध्नै पर्दैन) (किनभने?) उहाँहरू पुरुषसिंह (सर्वश्रेष्ठ पुरुष) र तीनै लोकमा (सबैभन्दा) उज्याला हुनुहुन्छ ॥ १ ॥ जसका यश र प्रतापका अगाडि, चन्द्रमा मैला, र सूर्य ठंडा लाग्दछन् (भान पर्दछन्) महाराज! उनैलाई "जनक राजाले कसरी चिन्हे" हुकूम हुन्छ, सूर्यलाई हातमा बत्ती लिएर हेर्नुपर्दछ र? ॥ २ ॥ ३ ॥

सीयस्वयंबर भूप अनेका ❀ समिटे सुभट एक तें एका ॥४॥
संभुसरासनु काहुँ न टारा ❀ हारे सकल बीर बरिआरा ॥५॥
तीनि लोक मह जे भट मानी ❀ सभ कै सकति संभुधनु भानी ॥६॥

सीताजीका स्वयंवरमा अनेक राजा र एकसे एक योद्धाहरू एकत्र भएका थिए—॥ ४ ॥ (परन्तु) शंकरको धनुलाई कसैले हल्लाउन पनि सकेन, बलवान् भएका सकल वीरले हारे ॥ ५ ॥ तीनै लोकमा जो जोधा भनेर मानिएका थिए, ती सबैको शक्तिलाई शंकरका धनुले भाँचिदियो ॥ ६ ॥

सकै उठाइ सरासुर मेरू ❀ सोउ हिय हारि गयेउ करि फेरू ॥७॥
जेहिं कौतुक सिवसैलु उठावा ❀ सोउ तेहिं सभा पराभउ पावा ॥८॥

शरासुर (बाणासुर) सुमेरुपर्वत उठाउन सक्तछ, त्यो पनि मनमा हरेस खाएर (धनुको) फेरी (परिक्रमा) गरीकन गयो ॥ ७ ॥ जसले लहडबाजीमा कैलास पर्वत उठायो त्यो रावणले पनि त्यो सभामा (स्वयंवरको दंगलमा) अनादर पायो ॥ ८ ॥

दोहा—तहाँ राम रघुबंसमनि सुनिअ महा महिपाल।
भंजेउ चाप प्रयास बिनु जिमि गजु पंकजमाल ॥२९४॥

हे रघुवंशमणि! राजाधिराज! त्यही सभामा, हात्तीले कमलको डाँठ भाँचेझैं गरी रामजीले विनाप्रयास धनु भाँचिदिनुभयो ॥ २९४ ॥

चौ०—सुनि सरोष भृगुनायकु आए ❀ बहुत भाँति तिन्ह आँखि देखाए ॥१॥
देखि राम बलु निज धनु दीन्हा ❀ करि बहु बिनय गवनु बन कीन्हा ॥२॥
राजन रामु अतुलबल जैसें ❀ तेजनिधान लखनु पुनि तैसें ॥३॥
कंपहिं भूप बिलोकत जाकें ❀ जिमि गज हरिकिसोर के ताकें ॥४॥

धनुर्भङ्गको ध्वनि सुनेर रिसाएका परशुराम आए र अनेक तरहले आँखा देखाए (आँखा तरे) ॥ १ ॥ उनले आफ्नो धनु दिए रामजीको बल देखेपछि धेरै विन्तिभाउ गरेर वनयात्रा गरे ॥ २ ॥ राजन्! रामजीजस्ता अतुलबल (अनुपम बलवान्) हुनुहुँदो रहेछ, लक्ष्मणजी पनि उस्तै महातेजस्वी हुनुहुँदो रहेछ ॥ ३ ॥ जसले ताक्ता (हेर्दा) राजाहरू सिंहका बच्चाले ताकेका हात्तीजस्ता भएर थरथर काँप्न लाग्दछन् ॥ ४ ॥

देव देखि तव बालक दोऊ ❀ अब न आँखि तर आवत कोऊ ॥५॥
दूत बचनरचना प्रिय लागी ❀ प्रेम प्रताप बीररस पागी ॥६॥

महाराज! हजूरका दुई कुमारलाई देखेपछि अब कोही पनि नजरमा आउँदैनन् (आँखा लाग्दैनन्)" ॥ ५ ॥ दूतहरूको प्रेम, प्रताप, वीरताका रसले मिश्रित भएको यो वचन-रचना (बोलीको बोलाई) राजालाई प्यारो लाग्यो ॥ ६ ॥

सभा समेत राउ अनुरागे ❀ दूतन्ह देन निछावरि लागे ॥७॥
कहि अनीति दे मूदहिं काना ❀ धरमु बिचारि सबहि सुखु माना ॥८॥

सभासहित राजा प्रसन्न भए। दूतहरूलाई न्यौछावर (बक्सीस) दिनलागे ॥ ७ ॥ तिनीहरूले अन्याय हुन्छ (दुलहीपट्टिका मानिसले दुलहापट्टिबाट लिन बेमनासीब हुन्छ) भनेर कान थुने। यो धर्म-विचार गरेर सवैले आनन्द माने ॥ ८ ॥

दोहा–तब उठि भूप बसिष्ठ कहुँ दीन्हि पत्रिका जाइ ।
कथा सुनाई गुरहि सब सादर दूत बोलाइ ॥२९५॥

अनि राजा उठेर वशिष्ठ कहाँ गईकन (आफ्ना हातले वशिष्ठलाई) पत्रिका दिए। दूतहरूलाई आदरसाथ बोलाएर गुरु वशिष्ठलाई सबै कुरा सुनाउन लगाए ॥ २९५ ॥

चौ०–सुनि मुनि बोले अति सुखु पाई ❀ पुन्यपुरुष कहुँ महि सुखछाई ॥१॥
जिमि सरिता सागर महु जाहीं ❀ जद्यपि ताहि कामना नाहीं ॥२॥
तिमि सुख संपति बिनहि बोलाए ❀ धरमसील पहिं जाहिं सुभाए ॥३॥
तुम्ह गुर बिप्र धेनु सुर सेवी ❀ तसि पुनीत कौसल्या देवी ॥४॥

(त्यो समाचार) सुनेर गुरु वशिष्ठले अति आनन्द पाएर बोले—"पुण्यात्मा पुरुष-कहाँ संसारभरीका सुख छाइरहन्छन्—॥ १ ॥ जस्तै यद्यपि त्यसलाई (समुद्रलाई) कामना (खायस) छैन (तथापि) नदीहरू सागरैमा (समुद्रैमा) जान्छन्, त्यस्तै, धर्मशील (पुण्यात्मा) कहाँ सुन्दर सुन्दर सुख संपत्तिहरू नबोलाए पनि जान्छन्, ॥ २ ॥ ३ ॥ तपाईं गुरु ब्राह्मण गाई देवताको सेवा गर्ने, कौशल्या पनि उस्तै पवित्र—॥ ४ ॥

सुकृत तुम्ह समान जग माहीं ❀ भयेउ न है कोउ होनेउ नाहीं ॥५॥
तुम्ह ते अधिक पुन्य बड़ काकें ❀ राजन राम सरिस सुत जाकें ॥६॥
बीर बिनीत धरम ब्रत धारी ❀ गुनसागर बर बालक चारी ॥७॥
तुम्ह कहुँ सर्ब काल कल्याना ❀ सजहु बरात बजाइ निसाना ॥८॥

तपाईंसमानको पुण्यात्मा यो जगत्मा अघि पनि कोही भएन, ऐले पनि कोही छैन, पछि पनि कोही हुनेछैन ॥ ५ ॥ तपाईंको भन्दा बढ्ता पुण्य कसको होला ? हे राजन् ! जसका छोरा रामजस्ता छन् ॥ ६ ॥ चारैओटा छोरा वीर, विनीत, धर्मव्रतधारी, गुणसागर, असल छन् ॥ ७ ॥ तपाईंलाई सदासर्वदा कल्याणै छ, निशान बाजा बजाएर बरियात सज्नुहोस् ॥ ८ ॥

दोहा–चलहु बेगि सुनि गुरबचन भलेहि नाथ सिरु नाइ ।
भूपति गवने भवन तब दूतन्ह बासु देवाइ ॥२९६॥

चाँडै रवाना हुनुहोस्" यस्तो गुरुवचन सुनेर राजाले "होस् प्रभु !" भनी शिर झुकाएर भवनमा गएर दूतहरूलाई वासस्थान दिलाए ॥ २९६ ॥

चौ०–राजा सबु रनिवासु बोलाई ❀ जनकपत्रिका बाचि सुनाई ॥१॥
सुनि संदेसु सकल हरषानी ❀ अपर कथा सब भूप बखानी ॥२॥
प्रेमप्रफुल्लित राजहिं रानी ❀ मनहु सिखिनि सुनि बारिदबानी ॥३॥
मुदित असीस देहिं गुर नारी ❀ अति आनंद मगन महतारी ॥४॥

राजाले सबै रानीहरूलाई बोलाएर जनकको पत्रिका सुनाए ॥ १ ॥ जनकको सन्देश सुनेर सबै रानीहरू हर्षित भए। अरू कुरा राजाले बयान गरे (र सुनाए) ॥ २ ॥ प्रेमले प्रफुल्ल भएका रानीहरू मेघको आवाज सुनेर प्रफुल्ल भएका मयूरी झैं शोभायमान भए ॥ ३ ॥ गुरुपत्नीहरूले आनन्दरहित भएर आशिष दिए र आमाहरू (कौशल्या सुमित्रा प्रभृति) आनन्दमग्न भए ॥ ४ ॥

लेहिं परस्पर अति प्रिय पाती ❁ हृदय लगाइ जुड़ावहिं छाती ॥५॥
राम लखन कै कीरति करनी ❁ बारहि बार भूपबर बरनी ॥६॥
मुनिप्रसादु कहि द्वार सिधाए ❁ रानिन्ह तब महिदेव बोलाए ॥७॥
दिए दान आनंद समेता ❁ चले बिप्रबर आसिष देता ॥८॥

अति प्रिय भएको त्यो पत्रिका पालैपालाले लिएर हृदयमा लाईकन छाती ठण्डा गर्न लागे ॥ ५ ॥ राजवर दशरथजीले वारंवार राम लक्ष्मणको कीर्ति र कर्मको वर्णन गरे ॥ ६ ॥ (यो सब) विश्वामित्र मुनिको प्रसाद हो भनेर राजा द्वारतर्फ गए। रानीहरूले ब्राह्मणवरहरूलाई बोलाए र ॥ ७ ॥ आनन्दसहित भई दान दिए। ब्राह्मणवरहरू आशिष दिंदै गए ॥ ८ ॥

सोरठा—जाचक लिये हकारि दीन्हि निछावरि कोटि बिधि।
चिरुँ जीवहुँ सुत चारि चक्रवर्ति दशरत्थ के ॥३३॥

याचक (भिखारी) हरूलाई बोलाएर करोड़ौं प्रकारले न्यौछावर गरे (इच्छानुसारको अन्नवस्त्र सबैलाई दिए) "चक्रवर्ती (महाराजाधिराज) दशरथका चारै छोरा चिरंजीवी होउन्"—॥ ३३ ॥

चौ०—कहत चले पहिरे पट नाना ❁ हरषि हने गहगहे निसाना ॥१॥
समाचार सब लोगन्ह पाए ❁ लागे घर घर होन बधाए ॥२॥

भन्दै नाना रकमका लुगा लाएका ती भिखारीहरू हिंडे ॥ हर्षित भएर निशान बाजा दनादन बजाउन लागे ॥ १ ॥ सबैजनाले समाचार पाए, घरघरमा बधाई (कल्याण-प्रार्थना हुन लागे ॥ २ ॥

भुवन चारि दस भरा उछाहू ❁ जनकसुता रघुबीर बिआहू ॥३॥
सुनि सुभ कथा लोग अनुरागे ❁ मग गृह गली सँवारन लागे ॥४॥
जद्यपि अवध सदैव सुहावनि ❁ रामपुरी मंगलमय पावनि ॥५॥
तदपि प्रीति कै रीति सुहाई ❁ मंगल रचना रची बनाई ॥६॥

चौधै भुवनमा जनकनंदिनी र रघुनन्दनको विवाह हुन लागेबाबत उत्साह भरियो ॥ ३ ॥ त्यो शुभ वृत्तान्त सुनेर सबजना प्रसन्न भएर राजमार्ग, घर, गल्ली सजाउन लागे ॥ ४ ॥ यद्यपि अवधपुरी (अयोध्या) रामजीकी नगरी हुनाले सधैं मंगलमय, सधैं पवित्र, सधैं

सुन्दर थिई तथापि प्रीतिका रीतिले (चलनले) मङ्गलवस्तुका रचनाले सजाएर रचिएकी हुँदा खूब सुन्दर भई ॥ ५ ॥ ६ ॥

धज पताक पट चामर चारू ❀ छावा परम बिचित्र बजारू ॥७॥
कनककलस तोरन मनिजाला ❀ हरद दूब दधि अक्षत माला ॥८॥

परम पवित्र भएको बजार ध्वजा पताका वस्त्र चमरहरूले छाइयो ॥ ७ ॥ सुवर्णका कलश, तोरण, मणिका जाली, हरिद्रा(हलेदो) दूभो, दही, अछता, माला—(इत्यादिले—) ॥ ८ ॥

दोहा—मंगलमय निज निज भवन लोगन्ह रचे बनाइ ।
बीथीं सीचीं चतुरसम चौकें चारु पुराइ ॥२९७॥

आफ्ना आफ्ना घरलाई सजाएर रचीकन दुनियाँले मंगलमय बनाए ॥ सडक सडकमा छिडकाव भयो, सिपालुले बराबर गरेर चौका राम्रो गरी पुरे ॥ २९७ ॥

चौ०—जहँ तहँ जूथ जूथ मिलि भामिनि ❀ सजि नवसप्त सकल दुति दामिनि ॥१॥
बिधुबदनीं मृगबालक लोचनि ❀ निज सरूप रतिमानु बिमोचनि ॥२॥
गावहिं मंगल मंजुल बानीं ❀ सुनि कलरव कलकंठि लजानी ॥३॥

जहाँ-तहाँ सोह्र (१६) श्रृंगारले सजिसजाउ भएका शोभाले बिजुलीसमान देखिएका, चन्द्रवदनी, मृगबालकनयनी, रतिमदभञ्जनरूपशालिनी सुन्दरीहरू डफ्फा डफ्फा मिलेर मनोहर वाणीले मङ्गल गाउन लागे, त्यो मीठो स्वर सुनेर कोइली पनि लज्जित हुन्थे ॥ १ ॥ २ ॥ ३ ॥

भूपभवन किमि जाइ बखाना ❀ बिस्वबिमोहन रचेउ बिताना ॥४॥
मंगल द्रब्य मनोहर नाना ❀ राजत बाजत बिपुल निसाना ॥५॥
कतहुँ बिरिद बंदी उच्चरहीं ❀ कतहुँ बेदधुनि भूसुर करहीं ॥६॥

राजमहलको बयान गर्न कसरी सकिन्छ ? (जहाँ) जगत्लाई मोहित पार्ने सामियाना तयार थियो ॥ ४ ॥ नाना प्रकारका मनोहर मंगलद्रव्य सुशोभित र धेरै निशान बजिरहेका थिए ॥ ५ ॥ कतै वन्दीहरू विरुदावली पढिरहेका, कतै ब्राह्मणहरू वेदध्वनि गरिरहेका थिए ॥ ६ ॥

गावहिं सुंदरि मंगल गीता ❀ लै लै नामु रामु अरु सीता ॥७॥
बहुत उछाहु भवनु अति थोरा ❀ मानहु उमगि चला चहुँ ओरा ॥८॥

राम र सीताको नाम लिईकन सुन्दरीहरू मंगलगीत गाईरहेका थिए ॥ ७ ॥ उत्साह धेरै, राजमहल साँघुरो भयो, मानौं उत्साह उम्लेर चारैतर्फ फिंजिएको हो कि भनेजस्तो भयो ॥ ८ ॥

दोहा—सोभा दसरथभवन कइ को कबि बरनै पार ।
जहाँ सकल सुर सीसमनि राम लीन्ह अवतार ॥२९८॥

जहाँ सकल देवशिरोमणि रामचन्द्रजीले अवतार लिनुभएको छ त्यो दशरथका भवनको शोभाको पार (इयत्ता) कुन कवि वर्णन गर्ला ! ॥ २९८ ॥

चौ०–भूप भरत पुनि लिये बोलाई ❀ हय गय स्यंदन साजहु जाई ॥१॥
चलहु बेगि रघुबीरबराता ❀ सुनत पुलक पूरे दोउ भ्राता ॥२॥
भरत सकल साहनी बोलाए ❀ आएसु दीन्ह मुदित उठि धाए ॥३॥
रचि रुचि जीन तुरग तिन्ह साजे ❀ बरन बरन बर बाजि बिराजे ॥४॥

अनि राजा दशरथले भरतलाई बोलाएर "गएर घोडा, हात्ती, रथ, सजाऊ, रामको बरियात चाँडै जाऊँ" (भने)। त्यो सुनेर दुवै भाई रोमाञ्चित भए ॥ १ ॥ २ ॥ भरतजीले सबै दरोगा (अश्वाध्यक्ष) लाई बोलाएर आज्ञा दिए, (तिनीहरू) खुशीका साथ उठेर दौडे ॥ ३ ॥ तिनीहरूले सुन्दर जीन रचेर घोडा सजाए, वर्ण वर्णका (अलग अलग) सुन्दर घोडा सुशोभित भए ॥ ४ ॥ (क)

सुभग सकल सुठि चंचल करनी ❀ अय इव जरत धरत पग धरनी ॥५॥
नाना जाति न जाहिं बखाने ❀ निदरि पवनु जनु चहत उड़ाने ॥६॥

ती घोडा सबै सुन्दर चंचल चाल भएका जल्दो लोहामा झैं धर्तीमा टाप राख्तथे (फुर्तीबाज) थिए ॥ ५ ॥ ती घोडा नाना जातीय बखान गर्न नसकिने थिए, (सबै) मानौं हावालाई निरादर गरेर उड्न चाहन्छन् कि ? भनेजस्ता थिए ॥ ६ ॥ (ख)

तिन्ह सब छयल भये असवारा ❀ भरत सरिस बय राजकुमारा ॥७॥
सब सुंदर सब भूषनधारी ❀ कर सरचाप तून कटि भारी ॥८॥

भरतजीको समान उमेर भएका छैल (छटेल) राजकुमारहरू ती घोडामा सवार भए (चढे) ॥ ७ ॥ सबै (राजकुमारहरू) सुन्दर भूषणधारी (गहनाले सुशोभित भएका) हातमा धनुबाण लिएका, पीठमा भारी ठोक्रो भिरेका (थिए) ॥ ८ ॥

दोहा–छरे छबीले छयल सब सूर सुजान नवीन ।
जुग पदचर असवार प्रति जे असिकला प्रबीन ॥२९९॥

(ती राजकुमार) सबै छिटा छरिता, तेजस्वी, छैल (छटेल) शूर, होशियार, भर्खरका (थिए)। प्रत्येक सवारका पछिपछि, असिकला (खड्गकला = तरवारवाजी) मा कुशल भएका २।२ प्यादा (सिपाही = पैदल) थिए ॥ २९९ ॥

चौ०–बाँधे बिरद बीर रनगाढ़े ❀ निकसि भये पुर बाहेर ठाढ़े ॥१॥
फेरहिं चतुर तुरग गति नाना ❀ हरषहिं सुनि सुनि पनव निसाना ॥२॥

(क) वर्णभेदले घोडाको संज्ञाभेद हुन्छ, जस्तै कुमेत, सुरंग, सुरखा तोमरा, अवलख, समुन्द, संदली, संजाव, सुरखाव, सिरगा, चौधरा, पंचकल्याण, सजवा, फुलवारी, चीनी, स्याह, श्यामकर्ण इत्यादि।

(ख). देशभेदले घोडाको जातिभेद हुन्छ—जस्तै—मलयवंब, काठियावार, दोआबा, राजपुताना, कच्छी, अरबी, तुर्की, टाँगन, पयगू , वैला इत्यादि।

रणमा गाढा (कट्टर) भएका, विरुद बाँधेका (पदक लाएका = तक्मा लाएका) ती वीर राजकुमारहरू शहरबाहिर निस्केर खडा भए ॥ १ ॥ अनि अनेक चालले घोडा फेर्न लागे, ढोल र निशानको आवाज सुनेर हर्षित भए ॥ २ ॥

रथ सारथिन्ह बिचित्र बनाए ❀ ध्वज पताक मनि भूषन लाए ॥३॥
चवर चारु किंकिनि धुनि करहीं ❀ भानुजान सोभा अपहरहीं ॥४॥
सावकरन अगनित हय होते ❀ ते तिन्ह रथन्ह सारथिन्ह जोते ॥५॥
सुंदर सकल अलंकृत सोहे ❀ जिन्हहि बिलोकत मुनिमन मोहे ॥६॥

सारथिहरूले रथलाई ध्वजा पताका मणिका साजले अलंकृत पारेर सजाए ॥ ३ ॥ ती रथमा सुन्दर चमर राखे, किंकिणी (घुँघुरा) आवाज गर्दथे, ती रथ सूर्यका रथको शोभा हरण गर्दथे ॥ ४ ॥ श्यामकर्ण घोडा बेगिन्ती थिए, सारथिहरूले तिनै घोडा रथमा जोते ॥ ५ ॥ ती श्यामकर्ण स्वभावैले सुन्दर थिए, साजले अलंकृत भएपछि झन् शोभायमान भए । तिनलाई देख्ता मुनिको मन पनि मोहित हुन्थ्यो ॥ ६ ॥

जे जल चलहिं थलहि की नाई ❀ टाप न बूड़ बेग अधिकाई ॥७॥
अस्त्र सस्त्र सबु साजु बनाई ❀ रथी सारथिन्ह लिए बोलाई ॥८॥

जो श्यामकर्ण घोडा स्थलमा झैं जलमा हिंड्थे, वेगको अधिकताले तिनको टाप पानीमा बुड्दैनथ्यो ॥ ७ ॥ अस्त्र-शस्त्र, साज-बाज सब ठीक-ठाक गरेर सारथिहरूले रथीलाई बोलाए (खबर दिए) ॥ ८ ॥

दोहा–चढ़ि चढ़ि रथ बाहेर नगर लागी जुरन बरात ।
होत सगुन सुंदर सबहि जो जेहि कारज जात ॥३००॥

रथ चढी चढीकन शहरबाहिर बरियातको लाम लाग्न लाग्यो । जो जे कामका निंति जान्थ्यो, त्यो काम (तुरन्तै) हुन्थ्यो, यस तरहले सबै शकुन राम्रो भयो (कुनै काममा अड्काउ नपरेकोले शकुन असल भयो) ॥ ३०० ॥

चौ०–कलित करिबरन्हि परी अवारी ❀ कहि न जाइ जेहि भाँति सँवारी ॥१॥
चले मत्त गज घटा बिराजी ❀ मनहु सुभग सावन घनराजी ॥२॥

सुन्दर हात्तीमा हौदा कसिए, जुन किसिमले ती (हौदा) सजाएका थिए त्यो वर्णन गर्न सकिदैन ॥ १ ॥ घंटाले शोभायमान भएका मत्ता हात्ती, मानौं साउन महीनाका सुन्दर (काला) मेघका ताँती नै हुन् कि भन्ने भान पारेर हिंडे ॥ २ ॥

बाहन अपर अनेक बिधाना ❀ सिबिका सुभग सुखासन जाना ॥३॥
तिन्ह चढ़ि चले बिप्रबर बृंदा ❀ जनु तनु धरे सकल श्रुतिछंदा ॥४॥

अरू अनेक प्रकारका वाहन, सुन्दर आसन (बस्ने ठाउँ) सजिलो भएका पालकी (म्याना) प्रभृति थिए, तिनमा चढेर, मानौं शरीरधारी वेदका ऋचा नै हुन् कि भनेजस्ता ब्राह्मणश्रेष्ठहरूका वर्ग रवाना भए ॥ ३ ॥ ४ ॥

मागध सूत बंदि गुनगायक ❀ चले जान चढ़ि जो जेहि लायक ॥५॥
बेसर ऊंट बृषभ बहु जाती ❀ चले बस्तु भरि अगनित भाती ॥६॥
कोटिन्ह कावरि चले कहारा ❀ बिबिध बस्तु को बरनैं पारा ॥७॥
चले सकल सेवक समुदाई ❀ निज निज साजु समाजु बनाई ॥८॥

गुणगान गर्ने मागध, सूत, बन्दीहरू जुन सवारी जसलाई लायक थियो त्यसैमा चढेर रवाना भए ॥ ५ ॥ खच्चर, ऊँट, गोरू अनेक जातका थिए ती अगणित जिनिस (झिटी-मिटो) भरेर (लादेर) हिंडे ॥ ६ ॥ करौडौं कहारहरू काँवरि (बहंगी = खर्पन) लिएर हिंडे, चीजबीज अनेक प्रकारका थिए, तिनको पार (इयत्ता) को वर्णन गर्ला ? ॥ ७ ॥ नोकरचाकरहरू आफ्नो आफ्नो डफ्फाका साथ सजिसजाउ भएर हिंडे ॥ ८ ॥

दोहा—सब के उर निर्भर हरषु पूरित पुलक सरीर ।
कबहि देखिबे नयन भरि रामु लखनु दोउ बीर ॥३०१॥

सबैका हृदयमा हर्ष खूब थियो, सबैको शरीर रोमाञ्चपूर्ण थियो । "वीर भएका राम लक्ष्मण दुई भाईलाई आँखाभरी कैह्ले देखौंला" (यस्तो उत्कंठा थियो) । ३०१ ॥

चौ०—गरजहिं गज घंटाधुनि घोरा ❀ रथरव बाजिहिंस चहुँ ओरा ॥१॥
निदरि घनहि घुम्मरहिं निसाना ❀ निज पराइ कछु सुनिअ न काना ॥२॥
महा भीर भूपति के द्वारे ❀ रज होइ जाइ पखान पवारे ॥३॥

हात्ती गर्जिरहेका (चीत्कार गरिरहेका) हात्तीका घंटाका प्रचंड आवाज भइरहेका, रथका घर्घराहट भइरहेका, चारैतर्फ घोडाका हिनहिनाहट भइरहेका थिए ॥ १ ॥

मेघको निरादर गरेर (मेघको भन्दा बढ्ता ध्वनि गरेर) बाजाहरू बज्नलागे, आफ्नो र पराइको आवाज कानले नसुनिने भयो ॥ २ ॥ राजद्वारमा ठूलो भीड भयो, ढुङ्गाका डल्ला छरिदिए पनि (त्यो फौजले कुल्चँदा कुल्चँदा) धूलो होइहाल्थ्यो ॥ ३ ॥

चढ़ी अटारिन्ह देखहिं नारी ❀ लिए आरती मंगल थारी ॥४॥
गावहिं गीत मनोहर नाना ❀ अति आनंदु न जाइ बखाना ॥५॥
तब सुमंत्र दुइ स्यंदन साजी ❀ जोते रबिहय निंदक बाजी ॥६॥
दोउ रथ रुचिर भूप पहिं आने ❀ नहि सादर पहि जाहिं बखाने ॥७॥
राजसमाजु एक रथ साजा ❀ दूसर तेजपुंज अति भ्राजा ॥८॥

हेर्नाका निमित्त थालीमा आरती र मंगल पदार्थ लिएर स्त्रीहरू अटारीमा (कौसीमा) चढे ॥ ४ ॥ नाना प्रकारका मनोहर गीत गाउन लागे, बखान गर्न नसकिने भारी आनन्द भयो ॥ ५ ॥ अनि सुमन्त्रले (राजाका प्रधान सारथिले) साजबाज ठीक गरेर दुई रथ ल्याए, तिनमा सूर्यका घोडालाई परास्त गर्ने घोडा जोतिएका थिए ॥ ६ ॥ दुवै रथ राजाका समीप ल्याए, तिनको वर्णन सरस्वतीबाट पनि हुन सक्तैन ॥ ७ ॥ एउटा रथ राजालाई चाहिने

समाज (अस्त्रशस्त्र प्रभृति सामग्री) ले सजाएको थियो, अर्को रथ तेजले झकाझक शोभायमान थियो ॥ ८ ॥

दोहा–तेहि रथ रुचिर बसिष्ठ कहुँ हरषि चढ़ाइ नरेसु ।
आपु चढेउ स्यंदन सुमिरि हर गुर गौरि गनेसु ॥३०२॥

खुशी भएर राजा दशरथले त्यो सुन्दर रथमा गुरु वशिष्ठलाई चढाए, अनि जगद्गुरु शंकरजी, गौरी, गणेश, यिनको स्मरण गरेर आफू रथ चढे ॥ ३०२ ॥

चौ०–सहित बसिष्ठ सोह नृप कैसें ❀ सुरगुर संग पुरंदर जैसें ॥१॥
करि कुलरीति बेदबिधि राऊ ❀ देखि सबहि सब भाँति बनाऊ ॥२॥
सुमिरि रामु गुर आयेसु पाई ❀ चले महीपति संख बजाई ॥३॥

वशिष्ठसहित भएका राजा दसरथ कसरी शोभित भएभने बृहस्पतिसहित भएका इन्द्र जसरी शोभित हुन्छन् (त्यसै गरी) ॥ १ ॥ वेदोक्त त्रिधि कुलाचारको अनुसार गरेर सब तरहले बनाएको सब चीज (द्वारमा ठीकठाक पारेर राखेका मंगल पदार्थ) हेरीकन ॥ २ ॥ रामजीलाई संझेर, गुरुको आज्ञा पाएर, शंखध्वनि गरेर, राजा दशरथ रवाना भए ॥ ३ ॥

हरषे बिबुध बिलोकि बराता ❀ बरषहिं सुमन सुमंगलदाता ॥४॥
भयेउ कुलाहल हय गय गाजे ❀ ब्योम बरात बाजने बाजे ॥५॥

देवताहरू बरियात देखेर हर्षित भईकन सुन्दर मङ्गलदायक फूल वर्षाउन लागे ॥ ४ ॥ घोडा हात्ती गर्जंदा कोलाहल भयो, आकाशमा पनि बरियातका बाजा बजे ॥ ५ ॥

सुर नर नारि सुमंगल गाई ❀ सरस राग बाजहिं सहनाई ॥६॥
घंट घंटि धुनि बरनि न जाहीं ❀ सरव करहिं पाइक फहराहीं ॥७॥
करहिं बिदूषक कउतुक नाना ❀ हासकुसल कल गान सुजाना ॥८॥

देवाङ्गना र मनुष्याङ्गनाले राम्रो मंगल गाए । सरस रागसहित सहनाई (सनैबाजा) बज्न लागे ॥ ६ ॥ घंट, घडियालको ध्वनि अवर्णनीय भयो । सख (झन्डाहरू) लाई पाइकले (नोकरहरूले) फहराए (फ्यारफ्यार पार्नलागे) ॥ ७ ॥ हँसाउन सिपालु भएका मीठो गाना जान्ने विदूषक (भाँडहरू) अनेक प्रकारका कौतुक (तमाशा) गर्न लागे ॥ ८ ॥

दोहा–तुरग नचावहिं कुअँरबर अकनि मृदंग निसान ।
नागर नट चितवहिं चकित डगहिं न तालबँधान ॥३०३॥

चतुर राजकुमारहरू मृदंग र निशानको आवाज सुनेर (त्यसैको ताल मिलाएर) घोडा नचाउन लागे, सिपालु सिपालु नटहरू छक परेर हेर्न लागे, (घोडाहरू) तालका चालबाट डग्दैनथे ॥ ३०३ ॥

चौ०–बनै न बरनत बनी बराता ❀ होहिं सगुन सुंदर सुभदाता ॥१॥
चारा चाषु बाम दिसि लेई ❀ मनहु सकल मंगल कहि देई ॥२॥

दाहिन काग सुखेत सुहावा ❀ नकुलदरसु सब काहूँ पावा ॥३॥
सानुकूल बह त्रिबिध बयारी ❀ सघट सबाल आव बर नारी ॥४॥
लोवा फिरि फिरि दरसु देखावा ❀ सुरभी सनमुख सिसुहि पिआवा ॥५॥
मृगमाला फिरि दाहिनि आई ❀ मंगलगन जनु दीन्हि देखाई ॥६॥
क्षेमकरी कह क्षेम बिसेषी ❀ स्यामा बाम सुतरु पर देखी ॥७॥
सनमुख आयेउ दधि अरु मीना ❀ कर पुस्तक दुई बिप्र प्रबीना ॥८॥

सजिएका बरियातको वर्णन हुन सक्तैन, सुन्दर, शुभसूचक, शकुन हुन लागे ॥१॥ चाषपक्षी (नीलकंठ) बायाँपट्टि चारा लिइरहेको (चरिरहेको), मानौं सकल मंगल सूचना गरिरहेको थियो ॥ २ ॥ दाहिनेपट्टि काग राम्रो खेतमा शोभित थियो, सबैले नकुलको (न्याउरी मुसाको) दर्शन पाए ॥ ३ ॥ सुगन्ध शीतल मन्द यी ३ गुण भएको हावा सानुकूल भएर (पछिल्तिरबाट घचेट्तै) चलेको थियो । पूर्णघडा बोकेका बालक लिएका सधवा स्त्री सन्मुख आए ॥ ४ ॥ लोखर्के घुमीघुमी देखापर्‍यो, गाई सन्मुख भएर बाछाबाछीलाई दूध पियाउन लागे ॥ ५ ॥ लहर लागेका मृगहरू दाहिनेपट्टि आए, मानौं तिनीहरूले मंगलै मंगलको ताँती नै देखाए ॥ ६ ॥ क्षेमकरीले (मुख सेतो, सर्वाङ्ग लाल हुने चीलपक्षीले) विशेष गरीकन क्षेम (कुशल) सूचन गर्‍यो, बायाँपट्टि असल वृक्षमा बसेको श्यामापक्षी देखियो ॥ ७ ॥ सन्मुखतिरबाट दहि र माछा आए। हातमा पुस्तक लिएका दुई जना विद्वान् ब्राह्मण देखिए ॥ ८ ॥ (क)

दोहा–मंगलमय कल्यानमय अभिमत फल दातार ।
जनु सब साँचे होन हित भए सगुन एक बार ॥३०४॥

मानौं साँच्चै हित हुनाको (सूचनाका) निमित्त सबै शकुन एकै समयमा मङ्गलमय र आनन्दमय भईकन इष्टफलदायक भएका देखिए ॥ ३०४ ॥

चौ०–मंगल सगुन सुगम सब ताकें ❀ सगुन ब्रह्म सुंदर सुत जाकें ॥१॥
राम सरिस बर दुलहिनि सीता ❀ समधी दसरथु जनकु पुनीता ॥२॥
सुनि अस ब्याहु सगुन सब नाचे ❀ अब कीन्हे बिरंचि हम साँचे ॥३॥

(क) यात्राका समयमा भारद्वाज[1] पक्षी (भद्राई) नकुल (न्याउरो) चाष्र (नीलकण्ठ) बोके, मयूर, देखिएको असल हुन्छ, त्यसमा पनि बायाँपट्टि चाष[2]पक्षी देखिनु ता बड़ो असल हुन्छ। भेरी[3], मृदङ्ग, मर्दल, शंख, वीणा, वेद-मंगलगानको शब्द सुन्नु असल हुन्छ। छोरोसाथ भएकी सधवा स्त्री, बाछोसहित भएकी गाई, धोएका लुगा लिएर आएको धोबी संमुखमा देखिए भने असल हुन्छ। इत्यादि.

(१) "भारद्वाजो नकुलश्चाषसंज्ञश्छागो बर्ही शोभनो दृष्टमात्रः" श्रीपतिः ।

(२) "चाषस्य दर्शनं वा स्याद्वामतोऽत्यन्तदुर्लभम्" लल्लः ।

(३) "भेरी-मृदङ्ग-मृदु-मर्दल-शंख-वीणा-वेदध्वनिर्मधुरमंगल-गीत-घोषाः ।
पुत्रान्विता च युवतिः सुरभिः सवत्सा धौताम्बरश्च रजकोऽभिमुखः प्रशस्तः" श्रीपतिः ।

सगुन ब्रह्म जसका सुन्दर छोरा हुन आएका छन् (राम भएर पैदा भएका छन्) उनै दशरथका सकल मंगलमय सगुन सुलभ भए (के आश्चर्य) ॥ १ ॥ रामजीजस्ता दुलहा सीताजीजस्ती दुलही, दशरथ जनकजस्ता पवित्र संधी, यस्तो विवाहको खबर पाएर "अब हामीहरूलाई विधाताले साँचा पारे" भन्ने खुशीले सकल शुभशकुनहरू नाचन आए ॥ २ ॥ ३ ॥

येहि बिधि कीन्ह बरात पयाना ❀ हय गय गाजहिं हने निसाना ॥४॥
आवत जानि भानुकुलकेतू ❀ सरितन्हि जनक बँधाए सेतू ॥५॥
बीच बीच बर बासु बनाए ❀ सुरपुर सरिस संपदा छाए ॥६॥
असन सयन बर बसन सुहाए ❀ पावहिं सब निज निज मन भाए ॥७॥
नित नूतन सुख लखि अनुकूले ❀ सकल बरातन्हि मंदिर भूले ॥८॥

यस प्रकारले बरियातले प्रयाण गऱ्यो (हिंड्यो), हात्ती घोडा कराउँदै बाजा बजाइँदै रहेका थिए ॥ ४ ॥ सूर्यकुळकेतू (सूर्यवंशका झन्डासमान दशरथ) आउन लागेको जानेर राजा जनकले नदी नदीमा पुल बँधाइदिए ॥ ५ ॥ बीचबीचमा (मुकामका निमित्त) अमरावतीपुरी जस्ता संपत्तिले छाइएका वास बनाइदिए ॥ ६ ॥ सबै बरियातीहरूले आफ्ना आफ्ना मनमाफिकको सुन्दर खाना-पीना, खाट-पलंग, ओढ्ने-ओछ्याउने पाए ॥ ७ ॥ हररोज (वासैपीछे) नयाँ नयाँ, भने-जस्ता, सुखसामग्री देखेर सकल बरातीहरूले घर बिर्से ॥ ८ ॥

दोहा–आवत जानि बरात बर सुनि गहगहे निसान ।
सजि गज रथ पदचर तुरग लेन चले अगवान ॥३०५॥

ठूलो बरियात आउन लागेको जानेर, घनाघन बाजा बजेको सुनेर, हात्ती, घोड़ा, रथ, प्यादा सजिसजाउ पारेर (दुलहीपट्टिबाट) अगवानी गर्न (बरियात लिन) गए ॥ ३०५ ॥

चौ०–कनककलस कल कोपर थारा ❀ भाजन ललित अनेक प्रकारा ॥१॥
भरे सुधासम सब पकवाने ❀ भाँति भाँति नहि जाहिं बखाने ॥२॥
फल अनेक बर बस्तु सुहाई ❀ हरषि भेंट हित भूप पठाई ॥३॥

राजा जनकले भेटका निमित्त (सौगातका निंति) सुवर्णको सुन्दर कलश अमृतसमान भएका भएभरका पक्वान्न (मिठाई) ले भरीभराउ भएका पराँत (किश्ती), थाल, अनेक प्रकारका सुन्दर सुन्दर भाँडा पठाए । भाँति भाँतिका पक्वान्नको बयान गर्न सकिंदैन ॥ १ ॥ २ ॥ अनेक प्रकारका फलफूल र उत्तमोत्तम अरू चीजबीज पनि पठाएका थिए ॥ ३ ॥ (के के भने–)

भूषन बसन महामनि नाना ❀ खग मृग हय गय बहु बिधि जाना ॥४॥
मंगल सगुन सुगंध सुहाए ❀ बहुत भाँति महिपाल पठाए ॥५॥
दधि चिउरा उपहार अपारा ❀ भरि भरि कावरि चले कहारा ॥६॥
अगवानन्ह जब दीख बराता ❀ उर आनंदु पुलक भर गाता ॥७॥
देखि बनाव सहित अगवाना ❀ मुदित बरातिन्ह हने निसाना ॥८॥

अनेकतरहका गहना, विविध प्रकारका वस्त्र, नाना वर्णका महामणि, भाँति भाँतिका पक्षी, मृग, घोडा, हात्ती प्रभृति सवारी, धेरै भाँतिका मंगलवस्तु र सगुन, सुन्दर सुन्दर सुगन्धवस्तु (अतर फुलेल प्रभृति) कहारहरू काँवरी (बहँगी = खर्पन) भरिभरि दही-चिउरा उपहार (आचार, मुरब्बा, प्रभृति परिकार) लिएर आए ॥ ४ ॥ ५ ॥ ६ ॥ अगवानी गर्न आएका (लिन आएका) मानिसले जब बरियात देखे, अनि तिनका हृदयमा आनन्द र शरीरमा रोमाञ्च भयो ॥ ७ ॥ बनाव (सजावट) सहित भएका अगुवानहरूलाई देखेर बरियातीहरू खुशी भए, निशान बाजा खूब ठोक्न लागे ॥ ८ ॥

दोहा–हरषि परसपर मिलन हित कछुक चले बगमेल ।
जनु आनंदसमुद्र दुइ मिलत बिहाइ सुबेल ॥३०६॥

परस्पर भेट्नाका निमित्त (दुवैतर्फका सवारले) लगाम ढीला गरेर दौडे । मानौं- आनन्दका दुई समुद्र वेला (मर्यादा) छाडेर जोरिन लागे (भनेजस्तो भयो) ॥ ३०६ ॥

चौ०–बरषि सुमन सुरसुंदरि गावहिं ❀ मुदित देव दुंदुभी बजावहिं ॥१॥
बस्तु सकल राखी नृप आगें ❀ बिनय कीन्हि तिन्ह अति अनुरागें ॥२॥
प्रेम समेत राय सबु लीन्हा ❀ भै बकसीस जाचकन्हि दीन्हा ॥३॥
करि पूजा मान्यता बड़ाई ❀ जनवासे कहुँ चले लवाई ॥४॥

फूल वर्षाएर अप्सराहरू गाउन लागे, देवताहरू खुशी भएर दुन्दुभी बजाउन लागे ॥ १ ॥ ती अगुवानहरूले त्यो सब चीजबीज राजा दशरथका अगाडि राखेर अत्यन्त प्रेमी भईकन विन्ती गरे ॥ २ ॥ राजाले प्रेमसहित भएर सब चीज स्वीकार गरे । बक्सीस भयो, याचकहरूलाई दिए ॥ ३ ॥ मान्यता महत्त्वले सत्कार गरेर (बरियातलाई) जनवासातर्फ (बरियात राख्ने ठाउँतिर) लिएर गए ॥ ४ ॥

बसन बिचित्र पावड़े परहीं ❀ देखि धनदु धनमदु परिहरहीं ॥५॥
अति सुंदर दीन्हेउ जनवासा ❀ जँह सब कहुँ सब भाँति सुपासा ॥६॥
जानीं सिय बरात पुर आई ❀ कछु निज महिमा प्रगटि जनाई ॥७॥
हृदय सुमिरि सब सिद्धि बोलाई ❀ भूपपहुनई करन पठाई ॥८॥

पांवड़े (पाटंबर = दशरथको सवारी चलाउन भूईंमा बिछ्याइने) विचित्र विचित्र वस्त्र फैलाइए, त्यो देखेर कुवेर पनि धनको अभिमान छाड्दथे ॥ ५ ॥ जहाँ सबैलाई सब तरहको सुविस्ता हुन्छ, त्यस्तो अत्यन्त राम्रो जनवासा (बरियात बस्ने ठाउँ) दिए ॥ ६ ॥ सीताजीले बरियात शहरमा आइपुगेको जानेर आफ्नो महिमा (प्रभाव) केही प्रकट जनाउनुभयो ॥ ७॥ (केभने ?) (उहाँले) मनले संझनेबित्तिकै सब सिद्धिलाई बोलाउनुभयो र महाराज दशरथको पहुनाई (अतिथिसत्कार) गर्न पठाउनुभयो ॥ ८ ॥

दोहा–सिधि सब सिय आयसु अकनि गईं जहाँ जनवास ।
लिये संपदा सकल सुख सुरपुर भोग बिलास ॥३०७॥

सबै सिद्धिहरू सीताजीको आज्ञा सुनेर सकल संपत्ति सकल सुख, स्वर्गीय भोग-विलास लिएर जहाँ जनवासा थियो वहीं गए ॥ ३०७ ॥

चौ०–निज निज बास बिलोकि बराती ❀ सुरसुख सकल सुलभ सब भाँति ॥१॥
बिभवभेद कछु कोउ न जाना ❀ सकल जनक कर करहिं बखाना ॥२॥
सियमहिमा रघुनायक जानी ❀ हरषे हृदय हेतु पहिचानी ॥३॥

सब तरहबाट सुलभ[1] भएका, देवताले मात्र भोग्न पाइने सकल सुखका सामग्री र (तदनुसारका) आफ्ना आफ्ना वास (डेरा) बरातीहरूले देखे ॥ १ ॥ त्यो वैभव (ऐश्वर्य) को भेद (मर्म) कसैले केही पनि जानेन, सबैजना जनक राजाको तारीफ गर्न लागे ॥ २ ॥ रघुनाथजीले सीताजीको महिमा जान्नुभयो र प्रेमरूपी कारण थाहा पाएर हृदयमा हर्षित हुनुभयो ॥ ३ ॥

पितु आगमनु सुनत दोउ भाई ❀ हृदय न अति आनंदु अमाई ॥४॥
सकुचन्ह कहि न सकत गुर पाहीं ❀ पितुदरसन लालचु मन माहीं ॥५॥
बिस्वामित्र बिनय बड़ि देखी ❀ उपजा उर संतोषु बिसेषी ॥६॥
हरषि बंधु दोउ हृदय लगाए ❀ पुलक अंग अंबक जल छाए ॥७॥
चले जहाँ दशरथु जनवासें ❀ मनहु सरोवर तकेउ पिआसें ॥८॥

पिता (दशरथ) को आगमन सुन्दा दुवै भाई (राम लक्ष्मण) का हृदयमा अति आनन्द अटाएन ॥ ४ ॥ गुरुसंग संकोचले भन्न नसक्ने मनमा पिताका दर्शनको ठूलो इच्छा (यस्तो पर्न गयो) ॥ ५ ॥ त्यस्तो ठूलो विनय देख्ता विश्वामित्रका हृदयमा विशेष (अधिक) आनन्द भयो ॥ ६ ॥ (विश्वामित्रले) दुवै भाईलाई छातीलाए (आलिङ्गन गरे) उनका शरीरमा रोमाञ्च, नेत्रयुगलमा जल भरियो ॥ ७ ॥ मानौं पिपासु (प्यासा) ले तलाउ ताकेको हो कि ? भनेझैं गरी जहाँ दशरथ थिए, त्यो जनवासातर्फ गए ॥ ८ ॥

दोहा–भूप बिलोके जबहि मुनि आवत सुतन्ह समेत ।
उठेउ हरषि सुखसिंधु महु चले थाह सी लेत ॥३०८॥

राजा दशरथले छोरासमेत आउन लागेका विश्वामित्र मुनिलाई जब देखे (उत्तिखेरै) हर्षित भएर आनन्दसागरको थाह लिन लागेजस्ता भएर उठे ॥ ३०८ ॥

---

(१) अणिमा, लघिमा, गरिमा, महिमा, प्राप्ति, प्राकाम्य ईशित्त्व, वशित्व, यी आठ सिद्धिमध्येको प्रकाम्य सिद्धिले चिताएका चीजबीज दिन्छ । यसैले मात्रै पनि काम चल्नेमा आठै सिद्धि आएर मौजूद भएपछि कसलाई के कुरा दुर्लभ हुन्थ्यो ? । *

अणिमा लघिमा चैव गरिमा महिमा तथा ।
प्राप्तिः प्राकाम्यमीशित्वं वशित्वं चाष्टसिद्धयः ॥

रामप्रेमी भरतजीको ससैन्य सत्कार गर्दा भरद्वाजले सिद्धि प्रकट गरेथे, खास रामजीका पिताको सत्कार गर्नलाई सीताजीबाट सिद्धि खटाउनामरा केही आश्चर्य छैन ।

चौ०–मुनिहि दंडवत कीन्ह महीसा ❀ बार बार पदरज धरि सीसा ॥१॥
कौसिक राउ लिये उर लाई ❀ कहि असीस पूछी कुसलाई ॥२॥
पुनि दंडवत करत दोउ भाई ❀ देखि नृपति उर सुखु न समाई ॥३॥
सुत हिय लाइ दुसह दुख मेटे ❀ मृतकसरीर प्रान जनु भेटे ॥४॥

राजा दशरथले वारंवार चरणको धूलो शिरमा राखेर विश्वामित्र मुनिलाई प्रणाम गरे (पाउ परे) ॥ १ ॥ विश्वामित्रले राजालाई छाती लगाए (आलिंगन गरे) अनि आशिष दिएर क्षेमकुशल सोधे ॥ २ ॥ उहाँपछि दण्डवत् गर्नलागेका दुई भाईलाई देख्ता राजाका हृदयमा आनन्द अटाएन ॥ ३ ॥ मृतशरीरले प्राण भेट्टाउँदाझैं राजा दशरथले दुई छोरालाई छाती लाउँदा सबै दुःख मेटिए ॥ ४ ॥

पुनि बसिष्ठपद सिर तिन्ह नाए ❀ प्रेममुदित मुनिबर उर लाए ॥५॥
बिप्रबृंद बंदे दुहुँ भाई ❀ मनभावती असीसैं पाई ॥६॥

अनि दुई भाईले वशिष्ठका पाउमा शिर राखे, प्रेमले हर्षित भएका वशिष्ठमुनिले तिनलाई छाती लगाए ॥ ५ ॥ अनि दुई भाईले ब्राह्मणवर्गलाई वन्दना गरे, मनचिन्तित आशिष पनि पाए ॥ ६ ॥

भरत सहानुज कीन्ह प्रनामा ❀ लिए उठाइ लाइ उर रामा ॥७॥
हरषे लखन देखि दोउ भ्राता ❀ मिले प्रेमपरिपूरित गाता ॥८॥

भाईसहित भरतजीले प्रणाम गरे। रामजीले उठाएर छातीमा लाउनुभयो ॥ ७ ॥ दुई भाईलाई देखेर लक्ष्मणजी हर्षित हुनुभयो, प्रेमपूर्ण शरीर भएर भेट्नुभयो ॥ ८ ॥

दोहा–पुरजन परिजन जातिजन जाचक मंत्री मीत।
मिले जथाबिधि सबहि प्रभु परम कृपाल बिनीत ॥३०९॥

परम दयालु विनीत (नम्र) भएका प्रभु रामजीले यथायोग्य नगरनिवासीहरू नोकर-चाकरहरू बान्धवहरू, याचकहरू, मन्त्रीहरू, मित्रहरू सबैसंग भेट गर्नुभयो ॥ ३०९ ॥

चौ०–रामहि देखि बरात जुड़ानी ❀ प्रीति कि रीति न जाति बखानी ॥१॥
नृप समीप सोहहिं सुत चारी ❀ जनु धनु धरमादिक तनुधारी ॥२॥
सुतन्ह समेत दसरथहि देखी ❀ मुदित नगर नर नारि बिसेषी ॥३॥

रामजीलाई देखेर बरियात शीतल भयो (मनमा लागेका तापले रहित भयो)। (त्यसका) प्रेमको चाल वर्णन गर्न नसकिने थियो ॥ १ ॥ राजाका नगीचमा रहेका ४ छोरा मानौं मूर्तिमान् धर्म, अर्थ, काम, मोक्ष, यी ४ पुरुषार्थै हुन् कि (भनेजस्तै देखिए) ॥ २ ॥ छोराहरूले सहित भएका राजा दशरथलाई देख्ता नगरका नरनारीहरू विशेष गरेर आनन्दित भए ॥ ३ ॥

सुमन बरिसि सुर हनहिं निसाना ❀ नाकनटी नाचहिं करि गाना ॥४॥
सतानंदु अरु बिप्र सचिव गन ❀ मागध सूत बिदुष बंदीजन ॥५॥
सहित बरात राउ सनमाना ❀ आयसु मागि फिरे अगवाना ॥६॥

फूल बर्साएर देवताहरू बाजा बजाउन लागे, अप्सराहरू गान गरेर नाच्न लागे ॥ ४ ॥ बरियातसहित भएका राजा दशरथले शतानन्द पुरोहित, अरू ब्राह्मणवर्ग, मन्त्रिमण्डल, मागध, सूत, पंडित, बन्दीहरूलाई सन्मान गरे, आज्ञा मागेर ती अगुवानीहरू फर्के ॥ ५ ॥ ६ ॥

प्रथम बरात लगन तें आई ❀ तातें पुर प्रमोदु अधिकाई ॥७॥
ब्रह्मानंदु लोगु सब लहहीं ❀ बढ़हुँ दिवस निसि बिधि सन कहहीं ॥८॥

लगनभन्दा ‘पहिल्यै बरियात आइपुग्यो, त्यसो हुनाले शहरमा आनन्दको अधिकता भयो (दिन भेट्किएर बरियात आइदिएको भए नगरनिवासीहरूलाई हाहा पर्ने थियो) सबैजनाले ब्रह्मानन्द पाउन लागे, विधातासंग “दिन पनि रात पनि बढून्” भनी प्रार्थना गर्न लागे ॥ ७ ॥ ८ ॥

दोहा—रामु सीय सोभा अवधि सुकृत अवधि दोउ राज ।
जहँ तहँ पुरजन कहहिं अस मिलि नर नारि समाज ॥३१०॥

जतातत्तै नगरनिवासी नरनारीको समाज डफ्फा डफ्फा भएर “रामजी र सीताजी शोभाका सीमा, दुई राजा (दशरथ र जनक) पुण्यका सीमा हुन्” यसो भन्न लागे ॥ ३१० ॥

चौ०–जनक सुकृत मूरति बैदेही ❀ दशरथसुकृत रामु धरें देही ॥१॥
इन्ह सम काहु न सिव अवराधे ❀ काहु न इन्ह समान फल लाधे ॥२॥
इन्ह सम कोउ न भयेउ जग माहीं ❀ है नहि कतहू होनेउ नाहीं ॥३॥
हम सब सकल सुकृत कै रासी ❀ भये जग जनमि जनकपुरबासी ॥४॥
जिन्ह जानकी राम छबि देखी ❀ को सुकृती हम सरिस बिसेषी ॥५॥
पुनि देखब रघुबीरबिआहू ❀ लेब भली बिधि लोचनलाहू ॥६॥
कहहिं परसपर कोकिलबयनी ❀ येहि बिआह बड़ लाभु सुनयनी ॥७॥
बड़े भाग बिधि बात बनाई ❀ नयन अतिथि होइहहिं दोउ भाई ॥८॥

“सीताजी जनक राजाकी पुण्यकी मूर्ति हुन्, रामजी दशरथ राजाका देहधारी पुण्य हुन् ॥ १ ॥ यी दुई जनाले जस्तो शंकरको आराधना कसैले गरेको रहेनछ, यी दुई जनाले जस्तो फल कसैले पाएनन् ॥ २ ॥ यी दुइ जनाजस्तो जगत्मा कोही पनि भएन, छँदा पनि छैन, हुने पनि छैन ॥ ३ ॥ हामी सबैजना सकल पुण्यका राशि (समूह) रहेछौं (किनभने ?)

---

(१) कार्तिक वदि त्रयोदशीका दिन राजा दशरथ बरियात लिएर आइपुगे, मार्ग सुदि पञ्चमीको लगन थियो, ७ दिनको फुर्सद हुनाले विवाहसंबंधी प्रबन्ध गर्नलाई हड्बड् परेन ।

जगत्मा जन्मेर जनकपुरनिवासी भयौं ॥ ४ ॥ जसले जानकीजीको र रामजीको शोभा देख्यो, त्यो सकस पनि हामीजस्तै विशेष (ज्यादा) पुण्यवान् हो ॥ ५ ॥ अनि रघुवीरको विवाह हेरौंला, भलीभाँति नेत्रको लाभ लिउँला ॥ ६ ॥ यो विवाह बडो लाभदायक छ । हे सुनयनि ! सखि ! बडो भाग्यले विधाताले यो कुरा (घटना) बनाए, दुवै भाई नेत्रातिथि (नेत्रगोचर) हुने भए" भनी कोइलीजस्तो मीठो बोल्ने स्त्रीहरू परस्पर कुरा गर्न लागे ॥ ७ ॥ ८ ॥

दोहा–बारहि बार सनेहबस जनक बोलाउब सीय ।
लेन आइहहिं बंधु दोउ कोटि काम कमनीय ॥३११॥

"स्नेहपराधीन भएर राजा जनकले सीताजीलाई वारंवार बोलाउनेछन् (माइत ल्याउनेछन्), कोटि कन्दर्प-सुन्दर भएका यी दुई भाई (आफ्नी दुलहीलाई) लिन आउन्यैछन् ॥ ३११ ॥

चौ०–बिबिध भाँति होइहि पहुनाई ❀ प्रिय न काहि अस सासुर माई ॥१॥
तब तब राम लखनहि निहारी ❀ होइहहिं सब पुरलोग सुखारी ॥२॥

अनेक प्रकारले पहुनाई (ज्वाइँको सत्कार) हुनेछ, यस्तो ससुराली घर र यस्तो माइती कसलाई प्रिय होओइन । तब तब (पटक पटक) राम लक्ष्मणलाई हेरेर सबै नगरनिवासीहरू आनन्दित हुनेछन् ॥ १ ॥ २ ॥

सखि जस राम लखन कर जोटा ❀ तैसेइ भूप संग दुइ ढोटा ॥३॥
स्याम गौर सब अंग सुहाए ❀ ते सब कहहिं देखि जे आए ॥४॥

सखि ! राम-लक्ष्मणको जस्तो जोडा छ, त्यस्तै राजा दशरथसँग दोटा (अर्का) कुमार छन्, श्याम र गौर भएका तिनका सबै अङ्ग शोभायमान छन्, जसले देखेर आयो, उसैले भनेको हो" ॥ ३ ॥ ४ ॥

कहा एक मैं आजु निहारे ❀ जनु बिरंचि निज हाथ सँवारे ॥५॥
भरतु रामहीं की अनुहारी ❀ सहसा लखि न सकहिं नर नारी ॥६॥
लखनु सत्रुसूदनु एकरूपा ❀ नख सिख ते सब अंग अनूपा ॥७॥
मन भावहिं मुख बरनि न जाहीं ❀ उपमा कहुँ त्रिभुवन कोउ नाहीं ॥८॥

एउटीले भनी कि–"मैले आजै देखें, मानौं विधाताले आफ्नै हातले रचेका हुन् कि ? (भनेजस्ता थिए) ॥ ५ ॥ भरतजी रामजीकै अनुहार भएका (छन्), नर-नारी कसैले पनि झट्ट छुट्ट्याउन सक्तैनन् ॥ ६ ॥ नखदेखि शिखासम्म सबै अङ्ग अनुपम भएका लक्ष्मण र शत्रुघ्न एकरूप छन् ॥ ७ ॥ यिनीहरू मनभावन (मनपर्ने) छन्, यिनका मुखको वर्णनै गर्न सकिदैन, त्रिभुवनमा कहीं पनि कुनै पनि उपमा छैन ॥ ८ ॥

छन्द–उपमा न कोउ कह दास तुलसी कतहु कबि कोबिद कहैं ।
बल बिनय बिद्या सील सोभा सिंधु इन्ह से एइ अहैं ॥

पुरनारि सकल पसारि अंचल बिधिहि बचन सुनावहीं ।
ब्याहिअहुँ चारिउ भाइ येहि पुर हम सुमंगल गावहीं ॥३४॥

तुलसीदास भन्दछन् कि—उपमा कोही छैन (भने) कवि र पण्डितहरू कहाँबाट वर्णन गर्लान् ? (म भन्दछु कि, उपमा किन छैन ?) बल-विनय-विद्या-शील-शोभा यी ५ चीजका सागरस्वरूप भएका यी ४ भाइहरू यी ४ भाइहरूजस्तै छन् (अर्को उपमा नपाउँदा कवि र पण्डितहरू पक्क परे पनि म ता यिनैलाई उपमान पनि उपमेय पनि मानेर वर्णन नगरिछोड्दिन) नगरका सकल नारीहरू पछेउराको छेउ पसारेर (थापेर) "यी चारै भाई यही नगरमा ब्याहिऊन् , हामीहरू खूब मंगलगान गरौं" भनी विधातालाई प्रार्थना-वचन सुनाउन (प्रार्थना गर्न) लागे ॥ ३४ ॥

सोरठा–कहहिं परसपर नारि बारि बिलोचन पुलक तन ।
सखि सबु करब पुरारि पुन्यपयोनिधि भूप दोउ ॥३४॥

नेत्रभरी जल, शरीरभरी रोमाञ्च भएका स्त्रीजनहरू परस्पर भन्न लागे—"सखि ! शंकरजी सबै कुरा (पूर्ण) गर्नुहुनेछ, (किनभने ?) दुवै राजा (दशरथ जनक) पुण्यका समुद्र छन्" (त्यो पुण्यको प्रभाव लुकिरहन्छ र ?) ॥ ३४ ॥

चौ०–येहि बिधि सकल मनोरथ करहीं ❀ आनँद उमगि उमगि उर भरहीं ॥१॥
जे नृप सीयस्वयंबर आए ❀ देखि बंधु सब तिन्ह सुख पाए ॥२॥
कहत रामजसु बिसद बिसाला ❀ निज निज भवन गये महिपाला ॥३॥
गये बीति कछु दिन येहि भाती ❀ प्रमुदित पुरजन सकल बराती ॥४॥

यस्ता प्रकारको मनोरथ सबै गर्दथे, सबैका हृदयमा वारंवार आनन्द उर्लेर भरिन्थ्यो ॥ १ ॥ सीताजीका स्वयंवरमा जो जो राजा आएका थिए, तिनले पनि ४ भाई देख्ता आनन्द पाए ॥ २ ॥ रामजीको निर्मल र ठूलो यश गाउँदै सबै राजाहरू घरघर वापस गए ॥ ३ ॥ यस्ता प्रकारले केही दिन बिते, नगरनिवासीहरू र बरियातीहरू आनन्दित भए ॥ ४ ॥

मंगलमूल लगनदिनु आवा ❀ हिमरितु अगहनु मासु सुहावा ॥५॥
ग्रह तिथि नखतु जोगु बर बारू ❀ लगन सोधि बिधि कीन्ह बिचारू ॥६॥
पठै दीन्हि नारद सन सोई ❀ गनी जनक के गनकन्ह जोई ॥७॥
सुनी सकल लोगन्ह येह बाता ❀ कहहिं ज्योतिषी आहि बिधाता ॥८॥

मंगलको मूलकारण भएको दिन आइपुग्यो, हेमन्तऋतुको सुन्दर मंसीर महीना, ग्रह, तिथि, नक्षत्र, योग, बार सबै असल परेको लग्न ब्रह्माजीले विचारपूर्वक ठहराउनुभयो र त्यही लग्न नारदमुनिद्वारा पठाइदिनुभयो। जनकका ज्योतिषीहरूले पनि गणित गरेर त्यही लग्न ठहराएका थिए ॥ ५ ॥ ६ ॥ ७ ॥ सबैजनाले यो बात सुनेर (ब्रह्माजीले भनिपठाएको

र ज्योतिषीले ठहराएको लग्न एउटै रहेछ भनी थाहा पाएर) "ज्योतिषीजी ता दोस्रा ब्रह्माजी नै रहेछन्" भन्न लागे ॥ ८ ॥

दोहा–धेनुधूरि बेला बिमल सकल सुमंगल मूल ।
बिप्रन्ह कहेउ बिदेह सन जानि सगुन अनुकूल ॥३१२॥

ब्राह्मण ज्योतिषीहरूले गुणपूर्ण र अनुकूल (सजिलो) ठहराएर "सकल मंगलको मूलकारण भएको (लग्नका निमित्त) गोधूलीको समय असल छ" भनी राजा जनकसँग भने ॥ ३१२ ॥ (क)

चौ०–उपरोहितहि कहेउ नरनाहा ❀ अब बिलंब कर कारनु काहा ॥१॥
सतानंद तब सचिव बोलाए ❀ मंगल सकल साजि सब लाए ॥२॥

राजा जनकले पुरोहित शतानन्दलाई बोलाएर "अब विलम्ब गर्ने के कारण ?" भनी सोधे—॥ १ ॥ शतानन्दले मन्त्रीलाई बोलाए, सब मंगल-सामग्री सजेर ल्याए ॥ २ ॥

संख निसान पनव बहु बाजे ❀ मंगल कलस सगुन सुभ साजे ॥३॥
सुभग सुआसिनि गावहिं गीता ❀ करहिं बेदधुनि बिप्र पुनीता ॥४॥
लेन चले सादर येहि भाती ❀ गये जहाँ जनवास बराती ॥५॥

शंख, निशान, पणव (तम्बूरा) यी बाजा खूब बजे, मंगलकलश र शुभ शकुन वस्तु सजे ॥ ३ ॥ सौभाग्यवती सुन्दर सुवासिनी मानिस गीत गाउन लागे, ब्राह्मणहरू पवित्र वेदध्वनि गर्न लागे, ॥ ४ ॥ यस प्रकारले जहाँ जनवासमा बरियात रहेको थियो, (त्यहाँ त्यसलाई) लिन हिंडे ॥ ५ ॥

कोसलपति कर देखि समाजू ❀ अति लघु लाग तिन्हहि सुरराजू ॥६॥
भयेउ समउ अब धारिअ पाऊ ❀ येह सुनि परा निसानहि घाऊ ॥७॥
गुरहि पूछि करि कुलबिधि राजा ❀ चले संग मुनि साधु समाजा ॥८॥

कोशलपति (राजा दशरथ) को समाज देखेर तिनीहरूलाई सुरराज (इन्द्र) पनि अति साना लागे ॥ ६ ॥ "समय भयो, अब पाउ धर्नुहोस् (पाउकष्ट गर्नुहोस्)" यस्तो

(क) गोधूलिको दुई घडीअघि, दुई घडीपछिको समय उत्तम हुन्छ, हेमन्त-शिशिरऋतुमा सूर्यनारायण डल्लाजस्ता भएमा (अस्ताउने वेला भएर किरण नदेखिने, खालि सूर्यबिम्ब मात्र देखिने भएमा), वसन्त–ग्रीष्मऋतुमा सूर्यबिम्ब आधा अस्ताएपछि, वर्षाऋतुमा सूर्यबिम्ब जम्मै अस्ताएपछि गोधूलि समय हुन्छ । यो समय सकल शुभ कार्यमा उत्तम छ ।

गोधूलि वेलामा—नक्षत्र-तिथि-करण-लग्न, बार-अंश-मुहूर्त-योग-अष्टमस्थानशुद्धि-जामित्रदोष केही विचार गर्नुपर्दैन, यो वेला सर्वकार्यमा श्रेष्ठ लिएको छ ।

नास्यामृक्षं न तिथिकरणं नैव लग्नस्य चिन्ता नो वा वारो न च लवविधिर्नो मुहूर्तस्य चर्चा ।
नो वा योगो न मृतिभवनं नैव जामित्रदोषो गोधूलिः सा मुनिभिरुदिता सर्वकार्येषु शस्त ॥

(मुहूर्तचिन्तामणि)

तिनीहरूको वचन सुनेपछि निशानबाजामा घाउ पर्न लाग्यो (निशानबाजा खूब ठोकिए) ॥ ७ ॥ राजा दशरथले गुरुसँग सोधेर कुलमा चलेको विधिविधान गरे, अनि मुनिवर्ग साधु-सन्तसमाजहरूका साथ रवाना भए ॥ ८ ॥

दोहा–भाग्य बिभव अवधेस कर देखि देव ब्रह्मादि ।
लगे सराहन सहस मुख जानि जनम निज बादि ॥३१३॥

ब्रह्मादि देवताहरू राजा दशरथको भाग्य र वैभव (चकचकी) देखेर आफ्नो जन्म वृथा जानीकन हजार मुखले सह्राउन लागे ॥ ३१३ ॥

चौ०–सुरन्ह सुमंगल अवसरु जाना ❀ बरषहिं सुमन बजाइ निसाना ॥१॥
सिव ब्रह्मादिक बिबुध बरूथा ❀ चढ़े बिमानन्हि नाना जूथा ॥२॥
प्रेमपुलक तन हृदय उछाहू ❀ चले बिलोकन रामबिआहू ॥३॥
देखि जनकपुरु सुर अनुरागे ❀ निज निज लोक सबहि लघु लागे ॥४॥

देवताहरूले पनि असल मंगलको मौका जानेर निशान बजाईकन फूल बर्षाए ॥ १ ॥ शिव ब्रह्मा आदि गरेका देववर्गहरू डफ्फा डफ्फा भई विमान चढे ॥ २ ॥ (तिनका) शरीरमा प्रेमको रोमाञ्च, हृदयमा उत्साह थियो, सबैजना रामजीको विवाह हेर्न हिंडे ॥ ३ ॥ जनकपुर देख्ता ती देवताहरू प्रसन्न भए, आफ्ना आफ्ना लोक तिनीहरूलाई लघु (तुच्छ = चुत्था) लागे ॥ ४ ॥

चितवहिं चकित बिचित्र बिताना ❀ रचना सकल अलौकिक नाना ॥५॥
नगर नारि नर रूपनिधाना ❀ सुघर सुधरम सुसील सुजाना ॥६॥
तिन्हहि देखि सब सुर सुरनारी ❀ भये नखत जनु बिधु उजिआरी ॥७॥
बिधिहि भयेउ आचरजु बिसेषी ❀ निज करनी कछु कतहु न देखी ॥८॥

(तिनीहरू) लोकोत्तर नाना प्रकारको विचित्र विचित्र रचना भएको विवाहमण्डपलाई चकित भएर (छक्क परेर) हेर्न लागे ॥ ५ ॥ रूपका खानि भएका (अति सुरूप) नगरका नरनारीहरू सुग्घरी, धर्मात्मा, सुशील, समुझदार (थिए) ॥ ६ ॥ तिनीहरूलाई देख्ता देवाङ्गनाहरू चन्द्रमाको चन्द्रिका फैलिएका वेलामा नक्षत्रजस्ता (निस्तेज) भए ॥ ७ ॥ विधातालाई आफ्नो रचना कतै पनि नदेख्ता विशेष (अरूलाई भन्दा बढ़ता) आश्चर्य भयो (लाग्यो) ॥ ८ ॥

दोहा–सिव समुझाए देव सब जनि आचरज भुलाहु ।
हृदय बिचारहु धीर धरि सिय रघुबीर बिआहु ॥३१४॥

शिवजीले सबै देवतालाई संझाउनुभयो कि “(तिमीहरू) भुलेर पनि (झुक्किएर पनि) आश्चर्य नगर, धैर्य धरेर हृदयमा विचार गर, (यो) सीताजी र रघुवीरजीको विवाह हो—(बुझ्यौ ?) ॥ ३१४ ॥

चौ०-जिन्ह कर नामु लेत जग माहीं ❀ सकल अमंगल मूल नसाहीं ॥१॥
करतल होहिं पदारथ चारी ❀ तेइ सिय रामु कहेउ कामारी ॥२॥
येहि संभु सुरन्ह समुझावा ❀ पुनि आगे बर बसहु चलावा ॥३॥
देवन्ह देखे दसरथु जाता ❀ महामोद मन पुलकित गाता ॥४॥

जगत्मा जसको नाम लिंदाखेरि सकल अमङ्गल निर्मूल भएर नष्ट हुन्छन्, चारै पदार्थ (धर्म, अर्थ, काम, मोक्ष) करतलगत (हत्केलैमा रहेका) हुन्छन्, सीताजी र रामजी तिनै (ईश्वर) हुन्” भनी कन्दर्पवैरी शंकरले भन्नुभयो ॥ १ ॥ २ ॥ यस प्रकारले शिवजीले देवताहरूलाई सम्झाउनुभयो, अनि आफ्नो वसाह (नन्दी) लाई अघि लाउनुभयो ॥ ३ ॥ देवताहरूले बरियात जानलागेका दशरथलाई देखे, तिनका मनमा ठूलो आनन्द र शरीरमा रोमाञ्च भयो ॥ ४ ॥

साधुसमाज संग महिदेवा ❀ जनु तनु धरे करहिं सुख सेवा ॥५॥
सोहत साथ सुभग सुत चारी ❀ जनु अपबरग सकल तनुधारी ॥६॥

दशरथका साथमा साधु सन्त ब्राह्मणहरू मूर्ति धारण गरेका देवताहरू सेवा गर्न लागेका जस्ता थिए ॥ ५ ॥ साथमा सुन्दर चार पुत्र सकल तनुधारी (सायुज्य, सारूप्य, सामीप्य, सालोक्य, यी ४ रूप धारण गर्ने) अपवर्गजस्ता (मोक्षजस्ता) थिए ॥ ६ ॥

मरकत कनक बरन बर जोरी ❀ देखि सुरन्ह भै प्रीति न थोरी ॥७॥
पुनि रामहि बिलोकि हिय हरषे ❀ नृपहि सराहि सुमन तिन्ह बरषे ॥८॥

मरकतवर्णतनु (पन्नाको रङ्ग भएको शरीर हुने अर्थात् श्यामवर्ण) र कनकवर्णतनु (सुवर्णको वर्ण भएको शरीर हुने अर्थात् गौरवर्ण) भएका दुई जोडी (राम र लक्ष्मण, भरत र शत्रुघ्न) देख्ता देवताहरूलाई थोरै प्रीति भएन (खूब प्रीति भयो) ॥ ७ ॥ अनि रामजी लाई हेर्दा तिनीहरू हृदयमा हर्षित भए, राजालाई सह्राएर तिनीहरूले फूल वर्षाए ॥ ८ ॥

दोहा-रामरूपु नख सिख सुभग बारहि बार निहारि ।
पुलक गात लोचन सजल उमा समेत पुरारि ॥३१५॥

गिरिजासहित भएका शंकरजी नखदेखि शिखासम्म (पैतालादेखि तालुसम्म) सुन्दर भएको रामजीको रूप वारंवार हेरेर शरीरमा रोमाञ्चित, नेत्रमा सजल (हर्षाश्रुपूर्ण) हुनुभयो ॥ ३१५ ॥

चौ०-केकिकंठ दुति स्यामल अंगा ❀ तड़ित बिनिंदक बसन सुरंगा ॥१॥
ब्याहबिभूषन बिबिध बनाए ❀ मंगल सब सब भाँति सुहाए ॥२॥
सरद बिमल बिधु बदनु सुहावन ❀ नयन नवल राजीव लजावन ॥३॥
सकल अलौकिक सुंदरताई ❀ कहि नजाइ मनहीं मन भाई ॥४॥

(रामजीको) अङ्ग मयूरका घांटीको जस्तो कान्ति भएको श्यामवर्ण छ, असल रंग भएको वस्त्र (पीताम्बर) बिजुलीको निन्दा गर्ने (बिजुलीभन्दा चमकदार) छ, ॥ १ ॥

अनेक प्रकारका विवाहका गहना यथोचित पहिरेका हुनाले मंगलमय भएर सब तरहले सुशोभित छन् ॥ २ ॥ उहाँको वदन (मुखमण्डल) शरत्कालका निर्मल चन्द्रमाजस्तो सुन्दर छ, दुई नजर नयाँ कमललाई लज्जित पार्ने (कमलभन्दा सुन्दर) छन्, ॥ ३ ॥ सकल सौन्दर्य अलौकिक छ, मनै मनमा मनपर्ने, भन्न नसकिने छ ॥ ४ ॥

बंधु मनोहर सोहहिं संगा ❀ जात नचावत चपल तुरंगा ॥५॥
राजकुअँर बर बाजि नचावहिं ❀ बंसप्रसंसक बिरिद सुनावहिं ॥६॥
जेहि तुरंग पर रामु बिराजे ❀ गति बिलोकि खगनायकु लाजे ॥७॥
कहि न जाइ सब भाँति सुहावा ❀ बाजिबेषु जनु काम बनावा ॥८॥

साथमा मनोहर तीन भाई शोभित छन्, चटपटे-घोडा नचाउँदै जान लाग्नुभएको छ, ॥ ५ ॥ राजकुमारहरू घोडालाई राम्रो तवरले नचाउन लागेका छन्, बन्दीहरू विरुदावलीको गाना गरिरहेका छन् (बाटा बाटामा पनि नाचगान भइरह्यो) ॥ ६ ॥ जुन घोडामा रामजी विराजमान हुनुभएको थियो, (त्यसको) चाल देखेर पक्षीपति गरुडजी पनि लज्जित हुन्थे ॥ ७ ॥ सब भाँतिले सुन्दर भएको त्यो घोडाको वर्णन गर्न सकिदैन, मानौं कामले (कामदेवले अर्थात् संकल्पले) घोडाको वेष बनाएको हो कि ? (भनेजस्तो, थियो, अर्थात् त्यो घोडा रघुनाथजीको मनसुबा नै हो कि भनेजस्तो इच्छानुसारी थियो) ॥ ८ ॥

छन्द–जनु बाजिबेषु बनाइ मनसिजु रामहित अति सोहई ।
आपने बय बल रूप गुन गति सकल भुवन बिमोहई ॥
जगमगत जीनु जराव जोति सो मोति मनि मानिक लगे ।
किंकिनि ललाम लगामु ललित बिलोकि सुर नर मुनि ठगे ॥३५॥

मानौं—रामचन्द्रका निमित्त कामदेव घोडाको वेष बनाएर अत्यन्त शोभायमान भइरहेको हो कि ? त्यो घोडाले आफ्नो उमेर, बल, रूप गुण, गतिले सकल भुवनलाई मोहित पारेको छ। असल मोती र मणिमाणिक्य लागेको जडाउ जीन ज्योतिले गर्दा जगमगाइरहेको (झकाझक भएको) छ। (घाँटीमा रहेको) सुन्दर किंकिणि (घुँगुरा) र सुन्दर लगाम देख्ता देवता मानिस मुनिहरू ठगिए (कै ठहरिन्थे, अर्थात् "मानिसले ता यस्तो घोडा के पाउलान् ?, स्वर्गका देवताले पनि यस्तो घोडा पाएका छैनन्, जाबो उच्चैःश्रवा पाउँदा फुरक्क परेका छन् । मुनिहरूका तपोबलले पनि यस्तो घोडा बन्न सक्तैन, "हाम्रो तपोबल कस्तो न छ" भन्थे, पाइन् देखियो" । यस्तो समझ गराउने त्यो घोडा अवर्णनीय थियो) ॥ ३५ ॥

दोहा–प्रभुमनसहि लयलीन मनु चलत चालि छबि पाव ।
भूषित उडगन तड़ित घनु जनु बर बरहि नचाव ॥३१६॥

प्रभु रघुनाथजीका मनसायमा मनलाई लवलीन पारेर (मिलाएर) चालमा चल्दाखेरि

त्यो घोडाले नक्षत्र (तारा) गणले र बिजुलीले शोभायमान भएका मेघले नचाएको सुन्दर मयूरको जस्तो शोभा पायो ॥ ३१६ ॥ (क)

चौ०–जेहि बर बाजि रामु असवारा ❀ तेहि सारदउ न बरनै पारा ॥१॥
संकरु रामरूप अनुरागे ❀ नयन पंचदस अति प्रिय लागे ॥२॥

जुन सुन्दर घोडामा रामजी सवार हुनुभएको थियो, त्यस घोडाको पारलाई (सौन्दर्यको इयत्तालाई) शारदा पनि वर्णन गर्न सकोइनन् ॥ १ ॥ शंकरजी[1] ता रामचन्द्रजीको रूपमा अनुरक्त हुनुभयो (खूब प्रेमी हुनुभयो), (उहाँलाई) आफ्ना पन्ध्र (१५) आँखा खूब प्यारा लागे (१५ आँखाले रामजीको रूप हेर्न पाउँदा ती आँखा खूब मनपरे) ॥ २ ॥

हरि हित सहित रामु जब जोहे ❀ रमा समेत रमापति मोहे ॥३॥
निरखि रामछबि बिधि हरषाने ❀ आठै नयन जानि पछिताने ॥४॥
सुरसेनप उर बहुत उछाहू ❀ बिधि ते डेवढ़ लोचनलाहू ॥५॥
रामहि चितव सुरेस सुजाना ❀ गौतमश्रापु परम हित माना ॥६॥
देव सकल सुरपतिहि सिहाहीं ❀ आजु पुरंदर सम कोउ नाहीं ॥७॥
मुदित देवगन रामहि देखी ❀ नृपसमाज दुहुँ हरषु बिसेषी ॥८॥

विष्णुले जब घोडामा सवार भएका रामजीलाई देख्नुभयो तब लक्ष्मीसहित आफू (रमापति) मोहित हुनुभयो ॥ ३ ॥ रामजीको शोभा देखेर ब्रह्माजी हर्षित ता हुनुभयो [तर] आफ्ना[2] आँखा आठैओटा मात्रै जानेर पछुताउनुभयो ॥ ४ ॥ देवसेनापति (कार्तिकेय कुमार) का मनमा उत्साह खूब भयो [किनभने ? उहाँलाई] ब्रह्माजीका भन्दा डेउढा (बाह्रओटा) आँखाको लाभ थियो ॥ ५ ॥ रामजीलाई हेर्दाखेरि समुझदार इन्द्रले गौतम मुनिको शरापलाई[3] परम हित ठाने ॥ ६ ॥ सबै देवताहरू "आज इन्द्रबराबर कोही भएन" भन्दै इन्द्रको डाह (रीस) गर्न लागे ॥ ७ ॥ अनि रामजीतर्फ हेरेर देवताहरू हर्षित भए (त्यो डाह बिर्से)। दुवैतर्फका राजसमाजमा ज्यादा हर्ष भयो ॥ ८ ॥

(क) गहनाका मणिले ठाउँ ठाउँमा शोभित भएका, पीताम्बर पहिरेका, श्यामवर्ण भएका, रामचन्द्रजी, कतै कतै तारा भएको, बिजुली सहितको, कालो मेघजस्तो हुनुहुन्छ। त्यस्तो मेघले नचाएको मयूर जस्ती गरेर घोडा नाचिरहेको छ। गहनाका मणिको र तारागणको, पीताम्बरको र बिजुलीको रामजीको र मेघको, घोडाको र मयूरको, घोडाका चालको र मयूरका नचाइको तुल्यता बुझिन्छ।

(१) शङ्करजीका मुख ५, आँखा १५ छन्।

(२) ब्रह्माजीका मुख ४, आँखा ८ छन्। (२) कार्तिकेयकुमारका मुख ६, आँखा १२ छन्।

(३) अहल्यामा लंपट भएर इन्द्रले गौतममुनिको रूप लिएर अहल्याको पातिव्रत्य भ्रष्ट गरिदिंदा गौतममुनिले रिसाएर "योनिलम्पट भएको तेरा शरीरभरी हजारओटा योनि होउन्" यस्तो शराप दिएका थिए। इन्द्रले त्यो दुर्दशा हटाउनाका निमित्त भगयज्ञ गरे, त्यसका प्रभावले १००० भग १००० आँखा बने, इन्द्र सहस्राक्ष भए। ऐले "गौतमले शराप दिएको बडो मोज भयो, हज्जार आँखाले रामजीलाई हेर्न पाएँ" भन्न लागे।

छन्द—अति हरषु राजसमाजु दुहुँ दिसि दुंदुभी बाजहिं घनी ।
बरषहिं सुमन सुर हरषि कहि जय जयति जय रघुकुलमनी ।।
येहि भाँति जानि बरात आवत बाजने बहु बाजहीं ।
रानी सुआसिनि बोलि परिछनि हेतु मंगल साजहीं ।।३६।।

दुवैतर्फका राजसमाजमा हर्ष ज्यादा भयो, दुन्दुभिबाजा खूब बज्न लागे, देवताहरू हर्षित भएर "जय जय जय रघुकुलमणि !" भनेर फूल वर्षाउन लागे । यस्ता प्रकारले बरियात आउन लागेको जानेर [दुलहीपट्टि] बाजा खूब बज्न लागे । रानी (सुनयना) सौभाग्यवती स्त्रीजनलाई बोलाएर जन्ती पर्छनाका निमित्तको मंगल पदार्थलाई ठीकठाक गर्न लागिन् ।।३६।।

दोहा—सजि आरती अनेक बिधि मंगल सकल सँवारि ।
चलीं मुदित परिछनि करन गजगामिनि बर नारि ।।३१७।।

अनेक प्रकारले आरती सजाएर मंगलवस्तु सबै सँवारेर (हिफाजतसाथ लिएर) गजगामिनी (मत्ताएका हात्तीझैं मस्त भएर झुली झुली हिंडने सुन्दर स्त्री) हरू खुशी साथ जन्ती पर्छन हिंडे ।। ३१७ ।।

चौ०—बिधुबदनी सब सब मृगलोचनि ❀ सब निज तनछबि रतिमदु मोचनि ।।१।।
पहिरें बरन बरन बर चीरा ❀ सकल बिभूषन सजे सरीरा ।।२।।
सकल सुमंगल अंग बनाए ❀ करहिं गान कलकंठि लजाए ।।३।।
कंकन किंकिनि नूपुर बाजहिं ❀ चालि बिलोकि कामगज लाजहिं ।।४।।

तिनीहरू सबै चन्द्रवदनी, सबै मृगनयनी, सबै आफ्ना शरीरका शोभाले कामपत्नीको (रतिको) घमंड तोड्ने, रङरङका उत्तम वस्त्र लाएका, गहनाले सकल शरीर झकिझकाउ भएका, सकल अङ्गलाई मङ्गलमय पारेका थिए । मीठो गला भएका तिनीहरू लज्जित भैकन गान गर्नलागे ।। १ ।। २ ।। ३ ।। कंकण घुँगुरा पाउजेब बज्न थाले, तिनको चलाइ देखेर मत्ताएका हात्ती पनि लज्जित हुन्थे ।। ४ ।।

बाजहिं बाजन बिबिध प्रकारा ❀ नभ अरु नगर सुमंगलचारा ।।५।।
सची सारदा रमा भवानी ❀ जे सुरतिय सुचि सहज सयानी ।।६।।
कपटनारि बर बेष बनाई ❀ मिली सकल रनिवासहि जाई ।।७।।
करहिं गान कल मंगल बानी ❀ हरष बिबस सब काहु न जानी ।।८।।

अनेक प्रकारका बाजा बज्न लागे, आकाशमा र जनकपुरमा मंगलको खूब प्रचार भयो ।। ५ ।। इन्द्राणी, सरस्वती, लक्ष्मी, पार्वती र जुन जुन देवाङ्गना स्वभावशुद्ध र चतुर थिए, (तिनीहरू) कपटले सुन्दर मनुष्याङ्गना (मनुष्य स्त्री) को रूप बनाएर (लिएर) रनिवासमा (रानीहरू रहने ठाउँमा) गईकन मिले (एउटै बथानमा संमिलित भए) ।। ६ ।।

॥ ७ ॥ अनि तिनीहरू मीठो मंगलवाणीले गाउन लागे, हर्षविह्वल भएका हुनाले कसैले पनि (तिनलाई) जानेन (चिह्नेन) ॥ ८ ॥

छन्द–को जान केहि आनंदबस सब ब्रह्म बर परिछन चली ।
कल गान मधुर निसान बरषहिं सुमन सुर सोभा भली ॥
आनंदकंदु बिलोकि दूलहु सकल हिय हरषित भई ।
अंभोज अंबक अंबु उमगि सुअंग पुलकावलि छइ ॥३७॥

को कसलाई चिन्होस् ? (चिन्हापर्चेरी गर्ने बखत थियो र ?) सबै-जना आनन्द विह्वल भएर ब्रह्मरूपी दुलहा (रामजी) लाई पर्छन हिंडे, मीठो गाना (भइरहेछ) मधुर बाजा (बजिरहेका छन्), देवताहरू फूल बर्षाइरहेका छन्, शोभा खूब असल (भइरहेको) छ, सबै स्त्रीजनहरू आनन्दकन्द (आनन्दमूल) दुलहालाई हेरेर हृदयमा हर्षित भए, (तिनका) कमलतुल्य नयनमा पानी (हर्षाश्रु), हृदयमा आनन्दको उल्लास (उमंग), शरीरमा रोमांचको समुच्चय (समूह) छाइयो ॥ ३७ ॥

दोहा–जो सुखु भा सियमातु मन देखि राम बर बेषु ।
सो न सकहिं कहि कलप सत सहस सारदा सेषु ॥३१८॥

रामचन्द्रजीको सुन्दर वेष देख्ता सीताजीकी मुमाका मनमा जो आनन्द भयो, त्यो वर्णन गर्न शयकल्पको टाइम लगाए पनि हज्जार शारदा हज्जार शेषले पनि सक्तैनन् ॥ ३१८ ॥

चौ०–नयननीरु हटि मंगल जानी ❀ परिछनि करहिं मुदित मन रानी ॥१॥
बेदबिहित अरु कुल आचारू ❀ कीन्ह भली बिधि सब ब्यवहारू ॥२॥

रानीहरू मंगलको समय जानेर (मंगलका बेलामा अश्रुपात गर्न हुँदैन भनी बुझेर) नेत्रको आँसुलाई रोकीकन हृदयमा हर्षित भएर पर्छन गर्न (पर्सन) लागे ॥ १ ॥ वेदमा बताएका विधि र कुलाचारका विधि, अरू व्यवहार भलीभाँति राम्रो गरे ॥ २ ॥

पंच सबद धुनि मंगल गाना ❀ पट पावड़े परहिं बिधि नाना ॥३॥
करि आरती अरघु तिन्ह दीन्हा ❀ राम गमनु मंडप तब कीन्हा ॥४॥

घंट १, शंख २, बाँसुरी ३, नगारा ४, दुन्दुभी ५, यी ५ चीजको ध्वनि हुन लाग्यो, (अथवा वेदध्वनि १, बन्दीध्वनि २, जयध्वनि ३, शंखध्वनि ४, वाद्यध्वनि ५, हुनलागे। मंगल गान हुन लागे। नाना प्रकारका पाँवड़ेका (रामजी हिंड्नलाई ओछ्याएका) पट (वस्त्र) परे फैलाइए) ॥ ३ ॥ रानीहरूले आरती गरेर अर्घ दिए, अनि रामजी मण्डपमा जानुभयो ॥ ४ ॥

दसरथु सहित समाज बिराजे ❀ बिभव बिलोकि लोकपति लाजे ॥५॥
समय समय सुर बरषहिं फूला ❀ सांति पढ़हिं महिसुर अनुकूला ॥६॥
नभ अरु नगर कोलाहल होई ❀ आपनि पर कछु सुनै न कोई ॥७॥
येहि बिधि रामु मंडपहि आए ❀ अरघु देइ आसन बैठाए ॥८॥

राजा दशरथ बरियातीहरूसहित जहाँ बसे, (त्यहाँको) विभव (ऐश्वर्य) देखेर लोकपाल पनि लज्जित हुन्थे ॥ ५ ॥ बखत बखतमा देवताहरू फूल वर्षाउँथे, ब्राह्मणहरू विवाहको अनुकूल शान्तिपाठ पढ्दथे ॥ ६ ॥ आकाशमा र जनकपुरमा कोलाहल (हल्ला) भइरह्यो, आफ्नो र पराइको (आवाज) कोही सुन्दैनथ्यो ॥ ७ ॥ यस प्रकारले रामजी विवाहमण्डपमा आउनुभयो (उहाँलाई) अर्घ दिएर आसनमा राज गराए ॥ ८ ॥

छन्द–बैठारि आसन आरती करि निरखि बरु सुखु पावहीं ।
मनि बसन भूषन भूरि वारहिं नारि मंगल गावहीं ॥
ब्रह्मादि सुरबर बिप्रबेष बनाइ कौतुक देखहीं ।
अवलोकि रघुकुल कमल रवि छबि सुफल जीवन लेखहीं ॥३८॥

(रानी प्रभृति स्त्रीवर्गले) दुलहालाई आसनमा राखेर आरती गरे, अनि वरलाई राम्रो गरी हेरेर आनन्दित हुन लागे । मणि, वस्त्र, गहना धेरै बाँड्न लागे, स्त्रीहरू मंगल गाउन लागे, ब्रह्मादि श्रेष्ठदेवताहरू ब्राह्मणको वेष लिएर कौतुक (तमाशा) हेर्न लागे । तिनीहरू रघुकुलकमलरविको (रघुका कुलरूपी कमलको प्रफुल्लता गर्नलाई सूर्यस्वरूप भएका रामचन्द्रजीको) छबि (शोभा) देखेर आफ्नो जिन्दगीलाई सुफलमा लेखा गर्नलागे (सफल संझन लागे) ॥ ३८ ॥

दोहा–नाऊ बारी भाट नट रामनिछावरि पाइ ।
मुदित असीसहिं नाइ सिर हरषु न हृदय समाइ ॥३१९॥

नाउ, बारी (जातिविशेष) भाट, नट्टुवाहरू रामचन्द्रबाट न्यौछावर (प्रीतिदान) पाएर हर्षित भईकन शिर झुकाएर आशिष दिन लागे, तिनका हृदयमा हर्ष अटाएन ॥ ३१९ ॥

चौ०–मिले जनकु दसरथु अति प्रीती ❀ करि बैदिक लौकिक सब रीती ॥१॥
मिलत महा दोउ राज बिराजे ❀ उपमा खोजि खोजि कबि लाजे ॥२॥
लही न कतहु हारि हिय मानी ❀ इन्ह सम एइ उपमा उर आनी ॥३॥

(अनि) लौकिक वैदिक सबै रीति (विधि) सिध्याएर जनक राजाले दशरथ राजासंग अत्यन्त प्रीतिपूर्वक भेट गरे ॥ १ ॥ भेट गर्दा यी दुई राजा खूब शोभायमान भए । (त्यस बखतको) उपमा खोज्दा खोज्दा कविहरू लज्जित भए, कहीं पनि उपमा पाइएन, मनले हार मानेर "यिनीहरूजस्ता यिनीहरू नै छन् ," यस्तो उपमालाई मनमा ल्याए ॥ २ ॥ ३ ॥

सामध देखि देव अनुरागे ❀ सुमन बरषि जसु गावन लागे ॥४॥
जगु बिरंचि उपजावा जब तें ❀ देखे सुने ब्याह बहु तब तें ॥५॥
सकल भाँति सम साजु समाजू ❀ सम समधी देखे हम आजू ॥६॥
देवगिरा सुनि सुंदर साँची ❀ प्रीति अलौकिक दुहुँ दिसि माची ॥७॥
देत पावड़े अरघु सुहाए ❀ सादर जनकु मंडपहि ल्याए ॥८॥

२ सम्धीहरूलाई देखेर देवता खुशी भए, फूल वर्षाएर जस गाउन लागे ॥ ४ ॥ जहिलेदेखि ब्रह्माजीले जगत् पैदा गर्नुभयो, उहिल्यैदेखि धेरै विवाह देखिए सुनिए (तर) सब तरहबाट साज र समाज समान भएका समान सम्धी हामीले आजै देख्यौं ॥ ५ ॥ ६ ॥ सुन्दर र साँचो भएको देवताको यो वचन सुनेर दुवैतर्फ अलौकिक प्रेम फैलियो ॥ ७ ॥ अनि राजा जनकले पावडा (वस्त्र) बिछ्याउँदै अर्घ दिंदै गरेर राजा दथरथलाई मण्डपनिर ल्याए ॥ ८ ॥

छन्द–मंडपु बिलोकि बिचित्र रचना रुचिरता मुनिमन हरे ।
निज पानि जनक सुजान सब कहुँ आनि सिंघासन धरे ॥
कुल इष्ट सरिस बसिष्ठु पूजे बिनय करि आसिष लही ।
कौसिकहि पूजत परम प्रीति कि रीति तौ न परै कही ॥३९॥

मण्डपको विचित्र रचना र सुन्दरता मुनिको मनलाई पनि हर्ने थियो। (त्यहाँ) चतुर राजा जनकले आफ्ना हातले सबका निमित्त सिंहासन ल्याएर राखे। विनय गरेर कुलका इष्टदेवताजस्ता वशिष्ठको पूजा गरीकन आशिष लिए, कौशिक (विश्वामित्र) को पूजा गर्दा जो परम प्रीतिको रीति (प्रकार) भयो, त्यो वर्णन गर्न सकिदैन ॥ ३९ ॥

दोहा–बामदेव आदिक रिषय पूजे मुदित महीस ।
दिए दिब्य आसन सबहि सब सन लही असीस ॥३२०॥

राजा जनकले आनन्दित भएर वामदेव आदि ऋषिको पूजा (सत्कार) गरे। सबैलाई दिव्य आसन दिए। सबैबाट आशिष पाए ॥ ३२० ॥

चौ०–बहुरि कीन्हि कोसलपतिपूजा ❀ जानि ईस सम भाउ न दूजा ॥१॥
कीन्हि जोरि कर बिनय बड़ाई ❀ कहि निज भाग्यबिभव बहुताई ॥२॥
पूजे भूपति सकल बराती ❀ समधी सम आदर सब भाँती ॥३॥
आसन उचित दिये सब काहू ❀ कहउँ काह मुख एक उछाहू ॥४॥

फेरि ईश्वरसमान जानेर दोस्रो भाव नगरीकन राजा दशरथको पूजा गरे ॥ १ ॥ हात जोरेर विनय र सन्मान गरे, आफ्ना भाग्यका वैभवको बहुता भन्न लागे (म साह्रै ठूलो भाग्यवान् रहेछु भने) ॥ २ ॥ सकल बरातीको पनि सम्धीको समान पूजा गरे, सब तरहले आदर सन्मान गरे ॥ ३ ॥ सबैलाई उचित आसन दिए। मुख एउटा छ, त्यो उत्साहको के बयान गरौं ॥ ४ ॥

सकल बरात जनक सनमानी ❀ दान मान बिनती बर बानी ॥५॥
बिधि हरि हरु दिसिपति दिनराऊ ❀ जे जानहिं रघुबीरप्रभाऊ ॥६॥
कपटबिप्र बर बेष बनाए ❀ कौतुक देखहिं अति सचु पाए ॥७॥
पूजे जनक देव सम जाने ❀ दिए सुआसन बिनु पहिचाने ॥८॥

जनकले सबै बरियातीको दान, मान, विनय, मधुर वचनले सन्मान गरे ॥ ५ ॥ रघुवीरको प्रभाव जो जान्दथे ती ब्रह्मा, विष्णु, शंकर, दिक्पाल, सूर्य प्रभृतिदेवता कपटले ब्राह्मणको सुन्दर वेष बनाएर अति संचो (आनन्द) पाईकन त्यो कौतुक (तमाशा) हेर्न लागेका थिए, राजा जनकले तिनलाई देवसमान जानेर विनाजानपहिचान सत्कार गरे, आसन दिए ॥ ६ ॥ ७ ॥ ८ ॥

छन्द–पहिचान को केहि जान सबहि अपान सुधि भोरी भई ।
आनंदकंदु बिलोकि दूलहु उभय दिसि आनँदमई ॥
सुर लखे राम सुजान पूजे मानसिक आसन दए ।
अवलोकि सीलु सुभाउ प्रभु को बिबुध मन प्रमुदित भए ॥४०॥

को कसलाई जानोस् ? पहिचानोस् ?, सबैले आफ्नो शुद्धिबुद्धि भूले । आनन्दकन्द (आनन्दमूल) भएका दुलहा (रामजी) लाई देखेर दुवैपट्टि आनन्दमयी भई । ज्ञानी रामजीले देवतालाई लख्नुभयो (मनुष्यरूप लिएर आएका ताड्नुभयो) अनि मानसिक आसन दिनुभयो (मनैले आसन दिएर बसाउनुभयो) । प्रभु रघुनाथजीको शील-स्वभाव देखेर देवताहरू मनमा हर्षित भए ॥ ४० ॥

दोहा–रामचंद्रमुख चंद्र छबि लोचन चारु चकोर ।
करत पान सादर सकल प्रेमु प्रमोदु न थोर ॥३२१॥

सबै जनाका नेत्ररूपी चकोरपक्षी (च्याखुरा) रामचन्द्रजीका मुखरूपी चन्द्रमाको किरण (शोभा) लाई आदरसाथ पान गर्न लागे, प्रेम र आनन्द थोरै ता भएन (खूब भयो) ॥ ३२१ ॥

चौ०–समउ बिलोकि बसिष्ठ बोलाए ❀ सादर सतानंदु सुनि आए ॥१॥
बेगि कुअँरि अब आनहु जाई ❀ चले मुदित मुनि आयसु पाई ॥२॥
रानी सुनि उपरोहितबानी ❀ प्रमुदित सखिन्ह समेत सयानी ॥३॥
बिप्रबधूँ कुलबृद्ध बोलाई ❀ करि कुलरीति सुमंगल गाई ॥४॥

समय भएको देखेर वसिष्ठजीले आदरसहित शतानन्द पुरोहितलाई बोलाए, उनी (शतानन्द) आज्ञा सुनेर आए ॥ १ ॥ "गएर अब राजकुमारीलाई चाँडै ल्याऊ" भनी वशिष्ठले भन्दा मुनिको आज्ञा पाएर उनी (शतानन्द) खुशी भएर गए ॥ २ ॥ रानीले पुरोहितको वचन सुनेर सखीसहित खुशी भईकन चतुर भएका ब्राह्मणपत्नीलाई र कुलका बूढीपाकी स्त्रीलाई बोलाई मंगल गाएर कुलरीति (कुलमा चलेको चलन) गरिन् ॥ ३ ॥ ४ ॥

नारिबेष जे सुरबर बामा ❀ सकल सुभाय सुंदरी स्यामा ॥५॥
तिन्हहि देखि सुखु पावहिं नारी ❀ बिनु पहिचानि प्रानहु ते प्यारी ॥६॥

देवताका सुन्दर स्त्रीहरू जो स्त्रीको वेष धारण गरेर आएका थिए, ती सबै

सुशील, सुन्दर, श्यामा (षोडशवार्षिकी = नवयौवना) थिए ॥ ५ ॥ तिनलाई देखेर जनकपुरका स्त्रीहरू आनन्दित भए, विनापहिचान तिनीहरू प्राणभन्दा पनि प्यारा भए ॥ ६ ॥

बार बार सनमानहिं रानी ❀ उमा रमा सारद सम जानी ॥७॥
सीय सँवारि समाजु बनाई ❀ मुदित मंडपहि चलीं लवाई ॥८॥

(तिनीहरूलाई) पार्वती, लक्ष्मी, शारदासमान जानेर रानीले वारंवार सन्मान गरिन् ॥ ७ ॥ अनि सीताजीलाई सँवारेर (सिंगारपटार पारेर) समाज बनाएर (डफ्फा सजाएर) हर्षित भईकन (सीताजीलाई) मंडपमा लिएर आइन् ॥ ८ ॥

छन्द–चलि ल्याइ सीतहि सखी सादर सजि सुमंगल भामिनी ।
नवसत्त साजे सुंदरी सब मत्त कुंजर गामिनी ॥
कल गान सुनि मुनि ध्यान त्यागहिं कामकोकिल लाजहीं ।
मंजीर नूपुर कलित कंकन तालगति बर बाजहीं ॥४१॥

सखीहरू र अरू स्त्रीहरूले मांगलिक शृङ्गार गरेर आदरका साथ सीताजीलाई लिएर आए । तिनीहरू सोह्र[1] शृङ्गारले सजिएका छँदा मत्ता हात्तीको जस्तो (धीमा) चालले हिंड्दथे । (तिनीहरूको) मधुर मनोहर गान सुन्दा मुनिको ध्यान छुट्तथ्यो, मस्त भएका कोइलीहरू लज्जित हुन्थे ॥ असल चालले हिंड्दाखेरि (तिनीहरूले) लाएका पाउजेब बिछवा (अनूठ बिच्छिया) कंकणहरू ताल मिल्ने गरी बज्दथे ॥ ४१ ॥

दोहा–सोहति बनिताबृंद महु सहज सुहावनि सीय ।
छबिललना गन मध्य जनु सुषमा तिय कमनीय ॥३२२॥

स्वभाव-सुन्दरी भएकी सीताजी स्त्रीहरूका समूहमध्यमा, स्त्रीगणको शोभाका मध्यमा स्त्रीको परम सुंदर परम शोभा (सुषमा) झैं शोभित हुनुभयो ॥ ३२२ ॥

चौ०–सियसुंदरता बरनि न जाई ❀ लघु मति बहुत मनोहरताई ॥१॥
आवत दीखि बरातिन्ह सीता ❀ रूपरासि सब भाँति पुनीता ॥२॥
सबहि मनहिं मन किए प्रनामा ❀ देखि राम भये पूरनकामा ॥३॥

सीताजीका सुन्दरताको वर्णन गर्न सकिदैन, बुद्धि सानी, सुन्दरता साह्रै ठूली, (के गर्नु ?) ॥ १ ॥ रूपको राशि (समूह) सब तरहबाट पवित्र भएकी सीताजीलाई बरियातीहरूले आउन लागेकी देखे, सबैले मनै मनले प्रणाम गरे । देखेर रामचन्द्रजी पनि पूर्णकाम (कृतकृत्य) हुनुभयो ॥ २ ॥ ३ ॥

---

[1] (१) सोह्र शृङ्गारको विवरण—अङ्गराग १ । स्नान २ । उत्तम वस्त्र ३ । माहुर ४ । केशरचना ५ । सीमन्तमा सिन्दूर ६ । चिबुकमा कालो तिलक ७ । ललाटमा सिन्दूरबिन्दु ८ । नङ्मा मेहदी ९ । शरीरमा अरगजा १० । गन्धतैल (अत्तर) ११ । गहना १२ । पुष्पधारण १३ । मुखराग (ताम्बूलादि) १४ । दन्तराग १५ । अधरराग १६ ।

हरषे दसरथ सुतन्ह समेता ❀ कहि न जाइ उर आनँदु जेता ।।४।।
सुर प्रनामु करि बरिसहिं फूला ❀ मुनि असीसधुनि मंगलमूला ।।५।।
गान निसान कोलाहलु भारी ❀ प्रेम प्रमोद मगन नर नारी ।।६।।

राजा दशरथ पुत्रसहित हर्षित भए। हृदयमा जति आनन्द थियो, त्यो भन्न सकिदैन ॥ ४ ॥ देवताहरू प्रणाम गरेर फूल वर्षाउन लागे, मुनीश्वरहरू मंगलको मूलकारण भएको आशीर्वादको ध्वनि वर्षाउन लागे ॥ ५ ॥ गानाको र बाजाको भारी कोलाहल भयो, नरनारीहरू प्रेम र हर्षमा मग्न भए ॥ ६ ॥

येहि बिधि सीय मण्डपहि आई ❀ प्रमुदित सांति पढ़हिं मुनिराई ।।७।।
तेहि अवसर कर बिधि ब्यवहारू ❀ दुहुँ कुलगुर सब कीन्ह अचारू ।।८।।

यस्ता विधानले सीताजी मण्डपमा आउनुभयो, मुनिराजहरू खुशी भईकन शान्ति पढ्द्थे ॥ ७ ॥ दुवैपट्टिका कुलगुरुहरूले त्यस वेलाको व्यवहार र आचार सबै ठीक र गरे ॥ ८ ॥

छन्द–आचारु करि गुर गौरि गनपति मुदित बिप्र पुजावहीं ।
सुर प्रगटि पूजा लेहिं देहिं असीस अति सुखु पावहीं ॥
मधुपर्क मंगल द्रब्य जो जेहि समय मुनि मन महु चहैं ।
भरे कनक कोपर कलस सो तब लियेहि परिचारक रहैं ।।४२।।

गुरुहरूले त्यस बखतको आचार गरेपछि ब्राह्मणहरू हर्षित भएर गौरी र गणपतिको पूजा गराउन लागे, देवताहरू प्रकट भएर पूजा लिन लागे, आशिष दिन लागे, अति आनन्दित पनि भए। मुनिहरू जुन वेलामा मधुपर्क मंगलद्रव्य प्रभृति जुन जुन चीज मनले चिताउँथे, सुवर्णका परात (ठूला थाल = किस्ती) मा र कलशमा भरेको त्यो चीज लिएर परिचारकहरू खडा थिए ॥ ४२ ॥

छन्द–कुलरीति प्रीति समेत रबि कहि देत सबु सादर किये ।
येहि भाँति देव पुजाइ सीतहि सुभग सिंघासनु दिये ॥
सिय राम अवलोकनि परसपर प्रेमु काहु न लखि परै ।
मन बुद्धि बर बानी अगोचर प्रगट कबि कैसे करै ।।४३।।

सूर्यनारायण प्रीतिसहित भएर कुलको रीति बताइदिन्थे, (तदनुसार) आदरसहित सब (रीति) गरिए। यस्ता प्रकारले देवताको पूजा गराएर सीताजीलाई सुन्दर सिंहासन दिए (सिंहासनमा राखे) सीताजी र रामजीको परस्पर हेराइ र प्रेम कसैले पनि लखन (यथार्थ चिन्ह) सक्तैनथे। (त्यो कुरा) मन बुद्धि श्रेष्ठ वाणीको अगोचर (थियो) कवि कसरी प्रकट गरोस् ? ॥ ४३ ॥

दोहा–होमसमय तनु धरि अनलु अति सुख आहुति लेहिं ।
बिप्रबेष धरि बेद सब कहि बिवाहबिधि देहिं ।।३२३।।

अग्निनारायण होमका समयमा मूर्ति धारण गरेर अति आनन्दित भईकन आहुति लिन लागे । चारै वेद ब्राह्मणको वेष धारण गरेर विवाहको विधि बताइदिन्थे ॥ ३२३ ॥

चौ०–जनकपाटमहिषी जग जानी ❀ सीयमातु किमि जाइ बखानी ॥१॥
सुजसु सुकृत सुख सुंदरताई ❀ सब समेटि बिधि रची बनाई ॥२॥
समउ जानि मुनिबरन्ह बोलाई ❀ सुनत सुआसिनि सादर ल्याई ॥३॥
जनक बाम दिसि सोह सुनयना ❀ हिमिगिरि संग बनी जनु मयना ॥४॥

जगत्मा प्रसिद्ध भएकी, सीताजीकी माता, जनककी पटरानी (राज्याभिषेक भएकी बडामहारानी) कसरी वर्णन गर्न सकिएलिन्—॥ १ ॥ मानौं विधाताले सुजस, पुण्य, सुख, सुन्दरता यी सबै कुरा एकत्र गरेर (समेटेर) सजाईकन बनाएका हुन् ? (भने जस्ती थिइन्) ॥ २ ॥ बखत भयो भनी जानेर मुनीश्वरहरूले (तिनलाई) बोलाए, सुन्नाका साथ सौभाग्यवती सुवासिनीहरूले आदरसाथ (तिनलाई) ल्याए ॥ ३ ॥ सजिसजाउ भएर हिमालयसँग बसेकी मेना हुन् कि भनेजस्ती भएर ती रानी सुनयना जनक राजाका बायाँतर्फमा सुशोभित भइन् ॥ ४ ॥

कनककलस मनिकोपर रूरे ❀ सुचि सुगंध मंगल जल पूरे ॥५॥
निज कर मुदित राय अरु रानी ❀ धरे राम के आगे आनी ॥६॥
पढ़हिं बेद मुनि मंगल बानी ❀ गगन सुमन झरि अवसरु जानी ॥७॥
बरु बिलोकि दंपति अनुरागे ❀ पाय पुनीत पखारन लागे ॥८॥

शुद्ध सुगन्ध मंगल जलले भरिएका सुवर्णका सुन्दर घडा झारी र मणिका सुन्दर कोपरा राजा र रानीले हर्षित भईकन आफ्नै हातले ल्याएर रामचन्द्रजीका अगाडि राखे ॥ ५ ॥ ६ ॥ मुनिहरू मंगल-वचन र वेदमन्त्र पढ्न लागे, मौका जानेर आकाशबाट फूल बर्स्यो ॥ ७ ॥ दुलहा (रामजी) लाई देख्ता दंपति (राजारानी) प्रसन्न भए, अनि पवित्र चरण पखाल्न (धुन) लागे ॥ ८ ॥

छन्द–लागे पखारन पाय पंकज प्रेम तन पुलकावली ।
नभ नगर गान निसान जयधुनि उमगि जनु चहुँ दिसि चली॥
जे पद सरोज मनोज अरि उर सर सदैव बिराजहीं ।
जे सकृत सुमिरत बिमलता मन सकल कलिमल भाजहीं ॥४४॥
जे परसि मुनिबनिता लही गति रही जो पातकमई ।
मकरंदु जिन्ह को संभुसिर सुचिता अवधि सुर बरनई ॥
करि मधुप मन मुनि जोगि जन जे सेइ अभिमत गति लहैं।
ते पद पखारत भाग्यभाजनु जनकु जय जय सब कहैं ॥४५॥

भगवान् रामचन्द्रजीका चरणकमल धुन लागे, प्रेमले शरीरभरी पुलकावली

(रोमाञ्चपंक्ति) भयो । आकाशमा र जनकपुरमा गानाको, बाजाको, जयजयकारको ध्वनि उर्लेर मानौं चारै दिशातिर फैलियो । जुन चरणकमल कन्दर्पवैरी शंकरजीका हृदयरूपी तलाउमा सदा सर्वदा विराजमान भएका छन्, जुन चरणकमललाई मन निर्मल पारेर एकफेर संझदा संपूर्ण कलिमल (कलिका प्रभावले भएका पाप) नष्ट हुन्छन्, जो पातकमयी (पापपुञ्जस्वरूप) भएकी मुनिवनिता (मुनिपत्नी अहल्या) थिइन्, तिनले जुन चरणकमल छुँदा गति पाइन्, जुन चरणकमलको मकरन्द (पुष्पको रसजस्ती भएकी गङ्गाजी) शंकरजीको शिरमा रहेको छ, जसका (जुन गंगाका) पवित्रताको अवधि देवताहरू वर्णन गर्दछन्, मुनि र योगीजनहरू आफ्ना मनलाई भ्रमर बनाएर (जुन चरणकमलमा लाएर अर्थात् निरन्तर संझेर) इष्ट भएको (खायस गरेको) जुनसुकै गति पनि पाउँदछन्, तिनै चरणलाई भाग्यवान् भएका राजा जनकजीले धुन लागेका वेलामा सबैजनाले जयजयकार गरे ॥ ४४ ॥ ४५ ॥

बर कुअँरि करतल जोरि साखोचारु दोउ कुलगुर करैं ।
भयो पानिगहनु बिलोकि बिधि सुर मनुज मुनि आनँद भरैं ॥
सुखमूल दूलहु देखि दंपति पुलक तन हुलस्यो हियो ।
करि लोक बेद बिधानु कन्यादानु नृप भूषन कियो ॥४६॥

वरको र कुमारीको हत्केला जोरेर (वरको दाहिने हत्केलामाथि कन्याको हात उत्तानु राखेर) दुवैपट्टिका कुलगुरुले शाखोच्चार' गरे, पाणिग्रहण यस्ता प्रकारले भयो, त्यो देखेर ब्रह्मा आदि गरेका देवता, मुनि, मनुष्य, आनन्दपूर्ण भए । सुखका मूलकारण भएका दुलहालाई देखेर राजारानीका शरीरमा रोमाञ्च भयो, हृदयमा आनन्दका लहरी उठे । यस्ता प्रकारले राजा जनकले लौकिक वैदिक विधि गरेर कन्यादान गरे, अनेक गहना दिए ॥ ४६ ॥

रघुनाथजीपट्टि वशिष्ठले गरेको शाखोच्चार

मायाशबलित-ब्रह्मबाट ब्रह्माजी पैदा हुनुभयो, ब्रह्माका छोरा मरीचि, उनका छोरा कश्यप, उनका छोरा सूर्य, उनका छोरा वैवस्वत मनु, उनका छोरा इक्ष्वाकु, उनका कुक्षि, उनका विकुक्षि, उनका वाण, उनका अनरण्य, उनका पृथु, उनका त्रिशङ्कु, उनका धुन्धुमार, उनका युवनाश्व, उनका मान्धाता उनका सुसन्धि, उनका ध्रुवसन्धि र प्रसेनजित् , ध्रुवसन्धिका भरत, उनका असित, उनका सगर, उनका असमञ्ज, उनका अंशुमान, उनका दिलीप, उनका भगीरथ, उनका ककुत्स्थ, उनका रघु, उनका प्रवृद्ध, उनका शंखण, उनका सुदर्शन, उनका अग्निवर्ण, उनका शीघ्रग, उनका प्रशुश्रुक, उनका अम्बरीष, उनका नहुष, उनका ययाति, उनका नाभाग, उनका अज, उनका छोरा महाराज दशरथ, महाराज दशरथका छोरा राम-लक्ष्मण-भरत शत्रुघ्न ।

राजन् ! जनक ! दशरथनन्दनका निमित्त तपाईंका कन्या माग्दछौं ।

सीताजीपट्टि शतानन्दले गरेको शाखोच्चार

वैवस्वत मनुका छोरा इक्ष्वाकु, उनका छोरा निमि, उनका मिथि, उनका जनक, उनका उदावसु उनका नन्दिवर्धन, उनका शूर, (सुकेतु) उनका देवरात, उनका बृहद्रथ, उनका महावीर, उनका सुकृति, उनका धृष्टकेतु, उनका हर्यश्व, ऊनका प्रतीन्धक उनका कीर्तिरथ, उनका देवमीढ, उनका बिबुध, उनका महीध्रक, उनका कीर्तिरात, उनका महारोमा, उनका स्वर्णरोमा, उनका ह्रस्वरोमा, उनका सीरध्वज र कुशध्वज, यी २ भाइका छोरी सीता-उर्मिला-माण्डवी-श्रुतकीर्ति ।

राजन् ! दशरथ ! हजूरका पुत्रलाई यी कन्या टक्र्याउँछौ स्वीकार गर्नुहोस.

हिमवंत जिमि गिरिजा महेसहि हरिहि श्री सागर दई ।
तिमि जनक रामहि सिय समरपी बिस्व कल कीरति नई ॥
क्यों करै बिनय बिदेहु कियो बिदेहु मूरति साँवरी ।
करि होमु बिधिवत गाँठि जोरि होन लागीं भाँवरी ॥४७॥

जसरी हिमालयले महेश्वरलाई पार्वती दिए, सागरले विष्णु भगवान्‌लाई लक्ष्मी दिए, त्यसै गरी जनकजीले रामचन्द्रजीलाई सीता दिए, संसारभरमा सुन्दर कीर्ति फैलियो । श्यामल मूर्तिले (रामजीले) विदेहलाई (जनकलाई) साँच्चिकै विदेह (देहको शुद्धि बुद्धि नभएका) पाख्यो, अब त्यस्ता विदेहले विन्तिभाउ किन गरुन् ? । विधिपूर्वक ग्रन्थिबन्धन (लगनगाँठो) गरेर होम गरीकन भाँवरी हुन लाग्यो (माडो घुम्ने काम शुरू भयो) ॥ ४७ ॥

दोहा–जयधुनि बंदी बेद धुनि मंगल गान निसान ।
सुनि हरषहिं बरषहिं बिबुध सुरतरु सुमन सुजान ॥३२४॥

जय-जयकारको ध्वनि, बन्दीहरूको ध्वनि, वेदको ध्वनि, मङ्गलगानको ध्वनि, बाजाको ध्वनि सुनेर देवताहरू हर्षित हुनलागे, चतुर भएका तिनीहरूले (विवाहको मुख्य-काम हुन लागेको वेलामा अघिअघि वर्षाएका मामूली फूलभन्दा श्रेष्ठ) कल्पवृक्षका फूल वर्षाउन लागे ॥ ३२४ ॥

चौ०–कुअँरु कुअँरि कल भाँवरी देहीं ❀ नयनलाभु सब सादर लेहीं ॥१॥
जाइ न बरनि मनोहर जोरी ❀ जो उपमा कछु कहौं सो थोरी ॥२॥
राम सीय सुंदर प्रतिछाहीं ❀ जगमगाति मनिखंभन माहीं ॥३॥
मनहु मदन रति धरि बहु रूपा ❀ देखत रामबिआहु अनूपा ॥४॥

दुलहा र दुलही सुन्दर (मजासँग) भाँवरी दिन (माडो घुम्न) लागे, सबैजना आदरसाथ नेत्रको लाभ लिन (आँखा भएको सार लिन, अर्थात् युगलमूर्तिको दर्शन गर्न) लागे, त्यो मनोहर जोडीको वर्णन गरी सकिदैन, जो कुछ उपमा दिऊँ, त्यो थोरै नै हुन्छ ॥ १ ॥ २ ॥ मणि जडेका खंबामा रामजीको र सीताको प्रतिच्छाया (परछाईं झकाझक (झल्याकझुलुक) जो पर्दथ्यो, त्यो मानौं कामदेव र रति अनेक रूप धारण गरेर रामजीको अनुपम (विवाह हेर्न लागेका हुन् कि ? (भन्ने तर्क गराउँथ्यो) ॥ ३ ॥ ४ ॥ (कामदेव र रति विवाह हेर्न आएका हुन्भने अरू देवताले जस्तै तिनले अर्को रूप लिएर खुल्लमखुल्ला गरी किन हेरेनन्, खंबामा लुकेर झल्याकझुलुक किन हेरेभने—)

दरसलालसा सकुच न थोरी ❀ प्रगटत दुरत बहोरि बहोरी ॥५॥
भये मगन सब देखनिहारे ❀ जनक समान अपान बिसारे ॥६॥
प्रमुदित मुनिन्ह भाँवरी फेरी ❀ नेग सहित सब रीति निबेरी ॥७॥

विवाहदर्शनको लालसा (ठूलो इच्छा) थियो, तर संकोच पनि थोर थिएन, (खूब थियो,) (कट्टर शत्रु शंकरजी रहेका ठाउँमा कामदेवले र रतिले निःसंकोच भएर खुल्लमखुल्ला देखापर्न हुँदैनथ्यो, यो अपूर्व विवाहको दृश्य पनि हेर्ने-लायक थियो, त्यसो हुनाले अग्निको परिक्रमा गर्नलागेका वेलामा कैल्हे देखिने कैल्हे न देखिने गरी खंबामा परेका दुलहा दुलहीका परछाईंरूप कामदेव रति मानौं वारंवार प्रकट हुन्छन् वारंवार लुक्छन्, यस्तो समुझ हुन्थ्यो) ॥ ५ ॥

देख्ने सबैजना आनन्द मग्न भए, तिनीहरूले पनि जनकले जस्तै आफूलाई बिर्से ॥ ६ ॥ मुनिहरूले हर्षित भएर भाँवरी फेराए (माडो घुमाए) त्यस बेलाको रीति (चलन) लाई नेगदस्तूरसहित निपटाए (गरिसके) ॥ ७ ॥

रामु सीयसिर सेंदुर देहीं ❀ सोभा कहि न जाति बिधि केहीं ॥८॥
अरुन पराग जलजु भरि नीके ❀ ससिहि भूष अहि लोभ अमी के ॥९॥
वहुरि बसिष्ठ दीन्हि अनुसासन ❀ बरु दुलहिन बैठे एक आसन ॥१०॥

रामचन्द्रजी सीताजीका शिरमा (सिउँदामा) सिन्दूर दिन (हाल्न) लाग्नुभयो, त्यसको शोभा कुनै विधिले पनि वर्णन गर्न सकिंदैन ॥ ८ ॥ (शोभा वर्णन गर्न नसके पनि अलिकति अडकल गरिटोपलौं भनेका खंडमा) अमृतका लोभले नाग रातो राम्रो धूलो (सिन्दूर) कमलका दलभरि लिएर चन्द्रमालाई भूषित गर्ने (सिंगार्ने) लागेको हो कि ? (यत्तिसम्म भन्न सकिएला) ॥ ९ ॥ (क) फेरि वशिष्ठले आज्ञा दिएर दुलहा दुलही एउटै आसनमा बसे ॥ १० ॥

छन्द—बैठे बरासन रामु जानकि मुदित मन दसरथु भये ।
तनु पुलक पुनि पुनि देखि अपनें सुकृत सुरतरु फल नये ॥
भरि भुवन रहा उछाहु रामबिवाहु भा सबही कहा ।
केहि भाँति बरनि सिरात रसना एक एहु मंगलु महा ॥४८॥

एउटै उत्तम आसनमा राम र जानकी बसे, दशरथ मनमा आनन्दित भए, आफ्नो पुण्यरूपी कल्पवृक्षमा नयाँ फल लागेको (पुण्यवृक्षका नयाँ फल (चिचिला) जस्ता मङ्गल कार्य) वारंवार हेरेर ती शरीरमा रोमाञ्चित भए। संसारभरमा उत्साह थियो, सबैजनाले "रामको विवाह भयो" भने। वर्णन गर्न कुन प्रकारले सकिन्छ र ? रसना (जिभ्रो) एउटा, यो मङ्गल यति ठूलो ! ॥ ४८ ॥

(क) श्याम शरीर भएका रामचन्द्रजीको औंलासमेतको लामो बाहु, मानौं पाँच फणा भएको कालो नाग हो । रामचन्द्रको हत्केला मानौं कमलको दल हो, सीताजीको मुख मानौं चन्द्रमा हो मुखको सौन्दर्य मानौं अमृत हो । बाहुले सिन्दूर लगाएर सीताजीको सिउँदो सिंगारेको कार्रवाई, मानौं सधैं पानीमा बस्ने नागले अमृतको लालचा गरेर सौन्दर्यरूपी अमृतले भरिएको सीताजीको मुखरूपी चन्द्रमालाई राता धूलाले सिंगारेर आफ्नो मनसुवा सिद्ध गर्न (सौन्दर्यामृत लिन) खोजेको हो ।

छन्द–तब जनक पाइ बसिष्ठ आयसु ब्याहसाजु सँवारि कै ।
मांडवी श्रुतकीरति उरमिला कुँअरि लई हँकारि कै ॥
कुसकेतुकन्या प्रथम जो गुन सील सुख सोभा मई ।
सब रीति प्रीति समेत करि सो ब्याहि नृप भरतहिं दई ॥४९॥

जानकी लघु भगिनी सकल सुंदरि सिरोमनि जानि कै ।
सो तनय दीन्ही ब्याहि लखनहि सकल बिधि सनमानि कै ॥
जेहि नामु श्रुतकीरति सुलोचनि सुमुखि सब गुन आगरी ।
सो दई रिपुसूदनहि भूपति रूप सील उजागरी ॥५०॥

अनि राजा जनकले वशिष्ठको आज्ञा पाएर विवाहको सर्जाम ठीकठाक पारेर माण्डवी, श्रुतकीर्ति, उर्मिला, यी ३ राजकुमारीलाई बोलाई पठाए । आफ्ना भाई कुशध्वज राजाकी जेठी छोरी (माण्डवी) गुणमयी, शीलमयी, सुखमयी शोभामयी, जो थिइन्, प्रीतिसहित सब (साबिकबमोजिमको) रीति गरेर तिनलाई भरतजीसँग विवाह गरिदिए ॥ सीताजीकी बहिनी उर्मिलालाई सकल सुन्दरीगण-शिरोमणि भएकी जानेर सब तरहले सन्मान गरीकन लक्ष्मणजीलाई ब्याह गरिदिए । माण्डवीकी बहिनी जो सुन्दर नेत्र, सुन्दर मुख भएकी सबै गुणकी निवासभूमि भएकी थिइन् जसको नाम श्रुतकीर्ति थियो, रूप र शीलले उज्याली भएकी ती कन्या शत्रुघ्नलाई दिए ॥ ४९ ॥ ५० ॥

अनुरूप बर दुलहिनि परस्पर लखि सकुचि हिय हरषहीं ।
सब मुदित सुंदरता सराहहिं सुमन सुरगन बरषहीं ॥
सुंदरी सुंदर बरन्ह सह सब एक मंडप राजहीं ।
जनु जीव उर चारिउ अवस्था बिभुन्ह सहित बिराजहीं ॥५१॥

[१]अनुरूप भएका (योग्य भएका) दुलहा दुलहीहरू परस्पर हेरेर संकोच मान्दथे, मनमा खुशी पनि हुन्थे । आनन्दित भईकन परस्परको सुन्दरतालाई सराउँथे । देवताहरू फूल वर्षाउँथे । वर्णले सुन्दरी र सुन्दर भएका सबजना एउटै मण्डपमा साथसाथ विराजमान

---

(१) रामजी र भरतजी श्यामवर्ण भएका, लक्ष्मण र शत्रुघ्न गौरवर्ण भएका थिए । सीता र माण्डवी गौरवर्ण भएकी, उर्मिला र श्रुतिकीर्ति श्यामवर्ण भएकी थिइन्, यस्तो हुनाले जोड़ी अनुरूप (सुहाउने) थिए । जीवका मध्यमा जाग्रत, स्वप्न, सुषुप्ति, तुरीय यी ४ अवस्था हुन्छन् । जाग्रत अवस्थाको साक्षी (अनुभव गर्ने) जीवलाई “विश्व”, स्वप्नको अनुभव गर्नेलाई “तैजस”, सुषुप्तिको साक्षीलाई “प्राज्ञ,” तुरीयको साक्षीलाई “ब्रह्म” भन्दछन् । ४ अवस्थाजस्ता ४ दुलही, ४ अवस्थाका साक्षी मालिक जस्ता ४ दुलहा, जीवजस्ता दशरथ, जीवको मध्यजस्तो विवाहमण्डप । एउटै समयमा ४ अवस्थाको एक ठाउँमा स्थिति नहुने हुनाले उत्प्रेक्षा मात्र हो ।

थिए, मानौं जीवका हृदयरूपी स्थानमा मालिकसहित ४ अवस्था विराजमान भएका हुन् कि ? (भन्ने भान हुन्थ्यो) ॥ ५१ ॥

दोहा–मुदित अवधपति सकल सुत बधुन्ह समेत निहारि ।
जनु पाये महिपालमनि क्रियन्ह सहित फल चारि ॥३२५॥

राजा दशरथ स्त्रीसहित भएका ४ पुत्रलाई देखेर आनन्दित भए । मानौं राजरत्न भएका दशरथले क्रियासमेतका चार [१]फल पाए (जस्तो भयो) ॥ ३२५ ॥

चौ०–जसि रघुबीर ब्याह बिधि बरनी ❀ सकल कुअँर ब्याहे तेहि करनी ॥१॥
कहि न जाइ कछु दाइज भूरी ❀ रहा कनक मनि मंडपु पूरी ॥२॥
कंबल बसन बिचित्र पटोरे ❀ भाँति भाँति बहु मोल न थोरे ॥३॥
गज रथ तुरग दास अरु दासी ❀ धेनु अलंकृत कामदुहा सी ॥४॥

रघुवीर रामचन्द्रजीको ब्याह जुन विधिले वर्णन गरियो, सकल राजकुमार त्यही विधिले विवाहित भए ॥ १ ॥ दाइजो धेरै थियो, वर्णन गर्न अलिकति पनि सकिदैन, विवाह-मंडप सुवर्ण र रत्नले भरिएको थियो ॥ २ ॥ विचित्र ऊनीवस्त्र, रेशमीवस्त्र, अनेक प्रकारका र बहुमूल्य धेरै थिए ॥ ३ ॥ हात्ती, रथ, घोड़ा, दास, दासी अलङ्कार भएका कामधेनु जस्ता गाई ॥ ४ ॥

वस्तु अनेक करिअ किमि लेखा ❀ कहि न जाइ जानहिं जिन्ह देखा ॥५॥
लोकपाल अवलोकि सिहाने ❀ लीन्ह अवधपति सबु सुखु माने ॥६॥
दीन्ह जाचकन्हि जो जेहि भावा ❀ उबरा सो जनवासेहि आवा ॥७॥
तब कर जोरि जनकु मृदु बानी ❀ बोले सब बरात सनमानी ॥८॥

इत्यादि चीज अनेक थिए, तिनको लेखा (गणना) कसरी गर्नु ? वर्णन गर्न सकिदैन, जसले देखेको थियो तिनै जान्दछन् ॥ ५ ॥ त्यो देखेर लोकपाल (इन्द्र कुवेर प्रभृति) लाई डाह भयो । राजा दशरथले सब लिएर सुख माने ॥ ६ ॥ याचकहरूलाई जसलाई जे चाहिन्थ्यो त्यही चीज दिए । बाँकी रहेको जनवासोमा आयो ॥ ७ ॥ अनि सबै बरियातीलाई सन्मान गरिसकेपछि राजा जनकले हात जोरेर (सबैसँग) मधुर वचन बोले—॥ ८ ॥

छन्द–सनमानि सकल बरात आदर दान बिनय बड़ाइ कै ।
प्रमुदित महा मुनि बृंद बंदे पूजि प्रेम लड़ाइ कै ॥
सिरु नाइ देव मनाइ सब सन कहत करसंपुट किए ।
सुर साधु चाहत भाउसिंधु कि तोष जल अंजलि दिए ॥५२॥

---

(१) राजा दशरथले भक्ति, तपस्या, सेवा, श्रद्धाजस्ता ४ बुहारी र यिनका फल धर्म, अर्थ, काम, मोक्ष, जस्ता ४ छोरा देख्ता आनन्द माने ।

सकल बरियातीको आदरसहितको दान, नम्रता, प्रशंसाले सन्मान गरेर हर्षित भईकन, प्रेम लडाईकन (प्रेम लगाईकन) महामुनिहरूका समूहको पूजा (सत्कार) गरेर वन्दना गरीकन, शिर झुकाईकन सब देवताहरूलाई मनाएपछि राजा जनकले करसंपुट गरेर (हात जोरेर) सबैसंग भने (प्रार्थना गरे) कि—"देवताहरू र सज्जनहरू भावभक्ति खोज्दछन् , कहीं (विनाभाव विनाभक्ति) जलको अञ्जलि दिंदा समुद्र खुशी हुन्छन् ?" (भावभक्तिले एक अञ्जलि जल दिंदा पनि समुद्र खुशी हुन्छन् , भावभक्ति छैनभने त्यति जाबो जलले जलनिधि समुद्र किन खुशी हुन्थे ? अर्थात् मैले टक्र्याएको सत्कार एक अञ्जलि जत्तिकै तुच्छ हो तापनि, त्यो प्रेमले गरिएको हुनाले समुद्रजस्ता अगाध समृद्धि भएका तपाइँहरू त्यसद्वारा प्रसन्न हुनुभएको होला, तपाईंहरूलाई दिएर प्रसन्न पार्ने मेरो के ताकत ? फगत भक्तिले संझना मात्र गरेको हुँ) ।। ५२ ।।

छन्द—कर जोरि जनकु बहोरि बंधु समेत कोसलराय सों ।
बोले मनोहर बयन सानि सनेह सील सुभाय सों ।।
संबंध राजन रावरे हम बड़े अब सब बिधि भये ।
येहि राजसाज समेत सेवक जानिबे बिनु गथ लये ।।५३।।

फेरि राजा जनकले आफ्ना भाईसहित भईकन हात जोरेर कोशलराज दशरथसँग स्नेह शीलस्वभावले मिश्रित भएको मनोहर वचन बोले—"महाराज ! हजूरसँगका संबन्धले गर्दा अब म सब तरहले ठूलो (इज्जतदार) भएँ, यो राजपाटसहित भएको मलाई विनामूल्यको सेवक जान्नुहोला ।। ५३ ।।

ए दारिका परिचारिका करि पालिबीं करुना नई ।
अपराधु क्षमिबो बोलि पठए बहुत हौं ढीठ्यों कई ।।
पुनि भानुकूलभूषन सकल सनमान निधि समधी किए ।
कहि जाति नहि बिनती परस्पर प्रेम परिपूरन हिए ।।५४।।

यी छोरीहरूलाई परिचारिका (टहलुनी) गरेर नयाँ नयाँ दयाका साथ पालना गर्नुहोला । महाराज ! हजूरलाई मैले जो बोलाई पठाएँ, त्यो बडो धृष्टता गरें, त्यो अपराध क्षमा गर्नुहोला" (जनकका यस्ता वचन सुनेर) भानुकुलभूषण राजा दशरथले सम्धीलाई सकल सम्माननिधि (सब तरहका सन्मानका खानि) गराए । प्रेमले परिपूर्ण हृदय भएका (२ सम्धीको) परस्परका विन्तिभाउको वर्णन गर्न सकिदैन ।। ५४ ।।

बृंदारकागन सुमन बरिसहिं राउ जनवासेहि चले ।
दुंदुभी जयधुनि बेदधुनि नभ नगर कौतूहल भले ।।
तब सखी मंगल गान करत मुनीस आयेसु पाइ कै ।
दूलह दुलहिनिन्ह सहित सुंदरि चली कोहबर ल्याइ कै ।।५५।।

देवगणले फूल वर्षाउन लागे, राजा दशरथ जनवासतर्फ (बरियातीहरू रहेका ठाउँमा) गए । दुन्दुभीको, जयजयकारको वेदपाठको, ध्वनिले आकाश र जनकपुरमा खूब कोलाहल भयो । अनि सुन्दरी सखीहरूले मुनीश्वरहरूको आज्ञा पाएर मंगलगान गर्दै दुलहा दुलहीहरूलाई कोहवर ([1]कौतुकागार) तर्फ लिएर गए ॥ ५५ ॥

दोहा–पुनि पुनि रामहि चितव सिय सकुचति मनु सकुचै न ।
हरत मनोहर मीनछबि प्रेमपिआसे नैन ॥३२६॥

सीताजी वारंवार रामजीलाई हेर्दा संकुचित हुनुहुन्थ्यो, परन्तु उहाँको मन संकुचित थिएन (हेरिरहन खोज्दथ्यो) । प्रेममा प्यासा-भएका (सीताजीका) नेत्र माछाको मनोहर शोभा चोर्न लागे (माछाजस्तै चञ्चल भए) ॥ ३२६ ॥

चौ०–स्याम सरीरु सुभाय सुहावन ❀ सोभा कोटि मनोज लजावन ॥१॥
जावकजुत पद कमल सुहाए ❀ मुनिमन मधुप रहत जिन्ह छाए ॥२॥
पीत पुनीत मनोहर धोती ❀ हरति बालरबि दामिनि जोती ॥३॥
कल किंकिनि कटिसूत्रु मनोहर ❀ बाहु बिसाल बिभूषन सुंदर ॥४॥
पीत जनेउ महाछबि देई ❀ करमुद्रिका चोरि चितु लेई ॥५॥

स्वभावैले सुन्दर भएका (रामजीको) श्याम-शरीरको शोभा कोटि कामदेवलाई लज्जित पार्ने थियो, (त्यसमाथि) ॥ १ ॥ जुन चरणरूपी कमलमा मुनिहरूका मन रूपी भ्रमर छाइरहेका छन् , तिनै चरणकमल माहुरले युक्त भएर सुशोभित भएका छन् ॥ २ ॥ पहेंलो पवित्र मनोहर धोती बालसूर्यको र बिजुलीको ज्योति हरण गर्दछ (उदाउँदा उदाउँदैका सूर्य र बिजुलीजस्तो चमकदार छ), भूषण (गहना) सुन्दर छन् ॥ ३ ॥ ४ ॥ पहेंलो जनैले खूब शोभा दिएको छ, हातको औंठी चित्तलाई चोरेर लिने (मन हरण गर्ने) छ ॥ ५ ॥

सोहत ब्याहसाज सब साजे ❀ उर आयत उरभूषन राजे ॥६॥
पिअर उपरना काखासोती ❀ दुहुँ आचरन्हि लगे मनि मोती ॥७॥
नयन कमल कल कुंडल काना ❀ बदनु सकल सौंदर्ज निधाना ॥८॥

विवाहका साज (श्रृंगार) ले सजिएको, उरोभूषणले (छातीका गहनाले) विराजमान भएको विशाल वक्षस्थल (छाती) शोभायमान छ ॥ ६ ॥ पहेंलो उपर्ना जनैजस्तो छड्के पारेर लिएको छ, त्यसका दुवै छेउ (२ किनारा) मा मणि-मोती लागेका छन् ॥ ७ ॥ नेत्र कमलजस्ता (सुन्दर) छन् , कानमा सुन्दर कुण्डल छन् , मुखमण्डल सकल सौन्दर्य-निधान (सम्पूर्ण सौन्दर्यको खानि) छ ॥ ८ ॥

सुंदर भृकुटि मनोहर नासा ❀ भाल तिलकु रुचिरतानिवासा ॥ ९ ॥
सोहत मौरु मनोहर माथें ❀ मंगलमय मुकुतामनि गाथें ॥१०॥

---

(१) विवाहको होमहवन सिद्धिएपछि दुलहा दुलहीलाई राख्ने स्थानलाई कौतुकागार भन्दछन् । त्यहाँ राखेपछि दुलहासंग अनेक कौतुक (हंसीठट्टा) गर्दछन् ।

भृकुटि (आँखीभौं) सुन्दर, नासिका (नाक) मनोहर (रहरलाग्दो), निधारमा सुन्दरताको वासस्थान भएको तिलक (टीका) छ ॥ ९ ॥ शिरमा मनोहर मुकुट शोभायमान छ, जुन मुकुटमा मंगलमय भएका मणि जडिएका छन् ॥ १० ॥

छन्द–गाथें महामनि मौरु मंजुल अंग सब चित चोरहीं ।
पुरनारि सुरसुंदरी बरहि बिलोकि सब तिन तोरहीं ॥
मनि बसन भूषन वारि आरति करहिं मंगल गावहीं ।
सुर सुमन बरिसहिं सूत मागध बंदि सुजसु सुनावहीं ॥५६॥

ठूला ठूला मणि जडिएको मुकुट सुन्दर छ, सबैका शरीर चित्त चोर्ने (मन हर्ने) छन्, नगरका नारी (स्त्री) हरू र सुर-सुन्दरी (देवाङ्गना) हरू दुलहाहरूलाई देखेर (नजर लाग्ला र अनिष्ट होला भन्ने शंकाले) तृण तोड्न लागे (दूबो प्रभृति तृण लिएर चुँड्न लागे), मणि, वस्त्र, गहना न्यौछावर गरेर (प्रीतिले अरूलाई दिएर) आरति गर्न मंगल गाउन लागे । देवताहरू फूल वर्षाउन लागे, सूत, मागध, बन्दीहरू सुजस (कीर्ति) सुनाउन (गाउन) लागे ॥ ५६ ॥

कोहबरहि आनी कुअँर कुअँरि सुआसिनिन्ह सुख पाइ कै ।
अति प्रीति लौकिक रीति लागीं करन मंगल गाइ कै ॥
लहकौरि गौरि सिखाव रामहि सीय सन सारद कहैं ।
रनिवासु हास बिलास रस बस जन्म को फलु सब लहैं ॥५७॥

यस्ता प्रकारसँग सौभाग्यवती स्त्रीहरूले आनन्द पाएर (हर्षित भएर) दुलहा-दुलहीहरूलाई कोहवरमा (कौतुकागारमा) ल्याइपुऱ्याए । अनि अत्यन्त प्रीतिका साथ मंगल गाएर लौकिक रीति (बूढीरूढीले गर्नुपर्ने विधि) गर्न लागे ।

(स्त्रीवेषधारिणी) पार्वतीले रामजीलाई, (स्त्रीवेशधारिणी) सरस्वतीले सीताजीलाई लहकौरी (जूठो खुवाउने विधिविधान) सिकाउन लागे । (यसरी) रनिवास (अन्तःपुर = खोपी) हँसीठट्ठाको रसमा लठ्ठ पऱ्यो, सबले जन्मको फल पाए ॥ ५७ ॥

निज पानिमनि महु देखियति मूरति सुरूपनिधान की ।
चालति न भुजबली बिलोकनि बिरह भय बस जानकी ॥
कौतुक बिनोद प्रमोदु प्रेमु न जाइ कहि जानहिं अलीं ।
बर कुअँरि सुंदर सकल सखी लवाइ जनवासेहि चलीं ॥५८॥

आफ्ना हातका (गहनामा जडेका) मणिमा स्वरूपनिधान (सौंदर्यसागर भएका रामचन्द्रजी) को प्रतिमूर्ति (प्रतिबिम्ब = छाया) देखेर सीताजीले विरहका डरको वश परेर (वियोगको डर मानेर) भुजवल्ली (लहराजस्तो सुकुमार सुन्दर हात) हल्लाउनुभएन हेरिरहनुभयो (खास रामचन्द्रजीको स्वरूप टुलुटुलु हेर्दा लाज हुन्थ्यो, आफ्ना हातका गहना

का मणिमा रामचन्द्रजीको प्रतिबिम्ब परेपछि, त्यही प्रतिबिम्ब हेरेर सीताजीले मनको धोका पूर्ण गर्नुभयो, हात हल्लाएदेखि त्यो प्रतिबिम्ब हराउला र प्रतिबिम्बमूर्ति रामचन्द्रजीको विरह होला भन्ने डरले हात हल्लाउनुभएन) (अनेक प्रकारका) कौतुक (लहड) विनोद (दिल-बहलाउ) प्रमोद (आनन्द) प्रेमको वर्णन गर्न सकिदैन, (त्यो कुरा ता तिनै) सखीहरू जान्दछन् । (अनि) सबै सखीहरूले सुन्दर दुलहा-दुलहीहरूलाई जनवासतर्फ लिएर गए ॥ ५८ ॥

तेहि समय सुनिअ असीस जहँ तहँ नगर नभ आनँदु महा ।
चिरु जिअहु जोरी चारु चार्‍यो मुदित मन सबही कहा ॥
जोगींद्र सिद्ध मुनीस देव बिलोकि प्रभु दुंदुभि हनीं ।
चले हरषि बरषि प्रसून निज लोक जय जय जय भनी ॥५९॥

त्यस बखतमा जहाँतहाँ आशिष सुनिन लागे, नगरमा र आकाशमा ठूलो आनन्द भयो, प्रसन्नचित्त भएका सबैले—"सुन्दर यो चार जोडी चिरञ्जीवी होस्" भने । योगीश्वर, सिद्ध, मुनि, देवताले प्रभुलाई हेरेर दुन्दुभि बजाए, अनि हर्षित भईकन फूल वर्षाए "जय जय जय" भनीकन आफ्ना लोकमा गए ॥ ५९ ॥

दोहा—सहित बधूटिन्ह कुअँर सब तब आए पितु पास ।
सोभा मंगल मोद भरि उमगेउ जनु जनवास ॥३२७॥

अनि चारै कुमारहरू दुलहीसहित भईकन पिता दशरथका समीप आए । (त्यस वेलामा) मानौं जनवासमा शोभा, मंगल, हर्ष यी ३ चीज भरिएर उम्ले, (जनवासमा न-अटाएर उम्लीकन फैलिए) ॥ ३२७ ॥

चौ०—पुनि जेवनार भई बहु भाँती ❀ पठए जनक बोलाइ बराती ॥१॥
परत पावडे बसन अनूपा ❀ सुतन्ह समेत गवन कियो भूपा ॥२॥
सादर सब के पाय पखारे ❀ जथाजोगु पीढ़न्ह बैठारे ॥३॥
धोये जनक अवधपतिचरना ❀ सीलु सनेहु जाइ नहि बरना ॥४॥

अनि अनेक प्रकारको जेवनार (भोज) भयो, (त्यसमा) जनकले बरियातीहरूलाई बोलाई पठाए ॥ १ ॥ अमूल्य अमूल्य वस्त्रका पाँवडे (कुल्चेर हिंड्ने लुगा) बिछ्याइए, (त्यसमाथि) पुत्रसहित राजा दशरथले गमन गरे (हिंडे) ॥ २ ॥ आदरसहित सबका पाउ पखाले । यथायोग्य पिर्का (पिरुका) मा बसाए ॥ ३ ॥ अवधपति राजा दशरथका पाउ जनकले धोए (त्यस वेलाको) शील-स्वभाव-प्रीति वर्णन गर्न सकिदैन ॥ ४ ॥

बहुरि रामपद पंकज धोए ❀ जे हरहृदय कमल महु गोए ॥५॥
तीनिउ भाइ राम सम जानी ❀ धोये चरन जनक निज पानी ॥६॥
आसन उचित सबहि नृप दीन्हे ❀ बोलि सूपकारी सब लीन्हे ॥७॥
सादर लगे परन पनवारे ❀ कनककील मनिपान सँवारे ॥८॥

फेरि जुन चरणकमल शंकरजीका हृदयकमलमा लुकेका छन् , तिनै रामचन्द्रजीका चरणकमल "राजा जनकले धोए । तीनै भाईलाई रामचन्द्रजीसमान जानेर (तिनका) चरण पनि राजा जनकले आफ्नै हातले धोए ॥ ५ ॥ ६ ॥ राजा जनकले सबैलाई उचित आसन दिए, (अनि) सबै सूपकारहरू (भान्सेहरू) लाई बोलाए ॥ ७ ॥ आदरसाथ सुवर्णका सिन्का र हरिया मणिका पातले बनाएका पनवारा (पतरी = टपरी) राखिन लागे ॥ ८ ॥

दोहा–सूपोदन सुरभी सरपि सुंदर स्वादु पुनीत ।
छन महु सब के परुसि गे चतुर सुआर बिनीत ॥३२८॥

चलाक नम्र भएका सूपकार (भान्से) हरूले एकछिनमा सबैलाई घिउको मगमग बास्ना आउने असल स्वाद भएका पवित्र दालभात परोसेर (पस्केर) गए ॥ ३२८ ॥

चौ०–पंच कवलि करि जेवन लागे ❀ गारि गान सुनि अति अनुरागे ॥१॥
भाँति अनेक परे पकवाने ❀ सुधा सरिस नहि जाहिं बखाने ॥२॥
परुसन लगे सुआर सुजाना ❀ बिंजन बिबिध नाम को जाना ॥३॥
चारि भाँति भोजन बिधि गाई ❀ एक एक बिधि बरनि न जाई ॥४॥

[1]पञ्चकवलि (पञ्चग्रास) गरेर खान लागे । [2]गाली गाएको सुनेर अत्यन्त खुशी भए ॥ १ ॥ अमृततुल्य भएका अनेक भाँतिका पक्वान्न बाँडिए, तिनको बखानै गर्न सकिदैन ॥ २ ॥ समुझदार भान्सेहरू नाना प्रकारको व्यञ्जन (परिकार) टक्र्याउन लागे, तिनको नाम को जान्दछ ? ॥ ३ ॥ भोजन बनाउने विधि[3] चार प्रकारको बताएको छ, एक विधिको पनि वर्णन गर्न सकिदैनथ्यो ॥ ४ ॥

छ रस रुचिर बिंजन बहु जाती ❀ एक एक रस अगनित भाँती ॥५॥
जेवत देहिं मधुर धुनि गारी ❀ लै लै नाम पुरुष अरु नारी ॥६॥
समय सुहावनि गारि बिराजा ❀ हसत राउ सुनि सहित समाजा ॥७॥
येहि बिधि सबही भोजनु कीन्हा ❀ आदर सहित आचमनु दीन्हा ॥८॥

मधुर (गुलियो) अम्ल (अमिलो) लवण (नुनिलो) कटु (पिरो) कषाय (टर्रो) तिक्त (तीतो) यी ६ रसले स्वादिलो भएका अनेक भाँतिका व्यञ्जन (परिकार) थिए । एक एक रसका प्रकार बेगिन्ती थिए (गुलिया परिकार अनन्त प्रकारका, अमिला परिकार अनन्त

---

(१) प्राण, अपान, समान, उदान, व्यान यी पञ्चप्राणको स्वाहान्त चतुर्थ्यन्त नाममन्त्रले ५ गाँस खाए ।

(२) विवाहसमाप्तिको भोजमा दुवैपट्टिका स्त्रीपुरुषले गाली गाउने चलन भारतवर्षमा अद्यावधि छँदैछ । हाम्रो देशमा जन्ती खुवाउन लागेमा दुलहीपट्टिका कुनैमानिसले गाली गरिदियोभने देवासुर-संग्राम हुन लाग्दछ, देश-देशको समयानुसारको चलन उही उही देशमा राम्रो हुन्छ ।

(३) खानेकुरा भक्ष्य, भोज्य, लेह्य, चोष्य यी ४ प्रकारका हुन्छन् , दाँतले खूब चपाएर खानुपर्ने चिउरा प्रभृतिलाई भक्ष्य भन्छन् , उस्तो नचपाएर खानुपर्ने भात प्रभृतिलाई भोज्य, चाटेर खाइनेलाई लेह्य, चुसेर खाइनेलाई चोष्य भन्दछन् ।

प्रकारका, इत्यादि) ॥ ५ ॥ भोजन हुनलागेका वेलामा (दुलहीपट्टिका) स्त्रीजन र दुलहापट्टिका पुरुषहरू (परस्परपट्टिका मानिसको) नाम लिई लिईकन मीठो आवाजले गाली दिन (गाली गर्न) लागे ॥ ६ ॥ समयअनुसारको राम्रो गाली सुनेर समाजसहित राजा दशरथ हाँस्न लागे ॥ ७ ॥ यस्ता प्रकारले सबैजनाले भोजन गरे, अनि आदरसहित आचमन लिए (पानी अचाए, चूठे) ॥ ८ ॥

दोहा–देइ पान पूजे जनक दसरथु सहित समाज ।
जनवासेहि गवने मुदित सकल भूप सिरताज ॥३२९॥

जनकले समाजसहित दशरथलाई पान दिएर सत्कार गरे । (अनि) सकल भूपसिरताज (सकल राजचक्रचूडामणि दशरथ) हर्षित भएर जनवासमा गए ॥ ३२९ ॥

चौ०–नित नूतन मंगल पुर माहीं ❀ निमिष सरिस दिन जामिनि जाहीं ॥१॥
बडे भोर भूपतिमनि जागे ❀ जाचक गुनगन गावन लागे ॥२॥
देखि कुअँर बर बधुन्ह समेता ❀ किमि कहि जात मोदु मन जेता ॥३॥
प्रातक्रिया करि गे गुर पाहीं ❀ महा प्रमोदु प्रेमु मन माहीं ॥४॥

जनकपुरमा नित्य नयाँ नयाँ मङ्गल (उत्सव) थिए । दिन र रात्रि निमेषतुल्य (चाँडो) जान्थे ॥ १ ॥ राजा दशरथ खूब सबेरै जागा भए, याचकहरू गुणगणको गान गर्न लागे ॥ २ ॥ सुन्दर स्त्रीले सहित भएका ४ कुमार देख्ता मनमा जति आनन्द भएको थियो, त्यो कसरी भन्न सकिन्छ ? ॥ ३ ॥ (आफ्नो) प्रातःकृत्य (बिहान गर्नुपर्ने स्नानसन्ध्या प्रभृति) गरेर मनमा अत्यन्त हर्ष र प्रेम भएका (राजा दशरथ) गुरुका समीप गए ॥ ४ ॥

करि प्रनामु पूजा कर जोरी ❀ बोले गिरा अमिअ जनु बोरी ॥५॥
तुम्हरी कृपा सुनहु मुनिराजा ❀ भयेउँ आजु मैं पूरनकाजा ॥६॥
अब सब बिप्र बोलाइ गोसाई ❀ देहु धेनु सब भाँति बनाई ॥७॥
सुनि गुर करि महिपालबड़ाई ❀ पुनि पठए मुनिबृंद बोलाई ॥८॥

प्रणाम र सत्कार गरी हात जोरेर अमृतले बोरिएको (मुछिएको) जस्तो वचन बोले ॥ ५ ॥ "हे मुनिराज ! सुन्नुहोस्, तपाईंका कृपाले आज म पूर्णकाम (पूर्णमनोरथ) भएँ ॥ ६ ॥ हे गोस्वामी ! अब सबै ब्राह्मणलाई बोलाएर सब भाँतिसँग सजाई (सिंगारी) कन गाई दिनुहोस्" ॥ ७ ॥ (राजाका यस्ता वचन) सुनेर गुरु वशिष्ठले राजाको प्रशंसा गरे, अनि ब्राह्मणवर्गलाई बोलाई पठाए ॥ ८ ॥

दोहा–बामदेउ अरु देवरिषि बालमीकि जाबालि ।
आए मुनिबर निकर तब कौसिकादि तपसालि ॥३३०॥

अनि वामदेव, नारद, वाल्मीकि, जाबालि, कौशिक (विश्वामित्र) इत्यादि गरेका, तपस्याले सुशोभित भएका मुनिराजहरूका समूह आइपुगे ॥ ३३० ॥

चौ०-दंड प्रनाम सबहि नृप कीन्हे ❀ पूजि सप्रेम बरासन दीन्हे ॥१॥
चारि लक्ष बर धेनु मगाई ❀ कामसुरभि सम सील सुहाई ॥२॥
सब बिधि सकल अलंकृत कीन्ही ❀ मुदित महिप महीदेवन्ह दीन्ही ॥३॥
करत बिनय बहु बिधि नरनाहू ❀ लहेउ आजु जगजीवन लाहू ॥४॥

राजाले सबैलाई दण्डवत् प्रणाम गरे, अनि प्रेमसहित सत्कार गरेर उत्तम आसन दिए ॥ १ ॥ कामधेनुसमानका शील-स्वभाव असल भएका सुन्दर चार लाख (४०००००) उत्तम गाई मगाए (झिकाए) ॥ २ ॥ सबैलाई सब तरहले अलंकृत (सालंकार) गरे (अनि) प्रसन्न भएर राजाले ब्राह्मणहरूलाई दिए ॥ ३ ॥ (अनि) “आज जगतमा जीवनलाभ (बाँच्नाको फल) पाएँ” भनेर राजा दशरथले अनेक प्रकारसँग विनय (विन्तिभाउ) गरे ॥ ४ ॥

पाइ असीस महीसु अनंदा ❀ लिये बोलि पुनि जाचकबृंदा ॥५॥
कनक बसन मनि हय गय स्यंदन ❀ दिये बूझि रुचि रबिकुलनन्दन ॥६॥
चले पढ़त गावत गुनगाथा ❀ जय जय जय दिनकर कुल नाथा ॥७॥
येहि बिधि रामबिआह उछाहू ❀ सकै न बरनि सहस मुख जाहू ॥८॥

(तिनीहरूबाट) आशिष पाएर राजा आनन्दित भए, अनि याचक (भिखारी) का समूहलाई बोलाइपठाएर ॥ ५ ॥ सुवर्ण, वस्त्र, मणि, घोडा, हात्ती, रथ इत्यादि चीज याचकको इच्छाअनुसार सूर्यकुलानन्ददाता दशरथले दिए ॥ ६ ॥ तिनीहरू “हे दिनकर-(सूर्य) कुलनाथ ! हजूरको जय जय जय होस्” भनेर गुणकीर्तन गर्दै गाउँदै गए ॥ ७ ॥ यस्ता प्रकारले रामजीका विवाहको उत्साह (उत्सव) भयो, त्यसको वर्णन गर्ने जसका मुख हज्जार छन् त्यो सकस पनि सक्तैन ॥ ८ ॥

दोहा-बार बार कौसिकचरन सीसु नाइ कह राउ ।
येह सबु सुखु मुनिराज तव कृपा कटाक्ष प्रभाउ ॥३३१॥

(अनि) राजा दशरथले विश्वामित्र मुनिका पाउमा वारंवार शिर राखेर “हे मुनिराज ! यो सबै सुख तपाईंका कृपाकटाक्षको प्रभावले भएको हो” भने ॥ ३३१ ॥

चौ०-जनक सनेहु सीलु करतूती ❀ नृपु सब भाँति सराह बिभूती ॥१॥
दिन उठि बिदा अवधपति मागा ❀ राखहिं जनकु सहित अनुरागा ॥२॥

राजा दशरथले जनकराजाको स्नेह शील स्वभाव चालचलन सह्राउँदा सह्राउँदै सबै रात बित्यो ॥ १ ॥ उज्यालो भएपछि दशरथले बिदा मागे, जनकले प्रेमसहित राखे (बिदा मंजूर गरेनन्) ॥ २ ॥

नित नूतन आदरु अधिकाई ❀ दिन प्रति सहस भाँति पहुनाई ॥३॥
नित नव नगर अनंद उछाहू ❀ दसरथगवनु सोहाइ न काहू ॥४॥
बहुत दिवस बीते एहि भाँती ❀ जनु सनेहरजु बँधे बराती ॥५॥

कौसिक सतानंद तब जाई ❀ कहा बिदेह नृपहि समुझाई ॥६॥

हररोज नयाँ नयाँ आदर बढ्दै गए, प्रतिदिन हजार तरहले पहुनाई (अतिथिसेवा) हुनलाग्यो ॥ ३ ॥ शहरमा दिनदिन नयाँ नयाँ आनन्द र उत्सव हुनलागे । दशरथको गमन (जानु) कसैलाई पनि मनपर्दैनथ्यो ॥ ४ ॥ यस्तै प्रकारले धेरै दिन बिते, मानौं बरियातीहरू प्रेमपाशले बाँधिए (जस्ता भए) ॥ ५ ॥ अनि विश्वामित्र मुनि र शतानन्द पुरोहित गएर राजा जनकलाई संझाई बुझाई भने ॥ ६ ॥

अब दसरथ कहँ आयेसु देहू ❀ जद्यपि छाड़ि न सकहु सनेहू ॥७॥
भलेहि नाथ कहि सचिव बोलाए ❀ कहि जय जीव सीस तिन्ह नाए ॥८॥

"राजन् ! यद्यपि स्नेह (प्रेम) छाड्न सक्नुहुन्न, तथापि अब दशरथजीलाई आज्ञा दिनुहोस्" (यो वचन सुनेर जनकले) "नाथ ! हवस् (अच्छा)" भनेर मन्त्रीलाई बोलाए, तिनीहरूले आएर "राजन् ! जय (चिरं) जीव" भनेर शिर झुकाए ॥ ७ ॥ ८ ॥

दोहा–अवधनाथु चाहत चलन भीतर करहु जनाउ ।
भए प्रेमबस सचिव सुनि बिप्र सभासद राउ ॥३३२॥

(अनि जनकले) "अवधनाथ (राजा दशरथ) जान चाहनुहुन्छ, भित्र (अन्तःपुरमा) जनाउ गर (खबर देऊ)" (भने) । त्यो वचन सुनेर मन्त्री, ब्राह्मणवर्ग, राजाका सबै सभासदहरू प्रेमविह्वल भए ॥ ३३२ ॥

चौ०–पुरबासी सुनि चलिहि बराता ❀ बूझत बिकल परस्पर बाता ॥१॥
सत्य गवनु सुनि सब बिलखाने ❀ मनहु साँझ सरसिज सकुचाने ॥२॥
जहँ जहँ आवत बसे बराती ❀ तहँ तहँ सिद्ध चला बहु भाँती ॥३॥
बिबिध भाँति मेवा पकवाना ❀ भोजनसाजु न जाई बखाना ॥४॥

नगरनिवासीहरूले बरियात (जन्ती) चल्दछ (रवाना हुन्छ) भन्ने खबर सुनेर व्याकुल भईकन परस्पर बात बुझ्न लागे (सोधपूछ गर्न लागे) ॥ १ ॥ साँच्चिकै जाने कुरा सुनेर सबै जना बिलखबन्द परे, मानौं तिनीहरू साँझमा खुंचिन लागेका कमल हुन् कि (भनेजस्ता भए) ॥ २ ॥ बरियातीहरू आउँदा जहाँ जहाँ (वास) बसेका थिए, तिनै तिनै मुकाममा अनेक प्रकारका सिधा (रसद) रवाना गरिए ॥ ३ ॥ नाना प्रकारका मेवा (मसला फलफूल) मिठाई आदि गरेका भोजनका सरजामको बखान गर्न सकिदैन ॥ ४ ॥

भरि भरि बसह अपार कहारा ❀ पठई जनक अनेक सुसारा ॥५॥
तुरग लाख रथ सहस पचीसा ❀ सकल सँवारे नख अरु सीसा ॥६॥
मत्त सहस दस सिंधुर साजे ❀ जिन्हहि देखि दिसिकुंजर लाजे ॥७॥
कनक बसन मनि भरि भरि जाना ❀ महिषीं धेनु बस्तु बिधि नाना ॥८॥

जनकले मालतालले भरिभराउ भएका गोरू र बेगिन्ती कहार, अनेक भान्से पनि पठाए ॥ ५ ॥ एक लाख घोड़ा, पच्चीस हजार रथ, यी पैतालादेखि सिरसम्म सजिसजाउ

पारेर (पठाइए) ॥ ६ ॥ साजसमेत दशहज्जार मत्त हात्ती पठाए, तिनलाई देख्ता दिग्गज लज्जित हुन्थे ॥ ७ ॥ छकडा (सग्गड = गाडा) भरिभरि गरेर सुवर्ण, वस्त्र, मणि, (पटाए) भैंसी, गाई आदि गरेका वस्तु (चौपाया) नाना प्रकारका (पठाए) ॥ ८ ॥

दोहा–दाइज अमित न सकिअ कहि दीन्ह बिदेह बहोरि ।
जो अवलोकत लोकपति लोक संपदा थोरि ॥३३३॥

फेरि जनक राजाले जुन दाइजो दिए त्यो हेर्दा लोकपालहरूका स्वर्गादि लोकको संपत्ति थोरै लाग्दथ्यो, त्यसको वर्णन गर्न सकिंदैन ॥ ३३३ ॥

चौ०–सबु समाजु येहिं भाँति बनाई ❀ जनक अवधपुर दीन्ह पठाई ॥१॥
चलिहि बरात सुनत सब रानी ❀ विकल मीनगन जनु लघु पानी ॥२॥
पुनि पुनि सीय गोद करि लेहीं ❀ देइ असीस सिखावनु देहीं ॥३॥
होयेहु संतत पिअहि पिआरी ❀ चिरु अहिवात असीस हमारी ॥४॥

यस्ता प्रकारले सब समाज (दाइजाको चीजबीज) सजाएर जनक राजाले अयोध्यातर्फ पठाइदिए ॥ १ ॥ बरियात चल्न लाग्यो भन्ने खबर सुनेर रानीहरू थोरै पानीका माछाका बथानजस्ता भएर व्याकुल भए (छटपटउन लागे) ॥ २ ॥ वारंवार सीताजीलाई काखमा लिंदै, आशिष दिएर शिक्षा अर्ती दिंदै गर्न लागे ॥ ३ ॥ "पुत्री ! सीते ! तिमी प्रिय (पति) की सधैं प्यारी भए । (तिम्रो) अहिवात (अभिभात = सौभाग्य) चिरकालसम्म रहोस्, हाम्रो यो आशिष छ ॥ ४ ॥

सासु ससुर गुर सेवा करेहू ❀ पतिरुख लखि आयेसु अनुसरेहू ॥५॥
अति सनेह बस सखी सयानी ❀ नारिधरमु सिखवहिं मृदु बानी ॥६॥
सादर सकल कुँअरि समुझाई ❀ रानिन्ह बार बार उर लाई ॥७॥
बहुरि बहुरि भेटहिं महतारी ❀ कहहिं बिरंचि रची कत नारी ॥८॥

सासू ससुरा प्रभृति गुरु (पूज्य) को सेवा गरे, स्वामीको आशय बुझेर आज्ञापालन गरे" ॥ ५ ॥ (यति रानीहरूले भनेपछि) चलाक सखीहरू अति प्रेमवश भएर मीठो बोलीले स्त्रीधर्म (स्त्रीकर्तव्य) सिकाउन लागे ॥ ६ ॥ रानी आमाहरूले वारंवार भेट्तै छातीलाउँदै गरेर चारैवटी राजकुमारीलाई आदरसाथ बुझाए ॥ ७ ॥ सीताजीहरूकी माताले वारंवार भेट्तै छुट्टिंदै गरेर "विधाताले स्वास्नीमानिस किन बनाएका हुनन्" भन्न लागे ॥ ८ ॥

दोहा–तेहि अवसर भाइन्ह सहित रामु भानुकुलकेतु ।
चले जनकमंदिर मुदित बिदा करावन हेतु ॥३३४॥

त्यसै वेलामा सूर्यकुलका ध्वजा जस्ता रामचन्द्रजी भाईसहित भएर (दुलही) बिदा गराउनाका निमित्त हर्षित भईकन जनकभवनतर्फ जानुभयो ॥ ३३४ ॥

चौ०–चारिउ भाइ सुभाय सुहाए ❀ नगर नारि नर देखन धाए ॥१॥
कोउ कह चलन चहत हहिं आजू ❀ कीन्ह बिदेह बिदा कर साजू ॥२॥

लेहु नयन भरि रूप निहारी ❀ प्रिय पाहुने भूपसुत चारी ॥३॥
को जानै केहि सुकृत सयानी ❀ नयन अतिथि कीन्हे बिधि आनी ॥४॥

स्वभावैले सुन्दर भएका ४ भाई हेर्नाका निमित्त नगरका नरनारी सबै आए ॥ १ ॥ कोही भन्दछ कि—"आजै जान चाहन्छन्; राजा जनकले बिदाको सराजाम गरिसके ॥ २ ॥ प्यारा पाहुना राजाका ४ छोराको रूप आँखाभरी हेरिलिऊँ ॥ ३ ॥ हे चतुर सखि ! को जान्दछ ? कुन पुण्यले विधाताले ल्याएर (यी ४ जनालाई) नेत्रातिथि (आँखाका पाहुना) बनाए ॥ ४ ॥

मरनसीलु जिमि पाव पिऊषा ❀ सुरतरु लहै जनम कर भूखा ॥५॥
पाव नारकी हरिपदु जैसे ❀ इन्ह कर दरसनु हम कहँ तैसे ॥६॥
निरखि रामसोभा उर धरहू ❀ निज मन फनि मूरति मनि करहू ॥७॥
येहि बिधि सबहि नयनफलु देता ❀ गये कुअँर सब राजनिकेता ॥८॥

मर्नै लागेको व्यक्तिले अमृत पाएझैं, जन्मैको भोको (जन्मद्दरिद्र) व्यक्तिले कल्पवृक्ष पाएझैं, नारकी (पापी = नरकाधिकारी) ले हरिचरण पाएझैं हामीहरूले यिनीहरूको दर्शन पाएका हौं ॥ ५ ॥ ६ ॥ रामजीको शोभा हेरेर हृदयमा राख, रामजीलाई आफ्ना मनरूपी नागका फणाको मणिस्वरूप गर" ॥ ७ ॥ (यस्ता वचन नगरनिवासीहरूले भन्दाभन्दैमा) यस्ता प्रकारले सबैलाई नेत्रको फल दिंदै चारै कुमार राजमहल गए ॥ ८ ॥

दोहा—रूपसिंधु सब बंधु लखि हरषि उठेउ रनिवासु ।
करहिं निछावरि आरती महा मुदित मन सासु ॥३३५॥

रूपसागर भएका चार भाईलाई देखेर रनिवास (अन्तःपुर) हर्षित भएर उठ्यो । सासूहरू मनमा खूब खुशी भईकन न्यौछावर (प्रीतिदान) गरेर आरती गर्न लागे ॥ ३३५ ॥

चौ०—देखि रामछबि अति अनुरागी ❀ प्रेम बिबस पुनि पुनि पद लागी ॥१॥
रही न लाज प्रीति उर छाई ❀ सहज सनेहु बरनि किमि जाई ॥२॥
भाइन्ह सहित उबटि अन्हवाए ❀ छ रस असन अति हेतु जेवाए ॥३॥

रामजीको शरीरशोभा देखेर अति प्रसन्न भए, प्रेमविह्वल भएर वारंवार पाउ परे ॥ १ ॥ लाज रहेन, प्रीतिले हृदय ढाक्यो, स्वाभाविक स्नेहको वर्णन गर्न कसरी सकिन्छ ? ॥ २ ॥ चारै भाईलाई साथै साथ बुकुवा लगाकर स्नान गराए, अति प्रीतिले ६ रस भएको भोज्यपदार्थ ज्युनार गराए ॥ ३ ॥

बोले रामु सुअवसरु जानी ❀ सील सनेह सकुच मय बानी ॥४॥
राउ अवधपुर चहत सिधाए ❀ बिदा होन हम इहाँ पठाए ॥५॥
मातु मुदित मन आयेसु देहू ❀ बालक जानि करब नित नेहू ॥६॥
सुनत बचन बिलखेउ रनिवासू ❀ बोलि न सकहिं प्रेमबस सासू ॥७॥
हृदय लगाइ कुअँरि सब लीन्ही ❀ पतिन्ह सौंपि बिनती अति कीन्ही ॥८॥

असल मौका जानेर रामजीले शील, स्नेह, संकोच यी ३ चीजले पूर्ण भएको वचन बोल्नुभयो—॥ ४ ॥ "महाराज (पिताजी) अयोध्यानगरी जान चाहनुहुन्छ, (उहाँले) बिदा हुन हामीहरूलाई यहाँ पठाउनुभयो ॥ ५ ॥ माता ! मन प्रसन्न गरेर आज्ञा दिनुहोस् (हामीहरूलाई) बालक जानेर नित्य स्नेह गर्नुहोस्" ॥ ६ ॥ (रामजीका) यी वचन सुन्नाका साथ सारा अन्तःपुर बिलखबन्द पर्‍यो, सासूले प्रेम-विह्वल भएर बोल्न सकिनन् ॥ ७ ॥ (अनि) चारैजना राजकुमारीहरूलाई छातीमा लगाएर पतिहरूलाई सुम्पिन् र अत्यन्त विन्ति गर्न लागिन् ॥ ८ ॥

छन्द–करि बिनय सिय रामहि समरपी जोरि कर पुनि पुनि कहै ।
बलि जाउँ तात सुजान तुम्ह कहुँ बिदित गति सब की अहै ॥
परिवारु पुरजन मोहि राजहि प्रानप्रिय सिय जानिबी ।
तुलसीस सीलु सनेहु लखि निज किंकरी करि मानिबी ॥६०॥

तुलसीदास भन्दछन् कि (रानीहरूले) विनय (विन्तिभाउ) गरेर रामजीलाई सीता समर्पण गरे, फेरि वारंवार हात जोरेर भन्न लागे—"बाबा ! ज्ञानी ! म [1]बलैया लिन्छु । हजूरलाई सबैको गति विदित छ, नोकर-चाकर, नगर-निवासी, हामीहरू, राजा सबैकी यी सीता प्राणभन्दा पनि प्यारी जान्नुहोला, असल शील स्नेह देखेर आफ्नी दासी गराएर (यथोचित) मान्नुहोला ॥ ६० ॥

सोरठा–तुम्ह परिपूरन काम जानसिरोमनि भावप्रिय ।
जन गुन गाहक राम दोषदलन करुनायतन ॥३५॥

हे राम ! हजूर पूर्णकाम (सिद्धसर्वमनोरथ), ज्ञानिजनशिरोमणि, भक्तिप्रिय, जनगुणग्राहक (सकल सद्‌गुणग्रहणकारी), दोषहारी, करुणानिवास, हुनुहुन्छ" ॥ ३५ ॥

चौ०–अस कहि रही चरन गहि रानी ❀ प्रेम पंक जनु गिरा समानी ॥१॥
सुनि सनेह सानी बर बानी ❀ बहु बिधि राम सासु सनमानी ॥२॥
राम बिदा मागत कर जोरी ❀ कीन्ह प्रनामु बहोरि बहोरी ॥३॥
पाइ असीस बहुरि सिरु नाई ❀ भाइन्ह सहित चले रघुराई ॥४॥

यसो भनेर रानीले रामजीका चरण समातिराखिन् , तिनको त्यो वाणी प्रेमको पङ्क (हिलो) समान थियो (नरम भएको ठण्डा बग्ने प्रेमजस्तो थियो) ॥ १ ॥ स्नेहले मिलेको मधुर वाणी सुनेर रामजीले अनेक प्रकारसँग सासूको सन्मान गर्नुभयो ॥ २ ॥ वारंवार प्रणाम गर्नुभयो, हात जोरेर रामजीले बिदा माग्नुभयो ॥ ३ ॥ फेरि आशिष पाएपछि सिर झुकाउनुभयो र भाईसहित रघुनाथजी हिंड्नुभयो ॥ ४ ॥

---

[1] स्त्रीहरूले वात्सल्यपूर्वक (प्रेमका साथ) बोल्दा "बलि जाउँ", "बलि", "बलैया" इत्यादि बोल्दछन् । प्राचीन हिन्दीमा यस्तो मुहावरा देखिन्छ ।

मंजु मधुर मूरति उर आनी ❀ भईं सनेह सिथिल सब रानी ॥५॥
पुनि धीरजु धरि कुअँरि हँकारी ❀ बार बार भेटहिं महतारी ॥६॥
पहुचावहिं फिरि मिलहिं बहोरी ❀ बढ़ी परसपर प्रीति न थोरी ॥७॥
पुनि पुनि मिलति सखिन्ह बिलगाई ❀ बाल बछ जिमि धेनु लवाईं ॥८॥

(रामजीको) सुन्दर मधुर मूर्ति हृदयमा राखेर (संझेर) सबै स्त्रीहरू स्नेहले शिथिल भए (फतक्क गले) ॥ ५ ॥ फेरि धैर्य धरीकन आमाहरू राजकुमारीहरूलाई बोलाएर वारंवार भेट्न लागे ॥ ६ ॥ वारंवार पर पुऱ्याउँदै फर्कँदै भेट्तै गर्न लागे, परस्परमा प्रीति खूब बढ्यो ॥ ७ ॥ वारंवार छुट्टिँदै भेट्तै गर्न लागेका सखीहरूलाई पन्साएर भर्खर ब्याएका गाई बाछाबाछीतिर हुर्रिएझैं रानीहरू सीता प्रभृति राजकुमारीतिर हानिदै जान्थे ॥ ८ ॥

दोहा–प्रेम बिबस नर नारि सब सखिन्ह सहित रनिवासु ।
मानहु कीन्ह बिदेहपुर करुना बिरह निवासु ॥३३६॥

सबै नरनारीहरू र सखीसहित अन्तःपुर प्रेमविह्वल भयो। मानौं जनकपुरमा करुणा (माया) र विरहले निवास गऱ्यो ॥ ३३६ ॥

चौ०–सुक सारिका जानकी ज्याए ❀ कनकपिंजरन्हि राखि पढ़ाए ॥१॥
ब्याकुल कहहिं कहाँ बैदेही ❀ सुनि धीरजु परिहरै न केही ॥२॥
भये बिकल खग मृग एहि भाती ❀ मनुजदसा कैसें कहि जाती ॥३॥

सीताजीले पालेका, सुनका पिंजरामा राखेर पढ़ाएका, सुग्गा र मैनाहरू व्याकुल भएर "कहाँ वैदेही, कहाँ वैदेही' भन्न लागे, त्यो सुनेर कसले धैर्य छाड्दैनथ्यो ॥ १ ॥ २ ॥ यस्तै तरहले (सीताले पालेका) पक्षी मृगहरू व्याकुल भए, मानिसको जुन दशा थियो त्यो कसरी भन्न सकिन्छ र ? ॥ ३ ॥

बंधु समेत जनकु तब आए ❀ प्रेम उमगि लोचन जल छाए ॥४॥
सीय बिलोकि धीरता भागी ❀ रहे कहावत परम बिरागी ॥५॥
लीन्हि राय उर लाइ जानकी ❀ मिटी महा मरजाद ज्ञान की ॥६॥
समुझावत सब सचिव सयाने ❀ कीन्ह बिचारु अनवसरु जाने ॥७॥
बारहि बार सुता उर लाई ❀ सजि सुंदर पालकीं मगाई ॥८॥

अनि भाई (कुशध्वज) सहित राजा जनक आए, प्रेम उर्लेर आँसुको रूपले आँखामा व्याप्त भएको थियो ॥ ४ ॥ सीताजीलाई देखेर (तिनको) धैर्य भाग्यो, परम विरागी (पूर्ण वैराग्यवान्) कहलाएका थिए (त्यो वैराग्य ऐले बेपत्ता भयो) ॥ ५ ॥ राजा जनकले जानकीजीलाई हृदयमा लगाए, ज्ञानको ठूलो मर्यादा (अनासक्ति) मेटियो ॥ ६ ॥ चतुर भएका सबै मन्त्रीले संझाउन लागे, अनि विचार गरेर (राजा जनकले) अनवसर (बेमौका) जाने ॥ ७ ॥ छोरी जानकीलाई वारंवार हृदयमा लगाएर सजिसजाउ भएको सुन्दर पालकी (म्याना) मगाए ॥ ८ ॥

दोहा–प्रेम बिबस परिवारु सबु जानि सुलगन नरेस ।
कुअँरि चढ़ाई पालकिन्ह सुमिरे सिद्धि गनेस ॥३३७॥

सबै परिवार प्रेमविह्वल थिए, राजा जनकले असल लग्नको समय जानेर राजकुमारीहरूलाई पालकी (म्याना) मा चढाएर सिद्धिदाता गणेशजीको स्मरण गरे ॥ ३३७ ॥

चौ०–बहु बिधि भूप सुता समुझाई ❀ नारिधरमु कुलरीति सिखाई ॥१॥
दासी दास दिए बहुतेरे ❀ सुचि सेवक जे प्रिय सिय केरे ॥२॥
सीय चलत ब्याकुल पुरबासी ❀ होहिं सगुन सुभ मंगलरासी ॥३॥

राजा जनकजीले छोरीहरूलाई अनेक प्रकारले संझाए, स्त्रीधर्म र कुलरीति पनि सिकाए ॥ १ ॥ जो जो शुद्ध हृदय र सीताजीका मनपरेका सेवक थिए, धेरै ती दासी-दास पनि दिए ॥ २ ॥ सीताजी हिंड्दा नगरनिवासीहरू व्याकुल भए, मंगलराशि (मंगलै मंगल प्राय भएका) शुभ शकुन हुनलागे ॥ ३ ॥

भूसुर सचिव समेत समाजा ❀ संग चले पहुचावन राजा ॥४॥
समय बिलोकि बाजने बाजे ❀ रथ गज बाजि बरातिन्ह साजे ॥५॥
दसरथ बिप्र बोलि सब लीन्हे ❀ दान मान परिपूरन कीन्हे ॥६॥

ब्राह्मण, मन्त्री, समाज, यिनले सहित भएका राजा जनक (दुलहा दुलही) पुऱ्याउन सँगै हिंडे ॥ ४ ॥ समय हेरेर बाजा (दुलही अन्भाउने बखतअनुसारका बाजा बजे)। बरियातीहरूले रथ, हात्ती, घोडा सजाए ॥ ५ ॥ दशरथले सब ब्राह्मणलाई बोलाएर दानमानले परिपूर्ण गरे ॥ ६ ॥

चरन सरोज धूरि धरि सीसा ❀ मुदित महीपति पाइ असीसा ॥७॥
सुमिरि गजाननु कीन्ह पयाना ❀ मंगलमूल सगुन भये नाना ॥८॥

ब्राह्मणका चरणकमलको धूलो शिरमा राखेर, आशीर्वाद पाएर हर्षित भईकन ॥ ७ ॥ श्रीगणेशजीलाई संझेर राजाले प्रयाण (यात्रा) गरे, मंगलका मूलकारण भएका अनेक शकुन भए ॥ ८ ॥

दोहा–सुर प्रसून बरषहिं हरषि करहिं अपछरा गान ।
चले अवधपति अवधपुर मुदित बजाइ निसान ॥३३८॥

देवताहरू हर्षित भएर फूल वर्षाउन लागे, अप्सराहरू गाना गउन लागे । अवधपति (राजा दशरथ) हर्षित भई निशान-बाजा बजाउन लाएर अयोध्यातर्फ हिंडे ॥ ३३८ ॥

चौ०–नृप करि बिनय महाजन फेरे ❀ सादर सकल मागने टेरे ॥१॥
भूषन बसन बाजि गज दीन्हे ❀ प्रेम पोषि ठाढ़े सब कीन्हे ॥२॥
बार बार बिरिदावलि भाषी ❀ फिरे सकल रामहि उर राखी ॥३॥

राजा दशरथले विनय गरेर ब्राह्मणादि पूज्यजनलाई फर्काए, अनि सकल याचकहरूलाई बोलाएर गहना, वस्त्र, घोडा, हात्ती दिए। प्रेमले पोसेर ती सबलाई ठाडा पारे (खुट्टा टेकाइदिए) (अनि तिनीहरू) वारंवार विरुदावली पढ्दै रामजीलाई हृदयमा राखेर फर्के ॥ १ ॥ २ ॥ ३ ॥

बहुरि बहुरि कोसलपति कहहीं ❀ जनकु प्रेमबस फिरै न चहहीं ॥४॥
पुनि कह भूपति बचन सुहाए ❀ फिरिअ महीस दूरि बड़ आए ॥५॥
राउ बहोरि उतरि भये ठाढ़े ❀ प्रेमप्रबाह बिलोचन बाढ़े ॥६॥

वारंवार दशरथ राजा भन्दछन्, जनकराजा प्रेमवश भएर फिर्न चाँहदैनन् (यस्तो भयो) ॥ ४ ॥ फेरि राजा दशरथले सुन्दर वचन बोले कि–"महाराज! अब फिर्नुहोस्, धेरै टाढा आउनुभयो।" (यति बोलेर) राजा दशरथ रथबाट उत्रेर खडा भए, नेत्रमा प्रेमको प्रवाह (आँसु) बढ्यो ॥ ५ ॥ ६ ॥

तब बिदेहु बोले कर जोरी ❀ बचन सनेह सुधा जनु बोरी ॥७॥
करौं कवन बिधि बिनय बनाई ❀ महाराज मोहि दीन्हि बड़ाई ॥८॥

अनि राजा जनकले हात जोरेर स्नेहरूपी अमृतसँग सरोवर भएर मिसिएको वचन बोले "महाराज! कुन प्रकारले बनाएर विनय (विन्ति) गरौं ?, मलाई हजूरले बडाई (इज्जत) दिनुभयो"॥ ७ ॥ ८ ॥

दोहा–कोसलपति समधी सजन सनमाने सब भाँति।
मिलनि परसपर बिनय अति प्रीति न हृदय समाति ॥३३९॥

राजा दशरथले सज्जन सम्धीको सब तरहले सन्मान गरे। छुट्टिंदाखेरि गरेका भेटको परस्पर विनय अति भयो, अत्यन्त स्नेह हृदयमा अटाएन ॥ ३३९ ॥

चौ०–मुनिमंडलिहि जनक सिरु नावा ❀ आसिरबादु सबहि सन पावा ॥१॥
सादर पुनि भेटे जामाता ❀ रूप सील गुन निधि सब भ्राता ॥२॥
जोरि पंकरुह पानि सुहाए ❀ बोले बचन प्रेम जनु जाए ॥३॥

जनक राजाले मुनिहरूका समूहलाई सिर झुकाए, सबैबाट आशीर्वाद पाए ॥ १ ॥ अनि आदरसाथ रूप, शील, गुण यिनका निधि (खानि) भएका जुवाइँ चार भाईसंग भेट गरे ॥ २ ॥ कमलजस्ता सुन्दर हात जोरेर प्रेमैबाट जन्मेका हुन् कि भनेजस्ता वचन बोले ॥ ३ ॥

राम करौं केहि भाँति प्रसंसा ❀ मुनि महेस मन मानस हंसा ॥४॥
करहिं जोग जोगी जेहि लागी ❀ कोहु मोहु ममता मद त्यागी ॥५॥
ब्यापकु ब्रह्म अलखु अबिनासी ❀ चिदानंदु निरगुन गुनरासी ॥६॥
मन समेत जेहि जान न बानी ❀ तरकि न सकहिं सकल अनुमानी ॥७॥
महिमा निगमु नेति कहि कहई ❀ जो तिहुँ काल एकरस रहई ॥८॥

रामजी ! (हजूरको) प्रशंसा कसरी गरौं ? हे मुनिमहेशमनोमानस हंस ! (मुनिहरू र महादेवका मनरूपी मानससरोवरका हंसस्वरूप !) जसका निंति जोगीहरू क्रोध मोह ममता मद त्यागेर योगाभ्यास गर्दछन्, ती व्यापक, अलक्ष्य (लखन नसकिने)-अविनाशी चैतन्य आनन्दस्वरूप, निर्गुण, गुणराशि, ब्रह्म (हजूर हुनुहुन्छ) ॥ ४ ॥ ५ ॥ ६ ॥ जसलाई मनसहित भएकी वाणी जान्दिन, सकल अनुमानी (तार्किक) हरू तर्क गर्न सक्तैनन् वेद पनि जसका महिमालाई (खास वर्णन गर्न नसकेर) नेति नेति भन्दछ, जो वस्तु तीनै कालमा एकरस (अविकारी आनन्दरूप) रहेको छ—॥ ७ ॥ ८ ॥

दोहा—नयन विषय मो कहुँ भयेउ सो समस्त सुख मूल ।
सबइ लाभु जग जीव कहँ भए ईसु अनुकूल ॥३४०॥

उही समस्त सुखमूल (सबै सुखका कारण) भएका ब्रह्मरूप वस्तु (हजूर) मेरा नेत्रको विषय (गोचर) हुनुभयो । जगतमा सबै जीवलाई सुलभ भएर ईश्वर अनुकूल (हितकारी) हुन आउनुभयो (धन्य करुणा !) ॥ ३४० ॥

चौ०—सबहि भाँति मोहि दीन्हि बड़ाई ❀ निज जन जानि लीन्ह अपनाई ॥१॥
होहिं सहस दस सारद सेषा ❀ करहिं कलप कोटिक भरि लेखा ॥२॥
मोर भाग्य राउर गुन गाथा ❀ कहि न सिराहिं सुनहु रघुनाथा ॥३॥
मैं कछु कहौं एकु बल मोरे ❀ तुम्ह रीझहु सनेह सुठि थोरे ॥४॥

सब तरहले मलाई बडाई (इज्जत) दिनुभयो, आफ्नो भक्तजन जानेर मलाई आफ्नो पारिबक्सियो ॥ १ ॥ दशहज्जार शारदा र शेष होउन्, कोटि कल्पसम्म (हजूरका गुणको) लेखा गरिरहून् (गुणको गणना गरिरहून्) ॥ २ ॥ मेरा भाग्यस्वरूप ! रामजी ! सुन्नुहोस्, हजूरको गुणकीर्तन गरी सक्नेछैनन् ॥ ३ ॥ म जो कुछ भनिरहेको छु, मलाई एउटा भरोसा छ (के भने ?) हजूर अलिकति राम्रो प्रेमले रिझिनुहुन्छ ॥ ४ ॥

बार बार मागौं कर जोरें ❀ मन परिहरै चरन जनि भोरें ॥५॥
सुनि बर बचन प्रेम जनु पोषे ❀ पूरनकामु रामु परितोषे ॥६॥

हात जोरेर वारंवार माग्दछु (प्रार्थना गर्छु) कि भुलेर (झुक्किएर) पनि मेरो मन हजूरका चरणलाई नछाडोस्” ॥ ५ ॥ (राजा जनकका) यस्ता मानौं प्रेमै पोखिएजस्ता मधुर वचन सुनेर पूर्णकाम (सिद्धमनोरथ) भएका रामचन्द्रजी खूब खुशी हुनुभयो ॥ ६ ॥

करि बर बिनय ससुर सनमाने ❀ पितु कौसिक बसिष्ठ सम जाने ॥७॥
बिनती बहुरि भरत सन कीन्ही ❀ मिलि सप्रेम पुनि आसिष दीन्ही ॥८॥

राम्रो विनय गरेर (रामजीले) ससुराको सम्मान गर्नुभयो, (ससुरालाई) पिता दशरथ, विश्वामित्र मुनीश्वर, वशिष्ठ महामुनि समान जान्नु (ठान्नु) भयो ॥ ७ ॥ (अनि जनकले) भेटेर भरतजीसँग धेरै विनय गरे, प्रेमसहित भएर आशिष दिए ॥ ८ ॥

दोहा–मिले लखन रिपुसूदनहि दीन्हि असीस महीस ।
भए परसपर प्रेमबस फिरि फिरि नावहिं सीस ॥३४१॥

राजा जनकले लक्ष्मणजी र शत्रुघ्नजीसँग भेट गरे र आशिष दिए। तिनीहरू प्रेमवश भएर फर्की फर्की शिर झुकाउन लागे ॥ ३४१ ॥

चौ०–बार बार करि बिनय बड़ाई ❀ रघुपति चले संग सब भाई ॥१॥
जनक गहे कौसिक पद जाई ❀ चरनरेनु सिर नयनन्ह लाई ॥२॥
सुनु मुनीसबर दरसन तोरे ❀ अगमु न कछु प्रतीति मन मोरे ॥३॥

वारंवार (जनकसँग) विनय र प्रशंसा गरीकन रघुनाथजी सबै भाईसहित रवाना हुनुभयो ॥ १ ॥ जनकले गएर विश्वामित्रका पाउ समाते, पाउको धूलो शिरमा र आँखामा लाए ॥ २ ॥ अनि भन्न लागे—"हे मुनीश्वरवर! सुन्नुहोस्, तपाईंका दर्शनले केही कुरा पनि अगम (दुर्लभ) छैन, (यो कुरा) मेरा मनमा प्रतीत भयो ॥ ३ ॥

जो सुखु सुजसु लोकपति चहहीं ❀ करत मनोरथ सकुचत अहहीं ॥४॥
सो सुखु सुजसु सुलभ मोहि स्वामी ❀ सब सिधि तव दरसन अनुगामी ॥५॥
कीन्हि बिनय पुनि पुनि सिरु नाई ❀ फिरे महीसु आसिषा पाई ॥६॥

जो सुख र सुजस लोकपालहरू चाहन्छन् जुन सुख सुजसको मनसुबा गर्दा तिनीहरू संकोच मानिरहन्छन्, तिनै सुख र सुजस मलाई सुलभ भए। प्रभु! सबै सिद्धिहरू तपाईंका दर्शनका अनुगामी (पछिलाग्ने) छन्" ॥ ४ ॥ ५ ॥ यस्ता प्रकारले जनक राजाले वारंवार विनय गरे, अनि आशीर्वाद पाएपछि फिरे ॥ ६ ॥

चली बरात निसान बजाई ❀ मुदित छोट बड़ सब समुदाई ॥७॥
रामहि निरखि ग्राम नर नारी ❀ पाइ नयनफलु होहिं सुखारी ॥८॥

(अनि) निशान बाजा बजाएर बरियात रवाना भयो, छोटा बड़ा सब समुदाय आनन्दित थिए ॥ ७ ॥ गाउँगाउँका नरनारीहरू रामजीलाई देखेर नेत्रको फल पाई सुखी हुन्थे ॥ ८ ॥

दोहा–बीच बीच बर बास करि मगलोगन्ह सुख देत ।
अवध समीप पुनीत दिन पहुची आइ जनेत ॥३४२॥

बीच बीचमा सुबिस्तासाथ वास गर्दै, बाटाका मानिसलाई आनन्द दिंदै, पवित्र दिनमा (पुरप्रवेशको निर्दोष साइत भएका दिनमा) जन्ती अयोध्याका नगीच आइपुग्यो ॥ ३४२ ॥

चौ०–हने निसान पनव बर बाजे ❀ भेरि संख धुनि हय गय गाजे ॥१॥
झाझि बिरव डिंडिमी सुहाई ❀ सरस राग बाजहिं सहनाई ॥२॥
पुरजन आवत अकनि बराता ❀ मुदित सकल पुलकावलि गाता ॥३॥

निज निज सुंदर सदन सँवारे ❀ हाट बाट चौहट पुर द्वारे ॥४॥

निशानबाजा ठोकिन लागे, पणव (तम्बूरा) बेस बजे। भेरी शङ्खको ध्वनि भयो। हात्ती घोडा गर्जन लागे ॥ १ ॥ झाँझ, बीन, डिमडिम, सहनाई, रसिलो रागमा राम्रो गरी घन्कन लागे ॥ २ ॥ बरियात आउन लागेको सुनेर नगरनिवासीहरू आनन्दित भए, (तिनका) शरीरमा रोमाञ्चसमुदाय (भरियो) ॥ ३ ॥ (सबैले) आफ्नो आफ्नो सुन्दर घर सजाए, बाटो, चौबाटो, नगरद्वार (शहरको ढोका) सजाए (सिंगारे) ॥ ४ ॥

गली सकल अरगजा सिचाई ❀ जहँ तहँ चौकैं चारु पुराई ॥५॥
बना बजारु न जाइ बखाना ❀ तोरन केतु पताक बिताना ॥६॥
सफल पूगफल कदलि रसाला ❀ रोपे बकुल कदंब तमाला ॥७॥
लगे सुभग तरु परसत धरनी ❀ मनिमय आलबाल कल करनी ॥८॥

सबै गल्लीमा अरगजाको सेचन (छिंडकाव) भयो, जहाँ तहाँ चौका (चौतारा) राम्रो गरी पुरिए ॥ ५ ॥ तोरण, ध्वजा, पताका, चाँदनीले बाजार सजियो, त्यसको बखान गर्न सकिदैन ॥ ६ ॥ फलेका सुपारीका वृक्ष, परिपक्व भएका केराका वृक्ष, बकुल (मौलसरी) कदम, तमाल यी वृक्ष रोपिए (सारिए) ॥ ७ ॥ (सारेका) सुन्दर ती वृक्ष (फलफूलका) बोझाले) पृथ्वी छुनलागे (लच्के) । (ती वृक्षमा) मणिमय भएको सुन्दर आलवाल (क्यारी) बनाइयो ॥ ८ ॥

दोहा–बिबिध भाँति मंगल कलस गृह गृह रचे सँवारि।
सुर ब्रह्मादि सिहाहिं सब रघुबरपुरी निहारि ॥३४३॥

घरघरमा भाँति भाँतिका मङ्गलकलश सजेर रचिएका थिए। रघुवरकी नगरी (अयोध्या) हेरेर ब्रह्मादि सब देवता पनि डाह गर्दथे ॥ ३४३ ॥

चौ०–भूपभवनु तेहि अवसर सोहा ❀ रचना देखि मदनमनु मोहा ॥१॥
मंगल सगुन मनोहरताई ❀ रिधि सिधि सुख संपदा सुहाई ॥२॥
जनु उछाह सब सहज सुहाए ❀ तनु धरि धरि दसरथगृह आए ॥३॥
देखन हेतु राम बैदेही ❀ कहहु लालसा होहि न केही ॥४॥

त्यो अवसर (मौका) मा राजाको महल सुशोभित भयो, त्यसको रचना देखेर कामदेवको मन मोहित हुन्थ्यो ॥ १ ॥ मानौं स्वभावसुन्दर भएका सबै उत्साह) (उत्सवहरू) शरीर धारण गरीगरीकन मंगलका शकुन पदार्थ, सुन्दरता, ऋद्धि, सिद्धि, सुख, संपत्ति, यिनको सुन्दर (रूप लिएर) दशरथका घर आएका हुन् कि ? (भन्ने तर्क हुन्थ्यो) ॥ २ ॥ ३ ॥ (किनभने) रामजी र सीताजीलाई हेर्नाका निंति कसलाई लालचा हुँदैन ? भनन ॥ ४ ॥

जूथ जूथ मिलि चलीं सुआसिनि ❀ निज छबि निदरहिं मदनबिलासिनि ॥५॥
सकल सुमंगल सजे आरती ❀ गावहिं जनु बहु बेष भारती ॥६॥
भूपतिभवन कोलाहलु होई ❀ जाइ न बरनि समउ सुखु सोई ॥७॥

कौसल्यादि राममहतारी ❀ प्रेम बिबस तनदसा बिसारी ॥८॥

सौभाग्यवती स्त्रीहरू डफ्फा डफ्फा मिलेर हिंडे, (तिनीहरू) आफ्ना शोभाले मदनविलासिनी (रति) लाई निरादर गर्दथे ॥ ५ ॥ (तिनीहरूले) सकल मङ्गल र आरती सजेका थिए, मानौं धेरै वेषधारणा गरेका सरस्वती नै हुन् कि ? (भन्ने तर्क गराउँदै) गाउन लागे ॥ ६ ॥ राजाका महलमा कोलाहल भयो, त्यस समयको त्यो सुख वर्णन गर्न सकिदैन ॥७॥ कौशल्या आदि गरेका रामजीका आमाहरू प्रेमविह्वल भए, शरीरको हालत बिर्सेका थिए ॥ ८ ॥

दोहा–दिए दान बिप्रन्ह बिपुल पूजि गनेस पुरारि ।
प्रमुदित परम दरिद्र जनु पाइ पदारथ चारि ॥३४४॥

(तिनीहरूले) गणेशजी र शंकरजीको पूजा गरेर ब्राह्मणहरूलाई धेरै दान दिए। धर्म अर्थ काम मोक्ष यी चारै पाउँदा परम दरिद्र खुशी भएझैं खुशी भए ॥ ३४४ ॥

चौ०–प्रेम प्रमोद बिबस सब माता ❀ चलहिं न चरन सिथिल भये गाता ॥१॥
रामदरस हित अति अनुरागीं ❀ परिछनि साजु सजन सब लागीं ॥२॥

सबै आमाहरू प्रेम र आनन्दले विवश (विह्वल) भए, (तिनका) पाउ नचल्ने भए, सब शरीर शिथिल भयो ॥ १ ॥ (तापनि) रामजीका दर्शनका निमित्त आनन्दित भएर सबैजना पर्सने सरजाम सज्न लागे ॥ २ ॥

बिबिध बिधान बाजने बाजे ❀ मंगल मुदित सुमित्रा साजे ॥३॥
हरद दूब दधि पल्लव फूला ❀ पान पूगफल मंगलमूला ॥४॥
अक्षत अंकुर लोचन लाजा ❀ मंजुर मंजरि तुलसि बिराजा ॥५॥
छुहे पुरटघट सहज सुहाए ❀ मदनसकुन जनु नीड़ बनाए ॥६॥

अनेक विधिका बाजा बज्न लागे, सुमित्रा महारानीले हर्षित भएर मङ्गलका सब सरजाम सजाउनुभयो ॥ ३ ॥ (के के भने ?) हरिद्रा (काँचो हलेदो), दूबो, दहि, पञ्चपल्लव, फूल, पान, सुपारी, अछता, अंकुर (जमरा), गोरोचन, लावा, शोभायमान भएका राम्रा तुलसीका मञ्जरी, (इत्यादि मङ्गलका मूलकारण जति पदार्थ हुन् , ती सबै) ॥ ४ ॥ ५ ॥ स्वभावैले सुन्दर भएका (त्यसमाथि) रंग रोगनले चित्रकारी गरिएका सुवर्णका घडा कामदेवरूपी पक्षीले बनाएका नीड (गुँड) जस्ता भएर सुशोभित भए ॥ ६ ॥

सगुन सुगंध न जाहिं बखानी ❀ मंगल सकल सजहिं सब रानी ॥७॥
रची आरती बहुत बिधाना ❀ मुदित करहिं कल मंगल गाना ॥८॥

सगुन पदार्थ र सुगन्ध पदार्थको बखान गर्न सकिदैन (किनभने) सकल मङ्गल पदार्थ खास रानीहरूले सजेका थिए ॥ ७ ॥ अनेक विधिविधानको आरती रचे (तयार गरे), हर्षित भएर मङ्गलगान गर्न लागे ॥ ८ ॥

दोहा–कनकथार भरि मंगलन्हि कमल करन्हि लिये मात ।
चलीं मुदित परिछनि करन पुलक पल्लवित गात ॥३४५॥

मङ्गल पदार्थले सुवर्णको थाल भरेर करकमलमा (कमलतुल्य कोमल हातमा) लिएर आमाहरू मनमा आनन्दित र शरीरमा पुलकपल्लवित (रोमाञ्चयुक्त) भईकन (जन्ती) पर्सन हिंडे ॥ ३४५ ॥

चौ०–धूपधूम नभु मेचकु भयेऊ ❀ सावन घनघमंडु जनु ठयेऊ ॥१॥
सुरतरु सुमन माल सुर बरषहिं ❀ मनहु बलाक अवलि मन करषहिं ॥२॥
मंजुल मनिमय बंदनिवारे ❀ मनहु पाकरिपुचाप सँवारे ॥३॥
प्रगटहिं दुरहिं अटन्ह पर भामिनि ❀ चारु चपल जनु दमकहिं दामिनी ॥४॥

मानौं साउनका मेघले घमण्ड (आडम्बर) गरेको हो कि ! (भन्ने भान पर्ने गरी) धूपको धूवाँले आकाश कालो भयो ॥ १ ॥ मानौं बकुल्लाको ताँती मन हरण गर्न लागेको हो कि ? (भन्ने भान पर्ने गरी) देवताहरू कल्पवृक्षका फूलको माला वर्षाउन लागे ॥ २ ॥ मानौं (सजिसजाउ भएको, पाकरिपु (पाकशासन = इन्द्र) को धनु (इन्द्राणी) हो कि ? (भन्ने भान पर्ने गरी) अनेक प्रकारका मणिले युक्त भएका बन्दनमालिका (तोरण) राम्रा राम्रा (तयार गरिएर) ॥ ३ ॥ मानौं सुन्दर र चञ्चल बिजुली चंकेका हुन् कि ? (भन्ने भान पर्ने गरी) स्त्रीहरू अटालीमा (कौसीमा) प्रकट हुँदै लुक्कै गर्न लागे ॥ ४ ॥

दुंदुभिधुनि घनगरजनि घोरा ❀ जाचक चातक दादुर मोरा ॥५॥
सुर सुगंध सुचि बरषहिं बारी ❀ सुखी सकल ससि पुर नर नारी ॥६॥
समय जानि गुर आयेसु दीन्हा ❀ पुरप्रबेसु रघुकुलमनि कीन्हा ॥७॥
सुमिर संभु गिरिजा गनराजा ❀ मुदित महीपति सहित समाजा ॥८॥

दुन्दुभी (नगारा) रूपी मेघ घोर (कडा) ध्वनि (आवाज) गरेर गर्जन लागे, याचक (मगन्ता गरीब गुरुवाहरू), चातक (काकाकुल), भ्यागुता (भ्याङ), मोर (मयूर) रूपी भए (खुशी भएर नाच्न कराउन लागे) ॥ ५ ॥ (मेघ गर्जेपछि) देवताहरूले सुगन्ध र शुद्ध जल (साइत असल पार्नाका निंति) वर्षाउन लागे । (पानी वर्षेपछि) नगरका नर-नारी (पुरुष-स्त्री) जनरूपी शस्य (धान जौ प्रभृति अन्नको बाली-नाली) सुखी भए (सप्रे) ॥ ६ ॥ समय जानेर गुरुले आज्ञा दिए, (अनि) रघुकुलमणि राजा दशरथले–॥ ७ ॥ श्रीशंकर, श्रीपार्वती, श्रीगणेशजीलाई संझेर हर्षित भईकन समाजसहित भएर नगरप्रवेश गरे ॥ ८ ॥

दोहा–होहिं सगुन बरषहिं सुमन सुर दुंदुभी बजाइ ।
बिबुधबधू नाचहिं मुदित मंजुल मंगल गाइ ॥३४६ ॥

शुभ शकुन हुनलागे, देवताहरू दुन्दुभी बजाइकन फूल वर्षाउन लागे । हर्षित भएर राम्रो मंगल गाइकन देवाङ्गनाहरू नाच्न लागे ॥ ३४६ ॥

चौ०–मागध सूत बंदि नट नागर ❀ गावहिं जसु तिहुँ लोक उजागर ॥१॥
जयधुनि बिमल बेद बर बानी ❀ दस दिसि सुनिय सुमंगल सानी ॥२॥
बिपुल बाजने बाजन लागे ❀ नभ सुर नगर लोग अनुरागे ॥३॥
बने बराती बरनि न जाहीं ❀ महा मुदित मन सुख न समाहीं ॥४॥

सिपालु सिपालु मागध, सूत, बन्दी नटुवाहरू तीनै लोकमा उज्यालो भएको यश गाउन लागे ॥ १ ॥ दशै दिशामा जयध्वनि, वेदको निर्मल सुन्दर वाणी, र उत्तमं मंगल वाणी सुनियो ॥ २ ॥ धेरै बाजाहरू बज्न लागे, आकाशका देवताहरू र नगरका मानिसहरू प्रसन्न भए ॥ ३ ॥ सबै बरियातीहरू बनेका (खूब सजिसजाउ भएका) (थिए) वर्णन गर्न सकिदैनथे । तिनको मन अति आनन्दित, आनन्द नअटाउने भयो ॥ ४ ॥

पुरबासिन्ह तब राय जोहारे ❀ देखत रामहि भये सुखारे ॥५॥
करहिं निछावरि मनिगन चीरा ❀ बारि बिलोचन पुलक सरीरा ॥६॥

अनि नगरनिवासीहरूले राजाको दर्शन गरे, रामजीलाई देख्ता सुखी भए ॥ ५ ॥ आँखाभरी हर्षाश्रु, शरीरभरी रोमाञ्च भएका तिनीहरू मणिसमूह र उत्तम वस्त्र न्यौछावर (प्रीतिदान) गर्न लागे ॥ ६ ॥

आरति करहिं मुदित पुरनारी ❀ हरषहिं निरखि कुअँरबर चारी ॥७॥
सिबिका सुभग ओहार उघारी ❀ देखि दुलहिनिन्ह होहिं सुखारी ॥८॥

नगरका नारीहरू प्रसन्न भएर आरती गर्न लागे, चारजना राजकुमार दुलहाहरूलाई देखेर हर्षित भए, सुन्दर म्यानाको ओहार (पर्दा) उघारेर दुलहीहरू हेर्दा सुखी हुन लागे ॥ ७ ॥ ८ ॥

दोहा—येहि बिधि सबही देत सुखु आए राजदुआर ।
मुदित मातु परिछनि करहिं बधुन्ह समेत कुमार ॥३४७॥

यस्ता प्रकारले सबैलाई सुख दिंदै (जन्ती) राजद्वार (दरबारको ढोकामा) आइपुगे, आमाहरू (कौशल्या सुमित्राहरू) दुलहीसहित भएका चार कुमारको पर्छन गर्न लागे (आरती गर्न, पर्सन लागे) ॥ ३४७ ॥

चौ०—करहिं आरती बारहि बारा ❀ प्रेमु प्रमोदु कहै को पारा ॥१॥
भूषन मनि पट नाना जाती ❀ करहिं निछावरि अगनित भाती ॥२॥
बधुन्ह समेत देखि सुत चारी ❀ परमानंद मगन महतारी ॥३॥
पुनि पुनि सीय राम छबि देखी ❀ मुदित सफल जग जीवन लेखी ॥४॥

वारंवार आरती गर्दछन्, प्रेम र आनन्दको पार (इयत्ता) को भन्न सक्तछ ? ॥ १ ॥ अनेक भाँतिसँग अनेक जातका गहना, मणि, वस्त्र, न्यौछावर (प्रीतिदान) गर्न लागे ॥ २ ॥ आमाहरू चारै छोरालाई दुलहीसहित भएका देखेर परमानन्दमा मग्न भए ॥ ३ ॥ वारंवार सीताजी र रामजीको शोभा हेर्दा हर्षित भएर आफ्नो जगत्मा (भएका) जन्मलाई सफल गन्न (संझन) लागे ॥ ४ ॥

सखी सीयमुखु पुनि पुनि चाही ❀ गान करहिं निज सुकृत सराही ॥५॥
बरषहिं सुमन छनहि छन देवा ❀ नाचहिं गावहिं लावहिं सेवा ॥६॥
देखि मनोहर चारिउ जोरीं ❀ सारद उपमा सकल ढँढोरीं ॥७॥

देत न बनहिं निपट लघु लागीं ❀ एकटक रहीं रूप अनुरागीं ॥८॥

सखीहरू वारंवार सीताजीको मुख हेर्दै गाउँदै आफ्नो पुण्य सह्राउन लागे ॥ ५ ॥ देवताहरू छिनछिनमा फूल वर्षाउँदै नाच्तै गाउँदै चाकरी लाउन (देखाउन) लागे ॥ ६ ॥ चारै जोडी मनोहर (राम्रो) देखेर सरस्वतीले सकल उपमा ढुँड्नुभयो (खोज्नुभयो) ॥ ७ ॥ (परन्तु कुनै उपमा पनि) दिन सक्नुभएन, (सबै उपमा) बिलकुल हलुका लागे, (लाचार भईकन) रूपमा मोहित भएर एकटक (हेरेर) खडा हुनुभयो ॥ ८ ॥

दोहा–निगमनीति कुलरीति करि अरघ पावड़े देत।
बंधुन्ह सहित सुत परिछि सब चलीं लवाइ निकेत ॥३४८॥

वेदको विधि कुलको रीति गरेर अर्घ दिंदै पाँवडे (कुल्चने वस्त्र) दिंदै (बिछ्याउँदै) दुलहीसमेत भएका चारै छोरालाई पर्सेर आमाहरूले घर लगे (भित्र्याए) ॥ ३४८ ॥

चौ०–चारि सिंघासन सहज सुहाए ❀ जनु मनोज निज हाथ बनाए ॥१॥
तिन्ह पर कुअँरि कुअँर बैठारे ❀ सादर पाय पुनीत पखारे ॥२॥
धूप दीप नैबेद बेदबिधि ❀ पूजे बर दुलहिन मंगलनिधि ॥३॥
बारहि बार आरती करहीं ❀ ब्यजन चारु चामर सिर ढरहीं ॥४॥

मानौं कामदेवले आफ्नै हातले बनाएका हुन् कि (भन्ने तर्क गराउने) चारोटा सुन्दर सिंहासन (तयार) थिए, तिनैमा दुलहा दुलहीलाई बसाएर आदरसाथ पवित्र पाउ पखाले (धोए) अनि वेदका विधिले धूप दीप नैवेद्य गरेर मंगलनिधि (कल्याणनिधान) भएका वधूवरको पूजा गरे ॥ १ ॥ २ ॥ ३ ॥ वारंवार आरती गर्न लागे, अनि सुन्दर पंखा र चमर शिरनिर डोलाउन लागे ॥ ४ ॥

बस्तु अनेक निछावरि होहीं ❀ भरी प्रमोद मातु सब सोहीं ॥५॥
पावा परम तत्त्व जनु जोगी ❀ अमृतु लहेउ जनु संतत रोगी ॥६॥
जनमरंकु जनु पारस पावा ❀ अंधहि लोचनलाभु सुहावा ॥७॥
मूकबदन जनु सारद छाई ❀ मानहु समर सूर जय पाई ॥८॥

अनेक चीजबीच न्यौछावर हुन लागे, त्यस वेलामा आनन्द भरिएका वरमाताहरू सबैजना सुशोभित भए ॥ ५ ॥ त्यस वेलामा "योगीले परमतत्त्व (ब्रह्म) भेट्टाएमा झैं, दीर्घ रोगीले अमृत पाएमा झैं, जन्म दरिद्रले पारसमणि पाएमा झैं, अन्धाले सुन्दर आँखा पाएमा झैं, लाटाका मुखमा सरस्वती छाएमा झैं शूरले युद्धमा विजय पाएमा झैं आनन्द भयो ॥ ६ ॥ ७ ॥ ८ ॥

दोहा–एहि सुख ते सत कोटि गुन पावहिं मातु अनंदु।
भाइन्ह सहित बिआहि घर आए रघुकुलचंदु ॥३४९॥
लोकरीति जननी करहिं बर दुलहिनि सकुचाहिं।
मोदु बिनोदु बिलोकि बड़ रामु मनहि मुसुकाहिं ॥३५०॥

(लौ म भुलेछु है । विचार कहाँ गए छ ?, त्यस्तै जाबो आनन्द किन हुन्थ्यो ?) माथि बताएको आनन्दभन्दा रामजीका माताजीहरूले सय करोड खंड बढ़ता आनन्द पाए, रघुकुलरूपीकुमुद (रात्रिकमल) का चन्द्रमा स्वरूप भएका रघुनाथजी भाइसहित विवाहित भएर घर आए (यो मौकाको आनन्द अघि बताएका अनेक आनन्दभन्दा सय करोड खंड बढ़ता नै थियो ।। ३४९ ।। आमाहरू लोकप्रचलित रीति गर्न लागे, दुलहादुलही संकोच गर्न लागे, त्यस्तो ठूलो हर्ष र विनोद (लहड) देखेर रामजी मनै मनमा हाँस्न लाग्नुभयो ।। ३५० ।।

चौ०–देव पितर पूजे विधि नीकीं ❀ पूजीं सकल वासना जी कीं ।।१।।
सबहि बंदि मागहिं बरदाना ❀ भाइन्ह सहित रामकल्याना ।।२।।
अंतरहित सुर आसिष देहीं ❀ मुदित मातु अंचल भरि लेहीं ।।३।।
भूपति बोलि बराती लीन्हे ❀ जान बसन मनि भूषन दीन्हे ।।४।।

राम्रो विधिले देवता र पितृको पूजा गरे, सबैका हृदयको वासना (मनोरथ) पूर्ण भयो ।। १ ।। (रानीहरू) सबैलाई वन्दना गरेर "भाईसहित रामजीको कल्याण होस" यो वरदान माग्न लागे ।। २ ।। अन्तर्हित (अदृश्य) भएका देवताहरू आशिष दिन लागे (बोल्ने सकस नदेखिने, आशीर्वादको बोली मात्रै सुनिने भयो) । हर्षित भएका वरमाताहरूले पछेउराको छेउ थापेर भरीभरी आशिष लिए ।। ३ ।। राजा दशरथले बरियातीहरूलाई बोलाएर यान (घोडा, रथ प्रभृति सवारी) वस्त्र, रत्न गहना दिए ।। ४ ।।

आयसु पाइ राखि उर रामहि ❀ मुदित गये सब निज निज धामहि ।।५।।
पुर नर नारि सकल पहिराए ❀ घर घर बाजन लगे बधाए ।।६।।
जाचकजन जाचहिं जोइ जोई ❀ प्रमुदित राउ देहिं सोइ सोई ।।७।।
सेवक सकल बजनिआ नाना ❀ पूरन किये दान सनमाना ।।८।।

आज्ञा पाएर रामजीलाई हृदयमा राखीकन, हर्षित भएका सबजना आफ्ना आफ्ना घर गए ।। ५ ।। नगरका नरनारीहरूलाई वस्त्र, गहना पहिराए, घरघरमा बधाई (कल्याण प्रार्थना) का बाजा बज्न लागे ।। ६ ।। याचक (मगन्ता) हरू जुन-जुन चीज माग्दथे, राजा प्रसन्न भएर त्यही त्यही चीज दिन्थे ।। ७ ।। सबै नोकर-चाकर अनेक प्रकारका बजनिआ (बाजावाला) लाई दान र सम्मानले पूर्ण गरे ।। ८ ।।

दोहा–देहिं असीस जोहारि सब गावहिं गुन गन गाथ ।
तब गुर भूसूर सहित गृह गवनु कीन्ह नरनाथ ।।३५१।।

सबैले सलाम गरेर आशिष दिए । गुणगणको गाथा (रचना) गाउन लागे । अनि राजा दशरथ गुरु र ब्राह्मणसहित भई घरभित्र गए ।। ३५१ ।।

चौ०–जो बसिष्ठ अनुसासन दीन्ही ❀ लोक बेद बिधि सादर कीन्ही ।।१।।
भूसूरभीर देखि सब रानी ❀ सादर उठीं भाग्य बड़ जानी ।।२।।

वशिष्ठजीले जो जो आज्ञा दिएका थिए, राजा दशरथले आदरसहित भएर ती ती

लौकिक वैदिक विधि गरे ॥ १ ॥ (राजाका साथमा आएका) ब्राह्मणको भीड देखेर सबै रानीहरू आफ्नो भाग्य ठूलो जानेर आदरसाथ उठे ॥ २ ॥

पाय पखारि सकल अन्हवाए ❀ पूजि भली बिधि भूप जेवाए ॥३॥
आदर दान प्रेम परिपोषे ❀ देत असीस चले मन तोषे ॥४॥

सबैको पाउ पखालेर स्नान गराए, राम्रा तरहले पूजा गरेर भोजन गराए ॥ ३ ॥ आदर, दान, प्रेम, यिनले सबैलाई पुष्ट (तृप्त) पारे। (सबैजना) मनमा संतुष्ट भएर आशिष दिंदै गए ॥ ४ ॥

बहु बिधि कीन्हि गाधिसुतपूजा ❀ नाथ मोहि सम धन्य न दूजा ॥५॥
कीन्हि प्रसंसा भूपति भूरी ❀ रानिन्ह सहित लीन्हि पगधूरी ॥६॥
भीतर भवन दीन्ह बर बासू ❀ मनु जोगवत रह नृपु रनिवासू ॥७॥
पूजे गुरपद कमल बहोरी ❀ कीन्हि बिनय उर प्रीति न थोरी ॥८॥

अनि अनेक प्रकारले गाधिपुत्र (विश्वामित्र) को पूजा गरे—"प्रभु ! म बराबर अर्को धन्य छैन" भनेर राजाले धेरै प्रशंसा गरे, रानीसहित भएर उनका चरणको धूलो शिरमा राखे ॥ ५ ॥ ६ ॥ रानीहरू पनि दर्शन गर्दै रहून् भन्ने आशयले ॥ ७ ॥ महलभित्रै उनलाई बस्नाका निमित्त असल स्थान दिए, फेरि गुरु (वशिष्ठजी) का चरणकमलको पूजा गरे, हृदयमा धेरै प्रीति लिएर विन्ति गरे ॥ ८ ॥

दोहा—बधुन्ह समेत कुमार सब रानिन्ह सहित महीसु।
पुनि पुनि बंदत गुरचरन देत असीस मुनीसु ॥३५२॥

दुलहीसहित सबै (चारैजना) कुमार र रानीसहित राजा वारंवार गुरुका चरणमा वन्दना गर्न लागे, मुनीश्वर वशिष्ठजीले आशिष दिए ॥ ३५२ ॥

चौ०—बिनय कीन्हि उर अति अनुरागे ❀ सुत संपदा राखि सब आगे ॥१॥
नेगु मागि मुनिनायक लीन्हा ❀ आसिरबादु बहुत बिधि दीन्हा ॥२॥

छोरा-बुहारी धनदौलत अघिसारेर राजा दशरथले हृदयमा अत्यन्त प्रसन्न भैकन विन्ति गरे ॥ १ ॥ मुनिनायक (वशिष्ठ) ले आफ्नो नेग (दस्तूर = गुरुभाग) मागेर लिए, (अनि) अनेक प्रकारका आशीर्वाद दिए ॥ २ ॥

उर धरि रामहि सीय समेता ❀ हरषि कीन्ह गुर गवनु निकेता ॥३॥
बिप्रबधू सब भूप बोलाईं ❀ चैल चारु भूषन पहिराईं ॥४॥

सीतासमेत भएका (सपत्नीक) रामचन्द्रजीलाई हृदयमा राखेर गुरु वशिष्ठजी घर गए ॥ ३ ॥ राजा दशरथले विप्रपत्नी (ब्राह्मणीहरू) बोलाएर सुन्दर वस्त्र गहना पहिराए ॥ ४ ॥

बहुरि बोलाइ सुआसिनि लीन्ही ❀ रुचि बिचारि पहिरावनि दीन्ही ॥५॥
नेगी नेगजोग सब लेहीं ❀ रुचि अनुरूप भूपमनि देहीं ॥६॥

प्रिय पाहुने पूज्य जे जाने ❀ भूपति भली भाँति सनमाने ॥७॥
देव देखि रघुबीरबिबाहू ❀ बरषि प्रसून प्रसंसि उछाहू ॥८॥

फेरि सौभाग्यवती (सुवासिनी) हरूलाई बोलाएर रुचि विचार गरीकन (यथारुचि) पहिरने कुरा (वस्त्र गहना) दिए ॥ ५ ॥ नेगीहरू योग्य नेग (दस्तूर) लिन लागे, तिनको इच्छानुसारको नेग (दस्तूर) राजशिरोमणि दशरथले दिए ॥ ६ ॥ जाने सुनेसम्मका पूज्य प्रिय पाहुनाहरूलाई राजाले भलीभाँति सम्मान गरे ॥ ७ ॥ देवताहरूले रघुवीरको विवाह हेरेर, फूल वर्षाए, उत्सवको तारीफ गरे ॥ ८ ॥

दोहा—चले निसान बजाइ सुर निज निज पुर सुख पाइ ।
कहत परसपर रामजसु प्रेम न हृदय समाइ ॥३५३॥

देवताहरू बाजा बजाएर आनन्दित भईकन परस्पर रामजीको जस वर्णन गर्दै आफ्ना आफ्ना नगरतर्फ गए, तिनका हृदयमा प्रेम अटाएको थिएन (त्यसै हुनाले यशोगानको रूप लिएर प्रेम पोखिंदै थियो) ॥ ३५३ ॥

चौ०—सब बिधि सबहि समदि नरनाहू ❀ रहा हृदय भरि पूरि उछाहू ॥१॥
जहँ रनिवासु तहाँ पगु धारे ❀ सहित बहूटिन्ह कुअँर निहारे ॥२॥
लिये गोद करि मोद समेता ❀ को कहि सकै भएउ सुखु जेता ॥३॥
वधू सप्रेम गोद बैठारीं ❀ बार बार हिय हरषिं दुलारी ॥४॥

राजा दशरथले सबलाई सब तरहको सत्कार गरे, उनका हृदयमा उत्साह भरपूर (पूर्ण) थियो ॥ १ ॥ अनि जहाँ रानीहरू थिए उहीं पाउ राखे (गए) दुलहीसहित भएका कुमारहरूलाई देखे ॥ २ ॥ आनन्दसहित भएर तिनीहरूलाई काखमा राखे, (त्यस वेलामा) जति आनन्द भयो, त्यो भन्न को सक्तछ ? ॥ ३ ॥ बुहारीहरूलाई पनि प्रेमसहित काखमा राखेर हृदयमा हर्षित भई वारंवार दुलार (प्यार) गरे ॥ ४ ॥

देखि समाजु मुदित रनिवासू ❀ सब के उर अनंदु कियो बासू ॥५॥
कहेउ भूप जिमि भयेउ बिबाहू ❀ सुनि सुनि हरषु होत सब काहू ॥६॥
जनकराज गुन सीलु बड़ाई ❀ प्रीति रीति संपदा सुहाई ॥७॥
बहु बिधि भूप भाट जिमि बरनी ❀ रानी सब प्रमुदित सुनि करनी ॥८॥

अन्तःपुरमा जम्मा भएको राजाको समाज (कुटुम्ब) लाई देखेर खास आनन्दले सबैका हृदयमा निवास गऱ्यो ॥ ५ ॥ विवाह जसरी भएको थियो, त्यो सबै कुरा राजाले भने, त्यो सुन्दा २ सबैलाई हर्ष भयो ॥ ६ ॥ जनक राजाका असल गुण, शील, इज्जत, प्रीति, चलन, संपत्ति, यी सबै कुरालाई राजा दशरथले भाटजस्ता भएर आफैंले अनेक प्रकारसंग वर्णन गरे, रानीहरू त्यो चाल सुनेर हर्षित भए ॥ ७ ॥ ८ ॥

दोहा—सुतन्ह समेत नहाइ नृप बोलि बिप्र गुर ज्ञाति ।
भोजनु कीन्ह अनेक बिधि घरी पंच गइ राति ॥३५४॥

राजा दशरथले छोरासहित भई नुहाए, अनि ब्राह्मण, गुरु वशिष्ठ, दाज्यूभाईलाई बोलाएर (तिनका साथमा) अनेक भाँतिको भोजन गरे, (त्यति हुँदा) पांच घडी रात गयो ॥ ३५४ ॥

चौ०–मंगल गान करहिं बर भामिनि ❀ भै सुखमूल मनोहर जामिनि ॥१॥
अचै पान सब काहू पाए ❀ स्रग सुगंध भूषित छबि छाए ॥२॥

सुन्दर स्त्रीहरू मंगलगान गरिरहेका थिए, त्यो रात सुखको मूलकारण भएको (हुनाले) मनोहर भयो ॥ १ ॥ अनि पानी अचाएर (चुठेर) सबैले पान लिए, सुगन्धमालाले भूषित भए, शोभाले छाइए ॥ २ ॥

रामहि देखि रजायेसु पाई ❀ निज निज भवन चले सिर नाई ॥३॥
प्रेमु प्रमोदु बिनोदु बड़ाई ❀ समउ समाजु मनोहरताई ॥४॥
कहि न सकहिं सत सारद सेसू ❀ बेद बिरंचि महेस गनेसू ॥५॥
सो मैं कहौं कवन बिधि बरनी ❀ भूमिनागु सिर धरै कि धरनी ॥६॥

रामजीको दर्शन गरेर आज्ञा पाईकन, सिर झुकाएर (तिनीहरू) आफ्ना २ घर गए ॥ ३ ॥ (यो विवाहको जुन) प्रेम, आनन्द, विनोद (लहड), समयको र समाजको मनोहरतालाई शयकडौं शारदा, शेष, वेद, ब्रह्मा, महेश्वर, गणेश पनि वर्णन गर्न सक्तैनन्, त्यही मनोहरताको वर्णन म कसरी गरौं ?, भूनाग (गँडेउला) शिरमा पृथ्वीलाई राख्न (पृथ्वी बोक्न) सक्तछ र ? (नाग भन्दैमा भूनाग (गँडेउला) पनि शेषनाग जत्तिकै सामर्थ्यवान् भएर पृथ्वीधारण गर्न सक्तछ र ?) ॥ ४ ॥ ५ ॥ ६ ॥

नृप सब भाँति सबहि सनमानी ❀ कहि मृदु बचन बोलाईं रानी ॥७॥
बधू लरिकनी परघर आईं ❀ राखेहु नयन पलक की नाईं ॥८॥

राजाले सब तरहसँग सबैको सम्मान गरेपछि रानीहरूलाई बोलाएर मीठो वचन बोले—"हेर बुहारीहरू बालिका छन्, पराइका घरमा आए, पलकले आँखालाई झैं तिमीहरूले यिनीहरूलाई राखे (रक्षा गरे = जोगाए) ॥ ७ ॥ ८ ॥

दोहा–लरिका श्रमित उनीदबस सयन करावहु जाई ।
अस कहि गे बिश्रामगृह रामचरन चितु लाई ॥३५५॥

छोराहरू पनि थाकेका र निद्राका वश परेका छन्, अब गएर यिनलाई शयन (सुकला) गराउ" यो वचन बोलेर राजा दशरथ रामचन्द्रका चरणमा मन लाएर विश्रामगृह (सुकला गर्ने खोपी) तर्फ गए ॥ ३५५ ॥

चौ०–भूपबचन सुनि सहज सुहाए ❀ जरित कनक मनि पलँग डसाए ॥१॥
सुभग सुरभि पय फेन समाना ❀ कोमल कलित सुपेती नाना ॥२॥
उपबरहन बर बरनि न जाहीं ❀ स्रग सुगंध मनिमंदिर माहीं ॥३॥

रतनदीप सुठि चारु चँदोवा ❀ कहत न बनै जान जेहि जोवा ॥४॥
सेज रुचिर रचि रामु उठाए ❀ प्रेम समेत पलँग पौढ़ाए ॥५॥

स्वभाव सुन्दर भएका राजाका वचन सुनेर (रानीहरूले) मणि जडेका सुवर्णका पलंग बिछ्याए ! सुन्दर, बास्ना आउने, गाईका दूधको फीँजजस्ता (नरम र सफा,) नाना प्रकारका धेरै डसना ओछ्याए ॥ १ ॥ २ ॥ उत्तमोत्तम उपबर्हण (तकिया) को वर्णन गर्न सकिदैन । मणि जडेका शयनभवनमा मालाहरूको सुगन्ध फैलिरहेको थियो । ठाउँ २ मा मणिदीप थिए, सुन्दर चाँदनी टाँगिएको थियो, वर्णन गर्न सकिदैन, जसले देख्यो त्यही सकस जानोस् ॥ ३ ॥ ४ ॥ (यस्ता प्रकारले) पलंग राम्रो गरी रचिसकेपछि प्रेमसमेत भई रामचन्द्रजीलाई उठाएर रानीहरूले पलंगमा सुकला गराए ॥ ५ ॥

अज्ञा पुनि पुनि भाइन्ह दीन्ही ❀ निज निज सेज सयन तिन्ह कीन्ही ॥६॥
देखि स्याम मृदु मंजुल गाता ❀ कहहिं सप्रेम बचन सब माता ॥७॥
मारग जात भयावनि भारी ❀ केहि बिधि तात ताड़का मारी ॥८॥

(रामचन्द्रजीले) वारंवार भाईहरूलाई आज्ञा दिनुभयो र उनीहरूले (गएर) आफ्ना आफ्ना पलंगमा शयन गरे ॥ ६ ॥ रामचन्द्रजीको कोमल सुन्दर श्याम शरीर देखेर सबै आमाहरू प्रेमसहितको वचन बोल्न लागे—॥ ७ ॥ “बाबु ! रामचन्द्र ! बाटामा जाँदाखेरि डरलाग्दी, ठूली, ताडकालाई कुन प्रकारले मार्‍यौ हँ ? ॥ ८ ॥

दोहा—घोर निसाचर बिकट भट समर गनहिं नहि काहु ।
मारे सहित सहाय किमि खल मारीच सुबाहु ॥३५६॥

युद्धमा कसैलाई पनि (पशमबराबर) नगन्ने भयानक जोद्धा राक्षस सहाय भएका दुष्ट मारीच र सुबाहुलाई कसरी मार्‍यौ ? ॥ ३५६ ॥

चौ०—मुनिप्रसाद बलि तात तुम्हारी ❀ ईस अनेक करवरैं टारी ॥१॥
मखरखवारी करि दुहुँ भाई ❀ गुरप्रसाद सब बिद्या पाई ॥२॥

बाबु ! (मुनि विश्वामित्र) का अनुग्रहका प्रभाव (बल) ले तिम्रा अनेक खडबड (विघ्न) लाई परमेश्वरले टारिदिनुभयो ॥ १ ॥ दुवै भाईले यज्ञको रखवाली गरेर गुरुका अनुग्रहले सबै विद्या पायौ ॥ २ ॥

मुनितिय तरी लगत पगधूरी ❀ कीरति रही भुवन भरि पूरी ॥३॥
कमठपीठि पबि कूट कठोरा ❀ नृपसमाज महु सिवधनु तोरा ॥४॥
बिस्व बिजय जसु जानकि पाई ❀ आए भवन ब्याहि सब भाई ॥५॥

पाउको धूलो लाग्नेबित्तिकै मुनिपत्नी (अहल्या) तरिन् , संसारमा भरपूर भएर कीर्ति रह्यो ॥ ३ ॥ कछुवाको पीठजस्तो, वज्रको थुप्रोजस्तो, कडा शिवधनुलाई राजाहरूका समाजमा तोडिदियौ ॥ ४ ॥ संसारविजय गरेकी कीर्ति र जानकी पायौ, सबै भाईसहित विवाहित भएर वर आयौ ॥ ५ ॥

सकल अमानुष करम तुम्हारे ❀ केवल कौसिक कृपा सुधारे ॥६॥
आजु सुफल जग जनमु हमारा ❀ देखि तात बिधुबदन तुम्हारा ॥७॥
जे दिन गए तुम्हहि बिनु देखे ❀ ते बिरंचि जनि पारहि लेखे ॥८॥

तिम्रा सबै कर्म (काम) अमानुष (मानिसले गर्न नसकिने) हुन्, फगत विश्वामित्रका कृपाले (ती कर्म) सप्रे (सिद्ध भए) ॥ ६ ॥ बाबु! तिम्रो चन्द्रसमान मुख देख्न पाउँदा आज जगत्मा मेरो जन्म सुफल भयो ॥ ७ ॥ तिमीलाई देख्न नपाएर जति दिन बितेका छन्, त्यति दिनलाई विधाताले मेरा आयुमा लेखा (हिसाब) नगरून् (मेरो प्रार्थना छ) (तिमी गएका दिनदेखि आजका दिनसम्मका दिनलाई विधाताले मेरा आयुमा मिनाहा गरून्, त्यति दिन मेरा त्यसै खेर गएका छन्, मेरो नुक्सान नगरून्, त्यो मिनाहा पाएँभने त्यति दिन बढ्ता तिम्रो मुख हेरुँला, नत्र ठगिएँ)" ॥ ८ ॥

दोहा—राम प्रतोषीं मातु सब कहि बिनीत बर बयन ।
सुमिरि संभु गुर बिप्र पद किये नीदबस नयन ॥३५७॥

रामचन्द्रजीले विनयका साथ मधुर वचन बोलेर सबै आमाहरूलाई आनन्दित पार्नुभयो। अनि शंकर गुरु ब्राह्मणको चरण संझेर नेत्रलाई निद्रावश पार्नुभयो (निद्राले नेत्र बन्द गरेर सुकला गर्नुभयो) ॥ ३५७ ॥

चौ०—नीदउँहँ बदन सोह सुठि लोना ❀ मनहु साँझ सरसीरुह सोना ॥१॥
घर घर करहिं जागरन नारी ❀ देहिं परसपर मंगल गारी ॥२॥
पुरी बिराजति राजति रजनी ❀ रानी कहहिं बिलोकहु सजनी ॥३॥

निद्रामा पनि रामचन्द्रजीको मुहार राम्रो लावण्य (हिसी) हुनाले, साँझमा सुतेको (मुकुलित भएको) कमल हो कि भन्ने तर्क गराउने भएर सुशोभित थियो ॥ १ ॥ घरघरमा स्त्रीहरू जागरण गर्न लागे, परस्परमा मंगल गाली दिन (गर्न) लागे ॥ २ ॥ रानीहरू भन्दछन् कि हे सखी! शहरै शोभायमान हुँदाखेरि रात्रि पनि शोभायमान भइरहिछ, हेरन ॥ ३ ॥

सुंदर बधु सासु लै सोई ❀ फनिकन्ह जनु सिरमनि उर गोई ॥४॥
प्रात पुनीत काल प्रभु जागे ❀ अरुनचूड़ बर बोलन लागे ॥५॥
बंदि मागधन्हि गुनगन गाए ❀ पुरजन द्वार जोहारन आए ॥६॥
बंदि बिप्र सुर गुर पितु माता ❀ पाइ असीस मुदित सब भ्राता ॥७॥
जननिन्ह सादर बदन निहारे ❀ भूपति सँग द्वार पगु धारे ॥८॥

सुन्दर बुहारीलाई काखमा लिएर सुतेका सासूहरू मानौं फणाको मणिलाई हृदयमा लुकाएर सुतेका नागिनी हुन् कि भनेजस्ता (देखिए) ॥ ४ ॥ प्रातःकालको पवित्र समयमा रघुनाथजी जागा हुनुभयो, ताम्रचूड (कुखुरा) राम्रो गरी बास्न लागे ॥ ५ ॥ बन्दी, मागध, सूतहरूले, गुणगण गाए, नगरनिवासीहरू सलाम गर्न ढोकामा आए ॥ ६ ॥ चारै भाई

ब्राह्मण, देवता, गुरु, पिता, माताको वन्दना गरी आशिष पाएर प्रसन्न भए ॥ ७ ॥ आमाहरूले आदरसाथ (छोराहरूको) मुख हेरेर राजासँग ढोकामा पाउ राखे (आए) ॥ ८ ॥

दोहा–कीन्हि सौच सब सहज सुचि सरित पुनीत नहाइ ।
प्रातक्रिया करि तात पहि आए चारिउ भाइ ॥३५८॥

रामचन्द्रजी प्रभृति चारै भाई स्वभावैले शुद्ध हुनुहुन्थ्यो तापनि शौच गरीकन पवित्र नदी (सरयू) मा नुहाएर प्रातःकालको कृत्य (संध्यावन्दनादि) गरेर पिताका समीप आउनुभयो ॥ ३५८ ॥

चौ०–भूप बिलोकि लिये उर लाई ❀ बैठे हरषि रजायेसु पाई ॥१॥
देखि रामु सब सभा जुड़ानी ❀ लोचन लाभ अवधि अनुमानी ॥२॥
पुनि बसिष्ठ मुनि कौसिक आए ❀ सुभग आसनन्हि मुनि बैठाए ॥३॥
सुतन्ह समेत पूजि पद लागे ❀ निरखि रामु दोउ गुर अनुरागे ॥४॥

राजाले देखेर सबैलाई आलिङ्गन गरे, अनि ती आज्ञा पाएर हर्षित भई बसे ॥ १ ॥ रामजीलाई देखेर सबै सभा (राजाका समीप रहेको जनसमूह) (आनन्दले) ठण्डा भयो । लोचन (नेत्र) का लाभको अवधि (सीमा) यही हो भनेर (त्यसले) अनुमान गर्‍यो ॥ २ ॥ अनि वशिष्ठ मुनि र विश्वामित्र मुनि आए, सुन्दर आसन दिएर तिनलाई बसाए ॥ ३ ॥ पूजा गरिसकेपछि छोरासहित भई राजा तिनका पाउ परे, रामजीलाई देखेर दुवैजना गुरु (वशिष्ठ र विश्वामित्र) प्रसन्न भए ॥ ४ ॥

कहहिं बसिष्ठु धरम इतिहासा ❀ सुनहिं महीसु सहित रनिवासा ॥५॥
मुनि मन अगम गाधिसुतकरनी ❀ मुदित बसिष्ठ बिपुल बिधि बरनी ॥६॥

वशिष्ठजी धर्मविषयका इतिहास (कथा) भन्दछन्, रानीहरूसहित राजा सुन्दछन् (यस्तो चलन भयो) ॥ ५ ॥ हर्षित भएका वशिष्ठ मुनिले, मुनिहरूका मनले पनि आँट्न नसकिने विश्वामित्रको कर्म (तपस्या प्रभृति) वर्णन गरे ॥ ६ ॥

बोले बामदेउ सबु साची ❀ कीरति कलित लोक तिहुँ माची ॥७॥
सुनि आनंदु भयेउ सब काहू ❀ राम लखन उर अतिहि उछाहू ॥८॥

वामदेव मुनिले–"सब कुरा साँचो हो, (विश्वामित्र महर्षिकी) कीर्ति तीनै लोकमा छाइएकी छ" भने ॥ ७ ॥ त्यो सुनेर सबैलाई आनन्द भयो, राम र लक्ष्मणजीका हृदयमा उत्साह अत्यन्त भयो (नयाँ सृष्टि गर्न सक्ने महाप्रभाव गुरु विश्वामित्रजी हाम्रा उपर प्रसन्न हुनुभएको हुनाले हामी संसारमा सर्वोपरि हुन सक्छौं भन्ने उमेद बढ्यो) ॥ ८ ॥

दोहा–मंगल मोद उछाह नित जाहिं दिवस येहि भाति ।
उमगी अवध अनंद भरि अधिक अधिक अधिकाति ॥३५९॥

नित्य मङ्गल, आनन्द, उत्साह भएर यही चालले दिन बित्न लागे । अवधदेशभरी आनन्द उर्लेर अधिक अधिक भएर बढ्न लाग्यो ॥ ३५९ ॥

चौ०–सुदिन सोधि कल कंकन छोरे ❀ मंगल मोद बिनोद न थोरे ॥१॥
नित नव सुखु सुर देखि सिहाहीं ❀ अवध जन्म जाचहिं बिधि पाहीं ॥२॥

असल साइत हेरेर (कुमारहरूले) सुन्दर कंकन फुकाए (विवाहका केही दिनपछि गर्नुपर्ने कंकणमोचन नाम भएको विधि गरे (त्यसमा) मंगल, आनन्द, विनोद (लहड) थोरै भएन (खूब भयो) ॥ १ ॥ देवता नित्य नयाँ नयाँ सुख देखेर डाह (रिस) गर्दथे, विधातासँग अवधदेशमा जन्म होस् भनेर प्रार्थना गर्दथे ॥ २ ॥

बिस्वामित्रु चलन नित चहहीं ❀ राम सप्रेम बिनय बस रहहीं ॥३॥
दिन दिन सयगुन भूपति भाऊ ❀ देखि सराह महामुनिराऊ ॥४॥
मागत बिदा राउ अनुरागे ❀ सुतन्ह समेत ठाढ़ भे आगे ॥५॥

विश्वामित्र मुनि सधैं जान चाहन्थे, (तर) रामचन्द्रजीको प्रेमसहित भएका बिन्तीभाउको वश परेर रहन्थे (जान सक्तैनथे) ॥ ३ ॥ राजा दशरथको भक्तिभाव प्रतिदिन सयगुना (हुँदै गएको) थियो, त्यो देखेर महामुनि विश्वामित्रले राजालाई सह्राए (तारीफ गरे) ॥ ४ ॥ उनले बिदा माग्दा राजा प्रसन्न भएर छोरासमेत साम्ने खड़ा भए ॥ ५ ॥ (अनि भन्न लागे–)

नाथ सकल संपदा तुम्हारी ❀ मैं सेवकु समेत सुत नारी ॥६॥
करब सदा लरिकन्ह पर छोहू ❀ दरसनु देत रहब मुनि मोहू ॥७॥
अस कहि राउ सहित सुत रानी ❀ परेउ चरन मुख आव न बानी ॥८॥

"प्रभु ! यो सब संपति तपाईंकै हो, म स्त्रीपुत्रसहित तपाईंको सेवक हुँ ॥ ६ ॥ हे मुनिराज ! यी बालकहरूका उपर सदासर्वदा दया गर्नुहोला, मलाई दर्शन दिंदै रहनुहोला ॥ ७ ॥

यसो भनेर छोरा रानीसहित राजा दशरथ पाउमा परे, मुखबाट वाक्य निस्केन ॥ ८ ॥

दीन्हि असीस बिप्र बहु भाती ❀ चले न प्रीति रीति कहि जाती ॥९॥
रामु सप्रेम संग सब भाई ❀ आयेसु पाइ फिरे पहुचाई ॥१०॥

तपोबलका प्रभावले ब्रह्मर्षि भएका विश्वामित्रले अनेक आशीर्वाद दिए, अनि ती हिंडे, (त्यस वेलाको) प्रीतिका प्रकारको वर्णन गर्न सकिंदैन ॥ ९ ॥ सबै भाईसहित भई प्रेमका साथ रामचन्द्रजी (उनलाई पर) पुऱ्याएर आज्ञा पाई फर्कनुभयो ॥ १० ॥

दोहा–रामरूपु भूपतिभगति ब्याहु उछाहु अनंदु ।
जात सराहत मनहि मन मुदित गाधिकुलचंदु ॥३६०॥

गाधिराजाका कुलमा चन्द्रमा जस्ता भएका (विश्वामित्र) मनै मनले रामचन्द्रजीको रूप, राजा दशरथको भक्ति, ब्याहको उत्साह र आनन्द, यी चीजको सराहना गर्दैं हर्षित भएर गए ॥ ३६० ॥

चौ०–बामदेव रघुकुल गुर ज्ञानी ❀ बहुरि गाधिसुत कथा बखानी ॥१॥
सुनि मुनि सुजसु मनहि मन राऊ ❀ बरनत आपन पुन्यप्रभाऊ ॥२॥
बहुरे लोग रजाएसु भएउ ❀ सुतन्ह समेत नृपति गृह गएउ ॥३॥

फेरि रघुकुलका गुरु ज्ञानी वामदेव मुनिले पनि गाधिपुत्र (विश्वामित्र) को कथा[1] वर्णन गरे, त्यो सुनेर राजा दशरथले मनै मनमा मुनिका सुयशको र आफ्ना पुण्यप्रभावको वर्णन गर्न लागे ॥ १ ॥ २ ॥ अनि आज्ञा पाएर सब जना फिरे (आफ्ना घरतर्फ गए) राजा पनि पुत्रसहित घर गए ॥ ३ ॥

जहँ तहँ रामब्याहु सबु गावा ❀ सुजसु पुनीत लोक तिहुँ छावा ॥४॥
आए ब्याहि रामु घर जब ते ❀ बसै अनंद अवध सब तब ते ॥५॥
प्रभुबिवाह जस भयेऊ उछाहू ❀ सकहिं न बरनि गिरा अहिनाहू ॥६॥

जहाँतहाँ सबैले रामचन्द्रजीको विवाह गाए, पवित्र सुयश तीनै लोकमा छाइयो (व्याप्त भयो) ॥ ४ ॥ जैलेदेखि रामचन्द्रजी विवाहित भएर घर आउनुभयो, उहिले-देखि अवधदेशमा सब आनन्द बसे (रहे) ॥ ५ ॥ प्रभुजीका विवाहमा जस्तो उत्साह (उत्सव) भयो, त्यो वर्णन गर्न सरस्वती र नागनाथ (शेष) पनि सक्तैनन् ॥ ६ ॥

कबि कुल जीवनु पावन जानी ❀ राम सीय जसु मंगलखानी ॥७॥
तेहि ते मैं कछु कहा बखानी ❀ करन पुनीत हेतु निज बानी ॥८॥

रामचन्द्रजी र सीताजीको यश, कविहरूको जीवन (प्राणाधार) र पवित्र मंगलको खानि जानें, त्यसै कारणले आफ्नो वाणीलाई पवित्र गर्नाका निमित्त मैले अलिकति विस्तार गरेर भनें ॥ ७ ॥ ८ ॥

---

[1] **(१) विश्वामित्र मुनिको इतिहास–**

गाधिनामक राजाका छोरा राजा विश्वामित्रले धेरै कालसम्म यथोक्त राज्यशासन गरे। कदाचित् १ अक्षौहिणी, सेना साथ लिएर पृथ्वीतलको निरीक्षण गर्दै गर्दै यी राजा वशिष्ठमुनिका आश्रममा पुगे। राजा-विश्वामित्रको वशिष्ठले खूब आतिथ्य गरे, उनले पालेकी कामधेनुकी छोरी शबला नाउँ भएकी गाईका प्रभावले सैन्यसहित राजाको स्वर्गीय उपचारले पूर्ण सत्कार भयो। धर्म गर्दा पाप आइलाग्यो, राजाले गाई (शबला) मागे, वशिष्ठले इनकार गरे, धेरै प्रलोभन देखाए, वशिष्ठले मञ्जूर गरेनन्, आखिर जबर्दस्तीले गाई घिच्याइन लागिन्, त्यत्रो फौजले जबर्दस्तीसाथ घिच्याइएकी ती गाई सबै सिपाहीहरूलाई छितिरबितिर पारेर चिच्याँउदै वशिष्ठका सम्मुख पुगेर—"भगवन्! विधिनन्दन! मलाई तपाईंले त्याग गर्नुभयो कि? मैले केही अपराध गरें कि? सिपाहीहरूले जबर्दस्ती गर्दा पनि तपाईं चूप लाग्नुभयो" यस्तो दीन वचन बोल्न लागिन्। महाप्रभाव शान्तिप्रिय वशिष्ठजीले—"नानी! शबला! तिमीलाई मैले त्याग गरेको छैन, तिम्रो अपराध पनि केही छैन, बलवान् र मदमत्त भएका हुनाले तिम्रा उपर राजाले यो जबर्दस्ती गरेका हुन्, उनी बलिया छन् म दुर्बल छु, उनी राजा हुन् म तपस्वी हुँ, म के गरौं?" यो जवाब दिए। शबलाले–"ब्राह्मणको बलभन्दा क्षत्रियको बल उत्तम होइन, आफ्नो बल देखाउने इच्छा छैनभने भैगो, मलाई आज्ञा दिनुहोस्, यी निर्दयीहरूलाई म आफ्नो बल देखाएर आफ्नो बचावट आफै गर्दछु" भन्दा वशिष्ठले "हुन्छ" भने। शबला क्रुद्ध भएर आँग झार्न हुंकार गर्नलागिन्, हुँकारबाट, रोमरोमबाट, योनिबाट; गुदद्वारबाट

२४-क

छन्द-निज गिरा पावनि करन कारन रामजसु तुलसीं कह्यो ।
रघुबीरचरित अपार बारिधि पारु कबि कौने लह्यो ॥
उपबीत ब्याह उछाह मंगल सुनि जे सादर गावहीं ।
बैदेहि राम प्रसाद ते जन सर्बदा सुखु पावहीं ॥६१॥

अनेकानेक वीर पुरुष शस्त्र लिएका उत्पन्न भए । तिनले राजाको सैन्य ध्वस्त पारिदिए । विश्वामित्रका छोरा १०० जना वशिष्ठलाई मार्ने सुर गरेर आइलागे, तिनीहरू वशिष्ठले हुंकार गर्दा एकै घान भएर डढे । फगत एउटा विश्वामित्र बाँकी रहे, अरू सबैको संहार भयो, निस्तेज भएका राजा विश्वामित्र नगरमा आएर बाँकी रहेको एउटा छोरालाई राजगद्दी दिएर तपस्या गर्न हिमालयपर्वतमा पुगे । कठोर तपस्या गर्दा शङ्करजी प्रसन्न भएर "वरं ब्रूहि" भन्दै प्रकट हुनुभयो । "साङ्गोपाङ्ग धनुर्वेद र ठूला ठूला अस्त्रशस्त्र सबै पाउँ" भनी विश्वामित्रले माग्दा शंकरजीले ती सबै कुरा दिनुभयो । अस्त्रशस्त्र पाएपछि वशिष्ठलाई मरेको जस्तै ठानेर विश्वामित्रले वशिष्ठका आश्रममा आईकन दिव्य अस्त्र छाडेर आश्रमदाह गर्न लागे, आश्रमका ऋषि मुनि, मृग पक्षीहरूको संहार हुन लाग्यो । आखिरमा वशिष्ठ मुनि एउटा आफ्नो ब्रह्मदंड हातमा लिएर खड़ा भए, वशिष्ठउपर विश्वामित्रले आग्नेयास्त्र, वारुणास्त्र, ऐन्द्रास्त्र, पाशुपतास्त्र, आदि गरेका बड़े बड़े अस्त्रको प्रहार गरे, ब्रह्मदण्डले सबै अस्त्रलाई ग्रास गऱ्यो । आखिरमा विश्वामित्रले ब्रह्मास्त्रको प्रयोग गरे, त्यस वेलामा संहारमूर्ति रुद्रजस्ता भएर वशिष्ठमुनि रोमरोमबाट अग्निज्वाला निकाल्द ब्रह्मदण्ड घुमाउँदै खडा भए; ब्रह्मदण्डले ब्रह्मास्त्रलाई पनि ग्रास गऱ्यो, देवताहरूले वशिष्ठलाई धन्यवाद दिएर क्रोध-शान्तिको प्रार्थना गर्न लागे । "धिग्बलं क्षत्रियबलं ब्रह्मतेजो बलं बलम्" भन्दै ब्रह्मर्षि हुनाका निमित्त विश्वामित्र राजपाट छाडेर तपस्या गर्न दक्षिण दिशा गए । त्यहाँ एक हजार वर्ष तपस्या गर्दा ब्रह्माजी प्रसन्न भएर वर दिन प्रकट हुनुभयो । तिमी राजर्षि भयौ (ब्रह्मर्षि हुन पाउँदैनौ) भनेर जानुभयो । विश्वामित्र लज्जित भएर रहेका थिए, तिनै ताकमा त्रिशंकु राजाले आफ्ना गुरु वशिष्ठसँग "जीउँदै स्वर्ग जान पाइने फल भएको यज्ञ गराइदिनुहोस्" भनी प्रार्थना गरे । वशिष्ठले "त्यो कुरा हुन सक्तैन" भने । अनि त्रिशंकुले वशिष्ठ पुत्रहरूसँग प्रार्थना गरे । उनीहरूले पनि "हुने भए पिताजी नै गराउनुहुन्थ्यो, हामी त्यस्तो यज्ञ गराउँदैनौं" भने । त्रिशंकुले "अर्कै गुरु (आचार्य) गराएर त्यो यज्ञ गर्छु" भन्दा वशिष्ठका पुत्र १०० जनाले क्रुद्ध भएर "नचाहिने काम गर्न खोज्ने, गुरुको अपमान गर्ने तिमी चण्डाल भए" भनी सराप दिए । त्यो सराप पाउनाका साथ राजा त्रिशंकु नीलो वस्त्र लाएका नीलवर्ण शरीर भएका, कपाल खुइलिएका, फलामे गहना लाएका, चिताका खरानीले फुस्राधुस्रा भएका चंडालै भए । अनि तिनले विश्वामित्रलाई भेटेर आफ्नो दुःखदर्द मनोरथ बताए । विश्वामित्रलाई जोश चढ्यो, "हुन्छ सशरीर स्वर्ग पुऱ्याइदिन्छु, यज्ञको सरजाम ठीक गर" भने र उनले यज्ञका निमित्त ठूला ठूला तपस्वीहरूलाई (वशिष्ठ र उनका छोराहरूबाहेक) निमन्त्रण गरे । वशिष्ठका छोराहरूल "अहा ! क्या यज्ञ हुन लागेछ, यज्ञ गराउने गुरु क्षत्रिय विश्वामित्र, यज्ञ गर्ने यजमान चंडाल त्रिशंकु, सुहाउँदा गुरु-चेलाले अब के के गर्ने हुन्" यस्तो गिल्लाको हल्ला चलाए । विश्वामित्र क्रुद्ध भएर "तिमीहरूको भस्म होस्" भनी सराप दिए । अनि यज्ञको आरम्भ भयो, वेदमन्त्र र ऋषिमुनिहरूको तपोबलले हुनलागेको यज्ञमा आफ्नो आफ्नो भाग लिनाका निमित्त देवताहरू आएनन् , विश्वामित्र क्रोधले जाज्वल्यमान भएर सुरो खडा गरेर "हेर, मेरो तपस्याको प्रभाव हेर, लौ राजा ! सशरीर स्वर्ग जाऊ, मेरो वचन अमोघ छ" भन्न लागे, पक्षी उडेझैं त्रिशंकु राजा सशरीर उडेर स्वर्ग पुगे । इन्द्रले "गुरुका सरापले चण्डाल भएका, नचाहिने काम गर्ने तिमी यहाँ बस्न पाउँदैनौ, गिर" भनेर उनलाई गिराए, "विश्वामित्रकी दुहाई" भन्दै गिर्न लागेका त्रिशंकुलाई विश्वामित्रले "तिष्ठ तिष्ठ" भनेर बीचैमा अडाए । अनि घोर

तुलसीदासले आफ्नी वाणीलाई पवित्र गराउनाका खातिरमा रामयशको वर्णन गरे, रघुवीरको चरित्र अपार समुद्र हो, त्यसको पार कुन कविले पायो र ? (तर) व्रतबन्धको र विवाहको मंगलस्वरूप भएको उत्सव सुनेर आदरसहित भएर जो गाउलान्, जानकीजी र रामजीका अनुग्रहले ती मानिस सदा-सर्वदा सुख पाउलान् ॥ ६१ ॥

सोरठा–सिय रघुबीर बिवाहु जे सप्रेम गावहिं सुनहिं ।
तिन्ह कहुँ सदा उछाहु मंगलायतन रामजसु ॥३६॥

जो मानिस सीताजी र रघुवीरको विवाहवर्णनलाई प्रेम सहित भएर गाउँदछन् सुन्दछन् तिनीहरूलाई सदासर्वदा उत्सव (मौजूदा रहन्छ किनभने—) रामको यश मंगलायतन छ (गान गर्नेलाई मङ्गल दिने स्वभाव भएको छ) ॥ ३६ ॥

इति श्रीरामचरितमानसे सकलकलिकलुषविध्वंसने सुखसंपादनो
नाम प्रथमः सोपानः समाप्तः

तपस्वी विश्वामित्रले अर्कै सृष्टि गर्न आरम्भ गरे, अर्कै सप्तऋषि, अर्कै नक्षत्रमण्डल तुरन्तै बनाए। अर्को इन्द्र बनाउँछु, अथवा इन्द्रलाई खारिज गर्छु भन्न लागेका वेलामा कायल भएका देवताहरू प्रार्थना गर्न आए। उनका मुलाहिजाले स्वर्गसमानैको अर्को लोक बनाएर त्यसमा त्रिशंकुलाई इन्द्रसमान पारेर राखे। अनि दक्षिण दिशामा तपस्या गरेको सफल भएन भनेर पश्चिम दिशाको पुष्करक्षेत्रमा गई विश्वामित्रले १ हजार वर्ष तपस्या गरे। ब्रह्माजीले वर दिनलाग्दा "ब्रह्मर्षि हुन पाउँ" यस्तो प्रार्थना गरे। "ब्रह्मर्षि होइन, ऋषि मात्र भयौ लौ" भनेर ब्रह्माजी जानुभयो। त्यहाँ रहँदा विश्वामित्रमुनिलाई मेनका अप्सराले भुलाएर कामासक्त गराई। १० वर्ष मेनका अप्सरासँग भुलेपछि विश्वामित्र मुनि तपस्या गर्न उत्तर दिशाको कौशिकी नदीका तीरमा गए। त्यहाँ पनि हज्जारौं वर्ष तपस्या गरे, ब्रह्माजीले "महर्षि भयौ, उठ, कति तपस्या गर्छौ" भन्नुभयो। विश्वामित्रले "जितेन्द्रिय भएको म ब्रह्मर्षि किन नहुनु" भन्दा "तिमी जितेन्द्रिय छैनौ" भन्ने जवाब दिनुभयो र ब्रह्माजी जानुभयो। अनि विश्वामित्रले ऊर्ध्वबाहु निरालम्ब भएर फगत वायुको आहार गरीकन कडा तपस्या गर्न थाले। त्रैलोक्यमा हाहाकार मच्चियो, इन्द्र तपस्याको भङ्ग गर्नाका निमित्त, रम्भा, कामदेव, वसन्त प्रभृतिलाई साथ लिएर विश्वामित्रका आश्रममा आफूसमेत आए। वसन्तऋतुले आफ्नो प्रभाव फैलायो, कामदेवले आफ्नो धनुमा वाण चढायो, रंभा विश्वामित्रका अगाडि पुगी, विश्वामित्रले आफ्ना मनको विकार थाहा पाएर कारणको विचार गर्दा सबै कुरा बुझे, अकस्मात् क्रोध उठेर आयो। "दशहज्जार वर्षसम्म शिला भएर रहेस्" यस्तो सराप रंभालाई दिए। अनि "मलाई धिक्कार छ, काम जिते पनि क्रोध जित्न सकिनँ, म जितेन्द्रिय भइनँ, भनेर फेरि तपस्या गर्नलागे। मौन धारण गरेर श्वासोच्छ्वास रोकेर, अनेक विघ्नबाधा पर्दा पनि अविचलित रहेर विश्वामित्रले तपस्या गर्दा त्रैलोक्य व्याकुल भयो। सबै देवताले "विश्वामित्रलाई ब्रह्मर्षि पदवीले सम्मानित गर्नुहोस्" भनी प्रार्थना गर्दा ब्रह्माजी सबै देवतालाई साथ लिई विश्वामित्रका आश्रममा आउनुभयो र—"ब्रह्मर्षे ! स्वागतं तेऽस्तु" भन्नुभयो। विश्वामित्रले "म ब्रह्मर्षि भएँभने, ॐकार, वषट्कार सबै वेद मूर्तिमान् भएर मलाई वरण गरून्, ब्रह्मपुत्र महात्मा वशिष्ठजी पनि मलाई ब्रह्मर्षि भनून् त" भने। विश्वामित्रले भनेजस्तै भयो, वशिष्ठजीले पनि प्रेमपूर्वक ब्रह्मर्षे ! भनेर बोलाईकन विश्वामित्रसँग मित्रता गरे। यी विश्वामित्रको महिमा अवर्णनीय छ, यी महामुनि साक्षात् धर्म हुन्, साक्षात् तपस्या हुन्, साक्षात् उत्साह हुन्, साक्षात् पराक्रम हुन्" भनी शतानन्द मुनिले जनक राजाका र विश्वामित्रका अगाडि वर्णन गरेको विश्वामित्रको चरित्रलाई वामदेवले राजा दशरथका अगाडि वर्णन गरे ॥ यो चरित्र वाल्मीकीयरामायणका बालकाण्डको ५१ सर्गदेखि ६५ सर्गसम्ममा विस्तारपूर्वक वर्णन गरिएको छ। यो संक्षेप हो।

॥ श्रीः ॥

अथ

श्रीमद्गोस्वामितुलसीदासनिर्मितं रामायणम्

तत्रेदं

अयोध्याकाण्डम्

प्रारभ्यते

शार्दूलविक्रीडितछन्द

वामांके च विभाति भूधरसुता देवापगा मस्तके ।
भाले बालविधुर्गले च गरलं यस्योरसि व्यालराट् ॥
सोऽयं भूतिविभूषणः सुरवरः सर्वाधिपः सर्वदा ।
सर्वः सर्वगतः शिवः शशिनिभः श्रीशंकरः पातु माम् ॥१॥

जसका बायाँ काखमा गिरीजानन्दिनी पार्वती, शिरमा देवनदी गङ्गाजी, ललाटमा बाल–चन्द्रमा, कण्ठमा कालकूट विष, छातीमा नागराज वासुकि, शोभायमान भइरहेका छन् विभूति (भस्म) नै छ गहना जसका अर्थात् विभूतले सिंगारिएका, देवतामध्यमा श्रेष्ठ'

---

(१) श्रीशंकरजी देवताहरूका सार्वभौम (चक्रवर्ती) हुनुहुन्छ, उहाँको वैभव लोकोत्तर छ, किनभने, उहाँको बाण राख्ने ठोक्रो मामूली ठोक्रोजस्तो छैन, समुद्रै ठोक्रो छ (त्रिपुरदाह गर्दा शंकरजीले विष्णु भगवान्लाई बाणरूप बनाउनुभएको थियो, उनै बाणरूप विष्णु समुद्रमा शेषशय्या गरिरहनुभएको छ, शंकरजीको ठोक्रो समुद्र भयो) अरू देवताका वाहनहरू आफैंआफैं हिंड्छन् , तिनका वाहन छैनन् , शंकरजीका वाहन ता व्यास वाल्मीकि प्रभृति बडे बडे महात्मा नै वाहन छन् , अर्थात् व्यास प्रभृतिले शंकरजीका वाहनलाई बोकेका छन् (शंकरजीका वाहन नन्दी हुन्, ती धर्मका अवतार हुन्, व्यास वाल्मीकिहरूले धर्मलाई थामेका छन्, त्यसो हुनाले शंकरजीका वाहनका अनेक वाहन छन्) शंकरजीको गहना राख्ने सन्दूक पाताल छ (शंकरजीका गहना नाग हुन्, तिनीहरू पातालमा छन्) शंकरजीको फूलवारी आकाश छ (शंकरजी ललाटमा चन्द्रमा लाउनुहुन्छ, फूलजस्ता चन्द्रमा आकाशमा रहन्छन्) शंकरजीका धोती प्रभृति वस्त्रको रखवाली गर्नाका निमित्त इन्द्र अग्नि यम प्रभृति १० जना ठूला २ देवता खटाइएका छन् , (शंकरजी दिगम्बर अर्थात् दिशारूपी वस्त्र लाउने नङ्गा हुनुहुन्छ, १० दिशाको रखवाली गर्ने दिकपाल १० छन्) शंकरजीका चन्दनको वृक्ष कामदेव छन् (कामदेवलाई भस्म पारेर त्यसैको खरानी चन्दन लाएझैं शंकरले लाउनुभएको छ) शंकरजीको यही वैभवलाई संझेर गोस्वामीजीले "सुरवर" यो विशेषण दिएको हुनुपर्दछ ।

"देवं वन्दे जलधिशरधिं देवतासार्वभौम व्यासप्रष्ठा भुवनविदिता यस्य वाहाधिवाहाः ।
भूषापेटी भुवनमधरं पुष्करं पुष्पवाटी शाटीपालाः शतमखमुखाश्चन्दनद्रुर्मनोभूः" ।

भनेर कुनै भक्तले स्पष्टतया शंकरजीको सुरवरत्वलाई देखाएर वन्दना पनि गरेको छ ।

भएका, सबैका मालिक भएका, सर्वस्वरूप भएका, सर्वव्यापी भएका, कल्याणमूर्ति र चन्द्रतुल्य श्वेतवर्ण भएका उनै यी (मेरा स्मरणगोचर भएका) श्रीशंकरजी सर्वदा मेरो रक्षा गरून् ॥ १ ॥

वंशस्थछन्द

प्रसन्नतां या न गताभिषेकतस्तथा न मम्ले वनवासदुःखतः ।
मुखांबुजश्री रघुनंदनस्य मे सदास्तु सा मंजुलमंगलप्रदा ॥२॥

भोलि राज्याभिषेक हुन्छ भन्ने वचनले पनि जो प्रसन्न भइन, अहिल्यै वनवास गर्न जाऊ भन्दा पनि जो मलिन (अँध्यारी) भइन, त्यही रघुनन्दन (राम) का मुखकमलकी श्री (शोभा) (हामीहरूलाई) सदा असल मंगल दिने होस् । दशरथ राजाले भोलि राज्याभिषेक गरिदिन्छु भन्दा पनि, भोलिपल्टै (राज्याभिषेकको वेलामा) लौ १४ वर्षका निमित्त कन्दमूल फलाहारी भएर वृक्षका बोक्राको पोशाक लाएर अहिल्यै जङ्गल जाऊ भन्दा पनि, साबिकबमोजिमै रहेकी (उज्याली पनि नभएकी, अँधियारी पनि नभएकी) श्री (शोभा) जसका मुखारविन्दमा रहेकी छ, उनै दशरथनन्दन महापुरुष रघुनाथजीकी उही शोभा हाम्रा हृदयमा झल्किरहोस्, त्यति भएपछि पूर्णमङ्गल (शान्ति = स्वरूपस्थिति) हामी पाउनेछौं, अन्यथा हामीलाई शान्ति सुख दुर्लभछ) ॥ २ ॥ (क)

उपजातिछन्द

नीलांबुजश्यामलकोमलांगं सीतासमारोपितवामभागम् ।
पाणौ महासायकचारुचापं नमामि रामं रघुवंशनाथम् ॥३॥

(क) हर्षको र विषादको पराकाष्ठा हुने समयमा पनि हर्षलेश र विषादलेश नहुनु महापुरुषको लक्षण हो । "समुद्र इव गाम्भीर्ये" भनेर रघुनाथजीलाई समुद्रको उपमा दिएको यसै कारणले हो । यही अवस्थामा सदासर्वदा रहने शान्तिनिवास प्रभु रामचन्द्रको स्वरूपचिन्तन गरिरहे हामी पनि शान्तिरूप मङ्गल पाउँला भन्ने आशयले यो मङ्गलाचरण गरेको हो ।

"भोलि राजा होऊ, ऐल्यै जङ्गल जाऊ, यी दुई वचनमा रहेर, धारण गरेका उत्तम वस्त्र छोडाएर वृक्षको वल्कल (बोक्रा) पहिरने महापुरुष रामचन्द्रजीका चरणारविन्दलाई सदासर्वदा नमस्कार छ" भनी भक्तजनले नित्य नमस्कार गरे चित्तमा शान्ति आउनेछ ।

श्वो भूपतिर्भव वनं व्रज सद्य एवेत्युक्तिद्वये श्रितवतः सत ऐकरूप्यम् ।
वासः समुज्झितवतो धृतवल्कलस्य वन्दे महापुरुष ! ते चरणारविन्दम् ॥

"सबैतिरबाट भरिभराउ गर्दा पनि आफ्नो परिस्थिति नछाडेर रहने समुद्रमा जसरी नदीहरू प्रवेश गर्दछन् (समुद्रको स्वरूपमा वृद्धि गराउन नसके पनि प्रवेश गरिटोपल्छन्) त्यसै गरी स्रक् चन्दन वनिता प्रभृति विषय जसमा प्रवेश गर्छन् (आत्माको स्वरूप डगाउन नसकेर केवल भोगका निमित्त हाजिर हुन्छन्) त्यसैले शान्ति पाउँछ, अनेक प्रकारका विषयको खायस गर्नेले शान्ति पाउँदैन," भनी श्रीमद्भगवद्गीतामा पनि लेखिएको छ—

आपूर्यमाणमचलप्रतिष्ठं समुद्रमापः प्रविशन्ति यद्वत् ।
तद्वत् कामा यं प्रविशन्ति सर्वे स शान्तिमाप्नोति न कामकामी ॥

नीलकमलजस्तो श्याम कोमल अंग भएका, बायाँ काखमा सीताजीलाई लिइरहेका, हातमा ठूलो बाण र धनु धारण गरेका, रघुकुलनाथ रामजीलाई वन्दना गर्दछु ॥ ३ ॥

दोहा–श्रीगुरचरन सरोज रज निज मन मुकुरु सुधारि ।
बरनउँ रघुबर बिमल जसु जो दायकु फल चारि ॥१॥

आफ्नो मनरूपी ऐनालाई श्रीगुरुचरणकमलका धूलाले सुधारेर (मैला भएका ऐनालाई धूलो दलेर सफा पारेझैं सफा पारेर) जो चारै फल (धर्म-अर्थ-काम-मोक्ष) दिने छ, त्यो रघुवर रामजीका निर्मल यशको वर्णन गर्दछु ॥ १ ॥

चौ०–जब तें रामु ब्याहि घर आए ❀ नित नव मंगल मोद बधाए ॥१॥
भुवन चारि दस भूधर भारी ❀ सुकृत मेघ बरषहिं सुख बारी ॥२॥
रिधि सिधि संपति नदी सुहाईं ❀ उमगि अवध अंबुधि कहुँ आईं ॥३॥
मनिगन पुर नर नारि सुजाती ❀ सुचि अमोल सुंदर सब भाँती ॥४॥

जहिलेदेखि रामचन्द्रजी विवाहित भएर घर आउनुभयो, (उहिलेदेखि) नित्य नयाँ मंगल र आनन्दका बधाई (प्रशंसा) हुन लागे ॥ १ ॥ चौध भुवनरूपी (ब्रह्माण्डरूपी) ठूलो पर्वत छ, (त्यसको आश्रय गरेर रहेको) पुण्यरूपी मेघ सुखरूपी पानी वर्षाउन लाग्यो ॥ २ ॥ (त्यसरी वर्षा हुन लागेपछि) सुन्दर सुन्दर भएका ऋद्धि-सिद्धि-संपत्ति-रूप नदीहरू उर्लंदै उर्लंदै अयोध्यारूपी समुद्रकहाँ आइपुगे ॥ ३ ॥ (त्यो अवधसमुद्रमा) असल असल जातका शुद्ध, अमोल, सब तरहले सुन्दर भएका नगरका नरनारीरूपी मणिका समूह थिए ॥ ४ ॥ (क)

कहि न जाइ कछु नगरबिभूती ❀ जनु एतनिय बिरंचिकरतूती ॥५॥
सब बिधि सब पुरलोग सुखारी ❀ रामचंद मुख चंदु निहारी ॥६॥
मुदित मातु सब सखी सहेलीं ❀ फलित बिलोकि मनोरथ बेलीं ॥७॥
राम रूपु गुन सीलु सुभाऊ ❀ प्रमुदित होइ देखि सुनि राऊ ॥८॥

नगरको ऐश्वर्य वर्णन गर्न कत्ति पनि सकिदैन मानौं ब्रह्माको करतूत (रचना) यत्तिकै हो कि ? (भन्ने संभावना हुन्थ्यो) ॥ ५ ॥ सबै नगरनिवासीहरू रामचन्द्रजीका मुखरूपी चन्द्रमाको दर्शन गरेर सब तरहबाट सुखी थिए ॥ ६ ॥ आफ्नो मनोरथरूपी लता फलित भएको (मनोरथ सफल भएको) देखेर सबै आमाहरू र सखीसहेलीहरू सुखी थिए ॥ ७ ॥ राजा दशरथ पनि रामजीको रूप-गुण शीलस्वभाव देखेर प्रसन्न भएका थिए ॥ ८ ॥

दोहा–सब कें उर अभिलाषु अस कहहिं मनाइ महेसु ।
आपु अछत जुबराजपदु रामहि देउ नरेसु ॥२॥

(क) समुद्रमा असल-कंसल, सस्ता-महँगा मणि हुन्छन् । अवधरूपी समुद्रमा असलै असल अमोल अमोल मनुष्यरूपी मणि छन्, मामूली समुद्रभन्दा अवधसमुद्र श्रेष्ठ छ ।

सबैका हृदयमा “आफू छँदैमा राजा दशरथ रामजीलाई युवराज पदवी दिऊन्” यस्तो अभिलाषा थियो, शंकरजीलाई मनाएर (पुकारेर) (यसै) भन्दथे ।। २ ।।

चौ०-एक समयँ सब सहित समाजा ❀ राजसभाँ रघुराजु बिराजा ।।१।।
सकल सुकृत मूरति नरनाहू ❀ राम सुजसु सुनि अतिहि उछाहू ।।२।।

एक समयमा राजा दशरथ सकल परिजनसहित भएर राजसभामा विराजमान भएका थिए ।। १ ।। रामजीको सुयश (नेकनामी) सुनेर सकल पुण्यमूर्ति राजा दशरथलाई अत्यन्तै उत्साह भयो ।। २ ।।

नृप सब रहहिं कृपा अभिलाषें ❀ लोकप करहिं प्रीति रुख राखें ।।३।।
तिभुवन तीनि काल जग माहीं ❀ भूरिभाग दसरथ सम नाहीं ।।४।।
मंगलमूल रामु सुत जासू ❀ जो कछु कहिअ थोर सब तासू ।।५।।

सबै राजा कृपालिभाषी भएर रहेका छन् , इन्द्रादि लोकपालहरू आशयबमोजिम प्रीति गरिरहेका छन् , (यस्तो भएको हुनाले) स्वर्ग-मर्त्य-पाताल यी ३ लोकमा र भूत-वर्तमान-भविष्य यी ३ कालमा दशरथजस्तो भाग्यवान् पुरुष जगतमा थिएन ।। ३ ।। ४ ।। जसका छोरा मंगलका मूलकारण श्रीरामजी हुनुहुन्छ, तिनको बारेमा जति जो कुछ वर्णन गरे पनि सब थोरै हुन्छ ।। ५ ।।

रायँ सुभायँ मुकुरु कर लीन्हा ❀ बदनु बिलोकि मुकुटु सम कीन्हा ।।६।।
स्रवन समीप भये सित केसा ❀ मनहुँ जरठपनु अस उपदेसा ।।७।।
नृप जुवराजु राम कहुँ देहू ❀ जीवन जनम लाहु किन लेहू ।।८।।

राजा दशरथले स्वाभाविक रीतिले (साबिकबमोजिमको तरीकाले) हातमा ऐना लिए (अनि) मुख हेरेर सिरपेज सम्याए ।। ६ ।। कानका नगीचका केश सेता थिए, मानौं बुढ्याइँले—“राजन् ! रामलाई यौवराज्य देऊ, जीवनको र जन्मको लाभ किन लिंदैनौ ?” यस्तो उपदेश दिइरहेको थियो ।। ७ ।। ८ ।।

दोहा-यह बिचारु उर आनि नृप सुदिनु सुअवसरु पाइ ।
प्रेम पुलकि तन मुदित मन गुरहि सुनायेउ जाइ ।।३।।

राजा दशरथले यही विचार (रामलाई यौवराज्य दिने मनसुबा) मनमा ल्याएर असल दिन असल मौका पाईकन गएर शरीरमा रोमाञ्चित, मनमा हर्षित हुँदै गुरु वशिष्ठलाई (त्यो विचार) सुनाए ।। ३ ।।

चौ०-कहइ भुआलु सुनियँ मुनिनायक ❀ भये रामु सब बिधि सब लायक ।।१।।
सेवक सचिव सकल पुरबासी ❀ जे हमारे अरि मित्र उदासी ।।२।।

राजा दशरथ भन्दछन्—“हे मुनिनायक ! सुन्नुहोस् , अब राम सब तरहले सब कुरामा लायक भए, नोकरचाकर, मन्त्रीहरू, सकल नगरनिवासीहरू मेरा जो शत्रु मित्र-उदासीन तटस्थ = न शत्रु, न मित्र) छन्—।। १ ।। २ ।।

सबहि रामु प्रिय जेहि बिधि मोही ❀ प्रभु असीस जनु तनु धरि सोही ॥३॥
बिप्र सहित परिवार गोसाईं ❀ करहिं छोहु सब रउरेहि नाईं ॥४॥
जे गुरचरन रेनु सिर धरहीं ❀ ते जनु सकल बिभव बस करहीं ॥५॥

(ती) सबैलाई रामचन्द्र म-जस्तै प्यारा छन्; हे प्रभु! मानौं तपाईंको आशिष मूर्ति धारण गरेर शोभायमान भइरहेको छ (भनेजस्तो भयो) ॥ ३ ॥ परिवारसहित भएका ब्राह्मणहरू (रामचन्द्रका उपर) तपाईंले गरेजस्तै दया गर्दछन् ॥ ४ ॥ गुरुका चरणको धूलीलाई जो शिरमा धारण गर्दछन्, ती मानिस सकल ऐश्वर्यलाई वश गर्दछन् ॥ ५ ॥

मोहि सम यहु अनुभयेउ न दूजें ❀ सबु पायेउँ रज पावनि पूजें ॥६॥
अब अभिलाषु एकु मन मोरें ❀ पूजिहि नाथ अनुग्रह तोरें ॥७॥
मुनि प्रसन्न लखि सहज सनेहू ❀ कहेउ नरेस रजायसु देहू ॥८॥

यो कुरा मैलेजस्तो अरूले अनुभव गरेन, प्रभुको पवित्र चरणको पूजा गरेर सब पाएँ ॥ ६ ॥ अब मेरा मनमा एउटा ठूलो अभिलाषा छ, त्यो पनि तपाईंका अनुग्रहले पूर्ण हुनेछ।" (यति भनेर) राजा दशरथले स्वाभाविक स्नेह भएका मुनि वशिष्ठलाई प्रसन्न भएका देखेर "आज्ञा दिनुहोस्" (अभिलाषा प्रकट गरौं कि?) भने ॥ ७ ॥ ८ ॥ (वशिष्ठ भन्दछन्)।

दोहा–राजन राउर नामु जसु सब अभिमत दातार।
फल अनुगामी महिपमनि मन अभिलाषु तुम्हार ॥४॥

"हे राजन्! तपाईंको नाम र यश अभिमत (इष्ट भएका) सबै फलको दातार (दाता) छ। हे राजमणि! तपाईंका मनको अभिलाषाको फल अनुगामी (पछि लागेको) छ, अर्थात् इच्छा गर्नाका साथ इच्छाको फल सिद्ध हुन्छ, (केही दुर्लभ छैन, इच्छा गरेपछि सबै अभिलाषा पूर्ण हुनेछ)" ॥ ४ ॥

चौ०–सब बिधि गुरु प्रसन्न जियँ जानी ❀ बोलेउ राउ रहँसि मृदु बानी ॥१॥
नाथ रामु करिअहिं जुवराजू ❀ कहिअ कृपा करि करिअ समाजू ॥२॥
मोहि अछत यहु होइ उछाहू ❀ लहहिं लोग सब लोचनलाहू ॥३॥
प्रभुप्रसाद सिव सबइ निबाहीं ❀ येह लालसा एक मन माहीं ॥४॥

गुरुलाई सब तरहले मनमा प्रसन्न भएका जानेर राजाले हाँसीकन मधुर वचन बोले ॥ १ ॥ "हे नाथ! रामचन्द्रलाई युवराज गर्नुहोस्, कृपा गरेर भन्नुहोस् (अह्राउनुहोस्) समाज (यौवराज्याभिषेकको सर्जाम) (तयार) गरौं ॥ २ ॥ म छँदैमा यो उत्सव होस्, सबैजना लोचनलाभ (आँखा भएको फाइदा) पाऊन् ॥ ३ ॥ प्रभुका अनुग्रहले शंकरजीले सबै (मनोरथ) पूर्ण गरिदिनुभयो, (अब) मनमा यही एउटा अभिलाषा (मनोरथ बाँकी) छ ॥ ४ ॥

पुनि न सोचु तनु रहउ कि जाऊ ❀ जेहिं न होइ पाछें पछिताऊ ॥५॥
सुनि मुनि दसरथबचन सुहाए ❀ मंगल मोद मूल मन भाए ॥६॥

सुनु नृप जासु बिमुख पछिताहीं ❀ जासु भजन बिनु जरनि न जाहीं ॥७॥
भयेउ तुम्हार तनय सोइ स्वामी ❀ रामु पुनीत प्रेम अनुगामी ॥८॥

अनि शरीर रहोस् कि जाओस् केही फिक्री छैन, जसमा पछि पछितो नहोस् (त्यो-काम गर्नुपर्दछ) ॥ ५ ॥ मंगलका र आनन्दका मूलकारण भएका, मनमाफिकका, राजा दशरथका सुन्दर वचन सुनेर वशिष्ठमुनि (बोले) ॥ ६ ॥ "राजन्! सुन्नुहोस्, जसदेखि विमुख भएका मानिस पछिताउँछन्, जसको भजनविना (हृदयको) जलन (संताप) जाँदैन, उनै स्वामी (ईश्वर) पवित्र प्रेमका (भक्तिका) अनुगामी (पछिलाग्ने) भएर तपाईंका छोरा राम भएका छन् ॥ ७ ॥ ८ ॥

दोहा—बेगि बिलंबु न करिअ नृप साजिअ सबुइ समाजु ।
सुदिनु सुमंगलु तबहिं जब रामु होहिं जुवराजु ॥५॥

राजन्! विलम्ब नगरीकन सबै सामान (सामग्री) चाँडै सजाउनुहोस् (तयार गर्नुहोस्) जब (जैले) रामचन्द्र युवराज हुनन्, तब (त्यही दिन) मंगलयुक्त सुदिन होला ॥ ५ ॥

चौ०—मुदित महीपति मंदिर आए ❀ सेवक सचिव सुमंत्रु बोलाए ॥१॥
कहि जय जीव सीस तिन्ह नाए ❀ भूप सुमंगल बचन सुनाए ॥२॥
प्रमुदित मोहि कहेउ गुर आजू ❀ रामहि राय देहु जुवराजू ॥३॥
जौं पाँचहि मत लागइ नीका ❀ करहु हरषि हिय रामहि टीका ॥४॥

राजा दशरथ प्रसन्न भएर महलमा आए, (अनि उनले) नोकर-चाकर मंत्री सुमन्त्रहरूलाई बोलाए ॥ १ ॥ तिनीहरूले राजालाई "जय जीव" भनेर शिर झुकाए (सलाम गरे) राजाले असल मंगलवचन सुनाए ॥ २ ॥ "आज गुरुले प्रसन्न भएर मलाई "राजन्! रामलाई यौवराज्य देऊ" भन्नुभयो ॥ ३ ॥ यो मत पंचलाई असल लाग्दछभने मनमा हर्षित भएर रामजीलाई यौवराज्यको तिलक (टीका) गर (देऊ)" ॥ ४ ॥

मंत्री मुदित सुनत प्रिय बानी ❀ अभिमत बिरव परेउ जनु पानी ॥५॥
बिनती सचिव करहिं कर जोरी ❀ जिअहु जगतपति बरिस करोरी ॥६॥

(यस्तो) प्रिय वचन सुन्दा मन्त्रीहरू, चाहिएका वेलामा पानी पर्दा बिरुवा खुशी भएझैं खुशी भए ॥ ५ ॥ मन्त्रीहरू हात जोरेर विन्ति गर्दछन् कि, जगत्पति हजूर करोड वर्ष जीवित रहनुहोस् ॥ ६ ॥

जगमंगल भल काजु बिचारा ❀ बेगिअ नाथ न लाइअ बारा ॥७॥
नृपहि मोदु सुनि सचिव सुभाषा ❀ बढ़त बौंड़ जनु लहीं सुसाखा ॥८॥

जगत्को मंगलदायक असल काम विचार गरिबक्सियो, प्रभु! चाँडै होस्, बेर नलाइबक्सियोस्" ॥ ७ ॥ (यस्तो) मन्त्रीहरूको सद्वचन सुन्दा, बढ्न लागेका बिरुवालाई राम्रो हाँगा पाउँदामा झैं (हाँगा हाल्न लागेमा झैं) राजालाई आनन्द लाग्यो ॥ ८ ॥

दोहा—कहेउ भूप मुनिराज कर जोइ जोइ आयसु होइ ।
राम राज अभिषेक हित बेगि करहु सोइ सोइ ॥६॥

राजा दशरथले भने कि—"मुनिराज वशिष्ठजीले जो जो आज्ञा हुन्छ, रामचन्द्रको राज्याभिषेकका निमित्त त्यो त्यो काम चाँडो गर" ॥ ६ ॥

चौ०—हरषि मुनीस कहेउ मृदु बानी ❀ आनहु सकल सुतीरथ पानी ॥१॥
औषध मूल फूल फल पाना ❀ कहे नाम गनि मंगल नाना ॥२॥
चामर चरम बसन बहु भाँती ❀ रोम पाट पट अगनित जाती ॥३॥
मनिगन मंगल बस्तु अनेका ❀ जो जग जोगु भूप अभिषेका ॥४॥

मुनीश्वर वशिष्ठले हर्षित भएर मधुर वचन बोले—"ठूला ठूला सकल तीर्थको जल ल्याओ, (फेरि वशिष्ठले नाम गनीगनीकन नाना प्रकारका मंगल पदार्थ फर्माए, के के भने) श्वेत चमर, व्याघ्रचर्म, अनेक वर्णका वस्त्र, अनेक प्रकारका ऊनीवस्त्र, पट्टवस्त्र, अनेक प्रकारका रत्न र अनेक प्रकारका मंगल-पदार्थ, जगत्मा राजाका राज्याभिषेकमा जे जे योग्य हुन्छ, त्यो त्यो चीज (ल्याओ) ॥ १ ॥ २ ॥ ३ ॥ ४ ॥

बेदबिहित कहि सकल बिधाना ❀ कहेउ रचहु पुर बिबिध बिताना ॥५॥
सफल रसाल पूगफल केरा ❀ रोपहु बीथिन्ह पुर चहुँ फेरा ॥६॥
रचहु मंजु मनि चौकइँ चारू ❀ कहहु बनावन बेगि बजारू ॥७॥
पूजहु गनपति गुर कुलदेवा ❀ सब बिधि करहु भूमिसुरसेवा ॥८॥

(फेरि वशिष्ठले) वेदमा विधान गरेको विधि (कार्यक्रम) सबै बताएर भने। शहरमा नाना प्रकारका वितान (चाँदनी) रच, फलसहित भएका आँप, सुपारी, केराका वृक्ष, शहरका चारौं तरफका बाटा-बाटामा रोप (सार) ॥ ५ ॥ ६ ॥ असल मणिको राम्रो चौका (वेदी) रच, बाजार चाँडै सजाउनू भनी अह्राऊ, ॥ ७ ॥ गणपतिको, गुरुको, कुलदेवताको पूजा गर, सब तरहले भूदेव (ब्राह्मण) को सेवा गर ॥ ८ ॥

दोहा—ध्वज पताक तोरन कलस सजहु तुरग रथ नाग ।
सिर धरि मुनिबरबचन सबु निज निज काजहि लाग ॥७॥

ध्वजा पताका तोरण मंगलकलश (तयार गर)। घोडा रथ हात्ती सजाऊ" मुनीश्वर वशिष्ठको यो वचन सुनेर सबैजना आफ्ना आफ्ना काममा लागे ॥ ७ ॥

चौ०—जो मुनीस जेहि आयसु दीन्हा ❀ सो तेहि काजु प्रथम जनु कीन्हा ॥१॥
बिप्र साधु सुर पूजत राजा ❀ करत राम हित मंगल काजा ॥२॥
सुनत राम अभिषेक सुहावा ❀ बाज गहागह अवध बधावा ॥३॥

मुनीश्वर वशिष्ठले जसलाई जे कामको आज्ञा दिए, त्यसले त्यही काम मानौं पहिल्यै (आज्ञा नपाउँदै) गरिसकेको थियो कि ? (भने जस्तो भयो, आज्ञाका साथसाथै काम तामेल

भयो, विलम्ब कत्ति भएन) ॥ १ ॥ राजादशरथ ब्राह्मण र देवता पूज्न लागे, रामका निमित्त मंगल कार्य गर्न लागे ॥ २ ॥ योग्य भएको रामराज्याभिषेक सुन्नाका साथ अयोध्यामा घनाघन बाजा बज्न र बधाई (कल्याणप्रार्थना) हुन लागे ॥ ३ ॥

राम सीय तन सगुन जनाए ❀ फरकहिं मंगल अंग सुहाए ॥४॥
पुलकि सप्रेम परसपर कहहीं ❀ भरत आगमनु सूचक अहहीं ॥५॥
भए बहुत दिन अति अवसेरी ❀ सगुनप्रतीति भेंट प्रिय केरी ॥६॥

रामजीका र सीताजीका शरीरमा शकुनसूचना भए, उहाँहरूका सुन्दर मङ्गलमय अङ्ग फर्फराउन लागे ॥ ४ ॥ रोमाञ्चित भएर परस्पर (सीताराम) प्रेमसहित भन्नलाग्नुभयो कि (यी अङ्गस्फुरणरूपी शकुन) भरतको आगमन (आउनु) सूचन गर्ने हुन, धेरै दिन भए (भरत मावल गएको) अत्यन्त चिन्ता लागेको छ, (परन्तु)यी शकुनबाट प्यारा भरतको भेटघाट प्रतीत हुन्छ (भेट होला भन्ने लाग्दछ) ॥ ५ ॥ ६ ॥

भरत सरिस प्रिय को जग माहीं ❀ इहइ सगुनफलु दूसर नाहीं ॥७॥
रामहि बंधु सोचु दिनु राती ❀ अंडन्हि कमठहृदउ जेहि भाँती ॥८॥

भरतजस्तो प्यारो जगतमा को छ र ? (प्रियसंगम सूचन गर्ने) यो अङ्गस्फुरणरूपी शकुनको फल यही (भरतसंगम) हो, अर्को छैन" ॥ ७ ॥ (यस्ता प्रकारले) रामचन्द्रजीलाई दिनरात आफ्ना अण्ड (फूल) मा कछुआको फिक्रीझैं भरतका विषयमा फिक्री थियो ॥ ८ ॥

दोहा–एहि अवसर मंगलु परम सुनि हरसेउ रनिवासु ।
सोभत लखि बिधु बढ़त जनु बारिधि बीचि बिलासु ॥८॥

यही समयमा परम मंगल (रामराज्याभिषेक) सुनेर रानीहरू सुन्दर भएका (अर्थात् पूर्ण) चन्द्रमालाई देखेर बढ्न लागेका समुद्रका तरङ्गमालाहरूजस्तै प्रसन्न भए ॥ ८ ॥

चौ०–प्रथम जाइ जिन्ह बचन सुनाए ❀ भूषन बसन भूरि तिन्ह पाए ॥१॥
प्रेम पुलकि तन मन अनुरागीं ❀ मंगल कलस सजन सब लागीं ॥२॥

पहिले गएर जसले (रानीहरूलाई) त्यो मंगल वचन सुनाए, तिनीहरूले गहना वस्त्र खूब पाए ॥ १ ॥ (रानीहरूका) शरीरमा प्रेमको रोमाञ्च भयो मन प्रसन्न भयो, सबैजना मिलेर मंगलकलश सज्न (सिंगार्न) लागे ॥ २ ॥

चौकइँ चारु सुमित्राँ पूरीं ❀ मनिमय बिबिध भाँति अति रूरीं ॥३॥
आनँद मगन राममहतारी ❀ दिये दान बहु बिप्र हँकारी ॥४॥
पूजीं ग्रामदेवि सुर नागा ❀ कहेउ बहोरि देन बलिभागा ॥५॥
जेहि बिधि होइ रामकल्यानू ❀ देहु दया करि सो बरदानू ॥६॥

सुमित्रा महारानीले अत्यन्त राम्रा अनेक प्रकारका मणिमय भएका चौका (वेदी) राम्रा तरहले पुरिन् ॥ ३ ॥ रामजीकी माता कौशल्या महारानी आनन्द-मगन भएर ब्राह्मणहरूलाई

बोलाई धेरै दान दिन लागिन् ॥ ४ ॥ ग्रामदेवता, अरू देवता, नाग, यिनको पूजा गरिन्, फेरि [1]बलिभाग दिन भनिन् (बलिदान दिउँला भनी भाकल गरिन्) "जुन प्रकारले रामको कल्याण हुन्छ, दया गरेर त्यही वरदान दिनुहोस्" (भनी प्रार्थना गरिन्) ॥ ५ ॥ ६ ॥

गावहिं मंगल कोकिलबयनी ❀ बिधुबदनी मृगसावकनयनी ॥७॥

कोइलीको जस्तो बोली, चन्द्रमाजस्तो मुखमण्डल, मृगका बच्चाका जस्ता आँखा भएका सुन्दरीहरू (मंगल) गाउन लागे ॥ ७ ॥

दोहा–राम राज अभिषेकु सुनि हिय हरषे नर नारि ।
लगे सुमंगल सजन सब बिधि अनुकूल बिचारि ॥९॥

रामचन्द्रजीको राज्याभिषेक सुनेर स्त्री-पुरुष (सबै) हृदयमा हर्षित भए, विधाता (दैव) अनुकूल भए भन्ने विचार गरेर सबैजना मंगलवस्तु सज्न लागे ॥ ९ ॥

चौ०–तब नरनाहँ बसिष्ठु बोलाए ❀ रामधाम सिख देन पठाए ॥१॥
गुर आगमनु सुनत रघुनाथा ❀ द्वार आइ पद नायेउ माथा ॥२॥
सादर अरघ देइ घर आने ❀ सोरह भाँति पूजि सनमाने ॥३॥
गहे चरन सिय सहित बहोरी ❀ बोले रामु कमल कर जोरी ॥४॥

अनि राजा दशरथले वशिष्ठलाई बोलाए, शिक्षा दिन रामजीका महलतर्फ पठाए ॥ १ ॥ गुरुको आगमन सुन्नाका साथ ढोकामा आएर रामचन्द्रजीले (गुरुका) पाउमा शिर राख्नुभयो ॥ २ ॥ आदरका साथ अर्घ[3] दिएर घर ल्याउनुभयो र सोह्र[2] प्रकारले पूजा गरेर सम्मान गर्नुभयो ॥ ३ ॥ फेरि सीतासहित भई पाउको स्पर्श गरेर कमलतुल्य हात जोरीकन बोल्नुभयो ॥ ४ ॥

सेवकसदन स्वामि आगमनू ❀ मंगलमूल अमंगलदमनू ॥५॥
तदपि उचित जनु बोलि सप्रीती ❀ पठइअ काज नाथ असि नीती ॥६॥
प्रभुता तजि प्रभु कीन्ह सनेहू ❀ भयेउ पुनीत आजु येहु गेहू ॥७॥
आयसु होइ सो करौं गोसाईं ❀ सेवकु लहइ स्वामिसेवकाईं ॥८॥

"सेवकका घरमा स्वामी आउनु मंगलको मूलकारण र अमंगलको नाशकारण हो, तथापि कामका निमित्त प्रीतिपूर्वक कुनै मानिसद्वारा (मलाई) बोलाइपठाउनु उचित

---

(१) राजाका निमित्त विधिपूर्वक गरियो भने बलिदान कल्याणकारी छ ।
"बलिभिः साध्यते मुक्तिर्बलिभिः साध्यते सुखम् ।
बलिदानेन सततं जयेच्छत्रून् नृपान् नृपः [का. पु] अर्थ स्पष्ट छ.

(२) आवाहनाऽऽसने पाद्यमर्घ्यमाचनीयकम् ।
स्नानं वस्त्रोपवीते च गन्धमाल्ये ततः परम् ॥
धूपं दीपं च नैवेद्यं नमस्कारं प्रदक्षिणाम् ।
उद्ग्रासनं षोडशकमुपचारानिमान्विदुः ॥ अर्थ स्पष्ट छ

थियो, नीति पनि त्यही हो ॥ ५ ॥ ६ ॥ प्रभुले प्रभुता छोडेर स्नेह गर्नुभयो, आज यो घर पवित्र भयो ॥ ७ ॥ हे गोस्वामी ! जो आज्ञा हुन्छ सो गर्छु, सेवकले स्वामीको सेवा गर्न पाओस् ॥ ८ ॥

दोहा–सुनि सनेह साने बचन मुनि रघुबरहि प्रसंस ।
राम कस न तुम्ह कहहु अस हंस बंस अवतंस ॥१०॥

स्नेहले मुछिएका वचन सुनेर वशिष्ठमुनिले रघुनाथजीको प्रशंसा गरे कि–हे राम ! तिमी सूर्यवंशका अवतंश (भूषण) होउ, तिमी यसो किन भन्दैनथ्यौ (आफ्ना कुलीनपनाको अनुकूल बोल्यौ, विनय गर्नु नै कुलोनपना हो) ॥ १० ॥

चो०–बरनि राम गुन सीलु सुभाऊ ❀ बोले प्रेम पुलकि मुनिराऊ ॥१॥
भूप सजेउ अभिषेकसमाजू ❀ चाहत देन तुम्हहिं जुबराजू ॥२॥
राम करहु सब संजम आजू ❀ जौं बिधि कुसल निबाहइ काजू ॥३॥

मुनिराज वशिष्ठ रामचन्द्रजीका गुण-शीलस्वभावको वर्णन गरेर प्रेमले रोमाञ्चित भएर बोले—॥ १ ॥ "राजाले अभिषेकको सामान सज्नुभयो, तिमीलाई यौवराज्य दिन चाहनुहुन्छ ॥ २ ॥ राम ! आज ब्रह्मचर्यादि सबै नियम गर, जसमा विधाताले कुशल (निर्विघ्नता) पूर्वक यो काम निबाहून (सिद्ध गरून्)" ॥ ३ ॥

गुरु सिख देइ राय पहिं गयेऊ ❀ रामहृदयँ अस बिसमउ भयेऊ ॥४॥
जनमे एक संग सब भाई ❀ भोजन सयन केलि लरिकाई ॥५॥
करनबेध उपबीत बिआहा ❀ संग संग सब भये उछाहा । ६॥
बिमल बंस येहु अनुचित एकू ❀ बंधु बिहाइ बड़ेहि अभिषेकू ॥७॥
प्रभु सप्रेम पछितानि सुहाई ❀ हरउ भगतमन कै कुटिलाई ॥८॥

गुरु वशिष्ठ रामजीलाई शिक्षा दिएर गए, रामचन्द्रजीका हृदयमा यस्तो विस्मय (आश्चर्य) भयो ॥ ४ ॥ "सबै भाई सँगसंगै (तुल्यकालमा) जन्म्यौं, खाना-पीना, सुत्नु-खेल्नु इत्यादि बाल्यावस्था (सँगसँगै बित्यो) कर्णवेध, व्रतबन्ध विवाह, इत्यादिका उत्सव पनि सँगसँगै भए ॥ ५ ॥ ६ ॥ (हाम्रो) निर्मल (अकलंक) भएको वंशमा "भाई नभएको वेलामा दाज्यूको राज्याभिषेक" यो एउटा कुरा अनुचित छ" ॥ ७ ॥ मर्यादापुरुष भगवान् रामचन्द्रको प्रेमसहितको यो पश्चात्ताप (पछितो) भक्तजनका मनको कुटिलतालाई (कापट्यलाई) हरण गरोस् ॥ ८ ॥

दोहा–तेहि अवसर आए लखनु मगन प्रेम आनंद ।
सनमाने प्रिय बचन कहि रघुकुल कैरव चंद ॥११॥

त्यसै वेलामा प्रेम र आनन्दमा मगन भएका लक्ष्मणजी आउनुभयो । रघुकुलरूपी कैरव (रात्रिकमल) को (विकास गर्नेलाई) चन्द्रमा भएका (रामचन्द्रजी) ले प्रियवचन बोलेर सम्मान गर्नुभयो ॥ ११ ॥

चौ०-बाजहिं बाजने बिबिध बिधाना ❀ पुर प्रमोदु नहि जाइ बखाना ॥१॥
भरत आगमनु सकल मनावहिं ❀ आवहुँ बेगि नयनफलु पावहिं ॥२॥
हाट बाट घर गली अथाई ❀ कहहिं परसपर लोग लोगाई ॥३॥

अनेक प्रकारका बाज्ना बज्न लागे, शहरको आनन्द वर्णन गर्न सकिदैन ॥ १ ॥ सबैजना भरतजीको आगमन (आउनु) मनाउँथे "चाँडै आउन् , नेत्रको फल पाउन्" भनी बजार-बजार सडक-सडक, घर-घर, गल्ली-गल्ली स्थान स्थानमा स्त्री-पुरुषहरू परस्पर भन्दथे ॥ २ ॥ ३ ॥

कालि लगन भलि केतिक बारा ❀ पूजिहि बिधि अभिलाषु हमारा ॥४॥
कनकसिंघासन सीय समेता ❀ बैठहिं रामु होइ चित चेता ॥५॥
सकल कहहिं कब होइहि काली ❀ बिघन मनावहिं देव कुचाली ॥६॥

"भोलि कुन वेलामा असल साइत छ ? (जुन वेलामा) विधाताले हाम्रो अभिलाषा पूर्ण गर्छन् । सीतासहित भएर रामचन्द्रजी सुवर्णका सिंहासनमा बसून् , हाम्रो चित्त आनन्दित होस् , भोलि कैल्हे होला ?" भनी सबै भन्दथे । (तर) कुटिल देवताहरूभने विघ्न परोस् भनी मनाउँथे ॥ ४ ॥ ५ ॥ ६ ॥

तिन्हहि सोहाइ न अवध बधावा ❀ चोरहि चंदिनी राति न भावा ॥७॥
सारद बोलि बिनय सुर करहीं ❀ बारहि बार पाय लइ परहीं ॥८॥

तिनीहरूलाई अयोध्याको बधावा (कल्याणको कारवाई) मन पर्दैनथ्यो । (ठीक हो) चोरहरूलाई जुनेली रात मनपर्दैन ॥ ७ ॥ सरस्वतीलाई बोलाएर देवताहरू वारंवार पाउ पर्दै विनय (विन्ति) गर्दै गर्न लागे ॥ ८ ॥

दोहा-बिपति हमारि बिलोकि बड़ि मातु करिअ सोई आजु ।
रामु जाहिं बन राजु तजि होइ सकल सुरकाजु ॥१२॥

"माता ! हाम्रो विपत्ति हेरेर आज त्यही काम गर्नुहोस्—(जुन काम गर्नाले) रामचन्द्रजी राज्यको त्याग गरेर वन जाऊन् , सकल देवताको कार्य (सिद्ध) होस्" ॥ १२ ॥

चौ०-सुनि सुरबिनय ठाढ़ि पछिताती ❀ भइउँ सरोज बिपिन हिमराती ॥१॥
देखि देव पुनि कहहिं निहोरी ❀ मातु तोहि नहि थोरिउ खोरी ॥२॥

देवताहरूको विनय सुनेर सरस्वती खडाको खडै रहेर पछुताउँदै (किन आएँछु नि भन्दै) "म अयोध्यारूपी प्रफुल्ल भएको कमलवनका हकमा मंसीर-पुसकी रात्रि भएँ भन्नलागिन् (ढकमक्क भएका कमलको वनलाई हेमन्तऋतुकी रात्रिले खङ्ग्रङ्ग पारेझैं मैले अयोध्यालाई खङ्ग्रङ्ग पार्ने भएँ, धिक्कार ! भन्नलागिन्) त्यस्तो अवस्था देखेर देवताहरू—"माता ! तपाईंलाई अलिकति पनि दोष छैन" भनेर निहोरा गर्न लागे ॥ १ ॥ २ ॥

बिसमय हरष रहित रघुराऊ ❀ तुम्ह जानहु सब रामप्रभाऊ ॥३॥
जीव करमबस सुख दुख भागी ❀ जाइअ अवध देवहित लागी ॥४॥

बार बार गहि चरन सँकोची ❀ चली बिचारि बिबुधमति पोची ॥५॥

(देवता भन्दछन् कि माता !) रामचन्द्रजी हर्ष-विषादरहित हुनुहुन्छ। तपाईं रामचन्द्रको स्वभाव सबै जान्नुहुन्छ, जीवहरू आफ्ना आफ्ना कर्मका अधीन भएर (कर्मानुसार) सुखभागी (सुखी) र दुःखभागी (दुःखी) हुन्छन्, देवताहरूको हितका निमित्त अयोध्यातर्फ जानुहोस्" भनेर देवताहरू वारंवार सरस्वतीको पाउ समात्न लागे, अनि सरस्वती संकोचका साथ "देवताहरूको बुद्धि नीच छ" भन्ने विचार गर्दै हिंडिन् ॥ ३ ॥ ४ ॥ ५ ॥

(सरस्वती मनमनमा भन्दथिन् कि)

ऊँच निवासु नीचि करतूती ❀ देखि न सकहिं पराइ बिभूती ॥६॥
आगिल काजु बिचारि बहोरी ❀ करिहहिं चाह कुसल कबि मोरी ॥७॥
हरषि हृदय दसरथपुर आई ❀ जनु ग्रहदसा दुसह दुखदाई ॥८॥

(देवताहरूको) वासस्थान भने ऊँचा छ, कर्म (चाल) ता नीचो छ, (यिनीहरू) अर्काको ऐश्वर्य देख्न सक्तैनन् ॥ ६ ॥ फेरि आगेका (अब उप्रान्तका) काम (विरोध खरदूषण त्रिशिरा, रावण मेघनादादिवध) विचार गरेर कुशल कविहरू मेरो चाह गर्नेछन् (मलाई तुच्छ संझनेछैनन्)" ॥ ७ ॥ (यस्तो विचार गर्दै) हृदयमा हर्षित भएर (सरस्वती) दशरथनगरी (अयोध्या) मा, खपिनसक्नु दुःख दिने ग्रहदशा आएझैं आइन् ॥ ८ ॥

दोहा—नामु मंथरा मंदमति चेरि कैकै केरि।
अजसपेटारी ताहि करि गई गिरा मति फेरी ॥१३॥

मन्थरा नाउँ भएकी मन्दबुद्धि कैकेयीकी एउटी केटी (सुसारे) थिई। सरस्वती त्यसैको बुद्धि फेरिदिएर (बदलिदिएर) त्यसलाई अवजसकी पेटारी (अपयशै अपयश) भरिएको सखारी) बनाएर गइन् ॥ १३ ॥

चौ०—दीख मंथरा नगरु बनावा ❀ मंजुल मंगल बाज बधावा ॥१॥
पूछेसि लोगन्ह काह उछाहू ❀ रामतिलकु सुनि भा उर दाहू ॥२॥
करै बिचारू कुबुद्धि कुजाती ❀ होइ अकाजु कवन बिधि राती ॥३॥
देखि लागि मधु कुटिल किराती ❀ जिमि गँव तकइ लेउँ केहि भाँती ॥४॥

मन्थराले नगरको बनावट (संस्कार) सुन्दर मङ्गलका बाजागाजा गाना देखेर मानिसहरूसँग केको उत्सव हो ? भनी सोधी। रामजीको तिलक (राज्याभिषेक) सुनेर त्यसका हृदयमा डाह भयो ॥ १ ॥ २ ॥ कुबुद्धि कुजात त्यसले "आजैका रातभरिमा कुन प्रकारले अकाज (कार्यनाश) होला ?" भन्ने विचार गरी ॥ ३ ॥ कुटिल (कपटिनी) भएकी कiratिनी मह लागेको (थुप्रिएको) देखेपछि कुन तरहले लिऊँ भनेर जसरी घार हेर्दछे, (त्यसै गरी मन्थराले घारजस्तो राज्य ताक्न लागी, राज्यरूपी घारका राजपुरुषरूपी मौरीहरूले दिउँसो विघ्न गर्लान् भन्ने शंकाले, राती घारको संघार गरौं भन्ने विचार गरी। मह काढ्ने कपटीहरू त्यसै गर्छन्) ॥ ४ ॥

भरतमातु पहिं गइ बिलखानी ❀ का अनमनि हसि कह हँसि रानी ॥५॥
ऊतरु देइ न लेइ उसासू ❀ नारिचरित करि ढारइ आँसू ॥६॥
हँसि कह रानि गालु बड़ तोरें ❀ दीन्हि लखन सिख अस मन मोरें ॥७॥
तबहुँ न बोल चेरि बड़ि पापिनि ❀ छाड़इ स्वास कारि जनु सापिनि ॥८॥

बिलखबन्द भएर त्यो मन्थरा भरतकी आमा (कैकेयी) का समीप पुगी, रानी कैकेयीले हाँसीहाँसीकन किन अनमनी (दिक्क) भइस् ? भनी सोधिन् ॥ ५ ॥ (त्यो मन्थरा) उत्तर दिन्न, लामा लामा सास फेर्छे (यस्ती भई) अनि स्त्रियाचरित्र गरेर बरर्र आँसु खसालन लागी ॥ ६ ॥ अनि रानी कैकेयीले हाँसेर "तेरा गाला ठूला छन् (गाला फुलाउँछेस्, झट्टै रिसाउँछेस्), मेरा मनमा ता (चाँडै झोक्किने) लक्ष्मणले तँलाई शिक्षा दिएछन् कि भनेजस्तो लाग्दछ" यति भनिन्, ॥ ७ ॥ तैपनि त्यो महापापी बजिनी बोल्दै नबोल्ने, काली नागिनी-जस्तै लामा लामा सास छोड्ने गर्नलागी ॥ ८ ॥

दोहा–सभय रानि कह कहसि किन कुसल रामु महिपालु ।
लखनु भरतु रिपुदवनु सुनि भा कुबरी उर सालु ॥१४॥

अनि कैकेयी रानीले डराएर भनिन् "ए किन बोल्दिनस् ? रामचन्द्र, राजा, लक्ष्मण, भरत, शत्रुघ्न, यिनलाई कुशल ता छ ?" (रानीका यी कुरा) सुनेर त्यो कुबरीको (पिठिउँमा साँढ़ेको जुरोजस्तो मांसपिण्ड भएकी मन्थराको) मनमा दुःख[१] भयो ॥ १४ ॥ (अनि बोल्न लागी) ।

चौ०–कत सिख देइ हमहिं कोउ माई ❀ गालु करब केहि कर बलु पाई ॥१॥
रामहि छाड़ि कुसल केहि आजू ❀ जिन्हहि जनेसु देइ जुवराजू ॥२॥
भयेउ कौसिलहि बिधि अति दाहिन ❀ देखत गरब रहत उर नाहिन ॥३॥
देखहु कस न जाइ सब शोभा ❀ जो अवलोकि मोर मनु छोभा ॥४॥

मेरी आमा ! महारानी ! मलाई को शिक्षा दिन्थ्यो ? किन दिन्थ्यो ?, कसको बल पाएर गाला फुलाउथें ॥ १ ॥ जसलाई राजाले यौवराज्य दिन लागे, ती रामबाहेक आज कसलाई कुशल छ ? (जो हुने कुशल उनैलाई छ) ॥ २ ॥ विधाता कौशल्याका अत्यन्त दाहिना भए, देख्ताखेरि उनका हृदयमा घमण्ड छैन (तर हजूरलाई के थाह छ ?) जुन शोभा (चकचकी) देख्ता मेरो मन खलबलियो, आफैं गएर (कौशल्याको) त्यो शोभा (चकचकी) किन हेर्नुहुन्न ? (मेरा मुखले के बयान गर्नु ?, सक्तै सक्तिन) ॥ ३ ॥ ४ ॥

पूतु बिदेस न सोचु तुम्हारें ❀ जानति हहु बस नाहु हमारें ॥५॥
नींद बहुत प्रिय सेज तुराई ❀ लखहु न भूप कपटचतुराई ॥६॥

छोरा परदेशमा छन्, यहाँलाई फिक्री छैन, पति मेरै वशमा छन् भनिठान्नुभएको होला, निद्रा खूब प्यारो छ (सुतिरहन पाए पुग्यो, अरू केही चाहिंदैन) पलङ्ग-तकिया-डसना

---

[१] "हेर हेर बुद्धि ! सबैभन्दा पहिले रामको कुशल पो सोधिन् ए, अनि राजाको, अनि पछि पो भरतको पालो आएछ" यस्तो विचार गरेर स्वामिभक्तिमती मन्थराले दुःख मानी ।

प्यारा छन् (यिनलाई एकछिन पनि छाड्न मन लाग्दैन, छोराको ता वास्तै छैन) राजाको कपट र चलाकी (त्यसै हुनाले) देख्नुहुन्न" ॥ ५ ॥ ६ ॥

सुनि प्रिय बचन मलिन मनु जानी ❀ झुकी रानि अब रहु अरगानी ॥७॥
पुनि अस कबहुँ कहसि घरफोरी ❀ तब धरि जीभ कढ़ावौं तोरी ॥८॥

मन्थराका मुखबाट निस्केको प्रियवचन (रामराज्याभिषेकको समाचार) सुनेर, त्यो मन्थराको मन मैलो रहेछ भन्ने जानेर रानी कैकेयीले निहुरेर "अब बस्, चूप, अर्घेली ! घरफोरा ! (बजिनी !) फेरि कहिल्यै यसो भनिस् भने तेरो जिब्रो समातेर उखेल्न लाउनेछु ॥ ७ ॥ ८ ॥

दोहा–काने खोरे कूबरे कुटिल कुचाली जानि ।
तिय बिसेषि पुनि चेरि कहि भरतमातु मुसुकानि ॥१५॥

काना, खोरण्डा, कुप्रा मानिस कपटी र दुराचारी हुन्छन् भनी जानेकी छु, त्यसमा पनि स्वास्नीमानिस बढ्ता कपटिनी दुराचारिणी हुन्छन्, तिनमा पनि केटी सुसारेहरू झन् बढ्ता" भनेर भरतजीकी माता (कैकेयी) हाँसिन् ॥ १५ ॥ (र फेरि बोलिन्)

चौ०–प्रियबादिनि सिख दीन्हिउँ तोही ❀ सपनेहुँ तो पर कोपु न मोही ॥१॥
सुदिनु सुमंगलदायकु सोई ❀ तोर कहा फुर जेहि दिन होई ॥२॥
जेठ स्वामि सेवक लघु भाई ❀ यह दिनकर कुल रीति सुहाई ॥३॥
रामतिलकु जौं साँचेहुँ काली ❀ देउँ मागु मन भावत आली ॥४॥
कौसल्या सम सब महतारी ❀ रामहि सहज सुभाय पिआरी ॥५॥
मो पर करहिं सनेहु बिसेषी ❀ मैं करि प्रीतिपरीछा देखी ॥६॥

"हे प्रियवादिनि ! (प्यारो कुरा (रामराज्याभिषेक) बोल्ने ! मन्थरे !) तिमीलाई मैले शिक्षा दिएको हो, तिम्राउपर मेरो रीस सपनामा पनि हुनेछैन ॥ १ ॥ तिमीले भनेको कुरा (रामराज्याभिषेक) जुन दिन स्फुट (स्पष्ट) होला, सुमंगलदायक सुदिन त्यही दिन हुनेछ ॥ २ ॥ सूर्यनारायणका वंशमा जेठो दाज्यू मालिक, कान्छो भाई सेवक हुनु यस्तो सुन्दर चलन छ ॥ ३ ॥ हे सखी ! भोलि साँच्चै नै रामजीको तिलक (राज्याभिषेक) छभने, जे माग्न मन छ माग, दिन्छु ॥ ४ ॥ स्वाभाविक स्वभावले रामलाई सबै आमाहरू कौशल्या जत्तिकै प्यारा छन् ॥ ५ ॥ मेरा उपर ता विशेष (झन् ज्यादा) स्नेह गर्दछन्, मैले प्रीतिको परीक्षा गरेर (यो कुरा) देखेकी छु ॥ ६ ॥

जौं बिधि जनमु देइ करि छोहू ❀ होहुँ रामु सिय पूत पुतोहू ॥७॥
प्रान तें अधिक रामु प्रिय मोरें ❀ तिन्ह कें तिलक छोभु कस तोरें ॥८॥

यदि विधाता दया गरेर (फेरि) जन्म दिन्छन्भने (त्यो जन्ममा) राम छोरा होऊन्, सीता बुहारी होऊन् ॥ ७ ॥ राम मेरा प्राणभन्दा पनि अधिक प्यारा छन्, उनको राजतिलकमा तिमीलाई क्षोभ (मनमा खलबल) किन भयो ? ॥ ८ ॥

दोहा-भरतसपथ तोहि सत्य कहु परिहरि कपट दुराउ ।
हरष समय बिसमउ करसि कारण मोहि सुनाउ ॥१६॥

तिमीलाई भरतको शपथ (किरिया) छ, कपट र दुराव (छिपावट) छाडेर साँचो भन, हर्षका समयमा विस्मय (विषाद) गर्दछ्यौ, (त्यसको) कारण मलाई सुनाऊ" ॥ १६ ॥ (कैकेयीले यसो भन्दा मन्थरा रिसाएर भन्नलागी) ।

चौ०-एकहि बार आस सब पूजी ❀ अब कछु कहब जीभ करि दूजी ॥१॥
फोरइ जोगु कपारु अभागा ❀ भलेउ कहत दुख रौ रेहि लागा ॥२॥
कहहिं झूठि फुरि बात बनाई ❀ ते प्रिय तुम्हहिं करुइ मैं माई ॥३॥
हमहुँ कहबि अब ठकुरसोहाती ❀ नाहि त मौन रहब दिनु राती ॥४॥

"एकै पल्टमा सबै आशा पूर्ण भए, अब अर्को जिब्रो बनाऊँ अनि केही बोलुँला (यो जिब्रो उखेलिएपछि पनि सोधेको कुरा भन्नै पर्ने हुनाले जगेरा जिब्रो तयार नपारी ता बोल्नै भएन) यो अभागी खप्पर फोन जोग्य छ असल कुरा गर्दा हजूरलाई दुःख लाग्यो । ॥ १ ॥ २ ॥ जो जो झूटा कुरा बनाएर फर्माएर मीठो बोल्दछन्, हजूरलाई तिनै प्यारा छन्, मेरी आमा ! म ता कटु (पिरो बोल्ने) छु ॥ ३ ॥ म पनि अब (सकेंभने) मालिकको मनपर्ने कुरा मात्रै बोल्नेछु, होइन (सकिनँ) भने दिन-रात मौन रहनेछु ॥ ४ ॥

करि कुरूप बिधि परबस कीन्हा ❀ बवा सो लुनिअ लहिअ जो दीन्हा ॥५॥
कोउ नृप होउ हमहिका हानी ❀ चेरि छाड़ि अब होब कि रानी ॥६॥
जारइ जोगु सुभाउ हमारा ❀ अनभल देखि न जाइ तुम्हारा ॥७॥
तातें कछुक बात अनुसारी ❀ छमिअ देवि बड़ि चूक हमारी ॥८॥

विधाताले कुरूप (कुप्री) पारेर पनि पुगेन र अर्काकी चाकर्नीसमेत पारिदियो, (के गर्नु ?) जो रोपिन्छ त्यही काटिन्छ, जो दिइन्छ त्यही पाइन्छ (कोदो रोपेर धान काट्न पाइँदैन, दुःख दिएर सुख लिन पाइँदैन, कर्मको गति यस्तै छ) ॥ ५ ॥ जोसुकै राजा होस् मलाई के हानि छ र ? (जेठाले पो के गर्छ ? कान्छाले पो के गर्छ ?) केटी[1] पदवी छाडेर अब रानी हुँला कि ? ॥ ६ ॥ तिम्रो कुभलो देख्न सकिदैन, यो मेरो स्वभाव आगो लाउनै (सल्काउनै) योग्य छ ॥ ७ ॥ त्यसै हुनाले कुभलाको केही[2] कुरा गर्नपछि लागें, महारानी ! क्षमा गरिबक्सियोस्, मेरो साह्रै ठूलो चूक भयो ॥ ८ ॥

---

(१) रानीबाट केटीको दर्जामा पुग्न लागेकी तिमीले ता आफ्नो हानि संझिनौ, केटीको केटी नै रहन पाउने मलाई के हानि छ, जोसुकै राजा होस्, केटीभन्दा तल्लो दर्जै छैन, मेरो के अनिष्ट थियो र आफ्ना निम्ति अर्घेलो हुन्थें, हक मलाई कसैले रानी बनाउने होइन" यो भावार्थ हो ।

(२) "कुभलाको अलिकति कुरा उप्काउँदैमा यो छारस्ट गर्‍यौ, सबै कुभलाको विस्तार गरेको भए ता नमालूम के के हुनेथियो" यो भावार्थ केही पदबाट झल्कन्छ ।

दोहा–गूढ कपट प्रिय बचन सुनि तीय अधरबुधि रानि ।
सुरमाया बस बैरिनिहि सुहृद जानि पतिआनि ॥१७॥

स्त्रीहरूको बुद्धि नै होचो हुन्छ, (त्यसमाथि) रानी (के भन्नुपर्छ) ! गहीरा-कपटपूर्ण भएका वचन सुनेर देवताहरूको छलका वशमा परेर, (कैकेयीले) आफ्नी वैरिणी मन्थरालाई मित्र जानेर पत्याइन् ॥ १७ ॥

चौ०–सादर पुनि पुनि पूँछति ओही ❀ सबरींगान मृगी जनु मोही ॥१॥
तसि मति फिरी अहइ जसि भावी ❀ रहसी चेरि घात जनु फाबी ॥२॥

भिल्लकी स्त्रीको गाना सुनेर मोहित भएकी हरिणीजस्ती भएकी कैकेयी (मन्थरा-सँग) आदरसाथ उही कुरा वारंवार सोध्न लागिन् ॥ १ ॥ जस्तो भवितव्यता छ, बुद्धि उसै गरी फिरेकी छ । घत फापेकी (घत लागेकी) जस्ती भएर मन्थरा कमारी खुशी भई ॥ २ ॥

तुम्ह पूँछहु मैं कहत डेराऊँ ❀ धरेहु मोर घरफोरी नाऊँ ॥३॥
सजि प्रतीति बहु बिधि गढ़ि छोली ❀ अवध साढ़साती तब बोली ॥४॥

(अनि बोली) "हजूर भने सोध्नुहुन्छ, भन्दाखेरि म डराउँछु, (किनभने) मेरो नाउँ "घरफोरा" राख्नुभएको छ" यस्ता अनेक प्रकारले प्रतीति (पत्यार) लाई काटकुट-ताछतुछ गरेर (काठको पुतलीझैं) सजिसजाउ पारी (खूब पत्यार पारी) अनि अवधदेशकी साढेसाती दशा (मन्थरा) बोल्न लागी ॥ ३ ॥ ४ ॥

प्रिय सिय रामु कहा तुम्ह रानी ❀ रामहि तुम्ह प्रिय सो फुरि बानी ॥५॥
रहा प्रथम अब ते दिन बीते ❀ समउ फिरें रिपु होहिं पिरीते ॥६॥
भानु कमलकुल पोषनिहारा ❀ बिनु जर जारि करैं सोइ छारा ॥७॥
जर तुम्हारि चह सवति उखारी ❀ रूँधहु करि उपाउ बर बारी ॥८॥

"महारानी ! हजूरले सीता र राम मेरा प्यारा छन्, रामकी म प्यारी छु भन्नुभयो, त्यो वचन स्पष्ट (साँचो) हो ॥ ५ ॥ (परन्तु) त्यो कुरा पहिले थियो, अब ता ती दिन बितिसके, समय फिरेपछि प्रीतिमान् (प्रेमीहरू) पनि शत्रु हुन्छन् ॥ ६ ॥ (यसमा दृष्टान्त खोज्नालाई टाढा जानुपर्दैन, आफ्नै पुर्खा संझे पुग्छ, सुन्नुहोस् ,) सूर्य कमलका कुलको पोषण गर्ने होइनन् के ? तिनै सूर्य जल नभएको समयमा (खडेरी परेको वेलामा) त्यही कमलका कुललाई डढाएर खरानी पार्छन् कि ? पार्दैनन् (समयका फेरफारले मित्र पनि शत्रु हुँदो रहेछ कि रहेनछ ?) ॥ ७ ॥ हजूरका सौताहरू हजूरको जरो उखेल्न चाहन्छन्, उपायलाई असल जल बनाएर (उपायरूपी पानी लाएर) (त्यो जरालाई) रोक्नुहोस् (उखेलिन नदिनुहोस् , खूब मजबूत पारेर जमाउनुहोस्) ॥ ८ ॥

दोहा–तुम्हहि न सोचु सोहागबल निज बस जानहु राउ ।
मन मलीन मुह मीठ नृपु राउर सरल सुभाउ ॥१८॥

हजूरलाई फिक्री नै छैन, राजालाई आफ्ना सौभाग्यका प्रभावले वश पारेको ठान्नुहुन्छ । राजासाहेब भने मनमा धमिला मुखमा मीठा हुनुहुन्छ, हजूरको स्वभाव छ सोझो ॥ १८ ॥

चौ०–चतुर गँभीर राममहतारी ❀ बीचु पाइ निज बात सँवारी ॥१॥
पठये भरतु भूप ननिऔरें ❀ राममातु मत जानब रौरें ॥२॥
सेवहिं सकल सवति मोहि नीकें ❀ गरबित भरतमातु बल पी कें ॥३॥
सालु तुम्हार कौसिलहि माई ❀ कपटचतुर नहि होइ जनाई ॥४॥

रामकी आमा (कौशल्या) बाठी गहिरी छन्, मौका पाएर आफ्नो बात (काम) सह्यालिन् (सपारिन्), (तिनैका संमतिले) राजाले भरतलाई मावल पठाए त्यसमा हजूर रामको आमाको मत (आँट) जान्नुहोस् ॥ १ ॥ २ ॥ "सबै सौताहरू मेरो बेश सेवा गर्छन्, पतिको आडले भरतकी आमा गर्वित छ (घमंड गर्दछे)" भनेर कौशल्यालाई हजूरदेखि पीर परिरहेको छ, मेरी आमा ! महारानी ! बाठा मानिसका कपटको होशै पाइँदैन ॥ ३ ॥ ४ ॥

राजहि तुम्ह पर प्रेमु बिसेषी ❀ सवति सुभाउ सकइ नहि देखी ॥५॥
रचि प्रपंचु भूपहि अपनाई ❀ रामतिलक हित लगन धराई ॥६॥
यदु कुल उचित राम कहुँ टीका ❀ सबहि सोहाइ मोहि सुठि नीका ॥७॥
आगिल बात समुझि डरु मोही ❀ देउ दैउ फिरि सो फलु ओही ॥८॥

हजूरका उपर राजाको विशेष (बढ्ता) प्रेम छ, सौता (कौशल्या) स्वभावैले (त्यो कुरा) देख्न सक्तिनन् (देखी सहन्नन्) ॥ ५ ॥ (त्यसै हुनाले) यो प्रपञ्च रचेर राजालाई आफ्नो पारीकन रामको राज्याभिषेकका निमित्त साइतसमेत ठीकठाक पारिसकिन् ॥ ६ ॥ रामलाई राजतिलक हुनु यो कुरा ता कुलको उचितै हो, सबैलाई मन परेको छ, मलाई पनि खूब बेश लाग्यो, अघिल्लो अर्को कुरा (भरतलाई पन्साएको पन्सायै पार्ने कुरा) संझदा मलाई डर लाग्दछ, दैव फिरेर त्यस्तो आँटको फल उनैलाई दिऊन् (दैवले गरोस् रामै पन्सिऊन्)" ॥ ७ ॥ ८ ॥

दोहा–रचि पचि कोटिक कुटिलपन कीन्हेसि कपटप्रबोधु ।
कहेसि कथा सत सवति कै जेहि बिधि बाढ़ बिरोधु ॥१९॥

मन्थराले करोडौं कुटिलपना बनाईवरी "यो कपटै हो" भन्ने ज्ञान गराई, जुन प्रकारले विरोध बढ्दछ, (त्यस प्रकारले) सौताहरूका सयकडौं कथा पनि भनी ॥ १९ ॥

चौ०–भावीबस प्रतीति उर आई ❀ पूँछ रानि पुनि सपथ देवाई ॥१॥
का पूँछहु तुम्ह अबहुँ न जाना ❀ निज हित अनहित पसु पहिचाना ॥२॥
भयेउ पाख दिनु सजत समाजू ❀ तुम्ह पाई सुधि मोहि सन आजू ॥३॥
खाइअ परिहरिअ राज तुम्हारें ❀ सत्य कहें नहि दोषु हमारें ॥४॥

भावीको वश पर्नुपर्ने हुनाले मन्थराको प्रतीति (पत्यार) कैकेयीका मनमा जम्यो, शपथ गराएर कैकेयी वारंवार (के गर्ने ? कसो गर्ने भनी) सोध्न लागिन् ॥ १ ॥ (मन्थरा झोक्किएर भन्नलागी) "तिमी के सोद्धछ्यौ ? अझ पनि जानिनौ ? पशु आफ्नो हित र अहित जान्दछ ॥ २ ॥ राज्याभिषेकको सर्जाम सज्न लागेको पन्ध्र दिन भइसक्यो, तिमीले आज सबाट थाहा पायौ ॥ ३ ॥ तिम्रा राज्यमा (बसेर) खाएकी छु, लाएकी छु, सत्य कुरा भन्दछु (निमकहरामी गर्दिनँ) मलाई दोष छैन ॥ ४ ॥

जौं असत्य कछु कहब बनाई ❀ तौ बिधि देइहि हमहि सजाई ॥५॥
रामहि तिलकु कालि जौं भयेऊ ❀ तुम्ह कहुँ बिपतिबीजु बिधि बयेऊ ॥६॥
रेख खँचाइ कहउँ बलु भाषी ❀ भामिनि भइहु दूध कइ माखी ॥७॥
जौं सुत सहित करहु सेवकाई ❀ तौ घर रहहु न आन उपाई ॥८॥

यदि केही असत्य कुरा बनाएर मैले भनेकी रहिछुभने दैवले मलाई सजाय देओस् ॥ ५ ॥ भोलि रामको राज्याभिषेक भयोभने, तिम्रा निम्ति विधाताले विपत्तिको बीउ रोप्यो (भनी जान) ॥ ६ ॥ रेखा खिंचेर (धर्को काटेर) प्रतिज्ञा गर्दछु कि रिसाही ! महारानी ! तिमी दूधकी माखा भयौ, (दूध खान भनेर गएको माखा (झिंगो) दूधैमा डुबेर मरेको जस्तो भयो) ॥ ७ ॥ यदि छोरासहित भएर चाकरी गर्छ्यौ, तब ता घर बस, (नत्र घर बस्न) अर्को उपाय छैन ॥ ८ ॥

दोहा–कद्रूँ बिनतहि दीन्ह दुखु तुम्हहि कौसिलाँ देब ।
भरतु बंदिगृहु सेइहहिं लखनु राम के नेब ॥२०॥

कद्रूले[1] विनतालाई दुःख दिइथिन्, तिमीलाई कौशल्याले दिनेछन्, भरत झ्यालखानाको वास गर्नेछन्, लक्ष्मण रामका नायब हुनेछन् ॥ २० ॥

चौ०–कैकयसुता सुनत कटु बानी ❀ कहि न सकइ कछु सहमि सुखानी ॥१॥
तन पसेउ कदली जिमि काँपी ❀ कुबरीं दसन जीभ तब चाँपी ॥२॥

कैकेयीले त्यो कटु (कडा) वचन सुन्नाका साथ केही बोल्न सकिनन्, झसंग

---

(१) कश्यपप्रजापतिका कद्रू र विनता नाम भएका दुई स्त्रीमा सूर्यका घोडाको रङ्को विषयमा बाजी थापाथाप पर्‍यो । कद्रू सूर्यका घोडा काला भन्ने, विनता सेता भन्ने । त्यसमा हार्नेले जित्नेको दासी भएर रहने होड थापियो । कद्रूले आफ्ना सन्तान नागहरूलाई अह्राएर सूर्यका घोडा बेरेर काला पार्ने बन्दोवस्त गरिहालिन्, दुवैजना गएर टाढाबाट हेरे, सूर्यका घोडा काला देखिए । विनताले हारिन् कद्रूकी दासी भएर चाकरी गर्न लागिन् । धेरै दिनपछि विनताका छोरा गरुडले त्यो वृत्तान्त थाहा पाए । "आमाको दासीत्व केले छाडिदिन्छौ" भनी कद्रू र उनका सन्तान नागहरूसँग सोद्धा उनले "अमृत पाएदेखि यो दासीलाई पार गरिदिउँला" भने । गरुडले स्वर्गबाट अमृत हरण गरेर ल्याए, कुश बिछ्याउन लगाएर त्यसैमाथि राखिदिए । विनता दासीत्वबाट छुटिन्, नागहरू नुहाएर अमृत पिउने सुरसार गर्दै थिए, कुशमथि राखेको अमृतकलश इन्द्रले हरण गरेर लगिहाले । अमृतलुब्ध नागहरू आएर अमृतकलश राखेको ठाउँ चाट्न लागे, अमृतको बदलामा जिभ्राको छेद पाए । सन्तान दरसन्तान दुइजिभ्रे भए ।

भइन्, खंग्रङ्ग सुकिन् ॥ १ ॥ तिनको शरीरमा खलखल पसीना आयो, (हुरी आएका वेलाको) कदलीजस्तै (केराको बोटजस्तै) काम्न लागिन्, कुबरी (कुब्जा=मंथरा) ले दाँतले जिब्रो च्यापी ("अँः !घरफोरा भन्थ्यौ नि, घरफोरा रहिछु कि घरजोरा रहिछु, हुस्सुले बल्ल होश पाइन्, कठैबरि !" भन्ने आशय देखाई) ॥ २ ॥

कहि कहि कोटिक कपट कहानी ❀ धीरजु धरहु प्रबोधिसि रानी ॥३॥
कीन्हिसि कठिन पढ़ाइ कुपाठू ❀ जिमि न नवइ फिरि उकठि कुकाठू ॥४॥
फिरा करमु प्रिय लागि कुचाली ❀ बकिहि सराहइ मानि मराली ॥५॥

कपटका करोड़ौं कहानी भनीभनीकन (मन्थराले) "धैर्य धारण गर" भनेर रानीलाई बुझाई ॥ ३ ॥ सुकेको कुकाठ फेरि जसरी नुहुँदैन (कडा रहन्छ) त्यसै गरी कुपाठ पढाएर (मन्थराले) साह्रो (कडा) पारी (कसैको अर्ती उपदेश, लोलोपोतोपछि नलाग्ने पारी) ॥ ४ ॥ (कैकेयीको) कर्म (भाग्य) फिर्‍यो, कुचाल प्यारो लाग्यो, बकुल्ली (मन्थरा) लाई हंसी जानेर सह्राउन लागिन् ॥ ५ ॥ (कैकेयी भन्दछिन्)

सुनु मंथरा बात फुरि तोरी ❀ दहिन आँखि नित फरकइ मोरी ॥६॥
दिन प्रति देखउँ राति कुसपने ❀ कहउँ न तोहि मोह बस अपने ॥७॥
काह करौं सखि सूध सुभाऊ ❀ दाहिन बाम न जानउँ काऊ ॥८॥

"मन्थरे ! सुन, तिम्रो कुरा साँचो हो, सधैं मेरो दाहिने आखाँ फर्फराइरहेको छ ॥ ६ ॥ प्रतिदिन राती खराब सपना देख्तछु, (परन्तु) आफ्नो मूर्खताको वश भएर तिमीलाई भन्दिनथें ॥ ७ ॥ सखी ! के गरौं ?, (मेरो) स्वभाव सूधो छ, देब्रे दाहिने केही जान्दिनँ ॥ ८ ॥

दोहा–अपने चलत न आजु लगि अनभल काहु क कीन्ह ।
केहिं अघ एकहिं बार मोहि दैअँ दुसह दुखु दीन्ह ॥२१॥

(मैले ता) आफ्नो लागुंज्यालसम्म आजसम्म कसैको कुभलो गरेकी छैन, कुन अपराधले मलाई एकैचोटि दैवले दुःसह दुःख दियो ? ॥ २१ ॥

चौ०–नैहर जनमु भरब बरु जाई ❀ जिअत न करबि सवतिसेवकाई ॥१॥
अरिबस दैउ जिआवत जाही ❀ मरनु नीक तेहि जीवन चाही ॥२॥
दीन बचन कह बहु बिधि रानी ❀ सुनि कुबरीं तियमाया ठानी ॥३॥

बरु माइतैमा गएर जन्म बिताउँला, (पानी भरुँला) बाँचुञ्ज्याल सौताको चाकरी गर्नेछैन ॥ १ ॥ दैवले जसलाई शत्रुको वश पारेर बचाइराख्तछ, त्यसले मर्नु बेश छ, बाँच्नु ठीक छैन" ॥ २ ॥ यस्ता धेरै प्रकारले कैकेयी रानीले दीन वचन बोलिन्। त्यो सुनेर कुब्री (मन्थरा) ले स्त्रियाचरित्र गर्न आँटी ॥ ३ ॥ (अनि बोली)

अस कस कहहु मानि मन ऊना ❀ सुखु सोहागु तुम्ह कहुँ दिन दूना ॥४॥
जेहिं राउर अति अनभल ताका ❀ सोइ पाइहि येहु फलु परिपाका ॥५॥

मनले आफूलाई ऊन (कंती) मानेर यसो किन भन्नुहुन्छ ? (तपाईं कोभन्दा कंती हुनुहुन्छ र ?) तपाईंको सुख र सौभाग्य दिनदिनै दोबर छ ॥ ४ ॥ जसले तपाईंको कुभलो (गर्न) ताकेको छ, त्यसका फलको परिणाम त्यही पाउनेछ ॥ ५ ॥

जब तें कुमत सुना मैं स्वामिनि ❀ भूख न बासर नीद न जामिनि ॥६॥
पूँछेउँ गुनिन्ह रेख तिन्ह खाँची ❀ भरतु भुआल होहिं एहु साँची ॥७॥
भामिनि करहु त कहौं उपाऊ ❀ है तुम्हरीं सेवा बस राऊ ॥८॥

जैलेदेखि मैले यो कुमन्त्रणा सुनेथें, महारानी ! (उहिलेदेखि) दिनमा भोक छैन, राती निद्रा छैन ॥ ६ ॥ ज्योतिषीहरूलाई सोधें, तिनीहरूले रेखा खिचेर (धर्को सर्को तानेर) “भरत राजा हुनेछन्, यो कुरा पक्का हो” भने ॥ ७ ॥ भामिनी ! गर्नुहुन्छभने एउटा उपाय बताउँछु, (के भने—) हजूरका चाकरीले राजा वश पर्नुभएको हुनुहुन्छ—॥ ८ ॥ (राजालाई वश पार्न नसक्नुभएको भए उपाय लाग्ने थिएन, राजा वश भएका हुनाले उपाय लाग्ला कि ? भन्ने उमेद छ) (कैकेयी भन्दछिन्–)

दोहा–परौं कूप तुअ बचन पर सकौं पूत पति त्यागि ।
कहसि मोर दुखु देखि बड़ कस न करब हित लागि ॥२२॥

तिम्रा वचनले (तिमी भन्छ्यौभने) इनारमा हामफाल्छु, छोरा र पोइलाई छाड्न सक्तछु, मेरो ठूलो दुःख देखेर तिमी भन्दछ्यौ, आफ्नो हितका निमित्त (म त्यो कुरा) किन गरोइन ?” ॥ २२ ॥

चौ०–कुबरीं करि कबुली कैकेई ❀ कपट छुरी उर पाहन टेई ॥१॥
लखई न रानि निकट दुखु कैसें ❀ चरइ हरित तृन बलिपसु जैसें ॥२॥
सुनत बात मृदु अंत कठोरी ❀ देति मनहुँ मधु माहुर घोरी ॥३॥

कुबरी (मन्थरा) ले कैकेयीलाई कुबलि (बलि दिइने भुच्चुक पशु) गरी (बनाई) । हृदयरूपी ढुङ्गामा कपटरूपी छुरीलाई टेई (उध्याई) । जसरी (मर्ने वेला भएको बलिको पशु) हरियो घाँस चर्दछ (मर्ने दुःख देख्तैन) त्यसै गरी रानीले (अलि बेरमा) (चाँडै आइपर्ने) दुःख देखिनन् ॥ (क) मानौं महमा विष घोलेर दिन लागेकी हो कि ? भनेजस्तो गरेर मन्थराले सुन्दाखेरि नरम आखिरमा कठोर भएको वचन (बोली) ॥ १ ॥ २ ॥ ३ ॥

कहइ चेरि सुधि अहइ कि नाहीं ❀ स्वामिनि कहिहु कथा मोहि पाहीं ॥४॥
दुइ बरदान भूप सन थाती ❀ मागहु आजु जुड़ावहु छाती ॥५॥

(क) यहाँ कुबरीको र कुनै यजमानिनीको, रानीको र बलिपशुको, कपटको र छुरीको, मन्थराका वचनको र हरिया घाँसको, कैकेयीका हानिको र वधको सादृश्य छ । भरतको राज्यरूपी फल पाउनाका निमित्त मन्थराले कैकेयीरूपी बलि दिई, बलि दिनु मात्र भयो (कैकेयीका मरणतुल्य भएका घटना मात्रै भए, भरतराज्यलाभरूपी फल भएन) बलि ठीक भएन, कुबलि भयो ! बलिदानका विषयमा शास्त्रले “स्त्रीजातीय (पोथी) बलि नदिनु” भनेको छ ।

सुतहि राजु रामहि बनबासू ❀ देहु लेहु सब सवतिहुलासू ॥६॥
भूपति रामसपथ जब करई ❀ तब मागेहु जेहि बचनु न टरई ॥७॥
होइ अकाजु आजु निसि बीतें ❀ बचनु मोर प्रिय मानेहु जी तें ॥८॥

(मन्थरा कमारी भन्दछे) "मालिकिनी ! मसँग यौटा कुरा भन्नुभएको थियो', सुद्धि छ कि छैन ? राजासँग दुई वरदान थाती (रहेका छन् होकि ?) आज (ती दुई वर) माग्नुहोस् छाती ठण्डा गर्नुहोस् ॥ ४ ॥ ५ ॥ छोरालाई राज्य, रामलाई वनवास दिनुहोस्, सौताहरूको सबै हर्ष (खोसेर) लिनुहोस् ॥ ६ ॥ राजाले जब रामको शपथ गर्छन् अनि (दुई वर) माग्नु (वर माग्न नहतपताउनु) जसमा वचन खेर नजाओस् । आजको रात बितेपछि अकाज हुनेछ (काम बन्नेछैन) । मेरो वचनलाई जीउभन्दा ठूलो मान्नुहोला (यो कुराको कसैले सुइँको नपाओस् ।)" ॥ ७ ॥ ८ ॥

दोहा—बड़ कुघातु करि पातकिनि कहेसि कोपगृह जाहु ।
काजु सँवारेहु सजग सबु सहसा जनि पतिआहु ॥२३॥

ठूलो घात गरेर पापिनी मन्थराले भनी—"[2]कोपभवनमा जाऊ, सावधान भएर, सबै काम सह्माल, (राजालाई) झट्ट नपत्याए है ॥ २३ ॥

चौ०—कुबरिहि रानि प्रानप्रिय जानी ❀ बार बार बड़ि बुद्धि बखानी ॥१॥
तोहि सम हितु न मोर संसारा ❀ बहे जात कइ भइसि अधारा ॥२॥
जौं बिधि पुरब मनोरथु काली ❀ करौं तोहि चखपूतरि आली ॥३॥
बहु बिधि चेरिहि आदरु देई ❀ कोपभवन गवनी कैकेई ॥४॥

कुबरीलाई रानीले प्राणसमान प्यारी जानेर त्यसका बुद्धिको वारंवार खूब बखान गरिन् ॥ १ ॥ (रानी भन्दछिन्—) मन्थरे ! यो संसारमा तिमीबराबर मेरो हित (कोही)

---

(१) देवासुरयुद्धमा इन्द्रले हारे, सहायताका निमित्त महाराज दशरथलाई इन्द्रले बोलाइपठाए । महाराज दशरथ निर्भय भईकन कैकेयी महारानीलाई समेत साथ लिएर युद्ध गर्न गए । दैत्यहरूसँग घमासान युद्ध गर्दागर्दै दशरथका रथको धुरा टुट्यो, कैकेयीले देखिन्, राजाले देखेनन्, लडाइँमा एकतान भएका थिए । पतिको ज्यान जोगाउनाका निमित्त धुराको ठाउँमा आफ्नु हात पसालेर कैकेयीले सबै दर्द दुःख सहिन् । दशरथको विजय भयो, दैत्य भागे । अनि दशरथले कैकेयीको ब्रहादुरी देखे । "धुरा टुटेर रथ बेकम्मा भएको भए म बाँच्नेथिइनँ, तिम्रा सहायताले एक मेरो ज्यान जोगियो, दोस्रो मैले विजय पाएँ म प्रसन्न भएँ, दुई वर जे माग्दछ्यौ माग" भनी दशरथले भन्दा 'ऐले मलाई केही चाहिंदैन, यी दुई वर-हजूरैमा थाती रहून्" भनी कैकेयीले भनेकी थिइन्, त्यो कुरा कैकेयीले मन्थरालाई सुनाएकी रहिछन् । कैकेयीले ती दुइ वर बिर्सिसकेकी थिइन् । घरफोराले बिर्सेकी रहिनछ ।

(२) अघि अघि राजाहरूका अन्तपुरमा रीस उठेका वेलामा बस्नाका निमित्त बेग्लै खोपी मुकर्रर गरिएको हुँदोरहेछ, जहाँ पायो उहीं बसेर रिसाउन हुँदोरहेन छ । यस्तो नियमको फल दूरदर्शी भइटोपलेका आधुनिक सभ्यसमाजले केही टायम लगाएर विचार गर्नुपर्दछ । अनि शान्तिप्रिय भएको समाजमा प्रकाश गर्नुपर्दछ ।

छैन, बगेर जानलागेकी (मेरो) आधार भयौ ॥ २ ॥ हे सखी ! विधाताले भोलि मनोरथ पूर्ण गरेभने तिमीलाई आँखाकी पुतली (नानी) गरूँला (नानीजत्तिकै प्यारी गराएर सुरक्षित राखुँला) ।" यस्ता अनेक प्रकारले त्यो मन्थरादासीलाई आदर दिएर रानी कैकेयी कोपभवनमा गइन् ॥ ३ ॥ ४ ॥

बिपति बीजु बरषा रितु चेरी ❀ भुइँ भइ कुमति कैकई केरी ॥५॥
पाइ कपट जलु अंकुरु जामा ❀ बर दोउ दल दुख फल परिनामा ॥६॥
कोपसमाजु साजि सबु सोई ❀ राजु करत निज कुमति बिगोई ॥७॥
राउर नगर कोलाहलु होई ❀ यह कुचालि कछु जान न कोई ॥८॥

कैकेयीकी कुमति भूमि (जमीन) भई, मन्थरादासी वर्षाऋतु भई, विपत्ति बीउ भई, (कैकेयीकी बुद्धिरूपी धर्तीमा, मन्थरारूपी वर्षाकालले घेर्दा, विपत्तिरूपी बीउ छरियो) ॥ ५ ॥ कपटरूपी जल पाएर, दुई—वररूपी—दुई पात भएर अंकुर जम्यो (विपत्ति बीज उम्र्यो) परिणामको (पछिको) दुःख त्यो अंकुरको फलरूप हुनेछ ॥ ६ ॥

रिस प्रकट गर्ने—सर्जाम (गहना मिल्काइदिनु, भइँमा पसारिनु, घोक्रो फुलाउनु इत्यादि) सबै सजेर (कैकेयी) सुतिन् (पसारिइन्) राज्य गर्दै रहेकी (ठूलो इज्जतमा रहेकी) कैकेयीलाई कुमतिले बिगार्‍यो (बरबाद पार्‍यो, बदनाम गरायो) ॥ ७ ॥ राजाका नगरमा कोलाहल भइरहेको छ (यतापट्टिको) यो कुचाल कोही केही जान्दैन ॥ ८ ॥

दोहा—प्रमुदित पुर नर नारि सब सजहिं सुमंगलचार ।
एक प्रबिसहिं एक निर्गमहिं भीर भूपदरबार ॥२४॥

नगरका सबै नरनारीहरू असल मंगलचार (मंगलका चीजबीज) सज्दछन्, हर्षित भएर कोही (भित्र) प्रवेश गर्दछन् , कोही (भित्रबाट) निस्कन्छन् , (यस प्रकारले मानिसको ओहोर-दोहोर हुँदा) राजाका दरबारमा भीड (थियो) ॥ २४ ॥

चौ०—बालसखा सुनि हिय हरषाहीं ❀ मिलि दस पाँच राम पहिं जाहीं ॥१॥
प्रभु आदरहिं प्रेमु पहिचानी ❀ पूँछहिं कुसल खेम मृदु बानी ॥२॥
फिरहिं भवन प्रिय आयसु पाई ❀ करत परसपर रामबड़ाई ॥३॥

(रामचन्द्रजीका) बालमित्रहरू (राज्याभिषेकको समाचार) सुनेर हृदयमा हर्षित हुन्छन् , दश पाँच जना मिलेर रामचन्द्रजीका समीप जान्छन् , प्रेम पहिचानेर प्रभुजी आदर गर्नुहुन्छ, मीठो बोलीले क्षेमकुशल सोध्नुहुन्छ, प्यारा रामचन्द्रजीको आज्ञा पाएर परस्पर रामचन्द्रजीको प्रशंसा गर्दै घर फर्कन्छन् यस्तो परिबन्द (प्रबन्ध) बराबर भइरहेको थियो) ॥ १ ॥ २ ॥ ३ ॥

को रघुबीर सरिस संसारा ❀ सीलु सनेहु निबाहनिहारा ॥४॥
जेहि जेहि जोनि करमबस भ्रमहीं ❀ तहँ तहँ ईसु देउ यह हमहीं ॥५॥
सेवक हम स्वामी सियनाहू ❀ होउ नात येहु ओरनिबाहू ॥६॥

अस अभिलाषु नगर सब काहू ❀ कैकयसुता हृदय अति दाहू ॥७॥
को न कुसंगति पाइ नसाई ❀ रहइ न नीच मतें चतुराई ॥८॥

संसारमा शील—स्नेहको निर्वाह गर्ने (सर्वदा शीलवान्, सर्वदा स्नेहवान्) रघुवीर जस्तो को छ ? ॥ ४ ॥ कर्माधीन भएर हामी जुन जुन जोनिमा घुमौं त्यही त्यही जोनिमा हामी सेवक हुन पाऊँ, सीतापति रामजी हाम्रा स्वामी होऊन्, यही नाता होस्, अरू (त्यो नाता को) निर्वाह होस् (त्यो नाता कहिल्यै नछुटोस्)" ईश्वरले हामीहरूलाई यही कुरा दिऊन्" यस्तो अभिलाषा नगरका सबजनालाई थियो । कैकेयीका हृदयमा खूब डाह थियो ॥ ५ ॥ ६ ॥ ॥ ७ ॥ 'कुसंगति पाएपछि को नष्ट हुँदैन ? बुद्धि नीच हुँदा चतुराई (आफू सप्रने बठ्याइँ) रहँदैन (बिग्रने मुर्ख्याइँ नै रहन्छ) ॥ ८ ॥

दोहा—साँझ समय सानंद नृपु गयेउ कैकई गेह ।
गवनु निठुरता निकट किये जनु धरि देह सनेह ॥२५॥

साँझका वेलामा राजा दशरथ आनन्दसहित भई मानौं स्नेहै शरीर धारण गरेर शरीरधारिणी निष्ठुरताका समीप गमन गर्नलागेको (जान लागेको) हो कि भने जस्तो गरेर कैकेयीका घर (खोपीतिर) गए ॥ २५ ॥

चौ०—कोपभवन सुनि सकुचेउ राऊ ❀ भयबस अगहुड़ परै न पाऊ ॥१॥
सुरपति बसइ बाँहबल जाकें ❀ नरपति सकल रहहिं रुख ताकें ॥२॥
सो सुनि तियरिस गयेउ सुखाई ❀ देखहु काम प्रताप बड़ाई ॥३॥

(रानी कैकेयी) कोपभवनमा (छन्) भन्ने सुनेर राजा दशरथ संकुचित भए (प्रफुल्लता हरायो, खुम्चिए) उनका दुई पाउ भयभीत भएर अघि नसर्ने भए ॥ १ ॥ जसका बाहुबलका प्रभावले इन्द्र (निर्भय भएर) बसेका छन्, जसको रुख (चेहरा) ताकेर (हेरेर) सकल राजाहरू रहेका छन् (के इशारा हुन्छ, तदनुसार आशय बुझेर हुकूम तामील गरी चाकरी देखाउन मौजूद रहेका छन्)—॥ २ ॥ उनै राजा दशरथ स्वास्नीका रिस सुनेर सुकी गए (खंग्रङ्ग भए) । हेर ! कामदेवका प्रतापको महत्व (कस्तो रहेछ ?) ॥ ३ ॥

सूल कुलिस असि अँगवनिहारे ❀ ते रतिनाथ सुमनसर मारे ॥४॥
सभय नरेसु प्रिया पहिं गयेऊ ❀ देखि दसा दुखु दारुन भयेऊ ॥५॥
भूमि सयन पटु मोट पुराना ❀ दिये डारि तन भूषन नाना ॥६॥

जो त्रिशूल, वज्र, तरवारको चोट खप्ने सकस हुन्, उनै दशरथलाई रतिनाथ

---

(१) संगतिका विषयको सुभाषित—

सज्जनैका सँग बसे, सज्जनै सँग टाँसिए ।
बाबू ! दुर्जनको मैत्री गर्दा दुर्बुद्धि नासिए ॥ १ ॥
लहै लहैमा लागेका धेरै बिग्रे नबिग्र है ! ।
स्वात्मावलम्बी मतिमान् सप्रन्छन् तिमि सप्र है ॥ २ ॥

(कामदेव) ले फूलका बाणले मार्‍यो (बितायो) ॥ ४ ॥ राजा दशरथ डराउँदै प्यारी कैकेयीका नजदीक पुगे, (तिनको) दशा देखेर उनलाई दारुण (कडा) दुःख भयो ॥ ५ ॥ (कस्तो दशा थियोभने ?–) भईंको सुताई, पुरानो मोटा कपडाको पहिरन, शरीरका नाना प्रकारका गहना (यत्रतत्र) छरिएका (मिल्किएका) छन् (यस्तो दशा थियो) ॥ ६ ॥

कुमतिहि कसि कुबेषता फाबी ❀ अनअहिवातु सूच जनु भावी ॥७॥
जाइ निकट नृपु कह मृदु बानी ❀ प्रानप्रिया केहि हेतु रिसानी ॥८॥

कुबुद्धि कैकेयीको त्यो कुवेषता (खराब वेष) कस्तो शोभायमान भयोभने ?—मानौं भावीले अनभिभाँत (अभिभाँत = सौभाग्य) को नाश अर्थात् वैधव्यको सूचन गरेको हो कि ? भनेजस्तो ॥ ७ ॥ राजा दशरथले नर्गाचै गएर मीठो बोलीले ‘प्राणप्यारी ! के कारणले रिसायौ” भने ॥ ८ ॥

छन्द–केहि हेतु रानि रिसानि परसत पानि पतिहि नेवारई ।
मानहुँ सरोष भुअंगभामिनि बिषम भाँति निहारई ॥
दोउ बासना रसना दसन बर मरम ठाहरु देखई ।
तुलसी नृपति भवितब्यताबस कामकौतुक लेखई ॥१॥

“रानी ! के कारणले रिसायौ” भनेर हातले सुमसुम्याउँदा पतिलाई निवारण गरिन् (पतिको हात झट्कारेर हटाइन्) मानौं रिसाएकी सर्पिणी हो कि ? भनेजस्तै गरी कडा तवरले हेर्न लागिन्, (कैकेयी साँच्चिकै सर्पिणी भइन् किनभने, तिनका–) दुई जिब्रा दुई इच्छा (भरताभिषेक १, रामवनवास २ का) थिए, दुई वर (तिनका तालुमा रहने, टोकेर ठहरै पार्ने, विषालु) दुई दाँत थिए । (ती कैकेयी सर्पिणी) मर्मस्थान (राजा दशरथले गरेको रामशपथरूपी ठाउँ) हेर्न लागिन् (रामको शपथ गर्नेबित्तिकै ठाउँ पाएर डसुँला भन्ने विचारले त्यो ठाउँ ताक्न लागिन्) । तुलसीदास भन्छन् कि राजा दशरथ भवितव्यताका वशमा परेर (कैकेयीको त्यो दुश्चेष्टालाई पनि) कामकौतुकमा (कामदेवले देखाएको तमाशा अर्थात् नखरामा) लेखा गर्न (ठान्न) लागे ॥ १ ॥

सोरठा–बार बार कह राउ सुमुखि सुलोचनि पिकबचनि ।
कारन मोहिं सुनाउ गजगामिनि निज कोप कर ॥१॥

“राजा दशरथ वारंवार हे सुमुखी ! हे सुनयनी ! हे कोकिलवादिनी ! हे गजगामिनी ! प्यारी ! आफ्नो क्रोधको कारण मलाई सुनाऊ” भन्न लागे ॥ १ ॥

चौ०–अनहित तोर प्रिया केइँ कीन्हा ❀ केहि दुइ सिर केहि जमु चह लीन्हा ॥१॥
कहु केहि रंकहि करउँ नरेसू ❀ कहु केहि नृपहि निकासउँ देसू ॥२॥
सकौं तोर अरि अमरौ मारी ❀ काह कीट बपुरे नर नारी ॥३॥
जानसि मोर सुभाउ बरोरू ❀ मन तव आनन चंद चकोरू ॥४॥

(दशरथ फेरि भन्दछन्) "प्यारी! कसले तिम्रो अनहित (अहित) गर्‍यो? कसका टाउका दोटा छन्? (यौटा टाउको जगेरा राखेर अर्को टाउको कटाउन कसले आँट्यो?) यमराजले कसलाई लिन आँटे? ॥ १ ॥ भन कुनचाहिने कङ्गाललाई राजा बनाइदिऊँ? भन कुनचाहिने राजालाई देशबाट निकालिदिऊँ? ॥ २ ॥ तिम्रो शत्रु होभने अमरलाई पनि मार्न सक्तछु, बबौरा कीटतुल्य भएका नरनारी के चीज हुन्? ॥ ३ ॥ सुन्दर उरु (तिघ्रा) ले सुशोभित भएकी हे सुन्दरि! मेरो स्वभाव तिमी जान्दछ्यौ, मेरो मन तिम्रा मुखरूपी चन्द्रमामा चकोर (च्याखुरा) भएको छ (तिम्रा मुखचन्द्रको चन्द्रिकाले बाँचेको छ) ॥ ४ ॥

प्रिया प्रान सुत सरबसु मोरें ❀ परिजन प्रजा सकल बस तोरें ॥५॥
जौं कछु कहउँ कपटु करि तोही ❀ भामिनि रामसपथ सत मोही ॥६॥
बिहसि मागु मनभावति बाता ❀ भूषन सजहि मनोहर गाता ॥७॥
घरी कुघरी समुझि जिय देखू ❀ बेगि प्रिया परिहरहि कुबेषू ॥८॥

प्यारी! मेरो प्राण, मेरा छोरा, मेरो सर्वस्व, मेरा नोकर-चाकर, मेरा सकल प्रजा तिम्रा अधीन छन् (तिम्रै हुन्) ॥ ५ ॥ ए रिसाही! यदि मैले कपट गरेर तिमीलाई (यो कुरा) भनेको रहेछुभने, मलाई रामको शयपटक शपथ छ ("राम भन्न नपाऊँ" भनेर शयफेर धर्म भाक्तछु) ॥ ६ ॥ हाँसेर मनपरेको कुरा माग, सुन्दर शरीरलाई गहनाले सजाऊ ॥ ७ ॥ मनले घडी-कुघडी (बखत-बेबखत) संझेर विचार गर। प्यारी! यो कुवेषलाई चाँडै छाडिहाल" ॥ ८ ॥

दोहा—येह सुनि मन गुनि सपथ बड़ि बिहसि उठी मतिमंद।
भूषन सजति बिलोकि मृगु मनहु किरातिनि फंद ॥२६॥

(राजाको) यो वचन सुनेपछि ठूलो शपथ गरे भनी ठहराएर मूर्ख कैकेयी हाँस्तै उठिन्। हरिणलाई देखेर किरातिनीले फन्दा (पासो) लाए झैं गरी गहना लाउन लागिन् ॥ २६ ॥

चौ०—पुनि कह राउ सुहृद जिअ जानी ❀ प्रेम पुलकि मृदु मंजुल बानी ॥१॥
भामिनि भयेउ तोर मनभावा ❀ घर घर नगर अनंद बधावा ॥२॥
रामहि देउँ कालि जुवराजू ❀ सजहि सुलोचनि मंगल साजू ॥३॥

फेरि राजा दशरथले मनमा कैकेयीलाई सुहृद् (राजी भएकी) जानेर प्रेमले रोमाञ्चित भईकन नरम मीठो वचन बोले ॥ १ ॥ ए रिसाही! तिमीले भनेजस्तै भयो नि! (हेर) शहरभरका घरघरमा आनन्दका बधाई (कल्याणकामना) हुनलागे, भोलि रामलाई यौवराज्य दिन्छु, हे सुनयनि! (यस्ता राम्रा आँखाले राम्रो कुरो हेर) मंगलकार्यको सार्जाम सजाऊ ॥ २ ॥ ३ ॥

दलकि उठेउ सुनि हृदउ कठोरू ❀ जनु छुइ गयेउ पाक बरतोरू ॥४॥
औसिउ पीर बिहसि तेहिं गोइ ❀ चोरनारि जिमि प्रगटि न रोई ॥५॥

लखी न भूप कपटचतुराई ❀ कोटि कुटिलमनि गुरूँ पढ़ाई ।।६।।

कठोर भएको कैकेयीको हृदय त्यो कुरा सुन्दा, पाकेको बालतोड खटिरा कसैले छोइदिंदामा झैं बल्केर उठ्यो (थरथर काम्न लागिन्) चोरनारी (व्यभिचारिणी स्त्री जार मर्दा) जसरी प्रकट रुन्न (मनै मनमा रुवाइलाई लुकाउँछे) त्यसै गरी कैकेयीले त्यो पीर मनमा लुकाइन् ॥ ४ ॥ ५ ॥ राजा दशरथले त्यो कपटको चलाकी थाहा पाएनन्, (किनभने) त्यो चलाकी कोटिकुटिलमणि (करोडौं कपटीहरूकी शिरोमणि भएकी मन्थरा) रूपी गुरुले पढाएको हो (बिचरा सोझा राजा त्यो चलाकी के थाहा पाउन् ?) ॥ ६ ॥

जद्यपि नीतिनिपुन नरनाहू ❀ नारिचरित जलनिधि अवगाहू ।।७।।
कपटसनेहु बढ़ाइ बहोरी ❀ बोली बिहसि नयन मुहु मोरी ।।८।।

यद्यपि राजा दशरथ नीतिनिपुण (नीतिमा सिपालु) थिए (के गर्नु) स्त्रियाचरित्ररूपी समुद्र अगाध छ (कस्तै नीतिनिपुणले पनि अन्त नपाइने छ) ॥ ७ ॥ फेरि कैकेयी कपटको प्रेम बढाएर आँखा र मुख टेढो पारेर (तेर्सो नजर, तेर्सो मुहारको नखरा गरेर) हाँस्तै बोल्न लागिन् ॥ ८ ॥

दोहा–मागु मागु पै कहहु पिय कबहुँ न देहु न लेहु ।
देन कहेहु बरदान दुइ तेउ पावत संदेहु ।।२७।।

"हे स्वामिन् ! माग माग ता भन्नुहुन्छ, कहिल्यै पनि न दिनु छ न लिनु छ ! दोटा वरदान दिन्छु भन्नुभएको थियो, त्यही पाउनामा सन्देह छ (पाउने हुँ कि होइन)" ॥ २७ ॥

चौ० जानेउ मरमु राउ हँसि कहई ❀ तुम्हहि कोहाब परम प्रिय अहई ।।१।।
थाती राखि न मागिहु काऊ ❀ बिसरि गयेउ मोहि भोर सुभाऊ ।।२।।
झूठेहुँ हमहि दोसु जनि देहू ❀ दुइ कै चारि मागि मकु लेहू ।।३।।

राजा दशरथ हाँसेर भन्नलागे, "ए मैले मर्म बुझें, तिमीलाई क्रोध साह्रै प्यारो छ (त्यत्तिका निंति रिसाउनुपर्थ्यो ?) ॥ १ ॥ (दुई वर मसँग) थाती राखेर कहिले पनि मागिनौ, बिर्सिएछ, मेरो बिर्सने स्वभाव[1] छ (उमेर पनि...) ॥ २ ॥ मलाई झूटो दोष नदेऊ, दुई वरका सट्टामा मसँग चार वर मागेर लेऊ (अब ता भयो ?) ॥ ३ ॥

रघुकुलरीति सदा चलि आई ❀ प्रान जाहुँ बरु बचनु न जाई ।।४।।
नहि असत्य सम पातकपुंजा ❀ गिरि सम होहिं कि कोटिक गुंजा ।।५।।
सत्यमूल सब सुकृत सुहाए ❀ बेद पुरान बिदित मनु गाए ।।६।।

---

(१) "मेरो बिर्सने स्वभाव छ" भन्ने राजाले यत्रतत्र राजगुणमा वर्णन गरिएका स्मृति र प्रतिभा रूप गुण लुप्त हुने वार्धक्य अवस्थाको सूचन मात्र गरेको हो । शौकीन भएका दशरथले प्रियतमा कैकेयीसंग स्पष्टतया बूढो भएँ" भन्नलाई कामशास्त्रबाट विरोध पर्दछ ।

तेहि पर रामसपथ करि आई ❀ सुकृत सनेह अवधि रघुराई ॥७॥
बात दृढ़ाइ कुमति हँसि बोली ❀ कुमत कुबिहग कुलह जनु खोली ॥८॥

"बरु प्राण जाओस्, वचन जाँदैन (मिथ्या हुँदैन)" यो रीति (चलन) रघुमहाराजका कुलमा सदासर्वदा चलिआएको छ, ॥ ४ ॥ धेरै पातकको समूह पनि एउटा असत्यबराबर छैन (सबै पातकको समूहभन्दा एउटा भए पनि असत्यरूप पातक ठूलो छ) करोडौं गुञ्जा (रातीगेडी) को थुप्रो यौटा पहाडसमान हुन सक्तछ र ? (रातीगेडीजस्ता अरू पातक हुन्, पहाडजस्तो असत्य पातक हो) ॥ ५ ॥ सबै पुण्य सत्यका आधारमा छन्भने सुन्दर छन् (होइनभने ती निर्मूल छन्)। (यो कुरा) वेद[1] पुराणमा[2] प्रसिद्ध छ, आदिराज मनुले[3] पनि भनेका छन् ॥ ६ ॥ त्यसमथि जुन राम पुण्य र स्नेहका सीमा छन्, उनै रामको शपथ गरायौ (अब केले पुगेन ?") ॥ ७ ॥ (राजाले यति बोल्दा) कुमति भएकी कैकेयी वचन दृढ़ (पक्का पारेर हाँसीकन आफ्नो कुमत—(खराब आँट)—रूपी कुपक्षी (बाज) को टोपी खोल्नलागेजस्तै गरी बोल्न लागिन् (चराका शिकारीहरूले टोपीले आँखा बन्द गरेको बाज साथमा राखेका हुन्छन्, शिकार फेला परेपछि बाजको टोपी झिकिदिन्छन्, बाज गएर शिकार—चरालाई पकडन्छ") ॥ ८ ॥

दोहा—भूप मनोरथ सुभग बनु सुख सुबिहंगसमाजु ।
भिल्लिनि जिमि छाड़न चहति बचनु भयंकरु बाजु ॥२८॥

राजा दशरथको मनोरथ सुन्दर वन हो, (त्यहाँ रहेको) सुखसमूह असल पक्षीको समाज (बथान)। कैकेयीरूपी भिल्लिनीले (कैकेयीकिरातिनीले) भयङ्कर भएको वचनरूपी बाज छोड्न आँटी (सर्व सुखको संहार गर्न आँटी) ॥ २८ ॥ (कैकेयी भन्दछिन्)

चौ०—सुनहु प्रानप्रिय भावत जी का ❀ देहु एक बर भरतहि टीका ॥१॥
मागौं दूसर बर कर जोरी ❀ पुरवहु नाथ मनोरथ मोरी ॥२॥
तापस बेष बिसेषि उदासी ❀ चौदह बरिस रामु बनबासी ॥३॥

"प्राणप्रिय ! सुन्नुहोस्, मेरा मनले रोजेको यौटा वर भरतलाई राजतिलक दिनुहोस्; दोस्रो वर हात जोरेर माग्दछु, प्राणनाथ ! मेरो मनोरथ पूर्ण गर्नुहोस्, (के भने) तपस्वीको वेष लिएर चौधवर्ष राम वनवासी र विशेष उदासी (विषयभोगपराङ्मुख) होऊन् ॥ १ ॥ २ ॥ ३ ॥

---

(१) सत्यमेव जयति नानृतं सत्येन पन्था विततो देवयानः"
इत्यादि वेदले सत्यको महिमा गाएको छ ।

(२) अश्वमेधसहस्रं च सत्यं च तुलया धृतम् ।
अश्वमेधसहस्राद्धि सत्यमेव विशिष्यते ॥
इत्यादि सबै पुराणले सत्यको महिमा गाएको छ ।

(३) सत्यं ब्रूयात् प्रियं ब्रूयान्न ब्रूयात् सत्यमप्रियम् ।
प्रियं च नानृतं ब्रूयादेष धर्मः सनातनः ॥
इत्यादि रूपले मनुले सत्यको महिमा गाएको छ ।

सुनि मृदु बचन भूपहिय सोकू ❀ ससिकर छुअत बिकल जिमि कोकू ॥४॥
गयेउ सहमि नहि कछु कहि आवा ❀ जनु सचान बन झपटेउ लावा ॥५॥
बिबरन भयेउ निपट नरपालू ❀ दामिनि हनेउ मनहुँ तरु तालू ॥६॥

(कैकेयीका) मृदु (मसीना) वचन सुन्दा, चन्द्रमाका किरणलाई छुँदा चक्रवाक पक्षीलाई जस्तो विकलता (बेचैनी) हुन्छ, राजा दशरथलाई हृदयमा त्यस्तै शोक (विकलता) भयो ॥ ४ ॥ (राजा दशरथ) सन्न भइगए, केही वाक्य निस्केन, मानौं वनमा बाजले झपटेको लावा (लाभे) पक्षी हुन् कि ? (भनेजस्ता भए) ॥ ५॥ राजा दशरथ मानौं बिजुलीले मारेको तालवृक्ष हुन् कि भनेजस्तै तुरन्तै बिलकुल विवर्ण भए ॥ ६ ॥

माथे हाथ मूदि दोउ लोचन ❀ तनु धरि सोचु लाग जनु सोचन ॥७॥
मोर मनोरथु सुरतरुफूला ❀ फरत करिनि जिमि हतेउ समूला ॥८॥
अवध उजारि कीन्हि कैकेई ❀ दीन्हिसि अचल बिपति कै नेई ॥९॥

पुर्पुरामा हात राखेर, दुई आँखा चिम्लेर, मानौं खास शोकै शोक गर्न लागेको हो कि (भनेजस्तो गरेर राजा शोक गर्न लागे) । (राजा दशरथ मनै मनमा विचार गर्नलागे) मेरो मनोरथरूपी कल्पवृक्ष फुलेको थियो; फल्न लागेका वेलामा करिणी (हत्तिनी) ले झ (यसले) निर्मूल गरेर उखेली ॥ ७ ॥ ८ ॥ कैकेयीले अवधदेशै उजार गरी, विपत्तिको दृढ़ जग दिई (बसाली) ॥ ९ ॥

दोहा–कवनें अवसर का भयेउ गयेउँ नारिबिस्वास ।
जोग सिद्धि फल समय जिमि जतिहि अबिद्या नास ॥२९॥

कुन वखतमा के हुन आयो (धिक्कार !) स्त्रीको विश्वास गयो । जस्तै यतिलाई (योगाभ्यासीलाई) योगसिद्धिको फल (द्रष्टा-जीवको स्वरूपमा स्थिति) हुन लागेका वेलामा अविद्याले नष्ट पार्दछे (जीवलाई विषयमा भुलाएर बिगार्दछे) (त्यसै गरी फलसिद्धिका समयमा यो पापिनीले फलभोग गर्न दिइन) ॥ २९ ॥

चौ०–एहि बिधि राउ मनहि मन झाँखा ❀ देखि कुभाँति कुमति मनु माँखा ॥१॥
भरतु कि राउर पूत न होहीं ❀ आनेहु मोल बेसाहि कि मोहीं ॥२॥
जो सुनि सरु अस लाग तुम्हारें ❀ काहे न बोलहु बचनु सँभारें ॥३॥
देहु उतरु अनु करहु कि नाहीं ❀ सत्यसंध तुम्ह रघुकुल माहीं ॥४॥

राजा दशरथ यस्ता प्रकारले मनै मनमा दुःखित भएको नराम्रो तरहले (एकतमाससँग) हेरेर मनमा रीस लिईकन कैकेयी बोल्न लागिन् ॥ १ ॥ "भरत तपाईंका छोरा होइनन् कि ? मलाई बेसाएर मोल तिरेर ल्याएको हो कि ? (म मोल दिएर ल्याएकी कमारी हुँ कि ? मबाट जन्मेको छोरो भरत दासीपुत्र हो कि ?) ॥ २ ॥ किनभने, (भरतको कुरा) सुन्नाका साथ तपाईंलाई बाणजस्तै लाग्यो, बोली सह्मालेर किन बोल्नुभएन ? (यस्तै हो

योगश्चित्तवृत्तिनिरोधः, तदा द्रष्टुः स्वरूपेऽवस्थानम्, वृत्तिसारूप्यमितरत्र, । (पात-योग)

भने रामको शपथ किन गरेको) ।। ३ ।। कि उत्तर दिनुहोस् होइनभने, होइन दिन्न भन्नुहोस् तपाईं रघुकुलका सत्यसन्ध (सत्यप्रतिज्ञ) हुनुहुन्छ (होइन के ?) ।। ४ ।।

देन कहेउ अब जनि बरु देहू ❀ तजहु सत्य जग अपजसु लेहू ।।५।।
सत्य सराहि कहेहु बरु देना ❀ जानेहु लेइहि मागि चबेना ।।६।।
सिवि दधिचि[1] बलि[2] जो कछु भाषा ❀ तनु धनु तजेउ बचनपनु राखा ।।७।।
अति कटु बचन कहति कैकेई ❀ मानहु लोन जरे पर देई ।।८।।

वर दिन्छु भन्नुभैसकेको छ, अब नदिनुहोस्, सत्य छाड्नुहोस्, जगत्मा दुर्यश लिनुहोस् ।। ५ ।। सत्यवचनको सराहना (तारीफ) गरेर वर दिन्छु भन्नुभयो, चनाचबेना मागेर लेली भन्ठान्नुभएको थियो कि ? । शिवि[1] दधिचि[2], बलि[3] यिनले जो कुछ बोलेका थिए,

---

(१) राजा शिविले ९९ अश्वमेध गरिसकेर अर्को अश्वमेध थालेका थिए, इन्द्रले जाल गर्नथाले। अग्निलाई परेवा आफूलाई बाज बनाए, बाजका नंग्राले घाइते भएको परेवा स्वाँ स्वाँ गर्दै राजा शिबिका काखमा शरणागत भई घुस्न पुग्यो, राजाले त्यसलाई अभय दिए । बाज आएर "मेरो भक्ष्य महाराजले हरण गर्न हुँदैन, हजूरको प्रभुत्व पृथिवीमा मात्रै हो, आकाशमा रहने हाम्रा उपर प्रभुत्व गर्न पाइँदैन, आकाशमा पनि मेरै प्रभुत्व छ भन्ने जबर्दस्ती गर्नुहुन्छ भने भैगो त्यही कुरा सही, आकाशचारी सबै पक्षी हजूरका प्रजा नै भए, ती पक्षीहरू विधाताले दिएको आफ्नो आफ्नो आहारा खान्छन्, आफ्नो आहार खान लागेका वेलामा कसैले विघ्न गर्‍योभने राजाले विघ्नकारीलाई दण्ड पो दिनुपर्दछ झन् आफै विघ्नकारी हुन कसरी ठीक पर्ला ?" इत्यादि बहस गर्न लाग्यो । राजाले त्यसलाई अनेक तरहले मनाए, तर मानेन । "यसलाई अभय दिएको छु, जे माग्दछस् माग् र आफ्नो क्षुधालाई शान्त गर यो परेवा ता पाउँदैनस्" भनी राजाले भन्दा "परेवाबराबर आफ्नो मासु जोखेर दिनुहोस् त" भनी बाजले भन्यो । राजाले तराजू मगाए, एकतिर परेवा एकातिर आफैले काटेको आफ्नो मासु राखेर जोख्न लागे, मासु पुगेन, फेरि थपे, फेरि पुगेन, फेरि थपे । एवंरीत्या शरीरका बाहिरपट्टिको काट्न हुनेसम्मको मासु काटेर तराजूमा राखे, परेवा नै गह्रौं भयो मासु पुगेन, अगाध गांम्भीर्य अगाध करुणा भएका महाराज शिवि आफैं गएर तराजूका एकापट्टि बसे । बस, धैर्यको ! करुणाको ! सत्यभाषण-व्रतको जाँच सिद्धियो, राजा शिवि पहिला श्रेणीमा सर्वप्रथम भएर पास भए । इन्द्र र अग्नि प्रकट भए । राजालाई उचित पुरस्कार (इनाम) दिए ।

(२) वृत्रासुरले कुनै समयमा देवताहरूलाई हालावाला पार्‍यो, देवताहरूले प्रहार गरिपठाएका अस्त्रशस्त्रलाई मर्मरी चपाइदिन्थ्यो । त्यसलाई मार्न लोकोत्तर तपोबलले पूर्ण भएको खूब कड़ा चीज चाहियो र विष्णु प्रभृति देवताका संमतिले त्यस्तो तपोबलले युक्त भएको कडा चीज त्यस बखतमा दधीचि मुनिको हाडवाहेक केही ठहरिएन र देवगण आएर दधीचिसंग हाड माग्न लागे । महात्मा दधीचिले परोपकारका निमित्त प्राणपरित्याग गरे, उनैका हाडले वज्र बनाए, वज्रको चोट पर्दा वृत्रासुर मर्‍यो ।

(३) दैत्यराज बलिले त्रैलोक्य जिते, इन्द्रादिदेवता स्वर्गबाट निकालिए । देवमाता अदितिले पतिका उपदेशबमोजिम देववर्गको विजयका निमित्त विष्णु भगवान्को उपासना गरिन्, विष्णु भगवान् अदितिका गर्भबाट वामनावतार लिई प्रकट हुनुभयो र दानवीर बलिका यज्ञमण्डपमा पुग्नुभयो, वहाँलाई देख्ता बलिले जे माग्छौ दिन्छु भने । वामनले ३ पाइला जमीन माग्नुभयो बलिले मञ्जूर गरे, बलिका गुरु शुक्राचार्यले "यो कपट हो, ज्यान जोगाउनुपर्छ, ऐले असत्य बोले पनि प्रत्यवाय लाग्दैन" भने । बलि

शरीर-धन त्याग गरेर पनि त्यो बोलीको प्रण राखिछोडे ॥ ६ ॥ ७ ॥ (यसरी) मानौं पोलेका ठाँउमा नून छर्कन लागेकी हुन् कि भनेजस्तो गरी कैकेयी कटुवचन बोल्न लागिन् ॥ ८ ॥

दोहा—धरमधुरंधर धीर धरि नयन उघारे रायँ ।
सिरु धुनि लीन्हि उसास असि मारेसि मोहि कुठायँ ॥३०॥

धर्मका धुरंधर (भारधर्ता) भएका राजा दशरथले आँखा उघारे । शिर हल्लाए, लामू सास फेरे, "मलाई कुठाउँमा कैकेयीले तलवार हानी" (यस्तो विचार गर्न लागे, हुन पनि तरवारले हानेको जस्तो हो—किनभने) ॥ ३० ॥

चौ०—आगें दीखि जरति रिस भारी ❀ मनहुँ रोष तरवारि उघारी ॥१॥
मूठि कुबुद्धि धार निठुराई ❀ धरी कूबरीं सान बनाई ॥२॥
लखी महीप कराल कठोरा ❀ सत्य कि जीवनु लेइहि मोरा ॥३॥

(राजादशरथले) ठूलो रीसले जाज्वल्यमान भएकी कैकेयीलाई मानौं कुबुद्धिरूपी मूठ (बींड) भएको, निष्ठुरतारूपी धार भएको, मन्थराले सान लाएर राखेको, क्रोधरूपी नङ्गी तरवार लिएर खड़ा भएकी हुन् कि (भनेजस्ती) देखे ॥ १ ॥ २ ॥ राजा दशरथले विकराल कठोर भएकी (क्रोधरूपी नङ्गी तरवार लिएकी कैकेयीलाई) देखेर "साँचै मेरो ज्यान पो लिन्छे कि ? भन्ने (डर माने) ॥ ३ ॥

बोले राउ कठिन करि छाती ❀ बानी सबिनय तासु सोहाती ॥४॥
प्रिया बचन कस कहसि कुभाँती ❀ भीर प्रतीति प्रीति करि हाँती ॥५॥
मोरें भरतु रामु दुइ आँखी ❀ सत्य कहउँ करि संकरु साखी ॥६॥

राजा दशरथले छाती कड़ा गरेर विनय (नम्रता) का साथ त्यो कैकेयीसुहाउँदो वचन बोले—॥ ४ ॥ "प्यारी ! भीरु ! (डराउने=कातर प्रकृतिवाली !) प्रतीति (पत्यार) प्रीति (प्रेम) यी दुवै चीजलाई हुत्याएर (हटाएर) नराम्रो हिसाबले यस्ता वचन कसरी बोल्दछ्यौ ॥ ५ ॥ "भरत र राम मेरा दुई आँखा हुन्" यो कुरा म शंकरजीलाई साक्षी राखेर सत्य भन्दछु ॥ ६ ॥

अवसि दूतु मैं पठउब प्राता ❀ ऐहहिं बेगि सुनत दोउ भ्राता ॥७॥
सुदिनु सोधि सबु साजु सजाई ❀ देउँ भरत कहुँ राजु बजाई ॥८॥

भोलि विहान म दूत (बोलाउन जाने मानिस) पठाउँछु, सुन्नाका साथ दुवै भाई (भरत शत्रुघ्न) चाँडै आउनेछन् ॥ ७ ॥ असल दिन ठहराएर सब सामान सजाईकन बाजागाजा बजाएर (धूमधामका साथ) भरतलाई राज्याभिषेक दिउँला ॥ ८ ॥

आफ्नो सत्यवचनबाट डगेनन् ३ पाइला भूमिको संकल्प गरिछाडे । वामनका २ पाइलाले दुनिया ढाक्यो, १ पाइलाको ठाउँ पुगेन, आफ्नो वचन सत्य गर्नाका निमित्त बढेर त्रिविक्रम भएका तीनपाइले विष्णुका एक पाइलालाई शिर थापेर दैत्यराज बलि पातालमा धसिए ।

दोहा–लोभु न रामहि राज कर बहुत भरत पर प्रीति ।
मैं बड़ छोट बिचारि जियँ करत रहेउँ नृपनीति ।।३१।।

रामचन्द्रलाई राज्यको लोभ छैन, भरतमाथि धेरै प्रेम छ (त्यसो भए रामलाई राज्य दिन किन आँटेको त ? भनौली नि) म ता मनमा जेठो कान्छो विचार गरेर राजनीति (राजाले गर्नुपर्ने कर्तव्य) पो गर्न लागेको थिएँ (बुझ्नु न सुझ्नु उसै रिसाउन हुन्छ ?) ॥ ३१ ॥

चौ०–रामसपथ सत कहउँ सुभाऊ ❀ राममातु कछु कहेउ न काऊ ।।१।।
मैं सबु कीन्ह तोहि बिनु पूछें ❀ तेहि तें परेउ मनोरथु छूछें ।।२।।
रिस परिहरु अब मंगल साजू ❀ कछु दिन गएँ भरत जुवराजू ।।४।।
एकहिं बात मोहि दुखु लागा ❀ बरु दूसर असमंजस मागा ।।४।।

(यस विषयमा) रामकी आमा कौशल्याले अलिकति केही भनेकी रहिछन्भने म सरासर रामको शपथ शयफेर गर्न सक्छु (राम भन्न नपाऊँ) ॥ १ ॥ तिमीलाई नसोधी मैले सब (प्रबन्ध) गरेको हुँ , त्यसैले ता सबै मनोरथ फुस्सा भए ॥ २ ॥ अब रिस छाड, मंगल सार्जाम सजाऊ, केही दिन गएपछि (मानिस आवत-जावत गर्ने म्यादअनुसार) भरत युवराज हुन्छन् (धन्दा नमान) ॥ ३ ॥ एउटा कुरामा मलाई दुःख लाग्यो, दोस्रो वर तिमीले असजिलो माग्यौ ॥ ४ ॥

अजहूँ हृदउ जरत तेहि आँचा ❀ रिस परिहास कि साँचेहु साँचा ।।५।।
कहु तजि रोषु राम अपराधू ❀ सबु कोउ कहइ रामु सुठि साधू ।।६।।
तुहूँ सराहसि कहसि सनेहू ❀ अब सुनि मोहि भयेउ संदेहू ।।७।।
जासु सुभाउ अरिहि अनुकूला ❀ सो किमि करिहि मातुप्रतिकूला ।।८।।

त्यही (तिम्रो दोस्रो वरको) आँचले ऐलेसम्म हृदय जलिरहेको छ। (तिमीले भनेको कुरा) रिसको ठट्टा हो कि ? साँच्चै साँच्चै हो ? (भन) ॥ ५ ॥ रीस छाडेर रामको अपराध बताऊ, सबैजना "राम बेश असल छन्" भन्दछन् ॥ ६ ॥ तिमी पनि सह्राउँथ्यौ, स्नेह गर्थ्यौ, ऐले पो (यो कुरा) सुन्दा मलाई सन्देह भयो ॥ ७ ॥ जसको स्वभाव शत्रुलाई पनि अनुकूल (हितकारी) छ, त्यो सकस आमाको (तिम्रो) प्रतिकूल (अहितकर्म) कसरी गर्ला ए ? ।।८।।

दोहा–प्रिया हास रिस परिहरहि मागु बिचारि बिबेकु ।
जेहिं देखौं अब नयन भरि भरत राज अभिषेकु ।।३२।।

प्यारी ! हँसीठट्टाको रीस छाड, विवेक विचार गरेर (संझेर बुझेर) माग, जसमा म भरतको राज्याभिषेक आँखाभरी देख्न पाउँ ॥ ३२ ॥

चौ०–जिऔ मीन बरु बारि बिहीना ❀ मनि बिनु फनिकु जिऔ दुखदीना ।।१।।
कहउँ सुभाउ न छलु मन माहीं ❀ जीवनु मोर राम बिनु नाहीं ।।२।।
समुझि देखु जियँ प्रिया प्रबीना ❀ जीवनु रामदरस आधीना ।।३।।

बरु पानी नहुँदा माछा बाँच्ला, मणि नहुँदा (मणि हराउँदा) सर्प पनि दुःखी दिग्दार भएर बाँच्ला, मेरा मनमा छल-कपट छैन, स्वभाव बताउँछु, रामविना मेरो जिन्दगी छैन ॥ १ ॥ २ ॥ प्यारी तिमी सिपालु (बुद्धि भएकी) छु संझेर मनमा विचार गर, (मेरो) जिन्दगी रामदर्शनको अधीन छ (रामलाई देख्न पाइनभने म बाँच्तिनँ”) ॥ ३ ॥ (दशरथका यी—)

सुनि मृदु बचन कुमति अति जरई ❀ मनहुँ अनल आहुति घृत परई ॥४॥
कहइ करहु किन कोटि उपाया ❀ इहाँ न लागिहि राउरि माया ॥५॥
देहु कि लेहु अजसु करि नाहीं ❀ मोहि न बहुत प्रपंच सोहाहीं ॥६॥

नरम वचन सुनेर कुबुद्धि कैकेयी खूब जलिन् (रिसले जरीमरी खाक भइन्) मानौं आगामा घिउको आहुति परेको हो कि (भनेजस्तो भयो) ॥ ४ ॥ (अनि) भन्न लागिन्— “करौडौं उपाय गर्नुहोस्, न, यहाँ तपाईंको माया (कपट) लाग्न सक्तैन ॥ ५ ॥ कि दिनुहोस्, कि “नाइँ–दिन्नँ” भनेर अवजस लिनुहोस् ; मलाई धेरै प्रपंच मन पर्दैन ॥ ६ ॥

रामु साधु तुम्ह साधु सयाने ❀ राममातु भलि सब पहिचाने ॥७॥
जस कौसिलाँ मोर भल ताका ❀ तस फलु उन्हहि देउँ करि साका ॥८॥

राम साधु (सज्जन), तपाईं पनि सज्जन र सिपालु, रामकी आमा भली भनेर सबैले चिन्हे (बुझ्नुभो ?) कौशल्याले जस्तो मेरो भलो ताकिन् (गर्न आँटिन्) त्यसै अनुसारको फल म उनलाई सट्टा दिने हुँ ॥ ७ ॥ ८ ॥

दोहा–होत प्रातु मुनिबेषु धरि जौं न रामु बन जाहिं ।
मोर मरनु राउर अजसु नृप समुझिअ मन माहिं ॥३३॥

(भोलि) उज्यालो हुँदा मुनिवेष धारण गरेर राम वन गएनन्‌भने, मेरो मरण र तपाईंको दुर्यश (साथसाथै) हुनेछ, राजा ! यो कुरा मनमा संझनुहोस् (जसो भनेकी थिई, उस्तै भयो नि” भनेर पछुताउन नपरोस्”) ॥ ३३ ॥ (क)

चौ०–अस कहि कुटिल भई उठि ठाढ़ी ❀ मानहु रोष तरंगिनि बाढ़ी ॥१॥
पाप पहार प्रगट भइ सोई ❀ भरी क्रोध जल जाइ न जोई ॥२॥
दोउ बर कूल कठिन हठ धारा ❀ भवँर कूबरी बचन प्रचारा ॥३॥
ढाहत भूप रूप तरु मूला ❀ चली बिपति बारिधि अनुकूला ॥४॥

यस्तो बोलेर कुटिल बुद्धि भएकी कैकेयी मानौं क्रोधकी नदी बढेकी हुन् कि भनेजस्तै गरेर उठेर खडा भइन् ॥ १ ॥ (कैकेयी क्रोधकी नदी नै हुन्, किनभने) ती पापरूपी पहाड-

---

(क) “भोलि विहान मृगचर्म र वृक्षका बोक्राको वस्त्र लाएर रामचन्द्र जंगलतर्फ रवाना भएनन्‌भने तिम्रा अगाडि म कि झुण्डिएर कि विष खाएर मर्नेछु” भनी कैकेयीले प्रतिज्ञा गरेकी छन् ।

वनं न गच्छेद्यदि रामचन्द्रः प्रभातकालेऽजिनचीरयुक्तः ।
उद्बन्धनं वा विषभक्षणं वा कृत्वा मरिष्ये पुरतस्तवाऽहम् ॥ (अध्या० २।३)

बाट प्रकट भएर क्रोधरूपी जलले भरिएकी हेर्न नसकिने (भयङ्कर = प्रचण्ड) थिइन्, (तिनले मागेका) दुई वर २ तीररूपी थिए, तिनको हठ (ढिपी) धारा (प्रवाहरूप) थियो, कुब्री (मन्थरा) का अर्ती शिक्षाका वचन प्रपञ्च (त्यस नदीका) भुँवरीरूप थिए, (त्यो क्रोधनदी) राजा दशरथरूपी वृक्षको मूललाई ढाल्दै (निर्मूल गर्दै) विपत्तिरूपी समुद्रतर्फ चली (प्रवाहित भई = बग्न लागी) ॥ २ ॥ ३ ॥ ४ ॥

लखी नरेस बात सब साँची ❀ तिय मिस मीचु सीस पर नाँची ॥५॥
गहि पद बिनय कीन्हि बैठारी ❀ जनि दिनकरकुल होसि कुठारी ॥६॥
मागु माथ अबहिं देउँ तोही ❀ रामबिरह जनि मारसि मोही ॥७॥
राखु राम कहुँ जेहि तेहि भाँती ❀ नाहि त जरिहि जनम भरि छाती ॥८॥

राजाले सबै कुरा साँचा देखे (ठाने) (अनि विचार गरे) "स्त्रीका बहानाले (मेरा) शिरमा मृत्यु नाच्न लाग्यो" (यति विचार गरेपछि कैकेयीका) पाउ समातेर विन्ति गरीकन (बल्लबल्ल) बसाए (अनि भने) "सूर्यकुलमा कुठार (बंचरो) नहोइदेऊ, (मेरो) शिर माग ऐल्यै (काटेर) तिमीलाई दिन्छु, रामको विरह (वियोग) पारेर मलाई नमार, जुनसुकै प्रकारले भए पनि रामलाई (यहीं) राख, होइनभने जन्मभर (तिम्रो) छाती जल्नेछ (पछुताउनेछ्यौ) ॥ ५ ॥ ६ ॥ ७ ॥ ८ ॥

दोहा–देखी ब्याधि असाधि नृपु परेउ धरनि धुनि माथ ।
कहत परम आरत बचन राम राम रघुनाथ ॥३४॥

राजा दशरथ व्याधि (कैकेयीको हठरोग) असाध्य (निको नहुने) देखेर शिर हल्लाउँदै (पृथ्वीमा) पछारिए, अति दुःखित भएर "राम ! राम ! राम ! रघुनाथ !" यो वचन बोल्न लागे ॥ ३४ ॥

चौ०–ब्याकुल राउ सिथिल सब गाता ❀ करिनि कलपतरु मनहु निपाता ॥१॥
कंठु सूख मुख आव न बानी ❀ जनु पाठीनु दीनु बिनु पानी ॥२॥

सबै शरीर शिथिल भएका, आकुल-व्याकुल भएका राजा दशरथ मानौं करिणीले (हस्तिनीले) ढालेका कल्पवृक्ष हुन् कि (भनेजस्ता भए) ॥ १ ॥ कण्ठ (गला) सुक्यो, मुखबाट वाक्य निस्केन, (राजा दशरथ) पानीविना दुःखित भएका (पानी नभएका ठाउँमा छटपटाउन लागेका) माछाजस्तै भए ॥ २ ॥

पुनि कह कटु कठोर कैकेई ❀ मनहुँ घाय महु माहुरु देई ॥३॥
जौं अंतहु अस करतबु रहेऊ ❀ मागु मागु तुम्ह केहि बल कहेऊ ॥४॥
दुइ कि होहिं एक समय भुआला ❀ हँसब ठठाइ फुलाउब गाला ॥५॥
दानि कहाउब अरु कृपनाई ❀ होइ कि खेम कुसल रौताई ॥६॥
छाड़हु बचनु कि धीरजु धरहू ❀ जनि अबला जिमि करुना करहू ॥७॥
तनु तिय तनय धामु धनु धरनी ❀ सत्यसंध कहुँ तृन सम बरनी ॥८॥

फेरि कैकेयी मानौं घाउमा विष दिन (हाल्न) लागेकी हुन् कि भनेजस्तो गरी कडा पिरा वचन बोल्न लागिन्। "यदि आखिरमा यस्तो कर्तव्य थियोभने, तपाईंले केका बलले माग माग भन्नुभएको हो ?॥ ३॥ ४॥ महाराज! खित्का छाडेर हाँस्नु र गाला फुलाएर ठुस्सिनु यी दुई कुरा एउटै समयमा हुन सक्तछन् र ?॥ ५॥ दानी कहलाउन पनि खोज्ने, कृपणता (खोटीपना) पनि गर्ने ?। शूरता भएपछि (सधैं) क्षेमकुशल हुन्छ र ?॥ ६॥ कि (आफूले बोलेको) वचन छाड्नुहोस्॥ ७॥ सत्यसन्ध (साँचो प्रतिज्ञा गर्ने) सकसका हकमा शरीर, स्वास्नी, छोरा-छोरी, घर, धन-दौलत, पृथ्वी यी सबै चीज तृणसमान हुन्छन् भनेको छ" ॥ ८॥

दोहा–मरम बचन सुनि राउ कह कहु कछु दोषु न तोर।
लागेउ तोहि पिसाच जिमि कालु कहावत मोर ॥३५॥

(कैकेयीका यस्ता) मर्मवचन (मुटुकलेजा छेड्ने कुरा) सुनेर राजाले भने "तिम्रो दोष केही पनि छैन, पिशाचजस्तै भएर मेरो काल तिमीलाई लागेको छ (सवार भएको = चढेको छ) त्यसैले यस्तो बकाएको हो ॥ ३५॥

चौ०–चहत न भरत भूपतहि भोरें ❀ बिधिबस कुमति बसी जिय तोरें ॥१॥
सो सबु मोर पाप परिनामू ❀ भयेउ कुठाहर जेहि बिधि बामू ॥२॥

भरत भुलेर (झुक्किएर) पनि राजपदवी चाहँदैन (इच्छा गर्दैन) (परन्तु) तिम्रा हृदयमा दैववश भएर कुमति बस्न आई॥ १॥ त्यो सबै मेरा पापको परिणाम (फल) हो, जसले गर्दा कुठाउँमा (कुसमयमा) दैव वाम (प्रतिकूल) भयो॥ २॥

सुबस बसिहि फिरि अवध सुहाइ ❀ सब गुन धाम राम प्रभुताई ॥३॥
करिहहिं भाइ सकल सेवकाई ❀ होइहि तिहुँ पुर रामबड़ाई ॥४॥
तोर कलंकु मोर पछिताऊ ❀ मुयेहुँ न मिटिहि न जाइहि काऊ ॥५॥

सुन्दर अयोध्यापुरी पनि फेरि राम्रै गरी बस्नेछ (गुल्जार हुनेछ)। (त्यहाँ) सबै गुणका निवास स्वरूप भएका रामको प्रभुता (राज्य) हुनेछ॥ ३॥ सबै भाई रामको सेवा गर्नेछन्, तीनै लोकमा रामको प्रशंसा हुनेछ, तिम्रो कलंक र मेरो पछितो मरेपछि पनि मेटिनेछैन, कहिल्यै जानेछैन॥ ४॥ ५॥

अब तोहि नीक लाग करु सोई ❀ लोचन ओट बैठु मुहु गोई ॥६॥
जब लगि जिअउँ कहउँ कर जोरी ❀ तब लगि जनि कछु कहसि बिहोरी ॥७॥
फिरि पछितैहसि अंत अभागी ❀ मारसि गाइ नहारू लागी ॥८॥

अब तँलाई जे मनपर्छ गर्, मुख छोपेर मेरा नजरको ओटमा (नदेखिने ठाउँमा) बस्॥ ६॥ हात जोरेर विन्ति गर्दछु कि जहाँसम्म म बाँच्तछु, तहाँसम्म फेरि केही नबोल्, अभागिनी फेरि अखिरमा पछुताउनेछस्, सिंहका निमित्त गाई मारिस् (गाई मारेर सिंहलाई पोस्न लागिस्, परन्तु स्वतन्त्र सिंह अर्कोले मारेर दिएको गोमांस खानापछि लाग्दैन, खालि गोहत्या मात्र

हुन जान्छ, त्यस्तै तैंले रामको घात गर्नु मात्रै हुनेछ त्यसरी दिएको राज्यलाई स्वतन्त्र-स्वधर्म-पालक भरतले स्वीकार गर्नेछैन) ॥ ७ ॥ ८ ॥ (क)

दोहा—परेउ राउ कहि कोटि बिधि काहे करसि निदानु ।
कपट सयानि न कहति कछु जागति मनहुँ मसानु ॥३६॥

राजा दशरथ करोडौं तरहले "किन (वंशको) ध्वंस गर्छेस्" भनेर पछारिए, (परन्तु) कपट गर्नामा बाठी भएकी कैकेयीले मानौं मसान जगाउन लागेकी हुन् कि भनेजस्तो गरी केही बोलिनन्, (मसान जगाउन आसन बाँधेर बसे पछि साधकले बोल्योभने विघ्न पर्दछ, त्यस्तै राज्यसिद्धि खोज्ने कैकेयीले कपट-मसान जगाउन खोजेका वेलामा कसरी बोल्नु ?) ॥ ३६ ॥

चौ०—राम राम रट बिकल भुआलू ❀ जनु बिनु पंख बिहंग बेहालू ॥१॥
हृदयँ मनाव भोरु जनि होई ❀ रामहि जाइ कहइ जनि कोई ॥२॥
उदउ करहु जनि रबि रघुकुलगुर ❀ अवध बिलोकि सूल होइहि उर ॥३॥
भूपप्रीति कैकइकठिनाई ❀ उभय अवधि बिधि रची बनाई ॥४॥

"राम राम" भनेर रट्ता रटता राजा दशरथ पखेटा उखेलिदिंदा बेहाल भएको पक्षी जस्तै विकल (बेहाल) भए ॥ १ ॥ (राजा दशरथ) "प्रातःकालै नहोस्, गएर रामलाई (यो कुरा) कसैले नभनोस्" यस्तो मनाउन लागे ॥ २ ॥ (राजा दशरथ सूर्यनारायणको प्रार्थना गर्न लागे कि) "भगवन् ! रघुकुलमूलपूरुष ! रवे ! उदय नगर्नुहोस् (नउदाउनुहोस्) (किनभने,) अयोध्याको अवस्था देखेर हजूरका हृदयमा ठूलो दर्द हुनेछ" ॥ ३ ॥ विधाताले खूब सजेर, राजाको (मुलायम) प्रेम र कैकेयीको (कठोर) निष्ठुरता यी दुइको अवधि (सीमा) रचे ॥ ४ ॥

बिलपत नृपहि भयेउ भिनुसारा ❀ बीना बेनु संख धुनि द्वारा ॥५॥
पढ़हिं भाट गुन गावहिं गायक ❀ सुनत नृपहि जनु लागहिं सायक ॥६॥
मंगल सकल सोहाहिं न कैसें ❀ सहगामिनिहि बिभूषन जैसें ॥७॥
तेहि निसि नीद परी नहि काहू ❀ रामदरस लालसा उछाहू ॥८॥

राजा दशरथले विलाप गर्दागर्दै प्रातःकाल भयो, ढोकामा वीणा, बाँसुरी, शंखको ध्वनि हुन लाग्यो ॥ ५ ॥ भाटहरू (कवित्त) पढ्न लागे, गवैयाहरू गुणगान गर्न लागे । (त्यो आवाज) सुन्दा राजालाई बाण लागेजस्तै भयो ॥ ६ ॥ (राज्याभिषेकका निमित्त तयार गरेका) सकल मङ्गल पदार्थ कसरी मन नपर्ने भएभने, ॥ ७ ॥ सहगामिनी (सती जाने स्त्री)

(क) कोही टीकाकार " नाहरूका निमित्त (जुत्ता प्रभृति सिउने नहर्नी बनाउनाका निमित्त) गाई मारिस् (त्यति तुच्छ चीजका निमित्त गाईको हत्या गरेजस्तो, पाजी राज्यका निमित्त रामको वनवास गरिस्)" यस्तो व्याख्यान गर्दछन् । कोही टीकाकार "नाहरू (बाजपक्षी) का निमित्त गाई मारिस्, बाजपक्षी गोमांस खाँदैन गोहत्या मात्र हुन जान्छ, गोमांसतुल्य संझेर भरतले राज्य लिनेछैन, खालि गाई-प्राणीजस्ता रामको इष्टघात मात्रै गर्न लागिस्" यस्तो व्याख्यान गर्छन् ।
सबै व्याख्यान उचित छन् ।

लाई जसरी (सौभाग्यका) गहना मन पर्दैनन् (त्यसै गरी)। रामचन्द्रजीका दर्शनको लालसाले र उत्सवका उत्साहले (गर्दा) त्यो रातमा कसैलाई निद्रा परेन ॥ ८ ॥

दोहा–द्वार भीर सेवक सचिव कहहिं उदित रबि देखि ।
जागेउ अजहुँ न अवधपति कारनु कवनु बिसेषि ॥३७॥

ढोकामा मन्त्रीहरूको र सेवकहरूको भीड भयो। सूर्य उदाएको देखेर तिनीहरू "अझ पनि अवधपति महाराज दशरथ जागा भएनन् कुन कारणविशेष होला" भन्न लागे ॥ ३७ ॥

चौ०–पछिलें पहर भूपु नित जागा ❀ आजु हमहिं बड़ अचरजु लागा ॥१॥
जाहु सुमंत्र जगावहु जाई ❀ कीजिअ काजु रजायसु पाई ॥२॥

"(रात्रिको) पछिल्ला पहरमा महाराज सधैं जागा हुन्थ्यो, आज हामीलाई बडो आश्चर्य लाग्यो (अझ जागा भएको छैन)। हे सुमन्त्र ! (मन्त्रिवर !) जानुहोस्, जागा गराउनुहोस्, आज्ञा पाएर काम गरौं" ॥ १ ॥ २ ॥ (यस्तो सबैको वचन सुने)

गये सुमंत्रु तब राउर माहीं ❀ देखि भयावन जात डेराहीं ॥३॥
धाइ खाइ जनु जाइ न हेरा ❀ मानहु बिपति बिषाद बसेरा ॥४॥
पूँछे कोउ न ऊतरु देई ❀ गये जेहि भवन भूप कैकेई ॥५॥

अनि सुमन्त्र राजाका समीप जान हिंडे। राजभवनको भयानकता देखेर डराउँदै जान लागे, मानौं (राजभवन) दौडेर खान्छ कि ? भनेजस्तो (भयानक थियो) हेर्न सकिदैनथ्यो, मानौं विपत्ति र विषादको डेरै हो कि ? (भनेजस्तो थियो) ॥ ३ ॥ ४ ॥ (सुमन्त्रले) सोधे कसैले उत्तर दिएन, (अनि) महाराज जहाँ हुनुहुन्थ्यो, उहीं कैकेयीभवनमा गए ॥ ५ ॥

कहि जय जीव बैठ सिर नाई ❀ देखि भूपगति गयेउ सुखाई ॥६॥
सोचबिकल बिबरन महि परेऊ ❀ मानहु कमल मूलु परिहरेऊ ॥७॥
सचिउ सभीत सकै नहि पूछी ❀ बोली असुभ भरी सुभ छूछी ॥८॥

(सुमन्त्रमन्त्री) "राजन् ! जय, राजन् ! जीव" भनेर शिर झुकाईकन बसे, राजाको अवस्था देखेर खंग्रङ्ग सुके ॥ ६ ॥ शोकले व्याकुल भएका, जमीनमा पडिरहेका, मानौं डाँठ नभएको (लत्रिरहेको) कमल हुन् कि (भनेजस्ता थिए)। मन्त्री भयभीत भए, सोध्न सकेनन्, (अनि कैकेयीले) अशुभले भरिएको शुभले शून्य भएको (झूटो) वचन बोलिन् ॥ ७ ॥ ८ ॥

दोहा–परी न राजहि नीद निसि हेतु जान जगदीसु ।
रामु रामु रटि भोरु किय, कहइ न मरमु महीसु ॥३८॥

"महाराजलाई राति निद्रा परेन, कारण परमेश्वर जानून्, रामराम रट्तारटतै उज्यालो पार्नुभयो (रात बिताउनुभयो), महाराज (त्यस कुराको) मर्म बताउनुहुन्न ॥ ३८ ॥

आनहु रामहि बेगि बोलाई ❀ समाचार तब पूँछेउ आई ॥१॥
चलेउ सुमंत्रु रायरुख जानी ❀ लखी कुचालि कीन्हि कछु रानी ॥२॥

रामलाई चाँडै बोलाएर ल्याऊ, आएपछि सबै समाचार (वृत्तान्त) सोधे" । (कैकेयीको वचन सुनेर) राजाको आशय (यस्तै होला) भनी जानीकन सुमन्त्र हिंडे, (परन्तु तिनले) "रानी कैकेयीले केही कुचाल गरिन्" भनेर लख गरे (ठहराए) ॥ १ ॥ २ ॥

सोचबिकल मग परइ न पाऊ ❀ रामहि बोलि कहिहि का राऊ ॥३॥
उर धरि धीरजु गयेउ दुआरें ❀ पूँछहिं सकल देखि मनु मारें ॥४॥
समाधानु करि सो सबही का ❀ गयेउ जहाँ दिनकर कुल टीका ॥५॥

(सुमन्त्र) शोकले व्याकुल (थिए), जाने बाटामा पाउ अघि सर्दैनथे, "रामलाई बोलाएर राजा के भन्ने हुन्" (यस्तो विचार गर्दथे) ॥ ३ ॥ (ती) हृदयमा धैर्य धारण गरेर राजद्वारमा पुगे, (तिनलाई) मनोहत (मन मरेका) देखेर सबैले सोध्न लागे ॥ ४ ॥ ती (सुमन्त्र) सबैका प्रश्नको समाधान गरेर जहाँ सूर्यकुलतिलक रघुनाथजी हुनुहुन्थ्यो (उहाँ) पुगे ॥ ५ ॥

राम सुमंत्रहि आवत देखा ❀ आदरु कीन्ह पिता सम लेखा ॥६॥
निरखि बदनु कहि भूपरजाई ❀ रघुकुलदीपहि चलेउ लवाई ॥७॥
रामु कुभाँति सचिव सँग जाहीं ❀ देखि लोग जहँ तहँ बिलखाहीं ॥८॥

रामजीले सुमन्त्रलाई आउन लागेको देख्नुभयो, पितृतुल्य गरेर आदर गर्नुभयो ॥ ६ ॥ रामजीको मुहार हेरेर राजाको आज्ञा सुनाएर (सुमन्त्र) रघुकुलदीप (रामचन्द्र) लाई (साथमा) लिएर (दशरथका समीपतर्फ) हिंडे ॥ ७ ॥ रामजी (फगत एउटा) मन्त्रीसंग नराम्रो तवरले (विनाठाठबाठ) जान लाग्नुभयो, (त्यो देखेर) जहाँ तहाँ मानिसहरू बिलखबन्द परे ॥ ८ ॥

दोहा–जाइ दीख रघुबंसमनि नरपति निपट कुसाजु ।
सहमि परेउ लखि सिंघिनिहि मनहु बृद्ध गजराजु ॥३९॥

रघुकुलमणि रामचन्द्रले गएर बिलकुल साजबाज नभएका (राजोचित अवस्थामा नरहेका) राजा दशरथलाई मानौं सिंहिनीलाई देखेर भयव्याकुल भएको बूढो हात्ती जस्तो देख्नुभयो ॥ ३९ ॥

चौ०–सूखहिं अधर जरइ सबु अंगू ❀ मनहुँ दीन मनिहीन भुअंगू ॥१॥
सरुष समीप दीखि कैकेई ❀ मानहु मीचु घरी गनि लेई ॥२॥
करुनामय मृदु रामसुभाऊ ❀ प्रथम दीख दुखु सुना न काऊ ॥३॥
तदपि धीर धरि समउ बिचारी ❀ पूँछी मधुर बचन महतारी ॥४॥

(राजाका) ओठ सुकिरहेका छन् , सब अङ्ग (संतापले) जलिरहेका छन् , मानौं राजा होइनन् , मणि हराएको हुनाले दुःखी भएका फणी (नाग) हुन् (भनेजस्ता छन्) ॥ १ ॥ क्रोधान्ध भएर राजाका समीपमा बसेकी कैकेयीलाई मानौं मरणकालको घडी गन्न लागेकी मृत्यु नै हो कि ? भनेजस्ती देख्नुभयो ॥ २ ॥ रामजीको स्वभाव दयामय कोमल थियो (उहाँले)

त्यो दुःख प्रथम देख्नुभयो (अघि देख्नुभएको थिएन)। (यस्तो दुःख) कहिल्यै सुन्नुभएको पनि थिएन, तथापि समयको विचार गरेर धैर्य धरीकन माता कैकेयीसंग मधुर वचनले सोध्नुभयो ॥ ३ ॥ ४ ॥

मोहि कहु मातु तात दुख कारनु ❀ करिअ जतनु जेहिं होइ निवारनु ॥५॥
सुनहु राम सबु कारनु एहू ❀ राजहि तुम्ह पर बहुत सनेहू ॥६॥
देन कहेन्हि मोहि दुइ बरदाना ❀ मागेउँ जो कछु मोहि सोहाना ॥७॥
सो सुनि भयेउ भूप उर सोचू ❀ छाडि न सकहिं तुम्हार सँकोचू ॥८॥

"हे माता ! पिताका दुःखको कारण मलाई भन्नुहोस्, जसबाट दुःखको निवारण हुन्छ, त्यो यत्न गरौं" ॥ ५ ॥ (रामजीको यो वचन सुनेर कैकेयी भन्नलागिन्) "राम ! सुन, सबै कारण यही हो (के भने) तिम्रा उपर महाराजको स्नेह ज्यादा छ ॥ ६ ॥ मलाई दुइ वरदान दिन्छु भन्नुभएको थियो, मलाई जो कुछ इष्ट थियो (त्यो) मैले मागें, त्यो सुनेर महाराजका हृदयमा सुर्ता परेको छ, तिम्रो संकोच छाड्न सक्नुहुन्न ॥ ७ ॥ ८ ॥

दोहा–सुतसनेहु इत बचनु उत संकट परेउ नरेसु ।
सकहु त आयसु धरहु सिर मेटहु कठिन कलेसु ॥४०॥

यता छोराका उपरको स्नेह, उता प्रतिज्ञाको वचन, महाराजलाई संकष्ट पर्‍यो, सक्छौ भने (पिताको) आज्ञालाई शिरसा धारण गर, कठोर संकष्टलाई मेटिदेउ ॥ ४० ॥

चौ०–निधरक बैठि कहै कटु बानी ❀ सुनत कठिनता अति अकुलानी ॥१॥
जीभ कमान बचन सर नाना ❀ मनहुँ महिपु मृदु लछ समाना ॥२॥
जनु कठोरपनु धरें सरीरू ❀ सिखइ धनुषबिद्या बर बीरू ॥३॥
सबु प्रसंगु रघुपतिहि सुनाई ❀ बैठि मनहुँ तनु धरि निठुराई ॥४॥

कैकेयी निर्धक्क भएर बसीकन कठोर वचन बोल्दथिन्, त्यो सुन्दा खास कठोरता पनि व्याकुल हुन्थ्यो (अरू मानिसको के कुरा ?)। कैकेयीको जिभ्रो मानौं कमान (धनु) थियो, नाना प्रकारका वचन नाना प्रकारका बाण थिए, राजा दशरथ कोमल लक्ष्य (तारो) थिए, मानौं खास निष्ठुरता नै शरीर धारण गरेर श्रेष्ठ वीरस्वरूप भईकन धनुर्विद्या सिक्न लागेको हो कि ? (भन्ने भान हुन्थ्यो) (धनुर्विद्याको अभ्यास गर्नेले कमलो तारो राखेर त्यसमा वारंवार बाणप्रहार गर्नुपर्दछ, यहाँ खास निष्ठुरतारूपी धनुर्विद्याको छात्रले कैकेयीको जिभ्रालाई धनु, वचनलाई बाण बनाएर दशरथरूपी कोमल तारामा बार बार प्रहार गर्न लाग्यो) ॥ १ ॥ २ ॥ ३ ॥ रघुनाथजीलाई सबै कुराको प्रसङ्ग सुनाएर मानौं शरीर धारण गरेकी खास निष्ठुरता नै हो कि भनेजस्तो गरी कैकेयी (वर लिनाका निमित्त पोल्टो पसारेर) बसिन् ॥ ४ ॥

मन मुसुकाइ भानुकुल भानू ❀ रामु सहज आनंदनिधानू ॥५॥
बोले बचन बिगत सब दूषन ❀ मृदु मंजुल जनु बागबिभूषन ॥६॥

भानुकुलमा-भानु (सूर्य) तुल्य भएका रघुनाथजी स्वभावसिद्ध भएका आनन्दका निधान (खानि)-स्वरूप हुनुभएको हुनाले मनै मनमा हाँसेर सर्वदोषरहित भएको, कोमल मनोहर, मानौं वाग्देवताको गहना नै हो कि ? भनेजस्तो वचन बोल्न लाग्नुभयो ॥ ५ ॥ ६ ॥

सुनु जननी सोइ सुतु बड़ भागी ❀ जो पितु मातु बचन अनुरागी ॥७॥
तनय मातु पितु तोषनिहारा ❀ दुर्लभ जननि सकल संसारा ॥८॥

हे माता ! सुन्नुहोस् , जो पुत्र पिता माताका वचनमा प्रेमी छ (प्रेमपूर्वक वचनको पालन गर्दछ) त्यही पुत्र बडो भाग्यवान् हो । हे जननी ! आमाबाबुलाई संतुष्ट पार्ने पुत्र सकल संसारमा दुर्लभ छ ॥ ७ ॥ ८ ॥

दोहा–मुनिगन मिलनु बिसेषि बन सबहि भाँति हित मोर ।
तेहि पर पितु आयेसु बहुरि संमत जननी तोर ॥४१॥

हे जननी ! सब तरहले मेरो हित हुने मुनिसमूहको भेटघाट विशेष गरेर वनैमा हुन्छ, त्यसमाथि फेरि पिताको आज्ञा, त्यसमाथि पनि हजूरको मनपरेको कुरा, (यसरी वनवास पाउनु ता मेरो अहोभाग्य ! हो) ॥ ४१ ॥

चौ०–भरतु प्रानप्रिय पावहिं राजू ❀ बिधि सब बिधि मोहि सनमुख आजू ॥१॥
जौं न जाउँ बन ऐसेहुँ काजा ❀ प्रथम गनिअ मोहि मूढ़ समाजा ॥२॥
सेवहिं अरँडु कलपतरु त्यागी ❀ परिहरि अमृतु लेहिं बिषु मागी ॥३॥
तेउ न पाइ अस समउ चुकाहीं ❀ देखु बिचारि मातु मन माहीं ॥४॥

(मेरा) प्राणप्यारा भरत राज्य पाउन्, आज विधाता सब तरहले मेरा सन्मुख (अनुकूल) भए ॥ १ ॥ यस्तो कामका निमित्त (पिताको आज्ञा संपादन, माताको मनोरथ पूरण, मुनिजनको दर्शनप्राप्ति, यिनका निमित्त) म वन गइनँभने, मलाई समाजले मूर्खमा पहिलो गन्नेछ (प्रथम श्रेणीको = पहिला लम्बरको मूर्ख ठहरिनेछु) ॥ २ ॥

जो मूर्खहरू कल्पवृक्षलाई छाडेर अरिंडको सेवा गर्दछन् , जो मूर्खहरू अमृतलाई मिल्काईकन विष मागेर लिन्छन् , तिनीहरू पनि यस्तो मौका पाएर चुक्नेछैनन् , आमा ! मनमा विचार गरी हेर्नुहोस्न ॥ ३ ॥ ४ ॥

अंब एकु दुखु मोहि बिसेषी ❀ निपट बिकल नरनायकु देखी ॥५॥
थोरिहि बात पितहि दुखु भारी ❀ होति प्रतीति न मोहि महतारी ॥६॥

मुमा ! महाराजलाई बिलकुल ब्याकुल भएको देख्ता मलाई एउटा दुःख ज्यादै नै लागिरहेछ, थोरै कुरामा (सानो कुरामा) पिताजीलाई ठूलो दुःख ? हे जननी ! (यस्तो हुँदाभने हजूरले भनेको कुरामा अलिलि) पत्यार लाग्दैन ॥ ५ ॥ ६ ॥

राउ धीरु गुन उदधि अगाधू ❀ भा मोहि तें कछु बड़ अपराधू ॥७॥
जातें मोहि न कहत कछु राऊ ❀ मोरि सपथ तोहि कछु सति भाऊ ॥८॥

महाराज धैर्य गुणका अगाध समुद्र होइबक्सिन्थ्यो, मबाट केही ठूलो अपराध भएछ

कि क्या हो ? जुन अपराधले गर्दा महाराज मलाई केही भन्नुहुन्न । मुमा ! हजूरलाई मेरो शपथ छ साँचो भन्नुहोस्" ॥ ७ ॥ ८ ॥

दोहा–सहज सरल रघुबरबचन कुमति कुटिल करि जान ।
चलइ जोंक जस बक्र गति जद्यपि सलिलु समान ॥४२॥

(यस्ता प्रकारको) स्वभावैले सरल (सोझो) भएको रघुनाथजीको वचनलाई कुबुद्धि भएकी कैकेयीले कुटिल (कपटपूर्ण) भनेर जानिन् (वनवासको तारीफ गरेको मलाई भ्रम पार्नाका निमित्तै हो" भनिठानिन्) । (ठीकै हो) जस्तै कुटिल भएको जूगो यद्यपि पानी सम्म रहन्छ तापनि (त्यसमाथि) टेढो गतिले हिंड्छ (टेढाले टेढै चाल लिन्छ) ॥ ४२ ॥

चौ०–रहसी रानि रामरुख पाई ❀ बोली कपटसनेहु जनाई ॥१॥
सपथ तुम्हार भरत कइ आना ❀ हेतु न दूसर मैं कछु जाना ॥२॥

रानी कैकेयीले रामजीको रुख (आशय) पाइन् र खुशी भइन्, (अनि) कपटको स्नेह जनाएर बोल्न लागिन् "(राम) तिम्रो र अरू भरतको शपथ छ, मैले अर्को कारण केही जानेकी छैन ॥ १ ॥ २ ॥

तुम्ह अपराधजोगु नहीं ताता ❀ जननी जनक बंधु सुखदाता ॥३॥
राम सत्य सबु जो कछु कहहू ❀ तुम्ह पितु मातु बचन रत अहहू ॥४॥

बाबु ! तिमी अपराधयोग्य छैनौ, माता-पिता-बान्धवलाई सुखदाता छौ । हे राम ! तिमी जो कुछ भन्दछौ त्यो सबै कुरा साँचो हो । तिमी पिता र माताका वचनमा रत (तत्पर) छौ ॥ ३ ॥ ४ ॥

पितहि बुझाइ कहहु बलि सोई ❀ चौथें पन जेहिं अजसु न होई ॥५॥
तुम्ह सम सुअन सुकृत जेहिं दीन्हे ❀ उचित न तासु निरादरु कीन्हे ॥६॥

हे राम ! पिताजीलाई बुझाएर त्यही कुरा गर, जसमा (पिताजीको) वृद्धावस्थामा दुर्यश नहोस् ॥ ५ ॥ जुन-पुण्यले तिमीजस्तो सत्पुत्र दियो, त्यही सत्यभाषणरूप पुण्यको अनादर गर्नु उचित छैन ॥ ६ ॥

लागहिं कुमुख बचन सुभ कैसे ❀ मगह गयादिक तीरथ जैसे ॥७॥
रामहि मातुबचन सब भाए ❀ जिमि सुरसरिगत सलिल सुहाए ॥८॥

कैकेयीका अशुभ मुखबाट निस्केका यी वचन कसरी शुभ लाग्ने भएभने (अपवित्र) मगधदेशबाट उत्पन्न भएका गया प्रभृति पवित्र तीर्थ जस्तै । रामजीलाई माता कैकेयीका यी सबै वचन गङ्गाजीका प्रवाहमा रहेका सुन्दर जल जस्तै मनपरे ॥ ७ ॥ ८ ॥

दोहा–गइ मुरुछा रामहि सुमिरि नृप फिरि करवट लीन्हि ।
सचिव राम आगमनु कहि बिनय समय सम कीन्हि ॥४३॥

मूर्छा हट्यो, राजाले रामजीलाई संझेर करवट लिए (कोल्टो फेरे), (अनि) मंत्रीले रामजीको आगमन विन्ति गरे समयानुसारको विनय गरे ॥ ४४ ॥

चौ०–अवनिप अकनि रामु पगु धारे ❀ धरि धीरजु तब नयन उघारे ॥१॥
सचिव सँभारि राउ बैठारे ❀ चरन परत नृप रामु निहारे ॥२॥
लिये सनेहविकल उरलाई ❀ गइ मनि मनहुँ फनिक फिरि पाई ॥३॥

राजा दशरथले जब रामजी आएको सुने, अनि धैर्यधारण गरेर नजर खोले ॥ १ ॥ मन्त्रीले राजालाई सह्मालेर बसाए, राजाले पाउ परेका रामजीलाई देखे ॥ २ ॥ स्नेहव्याकुल भएर रामलाई छाती लाए (आलिंगन गरे) मानौं नागले हराएको मणि फेरि पाएको हो कि ? (भनेजस्तो भयो) ॥ ३ ॥

रामहि चितइ रहेउ नरनाहू ❀ चला बिलोचन बारिप्रबाहू ॥४॥
सोक बिबस कछु कहइ न पारा ❀ हृदयँ लगावत बारहि बारा ॥५॥
बिधिहि मनाव राउ मन माहीं ❀ जेहिं रघुनाथ न कानन जाहीं ॥६॥

राजा दशरथ रामजीलाई हेरिरहन लागे, नेत्रबाट जलप्रवाह चल्यो ॥ ४ ॥ शोकविवश भएर केही कुरा सिद्धाउन सकेनन्, वारंवार रामजीलाई हृदयमा लगाउन लागे ॥ ५ ॥ राजा दशरथ मनै मनमा विधातालाई मनाउँदथे, जसमा रघुनाथजी जङ्गल नजाउन् ॥ ६ ॥

सुमिरि महेसहि कहइ निहोरी ❀ बिनती सुनहुँ सदासिव मोरी ॥७॥
आसुतोष तुम्ह अवढर दानी ❀ आरति हरहु दीन जनु जानी ॥८॥

महादेवलाई संझेर निहोरा (प्रार्थना) गर्दथे "हे सदाशिव ! मेरो विन्ति सुन्नुहोस्, तपाईं आशुतोष (चाँडै खुशी हुने) र अवढरदानी (अरूले दिन नसकिने कुरा दिने) हुनुहुन्छ (तसर्थ मलाई) दीन दुःखीजन जानेर पीडा हर्नुहोस् ॥ ७ ॥ ८ ॥

दोहा–तुम्ह प्रेरक सब कें हृदयँ सो मति रामहि देहु ।
बचनु मोर तजि रहहिं घर परिहरि सीलु सनेहु ॥४४॥

(हे शंकर !) तपाईं सबैका हृदयको प्रेरणा गर्ने हुनुहुन्छ, रामजीलाई त्यो मति दिनुहोस्, (जुन मतिले) मेरो वचन छाडेर (नमानेर) घरमा रहून्, (आफ्नो) शील-स्नेह छाडून् ॥ ४४ ॥

चौ०–अजसु होउ जग सुजसु नसाऊ ❀ नरक परौं बरु सुरपुरु जाऊ ॥१॥
सब दुख दुसह सहावहु मोहीं ❀ लोचन ओट रामु जनि होहीं ॥२॥

जगत्मा अपयश होस्, सुयश नष्ट होस्, स्वर्ग भर्सेला परोस्, बरु नरकमा परौं, विधाताले (मलाई) दुःसह भएका (अरू) सबै दुःख सहाऊन्, (परन्तु) रामजी नेत्रका ओट (अप्रत्यक्ष) नहोउन्" ॥ १ ॥ २ ॥

अस मन गुनइँ राउ नहि बोला ❀ पीपरपात सरिस मन डोला ॥३॥

रघुपति पितहि प्रेमबस जानी ❀ पुनि कछु कहिहि मातु अनुमानी ॥४॥
देस काल अवसर अनुसारी ❀ बोले बचन बिनीत बिचारी ॥५॥

राजा दशरथ मनमा यस्तो गुनिरहे, केही बोलेनन्, (तिनको) मन पीपलको पातजस्तो चञ्चल थियो ॥ ३ ॥ रामचन्द्रजीले पितालाई प्रेमव्याकुल भएको जानेर माता (कैकेयी) फेरि केही भन्दछिन् कि भनी ठानेर देश काल मौका अनुसारको वचन विचार गरीकन नम्र भएर बोल्नुभयो ॥ ४ ॥ ५ ॥

तात कहौं कछु करौं ढिठाई ❀ अनुचितु छमब जानि लरिकाई ॥६॥
अति लघु बात लागि दुखु पावा ❀ काहु न मोहि कहि प्रथम जनावा ॥७॥
देखि गोसाइँहि पूँछिउँ माता ❀ सुनि प्रसंगु भये सीतल गाता ॥८॥

पिताजी ! केही बोल्दछु, धृष्टता गर्दछु, (मेरो) लड़कपना (केटाकेटी प्रकृति) संझेर अनुचित (बोलेकोमा) क्षमा गर्नुहोला । (के भने ?) साह्रै सानु कुराका लागि दुःख पाउनुभयो, पहिल्यै मलाई भनेर किन जनाउनुभएन ? ॥ ६ ॥ ७ ॥ हजूरलाई देखेर माताजीसँग सोधें, कुराको प्रसंग सुन्दा शरीरका अवयव र ठण्डा भए, (यति जाबो कुराका निमित्त हजूरलाई संताप परेको रहेछ भन्ने थाहा पाएँ, थाहा पाउनाका साथ मेरो ताप हऱ्यो, यो कत्रो कुरा हो र ?) ॥ ८ ॥

दोहा–मंगल समय सनेहबस सोचु परिहरिअ तात ।
आयेसु देइअ हरषि हिय कहि पुलके प्रभुगात ॥४५॥

"मंगलको समयमा (प्रतिज्ञा पूर्ण पारेर खुशी हुने वेलामा) स्नेहवश (हुनुहुन्छ ?) पिताजी ! शोक सुर्ता छाडिदिनुहोस्, हृदयमा हर्षित भएर आज्ञा दिनुहोस् ।" यो वचन बोलेर रामचन्द्रजी शरीरमा रोमाञ्चित हुनुभयो ॥ ४५ ॥ (अनि बोल्नुभयो)

चौ०–धन्य जनमु जगतीतल तासू ❀ पितहि प्रमोदु चरित सुनि जासू ॥१॥
चारि पदारथ करतल ताकें ❀ प्रिय पितु मातु प्रान सम जाकें ॥२॥
आयेसु पालि जनमफलु पाई ❀ ऐहौं बेगिहिं होउ रजाई ॥३॥

"जसको चरित्र सुनेर पितालाई आनन्द हुन्छ, पृथ्वीतलमा त्यसैको जन्म धन्य हो ॥ १ ॥ माता र पिता जुन सकसका प्राणसमान (प्यारा) छन्, धर्म-अर्थ-काम-मोक्ष यी ४ पुरुषार्थ त्यसै सकसका करतलगत (स्वाधीन) हुन्छन् । आज्ञाको पालन गरेर जन्मको फल पाईकन चाँडै आउँला, आज्ञा होस् ॥ २ ॥ ३ ॥

बिदा मातु सन आवौं मागी ❀ चलिहौं बनहि बहुरि पग लागी ॥४॥
अस कहि रामु गवनु तब कीन्हा ❀ भूप सोकबस उतरु न दीन्हा ॥५॥

माताजीसँग बिदा मागेर फेरि आउँछु र (हजूरको) पाउ परेर जङ्गलतर्फ जान्छु । यसो भनेर रामजी हिंडनुभयो, शोकवश भएका राजाले केही उत्तर दिएनन् ॥ ४ ॥ ५ ॥

नगर ब्यापि गइ बात सुतीछी ❀ छुअत चढ़ी जनु सब तन बीछी ॥६॥

सुनि भये बिकल सकल नर नारी ❀ बेलि बिटप जिमी देखि दवारी ॥७॥
जो जहँ सुनइँ धुनइँ सिरु सोई ❀ बड़ ब्रिषादु नहि धीरजु होई ॥८॥

अत्यन्त तीक्ष्ण (तीखो) भएको यो कुरा छुनेबित्तिकै ब्रिच्छीको विष शरीरभरमा फैलिएझैं शहरभरमा फैलियो (शहरवासीहरू बिच्छीले टोकेजस्ता भए) ॥ ६ ॥ डढेलालाई देख्ता लता र वृक्ष व्याकुल भएझैं (यो कुरा) सुन्दा सकल नरनारीहरू व्याकुल भए। जो जहाँ सुन्दथ्यो त्यो (त्यहीं) शिर हल्लाउन लाग्दथ्यो, बडो दुःख भयो, धैर्य भएन ॥ ७ ॥ ८ ॥

दोहा–मुख सुखाहिं लोचन स्रवहिं सोकु न हृदयँ समाइ ।
मनहुँ करुनरस कटकई उतरी अवध बजाइ ॥४६॥

(सबैका) मुख सुकिरहेका छन्, आँसु बगिरहेका छन्, हृदयमा शोक अटाउँदैन, मानौं करुणरसको फौज दुन्दुभी बजाएर अयोध्यामा उत्रेको हो कि ? (भनेजस्तो भयो) ॥ ४६ ॥

चौ०–मिलेहिं माँझ बिधि बात बेगारी ❀ जहँ तहँ देहिं कैकइहि गारी ॥१॥
येहि पापिनिहि बूझि का परेऊ ❀ छाइ भवन पर पावकु धरेऊ ॥२॥
निज कर नयन काढ़ि चह दीखा ❀ डारि सुधा बिषु चाहत चीखा ॥३॥
कुटिल कठोर कुबुद्धि अभागी ❀ भइ रघुबंस बेनु बन आगी ॥४॥

(नगरनिवासीहरू भन्नलागे) "माझ भेट्टाउनेबित्तिकै (आनन्दको मध्य अवस्थामा) विधाताले मामला बिगारिदियो" (यसो भन्दै) जहाँतहाँ कैकेयीलाई गाली दिन (गाली गर्न) लागे ॥ १ ॥—"यो पापिनीलाई के समुझ पर्‍यो ?" छाइसकेको घरमा आगो (पो) राखी ए ! ॥ २ ॥ आफ्ना हातले आफ्ना आँखा झिकेर बत्ती खोज्दिरहिछ, अमृत मिल्काएर विष चाख्न, खोज्दिरहिछ ॥ ३ ॥ कपटिनी, निष्ठुरा, कुबुद्धि, अभागिनी, (यो) रघुकुलरूपी बाँसका वनमा आगो (भई) ॥ ४ ॥

पालव बैठि पेड़ु येहि काटा ❀ सुख महुँ सोकठाटु धरि ठाटा ॥५॥
सदा रामु येहि प्रान समाना ❀ कारन कवन कुटिलपनु ठाना ॥६॥

यसले पालुवामा बसेर (पालुवाको आड गरेर) वृक्ष काटी, सुखमा शोकको ठाँट गरेर (शोकको बाना गरेर) ठाँटिई ॥ ५ ॥ यी कैकेयीलाई रामचन्द्र सदा सर्वदा प्रानसमान प्यारा थिए, आज यिनले कुन कारणले कुटिलता गर्न लागिन् ॥ ६ ॥

सत्य कहहिं कबि नारिसुभाऊ ❀ सब बिधि अगहु अगाध दुराऊ ॥७॥
निज प्रतिबिंबु बरुकु गहि जाई ❀ जानि न जाइ नारिगति भाई ॥८॥

कविहरूले "स्त्रीको स्वभाव, सब्ब तरहबाट अगम, अगाध, गुप्त हुन्छ" भनी साँचो भनेका छन्। बरु आफ्नो प्रतिबिम्ब समात्न सकिएला, भाइहो, स्त्रीहरूको गति (चरित्र) जान्न सकिदैन ॥ ७ ॥ ८ ॥

दोहा–काह न पावकु जारि सक का न समुद्र समाइ ।
का न करइ अबला प्रबल केहि जग कालु न खाइ ॥४७॥

आगाले कसलाई जलाउन सक्तैन ?, समुद्रमा के अटाउँदैन ? जबर्दस्त भएकी स्त्री कुन कुरा गर्न सक्तिन ?, जगतमा कालले कसलाई खाँदैन ? ॥ ४७ ॥

चौ०–का सुनाइ बिधि काह सुनावा ❀ का देखाइ चह काह देखावा ॥१॥
एक कहहिं भल भूप न कीन्हा ❀ बरु बिचारि नहि कुमतिहि दीन्हा ॥२॥
जो हठि भयेउ सकल दुख भाजनु ❀ अबला बिबस ग्यानु गुनु गा जनू ॥३॥

"विधाताले के सुनाएर के सुनायो ? के देखाउन खोजेर के देखायो ?" ॥ १ ॥ कोही भन्दछ कि–राजाले असल (काम) गरेनन्, कुबुद्धि भएकी कैकेयीलाई विचार गरेर वर दिएनन् । किनभने, हठ (ढिपी) का कारणले (राजा) सकल दुःखका पात्र हुन आए । स्त्रीको वश परेर ज्ञान र गुणको नाश गरे ॥ २ ॥ ३ ॥

एक धरमपरमिति पहिचाने ❀ नृपहि दोसु नहिं देहिं सयाने ॥४॥
सिबि दधीचि हरिचंद कहानी ❀ एक एक सन कहहिं बखानी ॥५॥

कोही चतुर धर्मको प्रमाण (मर्यादा) जान्ने मानिस राजालाई दोष दिंदैनथे, कोही कोहीसँग शिवि दधीचि हरिश्चन्द्रको कथा विस्तारपूर्वक भन्नलागे ॥ ४ ॥ ५ ॥ (क)

एक भरत कर संमत कहहीं ❀ एक उदास भाय सुनि रहहीं ॥६॥
कान मूदि कर रद गहि जीहा ❀ एक कहहिं एह बात अलीहा ॥७॥
सुकृत जाहिं अस कहत तुम्हारे ❀ राम भरत कहुँ प्रानपिआरे ॥८॥

कोही (रामजीलाई धपाउनामा) भरतको संमति छ भन्ने भए, कोही उदासीन भावले सुनिरहने भए (यसोउसो केही नभनेर टोलाइरहे) ॥ ६ ॥ कोही (समुझदार) दुई हातले कान थुनेर दाँतले जिभ्रो दबाएर "यो कुरा झूटो हो, यसो भन्दा तिमीहरूको धर्म नष्ट हुनेछ, रामजी भरतजीका परम प्यारा छन्, ॥ ७ ॥ ८ ॥

(क) शिवि र दधीचिको कथा ४०३,४०४ पत्रमा लेखिएको छ, उहीं हेर्नू । सूर्यवंशमा अघि हरिश्चन्द्र नाम भएका धर्मात्मा राजा थिए, एकफेर वशिष्ठजीले विश्वामित्रसँग हरिश्चन्द्रका सत्यभाषणका श्रेष्ठताको विषयमा कुरा गरे । राजाको परीक्षा लिनाका निमित्त विश्वामित्रले अनेक यत्न गरे, अर्थात् जम्मै साम्राज्य दान गराएर लिए, त्यसको दानप्रतिष्ठाको चुक्ती गर्न भाका दिए । सत्यवादी राजा हरिश्चन्द्रले रानी र छोरा बेचेर दानप्रतिष्ठाको दाम अलिकति चुक्ती गरे, बाँकीका निमित्त आफूसमेत चण्डाल (पोडे) को हातमा बेचिए । काशीपुरीमा चण्डालको नोकर भएर श्मशानको कर (दस्तूर) असूल गर्ने काम लिएर बसे। यिनको बेचेको छोरो सर्पले डसेर मर्‍यो, बाहुनका घरमा चाकर्नी भएर रहेकी रानीले त्यसलाई जलाउन श्मशानमा ल्याएर विलाप गर्न लागिन् । आखिरमा राजा हरिश्चन्द्रले आफ्नी रानी र मरेको छोरालाई चिन्हे, तैपनि आफ्नो सत्यवचन पूर्ण गर्नाका निमित्त दस्तूर नलिईकन छोरालाई जलाउन दिएनन् । सत्यवादिनी सतीसमाज पूजनीया महारानीले आफूले लाएको जीर्ण वस्त्र च्यातेर श्मशानको दस्तूर अदा गर्न लाग्दा भगवान् प्रकट हुनुभयो, हरिश्चन्द्रलाई सत्यवचन परिपालन गरेको उचित फल दिनुभयो ।

दोहा- चंदु चवई बरु अनलकन सुधा होइ बिष तूल ।
सपनेहुँ कबहुँ न करहिं कछु भरतु रामप्रतिकूल ॥४८॥

बरु चन्द्रमा आगाका कणाहरू चुहाउला, अमृत विषतुल्य होला, (परन्तु) भरतजी सपनामा पनि रामजीको प्रतिकूल (अहित) कहिल्यै पनि कोही पनि गर्नेछैनन्'' ॥ ४८ ॥ (भन्दथे)

चौ०-एक बिधातहि दूषन देहीं ❀ सुधा देखाइ दीन्ह बिषु जेहीं ॥१॥
खरभरु नगर सोचु सब काहू ❀ दुसह दाहु उर मिटा उछाहू ॥२॥

जसले अमृत देखाएर विष दियो, त्यही विधातालाई कोही दोष दिन लागे ॥ १ ॥ शहरभरमा खलबल (मच्चियो) सबैलाई शोक पर्‍यो, सबैका हृदयमा सन्ताप भयो, सबैको उत्साह मेटियो ॥ २ ॥

बिप्रबधू कुलमान्य जठेरी ❀ जे प्रिय परम कैकई केरी ॥३॥
लगीं देन सिख सीलु सराही ❀ बचन बान सम लागहिं ताही ॥४॥

ब्राह्मणीहरू, कुलका मान्य स्त्रीजनहरू, बूढ़ीपाकी स्त्रीहरू, र कैकेयीका परमप्रिय भएका अरू स्त्रीजनहरू जो थिए, ती सबै कैकेयीको शीलस्वभाव सह्राएर शिक्षा दिन लागे, (तर) तिनीहरूका वचन ती कैकेयीलाई बाणसमान लाग्दथे ॥ ३ ॥ ४ ॥ (सबै स्त्रीहरू भन्दथे कि-)

भरतु न मोहि प्रिय राम समाना ❀ सदा कहहु येहु सबु जगु जाना ॥५॥
करहु राम पर सहज सनेहू ❀ केहि अपराध आजु बनु देहू ॥६॥
कबहुँ न कियेहु सवति आरेसू ❀ प्रीति प्रतीति जान सबु देसू ॥७॥
कौसल्याँ अब काह बिगारा ❀ तुम्ह जेहि लागि बज्र पुर पारा ॥८॥

"तपाईं सदासर्वदा "मेरो रामबराबर भरत प्यारो छैन" भन्नुहुन्थ्यो, यो कुरा सबै जगतले जानेको छ, रामका उपर स्वाभाविक प्रेम गर्नुहुन्थ्यो, आज कुन अपराधले (रामजीलाई) वनवास दिनुहुन्छ ? ॥ ५ ॥ ६ ॥ कहिल्यै पनि सौतासँग सापत्नभाव (सौताहरूले गर्ने रीस = डाह) गर्नुभएन, (तपाईं सौता सौताहरूको) प्रीति-विश्वासलाई सब देश जान्दछ ॥ ७ ॥ अब कौशल्याले तपाईंको के बिगार गर्नुभयो ? जसका लागि तपाईंले अयोध्यानगरीमा वज्र पार्नुभयो ॥ ८ ॥

दोहा-सीय कि पियसँगु परिहरिहि लखनु कि रहिहहिं धाम ।
राजु कि भूँजब भरत पुर नृपु कि जिइहि बिनु राम ॥४९॥

के सीताजी प्रिय (राम) को साथ छाड्लिन् ? के लक्ष्मणजी घरमा रहलान् ? के भरतजी शहरमा राज्यको भोग गर्लान् ? के महाराज दशरथ रामचन्द्रविना बाँच्लान् ? ॥ ४९ ॥

चौ०–अस बिचारि उर छाड़हु कोहू ❀ सोक कलंक कोठि जनि होहू ॥१॥
भरतहि अवसि देहु जुवराजू ❀ कानन काह राम कर काजू ॥२॥
नाहिन रामु राज के भूखे ❀ धरमधुरीन बिषयरस रूखे ॥३॥

यस्तो मनले विचार गरेर क्रोध छाड्नुहोस्, शोक र कलङ्क (बदनामी) को कोठी (भकारी) नहुनुहोस् ॥ १ ॥ भरतजीलाई यौवराज अवश्य दिनुहोस् (त्यसमा हाम्रो उजूर छैन) वन जानामा रामको के काम ? (यहाँ बसेभने रामले उपद्रव मचाउनन् भन्नुहुन्छभने) रामचन्द्रजी राज्यका भोका हुनुहुन्न (राज्याभिलाषी हुनुहुन्न) (उहाँ ता) धार्मिक धुरन्धर र विषयरसका हकमा (विषयाभिलाषामा) रूखा (निःस्पृह) हुनुहुन्छ (के को डर ! तैपनि चित्त बुझ्दैनभने-) ॥ २ ॥ ३ ॥

गुरगृह बसहुँ रामु तजि गेहू ❀ नृप सन अस बरु दूसर लेहू ॥४॥
जौं नहि लगिहहु कहें हमारें ❀ नहि लागिहि कछु हाथ तुम्हारें ॥५॥

"आफ्नो घर छाडेर राम गुरुका आश्रममा बसून्" महाराजसँग दोस्रो वर यस्तो लिनुहोस् न (भैगयो नि) ॥ ४ ॥ यदि हामीले भनेजस्तो (बाटामा) लाग्नुहुन्न, (तब ता) तपाईंका हातमा केही लाग्ने छैन, (ढिपीपछि लाग्नुभयोभने तपाईंका दुवै हातमा फुस्सा रहला ?) ॥ ५ ॥

जौं परिहास कीन्हि कछु होई ❀ तौ कहि प्रगट जनावहु सोई ॥६॥
राम सरिस सुत काननजोगू ❀ काह कहिहि सुनि तुम्ह कहुँ लोगू ॥७॥
उठहु बेगि सोइ करहु उपाई ❀ जेहि बिधि सोकु कलंकु नसाई ॥८॥

यदि तपाईंले केही ठट्टा गरेको होभने (तब) त्यो कुरा भनेर प्रकट जनाउनुहोस् (ख्याल ख्याल गर्दैमा गाल पर्ने चाल गर्नु हुँदैन) ॥ ६ ॥ रामजस्ता छोरा जङ्गलवासका योग्य छन् ? (यो कुरा) सुनेर तपाईंलाई लोकले के भन्ला ? (विचार गर्नुहोस्) ॥ ७ ॥ झट्ट उठनुहोस् र जुन उपायले शोक र कलंक नष्ट हुन्छ, त्यही उपाय गर्नुहोस् ॥ ८ ॥

छन्द–जेहि भाँति सोकु कलंकु जाइ उपाय करि कुल पालही ।
हठि फेरु रामहि जात बन जनि बात दूसरि चालही ॥
जिमि भानु बिनु दिनु प्रान बिनु तनु चंद बिनु जिमि जामिनी ।
तिमि अवध तुलसीदास प्रभु बिनु समुझि धों जियँ भामिनी ॥२॥

जुन तरहले शोक र कलंक जान्छ (नष्ट हुन्छ) त्यो उपाय गरेर कुलको पालना गर्नुहोस् , वन जानलागेका रामलाई हठ गरेर फर्काउनुहोस् । दोस्रो कुरा चलाउँदै नचलाउनुहोस् सूर्यविना दिन जस्तो हुन्छ प्राणविना शरीर जस्तो हुन्छ, चन्द्रविना रात्रि जस्ती हुन्छे, (तुलसीदास भन्दछन्) प्रभु रामचन्द्रविना अयोध्यानगरी त्यस्तै हुनेछ, हे महारानी ! (यो कुरा) मनले सम्झनुहोस् ॥ २ ॥

सोरठा–सखिन्ह सिखावनु दीन्ह सुनत मधुर परिनाम हित ।
तेहिं कछु कान न कीन्ह कुटिल प्रबोधी कूबरीं ॥२॥

सुन्दामा मीठो, परिणाम (पछिपरन्तु) मा हित भएको शिक्षा सखीहरूले दिए, ती कैकेयीले त्यो कुरा कानमा पारिनन् (सुनिनन्) (किनभने–) कुटिल कुबरी मन्थराले (कसैका अर्ती–उपदेशपछि नलागे भनेर) बोध गराएकी थिई ॥ २ ॥

चौ०–उतरु न देइ दुसह रिस रूखी ❀ मृगिन्ह चितव जनु बाघिनि भूखी ॥१॥
ब्याधि असाधि जानि तिन्ह त्यागी ❀ चलीं कहत मतिमन्द अभागी ॥२॥

(कैकेयी) कडा रीसले रूखा भएर उत्तर नदिने भइन् , (ती) हरिण हेर्न लागेकी भोकाएकी बघिनीजस्ती (थिइन्) । सखी प्रभृति स्त्रीजनले त्यो हठरोग असाध्य जाने, तिनलाई छाडेर "मन्दवुद्धि, अभागिनी" भन्दै फर्के ॥ १ ॥ २ ॥

राजु करत येह दैअँ बिगोई ❀ कीन्हेसि अस जस करइ न कोई ॥३॥
येहि बिधि बिलपहिं पुर नर नारी ❀ देहिं कुचालिहि कोटिक गारी ॥४॥
जरहिं बिषम जर लेहिं उसासा ❀ कवनि राम बिनु जीवन आसा ॥५॥

"राज्य गर्दागर्दै यिनलाई दैवले बिगाऱ्यो, यिनले यस्तो गरिन्, जस्तो कोही पनि गर्दैन" ॥ ३ ॥ यस प्रकारले नगरका नरनारीहरू विलाप गर्न लागे, कुचालमा चलेकी कैकेयी-लाई करोडौं गाली दिन लागे ॥ ४ ॥ विषमज्वर चढेजस्ता भएर (ताता-ताता) सास फेर्न र "रामजीविना जिउनाको के आशा" (भन्न लागे) ॥ ५ ॥

बिपुल बियोग प्रजा अकुलानी ❀ जनु जलचरगन सूखत पानी ॥६॥
अति बिषाद बस लोग लोगाईं ❀ गये मातु पहिं रामु गोसाईं ॥७॥
मुखु प्रसन्न चित चौगुन चाऊ ❀ मिटा सोचु जनि राखइ राऊ ॥८॥

पानी सुक्दा जलचर जन्तु व्याकुल भए झैं रामजीका ठूला वियोगले प्रजाहरू व्याकुल भए ॥ ६ ॥ सबै स्त्री-पुरुषहरू अत्यन्त विषाद (खेद) ग्रस्त भए । प्रभु रामचन्द्रजी माता कौशल्याजीका समीप पुग्नुभयो ॥ ७ ॥ (उहाँको) मुख प्रसन्न थियो । चित्तमा चाव[1] (उत्साह) चतुर्गुण (चौगुना) थियो । राजा दशरथले राख्न ता राखोइनन् भन्ने सुर्ता शोक मेटिएको थियो[2] ॥ ८ ॥

दोहा–नव गयंदु रघुबीरमनु राजु अलान समान ।
छूट जानि बनगवनु सुनि उर अनंदु अधिकान ॥५०॥

---

(१) एक पिताको आज्ञा, दोस्रो कैकेयीको इष्टसिद्धि, तेस्रो प्यारा भरतलाई राज्यलाभ, चौथा वनमा ऋषि-मुनि-महात्माहरूको दर्शन, यति ४ कुरा हुने हुनाले उत्साह चतुर्गुण बढ्ता भयो ।

(२) आफूले मञ्जूर गरेर हिंड्दा पिता दशरथले "भो वन नजाउ" भन्न नसकेको हुनाले रोकियूँला भन्ने शोकसुर्ता मेटिएको थियो ।

रघुनाथजीको मन नयाँ हात्तीजस्तो (स्वच्छन्दताभिलाषी) थियो, राज्य आलान (हात्ती बाँध्ने मौलो) तुल्य हो। वन जानुपर्छ भन्ने कुरा सुन्दा मौलाबाट छुटें भनिठानेर रामजीको मन अधिक आनन्दित भयो ॥ ५० ॥

चौ०-रघुकुलतिलक जोरि दोउ हाथा ❀ मुदित मातुपद नायेउ माथा ॥१॥
दीन्हि असीस लाइ उर लीन्हे ❀ भूषन बसन निछावरि कीन्हे ॥२॥
बार बार मुख चुंबति माता ❀ नयन नेहजलु पुलकित गाता ॥३॥

रघुकुलतिलक रामचन्द्रजीले दुई हात जोरेर हर्षित भईकन माता कौशल्याका पाउमा शिर राख्नुभयो ॥ १ ॥ (कौशल्याले) आशिष दिनुभयो, छातीमा लगाउनुभयो, गहना र वस्त्र नेउछावर (प्रीतिदान) गर्नुभयो ॥ २ ॥ माता कौशल्या वारंवार रामजीका मुखको चुम्बन गर्न लाग्नुभयो। (उहाँको) नेत्रमा स्नेहजल (प्रेमाश्रु) र शरीरमा रोमाञ्च भयो ॥ ३ ॥

गोद राखि पुनि हृदयँ लगाये ❀ स्रवत प्रेमरस पयद सुहाये ॥४॥
प्रेमु प्रमोदु न कछु कहि जाई ❀ रंक धनदपदवी जनु पाई ॥५॥
सादर सुंदर बदनु निहारी ❀ बोली मधुर बचन महतारी ॥६॥

काखमा राखेर फेरि छातीमा लाउनुभयो। (उहाँका) सुन्दर स्तन प्रेमरस (प्रेमका प्रभावले पग्रेको दूध) चुहाउन लागे ॥ ४ ॥ प्रेम र आनन्दको केही वर्णन हुन सक्तैन। कंगालले कुवेरको पदवी पाएमा झैं अवर्णनीय आनन्द भयो ॥ ५॥ रघुनाथजीको सुन्दर भएको वदन (मुहार) हेरेर माता कौशल्याले मधुर वचन बोल्नुभयो ॥ ६ ॥

कहहु तात जननी बलिहारी ❀ कबहिं लगन मुद मंगलकारी ॥७॥
सुकृत सील सुख सींव सुहाई ❀ जनमलाभ कइ अवधि अघाई ॥८॥

"बाबा! राम! आमाको बलिहारी (शुभचिन्तना) छ, आनन्द र मङ्गल गर्ने राज्याभिषेकको लग्न (साइत) कैले हो? भन। (त्यो लग्न) पुण्यको, शीलको, सुखको, सुन्दर सीमा हो, जन्मलाभको पूर्ण अवधि हो ॥ ७ ॥ ८ ॥

दोहा—जेहि चाहत नर नारि सब अति आरत येहि भाँति।
जिमि चातक चातकि तृषित बृष्टि सरद रितु स्वाति ॥५१॥

जुन लग्नलाई सबै नरनारीहरू अत्यन्त हतपताएर, शरदऋतुका स्वातिनक्षत्रको वृष्टि चाहने प्यासा भएका चातक र चातकी (काकाकुलका भाले पोथी) हरू जस्तै भएर चाहन्छन् ॥ ५१ ॥

चौ०-तात जाउँ बलि बेगि नहाहू ❀ जो मन भाव मधुर कछु खाहू ॥१॥
पितु समीप तब जायेहु भैआ ❀ भै बड़ि बार जाइ बलि मैआ ॥२॥

बाबा ! तिम्रो बलैया[1] जान्छु चाँडै नुहाउ, जो मनपर्छ त्यो मिठाई खाऊ ! भैया ! अनि पिताजीका समीप जाउला, धेरै बेर भयो तिम्रो मुमा बलैया जान्छिन्" ॥ १ ॥ २ ॥

मातुबचन सुनि अति अनुकूला ❀ जनु सनेह सुरतरु के फूला ॥३॥
सुख मकरंद भरे श्रियमूला ❀ निरखि राममनु भँवरु न भूला ॥४॥
धरमधुरीन धरमगति जानी ❀ कहेउ मातु सन अति मृदु बानी ॥५॥

अति अनुकूल (हितकारी) भएका स्नेहरूपी कल्पवृक्षका फूलै हुन् कि भनेजस्ता माताका वचन सुनेर ॥ ३ ॥ (फेरि) सुखरूपी मकरन्द (पुष्परस) भरिएका, श्री (राज्यलक्ष्मी) रूपी वृक्षका मूल (जरो) भएका (ती वचन) देखेर रामजीको मनरूपी भ्रमर भुलेन (ती वचनपुष्पमा आसक्त भएन) ॥ ४ ॥ धर्मको भार धारण गर्ने रामचन्द्र धर्मको गति (स्थिति) जानेर माता कौशल्यासँग अति मधुर वचन बोल्न लाग्नुभयो ॥ ५ ॥

पिता दीन्ह मोहि काननराजू ❀ जहँ सब भाँति मोर बड़ काजू ॥६॥
आयेसु देहि मुदित मन माता ❀ जेहिं मुद मंगल कानन जाता ॥७॥
जनि सनेहबस डरपसि भोरें ❀ आनँदु अंब अनुग्रह तोरें ॥८॥

जहाँ सब तरहले मेरो ठूलो काम (थियो) त्यही वनको राज्य पिताजीले मलाई दिनुभयो ॥ ६ ॥ हे जननी ! चित्त आनन्दित पारेर आज्ञा दिनुहोस् , जसमा मेरो वनयात्रामा आनन्द मंगल रहोस् ॥ ७ ॥ मेरा उपर स्नेहवश भएर नडराउनुहोला । माता ! हजूरका अनुग्रहले (मलाई) आनन्द हुनेछ ॥ ८ ॥

दोहा—बरष चारि दस बिपिन बसि करि पितुबचन प्रमान ।
आइ पाय पुनि देखिहौं मनु जनि करसि मलान ॥५२॥

पिताजीका वचनलाई प्रमाण मानेर चौध वर्ष वनमा बसीकन आएर फेरि (हजूरका) पाउको दर्शन गर्नेछु, मनलाई म्लान (दुःखित) नगर्नुहोला ॥ ५२ ॥

चौ०—बचन बिनीत मधुर रघुबर के ❀ सर सम लगे मातु उर करके ॥१॥
सहमि सूखि सुनि सीतलि बानी ❀ जिमि जवास परें पावस पानी ॥२॥
कहि न जाइ कछु हृदयँ बिषादू ❀ मनहुँ मृगी सुनि केहरिनादू ॥३॥

रघुवरका नम्र र मधुर भएका वचन माता कौशल्याका हृदयमा बाणसमान लागेर खड्कन लागे ॥ १ ॥ कौशल्या (रघुवरका) शीतल वचन सुनेर, वर्षाको पानी पर्दा जवासा[2] सुकेझैं खंग्रङ्ग सुक्नुभयो ॥ २ ॥ हृदयको दुःख कत्ति पनि वर्णन गर्न सकिदैन, मानौं सिंहको गर्जना सुनेर (झसंग भएकी) हरिणीजस्ती हुनुभयो ॥ ३ ॥

---

(१) हिन्दी भाषामा वात्सल्यपूर्ण भएका स्त्रीजनका उक्तिमा "बलि, बलि जाउँ, बलि जाइ, बलैया, बलिहारी" यी पदको प्रयोग प्रायः देखिन्छ । त्यो हिन्दी भाषाको मुहावरा हो, नेपाली भाषामा त्यो वात्सल्य झल्काउने अखण्ड पद मैले पाइनँ । त्यसको खास अर्थ—"तिम्रा दिन-दशा-अरिष्ट सबै मेरा उपर आउन् तिम्रो कल्याण होस्" यही हो ।

(२) वर्षाकालमा अरू तृण-गुल्म-वनस्पति-लताहरू वृष्टिले सप्रन्छन् हरिया हुन्छन् । जवासा नाउँ गरेका तृण र आँकका वृक्ष सप्रदैनन् तिनका पात झर्दछन् ती शुष्कप्राय हुन्छन् ।

नयन सजल तन थर थर काँपी ❀ माँजहि खाइ मीन जनु माँपी ॥४॥
धरि धीरजु सुतबदनु निहारी ❀ गदगद बचन कहति महतारी ॥५॥
तात पितहि तुम प्रानपिआरे ❀ देखि मुदित नित चरित तुम्हारे ॥६॥
राजु देन कहुँ सुभ दिन साधा ❀ कहेउ जान बन केहि अपराधा ॥७॥
तात सुनावहु मोहि निदानू ❀ को दिनकरकुल भयेउ कृसानू ॥८॥

कौशल्याका नेत्र जलपूर्ण भए, शरीर थरथर काँप्न लाग्यो । माजा (प्रथम वृष्टिको फींज) खाएर व्याकुल भएको माछा-जस्तै हुनुभयो ॥ ४ ॥ धैर्य धारण गरेर छोराको मुख हेरेर माता कौशल्याले गद्‌गद वचन बोल्नुभयो ॥ ५ ॥ बाबु ! तिमी पिताजीका प्राणप्यारा थियौ, तिम्रो चरित्र देखेर पिताजी नित्य आनन्दित हुनुहुन्थ्यो ॥ ६ ॥ राज्य दिन्छु भनेर असल दिन ठहराइयो, के अपराधले वन जान भन्नुभयो ॥ ७ ॥ बाबु ! मलाई कारण सुनाउ, सूर्यनारायणका कुलमा अग्नि को भयो ? (सूर्यकुललाई दुःखदग्ध गर्ने को हो ?) ॥ ८ ॥

दोहा–निरखि रामरुख सचिवसुत कारनु कहेउ बुझाइ ।
सुनि प्रसंगु रहि मूक जिमि दसा बरनि नहि जाइ ॥५३॥

रामजीको रूप हेरेर (आशय बुझेर) मन्त्रीपुत्र (सुमन्त्रका छोरा अभिनन्दन) ले सबै कारण बुझाएर भने। त्यो प्रसंग सुनेर (कौशल्याजी) लाटीजस्ती हुनुभयो । (उहाँको) अवस्था वर्णन गर्न सकिदैन ॥ ५३ ॥

चौ०–राखि न सकइ न कहि सक जाहू ❀ दुहूँ भाँति उर दारुन दाहू ॥१॥
लिखत सुधाकर गा लिखि राहू ❀ बिधिगति बाम सदा सब काहू ॥२॥

(त्यो अवस्था) भित्र राख्न पनि नसकिने जा भन्न (बाहिर निकाल्न) पनि नसकिने थियो, दुवै तरहले हृदयमा भयानक दाह भयो ॥ १ ॥ चन्द्रमा लेख्न लाग्दा राहु लेखिदियो, विधाताको गति सदासर्वदा सबैलाई वाम (प्रतिकूल) छ ॥ २ ॥

धरम सनेह उभय मति घेरी ❀ भइ गति साँप छुछुंदरि केरी ॥३॥
राखौं सुतहिं करौं अनुरोधू ❀ धरमु जाइ अरु बंधुबिरोधू ॥४॥
कहौं जान बन तौ बड़ि हानी ❀ संकट सोच बिबस भइ रानी ॥५॥

कौशल्याका बुद्धिलाई धर्म र स्नेहले घेरा दिए, साँप[१] र छुछुन्द्राको गति भयो ॥ ३ ॥ अनुरोध (मुलाहिजा) गरौं, छोरालाई (घरै) राखौंभने धर्म जाने भयो, भाईसँग विरोध पनि पर्ने भयो ॥ ४ ॥ वन जानलाई आज्ञा दिउँभने ठूलो हानि हुने भयो, (यस प्रकारले) कौशल्या महारानी संकट र अफसोसले विवश हुनुभयो ॥ ५ ॥

बहुरि समुझि तियधरमु सयानी ❀ रामु भरतु दोउ सुत सम जानी ॥६॥

---

(१) सर्पले छुछुन्द्रो समात्योभने बडो आपत्ति पर्दछ, छुछुन्द्रो छाडिदिए सर्प अन्धो हुन्छ, छुछुन्द्रो खाए सर्पलाई कुष्ट हुन्छ ।

सरल सुभाउ राममहतारी ❀ बोली बचन धीर धरि भारी ॥७॥
तात जाउँ बलि कीन्हेहु नीका ❀ पितु आयेसु सब धरम क टीका ॥८॥

फेरि चतुर बुद्धिभएकी कौशल्या महारानीले स्त्रीको पातिव्रत्य-धर्म संझनुभयो र राम र भरत दुवै भाईलाई समान जान्नुभयो ॥ ६ ॥ सोझो (कपटरहित) स्वभाव भएकी रामजीकी माता कौशल्याले धैर्य गरेर भारी वचन बोल्नुभयो ॥ ७ ॥ बाबु ! राम ! तिम्रो बलैया लिन्छु, तिमीले बेश गर्‍यौ । पिताको आज्ञापालन सबै धर्मको तिलक हो (पिताको आज्ञा मान्नु सबै भन्दा श्रेष्ठ धर्म हो) ॥ ८ ॥

दोहा–राजु देन कहि दीन्ह बनु मोहि न सो दुखलेसु ।
तुम्ह बिनु भरतहि भूपतिहि प्रजहि प्रचंड कलेसु ॥५४॥

राज्य दिन्छु भनेर वनवास दिनुभयो, (यसमा) मलाई शोक र दुःख अलिकति पनि छैन । (परन्तु) तिमीविना भरतलाई, महाराजलाई, प्रजाहरूलाई प्रचंड दुःख हुनेछ (मलाई यसैमा दुःख लाग्यो) ॥ ५४ ॥

चौ०–जौं केवल पितु आयेसु ताता ❀ तौ जनि जाहु जानि बड़ि माता ॥१॥
जौं पितु मातु कहेउ बन जाना ❀ तौ काननु सत अवध समाना ॥२॥
पितु बनदेव मातु बनदेवी ❀ खग मृग चरन सरोरुह सेवी ॥३॥

यदि फगत पिताको मात्रै आज्ञा छभने, बाबु ! आमालाई [1]'बाबुभन्दा ठूली जानेर (उसैका आज्ञानुसार) बन नजाउ ॥ १ ॥ यदि पिता-माता दुवैले वन जानुभनेको होभने (वन जाउ) वन पनि सय अयोध्यानगरीजस्तै हो ॥ २ ॥ वनका देव तिम्रा पिता, वनकी देवी तिम्री माता, वनका पक्षी र मृग तिम्रा चरणकमलसेवक हुन् ॥ ३ ॥

अंतहुँ उचित नृपहि बनबासू ❀ बय बिलोकि हियँ होइ हराँसू ॥४॥
बड़भागी बनु अवध अभागी ❀ जो रघुबंसतिलक तुम्ह त्यागी ॥५॥

आखिरमा (वृद्धावस्थामा) राजाहरूलाई वनवास उचित छ, (तिम्रो) उमेर हेर्दा हृदयमा व्याकुलता हुन्छ ॥ ४ ॥ वन बडो भाग्यवान् भयो । जसलाई रघुकुलतिलक तिमीले त्याग गर्न लाग्यौ, त्यो अवधदेश अभागी रहेछ ॥ ५ ॥

जौं सुत कहौं संग मोहि लेहू ❀ तुम्हरें हृदयँ होइ संदेहू ॥६॥
पूत परम प्रिय तुम्ह सब ही के ❀ प्रान प्रान के जीवन जी के ॥७॥
ते तुम्ह कहहु मातु बन जाऊँ ❀ मैं सुनि बचन बैठि पछिताऊँ ॥८॥

बाबु ! मलाई सँगै लैजाऊ भनौंभने तिम्रा हृदयमा सन्देह हुनेछ (कस्ती रहिछन् ?

---

(१) बाबुभन्दा आमा दशखण्ड बढ्ता माननीया छन् । आफ्नी आमाको भन्दा सौतेनी आमाको दशखण्ड बढ्ता आदर गर्नुपर्छ, नत्र धर्म नष्ट हुन्छ ।

'पितुर्दशगुणा माता गौरवेणातिरिच्यते ॥ मातुर्दशगुणा मान्या विमाता धर्मभीरुणा ॥ (स्मृति)

पतिव्रता भएर पनि पतिलाई छाडेर छोरापछि लाग्दिरहिछन् भन्ने पातिव्रत्यविषयमा संशय उठ्नेछ) ॥ ६ ॥ पुत्र ! तिमी सबैका परम प्रिय छौ, प्राणका प्राण, जीवनका जीवन तिमी होऊ ॥ ७ ॥ त्यस्ता ती तिमी "आमा ! वन जान्छु" भन्दछौ, म त्यो वचन सुनेर बसीबसी पछिताउँछु ॥ ८ ॥

दोहा—येह बिचारि नहि करौं हठ झूठ सनेहु बढ़ाइ ।
मानि मातु कर नात बलि सुरति बिसरि जनि जाइ ॥५५॥

यो विचार गरेर झूटो स्नेहलाई बढाएर हठ गर्दिनँ । बलि जाउँ (तिम्रो भलो होस्) आमाको नाता मानेर (मेरो) सूरत नबिर्सियोस् ॥ ५५ ॥

चौ०—देव पितर सब तुम्हहि गोसाईं ❀ राखहुँ पलक नयन की नाईं ॥१॥
अवधि अंबु प्रिय परिजन मीना ❀ तुम्ह करुनाकर धरमधुरीना ॥२॥
अस बिचारि सोइ करहु उपाई ❀ सबहि जिअत जेहिं भेंटहु आई ॥३॥

बाबा ! देवता, पितृ, ईश्वर यी सबैले आँखाले पलकको झैं तिम्रो रक्षा गरून् ॥ १ ॥ चौधवर्षको अवधि पानी हो, (त्यसको आधारमा रहेका) तिम्रा प्यारा जहान माछा हुन्, तिमी दयानिधान धर्मधुरीण छौ ॥ २ ॥ यस्तो विचार गरेर त्यही उपाय गरे, जसमा सबैजना जिउँदै छँदामा आएर भेट गरे, (चौधवर्षको अवधिरूपी जल सिद्धिएपछि आयौभने तिम्रा परिजनरूपी माछा जीवित रहनेछैनन्, अवधिभित्रै आयौभने हामीलाई जीउँदै देख्न पाउनेछौ) ॥ ३ ॥

जाहु सुखेन बनहिं बलि जाऊ ❀ करि अनाथ जन परिजन गाऊँ ॥४॥
सब कर आजु सुकृतफल बीता ❀ भयेउ करालु कालु बिपरीता ॥५॥

आफ्ना मानिस, नोकर-चाकर, गाउँ, यिनलाई अनाथ पारेर सुखपूर्वक (आनन्दसाथ) वन जाउ । तिम्रो भलो होस् ॥ ४ ॥ आज सबैको पुण्यको फल सकिएछ, काल (समय) विपरीत भएर भयानक भयो" ॥ ५ ॥ (यस्ता प्रकारले)

बहु बिधि बिलपि चरन लपटानी ❀ परम अभागिनि आपुहि जानी ॥६॥
दारुन दुसह दाहु उर ब्यापा ❀ बरनि न जाहिं बिलापकलापा ॥७॥
राम उठाइ मातु उर लाई ❀ कहि मृदु बचन बहुरि समुझाई ॥८॥

आफूलाई परम अभागिनी जानेर धेरै तरहले विलाप गरीकन (कौशल्या महारानी रामका) पाउमा लुटुपुटिनुभयो ॥ ६ ॥ (उहाँका) हृदयमा कठोर दुःसह सन्ताप फैलियो, आलाप-विलापको वर्णन गर्न सकिदैन ॥ ७ ॥ रघुनाथजीले माताजीलाई उठाएर छातीमा लाउनुभयो, फेरि कोमल वचन बोलेर संझाउनुभयो ॥ ८ ॥

दोहा—समाचार तेहि समय सुनि सीय उठी अकुलाइ ।
जाइ सासुपद कमल जुग बंदि बैठि सिरु नाइ ॥५६॥

त्यही बखतमा समाचार सुनेर सीताजी व्याकुल भएर उठ्नुभयो, गएर सासूज्यूका चरणकमलका युगलको वन्दना गरेर शिर झुकाईकन बस्नुभयो ॥ ५६ ॥

चौ०–दीन्हि असीस सासु मृदु बानी ❀ अति सुकुमारि देखि अकुलानी ॥१॥
बैठि नमित मुख सोचति सीता ❀ रूपरासि पति प्रेम पुनीता ॥२॥
चलन चहत बन जीवननाथू ❀ केहि सुकृति सन होइहि साथू ॥३॥

सासू कौशल्याले मीठो वाणीले आशिष दिनुभयो, (सीताजीलाई) अत्यन्त सुकुमारी देखेर (मनमा) व्याकुल हुनुभयो । रूपको राशिस्वरूप र पतिप्रेमले पवित्र भएकी सीताजी वदन झुकाएर विचार गर्दै बस्नुभयो ॥ १ ॥ २ ॥ "प्राणनाथ रामजी वन जान चाहनुहुन्छ, कुन पुण्यले साथ हुनुहोला ? ॥ ३ ॥

की तनु प्रान कि केवल प्राना ❀ बिधि करतबु कछु जाइ न जाना ॥४॥
चारु चरन नख लेखति धरनी ❀ नूपुर मुखर मधुर कबि बरनी ॥५॥

(प्रभुजीको साथ) शरीर र प्राण दुवैले हुने हो कि (साथै जान पाएर साथ पाइने हो कि ?) कि केवल प्राणले मात्र साथ पाइने हो ? (प्राणनाथका साथसाथमा प्राण गएर यो गाथ अयोध्यैमा पसारिने हो कि ?) विधाताका कर्तव्य कत्ति पनि जान्न सकिँदैन" ॥ ४ ॥ (यस्तो विचार गर्दै) चरणका सुन्दर नखले धर्तीलाई कोर्न लाग्नुभयो । मधुर आवाज गर्ने पाउजेबका विषयमा कविहरूले यस्तो वर्णन गरेका छन् कि–॥ ५ ॥

मनहुँ प्रेमबस बिनती करहीं ❀ हमहिं सीयपद जनि परिहरहीं ॥६॥
मंजु बिलोचन मोचति बारी ❀ बोली देखि राममहतारी ॥७॥
तात सुनहुँ सिय अति सुकुमारी ❀ सास ससुर परिजनहिं पिआरी ॥८॥

मानौं पाउजेब प्रेमवश भएर "सीताजीका चरण हामीलाई नछाड्नून्" यस्तो विन्ति गर्छन् कि ? (भन्ने भान पर्ने गरी बज्दथे) ॥ ६ ॥ (सीताजीलाई) सुन्दर नेत्रबाट जल (आँसु) गिराउन लागेकी देखेर श्रीरामजीकी माता बोल्नुभयो ॥ ७ ॥ बाबु ! सुन, सीता अति सुकुमारी छन् , (यी) सासू , ससुरा, परिजन (नोकरचाकर) सबैकी प्यारी छन् ॥ ८ ॥

दोहा–पिता जनक भूपालमनि ससुर भानुकुलभानु ।
पति रबिकुल कैरव बिपिन बिधु गुन रूप निधानु ॥५७॥

यिनका पिता राजमणि जनक, यिनका ससुरा सूर्यकुलका सूर्यजस्ता···। यिनका पति सूर्यकुलरूपी चन्द्रकमलका वनमा चन्द्ररूप भएका गुण र रूपका निधान (तिमी छौ)) ॥ ५७ ॥

चौ०–मैं पुनि पुत्रबधू प्रिय पाई ❀ रूपरासि गुन सील सुहाई ॥१॥
नयनपुतरि करि प्रीति बढ़ाई ❀ राखेउँ प्रान जानकिहि लाई ॥२॥
कलपबेलि जिमि बहु बिधि लाली ❀ सींचि सनेह सलिल प्रतिपाली ॥३॥

मैले ता प्यारी, रूपकी राशि गुण र शीलले सुन्दर भएकी, बुहारी पाएर नेत्रको

नानीसमान गरीकन प्रीति बढाएर, प्राणलाई यिनै बुहारीमा लाएर (प्राण दिएर) राखें ॥ १ ॥ ॥ २ ॥ अनेक प्रकारले कल्पलता जत्तिकै लालना गरेर स्नेहरूपी जलले सेचन गरीकन प्रतिपालना गरें ॥ ३ ॥

फूलत फलत भएउ बिधि बामा ❀ जानि न जाइ काह परिनामा ॥४॥
पलँग पीठ तजि गोद हिंडोरा ❀ सिय न दीन्ह पगु अवनि कठोरा ॥५॥

फुल्ने फल्ने वेलामा विधाता वाम (प्रतिकूल) भए, परिणाम के हुने हो जान्न सकिदैन ॥ ४ ॥ पलङ, सिंहासन, काख, झुलना, छाडेर सीताले कडा जमीनमा पाउ राखेकी थिइनन् ॥ ५ ॥

जिअनमूरि जिमि जोगवत रहऊँ ❀ दीपबाति नहि टारन कहऊँ ॥६॥
सोइ सिय चलन चहति बन साथा ❀ आयेसु काह होइ रघुनाथा ॥७॥
चंदकिरन रस रसिक चकोरी ❀ रबि रुख नयन सकै किमि जोरी ॥८॥

(जसलाई) जीवनऔषधी (मृतसंजीवनी) को जराजस्तै (संझेर) जोगाइरहेकी थिएँ, (काम अह्राउनाका नाउँमा) दीपको बत्ती उकास्न (सम्म पनि) भनिनँ (अह्राइनँ) ॥ ६ ॥ उनै सीता साथसाथ जङ्गल जान चाहन्छिन्। बाबु ! रघुनाथ ! के आज्ञा हुन्छ ? ॥ ७ ॥ चन्द्रमाका किरणको (अमृतमय) रसमा रसिक (सोख) भएकी चकोरी (च्याखुरी) सूर्यमण्डलतर्फ नजर जोर्न (लाउन) कसरी सक्तछे ? ॥ ८ ॥

दोहा–करि केहरि निसिचर चरहिं दुष्ट जंतु बन भूरि ।
बिष बाटिका कि सोह सुत सुभग सजीवनि मूरि ॥५८॥

वनमा धेरै हात्ती, सिंह व्याघ्र, राक्षस आदि दुष्ट जन्तु घुमिरहन्छन्। बाबु ! सुकुमार भएकी संजीवनी-औषधि विषको वाटिकामा (फूलवारीमा) के शोभायमान हुन्छे र ? ॥ ५८ ॥

चौ०–बन हित कोल किरात किसोरीं ❀ रची बिरंचि बिषय सुख भोरीं ॥१॥
पाहनकृमि जिमि कठिन सुभाऊ ❀ तिन्हहि कलेसु न कानन काऊ ॥२॥
कै तापसतिय काननजोगू ❀ जिन्ह तप हेतु तजा सब भोगू ॥३॥
सिय बन बसिहि तात केहि भाँती ❀ चित्रलिखित कपि देखि डेराती ॥४॥

विधाताले वनवासका निमित्त विषयसुखमा अजान भएका कोल किरात (भिल्ल शवर प्रभृति) का, छोकडी (छोरी) हरू रचेका छन् ॥ १ ॥ जसको स्वभाव ढुङ्गाका कीराको जस्तो कडा छ, तिनलाई वनमा केही क्लेश हुँदैन ॥ २ ॥ कि जसले तपस्याका निंति सबै सुखभोग छोडेका छन् ती तपस्वीका स्त्रीहरू वनवासका योग्य छन् ॥ ३ ॥ बाबु ! सीता वनमा कसरी बस्लिन् ?, तस्वीरमा लेखेको वानर देख्ता डराउँछिन् ॥ ४ ॥

सुरसर सुभग बनजबन चारी ❀ डाबर जोगु कि हंसकुमारी ॥५॥
अस बिचारि जस आयेसु होई ❀ मैं सिख देउँ जानकिहि सोई ॥६॥

जौं सिय भवन रहइ कह अंबा ❀ मोहि कहँ होइ बहुत अवलंबा ॥७॥
सुनि रघुबीर मातु प्रिय बानी ❀ सील सनेह सुधा जनु सानी ॥८॥

मानससरोवरका सुन्दर कमलका वनमा रहने राजहंसी खाल्डाखुल्डाका पानीमा (रहन) योग्य हुन्छे र ? ॥ ५ ॥ यस्तो विचार गरेर जो आज्ञा होला त्यहीअनुसार म सीतालाई शिक्षा दिउँला" ॥ ६ ॥ (यति भनेपछि फेरि) माता कौशल्याले "यदि सीता घरमा रहिन्‌भने मलाई धेरै अवलम्ब (आड = भरोसा = आधार) हुनेछ" भन्नुभयो ॥ ७ ॥ शील र स्नेहरूपी अमृतले साँधेका जस्ता माताजीका मीठा वचन सुनेर रामचन्द्रले ॥ ८ ॥

दोहा–कहि प्रिय बचन बिबेकमय कीन्ह मातु परितोष ।
लगे प्रबोधन जानकिहिं प्रगटि बिपिन गुन दोष ॥५९॥

विवेकपूर्ण भएका प्रिय वचन बोलेर माता कौशल्यालाई संतुष्ट पार्नुभयो । अनि वनका गुण-दोष प्रकट गरेर सीताजीलाई बुझाउन लाग्नुभयो ॥ ५९ ॥

चौ०–मातु समीप कहत सकुचाहीं ❀ बोले समउ समुझि मन माहीं ॥१॥
राजकुमारि सिखावनु सुनहूँ ❀ आन भाँति जिय जनु कछु गुनहूँ ॥२॥
आपन मोर नीक जौं चहहू ❀ बचनु हमार मानि गृह रहहू ॥३॥

माताजीका नगीचमा (स्त्रीसंग कुरा गर्दा) (रामजी) संकोच मान्नुहुन्थ्यो (परंतु) मनमा समयको समुझ लिएर (ऐले लाज मानेर काज चल्दैन भन्ने विचार गरेर) बोल्तुभयो ॥ १ ॥ हे राजकुमारी ! शिक्षाअर्ती सुन । मनमा अर्को तरहको कुरा नगुने ("मलाई पन्साउने प्रपञ्च देखाउन लागे" भनेर नसंझे) ॥ २ ॥ तिमी आफ्नो र मेरो भलो चाहन्छयौभने मेरो वचन मानेर घरैमा बस ॥ ३ ॥

आयसु मोर सासुसेवकाई ❀ सब बिधि भामिनि भवन भलाई ॥४॥
येहि तें अधिक धरमु नहि दूजा ❀ सादर सासु ससुर पद पूजा ॥५॥

मेरो आज्ञापालन, सासूको सेवा, (यी दुई कुरा सिद्ध हुने हुनाले) हे भामिनी ! घरैमा रहँदा सब तरहबाट भलाइ छ ॥ ४ ॥ आदरका साथ सासू र ससुराका चरणको सेवा गर्नु, योभन्दा ठूलो दोस्रो धर्म छैन ॥ ५ ॥

जब जब मातु करिहि सुधि मोरी ❀ होइहि प्रेमबिकल मति भोरी ॥६॥
तब तब तुम्ह कहि कथा पुरानी ❀ सुंदरि समुझायेहु मृदु बानी ॥७॥
कहौं सुभाय सपथ सत मोही ❀ सुमुखि मातु हित राखौं तोही ॥८॥

हे सुन्दरी ! सरल बुद्धि हुनुभएकी मेरी मुमा जैले जैले मेरो संझना गरेर व्याकुल हुनुहोला, त्यसै त्यसै वेलामा तिमीले पुराना पुराना कथा सुनाएर मधुर वचनले बुझाए ॥ ६ ॥ ॥ ७ ॥ म सच्चा दिलले भन्दछु, म शयकडौं शपथ गर्दछु हे सुमुखी ! तिमीलाई मुमाका निंति (घरमा) राख्तछु ॥ ८ ॥

दोहा–गुर श्रुति संमत धरमफलु पाइअ बिनहि कलेस ।
हठबस सब संकट सहे गालव नहुष नरेस ॥६०॥

गुरु र वेदले ठहराएको धर्मको फल विनापरिश्रम पाऊ । गालवऋषिले[1] र नहुष[2]-राजाले हठको वश पर्दा सबै संकट सहे (हठ नगर) ॥ ६० ॥

चौ०–मैं पुनि करि प्रवान पितुबानी ❀ बेगि फिरब सुनु सुमुखि सयानी ॥१॥
दिवस जात नहि लागिहि बारा ❀ सुंदरि सिखवनु सुनहुँ हमारा ॥२॥

हे सुमुखी ! हे शिक्षिते ! म ता पिताजीको वचनलाई प्रमाण गरेर (वहाँका वचना–

---

(१) गालवऋषिले विश्वामित्रसंग सबै विद्या पढिसकेर "गुरुदक्षिणा के टक्र्याऊँ ?" भनी सोधे । विश्वामित्रले "तिमीले गरेको गुरुसेवा नै दक्षिणा भयो, केही दिनुपर्दैन, जाऊ, समावर्तन गरेर गृहस्थाश्रममा बस" भने । गालवले "गुरुदक्षिणा माग्नुहोस् के टक्र्याऊँ" भनी जिद्दी गरे । विश्वामित्रले झोक्किएर "आठसय (८००) श्यामकर्ण घोडा गुरुदक्षिणा दे त" भने । गालवऋषि श्यामकर्ण घोडा माग्नलाई दानवीर ययाति राजाकहाँ पुगे । राजा ययाति त्यस वेलामा सर्वस्व दान गरेर नङ्गा रहेका थिए । तिनले ब्राह्मणको उपकारका निमित्त घोडाको बदलामा यौटी अद्भुत कन्या दिएर "महात्माजी ! ऐले मँसग श्यामकर्ण घोडा छैनन्, यो कन्यालाई लैजानुहोस्, २०० श्यामकर्ण घोडा जसले दिन्छ, त्यसलाई यौटा पुत्र पैदा गर्ने पणबन्ध गरेर यो कन्या दिनुहोस् । एवंरीत्या ४ जनालाई यो कन्या दिएर आठसय श्यामकर्ण घोडा जम्मा पार्नुहोस् र गुरुदक्षिणा बुझाउनुहोस्, यौटै दातासँग आठसय श्यामकर्ण घोडा छैनन् । यी कन्या पुत्र पैदा गर्नाका साथ फेरि कुमारी (अक्षतयोनि) हुनेछन्" भने । गालवऋषिले तदनुसार गरेर ३ ठाउँमा ती कन्या दिंदै घोडा लिंदै गरेर बल्ल बल्ल छ सय घोडा जम्मा गरे, २०० पुगेनन्, लाचारीसाथ त्यही कन्या र ६०० घोडा लिएर गुरु विश्वामित्रका समीप गई सबै वृत्तान्त विस्तार गरे । अद्भुत रूपवती अद्भुत यौवनवती ती कन्यालाई देख्ता विश्वामित्रको मन विचलित भयो, २०० बाँकी घोडाका सट्टामा त्यही कन्यालाई सहर्ष स्वीकार गरे । यस्ता प्रकारले गालवऋषिले हठ गर्दा ठूलो भुक्तमान् भोगेर बल्लबल्ल मनोरथ सिद्ध गरे (त्यत्रा तपस्वीको ता हठले त्यो गति भयो, अरूको के गति ?) ।

(२) ब्रह्महत्या (वृत्रहत्या) लागेर इन्द्र भागेका वेलामा देवताहरूले नहुष राजाजाई इन्द्रपदमा राखेका थिए । उनको अरू चालचलन अघि बेश थियो, त्रैलोक्यको साम्राज्य (इन्द्रपद) पाएपछि मदान्ध भए । सबै कुरामा इन्द्रसमान थिए । पतिव्रता इन्द्राणी पतिका विरहले दुःखित भएर आफ्ना भवनमा रहेकी थिइन् । नहुषलाई तिनको पातिव्रत्य भ्रष्ट पार्ने दुर्बुद्धि उब्ज्यो, इन्द्राणीले हरतरहबाट बुझाइन्, नहुषले हठ छाडेनन् । गुरु-वृहस्पतिको उपदेशानुसार इन्द्राणीले नहुषलाई "बेपत्ता भएका स्वामीको प्रतीक्षाका निमित्त आजसम्म मैले आलेटाले गरेकी हुँ, अब म खुशीसाथ तपाईंको आज्ञामा चल्दछु, तर मेरा स्वामीले गर्न नसकेको कुरा तपाईंले गरेर मसँग आउनुपर्छ, ऐरावत, उच्चैःश्रवा, विमानमा होइन, बड़े बड़े तपस्वी महात्माहरूले बोकेको पालकीमा चढेर आउनुहोस्" यो समाचार पठाइन् । कामान्ध नहुष तदनुसार पालकीमा तपस्वीहरूलाई जोतेर इन्द्राणीका संगममा हतपताएर "हिंड हिंड" यस्तो तात्पर्यले संस्कृत बोलीमा "सर्पसर्प" भन्दै जान लागे । अगस्त्यऋषिले क्रुद्ध भएर "सर्पो भव" यस्तो सराप दिए । त्रैलोक्यको साम्राज्यबाट च्युत भएर राजा नहुष तुरन्तै सर्प भईकन पृथिवीतलमा पछारिन आए । हठको नतीजा यस्तै हुन्छ ।

नुसार १४ वर्ष वनवास भोगेर) चाँडै फर्कनेछु, (यो कुरा कान दिएर) सुन (नहड–बडाऊ) ॥ १ ॥ हे सुन्दरी ! दिन जान बेर लाग्दैन, मेरो शिक्षा सुन (व्याकुल नहोऊ) ॥ २ ॥

जौं हठ करहु प्रेमबस बामा ❀ तौ तुम्ह दुखु पाउब परिनामा ॥३॥
काननु कठिन भयंकरु भारी ❀ घोर घामु हिम बारि बयारी ॥४॥
कुस कंटक मग काँकर नाना ❀ चलब पयादेंहि बिनु पदत्राना ॥५॥

हे सुन्दरी ! प्रेमवश भएर तिमीले हठ गर्‍यौभने परिणाममा (आखिर) तिमीले दुःख पाउनेछ्यौ ॥ ३ ॥ जंगल बडो दुःखदायक भयङ्कर हुन्छ, (त्यहाँ) प्रचंड घाम प्रचंड हिउँ, प्रचण्ड पानी, प्रचण्ड बतास (खप्नुपर्छ) ॥ ४ ॥ बाटामा कुशका काँढा र अनेक प्रकारका कंकड हुन्छन्, जुत्ता नलाईकन पैदल हिंड्नुपर्दछ– ॥ ५ ॥

चरन कमल मृदु मंजु तुम्हारे ❀ मारग अगम भूमिधर भारे ॥६॥
कंदर खोह नदी नद नारे ❀ अगम अगाध न जाहिं निहारे ॥७॥
भालु बाघ बृक केहरि नागा ❀ करहिं नाद सुनि धीरजु भागा ॥८॥

तिम्रा चरण कमलजस्ता कोमल र सुन्दर छन्, बाटो अगम छ, अग्ला अग्ला ठूला ठूला पहाड (नाघ्नुपर्दछ) गुफा, कन्दरा, नदी–नाला अगम र अगाध छन्, (तिनलाई) हेर्न पनि सकिंदैन ॥ ६ ॥ ७ ॥ भालू, बाघ, ब्वाँसा, सिंह, हात्तीहरू नाद गर्दछन् (कराउँछन्) त्यो सुन्दा धैर्य भाग्दछ (मुटुकलेजाले ठाउँ छाडदछ) ॥ ८ ॥

दोहा–भूमि सयन बलकल बसन असनु कंद फल मूल ।
ते कि सदा सब दिन मिलहिं सबुइ समय अनुकूल ॥६१॥

भइँमा सुत्नुपर्छ, वृक्षका बोक्रा लाउनुपर्छ, कन्द–फल–मूल खानुपर्छ। ती पनि सधैं जहाँतहाँ कहाँ पाइन्छन् र ? यी सबै चीज समयअनुसार (पाइन्छन्) ॥ ६१ ॥

चौ०–नर अहार रजनीचर चरहीं ❀ कपटबेष बिधि कोटिक करहीं ॥१॥
लागइ अति पहार कर पानी ❀ बिपिनबिपति नहि जाइ बखानी ॥२॥
ब्याल कराल बिहग बन घोरा ❀ निसिचरनिकर नारि नर चोरा ॥३॥

राक्षसहरू मानिसको आहार गर्दछन्, करोड़ौं प्रकारले कपटवेष धारण गर्दछन् ॥ १ ॥ (हामी मध्यदेशीयलाई) पहाडको पानी खूब लाग्दछ। जंगलको विपत्ति वर्णन गर्न सकिंदैन ॥ २ ॥ वनमा डरलाग्दा सर्प–अजगर हुन्छन्, वनका पक्षी पनि भयानक हुन्छन्, राक्षसहरू बथानका बथान हुन्छन् (तिनीहरू) स्त्रीपुरुषलाई चोरेर लान्छन् (अनि खान्छन्) ॥ ३ ॥

डरपहिं धीर गहनसुधि आएँ ❀ मृगलोचनि तुम्ह भीरु सुभाएँ ॥४॥
हंसगवनि तुम्ह नहि बनजोगू ❀ सुनि अपजसु मोहि देइहि लोगू ॥५॥

(बड़े बड़े) धैर्यधारी पुरुषहरू पनि जङ्गल संझदैमा डराउँछन्। हे मृगनयनी ! तिमी स्वभावैले भीरु (डरपोक) छ्यौ। हे हंसगमनी ! तिमी वनप्रवेशमा (पनि) योग्य छैनौ

वनवासको के कुरा ?) (तिमीलाई वन लगेको कुरा) सुनेपछि दुनियाँले मलाई अब्जस दिनेछ ॥ ४ ॥ ५ ॥

मानससलिल सुधा प्रतिपाली ❀ जिअइ कि लवनपयोधि मराली ॥६॥
नव रसालबन बिहरनसीला ❀ सोह कि कोकिल बिपिन करीला ॥७॥
रहहु भवन अस हृदय बिचारी ❀ चंदबदनि दुखु कानन भारी ॥८॥

मानससरोवरको अमृततुल्य जलले पालिएकी हंसी क्षारसमुद्रमा रहेर बाँचतछे र ? ॥ ६ ॥ नयाँ आँपको वनमा विहार गर्ने स्वभाव भएकी कोइली करीलको जंगलमा शोभा पाउँछे र ? ॥ ७ ॥ मनमा यस्तो विचार गरेर घरैमा बस, हेचन्द्रवदनी ! जङ्गलमा भारी दुःख हुन्छ ॥ ८ ॥

दोहा–सहज सुहृदय गुर स्वामि सिख जो न करइ सिर मानि ।
सो पछताइ अघाइ उर अवसि होइ हितहानि ॥६२॥

स्वभावैले हित चिन्तन गर्ने (भलो चाहने) सुहृद्वर्गको गुरुको, स्वामी (मालिक) को शिक्षालाई जो शिरउपर गर्दैन, त्यो मानिस मनमा अघाएर (भुक्तमान् भोग्दा वाक्क्याक्क भएर) पछुताउँछ, त्यसका हितको हानि अवश्यमेव हुन्छ" ॥ ६२ ॥

चौ०–सुनि मृदु बचन मनोहर पिय के ❀ लोचन ललित भरे जल सिय के ॥१॥
सीतल सिख दाहक भइ कैसें ❀ चकइहि सरद चंद निसि जैसें ॥२॥
उतरु न आव बिकल बैदेही ❀ तजन चहत सुचि स्वामि सनेही ॥३॥

प्रिय रामचन्द्रजीका मनोहर मीठा वचन सुनेर सीताजीका सुन्दर नजरमा जल भरिएर आयो ॥ १ ॥ (रामचन्द्रजीको) शीतल शिक्षा (सीताजीलाई) दाह (संताप) गर्ने कसरी भयोभने शरत्कालका रात्रिमा चक्रवाकी (चखेवाकी[1] पोथी) लाई चन्द्रमा जसरी दाह (संताप) गर्दछन् त्यसै गरी ॥ २ ॥ सीताजी व्याकुल हुनुभयो, उत्तर-वचन आएन, शुद्ध आचरण भएकी (पतिव्रता)-आफूलाई प्रेमी भएका प्रभुले छाड्न आँट्नुभयो (यस्तामा झट्ट उत्तर कसरी आओस् ?) ॥ ३ ॥

बरबस रोकि बिलोचन बारी ❀ धरि धीरजु उर अवनिकुमारी ॥४॥
लागि सासुपग कह कर जोरी ❀ छमबि देवि बड़ि अबिनय मोरी ॥५॥

धराकुमारीले (पृथ्वीकी छोरी सीताजीले) हृदयमा धैर्य धरेर नेत्रको जल (आँसु) लाई बलात्कारले रोक्नुभयो (क)। अनि सासूका पाउमा परेर हात जोडीकन "देवि ! (महा-

---

(१) चक्रवाक (चखेवा) दिनभर भालेपोथी मिलीजुली आनन्द मनाउँछन्, रात परेपछि तिनीहरूको बिछोड हुन्छ, एउटा नदीपारि एउटा नदीवारि रहेर विलाप गर्दै रात बिताउँछ। शरत्कालको क्षीतल चन्द्रमा पनि विरहिणी चक्रवाकीलाई दाह (ताप) गर्दछ।

(क) सर्वसहा भगवती पृथ्वीकी छोरी हुनाले सीताजीबाट त्यति धैर्य हुन गयो। जस्तीतस्ती आमाकी छोरीले त्यो धैर्य गर्न सक्तिन।

रानी ! सासूज्यू !) मेरो ठूलो अविनय (उद्धतपना) लाई क्षमा गर्नुहोस्" भन्नुभयो ॥ ४ ॥ ५ ॥

दीन्हि प्रानपति मोहि सिख सोई ❀ जेहि बिधि मोर परम हित होई ॥६॥
मैं पुनि समुझि दीख मन माहीं ❀ पियबियोग सम दुखु जग नाहीं ॥७॥

(सीताजी सासूसंग विन्ति गर्नुहुन्छ–) मेरा प्राणेश्वरले जुन तरहले मेरो परम हित हुन्छ, तदनुसारैको शिक्षा मलाई बक्सनुभयो ॥ मैले भने "प्रियका वियोगबराबरको दुःख जगत्मा छैन" भन्ने कुरा मनले संझेर बुझेर देखें ॥ ६ ॥ ७ ॥

दोहा–प्राननाथ करुनायतन सुंदर सुखद सुजान ।
तुम्ह बिन रघुकुल कुमुद बिधु सुरपुर नरक समान ॥६३॥

(रामचन्द्रतर्फ हेरेर सीताजी विन्ति गर्न लाग्नुभयो) हे प्राणनाथ ! हे दयानिधान ! हे सुन्दर ! हे सुखदायक ! हे पूर्णविवेक ! हे रघुकुलकुमुदचन्द्र ! प्रभो ! हजूरविना मलाई स्वर्ग पनि नरक समान छ ॥ ६३ ॥

चौ०–मातु पिता भगिनी प्रिय भाई ❀ प्रिय परिवारु सुहृद समुदाई ॥१॥
सासु ससुर गुर सजन सहाई ❀ सुत सुंदर सुसील सुखदाई ॥२॥
जहँ लगि नाथ नेह अरु नाते ❀ पिय बिनु तिअहि तरनिहु तें ताते ॥३॥

आमा बाबु, दिदी-बहिनी, प्यारा दाज्यू-भाई, प्यारा परिवार, मित्र-समुदाय, सासू-ससुरा, गुरु, आपस्त, सहाय-समूह, सुशील र सुन्दर पुत्र, यी सबै जहाँसम्म प्राणनाथको स्नेह र नाता रहन्छ, (त्यहाँसम्म) सुखदाता हुन्छन्, प्राणनाथ (पति) विना स्त्रीका हकमा यिनीहरू सूर्यनारायणभन्दा पनि ताता हुन्छन् ॥ १ ॥ २ ॥ ३ ॥

तनु धनु धामु धरनि पुर राजू ❀ पति बिहीन सबु सोकसमाजू ॥४॥
भोग रोग सम भूषन भारू ❀ जमजातना सरिस संसारू ॥५॥
प्राननाथ तुम्ह बिनु जग माहीं ❀ मो कहुँ सुखद कतहुँ कछु नाहीं ॥६॥

शरीर, धन, घर, जग्गा-जमीन, नगर, राज्य, यी सबै कुरा पतिहीन भएकी (स्त्रीलाई शोकका सर्जाम हुन् ॥ ४ ॥ (पतिरहित भएकी स्त्रीलाई) सुखभोग रोग समान छन्, गहनाहरू भार (बोझा) हुन्छन् । सारा संसार यम-यातना तुल्य हुन्छ ॥ ५ ॥ हे प्राणनाथ ! हजूरविना जगत्मा मलाई कतै पनि कोही पनि सुखदायक छैन ॥ ६ ॥

जिअ बिनु देह नदी बिनु बारी ❀ तइसिअ नाथ पुरुष बिनु नारी ॥७॥
नाथ सकल सुख साथ तुम्हारें ❀ सरद बिमल बिधु बदनु निहारें ॥८॥

हे प्राणनाथ ! जीव (प्राण) विना शरीर जस्तो हुन्छ, पानीविना नदी जस्ता हुन्छन्, पतिविना स्त्रीहरू त्यस्तै हुन्छन् ॥ ७ ॥ हे नाथ ! हजूरका साथमा रहेर शरत्कालको निर्मल चन्द्रमण्डलजस्तो हजूरको मुहार देख्न पाउनेछु ॥ ८ ॥

दोहा–खग मृग परिजन नगरु बनु बलकल बिमल दुकूल ।
नाथसाथ सुरसदन सम परनसाल सुखमूल ॥६४॥

प्राणनाथका साथमा रहन पाएँ भने पक्षी र हरिणहरूलाई परिजन (नोकर-चाकर-जहान) (ठानुँला) वनलाई शहर (ठानुँला) वृक्षका बोक्रालाई निर्मल रेशमी वस्त्र (ठानुँला) पर्णशालालाई (पातले छाएको छाप्रालाई) सुखको कारण भएको महेन्द्रभवन (ठानुँला) ॥ ६४ ॥

चौ०–बनदेवी बनदेव उदारा ❀ करिहहिं सासु ससुर सम सारा ॥१॥
कुस किसलय साँथरीं सुहाईं ❀ प्रभुसँग मंजु मनोजतुराईं ॥२॥
कंद मूल फल अमिअ अहारू ❀ अवध सौध सत सरिस पहारू ॥३॥

वनदेवी र वनदेवहरू उदारचित्त भएका हुनाले सासू ससुराजस्तै भएर (मेरो) सह्यार (रक्षा) गर्नेछन् ॥ १ ॥ प्रभुका साथमा रहन पाएमा कुशका र पातका बिछ्याउना पनि विहार गर्ने सुन्दर पलंगजस्तै शोभायमान लाग्नेछन् ॥ २ ॥ कन्द-मूल-फलको आहार पनि अमृततुल्य हुनेछ, अग्ला अग्ला पहाडहरूलाई अयोध्याका सयकडौं महल संझनेछु ॥ ३ ॥

छिनु छिनु प्रभुपद कमल बिलोकी ❀ रहिहौं मुदित दिवस जिमि कोकी ॥४॥
बनदुख नाथ कहे बहुतेरे ❀ भय बिषाद परिताप घनेरे ॥५॥
प्रभुबियोग लवलेस समाना ❀ सब मिलि होहिं न कृपानिधाना ॥६॥

छिनछिनमा प्रभुका चरणकमल हेर्दा दिउँसो (खुशी भएकी) चक्रवाकी (चखेवी) झैं खुशी रहनेछु ॥ ४ ॥ हे दयानिधान ! प्रभुले भय-दुःख-सन्ताप धेरै भएका वनवासका दुःख धेरै बताउनुभयो, (तर) ती बताएका सबै दुःख मिलेर (एक समूहरूप भएर रहे पनि) प्रभुका वियोगका दुःखको लवलेशबराबर हुँदैनन् ॥ ५ ॥ ६ ॥

अस जिअँ जानि सुजानसिरोमनि ❀ लेइअ संग मोहि छाड़िअ जनि ॥७॥
बिनती बहुत करौं का स्वामी ❀ करुनामय उर अंतरजामी ॥८॥

हे ज्ञानवान्का शिरोमणि ! मनले यो कुरा जानेर मलाई सँग लिनुहोस् नछाड्नुहोस् ॥ ७ ॥ हे करुणामय ! हे हृदयसाक्षिन् ! हे स्वामिन् ! धेरै विन्ति के गरौं ? ॥ ८ ॥

दोहा–राखिअ अवध ज़ों अवधि लगि रहत जानिअहिं प्रान ।
दीनबंधु सुंदर सुखद सील सनेह निधान ॥६५॥

हे दीनबन्धो ! हे सुन्दरसुखदायक ! हे शीलनिधान ! हे स्नेहनिधान ! चौद्ध वर्षको अवधिसम्म (सीताका) प्राण रहलान् भनेर हजूरबाट जानिबक्सिएको छभने अयोध्यामा राख्नुहोस् (आफैं सर्वहृदयसाक्षी प्रेमनिधान होइबक्सिन्छ, "चौधचौधवर्ष छाडदा पनि सीता बाँचिरहली भनी पक्का ठहराउनुहुन्छभने भैगयो अयोध्यैमा राख्नुहोस्, हजूर स्वामी, म दासी, के विन्ति चढाऊँ, किन जिद्दी गरौं ?, त्यसो ता होइन, "प्राणनाथविना सीताका प्राण रहनेछैनन्" भनी प्रेमको मर्म बुझेर यथार्थ विचार गरिबक्सिन्छभने मलाई साथै लैजानुहोस् । (बाटामा वनमा दुःख पाउली भनेर फगत दयादृष्टि गरेको होभने–) ॥ ६५ ॥

चौ०–मोहि मग चलत न होइहि हारी ❀ छिनु छिनु चरन सरोज निहारी ॥१॥
सबहि भाँति पिय सेवा करिहौं ❀ मारगजनित सकल श्रम हरिहौं ॥२॥
पाय पखारि बैठि तरुछाहीं ❀ करिहौं बाउ मुदित मन माहीं ॥३॥
श्रमकन सहित स्याम तनु देखें ❀ कहँ दुखसमउ प्रानपति पेखें ॥४॥

छिनछिनमा हजूरका चरणकमल देख्न पाउँदा बाटामा हिंड्दाखेरि हार हुनेछैन (हिंडन सकिन भन्ने कुरा हुनेछैन) ॥ १ ॥ हे प्राणनाथ ! सब तरहले सेवा-टहल गर्नेछु (त्यसैले) बाटामा लागेको सबै थकाइलाई हटाउनेछु ॥ २ ॥ (हजूरका) पाउ पखालेर वृक्षका छायामा बसीकन, मनलाई आनन्दित गराएर हावा गर्नेछु (पछ्यौराले हंकनेछु) ॥ ३ ॥ पसीनाका बूँदले सहित भएको हजूरको श्याम शरीर देखेपछि दुःख मान्ने समय कहाँ हो र ? प्राणपतिलाई देख्न पाएपछि दुःख मान्ने समय कहाँ छ र ? ॥ ४ ॥

सम महि तृन तरुपल्लव डासी ❀ पाय पलोटिहि सब निसि दासी ॥५॥
बार बार मृदु मूरति जोही ❀ लागिहि ताति बयारि न मोही ॥६॥
को प्रभुसँग मोहि चितवनिहारा ❀ सिंहबधुहि जिमि ससक सिआरा ॥७॥
मैं सुकुमारि नाथु बनजोगू ❀ तुम्हहिं उचित तपु मो कहुँ भोगू ॥८॥

सम्म भएको जमीनमा घाँस-पात ओछ्याएर सधैं राति राति दासी पाउ दाब्नेछु ॥ ५ ॥ वारंवार श्यामल र कोमल भएको हजूरको मूर्ति देख्न पाउँदा मलाई तातो हावा (लू) लाग्नेछैन ॥ ६ ॥ (नरनारीलाई चोर्ने खाने राक्षस छन् भन्ने कुरामा) प्रभुसँग रहेकी मलाई (पुलुक्क) हेर्ने सकस को छ ? (हेर्ने ता कुरै छैन)। सिंहकी सिंहीलाई खरायो, स्यालहरूले जसरी हेर्न सक्तैनन् (त्यसै गरी हजूरकी सहचारिणी भएकी मलाई राक्षसहरूले हेर्न सक्तैनन्) ॥ ७ ॥ म (दासी) सुकुमारी (वन जानामा अयोग्य), मेरा स्वामी वन जान योग्य ? (यो के कुरा हो ?) हजूरलाई मुनिवेषधारण गरेर कन्दमूल आहार गरीकन (वनमा) तपस्या गर्नु उचित, मलाई (घरमा बसेर) भोग गर्नु उचित ? (बाः ! बाः ! यो के कुरा ?) ॥ ८ ॥

दोहा–ऐसेउ बचन कठोर सुनि जौं न हृदउ बिलगान ।
तौ प्रभु बिषम बियोग दुखु सहिहहिं पावर प्रान ॥६६॥

हे प्रभु ! यस्ता कठोर वचन सुनेर पनि (साथमा नआऊ, घरै बस, भनेको सुन्दा पनि) (यो मेरो) कलेजा फुटेनभने प्रभुका वियोगको कडा दुःखलाई पनि (मेरा) पाजी प्राणले सहनेछन् (मेरो कलेजा साह्रै कडा रहेछ, ऐले थाहा पाएँ, साथ जान नपाउने कुरा सुन्दा पनि यो कलेजा फाटेन। अब ता हजूरको वियोग पर्‍योभने पनि मेरो प्राण जाओइन कि भनिठान्दछु; त्यस्ता कडा कलेजाको आश्रय गरेर रहेको पाजी प्राण पनि कडा नै हुनुपर्दछ। मेरो जीवन र मरणको निश्चय मैले गर्न सक्तिनँ, केवल हजूरबाट त्यसको निश्चय गर्न सकिबक्सिन्छ) ॥ ६६ ॥

चौ०–अस कहि सीय बिकल भइ भारी ❀ बचनबियोगु न सकी सँभारी ॥१॥
देखि दसा रघुपति जिअ जाना ❀ हठि राखे नहि राखिहि प्राना ॥२॥
कहेउ कृपाल भानुकुलनाथा ❀ परिहरि सोचु चलहु बन साथा ॥३॥

यसो भनेर सीताजी खूब व्याकुल हुनुभयो, वचन मात्रको वियोगलाई पनि सहन सक्नुभएन (कुरा गर्दैमा पनि त्यस्तो कडा दुःख मान्नुभयो, साँच्चिकै छाडेको भए के गति हुने थियो ?) ॥ १ ॥ (सीताजीको) त्यो दशा देखेर रघुनाथजीले “यिनलाई यहाँ जबर्दस्ती गरेर राख्ता (यी) प्राण राख्नेछैनन्” भन्ने कुरा मनले ठमाउनुभयो ॥ २ ॥ (अनि) दयालु सूर्यकुलस्वामी श्रीरामचन्द्रले “(सीते !) शोक सुर्ता छाडेर साथ साथ वन हिंड भन्नुभयो ॥ ३ ॥

नहि बिषाद कर अवसरु आजू ❀ बेगि करहु बन गवन समाजू ॥४॥
कहि प्रिय बचन प्रिया समुझाई ❀ लगे मातुपद आसिष पाई ॥५॥
बेगि प्रजादुख मेटब आई ❀ जननी निठुर बिसरि जनि जाई ॥६॥

(रामचन्द्रजी भन्नुहुन्छ) आज विषादको (दुःखको) अवसर (मौका) छैन । वन जाने सामान चाँडै (तयार) गर” ॥ ४ ॥ यति प्रिय वचन बोल्नुभयो र प्यारी (सीताजीलाई) संझाउनुभयो, अनि माता कौशल्याका पाउमा पर्नुभयो, आशिष पाउनुभयो ॥ ५ ॥ (अनि रामचन्द्रजीकी माता फेरि बोल्नुभयो–) “हे रघुनाथ ! चाँडै आएर प्रजाको दुःख मेट, निष्ठुर भएकी मलाई नबिर्से है ॥ ६ ॥

फिरिहि दसा बिधि बहुरि कि मोरी ❀ देखिहौं नयन मनोहर जोरी ॥७॥
सुदिनु सुघरी तात कब होइहि ❀ जननी जिअत बदन बिधु जोइहि ॥८॥

हे विधाता ! मेरो दशा फेरि फिर्ला कि ? मनोहर भएको यो जोडी (छोरा-बुहारी) लाई आँखाले देख्न पाउँला कि ? ॥ ७ ॥ बाबु ! रामचन्द्र ! सुदिन र सुघडी कैले होला ? जसमा आमा जीउँदै रहेर छोरा-बुहारीको मुख देख्न पाउँली ॥ ८ ॥

दोहा–बहुरि बछ कहि लालु कहि रघुपति रघुबर तात ।
कबहिं बोलाइ लगाइ हिय हरषि निरखिहौं गात ॥६७॥

बाबु ! रामचन्द्र ! फेरि कैले “बाबू” भनेर, “छोरा” भनेर, “रघुपति !” “रघुवर !” भनी संबोधन गरेर छाती लगाएर (आलिङ्गन गरेर) हर्षित भईकन (तिम्रो) शरीरलाई टुलु-टुलु हेर्न पाउँला ॥ ६७ ॥

चौ०–लखि सनेहकातरि महतारी ❀ बचनु न आव बिकल भइ भारी ॥१॥
राम प्रबोधु कीन्ह बिधि नाना ❀ समउ सनेहु न जाइ बखाना ॥२॥
तब जानकी सासुपग लागी ❀ सुनिअ माय मैं परम अभागी ॥३॥
सेवासमय दैअँ बनु दीन्हा ❀ मोर मनोरथु सफल न कीन्हा ॥४॥

माता कौशल्याजीलाई स्नेहले अधीर भएकी, खूब व्याकुल भएर मुखबाट वचन ननिस्कने भएकी देखेर ॥ १ ॥ रामचन्द्रजीले नाना प्रकारसँग प्रबोध गर्नुभयो (बुझाउनुभयो) त्यो समय र त्यो स्नेहको बखान गर्न सकिदैन ॥ २ ॥ अनि जानकीजी सासूज्यूका पाउ पर्नुभयो (र विन्ति गर्न लाग्नुभयो—) "माता ! सुनिबक्सियोस्, म परम अभागिनी रहिछु ॥ ३ ॥ सेवाटहल गर्ने वेलामा दैवले वनवास दियो, मनोरथ सफल गरेन ॥ ४ ॥

तजब छोभु जनि छाड़िय छोहू ❀ करमु कठिन कछु दोसु न मोहू ॥५॥
सुनि सियबचन सासु अकुलानी ❀ दसा कवनि बिधि कहौं बखानी ॥६॥
बारहिं बार लाइ उर लीन्ही ❀ धरि धीरजु सिख आसिष दीन्ही ॥७॥
अचल होउ अहिवातु तुम्हारा ❀ जब लगि गंग जमुन जलधारा ॥८॥

क्षोभ (चित्तव्याकुलता) छाडिबक्सियोस्, (हाम्रा उपर) स्नेह नछाडिबक्सिएला । मेरो कर्म निष्ठुर रहेछ, मेरो केही दोष छैन" ॥ ५ ॥ सीताजीका यी वचन सुनेर सासू आकुलव्याकुल हुनुभयो । त्यो हालतको कुन प्रकारले विस्तारपूर्वक वर्णन गरौं ? ॥ ६ ॥ कौशल्याजीले सीताजीलाई वारंवार छाती लगाउनुभयो र धैर्य धारण गरीकन अर्तीशिक्षा र आशिष दिनुभयो ॥ ७ ॥ (सीते !) जहाँसम्म गङ्गा र यमुनाको धारा बगिरहन्छ, त्यहाँसम्म (त्यति समयसम्म) तिम्रो अभिभाँत (सौभाग्य) अचल रहोस् ॥ ८ ॥

दोहा–सीतहि सासु असीस सिख दीन्हि अनेक प्रकार ।
चलीं नाइ पद पदुम सिरु अति हित बारहिं बार ॥६८॥

सासूले सीताजीलाई अनेक प्रकारले अर्ती उपदेश र आशिष दिनुभयो । (अनि सीताजी) सासूका चरणकमलमा अति स्नेहले वारंवार शिर राखेर बिदा हुनुभयो ॥ ६८ ॥

चौ०–समाचार जब लछिमन पाए ❀ ब्याकुल बिलख बदन उठि धाए ॥१॥
कंप पुलक तन नयन सनीरा ❀ गहे चरन अति प्रेम अधीरा ॥२॥
कहि न सकत कछु चितवत ठाढ़े ❀ मीनु दीनु जनु जल तें काढ़े ॥३॥

जब लक्ष्मणजीले यो समाचार पाउनुभयो, (तब) व्याकुल भईकन विलक्षवदन (जिल्ल परेको चेहरावाला) भएर उठेर (रघुनाथजीका समीप) दौडनुभयो ॥ १ ॥ (उहाँको) शरीमा कंप र रोमाञ्च थियो, नेत्र सजल (अश्रुपूर्ण) थिए । (वहाँले) गाढ प्रेमले अधीर भएर (रघुनाथजीका) पाउ समात्नुभयो ॥ २ ॥ (उहाँको अवस्था) केही बोल्न नसक्ने, खडा भएर टुल्रुटुल्रु हेर्ने (यस्तो थियो) । (लक्ष्मणजी–) जलबाट बाहिर निकालेको हुनाले दुःखित भएको (छटपटाउने) माछा जस्तै हुनुहुन्थ्यो ॥ ३ ॥

सोचु हृदय बिधि का होनिहारा ❀ सबु सुखु सुकृतु सिरान हमारा ॥४॥
मो कहुँ काह कहब रघुनाथा ❀ रखिहहिं भवन कि लैहहिं साथा ॥५॥

लक्ष्मणजी हृदयमा विचार गर्नुहुन्थ्यो कि–"के हुन लाग्यो ?, हाम्रो सुख र पुण्य सकिएछ कि ? ॥ ४ ॥ मलाई रामचन्द्रजी के भन्नुहोला ?; घरैमा राख्नुहोला कि साथ लैजानुहोला !" ॥ ५ ॥

राम बिलोकि बंधु कर जोरें ❀ देह गेह सब सन तृनु तोरें ॥६॥
बोले बचन रामु नयनागर ❀ सील सनेह सरल सुख सागर ॥७॥
तात प्रेमबस जनि कदराहू ❀ समुझि हृदयँ परिनाम उछाहू ॥८॥

देह (शरीर) गेह (घरद्वार) सबैसँग नाता तोडिसकेका, (सबैलाई माया मारी सकेका) हात जोडेका भाई लक्ष्मणजीलाई रामजीले देख्नुभयो ॥ ६ ॥ (अनि) शील, स्नेह, सरलता, आनन्द, यिनका सागरस्वरूप भएका, नीतिमा कुशल भएका रघुनाथजीले वचन बोल्नुभयो ॥ ७ ॥ "बाबु! लक्ष्मण! प्रेमवश भएर कातर नहोऊ, मनमा परिणाम (चौध वर्षपछि हुने कल्याण) बुझेर उत्साह गर ॥ ८ ॥

दोहा–मातु पिता गुर स्वामि सिख सिर धरि करहिं सुभायँ ।
लहेउ लाभु तिन्ह जनम कर नतरु जनमु जग जायँ ॥६९॥

जो माता पिता गुरु स्वामीको शिक्षालाई स्वभावैले (विनाविचार) शिरोपर गरेर (तदनुसारको काम) गर्दछन्, तिनले जन्मको लाभ पाए (तिनको जन्म सफल भयो) नत्र जगत्मा जन्म (वृथा) बित्यो ॥ ६९ ॥

चौ०–अस जियँ जानि सुनहु सिख भाई ❀ करहु मातु पितु पद सेवकाई ॥१॥
भवन भरतु रिपुसूदनु नाहीं ❀ राउ बृद्ध मम दुखु मन माहीं ॥२॥

भाई! लक्ष्मण! यस्तो मनमा जानेर (मेरो) शिक्षा सुन, माता-पिताका चरणको सेवा गर ॥ १ ॥ भरत र शत्रुघ्न घरमा छैनन्, महाराज वृद्ध हुनुहुन्छ (यत्ति कुराले) मेरा मनमा दुःख छ ॥ २ ॥

मैं बन जाउँ तुम्हहि लेइ साथा ❀ होइ सबहि बिधि अवध अनाथा ॥३॥
गुर पितु मातु प्रजा परिवारू ❀ सब कहुँ परइ दुसह दुख भारू ॥४॥
रहहु करहु सब कर परितोषू ❀ नतरु तात होइहि बड़ दोषू ॥५॥

म तिमीलाई लिएर वन जाऊँ भने सब तरहबाट अवधदेश अनाथ हुनेछ ॥ ३ ॥ गुरु, पिता, माता, प्रजा, परिवार, सबैलाई भारी दुःख पर्नेछ ॥ ४ ॥ (त्यसो हुनाले) तिमी (यहीं) रहू र सबैको परितोष (आनन्द) गर, बाबु! लक्ष्मण! नत्र बडो खराबी हुनेछ ॥ ५ ॥

जासु राज प्रिय प्रजा दुखारी ❀ सो नृपु अवसि नरक अधिकारी ॥६॥
रहहु तात अस नीति बिचारी ❀ सुनत लखनु भये ब्याकुल भारी ॥७॥
सिअरे बचन सूखि गये कैसें ❀ परसत तुहिन तामरसु जैसें ॥८॥

जसका राज्यमा प्यारा प्रजा दुःखी हुन्छन्, त्यो राजा अवश्यमेव नरकनिवासको अधिकारी (लायक) हुन्छ[1] ॥ ६ ॥ बाबु! लक्ष्मण! यस्तो नीति विचार गरेर तिमी (यहीं) रहू"।

---

(१) राजा भएर प्रजाको रक्षा गर्दैन कर (मालपोत) मात्र लिन्छ भने पापको भोग गर्छ (नरक पर्छ)। "अरक्षिता करहारोऽघमत्ति" (भागवत)

(रामचन्द्रजीका यी वचन-) सुन्दा लक्ष्मणजी खूब व्याकुल हुनुभयो ॥ ७ ॥ जसरी (अत्यन्त ठण्डा) तुषारालाई छुनाका साथ कमल सुक्तछ, त्यसै गरी शीतल भएका रामजीका वचन सुन्नाका साथ लक्ष्मणजी सुक्नुभयो (खंग्रङ्ग हुनुभयो) ॥ ८ ॥

दोहा-उतरु न आवत प्रेमबस गहे चरन अकुलाइ ।
नाथ दासु मैं स्वामि तुम्ह तजहु त काह बसाइ ॥७०॥

प्रेमवश भएर (प्रेमव्याकुल भएर) (मुखबाट) उत्तर आएन (निस्केन) आकुल भएर (रामजीका) पाउ समात्नुभयो । (अनि विन्ति गर्न लाग्नुभयो-) "हे नाथ ! म दास हुँ, हजूर मालिक होइबक्सिन्छ भने के वश (मेरो के लाग्दछ ?) ॥ ७० ॥

चौ०-दीन्हि मोहि सिख नीकि गोसाईं ❀ लागि अगम अपनी कदराईं ॥१॥
नरबर धीर धरम धुर धारी ❀ निगम नीति कहुँ ते अधिकारी ॥२॥
मैं सिसु प्रभु सनेह प्रतिपाला ❀ मंदरु मेरु कि लेहिं मराला ॥३॥

हे स्वामी ! मलाई ठूलो शिक्षा बक्सनुभयो, (तर) आफ्नो कातरताले (त्यो शिक्षा) अगम लाग्यो ॥ १ ॥ जो श्रेष्ठ मनुष्य छन्, तिनीहरू धर्मको भार धारण गर्नलाई समर्थ र वेदनीतिका विषयमा अधिकारी (लायक) हुन्छन् , म ता प्रभुबाट प्रेमपूर्वक प्रतिपालन गरिएको बालक हुँ (धर्मको भार उठाउन, वेदनीतिको चालमा चलन, मेरो के ताकत ?) मन्दर पर्वत र सुमेरु पर्वतलाई हंसपक्षी (हाँस) बोक्न सक्तछ र ? ॥ २ ॥ ३ ॥

गुर पितु मातु न जानउँ काहू ❀ कहउँ सुभाउ नाथ पतिआहू ॥४॥
जहँ लगि जगत सनेह सगाई ❀ प्रीति प्रतीति निगम निजु गाई ॥५॥
मोरें सबइ एक तुम्ह स्वामी ❀ दीनबंधु उर अंतरजामी ॥६॥

गुरु, पिता, माता कसैलाई जान्दिनँ, आफ्नु स्वभाव विन्ति गर्दछु, हेनाथ ! पत्याइबक्सियोस् ॥ ४ ॥ जगत्मा खास वेदले जतिसम्म स्नेह, नाता, प्रेम, पत्यार बयान गरेको छ, हे स्वामी ! मेरा ती सबै कुराका आधार एउटा दीनबन्धु र हृदयका अन्तर्यामी भइबक्सेका हजूरै होइबक्सिन्छ (हजूरदेखि बाहेक कुनै व्यक्तिमा स्नेह पनि गर्दिनँ, नाता पनि मान्दिनँ, प्रेम पनि गर्दिनँ, पत्यार पनि गर्दिनँ, अन्तर्यामी हजूरलाई यो कुरा जाहेरै छ) ॥ ५ ॥ ६ ॥

धरम नीति उपदेसिअ ताही ❀ कीरति भूमि सुगति प्रिय जाही ॥७॥
मन क्रम बचन चरनरत होई ❀ कृपासिंधु परिहरिअ की सोई ॥८॥

जसलाई कीर्ति, ऐश्वर्य, सद्गति प्यारो छ (यिनै चीजलाई जो खोज्दछ) त्यसैलाई धर्म र नीतिको उपदेश गर्नुपर्दछ ॥ ७ ॥ जो मनसा कर्मणा वाचा चरणरत (चरण-सेवानुरागी) छ, हे करुणासागर ! त्यो छाड्नलायक छ र ? ॥ ८ ॥

दोहा-करुनासिंधु सुबंधु के सुनि मृदु बचन बिनीत ।
समुझाए उर लाइ प्रभु जानि सनेह सभीत ॥७१॥

करुणासागर प्रभु रामचन्द्रले प्रेमी भाई लक्ष्मणजीका नम्र र कोमल भएका वचन सुन्नुभयो र (वहाँलाई) आलिङ्गन गर्नुभयो, स्नेह जानेर डराउँदै संझाउनुभयो ॥ ७१ ॥ (क)

चौ०–मागहु बिदा मातु सन जाई ❀ आवहु बेगि चलहु बन भाई ॥१॥
मुदित भये सुनि रघुबरबानी ❀ भयेउ लाभ बड़ गइ बड़ि हानी ॥२॥
हरषित हृदयँ मातु पहि आये ❀ मनहु अंध फिरि लोचन पाये ॥३॥

(रामजी आज्ञा गर्नुहुन्छ) "भाई ! गएर माताजीसँग बिदा माग, चाँडै आउ, वन हिंड" ॥ १ ॥ रघुवरको यो वचन सुनेर लक्ष्मणजी खुशी हुनुभयो । (किनभने) उहाँलाई बडो लाभ भयो, ठूलो हानि हर्‍यो, ॥ २ ॥ अन्धले फेरि आँखा पाएको वेलामा जस्तै हृदयमा हर्षित भएर लक्ष्मणजी माता सुमित्राका समीप आउनुभयो ॥ ३ ॥

जाइ जननिपग नायेउ माथा ❀ मनु रघुनंदन जानकि साथा ॥४॥
पूछे मातु मलिन मनु देखी ❀ लखन कही सब कथा बिसेषी ॥५॥

लक्ष्मणजीले गएर माता सुमित्राका पाउमा शिर राख्नुभयो, (उहाँको) मन रघुनाथजी र जानकीजीका साथमा थियो ॥ ४ ॥ माता सुमित्राले (उहाँको) मन मलिन भएको देखेर सोध्नुभयो, लक्ष्मणजीले सबै कुरा विस्तार गर्नुभयो ॥ ५ ॥

गई सहमि सुनि बचन कठोरा ❀ मृगी देखि दव जनु चहुँ ओरा ॥६॥
लखन लखेउ भा अनरथु आजू ❀ येहि सनेहबस करब अकाजू ॥७॥
मागत बिदा समय सकुचाहीं ❀ जाइ संग बिधि कहिहि कि नाहीं ॥८॥

लक्ष्मणबाट कठोर वचन सुनेर चारैतिर डढेलो देखेर हरिणी झस्केझैं सुमित्रा महारानी झस्कनुभयो ॥ ६ ॥ लक्ष्मणजीले "आज अनर्थ भयो, यिनले स्नेहवश भएर (मेरो) अकाज गर्छिन् (वन जाने काममा विघ्न पार्छिन्, वन जान दिन्नन्) भन्ने कुरा मनले देख्नुभयो ॥ ७ ॥ बिदा माग्दा डराएर संकुचित भईकन लक्ष्मणजी "हे विधाता ! (मेरी माता) रामजीसँग जा भन्नुहुन्छ कि भन्नुहुन्न" (यस्तो सन्देह गर्नुभएको थियो) ॥ ८ ॥

दोहा–समुझि सुमित्रा राम सिय रूपु सुसीलु सुभाउ ।
नृपसनेहु लखि धुनेउ सिरु पापिनि दीन्ह कुदाउ ॥७२॥

सुमित्रा महारानीले रामजीको र सीताजीको सुन्दररूप शील स्वभाव संझेर महाराजदशरथको स्नेह देखेर (विचार गरेर) शिर हल्लाउनुभयो, "पापिनी (कैकेयी) ले खराब दुःख दिई" भन्नुभयो ॥ ७२ ॥

चौ०–धीरजु धरेउ कुअवसरु जानी ❀ सहज सुहृद बोली मृदु बानी ॥१॥
तात तुम्हारि मातु बैदेही ❀ पिता रामु सब भाँति सनेही ॥२॥

(क) साथमा नलगेका पक्षमा प्रेमव्याकुल भएका लक्ष्मणजीको केही अनिष्ट होला कि भन्ने शंका हुँदा रामजीले डराउँदै संझाउनुभयो ।

अवध तहाँ जहँ रामनिवासू ❀ तहइँ दिवसु जहँ भानुप्रकासू ॥३॥

(शोक गर्नलाई) मौका खराब छ भनी जानेर धैर्य धारण गर्नुभयो र स्वभावहित-कारिणी [1]सुमित्राले नरम वचन बोल्नुभयो ॥ १ ॥ बाबु ! लक्ष्मण ! तिम्री आमा जानकी हुन्, सब तरहबाट स्नेह गर्ने पिता राम हुन् ॥ २ ॥ जहाँ रामको निवास छ त्यही जङ्गल अयोध्या छ, (किनभने) जहाँ सूर्यको प्रकाश, त्यहीं दिन ॥ ३ ॥

जौं पै सीय रामु बन जाहीं ❀ अवध तुम्हार काजु कछु नाही ॥४॥
गुर पितु मातु बंधु सुर साईं ❀ सेइअहिं सकल प्रान की नाईं ॥५॥

सीता र राम वन जान्छन्भने, अयोध्यामा तिम्रो केही काम छैन ॥ ४ ॥ गुरु, पिता, माता, दाज्यू, देवता, मालिक, यी सबैलाई प्राणसमान गरेर सेवा गर्नुपर्दछ ॥ ५ ॥

रामु प्रानप्रिय जीवन जी के ❀ स्वारथ रहित सखा सबही के ॥६॥
पूजनीय प्रिय परम जहाँ तें ❀ सब मानिअहिं राम के नातें ॥७॥
अस जिय जानि संग बन जाहू ❀ लेहु तात जग जीवनलाहू ॥८॥

रामचन्द्र सबैका प्राणप्रिय छन्, जीवमात्रका जीवनदायक छन्, सबैका स्वार्थ-रहित मित्र छन् ॥ ६ ॥ जहाँसम्म (जति) परम पूजनीय र परमप्रिय छन्, ती सबै रामका नाताले (रामका संबन्धले) मानिन्छन् ॥ ७ ॥ बाबु ! लक्ष्मण ! मनले यो कुरा जानेर रामचन्द्रसँग वन जाऊँ। जगत्मा जीवनको लाभ लेऊ (जन्म सफल गर) ॥ ८ ॥

दोहा–भूरि भाग भाजनु भयेहु मोहि समेत बलि जाउँ।
जौं तुम्हरें मन छाड़ि छलु कीन्ह रामपद ठाउँ ॥७३॥

तिमी मसमेत ठूलो भाग्यका पात्र (अत्यन्त भाग्यवान्) भयौ। म बलैया लिन्छु (तिम्रो भलो चाहन्छु) किनभने, तिम्रा मनले छल छाडेर रामचन्द्रका पाउमा ठाउँ गर्‍यो (तिम्रो मन रामचन्द्रका पाउमा अडियो) ॥ ७३ ॥

चौ०–पुत्रवती जुवती जग सोई ❀ रघुपतिभगतु जासु सुतु होई ॥१॥
नतरु बाँझ भलि बादि बिआनी ❀ रामबिमुख सुत तें हित जानी ॥२॥

जसको पुत्र रघुनाथको भक्त हुन्छ जगत्मा त्यही स्त्री पुत्रवती कहिन्छे ॥ १ ॥ नत्र

---

(१) सुमित्रा महारानीका नीतिनिपुणता, क्षात्रधर्मप्रवीणता, सहिष्णुता आदि गरेका सद्गुण यो संवादमा स्पष्ट छन्, हिन्दूका आदर्शराजमहिलाहरूमा यिनको स्थान परम सच्चा रहेछ भनी जानेर यथामति यथागति यिनको अनुररण गर्नु प्रत्येक महिलाको कर्तव्य छ।

समाचार सुन्नाका साथ आलापविलापपछि नलागेर "रामजीलाई महाराज दशरथ संझ, सीतालाई म संझ, जङ्गललाई अयोध्या संझ, बाबु ! लक्ष्मण ! सुबिस्ता जसरी हुन्छ, उसरी जाउ" यस्तो धैर्यपूर्वक बोल्ने सुमित्रा महारानी सुमित्रा महारानी जस्तै छन्।

"रामं दशरथं विद्धि मां विद्धि जनकात्मजाम्। अयोध्यामटवीं विद्धि गच्छ तात ! यथासुखम्।
(वाल्मीकि)

स्त्री वन्ध्या भएकी (बाँझ)पनि बेशै हो, ब्याउनु व्यर्थै छ (किनभने) रामचन्द्रदेखि विमुख भएका पुत्रबाट हितको हानि हुन्छ ॥ २ ॥

तुम्हरेंहि भाग रामु बन जाहीं ❀ दूसर हेतु तात कछु नाहीं ॥३॥
सकल सुकृत कर फलु सुत एहू ❀ राम सीय पद सहज सनेहू ॥४॥
रागु रोषु इरिषा मदु मोहू ❀ जनि सपनेहुँ इन्ह कें बस होहू ॥५॥

बाबु ! तिम्रै भाग्यले रामजी वन जान लागे दोस्रो कारण केही छैन ॥ ३ ॥ सीतासमेत भएका रामजीका चरणमा स्वाभाविक प्रेम लाग्नु नै सकल पुण्यको ठूलो फल हो ॥ ४ ॥ राग-द्वेष-ईर्ष्या-मद मोह यिनको वश सपनामा पनि नभए ॥ ५ ॥

सकल प्रकार बिकार बिहाई ❀ मन क्रम बचन करेहु सेवकाई ॥६॥
तुम्ह कहुँ बन सब भाँति सुपासू ❀ सँग पितु मातु रामु सिय जासू ॥७॥
जेहिं न रामु बन लहहिं कलेसू ❀ सुत सोइ करेहु इहइ उपदेसू ॥८॥

सकल प्रकारका विकारलाई छाडेर मन कर्म वचनले सेवा गरे ॥ ६ ॥ बाबु ! जसका साथमा माता सीता, पिता राम छन्, उस्ता तिमीलाई वनमा सब तरहबाट सुबिस्ता नै हुनेछ ॥ ७ ॥ जसमा वनमा रामजीले क्लेश (तकलीफ) नपाऊन् , त्यही काम गरे बाबा !, (मेरो) उपदेश यही हो ॥ ८ ॥

छन्द—उपदेसु येहु जेहिं तात तुम्हरे रामु सिय सुखु पावहीं ।
पितु मातु प्रिय परिवारु पुर सुख सुरति बन बिसरावहीं ॥
तुलसी प्रभुहि सिख देइ आयसु दीन्ह पुनि आसिष दई ।
रति होउ अबिरल अमल सिय रघुबीर पद नित नित नई ॥३॥

बाबु ! उपदेश यही हो, जसमा तिमी जानाले राम र सीता सुख पाऊन् । पिता, माता, प्यारा परिवार, नगरनिवासको सुख, र प्रीति वनमा (रामचन्द्रले) बिर्सून् । तुलसीदास भन्दछन् (सुमित्रा महारानीले) प्रभु लक्ष्मणजीलाई शिक्षा दिएर (साथ जानलाई) आज्ञा दिनुभयो ! "सीता र रघुवीरका पाउमा नित्य नित्य नयाँ नयाँ निर्मल अविच्छिन्न प्रीति रहोस्" यस्तो आशिष पनि दिनुभयो ॥ ३ ॥

सोरठा—मातुचरन सिरु नाइ चले तुरित संकित हृदय ।
बागुर बिषम तोराइ मनहुँ भाग मृगु भागबस ॥३॥

लक्ष्मणजी माताका चरणमा शिर राखेर (ढोगेर) भाग्यवश विषम (तोडी नसकिने कडा) पाशलाई तोडेर भागेको हरिणजस्तै भएर हृदयमा शंकित भईकन (फेरि बाँधिन्छु कि भन्ने शंका लिएर) तुरन्तै दौडनुभयो ॥ ३ ॥

चौ०—गये लखनु जहँ जानकिनाथू ❀ भे मन मुदित पाइ प्रियसाथू ॥१॥
बंदि रामसिय चरन सुहाये ❀ चले संग नृपमंदिर आये ॥२॥

लक्ष्मणजी जहाँ जानकीनाथ (रामजी) हुनुहुन्थ्यो (वहाँ) पुग्नुभयो, प्रिय (इष्ट) भएको साथ पाएर मनमा आनन्दित हुनुभयो (अनि) रामजी र सीताजीका सुन्दर चरणको वन्दना गरेर साथ हिंडेर राजमहल आउनुभयो ॥ १ ॥ २ ॥

कहहिं परसपर पुर नर नारी ❀ भलि बनाइ बिधि बात बिगारी ॥३॥
तन कृस मन दुखु बदन मलीने ❀ बिकल मनहुँ माखी मधु छीने ॥४॥
कर मीजहिं सिर धुनि पछिताहीं ❀ जनु बिनु पंख बिहग अकुलाहीं ॥५॥

नगरका नरनारीहरू "विधाताले बेश बनाएको कुरा (आफैंले) बिगारे" भनी परस्परमा भन्न लागे ॥ ३ ॥ (नगरका सबै नरनारीहरूको) शरीर दुब्लो, मनमा दुःख, (थियो)। तिनको वदन मलिन थियो, तिनीहरू मह खोसिएर व्याकुल भएका मौरीजस्ता थिए ॥ ४ ॥ (तिनीहरू) प्वाँख उखेलिएर व्याकुल भएका पक्षीजस्तै भएर शिर झट्कार्न, हात माड्न लागे ॥ ५ ॥

भइ बड़ि भीर भूपदरबारा ❀ बरनि न जाइ बिषादु अपारा ॥६॥
सचिव उठाइ राउ बैठारे ❀ कहि प्रिय बचन रामु पगु धारे ॥७॥
सिय समेत दोउ तनय निहारी ❀ व्याकुल भयेउ भूमिपति भारी ॥८॥

राजाका दरबारमा ठूलो भीड (घुइँचो) भयो, (त्यहाँको) अपार विषाद (खेद) को वर्णन गर्न सकिदैन ॥ ६ ॥ मन्त्रीले राजालाई उठाएर बसाले, रामचन्द्रजी प्रिय वचन बोलेर पाउ पर्नुभयो ॥ ७ ॥ सीतासहित भएका दुई जना छोरालाई देखेर राजा दशरथ खूब व्याकुल भए ॥ ८ ॥

दोहा–सीय सहित सुत सुभग दोउ देखि देखि अकुलाइ ।
बारहिं बार सनेहुबस राउ लेइ उर लाइ ॥७४॥

सीतासहित दुई जना सुन्दर पुत्रलाई वारंवार हेरेर राजा व्याकुल भए। स्नेहवश भएर वारंवार (उनीहरूलाई) हृदयमा लगाए (आलिङ्गन गरे) ॥ ७४ ॥

चौ०–सकै न बोल बिकल नरनाहू ❀ सोकजनित उर दारुन दाहू ॥१॥
नाइ सीसु पद अति अनुरागा ❀ उठि रघुबीर बिदा तब मागा ॥२॥
पितु असीस आयसु मोहि दीजै ❀ हरषसमय बिसमउ कत कीजै ॥३॥

राजा दशरथले व्याकुल भएर बोल्न सकेनन् हृदयमा शोकबाट पैदा भएको भयानक दाह (डाह) थियो ॥ १ ॥ रघुवीरले अति प्रेमका साथ पाउमा शिर राख्नुभयो अनि उठेर बिदा माग्नुभयो ॥ २ ॥ "पिताजी! मलाई आशिष र आज्ञा बक्सनुहोस्, हर्षका बखतमा विषाद किन गरिबक्सिन्छ ? ॥ ३ ॥

तात कियें प्रिय प्रेम प्रमादू ❀ जसु जग जाइ होइ अपबादू ॥४॥
सुनि सनेहबस उठि नरनाहाँ ❀ बैठारे रघुपति गहि बाँहा ॥५॥

पिताजी ! प्रिय भएका मानिसका उपर प्रेमले प्रमाद (गल्ती) गर्दा जगत्मा यश नष्ट हुन्छ, लोकापवाद (बदनामी) हुन्छ" ॥ ४ ॥ यो वचन सुनेर महाराज दशरथले स्नेहवश भएर जुरुक्क उठीकन दुई हात समातेर रघुनाथजीलाई बसाए ॥ ५ ॥ (अनि भन्न लागे)

सुनहुँ तात तुम्ह कहुँ मुनि कहहीं ❀ रामु चराचरनायकु अहहीं ॥६॥
सुभ अरु असुभ करम अनुहारी ❀ ईसु देइ फलु हृदयँ बिचारी ॥७॥
करै जो करमु पाव फलु सोई ❀ निगम नीति अस कह सबु कोई ॥८॥

"बाबु ! सुन, मुनिहरू तिमीलाई चराचर जगत्का नायक (ईश्वर) हुन् भन्दछन् ॥ ६ ॥ कर्मको अनुसार हृदयमा विचार गरेर ईश्वरले जीवलाई शुभ र अशुभ फल दिनुहुन्छ ॥ ७ ॥ सबै वेद र नीतिशास्त्रहरू पनि "जस्तो कर्म गर्दछ, उस्तै फल पाउँछ" यसो भन्दछन् (परन्तु यहाँ ता) ॥ ८ ॥

दोहा–औरु करइ अपराधु कोउ और पाव फलभोगु ।
अति बिचित्र भगवंतगति को जग जानइ जोगु ॥७५॥

कोही अर्को अपराध गर्दछ, अर्को फलभोग पाउँदछ (यस्तो हुन गयो, अफसोस !) ईश्वरको गति अति विचित्र छ । यो जान्न योग्य को छ ?(ईश्वरीय गति को जान्न सक्तछ?) ॥ ७५ ॥

चौ०–राय राम राखन हित लागी ❀ बहुत उपाय किये छलु त्यागी ॥१॥
लखी रामरुख रहत न जाने ❀ धरमधुरंधर धीर सयाने ॥२॥

राजा दशरथले रामजीलाई राख्नाका निमित्त छल छाडेर धेरै उपाय गरे ॥ १ ॥ धर्मोद्धार-समर्थ, धीर, चतुर रामचन्द्रजीको रुख (आशय) देखेर रहने (बस्ने) जानेनन् ॥ २ ॥

तब नृप सीय लाइ उर लीन्ही ❀ अति हित बहुत भाँति सिख दीन्ही ॥३॥
कहि बन के दुख दुसह सुनाए ❀ सासु ससुर पितु सुख समुझाए ॥४॥

अनि राजा दशरथले सीताजीलाई छाती लगाए र धेरै तरहले अत्यन्त हित-शिक्षा दिए ॥ ३ ॥ वनका दुःसह दुःखको वर्णन गरेर सुनाए, सासू ससुरा पिताहरूको सुख वर्णन गरेर (त्यस्ता सुखीहरूकी बुहारी छोरी दुःख खप्न सक्तिनौ भन्ने आशयले) संझाए ॥ ४ ॥

सियमनु रामचरन अनुरागा ❀ घरु न सुगमु बनु बिषमु न लागा ॥५॥
औरउ सबहिं सीय समुझाई ❀ कहि कहि बिपिनबिपति अधिकाई ॥६॥

सीताजीको मन रामजीका चरणमा अनुरक्त (थियो) (त्यसो हुनाले) घर सुगम लागेन, वन विषम (दुर्गम) लागेन ॥ ५ ॥ सबै अरू स्त्रीवर्गले पनि जङ्गलका विपत्तिका अधिकताको वर्णन गरीगरीकन सीताजीलाई संझाए ॥ ६ ॥

सचिवनारि गुरनारि सयानी ❀ सहित सनेह कहहिं मृदु बानी ॥७॥
तुम्ह कहुँ तौ न दीन्ह बनबासू ❀ करहु जो कहहिं ससुर गुर सासू ॥८॥

चतुर भएका मन्त्रीका स्त्रीहरू गुरुपत्नीहरू स्नेहसहित भएर नरम वचन बोल्न

लागे–॥ ७ ॥ "किशोरीजी ! तपाईंलाई ता वनवास दिएको छैन, सासू ससुरा गुरु जे भन्नुहुन्छ (त्यो काम) गर्नुहोस्" ॥ ८ ॥

दोहा–सिख सीतलि हित मधुर मृदु सुनि सीतहि न सोहानि ।
सरद चंद चंदिनि लगत जनु चकई अकुलानि ॥७६॥

शरत्समयका चन्द्रमाको चाँदनी (चन्द्रिका) लाग्दा जसरी चखेवी आकुल हुन्छे (त्यो चन्द्रिका त्यसलाई मनपर्दैन) त्यसै गरी शीतल, हित, मधुर, कोमल, भएको शिक्षावचन सुन्दा सीताजीलाई मनपरेन (त्यो वचनले व्याकुल हुनुभयो) ॥ ७६ ॥

चौ०–सीय सकुचबस उतरु न देई ❀ सो सुनि तमकि उठी कैकेई ॥१॥
मुनि पट भूषन भाजन आनी ❀ आगें धरि बोली मृदु बानी ॥२॥
नृपहि प्रानप्रिय तुम्ह रघुबीरा ❀ सील सनेह न छाड़िहि भीरा ॥३॥
सुकृतु सुजसु परलोकु नसाऊ ❀ तुम्हहि जान बन कहिहि न काऊ ॥४॥

सीताजीले संकोचवश भएर उत्तर दिन पाएको थिएन, ती (मन्त्री गुरुहरूका) स्त्रीहरूको वचन सुनेर (बीचैमा) कैकेयी झोक्किएर उठिन् र ऋषिमुनिहरूले लाउने वस्त्र (रूखका बोक्रा, मृगचर्म प्रभृति) उनले लाउने गहना (तुलसीकाष्ठको माला) उनले सुमर्ने भाँडा (तुम्बा) ल्याएर अघिल्तिर राखिदिइन्, अनि मधुर वचन बोलिन्–॥ १ ॥ २ ॥ "हे रामचन्द्र ! तिमी महाराजका प्राणप्रिय छौ, महाराज डरले शील र स्नेह छाड्नुहुनेछैन, पुण्य, सुयश, परलोक नष्ट भएर जाओस् तापनि (महाराज) तिमीलाई वन जान कहिल्यै हुकूम (मुखले) दिनुहुनेछैन ॥ ३ ॥ ४ ॥

अस बिचारि सोइ करहु जो भावा ❀ राम जननिसिख सुनि सुखु पावा ॥५॥
भूपहि बचन बान सम लागे ❀ करहिं न प्रान पयान अभागे ॥६॥
लोग बिकल मुरुछित नरनाहू ❀ काह करिअ कछु सूझ न काहू ॥७॥
रामु तुरत मुनिबेषु बनाई ❀ चले जनक जननी सिरु नाई ॥८॥

यस्तो विचार गरेर जो मनपर्छ त्यो गर" (अर्थात् पितालाई मिथ्यावादी गराउने भएर घर बस्छौ भने बस, सत्यवादी गराउन वन जान्छौ भने वन जाऊ) यस्ता प्रकारको माता कैकेयीको शिक्षा सुन्दा रामजीले सुख पाउनुभयो (आनन्दित हुनुभयो) ॥ ५ ॥ राजा दशरथलाई कैकेयीका ती वचन बाणसमान लागे "अभागी प्राण जान पनि जाँदैनन्" भन्न लागे ॥ ६ ॥ राजा मूर्च्छित भए, सबैजना व्याकुल भए, कसैलाई पनि के गर्ने हो, यो कुरा सूझेन ॥ ७ ॥ रामजी तुरुन्तै मुनिको वेष (वृक्षवल्कलको वस्त्र, मृगचर्मको आसन इत्यादि) बनाएर माता कैकेयी र पिता दशरथजीलाई ढोगदिएर रवाना हुनुभयो ॥ ८ ॥

दोहा–सजि बन साजु समाजु सबु बनिता बंधु समेत ।
बंदि बिप्र गुर चरन प्रभु चले करि सबहि अचेत ॥७७॥

वनवासका साजको सामग्री सबै सजाएर, ब्राह्मण र गुरुका चरणको वन्दना गरेर, सबैलाई अचेत पारेर प्रभु रामचन्द्र स्त्री र भाईसहित भईकन रवाना हुनुभयो ॥ ७७ ॥

[वनयात्रा]

चौ०–निकसि बसिष्ठद्वार भये ठाढ़े ❀ देखे लोग बिरह दव दाढ़े ॥१॥
कहि प्रिय बचन सकल समुझाए ❀ बिप्रबृंद रघुबीर बोलाए ॥२॥
गुर सन कहि बरषासन दीन्हे ❀ आदर दान बिनय बस कीन्हे ॥३॥
जाचक दान मान संतोषे ❀ मीत पुनीत प्रेम परितोषे ॥४॥

(दरबारबाट) निस्केर प्रभुजी गुरु वशिष्ठका ढोकामा खडा हुनुभयो, (वहाँले) सबैलाई विरहरूपी डढेलाले डढेका देख्नुभयो ॥ १ ॥ अनि प्रिय वचन बोलेर सबैलाई संझाउनुभयो र ब्राह्मणवर्गलाई बोलाउनुभयो ॥ २ ॥ गुरुसँग भनेर (तिनीहरूलाई) वर्षासन दिनुभयो (आफूले नित्य भोजन गराइने ब्राह्मणको हिसाब गरेर १४ वर्षलाई ब्राह्मणभोजनको पेश्की वर्षासन दिनुभयो), आदर, दान, विनयले सबैलाई वश गर्नुभयो ॥ ३ ॥ याचकहरूलाई दान र मानले सन्तुष्ट पार्नुभयो, मित्रहरूलाई पवित्र प्रेमले प्रसन्न पार्नुभयो ॥ ४ ॥

दासी दास बोलाइ बहोरी ❀ गुरहि सौंपि बोले कर जोरी ॥५॥
सब कै सार सँभार गोसाईं ❀ करबि जनक जननी की नाईं ॥६॥

(अनि) दासीदास (नोकरचाकर) हरूलाई बोलाएर गुरु वशिष्ठजीका जिम्मा सुम्पनुभयो र हात जोरेर बोल्नुभयो ॥ ५ ॥ "प्रभु ! बाबु-आमाजस्तै भएर सबैको सह्यार सँभार गर्नुहोला," ॥ ६ ॥ (गुरुलाई यति विन्ति गरेर)

बारहिं बार जोरि जुग पानी ❀ कहत रामु सब सन मृदु बानी ॥७॥
सोइ सब भाँति मोर हितकारी ❀ जेहिं तें रहइ भुआल सुखारी ॥८॥

दुई हात जोरेर रामजोले सबैसँग वारंवार कोमल वचन बोल्नुभयो–॥ ७ ॥ "जुनसकसद्वारा महाराज सुखी हुनुहोला, त्यही सकस सब तरहबाट मेरो हितकारी हुनेछ ॥ ८ ॥

दोहा–मातु सकल मोरें बिरहँ जेहिं न होहिं दुखदीन ।
सोइ उपाउ तुम्ह करेहु सब पुरजन परम प्रबीन ॥७८॥

तिमी सबै नगरनिवासीहरू परम प्रवीण (अति शिक्षित) छौ, मेरा सबै माताजीहरू जसमा दुःखले दीन (दिक्क) नहुनुहोस् त्यही उपाय तिमीहरू गरे है ? ॥ ७८ ॥

चौ०–येहि बिधि राम सबहि समुझावा ❀ गुरपद पदुम हरषि सिरु नावा ॥१॥
गनपति गौरि गिरीसु मनाई ❀ चले असीस पाइ रघुराई ॥२॥
रामु चलत अति भयेउ बिषादू ❀ सुनि न जाइ पुर आरतनादू ॥३॥
कुसगुन लंक अवध अति सोकू ❀ हरष बिषाद बिबस सुरलोकू ॥४॥

यस प्रकारले रामजीले सबैलाई संझाउनुभयो र हर्षित भईकन गुरुका पाउमा शिर राख्नुभयो ॥ (अनि) गणपति, गौरी, शंकरजीलाई मनाएर आशिष पाईकन रघुनाथजी रवाना हुनुभयो ॥ १ ॥ २ ॥ रामजी हिंड्दा अयोध्यानगरीमा बड़ो विषाद (खेद) भयो, नगरको आर्तनाद (दुःखको कोकोहोलो) सुन्न नसकिने भयो ॥ ३ ॥ लङ्कामा कुशकुन (स्वामिमृत्यु-सूचक अनेक निमित्त उत्पात) भए, अयोध्यामा शोक खूब फैलियो, देवताहरू हर्ष-विषादका वश भए (आफ्ना उद्योगको सफलता हुनलागेको हुनाले हर्ष, रामजीका विरहले व्याकुल भएका अयोध्यावासीहरूको विषम अवस्था देख्नाले विषाद भयो) ॥ ४ ॥

गइ मुरुछा तब भूपति जागे ❀ बोलि सुमंत्रु कहन अस लागे ॥५॥
रामु चले बन प्रान न जाहीं ❀ केहि सुख लागि रहत तन माहीं ॥६॥
एहि तें कवन ब्यथा बलवाना ❀ जो दुखु पाइ तजहिं तनु प्राना ॥७॥
पुनि धरि धीर कहै नरनाहू ❀ लै रथु संग सखा तुम्ह जाहू ॥८॥

मूर्छा हट्यो, अनि राजा जागा भए, सुमन्त्र मन्त्रीलाई बोलाएर यसो भन्न लागे ॥ ५ ॥ "रामजी जङ्गलतर्फ गए, प्राण जाँदैनन्, कुन सुखका लागि शरीरमा रहेका होलान् ? ॥ ६ ॥ जुन दुःख पाएर शरीरले प्राण छाड्दछ यो दुःखभन्दा पनि बलवान् भएको त्यो दुःख कुन होला ?" ॥ ७ ॥ अनि राजा दशरथले धैर्य गरेर भने कि—"हे मित्र ! साथमा रथ लिएर तिमी जाऊ ॥ ८ ॥

दोहा—सुठि सुकुमार कुमार दोउ जनकसुता सुकुमारि ।
रथ चढ़ाइ देखराइ बनु फिरेहु गयें दिन चारि ॥७९॥

दुवै कुमार (राम लक्ष्मण) अति सुकुमार छन् । जनकनन्दिनी पनि सुकुमारी छन्, (त्यसो हुनाले तिनीहरूलाई) रथमा चढाएर वन देखाएर चारदिन बितेपछि (सबैलाई लिएर) फर्क ॥ ७९ ॥

चौ०—जौं नहि फिरहिं धीर दोउ भाई ❀ सत्यसंध दृढ़ब्रत रघुराई ॥१॥
तौ तुम्ह बिनय करेहु कर जोरी ❀ फेरिअ प्रभु ! मिथिलेसकिसोरी ॥२॥
जब सिय कानन देखि डेराई ❀ कहेहु मोरि सिख अवसरु पाई ॥३॥

यदि धीर (स्थिरबुद्धि) भएका दुई भाई फर्केननभने (अनि) सत्यसन्ध (सत्य प्रतिज्ञ) दृढव्रत (नियम नछाड्ने) रघुनाथलाई दुई हात जोरेर "प्रभु ! मिथिलाधिपति जनक-की छोरी (सीताजी) लाई फर्काइबक्सनुहोस्" भनी तिमीले विन्ति गरे ॥ १ ॥ २ ॥ जब जङ्गल देखेर सीता डराउँछिन् त्यो मौका पाएर मेरो शिक्षा बताए (सुनाए) ॥ ३ ॥ (के भने–)

सासु ससुर अस कहेउ सँदेसू ❀ पुत्रि फिरिअ बन बहुत कलेसू ॥४॥
पितुगृह कबहुँ कबहुँ ससुरारी ❀ रहेहु जहाँ रुचि होइ तुम्हारी ॥५॥
येहि बिधि करेहु उपायकदंबा ❀ फिरइ त होइ प्रान अवलंबा ॥६॥

"सासू-ससुराले यस्तो सन्देश (समाचार) भनेको छ कि–"छोरी ! फर्क, वनमा धेरै तकलीफ हुन्छ, कैले माइतमा, कैले घरमा, तिम्रो इच्छा जहाँ होला तहीं बसौली" ॥ ४ ॥

॥ ५ ॥ यस प्रकारले अनेक उपाय गरे, सीता फर्किन्भने (मेरा) प्राणको अवलम्ब (आधार) हुनेछन् ॥ ६ ॥

नाहि त मोर मरनु परिनामा ❀ कछु न बसाइ भयें बिधि बामा ॥७॥
अस कहि मुरुछि परा महि राऊ ❀ राम लखनु सिय आनि देखाऊ ॥८॥

होइनभने परिणाममा मेरो मरणै हुनेछ । (आफ्नो) केही वश चलेन (आफ्नो जोर लागेन) विधाता वाम (प्रतिकूल = विपरीत) भए" ॥ ७ ॥ यसो भनेर राजा दशरथ "राम लक्ष्मण सीतालाई ल्याएर देखाऊ" भन्दाभन्दै मूर्छित भएर पृथ्वीमा पछारिए ॥ ८ ॥

दोहा—पाइ रजायसु नाइ सिरु रथु अति बेग बनाइ ।
गयेउ जहाँ बाहेर नगर सीय सहित दोउ भाइ ॥८०॥

सुमन्त्र आज्ञा पाएर शिर झुकाएर रथको वेग बढाईकन जहाँ सीतासहित दुई भाई (राम लक्ष्मण) पुग्नुभएको थियो त्यहीं शहरबाहिर पुगे ॥ ८० ॥

चौ०—तब सुमंत्र नृपबचन सुनाए ❀ करि बिनती रथ रामु चढ़ाए ॥१॥
चढ़ि रथ सीय सहित दोउ भाई ❀ चले हृदय अवधहि सिरु नाई ॥२॥
चलत रामु लखि अवध अनाथा ❀ बिकल लोग सब लागे साथा ॥३॥
कृपासिंधु बहु बिधि समुझावहिं ❀ फिरहिं प्रेमबस पुनि फिरि आवहिं ॥४॥

अनि सुमन्त्रले महाराज दशरथको वचन सुनाए, विन्ति गरीकन रामजीलाई रथमा चढाए ॥ १ ॥ सीतासहित दुई भाई रथमा चढेर अयोध्यालाई प्रणाम गरीकन गए ॥ २ ॥ रामजी जान लागेको देखेर अयोध्याका अनाथ सबै प्रजाहरू व्याकुल भएर साथ लागे ॥ ३ ॥ दयासागर रघुनाथजी धेरै प्रकारले संझाउनुहुन्छ, तिनीहरू फर्कन्छन्, फेरि प्रेमवश भएर फर्केर (रामसमीप) आउँछन् (यस्ता प्रकारले धेरैफेर फर्काफकी भइरह्यो) ॥ ४ ॥

लागति अवध भयावनि भारी ❀ मानहु कालराति अँधिआरी ॥५॥
घोर जंतु सम पुर नर नारी ❀ डरपहिं एकहि एक निहारी ॥६॥
घर मसान परिजन जनु भूता ❀ सुत हित मीत मनहुँ जमदूता ॥७॥
बागन्ह बिटप बेलि कुँभिलाहीं ❀ सरित सरोवर देखि न जाहीं ॥८॥

अयोध्यानगरी मानौं कालरात्रि नै हो कि ? भनेजस्ती अँध्यारी भएर भयानक लाग्न लागी ॥ ५ ॥ नगरका नरनारीहरू डरलाग्दा जीवजन्तुजस्ता भएर यौटाले यौटालाई देख्ता (परस्पर) डराउन लागे ॥ ६ ॥ घर मसान जस्तो भयो, परिजन (घरमा रहेका मानिस) भूतै हुन् कि भनेजस्ता (भयंकर) भए । छोरा-छोरी, इष्ट-मित्र मानौं यमदूत हुन् कि भनेजस्ता (त्रास दिने) भए ॥ ७ ॥ बगैंचाका वृक्ष-लताहरू वैलाए, नदी सरोवर (तलाउ) हरू हेर्न नसकिने भए ॥ ८ ॥

दोहा—हय गय कोटिन्ह केलिमृग पुरपसु चातक मोर ।
पिक रथांग सुक सारिका सारस हंस चकोर ॥८१॥

घोडा, हात्ती, करोडौं क्रीडामृग (पालेका हरिण), शहरका गोमहिषादि पशु, काका कुल, मयूर , कोइली, चखेवा, सुग्गा, मैना, सारस, हँस, चकोर (च्याखुरा) ॥ ८१ ॥

चौ०–रामबियोग बिकल सब ठाढ़े ❀ जहँ तहँ मनहु चित्र लिखि काढ़े ॥१॥
नगरु सफल बनु गहबर भारी ❀ खग मृग बिपुल सकल नर नारी ॥२॥

यो सबै रामजीका वियोगले व्याकुल भएर (जहाँका तहीं) यत्रतत्र मानौं तस्वीरमा लेखिएका हुन् कि भनेजस्ता भएर खडा रहे (निश्चल भए) ॥ १ ॥

(अघि) सारा नगर गहिरो वन (झाडी) थियो, नगरनिवासी सकल नरनारीहरू धेरै पक्षीमृग (जस्ता सुखी) थिए ॥ २ ॥ (ऐले ता)

बिधि कैकई किरातिनि कीन्ही ❀ जेहिं दव दुसह दसहुँ दिसि दीन्ही ॥३॥
सहि न सके रघुबर बिरहागी ❀ चले लोग सब ब्याकुल भागी ॥४॥
सबहिं बिचारु कीन्ह मन माहीं ❀ राम लखन सिय बिनु सुखु नाहीं ॥५॥

(त्यो अयोध्यारूपी वनमा डढेलो लाउनालाई) विधाताले कैकेयीलाई किरातिनी गराए जुन कैकेयी किरातिनीले दसै दिशामा खपीनसकिने डढेलो लाइदिई ॥ ३ ॥ रघुवर रामजीको विरहरूपी त्यो अग्निलाई सहन (खप्न) सकेनन् र प्रजाहरू खूब व्याकुल भईकन (अयोध्यावनबाट) भागेर गए ॥ ४ ॥ सबैजनाले मनमा "राम लक्ष्मण सीताविना सुख छैन" यस्तो विचार गरे ॥ ५ ॥

जहँ रामु तहँ सबुइ समाजू ❀ बिनु रघुबीर अवध नहिं काजू ॥६॥
चले साथ अस मंत्रु दृढ़ाई ❀ सुरदुर्लभ सुखसदन बिहाई ॥७॥
रामचरन पंकज प्रिय जिन्हहीं ❀ बिषय भोग बस करहिं कि तिन्हहीं ॥८॥

"जहाँ रामचन्द्र (रहनुहुन्छ) सबै समाज तहीं रहन्छ, रघुवीरविना अयोध्यामा काम छैन" ॥ यस्तो मन्त्रणा दृढ गरेर देवदुर्लभ भएका सुख र घरद्वार छाडेर (प्रजाहरू रामजीका) साथ लागे ॥ ६ ॥ ७ ॥ जसलाई रामजीका चरणकमल प्यारा छन् तिनलाई विषयभोगहरू वश गर्दछन् र ? ॥ ८ ॥

दोहा–बालक बृद्ध बिहाय गृह लगे लोग सब साथ ।
तमसा तीर निवासु किय प्रथम दिवस रघुनाथ ॥८२॥

सबै बालवृद्धहरू घर छाडेर साथ लागे, रघुनाथजीले पहिला दिनमा तमसानदीका किनारामा वास गर्नुभयो ॥ ८२ ॥

चौ०–रघुपति प्रजा प्रेमबस देखी ❀ सदय हृदय दुखु भयेउ बिसेषी ॥१॥
करुनामय रघुनाथ गोसाईं ❀ बेगि पाइअहिं पीर पराईं ॥२॥

रघुनाथजीले प्रजाहरूलाई प्रेमवश भएका देख्नुभयो । वहाँका दयालु अन्तःकरणमा अति दुःख भयो ॥ १ ॥ रघुनाथजी करुणामय र सर्वसामर्थ्यवान् हुनुहुन्छ, अर्काको पीडा चाँडै पाउनुहुन्छ (परपीडाले पीडित हुनुहुन्छ) ॥ २ ॥

कहि सप्रेम मृदु बचन सुहाये ❀ बहु बिधि राम लोग समुझाये ॥३॥
किये धरम उपदेस घनेरे ❀ लोग प्रेमबस फिरहिं न फेरे ॥४॥

रघुनाथजीले प्रेमसाथ कोमल सुन्दर वचन बोलेर हरतरहले प्रजाहरूलाई संझाउनुभयो ॥ ३ ॥ धेरै धर्मोपदेश गर्नुभयो, (तर) प्रजाहरू प्रेमवश भएर फर्काउँदा फर्केनन् ॥ ४ ॥

सील सनेहु छाड़ि नहि जाई ❀ असमंजसबस भे रघुराई ॥५॥
लोग सोग स्रम बस गए सोई ❀ कछुक देवमाया मति मोई ॥६॥

शील र स्नेह छाडी नसक्नु थियो र रघुनाथजी असमञ्जस (असजिला) का वश हुनुभयो ॥ ५ ॥ प्रजाहरू शोक र थकाइका वश परेका हुनाले सुतिहाले, देवताहरूका माया (कपट) ले (तिनको) बुद्धि केही मोहित पनि भयो (त्यसो हुनाले रघुनाथजीको मनसाय सिद्ध हुनलाई उस्तो कठिन परेन) ॥ ६ ॥

जबहिं जाम जुग जामिनि बीती ❀ राम सचिव सन कहेउ सप्रीती ॥७॥
खोजु मारि रथु हाँकहु ताता ❀ आन उपाय बनिहि नहि बाता ॥८॥

जब रातको दुई पहर बित्यो, अनि रघुनाथजीले प्रीतिका साथ सुमन्त्रमन्त्रीसँग भन्नुभयो कि ॥ ७ ॥ हे तात ! खोज मारेर (खोज्दा पत्ता नलाग्ने गरेर) रथ हाँक्नुहोस्, अर्को उपायले काम बन्नेछैन, (काम चल्नेछैन, यिनले पछ्याएभने वनवासमा विघ्न पर्नेछ) ॥ ८ ॥

दोहा–राम लखनु सिय जान चढ़ि संभुचरन सिरु नाइ ।
सचिवँ चलायेउ तुरत रथु इत उत खोज दुराइ ॥८३॥

शंभुका चरणमा शिर राखेर (शंभुको वन्दना गरेर) राम, लक्ष्मण, सीता रथमा चढ्नुभयो, यताउति खोज लुकाएर (पाङ्ग्राको अनुसारले रथ फेला नपर्ने हिसाबसँग) सुमन्त्र मन्त्रीले तुरन्त रथ हाँके ॥ ८३ ॥

चौ०–जागे सकल लोग भयें भोरू ❀ गे रघुनाथ भयेउ अति सोरू ॥१॥
रथ कर खोज कतहुँ नहि पावहिं ❀ राम राम कहि चहुँ दिसि धावहिं ॥२॥

रात जाँदा (भोर हुँदा) सबैजना ब्यूँझे, "राम राम" भन्दै ठूलो हल्ला मच्चियो ॥ १ ॥ रथको खोज (पत्ता) कतै पनि पाएनन्, "राम राम" भन्दै चारै दिशा दौडन लागे ॥ २ ॥

मनहुँ बारिनिधि बूड़ जहाजू ❀ भयेउ बिकल बड़ बनिकसमाजू ॥३॥
एकहि एक देहिं उपदेसू ❀ तजे राम हम जानि कलेसू ॥४॥

जस्तै समुद्रमा जहाज डुब्दा व्यापारीहरूको समूह खूब व्याकुल हुन्छ, (त्यस्तै सबैजना व्याकुल भए) ॥ ३ ॥ "रामजीले हामीलाई दुःखदायी जानेर छाड्नुभयो" भनी एउटा अर्कोलाई उपदेश दिन्थ्यो ॥ ४ ॥

निंदहिं आपु सराहहिं मीना ❀ धिग जीवनु रघुबीर बिहीना ॥५॥
जौं पै प्रियबियोगु बिधि कीन्हा ❀ तौ कस मरनु न मागें दीन्ही ॥६॥

तिनीहरू आफूलाई निन्दा गर्न र माछालाई तारीफ गर्न लागे। (ती भन्दथे कि) "विनारघुवीर जिउनु धिक्कार छ ॥ ५ ॥ विधाताले यदि प्रिय-जनको वियोग गऱ्यो, तब उसले माग्दा मरण किन दिंदैन (मरण माग्दा पनि नदिने, प्रिय जनको वियोग पनि गराउने विधाता कस्तो अनौठा निष्ठुर रहेछ)" ॥ ६ ॥

एहि बिधि करत प्रलापकलापा ❀ आए अवध भरे परितापा ॥७॥
बिषम बियोगु न जाइ बखाना ❀ अवधि आस सब राखहिं प्राना ॥८॥

यस्ता प्रकारले अनेक प्रलाप गर्दै तापले परिपूर्ण भएका तिनीहरू अयोध्या आइपुगे ॥ ७ ॥ (तिनको) अति कडा भएका वियोगका दुःखको वर्णन गर्न सकिदैन। चौधवर्षको अवधिका आशाले सबैजनाले प्राण राखे ॥ ८ ॥

[श्रृङ्गवेरपुरप्राप्ति]

दोहा–रामदरस हित नेम ब्रत लगे करन नर नारि।
मनहुँ कोक कोकीं कमल दीन बिहीन तमारि ॥८४॥

नरनारीहरू रामजीको दर्शन पाउनाका निमित्त नियम व्रत गर्नलागे। तिनीहरू सूर्यले हीन (रहित) भएको कमल र चक्रवाकी (चखेवा-चखेवी) जस्तै दीन (दुःखी) भए ॥ ८४ ॥

चौ०–सीता सचिव सहित दोउ भाई ❀ सृंगबेरपुर पहुँचे जाई ॥१॥
उतरे राम देवसरि देखी ❀ कीन्ह दंडवत हरषु बिसेषी ॥२॥

दुवै भाई सीता र सुमन्त्र मन्त्रीले सहित भएर जाँदाजाँदा श्रृङ्गवेरपुर पुग्नुभयो ॥ १ ॥ श्रीगङ्गाजीलाई देखेर रामजी (रथबाट) वह्नुभयो र अति प्रसन्न भईकन (गंगाजीलाई) दण्डवत् प्रणाम गर्नुभयो ॥ २ ॥

लखन सचिवँ सियँ किये प्रनामा ❀ सबहि सहित सुख पायेउ रामा ॥३॥
गंग सकल मुद मंगल मूला ❀ सब सुख करनि हरनि सब सूला ॥४॥

लक्ष्मणजी, सुमन्त्र मन्त्री, सीताजीले पनि प्रणाम गरे। सबैजनासहित रामजीले आनन्द पाउनुभयो ॥ ३ ॥ "गङ्गाजी सकल आनन्दकी र सकल कल्याणकी मूलकारण हुन्, सबै सुखकी उत्पत्तिकारिणी, सबै दुःखकी हारिणी यिनै) हुन्" ॥ ४ ॥

कहि कहि कोटिक कथाप्रसंगा ❀ रामु बिलोकहिं गंगतरंगा ॥५॥
सचिवहि अनुजहि प्रियहि सुनाई ❀ बिबुधनदी महिमा अधिकाई ॥६॥

रामजी अनेक कथा भनीभनीकन गङ्गाजीका तरङ्ग हेर्न लाग्नुभयो ॥ ५ ॥ मन्त्री

सुमन्त्रलाई भाई लक्ष्मणजीलाई प्यारी सीताजीलाई देवनदी (गङ्गा) का माहात्म्यको अधिकता सुनाउनुभयो ॥ ६ ॥

मज्जनु कीन्ह पंथस्रमु गयेऊ ❀ सुचि जलु पिअत मुदित मनु भयेऊ ॥७॥
सुमिरत जाहि मिटइ स्रमभारू ❀ तेहि स्रमु येह लौकिक ब्यवहारू ॥८॥

स्नान गर्नुभयो (त्यसो हुनाले) बाटाको थकाइ गयो, शुद्ध जल पिउँदा मन प्रसन्न भयो ॥ ७ ॥ जसलाई संझदा भारी श्रम (संसाररूपी झाडीको सफर गर्दा लागेको कडा थकाइ) मेटिन्छ (संसारयात्रा सकेर मुक्तिपदमा निरन्तर विश्राम लिन पाइन्छ) उनलाई थकाइ लाग्नु यो कुरा लौकिक व्यवहार हो, (वास्तव होइन) ॥ ८ ॥

दोहा—सुद्ध सच्चिदानंदमय कंद भानुकुलकेतु ।
चरित करत नर अनुहरत संसृति सागर सेतु ॥८५॥

शुद्ध (मायाविकारवर्जित) सत्-चित्-आनन्द यिनका कन्द (समष्ठिरूप) र सूर्यकुलका ध्वजास्वरूप भएका रामचन्द्रजी लीला गर्दै मनुष्यको अनुकरण गर्नुहुन्छ, संसाररूपी सागरको (पार पुग्नाका निमित्त ती लीला) पुल भएका छन् (तिनै लीलाको कीर्तनले जीवहरू संसारको पार पुग्दछन्) ॥ ८५ ॥

चौ०— येह सुधि गुह निषाद जब पाई ❀ मुदित लिये प्रिय बंधु बोलाई ॥१॥
लिये फल मूल भेंट भरि भारा ❀ मिलन चलेउ हियँ हरषु अपारा ॥२॥

गुह नाम भएका निषादले जब यो खबर पाए अनि हर्षित भएर आफ्ना प्यारा बान्धव (दाज्यूभाई) लाई बोलाए र भार (खर्पन=वहङ्गी) भरी फल-मूलरूपी भेट (सौगात) लिएर (रामजीसँग) भेट-घाट गर्न हिंडे, (तिनका) हृदयमा अपार हर्ष थियो ॥ १ ॥ २ ॥

करि दंडवत भेंट धरि आगें ❀ प्रभुहि बिलोकत अति अनुरागें ॥३॥
सहज सनेह बिबस रघुराई ❀ पूँछी कुसल निकट बैठाई ॥४॥

रामजीका अघिल्तिर सौगात राखी दण्डवत् गरेर अति प्रेमपूर्ण भई प्रभुजीलाई (टुलटुल) हेर्न लागे ॥ ३ ॥ स्वाभाविक स्नेहको वश भएर रघुनाथजीले कुशलप्रश्न गरेर आफ्ना नगीचमा बसाउनुभयो ॥ ४ ॥

नाथ कुसल पद पंकज देखें ❀ भयेउँ भागभाजन जन लेखें ॥५॥
देव धरनि धनु धामु तुम्हारा ❀ मैं जनु नीचु सहित परिवारा ॥६॥
कृपा करिअ पुर धारिअ पाऊ ❀ थापिअ जनु सबु लोगु सिहाऊ ॥७॥
कहेहु सत्य सबु सखा सुजाना ❀ मोहि दीन्ह पितु आयेसु आना ॥८॥

(निषादराज गुहले विन्ति गरे कि) "हे नाथ ! प्रभुका चरणकमलको दर्शन पाउनाले कुशल छ, (आज) भाग्यवान्हरूका लेखामा (गणनामा) भएँ ॥ ५ ॥ हे देव ! यो धर्ती, यो धन, यो घर हजूरको हो, म परिवारसहित हजूरको नीच (दास) हुँ ॥ ६ ॥ कृपा गरिबक्सियोस्, शहरमा पाउ राखिबक्सियोस् (मलाई) स्थापना गरिबक्सियोस्

(स्थिर = इज्जतदार गरिबक्सियोस्) (जसमा) सबैजना (मलाई) सह्राउन्" ॥ ७ ॥ (गुहका यी वचन सुनेर रघुनाथजीले भन्नुभयो कि) हे ज्ञानवान् मित्र ! सबै कुरा साँचै भन्यौ, (तर) मलाई पिताजीले अर्कै प्रकारको आज्ञा दिनुभएका छ ॥ ८ ॥ (के भने)

दोहा–बरष चारि दस बासु बन मुनि ब्रतु बेषु अहारु ।
ग्रामबासु नहि उचित सुनि गुहहि भयेउ दुखभारु ॥८६॥

"मुनिहरूको व्रत, वेष, आहार गरेर चौधवर्ष वनमा बस्नु" (रामजीका श्रीमुखबाट) ग्रामवास उचित छैन भन्ने कुरा सुनेर गुहलाई भारी दुःख भयो ॥ ८६ ॥

चौ०–राम लखन सीय रूपु निहारी ❀ कहहिं सप्रेम ग्राम नर नारी ॥१॥
ते पितु मातु कहहु सखि कैसे ❀ जिन्ह पठये बन बालक ऐसे ॥२॥

गाउँ गाउँका नरनारीहरू राम-लक्ष्मण-सीताको रूप देखेर प्रेमका साथ "हे सखी ! जसले यस्ता बालकहरूलाई वनमा पठाए ती बाबु-आमाहरू कस्ता होलान् हँ" भन्न लागे ॥ १ ॥ २ ॥

एक कहहिं भल भूपति कीन्हा ❀ लोचनलाहु हमहि बिधि दीन्हा ॥३॥
तब निषादपति उर अनुमाना ❀ तरु सिंसुपा मनोहर जाना ॥४॥

कोही "राजाले बेश गरे, विधाताले हामीलाई नेत्रको लाभ दिए (रामचन्द्रजीको दर्शन पायौं)" भन्नलागे ॥ ३ ॥ अनि निषादपति (गुह) ले हृदयमा अनुमान (अडकल) गरेर (रामजीलाई राज गराउनाका निमित्त) सिसौको वृक्षलाई मनोहर (असल) ठहराए ॥ ४ ॥

लै रघुनाथहि ठाउँ देखावा ❀ कहेउ राम सब भाँति सुहावा ॥५॥
पुरजन करि जोहारु घर आए ❀ रघुबर संध्या करन सिधाए ॥६॥

(गुहले) रघुनाथजीलाई लगेर (त्यो) ठाउँ देखाए, रामचन्द्रले "यो ठाउँ सब तरहबाट बेस रहेछ" भन्नुभयो ॥ ५ ॥ पुरवासीजनहरू (शृङ्गबेरपुरका मानिसहरू) जोहार (दर्शन = सलाम) गरेर घर गए, रघुनाथजी सन्ध्या गर्न (गङ्गातीर) जानुभयो ॥ ६ ॥

गुह सँवारि साँथरी डसाई ❀ कुस किसलय मय मृदुल सुहाई ॥७॥
सुचि फल मूल मधुर मृदु जानी ❀ दोना भरि भरि राखेसि आनी ॥८॥

गुहले कुश र कोमल पातको नरम र सुन्दर बिछ्याउना तयार गरेर ओछ्याए (अनि पवित्र मीठा, नरम, फल मूल छानेर दूना भरीभरी ल्याईकन (रघुनाथजीका अगाडि) राखिदिए ॥ ७ ॥ ८ ॥

दोहा–सिय सुमंत्र भ्राता सहित कंद मूल फल खाइ ।
सयन कीन्ह रघुबंसमनि पाय पलोटत भाइ ॥८७॥

रघुवंशमणि (रामचन्द्र) ले सीता, सुमन्त्र, लक्ष्मणसहित भई कन्द-मूल-फल खानुभयो, अनि शयन गर्नुभयो (सुकला भयो) भाई लक्ष्मण पाउ दाब्न लागे ॥ ८७ ॥

चौ०–उठे लखनु प्रभु सोवत जानी ❀ कहि सचिवहि सोवन मृदु बानी ।।१।।
कछुक दूरि सजि बान सरासन ❀ जागन लगे बैठि बीरासन ।।२।।

प्रभुजीलाई सुत्नुभएको (निद्रित भएको) जानेर लक्ष्मणजी उठ्नुभयो र सुमन्त्र मन्त्रीलाई मधुर वचनले सुत्नलाई अह्राउनुभयो ॥ १ ॥ अनि अलि टाढा धनु-बाण सज्जित पारेर वीरासन बाँधीकन बसेर जागा रहन लाग्नुभयो ॥ २ ॥ (क)

गुहँ बोलाई पाहरू प्रतीती ❀ ठाँव ठाँव राखे अति प्रीती ।।३।।
आपु लखन पहँ बैठेउ जाई ❀ कटि भाथी सर चाप चढ़ाई ।।४।।

गुहले पत्यारवाला (आफ्ना बान्धवलाई) अति प्रीतिका साथ बोलाएर ठाँउ ठाउँमा पहरा राखे ॥ ३ ॥ आफ्नो पीठमा ठोक्रो भिरेर धनुमा बाण चढाएर लक्ष्मणजीका समीप गएर बसे ॥ ४ ॥

सोवत प्रभुहि निहारि निषादू ❀ भयेउ प्रेमबस हृदयँ बिषादू ।।५।।
तनु पुलकित जलु लोचन बहई ❀ बचन सप्रेम लखन सन कहई ।।६।।

प्रभुजीलाई (त्यस्ता प्रकारले) सुकला भएको देखेर प्रेमवश भएका गुहका हृदयमा विषाद (खेद) भयो, उनको शरीर रोमाञ्चित हुन गयो, नेत्रबाट जल बग्न लाग्यो, अनि (उनी) प्रेमवश भई लक्ष्मणजी सँग बोल्न लागे ॥ ५ ॥ ६ ॥

भूपतिभवनु सुभायँ सुहावा ❀ सुरपतिसदनु न पटतर पावा ।।७।।
मनिमय रचित चारु चौबारे ❀ जनु रतिपति निज हाथ सँवारे ।।८।।

(हे लक्ष्मणजी !) राजमहल स्वभावैले सुन्दर थियो, इन्द्रको महल पनि (त्यसको) समानता पाउँदैनथ्यो ॥ ७ ॥ कामदेवले खास आफ्ना हातले सजाएका जस्ता, सुन्दर, मणिमय-चौवारा (चारैतर्फ ढोका भएका बंगला) थिए ॥ ८ ॥

दोहा–सुचि सुबिचित्र सुभोगमय सुमन सुगंध सुबास ।
पलँग मंजु मनिदीप जहँ सब बिधि सकल सुपास ।।८८।।

जुन राजमहल पवित्र, खूब विचित्र, भोग गरिने नाना वस्तुले युक्त भएको, फूलको सुगन्ध (मगमग वास्ना) आइरहेको छ, जहाँ सुन्दर पलँग र मणिका दीप मौजूद छन्, जो महल सब तरहबाट सबै सुबिस्ता भएको छ, ॥ ८८ ॥

चौ०–बिबिध बसन उपधान तुराईं ❀ छीरफेन मृदु बिसद सुहाईं ।।१।।
तहँ सिय रामु सयन निसि करहीं ❀ निज छबि रति मनोज मदु हरहीं ।।२।।

(क) एउटा पाउका अग्रभागले भूमिमा टेकेर, अर्को पाउ उरु (तिघ्रा) मा अड्याएर सोझो बस्नालाई वीरासन भन्दछन् ।

एकं पादमधः कृत्वा विन्यस्योरौ तथेतरम् ।
ऋजुकायो विशेद्योगी वीरासनमुदाहृतम् ॥ [योग०]

जहाँ नाना प्रकारका दूधका फिंजजस्ता नरम स्वच्छ सुन्दर वस्त्र, तकिया, डसना मौजूद छन्, तहाँ रात्रिमा सीतासहित रघुनाथजी सुकला हुन्थ्यो, (वहाँहरू दुई जना) आफ्ना शोभाले रति र कामदेवको घमण्ड (सौन्दर्याभिमान) हरण गर्नुहुन्थ्यो ॥ १ ॥ २ ॥

तेइ सिय रामु साँथरी सोए ❀ श्रमित बसन बिनु जाहिं न जोए ॥३॥
मातु पिता परिजन पुरबासी ❀ सखा सुसील दास अरु दासीं ॥४॥
जोगवहिं जिन्हहि प्रान की नाईं ❀ महि सोवत तेइ रामु गोसाईं ॥५॥

उनै सीताजी र रामजी (आज) थकित भएर घाँसको बिछ्याउनामा विनावस्त्र (नाङ्गै) सुकला भएको छ, (उहाँहरू) हेर्न नसकिने हुनुहुन्छ (कसरी हेर्नें ?) ॥ ३ ॥ जसलाई माता-पिता, नोकर-चाकर, नगरनिवासी, मित्रवर्ग, असल स्वभाव भएका दास-दासी, यी सबै आफ्नु प्राणसमान हिफाजत गर्दथे, उनै प्रभु रघुनाथजी पृथ्वीमा (भईंमा) सुकला भएको छ ॥ ४ ॥ ५ ॥

पिता जनकु जग बिदित प्रभाऊ ❀ ससुर सुरेससखा रघुराऊ ॥६॥
रामचंदु पति सो बैदेही ❀ सोवति महि बिधि बाम न केही ॥७॥
सिय रघुबीर कि काननजोगू ❀ करमु प्रधान सत्य कह लोगू ॥८॥

जसका पिता जगत्प्रख्यात प्रभाववाला जनक महाराज हुनुहुन्छ, जसका ससुरा इन्द्रका मित्र रघुराज (दशरथ) हुनुहुन्छ, जसका पति (स्वनामधन्य) रामचन्द्रजी हुनुहुन्छ, उनै सीताजी (आज) भईंमा सुतिरहनुभएको छ, विधाता (दैव) कसको विपरीत हुँदोरहेनछ ? (सानाठूला सबैलाई प्रतिकूल भई दैव लाग्दोरहेछ) ॥ ६ ॥ ७ ॥ के सीताजी र रामजी पनि वनवासको योग्य हुनुहुन्थ्यो र ? "कर्मै प्रधान हो" भनी दुनियाँ साँचो भन्दोरहेछ ॥ ८ ॥

दोहा–कैकयनंदिनि मंदमति कठिन कुटिल पनु कीन्ह ।
जेहिं रघुनंदन जानकिहि सुख अवसर दुखु दीन्ह ॥८९॥

मन्दबुद्धि भएकी कैकेयीले बडो दुष्टता गरिन्, जसले रघुनाथजी र जानकीजीलाई सुखको मौकामा दुःख दिइन् ॥ ८९ ॥

चौ०–भइ दिनकरकुल बिटप कुठारी ❀ कुमति कीन्ह सबु बिस्व दुखारी ॥१॥
भयेउ बिषादु निषादहि भारी ❀ राम सीय महिसयन निहारी ॥२॥

(कैकेयी) सूर्यकुलरूपी वृक्षका हकमा कुठारी (बञ्चरो) भइन्, दुर्बुद्धि तिनले सब संसारलाई दुःखित गराइन्, ॥ १ ॥ रामजी र सीताजीको महीशयन (भईंमा सुताइ) देखेर निषादराज गुहलाई ठूलो विषाद भयो ॥ २ ॥

बोले लखनु मधुर मृदु बानी ❀ ग्यान बिराग भगतिरस सानी ॥३॥
काहु न कोउ सुख दुख कर दाता ❀ निज कृत करम भोग सबु भ्राता ॥४॥

लक्ष्मणजीले ज्ञान, वैराग्य, भक्ति यिनका रसले सानिएको (मुछिएको) मीठो र

नरम वचन बोल्नुभयो–॥ ३ ॥ "भाई ! सुखको र दुःखको कोही कसैलाई दाता (दिने) छैन सबैजना आफूले गरेका कर्मको भोग गर्दछन् ॥ ४ ॥ (क)

जोग बियोग भोग भल मंदा ❀ हित अनहित मध्यम भ्रम फंदा ॥५॥
जनमु मरनु जहँ लगि जगजालू ❀ संपति बिपति करमु अरु कालू ॥६॥
धरनि धामु धनु पुर परिवारू ❀ सरगु नरकु जहँ लगि ब्यवहारू ॥७॥
देखिअ सुनिअ गुनिअ मन माहीं ❀ मोहमूल परमारथु नाहीं ॥८॥

संयोग-वियोग, शुभ-अशुभ, भोग, हित-अहित-उदासीन, यी सबै कुरा भ्रान्तिका फन्दा (बन्धन) हुन् । जन्मदेखि मरणपर्यन्तको जहाँसम्म जतिसम्मको जगत्को जाल (प्रपञ्च) छ, त्यो संपत्ति, विपत्ति, कर्म, काल, जग्गा-जमीन, घर-द्वार, धन-दौलत, नगर, परिवार, स्वर्ग-नरक भन्ने व्यवहार, इत्यादि जो देखिन्छ, जो सुनिन्छ, जो चिताइन्छ, ती सबै कुरा मोहमूलक (अज्ञानकल्पित) हुन्, वास्तवमा सत्य होइनन् ॥ ५ ॥ ६ ॥ ७ ॥ ८ ॥

दोहा–सपने होइ भिखारि नृपु रंकु नाकपति होइ ।
जागें लाभु न हानि कछु तिमि प्रपंचु जियँ जोइ ॥९०॥

सपनामा भिखारी (भिक्षुक) राजा हुन्छ, इन्द्र कङ्गाल हुन्छन्, ब्यूँझदा लाभ-हानि केही रहँदैन (राजावस्थाको चञ्चला श्री र रङ्कावस्थाको परमैश्वर्यनाश ब्यूँझदा रहँदैन, स्वप्नद्रष्टाको पूर्वावस्था नै रहन्छ) त्यस्तै यो प्रपञ्च (मिथ्या) छ । हृदयले यो कुरा देख ॥ ९० ॥

चौ०–अस बिचारि नहि कीजिय रोसू ❀ काहुहि बादि न देइअ दोसू ॥१॥
मोह निसा सबु सोवनिहारा ❀ देखिअ सपन अनेक प्रकारा ॥२॥

यस्तो विचार गरेर रीस नगर, कसैलाई व्यर्थ दोष नदेऊ ॥ १ ॥ सबैजना मोहरूपी रात्रिमा सुतिरहेका छन्, (त्यसो हुनाले) अनेक प्रकारका सपना देखिन्छन् ॥ २ ॥

येहि जग जामिनि जागहिं जोगी ❀ परमारथी प्रपंचबियोगी ॥३॥
जानिअ तबहिं जीव जग जागा ❀ जब सब बिषय बिलास बिरागा ॥४॥

परमार्थपट्टि लागेका प्रपञ्च छाडिसकेका योगीहरू यो जगत्रूपी रात्रिमा जागा रहन्छन् । जब जम्मै विषयका विलास (चमकदमक, भोगविलास) मा वैराग्य हुन आउँछ, तब मात्रै जगत्मा जीव जागा भयो भनी जान्नुपर्दछ (विषयभोगमा लागूञ्ज्याल जीव मोह रात्रिमा सुतेर बेखबर रहेको ठहरिन्छ) ॥ ३ ॥ ४ ॥

होइ बिबेकु मोह भ्रम भागा ❀ तब रघुनाथचरन अनुरागा ॥५॥
सखा परम परमारथु एहू ❀ मन क्रम बचन रामपद नेहू ॥६॥

(क) सुखस्य दुःखस्य न कोऽपि दाता परो ददातीति कुबुद्धिरेषा ।
अहं करोमीति वृथाऽभिमानः स्वकर्मसूत्रग्रथितो हि लोकः ॥ (अध्यात्म. रा.)
यो श्लोकको र यो चौपाईको अर्थ समान छ ।

जब विवेक (वस्तुको यथार्थ ज्ञान) हुन्छ अनि अज्ञानबाट पैदा भएको भ्रम (भ्रान्ति) नष्ट हुन्छ, यति भएपछि रघुनाथजीका चरणकमलमा (सच्चा) प्रेम लाग्दछ । हे मित्र ! मनसा-कर्मणा-वाचा रघुनाथजीका चरणकमलमा प्रेम लाग्नु नै ठूलो परमार्थ हो ॥ ५ ॥ ६ ॥

राम ब्रह्म परमारथरूपा ❀ अबिगत अलख अनादि अनूपा ॥७॥
सकल बिकार रहित गतभेदा ❀ कहि नित नेति निरूपहिं बेदा ॥८॥

रामचन्द्रजी परमार्थस्वरूप ब्रह्म होइबक्सिन्छ, (वहाँ) अविगत (अविज्ञान गति = चिन्ह नसकिने चरित्र गर्ने) अलक्ष्य, (चक्षुश्रोत्र प्रभृति इन्द्रियले र मनले समेत लख गर्न नसकिने) अनादि, (आदिरहित अन्तरहित) अनुपम, (तुल्यतारहित), सकल विकार-रहित, भेदरहित, होइबक्सिन्छ । वेदहरू सधैं नेति नेति भनेर (प्रपञ्चको व्यावृत्ति गरेर) (वहाँको) निरूपण गर्दछन् (जाति-गुण-क्रिया-द्रव्य स्वरूप नहुनाले खास ब्रह्मको निरूपण यै हो भनीकन गर्न नसकेर यो बाहेक यो बाहेक भन्दै प्रपञ्चका विषयको व्यावृति (हटक) गरेर शेष रहेको वस्तु ब्रह्म हो भनी ब्रह्मको निरूपण गर्दछन्) ॥ ७ ॥ ८ ॥

दोहा–भगत भूमि भूसुर सुरभि सुर हित लागि कृपाल ।
करत चरित धरि मनुज तनु सुनत मिटहिं जगजाल ॥९१॥

उनै दयालु ब्रह्म भक्त, पृथ्वी, ब्राह्मण, गाई, देवता यिनको रक्षाका निमित्त मनुष्य शरीर धारण गरेर चरित्र (लीला) गर्नुहुन्छ, (तिनै चरित्र) सुन्दा संसारको जंजाल नष्ट हुन्छ ॥ ९१ ॥

चौ०–सखा समुझि अस परिहरि मोहू ❀ सिय रघुबीर चरन रत होहू ॥१॥
कहत रामगुन भा भिनुसारा ❀ जागे जग मंगल सुखदारा ॥२॥

हे मित्र ! यस्तो संझेर अज्ञान छाडीकन रघुनाथजीका चरणमा अनुरक्त (प्रेमी) होऊ" ॥ १ ॥ (यस्ता प्रकारसँग लक्ष्मणजीले) रघुनाथजीको गुण वर्णन गर्दा गर्दै उज्यालो भयो, जगन्मङ्गलदाता (रामचन्द्रजी) जागा हुनुभयो ॥ १ ॥ २ ॥

सकल सौच करि राम नहावा ❀ सुचि सुजान बटछीर मगावा ॥३॥
अनुज सहित सिर जटा बनाए ❀ देखि सुमंत्र नयन जल छाए ॥४॥

अति चतुर भएका रामचन्द्रजीले सबै सौच (दिशा-मुखारी प्रभृति) गरेर नुहाउनुभयो र वरका रूखको दूध मगाउनुभयो, भाई लक्ष्मणसहित भएर शिरमा जटा बनाउनुभयो । (त्यो) देख्ता सुमन्त्रका नेत्रमा जल भरियो ॥ ३ ॥ ४ ॥

हृदयँ दाहु अति बदन मलीना ❀ कह कर जोरि बचन अति दीना ॥५॥
नाथ कहेउ अस कोसलनाथा ❀ लै रथु जाहु राम कें साथा ॥६॥
बनु देखाइ सुरसरि अन्हवाई ❀ आनेहु फेरि बेगि दोउ भाई ॥७॥
लखनु रामु सिय आनेहु फेरी ❀ संसय सकल सँकोच निबेरी ॥८॥

(सुमन्त्रका) हृदयमा संताप, र मुख अत्यन्त निन्याउरो थियो, अत्यन्त दीन भएका ती (सुमन्त्र) हात जोरेर वचन बोल्न लागे ॥ ५ ॥ "हे नाथ ! कोशलाधिराज (दशरथ) ले यस्तो आज्ञा गर्नुभएको छ कि, "रथ लिएर रामजीका साथमा जाऊ, वन देखाएर गङ्गाजीमा स्नान गराएर, दुवै* भाईलाई फर्काएर चाँडै ल्याऊ (उनीहरूका मनमा लागेका) सकल सन्देह र सकल संकोचलाइ निवारण गरेर (के हुने हो ? कसरी जाऊँ ? भन्ने सन्देह र संकोच हटाइदिएर) राम लक्ष्मण सीतालाई फर्काएर ल्याऊ" ॥ ६ ॥ ७ ॥ ८ ॥

दोहा–नृप अस कहेउ गोसाइँ जस कहइ करौं बलि सोइ।
करि बिनती पायन्ह परेउ दीन्ह बाल जिमि रोइ ॥९२॥

हे स्वामी ! महाराजले यस्तो आज्ञा गर्नुभएको छ, जो आज्ञा हुन्छ (तदनुसार) गर्दछु।" यस्तो विन्ति गरिसकेपछि दुःखित भएका सुमन्त्र बालकजस्तै रोएर (रघुनाथजीका) पाउमा परे ॥ ९२ ॥ (फेरि विन्ति गर्न लागे-)

चौ०–तात कृपा करि कीजिअ सोई ❀ जातें अवध अनाथ न होई ॥१॥
मंत्रिहि राम उठाइ प्रबोधा ❀ तात धरममगु तुम्ह सबु सोधा ॥२॥

"हे तात ! (बाबु ! रामचन्द्र !) जसमा अवधदेश अनाथ नहोस् दया गरेर त्यही काम गर्नुहोस्।" (अनि) रघुनाथजीले मन्त्रीलाई उठाएर बुझाउनुभयो–"हे तात ! तपाईंले धर्मका सबै मार्ग (बाटा) देख्नुभएको छ–॥ १ ॥ २ ॥

सिवि दधीचि हरिचंद नरेसा ❀ सहे धरम हित कोटि कलेसा ॥३॥
रंतिदेव बलि भूप सुजाना ❀ धरमु धरेउ सहि संकट नाना ॥४॥

धर्मरक्षाका निमित्त [1]शिवि [2]दधीचि, [3]हरिश्चन्द्र राजा यिनले करोडौं दुःख सहे ॥ ३ ॥ अत्यन्त चतुर राजा [4]रन्तिदेव र राजा [5]बलिले नाना प्रकारको संकष्ट सहेर धर्मको धारणा गरे (धर्म रक्षा गरे) ॥ ३ ॥ ४ ॥

---

* विषादले विह्वल भएका हुनाले महाराज दशरथले फगत दुई भाईलाई फर्काएर ल्याउने आज्ञा दिए, अनि पछि अलि होश आयो र राम–लक्ष्मण-सीतालाई फर्काउने आज्ञा दिए, अतएव पुनरुक्तिदोपको यहाँ अवकाश छैन, प्रत्युत त्यही पुनरुक्तिदोष विषादातिशयव्यञ्जक हुनाले गुण हुन आएको छ।

(१–२) यी २ को कथा अयोध्याकाण्डका ३०३-३०४ पत्रमा छ। (३) यिनको कथा अयोध्याकाण्डको ३०४ पत्रमा छ।

(४) दानी र दयालुका श्रेणीमा परमोच्च रहेका रन्तिदेव नामक सम्राट् थिए। तिनले राज्यशासन गर्दै धर्मको खूब आचरण गरे, प्राणिदयाले पूर्ण भएका यिनका हृदयमा "धनदौलत भनेको पदार्थ सर्वसाधारण प्राणीका उपकारका निमित्त ईश्वरले सृष्टि गरिएको हो, बलिष्ठहरूले त्यो धनदौलत स्वमात्रायत्त गरेर संचय गर्दा प्रजालाई क्लेश पर्न गएर सर्वसंहार हुने अवस्था आइलाग्दछ, धर्मसेतु भत्केपछि दुनियाँको निस्तार हुँदैन, प्राणिदयाको प्रचारले गर्दा राष्ट्रपतिको पूर्ण कल्याण जगत्पतिले अवश्य गर्दछ, राष्ट्रनिवासी प्रजाहरू परस्पर प्राणिदयाका प्रभावले सुखी र धर्मात्मा रहन्छन्, संसारभरमा शान्ति रहन्छ" यस्तो दिव्य विचार थियो। तदनुसार तिनले मुक्तहस्त भएर (बद्धमुष्टिपनालाई चुंडेर) प्रजाको दारिद्र्य

धरमु न दूसर सत्य समाना ❀ आगम निगम पुरान बखाना ॥५॥
मैं सोइ धरमु सुलभ करि पावा ❀ तजें तिहूँ पुर अपजसु छावा ॥६॥
संभावित कहुँ अपजसलाहू ❀ मरन कोटि सम दारुन दाहू ॥७॥
तुम्ह सन तात बहुत का कहऊँ ❀ दियें उतरु फिरि पातकु लहऊँ ॥८॥

सत्यबराबरको दोस्रो धर्म छैन भनेर वेद-शास्त्र पुराणले वर्णन गरेको छ ॥ ५ ॥ मैले त्यही सत्यधर्मलाई सुलभ (सहजैमा गर्न सकिने) भनेर संझेको छु, त्यो छाड्दा तीनै लोकमा दुर्यश फैलिन्छ ॥ ६ ॥ संभावित (प्रतिष्ठित[१]) भएका व्यक्तिले दुर्यश पायो भने कोटि

हटाउन लागे। यस्तो चलन चलेपछि राजाको संपत्ति समाप्त भयो। खानसम्म पनि महाराज रन्तिदेवले पाएनन्, त्यस्ता दुरवस्थामा पनि तिनले प्रजाबाट आफ्ना र आफ्ना परिवारको प्राणत्राणका निमित्त अन्यायले अन्नको आर्जन गरेनन्। ४८ दिन सपरिवार निराहार रहनुपर्‍यो, रहे !।

उनञ्चासौं दिनमा कतैबाट खीर, घिउ, मनभोग (हलुवा), पानी यति भक्ष्य पदार्थ अयाचित आइपुग्यो। सकुटुम्ब राजा रन्तिदेव त्यो भोजन गर्न तयार भएका थिए, त्यसै वेलामा ब्राह्मण अतिथि आइपुगे। राजाले श्रद्धासाथ तिनलाई भोजन गराउन लागे। ती खाइसकेर उठ्न लागेका वेलामा भोकले आकुलव्याकुल भएको यौटा शूद्र आइपुग्यो। त्यसलाई पनि आदरसाथ खुवाए। त्यो उठ्न लागेको थियो। त्यसै वेलामा २।४ भोका कुकुर साथमा लिएर भोकले व्याकुल भएको दुब्लो दयापात्र अर्को शूद्र आइपुग्यो, राजाले त्यसलाई र त्यसका कुकुरलाई समेत आदरका साथ खुवाए। खाने कुरा सिद्धियो, अलिकति पानी बाँकी रह्यो। परिवारलाई दामासाहीले बाँडेर त्यो पानी पिउन लागेका वेलामा "बाबा ! प्राण छुट्न लागे, अलिकति पानी पियाएर बचाइदिनुहोस् भन्दै यौटा चाण्डाल (पोडे) आइपुग्यो। त्यसको त्यस्तो दुरवस्था देखेर आफ्नु प्राण कण्ठगत भएका वेलामा पनि राजा रन्तिदेवले त्यो पानी आफूले नपिएर चण्डाललाई दिए !। प्राणिदयाको अवधि पूर्ण भयो, ब्रह्मा विष्णु महेश्वर प्रकट भएर "वर माग" भन्न लागे। "प्राणीका उपर दया गरेर प्राणपर्यन्त अर्पण गर्नेलाई पछि सर्न नपरोस्, यति भए मलाई पुग्यो, अरू कुरा मलाई चाहिँदैन।" यस्तो जवाब दिएर राजा रन्तिदेवले ती जगत्प्रधान देवतालाई आश्चर्यचकित पारे, केही मागेनन्, आफ्नै प्राणिदयारूपी पुरुषार्थले मुक्तिलाभ गरे।

"वरं ब्रूहि" भन्दै ब्रह्मा बिष्णु महेश्वर प्रकट भएका वेलामा "राज्य-स्वर्ग-मुक्ति केही चाहन्न, दुःखसन्तप्त भएका प्राणीको दुःखनिवारण गर्न चाहन्छु" भन्ने महाराज रन्तिदेवको उक्तिलाई प्रत्येक प्राणीले यथाशक्ति काममा परिणत गरिदिएदेखि यही भूमिमण्डल स्वर्गभन्दा श्रेष्ठ हुन आउने थियो। रन्तिदेवको उक्ति—

न त्वहं कामये राज्यं न स्वर्गं नापुनर्भवम्।
कामये दुःखतप्तानां प्राणिनामार्तिनाशनम्॥

(५) यिनको कथा अयोध्याकाण्ड ४०४ पत्रमा लेखिएको छ।

(१) यो कुरा भगवान् कृष्णले पनि अर्जुनसँग भन्नुभएको छ।
अधिसरि अघि आयौ वीरता नै जनायौ।
अब समर नगर्ने गर्नलाग्यौ प्रसङ्ग॥
हतबल कहलायौ मित्र ! कौन्तेय ! पायौ।
अधिक मरणभन्दा मानमा मानभङ्ग॥ (गीतासार)
संभावितस्य चाऽकीर्तिर्मरणदतिरिच्यते॥ (गीता)

मृत्युसमानको कठोर सन्ताप हुन्छ ॥ ७ ॥ हे तात ! तपाईंसग धेरै के भनौं ? उत्तर दिंदाखेरि फेरि पाप पाउने हुन्छु (मान्यजनको आज्ञा नमानेबाबतको पाप मैले भोग्नुपर्ने हुन्छ, अब मेरो सिद्धान्त बुझेपछि यहाँले नबोल्नु नै बेश छ, त्यसो भए म अनुगृहीत हुन्छु) ॥ ८ ॥

दोहा–पितुपद गहि कहि कोटि नति बिनय करबि कर जोरि ।
चिंता कवनिहु बात कइ तात करिअ जनि मोरि ॥९३॥

तपाईं गएर मेरा तर्फबाट पिताजीको चरण समातेर हात जोरीकन कोटि साष्टाङ्ग दण्डवत् गरेर, "पिताजी ! मेरा विषयमा कुनै कुराको चिन्ता नगरिबक्सिएला" यस्तो विन्ति गर्नुहोला ॥ ९३ ॥

चौ०–तुम्ह पुनि पितु सम अति हित मोरें ❀ बिनती करौं तात कर जोरें ॥१॥
सब बिधि सोइ करतब्य तुम्हारें ❀ दुखु न पाव पितु सोच हमारें ॥२॥

तपाईं पनि मेरा पितृसमान प्रिय हितैषी हुनुहुन्छ । हे तात ! हात जोरेर विन्ति गर्दछु जुन कामले पिताजीलाई मेरा शोकले दुःख नहोस्, त्यही काम सब तरहबाट तपाईंले गर्नुपर्दछ" ॥ १ ॥ २ ॥

सुनि रघुनाथ सचिव संबादू ❀ भयेउ सपरिजन बिकल निषादू ॥३॥
पुनि कछु लखन कही कटु बानी ❀ प्रभु बरजे बड़ अनुचित जानी ॥४॥

यस्ता प्रकारको रघुनाथजीको र सुमन्त्रको संवाद (कुराकहानी) सुनेर परिवारसहित भएका गुह व्याकुल भए । फेरि लक्ष्मणजीले (पिता दशरथका विषयमा) केही कडा वचन बोल्न लाग्नुभएथ्यो, रघुनाथजीले (त्यो कुरा) बडो अनुचित जानेर हटकनुभयो (बोल्न दिनुभएन) ॥ ३ ॥ ४ ॥

सकुचि राम निज सपथ देवाई ❀ लखनसँदेसु कहिअ जनि जाई ॥५॥
कह सुमंत्रु पुनि भूपसँदेसू ❀ सहि न सकिहि सिय बिपिनकलेसू ॥६॥
जेहि बिधि अवध आव फिरि सीया ❀ सोइ रघुबरहि तुम्हहि करनीया ॥७॥
नतरु निपट अवलंब बिहीना ❀ मैं न जिअब जिमि जल बिनु मीना ॥८॥

रामचन्द्रले संकोच गरेर "गएर (पिताजीलाई) लक्ष्मणको सन्देश नसुनाउनुहोला मेरो शपथ छ (म मारीहत्या)" भनेर सुमन्त्रलाई शपथ दिलाउनुभयो ("लक्ष्मणले भनेको कुरा महाराजलाई सुनाउने छैन, सत्यसत्य" भनी सुमन्त्रले शपथ गरे) ॥ ५ ॥ फेरि सुमन्त्रले राजाको सन्देश भने—"सीता जङ्गलको तकलीफ सहन सक्नेछैनन्, जुन प्रकारले सीता फेरि फर्केर आयोध्या आउँछिन्, त्यो काम रामले र तिमीले गर्नुपर्दछ, नत्र बिलकुल निराधार भएर जलहीन भएको माछाझैं म बाँच्नेछैन ॥ ६ ॥ ७ ॥ ८ ॥

दोहा–मइकें ससुरें सकल सुख जबहिं जहाँ मनु मान ।
तहँ तब रहिहि सुखेन सिय जब लगि बिपति बिहान ॥९४॥

माइतमा र घरमा सकल सुख मौजूद छन्, जैले जहाँ मन राजी रहन्छ तैले तहाँ जहाँसम्म पतिवियोगरूपी विपत्तिको बिहान (नाश) हुँदैन, सीता आनन्दसाथ रहून् ।। ९४ ।।

चौ०–बिनती भूप कीन्हि जेहि भाँती ❀ आरति प्रीति न सो कहि जाती ।।१।।
पितुसँदेसु सुनि कृपानिधाना ❀ सियहि दीन्हि सिख कोटि बिधाना ।।२।।

हे रघुनाथ ! महाराजले जुन प्रकारसँग विन्ति गर्नुभयो, त्यो दीनता र प्रीतिको वर्णन गर्न सकिदैन" ।। १ ।। पिताको यस्ता प्रकारको सन्देश सुनेर करुणानिधान रामचन्द्रले करोड़ौं प्रकारले सीताजीलाई (घर फर्क भनेर) शिक्षा दिनुभयो ।। २ ।।

सासु ससुर गुर प्रिय परिवारू ❀ फिरहु त सब कर मिटइ खभारू ।।३।।
सुनि पतिबचन कहति बैदेही ❀ सुनहु प्रानपति परम सनेही ।।४।।

“हे जनकनन्दिनी ! तिमी घर फर्क्यौभने सासु, ससुर, गुरु, प्रिय-परिवार, सबैको दुःख मेटिने थियो ।” ।। ३ ।। पतिको यस्तो वचन सुनेर सीताजीले भन्नुभयो–“हे प्राणेश्वर ! हे परम प्रेमी ! सुनिबक्सियोस् ।। ४ ।।

प्रभु करुनामय परम बिबेकी ❀ तनु तजि रहति छाँह किमि छेंकी ।।५।।
प्रभा जाइ कहँ भानु बिहाई ❀ कहँ चंद्रिका चंदु तजि जाई ।।६।।

“प्रभु दयामय र परमविवेकी होइबक्सिन्छ, (विचार गरिबक्सियोस् त) छेकथुन गर्दैमा शरीरलाई छाडेर छाया कसरी रहन सक्तछ ? । सूर्यलाई छाडेर प्रभा (कान्ति) कहाँ जान्छे ?, चन्द्रलाई छाडेर चन्द्रिका कहाँ जान्छे ?” ।। ५ ।। ६ ।।

पतिहि प्रेममय बिनय सुनाई ❀ कहति सचिव सन गिरा सुहाई ।।७।।
तुम्ह पितु ससुर सरिस हितकारी ❀ उतरु देउँ फिरि अनुचित भारी ।।८।।

यस्ता प्रकारले पति (रघुनाथजी) लाई विन्ति सुनाएर सीताजी मत्री (सुमत्र) सँग सुन्दर वचन बोल्न लाग्नुभयो ।। ७ ।। तपाईं पिताजी र ससुराज्यू जस्ता हितकारी हुनुहुन्छ । फेरि (तब) उत्तर दिन लागें, (यो कुरा) अत्यन्त अनुचित भयो ।। ८ ।।

दोहा–आरतिबस सनमुख भइउँ बिलगु न मानब तात ।
आरजसुतपद कमल बिनु बादि जहाँ लगि नात ।।९५।।

हे तात ! विपत्तिको वश पर्दा तपाईंका सन्मुख भए (विपत्तिले गर्दा पर्दा हरायो के गरूँ ?) खराब नमान्नुहोला (कस्ती नकच्चरी रहिछ ? छिः ! नभन्नुहोला) आर्यपुत्र (स्वामी) का चरणकमल नहुँदा सबै नाता वृथा (व्यर्थ) छन् ।। ९५ ।।

चौ०–पितु बैभव बिलासु मैं डीठा ❀ नृपमनि मुकुट मिलित पदपीठा ।।१।।
सुखनिधान अस पितुगृह मोरें ❀ पिय बिहीन मन भाव न भोरें ।।२।।

जसका पादपीठ (पाउदान) मा ठूला ठूला राजाहरूका मुकुट ठक्कर खाइरहेका छन्, त्यस्ता मेरा पिताजीको वैभव (चकचकी) र सुखभोग मैले देखेकी छु, सुखको निधान

(खानि) स्वरूप भएको यस्तो मेरा पिताजीको घर पतिरहित भएर रहनलाई मलाई मनपदन ॥ १ ॥ २ ॥

ससुरु चक्कवइ कोसलराऊ ❀ भुवन चारि दस प्रगट प्रभाऊ ॥३॥
आगें होइ जेहि सुरपति लेई ❀ अरध सिंघासन आसनु देई ॥४॥

मेरा ससुराज्यू चौध भुवनमा प्रकटप्रताप भएका कोशलाधीश चक्रवर्ती होइबक्सिन्छ ॥ ३ ॥ जसलाई इन्द्र अघिसरेर अभ्युत्थान (अगवानी) गर्दछन्, आफ्ना सिंहासनको आधा हिस्सा आसन दिन्छन् (आफ्ना सिंहासनमा बसाउँछन्) ॥ ४ ॥

ससुरु एतादृस अवध निवासू ❀ प्रिय परिवारु मातु सम सासू ॥५॥
बिनु रघुपतिपद पदुम परागा ❀ मोहि कोउ सपनेहुँ सुखद न लागा ॥६॥

ससुराज्यू यस्ता होइबक्सिन्छ, अयोध्यानगरीमा बस्नु छ, परिवार प्रिय छन्, सासूज्यू मातातुल्य होइबक्सिन्छ, ॥ ५ ॥ (तथापि) रघुनाथजीका चरणकमलको धूलो नहोइदिनाले मलाई सपनामा पनि कोही सुखदायक लागेन ॥ ६ ॥

अगम पंथ बन भूमि पहारा ❀ करि केहरि सर सरित अपारा ॥७॥
कोल किरात कुरंग बिहंगा ❀ मोहि सब सुखद प्रानपतिसंगा ॥८॥

प्राणपति (रघुनाथ) जीका साथमा रहँदा दुर्गम मार्ग, दुर्गम जङ्गल, दुर्गम भूमि दुर्गम पर्वत, हात्ती, सिंह, ताल, अपार नदी-नाला, कोल-भिल्ल आदि गरेका जङ्गली मानिस, हरिण, जङ्गली पक्षी, इत्यादि सबै मलाई सुखदायक छन् ॥ ७ ॥ ८ ॥

दोहा—सासु ससुर सन मोरि हुँति बिनय करबि परि पायँ ।
मोर सोचु जनि करिअ कछु मैं बन सुखी सुभायँ ॥९६॥

मेरातर्फबाट पाउ परेर सासू-ससूराज्यूसँग विन्ति गर्नुहोला—"मेरो केही सुर्ता न-गरिबक्सिएला, म वनमा स्वभावैले (सुखसामग्रीको वास्ता नगरीकन) सुखी छु ॥ ९६ ॥

चौ०—प्राननाथ प्रिय देवर साथा ❀ बीरधुरीन धरें धनु भाथा ॥१॥
नहि मगस्रमु भ्रमु दुख मन मोरें ❀ मोहि लगि सोचु करिअ जनि भोरें ॥२॥

वीरधुरन्धर भएका, धनु लिएका, ठोक्रो भिरेका, प्राणेश्वर (रघुनाथजी) र प्यारा देवर (लक्ष्मणजी) साथमा हुनुहुन्छ ॥ १ ॥ मलाई बाटाको थकाइ छैन, मनमा भ्रम र दुःख पनि छैन । मेरा निंति भूलेर पनि सुर्ता नगरिबक्सिएला" ॥ २ ॥

सुनि सुमंत्रु सिय सीतलि बानी ❀ भयेउ बिकल जनु फनि मनिहानी ॥३॥
नयन सूझ नहिं सुनइँ न काना ❀ कहि न सकइ कछु अति अकुलाना ॥४॥

सुमन्त्र सीताको शीतल वचन सुन्दा मणि हराउँदा व्याकुल भएको सर्प (नाग) झैं व्याकुल भए ॥ ३ ॥ तिनका आँखाले देख्न छाड्यो, कानले सुन्न छाड्यो, ती अति व्याकुल भए, तिनले केही बोल्न सकेनन् ॥ ४ ॥

राम प्रबोधु कीन्ह बहु भाँती ❀ तदपि होति नहि सीतलि छाती ॥५॥
जतन अनेक साथ हित कीन्हे ❀ उचित उतर रघुनंदन दीन्हे ॥६॥

रामचन्द्रजीले धेरै तरहले संझाउनुभयो, तैपनि (सुमन्त्रको) हृदय ठण्डा भएन ॥ ५ ॥ साथ जानाका निमित्त (तिनले) अनेक यत्न गरे, परन्तु रघुनाथजीले उचित उत्तर दिनुभयो (कुरा काटिदिनुभयो) ॥ ६ ॥

मेटि जाइ नहि रामरजाई ❀ कठिन करमगति कछु न बसाई ॥७॥
राम लखन सिय पद सिरु नाई ❀ फिरेउ बनिकु जनु मूरु गवाई ॥८॥

रामको आज्ञा मेट्न नसकिने, कर्मकी गति अत्यन्त बलवती, (त्यसका अगाडि कसैको) केही नचल्ने, (यस्तो हुनाले) ॥ ७ ॥ राम-लक्ष्मण-सीताका चरणमा प्रणाम गरेर सुमन्त्र मूलधन (थैली = डोको = व्यापारको साउँ) गुमाएर झोकिएको व्यापारीजस्तै भएर फर्के ॥ ८ ॥

दोहा–रथु हाँकेउ हय राम तन हेरि हेरि हिहिनाहिं ।
देखि निषाद बिषादबस धुनहिं सीस पछिताहिं ॥९७॥

सुमन्त्रले रथ हाँके। रामचन्द्रतर्फ हेरेर घोडा हिनहिनाउन लागे। त्यो देखेर विषादको वश भएका निषाद (गुह) शिर हल्लाउन लागे, पछुताउन लागे ॥ ९७ ॥

चौ०–जासु बियोग बिकल पसु ऐसें ❀ प्रजा मातु पितु जीहहिं कैसें ॥१॥
बरबस रामु सुमंत्रु पठाए ❀ सुरसरि तीर आपु तब आए ॥२॥

जसका विरहले पशु (घोड़ा) पनि यसरी व्याकुल भए, उनैका प्रजा, माता, पिताहरू कसरी बाँच्लान् ? रामचन्द्रले आग्रह गरेर (ढिपी गरेर) सुमन्त्रलाई पठाउनुभयो, आफू गङ्गाजीका तीरमा आउनुभयो ॥ १ ॥ २ ॥

मागी नाव न केवटु आना ❀ कहइ तुम्हार मरमु मैं जाना ॥३॥
चरन कमल रज कहुँ सबु कहई ❀ मानुषकरनि मूरि कछु अहई ॥४॥

रामचन्द्रजीले नाउ (डुङ्गा) मगाउनुभयो, माझीले ल्याएन, त्यो भन्न लाग्यो कि— “हजूरको मर्म मैले जानेको छु, ॥ ३ ॥ सबैजना भन्दछन् कि–“हजूरका चरणकमलको धूलो मानिस बनाउने कोही जरीबूटी हो– ॥ ४ ॥

छुअत सिला भइ नारि सुहाई ❀ पाहन तें न काठ कठिनाई ॥५॥
तरनिउँ मुनिघरिनी होई जाई ❀ बाट परै मोरि नाव उड़ाई ॥६॥

(किनभने ? –त्यसलाई) छुनेबित्तिकै शिला पनि सुन्दरी स्त्री भई, ढुङ्गाभन्दा काठ साह्रो हुँदैन। नाउ मुनिपत्नी भइगईभने, नाउ उडाएर (मेरो जीविका) बाटो लाग्यो (हरायो) ॥ ५ ॥ ६ ॥

येहि प्रतिपालउँ सबु परिवारू ❀ नहि जानौं कछु और कबारू ॥७॥
जौं प्रभु पार अवसि गा चहहू ❀ मोहि पद पदुम पखारन कहहू ॥८॥

यसैबाट सबै परिवारको प्रतिपालना गरेको छु, अर्को जीविका केही पनि जान्दिनँ ॥ ७ ॥ हे प्रभु ! हजूर पार जान अवश्य चाहनुहुन्छभने, मलाई चरणकमल पखाल्नलाई आज्ञा दिनुहोस् ॥ ८ ॥

छन्द–पद कमल धोइ चढ़ाइ नाव न नाथ उतराई चहौं ।
मोहि राम राउरि आन दसरथ सपथ सब साँची कहौं ॥
बरु तीर मारहुँ लखनु पै जब लगि न पाय पखारिहौं ।
तब लगि न तुलसीदास नाथ कृपालु पारु उतारिहौं ॥४॥

हे नाथ ! म चरणकमल धोएर आफ्नो नाउमा प्रभुहरूलाई चढ़ाउँला, उतराई (नाउको दस्तूर = खेवा) म चाहन्न । मलाई हजूरको दुहाई ! औ दशरथ महाराजको शपथ, छ, सब साँचो भन्दछु, बरु मलाई लक्ष्मणजी वाणले हान्नुहुन्छभने पनि हान्नुहोस् (कबूल छ) परन्तु जहाँसम्म पाउ पखाल्न पाउँदिन, तहाँसम्म (तुलसीदास भन्दछन्) हे नाथ ! दयालो ! म पारि उतारिदिनेछैन ॥ ४ ॥ (क)

सोरठा–सुनि केवट के बयन प्रेम लपेटे अटपटे ।
बिहसे करुना अयन चितइ जानकी लखन तन ॥४॥

प्रेमले लपेटिएका माझीका उटपटाङ वचन सुनेर करुणानिवास (रामचन्द्र) सीताजी र लक्ष्मणतर्फ हेरेर हाँस्नुभयो ॥ ४ ॥ (ख)

(क) यो माझी साधारण माझी होइन । परमभक्त र प्रभुलाई यथार्थ चिह्ने माझी हो, यो लाटो लाटो जस्तो भईकन अत्यन्त बाठो थियो । यसले "हजूर संसारसागरका माझी, म पनि नदीको माझी। माझीसँग माझीले ज्याला के लिनु ? हजामले हजामको कपाल खौरिदिन्छ, ज्याला लिंदैन, त्यस्तै हाम्रो पनि परस्पर व्यवहार गर्नुपर्छ" भनी ठट्टाको सूचना गऱ्यो ।

(ख) अघि क्षीरसमुद्रमा बिष्णु भगवानका शेषशय्याका नगीचमा एउटा विष्णुभक्त कछुवा रहन्थ्यो, त्यसले विष्णुभगवान्का चरणको स्पर्श गर्ने खायस गरेर मौका विचार गर्न थाल्यो, एकदिन साहस गरेर नगीचै पुगेको थियो; शेषले त्यसलाई देखेर फूँफूँ गर्न लागे, बिचरो कछुवा भाग्यो, अर्को दिन हिम्मत गरेर गयो, लक्ष्मीले देख्नुभयो, यो उल्लू भगवान्का पाउका नगीच आइपुग्यो भनेर हुत्याइदिनुभयो । एवंरीत्या त्यो भक्त कछुवाले हत्ते हाल्दा पनि भगवान्का चरणको स्पर्श गर्न पाएको थिएन, त्यही तृष्णा गर्दा गर्दैमा त्यसको आयु सकियो, त्यो मऱ्यो। त्यही कछुवा ऐले यो माझी भएर जन्मेको थियो, भगवान्का चरणको स्पर्श नगरीकन पारि पुऱ्याउने होइन भन्ने हठ गर्न लाग्यो, भगवान् रामचन्द्रले शेषरूप लक्ष्मण र लक्ष्मीरूप सीतातिर हेरेर "अघि तिमीहरूले यसलाई हप्कीदप्की गरेर हटाएथ्यौ, मेरो पाउ छुन दिएनथ्यौ, ऐले यसले तिमी २ जनाका सामुन्नेमा पाउ छुन लाग्यो, तिमीहरूले गरेका अपकारको यसले खूब बदला लियो, हो कि ?" भन्ने आशयले हाँस्नुभएको हो ।

चौ०–कृपासिंधु बोले मुसुकाई ✿ सोइ करु जेहिं तव नाव न जाई ॥१॥
बेगि आनु जलु पाय पखारू ✿ होत बिलंबु उतारहि पारू ॥२॥

करुणासागर (रामचन्द्र) हाँसेर बोल्नुभयो "हुन्छ, जसमा तिम्रो नाउ जाँदैन त्यही काम गर, पानी चाँडै ल्याऊ, पाउ पखाल, ढीलो हुन लाग्यो, पारि उतार ॥ १ ॥ २ ॥

जासु नाम सुमिरत एक बारा ✿ उतरहिं नर भवसिंधु अपारा ॥३॥
सोइ कृपालु केवटहि निहोरा ✿ जेहिं जगु किये तिहुँ पगहुँ तें थोरा ॥४॥

एकपटक जसको नाम संझदा मानिस अपार भएका भवसागरको पार पुग्दछ, [1]जसले तीनै जगत् (लोक) लाई तीन पाइलाभन्दा साना पारिदिए, उनै महाप्रभु (रामचन्द्र) दयावान् भएर माझीको निहोरा गर्ने हुनुभयो (धन्य दया !) ॥ ३ ॥ ४ ॥

पदनख निरखि देवसरि हरषी ✿ सुनि प्रभुबचन मोहमति करषी ॥५॥
केवल रामरजायसु पावा ✿ पानि कठवता भरि लेइ आवा ॥६॥

रघुनाथजीका चरणका नङ देखेर देवनदी (गङ्गा) हर्षित भइन् (जन्मभूमि देख्ताको हर्षित होओइन ?) प्रभुको वचन सुन्दा (पारि पुऱ्याइदेउ, नाउ ल्याउ इत्यादि कुरा सुन्दा) मोहले (गंगाजीकी) बुद्धिलाई (आफ्नातर्फ) तान्यो (भगवान्का अंगुष्ठ नखदेखि पैदा भएकी गङ्गाजीले रूपान्तर लिएका भगवान्को अंगुष्ठ नख चिन्नुभयो र हर्षित हुनुभयो, नाउ मागेको सुन्दा रघुनाथजी विष्णु भगवान् हुनुहुँदोरहेनछ, विष्णु हुनुभएको भए नाउ किन माग्नुहुन्थ्यो ? भन्ने ख्याल गर्नुभयो र गङ्गाकी बुद्धिलाई मोहले तानेकै ठहरियो) ॥ ५ ॥ रघुनाथजीको आज्ञा पाएर माझीले कठौताभरी पानी लिएर आयो ॥ ६ ॥

अति आनंद उमगि अनुरागा ✿ चरन सरोज पखारन लागा ॥७॥
बरषि सुमन सुर सकल सिहाहीं ✿ येहि सम पुन्यपुंज कोउ नाहीं ॥८॥

अनुराग (प्रेम) उम्लेर अति आनन्द भयो (माझी रघुनाथजीका) चरणकमल पखाल्न लाग्यो । सकल देवताहरू फूल वर्षाएर "योबराबको पुण्यवान् कोही छैन" भनी सह्राउन लागे ॥ ७ ॥ ८ ॥

दोहा–पद पखारि जलु पान करि आपु सहित परिवार ।
पितर पारु करि प्रभुहि पुनि मुदित गयेउ लइ पार ॥९८॥

(माझीले प्रभुजीका) पाउ [2]पखालेर परिवारसहित भई चरणामृतको पान गऱ्यो ।

---

(१) अघि विष्णुभगवान्ले वामनावतार लिएर बलिराजाबाट तीन पाइला जमीन दान पाएपछि बढेर ३ पाउ भएको विराट्रूप धारण गर्नुभयो, २ पाउले सारा जगत् ढाकियो, आफ्नो वचन सत्य गर्नाका निमित्त बाँकी रहेको यौटा पाइलाका निमित्त बलिराजाले आफ्नो टाउको टक्र्याए यो कथा श्रीमद्भागवत अष्टमस्कन्धमा छ ।

(२) रघुनाथजीको परमभक्त भएको यो माझीले लाटोलाटो भएर प्रेमका साथ खूब धोईकन कतै धूलो बाँकी रह्यो कि भन्ने निहुँले रघुनाथजीका चरणकमललाई पल्टाईपल्टाई खूब आफ्नो वृत्ति(जीविका र

आफ्ना पितापुर्खालाई संसारसागरको पार पुऱ्यायो, अनि हर्षित भएर प्रभुजीलाई लिएर गङ्गा पार गयो ॥ ९८ ॥

चौ०–उतरि ठाढ़े भये सुरसरिरेता ❀ सीय रामु गुह लखन समेता ॥१॥
केवट उतरि दंडवत कीन्हा ❀ प्रभुहि सकुच येहि नहि कछु दीन्हा ॥२॥

लक्ष्मण र गुहले सहित भएका सीताजी र रघुनाथजी (गङ्गापार) उत्रेर गङ्गातीरका बालुवामा खडा हुनुभयो ॥ १ ॥ माझीले नाउबाट उत्रेर दण्डवत् गऱ्यो । "यसलाई केही दिइएन" भनेर रघुनाथजीलाई संकोच लाग्यो ॥ २ ॥

पियहिय की सिय जाननिहारी ❀ मनिमुँदरी मन मुदित उतारी ॥३॥
कहेउ कृपाल लेहि उतराई ❀ केवटँ चरन गहे अकुलाई ॥४॥

प्रिय (रघुनाथजी) का हृदयको कुरा जान्ने जानकीजीले मणि जडेको (जडाऊ) औंठी औंलाबाट खुशीसाथ उतार्नुभयो । दयासागर रामजीले "पार उतारेको दस्तूर लेउ (ग्रहण गर)" भन्नुभयो, माझीले व्याकुल भएर प्रभुजीका पाउ समात्यो ॥ ३ ॥ ४ ॥ (माझी भन्नलाग्यो)

नाथ आजु मैं काह न पावा ❀ मिटे दोष दुख दारिद दावा ॥५॥
बहुत काल मैं कीन्हि मजूरी ❀ आजु दीन्हि बिधि बनि भलि भूरी ॥६॥

हे नाथ ! आज मैले के पाइनँ ? (मेरा) दुःख-दारिद्र्यरूपी डढेला र सबै दोष मेटिए । मैले धेरै दिन मजूरी गरें आज विधाताले असल र धेरै ज्याला दिए ॥ ५ ॥ ६ ॥

अब कछु नाथ न चाहिअ मोरें ❀ दीनदयाल अनुग्रह तोरें ॥७॥
फिरती बार मोहि जोई देबा ❀ सो प्रसादु मैं सिर धरि लेबा ॥८॥

हे नाथ ! हे दीनदयाल ! हजूरका अनुग्रहले अब मलाई केही चाहिंदैन । फिरिबक्सँदाखेरि जो बक्सिएला, त्यो बकसलाई म शिरमा राख्नेछु ॥ ७ ॥ ८ ॥

दोहा–बहुतु कीन्ह प्रभु लखन सियँ नहि कछु केवटु लेइ ।
बिदा कीन्ह करुनायतन भगति बिमल बरु देइ ॥९९॥

दयानिवास प्रभुले लक्ष्मणले धेरै (यत्न) गर्नुभयो, माझीले केही लिएन । अनि निर्मल भक्तिरूपी वर दिएर प्रभुले त्यसलाई बिदा गर्नुभयो ॥ ९९ ॥

चौ०–तब मज्जनु करि रघुकुलनाथा ❀ पूजि पारथिव नायेउ माथा ॥१॥
सिय सुरसरिहि कहेउ कर जोरी ❀ मातु मनोरथ पुरउबि मोरी ॥२॥

चरण लागेको चित्तवृत्ति) लाई स्थिर गरायो । यो मौकाको भगवान्‌को ध्यान अति रमणीय छ, जस्तै–

वृत्तेः स्थिरत्वमुशता तरणीश्वरेण प्रक्षाल्य सम्यगपि साधु निभाल्यमानम् ।
मन्देतरस्मितलसन्मुखमण्डलस्य वन्दे महापुरुष ! ते चरणारविन्दम् ॥

अनि रघुनाथजीले स्नान गरेर पार्थिवपूजा गर्नुभयो र प्रणाम गर्नुभयो ॥ १ ॥ सीताजीले हात जोरेर गङ्गाजीलाई प्रार्थना गर्नुभयो "माता ! गङ्गे ! मेरो मनोरथ पूर्ण गर्नुहोला ॥ २ ॥

पति देवर सँग कुसल बहोरी ❀ आइ करउँ जेहिं पूजा तोरी ॥३॥
सुनि सियविनय प्रेमरस सानी ❀ भइ तब बिमल बारि बर बानी ॥४॥

जसमा फेरि प्राणनाथ र देवरका साथ कुशलपूर्वक फर्केर हजूरको पूजा गर्न पाऊँ ॥ ३ ॥ प्रेमरसले मिश्रित भएको सीताजीको प्रार्थनावचन सुनेर गङ्गाजीका निर्मल जलबाट उत्तम वचन उत्पन्न भयो ॥ ४ ॥

सुनु रघुबीरप्रिया बैदेही ❀ तव प्रभाउ जग बिदित न केही ॥५॥
लोकप होहिं बिलोकत तोरें ❀ तोहि सेवहिं सब सिधि कर जोरें ॥६॥

"हे रघुवीरप्रिये ! जानकी ! सुन, जगत्मा तिम्रो प्रभाव कसले जानेको छैन ? तिमीले हेर्दाखेरि (तिम्रो कृपाकटाक्ष पाउँदा साधारण प्राणी) लोकपाल (दिक्पाल) हुन्छन्, अष्टसिद्धिहरू हात जोरेर तिम्रो सेवा गरिरहेका छन् ॥ ५ ॥ ६ ॥

तुम्ह जो हमहि बड़ि बिनय सुनाई ❀ कृपा कीन्हि मोहि दीन्हि बड़ाई ॥७॥
तदपि देवि मैं देबि असीसा ❀ सफल होन हित निज बागीसा ॥८॥

जानकी ! तिमीले मलाई बडो विनयवचन (प्रार्थना) सुनायौ, कृपा गर्‍यौ, मलाई इज्जत दियौ । तथापि हे देवि ! जानकीनन्दिनी ! आफ्नी वाणीलाई सफल गराउनाका निमित्त तिमीलाई म आशिष दिन्छु (सुन) ॥ ७ ॥ ८ ॥

दोहा–प्राननाथ देवर सहित कुसल कोसला आइ ।
पूजिहि सब मनकामना सुजसु रहिहि जग छाइ ॥१००॥

"तिमी प्राणनाथ (रघुनाथ) र देवरका साथ कुशलपूर्वक कोशलपुरी (अयोध्या) आउनेछौ । तिम्रा सबै मनोरथ पूर्ण हुनेछन्, तिम्रो सुजस जगत्भरी व्याप्त भएर रहनेछ" ॥ १०० ॥

चौ०–गंगबचन सुनि मंगलमूला ❀ मुदित सीय सुरसरि अनुकूला ॥१॥
तब प्रभु गुहहि कहेउ घर जाहू ❀ सुनत सूख मुखु भा उर दाहू ॥२॥

सकल मङ्गलका मूल (कारण) भएका गङ्गाजीका वचन सुनेर "गङ्गामाता अनुकूल (हितकारिणी) भइन्" भन्ने ज्ञान भएर सीताजी हर्षित हुनुभयो ॥ १ ॥ अनि प्रभुजीले गुहलाई "तिमी घर जाऊ" भन्नुभयो । त्यो कुरा सुन्दा (तिनको) मुख खंग्रंग सुक्यो, हृदयमा ठूलो सन्ताप पर्‍यो ॥ २ ॥

दीन बचन गुह कह कर जोरी ❀ बिनय सुनहु रघुकुलमनि मोरी ॥३॥
नाथसाथ रहि पंथु देखाई ❀ करि दिन चारि चरनसेवकाई ॥४॥

जेहि बन जाइ रहब रघुराई ❀ परनकुटी मैं करबि सुहाई ॥५॥
तब मोहि कहँ जस देबि रजाई ❀ सोइ करिहौं रघुबीरदोहाई ॥६॥

गुहले हात जोरेर दीनवचन बोले "हे रघुकुलमणे ! मेरो विन्ति सुनिबक्सियोस, प्रभुका साथमा रहेर जङ्गलको बाटो देखाएर ४ दिन चरणको सेवा गरीकन- ॥ ३ ॥ ४ ॥ जुन वनमा गएर हजूर राज होला (तहाँ) म सुन्दर पर्णशाला (कुटी) बनाउँला ॥ ५ ॥ अनि मलाई जो आज्ञा होला तदनुसारै गर्नेछु, दोहाई ! रघुवीरकी ॥ ६ ॥

सहज सनेहु राम लखि तासू ❀ संग लीन्ह गुह हृदय हुलासू ॥७॥
पुनि गुह ग्याति बोलि सब लीन्हे ❀ करि परितोषु बिदा सब कीन्हे ॥८॥

रघुनाथजीले गुहको स्वाभाविक प्रेम देखेर त्यसलाई साथमा लिनुभयो । गुहका हृदयमा हर्ष भयो ॥ ७ ॥ अनि गुहले सबै ज्ञाति (जात) लाई बोलाएर सन्तुष्ट पारीकन बिदा गरे ॥ ८ ॥

दोहा–तब गनपति सिव सुमिरि प्रभु नाइ सुरसरिहि माथ ।
सखा अनुज सिय सहित बन गवनु कीन्ह रघुनाथ ॥१०१॥

अनि रघुनाथजीले गणपति र शंकरजीलाई श्रीभागीरथीलाई प्रणाम गरेर गुह, लक्ष्मण, सीतासहित भईकन वनका तर्फ गमन गर्नुभयो ॥ १०१ ॥

चौ०–तेहि दिन भयेउ बिटपतर बासू ❀ लखन सखाँ सब कीन्ह सुपासू ॥१॥
प्रात प्रातकृत करि रघुराई ❀ तीरथराजु दीख प्रभु जाई ॥२॥

त्यस दिन रूखमनि वास भयो, लक्ष्मण र गुहले सबै सुबिस्ताको (प्रबन्ध) गरे ॥ १ ॥ भोलिपल्ट बिहान रघुनाथजीले प्रातःकृत्य गरिसक्नुभयो र गएर तीर्थराज (प्रयाग) को दर्शन गर्नुभयो ॥ २ ॥ (तीर्थहरूका राजा प्रयाग हुन्, कसरी भने-)

सचिव सत्य श्रद्धा प्रिय नारी ❀ माधव सरिस मीतु हितकारी ॥३॥
चारि पदारथ भरा भँडारू ❀ पुन्यप्रदेस देस अति चारू ॥४॥
छेत्रु अगम गढ़ु गाढ़ सुहावा ❀ सपनेहुँ नहि प्रतिपछिन्ह पावा ॥५॥
सेन सकल तीरथ बर बीरा ❀ कलुष अनीक दलन रनधीरा ॥६॥
संगमु सिंहासनु सुठि सोहा ❀ छत्रु अखयबटु मुनिमनु मोहा ॥७॥
चवर जमुन अरु गंग तरंगा ❀ देखि होहिं दुख दारिद भंगा ॥८॥

तीर्थराजका मन्त्री सत्य हुन्, प्यारी रानी श्रद्धा हुन्, माधव (विष्णु भगवान्) जस्ता जसका हितकारी मित्र छन् ॥ ३ ॥ तीर्थराजका भँडारमा धर्म-अर्थ–काम मोक्ष यी ४ पदार्थ परिपूर्ण छन् । तीर्थराजको सुन्दर राष्ट्र पवित्र-पवित्र देश हो ॥ ४ ॥ तिनका अगम मजबूत सुन्दर किल्ला वाराहक्षेत्र हरिहरक्षेत्र प्रभृति क्षेत्रहरू हुन् । ती किल्लालाई प्रतिपक्षीहरूले (पापका सैन्यले) आक्रमण गर्न पाएका छैनन् । तीर्थराजका शूरवीर सेना सकल तीर्थ हुन्, (ती सेना) पापका फौजको ध्वंस गर्नाका निमित्त गर्न लागेको युद्धमा धीर रहन्छन् ॥ ५ ॥ ६ ॥

तीर्थराजको अति सुन्दर सिंहासन संगम (त्रिवेणी) हो। मुनिका मनलाई पनि मोहित पार्ने सुन्दर छत्र अक्षयवट हो। तीर्थराजका २ चँवर यमुनाजी र गङ्गाजीका तरंग हुन्, तिनको दर्शन गर्दा दुःख र दारिद्र्यको नाश हुन्छ ॥ ७ ॥ ८ ॥

दोहा—सेवहिं सुकृती साधु सुचि पावहिं सब मनकाम।
बंदी बेद पुरान गन कहहिं बिमल गुन ग्राम ॥१०२॥

तीर्थराजका सेवक पुण्यात्मा भएका, भित्र बाहिर शुद्ध रहेका सज्जनहरू हुन्। ती सेवक तीर्थराजका सेवाले मनले चिताएको कुरा पाउँदछन्। तीर्थराजका बन्दी (स्तुतिपाठक) वेद र पुराणहरू हुन्, तिनीहरू तीर्थराजका गुणगणको गान गरिरहेका छन् ॥ १०२ ॥

चौ०—को कहि सकइ प्रयागप्रभाऊ ❀ कलुषपुंज कुंजर मृगराऊ ॥१॥
अस तीरथपति देखि सुहावा ❀ सुखसागर रघुबर सुखु पावा ॥२॥

पापको पुञ्ज (समूह) रूपी कुञ्जर (हात्ती) का समूहका हकमा सिंहस्वरूप भएका तीर्थराजको प्रभावलाई वर्णन गर्ने को सक्तछ ? ॥ १ ॥ यस्तो सुन्दर तीर्थराजलाई देखेर सुखका सागर भएका रघुनाथजीले सुख पाउनुभयो ॥ २ ॥

कहि सिय लखनहि सखहि सुनाई ❀ श्रीमुख तीरथराजबड़ाई ॥३॥
करि प्रनामु देखत बन बागा ❀ कहत महातम अति अनुरागा ॥४॥
येहि बिधि आइ बिलोकी बेनी ❀ सुमिरत सकल सुमंगल देनी ॥५॥
मुदित नहाइ कीन्हि सिवसेवा ❀ पूजि जथाबिधि तीरथदेवा ॥६॥

श्रीरामचन्द्रजीले आफ्नै श्रीमुखले तीर्थराजको प्रशंसा भनेर सीता लक्ष्मण र गुहलाई सुनाउनुभयो ॥ ३ ॥ अनि प्रणाम गरेर वन वगैंचा हेर्दै, अत्यन्त प्रेमले (प्रयागको) माहात्म्य वर्णन गर्दै गर्दै यस प्रकारले आइपुगेर (दर्शन गर्नाको के कुरा) स्मरण मात्र गर्दा पनि सकल कल्याण दिने त्रिवेणी (गंगा-यमुना-सरस्वतीको संगमस्थान) देख्नुभयो ॥ ४ ॥ ५ ॥ अनि आनन्दित भएर नुहाउनुभयो र शिवजीको पूजा गर्नुभयो, उहाँपछि विधिपूर्वक तीर्थका देवताहरूको (यथायोग्य) पूजन गर्नुभयो ॥ ६ ॥

तब प्रभु भरद्वाज पहिं आए ❀ करत दंडवत मुनि उर लाए ॥७॥
मुनिमन मोद न कछु कहि जाई ❀ ब्रह्मानंदरासि जनु पाई ॥८॥

अनि रघुनाथजी भरद्वाज मुनिका समीप आउनुभयो, दण्डवत् गर्नलागेका (रघुनाथजीलाई उठाएर) भरद्वाज मुनिले छाती लगाए ॥ ७ ॥ मुनिका मनको आनन्द वर्णन गर्न सकिदैन, मानौं (भरद्वाजले) ब्रह्मानन्दको थुप्रो पाए कि ? (भन्ने भान हुन्थ्यो) ॥ ८ ॥

दोहा—दीन्हि असीस मुनीस उर अति अनंदु अस जानि।
लोचनगोचर सुकृतफल मनहुँ किये बिधि आनि ॥१०३॥

मुनीश्वर भरद्वाजले (रघुनाथजीलाई) आशिष दिए। "मानौं विधाताले पुण्यको

फल ल्याएर नेत्रगोचर (प्रत्यक्ष) गराएको हो कि ?" यस्तो संझेर उनका हृदयमा अति आनन्द भयो ॥ १०३ ॥

चौ०–कुसल प्रस्न करि आसन दीन्हे ❀ पूजि प्रेम परिपूरन कीन्हे ॥१॥
कंद मूल फल अंकुर नीके ❀ दिये आनि मुनि मनहु अमी के ॥२॥

मुनीश्वर भरद्वाजले कुशलप्रश्न गरेर आसन दिए, रामजीको पूजन (सत्कार) गरेर वहाँलाई प्रेमपरिपूर्ण गराए ॥ १ ॥ अनि अमृतसमान भएका कन्द (तरुल प्रभृति) मूल (शतावरी प्रभृति) अंकुर (टुसा प्रभृति) ल्याएर दिए ॥ २ ॥

सीय लखन जन सहित सुहाये ❀ अति रुचि राम मूल फल खाये ॥३॥
भये बिगतश्रम राम सुखारे ❀ भरद्वाज मृदु बचन उचारे ॥४॥

रघुनाथजीले सीता, लक्ष्मण गुहसहित भईकन अत्यन्त सुन्दर ती फलफूल खूब रुचाएर खानुभयो ॥ ३ ॥ श्रम (थकाइ) हटेको हुनाले रामजी सुखी हुनुभयो, भरद्वाज मुनि मधुर वचन बोल्न लागे ॥ ४ ॥

आजु सुफल तपु तीरथु त्यागू ❀ आजु सुफल जपु जोग बिरागू ॥५॥
सफल सकल सुभ साधन साजू ❀ राम तुम्हहिं अवलोकत आजू ॥६॥
लाभ अवधि सुख अवधि न दूजी ❀ तुम्हरें दरस आस सब पूजी ॥७॥
अब करि कृपा देहु बर एहू ❀ निज पद सरसिज सहज सनेहू ॥८॥

हे राम ! आज हजूरलाई देख्न पाउँदा मेरो तपस्या, तीर्थसेवा, विषय परित्याग यी सबै कुरा सफल भए। आज जप, योगाभ्यास, वैराग्य, यी सफल भए, आज सबै कल्याणकारी साधनासमूह सफल भए ॥ ५ ॥ ६ ॥ अब लाभको अर्को अवधि छैन (परमावधिको लाभ भयो) अब सुखको अर्को अवधि छैन (परमावधिको सुख पाएँ) हजूरका दर्शनले मेरा सबै मनोरथ पूर्ण भए ॥ ७ ॥ अब कृपा गरेर हजूरका चरणकमलमा सहज (अहैतुक = स्वाभाविक) स्नेह लागोस्, मलाई यही वरदान बक्सनुहोस् ॥ ८ ॥

दोहा–करम बचन मन छाड़ि छलु जब लगि जनु न तुम्हार ।
तब लगि सुखु सपनेहुँ नहीं कियें कोटि उपचार ॥१०४॥

हे राम ! जहाँसम्म मनसा-कर्मणा-वाचा छल छाडेर मानिस हजूरको हुँदैन (आत्मार्पण गरेर हजूरको भक्ति गर्दैन) त्यहाँसम्म करोडौं उपाय गरे पनि सपनामा पनि सुख हुँदैन ॥ १०४ ॥

चौ०–सुनि मुनिबचन रामु सकुचाने ❀ भाव भगति आनंद अघाने ॥१॥
तब रघुबर मुनि सुजसु सुहावा ❀ कोटि भाँति कहि सबहि सुनावा ॥२॥

मुनिको वचन सुनेर रघुनाथजी संकुचित[१] हुनुभयो, मुनिको भाव भक्ति देखेर भएका

---

(१) उत्तम प्रकृतिवाला उच्च श्रेणीका व्यक्तिहरू आफ्नो प्रशंसा आफ्नै कानले सुन्नुपर्दा संकोच मान्दछन्, मध्यम श्रेणीका व्यक्तिहरू आनन्दित हुन्छन्; अधम श्रेणीका महाशयहरू आफ्नो प्रशंसा आफ्नै मुखले गरेर दङ्ग पर्दछन्।

आनन्दले पूर्ण हुनुभयो ॥ १ ॥ अनि रघुनाथजीले भरद्वाज मुनिको सुन्दर सुयश अनेक भाँतिले भनेर सबैलाई सुनाउनुभयो ॥ २ ॥ (अनि भरद्वाजसंग भनुभयो कि—)

सो बड़ सो सब गुनगन गेहू ❀ जेहि मुनिस तुम्ह आदर देहू ॥३॥
मुनि रघुबीर परसपर नवहीं ❀ बचन अगोचर सुखु अनुभवहीं ॥४॥

हे मुनीश्वर ! जसलाई तपाईं सम्मान दिनुहुन्छ, त्यही बड़ो, त्यही सर्वगुणगणपूर्ण हो ।" यस्ताप्रकारले रघुनाथजी र भरद्वाज मुनि परस्पर नम्रता गर्न लागे, वचनको अगोचर (अवर्णनीय) भएका सुखको अनुभव गर्न लागे ॥ ३ ॥ ४ ॥

येह सुधि पाइ प्रयागनिवासी ❀ बटु तापस मुनि सिद्ध उदासी ॥५॥
भरद्वाज आश्रम सब आए ❀ देखन दसरथसुअन सुहाए ॥६॥

यो खबर पाएर प्रयागनिवासी ब्रह्मचारी बटु, तपस्वी, मुनि, सिद्ध, उदासीहरू सुन्दर दशरथनन्दनको दर्शन गर्न भरद्वाजका आश्रममा आए ॥ ५ ॥ ६ ॥

राम प्रनाम कीन्ह सब काहू ❀ मुदित भये लहि लोचनलाहू ॥७॥
देहिं असीस परम सुखु पाई ❀ फिरे सराहत सुंदरताई ॥८॥

रघुनाथजीले सबैलाई प्रणाम गर्नुभयो, तिनीहरू नेत्रको लाभ पाएर हर्षित भए ॥ ७ ॥ परम सुख पाएर तिनले रघुनाथजीलाई आशिष दिए, अनि सुन्दरताको सह्रनी गर्दै (आफ्ना आफ्ना आश्रमतर्फ) फिरे ॥ ८ ॥

दोहा—राम कीन्ह बिश्राम निसि प्रात प्रयाग नहाइ ।
चले सहित सिय लखन जन मुदित मुनिहि सिरु नाइ ॥१०५॥

रामचन्द्रले त्यो रात त्यहीं विश्राम गर्नुभयो, बिहान प्रयागमा स्नान गरेर सीता, लक्ष्मण र गुह यिनले सहित भईकन भरद्वाज मुनिलाई प्रणाम गरेर हर्षसहित भईकन रवाना हुन लाग्नुभयो ॥ १०५ ॥

चौ०—राम सप्रेम कहेउ मुनि पाहीं ❀ नाथ कहिअ हम केहि मग जाहीं ॥१॥
मुनि मन बिहसि राम सन कहहीं ❀ सुगम सकल मग तुम्ह कहुँ अहहीं ॥२॥

रामचन्द्रले प्रेमसाथ भरद्वाज मुनिलाई "प्रभु ! आज्ञा होस् म कुन बाटो जाऊँ ?" भनी सोध्नुभयो । मनमा हाँसेर मुनीश्वरले रामजीसँग "हजूरलाई सबै बाटा सुगम छन्" यो जवाब दिए ॥ १ ॥ २ ॥

साथ लागि मुनि सिष्य बोलाए ❀ सुनि मन मुदित पचासक आए ॥३॥
सबन्हि राम पर प्रेम अपारा ❀ सकल कहहिं मगु दीख हमारा ॥४॥

साथका लागि भरद्वाजले शिष्यहरूलाई बोलाए, आज्ञा सुनेर मनमा हर्षित भईकन पचासौं शिष्य आए ॥ ३ ॥ श्रीरामजीका उपर सबैलाई अपार प्रेम थियो, बाटो मैले देखेको छु" भनी सबैजना भन्दथे ॥ ४ ॥

मुनि बटु चारि संग तब दीन्हे ❀ जिन्ह बहु जनम सुकृत सब कीन्हे ॥५॥
करि प्रनामु रिषि आयेसु पाई ❀ प्रमुदित हृदयँ चले रघुराई ॥६॥

अनि भरद्वाज मुनिले जसजसले अनेक जन्ममा सबै पुण्य गरेका थिए त्यस्ता चारजना बालब्रह्मचारी (साथका निमित्त) दिए ॥ ५ ॥ रघुनाथजी प्रणाम गरेर मुनिको आज्ञा पाएपछि प्रसन्नहृदय भएर पाल्नुभयो ॥ ६ ॥

ग्राम निकट निकसहिं जब जाई ❀ देखहिं दरसु नारि नर धाई ॥७॥
होहिं सनाथ जनमफलु पाई ❀ फिरहिं दुखित मनु संग पठाई ॥८॥

जाँदाजाँदा जब श्रीरामजी कुनै गाउँका नगीच निस्कनुहुन्थ्यो (त्यस वेलामा) गाउँका नरनारीहरू दौडेर आईकन दर्शन गर्दथे, जन्मनाको फल पाएर सनाथ हुन्थे, मनलाई साथमा पठाएर दुःखित भई फर्कन्थे ॥ ७ ॥ ८ ॥

दोहा—बिदा किये बटु बिनय करि फिरे पाइ मनकाम ।
उतरि नहाये जमुनजल जो सरीर सम स्याम ॥१०६॥

अनि रघुनाथजीले नम्रता गरेर ब्रह्मचारी बटुहरूलाई बिदा गर्नुभयो । तिनीहरू मनचिन्तित फल पाएर फर्के । प्रभुजीले पारि उत्रेर (पुगेर) जुन जल वहाँको शरीर जस्तो श्यामवर्ण भएको थियो, जमुनाको त्यसै जलमा स्नान गर्नुभयो ॥ १०६ ॥

चौ०—सुनत तीरवासी नर नारी ❀ धाये निज निज काज बिसारी ॥१॥
लखन राम सिय सुंदरताई ❀ देखि करहिं निज भाग्य बड़ाई ॥२॥

(रघुनाथजीको खबर) सुन्नाका साथ यमुनातीरनिवासी नरनारीहरू आफ्नो आफ्नो काम बिर्सेर दौडे ॥ १ ॥ लक्ष्मण राम सीताजीको सुन्दरता देखेर आफ्ना भाग्यको प्रशंसा गर्नलागे ॥ २ ॥

अति लालसा सबहिं मन माहीं ❀ नाउँ गाउँ बूझत सकुचाहीं ॥३॥
जे तिन्ह महुँ बयबिरिध सयाने ❀ तिन्ह करि जुगुति रामु पहिचाने ॥४॥

(सबैका) मनमा अत्यन्त लालसा रहेको थियो, वहाँहरूको नाउँ गाउँ सोध्नलाई संकोच मान्दथे ॥ ३ ॥ तिनीहरूमा जो वयोवृद्ध (उमेर पाको भएका) चतुर थिए, तिनले जुक्तिबुद्धि गरेर रामजीलाई चिन्हे ॥ ४ ॥

सकल कथा तिन्ह सबहि सुनाई ❀ बनहि चले पितु आयसु पाई ॥५॥
सुनि सबिषाद सकल पछिताहीं ❀ रानी राय कीन्ह भल नाहीं ॥६॥

तिनीहरूले सबैलाई सकल वृत्तान्त सुनाए—"यिनीहरू पिताको आज्ञा पाएर जंगलतर्फ हिंडेका हुन् ।" ॥ ५ ॥ यो कुरा सुनेर ती सबैजना विषादयुक्त भई पछुताउन लागे—"रानी र राजाले बेश गरेनन् (भन्नथाले) ॥ ६ ॥

तेहि अवसर एकु[१] तापसु आवा ❀ तेजपुंज लघु बयस सुहावा ।।७।।
कबि अलखित गति बेषु बिरागी ❀ मन क्रम बचन राम अनुरागी ।।८।।

त्यसै वेलामा तेजःपुञ्जवाला, सानु उमेर भएका, सुन्दर, कवि (विद्वान्) हरूले पनि चाल-चलन लख गर्न नसकिने, भेषले वैरागी ठहरिने, मन-कर्म-वचनले रामजीमा प्रेमी भएका यौटा तपस्वी आए ॥ ७ ॥ ८ ॥

दोहा–सजल नयन तन पुलकि निज इष्टदेउ पहिचानि ।
परेउ दंड जिमि धरनितल दसा न जाइ बखानि ।।१०७।।

आफ्ना इष्टदेव रामचन्द्रजीलाई चिन्हेर ती बालतपस्वीका नजर जलपूर्ण भए, तिनको शरीर रोमाञ्चित भयो । ती भईँमा लहुरो तेर्सिएझैं तेर्सिए (साष्टांग दण्डवत् गर्न लागे) तिनको अवस्था (भक्तिविह्वलता) वर्णन गर्न सकिँदैन ॥ १०७ ॥

चौ०–राम सप्रेम पुलकि उर लावा ❀ परम रंक जनु पारसु पावा ।।१।।
मनहुँ प्रेमु परमारथु दोऊ ❀ मिलत धरें तनु कह सब कोऊ ।।२।।
बहुरि लखन पायन्ह सोइ लागा ❀ लीन्ह उठाइ उमगि अनुरागा ।।३।।
पुनि सियचरन धूरि धरि सीसा ❀ जननि जानि सिसु दीन्हि असीसा ।।४।।

रामजीले प्रेमसहित रोमाञ्चित भईकन तिनलाई आलिङ्गन गर्नुभयो । तिनलाई परम दरिद्रले पारसमणि पाएजस्तो आनन्द लाग्यो ॥ १ ॥ सबैजना "मानौं शरीरधारी भएका प्रेम र परमार्थ यी दुई परस्पर भेट गर्न लागेका हुन् कि ?" भन्नलागे ॥ २ ॥

फेरि ती बालतपस्वी लक्ष्मणजीका पाउमा परे, प्रेम उर्लेर आयो र लक्ष्मणजीले उनलाई उठाउनुभयो ॥ ३ ॥

फेरि तिनले सीताजीका चरणको धूलो शिरमा राखे (वन्दना गरे) । जगज्जननी सीताजीले बालक जानेर (पुत्र संझेर) आशिष दिनुभयो ॥ ४॥

कीन्ह निषाद दंडवत तेही ❀ मिलेउ मुदित लखि रामसनेही ।।५।।
पिअत नयन पुट रूपु पियूषा ❀ मुदित सुअसनु पाइ जिमि भूखा ।।६।।

अनि निषाद (गुह) ले बालतपस्वीलाई दण्डवत् गरे, तिनले निषादलाई रामचरणानुरागी देखेर हर्षित भई भेट गरे (आलिंगन गरे) । ती बालतपस्वीले रघुनाथजीको रूपरूपी अमृतलाई आफ्ना नेत्रपुट (आँखारूपी दुना) ले पिउँदाखेरि भोकाएका मानिसले असल भोज्य पदार्थ पाएमाझैं आनन्द पाए ॥ ५ ॥ ६ ॥

ते पितु मातु कहहु सखि कैसे ❀ जिन्ह पठये बन बालक ऐसे ।।७।।
राम लखन सिय रूपु निहारी ❀ सोच सनेह बिकल नर नारी ।।८।।

राम लक्ष्मण सीताको रूप देखेर नरनारीहरू स्नेहले विकल (व्याकुल) हुन्थे,

---

(१) "थी तापस प्रभुको सेवा गर्न आएका अग्नि हुन् "भनी कोही भन्दछन् । कोही हनुमान् हुन् भन्दछन्, कोही कामदगिरि (चित्रकूट) हुन् भन्दछन्, कोही ध्यानस्थ तुलसीदास हुन् भन्दछन् । कोही प्रमाण केही नहुनाले अप्रासङ्गिक यो प्रसङ्गका दोहा चौपाईलाई क्षेपक मान्दछन्, वास्तव क्या हो क्या हो ?

(विशेष गरेर स्त्रीहरू मनमा अति खेद हुनाले चूप लाग्न सक्तैनथे र) "हे सखी। जसले यस्ता यस्ता बालकहरूलाई वनमा पठाए, ती पिता-माताहरू कस्ता हुनन् हुँ ? भनन हुँ ? भनन" (भन्दथे) ॥ ७ ॥ ८ ॥

दोहा—तब रघुबीर अनेक बिधि सखहि सिखावनु दीन्ह ।
रामरजायसु सीस धरि भवन गवनु तेहि कीन्ह ॥१०८॥

अनि रघुनाथजीले मित्र (गुह) लाई अनेक प्रकारको शिक्षा दिनुभयो र वहाँको आज्ञालाई शिरउपर गरेर तिनले आफ्ना भवनतर्फ गमन गरे (गए) ॥ १०८ ॥

चौ०—पुनि सिय राम लखन कर जोरी ❀ जमुनहि कीन्ह प्रनामु बहोरी ॥१॥
चले ससीय मुदित दोउ भाई ❀ रबितनुजा कै करत बड़ाई ॥२॥

फेरि सीता राम लक्ष्मणले हात जोरेर जमुनाजीलाई बारंबार प्रणाम गर्नुभयो ॥ १ ॥ अनि सीतासहित दुवै भाई सूर्यपुत्री (यमुनानदी) को प्रशंसा गर्दै हर्षित भई हिंड्नुभयो ॥ २ ॥

पथिक अनेक मिलहिं मग जाता ❀ कहहिं सप्रेम देखि दोउ भ्राता ॥३॥
राजलखन सब अंग तुम्हारें ❀ देखि सोचु अति हृदयँ हमारें ॥४॥

बाटामा जाँदाखेरि अनेक पथिक (बटुवा) भेटिन्थे। ती दुई भाईलाई देखेर प्रेमसहित भन्दथे—("हे राम! लक्ष्मण!) तपाईंहरूका सबै अंग राजलक्षणले युक्त भएका देख्ता हाम्रा मनमा अत्यन्त अफसोस लाग्दछ—॥ ३ ॥ ४ ॥

मारग चलहु पयादेहिं पायें ❀ जोतिषु झूठ हमारें भायें ॥५॥
अगमु पंथु गिरि कानन भारी ❀ तेहि महँ साथ नारि सुकुमारी ॥६॥

बाटामा पैदल पाउले हिंड्न लाग्नुभएको छ; हाम्रा समुझमा ज्योतिषशास्त्र झूटो लाग्दछ (यस्ता लक्षणवालालाई यस्तो कष्ट! "यत्राकृतिस्तत्र गुणा वसन्ति" भनेर ज्योतिषिहरू भन्दथे, त्यो कुरा साँचो रहेनछ) (हेर्नुहोस्) ठूला पहाड र जंगलका मार्ग (बाटा) अगम (हिंडिनसक्ना) छन्, त्यसमाथि तपाईंहरूका साथमा सुकुमारी नारी छन् ॥ ५ ॥ ६ ॥

करि केहरि बन जाइ न जोई ❀ हम सँग चलहिं जो आयसु होई ॥७॥
जाब जहाँ लगि तहँ पहुँचाई ❀ फिरब बहोरि तुम्हहि सिरु नाई ॥८॥

हात्तीको र सिंहको जंगल हेर्न पनि सकिदैन, आज्ञा हुन्छभने हामी साथै आउछौं, जहाँसम्म जानुहुन्छ, तहाँसम्म पुर्‍याएर तपाईंहरूलाई प्रणाम गरेर फेरि फर्कौंला ॥ ७ ॥ ८ ॥

दोहा—एहि बिधि पूँछहिं प्रेमबस पुलक गात जलु नैन ।
कृपासिंधु फेरहिं तिन्हहि कहि बिनीत मृदु बैन ॥१०९॥

यस्ता प्रकारले प्रेमवश भएर शरीरमा रोमाञ्चित, नेत्रमा अश्रुपूर्ण भएका पथिकहरू सोध्दथे, दयासागर रघुनाथजी नम्रताका साथ नरम वचन बोलेर तिनीहरूलाई फर्काउनुहुन्थ्यो ॥ १०९ ॥

चौ०–जे पुर गाँव बसहिं मग माहीं ❀ तिन्हहि नाग सुर नगर सिहाहीं ॥१॥
केहि सुकृतीं केहि घरीं बसाए ❀ धन्य पुन्यमय परम सुहाए ॥२॥

(रघुनाथजी वन जाने) बाटामा जो नगर र गाउँ बसेका थिए, तिनलाई नाग-नगरी (भोगावती) र सुरनगरी (अमरावती) सह्राउँथे ॥ १ ॥—“कुन पुण्यात्माले कुन (शुभ) घडी (साइत) मा परम सुन्दर, (रघुनाथजी नगींचै आइपुग्ने हुनाले) पुण्यमय भएका, धन्यवाद पाउनलाई योग्य भएका यी नगर र गाउँ बसाएका होलान्” (भन्दथे) ॥ २ ॥

जहँ जहँ रामचरन चलि जाहीं ❀ तिन्ह समान अमरावति नाहीं ॥३॥
पुन्य पुंज मग निकट निवासी ❀ तिन्हहि सराहहिं सुरपुरबासी ॥४॥

जहाँ जहाँ रामजीका चरण पुग्दथे, अमरावतीनगरी पनि ती स्थानको समान भइन । रामजीका बाटाका नगीचमा निवास गरेर रहेका जो जो पुण्यपुञ्जरूप (पुण्यराशिस्वरूप) प्राणी थिए तिनलाई स्वर्गनगरनिवासी देवताहरू सह्राउँथे ॥ ३ ॥ ४ ॥ (देवताहरू भन्दथे कि–)

जे भरि नयन बिलोकहिं रामहिं ❀ सीता लखन सहित घनस्यामहिं ॥५॥
जे सर सरित राम अवगावहिं ❀ तिन्हहि देव सर सरित सराहहिं ॥६॥

“सीता लक्ष्मणसहित भएका मेघजस्ता श्यामवर्ण हुने रामजीलाई “जो आँखाभरी हेर्न पाउँदछन् , तिनीहरू धन्य छन्” ॥ ५ ॥

जुन ताल, तलाउ, पोखरी, नदीमा रघुनाथजी स्नान गरिदिनुहुन्थ्यो, तिनलाई देव-सरोवर (मानससरोवर) देवनदी (गंगा) पनि सह्राउँथे ॥ ६ ॥

जेहि तरु तर प्रभु बैठहिं जाई ❀ करहिं कलपतरु तासु बड़ाई ॥७॥
परसि रामपग पदुम परागा ❀ मानति भूमि भूरि निज भागा ॥८॥

जुन रूखमनि गएर प्रभुजी राज हुन्थ्यो, कल्पवृक्ष पनि त्यसको प्रशंसा गर्दथ्यो ॥ ७ ॥ रामचन्द्रजीका चरणकमलको धूलो छुन पाउँदा पृथिवीमाता आफ्ना भाग्यलाई ठूलो ठान्दथिन् ॥ ८ ॥

दोहा–छाँह करहिं घन बिबुधगन बरषहिं सुमन सिहाहिं ।
देखत गिरि बन बिहग मृग रामु चले मग जाहिं ॥११०॥

मेघहरू छाया गर्न लागे, देवगणहरू पुष्पवृष्टि गर्न लागे, प्रशंसा गर्न लागे । पहाड जंगल, पक्षी, मृग, यिनलाई हेर्दै रामचन्द्रजी बाटो लाग्नुभयो ॥ ११० ॥

चौ०–सीता लखन सहित रघुराई ❀ गाँव निकट जब निकसहिं जाई ॥१॥
सुनि सब बाल बृद्ध नरनारी ❀ चलहिं तुरत गृहकाज बिसारी ॥२॥

सीता लक्ष्मणसहित रघुनाथजी जाँदाजाँदा जब गाउँका निकटमा निस्कनुहुन्थ्यो (पुग्नुहुन्थ्यो), खबर सुनेर सबै बाल-वृद्ध, नर-नारीहरू घरकाज बिर्सेर तुरन्तै (दर्शन गर्न) दौडन्थे ॥ १ ॥ २ ॥

राम लखन सिय रूप निहारी ❀ पाइ नयनफलु होहीं सुखारी ॥३॥
सजल बिलोचन पुलक सरीरा ❀ सब भये मगन देखि दोउ बीरा ॥४॥

राम लक्ष्मण सीताजीको रूप देखेर नेत्रको फल पाउँदा तिनीहरू सुखी हुन्थे ॥ ३ ॥ ती सबैजना दुईजना वीरलाई देखेर नेत्रमा अश्रुयुक्त, शरीरमा रोमाञ्चयुक्त र आनन्दले मग्न भए ॥ ४ ॥

बरनि न जाइ दसा तिन्ह केरी ❀ लहि जनु रंकन्ह सुरमनि ढेरी ॥५॥
एकन्ह एक बोलि सिख देहीं ❀ लोचनलाहु लेहु छन एहीं ॥६॥

तिनको अवस्था वर्णन गर्न सकिदैनथ्यो, मानौं कंगालीले देवमणि (चिन्तामणि) को थुप्रो पाएको हो कि ? (भन्ने भान पर्दथ्यो) ॥ ५ ॥ यौटाले यौटालाई बोलाएर "यही क्षणमा (ऐल्यै) नेत्रको लाभ लेऊ" भनेर शिक्षा दिन्थ्यो ॥ ६ ॥

रामहिं देखि एक अनुरागे ❀ चितवत चले जाहिं सँग लागे ॥७॥
एक नयनमग छबि उर आनी ❀ होहिं सिथिल तन मन बर बानी ॥८॥

कोही कोही रामजीलाई देखेर अनुरक्त भईकन वहाँलाई हेर्दै साथ लागेर जान्थे ॥ ७ ॥ कोही कोही नेत्रको बाटो गराएर रामजीको शोभालाई हृदयमा ल्याईकन शरीर-मन-वचनमा खूब विह्वल हुन्थे (शरीर शिथिल, मन निश्चल, वचन गद्गद, भएका हुन्थे) ॥ ८ ॥

दोहा—एक देखि बटछाँह भलि डासि मृदुल तृन पात ।
कहहिं गवाइअ छिनुकु श्रमु गवनब अबहि कि प्रात ॥१११॥

कोही कोही वटवृक्षको राम्रो छाया देखेर नरम नरम तृण र पात ओछ्याईकन रामचन्द्रजीसंग "एकछिन यहाँ थकाइ मार्नुहोस्, आजै पाल्नुहुन्छ कि ? भोलि बिहान ?" भन्दथे ॥ १११ ॥

चौ०—एक कलस भरि आनहिं पानी ❀ अँचइअ नाथ कहहिं मृदु बानी ॥१॥
सुनि प्रिय बचन प्रीति अति देखी ❀ राम्रु कृपाल सुसील बिसेषी ॥२॥

कोही कोही घड़ा (गाग्रो) भरेर पानी ल्याउँथ्यो र "हे नाथ ! पिइबक्सनुहोस्" भनी मीठो बोलीले विन्ति गर्दथ्यो ॥ १ ॥ दयालु र अत्यन्त सुशील रामचन्द्र तिनका प्रियवचन सुनेर प्रीति देखेर ॥ २ ॥

जानी श्रमित सीय मन माहीं ❀ घरिक बिलंबु कीन्ह बटछाहीं ॥३॥
मुदित नारि नर देखहिं सोभा ❀ रूप अनूप नयन मनु लोभा ॥४॥

सीताजी थकित भएकी छन् भनी मनमा जानेर वटवृक्षको छायामा घड़ी एक विलम्ब गर्नुभयो ॥ ३ ॥ नरनारीहरू हर्षित भएर हेर्न लागे, वहाँका अद्भुत रूपले तिनीहरूका आँखा र मन लोभिए ॥ ४ ॥

एकटक सब सोहहिं चहुँ ओरा ❀ रामचंद्रमुख चंद चकोरा ॥५॥
तरुन तमाल बरन तनु सोहा ❀ देखत कोटि मदन मनु मोहा ॥६॥

रामचन्द्रका मुखरूपी चन्द्रमाको (पान गर्न लागेका) चकोरस्वरूप भएका तिनीहरू सबै एकटक भएर चारैतिर रहँदा सुशोभित भए । तमालको रंग हुने रामजीको शरीरको शोभा देख्ता कोटि कन्दर्पको मन मोहित हुन्थ्यो ॥ ५ ॥ ६ ॥

दामिनि बरन लखनु सुठि नीके ❀ नख सिख सुभग भावते जी के ॥७॥
मुनिपट कटिन्ह कसें तूनीरा ❀ सोहहिं कर कमलनि धनु तीरा ॥८॥

लक्ष्मणको वर्ण बिजुलीको जस्तो खूब राम्रो गौर थियो, वहाँ चरणका नखदेखि टुपीसम्म सबै अवयवमा सुन्दर र हेर्ने मानिसको मनहरण गर्ने हुनुहुन्थ्यो ॥ ७ ॥ दुवै जनाले मुनिहरूको वस्त्र (वल्कल) धारण गरेका थिए । कम्मरमा ठोक्रो भिरेका थिए । वहाँहरूका दुवै हातमा धनु र बाण शोभित थिए ॥ ८ ॥

दोहा—जटामुकुट सीसनि सुभग उर भुज नयन बिसाल ।
सरद परब बिधु बदन पर लसत स्वेदकन जाल ॥११२॥

वहाँहरूका माथमा सुन्दर जटामुकुट थिए, वहाँहरूका वक्षस्थल (छाती), भुजा, नेत्र विशाल थिए । वहाँहरूका शरदऋतुका पूर्णिमाका चन्द्रमाजस्ता सुन्दर वदनमा पसीनाका थोपा थोपाका समूह शोभायमान थिए ॥ ११२ ॥

चौ०—बरनि न जाइ मनोहर जोरी ❀ सोभा बहुत थोरि मति मोरी ॥१॥
राम लखन सिय सुंदरताई ❀ सब चितवहिं चित मन मति लाई ॥२॥

त्यो मनोहर जोडीको (राम लक्ष्मणको) वर्णन गर्न सकिदैन । शोभा धेरै, मेरी बुद्धि थोरै छ ॥ १ ॥ राम लक्ष्मण सीताजीको सुन्दरतालाई सबै मन-चित्त-बुद्धि लगाएर हेर्न लागे ॥ २ ॥

थके नारि नर पेमपिआसे ❀ मनहुँ मृगी मृग देखि दिआ से ॥३॥
सीय समीप ग्रामतिय जाहीं ❀ पूँछत अति सनेह सकुचाहीं ॥४॥

प्रेमका प्यासा भएका नरनारीहरू, बत्ती देखेर खडा भएका हरिण र हरिणीजस्तै वहाँहरूलाई देखेर खडा हुँदाहुँदै थाके ॥ ३ ॥ गाउँका स्त्रीहरू सीताजीका समीप जान्थे, स्नेह अत्यन्तै थियो, (तर) सोधपूछ गर्न संकोच मान्दथे ॥ ४ ॥

बार बार सब लागहिं पाएँ ❀ कहहिं बचन मृदु सरल सुभाएँ ॥५॥
राजकुमारि बिनय हम करहीं ❀ तियसुभाय कछु पूँछत डरहीं ॥६॥

ती सबै ग्रामनारीहरू वारंवार सीताजीका पाउमा परेर नरम, सरल, स्वाभाविक बोलीले भन्नलागे—“हे राजकुमारी ! हामीहरू विन्ति गर्दछौं, स्त्रीको स्वभावले (प्रायः स्त्रीहरू सकसके हुनाले) केही सोध्न चाहन्छौं, (तर) सोध्न डराउँछौं ॥ ५ ॥ ६ ॥

स्वामिनि अबिनय छमबि हमारी ❀ बिलगु न मानब जानि गवारी ॥७॥
राजकुअँर दोउ सहज सलोने ❀ एन्ह तें लहि दुति मरकत सोने ॥८॥

हे स्वामिनी ! हाम्रो अविनय (उत्ताउलोपना) लाई क्षमा गर्नुहोला, हामीलाई

गँवार (जंगली) जानेर नजाती नमान्नुहोला ॥ ७ ॥ यी दुई राजकुमार स्वभाव सुन्दर हुनुहुन्छ, पन्नाले र सुवर्णले यहाँहरूबाटै शोभा पाएको होला ॥ ८ ॥

दोहा-स्यामल गौर किसोर बर सुंदर सुषमा अयन ।
सरद सर्बरीनाथ मुख सरद सरोरुह नयन ॥११३॥

एक जना श्याम, एक जना गोरा, दुवैको अवस्था सुन्दर किशोर, दुवैजना परम शोभानिधान, दुवैजनाको मुहार शरत्कालका चंद्रमा जस्तो, दुवैजनाका नजर शरत्कालका कमल-जस्ता (ओहो !) ॥ ११३ ॥

चौ०-कोटि मनोज लजावनिहारे ❀ सुमुखि कहहु को आहिं तुम्हारे ॥१॥
सुनि सनेहमय मंजुल बानी ❀ सकुची सिय मन महुँ मुसुकानी ॥२॥

हे सुंदरमुखी ! कोटि कंदर्पलाई शरीरशोभाले लज्जित पार्ने यी तपाईंका को हुन् ? भन्नुहोस” ॥ १ ॥ प्रेममय भएका यस्ता मधुर वचन सुन्दा सीताजी संकुचित हुनुभयो (लाजले मस्कनुभयो) मनमनमा हाँस्नु पनि भयो ॥ २ ॥

तिन्हहि बिलोकि बिलोकति धरनी ❀ दुहुँ सँकोच सकुचति बरबरनी ॥३॥
सकुचि सप्रेम बाल मृग नयनी ❀ बोली मधुर बचन पिक बयनी ॥४॥

सुन्दर वर्ण भएकी (सुवर्णवर्णा) सीताजी ती ग्रामीण स्त्रीहरूलाई हेर्दै पृथ्वीतिर हेर्दै गर्न लाग्नुभयो । दुवैतर्फका संकोचले संकुचित हुनुभयो (त्यसरी प्रेम गरेर सोधेकोमा जवाफ कसरी नदिनु, ? पतिका अगाडि उनको परिचय कसरी गराउनु ?, यस्तो दोहोरो संकोच पर्‍यो) तैपनि संकोच मानेर, बालहरिणका-जस्ता नजर भएकी कोइलीको जस्तो वचन भएकी जनकनन्दिनीले प्रेमका साथ मधुर वचन बोल्नुभयो ॥ ३ ॥ ४ ॥ (क)

सहज सुभाय सुभग तन गोरे ❀ नामु लखनु लघु देवर मोरे ॥५॥
बहुरि बदनु बिधु अंचल ढाँकी ❀ पिअ तन चितइ भौंह करि बाँकी ॥६॥

(क) “बाटा बाटामा पथिक स्त्रीहरूले आदरका साथ “श्रीमती ! नीलकमलजस्तो शरीर भएका यी तपाईंका को हुन् ?” भनेर सोद्धा, मन्दहास्यले अलिकति गाला फुलाएर, लाजले नेत्रलाई टलपल पारेर, मुख झुकाउँदैमा जानकीजीले (नबोलीकन) “यी मेरा पति हुन्” भनेर स्पष्ट बोल्नुभयो” भनी जानकीजीको मुग्धमनोहर यो अवस्थाको वर्णन महाकविहरूले पनि खूब गरेका छन्—

पथि पथिकवधूभिः सादरं पृच्छ्यमाना
कुवलयदलनीलः कोऽयमार्ये ! तवेति ।
स्मितविकसितगण्डं व्रीडविभ्रान्तनेत्रं
मुखमवनमयन्ती स्पष्टमाचष्ट सीता ॥

यहाँ तृतीयचरणमा लज्जारूप संचारिभावको शब्दैबाट प्रतिपादन भएको हुनाले शब्दवाच्यता दोष पर्दछ, तस्मात्—

“स्मितविकसितगण्डं प्रान्तविभ्रान्तनेत्रम्”

यस्तो पाठ गरे बेस होला भनी कोही भन्दछन् ।

खंजन मंजु तिरीछे नयननि ❀ निज पति कहेउ तिन्हहि सिय सयननी ॥७॥
भईं मुदित सब ग्रामबधूटीं ❀ रंकन्ह रायरासि जनु लूटीं ॥८॥

"स्वभावैले सुन्दर र गोरो शरीर भएका वहाँको नाम लक्ष्मण हो, वहाँ मेरा देवर हुनुहुन्छ" ॥ ५ ॥ (यति बोलेर) अनि सीताजीले पछेउराका छेउले चन्द्रमाजस्तो आफ्नो मुखमण्डल ढाक्नुभयो र आँखीभौं टेढो पारेर खञ्जनपक्षी (धोबिनीचरी) का जस्ता सुन्दर नजरले रामचन्द्रतर्फ तेर्सो गरी हेर्नुभयो। (यस्ता प्रकारले) जानकीजीले तिनीहरूलाई सानसानैले आफ्ना पतिको परिचय गराउनुभयो ॥ ६ ॥ ७ ॥ (सीताजीको त्यस्तो मुग्ध मनोहर चेष्टाले) गाउँका सबै युवतिहरू रत्नको थुप्रो लुट्न पाएका कङ्गालीजस्तै खुशी भए ॥ ८ ॥

दोहा–अति सप्रेम सिय पायँ परि बहु बिधि देहिं असीस।
सदा सोहागिनि होहु तुम्ह जब लगि महि अहिसीस ॥११४॥

ती ग्रामस्त्रीहरू अत्यन्त प्रेमका साथ सीताजीका पाउमा परेर "जहाँसम्म नागाधिराज शेषका शिरमा पृथ्वी रहन्छिन्, तहाँसम्म तपाईं सदा सौभाग्यवती हुनुहोला" यस्ता अनेक प्रकारले आशिष दिन्थे ॥ ११४ ॥

चौ०–पारबती सम पतिप्रिय होहू ❀ देवि न हम पर छाड़ब छोहू ॥१॥
पुनि पुनि बिनय करिअ कर जोरी ❀ जौं एहि मारग फिरिअ बहोरी ॥२॥

"तपाईं पार्वतीजस्तै पतिप्रिया हुनुहोस्, हे देवी! हाम्राउपर माया नमार्नुहोला ॥ १ ॥ हात जोरेर हामीहरू वारंवार विन्ति गर्दछौं, यदि तपाईंहरू यही बाटो गरेर फेरि फर्कनुभयोभने—॥ २ ॥

दरसनु देब जानि निज दासीं ❀ लखीं सीय सब पेमपिआसीं ॥३॥
मधुर बचन कहि कहि परितोषीं ❀ जनु कुमुदिनी कौमुदी पोषीं ॥४॥

आफ्ना दासी संझेर हामीहरूलाई दर्शन दिनुहोला। (यस्ता प्रकारको प्रार्थना गर्ने) ग्रामनारीहरूलाई सीताजीले प्रेमका प्यासा (प्रेमाभिलाषिणी) देख्नुभयो र वारंवार मधुर वचन बोलेर चन्द्रिकाले कुमुदिनी (चन्द्रकमलिनी) लाई प्यारो गरेझैं प्यारो गरेर सबैलाई प्रसन्न पार्नुभयो ॥ ३ ॥ ४ ॥

तबहिं लखन रघुबररुख जानी ❀ पूँछेउ मगु लोगन्हि मृदु बानी ॥५॥
सुनत नारि नर भये दुखारी ❀ पुलकित गात बिलोचन बारी ॥६॥

उसै बखतमा लक्ष्मणजीले रामचन्द्रको रुख (अभिप्राय) जानेर नरम वचनले तिनीहरूसँग बाटो सोध्नुभयो ॥ ५ ॥ लक्ष्मणजीको कुरा सुन्नाका साथ (जान आँटेको बुझेर) सबै नरनारीहरू दुःखित भए। तिनको शरीरमा रोमाञ्च भयो, नेत्रमा जल भरियो ॥ ६ ॥

मिटा मोदु मन भये मलीने ❀ बिधि निधि दीन्हि लेत जनु छीने ॥७॥
समुझि करमगति धीरजु कीन्हा ❀ सोधि सुगम मगु तिन्ह कहि दीन्हा ॥८॥

तिनको आनन्द मेटियो, मन धमिलो भयो, मानौं विधाताले निधि (खानि) दिएर फेरि खोसेर लिए कि ? (भनेजस्तो भयो) ॥ ७ ॥ तिनीहरूले कर्मको गति संझेर धैर्य गरे, अनि विचार गरेर सजिलो बाटो बताइदिए ॥ ८ ॥

दोहा–लखन जानकी सहित तब गवनु कीन्ह रघुनाथ ।
फेरे सब प्रिय बचन कहि लिये लाइ मन साथ ॥११५॥

अनि रघुनाथजी, लक्ष्मणजी र सीताजीले सहित भई पाल्नुभयो । प्रियवचन बोलेर सबै ग्रामनिवासीहरूलाई फिर्ता गर्नुभयो (तर) उनका मनलाई साथ लगाएर लैजानुभयो ॥ ११५ ॥

चौ०–फिरत नारि नर अति पछिताहीं ❀ दैअहि दोषु देहिं मन माहीं ॥१॥
सहित बिषाद परसपर करहीं ❀ बिधिकरतब उलटे सब अहहीं ॥२॥

फर्कंदाखेरि ती नरनारीहरू खूब पछुताए । तिनीहरू मनै मनमा दैवलाई दोष दिन्थे ॥ १ ॥ अनि विषाद (खेद) युक्त भएर परस्पर भन्दथे "विधाताका सबै कर्तव्य (काम) उल्टा छन् ॥ २ ॥

निपट निरंकुस निठुर निसंकू ❀ जेहिं ससि कीन्ह सरुज सकलंकू ॥३॥
रूखु कलपतरु सागरु खारा ❀ तेहिं पठये बन राजकुमारा ॥४॥

विधाता बिलकुल निरंकुश (उच्छृङ्खल), निष्ठुर, निःशङ्क छन् ,। जसले चन्द्रमालाई क्षयरोगी र कलङ्की गराए, कल्पवृक्षलाई रूख गराए, समुद्रलाई खारा (नुनिलो) गराए, उनै विधाताले यी राजकुमारलाई वन पठाए ॥ ३ ॥ ४ ॥

जौं पै इन्हहि दीन्ह बनबासू ❀ कीन्ह बादि बिधि भोग बिलासू ॥५॥
ए बिचरहिं मग बिनु पदत्राना ❀ रचे बादि बिधि बाहन नाना ॥६॥

यदि यिनीहरूलाई विधाताले वनवास दिएको होभने, संसारका भोग विलास विधाताले व्यर्थै बनाए (भोगविलास गर्नलाई खूब सुहाउने सकसलाई जङ्गलतर्फ धपाएपछि भोगविलास किन बनाउनुपर्‍यो ?) यिनीहरू बाटामा विनाजुत्ता पैदल हिंड्छन्, विधाताले नाना प्रकारका (घोडा हात्ती रथ प्रभृति) वाहन व्यर्थै बनाए ॥ ५ ॥ ६ ॥

ए महि परहिं डासि कुस पाता ❀ सुभग सेज कत सृजत बिधाता ॥७॥
तरुबर बास इन्हहि बिधि दीन्हा ❀ धवल धाम रचि रचि श्रमु कीन्हा ॥८॥

यिनीहरू कुश र पात ओछ्याएर जमीनमा सुत्तछन्, विधाताले सुन्दर पलँग केका निंति बनाए ? ॥ ७ ॥ विधाताले यिनीहरूलाई वृक्षका मनि निवास दिए, सेता महल बनाई बनाईकन तिनले परिश्रम (व्यर्थ) गरे ॥ ८ ॥

दोहा–जौं ए मुनिपटधर जटिल सुंदर सुठि सुकुमार ।
बिबिध भाँति भूषन बसन बादि किये करतार ॥११६॥

यदि अति सुन्दर र सुकुमार भएका यिनीहरू जटाजूटधारी मुनिपट (रूखका बोक्रा) धारण गरी रहन्छन्भने विधाताले अनेक प्रकारका आभूषण र वस्त्र वृथा बनाए ॥ ११६ ॥

चौ०-जौं ए कंद मूल फल खाहीं ❀ बादि सुधादि असन जग माहीं ॥१॥
एक कहहिं ए सहज सुहाए ❀ आपु प्रगट भये बिधि न बनाए ॥२॥

यदि यिनीहरू कन्द-मूल, फल-फूल खान्छन्भने, संसारमा अमृत आदि गरेका भोज्यपदार्थ व्यर्थ छन्" ॥ १ ॥ (यस्ता यस्ता कुरा हुन लागेमा) कोही "स्वभावैले सुन्दर भएका यिनीहरू आफैं प्रकट भएका हुन् , विधाताले बनाएका होइनन् ॥ २ ॥ (किनभने)

जहँ लगि बेद कही बिधिकरनी ❀ श्रवन नयन मन गोचर बरनी ॥३॥
देखहु खोजि भुअन दस चारी ❀ कहँ अस पुरुष कहाँ असि नारी ॥४॥

वेदमा जहाँतक कानले सुनिने, आँखाले देखिने, मनले चिताइने विधाताका कार्य (विधाताले बनाएका वस्तु) वर्णन गरिएका छन् , चौध भुवनमा खोजेर हेर, यस्ता पुरुष कहाँ छन् ? यस्ती स्त्री कहाँ छन् ? (विधाताले बनाएका भए एउटा मात्रै बनाउँथे र ?) ॥ ३ ॥ ४ ॥

इन्हहि देखि बिधि मनु अनुरागा ❀ पटतरजोगु बनावइ लागा ॥५॥
कीन्ह बहुत श्रम ऐक न आए ❀ तेहि इरिषा बन आनि दुराए ॥६॥

(स्वयं प्रकट भएका) यिनीहरूलाई देखेर विधाताका मनमा अनुराग (प्रेम) भयो र योग्य अर्को सदृश (यिनीहरू जस्तै अर्को स्त्री पुरुष) बनाउन लागे, धेरै परिश्रम गरे, एउटा पनि ठीक आएन (सदृश हुन सकेन) त्यही ईर्ष्या (रीस) ले यिनीहरूलाई जङ्गलमा ल्याएर लुकाए (आफ्नु बदनामी बचाउने उपाय गरे)" ॥ ५ ॥ ६ ॥

एक कहहिं हम बहुत न जानहिं ❀ आपुहि परम धन्य करि मानहिं ॥७॥
ते पुनि पुन्यपुंज हम लेखे ❀ जे देखहिं देखिहहिं जिन्ह देखे ॥८॥

कोही "हामी ता धेरै (गन्थन गर्न) जान्दैनौं, आफूलाई परमधन्य भनेर संझन्छौं, जसले अघि अघि यिनीहरूलाई देखे, ऐले देखिरहेका छन् , जो पछि देख्नेछन् , ती सबै द्रष्टाहरू हाम्रा विचारमा ता पुण्यवान् हुन्" (तिमीहरू जेसुकै भन) भन्दथे ॥ ७ ॥ ८ ॥

दोहा-एहि बिधि कहि कसि बचन प्रिय लेहिं नयन भरि नीर ।
किमि चलिहहिं मारग अगम सुठि सुकुमार सरीर ॥११७॥

यस्ता प्रकारले प्रिय वचन बोल्दाबोल्दै ती ग्रामवासी पुरुषहरू "अति सुकुमार शरीर भएका यिनीहरू अगम बाटामा कसरी हिंड्छन्" भनेर गहभरि आँसु लिन्थे ॥ ११७ ॥

चौ०-नारि सनेह बिकल बस होहीं ❀ चकई साँझ समय जनु सोहीं ॥१॥
मृदु पद कमल कठिन मगु जानी ❀ गहबरि हृदय कहहिं मृदु बानी ॥२॥

सबै स्त्रीहरू सन्ध्याकालमा शोभायमान भएका (प्रेमले छटपटाउन लागेका विरहकातर) चखेवी जस्तै प्रेमले व्याकुल भए ॥ १ ॥ तिनीहरू रामचन्द्रका चरण मुलायम, बाटो कडा, जानेर मुटुमा गाँठो परेका छँदा मधुर वचन बोल्न लागे ॥ २ ॥

परसत मृदुल चरन अरुनारे ❀ सकुचति महि जिमि हृदय हमारे ॥३॥
जौं जगदीस इन्हहि बनु दीन्हा ❀ कस न सुमनमय मारगु कीन्हा ॥४॥

"कोमल लाल चरण छुँदाखेरि पृथ्वी पनि हाम्रो हृदय जस्तै संकुचित हुन्छिन् ॥ ३ ॥ यदि परमेश्वरले यिनीहरूलाई वनवास दिए तब मार्गलाई (बाटालाई) पुष्पमय फूलै फूल बिछिएको) किन बनाएनन् (यस्तलाई हिंड्नाका निमित्त यस्तो बाटो ? धन्य ईश्वर !) ॥ ४ ॥

जौं मागा पाइअ बिधि पाहीं ❀ ए रखिअहिं सखि आँखिन्ह माहीं ॥५॥
जे नर नारि न अवसर आए ❀ तिन्ह सिय रामु न देखन पाए ॥६॥

हे सखी ! यदि ब्रह्माजीबाट मुखले मागेको वर पाइँदो हो ता, "यिनीहरूलाई आँखामा राख्न पाउँ अर्थात् सधैं हेर्न पाउँ" (यस्तो वर माग्ने थियौं) ॥ ५ ॥ जो नरनारीहरू बखतमा आइपुगेनन् , तिनीहरूले सीतारामलाई देख्न पाएनन् ॥ ६ ॥ (तिनीहरू सीताराम लक्ष्मणलाई अत्यन्त)

सुनि सरूप बूझहिं अकुलाई ❀ अब लगि गये कहाँ लगि भाई ॥७॥
समरथ धाइ बिलोकहिं जाई ❀ प्रमुदित फिरहिं जनमफलु पाई ॥८॥

सुन्दर छन् भन्ने सुनेर व्याकुल भईकन—"भाई ! ऐलेसम्म कहाँसम्म पुगे होलान् ?" भनी सोधपूछ गर्दथे र (तिनीहरूमध्येमा) समर्थ (बलिया बाङ्गाहरू) दौडेर भेट्टाईकन हेर्दथे, जन्मको फल पाएर हर्षित भईकन फर्कन्थे ॥ ७ ॥ ८ ॥

दोहा—अबला बालक बृद्ध जन कर मीजहिं पछिताहिं ।
होहिं प्रेमबस लोग इमि रामु जहाँ जहँ जाहिं ॥११८॥

अबला (स्त्री) हरू, बालकहरू, वृद्धहरूभने पछताउँथे र हत्केला माड्न लाग्दथे । यस्ता तरहले रघुनाथजी जहाँ जहाँ जानुहुन्थ्यो, त्यहाँका मानिस प्रेमवश हुन्थे ॥ ११८ ॥

चौ०—गाँव गाँव अस होइ अनंदू ❀ देखि भानुकुल कैरव चंदू ॥१॥
जे कछु समाचार सुनि पावहिं ❀ ते नृप रानिहि दोसु लगावहिं ॥२॥

सूर्यकुलरूपी कुमुद (रात्रिकमल) का निमित्त चन्द्रमास्वरूप भएका रामचन्द्रलाई देखेर गाउँ गाउँमा यस्तो आनन्द हुन्थ्यो । जो मानिस केही समाचार मात्रै सुन्न पाउँदथे, तिनीहरू राजारानीलाई (कैकेयी र दशरथलाई) दोष लगाउँथे ॥ १ ॥ २ ॥

कहहिं एक अति भल नरनाहू ❀ दीन्ह हमहिं जेहि लोचनलाहू ॥३॥
कहहिं परसपर लोग लोगाईं ❀ बातैं सरल सनेह सुहाईं ॥४॥

कोही "जसले हामीलाई नेत्रको लाभ दिए (रामचन्द्र सीताहरूको दर्शन गर्ने मौका पारिदिए) ती दशरथ राजाले खूब असल काम गरे" भन्दथे ॥ ३ ॥ यस्ता प्रकारसँग स्त्री-पुरुषहरू परस्पर सरल र स्नेहले सुन्दर भएका कुरा गर्दथे ॥ ४ ॥

ते पितु मातु धन्य जिन्ह जाए ❀ धन्य सो नगरु जहाँ तें आए ॥५॥

धन्य सो देसु सैलु बन गाऊँ ❀ जहँ जहँ जाहिं धन्य सोइ ठाऊँ ॥६॥

जसले यिनीहरूलाई पैदा गर्‍यो ती पिता माता धन्य हुन्, जहाँबाट यिनीहरू आए त्यो नगर धन्य हो ॥ ५ ॥ यिनीहरू जहाँ जहाँ जान्छन् त्यो ठाउँ र त्यो देश, त्यो पर्वत, त्यो वन, त्यो गाउँ धन्य हो ॥ ६ ॥

सुखु पायेउ बिरंचि रचि तेही ❀ ए जेहि के सब भाँति सनेही ॥७॥
राम लखन पथिकथा सुहाई ❀ रही सकल मग कानन छाई ॥८॥

जो मानिस यिनीहरूका सब तरहले प्रेमी छन्, तिनलाई पैदा गरेर विधाताले आनन्द पाए। यस्ता प्रकारका राम लक्ष्मणका प्रवासका सुन्दर कुरा वनका सकल बाटामा फैलिएका थिए ॥ ७ ॥ ८ ॥

दोहा–एहि बिधि रघुकुल कमल रबि मगलोगन्ह सुख देत ।
जाहिं चले देखत बिपिन सिय सौमित्रि समेत ॥११९॥

यस्ता प्रकारसँग रघुकुलकमलदिवाकर श्रीरामचन्द्रजी सीता र लक्ष्मणले सहित भएर बाटाबाटाका मानिसलाई आनन्द दिंदै जंगल हेर्दै जान लाग्नुभयो ॥ ११९ ॥

चौ०–आगें रामु लखनु बने पाछें ❀ तापस बेष बिराजत काछें ॥१॥
उभय बीच सिय सोहति कैसें ❀ ब्रह्म जीव बिच माया जैसें ॥२॥

अघिअघि रघुनाथजी, पछिपछि तपस्वीको वेष धारण गर्ने लक्ष्मणजी विराजमान हुनुहुन्थ्यो, परमात्माका र जीवात्माका बीचमा रहेकी मायाजस्तै राम र लक्ष्मणका माझमा रहेकी सीताजी शोभायमान हुनुहुन्थ्यो ॥ १ ॥ २ ॥

बहुरि कहउँ छबि जसि मन बसई ❀ जनु मधु मदन मध्य रति लसई ॥३॥
उपमा बहुरि कहौं जिअ जोही ❀ जनु बुध बिधु बिच रोहिनि सोही ॥४॥

(तुलसीदास भन्दछन् कि–) मेरा मनमा जस्तो शोभा बसिरहेको छ, त्यो शोभा फेरि भन्दछु, "मानौं वसन्तऋतु र कामदेवका माझमा रति शोभायमान भइरहेकी हुन् कि ?" (भने जस्तो शोभा थियो) ॥ ३ ॥ फेरि मनले विचार गरेर उपमा भन्दछु कि-"सीताजी बुध र चन्द्रमाका माझमा रहेकी रोहिणी ताराजस्तै शोभायमान हुनुहुन्थ्यो ॥ ४ ॥

प्रभुपद रेख बीच बिच सीता ❀ धरति चरन मग चलति सभीता ॥५॥
सीय राम पद अंक बरायें ❀ लखनु चलहिं मगु दाहिन बायें ॥६॥

प्रभु रामचन्द्रजीका पाइलाका बीचबीचमा सीताजी पाउ राख्नुहुन्थ्यो र (प्रभुका पाइला टेकिएलान् भन्ने शंकाले) डराईडराईकन बाटामा हिंड्नुहुन्थ्यो ॥ ५ ॥ सीताजी र रामजीका पाइलालाई बचाईबचाईकन (नटेकेर) दाहिने बायाँ गरेर बाटामा लक्ष्मणजी हिंड्नुहुन्थ्यो ॥ ६ ॥

राम लखन सिय प्रीति सुहाई ❀ बचन अगोचर किमि कहि जाई ॥७॥
खग मृग मगन देखि छबि होहीं ❀ लिये चोरि चित राम बटोहीं ॥८॥

राम लक्ष्मण सीताको सुन्दर परस्पर प्रीति वचनको अगोचर थियो, कसरी वर्णन गर्न सकिन्छ ? ॥ ७ ॥ वहाँहरूको शोभा देखेर पक्षी, मृगहरू पनि आनन्दले मग्न हुन्थे, बटोही (बटुवा = पथिक) भएका रामचन्द्रले सबैको चित्तलाई चोरेर लिनुभयो (चित्तहरण गरेको कसैले होशै पाएन) ॥ ८ ॥

दोहा–जिन्ह जिन्ह देखे पथिक प्रिय सिय समेत दोउ भाइ ।
भव मगु अगमु अनंदु तेइ बिनु श्रम रहे सिराइ ॥१२०॥

पथिकवेषवाला, प्यारा, सीतासहित दुई भाईलाई जसले देख्यो, उसको विना परिश्रम अगम भएको संसारमार्ग आनन्दका साथ समाप्त भयो ॥ १२० ॥

चौ०–अजहुँ जासु उर सपनेहुँ काऊ ❀ बसहिं लखनु सिय रामु बटाऊ ॥१॥
रामधाम पथु पाइहि सोई ❀ जो पथु पाव कबहुँ मुनि कोई ॥२॥

(तुलसीदासजी भन्दछन् कि–) अझसम्म कदाचित् सपनामा पनि जसका हृदयमा पथिक (बटुवा अवस्थावाला) राम सीता लक्ष्मण रहन्छन्, त्यो मानिस खास रामजीका धामको त्यो बाटो फेला पार्दछ, जुन बाटालाई कैलेकाहीं कोही कोही मुनिहरू फेला पार्दछन् (अर्थात् जङ्गलको बाटामा लागेका यी ३ जनाको स्वरूपचिन्तन र कीर्तनादि गर्दा श्रीरामजीका धामको बाटो फेला पर्दछ) ॥ १ ॥ २ ॥

तब रघुबीर श्रमित सिय जानी ❀ देखि निकट बटु सीतल पानी ॥३॥
तहँ बसि कंद मूल फल खाई ❀ प्रात नहाइ चले रघुराई ॥४॥

अनि रघुनाथजी सीतालाई श्रमित (थाकेकी) जानेर नगीचमा वटको वृक्ष र ठण्डा पानी देखीकन तहाँ वास बस्नुभयो र कन्द-मूल-फल खाएर भोलिपल्ट बिहान नुहाईकन त्यताबाट रवाना हुनुभयो ॥ ३ ॥ ४ ॥

देखत बन सर सैल सुहाए ❀ बालमीकि आश्रम प्रभु आए ॥५॥
राम दीख मुनिबास सुहावन ❀ सुंदर गिरि काननु जलु पावन ॥६॥

प्रभु रामचन्द्रजी राम्रा राम्रा वन, ताल, पर्वत, हेर्दै वाल्मीकिको आश्रममा आइपुग्नुभयो ॥ ५ ॥ सुन्दर पर्वत, सुन्दर जंगल, निर्मल जल, यिनले सुन्दर भएको वाल्मीकि मुनिको पर्णशाला (कुटी) देख्नुभयो ॥ ६ ॥

सरनि सरोज बिटप बन फूले ❀ गुंजत मंजु मधुप रसभूले ॥७॥
खग मृग बिपुल कोलाहल करहीं ❀ बिरहित बैर मुदित मन चरहीं ॥८॥

सरोवरमा कमल, वनमा विविध वृक्ष फुलिरहेका थिए । ती फूलका रसमा भुलेका भँवराहरू मनोहर गुञ्जन गर्दथे । पक्षी मृगहरू खूब कोलाहल गरिरहेका थिए । तिनीहरू वैरभावले रहित भएर मनमा आनन्दित भई घुमिरहेका चरिरहेका थिए ॥ ७ ॥ ८ ॥

दोहा–सुचि सुंदर आश्रमु निरखि हरषे राजिव नैन ।
सुनि रघुबर आगमनु मुनि आगें आयेउ लेन ॥१२१॥

कमलविलोचन श्रीरामजी पवित्र र सुन्दर भएको आश्रम देखेर हर्षित हुनुभयो। वाल्मीकि मुनि रघुवरको आगमन सुनेर लिन (अभ्युत्थान=अगवानी गर्न) सामुन्नेबाट आए ॥ १२१ ॥

चौ०-मुनि कहुँ राम दंडवत कीन्हा ❀ आसिरबादु बिप्रबर दीन्हा ॥१॥
देखि रामछबि नयन जुड़ाने ❀ करि सनमानु आश्रमहि आने ॥२॥

रघुनाथजीले मुनिलाई प्रणाम गर्नुभयो, ब्राह्मणवर वाल्मीकिले आशीर्वाद दिए ॥ १ ॥ रामजीको शरीरशोभा देख्ता मुनिका आँखा शीतल भए, तिनले सम्मान गरेर रामजीलाई आश्रममा ल्याए ॥ २ ॥

मुनिबर अतिथि प्रानप्रिय पाये ❀ कंद मूल फल मधुर मगाये ॥३॥
सिय सौमित्रि राम फल खाए ❀ तब मुनि आसन दिये सुहाए ॥४॥

मुनिवर वाल्मीकिले प्राणझैं प्यारा अतिथि (रघुनाथरूपी पाहुना) पाए, मीठा मीठा कन्दमूल फल मगाए, सुन्दर आसन दिए। (त्यसमा बसेर) सीता लक्ष्मण श्रीरामजीले फलफूल खानुभयो ॥ ३ ॥ ४ ॥

बालमीकि मन आनँदु भारी ❀ मंगल मूरति नयन निहारी ॥५॥
तब कर कमल जोरि रघुराई ❀ बोले बचन श्रवन सुखदाई ॥६॥

मङ्गलमूर्ति ((श्रीरामचन्द्र) लाई आँखाले देख्न पाउँदा वाल्मीकिका मनमा भारी आनन्दभयो। अनि रघुनाथजीले करकमल (हात) जोरेर कानलाई आनन्दित गराउने वचन बोल्नुभयो-॥ ५ ॥ ६ ॥

तुम्ह त्रिकालदरसी मुनिनाथा ❀ बिस्व बदर जिमि तुम्हरें हाथा ॥७॥
अस कहि प्रभु सब कथा बखानी ❀ जेहिं जेहिं भाँति दीन्ह बनु रानी ॥८॥

"हे मुनीश्वर ! तपाईं त्रिकालदर्शी हुनुहुन्छ, यो संसार तपाईंका हातको बयरको फल जस्तो (छर्लङ्ग देखिने) छ"। यस्तो बोलेर रघुनाथजीले जुन जुन तरहले रानी कैकेयीले वनवास दिएकी हुन्, त्यो सबै कथा वर्णन गर्नुभयो ॥ ७ ॥ ८ ॥

दोहा-तातबचन पुनि मातुहित भाइ भरत अस राउ।
मो कहुँ दरस तुम्हार प्रभु सबु मम पुन्य प्रभाउ ॥१२२॥

हे प्रभु ! पिताका आज्ञाको पालन, माता कैकेयीको हित, भरतजस्ता भाईलाई राज्य, मलाई तपाईंको दर्शन यो सबै कुरा मेरा पुण्यका प्रभावले भएको हो ॥ १२२ ॥

चौ०-देखि पाय मुनिराय तुम्हारे ❀ भये सुकृत सब सुफल हमारे ॥१॥
अब जहँ राउर आयसु होई ❀ मुनि उदबेगु न पावइ कोई ॥२॥
मुनि तापस जिन्ह तें दुख लहहीं ❀ ते नरेस बिनु पावक दहहीं ॥३॥
मङ्गलमूल बिप्रपरितोषू ❀ दहइ कोटि कुल भूसुररोषू ॥४॥

अस जिय जानि कहिय सोइ ठाऊँ ❀ सिय सौमित्रि सहित जहँ जाऊँ ॥५॥

हे मुनिराज ! तपाईंका चरणको दर्शन पाउँदा मेरा सबै पुण्यकर्म सफल भए ॥ १ ॥ अब तपाईंको आज्ञा जहाँ हुन्छ, जहाँ रहँदा कोही उद्वेग (दिग्दारी) न पाऊन्, "तपस्वी मुनिहरू जसबाट दुःख पाउँछन्, ती राजाहरू विनाआगो पोलिन्छन्, ब्राह्मणको संतोष मंगलको मूलकारण हो, ब्राह्मणका क्रोधले करोडौं पुस्तालाई पोल्दछ" मनमा यस्तो जानेर त्यही (ब्राह्मणलाई तकलीफ नपर्ने) ठाउँ बताउनुहोस्, सीता र लक्ष्मणसहित भई त्यही ठाउँमा जाऊँ ॥ २ ॥ ३ ॥ ४ ॥ ५ ॥

तहँ रचि रुचिर परन तृन साला ❀ बासु करउँ कछु कालु कृपाला ॥६॥
सहज सरल सुनि रघुबरबानी ❀ साधु साधु बोले मुनि ग्यानी ॥७॥
कस न कहहु अस रघुकुलकेतू ❀ तुम्ह पालक संतत श्रुतिसेतू ॥८॥

हे दयाल ! त्यहाँ राम्रो पर्णतृणशाला (पात-घाँसको छाप्रो = कुटी) बनाएर केही काल वास गरौं ॥ ६ ॥ स्वभावैले सरल भएका रघुवरका वचन सुनेर ज्ञानवान् मुनि वाल्मीकिले "साधु साधु !" ("अच्छा अच्छा") भनेर बोल्न लागे–॥ ७ ॥ "हे राम ! रघुकुलका–झंडाजस्ता भएका हजूर यस्तो किन बोल्नुहुँदैनथ्यो ? हजूर सदासर्वदा वेदोक्त मर्यादाका पालक हुनुहुन्छ ॥ ८ ॥

छन्द–श्रुतिसेतु पालक राम तुम्ह जगदीस माया जानकी ।
जो सृजति जगु पालति हरति रुख पाइ कृपानिधान की ॥
जो सहससीसु अहीसु महिधरु लखनु सचराचरधनी ।
सुरकाज धरि नरराज तनु चले दलन खल निसिचर अनी ॥५॥

हे राम ! हजूर वेदोक्त मर्यादाका रक्षक र जगतपति हुनुहुन्छ । जो माया कृपानिधान (हजूर) को आशय पाएर जगतको सृष्टि–स्थिति–प्रलय गर्दछिन्, ती माया जानकीजी हुन्, जो हजार शिर भएका, पृथ्वीको धारणा गर्ने, चराचर जगत्का स्वामी, नागाधिराज शेष छन्, ती लक्ष्मण हुन् । देवताको कार्यका निमित्त राजाको देह धारण गरेर दुष्ट राक्षसका सेनाको ध्वंस गर्नाका निमित्त (हजूरहरू) पाल्नुभएको हो ॥ ५ ॥

सोरठा–राम सरूप तुम्हार बचन अगोचर बुद्धिपर ।
अबिगत अकथ अपार नेति नेति नित निगम कह ॥५॥

हे राम ! हजूरको स्वरूप वचनको अगोचर बुद्धिको पर छ (भन्न सकिदैन, जान्न सकिदैन), त्यो रूप जान्न नसकिने, भन्न नसकिने अपार हुनाले वेदहरू पनि (यथार्थ निरूपण गर्न नसकेर) नेति नेति भनी नित्य भन्दछन् (साक्षात् परिचय गराउन नसकेर अपोह–रूपले बताउँछन्) ॥ ५ ॥

चौ०–जगु पेखन तुम्ह देखनिहारे ❀ बिधि हरि संभु नचावनिहारे ॥१॥
तेउ न जानहिं मरमु तुम्हारा ❀ औरु तुम्हहि को जाननिहारा ॥२॥

हे राम ! यो जगत् एउटा प्रेक्षाणक (दृश्य = तमाशा) हो, त्यो देख्ने (द्रष्टा) हजूर हुनुहुन्छ । ब्रह्मा विष्णु महेश्वरहरू (प्रधान सूत्रधारका पारिपार्श्विकजस्ता) जगत्‌लाई नचाउने ठूला ठूला पात्र हुन्, तिनीहरू पनि (प्रधान सूत्रधारजस्ता) हजूरको मर्म जान्दैनन्, हजूरलाई जान्ने अर्को को होला ? ॥ १ ॥ २ ॥

सोइ जानइ जेहि देहु जनाई ❀ जानत तुम्हहि तुम्हइ होइ जाई ॥३॥
तुम्हरिहि कृपा तुम्हहि रघुनंदन ❀ जानहिं भगत भगत उर चंदन ॥४॥

[1]हजूर जसलाई जनाइदिनुहुन्छ त्यही जान्दछ, हजूरलाई जान्दा हजूरै होइहाल्छ । हे भक्तजनहृदयचन्दन ! हे रघुनन्दन ! भक्तजनहरू हजूरका कृपाले हजूरलाई जान्दछन् ॥ ३ ॥ ४ ॥

चिदानंदमय देह तुम्हारी ❀ बिगत बिकार जान अधिकारी ॥५॥
नरतनु धरेहु संत सुर काजा ❀ कहहु करहु जस प्राकृत राजा ॥६॥

हजूरको शरीर चैतन्य र आनन्दमय भईकन निर्विकार छ । यो कुरा अधिकार पुगेका भक्तजनहरू जान्दछन् । साधु सन्तहरू र देवताहरूका कार्यका निमित्त नरशरीर धारण गर्नुभएको छ र प्राकृत (मामूली) राजाजस्तै बोल्नुहुन्छ, (त्यसैलाई सुहाउने काम) गर्नुहुन्छ ॥ ५ ॥ ६ ॥

राम देखि सुनि चरित तुम्हारे ❀ जड़ मोहहिं बुध होहिं सुखारे ॥७॥
तुम्ह जो कहहु करहु सबु साँचा ❀ जस काछिअ तस चाहिअ नाँचा ॥८॥

हे राम ! हजूरका लीलाचरित्र देख्ता सुन्दा मूर्खहरू मोहित हुन्छन्, समुझदारहरू सुखी हुन्छन् । हजूर जे भन्नुहुन्छ त्यो साँचो गर्नुहुन्छ (ठीकै हो–) जस्तो स्वाङ लिइन्छ, त्यस्तै नाच्नुपर्दछ ॥ ७ ॥ ८ ॥

दोहा–पूँछेहु मोहि कि रहौं कहँ मैं पूँछत सकुचाउँ ।
जहँ न होहु तहँ देहु कहि तुम्हहिं देखावउँ ठाउँ ॥१२३॥

हजूर सोध्नुहुन्छ कहाँ रहौं भनेर, (परन्तु त्यसरी सोद्धा) म संकुचित हुन्छु । हजूर जहाँ हुनुहुन्न, त्यो ठाउँ मलाई बताइदिनुहोस् (अनि हजूर रहनलायकको) ठाउँ हजूरलाई देखाइदिउँला ॥ १२३ ॥

चौ०–सुनि मुनिबचन प्रेमरस साने ❀ सकुचि राम मन महुँ मुसुकाने ॥१॥
बालमीकि हँसि कहहिं बहोरी ❀ बानी मधुर अमिअरस बोरी ॥२॥

प्रेमरसले मुछिएका वाल्मीकि मुनिका वचन सुनेर रामचन्द्रजी संकुचित हुनुभयो र मनमा हाँस्नुभयो ॥ १ ॥ फेरि वाल्मीकि मुनि हाँसेर अमृतका रसमा डुबाएका जस्ता मधुर वचन बोल्नलागे–॥ २ ॥

---

(१) वाल्मीकिका यो उक्तिबाट "ब्रह्मविद्ब्रह्मैव भवति", "यमेवैष वृणुते तेन लभ्यः" इत्यादि उपनिषद्‌बाट बुझिने कुरा बुझिन्छ ।

सुनहु राम अब कहौं निकेता ❀ जहाँ बसहु सिय लखन समेता ॥३॥
जिन्ह के श्रवन समुद्र समाना ❀ कथा तुम्हारि सुभग सरि नाना ॥४॥
भरहिं निरंतर होहिं न पूरे ❀ तिन्ह के हिय तुम्ह कहुँ गृह रूरे ॥५॥

हे राम ! सुन्नुहोस् अब (हजूर रहनलायकका) घर बताउँछु, जहाँ सीता लक्ष्मण सहित बस्नुहोला ॥ ३ ॥ जसजसका कान हजूरका नाना प्रकारका कथारूपी नदीका समुद्र-तुल्य छन्, ती कथानदीहरू निरन्तर (कर्णसमुद्रलाई) भर्दछन् परन्तु ती कर्णसमुद्र पूर्ण हुँदैनन् (अघाउँदैनन्) तिनै तिनैका हृदय हजूरका निमित्त सुन्दर घर हुन् ॥ ४ ॥ ५ ॥ (क)

लोचन चातक जिन्ह करि राखे ❀ रहहिं दरस जलधर अभिलाषे ॥६॥
निदरहिं सरित सिंधु सर भारी ❀ रूप बिंदु जल होहिं सुखारी ॥७॥
तिन्ह कें हृदयँ सदन सुखदायक ❀ बसहु बंधु सिय सह रघुनायक ॥८॥

हे रघुनाथ ! जसले आफ्ना नेत्रलाई हजूरको दर्शनरूपी मेघको अभिलाषा गर्ने चातक (काकाकुल) बनाइराखेका छन् (जसका नेत्ररूपी चातक हजूरको दर्शनरूपी मेघका भरोसाले बाँचेका छन्) (अर्काको उच्छिष्ट भएका विषयभोगरूपी ठूला ठूला नदी समुद्र तलाउलाई निरादर गर्छन्, विषय-भोगमा आसक्त छैनन्), हजूरको रूपरूपी जलबिन्दुले (हजूरका रूपको अलिकति दर्शन ध्यानले) सुखी रहन्छन्, तिनैका हृदयरूपी सुखदायक भवनमा भाई लक्ष्मण र सीताजीले सहित भैकन बस्नुहोस् ॥ ६ ॥ ७ ॥ ८ ॥ (ख) ॥

दोहा—जसु तम्हार मानस बिमल हंसिनि जीहा जासु ।
मुकुताहल गुनगन चुनइ राम बसहु मन तासु ॥१२४॥

हे राम ! हजूरको निर्मल यशरूपी मानससरोवरमा जसकी जिह्वा हंसिनी भएकी छ (जसको जिब्रो हजूरको यशको वर्णन र कीर्तनमा डुबिरहेको छ) जसकी त्यो जिह्वारूपिणी हंसिनी हजूरका गुणगणरूपी मुक्ताफल (मोतीका दाना) लाई चुन्दछे (हाँसकी पोथीले खाने दाना टपटप टिपेझैं जसका जिह्वाले हजूरका गुणगणलाई टिप्तछे) तिनैका हृदयमा बस्नुहोस् ॥ १२४ ॥ (ग)

चौ०—प्रभुप्रसाद सुचि सुभग सुबासा ❀ सादर जासु लहइ नित नासा ॥१॥
तुम्हहि निबेदित भोजनु करहीं ❀ प्रभुप्रसाद पट भूषन धरहीं ॥२॥

(क) कथानदीनामतिनिर्मलानां श्रवांसि येषामुदधीभवन्ति ।
मनांसि तेषामतिसत्तमानि रघूत्तम ! त्वद्भवनानि सन्ति ॥

यो श्लोक र यी २ चौपाई तुल्यार्थक छन् । चिह्नानुसार अगाडिका टिप्पणी माथिल्ला दोहा चौपाईका अर्थमा मिल्दछन् ॥

(ख) रघूद्वह ! त्वद्वदनाब्दकामा येषां दृशश्चातकतां व्रजन्ति ।
मनांसि तेषां ननु तावकानि शुभानि सद्मानि समुल्लसन्ति ॥

(ग) उपाददाना गुणमौक्तिकानि लसद्यशोमानसराजहंसी ।
अनाथबन्धो ! रसनाऽस्ति येषां मनांसि तेषां तव मन्दिराणि ॥

सीस नवहिं सुर गुर द्विज देखी ❀ प्रीति सहित करि बिनय बिसेषी ॥३॥
कर नित करहिं रामपद पूजा ❀ रामभरोस हृदय नहि दूजा ॥४॥
चरन रामतीरथ चलि जाहीं ❀ राम बसहु तिन्ह के मन माहीं ॥५॥

हे राम ! जसकी नासिका (नाक) शुद्ध, सुन्दर, सुगन्ध, भएको हजूरको प्रसादलाई नित्य सुँघ्न पाउँछे, जो मानिस हजूरलाई चढाएका नैवेद्यको भोजन गर्दछन्, हजूरको प्रसाद पाएको वस्त्र भूषण धारण गर्छन् ॥ १ ॥ २ ॥ देवता, गुरु, ब्राह्मणलाई देखेर प्रीतिसहित अति नम्रता गरेर शिर झुकाउँछन् (ढोगदिन्छन्), जसका हात नित्य हजूरका पाउको पूजा गर्दछन्, जसका हृदयमा हजूरको बाहेक अरूको भरोसा रहँदैन, हे राम ! हजूरका चरणरूपी तीर्थमा जो जाइरहन्छन्, तिनका मनरूपी भवनमा बस्नुहोस् ॥ ३ ॥ ४ ॥ ५ ॥ (घ)

मंत्रराजु नित जपहिं तुम्हारा ❀ पूजहिं तुम्हहि सहित परिवारा ॥६॥
तरपन होम करहिं बिधि नाना ❀ बिप्र जेवाइ देहिं बहु दाना ॥७॥
तुम्ह तें अधिक गुरहि जिय जानी ❀ सकल भाय सेवहिं सनमानी ॥८॥

जो जो हजूरको मन्त्रराज (तारकषडक्षरमंत्र) लाई नित्य जप्तछन्, परिवारसहित भई हजूरको पूजा गर्दछन् ॥ ६ नाना प्रकारका शास्त्रोक्त विधिले होम, तर्पण, (मार्जन) गर्दछन्, (पुरश्चरणको अङ्ग भएको) ब्राह्मणभोजन गराएर धेरै दान दिन्छन्, मनमा आफ्ना मन्त्रोपदेशक गुरुलाई हजूरभन्दा बढ्ता जानेर पूर्णभावभक्तिले सम्मान गरेर सेवा गर्दछन् ॥ ७ ॥ ८ ॥ (ङ)

दोहा–सबु करि मागहिं एकु फलु रामचरन रति होउ ।
तिन्ह के मन मंदिर बसहु सिय रघुनंदन दोउ ॥१२५॥

जो यी सबै कर्मको एउटै फल रामचरण-प्रेम माग्दछन् (सर्वकर्मार्पण गरेर पराभक्ति

(घ) नासा प्रसादोत्थमभीष्टगन्धमासादयेत्प्रत्यहमेव येषाम् ।
बुभुक्षितानां म्रियते न कुक्षिर्विना च नैवेद्यचयेन येषाम् ॥
पटैस्त्वदीयप्रतिमाप्रसादैः पिधीयतेऽङ्गं भुवनेश ! येषाम् ।
गुरूँश्च देवाँश्च महीसुराँश्च प्रति प्रणामा विलसन्ति येषाम् ॥
करद्वयं त्वच्चरणार्चनायामहर्निशं व्याप्रियते च येषाम् ।
त्वदङ्घ्रितीर्थोत्तमदर्शनार्थं पदद्वयं श्राम्यति नैव येषाम् ॥
चराचरेऽप्यत्र परेष्वनास्थां दधाति चित्तं रघुनाथ ! येषाम् ।
दयासुधाब्धे ! हृदयानि तेषां प्रियाणि सद्मानि तवेति विद्मः ॥

(ङ) गुरूपदिष्टं जगदिष्टदं ये मनुं त्वदीयं मनुजा जपन्ति ।
सह स्वकीयैर्मिलितैर्जनैस्त्वां यथाविधानं च समर्चयन्ति ॥
विधाय च ब्राह्मणभोजनानि सहोमसन्तर्पणमार्जनानि ।
मनुप्रदं च त्वदनन्यरूपं गुरुं च वित्तैः परितोषयन्ति ॥

चाहन्छन्) तिनका मनरूपी मन्दिरमा सीता र लक्ष्मणसहित बस्नुहोस् ॥ १२५ ॥ (च)

चौ०–काम कोह मद मान न मोहा ❀ लोभ न छोभ न राग न द्रोहा ॥१॥
जिन्ह के कपट दंभ नहि माया ❀ तिन्ह कें हृदयँ बसहु रघुराया ॥२॥

जसका मनमा न काम छ, न क्रोध, न मद छ, न अभिमान, न मोह छ, न लोभ, न क्षोभ (हृदयचपलता) छ, न राग-द्वेष, कपट (छल) दम्भ (ढाँचाको धर्माचरण) माया (जालरचना) केही छैन, हे रघुनाथ ! तिनका हृदयमा बस्नुहोस् ॥ १ ॥ २ ॥ (छ)

सब के प्रिय सब के हितकारी ❀ दुख सुख सरिस प्रसंसा गारी ॥३॥
कहहिं सत्य प्रिय बचन बिचारी ❀ जागत सोवत सरन तुम्हारी ॥४॥
तुम्हहि छाड़ि गति दूसरि नाहीं ❀ राम बसहु तिन्ह के मन माहीं ॥५॥

हे राम ! जो सबैका प्यारा, हितकर्ता छन्, जो सुख-दुःख, स्तुति-निन्दामा तुल्य (एकनास) रहन्छन् ॥ ३ ॥ जो विचार गरेर सत्य र प्रिय बोल्दछन्, जो जाग्रत अवस्था र स्वप्नावस्थामा हजूरैका शरणमा छन्, ॥ ४ ॥ जसको हजूरबाहेक अर्को आश्रय छैन, तिनका हृदयमा बस्नुहोस् ॥ ५ ॥ (ज)

जननी सम जानहिं परनारी ❀ धनु पराव बिष तें बिष भारी ॥६॥
जे हरषहिं परसंपति देखी ❀ दुखित होहिं परबिपति बिसेषी ॥७॥
जिन्हहि राम तुम प्रानपिआरे ❀ तिन्ह के मन सुभ सदन तुम्हारे ॥८॥

हे राम ! जो परस्त्रीलाई आफ्नी जननीसमान जान्दछन्, पराइको धनलाई विषभन्दा भारी विष ठान्दछन् ॥ ६ ॥ जो अर्काको संपत्ति देखेर हर्षित हुन्छन् (डाह गर्दैनन्), अर्काको विपत्ति देखेर ज्यादै नै दुःखित हुन्छन् ॥ ७ ॥ जसलाई हजूर प्राणभन्दा प्यारा लाग्नुहुन्छ, तिनको मन हजूरको उत्तम महल हो ॥ ८ ॥ (झ)

(च) समर्जितं स्वैस्तनुवाङ्मनोभिः समर्पयन्तः सुकृतं स्वकीयम् ।
फलं त्वदङ्घ्रिद्वितयानुरागमुशन्ति ये नाथ! विलीनरागाः ॥
कथापथातीतसमस्तलीलः परिभ्रमन्निष्टदसर्वचेष्टः ।
सदा सदारानुज एव तेषां प्रविश्य चेतांसि निषीद तुष्टः ॥
(छ) कामक्रोधद्वेषरागादिदोषैरस्पृष्टानामिष्टकृच्चेष्टितानाम् ।
ध्वस्तध्वान्ते स्वान्तसौधे निषण्णः षण्णां वर्गं ध्वंसय प्राणभाजाम् ॥
(ज) ये त्वद्भक्ताः प्रीतिकृत्सत्यवाचो द्वन्द्वैर्हीनाः प्राणिमैत्रीपवित्राः ।
तेषां चित्तं प्रायशस्तत्त्वविद्भिस्त्वद्वासाय श्रेष्ठमुक्तं मुनीन्द्रैः ॥
(झ) क्ष्वेडं घोरं द्रव्यजातं परेषां तेषां भार्यो मातरं जानते ये ।
अन्योत्कर्षाद्धर्षलाभश्च येषां ये चाऽन्येषां क्लेशलेशाद्व्यथन्ते ॥
ये ये सन्ति श्रीमता प्रियमाणाः प्राणेभ्योऽपि प्राणभाजः प्रियेण ।
तेषां क्लेशाऽपायशीतं विशालं चित्तं विद्धि त्वन्निवासानुरूपम् ॥

दोहा–स्वामि सखा पितु मातु गुर जिन्ह के सब तुम्ह तात ।
मन मंदिर तिन्ह के बसहु सीय सहित दोउ भ्रात ॥१२६॥

हे राम ! जसका स्वामी पनि, मित्र पनि, माता-पिता पनि, गुरु पनि, सबै हजूरै हुनुहुन्छ, तिनका मनरूपी मंदिरमा सीतासहित दुवै भाई बस्नुहोस् ॥ १२६ ॥ (ञ)

चौ०–अवगुन तजि सब के गुन गहहीं ❀ बिप्र धेनु हित संकट सहहीं ॥१॥
नीतिनिपुन जिन्ह कइ जग लीका ❀ घर तुम्हार तिन्ह कर मनु नीका ॥२॥

जो सबैका अवगुण (बैगुन) को त्याग गरेर (वास्ता नराखेर) गुणको ग्रहण गर्दछन्, ब्राह्मण र गाईका निमित्त संकट सहनुपरे सहन्छन्, ॥ १ ॥ जगत्मा जसको गणना (गिन्ती) नीति-निपुण (न्यायचतुर) मध्येमा छ, तिनीहरूको हृदय हजूरको उत्तम भवन हो ॥ २ ॥ (ट)

गुन तुम्हार समुझइ निज दोसा ❀ जेहि सब भाँति तुम्हार भरोसा ॥३॥
रामभगत प्रिय लागहिं जेही ❀ तेहि उर बसहु सहित बैदेही ॥४॥

हे राम ! हजूरका गुण र आफ्ना दोष जो जान्दछन्, जसलाई सब तरहबाट हजूरैको भरोसा छ ॥ ३ ॥ जसलाई हजूरका भक्त प्यारा लाग्दछन्, तिनैका हृदयमा सीतासहित बस्नुहोस् ॥ ४ ॥ (ठ)

जाति पाँति धनु धरमु बड़ाई ❀ प्रिय परिवार सदन सुखदाई ॥५॥
सब तजि तुम्हहिं रहइ लउ लाई ❀ तेहि के हृदय रहहु रघुराई ॥६॥

हे रघुनाथ ! जात-भात, धन, धर्म, प्रतिष्ठा, प्यारा मित्र, परिवार, आनन्द दिने घर यी सबै कुरा छाडेर जो हजूरैमा एकाग्र गरेर रहेका छन्, तिनैका हृदयमा रहनुहोस् ॥ ५ ॥ ॥ ६ ॥ (ड)

सरगु नरकु अपबरगु समाना ❀ जहँ तहँ देख धरें धनु बाना ॥७॥
करम बचन मन राउर चेरा ❀ राम करहु तेहि के उर डेरा ॥८॥

जसका लेखामा स्वर्ग-नरक-मोक्ष समान छन्, जो धनुर्बाणधारी हजूरलाई जहाँ-तहीं देख्दछ ॥ ७ ॥ कर्मले वचनले मनले हजूरको दास हुन्छ, त्यसका हृदयमा हजूर डेरा गरिबक्सियोस् ॥ ८ ॥ (ढ)

(ञ) त्वमेवैकं स्वामिनं सद्गुरुं स्वं तातं साम्वं मन्यतेऽनन्यभावः ।
यः पुण्यात्मा मानसे तस्य तिष्ठ श्रीराम ! स्वभ्रातृभार्यासमेतः ॥

(ट) ये गोविप्रत्राणदप्राणलाभा नीत्योपेताः सद्गुणग्राहिणश्च ।
तेषां चित्तं देहिनां सद्विलासं वैदेहीश ! त्वन्निवासं प्रतीमः ॥

(ठ) ये हि प्राज्ञास्त्पदद्वन्द्वसक्ताः स्वीयान् दोषान् जानते त्वद्गुणाँश्च ।
तत्तत्त्वत्वद्भक्तसेवारतानां तेषां चित्ते राम ! विश्राममेहि ॥

(ड) जातिं ज्ञातिं चित्तमुत्तुङ्गभावं धर्मं धामं स्वान् सखींश्च त्यजन्तः ।
ये त्वत्पादद्वन्द्वसेवाप्रसक्ताः स्वान्तस्थायी नाथ ! तेषां सदा स्याः ॥

(ढ) ये मन्यन्तेऽनन्यभावास्त्वयीशे स्वर्गं मोक्षं नारकं चैकरूपम् ।
एतद्रूपप्रेक्षिणां नाथ ! तेषां चित्तं स्वीयं सद्म किञ्चिन्न मुञ्चेः ॥

दोहा–जाहि न चाहिअ कबहुँ कछु तुम्ह सन सहज सनेहु ।
बसहु निरंतर तासु मन सो राउर निज गेहु ॥१२७॥

जसलाई कहिल्यै पनि केही चाहिदैन, हजूरसँग जो स्वाभाविक स्नेह गर्दछ, त्यसका मनमा सधैं बस्नुहोस्, त्यो हजूरको खास आफ्नो भवन हो ॥ १२७ ॥ (ण)

चौ०–येहि बिधि मुनिवर भवन देखाए ❀ बचन सप्रेम राममन भाए ॥१॥
कह मुनि सुनहु भानुकुलनायक ❀ आश्रमु कहउँ समय सुखदायक ॥२॥

यस्ता प्रकारले मुनिवर वाल्मीकिले (रामजी रहनलायक) घर देखाए, प्रेमसहित भएका ती वचन रामजीका चित्तलाई प्रिय लागे ॥ १ ॥ वाल्मीकि मुनिले फेरि भने कि "हे सूर्यवंशनायक ! राम ! अब समयानुसार सुख दिने आश्रम बताउँछु, सुन्नुहोस्–॥ २ ॥

चित्रकूट गिरि करहु निवासू ❀ तहँ तुम्हार सब भाँति सुपासू ॥३॥
सैलु सुहावन कानन चारू ❀ करि केहरि मृग बिहग बिहारू ॥४॥

चित्रकूट पर्वतमा निवास गर्नुहवस्, त्यहाँ हजूरलाई सब तरहबाट सुबिस्ता छ ॥ ३ ॥ पर्वत सुन्दर छ, हात्ती, सिंह, मृग, पक्षीहरूको विहारस्थान भएको त्यो जङ्गल राम्रो छ ॥ ४॥

नदी पुनीत पुरान बखानी ❀ अत्रिप्रिया निज तप बल आनी ॥५॥
सुरसरिधार नाउँ मंदाकिनि ❀ जो सब पातक पोतक डाकिनि ॥६॥

पुराणहरूले वर्णन गरिएकी, अत्रि मुनिकी पत्नी अनसूयाले आफ्ना तपोबलले ल्याइएकी ॥ ५ ॥ पातकरूपी बच्चाबच्चीका हकमा डाकिनी (बालकहरूलाई खाइदिने प्रचण्ड देवी) रूप भएकी देवनदी (गङ्गाजी) की धारास्वरूप जो मन्दाकिनी नदी हुन्, (ती तहीं छन्) ॥ ६ ॥

अत्रि आदि मुनिबर बहु बसहीं ❀ करहिं जोग जप तप तन कसहीं ॥७॥
चलहु सफल श्रम सब कर करहू ❀ राम देहु गौरव गिरिबरहू ॥८॥

त्यहाँ अत्रि आदि गरेका मुनिहरू निवास गर्दछन्, योगाभ्यास गर्दछन्, जपतपले शरीरकर्षण (शरीरशोषण) गर्दछन् । हे राम ! पाल्नुहोस्, सबैको परिश्रम सफल गर्नुहोस् गिरिवर चित्रकूटलाई (आफ्नो निवासले) गौरव दिनुहोस् ॥ ७ ॥ ८ ॥

दोहा–चित्रकूटमहिमा अमित कही महामुनि गाइ ।
आइ नहाए सरितबर सिय समेत दोउ भाइ ॥१२८॥

महामुनि (वाल्मीकि) ले चित्रकूट पर्वतको अपार महिमा गाएर वर्णन गरे । अनि सीतासहित दुई भाई आएर मन्दाकिनी नदीमा स्नान गर्नुभयो ॥ १२८ ॥

चौ०–रघुबर कहेउ लखन भल घाटू ❀ करहु कतहुँ अब ठाहर ठाटू ॥१॥
लखन दीख पय उतर करारा ❀ चहुँ दिसि फिरेउ धनुष जिमि नारा ॥२॥

(ण) भूत्वाऽकामी स्वामिनि त्वय्यनन्ते प्रेमाणं यो निष्प्रमाणं विधत्ते ।
दीनंदीनं रक्षतस्ते दयाब्धे ! स्वाधीनं त्वद्धाम चित्तं तदीयम् ॥

अनि रघुनाथजीले "लक्ष्मण ! घाट बेश रहेछ, अब कहीं (कुटी बनाउने) ठाउँठहर ठीक गर" भन्नुभयो ।। १ ।। लक्ष्मणजीले पयस्विनी नदीका उत्तरपट्टिको करारा (भीर) देख्नुभयो । त्यसका चारैतर्फ धनुजस्तो (धनुराकार = बाङ्गो) नाला फिरेको थियो ।। २ ।।

नदी पनच सर सम दम दाना ❀ सकल कलुष कलि साउज नाना ।।३।।
चित्रकूट जनु अचल अहेरी ❀ चुकइ न घात मार मुठभेरी ।।४।।

"धनुराकार भएका नालाको प्रत्यञ्चा (ताँदो) मन्दाकिनी छन्, शम (इन्द्रिय निग्रह), दम (मनोनिग्रह), दान यी ३ त्यहाँ बाण रहेका हुन्, कलिकालका नाना प्रकारका सकल कल्मष साउज (लक्ष्य = निशाना) हुन् ।। ३ ।। चित्रकूटपर्वत शिकारी हुन्, हान्दाखेरि चुक्तैनन्, मुठभेट भएमा (भिडिएमा) मारिहाल्छन्" ।। ४ ।।

अस कहि लखन ठाउँ देखरावा ❀ थलु बिलोकि रघुबर सुखु पावा ।।५।।
रमेउ राममनु देवन्ह जाना ❀ चले सहित सुरथपति परधाना ।।६।।

यसो भनेर लक्ष्मणजीले ठाउँ देखाउनुभयो, ठाउँ देखेर रघुनाथजीले आनन्द मान्नुभयो ।। ५ ।। रामचन्द्रजीको मन त्यहाँ रमायो, देवताहरूले त्यो कुरा थाहा पाए, अनि इन्द्रलाई अघि लाएर तिनीहरू आए ।। ६ ।।

कोल किरात बेष सब आए ❀ रचे परन तृन सदन सुहाए ।।७।।
बरनि न जाहिं मंजु दुइ साला ❀ एक ललित लघु एक बिसाला ।।८।।

(तिनीहरू आफ्ना रूपले आएनन्) सबै देवता कोल किरातको भेष लिएर आए, अनि तिनीहरूले पातको र तृणको सुन्दर दुई घर बनाए ।। ७ ।। सुन्दर ती दुई घर (कुटी) को वर्णन गर्न सकिदैन, एउटा राम्रो सानो, अर्को राम्रो ठूलो थियो ।। ८ ।।

दोहा–लखन जानकी सहित प्रभु राजत रुचिर निकेत ।
सोह मदनु मुनिबेष जनु रति रितुराज समेत ।।१२९।।

मुनिको वेष लिएका, रति र वसन्तले सहित भएका, कामदेव शोभायमान भइरहेका हुन् कि ? (भन्ने भान पर्ने गरी) रघुनाथजी सीता र लक्ष्मणले सहित भएर त्यो सुन्दर पर्णशालामा सुशोभित हुनुभयो ।। १२९ ।।

चौ०–अमर नाग किंनर दिसिपाला ❀ चित्रकूट आए तेहि काला ।।१।।
राम प्रनामु कीन्ह सब काहू ❀ मुदित देव लहि लोचनलाहू ।।२।।

त्यस वेलामा अरू (अघि आएबाहेकका) देवता, नाग, किन्नर, दिक्पालहरू चित्रकूट आए ।। १ ।। सबैले रामचन्द्रलाई प्रणाम गरे, तिनीहरू नेत्रको लाभ पाएर (रामचन्द्रजीलाई देखेर) हर्षित भए ।। २ ।।

बरषि सुमन कह देवसमाजू ❀ नाथ सनाथ भये हम आजू ।।३।।
करि बिनती दुख दुसह सुनाए ❀ हरषित निज निज सदन सिधाए ।।४।।

पुष्पवृष्टि गरेर देवताहरू विन्ति गर्न लागे “हे नाथ ! आज हामीहरू सनाथ भयौं ॥ ३ ॥ यस्तो विन्ति गरेर खपीनसकिने आफ्नो दुःख (रावणका अत्याचारबाट भएको तकलीफ) सुनाए अनि आनन्दित भईकन आफ्ना आफ्ना भवनतर्फ हिंडे ॥ ४ ॥

चित्रकूट रघुनंदनु छाए ❀ समाचार सुनि सुनि मुनि आए ॥५॥
आवत देखि मुदित मुनिबृंदा ❀ कीन्ह दंडवत रघुकुलचंदा ॥६॥

रघुनन्दनले चित्रकूटपर्वतमा निवास गर्नुभयो भन्ने समाचार सुनीसुनीकन सबै मुनिहरू आए ॥ ५ ॥ हर्षित भएका मुनिहरू आएको देखेर रघुकुलका चन्द्रमा भएका रामचन्द्रजीले दण्डवत्प्रणाम गर्नुभयो ॥ ६ ॥

मुनि रघुबरहि लाइ उर लेहीं ❀ सुफल होन हित आसिष देहीं ॥७॥
सिय सौमित्रि राम छबि देखहिं ❀ साधन सकल सफल करि लेखहिं ॥८॥

मुनिवरहरूले रघुनाथजीलाई छाती लगाए, मनोरथको सफलताका निमित्त आशिष दिन लागे ॥ ७ ॥ (तिनीहरू) सीता, लक्ष्मण र रघुनाथजीको शोभा देख्तथे, आफ्ना जपतप प्रभृति साधन सफल भएका संझन्थे (मान्दथे) ॥ ८ ॥

दोहा–जथाजोग सनमानि प्रभु बिदा किए मुनिबृंद ।
करहिं जोग जप जाग तप निज आश्रमन्हि सुछंद ॥१३०॥

प्रभु रामचन्द्रले यथोचित सम्मान गरेर मुनिवर्गलाई बिदा गर्नुभयो । तिनीहरू आफ्ना आफ्ना आश्रममा आएर स्वछन्दतापूर्वक योगाभ्यास, जप, यज्ञ, तप गर्न लागे ॥ १३० ॥

चौ०–एह सुधि कोल किरातन्ह पाई ❀ हरषे जनु नव निधि घर आई ॥१॥
कंद मूल फल भरि भरि दोना ❀ चले रंक जनु लूटन सोना ॥२॥

यो खबर कोल किरातहरूले पाएर घरमा नौ निधि[1] आएका वेलामा जत्तिकै हर्षित भए ॥ १ ॥ दूना बोहोता खोचा भरी भरी कन्द-मूल फल-फूल लिएर सुवर्ण लुट्न दौडेका कंगालझैं दौडे ॥ २ ॥

तिन्ह महँ जिन्ह देखे दोउ भ्राता ❀ अपर तिन्हहिं पूँछहिं मग जाता ॥३॥
कहत सुनत रघुबीरनिकाई ❀ आइ सबन्हि देखे रघुराई ॥४॥

तिनीहरूमध्येमा जसले (अघि) दुई भाईलाई देखेका थिए, बाटामा हिंड्दाखेरि तिनीहरूसँग अरूहरू सोद्धथे ॥ ३ ॥ रघुवीरको सुन्दरता भन्दै सुन्दै गरेर (रामचर्चा गर्दागर्दै) सबै आइपुगेर रघुनाथजीलाई देखे ॥ ४ ॥

करहिं जोहारु भेंट धरि आगें ❀ प्रभुहि बिलोकहिं अति अनुरागें ॥५॥

---

(१) दिव्य खानि ९ छन् , तिनको नाम

महापद्मश्च पद्मश्च शङ्खो मकरकच्छपौ ।
मुकुन्दकुन्दनीलाश्च खर्वश्च निधयो नव ॥

चित्र लिखे जनु जहँ तहँ ठाढ़े ❀ पुलक सरीर नयन जल बाढ़े ॥६॥

सौगात अगाडि राखेर सलाम गर्न लागे, अत्यन्त प्रेमी भएर प्रभुको दर्शन गरे ॥ ५ ॥ तस्वीरमा लेखेका जस्ता निश्चल भएर जहाँको तहीं खड़ा भए, तिनका शरीरमा रोमाञ्च भयो, आँखामा पानीको बाढी आयो ॥ ६ ॥

राम सनेहमगन सब जाने ❀ कहि प्रिय बचन सकल सनमाने ॥७॥
प्रभुहि जोहारि बहोरि बहोरी ❀ बचन बिनीत कहहिं कर जोरी ॥८॥

रामजीले सबैलाई प्रेममग्न भएका ठहराउनुभयो र प्रिय वचन बोलेर सबैको सन्मान गर्नुभयो ॥ ७ ॥ तिनीहरू वारंवार प्रभुजीलाई प्रणाम गरेर हात जोरीकन नम्र वचन बोल्न लागे ॥ ८ ॥

दोहा—अब हम नाथ सनाथ सब भये देखि प्रभुपाय ।
भाग हमारे आगमनु राउर कोसलराय ॥१३१॥

"हे नाथ ! अब हामीहरू सबैजना प्रभुको पाउ देख्न पाउँदा सनाथ भयौं । हे कोशलराज ! हाम्रा भाग्यले हजूरको आगमन भयो ॥ १३१ ॥

चौ०—धन्य भूमि बन पंथ पहारा ❀ जहँ जहँ नाथ पाउ तुम्ह धारा ॥१॥
धन्य बिहग मृग काननचारी ❀ सफल जनम भये तुम्हहि निहारी ॥२॥

हे नाथ ! जहाँ जहाँ हजूर पाउ राख्नुहुन्छ, त्यो जमीन, त्यो वन, त्यो बाटो, त्यो पर्वत धन्य छ ॥ १ ॥ जङ्गलमा हिंड्ने मृग र पक्षी धन्य छन्, हजूरलाई देखेर तिनीहरू जन्मको सफलताले सहित भए (तिनको जन्म सफल भयो) ॥ २ ॥

हम सब धन्य सहित परिवारा ❀ दीख दरसु भरि नयन तुम्हारा ॥३॥
कीन्ह बासु भलि ठाउँ बिचारी ❀ इहाँ सकल रितु रहब सुखारी ॥४॥

हामी सबैजना परिवारसहित धन्य भयौं, आँखाभरी हजूरको दर्शन गर्न पायौं ॥ ३ ॥ विचार गरेर असल ठाउँमा वास गर्नुभएछ, यहाँ सबै ऋतुमा सुखी रहनुहुनेछ ॥ ४ ॥

हम सब भाँति करब सेवकाई ❀ करि केहरि अहि बाघ बराई ॥५॥
बन बेहड़ गिरि कंदर खोहा ❀ सब हमार प्रभु पग पग जोहा ॥६॥

हात्ती, सिंह, सर्प-अजगर, बाघहरूबाट बचाएर हामीहरू हरतरहले सेवा गर्नेछौं ॥ ५ ॥ प्रभु ! वन, बीहड (दुर्गमस्थान), पर्वत, गुफा, खोल्सा, यी हामीहरूले पाइलापाइला गरी देखेका छौं ॥ ६ ॥

जहँ तहँ तुम्हहि अहेर खेलाउब ❀ सर निरझर भल ठाउँ देखाउब ॥७॥
हम सेवक परिवार समेता ❀ नाथ न सकुचब आयसु देता ॥८॥

जहाँतहीं हजूरलाई शिकार खेलाउँला, ताल, छहरा, राम्रा राम्रा ठाउँ देखाउँला ॥ ७ ॥ हामीहरू परिवारसहित हजूरका चाकर हौं, हे नाथ ! आज्ञा दिनामा संकोच नगर्नुहोला ॥ ८ ॥

दोहा–बेदबचन मुनिमन अगम ते प्रभु करुना अयन ।
बचन किरातन्ह के सुनत जिमि पितु बालकबयन ॥१३२॥

वेदवचनका र मुनिहरूका मनका अगम्य भएका दयानिधान उनै प्रभु रामचन्द्र पिताले बालकको वचन सुनेझैं (मीठो मानेर) किरातहरूको वचन सुन्न लाग्नुभयो ॥ १३२ ॥

चौ०–रामहिं केवल पेमु पिआरा ❀ जानि लेउ जो जाननिहारा ॥१॥
राम सकल बनचर तब तोषे ❀ कहि मृदु बचन प्रेम परिपोषे ॥२॥

(तुलसीदास भन्दछन्) रामचन्द्रजीलाई फगत प्रेम प्यारो छ । जो जान्ने (समुझदार) छ, त्यो जानिहालोस् (अरू हुस्सुलाई यो कुरा थाह छैन) ॥ १ ॥ अनि रामचन्द्रजीले कोलकिरात आदि गरेका वनचर मानिसलाई मधुर वचन बोलेर प्रसन्न पार्नुभयो, प्रेमले परिपुष्ट पार्नुभयो ॥ २ ॥

बिदा किये सिर नाइ सिधाए ❀ प्रभुगुन कहत सुनत घर आए ॥३॥
एहि बिधि सिय समेत दोउ भाई ❀ बसहिं बिपिन सुर मुनि सुखदाई ॥४॥

बिदा गरिएका तिनीहरू शिरसा वन्दना गरेर हिंडे, प्रभुजीका गुणको वर्णन गर्दै सुन्दै घर आइपुगे ॥ ३ ॥ यस्ता तरहले देवता र मुनिलाई सुख दिने दुई भाई सीतासहित वनमा बस्न लाग्नुभयो ॥ ४ ॥

जब तें आइ रहे रघुनायकु ❀ तब तें भयेउ बनु मंगलदायकु ॥५॥
फूलहिं फलहिं बिटप बिधि नाना ❀ मंजु बलित बर बेलि बिताना ॥६॥

जैलेदेखि रघुनाथजी आएर बस्नुभयो, तबदेखि जङ्गल पनि मङ्गलदायक भयो ॥ ५ ॥ सुन्दर लहराका झाङले बेह्रियेका नाना प्रकारका वृक्षहरू फुल्न लागे फल्न लागे ॥ ६ ॥

सुरतरु सरिस सुभायँ सुहाए ❀ मनहुँ बिबुधबन परिहरि आए ॥७॥
गुंज मंजुतर मधुकरश्रेनी ❀ त्रिबिध बयारि बहइ सुखदेनी ॥८॥

ती वृक्ष कल्पवृक्षजस्तै स्वभावैले सुन्दर हुन गए र मानौं नन्दनवन छाडेर आएका हुन् कि (भन्ने भान पार्न लागे) ॥ ७ ॥ भ्रमर-पङ्क्ति राम्रो गुञ्जन गर्नेलागे । सुखकारक तीन प्रकारको (ठंडा, मन्द, सुगन्ध) हावा बहन (चल्न) लाग्यो ॥ ८ ॥

दोहा–नीलकंठ कलकंठ सुक चातक चक्क चकोर ।
भाँति भाँति बोलहिं बिहग श्रवनसुखद चितचोर ॥१३३॥

नीलकण्ठ (चाषपक्षी) कोइली, सुगा, काकाकुल, चखेवा, च्याखुरा, इत्यादि पक्षीहरू कानलाई आह्लादित गराउने, चित्तलाई हरण गर्ने, भाँति भाँतिको मीठो बोली बोल्दथे ॥ १३३ ॥

चौ०–करि केहरि कपि कोल कुरंगा ❀ बिगत बैर बिचरहिं सब संगा ॥१॥
फिरत अहेर रामछबि देखी ❀ होहिं मुदित मृगबृंद बिसेषी ॥२॥

हात्ती, सिंह, वानर, बँदेल, हरिणहरू बैरभाव नलिएर सबै सँगसँगै घुम्दथे ॥ १ ॥ शिकारमा टहल्दाखेरि रामचन्द्रको शोभा देखेर मृगका बथान विशेष गरेर आनन्दित हुन्थे ॥ २ ॥

बिबुधबिपिन जहँ लगि जग माहीं ❀ देखि रामबनु सकल सिहाहीं ॥३॥
सुरसरि सरसइ दिनकरकन्या ❀ मेकलसुता गोदावरि धन्या ॥४॥
सब सर सिंधु नदी नद नाना ❀ मंदाकिनि कर करहिं बखाना ॥५॥

जगत्मा जतिसम्म देवताहरूका नन्दन, चैत्ररथ आदि वन छन्, तिनीहरू सबै रामजी बस्नुभएको वनलाई देखेर तारीफ गर्दथे ॥ ३ ॥ गङ्गा, सरस्वती, यमुना, नर्मदा गोदावरी, इत्यादि ठूला ठूला नदी ॥ ४ ॥ र सबै सरोवर, समुद्र अरू नदी र नदहरू मन्दाकिनीको बखान गर्दथे ॥ ५ ॥

उदय अस्त गिरि अरु कैलासू ❀ मंदर मेरु सकल सुरबासू ॥६॥
सैल हिमाचल आदिक जेते ❀ चित्रकूटजसु गावहिं तेते ॥७॥
बिंधि मुदित मन सुखु न समाई ❀ श्रम बिनु बिपुल बड़ाई पाई ॥८॥

उदयाचल र अस्ताचल नाम भएका पर्वतराज, कैलास मन्दर सुमेरु आदि गरेका देवताका निवास भएका पर्वत र हिमाचल आदि गरेका जति पर्वत छन्, ती ती चित्रकूटपर्वतको जस गाउँथे ॥ ६ ॥ ७ ॥ विन्ध्याचल-पर्वत हर्षित थिए, तिनका मनमा हर्ष अटाउँदैनथ्यो (किनभने तिनले) विनापरिश्रम खूब इज्जत पाए (अनेक कोटि ब्रह्माण्डपति रघुनाथजीले विन्ध्यपर्वतका चित्रकूट नाउँ गरेको शिखरमा वास गर्नुभयो भन्ने ठूलो प्रतिष्ठा पाए) ॥ ८ ॥

दोहा—चित्रकूट के बिहग मृग बेलि बिटप तृन जाति ।
पुन्यपुंज सब धन्य अस कहहिं देव दिन राति ॥१३४॥

देवताहरू दिनरात "चित्रकूटका पक्षी, मृग, जात जातका लहरा, वृक्ष, तृणहरूको सबै पुण्यसमूह यस्तो धन्य रहेछ" भन्दथे ॥ १३४ ॥

चौ०—नयनवंत रघुबरहि बिलोकी ❀ पाइ जनमफल होहिं बिसोकी ॥१॥
परसि चरनरज अचर सुखारी ❀ भये परम पद के अधिकारी ॥२॥

आँखा भएका यावत् प्राणीहरू रघुनाथजीलाई देख्न पाएर जन्मको फल पाउँदा शोकरहित भए ॥ १ ॥ स्थावर योनिका तृण-गुल्म-लता-वृक्षहरू पनि रामजीका चरणका धूलाको स्पर्श गर्दैमा मुक्तिपदका अधिकारवाला र सुखी भए ॥ २ ॥

सो बनु सैलु सुभाय सुहावन ❀ मंगलमय अतिपावन पावन ॥३॥
महिमा कहिअ कवन बिधि तासू ❀ सुखसागर जहँ कीन्ह निवासू ॥४॥

ती वन र पर्वत स्वभावैले सुन्दर मंगलमय, पवित्रमा अति पवित्र थिए ॥ ३ ॥ तिनको महिमा कुन तरहले बयान गरौं ?, जहाँ सुखसागर भगवान् रघुनाथजीले निवास गर्नुभयो ॥ ४ ॥

पयपयोधि तजि अवध बिहाई ❀ जहँ सिय लखनु रामु रहे आई ॥५॥
कहि न सकहिं सुषमा जसि कानन ❀ जौं सत सहस होहिं सहसानन ॥६॥

क्षीरसागरलाई छाडेर, अयोध्यालाई छाडेर स्वयं आईकन जहाँ सीता लक्ष्मणसहित रघुनाथजी राज भयो, ॥ ५ ॥ त्यस जंगलको शोभा जस्तो थियो त्यसको वर्णन गर्न हजार मुख भएका शेष लाखवटा भए पनि सक्तैनन् , ॥ ६ ॥

सो मैं बरनि कहौं बिधि केहीं ❀ डाबरकमठ कि मंदर लेहीं ॥७॥
सेवहिं लखनु करम मन बानी ❀ जाइ न सीलु सनेहु बखानी ॥८॥

त्यो शोभालाई म कुनविधिले वर्णन गरेर भनौं ? के पोखरीको ठोटरी (कछुवा) मन्दरपर्वतलाई उचालेर लिन सक्तछ र ? ॥ ७ ॥ लक्ष्मणजी कर्म-मन-वचनले रामजीको सेवा गर्नुहुन्थ्यो, उहाँको शीलस्वभाव-स्नेह वर्णन गर्न सकिदैन ॥ ८ ॥

दोहा–छिनु छिनु लखि सिय राम पद जानि आपु पर नेहु ।
करत न सपनेहुँ लखनु चित बंधु मातु पितु गेहु ॥१३५॥

क्षण क्षणमा सीताजी र रघुनाथजीका चरण देखन पाउँदा आफ्ना उपर उहाँहरूको स्नेह थाहा पाउँदा लक्ष्मणजीले सपनामा पनि दाज्यू-भाई आमा-बाबु घरद्वारलाई चित्तले संझनुभएन ॥ १३५ ॥

चौ०–रामसंग सिय रहति सुखारी ❀ पुर परिजन गृह सुरति बिसारी ॥१॥
छिनु छिनु पिय बिधु बदनु निहारी ❀ प्रमुदित मनहुँ चकोरकुमारी ॥२॥
नाहनेहु नित बढ़त बिलोकी ❀ हरषित रहति दिवस जिमि कोकी ॥३॥
सियमनु रामचरन अनुरागा ❀ अवध सहस सम बनु प्रिय लागा ॥४॥

सीताजी राजधानी अयोध्या, नोकर-चाकर, इष्ट-मित्र, घर-द्वारको सुद्धि-बुद्धि बिर्सेर रामजीका साथले आनन्दिनी रहनुहुन्थ्यो ॥ १ ॥ छिन छिनमा प्रिय रघुनाथजीका मुखरूपी चन्द्रमाको दर्शन पाउँदा चकोरकी बच्ची नै हुन् कि (भन्ने भान पर्ने गरी) आनन्दित हुनुहुन्थ्यो ॥ २ ॥ आफ्ना स्वामी रामचन्द्रजीको प्रेम नित्य बढ्दै गएको देखेर दिनकी (दिउँसोकी) चक्रवाकीजस्तै हर्षित हुनुहुन्थ्यो ॥ ३ ॥ सीताजीको मन रामजीका चरणमा अनुरक्त (प्रेमी) थियो, (त्यसो हुनाले) वन पनि उहाँलाई हजार अयोध्याजी जत्तिकै प्यारो लाग्यो ॥ ४ ॥

परनकुटी प्रिय प्रियतम संगा ❀ प्रिय परिवारु कुरंग बिहंगा ॥५॥
सासु ससुर सम मुनितिय मुनिबर ❀ असनु अमिअ सम कंद मूल फर ॥६॥

प्रियतम (रामजी) साथमा हुनाले पर्णशाला पनि सीताजीको प्रिय थियो । मृग र पक्षीहरू परिवारजत्तिकै प्रिय थिए ॥ ५ ॥ मुनिपत्नीहरू सासू जत्तिकै, मुनीश्वरहरू ससुरा जत्तिकै प्रिय थिए । कन्द-मूल-फलको आहार पनि अमृत जत्तिकै मीठो लाग्दथ्यो ॥ ६ ॥

नाथसाथ साँथरी सुहाई ❀ मयनसयन सय सम सुखदाई ॥७॥
लोकप होहिं बिलोकत जासू ❀ तेहि कि मोहि सक बिषय बिलासू ॥८॥

आफ्ना नाथका साथमा रहन पाउँदा साथरी (झार पातको बिछ्याउना) पनि सीताजीलाई राम्रो र कामदेवका सय (१००) डसना जत्तिकै सुखदायी भए ॥ ७ ॥ जसले हेरिदिंदा (जसका कृपा-कटाक्ष पर्दा) साधारण प्राणी लोकपाल हुन्छ ती (आदिशक्ति महालक्ष्मीस्वरूपिणी) सीतालाई विषयका चमकदमकले भुलाउन सक्ने हो र ? ॥ ८ ॥

दोहा–सुमिरत रामहिं तजहिं जन तृन सम बिषय बिलासु ।
रामप्रिया जगजननि सिय कछु न आचरजु तासु ॥१३६॥

जुन श्रीरामजीलाई संझदा भक्तजनहरू विषयभोगविलासलाई तृणसमान संझेर छाड्छन्, उनै रामजीकी प्यारी जगज्जननी जानकीजीका हकमा (विषयभोगविलास त्याग गर्नु) केही आश्चर्य होइन ॥ १३६ ॥

चौ०–सीय लखनु जेहि बिधि सुखु लहहीं ❀ सोइ रघुनाथु करहिं सोइ कहहीं ॥१॥
कहहिं पुरातन कथा कहानी ❀ सुनहिं लखनु सिय अति सुखु मानी ॥२॥

जुन तरहले सीताजी र लक्ष्मणजी आनन्द पाउनुहुन्थ्यो, रघुनाथजी त्यही काम गर्नुहुन्थ्यो, त्यही कुरा गर्नुहुन्थ्यो ॥ १ ॥ रघुनाथजी प्राचीन कथाकहानी भन्नुहुन्थ्यो, सीताजी र लक्ष्मणजी अत्यन्त आनन्द मानेर सुन्नुहुन्थ्यो ॥ २ ॥

जब जब रामु अवधसुधि करहीं ❀ तब तब बारि बिलोचन भरहीं ॥३॥
सुमिरि मातु पितु परिजन भाई ❀ भरत सनेहु सीलु सेवकाई ॥४॥
कृपासिंधु प्रभु होहिं दुखारी ❀ धीरजु धरहिं कुसमउ बिचारी ॥५॥

रघुनाथजी जब जब अयोध्याको स्मरण गर्नुहुन्थ्यो, तब तब उहाँका नजरमा पानी (आँसु) भरिन्थ्यो ॥ ३ ॥ माता-पिता, इष्टमित्र, नोकरचाकर, भाईहरू, भरतको शीलस्वभाव–सेवा ॥ ४ ॥ यिनलाई संझँदा करुणासागर रघुनाथजी दुःखित हुनुहुन्थ्यो (तर) कुसमय (दुःख मान्न नहुने बखत) विचार गरीकन धैर्य धारण गर्नुहुन्थ्यो ॥ ५ ॥

लखि सिय लखनु बिकल होइ जाहीं ❀ जिमि पुरुषहि अनुसर परिछाहीं ॥६॥
प्रिया बंधु गति लखि रघुनंदनु ❀ धीर कृपाल भगत उर चंदनु ॥७॥
लगे कहन कछु कथा पुनीता ❀ सुनि सुखु लहहिं लखनु अरु सीता ॥८॥

जसरी छाया मानिसका अनुसारै रहन्छ (मानिसले जे गर्‍यो छाया उही गर्छ) त्यसै गरी रघुनाथजीले दुःख मानेको देखेर सीताजी र लक्ष्मणजी व्याकुल भइहाल्नुहुन्थ्यो ॥ ६ ॥ स्त्रीको र भाईको त्यस्तो गति (प्रकृति) देखेर भक्तजनहृदयचन्दन करुणासागर रघुनन्दन धीर हुनुभयो (दुःखको प्रकाश नगरीकन गंभीर रहनुभयो) ॥ ७ ॥ अनि पवित्र केही कथा भन्न लाग्नुभयो, त्यो सुनेर लक्ष्मणजी र सीताजी आनन्दित हुनुभयो ॥ ८ ॥

दोहा–रामु लखन सीता सहित सोहत परननिकेत ।
जिमि बासव बस अमरपुर सची जयंत समेत ॥१३७॥

पर्णशालामा लक्ष्मण र सीतासहित रहेका रघुनाथजी अमरनगरी (अमरावती) मा इन्द्राणी र जयन्त (स्वपुत्र) ले सहित भई रहेका इन्द्रझैं शोभायमान हुनुहुन्थ्यो ॥ १३७ ॥

चौ०–जोगवहिं प्रभु सिय लखनहि कैसें ❀ पलक बिलोचनगोलक जैसें ॥१॥
सेवहि लखनु सीय रघुबीरहि ❀ जिमि अबिबेकी पुरुष सरीरहि ॥२॥
येहि बिधि प्रभु बन बसहिं सुखारी ❀ खग मृग सुर तापस हितकारी ॥३॥
कहेउ राम बनगवनु सुहावा ❀ सुनहु सुमंत्र अवध जिमि आवा ॥४॥

पलकले नेत्रका गोलको जसरी रक्षा गर्दछ, श्रीरामजीले सीता र लक्ष्मणको त्यसै गरी रक्षा गर्नुहुन्थ्यो ॥ १ ॥ अविवेकी (अज्ञानी) पुरुषले आफ्ना शरीरको सेवा (हिफाजत) गरेझैं लक्ष्मणजीले सीताजी र रामजीको सेवा (हिफाजत) गर्नुहुन्थ्यो ॥ २ ॥ यस्ता प्रकारले पक्षी, मृग, देवता, तपस्वीहरूको हित गर्दै प्रभु रघुनाथजी सुखी भएर वनमा बस्नुभयो ॥ ३ ॥ रघुनाथजीका वनगमनको सुन्दर वृत्तान्त वर्णन गरें, अब (श्रृङ्गवेरपुरबाट) सुमन्त्र मन्त्री जसरी अयोध्या आए त्यो वृत्तान्त सुन ॥ ४ ॥

फिरेउ निषादु प्रभुहि पहुँचाई ❀ सचिव सहित रथ देखेसि आई ॥५॥
मंत्री बिकल बिलोकि निषादू ❀ कहि न जाइ जस भयेउ बिषादू ॥६॥

प्रभुजीलाई पुऱ्याएर निषाद (गुह) फर्के, आएर (उही यमुनातीरमा) मन्त्री (सुमन्त्र) सहित भएको रथलाई देखे ॥ ५ ॥ व्याकुल भइरहेका सुमन्त्र मन्त्रीलाई देख्ता निषादराज (गुह) लाई जस्तो विषाद (दुःख) भयो, त्यो वर्णन गर्न सकिदैन ॥ ६ ॥

राम राम सिय लखनु पुकारी ❀ परेउ धरनितल ब्याकुल भारी ॥७॥
देखि दखिन दिसि हय हिहिनाहीं ❀ जनु बिनु पंख बिहग अकुलाहीं ॥८॥

(सुमन्त्र-) हा राम ! हा राम ! हा सीते ! हा लक्ष्मण ! यस्ता प्रकारले चिच्याउँदै अत्यन्त व्याकुल भएर जमीनमा पछारिइरहेका छन् ॥ ७ ॥ घोड़ाहरू दक्षिणतर्फ (रामजी जानुभएका दिशापट्टि) हेरेर हिनहिनाहट गर्दछन्, पखेटाविनाका (पखेटा उखेलिएका) पक्षीझैं छटपटाइरहेका छन् ; ॥ ८ ॥

दोहा–नहि तृनु चरहिं न पिअहिं जलु मोचहिं लोचन बारि ।
ब्याकुल भये निषाद सब रघुबरबाजि निहारि ॥१३८॥

घाँस खाँदैनन्, पानी पिउँदैनन्, आँखाबाट पानी गिराइरहेका छन्, रघुनाथजीका सबै घोडालाई यस्तो अवस्थामा रहेका देखेर निषाद (गुह) व्याकुल भए ॥ १३८ ॥

चौ०–धरि धीरजु तब कहइ निषादू ❀ अब सुमंत्र परिहरहु बिषादू ॥१॥
तुम्ह पंडित परमारथग्याता ❀ धरहु धीर लखि बिमुख बिधाता ॥२॥

३२-क

अनि धैर्यधारण गरेर निषादले भन्न लागे—"हे मन्त्रिवर ! सुमन्त्र ! अब विषाद छाड्नुहोस् ॥ १ ॥ तपाईं परमार्थ जान्ने विद्वान् हुनुहुन्छ, विधातालाई विमुख भएको देखेर धैर्यधारण गर्नुहोस् ॥ २ ॥

बिबिध कथा कहि कहि मृदु बानी ❀ रथ बैठारेउ बरबस आनी ॥३॥
सोकसिथिल रथु सकै न हाँकी ❀ रघुबरबिरह पीर उर बाँकी ॥४॥

मीठा वचनले नाना प्रकारका कुरा गरीगरीकन जिनतिन समातेर ल्याईकन (गुहले सुमन्त्रलाई) रथमा बसाए ॥ ३ ॥ (तर) शोकले शिथिल भएका ती सुमन्त्रले रथ हाँक्न सकेनन् , तिनका हृदयमा रघुनाथजीका विरहको पीडा टेढो (भयङ्कर) थियो ॥ ४ ॥

चरफराहिं मग चलहिं न घोरे ❀ बनमृग मनहुँ आनि रथ जोरे ॥५॥
अढुकि परहिं फिरि हेरहिं पीछें ❀ रामबियोग बिकल दुख तीछें ॥६॥

घोडाहरू पनि चटपटाउने, बाटामा नचल्ने, मानौं वनका मृग ल्याएर (भर्खर) रथमा जोतेका हुन् कि (भनेजस्ता) अडेर पछारिने, फर्केर पछिल्तिर हेर्ने, रामजीका वियोगको कड़ा दुःखले व्याकुल भएका थिए ॥ ५ ॥ ६ ॥

जो कह रामु लखनु बैदेही ❀ हिंकरि हिंकरि हित हेरहिं तेही ॥७॥
बाजिबिरह गति किमि कहि जाती ❀ बिनु मनि फनिक बिकल जेहिं भाँती ॥८॥

जसले राम लक्ष्मण सीता भन्दथ्यो, घोड़ाहरू हिनहिनाएर त्यसैलाई हेर्दथे ॥ ७ ॥ घोड़ाहरूको विरहावस्था कसरी भन्न सकिन्छ ?, नागहरू मणिविना (मणि हराउँदा) जुन प्रकारले व्याकुल हुन्छन् (रामजीले छाड्दा घोडा त्यस्तै भए) ॥ ८ ॥

दोहा–भयेउ निषादु बिषादबस देखत सचिवतुरंग ।
बोलि सुसेवक चारि तब दिये सारथी संग ॥१३९॥

मन्त्री सुमन्त्र र घोडालाई देख्ता निषाद विषादवश भए । अनि चारजना आफ्ना होशियार नौकर बोलाएर सारथि (सुमन्त्र) का साथमा दिए ॥ १३९ ॥

चौ०–गुह सारथिहि फिरेउ पहुँचाई ❀ बिरहु बिषादु बरनि नहि जाई ॥१॥
चले अवध लइ रथहि निषादा ❀ होहिं छनहिं छन मगन बिषादा ॥२॥

गुह सुमन्त्र सारथिलाई (केही पर) पुऱ्याएर फर्के, तिनको विरहको दुःख वर्णन गर्न सकिदैन ॥ १ ॥ गुहले खटाएका निषादहरू रथ लिएर अयोध्यातर्फ गए, तिनीहरू छिन छिनमा दुःखमगन (दुःखमा डुबेका) हुन्थे ॥ २ ॥

सोच सुमंत्र बिकल दुख दीना ❀ धिग जीवन रघुबीर विहीना ॥३॥
रहिहि न अंतहु अधमु सरीरू ❀ जसु न लहेउ बिछुरत रघुबीरू ॥४॥

सुमन्त्र दुःखले व्याकुल र उदास भईकन सोच्न लागे, "रघुवीरविना बाँच्नु धिक्कार हो ? ॥ ३ ॥ यो अधम शरीर आखिर रहने होइन, रघुवीरसँग विछोड हुँदा यसले जस पाएन

(रघुनाथजीसँग छुट्टिदा झट्ट यो शरीर छुटेको भए ठूलो यश हुने थियो त्यो कुरा भएन अफसोस !) ॥ ४ ॥

भये अजस अघ भाजन प्राना ❀ कवन हेतु नहिं करत पयाना ॥५॥
अहह मन्द मनु अवसर चूका ❀ अजहुँ न हृदय होत दुइ टूका ॥६॥

प्राण अपजसका र पापका पात्र भए, यिनीहरू के कारणले प्रयाण गर्दैनन् ? (जाँदैनन्) ॥ ५ ॥ अफसोस छ ! मूर्ख हृदयले मौका चूक्यो, अझ पनि यो हृदय दुई टुक्रा हुँदैन ॥ ६ ॥

मीजि हाथ सिरु धुनि पछिताई ❀ मनहुँ कृपन धनरासि गवाई ॥७॥
बिरिद बाँधि बर बीरु कहाई ❀ चलेउ समर जनु सुभट पराई ॥८॥

दुई हात माडेर, शिर हल्लाएर मानौं धनको राशि गुमाउने कृपण हुन् कि (भन्ने भान पर्ने गरी) सुमन्त्र पछुताउन लागे ॥ ७ ॥ सुमन्त्र विरद बाँधेर (तक्मा पदक भिरेर) बड़ो बहादुर कहलाएर (पनि) युद्धबाट भागेर गएको महायोद्धाजस्ता भए ॥ ८ ॥

दोहा—बिप्र बिबेकी बेदबिद संमत साधु सुजाति ।
जिमि धोखें मदपान कर सचिव सोच तेहि भाँति ॥१४०॥

विवेकपूर्ण भएको, वेद जान्ने, सबैले मानिएको, श्रेष्ठ ब्राह्मण भोर परेर मदिरा पिउँदा जसरी अपशोच गर्दछ, सुमन्त्र पनि त्यसै गरी अपशोच गर्न लागे ॥ १४० ॥

चौ०—जिमि कुलीन तिय साधु सयानी ❀ पतिदेवता करम मन बानी ॥१॥
रहै करमबस परिहरि नाहू ❀ सचिवहृदय तिमि दारुन दाहू ॥२॥

कुलीन (ठूलो खानदानकी) असल, चतुर, वचन-मन-कर्मले पतिभक्ति भएकी, कोही स्त्रीका हृदयमा कर्मवश भएर पतिलाई छोडेर रहनुपर्दा (जसरी दारुण दाह हुन्छ) मन्त्री सुमन्त्रका हृदयमा त्यस्तै दारुण दाह भयो ॥ १ ॥ २ ॥

लोचन सजल डीठि भइ थोरी ❀ सुनइँ न श्रवन बिकल मति भोरी ॥३॥
सूखहिं अधर लागि मुह लाटी ❀ जिउ न जाइ उर अवधि कपाटी ॥४॥

(तिनका) नेत्र जलपूर्ण भए, आँखाको दर्शनशक्ति घट्यो, कानले सुन्न छाडे, बुद्धि स्मरणशक्ति नभएर व्याकुल भई ॥ ३ ॥ ओठ सुके, मुखमा पोतो लाग्यो, तैपनि प्राण निस्केन—(किनभने) चौध वर्षको अवधिरूप ढोका छातीमा थियो (हृदयबाट प्राण निस्कने थिए, चौध वर्षमा आइहाल्छन् भन्ने ख्यालले प्राण निस्कन दिएन, अर्थात् चौध वर्षको अवधिरूपी ढोका हृदयमा लागेको हुनाले प्राणले निस्कने बाटो पाएन) ॥ ४ ॥

बिबरन भयेउ न जाइ निहारी ❀ मारेसि मनहुँ पिता महतारी ॥५॥
हानि गलानि बिपुल मन ब्यापी ❀ जमपुरपंथ सोच जिमि पापी ॥६॥

तिनका शरीरको रंगरूप हेरी नसक्नु विवर्ण भयो, मानौं तिनले पिता-मातालाई

मारेको हो कि ? (भन्ने भान हुने गरी अँध्यारो मुख लाएका थिए) ॥ ५ ॥ तिनका मनलाई (नुक्सान) का ठूलो ग्लानिले व्याप्त गर्‍यो, ती यमनगरीका बाटामा झोक्राएको पापीजस्ता भए ॥ ६ ॥

बचनु न आव हृदय पछिताई ❀ अवध काह मैं देखब जाई ॥७॥
राम रहित रथु देखिहि जोई ❀ सकुचिहि मोहि बिलोकत सोई ॥८॥

तिनका मुखबाट बोली निस्कँदैनथ्यो, मनमा पछुताइरहेका थिए—"अब म अयोध्या पुगेर के देख्तछु ? ॥ ७ ॥ रामजीले रहित भएको रथ जसले देख्ला, त्यसले मेरो मुख हेर्दा संकोच मान्नेछ ॥ ८ ॥

दोहा—धाइ पूँछिहहिं मोहि जब बिकल नगर नर नारि ।
उतरु देब मैं सबहि तब हृदय बज्रु बैठारि ॥१४१॥

जब नगरका व्याकुल भएका नरनारीहरू दौडी दौडी आएर मलाई सोध्लान्, तब म ती सबैका हृदयमा वज्र बैठाएर उत्तर दिउँला ! ॥ १४१ ॥

चौ०—पूँछिहहिं दीन दुखित सब माता ❀ कहब काह मैं तिन्हहि बिधाता ॥१॥
पूँछिहि जबहिं लखनमहतारी ❀ कहिहौं कवन सँदेस सुखारी ॥२॥
रामजननि जब आइहि धाई ❀ सुमिरि बछु जिमि धेनु लवाई ॥३॥
पूँछत उतर देब मैं तेही ❀ गे बनु राम लखनु बैदेही ॥४॥

दीन दुःखी भएका रामजीका सबै माताहरू सोध्नेछन्, हे विधाता ! तिनीहरूलाई म के भनौंला ? ॥ १ ॥ लक्ष्मणजीकी माताले जब सोध्नुहोला, अनि म सुख संतोष गर्ने कुन सन्देश सुनाउँला ? ॥ २ ॥

रघुनाथजीकी माता भर्खर ब्याएकी बाछो संझेर हानिदै आउने गाईजस्तै जब दौडेर आउनुहोला ॥ ३ ॥ उहाँले सोद्धाखेरि म "राम लक्ष्मण सीता वन गए" यही उत्तर न दिउँला (हाय ! हाय !) ॥ ४ ॥

जोइ पूँछिहि तेहि ऊतरू देबा ❀ जाई अवध अब एहु सुखु लेबा ॥५॥
पूँछिहि जबहिं राउ दुखदीना ❀ जिवनु जासु रघुनाथ अधीना ॥६॥
देहौं उतरु कौनु मुहु लाई ❀ आएउँ कुसल कुअँर पहुँचाई ॥७॥
सुनत लखन सिय राम सँदेसू ❀ तृन जिमि तनु परिहरिहि नरेसू ॥८॥

जसले सोध्ला, त्यसलाई त्यही उत्तर दिनुपर्ला । अयोध्या पुगेर यही मज्जा लिनुपर्ला ॥ ५ ॥ जसको जीवन रघुनाथजीको अधीन छ, दुःखले उदास भएका उ महाराज जब सोध्नुहोला ॥ ६ ॥ तब म "कुमारहरूलाई जङ्गल पुर्‍याएर कुशलपूर्वक आएँ" यस्तो उत्तर कस्तो मुख लाएर दिउँला ? ॥ ७ ॥ लक्ष्मण सीता रामचन्द्रको सन्देश सुन्नेबित्तिकै महाराज दशरथ शरीरलाई तृणसमान गरेर छाड्नुहुनेछ ॥ ८ ॥

दोहा–हृदय न बिदरेउ पंक जिमि बिछुरत प्रीतमु नीरु ।
जानत हौं मोहि दीन्ह बिधि येहु जातनासरीरु ॥१४२॥

प्यारो पानीसँग बिछोड हुँदा जसरी हिलो पट्ट फाट्तछ, त्यसै गरी (प्यारा रामजी-हरूको बिछोड हुँदा) मेरों हृदय (कलेजा) फाटेन। म ठान्दछु कि विधाताले मलाई यो यातना शरीर (दुःख भोग्न दिएको नारकीय शरीरजस्तो शरीर) दिएको हो ॥ १४२ ॥

चौ०–येहि बिधि करत पंथ पछितावा ❀ तमसा तीर तुरत रथु आवा ॥१॥
बिदा किए करि बिनय निषादा ❀ फिरे पायँ परि बिकल बिषादा ॥२॥

यस्ता प्रकारसँग बाटामा सुमन्त्र पछितो गर्दै थिए, रथ चाँडै नै तमसा नदीका किनारमा आइपुग्यो ॥ १ ॥ सुमन्त्रले नम्रता गरेर (गुहले खटाएका) निषादहरूलाई बिदा दिए । दुःखले व्याकुल भएका तिनीहरू सुमन्त्रको पाउ परेर फर्के ॥ २ ॥

पैठत नगर सचिव सकुचाई ❀ जनु मारेसि गुर बाँभन गाई ॥३॥
बैठि बिटपतर दिवस गँवावा ❀ साँझ समय तब अवसरु पावा ॥४॥

सुमन्त्र शहरमा प्रबेश गर्दा मानौं गुरु, ब्राह्मण, गाई यिनलाई मार्ने खूनी हुन् कि ? (भन्ने भान पर्ने हिसाबले) संकुचित भए (झट्ट पस्न सकेनन्) ॥ ३ ॥ वृक्षमन्तिर बसेर दिन बिताए, अनि साँझका वेलामा मौका पाए ॥ ४ ॥

अवध प्रबेसु कीन्ह अँधियारें ❀ पैठ भवन रथु राखि दुआरें ॥५॥
जिन्ह जिन्ह समाचार सुनि पाए ❀ भूपद्वार रथु देखन आए ॥६॥

अँध्यारो भएपछि तिनले अयोध्यामा प्रवेश गरे । ढोकामा रथ राखेर राजमहलभित्र पसे ॥ ५ ॥ जसले जसले समाचार सुन्न पाए तिनीहरू (खाली छैन कि भन्ने आशाले) रथ हेर्न राजद्वारमा आए ॥ ६ ॥

रथु पहिचानि बिकल लखि घोरे ❀ गरहिं गात जिमि आतप ओरे ॥७॥
नगर नारि नर ब्याकुल कैसे ❀ निघटत नीर मीनगन जैसे ॥८॥

रथ पहिचान्दा (चिन्दा) व्याकुल भएका घोड़ा देख्ता नगरका नरनारीहरूका शरीर घामका असिनाजस्तै गल्न लागे ॥ ७ ॥ पानी निखँदा माछाहरू जस्ता (व्याकुल) हुन्छन् त्यस्तै (रित्तो रथ देख्ता) नरनारीहरू व्याकुल भए ॥ ८ ॥

दोहा–सचिव आगमनु सुनत सबु बिकल भयेउ रनिवासु ।
भवन भयंकरु लाग तेहि मानइँ प्रेतनिवासु ॥१४३॥

मन्त्री आएको सुनेर सबै अन्तःपुर व्याकुल भयो । त्यहाँका रानीहरूलाई राजमहल पनि मानौं श्मशान हो कि (भन्ने भान गराउने) भयंकर भयो ॥ १४३ ॥

चौ०–अति आरति सब पूँछहिं रानी ❀ उतरु न आव बिकल भइ बानी ॥१॥
सुनइँ न श्रवन नयन नहि सूझा ❀ कहहु कहाँ नृपु जेहि तेहि बूझा ॥२॥

सबै रानीहरू अत्यन्त पीडाले सोद्धथे, मुखबाट उत्तर निस्कँदैनथ्यो, वाणी व्याकुल भएकी थिइन् ॥ १ ॥ कानले सुन्दैनथे, आँखाले देख्तैनथे । तिनले जसतससँग "भन महाराज कहाँ ?" भनी सोधे ॥ २ ॥

दासिन्ह दीख सचिवबिकलाई ❀ कौसल्यागृह गईं लवाई ॥३॥
जाइ सुमंत्र दीख कस राजा ❀ अमिअ रहित जनु चंदु बिराजा ॥४॥

दासीहरूले मन्त्रीको व्याकुलता देखेर तिनलाई लिएर कौशल्याका महलमा गए ॥ ३ ॥ त्यहाँ गएपछि सुमन्त्रले राजालाई अमृतले रहित भईकन विराजमान भएका चन्द्रमाजस्ता देखे ॥ ४ ॥

आसन सयन बिभूषन हीना ❀ परेउ भूमितल निपट मलीना ॥५॥
लेइ उसास सोच येहि भाँति ❀ सुरपुर तें जनु खँसेउ जजाती ॥६॥

आसन, बिछ्याउना, गहना यिनले रहित भएका, खाली भुईँमा मलिन भएर पडिरहेका ॥ ५ ॥ मानौं–अमरावती (स्वर्गनगरी) बाट खसेका ययाति राजा हुन् कि ?" (क) (यस्ता प्रकारको भान पार्ने गरी) शोकको उच्छास (लामू सास) फेर्न लागेका ॥ ६ ॥

लेत सोच भरि छिनु छिनु छाती ❀ जनु जरि पंख परेउ संपाती ॥७॥
राम राम कह राम सनेही ❀ पुनि कह राम लखन बैदेही ॥८॥

छिन छिनमा शोकले छाती भर्न लागेका (मुटु फुट्छ कि भन्ने हालतसम्म पुगेको शोक वेगलाई हृदयमा राख्न लागेका) मानौं पखेटा जलेर भुईँमा पछारिएका संपाति हुन् कि भन्ने भान पार्ने (राजा दशरथलाई देखे) रामचन्द्रमा अत्यन्त प्रेम गर्ने, ती राजा दशरथ ॥ ७ ॥ राम ! राम ! भनेर, फेरि राम ! लक्ष्मण ! सीते ! भन्दै थिए ॥ ८ ॥

दोहा–देखि सचिव जय जीव कहि कीन्हेउ दंड प्रनामु ।
सुनत उठेउ ब्याकुल नृपति कहु सुमंत्र कहँ रामु ॥१४४॥

यस्ता राजालाई देखेपछि सुमन्त्रले महाराजको जय, जीव महाराज !" भनेर दण्डवत् प्रणाम गरे । मन्त्रीको बोली सुन्नाका साथ व्याकुल भएका राजा "भन सुमन्त्र ! राम कहाँ छन्" भन्दै उठे ॥ १४४ ॥

चौ०–भूप सुमंत्रु लीन्ह उर लाई ❀ बूड़त कछु अधार जनु पाई ॥१॥
सहित सनेह निकट बैठारी ❀ पूँछत राउ नयन भरि बारी ॥२॥

(क) राजा ययाति ठूला ठूला पुण्यकर्म गर्नाले स्वर्गमा इन्द्रका साथसाथ उत्तिकै इज्जत पाएर रहन्थे, ईर्ष्यावश भएका इन्द्रले कपटको प्रेम देखाएर "महाराज ! ययाते ! तपाईंले कुन कुन ठूला ठूला पुण्य कर्म गर्नुभएको थियो ? मलाई बताउनुहोस् न" भनी सोधे । सीधा प्रकृतिका ययाति राजाले आफूले गरेका सबै पुण्यकर्मको बखान गरे । "पुण्यं क्षरति कीर्तनात्" यो वचनानुसार आफूले गरेका पुण्यकर्मको आफैले बखान गर्दा तिनका पुण्य सबै क्षीण भए, अनि ती तुरन्तै स्वर्गबाट च्युत भए ।

राजा दशरथले डुब्न लागेका वेलामा केही आधार पाएमा झैं सुमन्त्रलाई छाती लगाए ॥ १ ॥ स्नेहसहित भएर नगीचै बसाए, अनि आँखाभरी पानी गरेर सोध्न लागे ॥ २ ॥

रामकुसल कहु सखा सनेही ❀ कहँ रघुनाथ लखनु बैदेही ॥३॥
आने फेरि कि बनहि सिधाए ❀ सुनत सचिवलोचन जल छाए ॥४॥

“हे प्रेमी मित्र ! रामजीको कुशल भन, रघुनाथ लक्ष्मण सीता कहाँ छन् ? ॥ ३ ॥ फर्काएर ल्यायौ कि जंगलतर्फ गए”, यस्तो राजाको वचन सुन्दा मन्त्रीका नजरमा जल भरियो ॥ ४ ॥

सोकविकल पुनि पूँछ नरेसू ❀ कहु सिय राम लखन सँदेसू ॥५॥
राम रूप गुन सील सुभाऊ ❀ सुमिरि सुमिरि उर सोचत राऊ ॥६॥
राज सुनाइ दीन्ह बनबासू ❀ सुनि मन भयेउ न हरषु हराँसू ॥७॥
सो सुत बिछुरत गए न प्राना ❀ को पापी बड़ मोहि समाना ॥८॥

शोकले व्याकुल भएका राजा फेरि “सीता राम लक्ष्मणको सन्देश भन” भनी सोध्दथे ॥ ५ ॥ रामका रूप, शीलस्वभाव, हृदयले संझी संझी अपशोच गर्दथे ॥ ६ ॥ राज्य दिन्छु भनेर सुनाईकन वनवास दिएँ, दुवै कुरा सुन्दा जसका मनमा हर्ष र विषाद भएन ॥ ७ ॥ त्यस्ता पुत्रको बिछोड हुँदा पनि प्राण गएनन्, म समानको ठूलो पापी को होला ? ॥ ८ ॥

दोहा–सखा रामु सिय लखनु जहँ तहाँ मोहि पहुँचाउ ।
नाहि त चाहत चलन अब प्रान कहौं सतिभाउ ॥१४५॥

हे मित्र ! राम सीता लक्ष्मण जहाँ छन्, मलाई त्यहाँ पुऱ्याऊ, होइनभने अब मेरा प्राण जान चाहन्छन्, म साँचो भन्दछु ॥ १४५ ॥

चौ०–पुनि पुनि पूँछत मंत्रिहि राऊ ❀ प्रियतम सुअन सँदेस सुनाऊ ॥१॥
करहि सखा सोइ बेगि उपाऊ ❀ रामु लखनु सिय नयन देखाऊ ॥२॥

राजा मन्त्रीसँग वारंवार “मेरा अति प्रिय पुत्रहरूको सन्देश सुनाऊ” भनेर सोध्दथे (मन्त्री बोल्न सक्तैनथे) ॥ १ ॥ (फेरि राजा–) “हे मित्र ! त्यही उपाय चाँडो गर र राम लक्ष्मण सीतालाई यिनै आँखाले देखाऊ” (भन्दथे) ॥ २ ॥

सचिउ धीर धरि कह मृदु बानी ❀ महाराज तुम्ह पंडित ग्यानी ॥३॥
बीर सुधीर धुरंधर देवा ❀ साधुसमाजु सदा तुम्ह सेवा ॥४॥

अनि सुमन्त्र मन्त्रीले धैर्य धारण गरेर कोमल वचन बोले । हे महाराज ! हजूर विवेकवान् ज्ञानी हुनुहुन्छ ॥ ३ ॥ हजूर वीर-धुरन्धर र धीर-धुरन्धर हुनुहुन्छ । हजूरले सदा सर्वदा साधुसमाजको सेवा गर्नुभएको छ ॥ ४ ॥

जनम मरन सब दुख सुख भोगा ❀ हानि लाभु प्रिय मिलन बियोगा ॥५॥
काल करम बस होहिं गोसाईं ❀ बरबस राति दिवस की नाईं ॥६॥

हे स्वामी ! जन्म, मरण, सुखभोग, दुःखभोग, हानि, लाभ, प्रियसंयोग, प्रियवियोग,

यी सबै कुरा काल र प्राक्तनकर्मका अधीनमा रहेर रात्रि र दिन जस्तै भई बराबर फिरिरहेका हुन्छन् ॥ ५ ॥ ६ ॥

सुख हरषहिं जड़ दुख बिलखाहीं ❀ दोउ सम धीर धरहिं मन माहीं ॥७॥
धीरजु धरहु बिबेक बिचारी ❀ छाड़िअ सोचु सकल हितकारी ॥८॥

हे सकलहितकारी महाराज ! मूर्खहरू सुखमा हर्षित हुन्छन्, दुःखमा बिलखबन्द पर्दछन् (विषादयुक्त हुन्छन्) ॥ ७ ॥ धीरहरू सुख दुःख दुवैलाई समताले हृदयमा राख्तछन् । विवेकपूर्वक विचार गरेर धैर्यलाई धारण गर्नुहोस् शोकलाई छाड्नुहोस् ॥ ८ ॥

दोहा—प्रथम बासु तमसा भएउ दूसर सुरसरि तीर ।
न्हाइ रहे जलपानु करि सिय समेत दोउ बीर ॥१४६॥

पहिलो वास तमसानदीका किनारामा भयो, दोस्रो वास गङ्गाजीका तीरमा । सीता समेत दुवै वीरहरू नुहाएर (फगत) जल मात्रै पिएर रहनुभयो ॥ १४६ ॥

चौ०—केवट कीन्ह बहुत सेवकाई ❀ सो जामिनि सिंगरौर गवाई ॥१॥
होत प्रात बटछीरु मगावा ❀ जटामुकुट निज सीस बनावा ॥२॥

गुहले खूब सेवा गरे । त्यो रात शृङ्गवेरपुरमा बिताउनुभयो ॥ १ ॥ भोलिपल्ट बिहान बरको दूध मगाउनुभयो र आफ्ना शिरमा जटामुकुट बनाउनुभयो ॥ २ ॥

रामसखा तब नाव मगाई ❀ प्रिया चढ़ाइ चढ़े रघुराई ॥३॥
लखन बान धनु धरे बनाई ❀ आपु चढ़े प्रभु आयेसु पाई ॥४॥

अनि रामचन्द्रका मित्र (गुह) ले नाउ मगाए, त्यसमा प्रिया (सीता) लाई चढ़ाएर रघुनाथजी पनि चढ़नुभयो ॥ ३ ॥ अनि हातमा धनुर्बाण लिएका लक्ष्मणजी प्रभुको आज्ञा पाएर चढ़नुभयो ॥ ४ ॥

बिकल बिलोकि मोहि रघुबीरा ❀ बोले मधुर बचन धरि धीरा ॥५॥
तात प्रनामु तात सन कहेहू ❀ बार बार पद पंकज गहेहू ॥६॥

मलाई व्याकुल भएको देखेर, धैर्य धारण गरेर रघुनाथजीले मधुर वचन बोल्नुभयो—"हे तात ! पिताजीलाई प्रणाम विन्ति गर्नुहोला, (मेरातर्फबाट) वारंवार पाउ सरात्नु (ढोग्नु) होला ॥ ५ ॥ ६ ॥

करबि पायँ परि बिनय बहोरी ❀ तात करिअ जनि चिंता मोरी ॥७॥
बनमग मंगल कुसल हमारें ❀ कृपा अनुग्रह पुन्य तुम्हारें ॥८॥

फेरि पाउ परेर विन्ति गर्नुहोला "हे तात ! मेरो फिक्री नगर्नुहोला ॥ ७ ॥ हजूरका कृपाले र पुण्यप्रतापले हाम्रो कुशल मङ्गल छ ॥ ८ ॥

छन्द—तुम्हरें अनुग्रह तात कानन जात सब सुख पाइहौं ।
प्रतिपालि आयसु कुसल देखन पाय पुनि फिरि आइहौं ॥

जननी सकल परितोषि परि परि पायँ कर बिनती घनी ।
तुलसी करेहु सोइ जतनु जेहिं कुसली रहहिं कोसलधनी ॥६॥

हे तात ! हजूरका अनुग्रहले म वन जाँदा सबै सुख पाउनेछु, आज्ञाको पालन गरेर कुशलपूर्वक फेरि पाउको दर्शन गर्न आउनेछु," (यति विन्ति गर्नुहोला) पाउ परीपरीकन सबै जननीहरूलाई प्रसन्न पारेर धेरै विन्ति गर्नुहोला । (तुलसीदास भन्दछन्) त्यही यत्न (कोशिश) गर्नुहोला जसले कोशलराज (महाराज = पिताजी) कुशल रहनुहवोस् ॥ ६ ॥

सोरठा–गुर सन कहब सँदेसु बार बार पद पदुम गहि ।
करब सोइ उपदेसु जेहिं न सोच मोहि अवधपति ॥६॥

बारंवार चरणकमल पक्डेर (ढोगेर) गुरु (वशिष्ठ) जीसँग मेरो सन्देश भन्नुहोला कि–"त्यही उपदेश गर्नुहोला, जेले अवधाधिराज (पिताजी) मेरो शोक नगर्नुहोला" ॥ ६ ॥

चौ०–पुरजन परिजन सकल निहोरी ❀ तात सुनायेहु बिनती मोरी ॥१॥
सोइ सब भाँति मोर हितकारी ❀ जा तें रह नरनाहु सुखारी ॥२॥

हे तात ! नगरनिवासीहरू र नोकरचाकरहरूसँग नम्रतापूर्वक मेरा तर्फबाट बिन्ति सुनाउनुहोला ॥ १ ॥ त्यही मानिस मेरो सब तरहले हितकारी हो, जसबाट महाराज पिताजी सुखी रहनुहोला" ॥ २ ॥

कहब सँदेसु भरत के आएँ ❀ नीति न तजिअ राजपदु पाएँ ॥३॥
पालेहु प्रजहि करम मन बानी ❀ सेएहु मातु सकल सम जानी ॥४॥

भरत आएपछि मेरो सन्देश भन्नुहोला कि–"भाई ! राजपद पाएपछि नीति नछाडे, ॥ ३ ॥ कर्म-मन-वचनले प्रजाको पालना गरे । सबै माताहरूलाई समान सम्झेर सेवा गरे ॥ ४ ॥

ओर निबाहेहु भायप भाई ❀ करि पितु मातु सुजन सेवकाई ॥५॥
तात भाँति तेहि राखब राऊ ❀ सोच मोर जेहिं करइ न काऊ ॥६॥

औ भाई ! पिता–माता सज्जनको सेवा गरेर भ्रातृभाव (भाईपना) को निर्वाह गरे (भाईपनालाई कायम राखे) ॥ ५ ॥ बाबु ! भरत ! महाराजलाई त्यस तरीकाले राखे जसमा वहाँलाई मेरो केही फिक्री नपरोस् ॥ ६ ॥

लखन कहे कछु बचन कठोरा ❀ बरजि राम पुनि मोहि निहोरा ॥७॥
बार बार निज सपथ देवाई ❀ कहबि न तात लखनलरिकाई ॥८॥

लक्ष्मणले केही कडा वचन बोलेका थिए, रामजीले उनलाई हटकेर, बारंवार

आफ्नो शपथ गर्न लगाएर "हे तात! लक्ष्मणको लडकपना नभन्नुहोला भनी मलाई मनाउनुभयो ॥ ७॥ ८॥

दोहा–कहि प्रनामु कछु कहन लिय सिय भइ सिथिल सनेह।
थकित बचन लोचन सजल पुलक पल्लवित देह ॥१४७॥

सीताजी "प्रणाम" यत्ति भनेर केही भन्न लाग्नुभएको थियो, स्नेहले वहाँको शरीर शिथिल भयो, बोली रोकियो, आँखा जलपूर्ण भए, शरीरमा रोमाञ्च फैलियो ॥ १४७॥

चौ०–तेहि अवसर रघुबररुख पाई ❀ केवट पारहि नाव चलाई ॥१॥
रघुकुलतिलक चले येहि भाँति ❀ देखउँ ठाढ़ कुलिस धरि छाती ॥२॥

त्यसै बखतमा रघुनाथजीको आशय पाएर माझीले नाउलाई पारितर्फ हिंडाए ॥ १॥ महाराज! यस्ता तरहले रघुकुलतिलक रामजी पाल्नुभयो। वज्र जस्तो छाती राखेर (छातीलाई वजजस्तो कडा पारेर) खडा रहेर मैले त्यो दृश्य हेरें ॥ २॥

मैं आपन किमि कहउँ कलेसू ❀ जिअत फिरेउँ लेइ रामसँदेसू ॥३॥
अस कहि सचिव बचन रहि गयेऊ ❀ हानि गलानि सोच बस भयेऊ ॥४॥

"म आफ्नो क्लेश कसरी विन्ति गरूँ?, रामजीको सन्देश लिएर जीउँदै फर्कें ॥ ३॥ यस्तो वचन बोलेपछि मन्त्री (सुमन्त्र) टप्प अडिए। इष्टहानि, मन र शरीरको ग्लानि, शोक, यी ४ उपद्रवका वश भए (बोल्न सकेनन्) ॥ ४॥

सूतबचन सुनतहिं नरनाहू ❀ परेउ धरनि उर दारुन दाहू ॥५॥
तलफत बिषम मोह मन मापा ❀ माँजा मनहुँ मीन कहुँ ब्यापा ॥६॥

सारथी (सुमन्त्र) का वचन सुन्दा सुन्दै हृदयमा कठोर दाह भयो र राजा दशरथ जमीनमा गिरे ॥ ५॥ छटपटाउन लागे। मनमा महाघोर मोहले घेरा दियो, मानौं माँजाले (वर्षातका रोगले) व्याप्त भएका माछा हुन् कि (भनेजस्ता भए) ॥ ६॥

करि बिलाप सब रोवहिं रानी ❀ महा बिपति किमि जाइ बखानी ॥७॥
सुनि बिलाप दुखहू दुखु लागा ❀ धीरजहू कर धीरजु भागा ॥८॥

सबै रानी विलाप गरेर रुन लागे, त्यो महाविपत्तिको वर्णन गर्न कसरी सकिन्छ? ॥ ७॥ त्यो विलाप सुनेर खास दुःखलाई पनि दुःख लाग्यो, धैर्यको धैर्य पनि भाग्यो ॥ ८॥

दोहा–भयेउ कोलाहलु अवध अति सुनि नृपराउर सोरु।
बिपुल बिहग बन परेउ निसि मानहु कुलिस कठोरु ॥१४८॥

राजमहलमा भारी शोर (हल्लखल्ल) मच्चिंदा अयोध्याभरी कोलाहल भयो। मानौं-पक्षीहरूको निवास भएका वनमा राती कडा वज्र परेको हो कि? (भनेजस्तो भयो) ॥ १४८॥

चौ०–प्रान कंठगत भयेउ भुआलू ❀ मनि बिहीन जनु ब्याकुल ब्यालू ॥१॥
इन्द्री सकल बिकल भईं भारी ❀ जनु सर सरसिजबनु बिनु बारी ॥२॥

राजाका प्राण कंठगत भए, (ती) मणिहीन भएका (मणि हराएका) नाग जस्ता व्याकुल भए ॥ १ ॥ तिनका सबै इन्द्रिय खूब शिथिल भए, र ती पानी नभएका तलाउको कमलका वन जस्ता हुन गए ॥ २ ॥

कौसल्याँ नृपु दीख मलाना ❀ रबिकुल रबि अँथएउ जियँ जाना ॥३॥
उर धरि धीर राममहतारी ❀ बोली बचन समय अनुसारी ॥४॥

कौशल्याले राजालाई म्लान (वैलाएका मलिन) देखेर "सूर्यकुलका सूर्य अब अस्ताउन लागे" भनी मनले जान्नुभयो ॥ ३ ॥ रामजीकी माता कौशल्याले हृदयमा धैर्य धरेर समयअनुसारको वचन बोल्नुभयो ॥ ४ ॥

नाथ समुझि मन करिअ बिचारू ❀ रामबियोग पयोधि अपारू ॥५॥
करनधार तुम्ह अवध जहाजू ❀ चढ़ेउ सकल प्रिय पथिकसमाजू ॥६॥

"हे नाथ! संझेर मनमा विचार गर्नुहोस्, रामको वियोग अपार समुद्र हो ॥ ५ ॥ अयोध्या नगरी जहाज हो, त्यसमा सकल प्रियवर्गरूपी पथिकको समाज (मुसाफिरको डफ्फा) चढेको छ, त्यस जहाजको कर्णधार (जहाज चलाउने माझी) हजूर हुनुहुन्छ ॥ ६ ॥

धीरजु धरिअ त पाइअ पारू ❀ नाहि त बूड़िहि सबु परिवारू ॥७॥
जौं जिअ धरिअ बिनय पिअ मोरी ❀ रामु लखनु सिय मिलहिं बहोरी ॥८॥

धैर्य धारण गर्नुभयो भने ता वियोगसागरको पार पाइनेछ, होइनभने सकल परिवार डुब्नेछ ॥ ७ ॥ हे स्वामी! मेरो विन्ति मनमा राख्नुभयोभने राम लक्ष्मण सीता फेरि भेटिनेछन् ॥ ८ ॥

दोहा–प्रियाबचन मृदु सुनत नृप चितएउ आँखि उघारि ।
तलफत मीन मलीन जनु सींचेउ सीतल बारि ॥१४९॥

प्यारी कौशल्याको वचन सुन्दा, पानीविना छटपटाउन लागेको मलिन माछाले पानी छर्किदिंदाखेरि आँखा उघारेझैं राजाले आँखा उघारेर हेरे ॥ १४९ ॥

चौ०–धरि धीरजु उठि बैठ भुआलू ❀ कहु सुमंत्र कहँ रामु कृपालू ॥१॥
कहाँ लखन कहँ रामु सनेही ❀ कहँ प्रिय पुत्रबधू बैदेही ॥२॥

धैर्य धारण गरेर राजा उठेर बसे (अनि बोल्न लागे—) "हे सुमन्त्र! भन, दयालु राम कहाँ छन्? ॥ १ ॥ लक्ष्मण कहाँ छन्? प्रेमी राम कहाँ छन्?, प्यारी पुत्रवधू (बुहारी) सीता कहाँ छन्? ॥ २ ॥

बिलपत राउ बिकल बहु भाँती ❀ भइ जुग सरिस सिराति न राती ॥३॥
तापस अंध साप सुधि आई ❀ कौसल्यहि सब कथा सुनाई ॥४॥

व्याकुल भएर अनेक प्रकारसँग राजाले विलाप गर्नलाग्दा त्यो रात्रि युगसमान भई, सकिइन ॥ ३ ॥ राजालाई अन्धतपस्वीको सराप स्मरण भयो, सबै कथा कौशल्यालाई सुनाए ॥ ४ ॥ (क)

भएउ बिकल बरनत इतिहासा ❀ राम रहित धिग जीवन आसा ॥५॥
सो तनु राखि करबि मैं काहा ❀ जेहिं न प्रेमपनु मोर निबाहा ॥६॥

राजा दशरथ त्यो इतिहास (कथा) भन्दा भन्दै व्याकुल भएर फेरि भन्नलागे "रामविना बाँच्न खोज्नु धिक्कार हो ॥ ५ ॥ जसले मेरा प्रेमका पणलाई कायम राख्न सकेन (प्रेम गर्छु भन्ने प्रतिज्ञालाई झूटो पारिदियो, प्रेम गर्नु ता परै रहोस् चौध चौध वर्षसम्म विना-कसूर वनवास-दण्ड दिएर दुश्मनको काम गरायो) त्यो पाजी शरीर राखेर म के गरुँला ? ॥ ६ ॥

हा रघुनंदन प्रानपिरीते ❀ तुम्ह बिनु जिअत बहुत दिन बीते ॥७॥
हा जानकी लखन हा रघुबर ❀ हा पितु हित चित चातक जलधर ॥८॥

प्राणप्रिय ! हे रघुनन्दन ! हाय ! तिमीविना बाँच्ताबाँच्तै धेरै दिन बिते नि ! ॥ ७ ॥ हे जनकनन्दिनी ! हाय !......। हे लक्ष्मण !......। पिताका निमित्त चित्तरूपी चातक पक्षीका मेघस्वरूप भएका (पिताको चातकसमान चित्तलाई रक्षण गर्न मेघसमान भएका) हे रघुवर ! हाय ! ॥ ८ ॥

दोहा–राम राम कहि राम कहि राम राम कहि राम ।
तनु परिहरि रघुबरबिरह राउ गयेउ सुरधाम ॥१५०॥

(क) अन्धतपस्वीको वृत्तांत

कोही समयमा दशरथ शिकार खेल्न गएका थिए, नदीका किनारमा वास परेको थियो । श्रमण नाउँ गरेका ऋषिकुमार आफ्ना अन्ध-पिताको प्यास निवारण गर्न राती पानी लिन आए, तुम्बा भर्दाखेरि हात्तीले पानी पिउँदा हुने ध्वातध्वांत आवाज भयो, त्यो सुनेर वनैया हात्ती हो भन्ने विश्वासमा परेर राजा दशरथले शब्दवेधी बाण छाडे । बाण लाग्यो, ऋषिकुमार "हा तात ! हा तात !' भनी चिच्याउन लागे । राजा हडबडाउँदै त्यहीं पुगे, ऋषिकुमारको अवस्था देख्ता राजा पनि बाण लागेजस्तै व्याकुल भए । ऋषिकुमारले "मेरा पिता अन्ध छन्, तिनको प्यास हटाउनालाई पानी लिन आएको थिएँ, मेरो यो गति भयो। मलाई मरणको फिक्री छैन, पिताजीलाई पानी पुर्‍याइदेउ र आएर मेरा शरीरमा गडेको बाण झिकिदेउ, सुविस्तासाथ मर्दछु" भने । राजा तदनुसार गर्न पानी लिएर अन्धमुनिको आश्रममा गए, प्यासले छटपटाउन लागेका अन्धा तपस्वीले पाइलाको आवाज सुनेर "बाबु ! पानी ल्याइस् ? किन बेर गरेको हँ ?" भनी सोधे राजाले लाचार भई आफ्नो सबै वृत्तान्त सुनाएर माफी माग्दा "तिमीलाई ब्रह्महत्या लाग्दैन, हामी वैश्य तपस्वी हौं, हामी दंपतीको एकमात्र आधार यो छोरो थियो । यसको यो गति भएपछि हामी बाँच्न चाहँदैनौं, चिता बनाइदेऊ, छोराको लाश काखमा राखेर हामी दुईजना चितामा सुत्तछौं, आगो सल्काइ देउ, शंका नमान, भनेबमोजिम गर । हामीले पुत्रशोकले मर्नुपर्‍यो, भोर परेर तिमीले पाप गरेको हुनाले तिमीलाई कडा सराप दिंदैनौं "तिमी पुत्रशोक परेपछि मरे" भनी अन्धतपस्वीले भन्दा राजाले तदनुसार गरेका थिए, त्यो सराप ऐले पुत्रशोक परेका वेलामा संझेर रानीलाई सुनाए ।

राम राम भनेर, (अल्लि बेरपछि) राम भनेर, (अल्लि बेरपछि) राम राम भनेर, (आखिरमा) राम भनेर महाराज दशरथ रघुवरका विरहले शरीर छाडेर स्वर्गलोक गए ॥ १५० ॥

चौ०–जिअन मरन फलु दशरथ पावा ❀ अंड अनेक अमल जसु छावा ॥१॥
जिअत राम बिधु बदनु निहारा ❀ रामबिरह करि मरनु सँवारा ॥२॥

जसको यश अनेक ब्रह्माण्डमा फैलिएको छ, तिनै दशरथले जीवनको र मरणको सच्चा फल पाए—(किनभने—) बाँचुञ्ज्याल रामचन्द्रजीको वदनचन्द्र हेरे, रामचन्द्रजीको विरहले मरण पनि सपारे ॥ १ ॥ २ ॥

सोकबिकल सब रोवहिं रानी ❀ रूपु सीलु बलु तेजु बखानी ॥३॥
करहिं बिलाप अनेक प्रकारा ❀ परहिं भूमितल बारहिं बारा ॥४॥

सबै रानीहरू शोकले व्याकुल भएर (दशरथका) रूप, शील, बल, तेजको वर्णन गर्दै रुन लागे ॥ ३ ॥ अनेक प्रकारको विलाप गर्न लागे। वारंवार पृथ्वीतलमा पछारिन लागे ॥ ४ ॥

बिलपहिं बिकल दास अरु दासी ❀ घर घर रुदनु करहिं पुरबासी ॥५॥
अँथएउ आजु भानुकुल भानू ❀ धरम अवधि गुन रूप निधानू ॥६॥

दास र दासीहरू व्याकुल भएर विलाप गर्दथे, नगरनिवासीहरू घरघरमा रोदन गर्न लागे ॥ ५ ॥ (तिनीहरू–) "धर्मका मर्यादा, गुण र रूपका निधि (खानि) भएका, आज सूर्यकुलका सूर्य अस्ताए" (भन्दथे) ॥ ६ ॥

गारी सकल कैकइहि देहीं ❀ नयन बिहीन कीन्ह जग जेहीं ॥७॥
येहि बिधि बिलपत रइनि बिहानी ❀ आए सकल महामुनि ग्यानी ॥८॥

जसले गर्दा जगत्‌लाई नयनहीन (अन्धो) पारिन्, तिनै कैकेयीलाई सबैजना गाली गर्दथे ॥ ७ ॥ यस्ता तरहले आलाप-विलाप गर्दैमा रात बित्यो, ज्ञानी भएका सकल महामुनिहरू आए ॥ ८ ॥

दोहा–तब बसिष्ठ मुनि समय सम कहि अनेक इतिहास ।
सोक नेवारेउ सबहि कर निज बिग्यान प्रकास ॥१५१॥

अनि वशिष्ठ मुनिले समयअनुसारका अनेक इतिहास सुनाएर आफ्नो ज्ञान-विज्ञानको प्रकाश गरेर सबैको शोकनिवारण गरे ॥ १५१ ॥ (क)

(क) वशिष्ठजीले भने—महारानी ! प्राणिमात्रले एकदिन न एकदिन पाइने मृत्यु महाराज दशरथले साठीहज्जार वर्षपछि पाउनुभयो । वहाँजस्तो धर्मात्मा र भाग्यवान् मैले देखेको छैन, वहाँका निमित्त शोक वृथा छ । आखिरमा सबैले जाने बाटो त्यही हो शोक नगर्नुहोस् । म प्राचीन प्राचीन ठूला-ठूला राजाहरूको इतिहास सुनाउँछु, सुन्नुहोस् । त्यो सुन्नाले हजूरको शोक दूर हुनेछ यो इतिहास ग्रहदशाले पीडित भएका दुःखग्रस्त भएका प्राणीले सुनेभने तिनको पनि कल्याण हुन्छ ।

३३

चौ०-तेल नाव भरि नृपतनु राखा ❀ दूत बोलाई बहुरि अस भाषा ॥१॥
धावहु बेगि भरत पहिं जाहू ❀ नृपसुधि कतहुँ कहहु जनि काहू ॥२॥
एतनेइ कहेहु भरत सन जाई ❀ गुर बोलाइ पठये दोउ भाई ॥३॥

नाउ (डूँड) मा तेल भरेर राजाको लाश राखे, फेरि दूतहरूलाई बोलाएर यसो भने-॥ १ ॥ "तिमीहरू चाँडै दौड र भरतका समीप जाऊ, राजाका मरणको खबर कतै पनि कसैलाई पनि नभने, ॥ २ ॥ भरतका समीप पुगेर "दुवै भाईलाई गुरुले बोलाइपठाउनुभएको छ" यत्ति भने" ॥ ३ ॥

---

(१) अघि अवीक्षित राजाका छोरा मरुत्त नाम भएका प्रतापी राजा थिए, तिनले बृहस्पतिलाई आचार्य गराएर ९९ अश्वमेध निर्विघ्न गरे। शयौं अश्वमेध गर्न लाग्दा गडबड पर्‍यो, इन्द्रका पेचले बृहस्पति नआउने भए, गुरुकुलका भक्त भएका राजा मरुत्तलाई बडो संताप पर्‍यो, नारदमुनि आएर "राजन्! तपाईंका गुरु अङ्गिराका छोराहरूमध्ये एउटा बृहस्पति आएनन् भन्दैमा आँटेको यत्रो काम बन्द गर्नु हुँदैन, अङ्गिरैका छोरा बृहस्पतिको भन्दा धेरै शक्ति भएका शंकरभक्त, संवर्त नाम भएका प्रतापी ऋषि काशीमा रहन्छन्। ती त्यागी छन्, निःस्पृह छन् तापनि परम दयालु भएर पनि प्रचण्ड छन्, तिनलाई जसरी हुन्छ प्रसन्न पार्नुहोस्। तपाईंका ९९ अश्वमेधभन्दा उत्तमोत्तम अश्वमेध गराइदिनेछन्" भने। राजाले तदनुसार गरेर बडो प्रयासका साथ आफैं गएर संवर्त ऋषिलाई ल्याए। साबिकबमोजिम तयार गरेको अश्वमेधको सामग्री देख्ता संवर्तको चित्त बुझेन र उनले कुबेरको निधि खन्न लगाएर अनन्त ऐश्वर्य झिकीकन, त्यसैबाट अपूर्व सामग्री तयार गराएर अश्वमेध आरंभ गरे। मरुत्त राजा आफूसमान हुन लागे भनेर इन्द्रले सबै देवताहरूलाई हट्केर त्यो यज्ञमा जान दिएनन्। मन्त्र पढेर ब्राह्मणहरू होम गर्न लागे, देवताहरू हविर्ग्रहण गर्न आएनन्। संवर्तले इन्द्रको छुचोपना थाहा पाएर आफूले गरेको १ दिनको पुण्य वैदिकमन्त्रलाई अर्पण गरे, फेरि त्यो मन्त्र पढेर होम गर्न लाग्दा जाज्वल्यमान भएका मन्त्रका प्रभावले देवताहरू अड्न सकेनन् र ढुनमुनिदै यज्ञमण्डपमा आए। संवर्तलाई मार्दछु भनेर हातमा वज्र लिईकन इन्द्र दौडँदै आए, संवर्तले केवल हुँकार गर्दा इन्द्र अकडिए, हातै नचल्ने भयो। शंकर प्रभृति देवताले इन्द्रको अर्घेली हो, अब माफ गर भनी संवर्तलाई शान्त गराए, देवताहरू विनादामका दास भए, धमाधम यज्ञ हुन लाग्यो। प्रतिदिन असंख्य ब्राह्मण भोजन हुन्थ्यो। त्यसमा भान्सेसरह भएर मरुद्गण (४९ मरुतहरू) बाँड्ने पस्कने काम गर्दथे, विश्वेदेवा नाम भएका देवगण सदस्य भएर ऋत्विक्‌हरूले गर्नलागेका कर्मको हेरविचार गर्दथे, विश्वेदेवा नाम भएका देवगण सदस्य भएर ऋत्विक्‌हरूले गर्नलागेका कर्मको हेरविचार गर्दथे, यस्ता प्रकारसँग मरुत्त राजाको अपूर्व यज्ञ समाप्त भयो, बेगिन्ती ब्राह्मणलाई बेगिन्ती द्रव्य दान गरेर दिए, ब्राह्मणहरूले त्यसरी लगेर बाँकी रहेको दौलत पर्वताकार भएर हिमालयका प्रान्तमा अझसम्म पडिरहेको छ। राजा मरुत्तले १२ वर्षसम्म हात्तीको सूँडजत्रो घृतधारा दिएर अखण्ड यज्ञ गरेका दिए, त्यस्ता प्रतापी धार्मिक मरुत्त राजालाई पनि मृत्युले छाडेन !

(२) उतथ्यका छोरा सुहोत्र राजा बड़ा प्रतापी थिए, तिनका राज्यमा इन्द्रले १ वर्षसम्म निरवच्छिन्न सुवर्णवृष्टि गरिदिए। तिनका राज्यभरमा नदीहरू सुवर्णवाहिनी भए, माछा कछुवा प्रभृति जलचर जन्तु पनि सुवर्णमय हुन गए, त्यत्रो दौलतलाई तिनले यज्ञयागादिमा समाप्त गरेर अक्षय कीर्ति कमाएका थिए, महाराजा दशरथभन्दा ऊ साह्रै ठूला हुन्, महारानी ! तिनलाई पनि कालले ग्रास गर्‍यो !

(३) अङ्गदेशका राजा बृहद्रथले एकपटक यज्ञ गर्दाखेरि सुवर्णको साजबाजसमेतका सेता घोडा दश लाख, सुवर्णका गहनाले अलंकृत भएका कन्या दश लाख, साजबासमेतका हात्ती दश लाख, अलंकृत

सुनि मुनि आएसु धावन धाए ❀ चले बेग बर बाजि लजाए ॥४॥
अनरथु अवध अरंभेउ जब तें ❀ कुसगुन होहिं भरत कहुँ तब तें ॥५॥
देखहिं राति भयानक सपना ❀ जागि करहिं कटु कोटि कलपना ॥६॥

मुनिको आज्ञा सुनेर दौडबाज दूतहरू दौड़े, ती यस्तो वेगले हिंडे कि असल असल घोड़ा पनि (तिनका सामु) लज्जित भए ॥ ४ ॥ जैलेदेखि अयोध्यामा अनर्थको आरम्भ भयो, उहिल्यैदेखि भरतलाई दुःस्वप्न प्रभृति अपशकुन हुनलागेका थिए ॥ ५ ॥ राती भयानक सपना देख्नुहुन्थ्यो ब्यूँझेर खराब खराब कल्पना गर्नुहुन्थ्यो ॥ ६ ॥

बिप्र जेंवाइ देहिं दिन दाना ❀ सिव अभिषेक करहिं बिधि नाना ॥७॥
मागहिं हृदय महेस मनाई ❀ कुसल मातु पितु परिजन भाई ॥८॥

दिनदिन ब्राह्मणभोजन गराएर दान गर्नुहुन्थ्यो नानाप्रकारले शिवजीको अभिषेक (रुद्राभिषेक) गराउनुहुन्थ्यो ॥ ७ ॥ शंकरलाई मनाएर हृदयले माता, इष्ट-मित्र, नोकर-चाकर, दाज्यू-भाईको कुशलमंगल माग्नुहुन्थ्यो ॥ ८ ॥

भएका गाई र गोरू लाखौं दान गरे, यस्ता यज्ञ तिनले शयपटक गरे, त्यस्ता राजा पनि बाँचिरहेनन् १ दिन संसार छाडेर लोकान्तर गए !

(४) शरणागत-पालक शिबिको नाम हजूरले पनि सुन्नुभएको होला, तिनले अदना परेवाका निमित्त आफ्नु शरीरको पनि त्याग गरे। अखण्ड भूमण्डलको धार्मिक शासन गर्ने र शरणागतको पालन गर्ने सकस यीजस्तो अर्को भएन, ती पनि स्थायी भएनन्, गए !।

(५) शकुन्तलाका गर्भबाट पैदा भएका दुष्यन्तका छोरा भरतले एकसय तेत्तीस (१३३) अश्वमेध गरे, प्रत्येक यज्ञमा हजार हजार ब्राह्मणलाई बद्वबद्व (१३०८४।१३०८४) सालंकार गाई दान गरे। मष्णारमा (कुनै पुण्यकर्ममा) चौध नियुत (१४०००००) सालंकार गजदान गरे, त्यस्ता धार्मिक धुरन्धर पनि रहेनन् !।

(६) जसका नाताले पतितपावनी गङ्गाजी भागीरथी कहलाएकी छन्, तिनै राजा भगीरथले यज्ञ गर्दाखेरि दशलाख कन्यादान गरे, कन्यामात्र होइन, कन्याकन्यापीछे चार घोडा लागेका एकएक रथ, रथरथपीछे सुहाउँदो सुवर्णको सिक्रीले शोभायमान भएका साजबाजसमेतका सयसय हात्ती, हात्तीहात्तीपीछे अलंकृत भएका सयसय गाई, गाई-गाईपछि हजार-हजार भेडाबाखा पनि दान गरे। उनले उग्र तपस्या गरेर ल्याएकी गङ्गाजीमा स्नान गर्छु भनेर बाटो लाग्ने मानिसले पाइलैपीछे अश्वमेधयज्ञको फल पाउँछ। महारानी ! त्यस्ता भगीरथ राजा पनि नाममात्रावशेष भए !।

(७) राजा दिलीप त्यस्तै प्रतापी थिए। तिनले १०० अश्वमेध गर्दा यज्ञैपीछे आचार्यलाई हज्जार हज्जार सालंकार हात्ती दान गरेर दिएथे। तिनका यज्ञमा सुवर्णका अनेकानेक यूप (मौला) बनेका थिए तदनुसार सबै सामग्री अपूर्व थियो। उनका यज्ञका उत्सवमा गन्धर्वहरू आएर नाच्थे गन्धर्वराज-विश्वावसु गाउँथे। उनको के कुरा ? उनलाई आफ्ना आँखाले देख्ने मानिसले पनि अक्षय स्वर्गवास पाए। महारानी ! ती पनि मृत्युवश भए !।

(८) युवनाश्वका छोरा मांधाता झन् प्रतापी थिए, तिनले १ दिनमा सप्तद्वीपसहित सारा पृथिवी-मण्डलको विजय गरे। यिनका धनुषको टंकारले आकाश फाट्छ कि भनेजस्तो हुन्थ्यो। यिनले सय अश्वमेध, सय राजसूय यज्ञ गरे। आखिर यिनलाई पनि कालले छाडेन !।

दोहा–एहि बिधि सोचत भरत मन धावन पहुँचे आइ ।
गुर अनुसासन श्रवन सुनि चले गनेसु मनाइ ॥१५३॥

भरतजी यस्ता तरहले मनमा फिक्री गरिरहनुभएको थियो, दूतहरू आइपुगे। गुरुको आज्ञा कानले सुनेपछि (विलम्ब नगरेर भरतजी) गणेशजीको प्रार्थना गरेर हिंडनुभयो ॥ १५३ ॥

चौ०–चले समीरबेग हय हाँके ❀ नाघत सरित सैल बन बाँके ॥१॥
हृदय सोचु बड़ कछु न सोहाई ❀ अस जानहिं जियँ जाउँ उड़ाई ॥२॥

---

(९) राजा नहुषका छोरा ययाति राजा उस्तै प्रतापी थिए, तिनले पनि सय अश्वमेध, सय वाजपेय यज्ञ गरे। सुवर्णका ३ पर्वत बनाएर दान गरे, अखण्ड साम्राज्य गर्दागर्दै विरक्त भएर जङ्गलमा गईकन तिनले पनि प्राण छाडे !।

(१०) महाराज अम्बरीष पूर्ण भगवद्भक्त थिए, तिनको हिफाजतका निमित्त विष्णुभगवान्‌ले आफ्नो सुदर्शन चक्रलाई उनैका समीप राखिदिनुभएको थियो, यिनका प्रजालाई देवताहरूले सशरीर स्वर्ग लगेर राख्न खोज्दा अम्बरीषका गुणले मोहित भएका पूर्ण आनन्दमा रहेका प्रजाहरूले साफ इन्कार गरे। त्यस्ता महात्मा अम्बरीष राजर्षि पनि कालवश भए !।

(११) प्रतापी राजा शशबिन्दुका दशलाख छोरा थिए, एकएक छोरालाई सयसय कन्या विवाह गरे। प्रत्येक कन्याका पछिपछि, सयसय हात्ती, हात्तीहात्तीपीछे चारघोड़े सात-सात रथ, रथरथपीछे सुवर्णको साज भएका सयसय घोडा, घोडैपीछे सयसय गाई, गाईगाईपीछे सयसय भेडाबाख्रा दाइजो आएको थियो, तिनको र तिनका कुटुम्बको जस्तो समृद्धि त्रैलोक्यमा कसैको थिएन। राजा शशबिन्दुले गरेको दान संपत्ति-अनुसारको थियो, महारानी ! त्यस्ता भाग्यवान्‌लाई पनि दुष्टकालले नष्ट पार्‌यो !

(१२) राजर्षि गयले सयवर्षसम्म अनवछिन्न यज्ञ गरेर यज्ञशेषको भोजन गर्ने नियम गरे। देवताहरूले वर दिन लाग्दा तिनले धर्ममा अटल श्रद्धा रहोस्, अनवछिन्न दान गर्न दौलत अक्षय होस् भनेर वर मागे तदनुसारै भयो। महारानी ! ती पनि परमधाम गए।

(१३) सगर राजा पनि हजूरैका वंशका लोकोत्तर पुरुष हुन्, उनका लोकोत्तर कर्म जगत्प्रख्यात छन्, उनी पनि अदना मनुष्यजस्तै मुक्त भए।

(१४) बेन राजाको बाहु मथेर उत्पन्न गराइएका पृथुलाई विष्णु ब्रह्मा प्रभृति देवताले आदरका साथ अखण्ड भूमण्डलको साम्राज्यमा अभिषेक गरेथे। राज्यशासन राम्रो गरी गरेको हुनाले सर्वप्रथम राजा भन्ने पदवी पाउने तिनै हुन्। गाईको रूप धारण गर्ने धर्तीमातालाई यथेच्छ दुहेर त्रैलोक्यलाई कृतार्थ पार्ने यिनै हुन्, धर्तीमाताले यिनैकी प्रियपुत्रीजस्ती भएर पृथ्वी भन्ने नाम स्वीकार गरेकी हुन्। आदिराज पुण्यश्लोक पृथुको स्मरण मात्रले पनि दुनियाँका सकल कार्य सिद्ध हुन्थे। महारानी ! त्यस्ता प्रतापी, धर्मात्मा, दयालु, सकल कल्याणकारी पृथु पनि सबै सरह परमधाम गए। संसारमा जन्मेको को बाँचिरहन्छ ? शोक नगर्नुहोस्, ईश्वरको विधान यस्तै छ, कालस्वरूप ईश्वर तपोबलले बलवान भएको ब्राह्मणवर्गलाई र भुजबलले बलवान् भएको क्षत्रियवर्गलाई समेत भात खाएझैं मृत्युको सितन गरेर खाइदिन्छ, सबैलाई खाइसकेपछि भात खाएर बाँकी रहेको दालतर्कारी चाटचुट पारेझैं मृत्युलाई समेत चाटचुट पार्दछ, कहिल्यै अघाउँदैन, केही पनि बाँकी राख्तैन, कहिल्यै पनि मर्दैन, त्यसको गतिलाई कोही जान्दैन।

घोडालाई हाँक्दै, विकट नदी,नाला, पर्वत, वनहरूलाई पार गर्दै वायुवेगले हिंड्नुभयो ॥ १ ॥ भरतजीलाई हृदयमा बडो फिक्री थियो, वहाँलाई कुनै कुरा मनपर्दैनथ्यो, मनमा "उडेर जान पाए हुन्थ्यो" भन्ने ख्याल थियो ॥ २ ॥

एक निमेष बरष सम जाई ❀ येहि बिधि भरत नगरु निअराई ॥३॥
असगुन होहिं नगर पैठारा ❀ रटहिं कुभाँति कुखेत करारा ॥४॥

वहाँलाई एक वर्षसमान भएर एक निमेष बित्तथ्यो, यस्ता प्रकारले भरत अयोध्या नगरीका नगीच आइपुग्नुभयो ॥ ३ ॥ नगरीमा प्रवेश गर्दा अपशकुन हुन थाले । खराब ठाउँमा बसेर काग कराउन लाग्यो ॥ ४ ॥

खर सिआर बोलहिं प्रतिकूला ❀ सुनि सुनि होइ भरतमन सूला ॥५॥
श्रीहत सर सरिता बन बागा ❀ नगरु बिसेषी भयावनु लागा ॥६॥

गदहा र स्याल प्रतिकूल (अनिष्टसूचक भएर) बोल्न (कराउन) लागे, त्यो वारंवार सुन्दा भरतका मनमा पीडा भयो ॥ ५ ॥ तलाउ, नदी, वन, बगैंचा यिनीहरू हतश्री (निस्तेज =निन्याउरा) लागे । विशेष गरेर अयोध्या भयानक (डरलाग्दो) लाग्यो ॥ ६ ॥

खग मृग हय गय जाहिं न जोएँ ❀ रामबियोग कुरोग बिगोएँ ॥७॥
नगर नारि नर निपट दुखारी ❀ मनहु सबन्ह सब संपति हारी ॥८॥

रामचन्द्रजीका वियोगरूपी कुरोगले सताइएका पक्षी, मृग, घोडा, हात्तीहरू हेरिनसकिना थिए ॥ ७ ॥ नगरका नरनारीहरू मानौं सबैले सबै संपत्ति हारेछन् कि ? (भनेजस्ता) बिलकुल दुःखी थिए ॥ ८ ॥

दोहा—पुरजन मिलहिं न कहहिं कछु गवहिं जोहारहिं जाहिं ।
भरत कुसल पूँछि न सकहिं भय बिषादु मन माहिं ॥१५४॥

नगरनिवासीहरू भेटिन्थे, केही बोल्दैनथे, चूपचाप जुहार (दण्डवत् , प्रणाम, सलाम, इत्यादि) गरेर जान्थे । भरतजी कुशल सोध्न सक्नुहुन्नथ्यो, वहाँका मनमा डर र खेद थियो ॥ १५४ ॥

चौ०—हाट बाट नहि जाइ निहारी ❀ जनु पुर दहँ दिसि लागि दवारी ॥१॥
आवत सुत सुनि कैकयनंदिनि ❀ हरषी रबिकुल जलरुह चंदिनि ॥२॥

वजार सडकहरू हेरीनसकिना थिए, मानौं शहरका दशै दिशामा आगो लागेको हो कि (भनेजस्तो थियो) ॥ १ ॥ सूर्यकुलरूपी कमलकी चन्द्रिका (संकोचकारिणी) भएकी कैकेयी छोरा आउन लागेका सुनेर खुशी भइन् ॥ २ ॥

सजि आरती मुदित उठि धाई ❀ द्वारेंहि भेंटि भवन लेइ आई ॥३॥
भरत दुखित परिवारु निहारा ❀ मानहुँ तुहिन बनजबनु मारा ॥४॥

कैकेयी हर्षित भई उठेर आरती सजीवरीकन दौडिन् र ढोकैमा भरतसंग भेट

गरीकन भित्र भवनमा लिएर आइन् ॥ ३ ॥ (क) भरतजीले मानौं तुषाराले मारेको कमलको वन हो कि भनेजस्तो, दुखित भएको परिवारवर्गलाई देख्नुभयो ॥ ४ ॥

कैकेई हरषित एहि भाँती ❀ मनहुँ मुदित दव लाइ किराती ॥५॥
सुतहि ससोच देखि मनु मारें ❀ पूँछति नैहर कुसल हमारें ॥६॥

जंगलमा डढेलो लाइसकेपछि जसरी किरातिनी खुशी हुन्छे, कैकेयी यस्तै तरहले खुशी भएकी थिइन् ॥ ५ ॥ छोरालाई शोकसहित भएका मन मारेका (चित्तमा चोट परेका) देखेर "मेरा माइतमा कुशल त छ' भनी सोध्न लागिन् ॥ ६ ॥

सकल कुसल कहि भरत सुनाई ❀ पूँछी निज कुल कुसल भलाई ॥७॥
कहु कहँ तात कहाँ सब माता ❀ कहँ सिय रामु लखन प्रिय भ्राता ॥८॥

भरतजीले सबै कुशल समाचार सुनाउनुभयो र आफ्ना कुलको कुशलमंगल सोध्नुभयो ॥ ७ ॥ माता ! पिताजी कहाँ हुनुहुन्छ ? भन्नुहोस् , सबै माताजीहरू कहाँ ?, सीता र राम कहाँ हुनुहुन्छ ? प्यारा भाई लक्ष्मण कहाँ छन् ? ॥ ८ ॥

दोहा–सुनि सुतबचन सनेहमय कपटनीर भरि नयन ।
भरत श्रवन मन सूल सम पापिनि बोली बयन ॥१५५॥

छोराका प्रेममय वचन सुनेर, आँखामा कपटका आँसु भरपूर पारेर पापिनी कैकेयीले भरतका कान र मनका शूलाजस्ता (घोचेर मारिहाल्ने) वचन बोलिन् ॥ १५५ ॥

चौ०–तात बात मैं सकल सँवारी ❀ भइ मंथरा सहाय बिचारी ॥१॥
कछुक काज बिधि बीच बिगारेउ ❀ भूपति सुरपतिपुर पगु धारेउ ॥२॥

"बाबु ! भरत ! मैले सबै कुरा सह्यालें, बिचरी मन्थरा सहाय भई ॥ १ ॥ विधाताले बीचमा अलीकति काम बिगारिदिए, महाराजले अमरावतीपुरीमा पाउ राख्नुभयो (स्वर्गवासी हुनुभयो) ॥ २ ॥

सुनत भरतु भये बिबस बिषादा ❀ जनु सहमेउ करि केहरिनादा ॥३॥
तात तात हा तात पुकारी ❀ परे भूमितल ब्याकुल भारी ॥४॥

भरतजी यो कुरा सुन्नेबित्तिकै सिंहको नादले हात्ती झस्केजस्तै झस्केर भय र विषादका वश हुनुभयो, (खूब डराउनुभयो, खूब खिन्न हुनुभयो) ॥ ३ ॥ खूब व्याकुल भएर हाय पिता ! हा पिता ! हा पिता ! भन्दै जमीनमा पछारिनुभयो ॥ ४ ॥

चलत न देखन पाएउँ तोही ❀ तात न रामहि सौंपेहु मोही ॥५॥
बहुरि धीर धरि उठे सँभारी ❀ कहु पितुमरन हेतु महतारी ॥६॥

(क) दशरथको जूठो पुरेमा कैकेयीले भरतको आरती किन गरेको भनी शंका गर्नुपर्दैन, अरू मरेमा मरणदिनदेखि जूठो लाग्दछ, अग्निहोत्री मरेमा मरेका दिनदेखि होइन, दाह भएका दिनदेखि जूठो लाग्दछ । दशरथ अग्निहोत्री थिए, तिनको दाह भएको थिएन ।

दाहाहादाहिताग्नौ मरणदिवसतोऽन्यत्र कुर्याद्दशाहम् ॥ (धर्मशास्त्र)

(भरतजी विलाप गर्न लाग्नुभयो) "हे तात ! हजूरलाई मैले परलोक हुँदा देख्न-पनि पाइन नि ! हाय ! हजूरले मलाई रामचन्द्रका हजूरमा सुम्पनु भएन ! हाय !" यस्तो विलाप गरेर भरतजीले फेरि धैर्य धरेर सह्मलिएर उठ्नुभयो (अनि सोध्नुभयो) "माताजी ! पिताजी मर्नाको कारण बताउनुहोस्" ॥ ५ ॥ ६ ॥

सुनि सुतबचन कहति कैकेई ❀ मरमु पाँछि जनु माहुर देई ॥७॥
आदिहु तें सब आपनि करनी ❀ कुटिल कठोर मुदित मन बरनी ॥८॥

छोराको यस्तो वचन सुनेर, घाउ पुछेर विष लाइदिन लागेकीजस्ती भएकी कैकेयी भन्नलागिन् ॥ ७ ॥ कुटिल र निष्ठुर भएकी कैकेयीले आदिदेखि लिएर अन्तसम्मको आफ्नो कारवाई मन प्रसन्न पारेर बयान गरिन् ॥ ८ ॥

दोहा–भरतहि बिसरेउ पितुमरन सुनत राम बनगौनु ।
हेतु अपनपउ जानि जिय थकित रहे धरि मौनु ॥१५६॥

रामजीको वनगमन सुनेर भरतजीले पिताको मरण बिर्सनुभयो । मनले आफैलाई वनवासको कारण जानेर थकित (शिथिल) भएर मौन धारण गरिरहनुभयो ॥ १५६ ॥

चौ०–बिकल बिलोकि सुतहि समुझावति ❀ मनहुँ जरे पर लोनु लगावति ॥१॥
तात राउ नहि सोचइ जोगू ❀ बिढ़इ सुकृत जसु कीन्हेउ भोगू ॥२॥

कैकेयी, मानौं पोलेका ठाउँमा नून लाउन लागेकी हुन् कि (भन्ने मान पर्ने गरी) छोरालाई व्याकुल भएको देखेर संझाउन बुझाउन लागिन् ॥ १ ॥ बाबु ! जसले पुण्य र यश कमाएर सुखभोग गर्नुभयो, उस्ता महाराज शोक गर्न लायक हुनुहुन्न ॥ २ ॥

जीवत सकल जनमफल पाए ❀ अंत अमरपतिसदन सिधाए ॥३॥
अस अनुमानि सोचु परिहरहु ❀ सहित समाज राज पुर करहू ॥४॥

बाँचुञ्ज्याल जन्मको सकल फल पाउनुभयो, आखिरमा इन्द्रभवनमा पाल्नुभयो ॥ ३ ॥ यो कुरा जानेर शोक छाड, आत्मीयवर्गसहित अयोध्यानगरीमा रहेर राज्य गर" ॥ ४ ॥

सुनि सुठि सहमेउ राजकुमारू ❀ पाकें छत जनु लाग अँगारू ॥५॥
धीरजु धरि भरि लेहिं उसासा ❀ पापिनि सबहि भाँति कुल नासा ॥६॥

यो कुरा सुन्दा राजकुमार भरतजी पाकेको घाउमा आगाको फिलुँगो लागेमा झैं खूब झस्कनुभयो ॥ ५ ॥ अनि धैर्य धारण गरेर लामालामा सास फेर्दै भन्न लाग्नुभयो, "हे पापिनी ! तिमीले सब तरहबाट कुलको नाश गर्‍यौ ॥ ६ ॥

जौं पै कुरुचि रही अति तोही ❀ जनमत काहे न मारे मोही ॥७॥
पेड़ु काटि तैं पालउ सींचा ❀ मीन जिअन निति बारि उलीचा ॥८॥

यदि तिम्रो यस्तै अति दुष्ट रुचि (खायस) थियोभने जन्मनेबित्तिकै मलाई किन मारिनौ ? ॥ ७ ॥ तिमीले रूख काटेर पालुवामा पानी छर्कन लाग्यौ ? माछालाई बचाउनाका निमित्त पानी पोख्यौ ॥ ८ ॥

दोहा–हंसबंसु दसरथु जनकु राम लखन से भाइ ।
जननी तूँ जननी भई बिधि सन कछु न बसाइ ॥१५७॥

मेरो खानदान सूर्यवंश, मेरा पिता दशरथ, मेरा दाज्यूभाई राम लक्ष्मण जस्ता, हाय ! हाय ! आमा, तिमी जन्मदात्री जननी भयौ नि? विधातासँग केही जोर चल्दो रहेनछ ॥ १५७ ॥

चौ०–जब तें कुमति कुमत जियँ ठयेऊ ❀ खंड खंड होइ हृदउ न गयेऊ ॥१॥
बर मागत मन भइ नहि पीरा ❀ गरि न जीह मुह परेउ न कीरा ॥२॥

ए कुबुद्धि ! जब तेरा मनमा यस्तो कुबुद्धि उब्ज्यो, त्यसै वेलामा तेरो हृदय टुक्रा टुक्रा भएर फाटेन (अफसोस ?) ॥ १ ॥ दुई वर माग्दाखेरि तेरा मनमा कत्ति दर्द भएन ? (बडो अफसोस !) तेरो जिब्रो झरेन (बडो अफसोस !) तेरा मुखमा कीरा परेनन् (बडो अफसोस !) ॥ २ ॥

भूप प्रतीति तोरि किमि कीन्ही ❀ मरनकाल बिधि मति हर लीन्ही ॥३॥
बिधिहुँ न नारिहृदय गति जानी ❀ सकल कपट, अघ अवगुन खानी ॥४॥

महाराजले तेरो विश्वास कसरी गर्नुभयोहोला ? विधाताले मर्ने वेलामा वहाँको बुद्धि हरेछन् ॥ ३ ॥ विधाताले पनि स्त्रीका हृदयको दौड जानेका छैनन्, त्यो हृदय सकल कपट, सकल पाप, सकल दुर्गुणको खानि रहेछ ॥ ४ ॥

सरल सुसील धरमरत राऊ ❀ सो किमि जानइँ तीयसुभाऊ ॥५॥
अस को जीव जंतु जग माहीं ❀ जेहि रघुनाथ प्रानप्रिय नाहीं ॥६॥

महाराज सरलचित्त भएका, सुशील, धर्मतत्पर हुनुहुन्थ्यो, स्त्रीको स्वभाव वहाँले कसरी जान्नुहुन्थ्यो ॥ ५॥ जसलाई रघुनाथजी प्राणजस्ता प्यारा हुनुहुँदैनथ्यो, त्यस्तो जीवजन्तु जगतमा को छ ? ॥ ६ ॥

भे अति अहित रामु तेउ तोही ❀ को तूँ अहसि सत्य कहु मोही ॥७॥
जो हसि सो हसि मुहँ मसि लाई ❀ आँखि ओट उठि बैठहि जाई ॥८॥

उनै राम तेरा अत्यन्त अहित (शत्रु) भए ?, तँ को होस् ?, मलाई साँचो बता ॥ ७ ॥ तँ जो होस् सोही हो, (जोसुकै हो) मुखमा मसी घसेर मेरा सामुन्नेबाट उठेर मेरा आँखाले नदेखिने ठाउँमा गएर बस् ॥ ८ ॥

दोहा–रामबिरोधी हृदय तें प्रगट कीन्ह बिधि मोहि ।
मो समान को पातकी बादि कहउँ कछु तोहि ॥१५८॥

रामचन्द्रको विरोधी भएका तेरा हृदयबाट विधाताले मलाई प्रकट गरे । मसमानको पापी को होला ? तँलाई मैले जो कुछ भनें त्यो व्यर्थ हो” ॥ १५८ ॥

चौ०–सुनि सत्रुघुन मातुकुटिलाई ❀ जरहिं गात रिस कछु न बसाई ॥१॥
तेहि अवसर कुबरी तहँ आई ❀ बसन बिभूषन बिबिध बनाई ॥२॥

आमा कैकेयीको कुटिलपना सुनेर शत्रुघ्नको शरीर रीसले पोलिन लाग्यो, रीस थाम्नलाई केही जोर चलेन ॥ १ ॥ यही बेलामा नाना प्रकारका वस्त्र र गहनाले सिंगारिएर कुब्री (कुब्जा-मंथरा) त्यहीं आइपुगी ॥ २ ॥

लखि रिस भरेउ लखन लघु भाई ❀ बरत अनल घृत आहुति पाई ॥३॥
हुमगि लात तकि कूबर मारा ❀ परि मुहभर महि करत पुकारा ॥४॥

त्यसलाई देख्ता रिसाइरहेका लक्ष्मणजीका भाई शत्रुघ्नजीका रीस बलिरहेको आगो घिउको आहुति पाउँदा बढेझैं बढ्यो ॥ ३ ॥ शत्रुघ्नजीले उफ्रेर त्यसको कूब्र (पिठिउँको मांसपिण्ड) ताकीकन एक लात जमाउनुभयो । त्यो बदमाश चिच्याउँदै मुखको भर परेर जमीनमा पछारिई ॥ ४ ॥

कूबर टूटेउ फूट कपारू ❀ दलित दसन मुख रुधिरप्रचारू ॥५॥
आह दइअ मैं काह नसावा ❀ करत नीक फलु अनइस पावा ॥६॥

त्यसको कूब्र (पृष्ठमांसपिण्ड) फुट्यो, कपाल (टाउको) पनि फुट्यो, दाँत चकनाचूर भए, मुखबाट रगत बग्नलाग्यो ॥ ५ ॥ ऐय्या ! हे दैव ! मैले के बिगार गरें, भलो गर्दा कुभलोको फल पाएँ ” (भन्नलागी) ॥ ६ ॥

सुनि रिपुहन लखि नख सिख खोटी ❀ लगे घसीटन धरि धरि झोटी ॥७॥
भरत दयानिधि दीन्ह छड़ाई ❀ कौसल्या पहिं गे दोउ भाई ॥८॥

त्यसको त्यो कुरा सुन्दा त्यसलाई पाउका नखका टुप्पादेखि चुल्ठाका टुप्पासम्म खोटी (दोषपूर्ण) देखेर (जानेर) शत्रुघ्नजी त्यसको चुल्ठामा समाती समातीकन घर्साट्न (लछार-पछार पार्न) लाग्नुभयो ॥ ७ ॥ दयानिधान भरतजीले छोडाइदिनुभयो । अनि दुवै भाई कौशल्याका समीप जानुभयो ॥ ८ ॥

दोहा–मलिन बसन बिबरन बिकल कृस सरीरु दुखभारु ।
कनक कलपबर बेलि बन मानहु हनी तुसारु ॥१५९॥

कौशल्याले पहिरेको वस्त्र मैलो थियो, वहाँको चेहरा विरूप थियो, दुःखका बोझाले शरीर दुब्लो र व्याकुल थियो । कौशल्या मानौं तुषाराले मारेको (सुकाएको) सुवर्णका कल्पलताको लहरा हो कि ? (भन्ने भान पार्ने हुनुभएको थियो) ॥ १५९ ॥

चौ०–भरतहि देखि मातु उठि धाई ❀ मुरछित अवनि परी झइँ आई ॥१॥
देखत भरतु बिकल भए भारी ❀ परे चरन तनदसा बिसारी ॥२॥

माता कौशल्या भरतजीलाई देख्नाका साथ उठेर दौडनुभयो (तर) झाईं आएर (रिङटा लागेर झ्याम्म कालो देखेर) मूर्छा परीकन भईंमा पछारिनुभयो ॥ १ ॥ त्यो

अवस्था देख्नाका साथ भरतजीले अत्यन्त व्याकुल भएर शरीरको सुद्धिबुद्धि बिर्सेर कौशल्याको पाउमा छाँद हाल्नुभयो ॥ २ ॥

मातु तातु कहँ देहि देखाई ❀ कहँ सिय रामु लखनु दोउ भाई ॥३॥
कइकइ कत जनमी जग माँझा ❀ जौं जनमि त भइ काहे न बाँझा ॥४॥

(भरतजी भन्नुहुन्छ) हे माता ! पिताजी कहाँ हुनुहुन्छ ? देखाइदिनुहोस् ! सीताजी कहाँ हुनुहुन्छ ? राम लक्ष्मण दुई भाई कहाँ हुनुहुन्छ ? ॥ ३ ॥ जगत्का बीचमा कैकेयी किन जन्मेकी ? यदि जन्मिहालिथी त बाँझी किन भइन ? ॥ ४ ॥

कुलकलंकु जेहि जनमेउ मोही ❀ अपजसभाजन प्रिय जन द्रोही ॥५॥
को तिभुवन मोहि सरिस अभागी ❀ गति असि तोरि मातु जेहि लागी ॥६॥

जुन कैकेयीले कुलाङ्गार, अपजसको पात्र, प्रियजनद्रोही मलाई जन्माई ॥ ५ ॥ तीन लोकमा मजस्तो अभागी को होला ? हे माता ! जसका निंति हजूरको यो गति भयो ॥ ६ ॥

पितु सुरपुर बन रघुबरकेतू ❀ मैं केवल सब अनरथ हेतू ॥७॥
धिग मोहि भयेउँ बेनुबन आगी ❀ दुसह दाह दुख दूषन भागी ॥८॥

पिताजी स्वर्गतर्फ, रघुवंशका ध्वजा रामचन्द्र जङ्गलतर्फ जानुभयो । यो सबै अनर्थको कारण फगत मै भए ॥ ७ ॥ म वंशाग्नि (वंशरूपी बाँसको आगो) भएको, खपीनसक्नु ताप, दुःख, दोष यिनको आश्रय भएँ ॥ ८ ॥

दोहा—मातु भरत के बचन मृदु सुनि पुनि उठी सँभारि ।
लिये उठाइ लगाइ उर लोचन मोचति बारि ॥१६०॥

माता कौशल्या भरतजीका कोमल वचन सुनेर सह्मालिएर फेरि उठ्नुभयो । वहाँले भरतजीलाई उठाएर आँखाबाट बरबर आँसु गिराउँदै छातीमा लगाउनुभयो ॥ १६० ॥

चौ०—सरल सुभाय माय हिय लाये ❀ अति हित मनहुँ राम फिरि आये ॥१॥
भेंटेउ बहुरि लखन लघु भाई ❀ सोकु सनेहु न हृदय समाई ॥२॥

सरल स्वभाव भएकी माता कौशल्याले मानौं फकर आएका रामचन्द्र हुन् भन्ने संझेर भरतजीलाई अत्यन्त प्रेमले हृदयमा लगाउनुभयो ॥ १ ॥ फेरि लक्ष्मणका साना भाई शत्रुघ्नलाई भेट्नुभयो, वहाँका हृदयमा शोक र स्नेह अटाएन ॥ २ ॥

देखि सुभाउ कहत सबु कोई ❀ राममातु अस काहे न होई ॥३॥
माता भरतु गोद बैठारे ❀ आँसु पोंछि मृदु बचन उचारे ॥४॥

कौशल्याको स्वभाव देखेर सबैजना "रामजीकी आमा यस्ती किन हुनुहुन्नथ्यो ?" भन्न लागे ॥ ३ ॥ अनि कौशल्या माताले भरतजीलाई काखमा बसाउनुभयो, आँसु पुछेर नरम वचन बोल्नुभयो ॥ ४ ॥

अजहुँ बच्छ बलि धीरजु धरहू ❀ कुसमउ समुझि सोक परिहरहू ॥५॥

जनि मानहु हियँ हानि गलानी ❀ काल करम गति अघटित जानी ॥६॥
काहुहि दोसु देहु जनि ताता ❀ भा मोहि सब बिधि बाम बिधाता ॥७॥
जो एतेहुँ दुख मोहि जिआवा ❀ अजहुँ को जानै का तेहि भावा ॥८॥

बाबु ! भरत ! (तिम्रो बलैया लिन्छु) अझ पनि धैर्य धारण गर, कुसमय (बेमौका) संझेर शोक छाड ॥ ५ ॥ काल र कर्मको गतिलाई अनिवार्य जानेर मनमा इष्टहानि भएको ग्लानि नमान ॥ ६ ॥ बाबु ! कसैलाई दोष नदेऊ । सब तरहबाट मेराउपर दैव प्रतिकूल भयो ॥ ७ ॥ जुन दैवले यत्रो दुःख पर्दा पनि मलाई बचाइराखेको छ, त्यो दैवलाई अझ के गर्न मन लागेको छ ? त्यो कुरा को जान्दछ ? ॥ ८ ॥

दोहा–पितु आयेसु भूषन बसन तात तजे रघुबीर ।
बिसमउ हरषु न हृदयँ कछु पहिरे बलकलचीर ॥१६१॥

बाबु ! रामचन्द्रले पिताका आज्ञाले गहना वस्त्र त्याग गरे । तिनका हृदयमा हर्ष-विषाद केही छैन, वृक्षको बोक्राको वस्त्र पनि पहिरे ॥ १६१ ॥

चौ०–मुख प्रसन्न मन रंगु न रोषू ❀ सब कर सब बिधि करि परितोषू ॥१॥
चले बिपिन सुनि सिय सँग लागी ❀ रहइ न रामचरन अनुरागी ॥२॥

तिनको मुख प्रसन्न थियो, मनमा राग र द्वेष थिएन , सब तरहबाट सबैलाई सन्तुष्ट (राजी) पारेर ती जङ्गल गए । खबर सुन्नाका साथ सीता साथ लागिन्, रामचरणानुरागिणी सीता भरमग्दूर बुझाउँदा पनि घरमा बसिनन् ॥ १ ॥ २ ॥

सुनतहिं लखनु चले उठि साथा ❀ रहहिं न जतन किये रघुनाथा ॥३॥
तब रघुपति सबही सिरु नाई ❀ चले सँग सिय अरु लघु भाई ॥४॥

खबर सुन्नाका साथ उठेर लक्ष्मण साथ लागेर गए । रामले यत्न गरेथे, तर ती घरमा रहेनन् ॥ ३ ॥ अनि रामचन्द्र सबैलाई यथोचित प्रणाम गरेर साथमा सीता र भाई लक्ष्मणलाई लिईकन हिंडे ॥ ४ ॥

रामु लखनु सिय बनहि सिधाए ❀ गइउँ न संग न प्रान पठाए ॥५॥
एहु सबु भा इन्ह आँखिन्ह आगें ❀ तउ न तजा तनु जीव अभागें ॥६॥

राम, लक्ष्मण, सीता वन गए । परन्तु म सँगै गइनँ, मैले प्राणलाई पनि साथ पठाइदिइनँ ॥ ५ ॥ यिनै आँखाका अगाडि यी सबै घटना भए । तैपनि अभागी प्राणले यो शरीरलाई छाडेनन् ॥ ६ ॥

मोहि न लाज निज नेहु निहारी ❀ राम सरिस सुत मैं महतारी ॥७॥
जिअइ मरइ भल भूपति जाना ❀ मोर हृदय सत कुलिस समाना ॥८॥

आफ्नो स्नेह देखता मलाई लाज छैन (धिक्कार हो) रामजस्तो छोरो, मजस्ती आमा (यस्तो पनि हुँदोरहेछ हो कि ?) ॥ ७ ॥ महाराजले भने बाँच्न पनि मर्न पनि जान्नुभएको

रहेछ (बाँचुञ्ज्याल रामको मुख हेर्न पाउनुभयो, मज्जै भयो, उनैको वियोगले राम राम भन्दै मर्नुभयो, त्यो पनि वहाँका हकमा असलै भयो) मेरो हृदयभने सयकड़ौं वज्रजस्तो कडा रहेछ (रामको वियोग हुँदा पनि फाटेन) ॥ ८ ॥

दोहा–कौसल्या के बचन सुनि भरत सहित रनिवासु ।
ब्याकुल बिलपत राजगृहु मानहु सोकनिवासु ॥१६२॥

कौशल्याका वचन सुनेर भरतसहित रनिवास (अन्तःपुर) व्याकुल भईकन विलाप गर्न लाग्यो । राजमहल ता मानौं शोक महल भयो ॥ १६२ ॥

चौ०–बिलपहिं बिकल भरत दोउ भाई ❀ कौसल्या लिए हृदयँ लगाई ॥१॥
भाँति अनेक भरतु समुझाये ❀ कहि बिबेकमय बचन सुनाये ॥२॥

दुवै भाई व्याकुल भएर विलाप गर्न लाग्नुभयो र कौशल्याले उठाएर हृदयमा लाउनुभयो ॥ १ ॥ अनेक प्रकारले विवेकपूर्ण भएका वचन सुनाएर भरतलाई संझाउनुभयो ॥ २ ॥

भरतहुँ मातु सकल समुझाईं ❀ कहि पुरान श्रुति कथा सुहाईं ॥३॥
छल बिहीन सुचि सरल सुबानी ❀ बोले भरत जोरि जुग पानी ॥४॥

भरतजीले पनि पुराण र वेदका सुन्दर कथा सुनाएर सबै माताहरूलाई संझाउनुभयो ॥ ३ ॥ (वहाँले फेरि) दुई हात जोरेर छल-कपटरहित भएका पवित्र सरल मधुर वचन बोल्नुभयो ॥ ४ ॥

जे अघ मातु पिता सुत मारें ❀ गाइगोठ महिसुरपुर जारें ॥५॥
जे अघ तिय बालक बध कीन्हे ❀ मीत महीपति माहुर दीन्हे ॥६॥

"मातृहत्या, पितृहत्या, पुत्रहत्या गर्दा, गाईको गोठ र ब्राह्मणको बस्ती (टोला) जलाउँदा जो पाप लाग्दछ ॥ ५ ॥ स्त्रीवध, बालकवध गर्दा र मित्रलाई, राजालाई विष खुवाउँदा जो पाप लाग्दछ ॥ ६ ॥

जे पातक उपपातक अहहीं ❀ करम बचन मन भव कबि कहहीं ॥७॥
ते पातक मोहि होहुँ बिधाता ❀ जौं एहु होइ मोर मत माता ॥८॥

जो जो कायिक, वाचिक, मानसिक यस्ता तीन प्रकारका कविले कहिएका पातक उपपातक छन् ॥ ७ ॥ मुमा ! यदि यो कुरामा (रामजीलाई वनवास, मलाई राज्य दिलाउनामा) मेरो मत (राय) रहेछभने ती (पूर्वोक्त) पाप मलाई लागून् है । हे विधाता ! (तिमीलाई साछी राखेर शपथ गर्दछु) ॥ ८ ॥

दोहा–जे परिहरि हरि हर चरन भजहिं भूतगन घोर ।
तिन्ह कइ गति मोहि देउ बिधि जौं जननी मत मोर ॥१६३॥

हे जननी ! यस कुरामा मेरो संमति रहेछभने, जो मानिस हरि-हरका चरणलाई

छाडेर घोर (भयंकर = तामसी) भूतगणको भजन गर्दछन्, तिनको गति विधाताले मलाई दिउन् ॥ १६३ ॥

चौ०–बेचहिं बेदु धरमु दुहि लेहीं ❀ पिसुन पराय पाप कहि देहीं ॥१॥
कपटी कुटिल कलहप्रिय क्रोधी ❀ बेदबिदूषक बिस्वबिरोधी ॥२॥
लोभी लंपट लोलपचारा ❀ जे ताकहिं परधनु परदारा ॥३॥
पावउँ मैं तिन्ह कै गति घोरा ❀ जौं जननी एहु संमत मोरा ॥४॥

जो वेद[1] बेच्तछन्, जो धर्मलाई[2] दुहिलिन्छन् , (दुहुन्छन्) जो छुल्याइँ गर्दछन्, जो अर्काको पाप प्रकट गरिदिन्छन् ॥ १ ॥ जो कपटी कुटिल कलहप्रिय क्रोधी भएर वेदलाई दूषित गर्दछन् (यथाभावी अर्थ गरेर वेदको तात्पर्यको विरुद्ध कुरा गरी वेदलाई बरबाद पार्दछन्) जो जगतका विरोधी छन् ॥ २ ॥ जो लोभी विषयलंपट, लालची, धूर्त छन् , जो परधनलाई र परस्त्रीलाई ताक्तछन् ॥ ३ ॥ माता ! यो कुरा मेरो संमत (रायले भएको) रहेछभने तिनीहरूको घोर गति (पापफल) म पाउँ ॥ ४ ॥

जे नहि साधुसंग अनुरागे ❀ परमारथपथ बिमुख अभागे ॥५॥
जे न भजहिं हरि नरतनु पाई ❀ जिन्हहि न हरि हर सुजसु सोहाई ॥६॥
तजि श्रुतिपंथु बाम पथ चलहीं ❀ बंचक बिरचि बेषु जगु छलहीं ॥७॥
तिन्ह कइ गति मोहि संकरु देऊ ❀ जननी जौं एहु जानउँ भेऊ ॥८॥

जसले सत्संगमा प्रेम गरेको छैन, जो अभागी परमार्थका मार्गबाट विमुख छन् (परमार्थको चर्चै गर्दैनन् , फगत लौकिक व्यवहारले जिन्दगी बिताउँदछन्) ॥ ५ ॥ जो मनुष्यको चोला पाएपछि पनि हरिभजन गर्दैनन् , जसलाई हरिहरको यश (सुकीर्ति मनपर्दैन ॥ ६ ॥

जो वैदिक मार्ग छाडेर वाममार्गमा चल्दछन्, जो ठग फगत भेष रचेर जगत्लाई ठग्दछन् ॥ ७ ॥ आमा ! यदि मैले यो भेद (षड्यन्त्र) जानेको रहेछभने शंकरजी तिनैको गति मलाई दिउन् ॥ ८ ॥

दोहा–मातु भरत के बचन सुनि साँचे सरल सुभाय ।
कहति रामप्रिय तात तुम्ह सदा बचन मन काय ॥१६४॥

माता कौशल्याले भरतजीका साँचा सरल स्वाभाविक वचन सुन्नुभयो र भन्नुभयो "बाबू ! भरत तिमी रामजीका मनसा कर्मणा वाचा प्यारा छौ ॥ १६४ ॥

चौ०–राम प्रानहु तें प्रान तुम्हारे ❀ तुम्ह रघुपतिहि प्रानहु तें प्यारे ॥१॥
बिधु बिष चवइ स्रवइ हिमु आगी ❀ होइ बारिचर बारिबिरागी ॥२॥

---

(१) द्रव्य लिएर कुपात्रलाई पढाउँदा वेद बेचिन्छ । विनाद्रव्य सत्पात्रलाई वेद पढाउँदा ब्रह्म यज्ञ गरेको फल पाइन्छ ।

(२) कन्यालाई र गाईलाई बेच्ता धर्म दुहेको पाप लाग्दछ ।

भयें ग्यानु बरु मिटइ न मोहू ❀ तुम्ह रामहि प्रतिकूल न होहू ॥३॥
मत तुम्हार येहु जो जग कहहीं ❀ सो सपनेहुँ सुख सुगति न लहहीं ॥४॥

राम तिम्रा प्राणका प्राण (प्राणाधार) छन्, तिमी रामका प्राणभन्दा प्यारा छौ ॥ १ ॥ बाबु ! बरु कदाचित् चन्द्रमाबाट विष बग्न लागोस्, हिउँबाट आगो फैलिन लागोस् जलचर प्राणी जलदेखि विरक्त होओस्, ॥ २ ॥ बरु ज्ञान हुँदा पनि मोह नमेटियोस्, परन्तु तिमी कुनै हालतमा रामका प्रतिकूल (बर्खिलाफ) हुनेछैनौ ॥ ३ ॥ यो मत तिम्रो हो भनेर (भरतले संमति दिंदा कैकेयीका षडयन्त्रले राम धपिए भनेर) जो मानिस भन्ला त्यो सपनामा पनि सुख र सद्गति पाउनेछैन (नरकनिवासको दुःख भोग्नेछ) ॥ ४ ॥

अस कहि मातु भरतु हिय लाए ❀ थन पय स्रवहिं नयन जल छाए ॥५॥
करत बिलाप बहुत एहि भाँती ❀ बैठेहिं बीति गई सब राती ॥६॥

यसो भनेर कौशल्या माताले भरतलाई हृदयमा लाउनुभयो । (त्यस वेलामा कौशल्या को) स्तनबाट दूध चुहुन लाग्यो, वहाँका नजरमा जल भरियो ॥ ५ ॥ यस्ता प्रकारले धेरै विलाप गर्दा गर्दै, बसेको बस्यै सब रात बित्यो ॥ ६ ॥

बामदेउ बसिष्ठ तब आए ❀ सचिव महाजन सकल बोलाए ॥७॥
मुनि बहु भाँति भरत उपदेसे ❀ कहि परमारथ बचन सुदेसे ॥८॥

अनि वामदेव र वशिष्ट मुनि आए, तिनले मन्त्रीहरूलाई र सबै महाजनहरूलाई बोलाए ॥ ७ ॥ मुनिले भरतजीलाई असल असल परामार्थका वचन भनेर धेरै तरहले उपदेश गरे ॥ ८ ॥ (कस्तो उपदेश भने)

दोहा–तात हृदय धीरजु धरहु करहु जो अवसर आजु ।
उठे भरतु गुरबचन सुनि करन कहेउ सबु साजु ॥१६५॥

"बाबु ! भरत ! हृदयमा धैर्य धारण गर्नुहोस्, आज जो अवसर (समय) छ, तदनुसारको काज गर्नुहोस्।" गुरुको यस्तो वचन सुनेर भरतजी उठ्नुभयो र (अन्त्येष्टिको) सबै सार्जाम तयार गर्न आज्ञा दिनुभयो ॥ १६५ ॥

चौ०–नृपतनु बेदबिहित अह्नवावा ❀ परम बिचित्रु बिमानु बनावा ॥१॥
गहि पग भरत मातु सब राखीं ❀ रहीं रामदरसन अभिलाषीं ॥२॥

वेदोक्त विधिले राजाको लाशलाई स्नान गराए, अति विचित्र विमान (खट) बनाए ॥ १ ॥ सती जान तयार भएका सबै आमालाई पाउ परेर भरतजीले संझाई बुझाईकन घरैमा राख्नुभयो, तिनीहरू पनि रामदर्शनका अभिलाषाले घरैमा रहे ॥ २ ॥

चंदन अगर भार बहु आए ❀ अमित अनेक सुगंध सुहाए ॥३॥
सरजु तीर रचि चिता बनाई ❀ जनु सुरपुरसोपान सुहाई ॥४॥

चन्दन र धूपी भारीका भारी आए, अनेक प्रकारका कर्पूर प्रभृति सुगन्ध पदार्थ

बेगिन्ती आए ॥ ३ ॥ सरयूनदीका तीरमा अमरावती नगरीतर्फ जाने राम्रो सिंढी हो कि भने जस्तो सुन्दर चिता रचेर तयार गरियो ॥ ४ ॥

एहि बिधि दाहक्रिया सब कीन्ही ❀ बिधिवत न्हाइ तिलांजुलि दीन्ही ॥५॥
सोधि सुमृति सब बेद पुराना ❀ कीन्ह भरत दसगातबिधाना ॥६॥

यस्ता तरहले भरतजीले सबै दाहक्रिया गर्नुभयो र विधिपूर्वक स्नान गरेर तिलाञ्जलि दिनुभयो ॥ ५ ॥ श्रुति स्मृति, पुराणको प्रमाण लिएर दशगात्रको विधान समाप्त गर्नुभयो ॥ ६ ॥

जहँ जस मुनिबर आएसु दीन्हा ❀ तहँ तस सहस भाँति सबु कीन्हा ॥७॥
भये बिसुद्ध दिये सबु दाना ❀ धेनु बाजि गज बाहन नाना ॥८॥

मुनिवर वशिष्ठजीले जहाँ जस्तो आज्ञा दिए, त्यहाँ त्यसै गरी हजारौं प्रकारले सबै काम भरतजीले गर्नुभयो ॥ ७ ॥ गर्नुपर्ने सबै गोदान, अश्वदान, गजदान, वाहनदान इत्यादि दान गरेर शुद्ध हुनुभयो ॥ ८ ॥

दोहा–सिंघासन भूषन बसन अन्न धरनि धन धाम ।
दिये भरत लहि भूमिसुर भे परिपूरन काम ॥१६६॥

भरतजीले सिंहासन, भूषन, वस्त्र, अन्न, भूमि, धन, गृह दान गर्नुभयो, त्यो पाएर ब्राह्मण संतुष्ट भए ॥ १६६ ॥

चौ०–पितु हित भरत कीन्हि जसि करनी ❀ सो मुख लाख जाइ नहि बरनी ॥१॥
सुदिनु सोधि मुनिबर तब आए ❀ सचिव महाजन सकल बोलाए ॥२॥

पिताका निमित्त भरतजीले जस्तो क्रियाकर्म गर्नुभयो लाख मुखले पनि त्यो वर्णन गर्न सकिदैन ॥ १ ॥ अनि असल साइत ठहराएर मुनीश्वरहरू आए, तिनीहरूले मन्त्रीहरूलाई र महाजनहरूलाई बोलाए ॥ २ ॥

+ + +

बैठे राजसभा सब जाई ❀ पठये बोलि भरत दोउ भाई ॥३॥
भरतु बसिष्ठ निकट बैठारे ❀ नीति धरम मय बचन उचारे ॥४॥

सबैजना गएर राजाका सभा (बैठक) मा बसे, अनि भरतलाई भाईसहित बोलाई पठाए ॥ ३ ॥ वशिष्ठजीले भरतलाई आफ्ना नगीचमा बसाए र नीतिमय वचन बोले ॥ ४ ॥

प्रथम कथा सब मुनिबर बरनी ❀ कइकइ कुटिल कीन्हि जसि करनी ॥५॥
भूप धरमब्रतु सत्य सराहा ❀ जेहिं तनु परिहरि प्रेमु निबाहा ॥६॥

पहिले ता मुनिवर वशिष्ठले जुन तरहले कुटिल कैकेयीले जस्तो कारवाई गरिन् त्यो सबै कुराको वर्णन गरे ॥ ५ ॥ अनि जसले शरीर परित्याग गरेर प्रेमको निर्वाह गरे (प्रेम

कायम राखे त्यस्ता ती महाराज दशरथको धर्मनिष्ठा, नियमनिष्ठा, सत्यनिष्ठाको तारीफ गरे ॥ ६ ॥

कहत राम गुन सील सुभाऊ ❀ सजल नयन पुलकेउ मुनिराऊ ॥७॥
बहुरि लखन सिय प्रीति बखानी ❀ सोक सनेह मगन मुनि ग्यानी ॥८॥

मुनिराज वशिष्ठजी रामचन्द्रजीका गुण, शील, स्वभावको वर्णन गर्दा अश्रुपूर्णनेत्र (आँखाभरी आँसु भरिएका) र पुलकित (शरीरभरी रोमाञ्च उठेका) भए ॥ ७ ॥ फेरि लक्ष्मण र सीताको प्रीति वर्णन गरे, त्यस वेलामा ता वशिष्ठमुनि ज्ञानी थिए तापनि शोक प्रवाहमा र स्नेहप्रवाहमा चुर्लुम्म डुबे ॥ ८ ॥

दोहा–सुनहुँ भरत भावी प्रबल बिलखि कहेउ मुनिनाथ ।
हानि लाभु जीवनु मरनु जसु अपजसु बिधिहाथ ॥१६७॥

मुनीश्वर वशिष्ठले दुःखित भएर भने–“भरतजी ! सुन्नुहोस्, भावी बलवान् छ, हानि–लाभ, जीवन–मरण, सुयश–दुर्यश, सबै विधाताको हातमा छ ॥ १६७ ॥

चौ०–अस बिचारि केहि देइअ दोसू ❀ ब्यरथ काहि पर कीजिअ रोसू ॥१॥
तात बिचारु करहु मन माहीं ❀ सोचजोगु दसरथु नृपु नाहीं ॥२॥

यस्तो विचार गर्दा कसलाई दोष दिने ?, कसका उपर व्यर्थ रीस गर्ने ? ॥ १ ॥ बाबु ! मनमा विचार गर्नुहोस्, महाराज दशरथ शोकयोग्य हुनुहुन्न ॥ २ ॥

सोचिअ बिप्र जो बेद बिहीना ❀ तजि निज धरमु बिषय लयलीना ॥३॥
सोचिअ नृपति जो नीति न जाना ❀ जेहि न प्रजा प्रिय प्रान समाना ॥४॥
सोचिअ बयसु कृपन धनवानू ❀ जो न अतिथि सिव भगति सुजानू ॥५॥
सोचिअ सूद्रु बिप्र अवमानी ❀ मुखरु मानप्रिय ग्यानगुमानी ॥६॥
सोचिअ पुनि पतिबंचक नारी ❀ कुटिल कलहप्रिय इछाचारी ॥७॥
सोचिअ बटु निज ब्रतु परिहरई ❀ जो नहि गुर आयसु अनुहरई ॥८॥

बाबु ! भरत ! जो ब्राह्मण वेदहीन छ, आफ्नु धर्मकर्म छाडेर विषयभोगमा लवलीन (लंपट) छ, त्यसको शोक गर्नुपर्दछ (हाय ! हाय ! अब यिनको के गति होला नि ? भन्नुपर्दछ) ॥ ३ ॥ जो राजा भएर नीति जान्दैन, जसलाई आफ्ना प्रजा प्राणसमान प्यारा लाग्दैनन् त्यो राजाको शोक गर्नुपर्दछ (हाय ! हाय ! अब यिनको के गति होला नि ? भन्नुपर्दछ) ॥ ४ ॥

जो धनवान वैश्य भएर कृपण (बद्धमुष्टि) रहन्छ, अतिथिसेवामा र शिवभक्तिमा राम्रो होश राख्तैन त्यसको शोक गर्नुपर्दछ (हाय ! हाय ! बिचरो वैश्य ठग्दा ठग्दा यहाँ पनि ठगियो वहाँ पनि ठगियो नि ! भन्नुपर्दछ) ॥ ५ ॥

जो शूद्र भएर ब्राह्मणको अपमान गर्दछ, बढेर बोल्दछ, मानप्रिय (मान मनपर्ने) छ,

ज्ञानको घमंड गर्छ, त्यसको शोक गर्नुपर्छ [हाय ! हाय ! कठैबरि ! यो नीचको नीचता (अधः पात = अवनति) अझ बढ्न लाग्यो नि ! भन्नुपर्दछ] ॥ ६ ॥

जो स्त्री भएर पतिलाई ठग्दछे (पतिका आँखामा छारो हाल्छे) कुटिल कलहप्रिया, स्वेच्छाचारिणी छ, त्यसको शोक गर्नुपर्दछ (हाय ! हाय ! अब यो अबला कति बलाइ पाउली नि ! भन्नुपर्दछ) ॥ ७ ॥

जो वटु (ब्रह्मचारी) भएर आफ्नो ब्रह्मचर्यव्रत छाड्दछ, आफ्ना गुरुको आज्ञानुसार चल्दैन त्यसको शोक गर्नुपर्दछ (हाय ! हाय ! यो ठिटो त्यसै बरबाद भयो नि भन्नुपर्दछ) ॥ ८ ॥

दोहा–सोचिअ गृही जो मोहबस करइ करमपथ त्याग ।
सोचिअ जती प्रपंचरत बिगत बिबेक बिराग ॥१६८॥

जो गृहस्थ भएर पनि अज्ञानवश भएर कर्म-मार्गको परित्याग गर्दछ त्यसको शोक गर्नुपर्दछ । (क) जो संन्यासी भएर पनि विवेकहीन, वैराग्यहीन भएर प्रपञ्चमा लागिरहन्छ त्यसको शोक गर्नुपर्दछ ॥ १६८ ॥ (ख)

चौ०–बैखानस सोइ सोचइ जोगू ❀ तपु बिहाइ जेहि भावइ भोगू ॥१॥
सोचिअ पिसुन अकारन क्रोधी ❀ जननि जनक गुर बंधु बिरोधी ॥२॥
सब बिधि सोचिअ पर अपकारी ❀ निज तनु पोषक निरदय भारी ॥३॥
सोचनीय सबही बिधि सोई ❀ जो न छाड़ि छलु हरिजनु होई ॥४॥

जो तपस्वी भएर तपस्या छाडेर मनपरी गरी भोग गर्दछ त्यसको शोक गर्नुपर्दछ, ॥ १ ॥ छुल्याइँ गर्ने, विनाकारण रिसाउने, आमा, बाबु, गुरु, दाज्यू-भाइसँग विरोध गर्ने जो छ, त्यसको शोक गर्नुपर्दछ ॥ २ ॥ अर्काको अपकार गर्ने, दया नगर्ने, परिवारको पोषण नगरेर आफ्नो शरीर मात्र पोस्ने व्यक्तिको सब्र तरहबाट शोक गर्नुपर्दछ ॥ ३ ॥ छलकपट

(क) गृहस्थहरूले मोहवश भएर (पाखण्डी वेदान्तीहरूका संगतले भ्रष्टबुद्धि भएर) आफ्ना धर्मकर्म छाड्न आँटेका छन्‌भने, पूर्ण पछितो मानेर हात जोरीकन—“भगवन् ! गोविन्द ! वेदान्तनामले दुनियाँलाई भ्रष्ट पार्ने पाखण्डमत देखाएर, गृहस्थ रहेर, मनोविजय नहुँदैमा द्वन्द्वबाधाले व्याकुल हुने अधम अवस्थैमा मैले आफ्ना धर्मकर्म जम्मै छाड्न खोजें, त्यो अति ठूलो अपराध क्षमा गरिबक्सनुहोस्” यस्तो आशय भएको प्रार्थना गरेदेखि त्यो पापको प्रायश्चित्त होला । धर्मकर्म छाडिसकेका गृहस्थले प्रायश्चित्त खोज्दं खोज्दैनन् , तिनका विषयमा वक्तव्य केही छैन । प्रार्थनाश्लोक—

प्रदर्श्य वेदान्तमतं निजाः क्रिया अदान्तचित्तस्य सतो मुमुक्षतः ।
गृहस्थतामाश्रयतो बृहत्तमं क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥ (प्रपञ्चचर्चा)

(ख) यस्ता तरहका संन्यासीलाई स्पर्श गरे पनि प्रत्यवाय लाग्दछ भनी शास्त्रमा लेखिएको छ ।

सांसारिकसुखासक्तं ब्रह्मज्ञोऽस्मीति वादिनम् ।
कर्मब्रह्मोभयभ्रष्टं , तं त्यजेदन्त्यजं यथा ॥ (गारुड)

३४

छाडेर (शुद्ध चित्तले) जो हरिजन हुँदैन (हरिभक्तितत्पर हुँदैन) त्यो मानिस सब तरहबाट शोचनीय छ ॥ ४ ॥

सोचनीय नहि कोसलराऊ ❀ भुअन चारि दस प्रगट प्रभाऊ ॥५॥
भयेउ न अहइ न अब होनिहारा ❀ भूप भरत जस पिता तुम्हारा ॥६॥
बिधि हरि हरु सुरपति दिसिनाथा ❀ बरनहिं सब दसरथ गुन गाथा ॥७॥

जसको प्रताप चौध भुवनमा प्रकट छ, उस्ता महाराज दशरथको शोक गर्नु मुनासीब छैन ॥ ५ ॥ बाबु ! भरत ! तपाईंका पिता महाराज दशरथ जस्ता हुनुभयो त्यस्ता राजा अघि पनि भएका थिएनन्, ऐले पनि छैनन् ॥ ६ ॥ ब्रह्माजी, विष्णुभगवान्, शंकरजी, इन्द्रादि दिक्पालहरूसमेत महाराज दशरथका गुणगाथाको वर्णन गर्दछन् ॥ ७ ॥

दोहा–कहहु तात केहि भाँति कोउ करिहि बड़ाई तासु ।
राम लखन तुम्ह शत्रुहन सरिस सुअन सुचि जासु ॥१६९॥

बाबु ! भरत ! जसका राम, लक्ष्मण, तपाईं, शत्रुघ्न जस्ता पवित्र पवित्र चार चार (४।४) जना छोरा छन्, उस्ता वहाँको प्रशंसा कोही मानिस कसरी गर्नसक्तछ ? तपाईं नै भन्नुहोस् न ॥ १६९ ॥

चौ०–सब प्रकार भूपति बड़भागी ❀ बादि बिषादु करिअ तेहि लागी ॥१॥
एहु सुनि समुझि सोचु परिहरहू ❀ सिर धरि राजरजायसु करहू ॥२॥

महाराज सब तरहले ठूला भाग्यवान् हुनुहुन्थ्यो, वहाँका निमित्त विषाद गर्नु व्यर्थ छ ॥ १ ॥ बाबु ! भरत ! यो कुरा सुनेर संझेर शोक सुर्ता छाड्नुहोस्, महाराजको आज्ञालाई शिरोपर गरेर तदनुसार गर्नुहोस् ॥ २ ॥

रायँ राजपदु तुम्ह कहुँ दीन्हा ❀ पिताबचनु फुर चाहिअ कीन्हा ॥३॥
तजे रामु जेहि बचनहि लागी ❀ तनु परिहरेउ रामबिरहागी ॥४॥

महाराजले तपाईंलाई राजगद्दी दिनुभएको छ, पिताको वचन सत्य गराउनुपर्छ ॥ ३ ॥ त्यही वचन सत्य गराउनाका निंति महाराजले रामजीलाई छाड्नुभयो, (रामजीलाई मात्रै होइन) आफ्नो शरीरलाई पनि रामजीका विरहरूपी अग्निमा (डढाएर) छाड्नुभयो ॥ ४ ॥

नृपहि बचन प्रिय नहि प्रिय प्राना ❀ करहु तात पितुबचन प्रवाना ॥५॥
करहु सीस धरि भूपरजाई ❀ हइ तुम्ह कहँ सब भाँति भलाई ॥६॥

महाराजलाई सत्यवचन प्यारो थियो, प्राण प्यारा थिएनन् (यो कुरा वहाँका आचरणबाट बुझिएकै छ) बाबु ! भरत ! त्यस्ता पिताजीको वचनलाई प्रमाण (सत्य) गर्नुहोस् ॥ ५ ॥ महाराजको आज्ञालाई शिरोपर गरेर तदनुसार गर्नुहोस् (त्यसैले) तपाईंलाई सब तरहबाट भलो छ ॥ ६ ॥

परसुराम पितु आग्या राखी ❀ मारी मातु लोक सब साखी ॥७॥
तनय जजातिहि जौबनु दएऊ ❀ पितु अग्या अघ अजसु न भएऊ ॥८॥

परशुरामले पिताको आज्ञा राखे (पालना गरे) आमालाई समेत मारिदिए, यस कुरामा सारा संसार साक्षी छ (क) ॥ ७ ॥ ययाति राजाका छोरा पुरुले पितालाई आफ्नो यौवन दिए, पिताको आज्ञा मानेको हुनाले तिनलाई पाप पनि लागेन, दुर्यश पनि भएन ॥ ८ ॥ (ख)

दोहा–अनुचित उचित बिचारु तजि जे पालहिं पितुबयन ।
ते भाजन सुख सुजस के बसहिं अमरपति अयन ॥१७०॥

उचित अनुचितको विचार छाडेर जो सकस पिताका वचनको पालन गर्दछन्, तिनीहरू सुख र सुयशको पात्र हुन्छन्, आखिर इन्द्रलोकमा निवास गर्दछन् ॥ १७० ॥

(क) जमदग्नि नाम भएका अति उग्र तपस्वी थिए । तिनकी पत्नी रेणुका नाम भएकी थिइन् । राजकन्या ती रेणुकाले एकदिन जल लिन नदीतर्फ गएका वेलामा गन्धर्व र अप्सराहरूको जल-विहार हुन लागेको हेर्नपछि लाग्दा विलम्ब गरिन् । ती विलम्ब गरेर आउँदा जमदग्नि अत्यन्त कुपित भए— "परस्त्री-परपुरुषको विहार हेर्ने यसलाई मार" भनेर जमदग्निले आफ्ना छोराहरूलाई अह्राए । तिनीहरूमध्ये ३ भाईले आफ्नी जननीको वध गर्न मंजूर गरेनन्, कान्छा परशुरामले पिताको आज्ञा मानेर आफ्नी आमाको परशु (कुठार) ले कण्ठच्छेद गरे, फेरि पिता जमदग्निले "मेरो आज्ञा नमान्ने तीनैओटा दाज्यूहरूको पनि कण्ठच्छेद गर" भनी परशुरामलाई अह्राए । तिनले पिताको त्यो आज्ञासमेत पूर्ण गरे, तीनै भाईलाई मारे । पछि जमदग्निले प्रसन्न भएर "वर माग" भन्दा परशुरामले आमाको र दाज्यूहरूको पुनर्जीवन मागे, महातपस्वी जमदग्निले "तथास्तु" भन्नेबित्तिकै मरेका सबै जना जस्ताका तस्ता भएर जुर्मुराउँदै उठे ।

(ख) राजा ययातिले शुक्राचार्यकी छोरी देवयानीसँग विवाह गरेका थिए । दुलही देवयानीलाई घर पठाउँदा वृषपर्वा दानवकी—छोरी शर्मिष्ठा हजार (१०००) जना सुसारेलाई साथ लिएर प्रतिज्ञानुसार देवयानीको सेवा गर्न साथ गएकी थिइन् । राजा ययातिले देवयानीमा यदु र तुर्वसु नाम भएका दुइ पुत्र पैदा गरे । देवयानीका प्रसूतिसमयमा मौका पारेर राजा ययातिले शर्मिष्ठा (दानवकन्या) का प्रार्थनानुसार तिनीसँग गान्धर्व विवाह गरेर द्रुह्यु, अनु र पुरु नाम भएका ३ पुत्र पैदा गरीकन देवयानीका डरले तिनलाई गुप्त राखेका थिए । देवयानीले पछिबाट थाहा पाइन् । ती जङ्गिएर भुतभुताउँदै पिता शुक्राचार्यका साम्ने पतिको चुक्ली गर्न दौडिन् । "महाप्रभाव ठूला तपस्वी शुक्राचार्य रिसाएर के के गर्ने हुन्" भन्ने डरले राजा ययाति पनि देवयानीका पछिपछि शुक्राचार्यकहाँ पुगे । समाचार सुन्नाका साथ शुक्राचार्यले क्रुद्ध भएर राजा ययातिलाई "तिमी ऐल्यै बूढा होऊ" भनी शराप दिए । राजा ययातिले क्षमा मागेर "तपाईंकी छोरी देवयानीसँग भोग गर्दा तृप्ति भएको थिएन, यो सरापले म बूढो हुँदा मेरो मात्र अनिष्ट हुने भएन, तपाईंकी छोरीले पनि जन्मभरी कल्पिरहनुपर्ने भयो, जो आज्ञा" भनी प्रार्थना गर्दा कर्तुम्-अकर्तुम्-अन्यथाकर्तुं समर्थ भएका शुक्राचार्यले "उसो भए मैले शरापेर भएको बुढ्याइँलाई कसैको यौवन (जवानी) सित साटेर आफ्ना इच्छा पूर्ण गर्न पाए" भनी शापोद्धार गरे । राजा ययातिले आफ्ना छोराहरूसँग बुढ्याइँसित जवानी साट्ने कुरा गर्दा जेठा-पाका दाज्यूहरूले नामंजूरी गरे । पछि कान्छा छोरा पुरुले बाबुको बुढ्याइँसित आफ्नो जवानी हर्षका साथ साटे । पिता ययाति प्रसन्न भए, छोराको जवानी लिएर १ हजार वर्ष तिनले विषय भोग खूब गरे, अनि तिनै पुरुलाई प्रधान साम्राज्यगद्दी दिएर वनवास गर्न गए ।

चौ०-अवसि नरेसबचन फुर करहू ❀ पालहु प्रजा सोकु परिहरहू ॥१॥
सुरपुर नृपु पाइहि परितोषू ❀ तुम्ह कहँ सुकृतु सुजसु नहि दोषू ॥२॥

महाराजको वचनलाई अवश्यमेव सत्य गर्नुहोस्, प्रजाको पालना गर्नुहोस्, शोक-छाड़नुहोस् ॥ १ ॥ स्वर्गमा रहनुभएको महाराज संतोष पाउनुहुनेछ, तपाईंलाई पुण्यात्माको यश मिल्नेछ, दोष (लाग्ने) छैन ॥ २ ॥

बेदबिहित सम्मत सबही का ❀ जेहि पितु देइ सो पावइ टीका ॥३॥
करहु राजु परिहरहु गलानी ❀ मानहु मोर बचनु हित जानी ॥४॥

"पिताले जसलाई दिन्छ, त्यसैले राजतिलक पाउँछ" यो कुरा वेदमा प्रसिद्ध, लोकले मानिएको पनि छ ॥ ३ ॥ राज्य गर्नुहोस्, ग्लानि छाड्नुहोस्, हित संझेर मेरो वचन मान्नुहोस् ॥ ४ ॥

सुनि सुखु लहब राम बैदेही ❀ अनुचित कहब न पंडित केही ॥५॥
कौसल्यादि सकल महतारी ❀ तेउ प्रजासुख होहिं सुखारी ॥६॥

तपाईंले राज्य गर्न लागेको खबर सुनेर रामजी र सीताजी आनन्द मान्नुहुनेछ। कुनै समुझदार यो कुरालाई अनुचित भन्नेछैन ॥ ५ ॥ कौशल्यादि आमाहरू जति छन् तिनीहरू पनि सन्तानले सुख पाउँदा सुखी हुनेछन् ॥ ६ ॥

मरम तुम्हार राम कर जानहि ❀ सो सब बिधि तुम्ह सन भल मानिहि ॥७॥
सौंपेहु राजु राम कें आएँ ❀ सेवा करेहु सनेह सुहाएँ ॥८॥

बाबु ! भरत ! तपाईंको र रामजीको मर्म (प्रेमरहस्य) जसले जानेका छन् तिनीहरू सब तरहले तपाईंलाई बेस ठान्नेछन् ॥ ७ ॥ (बरु) रामचन्द्र आएपछि राज्य सुम्पिदिनुहोला र प्रेमले शोभायमान भईकन चाकरी गर्नुहोला" ॥ ८ ॥

दोहा-कीजिय गुर आयसु अवसि कहहिं सचिव कर जोरि ।
रघुपति आएँ उचित जस तस तब करब बहोरि ॥१७१॥

मन्त्रीहरू हात जोरेर "गुरुको आज्ञा अवश्य गर्नुहोस्, फेरि रघुनाथजी आउनुभएपछि जो उचित होला सो गर्नुहोला" भन्दथे ॥ १७१ ॥

चौ०-कौसल्या धरि धीरजु कहई ❀ पूत पथ्य गुर आयेसु अहई ॥१॥
सो आदरिअ करिअ हित मानी ❀ तजिअ बिषादु कालगति जानी ॥२॥

धैर्य धारण गरेर कौशल्या भन्न लाग्नुभयो, "पुत्र ! गुरुको आज्ञा पथ्य छ ॥ १ ॥ हित संझेर आदर गर, कालको गति (प्रभाव) जानेर विषाद छाड ॥ २ ॥

बन रघुपति सुरपुर नरनाहू ❀ तुम्ह एहि भाँति तात कदराहू ॥३॥
परिजन प्रजा सचिव सब अंबा ❀ तुम्हहीं सुत सब कहँ अवलंबा ॥४॥

बाबु ! भरत ? राम जंगल गए, महाराज स्वर्ग पाल्नुभयो, तिमी यसरी कातरिन

लाग्यौ ॥ ३ ॥ पुत्र ! नोकरचाकर, प्रजावर्ग, मन्त्रिमण्डल, सबै आमाहरू, इत्यादि सबैका एउटा तिमी अवलम्ब (आधार) छौ ॥ ४ ॥

लखि बिधि बाम कालकठिनाई ❀ धीरजु धरहु मातु बलि जाई ॥५॥
सिर धरि गुर आयसु अनुसरहू ❀ प्रजा पालि परिजन दुखु हरहू ॥६॥

विधाताको प्रतिकूलता र कालको निष्ठुरता देखेर धैर्यधारण गर। आमा म तिम्रो बलैया लिन्छु ॥ ५ ॥ गुरुको आज्ञा शिरमा राखेर तदनुसार गर। प्रजाको रक्षा गरेर परिवारको दुःख हर" ॥ ६ ॥

गुर के बचन सचिव अभिनंदनु ❀ सुने भरत हिय हित जनु चंदनु ॥७॥
सुनी बहोरि मातु मृदु बानी ❀ सील सनेह सरल रस सानी ॥८॥

यस्ता प्रकारका चन्दनजस्तै हृदयका आनन्ददायक गुरुका वचन र मन्त्रीहरूका अभिनन्दन (राय) भरतले सुन्नुभयो ॥ ७ ॥ फेरि शील र स्नेहका रसले मुछिएका र सरल भएका, माता कौशल्याजीका कोमल वचन पनि सुन्नुभयो ॥ ८ ॥

छन्द–सानी सरल रस मातुबानी सुनि भरतु ब्याकुल भये।
लोचन सरोरुह स्रवन सींचत बिरह उर अंकुर नये॥
सो दसा देखत समय तेहि बिसरी सबहि सुधि देह की।
तुलसी सराहत सकल सादर सींव सहज सनेह की॥७॥

माता कौशल्याजीका शील र स्नेहका रसले मुछिएका सरल वचन सुन्दा भरतजी व्याकुल हुनुभयो। हृदयमा भर्खर उम्रेको रामविरहरूपी अङ्कुरलाई सेचन गर्दै नेत्रकमलबाट पानीका बिन्दु टपटप चुहुन लागे। वहाँको त्यस्तो हालत देख्ताखेरि सबैको शरीरको सुद्धि बुद्धि हरायो। (तुलसीदास भन्दछन्) स्वाभाविक प्रेमको त्यो सीमा (हद) लाई सबैजना आदरका साथ सह्राउन लागे ॥ ७ ॥

सोरठा–भरतु कमल कर जोरि धीरधुरंधर धीर धरि।
बचन अमिअ जनु बोरि देत उचित उत्तर सबहि॥७॥

धीरधुरन्धर भएका भरतजीले धैर्यधारण गर्नुभयो र हात जोरेर अमृतका रसमा डुबाएका जस्ता मधुर वचनले सबैलाई उचित उत्तर दिनुभयो ॥ ७ ॥

चौ०–मोहि उपदेसु दीन्ह गुर नीका ❀ प्रजा सचिव संमत सब ही का ॥१॥
मातु उचित धरि आयसु दीन्हा ❀ अवसि सीस धरि चाहौं कीन्हा ॥२॥

"मलाई गुरुजीले बेश उपदेश दिनुभयो, प्रजा र मन्त्रीहरू सबैको यो कुरा संमत (संमति भएको) पनि छ ॥ १ ॥ माताजीले पनि उचित संझेर यो आज्ञा दिनुभयो। अवश्य त्यो आज्ञालाई शिरमा राखेर गर्न चाहन्छु ॥ २ ॥

गुर पितु मातु स्वामि हित बानी ❀ सुनि मन मुदित करिअ भलि जानी ॥३॥
उचित कि अनुचित किएँ बिचारू ❀ धरमु जाइ सिर पातकभारू ॥४॥

३४–क

गुरु, पिता, माता, मालिक यिनीहरूको हितवचन सुनेर असल संझेर मनलाई आनन्दित पार्नुपर्दछ ॥ ३ ॥ उचित हो कि ? अनुचित हो कि ? यस्तो विचार गर्न लाग्योभने धर्म भ्रष्ट हुन्छ, शिरमा पापको बोझा पर्दछ ॥ ४ ॥

तुम्ह तौ देहु सरल सिख सोई ❀ जो आचरत मोर भल होई ॥५॥
जद्यपि येह समुझत हउँ नीकें ❀ तदपि होत परितोषु न जी कें ॥६॥

तपाईंहरू त जसका अनुसार आचरण गर्दा मेरो भलो हुन्छ, त्यही सरल शिक्षा दिनुहुन्छ ॥ ५ ॥ यद्यपि म यस कुरालाई भलीभाँति जान्दछु, तथापि मेरा हृदयमा सन्तोष हुँदैन (चित्त बुझ्दैन) ॥ ६ ॥

अब तुम्ह बिनय मोरि सुनि लेहू ❀ मोहि अनुहरत सिखावनु देहू ॥७॥
उत्तरु देउँ छमब अपराधू ❀ दुखित दोष गुन गनहिं न साधू ॥८॥

अब तपाईंहरू मेरो विन्ति सुन्नुहोस् , अनि मलाई सुहाउँदो शिक्षा दिनुहोस् ॥ ७ ॥ उत्तर दिन लागें यो अपराध क्षमा गर्नुहोला । सज्जनहरू दुःखीहरूका दोषको र गुणको गणना गर्दैनन् (वास्ता राख्तैनन्) ॥ ८ ॥

दोहा–पितु सुरपुर सिय रामु बन करन कहहु मोहि राजु ।
एहि तें जानहु मोर हित कै आपन बड़ काजु ॥१७२॥

पिताजी स्वर्ग पाल्नुभयो, सीताजी र रामजी जंगल पाल्नुभयो, तपाईंहरू मलाई राज्य गर्नाका निमित्त आज्ञा गर्नु हुन्छ । (अब लौ भन्नुहोस्) यसबाट (राज्य गर्ने कामबाट) मेरो हित संझनुहुन्छ कि ? आफ्नो कुनै ठूलो काम सिद्ध होला भनी संझनुहुन्छ ? ॥ १७२ ॥

चौ०–हित हमार सियपतिसेवकाई ❀ सो हरि लीन्ह मातु कुटिलाई ॥१॥
मैं अनुमानि दीखि मन माहीं ❀ आन उपायँ मोर हित नाहीं ॥२॥

मेरो हित ता सीतापति (रामचन्द्र) को सेवामा थियो (अफसोस !) त्यो सेवालाई माताको कुटिलपनाले हरेर लियो ॥ १ ॥ मैले मनमा अन्दाज गरेर देखिसकें अर्को उपायले मेरो हित छैन ॥ २ ॥

सोकसमाजु राजु केहि लेखें ❀ लखन राम सिय पद बिनु देखें ॥३॥
बादि बसन बिनु भूषनभारू ❀ बादि बिरति बिनु ब्रह्मबिचारू ॥४॥

लक्ष्मण, राम सीता यिनका चरणको दर्शन पाइँदैनभने राज्यको कुन गिन्ती ? ॥ ३ ॥ त्यस्तो राज्य ता शोकको सर्जाम हो । वस्त्रविना (नाङ्गो रहेको छभने) गहना व्यर्थ हो, बोझा हो । वैराग्य छैनभने ब्रह्मविचार व्यर्थ हो (विषयलंपट भएको मानिसले ब्रह्मविचारको चर्चा गर्नु समयको बरबादी हो ।) ॥ ४ ॥

सरुज सरीर बादि बहु भोगा ❀ बिनु हरिभगति जायँ जप जोगा ॥५॥
जायँ जीव बिनु देह सुहाई ❀ बादि मोर सबु बिनु रघुराई ॥६॥

शरीर रोगी छभने अनेक प्रकारका भोग व्यर्थ छन्, हरिभक्ति छैनभने जप योगाभ्यास जान्छन् (व्यर्थ छन्) ॥ ५ ॥ प्राण छैनभने सुन्दर शरीर गयो (व्यर्थ छ), रघुनाथजीको साथ पाइनँभने मेरा सबै कुरा व्यर्थ छन् ॥ ६ ॥

जाउँ राम पहिं आयसु देहू ❀ एकहि आँक मोर हित एहू ॥७॥
मोहि नृपु करि भल आपन चहहू ❀ सोउ सनेह जड़ता बस कहहू ॥८॥

आज्ञा दिनुहोस्, म रामजीका समीप जाऊँ। यो एउटै कुराबाट मेरो हित हुन्छ (अन्यथा मेरो हित छैन) ॥ ७ ॥ मलाई राजा गराएर आफ्नो हित चाहनुहुन्छभने, (तपाईंहरूले मनमनले भनेको) त्यो कुरा स्नेहले पैदा गरेका मूर्खताका प्रभावले भनेको हो ॥ ८ ॥

दोहा—कैकेइसुअ कुटिलमति रामबिमुख गतलाज।
तुम्ह चाहत सुखु मोहबस मोहि से अधम के राज ॥१७३॥

म कैकेयीको छोरो हुँ, म कुटिलबुद्धि छु, म रामचन्द्र-विमुख छु, म निर्लज्ज छु, म जस्ता अधमका राज्यमा रहेर तपाईंहरू सुखको चाहना गर्नुहुन्छभने, तपाईंहरूको त्यो चाहना अज्ञानका प्रभावले भएको हो ॥ १७३ ॥

चौ०—कहौं साचु सब सुनि पतिआहु ❀ चाहिअ धरमसील नरनाहू ॥१॥
मोहि राजु हठि देइहहु जबहीं ❀ रसा रसातल जाइहि तबहीं ॥२॥

साँचो भन्दछु, सबैजना पत्याउनुहोस्। धार्मिक मानिस राजा हुनुपर्दछ ॥ १ ॥ तपाईंहरू मलाई जबर्दस्तीले जब राज्य दिनुहुनेछ, तुरुन्तै उसै बखतमा पृथ्वीमाता धसिएर रसातलमा जानेछन् ॥ २ ॥

मोहि समान को पापनिवासू ❀ जेहि लगि सीय राम बनबासू ॥३॥
रायँ राम कहुँ काननु दीन्हा ❀ बिछुरत गमनु अमरपुर कीन्हा ॥४॥

जसका लागि सीता र रामजीको वनवास भयो, त्यस्तो मबराबरको पापको घर को होला ? ॥ ३ ॥ महाराजले रामजीलाई जंगल दिनुभयो, बिछोड हुनेबित्तिकै आफू स्वर्ग पाल्नुभयो ॥ ४ ॥

मैं सठु सब अनरथ कर हेतू ❀ बैठ बात सब सुनउँ सचेतू ॥५॥
बिनु रघुबीर बिलोकि अबासू ❀ रहे प्रान सहि जग उपहासू ॥६॥

सबै अनर्थको मूलकारण भएको म बदमाश सचेत भएर बसीबसीकन रामजीका वनवासका कुरा सुनिरहेको छु ॥ ५ ॥ रघुनाथजीले रहित भएका आवास (घर) देखेर पनि दुनियाँको उपहास (ठट्टा) सहीसहीकन यी प्राण अडिरहेका छन् ॥ ६ ॥

राम पुनीत बिषय रस रूखे ❀ लोलप भूमि भोग के भूखे ॥७॥
कहँ लगि कहौं हृदयकठिनाई ❀ निदरि कुलिसु जेहिं लही बड़ाई ॥८॥

रामजी विषयरसका विषयमा रूखा हुनुहुन्छ (वहाँलाई विषयरसको वास्ता छैन) लालची मानिस भूमिको भोग गर्न (राज्य गर्न) भूखा हुन्छन् ॥ ७ ॥ म आफ्ना हृदयको कठोरता

को कहाँतक वर्णन गरौं ? जसले कठोरताको खूब इज्जत पाएको छ, त्यो वज्रलाई पनि मेरा कठोरताले निरादर गर्नेछ ॥ ८ ॥

दोहा–कारन तें कारजु कठिन होइ दोसु नहि मोर ।
कुलिस अस्थि तें उपल तें लोह कराल कठोर ॥१७४॥

कारणभन्दा कार्य कडा हुन्छ, यस कुरामा मेरो दोष छैन । दधीचिका हड्डीबाट बनेको वज्र हड्डीभन्दा भयंकर र कठोर हुन्छ । पत्थरबाट जन्मेको फलाम पत्थरभन्दा भयंकर र कठोर हुन्छ ॥ १७४ ॥

चौ०–कैकेईभव तनु अनुरागे ❀ पावर प्रान अघाइ अभागे ॥१॥
जौं प्रियबिरह प्रान प्रिय लागे ❀ देखब सुनब बहुत अब आगे ॥२॥

यी पापी अभागी पामर प्राणलाई कैकेयीबाट जन्मेका शरीरमा प्रेम लाग्यो र यी प्राणलाई प्यारा रामको विरह नै प्यारो लाग्यो । (यो कुसंगको फल) अब अगाडि धेरै कुरा देखुँला सुनुँला ॥ १ ॥ २ ॥

लखन राम सिय कहुँ बनु दीन्हा ❀ पठइ अमरपुर पतिहित कीन्हा ॥३॥
लीन्ह बिधवपन अपजसु आपू ❀ दीन्हेउ प्रजहि सोकु संतापू ॥४॥
मोहि दीन्ह सुखु सुजसु सुराजू ❀ कीन्ह कइकईं सब कर काजू ॥५॥
एहि तें मोर काह अब नीका ❀ तेहि पर देन कहहु तुम्ह टीका ॥६॥
कइकइजठर जनमि जग माहीं ❀ एह मोहि कहँ कछु अनुचित नाहीं ॥७॥
मोरि बात सब बिधिहिं बनाई ❀ प्रजा पाँच कत करहु सहाई ॥८॥

कैकेयी महतारीले लक्ष्मण, राम, सीतालाई वन दिएर आफ्ना पतिलाई स्वर्ग पठाईकन वहाँको हित गर्नुभयो, ॥ ३ ॥ (त्यस बाबतमा) बरु आफूले वैधव्य र दुर्यश लिनुभयो, (आफूले लिनुपर्ने) शोकसन्ताप प्रजालाई दिनुभयो (आफूलाई ता न शोक छ न सन्ताप छ) ॥ ४ ॥ मलाई सुख, सुयश, साम्राज्य दिनुभयो, कैकेयी महतारीले सबैको काम गर्नुभयो ॥ ५ ॥ योभन्दा मेरो भलो के बाँकी छ, जसमाथि तपाईंहरू तिलक दिने कुरा गर्नुहुन्छ ॥ ६ ॥ कैकेयीका पेटबाट संसारमा जन्म लिएपछि मलाई यो कुरा (राज्य लिनु) केही अनुचित छैन (अनुचितै अनुचित काम गर्ने आमाका छोराले अनुचितै गर्नु उचित छ) ॥ ७ ॥ विधाताले मेरा सबै कुरा सपारिदिएका छन्, प्रजाहरू र पञ्चहरू किन सहायता गर्दछौ ? ॥ ८ ॥

दोहा–ग्रहग्रहीत पुनि बातबस तेहि पुनि बीछी मार ।
तेहि पिआइअ बारुनी कहहु कौन उपचार ॥१७५॥

ग्रह (भूत) लागेको होस्, अनि वातप्रधान सन्निपातले व्याकुल पारेको होस्, फेरि

त्यसैलाई बिच्छीले पनि टोकोस्, त्यसैलाई मदिरा पनि पियाइयोस्, त लौ भन्नुहोस्, के इलाज गर्ने हो ॥ १७५ ॥ (क)

चौ०–कैकइ सुअन जोगु जग जोई ❀ चतुर बिरंचि दीन्ह मोहि सोई ॥१॥
दसरथतनय राम लघु भाई ❀ दीन्हि मोही बिधि बादि बड़ाई ॥२॥

चतुर विधाताले कैकेयीका छोरालाई योग्य भएको जुन कुरा थियो त्यही कुरा (महा संकष्ट) मलाई दिनुभयो (यसमा भने चित्त बुझाएँ, त्यस्तीका छोराले संकष्ट नपाए कसले पाउला ?) ॥ १ ॥ तिनै विधाताले "दशरथका छोरा," "रामका छोटा भाई" यस्तो इज्जत जो दिए, त्यो दिनु व्यर्थ हो (मजस्ता अधमको त्यस्ता त्यस्तासंग नाता-संबन्ध गराइदिएपछि विधातालाई दुनियाँले के भन्ला ?) ॥ २ ॥

तुम्ह सबु कहहु कढ़ाबन टीका ❀ रायराजु सबही कहँ नीका ॥३॥
उतरु देउँ केहि बिधि केहि केही ❀ कहहु सुखेन जथारुचि जेही ॥४॥

तिमीहरू सबैजना राजतिलक गराउनु भन्दछौ, सबैलाई महाराज भएर आज्ञा दिनु बेश लाग्दछ, (तर म राजा हुन चाहन्न, त्यसमा कारण जे छ त्यस विषयमा) कुन तरहले कसकसलाई कुन कुन उत्तर दिउँ (उत्तर दिएर साध्य छ र ?) जसलाई जे मन पर्छ मज्जासंग भनन ॥ ३ ॥ ४ ॥

मोहि कुमातु समेत बिहाई ❀ कहहु कहिहि के कीन्हि भलाई ॥५॥
मो बिनु को सचराचर माहीं ❀ जेहि सिय रामु प्रानप्रिय नाहीं ॥६॥

कुमातासहित मलाई छाडेर (मेरी कुमाता र मबाहेक) (रामवनवासलाई) बेश गरे भनेर को भन्ला ?, लौ तिमीहरू नै भन ? ॥ ५ ॥ जसलाई सीताजी र रामजी प्राणप्रिय छैनन्, त्यस्तो सकस चराचर जगतमा मबाहेक को छ ? ॥ ६ ॥

परम हानि सबु कहँ बड़ लाहू ❀ अदिनु मोर नहि दूषन काहू ॥७॥
संसय सील प्रेम बस अहहू ❀ सबुइ उचित सबु जो कछु कहहु ॥८॥

परम हानि नै सबैको ठूलो लाभ ठहरियोभने (मेरो हानिस्वरूप भएको राज्य स्वीकारलाई तिमीहरूले आफ्नो लाभस्वरूप मान्यौभने) यसमा कसैको दोष छैन, मेरा दिन असल रहेनछन् ॥ ७ ॥ मेरो उपरका प्रेमको तावेदार भएका हुनाले के होला ? कसो होला ? भन्ने विचारले सन्देहशील भएका छौ, सबैजना जो कुछ भन्दछौ, त्यो सबै कुरा उचितै छ ॥ ८ ॥

दोहा–राममातु सुठि सरल चित मो पर प्रेमु बिसेषि ।
कहइ सुभाय सनेह बस मोरि दीनता देखि ॥१७६॥

(क) कैकेयीसित मातृपुत्रको नाता लाग्नु ग्रहबाधा हो । पिताको मरण सन्निपात रोग हो । रामजीको वनवास बिच्छीको डंक हो । तिमीहरूले जबर्दस्ती दिन लागेको राज्य मदिरा हो । तीन आपत्ति पाउञ्ज्यालसम्म जिनतिन बाँचिरहेको म चौथो आपत्तिमा (राज्यभोगरूपी मदिराको जबर्दस्तीसाथ पान गर्नामा) परेंभने म बाँच्ने कुनै उपाय छैन, ठहरै पर्दछु ।

रामजीकी माता सुन्दर सरलचित्तवाली हुनाले मेराउपर वहाँको प्रेम विशेष (अधिक) छ, त्यसैले स्वभाव र स्नेहका वश परेर मेरो दीनता देखीकन त्यसो भन्नुहुन्छ ॥ १७६ ॥

चौ०–गुर बिबेकसागर जगु जाना ❀ जिन्हहि बिस्व करबदर समाना ॥१॥
मो कहँ तिलकसाज सज सोऊ ❀ भयें बिधि बिमुख बिमुख सबु कोऊ ॥२॥

जसका दृष्टिमा यो संसार हातमा रहेको बयरको फलजस्तो (सुगमैसंग जानिने) छ, ती गुरुजी विवेकसागर भनेर जगत्मा प्रख्यात हुनुभएको छ ॥ १ ॥ वहाँले पनि मेरा निमित्त राजतिलकको सामान सज्नुभयो। विधाता विमुख भएका वेलामा सबै विमुख हुन्छन् ॥ २ ॥

परिहरि रामु सीय जग माहीं ❀ कोउ न कहिहि मोर मत नाहीं ॥३॥
सो मैं सुनब सहब सुखु मानी ❀ अंतहुँ कीच तहाँ जहँ पानी ॥४॥

रामजी र सीताबाहेक "रामवनवासमा भरतको संमति छैन" भनेर संसारमा कुनै व्यक्ति भन्नेछैन ॥ ३ ॥ त्यही म (सारा संसारमा दूषित ठहरिएको म) सुख मानेर ती दुर्वचन सुन्न सकुँला? सहन सकुँला? जहाँ पानी रहन्छ, पछिपरन्तु त्यहीं हिलो देखिन्छ, (मैले राज्य गरेका पक्षमा दुनियाँले नाना प्रकारका मिथ्या दुर्वचन बोलेको परिणाम के हुन्छ?) ॥ ४ ॥

डरु न मोहि जगु कहिहि कि पोचू ❀ परलोकहु कर नाहिन सोचू ॥५॥
एकइ उर बस दुसह दवारी ❀ मोहि लगि भे सिय रामु दुखारी ॥६॥

जगत्ले मलाई खराब भन्दछ कि भन्ने डर मलाई छैन, परलोकको फिक्री पनि छैन ॥ ५ ॥ "मेरा निमित्त रामजी र सीताजी दुःखित हुनुभयो" यस्तो समुझरूपी यौटा दुःसह आगो हृदयमा दन्दनाकार भएर बलिरहेको छ (यो खप्न मुश्किल पऱ्यो) ॥ ६ ॥

जीवनलाहु लखनु भल पावा ❀ सबु तजि रामचरन मनु लावा ॥७॥
मोर जनम रघुबर बन लागी ❀ झूठ काह पछिताउँ अभागी ॥८॥

सबै त्याग गरेर रामजीका चरणमा मन लाए, लक्ष्मणजीले जन्मको लाभ बेश पाए ॥ ७ ॥ मेरो जन्म रघुनाथजीको वनवासका निमित्त भएको रहेछ। म अभागी झूटमूठ किन पछुताउँ (रामजीको वनवासका निमित्त जन्मेथें, वनवास भैहाल्यो, अब मेरो पछितो साँचो होइन झूटो हो ॥ ८ ॥

दोहा–आपनि दारुन दीनता कहउँ सबहि सिरु नाइ।
देखें बिनु रघुनाथपद जिअ कै जरनि न जाइ ॥१७७॥

म सबैलाई शिर झुकाएर आफ्नो कठोर दीनता भन्दछु, रघुनाथजीका चरणको दर्शन नगरीकन चित्तको दाह जाँदैन ॥ १७७ ॥

चौ०–आन उपाउ मोहि नहि सूझा ❀ को जिअ कै रघुबर बिनु बूझा ॥१॥
एकहि आँक इहइ मन माहीं ❀ प्रातकाल चलिहौं प्रभु पाहीं ॥२॥

अर्को उपाय मलाई सूझेन। रघुनाथजीबाहेक मेरा मनको कुरा को बुझ्दछ? ॥ १ ॥ मनमा यौटा यही निश्चय छ कि -"भोलि बिहान प्रभुका समीप रवाना हुन्छु" ॥ २ ॥

जद्यपि मैं अनभल अपराधी ❀ भइ मोहि कारन सकल उपाधी ।।३।।
तदपि सरन सनमुख मोहि देखी ❀ छमि सब करिहहिं कृपा बिसेषी ।।४।।

यद्यपि म दुष्ट हुँ, अपराधी हुँ, मेरै निमित्त यी सबै उपाधि भए ।। ३ ।। तैपनि मलाई सन्मुखमा शरणागत भएको देखेर रघुनाथजी सबै अपराध क्षमा गरीकन विशेष कृपा गर्नुहुनेछ ।। ४ ।।

सीलु सकुच सुठि सरल सुभाऊ ❀ कृपा सनेह सदन रघुराऊ ।।५।।
अरिहु क अनभल कीन्ह न रामा ❀ मैं सिसु सेवकु जद्यपि बामा ।।६।।

रघुनाथजी सुशील र संकोच मान्ने प्रकृतिवाला सरल स्वभावका, कृपाभवन प्रेम निवास हुनुहुन्छ ।। ५ ।। रामजीले शत्रुको पनि कुभलो गर्नुहुन्न । यद्यपि म प्रतिकूल (हितघाती) छु, तथापि बालक सेवक हुँ ।। ६ ।।

तुम्ह पै पाँच मोर भल मानी ❀ आयसु आसिष देहु सुबानी ।।७।।
जेहि सुनि बिनय मोहि जनु जानी ❀ आवहिं बहुरि रामु रजधानी ।।८।।

तपाईं पंचहरू पनि यसमा मेरो कल्याण संझेर शुभ वचनले आज्ञा र आशिष दिनुहवोस् ।। ७ ।। जसमा बिन्ती सुनेर मलाई दास संझेर रघुनाथजी फर्केर फेरि राजधानीमा आउनुहवोस ।। ८ ।।

दोहा–जद्यपि जनमु कुमातु तें मैं सठु सदा सदोस ।
आपन जानि न त्यागिहहिं मोहि रघुबीरभरोस ।।१७८।।

यद्यपि मेरो जन्म कुमाताबाट भएको छ, म बदमाश सदा दोषी छु, तथापि आफ्नत संझेर त्याग गर्नुहुनेछैन । मलाई रघुवीरको भरोसा छ" ।। १७८ ।।

चौ०–भरतबचन सब कहँ प्रिय लागे ❀ रामसनेह सुधा जनु पागे ।।१।।
लोग बियोग बिषम बिष दागे ❀ मंत्र सबीज सुनत जनु जागे ।।२।।

रामप्रेमरूपी अमृतरसमा पाग लाएका भरतजीका वचन सबैलाई प्रिय लागे ।। १ ।। रामवियोगरूपी कडा विषले दग्ध भएर बेहोश भएका ती सभ्यहरू मानौं भरतवचनरूपी बीजसहित मंत्र सुनेर जागेका (होश पाएका) हुन् कि ? (भनेजस्ता भए) ।। २ ।।

मातु सचिव गुर पुर नर नारी ❀ सकल सनेहबिकल भये भारी ।।३।।
भरतहि कहहिं सराहि सराही ❀ रामप्रेम मूरति तनु आही ।।४।।

माताहरू, मन्त्रीहरू, गुरु-पुरोहितहरू, नगरका नरनारीहरू भरतसंबन्धी स्नेहले अत्यन्त व्याकुल भए ।। ३ ।। वारंवार भरतको सराहना गरेर "भरतजी रामप्रेमका मूर्तिमान् शरीर हुन्" भन्न लागे ।। ४ ।।

तात भरत अस काहे न कहहू ❀ प्रान समान रामप्रिय अहहू ।।५।।
जो पाँवरु अपनीं जड़ताईं ❀ तुम्हहि सुगाइ मातुकुटिलाईं ।।६।।

सो सठु कोटिक पुरुष समेता ❀ बसहि कलप सत नरकनिकेता ।।७।।
अहि अघ अवगुन नहि मनि गहई ❀ हरइ गरल दुख दारिद दहई ।।८।।

(कौशल्यालगायत सबै भन्न लागे—) "बाबु ! भरत ! तिमी यसो किन भन्दैनथ्यौ । तिमी रामका प्राणसमान प्यारा छौ ॥ ५ ॥ जो पामर (नरपशु) आफ्नो मूर्खताले तिम्री आमाका कुटिलताको तिमीमाथि सन्देह गर्ला, त्यो उल्लू कोटि पुर्खासहित शयकल्पसम्म नरक—निवासमा बस्नेछ ॥ ६ ॥ ७ ॥ सर्पका फणामा रहेका मणिले सर्पको पाप र अवगुण लिंदैन, त्यो मणि अन्यत्र पुग्योभने विषहरण गर्दछ, दुःखदारिद्र्यलाई डढाउँछ (बुझेकै छौ) ॥ ८ ॥

दोहा—अवसि चलिअ बन रामु जहँ भरत मंत्रु भल कीन्ह ।
सोक सिंधु बूड़त सबहि तुम्ह अवलंबनु दीन्ह ।।१७९।।

भरत ! असल सल्लाह गर्‍यौ, राम जहाँ छन् त्यो वनमा अवश्य जानुपर्दछ, शोकसागरमा डुब्न लागेका सबैलाई तिमीले अवलम्बन (सहारा) दियौ" ॥ १७९ ॥

चौ०—भा सब कें मन मोदु न थोरा ❀ जनु घनधुनि सुनि चातक मोरा ।।१।।
चलत प्रात लखि निरनउ नीके ❀ भरतु प्रानप्रिय भे सब ही के ।।२।।

जसरी मेघको ध्वनि सुन्दा चातक (काकाकुल) र मयूरलाई आनन्द हुन्छ, त्यसै गरी (रामदर्शनका निमित्त वन जाने कुरा सुन्दा) सबैका मनमा खूब आनन्द भयो ॥ १ ॥ भोलिपल्ट बिहान जाने निश्चय इदमित्थ बुझेपछि भरतजी सबैजनाका प्राणप्रिय भए ॥ २ ॥

मुनिहि बंदि भरतहि सिरु नाई ❀ चले सकल घर बिदा कराई ।।३।।
धन्य भरत जीवनु जग माहीं ❀ सीलु सनेहु सराहत जाहीं ।।४।।

वशिष्ठ मुनिको वन्दना गरेर भरतजीलाई प्रणाम गरेर सबैजना बिदा मागीकन घरघर गए ॥ ३ ॥ "जगत्मा भरतजीको जीवनी धन्य छ" भनेर शील स्वभाव र प्रेमको तारीफ गर्दै जान्थे ॥ ४ ॥

कहहिं परसपर भा बड़ काजू ❀ सकल चलइ कर साजहिं साजू ।।५।।
जेहि राखहिं रहु घररखवारी ❀ सो जानइ जनु गरदनि मारी ।।६।।
कोउ कह रहन कहिअ नहि काहू ❀ को न चहइ जग जीवनलाहू ।।७।।

सबैजना आपुसमा "ठूलो काम बन्यो" भन्दथे—सबैजना हिंड्ने तयारी गर्न लागे ॥ ५ ॥ "रखवाली गर्न घरमा बस" भनीकन जसलाई भन्दथे, त्यो मानिस गर्दनै निमोठेजस्तो ठान्दथ्यो ॥ ६ ॥ कोही कोही "बस्नू भनेर कसैलाई नभन, संसारमा जिन्दगीको फायदा को चाहँदैन" भन्दथे ॥ ७ ॥

दोहा—जरउ सो संपति सदन सुखु सुहृद मातु पितु भाइ ।
सनमुख होत जो रामपद करइ न सहस सहाइ ।।१८०।।

रामजीका चरणको संमुख हुँदाखेरि जो स्वाभाविक सहायता गर्दैन, त्यो संपति, घर, सुख, इष्टमित्र, आमा बाबु भाई भर्सेला परोस् (जलोस्) ॥ १८० ॥

[भरतको चित्रकूटतर्फ प्रयाण]

चौ०-घर घर साजहिं बाहन नाना ❀ हरषु हृदयँ परभात पयाना ॥१॥
भरत जाइ घर कीन्ह बिचारू ❀ नगरु बाजि गज भवनु भँडारू ॥२॥
संपति सब रघुपति कै आही ❀ जौं बिनु जतन चलउँ तजि ताही ॥३॥
तौ परिनाम न मोरि भलाई ❀ पापसिरोमनि साइँदोहाई ॥४॥

घरघरमा सबैजना नाना प्रकारका सवारी तैयार गर्न लागे, बिहान हिंड्नुपर्छ भनेर सबैका मनमा हर्ष थियो ॥ १ ॥ भरतजीले घरमा गएर विचार गर्नुभयो—"शहर, घोडा हात्ती, दरबार, भँडार, सबै संपत्ति रामचन्द्रजीको हो, त्यसका रक्षाको यत्न (प्रबन्ध) नगरीकन त्यसलाई छाडेर जाऊँभने परिणाममा मेरो भलो छैन, प्रभुको शपथ गरेर भन्दछु कि म पापिशिरोमणि (पापीहरूको सर्दार) कहलाउनेछु ॥ २ ॥ ३ ॥ ४ ॥

करइ स्वामिहित सेवकु सोई ❀ दूषन कोटि देइ किन कोई ॥५॥
अस बिचारि सुचि सेवक बोले ❀ जे सपनेहुँ निज धरम न डोले ॥६॥
कहि सबु मरमु धरमु भल भाषा ❀ जो जेहि लायक सो तेहि राखा ॥७॥
करि सबु जतनु राखि रखवारे ❀ राममातु पहिं भरतु सिधारे ॥८॥

"कोही करोड़ौं दोष किन नदिऊन् ? (दिउन् न) जो स्वामीको हित गर्दछ सेवक त्यही हो ।" ॥ ५ ॥ यस्तो विचार गरेर भरतजीले, जो सपनामा पनि सेवाधर्मबाट डगेका छैनन्, त्यस्ता ईमानदार सेवकलाई बोलाउनुभयो ॥ ६ ॥ तिनीहरूलाई मर्म बताएर (खजानाहरूको भेद खोलेर) धर्मको उपदेश गर्नुभयो र जो जे लायक थियो त्यसलाई त्यहीं राख्नुभयो ॥ ७ ॥ यस्ता प्रकारले सब यत्न (प्रबन्ध) गरीकन रखवारी राखेर भरतजी कौशल्या माताका समीप जानुभयो ॥ ८ ॥

दोहा-आरत जननी जानि सब भरत सनेहसुजान ।
कहेउ बनावन पालकी सजन सुखासन जान ॥१८१॥

स्नेहका पूर्ण अनुभवी भएका भरतजीले सबै माताहरूलाई दुःखी (स्नेहपीडित) जानेर पालकी तयार गर्न र बस्न सजिला भएका अरू सवारी तयार गर्न आज्ञा दिनुभयो ॥ १८१ ॥

चौ०-चक्क चक्कि जिमि पुर नर नारी ❀ चहत प्रात उर आरत भारी ॥१॥
जागत सब निसि भएउ बिहाना ❀ भरत बोलाए सचिव सुजाना ॥२॥

नगरका नरनारीहरू चखेवी-चखेवाजस्तै हृदयमा अति दुःखित भएर प्रातःकाल चाहन्थे (कैले उज्यालो होला ? भन्दथे) ॥ १ ॥ रातभर जाग्दा जाग्दै (बल्ल) उज्यालो भयो, भरतजीले चतुर मन्त्रीहरूलाई बोलाउनुभयो र ॥ २ ॥

कहेउ लेहू सब तिलकसमाजू ❀ बनहिं देब मुनि रामहिं राजू ॥३॥
बेगि चलहु सुनि सचिव जोहारे ❀ तुरत तुरग रथ नाग सँवारे ॥४॥

भन्नुभयो कि–"राजतिलकको सबै सामग्री लिएर हिंड, गुरु वशिष्ठ मुनि वनैमा रामजीलाई राजतिलक दिनुहोला, चाँडो हिंड।" यो आज्ञा सुनेर मन्त्रीहरूले प्रणाम गरेर गईकन तुरन्तै घोडा, रथ, हात्ती तयार गरे ॥ ३ ॥ ४ ॥

अरुंधती अरु अगिनिसमाऊ ❀ रथ चढ़ि चले प्रथम मुनिराऊ ॥५॥
बिप्रबृंद चढ़ि बाहन नाना ❀ चले सकल तप तेज निधाना ॥६॥

पहिले मुनिराज वशिष्ठजी आफ्नी पत्नी अरुन्धती र अग्नि, अग्निहोत्रको सामान साथ लिएर रथ चढ़े ॥ ५ ॥ तप र तेजका निधि भएका ब्राह्मणवर्गहरू नाना प्रकारका सवारी चढ़ेर रवाना भए ॥ ६ ॥

नगर लोग सब सजि सजि जाना ❀ चित्रकूट कहँ कीन्ह पयाना ॥७॥
सिबिका सुभग न जाहिं बखानी ❀ चढ़ि चढ़ि चलत भईं सब रानी ॥८॥

नगरनिवासीहरूले सवारी तयार गरीगरीकन चित्रकूटतर्फ प्रस्थान गरे ॥ ७ ॥ बयान गर्न नसकिने सुन्दर पालकी (म्याना) मा चढ़ेर सबै रानीहरू रवाना भए ॥ ८॥

दोहा–सौंपि नगरु सुचि सेवकनि सादर सबहि चलाइ।
सुमिरि राम सिय चरन तब चले भरत दोउ भाइ ॥१८२॥

आदरका साथ सबैलाई रवाना गरिसकेपछि विश्वासी मन्त्रीहरूलाई राजधानी सुम्पेर, सीता रामका चरणको स्मरण गरीकन भरतजी दुवै भाई हिंड्नुभयो ॥ १८२ ॥

चौ०–रामदरस बस सब नर नारी ❀ जनु करि करिनि चले तकि बारी ॥१॥
बन सिय रामु समुझि मन माहीं ❀ सानुज भरत पयादेंहि जाहीं ॥२॥

रामजीका दर्शनको वश परेर सबै नरनारीहरू मानौं प्यासा भएका हात्ती र हतिनी पानी ताकेर हिंडेका हुन् कि भनेझैं सवारी चढेर चले ॥ १ ॥ सीता र रामजीलाई मनमा संझेर भाईसहित भरतजी पैदलै जङ्गल जान लाग्नुभयो ॥ २ ॥

देखि सनेहु लोग अनुरागे ❀ उतरि चले हय गय रथ त्यागे ॥३॥
जाइ समीप राखि निज डोली ❀ राममातु मृदु बानी बोली ॥४॥

वहाँको त्यो प्रेम देखेर सबैजना प्रेममग्न भएर उत्रीकन घोडा, हात्ती, रथ छोडेर पैदल हिंड्नलागे ॥ ३ ॥ कौशल्या महारानी भरतजीका नगीच पुगेर पालकी अड्याएर मधुर वचन बोल्न लाग्नुभयो ॥ ४ ॥

तात चढ़हु रथ बलि महतारी ❀ होइहि प्रिय परिवारु दुखारी ॥५॥
तुम्हरे चलत चलिहि सबु लोगू ❀ सकल सोककृस नहि मगजोगू ॥६॥

"बाबु ! भरत ! रथ चढ़, म आमा तिम्रो बलैया लिन्छु, प्यारे ! भरत ! तिम्रा

परिवार दुःखी हुनेछन् ॥ ५ ॥ तिमी पैदल हिंड्दा सबै पैदलै हिंडनेछन्, सबैजना शोकले कृश (दुब्ला) भएका हुनाले पैदल बाटो हिंड्न सक्तैनन् ॥ ६ ॥

सिर धरि बचन चरन सिरु नाई ❀ रथ चढ़ि चलत भए दोउ भाई ॥७॥
तमसा प्रथम दिवस करि बासू ❀ दूसर गोमति तीर निवासू ॥८॥

माताको आज्ञा शिरसा धारण गरेर वहाँका पाउमा शिर राख्नुभयो र भरतजी दुवै भाई रथ चढेर हिंड्नुभयो ॥ ७ ॥ पहिला दिन तमसा नदीका तीरमा वास गरेर दोस्रा दिन गोमतीका तीरमा वास गर्नुभयो ॥ ८ ॥

दोहा–पय अहार फल असन एक निसि भोजन एक लोग ।
करत राम हित नेम ब्रत परिहरि भूषन भोग ॥१८३॥

कोही दूध मात्रै पिउँथे, कोही फल-फूल खान्थे, कोही रात्रिमा १ छाक खान्थे, यस्तातरहले रामदर्शनाभिलाषी भएका सबै नरनारीहरू सिंगार-पटार, खाना-पीना छाडेर नियम र व्रत गर्दथे ॥ १८३ ॥

चौ०–सई तीर बसि चले बिहाने ❀ सृंगबेरपुर सब निअराने ॥१॥
समाचार सब सुने निषादा ❀ हृदयँ बिचार करै सबिषादा ॥२॥

अनि सईनदीका तीरमा वास गरेर भोलिपल्ट बिहान सबैजना श्रृङ्गवेरपुरका नगीच पुगे ॥ १ ॥ निषादराजले (गुहले) सबै समाचार सुने, खेदसहित भएर मनमा यस्तो विचार गर्नलागे ॥ २ ॥

कारन कवन भरतु बन जाहीं ❀ है कछु कपटभाउ मन माहीं ॥३॥
जौं पै जियँ न होति कुटिलाई ❀ तौ कत लीन्ह संग कटकाई ॥४॥

के कारणले भरत वन जान लागे ? यिनका मनमा केही कपटभाव बुझिन्छ ॥ ३ ॥ यदि कपट नहुँदोहो ता साथमा फौज किन लिन्थे ? ॥ ४ ॥

जानहिं सानुज रामहि मारी ❀ करौं अकंटक राजु सुखारी ॥५॥
भरत न राजनीति उर आनी ❀ तब कलंकु अब जीवनहानी ॥६॥

यी "भाईसहित रामजीलाई मारेर सुखी भईकन अकण्टक राज्य गरौं" भन्ने विचारमा छन् ॥ ५ ॥ भरतले राजनीतिको विचार गरेनन्, तब (रामलाई वन पठाउँदा) भरतलाई कलङ्क मात्रै लागेको थियो, अब ता प्राणहानि हुन लाग्यो ॥ ६ ॥

सकल सुरासुर जुरहिं जुझारा ❀ रामहि समर न जीतनिहारा ॥७॥
का आचरजु भरतु अस करहीं ❀ नहि बिष बेलि अमिअ फल फरहीं ॥८॥

जोद्धा भएका सकल देव दैत्यहरू जुटे (भिडे) भने पनि युद्धमा रामजीलाई जित्न सक्तैनन् ॥ ७ ॥ भरतले यसो गर्न लागे के आश्चर्य ! विषको लहरामा अमृतफल फल्दैन" ॥ ८ ॥

दोहा–अस बिचारि गुह ग्याति सन कहेउ सजग सब होहु ।
हथबासहु बोरहु तरनि कीजिअ घाटारोहु ॥१८४॥

यस्तो विचार गरेर गुहले आफ्ना ज्ञातिवर्गलाई भने कि "सबैजना होशियार होऊ, पतवार, डाँडा, बाँससमेत डुङ्गा डुबाऊ, घाटको रोकावट गर ॥ १८४ ॥

चौ०–होहु सँजोइल रोकहु घाटा ❀ ठाटहु सकल मरइ के ठाटा ॥१॥
सनमुख लोह भरत सन लेऊँ ❀ जिअत न सुरसरि उतरन देऊँ ॥२॥
समर मरनु पुनि सुरसरि तीरा ❀ रामकाजु छनभंगु सरीरा ॥३॥
भरत भाइ नृप मैं जन नीचू ❀ बड़े भाग असि पाइअ मीचू ॥४॥

होशियार होऊ, घाट रोक, मर्ने ठाँट (ढाँचा) सबै तयार गर ॥ १ ॥ हतियार लिएर भरतका संमुख होऊ, जीउँदै (बाँचुञ्ज्याल) यिनलाई गङ्गाजी तर्न नदेऊ ॥ २ ॥ युद्धमा मर्नु छ, फेरि गङ्गाजीको तीर छ, रामजीको काम (सहायता गर्नुपरेको) छ, शरीर क्षणभंगुर छ ॥ ३ ॥ भरत भाई र राजा हुन्, म ता नीच सेवक हुँ, यस्तो मरण ठूलो भाग्यले पाइन्छ ॥ ४ ॥

स्वामिकाज करिहउँ रन रारी ❀ जस धवलिहउँ भुअन दस चारी ॥५॥
तजउँ प्रान रघुनाथनिहोरें ❀ दूहूँ हाथ मुद मोदक मोरें ॥६॥
साधुसमाज न जाकर लेखा ❀ रामभगत महँ जासु न रेखा ॥७॥
जायँ जिअत जग सो महिभारू ❀ जननीजौबन बिटप कुठारू ॥८॥

म स्वामीको कामका निमित्त युद्धमा भिड्ने हुँ, चौधै भुवनलाई कीर्तिले उज्यालो पार्ने हुँ, रघुनाथजीका निंति प्राण छाड्ने हुँ, मेरा दुवै हातमा आनन्दका लड्डु छन् ॥ ५ ॥ ६ ॥ जसको सज्जनवर्गमा गिन्ती छैन, जसको रामभक्तमा रेखा (नंबर) छैन, त्यो व्यक्ति संसारमा जीवन्मृत (जीउँदै मरेको) र भूमिको भारभूत हो, त्यो आफ्ना आमाका यौवनरूपी वृक्षको छेदन गर्ने बञ्चरो हो (त्यस्तो पाजी छोरो जन्माउँदा आमाचाहिनेको जवानी सित्तैं नष्ट हुन जान्छ)" ॥ ७ ॥ ८ ॥

दोहा–बिगत बिषाद निषादपति सबहि बढ़ाइ उछाहु ।
सुमिरि राम मागेउ तुरत तरकस धनु सनाहु ॥१८५॥

यस्ता प्रकारसँग निषादपति (गुह) ले सबैको उत्साह बढ़ाए, अनि तुरन्तै रामजीको स्मरण गरेर धनु-बाण कवच मागे ॥ १८५ ॥ (अनि फेरि उर्दी दिए)

चौ०–बेगहु भाइहु सजहु सँजोऊ ❀ सुनि रजाइ कदराइ न कोऊ ॥१॥
भलेंहि नाथ सब कहहिं सहरषा ❀ एकहि एक बढ़ावइ करषा ॥२॥

"भाईहो ! चाँडो गर, तयार होऊ, जुट (एकत्र होऊ), आज्ञा सुनेपछि कोही पनि

कातर नहोऊ” (यस प्रकारको उर्दी सुनेपछि) सबैले सहर्ष भएर “प्रभु ! होस्” भने, परस्पर जोश चढाउन लागे ॥ १ ॥ २ ॥

चले निषाद जोहारि जोहारी ❀ सूर सकल रन रूचइ रारी ॥३॥
सुमिरि रामपद पंकज पनहीं ❀ भाथी बाँधि चढ़ाइन्हि धनहीं ॥४॥

ती निषादहरू प्रणाम (सलाम) गरीगरीकन रवाना हुन लागे, ती सबै शूर-वीर लड़ाका थिए, तिनले रामचन्द्रजीका चरणको पादुका (खराऊ) संझेर ठोक्रो भिरे, अनि धनु चढाउन लागे ॥ ३ ॥ ४ ॥

अँगरी पहिरि कूँडि सिर धरहीं ❀ फरसा बाँस सेल सम करहीं ॥५॥
एक कुसल अति ओड़न खाँडें ❀ कूदहिं गगन मनहु छिति छाँडें ॥६॥
निज निज साजु समाजु बनाई ❀ गुह राउतहि जोहारे जाई ॥७॥
देखि सुभट सब लायक जाने ❀ लइ लइ नाम सकल सनमाने ॥८॥

कवच पहिरेर कूँडि (टोप) शिरमा राखे, कोही कोही बञ्चरा, बाँस, सेल, ठीकठाक गर्न लागे, कोही कोही तरवारबाजीमा बडा सिपालु थिए, तिनीहरू मानौं पृथ्वीलाई छाडेर आकाशै आकाशमा कुदिरहन्छन् कि (भन्ने भान पार्दथे) ॥ ५ ॥ ६ ॥ ती सबै फौजले आफ्नो आफ्नो सैसर्जाम ठीकठाक पारे, अनि फेरि गएर निषादराज गुह्लाई प्रणाम (सलाम) गरे। ती वीरहरूलाई देखेर निषादराजले युद्धयोग्य (लायक) जानेर नाउँ लिईलिईकन सबैको सन्मान गरे ॥ ७ ॥ ८ ॥ (अनि भन्न लागे-)

दोहा–भाइहु लावहु धोख जनि आजु काज बड़ मोहि ।
सुनि सरोष बोले सुभट बीरु अधीरु न होहि ॥१८६॥

“हे भाईहो ! गाफिल नपारे (धोखा नखाए) आज मेरो ठूलो काम छ” यो सुनेर वीर योद्धा निषादहरू जोशमा आएर “वीर ! निषादराज ! यसरी अधीर नहुनुहोस् (नहड-बडाउनुहोस्, धन्दा छैन) ॥ १८६ ॥

चौ०–रामप्रताप नाथ बल तोरें ❀ करहिं कटकु बिनु भट बिनु घोरें ॥१॥
जीवत पाउ न पाछें धरहीं ❀ रुंड मुंड मय मेदिनि करहीं ॥२॥

हे मालिक ! रामजीका प्रतापले र तपाईंका सहाराले हामीहरू भरतका सेनालाई विनावीरका विनाघोडाका पार्नेछौं (वीर र घोडा जम्मै खतम गर्नेछौं), बाँचुंज्याल कदम फर्काउनेछैनौं (पीठ देखाउनेछैनौं), धर्तीलाई (युद्धभूमिलाई) रुण्डमुण्डमय (काटिएका टाउका र धडै धडले व्याप्त भएकी) पार्नेछौं” ॥ १ ॥ २ ॥

दीख निषादनाथ भल टोलू ❀ कहेउ बजाउ जुझाऊ ढोलू ॥३॥
एतना कहत छींक भइ बाएँ ❀ कहेउ सगुनिअन्ह खेत सुहाएँ ॥४॥

निषादराजले निषादहरूको डफ्फा बेश देखे, अनि लडाइँको ढोल बजाऊ भनी

उर्दी दिए ॥ ३ ॥ यति भन्दैमा बायाँपट्टि छिंका भयो, शकुन जान्नेहरूले खेत राम्रो भयो (अर्थात हाम्रो जित फल्दछ) भने ॥ ४ ॥ (क)

बूढ़ एकु कह सगुन बिचारी ❀ भरतहि मिलिअ न होइहि रारी ॥५॥
रामहि भरतु मनावन जाहीं ❀ सगुन कहइ अस बिग्रहु नाहीं ॥६॥

यौटा बूढाले शकुन विचार गरेर "भरतसँग भेट गर्नुहोस्, लडाइँ हुनेछैन, भरतजी रामजीलाई मनाउन जानलागेका हुन्, शकुनले यसै भन्दछ (यस्तै सूचना गर्छ) लडाइँ हुनेछैन" भन्यो ॥ ५ ॥ ६ ॥

सुनि गुह कहइ नीक बूढ़ा ❀ सहसा करि पछिताहिं बिमूढ़ा ॥७॥
भरत सुभाउ सीलु बिनु बूझें ❀ बड़ि हितहानि जानि बिनु जूझें ॥८॥

यो वचन सुनेर गुहले भने कि "बूढाले ठीक भने, झट्ट काम गर्दा मूर्खहरू पछिताउँछन् ॥ ७ ॥ भरतको शीलस्वभाव नबुझीकन, नजानी नबुझी लडाइँ गर्दा हितको ठूलो हानि हुन्छ ॥ ८ ॥

दोहा–गहहु घाट भट समिटि सब लेउँ मरमु मिलि जाइ ।
बूझि मित्र अरि मध्य गति तब तस करिहौं आइ ॥१८७॥

त्यसो हुनाले तिमीहरू सबै एकठ्ठा भएर घाट घेर । म गएर भेटीकन भेद लिऊँ, मित्र, शत्रु, उदासीन के रहेछन्, त्यसको पत्ता लाएपछि तदनुसार गरौंला ॥ १८७ ॥

चौ०–लखब सनेहु सुभायँ सुहाएँ ❀ बैरु प्रीति नहि दुरइँ दुराएँ ॥१॥
अस कहि भेंट सँजोवन लागे ❀ कंद मूल फल खग मृग मागे ॥२॥
मीन पीन पाठीन पुराने ❀ भरि भरि भार कहारन्ह आने ॥३॥
मिलनसाजु सजि मिलन सिधाए ❀ मंगलमूल सगुन सुभ पाए ॥४॥

उनको स्वभावले सुन्दर स्नेहको पहिचान गर्नेछु, वैरभाव र प्रीति छिपाएर छिप्नैन ॥१॥ यसो भनेर भेट-घाटको सर्जाम जुटाउन लागे, कन्द-मूल-फल, चरा, मृग मगाए ॥ २ ॥ कहारहरूले भार भरीभरी पाठीन (धेरै दाँत हुने माछाविशेष) आदि गरेका मोटामोटा पुराना माछा ल्याए ॥ ३ ॥ यस्ता प्रकारसँग भेट्ने सर्जाम सजेर गुह भेट्न गए। मंगलमूल (कल्याणकारण) भएका शुभशकुन पाए (देखे) ॥ ४ ॥

देखि दूरि तें कहि निज नामू ❀ कीन्ह मुनिसहि दंड प्रनामू ॥५॥
जानि रामप्रिय दीन्हि असीसा ❀ भरतहि कहेउ बुझाइ मुनीसा ॥६॥

(क) औषधि खाँदा, सवारी चढन लाग्दा, झगडा गर्न लाग्दा, सुत्न लाग्दा, खान लाग्दा, विद्यारम्भ गर्दा, बीउ छर्दा, यतिमा छिंका भएको बेस छ—

औषधे वाहनाऽऽरोहे विवादे शयनेऽशने ।
विद्यारम्भे बीजवापे क्षुतं सप्तसु शोभनम् ॥ (श्रीपतिः)

रामसखा सुनि संदनु त्यागा ❀ चले उतरि उमगत अनुरागा ॥७॥
गाउँ जाति गुह नाउँ सुनाई ❀ कीन्ह जोहारु माथ महि लाई ॥८॥

टाढैबाट देखेर आफ्नो नाउँ उच्चारण गरीकन गुहले मुनीश्वर वशिष्ठलाई दण्डवत् प्रणाम गरे ॥ ५ ॥ मुनिश्वर वशिष्ठले गुहलाई रामजीका प्यारा मित्र जानेर आशिष दिए, भरतजीलाई बुझाएर रामजीका मित्र हुन् भने ॥ ६ ॥ त्यो सुनेर भरतजीका हृदयमा रामको प्रेम उम्लेर आयो र रथ छाडेर वर्ह्लनुभयो ॥ ७ ॥ गुहले आफ्नो जात नाउँ गाउँ सुनाएर पृथ्वीमा टाउको टेकाएर प्रणाम गरे ॥ ८ ॥

दोहा–करत दंडवत देखि तेहि भरत लीन्ह उर लाइ ।
मनहु लखन सन भेंट भइ प्रेमु न हृदयँ समाइ ॥१८८॥

तिनलाई दण्डवत् गर्न लागेको देखेर भरतजीले उठाएर छाती लगाउनुभयो । मानौं लक्ष्मणजीसँग भेट भएको हो कि ? (भन्ने भान पार्ने गरी) प्रेम उम्लेर आयो, हृदयमा अटाएन ॥ १८८ ॥

चौ०–भेंटत भरतु ताहि अति प्रीती ❀ लोग सिहाहिं प्रेम कै रीती ॥१॥
धन्य धन्य धुनि मंगलमूला ❀ सुर सराहि तेहि बरिसहिं फूला ॥२॥

भरतजीले गुहसँग खूब प्रीतिका साथ भेट गर्नुभयो, त्यो प्रेमरीतिको सबैले तारीफ गर्न लागे ॥ १ ॥ देवताहरू मङ्गलको मूल (कारण) भएको धन्य धन्य ध्वनि गर्दै तिनीहरूलाई सह्राउँदै फूल वर्षाउन लागे ॥ २ ॥

लोक बेद सब भाँतिहि नीचा ❀ जासु छाँह छुइ लेइअ सींचा ॥३॥
तेहि भरि अंक राम लघु भ्राता ❀ मिलत पुलक परिपूरित गाता ॥४॥
राम राम कहि जे जमुहाहीं ❀ तिन्हहि न पापपुंज समुहाही ॥५॥
यह तौ राम लाइ उर लीन्हा ❀ कुल समेत जगु पावन कीन्हा ॥६॥

जो लोकव्यवहारमा र वेदका मतमा समेत नीच संझिएका थिए, जसलाई छुँदाखेरि छिटो हाल्नुपर्दथ्यो, तिनैलाई श्रीरामजीका भाईले प्रेमले सर्वाङ्गमा रोमाञ्चित भईकन काखभरी राखेर भेट गर्न (अँगालो हाल्न) लाग्नुभयो ॥ ३ ॥ ४ ॥ राम राम भनेर जो मानिस जंभाई लिन्छन् (हाई गर्दछन्) तिनीहरूका संमुखमा पापका बथान टिक्न सक्तैनन्, यिनलाई ता खास रामचन्द्रजीले छातीलगाउनु (आलिङ्गन गर्नु) भएको छ । जगतमा रामजीले यिनलाई कुलसहित पवित्र पार्नुभयो ॥ ५ ॥ ६ ॥

गुहले भरतलाई सौगात लगेका चीजबीज तीन थरी थिए, गुहको आशय के थियोभने "सौगात अगाडि राखेपछि भरतले कन्दमूललाई पहिले स्वीकार गनेभने ती सात्त्विक रहेछन् , चरा-हरिणहरू स्वीकार गरेभने राजस रहेछन् , पुराना माछापट्टि लागेभने तामस रहेछन् भनी झट्टै चिन्हुँला र तदनुसारको व्यवहार गरुँला" । तर गुणातीत हुनुभएको हुनाले गुहले ल्याएका तीन थरी सौतममध्ये यौटामा पनि भरतजीले दृष्टि दिनुभएन ।

करमनासजलु सुरसरि परई ❀ तेहि को कहहु सीस नहि धरई ॥७॥
उलटा नामु जपत जगु जाना ❀ बालमीकि भये ब्रह्म समाना ॥८॥

'कर्मनाशानदीको जल गङ्गाजीमा मिसिन्छ, त्यो गङ्गाजल मिसिएको कर्मनाशाको जललाई शिरमा को राख्तैन ? भन ॥ ७ ॥ वाल्मीकि उल्टो नाउँ (मरा) जप्ताजप्तै ब्रह्माजी-समान भए भन्ने कुरा जगत्‌ले जानेको छ ॥ ८ ॥

दोहा–स्वपच सबर खस जमन जड़ पाँवर कोल किरात ।
राम कहत पावन परम होत भुवन बिख्यात ॥१८९॥

चण्डाल, शबर, खस, यवन, कोल, किरात इत्यादि गरेका मूर्ख पामरहरू पनि रामजीको नाम जप्ता परम पवित्र र जगत्प्रख्यात हुन्छन् ॥ १८९ ॥

चौ०–नहि अचिरिजु जुग जुग चलि आई ❀ केहि न दीन्हि रघुबीर बड़ाई ॥१॥
राम नाम महिमा सुर कहहीं ❀ सुनि सुनि अवध लोग सुखु लहहीं ॥२॥

यो कुरामा केही आश्चर्य छैन । यो कुरा युगयुगदेखि (सृष्टिकालदेखि) चलेर आएको छ । रघुवीरले कसलाई प्रतिष्ठा दिनुभएको छैन !" ॥ १ ॥ यस्ता प्रकारसँग देवताहरू रामनामका महिमाको वर्णन गर्दथे, त्यो सुनीसुनीकन अयोध्यानिवासीहरू आनन्दित हुन्थे ॥ २ ॥

रामसखहि मिलि भरतु सप्रेमा ❀ पूँछी कुसल सुमंगल खेमा ॥३॥
देखि भरत कर सीलु सनेहू ❀ भा निषाद तेहि समय बिदेहू ॥४॥

भरतजीले प्रेमसाथ राममित्र (गुह) सँग भेट गरेर, कुशल-मङ्गल-क्षेम सोध्नुभयो ॥ ३ ॥ भरतजीको शीलस्वभाव र प्रेम देख्ता निषादराज गुह त्यस वेलामा विदेह (देहाभिमान-वर्जित, शरीरको समेत सुद्धि बुद्धि नराख्ने = आनन्दले लठ्ठ) भए ॥ ४ ॥

सकुच सनेहु मोदु मन बाढ़ा ❀ भरतहि चितवत एकटक ठाढ़ा ॥५॥
धरि धीरजु पद बंदि बहोरी ❀ बिनय सप्रेम करत कर जोरी ॥६॥

गुहका मनमा संकोच, प्रेम, आनन्द बढ्यो, खड़ा भएर एकटक गरी भरतजीलाई हेर्न लागे, अनि फेरि धैर्य धरीकन चरणको वन्दना गरेर हात जोरीकन प्रेमसहित विन्ति गर्न लागे ॥ ५ ॥ ६ ॥

कुसलमूल पद पंकज पेखी ❀ मैं तिहुँ काल कुसल निज लेखी ॥७॥
अब प्रभु परम अनुग्रह तोरें ❀ सहित कोटि कुल मंगल मोरें ॥८॥

प्रभु ! हजूरको कुशलको मूलकारण भएको चरणकमल देखें, म भूत, वर्तमान, भविष्यत्

---

(१) कर्मनाशानदीको जल स्पर्श गर्‍योभने पुनःसंस्कार गर्नुपर्दछ भनी शास्त्रले कर्मनाशाका जललाई अति अपवित्र मानेको छ, त्यही कर्मनाशाको जल गङ्गामा मिल्न गएपछि गंगाजलसरह शिरमा धारण गरिन्छ, ठूलाको संसर्गले सानु पनि ठूलो हुन्छ ।

"कर्मनाशाजलस्पर्शात् पुनः संस्कारमर्हति" (स्मृति)

तीनै कालमा आफ्नो कुशल संझन्छु ॥ ७ ॥ प्रभु ! अब हजूरको परम अनुग्रहले कोटि कुलसहित भएका मेरो मंगलै मंगल छ ॥ ८ ॥

दोहा–समुझि मोरि करतूति कुलु प्रभुमहिमा जिय जोइ ।
जो न भजइ रघुबीरपद जग बिधिबंचित सोइ ॥१९०॥

मेरो कर्म र मेरो कुल संझदाखेरि र मनले प्रभुको महिमा देख्ताखेरि पनि जो मानिस रघुवीरका चरणको भजन गर्दैन, जगत्मा त्यही मानिस विधाताले ठगिएको हो ॥ १९० ॥

चौ०–कपटी कायरु कुमति कुजाती ❀ लोक बेद बाहेर सब भाँती ॥१॥
राम कीन्ह आपन जबही तें ❀ भएउँ भुवनभूषन तबही तें ॥२॥

म कपटी, कातर, कुमति, कुजात र लोकले र वेदले सब तरहबाट बहिष्कार गरिएको (अलग्ग पन्साइएको) थिएँ, तथापि जहिलेदेखि मलाई रामजीले आत्मीय पार्नुभयो (मित्रता गरेर घनिष्ठ आफ्न्त बनाउनुभयो) त्यसै वेलादेखि म भुवनभूषण (संसारको गहना) बनें (त्यसै) हुनाले हजूरले पनि मलाई गलामा लाइबक्सियो) ॥ १ ॥ २ ॥ (अनि पछि)

देखि प्रीति सुनि बिनय सुहाई ❀ मिलेउ बहोरि भरत लघु भाई ॥३॥
कहि निषाद निज नामु सुबानी ❀ सादर सकल जोहारीं रानी ॥४॥

भरतजीका भाई शत्रुघ्नजीले पनि गुहको प्रीति देखेर सुन्दर विनयवचन सुनेर तिनीसँग भेट गर्नुभयो । वहाँपछि निषादराज (गुह) ले विनयवचनपूर्वक आफ्नो नाम भनेर सबै रानीहरूलाई सादर प्रणाम गरे ॥ ३ ॥ ४ ॥

जानि लखन सम देहिं असीसा ❀ जिअहु सुखी सय लाख बरीसा ॥५॥
निरखि निषादु नगर नर नारी ❀ भये सुखी जनु लखनु निहारी ॥६॥

रानीहरूले लक्ष्मणसमान मानेर गुहलाई "कोटिवर्ष सुखी रहेर बाँच" यस्तो आशिष दिन लागे ॥ ५ ॥ नगरका नरनारीहरू निषाद (गुह) लाई देख्ता लक्ष्मणजीलाई देखेका वेलामा जत्तिकै आनन्दित भए ॥ ६ ॥ (अनि भन्न लागे)

कहहिं लहेउ एहि जीवनलाहू ❀ भेंटेउ रामभद्र भरि बाहू ॥७॥
सुनि निषादु निज भाग बड़ाई ❀ प्रमुदित मन लै चलेउ लवाई ॥८॥

"जसले अँगालो भरेर (आलिङ्गन गरेर) रामचन्द्रसँग भेट गरे, त्यस्ता यिनैले बाँच्नाको लाभ (फल) पाए । यस्ता प्रकारले अरूले गरेका आफ्ना भाग्यको प्रशंसा सुनेर आनन्दित भएका गुहले आफ्ना साथमा सबैलाई लिएर गए ॥ ७ ॥ ८ ॥ (अनि उनले)

दोहा–सनकारे सेवक सकल चले स्वामिरुख पाइ ।
घर तरुतर सर बाग बन बास बनाएन्हि जाइ ॥१९१॥

सबै सेवकहरूलाई इशारा गरे, तिनीहरू मालिक (गुह) को आशय पाएर गए ।

गएर तिनीहरूले रूखमन्तिर, ताल तलाउका छेउछाउमा, बाग (बगैंचा) मा, वनमा वास तयार गरे ॥ १९१ ॥

चौ०-सृंगबेरपुर भरत दीख जब ❀ भे सनेह सब अंग सिथिल तब ॥१॥
सोहत दिए निषादहि लागू ❀ जनु तनु धरे बिनय अनुरागू ॥२॥

जब भरतजीले श्रृंगवेरपुर देख्नुभयो, स्नेहवश भएर वहाँका सबै अंग शिथिल भए, (हातखुट्टा नचल्नेसम्मको अवस्था भयो) ॥ १ ॥ वहाँले निषादराज (गुह) को हात समात्नुभयो, त्यस वेलामा विनय (नम्रता) र प्रेम मूर्तिमान् (नररूपधारी) भएर खडा भएका हुन् कि (भन्ने भान पर्ने गरी) शोभायमान हुनुभयो ॥ २ ॥

एहि बिधि भरत सेनु सबु संगा ❀ दीख जाइ जगपावनि गंगा ॥३॥
रामघाट कहँ कीन्ह प्रनामू ❀ भा मनु मगनु मिले जनु रामू ॥४॥

यस्ता प्रकारसँग भरतजीले सेनासहित भई जाँदा गंगाजी देख्नुभयो ॥ ३ ॥ रामघाटलाई (रामजीले स्नान गरेको घाटलाई) प्रणाम गर्नुभयो, रामजीसँग भेट भयो कि ? (भन्ने भान पर्ने गरी) आनन्दित हुनुभयो ॥ ४ ॥

करहिं प्रनाम नगर नर नारी ❀ मुदित ब्रह्ममय बारि निहारी ॥५॥
करि मज्जनु माँगहि कर जोरी ❀ रामचंद्रपद प्रीति न थोरी ॥६॥

नगरका नरनारीहरू खास परब्रह्म पग्लेर भएको पानी (गंगाजी) लाई सहर्ष प्रणाम गर्न लागे ॥ ५ ॥ अनि स्नान गरेर हात जोरीकन रामचन्द्रजीका चरणकमलमा पूर्ण प्रीति माग्नलागे ॥ ६ ॥ (क)

भरत कहेउ सुरसरि तव रेनू ❀ सकल सुखद सेवक सुरधेनू ॥७॥
जोरि पानि बर मागउँ एहू ❀ सीय राम पद सहज सनेहू ॥८॥

भरतजी भन्नुहुन्छ, "जननी ! गंगे ! हजूरका तीरको धूलो सकल सुखदायक र सेवक (भक्त) को कामधेनुस्वरूप छ ॥ ७ ॥ दुई हात जोरेर "सीताजी र श्रीरामजीका चरणकमलमा प्रेम लागोस्" यही वर माग्दछु" ॥ ८ ॥

दोहा-एहि बिधि मज्जनु भरतु करि गुर अनुसासन पाइ ।
मातु नहानी जानि सब डेरा चले लवाइ ॥१९२॥

यस्ता प्रकारसँग स्नान गर्नुभयो, अनि गुरुको आज्ञा पाएर सबै माताहरूले स्नान गरिसकेको जानेर भरतजी सबैलाई साथ लिएर डेरातर्फ जानुभयो ॥ १९२ ॥

(क) "भगवती भागीरथी गङ्गा खास पग्लेका परब्रह्मको स्वरूप हो" भनी यत्र तत्र श्रुति स्मृति पुराणमा लेखिएको छ ।

विष्णुपादाब्जसंभूते ! गंगे ! त्रिपथगामिनी ! ब्रह्मद्रवेतिविख्याता पापं मे हर जाह्नवि !—यो पौराणिक मन्त्रबाट पनि यही कुरा बुझिन्छ ।

चौ०–जहँ तहँ लोगन्ह डेरा कीन्हा ❀ भरत सोधु सब ही कर लीन्हा ॥१॥
सुरसेवा करि आयेसु पाई ❀ राममातु पहिं गे दोउ भाई ॥२॥

साथ आएका मानिसले यत्रतत्र डेरा गरेका थिए, भरतजीले सबैको हेरचाह गर्नुभयो ॥ १ ॥ देवताको पूजा गरिसकेपछि गुरुको आज्ञा पाएर दुवै भाई कौशल्याका समीप जानुभयो ॥ २ ॥

चरन चाँपि कहि कहि मृदु बानी ❀ जननी सकल भरत सनमानी ॥३॥
भाइहि सौंपि मातुसेवकाई ❀ आपु निषादहि लीन्ह बोलाई ॥४॥

पाउ दाबी दाबीकन, मीठो बोली बोलीकन सबै माताहरूको सन्मान गरेर भरतजीले माताहरूको सेवा (हेरचाह) भाई शत्रुघ्नलाई सुम्पनुभयो (भाई तिमी माताजीहरूको टहलमा यहीं बस है भनी अह्राउनुभयो) र आफूले निषादराज (गुह) लाई बोलाउनुभयो ॥ ३ ॥ ४ ॥ (अनि—)

चले सखा कर सों कर जोरें ❀ सिथिल सरीरु सनेह न थोरें ॥५॥
पूँछत सखहि सो ठाउँ देखाऊ ❀ नेकु नयन मन जरनि जुड़ाऊ ॥६॥

अत्यन्त स्नेहले (खानापीना छाडेका हुनाले (शिथिल शरीर भएका दुई मित्र (भरत जी र गुह) हातहात समातेर (हातेमालो गरेर) हिंड्न लागे। भरतजीले सोध्नुभयो–"मित्र ! त्यो ठाउँ देखाउनुहोस् , नेत्रको र मनको ज्वालालाई खूब ठण्डा पारौंन ॥ ५ ॥ ६ ॥

जहँ सिय रामु लखनु निसि सोए ❀ कहत भरे जल लोचनकोए ॥७॥
भरतबचन सुनि भयेउ बिषादू ❀ तुरत तहाँ लइ गयेऊ निषादू ॥८॥

जहाँ सीता, राम, लक्ष्मण, राती सुत्नुभयो·······" यत्ति बोल्दैमा भरतजीका नेत्र गोलमा जल भरियो (अगाडिको वचन निस्केन)। भरतजीको त्यत्ति वचन सुन्दा निषादराज (गुह) लाई विषाद (खेद) भयो, तुरन्त तहाँ लिएर गए ॥ ७ ॥ ८ ॥

दोहा–जहँ सिंसुपा पुनीत तरु रघुबर किय बिश्रामु।
अति सनेह सादर भरत कीन्हेउ दंड प्रनामु ॥१९३॥

जहाँ पवित्र सिसौका वृक्षका छायामा रघुनाथजीले विश्राम गर्नुभएथ्यो, अत्यन्त प्रेम र अत्यन्त आदरका साथ भरतजीले त्यो स्थानलाई साष्टाङ्ग दण्डवत् गर्नुभयो ॥ १९३ ॥

चौ०–कुससाँथरी निहारि सुहाई ❀ कीन्ह प्रनामु प्रदच्छिन जाई ॥१॥
चरनरेख रज आँखिन लाई ❀ बनइ न कहत प्रीति अधिकाई ॥२॥

कुशको राम्रो बिछ्याउना देख्नुभयो, प्रदक्षिणा गरेर त्यसलाई प्रणाम गर्नुभयो ॥ १ ॥ रामचन्द्रजीका चरणका वज्र-अंकुश-ध्वजा इत्यादि रेखाले चिन्हित भएका ठाउँको धूलो उठाएर आँखामा लाउनुभयो, प्रेमको बाढी आयो, बोल्नभने सक्नुभएन ॥ २ ॥

कनकबिंदु दुइ चारिक देखे ❀ राखे सीस सीय सम लेखे ॥३॥

सजल बिलोचन हृदय गलानी ❀ कहत सखा सन बचन सुबानी ॥४॥

फेरि भरतजीले दुईचार (२।४) सुनौला सितारा खसेको देख्नुभयो, सीतासमान सँझेर (सीताजीका पोशाकबाट खसेका तिनलाई टिपीकन) शिरमा राख्नुभयो ॥ ३ ॥ वहाँका नेत्रभरी जल थियो, हृदयमा ग्लानि थियो, तथापि मित्र (गुह) सँग मधुर वचनले बोल्नुभयो ॥ ४ ॥

श्रीहत सीयबिरह दुतिहीना ❀ जथा अवध नर नारि मलीना ॥५॥
पिता जनक देउँ पटतर केही ❀ करतल भोगु जोगु जग जेही ॥६॥
ससुर भानुकुलभानु भुआलू ❀ जेहि सिहात अमरावतिपालू ॥७॥
प्राननाथ रघुनाथ गोसाईं ❀ जो बड़ होत सो रामबड़ाईं ॥८॥

“हाय ! हाय ! सीताजीका विरहले गर्दा यी सिताराहरू पनि अयोध्याका नरनारी जस्तै श्री नभएका, मैला, निस्तेज भएछन् ॥ ५ ॥ योग र भोग (परस्पर विरुद्ध भएका यी दुई कुरा) जसका हत्केलामा रहेका छन् (स्वाधीन अविरोधी छन्), तिनको उपमा संसार भरमा कोसँग दिऊँ ? त्यस्ता महाराज जनक जसका पिता छन्, जसलाई अमरावतीपुरीका पालक (त्रिलोकका सम्राट् इन्द्र) पनि सह्राउँछन्, उस्ता सूर्यकुलका सूर्य महाराज......जसका ससुरा हुन्, तुच्छ तुच्छहरू पनि जो जो बड़ाबड़ा हुन्छन्, त्यो रामजीले दिएको बड़ाई (महत्व) हो। त्यस्ता प्रभु रघुनाथजी जसका प्राणनाथ (पति) हुन् ॥ ६ ॥ ७ ॥ ८ ॥

दोहा–पतिदेवता सुतीय मनि सीय साँथरी देखि ।
बिदरत हृदउ न हहरि हर पबि तें कठिन बिसेषि ॥१९४॥

उनै पतिव्रता भएका श्रेष्ठ स्त्रीवर्गमा मणिसमान प्रकाशमान हुने सीताजीको यो कुशशय्या देखेर जो मेरो हृदय चर्र चर्र गरेर चिरिंदैन, त्यो हृदय वज्रभन्दा अधिक कडा हो ॥ १९४ ॥

चौ०–लालनजोगु लखन लघु लोने ❀ भे न भाइ अैसे अहहिं न होने ॥१॥
पुरजन प्रिय पितु मातु दुलारे ❀ सिय रघुबीरहि प्रानपिआरे ॥२॥
मृदु मूरति सुकुमार सुभाऊ ❀ तात बाउ तन लाग न काऊ ॥३॥
ते बन सहहिं बिपति सब भाँती ❀ निदरे कोटि कुलिस एहि छाती ॥४॥

भाई लक्ष्मण लालना (दुलार) गर्न लायक र हिस्सीदार छन्, त्यस्ता भाई न कसैका भए, न छन्, न हुनेछन् ॥ १ ॥ सारा नगरनिवासीहरूका प्यारा, मातापिताले दुलार गरिएका सीताजी र रघुनाथजीका प्राणभन्दा प्यारा, शरीर र स्वभाव दुवै सुकुमार भएका, कहिल्यै पनि शरीरमा तातो हावा (लू) नलागेका ती लक्ष्मणजी सब तरहको विपत्ति खपेर वनमा बस्तछन् (म केही परवाह राख्तिनँभने) मेरो यो हृदय करोड़ौं वज्रलाई वज्रमाथ गर्दछ ॥ २ ॥ ३ ॥ ४ ॥

राम जनमि जगु कीन्ह उजागर ❀ रूप सील सुख सब गुन सागर ॥५॥
पुरजन परिजन गुर पितु माता ❀ रामसुभाउ सबहि सुखदाता ॥६॥

रूप, शील, सुख, र सबै सद्‌गुणका सागरस्वरूप भएका, रामजीले जन्मेर जगत्‌लाई उज्यालो पार्नुभयो ।.रामजीको स्वभाव नगरनिवासी, परिजन (इष्टमित्र, नोकरचाकर) हरू, गुरु, पिता, माताजी सबैलाई सुखदायक छ ॥ ५ ॥ ६ ॥

बैरिउ रामबड़ाई करहीं ❀ बोलनि मिलनि बिनय मन हरहीं ॥७॥
सारद कोटि कोटि सत सेषा ❀ करि न सकहिं प्रभुगुन गन लेखा ॥८॥

बैरीहरूसमेत रामजीको प्रशंसा गर्दछन्, वहाँका बोलचाल, मेल-मिलाप, विनयले सबैको मनलाई हरेर लिन्छन् । करोडौं शारदा र शयकडौं करोड शेषनाग भए पनि तिनीहरूले आदरका साथ गुणगणको गणना गर्न थाले पनि प्रभु रघुनाथजीका गुणगणको गणना गर्न सक्तैनन् ॥ ७ ॥ ८ ॥

दोहा–सुखसरूप रघुबंसमनि मंगल मोद निधान ।
ते सोवत कुस डासि महि बिधिगति अति बलवान ॥१९५॥

कल्याण र आनन्दका निधान, सुखस्वरूप, रघुकुलरत्न, उनै रामचन्द्र भईंमा कुश छरेर सुत्नुहुन्छ, (हेर्नुहोस्) विधाताको गति कत्तिको प्रबल रहेछ ? ॥ १९५ ॥

चौ०–राम सुना दुखु कान न काऊ ❀ जीवनतरु जिमि जोगवइ राऊ ॥१॥
पलक नयन फनि मनि जेहि भाँती ❀ जोगवहिं जननि सकल दिन राती ॥२॥
ते अब फिरत बिपिन पदचारी ❀ कंद मूल फल फूल अहारी ॥३॥

रामजीले कहिल्यै पनि कुनै दुःख कानले पनि सुन्नुभएको थिएन, महाराजले संजीवन वृक्षको झैं वहाँको जोगावट (रक्षा) गर्नुहुन्थ्यो, सबै माताजीहरूले पनि दिनरात पलकले आँखाको झैं, नागले फणाका मणिको झैं, वहाँको हिफाजत गर्नुहुन्थ्यो । उनै रामचन्द्र अब जङ्गलमा कन्द-मूल, फल-फूलको आहार गरेर पैदल हिंड्‌न लाग्नुभयो ! ॥ १ ॥ २ ॥ ३ ॥

धिग कैकई अमंगलमूला ❀ भइसि प्रान प्रियतम प्रतिकूला ॥४॥
मैं धिग धिग अघ उदधि अभागी ❀ सबु उतपातु भयेउ जेहि लागी ॥५॥
कुलकलंकु करि सृजेउ बिधाताँ ❀ साइँदोह मोहि कीन्ह कुमाताँ ॥६॥

जो आफ्ना प्राणप्रिय (पति) की पनि प्रतिकूल (बर्खिलाफ) भइन्, त्यस्ती अमङ्गलकी मूलकारण भएकी कैकेयीलाई धिक्कार छ ! ॥ ४ ॥ जसका निमित्त यो सब उत्पात भयो त्यो पापसागर अभागी मलाई वारंवार धिक्कार छ ! ॥ ५ ॥ विधाताले मलाई कुलको कलङ्क पारेर सृष्टि गरे, कुमाताले मलाई स्वामिद्रोही पारिन्” ॥ ६ ॥

सुनि सप्रेम समुझाव निषादू ❀ नाथ करिअ कत बादि बिषादू ॥७॥
राम तुम्हहि प्रिय तुम्ह प्रिय रामहि ❀ येह निरजोसु दोसु बिधि बामहि ॥८॥

भरतजीका यी वचन सुनेर निषाद (गुह) ले प्रेमसहित भई संझाउन लागे—“प्रभु ! व्यर्थ शोक किन गर्नुहुन्छ ? ॥ ७ ॥ तपाईंलाई रामजी प्यारा, रामजीलाई तपाईं प्यारा हुनुहुन्छ । (यसमा कसैको दोष छैन) यसमा फगत प्रतिकूल भएका दैवको दोष छ ॥ ८ ॥

छन्द–बिधि बाम की करनी कठिन जेहिं मातु कीन्ही बावरी ।
तेहि राति पुनि पुनि करहिं प्रभु सादर सरहना रावरी ॥
तुलसी न तुम्ह सो रामप्रीतमु कहत हौं सो हैं कियें ।
परिनाम मंगलु जानि अपने आनिए धीरजु हियें ॥८॥

हे नाथ ! प्रतिकूल (बिपरीत) भएका दैवको गति कठोर हुन्छ, जसले माता कैकेयीलाई बौलाही बनायो । त्यो रातमा (मसँग भेट भएका रातमा) प्रभुजीले आदरका साथ वारंवार तपाईंको सह्रनी गर्नुभएको थियो । (तुलसीदास भन्दछन्) "तपाईंबराबर रामजीको प्रियतम (अति प्रिय) अर्को कोही छैन," यो कुरा म शपथ गरेर भन्दछु, परिणाममा कल्याण हुनेछ भनी जानेर आफ्ना हृदयमा धैर्य ल्याउनुहोस् ॥ ८ ॥

सोरठा–अंतरजामी रामु सकुच सप्रेम कृपायतन ।
चलिअ करिअ बिश्रामु येह बिचारि दृढ़ आनि मन ॥८॥

"रामचन्द्रजी संकोची, प्रेमपूर्ण, करुणासागर, अन्तर्यामी हुनुहुन्छ" यो विचारलाई मनमा दृढ गरेर राख्नुहोस, अब जाउँ हिंड्नुहोस् । विश्राम गर्नुहोस्" ॥ ८ ॥

चौ०–सखाबचन सुनि उर धरि धीरा ❀ बास चले सुमिरत रघुबीरा ॥१॥
एह सुधि पाइ नगर नर नारी ❀ चले बिलोकन आरत भारी ॥२॥

मित्र (गुह) को वचन सुनेर भरतजीले हृदयमा धैर्य धारण गर्नुभयो, रघुनाथजीलाई संझदै वासतर्फ हिड्नुभयो ॥ १ ॥ यो खबर पाएर शृङ्गवेरपुरका नरनारीहरू दुःखित भईकन भरतजीलाई हेर्न आए ॥ २ ॥

परदखिना करि करहिं प्रनामा ❀ देहिं कैकइहि खोरि निकामा ॥३॥
भरि भरि बारि बिलोचन लेहीं ❀ बाम बिधातहिं दूषन देहीं ॥४॥

तिनीहरू भरतजीलाई प्रदक्षिणा गरेर प्रणाम गर्दथे, कैकेयीलाई खूब नजाती गाली गर्दथे ॥ ३ ॥ आँखाभरीभरी पानी गर्दथे, विपरीत विधातालाई दोष दिन्थे ॥ ४ ॥

एक सराहहिं भरतसनेहू ❀ कोउ कह नृपति निबाहेउ नेहू ॥५॥
निंदहिं आपु सराहि निषादहि ❀ को कहि सकइ बिमोह बिषादहि ॥६॥

कोही भरतजीका प्रेमको तारीफ गर्दथे, कोही राजा दशरथले प्रेमको निर्वाह गरे (प्रेम कायम राख्ता प्राण पनि छाडे) भन्दथे ॥ ५ ॥ कोही आफ्नो निन्दा, गुहको तारीफ गर्दथे, त्यस वेलाका हडबडको र विषादको वर्णन गर्न को सक्तछ ? ॥ ६ ॥

एहि बिधि राति लोगु सबु जागा ❀ भा भिनुसार गुदारा लागा ॥७॥
गुरहि सुनाव चढ़ाइ सुहाईं ❀ नईं नाव सब मातु चढ़ाईं ॥८॥
दंड चारि महँ भा सबु पारा ❀ उतरि भरत तब सबहि सँभारा ॥९॥

यस्ता तरहले सबजना रातभरी जागा रहे, उज्यालो भयो, गुदारा लाग्यो (नदी तर्ने काम शुरू भयो) ॥ ७ ॥ भरतजीले राम्रो नाउमा गुरुलाई चढाउनुभयो र सबै माताहरूलाई नयाँ नाउमा चढाउनुभयो ॥ ८ ॥ चार घडीमा सबैजना पार भए। भरतजीले आफू उत्रेर सबैलाई सह्माल्नुभयो (हिफाजतसाथ उतार्नुभयो) ॥ ९ ॥

दोहा–प्रातक्रिया करि मातुपद बंदि गुरहि सिरु नाइ।
आगें किये निषादगन दीन्हेउ कटकु चलाइ ॥१९६॥

भरतजीले प्रातःकृत्य (पाठपूजा प्रभृति) गरेर, माताहरूका पाउको वन्दना गरेर, गुरुको प्रणाम गरेपछि निषादका डफ्फालाई अधि लाएर सेनालाई हिंडाउनुभयो ॥ १९६ ॥

चौ०–कियेउ निषादनाथु अगुआईं ❀ मातु पालकी सकल चलाईं ॥१॥
साथ बोलाइ भाइ लघु दीन्हा ❀ बिप्रन्ह सहित गवनु गुर कीन्हा ॥२॥

निषादराज (गुह) लाई अगुवा गर्नुभयो, अनि माताहरूका सबै पालकी रवाना गर्नुभयो, भाई शत्रुघ्नलाई बोलाएर (वहाँहरूको) साथ लगाइदिनुभयो। गुरु वशिष्ठजी ब्राह्मणवर्ग सहित हिंड्नुभयो ॥ १ ॥ २ ॥

आपु सुरसरिहि कीन्ह प्रनामू ❀ सुमिरे लखन सहित सिय रामू ॥३॥
गवने भरत पयादेहिं पायें ❀ कोतल संग जाहिं डोरिआएँ ॥४॥

आफू (भरतजी) ले गङ्गाजीलाई प्रणाम गर्नुभयो, लक्ष्मणसहित सीता रामको स्मरण गर्नुभयो र पाउले पैदलै हिंड्नुभयो। बागडोरले डोर्‍याइएको कोतल (घोडा) साथसाथ जाँदै थियो ॥ ३ ॥ ४ ॥

कहहिं सुसेवक बारहिं बारा ❀ होइअ नाथ अस्व असवारा ॥५॥
राम पयादेहिं पाय सिधाए ❀ हम कहँ रथ गज बाजि बनाए ॥६॥
सिरभर जाउँ उचित अस मोरा ❀ सब तें सेवकधरमु कठोरा ॥७॥
देखि भरतगति सुनि मृदु बानी ❀ सब सेवकगन गरहिं गलानी ॥८॥

स्वामिभक्त सेवकहरू वारंवार “प्रभु ! घोडामा सवार होइबक्सियोस्” भन्दथे, (भरतजी जवाब दिनुहुन्थ्यो—) “रामचन्द्रजी पाउले पैदलै पाल्नुभयो, हाम्रा निंति रथ, हात्ती घोडा बनाएका हुन् ?, मलाई ता शिरका भरले (टाउको टेकेर) हिंड्नु मनासीब थियो (तर लाचार छु सकिनँ) सबै धर्मभन्दा सेवाधर्म कठिन छ।,” यस्ता तरहको मधुर वचन सुनेर भरतजीको त्यो हालत हेर्दा सेवकहरू ग्लानिले फतक्क गल्नलागे ॥ ५ ॥ ६ ॥ ७ ॥ ८ ॥

दोहा–भरत तीसरे पहर कहँ कीन्ह प्रबेसु प्रयाग।
कहत राम सिय राम सिय उमगि उमगि अनुराग ॥१९७॥

प्रेम उम्लीउम्लीकन आउन लाग्यो, सीताराम सीताराम भन्दै तेस्रो प्रहरमा भरतजीले प्रयागमा प्रवेश गर्नुभयो (प्रयाग पुग्नुभयो) ॥ १९७ ॥

चौ०–झलका झलकत पायन्ह कैसें ❀ पंकजकोस ओसकन जैसें ॥१॥
भरत पयादेहिं आए आजू ❀ भयेउ दुखित सुनि सकल समाजू ॥२॥

कमलका कोपिलामा ओसका कण (थोपा) जसरी झल्कन्छन्, भरतजीका पाउमा परेका फोका त्यसै गरी झल्कन्थे ॥ १ ॥ भरतजी आज पैदलै आइपुगे भन्ने खबर सुनेर सबैजना दुःखित भए ॥ २ ॥

खबरि लीन्ह सब लोग नहाए ❀ कीन्ह प्रनामु त्रिबेनिहि आए ॥३॥
सबिधि सितासित नीर नहाने ❀ दिये दान महिसुर सनमाने ॥४॥

आफ्ना डफ्फाका सबैजनाले नुहाइसकेको खबर लिएपछि भरतजी त्रिवेणी आउनुभयो र प्रणाम गर्नुभयो ॥ ३ ॥ अनि विधिपूर्वक सितासिततीर्थका जलमा (सेती र काली गङ्गा र यमुनाका संगमको जलमा) स्नान गर्नुभयो । दान गर्नुभयो, ब्राह्मणको सम्मान गर्नुभयो ॥ ४ ॥ (क)

देखत स्यामल धवल हलोरे ❀ पुलकि सरीर भरत कर जोरे ॥५॥
सकल कामप्रद तीरथराऊ ❀ बेदबिदित जग प्रगट प्रभाऊ ॥६॥
मागउँ भीख त्यागि निज धरमू ❀ आरत काह न करइ कुकरमू ॥७॥
अस जिय जानि सुजान सुदानी ❀ सफल करहिं जग जाचकबानी ॥८॥

काली (यमुनाजी) का सेती (गङ्गाजी) का तरंग देख्ता भरतजीको शरीर रोमाञ्चित भयो, वहाँले हात जोरेर प्रार्थना गर्नुभयो ॥ ५ ॥ "हे तीर्थराज ! तपाईं सबैको कामना पूर्ण गर्ने हुनुहुन्छ, तपाईंलाई वेदले यथार्थ चिन्हेको छ, तपाईंको प्रभाव जगत्मा प्रकट छ ॥ ६ ॥ म आफ्नो धर्म छाडीकन (क्षत्रियले नमाग्नु भन्ने वेदशास्त्रविहित धर्म छाडेर) भीख माग्दछु, दुःखी भएपछि कुन व्यक्ति कुकर्म गर्दैन (दुःख परेपछि स्वधर्मैमा रहन को सक्तछ ?) ॥ ७ ॥ यो यस्तो कुरा मनमा बुझेर समुझदार दानवीरहरू याचकका वचनलाई सफल गर्दछन् ॥ ८ ॥

दोहा–अरथ न धरम न काम रुचि गति न चहउँ निरबान ।
जनम जनम रति रामपद येह बरदानु न आन ॥१९८॥

(महाराज ! तीर्थाधिराज !) मेरो रुचि (अभिलाषा) अर्थ (धनार्जनमा) छैन, धर्मार्जनमा पनि छैन, कामोपभोगमा पनि छैन, निर्वाणगति (मुक्तिपद) पनि म चाहन्न । जन्म जन्मान्तरमा रामजीका चरणको प्रेम लागोस्, मलाई यही वरदान दिनुहोस्, अर्को केही चाहिंदैन ॥ १९८ ॥

(क) गङ्गा र यमुनाको संगम भएको स्थानलाई सितासिततीर्थ भन्दछन्, त्यसै तीर्थका प्रभावले त्यो स्थान तीर्थराज कहिन्छ, त्यसको माहात्म्य वेदमा पनि वर्णन गरिएको छ, त्यसमा गोता लगाउनाले स्वर्ग सुलभ हुन्छ ।

"सितासिते सरितौ यत्र संगते तत्राप्लुतासो दिवमुत्पतन्ति" (वेद)

चौ०–जानहु रामु कुटिल करि मोही ❀ लोग कहउ गुर साहिब द्रोही ॥१॥
सीता राम चरन रति मोरें ❀ अनुदिन बढ़उ अनुग्रह तोरें ॥२॥

रामचन्द्रजी मलाई कुटिल संझे संझनुहोस्, दुनियाँ मलाई गुरुद्रोही र स्वामिद्रोही भन्छभने भनोस्, (परन्तु) हे तीर्थाधिराज ! तपाईंका अनुग्रहले सीताजी र रामजीका चरणमा मेरो प्रेम प्रतिदिन बढोस्॥ १ ॥ २ ॥

जलदु जनम भरि सुरति बिसारउ ❀ जाचत जलु पबि पाहन डारउ ॥३॥
चातकु रटनि घटें घटि जाई ❀ बढ़ें प्रेमु सब भाँति भलाई ॥४॥

जिन्दगीभर मेघले चातक पक्षीको सुरति (यादखबर) बिर्सोस्, पानी माग्दाखेरि वज्र र पत्थर (असिना) खसाइदेओस्, परन्तु चातकको रटना घटे घटी पनि हाल्छ (गला सुकाएर चिच्याउँदा चिच्याउँदा आसन्नमरण भएको वेलामा चिच्याहट घट्ला, तर मेघमा रहेको प्रेम घट्ने होइन) प्रेम बढ्योभने सब तरहले भलाइ छ ॥ ३ ॥ ४ ॥ (क)

कनकहि बान चढ़इ जिमि दाहें ❀ तिमि प्रियतमपद नेम निबाहें ॥५॥
भरतबचन सुनि माँझ त्रिबेनी ❀ भइ मृदु बानि सुमंगलदेनी ॥६॥

जसरी पोल्दाखेरि सुनमा वान चढ्दछ, त्यसै गरी प्रियतम (अति प्रिय) रामजीका चरणको सेवाका नियमको निर्वाह गर्दा (प्यारा रामजीको चरणका सेवाको नियमलाई प्राणान्तिक कष्ट सहेर पनि पालना गर्दा) सेवकहरूका सेवाको वान चढ्दछ" ॥ ५ ॥ भरतजीका वचन सुन्दा त्रिवेणीका माझबाट मङ्गलदायिनी मधुर वाणी प्रकट भई (त्रिवेणी-संगमबाट आकाशवाणी जस्ती वाणी उठी) ॥ ६ ॥

तात भरत तुम्ह सब बिधि साधू ❀ रामचरन अनुराग अगाधू ॥७॥
बादि गलानि करहु मन माहीं ❀ तुम्ह सम रामहि कोउ प्रिय नाहीं ॥८॥

"बाबु ! भरत ! तिमी सब तरहबाट श्रेष्ठ छौ, रामचरणमा तिम्रो अगाध अनुराग छ ॥ ७ ॥ मनमा व्यर्थ ग्लानि गर्दछौ, रामजीको प्यारो तिमीसमान कोही छैन" ॥ ८ ॥

दोहा–तनु पुलकेउ हिय हरषु सुनि बेनिबचन अनुकूल ।
भरत धन्य कहि धन्य सुर हरषित बरषहिं फूल ॥१९९॥

त्रिवेणीबाट उत्पन्न भएको अनुकूल वचन सुन्दा भरतजीको शरीर रोमाञ्चित भयो, हृदय हर्षित भयो । हर्षित भएका देवताले धन्य ! धन्य ! भरत भन्दै फूल वर्षाए ॥ १९९ ॥

(क) चातकपक्षी मेघको वर्षदा वर्षदैको पानी पाए पिउँछ, अन्यत्रको पानी पिउँदैन, बरु चिच्याई चिच्याई मर्न कबूल गर्छ, चिच्याउँदा चिच्याउँदा चिच्याहटको रटना घट्ला, मेघमाथिको प्रेम घट्तैन, अतएव त्यो पक्षी प्रेमीहरूको आदर्श भएको छ ।

"एक एव खगो मानी चिरं जीवतु चातकः। पिपासया वा म्रियते याचते वा पुरन्दरम्"

[भरत र भरद्वाज]

चौ०–प्रमुदित तीरथराजनिवासी ❀ बैखानस बटु गृही उदासी ॥१॥
कहहिं परसपर मिलि दस पाँचा ❀ भरत सनेहु सीलु सुचि साँचा ॥२॥

वानप्रस्थ तपस्वी, ब्रह्मचारी, गृहस्थ, संन्यासी यी चारै प्रकारका प्रयागनिवासीहरू खुशी भए, १०।५ जना एकत्र हुँदै "भरतजीको स्नेह र शील शुद्ध साँच्चै रहेछ" भनी परस्पर भन्न लागे ॥ १ ॥ २ ॥

सुनत रामगुन ग्राम सुहाए ❀ भरद्वाज मुनिबर पहिं आए ॥३॥
दंड प्रनामु करत मुनि देखे ❀ मूरतिमंत भाग्य निज लेखे ॥४॥
धाइ उठाइ लाइ उर लीन्हे ❀ दीन्हि असीस कृतारथ कीन्हे ॥५॥
आसनु दीन्ह नाइ सिरु बैठे ❀ चहत सकुचगृह जनु भजि पैठे ॥६॥

भरतजी रामजीका सुन्दर गुणगणको वर्णन सुन्दै भरद्वाज मुनिका समीप पुग्नुभयो। भरद्वाज मुनिले दण्डवत् प्रणाम गर्न लागेका भरतजीलाई देखेपछि (भरतजीलाई) मूर्तिमान् (शरीरधारी) आफ्नो भाग्य संझे (ठाने) ॥ ३ ॥ ४ ॥ अनि दाँडेर नगीच आईकन भरतजीलाई उठाएर छातीमा लगाए, आशिष दिएर वहाँलाई कृतार्थ गरे ॥ ५ ॥ बस्नलाई आसन दिए। भरतजी घरबाट भागी गएको मानिस फेरि घरमा पस्ता संकुचित भएझैं संकुचित भएर शिर निहुराईकन आसनमा बस्नुभयो ॥ ६ ॥

मुनि पूँछब किछु येह बड़ सोचू ❀ बोले रिषि लखि सील सँकोचू ॥७॥
सुनहु भरत हम सब सुधि पाई ❀ बिधिकरतब पर किछु न बसाई ॥८॥

भरतजीलाई मुनिजी कुछ पूछने छन् (केही सोध्नेछन्, कसरी जवाब दिनु ?) भन्ने सोचविचार थियो, भरद्वाजले भरतजीको शीलस्वभाव र संकोच देखेर बोले, "भरतजी ! सुन्नुहोस्, मैले सबै खबर पाएँ, विधाताको कर्तव्यमा केही जोर चल्दैन ॥ ७ ॥ ॥ ८ ॥

दोहा–तुम्ह गलानि जियँ जनि करहु समुझि मातुकरतूति।
तात कइकइहि दोसु नहि गई गिरा मति धूति ॥२००॥

आमाको करतूत (कार्रवाई) संझेर तपाईं मनमा ग्लानि नगर्नुहोस्, बाबु ! कैकेयीको पनि दोष छैन, सरस्वतीले उनको बुद्धि धूतेर (ठगेर) गएकी थिइन् ॥ २०० ॥

चौ०–यहउ कहत भल कहिहि न कोऊ ❀ लोकु बेदु बुधसंमत दोऊ ॥१॥
तात तुम्हार बिमल जसु गाई ❀ पाइहि लोकउ बेदु बड़ाई ॥२॥

यस्तो भन्दा पनि कसैले ठीक हो भन्नेछैन (सरस्वतीले बुद्धि भ्रष्ट पार्दा कैकेयीले यो उधूम मचाएको हो भन्ने कुरालाई कसैले पनि ठीक ठान्नेछैन) लोक र वेद दुवै समुझदारहरूले मानिएका छन् (यद्यपि सरस्वतीले बुद्धि भ्रष्ट पार्ने कुरा वेदबाट सिद्ध छ, तथापि त्यस्तो कुरालाई लोकले मान्दैन, लोकले नमानेका कुरा फगत वेदका भरले समुझदारले मान्नु पनि

हुँदैन, त्यसो हुनाले कैकेयीको दोष छैन भन्दा दुनियाँको चित्त बुझ्दैन) तर बाबु ! भरत ! तपाईंको निर्मल यश गाउँदा लोक र वेद दुवैले बड़ाई (इज्जत) पाउनेछन् । निर्दोषीको यश गाउँदा इज्जत को पाउँदैन ?) ॥ १ ॥ २ ॥

लोक बेद संमत सबु कहई ❀ जेहि पितु देहि राजु सो लहई ॥३॥
राउ सत्यब्रत तुम्हहि बोलाई ❀ देत राजु सुखु धरमु बड़ाई ॥४॥

"पिताले जसलाई राज्य दिन्छ, त्यसैले राज्य पाउँछ" यो कुरा लोकसंमत र वेदसंमत हो भनी सबै भन्दछन् । सत्यवादी महाराज दशरथले तपाईंलाई बोलाएर राज्य दिनुहुँदोहो ता, राज्य, सुख, धर्म रहने थियो, इज्जत पनि बढ्ने थियो ॥ ३ ॥ ४ ॥

रामगवनु बन अनरथमूला ❀ जो सुनि सकल बिस्व भइ सूला ॥५॥
सो भावीबस रानि अयानी ❀ करि कुचालि अंतहुँ पछितानी ॥६॥

(परन्तु) जुन वृत्तान्त सुन्दा सारा संसारलाई हृदयमा दुःख लाग्यो, रामजीको वनवासको त्यो वृत्तान्त अनर्थको कारण भयो ॥ ५ ॥ त्यो कुरा रानी कैकेयीले भवितव्यताका वशमा परेर अज्ञानी भएर गरेको हो । अरूको के कुरा, त्यो कुचाल गर्दा आखिरमा उनैलाई पछितो भयो ॥ ६ ॥

तहउँ तुम्हार अलप अपराधू ❀ कहइ सो अधमु अयान असाधू ॥७॥
करतेहु राजु त तुम्हहि न दोषू ❀ रामहिं होत सुनत संतोषू ॥८॥

त्यसमा पनि कसैले "तपाईंको अलिकति अपराध छ" भन्दछभने त्यो अधम हो त्यो मूर्ख हो, त्यो दुष्ट हो ॥ ७ ॥ तपाईंले राज्य गरेको भए पनि दोष थिएन, त्यो खबर सुन्दा रामजीलाई सन्तोष हुने थियो ॥ ८ ॥

दोहा—अब अति कीन्हेउ भरत भल तुम्हहि उचित मत एहु ।
सकल सुमंगल मूल जग रघुबरचरन सनेहु ॥२०१॥

भरतजी अब तपाईंले बहुतै असल गर्नुभयो, तपाईंलाई यही मत उचित छ । संसारमा रघुनाथजीका चरणमा प्रेम गर्नु सकल कल्याणको मूलकारण हो ॥ २०१ ॥

चौ०—सो तुम्हार धनु जीवनु प्राना ❀ भूरि भाग को तुम्हहि समाना ॥१॥
यह तुम्हार आचरजु न ताता ❀ दसरथसुअन राम प्रिय भ्राता ॥२॥

उनै रामचन्द्र तपाईंका सर्वस्व, जिन्दगी, प्राणस्वरूप हुनुहुन्छ, तपाईंसमानको महाभाग्यवान् को छ ॥ १ ॥ बाबु भरत ! तपाईं सत्यवादी महाराज दशरथका छोरा, मर्यादापुरुषोत्तम रघुनाथजीका प्यारा भाई हुनुहुन्छ, तपाईंको यो कुरामा (राज्यनिस्पृहतामा) आश्चर्य छैन । (त्यस्ताका छोरा, त्यस्ताका भाइले यस्तै गर्नुपर्छ) ॥ २ ॥

सुनहु भरत रघुपति मन माहीं ❀ पेमपात्रु तुम्ह सम कोउ नाहीं ॥३॥
लखन राम सीतहि अति प्रीति ❀ निसि सब तुम्हहि सराहत बीती ॥४॥

जाना मरमु नहात प्रयागा ❀ मगन होहिं तुम्हरे अनुरागा ॥५॥
तुम्ह पर अस सनेहु रघुबर कें ❀ सुख जीवन जग जस जड़ नर कें ॥६॥

भरतजी ! सुन्नुहोस् । रघुनाथजीका मनमा तपाईंबराबरको प्रेमपात्र कोही छैन ॥ ३ ॥ (रघुनाथजीको मात्रै होइन) तपाईंका उपर लक्ष्मण-राम-सीता यी ३ जनाको अत्यन्त प्रीति रहेछ, त्यो रातमा (मँसग भेट भएका रातमा) तपाईंको सराहना गर्दागर्दै जम्मै रात बित्यो ॥ ४ ॥ मैले प्रयागस्नान गर्दा मर्म (प्रेमरहस्य) बुझें, तपाईंका प्रेममा रामजी मग्न हुनहुन्छ ॥ ५ ॥ ज्ञान नभएका मूर्ख मानिसलाई सुखपूर्वक जिन्दगानी बिताउन पाउँदा संसारका उपर जस्तो स्नेह हुन्छ, तपाईंका उपर रघुनाथजीको उस्तै (अनिवार्य) स्नेह छ ॥ ६ ॥

येह न अधिक रघुबीरबड़ाई ❀ प्रनत कुटुंब पाल रघुराई ॥७॥
तुम्ह तउ भरत मोर मत एहू ❀ धरें देह जनु रामसनेहू ॥८॥

यत्ति कुरामा रघुनाथजीको ज्यादा महत्व होइन, वहाँ ता नम्र भएका (शरणागत भएका) भक्तका कुटुम्ब (जहानबच्चा) समेतको पालना गर्नुहुन्छ ॥ ७ ॥ भरतजी ! तपाईं ता मेरा मतमा रामप्रेम नै शरीरधारी भएर खड़ा हुनुभएको हो कि भनेझैं लाग्दछ ॥ ७ ॥ ८ ॥

दोहा–तुम्ह कहँ भरत कलंक यह हम सब कहँ उपदेसु ।
रामभगति रस सिद्धि हित भा यह समउ गनेसु ॥२०२॥

भरतजी ! तपाईंलाई यो कलङ्क लाग्नु क्या होभने, हामी सबैलाई उपदेश मिल्नु हो । रामभक्तरूपी अमृतरसलाई सिद्ध गर्न (तयार पार्न = बनाउन) लाई यो श्रीगणेशाय नमः भएको (आरंभ भएको) हो । (भक्तिरससिद्धिको आरंभ तपाईंको यो वृत्तान्तबाट भयो = भक्ति यसरी गर्नुपर्दोरहेछ भनी आज हामीले भर्खर जान्यौं) ॥ २०२ ॥

चौ०–नव बिधु बिमल तात जसु तोरा ❀ रघुबरकिंकर कुमुद चकोरा ॥१॥
उदित सदा अँथइहि कबहूँ ना ❀ घटिहि न जग नभ दिन दिन दूना ॥२॥

बाबु ! भरत ! संसाररूपी आकाशमा तपाईंको यशरूपी निर्मल नयां चन्द्रमा उदायो; रघुवरका किङ्करहरू (भक्तहरू) कुमुद (रात्रिकमल) र चकोर (च्याखुरा) भए (यशरूपी चन्द्रमाबाट आनन्द पाउने रामभक्त कुमुद र चकोर हुन्) ॥ १ ॥ यो चन्द्रमा उदायो, उदायो, कहिल्यै अस्ताउनेछैन, घट्ने पनि छैन, दिन परदिन दोबर बढ्नेछ ॥ २ ॥

कोक तिलोक प्रीति अति करहीं ❀ प्रभु प्रतापु रबि छबिहि न हरिहीं ॥३॥
निसि दिन सुखद सदा सब काहू ❀ ग्रसिहि न कैकइकरतबु राहू ॥४॥

(यो चन्द्रमा पुरानु चन्द्रमाभन्दा विलक्षण छ) (उ चन्द्रमालाई चखेवाहरू द्वेष गर्दछन्) यो यशरूपी चन्द्रमाका उपर त्रिलोकरूपी कोक (चखेवा) प्रीति गर्नेछ । (उसको कान्तिलाई सूर्यले हरण गर्दछन्) रामजीको प्रतापरूपी सूर्यले यसको कान्ति हरण गर्दैन ॥ ३ ॥ (उसबाट सधैं सबैलाई सुख हुँदैन) यो सदासर्वदा सबैलाई सुखदायक छ । (उसलाई राहुले ग्रास गर्दछ) यसलाई कैकेयीको कुकर्तव्यरूपी राहुले ग्रास गर्न सक्तैन ॥ ४ ॥

पूरन राम सुपेम पियूषा ❀ गुर अवमान दोष नहि दूषा ॥५॥
रामभगत अब अमिअ अघाहूँ ❀ कीन्हिहु सुलभ सुधा बसुधाहूँ ॥६॥

(उ चन्द्रमा मामूली अमृतले पूर्ण छ) यो चन्द्रमा रामजीको दृढ़ प्रेमरूपी अमृतले पूर्ण छ । (उसलाई कलंक लागेको छ) यो गुरु (पूज्यवर्ग) को अपमानरूपी कलंकले दूषित भएको छैन ॥ ५ ॥ अब रामभक्तहरू अमृतले अघाऊन्, तपाईंले पृथ्वीमा अमृतलाई सुलभ गरिदिनुभयो ॥ ६ ॥

भूप भगीरथ सुरसरि आनी ❀ सुमिरत सकल सुमंगल खानी ॥७॥
दसरथ गुन गन बरनि न जाहीं ❀ अधिकु कहा जेहि सम जग नाहीं ॥८॥

राजा भगीरथले पनि संझदैमा सकल सुमंगलकी खानि हुने (सकल कल्याणकारिणी) गंगाजीलाई ल्याउनुभएको हो (तपाईंको खानदान यस्तै लोकहितकारी छ) ॥ ७ ॥ दशरथ महाराजका गुणगणको वर्णन गर्न सकिदैन, ज्यादा कहाँतक, दशरथसमान जगत्मा (अर्को) छैन ॥ ८ ॥

दोहा—जासु सनेह सकोच बस रामु प्रगट भए आइ ।
जे हर हिय नयननि कबहुँ निरखे नहीं अघाइ ॥२०३॥

जसको संकोच (मुलाहिजा) र स्नेहका वशमा परेर श्रीरामजी आईकन प्रकट हुनुभयो । जुन श्रीरामजीको दर्शन गर्दा शंकरजीका हृदय र नेत्र कहिल्यै अघाउँदैनन् ॥ २०३ ॥

चौ०—कीरति बिधु तुम्ह कीन्ह अनूपा ❀ जहँ बस रामपेम मृगरूपा ॥१॥
तात गलानि करहु जियँ जाएँ ❀ डरहु दरिद्रहि पारसु पाएँ ॥२॥

बाबु ! भरत ! जसमा रामप्रेमरूपी हरिण निश्चल भएर अडिरहेको छ त्यस्तो कीर्तिरूपी अनौठा चन्द्रमा तपाईंले सृष्टि गर्नुभयो (पुरानु चन्द्रमामा रहेको हरिण ता छटपटाइरहन्छ, निश्चल छैन) ॥ १ ॥ बाबु ! मनमा ग्लानि नगर्नुहोस्, पारसमणि पाएपछि पनि दारिद्र्यदेखि डराउनुहुन्छ ? ॥ २ ॥

सुनहु भरत हम झूठ न कहहीं ❀ उदासीन तापस बन रहहीं ॥३॥
सब साधन कर सुफल सुहावा ❀ लखन राम सिय दरसनु पावा ॥४॥

बाबु ! भरत ! सुन्नुहोस्, म झूटो बोल्दिनँ, उदासीन (अनासक्त) छु, तपस्वी छु, वनमा रहन्छु ॥ ३ ॥ सबै साधनको सुन्दर उत्तम फल लक्ष्मण, राम, सीताको दर्शन पाएँ (मेरा साधन सफल भए) ॥ ४ ॥

तेहि फल कर फलु दरसु तुम्हारा ❀ सहित पयाग सुभाग हमारा ॥५॥
भरत धन्य तुम्ह जसु जग जयेऊ ❀ कहि अस पेममगन मुनि भयेऊ ॥६॥

त्यही फलको फल तपाईंको दर्शन पाएँ (फलमाथि फल फल्यो) यसमा प्रयागसमेत मेरो अहोभाग्य हो (प्रयागतीर्थ र म भाग्यवान् रहेछौं) ॥ ५ ॥ भरतजी ! धन्य ! तपाईंले

संसारमा यश लुट्नुभयो ।" यसो भनेर भरद्वाजमुनि भरतप्रेमरसमा डुब्नुभयो, (वचन बन्द भए) ॥ ६ ॥

सुनि मुनिबचन सभासद हरषे ❀ साधु सराहि सुमन सुर बरषे ॥७॥
धन्य धन्य धुनि गगन पयागा ❀ सुनि सुनि भरतु मगन अनुरागा ॥८॥

भरद्वाज मुनिका वचन सुनेर सभासद् (त्यो सभामा रहेका मानिस) हर्षित भए, साधु साधु ! (ठीक ! ठीक !) भनेर भरतजीको सराहना गर्दै देवताहरूले फूल वर्षाए ॥ ७ ॥ प्रयागमण्डलको आकाशमा धन्य धन्य यस्तो ध्वनि हुन लाग्यो, त्यो ध्वनिलाई वारंवार सुन्दा भरतजी रामजीका प्रेममा झन् डुब्नुभयो ॥ ८ ॥

दोहा—पुलक गात हियँ रामु सिय सजल सरोरुह नयन ।
करि प्रनामु मुनिमंडलिहि बोले गदगद बयन ॥२०४॥

भरतजीका शरीरमा रोमांच खडा भयो, हृदयमा रामजी र सीताजी खडा हुनुभयो । कमलतुल्य नेत्रमा जल भरियो । अनि मुनिमण्डल (मुनिवर्ग) लाई प्रणाम गरेर भरतजीले गद्गद वचन बोल्नुभयो ॥ २०४ ॥

चौ०—मुनिसमाजु अरु तीरथराजू ❀ साचिहुँ सपथ अघाइ अकाजू ॥१॥
एहि थल जौं किछु कहिय बनाई ❀ एहि सम अधिक न अघ अधमाई ॥२॥

यो मुनिहरूको समाज हो, यो तीर्थराज हो, यहाँ साँच्चै कुराको शपथ गर्दा पनि भरपूर हानि हुन्छ, (वृथा शपथले अन्यत्र पनि प्रत्यवाय लाग्दछ, मुनीश्वरहरूका अगाडि तीर्थराजमा शपथ गर्दा कत्रो हानि होला ?) ॥ १ ॥ यस ठाउँमा बनाएर (कल्पना गरेर) केही बोलियोभने (बनावटी कुरा गरियोभने) यो बराबरको पाप र यो बराबरको अधमता (नीचता) छैन ॥ २ ॥

तुम्ह सर्बग्य कहउँ सतिभाऊ ❀ उर अंतरजामी रघुराउ ॥३॥
मोहि न मातुकरतब कर सोचू ❀ नहि दुख जियँ जगु जानिहि पोचू ॥४॥
नाहिन डरु बिगरिहि परलोकू ❀ पितहु मरन कर मोहि न सोकू ॥५॥
सुकृत सुजस भरि भुअन सुहाए ❀ लछिमन राम सरिस सुत पाए ॥६॥

तपाईंहरू सर्वज्ञ हुनुहुन्छ । म सच्चा भावले भन्दछु, रघुनाथजी हृदयका अन्तर्यामी सबै थाहा पाउने हुनुहुन्छ ॥ ३ ॥ मलाई आफ्नो आत्माका कर्तव्यमा शोक छैन, जगत्ले मलाई नीच संझ्यो भनेर हृदयमा दुःख पनि छैन ॥ ४ ॥ परलोक बिग्रला भन्ने डर पनि छैन । पिताजीका मरणको शोक पनि मलाई छैन ॥ ५ ॥ (किनभने) वहाँको पुण्य र सुयश संसारभरि भरिएर शोभायमान भइरहेको छ, जसले रामचन्द्र र लक्ष्मणजस्ता छोरा पैदा गर्नुभयो ॥ ६ ॥

रामबिरह तजि तनु छनभंगू ❀ भूपसोच कर कवन प्रसंगू ॥७॥
राम लखन सिय बिनु पग पनहीं ❀ करि मुनिबेष फिरहिं बन बनहीं ॥८॥

रामजीका विरहले क्षणभंगुर (क्षण क्षणमा नष्ट हुने) शरीर छाड्नुभयो, महाराजका निमित्त शोक गर्ने के प्रसंग छ र ॥ ७ ॥ (किन्तु) राम लक्ष्मण, सीता मुनिवेष धारण गरेर, विनाबाटो (यत्रतत्र) विनाजूत्ता (नांगा पाउले) जंगल जंगल चहार्न लाग्नुभयो ॥ ८ ॥

दोहा–अजिन बसन फल असन महि सयन डासि कुस पात ।
बसि तरुतर नित सहतहि आतप बरषा बात ॥२०५॥

रूखका छालाको (बोक्राको) वस्त्र छ, फलफूलको आहार छ, कुश-पात पतिंगर बिछ्याएर भईंमा सुत्नुछ, त्यस्ता प्रकारले सधैं सर्दी-गर्मी-वर्षा, बतास, सहँदै, रूखमनि बस्नुहुन्छ ॥ २०५ ॥

चौ०–एहि दुखदाह दहइ दिन छाती ❀ भूख न बासर नीद न राती ॥१॥
एहि कुरोग कर औषधु नाहीं ❀ सोधेउँ सकल बिस्व मन माहीं ॥२॥

यसै दुःखका दाहले दिनदिन छाती जलिरहेको छ, दिउँसो भोक छैन, राती निद्रा छैन ॥ १ ॥ मनमा (मनले) सारा संसारमा तलाश गरिसकें, यस कुरोगको औषधि नै छैन ॥ २ ॥

***मातुकुमत बढ़ई अघमूला ❀ तेहि हमार हित कीन्ह बँसूला ॥३॥**
कलि कुकाठकर कीन्ह कुजंत्रू ❀ गाड़ि अवध पढ़ि कठिन कुमंत्रू ॥४॥
मोहि लगि येहु कुठाटु तेहिं ठाटा ❀ घालेसि सबु जगु बारह बाटा ॥५॥
मिटइ कुजोगु राम फिरि आएँ ❀ बसइ अवध नहि आन उपाएँ ॥६॥

मेरी माता कैकेयीको कुमति (दुर्विचार) बढई (सिकर्मी) हो । तिनले मेरो हित लाई (राजा गराउने इरादालाई) बसूला (बोसिला) बनाइन ॥ ५ ॥ त्यस बोसिलाको मूल (बींड) ¹पाप हो । कलिरूपी कुकाठको (कलहरूपी बर्राका काठको) कुयंत्र (उच्चाटन गराउने

---

*"तान्त्रिकहरू बर्राका वृक्षको (कलिद्रुम भनेर प्रख्यात भएको, कलियुगले निवास गराएको अलच्छिनी वृक्षको) काठ खोजेर ल्याउँछन् , कुनै कर्मीलाई लगाएर बलियो बींड भएका बोसिलाले त्यो काठको पुतला (काष्ठप्रतिमा) बनाउँछन् । कसैले उपदेश गरेको मन्त्र पढेर त्यो पुतलालाई, जहाँ उच्चाटन (मानिसलाई रहन नदिएर भगाउने दुष्कर्म) गर्नुपरेको छ त्यसै ठाउँमा गाडिदिन्छन् । त्यो गाडेपछि त्यहाँका मानिस त्यहाँ रहन सक्तैनन् , दशदिशा लाग्दछन् त्यो ठाउँ उजाड हुन्छ । ठाउँ उजाड भएपछि जसका निमित्त उच्चाटन कर्म गरेको हो, त्यो पनि त्यहाँ टिक्न सक्तैन, परिणाममा अनिष्टै हुन्छ । कुनै प्रभावशाली व्यक्ति आएर त्यो ठाउँमा बसिदियोभने, त्यो उच्चाटनको दुर्योग मेटिन्छ र त्यो ठाउँ फेरि गुल्जार हुन आउँछ ।" यति कुरा मनमा राखेर यी ४ चौपाई पढेपछि अर्थ बुझिन्छ ।

(१) त्यो पुतला बनाउँदा बोसिला प्रभृति हतियारको बींडसींड भाँच्चियो, कर्मीलाई चोट पटक लाग्योभने उच्चाटनकर्ताहरू विघ्न परेको संझन्छन् । त्यसो हुनाले बोसिलाको बलियो पापरूपी बींड बनाएको हो ।

पुतला) बनाइन् । कडा कुमन्त्र पढेर त्यसलाई (कुयंत्रलाई) अयोध्यामा गाडिन् (मन्थराले उपदेश गरेको "राज्यं प्राप्नोतु भरतः काननं यातु राघवः" यो कुमन्त्र पढेर त्यो उच्चाटन यन्त्रलाई अयोध्यामा गाडिन्) ॥ ४ ॥ तिनले यो कुठाट (ढाँचा) मेरा निमित्त रचेको हो। त्यसो गर्दा सबै जगत्‌लाई (अयोध्यानिवासी र अरूलाई समेत) बारहतर्फको[1] वाटामा हालिन् (उच्चाटन सिद्ध भयो, अयोध्यानिवासीहरू बाह्र १२ [तर्फ लागे] ॥ ५ ॥ रामजी फर्केर अब आउनुभयोभने यो उच्चाटनको कुयोग मेटिने थियो र अयोध्या फेरि गुल्जार हुनेथियो, अब अयोध्यालाई गुल्जार पार्ने अर्को उपाय छैन ॥ ६ ॥

भरतबचन सुनि मुनि सुखु पाई ❀ सबहिं कीन्हि बहु भाँति बड़ाई ॥७॥
तात करहु जनि सोचु बिसेषी ❀ सब दुखु मिटिहि रामपग देखी ॥८॥

भरतजीका वचन सुन्दा भरद्वाज मुनि आनन्दित भए। सबैले भरतजीको अनेक भाँतिसँग प्रशंसा गरेर "बाबु ! भरत ! ज्यादा सुर्ता नगर्नुहोस्, रामजीका चरणको दर्शन पाएपछि सबै दुःख मेटिनेछन्" (भने) ॥ ७ ॥ ८ ॥

दोहा—करि प्रबोधु मुनिबर कहेउ अतिथि पेमप्रिय होहु ।
कंद मूल फल फूल हम देहिं लेहु करि छोहु ॥२०६॥

फेरि भरद्वाज मुनिले संबोधन गरेर भने, "बाबु ! भरत ! प्रेमले प्यारा भएका तपाईं मेरा अतिथि (पाहुना) भइदिनुहोस्। म कन्दमूल फलफूल टक्र्याउँछु, कृपा गरेर स्वीकार गर्नुहोस् ॥ २०६ ॥

चौ०—सुनि मुनिबचन भरतहियँ सोचू ❀ भयेउ कुअवसर कठिन सँकोचू ॥१॥
जानि गरुइ गुरगिरा बहोरी ❀ चरन बंदि बोले कर जोरी ॥२॥

मुनिको वचन सुन्दा भरतजीका मनमा विचार भयो कि असमयमा (बेमौकामा) कडा संकोच (मुलाहिजा) भयो (पर्न आयो)" ॥ १ ॥ फेरि गुरु (पूज्य भरद्वाजजी) का वचन (आज्ञा) लाई गरीयसी (अति ठूली = माननीय) संझेर पाउमा वन्दना गरीकन दुई हात जोरेर भरतजी बोल्नुभयो ॥ २ ॥

सिर धरि आयेसु करिअ तुम्हारा ❀ परम धरम येह नाथ हमारा ॥३॥
भरतबचन मुनिबर मन भाए ❀ सुचि सेवक सिख निकट बोलाए ॥४॥

"प्रभु ! मुनीश्वरजी ! तपाईंको आज्ञा शिरसा धारण गरेर तदनुसार गर्नु मेरो परम धर्म हो" ॥ ३ ॥ भरतजीको यस्तो वचन मुनिवर भरद्वाजजीका मनलाई अति प्रिय लाग्यो। मुनि भरद्वाजले पवित्र सेवक र शिष्यवर्गलाई समीप बोलाए ॥ ४ ॥ (अनि तिनीहरूलाई अह्राए)

---

(१) मोह, दैन्य भय, ह्रास, हानि, ग्लानि, क्षुधा, तृषा, मृत्यु, क्षोभ, व्यथा, अकीर्ति, यी १२ प्रकारका वाटा हुन्, यो षड्यन्त्र रचेपछि अयोध्यानिवासीहरू तिनै वाटामा लागे; अयोध्यानिवासीहरूको त्यो गति भएपछि, तिनका प्रेमी भएका सारा संसारको त्यही गति हुन आयो।

मोहो दैन्यं भयं ह्रासो हानिर्ग्लानिः क्षुधा तृषा ॥
मृत्युः क्षोभो व्यथाऽकीर्तिर्वाटा द्वादश कीर्तिताः ॥

चाहिअ कीन्हि भरतपहुनाई ❀ कंद मूल फल आनहु जाई ॥५॥
भलेंहि नाथ कहि तिन्ह सिर नाए ❀ प्रमुदित निज निज काज सिधाए ॥६॥

"भरतजीको पहुनाई (आतिथ्य) गर्नुपर्दछ, गएर कन्दमूल फलफूल ल्याओ" ॥ ५ ॥ (यो आज्ञा सुनेपछि) "प्रभु ! होस्" भनेर तिनीहरू मुनिलाई प्रणाम गरीकन आफ्ना आफ्ना काममा गए ॥ ६ ॥

मुनिहि सोचु पाहुन बड़ नेवता ❀ तसि पूजा चाहिअ जस देवता ॥७॥
सुनि रिधि सिधि अनिमादिक आई ❀ आयेसु होइ सो करहिं गोसाईं ॥८॥

भरद्वाज मुनि "ठूला पाहुनालाई निमन्त्रण गरियो, देउता जस्ता हुन्छन्, पूजा-सर्जाम त्यस्तै चाहिन्छ" यस्तो भुट्भुटी गर्न लागे ॥ ७ ॥ त्यो सुनेर ऋद्धि (संपत्तिदेवता) र अणिमा लघिमा आदि गरेका अष्टसिद्धिले हाजिर भईकन "प्रभु ! जो आज्ञा हुन्छ, सो काम सिद्ध गर्दछौं" भनी विन्ति गरे ॥ ८ ॥

दो०–रामबिरह ब्याकुल भरतु सानुज सहित समाज ।
पहुनाई करि हरहु श्रमु कहा मुदित मुनिराज ॥२०७॥

मुनीश्वर भरद्वाजले प्रसन्न भएर "रामजीका विरहले व्याकुल भएका भरतजी भाई-सहित, परिवारसहित, सैन्यसहित, आउनुभएको छ, वहाँको आतिथ्य गरेर परिश्रम हरण गर" भने ॥ २०७ ॥

चौ०–रिधि सिधि सिर धरि मुनिबर बानी ❀ बड़भागिनि आपुहि अनुमानी ॥१॥
कहहिं परसपर सिधिसमुदाई ❀ अतुलित अतिथि राम लघु भाई ॥२॥
मुनिपद बंदि करिअ सोइ आजू ❀ होहिं सुखी सब राजसमाजू ॥३॥
अस कहि रचेउ रुचिर गृह नाना ❀ जेहि बिलोकि बिलखाहिं बिमाना ॥४॥

ऋद्धि-सिद्धिहरूले मुनिको वचनलाई सिरउपर गरेर आफूलाई ठूला भाग्यवती संझे ॥ १ ॥ ऋद्धि-सिद्धिको डफ्फा संमिलित भएर परस्पर भन्न लाग्यो, "रामचन्द्रजीका छोटाभाई अतुल (अनुपम = बेजोडका) अतिथि (पाहुना) हुन् ॥ २ ॥ भरद्वाज मुनिका चरणको वन्दना गरेर आज जुन काम गर्दा सबै राजपरिवार सुखी हुन्छ, त्यही काम गर्नुपर्ला" यसो भनेर तिनीहरूले जुन घरलाई देख्ता विमानहरू पनि छक्क पर्दथे, त्यस्ता अनेक प्रकारका सुन्दर सुन्दर घर तयार गरे (१ मिनटको पनि विलम्ब भएन) ॥ ४ ॥

भोग बिभूति भूरि भरि राखे ❀ देखत जिन्हहि अमर अभिलाषे ॥५॥
दासी दास साजु सब लीन्हे ❀ जोगवत रहहिं मनहिं मनु दीन्हे ॥६॥
सबु समाजु सजि सिधि पल माहीं ❀ जे सुख सपनेहुँ सुरपुर नाहीं ॥७॥
प्रथमहि बास दिये सब केही ❀ सुंदर सुखद जथारुचि जेही ॥८॥

ती घरमा नाना तरहका भोग सामग्री र ऐश्वर्य (धनदौलत) खूब भरेर राखिदिए, जुन भोग र जुन ऐश्वर्यलाई देख्ता देवताहरू पनि अभिलाषा गर्दथे (कल्पन्थे) ॥ ५ ॥

ती घरमा मालिकका मनमा आफ्नो मन मिलाएका (मालिकले इच्छा गरेको कुरा तुरन्त तामेल गर्ने) सैसर्जाम लिएका दासीदासहरू सुमार गर्न खडा भए ॥ ६ ॥ ऋद्धि सिद्धिहरूले एक पलामा त्यो सैसर्जाम सजाइदिए, जुन सुख स्वर्गमा सपनामा पनि पाइँदैनथ्यो, (त्यो सुख ऐले यहाँ तुरन्त तयार भयो) ॥ ७ ॥ पहिले सबैलाई सुखदायक सुन्दर इच्छानुसारका वास (बस्ने महल) दिए ॥ ८ ॥

दोहा–बहुरि सपरिजन भरत कहुँ रिषि अस आयसु दीन्ह ।
बिधि बिसमयदायकु बिभव मुनिबर तपबल कीन्ह ॥२०८॥

अनि परिवारसहित भएका भरतजीलाई बस्नाका निमित्त (घर देखाएर) भरद्वाज मुनिले यसैमा राज होस् भनी) आज्ञा दिए। मुनिवर भरद्वाजजीले आफ्ना तपोबलले ब्रह्माजी का मनमा पनि आश्चर्य दिने वैभव तयार गरेका थिए ॥ २०८ ॥

चौ०–मुनिप्रभाउ जब भरत बिलोका ❀ सब लघु लगे लोकपति लोका ॥१॥
सुखसमाजु नहि जाइ बखानी ❀ देख बिरति बिसारहिं ग्यानी ॥२॥

जब भरतजीले भरद्वाज मुनिको प्रभाव देख्नुभयो अनि लोकपालहरूका स्वर्गादिलोक पनि वहाँलाई तुच्छ लागे ॥ १ ॥ सुखका सामानको बयान गर्न सकिँदैन, त्यस्ता सुखका सामान देख्नेबित्तिकै बड़े बड़े ज्ञानीहरू पनि वैराग्यलाई बिर्सन्थे (देख्तैमा त्यो हाल हुन्थ्यो, भोग गर्न पाए के गति हुँदो हो ?) ॥ २ ॥

आसन सयन सुबसन बिताना ❀ बन बाटिका बिहग मृग नाना ॥३॥
सुरभि फूल फल अमिअ समाना ❀ बिमल जलासय बिबिध बिधाना ॥४॥
असन पान सुचि अमिअ अमी से ❀ देखि लोग सकुचात जमी से ॥५॥
सुरसुरभी सुरतरु सबही कें ❀ लखि अभिलाषु सुरेस सची कें ॥६॥
रितु बसंत बह त्रिबिध बयारी ❀ सब कहँ सुलभ पदारथ चारी ॥७॥
स्रक चंदन बनितादिक भोगा ❀ देखि हरष बिसमय बस लोगा ॥८॥

बस्ने नाना प्रकारका आसन, शयन गर्ने पलंग, नाना प्रकारका असल वस्त्रका चाँदनी, वन, बघैंचा, नाना प्रकारका पक्षी र मृग ॥ ३ ॥ अमृतसमानका खुसबूदार फलफूल, अनेक तरहले बनाएका निर्मल जलाशय (पोखरी, बावली इत्यादि) ॥ ४ ॥ अमृतभन्दा पनि अति मीठा नाना प्रकारका खाने पिइने कुरा देखेर सबैजना संन्यासी-जस्तै संकुचित भए (नाना प्रकारका भोग-विलासका सामग्री देख्ता संन्यासीहरूले त्यसको भोग गर्ने अधिकार आफूलाई छैन भनेर संकुचित हुनुपर्दछ, (खुंचिनुपर्छ, मर्यादा छाड्न पाइँदैन)। भरद्वाज मुनिका तपोबलले खडा गरेका अलौकिक भोगसामग्री देख्ता भरतजीका अनुयायीहरू बाजे-बराज्यूहरूले देख्न नपाएका चीजबीजलाई हामीले झट्ट देख्तैमा कसरी छुने ? कसरी खाने ? कसरी उपभोग गर्ने ? आफ्नो औकातले नहुने कुरामा कसरी अघि सर्ने ? भनेर संकुचित भए) ॥ ५ ॥ सबैका महलैपीछै कामधेनु गाई र कल्पवृक्ष देख्ता इन्द्र र इन्द्राणी पनि (त्यो अलौकिक वैभवको)

अभिलाषा गर्दथे (अभिलाषा किन नगरून्, उनका मुलुकभरीमा जम्मा पूँजी एउटै कामधेनु एउटै कल्पवृक्ष न हो ?, यहाँ ता घरघर कामधेनु घरघर कल्पवृक्ष !) ॥ ६ ॥ त्यस वेलामा त्यहाँ वसन्तऋतुको प्रादुर्भाव भयो, मन्द-सुगन्ध-शीतल तीन प्रकारको बतास चल्न लाग्यो । धर्म-अर्थ-काम-मोक्ष चारै पदार्थ सबैलाई सुलभ भए (जसलाई जुन पदार्थ मनपर्थ्यो उसैको भोग गर्थ्यो) ॥ ७ ॥ नाना प्रकारका माला, अनेक तरहका चन्दनादि गरेका लेपन-पदार्थ, देख्तैमा मनहरण गर्ने नवयौवना सुन्दरीहरू देख्ता सबैजना विस्मयवश (आश्चर्यका ताबेदार) भए ॥ ८ ॥

दोहा–संपति चकई भरतु चक मुनि आयसु खेलवार ।
तेहि निसि आश्रम पिंजराँ राखें भा भिनुसार ॥२०९॥

संपत्ति चक्रवाकी (चखेवी), भरत चक्रवाक (चखेवा) थिए । (त्यो संपत्तिको भोग गर्नलाई भरतजी योग्य हुनुहुन्थ्यो, त्यसो हुनाले संपत्ति चखेवीजस्ती, भरतजी चखेवाजस्ता हुनुहुन्थ्यो, रात्रिका समयमा चखेवा र चखेवीको एकत्र वास हुँदैनथ्यो तर) त्यो रातमा भरद्वाजको आज्ञारूपी बहेलनी (व्याधस्त्री) ले दुवैलाई आश्रमरूपी पिंजरामा राखी (व्याधस्त्रीले जबर्दस्तीसाथ एउटै पिंजरामा राखे पनि राती चखेवा र चखेवीको भोगविलास केही हुँदैन, त्यो संपत्ति र भरतजी एउटै पिंजराजस्तो आश्रममा जबर्दस्तीले रहे तापनि भरतचक्रवाकले संपत्तिचक्रवाकीको भोग गरेनन्) प्रातःकाल भयो (रात बित्यो, उज्यालो भयो) ॥२०९॥

[प्रयागवाट प्रस्थान]

चौ०–कीन्ह निमज्जनु तीरथराजा ❀ नाइ मुनिहि सिरु सहित समाजा ॥१॥
रिषि आयसु असीस सिर राखी ❀ करि दंडवत बिनय बहु भाषी ॥२॥

भरतजीले तीर्थराज (त्रिवेणी) मा स्नान गर्नुभयो, आफ्ना डफ्फासहित भएर भरद्वाज मुनिलाई प्रणाम गर्नुभयो ॥ १ ॥ उनको आज्ञा र आर्शीर्वादलाई शिरोपर गरेर फेरि विनयवचन बोलेर दंडवत् गर्नुभयो ॥ २ ॥

पथगति कुसल साथ सब लीन्हे ❀ चले चित्रकूटहि चितु दीन्हे ॥३॥
रामसखा कर दीन्हे लागू ❀ चलत देह धरि जनु अनुरागू ॥४॥
नहि पदत्रान सीस नहि छाया ❀ पेमु नेमु ब्रतु धरमु अमाया ॥५॥
लखन राम सिय पंथकहानी ❀ पूँछत सखहि कहत मृदु बानी ॥६॥

पैदल हिंड्न सिपालु भएका सबैजनालाई साथ लिएर चित्रकूटतर्फ चित्त दिएर भरतजी रवाना हुनुभयो ॥ ३ ॥ राममित्र (गुह) को काँधमा हात राखेर (अँगालो हालेर) मानौं मूर्तिमान् (शरीरधारी) प्रेमै हुन् कि भनेजस्तो गरी भरतजी हिंड्न लाग्नुभयो ॥ ४ ॥ पाउमा जुत्ता थिएन, शिरमा छाया थिएन, (केही पनि थिएन भन्ने कुरा ता होइन नि) निष्कपट भएका प्रेम, निष्कपट भएका नियम, निष्कपट भएको व्रत, निष्कपट भएको धर्म, यी चार चीज मिलिजुली भरतजीका साथमा थिए ॥ ५ ॥ बाटामा गुहसँग लक्ष्मण राम सीताको कुराकहानी सोध्नुहुन्थ्यो, मधुर वाणीले गुहजी वर्णन गर्दथे ॥ ६ ॥

रामबास थल बिटप बिलोकें ❀ उर अनुराग रहत नहि रोकें ॥७॥
देखि दसा सुर बरिसहिं फूला ❀ भइ मृदु महि मगु मंगलमूला ॥८॥

रामजीको वास परेका ठाउँका वृक्ष देख्ता भरतजीका हृदयमा प्रेम अटाउँदैनथ्यो, रोक्ता रोकिंदैनथ्यो (उम्लेर आउँथ्यो) ॥ ७ ॥ त्यो अवस्था देखेर देवताहरूले फूल वर्षाए। पृथ्वी नरम भइन् (टेक्ता कष्ट नपर्ने भयो, मार्ग (बाटो) मङ्गलको मूल (कल्याणकारी) भयो ॥ ८ ॥

दोहा–किएँ जाहिं छाया जलद सुखद बहइ बर बात ।
तस मगु भयेउ न राम कहँ जस भा भरतहि जात ॥२१०॥

मेघहरू छाया गर्दै जान लागे, सुखदायक बतास चल्न लाग्यो, भरत जाँदाखेरि मार्ग (बाटो) जत्तिको सुखदायक भयो, रामजी जाँदा उत्तिको थिएन ॥ २१० ॥

चौ०–जड़ चेतन मग जीव घनेरे ❀ जे चितये प्रभु जिन्ह प्रभु हेरे ॥१॥
ते सब भये परमपद जोगू ❀ भरतदरस मेटा भव रोगू ॥२॥

बाटामा धेरै जड़-चेतन जीव-जन्तु थिए, तिनीहरूमध्ये जसजसले रामजीलाई हेरेथे, ती र जसलाई रामजीले हेर्नुभएथ्यो ती सबै पनि परमपद (मुक्ति) पाउनालाई योग्य (अधिकारी) सम्म भए, भरतजीलाई हेर्दा र भरतजीले हेर्दा ता तिनीहरू (हेर्ने र हेरिनेको भवरोग (संसाररूपी रोग) मेटियो (ती जीवनमुक्त भइहाले) ॥ १ ॥ २ ॥

यह बड़ि बात भरत कइ नाहीं ❀ सुमिरत जिन्हहि रामु मन माहीं ॥३॥
बारक राम कहत जग जेऊ ❀ होत तरनतारन नर तेऊ ॥४॥
भरतु रामप्रिय पुनि लघु भ्राता ❀ कस न होइ मगु मंगलदाता ॥५॥

जसलाई रामजी मनमा संझिरहनुहुन्छ, उस्ता भरतजीका हकमा यो कुरा (बाटामा सुविस्ता हुनु र दर्शन मात्रले प्राणिमात्रलाई भवरोगरहित पार्नु) केही ठूलो कुरा होइन ॥३॥ संसारमा जो मानिस एक फेर "राम" भन्दछ, त्यो मानिस पनि तरनतारन (आफू तर्ने, अर्कालाई तार्ने) हुन्छ ॥ ४ ॥ (मामूली मानिसको ता यो कुरा) भरतजी ता रामजीका प्यारा छोटा भाई हुनुहुन्थ्यो, वहाँलाई मार्ग (बाटो) कल्याणकारी कसरी नहोस् ? त्यस्ता भरतजी बाटामा जड चेतन प्राणलाई कल्याणकारी कसरी नहुनुहोस् ? ॥ ५ ॥

सिद्ध साधु मुनिबर अस कहहीं ❀ भरतहि निरखि हरषु हिय लहहीं ॥६॥
देखि प्रभाउ सुरेसहि सोचू ❀ जगु भल भलेहि पोच कहुँ पोचू ॥७॥
गुर सन कहेउ करिअ प्रभु सोई ❀ रामहि भरतहि भेंट न होई ॥८॥

सिद्ध साधु मानिसहरू यसो (अघि भनेको कुरा) भन्दथे। भरतजीलाई देखेर हृदयमा हर्षित हुन्थे ॥ ॥ ६ ॥ भरतजीको यस्तो प्रभाव देखेर इन्द्रलाई सुर्ता पर्‍यो, यो जगत् भलालाई भलै छ, नीचलाई नीचै छ (आफू भलो ता जगत् भलो, आफू कुभलो ता जगत् कुभलो) ॥ ७ ॥ इन्द्रले गुरु बृहस्पतिसंग भने कि–"प्रभु ! गुरुजी ! भरतको र रामको भेट जुन कामले हुँदैन त्यही काम गर्नुहोस ॥ ८ ॥

दोहा–रामु सँकोची प्रेमबस भरतु सुपेम पयोधि ।
बनी बात बेगरन चहति करिअ जतनु छलु सोधि ॥२११॥

रामजी सँकोची प्रकृतिवाला (मुलाहिजादार) र प्रेमले वश हुने छन्, भरत गाढ प्रेमका सागर छन्, बनिबनाउ हुन लागेको कुरा बिग्रन लाग्यो, यस निमित्त तलाश गरेर छल गर्नुपर्छ ॥ २११ ॥

चौ०–बचन सुनत सुरगुरु मुसुकाने ❀ सहसनयनु बिनु लोचन जाने ॥१॥
कह गुर बादि छोभु छलु छाँड़ू ❀ इहाँ कपट करि होइअ भाँड़ू ॥२॥
मायापतिसेवक सन माया ❀ करिअ त उलटि परइ सुरराया ॥३॥
तब किछु कीन्ह रामरुख जानी ❀ अब कुचालि करि होइहि हानी ॥४॥

इन्द्रका वचन सुन्दा बृहस्पति हाँसे, सहस्रनयन भएका (हजार आँखा हुने) इन्द्रलाई विनाआँखाको (अन्धा) संझे ॥ १ ॥ अनि बृहस्पति भन्न लागे–"इन्द्र ! व्यर्थको घबराहट र छलकपट छाड्नुहोस्, यहाँ कपट गर्दा भंडाफोर हुनेछ ॥ २ ॥ हे देवराज ! मायापति (परमेश्वर) का सेवकसँग माया (छल) गर्दा त्यो छलको फल उल्टो हुन्छ (आफ्नै टाउकामा वज्र न आउँछ) ॥ ३ ॥ उस वेलामा (रामराज्याभिषेक हुन लागेमा) रामजीको आशय जानेर केही छल गर्नुभयो, (त्यसको परिणाम देखिरहनुभएको छ, दुनियाँमा कत्रो चिल्लीबिल्ली पर्‍यो ?) अब कुचाल (कपट) गर्नुभयो भने हानि हुनेछ ॥ ४ ॥

सुनु सुरेस रघुनाथसुभाउ ❀ निज अपराध रिसाहिं न काऊ ॥५॥
जो अपराधु भगत कर करई ❀ रामरोष पावक सो जरई ॥६॥
लोकहुँ बेद बिदित इतिहासा ❀ येह महिमा जानहिं दुरबासा ॥७॥
भरत सरिस को रामसनेही ❀ जगु जप राम रामु जप जेही ॥८॥

देवराज ! सुन्नुहोस्, आफ्नु अपराध गर्‍योभने पनि कसैका उपर रिसाउनुहुन्न, रामजीको स्वभाव यस्तो छ ॥ ५ ॥ (तर) वहाँका भक्तको जो अपराध गर्दछ, त्यो व्यक्ति रामजीका क्रोधाग्निले जलिहाल्छ ॥ ६ ॥ यो कुरा लोक, वेद, इतिहासहरूमा प्रख्यात छ । यसको (भक्तापराधको) महिमालाई [१]दुर्वासा ऋषिले जानेको छ ॥ ७ ॥ भरतसमानको रामप्रेमी को

---

(१) अम्बरीषनामक भगवद्भक्त राजर्षिका दरबारमा कोही दिन दुर्वासा नाउँ भएका महातपस्वी ऋषि प्रातःकालमा आए । द्वादशीको दिन, पारणको समय, दुर्वासा जस्ता तपस्वीको आगमन हुँदा राजाले हर्षित भई भोजनका निमित्त उनलाई प्रार्थना गरे । स्नान गरेर आउँछु भनी दुर्वासा हिंडे । पारणको समय व्यतीत भई एकादशीको व्रतमा वैगुण्य हुन लाग्यो, ऋषि आइपुगेनन् । राजा ब्राह्मणहरूका आज्ञाले जल मात्र पिएर पारण सिद्ध गरी दुर्वासाको प्रतीक्षा गर्न लागे । दुर्वासा आए, वृत्तान्त थाहा पाएर निमन्त्रण गरेका ब्राह्मणको वास्तै नराखेर जलपान गर्ने भनी रिसाएर राजालाई मार्नाका निमित्त आफ्ना जटाका केशबाट कृत्या (संहारकारिणी आसुरी नारी) पैदा गरेर राजालाई मार भनी अह्राएर पठाए । ऐकान्तिक विष्णुभक्त राजा अम्बरीषलाई बिनाअपराध मार्न आएकी त्यो कृत्या विष्णुभगवान्ले अम्बरीषको रक्षाका निमित्त खटाइएका सुदर्शनचक्रको फेला परी तुरुन्तै डढेर मरी ।

छ ? जगत्‌ले रामजीको जप गर्दछ, (राम राम भन्दछ) उनै राम जसलाई जप्नुहुन्छ, (प्रेमवश भएर सधैं संझनुहुन्छ, बातैपीछे भरत भरत यस्तै उच्चारण गर्नुहुन्छ) ॥ ८ ॥

दोहा—मनहुँ न आनिअ अमरपति रघुबरभगत अकाजु ।
अजसु लोक परलोक दुख दिन दिन सोकसमाजु ॥२१२॥

हे देवराज ! रघुनाथजीका भक्तको काम बिगार्ने इच्छालाई मनमा पनि नल्याउनुहोस् । त्यसो गर्नाले यो लोकमा दुर्यश र परलोकमा दुःख हुन्छ, प्रतिदिन शोकको ढर्रा लाग्दछ ॥ २१२ ॥

चौ०—सुनु सुरेस उपदेसु हमारा ❀ रामहिं सेवकु परम पिआरा ॥१॥
मानत सुखु सेवकसेवकाईं ❀ सेवकबैर बैरु अधिकाईं ॥२॥

हे देवराज ! मेरा उपदेश सुन्नुहोस् , रामजीलाई सेवक परम प्यारो लाग्दछ । सेवक (भक्त) को सेवा गर्दा सुख मान्नुहुन्छ, सेवक (भक्त) सँग वैरभाव गर्दा वहाँसँग ठूलो वैरभाव पर्दछ ॥ १ ॥ २ ॥

जद्यपि सम नहि राग न रोषू ❀ गहहिं न पापु पूनु गुनु दोषू ॥३॥
करम प्रधान बिस्व करि राखा ❀ जो जस करइ सो तस फलु चाखा ॥४॥

यद्यपि (रामजी) समदर्शी हुनुहुन्छ, वहाँलाई न राग छ न द्वेष । न पाप छ न पुण्य । न गुण छ न दोष । वहाँले संसारलाई कर्मप्रधान (कर्मानुसारी) बनाएर राख्नुभएको छ, जसले जस्तो कर्म गर्दछ, त्यसले त्यस्तै फल भोग्नुपर्छ ॥ ३ ॥ ४ ॥

तदपि करहिं सम बिषम बिहारा ❀ भगत अभगत हृदय अनुसारा ॥५॥
अगुन अलेप अमान एकरस ❀ राम सगुन भये भगत प्रेम बस ॥६॥

तथापि भक्तको र अभक्तको हृदयअनुसार सम (अनुकूल) विषम (प्रतिकूल) व्यवहार गर्नुहुन्छ । निर्गुण, निर्लेप, निरहंकार, एकरूप रहने रामजी सगुण अवस्थामा भक्तका प्रेमको वश पर्नुहुन्छ ॥ ५ ॥ ६ ॥

राम सदा सेवकरुचि राखी ❀ बेद पुरान साधु सुर साखी ॥७॥
अस जिय जानि तजहु कुटिलाई ❀ करहु भरतपद प्रीति सुहाई ॥८॥

कृत्यालाई डढाएर सुदर्शनचक्र दुर्वासालाई डढाउन दौड्यो, ऋषि भागे, चक्रले लखेट्यो । ब्रह्माजीकहाँ, शंकरजीकहाँ शरण जाँदा दुर्वासाले शरण पाएनन्, विष्णु भगवान्‌को शरण जाँदा "ब्राह्मण-देवता ! म ता भक्तका अधीनमा छु, मेरा भक्तको अपराध गर्नेलाई म माफी दिन सक्तिनँ, जाऊ जसको अपराध गरेका छौ उसैको शरण पर" यस्तो जवाब पाए । लाचार भईकन अम्बरीषको शरण पर्दा दुर्वासाको ज्यान जोगियो, दयालु राजाले स्तुति गरी सुदर्शनचक्रलाई शान्त गराएर आदरका साथ दुर्वासालाई भोजन गराए, त्यतिको वेलासम्म तिनलाई पर्खेर खानापीना केही गरेका थिएनन् । अनि आफूले कुटुम्बसहित भई भोजन गरे, भक्तका उपर गरेका अपराधको महिमालाई खूब जानेर दुर्वासा बिदा भए ।

रामजीले सदा-सर्वदा भक्तको मनोरथ पूर्ण गर्नुभएको छ, यस कुरामा वेद-पुराण र महात्माहरू साक्षी छन् । यस्तो कुरा मनमा संझेर कुटिलपनालाई छाडिदिनुहोस् र भरतजीका चरण-कमलमा राम्रो प्रीति गर्नुहोस् ॥ ७ ॥ ८ ॥

दोहा–रामभगत परहित निरत परदुख दुखी दयाल ।
भगतसिरोमनि भरत तें जनि डरपहु सुरपाल ॥२१३॥

हे देवराज ! रामजीका साधारण भक्तहरू पनि परहिततत्पर र पराइका दुःखले दुःखित हुने दयालु हुन्छन् , भरतजी ता भक्त मात्र होइन कि भक्तजनशिरोमणि हुनुहुन्छ, त्यस्ता भरतजीदेखि नडराउनुहोस् ॥ २१३ ॥

चौ०–सत्यसंध प्रभु सुरहितकारी ❀ भरत राम आयस अनुसारी ॥१॥
स्वारथ बिबस बिकल तुम्ह होहू ❀ भरतदोसु नहि राउर मोहू ॥२॥

प्रभु रामचन्द्र सत्यसन्ध (साँचो प्रतिज्ञा गर्ने) र देवताहरूको हितकारी हुनुहुन्छ, भरतजी रामजीका आज्ञाकारी हुनुहुन्छ ॥ १ ॥ तपाईं स्वार्थको वश परेर घबडाउनुहुन्छ, भरतजीमा केही दोष छैन, तपाईंको मोह (अज्ञान) मात्र हो" ॥ २ ॥

सुनि सुरबर सुरगुर बर बानी ❀ भा प्रमोदु मन मिटी गलानी ॥३॥
बरषि प्रसून हरषि सुरराऊ ❀ लगे सराहन भरतसुभाऊ ॥४॥

बृहस्पतिका उत्तम वचन सुनेर इन्द्रका मनमा आनन्द भयो, ग्लानि मेटियो ॥ ३ ॥ देवराज (इन्द्र) हर्षित भएर फूल वर्षाईकन भरतजीका स्वभावको तारीफ गर्नलागे ॥ ४ ॥

एहि बिधि भरतु चले मग जाहीं ❀ दसा देखि मुनि सिद्ध सिहाहीं ॥५॥
जबहिं रामु कहि लेहिं उसासा ❀ उमगत पेम मनहु चहुँ पासा ॥६॥

यस्ता प्रकारले भरतजी बाटामा जान लाग्नुभयो, त्यो अवस्था देखेर मुनिहरू र सिद्धहरू तारीफ गर्दथे ॥ ५ ॥ जब भरतजी "राम" भनेर लामू सास फेर्नुहुन्थ्यो, त्यस वेलामा चारैतर्फवाट प्रेम उम्लेर आएको हो कि ? (भन्ने भान हुन्थ्यो) ॥ ६ ॥

द्रवहिं बचन सुनि कुलिस पषाना ❀ पुरजनपेमु न जाइ बखाना ॥७॥
बीच बास करि जमुनहि आए ❀ निरखि नीरु लोचन जल छाए ॥८॥

भरतजीको वचन सुन्दा वज्र र पत्थर पनि पग्लन्थ्यो, (त्यस वेलाको) नगरनिवासीहरूका प्रेमको वर्णन गर्न सकिदैन ॥ ७ ॥ बीचमा मुकाम गरेर भरतजी यमुनानदीमा आइपुग्नुभयो, यमुनाजीको श्यामवर्ण भएको जल देख्ता भरतजीका नजरमा पानी भरियो ॥ ८ ॥

दोहा–रघुबरबरन बिलोकि बर बारि समेत समाज ।
होत मगन बारिधि बिरह चढ़ें बिबेक जहाज ॥२१४॥

रघुनाथजीको विरहरूपी समुद्रमा विवेकरूपी जहाज चढेका (विवेक राखेर अडेका) भरतजी रघुनाथजीको शरीर जस्तो श्यामवर्ण भएको यमुनाजीको जल देख्ता रामविरहसमु-

द्रमा आफ्नो समाजसहित डुब्नुभयो (श्यामवर्ण भएको जल देख्ता रघुनाथजीलाई संझेर अगाध विरह मान्नुभयो) ॥ २१४ ॥

चौ०-जमुन तीर तेहि दिन करि बासू ❀ भयेउ समय सम सबहि सुपासू ॥१॥
रातिहिं घाट घाट की तरनी ❀ आईं अगनित जाहिं न बरनी ॥२॥

त्यस दिन यमुनाजीका किनारामा मुकाम भयो। समयानुसार सबैलाई सुविस्ता भयो ॥ १ ॥ रातारात गरेर घाटघाटका बेगिन्ती नाउहरू आइपुगे, तिनको वर्णन गर्न सकिदैन ॥ २ ॥

प्रात पार भये एकहिं खेवाँ ❀ तोषे रामसखा कीं सेवाँ ॥३॥
चले नहाइ नदिहि सिरु नाई ❀ साथ निषादनाथु दोउ भाई ॥४॥

बिहान एकै खेपमा सबैजना पार पुगे, राममित्र गुहको त्यो सेवाले सबैजना प्रसन्न भए ॥ ३ ॥ यमुनाजीमा नुहाएर तिनलाई नमस्कार गरीकन निषादनाथ (गुह) का साथमा दुवै भाई (भरत शत्रुघ्न) रवाना हुनुभयो ॥ ४ ॥

आगें मुनिबर बाहन आछें ❀ राजसमाजु जाइ सबु पाछें ॥५॥
तेहि पाछें दोउ बंधु पयादें ❀ भूषन बसन बेष सुठि सादें ॥६॥

अघिअघि श्रेष्ठ श्रेष्ठ मुनिहरूको सवारी, पछिपछि भरतजीको समाज जान्थ्यो। तिनका पछिपछि सादा वस्त्र सादा भूषण पहिरेका, सादा वेषमा रहेका दुई भाई पैदल हिंड्नुहुन्थ्यो ॥ ५ ॥ ६ ॥

सेवक सुहृद सचिवसुत साथा ❀ सुमिरत लखनु सीय रघुनाथा ॥७॥
जहँ जहँ राम बास बिश्रामा ❀ तहँ तहँ करहिं सप्रेम प्रनामा ॥८॥

वहाँका साथमा सेवक (आठपहरिया) मित्रवर्ग, मन्त्रिपुत्र थिए। सबैजना राम लक्ष्मण सीताका गुणका गाथा (गन्थन) संझदै जान्थे ॥ ७ ॥ जहाँ जहाँ रामजीले मुकाम र विश्राम गर्नुभएको थियो, त्यहाँ त्यहाँ प्रेमसहित भई प्रणाम गर्दथे ॥ ८ ॥

दोहा-मगबासी नर नारि सुनि धाम काम तजि धाइ।
देखि सरूप सनेह सब मुदित जनमफलु पाइ ॥२१५॥

मार्गनिवासी नर-नारीहरू खबर सुनेर घरद्वार कामकाज छाडीकन दौडीदौडी आए। भरत शत्रुघ्नको स्वरूप देख्ता जन्मनाको फल पाएर आनन्दित भए ॥ २१५ ॥

चौ०-कहहिं सपेम एक एक पाहीं ❀ रामु लखनु सखि होहिं कि नाहीं ॥१॥
बय बपु बरन रूपु सोइ आली ❀ सीलु सनेहु सरिस सम चाली ॥२॥

(अनि स्त्रीवर्गहरूमा) एउटीसँग एउटी प्रेमसाथ बोल्न लागी—"सखी ! यिनीहरू राम लक्ष्मण हुन् कि होइनन् ?" (अर्की भन्दछे-) "सखी ! उमेर, शरीर, वर्ण, रूप, उही हो, शील र परस्पर प्रेम उस्तै छ, हिंडाइ उस्तै छ" ॥ १ ॥ २ ॥ (अर्की बोल्न लागी-)

बेषु न सो सखि सीय न संगा ❀ आगें अनी चली चतुरंगा ॥३॥

नहि प्रसन्नमुख मानस खेदा ❀ सखि संदेहु होइ एहि भेदा ॥४॥

सखी ! वेष उही होइन, ऊ ता होइनन्, सीता साथमा छैनन्, अघिअघि चतुरंगी (हात्ती-घोडा-रथ-प्यादा भएकी) सेना हिंडिरहेकी छ । मुख उज्यालो छैन, मनमा विषाद[१] छ, सखी ! यत्ति फरक हुनाले सन्देह लाग्छ" ॥ ३ ॥ ४ ॥

तासु तरक तियगन मन मानी ❀ कहहिं सकल तोहि सम न सयानी ॥५॥
तेहि सराहि बानी फुरि पूजी ❀ बोली मधुर बचन तिय दूजी ॥६॥

त्यो स्त्रीको तर्क स्त्रीगणलाई मनपर्‍यो, सबैजना "सखी ! तिमीजस्ती बाठी कोही छैन बा !" भन्न लागे । त्यो स्त्रीलाई र त्यसकी सत्यवाणीलाई आदर गरेर (बा ! सखी ! ठीक भन्यौ भनेर) अर्की स्त्री मधुर वचन बोल्न लागी ॥ ५ ॥ ६ ॥

कहि सपेम सब कथाप्रसंगू ❀ जेहि बिधि रामराज रसभंगू ॥७॥
भरतहि बहुरि सराहन लागी ❀ सील सनेह सुभायँ सुभागी ॥८॥

जुन तरहले रामजीको राज्याभिषेकका आनन्दमा विघ्न परेको हो, त्यो कथाको सबै प्रसङ्ग भनेर त्यो सौभाग्यवती स्त्री फेरि भरतजीको शील स्वभाव र प्रेमको सह्रनी गर्न लागी ॥ ७ ॥ ८ ॥

दोहा–चलत पयादें खात फल पिता दीन्ह तजि राजु ।
जात मनावन रघुबरहि भरत सरिस को आजु ॥२१६॥

"पिताजीले राज्य दिएका थिए, त्यसको त्याग गरेर फल-फूल खाँदै पैदल हिंड्दै रघुनाथजीलाई मनाउन जान लाग्नुभयो, आज भरतबराबरको (प्रभुप्रेमी) को छ ? ॥ २१६ ॥

चौ०–भायप भगति भरत आचरनू ❀ कहत सुनत दुख दूषन हरनू ॥१॥
जो कछु कहब थोर सखि सोई ❀ रामबंधु अस काहे न होई ॥२॥
हम सब सानुज भरतहि देखें ❀ भइन्ह धन्य जुवतीजन लेखें ॥३॥
सुनि गुन देखि दसा पछिताहीं ❀ कैकइ जननि जोगु सुतु नाहीं ॥४॥

भरतको भ्रातृभाव (भ्रातृप्रेम) भक्ति र आचरण भन्दा पनि दुःखहरण दोषहरण हुन्छ ॥ १ ॥ भरतका विषयमा जो कुछ वर्णन गरिन्छ त्यो थोरै हुन्छ, रामजीका भाई भनेपछि यस्ता किन नहुन् ॥ २ ॥ हामीहरू सबैजना भरतजीको दर्शन पाउँदा स्त्रीजनका लेखामा धन्य भयौं" ॥ ३ ॥ (कोही स्त्रीहरू) भरतजीका गुण सुनेर वहाँको अवस्थालाई

---

(१) मुखको छाँट देख्तैमा मनमा विषाद भएको कुरा यिनले जानिन्, यिनले नीति जानेकी रहिछन्, नीतिशास्त्रमा—"भित्र विषाद रहेपछि मुख उज्यालो कसरी रहन सक्तछ, जुन वृक्षका धोत्राभित्र आगो सल्केको छ, त्यो वृक्षका पात हरिया कसरी रहलान् !" भनेको छ । जस्तै—

अन्तर्गतविषादस्य प्रसन्नमुखता कुतः ।
कुतः शाद्वलता तस्य यस्याऽग्निः कोटरे तरोः ॥

देख्ता पछिताउँथे र "यी छोरा कैकेयीजस्ती आमाका योग्य (उनलाई सुहाउने) रहेनछन्" भन्दथे ॥ ४ ॥

कोउ कह दूषनु रानिहि नाहिन ❀ बिधि सबु कीन्ह हमहि जो दाहिन ॥५॥
कहँ हम लोक बेद बिधि हीनी ❀ लघु तिय कुल करतूति मलीनी ॥६॥

कोही भन्दथे कि—"रानी कैकेयीको दोष छैन, हाम्रा दाहिना (अनुकूल) जो विधाता छन्, उनैले सब गरेको हो । लोकविधि र बेदविधिले रहित भएका साना कुलका मलिन कर्म गर्ने स्त्रीजाती, हामीहरू कहाँ ?—॥ ५ ॥ ६ ॥ (हामीहरू-)

बसहिं कुदेस कुगाँव कुबामा ❀ कहँ येह दरसु पुन्यपरिनामा ॥७॥
अस अनंदु अचिरिजु प्रतिग्रामा ❀ जनु मरुभूमि कलपतरु जामा ॥८॥

कुदेशमा कुगाउँमा बसेका छौं, हामीहरू कुबामा (कुनारी) हो (यस्ता हामीहरू कहाँ ?) पुण्यको परिणाम (फल) स्वरूप भएको (पुण्यले मात्रै पाइने) यो दर्शन कहाँ ? (यस्तो ठूलो अन्तर छँदा पनि यो दर्शन पाउनु विधातैका अनुकूलताले हुन्छ, नत्र असंभवै हो)" ॥ ७ ॥ यस्तो आनन्द र आश्चर्य मरुदेशमा (निर्जल मारवाडमा) कल्पवृक्ष जमेमा (उम्रेमा) झैं गाउँगाउँमा भयो ॥ ८ ॥

दोहा—भरतदरसु देखत खुलेउ मग लोगन्ह कर भागु ।
जनु सिंघलबासिन्ह भयेउ बिधिबस सुलभ प्रयागु ॥२१७॥

भरतजीको दर्शन पाउँदा मार्गसमीपनिवासीहरूको भाग्य खुल्यो । मानौं सिंहलद्वीपनिवासीहरूलाई भाग्यवशले प्रयाग (नगीच) भएको हो कि ? (भनेजस्तो भयो) ॥ २१७ ॥

चौ०—निज गुन सहित राम गुन गाथा ❀ सुनत जाहिं सुमिरत रघुनाथा ॥१॥
तीरथ मुनि आश्रम सुरधामा ❀ निरखि निमज्जहिं करहिं प्रनामा ॥२॥

भरतजी आफ्ना गुणले सहित भएका रामजीका गुणको गाथा (कीर्तन) सुन्दै, रघुनाथजीलाई संझदै जान लाग्नुभयो ॥ १ ॥ तीर्थ, मुनिका आश्रय, देवताका मन्दिर देखेपछि स्नान गर्नुहुन्थ्यो र- ॥ २ ॥

मनहीं मन माँगहिं बरु एहू ❀ सीय राम पद पदुम सनेहू ॥३॥
मिलहिं किरात कोल बनबासी ❀ बैखानस बटु जती उदासी ॥४॥
करि प्रनामु पूँछहिं जेहि तेही ❀ केहि बन लखनु रामु बैदेही ॥५॥
ते प्रभु समाचार सब कहहीं ❀ भरतहि देखि जनमफलु लहहीं ॥६॥

मनै मनमा "सीता र रामजीका चरणकमलमा प्रेम लागोस्" यही वर माग्नुहुन्थ्यो ॥ ३ ॥ बाटामा किरात कोल इत्यादि वनवासीहरू र वानप्रस्थ, ब्रह्मचारी, संन्यासी, उदासीहरू जो जो भेटिन्थे, प्रणाम गरेर तिनी तिनीहरूसँग "लक्ष्मण राम सीता कुन वनमा बस्नुभएको छ ?" भनी सोध्नुहुन्थ्यो ॥ ४ ॥ ५ ॥ तिनीहरू सबै समाचार बताउँथे, भरतजीको दर्शन गरेर जन्मनाको फल पाउँथे ॥ ६ ॥

जे जन कहहि कुसल हम देखे ❀ ते प्रिय राम लखन सम लेखे ॥७॥
एहि बिधि बूझत सबहि सुबानी ❀ सुनत राम बनबास कहानी ॥८॥

"हामीले रामजीलाई कुशल देख्यौं" भनी जो भन्दथे तिनीहरू भरतजीका राम लक्ष्मणजत्तिकै प्यारा हुन्थे ॥ ७ ॥ यस्ता प्रकारले सबैसँग मधुर वचनले सोध्दै पूछ्तै, रामजीका वनवासको कुरा सुन्दै जानुहुन्थ्यो ॥ ८ ॥

दोहा–तेहि बासर बसि प्रातहीं चले सुमिरि रघुनाथ ।
रामदरस की लालसा भरत सरिस सब साथ ॥२१८॥

त्यो दिन मुकाम गरेर भोलिपल्ट बिहान रघुनाथजीलाई संझेर भरतजी हिंड्नुभयो । साथमा रहेका सबैलाई भरतजीलाई जस्तै रामदर्शनको अभिलाषा थियो ॥ २१८ ॥

चौ०–मंगल सगुन होहिं सब काहू ❀ फरकहिं सुखद बिलोचन बाहू ॥१॥
भरतहि सहित समाज उछाहू ❀ मिलिहहिं राम मिटिहि दुखदाहू ॥२॥

सबैलाई शुभसूचक शकुन हुनलागे, सुखको सूचना गर्ने आँखा र बाहु फर्फराउन लागे ॥ १ ॥ समाजसहित भरतजीलाई "रामजी अब भेटिनुहुन्छ, दुःख र संताप मेटिन्छ" यस्ता प्रकारको उत्साह भयो ॥ २ ॥

करत मनोरथ जस जिय जाकें ❀ जाहिं सनेह सुरा सब छाकें ॥३॥
सिथिल अंग पग मग डगि डोलहिं ❀ बिहबल बचन पेमबस बोलहिं ॥४॥

प्रेमरूपी मदिराले छकाइएका (लठ्ठ भएका) तिनीहरू जसको मन जस्तो छ, उस्तै मनोरथ गर्दै (मनमुताबिकको मनोरथ गर्दै) अङ्ग शिथिल भएका, बाटामा पाउ डगमग पार्दै (थरमराउँदै) विह्वल भएर प्रेमवश भईकन बोल्दै (मदिरा-मत्तजस्ता भएर) जान लागे ॥ ३ ॥ ४ ॥

रामसखाँ तेहि समय देखावा ❀ सैलसिरोमनि सहज सुहावा ॥५॥
जासु समीप सरित पय तीरा ❀ सीय समेत बसहिं दोउ बीरा ॥६॥

त्यसै वेलामा राममित्र (गुह) ले जुन पर्वतका समीपकी नदी (मन्दाकिनी) का प्रवाहका किनारामा सीतासहित दुई वीर विराजमान हुनुहुन्थ्यो, त्यो स्वभावैले सुन्दर भएको पर्वतशिरोमणि (चित्रकूट) देखाए ॥ ५ ॥ ६ ॥

देखि करहिं सब दंड प्रनामा ❀ कहि जय जानकिजीवन रामा ॥७॥
प्रेममगन अस राजसमाजू ❀ जनु फिरि अवध चले रघुराजू ॥८॥

चित्रकूटपर्वतलाई देख्नेबित्तिकै सबैले "जय जय जानकिजीवन ! राम !" भनेर साष्टांग दण्डवत गरे । मानौं रघुनाथजी फर्केर अयोध्यामा आउनुभयो कि" भने जस्तै गरी भरतजीको जम्मै डफ्फा प्रेमले मग्न भयो ॥ ७ ॥ ८ ॥

दोहा–भरतप्रेमु तेहि समय जस तस कहि सकइ न सेषु ।
कबिहि अगम जिमि ब्रह्मसुखु अहमम मलिन जनेषु ॥२१९॥

त्यस बखतमा भरतजीको प्रेम जस्तो थियो, त्यसको वर्णन गर्न शेष पनि सक्तैनन् । जस्तै अहंकार र ममताले मलिन भएका मानिसका हकमा ब्रह्मानंद अगम छ, त्यस्तै त्यो प्रेम कविहरूका हकमा अगम छ (कविहरूका कल्पनाको अगोचर अनिर्वचनीय छ) ॥ २१९ ॥

चौ०–सकल सनेह सिथिल रघुबर कें ❀ गए कोस दुइ दिन कर ढरकें ॥१॥
जलु थलु देखि बसे निसि बीतें ❀ कीन्ह गवनु रघुनाथपिरीतें ॥२॥

सबैजना रघुनाथजीका प्रेमले शिथिल भएका थिए तापनि सूर्य अस्ताइसकेपछि पनि दुई कोस हिंडे । अनि मुकाम गर्ने ठाउँ र पानी हेरेर (दुई कुराको अनुकूल पारेर) वास बसे । रघुनाथजीका प्रीतिले युक्त भएका तिनीहरू रात बित्नेबित्तिकै फेरि हिंडे ॥ १ ॥ २ ॥

उहाँ रामु रजनी अवसेषा ❀ जागें सीय सपन अस देखा ॥३॥
सहित समाज भरत जनु आए ❀ नाथ बिजोग ताप तन ताए ॥४॥

उतातिर केही रात बाँकी छँदैमा रामजी जागा हुनुभयो, त्यसै वेलामा सीताजीले यस्तो सपना देख्नुभयो—(कस्तो भने) प्रभुको विरहरूपी अग्निले संतप्त भएका भरतजी समाजसहित मानौं आउन लाग्नुभएको छ ॥ ३ ॥ ४ ॥

सकल मलिन मन दीन दुखारीं ❀ देखीं सासु आन अनुहारीं ॥५॥
सुनि सियसपन भरे जल लोचन ❀ भए सोचबस सोचबिमोचन ॥६॥

सबैजनाको मन धमिलो छ, सबै दीन दुःखी छन् । सासूहरूको अनुहार पनि अर्कै देख्नुभयो ॥ ५ ॥ सीताजीको यस्तो स्वप्नवृत्तान्त सुन्दा शोकमोचन श्रीरामजी शोकवश हुनुभयो र नजरभरी पानी भरियो ॥ ५ ॥ ६ ॥

लखन सपन यह नीक न होई ❀ कठिन कुचाह सुनाइहि कोई ॥७॥
अस कहि बंधु समेत नहाने ❀ पूजि पुरारि साधु सनमाने ॥८॥

"लक्ष्मण ! यो सपना ठीक होइन, कडा नचाहिने कुरा कोही सुनाउला" भन्नुभयो र रामजीले भाई लक्ष्मणसहित भई स्नान गर्नुभयो, शंकरजीको पूजा गरेर साधुहरूको सन्मान गर्नुभयो ॥ ७ ॥ ८ ॥

छन्द–सनमानि सुरमुनि बंदि बैठे उतर दिसि देखत भये ।
नभ धूरि खग मृग भूरि भागे बिकल प्रभु आश्रम गये ॥
तुलसी उठे अवलोकि कारनु काह चित सचकित रहे ।
सब समाचार किरात कोलन्हि आइ तेहि अवसर कहे ॥१॥

देवता मुनिहरूलाई पूजा वन्दना गरेर प्रभुजी राज हुनुभयो ता उत्तरदिशापट्टि आकाशमा धेरै धूलो देख्नुभयो, सकल पक्षी मृगहरू प्रभुजीका आश्रमतर्फ भाग्दै (दौड़दै) आए । (तुलसीदास भन्दछन्) त्यो देखेर के कारण हो ? भनी प्रभुजी उठ्नुभयो र आश्चर्य-

चकित भएर खडा हुनुभयो, उत्तिखेरै कोल किरातहरूले आएर सबै समाचार भने (विन्ति गरे) ॥ ९ ॥

सोरठा—सुनत सुमंगल बैन मन प्रमोद तन पुलक भर ।
सरदसरोरुह नैन तुलसी भरे सनेहजल ॥९॥

मंगलवचन (भरतागमन) सुन्नेवित्तिकै प्रभुजीको शरीर आनन्दले रोमांचित भयो । (तुलसीदास भन्दछन्) वहाँका शरत्कालका कमलजस्ता (सुन्दर) नजरमा प्रेमजल (प्रेमाश्रु) भरियो ॥ ९ ॥

चौ०—बहुरि सोचबस भे सियरवनू ❀ कारन कवन भरत आगवनू ॥१॥
एक आइ अस कहा बहोरी ❀ सेन संग चतुरंग न थोरी ॥२॥

अनि "कुन कारणले भरत आए ?" भनी जानकीवल्लभ प्रभुजी विचार गर्न लाग्नुभयो ॥ १ ॥ फेरि एउटाले आएर "साथमा हात्ती घोड़ा रथ प्यादा भएको चतुरंग सैन्य धेरै छ" भनी खबर सुनायो ॥ २ ॥

सो सुनि रामहि भा अति सोचू ❀ इत पितुबच इत बंधुसँकोचू ॥३॥
भरतसुभाउ समुझि मन माहीं ❀ प्रभुचित हित थिति पावत नाहीं ॥४॥

त्यो खबर सुन्दा प्रभुका चित्तमा अत्यन्त सोच-विचार पर्‍यो (कस्तो भने) यता पिताजीको वनवास गर्नु भन्ने वचन, उता भाई भरतको संकोच (मुलाहिजा) (घर फर्कनुपर्छ भन्ने भरतजीको मुलाहिजा तोड्न पनि कठिन, वनवास गर भन्ने पिताजीको आज्ञा-भंग पनि कसरी गर्ने ?) । मनमा भरतको स्वभाव संझदा प्रभुजीको चित्तले उचित स्थिति (स्थिरता) पाएन (चित्त ठेगानमा रहेन, दोलायमान भयो) ॥ ३ ॥ ४ ॥

समाधान तब भा यह जाने ❀ भरतु कहें महुँ साधु सयाने ॥५॥
लखनु लखेउ प्रभुहृदयँ खभारू ❀ कहत समय सम नीतिबिचारू ॥६॥

अनि "भरत साधुजन र बुद्धिमानहरूका भनाइमा लाग्दछन्" भनेर संझेपछि प्रभुजीका चित्तमा समाधान (स्थिरता) भयो । उता प्रभुजीका हृदयको व्यग्रता (फिक्री) देखेर लक्ष्मणजीले समयानुसारको नीति विचार गरेर बोल्नुभयो ॥ ५ ॥ ६ ॥

बिनु पूँछें कछु कहउँ गोसाईं ❀ सेवकु समयँ न ढीठु ढिठाईं ॥७॥
तुम्ह सर्बग्यसिरोमनि स्वामी ❀ आपनि समुझि कहउ अनुगामी ॥८॥

"हे स्वामी ! नसोधीकन केही विन्ति गर्दछु, बखतमा सेवकको धृष्टता धृष्टता हुँदैन (मालिकका अगाडि धृष्टता गर्नु दोष हो तापनि उस्तै बखतमा धृष्टता दोष हुँदैन) । हजूर मालिक र सर्वज्ञशिरोमणि होइबक्सिन्छ, त्यसो हुनाले अनुचर (दास) म हजूरलाई आफ्नै संझेर विन्ति गर्दछु ॥ ७ ॥ ८ ॥

दोहा—नाथ सुहृद सुठिसरल चित सील सनेह निधान ।
सब पर प्रीति प्रतीति जियँ जानिअ आपु समान ॥२२०॥

३७

प्रभु ! हजूर स्वच्छचित्त, सरलहृदय, शील-निधान, प्रेम-निधान होइबक्सिन्छ। प्रभुका चित्तमा सबैका उपर प्रीति र प्रतीति रहन्छ, आफूजस्तै संझिबक्सिन्छ ॥ २२० ॥

चौ०–बिषई जीव पाइ प्रभुताई ❀ मूढ़ मोहबस होहिं जनाई ॥१॥
भरतु नीति रत साधु सुजाना ❀ प्रभुपद प्रेमु सकल जगु जाना ॥२॥

विषयी (विषयभोगतत्पर) जीवहरू प्रभुत्व पाएपछि अज्ञानवश भएर मूढ हुन्छन् र आफूलाई नै सर्वश्रेष्ठ संझन लाग्दछन्। भरतजी नीतितत्पर, सजन, बुद्धिमान्, स्वामिभक्त हुनुहुन्छ, यो कुरा सकल जगत्ले जानेको छ ॥ १ ॥ २ ॥

तेऊ आजु राजपदु पाई ❀ चले धरममरजाद मेटाई ॥३॥
कुटिल कुबंधु कुअवसरु ताकी ❀ जानि रामु बनबास एकाकी ॥४॥
करि कुमंत्रु मन साजि समाजू ❀ आए करइ अकंटक राजू ॥५॥
कोटि प्रकार कलपि कुटिलाई ❀ आए दलु बटोरि दोउ भाई ॥६॥

उनी पनि आज राज्यपद (राजाको दर्जा) पाउँदा धर्म र मर्यादा मेटेर चल्न लागे ॥ ३ ॥ कपटी कुभाई (भरत) खराब मौका ताकेर रामजी एक्लै वनमा बसेका छन् भन्ने जानेर कुमन्त्रणा (खराब सल्लाह) गरीकन फौजसौज तयार पारेर आफूले पाइसकेको राज्यलाई अकण्टक पार्न आए ॥ ४ ॥ ५ ॥ प्रभु ! करौडौं प्रकारका कुटिलनपना कल्पना गरेर (पछि के हुने हो इत्यादि कुकल्पना गरेर) दलबल बटुलीकन दुई भाई आए ॥ ६ ॥

जौं जियँ होति न कपट कुचाली ❀ केहि सोहाति रथ बाजि गजाली ॥७॥
भरतहि दोष देइ को जाएँ ❀ जग बौराइ राजपदु पाए ॥८॥

यदि मनमा कपट कुचाल नहुँदो हो ता, रथ घोडा हात्तीका ताँतीका ताँती ? कसलाई मन पर्थ्यो ?। भरतलाई वृथा दोष किन दिऊँ, राजपद पाएपछि सबै बौलाउँछन् ॥ ७ ॥ ८ ॥

दोहा–ससि गुरतियगामी नहुषु चढ़ेउ भूमिसुरजान।
लोक बेद तें बिमुख भा अधम न बेन समान ॥२२१॥

[१]चन्द्रमाले गुरु पत्नी (तारा) सँग गमन गरे, [२]नहुषले ब्राह्मणले बोकेको पालकीमा

---

(१) चन्द्रमाले त्रैलोक्यविजय गरेर राजसूय यज्ञ गरे, त्यसबाबत ती संसारभरीका ब्राह्मणवर्गका मालिक (सम्राट्) भए। तिनले आफ्ना खास गुरुकी पत्नी (तारा) लाई हरण गरे, त्यस निमित्त लड़ाइँ पर्‍यो, दैत्यवर्गले चन्द्रमालाई देववर्गले बृहस्पतिलाई मदत दिए। धेरै कालसम्म घोर संग्राम हुँदा अगणित प्राणीको संहार भयो, ब्रह्माजी आएर दुवै पक्षलाई संझाई-बुझाई लडाइँ बन्द गराउनुभयो। तारालाई चन्द्रमाले छाडे, बृहस्पतिले लिए। ती गर्भवती थिइन्, तिनबाट छोरो जन्म्यो, छलफल गर्दा चन्द्रमाको ठहर्‍यो र त्यसलाई चन्द्रमाले लिए, बडो बुद्धिमान हुनाले त्यो बालकको नाम बुध रह्यो। तारा बृहस्पतिकी गृहिणी भइन्।

(२) नहुषको कथा अधि वर्णन गरिएको छ। ४३० पृष्ट हेर्नु।

चढे । [1]वेनराजा लोक र वेददेखि विमुख भए, तीबराबरको अधम अर्को भएन ॥ २२१ ॥

सहसबाहु सुरनाथ त्रिसंकू ❀ केहि न राजमद दीन्ह कलंकू ॥१॥
भरत कीन्ह यह उचित उपाऊ ❀ रिपु रिन रंच न राखब काऊ ॥२॥

सहस्रबाहू (राजा कार्तवीर्य) देवराज (इन्द्र) राजा त्रिशंकु यीमध्येमा कुन चाहिनेलाई राजमदले कलङ्कित पारेन ? ॥ १ ॥ भरतले यो उपाय उचितै गरेका हुन् (किनभने) शत्रु र ऋणको अलिकति पनि बाँकी राख्नु छैन ॥ २ ॥ (क)

एक कीन्हि नहि भरत भलाई ❀ निदरे रामु जानि असहाई ॥३॥
समुझि परिहि सोउ आजु बिसेषी ❀ समर सरोष राममुखु पेखी ॥४॥

एउटा कुरा भरतले ठीक गरेनन् (के भने) रामलाई असहाय जानेर अनादर गरे ॥ ३ ॥ (तर) युद्धमा क्रुद्ध भएका रामजीको मुख देख्ता त्यो कुरा (असहाय राम कस्ता रहेछन् भन्ने कुरा) आज खूब माल्रूम हुनेछ ॥ ४ ॥

एतना कहत नीतिरस भूला ❀ रनरस बिटपु पुलक मिस फूला ॥५॥
प्रभुपद बंदि सीस रज राखी ❀ बोले सत्य सहज बलु भाखी ॥६॥

यति भन्दा भन्दै नीतिको रस बिर्सियो, लक्ष्मणजीको युद्धरसरूपी वृक्ष रोमाञ्चका छलले फुल्यो (वीररसको स्थायीभाव उत्साह बढ्यो, त्यसको संचारीभाव रोमाञ्च खड़ा भयो) वहाँले रघुनाथजीका चरणको वन्दना गरेर चरणको धूलो आफ्ना शिरमा राख्नुभयो, अनि स्वाभाविक र साँचो भएको आफ्नो बल प्रकट गर्दै बोल्नुभयो ॥ ५ ॥ ६ ॥

अनुचित नाथ न मानब मोरा ❀ भरत हमहिं उपचार न थोरा ॥७॥

---

(१) अङ्ग नाम भएका राजाका वेननामक छोरा थिए, ती बाल्यावस्थैदेखि निर्दयी र उपद्रवी भए। तिनको दुराचारले दुःखित भएका राजा अङ्गले विरक्त भईकन राज्यपरित्याग गरीकन वेमाल्रूम वनप्रवेश गरे । वेनले राज्याभिषेक पाए । तिनको दुराचार शतखंड बढ्यो, "दान, धर्म, जप, तप केही गर्नुपर्दैन, सर्वेश्वर मै हुँ, मेरो हरतरहले सेवा गर" यस्तो उर्दी दुनियाँले पाए । ऋषि-मुनि-महात्माहरूले आएर संझाउँदा बुझाउँदा वेनले "तिमीहरू वेवकूफ होऊ, मभन्दा ठूलो ईश्वर को छ ?" इत्यादि दुर्वाच्य बोल्न लागे, क्रुद्ध भएका ऋषिहरू वज्र ध्वनिलाई मात गर्ने अत्युच्चध्वनिले "हूँ हूँ हूँ" गर्नलागे, वेन ठहरै परे मरे । तिनको लाशलाई तिनकी आमा सुनीथाले हिफाजतसाथ राखेकी थिइन् । राजा नहुँदा दुनियाँले दुःख पाउन लागे र ऋषि मुनिहरूले वेनका लाशको तल्लो भाग छुस्याएर मथ्न लागे, त्यताबाट कालो पुड्को विरूप मानिस पैदा भयो, त्यसलाई राजयोग्य ठहराएनन् । फेरि बाहु (हात) छुस्याएर मथन गरे, त्यताबाट लक्ष्मी र नारायणका अंशले महारानी अर्चि र महाराज पृथु पैदा भए । तिनैले धर्मपूर्वक राज्यशासन गरे, धेनुरूपधारिणी धर्तीलाई दुहेर यिनले वेनका अत्याचारले लुप्त भएका पदार्थलाई फेरि सर्वसुलभ गराए । यिनकी छोरी हुनाले धर्तीलाई पृथ्वी भन्ने नाम रह्यो । पृथुमहाराज आदर्श राजा भए, यिनको चरित्र भागवत चतुर्थस्कन्धमा विस्तारसँग गरिएको छ ।

(क) ऋणको, अग्निको, शत्रुको, रोगको, शेष रहन गयोभने आस्ते आस्ते त्यो शेष फेरि बढ्दछ, तसर्थ तिनको शेष नराख्नू भनी नीतिले भनेको छ ।

ऋणशेषोऽग्निशेषश्च शेषः प्रत्यार्थिरोगयोः ।
शनकैर्वर्धते तस्मादेतान्निःशेषतां नयेत् ॥

कहँ लगि सहिअ रहिअ मनु मारें ❀ नाथ साथ धनु हाथ हमारें ॥८॥

"हे नाथ ! मेरो वचन अनुचित नमानिबक्सिएला। भरतले हामीहरूलाई खूब उपचार गरे (हाम्रो खूब पूजा गरे) । कहाँसम्म मन मारेर सहीसहीकन रहिरहने हो । हे नाथ ! धनु मेरा हातमा साथै छ ॥ ७ ॥ ८ ॥

दोहा–छत्र जाति रघुकुल जनमु राम अनुग जगु जान ।
लातहुँ मारें चढ़ति सिर नीच को धूरि समान ॥२२२॥

एक ता मेरो जात क्षत्रिय, दोस्रो मेरो जन्म रघुकुलमा, तेस्रो कुरा रामको अनुचर, भनेर सारा संसारले मलाई थाहा पाएको छ । धूलोसमान नीच (चुत्थो) को छ ? (संसारमा सर्वोपरि सानु धूलो हो) त्यो पनि लात्तले हान्दा टाउकामा चढ्छ" ॥ २२२ ॥ (क)

चौ०–उठि कर जोरि रजायसु मागा ❀ मनहुँ बीररस सोवत जागा ॥१॥
बाँधि जटा सिर कसि कटि भाथा ❀ साजि सरासनु सायकु हाथा ॥२॥

लक्ष्मणजीले उठेर हाथ जोरीकन आज्ञा माग्नुभयो । मानौं सुतिरहेको वीररस जागेर (जुरुक्क) उठेको हो कि ? (भन्ने भान पर्न लाग्यो ।) अनि जटालाई शिरमा कसेर बाँध्नुभयो, पृष्ठभागमा ठोक्रो भिर्नुभयो, हातमा धनु र बाण लिएर ॥ १ ॥ २ ॥ (बोल्नुभयो)

आजु रामसेवक जसु लेऊँ ❀ भरतहि समरसिखावन देऊँ ॥३॥
रामनिरादर कर फलु पाई ❀ सोवहुँ समर सेज दोउ भाई ॥४॥

"आज म रामसेवकको यश लिने हुँ (रामका सेवक यस्ता पराक्रमी हुँदा रहेछन् भनी दुनियाँमा कीर्ति चलाउने हुँ) आज भरतलाई युद्धशिक्षा दिने हुँ (युद्ध भनेको ता यस्तो पो हुँदोरहेछ भनी आज भरत थाहा पाउलान्) । रामका अनादरको फल पाएर दुवै भाई युद्धशय्यामा सुतून् ॥ ३ ॥ ४ ॥

आइ बना भल सकल समाजू ❀ प्रगट करउँ रिसि पाछिल आजू ॥५॥
जिमि करिनिकर दलइ मृगराजू ❀ लेइ लपेटि लवा जिमि बाजू ॥६॥
तैसेहि भरतहि सेन समेता ❀ सानुज निदरि निपातउँ खेता ॥७॥
जौं सहाय कर संकरु आई ❀ तौ मारौं रन रामदोहाई ॥८॥

सबैजना समाज भएर (एकठ्ठा भएर) आइदिनाले मेरो भलो भयो, पछिल्लो रीस (वन धपाउँदा उठेको रीस) आज प्रकट गर्दछु ॥ ५ ॥ जसरी मृगराज (सिंह) हस्तिनी (हतिनी) हरूका बथानलाई ध्वस्त पार्दछ, जसरी बाज लाभेचरालाई लपेटेर लिन्छ, त्यसै गरी

(क) "अपमान हुँदा पनि चुइँ किएर चूपचाप लाग्ने मानिसभन्दा लात खाएपछि उठेर लात हान्नेको टाउकामा टेक्न जाने धूलो असल हो" भनी कविवरहरूले भनेका पनि छन्

पादाहतं यदुत्थाय मूर्धानमधिरोहति ।
स्वस्थादेवापमानेऽपि देहिनस्तद्वरं रजः ॥ (माघ)

सैन्यसहित भाईसहित भरतलाई पशमबराबर गरेर युद्धक्षेत्रमा पछार्ने हुँ । शंकर आएर सहायता गर्छन्‌भने पनि युद्धमा मारिदिनेछु, हजूरको शपथ छ" ॥ ६ ॥ ७ ॥ ८ ॥

दोहा—अति सरोष भाषे लखनु लखि सुनि सपथ प्रवान ।
सभय लोक सब लोकपति चाहत भभरि भगान ॥२२३॥

लक्ष्मणजीले अत्यन्त क्रुद्ध भैकन यो कुरा बोल्नुभयो । वहाँको भयानक चेहरा देख्ता त्यस्ता वचन र सत्य भएको त्यो शपथ सुन्दा सबैजना भयभीत भए । इन्द्रादि लोकपालहरू पनि भटाभट भाग्न आँटे ॥ २२३ ॥

चौ०—जगु भयमगन गगन भइ बानी ❀ लखन बाहु बलु बिपुल बखानी ॥१॥
तात प्रताप प्रभाउ तुम्हारा ❀ को कहि सकइ को जाननिहारा ॥२॥

सारा संसार भयसागरमा डुब्यो, अनि लक्ष्मणजीका अतुल बाहुबलको वर्णन गर्दै आकाशवाणी भयो—"बाबु ! लक्ष्मण ! तिम्रो प्रताप र भावको वर्णन गर्ने को सक्तछ ? को जान्न सक्तछ ? ॥ १ ॥ २ ॥

अनुचित उचित काजु कछु होऊ ❀ समुझि करिअ भल कह सबु कोऊ ॥३॥
सहसा करि पाछें पछिताहीं ❀ कहहिं बेद बुध ते बुध नाहीं ॥४॥

काम उचित होस्‌ या अनुचित जो कुछ होस्, संझीबुझीकन गर्नु वेश छ भनी सबैजना भन्दछन्। झट्ट (विनाविचार) काम गर्दा पछिताउँछन्, वेद र बुद्धिमान्‌हरू त्यस्ता (जल्दीबाज) लाई बुद्धिमान् होइनन् भन्दछन्" ॥ ३ ॥ ४ ॥ (क)

सुनि सुरबचन लखन सकुचाने ❀ राम सीय सादर सनमाने ॥५॥
कही तात तुम्ह नीति सुहाई ❀ सब तें कठिन राजमदु भाई ॥६॥

देवताहरूको वचन (आकाशवाणी) सुनेर लक्ष्मणजी संकुचित हुनुभयो ।

(क) "काम गर्दा विनाविचार झट्ट गर्नु छैन । हिताहितको विचारपूर्वक निश्चय भएर काम भएन भने बड़े बडे आपत्ति परिआउँछन्, गुणानुरागिणी भएका नाना तरहका संपत्तिहरू विचारपूर्वक काम गर्ने बुद्धिमान्‌लाई खोज्दै खोज्दै आफै आउँछन्" भनी महाकवि भारविले पनि भनेको छ ।

सहसा विदधीत न क्रियामविवेकः परमापदां पदम् ।
वृणते हि विमृश्यकारिणं गुणलुब्धाः स्वयमेव संपदः ॥

"समुझदार मानिसले उचित अनुचित जुनसुकै काम गर्दा पनि कोशिशका साथ कामको नतीजा ठहराउनुपर्दछ । खूब हड़बड़ीका साथ गरिएका कामको नतीजा गडेको वाणजस्तै जिन्दगीभरी कलेजा जलाउन लाग्दछ" भनी महाराज भर्तृहरिले पनि भनेको छ—

उचितमनुचितं वा कुर्वता कार्यमादौ
परिणतिरवधार्या यत्नतः पण्डितेन ।
अतिरभसकृतानां कर्म्मणामाविपत्ते—
र्भवति हृदयदाही शल्यतुल्यो विपाकः ॥

रामजी र सीताजीले लक्ष्मणजीलाई आदरसहित सन्मान गर्नुभयो ॥ ५ ॥ (रामजीले भन्नुभयो कि)" भाई लक्ष्मण ! तिमीले बेश नीतिका कुरा भन्यौ, राजमद (राजा भएँ भन्ने नशा) सबैनशाभन्दा कड़ा हुन्छ ॥ ६ ॥

जो अँचवत नृप मातहिं तेई ❀ नाहिन साधुसभा जेहिं सेई ॥७॥
सुनहु लखन भल भरत सरीसा ❀ बिधिप्रपंच महँ सुना न दीसा ॥८॥

जसले साधुसभाको सेवा गरेको छैन (सत्सङ्गति पाएको छैन) तिनै राजाहरू (मदिरातुल्य भएको) राजमदको (धेरै भोग गर्नाको ता के कुरा) आचमन गर्नेबित्तिकै मात्तिन्छन् (पागल हुन्छन्) ॥ ७ ॥ बाबु लक्ष्मण ! सुन भरतजस्तो भलो मानिस ब्रह्माजीका सृष्टिमा न सुनियो, न देखियो ॥ ८ ॥

दोहा–भरतहि होइ न राजमदु बिधि हरि हर पद पाइ ।
कबहुँ कि काँजीसीकरनि छीरसिंधु बिनसाइ ॥२२४॥

ब्रह्मा विष्णु महेश्वरको पद पाउँदा पनि भरतलाई राजमद हुनेछैन । के [१]काञ्जीका छिटाले क्षीरसमुद्र कहिल्यै नष्ट हुन्छ ? ॥ २२४ ॥

चौ०–तिमिरु तरुन तरनिहि मकु गिलई ❀ गगनु मगन मकु मेघहि मिलई ॥१॥
गोपदजल बूड़हिं घटजोनी ❀ सहज छमा बरु छाड़इ छोनी ॥२॥
मसकफूँक मकु मेरु उड़ाई ❀ होइ न नृपमदु भरतहि भाई ॥३॥

बरु अन्धकार मध्याह्नका सूर्यलाई निलोस्, बरु आकाश मेघमा डुबेर मिलोस्, बरु अगस्त्य मुनि (समुद्रलाई ३ आचमनमा सुकाउने ऋषि) गोष्पदमा (गाईका पाइलाका खाल्डाका पानीमा) डुबून्, बरु पृथ्वीमाता स्वाभाविक सहनशीलतालाई छाडून्, बरु लामखुट्टे (मच्छड़) फुकेर सुमेरुपर्वतलाई उडाओस्, भाई लक्ष्मण ! भरतलाई राजमद हुनेछैन (असंभव जति जम्मै संभव हुन आए पनि भरतलाई राजमद हुने संभव छैन) ॥ १ ॥ २ ॥ ३ ॥

लखन तुम्हार सपथ पितु आना ❀ सुचि सुबंधु नहि भरत समाना ॥४॥
सगुनु खीरु अवगुन जलु ताता ❀ मिलइ रचइ परपंचु बिधाता ॥५॥
भरतु हंस रबिबंस तड़ागा ❀ जनमि कीन्ह गुन दोष बिभागा ॥६॥

भाई लक्ष्मण ! तिम्रो र पिताजीको शपथ गर्दछु, भरतसमानको पवित्र असल भाई कोही छैन । बाबु ! लक्ष्मण ! सद्गुण दूध हो, दुर्गुण पानी हो, विधाताले यी दुईलाई मिलाएर सृष्टिरचना गर्दछन् (अर्थात् ब्रह्माजीका सृष्टिभरी सद्गुण र दुर्गुण मिलेका हुन्छन्) सूर्यवंशरूपी तलाउमा भरतजी हंस हुन, तिनले जन्मेदेखि (हाँसले दूध पानी छुट्ट्याएझैं) गुण र दोषको विभाग गरेका छन् (गुणदोष छुट्ट्याएका छन्, दोष छाडेर गुण मात्र ग्रहण गरेका छन्) ॥ ४ ॥ ५ ॥ ६ ॥

---

(१) अनेक जरीबूटीका औषधि र पानी मिलाएर केही दिन कुहाईकन नशा दिने गरी तयार पारेको वस्तुलाई वैद्यविद्यावेत्ताहरू काञ्जी भन्दछन् ।

गहि गुन पय तजि अवगुन बारी ❀ निज जस जगत कीन्हि उजियारी ॥७॥
कहत भरत गुन सीलु सुभाऊ ❀ पेम पयोधि मगन रघुराऊ ॥८॥

भरतरूपी हंसले, गुणरूपी दूधको ग्रहण र दोषरूपी जलको त्याग गरेर आफ्ना कीर्तिले संसारलाई उज्यालो पारेको छ।" यस्ता प्रकारसँग भरतजीका गुण, शील, स्वभावको वर्णन गर्दा गर्दै रघुनाथजी प्रेमसमुद्रमा मग्न हुनुभयो (डुब्नुभयो) ॥ ७ ॥ ८ ॥

दोहा–सुनि रघुबरबानी बिबुध देखि भरत पर हेतु ।
सकल सराहत राम सो प्रभु को कृपानिकेतु ॥२२५॥

रामचन्द्रको वाणी सुन्दा र भरतजीका उपर वहाँको प्रेम देख्ता सकल देवताहरू "रामजीजस्ता दयानिवास स्वामी को छन् ?" भनी सह्राउन लागे ॥ २२५ ॥

चौ०–जौं न होत जग जनम भरत को ❀ सकल धरम धुर धरनि धरत को ॥१॥
कबि कुल अगम भरत गुन गाथा ❀ को जानइँ तुम्ह बिनु रघुनाथा ॥२॥

"यो संसारमा भरतजीको जन्म यदि नहुँदो हो ता पृथिवीतलमा धर्मको भारलाई कसले धारण गर्ने (बोक्ने=थाम्ने) थियो ? हे रघुनाथ ! कविहरूका कुलको अगम (वर्णन गर्न नसकिने) भएको भरतजीका गुणको कथालाई हजूरबाहेक अर्को को जान्दछ ?" ॥ १ ॥ २ ॥

लखनु रामु सिय सुनि सुरबानी ❀ अति सुखु लहेउ न जाइ बखानी ॥३॥
इहाँ भरतु सब सहित सहाए ❀ मंदाकिनी पुनीत नहाए ॥४॥

देवताको यो वाणी सुनेर लक्ष्मणजी रामजी सीताजीले अत्यन्त आनन्द पाउनुभयो, त्यो आनन्दको वर्णन गर्न सकिदैन ॥ ३ ॥ यतातिर भरतजीले सबै सहाय (साथी) ले सहित भैकन पवित्र मन्दाकिनीमा स्नान गर्नुभयो ॥ ४ ॥

सरित समीप राखि सब लोगा ❀ मागि मातु गुर सचिव नियोगा ॥५॥
चले भरत जहँ सिय रघुराई ❀ साथ निषादनाथु लघु भाई ॥६॥

सबैजनालाई मन्दाकिनीका समीपमा राखेर माता, गुरु, मन्त्रीहरूको संमति मागेर निषादनाथ (गुह) र छोटे भाई शत्रुघ्नलाई साथ लिएर, भरतजी जहाँ सीतासमेत रघुनाथजी राज हुनुभएको थियो त्यही ठाउँमा पुग्न लाग्नुभयो ॥ ५ ॥ ६ ॥

समुझि मातुकरतब सकुचाहीं ❀ करत कुतरक कोटि मन माहीं ॥७॥
रामु लखनु सिय सुनि मम नाऊँ ❀ उठि जनि अनत जाहिं तजि ठाऊँ ॥८॥

माता कैकेयीको कर्तव्य संझेर भरतजी संकुचित हुनुहुन्थ्यो, मनमा अनेक तरहका कुतर्क गर्नुहुन्थ्यो । "रामजी लक्ष्मणजी सीताजी मेरो नाउँ सुन्दा (म आएको खबर सुन्दा) उठेर ठाउँ छाडीकन कहीं अन्त ता जानुहुन्न ?" ॥ ७ ॥ ८ ॥

दोहा–मातुमतें महुँ मानि मोहि जो कछु करहिं सो थोर ।
अघ अवगुन छमि आदरहिं समुझि आपनी ओर ॥२२६॥

मलाई माताको मतमा मानेर (मतियार ठानेर) जो कुछ भन्नुहोला त्यो थोरै हो (त्यस्ती आमाका छोरालाई त्यत्ति भनेर कैले पुग्थ्यो) (परन्तु) आफ्ना तरफ दृष्टि दिएर (आफ्ना सौजन्यको ख्याल राखेर) रामचन्द्रजी मेरा अपराध र दोषलाई क्षमा गर्नुहुनेछ ॥ २२६ ॥

चौ०–जौं परिहरहिं मलिनमनु जानी ❀ जौं सनमानहिं सेवकु मानी ॥१॥
मोरें सरन रामहि कि पनहीं ❀ रामु सुस्वामि दोसु सब जनहीं ॥२॥

चाहे मनमा मलिन संझेर मलाई छाड्नुहोस् चाहे मलाई सेवक ठानेर आदर गर्नुहोस्, हरहालतमा मेरो शरण ता रामचन्द्रजीका जुत्ता छन्, रामचन्द्रजी ता श्रेष्ट स्वामी होइबक्सिन्छ, सबै दोष दासैको (मेरै) न हो ? ॥ १ ॥ २ ॥

जग जसभाजन चातक मीना ❀ नेम पेम निज निपुन नवीना ॥३॥
अस मन गुनत चले मग जाता ❀ सकुच सनेह सिथिल सब गाता ॥४॥
फेरति मनहि मातुकृत खोरी ❀ चलत भगतिबल धीरजधोरी ॥५॥
जब समुझत रघुनाथ सुभाऊ ❀ तब पथ परत उताइल पाऊ ॥६॥

जगत्मा चातक (काकाकुल पक्षी) र माछा यशोभाजन (कीर्तिपात्र = कीर्तिमान्) छन्, (किनभने) तिनीहरू आफ्नु नियम र प्रेमलाई नित्य नयाँ बनाउनमा (नियम र प्रेमलाई ताजा राख्नामा) सिपालु छन्" । भरतजी बाटामा यस्तै कुरा मनमा गुन्दै गुन्दै जान लाग्नुभयो, वहाँको सबै शरीर संकोच र स्नेहले शिथिल थियो ॥ ३ ॥ ४ ॥ आमाले गरेको खराबी (कुकर्म) वहाँका मनलाई फर्काउँथ्यो (नजाउँ कि भन्ने आँटपट्टि ढल्काउँथ्यो) धैर्य धारण गरेर भक्तिका बलले रामजीतर्फ हिंड्नुहुन्थ्यो (भक्तिले तान्दथ्यो र रामजीतर्फ हिंड्नुहुन्थ्यो) । जब रघुनाथजीको स्वभावलाई संझनुहुन्थ्यो अनि वहाँका पाइला छिटा-छिटा लामा लामा भएर बाटामा पर्दथे ॥ ५ ॥ ६ ॥

भरतदसा तेहि अवसर कैसी ❀ जलप्रबाहँ जल अलि गति जैसी ॥७॥
देखि भरत कर सोचु सनेहू ❀ भा निषाद तेहि समय बिदेहू ॥८॥

त्यस वेलामा भरतजीको अवस्था कस्तो थियोभने जलप्रवाहमा [1]जलभ्रमरको जस्तो गति हुन्छ त्यस्तै थियो ॥ ७ ॥ भरतजीको सोचविचार र स्नेह देख्ता त्यस वेलामा निषादराज (गुह) विवादले गर्दा विदेह (शरीरसम्मको सुद्धिबुद्धि नगर्ने) भए ॥ ८ ॥

---

(१) चेप्टो, कालो, पानीमा खूब छिटो गरी हिंड्ने कीरालाई जलभ्रमर (भँवरी) भन्दछन्, त्यो कीरो एकछिन पानीमा फनफनी घुम्छ र हानिदै दौडन्छ । भरतजी पनि कैकेयीका दुष्कर्म संझदा जाउँ कि नजाऊँ भन्ने विचारले एकछिन त्यही कीरो घुमेझैं घुम्नुहुन्थ्यो, रामजीको स्वभाव संझदा फूर्तिसाथ त्यही कीरोजस्तो छिटो छिटो हिंड्नुहुन्थ्यो । पानीका प्रवाहले हुत्त्याउँदा पनि त्यो कीरो हट्तैन, एकछिन विचार गर्दै घुम्दछ, अनि हिम्मत गरेर जतातिरवाट प्रवाह आउँछ उतैतिर दौडन्छ । भरतरूपी जलभ्रमर पनि कैकेयीका दुष्कर्मरूपी जलप्रवाहले हुत्तिन लाग्दा पनि त्यो जलप्रवाहको मूल (नियन्ता रामचन्द्र) पट्टि जानलाई हिम्मतसाथ कोशिश गर्न लाग्यो ।

दोहा–लगे होन मंगल सगुन सुनि गुनि कहत निषादु ।
मिटिहि सोच होइहि हरषु पुनि परिनाम बिषादु ॥२२७॥

मङ्गलसूचक शकुन हुन लागे, निषाद (गुह) ले त्यो सुनेर मनमा गुनीकन "शोक मेटिने छ, हर्ष हुनेछ, फेरि परिणाममा विषाद हुनेछ" भनी (शकुनको फल) बताए ॥ २२७ ॥

चौ०–सेवकबचन सत्य सब जाने ❀ आश्रम निकट जाइ निअराने ॥१॥
भरत दीख बन सैल समाजू ❀ मुदित छुधित जनु पाइ सुनाजू ॥२॥

भरतजीले सेवक (गुह) को वचनलाई साँचो ठान्नुभयो, आश्रमका समीप पुगेर रामजीका नगीच पुग्नुभयो ॥ १ ॥ भरतजी त्यो वन र पर्वतको दृश्य देख्ता भोकाएका बेलामा असल भक्ष्य पदार्थ पाउँदा प्रसन्न हुने व्यक्तिजस्तै हुनुभयो ॥ २ ॥

ईति भीति जनु प्रजा दुखारी ❀ त्रिबिध ताप पीडित ग्रह मारी ॥३॥
जाइ सुराज सुदेस सुखारी ❀ होहिं भरतगति तेहि अनुहारी ॥४॥

ईतिका[1] भीतिले दुःखित भएको, [2]तीन प्रकारका तापले पीडित भएको, ठूला ग्रह-बाधाले बाधित भएको प्रजासमूह, असल धार्मिक राजाले पालना गरिएको, असल देशमा बस्न जाँदा जत्तिको सुखी हुन्छ, भरतजीको तदनुसार गति भयो (उत्तिकै सुखी हुनुभयो) ॥ ३ ॥ ४ ॥

रामबास बनसंपति भ्राजा ❀ सुखी प्रजा जनु पाइ सुराजा ॥५॥
सचिव बिरागु बिबेकु नरेसू ❀ बिपिन सुहावन पावन देसू ॥६॥
भट जम नियम सैल रजधानी ❀ सांति सुमति सुचि सुंदर रानी ॥७॥
सकल अंग संपन्न सुराऊ ❀ रामचरन आश्रित चित चाऊ ॥८॥

असल धार्मिक राजा पाउँदा प्रजावर्ग जसरी सुखी हुन्छ, रामजी राज हुँदा वनका संपत्ति (जंगली वस्तु) त्यसै गरी शोभायमान सुखी थिए ॥ ५ ॥ सुन्दर वन, पवित्र देश (राष्ट्र) थियो, त्यसमा विवेक राजा, वैराग्य मन्त्री थिए ॥ ६ ॥ चित्रकूट पर्वत (विवेक राजाको) राजधानी हो (त्यहाँ) अहिंसा, सत्यवचन, अस्तेय (चोरी नगर्नु) ब्रह्मचर्य, अपरिग्रह यी पाँच यम र शौच, संतोष, तप, स्वाध्याय, ईश्वरानुसन्धान यी ५ रूपी नियम विवेक राजाका योद्धा (सिपाही) थिए । शान्ति र सुबुद्धि यी दुई विवेक राजाका पतिव्रता सुन्दरी रानी थिए ॥ ७ ॥ यस्ता प्रकारले विवेकको त्यो साम्राज्य सबै अङ्गले पूर्ण भएको थियो (साम्राज्यमा चाहिने स्वामी, मन्त्री, नगर, राष्ट्र, कोश, किल्ला, फौज यी ७ अङ्ग त्यहाँ ठीक ठीक थिए) त्यो साम्राज्य चित्तका चाहले (प्रेमले) रामजीका चरणमा आश्रित थियो (त्यो साम्राज्यलाई रामजीकै भरोसा थियो, अर्थात् त्यो पूर्ण आस्तिक थियो) ॥ ८ ॥

---

(१) अतिवृष्टि, अनावृष्टि, मूसा, सलह, सुगा, छिमेकी राजा, यी ६ लाई ईति (उपद्रव) मन्दछन्, प्रजाहरू प्रायः यिनैबाट दुःखित हुन्छन् ।

अतिवृष्टिरनावृष्टिर्मूषकाः शलभाः शुकाः ।
अत्यासन्नाश्च राजानः षडेता ईतयः स्मृताः ॥

(२) आध्यात्मिक, आधिभौतिक, आधिदैविक यी ३ प्रकारका ताप हुन्छन् ।

दोहा–जीति मोह महिपालु दल सहित बिबेक भुआलु।
करत अकंटक राज्य पुरँ सुख संपदा सुकालु ॥२२८॥

यहाँका महाराज विवेक दलबलसहित भएका (काम, क्रोध, लोभ, राग-द्वेष प्रभृतिले युक्त भएका) मोहमहाराजलाई जितेर आफ्नो राजधानी (चित्रकूट) मा अकण्टक राज्य गरिरहेका छन्, यहाँ सुख संपत्ति सुकाल छ (दुःख-दारिद्र्य अनिकाल छैन) ॥ २२८ ॥

चौ०–बनप्रदेस मुनिबास घनेरे ❀ जनु पुर नगर गाउँ गन खेरे ॥१॥
बिपुल बिचित्र बिहग मृग नाना ❀ प्रजासमाजु न जाइ बखाना ॥२॥
खगहा करि हरि बाघ बराहा ❀ देखि महिष बृष साजु सराहा ॥३॥
बयरु बिहाइ चरहिं एक संगा ❀ जहँ तहँ मनहुँ सेन चतुरंगा ॥४॥

वनका ठाउँ ठाउँमा जो धेरै मुनिहरूका बस्ती छन्, तिनीहरू नै यो साम्राज्यका पुर, नगर, ग्राम, खेत हुन् ॥ १ ॥ नाना प्रकारका विचित्र विचित्र अनेकानेक जो पक्षी र मृग छन्, तिनीहरू नै यो साम्राज्यका प्रजावर्ग हुन्। तिनको विस्तारपूर्वकको वर्णन गर्न सकिन्न ॥ २ ॥ गैंडा, हात्ती, सिंह, बाघ, बँदेल, अर्ना, ब्वाँसा, यिनको बथान देख्ता तारीफ गर्नुपर्दथ्यो। तिनीहरू वैरभाव छाडेर यत्रतत्र संगसँगै हिंडिरहेका बसिरहेका थिए, यो साम्राज्यको चतुरङ्ग सेना त्यही हो ॥ ३ ॥ ४ ॥ (क)

झरना झरहिं मत्त गज गाजहिं ❀ मनहुँ निसान बिबिध बिध बाजहिं ॥५॥
चक चकोर चातक सुक पिक गन ❀ कूजत मंजु मराल मुदितमन ॥६॥
अलिगन गावत नाचत मोरा ❀ जनु सुराज मंगल चहुँ ओरा ॥७॥
बेलि बिटप तृन सफल सफूला ❀ सब समाजु मुद मंगल मूला ॥८॥

मानौं अनेक प्रकारका बाजा बजेका हुन् कि भनेजस्तो गरेर छहरा झरिरहेका छन्, मत्त हात्ती गर्जिरहेका छन्, मनमा मस्त भएर चखेवा, च्याखुरा, चातक, सुगा, कोइली, हाँस, यिनीहरूका बथानका बथान मीठो बोली बोलिरहेका छन् (त्यो भँवराका गानाको र मयूरका नाचको तारीफ गर्ने धन्यवादध्वनि हो) ॥ ५ ॥ ६ ॥ भ्रमरहरू गाउन लागेका, मयूरहरू नाच्न लागेका थिए। यस्तो हुँदा विवेकराजाका साम्राज्यमा चारैतर्फ मंगल (उत्सव) हुन लागेको हो कि ? (भन्ने भान पर्दथ्यो) ॥ ७ ॥ लहरा, वृक्ष, तृणहरू फूलेका फलेका थिए, त्यो देख्ता विवेकका साम्राज्यमा सबै समाज सुख र कल्याण पाउनाले आनन्दित छन् (फुलेका छन्, फलेका छन्) भन्ने भान हुन्थ्यो ॥ ८ ॥

दोहा–रामसैल सोभा निरखि भरतहृदय अति पेमु।
तापस तपफलु पाइ जिमि सुखी सिरानें नेमु ॥२२९॥

(क) "हिंसादेखि हटेका महात्माहरूका नगीचमा रहने प्राणीहरू परस्परविरोधी भए पनि बैरभाव छाडेर मित्रता गरेर मिलिजुली रहन्छन्" भनी योगशास्त्र पातञ्जलदर्शनमा लेखिएको छ, अहिंसाप्रतिष्ठायां तत्सन्निधौ वैरत्यागः'।

तपस्वी आफ्ना नियमा (साधन) सकिएपछि तपस्याको फल पाउँदा जसरी सुखी हुन्छ। त्यसै गरी भरतजीको हृदय रामजी राज भएका पर्वतको शोभा देख्ता अत्यन्त प्रेमी भयो ॥ २२९ ॥

चौ०–तब केवट ऊँचे चढ़ि धाई ❀ कहेउ भरत सन भुजा उठाई ॥१॥
नाथ देखिअहिं बिटप बिसाला ❀ पाकरि जंबु रसाल तमाला ॥२॥
तिन्ह तरुबरन्ह मध्य बटु सोहा ❀ मंजु बिसाल देखि मनु मोहा ॥३॥

अनि दौडेर गुहले अग्ला ठाउँमा चढीकन दुई हात उठाएर भरतजीलाई भने "प्रभु ! ठूला ठूला पाखरी, जामुना, आँप, तमालका वृक्ष देखिन्छन्, ती श्रेष्ठ वृक्षहरूका माझमा राम्रो, विशाल, मनलाई मोहित पार्ने, यौटा वरको वृक्ष (वटको रूख) शोभायमान छ ॥ १ ॥ २ ॥ ३ ॥

नील सघन पल्लव फल लाला ❀ अबिचल छाँह सुखद सब काला ॥४॥
मानहु तिमिर अरुन मय रासी ❀ बिरची बिधि सँकेलि सुषमा सी ॥५॥
ए तरु सरित समीप गोसाँई ❀ रघुबर परनकुटी जहँ छाई ॥६॥
तुलसी तरुबर बिबिध सोहाए ❀ कहुँ कहुँ सिय कहुँ लखन लगाए ॥७॥
बटछायाँ बेदिका बनाई ❀ सिय निज पानि सरोज सुहाई ॥८॥

त्यसका पात घना (बाक्ला) र नीला छन्, फल लाल छन्, छाया घना छ, यो वटवृक्ष बाह्रै मैनामा सुखदायक छ ॥ ४ ॥ मानौं ब्रह्माजीले संसारभरका सकल अन्धकार र लालीलाई एकत्र थुप्रो लाएर खडा गरेको परम शोभा हो कि ? (भन्ने भान पर्दछ) ॥ ५ ॥ प्रभु ! जहाँ रघुनाथजीको पर्णशाला (कुटी) छाएको छ त्यो वृक्ष नदीका समीपमा छ ॥ ६ ॥ कहीं कहीं सीताजीले, कहीं कहीं लक्ष्मणजीले लाएका सुन्दर सुन्दर तुलसीका वृक्ष देखिन्छन् ॥ ७ ॥ वटवृक्षका छायामा सीताजीले खास आफ्ना हातले बनाएको सुन्दर वेदी (चौतारो) देखिन्छ ॥ ८ ॥

दोहा–जहाँ बैठि मुनिगन सहित नित सिय रामु सुजान ।
सुनहिं कथा इतिहास सब आगम निगम पुरान ॥२३०॥

मुनीश्वरहरूको समाजले सहित भईकन जहाँ बसेर बुद्धिमान् सीतासमेत रामजी वेद-शास्त्र पुराणका सबै कथा र इतिहास नित्य सुन्नुहुन्छ (त्यो वटवृक्ष यही हो)" ॥ २३० ॥

चौ०–सखाबचन सुनि बिटप निहारी ❀ उमगे भरतबिलोचन बारी ॥१॥
करत प्रनाम चले दोउ भाई ❀ कहत प्रीति सादर सकुचाई ॥२॥

मित्र (गुह) का वचन सुनेर भरतजीले त्यो वटवृक्ष हेर्नुभयो, आँखामा उम्लेर पानी आयो ॥ १ ॥ अनि दुवै भाई साष्टाङ्ग दण्डवत् गर्दै त्यतैतिर जानुभयो, त्यो प्रीतिको वर्णन गर्दा सरस्वती पनि संकुचित हुन्छिन् (सरस्वती धकाउँछिन्) ॥ १ ॥ २ ॥

हरषहिं निरखि रामपद अंका ❀ मानहुँ पारसु पाएउ रंका ॥३॥
रज सिर धरि हियँ नयनन्हि लावहिं ❀ रघुबरमिलन सरिस सुख पावहिं ॥४॥

धूलामा रामजीका पैतालाका चिह्न देख्ता मानौं कङ्गालीले पारसमणि पाएको हो कि ? (भन्ने भान पर्ने गरी) दुवै जना हर्षित हुँदै त्यो धूलो सिरमा धारण गर्दै छातीमा र आँखामा लाउँदै गर्न लाग्नुभयो । त्यस वेलामा भरत शत्रुघ्न दुवै जनाले खास रघुनाथजीसँग भेट भएका वेलाको आनन्द पाउनुभयो ॥ ३ ॥ ४ ॥

देखि भरतगति अकथ अतीवा ❁ प्रेममगन मृग खग जड़ जीवा ॥५॥
सखहि सनेह बिबस मग भूला ❁ कहि सुपंथ सुर बरषहिं फूला ॥६॥

भरतको अत्यन्त अवर्णनीय भएको अवस्था देखेर मृग-पक्षी, जड़-चेतन सबै प्रेममा डुबे ॥ ५ ॥ दुवै जना मित्र (भरत गुह) ले प्रेमका नशाले चूर भएर बाटोसम्म बिर्सेका थिए, तर देवताहरूले बाटो बताउँदै फूल वर्षाउन लागे (यिनीहरूले जता जता जानुपर्दथ्यो उतै उतै फूल वर्षन लाग्यो) ॥ ६ ॥

निरखि सिद्ध साधक अनुरागे ❁ सहज सनेहु सराहन लागे ॥७॥
होत न भूतल भाउ भरत को ❁ अचर सचर चर अचर करत को ॥८॥

सिद्ध (समाधिसिद्धि भैसकेका) र साधक (समाधिसिद्धिका निमित्त यमनियमादि साधनको अभ्यास गर्ने, सिद्धभन्दा तल्ला श्रेणीका योगी) हरू यो अवस्था देखेर अनुरक्त भए, स्वाभाविक प्रेमको सराहना गर्न लागे ॥ ७ ॥ भरतको यो प्रेमभाव पृथ्वीमा नहुँदो हो ता अचर (जड़) लाई चर (चेतन), चरलाई (चेतनलाई) अचर को गर्दथ्यो ? (यही भरतप्रेमले गर्दा जड़ पदार्थ चेतन भए, चेतन पदार्थ जड़ भए) ॥ ८ ॥ (क)

दोहा—पेमु अमिअ मंदरु बिरहु भरतु पयोधि गभीर ।
मथि प्रगटेउ सुर साधु हित कृपासिंधु रघुबीर ॥२३१॥

करुणासागर रघुनाथजीले सज्जनरूपी देवताका निमित्त विरहलाई मन्दराचल बनाएर भरतरूपी गहिरो समुद्र मथीकन, प्रेमरूपी अमृतलाई प्रकट गर्नुभयो (सज्जनरूपी देवताहरू भगवत्प्रेमरूपी अमृत पिउनाले अजर अमर भए = मुक्त भए) त्यो अमृत भरतरूपी सागरमा लुकेको थियो, ऐले भगवान् (राम) ले विरहलाई मन्दराचल बनाउनुभयो र भरत सागरलाई मथ्नुभयो, विरहमथित भएका भरतसागरमा प्रेमामृतको जम्मै भाग स्पष्ट भएर उत्र्यो बस ! त्यसका प्रभावले सज्जन देवताहरूको उद्धार भयो (अघि परमेश्वरले अजित अवतार लिएर आफूसमेत लागेर मन्दराचललाई घुमाएर मन्थन गरीकन देवताका निमित्त अमृत पैदा गर्नुभएको हो । ऐले ता सागरको[१] रूप लिएर सागरको मन्थन गर्नुभयो, अघिल्लो अमृतभन्दा

(क) अघि रामजीको बर्खिलाफ चल्न तयार भएका जड़ देवताहरू भरतजीका प्रेमभावका प्रभावले चेतन भएर रामजीका आश्रमको बाटो देखाउन आए, यस्ता तरहले जड़ पनि चेतन भए ।

रामजीमा अत्यन्त प्रेमी भएर चेतनहरूमा सर्वोपरि भएका गुहजी त्यही प्रेमभावरूपी नशाले चूर हुन गएर बाटो नदेख्ने जड़ भए, यस्ता तरहले चेतन पनि जड़ भए ।

(१) करुणासागर सागरै हो ।

अत्युत्तम अमृत पैदा गर्नुभयो, यो अघटित घटना हो, त्यो अमृतपान गर्न स्वर्ग जानुपर्दैन, फगत सम्रिदिएदेखि (सज्जन भइदिएदेखि) त्यो अमृत यहीं पाइन्छ। धन्य परमेश्वरको दया !) ॥ २३१ ॥

[बन्धुमिलन]

चौ०–सखा समेत मनोहर जोटा ❀ लखेउ न लखन सघन बन ओटा ॥१॥
भरत दीख प्रभु आश्रमु पावन ❀ सकल सुमंगल सदनु सुहावन ॥२॥

घना (बाक्ला) वनको आड (छेका) पर्नाले लक्ष्मणजीले मित्र (गुह) सहित भएका मनोहर जोड़ी (भरत शत्रुघ्न) लाई देख्नुभएन। भरतजीले ता अत्यन्त पवित्र, मंगल (कल्याण) को निवास भएको, सुन्दर प्रभु रघुनाथजीको आश्रमलाई देख्नुभयो ॥ १ ॥ २ ॥

करत प्रबेस मिटे दुख दावा ❀ जनु जोगीं परमारथु पावा ॥३॥
देखे भरत लखन प्रभु आगें ❀ पूँछें बचन कहत अनुरागें ॥४॥

त्यो आश्रममा प्रवेश गर्नाका साथ भरतजीको दुःखदाह मेटियो, योगाभ्यासीले परमार्थ (मुक्ति) पाएजस्तो भयो ॥ ३ ॥ भरतजीले रामचन्द्रका अगाड़ि खड़ा भएका लक्ष्मणलाई रामजीसँग केही सोध्न लागेका र राज भएका रामजीलाई सोधेको कुरा बताउन लागेका अवस्थामा देख्नुभयो ॥ ४ ॥

सीस जटा कटि मुनिपट बाँधें ❀ तून कसें कर सर धनु काँधें ॥५॥
बेदी पर मुनि साधु समाजू ❀ सीय सहित राजत रघुराजू ॥६॥
बलकल बसन जटिल तनु स्यामा ❀ जनु मुनिबेषु कीन्ह रति कामा ॥७॥
कर कमलनि धनु सायकु फेरत ❀ जिय की जरनि हरत हँसि हेरत ॥८॥

लक्ष्मणजीका शिरमा कसिएको जटामुकुट, कम्मरमा बाँधिएको वल्कल वस्त्र थियो, पृष्ठभागमा ठोक्रो, काँधमा धनु, हाथमा बाण थियो ॥ ५ ॥ चौतारामा मुनीश्वर साधुसन्तहरूको समाज थियो, सीतासहित रघुनाथजी त्यहीं राज भएको थियो ॥ ६ ॥ वहाँको वस्त्र वृक्षका वल्कल (बोक्रा) को, शरीर जटामुकुट शोभित श्यामवर्णको मानौं मुनिको वेष लिएका रति र कामदेव हुन् कि ? (यस्तो संभावना गराउने थियो) (यही सातौं चौपाईमा साथ रहेकी सीताजीको पनि रामजीका साथै वर्णन गरिएको छ) जस्तै सीताजी श्यामा (षोडशवार्षिकी) हुनुहुन्थ्यो वहाँको वस्त्र वर[1] कल (श्रेष्ठ र सुन्दर) थियो। वहाँको शरीर जटिल (केश फैलिएको) थियो। अतएव सीताजी मुनिपत्नीको वेषमा रहेकी कामपत्नी (रतिदेवी) हुन् कि। (यस्तो सम्भावना गराउनुहुन्थ्यो) ॥ ७ ॥ रामजी कमलजस्ता कोमल सुन्दर हातमा धनु बाण घुमाइरहन लाग्नुभएको थियो। हाँसेर हेर्दाखेरि अन्तःकरणको तापज्वाला हर्नुहुन्थ्यो ॥ ८ ॥

---

(१) रेफ र लकारको एकता शास्त्रसंमत हुनाले वर-कल शब्दबाट बलकल (वल्कल) को बोध हुन्छ।

दोहा–लसत मंजु मुनिमंडली मध्य सीय रघुचंदु ।
ज्ञानसभाँ जनु तनु धरें भगति सच्चिदानंदु ॥२३२॥

मुनीश्वरहरूको मनोहर मण्डली (घेरा) का बीचमा राज भएका सीताजी र रामजी ज्ञानका सभामा मूर्तिमान् भएर रहेका भक्ति र ईश्वरजस्तै शोभायमान हुनुहुन्थ्यो ॥ २३२ ॥

चौ०–सानुज सखा समेत मगन मन ❀ बिसरे हरष सोक सुख दुख गन ॥१॥
पाहि नाथ कहि पाहि गोसाईं ❀ भूतल परे लकुट की नाईं ॥२॥
बचन सपेम लखन पहिचाने ❀ करत प्रनामु भरत जियँ जाने ॥३॥

भाईसहित मित्र (गुह) सहित भरतजीको मन आनन्दमा डुब्यो, सबै हर्ष-शोक, सुख-दुःख बिर्सिए ॥ १ ॥ "हे नाथ ! रक्षा गर्नुहोस् हे प्रभो ! रक्षा गर्नुहोस्" भन्दै लहुरो तेर्सिएझैं जमीनमा तेर्सिनुभयो (साष्टांग दण्डवत् गर्नुभयो)। भरतजीका प्रेमसहितका वचन लक्ष्मणजीले चिन्नुभयो, भरतजी प्रणाम गर्न लाग्नुभयो भनी मनले जान्नु भयो ॥ २ ॥ ३ ॥ (क)

बंधुसनेह सरस एहिं ओरा ❀ उत साहिबसेवाँ बस जोरा ॥४॥
मिलि न जाइ नहि गुदरत बनई ❀ सुकबि लखनमन की गति भनई ॥५॥
रहे राखि सेवा पर भारू ❀ चढ़ी चंग जनु खैंच खेलारू ॥६॥

यतापट्टि भाईको सरस प्रेम छ। उतातिर स्वामीका सेवाको कड़ा नियम छ। लक्ष्मणजी भरतजीसँग न भेट्न सक्नुहुन्थ्यो, न उपेक्षा गर्न (नीचमार्न) सक्नुहुन्थ्यो। प्रतिभाशाली (अक्किलउदार) कविहरू लक्ष्मणजीका मनको गति यसरी वर्णन गर्दछन् कि "जसरी खेलाड़ी (चंगा उडाउने मानिस) चढेको चङ्गालाई लट्टाइका आश्रयले खिंच्तछ (फेरि ढिल्दछ, लट्टाइकै आधारमा चङ्गालाई राख्तछ, उडेको उड्यै हुन दिंदैन) त्यसै गरी लक्ष्मणजी सेवामा भार राखेर रहनुभयो (भेटघाट भलाकुसारी गर्नलाई चङ्गाजस्तो भई बढेको (उडेको) मनलाई लट्टाइजस्ता चाकरीले खिच्नुभयो, अर्थात् "कर्तव्यचाकरी छाडेर विनाहुकूम आपस्तसँग भेटघाट गर्नु सेवाधर्मको विरुद्ध कुरा हो" भनी सेवाधर्मलाई प्रधान संझेर भाईसँग भलाकुसारी गर्नपछि लाग्नुभएन) ॥ ४ ॥ ५ ॥ ६ ॥

कहत सप्रेम नाइ महि माथा ❀ भरत प्रनाम करत रघुनाथा ॥७॥
उठे रामु सुनि पेम अधीरा ❀ कहुँ पट कहुँ निषंग धनु तीरा ॥८॥

अनि लक्ष्मणजीले प्रेमसाथ जमीनमा शिर टेकीकन "रघुनाथ ! भरतजी प्रणाम

(क) "सच्चा सेवक (आठपहरिया जवान) ले स्वामी (मालिक) को गाथबाहेक अन्यत्र दृष्टि नै दिन हुने रहेनछ" भन्ने कुरा यताबाट बुझिन्छ। भरतजी आएर साष्टाङ्ग दण्डवत् गरुञ्ज्यालसम्म पनि लक्ष्मणजीले चिन्नुभएन (हेरेको भए चिन्नुहुन्थ्यो नहेरीकन कसरी चिन्ने ?) भरतको आवाज सुनेपछि बल्ल चिन्नुभयो।

गरिरहनुभएको छ'' भनी विन्ति गर्नुभयो ॥ ७ ॥ लक्ष्मणको वचन सुनेर रामजी अधीर भएर (हड़बडाउँदै झट्ट) उठनुभयो। झट्पट् हड़बड़माथ उठ्ता एकातिर वृक्षका बोक्राको उत्तरी (दुपट्टा) खस्यो, एकातिर ठोक्रो, एकातिर धनु, एकातिर बाण खस्यो ॥ ८ ॥

दोहा—बरबस लिए उठाइ उर लाये कृपानिधान ।
भरत राम की मिलनि लखि बिसरे सबहि अपान ॥२३३॥

करुणानिधान रामचन्द्रले झट्ट उठाएर भरतजीलाई छाती लगाउनुभयो। भरतजी र रघुनाथजीको मिलन (भेट) देखेर सबैले आफूलाई बिर्से ॥ २३३ ॥

चौ०—मिलनि प्रीति किमि जाइ बखानी ❀ कबि कुल अगम करम मन बानी ॥१॥
परम पेम पूरन दोउ भाई ❀ मन बुधि चित अहमिति बिसराई ॥२॥

त्यो मिलन (भेट) का प्रीतिको वर्णन कसरी गर्न सकिन्छ? त्यो ता कविहरूका समूहका र अरूका कर्म-मन-वचनको पनि अगम छ। दुवै भाई (राम-भरत) प्रेमपूर्ण हुनुभएको थियो, दुवै जनाले मन-बुद्धि-चित्तले म भन्ने कुरा बिर्सनुभएको थियो ॥ १ ॥ २ ॥

कहहु सुपेम प्रगट को करई ❀ केहि छाया कबिमति अनुहरई ॥३॥
कबिहि अरथ आखर बलु साँचा ❀ अनुहरि ताल गतिहि नट नाँचा ॥४॥

सज्जनहो! तपाईंहरू नै भन्नुहोस् त्यो दृढ़ रमणीय प्रेमलाई प्रकट गर्ने को सक्तछ? कुन कविकी बुद्धि त्यस प्रेमका छायामात्रको पछि लाग्न सक्तछे (प्रेमका पछि लागेर त्यसका यथार्थ स्वरूपको निरूपण कविहरू गर्लान् भन्ने ता आशै छैन, प्रेमको छायापछि [अलिअलि मिल्ने छाँटपछि] पनि लाग्न सक्तैनन्)। "कविहरूको बल वर्ण अर्थ हो" यो कुरा सत्य छ (वर्णको अर्थ लिएर कविहरू वर्णन गर्छन्) तालका गतिको अनुसरण गरेर नट नाच्तछ (तालको वास्ता नराखी नट नाच्न सक्तैन, जस्तो ताल उस्तै नाच हुनुपर्दछ अर्थात् त्यो प्रेम वचनगोचर भइदिएको भए वर्णनको अर्थ पाउँथे र कविहरू अकिल लडाएर त्यसको वर्णन गर्दथे। त्यसो नहुनाले वर्णन गर्न सक्तैनन्, ताल छैन भने जसरी नट नाच्तैन, त्यसै गरी त्यो प्रेम मनोगोचर छैन भने त्यसको वर्णन गर्ने कविहरूको मुखबाट एउटा वर्ण पनि निस्कन सक्तैन, वर्णन कसरी गर्छन्) ॥ ३ ॥ ४ ॥

अगम सनेहु भरत रघुबर को ❀ जहँ न जाइ मनु बिधि हरि हर को ॥५॥
सो मैं कुमति कहौं केहि भाँती ❀ बाज सुराग कि गाँडर ताँती ॥६॥

जहाँ ब्रह्मा विष्णु महेश्वरको मन प्रवेश गर्न सक्तैन, त्यस्तो त्यो रघुनाथजी र भरतजीको प्रेम अगम (कसैले पनि बुझ्न नसकिने) छ। त्यो प्रेमको वर्णन म कसरी गरौं?, गाँडरको तन्तुबाट (धुनीहरूको कपास धुन्ने ताँदाबाट) राम्रो राग वज्दछ र? ॥ ५ ॥ ६ ॥

मिलनि बिलोकि भरत रघुबर की ❀ सुरगन सभय धकधकी धरकी ॥७॥
समुझाए सुरगुरु जड़ जागे ❀ बरषि प्रसून प्रसंसन लागे ॥८॥

भरतजी र रघुनाथजीको मिलनि (भेट) देख्ता देवगणहरू डराए, उनको छाती

ढुकढुक गरेर धड्कन लाग्यो (रघुनाथजीलाई भरतले फर्काएर अयोध्या लगेभने रावणको अत्याचार ज्यौंका त्यौं रहने छ, अब हामीले त्यो अत्याचार कसरी खप्ने हो भनेर दुःखित भए) ॥ ७ ॥ अनि बृहस्पतिले संझाए (बुझाए) र स्वार्थले जड भएका देवगणले होश पाए, फूल वर्षाएर तिनीहरू रामचन्द्रको प्रशंसा गर्न लागे ॥ ८ ॥

दोहा–मिलि सप्रेम रिपुसूदनहि केवटु भेंटेउ राम ।
भूरि भायँ भेंटे भरत लछिमन करत प्रनाम ॥२३४॥

रामचन्द्रले प्रेमसाथ शत्रुघ्नसंग मिलेर (भेट गरेर) गुहसँग भेट गर्नुभयो । अनि प्रणाम गर्न (ढोग्न) लागेका लक्ष्मणजीसंग भरतजीले खूब प्रेमका साथ भेट गर्नुभयो ॥ २३४ ॥

चौ०–भेंटेउ लखन ललकि लघु भाई ❀ बहुरि निषादु लीन्ह उर लाई ॥१॥
पुनि मुनिगन दुहुँ भाइन्ह बंदे ❀ अभिमत आसिष पाइ अनंदे ॥२॥

लक्ष्मणजीले लम्केर कान्छाभाई शत्रुघ्नसँग भेट गर्नुभयो, फेरि गुहलाई छाती लगाउनुभयो ॥ १ ॥ फेरि दुवै भाईले मुनिवर्गको वन्दना गर्नुभयो, मनमुताबिक आशिष पाउँदा आनन्दित हुनुभयो ॥ २ ॥

सानुज भरत उमगि अनुरागा ❀ धरि सिर सियपद पदुम परागा ॥३॥
पुनि पुनि करत प्रनाम उठाए ❀ सिर कर कमल परसि बैठाए ॥४॥

भाईसहित भरतजी प्रेम उम्लेर आउँदा सीताजीका चरणकमलको धूलो शिरमा राखेर वारंवार ढोग्दिन लाग्नुभयो, सीताजीले माथमा हात राखेर उठाउनुभयो र बसाउनुभयो ॥ ३ ॥ ४ ॥

सीयँ असीस दीन्हि मन माहीं ❀ मगन सनेह देहसुधि नाहीं ॥५॥
सब बिधि सानुकूल लखि सीता ❀ भे निसोच उर अपडर बीता ॥६॥

सीताजीले मनै मनले आशिष दिनुभयो, (किनभने ?) वहाँ स्नेहमा डुब्नुभएको थियो. शरीरसम्मको सुद्धिबुद्धि थिएन ॥ ५ ॥ सीताजीलाई सब तरहबाट प्रसन्न देख्ता भरतजीको शोक हऱ्यो, हृदयमा लागेको व्यर्थको डर पनि समाप्त भयो ॥ ६ ॥

कोउ किछु कहइ न कोउ किछु पूँछा ❀ प्रेमभरा मनु निज गति छूछा ॥७॥
तेहि अवसर केवटु धीरजु धरि ❀ जोरि पानि बिनवत प्रनामु करि ॥८॥

त्यस वेलामा न कोही केही भन्दथे, न कोही केही सोद्धथे । मन प्रेमले भरिपूर भएको थियो, मनको गति (संकल्पविकल्प = आँट) बिलकुल थिएन ॥ ७ ॥ त्यसै वेलामा गुहले धैर्य धारण गरेर दुई हात जोरीकन प्रणाम गर्दै विन्ति गरे ॥ ८ ॥

दोहा–नाथ साथ मुनिनाथ कें मातु सकल पुरलोग ।
सेवक सेनप सचिव सब आए बिकल बियोग ॥२३५॥

“हे नाथ ! वशिष्ठ मुनीश्वरका साथमा वियोगले व्याकुल भएका सकल माताजीहरू नगरनिवासी नरनारीहरू, सेवकहरू, सेनापति र मन्त्रीहरू सबै आएका छन् ॥ २३५ ॥

चौ०–सीलसिंधु सुनि गुर आगवनू ❀ सिय समीप राखे रिपुदवनू ॥१॥
चले सबेग रामु तेहि काला ❀ धीर धरमधुर दीनदयाला ॥२॥

शीलका सागर, धैर्य र धर्मका हकमा धुरन्धर, दीनका उपर दयालु, यस्ता रामचन्द्रजीले गुरुको आगमनवृत्तान्त सुन्नुभयो र सीताजीका साथमा शत्रुघ्नजीलाई राखेर आफू तत्कालैमा वेगका साथ (केही लम्केर) पाल्नुभयो ॥ १ ॥ २ ॥

गुरहि देखि सानुज अनुरागे ❀ दंड प्रनाम करन प्रभु लागे ॥३॥
मुनिवर धाइ लिये उर लाई ❀ प्रेम उमगि भेंटे दोउ भाई ॥४॥

गुरुको दर्शन पाउँदा भाईसहित रघुनाथजी प्रसन्न हुनुभयो र साष्टांग दण्डवत् प्रणाम गर्न लाग्नुभयो, मुनिवर वशिष्ठको प्रेम उर्लेर आयो, उनले दुवै भाईलाई लंकीकन उठाएर छाती लगाए, भेटघाट गरे ॥ ३ ॥ ४ ॥

प्रेम पुलकि केवट कहि नामू ❀ कीन्ह दूरि तें दंड प्रनामू ॥५॥
रामसखा रिषँ बरबस भेंटा ❀ जनु महि लुठत सनेहु समेटा ॥६॥

प्रेमले रोमाञ्चित भएर गुहले आफ्नू नाम बताईकन टाढैबाट दण्डवत् प्रणाम गरे ॥५॥ वशिष्ठमुनिले (आफ्ना साथसाथै आएका हुन् तापनि रामजीका प्रेमले मस्त भएर अरूले प्रणाम गर्दा गतानुगतिले प्रणाम गर्न लागेका) रामजीका मित्र गुहसँग आग्रहसाथ भेट गरे, (उठाएर छाती लगाए) (उठाएर गुहलाई छातीलाउनु क्या होभने) जमीनमा लटपट गर्नलागेको प्रेमलाई समेटेर अँगालो हालेको हो ॥ ६ ॥

रघुपतिभगति सुमंगलमूला ❀ नभ सराहि सुर बरिसहिं फूला ॥७॥
एहि सम निपट नीच कोउ नाहीं ❀ बड़ बसिष्ठ सम को जग माहीं ॥८॥

कल्याणको मूलकारण भएकी रघुनाथजीका भक्तिको सह्रनी गरेर देवताहरू आकाशबाट फूल वर्षाउन लागे (अनि ती भन्नलागे–) यो निषादजस्तो बिलकुल नीच जगत्मा कोही छैन, वशिष्ठजस्तो ठूलो व्यक्ति जगत्मा को छ ? (तथापि) ॥ ७ ॥ ८ ॥

दोहा–जेहि लखि लखनहुँ तें अधिक मिले मुदित मुनिराउ ।
सो सीतापति भजनको प्रगट प्रताप प्रभाउ ॥२३६॥

जसलाई देखेर वशिष्ठजीले लक्ष्मणका पालामा भन्दा बढ्ता गरेर मनलाई आनन्दित गराईकन भेट गरे, त्यो सीतापति रामचन्द्रका भजनका प्रतापको प्रभाव प्रकट भएको हो ॥ २३६ ॥

चौ०–आरत लोगु राम सबु जाना ❀ करुनाकर सुजान भगवाना ॥१॥
जो जेहि भायँ रहा अभिलाषी ❀ तेहि तेहि कै तसि तसि रुख राखी ॥२॥
सानुज मिलि पल महँ सब काहू ❀ कीन्ह दूरि दुखु दारुन दाहू ॥३॥

दयानिधान ज्ञानवान् भगवान् रामचन्द्रले सबैजनालाई दुःखित जान्नुभयो ॥ १ ॥ जो व्यक्ति जुन भावको अभिलाषा गर्दथ्यो त्यसत्यसलाई त्यस्तै त्यस्तै भाव (ख्याल) राखेर भाईसहित भई भेट गरीकन एकछिनमा सबैको दुःख र कड़ा सन्तापलाई दूर गर्नुभयो ॥ २ ॥ ३ ॥

येह बड़ि बात राम कै नाहीं ❀ जिमि घट कोटि एक रबिछाहीं ॥४॥
मिलि केवटहि उमगि अनुरागा ❀ पुरजन सकल सराहहिं भागा ॥५॥
देखीं राम दुखित महतारीं ❀ जनु सुबेलि अवलीं हिममारीं ॥६॥

जस्तै करोड़ौं घडामा योटा सूर्यको प्रतिबिम्ब पर्नु बड़ो बात होइन, त्यस्तै रामजीका हकमा यो बड़ो बात होइन ॥ ४ ॥ अयोध्यानिवासीहरूको प्रेम उर्लेर आयो र गुहसँग भेट गरीकन आफ्ना भाग्यको सराहना गर्न लागे ॥ ५ ॥ तुषाराले मारेका असल लताहरूजस्तै भएर दुःखित हुनगएका आफ्नी माताहरूलाई रामजीले देख्नुभयो ॥ ६ ॥

प्रथम राम भेंटी कैकेई ❀ सरल सुभायँ भगति मति भेई ॥७॥
पग परि कीन्ह प्रबोधु बहोरी ❀ काल करम बिधि सिर धरि खोरी ॥८॥

सरल स्वभाव भैसकेकी, बुद्धिलाई भक्तिले भिजाएकी (भक्तिभावले आर्द्रचित्त भएकी) कैकेयीसँग रामजीले पहिले भेट गर्नुभयो । अनि जम्मै दोषलाई काल, कर्म, विधाता, यिनका टाउकामा हालेर (यो सबै घटना गराउने काल हो, कर्म हो, विधाता हो भनेर) कैकेयीका पाउमा परीकन ज्ञानोपदेश गर्नुभयो ॥ ७ ॥ ८ ॥

दोहा-भेंटी रघुबर मातु सब करि प्रबोधु परितोषु ।
अंब ईस आधीन जगु काहु न देइअ दोषु ॥२३७॥

अनि रघुनाथजीले अरू सबै माताहरूसँग भेट गर्नुभयो र “माता ! यो जगत् ईश्वरको अधीनमा छ, कसैलाई दोष दिनुछैन” भनी बुझाएर सबैलाई प्रसन्न पार्नुभयो ॥ २३७ ॥

चौ०-गुरतिय पद बंदे दुहुँ भाई ❀ सहित बिप्रतिअ जे सँग आईं ॥१॥
गंग गौरी सम सब सनमानीं ❀ देहिं असीस मुदित मृदु बानीं ॥२॥

ब्राह्मणका स्त्रीहरू जो साथमा आएका थिए, तिनीहरूले सहित भएका गुरुपत्नीहरूलाई दुवै भाईले वन्दना गर्नुभयो र सबैलाई गङ्गा गौरीसमान संझेर सम्मान गर्नुभयो । तिनीहरूले हर्षित भईकन आशिष दिए ॥ १ ॥ २ ॥

गहि पद लगे सुमित्रा अंका ❀ जनु भेंटी संपति अति रंका ॥३॥
पुनि जननीचरननि दोउ भ्राता ❀ परे पेमब्याकुल सब गाता ॥४॥

अनि दुवै भाई सुमित्राका पाउमा परेर काखमा लुटुपुटु गर्न लाग्नुभयो, अत्यन्त कंगालले ठूलो दौलत भेट्टाएजस्तो भयो । फेरि प्रेमले सब अङ्ग शिथिल भएका दुवै भाई कौशल्या माताका पाउमा पर्नुभयो ॥ ३ ॥ ४ ॥

अति अनुराग अंब उर लाए ❀ नयन सनेहसलिल अन्हवाए ॥५॥
तेहि अवसर कर हरष बिषादू ❀ किमि कबि कहइ मूक जिमि स्वादू ॥६॥

माता कौशल्याजीले अत्यन्त प्रेमका साथ उठाएर हृदयमा लगाउनुभयो, दुवै भाईलाई नेत्रका प्रेमजलले (प्रेमाश्रुले) नुहाइदिनुभयो (हर्षाश्रुको धारा चल्यो, दुवै भाई भिजे) ॥ ५ ॥ त्यस वेलाका हर्ष विषादको वर्णन कविहरू कसरी गरून् ? लाटाले मीठा पदार्थको स्वाद वर्णन गर्न नसकेजस्तै भयो ॥ ६ ॥

मिलि जननिहि सानुज रघुराऊ ❀ गुर सन कहेउ कि धारिअ पाऊ ॥७॥
पुरजन पाइ मुनीसनियोगू ❀ जल थल तकि तकि उतरेउ लोगू ॥८॥

भाईसमेत रघुनाथजीले माताहरूसँग भेट गरिसकेपछि गुरु वशिष्ठजीलाई "आश्रममा जाउँ पाल्नुहोस्" भन्नुभयो। नगरनिवासीहरू वशिष्ठजीको आज्ञा पाएर जलथल हेरी हेरी (त्यत्रो समाजलाई सुविस्ता हुने ठाउँको र पानीको अनुकूल पारी पारी) उत्रे (वासको तर्खर गर्नलागे ॥ ७ ॥ ८ ॥

दोहा–महिसुर मंत्री मातु गुर गने लोग लिए साथ।
पावन आश्रमु गवन किए भरत लखन रघुनाथ ॥२३८॥

ब्राह्मण, मन्त्री, माताहरू, गुरु इत्यादि मुख्य मुख्य मानिसलाई साथमा लिएर भरत, लक्ष्मणसहित रघुनाथजी आफ्नो पवित्र आश्रमतर्फ पाल्नुभयो ॥ २३८ ॥

चौ०–सीय आइ मुनिबर पग लागी ❀ उचित असीस लही मन मागी ॥१॥
गुरपतिनिहि मुनितियन्ह समेता ❀ मिलीं पेमु कहि जाइ न जेता ॥२॥

सीताले आएर गुरुलाई पाउलागी गर्नुभयो, मनमाफिक उचित आशिष पाउनुभयो ॥ १ ॥ अनि मुनिपत्नीहरूले सहित भएका गुरुपत्नीहरूसँग भेट गर्नुभयो, त्यस वेलाको प्रेम जति थियो, त्यो वर्णन गर्न सकिँदैन ॥ २ ॥

बंदि बंदि पग सिय सबही के ❀ आसिरबचन लहे प्रिय जी के ॥३॥
सासु सकल जब सीयँ निहारीं ❀ मूदे नयन सहमि सुकुमारीं ॥४॥

सीताजीले वन्दना गर्नुपर्ने सबैजनाका पाउमा वन्दना गर्नुभयो, मनचिन्तित आशीर्वाद पनि पाउनुभयो। सुकुमारी सीताजीलाई हेर्दा सबै सासूहरूले भरंग भएर आँखा चिम्ले ॥ ३ ॥ ४ ॥

परी बधिकबस मनहुँ मरालीं ❀ काह कीन्ह करतार कुचालीं ॥५॥
तिन्ह सिय निरखि निपट दुखु पावा ❀ सो सबु सहिय जो दैउ सहावा ॥६॥

सीताजी मानौं व्याधाका कब्जामा परेकी हंसिनी हुन् कि ? (भनेजस्ती हुनुहुन्थ्यो) "ईश्वरले यो के कुचाल गरेको होला" भनी सबैले मनमा विचार गरे ॥ ५ ॥ तिनीहरूले सीताजीलाई देख्ता फगत दुःख मात्रै पाए, (के लाग्दछ ?) दैवले जे सहाउँछ त्यो सबै सहनु पर्छ ॥ ६ ॥

जनकसुता तब उर धरि धीरा ❀ नील नलिन लोचन भरि नीरा ॥७॥
मिली सकल सासुन्ह सिय जाई ❀ तेहि अवसर करुना महि छाई ॥८॥

अनि (गुरुपत्नीहरूसँग भेट गरिसकेपछि) नीलकमलजस्ता नयनमा भरिभराउ जल भएकी (गह्भरी आँसु भएकी) सीताजी धैर्य धारणा गरेर गईकन सासूहरूका समाजको भेट गर्न लाग्नुभयो । त्यस वेलामा करुणाले रामाश्रमको जमीनलाई ढाक्यो ॥ ७ ॥ ८ ॥

दोहा–लागि लागि पग सबनि सिय भेंटति अति अनुराग ।
हृदयँ असीसहिं पेमबस रहिअहु भरी सोहाग ॥२३९॥

सीताजी सबैको पाउ परी-परी अत्यन्त प्रेमले भेट गर्न लाग्नुभयो, प्रेमवश भएका (मुखले बोलन नसक्ने) सासूहरू हृदयले सौभाग्यवती भए भनी आशिष दिन्थे ॥ २३९ ॥

चौ०–बिकल सनेह सीय सब रानीं ❀ बैठन सबहि कहेउ गुर ग्यानीं ॥१॥
कहि जगगति मायिक मुनिनाथा ❀ कहे कछुक परमारथ गाथा ॥२॥

सीताजी र सबै रानीहरू स्नेहले व्याकुल भए, ज्ञानवान् वशिष्ठ गुरुले सबैलाई बस्ने आज्ञा दिए ॥ १ ॥ अनि उनले रचना गरिएका (वस्तुतः मिथ्या भएका) जगत्को गति बताएर केही केही परमार्थका कुरा गरे ॥ २ ॥

नृप कर सुरपुर गवनु सुनावा ❀ सुनि रघुनाथ दुसह दुखु पावा ॥३॥
मरन हेतु निज नेहु बिचारी ❀ भे अति बिकल धीर धुर धारी ॥४॥

वशिष्ठले महाराज दशरथको स्वर्गवास सुनाए, त्यो सुन्दा रघुनाथलाई दुःसह दुःख लाग्यो ॥ ३ ॥ पिताजीका मरणको कारण आफ्ना उपरको स्नेह भएछ भन्ने विचार गर्दा धीरधुरन्धर रघुनाथजी अत्यन्त व्याकुल हुनुभयो ॥ ४ ॥

कुलिस कठोर सुनत कटु बानी ❀ बिलपत लखन सीय सब रानी ॥५॥
सोकबिकल अति सकल समाजू ❀ मानहुँ राजु अकाजेउ आजू ॥६॥

वज्रजस्तो कठोर भएको अप्रिय वचन सुन्दा लक्ष्मण, सीता, सबै रानीहरू विलाप गर्न लाग्नुभयो ॥ ५ ॥ सारा समाज शोकले अत्यन्त व्याकुल भयो, मानौं आजै राजा दशरथको मरण भएको हो कि ? (भनेजस्तो भयो) ॥ ६ ॥

मुनिबर बहुरि राम समुझाए ❀ सहित समाज सुसरित नहाए ॥७॥
ब्रतु निरंबु तेहि दिन प्रभु कीन्हा ❀ मुनिहुँ कहें जलु काहु न लीन्हा ॥८॥

फेरि मुनीश्वर वशिष्ठजीले रामजीलाई संझाए, अनि सबैजनाले सहित भई रामजीले श्रेष्ठ नदी (मंदाकिनी) मा स्नान गर्नुभयो । त्यस दिन रघुनाथजीले निरम्बुव्रत (जलसमेत नपिउने नियम) गर्नुभयो, वशिष्ठ मुनिले भन्दा पनि कसैले पानी पनि पिएन ॥ ७ ॥ ८ ॥

दोहा–भोरु भयें रघुनंदनहि जो मुनि आयसु दीन्ह ।
श्रद्धा भगति समेत प्रभु सो सबु सादर कीन्ह ॥२४०॥

भोलिपल्ट बिहान भएपछि वशिष्ठ मुनिले जे जे आज्ञा दिए त्यो त्यो काम रघुनाथजीले श्रद्धा सहित भैकन आदरसाथ गर्नुभयो ॥ २४० ॥

चौ०—करि पितुक्रिया बेद जसि बरनी ❀ भे पुनीत पातक तम तरनी ॥१॥
जासु नाम पावक अघ तूला ❀ सुमिरत सकल सुमंगल मूला ॥२॥
सुद्ध सो भएउ साधु संमत अस ❀ तीरथ आवाहन सुरसरि जस ॥३॥

वेदमा जस्तो वर्णन गरेको छ तदनुसार पिताको क्रिया गरेर पातक तम तरणि (पापरूपी अन्धकार हटाउनालाई सूर्यस्वरूप भएका रघुनाथजी) शुद्ध हुनुभयो ॥ १ ॥ "जसको नाम पापरूपी कपासका हकमा आगो छ, जसको नाम संझिनेबित्तिकै सकल कल्याणको मूल कारण हुन आउँछ, "उनै रामचन्द्रजी क्रिया गर्दा शुद्ध हुनु भयो" यस्तो शिष्टहरूको संमति छ, यो संमति गङ्गाजी प्रभृतिमा स्नान गर्दा अरू तीर्थको आवाहन गर्नु भनेजस्तै हो ॥ २ ॥ ३ ॥ (क)

सुद्ध भयें दुइ बासर बीते ❀ बोले गुर सन राम पिरीते ॥४॥
नाथ लोग सब निपट दुखारी ❀ कंद मूल फल अंबु अहारी ॥५॥
सानुज भरतु सचिव सब माता ❀ देखि मोहि पल जिमि जुग जाता ॥६॥

शुद्ध भएर दुई दिन बितेपछि रामचन्द्रजीले प्रीतिसाथ गुरुसंग भन्नुभयो, "प्रभु ! सबैजना कन्दमूल, फलफूल पानी मात्रै खाँदा बिलकुल दुःखित भए ॥ ४ ॥ ५ ॥ भाईसहित भरतलाई र मन्त्रिवर्ग र सबै माताहरूलाई देख्ता मलाई १ पला पनि १ युगसमान भएर बित्तछ ॥ ६ ॥

सब समेत पुर धारिअ पाऊ ❀ आपु इहाँ अमरावति राऊ ॥७॥
बहुतु कहेउँ सब कियेउँ ढिठाई ❀ उचित होइ तस करिअ गोसाँई ॥८॥

तपाईं सबैजनाका साथ अयोध्यातर्फ पाउकष्ट गर्नुहोस्, तपाईं यहाँ, महाराज अमरावतीनगरीमा (अयोध्याको के गति होला ?) मैले धेरै बढेर कुरा गरें, यो जम्मै धृष्टता गरेको हुँ, प्रभु ! जो उचित छ, त्यही गर्नुहोस्", ॥ ७ ॥ ८ ॥ (वशिष्ठजी भन्दछन्) ।

दोहा—धरमसेतु करुनायतन कस न कहहु अस राम ।
लोग दुखित दिन दुइ दरसु देखि लहहुँ बिश्राम ॥२४१॥

हे राम ! धर्मसेतु (धर्मरक्षक) करुणानिवास हजूर यस्तो किन भन्नुहुँदैनथ्यो ? दुःखित भएका सबैजना दुई दिन हजूरको दर्शन गरेर विश्राम गरिरहेका छन् ॥ २४१ ॥

(क) पतितपावन त्रैलोक्यपवित्रा गङ्गाजी स्वतःपवित्र हुनुहुन्छ । वहाँलाई पावित्र्यका निमित्त तीर्थान्तरको गरज छैन, तथापि गङ्गाजीमा स्नानादि गर्दा शिष्टहरूले तीर्थान्तरको स्मरण गरिआएका छन्, "गङ्गाजी अशुद्ध छन् र अरू तीर्थ गुहानुपर्‍यो ?" भनी सोद्धा "त्यो ता होइन बाबु ! शिष्टहरूले गरिआएको चलन गर्नुपर्छ, तीर्थान्तरको स्मरणजन्य-धर्म पनि हुन्छ, मर्यादा पनि सुरक्षित हुन्छ, तीर्थान्तरको स्मरण गर्दा तिम्रो केही हानि हुन्छ भने नगर, गङ्गाजीमा स्नान गरेपछि अवश्य शुद्ध हुन्छौ" भन्छन् । अर्थात् लोकसंग्रहलाई उद्देश्य गर्ने मर्यादापुरुषोत्तम रामचन्द्रजीलाई केवल आदर्श पुरुष मात्र मान्ने दृष्टिवालालाई लिएर रामचन्द्र शुद्ध हुनुभयो भनेको हो, वहाँको शुद्धता स्वाभाविक छ, शुद्धताका निमित्त वहाँले कर्म गरेको मनुष्यको कर्तव्य देखाएको हो ।

चौ०–रामबचन सुनि सभय समाजू ❀ जनु जलनिधि महुँ बिकल जहाजू ॥१॥
सुनि गुरगिरा सुमंगलमूला ❀ भयेउ मनहुँ मारुत अनुकूला ॥२॥

रामजीका वचन सुन्दा (अयोध्या फर्कने कुरा सुन्दा) सारा समाज समुद्रमा जहाज डुब्न लागेका वेलामा झैं भयभीत भएथ्यो (दुई दिन विश्राम गरून् थाकेका छन् यस्तो) मंगलकारी गुरु वशिष्ठको वचन सुन्दा मानौं समुद्रको हावा अनुकूल भयो (अब जहाज डुब्दैन, हावा ठीक चल्यो) भनेजस्तो भयो (र निर्भय भयो) ॥ १ ॥ २ ॥

पावनि पय तिहुँ काल नहाहीं ❀ जो बिलोकि अघ ओघ नसाहीं ॥३॥
मंगलमूरति लोचन भरि भरि ❀ निरखहिं हरषि दंडवत करि करि ॥४॥
राम सैल बन देखन जाहीं ❀ जहँ सुख सकल सकल दुख नाहीं ॥५॥

तिनीहरू जसका दर्शनमात्रले पापका समूह नष्ट हुन्छन् , त्यस्ती मन्दाकिनीका पवित्र जलमा तीनै काल (प्रातःकाल मध्याह्न सायाह्न) मा नुहाउँथे ॥ ३ ॥ मंगलमूर्ति भगवान् रामचन्द्रलाई सहर्ष भईकन बारंबार दण्डवत् गरेर आँखाभरी हेर्दथे ॥ ४ ॥ जहाँ सबै तरहको सुख मौजूद छ, कुनै दुःख छैन त्यस्तो रामजीले निवास गरेको चित्रकूट र त्यतातिरको वन हेर्न जान्थे ॥ ५ ॥

झरना झरहिं सुधा सम बारी ❀ त्रिबिध तापहर त्रिबिध बयारी ॥६॥
बिटप बेलि तृन अगनित जाती ❀ फल प्रसून पल्लव बहु भाँती ॥७॥
सुंदर सिला सुखद तरुछाहीं ❀ जाइ बरनि बनछबि केहि पाहीं ॥८॥

जहाँ छहराहरू अमृतसमान जल झारिरहेका छन् , जहाँ तीन प्रकारको (ठण्डा मन्द, सुगन्ध) हावा, तीन प्रकारको ताप (आध्यात्मिक, आधिदैविक, आधिभौतिक ताप) हरण गर्दछ ॥ ६ ॥ अगणित जाति (अनगिन्ती जातका) वृक्ष लता तृण छन् , अनेक भाँतिका फल, फूल पल्लव छन् ॥ ७ ॥ वृक्षका छाया छायामा सुविस्ता दिने राम्रा राम्रा पत्थर पडिरहेका छन् , त्यस वनको शोभा कुन सकसबाट वर्णन गर्न सकिएला ? ॥ ८ ॥

दोहा–सरनि सरोरुह जलबिहग कूजत गुंजत भृंग ।
बैर बिगत बिहरत बिपिन मृग बिहंग बहुरंग ॥२४२॥

तलाउ तलाउमा कमल फूलिरहेका छन् , जलपक्षी मीठो बोली बोलिरहेका छन् । भ्रमरहरू गुञ्जन गरिरहेका छन् , परस्पर वैरभाव नगर्ने अनेक वर्ण भएका हरिण, पक्षी वन वनमा टहलिरहेका छन् ॥ २४२ ॥

चौ०–कोल किरात भिल्ल बनबासी ❀ मधु सुचि सुंदर स्वाद सुधा सी ॥१॥
भरि भरि परनपुटीं रचि रूरीं ❀ कंद मूल फल अंकुर जूरीं ॥२॥
सबहि देहिं करि बिनय प्रनामा ❀ कहि कहि स्वाद भेद गुन नामा ॥३॥

कोल, किरात, भिल्ल, इत्यादि वनवासीहरू, राम्रा राम्रा पर्णपुट (दोना = खोचा) बनाएर, तिनमा सफा राम्रो अमृतजस्तो मीठो मह, कन्द-मूल, फल, अंकुर भरीभरी झूसी पारेर

विनयपूर्वक प्रणाम गरीकन ती पदार्थको स्वाद, भेद, गुण, नाम बताई बताईकन सबैलाई दिन्थे ॥ १ ॥ २ ॥ ३ ॥

देहिं लोग बहु मोल न लेहीं ❀ फेरत रामदोहाई देहीं ॥४॥
कहहिं सनेहमगन मृदु बानी ❀ मानत साधु पेम पहिचानी ॥५॥
तुम्ह सुकृति हम नीच निषादा ❀ पावा दरसनु रामप्रसादा ॥६॥
हमहिं अगम अति दरसु तुम्हारा ❀ जस मरुधरनि देवसरिधारा ॥७॥
रामकृपाल निषाद नेवाजा ❀ परिजन प्रजउ चहिअ जस राजा ॥८॥

तिनीहरू किरात कोलहरूलाई मालको मोल धेरै दिन्थे, किरातहरू लिंदैनथे, माल फिर्ता गर्दा रामको दुहाई दिन्थे (राम ! राम ! के भन्नुभयो ? भन्थे) तिनीहरू प्रेम पहिचानेर भरतजीका मानिसलाई बेश ठान्दथे, प्रेममग्न भएर मधुर वचन बोल्दथे—"तपाईंहरू पुण्यात्मा, हामीहरू नीच निषाद हौं, रामजीका अनुग्रहले तपाईंहरूको दर्शन पायौं ॥ ४ ॥ ५ ॥ ६ ॥ तपाईंहरूको दर्शन हामीहरूलाई मरुभूमि (मारवाडदेश) मा गंगाजीको धाराजस्तै अति दुर्लभ हो ॥ ७ ॥ रामजी दयालु र निषादका उपर करुणा गर्ने हुनुहुन्छ, वहाँका नोकर-चाकर, आपस्तहरूले पनि जस्तो मालिक उस्तै हुनुपर्छ ॥ ८ ॥

दोहा—यह जियँ जानि सँकोचु तजि करिअ छोहु लखि नेहु ।
हमहिं कृतारथ करन लगि फल तृन अंकुर लेहु ॥२४३॥

यो कुरा मनमा जानेर संकोच छाडीकन, हाम्रो प्रेम देखेर दया गर्नुपर्दछ, हामीहरूलाई कृतार्थ गर्नाका निमित्त यो फल-तृण-अंकुर लीदिनुहोस् ॥ २४३ ॥

चौ०—तुम्ह प्रिय पाहुने बन पगु धारे ❀ सेवाजोगु न भाग हमारे ॥१॥
देब काह हम तुम्हहि गोसाईं ❀ ईंधनु पात किरात मिताईं ॥२॥
यह हमारि अति बड़ि सेवकाई ❀ लेहिं न बासन बसन चोराई ॥३॥

तपाईंहरू प्यारा पाहुना भएर वनमा पाल्नुभयो, हाम्रो भाग्य तपाईंहरूको सेवा गर्नलायक छैन ॥ १ ॥ प्रभु ! तपाईंहरूलाई हामी के दिउँला ? किरात भिल्लहरूसंगको मित्रता हुँदा हुने फाइदा दाउरा पात यत्ति न हो ? ॥ २ ॥ हामीहरू भाँडा-बर्तन लत्ता-कपड़ा चोर्दैनौं, हाम्रो अत्यन्त ठूलो सेवा (चाकरी) यही हो ॥ ३ ॥

हम जड़ जीव जीवगन घाती ❀ कुटिल कुचाली कुमति कुजाती ॥४॥
पाप करत निसि बासर जाहीं ❀ नहि पट कटि नहि पेट अघाहीं ॥५॥
सपनेहुँ धरमबुद्धि कस काऊ ❀ यह रघुनंदन दरस प्रभाऊ ॥६॥

हामीहरू जीवन्तुलाई मार्ने जडजन्तु (प्राणी) हौं, कुटिल छौं, अनाचारी छौं, कुबुद्धि छौं, कुजात छौं, ॥ ४ ॥ पाप गर्दागर्दै रातदिन बित्तछन् , कम्मर ढाक्ने धरो छैन, पेट अघाउँदैन ॥ ५ ॥ सपनामा पनि धर्मबुद्धि भनेको कस्तो हो ? (थाहा छैन) । यो रघुनन्दन रामजीका दर्शनको प्रभाव हो ॥ ६ ॥ (के भने ?)

जब तें प्रभुपद पदुम निहारे ❀ मिटे दुसह दुख दोष हमारे ॥७॥
बचन सुनत पुरजन अनुरागे ❀ तिन्ह के भाग सराहन लागे ॥८॥

जैलेदेखि प्रभु रामचन्द्रजीका चरणकमलको दर्शन पाएथ्यौं, उहिलेदेखि हाम्रा असह्य दुःख र दोष मेटिए" । यस्ता प्रकारका वचन सुन्दा नगरनिवासीहरू प्रसन्न भए, ती कोल किरातहरूका भाग्यको सहनी गर्न लागे ॥ ७ ॥ ८ ॥

छन्द–लागे सराहन भाग सब अनुरागबचन सुनावहीं ।
बोलनि मिलनि सिय राम चरन सनेहु लखि सुखु पावहीं ॥
नर नारि निदरहिं नेहु निज सुनि कोक भिलनि की गिरा ।
तुलसी कृपा रघुबंसमनि की लोह लै लौका तिरा ॥१०॥

कोल किरात भिल्लहरूका वचन सुन्दा नगरनिवासी नरनारीहरू तिनका भाग्यको तारीफ गर्न लागे, प्रेमवचन सुनाउन लागे, तिनको बोलचाल मेल मिलाप र सीतारामका चरणमा प्रेम देख्ता आनन्दित भएर आफ्ना प्रेमको (आफूले रामजीका उपर गरेका प्रेमको) अनादर गर्न लागे (हाम्रो के प्रेम ? यिनीहरूको प्रेम पो प्रेम, स्याबास ! भन्न लागे)। (तुलसीदास भन्दछन्) लोह (डुब्नुपर्ने फलामजस्तो कोल किरातको समाज) रघुनाथजीको कृपारूपी नाउलाई लिएर (नाउमा लागेर) तर्‍यो (पार भयो)। (गह्रौं फलाम पनि कीला काँटा भएर नाउमा लाग्दा तर्दछ, सहाय पाएको छैन भने एउटा सियो पनि स्वयं तर्न सक्तैन, सहाय (नाउ) पाउँदा धार्नीका धार्नी फलाम पनि पानीमाथि उत्रन्छ, पारी पनि पुग्दछ, डुब्दा पनि डुब्दैन, गड्नलायक भएका कोलकिरातहरू रामजीका कृपामा टाँसिएका (लागेका) हुनाले तरे, सद्गति पाए) ॥ १० ॥

सोरठा–बिहरहिं बन चहुँ ओर प्रतिदिन प्रमुदित लोग सब ।
जल ज्यों दादुर मोर भये पीन पावस प्रथम ॥१०॥

जसरी वर्षाका प्रारंभमा जल पाउँदा भ्यागुता र मयूरहरू पुष्ट हुन्छन् र आनन्दित हुन्छन्, त्यसै गरी नगरनिवासी तिनीहरू सबैजना प्रतिदिन वनका चारौंतर्फ विहार गर्दथे र आनन्दित हुन्थे ॥ १० ॥

चौ०–पुर नर नारी मगन अति प्रीती ❀ बासर जाहिं पलक सम बीती ॥१॥
सीय सासु प्रति बेष बनाई ❀ सादर करइ सरिस सेवकाई ॥२॥
लखा न मरमु राम बिनु काहूँ ❀ माया सब सियमाया माहूँ ॥३॥
सीयँ सासु सेवाबस कीन्ही ❀ तिन्ह लहि सुख सिख आसिष दीन्हीं ॥४॥

नगरका नरनारीहरू प्रीतिमा अत्यन्त मग्न थिए, एक पलाजस्तै भएर दिन बितेर जान्थे ॥ १ ॥ सीताजीले सासूपीछे १।१ वेष बनाएर (सासू जतिजना थिए उति रूप लिएर) आदरका साथ समान सेवा गर्नुहुन्थ्यो ॥ २ ॥ रामजीबाहेक यो रहस्य कसैले थाहा पाएन ।

(किनभने) महामाया सीताजीका मायामा सबै माया रहेका छन् (त्यसैले त्यो मायालाई अरूले जानेन, मायापतिले जान्नुभयो) ॥ ३ ॥ सीताजीले सासूहरूलाई सेवाले वश पार्नुभयो (रिझाउनुभयो) तिनीहरूले सुख पाएर सीताजीलाई अर्ती शिक्षा र आशिष दिए ॥ ४ ॥

लखि सिय सहित सरल दोउ भाई ❀ कुटिल रानि पछितानि अघाई ॥५॥
अवनि जमहि जाचति कैकेई ❀ महि न बीचु बिधि मीचु न देई ॥६॥

सीतासहित दुवै भाईलाई (राम लक्ष्मणलाई) सरल स्वभाव देख्ता कुटिल रानी कैकेयी खूब पछिताउँथिन् । पृथ्वी र यमराजसँग प्रार्थना गर्दथिन् , (प्रार्थना पूर्ण हुँदैनथ्यो र) “मलाई पृथ्वीले अन्तर (फाटेर परेका भ्वाङ) पनि दिन्नन् , यमराजले त्यही भ्वाङमा खसालेर मार्दैनन् , विधाताले मृत्यु पनि दिदैनन्” भन्दथिन् ॥ ५ ॥ ६ ॥

लोकहुँ बेद बिदित कबि कहहीं ❀ रामबिमुख थलु नरक न लहहीं ॥७॥
यहु संसउ सब कें मन माही ❀ रामगवनु बिधि अवध कि नाहीं ॥८॥

यो कुरा लोक र वेदमा प्रसिद्ध छ, कविहरू पनि भन्दछन्, (के भने ?) रामजीदेखि विमुख भएका व्यक्ति नरकमा पनि ठाउँ पाउँदैनन् (नरकनिवासीहरू पनि तिनीहरूलाई छिः छिः दूरदूर गर्दछन्) ॥ ७ ॥ सबैका मनमा “हे विधाता ! रामजी अयोध्या जानुहुन्छ कि जानुहुन्न” यही संशय थियो ॥ ८ ॥

दोहा–निसि न नींद नहि भूख दिन भरतु बिकल सुठि सोच ।
नीच कीच बिच मगन जस मीनहि सलिलसँकोच ॥२४४॥

भरतलाई ठूलो फिक्री थियो, राती नींद थिएन, दिउँसो भोक थिएन । पानीको न्यूनताले तल हिलामा रहेका माछालाई जत्तिको कष्ट हुन्छ, त्यत्तिकै कष्ट थियो ॥ २४४ ॥

चौ०–कीन्हि मातु मिस काल कुचाली ❀ ईति भीति जस पाकत साली ॥१॥
केहि बिधि होइ राम अभिषेकू ❀ मोहि अवकलत उपाउ न एकू ॥२॥

कालले मेरी माताको छल गरेर यो कुचाल गर्‍यो, धान पाक्न लाग्दा सलह सुगा मूसा इत्यादिको उपद्रव भएजस्तो भयो ॥ १ ॥ रामजीको राज्याभिषेक कुन प्रकारले होला ? मलाई यौटा उपाय पनि सुझ्दैन ॥ २ ॥

अवसि फिरहिं गुर आयसु मानी ❀ मुनि पुनि कहब रामरुचि जानी ॥३॥
मातु कहेंहु बहुरहिं रघुराऊ ❀ रामजननि हठ करबि कि काऊ ॥४॥
मोहि अनुचर कर केतिक बाता ❀ तेहि महँ कुसमउ बाम बिधाता ॥५॥
जौं हठ करउँ त निपट कुकरमू ❀ हरगिरि तें गुरु सेवकधरमू ॥६॥

रामचन्द्रजी गुरुको आज्ञा मानेर अवश्य अयोध्यातर्फ फिर्नुहुन्थ्यो, (तर के गर्नु ?) गुरु पनि रामजीको आशयबमोजिम बोल्नुहुनेछ ॥ ३ ॥ माता कौशल्याजीले भन्दा पनि रघुनाथजी फर्कनुहुनेथियो, (तर के गर्नु ?) रामजीकी माता कहिल्यै हठ गर्नुहोला र ? ॥ ४ ॥ म सेवकका कुराको के जोर चल्ला ?, त्यसमाथि आजकाल मेरा दिन-दशा ठीक छैनन् , दैव विपरीत

भइरहेको छ ॥ ५ ॥ हठ गरौंभने त्यो बिलकुल कुकर्म हो, सेवाधर्म कैलासपर्वतभन्दा पनि गह्रौं छ ॥ ६ ॥

एकउ जुगुति न मन ठहरानी ❀ सोचत भरतहि रैनि बिहानी ॥७॥
प्रात नहाइ प्रभुहि सिरु नाई ❀ बैठत पठये रिषयँ बोलाई ॥८॥

एउटा युक्ति पनि भरतजीका मनमा ठीक ठहरेन, सोच-विचार गर्दागर्दै रात सकियो बिहान भयो ॥ ७ ॥ बिहान नुहाएर रघुनाथजीका पाउमा दण्डवत् गरेर बस्नेबित्तिकै ऋषि वशिष्ठले भरतजीलाई बोलाई पठाए ॥ ८ ॥

दोहा—गुरपद कमल प्रनामु करि बैठे आयसु पाइ ।
बिप्र महाजन सचिव सब जुरे सभासद आइ ॥२४५॥

भरतजी गुरुका चरणकमलमा प्रणाम गरेर आज्ञा पाएपछि बस्नुभयो । त्यसै वेलामा ब्राह्मणवर्ग साहू-महाजन, मन्त्रीहरू सबै आएर एकत्र भए ॥ २४५ ॥

चौ०—बोले मुनिबरु समय समाना ❀ सुनहुँ सभासद भरत सुजाना ॥१॥
धरमधुरीन भानुकुलभानू ❀ राजा रामु स्वबस भगवानू ॥२॥
सत्यसंध पालक श्रुतिसेतू ❀ रामजनमु जग मंगल हेतू ॥३॥
गुर पितु मातु बचन अनुसारी ❀ खलदलु दलन देवहितकारी ॥४॥

मुनिवर वशिष्ठले समयअनुसार बोले—“बुद्धिमान् सभ्यहो ! भरतजी ! सुन्नुहोस् ॥ १ ॥ राजा रामचन्द्र स्वतन्त्र, सूर्यकुलका सूर्य, धर्मधुरन्धर, साँचो प्रतिज्ञा गर्ने, वेदोक्त मर्यादापालक हुनुहुन्छ । रामजीको जन्म जगत्का कल्याणको कारण हो ॥ २ ॥ ३ ॥ रामचन्द्रजी गुरु, पिता-माताका वचनको अनुसार चल्नुहुन्छ, दुष्टहरूका समूहको संहार र देवताको हित गर्नुहुन्छ ॥ ४ ॥

नीति प्रीति परमारथ स्वारथु ❀ कोउ न राम सम जान जथारथु ॥५॥
बिधि हरि हरु ससि रबि दिसिपाला ❀ माया जीव करम कुलि काला ॥६॥
अहिप महिप जहँ लगि प्रभुताई ❀ जोगसिद्धि निगमागम गाईं ॥७॥
करि बिचार जिय देखहु नीकें ❀ रामरजाइ सीस सबही कें ॥८॥

नीति, प्रीति, परमार्थ, स्वार्थ यी कुरालाई रामजीबराबर अर्को कोही यथार्थ जान्दैन ॥ ५ ॥ ब्रह्मा, विष्णु महेश्वर, चन्द्रमा, सूर्य, दिक्पाल, माया, जीव, कर्म, भूत, भविष्यत् , वर्तमानकाल, शेषनाग, राजा, यिनीहरूमा जहाँसम्मको प्रभुत्व छ, वेदशास्त्रले वर्णन गरिएका योगसिद्धि पनि जति छन्, ती सबैका शिरका उपर (तिनमाथि) रामजीको आज्ञा छ, यो कुरा खूब विचार गरेर देख (जान) ॥ ६ ॥ ७ ॥ ८ ॥

दोहा—राखें राम रजाइ रुख हम सबकर हित होइ ।
समुझि सयाने करहु अब सब मिलि संमत सोइ ॥२४६॥

यसनिमित्त रामजीको आज्ञा र आशय राख्यौंभने (तदनुसार चल्यौंभने) हामी सबैको हित हुन्छ । यस्तो संझेर अब सबैजना मिलेर यही सम्मति गरौं, तपाईंहरू स्वयं बुद्धिमान हुनुहुन्छ ।। २४६ ।। (के त ? भने)

चौ०–सब कहँ सुखद राम अभिषेकू ❀ मंगल मोद मूल मगु एकू ।।१।।
केहि बिधि अवध चलहिं रघुराऊ ❀ कहहु समुझि सोइ करिअ उपाऊ ।।२।।

रामचन्द्रजीको राज्याभिषेक सबैलाई सुखदायक छ, कल्याणको र आनन्दको मूल-बाटो त्यही हो ।। १ ।। रामचन्द्रजी अयोध्या कुन उपायले जानुहोला ? सोच-विचार गरेर भन्नुहोस्, त्यही उपाय गर्नुपर्ला ।। २ ।।

सब सादर सुनि मुनिबर बानी ❀ नय परमारथ स्वारथ सानी ।।३।।
उतरु न आव लोग भये भोरे ❀ तब सिरु नाइ भरत कर जोरे ।।४।।

वशिष्ठ मुनीश्वरको नीति, परमार्थ, स्वार्थ यिनले संमिलित भएका वचनलाई सबैले आदरपूर्वक सुने, कसैका मुखबाट उत्तरवचन निस्केन, (सबै अक न बक्क भए) अनि भरतजीले शिर झुकाएर हात जोर्नुभयो र (बोल्नुभयो) ।। ३ ।। ४ ।।

भानुबंस भये भूप घनेरे ❀ अधिक एक तें एक बड़ेरे ।।५।।
जनमहेतु सब कहँ पितु माता ❀ करम सुभासुभ देइ बिधाता ।।६।।
दलि दुख सजइ सकल कल्याना ❀ अस असीस राउरि जगु जाना ।।७।।
सो गोसाँइ बिधिगति जेहिं छेकी ❀ सकइ को टारि टेक जो टेकी ।।८।।

"सूर्यवंशमा धेरै राजा भए, ती एकभन्दा एक बढ़ेर ठूला थिए । ती सबैका जन्मदाता मातापिता हुन् , शुभाशुभ कर्म दिने विधाता हुन् ।। ५ ।। ६ ।। तपाईंको आशीर्वाद दुःखको ध्वंस गरेर सकल कल्याण उत्पन्न गर्दछ, यो कुरा जगत्‌ले जानेको छ, जसले विधाताको गतिलाई पनि छेकेको हो (भवितव्यतालाई टारेको हो)। त्यस्ता तपाईंले जुन टेकमा टेक्नुभएको छ (जुन कुराको टेक गर्नुभएको छ = जुन कुरा मसक्क आँट्नुभएको छ) त्यो टार्न को सक्तछ ? ।। ७ ।। ८ ।।

दोहा–बूझिअ मोहि उपाउ अब सो सबु मोर अभागु ।
सुनि सनेहमय बचन गुर उर उमगा अनुरागु ।।२४७।।

ऐले उनै तपाईं मसँग उपाय सोच्नुहुन्छ, त्यो सबै मेरो अभाग्य हो" । भरतजीका यस्ता प्रेममय वचन सुन्दा गुरु वशिष्ठका हृदयमा प्रेम उम्लेर आयो ।। २४७ ।। (वशिष्ठले फेरि भने–)

चौ०–तात बात फुरि रामकृपाहीं ❀ रामबिमुख सिधि सपनेहुँ नाहीं ।।१।।
सकुचहुँ तात कहत एक बाता ❀ अरध तजहिं बुध सरबसु जाता ।।२।।
तुम्ह कानन गवनहु दोउ भाई ❀ फेरिअहिं लखनु सीय रघुराई ।।३।।

बाबु ! भरत ! रामजीका कृपाले त्यो कुरा साँचो हो, रामजीदेखि विमुख भएकालाई

सपनामा पनि कार्यसिद्धि हुन सक्तैन ॥ १ ॥ बाबु ! एउटा कुरा भन्दा मलाई संकोच लाग्दछ, (के गर्नु ?) सर्वस्व जानलागेमा बुद्धिमान्हरू आधा छाड्दछन् ("सर्वनाशे समुत्पन्ने अर्धं त्यजति पण्डितः" यो नीतिवचनको अनुसार सर्वस्वको आधा माया मारेर सर्वनाश हुन दिंदैनन् आधा जोगाउँछन्) (त्यसो हुनाले लागेको संकोचलाई पन्साएर भन्दछु, के भने ?-) ॥ २ ॥ तपाईंहरू दुवै भाई वनवास गर्नुहोस्, लक्ष्मण सीता रामचन्द्रलाई फर्काउँ त । (यसो गरेका खंडमा चार भाईमध्ये दुई भाई जङ्गलमा, दुई भाई अयोध्यामा रहने भए । यसो नगरेका खंडमा तपाईंहरू दुवै भाईले जङ्गलमा आएर रामजी लक्ष्मणजीसँग धर्ना बस्ता अयोध्याको शासन गर्ने कोही नहुने भयो, येन-केन-प्रकारेण दुई भाई अयोध्यामा बसेर राज्यशासन गर्न लागेभने प्रजाको यथाकथंचित् कल्याण छ, नत्र सर्वनाश हुनलाग्यो)" ॥ ३ ॥

सुनि सुबचन हरषे दोउ भ्राता ❀ भे प्रमोद परिपूरन गाता ॥४॥
मन प्रसन्न तन तेजु बिराजा ❀ जनु जिए राउ रामु भये राजा ॥५॥
बहुतु लाभ लोगन्ह लघु हानी ❀ सम दुख सुख सब रोवहिं रानी ॥६॥

वशिष्ठ मुनिको वचन सुन्दा दुवै भाई हर्षित हुनुभयो । वहाँका शरीरमा परिपूर्ण आनन्द भयो ॥ ४ ॥ मन प्रसन्न भयो, शरीरमा तेज सुशोभित भयो (मुख प्रभृतिको अँध्यारोपना हराइहाल्यो) महाराज दशरथ बाँचे, रामचन्द्र राजा हुनुभयो (भनेजस्तै लाग्यो) ॥ ५ ॥ त्यसो भएको खंडमा अरूहरूलाई लाभ ठूलो, हानि सानु हुन्थ्यो (त्यसो हुनाले ज्यादा रुनुपर्दैनथ्यो) रानीहरू सबैलाई दुवै पक्षमा सुखदुःख बराबरी हुनाले तिनीहरू (कुरा सुन्दैमा) रुन लागे ॥ ६ ॥

कहहिं भरतु मुनि कहा सो कीन्हे ❀ फलु जग जीवन्ह अभिमत दीन्हे ॥७॥
कानन करउँ जनम भरि बासू ❀ एहि तें अधिक न मोर सुपासू ॥८॥

भरतजी भन्नुहुन्छ "मुनीश्वरले जसो भन्नुभयो त्यसो गर्ने कामले जगत्मा बाँच्नाको इष्टफल दिन्छ ॥ ७ ॥ (रामजी फर्कनुहुन्छभने) जन्मभर जङ्गलमा वास गर्न तयार छु, मलाई योभन्दा बढ्ता सुविस्ता छैन ॥ ८ ॥

दोहा–अंतरजामी रामु सिय तुम्ह सर्बग्य सुजान ।
जौं फुर कहहु त नाथ निज कीजिअ बचनु प्रवान ॥२४८॥

हे प्रभु ! रामचन्द्रजी र सीताजी अन्तर्यामी हुनुहुन्छ, तपाईं सर्वज्ञ र बुद्धिमान् हुनुहुन्छ, यदि यो तपाईंले साँचो भन्नुभएको होभने आफ्नो वचनलाई पूर्ण गर्नुहोस् ॥ २४८ ॥

चौ०–भरतबचन सुनि देखि सनेहू ❀ सभा सहित मुनि भयेउ बिदेहू ॥१॥
भरत महा महिमा जलरासी ❀ मुनिमति ठाढ़ि तीर अबला सी ॥२॥
गा चह पार जतनु हियँ हेरा ❀ पावति नाव न बोहितु बेरा ॥३॥
औरु करिहि को भरतबड़ाई ❀ सरसीं सीपि कि सिंधु समाई ॥४॥

भरतको वचन सुन्दा प्रेम देख्ता सभासहित वशिष्ठ मुनि विदेह (शरीरसम्मको सुद्धि-बुद्धि नरहेर पक्क परेका) भए ॥ १ ॥ भरतको महिमा ठूलो समुद्र (महासागर) हो,

स्वास्नीमानिसजस्ती वशिष्ठकी बुद्धि त्यो महासागरका किनारामा खडा भई पार जान खोज्दछे, मनले अनेक उपाय विचार गर्दछे, परन्तु न नाउ पाउँछे, न वहित्र (बहना) पाउँछे, न बेडा पाउँछे, (त्यो बुद्धि हिस्स परी, पार पुग्नाको ता के कुरा ? महासागरको स्पर्श गर्न पनि सकिन) ॥ २ ॥ ३ ॥ अर्को कुन सकस भरतको प्रशंसा गर्न सक्तछ ? ताल-तलाउको सिपीमा समुद्र अटाउँ छ र ? क्षुद्रबुद्धिले भरतको प्रशंसा गर्न सक्तछ र ?) ॥ ४ ॥

भरतु मुनिहि मन भीतर भाए ❀ सहित समाज राम पहिं आए ॥५॥
प्रभु प्रनामु करि दीन्ह सुआसनु ❀ बैठे सब सुनि मुनि अनुसासनु ॥६॥

भरतजी वशिष्ठ मुनिका मनको भित्री भागलाई (अन्तर्मनलाई) असल लाग्नुभयो (वशिष्ठका अन्तःकरणले भरतजीलाई असल ठहरायो) अनि समाजसहित भई वशिष्ठजी रामजीका समीप आए ॥ ५ ॥ रघुनाथजीले प्रणाम गरेर असल आसन दिनुभयो, सबैजना रामजीको आज्ञा सुनी सुनी बसे (विनाआज्ञा कोही बसेन) ॥ ६ ॥

बोले मुनिबरु बचन बिचारी ❀ देस काल अवसर अनुहारी ॥७॥
सुनहुँ राम सर्बग्य सुजाना ❀ धरम नीति गुन ग्यान निधाना ॥८॥

मुनीश्वर वशिष्ठजीले विचार गरेर देश, काल, मौकाअनुसारको वचन बोले–॥ ७ ॥ "हे सर्वज्ञ ! हे बुद्धिमन् ! हे धर्मनिधान ! हे नीतिनिधान ! हे गुणनिधान ! हे ज्ञाननिधान ! हे राम ! सुन्नुहोस् ॥ ८ ॥

दोहा–सबकें उर अंतर बसहु जानहु भाउ कुभाउ ।
पुरजन जननी भरत हित होइ सो कहिअ उपाउ ॥२४९॥

तपाईं सबैका हृदयका भित्र रहनुहुन्छ र असल कमसल भाव जान्नुहुन्छ । जताबाट नगरनिवासीहरू, माताहरू, भरतजी यिनको हित हुन्छ, त्यो उपाय बताउनुहोस् ॥ २४९ ॥

चौ०–आरत कहहिं बिचारि न काऊ ❀ सूझ जुआरिहि आपन दाऊ ॥१॥
सुनि मुनिबचन कहत रघुराऊ ❀ नाथ तुम्हारेंहि हाथ उपाऊ ॥२॥

दुःखीहरू केही विचार नगरीकन बोल्दछन्, जुवारीहरूलाई आफ्नै दाउ सूझ्दछ (जुनसुकै दाउ परे पनि आफ्नै दाउ बोल्दछन्)" ॥ १ ॥ मुनिका यस्ता वचन सुनेर रघुनाथजीले जवाब दिनुभयो कि "हे नाथ ! त्यो उपाय तपाईंकै हातमा छ ॥ २ ॥

सब कर हित रुख राउरि राखें ❀ आयसु किएँ मुदित फुर भाषें ॥३॥
प्रथम जो आयसु मो कहँ होई ❀ माथे मानि करउँ सिख सोई ॥४॥

तपाईंको आशय राख्नाले (तदनुसार गर्नाले) सबैको हित हुन्छ, आज्ञापालन गर्दा स्पष्ट बोल्दा (सत्य बोल्दा) सबै आनन्दित हुन्छन् ॥ ३ ॥ पहिले मलाई जो आज्ञा हुन्छ, म त्यो शिक्षाको आज्ञालाई माथमा चढाएर तदनुसार गर्नेछु ॥ ४ ॥

पुनि जेहि कहँ जस कहब गोसाईं ❀ सो सब भाँति घटिहि सेवकाईं ॥५॥
कह मुनि राम सत्य तुम्ह भाषा ❀ भरत सनेह बिचारु न राखा ॥६॥

अनि प्रभुले जसलाई जे भन्नुहोला त्यो सेवा सब तरहबाट सिद्ध हुनेछ" ॥ ५ ॥ वशिष्ठ मुनिले भने—"हे राम ! तपाईंले साँचो भन्नुभयो, तर भरतका प्रेमको विचार राख्नुभएन, ॥ ६ ॥

तेहि तें कहउँ बहोरि बहोरी ❀ भरत भगति बस भइ मति मोरी ॥७॥
मोरें जान भरतरुचि राखी ❀ जो कीजिअ सो सुभ सिव साखी ॥८॥

त्यसैले म वारंवार भन्दछु । मेरी बुद्धि भरतजीका भक्तिको वश हुँदा भोली (लाटी) भई ॥ ७ ॥ मेरा समुझमा ता भरतजीको रुचि (खायस) राखेर (पूर्ण गरेर) जो कुछ गरिएला त्यो असल होला (यस्तो लाग्दछ), यसमा शंकरजी साक्षी हुनुहुन्छ ॥ ८ ॥

दोहा—भरतबिनय सादर सुनिअँ करिअँ बिचारु बहोरि ।
करब साधुमत लोकमत नृपनय निगम निचोरि ॥२५०॥

पहिले भरतजीको विन्ति सुन्नुहोस् , अनि विचार गर्नुहोस् र राजनीति र वेदलाई निचोरेर (राजनीति र वेदको सार लिएर) सज्जनको र लोकको जे मत छ त्यही गर्नुहोस् ॥ २५० ॥

चौ०—गुर अनुरागु भरत पर देखी ❀ रामहृदयँ आनंदु बिसेषी ॥१॥
भरतहि धरमधुरंधर जानी ❀ निज सेवक तन मानस बानी ॥२॥
बोले गुर आयसु अनुकूला ❀ बचन मंजु मृदु मंगलमूला ॥३॥

भरतजीका उपरमा गुरुको प्रेम देख्ता रामजीका हृदयमा विशेष आनन्द भयो ॥ १ ॥ भरतजीलाई धर्मधुरन्धर, ज्ञानी, मनसा-कर्मणा-वाचा आफ्ना सेवक, जानेर रामचन्द्रजीले गुरुका आज्ञाको अनुसार मनोहर, कोमल, कल्याणकारी वचन बोल्नुभयो ॥ २ ॥ ३ ॥

नाथसपथ पितुचरन दोहाई ❀ भयेउ न भुअन भरत सम भाई ॥४॥
जे गुरपद अंबुज अनुरागी ❀ ते लोकहुँ बेदहुँ बड़भागी ॥५॥
राउर जा पर अस अनुरागू ❀ को कहि सकइ भरत कर भागू ॥६॥

हे नाथ ! तपाईंको र पिताजीका चरणको शपथ गरेर भन्दछु कि दुनियाँभरमा भरतसमानको भाई छैन ॥ ४ ॥ जो मानिस गुरुका चरणकमलमा प्रेमी हुन्छन्, ती लोकमा र वेदमा महाभाग्यवान् कहिएका छन् ॥ ५ ॥ जसका उपर तपाईंको यस्तो प्रेम छ, त्यस्ता भरतका भाग्यको वर्णन गर्न को सक्तछ ? ॥ ६ ॥

लखि लघु बंधु बुद्धि सकुचाई ❀ करत बदन पर भरतबड़ाई ॥७॥
भरतु कहहिं सोइ कियें भलाई ❀ अस कहि रामु रहे अरगाई ॥८॥

भरतजी मेरा छोटा भाई हुन, भरतका अगाड़ि उनको प्रशंसा गर्दा मेरी बुद्धि

संकोच मान्दछे, भरत जो भन्दछन् त्यही कुरा गर्नाले भलो छ।" यस्तो बोलेर रामचन्द्रजी चूप लाग्नुभयो ॥ ७ ॥ ८ ॥

दोहा–तब मुनि बोले भरत सन सबु सँकोचु तजि तात ।
कृपासिंधु प्रिय बंधु सन कहहु हृदय कइ बात ॥२५१॥

अनि वशिष्ठ मुनिले भरतजीलाई–'बाबु ! भरत ! संकोच छाडेर करुणासागर प्यारा दाज्यूसँग मनको कुरा भन्नुहोस्" भने ॥ २५१ ॥

चौ०–सुनि मुनिबचन रामरुख पाई ❀ गुर साहिब अनुकूल अघाई ॥१॥
लखि अपनें सिर सबु छरुभारू ❀ कहि न सकहिं किछु करहिं बिचारू ॥२॥

मुनि वशिष्ठको वचन सुनेर रामचन्द्रजीको आशय बुझेर गुरु र मालिकको पूर्ण अनुकूलता जानेर, सब तरहको भार आफ्नै शिरमा रहेको देखेर (कुराको छिनछान आफैंले गर्नुपरेको जानेर) भरतजीले केही बोल्न सक्नुभएन, केही विचार गर्न लाग्नुभयो ॥ १ ॥ २ ॥

पुलकि सरीर सभाँ भए ठाढ़े ❀ नीरज नयन नेहजल बाढ़े ॥३॥
कहब मोर मुनिनाथ निबाहा ❀ एहि तें अधिक कहौं मैं काहा ॥४॥
मैं जानउँ निज नाथ सुभाऊ ❀ अपराधिहु पर कोह न काऊ ॥५॥
मो पर कृपा सनेहु बिसेषी ❀ खेलत खुनिस न कबहूँ देखी ॥६॥

भरतजी शरीरमा रोमाञ्चित भएर सभामा खडा हुनुभयो, वहाँका कमलसमान नजरमा प्रेमाश्रुको बाढी आएको थियो (वहाँले भन्नुभयो), मैले भन्नुपर्ने कुरा मुनीश्वरले पूर्ण गर्नुभयो (भन्नुभयो) यो भन्दा बढ्ता म के भनौं ? ॥ ३ ॥ ४ ॥ म आफ्ना मालिक (रामजी) को स्वभाव जान्दछु, अपराधीका उपर पनि वहाँ क्रोध गर्नुहुन्न, ॥ ५ ॥ मेराउपर विशेष (झन्) करुणा र प्रेम छ, मैले खेल्दा पनि वहाँलाई रिसले ठुस्सिएको कहिल्यै देखिनँ ॥ ६ ॥

सिसुपन तें परिहरेउँ न संगू ❀ कबहुँ न कीन्ह मोर मनभंगू ॥७॥
मैं प्रभु कृपा रीति जियँ जोही ❀ हारेंहु खेल जितावहिं मोही ॥८॥

मैले बाल्यावस्थादेखि वहाँको साथ छाडेका छैन, वहाँले मेरो मनोभङ्ग (मन भाँचिदिने काम) कहिल्यै गर्नुभएन ॥ ७ ॥ मैले प्रभुका कृपाको रीति (तरीका) मनले देखेको छु, मैले हारेको खेल पनि मलाई जिताउनुहुन्थ्यो ॥ ८ ॥

दोहा–महूँ सनेह सकोच बस सनमुख कहे न बयन ।
दरसन तृपित न आजु लगि पेमपिआसे नयन ॥२५२॥

मैले पनि आजसम्म प्रेम र संकोच (धाक) को वश परेर वहाँका सन्मुखमा (मुख हेरेर) वचन उच्चारण गरिनँ, प्रेमका प्यासा भएका मेरा नजर आजसम्म दर्शनमा अघाएका छैनन् ॥ २५२ ॥

चौ०–बिधि न सकेउ सहि मोर दुलारा ❀ नीचँ बीचु जननी मिस पारा ॥१॥
यहउ कहत मोहि आजु न सोभा ❀ अपनीं समुझि साधु सुचि को भा ॥२॥
मातु मंदि मैं साधु सुचाली ❀ उर अस आनत कोटि कुचाली ॥३॥
फरइ कि कोदव बालि सुसाली ❀ मुकुता प्रसव कि संबुक काली ॥४॥

"दाज्यूले गरेको मेरो दुलार (प्यार) लाई विधाताले सहन सकेन, त्यो नीच (विधाता) ले आमाको बहानाले (आमाको रूप लिएर) प्यारको बीच पारिदियो (फरक= अन्तर पारिदियो) यसो भन्दा पनि आज मलाई शोभा छैन (यसो भन्नु मलाई सुहाउँदैन, किनभने) आफ्नै समुझले सज्जन र शुद्ध को भयो र ? (अर्काले पत्याए पो सज्जन र शुद्ध हुन्छ) ॥ १ ॥ २ ॥ "आमा खराब, म सज्जन सदाचारी" यस्तो ख्याल मनमा ल्याउँदाखेरि करोडौं खराबी हुन्छन् (मातृद्वेष गर्दा बेगिन्ती दोष लाग्दछन्)। कोदाले उत्तम धानको बाला फलाउन सक्तछ र ?, ताल-तलाउका सिपीले मोती पैदा गर्न सक्तछ र ? ॥ ३ ॥ ४ ॥

सपनेहुँ दोस कलेसु न काहू ❀ मोर अभाग उदधि अवगाहू ॥५॥
बिन समुझें निज अघ परिपाकू ❀ जारिउँ जायँ जननि कहि काकू ॥६॥
हृदयँ हेरि हारेउँ सब ओरा ❀ एकहि भाँति भलेंहि भल मोरा ॥७॥
गुरु गोसाँइ साहिब सिय रामू ❀ लागत मोहि नीक परिनामू ॥८॥

सपनामा पनि कसैको दोष र क्लेश छैन, मेरो अभाग्य (बदनसीबी) रूपी समुद्र अगाध छ (साँचो कुरा यही हो) ॥ ५ ॥ आफ्ना पापको परिणाम नबुझेर मैले आफ्नी जन्मदायिनी जननीलाई छारष्ट गरेर झारें (कुवाच्य बोलेर गाली गरें) ॥ ६ ॥ चारैतर्फ हेरें, अब मनले हार खाएँ, अब एउटै प्रकारका भलाइले मेरो भलो छ, (के भने) "मेरा गुरु महाराज तपाइं, मेरा मालिक सीताजी र रामजी", यत्ति हुनाले मेरो परिमाण असल होला भन्ने लाग्दछ ॥ ७ ॥ ८ ॥

दोहा–साधुसभाँ गुर प्रभु निकट कहउँ सुथल सतिभाउ ।
प्रेमप्रपंचु कि झूठ फुर जानहिं मुनि रघुराउ ॥२५३॥

साधु सज्जनहरूको सभामा, गुरु र मालिकका नगीचमा, तीर्थस्थानमा, सत्य भावले यी कुरा भनेको हुँ । (मैले भनेका कुरामा) प्रेम हो कि परिपञ्च मात्र हो, झूटो हो कि साँचो हो, यो कुरा गुरुजी महाराज र प्रभु रामचन्द्रजी जान्नुहुन्छ (सर्वज्ञ र अन्तर्यामी भएका दुई जनाले किन जान्नुहोओइन ?) ॥ २५३ ॥

चौ०–भूपतिमरनु पेमपनु राखी ❀ जननीकुमति जगतु सबु साखी ॥१॥
देखि न जाहिं बिकल महतारीं ❀ जरहिं दुसह जर पुर नर नारीं ॥२॥

महाराजका मरणले वहाँको प्रेमपणलाई राखिदियो (कायम गरायो)। मेरी माताको कुबुद्धिका हकमा सारा संसार साक्षी छ ॥ १ ॥ शोकव्याकुल भएका माताजीहरूका तर्फ टुलुक्क हेर्न सकिदैन, नगरका नरनारीहरू दुःसह भएका तापले जलिरहेका छन् ॥ २ ॥

महीं सकल अनरथ कर मूला ❀ सो सुनि समुझि सहिउँ सब सूला ॥३॥
सुनि बनगवनु कीन्ह रघुनाथा ❀ करि मुनिबेष लखन सिय साथा ॥४॥
बिनु पानहिन्ह पयादेंहि पाएँ ❀ संकरु साखि रहेउँ एहि घाएँ ॥५॥

यो सबै अनर्थको मूल कारण मै हुँ, यो सब सुनेर बुझेर सबै दुःख सहिरहेको छु ॥ ३ ॥ रघुनाथजी मुनिवेष धारण गरेर लक्ष्मण र सीताजीका साथ विनाजुत्ता पैदलै जङ्गलतर्फ पाल्नुभयो भन्ने खबर सुनेपछि दौडेर आएको हुँ, शंकरजी साक्षी छन् ॥ ४ ॥ ५ ॥

बहुरि निहारि निषादसनेहू ❀ कुलिस कठिन उर भएउ न बेहू ॥६॥
अब सबु आँखिन्ह देखेउँ आई ❀ जियत जीव जड़ सबइ सहाई ॥७॥
जिन्हहि निरखि मग साँपिनि बीछीं ❀ तजहिं बिषम बिषु तामस तीछीं ॥८॥

फेरि निषादराज (गुह) को स्नेह देख्ता पनि जुन हृदयमा छिद्र परेन (कलेजा पट्ट (फाटेन) त्यो मेरो हृदय वज्रसमान कठोरै हो ॥ ६ ॥ अब आएर आँखाले सबैलाई देखें, त्यति हुँदा पनि) बाँचिरहेको यो जडजीवले सबै कुरा सहायो (यो पाजी जीव बाँचिरहेको हुनाले सबै सहनुपऱ्यो) ॥ ७ ॥ जुन रामचन्द्र सीता लक्ष्मणजीलाई देख्ताखेरि बाटाबाटामा रहेका तमोगुणी सर्पिणीहरू र बिच्छीहरूसमेत कडा कडा विषलाई छाड्दछन् (निर्विष = शान्त हुन्छन्) ॥ ८ ॥

दोहा–तेइ रघुनंदनु लखनु सिय अनहित लागे जाहि ।
तासु तनय तजि दुसह दुख दैउ सहावइ काहि ॥२५४॥

उनै रघुनन्दन लक्ष्मण सीताजी पनि जसलाई अनहित लागे (शत्रुजस्ता लागे) तिनै कैकेयीको छोरा (म) लाई छाडेर दैवले कसलाई दुःसह-दुःख सहाओस् (त्यस्ती आमाको छोराले नै दुःसह दुःख भोग्नु मनासीब ठानेर दैवले मलाई दुःसह दुःख भोगायो)" ॥ २५४ ॥

चौ०–सुनि अति बिकल भरत बर बानी ❀ आरति प्रीति बिनय नय सानी ॥१॥
सोकमगन सब सभा खभारू ❀ मनहुँ कमलबन परेउ तुसारू ॥२॥

अत्यन्त व्याकुल भएका भरतजीको दुःख, प्रीति, नम्रता, नीति यिनले सम्मिलित भएको वचन सुन्दा सबै सभावासीहरू सोच-विचारमा डुबे, मानौं कमलका वनमा तुषारो परेमा झैं तिनीहरूमा बडो आपत्ति पऱ्यो ॥ १ ॥ २ ॥

कहि अनेक बिधि कथा पुरानी ❀ भरत प्रबोधु कीन्ह मुनि ग्यानी ॥३॥
बोले उचित बचन रघुनंदू ❀ दिनकरकुल कैरवबन चंदू ॥४॥

ज्ञानी वशिष्ठ मुनिले अनेक प्रकारका प्राचीन कथा भनेर भरतजीलाई प्रबोध गरे (भरतजीलाई बुझाए) ॥ ३ ॥ अनि सूर्यकूलरूपी चन्द्रकमलको विकास गर्नलाई चन्द्रमा भएका रघुनाथजीले उचित वचन बोल्नुभयो ॥ ४ ॥

तात जायँ जिय करहुँ गलानी ❀ ईस अधीन जीवगति जानी ॥५॥
तीनि काल तिभुअन मत मोरें ❀ पुन्यसिलोक तात तर तोरें ॥६॥
उर आनत तुम्ह पर कुटिलाई ❀ जाइ लोकु परलोकु नसाई ॥७॥
दोस देहिं जननिहि जड़ तेई ❀ जिन्ह गुर साधु सभा नहि सेई ॥८॥

बाबु ! भरत ! जीवको गति ईश्वराधीन छ भनी जानेर मनमा व्यर्थ ग्लानि नगर ॥ ५ ॥ बाबु ! "जति पुण्यश्लोक (कीर्तिले संसारलाई पवित्र पार्ने महात्मा) तीनै लोकमा थिए, छन्, हुनेछन्, ती सबै तिमीभन्दा तल्ला दर्जाका हुन्" यो मेरो मत छ ॥ ६ ॥ तिम्रा उपर कुटिलपना संझदा पनि परलोक नष्ट भएर जान्छ (नरक परिन्छ)। माता कैकेयीलाई पनि जसले गुरु र सज्जनको सभाको सेवा गरेको छैन (सज्जन साधुहरूको सोमत पाएको छैन) तिनै मूर्खहरू मात्रै दोष दिन्छन् ॥ ७ ॥ ८ ॥

दोहा—मिटिहइ पापप्रपंच सब अखिल अमंगल भार ।
लोक सुजसु परलोक सुखु सुमिरत नामु तुम्हार ॥२५५॥

बाबु ! भरत ! तिम्रा नामको स्मरण मात्र गर्दा पनि संसारी मनुष्यका पापप्रपञ्च (अनेक पाप) र संपूर्ण अमङ्गलका भार (बोझा) नष्ट हुनेछन्, यो लोकमा सुयश र परलोकमा सुख मिल्नेछ ॥ २५५ ॥

चौ०—कहउँ सुभाउ सत्य सिव साखी ❀ भरत भूमि रह राउरि राखी ॥१॥
तात कुतरक करहु जनि जाएँ ❀ बैर पेम नहि दुरइ दुराएँ ॥२॥
मुनिगन निकट बिहग मृग जाहीं ❀ बाधक बधिक बिलोकि पराहीं ॥३॥
हित अनहित पसु पछिउ जाना ❀ मानुषतनु गुन ग्यान निधाना ॥४॥

बाबु ! भरत ! म शिवजीलाई साक्षी राखेर स्वभावैले साँचो भन्दछु कि तिमीले राख्ता पृथ्वीमाता रहेकी छन् ॥ १ ॥ (क) बाबु ! व्यर्थ कुतर्क नगर, वैरभाव छिपाएर छिप्तैन ॥ २ ॥ (हेर) पक्षीहरू मुनिसमूहका नगीचमा सरासर जान्छन्, बाधा गर्ने व्याधालाई देख्नाका साथ भाग्दछन्, हित र अहित पशु-पक्षीहरू पनि जान्दछन्, मनुष्यको चोला ता गुण र ज्ञानको निधानै (स्थानै) हो ॥ ३ ॥ ४ ॥

तात तुम्हहि मैं जानउँ नीकें ❀ करउँ काह असमंजसु जी कें ॥५॥
राखेउ रायँ सत्य मोहि त्यागी ❀ तनु परिहरेउ पेमुपनु लागी ॥६॥

बाबु ! भरत ! तिमीलाई म खूब जान्दछु (तर) के गरौं, मेरा मनमा साह्रै असजिलो परेको छ ॥ ५ ॥ महाराजले मलाई त्यागेर आफ्नो सत्यवचनलाई राख्नुभयो (कायम गर्नुभयो) फेरि आफ्नो प्रेमको पणलाई कायम राख्नाका निमित्त शरीर पनि छाड्नुभयो ॥ ६ ॥

तासु बचन मेटत मन सोचू ❀ तेहि तें अधिक तुम्हार सँकोचू ॥७॥
ता पर गुर मोहि आयसु दिन्हा ❀ अवसि जो कहहु चहउँ सोइ कीन्हा ॥८॥

(क) यस विषयमा २०५ पृष्ठको टिप्पणी हेर्नु ।

वहाँ (पिताजी) को वचन मेट्ता मनमा बड़ो अफसोस लाग्दछ, त्योभन्दा पनि तिम्रो संकोच (मुलाहिजा) बढ्ता छ, त्यसमाथि गुरुजीले मलाई आज्ञा दिनुभयो। त्यस निमित्त तिमी जे भन्छौ म अवश्य त्यो गर्न चाहन्छु ॥ ७ ॥ ८ ॥

दोहा–मनु प्रसन्न करि सकुच तजि कहहु करउँ सोइ आजु ।
सत्यसंध रघुबरबचन सुनि भा सुखी समाजु ॥२५६॥

भाई ! तिमी मन प्रसन्न गरेर संकोच छाडेर जे भन्दछौ आज म त्यही काम गर्दछु।" सत्यप्रतिज्ञ (प्रतिज्ञापालक) रघुनाथजीका यस्ता वचन सुन्दा त्यो समाज आनन्दित भयो ॥ २५६ ॥

चौ०–सुरगन सहित सभय सुरराजू ❀ सोचहिं चाहत होन अकाजू ॥१॥
बनत उपाउ करत कछु नाहीं ❀ रामसरन सब गे मन माहीं ॥२॥

देवताका गणले सहित भएका इन्द्र भयभीत भएर "अब काम बिग्रन आँट्यो" यस्तो फिक्री गर्नलागे ॥ १ ॥ "केही उपाय गर्न नसक्ने भइयो" भनेर सबैजना मनमनले रामचन्द्रजीको शरण गरे (परे) ॥ २ ॥

बहुरि बिचारि परसपर कहहीं ❀ रघुपति भगतभगति बस अहहीं ॥३॥
सुधि करि अंबरीष दुरबासा ❀ भे सुर सुरपति निपट निरासा ॥४॥
सहे सुरन्ह बहु काल बिषादा ❀ नरहरि किए प्रगट प्रहलादा ॥५॥
लगि लगि कान कहहिं धुनि माथा ❀ अब सुरकाज भरत कें हाथा ॥६॥

फेरि देवताहरू विचार गरेर परस्पर भन्नलागे, "रघुनाथजी भक्तजनका भक्तिका वशमा हुनुहुन्छ" ॥ ३ ॥ यो कुरा तिनीहरूले अम्बरीष राजा र दुर्वासा ऋषिलाई संझेर भने। अनि इन्द्र र देवताहरू बिलकुल निराश (हताश) भए ॥ ४ ॥ अनि तिनीहरू कानकानमा टाँसिएर शिर हल्लाई हल्लाईकन भन्न (साउती गर्न) लागे—"अघि देवताहरू (हामी) ले धेरै कालसम्म विषाद (दुःख) सहनुपर्‍यो, प्रह्लादजीले नृसिंहलाई प्रकट गरे (अनि हाम्रो दुःख हटेथ्यो) अब देवताको काम (रावणवध) भरतजीका हातमा छ ॥ ५ ॥ ६ ॥

आन उपाउ न देखिअ देवा ❀ मानत रामु सुसेवकसेवा ॥७॥
हिय सपेम सुमिरहु सब भरतहि ❀ निज गुन सील राम बस करतहि ॥८॥

देवताहो ! अर्को उपाय देखिदैन, रामजी सच्चा भक्तको सेवा मान्नुहुन्छ (सेवाका वश हुनुहुन्छ)। सबैजना आफ्ना गुण र शीलस्वभावले रामजीलाई वश पार्ने भरतजीलाई प्रेमसहित भैकन मनमा संझ" ॥ ७ ॥ ८ ॥

दोहा–सुनि सुरमत सुरगुर कहेउ भल तुम्हार बड़भागु ।
सकल सुमंगल मूल जग भरतचरन अनुरागु ॥२५७॥

देवताहरूको मन्त्रणा सुनेर बृहस्पतिले भने—"ठीक हो, तिमीहरूको ठूलो भाग्य रहेछ। भरतजीका चरणमा प्रेम लाग्नु संसारमा सकल कल्याणको मूलकारण हो ॥ २५७ ॥

चौ०-सीतापति सेवक सेवकाई ❀ कामधेनु सय सरिस सुहाई ॥१॥
भरतभगति तुम्हरें मन आई ❀ तजहु सोचु बिधि बात बनाई ॥२॥
देखु देवपति भरतप्रभाऊ ❀ सहज सुभायँ बिबस रघुराऊ ॥३॥
मन थिर करहु देव डरु नाहीं ❀ भरतहि जानि रामपरिछाहीं ॥४॥

सीतापति भगवान् रामचन्द्रका भक्तको सेवा सय (१००) कामधेनुजस्तै सुन्दर छ ॥ १ ॥ तपाईंहरूका मनमा भरतको भक्ति आयो (लाग्यो), अब फिक्री छाड्नुहोस् , विधाताले काम बनायो (सपार्‍यो) ॥ २ ॥ हे देवराज ! भरतजीको प्रभाव हेर्नुहोस् न, वहाँका स्वाभाविक सुशीलताले रघुनाथजी परवश (परतन्त्र) हुनुभयो ॥ ३ ॥ देवताहो ! भरतजीलाई रामजीको छाया सम्झेर मनलाई स्थिर गर्नुहोस् , अब डर छैन" ॥ ४ ॥

सुनि सुरगुर सुरसंमत सोचू ❀ अंतरजामी प्रभुहिं सँकोचू ॥५॥
निज सिर भारु भरत जीयँ जाना ❀ करत कोटि बिधि उर अनुमाना ॥६॥

अन्तर्यामी रामचन्द्रजीलाई देवताहरू र बृहस्पतिको संमति सुन्दा संकोच पर्‍यो ॥ ५ ॥ भरतजीले मनमा आफ्नै शिरमा सबै भार परेको जानेर हृदयमा अनेक तर्क गर्न लाग्नुभयो ॥ ६ ॥

करि बिचारु मन दीन्ही ठीका ❀ रामरजायस आपन नीका ॥७॥
निज पनु तजि राखेउ पनु मोरा ❀ छोहु सनेहु कीन्ह नहि थोरा ॥८॥

विचार गरेर मनलाई ठीक पार्नुभयो, रामजीका आज्ञानुसार चल्नाले आफ्नो भलो छ, रामजीले आफ्नो प्रण छाडेर मेरो प्रण पूर्ण गर्नुभयो, (वनवास गर्छु भन्ने प्रण छाडेर, तिमी जसो भन्छौ उसै गर्छु" भनेर, रामजीलाई फर्काउँछु भन्ने मेरो प्रणलाई पूर्ण गर्नुभयो, मैले फर्कनुहोस् भनेका खंडमा फर्कनुहुने भयो) दया माया र प्रेम थोरै ता गर्नुभएन (खूब दया, खूब प्रेम गर्नुभयो) ॥ ७ ॥ ८ ॥

दोहा-कीन्ह अनुग्रह अमित अति सब बिधि सीतानाथ ।
करि प्रनामु बोले भरतु जोरि जलज जुग हाथ ॥२५८॥

सीतापति रामजीले अत्यन्त अतुल अनुग्रह गर्नुभयो । (यति विचार गरेर) भरतजीले कमलतुल्य दुई हात जोरेर प्रणाम गरीकन बोल्नुभयो ॥ २५८ ॥

चौ०-कहउँ कहावउँ का अब स्वामी ❀ कृपा अंबुनिधि अंतरजामी ॥१॥
गुर प्रसन्न साहिब अनुकूला ❀ मिटी मलिन मन कलपित सूला ॥२॥
अपडर डरेउँ न सोच समूलें ❀ रबिहि न दोसु देव दिसि भूलें ॥३॥
मोर अभागु मातुकुटिलाई ❀ बिधिगति बिषम काल कठिनाई ॥४॥
पाउ रोपि सब मिलि मोहि घाला ❀ प्रनतपाल पन आपन पाला ॥५॥

प्रभु ! अब के भनौं ? के भनाऊँ ? हजूर करुणासागर र अन्तर्यामी हुनुहुन्छ ॥ १ ॥

गुरुजी पनि प्रसन्न, मालिक पनि अनुकूल, मलिन मनले कल्पना गरेका दुःखदर्द मेटिए ॥ २ ॥ म आफ्नै डरले डराएथें (डरको कारण थिएन) मेरो शोक निर्मूल (विनाकारणको) हो। दिशा भुलियोभने (आफ्नै दोष हो) सूर्यलाई दोष दिनुछैन ॥ ३ ॥ मेरो भाग्य १, माताको कुटिलता २, विधाताको विषमगति ३, कालको कठोरता ४, यी चारै चीजले खुट्टा दह्र्याएर (वलियो गरी खुट्टा टेकेर = मजबूत भएर) मलाई बिताइहालेथे, तर हे प्रणतपाल! (भक्तवत्सल!) हजूरले आफ्नो प्रणको (भक्तरक्षारूपी प्रणको) पालना गर्नुभयो (म बाँचे) ॥ ४ ॥ ५ ॥

यह नइ रीति न राउरि होई ❀ लोकहुँ बेद बिदित नहि गोई ॥६॥
जगु अनभल भल एकु गोसाईं ❀ कहिअ होइ भल कासु भलाईं ॥७॥
देउ देवतरु सरिस सुभाऊ ❀ सनमुख बिमुख न काहुहि काऊ ॥८॥

यो हजूरको नयाँ रीत होइन, लोकप्रसिद्ध र वेदवर्णित हो, छिपेको छैन ॥ ६ ॥ यो संसार भलो छैन, एउटा हजूर भलो होइबक्सिन्छ, तसर्थ जगत्को भलो कसको भलाइले हुन सक्तछ, ? आज्ञा होस् ॥ (सच्चा भलाइवाला को छ र जगतले हजूरबाहेकबाट भलो पाउला) ॥ ७ ॥ हजूरको स्वभाव कल्पवृक्षको जस्तो छ, कैल्यै पनि कसैको विमुख हुनुहुन्न, सदा सन्मुखै हुनुहुन्छ (धाएर आएका सबैलाई कृतार्थ गराउनुहुन्छ) ॥ ८ ॥

दोहा—जाइ निकट पहिचानि तरु छाँह समनि सब सोच ।
मागत अभिमत पाव जगु राउ रंकु भल पोच ॥२५९॥

कल्पवृक्षलाई चिह्नेर नगीचमा गयोभने मात्रै पनि त्यसका छायाले सबै सुर्ता शान्त गर्दछ। माग्दाखेरि राजा, कङ्गाल, सज्जन, दुर्जन सबै जगत्‌ले मनचिन्तित फल पाउँछ ॥ २५९ ॥

चौ०—लखि सब बिधि गुर स्वामि सनेहू ❀ मिटेउ छोभु नहि मन संदेहू ॥१॥
अब करुनाकर कीजिअ सोई ❀ जन हित प्रभुचित छोभु न होई ॥२॥
जो सेवकु साहिबहि सँकोची ❀ निज हित चहइ तासु मति पोची ॥३॥
सेवकहित साहिबसेवकाई ❀ करइ सकल सुख लोभ बिहाई ॥४॥

सब तरहले गुरुको र स्वामीको स्नेह देख्ता मनको क्षोभ (हड़बड़) मेटियो, मनमा सन्देह पनि छैन। हे दयानिधान! अब जुन कामले सेवकको हित हुन्छ, प्रभुका चित्तमा क्षोभ (हड़बड़) हुँदैन, त्यही काम गरिबक्सियोस् ॥ १ ॥ २ ॥ जो सेवक स्वामीलाई संकोच पारेर आफ्नो हित चाहन्छ, त्यसको बुद्धि नीच हो ॥ ३ ॥ सेवकको हित ता सकल सुख र लोभलाई छाडेर गरिएका स्वामीका सेवाले गर्दछ ॥ ४ ॥

स्वारथु नाथ फिरें सब ही का ❀ किएँ रजाइ कोटि बिधि नीका ॥५॥
येह स्वारथ परमारथ सारू ❀ सकल सुकृत फल सुगतिसिंगारू ॥६॥

प्रभु फिरिबक्सियोभने मात्रै पनि सबैको स्वार्थ सिद्ध हुन्छ, प्रभुको आज्ञापालन गर्दा ता करोड़ौं प्रकारको भलाइ छ ॥ ५ ॥ प्रभुको आज्ञा स्वार्थ र परमार्थको सार हो, सकल पुण्यपुञ्जको फल हो, सद्गतिको शृङ्गार हो ॥ ६ ॥

देव एक बिनती सुनि मोरी ❀ उचित होइ तस करब बहोरी ॥७॥
तिलकसमाजु साजि सबु आना ❀ करिअ सुफल प्रभु जौं मनु माना ॥८॥

प्रभु ! मेरो एउटा विन्ति सुनेर अनि पछि जो उचित ठहरिन्छ त्यसै गरिबक्सियोस् ॥ ७ ॥ राजतिलकको सबै सर्जाम तयार गरेर ल्याएको छु, प्रभुका मनले मान्दछभने त्यसलाई सफल गरिबक्सनुहोस् ॥ ८ ॥

दोहा–सानुज पठइअ मोहि बन कीजिअ सबहि सनाथ।
नतरु फेरिअहिं बंधु दोउ नाथ चलउँ मैं साथ ॥२६०॥

हे नाथ ! भाई (शत्रुघ्न) सहित मलाई वन पठाइबक्सनुहोस् , सबैलाई (राज्य-स्वीकार गरेर) सनाथ गरिबक्सनुहोस् । होइनभने दुवै भाईलाई (लक्ष्मण र शत्रुघ्नलाई) अयोध्यातर्फ फर्काइबक्सियोस् , हे नाथ ! हजूरका साथमा म जान्छु ॥ २६० ॥

चौ०–नतरु जाहिं बन तीनिउँ भाई ❀ बहुरिअ सीय सहित रघुराई ॥१॥
जेहि बिधि प्रभु प्रसन्न मन होई ❀ करुनासागर कीजिअ सोई ॥२॥
देवँ दीन्ह सबु मोहि अभारू ❀ मोरें नीति न धरम बिचारू ॥३॥
कहउँ बचन सब स्वारथ हेतू ❀ रहत न आरत कें चित चेतू ॥४॥

नत्र (होइनभने-) हामी तीनै भाई वन जाऊँ, सीतासहित हजूर फिरिबक्सियोस ॥ १ ॥ हे दयासागर ! रघुनाथ ! जुन तरहले प्रभुको मन प्रसन्न हुन्छ, तदनुसारै गरिबक्सियोस् ॥ २ ॥ प्रभुले मलाई सबै भार (राज्यभार) बक्सनुभयो, परन्तु ममा न नीतिज्ञान छ, न धर्मविचार छ, (त्यो भार कसरी थाम्ने ?) । म सबै कुरा स्वार्थैका निंति (आफ्नै मतलब सिद्ध गर्न) भन्दछु (के गरौं ?) दुःखित भएको व्यक्तिका चित्तमा चेत (ज्ञान) रहँदैन ॥ ३ ॥ ४ ॥

उतरु देइ सुनि स्वामिरजाई ❀ सो सेवकु लखि लाज लजाई ॥५॥
अस मैं अवगुन उदधि अगाधू ❀ स्वामिसनेह सराहत साधू ॥६॥

जो मालिकको आज्ञा सुनेर उत्तर दिन्छ (आज्ञामा टीकाटिप्पणी गर्दछ) त्यस्ता सेवकलाई देख्ता लाज पनि लज्जित हुन्छ (यस्ता अधमको मुख हेरेछु भनी लाजले लाज मान्दछ) ॥ ५ ॥ म यस्तो दुर्गुणको अगाध समुद्र छु, हजूर फगत प्रेमवश भएर बेश छ भनेर मलाई सह्राउनुहुन्छ ॥ ६ ॥

अब कृपाल मोहि सो मत भावा ❀ सकुच स्वामिमन जाइ न पावा ॥७॥
प्रभुपद सपथ कहउँ सतिभाऊ ❀ जगमंगल हित एक उपाऊ ॥८॥

हे दयालु ! अब मलाई त्यही मत (राय) मनपर्‍यो (के भने) प्रभुको मन संकोचतर्फ जान नपाओस् (प्रभुका मनलाई संकोच नपरोस्) ॥ ७ ॥ प्रभुका चरणको शपथ गरेर सत्य आशयले जगत्को कल्याणका निमित्त एउटा उपाय विन्ति गर्दछु ॥ ८ ॥

दोहा–प्रभु प्रसन्न मन सकुच तजि जो जेहि आयसु देब ।
सो सिर धरि धरि करिहि सबु मिटिहि अनट अवरेब ॥२६१॥

हजूरले मन प्रसन्न पारेर संकोच छाडीकन जसलाई जे आज्ञा बक्सनुहुन्छ, त्यसलाई शिरमा राखीराखीकन सबैले तदनुसार गर्नेछन्, अनि अनट (टार्न नसकिने) अवरेव (उल्झन = अल्झो) मेटिनेछ (ऐले कैकेयीको वरदानपट्टि लाग्दा दुनियाँले दुःख पाएका छन्, दुनियाँको सुविस्तातर्फ लाग्दा (राज्य लिंदा) कैकेयीको वरदान मिथ्या हुन आउँछ, यस्तो असजिलो अल्झो (माखेसाँग्लो) परेको छ, त्यो कुरा प्रभुका आज्ञाले मेटिन्छ) ॥ २६१ ॥

चौ०–भरतबचन सुचि सुनि सुर हरषे ❀ साधु सराहि सुमन सुर बरषे ॥१॥
असमंजसबस अवधनेवासी ❀ प्रमुदितमन तापस बनबासी ॥२॥
चुपहिं रहे रघुनाथ सँकोची ❀ प्रभुगति देखि सभा सब सोची ॥३॥

भरतजीका पवित्र वचन सुन्दा मनमा हर्षित भएका देवताहरूले "साधु! साधु!" (बाः बाः) भनेर तारीफ गरीकन फूल वर्षाए (भरतजीले हठ नगरेर रामचन्द्रको आज्ञानुसारै चल्ने आशय बुझ्दा देवताहरूले आफ्नो इष्टसिद्धि हुन लाग्यो भनेर पुष्पवृष्टिसमेत गरेर भरतजीलाई प्रोत्साहना दिए) ॥ १ ॥ अयोध्यानिवासीहरू असमंजस (असजिला) का वश भए, वनवासी तपस्वीहरूका मनमा आनन्द भयो ॥ २ ॥ रघुनाथजी संकोचमा परेर चूप लाग्नुभयो, प्रभुको त्यो अवस्था देखेर सभासद्‌हरू सोचविचार गर्न लागे ॥ ३ ॥

[जनकागमन]

जनकदूत तेहि अवसर आए ❀ मुनि बसिष्ठ सुनि बेगि बोलाए ॥४॥
करि प्रनामु तिन्ह रामु निहारे ❀ बेषु देखि भए निपट दुखारे ॥५॥

त्यसै वेलामा जनक राजाका दूत आए, वशिष्ठ मुनिले त्यो खबर सुनेर तिनीहरूलाई झट्ट बोलाए ॥ ४ ॥ तिनीहरूले प्रणाम गरेर रामचन्द्रजीका तर्फ हेरे, वहाँको वेष देख्ता अत्यन्त दुःखित भए ॥ ५ ॥

दूतन्ह मुनिबरँ बूझी बाता ❀ कहहु बिदेहभूप कुसलाता ॥६॥
सुनि सकुचाइ नाइ महि माथा ❀ बोले चरबर जोरें हाथा ॥७॥
बूझब राउर सादर साँई ❀ कुसलहेतु सो भएउ गोसाँई ॥८॥

मुनिवर वशिष्ठजीले दूतहरूसँग "महाराज जनकको कुशल-समाचार भन (कसो छ? के छ?)" भनी सोधे ॥ ६ ॥ दूतकर्ममा श्रेष्ठ भएका तिनीहरूले त्यो सुनेर संकोचका साथ पृथ्वीमा शिर झुकाएर हात जोरीकन विन्ति गरे ॥ ७ ॥ "हे स्वामी! स्वामीले आदरका साथ कुशलमङ्गल सोध्नु नै महाराज जनकको कुशलमंगलको कारण भयो ॥ ८ ॥

दोहा–नाहि त कोसलनाथ कें साथ कुसल गइ नाथ।
मिथिला अवध बिसेष तें जगु सब भयेउ अनाथ ॥२६२॥

हे नाथ ! नत्रभने महाराज दशरथजीका साथमा कुशलमंगल गए। संपूर्ण जगत् र विशेष गरेर मिथिला देश अवधदेश अनाथ भयो ॥ २६२ ॥

चौ०–कोसलपतिगति सुनि जनकौरा ❀ भे सब लोग सोकबस बौरा ॥१॥
जेहिं देखे तेहि समय बिदेहू ❀ नामु सत्य अस लाग न केहू ॥२॥

कोशलाधिराज (दशरथ) को त्यो अवस्था सुन्दा जनकपुरनिवासी सबैजना शोकवश भएर पागल भए ॥ १ ॥ त्यस वेलामा जसजसले महाराज विदेह (जनक) लाई देख्यो तिनीहरूका मध्यमा "विदेह" यो नाम सत्य हो भनेर कसले जानेन ? (सबैका मनमा देहको सुद्धिबुद्धि हराएपछि त्यस वेलामा सबै विदेह भए, महाराजको नाम ता पहिल्यै विदेह थियो ऐले त्यो नाम साँचो भयो" यस्तो विचार भयो) ॥ २ ॥

रानि कुचालि सुनत नरपालहि ❀ सूझ न कछु जस मनि बिनु ब्यालहि ॥३॥
भरत राजु रघुबर बनबासू ❀ भा मिथिलेसहि हृदयँ हराँसू ॥४॥

रानी (कैकेयी) को कुचाल सुन्दा मणि हराएको सर्पलाई झैं महाराजलाई केही सुझेन ॥ ३ ॥ भरतलाई राज्य रघुनाथजीलाई वनवास सुन्दा मिथिलापतिका हृदयमा बडो खेद भयो ॥ ४ ॥

नृप बूझे बुध सचिव समाजू ❀ कहहु बिचारि उचित का आजू ॥५॥
समुझि अवध असमंजस दोऊ ❀ चलिअ कि रहिअ न कह कछु कोऊ ॥६॥

महाराजले विद्वान् र मन्त्रीका वर्गलाई "विचार गरेर भन, आज के गर्नु उचित छ" भनी सोध्नुभयो ॥ ५ ॥ अयोध्या जाँदा दुवै तरहबाट असजिलो बुझेर जाने हो कि रहने हो (नजाने हो) यो दुई कुरामा एउटा कुरा कसैले भन्न (उचित ठहराएर बताउन) सकेन (अयोध्या गएर रामको वनवास भरतको राज्यप्राप्तिमा अपशोच प्रकट गरेका पक्षमा कैकेयीका पक्षलाई मन नपर्ने, भरतको राज्यप्राप्तिमा हर्ष प्रकट गरेका पक्षमा कौशल्यालगायतका चित्तमा चोट पर्ने हुनाले कैकेयी र कौशल्या दुवैजना संधिनीको चित्त बुझाउन नसकिने हुनाले अयोध्या जानु उचित छैन भनेर कसैले भन्न सकेन, त्यस्तो आपत्तिका समयमा संझाउन बुझाउन जानैपर्छ भनेर पनि कसैले भनेन, समानसंबन्ध भएका दुईजनाको झगरा परेका वेलामा नातादारले केही बोल्नु हुन्छ र ? तसर्थ जाने हो कि ? न जाने हो ? यी २ कुरामा सबैजना चूप लागे) ॥ ६ ॥

नृपहिं धीर धरि हृदय बिचारी ❀ पठए अवध चतुर चर चारी ॥७॥
बूझि भरत सतिभाउ कुभाऊ ❀ आयेहु बेगि न होइ लखाऊ ॥८॥

अनि महाराजैले धैर्य धारण गरेर मनमा विचार गरीकन "भरतको सद्भाव (राम्रो आशय) र दुर्भाव (खराब नियत) के छ गुप्तरीतिले त्यो बुझेर चाँडै आऊ, कसैले थाह नपाओस" भनी अह्राएर चलाक, चारजना चर (जासूस) पठाउनुभयो ॥ ७ ॥ ८ ॥

दोहा–गये अवध चर भरतगति बूझि देखि करतूति ।
चले चित्रकूटहि भरतु चार चले तेरहूति ॥२६३॥

ती चार जना चरहरू अयोध्या पुगेर भरतको अवस्था बुझेर त्यहाँको कार्रवाई देखेर भरतजी चित्रकूटतर्फ हिंडेपछि तिरहूत (मिथिला) तर्फ आए ॥ २६३ ॥

चौ०–दूतन्ह आइ भरत कइ करनी ❀ जनकसमाज जथामति बरनी ॥१॥
सुनि गुर परिजन सचिव महीपति ❀ भे सब सोच सनेह बिकल अति ॥२॥

दूतहरूले आएर जनक राजाका सभामा भरतजीको कर्तव्य यथाबुद्धि (बुझेसंमको) वर्णन गरे ॥ १ ॥ यो सुन्दा गुरु, आपस्तवर्ग, मन्त्री, राजा सबैजना शोक र प्रेमले अत्यन्त व्याकुल भए ॥ २ ॥

धरि धीरजु करि भरतबड़ाई ❀ लिए सुभट साहनी बोलाई ॥३॥
घर पुर देस राखि रखवारे ❀ हय गय रथ बहु जान सवाँरे ॥४॥
दुघरि साधि चले ततकाला ❀ किये बिश्रामु न मग महिपाला ॥५॥
भोरेहिं आजु नहाइ प्रयागा ❀ चले जमुन उतरन सबु लागा ॥६॥

अनि महाराजले धैर्य धारण गरेर भरतजीको तारीफ गर्नुभयो र असल योद्धाहरू र सेनापतिलाई बोलाउनुभयो ॥ ३ ॥ घर, नगर, देशका रक्षाको प्रबन्ध गरेर, घोडा, हात्ती, रथ इत्यादि सवारी तयार गराउनुभयो ॥ ४ ॥ द्विघटिका मुहूर्तको साइत हेरेर तत्कालैमा हिंड्नुभयो, बाटामा महाराजले विश्राम पनि गर्नुभएन ॥ ५ ॥ आज बिहान प्रयाग नुहाएर सबै जना जमुनानदी तर्न लाग्नुभयो ॥ ६ ॥

खबरि लेन हम पठए नाथा ❀ तिन्ह कहि अस महि नायेउ माथा ॥७॥
साथ किरात छ सातक दीन्हे ❀ मुनिबर तुरत बिदा चर कीन्हे ॥८॥

प्रभु ! हामीहरूलाई यहाँको खबर लिन पठाउनुभयो ।" यसो भनेर ती दूतहरूले पृथ्वीमा माथ राखे (प्रणाम गरे) ॥ ७ ॥ अनि वशिष्ठजीले छ सातोटा (६-७) किरातहरूलाई साथ लाइदिएर दूतहरूलाई तुरन्तै बिदा गरे ॥ ८ ॥

दोहा–सुनत जनक आगवनु सबु हरषेउ अवधसमाजु ।
रघुनंदनहि सकोचु बड़ सोच बिबस सुरराजु ॥२६४॥

जनकजी आएको सुन्दा अयोध्यावासी सबै समाज हर्षित भयो, रघुनाथजीलाई ठूलो संकोच पर्‍यो, देवराज (इन्द्र) सोचविचारका वश परे ॥ २६४ ॥

चौ०–गरइ गलानि कुटिल कैकेई ❀ काहि कहइ केहि दूषनु देई ॥१॥
अस मन आनि मुदित नर नारी ❀ भयेउ बहोरि रहब दिन चारी ॥२॥

कुटिलबुद्धि भएकी कैकेयी "जनकले के भन्ने हुन् ? कसलाई दोष दिने हुन् ?" भनेर

ग्लानिले गल्दै गइन् ॥ १ ॥ "दुई चार दिन फेरि बस्नुपर्ने भयो !" यस्तो ख्याल मनमा ल्याएर नरनारीहरू आनन्दित भए ॥ २ ॥

एहि प्रकार गत बासर सोऊ ❀ प्रात नहान लाग सबु कोऊ ॥३॥
करि मज्जनु पूजहिं नर नारी ❀ गनप गौरि तिपुरारि तमारी ॥४॥

यस्ता प्रकारले त्यो दिन बित्यो, भोलिपल्ट बिहान सबैजना नुहाउन लागे ॥ ३ ॥ नरनारीहरू स्नान गरेर गणपति, गौरी, शंकर, सूर्य यिनको पूजन गर्न लागे ॥ ४ ॥

रमारमनपद बंदि बहोरी ❀ बिनवहिं अंजलि अंचल जोरी ॥५॥
राजा रामु जानकी रानी ❀ आनँद अवधि अवध रजधानी ॥६॥

फेरि तिनीहरू लक्ष्मीपति भगवान् विष्णुको वन्दना गरेर हात जोरेर अंचल (पछेउराको छेउ) फैलाएर (थापेर) "रामचन्द्र राजा होऊन्, जानकी रानी होऊन्, अयोध्या आनन्दको परमावधि राजधानी होओस्" ॥ ५ ॥ ६ ॥

सुबस बसउ फिरि सहित समाजा ❀ भरतहि रामु करहुँ जुवराजा ॥७॥
येहि सुख सुधा सींचि सब काहू ❀ देव देहू जग जीवनलाहू ॥८॥

सब समाजसहित भएर रामजी फेरि मजासंग बसून्, भरतजीलाई युवराज गराऊन्, ॥ ७ ॥ हे लक्ष्मीपते ! देव ! यस्तो यो सुखरूपी अमृतले सबैलाई सेचन गरेर जगत्मा बाँचिरहनाको लाभ (फायदा) दिनुहोस् ॥ ८ ॥

दोहा—गुरसमाज भाइन्ह सहित रामराजु पुर होउ ।
अछत राम राजा अवध मरिअ माग सबु कोउ ॥२६५॥

अयोध्यानगरीमा गुरु, आपस्त भाईहरूले सहित भईकन रामजीको राज्य होस्, अयोध्यामा रामजी राजा छँदा छँदैमा हामी मर्न पाऊँ" यस्तो प्रार्थना सबै गर्दथे ॥ २६५ ॥

चौ०—सुनि सनेहमय पुरजन बानी ❀ निंदहिं जोग बिरति मुनि ग्यानी ॥१॥
एहि बिधि नित्य करम करि पुरजन ❀ रामहि करहिं प्रनाम पुलकि तन ॥२॥

नगरका नरनारीहरूका यस्ता प्रेमपूर्ण भएका वचन सुन्दा मुनीश्वरहरू र ज्ञानीहरू पनि आफ्नो योगाभ्यासको र वैराग्यको निन्दा गर्न लाग्दथे ॥ १ ॥ यस्ता तरहले नगर निवासीहरू नित्यकर्म गरिसक्तथे र शरीरमा रोमाञ्चित भैकन रामजीलाई प्रणाम गर्दथे ॥ २ ॥

ऊँच नीच मध्यम नर नारी ❀ लहहिं दरसु निज निज अनुहारी ॥३॥
सावधान सबही सनमानहि ❀ सकल सराहत कृपानिधानहि ॥४॥

उत्तम, मध्यम, अधम श्रेणीका नरनारीहरू आफ्नो आफ्नो भावभक्तिअनुसार रामजीको दर्शन पाउँथे, करुणानिधान रघुनाथजीको सावधान भएर सह्माल गर्दथे र सबैजना सराहना गर्दथे ॥ ३ ॥ ४ ॥

लरिकाइहि तें रघुबरबानी ❀ पालत नीति प्रीति पहिचानी ॥५॥

सील सकोच सिंधु रघुराऊ ❀ सुमुख सुलोचन सरल सुभाऊ ॥६॥
कहत राम गुन गन अनुरागे ❀ सब निज भाग सराहन लागे ॥७॥
हम सम पुन्यपुंज जग थोरे ❀ जिन्हहिं राम्रु जानत करि मोरे ॥८॥

"रामचन्द्रको केटाकेटी अवस्थैदेखि प्रीतिको पहिचान गरेर नीतिको पालन गर्ने बानी थियो ॥ ५ ॥ रघुनाथजी शीलस्वभाव र संकोच (मुलाहिजा) का सागर हुनुहुन्थ्यो, वहाँको वदन सुन्दर, नजर सुन्दर थियो, स्वभाव सरल थियो" ॥ ६ ॥ यस्ता प्रकारसंग रामजीका गुणको प्रशंसा गर्दा गर्दै तिनीहरू प्रेमपूर्ण भए, फेरि "जसलाई खास रामचन्द्रजी आफ्ना भनेर संझनुहुन्छ, त्यस्ता हामीहरूजस्ता पुण्यपुञ्जवाला प्राणी संसारमा थोरै नै होलान्" भनी आफ्ना भाग्यको सह्रनी गर्न लागे ॥ ७ ॥ ८ ॥

दोहा–प्रेममगन तेहि समय सब सुनि आवत मिथिलेसु ।
सहित सभा संभ्रम उठेउ रबिकुल कमल दिनेसु ॥२६६॥

उसै बखतमा मिथिलानरेश (जनकजी) आइपुग्न लाग्नुभएको सुनेर सबैजना प्रेममा डुबे, दिनकरकुलकमलदिवाकर (सूर्यकुलरूपी कमलको प्रकाश गर्नेलाई सूर्यस्वरूप) श्रीरामजी समाजसहित हडबडका साथ उठ्नुभयो ॥ २६६ ॥

चौ०–भाइ सचिव गुर पुरजन साथा ❀ आगें गवनु कीन्ह रघुनाथा ॥१॥
गिरिबरु दीख जनकपति जबहीं ❀ करि प्रनामु रथु त्यागेउ तबहीं ॥२॥

भाई, मन्त्री, गुरु, र नगरनिवासीहरूलाई साथ लिएर रघुनाथजी अघिअघि हिंड्नुभयो ॥ १ ॥ राजा जनकले जब चित्रकूटपर्वतलाई देखे, प्रणाम गरेर उत्रिखेरै रथ छाडे (वर्ले) ॥ २ ॥

रामदरसु लालसा उछाहू ❀ पथश्रम लेसु कलेसु न काहू ॥३॥
मन तहँ जहँ रघुबर बैदेही ❀ बिनु मन तन दुख सुख सुधि केही ॥४॥

रामजीको दर्शन गर्ने लालसा र उत्साहले गर्दा बाटामा कसैलाई थकाइको र क्लेशको लेश पनि थाह भएन ॥ ३ ॥ रघुनाथजी र सीताजी जहाँ हुनुहुन्थ्यो, सबैको मन उहीं थियो, मनविना शरीरका सुख-दुःखको सुत्र (खबर) कसलाई होस् ? ॥ ४ ॥

आवत जनकु चले एहि भाँती ❀ सहित समाज प्रेम मति माती ॥५॥
आए निकट देखि अनुरागे ❀ सादर मिलन परसपर लागे ॥६॥

यस्तै भाँतिले प्रेमले बुद्धि मस्त (लट्ठ) भएका समाजसहित जनक आउँदै थिए ॥ ५ ॥ ती नगीचै आइपुगेपछि परस्परलाई देखेर प्रेमयुक्त भएका दुवै दल आदरका साथ मिल्न (भेट्न) लागे ॥ ६ ॥

लगे जनकु मुनिजन पद बंदन ❀ रिषिन्ह प्रनामु कीन्ह रघुनंदन ॥७॥
भाइन्ह सहित रामु मिलि राजहि ❀ चले लवाइ समेत समाजहि ॥८॥

राजा जनक मुनिहरूका चरणको वन्दना गर्न लागे, रामचन्द्रजीले ऋषिहरूलाई प्रणाम गर्नुभयो ॥ ७ ॥ भाईहरूसहित भएका रामचन्द्रले जनक राजासँग भेट गर्नुभयो र समाजसहित उनलाई आश्रमतर्फ लैजानुभयो ॥ ८ ॥

दोहा–आश्रम सागर सांतरस पूरन पावन पाथु ।
सेन मनहुँ करुना सरित लियें जात रघुनाथु ॥२६७॥

मानौं रामचन्द्रजी शान्तिरसरूपी पवित्र जलले परिपूर्ण भएकी सेनारूपी करुणाकी नदीलाई आफ्नो आश्रमरूपी सागरतर्फ लैजान लाग्नुभयो कि ? (भन्ने भान भयो) ॥ २६७ ॥

चौ०–बोरति ग्यान बिराग करारे ❀ बचन ससोक मिलत नद नारे ॥१॥
सोच उसास समीर तरंगा ❀ धीरज तटतरुबर कर भंगा ॥२॥
बिषम बिषाद तोरावति धारा ❀ भय भ्रम भँवर अबर्त अपारा ॥३॥
केवट बुध बिद्या बड़ि नावा ❀ सकहिं न खेइ ऐक नहि आवा ॥४॥
बनचर कोल किरात बिचारे ❀ थके बिलोकि पथिक हियँ हारे ॥५॥
आश्रम उदधि मिली जब जाई ❀ मनहुँ उठेउ अंबुधि अकुलाई ॥६॥

त्यो आश्रमसमुद्रतिर जान लागेकी सेनारूपी करुणानदी ज्ञान र वैराग्यरूपी किनारालाई डुबाउँदै, शोकसहित भएका वचनरूपी नदीनालासँग मिल्दै, शोकका लामा लामा सासरूपी तरङ्गले युक्त भएर, धैर्यरूपी ठूला ठूला तीरवृक्षहरूलाई भाँच्तै, कडा विषादरूपी छिटो धाराले (प्रवाहले) युक्त भएकी भएर भ्रान्तिरूपी भुवँरी र ठूला ठूला आवर्त (चक्र) ले युक्त भएकी थिई ॥ १ ॥ २ ॥ ३ ॥ त्यो नदीका माझी विद्वान् थिए, विद्या नै ठूलो नाउ थियो, त्यो विद्यानाउलाई खियाउन सक्नाका निमित्त कोही पनि अघि सरेन ॥ ४ ॥ त्यो करुणा-नदीका किनाराको बाटो हिंड्ने कोल-किरात आदि गरेका बिचरा वनचरहरू थिए, तिनीहरू पनि त्यो नदीलाई देख्ता थकित भए, तिनले मनमा हार खाए ॥ ५ ॥ त्यो सेनारूपी करुणानदी गएर जब आश्रमरूपी समुद्रमा मिली, त्यस वेलामा आश्रमसमुद्र मानौं व्याकुल भएर उम्ल्यो कि ? (भनेजस्तो भयो) ॥ ६ ॥

सोकबिकल दोउ राजसमाजा ❀ रहा न ग्यानु न धीरजु लाजा ॥७॥
भूप रूप गुन सील सराही ❀ रोवहिं सोक सिंधु अवगाही ॥८॥

दुवैतर्फका राजपरिवार शोकले व्याकुल थिए। तिनमा ज्ञान, धैर्य, लाज केही रहन सकेन ॥ ७ ॥ तिनीहरू राजा दशरथका रूप, गुण, शीलको सह्रनी गर्दथे, शोकसागरमा डुबेर रुन्थे ॥ ८ ॥

छन्द–अवगाहि सोक समुद्र सोचहिं नारि नर ब्याकुल महा ।
दै दोष सकल सरोष बोलहिं बाम बिधि कीन्हो कहा ॥
सुर सिद्ध तापस जोगिजन मुनि देखि दसा बिदेह की ।
तुलसी न समरथु कोउ जो तरि सकै सरित सनेह की ॥११॥

नरनारीहरू शोकसागरमा डुबेर अत्यन्त व्याकुल भैकन सोच-विचार गर्दथे । तिनीहरू सबैजना क्रोधका साथ प्रतिकूल दैवले के गर्‍यो नि ? भन्दथे । (तुलसीदास भन्दछन्) जनक राजाको त्यो दुरवस्था देखेपछि देवता, सिद्ध, तपस्वी, योगी, मुनिहरूमध्येमा जो प्रेमको नदीलाई तर्न सक्ने त्यस्तो समर्थ सकस कोही थिएन ॥ ११ ॥

सोरठा–किए अमित उपदेस जहँ तहँ लोगन्ह मुनिबरन्ह ।
धीरजु धरिअ नरेस कहेउ बसिष्ठ बिदेह सन ॥११॥

जहाँ तहाँ मुनीश्वरहरूले शोकव्याकुल भएका ती सबैजनालाई अनुपम उपदेश गरे । वशिष्ठ मुनिले जनक राजालाई "हे राजन् ! धैर्य धारण गर्नुहोस्" भने ॥ ११ ॥

चौ०–जासु ग्यानु रबि भव निसि नासा ❀ बचन किरन मुनि कमल बिकासा ॥१॥
तेहि कि मोह ममता निअराई ❀ यह सिय राम सनेह बड़ाई ॥२॥

जसका ज्ञानरूपी सूर्यले संसाररूपी रात्रिको नाश गरेको छ, वचनरूपी किरणले मुनिरूपी कमलको विकास (प्रफुल्लता) गरेको छ, ॥ १ ॥ तिनै (जनक) का नजीकमा मोह के आउन सक्तथ्यो, यो ता सीतारामका स्नेहको महिमा हो (मोह र ममता होइन) ॥ २ ॥

बिषई साधक सिद्ध सयाने ❀ त्रिबिध जीव जग बेद बखाने ॥३॥
रामसनेह सरस मन जासू ❀ साधुसभाँ बड़ आदर तासू ॥४॥

वेदहरूले वर्णन गरेको छ कि, "संसारमा विषयी (विषयभोगलम्पट), साधक (नाना प्रकारका साधना गरेर मुक्ति सिद्ध गर्न लागेका) सिद्ध (योगसिद्धि पाएका) यस्ता तीन प्रकारका जीव हुन्छन्, यिनीहरूमध्ये जसको चित्त रामजीका प्रेमरसले भिजेको छ, सज्जनका समाजमा त्यसैको ठूलो आदर हुन्छ" ॥ ३ ॥ ४ ॥

सोह न रामपेम बिनु ग्यानू ❀ करनधार बिनु जिमि जलजानू ॥५॥
मुनि बहु बिधि बिदेहु समुझाए ❀ रामघाट सब लोग नहाए ॥६॥

जस्तै कर्णधार (माझी) नभैकन नाउको शोभा छैन, त्यस्तै रामचन्द्रजीका उपर प्रेम नभैकन ज्ञानको शोभा हुँदैन" ॥ ५ ॥ वशिष्ठजीले जनकलाई अनेक तरहले संझाए, अनि सबैजनाले रामघाटमा स्नान गरे ॥ ६ ॥

सकल सोकसंकुल नर नारी ❀ सो बासरु बीतेउ बिनु बारी ॥७॥
पसु खग मृगन्ह न कीन्ह अहारू ❀ प्रिय परिजन कर कौनु बिचारू ॥८॥

सबै नरनारीहरू शोकले पूर्ण थिए, त्यो दिन विनाजल (पानी पनि नपिएर) बित्यो ॥ ७ ॥ पशु पक्षी मृगले समेत आहार गरेनन्, प्यारा परिजन (कुटुम्ब) का विषयमा के भन्नु ? ॥ ८ ॥

दोहा–दोउ समाज निमिराजु रघुराजु नहाने प्रात ।
बैठे सब बट बिटप तर मन मलीन कृस गात ॥२६८॥

निमिराज (जनक) र रघुराज (रामचन्द्र) यी दुवैतर्फको समाज प्रातःकालमा स्नान गरेर वटवृक्षका तल (छाया) मा आएर बसे, सबैको मन मलिन, शरीर दुब्लो थियो ॥ २६८ ॥

चौ०-जे महिसुर दसरथ पुर बासी ❀ जे मिथिलापति नगर निवासी ॥१॥
हंसबंस गुर जनक पुरोधा ❀ जिन्ह जग मगु परमारथु सोधा ॥२॥
लगे कहन उपदेस अनेका ❀ सहित धरम नय बिरति बिबेका ॥३॥
कौसिक कहि कहि कथा पुरानी ❀ समुझाई सब सभा सुबानी ॥४॥

जो अयोध्यानिवासी, जो जनकपुरनिवासी ब्राह्मण थिए, ती र जसले संसारमा मुक्ति मार्गको पत्ता पाएको छ ती सूर्यवंशका गुरु वशिष्ठ, र जनकजीका पुरोहित शतानन्द पनि धर्म नीति, वैराग्य, विवेकले युक्त भएको अनेक उपदेश दिन लागे ॥ १ ॥ २ ॥ ३ ॥ विश्वामित्रले प्राचीन कथा सुनाई सुनाईकन सबै समाजलाई मधुर वचनले संझाए ॥ ४ ॥

तब रघुनाथ कौसिकहि कहेऊ ❀ नाथ कालि जल बिनु सबु रहेऊ ॥५॥
मुनि कह उचित कहत रघुराई ❀ गयेउ बीति दिन पहर अढ़ाई ॥६॥

उहाँपछि रघुनाथजीले विश्वामित्रसँग "हे नाथ ! हिजो विनाजल सबैजना रहे" भन्नुभयो ॥ ५ ॥ विश्वामित्रले "रघुनाथजी ठीक भन्नुहुन्छ, आज पनि अढाई पहर दिन बितिसक्यो" भने ॥ ६ ॥

रिषिरुख लखि कह तिरहुतिराजू ❀ इहाँ उचित नहि असन अनाजू ॥७॥
कहा भूप भल सबहि सोहाना ❀ पाइ रजायसु चले नहाना ॥८॥

विश्वामित्रको आशय देखेर जनक राजाले "यहाँ अन्न खानु उचित छैन" भने ॥ ७ ॥ राजा जनकले भनेको कुरामा सबैको चित्त बुझ्यो, आज्ञा पाएर नुहाउन गए ॥ ८ ॥

दोहा-तेहि अवसर फल फूल दल मूल अनेक प्रकार ।
लइ आए बनचर बिपुल भरि भरि कावरि भार ॥२६९॥

त्यसै वेलामा कोल भिल्ल आदि गरेका वनचरहरूले ठूला ठूला वहँगी (खरपन) भरीभरी अनेक प्रकारका फलफूल शाक-पात लिएर आए ॥ २६९ ॥

चौ०-कामद भे गिरि रामप्रसादा ❀ अवलोकत अपहरत बिषादा ॥१॥
सर सरिता बन भूमि बिभागा ❀ जनु उमगत आनँद अनुरागा ॥२॥

रामचन्द्रका अनुग्रहले चित्रकूट-पर्वत कामद (मनोरथ पूर्ण गर्ने) र दर्शन गर्दैमा विषाद हर्ने भयो ॥ १ ॥ त्यहाँका नदी, वन, मैदानमा पनि मानौं आनन्द र प्रेम उम्लेको हो कि (भनेजस्तो थियो) ॥ २ ॥

बेलि बिटप सब सफल सफूला ❀ बोलत खग मृग अलि अनुकूला ॥३॥
तेहि अवसर बन अधिक उछाहू ❀ त्रिबिध समीर सुखद सब काहू ॥४॥

लता-वृक्ष सबै फल-फूलसहित थिए । अनुकूल (शुभसूचक) भएर पक्षी, मृग, भ्रमर बोल्न लागे ॥ ३ ॥ त्यस वेलामा वनमा ज्यादा उत्सव थियो, तीन प्रकारको (मन्द सुगन्ध शीतल) सबैलाई आनन्द दिने बतास चलिरहेको थियो ॥ ४ ॥

जाइ न बरनि मनोहरताई ❀ जनु महि करति जनकपहुनाई ॥५॥
तब सब लोग नहाइ नहाई ❀ राम जनक मुनि आयसु पाई ॥६॥
देखि देखि तरुवर अनुरागे ❀ जहँ तहँ पुरजन उतरन लागे ॥७॥
दल फल मूल कंद बिधि नाना ❀ पावन सुंदर सुधा समाना ॥८॥

सुन्दरताको वर्णन गर्न सकिदैन, मानौं पृथ्वीमाताले जनक महाराजको पहुनाई (आतिथ्य) गर्नलागेकी हुन् कि ? (भन्ने भान हुन्थ्यो) ॥ ५ ॥ अनि सबैजना जनकपुर-निवासीहरू रामचन्द्रजी जनक राजा विश्वामित्र मुनिको आज्ञा पाएर नुहाई नुहाईकन सुन्दर सुन्दर वृक्ष हेरेर त्यतैतिर उत्रन (डेरा गर्न) लागे ॥ ६ ॥ ७ ॥ पवित्र सुन्दर अमृतसमान मीठा नाना प्रकारका कन्द-मूल फल फूल, साग-पात ॥ ८ ॥

दोहा—सादर सब कहँ रामगुर पठए भरि भरि भार ।
पूजि पितर सुर अतिथि गुर लगे करन फलहार ॥२७०॥

इत्यादि रामचन्द्रजीका गुरु वशिष्ठजीले खरपनभरीभरी गरेर आदरसाथ सबैलाई पठाइदिए । पितृ, देवता, अतिथि, गुरु, यिनको पूजा गरेर सबैजना फलाहार गर्न लागे ॥ २७० ॥

चौ०—एहि बिधि बासर बीते चारी ❀ रामु निरखि नर नारि सुखारी ॥१॥
दुहुँ समाज असि रुचि मन माहीं ❀ बिनु सिय राम फिरब भल नाहीं ॥२॥

यस्ता प्रकारले चार दिन बिते, नरनारीहरू रामजीका दर्शनले सुखी (प्रसन्न) थिए ॥ १ ॥ दुवैतर्फका समाजका मनमा "सीताजी रामजीविना फर्कनु वेश छैन" भन्ने इच्छा थियो ॥ २ ॥ (तिनीहरू भन्दथे—)

सीता राम संग बनबासू ❀ कोटि अमरपुर सरिस सुपासू ॥३॥
परिहरि लखन रामु बैदेही ❀ जेहि घरु भाव बाम बिधु तेही ॥४॥
दाहिन दइउ होइ जब सबहीं ❀ राम समीप बसिअ बन तबहीं ॥५॥

सीतारामजीका साथ वनवास गर्नु करोड़ स्वर्गको तुल्य सुखदायक छ ॥ ३ ॥ लक्ष्मण राम सीतालाई छाडेर जसलाई घर मनपर्छ त्यसका हकमा दैव विपरीत भएछ भन्नुपर्दछ ॥ ४ ॥ जैले दैव दाहिनु (अनुकूल) हुन्छ, त्यसै समयमा मात्रै रामजीका नगीच बस्न पाइन्छ ॥ ५ ॥

मंदाकिनिमज्जनु तिहुँ काला ❀ रामदरसु मुद मंगल माला ॥६॥
अटनु रामगिरि बन तापसथल ❀ असनु अमिअ सम कंद मूल फल ॥७॥
सुख समेत संबत दुइ साता ❀ पल सम होहिं न जनिअहिं जाता ॥८॥

मन्दाकिनीमा तीनै काल स्नान गर्नु छ, आनन्द र कल्याणको परम्परास्वरूप भएको रामचन्द्रको दर्शन गर्नु छ, ॥ ६ ॥ चित्रकूट पर्वतमा, वनमा, तपस्वीका आश्रमआश्रममा डुल्नु छ, अमृतसमान कन्दमूल फलफूल खानु छ, ॥ ७ ॥ आनन्दका साथ चौधवर्ष १ पलसमान हुनेछन् , बितेको थाहा हुनेछैन" ॥ ८ ॥ (फेरि तिनीहरू परस्पर-)

दोहा-एहि सुख जोग न लोग सब कहहिं कहाँ अस भागु ।
सहज सुभायँ समाज दुहुँ रामचरन अनरागु ॥२७१॥

भन्दथे; "हामी सबैजना यस्तो सुखका योग्य (लायक) छैनौं, यस्तो भाग्य कहाँ हुन्थ्यो" यस्ता तरहले दुवैतर्फका समाजलाई स्वाभाविक सद्भावले रामचन्द्रजीका चरणमा अनुराग थियो ॥ २७१ ॥

चौ०-एहि बिधि सकल मनोरथ करहीं ❀ बचन सप्रेम सुनत मन हरहीं ॥१॥
सीयमातु तेहि समय पठाईं ❀ दासीं देखि सुअवसरु आईं ॥२॥

सबैजना यस्ता तरहको मनोरथ गर्दथे, प्रेमका साथ यस्ता वचन बोल्दथे कि जुन वचन सुन्दा मन हरण हुन्थ्यो ॥ १ ॥ सीताजीकी माताले (सुनयना रानीले) त्यसै वेलामा यौटी दासी पठाइन् , त्यो आएर मौका हेरेर गई (फर्की) ॥ २ ॥

सावकास सुनि सब सियसासू ❀ आएउ जनकराज रनिवासू ॥३॥
कौसल्याँ सादर सनमानी ❀ आसन दिये समय सम आनी ॥४॥

सीताजीका सबै सासूहरू सावकाशमा (फुर्सतमा) छन् भन्ने सुनेर जनक राजाका रानीहरू आए ॥ ३ ॥ कौशल्या महारानीले आदरका साथ सम्मान गर्नुभयो, बखतअनुसारको आसन ल्याएर दिनुभयो ॥ ४ ॥

सीलु सनेहु सकल दुहुँ ओरा ❀ द्रवहिं देखि सुनि कुलिस कठोरा ॥५॥
पुलक सिथिल तन बारि बिलोचन ❀ महि नख लिखन लगीं सब सोचन ॥६॥

दुवैतर्फका स्त्रीसमाजको त्यो सबै शील स्वभाव र प्रेम देख्ता सुन्दा कठोर वज्र पनि पग्लन्थ्यो ॥ ५ ॥ सबैका शरीर शिथिल र रोमाञ्चित थिए, नजरमा आँसु भरिभराउ थियो, सबैजना पाउका अंगुष्ठले जमीनमा लेख्न (कोर्न) र शोक गर्न लागे ॥ ६ ॥

सब सिय राम प्रीति कि सिं मूरति ❀ जनु करुना बहु बेष बिसूरति ॥७॥
सीयमातु कह बिधिबुधि बाँकी ❀ जो पयफेनु फोर पबिटाँकी ॥८॥

सबैजना सीतारामको प्रेमका मूर्ति हुन् कि धेरै मूर्ति धारण गरेर चिन्ता गरिरहेका करुणा हुन् कि (भनेजस्ता थिए) ॥ ७ ॥ सीताजीकी माता (सुनयना) ले भनिन् "विधाताकी बुद्धि वक्र (कुटिल) रहिछ, जुन विधाताले दूधका फींजलाई वज्रको टाँकीले फोर्‍यो (सुकुमार केटाकेटीलाई वनवास दिनु दूधका फींजलाई वज्रले फोर्नुजस्तै हो) ॥ ८ ॥

दोहा-सुनिअँ सुधा देखिअहिं गरल सब करतूति कराल ।
जहँ तहँ काक उलूक बक मानस सकृत मराल ॥२७२॥

विधाताको सबै कारवाई डरलाग्दो छ, अमृत सुनिन्छ (पिउन देख्न पाइँदैन) विष देखिन्छ (त्यसले जताततै पिरेकै छ)। काग, लाटाकोसेरा, बकुल्ला जताततै देखिन्छन्, हंस ता फगत मानसरोवरमा मात्र देखिन्छन् ॥ २७२ ॥

चौ०–सुनि ससोच कह देवि सुमित्रा ❀ बिधिगति बड़ि बिपरीत बिचित्रा ॥१॥
जो सृजि पालइ हरइ बहोरी ❀ बालकेलि सम बिधिमति भोरी ॥२॥

यो वचन सुनेर सुमित्रा अफसोस मान्दै भन्न लागिन्, "विधाताको गति विपरीत र विचित्र छ, ॥ १ ॥ जो विधाता संसारलाई बनाएर पालना गर्छ, फेरि नाश पनि गर्दछ। विधाताकी बुद्धि केटाकेटीकै जस्ती लाटी छ, तिनको चाल केटाकेटीको खेलबाडजस्तो छ ॥ २ ॥

कौसल्या कह दोसु न काहू ❀ करम बिबस दुख सुख छति लाहू ॥३॥
कठिन करमगति जान बिधाता ❀ जो सुभ असुभ सफल फलदाता ॥४॥
ईसरजाइ सीस सबही कें ❀ उतपति थिति लय बिषहु अमी कें ॥५॥
देवि मोहबस सोचिअ बादी ❀ बिधिप्रपंचु अस अचल अनादी ॥६॥
भूपति जिअब मरब उर आनी ❀ सोचिअ सखि लखि निज हित हानी ॥७॥
सीयमातु कह सत्य सुबानी ❀ सुकृती अवधि अवधपतिरानी ॥८॥

कौशल्याले भन्नुभयो—"कसैको दोष छैन, सुख-दुःख, हानि-लाभ कर्माधीन छन् ॥ ३ ॥ कर्मको गतिलाई उही विधाता जान्दछ (अरू जान्दैन) उही विधाता शुभ र अशुभ भएका सबै कर्मफलको दाता हो ॥ ४ ॥ ईश्वरको मर्जी उत्पत्ति, स्थिति, प्रलय, विष, अमृत इत्यादि सबैका शिरउपर छ (ईश्वरैका आज्ञानुसार यी चल्छन्) ॥ ५ ॥ महारानी! मोहवश भएर शोक गरिन्छ, त्यो वृथा हो। विधाताको यस्तो प्रपंच अटल छ, अनादि छ ॥ ६ ॥ हे सखी! (संधिनीज्यू!) महाराजको जीवन र मरणलाई संझदा आफ्नै हितको हानि देखेर शोक गरिन्छ (बाँचिरहनुभएको भए हामी सुख पाउने थियौं, त्यसो ता भएन र हामीले दुःख पायौं भनेर शोक गरिन्छ, सबै संसार आफ्नै भलो खोज्दो रहेछ, को कसको प्रेमी रहेछ र?, आत्मा नै सबभन्दा प्यारो बुझियो) ॥ ७ ॥ सीताजीकी माता (सुनयना) ले भनिन् "साँचो हो, ठीक कुरा हो, महारानी! अयोध्यापति महाराज हद्द पुण्यात्मा हुनुहुँदो रहेछ ॥ ८ ॥

दोहा–लखनु रामु सिय जाहुँ बन भल परिनाम न पोचु।
गहबरि हिय कह कौसिला मोहि भरत कर सोचु ॥२७३॥

कौशल्या महारानीले गहभरि आँसु गरेर गद्गद भईकन भन्नुभयो, "लक्ष्मण, सीता, राम, वन जाऊन्, त्यसको परिणाम असल हुनेछ, खराब हुनेछैन, तर मलाई भरतको सुर्ता लाग्दछ ॥ २७३ ॥

चौ०–ईसप्रसाद असीस तुम्हारी ❀ सुत सुतबधूँ बिबुधसरि बारी ॥१॥
रामसपथ मैं कीन्हि न काऊ ❀ सो करि कहौं सखी सतिभाऊ ॥२॥

भरत सील गुन बिनय बड़ाई ❀ भायप भगति भरोस भलाई ॥३॥
कहत सारदहु कर मति हीचे ❀ सागर सीपि कि जाहिं उलीचे ॥४॥
जानउँ सदा भरत कुलदीपा ❀ बार बार मोहि कहेउ महीपा ॥५॥
कसें कनकु मनि पारिखि पाएँ ❀ पुरुष परिखिअहिं समय सुभाएँ ॥६॥
अनुचित आजु कहब अस मोरा ❀ सोक सनेह सयानप थोरा ॥७॥
सुनि सुरसरि सम पावनि बानी ❀ भईं सनेहबिकल सब रानी ॥८॥

महारानी ! ईश्वरको कृपाले र हजूरको आशीर्वादले मेरा चारै छोरा र चारै बुहारी गङ्गाजलसमान निर्मल छन् ॥ १ ॥ सखी ! मैले कहिल्यै पनि रामको शपथ गरेकी थिइनँ, आज त्यो रामको शपथ गरेर शुद्ध भावले भन्दछु, ॥ २ ॥ भरतको शील, गुण, विनय, महत्त्व, भ्रातृप्रेम, भक्ति, भरोसा, भलोपनाको वर्णन गर्दा सरस्वतीकी बुद्धि पनि हच्कनेछ, सीपीले सागरको पानी उभाएर सिध्याउन सकिन्छ र ॥ ३ ॥ ४ ॥ म भरतलाई कुलको दीप (बत्ती) जान्दछु (ठान्दछु), महाराज पनि वारंवार त्यसै भन्नुहुन्थ्यो ॥ ५ ॥ कसी लाउँदा सुवर्णको, पारख गर्ने मानिस पाउँदा मणिको मोल थाहा पाइन्छ, बखतमा पुरुषको परीक्षा हुन्छ ॥ ६ ॥ आज मैले यसो भन्दा अनुचित हुन्छ (किनभने कौशल्यालाई) शोक, प्रेम, चतुरता थोरै रहेछ (भनी सबै भन्नेछन्)" ॥ ७ ॥ गङ्गाजी जत्तिकै पवित्र भएकी यो वाणी सुनेर सबै रानीहरू प्रेमले व्याकुल भए ॥ ८ ॥

दोहा–कौसल्या कह धीर धरि सुनहु देवि मिथिलेसि ।
को बिबेक निधि बल्लभहि तुम्हहि सकइ उपदेसि ॥२७४॥

कौशल्या महारानीले धैर्य धारण गरेर फेरि भन्नुभयो–"सखी ! महारानी !! मिथिलेश्वरी ! सुन्नुहोस् विवेकका खानि भएका महाराज जनकको धर्मपत्नी भएकी हजूरलाई उपदेश गर्न को सक्तछ ? ॥ २७४ ॥

चौ०–रानी राय सन अवसरु पाई ❀ अपनी भाँति कहब समुझाई ॥१॥
रखिअहिं लखनु भरतु गवनहिं बन ❀ जौं येह मत मानै महीपमन ॥२॥
तौ भल तजनु करब सुबिचारी ❀ मोरें सोचु भरत कर भारी ॥३॥
गूढ़ सनेह भरतमन माहीं ❀ रहें नीक मोहि लागत नाहीं ॥४॥

महारानी ! मौका पाएर आफ्ना तरफबाट (मैले भनेको जस्तो नपर्ने गरी) महाराज जनकजीलाई संझाएर भन्नुहोला, यदि यो कुरामा महाराजको चित्त बुझ्दछभने लक्ष्मण घरै रहून्, भरत रामका साथ वन जाऊन् त्यसो हुन सक्ने रहेछभने खूब विचार गरेर यत्न गर्नुहोला । मलाई भरतको भारी सुर्ता छ, भरतका मनमा गुप्त प्रेम छ (भरत अरूजस्तो मुखले प्रेम प्रकाश गर्ने होइनन्) । ती घर रहेभने बेश होला भनेजस्तो मलाई लाग्दैन (राम भन्दा हत्ते हाल्दछन्, रामलाई छाडेभने तिनको के गति होला ?) ॥ १ ॥ २ ॥ ३ ॥ ४ ॥

लखि सुभाउ सुनि सरल सुबानी ❀ सब भइँ मगन करुनरस रानी ॥५॥

नभ प्रसूनझरि धन्य धन्य धुनि ❀ सिथिल सनेह सिद्ध जोगी मुनि ॥६॥

कौशल्याको स्वभाव देखेर, करुणरसले भिजेका सरल वचन सुनेर सबै रानीहरू करुण रसमा डुबे ॥ ५ ॥ आकाशबाट फूल बर्स्यो, धन्य धन्य भन्ने ध्वनि निस्क्यो, सिद्ध योगी मुनिहरू प्रेमले शिथिल भए ॥ ६ ॥

सबु रनिवासु बिथकि लखि रहेउ ❀ तब धरि धीर सुमित्राँ कहेऊ ॥७॥
देवि दंड जुग जामिनि बीती ❀ राममातु सुनि उठी सप्रीती ॥८॥

सबै महारानीहरू छक्क परेर हेरिरहन लागे अनि सुमित्रा महारानीले धैर्य धारणा गरेर "महारानी दिदीज्यू ! दुई घडी रात गइसक्यो," भनिन् । त्यो सुनेर कौशल्या महारानी प्रीतिका साथ उठ्नुभयो ॥ ७ ॥ ८ ॥

दोहा–बेगि पाउ धारिअ थलहि कह सनेह सतिभायँ ।
हमरें तव अब ईस गति कै मिथिलेसु सहायँ ॥२७५॥

कौशल्या महारानीले सुनयना महारानीसंग प्रेम र सद्भावले भन्नुभयो, "अब हजूर चाँडै डेरातर्फ पाल्नुहोस् , हामी ता अब परमेश्वरैको भरोसामा रहन्छौं कि ता मिथिलाधिपति (जनक) सहायक होइदिनुहुन्छ" ॥ २७५ ॥

चौ०–लखि सनेहु सुनि बचन बिनीता ❀ जनकप्रियाँ गहे पाय पुनीता ॥१॥
देवि उचित असि बिनय तुम्हारी ❀ दसरथघरिनि राम महतारी ॥२॥
प्रभु अपने नीचहु आदरहीं ❀ अगिनि धूम गिरि सिर तिन धरहीं ॥३॥
सेवकु राउ करम मन बानी ❀ सदा सहाय महेसु भवानी ॥४॥
रउरे अंग जोगु जग को है ❀ दीपसहाय कि दिनकर सोहै ॥५॥
रामु जाइ बनु करि सुरकाजू ❀ अचल अवधपुर करिहहिं राजू ॥६॥
अमर नाग नर राम बाहु बल ❀ सुख बसिहहिं अपने अपने थल ॥७॥
येह सब जागबलिक कहि राखा ❀ देवि न होइ मुधा मुनि भाषा ॥८॥

कौशल्याको स्नेह देखेर नम्र वचन सुनेर जनक प्रिया (सुनयना) ले वहाँको पवित्र पाउ समातेर भनिन् ॥ १ ॥ "महारानी ! दशरथ महाराजकी धर्मपत्नी, रामजीकी माता हजूरको यस्तो विनय मुनासीब छ ॥ २ ॥ मालिकहरू आफ्ना भनेपछि चुत्थाचुत्थाको पनि आदर गर्दछन्, अग्निले धुवाँलाई, पर्वतले तृणलाई शिरमा राख्तछन् ॥ ३ ॥ महाराज (जनक) हजूरका कर्मणा-मनसा-वाचा सेवक हुनुहुन्छ । सहायक ता शंकरजी गिरिजा हुनुहुन्छ ॥ ४ ॥ महारानी ! हजूरको सहायता गर्नलायक जगत्मा को छ ? बत्तीका सहायताले सूर्य उज्याला हुन्छन् र ? ॥ ५ ॥ रामजी जंगल गएर देवकार्य गरेर अयोध्यानगरीमा अटल राज्य गर्नुहुनेछ ॥ ६ ॥ देवता, नाग, मनुष्य यी तीन थरी प्राणीहरू रामजीका बाहुबलका प्रभावले आनन्दसँग आफ्ना आफ्ना लोकमा (स्वर्ग-पाताल-मर्त्यलोकमा) बस्नेछन् ॥ ७ ॥ यो कुरा याज्ञवल्क्य नाउँ भएका योगिराजले भनिराखेको छ, महारानी ! मुनिको वचन मिथ्या हुँदैन ॥ ८ ॥

दोहा–अस कहि पग परि पेम अति सिय हित बिनय सुनाइ ।
सिय समेत सियमातु तब चली सुआयसु पाइ ॥२७६॥

सीताजीकी माता सुनयना महारानीले यस्तो विन्ति गरिन् र बड़ो प्रेमका साथ कौशल्याका पाउमा शिर राखेर सीताजीका निंती बिदा विन्ति गरीकन आज्ञा पाएपछि सीताजीलाई साथ लिएर डेरातर्फ गइन् ॥ २७६ ॥

चौ०–प्रिय परिजनहि मिली बैदेही ❀ जो जेहि जोगु भाँति तेहि तेहि ॥१॥
तापसबेष जानकी देखी ❀ भा सबु बिकल बिषाद बिसेषी ॥२॥

जानकीजीले जो जे लायक थियो त्यसै त्यसै तरहले प्यारा माइतका कुटुम्ब (परिवार) सँग भेट गर्नुभयो ॥ १ ॥ तपस्विनीको भेषमा रहेकी जानकीजी देख्ता सबैलाई ज्यादा विषाद भयो ॥ २ ॥

जनक राम गुर आयसु पाई ❀ चले थलहि सिय देखी आई ॥३॥
लीन्हि लाइ उर जनक जानकी ❀ पाहुनि पावन पेम प्रान की ॥४॥

जनक राजा रामगुरु (वशिष्ठ) को आज्ञा पाएर वासस्थानतर्फ लागे, आएर तिनले सीताजीलाई देखे ॥ ३ ॥ तिनले प्रेम र प्राणकी पवित्र अतिथि भएकी (जनकका प्रेमका घरमा र प्राणका घरमा पाहुना लाग्न आएकी = अति प्यारी) जानकीजीलाई हृदयमा लगाए ॥ ४ ॥

उर उमगेउ अंबुधि अनुरागू ❀ भयेउ भूपमनु मनहुँ पयागू ॥५॥
सियसनेह बटु बाढ़त जोहा ❀ ता पर रामपेम सिसु सोहा ॥६॥

जनकजीका हृदयमा जानकीजीका प्रेमको समुद्र उर्लेर आयो, जनक राजाको मन मानौं प्रयागराज भयो ॥ ५ ॥ त्यो मनरूपी प्रयागराजमा सीताको प्रेमरूपी अक्षयवट बढ़्दै गएको देखियो, त्यो प्रेमवटवृक्षमा रामचन्द्रको प्रेमरूपी बालमुकुन्द शोभायमान थियो ॥ ६ ॥

चिरजीवी मुनि ग्यानु बिकल जनु ❀ बूड़त लहेउ बाल अवलंबनु ॥७॥
मोहमगन मति नहि बिदेह की ❀ महिमा सिय रघुबर सनेह की ॥८॥

राजा जनकको ज्ञानरूपी चिरञ्जीवी मुनि (मार्कण्डेय) ले डुब्न लागेका वेलामा रामप्रेमरूपी बालमुकुन्दको अवलम्बन (आश्रय) पाए । (जनकको नष्ट हुन लागेको ज्ञान रामप्रेम पाएर अड्यो) राजा जनककी बुद्धि (ज्ञानरूपी मार्कण्डेय, अघिपछि) मोहमा डुब्ने होइन तर ऐले यो ता सीतारामजीका प्रेमको महिमा हो वहाँकै प्रेमले एकछिन डुबेजस्ती भएकी हो) ॥ ७ ॥ ८ ॥ (क)

(क) मार्कण्डेय मुनिले तपस्या गरेर परमेश्वरसँग प्रलयको कौतुक हेर्न पाउँ भनी मागे, भगवान्ले तथास्तु भन्नुभयो । केही दिनपछि मार्कण्डेयले बेलुका सन्ध्या गर्न लागेका वेलामा धूमधामको वर्षा भयो चारैतिरबाट समुद्र बढ्दै आयो, मार्कण्डेयलाई बगायो, सारा संसार जलमय भयो । मुनि मार्कण्डेय समुद्रमा पौडी खेल्दै खेल्दै धेरै कालसम्म हैरान भए, आखिरमा समुद्रको सानु टापूमा वरका रूखको पातमा सुतेका तेजस्वी यौटा बालक देखिए । सोधपूछ गरौं भनेर मार्कण्डेयमुनि जिनतिन त्यहीं पुगे । नगीचै पुग्दा तिनै

दोहा–सिय पितु मातु सनेह बस बिकल न सकी सँभारि ।
धरनिसुता धीरजु धरेउ समउ सुधरमु बिचारि ॥२७७॥

सीताजीका मातापिताले भने प्रेमवश भएर व्याकुलतालाई सह्माल्न सकेनन् । सर्व सहनशील भएकी पृथ्वीकी छोरी हुनाले सीताजीले ता बखत र आफ्ना धर्मको विचार राखेर धैर्य धारण गर्नुभयो ॥ २७७॥

चौ०–तापसबेस जनक सिय देखी ❀ भयेउ पेमु परितोषु बिसेषी ॥१॥
पुत्रि पवित्र किए कुल दोऊ ❀ सुजस धवल जगु कह सबु कोऊ ॥२॥

सीताजीलाई तपस्विनीको वेषमा रहेकी देख्ता जनकलाई ज्यादै नै प्रेम ज्यादै नै संतोष भयो ॥ १ ॥ (जनकले भने) "नानी छोरी ! तिमीले दुवै कुललाई (पितृकुल र भर्तृकुललाई) पवित्र गर्यौ । तिम्रा सुयशले सारा संसार उज्यालो भयो भनी सबैजना भन्दछन् ॥ २ ॥

जिति सुरसरि कीरति सरि तोरी ❀ गवनु कीन्ह बिधि अंड करोरी ॥३॥
गंग अवनिथल तीनि बड़ेरे ❀ येहि कियें साधुसमाज घनेरे ॥४॥

नानी ! सीते ! तिम्री कीर्तिरूपी नदी गङ्गाजीलाई जितेर अनन्तकोटि ब्रह्माण्डमा पुगिन् । (गङ्गाजी ता यौटै ब्रह्माण्डमा मात्रै न छन्) फेरि गंगाजीका ठूला¹ ठूला ठाउँ पृथ्वीभरमा

बालक (बालमुकुन्द) का नाकका हावाले तान्यो र ती मुनि हुरीले तानेको तृणजस्तै भएर बालमुकुन्दका पेटमा पुगे । त्यहाँ तिनले आफ्नु आश्रमलगायत सबै संसार देखे, पक्क परेर हेर्न लागेका थिए, बालमुकुन्दका सासले फेरि बाहिर हुत्त्यायो । बालमुकुन्दलाई ईश्वर भनी चिन्हेर अँगालो हाल्न लागेका थिए, बालमुकुन्द पनि अन्तर्धान भए, त्यो प्रलयको कौतुक पनि अन्तर्धान भयो, मार्कण्डेय मुनिले आफूलाई आफ्नै आश्रममा सात्त्विकबमोजिम रहेको देखे उनको प्रलयको तमाशा हेर्ने रहर पुग्यो । यो कथा श्रीमद्भागवत द्वादश स्कन्धमा लेखिएको छ ।

यही कथालाई लिएर कुनै अधम भृत्यले—"वेटायममा भक्तको मनोरथ पूर्ण गर्नाका निमित्त प्रलयको कल्पना गर्नुपर्दा केटाकेटीको काममा केटाकेटी नै हुनुपर्छ भनेर बालमुकुन्दको रूप लिने, नचाहिने काम गरेबावतको सजाय सबैले भोग्नुपर्छ भन्ने सूचना दिनाका निमित्त बालकलाई अत्यन्त चाहिने खानु र सुविस्तासाथ सुत्नु यी दुई कुरा नपाएर आफ्नो पाउ चुस्ने, वटवृक्षका पातमा सुत्ने, त्यति गरेर पनि संसारको रक्षा गर्ने भगवान्‌लाई वारंवार नमस्कार छ" यस्तो वन्दना गरेको छ ।

अकालकल्पान्तनिभालनस्पृहासमुल्लसद्बालमुकुन्दमूर्तये ।
निजाङ्घ्रिभोक्त्रे वटपत्रशायिने प्रपञ्चगोप्त्रे हरये मुहुर्नमः

प्रयागको अक्षयवट उही बालमुकुन्दवाला वटवृक्ष हो प्रलयकालमा पनि प्रयागको अक्षयवट रहिरहन्छ ।

(१) गङ्गाजीको महिमा अन्यत्र पनि ठूलो छ, तीन ठाउँमा गङ्गाजीको महिमा अत्यन्त ठूलो छ भन्ने आशयले "गङ्गाजी सर्वत्र सुलभ छन्, हरिद्वारमा, प्रयागमा, गङ्गासागरसंगममा, गङ्गाजी अति दुर्लभ छन्" भनी विलक्षण रीतिले पुराणहरू गङ्गाजीको विषयमा स्थानविशेषले महिमाको विशेष बताउँछन् ।

सर्वत्र सुलभा गङ्गा त्रिपु स्थानेषु दुर्लभा ।
हरिद्वारे प्रयागे च गङ्गासागरसंगमे ॥

तीनैवटा नहुन् ? तिम्री कीर्तिनदीले ता अनेकानेक साधुसमाजलाई ठूला ठूला स्थान बनाएकी छन्" ॥ ३ ॥ ४ ॥

पितु कह सत्य सनेह सुबानी ❀ सीय सकुच महुँ मनहुँ समानी ॥५॥
पुनि पितु मातु लीन्हि उर लाई ❀ सिख आसिष हित दीन्हि सुहाई ॥६॥

पिता जनक स्नेहले साँचो कुरा गर्दथे, सीताजी भने मानौं संकोचमा लीन हुनुभयो कि ? (भनेजस्तो भयो) ॥ ५ ॥ अनि फेरि पिता-माता दुवैले वहाँलाई हृदयमा लगाएर सुन्दर शिक्षा अर्ती र आशिष दिए ॥ ६ ॥

कहति न सीय सकुचि मन माहीं ❀ इहाँ बसब रजनी भल नाहीं ॥७॥
लखि रुख रानि जनायेउ राऊ ❀ हृदयँ सराहत सीलु सुभाऊ ॥८॥

सीताजीले मनमा संकोच हुनाले "राती यहाँ बस्नु ठीक छैन" भन्न सक्नुभएन ॥ ७ ॥ रानी (सुनयना) ले सीताजीको आशय ताडेर मनै मनले वहाँका शीलस्वभावको प्रशंसा गरेर सीताजीको आशय राजालाई सूचन गरिन् ॥ ८ ॥

दोहा–बार बार मिलि भेंटि सिय बिदा कीन्हि सनमानि ।
कही समयसिर भरतगति रानि सुबानि सयानि ॥२७८॥

वारंवार सीताजीसँग भेटेर सन्मान गरीकन बिदा गरे । चलाक मधुरभाषिणी सुनयना रानीले मौका पारेर भरतको हाल भलीभाँति (एकएक गरेर) सुनाइन् ॥ २७८ ॥

चौ०–सुनि भूपाल भरतब्यवहारू ❀ सोन सुगंध सुधा ससिसारू ॥१॥
मूदे सजल नयन पुलके तन ❀ सुजसु सराहन लगे मुदित मन ॥२॥

राजा जनकले सुनमा असल सुगन्धजस्तो चन्द्रमामा असल अमृतजस्तो भरतको व्यवहार सुनेर अश्रुपूर्ण भएका नजर बन्द गरे, शरीरमा रोमाञ्च भयो, मनमा आनन्दित भएर भरतका सुयशको सह्रनी गर्न लागे ॥ १ ॥ २ ॥

सावधान सुनु सुमुखि सुलोचनि ❀ भरतकथा भवबंध बिमोचनि ॥३॥
धरम राजनय ब्रह्मबिचारू ❀ इहाँ जथामति मोर प्रचारू ॥४॥
सो मति मोरि भरत महिमाहीं ❀ कहइ काह छलि छुअति न छाहीं ॥५॥
बिधि गनपति अहिपति सिव सारद ❀ कबि कोबिद बुध बुद्धिबिसारद ॥६॥
भरतचरित कीरति करतूती ❀ धरम सील गुन बिमल बिभूती ॥७॥
समुझत सुनत सुखद सब काहू ❀ सुचि सुरसरि रुचि निदर सुधाहू ॥८॥

"हे सुमुखि ! हे सुनयने ! सावधान भएर संसारबन्धन फुकाउने भरतकथा सुन, ॥३॥ धर्म, राजनीति, ब्रह्मविचार यति तीन कुरामा बुद्धिको अनुसार मेरो प्रचार (प्रवेश) छ (बुद्धिअनुसार यी ३ कुरा म जान्दछु) ॥ ४ ॥ त्यो मेरी बुद्धि भरतका महिमाको वर्णन ता के गर्ली ? छलले (झुक्याएर) त्यो महिमाको छाया छुन पनि सक्तिन ॥ ५ ॥

ब्रह्मा, गणेश, शेष, शिव, शारदा, कवि, विद्वान् , चतुर-बुद्धिमान् , यी सबैलाई भरतका चरित्र, कीर्ति, कर्म, धर्म, शील, निर्मल गुण यी कुरा संझदा, सुन्दा सुखदायक छन् , यिनै कुरा शुद्धताले गङ्गाजीलाई, रुचिले (स्वादले) अमृतलाई अनादर गर्दछन् ॥ ६ ॥ ७ ॥ ८ ॥

दोहा–निरवधि गुन निरुपम पुरुषु भरतु भरत सम जानि ।
कहिअ सुमेरु कि सेर सम कबिकुल मति सकुचानि ॥२७९॥

भरतजी निरवधिगुण (अनन्त गुण भएका) निरुपम पुरुष (उपमा नभएका पुरुष) छन् , भरतसमान भरतै छन् (संसारमा भरतजस्तो कोही छैन) यो जानेर कवीश्वरहरूकी बुद्धि (सुमेरुपर्वतको वर्णन गर्नुपरेमा) सुमेरुपर्वत १ सेर जत्रो (धार्नीको तृतीयांश जत्रो) छ भन्दा जत्तिको संकुचित हुन्छे, भरतको तुल्य यो छ भन्दा त्यत्तिकै संकुचित हुनेछ ॥ २७९ ॥

चौ०–अगम सबहि बरनत बरबरनी ❀ जिमि जलहीन मीन गमु धरनी ॥१॥
भरत अमित महिमा सुनु रानी ❀ जानहिं रामु न सकहिं बखानी ॥२॥

जस्तै माछालाई पानी नभएका स्थानमा हिंडाइ अगम छ, त्यस्तै कवीश्वरहरूकी वर्णनवाणीलाई भरतको महिमा अगम छ ॥ १ ॥ रानी ! सुन, भरतको अमित (अनन्त) महिमालाई रामचन्द्रजी जान्नुहुन्छ, वहाँ पनि बयान गर्न ता सक्नुहुन्न ॥ २ ॥

बरनि सप्रेम भरत अनुभाऊ ❀ तिय जिय की रुचि लखि कह राऊ ॥३॥
बहुरहिं लखनु भरतु बन जाहीं ❀ सब कर भल सब कें मन माहीं ॥४॥
देवि परंतु भरत रघुबर की ❀ प्रीति प्रतीति जाइ नहि तरकी ॥५॥
भरतु अवधि सनेह ममता की ❀ जद्यपि रामु सीम समता की ॥६॥
परमारथ स्वारथ सुख सारे ❀ भरत न सपनेहुँ मनहुँ निहारे ॥७॥
साधन सिद्धि रामपग नेहू ❀ मोहि लखि परत भरतमत एहु ॥८॥

राजा जनकले प्रेमका साथ भरतको प्रभाव वर्णन गरेपछि रानीका मनको इरादा थाहा पाएर भन्न लागे—"लक्ष्मणजी अयोध्या फर्कून् , भरत वन जाऊन् , सबैका मनमा यस्तै छ, भलाइ पनि यसैमा छ ॥ ३ ॥ ४ ॥ (तर) भरतको र रामचन्द्रको प्रीति प्रतीतिको तर्क गर्न पनि सकिदैन (अगम छ) ॥ ५ ॥ यद्यपि रामजी समदर्शिताको सीमा (हद) हुनुहुन्छ, तथापि भरतजी प्रेम र ममताको अवधि (हद) हुनुहुन्छ, (प्रेम र ममताले समतालाई जित्ने संभव पनि छ) ॥ ६ ॥ भरतजीले स्वार्थसुख र परमार्थसुखलाई समेत सपनामा पनि मनले चिताउनुभएको छैन, ॥ ७ ॥ "रामचन्द्रजीका चरणमा प्रेम लाग्नु नै सकल साधनको सिद्धि हो" भरतको मत मलाई यस्तो छ जस्तो लाग्दछ " ॥ ८ ॥

दोहा–भोरेहुँ भरत न पेलिहहिं मनसहुँ रामरजाइ ।
करिअ न सोचु सनेहबस कहेउ भूप बिलखाइ ॥२८०॥

जनक राजाले प्रेमले विह्वल भएर "भरतजी मनले पनि भुलेर (झुक्किएर) पनि रामजीको आज्ञालाई उल्लंघन गर्नुहुनेछैन, प्रेमवश भएर अफसोस नगर" भने ॥ २८० ॥

चौ०-राम भरत गुन गनत सप्रीती ❁ निसि दंपतिहि पलक सम बीती ॥१॥
राजसमाज प्रात जुग जागे ❁ न्हाइ न्हाइ सुर पूजन लागे ॥२॥

रामजी र भरतजीका गुणलाई गन्दा गन्दै राजा र रानीको त्यो रात बित्यो ॥ १ ॥ दुवै राजाका समाज बिहान जागा भए, नुहाई धुवाई देवताको पूजा गर्न लागे ॥ २ ॥

गे नहाइ गुर पहिं रघुराई ❁ बंदि चरन बोले रुख पाई ॥३॥
नाथ भरतु पुरजन महतारीं ❁ सोकबिकल बनबास दुखारीं ॥४॥
सहित समाज राजमिथिलेसू ❁ बहुत दिवस भये सहत कलेसू ॥५॥
उचित होइ सोइ कीजिअ नाथा ❁ हित सब ही कर रौरें हाथा ॥६॥

रघुनाथजी पनि स्नान गरेर गुरुका समीप जानुभयो र चरणमा प्रणाम गरीकन गुरुको आशय पाएर बोल्नुभयो ॥ ३ ॥ “हे नाथ ! भरत, माताजीहरू, नगरनिवासीहरू, सबैजना शोकले व्याकुल छन्, वनमा बस्नाले दुःखित छन् ॥ ४ ॥ महाराज मिथिलाधिराज पनि समाजसहित तकलीफ सहिरहनुभएको छ, धेरै दिन भए ॥ ५ ॥ हे नाथ ! जो मुनासीब छ, त्यही गर्नुहोस्, सबैको हित तपाईंको हातमा छ” ॥ ६ ॥

अस कहि अति सकुचे रघुराऊ ❁ मुनि पुलके लखि सीलु सुभाऊ ॥७॥
तुम्ह बिनु राम सकल सुख साजा ❁ नरक सरिस दुहुँ राजसमाजा ॥८॥

यसो भनेर रघुनाथजी संकुचित हुनुभयो, वहाँको शील स्वभाव देख्ता वशिष्ठ मुनि रोमाञ्चित भए ॥ ७ ॥ (उनले भने कि) “हे राम ! तपाईंविना दुवैतर्फका राजाको समाजका सकल सुखका सामग्री नरकतुल्य छन् ॥ ८ ॥

दोहा-प्रान प्रान के जीव के जिव सुख के सुख राम ।
तुम्ह तजि तात सोहात गृह जिन्हहि तिन्हहि बिधि बाम ॥२८१॥

हे राम ! तपाईं प्राणका [१]प्राण, जीवका जीव, सुखका सुख, हुनुहुन्छ । प्यारे ! बाबु ! राम ! तपाईंलाई छाडेर जसलाई घर मनपर्छ तिनका उपर दैव विपरीत भएको हो ॥ २८१ ॥

चौ०-सो सुखु करमु धरमु जरि जाऊ ❁ जहँ न रामपद पंकज भाऊ ॥१॥
जोगु कुजोगु ग्यानु अग्यानू ❁ जहँ नहि रामप्रेम परधानू ॥२॥
तुम्ह बिनु दुखी सुखी तुम्ह तेहीं ❁ तुम्ह जानहु जिअँ जो जेहि केहीं ॥३॥
राउर आयसु सिर सब ही कें ❁ बिदित कृपालहि गति सब नीकें ॥४॥

---

(१) “कुनै प्राणी पनि प्राणले र अपानले बाँच्तैन, अर्कै कोही चीजले तिनीहरू बाँच्तछन्, जुन चीजका आधारमा प्राण र अपान अडेका छन्, (ब्रह्म) प्राणको प्राण हो, चक्षुको चक्षु हो, श्रोत्रको श्रोत्र हो” इत्यादि उपनिषत्मा बताएका कुरा यो दोहाबाट झल्कन्छन् ।

न प्राणेन नापानेन मर्त्यो जीवति कश्चन ।
इतरेण तु जीवन्ति यस्मिन्नेतावुपाश्रितौ......प्राणस्य प्राणमुत चक्षुषश्चक्षु......॥ इत्यादि

आपु आश्रमहिं धारिअ पाऊ ❀ भयेउ सनेहसिथिल मुनिराऊ ॥५॥
करि प्रनामु तब रामु सिधाए ❀ रिषि धरि धीर जनक पहिं आए ॥६॥

जसमा रामचन्द्रजीका चरणको प्रेम छैन, त्यस्ता ती सुख-धर्म-कर्ममा आगो सल्कोस् ॥ १ ॥ जहाँ रामको प्रेम प्रधान छैन, त्यो योग होइन कुयोग हो, त्यो ज्ञान होइन अज्ञान हो ॥ २ ॥ तपाईंविना सबै दुःखी हुन्छन्, तपाईंबाट सबै सुखी हुन्छन्, जसका मनमा जो कुछ छ तपाईं जान्नुहुन्छ ॥ ३ ॥ तपाईंको आज्ञा सबैका शिरउपर छ । दीनदयाल, तपाईंलाई सबैको गति जाहेर छ ॥ ४ ॥ अब तपाईं आफ्ना आश्रममा पाल्नुहोस् ।" यति भन्दा भन्दै मुनीश्वर वशिष्ठजी प्रेमले शिथिल भए ॥ ५ ॥ अनि रामचन्द्रजी गुरुलाई प्रणाम गरेर पाल्नुभयो । वशिष्ठ मुनि धैर्य धारण गरेर जनक राजाका समीप गए ॥ ६ ॥

रामबचन गुर नृपहि सुनाए ❀ सील सनेह सुभायँ सुहाए ॥७॥
महाराज अब कीजिअ सोई ❀ सब कर धरम सहित हित होइ ॥८॥

गुरु वशिष्ठले शील स्वभाव र प्रेमले, सुन्दर भएका रामजीका वचन राजा जनकलाई सुनाएर, भने कि—"महाराज ! अब जसमा सबैको धर्मसहित हित हुन्छ त्यही काम गर्नुपर्दछ ॥ ७ ॥ ८ ॥

दोहा–ग्याननिधान सुजाम सुचि धरमधीर नरपाल ।
तुम्ह बिनु असमंजससमन को समरथ एहि काल ॥२८२॥

राजन् ! तपाईं ज्ञानका निधान, बुद्धिमान्, पवित्र धर्ममा स्थिर हुनुहुन्छ, ऐले तपाईंबाहेक यो असमंजस (गाहारो = असजिलो) टार्न को सक्तछ ?" ॥ २८२ ॥

चौ०–सुनि मुनिबचन जनक अनुरागे ❀ लखि गति ग्यानु बिरागु बिरागे ॥१॥
सिथिल सनेह गुनत मन माहीं ❀ आए इहाँ कीन्ह भल नाहीं ॥२॥

वशिष्ठ मुनिको वचन सुनेर राजा जनक प्रेममा डुबे, तिनको त्यो गति देख्ता ज्ञान र वैराग्य पनि विरक्त भए (शिथिल भए) ॥ १ ॥ स्नेहशिथिल भएर जनक मनमनमा "यहाँ आउन असल गरिएन, (बिनसित्ति आइएछ)" यस्तो विचार गर्नलागे ॥ २ ॥

रामहि राय कहेउ बन जाना ❀ कीन्ह आपु प्रिय प्रेमु प्रवाना ॥३॥
हम अब बन तें बनहि पठाई ❀ प्रमुदित फिरब बिबेकबड़ाई ॥४॥

"राजा दशरथले रामजीलाई वन जाने आज्ञा दिनुभयो तापनि आफ्नो प्रेमलाई प्रमाण (सच्चा) गर्नुभयो ॥ ३ ॥ अब म रामजीलाई वन पठाएर खुशीसाथ ज्ञानलाई बढाएर फर्कने भएँ (मेरो ज्ञानलाई धिक्कार छ !) ॥ ४ ॥

तापस मुनि महिसुर सुनि देखी ❀ भये प्रेमबस बिकल बिसेषी ॥५॥
समउ समुझि धरि धीरजु राजा ❀ चले भरत पहिं सहित समाजा ॥६॥

तपस्वी, मुनि, ब्राह्मणहरू जनकको त्यो हाल देख्ता सुन्दा प्रेमवश भएर ज्यादै नै

व्याकुल भए ॥ ५ ॥ राजा जनक समयको विचार राखेर धैर्य धारण गरीकन समाजसहित भएर भरतजीका समीप गए ॥ ६ ॥

भरत आइ आगें भइ लीन्हे ❀ अवसर सरिस सुआसन दीन्हे ॥७॥
तात भरत कह तेरहुतिराऊ ❀ तुम्हहि बिदित रघुबीरसुभाऊ ॥८॥

भरतजीले अगाडि आएर उनलाई लैजानुभयो र मौकाअनुसारको उत्तम आसन दिनुभयो ॥ ७ ॥ तिरहूतदेशाधिपति जनकले भने कि–"हे तात ! तपाईंलाई रघुवीरको स्वभाव विदित छ ॥ ८ ॥

दोहा–राम सत्यब्रत धरमरत सब कर सीलु सनेहु ।
संकट सहत सकोचबस कहिअ जो आयसु देहु ॥२८३॥

रामचन्द्रजी सत्यवादी, धर्मपरायण हुनाले सबैका शील र प्रेमका कारणले संकोचका साथ तकलीफ सहिरहनुभएको छ, अब जो आज्ञा हुन्छ होस् ॥ २८३ ॥

चौ०–सुनि तन पुलकि नयन भरि बारी ❀ बोले भरतु धीर धरि भारी ॥१॥
प्रभु प्रिय पूज्य पिता सम आपू ❀ कुलगुरु सम हित माय न बापू ॥२॥
कौसिकादि मुनि सचिव समाजू ❀ ग्यान अंबुनिधि आपुनु आजू ॥३॥
सिसु सेवकु आयसु अनुगामी ❀ जानि मोहि सिख देइअ स्वामी ॥४॥

यो वचन सुन्दा भरतजीका शरीरमा रोमाञ्च, नजरमा प्रेमजल भरियो, ठूलो धैर्य धारण गरेर वहाँले भन्नुभयो—"महाराज ! हजूर मेरा प्रभु, प्रिय पूज्य पितृतुल्य हुनुहुन्छ ! कुलगुरु वशिष्ठजीसमान हितकारी ता मेरी माता र मेरा पिता पनि हुनुहुन्न ॥ १ ॥ २ ॥ ज्ञानसागर भएका विश्वामित्र आदि गरेका मुनिवर्ग र मन्त्रिमण्डलहरू आज आफैं एकत्र भएका छन् ॥ ३ ॥ प्रभु ! मलाई बालक सेवक आज्ञापालक जानेर शिक्षा दिनुपर्दछ ॥ ४ ॥

एहि समाज थल बूझब राउर ❀ मौन मलिन मैं बोलब बाउर ॥५॥
छोटे बदन कहौं बड़ि बाता ❀ छमब तात लखि बाम बिधाता ॥६॥

यस्तो यो समाजमा हजूर मसँग सोध्नुहुन्छ, 'लाटो मलिन मन भएको म उल्लू बोल्दछु ॥ ५ ॥ सानु मुखले ठूलो कुरा गर्दछु, दैव विपरीत भएको वेला देखेर क्षमा गर्नुहोला ॥ ६ ॥

आगम निगम प्रसिद्ध पुराना ❀ सेवाधरमु कठिन जगु जाना ॥७॥
स्वामिधरम स्वारथहि बिरोधू ❀ बैरु अंध प्रेमहि न प्रबोधू ॥८॥

सेवाधर्म अत्यन्त कठिन छ भनेर वेद शास्त्र पुराणमा लेखिएको प्रसिद्ध छ, त्यो

---

(१) मौन लिएर रहँदा कस्तो लाटो ? कस्तो कपटी ? इत्यादि भन्दछन्, खूब बोल्दा गफ्फी, बताहा, फटाहा, बकवादी इत्यादि भन्दछन्, नगीचै बस्न जाँदा कस्तो बढ़ेको ? कस्तो धृष्ट ? भन्दछन्, टाढै बस्ता कस्तो शर्मिन्दा ? कस्तो बेसोमती ? कस्तो जङ्गली ? इत्यादि भन्दछन्, सहनशील हुँदा कस्तो लाछी ? कस्तो लूते ? कस्तो नामर्द ? इत्यादि भन्छन्, अघेंली नसहँदा कस्तो बेऔकातको कस्तो छुच्चो ? कस्तो

कुरा जगत्ले अनुभव गरेको पनि छ ॥ ७ ॥ स्वामिधर्म (मालिकसँग गर्नुपर्ने व्यवहार) र स्वार्थ (आफ्नु मतलब) को परस्पर विरोध छ, वैरभावले अन्धो भएकालाई प्रेमको ज्ञान हुँदैन (वैरभाव र प्रेमभावको जस्तै स्वामिधर्मको र स्वार्थको परस्पर विरोध छ) ॥ ८ ॥

दोहा–राखि रामरुख धरमु ब्रतु पराधीन मोहि जानि ।
सब कें संमत सर्बहित करिअ पेमु पहिचानि ॥२८४॥

तपाईंहरू मलाई पराधीन (जसो भने पनि मान्ने) जानेर रामजीको आशय, धर्म, नियम, यी ३ कुरालाई बचाईकन प्रेमको पहिचान गरीकन सबैलाई हित हुने, सबैले मंजूरी गर्ने काम गर्नुहोस्" ॥ २८४ ॥

चौ०–भरतबचन सुनि देखि सुभाऊ ❀ सहित समाज सराहत राऊ ॥१॥
सुगम अगम मृदु मंजु कठोरे ❀ अरथु अमित अति आखर थोरे ॥२॥

भरतजीका वचन सुनेर वहाँको स्वभाव देखेर समाजसहित राजा जनकले तारीफ गरे ॥ १ ॥ भरतजीका ती वचन सुगम भईकन अगम थिए (सुन्दा सरल थिए, बुझ्दा गहिरा थिए), नरम र राम्रा भईकन कठोर थिए। ती वचनको अर्थ अपार अनन्त थियो, अक्षर भने थोरै थिए ॥ २ ॥

ज्यों मुखु मुकुर मुकुरु निज पानी ❀ गहि न जाइ अस अद्भुत बानी ॥३॥
भूपु भरतु मुनि साधु समाजू ❀ गे जहँ बिबुध कुमुद द्विजराजू ॥४॥

जस्तै मुख ऐनामा, ऐना आफ्ना हातमा हुँदा पनि पक्डन सकिदैन, त्यस्तै भरतकी वाणी अद्भुत थिई (त्यसको मतलब अति गूढ थियो) ॥ ३ ॥ अनि राजा जनक, भरत, वशिष्ठ, साधुसन्त यिनका समाज, देवतारूपी चन्द्रकमलको प्रफुल्लता गर्नलाई चन्द्रमास्वरूप भएका रामचन्द्रजी जहाँ हुनुहुन्थ्यो वहाँ गए ॥ ४ ॥

सुनि सुधि सोचबिकल सब लोगा ❀ मनहुँ मीनगन नव जल जोगा ॥५॥
देव प्रथम कुलगुर गति देखी ❀ निरखि बिदेह सनेह बिसेषी ॥६॥
रामभगतिमय भरतु निहारे ❀ सुर स्वारथी हहरि हिय हारे ॥७॥
सब कोउ रामपेममय पेखा ❀ भये अलेख सोचबस लेखा ॥८॥

यो खबर पाएर सबैजना नयाँ वर्षाती पानीको संजोग पर्दा माछा छटपटाएझैं छटपटाएर व्याकुल भए ॥ ५ ॥ देवताहरूले वशिष्ठको गति (प्रेमव्याकुलता) देखे, अनि

अकुलीन ? इत्यादि भन्दछन् । यो सेवाधर्म अति कठिन छ, यसको पालन गर्न योगिराजहरूलाई पनि मुश्किल पर्दछ भनी नीतिशास्त्रले भनेको छ—

मौनान्मूकः प्रवचनपटुर्वातुलो जल्पको वा
धृष्टः पार्श्वे वसति नियतं दूरतस्त्वप्रगल्भः ।
क्षान्त्या भीरुर्यदि न सहते प्रायशो नाभिजातः
सेवाधर्मः परमगहनो योगिनामप्यगम्यः ॥

जनक राजाको विशेष स्नेह देखे ॥ ६ ॥ रामजीका भक्तिमा तल्लीन भएका भरतलाई देखेर स्वार्थी देवताहरू हडबडाए, मनमा हरेस खाए (यसरी हत्ते हाल्ने यिनीहरूलाई छाडेर रामजी जंगल जानेछैनन्, रावणवध हुने छाँट बुझिएन भनेर नाउम्मेद भए) ॥ ७ ॥ देवताहरूले जब अरू सबैलाई पनि रामजीका प्रेममा तन्मय भएका देखे, अनि ता ती देवताको जो अवस्था भयो त्यो लेख्न सकिदैन (अवर्णनीय व्याकुलता भयो) ॥ ८ ॥

दोहा–रामु सनेह सकोच बस कह ससोच सुरराजु ।
रचहु प्रपंचहि पंच मिलि नाहि त भयेउ अकाजु ॥२८५॥

देवताका राजा इन्द्र सोचका वश भएर भन्नलागे—"रामजी स्नेह र संकोच (मुलाहिजा) का वश पर्नुभयो, अब हामी सबै पंच मिलेर केही प्रपञ्च (छलकपट = षड्यन्त्र) गरौं, नत्र भने काम बरबाद भयो ॥ २८५ ॥

चौ०–सुरन्ह सुमिरि सारदा सराही ❀ देवि देव सरनागत पाही ॥१॥
फेरि भरतमति करि निज माया ❀ पालु बिबुधकुल करि छलछाया ॥२॥

देवताहरूले सरस्वतीको स्मरण गरे (तिनी आइन्) अनि स्तुति गरेर—"देवी ! हामी शरणागत छौं, रक्षा गर्नुहोस् , आफ्ना मायाले भरतको बुद्धि फेरिदिनुहोस् र अलिकति छल गरेर पनि देवसमूहको रक्षा गर्नुहोस्" (भनी प्रार्थना गरे) ॥ १ ॥ २ ॥

बिबुधबिनय सुनि देवि सयानी ❀ बोली सुर स्वारथजड़ जानी ॥३॥
मो सन कहहु भरतमति फेरू ❀ लोचन सहस न सूझ सुमेरू ॥४॥
बिधि हरि हर माया बड़ि भारी ❀ सोउ न भरतमति सकइ निहारी ॥५॥
सो मति मोहि कहत करु भोरी ❀ चंदिनि कर कि चंडकरचोरी ॥६॥
भरतहृदयँ सिय राम निवासू ❀ तहँ कि तिमिर जहँ तरनिप्रकासू ॥७॥
अस कहि सारद गइ बिधिलोका ❀ बिबुध बिकल निसि मानहुँ कोका ॥८॥

चतुर सरस्वतीले विन्तिभाउ सुनेपछि देवतालाई स्वार्थले जड भएका जानेर भनिन्–"भरतको बुद्धिफेरिदेउ (बदलिदेउ) भनी मसँग भन्दछौ, हजार हजार आँखा हुँदा पनि सुमेरु देख्तैनौ (तिमीहरूलाई धन्यवाद छ) ॥ ३ ॥ ४ ॥ मेरो ता के कुरा, ब्रह्मा विष्णु महेश्वरले ठूलो माया (कपट) गरे भने पनि त्यो मायाले भरतकी बुद्धिलाई हेर्नसम्म पनि सक्तिन, फेर्ने के सक्ली ? ॥ ५ ॥ त्यही भरतकी बुद्धिलाई लाटी पारिदेउ भन्दछौ ? लौ भन, चन्द्रिकाले चन्द्रमाका किरन चोर्न सक्तछे ? ॥ ६ ॥ भरतजीका हृदयमा सीताजी र श्रीरामजीको निवास छ, जहाँ सूर्यको प्रकाश छ, त्यहाँ अन्धकार रहन्छ र ? ॥ ७ ॥ यस्तो बोलेर सरस्वती ब्रह्मलोकतर्फ गइन्, देवताहरू रातीका चक्रवाक (चखेवा) जस्तै व्याकुल भए ॥ ८ ॥

दोहा–सुर स्वारथी मलीन मन कीन्ह कुमंत्र कुठाटु ।
रचि प्रपंचु माया प्रबल भय भ्रम अरति उचाटु ॥२८६॥

स्वार्थी (मतलबी) र मलिन मन भएका देवताले खराब सल्लाह गरेर कुठाट (प्रपंच) रचे, (कस्तो प्रपञ्च भने) तिनले आफ्ना प्रबल मायाले, भय भ्रम, अरति (बेचैनी) उच्चाटन (चित्तचाञ्चल्य) उत्पन्न गराए ॥ २८६ ॥

चौ०-करि कुचालि सोचत सुरराजू ❀ भरतहाथ सबु काजु अकाजू ॥१॥
गये जनकु रघुनाथ समीपा ❀ सनमाने सब रबिकुलदीपा ॥२॥

इन्द्र यस्तो कुचाल गरेर, अब भरतका हातमा कार्य सिद्धि र कार्यहानि छ भन्ने विचार गर्न लागे । (भरतबाहेक) सबैका मनमा भय, भ्रम, अरति, उच्चाटन पैदा भयो, अरू ता अब अयोध्यातर्फै जाने कोशिश गर्लान् , भरतका उपर माया चल्दैन यिनके के के गर्ने हुन् ? हाम्रो काम बन्ने हो कि ? भन्ने विचार गर्न लागे ॥ १ ॥ त्यसै वेलामा जनक राजा रघुनाथजीका समीप पुगे । रघुनाथजीले सबैलाई सन्मान गर्नुभयो ॥ २ ॥

समय समाज धरम अबिरोधा ❀ बोले तब रघुबंसपुरोधा ॥३॥
जनक भरत संबादु सुनाई ❀ भरतकहाउति कही सुहाई ॥४॥
तात राम जस आयसु देहू ❀ सो सबु करइ मोर मत एहू ॥५॥

अनि सूर्यवंशका पुरोहितजी वशिष्ठ मुनिले समय, समाज, धर्म, यिनको अविरोधी (अनुकूल) वचन बोले ॥ ३ ॥ जनक र भरतको संवाद पनि सुनाए, भरतजीको सुन्दर कथन पनि सुनाए ॥ ४ ॥ फेरि उनले भने कि—"बाबु ! रामचन्द्र ! अब जस्तो आज्ञा दिनुहुन्छ, तदनुसार सबैजना गरौं, मेरो मत यही छ"॥ ५ ॥

सुनि रघुनाथ जोरि जुग पानी ❀ बोले सत्य सरल मृदु बानी ॥६॥
बिद्यमान आपुनु मिथिलेसू ❀ मोर कहब सब भाँति भदेसू ॥७॥
राउर राय रजायसु होई ❀ राउरि सपथ सही सिर सोई ॥८॥

वशिष्ठको यो वचन सुनेपछि दुई हात जोरेर रामचन्द्रजीले साँचो, सरल, मधुर, वचन बोल्नुभयो—॥ ६ ॥ "गुरुजी ! तपाईं र मिथिलाधिराज छँदाछँदैमा मैले बोल्नु सब तरहबाट बेठीक हो ॥ ७ ॥ तपाईं र महाराज मिथिलाधिपति जो आज्ञा दिनुहोला, त्यसैलाई तपाईंको शपथका साथ सही गरेर शिरउपर गर्नेछु ॥ ८ ॥

दोहा-रामसपथ सुनि मुनि जनकु सकुचे सभा समेत ।
सकल बिलोकत भरतमुखु बनइ न ऊतरु देत ॥२८७॥

रामचन्द्रको शपथ सुन्दा वशिष्ठ मुनि र जनक राजा समाजसमेत संकुचित भए । सबैजना भरतजीको मुख हेर्न लागे, उत्तर दिन कसैले सकेन ॥ २८७ ॥

चौ०-सभा सकुचबस भरत निहारी ❀ रामबंधु धरि धीरजु भारी ॥१॥
कुसमउ देखि सनेहु सँभारा ❀ बढ़त बिंधि जिमि घटज निवारा ॥२॥

भरतजीले सारा समाजलाई संकोचवश भएको देखेर रामजीका भाई हुनाले मात्र भारी धैर्य धारण गर्नुभयो (अर्को कोही भए धैर्य रहने थिएन) ॥ १ ॥ अनि वहाँले कुसमय

(बेमौका) देखेर बढ्न लागेको प्रेमलाई [१]विन्ध्याचललाई अगस्त्य मुनिले रोकेझैं रोक्नुभयो ॥ २ ॥

सोक कनकलोचन मति छोनी ❀ हरी बिमल गुनगन जगजोनी ॥३॥
भरतबिबेक बराह बिसाला ❀ अनायास उधरी तेहिं काला ॥४॥

शोकरूपी हिरण्याक्ष दैत्यले गुणगणरूपी प्रजाको उत्पत्तिकारिणी भएकी बुद्धिरूपी पृथ्वीलाई (दैन्यरूपी सागरमा डुबाइदिएको थियो) ॥ ३ ॥ भरतजीको विवेकरूपी महावराहले तत्कालमा विनापरिश्रम त्यो बुद्धिरूपी पृथ्वीको उद्धार गरे ॥ ४ ॥

करि प्रनामु सब कहँ कर जोरे ❀ रामु राउ गुर साधु निहोरे ॥५॥
छमब आजु अति अनुचित मोरा ❀ कहउँ बदन मृदु बचन कठोरा ॥६॥

भरतजीले सबैलाई हात जोरेर प्रणाम गर्नुभयो, रामचन्द्रजीको, राजा जनकको, गुरु वशिष्ठको, साधुसन्तहरूको निहोरा (अनुनय) गरेर भन्नुभयो—“आज मेरो भारी अनौचित्यलाई क्षमा गर्नुहोस्, मुख नरम पारेर कठोर वचन बोल्दछु” ॥ ५ ॥ ६ ॥

हियँ सुमिरी सारदा सुहाई ❀ मानस तें मुख पंकज आई ॥७॥
बिमल बिबेक धरम नय साली ❀ भरतभारती मंजु मराली ॥८॥

(तुलसीदास भन्दछन्, यति भनेर भरतजीले) हृदयमा संझनेबित्तिकै भरतजीका मनरूपी मानससरोवरमा रहने, निर्मल विवेक, धर्म, नीति यी तीन कुराले शोभायमान भएकी सरस्वतीरूपी सुन्दर हंसी मनरूपी मानससरोवरबाट भरतजीका मुखरूपी कमलमा आइपुगी ॥ ७ ॥ ८ ॥

दोहा—निरखि बिबेक बिलोचनन्हि सिथिल सनेहँ समाजु ।
करि प्रनामु बोले भरतु सुमिरि सीय रघुराजु ॥२८८॥

भरतजीले सारा समाजलाई आफ्ना विवेक (ज्ञान) रूपी नेत्रले व्याकुल भएको देख्नुभयो, अनि रामजी र सीताजीको स्मरण गरेर सबैलाई प्रणाम गरीकन बोल्नुभयो—॥ २८८ ॥

---

(१) विन्ध्याचलको कथा

अघि कुनै कालमा सुमेरुपर्वतलाई सूर्यले परिक्रमा गरिदिंदा त्यो पर्वत सर्वश्रेष्ठ भइरहेछ, म त्यसलाई परास्त गर्दछु र सर्वोपरि हुन्छु भनेर विन्ध्याचल बढ्न लाग्यो । बढ्दा बढ्दा सूर्यको रथ पनि रोकियो । जतापट्टि सूर्यनारायण रोकिएर रहे त्यतापट्टि प्रचंड घामले प्रलय गर्न लाग्यो, अर्कापट्टि सूर्यको प्रकाश नपुग्दा अन्धकारले र जाडाले प्रलय गर्न लाग्यो, त्रैलोक्यमा हाहाकार मच्चियो, विन्ध्यपर्वतलाई कसैले दमन गर्न सकेन ; काशीमा तपस्या गरिरहेका अगस्त्यमुनिको शरण परेर देवताहरूले विन्ध्यपर्वतका उपद्रवको निवारण गरिदिनुहोस् भनी प्रार्थना गर्दा अगस्त्य मुनिले त्रैलोक्यको कल्याणका निमित्त काशीवास छाडेर विन्ध्याचल जानुपर्‍यो । रीसले जाज्वल्यमान भएका महाप्रभावशाली अगस्त्य मुनिलाई देख्ता विन्ध्यपर्वत कायल भएर साष्टांग दण्डवत् गर्न पसारियो ! “खबरदार ! म न आउञ्ज्याल तैंले नउठ्नु” भनेर अगस्त्य मुनि दक्षिण दिशापट्टि लागे, विन्ध्याचलपर्वत अघिको भन्दा पनि होचो भएर आजसम्म पसारिइरहेको छ, सानाले ठूलाको स्पर्धा गर्दा यस्तै नतीजा हुन्छ भनी स्कन्दपुराणमा लेखिएको छ ।

चौ०-प्रभु पितु मातु सुहृद गुर स्वामी ❀ पूज्य परम हित अंतरजामी ॥१॥
सरल सुसाहिबु सीलनिधानू ❀ प्रनतपाल सर्बज्ञ सुजानू ॥२॥
समरथु सरनागत हितकारी ❀ गुनगाहकु अवगुन अघ हारी ॥३॥
स्वामि गोसाइँहि सरिस गोसाईं ❀ मोहि समान मैं साँइदोहाई ॥४॥

हे प्रभु ! हजूर पिता, माता, मित्र, समर्थ गुरु, पूज्य, परम-हित, अन्तर्यामी, सरल स्वभाव, उत्तम मालिक, शीलनिवास, भक्तवत्सल, सर्वज्ञ, चतुर, समर्थ, शरणागतहितकारी गुणग्राही, दुर्गुणहारी, पापहारी होइबक्सिन्छ । प्रभु स्वामीजस्तै स्वामी होइबक्सिन्छ, म (नीच) मजस्तै छु, प्रभुको शपथ गरेर भन्दछु ॥ १ ॥ २ ॥ ३ ॥ ४ ॥

प्रभु पितु बचन मोहबस पेली ❀ आएउँ इहाँ समाजु सँकेली ॥५॥
जग भल पोच ऊँच अरु नीचू ❀ अमिअ अमरपद माहुरु मीचू ॥६॥
रामरजाइ मेट मन माहीं ❀ देखा सुना कतहुँ कोउ नाहीं ॥७॥
सो मैं सब बिधि कीन्हि ढिठाई ❀ प्रभु मानी सनेहसेवकाई ॥८॥

प्रभु ! म मोहवश भएर पिताजीको वचन नाघीकन समाज एकत्र गरेर यहाँ आएँ । संसारमा असल-कंसल, ऊँच-नीच, अमृत, अमरपद, विष, मृत्यु, सबै छन् (के गरौं ? आफ्ना इच्छानुसार नहुने रहेछ) ॥ ५ ॥ ६ ॥ परन्तु हजूरको आज्ञालाई जसले मनले पनि मेट्ला त्यस्तो सकस ता कहीं पनि कुनै पनि न देखियो न सुनियो ॥ ७ ॥ मैलेभने तिनै (निषिद्ध) सबै धृष्टता गरें, तर प्रभुले ती धृष्टतालाई प्रेम र सेवा संझिबक्सियो ॥ ८ ॥

दोहा-कृपाँ भलाईं आपनीं नाथ कीन्ह भल मोर ।
दूषन भे भूषन सरिस सुजसु चारु चहुँ ओर ॥२८९॥

प्रभु ! हजूरका कृपाले र हजूरका भलाइ (भलोपना) ले मेरो भलो गऱ्यो । मेरा दूषण (दोष) पनि भूषण (गहना) जस्ता भए । चारैतर्फ सुन्दर सुयश फैलियो ॥ २८९ ॥

चौ०-राउरि रीति सुबानि बड़ाई ❀ जगतबिदित निगमागम गाई ॥१॥
क्रूर कुटिल खल कुमति कलंकी ❀ नीच निसील निरीस निसंकी ॥२॥
तेउ सुनि सरन सामुहें आए ❀ सकृत प्रनामु कियें अपनाए ॥३॥
देखि दोष कबहुँ न उर आने ❀ सुनि गुन साधुसमाज बखाने ॥४॥

हे नाथ ! हजूरको रीति (रिवाज), वाणी, महत्त्व, यी तीन कुरा जगत्प्रख्यात र वेदशास्त्रले वर्णन गरिएका छन् ॥ १ ॥ क्रूर, कुटिल, दुष्ट, दुर्बुद्धि, कलंकी (दागी), नीच, दुःशील, नास्तिक, निःशंक, यिनीहरू पनि शरण पर्न संमुख आएभने प्रणाम गर्नेबित्तिकै एकदम प्रभुले तिनलाई आत्मीय (आफ्ना) पार्नुहुन्छ ॥ २ ॥ ३ ॥ तिनको दोष देखे पनि त्यो दोषलाई मनमा राख्नुहुन्न (बिर्सनुहुन्छ) । तिनको गुण सुन्नुभयो भने साधु-सज्जनका समाजमा ती गुणको बखान गर्न लाग्नुहुन्छ ॥ ४ ॥

को साहिब सेवकहि नेवाजी ❀ आपु समाज साज सब साजी ॥५॥

निज करतूति न समुझिअ सपनें ❀ सेवक सकुच सोचु उर अपनें ॥६॥
सो गोसाँइ नहि दूसर कोपी ❀ भुजा उठाइ कहौं पन रोपी ॥७॥
पसु नाचत सुक पाठप्रबीना ❀ गुन गति नट पाठक आधीना ॥८॥

जो सबै साजले (सजाउने सामग्रीले) सजाएर सेवकलाई आफूसमान पार्दछ (आफ्नो सारूप्य दिन्छ) त्यस्तो सेवकका उपर निगाह गर्ने स्वामी प्रभुबाहेक को छ ? ॥ ५ ॥ आफूले गरेको कर्तव्य (उपकार) लाई सपनामा पनि जो संझदैन, सेवकले गरेका सेवाको संकोच र सोचविचारलाई आफ्ना हृदयमा जो राख्तछ, त्यस्तो[1] प्रभुबाहेक स्वामी दोस्रो कोही पनि छैन यो कुरा म दुई हात ठड्याएर प्रण गरेर (ठोकुवा गरेर) भन्दछु ॥ ६ ॥ ७ ॥ पशु नाच्तछन्, सुगाहरू पढ्नलाइ सिपालु हुन्छन्, ती दुवै थरीको गुणको गति नचाउने नट र पढाउने पाठकका अधीन हुन्छ (नटले जसरी नचाउँछ, पाठकले जसरी पढाउँछ, त्यसै गरी नाच्तछन्, त्यसै गरी पढ्दछन्) ॥ ८ ॥

दोहा—यों सुधारि सनमानि जन किये साधुसिरमोर ।
को कृपाल बिनु पालिहै बिरिदावलि बरजोर ॥२९०॥

यस्ता तरहले आफ्ना सेवकको सुधारणा गरेर त्यसलाई सन्मान गरीकन साधुजन शिरोमणि (सर्वश्रेष्ठ) जसले बनाउँछ, त्यस्ता दयासागर प्रभुबाहेक आफ्ना विरुदावलि (अनुग्रह गर्दा पैदा भएका यशको प्रशस्ति) लाई बलात्कारले (पालना नगरिछाड्ने होइन यस्तो हठले) को पालना गर्ला ? ॥ २९० ॥

चौ०—सोक सनेह कि बालसुभाएँ ❀ आएउँ लाइ रजायसु बाएँ ॥१॥
तबहुँ कृपालु हेरि निज ओरा ❀ सबहि भाँति भल मानेउ मोरा ॥२॥
देखेउँ पाय सुमंगलमूला ❀ जानेउँ स्वामि सहज अनुकूला ॥३॥
बड़े समाज बिलोकेउँ भागू ❀ बड़ी चूक साहिब अनुरागू ॥४॥

म शोकले, या स्नेहले, या बालस्वभावले हजूरका आज्ञालाई बायाँ लाएर (उल्लंघन गरेर) आएँ, ॥ १ ॥ तैपनि प्रभुले आफ्ना तर्फ हेरेर (आफ्नो उदारतामा दृष्टि दिएर) मलाई सब तरहले बेश ठान्नुभयो ॥ २ ॥ शुभकल्याणको मूलकारण भएका पाउको दर्शन पाएँ, प्रभु स्वभावैले अनुकूल हुनुहुँदो रहेछ भनेर जानें, ॥ ३ ॥ यत्रो ठूलो समाजमा आफ्नो भाग्य देखें, बड़े भारी चूकमा पनि प्रभुको यो प्रेम ? ॥ ४ ॥

कृपा अनुग्रहु अंगु अघाई ❀ कीन्हि कृपानिधि सब अधिकाई ॥५॥
राखा मोर दुलार गोसाईं ❀ अपने सील सुभायँ भलाईं ॥६॥

---

(१) भक्तले गरेका अनेकानेक अपराधलाई बिर्सनु र भक्तले एकपटक गरेको उपकारलाई सधैं संझिरहनु, त्रैलोक्यदुर्लभ यी दुइ कुरा रामजीमा रहेका छन्—

न स्मरत्यपकाराणां शतमप्यात्मवत्तया ।
कथं चिदुपकारेण कृतेनैकेन तुष्यति ॥ (वाल्मीकि)

प्रभुका कृपाले र अनुग्रहले मेरा अंगप्रत्यंग भरिए, करुणानिधि प्रभुले (जो गरिबक्सियो) सब बढ्तै गरिबक्सियो ॥ ५ ॥ प्रभुले आफ्ना शील, स्वभाव श्रेष्ठताले मेरो दुळार (वात्सल्य = लाड-प्यार) लाई कायम राखिबक्सियो ॥ ६ ॥

नाथ निपट मैं कीन्हि ढिठाई ❀ स्वामि समाज सकोचु बिहाई ॥७॥
अबिनय बिनय जथारुचि बानी ❀ छमिहि देउ अति आरत जानी ॥८॥

हे नाथ ! मैले मालिक र समाजको संकोच छाडीकन (निर्धक्क भएर) यथाभावी (यद्वातद्वा) उद्धत नम्र वचन जो बोलें त्यो बिलकुल धृष्टता गरें, त्यसमा मलाई अत्यन्त दुःखी संझेर प्रभुले क्षमा गर्नुहुनेछ ॥ ७ ॥ ८ ॥

दोहा–सुहृद सुजान सुसाहिबहि बहुत कहब बड़ि खोरि ।
आयसु देइअ देव अब सबइ सुधारी मोरि ॥२९१॥

मित्र, बुद्धिमान, समुझदार मालिक, यी तीन जनासँग धेरै बोल्नु (झिजो गर्नु) बडो दोष हो । प्रभु ! अब मेरा सबै कुरालाई सच्याएर आज्ञा बक्सनुहोस् ॥ २९१ ॥

चौ०–प्रभुपद पदुम पराग दोहाई ❀ सत्य सुकृत सुख सींव सुहाई ॥१॥
सो करि कहौं हिये अपने की ❀ रुचि जागत सोवत सपने की ॥२॥
सहज सनेह स्वामिसेवकाई ❀ स्वारथ छल फल चारि बिहाई ॥३॥
अग्या सम न सुसाहिबसेवा ❀ सो प्रसादु जनु पावइ देवा ॥४॥

सत्य, पुण्य, र सुन्दर आनन्दका परमावधिस्वरूप भएका हजूरका चरणकमलका धूलाको शपथ छ, त्यो शपथ गरेर आफ्ना मनको कुरा विन्ति गर्दछु, (के भने) जागा रहेमा सुतेमा, सपनामा, यो अभिलाषा छ कि स्वार्थ, छल, धर्मलालसा, अर्थलालसा, कामलालसा, मोक्षलालसा, यी सबैलाई छाडेर स्वाभाविक प्रेमले स्वामीको सेवा गर्नुपर्दछ। समुझदार स्वामीको आज्ञापालन गर्नुबराबरको अर्को सेवा छैन । प्रभु ! त्यही अनुग्रह यो सेवकले पाओस् (सदासर्वदा प्रभुको आज्ञापालन गर्न पाउँ) ॥ १ ॥ २ ॥ ३ ॥ ४ ॥

अस कहि प्रेम बिबस भये भारी ❀ पुलक सरीर बिलोचन बारी ॥५॥
प्रभुपद कमल गहे अकुलाई ❀ समउ सनेह न सो कहि जाई ॥६॥

यसो भनेर भरतजी बिलकुल प्रेमका वश हुनुभयो, शरीरभरी रोमांच, नजरभरी प्रेमाश्रु भरियो ॥ ५ ॥ आकुल भएर वहाँले रामजीका पाउमा छाँद हाल्नुभयो, त्यस बखतका प्रेमको वर्णन गर्न सकिदैन ॥ ६ ॥

कृपासिंधु सनमानि सुबानी ❀ बैठाए समीप गहि पानी ॥७॥
भरतबिनय सुनि देखि सुभाऊ ❀ सिथिल सनेह सभा रघुराऊ ॥८॥

करुणासागर रघुनाथजीले मधुर वचनले सन्मान गर्नुभयो र हात समातेर वहाँलाई नगीचै बसाउनुभयो ॥ ७ ॥ भरतजीको विनयवचन सुनेर स्वभाव देखेर सारा समाज र रामचन्द्र स्नेहले शिथिल हुनुभयो ॥ ८ ॥

छन्द–रघुराउ सिथिल सनेह साधुसमाजु मुनि मिथिलाधनी ।
मन महुँ सराहत भरत भायप भगति की महिमा घनी ॥
भरतहि प्रसंसत बिबुध बरषत सुमन मानस मलिन से ।
तुलसी बिकल सब लोग सुनि सकुचे निसागम नलिन से ॥१२॥

रघुनाथजी, साधुसमाज, मुनिवर्ग, मिथिलाधिराज जनक, सबै स्नेहले शिथिल भए । तिनीहरू मनमा भरतको भ्रातृभाव (भ्रातृप्रेम) र भक्तिको ठूलो महिमालाई सह्राउन लागे । देवताहरू पनि धमिलोजस्तो पारेर प्रशंसा गर्दै फूल वर्षाउन लागे । (तुलसीदास भन्दछन्) रात पर्दा कमल खुंचिएझैं सबैजना यो वृत्तान्त सुन्दा संकुचित भए (खुंचिए) ॥ १२ ॥

सोरठा–देखि दुखारी दीन दुहु समाज नर नारि सब ।
मघवा महा मलीन मुए मारि मंगल चहत ॥१२॥

दुवैतर्फ सबै नरनारीहरूलाई दीन-दुःखी देखेपछि मलिन मन भएका इन्द्र मरेकालाई मारेर आफ्नो कल्याण चाहन्थे ॥ १२ ॥ (क)

चौ०–कपट कुचालि सींव सुरराजू ❀ पर अकाज प्रिय आपन काजू ॥१॥
काक समान पाकरिपुरीती ❀ छली मलीन कतहुँ न प्रतीती ॥२॥

इन्द्र कपटी र दुराचारीका सीमा हुन् । अर्काको काम बिगारेर आफ्नो काम सपार्नु नै उनलाई मनपर्दछ ॥ १ ॥ पाकशत्रु (पाकनामक दैत्यलाई मार्ने = पाकशासन = इन्द्र) को रीति कागैको जस्तो छ, (ख) । ती छली र मलिन छन् तिनलाई कसैमाथि विश्वास छैन ॥ २ ॥

प्रथम कुमत करि कपटु सँकेला ❀ सो उचाटु सब कें सिर मेला ॥३॥
सुरमायाँ सब लोग बिमोहे ❀ रामप्रेम अतिसय न बिछोहे ॥४॥

पहिले तिनले कुमन्त्रणा (खराब सल्लाह) गरेर कपट एकट्ठा गरे, अनि त्यो उच्चाटनरूपी कपटलाई सबैका शिरमा मढ़े (सबैलाई कसो गरौं, कता जाऊँ भन्ने उच्चाटन गराए) ॥ ३ ॥ देवताका मायाले सबैजना मोहित भए, तापनि रामचन्द्रजीका प्रेमबाट विचलित भएनन् ॥ ४ ॥

(क) रामजीका विरहले मरेतुल्य भएका सबैजनालाई फेरि मायाले उच्चाटन गराउन आँटेका हुनाले आफ्ना स्वार्थले अन्धा भएर मरेकालाई मार्नुजस्तो अधम काम गर्ने देवताहरूको मन धमिलै (मलिनै) हुनुपर्दछ, अधम कर्म गर्न आँट्नेको मन धमिलो हुन्छ तापनि तिनीहरू परिआएको काम जिनतिन गरिरहन्छन् ।

(ख) काग पनि पाकशत्रु (पकाएका कुरा देख्योभने उत्पात मचाउने) हुन्छ, भोज-भतेरमा यो कुरा प्रत्यक्ष देखिन्छ, त्यो अरूलाई झुक्क्याउन खोज्ने छली र कालो हुन्छ, त्यसले कसैको विश्वास गर्दैन, सदासर्वदा सशंक रहन्छ । कागको र इन्द्रको रीति एकै प्रकारको भयो ।

भय उचाट बस मन थिर नाहीं ❀ छन बनरुचि छन सदन सोहाहीं ॥५॥
दुबिध मनोगति प्रजा दुखारी ❀ सरित सिंधु संगम जनु बारी ॥६॥

दुवै समाज उच्चाटनका वश परे, तिनको मन स्थिर रहेन, कैले एकछिन वनको अभिलाषा गर्ने कैले एकछिन घर रुचाउने भए ॥ ५ ॥ नदी र समुद्रको संगम भएका वेलाका पानीको जस्तै तिनको गति कैले यता कैले उता लाग्दा तिनीहरू दुःखित भए ॥ ६ ॥

दुचित कतहुँ परितोषु न लहहीं ❀ एक एक सन मरमु न कहहीं ॥७॥
लखि हियँ हँसि कह कृपानिधानू ❀ सरिस स्वान मघवान जुबानू ॥८॥

दुइ चित्त भएका (दुविधामा परेका) तिनीहरू कहीं पनि प्रसन्नता नपाउने भए, आफ्ना मनको मर्म एउटाले अर्कालाई बताउँदैनथ्यो ॥ ७ ॥ त्यो कुरा तोडेर करुणानिधान रामचन्द्रले मनै मनमा हाँसेर "कुकुर, इन्द्र, जवान (यौवन मदमत्त भएको पुरुष), यी तीनजना परस्पर तुल्य छन्" भन्नुभयो ॥ ८ ॥ (क)

दोहा–भरतु जनकु मुनिगन सचिव साधु सचेत बिहाइ ।
लागि देवमाया सबहि जथाजोगु जनु पाइ ॥२९२॥

सचेत भएका (ज्ञानी सदाचारी भएका) भरत, जनक, मुनिवर्ग, मन्त्रिमण्डल, साधुसन्त, यीबाहेक यथायोग्य (अर्काको टुनाटानी लाग्ने) मानिस पाउँदा देवताहरूको माया (उच्चाटन कर्म) सबैलाई लाग्यो ॥ २९२ ॥ (ख)

चौ०–कृपासिंधु लखि लोग दुखारे ❀ निज सनेहँ सुरपति छल भारे ॥१॥
सभा राउ गुर महिसुर मंत्री ❀ भरतभगति सब कै मति जंत्री ॥२॥

करुणासागर रामचन्द्रले सबैजनालाई आफ्ना स्नेहले र इन्द्रको ठूलो छलले दुःखित भएका र सारा समाज, राजा जनक, गुरु वशिष्ठ, ब्राह्मणवर्ग, मन्त्रिमण्डल, यी सबैकी बुद्धिलाई भरतकी भक्तिले जकडेको (बाँधेको) पनि देख्नुभयो ॥ १ ॥ २ ॥

रामहि चितवत चित्र लिखे से ❀ सकुचत बोलत बचन सिखे से ॥३॥
भरत प्रीति नति बिनय बड़ाई ❀ सुनत सुखद बरनत कठिनाई ॥४॥

भरतजी मानौं चित्रमा लेखेका (तस्वीर) हुन् कि (भन्ने भान पर्ने गरी, निश्चल

(क) "यस्तै खराब प्रकृति लिएका हुनाले त्रैलोक्यका मालिक इन्द्रलाई कसैले गन्दैन टेर्दैन । अरूको ता के कुरा, उचित अनुचितको विचार गर्नुपर्ने पाणिनि आचार्यले समेत कुकुर, तरुण, इन्द्र यी तीन जनालाई समानै संझेर यौटै सूत्रमा बाँधिदिए" भनी कुनै रसिक कविले पनि भनेको छ—

दुर्वृत्ततायां महतो महीयान् लघीयसामृच्छति तुल्यभावम् ।
इतीव किं कोऽपि मुनिः समानं श्वानं युवानं मघवानमाह ॥

पाणिनि व्याकरणको "श्वयुवमघोनामतद्धिते" यो सूत्रको अनुसन्धान गर्नुपर्दछ ।

(ख) "अर्काले कस्तै टुनाटानी, मारण-मोहन-उच्चाटन गरोस् तापनि ईश्वरको पूर्ण भरोसा राख्ने सकसलाई त्यसले आपत्ति गर्न सक्तैन" यो कुरा यो दोहाबाट बुझिन्छ ।

भएर) रामचन्द्रजीलाई हेर्नुहुन्थ्यो, बोल्दाखेरि कसैले सिकाएका वचन हुन् कि (भन्ने भान-पर्ने गरी धकाई धकाईकन) बोल्नुहुन्थ्यो ।। ३ ।। भरतजीका प्रीति, नम्रता, विनय, महत्त्व, यी कुरा सुन्दाखेरि आनन्ददायक छन्, तर वर्णन गर्दा बड़ो कष्ट पर्दछ ।। ४ ।।

जासु बिलोकि भगति लवलेसू ❀ प्रेममगन मुनिगन मिथिलेसू ।।५।।
महिमा तासु कहै किमि तुलसी ❀ भगति सुभाय सुमति हिय हुलसी ।।६।।

जसका भक्तिको लवलेश देख्ता मुनिवर्ग र मिथिलाधिपति जनक प्रेममा डुबे, तिनै भरतजीको वर्णन तुलसीदास कसरी गरोस् ? भक्तिका प्रभावले मेरा हृदयबाट सद्बुद्धि उम्लेर आई (त्यत्ति हुँदा अलिकति बोलिटोपलेको हुँ) ।। ५ ।। ६ ।।

आपु छोटि महिमा बड़ि जानी ❀ कबिकुल कानि मानि सकुचानी ।।७।।
कहि न सकति गुन रुचि अधिकाई ❀ मति गति बालबचन की नाईं ।।८।।

मेरी बुद्धि आफूलाई सानी भरतजीकी महिमालाई ठूली ठानेर कवीश्वरहरूका कुलको लाज मानीकन ("यस्ती तुच्छ बुद्धिले भरतजीको महिमा वर्णन गर्न खोजेर कविहरू को बदनामी गराउन आँटी" भनी कविहरू भन्लान् कि ? भन्ने लाजले) संकुचित भई ।। ७ ।। भरतजीका गुणमा रुचि भने खूब थियो, तर भन्न (वर्णन गर्न) सक्तिन । बुद्धिको गति बालकको वचन जस्तो भयो (मनमा लागेको कुरा बालकले बोल्न जान्दैन, भरतका गुणमा रुचि भए पनि मेरी बुद्धिले त्यो प्रकाश गर्न सक्तिन) ।। ८ ।।

दोहा–भरत बिमल जसु बिमल बिधु सुमति चकोरकुमारि ।
उदित बिमल जन हृदयनभ एकटक रही निहारि ।।२९३।।

भरतको शुद्ध यश निर्मल चन्द्रमा हो, मेरी बुद्धि चकोरकुमारी (च्याखुराकी बच्ची) हो । त्यो चन्द्रमा भक्तजनका हृदयाकाशमा उदाइरहेको छ, त्यो चकोरकुमारी एकटक रहेर त्यसैलाई हेरिरहेकी छ ।। २९३ ।।

चौ०–भरतसुभाउ न सुगम निगमहूँ ❀ लघु मति चापलता कबि छमहूँ ।।१।।
कहत सुनत सतिभाउ भरत को ❀ सीय राम पद होइ न रत को ।।२।।

भरतजीको स्वभाव वेदलाई पनि सुगम छैन (वेदले वर्णन गर्न सक्तैनन्), हे कवीश्वरहो ! मेरी तुच्छ बुद्धिको चञ्चलतामा क्षमा गर्नुहोला ।। १ ।। भरतजीको सद्भाव भन्दा सुन्दा कुन मानिस सीतारामका चरणमा अनुरक्त होओइन ? भरतजीको सद्भाव रामजीका चरणमा अनुराग पैदा गर्ने छ, (तसर्थ रामप्रेमी हुन खोज्ने मानिसले भरतको सद्भाव भन्नै पर्छ) ।। २ ।।

सुमिरत भरतहि प्रेमु राम को ❀ जेहि न सुलभु तेहि सरिस बाम को ।।३।।
देखि दयाल दसा सब ही की ❀ राम सुजान जानि जन जी की ।।४।।

भरतजीलाई संझनाका साथ जसलाई रामजीमा प्रेम सुलभ हुन आउँदैन, त्यो-बराबरको वाम (उल्टो व्यक्ति) को होला ? ।। ३ ।। दीनदयाल चतुर रामचन्द्रले सबैको त्यो अवस्था देख्नुभयो, आफ्ना भक्त भरतजीका मनको कुरा पनि जान्नुभयो ।। ४ ।। (अनि–)

धरमधुरीन धीर नयनागर ❀ सत्य सनेह सील सुख सागर ॥५॥
देसु कालु लखि समउ समाजू ❀ नीति प्रीति पालक रघुराजू ॥६॥
बोले बचन बानिसरबसु से ❀ हित परिनाम सुनत ससिरसु से ॥७॥
तात भरत तुम्ह धरमधुरीना ❀ लोक बेद बिद प्रेमप्रबीना ॥८॥

धर्मधुरन्धर, धैर्यधारी, नीतिनिपुण, सत्यसागर, स्नेहसागर, शीलसागर, नीतिपालक, प्रीतिपालक, रघुनाथजीले देश, काल, मौका, समाज यी चार कुराको विचार राखेर परिणाममा हितकारी भएका, सुन्दाखेरि चन्द्ररस (अमृत) जस्ता सरस्वतीका सवस्वजस्ता वचन बोल्नुभयो ॥ "बाबु ! भरत ! तिमी धर्मधुरन्धर, लोकव्यवहारकुशल, वेदका ज्ञाता र प्रेमकुशल छौ ॥ ५ ॥ ६ ॥ ७ ॥ ८ ॥

दोहा–करम बचन मानस बिमल तुम्ह समान तुम्ह तात ।
गुरसमाज लघु बंधु गुन कुसमयँ किमि कहि जात ॥२९४॥

बाबु ! भरत ! मनसा कर्मणा वाचा निर्मल रहेका तिमी तिमीजस्तै छौ, पूज्य जनहरूका समाजमा बेमौकामा आफ्ना भाईका गुण कसरी भन्न सकिन्छन् ? (त्यसो हुनाले पो म तिम्रो तारीफ गर्न सक्तिन) ॥ २९४ ॥

चौ०–जानहु तात तरनिकुल रीति ❀ सत्यसंध पितु कीरति प्रीती ॥१॥
समउ समाजु लाज गुरजन की ❀ उदासीन हित अनहित मन की ॥२॥

बाबु ! तिमी सूर्यकुलको रीति (रिवाज) जान्दछौ, साँचो प्रतिज्ञा गर्ने पिताजीको कीर्ति र प्रीति पनि जान्दछौ ॥ १ ॥ समय, समाज, पूज्यजनको लज्जा, उदासीन मित्र-शत्रुका मनको कुरा (पनि जान्दछौ) ॥ २ ॥

तुम्हहिं बिदित सब ही कर करमू ❀ आपन मोर परम हित धरमू ॥३॥
मोहि सब भाँति भरोस तुम्हारा ❀ तदपि कहउँ अवसर अनुसारा ॥४॥

तिमीलाई सबैको कर्तव्य थाहा छ । आफ्नो र मेरो परमहित र धर्म पनि जान्दछौ ॥ ३ ॥ मलाई सब तरहबाट तिम्रो भरोसा छ, तथापि अवसरअनुसार भन्दछु ॥ ४ ॥

तात तात बिनु बात हमारी ❀ केवल गुरकुल कृपाँ सँभारी ॥५॥
नतरु प्रजा पुरजन परिवारू ❀ हमहि सहित सबु होत खुआरू ॥६॥
जौं बिनु अवसर अँथव दिनेसू ❀ जग केहि कहहु न होइ कलेसू ॥७॥
तस उतपातु तात बिधि कीन्हा ❀ मुनि मिथिलेस राखि सबु लीन्हा ॥८॥

बाबु ! पिताजी नहुँदा पनि मेरा सबै कुरालाई गुरुकुलका कृपाले (गुरुघरानाका मेहरवानीले) सह्यालेको छ ॥ ५ ॥ नत्र प्रजा, नगरनिवासी, परिवार हामीहरू सबै दुःखित हुनेथियौं ॥ ६ ॥ अस्ताउने वेला नभैकन सूर्य अस्ताएभने जगतमा कसलाई क्लेश हुँदैन भाई ! तिमी नै भनन ॥ ७ ॥ बाबु ! भरत ! विधाताले त्यस्तो उत्पात गऱ्यो, गुरुजीले र मिथिलाधिराजले सबैलाई बचाउनुभयो ॥ ८ ॥

दोहा–राजकाज सब लाज पति धरम धरनि धन धाम ।
गुरप्रभाउ पालिहि सबहि भल होइहि परिनाम ॥२९५॥

राजकाज, सब तरहको लाज, प्रतिष्ठा, धर्म, पृथ्वी, धन, घर-द्वार, यी सबैलाई गुरुका प्रभावले पालना गर्नेछ, परिणाममा सबैलाई भलो हुनेछ, ॥ २९५ ॥

चौ०–सहित समाज तुम्हार हमारा ❀ घर बन गुरप्रसाद रखवारा ॥१॥
मातु पिता गुर स्वामि निदेसू ❀ सकल धरम धरनीधरु सेसू ॥२॥

भाई ! भरत ! समाजसहित भएर घरमा रहेका तिम्रो र जङ्गल जङ्गल फिरन्ता भएका मेरो रक्षा गर्ने गुरुकै अनुग्रह छ (अरूको भरोसा छैन) ॥ १ ॥ बाबु ! भरत ! माता, पिता, गुरु, मालिक, यिनको आज्ञा पालन गर्नु सबैको धर्म हो, त्यही धर्म (साह्रै गह्रौं हुनाले) पृथ्वी हो, तिमी शेषस्वरूप भएर त्यो (धर्मरूपी पृथ्वीलाई) धारण गर ॥ २ ॥

सो तुम्ह करहु करावहु मोहू ❀ तात तरनिकुल पालक होहू ॥३॥
साधक एक सकल सिधि देनी ❀ कीरति सुगति भूति मय बेनी ॥४॥

बाबु ! भरत ! त्यही धर्म तिमी पनि गर, मलाई पनि गराऊ । सूर्यकुलका पालक होऊ ॥ ३ ॥ सिद्धिको खायस गर्ने साधुका निंति यही यौटा साधना (आज्ञापालन) सर्वसिद्धिदायिनी छ, त्यो आज्ञापालनरूपी धर्म कीर्ति, सद्गति, ऐश्वर्य, यी तीन कुराको त्रिवेणी हो (आज्ञापालनमा कीर्ति सद्गति, ऐश्वर्य मिल्दछन्) ॥ ४ ॥

सो बिचारि सहि संकटु भारी ❀ करहु प्रजा परिवारु सुखारी ॥५॥
बाँटी बिपति सबहि मोहि भाई ❀ तुम्हहि अवधि भरि बड़ि कठिनाई ॥६॥

त्यो विचार गरेर भारी भारी संकट सहेर पनि प्रजालाई र परिवारलाई सुखी गराऊ ॥ ५ ॥ हामी सबैलाई विपत्ति बाँडिएको छ (सबैले विपत्ति पाइरहेका छौं) तथापि चौध वर्षसम्म तिमीलाई साह्रै कष्ट पऱ्यो, (मेरा वियोगको दुःख र राज्यशासनको दुःख तिमीले भोग्नुपऱ्यो) ॥ ६ ॥

जानि तुम्हहि मृदु कहउँ कठोरा ❀ कुसमयँ तात न अनुचित मोरा ॥७॥
होहिं कुठायँ सुबंधु सहायें ❀ ओड़िअहिं हाथ असनिहुँ के घायें ॥८॥

बाबु ! भाई ! तिमीलाई सुकुमार जानीजानीकन कठोर वचन बोलिरहेको छु, यो समय यस्तै कुसमय छ, यसमा मेरो दोष छैन (यस्तो समयमा लाचारीसाथ यस्तै कुरा मैले गर्नुपऱ्यो) ॥ ७ ॥ यस्तै अपठ्यारो परेका वेलामा सज्जन भाईहरू सहाय हुन्छन् , वज्रले घायल हुन लागेका वेलामा हातले आड गर्दछ (छेक्तछ) ॥ ८ ॥

दोहा–सेवक पद कर नयन से मुख सो साहिबु होइ ।
तुलसी प्रीति कि रीत सुनि सुकबि सराहहिं सोइ ॥२९६॥

सेवक हात पाउ आँखाजस्तो होस् , साहेब (स्वामी) मुखजस्तो होस् , (मुखका

उपर कुनै चोटपटक प्रभृतिको आपत्ति पर्नलाग्दा आँखाले सूचना दिन्छ, हातले यथाशक्ति बचावट गरिदिन्छ, केही सीप नलागेका खण्डमा पाउले दौडाउँछ र मुखलाई जोगाउँछ, सेवकले स्वामीको रक्षा त्यसै गरी गर्नुपर्दछ) (तुलसीदास भन्दछन्) यस्तै प्रकारकी प्रीतिको रीति सुन्दा सत्कविहरू त्यसै प्रीतिको प्रशंसा गर्दछन्" ॥ २९६ ॥

चौ०–सभा सकल सुनि रघुबरबानी ❀ प्रेम पयोधि अमिअ जनु सानी ॥१॥
सिथिल समाजु सनेहँ समाधी ❀ देखि दसा चुप सारद साधी ॥२॥

सारा सभाले प्रेमको समुद्रस्वरूप भएकी, अमृतले साँधिएकी जस्ती रघुनाथजीकी वाणी सुने ॥ १ ॥ त्यस वेलामा सारा समाजलाई प्रेमको समाधि चढ्यो, सबै शिथिल भए, यो दशा देखेर रघुनाथजीका मुखारविन्दमा रहेकी सरस्वतीले मौन साधिन् (चूप लागिन्) ॥ २ ॥

भरतहि भयेउ परम संतोषू ❀ सनमुख स्वामि बिमुख दुखु दोषू ॥३॥
मुखु प्रसन्न मन मिटा बिषादू ❀ भा जनु गूँगेहि गिराप्रसादू ॥४॥

भरतजीलाई अत्यन्त सन्तोष भयो, (किनभने–) स्वामी रामचन्द्रजी सन्मुख (अनुकूल = प्रसन्न) हुनुभयो, दुःख र दोष विमुख भए (हटे) ॥ ३ ॥ मुख उज्यालो भयो, मनको विषाद (खेद) हट्यो । लाटालाई सरस्वतीको अनुग्रहभए जस्तै भयो ॥ ४ ॥

कीन्ह सप्रेम प्रनामु बहोरी ❀ बोले पानि पंकरुह जोरी ॥५॥
नाथ भएउ सुखु साथ गये को ❀ लहेउँ लाहु जग जनमु भये को ॥६॥
अब कृपाल जस आयसु होई ❀ करउँ सीस धरि सादर सोई ॥७॥
सो अवलम्ब देउ मोहि देई ❀ अवधिपारु पावउँ जेहि सेई ॥८॥

भरतजीले फेरि प्रेमपूर्वक प्रणाम गर्नुभयो र करकमल जोरेर विन्ति गर्नुभयो ॥ ५ ॥ "हे नाथ ! हजूरका साथ जानाको सुख पाएँ, जगत्मा जन्म हुनाको लाभ पाएँ ॥ ६ ॥ अब करुणासागरबाट जस्तो आज्ञा हुन्छ, त्यसलाई शिरउपर गरेर आदरका साथ तदनुसारै गर्नेछु ॥ ७ ॥ हे देव ! मलाई त्यो अवलम्व (आधार) बक्सनुहोस् , जसको सेवा गरेर म अवधिरूप चौधवर्षको पार पाउँ (चौध वर्षसम्म जसको आधारमा रहेर प्रभुको दर्शन गर्न म पाउँछु, त्यस्तो केही आधार बक्सनुपर्दछ) ॥ ८ ॥

दोहा–देव देव अभिषेक हित गुर अनुसासन पाइ ।
आनेउँ सब तीरथ सलिलु तेहि कहँ काह रजाइ ॥२९७॥

हे प्रभु ! गुरुको आज्ञा पाएर प्रभुको अभिषेकका निमित्त सबै तीर्थको जल ल्याएको छु, त्यसका निमित्त के आज्ञा हुन्छ ? ॥ २९७ ॥

चौ०–एकु मनोरथु बड़ मन माहीं ❀ सभय सकोच जात कहि नाहीं ॥१॥
कहहु तात प्रभु आयसु पाई ❀ बोले बानि सनेह सुहाई ॥२॥

हे प्रभु ! मेरा मनमा एउटा ठूलो मनोरथ छ, भय र संकोचले विन्ति गर्न सक्तिन ॥१॥

(भरतजीले यति विन्ति गर्दा रामचन्द्रजीले) "भाई ! भनन" भन्नुभयो । अनि प्रभुको आज्ञा पाएर भरतजीले स्नेहले सुंदर भएको वचन बोल्नुभयो ॥ २ ॥

चित्रकूट मुनिथल तीरथ बन ❀ खग मृग सरि सर निर्झर गिरि गन ॥३॥
प्रभुपद अंकित अवनि बिसेषी ❀ आयसु होइ त आवउँ देखी ॥४॥

"प्रभु ! प्रभुको आज्ञा भए ता चित्रकूटपर्वतका पवित्र स्थान, तीर्थ, वन, पक्षी मृग, नदी, ताल, छहरा, पर्वत-श्रेणीहरूलाई र विशेष गरेर प्रभुका पाइलाले चिह्नित भएका-स्थानलाई हेरेर आउने थिएँ" ॥ ३ ॥ ४ ॥

अवसि अत्रि आयसु सिर धरहू ❀ तात बिगतभय कानन चरहू ॥५॥
मुनिप्रसाद बनु मंगलदाता ❀ पावन परम सुहावन भ्राता ॥६॥
रिषिनायकु जहँ आयसु देहीं ❀ राखेहु तीरथजलु थल तेहीं ॥७॥
सुनि प्रभुबचन भरत सुखु पावा ❀ मुनि मद कमल मुदित सिरु नावा ॥८॥

(रामचन्द्रजीले आज्ञा गर्नुभयो) "भाई ! अवश्यमेव तिमी अत्रि मुनिको आज्ञालाई शिरमा राखेर (आज्ञा लिएर) निर्भय भईकन जङ्गलमा घुम ॥ ५ ॥ भाई ! भरत ! अत्रि मुनिका अनुग्रहले यो वन मङ्गलदायक, पवित्र, परम सुन्दर भएको छ ॥ ६ ॥ ऋषीश्वर अत्रिले जहाँ आज्ञा दिनुहुन्छ, तिमीले ल्याएको तीर्थजल त्यहीं राखे" ॥ ७ ॥ यस्ता प्रभुजीका वचन सुन्दा भरतजीले आनन्द मान्नुभयो; हर्षित भएर अत्रि मुनिका चरणकमलमा शिर राख्नुभयो ॥ ८ ॥

दोहा–भरत राम संबादु सुनि सकल सुमंगल मूल ।
सुर स्वारथी सराहि कुल बरषत सुरतरुफूल ॥२९८॥

सकल कल्याणको मूलकारण भएको भरत-राम संवाद सुन्दा स्वार्थी (मतलबी) भएका देवताहरू सूर्यकुलको सह्रनी गरेर कल्पवृक्षका फूल वर्षाउन लागे ॥ २९८ ॥

[रामवनमा भ्रमण]

चौ०–धन्य भरत जय राम गोसाईं ❀ कहत देव हरषत बरिआईं ॥१॥
मुनि मिथिलेस सभाँ सब काहू ❀ भरतबचन सुनि भयेउ उछाहू ॥२॥

"भरतजीलाई धन्यवाद छ, स्वामी रामचन्द्रजीको जय होस्" भन्दै देवताहरू जबर्दस्तीसाथ (नाकका चालले) हर्षित भए ॥ १ ॥ वशिष्ठ, राजा जनक, सभा सबैलाई भरतजीको वचन सुन्दा आनन्द लाग्यो ॥ २ ॥

भरत राम गुनग्राम सनेहू ❀ पुलकि प्रसंसत राउ बिदेहू ॥३॥
सेवक स्वामि सुभाउ सुहावन ❀ नेमु पेमु अतिपावन पावन ॥४॥

राजा जनक शरीरमा रोमाञ्चित भएर भरतजीका र रामजीका गुणगणको र प्रेमको प्रशंसा गर्दथे (तिनले भने कि–) "सेवक स्वामी दुवै जनाको स्वभाव सुहाउँदो (योग्ययोग्य) छ, वहाँहरूको नियम र प्रेम पवित्रभन्दा पनि अति पवित्र छ" ॥ ३ ॥ ४ ॥

मति अनुसार सराहन लागे ❀ सचिव सभासद सब अनुरागे ॥५॥
सुनि सुनि राम भरत संवादू ❀ दुहुँ समाज हियँ हरषु बिषादू ॥६॥

मन्त्रीहरू र सभासद्हरू पनि सबै अनुरक्त भएर आफ्ना बुद्धिअनुसार सह्राउन लागे ॥ ५ ॥ रामजी र भरतजीको संवाद सुन्दा सुन्दा दुवै समाजलाई हर्ष र विषाद दुवै थोक थियो ॥ ६ ॥

राममातु दुखु सुखु सम जानी ❀ कहि गुन दोष प्रबोधी रानी ॥७॥
एक कहहिं रघुबीरबड़ाई ❀ एक सराहत भरतभलाई ॥८॥

रामजीकी माता कौशल्या महारानीले सुख र दुःख दुवैलाई समान जानेर रामजीका गुणको वर्णन गरीकन अरू रानीहरूलाई बुझाउनुभयो ॥ ७ ॥ कोही रघुनाथजीको प्रशंसा गर्दथे, कोही भरतजीको भलाई (भलोपना) लाई सह्राउँथे ॥ ८ ॥

दोहा–अत्रि कहेउ तब भरत सन सैल समीप सुकूप ।
राखिअ तीरथतोय तहँ पावन अमिअ अनूप ॥२९९॥

अनि अत्रि ऋषिले भरतसँग भने कि—“यो पर्वतका नगीचमा एउटा वेश कूवाँ छ, यो पवित्रता गराउने अमृतजस्तो अतुलतीर्थको जल त्यहीं हालिदिनुहोस् ॥ २९९ ॥

चौ०–भरत अत्रि अनुसासन पाई ❀ जलभाजन सब दिए चलाई ॥१॥
सानुज आपु अत्रि मुनि साधू ❀ सहित गये जहँ कूप अगाधू ॥२॥

भरतजीले अत्रि मुनिको आज्ञा पाएर तीर्थजलका घड़ाहरू रवाना गरिदिनुभयो ॥ १ ॥ अत्रि मुनि र साधुसन्तका साथमा भाईसमेत भई जहाँ त्यो अगाध (गहिरो) कूवा थियो त्यहीं जानुभयो ॥ २ ॥

पावन पाथु पुन्य थल राखा ❀ प्रमुदित प्रेम अत्रि अस भाषा ॥३॥
तात अनादि सिद्ध थल एहू ❀ लोपेउ काल बिदित नहि केहू ॥४॥

त्यो पवित्र जल त्यही पवित्र स्थान (कूवानिर) राखियो, अत्रि ऋषि प्रसन्न भएर यसो भन्न लागे—“बाबु ! भरत ! यो स्थान अनादिकालदेखिको सिद्धस्थान हो, कालले लुप्त भएको थियो, कसैलाई थाहा छैन” ॥ ३ ॥ ४ ॥

तब सेवकन्ह सरस थलु देखा ❀ कीन्ह सुजल हित कूप बिसेषा ॥५॥
बिधिबस भयेउ बिस्व उपकारू ❀ सुगम अगम अति धरमबिचारू ॥६॥
भरतकूप अब कहिहहिं लोगा ❀ अतिपावन तीरथजल जोगा ॥७॥
प्रेम सनेम निमज्जत प्रानी ❀ होइहहिं बिमल करम मन बानी ॥८॥

अनि भरतजीका सेवकहरूले जलमय स्थान देखेर तीर्थजलका निमित्त त्यो कूवालाई विशेष गरेर सुजल पारे (माटो हिलो झिकेर सफा पारे अनि तीर्थजल त्यहीं हाले) ॥ ५ ॥ दैवयोगले संसारको उपकार भयो, धर्मका विचार सुगम पनि छ अगम पनि छ ।(कतै कतै अल्प-

प्रयासले ठूलो धर्म हुन आउँछ, कतै कतै ठूला प्रयासले सानु धर्म हुन आउँछ) ॥ ६ ॥ (अत्रि मुनिले भने—) "अब संसारले यो कूवालाई भरतकूप भन्नेछ, यो कूप तीर्थजलको संयोग पाएर अति पवित्र भयो ॥ ७ ॥ यसमा प्रेम र नियमले स्नान गर्दा प्राणीहरू, मन, कर्म, वचनमा शुद्ध हुनेछन् (यहाँका स्नानले प्राणीहरूका मन-वचन-कर्म पवित्र हुनेछन्)" ॥ ८ ॥

दोहा–कहत कूपमहिमा सकल गये जहाँ रघुराउ ।
अत्रि सुनायेउ रघुबरहि तीरथ पुन्य प्रभाउ ॥३००॥

अनि सबैजना त्यस कूपको महिमा वर्णन गर्दै गर्दै रामचन्द्रजी जहाँ हुनुहुन्थ्यो त्यहाँ आइपुगे । अत्रि ऋषिले रघुनाथजीलाई त्यो पवित्र तीर्थको माहात्म्य सुनाए ॥ ३०० ॥

चौ०–कहत धरम इतिहास सप्रीती ❀ भयेउ भोरु निसि सो सुख बीती ॥१॥
नित्य निबाहि भरत दोउ भाई ❀ राम अत्रि गुर आयसु पाई ॥२॥
सहित समाज साज सब सादें ❀ चले रामबन अटन पयादें ॥३॥

प्रीतिका साथ धर्मका इतिहास (कथा) भन्दा भन्दै त्यो रात सुखैले बित्यो, भोर भयो ॥ १ ॥ भरतजी दुवै भाई नित्यकर्म सिध्याएर रामचन्द्र, अत्रि, गुरु वशिष्ठ यिनको आज्ञा लिईकन सादा (मामूली) साजवाला समाजले सहित भएर रामवनमा घुम्नाका निमित्त पैदल हिंड्नुभयो ॥ २ ॥ ३ ॥

कोमल चरन चलत बिनु पनहीं ❀ भइ मृदु भूमि सकुचि मन मनहीं ॥४॥
कुस कंटक काँकरीं कुराईं ❀ कटुक कठोर कुबस्तु दुराईं ॥५॥
महि मंजुल मृदु मारग कीन्हे ❀ बहत समीर त्रिबिध सुख लीन्हे ॥६॥
सुमन बरषि सुर घन करि छाहीं ❀ बिटप फूलि फलि तृन मृदुताहीं ॥७॥
मृग बिलोकि खग बोलि सुबानी ❀ सेवहिं सकल रामप्रिय जानी ॥८॥

कोमल पाउ भएका भरतजी विनाजुत्ता पैदल हिंड्न लाग्नुभयो, मनै मनमा संकुचित भएर पृथ्वीमाता कोमल भइन् ॥ ४ ॥ कुश, काँढा, कंकड़, कुह्रो, इत्यादि वस्तुलाई अलग गरेर, कटु (पीरा) कडा चीजबीजलाई लुकाएर पृथ्वीमाताले मार्ग (बाटो) लाई राम्रो र नरम पारिन् । तीन प्रकारको सुख लिएको (शीतल, सुगन्ध, मन्द) बतास चल्न लाग्यो— ॥ ५ ॥ ६ ॥ भरतजीलाई रामचन्द्रजीका प्यारा भाई जानेर देवताहरू फूल बर्षाएर, मेघहरू छाया गरेर, लतावृक्षहरू फुलेर फलेर, तृणहरू कोमल भइदिएर, मृगहरू हेरेर, पक्षीहरू मीठो बोली बोलेर सेवा गर्दथे ॥ ७ ॥ ८ ॥

दोहा–सुलभ सिद्धि सब प्राकृतहु राम कहत जमुहात ।
राम प्रानप्रिय भरत कहुँ येह न होइ बड़ि बात ॥३०१॥

अदना अदना मानिसलाई हाई गर्दाखेरि राम राम भन्दैमा सकल सिद्धि सुलभ हुन्छनभने रामजीका प्राणप्रिय भएका भरतजीका हकमा यो केही ठूलो कुरा होइन ॥ ३०१ ॥

चौ०–एहि बिधि भरतु फिरत बन माहीं ❀ नेमु प्रेमु लखि मुनि सकुचाहीं ॥१॥
पुन्य जलाश्रय भूमिबिभागा ❀ खग मृग तरु तृन गिरि बन बागा ॥२॥
चारु बिचित्र पवित्र बिसेषी ❀ बूझत भरतु दिव्य सबु देखी ॥३॥
सुनि मन मुदित कहत रिषिराऊ ❀ हेतु नाम गुन पुन्य प्रभाऊ ॥४॥

यस्ता प्रकारले भरतजी वनमा घुमफिर गर्न लाग्नुभयो, वहाँको नियम र प्रेम देख्ता मुनिहरू पनि संकोच मान्दथे ॥ १ ॥ पवित्र जलाशय, पवित्र भूमिखण्ड, पक्षी, मृग, वृक्ष, तृण, पर्वत, वन, बघैंचा इत्यादि सबै चीजलाई विचित्र, राम्रा, विशेष गरेर पवित्र दिव्य (स्वर्गीय) देख्ता भरतजी सोध्नुहुन्थ्यो, ॥ २ ॥ ३ ॥ मनमा आनन्दित भएका ऋषिराज अत्रि भरतजीको प्रश्न सुनेर ती चीजको कारण, नाम, गुण, पुण्य, प्रभाव बताउँथे ॥ ४ ॥

कतहुँ निमज्जन कतहुँ प्रनामा ❀ कतहुँ बिलोकत मन अभिरामा ॥५॥
कतहुँ बैठि मुनि आयसु पाई ❀ सुमिरत सीय सहित दोउ भाई ॥६॥

भरतजी कतै स्नान गर्नुहुन्थ्यो, कतै प्रणाम गर्नुहुन्थ्यो, कतै मनोहर स्थानलाई हेरिरहनुहुन्थ्यो, ॥ ५ ॥ अत्रि मुनिको आज्ञा पाएर बसीकन सीतासहित दुई भाई (राम लक्ष्मण) लाई संझनुहुन्थ्यो (ध्यान गर्नुहुन्थ्यो) ॥ ६ ॥

देखि सुभाउ सनेहु सुसेवा ❀ देहिं असीस मुदित बनदेवा ॥७॥
फिरहिं गयें दिनु पहर अढ़ाई ❀ प्रभुपद कमल बिलोकहिं आई ॥८॥

भरतजीको स्वभाव, स्नेह, राम्रो सेवा देखेर वनदेवताहरू हर्षित भईकन आशिष दिन्थे ॥ ७ ॥ अढाई पहर दिन चढ्दा (मध्याह्न ढल्किसकेको अलि बेरपछि) फर्कनुहुन्थ्यो र आएर रामचन्द्रजीका चरणकमलको दर्शन गर्नुहुन्थ्यो ॥ ८ ॥

दोहा–देखे थल तीरथ सकल भरत पाँच दिन माँझ ।
कहत सुनत हरि हर सुजसु गयेउ दिवसु भइ साँझ ॥३०२॥

पाँच दिनका बीचमा भरतजीले सकल तीर्थको दर्शन गरिसक्नुभयो। पाँचौं दिनमा हरिहरका यशको कीर्तन श्रवण गर्दा गर्दै दिन बित्यो, साँझ पर्‍यो ॥ ३०२ ॥

[अन्तिम सभा]

चौ०–भोर न्हाइ सबु जुरा समाजू ❀ भरत भूमिसुर तेरहुतिराजू ॥१॥
भल दिनु आजु जानि मन माहीं ❀ रामु कृपाल कहत सकुचाहीं ॥२॥

भोलिपल्ट बिहान भरतजी, ब्राह्मणवर्ग, जनक राजालगायत दुवै समाजले स्नान गरे ॥ १ ॥ आज असल दिन हो भनेर जाने पनि दयासागर रामचन्द्रजी (अब जाओ) भन्नलाई संकोच मान्नुहुन्थ्यो ॥ २ ॥

गुर नृप भरत सभा अवलोकी ❀ सकुचि राम फिरि अवनि बिलोकी ॥३॥
सील सराहि सभा सब सोची ❀ कहुँ न राम सम स्वामि सँकोची ॥४॥

रामचन्द्रजी वशिष्ठजीलाई, राजा जनकलाई, भरतलाई, समाजलाई हेर्दै फेरि संकोचसाथ जमीनतर्फ हेर्दै गर्न लाग्नुभयो ॥ ३ ॥ सारा समाजले मनमा रामचन्द्रजीका शीलको प्रशंसा गरेर—"रामचन्द्रजीजस्ता संकोची स्वामी कहीं छैनन्" यस्तो विचार गरे ॥ ४ ॥

भरत सुजान रामरुख देखी ❀ उठि सप्रेम धरि धीर बिसेषी ॥५॥
करि दंडवत कहत कर जोरी ❀ राखी नाथ सकल रुचि मोरी ॥६॥
मोहि लगि सबहिं सहेउ संतापू ❀ बहुत भाँति दुखु पावा आपू ॥७॥
अब गोसाँइ मोहि देउ रजाई ❀ सेवउँ अवध अवधि भरि जाई ॥८॥

समुझदार भरतजीले रामजीको अभिप्राय बुझेर प्रेमका साथ उठीकन खूब धैर्य धरेर दण्डवत् गरेपछि दुई हात जोरीकन विन्ति गर्नुभयो—"हे नाथ ! मेरो सबै मनोरथ पूर्ण गर्नुभयो ॥ ५ ॥ ६ ॥ मेरा निंति हजूरले सबै सन्ताप सहनुभयो, आफूले नाना तरहका दुःख पाउनुभयो ॥ ७ ॥ प्रभु ! अब मलाई आज्ञा बक्सनुहोस्, म चौध वर्षको अवधि पूर्ण नहुञ्ज्याल अयोध्याको सेवा गरौं ॥ ८ ॥

दोहा—जेहिं उपाय पुनि पाय जनु देखइ दीनदयाल ।
सो सिख देइअ अवधि लगि कोसलपाल कृपाल ॥३०३॥

हे दीनदयाल ! हे कोशलदेशपाल ! हे कृपाल ! जुन उपायले यो दास प्रभुका पाउको दर्शन पाउला, चौध वर्षको अवधिसम्मलाई तदनुसारको शिक्षा बक्सनुहोस् ॥ ३०३ ॥

चौ०—पुरजन परिजन प्रजा गोसाईं ❀ सब सुचि सरस सनेहँ सगाईं ॥१॥
राउर बदि भल भवदुख दाहू ❀ प्रभु बिनु बादि परमपद लाहू ॥२॥

प्रभु ! हजूरको कहलाएर (रामको भक्त भन्ने प्रसिद्धि पाएर) रहँदा नगर निवासीहरू, परिवारहरू, प्रजाहरू, सबैजना पवित्र प्रेमी रसीला नातेदार बेशै छन्, संसारको दुःख र सन्ताप पनि बेशै छ, प्रभुविना (.प्रभुको फरक भएर रहँदा) परमपद (मुक्ति) को लाभ पनि वृथा छ ॥ १ ॥ २ ॥

स्वामि सुजानु जानि सब ही की ❀ रुचि लालसा रहनि जन जी की ॥३॥
प्रनतपाल पालिहि सब काहू ❀ देउ दुहूँ दिसि ओरनिबाहू ॥४॥

सर्वज्ञ हजूर सबैको मनोरथ, लालचा र भक्तजनका मनको परिस्थिति जानिबक्सिन्छ ॥ ३ ॥ हे प्रणतपाल ! प्रभु सबैको रक्षा गर्नुहुन्छ । दुवैतर्फको निर्वाह गरिबक्सनुहुन्छ (वनवासी र नगरवासीलाई सपारिबक्सनुहुन्छ) ॥ ४ ॥

अस मोहि सब बिधि भूरि भरोसो ❀ किएँ बिचारु न सोचु खरो सो ॥५॥
आरति मोरि नाथ कर छोहू ❀ दुहुँ मिलि कीन्ह ढीठु हठि मोहू ॥६॥

मलाई सब तरहबाट यस्तो भरोसा छ, विचार गर्दा अलिकति पनि फिक्री लाग्दैन ॥ ५ ॥ मेरो दुःख र हजूरको प्रेम यी दुईले मिलेर जबर्दस्तीका साथ मलाई धृष्ट पारेका छन् ॥ ६ ॥

येह बड़ दोषु दूरि करि स्वामी ❀ तजि सकोचु सिखइअ अनुगामी ॥७॥
भरतबिनय सुनि सबहि प्रसंसी ❀ खीर नीर बिबरन गति हंसी ॥८॥

प्रभु ! यो ठूलो दोषलाई दूर गरेर (धृष्टता गरेकामा माफी बक्सेर) संकोच छाडीकन अनुचर (भृत्य) लाई शिक्षा बक्सियोस् ॥ ७ ॥ भरतजीकी विनयवाणी गुणदोष छुट्याउने हुनाले, दूध र पानी छुट्याउनामा गति पुगेकी (समर्थ भएकी) हंसी-पक्षिणीजस्तै थिई, त्यो वाणी सुन्दा सबैले प्रशंसा गरे ॥ ८ ॥

दोहा—दीनबंधु सुनि बंधु के बचन दीन छलहीन ।
देस काल अवसर सरिस बोले रामु प्रबीन ॥३०४॥

दीनबन्धु ज्ञानवान् रामचन्द्रजीले भाई भरतजीका दीन र छलहीन (निःकपट) भएका वचन सुनेर देश काल मौकाअनुसारको वचन बोल्नुभयो ॥ ३०४ ॥

चौ०—तात तुम्हारि मोरि परिजन की ❀ चिंता गुरहि नृपहि घर बन की ॥१॥
माथे पर गुर मुनि मिथिलेसू ❀ हमहिं तुम्हहिं सपनेहुँ न कलेसू ॥२॥
मोर तुम्हार परम पुरुषारथु ❀ स्वारथु सुजसु धरमु परमारथु ॥३॥
पितु आयसु पालिअ दुहुँ भाईं ❀ लोक बेद भल भूपभलाईं ॥४॥

बाबु ! भरत ! तिम्रो, मेरो, हाम्रा परिवारको, घरको, वनको, फिक्री गुरुजीलाई र महाराज मिथिलाधिराजलाई छ (हामीलाई के को धन्धा ? केको सुर्ता ?) ॥ १ ॥ गुरुजी र मिथिलाधिराज हाम्रा शिरका उपर हुनुहुन्छ, हामीलाई तिमीलाई सपनामा पनि दुःख हुनेछैन ॥ २ ॥ दुई भाई मिलेर पिताका आज्ञाको पालना गरौं, लोकव्यवहारमा र वेदोक्त आचारमा असल गनियूँ, महाराज-पिताजीको असल होस्, (यति कुरा गर्‍यौंभने) तिम्रो र मेरो परम पुरुषार्थ त्यही हो, स्वार्थ पनि त्यही हो, सुयश पनि त्यही हो, धर्म पनि त्यही हो, परमार्थ पनि त्यही हो ॥ ३ ॥ ४ ॥

गुर पितु मातु स्वामि सिख पालें ❀ चलेहु कुमग पग परहिं न खालें ॥५॥
अस बिचारि सब सोच बिहाई ❀ पालहु अवध अवधि भरि जाई ॥६॥
देसु कोसु पुरजन परिवारू ❀ गुरपद रजहि लाग छरुभारू ॥७॥
तुम्ह मुनि मातु सचिव सिख मानी ❀ पालेहु पुहुमि प्रजा रजधानी ॥८॥

गुरु, पिता, माता, स्वामी यिनको शिक्षा पालन गर्नाले कुमार्गमा हिंडे पनि पाउ तल पर्दैन (प्रधान गरेर यिनको शिक्षापालन गरेपछि कुमार्गमा जाँदै जाँदैन, कदाचित् भूलचूकले गइहाल्योभने पनि त्यो मार्गमा पैताला राख्तैन तुरन्तै त्यो मार्ग छाडेर सन्मार्गमा लाग्दछ) ॥ ५ ॥ यस्तो विचार गरेर सबै सोचविचारलाई छाडेर जाऊ र चौध वर्षको अवधिभरी अयोध्याको पालन गर ॥ ६ ॥

देश, खजाना, पुरवासी जन, परिवार, यिनको अभिभार ता गुरुजीका चरणको धूलालाई लागेको छ (गुरुजीका चरणका धूलाले यिनको रक्षा गर्ने भार (जिम्मेदारी) लिएको

छ) तिमी गुरुजी, माताहरू, मन्त्री यिनको शिक्षा मानेर पृथ्वी, प्रजा, राजधानीको रक्षा गरे ॥ ७ ॥ ८ ॥

दोहा–मुखिआ मुखु सो चाहिअइ खान पान कहुँ एक ।
पालइ पोषइ सकल अँग तुलसी सहित बिबेक ॥३०५॥

(तुलसीदास भन्दछन्) खानापीना गर्नलाई मुखजस्तो एउटा मुखिया (नेता) चाहिन्छ, त्यो मुखियाले विवेकसाथ सबै अङ्गप्रत्यङ्गको पालनपोषण गर्नुपर्दछ (शरीरका हात, पाउ, नाक, कान, आँखा इत्यादि सकल अङ्गप्रत्यङ्ग सबै उपयोगी, सबै रक्षणीय, सबै पालनीय, सबै पोषणीय छन् । यी अङ्गप्रत्यङ्गमध्ये कुनै एउटा बिग्रियो भने शरीरै खूनी हुनाले निन्दनीय हुन्छ यिनको रक्षा अत्यावश्यक छ, यिनले पनि आहार पाउनुपर्दछ, पाउँछन् पनि, कसरी पाउँछन् भने यी अङ्गप्रत्यङ्गले एउटा मुखलाई मुखिया (मुख्य = नेता) बनाएका छन् , त्यो मुखरूपी मुखिया नाना प्रकारको आहार आफूले गरेर त्यही आहार भित्रभित्र सबै अङ्गप्रत्यङ्गलाई पुऱ्याउँछ र तिनलाई हृष्ट-पुष्ट पार्दछ । त्यसो हुनाले नियमसाथ यो शरीर चलिरहन्छ । हाम्रो पनि हक छ, हामी पनि मुखजस्तै हौं के खाँचाले काम गर्दछौं ? आफ्नु पालन पोषण आफै गर्दछौं भनेर अङ्गप्रत्यङ्गका प्रत्येक व्यक्तिले दुराग्रहपूर्वक आफ्नो आफ्नो काम छाडेर आहार मात्र गर्न लागेभने शरीरको के गति होला ? व्यवहार कसरी चल्ला ? । एवंरीत्या एउटा राष्ट्रपतिले राष्ट्रको आमदानी लिएर त्यताबाट राष्ट्रको स्वामी, (आफू) अमात्य, पुर, राष्ट्र, कोश, दुर्ग, फौज, प्रजा, यी अङ्गको यथोचित पालन-पोषण गर्नुपर्दछ, राष्ट्रका अङ्ग भएका व्यक्तिले यथेष्ट गरेर राष्ट्रको लाभ लिन लागे, मुखिया (नेता) को विरुद्ध चलेभने व्यवस्था भङ्ग हुन्छ र राष्ट्रको र राष्ट्रपतिको सर्वनाश हुन्छ) ॥ ३०५ ॥

चौ०–राजधरम सरबसु एतनोई ❀ जिमि मन माँह मनोरथ गोई ॥१॥
बंधुप्रबोधु कीन्ह बहु भाँति ❀ बिनु अधार मन तोषु न साँती ॥२॥

भाई ! भरत ! जसरी मनोरथ मनमा गुप्त रहेको हुन्छ, (त्यसै गरी पूर्वोक्त कुरा राजधर्ममा गुप्त रहेको छ) राजधर्मको सर्वस्व (सार) यत्ति हो ॥ १ ॥ यस्ता अनेक प्रकारसँग रघुनाथजीले भाई भरतजीलाई बुझाउनुभयो । तर आधार नपाईकन वहाँलाई संतोष पनि भएन, शान्ति पनि भएन ॥ २ ॥

[पादुका प्रदान]

भरतसीलु गुर सचिव समाजू ❀ सकुच सनेह बिबस रघुराजू ॥३॥
प्रभु करि कृपा पाँवरी दीन्ही ❀ सादर भरत सीस धरि लीन्ही ॥४॥

भरतजीको शील स्वभाव, गुरु, मन्त्री-समाजको संकोच र स्नेहले विवश (परतन्त्र) भएका रघुनाथजीले कृपा गरेर खराउ दिनुभयो, भरतजीले आदरका साथ ती खराउलाई शिरमा राख्नुभयो ॥ ३ ॥ ४ ॥

चरनपीठ करुनानिधान के ❀ जनु जुग जामिक प्रजाप्रान के ॥५॥
संपुट भरतसनेह रतन के ❀ आखर जुग जनु जीवजतन के ॥६॥

कुल कपाट कर कुसल करम के ❀ बिमल नयन सेवा सुधरम के ॥७॥
भरत मुदित अवलंब लहे तें ❀ अस सुख जस सिय रामु रहे तें ॥८॥

करुणानिधान रामचन्द्रका ती दुइ खराउ मानौं प्रजाहरूका प्राणको रखवारी गर्ने पहरेदार हुन् कि ? अथवा भरतको प्रेमरूपी रत्न राख्ने बट्टा हुन् कि, या भरतजीको बचावटको कोशिशस्वरूप भएका दुई अक्षर (रा म) हुन् कि ? सूर्यवंशका रक्षक दुई कपाट (दहिलाका द्वार) हुन् कि ? शुभकर्म गर्ने भरतका दुई हात हुन् कि ? या सेवाधर्मका निर्मल दुई आँखा हुन् कि ? (भन्ने नाना प्रकारका संभावना गराउँथे) ॥ भरतजी त्यो अवलम्ब (आधार) पाउँदा सीताजी र रामजीसाथ रहँदा जस्तो सुख मान्नुहुन्थ्यो त्यस्तै सुख मान्न लाग्नुभयो ॥ ५ ॥ ६ ॥ ७ ॥ ८ ॥

[भरतविदाई]

दोहा–मागेउ बिदा प्रनामु करि राम लिए उर लाइ ।
लोग उचाटे अमरपति कुटिल कुअवसरु पाइ ॥३०६॥

भरतजीले प्रणाम गरेर बिदा माग्नुभयो । रामचन्द्रजीले भरतजीलाई छातीमा लगाउनुभयो । त्यो नराम्रो मौका फेला पारेर कपटी इन्द्रले सबैलाई उच्चाटन गराए (सबैलाई अयोध्या जान मिथिला जान मन लाग्यो) ॥ ३०६ ॥

चौ०–सो कुचालि सब कहँ भइ नीकी ❀ अवधि आस सम जीवनि जी की ॥१॥
नतरु लखन सिय राम बियोगाँ ❀ हहरि मरत सबु लोग कुरोगाँ ॥२॥

त्यस्तो कुचाल पनि सबैका निंती बेश हुन आयो, चौध वर्षको अवधिसम्म सबैलाई बाँच्ने आशा (मन) लाग्यो ॥ नत्रभने लक्ष्मण सीता राम यिनको वियोगरूपी कुरोगले सबैजना धडाधड मर्ने थिए ॥ १ ॥ २ ॥

रामकृपा अवरेब सुधारी ❀ बिबुधधारि भइ गुनद गोहारी ॥३॥
भेंटत भुज भरि भाइ भरत सो ❀ राम प्रेम रसु कहि न परत सो ॥४॥

रामजीका कृपाले सबै उल्झन (झमेला) सुधारिदियो । देवताहरूको कुचाल पनि गुणकारी र सहायक भयो ॥ ३ ॥ अँगालोभरी गरेर भरतजीसँग रामजी भेट गर्ने (आलिङ्गन गर्ने) लाग्नुभयो, त्यस वेलाको रामजीका प्रेमरसको वर्णन गर्न सकिँदैन ॥ ४ ॥

तन मन बचन उमग अनुरागा ❀ धीरधुरंधर धीरजु त्यागा ॥५॥
बारिज लोचन मोचत बारी ❀ देखि दसा सुरसभा दुखारी ॥६॥

श्रीरामजीका शरीरमा मनमा वचनमा प्रेम उर्लेर आयो । धीरधुरन्धर भएका श्रीरामजीले त्यस वेलामा धैर्य छाड्नुभयो ॥ ५ ॥ वहाँका कमलदलजस्ता नजरले पानी गिराउन लागे, वहाँको त्यो अवस्था देखेर देवताहरूको समाज पनि दुःखित भयो ॥ ६ ॥

मुनिगन गुर धुरधीर जनक से ❀ ग्यान अनल मन कसे कनक से ॥७॥

जे बिरंचि निरलेप उपाए ❀ पदुमपत्र जिमि जग जल जाए ॥८॥

जसले ज्ञानरूपी अग्निमा मनरूपी स्वर्णलाई खूब पोलेको छ (ज्ञानले मनलाई निर्मल पारेको छ) जसलाई विधाताले जलमा जन्मेका कमलका पातलाई झैं संसारमा निर्लेप उत्पन्न गरेका छन् , त्यस्ता मुनिगण, वशिष्ठ, धीरधुरन्धर राजा जनकजस्ता—॥ ७ ॥ ८ ॥

दोहा–तेउ बिलोकि रघुबर भरत प्रीति अनूप अपार ।
भये मगन मन तन बचन सहित बिराग बिचार ॥३०७॥

तिनीहरू पनि रघुनाथजी र भरतजीको अपार अतुल प्रीति देखेर ज्ञानवैराग्यसहित तन मन वचनले मग्न भए ॥ ३०७ ॥

चौ०–जहाँ जनक गुर गति मति भोरी ❀ प्राकृत प्रीति कहत बड़ि खोरी ॥१॥
बरनत रघुबर भरत बियोगू ❀ सुनि कठोर कबि जानिहि लोगू ॥२॥

जहाँ महाराज जनक र गुरु वशिष्ठ मुनिकी बुद्धिसमेत कुण्ठित हुन्छे, त्यही प्रीतिलाई प्राकृत प्रीति (संसारकी साधारण प्रीति) भन्दाखेरि ठूलो दोष लाग्दछ ॥ १ ॥ रघुनाथजी र भरतजीका वियोगको वर्णन गर्दा, त्यो वर्णन सुनेपछि वर्णन गर्ने कविलाई दुनियाँले कठोर कवि ठान्नेछ ॥ २ ॥

सो सकोचु रसु अकथ सुबानी ❀ समउ सनेहु सुमिरि सकुचानी ॥३॥
भेंटि भरतु रघुबर समुझाए ❀ पुनि रिपुदवनु हरषि हिय लाए ॥४॥

त्यस वेलाका संकोच रसको उच्चश्रेणीकी वाणीले पनि कथन गर्न सक्तिन । त्यो समय र त्यो स्नेह संझेर (मेरी) वाणी संकुचित भई ॥ ३ ॥ रघुनाथजीले भेट गरेर भरतजीलाई संझाउनुभयो । अनि हर्षित भएर शत्रुघ्नजीलाई छातीमा लगाउनुभयो ॥ ४ ॥

सेवक सचिव भरतरुख पाई ❀ निज निज काज़ लगे सब जाई ॥५॥
सुनि दारुन दुख दूहूँ समाजा ❀ लगे चलन के साजन साजा ॥६॥

सेवक र मन्त्रीहरू भरतजीको आशय पाएर गईकन आफ्ना आफ्ना काममा लागे ॥ ५ ॥ तिनीहरूले भरतजीका सवारीको सैसर्जाम तयार गर्न लागे, त्यो खबर सुन्दा दुवै समाज्लाई कडा दुःख लाग्यो ॥ ६ ॥

प्रभुपद पदुम बंदि दोउ भाई ❀ चले सीस धरि रामरजाई ॥७॥
मुनि तापस बन देव निहोरी ❀ सब सनमानि बहोरि बहोरी ॥८॥

दुवै भाई प्रभु रामजीको वन्दना गरेर वहाँको आज्ञालाई शिरोपर गरेर मुनिवर्ग, तपस्वीहरू, वनदेवतालाई मनाएर वारंवार सबैलाई सम्मान गरीकन हिंड्नुभयो ॥ ७ ॥ ८ ॥

दोहा–लखनहि भेंटि प्रनामु करि सिर धरि सियपद धूरि ।
चले सप्रेम असीस सुनि सकल सुमंगल मूरि ॥३०८॥

भरतजी लक्ष्मणजीसँग भेट गरेर वहाँलाई प्रणामसमेत गरीकन, सीताजीका चरणका धूलोलाई माथमा राखेर, सकल कल्याणको मूल कारण भएको प्रेमसहितको आशिष सुनेर रवाना हुनुभयो ॥ ३०८ ॥

चौ०–सानुज राम नृपहि सिर नाई ❀ कीन्हि बहुत बिधि बिनय बड़ाई ॥१॥
देव दयाबस बड़ दुखु पायेउ ❀ सहित समाज काननहि आयेउ ॥२॥
पुर पगु धारिअ देइ असीसा ❀ कीन्ह धीर धरि गवनु महीसा ॥३॥

लक्ष्मणसहित रामचन्द्रजीले राजा जनकलाई प्रणाम गर्नुभयो र अनेक प्रकारले विनय र उनको प्रशंसा गर्नुभयो—"महाराज ! दयावश भएर धेरै दुःख पाइबक्सनुभयो, समाजसहित जंगलमा आउनुभयो ॥ १ ॥ २ ॥ अब आशीर्वाद दिएर आफ्ना राजधानीतर्फ पाल्नुहोस्" (यस्ता वचन सुनेर) राजा जनक धैर्य धारण गरेर हिंडे ॥ ३ ॥

मुनि महिदेव साधु सनमाने ❀ बिदा किए हरि हर सम जाने ॥४॥
सासु समीप गए दोउ भाई ❀ फिरे बंदि पग आसिष पाई ॥५॥
कौसिक बामदेव जाबाली ❀ परिजन पुरजन सचिव सुचाली ॥६॥
जथाजोगु करि बिनय प्रनामा ❀ बिदा किए सब सानुज रामा ॥७॥
नारि पुरुष लघु मध्य बड़ेरे ❀ सब सनमानि कृपानिधि फेरे ॥८॥

अनि रामचन्द्रजीले मुनिहरूको र ब्राह्मणहरूको सन्मान गर्नुभयो, तिनीहरूलाई हरि हरसमान जानेर बिदा गर्नुभयो ॥ ४ ॥ अनि दुवै भाई सासू (सुनयना महारानी) का समीप जानुभयो, पाउमा प्रणाम गरेर आशिष पाएपछि दुवै भाई फर्कनुभयो ॥ ५ ॥ विश्वामित्र, वामदेव, जाबालि, इत्यादि ऋषि र नोकर-चाकर, नगर-निवासी, भक्त-मन्त्री यिनीहरूलाई यथायोग्य विनय-प्रणाम इत्यादि गरेर सबैलाई बिदा दिनुभयो ! स्त्री-पुरुष, साना-मझौला-ठूला सबैलाई सन्मान गरेर करुणानिधान प्रभुजीले फर्काउनुभयो ॥ ६ ॥ ७ ॥ ८ ॥

दोहा–भरतमातु पद बंदि प्रभु सुचि सनेह मिलि भेंटि ।
बिदा कीन्हि सजि पालकी सकुच सोच सब मेंटि ॥३०९॥

प्रभु रामचन्द्रजीले भरतजीकी माता कैकेयीका चरणको वन्दना गरेर पवित्र प्रेमका साथ उनीसंग भेट गरेर उनको संकोच र अपशोचलाई निःशेष गरेर मेटिदिनुभयो ॥ ३०९ ॥

चौ०–परिजन मातु पितहि मिलि सीता ❀ फिरी प्रानप्रिय प्रेम पुनीता ॥१॥
करि प्रनामु भेंटी सब सासू ❀ प्रीति कहत कबिहिय न हुलासू ॥२॥

प्राणप्रिय रामजीका प्रेमले पवित्र भएकी सीताजी नोकर-चाकर, माता, पिताजीसंग यथायोग्य भेट गरेर फर्कनुभयो ॥ १ ॥ अनि सबै सासूको पाउमा दर्शन गरेर भेट गर्नुभयो, त्यस वेलाका प्रीतिको वर्णन गर्नलाई कविका हृदयमा हिम्मतै हुँदैन ॥ १ ॥ २ ॥

सुनि सिख अभिमत आसिष पाई ❀ रही सीय दुहुँ प्रीति समाई ॥३॥
रघुपति पटुपालकीं मगाईं ❀ करि प्रबोधु सब मातु चढ़ाईं ॥४॥

अर्तीशिक्षा सुनेर आशिष पाएर सीताजी दुवैतर्फको (माइती र घरको) प्रीतिमा तल्लीन भएर रहनुभयो ॥ ३ ॥ रघुनाथजीले सुन्दर पालकी (म्याना) मगाउनुभयो र संझाई बुझाईकन सबै माताजीहरूलाई चढाउनुभयो ॥ ४ ॥

बार बार हिलि मिलि दुहुँ भाईं ❀ सम सनेह जननीं पहुँचाईं ॥५॥
साजि बाजि गज बाहन नाना ❀ भूप भरत दल कीन्ह पयाना ॥६॥
हृदयँ रामु सिय लखन समेता ❀ चले जाहिं सब लोग अचेता ॥७॥
बसह बाजि गज पसु हियँ हारें ❀ चले जाहिं परबस मन मारें ॥८॥

दुवै भाईले वारंवार लुटुपुटु गरेर सबै आमाहरूलाई समान प्रेमले केही टाढासम्म पुर्‍याउनुभयो ॥ ५ ॥ महाराजा जनक र भरतजीका तर्फका दलले घोडा, हात्ती, नाना प्रकारका अरू वाहन तयार गरेर यात्रा गरे ॥ ६ ॥

हृदयमा सीता राम लक्ष्मणले सहित भएका सबैजना बिचेत भएर हिंड्न लागे ॥ ७ ॥ बैल (गोरू) घोडा, हात्ती इत्यादि पशुहरू मनमा हरेस खाएर परतन्त्र हुनाले मन मारीकन हिंड्नलागे ॥ ८ ॥

दोहा–गुर गुरतिय पद बंदि प्रभु सीता लखन समेत ।
फिरे हरष बिसमय सहित आए परननिकेत ॥३१०॥

प्रभु रघुनाथजी सीता र लक्ष्मणजीले सहित भईकन गुरु र गुरुपत्नीका चरणको वन्दना गरेर हर्ष र विषादले युक्त भएर फर्कनुभयो पर्णकुटी (पर्णशाला) मा आउनुभयो ॥ ३१० ॥

चौ०–बिदा कीन्ह सनमानि निषादू ❀ चलेउ हृदयँ बड़ बिरहबिषादू ॥१॥
कोल किरात भिल्ल बनचारी ❀ फेरे फिरे जोहारि जोहारी ॥२॥

संमान गरेर निषाद (गुह) लाई बिदा गर्नुभयो, ती पनि हृदयमा विरहको ठूलो विषाद लिएर हिंडे ॥ १ ॥ कोल, किरात, भिल्ल आदि गरेका वचनलाई पनि प्रभुजीले फर्काउनुभयो, तिनीहरू वारंवार प्रणाम गरेर फर्के ॥ २ ॥

प्रभु सिय लखन बैठि बटछाहीं ❀ प्रिय परिजन बियोग बिलखाहीं ॥३॥
भरत सनेहु सुभाउ सुबानी ❀ प्रिया अनुज सन कहत बखानी ॥४॥

प्रभुजी सीताजी र लक्ष्मणजीका साथमा वटवृक्षका छायामा बसेर प्रियजन (प्यारा भाई प्रभृति) र परिजन (आत्मीय नोकरचाकर परिवार प्रभृति) का वियोगले बिलखबन्द हुनुभयो ॥ ३ ॥ सीताजी र भाईसंग भरतजीको प्रेम-स्वभाव-सद्वचनको विस्तारपूर्वक बयान गर्न लाग्नुभयो ॥ ४ ॥

प्रीति प्रतीति बचन मन करनी ❀ श्रीमुख राम प्रेमबस बरनी ॥५॥
तेहि अवसर खग मृग जल मीना ❀ चित्रकूट चर अचर मलीना ॥६॥

श्रीरामजीले प्रेमवश भएर आफ्नै श्रीमुखले (मुहारले) भरतजीका प्रीति, प्रतीति,

वचन, मन, कर्मको वर्णन गर्नुभयो ॥ ५ ॥ त्यस वेलामा चित्रकूट पर्वतमा रहने पक्षी, मृग, जल, माछा, इत्यादि चर-अचर सबै खिन्न भए ॥ ६ ॥

बिबुध बिलोकि दसा रघुबर की ❀ बरषि सुमन कहि गति घर घर की ॥७॥
प्रभु प्रनामु करि दीन्ह भरोसो ❀ चले मुदित मन डर न खरोसो ॥८॥

देवताहरूले प्रभुको अवस्था देखेर फूल वर्षाएर आफ्ना घरघरको अवस्था (रावणका उपद्रवले भएको दुर्दशा) विन्ति गरे । रामचन्द्रजीले तिनलाई प्रणाम गर्नुभयो र भरोसा दिनुभयो । तिनीहरू आनन्दित भएर हिंडे, तिनका मनमा डर अलिकति पनि रहेन ॥ ७ ॥ ८ ॥

दोहा–सानुज सीय समेत प्रभु राजत परनकुटीर ।
भगति ग्यानु बैराग्य जनु सोहत धरें सरीर ॥३११॥

भाई लक्ष्मणजी र सीताजीले सहित भईकन प्रभुजी पर्णकुटीरमा राज हुँदाखेरि शरीर धारण गरेर भक्ति ज्ञान वैराग्य यी तीनजना सुशोभित भएका हुन् कि ? (भन्ने भान पार्ने शोभा भयो) ॥ ३११ ॥

चौ०–मुनि महिसुर गुर भरत भुआलू ❀ रामबिरहँ सबु साजु बिहालू ॥१॥
प्रभु गुन ग्राम गुनत मन माहीं ❀ सब चुपचाप चले मग जाहीं ॥२॥

मुनि, ब्राह्मण, गुरु, भरत, जनक राजा, यी सबैजना रामजीका विरहले खूब बेहाल (बेहोश) भएर मनमा प्रभुजीका गुणगणको मनन गर्दै बाटामा चूपचाप जान लागे ॥ १ ॥ २ ॥

जमुना उतरि पारु सबु भयेऊ ❀ सो बासरु बिनु भोजन गयेऊ ॥३॥
उतरि देवसरि दूसर बासू ❀ रामसखाँ सब कीन्ह सुपासू ॥४॥
सई उतरि गोमतीं नहाए ❀ चौथें दिवस अवधपुर आए ॥५॥

तिनीहरू यमुना तरेर सबैजना पार पुगे, विनाभोजन त्यो दिन त्यसै बित्यो ॥ ३ ॥ दोस्रा दिन गंगाजी तरेपछि वास पर्‍यो, त्यहाँ राममित्र गुहजीले सब बन्दोबस्त गरे ॥ ४ ॥ तेस्रा दिन सईनदी पार गरेर गोमतीमा स्नान भयो (त्यहींवास भयो), चौथा दिन अयोध्या आइपुगे ॥ ५ ॥

जनकु रहे पुर बासर चारी ❀ राजकाज सब साज सँभारी ॥६॥
सौंपि सचिव गुर भरतहि राजू ❀ तेरहुति चले साजि सबु साजू ॥७॥
नगर नारि नर गुरसिख मानी ❀ बसे सुखेन रामरजधानी ॥८॥

जनक महाराजले चार दिन अयोध्यामा रहेर सबै राजकाजको सुप्रबन्ध गरे ॥ ६ ॥ अनि ती अयोध्याको राज्य मन्त्रीवर्ग, गुरु वशिष्ठ, भरतजीलाई सुंपेर आफ्नो सबै तयारी गरीकन तिरहूततिर लागे ॥ ७ ॥ रामजीका राजधानीमा नगरका नरनारीहरू गुरु वशिष्ठको आज्ञानुसार आनन्दसँग रहन लागे ॥ ८ ॥

दोहा–रामदरस लगि लोग सब करत नेम उपवास ।
तजि तजि भूषन भोग सुख जिअत अवधि की आस ॥३१२॥

अयोध्यानिवासीहरू रामजीका दर्शनका निमित्त नियम र व्रत उपवास गर्नलागे । सिंगार-पटार, भोग-विलास छाडेर चौध वर्षका अवधिको आशाले जीवितै रहे ॥ ३१२ ॥

चौ०–सचिव सुसेवक भरत प्रबोधे ❀ निज निज काज पाइ सिख ओधे ॥१॥
पुनि सिख दीन्हि बोलि लघु भाई ❀ सौंपी सकल मातु सेवकाई ॥२॥

भरतजीले मन्त्रिवर्ग र विश्वासपात्र भएका सबै सेवकलाई बुझाउनुभयो, शिक्षा पाएर तिनीहरू आफ्ना-आफ्ना काममा लागे ॥ १ ॥ अनि भरतजीले शत्रुघ्नलाई बोलाउनुभयो, र शिक्षा दिनुभयो, सबै माताहरूको सेवाटहल गर्ने काम सुम्पनुभयो ॥ २ ॥

भूसुर बोलि भरत कर जोरे ❀ करि प्रनाम बर बिनय निहोरे ॥३॥
ऊँच नीच कारजु भल पोचू ❀ आयसु देब न करब सँकोचू ॥४॥

अनि भरतजीले ब्राह्मणहरूलाई बोलाएर हात जोरेर प्रणाम गरीकन नम्रताका साथ–"तपाईंहरू ठूलो-सानो, असल-कम्सल जस्तो काम पर्दछ आज्ञा दिनुहोला, संकोच नगर्नुहोला" यस्तो खूब विनय गर्नुभयो ॥ ३ ॥ ४ ॥

परिजन पुरजन प्रजा बोलाए ❀ समाधानु करि सुबस बसाए ॥५॥
सानुज गे गुरगेहँ बहोरी ❀ करि दंडवत कहत कर जोरी ॥६॥

अनि भरतजीले नोकर-चाकर, नगर-निवासी, प्रजावर्गहरूलाई बोलाउनुभयो । उनका मनको समाधान गरेर (चित्त बुझाएर) राम्रो बन्दोबस्तका साथ राख्नुभयो ॥ ५ ॥ अनि भाईसहित भएर गुरु वशिष्ठजीका घर जानुभयो र दण्डवत् गरीकन हात जोरेर निवेदन गर्नुभयो ॥ ६ ॥

आयसु होइ त रहउँ सनेमा ❀ बोले मुनि तन पुलकि सपेमा ॥७॥
समुझब कहब करब तुम्ह जोई ❀ धरमसारु जग होइहि सोई ॥८॥

"गुरु ! आज्ञा भएदेखि नियमपूर्वक रहौं कि ?" यस्तो निवेदन सुन्दा वशिष्ठ मुनि रोमाञ्चित भएर प्रेमका साथ बोले–"बाबु ! भरतजी ! तपाईं जे ठीक ठान्नुहुन्छ, जे भन्नुहुन्छ, जे गर्नुहुन्छ, जगत्मा त्यही कुरा धर्मको सार ठहरिनेछ" ॥ ७ ॥ ८ ॥

दोहा–सुनि सिख पाइ असीस बड़ि गनक बोलि दिनु साधि ।
सिंघासन प्रभुपादुका बैठारे निरुपाधि ॥३१३॥

भरतजीले यो बचन सुनेर शिक्षा-अर्ती र आशीर्वादसमेत पाएर ज्योतिषीहरूलाई बोलाईकन असल दिन ठीक गरेर रामजीका चरणपादुका (खराउ) लाई सिंहासनमा (गद्दीमा) निर्विघ्नतापूर्वक स्थापित गर्नुभयो ॥ ३१३ ॥

चौ०-राममातु गुर पद सिरु नाई ❀ प्रभुपदपीठ रजायसु पाई ॥१॥
नंदिगाँव करि परनकुटीरा ❀ कीन्ह निवासु धरम धुर धीरा ॥२॥

धार्मिकधुरन्धर धीर भरतजी राममाता कौशल्याजी र गुरु वशिष्ठजीका पाउमा वन्दना गरेर प्रभुका चरणपादुकाको आज्ञा पाएर नन्दिग्राममा पर्णकुटीर तयार गरेर त्यहीं रहन लाग्नुभयो ॥ १ ॥ २॥

जटाजूट सिर मुनिपट धारी ❀ महि खनि कुस साँथरी सवाँरी ॥३॥
असन बसन बासन ब्रत नेमा ❀ करत कठिन रिषिधरम सपेमा ॥४॥

भरतजीका शिरमा जटाजूट सुशोभित थियो, वहाँले वृक्षवल्कलको वस्त्र पहिरनुभएको थियो, वहाँका शयनका निमित्त जमीन खनेर त्यसमाथि कुशको आसन तयार गरेको थियो ॥ ३ ॥ भोजन, वस्त्र, व्रत-नियम, इत्यादि सबै कुरा ऋषिमुनिहरूकै जस्तो (थियो)। वहाँले प्रेमका साथ कठोर ऋषिधर्म धारण गर्नुभयो ॥ ४ ॥

भूषन बसन भोग सुख भूरी ❀ मन तन बचन तजे तिनु तूरी ॥५॥
अवधराजु सुरराजु सिहाई ❀ दसरथधनु सुनि धनद लजाई ॥६॥

भरतजीले नाना प्रकारका वस्त्र, भूषण, धेरै धेरै भोग-विलासलाई मनसा-कर्मणा-वाचा तृणतुल्य गरेर परित्याग गर्नुभयो ॥ ५ ॥ जुन अयोध्याको राज्यलाई इन्द्र पनि डाह गर्दथे, जुन दशरथका धनको खबर सुन्दा कुबेर पनि लज्जित हुन्थे ॥ ६ ॥

तेहि पुर बसत भरत बिनु रागा ❀ चंचरीक जिमि चंपकबागा ॥७॥
रमाबिलासु राम अनुरागी ❀ तजत बमन जिमि जन बड़भागी ॥८॥

उही अयोध्यानगरीमा भरतजी चाँपको बगैंचामा ‘भ्रमरजस्तो भएर विनाराग (आसक्त नभैकन) रहनुभयो ॥ ७॥ रामचन्द्रजीका चरणमा अनुरागी (प्रेमी) भएका महाभाग्यवान्हरू धनदौलतसंबन्धी भोगविलासलाई वमनजस्तै संझेर त्याग गर्दछन् (अर्काले भोग गरेर छाडेका विषयभोग वान्त गरेका भक्ष्यजस्तै हुन् भनेर तिनदेखि परै रहन्छन्) ॥ ८ ॥

दोहा-रामपेम भाजन भरतु बड़े न येहि करतूति।
चातक हंस सराहिअत टेंक बिबेक बिभूति ॥३१४॥

---

(१) "भ्रमर सबै फूलमा बस्तछ र रसपान गर्दछ, चाँपको फूललाई छुँदा पनि छुँदैन, टाढैबाट हट्तछ। चाँपको फूल खराब होइन, भ्रमर पनि बेवकूफ होइन, ईश्वरकी बलवती इच्छाले यस्तो पारेको हो" भन्ने आशयको उद्गार कविहरूले गरेका छन्।

भ्रमन् वनान्ते सुमनस्सु गुञ्जन्
न षट्पदो गन्धफलीमजिघ्रत् ॥
नासौ न रम्या न च सोऽप्यरन्ता।
बलीयसी केवलमीश्वरेच्छा ॥

भरतजी रामजीका प्रेमपात्र हुनुहुन्थ्यो, वहाँका हकमा यो कर्तव्य ठूलो होइन। टेक (आग्रह) र विवेक यी दुई गुणका प्रभावले चातक र हंस सहाइन्छन् ॥ ३१४ ॥ (क)

चौ०–देह दिनहुँ दिन दूबरि होई ❀ घटइ तेजु बलु मुखछबि सोई ॥१॥
नित नव रामपेम पनु पीना ❀ बढ़त धरमदलु मनु न मलीना ॥२॥

भरतजीको शरीर दिन परदिन दुब्लो हुँदै गयो, तेज घट्यो, बल घट्यो, मुखको कान्ति उही थियो ॥ १ ॥ रामप्रेमको पण भने नित्य नयाँ भएर मोटाउँदै गयो, धर्मका दल (यम-नियम प्रभृति) बढ्दै गए, वहाँको मन उज्यालो हुँदै गयो ॥ २ ॥

जिमि जलु निघटत सरद प्रकासे ❀ बिलसत बेतस बनज बिकासे ॥३॥
सम दम संजम नियम उपासा ❀ नखत भरतहिय बिमल अकासा ॥४॥
ध्रुव बिस्वासु अवधि राका सी ❀ स्वामिसुरति सुर बीथि बिकासी ॥५॥
रामपेम बिधु अचल अदोषा ❀ सहित समाज सोह नित चोखा ॥६॥

जसरी शरत्‌ऋतुको प्रकाश (आविर्भाव) हुँदाखेरि जल भने घट्दै जान्छ, जलमा पैदा हुने बेंत कमलहरू बढेर विकसित (प्रफुल्ल) भईकन शोभायमान हुन्छन्, त्यसै गरी ऋषिव्रतरूपी शरदऋतुको आविर्भाव भयो र भरतजीको शरीर घट्तै गए पनि त्यही शरीरबाट हुने शम (इन्द्रियनिग्रह), दम (मनोनिग्रह), संयम (धारणा ध्यान-समाधि), नियम (शौच, सन्तोष, तप, स्वाध्याय, ईश्वरानुसन्धान यी पाँच), व्रत-उपवास यिनीहरू बढ्दै गएर भरतजीका हृदयाकाशमा नक्षत्रगण भएर शोभायमान भए ॥ ३ ॥ ४ ॥ भरतजीका हृदयाकाशमा विश्वासरूपी ध्रुवतारा चमाचम चम्किरहेको थियो। त्यो ऋषिव्रतरूपी शरत्कालको पूर्णिमा तिथि चौध वर्षको अवधिरूप थियो। त्यो शरत्कालको सुरवीथी (आकाशगंगा भनेर व्यवहार गरिएको नदीप्रवाहजस्तो लामू नक्षत्रपुञ्ज) रामचन्द्रको स्मरणरूपी भएर सुशोभित थियो ॥ ५ ॥ त्यो व्रतरूपी शरत्कालमा रामप्रेमरूपी चन्द्रमा अचल र निर्दोष भईकन उदाइरहेको थियो। त्यो प्रेमचन्द्रमा नित्य निर्मल रहेर समाजरूपी नक्षत्रगणले सहित भएर सुशोभित थियो ॥ ६ ॥

भरत रहनि समुझनि करतूती ❀ भगति बिरतिगुन बिमल बिभूति ॥७॥
बरनत सकल सुकबि सकुचाहीं ❀ सेस गनेस गिरा गमु नाहीं ॥८॥

भरतजीको रहन-सहन, समुझ, कर्तव्य, भक्ति, वैराग्य, गुण, निर्मल (न्यायले कमाएको) ऐश्वर्यको वर्णन गर्दा सत्कविहरू पनि संकुचित हुन्छन् (किनभने) त्यो कुरामा शेष गणेश, सरस्वती पनि गम पाउँदैनन् ॥ ७ ॥ ८ ॥

(क) मेघबाट गिर्दा गिर्दैको-पानीबाहेक अरू पानी नपिउने चातकपक्षी आफ्नो टेकका प्रभावले दुनियाँमा सहाइन्छ। दूध र पानी छुट्ट्याउने हंसपक्षी आफ्ना विवेकका प्रभावले सहाइन्छ। एउटै गुणले पक्षी पाजीहरू सहाइन्छन्‌भने अनेक गुण भएको रामप्रेमलाई पेवा पार्ने भरतजीका हकमा यो कत्रो कुरा हो र ?

दोहा–नित पूजत प्रभुपाँवरी प्रीति न हृदय समाति ।
मागि मागि आयसु करत राजकाज चहुँ भाँति ॥३१५॥

भरतजी प्रभुका चरणपादुका (भराउ) को नित्य पूजा गर्नुहुन्थ्यो, त्स वेलाको प्रीति हृदयमा अटाउँदैनथ्यो (त्यो प्रीति आँसु बनेर आँखाबाट झर्न लाग्दथ्यो, रोमाञ्च बनेर शरीरका बाहिरपट्टि सर्वत्र फैलिन्थ्यो,) तिनै चरणपादुकासँग आज्ञा मागीमागीकन चार तरहका (साम, दान, भेद, दण्ड यी चार नीतिले) राजकाज गर्नुहुन्थ्यो ॥ ३१५ ॥

चौ०–पुलक गात हियँ सिय रघुबीरू ❀ जीहँ नामजपु लोचन नीरू ॥१॥
लखनु रामु सिय कानन बसहीं ❀ भरतु भवन बसि तप तनु कसहीं ॥२॥

वहाँका शरीरमा रोमाञ्च, हृदयमा सीताराम, जिह्वामा नामजप, नेत्रमा पानी रहन्थ्यो ॥ १ ॥ लक्ष्मण राम सीता जङ्गलमा बस्नुभएको थियो (त्यत्ति न हो ?) भरतजी भवनमा बसेर तपस्याले शरीरकर्षण (शोषण) गरिरनुभएको थियो ॥ २ ॥

दोउ दिसि समुझि कहत सबु लोगू ❀ सब बिधि भरतु सराहनजोगू ॥३॥
सुनि ब्रत नेम साधु सकुचाहीं ❀ देखि दसा मुनिराज लजाहीं ॥४॥

दुवैतर्फको तारतम्य बुझेर सवैजना "सब तरहबाट भरतजी नै तारीफ गर्नलाई योग्य छन्" भन्दथे ॥ ३ ॥ वहाँको नियम र व्रतको समाचार सुन्दा साधुसन्तहरू संकुचित हुन्थे । वहाँको अवस्था देख्ता बड़े बड़े मुनिहरू लज्जित हुन्थे ॥ ४ ॥

परम पुनीत भरत आचरनू ❀ मधुर मंजु मुद मंगल करनू ॥५॥
हरन कठिन कलि कलुष कलेसू ❀ महा मोह निसि दलन दिनेसू ॥६॥

भरतजीको आचरण परम पवित्र छ, मधुर छ, राम्रो छ, आनन्ददायक छ, कल्याणकारी छ ॥ ५ ॥ कलिका पाप र क्लेशलाई हर्दछ, त्यो भरतको आचरण महामोहरूपी रात्रिको ध्वंस गर्नलाई सूर्यरूप छ ॥ ६ ॥

पापपुंज कुंजर मृगराजू ❀ समन सकल संतापसमाजू ॥७॥
जनरंजन भंजन भवभारू ❀ रामसनेह सुधा कर सारू ॥८॥

त्यो (आचरण) पापपुञ्जरूपी हात्तीका हकमा सिंहरूप छ, त्यो संतापका सबै समाजको (आध्यात्मिक, आधिभौतिक, आधिदैविक रूपले मुख्य तीन प्रकारको भएर राग-द्वेष, सर्पव्याघ्र, भूकम्प, वज्रपात, इत्यादि अनन्त वस्तुबाट हुने अनन्त प्रकारका तापको) शमन गर्दछ ॥ ७ ॥ भरतको त्यो आचरण जनरञ्जन (प्राणीका हृदयलाई अनुरक्त पार्ने) र भवभारभंजन (संसारको बोझालाई भाँचकुँच पार्ने = नष्ट पार्ने) छ। रामप्रेमरूपी चन्द्रमाको सार (निचोड = अमृत) हो ॥ ८ ॥

छंद–सिय राम पेम पिऊष पूरन होत जनमु न भरत को ।
मुनिमन अगम जम नियम सम दम बिषम ब्रत आचरत को ॥

दुख दाह दारिद दंभ दूषन सुजस मिस अपहरत को ।
कलिकाल तुलसी से सठन्हि हठि रामसनमुख करत को ॥१३॥

सीतारामका प्रेमरूपी अमृतले परिपूर्ण भएका भरतजीको जन्म नहुँदो हो ता मुनिराजहरूका मनको पनि अगम भएका (बड़ेबड़े मुनिले पनि आँट्न नसकिने) यम[1], नियम[2], शम[3], दम[4], इत्यादिको कठोर व्रत को गर्दो हो ? सत्कीर्तिका बहानाले दुनियाँको दुःख, ईर्ष्या, दारिद्र्य, दंभ इत्यादि दोषलाई को हर्दो हो ? कलिकालमा तुलसीदासजस्ता स्वाँठलाई जबर्दस्तीका साथ रघुनाथजीका सम्मुखमा को लैजाँदो हो ? ॥ १३ ॥

सोरठा—भरतचरित करि नेमु तुलसी जो सादर सुनहिं ।
सीय राम पद पेमु अवसि होइ भवरस बिरति ॥१३॥

तुलसीदास भन्दछन्—नियम गरेर आदरका साथ जो भरतचरित्र सुन्दछन्, तिनीहरूलाई अवश्यमेव सीतारामका चरणमा प्रेम लाग्नेछ, संसारी विषयका रसमा वैराग्य पैदा हुनेछ ॥ १३ ॥

इति श्रीरामचरितमानसे सकलकलिकलुषविध्वंसने विमलविज्ञानवैराग्य-
संपादनो नाम द्वितीयः सोपानः समाप्तः
शुभं भूयात् ।

---

(१) अहिंसा, सत्य अस्तेय, ब्रह्मचर्य, अपरिग्रह । (२) शौच, सन्तोष, तपः, स्वाध्याय, ईश्वरानुसंधान । (३) इन्द्रियनिग्रह । (४) मनोनिग्रह । (५) अर्कालाई ठग्नाका निमित्त गरेको देखावटी धर्मकर्म ।



॥ श्रीः ॥

अथ

श्रीमद्गोस्वामितुलसीदासनिर्मितं रामायणम्

तत्रेदम्

अरण्यकाण्डम्

प्रारभ्यते

शार्दूलविक्रीडित छन्द २

मूलं धर्मतरोर्विवेकजलधेः पूर्णेंदुमानंददं
वैराग्यांबुजभास्करं ह्यघघनध्वांतापहं तापहम् ।
मोहांभोधरपूगपाटनविधौ स्वःसंभवं शंकरं
वंदे ब्रह्मकुलं कलंकशमनं श्रीरामभूपप्रियम् ॥१॥

धर्मरूपी वृक्षका मूलस्वरूप, विवेकरूपी समुद्रका आनन्ददायक पूर्णचन्द्रस्वरूप, वैराग्यरूपी कमलका पापरूपी गाढ अन्धकार नाश गर्ने सूर्यस्वरूप, तापको नाश गर्ने, मोहरूपी मेघपटलको नाश गर्नामा वायुस्वरूप भएका ब्राह्मणकुलका कलङ्कको शमन (नाश) गर्ने, श्रीरामचन्द्र महाराजका प्यारा शंकरजीलाई नमस्कार गर्दछु ॥ १ ॥

सांद्रानंदपयोदसौभगतनुं पीतांबरं सुंदरं
पाणौ बाणशरासनं कटिलसत्तूणीरभारं वरम् ।
राजीवायतलोचनं धृतजटाजूटेन संशोभितं
सीतालक्ष्मणसंयुतं पथिगतं रामाभिरामं भजे ॥२॥

घना आनन्ददायक मेघको सौन्दर्यले शरीर भरिएका, (मेघजस्तो श्यामशरीर भएका) पीताम्बर धारण गर्ने, बाहुमा बाण र धनु धारण गर्ने, पृष्ठभागमा ठोक्राका भारले सुशोभित भएका, कमलदलजस्ता विशाल नेत्र भएका, शिरमा धारण गरेका जटाजूटले सुशोभित भएका, सीता र लक्ष्मणले सहित भईकन जङ्गलको बाटो लागेका, सुन्दर मनोहर मूर्ति श्रीरामजीलाई म भज्दछु ॥ २ ॥

सोरठा—उमा रामगुन गूढ़ पंडित मुनि पावहिं बिरति ।
पावहिं मोह बिमूढ़ जे हरिबिमुख न धर्मरति ॥१॥

हे पार्वती ! रामजीका गुण अति गूढ छन्, तिनबाट पण्डित मुनिहरू शान्ति पाउँछन् जो हरिभक्तिदेखि विमुख छन् ती मूढहरू मोह पाउँछन्, धर्ममा प्रेम पाउँदैनन् ।। १ ।।

चौ०–पुरनर भरत प्रीति मैं गाई ❀ मति अनुरूप अनूप सुहाई ।।१।।
अब प्रभु चरित सुनहु अति पावन ❀ करत जे बन सुर नर मुनि भावन ।।२।।

(तुलसीदास भन्दछन्) अयोध्यानिवासी नरनारीहरूको र भरतको अनुपम सुन्दर प्रीति मैले बुद्धिअनुसार वर्णन गरें ।। १ ।। अब रामजी वनमा देवता, मनुष्य मुनिलाई प्रिय लाग्ने जुन जुन चरित्र गरिहनुभएको थियो, अति पवित्र ती चरित्र सुन ।।२।।

[जयन्तकथा]

एक बार चुनि कुसुम सुहाए ❀ निज कर भूषन राम बनाए ।।३।।
सीतहि पहिराए प्रभु सादर ❀ बैठे फटिकसिला पर सुंदर ।।४।।

एक फेरले रामजीले आफ्ना हातले फूल टिप्नुभयो र सुन्दर गहना बनाउनुभयो ।। ३ ।। फटिकको सुन्दर शिलामा बसेर प्रभुजीले प्रेमका साथ त्यो गहना सीताजीलाई पहिराउनुभयो ।। ४ ।।

सुरपतिसुत धरि बायसवेषा ❀ सठ चाहत रघुपतिबल देखा ।।५।।
जिमि पिपीलिका सागर थाहा ❀ महा मंदमति पावन चाहा ।।६।।

बदमाश इन्द्रपुत्र (जयन्त) ले कागको वेष धारण गरेर रघुनाथजीको पौरुष हेर्न खोज्यो ।। ५ ।। जस्तै कमिलाले समुद्रको थाह (यत्तिकै गहिरो, यत्तिकै विशाल रहेछ भन्ने पत्ता) लिन चाहोस् , त्यो महामन्दबुद्धिले त्यस्तै चाहना गर्‍यो ।। ६ ।।

सीताचरन चोंच हति भागा ❀ मूढ़ मंदमति कारन कागा ।।७।।
चला रुधिर रघुनायक जाना ❀ सीक धनुष सायक संधाना ।।८।।

त्यसै कारणले काग भएको (वास्तवमा देवपुत्र) त्यो मन्दबुद्धि (काखमा शिर राखेर रामजी सुकला भएका वेलामा) सीताजीका पाउमा चुचाले ठुँगेर भाग्यो ।। ७ ।। रगत बग्न लाग्यो, रामजीले थाहा पाउनुभयो, एउटा सिन्को लिएर धनुमा बाणजस्तै जोर्नुभयो (र छोड्नुभयो) ।। ८ ।।

दोहा–अति कृपाल रघुनायक सदा दीन पर नेह ।
ता सनु आइ कीन्ह छलु मूरुख अवगुनगेह ।।१।।

रघुनाथ अत्यन्त दयालु र सदासर्वदा दीनदुःखीका उपर प्रेम गर्ने हुनुहुन्छ, तथापि दुर्गुणको घर भएको (दुर्गुणपूर्ण) त्यो मूर्खले वहाँसँग पनि (जोरी खोज्दै) आएर छल गर्‍या ।। १ ।।

चौ०–प्रेरित मंत्र ब्रह्मसर धावा ❀ चला भाजि बायस भय पावा ।।१।।
धरि निज रूप गएउ पितु पाही ❀ रामबिमुख राखा तेहि नाही ।।२।।

मन्त्रले प्रेरणा गरेको त्यो तृण ब्रह्मास्त्र भएर दौड्यो, त्यो काग डराएर भाग्यो, ॥ १ ॥ आफ्नो रूप लिएर बाबु (इन्द्र) का समीप गयो, रामजीदेखि विमुख भएको त्यसलाई तिनले राखेनन् (रक्षा गरेनन्) ॥ २ ॥

भा निरास उपजी मन त्रासा ❀ जथा चक्रभय रिषि दुर्बासा ॥३॥
ब्रह्मधाम सिवपुर सब लोका ❀ फिरा श्रमित ब्याकुल भय सोका ॥४॥

त्यो निराश भयो, जसरी सुदर्शन चक्रदेखि दुर्वासा ऋषिलाई (भय) भएथ्यो त्यस्तै त्यसलाई पनि मनमा त्रास पैदा भयो ॥ ३ ॥ भयले र शोकले व्याकुल भईकन ब्रह्मलोक शिवलोक आदि सबै लोकमा (शरणार्थी भएर) घुम्यो ॥ ४ ॥ (क)

काहूँ बैठन कहा न ओही ❀ राखि को सकै राम कर द्रोही ॥५॥
मातु मृत्यु पितु समन समाना ❀ सुधा होइ बिष सुनु हरिजाना ॥६॥

कसैले त्यसलाई बस्नु पनि भनेन (रक्षा गर्नुको के कुरा ?) रामद्रोहीलाई को राख्न सक्तछ ? ॥ ५ ॥ हे गरुडजी ! सुन्नुहोस् , (रामद्रोहीका हकमा) त्यसकी आमा मृत्युसमान, बाबु यमराजसमान, अमृत विषसमान हुन जान्छ ॥ ६ ॥

मित्र करै सत रिपु कै करनी ❀ ता कहुँ बिबुधनदी बैतरनी ॥७॥
सब जगु ताहि अनलहु तें ताता ❀ जो रघुबीरबिमुख सुनु भ्राता ॥८॥

त्यसको एउटा मित्र शय दुश्मनको काम गर्नलाग्दछ, त्यसका हकमा गङ्गाजी पनि वैतरणी (नरकनदी) हुन्छिन् ॥ ७ ॥ हे भाई ! सुन्नुहोस् जो रघुवीरजीदेखि विमुख हुन्छ, त्यसका हकमा सारा संसार आगोभन्दा तातो हुन्छ (त्यसलाई संसारैले पोल्दछ) ॥ ८ ॥

दोहा–जिमि जिमि भाजत सक्रसुत ब्याकुल अति दुख दीन ।
तिमि तिमि धावत रामसर पाछे परम प्रबीन ॥२॥

(क) "भगवद्भक्त अम्बरीष नामक राजाले एकादशीको निराहार व्रत गरेर द्वादशीका दिन पारणा गर्न लागेका वेलामा दुर्वासा ऋषि आइपुगे । राजाले भोजनका निमित्त तिनलाई निमन्त्रण दिए । स्नान गर्न दुर्वासा गए, द्वादशी व्यतीत भएर पारणाको काल बित्न लाग्दा अरू ब्राह्मणको संमति लिएर राजाले फगत विष्णुचरणामृतको जल मात्रै पिएर दुर्वासाको प्रतीक्षा गर्न लागे ! दुर्वासा बल्लबल्ल आए । "निमन्त्रण गरेका ब्राह्मणको वास्तै नराखेर जल पिउने" भनेर क्रुद्ध भैकन तिनले राजालाई मार्नाका निमित्त जटाको केश चुँडेर जनीनमा पटकीकन एउटी कृत्या राक्षसी पैदा गरे । राजालाई मार्न कृत्या झम्टन लागेकी थिई, भगवान्को सुदर्शनचक्र प्रकट भयो, त्यसले कृत्यालाई भस्म पार्‍यो, दुर्वासालाई लखेट्यो । दुर्वासा यत्र तत्र भागे, चक्रले पछ्याउन छाडेन । वैकुण्ठमा पुगेर विष्णु भगवान्का शरण परे । "म भक्तपराधीन छु, भक्तको द्रोह गर्नेलाई म बचाउन सक्तिनँ, राजा अम्बरीषैका शरण पर" भन्ने जवाफ पाएर दुर्वासा ऋषि लाचारीका साथ अम्बरीषका शरण पर्न आए, अनि उनले, चक्रको स्तुति गरेर ब्राह्मणदेवता (दुर्वासा) लाई निर्भय गराए" भन्ने कथा श्रीमद्भागवतमा छ ।

"यदुवंशको संहार होस्" भनेर सराप दिने दुर्वासालाई भगवान्ले केही सजाय दिनुभएन । आफ्ना भक्त अम्बरीष राजाको द्रोह गर्दा तिनैलाई त्यसरी चेताउनुभयो । भगवान् भक्तपराधीन हुनुहुन्छ भन्ने कुरा यो इतिहासबाट स्पष्ट बुझिन्छ ।

इन्द्रपुत्र (त्यो काग) दुःखले दीन र व्याकुल भईकन जतिजति भाग्दथ्यो, परम चतुर भएको राम-त्राण उतिउति पछि दौडन्थ्यो (लखेट्तथ्यो) ॥ २ ॥

चौ०–बचहि उरग बरु ग्रसे खगेसा ❀ रघुबर सर छुटि बचब अँदेसा ॥१॥
नारद देखा बिकल जयंता ❀ लागि दया कोमलचित संता ॥२॥

हे गरुडजी ! तपाईंले ग्रास गरेको सर्प बरु बाँच्ला, रघुवरबाट छुटेका बाणबाट बच्न ता संदेहै छ ॥ १ ॥ नारद मुनिले जयन्तलाई व्याकुल भएको देखे, उनलाई माया लाग्यो, सन्तहरू कोमलचित्त (चित्त कमलो भएका) हुन्छन् ॥ २ ॥

दूरिहि ते कहि प्रभुप्रभुताई ❀ भजे जात बहु बिधि समुझाई ॥३॥
पठवा तुरत राम पहिं ताही ❀ कहेसि पुकारि प्रनतहित पाही ॥४॥

भागी भागी जानलागेका त्यसलाई भलीभाँति संझाएर ती नारदजीले प्रभु रघुनाथजीको प्रभुत्व बताए (वर्णन गरे) ॥ ३ ॥ त्यसलाई रामजीका समीप पठाए, त्यसले टाढैबाट चिच्याएर "हे शरणागतरक्षक ! राम ! मेरो रक्षा गर्नुहोस् भनी प्रार्थना गर्‍यो ॥ ४ ॥

आतुर सभय गहेसि पद जाइ ❀ त्राहि त्राहि दयालु रघुराई ॥५॥
अतुलित बल अतुलित प्रभुताई ❀ मैं मति मंद जानि नहि पाई ॥६॥

नगीच पुगेपछि भयले आत्तिएर पाउ समात्यो र "हे दीनदयाल ! हे रघुनाथ ! रक्षा गर्नुहोस् , रक्षा गर्नुहोस् ॥ ५ ॥ मन्दबुद्धि मैले हजूरको अतुल बल र अतुल प्रभुत्व जान्नै पाएको थिइन ॥ ६ ॥

निज कृत कर्मजनित फल पाएउँ ❀ अब प्रभु पाहि सरन तकि आएउँ ॥७॥
सुनि कृपाल अति आरत बानी ❀ एकनयन करि तजा भवानी ॥८॥

आफूले गरेका कर्मले पैदा गरेको फल पाएँ, प्रभुजीलाई नै शरण ताकेर आएँ, प्रभु ! अब रक्षा गर्नुहोस् (यो विन्ति गर्‍यो) ॥ ७ ॥ हे पार्वती ! त्यो आर्तवाणी (दुःखपुकार) सुनेर अतिशय दयालु रामजीले त्यसलाई एकाक्ष पारेर (एउटा आँखा मात्रै आफ्ना अस्त्रलाई दिलाएर, एउटा आँखा बाँकी रहेको कानु पारेर) छाडिदिनुभयो ॥ ८ ॥

सोरठा–कीन्ह मोहबस द्रोह जद्यपि तेहि कर बध उचित ।
प्रभु छाड़ेउ करि छोह को कृपाल रघुबीर सम ॥२॥

त्यसले मोहवश भएर द्रोहै गरेको हो, त्यसको बध गर्नु नै मनासीब थियो, तर प्रभुजीले दया गरेर छाडिदिनुभयो । रामजीसमान करुणानिधान को छ ? ॥ २ ॥

चौ०–रघुपति चित्रकूट बसि नाना ❀ चरित किए श्रुति सुधा समाना ॥१॥
बहुरि राम अस मन अनुमाना ❀ होइहि भीर सबहि मोहि जाना ॥२॥

चित्रकूटमा राज भएर रामजीले कानलाई अमृतसमान भएका (सुन्दैमा पनि अत्यन्त आनन्द दिने) अनेक चरित्र गर्नुभयो ॥ १ ॥ अनि उहाँले "मलाई सबैले चिन्हे, अब यहाँ मानिसको भीड़ हुनेछ" मनले यो कुरा अनुमान गर्नुभयो ॥ २ ॥

[अत्रिमुनिका आश्रममा सवारी]

सकल मुनिन्ह सन बिदा कराई ❀ सीता सहित चले द्वौ भाई ॥३॥
अत्रि के आश्रम जब प्रभु गएऊ ❀ सुनत महामुनि हरषित भएऊ ॥४॥

सबै मुनिहरूसंग बिदा मागेर दुवै भाई प्रभु सीतासहित त्यताबाट हिंड्नुभयो ॥३॥ जब प्रभुजी अत्रि मुनिको आश्रममा जानुभयो, खबर सुन्नाका साथ ती महामुनि अत्यन्त हर्षित भए ॥ ४ ॥

पुलकित गात अत्रि उठि धाए ❀ देखि रामु आतुर चलि आए ॥५॥
करत दंडवत मुनि उर लाए ❀ प्रेम बारि द्वौ जन अन्हवाए ॥६॥

शरीरमा रोमांचित भएका अत्रि मुनि उठेर दौडे, रामजीले उनलाई देख्नुभयो र उहाँ पनि छिटो छिटो उनका सन्मुख आउनुभयो ॥ ५ ॥ रामजीले दण्डवत् गर्दा गर्दैमा अत्रिमुनिले उहाँलाई उठाएर हृदयमा लगाए । दुवैजनाले प्रेमाश्रुले नुहाए (भिजे) ॥ ६ ॥

देखि रामछबि नयन जुड़ाने ❀ सादर निज आश्रम तब आने ॥७॥
करि पूजा कहि बचन सुहाए ❀ दिए मूल फल प्रभु मन भाए ॥८॥

रामजीको शोभा देखेर अत्रि मुनिका नेत्र शीतल भए, उनले उहाँलाई आदरसाथ आफ्ना आश्रममा ल्याए ॥ ७ ॥ पूजा गरेर, मधुर वचन बोलेर प्रभुजीलाई मनपर्ने फल फूल टक्र्याए ॥ ८ ॥

सोरठा–प्रभु आसन आसीन भरि लोचन सोभा निरखि ।
मुनिबर परम प्रबीन जोरि पानि अस्तुति करत ॥३॥

प्रभुजी आसनमा राज भएको थियो, उहाँको शोभा आँखाभरी हेरेर परम चतुर भएका अत्रि मुनीश्वर दुई हात जोरेर स्तुति गर्न लागे ॥ ३ ॥

(प्रमाणिका छन्द)

नमामि भक्तवत्सलं कृपालुशील कोमलम् ।
भजामि ते पदांबुजं अकामिनां स्वधामदम् ॥१॥
निकामश्यामसुंदरं भवांबुनाथमंदरम् ।
प्रफुल्लकंजलोचनं मदादिदोषमोचनम् ॥२॥

हे भक्तवत्सल ! दयालु शीलवान् कोमलचित्त भएका हजूरलाई नमस्कार गर्दछु । निष्काम भएका भक्तजनलाई आफू स्वरूप पार्ने हजूरका चरणकमलको भजन (सेवा = वन्दना) गर्दछु ॥ १ ॥ अतिसुन्दर श्याम शरीर भएका, संसारसागरका मन्दराचलस्वरूप (मन्थन गर्न सक्ने) प्रफुल्ल भएका कमलजस्ता नेत्र भएका, मद-मान-काम-क्रोध इत्यादि दोष हटाइदिने (हजूरलाई नमस्कार गर्दछु) ॥ २ ॥

प्रलंबबाहुविक्रमं प्रभोऽप्रमेयवैभवम् ।
निषंगचापसायकं धरं त्रिलोकनायकम् ॥३॥
दिनेशवंशमंडनं महेशचापखंडनम् ।
मुनींद्रसंतरंजनं सुरारिवृंदभंजनम् ॥४॥

हे प्रभो ! पराक्रमी लामा बाहु भएका, अप्रमेय (अडकलै गर्न नसकिने) ऐश्वर्य (प्रभुत्व) भएका, ठोक्रो, धनु, बाण धारण गर्ने, तीन लोकका स्वामी ॥ ३ ॥ सूर्यकुलका अलंकार (गहना), शंकरजीको धनु तोड्ने, मुनीश्वरहरू र सन्तहरूलाई आनन्दित गर्ने, राक्षसहरूका समूहको नाश गर्ने (हजूरलाई नमस्कार गर्दछु) ॥ ४ ॥

मनोजवैरिवंदितं अजादिदेवसेवितम् ।
विशुद्धबोधविग्रहं समस्तदूषणापहम् ॥५॥
नमामि इंदिरापतिं सुखाकरं सतां गतिम् ।
भजे सशक्तिसानुजं शचीपतिप्रियानुजम् ॥६॥

हे राम ! कन्दर्पवैरी (शंकरजी) ले वन्दना गरिएका, ब्रह्मादिदेवताले सेवा गरिएका विशुद्ध (निरुपाधि) ज्ञानस्वरूप भएका, समस्तदोष हरण गर्ने ॥ ५ ॥ महालक्ष्मीका पति, सुखका स्वामी, सज्जनका आधार, इन्द्रका प्यारा भाई (वामन त्रिविक्रम रूप लिने) ऐल्हे भाई (लक्ष्मणजी) र शक्ति (आदिशक्ति सीताजी) ले सहित भएका (हजूरलाई नमस्कार गर्दछु, भज्दछु) ॥ ६ ॥

त्वदंघ्रिमूल ये नरा भजंति हीनमत्सराः ।
पतंति नो भवार्णवे वितर्कवीचिसंकुले ॥७॥
विविक्तवासिनस्सदा भजंति मुक्तये मुदा ।
निरस्य इन्द्रियादिकं प्रयांति ते गतिं स्वकम् ॥८॥

हे राम ! जो मनुष्य मात्सर्यरहित भएर (पराइका भलाइलाई नसहने नभएर) हजूरका चरणकमलको भजन (सेवा) गर्दछन्, तिनीहरू कुतर्करूपी तरङ्गले परिपूर्ण भएको भवसागरमा पर्दैनन् ॥ ७ ॥ जो मनुष्य एकान्त शुद्ध स्थानमा रहेर मुक्तिका निमित्त खुशीका साथ इन्द्रिय अन्तःकरणलाई वश पारेर हजूरको भजन गर्दछन्, तिनीहरू हजूर (ब्रह्म) रूपी गति पाउँछन् (ब्रह्मस्वरूपै हुन्छन्) ॥ ८ ॥

त्वमेकमद्भुतं प्रभुं निरीहमीश्वरं विभुम् ।
जगद्गुरुं च शाश्वतं तुरीयमेव केवलम् ॥९॥

भजामि भाववल्लभं कुयोगिनां सुदुर्लभम् ।
स्वभक्तकल्पपादपं समं सुसेव्यमन्वहम् ॥१०॥

हजूर एक, अद्भुत, सर्वसामर्थ्यवान् , निःस्पृह, प्रभावपूर्ण, व्यापक, जगद्गुरु, अविनाशी, तुरीय (जाग्रत्-स्वप्न-सुषुप्ति अवस्थादेखि पर रहेर यी तीनै अवस्थाका साक्षी भएका) मायाविकारले रहित भएका होइबक्सिन्छ ॥ ९ ॥ भक्तिभावलाई रुचाउने, कुयोगीहरूले पाइन बिलकुल नसकिने, आफ्ना भक्तका कल्पवृक्षस्वरूप भएका, सर्वत्र समान रहेका, प्रतिदिन सेवा गर्न योग्य भएका हजूरको भजन (वन्दना) गर्दछु ॥ १० ॥

अनूपरूपभूपतिं नतोऽहमुर्विजापतिम् ।
प्रसीद मे नमामि ते पदाब्जभक्ति देहि मे ॥११॥
पठंति ये स्तवं इदं नरादरेण ते पदम् ।
व्रजंति नात्र संशयं त्वदीयभक्तिसंयुताः ॥१२॥

अनुपम (अतुल सुन्दर) रूप भएका, राजाको रूप लिएका, पृथ्वीकी छोरी (सीताजी) का पति भएका हजूरलाई नमस्कार गर्दछु, मेराउपर प्रसन्न होइबक्सियोस्, हजूरलाई नमस्कार गर्दछु, मलाई चरणकमलको भक्ति बक्सियोस् ॥ ११ ॥ हे राम ! जो मानिस आदरका साथ हजूरका भक्तिले युक्त भजर यो स्तोत्र पढ्दछन् , ती मानिस हजूरको पद (वैकुण्ठपद) जान्छन् , यसमा सन्देह छैन" ॥ १२ ॥

दोहा–बिनती करि मुनि नाइ सिरु कह कर जोरि बहोरि ।
चरन सरोरुह नाथ जनि कबहुँ तजै मति मोरि ॥३॥

यस्तो स्तुति गरेर अत्रि मुनिले हात जोरेर फेरि विन्ति गरे—हे नाथ ! हजूरका चरणकमललाई मेरी बुद्धिले कहिल्यै पनि नछाडोस् ॥ ३ ॥

चौ०–जन्म जन्म तव पद सुखकंदा ❀ बढ़ै प्रेम चकोर जिमि चंदा ॥१॥
देखि राम मुनिबिनय प्रनामा ❀ बिबिध भाँति पायेउ बिश्रामा ॥२॥

चन्द्रमामा चकोर पक्षीको झैं सुखको मूलकारण भएका हजूरका चरणकमलमा मेरो प्रीति जन्मजन्मान्तरमा पनि बढिरहोस् ॥ १ ॥ रामजीले अत्रि मुनिको विनय र वारंवार गरेको प्रणाम देख्नुभयो, अनेक प्रकारले आनन्द पाउनुभयो ॥ २ ॥

अनसूया के पद गहि सीता ❀ मिली बहोरि सुसील बिनीता ॥३॥
जो सिय सकल लोक सुखदाता ❀ अखिल लोक ब्रह्मांड कि माता ॥४॥
तेउ पाइ मुनिबर मुनिभामिनि ❀ सुखी भई कुमुदिन जिमि जामिनि ॥५॥

अनि शीलवती विनीता (नम्र) सीताजीले भेट गरेर अनसूया (अत्रिपत्नी) का पाउ समात्नुभयो (दण्डवत् गर्नुभयो) ॥ ३ ॥ जो सीताजी सकललोकसुखदायिनी सकलजगज्जननी

हुनुहुन्छ ॥ ४ ॥ उनै सीताजी मुनीश्वर अत्रिकी पत्नी (अनसूया) लाई पाउँदा रात्रिलाई पाउँदा कुमुदिनी (चन्द्रकमलिनी) झैं आनन्दित हुनुभयो ॥ ५ ॥

रिषिपतिनी मन सुख अधिकाई ❀ आसिष देइ निकट बैठाई ॥६॥
दिब्य बसन भूषन पहिराए ❀ जे नित नूतन अमल सुहाए ॥७॥
जाहि निरखि दुख दूरि पराहीं ❀ गरुड़ जानि जिमि पन्नग जाहीं ॥८॥

ऋषिपत्नी (अनसूया) का मनमा खूब आनन्द पैदा भयो, तिनले आशिष दिएर सीताजीलाई आफ्ना नगीचै बसाइन् ॥ ६ ॥ दिव्य (अलौकिक) वस्त्र र गहना पहिराइन् , जो वस्त्र नित्य नयाँ निर्मल (झकाझक) सुन्दर रहन्थे ॥ ७ ॥ जुन वस्त्रको दर्शन मात्रले पनि गरुडलाई जानेर (देखेर) सर्प भागेझैं सबै दुःख दूर दूर भाग्दथे ॥ ८ ॥

दोहा—ऐसे बसन बिचित्र सुठि दिए सीय कहँ आनि ।
सनमानी प्रियबचन कहि प्रीति न जाइ बखानि ॥४॥

त्यस्ता विचित्र (अद्भुत) सुन्दर वस्त्र ल्याएर अनसूयाले सीताजीलाई दिइन् , प्रियवचन बोलेर सन्मान गरिन् , त्यो प्रीतिको वर्णन गर्न सकिदैन ॥ ४ ॥

चौ०—कह रिषिबधू सरस मृदु बानी ❀ नारिधर्म कछु ब्याज बखानी ॥१॥
मातु पिता भ्राता हितकारी ❀ मितप्रद सब सुनु राजकुमारी ॥२॥

ऋषिपत्नी (अनसूया) ले बहानाले (कुशलप्रश्नका छलले) केही स्त्रीधर्मको वर्णन हुने गरी सरस र कोमल वचन बोलिन् ॥ १ ॥ "हे राजकुमारी ! सुन्नुहोस् , माता-पिता, दाज्यू-भाई यी सबै मित (परिमित = हद भएको) सुख दिने हुन् ॥ २ ॥

अमितदानि भर्ता बैदेही ❀ अधम सो नारि जो सेव न तेही ॥३॥
धीरजु धर्म मित्र अरु नारी ❀ आपदकाल परिखिअहि चारी ॥४॥

भर्ता (पति) ता अमित सुखदाता (बेहदको सुख दिने) हुन् , तिनलाई जो सेवा गर्दिन त्यो स्त्री अधम हो ॥ ३ ॥ धैर्य, धर्म, मित्र, स्त्री यी (४) चारको आपत्कालमा परीक्षा हुन्छ । (आपत्कालमा रहने धैर्य सच्चा धैर्य हो, आपत्कालमा बचाउने धर्म सच्चा धर्म हो, आपत्कालमा सहायता गर्ने मित्र सच्चा मित्र हो, आपत्कालमा सहयोग दिने स्त्री सच्ची स्त्री हो) ॥ ४ ॥

बृद्ध रोगबस जड़ धनहीना ❀ अंध बधिर क्रोधी अतिदीना ॥५॥
ऐसेहु पति कर किए अपमाना ❀ नारि पाव जमपुर दुख नाना ॥६॥
एकै धर्म एक ब्रत नेमा ❀ काय बचन मन पतिपद प्रेमा ॥७॥
जग पतिब्रता चारि बिधि अहहीं ❀ बेद पुरान संत सब कहहीं ॥८॥

पति बूढ़ो, रोगग्रस्त, मूर्ख, धनहीन, अन्धो, बहिरो, क्रोधी, अतिदुःखी छ भने पनि त्यसको अपमान गर्दा स्त्री यमपुरमा नाना प्रकारका दुःख (यातना) पाउँछे ॥ ५ ॥ ६ ॥

स्त्रीका हकमा मनसा कर्मणा वाचा पतिका चरणमा प्रेम गर्नु, यही एउटा कुरा धर्म हो, यही एउटा कुरा नियम हो ॥ ७ ॥ संसारमा पतिव्रता स्त्री चार प्रकारका हुन्छन्, वेद, पुराण, सन्तहरूले यस्तै बताएका छन् ॥ ८ ॥

दोहा–उत्तम मध्यम नीच लघु सकल कहौं समुझाइ ।
आगे सुनहिं ते भव तरहिं सुनहु सीय चितु लाइ ॥५॥

उत्तम, मध्यम, नीच, लघु यी चारै प्रकारका स्त्रीको लक्षण बुझाएर भन्दछु, सीते ! चित्त लाएर सुन्नुहोस् मैले अगाडि गरिने स्त्रीको वर्णन जो स्त्री सुन्दछन् (त्यस कुरालाई पत्याएर तदनुसार चल्दछन्) तिनीहरू भवसागर तर्दछन् ॥ ५ ॥

चौ०–उत्तम के अस बस मन माहीं ❀ सपनेहु आन पुरुष जग नाहीं ॥१॥
मध्यम परपति देखै कैसे ❀ भ्राता पिता पुत्र निज जैसे ॥२॥

उत्तम स्त्रीका मनमा यस्तो दृढ समुझ रहन्छ कि जगत्मा सपनामा पनि पतिबाहेक अर्को पुरुषै छैन (यो प्रथम श्रेणीकी पतिव्रता हो) ॥ १ ॥ मध्यम, श्रेणीकी स्त्री अर्की स्त्रीका पतिलाई (परपुरुषलाई) आफ्ना दाज्यू-भाई, बाबु-छोरासमान देख्तछे ॥ २ ॥

धर्म बिचारि समुझि कुल रहई ❀ सो निकृष्ट त्रिय श्रुति अस कहई ॥३॥
बिनु अवसर भय तें रह जोई ❀ जानेहु अधम नारि जग सोई ॥४॥

नीच (अधम) श्रेणीकी स्त्री धर्मको र कुलको विचार गरेर (धर्म नष्ट होला, कुलमा कलङ्क लाग्ला भन्ने डरले) सद्दे रहन्छे, त्यो स्त्री निकृष्ट स्त्री हो भनी वेद भन्दछन् ॥ ३ ॥ मौका नपाउनाले र भयवश हुनाले जो सद्दे रहन्छे, त्यसलाई चतुर्थ श्रेणीकी लघु (अधमाधम स्त्री जान्नुहोला ॥ ४ ॥

पतिबंचक पर पति रति करई ❀ रौरव नरक कलप सत परई ॥५॥
छन सुख लागि जन्म सत कोटी ❀ दुख न समुझ तेहि सम को खोटी ॥६॥

जो स्त्री आफ्ना पतिलाई ठगेर परपुरुषमा प्रीति गर्दछे, त्यो शयकल्पसम्म रौरव नरकमा पर्दछे । एकछिनका सुखका निमित्त शय करोड जन्मका दुःखलाई संझन्न, त्यो बराबर दुष्ट को होला ? ॥ ५ ॥ ६ ॥

बिनु श्रम नारी परमगति लहई ❀ पतिब्रतधर्म छाड़ि छल गहई ॥७॥
पतिप्रतिकूल जन्मि जहँ जाई ❀ बिधवा होइ पाइ तरुनाई ॥८॥

जो स्त्री छल छाडेर पातिव्रत्य धर्म लिन्छे, त्यो विनापरिश्रम परमगति पाउँछे ॥ ७ ॥ पतिको प्रतिकूल भएकी स्त्री जहाँ जन्मन जान्छे, त्यहाँ त्यहाँ तरुणी भएपछि विधवा हुन्छे ॥८॥

सोरठा–सहज अपावनि नारि पति सेवत सुभ गति लहइ ।
जसु गावत श्रुति चारि अजहुँ तुलसिका हरिहि प्रिय ॥४॥

सुनु सीता तव नाम सुमिरि नारि पतिब्रत करहिं ।
तोहि प्रानप्रिय राम कहेउ कथा संसार हित ॥५॥

स्त्रीको जात स्वभावैले अपवित्र छ, तथापि पतिको सेवा गर्दा त्यसले शुभगति पाउँछे । आजसम्म पनि 'तुलसी विष्णु भगवान्‌की प्यारी छन्, तिनको यश चारै वेदले गाइरहेका छन् ॥ ४ ॥ हे सीते ! सुन्नुहोस्, तपाईंको नाम संझेर स्त्रीहरू पातिव्रत्य गर्नेछन्, श्रीरामजी तपाईंका प्राणप्रियै हुनुहुन्छ (तपाईंलाई उद्देश्य गरेर यो उपदेश गरेको होइन) संसारको हितको कुरा गरेको मात्रै हो" ॥ ५ ॥

चौ०–सुनि जानकी परम सुख पावा ❀ सादर तासु चरन सिरु नावा ॥१॥
तब मुनि सन कह कृपानिधाना ❀ आएसु होइ जाउँ बन आना ॥२॥

जानकीजीले यो कुरा सुन्दा अत्यन्त आनन्द मान्नुभयो, अनसूयाका पाउमा आदरसाथ प्रणाम गर्नुभयो ॥ १ ॥ उहाँपछि करुणानिधान रामजीले अत्रि मुनिसँग "आज्ञा भए अर्को वनमा जाउँ कि ? ॥ २ ॥

संतत मो पर कृपा करेहू ❀ सेवक जानि तजहु जनि नेहू ॥३॥
धर्मधुरंधर प्रभु कै बानी ❀ सुनि सप्रेम बोले मुनि ज्ञानी ॥४॥

मेराउपर सदा-सर्वदा कृपा गर्नुहोला, सेवक जानेर स्नेह नछाड्नुहोला" (भन्नुभयो) ॥ ३ ॥ धार्मिक धुरन्धर प्रभुजीका कुरा सुनेर ज्ञानी मुनीश्वर अत्रिले प्रेमका साथ बोले ॥ ४ ॥

जासु कृपा अज सिव सनकादी ❀ चहत सकल परमारथबादी ॥५॥
ते तुम्ह राम अकाम पिआरे ❀ दीनबंधु मृदु बचन उचारे ॥६॥

"ब्रह्माजी सनकादि मुनि, यी सबै परमार्थवादी (ब्रह्मवादीहरू पनि जसको कृपा खोज्दछन्, दीनजनका बान्धव निष्काम भक्तका प्यारा उनै हजूर "मेराउपर कृपा राख्नुहोला" यस्ता कोमल वचन बोल्नुहुन्छ ॥ ५ ॥ ६ ॥

अब जानी मैं श्रीचतुराई ❀ भजी तुम्हहि सब देव बिहाई ॥७॥
जेहि समान अतिसय नहि कोई ❀ ता कर सील कस न अस होई ॥८॥

ऐह्ले मैले हजूरको बठ्याइँ बुझें, सब देवतालाई छाडेर हजूरलाई भज्नुपर्दछ ॥ ७ ॥ जसको समान, जसभन्दा बढ्ता अर्को कोही छैन, उसको शील स्वभाव यस्तो कसरी नहोस् ? (हुनै पर्दछ) ॥ ८ ॥

---

(१) जालन्धरकी स्त्री वृन्दा बड़ी पतिव्रता थिइन् । तिनका पातिव्रत्यका प्रभावले जालन्धर प्रतापी अजय्य थिए । विष्णु भगवान् र शंकरजीले युद्ध गर्दा पनि जालन्धर जितिएनन् । विष्णुले छल गरेर वृन्दाको पातिव्रत्य नष्ट पारेपछि शंकरजीले जालन्धरलाई मार्नुभयो । वृन्दाले विष्णु भगवान्‌लाई पत्थर भए भनी शराप दिइन् , विष्णुले तिमी वृक्षजाति भए भनी सराप दिनुभयो । विष्णु पत्थर (शालिग्राम) हुनुभयो, वृन्दा वृक्ष (तुलसी) भइन् । ती तुलसी विष्णु भगवान्‌की अत्यन्त प्यारी हुन गइन् । दुनियाँले "नमस्तुलसि ! कल्याणि ! गोविन्दचरणप्रिये !" भन्दै तुलसीको वन्दना गर्नुपर्ने भयो ।

केहि बिधि कहौं जाहु अब स्वामी ❀ कहहु नाथ तुम्ह अंतरजामी ॥ ९ ॥
अस कहि प्रभु बिलोकि मुनि धीरा ❀ लोचन जल बह पुलक सरीरा ॥१०॥

हे स्वामी ! जानुहोस् भनेर म कसरी भनौं ?, हे नाथ ! हजूर अन्तर्यामी हुनुहुन्छ, हजूरै भन्नुहोस्न" ॥ ९ ॥ यति बोलेर धैर्यधारी मुनि (अत्रि) ले प्रभुजीलाई टुलुटुलु हेरे । उनका नेत्रबाट जल बगिरहेको थियो, शरीर रोमांचपूर्ण थियो ॥ १० ॥

छन्द–तन पुलक निर्भर प्रेम पूरन नयन मुख पंकज दिए ।
मन ज्ञान गुन गोतीत प्रभु मैं दीख जप तप का किए ॥
जप जोग धर्म समूह तें नर भगति अनुपम पावई ।
रघुबीरचरित पुनीत निसि दिनु दास तुलसी गावई ॥१॥

मुनिको शरीर रोमांचपूर्ण भयो, पूर्ण-प्रेम उर्लेर आयो, उनले आफ्ना नेत्र प्रभुजीका मुखकमललाई अर्पण गरे (लक्ष्मीपति भगवान्लाई दिनयोग्य अर्को कुरा देखेनन् , प्रेमले हेरे मात्रै पनि उहाँ प्रसन्न हुनुहुन्छ भन्ने समुझले टुलुटुलु हेर्न लागे) अनि उनले—"मन-ज्ञान-गुण इन्द्रिय यिनका अगोचर भएका प्रभुजीलाई मैले नेत्रगोचर गरें (देखें) मैले त्यस्तो जप-तप के गरेको रहेछु" भनी विन्ति गरे । (तुलसीदास भन्दछन्) जो मानिस रातदिन रघुवीरको पवित्र चरित्र गाउँछन् , ती भक्तहरू अनुपम (अतुल) भएको जपयोग धर्मसमूह पाउँछन् (केवल रामचरित्रको प्रेमपूर्वक कीर्तन गर्नाले जप योग-धर्म सबैको फल सिद्ध हुन्छ) ॥ १ ॥

दोहा–कलिमल समन दमन दुख राम सुजसु सुखमूल ।
सादर सुनहिं जे तिन्ह पर रामु रहहिं अनुकूल ॥६॥

कलिमल (पाप) को शमन (नाश) गर्ने, दुःखको दमन गर्ने, सुखको मूल कारण भएको रामजीको सुयशलाई आदरका साथ जो सुन्दछन् , तिनका उपर रामजी सदा प्रसन्न रहनुहुन्छ ॥ ६ ॥

सोरठा–कठिन काल मलकोस धर्म न ज्ञान न जोग जप ।
परिहरि सकल भरोस रामहि भजहिं ते चतुर नर ॥६॥

यो कलिकालको समय बडो कठिन र पापको ढुकुटीस्वरूप छ, यसमा धर्म हुन सक्तैन, ज्ञान हुन सक्तैन, योग हुन सक्तैन, जप-तप हुन सक्तैन, सबैको भरोसा छाडेर जो मानिस रामजीलाई भज्दछन् , तिनै मानिस चतुर हुन् ॥ ६ ॥

दोहा–मुनिहुँ कि अस्तुति कीन्ह प्रभु दीन्ह सुभग बरदान ।
सुमनबृष्टि नभ संकुल जय जय कृपानिधान ॥७॥

प्रभुजीले पनि अत्रि मुनिको स्तुति गर्नुभयो, अनि उनलाई असल वरदान दिनुभयो,

आकाशबाट पुष्पवृष्टि खूब भयो, "हे कृपानिधान ! हजूरको जय जय होस्" यस्तो आकाशवाणी भयो ॥ ७ ॥

चौ०—मुनिपद कमल नाइ करि सीसा ❀ चले बनहि सुर नर मुनि ईसा ॥१॥
आगें राम अनुज पुनि पाछें ❀ मुनिबर बेष बने अति काछें ॥२॥

अत्रि मुनिका पाउमा माथ राखेर (प्रणाम गरेर) देवता, मुनि मनुष्यका स्वामी (रामजी) जङ्गलतर्फ हिंड्नुभयो ॥ १ ॥ मुनीश्वरहरूका वेषले ठीक ठीक सजाइएका रामजी अघिअघि हुनुहुन्थ्यो, (उस्तै) लक्ष्मणजी पछिपछि हुनुहुन्थ्यो ॥ २ ॥

उभय बीच श्री सोहइ कैसी ❀ ब्रह्म जीव बिच माया जैसी ॥३॥
सरिता बन गिरि अवघट घाटा ❀ पति पहिचानि देहिं बर बाटा ॥४॥

उहाँहरू दुई जनाका बीचमा रहनुभएकी सीताजी ब्रह्म (परमात्मा) र जीवात्माका बीचमा रहेकी माया जसरी शोभायमान हुन्छिन् , त्यसै गरी शोभायमान हुनुहुन्थ्यो, (माया परमात्माका पछि लागेकी, परमात्माको आज्ञानुसारिणी, दासीजस्ती छन् , तिनै माया जीवात्माका अघि लागेकी जीवात्मालाई आफ्ना आज्ञामा नचाउने मालिक्नीजस्ती छन् , रामजी परमात्मा जस्ता, लक्ष्मणजी जीवात्माजस्ता, सीताजी मायाजस्ती हुनुहुन्थ्यो) ॥ ३ ॥ नदी, वन, पर्वत, कुबाटा, सुबाटा, घाट सबैले प्रभुजीलाई चिन्हेर असल बाटो दिए ॥ ४ ॥

जहँ जहँ जाहिं देव रघुराया ❀ करहिं मेघ तहँ तहँ नभ छाया ॥५॥
आश्रम बिपुल देखि मग माहीं ❀ देवसदन तेहि पटतर नाहीं ॥६॥

देवाधिदेव रघुनाथजी जहाँजहाँ जानुहुन्थ्यो, तहाँतहाँ मेघहरू आकाशबाट छाया गर्दथे ॥ ५ ॥ रामजीले बाटामा ठूलो आश्रम देख्नुभयो, देवभवन पनि त्यसको तुल्य थिएन ॥६॥

बहु तड़ाग सुंदरि अँवराई ❀ भाँति भाँति सब मुनिन्ह लगाई ॥७॥
तेहि दिन तहँ प्रभु कीन्ह निवासा ❀ सकल मुनिन्ह मिलि कीन्ह सुपासा ॥८॥

त्यहाँ धेरै तलाउ थिए, राम्रा राम्रा आँपका बघैंचा थिए, मुनिहरूले ती सबै भाँति भाँतिसँग लगाएका थिए ॥ ७ ॥ त्यस दिन प्रभुजीले तहीं निवास गर्नुभयो, सकल मुनिहरू मिलेर उहाँलाई सुविस्ता गरे (दिए) ॥ ८ ॥

दोहा—आनि सुआसन मुदित मन पूजि पहुनइ कीन्ह ।
कंद मूल फल अमिअ सम आनि राम कहँ दीन्ह ॥८॥

मुनिहरूले सुन्दर आसन ल्याएर उहाँलाई खुशीसाथ पूजा गरीकन आतिथ्य (अतिथिसत्कार) गरे, अमृतसमानका कन्द-मूल, फल-फूल ल्याएर रामजीलाई टक्र्याए ॥८॥

चौ०—अनुज सीय सह भोजन कीन्हा ❀ जो जेहि भाव सुभग बर दीन्हा ॥१॥
होत प्रभात मुनिन्हु सिरु नावा ❀ आसिरबाद सबन्हि सन पावा ॥२॥

रामजीले भाई लक्ष्मण र सीतासहित भई भोजन गर्नुभयो, जसलाई जो इच्छा

थियो त्यही वरदान दिनुभयो ॥ १ ॥ प्रातःकाल भएपछि मुनिहरूलाई प्रणाम गर्नुभयो, सबैबाट आशीर्वाद पाउनुभयो ॥ २ ॥

सुमिरि उमा सिव सिद्ध गनेसा ❀ पुनि प्रभु चले सुनहु उरगेसा ॥३॥
बन अनेक सुंदर गिरि नाना ❀ लाँघत चले जाहिं भगवाना ॥४॥

हे गरुड़जी ! सुन्नुहोस्, अनि पार्वती शंकर सिद्धिदाता गणेशलाई संझेर प्रभुजी हिंड्नुभयो ॥ ३ ॥ नाना प्रकारका अनेक अनेक सुन्दर वन नाघ्दै भगवान् जान लाग्नुभयो ॥ ४ ॥

[विराधवध]

मिला असुर बिराध मग जाता ❀ गरजत घोर कठोर रिसाता ॥५॥
रूप भयंकर मानहुँ काला ❀ बेगवंत धायेउ जिमि ब्याला ॥६॥

बाटामा जाँदाजाँदा खूब रिसाएको घनघोर गर्जन लागेको विराध नाम गरेको राक्षस भेट्टियो ॥ ५ ॥ मानौं कालै हो कि ? (भन्ने भान पार्ने) त्यसको रूप अति भयंकर थियो, वेगवान् भएर त्यो दौड्यो ॥ ६ ॥

गगन देव मुनि किंनर नाना ❀ तेहि छन हृदय हारि कछु माना ॥७॥
तुरतहि सो सीतहि लइ चलेऊ ❀ राम हृदय कछु बिसमउ भयेऊ ॥८॥

आकाशमा रहेका देवता किन्नर मुनि इत्यादि नाना प्रकारका प्राणीहरूले त्यस वेलामा मनमा केही हार माने (हरेस खाए) ॥ ७ ॥ त्यसले झटपट सीताजीलाई उठाएर लग्यो । रामजीका हृदयमा केही विषाद पैदा भयो ॥ ८ ॥

समुझा हृदय कैकई करनी ❀ कहा अनुज सन बहु बिधि बरनी ॥९॥
बहुरि लखन रघुबरहि प्रबोधा ❀ पाँच बान छाड़े करि क्रोधा ॥१०॥

उहाँले त्यस वेलामा कैकेयीका कार्वाई संझनुभयो, भाई लक्ष्मणजीसंग तिनको वर्णन अनेक प्रकारले गर्नुभयो ॥ ९ ॥ (क)

अनि लक्ष्मणजीले रामजीलाई संझाउनु बुझाउनुभयो र क्रोध गरेर पाँच बाण छाड्नुभयो ॥ १० ॥

(क) "भाई ! लक्ष्मण ! हेर महाराज जनकको छोरी, मेरी प्राणप्रिया भार्या भएकी सदाचारवती सीता यी विराधको कब्जामा परिन् । यी अत्यन्त सुखमा बढ़ेकी राजकुमारी, नामूद आदर्श महिला हुन्, के गर्नु ? भाई लक्ष्मण ! हाम्रा उपर कैकेयीले जे चिताएर वरदान मागेकी हुन्, त्यो कुरा आज झट्टै नै सिद्ध भयो होकि ? । छोराका निमित्त खूब दूरदर्शिनी भएर राज्य मात्रले नअघाईकन जसले जगत्प्रिय भएका हामीलाई जङ्गलतर्फ धपाएकी थिइन् ती मेरी सपत्नमाता कैकेयी आज पूर्णमनोरथा भइन् । पिताको स्वर्गवास र न्यायप्राप्त राज्यको हरण हुँदा लागेको दुःखभन्दा पनि ऐलेको यो सीताको परशरीरस्पर्श देख्ता भएको दुःख अधिक कठोर लाग्यो भाई !" यस्ता रामजीबाट बोलिबक्सिएको व्याकुल वचन सुनेर लक्ष्मणजीले शोकको अश्रुधारा बगाउँदै क्रोधले लामा र सास फेर्दै–"प्राणिमात्रका नाथ (मालिक) भएका हजूर स्वयं इन्द्रतुल्य पराक्रमी होइबक्सिन्छ दाज्यू ! म तावेदार मौजूद छु, अनाथजस्तै भएर किन अपसोस गरिबक्सिन्छ ? ऐल्यै

छन्द–भए क्रुद्ध लखन संधानि धनु मारि तेहि ब्याकुल कियो ।
पुनि उठा निसिचर राखि सीतहि सूल लइ छाडत भयो ॥
जनु कालदंड कराल धावा बिकल सब खग मृग भए ।
धनु तानि श्रीरघुबंसमनि पुनि मारि तन जर्जर किए ॥२॥

लक्ष्मणजीले क्रुद्ध भईकन धनुमा संधान (योग) गर्नुभयो र बाण छोडेर त्यसलाई व्याकुल पार्नुभयो । अनि त्यो राक्षसले सीताजीलाई भूमिमा राखेर उठीकन त्रिशूल लिएर (लक्ष्मणजीका उपर) छाड्यो । त्यो कालदण्डजस्तै दौडेर आयो, पक्षी मृगहरू सबै व्याकुल भए, रघुवंशमणि श्रीरामजीले धनु तान्नुभयो र (बाण) हानीकन त्यसका शरीरलाई छियाछिया पार्नुभयो ॥ (क) ॥ २ ॥

दोहा–बहुरि एक सर मारा परा धरनि धुनि माथ ।
उठेउ प्रबल पुनि गरजेउ चलेउ जहाँ रघुनाथ ॥९॥

अनि रामजीले एउटा बाण हान्नुभयो, टाउको हल्लाउँदै त्यो जमीनमा पछारियो ।

यो राक्षसलाई बाणले मार्दछु, धर्तीमाताले यसको तातोतातो रगत ऐल्यै पिउनेछन् (नजर होस्) । राज्यलुब्ध भएका भरतका उपर मेरो क्रोध जो (गुप्त) रहेको थियो, त्यो क्रोधलाई पहाडका उपर इन्द्रले वज्र गिराए-झैं यसैका उपर गिराउँछु । मेरा भुजबलका प्रभावले वेगवान् भएको ठूलो बाण यसको ठूलो छातीमा वज्रने वेला भयो, यसको प्राण जाने वेला भयो, यो ढुनमुनिदै पछारिने वेला भयो (नजर होस्) ।” यस्ता वचन बोलेको कुरा वाल्मीकीय रामायणमा लेखिएका छन् ।

“पश्य सौम्य ! नरेन्द्रस्य जनकस्यात्मसंभवाम् । मम भार्यां शुभाचारां विराधाङ्के प्रवेशिताम् ॥
अत्यन्तसुखसंवृद्धां राजपुत्रीं यशस्विनीम् । यदभिप्रेतमस्मासु प्रियं वरवृतं च यत् ॥
कैकेय्यास्तु सुसंवृत्तं क्षिप्रमद्यैव लक्ष्मण ! । या न तुष्यति राज्येन पुत्रार्थे दीर्घदर्शिनी ॥
ययाहं सर्वभूतानां प्रियः प्रस्थापितो वनम् । अद्येदानीं सकामा सा या माता मध्यमा मम ॥
परस्पर्शात्तु वैदेह्या न दुःखतरमस्ति मे । पितुर्विनाशात्सौमित्रे ! स्वराज्यहरणात्तथा ॥”
इति ब्रुवति काकुत्स्थे वाष्पशोकपरिप्लुतः ।
अब्रवील्लक्ष्मणः क्रुद्धो रुद्धो नाग इव श्वसन् ॥
अनाथ इव भूतानां नाथस्त्वं वासवोपमः । मया प्रेष्येण काकुत्स्थ ! किमर्थं परितप्यसे ? ॥
शरेण विहतस्याद्य मया क्रुद्धेन रक्षस : । विराधस्य गतासोर्हि मही पास्यति शोणितम् ॥
राज्यकामे मम क्रोधो भरते यो बभूव ह । तं विराधे विमोक्ष्यामि वज्री वज्रमिवाचले ॥
मम भुजबलवेगवेगितः पततु शरोऽस्य महान् महोरसि ।
व्यपनयतु तनोश्च जीवितं पततु ततश्च महीं विघूर्णितः ॥
(वाल्मी० राभा० ३ । २ । १७-२७)

(क) विराधराक्षसले प्राण छाड्ने वेलामा “हे राम ! मलाई खाल्डामा हालिदिनुहोला, मरेका राक्षसहरूलाई खाल्डामा हालिदिनाले ती सद्गति पाउँछन् यस्तो हामी राक्षसहरूको आचार (धर्म) छ” । भनी विन्ति गरेको हुनाले रामजीले तदनुसार गर्नुभयो ।

त्यो जब्रदस्त राक्षस फेरि जुर्मुराउँदै उठ्यो, गर्ज्यो, अनि रघुनाथ जतातिर हुनुहुन्थ्यो, उतै हानियो ॥ ९ ॥

चौ०–ऐसै कहत निसाचर धावा ❀ अब नहि बचहु तुम्हहिं मैं खावा ॥१॥
आव प्रबल एहि बिधि जनु भूधर ❀ होइहि काह कहहिं ब्याकुल सुर ॥२॥

"अब तँ बाँच्तैनस्, तँलाई म खान्छु" यसो भन्दै त्यो राक्षस दौड्यो ॥ १ ॥ पहाडजस्तै त्यो राक्षस यसरी आउनलागेको थियो, व्याकुल भएका देवताहरू "अब के हुने हो ?" भन्दथे ॥ २ ॥

तासु तेज सत मरुत समाना ❀ टूटहिं तरु उड़ाहि पाषाना ॥३॥
जीव जंतु जहँ लगि रहे जेते ❀ व्याकुल भाजि चले तहँ तेते ॥४॥

त्यसको वेग सये हावासमानको थियो, त्यसको वेगका हावाले वृक्ष भाँचिन्थे पत्थर उड्दथे ॥ ३ ॥ त्यो जंगलमा जतिसम्म जो जो जीव जन्तु थिए, ती सबै व्याकुल भएर भागेर दौडे ॥ ४ ॥

उरग समान जोरि सर साता ❀ आवत ही रघुबीर निपाता ॥५॥
तुरतहि रुचिर रूप तेहि पावा ❀ देखि दुखी निज धाम पठावा ॥६॥

रघुवीरले सर्पसमान सात बाण धनुमा जोरेर छोड्नुभयो, आउँदा आउँदैको त्यसलाई मारेर गिराउनुभयो ॥ ५ ॥ त्यसले तुरन्तै सुन्दर रूप (दिव्य शरीर) पायो, त्यसलाई दुःखी संझेर भगवान्ले आफ्नो धाम (वैकुण्ठ) पठाउनुभयो ॥ ६ ॥ (क)

तासु अस्थि गाड़ेउ प्रभु खनी ❀ देवन्ह मुदित दुंदुभी हनी ॥७॥
सीता आइ चरन लपटानी ❀ अनुज सहित तब चले भवानी ॥८॥
पुनि आए जहँ मुनि सरभंगा ❀ सुंदर अनुज जानकी संगा ॥९॥

प्रभुजीले जमीन खनेर त्यसका हाडखोर गाडिदिनुभयो, देवताहरूले हर्षित भएर

(क) यस्तो व्याख्यान लहैलहैमा लागेर गरेको हो । वास्तव ता यो विराधराक्षस पूर्वजन्ममा तुम्बुरूनामक गन्धर्व थियो, त्यो रम्भा अप्सरामा आसक्त भयो र कुबेरका शापले राक्षस भई जन्मेको हो, कुबेरकै बचनानुसार रामजीका हातबाट मऱ्यो र निजलोक (गन्धर्वलोक) गयो, यो कुरा—

अभिशापादहं घोरां प्रविष्टो राक्षसीं तनुम् । तुम्बुरुर्नाम गन्धर्वः शप्तो वैश्रवणेन हि ॥
प्रसाद्यमानस्तु मया सोऽब्रवीन्मां महायशाः । यदा दाशरथी रामस्त्वां वधिष्यति संयुगे ॥
तदा प्रकृतिमापन्नो भवान् स्वर्गं गमिष्यति । अनुपस्थीयमानो मां स क्रुद्धो व्यजहार ह ॥
इति वैश्रवणो राम रम्भासक्तमुवाच ह । तव प्रसादान्मुक्तोऽहमभिशापात् सुदारुणात् ॥

इत्यादि वाल्मीकीयरामायण (३ । ४) बाट प्रमाणित छ ।
निजधाम भन्नाले गन्धर्वलोक लिंदा कुनै आपत्ति पर्दैन ।

दुन्दुभि बजाए ॥ ७ ॥ (क) सीताजीले आएर पाउमा लुटुपुटु गर्नुभयो। हे पार्वती ! अनि प्रभुजी भाई र सीतासहित रवाना हुनुभयो ॥ ८ ॥ सुन्दर भाई र सुन्दरी जानकीजीलाई साथ लिएर शरभङ्गमुनिका आश्रममा आउनुभयो ॥ ९ ॥

(शरभङ्गदर्शन)

दोहा–देखि राममुख पंकज मुनिबर लोचन भृंग।
सादर पान करत अति धन्य जनम सरभंग ॥१०॥

रामचन्द्रजीको मुखरूपी कमल देखेर शरभङ्ग मुनीश्वरका नेत्ररूपी भ्रमर आदरका साथ (शोभारूपी रसको) पान गर्न लागे। शरभङ्गमुनि धन्य धन्य हुन् (जसले त्यसरी दर्शन गरे) ॥ १० ॥

चौ०– कह मुनि सुनु रघुबीर कृपाला ❀ संकरमानस राजमराला ॥१॥
जात रहेउँ बिरंचि के धामा ❀ सुनेउँ श्रवन बन अइहहिं रामा ॥२॥

शरभङ्ग मुनिले विन्ति गरे—"हे दीनदयाल ! शंकरजीका चित्तरूपी मानससरोवरका राजहंसस्वरूप भएका (शंकरजीले निरवच्छिन्न संझिएका) हे रघुवीर ! सुनिबक्सियोस् ॥ १ ॥ म ब्रह्माजीको धाम (ब्रह्मलोक) जानै लागेको थिएँ, (त्यसै वेलामा) "रामजी वनमा पाल्नुहुन्छ" भन्ने खबर कानले सुनें—॥ २ ॥

चितवत पंथ रहेउँ दिनु राती ❀ अब प्रभु देखि जुड़ानी छाती ॥३॥
नाथ सकल साधन मैं हीना ❀ कीन्ही कृपा जानि जन दीना ॥४॥

दिन-रात हजूरको बाटो हेरिरहेको थिएँ, बल्ल अब प्रभुको दर्शन पाएर चित्त ठण्डा भयो ॥ ३ ॥ हे नाथ ! म सकल साधनरहित थिएँ (केही साधना गर्न सकेको थिइनँ) तथापि मलाई दीन सेवक जानेर प्रभुले कृपा गर्नुभयो ॥ ४ ॥

सो कछु देव न मोहि निहोरा ❀ निज पन राखेहु जनमन चोरा ॥५॥
तब लगि रहहु दीन हित लागी ❀ जब लग तुम्हहि मिलौं तनु त्यागी ॥६॥

(क) चौ०—सुनासोर प्रभु तेहि छन देखा। तेजनिधान सुभ्र अति बेषा ॥
तुरत चारि वल मरु समाना। रथ रबिसम नहि जाइ बखाना ॥
छिति न परस अंतरहित रहई। स्वेत छत्र चामर सिर ढरई ॥
अनुजहि प्रियहि कहा समुझाई। सुर पतिमहिमा गुन प्रभुताई ॥
जेहि कारन बासव तहँ आए। सो कछु बचन कह नहि पाए ॥
बीचहि सुनि आउब प्रभु केरा। कहि सारथिहि तुरत रथ फेरा ॥
दूरहि तें करि प्रभुहि प्रनामा। हरषि सुरेस गयेउ निज धामा ॥
कुनै २ पुस्तकमा यी ७ चौपाई अधिक छन्, कसैले यिनलाई प्रक्षिप्त भन्दछन्। अर्थ स्पष्ट छ।

हे प्रभु ! यो मेरा उपरको मुलाहिजा मात्रै होइन, हे जनमनचोर ! आफ्नो पण (भक्तको उद्धार अवश्यमेव गर्दछु भन्ने प्रतिज्ञा) राखिबक्सियो (पूर्ण गराइबक्सियो) ॥ ५ ॥ हे प्रभु ! जहाँसम्म शरीर छाडेर हजूरमा म मिल्दिनँ, त्यहाँसम्म दीन जनको हितका निमित्त यहीं राज होस्" ॥ ६ ॥

जोग जग्य जप तप जत कीन्हा ❀ प्रभु कहुँ देइ भगति बर लीन्हा ॥७॥
येहि बिधि सर रचि मुनि सरभंगा ❀ बैठे हृदय छाड़ि सब संगा ॥८॥

(यति विन्ति गरेर) शरभङ्ग मुनिले योग-जप-तप जति गरेका थिए, ती सबै पुण्य कर्म प्रभुजीलाई चढ़ाए (कायेन वाचा गरेर रामार्पण गरे), प्रभुजीबाट भक्तिरूप वर लिए (पाए) ॥ ७ ॥ यस प्रकारले शरभङ्ग मुनि हृदयमा सबै प्रपञ्चको संग (आसक्ति) छाडेर चिता बनाईकन त्यसैमा बसे ॥ ८ ॥

दोहा–सीता अनुज समेत प्रभु नील जलद तनु स्याम ।
मम हिय बसहु निरंतर सगुनरूप श्रीराम ॥११॥

(अनि तिनले–) "मेघजस्ता श्यामवर्ण भएका सीताजी र लक्ष्मणजीले सहित भएका सगुण ब्रह्मस्वरूप श्रीराम हजूर मेरा हृदयमा निरन्तर रहिरहनुहोस्" ॥ ११ ॥

चौ०–अस कहि जोग अगिनि तनु जारा ❀ रामकृपा बैकुंठ सिधारा ॥१॥
तातें मुनि हरिलीन न भएऊ ❀ प्रथमहि भेदभगति बर लएऊ ॥२॥

यस्तो विन्ति गरेर शरीरैमा (आग्नेय धारणाले) अग्नि प्रकट गरेर शरीर जलाए, रामजीका कृपाले वैकुण्ठ गए ॥ १ ॥ ती मुनिले अघिबाटै भक्तिरूप वर पाएका थिए, त्यसै हुनाले ती हरिमा लीन भएनन् (कैवल्य मुक्ति तिनले लिएनन्, भजन गरेर वैकुण्ठमा रहने भए) ॥ २ ॥

रिषिनिकाय मुनिबर गति देखी ❀ सुखी भए सब हृदय बिसेषी ॥३॥
अस्तुति करहिं सकल मुनिबृंदा ❀ जयति प्रनतहित करुनाकंदा ॥४॥

ऋषिवर्गहरू शरभंग मुनिको गति देख्ता सबैजना हृदयमा ज्यादै नै आनन्दित भए ॥ ३ ॥ सबै ऋषिवर्ग "हे शरणागतहितकारक ! हे करुणा-कल्याणकारक ! हे राम ! हजूरको जय होस" भनी स्तुति गर्न लागे ॥ ४ ॥

पुनि रघुनाथ चले बन आगे ❀ मुनिबर बृंद बिपुल सँग लागे ॥५॥
अस्थिसमूह देखि रघुराया ❀ पूँछा मुनिन्ह लागि अति दाया ॥६॥

अनि रघुनाथजी अगाडिको वनतर्फ जानुभयो, धेरै मुनीश्वरहरूका डफ्फा साथ लागे ॥ ५ ॥ रघुनाथजीले हाडका थुप्रा देख्नुभयो, अत्यन्त दया लाग्यो र मुनिहरूसँग (ती हाडका थुप्राको वृत्तान्त) सोध्नुभयो ॥ ६ ॥

जानतहूँ पूँछिय कस स्वामी ❀ समदरसी तुम्ह अंतरजामी ॥७॥
निसिचरनिकर सकल मुनि खाए ❀ सुनि रघुबीरनयन जल छाए ॥८॥

(मुनिहरूले-) "हे प्रभु ! जानीजानीकन कसरी सोधिबक्सिन्छ ?, हजूर सर्वदर्शी र सर्वान्तर्यामी होइबक्सिन्छ ॥ ७ ॥ राक्षसका समूहले सबै मुनिहरूलाई खाइसके (यी उनै मुनिहरूका हुन्)" भनी विन्ति गरे । त्यो वृत्तान्त सुन्दा रघुवीरका नजर जलले (आँसुले) भरिए ॥ ८ ॥

दोहा–निसिचरहीन करौं महि भुज उठाइ पन कीन्ह ।
सकल मुनिन्ह के आश्रम जाइ जाइ सुख दीन्ह ॥१२॥

अनि रामजीले दुई हात उठाएर "पृथिवीलाई दुष्ट राक्षसरहित गर्दछु" भन्ने प्रतिज्ञा गर्नुभयो, र मुनिहरूका आश्रम आश्रममा गएर सबैलाई आनन्दित गर्नुभयो ॥ १२ ॥

[सुतीक्ष्णमुनिदर्शन]

चौ०–मुनि अगस्ति कर सिष्य सुजाना ❀ नाम सुतीक्षन रति भगवाना ॥१॥
मन क्रम बचन रामपद सेवक ❀ सपनेहु आन भरोस न देव क ॥२॥

अगस्त्य मुनिका सुतीक्ष्ण नाम भएका भगवद्भक्त एउटा बुद्धिमान् शिष्य थिए ॥ १ ॥ ती मनसा कर्मणा वाचा रामजीका चरणको सेवा गर्दथे, तिनलाई अरू देवताको भरोसा सपनामा पनि थिएन ॥ २ ॥

प्रभु आगमनु श्रवन सुनि पावा ❀ करत मनोरथ आतुर धावा ॥३॥
हे बिधि दीनबंधु रघुराया ❀ मो से सठ पर करिहहिं दाया ॥४॥

तिनले प्रभुजीको सवारी भएको खबर कानले सुन्न पाएर मनमा मनोरथ गर्दै हडबडसाथ दौडे ॥ ३ ॥ "हे विधाता ! दीनबन्धु रघुनाथजी मजस्ता दुष्टका उपर पनि दया गर्नुहोला ? ॥ ४ ॥

सहित अनुज मोहि राम गोसाईं ❀ मिलिहहिं निज सेवक कीं नाईं ॥५॥
मोरें जिय भरोस दृढ़ नाहीं ❀ भगति बिरति न ग्यान मन माहीं ॥६॥

के प्रभुजीले भाईसहित भईकन आफ्ना सेवकसँग जस्तै मसँग पनि भेट गर्नुहोला ?, ॥ ५ ॥ मलाई ता मनमा दृढविश्वास छैन, मेरा मनमा भक्ति ज्ञान वैराग्य केही छैन (कसरी भेट दिनुहोला ?) ॥ ६ ॥

नहिं सतसंग जोग जप जागा ❀ नहि दृढ़ चरन कमल अनुरागा ॥७॥
एक बानि करुनानिधान की ❀ सो प्रिय जाके गति न आन की ॥८॥

न मैले सत्सङ्ग गरेको छु, न योगाभ्यास, जप, यज्ञ गरेको छु, न उहाँका चरणकमलमा दृढ प्रेम छ, (कसरी दर्शन पाउँला ?) ॥ ७ ॥ (तर दर्शन भेटघाट पाउँला पनि, किनभने) करुणानिधान रामजीको जुन प्राणीको अन्यत्र गति छैन (अनन्यगति भएर शरण परेको छ) त्यही प्राणी प्यारो हुन्छ, यस्तो बानी छ ॥ ८ ॥

छन्द–सोउ प्रिय अति पातकी जिन्ह कबहुँ प्रभु सुमिरन कर्‍यो ।
ते आजु मैं निज नयन देखिहौं पूरित पुलकित हिय भर्‍यो ॥
जे पदसरोज अनेक मुनि कर ध्यान कबहुँ न आवहीं ।
ते राम श्रीरघुबंसमनि प्रभु प्रेम ते सुख पावहीं ॥३॥

अत्यन्त पातकी भए पनि जसले कुनै हालतमा प्रभुको स्मरण गर्दछ, त्यो व्यक्ति पनि जुन प्रभुजीको अत्यन्त प्यारो हुन्छ, उनै प्रभुजीलाई आज म आफ्ना आँखाले देखौंला ! (यति मनोरथ गर्दा गर्दै) सुतीक्ष्ण मुनिका शरीरभरी रोमांच भयो, तिनको हृदय प्रेमले भरियो । (अनि फेरि विचार गर्नलागे) "जुन चरणकमल अनेक मुनिका ध्यानमा कहिल्यै आउँदैनन् (ध्यानगोचर हुँदैनन्) उनै रघुवंशमणि प्रभु रामजी प्रेममात्रले आनन्दित हुनुहुन्छ" ॥ ३ ॥

दोहा–पन्नगारि सुनु प्रेमसम भजन न दूसर आन ।
यह बिचारि मुनि पुनि पुनि करत राम गुन गान ॥१३॥

(काकभुशुण्डी भन्दछन्) हे गरुडजी ! सुन्नुहोस् , प्रेमसमान अर्को भजन छैन, यो कुरा विचार गरेर मुनिहरू वारंवार रामजीका गुणको गान (कीर्तन) गर्दछन् ॥ १३ ॥

चौ०–होइहहिं सुफल आजु मम लोचन ❀ देखि बदन पंकज भवमोचन ॥१॥
निर्भर प्रेम मगन मुनि ज्ञानी ❀ कहि न जाइ सो दसा भवानी ॥२॥

(सुतीक्ष्ण मुनि मनमा निश्चय गर्न लागे–) संसारभयमोचन गर्ने मुखकमल देखेर आज मेरा लोचन (नेत्र) सुफल हुनेछन् ," हे पार्वती ! ती ज्ञानी मुनि (सुतीक्ष्ण) यस्ता प्रकारले, गाढ प्रेममा डुबेका थिए, त्यो अवस्थाको वर्णन गर्न सकिदैन ॥ १ ॥ २ ॥

दिसि अरु बिदिसि पंथ नहि सुझा ❀ को मैं चलेउँ कहाँ नहि बूझा ॥३॥
कबहुँक फिरि पाछे पुनि जाई ❀ कबहुँक नृत्य करइ गुन गाई ॥४॥

ती मुनिलाई दिशा विदिशा बाटो केही सूझेन (यतातिर यो दिशा हो, यतातिर यो विदिशा (आग्नेय नैर्ऋत्य वायव्य ईशान) हो, यता बाटो हो, यता अबाटो हो, यो भान रहेन) म को हुँ कहाँ जान लागिरहेछु, यो कुरा पनि तिनले जानेनन् । कहिले पछि फर्केर हिंड्थे र फेरि फर्केर सोझो हिंड्थे, कैले रामजीको गुणगान गरेर नाच्न लाग्दथे ॥ ३ ॥ ४ ॥

अबिरल प्रेम भगति मुनि पाई ❀ प्रभु देखैं तरु ओट लुकाई ॥५॥
अतिसय प्रीति देखि रघुबीरा ❀ प्रगटे हृदय हरन भवभीरा ॥६॥

ती मुनिले अविच्छिन्न (अटूट) प्रेम भक्ति पाएका थिए, प्रभुजी वृक्षको आडमा लुकेर त्यो अवस्था हेरिरहनुभएको थियो ॥ ५ ॥ संसारभयहारी रघुवीरले अत्यन्त प्रीति देख्नुभयो र तिनका हृदयमा प्रकट हुनुभयो ॥ ६ ॥

मुनि मग माझ अचल होइ बैसा ❀ पुलक सरीर पनसफल जैसा ॥७॥

तब रघुनाथ निकट चलि आए ❀ देखि दसा निज जन मन भाए ॥८॥

(रघुनाथजी हृदयमा झलमल्ल प्रकट हुनेबित्तिकै) ती सुतीक्ष्णमुनि बाटैका माझमा थचक्क बसेर निश्चल भए । तिनको शरीर रोमाञ्चित भएर कटहरको फलजस्तो भयो ॥ ७ ॥ अनि रघुनाथजी तिनका नगीचै आउनुभयो, आफ्ना भक्तको त्यो अवस्था देखेर उहाँलाई त्यो (अवस्था) साह्रै मनपर्‍यो ॥ ८ ॥

मुनिहि राम बहु भाँति जगावा ❀ जाग न ध्यानजनित सुख पावा ॥९॥
भूपरूप तब राम दुरावा ❀ हृदय चतुरभुजरूप देखावा ॥१०॥

रामजीले ती मुनिलाई अनेक प्रकारले जगाउनुभयो, ध्यानबाट पैदा भएको सुख पाइरहेका (ध्यानानन्दमा डुबिरहेका) ती मुनि जागेनन् (आँखा चिम्लेर अन्तर्दृष्टि नै रहे) ॥ ९ ॥

अनि रामजीले राजाको रूप (वर्तमान अवस्थाको राजकुमारको रूप) लुकाउनुभयो (अन्तर्धान गर्नुभयो) तिनका हृदयमा चतुर्बाहुरूप देखाउनुभयो ॥ १० ॥

मुनि अकुलाइ उठा तब कैसें ❀ बिकल हीनमनि फनिबर जैसें ॥११॥
आगे देखि राम तनु स्यामा ❀ सीता अनुज सहित सुखधामा ॥१२॥

अनि ती मुनि मणि हराउँदा नाग जसरी आत्तिन्छ, त्यसै गरी आत्तिएर उठे ॥ ११ ॥ श्यामसुन्दर शरीर भएका सुखधाम रामजीलाई सीता लक्ष्मणसहित अगाडि देखे ॥ १२ ॥

परेउ लकुट इव चरनन्हि लागी ❀ प्रेममगन मुनिबर बड़भागी ॥१३॥
भुज बिसाल गहि लिए उठाई ❀ परम प्रीति राखे उर लाई ॥१४॥

महाभाग्यवान् ती मुनि प्रेममा डुबेर रामजीको चरणमा लाग्ने गरी (शिरले पाउ छोएर) लहुरो ढलेझैं ढले ॥ १३ ॥ श्रीरामजीले विशाल बाहु पसारेर तिनलाई उठाउनुभयो, परम प्रीतिका साथ तिनलाई (धेरै बेरसम्म) छातीमा टाँसिराख्नुभयो ॥ १४ ॥

मुनिहि मिलत अस सोह कृपाला ❀ कनकतरुहिं जनु भेट तमाला ॥१५॥
रामबदनु बिलोक मुनि ठाढ़ा ❀ मानहु चित्र माझ लिखि काढ़ा ॥१६॥

मुनिसँग त्यसरी जोरिंदाखेरि प्रभुजी सुवर्णको वृक्षसँग जोरिएको तमाल वृक्षजस्तै सुशोभित हुनुभयो ॥ १५ ॥ रामजीको वदन हेर्न खड़ा भएका ती मुनि तस्वीरका मध्यमा लेखिएका चित्र (मूर्ति) झैं निश्चल भए ॥ १६ ॥

दोहा–तब मुनि हृदय धीर धरि गहि पद बारहि बार ।
निज आश्रम प्रभु आनि करि पूजा बिबिध प्रकार ॥१४॥

अनि ती मुनिले धैर्य धारण गरेर प्रभुजीका चरणलाई वारंवार सुमसुम्याएर प्रभुजीलाई आफ्नो आश्रममा ल्याईकन अनेक प्रकारले पूजा गरे ॥ १४ ॥

चौ०–कह मुनि प्रभु सुनु बिनती मोरी ❀ अस्तुति करौं कवन बिधि तोरी ॥१॥
महिमा अमित मोरी मति थोरी ❀ रबिसनमुख खद्योत अजोरी ॥२॥

अनि मुनिले विन्ति गरे-"प्रभु ! मेरो विन्ति सुनिबक्सियोस्, हजूरको स्तुति म कसरी गरौं ?, हजूरको महिमा अनन्त छ, मेरी बुद्धि थोरै छ, सूर्यका अगाडि जूनकिरीको उज्यालो (कसरी पार्ने ?) ॥ १ ॥ २ ॥

छन्द–श्यामतामरसदामशरीरं । जटामुकुटपरिधनमुनिचीरं ।
पाणिचापशरकटितूणीरं । नौमि निरंतर श्रीरघुवीरं ॥४॥

नीलकमको मालाजस्तो श्याम शरीर भएका, जटाको मुकुट धारण गरेका, मुनिवस्त्र (वृक्षको) बोक्रा पहिरेका हातमा धनु-बाण लिएका, कटिभागमा ठोक्रो भिरेका, श्रीरघुवीरजीलाई निरन्तर नमस्कार गर्छु ॥ ४ ॥

मोहविपिनघनदहनकृशानुः । संतसरोरुहकाननभानुः ।
निशिचरकरिवरूथमृगराजः । त्रातु सदा नो भवखगबाजः ॥५॥

मोहरूपी घना जङ्गलका हकमा अग्नि (डढेलो) स्वरूप भएका, सन्तरूपी कमलवनका हकमा सूर्यस्वरूप भएका, राक्षसवर्गरूपी हात्तीका बथानमा सिंहस्वरूप भएका, संसाररूपी पक्षीका हकमा बाजस्वरूप भएका रघुनाथजी मेरो रक्षा गरून् ॥ ५ ॥

अरुणनयनराजीवसुवेशं । सीतानयनचकोरनिशेशं ।
हरहृदि मानसराजमरालं । नौमि राम उर बाहुविशालं ॥६॥

लाल कमलजस्ता नजर भएका, सीताजीका नेत्ररूपी चकोरका हकमा चन्द्रमास्वरूप भएका, शङ्करजीका हृदयरूपी मानससरोवरमा राजहंसस्वरूप भएका, छाती र बाहु विशाल भएका, श्रीरामजीलाई नमस्कार गर्दछु ॥ ६ ॥

संशयसर्पग्रसनउरगादः । शमनसुकर्कशतर्कविषादः ।
भयभंजनरंजनजनयूथः । त्रातु सदा नो कृपावरूथः ॥७॥

सन्देहरूपी सर्पको ग्रास गर्नामा गरुडस्वरूप भएका, कठोर (नरकदायक) भएका कुतर्कको र विषाद (खेद) को शमन गर्ने, संसारको भञ्जन (निवृत्ति) गर्ने, जनताहरूको रञ्जन (आनन्द) गर्ने, कृपाका समूहस्वरूप भएका रामजी सदासर्वदा मेरो रक्षा गरून् ॥ ७ ॥

निर्गुणसगुणविषमसमरूपं । ज्ञानगिरागोतीतमरूपं ।
अमलमखिलमनवद्यमपारं । नौमि राम भंजनमहिभारं ॥८॥

निर्गुण पनि सगुण पनि रहेका, विषम (भिन्न दृष्टि) र सम (समदृष्टि) पनि भएका, ज्ञान वाणी इन्द्रियका अगोचर (अग्राह्य) भएका, रूपरहित भएका, निर्मल सर्वस्वरूप निर्दोष अपार भएका, पृथ्वीभारहरण गर्ने रामजीलाई नमस्कार गर्दछु ॥ ८ ॥

भक्तकल्पपादपआरामः । तर्जनक्रोधलोभमदकामः ।
अतिनारदभवसागरसेतुः । त्रातु सदा दिनकरकुलकेतुः ॥९॥

भक्तजनका हकमा कल्पवृक्षै कल्पवृक्षका बगैंचास्वरूप भएका, क्रोध, लोभ, मद, काम यिनका समूहलाई हटाउने, अत्यन्त चतुर, संसारसागरका सेतु (पुल) स्वरूप भएका, सूर्यकुलका केतु (झण्डा) स्वरूप भएका रामजी मेरो रक्षा गरून् ॥ ९ ॥

अतुलितभुजप्रतापबलधामः। कलिमलविपुलविभंजननामः।
धर्मवर्मनर्मदगुनग्रामः । संतत शं तनोतु मम रामः ॥१०॥

भुजदण्डको प्रताप अतुल (उपमारहित) भएका, बलका महलस्वरूप अनेक कलिमल (पाप) को नाश गर्ने नाम भएका, धर्मका कवच (रक्षक) भएका, कल्याणकारी गुणगण भएका, रामजी सदासर्वदा मेरो कल्याण गरून् ॥ १० ॥

जदपि बिरज ब्यापक अबिनासी। सब के हृदय निरंतर बासी।
तदपि अनुज श्री सहित खरारी। बसतु मनसि मम काननचारी॥११॥

भगवान् ! राम ! यद्यपि हजूर मायारहित व्यापक अविनाशी र सबै प्राणीका हृदयका निरन्तर निवासी होइबक्सिन्छ, तथापि भाई (लक्ष्मण) र महालक्ष्मी सीताजीले सहित भएका जङ्गल जङ्गल चहार्ने लागिरहेका यही रामरूपले मेरा मनमा राजहोस् ॥ ११ ॥

जे जानहिं ते जानहु स्वामी। सगुन अगुन उर अंतरजामी।
जो कोसलपति राजिवनयना। करौ सो रामु हृदय मम अयना॥१२॥

हजूरलाई सगुण निर्गुण हृदयान्तर्यामी भनेर जो जान्दछन् ती जानून् (त्यस पक्षमा म छैन) हे राम ! जो कमलदलजस्ता नयन भएका अयोध्याधीश हजूर होइबक्सिन्छ, उनै दशरथनन्दन हजूर मेरा हृदयलाई आफ्नो निवासस्थान बनाइबक्सियोस् (यति भए म अनुगृहीत हुन्छु)॥ १२ ॥

सोरठा–माया बस जग जीव रहहिं बिबस संतत मगन।
तिमि लागहु मोहिं प्रीय करुनाकर सुंदर सुखद ॥७॥

हे करुणानिधान ! हे सुन्दर ! हे सुखद ! जसरी मायाका वश रहेका जीवहरू विवश भएर (लाचारीका साथ = नाकका चालले) यो जगत्मा निरन्तर मग्न (डुबेका) छन् (र तिनलाई त्यही जगत् प्यारो लाग्दछ) त्यसै गरी मलाई हजूर प्यारो लाग्नुहोस् (संसारी जीवले संसारलाई प्यारो मानेझैं मैले हजूरलाई प्यारो मान्न पाऊँ) ॥ ७ ॥

चौ०–अस अभिमान जाइ जनि भोरें ❀ मैं सेवक रघुपति पति मोरें ॥१॥
राम भगति तजि चह कल्याना ❀ सो नर अधम सृगाल समाना ॥२॥

"म सेवक हुँ, मेरा पति (मालिक) रघुपति होइबक्सिन्छ" यस्ता प्रकारको अभिमान भोर परेर पनि नछुटोस् , ॥ १ ॥ जो मानिस रामभक्तिलाई छाडेर कल्याण चाहन्छ, त्यो नराधम शृगालसमान हो" ॥ २ ॥

सुनि मुनिबचन राममन भाए ❀ बहुरि हरषि मुनिबर उर लाए ॥३॥
परम प्रसन्न जानु मुनि मोही ❀ जो बर मागहु देउँ सो तोही ॥४॥

मुनिका वचन सुनेर रामजीका मनलाई ती वचन प्रिय लागे। फेरि उहाँले हर्षित भएर मुनिलाई हृदयमा लगाउनुभयो ॥ ३ ॥ अनि उहाँले "हे मुने ! मलाई परम प्रसन्न जान, जे वर माग्दछौ त्यही वर दिन्छु" (यस्तो आज्ञा गर्नुभयो) ॥ ४ ॥

मुनि कह मैं बर कबहुँ न जाचा ❀ समुझि न परै झूठ का साचा ॥५॥
तुम्हहि नीक लागै रघुराई ❀ सो मोहि देहु दास सुखदाई ॥६॥

मुनि (सुतीक्ष्ण) ले "प्रभु ! मैले वर कहिल्यै मागेको छैन, कुन कुरा झूटो हो ? कुन कुरा सत्य हो ? यही कुरा समुझमा आएको छैन (बुझेको छैन) ॥ ५ ॥ हे सेवक-सुखदाता ! हे रघुनाथ ! हजूरैलाई जो ठीक लाग्दछ, त्यही वर मलाई बक्सनुहोस्" भनी विन्ति गरे ॥ ६ ॥

अबिरल भगति बिरत बिज्ञाना ❀ होहु सकल गुन ज्ञान निधाना ॥७॥
प्रभु जो दीन्ह सो बरु मैं पावा ❀ अब सो देहु मोहि जो भावा ॥८॥

(रामजीले आज्ञा गर्नुभयो) "हे मुने ! तिमी, पूर्ण भक्तिमान् निरवच्छिन्न वैराग्यवान्, ज्ञानवान् विज्ञानवान् सकल गुणनिधान भए" ॥ ७ ॥ (मुनिले विन्ति गरे) "प्रभु ! हजूरले जो वर बक्सनुभयो त्यो मैले पाएँ, अब मलाई जे मनपरेको छ, त्यो वर बक्सनुहोस् ॥ ८ ॥

दोहा–अनुज जानकी सहित प्रभु चाप बान धर राम ।
मम हिय गगन इंदु इव बसहु सदा येह काम ॥१५॥

"हे प्रभु ! निष्काम भएका मेरा हृदयमा धनुर्बाणधारी सीता र लक्ष्मणजीसहित भएका हजूर आकाशमा चन्द्रमाझैं निरन्तर रहनुहोस्" ॥ १५ ॥

चौ०–एवमस्तु कहि रमानिवासा ❀ हरषि चले कुंभज रिषि पासा ॥१॥
मुनि प्रनाम करि कह कर जोरी ❀ सुनहु नाथ कछु बिनती मोरी ॥२॥

लक्ष्मीनिवास भगवान् "एवम्-अस्तु" (तथास्तु) भनेर अगस्त्य मुनिका समीप जान लाग्नुभयो ॥ १ ॥ सुतीक्ष्ण मुनिले हात जोरेर प्रणाम गरीकन विन्ति गरे, "हे नाथ ! मेरो केही विन्ति सुनिबक्सियोस् ॥ २ ॥

बहुत दिवस गुरदरसनु पाएँ ❀ भए मोहि येहि आश्रम आएँ ॥३॥
अब प्रभु संग जाउँ गुर पाहीं ❀ तुम्ह कहुँ नाथ निहोरा नाहीं ॥४॥

"गुरुको दर्शन पाएर म यो आश्रममा आएको धेरै दिन भए ॥ ३ ॥ हे प्रभु ! अब हजूरका साथैमा गुरुका समीप जान पाऊँ, यसमा हजूरलाई केही असजिलो पर्दैन ॥ ४ ॥

चले जात मग तव पदकंजा ❀ देखिहौं जो बिराध मद गंजा ॥५॥
देखि कृपानिधि मुनिचतुराई ❀ लिए संग बिहसे द्वौ भाई ॥६॥

जुन पाउले विराधका घमण्डलाई तोडेको हो "बाटामा हिंड्दाखेरि तिनै पाउ हेद

हिंडौंला" ॥ ५ ॥ कृपानिधान रामजी मुनिको बठ्याइँ देखेर दुवै भाई हाँस्नुभयो, तिनलाई साथ लिनुभयो ॥ ६ ॥

पंथ कहत निज भगति अनूपा ❀ मुनि आश्रम पहुँचे सुरभूपा ॥७॥
आश्रम देखि महा सुचि सुंदर ❀ सरित सरोबर हरषित भूधर ॥८॥
बनचर जलचर जीव जहीं ते ❀ बैर न करहिं प्रीति सबहीं ते ॥९॥

बाटामा आफ्ना अतुल प्रभाववती भक्तिको वर्णन गर्दै देवदेव रामजी अगस्त्यका आश्रममा पुग्नुभयो ॥ ७ ॥ उहाँले नदी तलाउ पर्वतले सुशोभित भएको राम्रो ठूलो आश्रम देख्नुभयो र हर्ष मान्नुभयो ॥ ८ ॥ त्यहाँ जलचर स्थलचर जति जीव-जन्तु थिए, ती सबै वैरभाव गर्दैनथे, सबै परस्पर प्रीति गर्दथे ॥ ९ ॥

दोहा–तरुबर बिबिध बिहंगमय बोलत बिबिध प्रकार ।
बसहिं सिद्ध मुनि तप करहिं महिमा गुन आगार ॥१६॥

अनेक प्रकारले बोल्ने पक्षिगणले जताततै भरिएका जात जातका असल वृक्ष थिए । महिमा (महत्त्व = प्रभाव) र गुणका भवनस्वरूप भएका सिद्ध मुनिहरू बसिरहेका, तप गरिरहेका थिए ॥ १६ ॥

चौ०–तुरत सुतीक्षन गुर पहि गएऊ ❀ करि दंडवत कहत अस भएऊ ॥१॥
नाथ कोसलाधीसकुमारा ❀ आए मिलन जगत आधारा ॥२॥
राम अनुज समेत बैदेही ❀ निसि दिनु देव जपत हहु जेही ॥३॥

सुतीक्ष्ण मुनि तुरन्तै गुरु (अगस्त्य) का समीप गएर दण्डवत् गरीकन बोले, "हे नाथ ! जगत्का आधार भएका अयोध्याधिराज दशरथका कुमार भेट्न पाल्नुभएको छ । हे नाथ ! रातदिन जुन इष्टदेवलाई जपिरहनुभएको छ, उनै रामजी सीताजी र लक्ष्मणजीसहित हुनुहुन्छ" ॥ १ ॥ २ ॥ ३ ॥

[अगस्त्यमुनिदर्शन]

सुनत अगस्ति तुरत उठि धाए ❀ हरि बिलोकि लोचन जल छाए ॥४॥
मुनिपद कमल परे द्वौ भाई ❀ रिषि अति प्रीति लिए उर लाई ॥५॥

यो वचन सुन्नाका साथ तुरन्तै उठेर अगस्त्यमुनि दौडे, भगवान्लाई देख्ता उनका नेत्रमा जल भरियो ॥ ४ ॥ दुवै भाई अगस्त्यमुनिका पाउमा पर्नुभयो, उनले अति प्रेमका साथ उहाँहरूलाई हृदयमा लगाए ॥ ५ ॥

सादर कुसल पूछि मुनि ग्यानी ❀ आसन बर बैठारे आनी ॥६॥
पुनि करि बहु प्रकार प्रभुपूजा ❀ मोहि सम भाग्यवंत नहि दूजा ॥७॥
जहँ लगि रहे अपर मुनिबृंदा ❀ हरषे सब बिलोकि सुखकंदा ॥८॥

ज्ञानी ती मुनिले कुशलप्रश्न गरेर आफैंले आसन ल्याईकन प्रभुजीलाई राज गराए ॥ ६ ॥ अनि अनेक प्रकारले उहाँका चरणको पूजा गरेर "मबराबरको भाग्यवान् दोस्रो छैन" भने ॥ ७ ॥ त्यो आश्रममा जतिसम्म मुनिवर्ग थिए, ती सबै सुखका मूलकारण रामजीलाई देखेर हर्षित भए ॥ ८ ॥

दोहा–मुनिसमूह महँ बैठे सन्मुख सब की ओर ।
सरद इंदु तन चितवत मानहु निकर चकोर ॥१७॥

रामचन्द्रजी सबैको सन्मुख भएर मुनिसमूहमा राज भयो । चकोरपक्षीको समूह शरत्कालका चन्द्रमाका तर्फ हेर्न लागेको हो कि ? (भन्ने भान पर्ने गरी) मुनिसमूह रामचन्द्रजीको मुहारलाई एकटक भई हेर्न लाग्यो ॥ १७ ॥

चौ०–पाइ सुथल जल हरषित मीना ❀ पारसु पाइ सुखी जिमि दीना ॥१॥
प्रभुहि निरखि सुख भा एहि भाँती ❀ चातक जिमि पाए जल स्वाँती ॥२॥

जसरी असलै स्थलमा (जिनतिन) रहेको माछा जल पाउँदा हर्षित हुन्छ, जसरी दीनदुःखी प्राणी पारस पाउँदा सुखी हुन्छ, जसरी स्वातिनक्षत्रका मेघको जल पाउँदा चातक प्रसन्न हुन्छ, त्यसै गरी प्रभुजीलाई देख्ता मुनिसमूह आनन्दित भयो ॥ १ ॥ २ ॥

तब रघुबीर कहा मुनि पाहीं ❀ तुम्ह सन प्रभु दुराव कछु नाहीं ॥३॥
तुम्ह जानहु जेहि कारन आएउँ ❀ तातें तात न कहि समुझाएउँ ॥४॥

अनि रघुवीरले अगस्त्य मुनिका समीपमा निवेदन गर्नुभयो "मुनीश्वर ! प्रभु ! तपाईंमा कुनै कुरो छिपेको छैन ॥ ३ ॥ जुन कारणले आएको हुँ, तपाईं जान्नुहुन्छ, हे तात ! त्यसै कारणले मैले खुलासा गरेर बताइनँ ॥ ४ ॥

अब सो मंत्र देहु प्रभु मोही ❀ जेहि प्रकार मारौं मुनिद्रोही ॥५॥
निसिचर अब न बचहिं मुनिराई ❀ जिमि पंकजबन हिम रितु आई ॥६॥

हे प्रभु ! अब मलाई त्यही सल्लाह दिनुहोस् , जुन प्रकारले म मुनिद्रोही राक्षसहरूलाई मार्न पाऊँ ॥ ५ ॥ हे मुनिराज ! जसरी हेमन्तऋतु आएपछि कमल बाँच्तैनन् , त्यसै गरी अब (म आएपछि) राक्षस बाँच्नेछैनन् ॥ ६ ॥

मुनि मुसुकाने सुनि प्रभुबानी ❀ पूछेहु नाथ मोहि का जानी ॥७॥
तुम्हरेइ भजन प्रभाव अघारी ❀ जानौं महिमा कछुक तुम्हारी ॥८॥

अगस्त्य मुनि प्रभुजीको वचन सुनेर हाँसे, (अनि विन्ति गर्न लागे) प्रभु ! मलाई के जानिबक्सियो र यसरी सोधिबक्सिन्छ ?। हे पापशत्रो ! हजूरैका भक्तिका प्रभावले हजूरको महिमा अलिकति जान्दछु ॥ ७ ॥ ८ ॥

अति कराल सब पर जगु जाना ❀ औरो कहा सुनिअ भगवाना ॥९॥
ऊमरितरु बिसाल तव माया ❀ फल ब्रह्मांड अनेक निकाया ॥१०॥

हे भगवन् ! हजूरकी माया सबैका उपर अति भयदायिनी छ, और मैले विन्ति गरेको सुनिबक्सियोस् ॥ ९ ॥ हजूरकी माया डुम्रीको ठूलो वृक्ष हो, अनेक तरहका ब्रह्माण्ड त्यसका फल हुन् ॥ १० ॥

जीव चराचर जंतु समाना ❀ भीतर बसहिं न जानहिं आना ॥११॥
ते फलभक्षक कठिन कराला ❀ तव भय डरत सदा सोउ काला ॥१२॥

चराचर जीव त्यो फलका जन्तु (भुसुना) हुन्, भित्र रहेका छन्, तिनीहरू अरूलाई जान्दैनन् ॥ ११ ॥ त्यो डुम्रीको फललाई (काप्प काप्प) खाने काल हो, त्यो काल पनि हजूरका भयले सधैं डराइरहन्छ ॥ १२ ॥

ते तुम्ह सकल लोकपति साईं ❀ पूछेहुँ मोहि मनुज की नाईं ॥१३॥
येह बर मागौं कृपानिकेता ❀ बसहु हृदय श्री अनुज समेता ॥१४॥

हे स्वामी ! त्यस्ता सकल लोकपति भएका हजूरले मामूली मनुष्यजस्तो भएर मलाई सोध्नुभयो ॥ १३ ॥ हे कृपानिधान ! मेरा हृदयमा सीता लक्ष्मणसहित सदा राज होइबक्सियोस् म यही वर माग्दछु ॥ १४ ॥

अविरल भगति बिरति सतसंगा ❀ चरन सरोरुह प्रीति अभंगा ॥१५॥
जद्यपि ब्रह्म अखंड अनंता ❀ अनुभवगम्य भजहिं जेहि संता ॥१६॥

मलाई अखण्ड भक्ति, वैराग्य, सत्सङ्ग, हजूरका चरणमा अखण्ड प्रेम बक्सनुहोस् ॥ १५ ॥ यद्यपि हजूर अखण्ड अनन्त ब्रह्मरूप होइबक्सिन्छ, सन्त (ब्रह्मनिष्ठ) हरू जुन स्वरूपको भजन गर्दछन् त्यो (निर्गुण) स्वरूप अनुभवगम्य (अनुभव गर्दा थाहा पाइने वचनको अगोचर) छ, ॥ १६ ॥

अस तव रूप बखानौं जानौं ❀ फिरि फिरि सगुन ब्रह्म रति मानौं ॥१७॥
संतत दासन्ह देहु बड़ाई ❀ तातें मोहि पूछेहु रघुराई ॥१८॥

हजूरको यस्तो (निर्गुण) रूप म वर्णन पनि गर्दछु (अरूलाई उपदेश गर्दछु) आफू पनि जान्दछु, तर (निर्गुणरूपबाट) फर्की फर्कीकन सगुण ब्रह्ममा आनन्द मान्दछु ॥ १७ ॥ हे रघुनाथ ! हर हमेशा सेवकहरूलाई प्रतिष्ठा बक्सिन्छ, त्यसैले मसँग सोधिबक्सनुभएको हो ॥ १८ ॥

है प्रभु परम मनोहर ठाऊँ ❀ पावन पंचबटी तेहि नाऊँ ॥१९॥
गोदावरि पुनीत तहँ बहई ❀ चारिहु जुग प्रसिद्ध सो अहई ॥२०॥

अत्यन्त रमणीय भएको एउटा पवित्र स्थान छ, त्यसको नाम [१]पञ्चबटी हो ॥ १९ ॥

---

(१) कुनै बखतमा जनस्थानमा (पञ्चवटीमा) अनिकाल पर्‍यो र मुनिहरू प्राण बचाउनालाई महाप्रभाव गौतम मुनिका शरण पर्न गए। उनले आफ्ना तपोबलका प्रभावले सब मुनिवर्गलाई पालन-पोषण गरेर आफ्ना आश्रममा राखे। दुर्भिक्ष (अनिकाल) हटेपछि मुनिवर्गलाई पञ्चवटी जान मनसुबा लाग्यो, तर धेरै कालसम्म पालनपोषण गर्ने गौतम मुनिको संकोच मानेर तिनीहरूले अब जान्छौं भनेर बोल्न सकेनन्,

त्यहाँ पवित्र गोदावरी नदी बगिरहेकी छन्, ती नदी चारै युगमा प्रसिद्ध छन् (सनातनी हुन्) ॥ २० ॥

दंडक बन पुनीत प्रभु करहू ❀ उग्र श्राप मुनिबर कै हरहू ॥२१॥
बास करहु तहँ रघुकुलराया ❀ कीजे सकल मुनिन्ह पर दाया ॥२२॥

हे प्रभु ! दण्डकारण्यलाई पवित्र पारिबक्सियोस्, मुनीश्वरको उग्र शाप (सराप) लाई हटाइबक्सनुहोस् ॥ २१ ॥ हे रघुराज ! त्यहीं निवास गरिबक्सियोस् र सकल मुनिहरूका उपर दया गरिबक्सनुहोस् ॥ २२ ॥

[दण्डकारण्य (पञ्चवटी) प्रवेश]

चले राम मुनि आएसु पाई ❀ तुरतहि पंचबटी नियराई ॥२३॥
दिव्य लता द्रुम प्रभु मन भाए ❀ निरखि राम तेउ भए सुहाए ॥२४॥
लखन राम सिय चरन निहारी ❀ कानन अघ गा भा सुखकारी ॥२५॥

रामजी मुनिका आज्ञा पाएर हिंडिहाल्नुभयो, तुरन्तै पञ्चवटीका समीप पुग्नुभयो ॥ २३ ॥ सुन्दर लता-वृक्ष प्रभुजीका मनलाई प्रिय लागे तिनीहरू पनि रामजीको दर्शन पाएपछि सुन्दर भए ॥ २४ ॥ लक्ष्मण सीतासहित रामजीका चरणको दर्शन गर्दा दण्डकारण्यको पाप नष्ट भयो, त्यो जंगल सुखदायी भयो ॥ २५ ॥

दोहा–गीधराज सैं भेट भै बहु बिधि प्रीति दृढ़ाइ ।
गोदावरी निकट प्रभु रहे परनगृह छाइ ॥१८॥

त्यहाँ गृध्रराज जटायुसँग भेट भयो, प्रभुजीले तिनसँग प्रेमको दृढता गर्नुभयो अनि गोदावरीका नगीचमा पर्णशाला (पत्रकुटी) बनाएर प्रभुजी रहन लाग्नुभयो ॥ १८ ॥

पछि स्वार्थी भएका ती मुनीहरूले कपट गरेर मायाले एउटी गाई बनाईकन गौतम मुनिका धान्यालय (अन्न राखेको घर) मा हुलिदिए, गौतमजीले हटाउनलाई हातले छुनेबित्तिकै ती गाई ढलेर मरिन् । मुनिवर्गहरू गौतमजीलाई गोहत्याको दोष लगाएर आफ्ना पुरानो निवास पञ्चवटीतर्फ गए । गौतमजीले त्यो छल पछिबाट थाहा पाएर "जुन स्थानका लोभले मुनिहरूले यो छल गरेको हो, त्यो स्थान (जनस्थान) अब उप्रान्त (रामचन्द्रजीका चरणको स्पर्श नपाउञ्ज्याल) अपवित्र अशुभ राक्षसहरूको निवास होइजाओस्" यस्तो सराप दिएका थिए ।

"भोजवंशीय दाण्डक्यनामक राजा शिकारका निमित्त बन्धुवर्ग र सैन्यले सहित भैकन जङ्गल गएका थिए । तिनले भार्गव मुनिकी यौवनवती सुन्दरी कन्यालाई भार्गवाश्रममा देखे । कामविवश भएर जबर्दस्तीका साथ हुल मच्चाएर ती कन्यालाई रथमा राखीकन आफ्ना राज्यतर्फ रवाना भए । समिधा, कुश, फल-फूल लिन गएका भार्गव ऋषिले आश्रममा आएपछि सबै वृत्तान्त थाहा पाएर "यो अत्याचार गर्ने राजा र त्यसका सहायवर्ग र राष्ट्रसमेत तुरन्त नष्ट होइजाओस्" यस्तो सराप दिए । अकस्मात् भयानक तातो धूलो वर्षन लाग्यो, सपरिवार राजा दाण्डक्य त्यसैले मरे, तिनको राज्य प्रचण्ड धूलिवृष्टिले नष्ट भयो । तिनको त्यो नष्ट भएको राज्य कालले दण्डकारण्य नामले प्रख्यात भयो, त्यहाँ राक्षसहरूका समूह रहन लागे" यस्तो वृत्तान्त पनि यत्र-तत्र लेखिएको छ ।

चौ०-जब तें राम कीन्ह तहँ बासा ❀ सुखी भए मुनि बीति त्रासा ॥१॥
गिरि बन नदी ताल छबि छाए ❀ दिन दिन प्रति अति होहिं सुहाए ॥२॥

जैलेदेखि रामजीले त्यहाँ निवास गर्नुभयो, त्यहाँउप्रान्त मुनिहरू सुखी भए, त्रास (डर) हट्यो ॥ १ ॥ दिनदिनप्रति पर्वत, वन, नदी, तालहरू शोभापूर्ण भएर अति सुन्दर हुन लागे ॥ २ ॥

खग मृग बृंद अनंदित रहहीं ❀ मधुप मधुर गुंजत छबि लहहीं ॥३॥
सो बन बरनि न सक अहिराजा ❀ जहाँ प्रगट रघुबीर बिराजा ॥४॥

पक्षी र मृगका बथान आनन्दित रहन्थे, भ्रमरहरू मधुर गुञ्जन गर्दा शोभा पाउँदथे ॥ ३ ॥ जहाँ रघुनाथजी विराजमान हुनुहुन्थ्यो, त्यो वनको वर्णन गर्न शेषनाग पनि सक्तैनथे ॥ ४ ॥

एक बार प्रभु सुख आसीना ❀ लछिमन बचन कहे छलहीना ॥५॥
सुर नर मुनि सचराचर साईं ❀ मैं पूछौं निज प्रभु की नाईं ॥६॥

एक समयमा प्रभुजी आनन्दसँग राज भएको थियो, लक्ष्मणजीले निष्कपट वचन बोल्नुभयो ॥ ५ ॥ हे देवता, मनुष्य, मुनि आदि गरेका चराचर जगत्का स्वामी ! म आफ्ना प्रभुसँग जस्तै हजूरसँग सोद्धछु ॥ ६ ॥

[रामलक्ष्मणसंवाद]

मोहि समुझाइ कहहु सो देवा ❀ सब तजि करौं चरनरज सेवा ॥७॥
कहहु ज्ञान बिराग अरु माया ❀ कहहु सो भगति करहु जेहि दाया ॥८॥

हे देव ! मलाई बुझाएर त्यो उपदेश गर्नुहोस् जसमा म सब छाडेर हजूरका चरणरजको (पाउका धूलाको) सेवा गर्न पाउँ ॥ ७॥ ज्ञान वैराग्य र मायाको उपदेश गर्नुहोस् , जसबाट हजूर दया गरिबक्सिन्छ, त्यो भक्तिको पनि उपदेश गर्नुहोस् ॥ ८ ॥

दोहा-ईस्वर जीवहि भेद प्रभु सकल कहहु समुझाइ ।
जातें होइ चरनरति सोक मोह भ्रम जाइ ॥१९॥

ईश्वर र जीवको भेद (भरक) सबै संझाएर आज्ञा होस् , जसमा हजूरका चरणमा प्रेम लागोस् , शोक मोह-भ्रम नष्ट होऊन् ॥ १९ ॥

चौ०-थोरेंहि महु सब कहउँ बुझाई ❀ सुनहु तात मति मन चितु लाई ॥१॥
मैं अरु मोर तोर तैं माया ❀ जेहि बस कीन्हे जीवनिकाया ॥२॥

(रामजीले आज्ञा भयो) बाबु ! लक्ष्मण ! संक्षेपमा भन्दछु, बुद्धि, मन, चित्त लगाएर सुन ॥ १ ॥ जसले सारा जीवलाई वश गरेको छ त्यो माया भनेको चीज 'म, मेरो, तँ, तेरो' यही हो ॥ २ ॥

गो गोचर जहँ लगि मन जाई ❀ सो सब माया जानेहु भाई ॥३॥
तेहि कर भेद सुनहु तुम्ह सोऊ ❀ बिद्या अपर अबिद्या दोऊ ॥४॥

इन्द्रियका गोचर भएका पदार्थ र जहाँसम्म मन जान्छ ती पदार्थ (मनोगोचर पदार्थ) जति छन् ती सबै मायास्वरूप हुन्, हे भाई ! यो कुरा तिमी जान ॥ ३ ॥ त्यो माया का ती भेद पनि तिमी सुन, एउटा विद्या, दोस्रो अविद्या (यी २ मायाका भेद (प्रकार) हुन्) ॥ ४ ॥

एक दुष्ट अतिसय दुख रूपा ❀ जा बस जीव परा भव कूपा ॥५॥
एक रचै जग गुन बस जाकें ❀ प्रभुप्रेरित नहि निज बल ताकें ॥६॥

एउटा मायाको भेद (अविद्या) अत्यन्त दुखरूप छ, जसका वशमा पर्नाले जीव संसाररूपी कुवामा गिरेको छ ॥ ५ ॥ अर्को चाहिने मायाको भेद (विद्या) यो संसारको रचना गर्दछ, त्यसका वशमा सत्व, रज, तम यी तीन गुण रहन्छन् त्यो विद्या प्रभुका प्रेरणाले चल्दछे, त्यसको खास आफ्नो सामर्थ्य छैन ॥ ६ ॥

ज्ञान मान जहँ एकौ नाहीं ❀ देख ब्रह्म समान सब माहीं ॥७॥
कहिअ तात सो परम बिरागी ❀ तृन सम सिद्धि तीनि गुन त्यागी ॥८॥

जसमा ज्ञानको अभिमान बिलकुल रहँदैन, जो सबैमा समानरूपले ब्रह्मदृष्टि गर्दछ (सबैमा ब्रह्म देख्तछ) बाबु ! लक्ष्मण ! त्यसैलाई सच्चा वैरागी भन्नुपर्दछ । त्यसले ऋद्धि, सिद्धि, तीन गुण सबै छोडेको हुन्छ ॥ ७ ॥ ८ ॥

दोहा–माया ईस न आपु कहुँ जान कहिअ सो जीव ।
बंध मोक्ष प्रद सबपर मायाप्रेरक सीव ॥२०॥

जो आफूलाई मायाको ईश (मालिक) हुँ भनी जान्दैन जीव भनेको त्यही हो, मायालाई अह्राउने, बन्ध मोक्ष दिने सबै प्रपञ्चदेखि फरक रहेको जो वस्तु हो, कल्याणरूप ब्रह्म त्यही हो ॥ २० ॥

चौ०–धर्म तें बिरति जोग तें ज्ञाना ❀ ज्ञान मोक्षप्रद बेद बखाना ॥१॥
जा तें बेगि द्रवउँ मैं भाई ❀ सो मम भगति भगत सुखदाई ॥२॥

धर्मबाट वैराग्य, वैराग्यबाट योग, योगबाट ज्ञान, ज्ञानबाट मोक्ष हुन्छ भनी वेदले निर्णय गरेको छ ॥ १ ॥ म जसबाट चाँडो प्रसन्न हुन्छु, त्यो उपाय मेरो भक्ति नै हो भाई ! त्यो भक्ति भक्तसुखदायिनी छ ॥ २ ॥

सो सुतंत्र अवलंब न आना ❀ तेहि आधीन ज्ञान बिज्ञाना ॥३॥
भगति तात अनुपम सुखमूला ❀ मिलइ जो संत होहिं अनुकूला ॥४॥

त्यो भक्ति स्वतन्त्र छ, त्यसलाई अर्को अवलम्ब (आड) चाहिँदैन, ज्ञान (शब्दज्ञान), विज्ञान (निरुपाधिज्ञान) यी दुवै भक्तिका अधीन छन् (भक्तिमानले ज्ञान विज्ञान दुवै पाउँछ)

॥ ३ ॥ बाबु ! यदि सन्तसाधुहरू अनुकूल भएभने (सन्तसाधुले मेहरवानी गरेभने) त्यो सुखको मूलकारण भएकी अनुपम भक्ति पाइन्छे ॥ ४ ॥

भगति कि साधन कहौं बखानी ❀ सुगम पंथ मोहि पावहिं प्रानी ॥५॥
प्रथमहि बिप्रचरन अति प्रीती ❀ निज निज धर्म निरत श्रुतिरीती ॥६॥

जुन भक्तिरूप सुगम मार्गले प्राणीहरू मलाई पाउँछन् त्यो भक्तिका साधन विस्तारपूर्वक बताउँछु ॥ ५ ॥ पहिला साधन ब्राह्मणचरणमा दृढ़ प्रेम हो, दोस्रो साधन वेदले बताएबमेजिम आफ्ना आफ्ना धर्ममा श्रद्धापूर्वक प्रवृत्ति हो ॥ ६ ॥

एहि कर फल पुनि बिषयबिरागा ❀ तब मम धर्म उपज अनुरागा ॥७॥
श्रवनादिक नव भगति दृढ़ाहीं ❀ मम लीला रति अति मन माहीं ॥८॥

यी दुई साधनको फल विषयवैराग्य हो, अनि पो मेरा धर्ममा प्रेम पैदा हुन्छ ॥ ७ ॥ (त्यति भएपछि) [1]श्रवण कीर्तन आदि गरेका ९ उपायले त्यो प्रेमभक्ति बढ्दछे (बलिष्ठ हुन्छे), (त्यति भएपछि) मेरा लीलामा अत्यन्त प्रीति लाग्दछ ॥ ८ ॥

संत चरन पंकज अति प्रेमा ❀ मन क्रम बचन भजन दृढ़ नेमा ॥९॥
गुरु पितु मातु बंधु पति देवा ❀ सब मोहि कहँ जानै दृढ़ सेवा ॥१०॥
मम गुन गावत पुलक शरीरा ❀ गदगद गिरा नयन बन नीरा ॥११॥
काम आदि मद दंभ न जाकें ❀ तात निरंतर बस मैं ताकें ॥१२॥

जसको साधु सन्तका चरणकमलमा अत्यन्त प्रेम होस्, भजनमा मनसा कर्मणा वाचा दृढ नियम रहोस्, मलाई नै गुरु, पिता, माता, बान्धव, पति, देवता सबै जानेर मेरो सेवा दृढ रहोस् ॥ ९ ॥ १० ॥ मेरा गुणको गान गर्दा शरीर रोमाञ्चित होस्, वचन गद्गद होस्, नजरबाट जल (अश्रु) वगोस्, काम, क्रोध, दम्भ इत्यादि नरहून् , बाबु ! लक्ष्मण ! म त्यसैका वशमा रहन्छु ॥ ११ ॥ १२ ॥ (क)

---

(१) भगवन्नामश्रवण १, भगवन्नामकीर्तन २. भगवद्रूपचिन्तन ३, भगवच्चरणसेवन ४, भगवच्चरणपूजन ५, भगवद्वन्दन ६, भगवद्दासभाव ७, भगवत्सख्यभाव ८, आत्मार्पण ९, यी ९ उपाय प्रेमभक्तिलाई वढाउँछन् ।

(क) यस्ता प्रकारका लक्षणले परिपूर्ण भएका भक्तका हृदयमा भगवान्‌को निरन्तर वास रहन्छ । जसको चित्त चैतन्य सुखसागर परमात्मामा लीन भएको छ, त्यसको कुलै पवित्र हुन्छ, त्यसकी जननी (आमा) सच्ची जननी हुन आउँछे, त्यसका संबन्धले भगवती धर्तीमाता पवित्र हुन्छिन् ।

कुलं पवित्रं जननी कृतार्था वसुन्धरा पुण्यवती च तेन ।
अपारसंवित्सुखसागरेऽस्मिन् लीनं परे ब्रह्मणि यस्य चेतः ॥

त्यस्ता सद्भक्तहरूले गर्दा तीर्थहरू तीर्थ (पवित्र) हुन आएका हुन्, तिनैले गर्दा कर्महरू सत्कर्म कहलाएका हुन् । तिनैले गर्दा शास्त्रहरू सच्छास्त्र कहलाएका हुन् ।

तीर्थीभवन्ति तीर्थानि, सुकर्मीभवन्ति कर्माणि, सच्छास्त्रीभवन्ति शास्त्राणि, [नारदभक्तिसूत्र]

दोहा–वचन कर्म मन मोरि गति भजनु करहिं निष्काम ।
तिन्ह के हृदय कमल महु करौं सदा बिश्राम ॥२१॥

मनसा कर्मणा वाचा मेरै आधारमा जो रहन्छन्, जो निष्काम भईकन मेरो भजन गर्दछन्, तिनका हृदयकमलमा म सदासर्वदा विश्राम गर्दछु ॥ २१ ॥

चौ०–भगतिजोग सुनि अति सुख पावा ❀ लछिमन प्रभुचरनन्हि सिरु नावा ॥१॥
नाथ सुने गत मम संदेहा ❀ भयेउ ज्ञान उपजेउ नव नेहा ॥२॥

यस्तो भक्तियोग सुन्दा लक्ष्मणजी अत्यन्त आनन्दित हुनुभयो, उहाँले प्रभुजीका चरणमा माथ राख्नुभयो ॥ १ ॥ (अनि विन्ति गर्नुभयो) हे नाथ ! यो उपदेश सुन्नाले मेरो सन्देह नष्ट भयो, नयाँ प्रेम उब्ज्यो ॥ २ ॥

अनुजबचन सुनि प्रभु मन भाए ❀ हरषि राम निज हृदय लगाए ॥३॥
एहि बिधि गए कछुक दिन बीती ❀ कहत बिराग ज्ञान गुन नीती ॥४॥

प्रभुजीलाई भाईका वचन सुन्दा ती वचन प्रिय लागे, रामजीले हर्षित भएर उहाँलाई हृदयमा लगाउनुभयो ॥ ३ ॥ यस्तै प्रकारले ज्ञान गुण वैराग्य नीति इत्यादिको निरूपण गर्दा गर्दै केही दिन बितेर गए ॥ ४ ॥

[शूर्पणखादुश्चरित]

सूपनखा रावन कै बहिनी ❀ दुष्ट हृदय दारुन जसि अहिनी ॥५॥
पंचबटी सो गै एक बारा ❀ देखि बिकल भइ जुगल कुमारा ॥६॥

शूर्पणखा नाउँ भएकी रावणकी बहिनी (त्यहीं जनस्थानमा) थिई, त्यो सर्पिणीजस्तै दुष्टहृदय भएकी र भयानक थिई ॥ ५ ॥ त्यो एकदिन पञ्चवटी पुगी, दुई कुमार (राम लक्ष्मण) लाई देखेर व्याकुल भई ॥ ६ ॥

भ्राता पिता पुत्र उरगारी ❀ पुरुष मनोहर निरखत नारी ॥७॥
होइ बिकल सक मनहि न रोकी ❀ जिमि रबिमनि द्रव रबिहि बिलोकि ॥८॥

हे गरुडजी ! सुन्दर भएको पुरुष दाज्यू भाई, बाबु-छोरो जोसुकै होस् तापनि त्यसलाई देख्नाका साथ जसरी सूर्यलाई देख्नाका साथ सूर्यकान्तमणि आगो निकाल्छ त्यसै गरी स्त्रीव्यक्ति व्याकुल हुन्छे (कामज्वाला निकाल्छे) ॥ ७ ॥ ८ ॥ (क)

(क) सुरूपं पुरुषं दृष्ट्वा भ्रातरं यदि वा सुतम् ।
योनिः क्लिद्यति नारीणामामपात्रामिवाम्भसा ॥ (सुभाषित)

यं कंचिदुज्ज्वलं पुरुषं दृष्ट्वा स्त्री कामयते, तथा पुरुषोऽपि योषितम् अपेक्षया तु न प्रवर्तते । न स्त्री धर्ममधर्मं चापेक्षते''''पुरुषस्तु धर्मस्थितिमार्यसमयं चापेक्ष्य कामयमानोऽपि व्यावर्तते''। (वात्स्यायन ५।१)

दोहा–अधम निसाचरि कुटिल अति चलि करन उपहास ।
सुनु खगेस भावी प्रबल भा चह निसिचरनास ॥२२॥

त्यो अधम अति कुटिल राक्षसीले ठट्टा गर्न थाली । हे गरुडजी ! सुन्नुहोस्, भावी बलवान् छ, राक्षसहरूको नाश हुनुपर्दथ्यो, (त्यसैको पूर्वरङ्ग हुन लाग्यो) ॥ २२ ॥

चौ०–रुचिर रूप धरि प्रभु पहि जाई ❀ बोली बचन मधुर मुसुकाई ॥१॥
तुम्ह सम पुरुष न मो सम नारी ❀ येह सँजोग बिधि रचा बिचारी ॥२॥

राम्रो रूप धारण गरेर प्रभुजीका नगीचमा पुगीकन धेरै पटक मुसुक्क मुसुक्क हाँसेर वचन बोल्न लागी ॥ १ ॥ "तपाईंजस्तो पुरुष र म जस्ती स्त्री कहीं छैनन्, विधाताले विचार पुऱ्याएर यो संयोग रचेका हुन्–(दैवले हाम्रो भेट गराएको हो) ॥ २ ॥

मम अनुरूप पुरुष जग माहीं ❀ देखिउँ खोजि लोक तिहुँ नाहीं ॥३॥
ता तें अब लगि रहिउँ कुमारी ❀ मनु माना कछु तुम्हहि निहारी ॥४॥

ममाफिकको (मलायक) पुरुष संसारभरमा खोजी खोजी हेरें, तानै लोकमा (त्यस्तो पुरुष)छैन, ॥ ३ ॥ त्यसै हुनाले अझसम्म पनि कुमारी (अविवाहिता) नै रहें, तपाईंलाई देख्ता अलिअलि चित्त बुझ्यो" ॥ ४ ॥

सीतहि चितइ कही प्रभु बाता ❀ अहै कुमार मोर लघु भ्राता ॥५॥
गइ लछिमन रिपुभगिनी जानी ❀ प्रभु बिलोकि बोले मृदु बानी ॥६॥

सीताजीलाई पुलुक्क हेरेर प्रभुजीले "मभन्दा कान्छा भाई 'कुमार (अविवाहित) छन्" भन्नुभयो । त्यो उतैतिर गई, लक्ष्मणजीले त्यसलाई शत्रुकी बहिनी जान्नुभयो, प्रभुतर्फ हेरेर उहाँले मधुर वचन बोल्नुभयो ॥ ५ ॥ ६ ॥

सुंदरि सुनु मैं उन्ह कर दासा ❀ पराधीन नहि तोर सुपासा ॥७॥
प्रभु समर्थ कोसलपुर राजा ❀ जो कछु करहिं उन्हहि सब छाजा ॥८॥

हे सुन्दरी ! सुन, म ता उहाँको दास हुँ, पराधीनसंग बस्ता तिमीलाई सुबिस्ता हुनेछैन ॥ ७ ॥ उहाँ ता समर्थ र अयोध्यानगरीका राजासमेत होइबक्सिन्छ, उहाँले जे गर्नुहुन्छ उहाँलाई सबै सुहाएकै छ ॥ ८ ॥ (क)

---

(१) सत्यवादी प्रभुजीले लक्ष्मणजीलाई कुमार (अविवाहित) भन्नुभयो, लक्ष्मणजी कुमार हुनुहुन्नथ्यो, उहाँ पनि विवाहितै हुनुहुन्थ्यो । रामजीका उक्तिबाट ठाट प्रभृतिका समयमा झूठो बोल्दा दोष लाग्दैन भन्ने शास्त्रीय वचन चरितार्थ हुन्छ ।

स्त्रीषु नर्मविवाहे च वृत्त्यर्थे प्राणसंकटे ।
गोब्राह्मणार्थे हिंसायां नानृतं स्याज्जुगुप्सितम् ॥ (भाग ८।२०।४२।)

(क) "राजाहरूलाई एउटी स्त्रीले पुग्दैन, रामजीका साथमा एउटी स्त्री देखेर किन फर्क्यौ ? उहाँले तिमीलाई राख्नुहुनेछ, उतै जाऊ" यस्तो परिहास लक्ष्मणोक्तिबाट बुझिन्छ ।

दोहा–केहरि सम नहि करिवर लवा कि बाज समान ।
प्रभुसेवक इमि जानहु मानहु बचन प्रवान ॥२३॥

हात्ती ठूलै भए पनि सिंहको समान हुन सक्तैन, के लाभे-चरो बाजजस्तो हुनसक्तछ र ? स्वामी र सेवकमा पनि यस्तै (भेद) जान, मेरो सत्यवचन मान ॥ २३ ॥

चौ०–सेवक सुख चह मान भिखारी ❀ ब्यसनी धन सुभ गति बिभिचारी ॥१॥
लोभी जसु चह चार गुनानी ❀ नभ दुहि दूध चहत ए प्रानी ॥२॥

सुखको चाह (खायस) गर्ने सेवक, मानको चाह गर्ने भिखारी, धनको चाह गर्ने व्यसनी (कुलतवाला), शुभगतिको चाह गर्ने व्यभिचारी, यशको खायस गर्ने लोभी, घमंड गर्ने दूत, यी ६ जना प्राणी आकाश दुहेर दूध लिन चाहने हुन् ॥ १ ॥ २ ॥ (लक्ष्मणजीका यी वचन सुनेर)

पुनि फिरि राम निकट सो आई ❀ प्रभु लछिमन पहि बहुरि पठाई ॥३॥
लछिमन कहा तोहि सो बरई ❀ जो तृन तोरि लाज परिहरई ॥४॥

त्यो शूर्पणखा फर्केर फेरि रामजीका समीप आई, उहाँले त्यसलाई (त्यसको चित्त बुझ्ने 'कुरा गरेर) फेरि लक्ष्मणजीतर्फ पठाउनुभयो ॥ ३ ॥ लक्ष्मणजीले "जो सकस लाजलाई तृणजस्तै गरी चटक्क चुँडेर मिल्काइदेला, त्यही सकस तिमीलाई वरण गर्ला (स्त्रीरूपले ग्रहण गर्ला)" यो जवाब दिनुभयो ॥ ४ ॥

तब खिसिआनि राम पहि गई ❀ रूप भयंकर प्रगटत भई ॥५॥
बिथुरे केस रदन बिकराला ❀ भृकुटी कुटिल करन लगि गाला ॥६॥

अनि त्यो झोक्किँदै रामजीका समीप आई, त्यसले भयङ्कर (आफ्नो) रूप प्रकट गरी ॥ ५ ॥ त्यसका जगल्टा फिंजारिएका थिए, दाँत भयङ्कर थिए, आँखीभौं टेढा, गाला कानसम्म टम्म जोरिएका थिए ॥ ६ ॥

सीतहि सभय देखि रघुराई ❀ कहा अनुज सन सयन बुझाई ॥७॥
अनुज राम मन की गति जानी ❀ उठे रिसाइ तब सुनहु भवानी ॥८॥

---

(१) "सुन्दरी ! श्रीमती ! तिमीले देखिहाल्यौ, मेरो साथ कहिल्यै पनि एकछिन पनि नछाड्ने एउटी स्त्री मौजूद छ, यस्तामा सौता पर्न आयौभने तिमीले के सुख पाउली ! मलाई ता के छ र ! । तिम्रा लायक मेरा भाई छँदैछन्, उनैसँग जाउ, तिम्रो मनसुबा पूर्ण हुनेछ" इत्यादि भनेर त्यसलाई भाईतर्फ पठाउनुभयो ।

कृतदारोऽस्मि भवति ! भार्येयं दयिता मम । त्वद्विधानां तु नारीणां सुदुःखा ससपत्नता ।
अनुजस्त्वेष मे भ्राता शीलवान् प्रियदर्शनः । श्रीमानकृतदारश्च लक्ष्मणो नाम वीर्यवान् ॥
अपूर्वी भार्यया चार्थी तरुणः प्रियदर्शनः । अनुरूपश्च ते भर्ता रूपस्यास्य भविष्यति ।
एनं भज विशालाक्षि ! भर्तारं भ्रातरं मम । असपत्ना वरारोहे ! मेरुमर्कप्रभा यथा ॥
(वाल्मी० ३।१८।२)

सीताजीलाई भयभीत भएकी देखेर रघुनाथजीले भाईसँग सान (इशारा) द्वारा बुझाएर कुरा गर्नुभयो ॥ (क) ॥ हे पार्वति.! भाई लक्ष्मणजीले रामजीका मनको कुरा जान्नुभयो र झोक्किएर उठ्नुभयो ॥ ७ ॥ ८ ॥

दोहा–लछिमन अति लाघव सो नाक कान बिनु कीन्हि ।
ताके कर रावन कहुँ मनहु चुनौती दीन्हि ॥२४॥

लक्ष्मणजीले अत्यन्त फुर्तीका साथ त्यसलाई नासिकारहित, कर्णरहित (नकटी, कनकटी) पारिदिनुभयो । मानौं त्यसैका हातद्वारा रावणलाई चुनौती (चेतावनी) दीपठाउनुभयो ॥ २४ ॥

चौ०–नाक कान बिनु भइ बिकरारा ❀ जनु स्रव सैल गेरु कै धारा ॥१॥
स्यामघटा देखत घन केरी ❀ तहँ बासव धनु मनहुँ उयेरी ॥२॥

नाक र कानले रहित भएकी त्यो गेरुको धारा बगाउने पहाडजस्ती अति विकराल भई ॥ १ ॥ त्यो मेघको कालो घटा जस्ती छँदै थिई, त्यहाँ (रगतका धाराले गर्दा) मानौं इन्द्रधनु (इन्द्राणी) उदाएको हो कि ? (भन्ने भान पर्न लाग्यो) ॥ २ ॥

खर दूषन पहि गै बिलपाता ❀ धिग धिग तव बल पौरुष भ्राता ॥३॥
तेहि पूछा सब कहेसि बुझाई ❀ जातुधान सुनि सेन बनाई ॥४॥

"भाई ! तिम्रा बललाई र पौरुषलाई धिक्कार छ" भन्दै, विलाप गर्दै त्यो खर दूषणका समीप पुगी ॥ ३ ॥ त्यसले सोध्यो, अनि शूर्पणखाले बुझाएर सबै वृत्तान्त भनी, त्यो राक्षसले सुन्नाका साथ फौज तयार गऱ्यो ॥ ४ ॥

[खरदूषणसैन्यविध्वंस]

चौदह सहस सुभट सँग लीन्हे ❀ जिन्ह सपनेहुँ रन पीठि न दीन्हे ॥५॥
धाए निसिचर बरन बरूथा ❀ जनु सपक्ष कज्जल गिरि जूथा ॥६॥

जसले सपनामा पनि युद्धमा पीठ देखाएका (भागेका) थिएनन्, त्यस्ता चौध हज्जार वीर राक्षसहरूलाई साथ लियो ॥ ५ ॥ पखेटावाला गाजलका पहाडका डफ्फा हुन् कि भन्ने भान पार्ने राक्षस वीरहरूका डफ्फा दौडे ॥ ६ ॥

(क) रघुनाथजीले ४ (चार) औंला आकाशतर्फ ठाडो पारेर देखाउनुभयो । त्यो सानको अर्थ लक्ष्मणजीले बुझ्नुभयो र शूर्पणखाको कान र नाक काटिदिनुभयो । चार औंलाले ४ वेदको बोध, त्यताबाट वेदशब्दले श्रुति (कान) को बोध भयो । आकाशतर्फ ठाडो पार्नाले आकाशको पर्याय नाक शब्दको बोध, त्यताबाट (नाकशब्दबाट) लौकिक भाषामा बुझिने नाक (नासिका) को बोध भयो भनी बरवा-रामायणमा भनेको छ ।

"वेद नाम गनि अंगुरिन खंड प्रकाश । शूर्पणखा प्रभु पठई लक्ष्मण पास" ।
"विहायसोऽपि नाकोऽपि" (अमरकोश)

नाना बाहन नानाकारा ❀ नानायुध धर घोर अपारा ॥७॥
सूपनखा आगे करि लीनी ❀ असुभ रूप श्रुति नासा हीनी ॥८॥

तिनीहरू नाना प्रकारका वाहन, नाना प्रकारका आकार, नाना प्रकारका हतियार धारण गरेका र अत्यन्त भयानक थिए ॥ ७ ॥ तिनीहरूले नाक कान नभएकी अशुभरूप (अलच्छिनीरूप परेकी) शूर्पणखालाई अघिअघि लगाएका थिए ॥ ८ ॥

दोहा–निज निज बल सब मिलि कहहिं एक सुनाइ ।
बाजन लाग जुझाऊ हरष न हृदय समाइ ॥२५॥

ती राक्षसहरू परस्परमा मिलिजुलीकन एउटाले अर्कालाई सुनाएर आफ्ना आफ्ना बलको बखान गर्दथे, युद्धका बाजा बज्न लागे, तिनीहरूका हृदयमा हर्ष अटाउँदैनथ्यो ॥ २५ ॥

चौ०–असगुन अमित होहिं भयकारी ❀ गननहिं न मृत्यु बिबस सब झारी ॥१॥
गर्जहिं तर्जहिं गगन उड़ाहीं ❀ देखि कटकु भट अति हरषाहीं ॥२॥

भयकारी अपशकुन बेगिन्ती हुन लागे। मृत्युका वश भइसकेका जम्मै राक्षस ती अपशकुनलाई गन्दैनथे ॥ १ ॥ तिनीहरू गर्जन्थे, ललकार्थे, आकाशमा उड्दथे, योद्धाहरू फौज देख्ता अत्यन्त हर्षित हुन्थे ॥ २ ॥

कोउ कहत जिअत द्वौ धरहु भाई ❀ धरि मारहु त्रिय लेहु छोड़ाई ॥३॥
कोउ कह सुनहु सत्य हम कहहीं ❀ कानन फिरहिं वीर कोउ अहहीं ॥४॥

कोही राक्षस "दुई भाईलाई जीउँदै समात र मार, अनि स्त्रीलाई फुत्काऊ" भन्दथे ॥ ३ ॥ कोही राक्षस "सुन, म साँचो कुरा गर्दछु, यी जङ्गलजङ्गल घुमिरहेका छन्, यी कोही वीर हुन् (लरतरा होइनन्)" भन्दथे ॥ ४ ॥

एकै कहा मष्ट भै रहहू ❀ खर के आगे अस जनि कहहू ॥५॥
बहु बिधि कहत बचन रनधीरा ❀ आए सकल जहाँ रघुबीरा ॥६॥

एउटा राक्षसले "चूप लागेर बस, खरका अगाडि यसो नभने है" भन्यो ॥ ५ ॥ यस्ता अनेक प्रकारका कुरा गर्दै, युद्धमा धीर भएका सकल राक्षसहरू जहाँ रामजी राज भएको थियो त्यहीं आइपुगे ॥ ६ ॥

धूरि पूरि नभमंडल रहा ❀ राम बोलाइ अनुज सन कहा ॥७॥
लै जानकिहि जाहु गिरिकंदर ❀ आवा निसिचरकटकु भयंकर ॥८॥
रहेहु सजग सुनि प्रभु कइ बानी ❀ चले सहित श्री सर धनु पानी ॥९॥
देखि राम रिपुदल चलि आवा ❀ बिहसि कठिन कोदंड चढ़ावा ॥१०॥

धूलाले आकाशमण्डल ढाक्यो, रामजीले भाईलाई बोलाउनुभयो र उहाँलाई "भाई ! तिमी सीताजीलाई लिएर पहाडका गुफामा जाऊ, राक्षसको भयङ्कर फौज आइपुग्यो, ॥ ७ ॥ ॥ ८ ॥ होशियार रहे" (यस्तो आज्ञा गर्नुभयो) प्रभुजीको वचन सुनेर लक्ष्मणजी हातमा धनु-

बाण लिईकन सीतासहित जानुभयो ॥ ९ ॥ रामजीले शत्रुको दल आउन लागेको देख्नुभयो र हाँसीकन प्रचंड धनुमा ताँदो चढाउनुभयो ॥ १० ॥

छन्द–कोदंड कठिन चढ़ाइ सिर जटजूट बाँधत सोह क्यों ।
मरकत सयल पर लरत दामिनी कोटि सों जुग भुजग ज्यों ॥
कटि कसि निषंग बिसाल भुज गहि चाप बिसिख सुधारि कै ।
चितवत मनहु मृगराज प्रभु गजराजघटा निहारि कै ॥१३॥

प्रचंड धनुमा ताँदो चढाएर प्रभुजीले जटामुकुट बाँध्दा (कस्ता) शोभा कस्तो भयो-भने पन्नाका पहाडमाथि करोडौं बिजुली सर्पसहित भएर चंकेजस्तो (शोभा भयो) कटिभागमा ठोक्रो कसेर, विशाल भुजामा धनु र बाण सह्यारेर (ठीकठाक पारेर), मानौं सिंह मत्त हात्तीका बथान लाई हेर्न लागेको हो कि (भन्ने भान पर्ने गरी) प्रभुजी राक्षसको बथानलाई (गंभीर भावले) हेर्न लाग्नुभयो ॥ १३ ॥

सोरठा–आइ गए बगमेल धरहु धरहु धावत सुभट ।
जथा बिलोकि अकेल बालरबिहि घेरत दनुज ॥८॥

जसरी एउटा (अकेला) देखेर [१]मन्देह नाम भएका राक्षसहरू सूर्यलाई घेर्दछन्, त्यसै गरी ती राक्षस योद्धाहरू पक्ड़ पक्ड़ भन्दै बगमेल गरेर (बकुल्लाको ताँतीजस्तै लहरै लागेर) आइपुगे ॥ ८ ॥

चौ०–घेरि रहे निसिचर समुदाई ❀ दंडक खग मृग चले पराई ॥१॥
प्रभु बिलोकि सर सकहिं न डारी ❀ थकित भई रजनीचरधारी ॥२॥

राक्षसका समूहले रामजीलाई चारैतर्फबाट घेरे, दण्डकारण्यका पक्षी मृगहरू भागे ॥ १ ॥ राक्षसहरूको समुदायले प्रभुजीलाई देख्ता बाण छाड्न सकेनन्, सबै शिथिल भए ॥ २ ॥

सचिव बोलि बोले खर दूषन ❀ येह कोउ नृपबालक नरभूषन ॥३॥
नाग असुर सुर नर मुनि जेते ❀ देखे जिते हते हम केते ॥४॥

खर-दूषणले मन्त्रीलाई बोलाएर "यो मनुष्यहरूको गहनाजस्तो बालक राजकुमार हो ॥ ३ ॥ नाग, दैत्य, देवता मनुष्यहरू जति छन्, तिनीहरूमध्ये हामीले कतिलाई देखेका छौं, कतिलाई मारेका छौं ॥ ४ ॥

हम भरि जन्म सुनहु सब भाई ❀ देखी नहि असि सुन्दरताई ॥५॥
जद्यपि भगिनी कीन्हि कुरूपा ❀ बध लायक नहि पुरुष अनूपा ॥६॥

भाइहो ! सबैजना सुन । हामीले जन्म भरी यस्तो सौन्दर्य देखेको थिएन, यद्यपि यसले हाम्री बहिनीलाई कुरूप पाऱ्यो, तथापि अनुपम (उपमारहित) भएको यो पुरुष मार्नलाई योग्य छैन ॥ ५ ॥ ६ ॥

---

(१) रुन्धन्ति ब्रध्नमुद्यन्तं मन्देहा नाम राक्षसाः ।
पतन्ति तोयाञ्जलिभिर्वज्रैरिव समर्पितैः ॥

देहु तुरत निज नारि दुराई ❀ जीवत भवन जाहु द्वौ भाई ॥७॥
मोर कहा तुम्ह ताहि सुनावहु ❀ तासु बचन सुनि आतुर आवहु ॥८॥

"लुकाइराखेकी आफ्नी स्त्रीलाई तुरन्तै देऊ, दुवै भाई जीउँदै घर जाऊ" यस्तो हाम्रो वचन तिमीहरू गएर त्यसलाई सुनाऊ, त्यसको वचन सुनेर झट्टै आऊ ॥ ७ ॥ ८ ॥

दोहा—भए काल बस मूढ सब जानहि नहि रघुबीर ।
मसक फूक की मेरु उड़ सुनहु गरुड़ मति धीर ॥२६॥

सबै राक्षस कालका वश भइरहेका थिए, रघुवीरलाई जान्दैनथे । हे गम्भीरबुद्धे ! गरुड़ ! सुन्नुहोस्, मच्छर (मुसुना) का फूँकले (फू गरेका हावाले) के सुमेरुपर्वत उड्दछ र ? ॥ २६ ॥

चौ०—दूतन्ह कहा राम सन जाई ❀ सुनत राम बोले मुसुकाई ॥१॥
आजु भयेउ बड़ भाग हमारा ❀ तुम्हरे प्रभु अस कीन्ह बिचारा ॥२॥

दूतहरूले रामजीसंग गएर (अह्राएका कुरा) भने, त्यो सुनेर रामजीले हाँसीकन बोल्नुभयो—"आज मेरो बडो भाग्य रहेछ, तिम्रा मालिकले यस्तो विचार गरेछन् ॥ १ ॥ २ ॥

हम क्षत्री मृगया बन करहीं ❀ तुम्ह से खल मृग खोजत फिरहीं ॥३॥
रिपु बलवंत देखि नहि डरहीं ❀ एक बार कालहु सन लरहीं ॥४॥

म क्षत्रिय हुँ वनमा शिकार खेलिरहेको थिएँ, तिमीहरूजस्ता दुष्टरूपी हरिणहरूलाई खोज्दै घुमेको थिएँ ॥ ३ ॥ बलवान् शत्रुलाई देखेर म डराउन्नँ, कालै भए पनि एकफेर त्यससंग लड्दछु ॥ ४ ॥

जद्यपि मनुज दनुजकुल घालक ❀ मुनिपालक खलसालक बालक ॥५॥
जौ न होइ बल गृह फिरि जाहू ❀ समरबिमुख मैं हतौं न काहू ॥६॥

यद्यपि म मनुष्यको बालक हुँ, तथापि राक्षसकुलको घालक (संहारकर्ता), मुनिकुलको पालक, दुष्टहरूको ध्वंसकर्ता हुँ ॥ ५ ॥ यदि बल छैनभने फर्केर घर जाऊ । युद्धबाट विमुख भएको कुनै व्यक्तिलाई म मार्दिनँ ॥ ६ ॥

रन चढ़ि करिअ कपटचतुराई ❀ रिपु पर कृपा परम कदराई ॥७॥
दूतन्ह जाई तुरत सब कहेउ ❀ सुनि खर दूषन उर अति दहेउ ॥८॥

युद्धमा चढेपछि (युद्ध गर्छु भनेर खडा भएपछि) कपटको बठ्याइँ र शत्रुका उपर कृपा गर्नु परम कातरता (लाछीपना) हो" ॥ ७ ॥ दूतहरूले रामजीको यो जवाब सब बताए, त्यो सुनेर खर-दूषण मनमा रिसले जाज्ज्वल्यमान भए ॥ ८ ॥

छन्द—उर दहेउ कहेउ कि धरहु धाए बिकट भट रजनीचरा ।
सर चाप तोमर सक्ति सूल कृपान परिघ परसु धरा ॥

प्रभु कीन्हि धनुषटँकोर प्रथम कठोर घोर भयावहा ।
भए बधिर ब्याकुल जातुधान न ज्ञान तेहि अवसर रहा ॥१४॥

हृदयमा जाज्वल्यमान भयो र त्यसले भन्यो कि समात, त्यो सुनेर भयंकर राक्षस योद्धाहरू दौडे, तिनीहरूले बाण, धनु, तोमर, शक्ति, त्रिशूल, खड्ग, परिघ, फर्सा धारण गरेका थिए। प्रभुजीले पहिले अत्यन्त कडा प्रचंड भयानक धनुष्टङ्कार गर्नुभयो, त्यस बेलामा ती राक्षसहरू बहिरा र व्याकुल भए, तिनीहरूको सुद्धिबुद्धि केही रहेन ॥ १४ ॥

दोहा—सावधान होइ धाए जानि सबल आराति ।
लागे बरषन राम पर अस्त्र सस्त्र बहु भाँति ॥२७॥
तिन्ह के आयुध तिल सम करि काटे रघुबीर ।
तानि सरासन श्रवन लगि पुनि छाड़े निज तीर ॥२८॥

शत्रुलाई बलवान् जानेपछि तिनीहरू सावधान भएर दौडे र रामजीका उपर अनेक प्रकारका शस्त्र-अस्त्र वर्षाउन लागे ॥ २७ ॥ रघुवीरले तिनका अस्त्रशस्त्रलाई तिलसमान गरेर (टुक्रा टुक्रा पारी) काट्नुभयो, अनि कानसम्म धनुको ताँदो तानेर आफ्ना बाण छाड्नु भयो ॥ २८ ॥

छन्द—तब चले बान कराल । फुंकरत जनु बहु ब्याल ।
कोपेउ समर श्रीराम । चले बिसिख निसित निकाम ॥१५॥
अवलोकि खरतर तीर । मुरि चले निसिचर बीर ।
एक एक को न सँभार । करैं तात भ्रात पुकार ॥१६॥

अनि मानौं धेरै सर्प फूँफूँ गर्न लागेका हुन् कि भनेजस्ता धेरै भयङ्कर बाण चले, रामजी युद्धमा क्रुद्ध हुनुभयो, अत्यन्त तीक्ष्ण बाण चले ॥ १५ ॥

तीक्ष्ण तीक्ष्ण बाण देखेर राक्षस वीरहरू युद्धबाट विमुख भए। कसैले कसैको हिफाजत गरेन, (आफ्नो आफ्नो ज्यान जोगाउँदै भाग्न लागे) (फगत) बाबा ! भाई ! भनी चिच्याउँथे (त्यत्तिकै हो) ॥ १६ ॥

भए क्रुद्ध तीनिउ भाइ । जो भागि रन तें जाइ ।
तेहि बधब हम निज पानि । फिरे मरन मन महु ठानि ॥१७॥
आयुध अनेक अपार । सन्मुख ते करहिं प्रहार ।
रिपु परम कोपे जानि । प्रभु धनुष सर संधानि ॥१८॥

तीनै भाई (खर-दूषण-त्रिशिरा) क्रुद्ध भए, तिनीहरूले लडाइँबाट भागेर जो जाला त्यसलाई हामी आफ्ना हातले मार्नेछौं भने, अनि तिनीहरू मनले मर्ने आँट गरेर फर्के ॥ १७ ॥

तिनीहरू सन्मुख भएर अनेक प्रकारका आयुध (हतियार) को प्रहार गर्न लागे। प्रभुजीले शत्रुहरू अत्यन्त क्रुद्ध भएको जान्नुभयो र धनुमा बाण चढाएर ॥ १८ ॥

छाड़े बिपुल नाराच । लगे कटन बिकट पिसाच ।
उर सीस भुज कर चरन । जहँ तहँ लगे महि परन ॥१९॥
चिक्करत लागत बान । धर परत कुधर समान ।
भट कटत तन सत खंड । पुनि उठत करि पाषंड ॥२०॥

असंख्य बाण छाड्नुभयो, भयानक राक्षसहरू (धमाधम) काटिन लागे, तिनका तिघ्रा, टाउका, हात, भुजा, खुट्टा जताततै जमीनमा गिर्न लागे ॥ १९ ॥

बाण लाग्नाका साथ चिच्याएर पहाड़ ढलेझैं जमीनमा ढल्दथे। ती योद्धाहरूका शरीर शयशय टुका भएर काटिन्थे तापनि तिनीहरू माया गरेर उठ्तथे ॥ २० ॥

नभ उड़त बहु भुज मुंड । बिनु मौलि धावत रुंड ।
खग कंक काक सृकाल । कटकटहिं कठिन कराल ॥२१॥

आकाशमा धेरै हात र मुण्ड उड्न लागे, जमीनमा विनामुण्डका रुण्ड (धड) दौड्न लागे। डारलग्दा चील, गिद्ध, काग आदि गरेका पक्षी र श्यालहरू, कडा आवाजले दाँत कटकटाउन लागे ॥ २१ ॥

कटकटहिं जंबुक भूत प्रेत पिसाच खर्पर संचहीं ।
बेताल बीर कपाल ताल बजाइ जोगिनि नंचहीं ॥
रघुबीरबान प्रचंड खंडहिं भटन्ह के उर भुज सिरा ।
जहँ तहँ परहिं उठि लरहिं धर धरु धरु करहिं भयकर गिरा ॥२२॥

श्यालहरू दाँत कटकटाउन लागे, भूत, प्रेत, पिशाच खप्पर जमा गर्न लागे, वेतालहरू वीरहरूका खप्परको ताल बजाउन लागे, जोगिनीहरू नाच्न लागे। रघुवीरजी प्रचण्ड बाणले ती राक्षसहरूका छाती भुजा शिर काट्न लाग्नुभयो, ती जोद्धाहरू जताततै पछारिन्थे, फेरि उठ्तथे, र लड्न थाल्दथे, पक्र पक्र भन्ने भयङ्कर आवाज गर्दथे ॥ २२ ॥

अंतावरीं गहि उड़त गीध पिसाच कर गहि धावहीं ।
संग्राम पुर बासी मनहु बहु बाल गुड़ी उड़ावहीं ॥
मारे पछारे उर बिदारे बिपुल भट कहरत परे ।
अवलोकि निज दल बिकल भट तिसिरादि खर दूषन फिरे ॥२३॥

मरेका योद्धाका आन्द्राको एक छेउ समातेर गिद्ध उड्न लागे, अर्को छेउ हातमा लिएर

पिशाच दौडन लागे, मानौं संग्राम नगरनिवासी बालकहरू गुड्डी (चङ्गा) उडाउन लागेका हुन् कि ? (भन्ने भान पर्दथ्यो)। धेरै योद्धा मारिए। धेरै छाती फोरेर पछारिए, धेरै योद्धा जमीनमा पछारिए कन्न लागे, आफ्ना फौजलाई व्याकुल देखेर त्रिशिरा-दूषण-खर सब फर्के॥ २३ ॥

सर सक्ति तोमर परसु सूल कृपान एकहि बारहीं ।
करि कोप श्रीरघुबीर पर अगनित निसाचर डारहीं ॥
प्रभु निमिष महु रिपुसुर निवारि पचारि डारे सायका ।
दस दस बिसिख उर माझ मारे सकल निसिचरनायका ॥२४॥

राक्षसहरू क्रुद्ध भएर रामजीका उपर एकैचोटि असंख्य बाण, बर्छा, तोमर, फर्सा भाला, तलवारको प्रहार गर्दथे, रघुवीरजीले ललकारेर एक क्षणमा आफ्ना बाणले शत्रुका बाणहरूलाई काटेर जमीनमा गिराउनुभयो। अनि उहाँले सेनापति राक्षसहरूका छातीका माझमाझमा दशदश बाण मार्नुभयो ॥ २४ ॥

महि परत भट उठि भिरत मरत न करत माया अति घनी ।
सुर डरत चौदह सहस प्रेत बिलोकि एक अवधधनी ॥
सुर मुनि सभय प्रभु देखि मायानाथ अति कौतुक कर्यो ।
देखहिं परसपर राम करि संग्राम रिपुदल लरि मर्यो ॥२५॥

राक्षस योद्धाहरू जमीनमा पछारिन्थे, तुरन्तै उठेर भिड्दथे, अत्यन्त धेरै माया गर्दथे। देवताहरू अवधपति रामजीलाई अकेला, राक्षसहरूलाई चौध-हज्जार देखेर डराउन लागे, मायापति रघुनाथजीले देवताहरू डराएको देखेर एउटा तमाशा गर्नुभयो, शत्रुगण परस्पर (आफ्ना आफ्ना दृष्टिले आफ्ना आफ्ना साथीलाई) रामस्वरूप देख्न लाग्यो, शत्रुको फौज आफुसै आफुसमा लड़ाइँ गरेर मर्‍यो ॥ २५ ॥

दोहा–राम राम कहि तनु तजहिं पावहिं पद निर्बान ।
करि उपाय रिपु मारे छन महु कृपानिधान ॥२९॥
हरषित बरषहिं सुमन सुर बाजहिं गगन निसान ।
अस्तुति करि करि सब चले सोभित बिबिध बिमान ॥३०॥

राक्षसहरू रामराम भनेर शरीर छाड्दथे, मुक्तिपद पाउँथे, कृपानिधान रामजीले यो उपाय गरेर एक छिनमा सकल शत्रु मार्नुभयो ॥ २९ ॥ अनेक प्रकारका विमानमा सुशोभित भएका देवताहरू हर्षित भएर फूल वर्षाउन लागे, आकाशमा दुन्दुभि बज्न लागे, अनि रामजीको स्तुति गरेर सबै देवता गए ॥ ३० ॥

चौ०–जब रघुनाथ समर रिपु जीते ❀ सुर नर मुनि सब के भय बीते ॥१॥
तब लछिमनु सीतहि लै आए ❀ प्रभुपद परत हरषि उर लाए ॥२॥

जब रघुनाथजीले युद्धमा शत्रुहरूलाई जित्नुभयो, अनि पछिभने देवता, मनुष्य र मुनिहरूका मनको भय हरायो ॥ १ ॥ अनि लक्ष्मणजीले सीताजीलाई लिएर आउनुभयो। पाउमा पर्न लागेकी सीताजीलाई उठाएर प्रभुजीले हृदयमा लगाउनुभयो ॥ २ ॥

सीता चितव स्याम मृदु गाता ❀ परम प्रेम लोचन न अघाता ॥३॥
पंचबटीं बसि श्रीरघुनायक ❀ करत चरित सुर मुनि सुखदायक ॥४॥

सीताजी परम प्रेमपूर्ण भएर प्रभुजीको श्याम कोमल शरीर हेर्न लाग्नुभयो, उहाँका नजर अघाउँदैनथे ॥ ३ ॥ रामचन्द्रजी पञ्चवटीमा राज भएर देवता र मुनिहरूलाई आनन्द दिने चरित्र गर्न लाग्नुभयो ॥ ४ ॥

[शूर्पणखाबाट रावणको उत्तेजना]

धुआँ देखि खर दूषन केरा ❀ जाइ सुपनखा रावनु प्रेरा ॥५॥
बोली बचन क्रोध करि भारी ❀ देस कोस कै सुरति बिसारी ॥६॥

शूर्पणखाले खरदूषणको धुआँ देखेर (मरण देखेर) गईकन रावणलाई प्रेरणा गरी ॥ ५ ॥ खूब क्रोध गरेर त्यो बोल्न लागी—"तिमीले आफ्ना मुलुकको र संपत्तिको स्मरण-पनि बिर्स्यौ ? ॥ ६ ॥

करसि पान सोवसि दिनु राती ❀ सुधि नहि तव सिर पर आराती ॥७॥
राजु नीति बिनु धन बिनु धर्मा ❀ हरिहि समर्पे बिनु सतकर्मा ॥८॥

मदिराको पान गर्दछौ, रातदिन सुतिरहन्छौ, तिमीलाई सुद्धि नै छैन, शत्रु तिम्रा टाउकामा चढेका छन् ॥ ७ ॥ विनानीतिको राज्य, विनाधर्मको धन, विनाईश्वरार्पणको सत्कर्म,—॥ ८ ॥

बिद्या बिनु बिबेक उपजाएँ ❀ श्रम फल पढ़ें किएँ अरु पाएँ ॥९॥
संग तें जती कुमंत्र तें राजा ❀ मान तें ज्ञान पान तें लाजा ॥१०॥
प्रीति प्रनय बिनु मद तें गुनी ❀ नासहिं बेगि नीति असि सुनी ॥११॥

विनाविवेकको विद्या, यी चार कुरा क्रमैले (राज्य र धन) उपजाए पनि, (सत्कर्म) गरे पनि, (विद्या) पढे पनि तिनको फल परिश्रम मात्र हो (त्यताबाट अरू फायदा हुँदैन) ॥ ९ ॥ सङ्गले गर्दा यति (संन्यासी) नष्ट हुन्छ, कुमन्त्रणाले राजा नष्ट हुन्छ, अभिमानले ज्ञान नष्ट हुन्छ, मदिरा प्रभृतिका पानले लाज नष्ट हुन्छ, नम्रता नहुँदा प्रीति नष्ट हुन्छ, घमण्डबाट गुणी नष्ट हुन्छ, यस्तो नीति मैले सुनेको छ ? ॥ १० ॥ ११ ॥

सोरठा–रिपु रुज पावक पाप प्रभु अहि गनिअ न छोट करि।
अस कहि बिबिध बिलाप करि लागी रोदनु करन ॥९॥

शत्रु, रोग, आगो, पाप, मालिक, सर्प, यी छओटालाई सानामा गिन्ती गर्नु हुँदैन (यी सानासाना भए पनि यिनलाई हेलाँ गर्न हुँदैन, ठूलै संझनुपर्दछ) यति बोलेर त्यो शूर्पणखा अनेक प्रकारको विलाप गर्दै रुनलागी ॥ ९ ॥

दोहा–सभा माँझ परि ब्याकुल बहु प्रकार कह रोइ ।
तोहि जिअत दसकंधर मोरि कि असि गति होइ ॥३१॥

"हे दशकंधर ! तिमी जीउँदा जीउँदै के मेरो यस्तै गति हुने हो त ?" भन्दै शूर्पणखा सभाका बीचमा व्याकुल भईकन लडीबुडी गरेर अनेक प्रकारले रुनलागी ॥ ३१ ॥

चौ०–सुनत सभासद उठे अकुलाई ❀ समुझाई गहि बाह उठाई ॥१॥
कह लंकेस कहसि निज बाता ❀ केइँ तव नासा कान निपाता ॥२॥

शूर्पणखाका कुरा सुन्नाका साथ सभासद्हरू व्याकुल भएर उठे । तिनीहरूले शूर्पणखालाई हात समातेर उठाए ॥ १ ॥ अनि रावणले "आफ्नो वृत्तांत बता, तेरो नाक कसले काट्यो ?" भनी सोध्यो ॥ २ ॥

अवधनृपति दसरथ के जाए ❀ पुरुषसिंघ बन खेलन आए ॥३॥
समुझि परी मोहि उन्ह कै करनी ❀ रहित निसाचर करिहहिं धरनी ॥४॥

(त्यो भन्नलागी–) "अयोध्याका राजा दशरथका छोरा, पुरुषहरूमा सिंहजस्ता जो छन्, ती वनमा शिकार खेल्न आएका छन्, ॥ ३ ॥ उनको काम देख्ता, उ पृथ्वीलाई राक्षसरहित पार्नेछन् भन्ने कुरा मैले बुझें ॥ ४ ॥

जिन्ह कर भुजबल पाइ दसानन ❀ अभय भए बिचरत मुनि कानन ॥५॥
देखत बालक काल समाना ❀ परम धीर धन्वी गुन नाना ॥६॥

हे दशानन ! जसको भुजबल पाएर मुनिहरू निर्भय भए, जङ्गल-जङ्गल घुम्न लागे ॥ ५ ॥ देख्ताखेरि त्यो बाल (केटो) छ, तर कालसमान छ, अत्यन्त धीर छ, धनुर्धारी छ, गुणगण पूर्ण छ ॥ ६ ॥

अतुलित बल प्रताप द्वौ भ्राता ❀ खल बध रत सुर मुनि सुखदाता ॥७॥
सोभाधाम राम अस नामा ❀ तिन्ह कें संग नारि एक स्यामा ॥८॥

दुवै भाई अतुल बल र अतुल प्रताप छन् , तिनीहरू दुष्टहरूको वध गर्नामा तत्पर छन्, देवता र मुनिहरूका सुखदाता छन् ॥ ७ ॥ शोभाका घर भएका एउटा राम यस्तो नाम भएका छन्, तिनका साथमा एउटी श्यामा (षोडशवार्षिकी = तरुणी) सुन्दरी स्त्री छन् ॥ ८ ॥

रूपरासि बिधि नारि सँवारी ❀ रति सत कोटि तासु बलिहारी ॥९॥
तासु अनुज काटे श्रुति नासा ❀ सुनि तव भगिनि करहिं परिहासा ॥१०॥

विधाताले त्यो स्त्रीलाई रूपका राशिले (थुप्राले) तयार पारेको होला । शयकरोड रति (कामपत्नी) पनि त्यसका न्यौछावर (नैवेद्यतुल्य) हुन्छन् ॥ ९ ॥ त्यसैका भाईले मेरो कान-नाक काट्यो, तिम्री बहिनी भनेर सुनेपछि (आदर गर्नु ता कता हो कता ?) ठट्टा पो गर्‍यो ॥ १० ॥

खर दूषन सुनि लगे पुकारा ❀ छन महु सकल कटकु उन्ह मारा ॥११॥
खर दूषन तिसिरा कर घाता ❀ सुनि दससीस जरे सब गाता ॥१२॥

खर-दूषणले वृत्तान्त सुने, मेरो दुःखपुकार पछि लागे, एक छिनमा तिनले सारा फौज मारे ॥ ११ ॥ खर-दूषण-त्रिशिराको बध सुनेर रावण सर्वाङ्गमा (क्रोधले) जाज्वल्यमान भयो ॥ १२ ॥

दोहा–सूपनखहि समुझाइ करि बल बोलेसि बहु भाँति ।
गएउ भवन अति सोच बस नींद परइ नहि राति ॥३२॥

रावणले शूर्पणखालाई संझाईवरि आफ्ना बलको अनेक भाँतिले बखान गर्‍यो । अनि त्यो महलमा गयो, त्यो चिन्ताले अत्यन्त ग्रस्त भयो, रातभर त्यसलाई निद्रा परेन ॥ ३२ ॥

चौ०–सुर नर असुर नाग खग माहीं ❀ मोरे अनुचर कहँ कोउ नाहीं ॥१॥
खर दूषन मोहि सम बलवंता ❀ तिन्हहि को मारइ बिनु भगवंता ॥२॥

देवता, मनुष्य, दैत्य, नाग, पक्षी यी सबैमा मेरा नोकरबराबर पनि कुनै छैन ॥ १ ॥ खर-दूषण ता मसमान बलवान् हुन् , विनाभगवान् विष्णु तिनलाई को मार्दथ्यो ? ॥ २ ॥

सुररंजन भंजन महिभारा ❀ जौं भगवंत लीन्ह अवतारा ॥३॥
तौ मैं जाइ बयरु हठि करऊँ ❀ प्रभुसर प्रान तजें भव तरऊँ ॥४॥

यदि देवताहरूलाई प्रसन्न पार्ने, पृथ्वीको भारलाई हरण गर्ने, जगदीश्वरले अवतार लिनुभएको होभने, म गएर बलात्कारले वैरभाव गरूँ र, प्रभुजीका बाणका प्रहारले प्राणको परित्याग गरेर संसारसागर तरूँ ॥ ३ ॥ ४ ॥

होइहि भजनु न तामस देहा ❀ मन क्रम वचन मंत्र दृढ़ एहा ॥५॥
जौ नररूप भूपसुत कोऊ ❀ हरिहौं नारि जीति रन दोऊ ॥६॥

यो तामसी (तमोगुणी) शरीरले भजन हुने होइन, (बस) मनसा-कर्मणा-वाचा यही मन्त्रणा (राय) दृढ भयो ॥ ५ ॥ यदि मनुष्यको रूप भएका कुनै राजकुमारै रहेछन्‌भने, ती दुवैलाई युद्धमा जितेर त्यो स्त्रीलाई हरण गर्दछु ॥ ६ ॥ (यति विचार गरेर)

चला अकेल जान चढ़ि तहवाँ ❀ बस मारीच सिंधु तट जहवाँ ॥७॥
इहाँ राम जसि जुगुति बनाई ❀ सुनहु उमा सो कथा सुहाई ॥८॥

रावण रथमा चढीकन एकलै, जहाँ समुद्रका किनारमा मारीच (राक्षस) रहन्थ्यो उहीं गयो ॥ ७ ॥ हे पार्वती ! यतातिर रामजीले जुन तरकीब गर्नुभयो, त्यो सुन्दर वृत्तान्त सुन ॥ ८ ॥

दोहा–लछिमनु गए बनहि जब लेन मूल फल कंद ।
जनकसुता सन बोले बिहसि कृपा सुख बृंद ॥३३॥

जब लक्ष्मणजी फल-फूल, कन्द-मूल लिन जङ्गलतर्फ जानुभयो, त्यसै मौकामा करुणा र आनन्दका समुदायस्वरूप भएका रामजीले हाँसीकन सीताजीलाई आज्ञा गर्नुभयो ॥ ३३ ॥

चौ०–सुनहु प्रिया ब्रत रुचिर सुशीला ❀ मैं कछु करबि ललित नरलीला ॥१॥
तुम्ह पावक महु करहु निवासा ❀ जौ लगि करौं निसाचरनासा ॥२॥

सुन्दरव्रतचारिणी ! सुशीलवती ! प्यारी ! जानकी ! सुन, म केही सुन्दर मनुष्यलीला गर्दछु ॥ १ ॥ जहाँसम्म राक्षसहरूको नाश गरिसक्तिनँ, त्यहाँसम्म तिमी अग्निमा निवास गर ॥ २ ॥

जबहि राम सबु कहा बखानी ❀ प्रभुपद धरि हिय अनल समानी ॥३॥
निज प्रतिबिंब राखि तहँ सीता ❀ तैसेइ सील रूप सुबिनीता ॥४॥

रामजीले जब सबै कुरा खुलस्त गरेर बताउनुभयो, अनि सीताजीले प्रभुको पाउ मनमा राखेर अग्निमा प्रवेश गर्नुभयो ॥ ३ ॥ सीताजी आफ्नै जस्तो शील स्वभाव नम्रता भएको प्रतिबिंब (छाया) त्यहाँ छाडेर जानुभयो ॥ ४ ॥

लछिमनहूँ येह मरमु न जाना ❀ जो कछु चरित रचेउ भगवाना ॥५॥
दसमुख गएउ जहाँ मारीचा ❀ नाइ माथ स्वारथरत नीचा ॥६॥

रामजीले यो चरित्र जो कुछ गर्नुभयो, यो रहस्य लक्ष्मणजीले पनि जान्नुभएन ॥५॥ स्वार्थतत्पर भएको रावण शिर झुकाएर (नम्रताका साथ) मारीच जहाँ थियो उहीं पुग्यो ॥६॥

नवनि नीच कै अति सुखदाई ❀ जिमि अंकुस धनु उरग बिलाई ॥७॥
भयदायक खल कै प्रिय बानी ❀ जिमि अकाल के कुसुम भवानी ॥८॥

नीचहरूको झुकाइ (नम्रता = निहुराइ) पनि अंकुशेको, धनुको, सर्पको, बिरालाको निहुराइ (नम्रता) जस्तै अति भयदायक हुन्छ ॥ ७ ॥ जस्तै बेत्रखतको फूल भयदायक हुन्छ, त्यस्तै खल (दुष्ट) हरूको मधुरवचन भयदायक हुन्छ ॥ ८ ॥ (क)

(रावणमारीचसंवाद)

दोहा–करि पूजा मारीच तब सादर पूछी बात ।
कवन हेतु मन ब्यग्र अति अकसर आएहु तात ॥३४॥

"हे तात ! तपाईंको मन 'के कारणले व्यग्र छ, एक्लै किन आउनुभयो ?" भनी मारीचले आदरका साथ पूजा-सत्कार गरेर रावणसंग सोध्यो—॥ ३४ ॥

चौ०–दसमुख सकल कथा तेहि आगें ❀ कही सहित अभिमान अभागें ॥१॥
होहु कपटमृग तुम्ह छलकारी ❀ जेहि बिधि हरि आनौं नृपनारी ॥२॥

(क) सह्यार-सह्यार गरेको वृक्ष (रोपेको वृक्ष) अकालमा (बेमौसिममा) फुल्यो फल्योभने राष्ट्रपतिलाई पिर्दछ भनी वाराहीसंहिताका उत्पातप्रकरणमा लेखिएको छ ।

पूजितवृक्षे अनृतौ कुसुमफलं नृपवधाय निर्दिष्टम् ॥

अभागी रावणले अभिमानसहित भएर त्यसका अगाडि सकल वृत्तान्त बतायो ॥ १ ॥ (अनि भन्यो) “मारीच ! तिमी छल गर्ने कपट-मृग होउ, जसमा म राजपत्नी (सीता) लाई हरेर ल्याऊँ” ॥ २ ॥

तेहि पुनि कहा सुनहि दससीसा ❀ ते नररूप चराचर ईसा ॥३॥
तासों तात बयरु नहि कीजै ❀ मारें मरिअ जिआएँ जीजै ॥४॥

अनि मारीचले भन्यो “हे रावण ! सुन्नुहोस् , ती ता मनुष्यरूप धारण गरेका चराचर जगत्स्वामी (ईश्वर) हुन् ॥ ३ ॥ हे तात ! उहाँसँग वैरभाव नगर्नुहोस् , उनले मारे मर्नुहोस् , उनले बचाए बाँच्नुहोस् (त्यत्तिकै हो) ॥ ४ ॥

मुनिमख राखन गए कुमारा ❀ बिनु फर सर रघुपति मोहि मारा ॥५॥
सत जोजन आएउँ छनमाहीं ❀ तिन्ह सन बयरु किएँ भल नाहीं ॥६॥

कुमार (केटाकेटी) अवस्थाका राम मुनिका यज्ञको रक्षा गर्न गएका थिए, तिनले विनाफलको एउटा बाण मलाई हाने ॥ ५ ॥ म एकछिनमा (त्यो बाणले उडाउँदा) शय योजनपर पुगेर पछारिएँ, तिनसँग वैरभाव गर्नाले भलो हुँदैन ॥ ६ ॥

भइ मति कीट भृंग की नाई ❀ जहँ तहँ मैं देखौं दोउ भाई ॥७॥
जौं नर तात तदपि अति सूरा ❀ तिन्हहि बिरोधि न आइहि पूरा ॥८॥

मेरी बुद्धि कुमालकोटीले ल्याएको कीरोजस्तै भई, म जताततै ती दुई भाईलाई देख्न लागे ॥ ७ ॥ हे तात ! यदि ती मानिसै हुन् लौ ! तथापि अत्यन्त शूर छन् , तिनसँग विरोध गर्नाले काम बन्ने छैन ॥ ८ ॥

दोहा–जेहि ताड़का सुबाहु हति खँडेउ हरकोदंड ।
खर दूषन तिसिरा बधेउ मनुज कि अस बरिबंड ॥३५॥

जसले सुबाहु र ताडकालाई मार्‍यो, शंकरको धनु तोड्यो, खर-दूषण-त्रिशिरालाई मार्‍यो, यस्तो बलिष्ठ पनि कहीं मानिस हुन सक्तछ ? ॥ ३५ ॥

चौ०–जाहु भवन कुलकुसल बिचारी ❀ सुनत जरा दीन्हिसि बहु गारी ॥१॥
गुर जिमि मूढ़ करसि मम बोधा ❀ कहु जग मोहि समान को जोधा ॥२॥

तपाईं आफ्ना कुलको कल्याण विचार गरेर घर जानुहोस् ।” मारीचको यो कुरा सुन्दा रावण रीसले जल्यो, त्यसले (मारीचलाई) धेरै गाली गर्‍यो ॥ १ ॥ “हे मूढ ! गुरुजस्तै मलाई उपदेश गर्दछस् ? लौ भन् , संसारमा मसमानको वीर को छ ?” ॥ २ ॥

तब मारीच हृदय अनुमाना ❀ नवहि बिरोधें नहि कल्याना ॥३॥
सस्त्री मर्मी प्रभु सठ धनी ❀ बैद बंदि कबि भानसगुनी ॥४॥

अनि मारीचले हृदयमा अस्त्र शस्त्र लिएको व्यक्ति आफ्नो मर्म जान्ने व्यक्ति मालिक दुष्ट, धनी, वैद्य, कैदी, कवि, गुणी (यन्त्रतन्त्र जान्ने) व्यक्ति, यी ९ मानिससँग विरोध गर्दा कल्याण हुँदैन यस्तो अनुमान (तर्क = विचार) गर्‍यो ॥ ३ ॥ ४ ॥

उभय भाँति देखा निज मरना ❀ तब ताकिसि रघुनायकसरना ॥५॥
उतरु देत मोहि बधब अभागें ❀ कस न मरौं रघुपतिसर लागें ॥६॥

दुवै तरहले (रावणको हुकूम माने पनि नमाने पनि,) आफ्नो मरण देख्यो, अनि मारीचले रघुनाथजीको शरण ताक्यो ॥ ५ ॥ उत्तर दिऊँभने यो अभागीले मलाई मार्दछ रघुनाथजीको वाण लागेर किन नमर्नु ? ॥ ६ ॥

अस जिय जानि दसाननसंगा ❀ चला रामपद प्रेमु अभंगा ॥७॥
मन अति हरष जनाव न तेही ❀ आजु देखिहउँ परम सनेही ॥८॥

यस्तो विचार गरेर मारीच रावणका साथ लागेर रामजीका चरणमा अखण्ड प्रेम राखीकन हिंड्यो ॥ ७ ॥ त्यसका मनमा अत्यन्त हर्ष थियो, तर रावणलाई त्यो हर्ष जनाउँदैनथ्यो, "आज परम प्रेमी रामजीलाई देख्तछु" (यस्तै विचार गर्दथ्यो) ॥ ८ ॥

छन्द–निज परम प्रीतम देखि लोचन सुफल करि सुख पाइहौं ।
श्री सहित अनुज समेत कृपानिकेत पद मनु लाइहौं ॥
निर्बानदायक क्रोध जा कर भगति अबसहि बसकरी ।
निज पानि सर संधानि सो मोहि बधिहि सुखसागर हरी ॥२६॥

आफ्ना परम प्रियतम रामजीलाई देखेर आँखालाई सफल गरीकन आनन्द पाउँला । लक्ष्मीसहित भाईसहित कृपानिधान रामजीका चरणमा मन लाउँला, जसको क्रोध मुक्तिदायक छ, अवश भएका (स्वतन्त्र) जसलाई भक्तिले वश गर्दछे, उनै सुखसागर हरि (राम आफ्ना हातले धनुमा वाण जोरेर मलाई मार्नुहनेछ ॥ २६ ॥

दोहा–मम पाछे धर धावत धरें सरासन बान ।
फिरि फिरि प्रभुहि बिलोकिहौं धन्य न मो सम आन ॥३६॥

मेरा प्रभुलाई धनुर्वाण धारण गरेर पछिपछि दौडन लागेका वेलामा फर्की फर्की हेर्नेछु, मबराबरको धन्य अर्को छैन" ॥ ३६ ॥

चौ०–सीता लखन सहित रघुराई ❀ जेहि बन बसहिं मुनिन्ह सुखदाई ॥१॥
तेहि बन निकट दसानन गएऊ ❀ तब मारीच कपटमृग भएऊ ॥२॥

मुनिवर्गलाई आनन्द दिने प्रभु रामजी सीता र लक्ष्मणले सहित भईकन जुन वनमा राज भएको थियो, रावण त्यसै वनका नगीच पुग्यो, अनि मारीच कपटमृग (मायामृग) भयो (बन्यो) ॥ १ ॥ २ ॥

अति बिचित्र कछु बरनि न जाई ❀ कनकदेह मनिरचित बनाई ॥३॥
सीता परम रुचिर मृग देखा ❀ अंग अंग सुमनोहर बेषा ॥४॥

त्यसले बनाएको मणि जडाउ भएको सुवर्णमय हरिण शरीर अत्यन्त विचित्र

थियो, त्यसको वर्णन गर्न सकिंदैन ॥ ३ ॥ सीताजीले अङ्ग-अङ्गमा मनोहर वेष भएको परम सुन्दर त्यो मृगलाई देख्नुभयो ॥ ४ ॥

सुनहु देव रघुबीर कृपाला ❀ येहि मृग कर अति सुंदर छाला ॥५॥
सत्यसंध प्रभु बधि करि एही ❀ आनहु चर्म कहति बैदेही ॥६॥

अनि सीताजीले "देव ! दयाल ! हे रघुवीर ! सुनिबक्सियोस्, यो मृगको छाला अति राम्रो रहेछ ॥ ५ ॥ हे सत्यसन्ध ! (साँचो प्रतिज्ञा गर्ने ! हे प्रभु !) यसलाई मारेर छाला ल्याइबक्सियोस्" भनी विन्ति गर्नुभयो ॥ ६ ॥

तब रघुपति जानत सब कारन ❀ उठे हरषि सुरकाजु सँवारन ॥७॥
मृग बिलोकि कटि परिकर बाधा ❀ करतल चाप रुचिर सर साँधा ॥८॥

अनि सबै कारण जान्दा जान्दै पनि देवताको कार्य सिद्ध गर्नाका निमित्त हर्षित भएर रघुनाथ उठिबक्सियो ॥ ७ ॥ मृगलाई देखेर प्रभुजीले कम्मर कस्नुभयो, हातमा राम्रो धनु र बाण लिइबक्सियो ॥ ८ ॥ (क)

प्रभु लछिमनहि कहा समुझाई ❀ फिरत बिपिन निसिचर बहु भाई ॥९॥
सीता केरि करेहु रखवारी ❀ बुधि बिबेक बल समय बिचारी ॥१०॥

प्रभुजीले लक्ष्मणलाई संझाएर—"भाई ! वनमा धेरै राक्षस घुमिरहन्छन् ॥ ९ ॥ बुद्धि, विवेक बल, समय थिनको विचार गरेर सीताको हिफाजत गर" भन्नुभयो ॥ १० ॥

दोहा—अस कहि चले तहाँ प्रभु जहाँ कपटमृग नीच ।
देव हरष बिसमउ बिबस चातक बरषा बीच ॥३७॥

प्रभुजी यस्तो आज्ञा गरेर त्यो नीच मारीच जतातिर थियो उतैतिर जानुभयो। देवताहरू वर्षाऋतुका माझका चातकपक्षीझैं हर्ष र विषादका वश भए ॥ ३७ ॥

चौ०—प्रभुहि बिलोकि चला मृग भाजी ❀ धाए रामु सरासन साजी ॥१॥
निगम नेति सिव ध्यान न पावा ❀ मायामृग पाछे सोइ धावा ॥२॥

प्रभुजीलाई देखेपछि मृग भागेर हिंड्यो, रामजी धनु तयार पारेर दौडनुभयो ॥ १ ॥ वेदहरू जसलाई नेति नेति भनेर पुकार्छन्, शिवजी ध्यान गर्नुहुन्छ, उनै परमात्मा मायामृगका पछिपछि दौडन लाग्नुभयो ॥ २ ॥

कबहुँ निकट पुनि दूरि पराई ❀ कबहुँक प्रगटै कबहुँ छपाई ॥३॥

(क) सारा राज्यसुखभोगलाई छाडेर साथमा रहन पाउँदा सन्तुष्ट रहने (परम प्रिया) सीताजीको खायस पूर्ण पार्नाका निमित्त मायाहरिणलाई ल्याउँछु भनी कम्मर कस्ने महापुरुष (रामचन्द्र) को चरणारविन्दको वन्दना गर्दछु भनी कुनै दासले भनेको छ ।

उत्सृष्टसर्वसुख—सन्निधिलब्धितुष्ट-जायाजनोदितमनोरथपूर्तिहेतोः ।
मायाहिरण्यहरिणाहरणोद्यतस्य वन्दे महापुरुष ! ते चरणारविन्दम् ॥

प्रगटत दुरत करत छल भूरी ❀ एहि बिधि प्रभुहि गएउ लै दूरी ॥४॥

त्यो हरिण कहिले नगीचै हुन्थ्यो, अनि टाढा भाग्दथ्यो, कहिले प्रकट हुन्थ्यो कहिले अदृश्य हुन्थ्यो ॥ ३ ॥ अनेक छल गरेर प्रकट हुँदै अदृश्य हुँदै गर्ने यस्तै किसिमले प्रभुजीलाई टाढा पुऱ्यायो ॥ ४ ॥

[मारीचवध]

तब तकि राम कठिन सर मारा ❀ धरनि परेउ करि घोर पुकारा ॥५॥
लछिमन कर प्रथमहि लइ नामा ❀ पाछे सुमिरेसि मन महु रामा ॥६॥

अनि प्रभुजीले ताकेर कठोर बाण हान्नुभयो, त्यो भयङ्कर पुकार गर्दै जमीनमा पछारियो ॥ ५ ॥ त्यसले अघिबाट (हा ! लक्ष्मण ! भनेर) लक्ष्मणजीको नाम लियो, पछि बाट मनमा रामजीलाई संझ्यो ॥ ६ ॥

प्रान तजत प्रगटेसि निज देहा ❀ सुमिरेसि रामु समेत सनेहा ॥७॥
अंतरप्रेमु तासु पहिचाना ❀ मुनिदुर्लभ गति दीन्हि सुजाना ॥८॥

प्राण छाड्ने वेलामा आफ्नो (राक्षसी) शरीर प्रकट गऱ्यो, प्रेमका साथ रामजीलाई संझ्यो ॥ ७ ॥ चतुर रामजीले त्यसका हृदयको प्रेम पहिचान्नुभयो र त्यसलाई मुनिदुर्लभ गति बक्सनुभया ॥ ८ ॥ (क)

दोहा–बिपुल सुमन सुर बरषहिं गावहिं प्रभु गुन गाथ ।
निजपद दीन्ह असुर कहुँ दीनबंधु रघुनाथ ॥३८॥

देवताहरू खूब फूल वर्षाउन लागे, प्रभुका गुणगाथाको गान गर्न लागे । दीनबंधु रघुनाथजीले त्यो राक्षसलाई आफ्नो धाम (वैकुण्ठ) बक्सनुभयो ॥ ३८ ॥

चौ०–खल बधि तुरत फिरे रघुबीरा ❀ सोह चाप कर कटि तूनीरा ॥१॥
आरत गिरा सुनि जब सीता ❀ कह लछिमन सन परम सभीता ॥२॥

त्यो दुष्टलाई मारेर रघुनाथजी तुरन्तै फर्कनुभयो, उहाँका हातमा धनु र कटिभागमा ठोक्रो सुशाभित थियो ॥ १ ॥ जब सीताजीले आर्तनाद (हा ! लक्ष्मण ! यस्तो दुःख पुकार) सुन्नुभयो, अनि उहाँ अत्यन्त डराएर लक्ष्मणजीसंग भन्न लाग्नुभयो ॥ २ ॥

जाहु बेगि संकट अति भ्राता ❀ लछिमन बिहसि कहा सुनु माता ॥३॥
भृकुटिबिलास सृष्टि लय होई ❀ सपनेहुँ संकट परै कि सोई ॥४॥

(क) ब्राह्मण होस्, अथवा राक्षस होस्, पापी होस् अथवा धर्मात्मा होस्, जोसुकै भए पनि शरीर छाड्ने (मर्ने) वेलामा रामजीलाई संझन्छ भने सद्गति पाउँछ ।

द्विजो वा राक्षसो वापि पापी वा धार्मिकोऽपि वा ।
त्यजन् कलेवरं रामं स्मृत्वा याति परं पदम् ॥ [अध्यात्मरा० ३।७।२४]

"लक्ष्मणजी ! चाँडै जानुहोस्, दाज्यूलाई अति संकष्ट परेको छ" । लक्ष्मणजीले हाँसेर भन्नुभयो कि—"हे माता ! सुन्नुहोस् ! जसका भृकुटीका विलासले (आँखीभौंका इशाराले) सृष्टि र प्रलय हुन्छ, उनै प्रभु संकष्टमा के पर्नुहुन्थ्यो ? ॥ ३ ॥ ४ ॥

सौंपि गए मोहि रघुपति थाती ❀ जौं तजि जाउँ तोषु नहि छाती ॥५॥
यह जिय जानि सुनहु मम माता ❀ पूछत कहब कवनि मैं बाता ॥६॥

रघुनाथजीले मलाई नासो (हजूर) सुम्पेर पाल्नुभएको छ, यदि छाडेर जाऊँ भने मनमा संतोष हुँदैन (चित्त बुझ्दैन) । हे माता ! यो कुरा मनले बुझेर मेरो विन्ति सुन्नुहोस् । उहाँले (सीतालाई छाडेर किन आइस् ? भनी सोधेका वेलामा म के कुरा विन्ति चढ़ाउँला ?" ॥ ५ ॥ ६ ॥

मरम बचन जब सीता बोला ❀ हरिप्रेरित लछिमनमन डोला ॥७॥
चहुँ दिसि रेख खँचाइ अहीसा ❀ बारहि बार नाइ पद सीसा ॥८॥

अनि सीताजीले [१]मर्मवचन बोल्नुभयो, परमेश्वरको इच्छाले लक्ष्मणजीको मन पनि विचलित भयो ॥ ७ ॥ शेषांश लक्ष्मणजी सीताका चारैतर्फ (धनुले) रेखा (धर्को) खिच्नु भएर उहाँका पाउमा माथ राखेर ॥ ८ ॥

बन दिसि देव सौंपि सब काहू ❀ चले जहाँ रावन ससि राहू ॥ ९ ॥
चितवहिं लखन सीय फिरि कैसे ❀ तजत बछ निज मातुहिं जैसे ॥१०॥

सीताजीलाई सबै वनदेवता र सबै दिग्देवताका जिम्मामा सुम्पेर, जहाँ रावणरूपी चन्द्रमाका राहुरूपी रामजी हुनुहुन्थ्यो उहीं जानुभयो ॥ ९ ॥ (क) ॥ आमालाई छाड्दाखेरि जसरी बाछो फर्कीफर्की हेर्दछ, लक्ष्मणजी त्यसै गरी सीताजीलाई हेर्नुहुन्थ्यो ॥ १० ॥

दोहा—एक डर डरपत राम के दुसरि सीय अकेलि ।
लखन तेज तन हत भयो जिमि डाढ़ी दव बेलि ॥३९॥

---

(१) लक्ष्मणजीले श्रीरामजीको आर्तनाद होइन, हजूरलाई छाड़ेर कसरी जाऊँ ! भन्दा सीताजीले "खराब किसिमको दया देखाएर अनुचित काम गर्न आँट्ने तिमी घातक र कुलाङ्गार रहेछौ । रामजीलाई संकष्ट परेको तिमीलाई बेश लाग्दो रहेछ । यसै कारणले रामजीको विपत्ति देखेपछि पनि यस्ता कुरा गर्‍यौ । लक्ष्मण ! तिमीजस्ता कपटी घातक शत्रुहरूमा पाप हुनु केही आश्चर्य छैन । तिमी साह्है दुष्ट हुनाले एक्ला रामजीका पछिपछि लागेका रहेछौ, मेरा निम्ति तिमी नकली प्रेमले ढाकिएका वास्तवमा शत्रुभाव लिएर भरतको आज्ञानुसार आएका रहेछौ ।

हे सुमित्रापुत्र ! तिम्रो या भरतको त्यो मनसुबा सिद्ध हुन सक्तैन ! नीलकमलजस्ता श्यामवर्ण भएका, कमलजस्ता नजर भएका रामजीको आश्रय गरेपछि नीचलाई म कसरी इच्छा गरूँला ? तिम्रा अगाडि नै प्राणपरित्याग गर्दुछु, विनाराम एकक्षण पनि रहने होइन" यस्तो मर्मवचन बोलेका कुरा वाल्मीकि रामायण (३ । ४५ । २१-२२-२३-२४-२५-२६) मा लेखिएका छन् ।

(क) सीताजीका कठोर मर्मवचन सुनेर लक्ष्मणजी—"रक्षन्तु त्वां विशालाक्षि ! समग्रा वनदेवताः" भनेर (सीतालाई वनदेवताका जिम्मा लाएर) रामजीतर्फ हिंडनुभयो ।

एक ता लक्ष्मणजीका रामजीका डरले डराइरहनुभएको थियो, दोस्रो सीता एक्लै हुनुभयो। त्यसो हुनाले डढेलाले डढ्नलागेका वनको लताजस्तै लक्ष्मणजीको शरीर हततेज (निस्तेज) भयो ॥ ३९ ॥

(सीताहरण)

चौ०-सून बीच दसकंधर देखा ❀ आवा निकट जती के बेषा ॥१॥
जाकें डर सुर असुर डेराहीं ❀ निसि न नींद दिन अन्न न खाहीं ॥२॥
सो दससीस स्वान की नाईं ❀ इत उत चितइ चला भँडिहाईं ॥३॥

यसै बीचमा रावण सबैतिर शून्य देखेर भिक्षुको भेष लिएर सीताजीका समीप आयो ॥ १ ॥ जसका डरले देव-दैत्य डराउँछन्, राती निदाउँदैनन्, दिउँसो खाना खाँदैनन्, ॥ २ ॥ त्यही रावण चोर कुकुरजस्तो भएर (जूठा भाँडा चाट्न पल्केको कुकुरले जूठा भाँडातिर जाँदा यताउति पल्याकपुलुक हेरेजस्तो गरेर) यताउति हेर्दै (चोर्न) हिंड्यो (चोरीको तासीर यस्तै हुन्छ) ॥ ३ ॥

इमि कुपंथ पगु देत खगेसा ❀ रह न तेज तन बुधि बल लेसा ॥४॥
करि अनेक बिधि छल चतुराई ❀ मागेउ भीख दसानन जाई ॥५॥
अतिथि जानि सिय कंद मूल फल ❀ देन लगी तेहि कीन्ह बहुरि छल ॥६॥

हे गरुडजी ! यस्तै प्रकारले कुमार्गमा पाइलाले टेक्नेबित्तिकै शरीरमा तेज पनि रहँदन, बुद्धि र बलको लेश पनि बाँकी रहँदैन ॥ ४ ॥ अनेक प्रकारको छल बठ्याइँ गरीकन गएर रावणले भीख माग्यो ॥ ५ ॥ अतिथि जानेर सीताजी कन्द-मूल-फलको भिक्षा दिन लाग्नुभयो, त्यसले फेरि छल गर्‍यो ॥ ६ ॥

कह दसमुख सुनु सुंदरि बानी ❀ बाँधी भीख न लेउँ सयानी ॥७॥
बिधिगति बाम कालकठिनाई ❀ रेख नाघि सिय बाहर आई ॥८॥

रावणले भन्यो—"हे चतुरे ! हे सुंदरी ! मेरो वचन सुन, म बाँधेको भीख लिन्नँ," (धर्काभित्रबाट दिएको भीख लिन्नँ)। दैवको उल्टै रहने गतिले र कालको निष्ठुरताले गर्दा सीताजी रेखा नाघेर बाहिर आउनुभयो ॥ ७ ॥ ८ ॥

दोहा-बिस्वभरनि अघदल दलनि करनि सकल सुरकाज।
समुझि परी नहीं समय तेहि बंचक जती समाज ॥४०॥

सारा संसारको पालनपोषण गर्ने, पापपुञ्जको नाश गर्ने, देवताको सकल कार्यसिद्ध गर्ने सीताजीलाई भिक्षुसमाजमध्येको ठग (रावण) को साजबाज (ढाँचा) त्यस वेलामा समुझ परेन (ज्ञात भएन = उहाँले थाहा पाउनुभएन) ॥ ४० ॥

चौ०-नाना बिधि कहि कथा सुहाई ❀ राजनीति भय प्रीति देखाई ॥१॥
कह सीता सुनु जती गोसाईं ❀ बोलेहु बचन दुष्ट की नाईं ॥२॥

रावणले अनेक प्रकारका सुन्दर सुन्दर कुरा सुनाएर राजनीति, भय, प्रीति देखायो ॥ १ ॥ (क) (सीताजीले जवाब दिनुभयो) हे संन्यासी ! हे गोसाईं ! सुन, तिमीले दुष्टहरूको जस्तो वचन बोल्यौ ॥ २ ॥

तब रावन निज रूप देखावा ❀ भई सभय जब नामु सुनावा ॥३॥
कह सीता धरि धीरजु गाढ़ा ❀ आइ गएउ प्रभु खल रहु ठाढ़ा ॥४॥

अनि रावणले आफ्नो खास रूप देखायो, जब त्यसले आफ्नो नाम सुनायो अनि सीताजी डराउनुभयो ॥ ३ ॥ अनि सीताजीले खूब हिम्मत गरेर भन्नुभयो "हे दुष्ट ! खडा ता हो, प्रभुजी आइपुग्नुभयो ॥ ४ ॥

जिमि हरिबधुहि क्षुद्र सस चाहा ❀ भयसि कालबस निसिचरनाहा ॥५॥
बायस कर चह खगपति समता ❀ सिंधु समान होहिं क्रिमि सरिता ॥६॥

सिंहकी स्त्रीलाई क्षुद्र खरायोले खायस गरेझैं, (तैंले मलाई खायस गरिस्) ए राक्षसराज ! तं कालवश भइछस् ॥ ५ ॥ कौवा पनि गरुडजीको समता गर्न चाहने ?, नदहरू समुद्रसमान कसरी हुन सक्तछन् ? ॥ ६ ॥

खरि कि होइ सुरधेनु समाना ❀ जाहि भवन निज सुनु अज्ञाना ॥७॥
सुनत बचन दससीस रिसाना ❀ मन महु चरन बंदि सुख माना ॥८॥

(क) "जसले सारा ब्रह्माण्डलाई थर्काएको छ, राक्षसगणको मालिक त्यो रावण मै हुँ । सुवर्णको जस्तो वर्ण हुने शरीरको शोभाले संयुक्त भएकी, रेशमी वस्त्र पहिरेकी तिमीलाई देख्ता मेरा आफ्ना स्त्रीहरूमा प्रीति हरायो । जताततैबाट ल्याएका अनेकानेक एकभन्दा एक सुन्दरी स्त्रीहरूमध्ये तिमी सर्वोपरि भएर मेरी मुख्य महारानी होऊ । समुद्रका माझमा त्रिकूटपर्वतमाथि लङ्का नाम भएकी विशाल नगरी मेरी राजधानी हो, त्यहाँ मेरा साथमा वनविहार गर्नेछौ, सुन्दरी ! यस्तो यो दुःखदायी वनवासलाई चाहनेछैनौ, तिमी मेरी भार्या (स्त्री) हुन्छयौ भने ५००० (पाँचहजार) सुन्दरीहरू नाना प्रकारका गहनाले सुशोभित भएर तिम्रो चाकरी गर्न मौजूद रहनेछन्" यस्ता तरहले रावणले बोल्यो ।

येन वित्रासिता लोकाः सदेवासुरमानुषाः । अहं स रावणो नाम सीते ! रक्षोगणेश्वरः ॥
त्वां तु काञ्चनवर्णाभां दृष्ट्वा कौशेयवासिनीम् । रतिं स्वकेषु दारेषु नाधिगच्छाम्यनिन्दिते ! ॥
बह्वीनामुत्तमस्त्रीणामाहृतानामितस्ततः । सर्वासामेव भद्रं ते ममाग्रमहिषी भव ॥
लङ्का नाम समुद्रस्य मध्ये मम महापुरी । सागरेण परिक्षिप्ता निविष्टा गिरिमूर्धनि ॥
तत्र सीते ! मया सार्धं वनेषु विचरिष्यसि । न चास्य वनवासस्य स्पृहयिष्यसि भामिनी ! ॥
पञ्च दास्यः सहस्राणि सर्वाभरणभूषिताः । सीते ! परिचरिष्यन्ति भार्या भवसि मे यदि ॥
(वाल्मीकि० ३।४७।२६–३१)

सीताजीले रावणका प्रलोभन वचन सुनेर क्रोधका र निर्भयताका साथ "ए पाजी ! सुन्, म पूर्णचन्द्रसमान सुन्दर वदन भएका राजाधिराजकुमार जितेन्द्रिय कीर्तिमान्, पराक्रमशाली रामजीमा अनुरागिणी छु, तँ पाजी स्याल सिंहिनी मलाई चाहन्छस् ?, म दुर्लभ छु बुझिस् ? म सूर्यकी प्रभा (दीप्ति) तुल्य छु, तँ मलाई छुन सक्तैनस्" इत्यादि बोलेको मनोहर वृत्तान्त वाल्मीकीय रामायणमा (३।४७) विस्तार गरिएको छ ।

के गदही पनि कामधेनुसमान हुन सक्छे ? ए मूर्ख ! सुन्, आफ्नो घर जा" ॥ ७ ॥ यो वचन सुनेर रावण रिसायो, मनमनले ता सीता चरणमा वन्दना गऱ्यो र आनन्दित भयो ॥ ८ ॥

दोहा–क्रोधवंत तब रावन लीन्हिसि रथ बैठाइ ।
चला गगनपथ आतुर भय रथ हाँकि न जाइ ॥४१॥

अनि क्रोधवान् भएको रावणले सीताजीलाई उठाएर रथमा राख्यो । छिटो छिटो गरेर आकाश मार्गले जान लाग्यो, तर डरका मारे त्यसबाट रथ हाँकिन नसकिने थियो ॥ ४१ ॥

चौ०–हा जकदेकबीर रघुराया ❀ केहि अपराध बिसारिहु दाया ॥१॥
आरतिहरन सरन सुखदायक ❀ हा रघुकुल सरोज दिननायक ॥२॥

(सीताजी विलाप गर्न लाग्नुभयो) हाय ! हे जगदेकवीर । (सर्वोपरिवीर) हा ! रघुनाथ ! कुन कसूरले माया बिर्सनुभयो ? ॥ १ ॥ हे पीडाहरण ! हे शरणागतसुखदायक ! हे रघुकुल-कमलदिनकर ! ॥ २ ॥

हा लछिमन तुम्हार नहि दोसा ❀ सो फल पायेउँ कीन्हेउँ रोसा ॥३॥
कैकेइ के मन जो कछु रहेऊ ❀ सो बिधि आजु मोहि दुख दयेऊ ॥४॥

हा ! लक्ष्मण ! तपाईंको दोष छैन, मैले रिस गरेथें, फल पाएँ ॥ ३ ॥ कैकेयीका मनमा जो कुछ थियो, त्यो दुःख दैवले आज मलाई दियो" ॥ ४ ॥ (क)

बिबिध बिलाप करति बैदेही ❀ भूरि कृपा प्रभु दूरि सनेही ॥५॥
पंचबटी के खग मृग जाती ❀ दुखी भए जलचर बहु भाँती ॥६॥

सीताजी यस्ता अनेक प्रकारले विलाप गर्न लाग्नुभयो, "प्रभुजीको कृपा ता खूब थियो, परन्तु परम प्रेमी उहाँ नै टाढ़ा हुनुभयो" भन्नुहुन्थ्यो ॥ ५ ॥ पञ्चवटीका पशुपक्षीका समूह र जलचर जीवजन्तुसमेत सबै दुःखित भए ॥ ६ ॥ (सीताजी फेरि भन्न लाग्नुभयो)

बिपति मोरि को प्रभुहि सुनावा ❀ पुरोडास चह रासभ खावा ॥७॥
सीता कै बिलाप सुनि भारी ❀ भए चराचर जीव दुखारी ॥८॥

"मेरो विपत्ति प्रभुजीलाई को सुनाइदेला ?, गदहा यज्ञको हवि (पुरोडाश) खान चाहन्छ ॥ ७ ॥ सीताजीका यस्ता भारी विलाप सुन्दा चराचर जीव दुखी भए ॥ ८ ॥

दोहा–बहु बिधि करति बिलाप नभ लिए जात दससीस ।
डरत न खल बर पाइ भल जो दीन्हेउ अज ईस ॥४२॥

(क) कैकेयीले हामीलाई वनैमा नष्ट होऊन् भन्ने मनसायले वनतर्फ धपाएकी हुत्, तिनको मनसूबा आज पूर्ण भयो, मेरो यो गति भएपछि रामजीको जिन्दगी कसरी रहला ? हा दैव ! कैकेयीद्वारा हामीलाई यस्तो आपत्ति दिइस् नि ! ।

सीताजी अनेक प्रकारले विलाप गद हुनुहुन्थ्यो, रावण उहाँलाई लिएर जाँदै थियो, त्यो दुष्ट ब्रह्माजी र शिवजीले दिएको असल वर पाएको हुनाले डराउँदै डराउँदैनथ्यो ॥ ४२ ॥

[जटायुरावणयुद्ध]

चौ०–गीधराज सुनि आरत बानी ❀ रघुकुलतिलक नारि पहिचानी ॥१॥
अधम निसाचर लीन्हे जाई ❀ जिमि मलेछबस कपिला गाई ॥२॥

गृध्रराज जटायुले सीताजीको आर्तनाद (दुःखपुकारा) सुनेर उहाँलाई रघुकुलतिलक रामजीकी महारानी भनी चिह्ने ॥ १ ॥ अधम राक्षस (रावण) उहाँलाई, आफ्ना वश पारेकी गाईलाई म्लेच्छले लगेझैं, लैजान लागेको थियो ॥ २ ॥

अहह प्रथम तन मम बल नाहीं ❀ तदपि जाइ देखौं बल ताहीं ॥३॥
सीते पुत्रि करसि जनि त्रासा ❀ करिहौं जातुधान कर नासा ॥४॥

जटायुले विचार गरे "हाय ! हाय ! मेरा शरीरमा पहिलेको बल छैन, तैपनि गएर त्यसको बल हेरौं" ॥ ३ ॥ (यति विचार गरेर जटायु बोले) "हे पुत्री ! सीते ! नडराऊ, म यस राक्षसको ध्वंस गर्दछु," ॥ ४ ॥ (यति बोलेर)

धावा क्रोधवंत खग कैसें ❀ छूटै पबि पर्वत कहुँ जैसें ॥५॥
रे रे दुष्ट ठाढ़ किन होही ❀ निर्भय चलेसि न जानेहि मोही ॥६॥

"ए दुष्ट ! किन खडा हुँदैनस् ?, निर्भय भएर जान्छस्, मलाई चिन्दैनस्" भन्दै जसरी पर्वतका उपर वज्र छुट्तछ त्यसै गरी क्रोधवान् ती जटायु रावणका उपर छूटे ॥ ५ ॥ ६ ॥

आवत देखि कृतांत समाना ❀ फिरि दसकंधर कर अनुमाना ॥७॥
की मैनाक कि खगपति होई ❀ मम बल जान सहित पति सोई ॥८॥
जाना जरठ जटायू एहा ❀ मम कर तीरथ छाड़िहि देहा ॥९॥

जटायुलाई यमराज जस्तै भएर आउन लागेको देखेपछि रावण फर्क्यो र "यो मैनाक पर्वत हो कि ?, कि गरुड हो ? (गरुड ता होइन, किनभने) त्यो (गरुड) आफ्नो मालिक (विष्णु) सहित (आफू र विष्णुसमेत) मेरो बल जान्दछ ॥ ७ ॥ ८ ॥ जानें लौ, यो बूढो जटायु हो, अब यसले मेरो हातरूपी तीर्थमा देह छाड्ला ॥ ९ ॥

दोहा–मम भुजबल नहि जानत आवत तपन सहाइ ।
समर चढ़इ तो येहि हतौं जियत न निज थल जाइ ॥४३॥

यो मेरा भुजाको बल जान्दैन, त्यसैले तपस्वी (राम) को सहाय भएर आइरहेछ, युद्धमा खडा भयोभने यसलाई मार्दछु, जीउँदै आफ्नो स्थानमा जानेछैन' (भन्न लाग्यो) ॥ ४३ ॥

चौ०–सुनत गीध क्रोधातुर धावा ❀ कह सुनु रावन मोर सिखावा ॥१॥
तजि जानकिहि कुसल गृह जाहू ❀ नाहि त अस होइहि बहु बाहू ॥२॥

यो कुरा सुन्नाका साथ गृध्रराज जटायु क्रोधातुर भएर दौडे, (अनि भन्न लागे) "ए रावण ! मेरो शिक्षाअर्ती सुन् , ॥ १ ॥ जानकीजीलाई छाडेर कुशलपूर्वक घर जा । हे बहुबाहो ! (बीसहाते ! चोर !) होइनभने यसो हुनेछ (सुन्) ॥ २ ॥

रामरोष पावक अति घोरा ❀ होइहि सलभ सकल कुल तोरा ॥३॥
उतरु न देत दसानन जोधा ❀ तबहि गीध धावा करि क्रोधा ॥४॥

"रामजीका क्रोधरूपी भयानक आगामा तेरो कुल शलभ (पतङ्ग = पुतली) हुनेछ" ॥ ३ ॥ जोद्धा भएको रावणले जब उत्तर दिएनथ्यो, अनि तुरन्तै जटायु क्रोध गरेर त्यसका उपर छुटे ॥ ४ ॥

धरि कच बिरथ कीन्ह महि गिरा ❀ सीतहि राखि गीध पुनि फिरा ॥५॥
दसमुख उठि कृत सर संधाना ❀ गीध आइ काटेउ धनु बाना ॥६॥
चोंचन्ह मारि बिदारेसि देही ❀ दंड एक भइ मुरुछा तेही ॥७॥

त्यसका केशमा समातेर रथबाट खसाले, रावण जमीनमा पछारियो, अनि जटायु सीताजीलाई एकातिर राखेर रावणतर्फ फिरे ॥ ५ ॥ रावण उठ्यो, त्यसले धनुमा बाण पनि जोड्यो, गृध्रराज जटायुले झंटेर धनु पनि (चुचाले) काटिदिए ॥ ६ ॥ अनि चुचैं चुचाले रावणको शरीर चिराचिरा पारे, त्यसलाई एक घडीसम्म मूर्छा भयो ॥ ७ ॥

दोहा–जेहि रावन निज बस किये मुनिगन सिद्ध सुरेस ।
तेहि रावन सन समर कर धीर बीर गिद्धेस ॥४४॥

जुन रावणले मुनिगण, सिद्धगण र इन्द्रलाई समेत वश गरेको थियो, त्यही रावणसँग धीर वीर भएर गृध्रराज जटायु युद्ध गर्नलागे ॥ ४४ ॥

चौ०–तब सक्रोध निसिचर खिसिआना ❀ काढ़ेसि परम कराल कृपाना ॥१॥
काटेसि पंख परा खग धरनी ❀ सुमिरि रामु करि अद्भुत करनी ॥२॥

अनि क्रुद्ध भएको रावण झन् क्रुद्ध भयो, त्यसले अति भयानक खड्ग (दापबाट) झिक्यो, ॥ १ ॥ पखेटा काटिदियो, रामजीको अद्भुत लीला संझेर जटायु जमीनमा पछारिए ॥ २ ॥

मन महु गीध परम सुख माना ❀ रामकाज मम लागेउ प्राना ॥३॥
सीतहि जान चढ़ाइ बहोरी ❀ चला उताइल त्रास न थोरी ॥४॥

गृध्रराज जटायुले "मेरा प्राण रामजीका काममा लागे" भन्ने संझेर मनमा परम आनन्द माने ॥ ३ ॥ रावण सीताजीलाई फेरि रथमा चढाएर छिटो छिटो गरी गयो, त्यसलाई त्रास थोरै ता थिएन ॥ ४ ॥

करति बिलाप जाति नभ सीता ❀ ब्याध बिबस जनु मृगी सभीता ॥५॥

गिरि पर बैठे कपिन्ह निहारी ❀ कहि हरिनामु दीन्ह पट डारी ॥६॥
एहि बिधि सीतहि लइ सो गएऊ ❀ बन अशोक महु राखत भएऊ ॥७॥

सीताजी व्याधाका वशमा परेकी हरिणीजस्तै भयभीत भएर विलाप गर्दै आकाश मार्गले जान लाग्नुभयो ॥ ५ ॥ पहाडमाथि बसेका वानरहरूलाई देखेर उहाँले रामजीको नाम उच्चारण गर्दै आफ्नो वस्त्र गिराइदिनुभयो ॥ ६ ॥ यस्ता रीतले रावणले सीताजीलाई लग्यो र अशोक (असौ) का वनमा राख्तोभयो ॥ ७ ॥

दोहा–हारि परा खल बहु बिधि भय अरु प्रीति देखाइ ।
तब असोक पादप तर राखिसि जतनु कराइ ॥४५॥
जेहि बिधि कपटकुरंग सँग धाइ चले श्रीराम ।
सो छबि सीता राखि उर रटत रहति हरिनाम ॥४६॥

त्यो दुष्ट रावण अनेक प्रकारसँग डर र प्रीति देखाउँदा हाऱ्यो, (केही सीप लागेन) अनि त्यसले नयाँ अशोक वृक्षका छायामा यत्न गराएर (हिफाजतका साथ) सीताजीलाई राख्यो ॥ ४५ ॥

श्रीरामजी कपटमृग (मायामृग) का साथ-साथ दौडेर जुन छाँटकाँटले जानुभएको हो त्यही छाँटकाँटको शोभालाई मनमा राखेर सीताजी रामनामको रटना गरेर रहन लाग्नुभयो ॥ ४६ ॥

चौ०–रघुपति अनुजहि आवत देखी ❀ बाहिज चिंता कीन्ही बिसेषी ॥१॥
जनकसुता परिहरिहु अकेली ❀ आयेहु तात बचन मन पेली ॥२॥

रघुनाथजी भाईलाई आउन लागेको देखेर बाहिरी चिन्ता ज्यादै नै गर्न लाग्नुभयो ॥ १ ॥ (उहाँले भाईलाई आज्ञा गर्नुभयो) "भाई ! जानकीलाई एक्लै छाड्यौ ? बाबु ! मेरो वचन पनि नाघेर आयौ ? ॥ २ ॥

निसिचरनिकर फिरहिं बन माहीं ❀ मम मन सीता आश्रम नाहीं ॥३॥
अहह तात भल कीन्हेहु नाहीं ❀ सीय बिना मन जीवन नाहीं ॥४॥

राक्षसका दलका दल जङ्गलमा घुमिरहेका छन्, मेरा मनमा ता सीता आश्रममा छैनन् भन्ने लाग्दछ ॥ ३ ॥ हाय ! हाय ! भाई ! तिमीले बेश काम गरेनौ, सीताविना मेरो जिन्दगी नै रहँदैन ॥ ४ ॥

एहि तें कवनि बिपति बड़ि भाइ ❀ छाड़ेहु सीय काननहि आई ॥५॥
गहि पद कमल अनुज कर जोरी ❀ कहेउ नाथ कछु मोहि न खोरी ॥६॥

भाई ! जङ्गलमा आएर सीतालाई छाड्यौ, यो भन्दा ठूलो विपत्ति के होला ?" ॥ ५ ॥ भाई लक्ष्मणजीले रामजीको पाउ समातेर हात जोरीकन "हे नाथ ! मेरो अपराध कत्ति छैन" (भनी सबै वृत्तान्त विन्ति गर्नुभयो) ॥ ६ ॥

अनुज समेत गए प्रभु तहाँ ❀ गोदावरि तट आश्रम जहाँ ॥७॥
आश्रम देखि जानकीहीना ❀ भए बिकल जस प्राकृत दीना ॥८॥

प्रभुजी भाईसहित भैकन जहाँ गोदावरीका तीरमा आश्रम थियो, त्यहीं जानुभयो ॥ ७ ॥ आश्रमलाई जानकीरहित देख्नुभयो र प्रभुजी मामूली (प्राकृत) मानिस जस्तै दुःखी र व्याकुल हुनुभयो ॥ ८ ॥

दोहा–कानन रहेउ तड़ाग इव चक चकई सिय राम ।
रावन निसि बिछुरन भयेउ सुख बीते चहुँ जाम ॥४७॥

दण्डकारण्य तलाउजस्तो थियो, त्यसमा रामजी र सीताजी चखेवा र चखेवी जस्ता भएर रहनुभएको थियो, रावणरूपी रात्रिका प्रभावले दुवैको बिछोड भयो, चार प्रहरका सुख समाप्त भए । (जङ्गलमा भइरहेको मङ्गल अब सकियो) ॥ ४७ ॥

[श्रीरामजीको विलाप]

चौ०–परदुखहरन सो कस दुख ताही ❀ भा विषाद तिन्हहू मन माहीं ॥१॥
हा गुनखानि जानकी सीता ❀ रूप सील ब्रत नेम पुनीता ॥२॥

रामजी पर-दुःख-हरण गर्ने (अर्काको दुःख हर्ने) हुनुहुन्थ्यो, उहाँलाई दुःख कसरी हुन सक्तछ, तथापि उहाँका मनमा पनि विषाद (खेद) भयो ॥ १ ॥ (अनि विलाप गर्न लाग्नुभयो–) "हा ! गुणकी खानि ! हा ! जनकनन्दिनी ! हा ! पवित्ररूपे ! हा ! पवित्रशीले ! हा ! पवित्रव्रते ! हा ! पवित्रनियमे !···" ॥ २ ॥

लछिमन समुझाए बहु भाँती ❀ पूछत चले लता तरु पाँती ॥३॥
हे खग मृग हे मधुकरश्रेनी ❀ तुम्ह देखी सीता मृगनयनी ॥४॥

[1]लक्ष्मणजीले अनेक प्रकारसँग संझाउनुभयो, अनि रामजी लता र वृक्षका पंक्तिसंग

---

(१) रामजीलाई विषादग्रस्त भएका, ठूलो भासमा धसिएर खिन्न भएको गजराज (हात्ती) जस्ता देखेर लक्ष्मणजीले उहाँको धैर्य वृद्धि गर्नलाई "प्रभु ! यसरी विषाद नगरिबक्सियोस्, हजूर महाबुद्धिमान् होइबक्सिन्छ, मेरा साथ यत्न गरिबक्सियोस् । यो पर्वत धेरै कन्दराले शोभायमान छ, सीताजीलाई वनविहार मनपर्दथ्यो, वन देख्ताखेरि उहाँलाई खूब खुशी लाग्दथ्यो । उहाँ घना वनमा पस्नुभएको छ कि ? हामीलाई तर्साउनाका निंति र हजूरको र मेरो अवस्था बुझ्नाका निंति कतै लुकिरहनुभएको छ कि? प्रभु ! दाज्यू ! अब झट्टै उहाँलाई खोजौं सबै वनमा खोजौं, जहाँ सीताजी हुनुहोला उहाँ पुग्नेछौं, मेरो विन्ति लाग्दछभने यसै गरौं, शोकतर्फ मनलाई नलाइबक्सियोस्" इत्यादि प्रकारले विन्ति गरेको वृत्तान्त वाल्मीकीय रामायणमा लेखिएको छ ।

पङ्कमासाद्य विपुलं सीदन्तमिव कुञ्जरम् । लक्ष्मणो राममत्यर्थमुवाच हितकाम्यया ॥
मा विषादं महाबुद्धे! कुरु यत्नं मया सह । इमं गिरिवरं वीर ! बहुकन्दरशोभितम् ॥
प्रियकाननसंचारा वनोन्मत्ता च मैथिली । सा वनं वा प्रविष्टा स्यान्नलिनीं वा सुपुष्पिताम् ॥
सरितं वापि संप्राप्ता मीनवञ्जुलसेविताम् । वित्रासयितुकामा वा लीना स्यात्कानने क्वचित् ॥
जिज्ञासमाना वैदेही त्वां मां च पुरुषर्षभ । तस्याः ह्यन्वेषणे श्रीमन् ! क्षिप्रमेव यतावहे ॥
वनं सर्वं विचिनुवो यत्र सा जनकात्मजा । मन्यसे यदि काकुत्स्थ ! मास्म शोके मन कृथाः ॥
[३।६१।१३-१८]

सोद्धै 'हिंड्न लाग्नुभयो । "हे पक्षिन् । हे हरिण ! हे भ्रमरवर्ग ! तिमीहरूले मृगनयनी सीतालाई देख्यौ कि ?॥ ३ ॥ ४ ॥

खंजन सुक कपोत मृग मीना ❀ मधुप निकर कोकिला प्रबीना ॥५॥
कंदकलीं दाड़िम दामिनी ❀ कमल सरद ससि अहिभामिनी ॥६॥
बरुनपास मनोजधनु हंसा ❀ गज केहरि निज सुनत प्रसंसा ॥७॥
श्रीफल कनक कदलि हरषाहीं ❀ नेकु न संक सकुच मन माहीं ॥८॥

खञ्जनपक्षी, (बाहुनीचरी) सुगा, परेवा, हरिण, माछा, भ्रमरसमूह, चतुर कोइली कुन्दपुष्पको कोपिला, दाडिम, बिजुली, कमल, शरत्कालका चन्द्रमा, सर्पिणी, वरुणको पाश, कामदेवको धनु, हंस, हात्ती, सिंह, यिनीहरू र वेलका फल, सुवर्ण कदली (सुनकेरा) का वृक्ष, यिनीहरूसमेत आफ्नो प्रशंसा सुन्दाखेरि मनमा संकोच पनि मान्नेछैनन्, अलिकति शंका पनि मान्नेछैनन् ॥ ५ ॥ ६ ॥ ७ ॥ ८ ॥ (क)

सुनु जानकी तोहि बिन आजू ❀ हरषे सकल पाइ जनु राजू ॥९॥
किमि सहि जात अनख तोहि पाहीं ❀ प्रिया बेगि प्रगटसि कस नाहीं ॥१०॥

---

(१) "हे वृक्षहो ! तिमीहरू पर्वतमा (उच्चदेशमा) रहेका हुनाले सबै कुरा छर्लङ्ग देख्ता हौ, तिमीहरू पर्वतका दुर्गम स्थानका लतामा वायुले हम्किएका छौ (धन्य तिम्रो भाग्य !), म दशरथको छोरो शोकाग्निले दग्ध भएको व्याकुलचित्त राम हुँ (बुझ्यौ ?) । बिम्ब (गोलकाँक्री) का फल जस्ता ओठ भएकी, आँखा राम्रा भएकी, पुष्ट जंघा भएकी, सर्पजस्तो काञ्ची (कमरपेटी) बाँधेकी, मेरा हृदयमा हरहमेशा रहेकी सीतालाई कसले लग्यो हँ ? तिमीहरूमध्ये कसैले तिनलाई देखेथ्यौ कि ? कहाँ देख्यौ हँ ?" इत्यादि रूपले सीताविरहले विह्वल भएका प्रभुजीले वृक्षहरूसँग सोधपूछ गर्नुभएको छ ।

रे वृक्षाः ! पर्वतस्था ! गिरिगहनलता वायुना वीज्यमाना
रामोऽहं व्याकुलात्मा दशरथतनयः शोकशुक्रेण दग्धः ॥
बिम्बोष्ठी चारुनेत्री सुविपुलजघना बद्धनागेन्द्रकाञ्ची
सा सीता केन नीता मम हृदयगता केन दृष्टा ? क्व दृष्टा ? [महानाटक]

(क) खञ्जनपक्षी अघि (तिमी छउञ्ज्याल) आफ्नो प्रशंसा (सौन्दर्यको तारीफ) सुन्दा तिम्रा-नेत्रलाई संझन्थ्यो र संकोच शंका मान्दथ्यो (सीताजीका नेत्र छँदा छँदै मलाई राम्रो किन भनेको होला ? सीताजीका नेत्र छँदा छँदै मैले आफ्नो प्रशंसा सुनेंभने मेरो के गति होला ? ? भन्ने विचार गर्दथ्यो), अब तिमी नहुनाले खञ्जनपक्षी निर्धक्क भएर आफ्नो प्रशंसा सुन्नेछ । खञ्जन, सुगा परेवा, प्रभृति सबै उपमान-लाई तिम्रा नेत्र, नासिका, कण्ठ प्रभृति उपमेयले जितेका थिए र कसैले तिनका सौन्दर्यको प्रशंसा गर्न लाग्यो-भने तिनीहरू संकोच मान्दथे, शंका (डर) मान्दथे (हार्नेले आफ्नो प्रशंसा सुन्दा जित्ने सकसलाई संझन्छ र संकोच मान्दछ, डराउँछ) अब ती-नेत्र, नासिका, कण्ठ प्रभृति उपमेय बेपत्ता भए, अब ता खञ्जन, सुगा, परेवा प्रभृति उपमानले आफ्नो प्रशंसा निर्धक्क भएर सुन्ने भए ।

हे जनकनन्दिनी ! सुन, आज तिमी नहुँदामा यिनीहरू सबै राज्य पाएमा जत्तिकै हर्षित भएका छन् ॥ ९ ॥ तिमीबाट यो ईर्ष्या कसरी सहन सकिएको ? (यिनीहरूको यो रीसलाई तिमी कसरी सहन्छयौ ?) हे प्यारी ! तिमी झट्ट किन प्रकट हुन्नौ ? ॥ १० ॥

दोहा—फनि मनिहीन मीन जिमि त्यागत सीतल वारि ।
तिमि व्याकुल भये लखन तहँ रघुबरदसा निहारि ॥४८॥

मणिले हीन हुँदा सर्प र ठण्डा पानी छाड्दा माछा जसरी व्याकुल हुन्छ, रघुनाथजीको त्यो विरहदशा देख्ता लक्ष्मणजी त्यसै गरी व्याकुल हुनुभयो ॥ ४८ ॥

उपमेय-सीताजी का-नेत्र-नासिकादी-अङ्ग	सादृश्यप्रयोजक-धर्म	उपमान
नेत्र (आँखा)	चञ्चलता, श्वेतकृष्णता	खञ्जनपक्षी
नासिका (नाक)	सुन्दरता	सुगा (शुकनासिका)
कण्ठ (घाँटी)	सुन्दरता	कपोत (परेवाको कंठ)
नेत्र (आँखा)	स्निग्धता, चञ्चलता, कृष्णता	हरिणनेत्र
नेत्र (आँखा)	स्निग्धता, विशालता	माछाका नेत्र
केश (रउँ)	नील, कृष्ण, स्निग्धता	भ्रमरसमूह
स्वर (आवाज)	मधुरता	कोइलीको बोली
दन्तपंक्ति (दाँत)	सुन्दरता	कुंदपुष्पको कोपिला
दन्तपंक्ति (दातको लहर)	परस्पर दृढलग्नता	दारिमका बीजपुञ्ज
दन्तद्युति (दाँतको चमक)	सुन्दरता	बिजुली
मुखमण्डल (मुहार)	कोमलता, सुगन्धता	कमल
मुखमण्डल (मुहार)	तेजस्विता, आह्लादकता	चन्द्रमण्डल
केशपाश (चुल्ठो)	सुन्दरता, स्निग्ध, दीर्घता	कृष्णसर्पिणी
कण्ठरेखा (घाँटीका रेखा)	सुन्दरता	वरुणपाश
भ्रू (आँखीभौं)	कुटिलता	कामदेवको धनु
गति (हिंडाइ)	सुन्दरता, मन्दता	हंसगति
गति (हिंडाइ)	गम्भीरता, सुन्दरता	गज (हात्ती) को गति
कटि (कम्मर)	कृशता	सिंहकटि
स्तन (कुच)	पुष्टता, कठिनता	विल्वफल
ऊरु (तिघ्रा)	पीतता, पुष्टता, क्रमपीनता	सुवर्णकदलीस्तम्भ

यहाँ सीताजीका परम भक्त भएका तुलसीदासजीले श्रीरामजीद्वारा उपमेय (सीताजीका तत्तत् अवयव) को उल्लेख गरीकन केवल उपमान (खञ्जनप्रभृति) को उल्लेख गरेर अति रमणीय भक्तिसूचक औचित्यसूचक वर्णन गरेको हो । गहिरो विचार गर्नेले यो अनुभव गर्न पाउँछ ।

चौ०–धरि उर धीर बुझावहिं रामहि ❀ तजहिं न सोक अधिक सुखधामहि ॥१॥
एहि बिधि खोजत बिलपत स्वामी ❀ मनहु महा बिरही अति कामी ॥२॥

आफूले हृदयमा धैर्य धारण गरेर 'रामजीलाई बुझाउनुहुन्थ्यो । सुखधाम (आनन्दनिवास) भएका रामजी त्यो ठूलो शोकलाई छाड्नुहुन्नथ्यो ॥ १ ॥ यस्तै प्रकारसँग प्रभुजी मानौं अत्यन्त कामी र महाविरही हुनुहुँदोरहेछ कि ? (भन्ने भान पर्ने गरी) विलाप गर्दै सीतालाई खोज्न लाग्नुभयो ॥ २ ॥

पूरनकाम राम सुखरासी ❀ मनुजचरित कर अज अबिनासी ॥३॥
सरवर अमित नदी गिरि खोहा ❀ बहु बिधि लखन राम तहँ जोहा ॥४॥

अज (जन्मरहित) अविनाशी, सुखसमूहरूप, पूर्णकाम (सत्यसंकल्प) भएका रामजी मनुष्यलीला गर्न लाग्नुभयो ॥ ३ ॥ रामजी र लक्ष्मणजीले बेगिन्ती सरोवर (ताल) नदी, पर्वत्त, खोल्सा अनेक प्रकारले हेर्नुभयो ॥ ४ ॥

सोच हृदय कछु कहि नहि आवा ❀ टूट धनुष सर आगे पावा ॥५॥
कहुँ कहुँ सोनित देखिअ कैसे ❀ सावनजल भर डाबर जैसे ॥६॥

---

(१) "प्रभु ! धैर्यधारण गर्नुहोस् । कुन प्राणीलाई अग्निका ज्वालाजस्ता आपत्तिले च्वास्स पोलेको छैन ! महाराज ! यी आपत्तिरूपी अग्निज्वाला एकछिन पोलेर हटिहाल्छन् नि ! (धैर्य गर्नुहोस्) प्रभु ! संसारको स्वभाव यही हो । नहुषका छोरा ययाति महाराज इन्द्रसमान हुनुभएको थियो, उहाँलाई पनि दुःखले छोयो (अकस्मात् स्वर्गबाट च्युत हुनुभयो) । हाम्रा गुरु पुरोहित महात्मा वशिष्ठ महर्षिका सय (१००) पुत्र पैदा भएका थिए, ती सबै एकै दिन (विश्वामित्रद्वारा) मारिए (कत्रो चोट पर्‍यो !) ! महाराज ! सबैले मानिएकी सबैकी माता यी पृथ्वी पनि कैलेकाहीं दुःखले थर्थर काँसछिन् (सर्वंसहा भनेर प्रख्यात भएकी पृथ्वीलाई पनि सहन सकिने दुःख बराबर पर्दैछन्) । जगत्का नेत्र भएका, जगत्का आधार भएका बलवान तेजस्वी सूर्य चन्द्र पनि ग्रहण लागेर बराबर दुःखित हुन्छन् (अरूको के कुरा !) सीताजी सर्वथा हराए पनि (हराउनु ता के) मरेकी भए पनि, अरू पामरले शोक गरेझैं हजूरले यस्तो शोक गर्नु मनासीब छैन । दाज्यू ! हजूरजस्ता सर्वदर्शी उत्साही महापुरुषले शोक गर्दैनन् । ठूला ठूला कष्ट परेमा पनि तिनीहरू अनिर्विण्ण (दिक्दार नभएका) देखिन्छन् । मैले विन्ति गरेका यी सबै कुरा हजूरैले मलाई उपदेश गर्नुभएको थियो । खास बृहस्पति नै भए पनि हजूरलाई उपदेश गर्न को सक्तछ !" भनी लक्ष्मणजीले रामजीलाई बुझाउनुभएको छ ।

आश्वसिहि नरश्रेष्ठ ! प्राणिनः कस्य नापदः । संस्पृश्यन्त्यग्निवद्राजन् ! क्षणेन व्यपयान्ति च ।
लोकस्वभाव एवैष ययातिर्नहुषात्मजः । गतः शक्रेण सालोक्यमनयस्तं समस्पृशत् ॥
महर्षिर्योवशिष्ठ स्तु यः पितुर्नः पुरोहितः । अह्ना पुत्रशतं जज्ञे तथैवाऽस्य पुनर्हतम् ॥
या चेयं जगतो माता सर्वलोकनमस्कृता । अस्याश्च चलनं भूमेर्दृश्यते कोशलेश्वर ! ॥
यौ धर्मौ जगतो नेत्रे यत्र सर्वं प्रतिष्ठितम् । आदित्यचन्द्रौ ग्रहणमभ्युपेतो महाबलौ ॥
मृतायामपि वैदेह्यां नष्टायामपि राघव ! । शोचितुं नार्हसे वीर ! यथान्यः प्राकृतस्तथा ॥
त्वद्विधा नहि शोचन्ति सततं सर्वदर्शनाः । सुमहत्स्वपि कृच्छ्रेषु रामाऽनिर्विण्णदर्शनाः ॥
(वाल्मीकीय० ३।६६।६–७ ।)

उहाँका हृदयमा अफसोस थियो, केही बोल्न नसकिने अवस्था थियो । उहाँले अगाडितिर भाँचिएको धनु र बाण फेला पार्नुभयो ॥ ५ ॥ कतै कतै रगत कस्तो देखिन्थ्यो भने साउन महीनाको गदला पानीजस्तो (साउनका भलको बाक्लो धमिलो पानीजस्तो) (देखिन्थ्यो) ॥ ६ ॥

[जटायुको मोक्ष]

कहत राम लछिमनहिं बुझाई ❀ काहू कीन्ह जुद्ध एहि ठाई ॥७॥
आगे परा गीधपति देखा ❀ सुमिरत रामचरन जिन्ह रेखा ॥८॥

रामजीले लक्ष्मणलाई बुझाएर—"यो ठाउँमा कसैले युद्ध गरेछ" भन्नुभयो ॥ ७ ॥ अघिल्तिर रामजीका चरणका रेखा (वज्र अंकुश-ध्वज-कमल इत्यादि चिह्न) संझिरहनलागेका, जमीनमा पसारिएका गृध्रराज (जटायु) देखिए ॥ ८ ॥

दोहा–कर सरोज सिर परसेउ कृपासिंधु रघुबीर ।
निरखि रामछबि धाम मुख बिगत भई सब पीर ॥४९॥

दयासागर रघुवीरले तिनका शिरमा आफ्ना करकमल (हात) ले स्पर्श गर्नुभयो । शोभाको भवन भएको (शोभापूर्ण) रामजीको मुहार देखेर तिनका सबै पीडा हटेर गए ॥ ४९ ॥

चौ०–तब कह गीध बचन धरि धीरा ❀ सुनहु राम भंजन भवभीरा ॥१॥
नाथ दसानन येह गति कीन्ही ❀ तेहि खल जनकसुता हरि लीन्ही ॥२॥

अनि धैर्यधारण गरेर गृध्रराज जटायुले यो वचन विन्ति गरे—"हे संसारभयभञ्जन ! हे राम ! सुनिबक्सियोस् ॥ १ ॥ हे नाथ ! रावणले यो गति पार्‍यो । त्यसै दुष्टले जनकनन्दिनीलाई हरेर लग्यो ॥ २ ॥

लै दछिन दिसि गएउ गोसाईं ❀ बिलपति अति कुररी की नाईं ॥३॥
दरस लागि प्रभु राखेउँ प्राना ❀ चलत चहत अब कृपानिधाना ॥४॥

हे प्रभु ! कुररी (न्याउलीचरी) झैं विलाप गर्न लागेकी सीतालाई लिएर दक्षिण दिशापट्टि गयो ॥ ३ ॥ हे करुणानिधान ! प्रभु ! हजूरको दर्शन गर्नाका निमित्त प्राणलाई रोकिराखेको थिएँ, अब ती प्राण जान लागे" ॥ ४ ॥

राम कहा तनु राखहु ताता ❀ मुख मुसुकाइ कही तेहि बाता ॥५॥
जा कर नाम मरत मुख आवा ❀ अधमै मुकुत होइ श्रुति गावा ॥६॥

रामजीले "हे पिता ! शरीर राख्नुहोस् (प्राण नछाड्नुहोस्)" भन्नुभयो । ती जटायुले मुख मुसुक्क पारेर (धीमा हाँसेर) वचन बोले—"जसको नाम मर्ने वेलामा आउँदा अधमहरू पनि मुक्त हुन्छन् भनी वेदले बताएको छ ॥ ५ ॥ ६ ॥

सो मम लोचन गोचर आगें ❀ राखौं देह नाथ केहि खाँगें ॥७॥
जल भरि नयन कहहिं रघुराई ❀ तात कर्म निज तें गति पाई ॥८॥

उनै प्रभु मेरा अगाड़ि नेत्रगोचर भइबक्सिएको छ, अब के खाँचाले शरीर राखौं ?" ॥ ७ ॥ रघुनाथजीले गहभरी आँसु गराएर "हे पिता ! आफ्ना सत्कर्मले त्यही सद्गति पाउनुभयो ॥ ८ ॥

परहित बस जिन्ह के मन माहीं ❀ तिन्ह कहुँ जग दुर्लभ कछु नाहीं ॥९॥
तनु तजि तात जाहु मम धामा ❀ देउँ काह तुम्ह पूरनकामा ॥१०॥

जसका मनमा (परहित परहिताभिलाषा) रहन्छ, तिनलाई जगत्मा दुर्लभ केही छैन ॥ ९ ॥ हे तात ! शरीर छाडेर मेरो धाम (वैकुण्ठ) मा जानुहोस् । तपाईंलाई के दिऊँ ? तपाईं पूर्णकाम (सिद्धमनोरथ) हुनुहुन्छ ॥ १० ॥

दोहा–सीताहरन तात जनि कहहु पिता सन जाइ ।
जौं मैं राम त कुल सहित कहिहि दसानन आइ ॥५०॥

हे तात ! मेरा पिताजी (दशरथ महाराज) संग जाँदा (वहाँसंग भेट भएमा) सीता हरणको वृत्तान्त वहाँलाई नभन्नुहोला । यदि म राम रहेंछुभने कुलकुटुम्बसहित भईकन रावण आफैं आएर (गएर) उहाँलाई (त्यो वृत्तांत) भन्नेछ" ॥ ५० ॥

चौ०–गीध देह तजि धरि हरिरूपा ❀ भूषन बहु पट पीत अनूपा ॥१॥
स्याम गात बिसाल भुज चारी ❀ अस्तुति करत नयन भरि बारी ॥२॥

जटायुले गृध्रशरीर छाड़े, विष्णु भगवान्को चतुर्बाहुस्वरूप धारण गरे । त्यो विशाल चार भुजा भएको, श्यामशरीर भएको अतुल (अद्वितीय सुन्दर) पीताम्बर धारण गरेको धेरै गहनाले शोभित भएको विष्णुसमानको रूपले नजरभरी जलपूर्ण भएर स्तुति गर्न लागे ॥ १ ॥ २ ॥

छन्द–जय राम रूप अनूप निर्गुन सगुन गुनप्रेरक सही ।
दससीसबाहु प्रचंड खंडन चंड सर मंडन मही ॥
पाथोद गात सरोज मुख राजीव आयत लोचनं ।
नित नौमि राम कृपाल बाहु बिसाल भव भय मोचनं ॥२७॥

हे अतुलरूप ! हे राम ! हजूरको जय होस् , हजूर निर्गुण पनि सगुण पनि गुणप्रेरक पनि होइबक्सिन्छ । रावणका प्रचण्ड भुजदण्डको खण्डन गर्ने, प्रचण्ड बाण धारण गर्ने, पृथ्वीमण्डललाई सुशोभित पार्ने, मेघसमान श्याम शरीर भएका, कमलजस्तो वदन भएका कमलका दलजस्ता विशाल नेत्र भएका, विशाल भुजा भएका, संसारको भयहरण गर्ने ! हे दयालु ! राम ! म हजूरलाई नित्य नमस्कार गर्दछु ॥ २७ ॥

बलमप्रमेयमनादिमजमव्यक्तमेकमगोचरं ।
गोबिंद गोपर द्वंद्वहर बिज्ञानघन धरनीधरं ॥

जो राममंत्र जपंत संत अनंत जन मन रंजनं ।
नित नौमि राम अकाम प्रिय कामादि खल दल गंजनं ॥२८॥

हजूर अप्रमेय बल (अपरिमित सामर्थ्य) होइबक्सिन्छ, अनादि, अज, अव्यक्त, एक अगोचर, गोविन्द (उपनिषत्का द्वारा जानिने), गोपद (इन्द्रियवर्गका अधिष्ठाता), द्वन्द्वहर (सुख-दुःख प्रभृति द्वन्द्वबाधा हर्ने), विज्ञानधन (अखण्डज्ञानरूप), वराहादि रूपले पृथ्वी धारण गर्ने होइबक्सिन्छ । राममन्त्रको जप गर्ने जो अनन्त (नाशवर्जित अर्थात् मुक्त भएका) सन्तहरू छन् तिनका मनलाई हजूर आनन्दित गर्नुहुन्छ, काम क्रोधादि दुष्टवृत्तिका समुदायको नाश गर्ने, निष्काम भएका भक्तलाई प्यारो हजूरलाई नित्य नमस्कार गर्दछु ॥ २८ ॥

जेहि श्रुति निरंजन ब्रह्म ब्यापक बिरज अज कहि गावहीं ।
करि ध्यान ज्ञान बिराग जोग अनेक मुनि जेहि पावहीं ॥
सो प्रगट करुनाकंद सोभाबृंद अग जग मोहई ।
मम हृदय पंकज भृंग अंग अनंग बहु छबि सोहई ॥२९॥

जसलाई वेदहरू निरञ्जन (मायाविकारवर्जित) व्यापक, निष्क्रिय, अजर (जन्मरहित) ब्रह्म (परमात्मा) भनेर गाउँछन्, अनेक मुनिहरू ध्यान, ज्ञान, वैराग्य, योग इत्यादि साधना गरेर जसलाई पाउँदछन्, अहा ! उही करुणापुञ्ज, स्वरूपका शोभासमूहले चराचर जगत्‌लाई मोहित पार्ने, प्रभु मेरा हृदयरूपी कमलमा भ्रमरस्वरूप हुनुभयो, (मैले उही हजूरलाई हृदयमा झलमल्ल देखिरहेको छु) हजूरका अङ्ग अङ्गमा अनेक अनङ्ग (कामदेव) को शोभा सुशोभित भइरहेछ ॥ २९ ॥

जो अगम सुगम सुभाव निर्मल असम सम सीतल सदा ।
पस्यंति जं जोगी जतनु करि करत मन गो बस जदा ॥
सो राम रमानिवास संतत दासबस त्रिभुवनधनी ।
मम उर बसउ सो समन संसृति जासु कीरति पावनी ॥३०॥

जो अगम पनि सुगम पनि होइबक्सिन्छ, जो स्वभावैले निर्मल (निर्लेप) रहेर सम पनि विषम पनि भएर शीतल होइबक्सिन्छ, जब योगीहरू यत्न गरेर मनलाई र इन्द्रियलाई वश गर्दछन् अनि जसलाई देख्तछन्, उनै लक्ष्मीनिवास रामजी त्रिभुवनका धनी (स्वामी) भएर पनि सेवकहरूका वशमा सदासर्वदा रहिबक्सिन्छ, जसको पवित्र कीर्ति संसारशान्ति-दायिनी छ, उनै प्रभु रामजी मेरा हृदयमा बसुन् ॥ ३० ॥

दोहा–अबिरल भगति मागि बर गीध गएउ हरिधाम ।
तेहि कइ क्रिया जथोचित निज कर कीन्ही राम ॥५१॥

अखण्ड भक्तिको वर मागेर जटायु वैकुण्ठ गए। रामजीले तिनको यथोचित क्रिया कर्म आफ्ना हातले गर्नुभयो ॥ ५१ ॥ (क)

चौ०–कोमल चित अति दीनदयाला ❀ कारन बिनु रघुनाथ कृपाला ॥१॥
गीध अधम खग आमिषभोगी ❀ गति दीन्ही जो जाचत जोगी ॥२॥

रामजी अत्यन्त दीनदयाल र कोमल चित्त हुनुहुन्छ, रघुनाथजी विनाकारण कृपा गर्नुहुन्छ ॥ १ ॥ योगीहरू जुन गति माग्दछन्, त्यही गति मांसाहारी अधमपक्षी गिद्धलाई दिनुभयो ॥ २ ॥

सुनहु उमा ते लोग अभागी ❀ हरि तजि होहिं बिषय अनुरागी ॥३॥
पुनि सीतहि खोजत द्वौ भाई ❀ चले बिलोकत बन बहुताई ॥४॥

हे पार्वती ! सुन, जो व्यक्ति हरिलाई छाडेर विषयानुरागी हुन्छन्, ती अभागी हुन् ॥ ३ ॥ अनि दुवै भाई सीतालाई खोज्दै वनको घनता (बाक्लोपना) हेर्दै हिंड्नुभयो ॥ ४ ॥

[कबन्धमोचन]

संकुल लता बिटप घन कानन ❀ बहु खग मृग तहँ गज पंचानन ॥५॥
आवत पंथ कबंध निपाता ❀ तेहि सब कही श्राप कै बाता ॥६॥

त्यो घना जङ्गलमा लताहरूले वेष्टित भएका वृक्ष जतातते थिए, त्यहाँ पक्षी, मृग, हात्ती, सिंहहरू पनि धेरै थिए ॥ ५ ॥ जाँदा जाँदा बाटामा वहाँले कबन्धलाई मार्नुभयो । त्यसले आफूले पाएका शापका सबै कुरा बतायो ॥ ६ ॥ (ख)

दुर्बासा मोहि दीन्ही श्रापा ❀ प्रभुपद देखि मिटा सो पापा ॥७॥
सुनु गन्धर्ब कहौं मैं तोही ❀ मोहि न सोहाई ब्रह्मकुल द्रोही ॥८॥

(क) "रामजीले लक्ष्मणद्वारा चिता तयार गराएर जटायुको दाह गर्नुभयो, अनि स्नान गरेर अञ्जलि दिनुभयो । पछिबाट मृग र माछाका मासुका टुक्रा टुक्रा पारेर चौरमा त्यसैले पिंड दिनुभयो, मत्स्य मांस पक्षीहरूलाई पनि खुवाउनुभयो, अनि—"हे बलवन् ! गृध्रराज ! मैले संस्कार गरिएका तिमी मेरा आज्ञानुसार उत्तम लोकमा जाउ लौ" भनेर जटायुलाई वैकुण्ठ पठाउनुभयो" । भनी आदिकवि वाल्मीकिले भन्नुभएको छ [३ । ६ । २७–३७]

(ख) कबन्धले—"अघि म ब्रह्माजीका वरदानले अवध्य भएको गन्धर्व थिएँ, दुर्वासा ऋषिलाई देख्ता यौवन र रूपले मत्त भएको म हाँसें, ऋषिले राक्षस भएस् भनी सराप दिए, प्रार्थना गर्दा ऋषिले रामजीबाट हात काटिएपछि राक्षसयोनिबाट मुक्त होलास् भनी अनुग्रह गरे । म राक्षस भएँ । एक फेर मैले इन्द्रका उपर आक्रमण (हमला) गरें, इन्द्रले वज्रप्रहार गरे । ब्रह्माजीका वरदानका प्रभावले म मरिनँ, तर मेरो टाउको र दुई खुट्टा पेटपट्टि घुसारिए, मांसपिण्डजस्तो भएर दुई हात मात्र बाँकी रहेर पनि बाँचिरहेको मलाई देख्ता देवताहरूलाई दया लाग्यो र तिनीहरूले प्रार्थना गर्दा इन्द्रले "लौ ! तेरो मुख पेटमा प्रकट होला, तेरा दुई हात चार कोस लामा हुनेछन्, हल न चल भए हातले फेला पारेका जीव जन्तु खाएर बाँचेस्" भनेर छाडिदिएका थिए । म तदनुसार भएर तदनुसार गर्दथें, आज हजूरको दर्शन पाउँदा त्यो पापबाट मुक्त भएँ भनी कबन्धले विन्ति गरेको कुरा अध्यात्मरामायणमा विस्तार गरिएको छ । (२१९)

दुर्वासा ऋषिले मलाई शाप दिएको थियो, प्रभुका चरणको दर्शन पाउँदा त्यो पाप मेटियो, (भनी विन्ति गऱ्यो, अनि रामजीले आज्ञा गर्नुभयो ॥ ७ ॥ हे गन्धर्व ! म तिमीलाई भन्दछु, सुन, मलाई ब्राह्मणवर्गको द्रोह गर्ने व्यक्ति मन पर्दैन ॥ ८ ॥

दोहा—मन क्रम बचन कपट तजि जो कर भूसुरसेव ।
मोहि समेत बिरंचि सिव बस ताकें सब देव ॥५२॥

जो व्यक्ति कपट छाडेर मनसा-कर्मणा-वाचा देवता र ब्राह्मणको सेवा गर्दछ, म-सहित ब्रह्माजी र शिवजी त्यसका वशमा रहन्छन् ॥ ५२ ॥

चौ०—श्रापत ताड़त परुष कहंता ❀ बिप्र पूज्य अस गावहिं संता ॥१॥
पूजिअ बिप्र सील गुन हीना ❀ सूद्र न गुनगन ग्यान प्रबीना ॥२॥

गाली गर्ने, सराप्र लागेको, कुट्न लागेको कठोर वचन बोल्न लागेको भए पनि ब्राह्मण पूजनीयै छ भनी साधु-सन्तहरू भन्दछन् ॥ १ ॥ शील र गुणले रहित भए पनि ब्राह्मणको सत्कार गर्नुपर्दछ, गुण-गणले र ज्ञानले पूर्ण भए पनि शूद्र पूजनीय छैन" ॥ २ ॥

कहि निज धर्म ताहि समुझावा ❀ निज पद प्रीति देखि मन भावा ॥३॥
रघुपतिचरन कमल सिरु नाई ❀ गएउ गगन आपनि गति पाई ॥४॥

अनि रामजीले स्वधर्मको उपदेश गरेर त्यसलाई बुझाउनुभयो । आफ्ना चरणमा त्यसको प्रीति देखेर प्रभुजीलाई त्यो प्रिय लाग्यो ॥ ३ ॥ त्यो आफ्नो गन्धर्वगति (रूप) पाएर प्रभुजीका पाउमा शिर झुकाईकन आकाशमार्गले गयो ॥ ४ ॥ (क)

[शबरीसंवाद]

ताहि देइ गति रामु उदारा ❀ सबरी कें आश्रम पगु धारा ॥५॥
सबरी देखि रामु गृह आए ❀ मुनि के बचन समुझि जिय भाए ॥६॥

उदार रामजीले त्यसलाई सद्गति दिएर शबरीका आश्रममा पाउ राख्नुभयो ॥ ५ ॥ रामजी आफ्नो आश्रममा पाल्नुभएको देखेर शबरीले आफ्ना गुरु (मतङ्ग मुनि) का वचन संझिन् । (सच्चा हुनाले ती वचन शबरीलाई) प्रिय लागे ॥ ६ ॥

सरसिज लोचन बाहु बिसाला ❀ जटा मुकुट सिर उर बनमाला ॥७॥
स्याम गौर सुंदर द्वौ भाई ❀ सबरी परी चरन लपटाई ॥८॥

(क) कबन्धले दिव्य गन्धर्वरूप पाएपछि रामजीको स्तुति गऱ्यो । "जटामुकुटले सुशोभित भएको, धनुर्बाण धारण गर्ने, वृक्षका बोक्राको वस्त्र लाउने, लक्ष्मणसहित भएर सीताजीलाई खोज्न लागेको यौवनपूर्ण भएको सुन्दर यो हजूरको रूप मेरा हृदयमा सदा रहोस्" यस्तो प्रार्थना गरेर "यताबाट सरासर अगाडि पाल्नुहोस्, त्यतातिर नगीचैमा शबरीको आश्रम छ, ती हजूरकी भक्ता छन्, तिनीसँग भेट भएपछि सबै कुरा जाहेर हुनेछ" भनेर त्यो विमान चढीकन स्वर्गतर्फ गयो भनी अध्यात्मरामायणमा बिस्तार गरिएको छ (३।१०)

कमलजस्ता सुन्दर नेत्र भएका, विशाल बाहु भएका, शिरमा जटामुकुट भएका, वक्षस्थल (छाती) मा वनमालाले सुशोभित भएका श्याम र गौर शरीर भएका दुई भाईलाई देखेर शबरी उहाँका पाउमा परेर लुटुपुटु गर्न लागिन् ॥ ७ ॥ ८ ॥

प्रेममगन मुख बचनु न आवा ❀ पुनि पुनि पद सरोज सिरु नावा ॥९॥
सादर जल लै चरन पखारे ❀ पुनि सुंदर आसन बैठारे ॥१०॥

ती प्रेममा डुबिन्, मुखबाट वाक्य निस्केन, वारंवार पाउमा शिर राख्न लागिन् ॥९॥ आदरका साथ पानी ल्याएर पाउ पखालिन्, अनि सुन्दर आसनमा राज गराइन् ॥ १० ॥

दोहा–कंद मूल फल सुरस अति दिए राम कहुँ आनि ।
प्रेमसहित प्रभु खाए बारंबार बखानि ॥५३॥

शबरीले रामजीलाई अति रसिला (स्वादिष्ट) कन्द-मूल, फल-फूल ल्याएर टक्र्याइन् प्रभुजीले वारंवार तिनको बयान गर्दै प्रेमका साथ ज्यूनार भयो ॥ ५३ ॥

चौ०–पानि जोरि आगे भइ ठाढ़ी ❀ प्रभुहि बिलोकि प्रीति अति बाढ़ी ॥१॥
केहि बिधि अस्तुति करउँ तुम्हारी ❀ अधम जाति मैं जड़मति भारी ॥२॥

फेरि ती हात जोरेर प्रभुजीका अगाडि खडी भइन्, प्रभुजीलाई देख्ता तिनको प्रेम अत्यन्त बढेर आयो ॥ १ ॥ (तिनले विन्ति गरिन्) "हे नाथ ! हजूरको स्तुति कुन प्रकारले गरौं ? म अधम जातिकी हुँ, अत्यन्त जडबुद्धि छु ॥ २ ॥

अधम तें अधम अधम अति नारी ❀ तिन्ह मह मैं अति मंद अघारी ॥३॥
कह रघुपति सुनु भामिनि बाता ❀ मानौं एक भगति कर नाता ॥४॥

स्त्रीजाति अधमाधमभन्दा पनि अत्यन्त अधम हो, हे पापनाशन ! प्रभो ! तिनमा पनि म मन्दबुद्धि छु" ॥ ३ ॥ रामजीले आज्ञा गर्नुभयो, "हे भामिनी ! मेरा कुरा सुन, म ता फगत एउटा भक्तिको नाता मान्दछु (नातादार भए पनि भक्ति छैन भने त्यसलाई पराइ संझन्छु, भक्ति छ भने पराइलाई पनि नातादार संझन्छु) ॥ ४ ॥

जाति पाँति कुल धर्म बड़ाई ❀ धन बल परिजन गुन चतुराई ॥५॥
भगतिहीन नर सोहै कैसा ❀ बिनु जल बारिद देखिअ जैसा ॥६॥

विनापानीका बादल जस्ता शोभायमान देखिन्छन्, भक्तिहीन भएका मानिसका जातभात, कुल, धर्म, प्रतिष्ठा, धन, बल, परिवार, गुण, चातुर्य त्यस्तै शोभायमान हुन्छन् (जल नभएको बादल निष्फल छ, भक्तिरहित भएका व्यक्तिका जाति, कुल, धर्म, प्रतिष्ठा, धन प्रभृति सबै निष्फल छन्) ॥ ५ ॥ ६ ॥

नवधा भगति कहौं तोहि पाहीं ❀ सावधान सुनु धरु मन माहीं ॥७॥
प्रथम भगति संतन्ह कर संगा ❀ दूसरि रति मम कथा प्रसंगा ॥८॥

हे भक्तिमती ! तिमीलाई नौ (९) प्रकारको भक्ति बताउँछु, सावधान भएर सुन र

मनमा स्थिर राख ॥ ७ ॥ पहिला भक्ति सत्सङ्ग गर्नु नै हो । दोस्रो भक्ति मेरा कथाको प्रसङ्गमा प्रेम गर्नु हो ॥ ८ ॥

दोहा–गुरपद पंकज सेवा तीसरि भगति अमान ।
चौथि भगति मम गुनगन करइ कपट तजि गान ॥५४॥

तेस्री भक्ति अभिमानरहित भएर गुरुका चरणकमलको सेवा गर्नु हो । चौथी भक्ति कपटको त्याग गरेर मेरा गुणगणको गान गर्नु (गुणकीर्तन) हो ॥ ५४ ॥

चौ०–मंत्र जाप मम दृढ़ बिस्वासा ❀ पंचम भजनु सो बेद प्रकासा ॥१॥
छठ दम सील बिरति बहु कर्मा ❀ निरत निरंतर सज्जनधर्मा ॥२॥

पाँचौं भक्ति मेराउपर दृढ़ विश्वास राखेर मेरा मन्त्रको जप गर्नु मेरो भजन गर्नु हो, यो कुरा वेदमा पनि प्रकाशित छ ॥ १ ॥ छैटौं भक्ति इन्द्रियलाई वश पार्नु (दम), शील असल पार्नु, धेरै सांसारिक कामबाट हट्नु, सद्धर्म (सदाचरण) गर्नु हो ॥ २ ॥

सातवँ सम मोहि मय जग देखा ❀ मो तें संत अधिक करि लेखा ॥३॥
आठवँ जथालाभ संतोषा ❀ सपनेहु नहि देखइ परदोषा ॥४॥

सातौं भक्ति संसारलाई मन्मय (ईश्वरमय) देख्नु, मभन्दा मेरा भक्तलाई अधिक मान्नु हो ॥ ३ ॥ आठौं भक्ति यथालाभ संतुष्ट हुनु (आफ्ना कर्मानुसारका भोगमा राजी रहनु) र अर्काका दोषतर्फ दृष्टि नदिनु हो ॥ ४ ॥

नवम सरल सब सन छलहीना ❀ मम भरोस हिय हरष न दीना ॥५॥
नव महु एकौ जिन्ह कें होई ❀ नारि पुरुष सचराचर कोई ॥६॥
सोइ अतिसय भामिनि प्रिय मोरें ❀ सकल प्रकार भगति दृढ़ तोरें ॥७॥

नवम भक्ति सबैसँग कपटरहित भएर सरल भावले रहनु, मेरै भरोसामा रहनु, हृदयमा हर्ष र विषाद नमान्नु हो ॥ ५ ॥ चराचरजगतमा स्त्री-पुरुष जोसुकै भए पनि जसको यी नौ भक्तिमध्येमा एउटै भक्ति पनि छ, त्यो प्राणी मेरो अत्यन्त प्यारो हुन्छ । हे भामिनी ! तिम्रो ता नौ प्रकारको भक्ति जम्मै छ ॥ ६ ॥ ७ ॥ (क)

जोगिबृंद दुर्लभ गति जोई ❀ तो कहुँ आजु सुलभ भइ सोई ॥८॥
मम दरसन फल परम अनूपा ❀ जीव पाव निज सहज सरूपा ॥९॥

योगीहरूलाई जुन गति दुर्लभ छ, त्यही गति तिमीलाई आज सुलभ भएको छ हे भामिनी ! मेरा दर्शनको फल परम अद्भुत छ (त्यसले) जीव आफ्नो स्वाभाविक स्वरूप (ब्रह्मभाव) पाउँछ ॥ ८ ॥ ९ ॥

(क) यस्ता प्रकारले नवविधा (नौ तरहकी) भक्ति पाएपछि पाउनुपर्ने कुरा सबै पाइए भनी संझनुपर्दछ, पाइने कुरा केही बाँकी रहेन । अमृतपान गरेपछि पिउने कुरा केही बाँकी रहँदैन ।

भक्तिं लब्धवतः साधोः किमन्यदवशिष्यते ।
पीत्वा पीयूषममृतं पातव्यं नावशिष्यते ॥ (श्रीमद्भागवत)

दोहा–सब प्रकार तव बड़ मम चरनन्हि अनुराग ।
तव महिमा जेहि उर बसिहि तासु परम जग भाग ॥५५॥

मेरा चरणमा तिम्रो प्रेम छ, (त्यसैले) तिम्रो भाग्य सब तरहले ठूलो छ, तिम्रो महिमा जसका हृदयमा रहला (जसले उच्चकोटिकी भक्तिमती तिम्रो करामात मनले संझिरहला) संसारमा त्यसको भाग्य पनि ठूलो हो" ॥ ५५ ॥

चौ०–बचन सुनत सबरी हरषाई ❀ पुनि बोले प्रभु गिरा सुहाई ॥१॥
जनकसुता कइ सुधि भामिनी ❀ जानहि कहँ करिबरगामिनी ॥२॥

रामजीका यस्ता वचन सुनेर शबरी हर्षित भइन्, प्रभुजीले फेरि मनोहर वचन बोल्नुभयो ॥ १ ॥ हे भामिनी ! हे गजेन्द्रगामिनी ! (भक्तिले मस्त भएर हात्तीको हिंडाइले हिंड्ने !) यदि केही जान्दछ्यौभने जनकनन्दिनीको खबर बताऊ ॥ २ ॥

पंपा सरहि जाहु रघुराई ❀ मुनिबर बिपुल रहे जहँ छाई ॥३॥
रिषि मतंग महिमा गुन भारी ❀ जीव चराचर रहत सुखारी ॥४॥

(शबरीले विन्ति गरिन्) "हे रघुनाथ ! पम्पा सरोवरमा पाल्नुहोस्, त्यहाँ धेरै मुनीश्वरहरू रहन्छन्, ॥ ३ ॥ मतङ्ग ऋषिको महिमा र प्रभाव ठूलो छ, त्यहाँ चराचर जीव सुखी रहन्छन् ॥ ४ ॥

बैर न कर काहू सन कोऊ ❀ जा सनु बैर प्रीति कर सोऊ ॥५॥
सिखर सुहावन कानन फूले ❀ खग मृग जीव जंतु अनुकूले ॥६॥

त्यहाँ कोही पनि कसैसँग पनि वैरभाव गर्दैन, जोसँग स्वाभाविक वैरभाव छ, त्योसँग पनि प्रीति गर्दछ । त्यहाँ पर्वत सुन्दर छन्, जङ्गल फुलेको छ, पक्षी मृग प्रभृति जीव-जन्तु सब अनुकूल (आनन्ददायक) छन् ॥ ५ ॥ ६ ॥

करहु सफल श्रम सब कर जाई ❀ तहँ होइहि सुग्रीवमिताई ॥७॥
सो सब कहिहि देव रघुबीरा ❀ जानतहूँ पूछहु मतिधीरा ॥८॥
बार बार प्रभुपद सिरु नाई ❀ प्रेम सहित सब कथा सुनाई ॥९॥

प्रभु ! त्यहाँ गएर सबैको परिश्रम सफल गर्नुहोस्, त्यतैतिर सुग्रीवसँग मितेरी हुनेछ ॥ ७ ॥ हे देव ! हे रघुवीर ! उनैले सब वृत्तान्त बताउनेछन्, हे धीरबुद्धि-धुरन्धर ! जानी जानीकन सोध्नुभएको हो" ॥ ८ ॥ (यति भनेर शबरी) प्रभुका चरणमा वारंवार प्रणाम गरिन् प्रेमका साथ सबै कथा[1] सुनाइन् ॥ ९ ॥

---

(१) "प्रभु ! सीताजीलाई रावणले हरेर लगेको हो, सीताजी ऐले लङ्कामा हुनुहुन्छ । पम्पा नाम भएको सरोवर यहाँबाट नगीचै छ, त्यसका नगीचमा ऋष्यमूक पर्वत छ । त्यहाँ सुग्रीव नाम भएका वानरराज रहन्छन्, तिनीसित मित्रता गरिबक्सियोस्, तिनले हजूरको कार्यसिद्धि गरिदिनेछन् । २ घडी पर्खिबक्सियोस्, हे राम ! हजूरका अगाडि यो शरीर दग्ध पारेर हजूरको धाम जान्छु" इत्यादि कथा शबरीले सुनाएकी छन् ।

छन्द–कहि कथा सकल बिलोकि हरिमुख हृदय पद पंकज धरे ।
तजि जोगपावक देह हरिपद लीन भै जहँ नहि फिरे ॥
नर बिबिध कर्म अधर्म बहु मत सोकप्रद सब त्यागहू ।
बिस्वास करि कह दास तुलसी रामपद अनुरागहू ॥३१॥

सकल कथा बताएर प्रभुको मुखमण्डल खूब हेरिन्, अनि त्यो मुखमण्डललाई हृदयमा राखिन्, अनि योगाग्निले (आग्नेय धारण गरेर शरीरैमा उत्पन्न गराइएका अग्निले) देह जलाइन्, जहाँ पुगेपछि फेरि फर्कनुपर्दैन, त्यही हरिपदमा (ब्रह्मपदमा) लीन भइन् । तुलसीदास भन्दछन् कि हे मनुष्यभाईहो ! नाना प्रकारका अधर्म कर्म (पापकर्म) र नाना प्रकारका धेरै मत शोकदायक हुन्, ती सबैलाई छाड, विश्वास गरेर रामजीका चरणकमलमा अनुराग (दृढ प्रेम) गर ॥ ३१ ॥

दोहा–जातिहीन अघ जन्ममहि मुक्त कीन्हि असि नारि ।
महामंद मन सुख चहसि ऐसे प्रभुहि बिसारि ॥५६॥

पृथ्वीमा हीनजातिमा पापी कुलमा जन्मेकी यस्ती स्त्रीलाई पनि श्रीरामजीले मुक्त पार्नुभयो (मोक्ष दिनुभयो) । हे महामूर्ख ! मन ! यस्ता प्रभुजीलाई बिर्सेर तँ सुखको इच्छा गर्दछस् ? (धन्य तेरो मूर्खता !) ॥ ५६ ॥

चौ०–चले रामु त्यागा बन सोऊ ❀ अतुलित बल नरकेहरि दोऊ ॥१॥
बिरही इव प्रभु करत बिषादा ❀ कहत कथा अनेक संबादा ॥२॥

रामजी अगाडि बढ्नुभयो, त्यो वन छाड्नुभयो, अतुल बल भएका दुवै नरकेसरी (मनुष्यको रूप भएका सिंह = राम लक्ष्मण) (एउटा जङ्गलबाट अर्को जंगलमा पस्नुभयो) ॥ १ ॥ रामजी विरह जस्ता भएर विषाद (खेद) गर्दै अनेक प्रकारका कुराको संवाद (प्रश्न-उत्तर) गर्दै पाल्नुभयो ॥ २ ॥

लछिमन देखु बिपिन कइ सोभा ❀ देखत केहि कर मन नहि छोभा ॥३॥
नारि सहित सब खग मृग बृंदा ❀ मानहु मोरि करत हहिं निंदा ॥४॥

(रामजी भन्नुहुन्छ) हे लक्ष्मण ! वनको शोभा हेर । यो शोभा देख्ता कसको मन खलबलिने नहोला ? ॥ ३ ॥ सबै पक्षिवर्ग स्त्रीसहित छन्, यिनीहरू मेरो उपहास (ठट्टा) गर्दछन्, कि ? भनेजस्तो मलाई लाग्दछ ॥ ४ ॥

हमहि देखि मृगनिकर पराहीं ❀ मृगी कहहिं तुम्ह कहँ भय नाहीं ॥५॥
तुम्ह आनंद करहु मृगजाए ❀ कंचनमृग खोजन ए आए ॥६॥

मलाई देखेर हरिणहरू भाग्दछन्, हरिणीहरू "नभाग तिमीलाई डर छैन, तिमी आनन्द गर, तिमी मामूली हरिणका छोरा होउ, यी ता सुवर्णको हरिण खोज्न पो आएका हुन्" (यसरी छेडेर बोल्दछन् कि भनेजस्तो लाग्दछ) ॥ ५ ॥ ६ ॥

संग लाइ करिनी करि लेहीं ❀ मानहु मोहि सिखावनु देहीं ॥७॥
सास्त्र सुचिंतित पुनि पुनि देखिअ ❀ भूप सुसेवित बस नहि लेखिअ ॥८॥
राखिअ नारि जदपि उर माहीं ❀ जुवती सास्त्र नृपति बस नाहीं ॥९॥
देखहु तात बसंत सुहावा ❀ प्रियाहीन मोहि भय उपजावा ॥१०॥

हेर लक्ष्मण ! हात्तीहरू हतिनीलाई साथ लिइरहेका छन् , यिनीहरू मलाई "बेसरी पढेको घोकेका शास्त्र पनि वारंवार हेरिरहनुपर्दछ, राम्रै गरी रिझाएको भए पनि राजालाई आफ्ना वशमा छन् भनी संझनुहुँदैन, तरुणी स्त्रीलाई छातीमा टाँसेर राखोस् तापनि त्यो वश हुन्न, तरुणी स्त्री, शास्त्र, राजा यी तीन (३) वश हुँदैनन्" (यस्तो नीतिशास्त्रानुसारी शिक्षा दिइरहेका हुन् कि भनेजस्तो मलाई लाग्दछ) ॥ ७ ॥ ८ ॥ ९ ॥

बाबु ! लक्ष्मण ! सुन्दर वसन्तलाई हेर। यसले प्यारी सीताले रहित भएको मलाई भय पैदा गर्‍यो ॥ १० ॥

दोहा–बिरहबिकल बलहीन मोहि जानेसि निपट अकेल।
सहित बिपिन मधुकर खग मद कीन्हि बगमेल ॥५७॥
देखि गएउ भ्राता सहित तासु दूत सुनि बात।
डेरा दीन्हेउ मनहु तब कटकु हटकि मनजात ॥५८॥

कामदेवले मलाई विरहले विकल भएको, दुर्बल भएको, बिलकुल अकेला भएको, जानेर जङ्गलका भ्रमरगण र पक्षिगणलाई साथ लिएर मेराउपर हमला गर्न लागेको हो। तर त्यसको दूत भएको मलयाचलका हावाले (सुस्तसुस्त सुटुक्क) आएर मलाई तिमी भाईसहित भएको देखेर कुरासमेत सुनेर गयो। त्यसैले कामदेवले आफ्ना फौजलाई अड्याएर मेरा बाटामा डेरा गरेको हो" (भन्ने मलाई लाग्दछ) ॥ ५७ ॥ ५८ ॥

चौ०–बिटप बिसाल लता अरुझानी ❀ बिबिध बितान दिए जनु तानी ॥१॥
कदलि ताल बर ध्वजा पताका ❀ देखि न मोह धीर मन जाका ॥२॥

ठूला ठूला वृक्षका वरिपरि घना लहराहरू अल्झेका छन् , कामदेवले अनेक किसिमका सामियानापाल टाँगेका हुन् कि भनेजस्तो लाग्दछ ॥ १ ॥ केराका वृक्ष कामदेवका ध्वजा हुन् , अग्ला अग्ला तालवृक्ष त्यसैका पताका हुन् , जसका मनमा धैर्य छ, त्योभने यिनलाई देखेर मोहित हुँदैन (मजस्तो अधीर पुरुष मोहित हुनै पर्दछ) ॥ २ ॥

बिबिध भाँति फूले तरु नाना ❀ जनु बानैत बने बहु बाना ॥३॥
कहुँ कहुँ सुंदर बिटप सुहाए ❀ जनु भट बिलग बिलग होइ छाए ॥४॥

अनेक प्रकारका वृक्ष अनेक तरहले फुलिरहेका छन् , यिनीहरू कामदेवका अनेक बानाले सिंगारिएका बाणधारी सेवक हुन् कि ? (भनेजस्तो लाग्दछ) ॥ ३ ॥ कहीं कहीं (छुट्टा छुट्टा) सुन्दर वृक्ष सुशोभित छन् , यिनीहरू कामदेवका वीर योद्धा अलग अलग रहेर घेरा दिन लागेका हुन् कि (भन्ने लाग्दछ) ॥ ४ ॥

कूजत पिक मानहु गज माते ❀ ढेक महोख ऊँट बेसरा ते ॥५॥
मोर चकोर कीर बर बाजी ❀ पारावत मराल सब ताजी ॥६॥

कोइलीहरू बोलिरहेका छन्, ती बोली कामदेवका मत्ता हात्तीका चीत्कार हुन् कि भनेजस्तो लाग्दछ, बोल्नलागेका ढेक (कुलिङ्गपक्षी) चिच्याउन लागेका ऊँट हुन्। महोक्ष पक्षी त्यसैका खच्चर हुन्, चिच्याइरहेका छन् ॥ ५ ॥ मयूर, चकोर, सुगा कामदेवका बेश बेश घोडा हुन्, परेवा र हाँस ताजी घोडा हुन् ॥ ६ ॥

तीतिर लावक पदचरजूथा ❀ बरनि न जाइ मनोजबरुथा ॥७॥
रथ गिरिसिला दुंदभी झरना ❀ चातक बंदी गुनगन बरना ॥८॥

तित्रा र लाभे कामदेवका पैदल सिपाही हुन्, कामदेवका सेनाको वर्णन गर्न सकिदैन ॥ ७ ॥ पहाडका ढुङ्गाका ठूला चट्टान कामदेवका रथ हुन्, छहरा दुन्दुभि बाजा हुन्, चातक (काकाकुल) हरू कामदेवका गुणगणको वर्णन गर्ने बन्दी हुन् ॥ ८ ॥

मधुकर मुखर भेरि सहनाई ❀ त्रिबिध बयारि बसीठीं आई ॥९॥
चतुरंगिनी सेन सँग लीन्हे ❀ बिचरत सबहि चुनौती दीन्हे ॥१०॥

मुखाले भँवराहरू त्यसका भेरी र सनाई बाजा हुन्, तीन प्रकारको मन्द-सुगन्ध-शीतल) बतास त्यसको बसीठी (युद्धको घोषणा) हो ॥ ९ ॥ चतुरंगिणी (हात्ती, घोडा, रथ, प्यादासहित) सेना साथ लिएर सबैलाई जनाउ दिंदै कामदेव डुल्न लागेको छ ॥ १० ॥

लछिमन देखत काम अनीका ❀ रहहिं धीर तिन्ह कै जग लीका ॥११॥
एहि के एक परम बल नारी ❀ तेहि तें उबर सुभट सोइ भारी ॥१२॥

हे लक्ष्मण ! कामदेवको यो सेना देख्ता पनि जो धीर (धैर्यवान्) रहन्छन्, तिनैको जगतमा गिन्ती हुन्छ ॥ ११ ॥ (क) यो कामदेवको एउटा ठूलो बल स्त्री हो, त्यसबाट जो बच्न सक्तछन् तिनीहरू वीर मात्रै होइनन् कि प्रवीर हुन् ॥ १२ ॥ (ख)

(क) उद्दीपनेषु विपुलेषु समुल्लसत्सु नोद्दीप्यते मनसि यस्य भवन्मनोभूः ।
तस्मै प्रयच्छति विधिर्मनुजाग्रणीत्वं तेनैव भूरियमभंगुरतां बिभर्ति ॥ [सूक्तिसंग्रह]

अर्थ—अनेक प्रकारका उद्दीपक पदार्थ मौजूद हुँदा पनि जसका मनमा सूक्ष्मरूपले रहिरहेको कामाग्नि प्रज्वलित हुँदैन, त्यही सकसलाई दैवले मनुष्याग्रगण्यको पदवी दिन्छ, यो भूमिमंडल त्यसैले अडेको हुन्छ ।

(ख) दृष्टाः श्रुताश्च कृतभूरिविधास्त्रसर्गप्रत्यर्थिवर्गदलने बहवः प्रवीराः ।
रामाजनैः प्रकटिते कुटिले कटाक्षे कन्दर्पदर्पदलने विरलाः प्रवीराः ॥ [सूक्तिसंग्रह]

अर्थ—नाना प्रकारका अस्त्रशस्त्र वर्षाउने दुश्मनलाई मर्दन गर्ने बहादुरहरू धेरै नै देखिए सुनिएका छन्, परंतु सुन्दरीहरूले कटाक्ष प्रकट गरेका वेलामा कामदेवका घमंडलाई मर्दन गर्न सक्ने बहादुर मानिस बिरल (थोर) हुन्छन् ।

दोहा–तात तीनि अति प्रबल खल काम क्रोध अरु लोभ ।
मुनि बिज्ञानधाम मन करहिं निमिष महु छोभ ॥५९॥
लोभ कें इछा दंभ बल काम के केवल नारि ।
क्रोध कें परुष बचन बल मुनिबर कहहिं बिचारि ॥६०॥

बाबु ! लक्ष्मण ! काम, क्रोध, लोभ यी तीनै ओटा अत्यन्त बलवान् र दुष्ट छन् । ज्ञानको भवनस्वरूप भएका मुनिका मनलाई पनि यिनीहरूले एकछिनमा खलबलयाउँछन ॥५९॥ (क)

लोभको बल इच्छा र दम्भ (ढाँचा) हो, कामको बल केवल स्त्री हो, क्रोधको बल कठोर वचन हो, यो कुरा मुनीश्वरहरूले खूब बिचार गरेर भनेका छन् ॥ ६० ॥

चौ०–गुन अतीत सचराचर स्वामी ❀ रामु उमा सब अन्तरजामी ॥१॥
कामिन्ह कै दीनता देखाई ❀ धीरन्ह कें मन बिरति दृढ़ाई ॥२॥

हे पार्वती ! रामजी सत्व, रज, तम यी तीन गुणदेखि पर रहेका (गुणातीत) चराचर जगत्का स्वामी, सर्वान्तर्यामी हुनुहुन्छ, ॥ १ ॥ तथापि उहाँले संसारी कामी पुरुषको दुःखदीनता देखाएर धीर पुरुषका मनमा वैराग्य दृढ़ गर्नुभएको हो ॥ २ ॥

क्रोध मनोज लोभ मद माया ❀ छूटहिं सकल राम की दाया ॥३॥
सो नर इंद्रजाल नहि भूला ❀ जा पर होइ सो नट अनुकूला ॥४॥

रामजीका दयाले क्रोध, काम, मद, माया सबै छुट्तछन् ॥ ३ ॥ जसका उपर त्यो नट (बाजीगर = चटक गर्ने खेलाड़ी) अनुकूल (प्रेमी) रहन्छ, त्यो मानिस इन्द्रजालको भूलमा पर्दैन (इन्द्रजाललाई साँचो ठहराउँदैन) ॥ ४ ॥

उमा कहउँ मैं अनुभव अपना ❀ सत्य हरिभजनु जग सब सपना ॥५॥
पुनि प्रभु गए सरोवर तीरा ❀ पंपा नाम सुभग गंभीरा ॥६॥

हे पार्वती ! म आफ्नो अनुभव बताउँछु, हरिभजन साँचो हो, सारा संसार सपना (मिथ्या) हो" ॥ ५ ॥ अनि प्रभुजी सुन्दर गहिरो पम्पा नाम भएका सरोवरका तीरमा पुग्नुभयो ॥ ६ ॥

[पम्पावर्णन]

संतहृदय जस निर्मल बारी ❀ बाँधे घाट मनोहर चारी ॥७॥
जहँ तहँ पिअहिं बिबिध मृग नीरा ❀ जनु उदारगृह जाचकभीरा ॥८॥

(क) काम, क्रोध, लोभ यी तीनले आत्मालाई बरबाद पार्दछन्, यी नरकका द्वार हुन्, यी तीनलाई छाडनुपर्दछ भनी भगवद्गीतामा पनि भनेको छ ।

त्रिविधं नरकस्येदं द्वारं नाशनमात्मनः ।
कामः क्रोधस्तथा लोभस्तस्मादेतत्त्रयं त्यजेत् ॥

त्यो सरोवरको पानी सज्जनको हृदयजस्तो निर्मल थियो । (चारतर्फ) मनोहर चार घाट बाँधेका (बनाइएका) थिए ॥ ७ ॥ उदार (दिलदार) मानिसका घरया याचकहरूको भीड़ लागेजस्तै गरेर जताततै अनेक प्रकारका मृगहरू त्यहाँ पानी पिउँदथे ॥ ८ ॥

दोहा–पुरइनि सघन ओट जल बेगि न पाइअ मर्म ।
मायाछन्न न देखिअ जैसें निर्गुन ब्रह्म ॥६१॥
सुखी मीन सब एकरस अति अगाध जल माहिं ।
जथा धर्मसीलन्ह के दिन सुखसंजुत जाहिं ॥६२॥

जस्तै मायाले ढाकिएको हुनाले मानिस निर्गुण ब्रह्मलाई देख्तैन, त्यस्तै कमलका घना बोटले ओट गरेको (ढाकेको = छेकेको) हुनाले त्यहाँका जलको मर्म (पत्ता) चाँडै जानिंदैनथ्यो (कमलले ढाकेको हुनाले पानी कति छ ? कस्तो छ ? केही थाहा हुँदैनथ्यो) ॥ ६१ ॥ जसरी धर्मात्मा प्राणीका दिन सुखसंयुक्त भएर बित्तछन् , त्यसै गरी सदा-सर्वदा एकरस रहने र अगाध भएका जलमा रहने माछाहरू सुखी थिए ॥ ६२ ॥

चौ०–बिकसे सरसिज नाना रंगा ❀ मधुर मुखर गुंजत बहु भृंगा ॥१॥
बोलत जलकुक्कुट कल हंसा ❀ प्रभु बिलोकि जनु करत प्रसंसा ॥२॥

नाना वर्ण भएका कमल फुलेका थिए । अनेक भ्रमरहरू मधुर गुञ्जन गरिरहेका थिए ॥ १ ॥ जलकुक्कुट र हाँसहरू मीठो बोली बोलिरहेका थिए, मानौं प्रभुजीलाई देखेर प्रशंसा गर्न लागेका हुन् कि ? (भन्ने भान पर्दथ्यो) ॥ २ ॥

चक्रवाक बक खग समुदाई ❀ देखत बनइ बरनि नहि जाई ॥३॥
सुन्दर खगगन गिरा सुहाई ❀ जात पथिक जनु लेत बोलाई ॥४॥

चखेवा बकुल्लाहरूका बथान देख्नैलायक थिए, वर्णन गर्न सकिंदैन ॥ ३ ॥ सुन्दर पक्षिगणको मधुर बोली मानौं हिंड्न लागेका पथिक (बटुवा) हरूलाई बोलाउन लागेको हो कि ? (भन्ने भान पर्दथ्यो) ॥ ४ ॥

ताल समीप मुनिन्ह गृह छाए ❀ चहुँ दिसि कानन बिटप सुहाए ॥५॥
चंपक बकुल कदंब तमाला ❀ पाटल पनस पलास रसाला ॥६॥

त्यो सरोवरका नगीचमा मुनिहरूले छाप्रा छाएका थिए, तिनका चारैतिर सुन्दर जङ्गल थियो ॥ ५ ॥ चाँप, मौलसरी, कदम, तमाल, पाडरी, कटहर, पलाश, आँपका वृक्ष थिए ॥ ६ ॥

नव पल्लव कुसुमित तरु नाना ❀ चंचरीकपटली कर गाना ॥७॥
सीतल मंद सुगंध सुभाऊ ❀ संतत बहै मनोहर बाऊ ॥८॥
कुहू कुहू कोकिल धुनि करहीं ❀ सुनि रव सरस ध्यान मुनि टरहीं ॥९॥

अनेक जातका वृक्षहरू भर्खर पालुवा हालेका, कोही फुलेका थिए । भ्रमरका ताँती नाना प्रकारका गाना गरिरहेका थिए ॥ ७ ॥ वसन्तऋतुको शीतल-मन्द-सुगन्ध मनोहर हावा

निरवच्छिन्न चलिरहन्थ्यो ॥ ८ ॥ कोइलीहरू कुहूकुहू गरेर बोलिरहेका थिए, त्यो सरस बोली सुन्दा मुनिको ध्यान पनि छुट्तथ्यो ॥ ९ ॥

दोहा–फलभर नम्र बिटप सब रहे भूमि निअराइ ।
पर उपकारी पुरुष जिमि नवहिं सुसंपति पाइ ॥६३॥

परोपकारी पुरुषहरू ठूलो दौलत पाउँदा जसरी नुहुन्छन्, त्यसै गरी लटरम्म फलेका वृक्षहरू फलका बोझाले नुहेर भइँका नगीचै पुगेका थिए ॥ ६३ ॥

चौ०–देखि राम अति रुचिर तलावा ❀ मज्जनु कीन्ह परम सुख पावा ॥१॥
देखी सुंदर बर तरु छाया ❀ बैठे अनुज सहित रघुराया ॥२॥

रामजीले अत्यन्त सुन्दर सरोवर देख्नुभयो र स्नान गर्नुभयो, उहाँलाई अत्यन्त आनन्द लाग्यो ॥ १ ॥ अनि अति प्रसन्न भएका प्रभुजी राज हुनुभयो र भाईसँग सरस कुरा गर्न लाग्नुभयो ॥ २ ॥

[नारदागमन]

तहँ पुनि सकल देव मुनि आए ❀ अस्तुति करि निज धाम सिधाए ॥३॥
बैठे परम प्रसन्न कृपाला ❀ कहत अनुज सन कथा रसाला ॥४॥

तहाँ फेरि सारा देवता र मुनिहरू आए, उनीहरू प्रभुको स्तुति गरेर आफ्ना आफ्ना ठाउँमा गए ॥ ३ ॥ परम प्रसन्न कृपालु प्रभु रघुनाथ भाई लक्ष्मणजीसित रसिला कथा भन्नुहुँदै त्यहाँ राज भयो ॥ ४ ॥

बिरहवंत भगवंतहि देखी ❀ नारदमन भा सोच बिसेषी ॥५॥
मोर श्राप करि अंगीकारा ❀ सहत रामु नाना दुखभारा ॥६॥

प्रभुजीलाई विरहव्याकुल भएको देख्ता नारदका मनमा ज्यादै नै चिन्ता भयो (पऱ्यो) ॥ ५ ॥ "मेरो शाप (सराप) लाई स्वीकार गरेर राम भगवान्‌लाई नाना प्रकारका दुःखको भार (भोग्नु) पऱ्यो) ॥ ६ ॥

ऐसे प्रभुहि बिलोकौं जाई ❀ पुनि न बनिहि अस अवसरु आई ॥७॥
येह बिचारि नारद कर बीना ❀ गए जहाँ प्रभु सुख आसीना ॥८॥

यस्ता (विरहव्याकुल भएका) प्रभुलाई हेरौं, फेरि यस्तो मौका आइपर्नेछैन ॥ ७ ॥ यो विचार गरेर हातमा वीणा लिएका नारदमुनि प्रभुजी जहाँ आनन्दसाथ राज भएको थियो उहीं गए ॥ ८ ॥

गावत रामचरित मृदु बानी ❀ प्रेम सहित बहु भाँति बखानी ॥९॥
करत दंडवत लिए उठाई ❀ राखे बहुति बार उर लाई ॥१०॥
स्वागत पूछि निकट बैठारे ❀ लछिमन सादर चरन पखारे ॥११॥

मीठो बोलीले प्रेमका साथ अनेक प्रकारले बखानी बखानीकन रामचरित्रको गाना गर्दै आएर दण्डवत् गर्न लंपसार परेका नारद मुनिलाई देखेर प्रभुजीले उठाईकन धेरै बेरसम्म हृदयमा लगाउनुभयो ॥ ९ ॥ १० ॥ अनि क्षेमकुशल सोधेर नगीचै बसाउनुभयो। अनि लक्ष्मणजीले आदरका साथ नारदका पाउ पखाल्नुभयो ॥ ११ ॥

दोहा–नाना बिधि बिनती करि प्रभु प्रसन्न जिय जानि ।
नारद बोले बचन तब जोरि सरोरुह पानि ॥६४॥

नारदले नाना प्रकारको स्तुति गरेर प्रभुजीलाई प्रसन्न हुनुभएको मनमा ठहराईकन दुई करकमल (हात) जोरेर विन्ति गरे ॥ ६४ ॥

चौ०–सुनहु परम उदार रघुनायक ❀ सुंदर अगम सुगम बर दायक ॥१॥
देहु एकु बरु मागउँ स्वामी ❀ जद्यपि जानत अंतरजामी ॥२॥

हे परमोदार ! हे सुन्दर ! हे अगम ! हे सुगम ! हे वरदायक ! हे रघुनायक ! सुनिबक्सियोस् ॥ १ ॥ हे स्वामी ! यद्यपि हजूर अन्तर्यामी सबै कुरा जानिबक्सिन्छ, तथापि यौटा वरदान माग्दछु, बक्सियोस् ॥ २ ॥

जानहु मुनि तुम्ह मोर सुभाऊ ❀ जन सन कबहुँ कि करौं दुराऊ ॥३॥
कवन बस्तु असि प्रिय मोहि लागी ❀ जो मुनिबर न सकहु तुम्ह मागी ॥४॥

(रामजीले आज्ञा गर्नुभयो) "हे मुने ? तिमी ता मेरो स्वभाव जान्दछौ, म भक्तसँग केही कुरा छिपाउँछु र ? ॥ ३ ॥ हे मुनिवर ! जुन वस्तु तिमी माग्न सक्तैनौ, त्यस्तो मलाई प्यारो लागेको वस्तु के छ र ? ॥ ४ ॥

जन कहुँ कछु अदेय नहि मोरें ❀ अस बिस्वास तजहु जनि भोरें ॥५॥
तब नारद बोले हरषाई ❀ अस बर मागौं करौं ढिठाई ॥६॥

मेरो वस्तु भक्तलाई अदेय (दिन नसकिने) छँदैछैन, यो विश्वास भूल परेर पनि तिमी नछाडे" ॥ ५ ॥ अनि नारदजी हर्षित भएर बोले-प्रभु ! यस्तो वर माग्ने धृष्टता गर्दछु कि ॥ ६ ॥

जद्यपि प्रभु के नाम अनेका ❀ श्रुति कह अधिक एक तें एका ॥७॥
राम सकल नामन्ह तें अधिका ❀ होउ नाथ अघ खग गन बधिका ॥८॥

"हे प्रभो ! यद्यपि हजूरका नाम अनेक छन्, ती नाम एकभन्दा एक बढ्ता (श्रेष्ठ) छन् भनी वेद भन्दछन् ॥ ७ ॥ हे नाथ ! हजूरको "राम" यो नाम सबभन्दा बढ्ता (श्रेष्ठ) भईकन यो नाम पापसमूहरूपी पक्षिगणका हकमा व्याधास्वरूप (सर्वपापसंहारी) होस (म यही वर माग्दछु) ॥ ८ ॥

दोहा–राका रजनी भगति तव रामनाम सोइ सोम ।
अपर नाम उडगन बिमल बसहुँ भगत उर ब्योम ॥६५॥

एवमस्तु मुनि सन कहेउ कृपासिंधु रघुनाथ।
तब नारद मन हरष अति प्रभुपद नाएउ माथ ॥६६॥

हजूरकी भक्ति पूर्णिमाकी रात्रि हो, हे राम ! हजूरको यो नाम चन्द्रमा हो । अरू नाम निर्मल नक्षत्रगण हुन्, ती सबै भक्तहरूका हृदयरूपी आकाशमा सदा रहून्" ॥ ६५ ॥ अनि करुणासागर रघुनाथजीले मुनि नारदसँग "एवम् अस्तु" ("तथास्तु") भन्नुभयो । अनि नारद मुनिले मनमा अत्यन्त हर्षित भएर प्रभुका चरणमा शिर राखे ॥ ६६ ॥

चौ०–अति प्रसन्न रघुनाथहि जानी ❀ पुनि नारद बोले मृदु बानी ॥१॥
राम जबहि प्रेरेहु निज माया ❀ मोहेहु मोहि सुनहु रघुराया ॥२॥

रघुनाथजीलाई अत्यन्त प्रसन्न हुनुभएको जानेर नारदजीले फेरि विन्ति चढ़ाए ॥ १ ॥ "हे रघुनाथ ! सुनिबक्सियोस्, हे राम ! जब आफ्नी मायालाई प्रेरणा गरेर हजूरले [१]मलाई मोहित पारिबक्सिएथ्यो ॥ २ ॥

तब बिवाह मैं चाहौं कीन्हा ❀ प्रभु केहि कारन करइ न दीन्हा ॥३॥
सुनु मुनि तोहि कहउँ सहरोसा ❀ भजहिं जे मोहि तजि सकल भरोसा ॥४॥

त्यस बेलामा मैले विवाह गर्न खोजेथें, प्रभुजीले विवाह गर्न के कारणले दिनुभएन ?" ॥ ३ ॥ (रामजीले भन्नुभयो) "हे मुने ! सुन, म तिमीलाई प्रतिज्ञापूर्वक भन्दछु, जो सबै भरोसा छाडेर मलाई भज्दछन् ॥ ४ ॥

करौं सदा तिन्ह कै रखवारी ❀ जिमि बालकहि राख महतारी ॥५॥
गह सिसु बछ अनल अहि धाई ❀ तहँ राखै जननी अरु गाई ॥६॥

सदा सर्वदा जसरी बालकको रक्षा आमा गर्दछे त्यसै गरी तिनको रखवाली म गर्दछु ॥ ५ ॥ बालक बच्चा आगातिर सर्पतिर दौडन लाग्योभने त्यस अवस्थामा (मानुषी आमाको ता के कुरा ?) पशु गाई पनि बच्चालाई समात्तछे (रोक्तछे) र रक्षा गर्दछे ॥ ६ ॥

प्रौढ़ भये तेहि सुत पर माता ❀ प्रीति करै नहि पाछिलि बाता ॥७॥
मोरें प्रौढ़ तनय सम ज्ञानी ❀ बालक सुत सम दास अमानी ॥८॥

उही बच्चा प्रौढ (समर्थ) भएपछि आमा र गाई अघि बताएमुताबिक प्रीति गर्दिन ॥ ७ ॥ नारद ! ज्ञानीहरू मेरा प्रौढ पुत्रजस्ता छन् (तिनको ज्यादा फिक्री गर्नुपर्दैन) । अभिमान नभएका भक्तहरू मेरा बालक बच्चाजस्ता हुन् । (तिनको फिक्री मैले गर्नुपर्दछ) ॥ ८ ॥

जनहि मोर बल निज बल ताही ❀ दुहुँ कहँ काम क्रोध रिपु आही ॥९॥
येह बिचारि पंडित मोहि भजहीं ❀ पाएहु ज्ञान भगति नहि तजहीं ॥१०॥

---

(१) नारदजीलाई मायाले मोहित पारेको वृत्तान्त १५२ पृष्ठदेखि १६६ पृष्ठसम्म विस्तार गरिएको छ ।

भक्तलाई मेरो मात्रै बल रहन्छ (ती स्वयं दुर्बल हुन्छन्)। ज्ञानीलाई आफ्नै बल रहन्छ (ज्ञानबलले ती बलवान् हुन्छन्), तर दुवै थरीका हकमा काम र क्रोधरूपी शत्रु (मौका ताकिरहेका) हुन्छन् (तिनले आक्रमण गर्न लागेमा बलियो वाहिं (ज्ञानी) सकस आफ्नो रक्षा आफै गर्नसक्तछ। दुर्बल (भक्त) लाई मैले रक्षा गर्नुपर्दछ) ॥ ९ ॥ यही विचार गरेर समुझदारहरू मलाई भज्दछन्, ज्ञान पाएपछि पनि भक्तिलाई छाडदैनन् (जसका बदौलत ज्ञानजस्तो दुर्लभ पदार्थ पाइयो त्यही भक्तिलाई छाडेभने धोका पनि पाउँछन्, कृतघ्न पनि कहलाउँछन्) ॥ १० ॥

दोहा–काम क्रोध लोभादि मद प्रबल मोह कइ धारि।
तिन्ह मह अति दारुन दुखद मायारूपी नारि ॥६७॥

काम क्रोध लोभ मद इत्यादि सबै मोह (अज्ञान) का फौज हुन्। ती फौजमध्येमा खास मायाको स्वरूप भएकी स्त्री अति दारुण दुःखदायिनी छ ॥ ६७ ॥

चौ०–सुनु मुनि कह पुरान श्रुति संता ❀ मोह बिपिन कहुँ नारि बसंता ॥१॥
जप तप नेम जलाश्रय झारी ❀ होइ ग्रीषम सोखै सब नारी ॥२॥

हे मुने! सुन वेद पुराण सन्तहरू भन्दछन् कि मोहरूपी जंगलका निमित्त स्त्री वसन्तऋतु हो (स्त्रीरूपी वसन्तऋतुले मोहरूपी जंगललाई झकाझक पार्दछ) ॥ १ ॥ फेरि त्यही स्त्री ग्रीष्मऋतुस्वरूपिणी हुन्छे र जप तप नियम व्रत इत्यादि साधनारूपी जलाशयलाई ठ्याम्मै सुकाइदिन्छे ॥ २ ॥

काम क्रोध मद मत्सर भेका ❀ इन्हहिं हरषप्रद बरषा एका ॥३॥
दुर्बासना कुमुदसमुदाई ❀ तिन्ह कहँ सदा सरद सुखदाई ॥४॥

(फेरि त्यही स्त्री) काम क्रोध मद मात्सर्य यिनीरूपी भ्यागुतालाई हर्ष दिने प्रथम श्रेणीकी (उच्चदर्जाकी) वर्षाऋतुस्वरूपिणी पनि हुन्छे ॥ ३ ॥ (त्यही स्त्री) दुर्वासनारूपी चन्द्रकमलका समुदायका हकमा सदासर्वदा सुख दिने शरदऋतुस्वरूपिणी हुन्छे, ॥ ४ ॥

धर्म सकल सरसीरुहबृंदा ❀ होइ हिम तिन्हहि देति दुख मंदा ॥५॥
पुनि ममता जवास बहुताई ❀ पलुहइ नारि सिसिर रितु पाई ॥६॥

(त्यही) स्त्री) सकल धर्मरूपी कमलवनका हकमा हेमन्तऋतुस्वरूपिणी भएर तिनीहरूलाई अनेक दुःख र टण्टा दिन्छे ॥ ५ ॥ अनि त्यही स्त्रीरूपी शिशिरऋतु पाउँदा ममतारूपी जवासा (पूस-माघतिर पह्लाउने कण्टकवृक्षजाति) पह्लाउन लाग्दछन् ॥ ६ ॥

पाप उलूकनिकर सुखकारी ❀ नारि निबिड़ रजनी अँधिआरी ॥७॥
बुधि बल सील सत्य सब मीना ❀ बनसी सम त्रिय कहहिं प्रबीना ॥८॥

स्त्री पापरूपी लाटाकोसेरा (उल्का) का समुदायलाई सुख दिने गाढ अन्धकार भएकी (कृष्णपक्षकी) रात्रि हो ॥ ७ ॥ स्त्री, बुद्धि, बल, शील, सत्य यिनै रूपी माछाका हकमा बल्छीसमान छ भनी शिक्षितहरू भन्दछन् ॥ ८ ॥

दोहा–अवगुनमूल सूलप्रद प्रमदा सब दुख खानि ।
तातें कीन्ह निवारन मुनि मैं येह जिय जानि ॥६८॥

प्रमदा (स्त्री) दुर्गुणरूपी विषवृक्षको मूलजरो हो, त्यो पीडाकर (दर्द गर्ने) र सब दुःखकी खानि हो । यो कुरा मनमा जानेर त्यसै हुनाले तिमीलाई (विवाहबाट) निवारण गरेको हुँ" ॥ ६८ ॥

चौ०–सुनि रघुपति के बचन सुहाए ❁ मुनि तन पुलक नयन भरि आए ॥१॥
कहहु कवन प्रभु कें असि रीती ❁ सेवक पर ममता अरु प्रीती ॥२॥

रघुनाथजीका सुंदर वचन सुन्दा नारदमुनि शरीरमा रोमाञ्चित भए, तिनका नेत्रमा जल भरिएर आयो ॥ १ ॥ (फेरि तिनले विन्ति गरे ।) "प्रभु ! बताइबक्सनुहोस्, सेवकका उपर ममता र प्रीति राख्ने कुनचाहिने प्रभुको यस्तो रीत छ ? ॥ २ ॥

जे न भजहिं अस प्रभु भ्रम त्यागी ❁ ज्ञानरंक नर मंद अभागी ॥३॥
पुनि सादर बोले मुनि नारद ❁ सुनहु राम बिज्ञानबिसारद ॥४॥

यस्ता प्रभुजीलाई भ्रान्ति छाडेर जो भज्दैनन्, ती मानिस (अरू कुराले तालिवर भए पनि) ज्ञानले कङ्गाल हुन्, मूर्ख हुन्, अभागी हुन्" ॥ ३ ॥ नारद आदरका साथ फेरि विन्ति गर्न लागे । "हे विज्ञानविशारद ! (ज्ञानोज्ज्वल !) हे राम ! सुनिबक्सियोस् ॥ ४ ॥

संतन्ह के लछन रघुबीरा ❁ कहहु नाथ भंजन भवभीरा ॥५॥
सुनु मुनि संतन्ह के गुन कहऊँ ❁ जातें मैं उन्ह कें बस रहऊँ ॥६॥

हे भवभयञ्जन ! हे नाथ ! हे रघुनाथ ! सन्तहरूको लक्षण बताइबक्सियोस्" ॥ ५ ॥ (रामजीले भन्नुभयो) "जुन कारणले म संतको अधीन रहन्छु, ती सन्तका लक्षण बताउँछु, सुन ॥ ६ ॥

[सन्तको लक्षण]

षड़ बिकार जित अनघ अकामा ❁ अचल अकिंचन सुचि सुखधामा ॥७॥
अमितबोध अनीह मितभोगी ❁ सत्यसार कबि कोबिद जोगी ॥८॥
सावधान मानद मदहीना ❁ धीर भगतिपथ परम प्रबीना ॥९॥

ती सन्त काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य यी छ विकारलाई जितेका, पापरहित, कामनारहित, स्थिरबुद्धि, ममतारहित, भित्र-बाहिर शुद्ध रहेका, सुखका निवासस्वरूप (आनन्दी), पूर्ण ज्ञानवान्, निःस्पृह, उचित आहार-विहार गर्ने, सत्यलाई सर्वश्रेष्ठ संझने, कवि (कान्तदर्शी = सर्वहितैषी), विवेकवान, योगाभ्यासी हुन्छन् ॥ ७ ॥ ८ ॥ तिनीहरू सावधान रहन्छन्, अर्कालाई मान दिन्छन्, आफू मानरहित रहन्छन्, धैर्य धारण गरेर भक्तिमार्गमा अति निपुण हुन्छन् ॥ ९ ॥

दोहा–गुनागार संसार दुख रहित बिगत सन्देह ।
तजि मम चरन सरोज प्रिय तिन्ह कहुँ देह न गेह ॥६९॥

तिनीहरू गुणसमूहका भवन (गुणपूर्ण) सांसारिक दुःखले रहित भएका, निःसंदेह रहने हुन्छन्, जसलाई मेरा चरणबाहेक देह पनि प्यारो छैन, गेह (घरद्वार) पनि प्यारो छैन (सन्त भनेका तिनै हुन्) ॥ ६९ ॥

चौ०–निज गुन श्रवन सुनत सकुचाहीं ❀ परगुन सुनत अधिक हरषाहीं ॥१॥
सम सीतल नहि त्यागहिं नीती ❀ सरल सुभाउ सबहि सन प्रीती ॥२॥

सन्तहरू आफ्ना गुणको बयान सुन्दा संकोच मान्ने हुन्छन्, अर्काको गुण सुन्दा अत्यन्त आनन्दित हुन्छन् ॥ १ ॥ समदर्शी हुन्छन्, शीतल स्वभाववाला हुन्छन्, नीति छाड्दैनन् सरल स्वभाववाला हुन्छन्, सबैसँग प्रेम गर्दछन् ॥ २ ॥

जप तप ब्रत दम संजम नेमा ❀ गुर गोबिंद बिप्र पद प्रेमा ॥३॥
श्रद्धा क्षमा मइत्री दाया ❀ मुदिता मम पद प्रीति अमाया ॥४॥

जप, तप, व्रत, दम (मनोनिग्रह), संयम (इन्द्रियनिग्रह), नियम (अहिंसा, सत्य अस्तेय, अपरिग्रह, ब्रह्मचर्य) गर्दछन्, गुरु, विष्णु भगवान्, ब्राह्मणका चरणमा प्रेम गर्दछन् ॥ ३ ॥ श्रद्धा (अटल विश्वास), क्षमा, मैत्री, दया, मुदिता (आनन्दीपना), निष्कपट प्रीति गर्दछन् ॥ ४ ॥

बिरति बिबेक बिनय बिज्ञाना ❀ बोध जथारथ बेद पुराना ॥५॥
दंभ मान मद करहिं न काऊ ❀ भूलि न देहिं कुमारग पाऊ ॥६॥

जसमा त्याग, विवेक, विनय, शास्त्रज्ञान छ, जसलाई वेद, शास्त्र, पुराणको ठीक ठीक ज्ञान छ, ॥ ५ ॥ जो पाखण्ड (वेदविरुद्ध धर्म) र घमण्ड कसैसँग गर्दैनन्, जो झुक्किएर पनि कुमार्गमा पाइला राख्तैनन् (सन्त भनेका तिनै हुन्) ॥ ६ ॥

गावहिं सुनहिं सदा मम लीला ❀ हेतु रहित परहित रत सीला ॥७॥
मुनि सुनु साधुन्ह के गुन जेते ❀ कहि न सकैं सारद श्रुति तेते ॥८॥

जो मेरा चरित्रलाई गाउँछन्, सुन्दछन्, विनाकारण परहित गर्नामा तत्पर रहन्छन्, (सन्त भनेका तिनै हुन्) ॥ ७ ॥ हे मुने ! सन्तका जति गुण छन् त्यति जम्मै ता शारदा र वेद पनि बताउन सक्तैनन्" ॥ ८ ॥

छन्द–कहि सक न सारद सेष नारद सुनत पद पंकज गहे ।
अस दीनबंधु कृपाल अपने भगत गुन निज मुख कहे ॥
सिरु नाइ बारहिं बार चरनन्हि ब्रह्मपुर नारद गए ।
ते धन्य तुलसीदास आस बिहाइ जे हरिरँग रए ॥३२॥

"शेष र शारदा पनि (सन्तका जम्मै गुण) बताउन सक्तैनन्" यो वचन सुन्नाका साथ नारदजीले रामजीका चरणकमल समाते, अनि–"प्रभुजी यस्ता दीनदयाल र दीनबन्धु हुनुहुन्छ लौ ! यहाँले आफ्ना मुहारले आफ्ना भक्तका गुण बताइबक्सियो" यस्तो विन्ति गरे, अनि वारंवार प्रभुजीका चरणमा प्रणाम गरेर नारदजी ब्रह्मलोक गए। (तुलसीदास भन्दछन्) जो अरूको आस छाडेर प्रभुजीका रंग (आशय) सँग रँगिन्छन् (अनुरक्त हुन्छन् = आशयानुसार चल्दछन्) ती प्राणी धन्य हुन् ॥ ३२ ॥

दोहा–रावनारिजसु पावन गावहिं सुनहिं जे लोग।
रामभगति दृढ़ पावहीं बिनु बिराग जप जोग ॥७०॥
दीपसिखा सम जुवति मन जनि होसि पतंग।
भजहि राम तजि काम मद करहि सदा सतसंग ॥७१॥

जो मानिस रावणारि (रामजी) को पवित्र यश गाउँछन् सुन्दछन्, तिनीहरू विनावैराग्य विनाजप-तप, विनायोग, रामजीमा दृढ भक्ति पाउँछन् ॥ ७० ॥ हे मन ! तरुणी जनहरू बत्तीका ज्वालाजस्ता छन्, तँ पुतली नभएस् है ! काम र मदलाई छाडेर रामलाई भज, सदा सत्सङ्ग गर ॥ ७१ ॥

इति श्रीरामचरितमानसे सकलकलिकलुषविध्वंसने विमलवैराग्यसंपादनो नाम
तृतीयः सोपानः समाप्तः

शुभं भूयात्



॥ श्रीः ॥

अथ

श्रीमद्गोस्वामितुलसीदासनिर्मितं रामायणम्

तत्रेदम्

किष्किन्धाकाण्डम्

प्रारभ्यते

शार्दूलविक्रीडित छन्द २

कुंदेंदीवरसुंदरावतिबलौ विज्ञानधामावुभौ
सोभाढ्यौ वरधन्विनौ श्रुतिनुतौ गोविप्रवृंदप्रियौ ।
मायामानुषरूपिणौ रघुवरौ सद्धर्म्मवर्म्मौ हितौ
सीतान्वेषणतत्परौ पथि गतौ भक्तिप्रदौ तौ हि नः ॥१॥

कुन्दपुष्पजस्ता श्वेतवर्ण र नीलकमलजस्ता श्यामवर्ण हुनाले सुन्दर भएका, अत्यन्त वलवान्, विज्ञान (निरुपाधिज्ञान) का घर भएका, शोभाले परिपूर्ण भएका, धनुर्धारीमा सर्वोच्च रहेका, वेदले स्तुति गरिएका, गाई–ब्राह्मणलाई प्यारो मान्ने, मायाले मनुष्यरूप धारण गर्ने, रघुकुलमा श्रेष्ठ, सनातनधर्मका कवचस्वरूप भएर हित गर्ने, सीताजीको खोज गर्नामा तत्पर भएका, वनको बाटो लागेका, ती दुई भाई (राम लक्ष्मण) हामीलाई भक्तिदायक होऊन् ॥ १ ॥

ब्रह्माम्भोधिसमुद्भवं कलिमलप्रध्वंसनं चाव्ययं
श्रीमच्छम्भुमुखेंदुसुंदरवरं संशोभितं सर्वदा ।
संसारामयभेषजं सुखकरं श्रीजानकीजीवनं
धन्यास्ते कृतिनः पिबंति सततं श्रीरामनामामृतम् ॥२॥

वेदरूपी समुद्रबाट पैदा भएको, कलिकल्मषलाई नष्ट पार्ने, आफू नष्ट नहुने, श्रीमान् शंकरजीका मुखरूपी चन्द्रमामा सुशोभित भएको, संसाररूपी रोगको औषधिस्वरूप, सुखदायक, श्रीजानकीजीको प्राणस्वरूप, यस्तो श्रीरामजीको नाम (राम) रूपी अमृतकन जो सदासर्वदा पिउँछन् (कानले सुन्दछन् र हृदयमा राख्तछन्) ती कुशलबुद्धि (पुण्यात्मा) हरू धन्य छन् ॥ २ ॥

सोरठा–मुक्ति जन्ममहि जानि ज्ञानखानि अघहानि कर ।
जहँ बस संभु भवानि सो कासी सेइअ कस न ॥१॥
जरत सकल सुर बृंद विषम गरल जेहि पान किअ ।
तेहि न भजसि मन मंद को कृपाल संकर सरिस ॥२॥

पृथ्वीमा मुक्तिको जन्मभूमि भएकी (मुक्तिले निवास गरिएकी), ज्ञानकी खानि (ज्ञानपूर्ण) भएकी, पापको नाश गर्ने जानेर जहाँ शङ्करजी र पार्वती राज भएको छ, त्यस्ती ती [१]काशीपुरीको सेवा किन नगर्ने ? (शङ्करजीले र पार्वतीजीले समेत सेवा गरिएकी काशीपुरीकी सेवा कल्याणाभिलाषी प्राणिमात्रले खूब गर्नुपदछ) ॥ १ ॥ सकल देवतावर्ग जल्न लागेका वेलामा जसले अति भयानक भएका कालकूट विषको पान गऱ्यो, हे मूर्ख ! मन ! त्यस्ता तिनलाई तँ किन भज्दैनस् ?, शंकरसमान दयालु को छ ? ॥ २ ॥ (क)

[ऋष्यमूकगमन]

चौ०–आगे चले बहुरि रघुराया ❀ रिष्यमूक पर्ब्बत नियराया ॥१॥
तहँ रह सचिव सहित सुग्रीवा ❀ आवत देखि अतुल बल सींवा ॥२॥

अनि रघुनाथजी अगाडि जानुभयो, ऋष्यमूक पर्वत नगीचै आइपुग्यो ॥ १ ॥ त्यहाँ सुग्रीव मन्त्रीहरूले सहित भएर रहन्थे, अतुल बलका सीमा भएका रामजीलाई आउन लागेका देखेर—॥ २ ॥

अति सभीत कह सुनु हनुमाना ❀ पुरुष जुगल बल रूप निधाना ॥३॥
धरि बटुरूप देखु तैं जाई ❀ कहेसु जानि जिय सयन बुझाई ॥४॥

अत्यन्त भयभीत भईकन तिनले हनुमान् (आफ्नो मन्त्री) लाई भने—"हे हनूमन् ! सुन, यी दुई मानिस बल र रूपका खानि रहेछन् ॥ ३ ॥ तिमी ब्रह्मचारीको रूप लिएर गईकन हेर, तिनको मन बुझेपछि सान (इशारा) ले बुझाईकन बताइदिए ॥ ४ ॥

---

(१) "पुण्यराशिको प्रकाश गर्ने (जन्मजन्मान्तरको पुण्यपुञ्ज साह्रै ठूलो रहेछ र काशीको वास हुन गएको हो भनी सूचन गर्ने) काशीपुरीलाई शीघ्रनाशी (चाँडै मर्ने) मानिसले हाय ! हाय ! किन छाड्दछ ?" इत्यादि रूपले स्कन्दपुराण काशीखण्डमा काशीको महिमा खूब गाइएको छ ।

"काशी प्रकाशीकृतपुण्यराशिं हा ! शीघ्रनाशी विसृजेन्नरः किम्" इत्यादि ।

(क) "अघि समुद्रमन्थन गर्दा सर्वप्रथम समुद्रबाट अत्यन्त कडा कालकूट विष पैदा भयो, त्यसका गन्धमात्रले देव दैत्यहरू व्याकुल भए, अनि ती सबै शंकरजीका शरण पर्न गए, पार्वती जगज्जननीको राय (संमति) लिएर चराचर जगत्का महेश्वर अपार करुणासागर शंकरजीले परहित सिद्धिका निमित्त यो कालकूट पिइदिनुभयो । महाप्रचण्ड त्यो विषको तासीरले शंकरजीको कंठ नीलो भयो, उहाँले नीलकंठ भएर पनि त्यो विष उकेल्नुभएन, ठूलो दाहले व्याकुल भएर पनि परहितसिद्धिलाई सिद्धै गर्नुभयो" यो कथा भागवतमा वर्णित छ ।

अपारकरुणासिन्धुस्तदपर्णानुमोदितः । पपौ परहितप्राथीं चराचरमहेश्वरः ॥

पठए बालि होहिं मन मैला ❀ भागौं तुरत तजौं येह सैला ॥५॥
बिप्ररूप धरि कपि तहँ गएऊ ❀ माथ नाइ पूछत अस भएऊ ॥६॥

बालिले पठाएका भए यिनीहरू मनका मैला (स्वच्छ मन नभएका = कपटी) हुनन् । म तुरन्तै भागौंला, यो पर्वत छाडौंला ॥ ५ ॥ ब्राह्मणको रूप धारण गरेर हनूमान्‌जी तहाँ गए शिर झुकाएर यसरी सोध्न लागे ॥ ६ ॥

[हनूमान् र रामको संवाद]

को तुम्ह स्यामल गौर सरीरा ❀ क्षत्रीरूप फिरहु बन बीरा ॥७॥
कठिन भूमि कोमल पद गामी ❀ कवन हेतु बिचरहु बन स्वामी ॥८॥

"श्याम र गौर शरीर भएका तपाईंहरू को हुनुहुन्छ ?, हे वीर ! क्षत्रियका रूपले वनमा विचरण गर्न लाग्नुभएको छ ॥ ७ ॥ कड़ा जमीनमा कोमल पाउले पैदल हिंड्न लाग्नुभएको छ, हे स्वामी ! वनमा के कारणले घुमिरहनुभएको हो ? ॥ ८ ॥

मृदुल मनोहर सुंदर गाता ❀ सहत दुसह बन आतप बाता ॥९॥
की तुम्ह तीनि देव मह कोऊ ❀ नर नारायन की तुम्ह दोऊ ॥१०॥

हजूरहरूको मुलायम मनोहर सुन्दर शरीर जङ्गलमा दुःसह (खप्न मुस्किल पर्ने) भएको घाम र हावालाई सहिरहेको छ ॥ ९ ॥ हजूरहरू तीन देवता (ब्रह्मा, विष्णु, महेश्वर) मध्ये कोही हुनुहुन्छ कि ?, कि हजूरहरू दुई भाई नर नारायण हुनुहुन्छ ? ॥ १० ॥

दोहा—जगकारन तारन भव भंजन धरनीभार ।
की तुम्ह अखिल भुवनपति लीन्ह मनुज अवतार ॥१॥

कि जगत्का कारण, संसारका तारण, भूमिभारभञ्जन, संपूर्ण ब्रह्माण्डपति ईश्वरै हजूरले मनुष्यको अवतार लिनुभएको हो" ॥ १ ॥ (यो कुरा सुनेर)

चौ०—हसि बोले रघुबंसकुमारा ❀ बिधि कर लिखा को मेटनहारा ॥१॥
कोसलेस दसरथ के जाए ❀ हम पितुबचन मानि बन आए ॥२॥

रघुनन्दन रामजीले हाँसेर बोल्नुभयो—"विधाताले लेखेको कर्मरेखा मेट्ने सकस को छ ? ॥ १ ॥ हामी अयोध्याधिराज दशरथका पुत्र हौं, पिताको वचन मानेर वनमा आएका छौं ॥ २ ॥

नाम राम लछिमन दोउ भाई ❀ संग नारि सुकुमारि सुहाई ॥३॥
इहाँ हरी निसिचर बैदेही ❀ बिप्र फिरहिं हम खोजत तेही ॥४॥

राम लक्ष्मण नाम भएका हामी दुई भाई हौं, साथमा सुकुमारी सुन्दरी स्त्री थिइन् ॥ ३ ॥ ती विदेहपुत्रीलाई यहाँ राक्षसले हर्‍यो, हे ब्राह्मणदेवता ! हामी तिनैलाई खोज्दै घुमेका हौं ॥ ४ ॥

आपन चरित कहा हम गाई ❀ कहहु बिप्र निज कथा बुझाई ॥५॥
प्रभु पहिचानि परेउ गहि चरना ❀ सो सुख उमा जाइ नहि बरना ॥६॥

हे ब्राह्मण ! मैले ता आफ्नो वृत्तान्त विस्तार गरें, तिमी आफ्नो वृत्तान्त हामीलाई बुझाएर भन" ॥ ५ ॥ हनूमान्जी प्रभुजीलाई चिह्नेर पाउमा परे, हे पार्वती ! त्यस वेलाका सुखको वर्णन गर्न सकिंदैन ॥ ६ ॥

पुलकित तन मुख आव न बचना ❀ देखत रुचिर बेष कै रचना ॥७॥
पुनि धीरजु धरि अस्तुति कीन्ही ❀ हरष हृदय निज नाथहि चीन्ही ॥८॥

हनूमानजीको शरीर रोमाञ्चित भयो, मुखबाट वाक्य निस्केन, रामजीको सुन्दर वेष-रचना (मुनिवेषको बनावट) हेरिरहन लागे ॥ ७ ॥ मनले आफ्नो मालिक चिन्हेर हर्षित भए, अनि धैर्यधारण गरेर हनूमान्जीले स्तुति गरे (अनि विन्ति गर्न लागे) ॥ ८ ॥

मोर न्याउ मैं पूछा साईं ❀ तुम्ह पूछहु कस नर की नाईं ॥९॥
तव माया बस फिरौं भुलाना ❀ ता तें मैं नहि प्रभु पहिचाना ॥१०॥

हे स्वामी ! मेरा मुनासिबीले (म बानर हुनाले तदनुसार) मैले सोधें, परन्तु हजूर मनुष्यजस्तै भएर कसरी सोधिबक्सिन्छ ? ॥ ९ ॥ हजूरकी मायाका वशमा परेर भुलीकन घुमिरहेको छु, त्यसै हुनाले प्रभुलाई मैले चिह्निनँ ॥ १० ॥

दोहा–एकु मैं मंद मोहबस कुटिल हृदय अज्ञान ।
पुनि प्रभु मोहि बिसारेउ दीनबंधु भगवान ॥२॥

एक ता म मन्दबुद्धि, मोहाधीन, कुटिलहृदय, अज्ञान, त्यसमाथि दीनबन्धु भगवान् प्रभुले पनि मलाई बिर्सिबक्सियो ॥ २ ॥

चौ०–जदपि नाथ बहु अवगुन मोरें ❀ सेवक प्रभुहि परै जनि भोरें ॥१॥
नाथ जीव तव माया मोहा ❀ सो निस्तरै तुम्हारेहि छोहा ॥२॥

हे नाथ ! मेरा दुर्गुण जद्यपि धेरै छन् , तथापि यो सेवक प्रभुबाट बिर्सिन लायक छैन ॥ १ ॥ हे नाथ ! हजूरकी मायाले जीव मोहित छ, त्यो हजूरैका दयाले निस्तार पाउँछ (बच्तछ) ॥ २ ॥

ता पर मैं रघुबीरदोहाई ❀ जानौं नहि कछु भजन उपाई ॥३॥
सेवक सुत पति मातु भरोसें ❀ रहै असोच बनै प्रभु पोसें ॥४॥

त्यसमा म प्रभुजीको शपथ गर्दछु, हे रघुवीर ! म भजनको उपाय कत्ति पनि जान्दिनँ ॥ ३ ॥ सेवकलाई स्वामीको, पुत्रलाई आमाको भरोसा रहन्छ, र निश्चिन्त भई रहन्छ, प्रभुले (मेरो) पोषण गर्नै पर्दछ" ॥ ४ ॥

अस कहि परेउ चरन अकुलाई ❀ निज तनु प्रगटि प्रीति उर छाई ॥५॥
तब रघुपति उठाई उर लावा ❀ निज लोचन जल सींचि जुड़ावा ॥६॥

यो विन्ति गरेर हनूमान्‌जी प्रभुजीका पाउमा परे, हडबडाएर आफ्नो असली रूप (वानररूप प्रकट गरे, तिनका हृदयलाई प्रेमले छोप्यो ॥ ५ ॥ अनि रघुनाथजीले तिनलाई उठाएर हृदयमा लगाउनुभयो, आफ्ना नेत्रका जलले (आँसुले) सेचन गरेर तिनलाई शीतल (ठण्डा) पार्नुभयो ॥ ६ ॥

सुनु कपि जिय मानसि जनि ऊना ❀ तैं मम प्रिय लछिमन तें दूना ॥७॥
समदरसी मोहि कह सब कोऊ ❀ सेवक प्रिय अनन्यगति सोऊ ॥८॥

(अनि रामजीले आज्ञा गर्नुभयो) हे कपे ! सुन, तिमी मनमा कुनै प्रकारको न्यूनता (कमी) नमाने, तिमी लक्ष्मणभन्दा दोबर मेरा प्यारा छौ ॥ ७ ॥ सबैजना मलाई समदर्शी भन्दछन्, परन्तु जो अनन्यगति (अरूको आधार नभएको) छ, त्यही भक्त मेरो प्यारो छ ॥ ८ ॥

दोहा–सो अनन्य जाकें असि मति न टरइ हनुमंत ।
मैं सेवक सचराचर रूप स्वामि भगवंत ॥३॥

हे हनूमान् ! "म सेवक हुँ, मेरा स्वामी चराचर जगन्मूर्ति भगवान् हुन्" यस्तो समुझ जसका बुद्धिबाट हट्‌तैन, अनन्य भक्त भनेको त्यही हो ॥ ३ ॥

चौ०–देखि पवनसुत पति अनुकूला ❀ हृदय हरष बीती सब सूला ॥१॥
नाथ सैल पर कपिपति रहई ❀ सो सुग्रीव दास तव अहई ॥२॥

पवनकुमार (हनूमान) प्रभुजीलाई अनुकूल (रिझिएका) देखेर मनमा हर्षित भए । तिनका सबै दुःखदर्द सिद्धिए ॥ १ ॥ (अनि ती विन्ति गर्न लागे) "हे नाथ ! यो पर्वतका उपर वानरपति सुग्रीव रहन्छन्, ती हजूरका दास (भक्त) छन् ॥ २ ॥

तेहि सन नाथ मइत्री कीजे ❀ दीन जानि तेहि अभय करीजे ॥३॥
सो सीता कर खोज कराइहि ❀ जहँ तहँ मर्कट कोटि पठाइहि ॥४॥

तिनीसँग मित्रता गरिबक्सियोस्, हे नाथ ! तिनलाई दीन अनाथ जानेर निर्भय गरिबक्सियोस् ॥ ३ ॥ ती सीताजीको खोज गराउनेछन्, जहाँ-तहाँ करोडौं वानर पठाउनेछन्" ॥ ४ ॥

येहि बिधि सकल कथा समुझाई ❀ लिए दुवौ जन पीठि चढ़ाई ॥५॥
जब सुग्रीव राम कहुँ देखा ❀ अतिसय जन्म धन्य करि लेखा ॥६॥

यस्ता प्रकारले सुग्रीवको (सौजन्यसम्बन्धी) सबै कथा बुझाएर हनूमान्‌जीले दुवै भाईलाई आफ्ना पीठमा चढ़ाए (दुई काँधमा दुईजना चढाए) ॥ ५ ॥ जब सुग्रीवले रामजीलाई देखेथे आफ्ना जन्मलाई अत्यन्त धन्य संझे ॥ ६ ॥

[सुग्रीवमैत्री]

सादर मिलेउ नाइ पद माथा ❀ भेटेउ अनुज सहित रघुनाथा ॥७॥
कपि कर मन बिचार येहि रीति ❀ करिहहिं बिधि मो सन ए प्रीती ॥८॥

आदरका साथ पाउमा शिर राखेर सुग्रीवले भेट गरीकन भाईसहित रामजीलाई आलिङ्गन गरे ॥ ७ ॥ हे विधाता ! यी मसंग प्रीति गर्लान् कि ?" यस्तै प्रकारको विचार सुग्रीव मनमा गर्दथे ॥ ८ ॥

दोहा—तब हनुमंत उभय दिसि की सब कथा सुनाइ ।
पावक साखी देइ करि जोरी प्रीति दृढ़ाइ ॥४॥

अनि हनूमानजीले दुवैतर्फको वृत्तान्त सुनाएर (रामजीको वृत्तान्त सुग्रीवलाई, सुग्रीवको वृत्तान्त रामजीलाई सुनाएर) अग्निलाई साक्षी राखीकन दुवैको पक्का (दृढ) मित्रता जोरिदिए (मितेरी लाइदिए) ॥ ४ ॥

चौ०—कीन्हि प्रीति कछु बीच न राखा ❀ लछिमन रामचरित सब भाषा ॥१॥
कह सुग्रीव नयन भरि बारी ❀ मिलिहि नाथ मिथिलेसकुमारी ॥२॥

रामजीले सुग्रीवसँग मित्रताको योग्य प्रीति गर्नुभयो, केही अन्तर (फरक = पर्दा) राख्नुभएन, लक्ष्मणजीले रामजीको सब चरित्र (सुग्रीवलाई) बताउनुभयो ॥ १ ॥ अनि सुग्रीवले गहभरी आँसु गरेर "हे नाथ ! मिथिलाधिपति महाराज जनककी छोरी (सीताजी) भेट्टिनुहुनेछ" भनी विन्ति गरे ॥ २ ॥ (अनि फेरि विन्ति गर्न लागे)

मन्त्रिन्ह सहित इहाँ एक बारा ❀ बैठ रहेउँ मैं करत बिचारा ॥३॥
गगनपंथ देखी मैं जाता ❀ परबस परी बहुत बिलपाता ॥४॥

"हे नाथ ! एकदिन म मन्त्रीहरूसँग यहाँ केही कुराको विचार गर्दै बसिरहेको थिएँ ॥ ३ ॥ मैले अर्काको वश परेकी विलाप गर्दै आकाश मार्गले जान लागेकी सीताजीलाई देखें ॥ ४ ॥

राम राम हा राम पुकारी ❀ हमहि देखि दीन्हेउ पट डारी ॥५॥
मागा राम तुरत तेहि दीन्हा ❀ पट उर लाइ सोच अति कीन्हा ॥६॥

उहाँले मलाई देखेर "राम ! राम ! हा ! राम !" भनीकन वस्त्र खसालिदिनुभयो" ॥ ५ ॥ (सुग्रीवले यति विन्ति गर्नेबित्तिकै) रामजीले त्यो वस्त्र माग्नुभयो, सुग्रीवले टक्र्याए । रामजीले त्यो वस्त्र छातीमा लगाएर अत्यत शोक गर्नुभयो ॥ ६ ॥ (क)

(क) रामजीले त्यो वस्त्र (पछ्यौरा) र त्यसमा पोको पारेका अङ्गद (बाजू), कुण्डल, पाउजेव देख्नुभयो र सीताजीका वस्त्र-भूषण हुन् भनी चिन्नुभयो, अनि उहाँका नजरबाट अविछिन्न अश्रुधारा बग्न लागे । उहाँले "हेर भाई ! लक्ष्मण ! हरण गरिन लागेका हालतमा सीताले जमीनमा गिराइदिएका वस्त्र-भूषण हुन् कि भनेजस्तो लाग्दछ, तिमीले पनि चिन्नुपर्दछ", यस्तो आर्तवचन बोल्दा भ्रातृभक्त सच्चरित्र लक्ष्मणजीले "दाज्यू ! अङ्गद (बाजू) र कुण्डल मैले चिन्हेको छैन, प्रतिदिन पाउमा ढोगदिने गरेको हुनाले पाउजेव चिन्दछु, (सीताजीकै हुन्)" भनी विन्ति चढाएका कुराको उल्लेख गरेर प्राचीन सभ्यता र सच्चरित्रको दिग्दर्शन वाल्मीकि महामुनिले आत्मीय रामायणमा गरेको छ ।

नाहं जानामि केयूरे नाहं जानामि कुण्डले
नूपुरे त्वभिजानामि नित्यं पादाभिवन्दनात् । (वा. रा. ४।५।२२)

कह सुग्रीव सुनहु रघुबीरा ❀ तजहु सोच मन आनहु धीरा ॥७॥
सब प्रकार करिहौं सेवकाई ❀ जेहि बिधि मिलिहि जानकी आई ॥८॥

सुग्रीवले विन्ति गरे, "मेरो विन्ति सुनिबक्सियोस्, हे रघुवीर ! शोक-सुर्ता छाडिबक्सियोस् । मनमा धैर्य ल्याइबक्सियोस् ॥ ७ ॥ जुन प्रकारले जानकीजी आएर भेट गर्नुहुनेछ त्यो सब प्रकारले सेवा गर्नेछु" ॥ ८ ॥

दोहा–सखाबचन सुनि हरषे कृपासिंधु बलसींव ।
कारन कवन बसहु बन मोहि कहहु सुग्रीव ॥५॥

बलका सीमा (अवधि = हद) स्वरूप भएका रामजी मित्रका वचन सुनेर हर्षित हुनुभयो । (उहाँले सोध्नुभयो) "हे सुग्रीव ! तपाईं के कारणले वनमा बस्नुभएको हो, मलाई बताउनुहोस्" ॥ ५ ॥

चौ०–नाथ बालि अरु मैं द्वौ भाई ❀ प्रीति रही कछु बरनि न जाई ॥१॥
मयसुत मायाबी तेहि नाऊँ ❀ आवा सो प्रभु हमरे गाऊँ ॥२॥

"हे नाथ ! बालि र म दुईजना भाईभाई हौं, प्रीति थियो, त्यसको वर्णन गर्न सकिदैन ॥ १ ॥ माया गर्नामा मशहूर भएको हुनाले नाउँ पनि मायावी भएको मयदानवको छोरो थियो, हे प्रभु ! त्यो हाम्रो गाउँ (किष्किन्धापुरी) मा आयो ॥ २ ॥

अर्ध राति पुरद्वार पुकारा ❀ बाली रिपुबल सहइ न पारा ॥३॥
धावा बालि देखि सो भागा ❀ मैं पुनि गएउँ बंधु सँग लागा ॥४॥

आधा-रातमा शहरको मूल-ढोकामा आएर त्यसले पुकाऱ्यो (हाँक दियो), बालिले शत्रुको बल (घमण्ड) सहन सकेनन् र दौडे ॥ ३ ॥ बालिलाई देखेर त्यो भाग्यो । म पनि दाज्यू (बालि) को सँग लागेर गएँ ॥ ४ ॥

गिरिबर गुहा पैठ सो जाई ❀ तब बाली मोहि कहा बुझाई ॥५॥
परिखेसु मोहि एक पखवारा ❀ नहि आवौं तब जानेसु मारा ॥६॥

त्यो गएर पहाडका गुफाभित्र पस्यो, अनि बालिले मलाई बुझाएर "मलाई एकपक्ष (पन्ध्रदिन) पर्खनु, त्यतिमा आइनँभने मऱ्यो भनी जानेस्" भने ॥ ५ ॥ ६ ॥

मासदिवस तहँ रहेउँ खरारी ❀ निसरी रुधिरधार तहँ भारी ॥७॥
बालि हतेसि मोहि मारिहि आई ❀ सिला देइ तहँ चलेउँ पराई ॥८॥

हे खरारे ! (खर राक्षसवैरिन् ! राम !) म त्यहाँ एकमहीनादिनसम्म रहें (पर्खें) (आखिरमा) त्यहाँ रगतको ठूलो धारा निक्ल्यो ॥ ७ ॥ "बालिलाई माऱ्यो, अब आएर मलाई मार्दछ" (यस्तो मनमा लाग्यो र) त्यो गुफाका द्वारमा (अति ठूलो) पत्थर राखेर म भागें ॥ ८ ॥

मंत्रिन्ह पुर देखा बिनु साईं ❀ दीन्हेउ मोहि राजु बरिआईं ॥९॥

बाली ताहि मारि गृह आवा ❀ देखि मोहि जिय भेद बढ़ावा ॥१०॥

मन्त्रीहरूले राजधानीनगरी (किष्किन्धा) लाई विनाराजाको देखेर जबर्दस्तीले (मेरो सम्मति नहुँदैमा) मलाई राज्य दिए ॥ ९ ॥ त्यसलाई मारेर बाली घर आए, मलाई देखेर तिनले मनमा भेद (वैरभाव) बढाए ॥ १० ॥

रिपु सम मोहि मारेसि अति भारी ❀ हरि लीन्हेसि सर्बसु अरु नारी ॥११॥
ताकें भय रघुबीर कृपाला ❀ सकल भुवन मैं फिरेउँ बिहाला ॥१२॥

शत्रुलाई पिटेझैं मलाई खूब पिटे, तिनले मेरो सर्वस्व र स्त्रीसमेत जफत गरे ॥ ११ ॥ हे दीनदयाल ! रघुनाथ ! तिनैको डरले विह्वल भएर म सकल भुवनमा घुमन्ता भएँ ॥ १२ ॥

इहाँ श्रापबस आवत नाहीं ❀ तदपि सभीत रहौं मन माहीं ॥१३॥
सुनि सेवकदुख दीनदयाला ❀ फरकि उठीं द्वौ भुजा बिसाला ॥१४॥

मुनिका शाप[1] (सराप) का प्रभावले त्यो यहाँ आउँदैन, तैपनि म मनमा भयभीत भएर रहेको छु" ॥ १३ ॥ (यस्ता प्रकारले बताएको) भक्तको दुःख सुन्दा दीनदयाल रामजीका विशाल दुवै भुजा (बाहु) फर्फराउन लागे ॥ १४ ॥

[बालिवध प्रतिज्ञा]

दोहा–सुनु सुग्रीव मारिहौं बालिहि एकहि बान ।
ब्रह्म रुद्र सरनागत गए न उबरहि प्रान ॥६॥

(रामजीले प्रतिज्ञा गर्नुभयो) 'सुग्रीव ! सुन्नुहोस्, म एउटै बाणले बालिलाई मारुँला । ब्रह्माजी र शंकरजीको शरण पर्‍योभने पनि त्यसको प्राण बच्नेछैन ॥ ६ ॥

चौ०–जे न मित्रदुख होहिं दुखारी ❀ तिन्हहि बिलोकत पातक भारी ॥१॥
निज दुख गिरि सम रज करि जाना ❀ मित्र क दुख रज मेरु समाना ॥२॥

जो व्यक्ति मित्रका दुःखले दुःखित हुँदैनन् , तिनलाई हेर्दा पनि ठूलो पाप लाग्दछ ॥ १ ॥ "आफ्नो पर्वतसमानको दुःखलाई धूलाका कणको समान र मित्रको धूलाका कणको समान

---

(१) अघि दशहजार हात्तीको बल हुने, महिष (राँगो) को स्वरूप लिएको, दुन्दुभि नाम भएको राक्षस बलमत्त भएर जोरी खोज्दै बालिसंग युद्ध गर्न आएको थियो, महाबली बालिले त्यसलाई युद्धमा मार्‍यो, पर्वताकार त्यसको लाश (मुर्दा) लाई बालिले चार कोसपर पुग्ने गरी दुई हातले हुर्‍याइदियो । त्यो लाश मतङ्गमुनिका आश्रममा गिर्न पुग्यो, हावाले उडाएका रगतका थोपा मतङ्गमुनिका शरीरमा गिर्न गए । मुनिले क्रुद्ध भएर "जसले यो महिष यतातिर मिल्काएको हो, त्यो वानर मेरा आश्रमका मण्डलभित्र (ऋष्यमूकपर्वतमा) आयो भने मर्ला" भनी शाप दिए । बालिले धेरै प्रार्थना गर्‍यो, मुनि प्रसन्न भएनन् । त्यसै दिनदेखि बालि र त्यसका आपस्त वानरहरू यो ऋष्यमूकपर्वतमा आउँदैनन् । शापवृत्तान्त थाहा पाउने हुनाले बालिको विरोधी हुन गएको म निशंक भएर यहाँ रहेको छु" भनी सुग्रीवले विस्तार गरेका छन् ।

४८

दुःखलाई पर्वतसमान मान्नुपर्दछ, आफ्नो दुःखभन्दा मित्रको दुखलाई ठूलो देख्नुपर्दछ)" ॥ २ ॥

जिन्ह कें असि मति सहज न आई ❀ ते सठ कत हठि करत मिताई ॥३॥
कुपथ निवारि सुपंथ चलावा ❀ गुन प्रगटइ अवगुनन्हि दुरावा ॥४॥

यस्तो स्वाभाविक बुद्धि जसलाई आएकी छैन, ती स्वाँठहरू जबर्दस्ती मितेरी किन गर्दछन् ?) मित्रका दुःखको पर्वाह नगर्ने स्वाँठले मित्रता गर्नु मित्र शब्दको बेइज्जती गर्नु हो ? त्यस्ताले मित्रता गर्दा सच्चा मित्र पनि विश्वासपात्र नहुने भए, आफू ता बिग्रे बिग्रे, ती कुमित्रले अरूको समेत ठूलो खराबी गरे, संसारमा विश्वासै हराउने भयो) ॥ ३ ॥ (सच्चा मित्रहरू) मित्रलाई कुमार्गबाट हटाएर सुमार्गमा चलाउँछन्, मित्रका गुण प्रकट गर्दछन्, दुर्गुण छिपाउँछन् ॥ ४ ॥

देत लेत मन संक न धरई ❀ बल अनुमान सदा हित करई ॥५॥
बिपतिकाल कर सतगुन नेहा ❀ श्रुति कह संत मित्र गुन एहा ॥६॥

दिंदा-लिंदा (लेनदेन गर्दा) मनमा शंका लिंदैनन्, आफ्नो शक्तिअनुसार सदा-सर्वदा हित गर्दछन् ॥ ५ ॥ विपत्तिका समयमा (अघिपछिभन्दा) शयगुण बढ्ता प्रेम गर्दछन्" वेदले सज्जन मित्रका यिनै गुण (लक्षण) बताएका छन् ॥ ६ ॥ (क)

आगे कह मृदु बचन बनाई ❀ पाछे अनहित मन कुटिलाई ॥७॥
जाकर चित्त अहिगति सम भाई ❀ अस कुमित्र परिहरेहि भलाई ॥८॥

अगाडि भने बनाएर नरम वचन बोल्दछन्, पछाडि दुश्मनको काम गर्दछन्, मनमा दुष्टता राख्तछन् ॥ ७ ॥ जसको चित्त सर्पको हिंडाइजस्तो छ (टेढोमेढो छ) भाई ! सुग्रीव ! यस्ता कुमित्रलाई छाड्नाले नै भलो छ ॥ ८ ॥

सेवक सठ नृप कृपन कुनारी ❀ कपटी मित्र सूल सम चारी ॥९॥
सखा सोच त्यागहु बल मोरें ❀ सब बिधि घटब काज मैं तोरें ॥१०॥

शठ (दुर्बुद्धि = स्वाँठ) नोकर, कृपण (कन्जूस) राजा व्यभिचारिणी स्त्री र कपटी मित्र यी चारजना शूलजस्तै (दुःखदायी) हुन्छन् ॥ ९ ॥ (ख) हे मित्र ! मेरा बल

(क) पापाचरण गर्नलाग्दा जोगाइदिनु, हितको बाटो देखाइदिनु, छिद्र छिपाइदिनु, गुणलाई प्रख्यात गरिदिनु, आपत्तिका समयमा नछाड्नु, बखतमा दिनु, यी छ सन्मित्रका लक्षण हुन् भनी नीतिशास्त्रको वचन छ ।

पापान्निवारयति योजयते हिताय गुह्यानि गूहति गुणान्प्रकटीकरोति ।
आपद्गतं च न जहाति ददाति काले सन्मित्रलक्षणमिदं प्रवदन्ति सन्तः ॥

(ख) अटेर नोकर, कपटी मित्र, कन्जूस राजा, स्वच्छन्दचारिणी स्त्री, यी ४ मस्तकशूल (शिरोव्यथा) हुन् भनी कुनै नीतिज्ञले पनि भनेको छ ।

अविधेयो भृत्यजनः शठानि मित्राण्यदायकः क्षितिपः ।
अविनयवती च भार्या मस्तकशूलानि चत्वारि ॥

ले (मेरो भरोसामा रहेर) फिक्री छाडिदिनुहोस् । म तपाईंका काममा सब तरहले चेष्टा (कोशिश) गर्नेछु” ॥ १० ॥

कह सुग्रीव सुनहु रघुबीरा ❀ बालि महाबल अति रनधीरा ॥११॥
दुंदभि अस्थि ताल देखराए ❀ बिनु प्रयास रघुनाथ ढहाए ॥१२॥

सुग्रीवले विन्ति गरे—“हे रघुवीर ! सुनिबक्सियोस् , बालि अत्यन्त बलवान् र युद्धमा खूब कट्टर छ” ॥ ११ ॥ (यति भनेर सुग्रीवले) दुंदुभि राक्षसको हड्डी र सातओटा तालवृक्ष देखाए, रामजीले विनाप्रयास तिनलाई (यथोचित) हड्डीलाई (पाउका अंगुष्ठले हुत्याएर दशयोजन पर) पुऱ्याइदिनुभयो, तालवृक्षलाई एउटै बाणले छेडिदिनुभयो ॥ १२ ॥ (क)

देखि अमित बल बाढ़ी प्रीति ❀ बालीबध की भै परतीती ॥१३॥
बार बार नावइ पद सीसा ❀ प्रभुहि जानि मन हरष कपीसा ॥१४॥

रामजीको बल अतुल देखेर सुग्रीवका हृदयमा प्रीति बढ्यो, बालिलाई मार्न सक्नुहुन्छ भन्ने विश्वास पनि भयो ॥ १३ ॥ वारंवार प्रभुजीका पाउमा शिर राखे, प्रभुजीलाई चिन्हेर सुग्रीवको मन हर्षित भयो ॥ १४ ॥

उपजा ज्ञान बचन तब बोला ❀ नाथकृपा मन भएउ अलोला ॥१५॥
सुख संपति परिवार बड़ाई ❀ सब परिहरि करिहौं सेवकाई ॥१६॥

जब तिनलाई ज्ञान उब्ज्यो अनि तिनले विन्ति गरे–“हे नाथ ! अब हजूरका कृपाले मन स्थिर भयो ॥ १५ ॥ सुख, संपति, परिवार, प्रतिष्ठा (मान) सब छाडेर प्रभुजीको सेवा गरुँला ॥ १६ ॥

ए सब रामभगति के बाधक ❀ कहहिं संत तव पद अवराधक ॥१७॥
सत्रु मित्र सुख दुख जग माहीं ❀ मायाकृत परमारथ नाहीं ॥१८॥

यी सबै हजूरका भक्तिका बाधक (नाशकारी) हुन् भनेर हजूरका चरणको सेवा गर्ने भक्तहरू भन्दछन् , ॥ १७ ॥ संसारमा शत्रु-मित्र, सुख-दुःख सबै मायाले कल्पना गरिएका हुन् वस्तुतस्तु सत्य होइनन् ॥ १८ ॥

(क) श्रीरामजीका बलको परीक्षाका निमित्त ऋष्यमूकपर्वतमा सुकेर पडिरहेको दुन्दुभिराक्षसको अस्थिपञ्जर देखाए, वहाँले त्यसलाई पाउका अंगुष्ठले (बूढीऔंलाले) धक्याएर दशयोजन (चालीस कोस) पर पुऱ्याउनुभयो । तैपनि सुग्रीवको चित्त बुझेन । “भर्खर मरेका दुन्दुभिको आलो (मांसरुधिर वसापूर्ण) लाशलाई बालिले ४ कोसपर पुग्ने गरी हुत्याएथ्यो, यो अस्थिपञ्जर सुकेको मांसरुधिरवसारहित छ, यसलाई ४० कोसपर पुऱ्याउँदैमा बालिभन्दा बलिया भन्न सकिदैन” भन्न लागे । “एकै पटकमा सातओटा यी ठूला ठूला ताल (साल) वृक्ष हल्लाएर बालिले सबै वृक्षका पात जम्मै झार्दथ्यो, यी ७ वृक्षलाई एउटै बाणका प्रहारले छेड्न सक्नुहुन्छभने मेरो चित्त बुझ्दछ” भनेर सुग्रीवले ती वृक्ष देखाए । रामजीले बाण हान्नुभयो, त्यो बाण सातैवटा वृक्षलाई र अतल, वितल, सुतल, तलातल, महातल, रसातल, पाताललाई छेडदै गएर फेरि फर्की प्रभुका ठोक्रामा पस्न आयो, सुग्रीवको चित्त बुझ्यो ।

बालि परम हित जासु प्रसादा ❀ मिलेहु राम तुम्ह समन बिषादा ॥१९॥
सपने जेहि सन होइ लराई ❀ जागे समुझत मन सकुचाई ॥२०॥

जसका बदौलत खेद हरण गर्ने हजूर भेट्टिनुभयो ती बालि (वास्तवमा) मेरा परम कल्याणकारी रहेछन् ॥ १९ ॥ जससँग सपनामा लडाइँ (झगडातगडा) हुन्छ, बिउँझेपछि त्यो (लडाइँ) संझदा (त्यसका हकमा) मन संकुचित हुन्छ (सपनामा झगडा परेको मानिससंग विपनामा झगडातगडा गर्न कोही खोज्दैन, ऐले ज्ञान आउँदा सब व्यवहारलाई सपनाजस्तो मिथ्या जानें, ऐले, मलाई विपना भयो, बालिसंगको विरोध सपना भएपछि अब विपनामा त्यससँग के को विरोध छ र ? विरोध गर्न आँटौंभने पनि मन मान्दैन, संकुचित हुन्छ) ॥ २० ॥

अब प्रभु कृपा करहु येहि भाती ❀ सब तजि भजनु करौं दिनु राती ॥२१॥
सुनि बिरागसंजुत कपिबानी ❀ बोले बिहसि रामु धनुपानी ॥२२॥

हे प्रभो ! अब यस्ता प्रकारको कृपा गरिबक्सियोस् कि, जसमा सब प्रपञ्च छाडेर दिनरात हजूरको भजन गर्न पाऊँ" ॥ २१ ॥ यस्ता वैराग्यपूर्ण भएका सुग्रीवका वचन सुनेर धनुर्धारी रामजी हाँसेर बोल्नुभयो ॥ २२ ॥

जो कछु कहेहु सत्य सब सोई ❀ सखा बचन मम मृषा न होई ॥२३॥
नट मर्कट इव सबही नचावत ❀ रामु खगेस बेद अस गावत ॥२४॥

"हे मित्र ! तपाईंले जो कुछ भन्नुभयो त्यो सब साँचो हो, मेरा वचन कहिल्यै मिथ्या (असत्य) हुँदैन" ॥ २३ ॥ (काकभुशुण्डी भन्दछन्) हे गरुडजी ! रामजी नटले (नटुवा = वानर भालू नचाउने व्यक्तिले) बानर नचाएझैं सबै प्राणीलाई नचाउनुहुन्छ, भनी वेदहरू वर्णन गर्दछन् (उहाँले आँटेको कुरा जीवमात्रले गर्नैपर्दछ) ॥ २४ ॥

[बालिवध]

लै सुग्रीव संग रघुनाथा ❀ चले चाप सायक गहि हाथा ॥२५॥
तब रघुपति सुग्रीव पठावा ❀ गर्जेसि जाइ निकट बल पावा ॥२६॥

रघुनाथजी हातमा धनुबाण लिइकन सुग्रीवलाई साथ लिएर हिंड्नुभयो ॥ २५ ॥ अनि रामजीले सुग्रीवलाई बालिका समीप पठाउनुभयो । तिनले रामजीको बल पाएर बालिका नगीच गईकन गर्जना गरे ॥ २६ ॥

सुनत बालि क्रोधातुर धावा ❀ गहि कर चरन नारि समुझावा ॥२७॥
सुनु पति जिन्हहि मिलेउ सुग्रीवा ❀ ते द्वौ बंधु तेज बल सीवा ॥२८॥

गर्जना सुन्नाका साथ बलि क्रुद्ध भएर दौडन लाग्यो, उसकी स्त्री (तारा) ले पाउ समातेर संझाइन् ॥ २७ ॥ "हे स्वामी ! सुन्नुहोस् सुग्रीव जोसँग मिलेको छ, ती दुई भाई तेज र बलका सीमा (अवधि) र तेजस्वी छन्, ॥ २८ ॥

कोसलेससुत लछिमन रामा ❀ कालहु जीति सकहिं संग्रामा ॥२९॥

सोइ रघुबीर हृदय महं आनहु ❀ ममता छाड़ि कहा मम मानहु ।।३०।।

अयोध्याधिराज दशरथका छोरा राम र लक्ष्मण संग्राममा काललाई पनि जित्न सक्तछन् ।। २९ ।। तिनै रघुवीरलाई ममता छाडेर हृदयमा राख्नुहोस्, मैले भनेको मान्नुहोस्" (भनिन्) ।। ३० ।।

दोहा—कह बालि सुनु भीरु प्रिय समदरसी रघुनाथ ।
जौ कदाचि मोहि मारहिं तौ पुनि होउँ सनाथ ।।७।।

बालिले भन्यो—"हे भीरु! (भयकातर!) प्यारी! सुन, रघुनाथजी समदर्शी छन्, यदि कदाचित् तिनले मलाई मारेभने म सनाथ (नाथवान् = अनुगृहीत) हुनेछु" ।। ७ ।।

चौ०—अस कहि चला महा अभिमानी ❀ तृन समान सुग्रीवहि जानी ।।१।।
भिरे उभौ बाली अति तर्जा ❀ मुठिका मारि महा धुनि गर्जा ।।२।।

यसो भनेर महाअभिमानी भएको बालि सुग्रीवलाई तृणसमान संझेर हिंड्यो ।। १ ।। दुवैजना भिडे, बालिले खूब तर्सायो, सुग्रीवलाई मुक्का हानेर ठूलो आवाज गरी त्यो गर्ज्यो ।। २ ।।

तब सुग्रीव बिकल होइ भागा ❀ मुष्टिप्रहार बज्र सम लागा ।।३।।
मैं जो कहा रघुबीर कृपाला ❀ बंधु न होइ मोर यह काला ।।४।।

अनि वज्रप्रहारसमानको मुष्टिप्रहार जब लाग्यो सुग्रीव व्याकुल भएर भागे ।। ३ ।। (अनि तिनले रामजीलाई भने) "हे रघुवीर! हे दयाल! म ता भन्दै थिए, यो मेरो दाज्यू होइन काल हो" ।। ४ ।।

एकरूप तुम्ह भ्राता दोऊ ❀ तेहि भ्रम तें नहि मारेउँ सोऊ ।।५।।
कर परसा सुग्रीवसरीरा ❀ तनु भा कुलिस गई सब पीरा ।।६।।

रामजीले "तपाईंहरू दुवै भाई समानरूप हुनुहुँदो रहेछ, त्यसले भ्रम पर्‍यो र मैले उसलाई मारिनँ" भनेर सुग्रीवको शरीरलाई हातले सुमसुम्याउनुभयो, तिनको शरीर वज्रसमान भैगयो, सबै पीडा नष्ट भयो ।। ५ ।। ६ ।।

मेलि कंठ सुमन कै माला ❀ पठवा पुनि बल देइ बिसाला ।।७।।
पुनि नाना बिधि भई लराई ❀ बिटप ओट देखहिं रघुराई ।।८।।

सुग्रीवका गलामा फूलको माला लाइदिनुभयो, अनि तिनलाई ठूलो बल दिएर (उत्साहसंपन्न पारेर) फेरि पठाउनुभयो ।। ७ ।। फेरि नाना प्रकारले ती दुईजनाको लड़ाइँ हुन लाग्यो, वृक्षको आड गरेर रघुनाथजी हेर्न लाग्नुभयो ।। ८ ।। (क)

(क) "दूरदर्शी, व्यवहारविशारद श्रीरामजीले "दाज्यूभाईको झगडा पनि हुँदै रहन्छ, मेल पनि रहन्छ, दाज्यूको पिटाइ पाएर भाईले मेल गर्‍योभने पनि वेशै भयो, भाईलाई देख्ता दाज्यूका मनमा दया जाग्योभने पनि वेशै भयो, हम्मेशी परप्राणहरण किन गरौं !" भन्ने आशयले पहिला पटकमा बाण छाड्न लाई आलेटाले गर्नुभयो, दोस्रा पटक माला लाएर युद्ध गर्न आएको सुग्रीवलाई देखेपछि बालिले धेर

४८-क

दोहा–बहु छल बल सुग्रीव कर हिय हारा भय मानि ।
मारा बालि राम तब हृदय माझ सर तानि ॥८॥

सुग्रीवले धेरै छलबल (दाउ-पेच) गरे, आखिर मनमा भय मानेर हार खाए । त्यसै वेलामा रामजीले धनुमा जोरेको बाण कानसम्म तानेर बालिका छातीका माझमा हान्नुभयो ॥ ८ ॥

चौ०–परा बिकल महि सर के लागें ❀ पुनि उठि बैठ देखि प्रभु आगें ॥१॥
स्याम गात सिर जटा बनाएँ ❀ अरुन नयन सर चाप चढ़ाएँ ॥२॥

बाण लाग्नाले बालि व्याकुल भएर जमीनमा पछारियो, अगाड़ि रामजीलाई देखेर त्यो फेरि उठेर बस्यो ॥ १ ॥ श्यामशरीर भएका, जटामुकुट बाँधेका, लाल नजर भएका, धनुमा बाण चढ़ाइरहेका रामजीलाई ॥ २ ॥

[बालि-राम-संवाद]

पुनि पुनि चितइ चरन चित दीन्हा ❀ सुफल जन्म माना प्रभु चीन्हा ॥३॥
हृदय प्रीति मुख बचन कठोरा ❀ बोला चितइ राम की ओरा ॥४॥

वारंवार हेरेर बालिले उहाँका चरणमा आफ्ना चित्तलाई दृढ़ गरी लगायो, प्रभुजीलाई चिन्हेर आफ्ना जन्मलाई सफल सम्झ्यो ॥ ३ ॥ हृदयमा प्रेम, मुखमा कठोर वचन गरेर रामजीका तर्फ हेरीकन बालिले बोल्यो ॥ ४ ॥

धर्म हेतु अवतरेहु गोसाईं ❀ मारेहु मोहि ब्याध की नाईं ॥५॥
मैं बैरी सुग्रीव पिआरा ❀ अवगुन कवन नाथ मोहि मारा ॥६॥

हे स्वामी ! धर्मरक्षाका निमित्त अवतार लिनुभएको हो, मलाई व्याधाजस्तो भएर मार्नुभयो ॥ ५ ॥ म वैरी, सुग्रीव प्यारा मित्र किन भयो ? हे नाथ ! के अपराध थियो र मलाई मार्नुभयो ? ॥ ६ ॥

अनुजबधू भगिनी सुतनारी ❀ सुनु सठ कन्या सम ए चारी ॥७॥
इन्हहि कुदृष्टि बिलोकै जोई ❀ ताहि बधें कछु पाप न होई ॥८॥

(रामजीले भन्नुभयो) "हे दुष्ट ! सुन् , भाईबुहारी, बहिनी, बुहारी, आफ्नी छोरी,

---

सोचविचार गर्नुपर्दथ्यो, त्यसो नगरेर युद्धैमा तत्पर भएपछि बालिको निर्दयता र मदान्धताले युक्त भएको अन्याय बुझ्नुभयो र उहाँले बाणप्रहार गर्नुभयो" भनी कुनै कुनै टीकाकारले लेखेका छन् । "मनुष्यलीला गर्न लागेका प्रभुजीले मर्यादापुरुषको उचित व्यवहार गर्नुपर्छ, मुखमा एक कुरा पेटमा एक कुरा गर्नुहुँदैन, तसर्थ पूर्वोक्त कल्पना अनुचित हो" भनी धेरै सज्जन भन्दछन् ।

यी चार समान (एकै) हुन् ॥ ७ ॥ जसले यिनलाई कुदृष्टिले हेर्दछ (पाप चिताउँछ) त्यसलाई मार्दा पाप कत्ति पनि लाग्दैन ॥ ८ ॥ (क)

मूढ़ तोहि अतिसय अभिमाना ❀ नारिसिखावन करसि न काना ॥९॥
मम भुज बल आश्रित तेहि जानी ❀ मारा चहसि अधम अभिमानी ॥१०॥

हे मूर्ख ! तँलाई अभिमान अत्यन्त छ, स्त्रीको शिक्षालाई सुन्दै सुन्दैनस् , ॥ ९ ॥ सुग्रीवलाई मेरा भुजबलको आधारमा रहेको जानीजानीकन अधम अभिमानी तँ मार्न चाहन्छस् ॥ १० ॥

दोहा–सुनहु राम स्वामी सन चल न चातुरी मोरि ।
प्रभु अजहूँ मैं पापी अंतकाल गति तोरि ॥९॥

(बालिले विन्ति गर्‍यो)—“हे राम ! प्रभुसँग मेरो चलाकी चल्दैन (म लाचार छु, कायल भएँ) । हे प्रभु ! अब पनि म पापी छु त ? अन्तकालमा (मरणसमयमा) ता मेरो आधार हजूरैको छ” ॥ ९ ॥

चौ०–सुनत राम अति कोमल बानी ❀ बालिसीस परसेउ निज पानी ॥१॥
अचल करौं तनु राखहु प्राना ❀ बालि कहा सुनु कृपानिधाना ॥२॥

बालिको अति मधुर वचन सुनेर रामजीले आफ्ना हातले त्यसको शिर सुमसुम्याउनुभयो ॥ १ ॥ अनि “तिमी भन्छौभने तिम्रो शरीरलाई अचल गराइदिन्छु, प्राण राखत (बाँचत)” भन्नुभयो । बालिले भने—“हे कृपानिधान ! सुन्नुहोस ॥ २ ॥

जन्म जन्म मुनि जतनु कराहीं ❀ अंत राम कहि आवत नाहीं ॥३॥
जासु नाम बल संकर कासी ❀ देत सबहि सम गति अबिनासी ॥४॥
मम लोचन गोचर सोइ आवा ❀ बहुरि कि प्रभु अस बनिहि बनावा ॥५॥

(क) श्रीरामजीले भरतजीलाई पादुका दिएर अयोध्यातर्फ फिर्ता गराउँदा “भाई भरत ! तिमी मनुष्यहरूका राजा होउ, म जङ्गलनिवासी पशुवर्गको (वानर, राक्षस प्रभृतिको) राजा (शासनकर्ता) हुन्छु । खुशीसाथ अयोध्यातर्फ जाऊ, म पनि खुशीका साथ दण्डकारण्यमा प्रवेश गर्दछु” इत्यादि वचन बोल्नुभएको थियो । तदनुसार उहाँले जङ्गलनिवासी बालिको अपराधमा उचित भएको प्राणान्तिकदण्ड त्यसलाई दिनुभयो । अतएव “पापी प्राणीहरू राजाबाट यथोचित्त दण्डित भएभने पुण्यात्मा सज्जनजस्तै निष्पाप भएर स्वर्ग जान्छन्” यस्तो धर्मशास्त्रानुसार बालिले सद्गति पाएको हो, श्रीरामजीले पनि त्यसलाई मार्न (प्राणान्तिक दण्ड दिन) संकोच नगर्नुभएको हो । सर्वात्मना राजभाव (राजापना) छाड्नुभएको भए वहाँलाई बालिनिग्रह गर्ने अधिकारै हुने थिएन ।

त्वं राजा भरत ! भव स्वयं नराणां वन्यानामहमपि राजराण्मृगाणाम् ।
गच्छ त्वं पुरवरमद्य संप्रहृष्टः संहृष्टस्त्वहमपि दण्डकान् श्रयिष्ये ॥ (बा. रा. २।१०७।१७)

राजभिर्धृतदण्डाश्च कृत्वा पापानि मानवाः ।
विमलाः स्वर्गमायान्ति सन्तः सुकृतिनो यथा ॥
राजा त्वशासन् पापस्य तदवाप्नोति किल्बिषम् ॥ (बा. रा. ४।१८।३१)

मुनिहरू जन्मजन्मान्तरसम्म यत्न गर्दै रहन्छन् तापनि अन्तकालमा तिनलाई "राम" भन्ने आवाज मुखबाट आउँदैन ॥ ३ ॥ जसका नामका बलले अविनाशी भएका शंकरजी काशीमा मर्ने सबै प्राणीलाई समानरूपले (पापी र धर्मात्माको भेद नराखीकन) मुक्तिदिनुभइरहेको छ ॥ ४ ॥ (क) उनै प्रभु हजूर मेरो दृष्टिगोचर भएर पाल्नुभयो, हे प्रभु ! फेरि यस्तो बनिबनाउ भएको संयोग पर्दछ र ? ॥ ५ ॥

छन्द–सो नयनगोचर जासु गुन नित नेति कहि श्रुति गावहीं ।
जिति पवन मन गो निरस करि मुनि ध्यान कबहुँक पावहीं ॥
मोहि जानि अति अभिमान बस प्रभु कहेहु राखु सरीरही ।
अस कवन सठ हठि काटि सुरतरु बारि करिहि बबूरही ॥१॥

वेदहरू नेति नेति भनेर (सबै प्रपंचको निरूपण गरेर, यो बाहेकको ब्रह्म हो भन्ने तरीकाले) जसका गुणको नित्य वर्णन गर्दछन्, प्राणलाई जितेर (प्राणायाममा स्थिर रहेर) मन र इन्द्रियलाई विषयबाट विमुख पारीकन ध्यान गर्दा गर्दा मुनिहरू जसलाई कहिलेकाहीं फेला पार्दछन्, उनै प्रभुले मलाई अभिमानवश भएको (अभिमानी) जानेर "शरीर राख" यस्तो आज्ञा दिनुभयो, तर त्यस्तो स्वाँठ को होला ? जो कल्पवृक्षलाई मूढेबल गरीकन काटेर बबूरको वृक्षमा पानी लाउला ? ॥ १ ॥

अब नाथ करि करुना बिलोकहु देहु जो बर मागऊँ ।
जेहि जोनि जन्मौं कर्मबस तहँ रामपद अनुरागऊँ ॥
यह तनय मम सम बिनय बल कल्यानपद प्रभु लीजिए ।
गहि बाह सुर नर नाह आपन दास अंगद कीजिए ॥२॥

हे नाथ ! अब दया गरेर मलाई हेर्नुहोस् र जो माग्दछु त्यो वर बक्सनुहोस्, कर्माधीन भएर जुन जोनिमा जन्मन जाउँ, त्यसमा हजूरका चरणमा प्रेमी हुन पाऊँ । हे प्रभु ! यो मेरो छोरो मजस्तै नम्र, मजस्तै बलवान् छ । हे कल्याणास्पद ! (हे मङ्गलमूर्ते ! भगवन् !) यसलाई (मैले टक्र्याएँ) पाछा लिइबक्सियोस्, हे निर्जरनाथ ! (देवसमूहनाथ) हे नरनाथ ! यो अङ्गदलाई हातले समातेर (हस्तावलम्ब दिएर) आफ्नो दास गराइबक्सियोस् ॥ २ ॥

दोहा–रामचरन दृढ़ प्रीति करि बालि कीन्ह तनुत्याग ।
सुमनमाल जिमि कंठ तें गिरत न जानै नाग ॥१०॥

(क) श्रीराम-राज्याभिषेकका उत्सवमा सम्मिलित भएका देवताहरूमध्ये शंकरजीले स्तुति गर्दा "श्रीराम ! म हजूरका नामजपका प्रभावले कृतार्थ भएर भवानीका साथ काशीमा रहन्छु, त्यहाँ मर्नलागेका प्राणीको मुक्तिका निमित्त हजूरका नामरूपी मन्त्रको उपदेश गर्दछु" भन्नुभएको छ,

अहं भवन्नाम गृणन् कृतार्थो वसामि काश्यामनिशं भवान्या ।
मुमूर्षमाणस्य विमुक्तयेऽहं दिशामि मन्त्रं तव राम ! नाम ॥ [अध्यात्म रा. ६।१५।६२]

बालिले रामजीका चरणमा दृढ़ प्रेम गरेर जसरी घाँटीबाट फूलको माला खस्ता हात्तीले थाहै पाउँदैन (त्यस्तै गरी विनापरिश्रम) शरीर छाडे ॥ १० ॥

[तारा विलाप]

चौ०-राम बालि निज धाम पठावा ❀ नगर लोग सब ब्याकुल धावा ॥१॥
नाना बिधि बिलाप कर तारा ❀ छूटे केस न देह सँभारा ॥२॥

रामजीले बालिलाई आफ्नो धाम (वैकुण्ठ) मा पठाउनुभयो । किष्किन्धानिवासीहरू व्याकुल भएर दौडदै आए ॥ १ ॥ तारा (बालिपत्नी) अनेक प्रकारले 'विलाप गर्न लागिन्, तिनका केश फिंजारिएका थिए, शरीरको सह्माल थिएन (बेपर्दा भएको पनि थाहा पाउन्नथिन्) ॥ २ ॥

[ताराप्रबोध]

तारा बिकल देखि रघुराया ❀ दीन्ह ज्ञान हरि लीन्ही माया ॥३॥
क्षिति जल पावक गगन समीरा ❀ पंच रचित अति अधम सरीरा ॥४॥

रघुनाथजीले तारालाई व्याकुल भएको देख्नुभयो र ज्ञान दिएर माया (मोह)

---

(१) ताराले अनेक प्रकारको विलाप गरेर श्रीरामजीसँग "राम ! स्त्रीका विरहले पीडित भएको सुकुमार पुरुष ठूलो दुःख पाउँछ" भन्ने कुरा तपाईं खूब जान्नुहुन्छ, तसर्थ मेरा विरहको दुःख बालिले धेरै बेर भोग्न नपरोस्, मलाई झट्ट मारेर बालि भएका ठाउँमा पुऱ्याइदिनुहोस्, तपाईं ठूला बड़ा महात्मा हुनाले स्त्रीवध गर्दा दोष लाग्ला भन्ने शंका गर्नुहोला, त्यस्तो शंका गर्नुपर्दैन, मलाई बालिको खास आत्मा (जीवपुरुष) संझेर मार्नुहोस् । हे राजकुमार ! तपाईंलाई स्त्रीवधको दोष लाग्नेछैन" इत्यादि नाना प्रकारले आक्षेप गरेका कुरा वाल्मीकीयरामायणमा अति मनोहर छन् ।

"हे राम ! म ताड़का होइन, म सातओटा तालवृक्षकी पंक्ति पनि होइन, फगत स्वर्ग मर्त्य पातालमा मात्रै प्रतापले प्रख्यात भएको (अन्यत्रका प्राणीले चिन्दै नचिनेको) बालि म होइन, मेरो कलेजा वज्रसमान कड़ा छ, म बाणले भेदन गर्न सकिने होइन, मलाई बाणले छिन्नभिन्न नपारीकन तपाईं कसरी धनुर्धारी कहलाउनुहुन्छ (मलाई छिन्नभिन्न पार्नुभयो भने तपाईं सच्चा धनुर्धारी) मलाई बाणले छिन्नभिन्न पार्नुहोस्, आफ्नो धनुर्धारीपनालाई सुरक्षित गर्नुहोस्" भनी ताराको विलापसमेतको प्रलाप रामायणचंपूमा विस्तार गरिएको छ ।

त्वं वेत्थ तावद्वनिताविहीनः प्राप्नोति दुःखं पुरुषः कुमारः ।
तत्वं प्रजानन् जहि मां न वाली दुःखं ममादर्शनजं भजेत ॥
यच्चापि मन्येत भवान् महात्मा स्त्रीघातदोषस्तु भवेन्न मह्यम् ।
आत्मेयमस्येति हि मां जहि त्वं न स्त्रीवधः स्यान्मनुजेन्द्रपुत्र ! ॥

(वाल्मी० रामा० ४ । २४ । ३६ । ३७)

नाहं सुकेतुतनया न च सप्ततालो वाली च न त्रिभुवनप्रथितप्रतापः ।
तारास्मि वज्रहृदया विशिखैरभेद्या धन्वी कथं भवसि राघव ! मामविद्ध्वा ॥

(रामायणचम्पू)

हरेर लिनुभयो ॥ ३ ॥ "पृथ्वी, जल, तेज, वायु, आकाश यी तत्वले बनेको यो अधम (जड) छ ॥ ४ ॥

प्रगट सो तनु तव आगे सोवा ❀ जीव नित्य केहि लगि तुम्ह रोवा ॥५॥
उपजा ज्ञान चरन तब लागी ❀ लीन्हेसि परम भगति बर मागी ॥६॥

त्यो तिम्रा अगाडि सुतिरहेको (तेर्सिएको) छ, (त्यसैको शोक गरेको होभने, त्यो छँदैछ, शोक किन गर्दछ्यौ ? होइन जीवात्माको शोक गरेको हो भने) जीवात्मा नित्य (अविनाशी) छ, (त्यो कहिल्यै पनि मर्दैन) तिमी केका निंति रुन्छ्यौ ? ॥ ५ ॥ (यस्ता अनेक उपदेश पाउँदा तारालाई) ज्ञान उत्पन्न भयो, अनि ती प्रभुजीका पाउमा परिन् , तिनले प्रभुजीमा परम (श्रेष्ठ) भक्तिरूपी वर मागिन् ॥ ६ ॥ (शंकरजी भन्नुहुन्छ)

उमा दारुजोषित की नाईं ❀ सबहि नचावत रामु गोसाईं ॥७॥
तब सुग्रीवहि आएसु दीन्हा ❀ मृतककर्म बिधिवत सब कीन्हा ॥८॥

हे पार्वती ! स्वामी रामचन्द्रजी सबै जीवलाई कठपुतलीजस्तै नचाइरहनुभएको छ ॥७॥ अनि उहाँले सुग्रीवलाई आज्ञा दिनुभयो र तिनले विधिपूर्वक दाहादि सब क्रिया गरे ॥ ८ ॥

[सुग्रीवराज्याभिषेक]

राम कहा अनुजहि समुझाई ❀ राजु देहु सुग्रीवहि जाई ॥९॥
रघुपतिचरन नाइ करि माथा ❀ चले सकल प्रेरित रघुनाथा ॥१०॥

रामजीले भाई लक्ष्मणजीलाई "गएर सुग्रीवलाई राज्यतिलक देऊ" भनी संझाएर (गर्नुपर्ने काम बुझाएर) बताउनुभयो ॥ ९ ॥ रामजीले प्रेरणा गरिएका सुग्रीव लक्ष्मण लगायत सबैजना उहाँका चरणमा प्रणाम गरेर हिंडे ॥ १० ॥

दोहा—लछिमन तुरत बोलाए पुरजन बिप्रसमाज ।
राजु दीन्ह सुग्रीव कहुँ अंगद कहुँ जुवराज ॥११॥

लक्ष्मणजीले तुरन्तै नगरनिवासी र ब्राह्मणहरूलाई बोलाउनुभयो र सुग्रीवलाई राज्य, अङ्गदलाई यौवराज्य दिनुभयो ॥ ११ ॥

चौ०—उमा राम सम हित जग माहीं ❀ गुरु पितु मातु बंधु प्रभु नाहीं ॥१॥
सुर नर मुनि सब कें यह रीती ❀ स्वारथ लागि करहिं सब प्रीती ॥२॥

हे पार्वती ! संसारमा रामजीसमानको हितकारी गुरु. पिता, माता, बान्धव कोही छैन ॥ १ ॥ देवता, मनु य, मुनि सबैको यही चाल छ कि तिनीहरू आफ्ना मतलब सिद्ध गर्नाका निंति प्रीति गर्दछन् ॥ २ ॥

बालित्रास ब्याकुल दिन राती ❀ तन बहु ब्रन चिंता जर छाती ॥३॥
सोइ सुग्रीव कीन्ह कपिराऊ ❀ अति कृपाल रघुबीरसुभाऊ ॥४॥

जो सुग्रीव बालिका त्रासले रातदिन व्याकुल भएका, शरीरमा धेरै (चोट पटकका) घाउ लागेका, चिन्ताले छाती जलिरहेका थिए, तिनै सुग्रीवलाई वानराधिपति बनाउनुभयो, रघुवीरको स्वभाव अत्यन्त दयालु छ ॥ ३ ॥ ४ ॥

जानतहूँ अस प्रभु परिहरहीं ❀ काहे न बिपतिजाल नर परहीं ॥५॥
पुनि सुग्रीवहि लीन्ह बोलाई ❀ बहु प्रकार नृपनीति सिखाई ॥६॥

यस्तो जान्दाजान्दै जो मानिस प्रभुजीलाई छाड्दछन्, तिनीहरू विपत्तिका जालमा किन पर्दैनन् ? (अवश्यमेव पर्दछन्) ॥ ५ ॥ फेरि प्रभुजीले सुग्रीवलाई बोलाई पठाउनुभयो र धेरै प्रकारको राजनीति सिकाउनुभयो ॥ ६ ॥

कह सुग्रीव सुनहु रघुराया ❀ दीन जानि पुर कीजिअ दाया ॥७॥
कह प्रभु सुनु सुग्रीव हरीसा ❀ पुर न जाउँ दस चारि बरीसा ॥८॥

सुग्रीवले विन्ति गरे "हे रघुनाथ ! मेरो विन्ति सुनिबक्सियोस्, मलाई दीन-दुःखी जानेर मेरा नगरमा जाने कृपा गरिबक्सियोस (कृपापूर्वक मेरा नगरमा पाल्नुहोस्)" ॥ ७ ॥ प्रभुजीले भन्नुभयो—"हे वानराधिपते ! सुग्रीव ! सुन्नुहोस्, म चौधवर्ष शहरभित्र प्रवेश गर्दिनँ ॥ ८ ॥

गत ग्रीषम बरषा रितु आई ❀ रहिहौं निकट सैल पर छाई ॥९॥
अंगद सहित करहु तुम्ह राजू ❀ संतत हृदय धरेहु मम काजू ॥१०॥
जब सुग्रीव भवन फिरि आए ❀ रामु प्रबरषन गिरि पर छाए ॥११॥

ग्रीष्मऋतु (ज्येष्ठ-आषाढ़) गइसक्यो, अब बर्षाऋतु आउँछ, नगीचै पहाडमा छाया (ओत) मा निवास गर्नेछु ॥ ९ ॥ तपाईं अंगदसहित भएर राज्य गर्नुहोस्। मेरो कामलाई हमेशा हृदयमा राख्नुहोला" ॥ १० ॥ अनि सुग्रीव फर्केर घर आए, रामजीले प्रवर्षण पर्वतमा डेरा गर्नुभयो ॥ ११ ॥

[प्रवर्षणवास]

दोहा–प्रथमहि देवन्ह गिरिगुहा राखेउ रुचिर बनाइ ।
रामु कृपानिधि कछु दिन बास करहिंगे आइ ॥१२॥

करुणासागर रामजी आएर केही दिन निवास गर्नुहुनेछ भनेर देवताहरूले अघिबाटै त्यो पर्वतमा सुन्दर गुफा बनाइराखेको थियो ॥ १२ ॥

चौ०–सुंदर बन कुसुमित अति सोभा ❀ गुंजत मधुपनिकर मधुलोभा ॥१॥
कंद मूल फल पत्र सुहाए ❀ भए बहुत जब तें प्रभु आए ॥२॥

फुलेका वनको शोभा अतिसुन्दर थियो । पुष्परसमा लुब्ध भएका भ्रमरसमूह गुञ्जन गरिरहेका थिए ॥ १ ॥ प्रभुजी पाल्नुभएदेखि त्यहाँ कन्द-मूल, फल-फूल-पत्र ज्यादै नै सुन्दर भए (सप्रे) ॥ २ ॥

देखि मनोहर सैल अनूपा ❀ रहे तहँ अनुज सहित सुरभूपा ॥३॥
मधुकर खग मृग तनु धरि देवा ❀ करहिं सिद्ध मुनि प्रभु कै सेवा ॥४॥

अद्वितीय सुन्दर पर्वत देखेर देवाधिराज (रामजी) भाईसहित त्यहीं राजभयो ॥ ३ ॥ देवताहरू, सिद्धहरू, मुनिहरू भ्रमरको, पक्षीको, हरिणको शरीर धारण गरेर प्रभुको सेवा गर्न लागे ॥ ४ ॥

मंगलरूप भएउ बन तब तें ❀ कीन्ह निवास रमापति जब तें ॥५॥
फटिकसिला अति सुभ्र सुहाई ❀ सुख आसीन तहाँ द्वौ भाई ॥६॥

जैलेदेखि लक्ष्मीपति भगवान् रामजीले निवास गर्नुभयो, उहिलेदेखि त्यो वन मङ्गलमय भयो ॥ ५ ॥ अत्यन्त सेतो सुन्दर फटिकमणिको शिला (चट्टान) थियो, त्यसैमा दुवै भाई आनन्दसाथ राज हुन्थ्यो ॥ ६ ॥

कहत अनुज सन कथा अनेका ❀ भगति बिरति नृप नीति बिबेका ॥७॥
बरषाकाल मेघ नभ छाए ❀ गर्जत लागत परम सुहाए ॥८॥

रामजी भाईसँग भक्ति, वैराग्य, राजनीति र ज्ञानका अनेक कथा भन्दै राज हुन्थ्यो ॥ ७ ॥ वर्षाकाल आयो, आकाशमा बादल छाइए। गर्जन लागेका ती बादल अत्यन्त मनोहर लाग्दथे ॥ ८ ॥

[वर्षावर्णन]

दोहा–लछिमन देखु मोरगन नाचत बारिद पेखि।
गृही बिरतिरत हरष जस बिष्नुभगत कहुँ देखि ॥१३॥

(रामजीले भन्नुभयो) "लक्ष्मण ! हेर, जसरी वैराग्यप्रेमी भएको विष्णुभक्तलाई देखेर गृहस्थहरू हर्षित हुन्छन्, त्यसै गरी मेघलाई देखेर मयूरगण हर्षित भईकन नाच्न लागे ॥ १३ ॥

चौ०–घन घमंड नभ गरजत घोरा ❀ प्रियाहीन डरपत मन मोरा ॥१॥
दामिनि दमक रह न घन माहीं ❀ खल कै प्रीति जथा थिर नाहीं ॥२॥

आकाशमा घोर घमण्ड गरेर मेघ गर्जन्छन्, प्रियाले रहित भएको मेरो मन भयभीत भइरहेको छ ॥ १ ॥ जस्तै दुर्जनको प्रीति स्थिर हुँदैन, त्यस्तै बिजुलीहरू यता र उति चंकिरहेका छन्, मेघमा स्थिर रहँदैनन् ॥ २ ॥

बरषहिं जलद भूमि नियराएँ ❀ जथा नवहिं बुध बिद्या पाएँ ॥३॥
बुंद अघात सहहिं गिरि कैसें ❀ खल के बचन संत सह जैसें ॥४॥

जसरी समुझदार मानिस विद्या पाउँदा नुहुन्छ, त्यसै गरी नुहेर भुइँसम्म पुगेका मेघ वर्षन लागे ॥ ३ ॥ जसरी दुर्जनहरूका दुर्वचनलाई सन्तसज्जनहरू सहन्छन्, त्यसै गरी पर्वतहरू पानीका थोपाका चोटलाई सहन लागे ॥ ४ ॥

छुद्र नदीं भरि चलीं तोराई ❀ जस थोरेहु धन खल इतराई ॥५॥
भूमि परत भा ढाबर पानी ❀ जनु जीवहि माया लपटानी ॥६॥

जसरी अलिकति दौलत पाउँदा पनि दुर्जनहरू उम्लन्छन्, त्यसै गरी क्षुद्र नदीहरू भरिएर (उम्लिएर) तोड़सँग हिंड्न लागे ॥ ५ ॥ जसरी मायामा लटपटिंदा जीव धमिलो (अज्ञानी) हुन्छ, त्यसै गरी भुइँमा गिर्दा सफा पानी धमिलो (हिलो) भयो ॥ ६ ॥

समिटि समिटि जलँ भरहिं तलावा ❀ जिमि सदगुन सज्जन पहि आवा ॥७॥
सरिताजल जलनिधि महुँ जाई ❀ होइ अचल जिमि जिव हरि पाई ॥८॥

जसरी सज्जन व्यक्तिमा सद्‌गुण (तँछाड़ कि मछाड् गरेर) आउँछन्, त्यसै गरी (चारैतर्फका) जल समेटिई समेटिईकन (एकत्र भएर) तलाउमा आउन लागे ॥ ७ ॥ जसरी हरिलाई पाएर (हरिमा मिलेर = मुक्त भएर) जीव अचल हुन्छन् (फेरि नफर्कने स्थिर तन्मय हुन्छन्) त्यसै गरी नदीका जल समुद्रमा पुगेर अचल (स्थिर तन्मय) हुन लागे ॥ ८ ॥

दोहा–हरित भूमि तृनसंकुल समुझि परहि नहि पंथ ।
जिमि पाषंडबाद तें गुप्त होहिं सदग्रंथ ॥१४॥

जसरी पाखण्डीहरूका बकवादले गर्दा सदग्रंथ (ऋषिमुनिले ज्ञानदृष्टिले आविष्कार गरेका उत्तम ग्रंथ) गुप्त हुन्छन् (ढाकिन्छन्) त्यसै गरी जमीनका हरिया घाँसले व्याप्त भएका मार्ग (बाटा) जानिदैन् (ढाकिन्छन्) ॥ १४ ॥

चौ०–दादुरधुनि चहुँ दिसाँ सुहाई ❀ वेद पढ़हिं जनु बटुसमुदाई ॥१॥
नव पल्लव भए बिटप अनेका ❀ साधनमन जस मिले बिबेका ॥२॥

चारै दिशामा भ्यागुताको सुन्दर आवाज हुन लाग्यो, ब्रह्मचारी बालक (स्वर मिलाएर वेद पढ्न नजान्ने सिकारु केटाहरू) वेद पढ्न लागेका हुन् कि ? (भन्ने भान पर्दछ) ॥ १ ॥ जसरी विवेक (वस्तुस्वरूपको यथर्थ ज्ञान) पाउँदा साधकहरूका मन पह्लाउँछन् (तापतप्त भएका पनि शान्तशीतल हुन्छन्) त्यसै गरी (ग्रीष्मले शुष्क पारेका) अनेक वृक्षहरू (पानी पाउँदा) पल्लवित भए (पह्लाए) ॥ २ ॥

अर्क जवास पात बिनु भएऊ ❀ जस सुराज खल उद्यम गएऊ ॥३॥
खोजत कतहुँ मिलइ नहि धूरी ❀ करै क्रोध जिमि धरमहि दूरी ॥४॥

जसरी असल राज्यमा (धर्मात्मा राजाका मुलुकमा) दुष्टहरूका उद्योग (षड्‌यन्त्रका चालबाजी) नष्ट हुन्छन्, त्यसै गरी आँक र जवासाहरूका पात सबै नष्ट भए ॥ ३ ॥ जसरी क्रोध गर्दा धर्म दूर हुन्छ (कता जान्छ कता जान्छ फेला पर्दैन) त्यसै गरी खोज्दा खोज्दा पनि धूलो कतै पाइँदैन ॥ ४ ॥

ससिसंपन्न सोह महि कैसी ❀ उपकारी कै सम्पति जैसी ॥५॥
निसि तम घन खद्योत बिराजा ❀ जनु दंभिन्ह कर मिला समाजा ॥६॥

उपकारी व्यक्तिको संपत्ति जसरी शोभायमान हुन्छ, त्यसै गरी पृथिवीमा संयुक्त भएको बालीनाली शोभायमान भइरहेको छ ॥ ५ ॥ दाम्भिक (देखावटी सदाचारी) हरूको समाजै एकत्र भएको हो कि ? (भनेजस्तो) जूनकिरीको बथान रात्रिको गाढ अन्धकारमा चम्कन लाग्यो ॥ ६ ॥

महा वृष्टि चलि फूटि किआरीं ❀ जिमि सुतंत्र भयें बिगरहिं नारीं ॥७॥
कृषि निरावहिं चतुर किसाना ❀ जिमि बुध तजहिं मोह मद माना ॥८॥

जसरी स्वतन्त्र भएका स्वास्नीमानिसहरू जथाभावी चलेर (मर्यादा तोडेर) बिग्रन्छन्, त्यसै गरी ठूलो वृष्टि हुनाले आली फुट्ता जथाभावी गरेर खेतका पानी जतातत्तै जान लागे ॥ ७ ॥ जसरी विद्वान्हरू मोह, मद, मानलाई मिल्काउँछन् (आत्मालाई शुद्ध पार्छन्) त्यसै गरी चतुर किसान (खेतीवाला) हरू आफ्नो खेती गोड्दछन् (घाँसपात उखेलेर फाल्दछन्, बालीनालीलाई सफा राख्तछन्) ॥ ८ ॥

देखिअत चक्रवाक खग नाहीं ❀ कलिहि पाइ जिमि धर्म पराहीं ॥९॥
ऊषर बरषे तृन नहिं जामा ❀ जिमि हरिजन हिय उपज न कामा ॥१०॥

जसरी कलियुग प्राप्त भएपछि धर्म भाग्दछ, त्यसै गरी आजकाल चक्रवाकपक्षी (चखेवा) देखिदैन (भाग्दछ) ॥ ९ ॥ जसरी विष्णुभक्तका हृदयमा (विषयलाभ भए पनि) काम (विषयेच्छा) उब्जदैन, त्यसै गरी पानी बर्से पनि ऊषर जमीनमा तृण उम्रँदैन ॥ १० ॥

बिबिध जंतु संकुल महि भ्राजा ❀ प्रजा बढ़ जिमि पाइ सुराजा ॥११॥
जहँ तहँ रहे पथिक थकि नाना ❀ जिमि इंद्रियगन उपजें ज्ञाना ॥१२॥

जसरी असल राजा पाउँदा प्रजाहरू बढेर आउँछन् र पृथ्वी-माता शोभायमान हुन्छिन् त्यसै गरी पृथ्वीमा अनेक प्रकारका जीवजन्तुहरू बढेर आए र पृथ्वी शोभायमान भइन् ॥ ११ ॥ जसरी ज्ञान उत्पन्न भएपछि इन्द्रियहरू थन्किन्छन् (यताउति दौड्दैनन्) त्यसै गरी अनेक प्रकारका पथिकहरू थन्किएर रहेका छन् ॥ १२ ॥

दोहा—कबहुँ प्रबल चल मारुत जहँ तहँ मेघ बिलाहिं ।
जिमि कपूत कें उपजें कुल सद्धर्म नसाहिं ॥१५॥
कबहुँ दिवस महु निबिड़ तम कबहुँक प्रगट पतंग ।
बिनसइ उपजइ ज्ञान जिमि पाइ कुसंग सुसंग ॥१६॥

जसरी कुपुत्र जन्मनाले कुलमा चलेका सनातनधर्म नष्ट हुन्छन् (बेपत्ता हुन्छन्) त्यसै गरी कहिलेकाहीं जोरदार हावा चल्नाले जमिरहेका मेघ यत्रतत्र उड्दछन् र बेपत्ता हुन्छन् ॥ १५ ॥ जसरी सत्सङ्ग पाउँदा ज्ञान उब्जन्छ (प्रकट हुन्छ) कुसंग पाउँदा नष्ट हुन्छ त्यसै गरी कहिले सूर्य झलमल्ल प्रकट हुन्छन्, कहिले दिउँसै पनि गाढ अन्धकार रहन्छ ॥ १६ ॥

[शरद्वर्णन]

चौ०–बरषा बिगत सरद रितु आई ❀ लछिमन देखहु परम सुहाई ॥१॥
फूले कास सकल महि छाई ❀ जनु बरषाँ कृत प्रगट बुढ़ाई ॥२॥

भाई ! लक्ष्मण ! वर्षाऋतु बित्यो । हेर अति मनोहर शरदऋतु आयो ॥ १ ॥ मानौं वर्षाऋतुले आफ्नो बुढ्याइँ प्रकट गरेको हो कि ? (भन्ने भान पार्ने गरी) सारा पृथ्वीमण्डल छाएर कास (सिरु ढड्डीहरू) फुल्न लागे ॥ २ ॥

उदित अगस्ति पंथजल सोखा ❀ जिमि लोभहि सोखै संतोषा ॥३॥
सरिता सर निर्मल जल सोहा ❀ संतहृदय जस गत मद मोहा ॥४॥

जसरी सन्तोषले लोभलाई सुकाउँछ, त्यसै गरी उदाएका अगस्त्य ताराले बाटा बाटाका पानी सुकाए ॥ ३ ॥ मोह र मद हटेको सज्जनको हृदय जस्तै निर्मल भएको नदी-नाला तलाउहरूको जल सुशोभित भयो ॥ ४ ॥

रस रस सूख सरित सर पानी ❀ ममतात्याग करहिं जिमि ज्ञानी ॥५॥
जानि सरद रितु खंजन आए ❀ पाइ समय जिमि सुकृत सुहाए ॥६॥

जसरी ज्ञानी व्यक्ति आस्ते आस्ते ममता छाड्दछ, त्यसै गरी नदी तलाउहरूको पानी अलि अलि गरेर घट्न लाग्यो ॥ ५ ॥ जसरी समय पाएर पुण्य शोभायमान हुन्छन् (देश-कालका अनुसार गरिएका पुण्य जसरी शोभित हुन्छन्) त्यसै गरी शरद्रतु जानेर आएका खञ्जन पक्षी शोभित भए ॥ ६ ॥

पंक न रेनु सोह असि धरनी ❀ नीतिनिपुन नृप कै जसि करनी ॥७॥
जलसंकोच बिकल भइ मीना ❀ अबुध कुटुंबी जिमि धनहीना ॥८॥

नीतिमा निपुण भएका राजाका कामकारवाईजस्तै, न हिलो न धूलो भएकी धर्ती शोभायमान भइन् ॥ ७ ॥ जसरी धनहीन हुँदै गएको मूर्ख कुटुम्बी (जहानियाँ) व्याकुल हुन्छ, त्यसै गरी माछाहरू जल घट्तै जानाले व्याकुल हुनलागे ॥ ८ ॥

बिनु घन निर्मल सोह अकासा ❀ हरिजन इव परिहरि सब आसा ॥९॥
कहुँ कहुँ वृष्टि सारदी थोरी ❀ कोउ एक पाव भगति जिमि मोरी ॥१०॥

मेघ नहुनाले निर्मल भएको आकाश, सबै आसत्रास छाडेर रहेको हरिभक्तझैं सुशोभित भयो ॥ ९ ॥ जस्तै कोही एक व्यक्ति मात्र मेरी भक्ति पाउँदछ, त्यस्तै कतै कतै अलिकति शरत्कालको (झारझुर) वृष्टि हुँदैछ ॥ १० ॥

दोहा–चले हरषि तजि नगर नृप तापस बनिक भिखारि ।
जिमि हरिभगति पाइ श्रम तजहिं आश्रमी चारि ॥१७॥

जसरी ब्रह्मचारी, गृहस्थ, वानप्रस्थ, संन्यासी यी चार आश्रममा रहेका चार थरी व्यक्ति

हरिभक्ति (पूर्ण) पाएपछि आश्रम-धर्मका टण्टा छाड्दछन्, त्यसै गरी राजा तपस्वी बनियाँ, भिखारीहरू हर्षित भएर नगर (निवासस्थान) छाडेर हिंड्न लागे ॥ १७ ॥

चौ०–सुखी मीन जे नीर अगाधा ❀ जिमि हरिसरन न एकौ बाधा ॥१॥
फूले कमल सोह सर कैसे ❀ निर्गुन ब्रह्म सगुन भए जैसे ॥२॥

जो माछा अगाध जलमा छन्, तिनीहरू हरिको शरण परेर एउटा बाधा (तकलीफ) पनि न भएका भक्तजनझैं सुखी छन् ॥ १ ॥ जसरी निर्गुण ब्रह्म सगुण हुँदा शोभित हुन्छ त्यसै गरी कमल प्रफुल्ल हुँदा तलाउ शोभित भए ॥ २ ॥

गुंजत मधुकर मुखर अनूपा ❀ सुंदर खगरव नाना रूपा ॥३॥
चक्रवाकमन दुख निसि पेखी ❀ जिमि दुर्जन परसंपति देखी ॥४॥

अनौठा आवाज गर्ने भ्रमरहरू गुञ्जन गर्न लागे। नाना प्रकारका पक्षी सुन्दर बोली बोलिरहेका छन् ॥ ३ ॥ जसरी पराइको संपत्ति देख्ता दुर्जन दुःखित हुन्छ, त्यसै गरी आजकालको राम्रो रात्रि देख्ता चक्रवाकहरू मनमा दुःखित भएका छन् ॥ ४ ॥

चातक रटत तृषा अति ओही ❀ जिमि सुख लहइ न संकरद्रोही ॥५॥
सरदातप निसि ससि अपहरई ❀ संतदरस जिमि पातक टरई ॥६॥

जसरी शिवद्रोही व्यक्ति सुख पाउँदैन (रोइ-कराइरहन्छ) त्यसै गरी चातक पक्षी चिच्याइरहेको छ, त्यसलाई प्यास पनि खूब छ (चिच्याउँदा चिच्याउँदै मर्दछ, पानीको थोपा पाउँदैन) ॥ ५ ॥ जसरी साधुसन्तको दर्शनले पातक टर्दछ, त्यसै गरी शरद्ऋतुका घामको सन्तापलाई रात्रिका समयमा देखिएको चन्द्रमाले हरण गर्दछ ॥ ६ ॥

देखि इंदु चकोरसमुदाई ❀ चितवहिं जिमि हरिजन हरि पाई ॥७॥
मसक दंस बीते हिमत्रासा ❀ जिमि द्विजद्रोह किएँ कुलनासा ॥८॥

जसरी हरिजनहरू (हरिभक्तहरू) हरिलाई पाउँदा एकटक हेरिरहन्छन्, त्यसै गरी चकोर (च्याखुरा) का बथान चन्द्रमालाई देख्ता एकटक गरी हेरिरहेका छन् ॥ ७ ॥ जसरी ब्राह्मणद्रोह गर्दा कुल नष्ट हुन्छ (बेपत्ता हुन्छ) त्यसै गरी जाडाका त्रासले डाँस मच्छडहरू बिते (बेपत्ता भए) ॥ ८ ॥

दोहा–भूमि जीवसंकुल रहे गए सरद रितु पाइ।
सदगुर मिलें जाहिं जिमि संसय भ्रम समुदाइ ॥१८॥

जसरी सद्गुरु पाउँदा सन्देह र भ्रमका समुदाय हराउँछन्, त्यसै गरी शरद्ऋतु पाउँदा जमीनमा यत्रतत्र रहेका कीरा, फट्याङ्ग्रा प्रभृति जीवजन्तु हराए ॥ १८ ॥

[सुग्रीवभर्त्सना]

चौ०–बरषा गत निर्मल रितु आई ❀ सुधि न तात सीता कै पाई ॥१॥
एक बार कैसेहुँ सुधि जानौं ❀ कालहु जीति निमिष महु आनौं ॥२॥

भाई ! लक्ष्मण ! वर्षा बितेर शरद्‌ऋतु पनि आइसक्यो, सीताको खबर पाइएन ॥ १ ॥ एकफेर कुनै तरहले खबरसम्म पाउँदो हुँ ता काललाई पनि जितेर एक निमेषमा तिनलाई ल्याउने थिएँ ॥ २ ॥

कतहु रहौ जौ जीवति होई ❀ तात जतनु करि आनौं सोई ॥३॥
सुग्रीवहु सुधि मोरि बिसारी ❀ पावा राज कोस पुर नारी ॥४॥

सीता जहाँसुकै रहून् बाँचेकी रहिछन् भने यत्न (कोशिश) गरेर तिनलाई ल्याइछाडौंला ॥ ३ ॥ सुग्रीवले मेरो स्मरणसम्म पनि बिर्से, राज्य पाए, ढुकुटी पाए, नगरनिवास पाए, स्वास्नी पाए ॥ ४ ॥

जेहि सायक मारा मैं बाली ❀ तेहि सर हतउँ मूढ़ कहुँ काली ॥५॥
जासु कृपाँ छूटहिं मद मोहा ❀ ता कहुँ उमा कि सपनेहु कोहा ॥६॥

भाई ! जुन बाणले बालिलाई मैले मारें, त्यही बाणले त्यो मूढलाई भोलि नै मार्दछु" ॥ ५ ॥ (शङ्करजी भन्नुहुन्छ) "हे पार्वती ! जसका कृपाले मद मोह छुट्‌तछन्, उहाँलाई सपनामा पनि क्रोध हुन सक्तछ र ? ॥ ६ ॥ (क)

जानहिं यह चरित्र मुनि ज्ञानी ❀ जिन्ह रघुबीरचरन रति मानी ॥७॥
लछिमन क्रोधवंत प्रभु जाना ❀ धनुष चढ़ाइ गहे कर बाना ॥८॥

जसले रामजीका चरणमा प्रेम लगाएको छ, तिनै ज्ञानी मुनिहरू यो चरित्र (मर्म) जान्दछन्" ॥ ७ ॥ लक्ष्मणजीले प्रभुजीलाई क्रुद्ध हुनुभएको जान्नुभयो र धनुमा ताँदो चढ़ाएर हातमा बाण लिनुभयो ॥ ८ ॥

दोहा–तब अनुजहि समुझावा रघुपति करुनासींव ।
भय देखाइ लै आवहु तात सखा सुग्रीव ॥१९॥

अनि करुणाका सीमा (हद) भएका रघुनाथजीले भाईलाई संझाउनुभयो, अनि "बाबु ! लक्ष्मण ! डर देखाएर मित्र सुग्रीवलाई लिएर आऊ" भनी आज्ञा दिनुभयो ॥ १९ ॥

(क) केवल संसारीहरूको आदर्श चरित्र देखाउनाका निमित्त मनुष्यशरीर धारण गर्ने परमात्मा (रामजी) लाई वस्तुतः क्रोध थिएन, मित्र (सुग्रीव) लाई "जुन बाटाबाट बालि गयो त्यो बाटो साँघुरिएको छैन, आफ्नो (प्यारो) दाज्यूको दर्शन गर्न मन लाग्यो कि !" इत्यादि रूपले अनुचित निष्ठुर सन्देश पठाउन खोज्ने रामजीले "आपत्तिका समयमा चित्तवृत्ति यहाँसम्म बिग्रन्छ" भन्ने बुझाएर अलि बेरपछि मधुर वचनको सन्देश पठाउँदा "क्रोधका समयमा विचारले क्रोधको वेग रोक्नुपर्दछ" भन्ने कुरा बुझाउनुभएको हो । यही प्रसङ्गलाई लिएर कुनै भृत्यले महापुरुष (रामजी) को वन्दना पनि गरेको छ ।

किं द्रष्टुमेव निजमग्रजमिच्छसीति
सन्देष्टुमिच्छत उदीतरुषः स्वमित्रम् ।
आपत्तरङ्गतरलीकृतचित्तवृत्ते–
र्वन्दे महापुरुष ! ते चरणारविन्दम् ॥

चौ०–इहाँ पवनसुत हृदय बिचारा ❀ रामकाजु सुग्रीव बिसारा ॥१॥
निकट जाइ चरनन्हि सिरु नावा ❀ चारिहु बिधि तेहि कहि समुझावा ॥२॥

यतातिर हनूमान्‌ले "सुग्रीवले रामजीको काम बिर्से" यो विचार मनमा गरे ॥ १ ॥ अनि तिनले नगीच गएर सुग्रीवका पाउमा प्रणाम गरीकन साम, दान, भेद, दण्ड यी चारै उपायको उपदेश गरेर तिनलाई बुझाए ॥ २ ॥

सुनि सुग्रीव परम भय माना ❀ बिषय मोर हरि लीन्हेउ ज्ञाना ॥३॥
अब मारुतसुत दूतसमूहा ❀ पठवहु जहँ तहँ बानरजूहा ॥४॥

त्यो सुनेर सुग्रीव अत्यन्त डराए "विषयभोगले मेरो ज्ञान हरेर लियो" ॥ ३ ॥ (यस्तो विचार गरेर तिनले हनूमानलाई) "हे हनूमन्! अब बानरका बथानलाई र दूतहरूलाई जहाँतहाँ पठाऊ ॥ ४ ॥

कहेहु पाखँ महुँ आव न जोई ❀ मोरें कर ता कर बध होई ॥५॥
तब हनुमंत बोलाए दूता ❀ सब कर करि सनमान बहूता ॥६॥

"पन्ध्र दिनभित्रमा जो आओइन, मेरा हातबाट त्यसको बध हुनेछ" भनी भनिदिए" ॥ ५ ॥ अनि हनूमान्‌जीले धेरै दूत बोलाए, सबैको खूब सन्मान गरेर ॥ ६ ॥

भय अरु प्रीति नीति देखराई ❀ चले सकल चरनन्हि सिरु नाई ॥७॥
एहि अवसर लछिमनु पुर आए ❀ क्रोध देखि जहँ तहँ कपि धाए ॥८॥

भय, प्रीति, नीति देखाए, सबै वानर हनूमान्‌जीका चरणमा प्रणाम गरेर हिंडे ॥ ७ ॥ यही मौकामा लक्ष्मणजी किष्किन्धापुरीमा पुग्नुभयो, उहाँलाई क्रुद्ध भएको देखेर वानरहरू जहाँतहाँ दौड्न लागे ॥ ८ ॥

दोहा–धनुष चढ़ाइ कहा तब जारि करौं पुर छार ।
ब्याकुल नगरु देखि तब आएउ बालिकुमार ॥२०॥

लक्ष्मणजीले धनुष चढाएर "तिम्रो नगरलाई जलाएर खरानी पारूँ ?" भन्नुभयो, सारा नगर व्याकुल भएको देखेपछि बालिकुमार (अङ्गद) आए ॥ २० ॥

चौ०–चरन नाइ सिरु बिनती कीन्ही ❀ लछिमनु अभय बाह तेहि दीन्ही ॥१॥
क्रोधवंत लछिमनु सुनि काना ❀ कह कपीस अति भय अकुलाना ॥२॥

लक्ष्मणजीका पाउमा माथ राखेर अङ्गदले विन्ति गरे, लक्ष्मणजीले तिनको हात समातेर उठाईकन अभय दिनुभयो ॥ १ ॥ वानरराज सुग्रीव लक्ष्मणजीलाई क्रुद्ध भएको कानले सुनेर भयले अत्यन्त व्याकुल भए ॥ २ ॥

सुनु हनुमंत संग लै तारा ❀ करि बिनती समुझाउ कुमारा ॥३॥
तारा सहित जाइ हनुमाना ❀ चरन बंदि प्रभु सुजसु बखाना ॥४॥

(अनि सुग्रीवले हनूमान्‌लाई) "हे हनूमन्! सुन, तिमी तारालाई साथमा लिएर

जाऊ, विन्ति गरेर लक्ष्मणजीलाई बुझाऊ” भनी अह्राए ॥ ३ ॥ हनूमान्‌जीले तारासहित भैकन गएर लक्ष्मणजीका पाउमा वन्दना गरेपछि रामजीका सुयशको वर्णन गरे ॥ ४ ॥

करि बिनती मंदिर लै आए ❀ चरन पखारि पलँग बैठाए ॥५॥
तब कपीस चरनन्हि सिरु नावा ❀ गहि भुज लछिमन कंठ लगावा ॥६॥

अनि विन्ति गरेर लक्ष्मणजीलाई राजमहलमा लिएर आए, वहाँको पाउ पखालेर पलंगमा राज गराए ॥ ५ ॥ उहाँपछि सुग्रीव आएर उहाँका पाउमा प्रणाम गर्न लागे, लक्ष्मणजीले झट्ट हात समातेर सुग्रीवलाई गलामा लगाउनुभयो ॥ ६ ॥

नाथ बिषय सम मद कछु नाहीं ❀ मुनिमन मोह करै छन माहीं ॥७॥
सुनत बिनीत बचन सुख पावा ❀ लछिमन तेहि बहु बिधि समुझावा ॥८॥
पवनतनय सब कथा सुनाई ❀ जेहि बिधि गए दूतसमुदाई ॥९॥

अनि सुग्रीवले—“हे नाथ ! विषयबराबरको मद (नशा) केही रहेनछ, त्यो मद एक क्षणमा मुनिको मनलाई पनि मोहित गर्दछ” यस्तो विन्ति गरे ॥ ७ ॥ त्यो नम्र वचन सुन्दा लक्ष्मणजी आनन्दित हुनुभयो, तिनलाई उहाँले अनेक प्रकारसंग संझाउनुभयो ॥ ८ ॥ जुन तरहले दूतका समूह (यत्रतत्र) गएका थिए, त्यो सबै वृत्तान्त हनूमान्‌जीले विस्तार गरे ॥ ९ ॥

दोहा—हरषि चले सुग्रीव तब अंगदादि कपि साथ ।
रामानुज आगे करि आए जहँ रघुनाथ ॥२१॥

अनि अङ्गद, हनूमान् प्रभृति वानरवीरलाई साथ लिएर हर्षित भईकन सुग्रीव हिंडे, लक्ष्मणजीलाई अघि लगाएर जहाँ रघुनाथजी राज भएको थियो उहीं आए ॥ २१ ॥

चौ०—नाइ चरन सिरु कह कर जोरी ❀ नाथ मोहि कछु नाहिन खोरी ॥१॥
अतिसय प्रबल देव तव माया ❀ छूटै राम करहु जौं दाया ॥२॥

सुग्रीवले पाउमा दर्शन गरीकन हात जोरेर “हे नाथ ! मेरो केही गल्ती (विराम) छैन ॥ १ ॥ हे देव ! हजूरकी माया अत्यन्त जबर्दस्त छन्, यदि दया गर्नुभयो भने त्यो मायाबाट छुटकारा पाइन्छ ॥ २ ॥

बिषयबस्य सुर नर मुनि स्वामी ❀ मैं पावर पसु कपि अतिकामी ॥३॥
नारिनयन सर जाहि न लागा ❀ घोर क्रोध तम निसि जो जागा ॥४॥

हे प्रभु ! देवता, मनुष्य, मुनिहरू विषयका वश पर्दछन, म ता पामर अतिकामी पशु वानर हुँ ॥ ३ ॥ जसलाई स्त्रीका नयनरूपी बाण लागेका छैनन्, जो क्रोधरूपी भयानक अँध्यारी रात्रिमा जागा रहन्छ ॥ ४ ॥

लोभपास जेहि गर न बँधाया ❀ सो नर तुम्ह समान रघुराया ॥५॥
येह गुन साधन तें नहि होई ❀ तुम्हरी कृपा पाव कोइ कोई ॥६॥

जसले लोभरूपी पाशले गलालाई बँधाएको छैन, हे रघुनाथ ! त्यो मानिस ता

हजूरसमान भइहाल्छ ॥ ५ ॥ यो गुण साधना गर्दा गर्दा हुने होइन, हजूरको कृपा भयोभने कोही कोही व्यक्ति यो गुण पाउँदछ ॥ ६ ॥

तब रघुपति बोले मुसुकाई ❀ तुम्ह प्रिय मोहि भरत जिमि भाई ॥७॥
अब सोइ जतनु करहु मन लाई ❀ जेहि बिधि सीता कै सुधि पाई ॥८॥

अनि रामजीले हाँसेर "हे भाई ! तिमी मेरा भरतजत्तिकै प्यारा छौ, अब चित्त लगाएर त्यही यत्न गरे, जुन प्रकारले सीताको खबर पाइन्छ" यस्तो आज्ञा गर्नुभयो ॥ ७ ॥ ८ ॥

[सीतान्वेषण]

दोहा—येहि बिधि होत बतकही आए बानरजूथ ।
नाना बरन सकल दिसि देखिअ कीसबरूथ ॥२२॥

यस्ता प्रकारले बातचीत हुँदै थियो बानरका झुण्ड आइपुगे । नानावर्ण भएका नाना रूप भएका बथानका बथान बानर चारैतिर देखिन लागे ॥ २२ ॥

चौ०—बानरकटक उमा मैं देखा ❀ सो मूरुख जो करन चहे लेखा ॥१॥
आइ रामपद नावहिं माथा ❀ निरखि बदनु सब होहिं सनाथा ॥२॥

(शिवजी भन्नुहुन्छ) हे पार्वती ! मैले बानरको फौज देखें, जो व्यक्ति त्यो फौजको गिन्ती गर्न चाहन्छ, त्यो मूर्ख हो (गिन्ती हुनै सक्तैन) ॥ १ ॥ तिनीहरू आएर रामजीका पाउमा माथ राख्तथे, उहाँको मुहार हेर्दथे, सबै सनाथ हुन्थे ॥ २ ॥

अस कपि एक न सेना माहीं ❀ राम कुसल जेहि पूछा नाहीं ॥३॥
येह कछु नहि प्रभु कइ अधिकाई ❀ बिस्वरूप ब्यापक रघुराई ॥४॥

रामजीले जसलाई कुशलप्रश्न गर्नुभएन, त्यस्तो बानर फौजमा एउटा पनि थिएन, (सबैसँग कुशलप्रश्न गर्नुभयो) ॥ ३ ॥ प्रभुजीका हकमा यो कुरा केही विशेष ठूलो होइन, रघुनाथजी विश्वरूप (जगन्मय) र विश्वव्यापक होइबक्सिन्छ ॥ ४ ॥

ठाढ़े जहँ तहँ आएसु पाई ❀ कह सुग्रीव सबहि समुझाई ॥५॥
रामकाजु अरु मोर निहोरा ❀ बानरजूथ जाहु चहुँ ओरा ॥६॥

सुग्रीवको आज्ञा पाएर सब बानर जहाँ तहाँ (अगाडि) खड़ा भए, अनि सुग्रीवले सबैलाई संझाएर—"हे भाइहो ! एक ता रामजीको काम, दोस्रो मेरो मुलाहिजा, तिमीहरू चारैतर्फ जाऊ ॥ ५ ॥ ६ ॥

जनकसुता कहुँ खोजहु जाई ❀ मासदिवस महु आएहु भाई ॥७॥
अवधि मेटि जो बिनु सुधि पाएँ ❀ आवै बनिहि सो मोहि मराएँ ॥८॥

गएर जानकीजीलाई खोज । भाईहो ! एक महीनाभित्रमा आइपुगे ॥ ७ ॥ जानकीजीको खबर नपाईकन म्याद नाघेर जो आउला, त्यो मबाट मराएको हुनेछ (त्यसलाई म मार्नेछु)" ॥ ८ ॥

दोहा—बचन सुनत सब बानर जहँ तहँ चले तुरंत ।
तब सुग्रीब बोलाए अंगद नल हनुमंत ॥२३॥

वचन सुन्नाका साथ तुरन्तै सब बानर जहाँतहाँ हिंडे, अनि सुग्रीवले अंगद नल, हनूमान् इत्यादि प्रधान बानरहरूलाई बोलाए ॥ २३ ॥

[हनूमदादिप्रेषण]

चौ०—सुनहु नील अंगद हनुमाना ❀ जामवंत मतिधीर सुजाना ॥१॥
सकल सुभट मिलि दक्षिन जाहू ❀ सीतासुधि पूछेहु सब काहू ॥२॥

"हे नील ! अङ्गद ! हे धीरबुद्धे ! हे हनुमान् ! हे जाम्बवन् ! वीर योद्धा भएका तिमीहरू दक्षिणदिशापट्टि जाओ, सबैसंग सीताजीको खबर दरियाफ्त गर ॥ १ ॥ २ ॥

मन क्रम बचन सो जतनु बिचारेहु ❀ रामचंद्र कर काजु सँवारेहु ॥३॥
भानु पीठि सेइअ उर आगी ❀ स्वामिहि सर्बभाव छल त्यागी ॥४॥

मन-वचन-कर्मले कोशिश गरे, रामजीको काम सपारे ॥ ३ ॥ पृष्ठभागले (पिठिउँ-पट्टिबाट) सूर्यको सेवा गर्नुपर्दछ (पछिल्तिरबाट सूर्यको सेवा—घामको तपाइ गरिन्छ) छाती-तर्फबाट अग्निको सेवा गर्नुपर्दछ, छलकपट छाडेर अगाडिपछाडि दुवैतर्फबाट मालिकको सेवा गर्नुपर्दछ ॥ ४ ॥ (क)

तजि माया सेइअ परलोका ❀ मिटहिं सकल भवसंभव सोका ॥५॥
देह धरे कर येह फलु भाई ❀ भजिअ राम सब काम बिहाई ॥६॥

माया (मोह)को त्याग गरेर परलोकको सेवा गर्नुपर्दछ, त्यसो भयोभने सांसारिक सकल शोक मेटिन्छन् ॥ ५ ॥ हे भाईहो ! सब काम छाडेर रामको भजन गर्नुपर्दछ, शरीरधारण गरेको फल यही हो ॥ ६ ॥

सोइ गुनज्ञ सोई बड़भागी ❀ जो रघुबीरचरन अनुरागी ॥७॥
आएसु मागि चरन सिरु नाई ❀ चले हरषि सुमिरत रघुराई ॥८॥

जो रघुवीरका चरणमा प्रेमी छ, गुणज्ञ (गुण जान्ने गुणी) त्यही हो, महाभाग्यवान् पनि त्यही हो" ॥ ७ ॥ (सुग्रीवको यो आज्ञा सुनेपछि, तिनीहरू) रामजीसंग आज्ञा मागेर उहाँका पाउमा शिर राखीकन हर्षित भएर उहाँलाई संझदै रवाना भए ॥ ८ ॥

पाछे पवनतनय सिरु नावा ❀ जानि काजु प्रभु निकट बोलावा ॥९॥
परसा सीस सरोरुह पानी ❀ करमुद्रिका दीन्हि जन जानी ॥१०॥

हनूमान्जीले सबैभन्दा पछिबाट पाउमा दर्शन गरे, प्रभुजीले कामको व्यक्ति जानेर

(क) पृष्ठतः सेवयेदर्कं जठरेण हुताशनम् । स्वामिनं सर्वभावेन परलोकममायया । (नीति) अर्थ स्पष्ट छ ।

(कामगर्न लायकको बुझेर) नगीच बोलाउनुभयो र कमलजस्ता आफ्ना बाहुलीले हनूमान्‌को शिर सुमसुम्याउनुभया, आफ्नो खास भक्त संझेर बाहुलीको औंठी बक्सनुभयो ।। ९ ।। १० ।। (अनि अह्राउनुभयो)

बहु प्रकार सीतहि समुझाएहु ❀ कहि बल बिरह बेगि तुम्ह आएहु ।।११।।
हनुमँत जन्म सुफल करि माना ❀ चलेउ हृदय धरि कृपानिधाना ।।१२।।
जद्यपि प्रभु जानत सब बाता ❀ राजनीति राखत सुरत्राता ।।१३।।

"हनूमान् ! सीतालाई धेरै प्रकारले संझाए है, मेरो बल, मेरो विरहावस्था बताएर तिमी चाँडै आए" ।। ११ ।। हनूमान्‌जीले आफ्नो जन्मलाई सफल माने, करुणानिधान रामजीलाई हृदयमा राखेर हिंडे ।। १२ ।। यद्यपि रामजी सबैकुरा जान्नुहुन्थ्यो, तथापि देवताका रक्षक रामजी राजनीतिको पालन गर्न (नीतिअनुसार चल्न) लाग्नुभएको हो ।। १३ ।।

दोहा–चले सकल बन खोजत सरिता सर गिरि खोह ।
रामकाज लयलीन मन बिसरा तन कर छोह ।।२४।।

सबै वानर वन, नदी, तलाउ, पहाड, गुफा, सर्वत्र सीताजीलाई खोज्दै खोज्दै हिंडे । तिनको मन रामजीका काममा लवलीन (तन्मय) भएको थियो, तिनीहरूले आफ्ना शरीरको माया बिर्सेका थिए ।। २४ ।।

चौ०–कतहुँ होइ निसिचर सैं भेंटा ❀ प्रान लेहिं एक एक चपेटा ।।१।।
बहु प्रकार गिरि कानन हेरहिं ❀ कोउ मुनि मिलै ताहि सब घेरहिं ।।२।।

कतै कोही राक्षससँग भेट भयोभने एक एक थप्पड लगाउँदैमा त्यसको प्राण लिन्थे ।। १ ।। अनेक प्रकारले पहाड र जङ्गल हेर्दथे, कोही मुनि भेट्टियोभने त्यसलाई (सोधपूछ गर्नलाई) सबैजना घेर्दथे ।। २ ।।

लागि तृषा अतिसय अकुलाने ❀ मिलै न जल घन गहन भुलाने ।।३।।
मन हनुमान कीन्ह अनुमाना ❀ मरन चहत सब बिनु जलपाना ।।४।।

तिनलाई प्यास (तिर्खा) लाग्यो र अत्यन्त व्याकुल भए, जल पाइएन, घना जंगलमा अलमलिए ।। ३ ।। हनुमान्‌जीले "सबैजना पानीविना मर्न लागे" यस्तो अनुमान मनमा गरे ।। ४ ।।

[गुहादर्शन]

चढ़ि गिरिसिखर चहूँ दिसि देखा ❀ भूमिबिबर एक कउतुक पेखा ।।५।।
चक्रवाक बक हंस उड़ाहीं ❀ बहुतक खग प्रबिसहिं तेहि माहीं ।।६।।

अनि पर्वतको टाकुरामा चढेर तिनले चारैतर्फ हेरे, एउटा गुफामा तमाशा देखे ।। ५ ।। चखेवा बकुल्ला हाँस इत्यादि जलपक्षी त्यो गुफाबाट उड्दै निस्कन्थे, धेरै पक्षी त्यो गुफामा प्रवेश पनि गर्दथे ।। ६ ।।

गिरि तें उतरि पवनसुत आवा ❀ सब कहुँ लै सोइ बिबर देखावा ॥७॥
आगें कै हनुमंतहि लीन्हा ❀ पैठे बिबर बिलंबु न कीन्हा ॥८॥

हनुमान्‌जीले पर्वतका टाकुराबाट ओर्लेर सबैलाई साथ लिएर त्यो गुफा देखाए ॥ ७ ॥ वानरहरू हनुमानजीलाई अघि लाएर गुफामा पसिहाले, तिनीहरूले विलम्ब गरेनन् ॥ ८ ॥

दोहा–दीख जाइ उपबन बर सर बिगसित बहु कंज ।
मंदिर एक रुचिर तहँ बैठि नारि तपपुंज ॥२५॥

भित्र पुगेपछि तिनीहरूले सुन्दर बगैँचा, धेरै कमल फुलिरहेको तलाउ, एउटा सुंदर देवमन्दिर, एउटी तहीं बसेकी तपस्विनी तेजस्विनी स्त्री देखे ॥ २५ ॥

[स्वयंप्रभा (योगिनी) दर्शन]

चौ०–दूरि तें ताहि सबन्हि सिरु नावा ❀ पूछें निज बृत्तांत सुनावा ॥१॥
तेहि तब कहा करहु जलपाना ❀ खाहु सुरस सुंदर फल नाना ॥२॥

टाढैबाट तपस्विनीलाई प्रणाम गरे, तिनले सोधेपछि आपनो वृत्तान्त बताए ॥ १ ॥ तपस्विनीले "जलपान गर, रसिला मीठा राम्रा अनेक प्रकारका फल खाऊ" भनिन् ॥ २ ॥

मज्जनु कीन्ह मधुर फल खाए ❀ तासु निकट पुनि सब चलि आए ॥३॥
तेहि सब आपनि कथा सुनाई ❀ मैं अब जाब जहाँ रघुराई ॥४॥
मूँदहु नयन बिबर तजि जाहू ❀ पैहहु सीतहि जनि पछिताहू ॥५॥
नयन मूँदि पुनि देखहिं बीरा ❀ ठाढ़े सकल सिंधु के तीरा ॥६॥

तिनीहरूले नुहाए, मीठा फल खाए, अनि सबैजना तपस्विनीका समीप आए ॥ ३ ॥ तिनले आफ्नो सबै वृत्तान्त' सुनाइन् र "अब म जहाँ रघुनाथजी हुनुहुन्छ, उहीं जान्छु ॥ ४ ॥ तिमीहरू आँखा चिम्ल, गुफा छोडेर जाऊ (आँखा चिम्ल्यौभने बाहिर पुग्नेछौ) सीतालाई पाउनेछौ, पछितो नगर" भनिन् ॥ ५ ॥ ती वीरहरू आँखा चिम्लेर फेरि आँखा खोल्छन् ता सबैजना समुद्रका किनारामा खडा भएका ! (यस्तो अद्भुत घटना भयो) ॥ ६ ॥

---

(१) "विश्वकर्माकी छोरी हेमादेवीले नृत्यकला (नाचगान) द्वारा शंकरजीलाई प्रसन्न पारिन् । उनलाई शंकरजीले यो दिव्य नगर बक्सनुभयो । उने हेमादेवीकी सखी म हुँ, मेरा पिता दिव्य नाम भएका गन्धर्व हुन्, मेरो नाम स्वयंप्रभा हो । हेमादेवी यो दिव्यनगरमा लाखौं वर्ष बसेर ब्रह्मलोक गइन् । जाँदाखेरि मोक्षको इच्छा गरेर विष्णुभक्ति गरिरहेकी मलाई तिनले—"तिमी यही दिव्य नगरमा रहेर भक्तियोगको अभ्यास गर, त्रेतायुगमा भगवान् विष्णुले मनुष्यको अवतार लिनुहुनेछ, उहाँकी धर्मपत्नीलाई राक्षसले हर्नेछ, उहाँलाई खोज्दै २ वानरहरू तिमी बसेका दिव्यनगरका गुफामा आइपुग्नेछन्, तिनीहरूको सत्कार गरेर रामजीस्वरूप विष्णु भगवान्‌को दर्शन र स्तुति गरेपछि तिमी वैकुण्ठधाम जानेछौ" भनेकी थिइन्, तदनुसार सबै कुरा मिले "भनी ती तपस्विनीले आफ्नो वृत्तान्त सुनाएको विस्तार अध्यात्म रामायण (४।६।५१–५७) मा लेखिएको छ ।

सो पुनि गई जहाँ रघुनाथा ❀ जाइ कमलपद नाएसि माथा ॥७॥
नाना भाँति बिनय तेहि कीन्ही ❀ अनपायनी भगति प्रभु दीन्ही ॥८॥

ती तपस्विनी जहाँ रघुनाथजी हुनुहुन्थ्यो उहीं गइन् र उहाँका चरणकमलमा तिनले प्रणाम गरिन् ॥ ७ ॥ तिनले अनेक प्रकारसँग स्तुति गरिन्, प्रभुजीले तिनलाई अनपायिनी (स्थिर) भक्ति बक्सनुभयो ॥ ८ ॥

दोहा–बदरीबन कहुँ सो गई प्रभु अग्या धरि सीस ।
उर धरि रामचरन जुग जे बंदत अज ईस ॥२६॥

ती तपस्विनी प्रभुजीको आज्ञालाई शिरोपर गरेर जुन चरणकमललाई ब्रह्माजी र शंकरजी वन्दना गर्दछन्, प्रभुजीका तिनै चरणकमललाई हृदयमा राखेर बदरिकाश्रमतर्फ गइन् ॥ २६ ॥

[संपातिदर्शन]

चौ०–इहाँ बिचारहिं कपि मन माहीं ❀ बीती अवधि काजु कछु नाहीं ॥१॥
सब मिलि कहहिं परसपर बाता ❀ बिनु सुधि लएँ करब का भ्राता ॥२॥

यतातिर वानरहरू मनमा "म्याद बितिसक्यो, काम केही भएन" यस्तो विचार गर्न लागे ॥ १ ॥ सबै जना मिलेर परस्परमा, "भाइहो ! सीताजीको खबर नलिईकन हामीले के गर्ने हो ?" (भन्न लागे) ॥ २ ॥

कह अंगद लोचन भरि बारी ❀ दुहुँ प्रकार भइ मृत्यु हमारी ॥३॥
इहाँ न सुधि सीता कै पाई ❀ उहाँ गए मारिहि कपिराई ॥४॥

गह्भरी आँसु पारेर अंगद भन्न लागे "मेरो ता दुवैतर्फबाट मरण हुन लाग्यो ॥ ३ ॥ यता सीताजीको खबर पाइएन, उता त्यसै गएपछि सुग्रीवले मार्ने भए ॥ ४ ॥

पिता बधे पर मारत मोही ❀ राखा राम निहोर न ओही ॥५॥
पुनि पुनि अंगद कह सब पाहीं ❀ मरन भएउ कछु संसय नाहीं ॥६॥

मेरा बाबुलाई मारेपछि मलाई पनि अवश्य मार्ने थिए, मित्र रामजीको मुलाहिजा (पर्नगयो) तिनको मुलाहिजा होइन (ती मुलाहिजा गर्ने होइनन्)" ॥ ५ ॥ अङ्गद वारंवार सबैसँग "अब मरण भयो, सन्देह छैन" भन्न लागे ॥ ६ ॥

अंगदबचन सुनत कपि बीरा ❀ बोलि न सकहिं नयन भरि नीरा ॥७॥
छन एक सोच मगन होइ रहे ❀ पुनि अस बचन कहत सब भए ॥८॥

अंगदका वचन सुनेर वानर वीरहरूले बोल्नै सकेनन्, तिनका आँखाबाट पानी बग्नलाग्यो ॥ ७ ॥ एकछिन सबैजना शोकमग्न (अफसोसमा डुबेका) भए, फेरि तिनीहरू सबैजनाले यो वचन बोल्दा भए ॥ ८ ॥

हम सीता कै सुधि लीन्हे बिना ❁ किमि जैहैं जुवराज प्रबीना ॥९॥
अस कहि लवनसिंधु तट जाई ❁ बैठे कपि सब दर्भ डसाई ॥१०॥

"हे बुद्धिमन्! युवराज! (अङ्गद!) हामी सबैजना सीताजीको खबर नलिईकन जाने होइनौं" ॥ ९ ॥ यसो भनेर सबैजना वानर समुद्रका किनारामा कुश ओछ्याएर (प्रायोप्रवेश गर्न=निराहार गरेर प्राण छाड्न) बसे ॥ १० ॥

जामवंत अंगददुख देखी ❁ कहि कथा उपदेस बिसेषी ॥११॥
तात राम कहुँ नर जनि मानहु ❁ निर्गुन ब्रह्म अजित अज जानहु ॥१२॥
हम सब सेवक अति बड़भागी ❁ संतत सगुन ब्रह्म अनुरागी ॥१३॥

जाम्बवान्ले अङ्गदलाई ज्यादै नै दुःखित भएका देखेर धेरै कुराको उपदेश गरे, र भने—"बाबु! युवराज! रामजीलाई मानिस नठान्नुहोस्, उहाँलाई अजित (कसैले नजितिएका) अज (जन्मरहित) निर्गुण ब्रह्म जान्नुहोस् ॥ ११ ॥ १२ ॥ हामी उहाँका सेवक सबजना महाभाग्यवान् छौं, किनभने सगुण ब्रह्म रामजीमा निरवच्छिन्न प्रेमी छौं ॥ १३ ॥

दोहा—निज इछा अवतरइ प्रभु सुर महि गो द्विज लागि ।
सगुन उपासक संग तहँ रहहिं मोक्षसुख त्यागि ॥२७॥

प्रभुजीले आफ्ना इच्छाले देवता, पृथ्वी, गाई, ब्राह्मणका हितका निमित्त अवतार लिनुभएको हो। सगुण ब्रह्मको उपासना गर्नेले मोक्षसुखलाई पनि छाडेर उहाँकै साथमा रहनुपर्दछ ॥ २७ ॥

चौ०—येहि बिधि कथा कहहिं बहु भाँती ❁ गिरिकंदरा सुना संपाती ॥१॥
बाहेर होइ देखे बहु कीसा ❁ मोहि अहारु दीन्ह जगदीसा ॥२॥

यस्ता प्रकारले तिनीहरू अनेक तरहका कुरा गर्न लागे। पर्वतका गुफामा रहेका संपातिले (गृध्रराजले) सुने ॥ १ ॥ बाहिर निस्केर तिनले धेरै वानर देखे, अनि—"आज मलाई परमेश्वरले आहारा दिए ॥ २ ॥

आजु सभन्ह को भछन करऊँ ❁ दिन बहु चले अहार बिनु मरऊँ ॥३॥
कबहुँ न मिलै भरि वोदर अहारा ❁ आजु दीन्ह बिधि एकहि बारा ॥४॥

आज सबैलाई खाने हुँ, धेरै दिन बितिसके, आहारविना मरिरहेको छु ॥ ३ ॥ पेटभरी आहार कहिल्यै पाएको थिइनँ, आज विधाताले एकैचोटि दिए" (यसो भने) ॥ ४ ॥

डरपे गीधबचन सुनि काना ❁ अब भा मरन सत्य हम जाना ॥५॥
कपि सब उठे गीध कहँ देखी ❁ जामवन्तमन सोच बिसेषी ॥६॥

गृध्रको त्यो वचन कानले सुन्दा सबै डराए, "अब हाम्रो मरण पक्का भयो, हामीले जान्यौं" भन्दै सबै वानर उठे ॥ ५ ॥ तिनले त्यो गृध्रलाई देखे। जाम्बवान्का मनमा विशेष चिंता भयो ॥ ६ ॥

कह अंगद बिचारि मन माहीं ❀ धन्य जटायू सम कोउ नाहीं ॥७॥
रामकाज कारन तनु त्यागी ❀ हरिपुर गएउ परम बड़भागी ॥८॥

अङ्गदले मनमा विचार गरेर—"जटायुबराबरको धन्य संसारमा कोही रहेन छ, जो रामजीका निमित्त शरीर छाडेर वैकुण्ठ धाम गए, ती अत्यन्त महाभाग्यवान् हुन्" यो उद्गार निकाले ॥ ७ ॥ ८ ॥ (क)

सुनि खग हरष सोक जुत बानी ❀ आवा निकट कपिन्ह भय मानी ॥९॥
तिन्हहि अभय करि पूछेसि जाई ❀ कथा सकल तिन्ह ताहि सुनाई ॥१०॥
सुनि संपाति बंधु कै करनी ❀ रघुपतिमहिमा बहु बिधि बरनी ॥११॥

ती गृध्र हर्ष र शोकले युक्त भएको वचन सुनेर वर वर आए, सबै वानरले डर माने ॥ ९ ॥ तिनले वानरहरूलाई अभय दिएर नगीचै गईकन सबै कुरा सोधे। वानरहरूले तिनलाई सकल वृत्तान्त सुनाए ॥ १० ॥ संपातिले आफ्ना भाईको करामात सुनेर रघुनाथजीका प्रभावको अनेक प्रकारले वर्णन गरे ॥ ११ ॥ (अनि भने)

दोहा—मोहि लै जाहु सिंधु तट देउँ तिलांजलि ताहि।
बचन सहाय करबि मैं पैहहु खोजहु जाहि ॥२८॥

"मलाई समुद्रका नगीच पुऱ्याइदेऊ, ती भाई जटायुलाई तिलाञ्जलि दिन्छु, अनि म वचनले (तिमीहरूको) सहायता गरुँला, गएर, खोज, सीताजीलाई पाउनेछौ" ॥ २८ ॥

चौ०—अनुजक्रिया करि सागर तीरा ❀ कह निज कथा सुनहु कपि बीरा ॥१॥
हम द्वौ बंधु प्रथम तरुनाई ❀ गगन गए रबि निकट उड़ाई ॥२॥

संपातिले आफ्ना भाईको तिलाञ्जलिदानरूपी क्रिया समुद्र तीरमा गरिसकेपछि आफ्नो वृत्तान्त बताउन लागे—"हे वानरवीरहो! सुन ॥ १ ॥ हामी दुई दाज्यूभाई यौवनावस्थाको प्रारम्भमा आकाशमा उड्दै सूर्यका समीप पुग्यौं ॥ २ ॥

तेज न सहि सक सो फिरि आवा ❀ मैं अभिमानी रबि निअरावा ॥३॥
जरे पंख अति तेज अपारा ❀ परेउँ भूमि करि घोर चिकारा ॥४॥

सूर्यतेज सहन नसकेर भाई जटायु फर्केर आयो, अभिमानी भएको म सूर्यका नगीचै पुगें ॥ ३ ॥ अत्यन्त अपार तेजले मेरा पखेटा बले, (जले) घनघार चीत्कार गर्दै जमीनमा पछारिएँ ॥ ४ ॥

मुनि एक नाम चन्द्रमा ओही ❀ लागी दया देखि कर मोही ॥५॥
बहु प्रकार तेहि ज्ञान सुनावा ❀ देहजनित अभिमान छड़ावा ॥६॥

चन्द्रमा नाम भएका एउटा मुनि थिए, मलाई देख्ता उनलाई दया लाग्यो ॥ ५ ॥

(क) अन्तर्यामी परमात्माका प्रेरणाले अङ्गदका मुखबाट जटायुका गुणको कीर्तन हुनगयो। नत्र जटायुको गुणकीर्तन यो अवस्थामा आवश्यक थिएन।

तिनले धेरै प्रकारसँग ज्ञानका कुरा सुनाएर मेरो देहमा पैदा भएको अभिमान (देहाभिमान) छोडाइदिए ॥ ॥ ६ ॥ (क)

त्रेता ब्रह्म मनुजतनु धरिही ❀ तासु नारि निसिचरपति हरिही ॥७॥
तासु खोज पठइहि प्रभु दूता ❀ तिन्हहि मिले तैं होब पुनीता ॥८॥
जमिहहिं पंख करसि जनि चिंता ❀ तिन्हहि देखाइ देहेसु तैं सीता ॥९॥
मुनि कै गिरा सत्य भइ आजू ❀ सुनि मम बचन करहु प्रभुकाजू ॥१०॥

"त्रेतायुगमा परब्रह्मले मनुष्यशरीर धारण गर्नुहुनेछ, उहाँकी स्त्रीलाई राक्षसले हर्नेछ ॥ ७ ॥ प्रभुजीले तिनलाई खोज्न दूत पठाउनुहुनेछ, तिनीहरूसँग भेट भएपछि तँ पवित्र हुनेछस् ॥ ८ ॥ तेरा प्वाँख पनि उम्रनेछन्, चिन्ता नगर, ती दूतहरूलाई सीता देखाइदिएस्" (भनी उपदेश पनि गरे) ॥ ९ ॥ आज ती मुनिको वचन सत्य भयो, मेरा वचन सुनेर प्रभुजीको काम गर ॥ १० ॥

गिरि त्रिकूट ऊपर बस लंका ❀ तहँ रह रावन सहज असंका ॥११॥
तहँ असोक उपबन जहँ रहई ❀ सीता बैठि सोचरत अहई ॥१२॥

त्रिकूट-पर्वतका शिखरमा लंकानगरी रहेकी छ, स्वभावैले निःशंक (निर्भय) भएको रावण त्यहाँ रहन्छ ॥ ११ ॥ त्यहीं अशोकवृक्षको बगैंचा छ, जहाँ (त्यहाँ) बसेर सीताजी शोक गर्न लागिरहनुभएको छ ॥ १२ ॥

दोहा—मैं देखौं तुम्ह नाहीं गीधहि दृष्टि अपार ।
बूढ़ भएउँ न त करतेउँ कछुक सहाय तुम्हार ॥२९॥

म देख्तछु, तिमीहरू देख्तैनौ, गृध्रको दृष्टि अपार (तीखो) हुन्छ । बूढो भएँ, नत्र तिम्रो केही सहायता गर्नेथिएँ ॥ २९ ॥

चौ०-जो नाघै सत जोजन सागर ❀ करै सो रामकाजु मति आगर ॥१॥
जो कोउ करै राम कर काजू ❀ तेहि सम धन्य आन नहि आजू ॥२॥

(क) चन्द्रमा नाम भएका मुनिले संपातिलाई जन्म-जरा-मरणको वृत्तान्त सुनाएर "संसार दुःखमय छ, जाग्रत-स्वप्न-सुषुप्ति अवस्थाले रहित भएको, सत्य-ज्ञान-आनन्दस्वरूप, शुद्ध, बुद्ध, शान्त रहेको आत्मालाई अनुभव गर्‍योभने जीव मोक्षसुख पाउँछ, आत्मानुभव भएपछि अज्ञानबाट पैदा हुने मोह छुट्छ र देहाभिमान नष्ट हुन्छ, देह रहोस् कि नरहोस् आत्मानुसन्धान सिद्ध भएका योगीलाई सुख-दुःखको केही पर्वाह हुँदैन" इत्यादि उपदेश दिएर संपातिको देहाभिमान छुटाइदिएको वृत्तान्त अध्यात्मरामायण (४ । ८ । ४४–४५) मा लेखिएको छ ।

जाग्रदादिविनिर्मुक्तं सत्यज्ञानादिलक्षणम् ॥
शुद्धं बुद्धं सदा शान्तमात्मानमवधारयेत् ॥
चिदात्मनि परिज्ञाते नष्टे मोहेऽज्ञसंभवे ॥
देहः पततु वाऽऽरब्धकर्मवेगेन तिष्ठतु ॥
योगिनो न हि दुःखं वा सुखं वाऽज्ञानसंभवम् ॥

सय योजन (चारसय कोस) प्रमाण भएको समुद्रलाई नाघ्न जो सक्ला, बुद्धिमान त्यही सकस रामजीको काम गर्न सक्ला ॥ १ ॥ जो कोही रामको काम गर्ला, आज त्योबराबरको अर्को हुनेछैन ॥ २ ॥

मोहि बिलोकि धरहु मन धीरा ❀ रामकृपाँ कस भएउ सरीरा ॥३॥
पापिउ जाकर नाम सुमिरहीं ❀ अति अपार भवसागर तरहीं ॥४॥

हे वानरवीरहो ! मलाई हेरेर धैर्यधारण गरन । रामजीका कृपाले यो शरीर कस्तो भयो (अघि कस्तो थियो ?) ॥ ३ ॥ पापीहरू पनि जसको नाममात्र संझदा अत्यन्त अपार भएका भवसागरको पार तर्दछन् ॥ ४ ॥

तासु दूत तुम्ह तजि कदराई ❀ राम्रु हृदय धरि करहु उपाई ॥५॥
अस कहि उमा गीध जब गएउ ❀ तिन्ह के मन अति बिसमय भएऊ ॥६॥

तिमीहरू ता उहाँकै दूत छौ, कातरपना छाडेर उहाँलाई हृदयमा राखीकन उपाय गर" ॥ ५ ॥ हे पार्वती ! यसो भनेर ती गृध्र गए । ती वानरहरूका मनमा अति आश्चर्य भयो ॥ ६ ॥

निज निज बल सब काहूँ भाषा ❀ पार जाइ कर संसय राखा ॥७॥
जरठ भएउँ अब कहइ रिछेसा ❀ नहि तन रहा प्रथम बल लेसा ॥८॥
जबहि त्रिबिक्रम भए खरारी ❀ तब मैं तरुन रहेउँ बल भारी ॥९॥

सबैले आफ्नो आफ्नो बल बताए । समुद्रपार पुग्नालाई सबैले सन्देह राखे (देखाए) ॥ ७ ॥ ऋक्षपति (भालूका राजा जाम्बवान्) ले—"अब बूढो भएँ, शरीरमा पहिलेका बलको लवलेश पनि छैन ॥ ८ ॥ जैले रामजीले त्रिविक्रम अवतार (वामनअवतार लिएर बलिसँग तीन पाइला जमीन दान लिएपछि उत्पन्न भएको तीनपाइले विराट अवतार) लिनुभएथ्यो, त्यस वेलामा म जवान थिएँ, बल खूब थियो ॥ ९ ॥

दोहा—बलि बाँधत प्रभु बाढ़ेउ सो तनु बरनि न जाइ ।
उभय घरी महुँ दीन्ही सात प्रदाछिन जाइ ॥३०॥

बलिलाई बाँधदा प्रभुजी खूब बढ्नुभएको थियो, त्यो शरीरको वर्णन गर्न सकिदैन दुई घडीमा दौडेर मैले उहाँलाई सातपटक प्रदक्षिणा टक्र्याएको हुँ" ॥ ३० ॥ (भने)

चौ०—अंगद कहइ जाउँ मैं पारा ❀ जिय संसय कछु फिरती बारा ॥१॥
जामवंत कह तुम्ह सब लायक ❀ पठइअ किमि सबही कर नायक ॥२॥

अङ्गदले—"म पार ता जान सक्तछु, फर्कंदाखेरिलाई मेरा मनमा केही सन्देह छ, (सक्तछु कि सक्तिन)" (भने) । जाम्बवानले—तपाइं सब तरहबाट लायक हुनुहुन्छ, तर, सबैका मालिक तपाईंलाई कसरी पठाउनु र ? (भने) ॥ १ ॥ २ ॥

[हनूमत्प्रोत्साहना]

कह रिछेस सुनहु हनुमाना ❀ का चुप साधि रहेहु बलवाना ॥३॥
पवनतनय बल पवन समाना ❀ बुधि बिबेक बिज्ञान निधाना ॥४॥
कवन सो काजु कठिन जग माहीं ❀ जो नहि तात होइ तुम्ह पाहीं ॥५॥
रामकाज लगि तव अवतारा ❀ सुनतहि भएउ पर्बताकारा ॥६॥

अनि ऋक्षपति (भल्लूकाधिपति जाम्बवान्) ले हे हनूमन् ! सुन, बलवान् भएका तिमी मौन साधेर (मौन लिएर = चूपचाप) के बसिरहेका ? ॥ ३ ॥ तिमी पवनकुमार हौ, तिमी बलमा वायुसमान छौ, बुद्धि, विवेक, विज्ञानका खानि छौ ॥ ४ ॥ बाबु ! तिमीबाट जो काम सिद्ध होओइन, त्यस्तो कठिन काम संसारमा के छ ? ॥ ५ ॥ रामजीको कामका निमित्त तिम्रो अवतार भएको हो !” (यसरी प्रोत्साहना दिएर बोले) । त्यो सुन्नाका साथ महावीर हनूमान्‌जी पर्वताकार भए (बढे) ॥ ६ ॥

कनकबरन तन तेज बिराजा ❀ मानहु अपर गिरिन्ह कर राजा ॥७॥
सिंहनाद कर बारहि बारा ❀ लीलहि नाघउँ जलनिधि खारा ॥८॥
सहित सहाय रावनहि मारी ❀ आनौं इहाँ त्रिकूट उपारी ॥९॥
जामवंत मैं पूछउँ तोही ❀ उचित सिखावनु दीजहु मोही ॥१०॥

हनूमान्‌जीको सुनौला वर्ण भएको शरीरमा तेज प्रकट भयो (धप्धप् तेज निस्कन लाग्यो) मानौं दास्रा गिरिराज हुन् कि ? (भनेजस्ता देखिए) ॥ ७ ॥ वारंवार सिंहनादसहित (हनुमान्‌जी बोले)—“अपार यो समुद्रलाई खेल गरेर नाघ्न सक्तछु ॥ ८ ॥ सहायसहित भएको रावणलाई मारेर त्रिकूटपर्वतलाई उखेलेर यहाँ ल्याउन सक्तछु ॥ ९ ॥ हे जाम्बवान् ! म तपाईंसँग सोद्धछु, मलाई उचित शिक्षा दिनुहोस् (मैले के के गर्ने हो)” ॥ १० ॥

एतना करहु तात तुम्ह जाई ❀ सीतहि देखि कहहु सुधि आई ॥११॥
तब निज भुजबल राजिवनयना ❀ कौतुक लागि संग कपिसयना ॥१२॥

(जाम्बवान्‌ले भने)—बाबु ! महावीर ! सीताजीलाई हेरेर यहाँ आईकन खबर बताऊ”, यत्ति काम तिमी गएर गर ॥ ११ ॥ अनि कमलका दलजस्ता नजर भएका भगवान् रामचन्द्रजी, तमाशाका निंति वानरको फौजलाई साथमा लिएर खास आफ्नै भुजाका बलले ॥ १२ ॥

छन्द—कपि सेन संग सँघारि निसिचर रामु सीतहि आनिहैं ।
त्रैलोकपावन सुजसु सुर मुनि नारदादि बखानिहैं ॥
जो सुनत गावत कहत समुझत परमपद नर पावई ।
रघुबीरपद पाथोज मधुकर दास तुलसी गावई ॥३॥

वानरको सैन्य साथ लिएर राक्षसहरूको संहार गरेर सीताजीलाई रामजी आफैं ल्याउनुहुनेछ। उहाँको त्रैलोक्यलाई पवित्र पार्ने त्यो सुयशलाई देवताहरू र नारदादि मुनीश्वरहरू गान गर्नेछन्। जुन यशलाई सुन्दा गाउँदा भन्दा बुझ्दा (संझदा) मनुष्यहरू परमपद (मोक्ष) पाउनेछन्, रघुनाथजीका चरणकमलमा भ्रमररूप भएका (भक्त) तुलसीदास त्यसै यशलाई गाउँछन्॥ ३॥

दोहा–भव भेषज रघुनाथजसु सुनहिं जे नर अरु नारि।
तिन्ह कर सकल मनोरथ सिद्ध करहिं त्रिसिरारि॥३१॥

रघुनाथजीको यश संसाररूपी रोगको औषधि हो। जो स्त्री-पुरुष त्यो यश सुन्दछन् तिनका सकल मनोरथलाई त्रिशिरारि (त्रिशिरा राक्षसलाई मारेर तीन प्रकारका तापको नाश गर्ने कीर्तिलाई फैलाउने रामचन्द्रजी) सिद्ध (पूर्ण) गर्नुहुन्छ॥ ३१॥

सोरठा–नीलोपल तन स्याम काम कोटि सोभा अधिक।
सुनिअ तासु गुन ग्राम जासु नाम अघ खग बधिक॥३॥

नीलकमलजस्तो श्याम शरीर भएका करोडौं कामदेवको भन्दा अधिक शोभा भएका, जुन रामचन्द्रजीको नाम पातकरूपी पक्षीका हकमा व्याधारूप (पातक-घातक) छ, उनै रामचन्द्रजीका गुणगण (प्राणिमात्रले) सुन्नुपर्दछ॥ ३॥

इति श्रीरामचरितमानसे सकलकलिकलुषविध्वंसने विशुद्ध
सन्तोषसम्पादनो नाम चतुर्थः सोपानः समाप्तः॥
शुभं भूयात्



॥ श्रीः ॥

अथ

श्रीमद्गोस्वामितुलसीदासनिर्मितं रामायणम्

तत्रेदम्

सुन्दरकाण्डम्

प्रारभ्यते

श्लोकाः ३

शांतं शाश्वतमप्रमेयमनघं निर्वाणशांतिप्रदं
ब्रह्माशंभुफणींद्रसेव्यमनिशं वेदांतवेद्यं विभुम् ।
रामाख्यं जगदीश्वरं सुरगुरुं मायामनुष्यं हरिं
वंदेऽहं करुणाकरं रघुवरं भूपालचूड़ामणिम् ॥१॥

शान्त, नित्य, प्रत्यक्ष-अनुमान प्रभृति प्रमाणले जान्न नसकिने, निष्पाप, मोक्षको शान्ति दिने, ब्रह्मा, शङ्कर, शेषले निरन्तर सेवा गरिएका, वेदान्तद्वारा जानिने, व्यापक, जगत्का मालिक, देवताहरूमध्ये पनि ठूला, मायाले मनुष्य भएका, करुणाका खानि, राजाहरूका शिरोमणि, रघुकुलमा श्रेष्ठ, रामनाम भएका हरि (परमेश्वर) लाई म नमस्कार गर्दछु ॥ १ ॥

नान्या स्पृहा रघुपते हृदयेऽस्मदीये सत्यं वदामि च भवानखिलांतरात्मा ।
भक्तिं प्रयच्छ रघुपुंगव निर्भरां मे कामादिदोषरहितं कुरु मानसं च ॥२॥

हे रघुनाथ ! हजूर सकल संसारका अन्तरात्मा होइबक्सिन्छ, म साँचो विन्ति गर्दछु, मेरा हृदयमा अर्को इच्छा छैन । हे रघुश्रेष्ठ ! परिपूर्ण भक्ति मलाई बक्सनुहोस् , चित्तलाई काम-क्रोधादि दोषले रहित पारिबक्सियोस् ॥ २ ॥

अतुलितबलधामं स्वर्णशैलाभदेहं दनुजवनकृशानुं ज्ञानिनामग्रगण्यम् ।
सकलगुणनिधानं वानराणामधीशं रघुपतिवरदूतं वातजातं नमामि ॥३॥

अतुल बलका घर, सुवर्णपर्वतजस्तो (देदीप्यमान) शरीर भएका, राक्षससमूहरूपी वनका अग्निस्वरूप (दाहक) भएका, ज्ञानीहरूका मध्यमा सर्वप्रथम भएका, संपूर्ण सद्गुणका

निधि (खानि) स्वरूप भएका, वानरवर्गका अधिपति, रामचन्द्रका उत्तम दूत, पवनकुमार (हनुमान्जी) लाई नमस्कार गर्दछु ॥ ३ ॥

[हनुमान्जीको लंकायात्रा]

चौ०–जामवंत के बचन सुहाए ❀ सुनि हनुमंत हृदय अति भाए ॥१॥
तब लगि मोहि परिखेहु तुम्ह भाई ❀ सहि दुख कंद मूल फल खाई ॥२॥
जब लगि आवौं सीतहि देखी ❀ होइहि काजु मोहि हरष बिसेषी ॥३॥
अस कहि नाइ सबन्हि कहुँ माथा ❀ चलेउ हरषि हिय धरि रघुनाथा ॥४॥

जाम्बवान्का सुन्दर वचन सुन्दा हनुमान्लाई ती (वचन) हृदयमा अति प्रिय लागे ॥ १ ॥ हनुमान्ले भने कि—"भाईहो ! कन्द, मूल, फल खाएर दुःख रूपीकन पनि तपाईंहरू म जहाँसम्म सीताजीलाई देखेर फर्की आउँछु, त्यहाँसम्म पर्खिरहनुहोस् , काम सिद्ध हुन्छ, किनभने मेरा मनमा हर्ष ज्यादा छ" ॥ २ ॥ ३ ॥ यसो भनेर सबैलाई प्रणाम गरेर हृदयमा रघुनाथजीलाई राखीकन हनुमान्जी हर्षित भई हिंडे ॥ ४ ॥

सिंधु तीर एक भूधर सुंदर ❀ कौतुक कूदि चढ़ेउ ता ऊपर ॥५॥
बार बार रघुबीर सँभारी ❀ तरकेउ पवनतनय बल भारी ॥६॥

समुद्रका तीरमा एउटा सुन्दर पर्वत थियो, हनुमान्जी लहडले कूदेर त्यसैका उपर चढ़े ॥ ५ ॥ अनि वारंवार रघुनाथजीलाई संझेर अत्यन्त बलवान् पवनकुमार (हनुमान्) उफ्रे ॥ ६ ॥

जेहि गिरि चरन देइ हनुमंता ❀ चलेउ सो गा पाताल तुरंता ॥७॥
जिमि अमोघ रघुपति कर बाना ❀ एही भाँति चला हनुमाना ॥८॥
जलनिधि रघुपतिदूत बिचारी ❀ तइँ मैनाक होहि श्रमहारी ॥९॥

हनुमान्जीले (उफ्रँदाखेरि) जुन पर्वतमा चरण (खुट्टा) राखेथे, त्यो पर्वत तुरन्तै (धसिएर) पाताल पुग्यो ॥ ७ ॥ रघुनाथजीको बाण जस्तै अमोघ (अव्याहतगति) छ त्यसै गरी हनूमान्जी हुर्रिए ॥ ८ ॥ समुद्रले रघुनाथजीका दूत हुन् भन्ने विचार गरेर, "हे मैनाक-पर्वत ! तिमी (यिनका) श्रमहारी (थकाइ हर्ने विश्राम दिने) होइदेऊ (भने) ॥ ९ ॥ (क)

[मैनादर्शन]

सोरठा–सिंधुबचन उर आनि तुरत उठेउ मैनाक तब ।
कपिकहुँ कीन्ह प्रनाम पुलकित तनु कर जोरि करि ॥१॥

(क) यो चौपाईमा सीतादर्शनार्थी हनूमान् जत्तिकै हतपते भएका तुलसीदास महात्माले क्रियापद (भने) नराखेकोमा क्रियापद राखेमा भन्दा अधिक चमत्कार छ ।

समुद्रको वचन सुनेर मैनाकपर्वत झट्ट उठे, तिनले रोमाञ्चित भएर हात जोरीकन हनूमान्लाई प्रणाम गरे, ॥ १ ॥

दोहा–हनूमान तेहि परसा कर पुनि कीन्ह प्रनाम ।
रामकाजु कीन्हे बिनु मोहि कहाँ बिश्राम ॥१॥

हनूमान्जीले तिनलाई हातले छोएर प्रणाम गरे, "रामजीको काम नसिध्याईकन मलाई कहाँको विश्राम ?" (भनेर हिंडी पनि हाले) ॥ १ ॥

चौ०–जात पवनसुत देवन्ह देखा ❀ जानै कहुँ बल बुद्धि बिसेषा ॥१॥
सुरसा नाम अहिन्ह कै माता ❀ पठइन्हि आइ कही तेही बाता ॥२॥

देवताहरूले हनूमान्जी जान लागेको देखे, तिनको विशेष बल-बुद्धि जान्नाका निमित्त सुरसा नाम भएकी नागमातालाई पठाए, तिनले आएर भन्न लागिन् ॥ १ ॥ २ ॥

[सुरसाहनूमत्संवाद]

आजु सुरन्ह मोहि दीन्ह अहारा ❀ सुनत बचन कह पवनकुमारा ॥३॥
रामकाजु करि फिरि मैं आवौं ❀ सीता कइ सुधि प्रभुहि सुनावौं ॥४॥

"बल्ल आज देवताहरूले मलाई आहारा दिए" यो वचन सुनेर हनूमान्जीले "रामजीको काम सिद्ध गरीकन सीताजीको खबर प्रभु रामजीलाई सुनाइदिऊँ ॥ ३ ॥ ४ ॥

तब तव बदन पइठिहौं आई ❀ सत्य कहौं मोहि जान दे माई ॥५॥
कवनेहु जतन देइ नहिं जाना ❀ ग्रससि न मोहि कहेउ हनुमाना ॥६॥

अनि आएर तपाईंको मुखमा प्रवेश गरुँला, हे माता ! साँचो भन्दछु, मलाई जान दिनुहोस्" ॥ ५ ॥ भने । इत्यादि कुनै यत्नले पनि जान दिइनन् र (फेरि हनूमान्ले) मलाई किन खान्नौ त ? भने ॥ ६ ॥

जोजन भरि तेहि बदनु पसारा ❀ कपि तनु कीन्ह दुगुन बिस्तारा ॥७॥
सोरह जोजन मुख तेहि ठएऊ ❀ तुरत पवनसुत बत्तिस भएऊ ॥८॥

सुरसाले एक योजनभरीको (चार कोस ठूलो) मुख बाइन्, हनूमान्ले द्विगुण (आठ कोसको) ठूलो शरीर गरे ॥ ७ ॥ सुरसाले सोह्र योजन (६४ कोस) को मुख बाइन्, हनूमान्जी झट्टै बत्तीस योजनका (१२८ कोसका) भए ॥ ८ ॥

जस जस सुरसा बदनु बढ़ावा ❀ तासु दून कपि रूप देखावा ॥९॥
सत जोजन तेहि आनन कीन्हा ❀ अति लघुरूप पवनसुत लीन्हा ॥१०॥

ज्यौं ज्यौं सुरसाले मुख बढाउँथिन्, त्यौं त्यौं हनूमान्जी त्यसको दोबर ठूलो रूप देखाउँथे, ॥ ९ ॥ सुरसाले सय योजन (४०० कोस) को मुख गरिन्, हनूमान्जीले अत्यन्त सानु रूप लिए ॥ १० ॥

बदन पइठि पुनि बाहेर आवा ❀ मागा बिदा ताहि सिरु नावा ॥११॥

मोहि सुरन्ह जेहि लागि पठावा ❀ बुधि बल मरमु तोर मैं पावा ॥१२॥

हनूमान्‌जी उनका मुखमा पसेर फेरि बाहिर आए, तिनलाई प्रणाम गरेर बिदा माग्न लागे ॥ ११ ॥ (सुरसाले भनिन्) "मलाई देवताहरूले जेका निम्ति पठाएका थिए, त्यो तपाईंको बुद्धि, बलको मर्म मैले पाएँ ॥ १२ ॥

दोहा–रामकाजु सबु करिहहु तुम्ह बल बुद्धि निधान ।
आसिष देइ गई सो हरषि चलेउ हनुमान ॥२॥

तपाईं बल र बुद्धिका खानि हुनुहुँदोरहेछ, रामजीका सबै काम सिद्ध गर्नुहुनेछ ।" यस्तो आशिष दिएर सुरसा गइन् , हनूमान्‌जी हर्षित भएर हिंडे ॥ २ ॥

[छायाग्रहनिग्रह]

चौ०–निसिचरि एक सिंधु महुँ रहई ❀ करि माया नभ के खग गहई ॥१॥
जीव जंतु जे गगन उड़ाहीं ❀ जल बिलोकि तिन्ह कै परिछाहीं ॥२॥

समुद्रमा एउटी राक्षसी रहन्थी, त्यो माया (छल-कपट) गरेर आकाशका पक्षी लाई पक्रन्थी ॥ १ ॥ आकाशमा जो जीव-जन्तु उड्दथे, जलमा तिनको छाया देख्ने बित्तिकै ॥ २ ॥

गहइ छाह सक सो न उड़ाई ❀ एहि बिधि सदा गगनचर खाई ॥३॥
सोइ छल हनूमान कहँ कीन्हा ❀ तासु कपटु कपि तुरतहि चीन्हा ॥४॥

छाया पक्रन्थी, तिनीहरू आकाशमा उड्न सक्तैनथे (खस्तथे) यस्तै प्रकारले त्यो आकाशचारीहरूलाई सधैं खान्थी ॥ ३ ॥ हनूमान्‌सँग पनि त्यही छल गरी, परन्तु हनूमान्‌ले त्यो कपट झट्टै थाहा पाए ॥ ४ ॥

ताहि मारि मारुतसुत बीरा ❀ बारिधि पार गएउ मतिधीरा ॥५॥
तहाँ जाइ देखी बनसोभा ❀ गुंजत चंचरीक मधुलोभा ॥६॥

धीरबुद्धि वीर हनूमान्‌जी त्यसलाई मारेर समुद्रपारी पुगे ॥ ५ ॥ त्यहाँ गएर वनको शोभा देखे। पुष्परसमा लुब्ध भएका भ्रमर गुञ्जन (मधुर ध्वनि) गरिरहेका थिए ॥ ६ ॥

नाना तरु फल फूल सुहाए ❀ खग मृग बृंद देखि मन भाए ॥७॥
सैल बिसाल देखि एक आगे ❀ ता पर धाइ चढ़ेउ भय त्यागे ॥८॥

नाना प्रकारका वृक्ष फल फूलले सुशोभित थिए, बथानका बथान भएर देखिएका पक्षी र मृग हनूमान्‌जीका मनलाई प्रिय लागे ॥ ७ ॥ अगाडि एउटा ठूलो पर्वत देखियो हनूमान्‌जी निर्भय भई दौडेर त्यसमा चढे ॥ ८ ॥

[लंकादर्शन]

उमा न कछु कपि कै अधिकाई ❀ प्रभुप्रताप जो कालहि खाई ॥९॥

गिरि पर चढ़ि लंका तेहि देखी ❀ कहि न जाइ अति दुर्ग बिसेषी ॥१०॥
अति उतंग जलनिधि चहुँ पासा ❀ कनककोट कर परम प्रकासा ॥११॥

हे पार्वती ! यो हनूमान्‌को कत्ति पनि विशेषता (प्रभाव) होइन, जसले काललाई पनि खाइदिन्छ त्यो (कालकाल) प्रभुको प्रताप[1] हो ॥ ९ ॥ तिनले पर्वतमाथि चढेर लंकालाई हेरे, यस्तो ठूलो किल्ला थियो कि वर्णन गर्न सकिदैन ॥ १० ॥ त्यो किल्लाका चौतर्फ समुद्र थियो, त्यो किल्ला सुवर्णमय र अत्यन्त ऊँचो थियो, त्यसको प्रकाश (चमक) अत्यन्त थियो ॥ ११ ॥

छन्द—कनककोट बिचित्र मनिकृत सुंदरायतना घना ।
चउहट्ट हट्ट सुबट्ट बीथीं चारु पुर बहु बिधि बना ॥
गज बाजि खच्चर निकर पदचर रथ बरूथन्हि को गनै ।
बहु रूप निसिचरजूथ अतिबल सेन बरतन नहि बनै ॥१॥

त्यो कोट (किल्ला) विचित्र विचित्र मणिले खचित भएको, सुवर्णमय, राम्रो, ठूलो थियो, त्यसमा चौबाटा (चौमुहानी), बजार, सुन्दर गल्लीले अनेक प्रकारसंग सुशोभित भएको नगर बनेको थियो । हात्ती, घोडा, खच्चरका बथान र पैदल हिंड्ने प्राणी रथका समूहको गिन्ती को गरोस् ? अनेक अनेक रूप भएका बलवान् राक्षसका फौजका दलका दलको वर्णन गर्नै सकिदैन ॥ १ ॥

बन बाग उपबन बाटिका सर कूप बापीं सोहहीं ।
नर नाग सुर गंधर्ब कन्या रूप मुनिमन मोहहीं ॥
कहुँ मालदेह बिसाल सैल समान अतिबल गर्जहीं ।
नाना अखारेन्ह भिरहिं बहु बिधि एक एकन्ह तर्जहीं ॥२॥

वन, बाग, बगैंचा, फूलवारी, तलाउ, इनार, बावली सुशोभित थिए । मनुष्य, नाग, देवता, गन्धर्व, यिनीहरूका कन्याहरू रूपले मुनिका मनलाई हरण गर्दथे । कहीं पर्वतसमान विशाल शरीर भएका अत्यन्त बलवान् मल्लहरू (पहलवान) अखाडा अखाडामा गर्जिरहेका भिडिरहेका, र एउटाले अर्कालाई ललकारिरहेका (हाँक दिइरहेका) थिए ॥ २ ॥

करि जतन भट कोटिन्ह बिकट तन नगर चहुँ दिसि रक्षहीं ।
कहुँ महिष मानुष धेनु खर अज खल निसाचर भक्षहीं ॥

---

(१) "एउटा हाँगाबाट अर्को हाँगामा उफ्रनु" वानरको पराक्रम (प्रताप) यत्तिकै हो । "उफ्रेर चारसय कोसको समुद्र नाघ्नु ता प्रभु रामजीको प्रताप हो, वानरको के ताकत ?"

शाखामृगस्य शाखायाः शाखां गन्तुं पराक्रमः ।
उदलङ्घि यदम्भोधिः प्रभावः प्राभवो हि सः ॥

एहि लागि तुलसीदास इन्ह की कथा कछु एक है कही।
रघुबीर सर तीरथ सरीरन्हि त्यागि गति पइहहिं सही ॥३॥

भयङ्कर शरीरभएका करोडौं योद्धाहरू यत्नका साथ नगरका चारौंतर्फ रखवाली गरिरहेका (पहरा दिइरहेका) थिए। कहीं दुष्ट राक्षसहरू धमाधम राँगा, भैंसी, मानिस, गाई, गदहा, बोका, बाख्रा खाइरहेका थिए। यसैका निमित्त (दारुण कर्म गर्नेको वर्णन धेरै के गरौं ? भन्ने आशयले) यिनको वर्णन तुलसीदासले अलिकति गरिदिएको हो। यिनीहरू पनि रघुनाथजीका बाणरूपी तीर्थमा शरीर त्यागेर सद्गति पक्कै पाउनेछन् ॥ ३ ॥

दोहा—पुर रखवारे देखि बहु कपि मन कीन्ह बिचार।
अति लघु रूप धरौं निसि नगर करौं पइसार ॥३॥

हनूमान्ले धेरै पुररक्षक (पहरेदार) लाई देखेर मनमा "अति सानो रूप लिऊँ र राती नगरमा प्रवेश गरौं" यस्तो विचार गरे ॥ ३ ॥

[लङ्किनीदण्डन]

चौ०—मसक समान रूप कपि धरी ❀ लंकहि चलेउ सुमिरि नरहरी ॥१॥
नाम लंकिनी एक निसिचरी ❀ सो कह चलेसि मोहि निंदरी ॥२॥

मच्छर (लामखुट्टे=भुसुना) समानको रूप धारण गरेर रामजीलाई संझीकन हनूमान्जी लङ्काका तर्फ लागे ॥ १ ॥ लङ्किनी नाम भएकी एउटी राक्षसी थिई, त्यसले (भेटेर) भनी कि—"मलाई नटेरीकन कहाँ जान्छस् ? ॥ २ ॥

जानेहि नही मरमु सठ मोरा ❀ मोर अहार जहाँ लगि चोरा ॥३॥
मुठिका एक महा कपि हनी ❀ रुधिर बमत धरनी ढनमनी ॥४॥

हे दुष्ट ! तँ मेरो मर्म जान्दैनस् ? चोरहरू जति छन, ती सबै मेरा आहार हुन्" ॥ ३ ॥ हनूमान्जीले त्यसलाई एक मुक्का लगाए, रगत छाद्दै धर्तीमा ढुनमुनाउन लागी ॥ ४ ॥

पुनि संभारि उठी सो लंका ❀ जोरि पानि कर बिनय ससंका ॥५॥
जब रावनहि ब्रह्म बर दीन्हा ❀ चलत बिरंचि कहा मोहि चीन्हा ॥६॥

अनि त्यो लंकिनी सह्मालिएर उठी र दुई हात जोरेर धकाउँदै विन्ति गर्न लागी ॥ ५ ॥ जब ब्रह्माजीले रावणलाई वरदान दिनुभयो त्यस वेलामा उहाँले फर्कंदाखेरि मलाई चिन्ह बताउनुभएको थियो ॥ ६ ॥ (के भने ?)

बिकल होसि तैं कपि कें मारे ❀ तब जानेसु निसिचर संघारे ॥७॥
तात मोर अति पुन्य बहूता ❀ देखउँ नयन राम कर दूता ॥८॥

जब तँ वानरले ठोक्ता व्याकुल होलिस्, तब राक्षसहरूको संहार भयो भनी जानेस्" ॥ ७ ॥ बाबु ! मेरो पुण्य साह्रै ठूलो रहेछ, यिनै आँखाले रामजीका दूतलाई देखें ॥ ८ ॥

दोहा–तात स्वर्ग अपबर्ग सुख धरिअ तुला एक अंग ।
तूल न ताहि सकल मिलि जो सुखलव सतसंग ॥४॥

बाबु ! स्वर्गको र मोक्षको सुखलाई तराजू (काँटा) का एकातिर राखेर (अर्कातिर सत्सङ्गसुखलाई राखेर) तौल्दा पनि ती जम्मै स्वर्गसुख र मोक्षसुख मिल्दा पनि जो सत्संगको एकक्षणको सुख हो त्यो बराबर हुन सक्तेन ॥ ४ ॥

चौ०–प्रबिसि नगर कीजे सब काजा ❁ हृदय राखि कोसलपुरराजा ॥१॥
गरल सुधा रिपु करै मिताई ❁ गोपद सिंधु अनल सितलाई ॥२॥
गरुड़ सुमेरु रेनु सम ताही ❁ राम कृपा करि चितवा जाही ॥३॥

हृदयमा अयोध्यापति रामजीलाई राखेर नगरमा प्रवेश गरेर सबै काम गर्नुहोस् ॥ १ ॥ जसलाई कृपा गरेर रामजी कृपाकटाक्षले हेर्नुहुन्छ, उसका हकमा विष पनि अमृत हुन्छ, शत्रु पनि मित्रता गर्छ, समुद्र गोष्पद (गाईका पाइलाले टेकेका खाल्डाको पानी), आगो शीतल हुन्छ, सुमेरुपर्वत धूलाको कणजत्तिकै गह्रौं हुन्छ ॥ २ ॥ ३ ॥

अति लघु रूप धरेउ हनुमाना ❁ पैठा नगर सुमिरि भगवाना ॥४॥
मंदिर मंदिर प्रति कर सोधा ❁ देखे जहँ तहँ अगनित जोधा ॥५॥
गएउ दसाननमंदिर माहीं ❁ अति बिचित्र कहि जात सो नाहीं ॥६॥

हनुमान्‌जीले अत्यन्त सानो रूप धारण गरे, अनि भगवान् रामचन्द्रजीलाई संझेर नगरमा प्रवेश गरे ॥ ४ ॥ घरघरमा खोजी गरे, यत्रतत्र बेगिन्ती योद्धाहरू देखे ॥ ५ ॥ रावणका घरमा पनि पुगे, त्यो घर अति विचित्र थियो, वर्णन गर्न सकिंदैन ॥ ६ ॥

सयन किएँ देखा कपि तेही ❁ मंदिर महु न दीखि बैदेही ॥७॥
भवन एक पुनि दीख सुहावा ❁ हरिमंदिर तहँ भिन्न बनावा ॥८॥

हनुमान्‌जीले [1]रावणलाई सुतेको देखे, परन्तु त्यो घरमा सीताजी देखिनुभएन ॥ ७ ॥ अनि एउटा सुन्दर घर देखे, त्यहाँ छुट्टै विष्णुमन्दिर पनि बनाएको थियो ॥ ८ ॥

[विभीषणसंगम]

दोहा–रामायुध अंकित गृह सोभा बरनि न जाइ ।
नव तुलसीका बृंद तहँ देखि हरष कपिराइ ॥५॥

त्यो घर रामजीका चिन्ह (धनु-बाण) ले अंकित (चिह्नित) थियो, त्यसको शोभा

---

(१) हनूमान्‌जीले निद्रित (सुतिरहेको) रावणलाई देखे । त्यस वेलामा त्यो द्विभुज (दुईहाते) एकशीर्ष (एकटाउके) थियो, एतावता "युद्धादिका समय मात्र इच्छानुसार रावण दशमुखविंशतिभुज हुन्थ्यो, अन्यदा द्विभुज एकशीर्ष रहन्थ्यो" भन्ने कुरा स्पष्ट बुझिन्छ । वाल्मीकीयरामायण सुन्दरकाण्ड सर्ग १० का १५-२२ श्लोकबाट यो कुरा सिद्ध हुन्छ ।

वर्णन गर्न सकिंदैनथ्यो । त्यहाँ हरिया तुलसीवनका खालखाल देख्ता हनूमानजी प्रसन्न भए ॥ ५ ॥

चौ०–लंका निसिचरनिकर निवासा ❀ इहाँ कहाँ सज्जन कर बासा ॥१॥
मन महु तरक करैं कपि लागा ❀ तेहीं समय बिभीषनु जागा ॥२॥

“लंकामा राक्षसहरूका समूहको निवास छ, यहाँ सज्जन कताबाट आएर बसेछन्” ॥ १ ॥ हनूमान्जी यस्तो तर्क गर्न लागेका थिए, त्यसै वेलामा विभीषण जागा भए (बिउँझे) ॥ २ ॥

राम राम तेहि सुमिरन कीन्हा ❀ हृदय हरष कपि सज्जन चीन्हा ॥३॥
एहि सन हठि करिहौं पहिचानी ❀ साधु तें होइ न कारजहानी ॥४॥

विभीषणजी राम राम भन्दै रामको स्मरण गर्नलागे, हनूमानजीले सज्जन हो भनी तिनलाई चिन्हेर हृदयमा हर्षित भए ॥ ३ ॥ “यिनीसंग जसरी भए पनि जानपहिचान गर्दछु, सज्जनबाट कार्यहानि हुँदैन” ॥ ४ ॥ (यो विचार गरेर)

बिप्ररूप धरि बचन सुनाए ❀ सुनत बिभीषनु उठि तहँ आए ॥५॥
करि प्रनामु पूँछी कुसलाई ❀ बिप्र कहहु निज कथा बुझाई ॥६॥

ब्राह्मणको रूप धारण गरेर हनूमान्ले आफ्नो बोली सुनाए, सुन्नाका साथ उठेर विभीषण त्यहाँ आए ॥ ५ ॥ प्रणाम गरेर कुशलप्रश्न गरे, “हे ब्राह्मण ! आफ्नो समाचार बुझाएर भन्नुहोस्” ॥ ६ ॥

की तुम्ह हरिदासन महु कोई ❀ मोरें हृदय प्रीति अति होई ॥७॥
की तुम्ह रामु दीन अनुरागी ❀ आएहु मोहि करन बड़भागी ॥८॥

के तपाईं विष्णुभक्तमध्येका कोही हुनुहुन्छ ? मेरा हृदयमा अत्यन्त प्रीति हुन लाग्यो ॥ ७ ॥ कि तपाईं दीनवत्सल रामजी नै मलाई महाभाग्यवान् पार्न आउनुभएको हो ?” ॥ ८ ॥

दोहा–तब हनुमंत कही सब रामकथा निज नाम ।
सुनत जुगल तनु पुलक मन मगन सुमिरि गुनग्राम ॥६॥

अनि हनुमान्जीले रामजीको सबै वृत्तान्त र आफ्नो नाम बताए । त्यो सुन्दा र बताउँदाखेरि दुवैजना रामजीका गुणगणलाई संझेर शरीरमा रोमाञ्चित र मनमा प्रेममग्न भए ॥ ६ ॥

चौ०–सुनहु पवनसुत रहनि हमारी ❀ जिमि दसनन्हि महु जीभि बिचारी ॥१॥
तात कबहुँ मोहि जानि अनाथा ❀ करिहहिं कृपा भानुकुलनाथा ॥२॥

(विभीषणले भने) हे हनूमान् ! मेरो रहनी (जसरी रहेको छु त्यो वृत्तान्त) सुन्नुहोस् । (कसरी म रहेको छुभने) दाँतहरूका माझमा जिब्रो जसरी रहन्छ (त्यसै गरी) ॥ १ ॥ हे तात ! मलाई अनाथ जानेर रघुनाथजी मेराउपर कृपा कहिल्यै गर्नुहोला के ? ॥ २ ॥

तामस तनु कछु साधन नाहीं ❀ प्रीति न पद सरोज मन माहीं ॥३॥
अब मोहि भा भरोस हनुमंता ❀ बिनु हरिकृपा मिलहिं नहि संता ॥४॥

तामसी (राक्षसी) शरीर छ, त्यसमाथि साधन केही थिएन। मनमा रामजीका चरणकमलको प्रीति पनि थिएन ॥ ३ ॥ हे हनूमान् ! अबभने मेरा मनमा भरोसा लाग्यो, विना-प्रभुका कृपाले सन्त सज्जन भेट्टिदैनन् ॥ ४ ॥

जौ रघुबीर अनुग्रह कीन्हा ❀ तौ तुम्ह मोहि दरसु हठि दीन्हा ॥५॥
सुनहु बिभीषन प्रभु कइ रीती ❀ करहिं सदा सेवक पर प्रीती ॥६॥

जब रघुनाथजीले अनुग्रह गर्नुभयो, तब पो तपाईंले आग्रह गरीकन (घरैमा आएर) दर्शन दिनुभयो" ॥ ५ ॥ (अनि हनूमानजीले भने) "विभीषणजी ! सुन्नुहोस्, भगवान् रामजीको गति कस्तो छभने ? उहाँ सेवकका उपर सदा प्रीति गर्नुहुन्छ ॥ ६ ॥

कहहु कवन मैं परम कुलीना ❀ कपि चंचल सबहीं बिधि हीना ॥७॥
प्रात लेइ जो नाम हमारा ❀ तेहि दिन ताहि न मिलै अहारा ॥८॥

लौ तपाईं नै भन्नुहोस्, म कुन ठूलो कुलीन (घरानियाँ) हुँ, सब तरहबाट हीन भएको चकचके वानर न हुँ ॥ ७ ॥ उठ्नेबित्तिकै जो मानिस मेरो जातीय नाम लिन्छ (वानर शब्दको उच्चारण गर्छ) त्यसलाई दिनभरी आहारा मिल्दैन (म त्यस्तो अलच्छिनी जातको हुँ) ॥ ८ ॥

दोहा—अस मैं अधम सखा सुनु मोहू पर रघुबीर ।
कीन्ही कृपा सुमिरि गुन भरे बिलोचन नीर ॥७॥

म यस्तो अधम जातको हुँ । हे मित्र ! सुन्नुहोस्, तथापि रघुनाथजीले मेराउपर पनि करुणा गर्नुभएको छ ।" यति भन्दा भन्दै हनूमान्जीले रामजीका गुणलाई संझे, उनका आँखाभरी पानी भरियो ॥ ७ ॥

चौ०—जानतहूँ अस स्वामि बिसारी ❀ फिरहिं ते काहे न होहिं दुखारी ॥१॥
एहि बिधि कहत राम गुन ग्रामा ❀ पावा अनिर्बाच्य बिश्रामा ॥२॥

(अनि हनूमान्जी बोले) "जान्दा जान्दै पनि यस्ता प्रभुलाई बिर्सेर यता र उति जो भड्कन्छन् ती किन दुःखी नहोलान्" ॥ १ ॥ यस्ता प्रकारले रामजीका गुणगणको वर्णन गर्दा हनूमान्जीले अनिर्वचनीय (वर्णन गर्न नसकिने) आनन्द पाए ॥ २ ॥

पुनि सब कथा बिभीषन कही ❀ जेहि बिधि जनकसुता तहँ रही ॥३॥
तब हनुमंत कहा सुनु भ्राता ❀ देखी चहौं जानकी माता ॥४॥

उहाँपछि जानकीजी जुन प्रकारले त्यहाँ (लङ्कामा) रहनुभएको थियो, त्यो सबै कुरा विभीषणले बताए ॥ ३ ॥ अनि हनूमान्जीले "हे भाई ! सुन्नुहोस्, म जानकी मातालाई देख्न चाहन्छु" भने ॥ ४ ॥

जुगुति बिभीषन सकल सुनाई ❀ चलेउ पवनसुत बिदा कराई ॥५॥
करि सोई रूप गएउ पुनि तहवाँ ❀ बन असोक सीता रह जहवाँ ॥६॥

विभीषणले सब युक्ति बताइदिए, हनूमान्जी बिदा भएर हिंडे ॥ ५ ॥ जहाँ अशोकवृक्षका वनमा सीताजी रहनुहुन्थ्यो, हनूमान्जी उही पहिलेको सानो वानरको रूपले त्यहाँ गए ॥ ६ ॥

[सीतादर्शन]

देखि मनहि महु कीन्ह प्रनामा ❀ बैठेहि बीति जात निसि जामा ॥७॥
कृस तनु सीस जटा एक बेनी ❀ जपति हृदय रघुपति गुन श्रेनी ॥८॥

सीताजीलाई देखेर तिनले मनै मनले प्रणाम गरे। बस्ताबस्तैमा एकप्रहर रात बित्यो ॥ ७ ॥ सीताजीको शरीर दुब्लो थियो, माथमा लट्टा परेको एउटै वेणी (चुल्ठो) थियो। हृदयमा रघुनाथजीका गुणगणलाई जपिरहनुभएको थियो ॥ ८ ॥

दोहा–निज पद नयन दिएँ मन रामचरन महु लीन।
परम दुखी भा पवनसुत देखि जानकी दीन ॥८॥

उहाँले आफ्ना नजर आफ्ना पाउमा लाउनुभएको थियो, मन रामजीका चरणमा लीन भएको थियो। जानकीजीलाई दीन (दिग्दार) देख्ता हनूमान्जी अत्यन्त दुःखित भए ॥ ८ ॥

[रावण-सीतासंवाद]

चौ०–तरु पल्लव महुँ रहा लुकाई ❀ करै बिचार करौं का भाई ॥१॥
तेहि अवसर रावनु तहँ आवा ❀ संग नारि बहु किएँ बनावा ॥२॥

हनूमान्जी वृक्षका पातमा लुकेर बसेका थिए, "भाई ! अब के गरौं" यही विचार गर्दथे ॥ १ ॥ त्यसै वेलामा धेरै स्त्री जनका साथमा टाँटिएको रावण त्यहाँ आइपुग्यो ॥ २ ॥

बहु बिधि खल सीतहि समुझावा ❀ साम दान भय भेद देखावा ॥३॥
कह रावनु सुनु सुमुखि सयानी ❀ मंदोदरी आदि सब रानी ॥४॥
तव अनुचरीं करौं पन मोरा ❀ एक बार बिलोकु मम ओरा ॥५॥

त्यो दुष्टले सीताजीलाई अनेक तरहसँग संझायो, साम (मधुर वचन) दान (प्रलोभन) भय, भेद सबै कुरा देखायो ॥ ३ ॥ रावणले भन्यो "हे सुमुखी ! हे चतुरमते ! सीते ! सुन, मन्दोदरी आदि गरेका जति रानी छन् ती सबैलाई तिम्रा दासी गरिदिउँला, यो मेरो प्रतिज्ञा छ। एकफेर मेरातर्फ हेरि ता देऊ" ॥ ४ ॥ ५ ॥

तृन धरि ओट कहति बैदेही ❀ सुमिरि अवधपति परम सनेही ॥६॥
सुनु दसमुख खद्योतप्रकासा ❀ कबहुँ कि नलिनी करइ बिकासा ॥७॥

अस मन समुझु कहति जानकी ❀ खल सुधि नहि रघुबीरबान की ।।८।।
सठ सूने हरि आनेहि मोही ❀ अधम निलज्ज लाज नहि तोही ।।९।।

सीताजीले बीचमा एउटा तृण राखेर अयोध्याधीश परमप्रिय रामजीलाई संझँदै भन्नुभयो कि ।। ६ ।। "दशवदन ! सुन् , जूनकीरीका उज्यालाले के कहिल्यै कमलिनीलाई विकसित (प्रफुल्ल) गर्न सक्तछ" ? ।। ७ ।। यति भनेपछि फेरि भन्नुभयो—हे दुष्ट ! यस्तो मनमा बुझ् । तँलाई रघुनाथजीका बाणको स्मरण छैन ? ।। ८ ।। बदमाश ! मलाई एक्लै भएकी वेलामा हरेर ल्याइस् , पाजी ! निर्लज्ज ! तँलाई लाज छँदैछैन ?" ।। ९ ।। (यस्तो निर्भय वचन सुन्यो)

दोहा—आपुहि सुनि खद्योत सम रामहि भानु समान ।
परुष बचन सुनि काढ़ि असि बोला अति खिसिआन ।।९।।

आफूलाई जूनकीरीजस्तो, रामजीलाई सूर्यजस्तो भनेको कठोर वचन सुन्दा खूब झोकिएर तरवार निकालेर (खिचेर) भन्न लाग्यो ।। ९ ।।

चौ०—सीता तैं मम कृत अपमाना ❀ कटिहौं तव सिर कठिन कृपाना ।।१।।
नाहि त सपदि मानु मम बानी ❀ सुमुखि होति न त जीवनहानी ।।२।।

"सीता ! तैंले मेरो अपमान गरिस् , तेरो शिर यही कठोर खड्गले काट्तछु, ।। १ ।। होइनभने मैले भनेको कुरा झट्ट मान् । सुन्दरमुखी ! होइनभने जीवनहानि (जिन्दगीको इतिश्री) हुनेछ" ।। २ ।।

स्याम सरोज दाम सम सुंदर ❀ प्रभुभुज करिकर सम दसकंधर ।।३।।
सो भुज कंठ कि तव असि घोरा ❀ सुनु सठ अस प्रवान पन मोरा ।।४।।

(सीताजीले भन्नुभयो) हे दशकन्धर ! नीलकमलका मालाजस्तो राम्रो, हात्तीको शुण्डादण्डजस्तो पुष्ट लामू जो बाहुली छ ।। ३ ।। मेरा कण्ठमा कि त्यही बाहुली रहनेछ, कि ता तेरो प्रचण्ड यो तैंले उजाएको तरवार रहला । सुन् बदमाश ! यस्तो मेरो सत्य प्रण छ ।। ४ ।। (यसरी रावणलाई जवाब दिएर सीताजी रावणका तरवारको प्रार्थना गर्न लाग्नुभयो) (क)

चन्द्रहास हर मम परितापं ❀ रघुपतिबिरह अनल संजातं ।।५।।
सीतल निसित बहसि बर धारा ❀ कह सीता हरु मम दुखभारा ।।६।।

"हे चन्द्रहास ! तिमी शीतल र निशित (तीक्ष्ण) भएको असल धारा (धार)

(क) सीताजीले रावणको खड्ग (चन्द्रहास) सँग मेरो कण्ठ काटिदेऊ भनेर स्थानविशेष (कंठ) को निर्देश गरेमा झल्कने व्यङ्ग्यार्थलाई कसैले वाच्यार्थ गराएर वर्णन गरेको छ, जस्तै —

"चित्तबीच कहिं घाउ नलाऊ, छन् तहाँ प्रभुजिका दुइ पाऊ ।
चन्द्रहास ! अब बेर नलाऊ, कण्ठ काटि सब कष्ट हटाऊ ।।

धारण गर्छौं; मेरा दुःखको भार हरिदेऊ।" रघुनाथजीको विरहरूपी अग्निबाट पैदा भएको मेरो संतापलाई हरिदेऊ ॥ ५ ॥ ६ ॥ (क)

सुनत बचन पुनि मारन धावा ❀ मयतनयाँ कहि नीति बुझावा ॥७॥
कहेसि सकल निसिचरिन्ह बोलाई ❀ सीतहि बहु बिधि त्रासहु जाई ॥८॥
मासदिवस महु कहा न माना ❀ तो मैं मारबि काढ़ि कृपाना ॥९॥

यो वचन सुनेर रावण फेरि मार्न दौड्यो, मयकन्या (मन्दोदरी) ले नीति बताएर त्यसलाई बुझाइन् ॥ ७ ॥ राक्षसीहरूलाई बोलाएर अह्रायो, गएर हरतरहबाट सीतालाई भयभीत पार ॥ ८ ॥ महीनादिनभित्रमा भनेको मानिनभने तरवार निकालेर मार्नेछु ॥ ९ ॥ (यति भनेर)

दोहा–भवन गएउ दसकंधर इहाँ पिसाचिनिबृंद ।
सीतहि त्रास देखावहिं धरहिं रूप बहु मंद ॥१०॥

रावण घर गयो। यतातिर मूर्ख पिशाचिनी राक्षसीहरू डफ्फाका डफ्फा भएर सीताजीलाई भय (त्रास) देखाउन लागे ॥ १० ॥

चौ०–त्रिजटा नाम राक्षसी एका ❀ रामचरन रति निपुन बिबेका ॥१॥
सबन्हौं बोली सुनाएसि सपना ❀ सीतहि सेइ करहु हित अपना ॥२॥

त्रिजटा नाउँ भएकी एउटी राक्षसी थिई, त्यो रामजीका चरणमा प्रीति गर्ने र विवेकमा (छ्यानविचारमा) सिपालु थिई ॥ १ ॥ त्यसले सबैलाई बोलाएर "सीताको सेवा गरेर आफ्नो हित गर" भनीकन आफ्नो सपना सुनाई ॥ २ ॥ (त्यसले भनी कि)

सपने बानर लंका जारी ❀ जातुधानसेना सब मारी ॥३॥
खर आरूढ़ नगन दससीसा ❀ मुंडित सिर खंडित भुज बीसा ॥४॥
एहि बिधि सो दच्छिन दिसि जाई ❀ लंका मनहु बिभीषन पाई ॥५॥

"सपनामा बानरले लंका जलायो, राक्षसहरूको सेना मार्‍यो ॥ ३ ॥ बीसै हात काटिएको, कपाल मुडिएको, गदहामा चढ़ेको, यस्ता किसिमको रावण लंकानगरीबाट दक्षिण दिशापट्टि गयो, लंका पनि विभीषणले पाएजस्तो लाग्यो ॥ ४ ॥ ५ ॥

नगर फिरि रघुबीरदोहाई ❀ तब प्रभु सीता बोलि पठाई ॥६॥

(क) यो चौपाई

चन्द्रहास ! हर मे परितापं रामचन्द्रविरहानलजातम् ।
त्वं हि कान्तिजितमौक्तिकचूर्णं धारया वहसि शीतलमम्भः (प्रसन्नराघव)

यो श्लोकको समानार्थक हुनाले "सीतल निसि तव असिवर धारा" यस्तो पाठ धेरै पुस्तकमा देखिन्छ तापनि त्यो पाठ ठीक होइन।

येह सपना मैं कहौं पुकारी ❀ होइहि सत्य गएँ दिन चारी ॥७॥
तासु बचन सुनि ते सब डरीं ❀ जनकसुता के चरनन्हि परीं ॥८॥

लंका नगरीभरीमा रघुवीरकी दुहाई ! भन्ने आवाज फैलियो, अनि रामजीले सीतालाई बोलाइपठाए ॥ ६ ॥ यो सपना चार दिनपछि साँचो हुनेछ, म सफा (स्पष्ट) भनिदिन्छु ।" ॥ ७ ॥ त्यो त्रिजटाको वचन सुनेर सबै डराए, अनि जनकनन्दिनीका पाउमा परे ॥ ८ ॥

दोहा—जहँ तहँ गईं सकल तब सीता कर मन सोच ।
मासदिवस बीते मोहि मारिहि निसिचर पोच ॥११॥

सबै यता-उति गए, अनि सीताजीलाई मनमा "एक महीना बितेपछि नीच राक्षसले मलाई मार्नेछ" यस्तो फिक्री लाग्यो ॥ ११ ॥

चौ०—त्रिजटा सन बोलीं कर जोरी ❀ मातु बिपतिसंगिनि तईं मोरी ॥१॥
तजौं देह करु बेगि उपाई ❀ दुसह बिरहु अब नहि सहि जाई ॥२॥
आनि काठ रचु चिता बनाई ❀ मातु अनल पुनि देहि लगाई ॥३॥
सत्य करहि मम प्रीति सयानी ❀ सुनै को श्रवन सूल सम बानी ॥४॥

सीताजी हात जोरेर त्रिजटासँग भन्न लाग्नुभयो, "हे माता ! तपाईं मेरो विपत्ति परेको वेलामा सँगिनी हुनुभयो, ॥ १ ॥ चाँडै उपाय गरिदिनुहोस्, अब शरीर छाडौं, दुःसह विरह अब खप्न सकिँदैन ॥ २ ॥ काठ (दाउरा) ल्याएर चिता बनाइदिनुहोस्, आमा ! अनि आगो लाइदिनुहोस्, ॥ ३ ॥ तपाईं मेरो प्रेमलाई सत्य पारिदिनुहोस्, हे बुद्धिमती ! सुइराजस्ता कठोर वचन कानले को सुनिरहोस् ?" ॥ ४ ॥

सुनत बचन पद गहि समुझाएसि ❀ प्रभु प्रताप बल सुजसु सुनाएसि ॥५॥
निसि न अनल मिल सुनु सुकुमारी ❀ अस कहि सो निज भवन सिधारी ॥६॥

त्रिजटाले यो वचन सुनेर पाउ समातीकन सीताजीलाई संझाइन् । रामजीको प्रताप, बल, सुयश सुनाइन् ॥ ५ ॥ (अनि भनिन्) "हे सुकुमारी ! सुन्नुहोस्, राती आगो पाइँदैन ।" यसो भनेर ती त्रिजटा आफ्नो घरतिर गइन् ॥ ६ ॥

कह सीता बिधि भा प्रतिकूला ❀ मिलिहि न पावक मिटिहि न सूला ॥७॥
देखिअत प्रगट गगन अंगारा ❀ अवनि न आवत एकौ तारा ॥८॥

अनि सीताजी (एक्लै) बोल्न लाग्नुभयो—"विधाता प्रतिकूल (विपरीत) भए, आगो पनि नपाइने भयो नि, दर्द पनि हट्तैन (कसो गरौं ?) ॥ ७ ॥ आकाशमा आगाका फिलुंगा देखिन्छन्, एउटै तारा (फिलुंगा) पनि भुईंमा खस्तैन ॥ ८ ॥ (क)

पावकमय ससि स्रवत न आगी ❀ मानहु मोहि जानि हतभागी ॥९॥

(क) विरहिणी स्त्रीहरूका हकमा पूर्ण चन्द्रमा सूर्यजस्तै सन्तापकारी हुन्छन् । आकाशका ताराहरू आगाका फिलुङ्गाजस्तै तापकारक हुन्छन् ।

सुनहि बिनय मम बिटप असोका ❀ सत्य नाम करु हरु मम सोका ॥१०॥

चन्द्रमा अग्निमय (आगै आगाको पुञ्जरूप) हुन् , तर आगो चुहाउँदैनन् (टाढैबाट पोलिरहेका छन्) शायद मलाई हतभाग्य (अभागिनी) जानेर होला ॥ ९ ॥ हे अशोकवृक्ष ! मेरो विन्ति सुन र आफ्नो नाउँ साँचो पार, मेरो शोक हर ॥ १० ॥

नूतन किसलय अनल समाना ❀ देहि अगिनि जनि करहि निदाना ॥११॥
देखि परम बिरहाकुल सीता ❀ सो छन कपिहि कलप सम बीता ॥१२॥

तिम्रा नयाँ नयाँ पालुवा अग्निजस्तै (दाह पनि गर्ने राता राता पनि) छन् । मलाई अग्नि देऊ, मेरो दुर्दशा नगर” ॥ ११ ॥ सीताजीलाई विरहले अत्यन्त व्याकुल भएको देख्ता हनूमान्जीलाई त्यस वेलामा एकएक क्षण एकएक कल्पजस्तै भएर बित्यो ॥ १२ ॥

[मुद्रिकार्पण]

सोरठा–कपि करि हृदय बिचार दीन्हि मुद्रिका डारि तब ।
जनु असोक अंगार दीन्ह हरषि उठि कर गहेउ ॥२॥

अनि हनूमान्जीले मनमा विचार गरेर औंठी खसालिदिए, अशोकवृक्षले आगाको फिलुङ्गो दिएको हो कि भन्ने आशाले हर्षित भएर सीताजीले उठेर त्यो औंठीलाई हातले उठाउनुभयो ॥ २ ॥

चौ०–तब देखी मुद्रिका मनोहर ❀ रामनाम अंकित अति सुंदर ॥१॥
चकित चितव मुदरी पहिचानी ❀ हरष बिषाद हृदय अकुलानी ॥२॥

अनि रामजीका नामले चिह्नित भएको अति सुन्दर मनोहर औंठी देख्नुभयो ॥ १ ॥ औंठी चिह्नेपछि जिल्ल परेर हेर्न लाग्नुभयो । ‘हृदयका ‘हर्षले र विषादले सीताजी व्याकुल हुनुभयो ॥ २ ॥ (अनि विचार गर्न लाग्नुभयो)

जीति को सकै अजय रघुराई ❀ माया तें असि रचि नहि जाई ॥३॥
सीता मन बिचार कर नाना ❀ मधुर बचन बोलेउ हनुमाना ॥४॥

रघुनाथजीलाई जित्न को सक्तछ ? (उहाँको गाथमा तलमाथि परेको हुनुपर्दैन), मायाबाट यस्तो औंठी बन्न सक्तैन (रावणका मायाले यो औंठी बनेको होइन) ॥ ३ ॥ यस्ता प्रकारले सीताजी मनमा अनेक विचार गर्न लाग्नुभयो, अनि हनूमान्जीले मधुर वचन बोले ॥ ४ ॥

रामचंद्रगुन बरनैं लागा ❀ सुनतहि सीता कर दुख भागा ॥५॥
लागीं सुनै श्रवन मन लाई ❀ आदिहु तें सब कथा सुनाई ॥६॥

---

(१) श्रीरामजीको नामले अंकित भएको औंठी देख्ता सीताजीलाई हर्ष भयो । (२) श्रीरामजीका बाहुलीको औंठी अकस्मात् लंकामा आइपुगेको देख्ता श्रीरामजीका हकमा अनेक अनिष्टको शंका पर्न जाँदा सीताजीका हृदयमा विषाद भयो ।

हनूमान्‌जी रघुनाथजीका गुणको वर्णन गर्न लागे । त्यो अलिकति सुन्नेबित्तिकै सीताजीको दुःख भाग्यो ॥ ५ ॥ मन लाएर कानले गुणवर्णन सुन्न लाग्नुभयो, हनूमान्‌जीले पहिलेदेखिको वृत्तान्त सुनाए ॥ ६ ॥ (अनि वहाँले भन्नुभयो)

श्रवनामृत जेहि कथा सुनाई ❀ कही सो प्रगट होत किन भाई ॥७॥
तब हनुमंत निकट चलि गएउ ❀ फिरि बैठीं मन बिसमय भएउ ॥८॥

"कानका निमित्त अमृत कथा भनेर जसले सुनायो, भाई ! त्यो प्रकट किन हुँदैन ?" ॥ ७ ॥ अनि हनूमान्‌जी नगीचै गए । सीताजीका मनमा शंका लाग्यो, मुख अर्कातिर फर्काएर बस्नुभयो ॥ ८ ॥

रामदूत मैं मातु जानकी ❀ सत्य सपथ करुनानिधान की ॥९॥
एह मुद्रिका मातु मैं आनी ❀ दीन्हि राम तुम्ह कहँ सहिदानी ॥१०॥
नर बानरहि संग कहु कैसें ❀ कही कथा भइ संगति जैसें ॥११॥

(हनूमान्‌ले भने) "माता ! जानकी महारानी ! म रामजीको दूत हुँ, सत्य हो, करुणानिधान रामजीको शपथ छ ॥ ९ ॥ माता ! यो औंठी मैले ल्याएको हो, रामजीले हजूरलाई आफ्नो निशानी (पहिचान) दिनुभएको हो ।" ॥ १० ॥ (सीताजीले) "नर (मानिस) को र वानरको समागम कसरी भयो ?" (भनी सोध्नुभयो, हनुमान्‌ले जसरी समागम भएको हो) त्यो सबै वृत्तान्त भने ॥ ११ ॥

[सीताहनूमत्संवाद]

दोहा—कपि के बचन सप्रेम सुनि उपजा मन बिस्वास ।
जाना मन क्रम बचन येह कृपासिंधु कर दास ॥१२॥

हनूमान्‌जीका प्रेमसहित वचन सुन्दा सीताजीका मनमा विश्वास पैदा भयो । यी (हनूमान्) मन, वचन, कर्मले करुणासागर रामजीका भक्त (दास) हुन् भनी जान्नुभयो ॥ १२ ॥

चो०—हरिजन जानि प्रीति अति बाढ़ी ❀ सजल नयन पुलकावलि ठाढ़ी ॥१॥
बूड़त बिरह जलधि हनुमाना ❀ भएहु तात मो कहुँ जलजाना ॥२॥

भगवान् रामजीका भक्त भनी जान्दा सीताजीको प्रीति खूब बढ्यो, उहाँका नजर अश्रुपूर्ण भए, शरीरमा रोमाञ्च खडा भयो ॥ १ ॥ (अनि सीताजीले भन्नुभयो–) बाबु ! हे हनूमान् ! विरहरूपी समुद्रमा डुब्न लागेकी मेरा हकमा तिमी जहाज भयौ ॥ २ ॥

अब कहु कुसल जाउँ बलिहारी ❀ अनुज सहित सुख भवन खरारी ॥३॥
कोमलचित कृपाल रघुराई ❀ कपि केहि हेतु धरी निठुराई ॥४॥

बाबु ! म बलैया लिन्छु (तिम्रो भलो चाहन्छु), आनन्दनिवास भाईसहित रामजीको क्षेमकुशल बताउ ॥ ३ ॥ हे हनूमान् ! कमलो चित्त हुने दयालु रामजीले के कारण निष्ठुरपना धारण गर्नुभयो ? ॥ ४ ॥

सहज बानि सेवक सुखदायक ❀ कबहुँक सुरति करत रघुनायक ॥५॥
कबहुँ नयन मम सीतल ताता ❀ होइहहिं निरखि स्याम मृदु गाता ॥६॥

सेवकलाई सुख दिनु ता उहाँको जन्मसिद्ध स्वभाव थियो, रघुनाथजी कहिलेकाहीं मेरो स्मरण गर्नुहुन्छ कि ? ॥ ५ ॥ उहाँको श्याम मुलायम गाथ देख्न पाएर मेरो शरीर र मेरा आँखा कहिल्यै शीतल होलान् के ?" ॥ ६ ॥

बचनु न आव नयन भरे बारी ❀ अहह नाथ हौं निपट बिसारी ॥७॥
देखि परम बिरहाकुल सीता ❀ बोला कपि मृदु बचन बिनीता ॥८॥

(यति बोल्दाबोल्दै) हाय ! प्रभुजीले मलाई बिलकुल बिर्सनुभयो, (अनि फेरि बोल्नुभयो) हाय ! प्रभुजीले मलाई बिलकुल बिर्सनुभयो नि !" ॥ ७ ॥ सीताजीलाई विरहले अत्यन्त व्याकुल भएकी देखेर हनूमान्जीले नम्रताका साथ कोमल वचन बोले ॥ ८ ॥

मातु कुसल प्रभु अनुज समेता ❀ तव दुख दुखी सुकृपानिकेता ॥९॥
जनि जननी मानहु जिअ ऊना ❀ तुम्ह तें प्रेमु राम कें दूना ॥१०॥

माता ! भाईसहित करुणानिवास प्रभुजी कुशल हुनुहुन्छ । हजूरका दुःखले दुःखित हुनुहुन्छ ॥ ९ ॥ हे जननी ! मनमा (उहाँको प्रेमलाई) कम्ती नठान्नुहोस्, हजूरको भन्दा रामजीको प्रेम दोबर छ ॥ १० ॥

दोहा–रघुपति कर संदेसु अब सुनु जननी धरि धीर ।
अस कहि कपि गदगद भएउ भरे बिलोचन नीर ॥१३॥

"हे जननी ! अब धैर्य धारण गरेर रघुनाथजीको सन्देश सुन्नुहोस्", यसो भनेर हनूमानजी गद्गद भए (भक्भकाउन लागे) आँखाभरी पानी भरियो ॥ १३ ॥

चौ०–कहेउ राम बियोग तव सीता ❀ मो कहुँ सकल भए बिपरीता ॥१॥
नव तरु किसलय मनहु कृसानू ❀ काल निसा सम निसि ससि भानू ॥२॥

(अनि हनूमान्जी फेरि बोले) रामजीले भन्नुभएको छ कि—"हे सीते ! तिम्रा वियोगले गर्दा मेरा हकमा सबै कुरा विपरीतै भएका छन् ॥ १ ॥ नयाँ नयाँ पालुवा अग्निसमान भए, रात्रि कालरात्रिजस्ती भई, चन्द्रमा सूर्यजस्ता भए ॥ २ ॥

कुबलयबिपिन कुंतबन सरिसा ❀ बारिद तपत तेल जनु बरिसा ॥३॥
जे हित रहे करत तेइ पीरा ❀ उरग स्वास सम त्रिबिध समीरा ॥४॥

कमलका वन भालाका बथानजस्ता भए । बादलबाट तताएको तेलजस्तो चीज वर्षन्छ ॥ ३ ॥ जुन वृक्षका छहारीमा बसौं त्यसैले पीडा गर्दछ, तीन प्रकारको (सुगन्ध-मन्द-शीतल) हावा सर्पको सासजस्तो छ ॥ ४ ॥

कहेहू तें कछु दुख घटि होई ❀ काहि कहौं येह जान न कोई ॥५॥
तत्त्व प्रेम कर मम अरु तोरा ❀ जानत प्रिया एकु मनु मोरा ॥६॥

सो मनु सदा रहत तोही पाहीं ❀ जानु प्रीतिरसु एतनेंहि माहीं ॥७॥

'बताएदेखि दुःख केही घट्तैनथ्यो र ? कसलाई बताउँ, यो मर्म कोही जान्दैन ॥ ५ ॥ प्यारी ! तिम्रो र मेरो प्रेमको तत्त्व (रहस्य) लाई एउटा मेरो मन जान्दथ्यो, त्यो मन सदा सर्वदा तिमीसितै छ, यत्तिमा प्रीतिको रस जान" ॥ ६ ॥ ७ ॥

प्रभुसंदेसु सुनत बैदेही ❀ मगन प्रेम तन सुधि नहि तेही ॥८॥
कह कपि हृदय धीर धरु माता ❀ सुमिरु राम सेवक सुखदाता ॥९॥
उर आनहु रघुपतिप्रभुताई ❀ सुनि मम वचन तजहु कदराई ॥१०॥

प्रभुजीको सन्देश सुन्दा जानकीजी प्रेममा डुब्नुभयो । उहाँलाई शरीरको सुद्धि-बुद्धि रहेन ॥ ८ ॥ हनूमान्‌जीले भने–"हे जननी ! हृदयमा धैर्य धारण गर्नुहोस् , सेवकलाई सुख दिने रघुनाथजीलाई संझनुहोस् ॥ ९ ॥ रघुनाथजीको प्रभावलाई मनमा ल्याउनुहोस् (संझनुहोस्) । मेरो वचन सुनेर कातरपनालाई छाडिदिनुहोस् ॥ १० ॥

दोहा–निसिचरनिकर पतंगसम रघुपतिबान कृसानु ।
जननी हृदय धीर धरु जरे निसाचर जानु ॥१४॥

हे जननी ! धैर्य धारण गर्नुहोस् , रघुनाथजीका बाण अग्नि हुन् , राक्षसका समूह पुतलीजस्ता हुनेछन् । (आइलाग्ने ता छन् , तर) ती राक्षस समूहलाई जलेका संझनुहोस् ॥१४॥

चौ०–जौ रघुबीर होति सुधि पाई ❀ करते नहि बिलंबु रघुराई ॥१॥
रामबान रबि उएँ जानकी ❀ तम बरूथ कहँ जातुधान की ॥२॥

यदि रघुनाथजीले हजूरको खबर पाउनुहुँदोहो ता विलम्ब गर्नुहुने थिएन ॥ १ ॥ जानकी महारानी ! रामजीका बाणरूपी सूर्य उदाएपछि राक्षसरूपी अन्धकार कहाँ रहन सक्तछन् र ? ॥ २ ॥

अबहि मातु मैं जाउँ लवाई ❀ प्रभु आएसु नहि रामदोहाई ॥३॥
कछुक दिवस जननी धरु धीरा ❀ कपिन्ह सहित अइहहिं रघुबीरा ॥४॥

माताजी ! म ऐल्यै हजूरलाई लैजानेथिएँ, परन्तु म रामजीको शपथ गर्दछु, मलाई आज्ञा भएको छैन ॥ ३ ॥ हे जननी ! केही दिन धैर्य धर्नुहोस् , वानरहरूका साथ रघुवीर पाल्नुहुनेछ ॥ ४ ॥

निसिचर मारि तोहि लै जैहहिं ❀ तिहुँ पुर नारदादि जसु गैहहिं ॥५॥
हैं सुत कपि सब तुम्हहि समाना ❀ जातुधान अति भट बलवाना ॥६॥

---

(१) जस्तोसुकै ठूलो दुःख भए पनि हितचित्त मिलेको मित्र, स्वामिभक्त भृत्य, प्यारी स्त्री, दयालु मालिक, यी ४ जनामध्ये कसैसँग दुःख बिसाउन पाएदेखि दुःखको बोझा केही हलुको हुन्छ ।

सुहृदि निरन्तरचित्ते गुणवति भृत्ये प्रियासु नारीषु ।
स्वामिनि दयार्द्रचित्ते निवेद्य दुःखं जनः सुखी भवति ॥

राक्षसहरूलाई मारेर हजूरलाई लगिबक्सिनेछ, नारदादि मुनिहरू तीनै लोकमा यश गाउनेछन्" ॥ ५ ॥ (हनूमान्‌का यी वचन सुनेर सीताजीले भन्नुभयो-) बाबु ! सबै वानर तिमीजत्रै होलान् , राक्षसका जोद्धाहरू खूब बलवान् छन—॥ ६ ॥

मोरें हृदय परम संदेहा ❀ सुनि कपि प्रगट कीन्हि निज देहा ॥७॥
कनकभूधराकार सरीरा ❀ समर भयंकर अति बलबीरा ॥८॥
सीतामन भरोस तब भएऊ ❀ पुनि लघु रूप पवनसुत लएऊ ॥९॥

यसैले मेरा हृदयमा ठूलो सन्देह छ"। यो वचन सुनेर हनूमानजीले आफ्नो शरीर प्रकट गरे ॥ ७ ॥ उनको शरीर सुवर्णको पर्वतजस्तो (ठूलो तेजिलो रातो पहेंलो) युद्धमा भयङ्कर, अत्यन्त बलवान् , वीर थियो ॥ ८ ॥ त्यो देख्ता सीताजीका मनमा भरोसा भयो। अनि पवनकुमारले सानु रूप लिए ॥ ९ ॥

दोहा–सुनु माता साखामृग नहि बल बुद्धि बिसाल ।
प्रभुप्रताप तें गरुड़हि खाइ परम लघु ब्याल ॥१५॥

हे माता ! सुन्नुहोस वानरहरूको ठूलो बुद्धि र ठूलो बल हुँदैन, तर प्रभुजीका प्रतापले (रामजीको कृपाकटाक्ष पाउनाले) अति सानु सर्प गरुड़लाई खान सक्तछ ॥ १५ ॥

चौ०–मन संतोष सुनत कपिबानी ❀ भगति प्रताप तेज बल सानी ॥१॥
आसिष दीन्हि रामप्रिय जाना ❀ होहु तात बल सील निधाना ॥२॥

हनुमान्‌जीका भक्ति, प्रताप, तेज, बल यी ४ पदार्थले मिश्रित भएका वचन सुन्नाका साथ सीताजीका मनमा सन्तोष भयो ॥ १ ॥ रामजीका प्रेमपात्र जान्नुभयो र "बाबु ? तिमी बलनिधान, बुद्धिनिधान भए ॥ २ ॥

अजर अमर गुननिधि सुत होहू ❀ करहुँ बहुत रघुनायक छोहू ॥३॥
करहुँ कृपा प्रभु अस सुनि काना ❀ निर्भर प्रेम मगन हनुमाना ॥४॥

बाबु! तिमी अजर, अमर, गुणनिधान भए, रघुनाथजी तिम्राउपर खूब प्रेमी हुनुहोस् , प्रभुजी कृपा गर्नुहोस्" ॥ ३ ॥ यस्तो आशिष दिनुभयो, त्यो आशिष कानले सुन्दा हनूमानजी गाढ़ प्रेममा पूर्ण मगन भए ॥ ४ ॥

बार बार नाएसि पद सीसा ❀ बोला बचन जोरि कर कीसा ॥५॥
अब कृतकृत्य भएउँ मैं माता ❀ आसिष तव अमोघ बिख्याता ॥६॥

हनूमान्‌जीले सीताजीका पाउमा वारंवार माथ राखे, अनि हात जोरेर बोले ॥ ५ ॥ "हे माता ! अब म कृतकृत्य भएँ, हजूरको आशिष अमोघ छ भनेर प्रख्यात छ ॥ ६ ॥

सुनहु मातु मोहि अतिसय भूखा ❀ लागि देखि सुंदर फल रूखा ॥७॥
सुनु सुत करहिं बिपिन रखवारी ❀ परम सुभट रजनीचर भारी ॥८॥
तिन्ह कर भय माता मोहि नाहीं ❀ जौ तुम्ह सुख मानहु मन माहीं ॥९॥

माता ! सुन्नुहोस्, यी वृक्षमा राम्रा राम्रा फल लागेको देखेर मलाई चौपट्टै भोक लागेको छ ॥ ७ ॥ (सीताजीले भन्नुभयो-) "बाबु !-सुन, ठूला ठूला, बलवान् राक्षसहरू यो बघैंचाको रखवाली गर्दछन्, तिनीहरू परम जोद्धा (जोधा) छन्" (के गर्नु?) ॥ ८ ॥ (हनूमान्जीले भने कि) माताजी हजूर प्रसन्न हुनुहुन्छ (यस कुरालाई मञ्जूर गर्नुहुन्छ) भने मलाई तिनको डर छैन ॥ ९ ॥

दोहा—देखि बुद्धि बल निपुन कपि कहेउ जानकी जाहु ।
रघुपतिचरन हृदय धरि तात मधुर फल खाहु ॥१६॥

हनूमान्जीलाई बुद्धि र बलमा कुशल देखेर सीताजीले "बाबु ! जाउ, रघुनाथजीका चरणको चिन्तना गरेर मीठा मीठा फल खाऊ" भन्नुभयो ॥ १६ ॥

[वाटिका-विध्वंस]

चौ०—चलेउ नाइ सिरु पैठेउ बागा ❀ फल खाएसि तरु तोरैं लागा ॥१॥
रहे तहाँ बहु भट रखवारे ❀ कछु मारेसि कछु जाइ पुकारे ॥२॥

हनूमान्जी सीताजीको पाउमा दण्डवत् गरेर बघैंचामा घुसे, फल खाए, वृक्ष भाँच्न लागे ॥ १ ॥ त्यहाँ धेरै योद्धा पाले रहेका थिए, तीमध्येमा हनूमान्जीले कसैलाई मारे, कोही भागेर रावणका समीप पुगेर पुकारा गर्न लागे ॥ २ ॥

नाथ एक आवा कपि भारी ❀ तेहि असोकबाटिका उजारी ॥३॥
खायेसि फल अरु बिटप उपारे ❀ रक्षक मर्दि मर्दि महि डारे ॥४॥

हे नाथ ! एउटा ठूलो वानर आएको छ, त्यसले अशोकवाटिका उजारिसक्यो ॥ ३ ॥ फल खायो, रूख उखेल्यो, रक्षकहरूलाई माडीमाडोकन भैमा पछार्‍यो" ॥ ४ ॥

सुनि रावन पठए भट नाना ❀ तिन्हहि देखि गर्जेउ हनुमाना ॥५॥
सब रजनीचर कपि संघारे ❀ गए पुकारत कछु अधमारे ॥६॥

रावणले यो खबर सुनेर अनेक योद्धाहरूलाई पठायो, तिनलाई देखेर हनूमान्जीले गर्जना (सिंहनाद) गरे ॥ ५ ॥ हनूमान्ले सबैको संहार गरे, अधमरा भएका (आधा मरेजस्ता) कोही चिच्याउँदै भागे ॥ ६ ॥

पुनि पठएउ तेहिं अक्षकुमारा ❀ चला संग लै सुभट अपारा ॥७॥
आवत देखि बिटप गहि तर्जा ❀ ताहि निपाति महा धुनि गर्जा ॥८॥

फेरि रावणले अक्षकुमार (आफ्नो छोरा) लाई पठायो, त्यो अपार जोद्धा फौज लिएर गयो ॥ ७ ॥ त्यसलाई आउन लागेको देखेर हनूमान्ले एउटा वृक्ष उखेलेर लिए अनि सिंहनाद गरेर त्यसलाई ठोकेर गिराए, फेरि ठूलो गर्जना गरे ॥ ८ ॥

दोहा—कछु मारेसि कछु मर्देसि कछु मिलायसि धरि धूरि ।
कछु पुनि जाइ पुकारे प्रभु मर्कट बलभूरि ॥१७॥

कतिलाई मारे, कतिलाई माडे, कतिलाई समातेर रगड़ीरगड़ीकन धूलामा मिलाए। कति गएर "प्रभु वानर बड़ो बलवान् छ" भनी चिच्याउन लागे ॥ १७ ॥

चौ०–सुनि सुतबध लंकेस रिसाना ❀ पठएसि मेघनाद बलवाना ॥१॥
मारसि जनि सुत बाँधेसु ताही ❀ देखिअ कपिहि कहाँ कर आही ॥२॥

पुत्रबध सुनेर रावण झोक्कियो र त्यसले बलवान् मेघनाद (इन्द्रजित) लाई बोलाएर "पुत्र! त्यसलाई मार्न ता नमारेस्, बाँधेस्, त्यो वानर कहाँको हो, हेरौं" भनीकन पठायो ॥ १ ॥ २ ॥

चला इन्द्रजित अतुलित जोधा ❀ बंधुनिधन सुनि उपजा क्रोधा ॥३॥
कपि देखा दारुन भट आवा ❀ कटकटाइ गर्जा अरु धावा ॥४॥

भाईको बध सुनेर हृदयमा क्रोध उठेको अद्वितीयको योद्धा भएको इन्द्रजित हिंड्यो, ॥ ३ ॥ हनूमान्ले बलवान् भयङ्कर योद्धा आएको देखे, दाँत किटकिटाईकन गर्जेर दौडे ॥ ४ ॥

अति बिसाल तरु एक उपारा ❀ बिरथ कीन्ह लंकेसकुमारा ॥५॥
रहे महा भट ताकें संगा ❀ गहि गहि कपि मर्दइ निज अंगा ॥६॥

एउटा खूब ठूलो वृक्ष उखेले, त्यसैका प्रहारले लङ्केशकुमार (मेघनाद) लाई विरथ पारे (त्यसको रथ चकनाचूर पारिदिए) ॥ ५ ॥ त्यसका साथमा बड़ेबड़े योद्धाहरू थिए, तिनलाई पक्रीपक्रीकन आफ्ना आङमा दलीदलीकन खतम पार्न लागे ॥ ६ ॥

तिन्हहि निपाति ताहि सन बाजा ❀ भिरे जुगल मानहु गजराजा ॥७॥
मुठिका मारि चढ़ा तरु जाई ❀ ताहि एक छन मुरुछा आई ॥८॥
उठि बहोरि कीन्हिसि बहु माया ❀ जीति न जाइ प्रभंजनजाया ॥९॥

ती सबैलाई मारिसकेपछि मेघनादसँग भिडे, दुवैजना मत्ताएका दुइ हात्ती झैं भिडे ॥ ७ ॥ हनूमान्ले मेघनादलाई एक मुक्का ठोकेर वृक्षमा चढे, त्यसलाई एकछिन मूर्छा आयो ॥ ८ ॥ अनि उठेर त्यसले खूब माया फैलायो, तर प्रभंजनपुत्र (वायुपुत्र हनूमान्) जित्न सकिएनन्। (मायाका प्रयोगले पनि हनूमान्लाई जित्न सकेन) ॥ ९ ॥

दोहा–ब्रह्म अस्त्र तेहि साँधा कपि मन कीन्ह बिचार।
जौं न ब्रह्म सर मानौं महिमा मिटइ अपार ॥१८॥

अनि मेघनादले ब्रह्मास्त्रको संधान गऱ्यो (ब्रह्मास्त्र लिएर धनुमा जोड्यो) हनूमान्ले "ब्रह्मास्त्रलाई मैले मानिनँभने, त्यसको अपार महिमा मेटिनेछ" भनी विचार गरे ॥ १८ ॥

[हनूमद्बन्धन]

चौ०–ब्रह्मबान कपि कहुँ तेहि मारा ❀ परतिहु बार कटकु संघारा ॥१॥
तेहि देखा कपि मुरुछित भयऊ ❀ नागपास बाँधेसि लै गयऊ ॥२॥

त्यसले हनूमान्जीलाई ब्रह्मास्त्रको प्रहार गऱ्यो, हनूमान्ले ढलदा ढलदै पनि धेरै सेना-

लाई (पर्वताकार शरीरले थिचेर) संहार गरे ॥ १ ॥ मेघनादले हनूमान्‌लाई मूर्छित भएको देखेर नागपाशले बाँध्यो, त्रिउँझे जस्तो भएपछि लिएर हिंड्यो ॥ २ ॥

जासु नाम जपि सुनहु भवानी ❀ भवबंधन काटहिं नर ज्ञानी ॥३॥
तासु दूत कि बंध तर आवा ❀ प्रभुकारज लगि कपिहि बँधावा ॥४॥

हे पार्वती ! सुन, जसको नाम जपेर मानिस ज्ञानी हुन्छन् र संसारबन्धनलाई काट्तछन् ॥ ३ ॥ उहाँको दूत बन्धनका वशमा पर्न सक्तछ ? स्वामीका कार्यका निमित्त हनूमान्‌जी स्वयं बाँधिएका हुन् ॥ ४ ॥

कपिबंधन सुनि निसिचर धाए ❀ कौतुक लागि सभाँ सब आए ॥५॥
दसमुखसभा दीखि कपि जाई ❀ कहि न जाइ कछु अति प्रभुताई ॥६॥

वानर बाँधियो भन्ने खबर सुनेर राक्षसहरू दौड़े, तमाशा हेर्नाका लागि सबै रावणका सभामा आइपुगे ॥ ५ ॥ गएर हनूमान्‌जीले रावणको सभा देखे, त्यसको प्रभाव कत्ति पनि वर्णन गर्न सकिदैनथ्यो ॥ ६ ॥

कर जोरें सुर दिसिप बिनीता ❀ भृकुटि बिलोकत सकल सभीता ॥७॥
देखि प्रताप न कपिमन संका ❀ जिमि अहिगन महुँ गरुड़ असंका ॥८॥

त्यहाँ देवताहरू र इन्द्रादि दिक्पालहरू सबै नम्र भएर हात जोरीकन रिसाएका रावणको कुटिल भृकुटिलाई डराईडराईकन हेरेर खड़ा भएका थिए ॥ ७ ॥ त्यसको त्यो प्रताप देख्ता पनि हनूमान्‌का मनमा शंका भएन (हनूमान्‌ले धक्काधार केही मानेनन्) जसरी सर्पका बथानलाई देख्ता पनि गरुड़ निःशंक रहन्छन् (हनूमान् त्यस्तै निःशंक भए) ॥ ८ ॥

[रावण हनूमत्संवाद]

दोहा—कपिहि बिलोकि दसानन बिहसा कहि दुर्बाद ।
सुतबध सुरति कीन्हि पुनि उपजा हृदयँ बिषाद ॥१९॥

हनूमान्‌लाई देखेर रावण दुर्वचन बोलेर हाँस्यो । अनि पुत्रबधको स्मरण गरेर (छोरा मारेको संझेर) त्यसका हृदयमा विषाद भयो ॥ १९ ॥

चौ०—कह लंकेस कवन तइँ कीसा ❀ केहि के बल घालेहि बन खीसा ॥१॥
कीधौं श्रवन सुनेहि नहि मोही ❀ देखौं अति असंक सठ तोही ॥२॥

रावणले भन्यो—“ए बानर ! तँ को होस् ? कसको बल (आड) ले तैंले बघैंचा उजारिस् ? ॥ १ ॥ यस्तो लाग्दछ कि तैंले कानले मेरो नाम सुनेको रहिनछस्, बदमाश ! म तँलाई अत्यन्त निःशंक पो देख्तछु ए ॥ २ ॥

मारेहि निसिचर केहि अपराधा ❀ कहु सठ तोहि न प्रान कै बाधा ॥३॥
सुनु रावन ब्रह्मांडनिकाया ❀ पाइ जासु बल बिरचति माया ॥४॥

तैंले के कसूरमा राक्षसलाई मारिस्, बदमाश ! भन्, तँलाई प्राणबाधा छैन ? (प्राण

जाला भन्ने डर छैन ?)" ॥ ३ ॥ (हनूमान्‌ले भने) "रावण ! सुन, जसको बल पाएर माया अनेक ब्रह्माण्डको रचना गर्दछिन् ॥ ४ ॥

जाकें बल बिरंचि हरि ईसा ❀ पालत सृजत हरत दससीसा ॥५॥
जा बल सीस धरत सहसानन ❀ अंडकोस समेत गिरि कानन ॥६॥

हे रावण ! जसका बलले ब्रह्माजी सृष्टि गर्नुहुन्छ, विष्णुभगवान् पालन (स्थिति) गर्नुहुन्छ, शंकरजी संहार गर्नुहुन्छ ॥ ५ ॥ जसका बलले हज्जार शिर भएका शेषजी अनेक पर्वत जंगलले युक्त भएको यो ब्रह्माण्डलाई शिरसा धारण गरिरहनुभएको छ ॥ ६ ॥

धरइ जो बिबिध देह सुरत्राता ❀ तुम्ह से सठन्ह सिखावनु दाता ॥७॥
हरकोदंड कठिन जेहि भंजा ❀ तोहि समेत नृपदल मद गंजा ॥८॥
खर दूषन त्रिसिरा अरु बाली ❀ बधे सकल अतुलित बल साली ॥९॥

जो देवताका रक्षाका निमित्त अनेक देह धारण गर्नुहुन्छ, जो तिमीजस्ता शठलाई शिक्षा (दण्ड) दिनुहुन्छ ॥ ७ ॥ जसले महाकठोर शंकरजीको धनुलाई भाँच्नुभयो, जसले तिमीलगायत राजाहरूको घमण्डलाई तोड्यो ॥ ८ ॥ जसले अद्वितीय बलवान् भएका खरदूषण त्रिशिरा बालि यी सबैलाई मार्‍यो ॥ ९ ॥

दोहा—जाके बल लवलेस तें जितेहु चराचर झारि ।
तासु दूत मैं जा करि हरि आनेहु प्रिय नारि ॥२०॥

जसका बलको लवलेश पाउँदाखेरि तिमीले चराचर जगत्‌लाई जितेर हाराबारा खेलाएका छौ, जसकी प्यारी स्त्रीलाई तिमीले चोरेर ल्याएका छौ, म उनैको दूत हुँ ॥ २० ॥

चौ०—जानउँ मैं तुम्हारि प्रभुताई ❀ सहसबाहु सन परी लराई ॥१॥
समर बालि सन करि जसु पावा ❀ सुनि कपि बचन बिहसि बहरावा ॥२॥

हे रावण ! म तिम्रो प्रभाव जान्दछु, सहस्रबाहु (कार्तवीर्य) सँग तिम्रो लड़ाइँ भएको थियो, होइन ? ॥ १ ॥ बालिसँग युद्ध गरेर तिमीले जस पाएका छौ" हनूमान्‌का यी वचन सुनेर रावण हाँस्यो र हनुमान्‌का कुरालाई अलमल्याउन लाग्यो ॥ २ ॥ (क)

खाएउँ फल प्रभु लागी भूखा ❀ कपिसुभाउ तें तोरेउँ रूखा ॥३॥
सब के देह परम प्रिय स्वामी ❀ मारहिं मोहि कुमारगगामी ॥४॥

हे प्रभु ! भोक लागेको थियो, फल खाइदिएँ । वानरको स्वभावले रूख भाँचें ॥ ३ ॥ हे स्वामी ! सबैलाई आफ्नो शरीर प्यारो हुन्छ, कुमार्गगामी (कुबाटो हिंड्ने राक्षसहरू) मलाई पिट्न लागे ॥ ४ ॥

(क) मदान्ध भएर जोरी खोज्दै युद्ध गर्न आएका रावणलाई सहस्रबाहु राजा कार्तवीर्यले गिरफ्तार गरेर कैद गरेका थिए । रावणका पितामह (बाजे) पुलस्त्य मुनिले आएर कार्तवीर्यसँग प्रार्थना गरीकन नाति रावणलाई कैदबाट छुटाएर लगेका थिए । युद्ध गर्न जोरी खोज्दै आएका रावणलाई बालिले काखीमा च्यापेर चेतबाबा ! पारेका थिए । यी दुई कुरा उठाउँदा धूर्त रावणले ती कुरा अलमल्याउन लाग्यो।

जिन्ह मोहि मारा ते मैं मारे ❀ तेहि पर बाँधेउ तनय तुम्हारें ॥५॥
मोहि न कछु बाँधे कइ लाजा ❀ कीन्ह चहउँ निज प्रभु कर काजा ॥६॥

जसले मलाई पिट्यो, उसलाई मैले पिटें, त्यसैबाबत तिम्रा छोराले मलाई बाँध्यो ॥ ५ ॥ मलाई बाँधिएकोमा लाज केही छैन, आफ्ना प्रभुको काम गर्न चाहन्छु ॥ ६ ॥

बिनती करउँ जोरि कर रावन ❀ सुनहु मान तजि मोर सिखावन ॥७॥
देखहु तुम्ह निज कुलहि बिचारी ❀ भ्रम तजि भजहु भगत भय हारी ॥८॥

हे रावण ! दुई हात जोरेर विन्ति गर्दछु, अभिमान छाडेर मेरो शिक्षा सुन ॥ ७ ॥ तिमी विचार गरेर आफ्ना खानदानका उपर दृष्टि देउ, भ्रान्ति छाडेर भक्तभयहारी रघुनाथजीलाई भज ॥ ८ ॥

जाकें डर अति काल डेराई ❀ जो सुर असुर चराचर खाई ॥९॥
तासों बयरु कबहुँ नहि कीजे ❀ मोरें कहे जानकी दीजे ॥१०॥

जो देव-दैत्य आदि गरेको चराचर जगत्लाई खान्छ, त्यो काल पनि जसका डरले कायल हुन्छ ॥ ९ ॥ उनसँग वैरभाव कहिल्यै नगरे, मैले भनेपछि जानकीलाई (फिर्ता) देऊ ॥ १० ॥

दोहा–प्रनतपाल रघुनायक करुनासिंधु खरारि ।
गएँ सरन प्रभु राखिहिं तव अपराध बिसारि ॥२१॥

खर राक्षसका शत्रु, करुणाका सागर, भक्तवत्सल रघुनाथजी शरण गयौभने तिम्रो अपराध बिर्सेर रक्षा गर्नुहुनेछ ॥ २१ ॥

चौ०–रामचरन पंकज उर धरहू ❀ लंका अचल राजु तुम्ह करहू ॥१॥
रिषि पुलस्ति जसु बिमल मयंका ❀ तेहि ससि महु जनि होहु कलंका ॥२॥

रामजीका चरणकमललाई हृदयमा राख र तिमी लङ्काको अटल राज्य गर ॥ १ ॥ पुलस्त्य ऋषिको यश निर्मल चन्द्रमा हो, त्यो चन्द्रमामा तिमी कलंक नहोऊ ॥ २ ॥

रामनाम बिनु गिरा न सोहा ❀ देखु बिचारि त्यागि मद मोहा ॥३॥
बसनहीन नहि सोह सुरारी ❀ सब भूषन भूषित बर नारी ॥४॥

विनारामनाम वाणीको शोभा छैन, मद-मोहलाई छाडेर विचार गरी हेर, ॥ ३ ॥ हे देववैरी ! सबै अंगमा गहनाले भूषित भएकी छ भने पनि वस्त्रहीन (नग्न) छभने सुन्दरी स्त्री पनि सुशोभित हुन्न ॥ ४ ॥

रामबिमुख संपति प्रभुताई ❀ जाइ रही पाइ बिनु पाई ॥५॥
सजल मूल जिन्ह सरितन्ह नाहीं ❀ बरषि गएँ पुनि तबहि सुखाहीं ॥६॥

रामदेखि विमुख भएका व्यक्तिको संपत्ति र प्रभुत्व रहेको पनि गइरहेको हुन्छ, पाए पनि नपाएकै हो ॥ ५ ॥ जुन नदीको मूल जलयुक्त (सर्वदा पानी रहने) छैन, त्यो नदी वर्षा सिद्धिएपछि तत्कालैमा सुक्तछ ॥ ६ ॥

सुनु दसकंठ कहौं पन रोपी ❀ बिमुख राम त्राता नहि कोपी ॥७॥
संकर सहस बिष्नु अज तोही ❀ सकहिं न राखि रामकर द्रोही ॥८॥

हे दशकण्ठ सुन, प्रण गरेर (यसै हो भनी ठोकेर) भन्दछु, रामदेखि विमुख हुनेको कोही पनि रक्षक छैन ॥ ७ ॥ रामजीको द्रोह गर्ने तिमीलाई हज्जार शंकर, हज्जार विष्णु, हज्जार ब्रह्माले पनि बचाउन सक्तैनन् ॥ ८ ॥

दोहा—मोहमूल बहु सूल प्रद त्यागहु तम अभिमान ।
भजहु राम रघुनायक कृपासिंधु भगवान ॥२२॥

अज्ञानबाट पैदा भएको, अनेक दुःख दिने, तमोगुणी अभिमानलाई छाड । करुणासागर सर्वसामर्थ्यवान् रघुनाथजीलाई भज ॥ २२ ॥

चौ०—जदपि कहि कपि अति हित बानी ❀ भगति बिबेक बिरति नय सानी ॥१॥
बोला बिहसि महा अभिमानी ❀ मिला हमहि कपि गुर बड़ ज्ञानी ॥२॥

यद्यपि हनुमान्‌जीले अत्यन्त हितकारी भएकी भक्ति, ज्ञान, वैराग्य नीतिले मिश्रितभएकी वाणी बोलेका हुन् ॥ १ ॥ तैपनि महाअभिमानी रावण उच्चहास गरेर (खूब हाँसेर) बोल्यो—“यो वानर बडो ज्ञानी गुरु पो भेट्टियो ॥ २ ॥

मृत्यु निकट आई खल तोही ❀ लागेसि अधम सिखावन मोही ॥३॥
उलटा होइहि कह हनुमाना ❀ मतिभ्रम तोहि प्रगट मैं जाना ॥४॥

दुष्ट ! मृत्यु तेरा निकट (समीप) आयो । हे अधम ! मलाई सिकाउन लागिस् ?” ॥ ३ ॥ हनूमान्‌ले भने–“तैंले भनेको कुरा उल्टा हुनेछ (अर्थात् मृत्यु तेरै निकटमा आएछ) तँलाई बुद्धिको भ्रान्ति भएको मैले स्पष्ट जानें” ॥ ४ ॥

सुनि कपिबचन बहुत खिसिआना ❀ बेगि न हरहु मूढ़ कर प्राना ॥५॥
सुनत निसाचर मारन धाए ❀ सचिवन्ह सहित बिभीषनु आए ॥६॥

हनूमान्‌जीको वचन सुनेर रावण जङ्गियो र भन्न लाग्यो—“ए ! यो मूर्खको प्राण झट्टै किन लिंदैनौ हँ ?” ॥ ५ ॥ यो वचन सुन्नाका साथ हनूमान्‌लाई मार्न राक्षसहरू दौडेका थिए, त्यसै वेलामा आफ्ना मन्त्रीले सहित भएका विभीषण आइपुगे ॥ ६ ॥

नाइ सीस करि बिनय बहूता ❀ नीतिबिरोध न मारिय दूता ॥७॥
आन दंड कछु करिअ गोसाँई ❀ सबहीं कहा मंत्र भल भाई ॥८॥
सुनत बिहसि बोला दसकंधर ❀ अंगभंग करि पठइअ बंदर ॥९॥

तिनले शिर झुकाएर धेरै विन्ति गरेर—“दूतलाई नमारिबक्सियोस्, यो काम नीतिविरुद्ध हो, ॥ ७ ॥ प्रभु ! अर्कै केही दण्ड (सजा) गरिबक्सियोस्” यसो भने । सबैजना “हजूरका भाईले गरेको मन्त्रणा बेश हो” भन्न लागे ॥ ८ ॥ त्यो सुन्नेबित्तिकै रावणले हाँसेर भन्यो—“यो वानरलाई अङ्गभङ्ग गरेर पठाउनुपर्दछ” ॥ ९ ॥

[लंकादहन]

दोहा–कपि कें ममता पूँछ पर सबहि कहौं समुझाइ ।
तेल बोरि पट बाँधि पुनि पावक देहु लगाइ ॥२३॥

रावणले सबैलाई संझाएर भन्यो कि—"वानरहरूलाई पुछरमा ममता हुन्छ त्यसैमा लत्ताकपड़ा बाँधेर तेलमा डुबाईकन आगो लगाइदेऊ ॥ २३ ॥

चौ०–पूँछहीन बानर तहँ जाइहि ❀ तब सठ निज नाथहि लइ आइहि ॥१॥
जिन्ह कै कीन्हिसि बहुत बड़ाई ❀ देखौं मैं तिन्ह कै प्रभुताई ॥२॥

पुच्छर नभएको यो बदमाश बानर त्यहाँ जाला, आफ्ना मालिकलाई यहाँ ल्याउला, ॥ १ ॥ जसको यसले खूब तारीफ गरेको छ, त्यसको प्रभाव म हेरुँला" ॥ २ ॥

बचन सुनत कपि मन मुसुकाना ❀ भइ सहाय सारद मैं जाना ॥३॥
जातुधान सुनि रावनबचना ❀ लागे रचैं मूढ़ सोइ रचना ॥४॥

यो वचन सुनेर हनूमान् हाँसे, "सरस्वती सहाय भइन्, मैले जानें" यस्तो विचार गर्न लागे (रावणको महाअनिष्ट गर्नुपरेको थियो, सरस्वतीले रावणका मुखबाट यस्तो वचन निकालिदिइन्, अहा ! अब सजिलो भयो भन्ने विचार गरे) ॥ ३ ॥ मूर्ख राक्षसहरू रावणको वचन सुनेर त्यही रचना रच्न (रावणले भनेमुताबिक गर्न) लागे ॥ ४ ॥

रहा न नगर बसन घृत तेला ❀ बाढ़ी पूँछ कीन्ह कपि खेला ॥५॥
कौतुक कहँ आए पुरबासी ❀ मारहिं चरन करहिं बहु हासी ॥६॥

नगरमा वस्त्र, घिउ-तेल बाँकी रहेन, हनूमान्‌ले खेल गरे, पुच्छर बढ्यो ॥ ५ ॥ त्यो तमाशा हेर्न नगरनिवासीहरू आए, तिनीहरू लात्तले हान्दथे, खूब हँसी गर्दथे ॥ ६ ॥

बाजहिं ढोल देहिं सब तारी ❀ नगर फेरि पुनि पूँछ प्रजारी ॥७॥
पावक जरत देखि हनुमंता ❀ भएउ परम लघु रूप तुरंता ॥८॥
निबुकि चढ़ेउ कपि कनक अटारीं ❀ भईं सभीत निसाचरनारीं ॥९॥

ढोलबाजा बज्न लागे, सबैजना ताली पिट्न लागे, शहर घुमाएर पुछरमा आगो सल्काइदिए ॥ ७ ॥ आगो सल्केको देखेपछि हनूमान्‌जीले तुरन्तै अत्यन्त सानु रूप धारण गरे ॥ ८ ॥ अनि हनूमान्‌जी उफ्रेर सुवर्णमय अटाली (कौसी) मा चढे, राक्षसीहरू भयभीत भए ॥ ९ ॥

दोहा–हरिप्रेरित तेहि अवसर चले मरुत उनचास ।
अट्टहास करि गर्जा कपि बढ़ि लाग अकास ॥२४॥

ईश्वरका प्रेरणाले त्यस वेलामा उनञ्चासै वायुगण चले। हनूमान् बढेर आकाश-छुने भईकन अट्टहास गरेर गर्जे ॥ २४ ॥

चौ०–देह बिसाल परम हरुआई ❀ मंदिर तें मंदिर चढ़ धाई ।।१।।
जरइ नगर भा लोग बिहाला ❀ झपट लपट बहु कोटि कराला ।।२।।

हनूमान्‌को शरीरभने खूब ठूलो भयो, तर शरीरको हलुकापन खूब थियो (शरीर फूर्तिलो थियो, भद्दा थिएन)। यो महलबाट उ महलमा दौडीदौडी चढ्न लागे ॥ १ ॥ नगर सल्क्यो, नगरनिवासी विह्वल भए। आगाका भयानक करोडौं ज्वालाका लपट चारैतिर झंटन लागे ॥ २ ॥

तात मातु हा सुनिअ पुकारा ❀ एहि अवसर को हमहि उबारा ।।३।।
हम जो कहा येह कपि नहि होई ❀ बानररूप धरें सुर कोई ।।४।।

बाबा ! आमा ! हाय ! यस्तो चिल्लाहट सुनिन लाग्यो, "यो वेलामा हामीलाई को बचाउला ?॥ ३ ॥ हामीले यो वानर होइन, वानरको रूप धारण गर्ने कुनै देवता हो भनेकै थियौं ॥ ४ ॥

साधु अवज्ञा कर फलु अैसा ❀ जरै नगर अनाथ कर जैसा ।।५।।
जारा नगरु निमिष एक माहीं ❀ एक बिभीषन कर गृह नाहीं ।।६।।

सज्जनका अपमानको फल यस्तै हुन्छ, सारा शहर अनाथ (बेवारिस) जस्तो भएर सल्क्यो" (यस्तो हल्ला चल्यो) ॥ ५ ॥ हनूमानले एकछिनमा नगर जलाए, एउटा विभीषणको घर केही भएन (बाँच्यो) ॥ ६ ॥

ता कर दूत अनल जेहि सिरिजा ❀ जरा न सो तेहि कारन गिरिजा ।।७।।
उलटि पलटि लंका सब जारी ❀ कूदि परा पुनि सिंधु मझारी ।।८।।

हे पार्वती ! जसले अग्निलाई सृष्टि गरेको हो (जसले अग्नि पैदा गरेको हो) उनै (परमेश्वर) का दूतलाई त्यसै कारणले (उत्पत्तिकर्ताको विरुद्ध काम गर्न नहुने हुनाले) अग्निले जलाएनन् ॥ ७ ॥ हनूमान्‌ले ओल्टाईपल्पटाईकन (ओहोरो-दोहोरो गरेर) सबै लंकालाई जलाए, अनि ती समुद्रमा कुदे ॥ ८ ॥

दोहा–पूँछ बुझाइ खोइ श्रम धरि लघु रूप बहोरि ।
जनकसुता कें आगें ठाढ़ भएउ कर जोरि ।।२५।।

हनूमान्‌ले पुच्छरको आगो निभाए, अनि थकाइ मारे, फेरि सानो रूप धारण गरेर सीताजीका अगाडि दुई हात जोरेर खडा भए ॥ २५ ॥

[चूडामणिसमर्पण]

चौ०–मातु मोहि दीजे कछु चीन्हा ❀ जैसें रघुनायक मोहि दीन्हा ।।१।।
चूड़ामनि उतारि तब दएऊ ❀ हरष समेत पवनसुत लएऊ ।।२।।

(हनूमान्‌ले विन्ति गरे) माता ! जसरी रघुनाथजीले (औंठी) मलाई बक्सनुभएको थियो, त्यसै गरी मलाई केही चिह्न (चिन्हु) बक्सनुहोस्", ॥ १ ॥ अनि सीताजीले चूडामणि (शिरोरत्न) उतारेर दिनुभयो, हनूमान्‌ले हर्षसहित भएर लिए ॥ २ ॥

[सीतासन्देश]

कहेहु तात अस मोर प्रनामा ❀ सब प्रकार प्रभु पूरनकामा ॥३॥
दीनदयाल बिरिदु संभारी ❀ हरहु नाथ मम संकट भारी ॥४॥

(सीताजीले भन्नुभयो) "बाबु ! मेरो दण्डवत् विन्ति गरेर यस्तो विन्ति चढ़ाए कि "प्रभु सब तरहबाट पूर्णकाम (सिद्धमनोरथ = इच्छा गरेको कुरा पूर्ण गर्ने) होइबक्सिन्छ ॥ ३ ॥ हे नाथ ! दीनदयाल भन्ने पदवीलाई बचाएर (दया माया नछाडेर) मेरो भारी संकष्ट हरि बक्सनुहोस्" ॥ ४ ॥

तात सक्रसुत कथा सुनाएहु ❀ बानप्रताप प्रभुहि समुझाएहु ॥५॥
मासदिवस महु नाथु न आवा ❀ तौ पुनि मोहि जिअत नहि पावा ॥६॥

बाबु ? हनुमान् ? यति विन्ति गरेपछि इन्द्रपुत्र (जयन्तकाग) को कथा[१] सुनाए। वहाँका बाणको प्रताप उहाँलाई संझाए। महीना दिनभित्रमा प्रभु पाल्नुभएनभने मलाई जीउँदी देख्न पाउनुहुनेछैन ॥ ५ ॥ ६ ॥

कहु कपि केहि बिधि राखौं प्राना ❀ तुम्हहूँ तात कहत अब जाना ॥७॥
तोहि देखि सीतलि भइ छाती ❀ पुनि मो कहुँ सोइ दिनु सोइ राती ॥८॥

हे हनूमन् ! तिमी नै भनन। म कुन तरहले प्राण राखौं ? बाबु ! तिमी पनि अब जान्छु भन्दछौ, ॥ ७ ॥ तिमीलाई देख्ता छाती शीतल भएथ्यो, अब ता मलाई उही दिन उही रात" ॥ ८ ॥

दोहा—जनकसुतहि समुझाइ करि बहु बिधि धीरजु दीन्ह।
चरन कमल सिरु नाइ कपि गवनु राम पहि कीन्ह ॥२६॥

हनूमान्जीले जानकीजीलाई संझाईवरि अनेक प्रकारले धैर्य दिए। अनि उहाँका चरणकमलमा शिर झुकाएर रामजीका समीपतर्फ प्रस्थान गरे (हिंडे) ॥ २६ ॥

चौ०—चलत महा धुनि गर्जेसि भारी ❀ गर्भ स्रवहिं सुनि निसिचरनारी ॥१॥
नाघि सिंधु एहि पारहि आवा ❀ सबद किलकिला कपिन्ह सुनावा ॥२॥

जाँदाखेरि ठूला आवाज गरेर खूब गर्जे, त्यो सुनेर राक्षसका स्त्रीहरूले आफ्ना गर्भसमेत तुहाए ॥ १ ॥ समुद्र नाघेर वल्लो पार आइपुगे, अनि वानरहरूलाई आफ्नो किलकिल शब्द सुनाए ॥ २ ॥

मुख प्रसन्न तन तेज बिराजा ❀ कीन्हेसि रामचंद्र कर काजा ॥३॥
हरषे सब बिलोकि हनुमाना ❀ नूतन जन्म कपिन्ह तब जाना ॥४॥

हनूमान्लाई देखेर सबै वानर हर्षित भए, सबैले आफ्नो पुनर्जन्म भएको ठाने ॥ ३ ॥

---

(१) जयन्त कागको कथा अरण्यकाण्ड आरम्भैमा तेस्रा चौपाईदेखि शुरू भएर चौथा सोरठामा समाप्त भएको छ।

हनूमान्जीको मुख प्रसन्न, शरीर तेजले देदीप्यमान भएको देखेर, रामचन्द्रको काम सिद्ध गरेछन् भनी जाने (भन्नुपरेन) ॥ ४ ॥

मिले सकल अति भए सुखारी ❀ तलफत मीन पाव जनु बारी ॥५॥
चले हरषि रघुनायक पासा ❀ पूँछत कहत नवल इतिहासा ॥६॥

सबै आएर मिले (भेटे) अत्यन्त सुखी भए, पानीविना छटपटाउन लागेका माछाले पानी पाएजस्तो भयो ॥ ५ ॥ अनि हर्षित भएर लंकाको नयाँ वृत्तान्त सोद्धै भन्दै सबैजना रघुनाथजीका तर्फ हिंडे ॥ ६ ॥

[मधुवनधर्षण]

तब मधुबन भीतर सब आए ❀ अंगदसंमत मधुफल खाए ॥७॥
रखवारे जब बरजइ लागे ❀ मुष्टिप्रहार हनत सब भागे ॥८॥

अनि तिनीहरू मधुवनभित्र आइपुगे, अंगदका संमतिले सबैले मह र फल खाए ॥ ७ ॥ वनका रखवालाहरूले हट्के, मुष्टिप्रहार (मुक्का) को चोट पाउँदा तिनीहरू भागे ॥ ८ ॥

दोहा—जाइ पुकारे ते सब बन उजार जुवराज ।
सुनि सुग्रीव हरष कपि करि आए प्रभुकाज ॥२७॥

तिनीहरूले गएर "युवराज अङ्गदले सबै वन उजारिसके" भनेर सुग्रीवका सामुन्ने चिच्याए । त्यो सुनेर सुग्रीव हर्षित भए, "वानरहरू प्रभुको काम सिद्ध गरेर आए ॥ २७ ॥

चौ०—जौ न होति सीतासुधि पाई ❀ मधुबन के फल सकहिं कि खाई ॥१॥
येहि बिधि मन बिचार कर राजा ❀ आइ गए कपि सहित समाजा ॥२॥

यदि तिनीहरूले सीताजीको खबर नपाएको हुँदो हो ता के तिनीहरू मधुवनको फल र मह खान सक्तथे ?" ॥ १ ॥ यस्तो विचार मनमा गरिरहेका थिए, सबै समाज एकत्र भएर वानरहरू आइपुगे ॥ २ ॥

आइ सबन्हि नावा पद सीसा ❀ मिलेउ सबन्हि अति प्रेम कपीसा ॥३॥
पूँछी कुसल कुसल पद देखी ❀ रामकृपाँ भा काजु बिसेषी ॥४॥

आएर सबैले सुग्रीवका पाउमा शिर राखे, वानरराज सुग्रीवले प्रेमसाथ सबैसँग भेट गरे, ॥ ३ ॥ अनि कुशलप्रश्न गरे । वानरहरूले "हजूरका पाउको दर्शन पाउनाले नै कुशल छ, रामजीका कृपाले विशेष काम सिद्ध भयो ॥ ४ ॥

नाथ काजु कीन्हेउ हनुमाना ❀ राखे सकल कपिन्ह के प्राना ॥५॥
सुनि सुग्रीव बहुरि तेहि मिलेऊ ❀ कपिन्ह सहित रघुपति पहि चलेऊ ॥६॥

हे नाथ ! काम हनूमान्जीले गरे । यिनैले सबै वानरको प्राण राखिदिए" ॥ ५ ॥ यो वचन सुनेर सुग्रीवले फेरि हनूमान्सँग भेट गरे, अनि सबै वानरहरूले सहित भईकन रघुनाथजीका समीप गए ॥ ६ ॥

राम कपिन्ह जब आवत देखा ❀ किएँ काजु मन हरष बिसेषा ॥७॥
फटिकसिला बैठे द्वौ भाई ❀ परे सकल कपि चरनन्हि जाई ॥८॥

रामजीले जब वानरहरूलाई आउन लागेका देख्नुभयो, काम गरेछन् भन्ने संझेर मनमा अति हर्षित हुनुभयो ॥ ७ ॥ दुवै भाई स्फटिकमणिका चट्टानमा राज भएको थियो, सबै वानर गएर उहाँका पाउमा परे ॥ ८ ॥

दोहा–प्रीति सहित सब भेटे रघुपति करुनापुंज ।
पूछी कुसल नाथ अब कुसल देखि पद कंज ॥२८॥

करुणाका समूह रघुनाथजीले प्रेमका साथ सबैसँग भेट-मुलाकात गर्नुभयो, क्षेम-कुशल सोध्नुभयो । वानरहरूले "हे नाथ ! हजूरका चरणकमलको दर्शन पाउँदा ऐले कुशल छ" भनी विन्ति गरे ॥ २८ ॥

चौ०–जामवंत कह सुनु रघुराया ❀ जा पर नाथ करहु तुम्ह दाया ॥१॥
ताहि सदा सुभ कुसल निरंतर ❀ सुर नर मुनि प्रसन्न ता ऊपर ॥२॥

जाम्बवान्ले विन्ति गरे, "हे रघुनाथजी ! सुनिबक्सियोस्, हे नाथ ! जसका उपर हजूर दया गरिबक्सिन्छ, त्यसलाई सदासर्वदा निरवच्छिन्न कुशल मङ्गलै रहन्छ, त्यसका उपर देवता, मनुष्य, मुनि सबै प्रसन्न रहन्छन् ॥ १ ॥ २ ॥

सोइ बिजयी बिनयी गुनसागर ❀ तासु सुजसु त्रैलोक उजागर ॥३॥
प्रभु कीं कृपा भएउ सबु काजू ❀ जन्म हमार सुफल भा आजू ॥४॥

त्यही व्यक्ति विजयी हुन्छ, त्यही विनयी (नम्र) हुन्छ, त्यही गुणसागर (महागुणी) हुन्छ, त्यसैका यशले तीन लोक उज्यालो पार्दछ ॥ ३ ॥ प्रभुका कृपाले सबै काम सिद्ध भयो, आज हाम्रो जन्म सफल भयो ॥ ४ ॥

नाथ पवनसुत कीन्हि जो करनी ❀ सहसहुँ मुख न जाइ सो बरनी ॥५॥
पवनतनय के चरित सुहाए ❀ जामवंत रघुपतिहि सुनाए ॥६॥

हे नाथ ! पवनकुमारले जो काम गरे, त्यो काम हज्जारौं मुखले पनि वर्णन गर्न सकिदैन" । यति विन्ति गरेर जाम्बवान्ले हनूमान्जीका सुन्दर चरित्र प्रभुजीलाई सबै सुनाए ॥ ५ ॥ ६ ॥

सुनत कृपानिधिमन अति भाए ❀ पुनि हनुमान हरषि हिय लाए ॥७॥
कहहु तात केहि भाँति जानकी ❀ रहति करति रछा स्वप्रान की ॥८॥

सुन्दाखेरि करुणासागर रामजीलाई मनमा अत्यन्त प्रसन्नता भयो, फेरि हर्षित भएर हनूमान्लाई हृदयमा लाउनुभयो (आलिङ्गन गर्नुभयो) ॥ ७ ॥ (अनि सोध्नुभयो) "वत्स ! आपना प्राणको आफै रक्षा गरेर जानकी कुन तरहले रहेकी छन् ? भन" ॥ ८ ॥

[सीतावृत्तान्तवर्णन]

दोहा—नाम पाहरू दिवस निसि ध्यान तुम्हार कपाट ।
लोचन निज पद जंत्रित जाहिं प्रान केहि बाट ॥२९॥

(हनूमान्ले विन्ति गरे) प्रभु ! रातदिन हजूरका नामका २ अक्षर २ जना पहरेदार (पाले) भएर रहेका छन्, हजूरको ध्यानरूपी ढोका लागिरहेको छ (ढोका बन्दछ)। उहाँका २ नजरको ताल्चा पाउमा लागेको छ, प्राणले कुन बाटो गरेर निस्कने ? (निस्कन खोज्दैमा निस्कन पाउँथे र ?) ॥ २९ ॥

चौ०—चलत मोहि चूड़ामनि दीन्ही ❀ रघुपति हृदय लाइ सोइ लीन्ही ॥१॥
नाथ जुगल लोचन भरि बारी ❀ बचन कहे कछु जनककुमारी ॥२॥

हिंड्ने वेलामा मलाई चूडामणि बक्सनुभएको छ” (यति बिन्ती गरेर हनूमान्ले चूडामणि टक्र्याए), रामजीले त्यसलाई छातीमा लाउनुभयो ॥ १ ॥ (फेरि हनूमान्ले विन्ति गरे) “हे नाथ ! जनकनन्दिनीजीले दुवै नजरमा पानी भरेर केही वचन बोल्नुभएको छ ॥ २ ॥ (के भने)

अनुज समेत गहेहु प्रभुचरना ❀ दीनबंधु प्रनतारतिहरना ॥३॥
मन क्रम बचन चरन अनुरागी ❀ केहि अपराध नाथ हौं त्यागी ॥४॥

“भाईले सहित भएका प्रभुजीको पाउ समातेर विन्ति गरिदिनू कि हे दीनबन्धो ! हे शरणागतरक्षक ! हे नाथ ! मनले, वचनले, कर्मले चरणको अनुराग (प्रेम) गर्ने मलाई कुन अपराधले छाडिबक्सनुभयो ? ॥ ३ ॥ ४ ॥

अवगुन एक मोर मैं माना ❀ बिछुरत प्रान न कीन्ह पयाना ॥५॥
नाथ सो नयनन्हि कर अपराधा ❀ निसरत प्रान करहिं हठि बाधा ॥६॥

मेरो एउटा दोष छ, त्यो म कबूल गर्दछु, वियोग हुँदा पनि (छुट्टिंदा पनि) यी प्राणले प्रयाण गरेनन् (प्राण छुटेनन्) ॥ ५ ॥ (यो मेरो दोषै हो) प्रभु ! त्यसमा पनि (मेरो मात्रै सोह्रै आना दोष होइन, साँच्चै विन्ति गरौंभने) त्यो अपराध यिनै दुई आँखाको हो, प्राण निस्कन लागेका वेलामा (हजूरका दर्शनमा लुब्ध भएका यी दुवै आँखा) हठ गरेर बाधा पार्दछन् (प्राणलाई निस्कनै दिंदैनन्) ॥ ६ ॥ (कसरी भने)

बिरह अगिनि तनु तूल समीरा ❀ स्वास जरइ छन माह सरीरा ॥७॥
नयन स्रवहिं जलु निज हित लागी ❀ जरैं न पाव देह बिरहागी ॥८॥
सीता कै अति बिपति बिसाला ❀ बिनहि कहें भलि दीनदयाला ॥९॥

विरहरूपी अग्नि, शरीररूपी रुवो (कपास), सासरूपी बतास भएपछि एक छिनमा शरीर जल्नेथियो (भस्मीभूत हुने थियो) ॥ ७ ॥ तर आफ्ना हितका निमित्त (आफू पनि सिद्धिउँला भन्ने डरले आफ्नो बचावट गर्नाका निमित्त) आँखा पानी वर्षाउन लागिरहेका छन्, विरहरूपी अग्निमा यो शरीर जल्न पाउँदैन” ॥ ८ ॥ (हनूमान्जी भन्दछन्, उहाँले

विन्ति गरेको यही हो) उहाँको विपत्ति अति ठूलो छ, हे दीनदयाल ! (के विन्ति चढ़ाऊँ ?) विन्ति नचढाउनु नै बेश छ ॥ ९ ॥

दोहा–निमिष निमिष करुनानिधि जाहिं कलप सम बीति ।
बेगि चलिय प्रभु आनिय भुजबल खलदल जीति ॥३०॥

हे करुणानिधान ! एक एक निमेष कल्पसमान भएर बितिरहेका छन्, प्रभु ! चाँडै पाल्नुहोस्, भुजबलले दुष्ट (रावण) लाई जितेर उहाँलाई ल्याइबक्सियोस्" ॥ ३० ॥

चौ०–सुनि सीतादुख प्रभु सुख अयना ❀ भरि आए जल राजिव नयना ॥१॥
बचन काय मन मम गति जाही ❀ सपनेहुँ बूझिअ बिपति कि ताही ॥२॥

सुखका निवासभवन भएका प्रभुजीले जानकीजीको दुःखवृत्तान्त सुन्नुभयो र उहाँको कमलतुल्य भएका नयनमा जल भरिएर आयो ॥ १ ॥ (रामजीले आज्ञा गर्नुभयो) "मनसा-कर्मणा-वाचा जसको गति (आधार) म छु, त्यसलाई के सपनामा पनि विपत्ति हुन सक्तछ र ?" ॥ २ ॥

कह हनुमंत बिपति प्रभु सोई ❀ जब तव सुमिरन भजनु न होई ॥३॥
केतिक बात प्रभु जातुधान की ❀ रिपुहि जीति आनिबी जानकी ॥४॥

हनूमान्‌जीले भने—"हे प्रभु ! जब हजूरको स्मरण र भजन हुँदैन, विपत्ति ता त्यही हो ॥ ३ ॥ प्रभु ! राक्षस भन्ने कुरा कत्रो चीज हो र ?, दुश्मनलाई जितेर जानकीजीलाई ल्याइबक्सनुपर्छ" ॥ ४ ॥

सुनु कपि तोहि समान उपकारी ❀ नहि कोउ सुर नर मुनि तनु धारी ॥५॥
प्रति उपकार करौं का तोरा ❀ सन्मुख होइ न सकत मन मोरा ॥६॥

(रामजीले आज्ञा गर्नुभयो)—"हे हनूमान् ! सुन, तिमीसमान मेरो उपकार गर्ने देवता मनुष्य, मुनिहरूमा कोही प्राणी छैन ॥ ५ ॥ म तिम्रो के प्रत्युपकार (उपकारको बदला उपकार) गरौं ? । मेरो मन तिम्रो सन्मुख हुन पनि सक्तैन (तिमीलाई संझदा पनि उपकार गर्न नसकेको हुनाले लाज लाग्दछ) ॥ ६ ॥

सुनु सुत तोहि उरिन मैं नाहीं ❀ देखेउँ करि बिचार मन माहीं ॥७॥
पुनि पुनि कपिहि चितव सुरत्राता ❀ लोचन नीर पुलक अति गाता ॥८॥

हे वत्स ! (बाबु !) सुन, मैले मनमा विचार गरेर हेरें, म तिम्रो उऋण (ऋणमुक्त) हुन सक्तिन" ॥ ७॥ यति भनेर देवतारक्षक रामजी वारंवार हनूमान्‌जीलाई हेर्न लाग्नुभयो, उहाँका नजरमा पानी, शरीरमा रोमाञ्च खूब भरियो ॥ ८ ॥

दोहा–सुनि प्रभुबचन बिलोकि मुख गात हरषि हनुमंत ।
चरन परेउ प्रेमाकुल त्राहि त्राहि भगवंत ॥३१॥

प्रभुजीका वचन सुन्दा वहाँको मुहार हेर्दा हनूमान्‌जीका शरीरभरी हर्ष भरियो । "त्राहि त्राहि भगवान् !" भन्दै प्रेमले व्याकुल भएर पाउमा परे ॥ ३१ ॥

चौ०–बार बार प्रभु चहै उठावा ❀ प्रेम मगन तेहि उठब न भावा ॥१॥
प्रभु कर पंकज कपि कें सीसा ❀ सुमिरि सो दसा मगन गौरीसा ॥२॥

वारंवार प्रभुजी तिनलाई उठाउन खोज्नुहुन्थ्यो, प्रेमले मग्न परेका तिनलाई उठ्न मन लाग्दैनथ्यो ॥ १ ॥ भगवान्को बाहुलीरूपी कमल हनूमान्का शिरमा थियो, त्यो अवस्था संझेर शंकरजी प्रेममा डुब्नुभयो ॥ २ ॥

सावधान मन करि पुनि संकर ❀ लागे कहन कथा अति सुंदर ॥३॥
कपि उठाइ प्रभु हृदय लगावा ❀ कर गहि परम निकट बैठावा ॥४॥

अनि शंकरजीले मनलाई सावधान गरेर अति सुन्दर कथा वर्णन गर्न लाग्नुभयो ॥ ३ ॥ (हे पार्वती !) प्रभुजीले उठाएर हनूमान्जीलाई छातीमा लगाउनुभयो, हात समातेर नगीचै बसाउनुभयो ॥ ४ ॥ (अनि सोध्नुभयो)

कहु कपि रावनपालित लंका ❀ केहि बिधि दहेहु दुर्ग अति बंका ॥५॥
प्रभु प्रसन्न जाना हनुमाना ❀ बोला बचन बिगत अभिमाना ॥६॥

"हे हनूमान् ! रावणका भुजबलले रक्षा गरिएकी लंकाको दुर्गम किल्लालाई तिमीले कसरी जलायौ ? भन" ॥ ५ ॥ हनूमान्ले प्रभुजीलाई प्रसन्न हुनुभएको जानेर अभिमानरहित भईकन बोले ॥ ६ ॥

साखामृग कै बड़ि मनुसाई ❀ साखा तें साखा पर जाई ॥७॥
नाघि सिंधु हाटकपुर जारा ❀ निसिचरगन बधि बिपिन उजारा ॥८॥
सो सब तव प्रताप रघुराई ❀ नाथ न कछु मोरि प्रभुताई ॥९॥

"प्रभु ! एउटा हाँगाबाट अर्को हाँगामा जानु, वानरको ठूलो पराक्रम यत्तिकै हो ॥ ७ ॥ समुद्र नाघेर सुवर्णमय लंकानगरीलाई जो जलाएँ, राक्षसका बथानका बथान मारेर बगैंचा जो उजारें, ॥ ८ ॥ त्यो सबै प्रभुको प्रताप हो । हे नाथ ! हे रघुनाथ ! मेरो ताकत केही होइन ॥ ९ ॥ (क)

दोहा–ता कहुँ प्रभु कछु अगम नहि जा पर तुम्ह अनुकूल ।
तव प्रभाव बड़वानलहि जारि सकइ खलु तूल ॥३२॥

हे प्रभु ! जसका उपर हजूर अनुकूल रहनुहुन्छ, त्यसका हकमा कुनै कुरा दुर्गम हुँदैन । प्रभु ! हजूरको प्रतापले रुवाले पनि वडवाग्निलाई जलाउन सक्तछ, यो कुरा पक्का छ ॥ ३२ ॥

चौ०–नाथ भगति अति सुखदायनी ❀ देहु कृपा करि अनपायनी ॥१॥
सुनि प्रभु परम सरल कपिबानी ❀ एवमस्तु तब कहेउ भवानी ॥२॥

हे नाथ ! मलाई परमसुखदायिनी अनपायिनी (निश्चल) भक्ति कृपा गरेर बक्सनु-

---

(क) शाखामृगस्य शाखायाः शाखां गन्तुं पराक्रमः ।
उदलङ्घि यदम्भोधिः प्रभावः प्राभवो हि सः ॥
यसको अर्थ पनि यिनै चौपाईको जस्तो हो ।

होस्" ॥ १ ॥ हे पार्वती ! भगवान्‌ले हनूमान्‌जीका यस्ता परम सरल वचन सुन्नुभयो र "एवम् अस्तु "(तथास्तु)" भन्नुभयो ॥ २ ॥

उमा रामसुभाउ जेहि जाना ❀ ताहि भजनु तजि भाव न आना ॥३॥
येह संबाद जासु उर आवा ❀ रघुपतिचरन भगति सोइ पावा ॥४॥

हे पार्वती ! जसले रामजीको स्वभाव जानेको छ, त्यसलाई भजनबाहेक अर्को चीज मन पर्दैन ॥ ३ ॥ यो राम-हनूमत्संवाद जसका हृदयमा आउँछ (स्थिर रहन्छ) त्यो प्राणीले रघुनाथजीका चरणको भक्ति पाउँछ ॥ ४ ॥

[श्रीरामजीको विजययात्रा]

सुनि प्रभुबचन कहहिं कपिबृंदा ❀ जय जय जय कृपाल सुखकंदा ॥५॥
तब रघुपति कपिपतिहि बोलावा ❀ कहा चलैं कर करहु बनावा ॥६॥

प्रभुजीको वचन सुनेर वानरगणहरू "हे दीनदयाल ! हजूरको जय होस्, हे आनन्द-कन्द ! हजूरको जय होस्" भन्न लागे ॥ ५ ॥ अनि रघुनाथजीले सुग्रीवलाई बोलाउनुभयो र "रवाना हुने तयारी गर्नुहोस् ॥ ६ ॥

अब बिलंबु केहि कारन कीजे ❀ तुरत कपिन्ह कहुँ आएसु दीजे ॥७॥
कौतुक देखि सुमन बहु बरषी ❀ नभ तें भवन चले सुर हरषी ॥८॥

अब के कारणले विलम्ब गर्ने, झटपट वानरहरूलाई आज्ञा दिनुहोस् । " (भन्नुभयो) ॥ ७ ॥ यो कौतुक (वानरसंमेलनको तमाशा) देखेर देवताहरू खूब हर्षित भए, आकाशबाट फूल वर्षाएर घर घर गए ॥ ८ ॥

दोहा—कपिपति बेगि बोलाए आए जूथप जूथ ।
नाना बरन अतुल बल बानर भालु बरूथ ॥३३॥

सुग्रीवले तुरुन्तै बोलाए र वानरका फौज र सेनापति सब आए । नाना वर्ण नाना रूप भएका बलवान् वानर र भालूका फौज आइपुगे ॥ ३३ ॥

चौ०—प्रभु पद पंकज नावहिं सीसा ❀ गर्जहिं भालु महाबल कीसा ॥१॥
देखी राम सकल कपि सेना ❀ चितइ कृपा करि राजिवनयना ॥२॥

महाबलवान् भएका भालू र वानरहरू आएर धमाधम प्रभुजीका पाउमा दण्डवत् गर्दै गर्जदै गर्नलागे ॥ १ ॥ रामजीले वानरको सकल सेना नजर गरिबक्सियो । कमलका दल-जस्ता नजरले (एकएक गरेर) वानरहरूलाई हेरिबक्सियो ॥ २ ॥

राम कृपा बल पाइ कपिंदा ❀ भए पक्षजुत मनहु गिरिंदा ॥३॥
हरषि राम तब कीन्ह पयाना ❀ सगुन भए सुंदर सुभ नाना ॥४॥

रामजीका कृपाकटाक्षको बल पाएर बड़ाबड़ा वानरहरू पखेटाले संयुक्त भएका पर्वतराजजस्ता हुन गए ॥ ३ ॥ अनि रघुनाथजीले सहर्ष प्रस्थान गर्नुभयो, त्यस वेलामा नाना प्रकारका शुभसूचक सुन्दर शकुन भए ॥ ४ ॥

जासु सकल मंगलमय कीती ❀ तासु पयान सगुन येह नीती ॥५॥
प्रभुपयान जाना बैदेहीं ❀ फरकि बाम अँग जनु कहि देहीं ॥६॥

जसको कृति (काम) सकल जगत्को मङ्गलकारी छ, उहाँका प्रस्थानमा शुभशकुन हुनु मनासीबै हो ॥ ५ ॥ बायाँ अंगले (आँखा = ऊरु प्रभृति देब्रे अङ्गले) फर्फराएर मानौं भनिदिएको हुनाले सीतार्जाले रामजीको प्रस्थान थाहा पाउनुभयो ॥ ६ ॥

जोइ जोइ सगुन जानकिहि होई ❀ असगुन भएउ रावनहि सोई ॥७॥
चला कटकु को बरनैं पारा ❀ गर्जहिं बानर भालु अपारा ॥८॥

जानकीजीलाई जो शुभशकुन हुन्थे, तिनै शकुन रावणलाई अपशकुन भए (पुरुषको दाहिने अङ्ग फर्फराएको शुभ हुन्थ्यो, बायाँ अङ्ग फर्फराउँदा रावणलाई अपशकुन भयो ॥ ७ ॥ फौज चल्यो, त्यसको वर्णन गरेर पार को पाउला ? अपार अपारका वानर र भालू गर्जना गर्दथे ॥ ८ ॥

नख आयुधं गिरि पादप धारी ❀ चले गगन महि इछाचारी ॥९॥
केहरिनाद भालु कपि करहीं ❀ डगमगाहिं दिग्गज चिक्करहीं ॥१०॥

नङ्ग्रैरूपी हतियार भएका वानर र भालूहरू वृक्ष र पर्वत लिएर इच्छानुसार आकाशमार्गले र पृथ्वीमार्गले उडे हिंडे ॥ ९ ॥ भालू र वानर सिंहनाद गर्दथे, दिग्गजहरू (पृथ्वी मण्डल थाम्ने ८ दिशाका आठ हात्तीहरू) डगमगाएर चीत्कार गर्न लाग्दथे ॥ १० ॥

छन्द–चिक्करहिं दिग्गज डोल महि गिरि लोल सागर खरभरे ।
मन हरष दिनकर सोम सुर मुनि नाग किंनर दुख टरे ॥
कटकटहिं मर्कट बिकट भट बहु कोटि कोटिन्ह धावहीं ।
जय राम प्रबल प्रताप कोसलनाथ गुनगन गावहीं ॥४॥

दिग्गजहरू चीत्कार गर्थे, पृथ्वीमण्डल डगमगाउँथ्यो, समुद्रहरू खलबलिन्थे, दुःख टर्‍यो भनेर सूर्य, चन्द्र, देवता, मुनि, नाग, किन्नरहरू मनमा हर्षित हुन्थे । करोड़ौं बड़े बड़े वीर वानरहरू दाँत कटकटाएर (दाह्रा किटेर) दौडन्थे, "रामजीकी जय" भन्दै प्रबल प्रताप अयोध्याधिपति रामजीका गुणगणको गान गर्दथे ॥ ४ ॥

छन्द–सहि सक न भार उदार अहिपति बार बारहि मोहई ।
गह सदन पुनि पुनि कमठपृष्ठ कठोर सो किमि सोहई ॥
रघुबीर रुचिर पयान प्रस्थिति जानि परम सुहावनी ।
जनु कमठखर्पर सर्पराज सो लिखत अबिचल पावनी ॥५॥

शेषनाग ठूलो भार उठाउन नसकेर वारंवार मूर्छित हुन्थे, र वारंवार कूर्मराज (शेषाधार कछुवा) का पृष्ठमा दाँतले समात्न पुग्दथे (कूर्मका पृष्ठभागमा दाँतले ठक्कर खाने गरी गरी निहुरन्थे) त्यो अवस्था कसरी शोभायमान हुन्थ्योभने मानौं सर्पराज (शेषनाग)

रघुनाथजीको परम सुन्दर भएका युद्धयात्राको प्रशस्तिलाई स्थिर हुने गरी कछुवाका पीठमा (आफ्ना दाँतरूपी टाँकीले) लेख्न लागेका हुन् कि ? (यस्तो तर्क गराउने गरी त्यो अवस्था शोभायमान हुन्थ्यो) ॥ ५ ॥ (क)

दोहा–येहि बिधि जाइ कृपानिधि उतरे सागर तीर ।
जहँ तहँ लागे खान फल भालु बिपुल कपि बीर ॥३४॥

यस्ता प्रकारले करुणानिधान रघुनाथजी जाँदा जाँदा समुद्रका तीरमा पुग्नुभयो । धेरै धेरै वानर वीर र भालू वीरहरू यत्रतत्र फल खान लागे ॥ ३४ ॥

[विभीषण शरणागति]

चौ०–उहाँ निसाचर रहहिं ससंका ❀ जब तें जारि गए कपि लंका ॥१॥
निज निज गृह सब करहिं बिचारा ❀ नहि निसिचरकुल केर उबारा ॥२॥

उतातिर जैलेदेखि लंका जलाएर हनुमान् हिंडेथे, तैलेदेखि राक्षसहरू शङ्कित रहन्थे ॥ १ ॥ आफ्ना आफ्ना घरमा "अब राक्षसका कुलको रक्षा छैन" यस्तै विचार गर्दथे ॥ २ ॥

जासु दूत बल बरनि न जाई ❀ तेहि आएँ पुर कवनि भलाई ॥३॥
दूतिन्ह सन सुनि पुरजन बानी ❀ मंदोदरी अधिक अकुलानी ॥४॥

जसका दूतका बलको पनि वर्णन गर्न सकिदैन, उनै यो नगरमा आएभने के भलो होला ?" ॥ ३ ॥ दूतीहरूद्वारा नगरनिवासीहरूका कुरा सुनेर मन्दोदरी अत्यन्त व्याकुल भइन् ॥ ४ ॥

रहसि जोरि कर पतिपद लागी ❀ बोली बचन नीतिरस पागी ॥५॥
कंत करष हरि सन परिहरहु ❀ मोर कहा अति हित हिय धरहू ॥६॥

एकान्तमा मन्दोदरी हात जोरेर पति (रावण) का पाउमा परिन् र नीतिरसले पाग लाएका (अति मधुर) वाणी बोल्न लागिन्–"हे प्रिय ! हरिसँग वैरभाव छाडिदिनुहोस् , मैले भनेका अत्यन्त हित कुरा मनमा राख्नुहोस् ॥ ५ ॥ ६ ॥

समुझत जासु दूत कइ करनी ❀ स्रवहिं गर्भ रजनीचरघरनी ॥७॥
तासु नारि निज सचिव बोलाई ❀ पठवहु कंत जो चहहु भलाई ॥८॥

जसका दूतले गरेका काम संझदाखेरि राक्षसका गृहिणी (स्त्री) हरूको गर्भ

(क) यो च्छन्द--हनूमन्नाटकका

कुटरत्न ! त्वत्प्रयाणप्रशस्तिं
प्लवगबलनिमज्जद्भूधराक्रान्तदेहः ।
लिखति दशनटङ्कैरुत्पतद्भिः पतद्भि--
र्जरठकमठभर्तु, खर्परे सर्पराजः ॥
यो--श्लोकको समानार्थक छ ।

तुहुन्छ ॥ ७ ॥ तिनकी स्त्री (सीता) लाई आफ्नो भलो चाहनुहुन्छभने मन्त्रीहरूलाई बोलाएर तिनैका साथमा लाइदिएर पठाइदिनुहोस् ॥ ८ ॥

तव कुल कमल बिपिन दुखदाई ❀ सीता सीत निसा सम आई ॥९॥
सुनहु नाथ सीता बिनु दीन्हे ❀ हित न तुम्हार संभु अज कीन्हे ॥१०॥

हे नाथ ! हजूरका कुलरूपी कमलवनको दुःखदायिका (ध्वंसकारिणी) यी सीता शीतनिशा (जाड़ाको रात्रि) जस्तै भएर आएकी हुन् ॥ ९ ॥ हे नाथ ! सीतालाई नदिईकन शंकरजी र ब्रह्माजीले गरे पनि हजूरको कल्याण हुन सक्तैन, मेरो कुरा सुनिबक्सियोस् ॥ १० ॥

दोहा–रामबान अहिगन सरिस निकर निसाचर भेक ।
जब लगि ग्रसत न तब लगि जतनु करहु तजि टेक ॥३५॥

रामजीका बाण सर्पका समूहजस्ता छन्, राक्षसका समूह भ्यागुताका समूहजस्ता छन्, जहाँसम्म ग्रास गर्न लाग्दैनन, त्यहाँभन्दा पहिले हठ छाडेर यत्न गर्नुहोस्" ॥ ३५ ॥

चौ०–श्रवन सुनि सठ ता करि बानी ❀ बिहसा जगतबिदित अभिमानी ॥१॥
सभय सुभाउ नारि कर साचा ❀ मंगल महुँ भय मन अति काचा ॥२॥

दुष्ट रावणले जब मन्दोदरीको वचन कानले सुन्यो, अनि त्यो जगत्प्रख्यात अभिमानी हाँस्यो र भन्न लाग्यो–"स्त्रीहरूको स्वभाव भीरु (डराउने) हुन्छ भन्ने कुरा साँचो हो, तिनको मन अति कच्चा हुन्छ र मङ्गलोदय हुँदा पनि डराउँछन् ॥ १ ॥ २ ॥

जौ आवै मर्कटकटकाई ❀ जियहिं बिचारे निसिचर खाई ॥३॥
कंपहिं लोकप जाकीं त्रासा ❀ तासु नारि सभीत बड़ि हासा ॥४॥

यदि वानरका फौज आएभने, बिचरा राक्षसहरू खाएर जिउनेछन् । (वानरको मांस प्रभृति खूब खाएर बलिया भईकन धेरै बाँच्नेछन्) ॥ ३ ॥ जसका डरले लोकपालहरू थर्थर काँप्तछन् उसैकी स्त्री (मानिस र वानरदेखि) डराउँछे, बडो हँसीको कुरा हो" ॥ ४ ॥

अस कहि बिहसि ताहि उर लाई ❀ चलेउ सभाँ ममता अधिकाई ॥५॥
मंदोदरी हृदय कर चिंता ❀ भएउ कंत पर बिधि बिपरीता ॥६॥

यसो भनेर रावण हाँस्यो, मन्दोदरीलाई प्रेमले आलिङ्गन गरेर खूब ममताका साथ सभामा गयो ॥ ५ ॥ मन्दोदरी मनमा "हाय ! हाय ! स्वामीका उपर दैव विपरीत भयो नि" यस्तो चिन्ता गर्नलागिन् ॥ ६ ॥

बैठेउ सभाँ खबरि असि पाई ❀ सिंधुपार सेना सब आई ॥७॥
बूझेसि सचिव उचित मत कहहू ❀ ते सब हसे मष्ट करि रहहू ॥८॥
जितेहु सुरासुर तब श्रम नाहीं ❀ नर वानर केहि लेखे माहीं ॥९॥

सभामा गएर रावण बस्यो अनि त्यसले समुद्रका पारिपट्टि वानरसैन्य आइपुग्यो भन्ने खबर पायो ॥ ७ ॥ मन्त्रीहरूलाई उचित सल्लाह (मत) बताऊ भनेर सोध्यो,

तिनीहरूले हाँसेर "चूपचाप लागेर बस्नुहोस् (हजूरले बोल्ने कामै छैन) ॥ ८ ॥ देव, दैत्य सबैलाई जित्नुभयो, तैपनि हजूरलाई परिश्रम परेन, यी मानिस र वानर कुन गिन्तीमा छन् ?" भने ॥ ९ ॥

दोहा–सचिव बैद गुर तीनि जौं प्रिय बोलहिं भय आस ।
राज धर्म तन तीनि कर होइ बेगिहीं नास ॥३६॥

हे पार्वती ! मन्त्री, वैद्य, गुरु यी ३ जना डरले र आशाले मीठो बोल्न लागेभने राज्य, शरीर, धर्म, यी तीनै चीजको चाँडै नै सर्वनाश हुन्छ ॥ ३६ ॥

चौ०–सोइ रावन कहुँ बनी सहाई ❀ अस्तुति करहिं सुनाइ सुनाई ॥१॥
अवसर जानि बिभीषनु आवा ❀ भ्राताचरन सीसु तेहि नावा ॥२॥

तिनीहरू नै रावणका सहाय (हजूरिया) बनिरहेका थिए, सुनाई सुनाईकन स्तुति गर्दथे (तिनैका लहैलहैमा चलेर रावणले दुर्दशाको भोग गर्ने समय आइपुग्यो) ॥ १ ॥ मौका जानेर विभीषण आए, तिनले दाज्यू रावणका चरणमा माथ राखेर ढोगिदिए ॥ २ ॥

पुनि सिरु नाइ बैठ निज आसन ❀ बोला बचन पाई अनुसासन ॥३॥
जौ कृपाल पूछिहु मोहि बाता ❀ मति अनुरूप कहौं हित ताता ॥४॥

अनि शिर झुकाएर आफ्ना आसनमा बसे, आज्ञा पाएपछि वचन बोले—"हे दयाल ! हे दाज्यू ! मसँग सोध्नुभएको हुनाले म आफ्ना बुद्धिअनुसार हित कुरा विन्ति गर्दछु ॥ ३ ॥ ४ ॥

जो आपन चाहइ कल्याना ❀ सुजसु सुमति सुभ गति सुख नाना ॥५॥
सो परनारि लिलारु गोसाईं ❀ तजउ चौथि के चंद कि नाईं ॥६॥

हे प्रभु ! जो व्यक्ति सुयश, सद्‌बुद्धि, सद्गति, नाना प्रकारका सुख र कल्याण चाहन्छ त्यो व्यक्तिले चतुर्थीका चन्द्रमा-जस्तो (आकारले र तासीरले चतुर्थी तिथिका चन्द्रमाले तुल्य भएको) परस्त्रीको ललाट त्याग गर्नुपर्छ (हेर्नुहुँदैन) ॥ ५ ॥ ६ ॥ (क)

चौदह भुवन एक पति होई ❀ भूतद्रोह तिष्ठै नहि सोई ॥७॥
गुनसागर नागर नर जोऊ ❀ अलप लोभ भल कहै न कोऊ ॥८॥

चौधै भुवनको एउटै मालिक भएको (चतुर्दशलोकाधिपति) होस् तापनि प्राणिद्रोह गर्छभने त्यो टिक्तैन ॥ ७ ॥ जो व्यक्ति गुणको समुद्र छ, होशियार (चतुर) पनि छ, त्यसलाई पनि अलिकति लोभ भइदियोभने कुनै भलेमानिसले भलो भन्दैनन् ॥ ८ ॥

(क) परस्त्रीको ललाट (निधार) आकारले चतुर्थी तिथिको चन्द्रमाजस्तो हुन्छ भनी सबै जान्दछन्, आकारले मात्र होइन, कि तासीर (गुण) ले पनि त्यो निधार चतुर्थीको चन्द्रमाजस्तै हुन्छ । चतुर्थीको चन्द्रमा हेरयो भने कल्याण (सुयश-सद्‌बुद्धि-सद्गति-सुख इत्यादि) नष्ट हुन्छ, परस्त्रीको ललाट (निधार) हेरयो (परस्त्रीमा आसक्त भयो) भने पनि पूर्वोक्त कल्याण नष्ट हुन्छ । परिणाममा (पछिपरन्तुसम्म) कल्याणको इच्छा गर्ने बुद्धिमान्‌ले परस्त्रीको ललाट हेर्नुछैन ।

उदर्कभूतिमिच्छद्भिः सद्भिः खलु न दृश्यते ।
चतुर्थीचन्द्रलेखेव परस्त्रीभालपट्टिका ॥ (महाकवि जयदेव)

दोहा–काम क्रोध मद लोभ सब नाथ नरक के पंथ ।
सब परिहरि रघुबीरही भजहु भजहिं जेहि संत ॥३७॥

हे नाथ ! काम, क्रोध, मद, लोभ यी नरकका मार्ग हुन् । यी सबैलाई छाडेर जसलाई सज्जनहरू भज्दछन् उनै रघुनाथजीलाई भज्नुहोस् ॥ ३७ ॥

चौ०–तात रामु नहि नरभूपाला ❀ भुवनेस्वर कालहु कर काला ॥१॥
ब्रह्म अनामय अज भगवंता ❀ ब्यापक अजित अनादि अनंता ॥२॥

हे तात ! राम मनुष्यहरूका राजा होइनन्, उनी ब्रह्माण्डपति हुन्, कालका पनि काल हुन् ॥ १ ॥ उनी अनामय (सर्वबाधारहित), अज (जन्मरहित), भगवान् (सर्वैश्वर्यपूर्ण) व्यापक, अजित (नजितिने), अनादि, अनन्त, ब्रह्म हुन् ॥ २ ॥

गो द्विज धेनु देव हितकारी ❀ कृपासिंधु मानुषतनु धारी ॥३॥
जनरंजन भंजन खलब्राता ❀ बेद धर्म रक्षक सुनु भ्राता ॥४॥

कृपासागर उनै भगवान्ले पृथ्वी, गाई, ब्राह्मण, देवताको हित गर्नालाई मनुष्यको शरीर धारण गर्नुभएको हो, ॥ ३ ॥ दाज्यू ! सुनिबक्सियोस्, उहाँ सज्जनजनरञ्जन र दुर्जनजन-समूहभञ्जन र वैदिक धर्मका प्रतिपालक हुनुहुन्छ ॥ ४ ॥

ताहि बयरु तजि नाइअ माथा ❀ प्रनतारतिभंजन रघुनाथा ॥५॥
देहु नाथ प्रभु कहुँ बैदेही ❀ भजहु राम बिनु हेतु सनेही ॥६॥

उहाँसग वैरभाव छाडेर उहाँका पाउमा माथ राख्नुहोस्, रघुनाथजी नम्र शरणागत भएका व्यक्तिको दुःखलाई हरण गर्ने बानी भएका हुनुहुन्छ ॥ ५ ॥ हे नाथ ! रघुनाथजीलाई सीता सुम्पिदिनुहोस्, विनाकारण प्रेम गर्ने उहाँलाई नै भज्नुहोस् ॥ ६ ॥

सरन गएँ प्रभु ताहु न त्यागा ❀ बिस्वद्रोह कृत अघ जेहि लागा ॥७॥
जासु नाम त्रय ताप नसावन ❀ सोइ प्रभु प्रगट समुझु जिअ रावन ॥८॥

जसलाई संपूर्ण संसारको द्रोह गरेबाबतको पाप लागेको छ, शरण परेदेखि प्रभुजीले त्यसको पनि त्याग गर्नुहुन्न (रक्षा गर्नुहुन्छ) ॥ ७ ॥ दाज्यू ! जसको नाम तीन प्रकारका तापको नाश गर्छ, उनै प्रभु प्रकट हुनुभएको हो भनी मनमा संझनुहोस् ॥ ८ ॥

दोहा–बार बार पद लागउँ बिनय करउँ दससीस ।
परिहरि मान मोह मद भजहु कोसलाधीस ॥३८॥

हे दशग्रीव ! म वारंवार पाउमा पर्दछु, विन्ति गर्दछु, मान, मोह, मदलाई छाडेर अयोध्यापति रामजीलाई भज्नुहोस् ॥ ३८ ॥

दोहा–मुनि पुलस्ति निज शिष्य सन कहि पठई येह बात ।
तुरत सो मैं प्रभु सन कही पाइ सुअवसरु तात ॥३९॥

हे तात ! यो कुरा पिताजी पुलस्त्य मुनिले आफ्ना शिष्यमार्फत भनिपठाउनुभएको हो, असल मौका पाएको हुनाले मैले तुरन्तै प्रभुमा जाहेर गरेको हुँ" ॥ ३९ ॥

चौ०-माल्यवंत अति सचिव सयाना ❀ तासु बचन सुनि अति सुख माना ॥१॥
तात अनुज तव नीतिबिभूषन ❀ सो उर धरहु जो कहत बिभीषन ॥२॥

माल्यवान् नाम भएका मन्त्री अत्यन्त बुद्धिमान् थिए, तिनले विभीषणको वचन सुन्दा अत्यन्त आनन्द माने ॥ १ ॥ (अनि ती भन्नलागे) "हे तात ! तपाईंका भाई विभीषण नीतिका गहनारूप हुनुहुन्छ, विभीषणले जे भन्नुभयो त्यही कुरा मनमा राख्नुहोस्" ॥ २ ॥

रिपु उतकरष कहत सठ दोऊ ❀ दूरि न करहु इहाँ हइ कोऊ ॥३॥
माल्यवन्त गृह गएउ बहोरी ❀ कहइ बिभीषनु पुनि कर जोरी ॥४॥

(रावणले भन्यो) "दुवै दुष्टहरू शत्रुका उत्कर्ष (महत्त्व) को वर्णन पो गर्दछन् ए ! यहाँ कोही छ ? यी दुष्टलाई हटाउन" ॥ ३ ॥ (रावणको यो दुर्वचन सुनेर) माल्यवान् आफ्ना घर गए। विभीषण हात जोरेर फेरि बोल्न लागे ॥ ४ ॥

सुमति कुमति सब के उर रहहीं ❀ नाथ पुरान निगम अस कहहीं ॥५॥
जहाँ सुमति तहँ संपति नाना ❀ जहाँ कुमति तहँ बिपति निधाना ॥६॥

"हे नाथ ! सबैका हृदयमा सुमति र कुमति हुन्छ, जहाँ सुमति रहन्छ, तहाँ अनेकप्रकारका संपत्ति रहन्छन्, जहाँ कुमति रहन्छ, तहाँ आखिरमा विपत्ति नै हुन्छ, वेद र पुराणहरू यसै भन्दछन् ॥ ५ ॥ ६ ॥

तव उर कुमति बसी बिपरीता ❀ हित अनहित मानहु रिपु प्रीता ॥७॥
कालराति निसिचरकुल केरी ❀ तेहि सीता पर प्रीति घनेरी ॥८॥

हजूरको हृदयमा सुमतिको विरुद्ध कुमति बसिरहेकी छ, त्यसै हुनाले हितलाई अहित मान्नुहुन्छ, दुश्मनका उपर प्रीति छ ॥ ७ ॥ जुन सीता राक्षसकुलको संहार गर्ने कालरात्रि हुन् तिनैका उपर एकोहोरो प्रीति खूब छ ॥ ८ ॥

दोहा-तात चरन गहि मागउँ राखहु मोर दुलार ।
सीता देहु राम कहुँ अहित न होइ तुम्हार ॥४०॥

हे तात ! म पाउ समातेर प्रार्थना गर्दछु, मेरो दुलार (प्यार) को रक्षा गर्नुहोस्, रामलाई सीता फिर्ता दिनुहोस्, यसमा हजूरको अनिष्ट हुनेछैन" ॥ ४० ॥

चौ०-बुध पुरान श्रुति संमत बानी ❀ कही बिभीषन नीति बखानी ॥१॥
सुनत दसानन उठा रिसाई ❀ खल तोहि निकट मृत्यु अब आई ॥२॥

यस्ता प्रकारसँग विभीषणले वेद, पुराण, विद्वान् सबैले संमति गरिएकी नीतिकी वाणी विस्तार गरे ॥ १ ॥ सुन्नाका साथ रावण झोक्किएर जुरुक उठ्यो र बोल्यो, "बदमाश ! अब तेरा नगीचमा मृत्यु आइपुग्यो ॥ २ ॥

जियसि सदा सठ मोर जिआवा ❀ रिपु कर पक्ष मूढ़ तोहि भावा ॥३॥
कहसि न खल अस को जग माहीं ❀ भुजबल जाहि जिता मैं नाहीं ॥४॥

दुष्ट ! मैले बचाउँदा बाँचेको छस् (मेरा अन्नले बाँचेको छस्)। स्वाँठ ! तँलाई

शत्रुको पक्ष मनपर्‍यो ? ॥ ३ ॥ हे दुष्ट ! जसलाई मैले आफ्ना बाहुबलले जितेको छैन, त्यस्तो सकस संसारमा को छ ? (लौ भन) किन भन्दैनस् ? ॥ ४ ॥

मम पुर बसि तपसिन्ह पर प्रीती ❀ सठ मिलु जाइ तिन्हहि कहु नीती ॥५॥
अस कहि कीन्हेसि चरनप्रहारा ❀ अनुज गहे पद बारहि बारा ॥६॥

मेरै नगरमा बसेर मेरै शत्रुसँग प्रीति ? बदमाश ! जा, उसैसँग मिल, उसैलाई नीति बता" ॥ ५ ॥ यस्तो बोलेर रावणले लात्तले हान्यो, भाई विभीषणले वारंवार पाउ समाते ॥ ६ ॥

उमा संत कइ इहइ बड़ाई ❀ मंद करत जो करै भलाई ॥७॥
तुम्ह पितु सरिस भलेहि मोहि मारा ❀ रामु भजें हित नाथ तुम्हारा ॥८॥
सचिव संग लै नभ पथ गएऊ ❀ सबहि सुनाइ कहत अस भएऊ ॥९॥

(शंकरजी भन्नुहुन्छ) हे पार्वती ! जो बुराई गर्नेका उपर भलाइ गरिन्छ, सज्जनको महत्त्व यही हो ॥ ७ ॥ (विभीषणले भने) "हजूर मेरा पितासमान हुनुहुन्छ, लात्तले हान्नुभो बेशै हो (त्यसमा पनि अज्ञ म विन्ति गर्दछु कि) हे प्रभु ! रामजीको सेवाले नै हजूरको हित छ ।" ॥ ८ ॥ यति भनेर आफ्ना मन्त्री साथ लिईकन आकाशमार्गमा गएर अनि सबैलाई सुनाएर विभीषणने यस्तो भने ॥ ९ ॥

दोहा–रामु सत्यसंकल्प प्रभु सभा कालबस तोरि ।
मैं रघुबीरसरन अब जाउँ देहु जनि खोरि ॥४१॥

"रामजी सत्यसंकल्प (आँटेको कुरा पुर्‍याउने) सामर्थ्यवान् हुनुहुन्छ । हजूरको सभा (मन्त्रिसेवकमण्डल) कालका कब्जामा परिसकेछन् । अब म रघुनाथजीको शरण जान्छु, मलाई दोष नदिनू" ॥ ४१ ॥

चौ०–अस कहि चला बिभीषनु जबहीं ❀ आयूहीन भए सब तबहीं ॥१॥
साधु अवज्ञा तुरत भवानी ❀ कर कल्यान अखिल कै हानी ॥२॥

विभीषण यस्तो भनेर जब हिंडे उत्निखेरै सबैको आयु क्षीण भयो ॥ १ ॥ हे पार्वती ! सज्जन पुरुषको अपहेलनाले सकल कल्याणको हानि गर्दछ ॥ २ ॥

रावन जबहि बिभीषनु त्यागा ❀ भएउ बिभव बिनु तबहि अभागा ॥३॥
चलेउ हरषि रघुनायक पाहीं ❀ करत मनोरथ बहु मन माहीं ॥४॥

रावणले जैले विभीषणको परित्याग गर्‍यो, उसै वेलामा त्यो अभागी र ऐश्वर्यहीन भयो ॥ ३ ॥ विभीषण हर्षित भएर मनमा अनेक मनोरथ गर्दै रामजीका समीप जान हिंडे ॥ ४ ॥

देखिहौं जाइ चरन जलजाता ❀ अरुन मृदुल सेवक सुखदाता ॥५॥
जे पद परसि तरी रिषिनारी ❀ दंडक कानन पावनकारी ॥६॥
जे पद जनकसुता उर लाए ❀ कपटकुरंग संग धर धाए ॥७॥
हर उर सर सरोज पद जेई ❀ अहोभाग्य मैं देखिहौं तेई ॥८॥

(विभीपण मनमा विचार गर्दथे कि) आज गएर लाल, कोमल, भक्तजनसुखदायक, चरणकमल देख्तछु ॥ ५ ॥ जुन चरणकमलको स्पर्श गर्दैमा ऋषिपत्नी (अहल्या) तरिन्, जुन चरणकमल दण्डकारण्यलाई पवित्र पार्ने हुन् ॥ ६ ॥

जुन चरणकमललाई सीताजीले हृदयमा लाइराख्नुभएको छ, जुन चरणकमल माया-हरिणका साथ लागेर दौडे ॥ ७ ॥ जुन चरणकमल शंकरजीका हृदयसरोवरका कमल छन् (शंकरजीले ध्यान गरिएका छन्) तिनै चरणकमल म आँखाले देख्न पाउँछु, धन्य ! मेरो भाग्य ! ॥ ८ ॥

दोहा–जिन्ह पायन्ह के पादुकन्हि भरतु रहे मनु लाइ ।
ते पद आजु बिलोकिहौं इन्ह नयनन्हि अब जाइ ॥४२॥

जुन चरणका खराउमा भरतजी मनलाई लाइरहेका छन्, अब गएर म तिनै चरणलाई यिनै आँखाले देख्ने भएँ ॥ ४२ ॥

चौ०–एहि बिधि करत सप्रेम बिचारा ❀ आएउ सपदि सिंधु येहि पारा ॥१॥
कपिन्ह बिभीषनु आवत देखा ❀ जाना कोउ रिपुदूत बिसेषा ॥२॥

यस्ता प्रकारले प्रेमका साथ विचार गर्दै गर्दै विभीषणजी चाँडै नै समुद्रको वल्लो पार आइपुगे ॥ १ ॥ वानरहरूले विभीषण आउन लागेको देखे, तिनीहरूले शत्रुको कोही विशेष (मामूली दूतभन्दा बढ्ता दर्जाको) दूत जाने (संझे) ॥ २ ॥

ताहि राखि कपीस पहिं आए ❀ समाचार सब ताहि सुनाए ॥३॥
कह सुग्रीव सुनहु रघुराई ❀ आवा मिलन दसानन भाई ॥४॥

तिनीहरू विभीषणलाई राखेर (देखेकै ठाँउमा बसालेर) सुग्रीवका समीप आए । तिनलाई सबै समाचार सुनाए ॥ ३ ॥ सुग्रीवले "रघुनाथजी ! सुनिबक्सियोस्, रावणको भाई भेट गर्न आएको छ अरे" भनी विन्ति चढाए ॥ ४ ॥

कह प्रभु सखा बूझिए काहा ❀ कहै कपीस सुनहु नरनाहा ॥५॥
जानि न जाइ निसाचरमाया ❀ कामरूप केहि कारन आया ॥६॥

प्रभुजीले—"हे सखे ! सोध्नुहोस्, त्यो के चाहन्छ" यस्तो आज्ञा गर्नुभयो । फेरि सुग्रीवले—"सुनिबक्सियोस् प्रभु ! राक्षसहरूको माया (कपट) जान्न सकिदैन, इच्छानुसार रूप लिन सक्ने यो न मालूम के कारणले आयो ? ॥ ५ ॥ ६ ॥

भेद हमार लेन सठ आवा ❀ राखिअ बाँधि मोहि अस भावा ॥७॥
सखा नीति तुम्ह नीकि बिचारी ❀ मम पन सरनागत भय हारी ॥८॥
सुनि प्रभुबचन हरष हनुमाना ❀ सरनागत बच्छल भगवाना ॥९॥

यो बदमाश हाम्रो भेद लिन आएको हो, यसलाई बाँधिराख्नुपर्दछ, मलाई ता यस्तै ठीक लाग्यो" (भनी विन्ति चढाए) ॥ ७ ॥ (रामजीले आज्ञा गर्नुभयो) "हे मित्र ! तपाईंले नीतिको विचार बेश गर्नुभयो, तर शरणागतको भय हरण गर्ने मेरो प्रतिज्ञा छ" ॥ ८ ॥ प्रभुजीको

वचन सुनेर हनूमान् हर्षित भए, तिनले विचार गरे कि—"प्रभुजी शरणागतवत्सल (शरण आउनेका उपर अति प्रेम गर्ने) हुनुहुन्छ ॥ ९ ॥

दोहा–सरनागत कहुँ जे तजहिं निज अनहित अनुमानि ।
ते नर पावर पापमय तिन्हहि बिलोकत हानि ॥४३॥

आफ्नो दुश्मन हो कि ? भन्ने तर्क गरेर जसले शरणागतको परित्याग गर्दछन् ती प्राणी मूर्ख हुन्, तिनलाई हेरे पनि हानि हुन्छ ॥ ४३ ॥

चौ० कोटि बिप्र बध लागहि जाहू ❀ आएँ सरन तजउँ नहि ताहू ॥१॥
सन्मुख होइ जीव मोहि जबही ❀ जन्म कोटि अघ नासहि तबही ॥२॥

रामजीले आज्ञा गर्नुभयो, "करोड ब्रह्महत्या गरेको पाप जसलाई लागेको छ, शरण पर्न आयोभने त्यसलाई पनि छाड्दिन (बचाउँछु) ॥ १ ॥ जीव (प्राणी) हरू जब मेरा सम्मुख हुन्छन् (मतिर फर्कन्छन् = विषयविमुख हुन्छन्) त्यसै बेलामा कोटि जन्मका पाप नष्ट भैहाल्छन् ॥ २ ॥

पापवंत कर सहज सुभाऊ ❀ भजनु मोर तेहि भाव न काऊ ॥३॥
जौं पै दुष्ट हृदय सोइ होई ❀ मोरें सन्मुख आव कि सोई ॥४॥

पापीहरूको जन्मसिद्ध स्वभाव यस्तो हुन्छ कि तिनीहरूलाई मेरो भजन कहिल्यै पनि मन पर्दैन ॥ ३ ॥ यदि त्यो दुष्टचित्त हुँदो हो ता मेरा सन्मुखमा त्यो आउँथ्यो र ॥ ४ ॥

निर्मल मन जन सो मोहि पावा ❀ मोहि कपट छल छिद्र न भावा ॥५॥
भेद लेन पठवा दससीसा ❀ तबहुँ न कछु भय हानि कपीसा ॥६॥

जो व्यक्ति निर्मलचित्त हुन्छ त्यही व्यक्ति मलाई भेट्टाउँछ, मलाई छल-कपट छिद्र मन पर्दैन ॥ ५ ॥ हे कपीश्वर ! रावणले भेद लिन पठाएकै होस् न, तथापि (त्यस्तै भए पनि) केही डर पनि छैन, ॥ ६ ॥

जग महु सखा निसाचर जेते ❀ लछिमनु हनइ निमिष महु तेते ॥७॥
जौं सभीत आवा सरनाईं ❀ रखिहौं ताहि प्रान कीं नाईं ॥८॥

हे मित्र ! संसारभरीमा जति जति राक्षस छन्, लक्ष्मणजी त्यति त्यति (सबै) लाई एक निमेषमा मार्न सक्तछन् ॥ ७ ॥ यदि भयभीत भएर शरण आएको रहेछभने त्यसलाई प्राणसमान गरेर सुरक्षित राख्नेछु ॥ ८ ॥ (क)

दोहा–उभय भाँति तेहि आनहु हसि कह कृपानिकेत ।
जय कृपाल कहि कपि चले अंगद हनू समेत ॥४४॥

(क) "एकफेर म तिम्रो भएँ भनेर शरण पर्न आउने व्यक्तिलाई सब तरहबाट म अभय दिन्छु, यो मेरो व्रत छ" भनी श्रीरामजीले विभीषणलाई शरण दिएर अभय बक्सनुभएको हो ।

सकृदेव प्रपन्नाय तवास्मीति च याचते। अभयं सर्वभूतेभ्यो ददाम्येतद्व्रतं मम ॥
[वा. रा. ६।१८।२२]

करुणा भवन रामजीले हाँसेर "दुवै किसिमले (भेद लिन आएको भए पनि, शरण पर्न आएको भए पनि) त्यसलाई ल्याओ" यस्तो आज्ञा भयो । "दयानिधान श्रीरामजीको जय" भन्दै अङ्गद हनूमान्‌सहित वानरगण (विभीषणलाई लिन) हिंडे ॥ ४४ ॥

चौ०–सादर तेहि आगें करि बानर ❀ चले जहाँ रघुपति करुनाकर ॥१॥
दूरिहि तें देखे द्वौ भ्राता ❀ नयनानंद दान के दाता ॥२॥

वानरहरू आदरका साथ विभीषणलाई अघि लगाएर जहाँ करुणानिधान रघुनाथजी राज भएको थियो त्यहाँ आए ॥ १ ॥ विभीषणले टाढैबाट नेत्रलाई आनन्ददान दिने दुई भाईलाई देखे ॥ २ ॥

बहुरि राम छबिधाम बिलोकी ❀ रहेउ ठठुकि एकटक पल रोकी ॥३॥
भुज प्रलंब कंजारुन लोचन ❀ स्यामल गात प्रनत भय मोचन ॥४॥
सिंघ कंध आयत उर सोहा ❀ आनन अमित मदन छबि मोहा ॥५॥
नयन नीर पुलकित अति गाता ❀ मन धरि धीर कही मृदु बाता ॥६॥

फेरि (नगीचैबाट) शोभाका भवन भएका रामजीलाई देखेर पलक रोकीकन (आँखा नचिम्लेर) एकटक भईकन खडा भएर रहे ॥ ३ ॥ रामजीका लामा लामा बाहु, लालकमलजस्ता लाललाल नेत्र, शरणागतको भय छुटाउने श्यामवर्ण भएको गाथ ॥ ४ ॥ सिंहको जस्तो काँध, विशाल सुन्दर छाती, अनन्त कामदेवको शोभा भएको मुहार देखेर विभीषण नेत्रमा प्रेमाश्रुपूर्ण, शरीरमा प्रेम रोमाञ्चपूर्ण भए, अनि धैर्य धारण गरेर मधुर नरम वचन बोल्न लागे ॥ ५ ॥ ६ ॥

नाथ दसानन कर मैं भ्राता ❀ निसिचर बंस जन्म सुरत्राता ॥७॥
सहज पापप्रिय तामस देहा ❀ जथा उलूकहि तम पर नेहा ॥८॥

"हे नाथ ! म रावणको भाई हुँ, हे देवगणरक्षक ! मेरो जन्म राक्षसका वंशमा भएको हो ॥ ७ ॥ मेरो देह अन्धकारमा प्रेम गर्ने लाटाकोसेराको जस्तो पापमा प्रेम गर्ने तामसी छ ॥ ८ ॥

दोहा–श्रवन सुजसु सुनि आएउँ प्रभु भंजन भवभीर ।
त्राहि त्राहि आरतिहरन सरनसुखद रघुबीर ॥४५॥

हे भवभंजन ! प्रभु ! कानले हजूरको सुयश सुनेर आएको हुँ, हे पीडाहरण ! हे शरणागतसुखद ! हे रघुवीर ! रक्षा गरिबक्सियोस्" ॥ ४५ ॥

चौ०–अस कहि करत दंडवत देखा ❀ तुरत उठे प्रभु हरष बिसेषा ॥१॥
दीन बचन सुनि प्रभुमन भावा ❀ भुज बिसाल गहि हृदय लगावा ॥२॥

यसो भनेर दण्डवत् गर्न लागेका विभीषणलाई देख्नुभयो र अत्यन्त हर्षित भईकन रामजी झट्ट उठ्नुभयो ॥ १ ॥ तिनका दीनवचन सुन्दा रामजीको मन प्रसन्न भयो, विशाल बाहुले समातेर तिनलाई छातीमा लाउनुभयो (आलिङ्गन गर्नुभयो) ॥ २ ॥

अनुज सहित मिलि ढिग बैठारी ❀ बोले बचन भगतभय हारी ॥३॥
कहु लंकेस सहित परिवारा ❀ कुसल कुठाहर बास तुम्हारा ॥४॥

भाईसहित भईकन तिनसँग भेट गर्नुभयो र तिनलाई नगीचैमा राख्नुभयो । अनि भक्तभयहारी भगवान् रामजीले मधुर वचन बोल्नुभयो ॥ ३ ॥ "हे लंकाधिपते ! परिवारसहित तिमीलाई कुशल छ ? भन । तिम्रो निवास कुठाउँमा छ ॥ ४ ॥

खलमंडलीं बसहु दिनु राती ❀ सखा धर्म निबहइ केहि भाँती ॥५॥
मैं जानौं तुम्हारि सब रीती ❀ अति नयनिपुन न भाव अनीती ॥६॥

मित्र ! तिमी दिनरात दुष्टहरूका डफ्फामा बस्तछौ, तिम्रो धर्म कसरी निभ्दो हो ? (बचेर रहँदो हो) ॥ ५ ॥ म तिम्रो रहनसहन जान्दछु, तिमी नीतिमा अति निपुण छौ, तिमीलाई अन्याय मनपर्दैन ॥ ६ ॥

बरु भल बास नरक कर ताता ❀ दुष्टसंग जनि देइ बिधाता ॥७॥
अब पद देखि कुसल रघुराया ❀ जौ तुम्ह कीन्हि जानि जन दाया ॥८॥

हे तात ! बरु नरकको बास बेश छ, विधाताले दुष्टको संगति नदेओस्" ॥ ७ ॥ (यस्ता वचन सुनेर विभीषणले विन्ति गरे) "हे रघुनाथजी ! हजूरका चरणकमलको दर्शन पाउनाले र हजूरले सेवक जानेर दया गर्नाले ऐले मलाई कुशल छ ॥ ८ ॥

दोहा–तब लगि कुसल न जीव कहुँ सपनेहु मन बिश्राम ।
जब लगि भजत न राम कहुँ सोकधाम तजि काम ॥४६॥

जहाँसम्म शोकका घर भएका सकल कामना छाडेर रामको भजन गर्दैन, तहाँसम्म जीवलाई कुशल पनि हुँदैन, मनको शान्ति सपनामा पनि हुँदैन ॥ ४६ ॥

चौ०–तब लगि हृदय बसत खल नाना ❀ लोभ मोह मच्छर मद माना ॥१॥
जब लगि उर न बसत रघुनाथा ❀ धरें चाप सायक कटि भाथा ॥२॥

हे रघुनाथ ! जहाँसम्म धनुर्बाण धारण गरेका, पृष्ठभागमा ठोक्रो भिरेका हजूर हृदयमा रहनुहुन्न, त्यहाँसम्म हृदयमा लाभ, मोह, मात्सर्य, मद, मान इत्यादि नाना प्रकारका दुष्ठ बसिरहन्छन् ॥ १ ॥ २ ॥

ममता तरुन तमी अँधिआरी ❀ राग द्वेष उलूक सुखकारी ॥३॥
तब लगि बसत जीव मन माहीं ❀ जब लगि प्रभु प्रताप रबि नाहीं ॥४॥

जहाँसम्म जीवका मनमा प्रभुको प्रतापरूपी सूर्य उदाएको हुँदैन, त्यहाँसम्म राग-द्वेषरूपी उलूक (लाटाकोसेरा) लाई सुख दिने यौवन अवस्थारूपी रात्रिको ममतारूपी अन्धकार रहन्छ (प्रभुको प्रतापरूपी सूर्य उदाएपछि ममतारूपी अन्धकार, यौवनरूपी रात्रि, रागद्वेषरूपी लाटाकोसेरा हराउँछन्) ॥ ३ ॥ ४ ॥ (१)

---

(१) यही भाव लिएर कुनै भृत्यले राघवालङ्कारका रूपकालंकारका प्रपञ्चमध्येका श्लिष्टरूपकमा उदाहरण दिएको छ । जस्तै—

छुट्यो सबैको तम अलमल्लमा ।
तमाम उल्लूहरु भीतिले भुले ॥
प्रतापसूर्य प्रभुको उदाउँदा ।
जहाँतहाँ–का–कलिका स्वयं खुले ॥

अब मैं कुसल मिटे भय भारे ❀ देखि राम पद कमल तुम्हारे ॥५॥
तुम्ह कृपाल जा पर अनुकूला ❀ ताहि न ब्याप त्रिबिध भवसूला ॥६॥

हे राम ! हजूरका चरणकमलको दर्शन पाउँदा मेरा भयका भार (समूह) मेटिए, अब मलाई कुशल छ ॥ ५ ॥ हे दीनदयाल ! जसका उपर हजूर अनुकूल हुनुहुन्छ, त्यसलाई तीन प्रकारका (आध्यात्मिक, आधिदैविक, आधिभौतिक) सांसारिक दुःखले व्याप्त गर्न सक्तैनन् ॥ ६ ॥

मैं निसिचर अति अधम सुभाऊ ❀ सुभ आचरनु कीन्ह नहि काऊ ॥७॥
जासु रूप मुनिध्यान न आवा ❀ तेहि प्रभु हरषि हृदय मोहि लावा ॥८॥

म राक्षसीपुत्र हुँ, अति अधम स्वभावको हुँ, मैले कहिल्यै कुनै शुभ आचरण गरेको थिइनँ ॥ ७ ॥ जसको रूप मुनिका ध्यानमा आउँदैन (ध्यानगोचर हुँदैन) उनै प्रभुजीले उही मलाई हर्षित भएर हृदयमा लगाइबक्सनुभयो ॥ ८ ॥

दोहा–अहोभाग्य मम अमित अति राम कृपा सुख पुंज ।
देखेउँ नयन बिरंचि सिव सेब्य जुगल पद कंज ॥४७॥

हे करुणासमूह ! हे सुखपुञ्ज ! हे राम ! अत्यन्त अतुल (उपमा बिलकुल नभएको) मेरो भाग्य बडो चमत्कारको रहेछ । जुन चरणकमलको ब्रह्माजी र शंकरजी सेवा गर्दछन् , तिनै चरणकमल यिनै आँखाले देखें" ॥ ४७ ॥

चौ०–सुनहु सखा निज कहौं सुभाऊ ❀ जान भुसुंडि संभु गिरिजाऊ ॥१॥
जौं नर होइ चराचरद्रोही ❀ आवइ सभय सरन तकि माही ॥२॥
तजि मद मोह कपट छल नाना ❀ करौं सद्य तेहि साधु समाना ॥३॥

(रामजीले आज्ञा गर्नुभयो–) "हे मित्र ! आफ्ना स्वभावको वर्णन गर्दछु, सुन । (मेरो स्वभावलाई) काकभुशुण्डी, शङ्करजी, पार्वती यिनीहरू जान्दछन् ॥ १ ॥ यदि चराचर जगत्को द्रोह गर्ने होभने पनि भयभीत भैकन मलाई ताकेर (अनन्यदृष्टि भएर) मद, मोह, छल-कपट छाड़ीकन शरण पर्दछभने म त्यसलाई तत्कालैमा सत्पुरुषै जस्तो बनाइदिन्छु ॥ २ ॥ ३ ॥

जननी जनक बंधु सुत दारा ❀ तनु धनु भवनु सुहृद परिवारा ॥४॥
सब कै ममता ताग बटोरी ❀ मम पद मनहि बाँध बरि डोरी ॥५॥
समदरसी इछा कछु नाहीं ❀ हरष सोक भय नहि मन माहीं ॥६॥
अस सज्जन मम उर बस कैसें ❀ लोभीहृदय बसै धनु जैसें ॥७॥
तुम्ह सारिखे संत प्रिय मोरें ❀ धरौं देह नहि आन निहोरें ॥८॥

आमा-बाबु, दाज्यू भाई, पुत्र, स्त्री, शरीर, धन, घरद्वार, इष्टमित्र, कुलकुटुम्ब यी सबैमा लागेको ममतारूपी धागो बटुलेर बलियो डोरी बाटीकन मेरा चरणको आधार गरेर मनलाई बाँधेर समदर्शी, इच्छा कत्ति नभएको, मनमा हर्ष-विषाद:भय केही नभएको, यस्तो सज्जन

मेरा हृदयमा कसरी बस्तछभने लोभीका मनमा धन जसरी बस्तछ, त्यसै गरी (बस्तछ)। हे मित्र! तिमीजस्ता सज्जन मेरा प्यारा हुन्छन्। अर्काका वास्ताले मैले देहधारण गरेको होइन (सज्जनको परित्राणका निमित्त मात्र म देहधारण गर्दछु) ॥ ४ ॥ ५ ॥ ६ ॥ ७ ॥ ८ ॥

दोहा–सगुन उपासक परहित निरत नीति दृढ़ नेम।
ते नर प्रान समान मम जिन्ह कें द्विजपद प्रेम ॥४८॥

जो सगुणका (साकारका) उपासक (सेवक) छन्, जो परकल्याणमा तत्पर छन्, जो नीति र नियम (मर्यादा) मा दृढ़ रहन्छन्, जसको प्रेम ब्राह्मणका चरणमा छ, ती व्यक्ति मेरा प्राणसमान प्रिय छन् ॥ ४८ ॥

चौ०–सुनु लंकेस सकल गुन तोरें ❀ तातें तुम्ह अतिसय प्रिय मोरें ॥१॥
रामबचन सुनि बानरजूथा ❀ सकल कहहिं जय कृपाबरूथा ॥२॥

हे लङ्कापति! विभीषण! सुन, तिमीमा पूर्वोक्त सबै गुण छन्, त्यसो हुनाले तिमी मेरा अत्यन्त प्यारा छौ" ॥ १ ॥ रामजीका यी वचन सुनेर वानरका डफ्फाका डफ्फाले "बोल करुणासमूह रामजीको जय!" भने ॥ २ ॥

सुनत बिभीषनु प्रभु कै बानी ❀ नहि अघात श्रवनामृत जानी ॥३॥
पद अंबुज गह बारहि बारा ❀ हृदय समात न प्रेमु अपारा ॥४॥

प्रभुका वचन सुन्दा विभीषण अघाएनन्, तिनले ती वचनलाई कानका अमृतै जाने ॥ ३ ॥ वारंवार प्रभुका चरणकमल सुमसुम्याउन लागे, अपार प्रेम तिनका हृदयमा अटाएन ॥ ४ ॥

सुनहु देव सचराचरस्वामी ❀ प्रनतपाल उर अन्तरजामी ॥५॥
उर कछु प्रथम बासना रही ❀ प्रभुपद प्रीति सरित सो बही ॥६॥

(विभीषणले विनति गरे)—"हे देव! हे चराचरजगत्स्वामिन्! हे प्रणतपाल! हे हृदयान्तर्यामिन्! सुनिबक्सियोस्, ॥ ५ ॥ अघि मेरा हृदयमा केही वासना (भोगलालसा) थियो, अब त्यो प्रभुका चरणको प्रीतिरूपी नदीमा बग्यो (वासना अब छैन) ॥ ६ ॥

अब कृपाल निज भगति पावनी ❀ देहु सदा सिवमन भावनी ॥ ७ ॥
एवमस्तु कहि प्रभु रनधीरा ❀ मागा तुरत सिंधु कर नीरा ॥ ८ ॥
जदपि सखा तव इछा नाहीं ❀ मोर दरसु अमोघ जग माहीं ॥ ९ ॥
अस कहि राम तिलक तेहि सारा ❀ सुमनबृष्टि नभ भई अपारा ॥१०॥

हे दयाल! अब शंकरजीका मनलाई मनपरेकी परम पवित्र हजूरकी भक्ति मलाई बक्सनुहोस्" ॥ ७ ॥ (विभीषणको यो प्रार्थना सुनेर) युद्धमा धैर्यधारी भएका रामजीले—"तथास्तु" भन्नुभयो र तुरन्तै समुद्रको जल मगाउनुभयो ॥ ८ ॥ (अनि फेरि आज्ञा भयो) "हे मित्र! यद्यपि तिमीलाई इच्छा छैन, तथापि संसारमा मेरो दर्शन अमोघ (अनिष्फल) छ," ॥ ९ ॥ यस्तो आज्ञा गरेर विभीषणलाई राजतिलक गरिबक्सियो। आकाशबाट फूलको वर्षा धूमधामसित भयो ॥ १० ॥

दोहा–रावन क्रोध अनल निज स्वास समीर प्रचंड ।
जरत बिभीषनु राखा दीन्हेउ राजु अखंड ॥४९॥
जो संपति सिव रावनहि दीन्हि दिएँ दस माथ ।
सोइ संपदा बिभीषनहि सकुचि दीन्हि रघुनाथ ॥५०॥

आफ्नै श्वासरूपी हावाले प्रचण्ड भएको रावणका क्रोधरूपी अग्निले जल्न लागेका विभीषणको रक्षा गर्नुभयो, अखण्ड राज्यसमेत बक्सनुभयो ॥ ४९ ॥ दश टाउका काटेर चढ़ाउँदाखेरि शिवजीले रावणलाई जुन संपत्ति दिनुभएको थियो, त्यही संपत्ति रघुनाथजीले संकोच मानीकन (यस्ता भक्तलाई यति जाबो चीज दिनुपर्‍यो भन्ने संकोच गरेर) विभीषणलाई बक्सनुभयो ॥ ५० ॥ ❀

चौ०–अस प्रभु छाड़ि भजहिं जे आना ❀ ते नर पसु बिनु पूँछ बिषाना ॥१॥
निज जन जानि ताहि अपनावा ❀ प्रभुसुभाव कपिकुल मन भावा ॥२॥

यस्ता प्रभु रघुनाथजीलाई छाडेर जो अर्काको भजन गर्दछन्, ती मानिस सीङ पुच्छर नभएका पशु हुन् ॥ १ ॥ आफ्ना भक्त जान्नेबित्तिकै विभीषणलाई आपस्त पार्नुभयो, प्रभुको त्यो स्वभाव वानरवर्गलाई अति मनपर्‍यो ॥ २ ॥

पुनि सर्बग्य सर्ब उर बासी ❀ सर्बरूप सब रहित उदासी ॥३॥
बोले बचन नीति प्रतिपालक ❀ कारन मनुज दनुजकुल घालक ॥४॥

फेरि सर्वज्ञ, सर्वहृदयनिवासी, सर्वरूप, निर्लेप, तटस्थ, नीतिप्रतिपालक, कारणवशले मनुष्य भएका, राक्षसकुलहन्ता रामजीले आज्ञा गर्नुभयो ॥ ३ ॥ ४ ॥

[समुद्रबन्धन]

सुनु कपीस लंकापति बीरा ❀ केहि बिधि तरिअ जलधि गंभीरा ॥५॥
संकुल मकर उरग झष जाती ❀ अति अगाध दुस्तर सब भाती ॥६॥

हे किष्किन्धाधिपते ! सुग्रीव ! हे लङ्काधिपते ! विभीषण ! हे वीरहो ! सुन, अगाध यो समुद्र कुन तरहले तर्ने हो ? ॥ ५ ॥ ग्राह, सर्प, माछा यिनका समूहले भरिएको अत्यन्त अगाध भएको समुद्र सब तरहले दुस्तर छ" ॥ ६ ॥

❀ श्रीरामजीको उदारतालाई लिएर कुनै भृत्यले पनि हेतूपमाका प्रसङ्गमा यसै भनेको छ जस्तै–

धैर्यले भूमिको तेजले सूर्यको
कान्तिले चन्द्रको तुल्यता लेखियो ।
रामका दानको तुल्यता सझदा
पक्क पर्छन् सबै अक्कलै रोकियो ॥

यो श्लोकमा प्रतिपादन गरिएको श्रीरामजीको दानवीरतालाई समर्थन गर्नाका निमित्त आक्षेपमूलक काव्यलिङ्ग पनि दिएको छ, जस्तै—

काटिकाटिकन मस्तक छुट्टै चौध लोक लुटि जो हुन आयो ।
एकमुष्ट गरि त्यो धन झट्टै शत्रुका अनुजले किन पायो ? ॥ (राघवालङ्कार)

कह लंकेस सुनहु रघुनायक ❀ कोटि सिंधु सोषक तव सायक ।।७।।
जद्यपि तदपि नीति असि गाई ❀ बिनय करिअ सागर सन जाई ।।८।।

(विभीषणले विन्ति गरे) "हे रघुनाथजी ! सुनिबक्सियोस्, हजूरको बाण करोड़ समुद्रलाई सुकाउन सक्ने छँदै छ, ।। ७ ।। तथापि यस्तो नीति बताइएकी छ कि, समुद्रसँग गएर विनय (नम्रता) गर्नुपर्दछ (नरम उपायले कार्य सिद्ध हुन्छभने, कड़ा उपाय नगर्नु भनी नीतिले भन्दछ)" ।। ८ ।।

दोहा–प्रभु तुम्हार कुलगुर जलधि कहिहि उपाय बिचारि ।
बिनु प्रयास सागर तरिहि सकल भालु कपि धारि ।।५१।।

हे प्रभु ! समुद्र हजूरका कुलपूज्य हुन् (कुलकै मान्नुपर्ने हुन्) ती विचार गरेर उपाय बताउनेछन् । विनापरिश्रम सकल भालू र वानर जम्मै समुद्र तर्नेछन्" ।। ५१ ।।

चौ०–सखा कही तुम्ह नीकि उपाई ❀ करिअ दैव जौ होइ सहाई ।।१।।
मंत्र न येह लछिमनमन भावा ❀ रामबचन सुनि अति दुख पावा ।।२।।

(रामजीले आज्ञा गर्नुभयो) "हे मित्र ! तिमीले बेश उपाय बतायौ, दैव सहाय भयोभने त्यसै गरौंला" ।। १ ।। यो सल्लाह लक्ष्मणजीलाई मनपरेन, रामजीको वचन सुनेर उहाँलाई अत्यन्त दुःख लाग्यो ।। २ ।।

नाथ दैव कर कवन भरोसा ❀ सोखिअ सिंधु करिअ मन रोसा ।।३।।
कादरमन कहुँ एक अधारा ❀ दैव दैव आलसी पुकारा ।।४।।

(लक्ष्मणजीले भन्नुभयो) हे नाथ ! दैवको के भरोसा ?, मनमा क्रोध गरिबक्सनुहोस् र समुद्रलाई सुकाइबक्सनुहोस् ।। ३ ।। कातरहरूका मनलाई एउटा दैवको आधार हुन्छ, अल्छीहरू दैव दैव भनेर चिच्याउँछन्" ।। ४ ।।

सुनत बिहसि बोले रघुबीरा ❀ ऐसेइ करब धरहु मन धीरा ।।५।।
अस कहि प्रभु अनुजहि समुझाई ❀ सिंधु समीप गए रघुराई ।।६।।
प्रथम प्रनाम कीन्ह सिरु नाई ❀ बैठे पुनि तट दर्भ डसाई ।।७।।
जबहि बिभीषनु प्रभु पहि आए ❀ पाछे रावन दूत पठाए ।।८।।

यत्ति वचन सुन्दैमा रामजी हाँसेर बोल्नुभयो, "भाई ! मनमा धैर्य धारण गर, यसै गरौंला (तिमीले भनेजस्तै गरौंला)" ।। ५ ।। यसो भनेर भाईलाई संझाईकन प्रभुजी समुद्रका नगीचमा पाल्नुभयो ।। ६ ।। पहिले उहाँले शिर झुकाएर समुद्रलाई प्रणाम गर्नुभयो अनि तीरमा कुश बिछ्याएर राज भयो ।। ७ ।। जब विभीषण प्रभुका समीप आए, रावणले उनका पछिपछि जासूस पठाएको थियो ।। ८ ।।

[शुकको गिरफ्तारी]

दोहा–सकल चरित तिन्ह देखे धरें कपट कपि देह ।
प्रभुगुन हृदय सराहहिं सरनागत पर नेह ।।५२।।

त्यसले वानरको कपट वेष (देह) धारण गरेर सब हालचाल देख्यो । त्यो मनै मनले रामजीका गुणको र शरणागतका उपकारका प्रेमको तारीफ गर्दथ्यो ॥ ५२ ॥

चौ०–प्रगट बखानहिं रामसुभाऊ ❀ अति सप्रेम गा बिसरि दुराऊ ॥१॥
रिपु के दूत कपिन्ह तब जाने ❀ सकल बाँधि कपीस पहिं आने ॥२॥

त्यसले आफू रामजीमा अत्यन्त प्रेमी भएको हुनाले आफ्नो कपट बिर्स्यो (आफूले लिएको कपटपूर्ण वानररूप हटेर साबिकबमोजिमको रूप भएको होशै पाएन), आफ्नै रूपमा प्रकट भईकन रामजीका स्वभावको वर्णन गर्नलाग्यो (प्रेमले पागल भएपछि रावणको नोकर हुँ भन्ने ध्यान गर्न सकेन) ॥ १ ॥ त्यसो हुनाले त्यसलाई दूत हो भनी सबै वानरले जाने अनि बाँधेर सुग्रीवका समीप लगे ॥ २ ॥

कह सुग्रीव सुनहु सब बानर ❀ अंगभंग करि पठवहु निसिचर ॥३॥
सुनि सुग्रीवबचन कपि धाए ❀ बाँधि कटक चहुँ पास फिराए ॥४॥

सुग्रीवले भने—"हे वानरहो ! सुन, यो राक्षसलाई अंगभंग गरेर पठाइदेऊ" ॥ ३ ॥ सुग्रीवको वचन सुनेर वानरहरू दौडे, त्यसलाई बाँधेर फौजका चारैतर्फ घुमाए ॥ ४ ॥

बहु प्रकार मारन कपि लागे ❀ दीन पुकारत तदपि न त्यागे ॥५॥
जो हमार हर नासा काना ❀ तेहि कोसलाधीस कै आना ॥६॥

वानरहरू त्यसलाई अनेक तरहले पिट्न लागे, त्यो दुःखी भएर चिच्याउँथ्यो, तैपनि छाडेनन् ॥ ५ ॥ (त्यसले) "मेरो नाक र कान जसले काट्ला, त्यसलाई अयोध्यापति रामको शपथ छ" (रामजीकी दुहाइ ! भन्यो) ॥ ६ ॥

सुनि लछिमन सब निकट बोलाए ❀ दया लागि हसि तुरत छोड़ाए ॥७॥
रावनकर दीजेहु येह पाती ❀ लछिमनबचन बाँचु कुलघाती ॥८॥

त्यो चिल्लाहट सुनेर लक्ष्मणजीले सबैलाई नगीच बोलाउनुभयो, उहाँलाई माया लाग्यो, हाँसेर तुरन्तै बन्धनबाट छोडाइदिनुभयो ॥ ७ ॥ र भन्नुभयो कि—"हे कुलघाती ! यो लक्ष्मणको वचन हो बाँच" भनेर यो पत्र रावणका हातमा दिएस् ॥ ८ ॥

दोहा–कहेउ मुखागर मूढ़ सन मम संदेसु उदार ।
सीता देइ मिलहु न त आवा कालु तुम्हार ॥५३॥

अनि त्यो मूर्खलाई कल्याणकारी मेरो सन्देश मुखाग्रै (कण्ठस्थ पारिराखेर) भनेस् (के भने) "सीताजीलाई फिर्ता दिएर भेट्न आइज होइन भने तेरो काल आयो" ॥ ५३ ॥

चौ०–तुरत नाइ लछिमनपद माथा ❀ चले दूत बरनत गुनगाथा ॥१॥
कहत रामजसु लंका आए ❀ रावनचरन सीस तिन्ह नाए ॥२॥

त्यो जासूस लक्ष्मणजीका पाउमा शिर राखेर रामजीका गुणको वर्णन गर्दै हिंड्यो, ॥ १ ॥ रामजीका यशको वर्णन गर्दा गर्दै लंकामा आइपुग्यो र त्यसले रावणका पाउमा सिर राख्यो ॥ २ ॥

बिहसि दसानन पूँछी बाता ❀ कहसि न सुक आपनि कुसलाता ॥३॥
पुनि कहु खबरि बिभीषन केरी ❀ जाहि मृत्यु आई अति नेरी ॥४॥

रावणले हाँसेर वृत्तान्त सोध्यो—"हे शुक ! आफ्नो कुशलसमाचार भन्दैनस् ॥ ३ ॥ अनि जसका अत्यन्त नगीचमा मृत्यु आइपुगेको छ, त्यो विभीषणको खबर सुना ॥ ४ ॥

करत राजु लंका सठ त्यागी ❀ होइहि जब कर कीट अभागी ॥५॥
पुनि कहु भालु कीस कटकाई ❀ कठिन काल प्रेरित चलि आई ॥६॥

त्यो मूर्खले राज्य गर्दा गर्दै लंका छाड्यो, त्यो अभागी जौको घुन जस्तो हुनेछ, (जौ पिंध्दा घुन पिंधिएझैं वानर-भालूसंग मिसिन गएको विभीषण वानर-भालूका घानमा परेर मर्नेछ) ॥ ५ ॥ अनि कठोर कालका प्रेरणाले आएका भालू र वानर फौजको वर्णन गर् ॥ ६ ॥

जिन्ह के जीवन कर रखवारा ❀ भएउ मृदुलचित सिंधु बिचारा ॥७॥
कहु तपसिन्ह कै बात बहोरी ❀ जिन्ह कें हृदय त्रास अति मोरी ॥८॥

कोमलचित्त भएको बिचरा समुद्र फेरि जसका जिन्दगीको रक्षा गर्ने भइरहेछ ॥ ७ ॥ जसका हृदयमा मेरो त्रास (डर) अत्यन्त छ, ती तपस्वी (राम लक्ष्मण) को वृत्तान्त बता ॥ ८ ॥

दोहा—की भइ भेंट कि फिरि गए श्रवन सुजसु सुनि मोर ।
कहसि न रिपुदल तेज बल बहुत चकित चित तोर ॥५४॥

ती तपस्वी (रामलक्ष्मण) संग भेट ता भयो ?, कि तिनीहरू कानले मेरो सुयश सुनीकन फर्केर गए ? शत्रुहरूका दलको बल तेज केही भन्दैनस्, तेरो चित्त खूबै चकित (जिल्ल परेको) छ" ॥ ५४ ॥

चौ०—नाथ कृपा करि पूँछेहु जैसें ❀ मानहु कहा क्रोध तजि तैसें ॥१॥
मिला जाइ जब अनुज तुम्हारा ❀ जातहिं राम तिलक तेहि सारा ॥२॥

(शुकले भन्यो) "हे नाथ ! जसरी कृपा गरेर सोध्नुभयो, त्यसै गरी क्रोध छाडेर मैले विन्ति चढाएको कुरा मान्नुहोस् ॥ १ ॥ जब हजूरका भाई गएर मिले, जानेबित्तिकै तिनलाई रामजीले राजतिलक दिए ॥ २ ॥

रावनदूत हमहि सुनि काना ❀ कपिन्ह बाँधि दीन्हेउ दुख नाना ॥३॥
श्रवन नासिका काटइँ लागे ❀ रामसपथ दीन्हे हम त्यागे ॥४॥

मलाई रावणको दूत भनेर सुन्नेबित्तिकै वानरहरूले बाँधे, नाना प्रकारको दुःख दिए ॥ ३ ॥ मेरो नाक र कान काट्न लागेका थिए, मैले रामजीको शपथ दिएँ, अनि मलाई छाडे ॥ ४ ॥

पूछिहू नाथ रामकटकाई ❀ बदन कोटि सत बरनि न जाई ॥५॥
नाना बरन भालु कपि धारी ❀ बिकटानन बिसाल भयकारी ॥६॥

हे नाथ ! रामजीका फौजको वृत्तान्त सोध्नुभयो, सय करोड मुखले पनि त्यसको

वर्णन गर्न सकिदैन ॥ ५ ॥ नाना प्रकारको वर्ण धारण गर्ने, विकराल मुख भएका, ठूला ठूला-भयंकर भालू र वानर छन् ॥ ६ ॥

जेहि पुर दहेउ हतेउ सुत तोरा ❀ सकल कपिन्ह मह तेहि बलु थोरा ॥७॥
अमित नाम भट कठिन कराला ❀ अमित नागबल बिपुल बिसाला ॥८॥

जसले लंका जलायो, हजूरको छोरालाई माऱ्यो, त्यो ता सबै वानरमध्येमा निर्बलियो (कमजोर) रहेछ ॥ ७ ॥ असंख्य नाम भएका कठोर डरलाग्दा जोद्धाहरू रहेछन्, असंख्य हात्तीको बल भएका ठूला ठूला जोद्धाहरू धेरै रहेछन् ॥ ८ ॥

दोहा—दुबिद मयंद नील नल अंगद गद विकटासि ।
दधिमुख केहरि कुमुद गव जामवंत बलरासि ॥५५॥

द्विविद मैन्द, नील, नल, अंगद, विकटास्य, दधिमुख, केसरी, कुमुद, गव, बलवान् जाम्बवान्–॥ ५५ ॥

चौ०—ए कपि सब सुग्रीव समाना ❀ इन्ह सम कोटिन्ह गनइ को नाना ॥१॥
रामकृपा अतुलित बल तिन्हहीं ❀ तृन समान त्रैलोकहि गनहीं ॥२॥

यी सबै वानरहरू सुग्रीवजत्तिकै बलवान् रहेछन्, यीजस्ता अनेक करोड छन्, को गनोस् ? ॥ १ ॥ रामजीका कृपाले तिनको बल अद्वितीय छ, त्रैलोक्यलाई तृणबराबर संझन्छन् ॥ २ ॥

अस मैं श्रवन सुना दसकंधर ❀ पदुम अठारह जूथप बंदर ॥३॥
नाथ कटक मह सो कपि नाहीं ❀ जो न तुम्हहि जीतइ रन माहीं ॥४॥

हे दशकंधर ! "अठार पद्म वानर सेनापति छन्" यस्तो कुरा मैले कानले सुनेको हुँ (गन्न सकिएन, गन्न पाइएन) ॥ ३ ॥ हे नाथ ! जो युद्धमा हजूरलाई जित्न सक्तैन त्यस्तो वानर ता फौजमा एउटा पनि छैन ॥ ४ ॥

परम क्रोध मीजहिं सब हाथा ❀ आएसु पै न देहिं रघुनाथा ॥५॥
सोखहिं सिंधु सहित झष ब्याला ❀ पूरहिं न त भरि कुधर बिसाला ॥६॥

सबैजना खूब रिसाएर हात माडिरहेका छन्, तर रामजीले आज्ञा दिएको छैन ॥ ५ ॥ "माछा सर्पसहित भएको समुद्रलाई पिएर सुकाऊँ, होइनभने ठूला ठूला पर्वत भरेर समुद्रलाई पुरौं ॥ ६ ॥

मर्दि गर्द मिलवहिं दससीसा ❀ ऐसेइ बचन कहहिं सब कीसा ॥७॥
गर्जहिं तर्जहिं सहज असंका ❀ मानहु ग्रसन चहतहहिं लंका ॥८॥

दशमुखे रावणलाई माडीमाडीकन धूलामा मिलाऊँ" यस्तै वचन सबै वानर बोल्दछन् ॥ ७ ॥ तिनीहरू स्वभावैले निःशंक (धक्काधार नभएका) छन्, गर्जन्छन्, तर्साउँछन्, मानौं लंकालाई ग्रास गर्न चाहन्छन् कि भनेजस्ता छन् ॥ ८ ॥

दोहा–सहज सूर कपि भालु सब पुनि सिर पर प्रभु राम ।
रावन काल कोटि कहुँ जीति सकहिं संग्राम ॥५६॥

सबै वानर र भालूहरू स्वभावैले शूर-वीर छन्, फेरि त्यसमाथि सबैका शिरमा (सर्वोपरि) रामजी छन्। हे रावण ! तिनीहरू संग्राममा करोड काललाई पनि जित्न सक्छन् ॥ ५६ ॥

चौ०–राम तेज बल बुधि बिपुलाई ❀ सेष सहस सत सकहिं न गाई ॥१॥
सक सर एक सोखि सत सागर ❀ तब भ्रातहि पूँछेउ नयनागर ॥२॥

रामजीको तेज, बल, बुद्धिको महत्त्वलाई सयहज्जार (लाख) शेषले पनि वर्णन गर्न सक्तैनन् ॥ १ ॥ सय समुद्रलाई एउटै बाणले सुकाउन सक्छन्, तथापि नीतिमा निपुण भएका रामजीले हजूरका भाईलाई सोधे ॥ २ ॥

तासु बचन सुनि सागर पाहीं ❀ मागत पंथ कृपा मन माहीं ॥३॥
सुनत बचन बिहसा दससीसा ❀ जौ असि मति सहाय कृत कीसा ॥४॥

उनको (विभीषणको) वचन सुनेर समुद्रसँग बाटो माग्न लागेका छन्, उनका मनमा (क्रोध छैन) कृपा छ" ॥ ३ ॥ यो वचन सुनेर रावण हाँस्यो, (अनि बोल्न लाग्यो)– "यस्तै बुद्धि छ, त्यसैले ता वानरलाई सहायक बनाएको हो ॥ ४ ॥

सहज भीरु कर बचन दृढ़ाई ❀ सागर सन ठानी मचलाई ॥५॥
मूढ़ मृषा का करसि बड़ाई ❀ रिपु बल बुद्धि थाह मैं पाई ॥६॥

स्वभावैले भीरु (डरछेरुवा विभीषण) का वचनमा दृढ़ता गरेर समुद्रसँग धर्ना बस्न आँट्यो ॥ ५ ॥ हे मूर्ख ! त्यस्ताको प्रशंसा व्यर्थै किन गर्दछस् ? शत्रुको बुद्धि र बल मैले थाहा पाएँ ॥ ६ ॥

सचिव सभीत बिभीषनु जाकें ❀ बिजय बिभूति कहाँ लगि ताकें ॥७॥
सुनि खलबचन दूत रिस बाढ़ी ❀ समय बिचारि पत्रिका काढ़ी ॥८॥

जसको मन्त्री डरछेरुवा विभीषण छ, त्यसको विजय र ऐश्वर्य कहाँतक होला ?" ॥ ७ ॥ दुष्ट रावणका यस्ता वचन सुन्दा शुक जासूसको रिस बढ्यो। मौका विचार गरेर लक्ष्मणजीको पत्र (चिट्ठी) झिक्यो र ॥ ८ ॥

रामानुज दीन्ही येह पाती ❀ नाथ बचाइ जुड़ावहु छाती ॥९॥
बिहसि बाम कर लीन्ही रावन ❀ सचिव बोलि सठ लाग बचावन ॥१०॥

(त्यसले) "हे नाथ ! रामजीका भाईले यो पत्र दिएको छ, बँचाएर (बाँच्न लाएर) छाती ठण्डा गर्नुहोस्" भन्यो ॥ ९ ॥ मूर्ख रावणले त्यो पत्र बायाँ हातले लियो र मन्त्रीलाई बोलाएर बाँच्न लगायो ॥ १० ॥

दोहा–बातन्ह मनहि रिझाइ सठ जनि घालसि कुल खीस ।
रामबिरोध न उबरसि सरन बिष्नु अज ईस ॥५७॥

की तजि मान अनुज इव प्रभुपद पंकज भृंग।
होहि कि रामसरानल खल कुल सहित पतंग ॥५८॥

(पत्रमा)–"हे दुष्ट! कुरामा मनलाई रिझाएर (फटाहाहरूका कुराले मनलाई दङ्ग पारेर) आफ्ना कुलको संहार नपार्। विष्णु, ब्रह्मा, शंकरको शरण परे पनि रामजीसँग विरोध गरिस्भने उम्रनेछैनस् (बाँकी रहनेछैनस्=सिद्धिन्छस्) ॥ ५७ ॥ हे खल! कि ता अभिमान छाडेर विभीषणजस्तै रामजीका चरणकमलमा भ्रमर हो, कि ता रामजीका बाणरूपी अग्निमा कुलकुटुम्बसहित पुतली हो" ॥ ५८ ॥

चौ०–सुनत सभय मन मुख मुसुकाई ❀ कहत दसानन सबहि सुनाई ॥१॥
भूमि परा कर गहत अकासा ❀ लघु तापस कर बागबिलासा ॥२॥

यो पत्र सुन्दा रावण मनमा डराउँदै मुखले हाँसेर सबैलाई सुनाईकन भन्न लाग्यो ॥ १ ॥ सानुचाहिने तपस्वी (लक्ष्मण) का कुराको फुर्ती ता "भईंमा तेर्सिएकाले आकाश समात्न खोजेजस्तो रहेछ" ॥ २ ॥

कह सुक नाथ सत्य सब बानी ❀ समुझहु छाड़ि प्रकृति अभिमानी ॥३॥
सुनहु बचन मम परिहरि क्रोधा ❀ नाथ राम सन तजहु बिरोधा ॥४॥

शुक (दूत) ले भन्यो–"हे नाथ! अभिमानी स्वभावलाई छोडेर बताएका सबै कुरालाई सत्य संझनुहोस् ॥ ३ ॥ क्रोध छाडेर मेरा वचन सुन्नुहोस्, हे नाथ! रामसँग विरोध छोड्नुहोस् ॥ ४ ॥

अति कोमल रघुबीरसुभाऊ ❀ जद्यपि अखिल लोक कर राऊ ॥५॥
मिलत कृपा तुम्ह पर प्रभु करिही ❀ उर अपराध न एकौ धरिही ॥६॥

यद्यपि रामजी सबै लोकका राजा हुनुहुन्छ, तथापि उहाँको स्वभाव अति कोमल छ ॥ ५ ॥ भेट्नाका साथ हजूरका उपर दया गर्नुहुनेछ, मनमा एउटा अपराध पनि राख्नु (संझनु) हुनेछैन ॥ ६ ॥

जनकसुता रघुनाथहि दीजे ❀ एतना कहा मोर प्रभु कीजे ॥७॥
जब तेहि कहा देन बैदेही ❀ चरनप्रहार कीन्ह सठ तेही ॥८॥

सीताजी रघुनाथजीलाई दिइहाल्नुहोस्, हे प्रभु! मैले भनेको यति मान्नुहोस (गर्नुहोस्)" ॥ ७ ॥ जब शुकले सीता दिनु भन्यो, बदमाश रावणले त्यसलाई चरणप्रहार गर्‍यो (लात्तले ठोक्यो) ॥ ८ ॥

नाइ चरन सिरु चला सो तहाँ ❀ कृपासिंधु रघुनायक जहाँ ॥९॥
करि प्रनामु निज कथा सुनाई ❀ रामकृपा आपनि गति पाई ॥१०॥

त्यो रावणका पाउमा शिर झुकाएर जहाँ दयासागर रघुनाथजी राज भएको थियो

उहीं गयो ॥ ९ ॥ त्यसले प्रणाम गरेर आफ्नो [१]कथा सुनायो, रामजीका कृपाले आफ्नो गति पायो ॥ १० ॥

रिषि अगस्ति कीं श्राप भवानी ❀ राक्षस भएउ रहा मुनि ज्ञानी ॥११॥
बंदि रामपद बारहि बारा ❀ मुनि निज आश्रम कहुँ पगु धारा ॥१२॥

हे पार्वती ! त्यो ज्ञानी मुनि हो, अगस्त्यऋषिका शापले राक्षस भएको थियो, ॥ ११ ॥ वारंवार रामजीका चरणको वन्दना गरेर मुनिस्वरूप भईकन आफ्ना आश्रमतक गयो ॥ १२ ॥

[समुद्रनिग्रह]

दोहा–बिनय न मानत जलधि जड़ गए तीनि दिन बीति ।
बोले राम सकोप तब भय बिनु होइ न प्रीति ॥५९॥

तीन दिन बितिसके, जड़ समुद्रले विनयलाई (रामजीको नम्रतालाई) मानेन (टेरेन) । अनि रामजी क्रुद्ध भएर बोल्नुभयो–"विनाडर प्रीति हुँदो रहेनछ–॥ ५९ ॥

चौ०–लछिमन बान सरासन आनू ❀ सोखौं बारिधि बिसिख कृसानू ॥१॥
सठ सन बिनय कुटिल सन प्रीती ❀ सहज कृपन सन सुंदर नीती ॥२॥
ममतारत सन ज्ञानकहानी ❀ अतिलोभी सन बिरति बखानी ॥३॥
क्रोधिहि सन कामिहि हरिकथा ❀ ऊषर बीज बएँ फल जथा ॥४॥

लक्ष्मण ! ल्याऊ धनु र बाण । अग्निबाण (आग्नेयास्त्र) ले समुद्रलाई सुकाउँछु, ॥ १ ॥ दुष्टसँग विनय कपटीसँग मित्रता, स्वाभाविक कृपणसँग सुन्दर नीति, ॥ २ ॥ ममतामा तत्पर भएका व्यक्तिसँग ज्ञानको कुरा, अति लोभीसँग वैराग्यको बखान ॥ ३ ॥ क्रोधीसँग शान्तिका कुरा, कामीसँग हरिकथाको चर्चा, इत्यादि गर्नाको फल उखरमा बीउ छर्नाको फल जस्तै छ" ॥ ४ ॥

---

(१) यो शुक पूर्वजन्ममा सदाचारी स्वकर्मनिष्ठ ब्राह्मण थियो । त्यसले देवप्रीतिका निमित्त निरन्तर यज्ञ गर्न लाग्यो, त्यसो हुनाले राक्षसहरू त्यसका विरोधी हुन गए । कदाचित् अगस्त्य महामुनि शुक ब्राह्मणका घर अतिथि भएर आए, शुक्र ब्राह्मणले तिनलाई भोजन गराउन प्रार्थना गरे । अगस्त्य मुनि "हुन्छ स्नान गरेर आउँछु" भनीकन स्नान गर्न गए ! यही मौका पारेर वज्रदंड नाम भएको राक्षसले अगस्त्यको रूप लिएर शुक ब्राह्मणका समीप आईकन "धेरै भयो मैले मासु खाएको छैन, आज मेरा निंति मासुसहित भोजन तयार गराए है, म नुहाएर आउँछु" भन्यो । शुक ब्राह्मणले त्यो कुरा स्वीकार गरे । अगस्त्यरूपधारी राक्षसले फेरि अगस्य मुनिलाई भोजन गराउने वेलामा शुक ब्राह्मणकी पत्नीको रूप लिएर पाकेको मनुष्यमांस अगस्त्यलाई टक्रयायो, अगस्त्यले भोजन गर्न लाग्दा थाहा पाएर अत्यन्त क्रुद्ध भईकन विचार नगरेर "मलाई मनुष्यमांस खान दिइस्, तँ राक्षस भएस् भनी शाप दिए । शुक ब्राह्मणले उचित जवाब दिंदा ज्ञानदृष्टिका प्रभावले सबै वृत्तान्त अगस्त्य मुनिले बुझे । "मेरो वचन अन्यथा हुँदैन, राक्षस भएर रावणको सहायता गर्दै रहे, रामावतार भएपछि रामजीको दर्शन पाउला, रावणलाई उपदेश गरौला, अनि मुक्त हुनेछौ" भनी अगस्त्य गएका थिए । तदनुसार राक्षसशरीरधारी शुक ब्राह्मणले ऐल्हे सद्गति पाए ।

अस कहि रघुपति चाप चढ़ावा ❀ येह मत लछिमन कें मन भावा ॥५॥
संधानेउ प्रभु बिसिख कराला ❀ उठि उदधि उर अंतर ज्वाला ॥६॥

यसो भनेर रामजीले धनु चढ़ाउनुभयो, यो मत (पराक्रमपक्षमा लाग्ने, प्रार्थनापक्ष छाड्ने मत) लक्ष्मणजीलाई मनपर्‍यो ॥ ५ ॥ प्रभुजीले भयानक बाण झिकेर धनुमा जोर्नुभयो । समुद्रका भित्रपट्टि आगाको ज्वाला उठ्यो ॥ ६ ॥

मकर उरग झष गन अकुलाने ❀ जरत जंतु जलनिधि जब जाने ॥७॥
कनकथार भरि मनिगन नाना ❀ बिप्ररूप आए तजि माना ॥८॥

ग्राह, सर्प, माछा आकुलव्याकुल भए, जब समुद्रले जीवजन्तु जल्न लागेको जाने अनि अभिमान छाडेर ब्राह्मणरूप धारण गरेर सुवर्णका थाल (किश्ती) भरी नाना प्रकारका मणि लिएर आए ॥ ७ ॥ ८ ॥

दोहा–काटेंहि पइ कदली फरै कोटि जतन कोउ सीच ।
बिनय न मान खगेस सुनु डाँटेहि पइ नव नीच ॥६०॥

(काकभुशुण्डी भन्दछन्–) हे गरुड़जी ! सुन्नुहोस् , करोडौं यत्नले कसैले पानी सेचन गरोस् न, (अहँ ! केरा फल्दैन) काटेपछि (छिमलेपछि) केरा फल्छ । नीच पनि विनय गरुञ्ज्याल टेर्दैन, डाँटेपछि (धम्की दिएपछि) नम्र हुन्छ ॥ ६० ॥

चौ०–सभय सिंधु गहि पद प्रभु केरे ❀ क्षमहु नाथ सब अवगुन मेरे ॥१॥
गगन समीर अनल जल धरनी ❀ इन्ह कइ नाथ सहज जड़ करनी ॥२॥

समुद्र भयभीत भएर प्रभुजीका पाउ पकडेर भन्न लागे—, हे नाथ ! मेरो अपराध क्षमा गर्नुहोस् ॥ १ ॥ हे नाथ ! आकाश, वायु, अग्नि, जल, पृथ्वी यिनका काम स्वभावैले जड़ हुन्छन्– ॥ २ ॥

तव प्रेरित माया उपजाए ❀ सृष्टिहेतु सब ग्रंथन्हि गाए ॥३॥
प्रभु आएसु जेहि कहँ जस अहई ❀ सो तेहि भाँति रहें सुख लहई ॥४॥

यिनीहरू हजूरले प्रेरणा गरेकी मायाले सृष्टिका निमित्त पैदा गरिएका हुन् भनी सबै ग्रन्थ (शास्त्र) ले भनेका छन् ॥ ३ ॥ जसलाई जस्तो प्रभुको आज्ञा छ, त्यसले त्यहीअनुसार चल्यो भने सुख पाउँछ ॥ ४ ॥

प्रभु भल कीन्ह मोहि सिख दीन्ही ❀ मरजादा पुनि तुम्हरिअ कीन्ही ॥५॥
ढोल गवार सूद्र पसु नारी ❀ सकल ताड़ना के अधिकारी ॥६॥

प्रभुले मलाई शिक्षा दिनुभयो, बेश गर्नुभयो, मर्यादा ता हजूरैले गरेको न हो ? ॥ ५ ॥ 'ढोल बाजा, गवाँर व्यक्ति, शूद्र, पशु, स्त्री, यी सबै[१] ताड़नका अधिकारी हुन् (पिटे मात्रै ठीक रहन्छन् , नत्र बिग्रन्छन्) ॥ ६ ॥

---

(१) दुर्जनाः शिल्पिनो दासा दुष्टाश्च पटहाः स्त्रियः ।
ताडिता मार्दवं यान्ति न ते सत्कारभाजनम् ॥ [गर्गसंहिता]

यसै श्लोकको छाया लिएर महात्मा तुलसीदासजीले यो चौपाई बनाएको हो, आधुनिक स्त्रीसमाजले तुलसीदासजीका उपर विरोध दृष्टि गर्नु उचित हुनेछैन, दोष मानेका पक्षमा गर्गमुनिको दोष हो ।

प्रभु प्रताप मैं जाब सुखाई ❀ उतरिहि कटकु न मोरि बड़ाई ॥७॥
प्रभु अज्ञा अपेल श्रुति गाई ❀ करौं सो वेगि जो तुम्हहि सोहाई ॥८॥

प्रभुका प्रतापले म शुष्क हुँला (सुकुँला) फौज पनि पारि जाला, (तर त्यसमा) मेरो महत्त्व रहँदैन ॥ ७ ॥ (प्रभुले बक्सेको महत्त्व प्रभुले लिइबक्से पनि) प्रभुको आज्ञा अपेल (अनिवार्य उजूर गर्न नहुने) हो भनेर वेदले भनेको छ । हजूरलाई जुन कुरा मञ्जूर छ, त्यो झट्टै गर्नुपर्दछ" ॥ ८ ॥

दोहा—सुनत बिनीत बचन अति कह कृपाल मुसुकाई ।
जेहि बिधि उतरइ कपिकटकु तात सो कहहु उपाई ॥६१॥

समुद्रका अत्यन्त नम्र वचन सुनेर दयालु प्रभुजीले मन्द हास्य गरेर "हे तात ! वानरको फौज जुन प्रकारले पार हुन्छ, त्यो उपाय बताऊ" भन्नुभयो ॥ ६१ ॥

चौ०—नाथ नील नल कपि द्वौ भाई ❀ लरिकाई रिषि आसिष पाई ॥१॥
तिन्ह कें परस किएँ गिरि भारे ❀ तरिहहिं जलधि प्रताप तुम्हारे ॥२॥

(समुद्रले विन्ति गरे—) हे नाथ ! नल र नील नाम दुई भाई वानर छन् , यिनले बाल्यावस्थामा ऋषिको आशिष पाएको छ ॥ १ ॥ हजूरका प्रतापले तिनले छोएर हालेका ठूला ठूला पहाड पनि मेरा जलमा उत्रिरहनेछन् ॥ २ ॥ (क)

मैं पुनि उर धरि प्रभुप्रभुताई ❀ करिहौं बल अनुमान सहाई ॥३॥
एहि बिधि नाथ पयोधि बँधाइअ ❀ जेहि एह सुजसु लोक तिहुँ गाइअ ॥४॥

अनि म पनि प्रभुको प्रभुत्त्वलाई मनमा राखेर आफ्ना ताकतले भेटेसम्म सहायता गर्नेछु ॥ ३ ॥ हे प्रभु ! यस प्रकारले समुद्रबन्धन गराइबक्सियोस् , जसमा तीनै लोक हजूरको यश गाऊन् ॥ ४ ॥

एहि सर मम उत्तर तट बासी ❀ हतहु नाथ खल नर अघरासी ॥५॥
सुनि कृपाल सागरमन पीरा ❀ तुरतहि हरि राम रनधीरा ॥६॥

हे नाथ ! हजूरको अमोघ भएको यो बाणले मेरा उत्तरपट्टिका किनारामा रहने पाप-

---

(क) "नल नील नाम भएका दुई वानर विश्वकर्माका छोरा हुन् । यी दुई दाज्यू-भाई अति चकचके थिए । यिनको वासस्थान कुनै तपोवनमा थियो । तपोवनका ऋषिमुनिहरू ध्यान गर्न लागेका वेलामा यी उपद्रवी वानरहरू ऋषिमुनिहरूले नित्य पूजा गरिने शालग्राम प्रभृति देवतालाई लगेर पानीमा डुबाइदिन्थे, येनकेनप्रकारेण आफ्नाआफ्ना देवताहरूलाई ऋषिमुनिहरू उपर गर्दथे । एवंरीत्या यी दुई वानरले ऋषि मुनिहरूलाई हैरान पारे, शान्त प्रकृति प्राणिदयापूर्ण भएका ऋषि मुनिहरूले सल्लाह गरेर "अब उप्रान्त यी उपद्रवी दुई वानरले पानीमा हालिदिएको चीज नडुब्रोस्, नबगोस्, उत्रिरहोस्, यस्तो अनौठा शाप दिए । तिनै दुई महावानरलाई सेतुबन्धन गर्दा प्रधान कारीगर बनाइबक्सियोस्" भनी समुद्रले विन्ति गरेको छ ।

राशि दुष्टहरूलाई मारिबक्सियोस् !" ॥ ५ ॥ युद्धमा धैर्यधारी भएका रामजीले समुद्रका मनको पीड़ा सुन्नुभयो र तुरन्तै त्यो पीड़ा हर्नुभयो ॥ ६ ॥

देखि राम बल पौरुष भारी ❀ हरषि पयोनिधि भएउ सुखारी ॥७॥
सकल चरित कहि प्रभुहि सुनावा ❀ चरन बंदि पाथोधि सिधावा ॥८॥

रामजीको ठूलो बल र पौरुष देखेर समुद्र हर्षित र सुखी भए ॥ ७ ॥ प्रभुजीलाई सकल वृत्तान्त विन्ति गरेर सुनाए, अनि समुद्र प्रभुका चरणको वन्दना गरेर गए ॥ ८ ॥

छन्द–निज भवन गवनेउ सिंधु श्रीरघुपतिहि येह मत भाएऊ ।
येह चरित कलिमल हर जथामति दास तुलसी गाएऊ ॥
सुखभवन संसयसमन दवन विषाद रघुपति गुन गना ।
तजि सकल आस भरोस गावहि सुनहि संतत सठ मना ॥६॥

समुद्र आफ्ना घर गए । रामजीलाई यो मत (समुद्रको राय) मनपर्‍यो, कलियुगको मल (पाप) हरण गर्ने यो चरित्रलाई तुलसीदासले बुद्धिअनुसार वर्णन गर्‍यो । हे दुष्ट ! मन ! सबैतिरको आस भरोस छाडेर सदासर्वदा सुखका भवनस्वरूप संशयलाई नष्ट गर्ने विषादलाई ध्वस्त पार्ने रघुनाथजीका गुणगणको गान गर् श्रवण गर् ॥ ६ ॥

दोहा–सकल सुमंगल दायक रघुनायक गुन गान ।
सादर सुनहि ते तरहिं भव सिंधु बिना जलजान ॥६२॥

रघुनाथजीका गुणको कीर्तन सकल सुमंगलदायक छ, त्यसलाई जो आदरसाथ सुन्दछन् तिनीहरू विनाजहाज संसारसागर तर्दछन् ॥ ६२ ॥

इति श्रीरामचरितमानसे सकलकलिकलुषविध्वंसने विमलविज्ञानवैराग्य-
संपादनो नाम पञ्चमः सोपानः समाप्तः
शुभं भूयात् ।



॥ श्रीः ॥

अथ

श्रीमद्गोस्वामितुलसीदासनिर्मितं रामायणम्

तत्रेदम्

लङ्काकाण्डम्

प्रारभ्यते

[स्रग्धरा छन्द]

रामं कामारिसेव्यं भवभयहरणं कालमत्तेभसिंहं
योगींद्रज्ञानगम्यं गुणनिधिमजितं निर्गुणं निर्विकारम् ।
मायातीतं सुरेशं खलवधनिरतं ब्रह्मवृंदैकदेवं
वंदे कंदावदातं सरसिजनयनं देवमुर्वीशरूपम् ॥१॥

शंकरजीले पनि सेवा गर्नुपर्ने, संसारको भयहरण गर्ने, कालरूपी मत्ता हात्तीका हकमा सिंहरूप भएका, योगीश्वरहरूले ज्ञानद्वारा जानिने, सद्‌गुणका निधान, नजितिने, निर्गुण, निर्विकार, मायादेखि पर रहेका, देवताका स्वामी, दुष्टहरूको संहार गर्न तत्पर भएका, ब्राह्मणवर्गका मुख्य देवता, मेघजस्तो श्याम शरीर भएका, कमलजस्ता नजर भएका, पृथ्वीपति (राजा)का रूपमा रहेका, परमात्मा रामजीको वन्दना गर्दछु ॥ १ ॥

[शार्दूलविक्रीडित छन्द]

शङ्खेंद्वाभमतीवसुंदरतनुं शार्दूलचर्माम्बरं
कालव्यालकरालभूषणधरं गंगाशशांकप्रियम् ।
काशीशं कलिकल्मषौघशमनं कल्याणकल्पद्रुमं
नौमीड्यं गिरिजापतिं गुणनिधिं कंदर्पहं शंकरम् ॥२॥

शङ्ख र चन्द्रमाजस्तो (श्वेत) कान्ति भएका, अत्यन्त सुन्दर शरीर हुने, व्याघ्रको चर्म ओढेका, भयानक काला सर्पका गहना पहिरेका, गङ्गाजी र चन्द्रमामा प्रेम गर्ने (ती दुईलाई शिरमा राख्ने) काशीपुरीका अधिपति, कलिकल्मषका समूहको नाश गर्ने, कल्याण गर्नेमा कल्पवृक्षस्वरूप भएका, सद्‌गुणका निधान, कन्दर्पका घातक, कल्याणका कर्ता, स्तुतियोग्य श्रीपार्वतीपति शिवजीलाई नमस्कार गर्दछु ॥ २ ॥

[अनष्टुप् छन्द]

यो ददाति सतां शंभुः कैवल्यमपि दुर्लभम् ।
खलानां दंडकृद्योऽसौ शंकरः शं तनोतु माम् ॥३॥

जुन शम्भु सज्जनहरूलाई दुर्लभ कैवल्यमुक्ति पनि दिन्छन्, जुन शम्भु दुष्टको दण्ड गर्दछन् , उनै कल्याणकारी शम्भु मेरो कल्याण गरून् ॥ ३ ॥

दोहा–लव निमेष परमान जुग बरष कल्प सर चंड ।
भजसि न मन तेहि राम कहुँ काल जासु कोदंड ॥१॥

जसको धनु काल छ, जसका प्रचण्ड बाण लव, निमेष, परमाणु, युग, वर्ष, कल्प छन् हे मन ! तँ उनै रामकन किन भज्दैनस् ? ॥ १ ॥

[सेतुबन्ध]

सोरठा–सिंधुबचन सुनि राम सचिव बोलि प्रभु अस कहेउ ।
अब बिलंबु केहि काम करहु सेतु उतरै कटकु ॥१॥
सुनहु भानुकुलकेतु जामवंत कर जोरि कह ।
नाथ नाम तब सेतु नर चढ़ि भवसागर तरहिं ॥२॥

समुद्रका वचन सुन्नुभएपछि रामजीले मन्त्रीहरूलाई बोलाउनुभयो र "अब विलम्ब गर्नाको के काम ?, पुल बनाओ, सैन्य पार जाओस्" यस्तो आज्ञा गर्नुभयो ॥ १ ॥ जाम्बवान्ले हात जोरेर विन्ति गरे "हे भानुकुलकेतो ! (हे सूर्यवंशध्वज ! राम !) सुनिबक्सियोस् , हे नाथ ! हजूरको नामरूपी पुलमा चढेर प्राणीहरू भवसागर तर्दछन् ॥ २ ॥

चौ०–येह लघु जलधि तरत कति बारा ❀ अस सुनि पुनि कह पवनकुमारा ॥१॥
प्रभु प्रताप बड़वानल भारी ❀ सोखेउ प्रथम पयोनिधिबारी ॥२॥
तव रिपुनारि रुदन जलधारा ❀ भरेउ बहोरि भएउ तेहि खारा ॥३॥
सुनि अति उक्ति पवनसुत केरी ❀ हरषे कपि रघुपति तन हेरी ॥४॥

यो सानु समुद्र तर्न कति बेर लाग्ला ?" जाम्बवान्को यो वचन सुनेर हनूमान्जीले विन्ति गरे ॥ १ ॥ "प्रभुको प्रतापरूपी ठूलो बडवानलले अघि समुद्रको पानी जम्मै सुकायो ॥ २ ॥ अनि हजूरका शत्रुहरूका स्त्रीवर्गका आँसुका धाराले समुद्रको खाल्डो भरियो, त्यसै कारणले त्यो समुद्र खार (नुनिलो) भएको हो" ॥ ३ ॥ (हनूमान्जीको यो '[1]अत्युक्ति सुनेर वानरहरू हर्षित भएर रामजीका शरीरतर्फ टुलुटुलु हेर्नलागे ॥ ४ ॥

---

(१) अद्भुत र मिथ्या (असत्य) भएको शौर्य–औदार्य–प्रतापको वर्णन गर्दा अत्युक्ति अलंकार हुन्छ । "रामजीका प्रतापले पानी जम्मै सुकाएर खाल्डो मात्र शेष रहन गएका समुद्रलाई पति–पुत्रादिको

जामवंत बोले द्वौ भाई ❀ नल नीलहि सब कथा सुनाई ॥५॥
रामप्रताप सुमिरि मन माहीं ❀ करहु सेतु प्रयास कछु नाहीं ॥६॥

जाम्बवान्‌ले नल नील दुवै भाईलाई बोलाएर सबै कुरा सुनाए ॥ ५ ॥ अनि "रामजीको प्रतापलाई मनमा संझेर पुल बनाऊ प्रयास (मिहिनेत) केही छैन" भनी अह्राए ॥ ६ ॥

बोलि लिए कपिनिकर बहोरी ❀ सकल सुनहु बिनती कछु मोरी ॥७॥
रामचरन पंकज उर धरहू ❀ कौतुक एक भालु कपि करहू ॥८॥

फेरि वानरका फौजलाई बोलाएर "सबैजना मेरो केही विन्ति सुन ॥ ७ ॥ मनमा रामजीका चरणकमल राख र भालू वानर जम्मै भएर एउटा तमाशा गर ॥ ८ ॥ (के भने ?)

धावहु मर्कट बिकट बरूथा ❀ आनहु बिटप गिरिन्ह के जूथा ॥९॥
सुनि कपि भालु चले करि हूहा ❀ जय रघुबीर प्रताप समूहा ॥१०॥

"बलिया बलिया तिमीहरू डफ्फाका डफ्फा दौड र वृक्ष र पर्वतका समूहका समूह ल्याओ" ॥ ९ ॥ यो वचन सुनेर वानर र भालूहरू हाहा र हूहू गर्दै "बोल प्रतापपुञ्जरूपी रामजीको जय !" भन्दै दौडे ॥ १० ॥

दोहा–अति उतंग गिरि पादप लीलहिं लेहिं उठाइ।
आनि देहिं नल नीलहि रचहिं ते सेतु बनाइ ॥२॥

अग्ला अग्ला वृक्ष र पहाडलाई लीलाले (खेलवाडैले = सहजै) उठाउँथे र ल्याएर नल नीललाई दिन्थे, ती दुईजना तिनलाई ठीकठाक पारेर धमाधम पुल बनाउँथे ॥ २ ॥

चौ०–सैल बिसाल आनि कपि देहीं ❀ कंदुक इव नल नील ते लेहीं ॥१॥
देखि सेतु अति सुंदर रचना ❀ बिहासि कृपानिधि बोले बचना ॥२॥

वानरहरू ठूला ठूला पहाड ल्याएर दिन्थे, नल र नील ती पहाडलाई भकुण्डा समान गरेर लिन्थे ॥ १ ॥ पुलको सुन्दर रचना देखेर करुणानिधान रामजीले हाँसीकन आज्ञा गर्नुभयो ॥ २ ॥

परम रम्य उत्तम येह धरनी ❀ महिमा अमित जाइ नहि बरनी ॥३॥
करिहौं इहाँ संभुथापना ❀ मोरें हृदय परम कल्पना ॥४॥

"यो स्थान अत्यन्त रमणीय र उत्तम छ, यसको महिमा अपार छ वर्णन गर्न सकिदैन ॥ ३ ॥ यहाँ शिवस्थापना गर्दछु, मेरा मनमा दृढ़संकल्प भयो" ॥ ४ ॥

सुनि कपीस बहु दूत पठाए ❀ मुनिबर सकल बोलि लै आए ॥५॥
लिंग थापि बिधिवत करि पूजा ❀ सिवसमान प्रिय मोहि न दूजा ॥६॥

मरणले रुने शत्रुपत्नीहरूका अश्रुधाराले भऱ्यो र साविकैजस्तो पारिदियो, त्यसको पानी अघि सद्दे थियो, ऐह्ले आँसुस्वरूप हुनाले खारा भएको हो" यस्तो वर्णन अनौठा र झूटो हुनाले यो अत्युक्ति हो। अत्युक्ति गरेर बोलेको सैन्यलाई हँसाएर सबैको उत्साह बढ़ाउनाका निमित्त हो।

यो वचन सुनेर सुग्रीवले धेरै दूत पठाए, (आसपासका वनवासी) सकल मुनीश्वरहरूलाई बोलाएर ल्याए॥ ५॥ विधिपूर्वक लिङ्गस्थापना र पूजा गरिसकेपछि (रामजीले आज्ञा गर्नुभयो) “शिवजीजत्तिको मेरो प्यारो दोस्रो छैन, ॥ ६॥

सिवद्रोही मम भगत कहावा ❀ सो नर सपनेहु मोहि न पावा ॥७॥
संकरबिमुख भगति चह मोरी ❀ सो नारकी मूढ़ मति थोरी ॥८॥

मेरो भक्त कहलाएर पनि शिवजीको द्रोह गर्दछभने, त्यो व्यक्ति सपनामा पनि मलाई पाउँदैन ॥ ७ ॥ शंकरजीदेखि विमुख भएर मेरो भक्ति गर्न चाहन्छभने पनि त्यो मूर्ख नरकाधिकारी अल्पबुद्धि हो ॥ ८ ॥

दोहा—संकरप्रिय मम द्रोही सिवद्रोही मम दास ।
ते नर करहिं कल्प भरि घोर नरक महुँ बास ॥३॥

जो व्यक्ति शंकरको भक्त, मेरो द्रोही छ, (अथवा) मेरो भक्त, शंकरको द्रोही छ, ती दुवै प्रकारका मानिस कल्पकालसम्म घोर नरकमा निवास गर्दछन् ॥ ३ ॥

चौ०—जो रामेस्वरदरसनु करिहहिं ❀ ते तनु तजि मम लोक सिधरिहहिं ॥१॥
जो गंगाजलु आनि चढ़ाइहि ❀ सो साजुज्य मुक्ति नरु पाइहि ॥२॥
होइ अकाम जो छलु तजि सेइहि ❀ भगति मोरि तेहि संकरु देइहि ॥३॥
मम कृत सेतु जो दरसनु करिही ❀ सो बिनु श्रम भवसागर तरिही ॥४॥

जो मनुष्य रामेश्वरको दर्शन गर्लान् तिनीहरू शरीर छाडेपछि विष्णुलोक जानेछन्, ॥ १ ॥ जो मनुष्य गङ्गाजल ल्याएर चढाउलान्, तिनीहरू सायुज्य मुक्ति पाउनेछन् ॥ २ ॥ निष्काम भएर छल छाडेर जो रामेश्वरको सेवा गर्लान्, तिनीहरूलाई शंकरजीले मेरो भक्ति दिनुहुनेछ, ॥ ३ ॥ मैले बनाएका सेतुको (पुलको) जो दर्शन गर्लान्, तिनीहरू विनापरिश्रम संसारसागर तर्लान्” ॥ ४ ॥

रामबचन सब के जिय भाए ❀ मुनिबर निज निज आश्रम आए ॥५॥
गिरिजा रघुपति कै येह रीती ❀ संतत करहिं प्रनत पर प्रीती ॥६॥

रामजीका वचन सबैका मनलाई प्रिय लागे । मुनीश्वरहरू आफ्ना आफ्ना आश्रममा आए ॥ ५ ॥ हे पार्वती ! रघुनाथजीको यस्तो रीति छ कि उहाँ शरणागतका उपर सदा सर्वदा प्रीति गर्नुहुन्छ ॥ ६ ॥

बाँधेउ सेतु नील नल नागर ❀ रामकृपा जसु भएउ उजागर ॥७॥
बूड़हिं आनहिं बोरहिं जेई ❀ भए उपल बोहित सम तेई ॥८॥
महिमा येह न जलधि कै बरनी ❀ पाहनगुह न कपिन्ह कै करनी ॥९॥

सिपालु भएका नल र नीलले पुल बाँधिसके । रामजीका कृपाले तिनको उज्यालो यश फैलियो ॥ ७ ॥ हे पार्वती ! जो पत्थर आफू पनि डुब्छन् अर्कालाई पनि डुबाउँछन्, तिनै पत्थर जहाज जस्ता भए (ती आफू पनि उत्रे, तिनले अर्कालाई पनि उतारे) ॥ ८ ॥ यो महिमा

समुद्रको हो भनिने छैन, पत्थरको गुण (तासीर) भनिने छैन, वानरको करामात पनि भनिने छैन ॥ ९ ॥

दोहा–श्रीरघुबीरप्रताप तें सिंधु तरे पाषान ।
ते मतिमंद जे रामु तजि भजहिं जाइ प्रभु आन ॥४॥

[1]श्रीरघुवीरका प्रतापले पत्थरहरू समुद्रमा उत्रे । जो रघुवीर छाडेर अर्को प्रभुलाई भज्दछन्, ती मन्दबुद्धि (मूर्ख) हुन् ॥ ४ ॥

चौ०–बाँधि सेतु अति सुदृढ़ बनावा ❀ देखि कृपानिधि कें मन भावा ॥१॥
चली सेन कछु बरनि न जाई ❀ गर्जहिं मर्कट भट समुदाई ॥२॥

नल-नीलले पुल बाँधेर खूब मजबूत पारे । त्यो देखता करुणानिधान रामजीको मन प्रसन्न भयो ॥ १ ॥ उहाँपछि फौज चल्यो, त्यसको वर्णन गर्न सकिँदैन, वानरका योद्धाहरू सिंहनाद गर्दथे ॥ २ ॥

सेतुबंध ढिग चढ़ि रघुराई ❀ चितव कृपाल सिंधु बहुताई ॥३॥
देखन कहुँ प्रभु करुनाकंदा ❀ प्रगट भए सब जलचर बृंदा ॥४॥

दयालु रघुनाथजी सेतुबंधका ढिस्कामा (उच्चदेशमा) चढेर समुद्रको विस्तार (फैलावट) हेर्न लाग्नुभयो ॥ ३ ॥ करुणाका मूलस्वरूप उहाँलाई हेर्न जलजन्तुहरूका बथानका बथान प्रकट भए ॥ ४ ॥

मकर नक्र नाना झष ब्याला ❀ सत जोजन तनु परम बिसाला ॥५॥
अैसेउ एक तिन्हहिं जे खाहीं ❀ एकन्ह के डर तेपि डेराहीं ॥६॥

अनेक प्रकारका ग्राह, गोही, माछा, सर्प प्रकट भए, कोही कोही सय योजन लामू शरीर भएका थिए, ॥ ५ ॥ कोही यस्ता पनि थिए कि सय योजनप्रमाण भएका माछालाई सुलुक्क निल्दथे[2] । फेरि तिनीहरू पनि कुनै यौटा तीभन्दा ठूला माछादेखि डराउँथे ॥ ६ ॥

---

(१) जो पत्थर आफू पनि डुब्दछन् अर्कालाई पनि डुबाउँछन्, तिनै पत्थर अगाध समुद्रमा उत्रन लागे, बड़ेबड़े वानरहरूलाई उतार्न (पारि पुऱ्याउन) लागे । यी पत्थरका गुण (तासीर = प्रभाव) होइनन्, समुद्रका गुण होइनन्, वानरका गुण पनि होइनन्, यो सब भगवान् दशरथनन्दन श्रीरामजीका प्रतापको महिमा प्रकट भएको हो ।

ये मज्जन्ति निमज्जयन्ति च पराँस्ते प्रस्तरा दुस्तरे
वार्धौ वीर ! तरन्ति वानरभटान् सन्तारयन्तेऽपि च ॥
नैते ग्रावगुणा न वारिधिगुणा नो वानराणां गुणाः
श्रीमद्दाशरथेः प्रतापमहिमा सोऽयं समुज्जृम्भते ॥

(२) तिमि नाम भएको माछा सययोजन (४०० कोस) लामो हुन्छ । त्यसलाई सुलुक्क निल्न सक्ने तिमिङ्गिल नाम भएको माछो हुन्छ । त्यसलाई निल्ने तिमिङ्गिलगिल नाम भएको माछा हुन्छ । त्यसलाई पनि निलिदिने राघव नाम भएको माछो हुन्छ ।

अस्ति मत्स्यस्तिमिर्नाम शतयोजनमायतः ।
तिमिङ्गिलगिलोऽप्यस्ति तद्गिलोऽप्यस्ति राघवः ॥

प्रभुहि बिलोकहिं टरहिं न टारे ❀ मन हरषित सब भए सुखारे ॥७॥
तिन्ह कीं ओट न देखिअ बारी ❀ मगन भए हरिरूप निहारी ॥८॥
चला कटकु प्रभु आयसु पाई ❀ को कहि सक कपिदल बिपुलाई ॥९॥

ती सबै प्रभुजीलाई हेरिरहन लागे, हटाउँदा पनि हट्तैनथे। सबै मनमा हर्षित थिए, सबै सुखी थिए ॥ ७ ॥ तिनले छेकिएको हुनाले समुद्रको पानी देखिदैनथ्यो, सबै जलजन्तुहरू प्रभुजीको रूप देखेर आनन्दमा डुबे ॥ ८ ॥ श्रीरघुनाथजीको आज्ञा पाएर फौज चलिरहेको थियो, त्यसको वर्णनै हुन सक्तैन। वानरका दलका महत्वको वर्णन गर्ने को सक्तछ ? ॥ ९ ॥

दोहा—सेतुबंध भइ भीर अति कपि नभपंथ उड़ाहिं।
अपर जलचरन्हि ऊपर चढ़ि चढ़ि पारहि जाहिं ॥५॥

सेतुबन्धमा (पुलमा) खूब भीड भयो, वानरहरू आकाशमार्गले उड्न लागे, कोही कोही (रामजीलाई हेर्न उत्रिरहेका) जलजन्तुका उपर (पीठपीठमा) चढ़ी चढ़ीकन (टेकी टेकीकन) पारि जान लागे ॥ ५ ॥

चौ०—अस कौतुक बिलोकि द्वौ भाई ❀ बिहसि चले कृपाल रघुराई ॥१॥
सेन सहित उतरे रघुबीरा ❀ कहि न जाइ कपिजूथप भीरा ॥२॥

दयालु रामजी यो कौतुक (तमाशा) देखेर दुवै भाई हाँस्तै पाल्नुभयो ॥ १ ॥ सेना सहित पारी पुगिबक्सनुभयो, वानरका सेनापतिको भीड़ वर्णन गर्न नसकिने थियो ॥ २ ॥

सिंधु पार प्रभु डेरा कीन्हा ❀ सकल कपिन्ह कहुँ आएसु दीन्हा ॥३॥
खाहु जाइ फल मूल सुहाए ❀ सुनत भालु कपि जहँ तहँ धाए ॥४॥

प्रभुजीले समुद्रका पारि डेरा गरिबक्सनुभयो। सकल वानरलाई असल असल फल-फूल, कन्दमूल खाओ भनी आज्ञा बक्सनुभयो। आज्ञा सुन्नाका साथ भालू र वानर यत्रतत्र दौड़े ॥ ३ ॥ ४ ॥

सब तरु फरे रामहित लागी ❀ रितु अरु कुरितु कालगति त्यागी ॥५॥
खाहिं मधुर फल बिटप हलावहिं ❀ लंका सन्मुख सिखर चलावहिं ॥६॥

रामजीको हितका निमित्त बखत र बेबखत भन्ने समयको नियमलाई छाडेर सबै वृक्ष (लटरम्म) फले ॥ ५ ॥ वानरहरू मीठा मीठा फल खान्थे, वृक्ष हल्लाउँथे, लंकाको सन्मुख (लंकातर्फ) ठूला ठूला पत्थर फ्याँक्तथे ॥ ६ ॥

जहँ कहुँ फिरत निसाचर पावहिं ❀ घेरि सकल बहु नाच नचावहिं ॥७॥
दसनन्हि काटि नासिका काना ❀ कहि प्रभु सुजसु देहिं तब जाना ॥८॥

वानरहरू जहाँ कतै घुम्न फिर्न लागेको राक्षस भेट्टाउँथे, त्यसलाई सबैजना भएर घेर्दथे र अनेक तरहको नाच नचाउँदथे ॥ ७ ॥ अनि दाँतले त्यसको नाक कान काट्तथे, रामजीको सुयश बोल्न लगाउँथे, अनि छाडिदिन्थे ॥ ८ ॥

जिन्ह कर नासा कान निपाता ❀ तिन्ह रावनहि कही सब बाता ॥९॥

सुनत श्रवन बारिधिबंधाना ❀ दसमुख बोलि उठा अकुलाना ॥१०॥

जुन जुन राक्षसका नाक-कान काटिएका थिए, तिनीहरूले रावणलाई सबै वृत्तान्त भने ॥ ९ ॥ समुद्रबन्धन भएको कानले सुन्दा रावण व्याकुल भयो, दशैओटा मुखले सोध्न लाग्यो ॥ १० ॥

दोहा—बाँध्यो बननिधि नीरनिधि जलधि सिंधु बारीस ।
सत्य तोयनिधि कंपति उदधि पयोधि नदीस ॥६॥

के ? वननिधि, नीरनिधि, जलधि, सिन्धु, वारीश, तोयनिधि, कंपति, उदधि, पयोधि, नदीशलाई साँच्चै बाँधे (क) ॥ ६ ॥

चौ०—निज बिकलता बिचारि बहोरी ❀ बिहसि गयउ गृह करि भय भोरी ॥१॥
मंदोदरी सुन्यो प्रभु आयो ❀ कौतुकहीं पाथोधि बँधायो ॥२॥

फेरि रावण आफ्नो व्याकुलता संझेर, डरसर बिर्सीकन, हाँस्तै हाँस्तै भवनभित्र गयो ॥ १ ॥ मन्दोदरीले रामजी आउनुभएको, लहडै-लहडले समुद्रमा पुल बाँधेको सुनिन् ॥ २ ॥

कर गहि पतिहि भवन निज आनी ❀ बोली परम मनोहर बानी ॥३॥
चरन नाइ सिरु अंचलु रोपा ❀ सुनहु बचन पिअ परिहरि कोपा ॥४॥

तिनले हात समातेर पति (रावण) लाई आफ्ना खोपीमा लगिन् र परम मनोहर वचन बोल्न लागिन् ॥ ३ ॥ पाउमा शिर राखिन्, पछेउराको छेउ थापेर याचना गरिन्—“हे प्रिय ! रिसलाई छाडेर मेरो वचन सुन्नुहोस् ॥ ४ ॥

नाथ बयरु कीजे ताही सों ❀ बुधि बल सकिअ जीति जाही सों ॥५॥
तुम्हहि रघुपतिहि अंतरु कैसा ❀ खलु खद्योत दिनकरहि जैसा ॥६॥

हे नाथ ! जसलाई बुद्धिले र बलले जित्न सकिन्छ, त्यसैसँग वैरभाव गर्नुपर्दछ ॥ ५ ॥ जूनकीरीको र सूर्यको जत्तिको अन्तर (फरक) छ, हजूरको र रामजीको अन्तर त्यत्तिकै छ ॥ ६ ॥

अतिबल मधु कैटभ जेहि मारे ❀ महाबीर दितिसुत संघारे ॥७॥
जेहि बलि बाँधि सहसभुज मारा ❀ सोइ अवतरेउ हरन महिभारा ॥८॥
तासु बिरोध न कीजिअ नाथा ❀ काल कर्म जिव जाके हाथा ॥९॥

जसले अत्यन्त बलवान् भएका मधु-कैटभलाई मारे, जसले महाबलवान् भएका

(क) वननिधि, नीरनिधि, आदि गरेका १० शब्द सबै समुद्रवाचक हुन्, रावणको संभ्रम (घबराहट) देखाउनाका निमित्त कविले यो वृत्तांतलाई यसरी उल्लेख गरेको हो । यसैको भाव लिएर कुनै कविले—

श्रुत्वा सागरबन्धनं दशशिराः सर्वैर्मुखैरेकदा
तूर्णं पृच्छति वार्तिकान् स चकितो भीत्या परं संभ्रमात् ॥
बद्धः सत्यमपांनिधिर्जलनिधिः कीलालधिस्तोयधिः
पाथोधिर्जलधिः पयोधिरुदधिर्वारांनिधिर्वारिधिः ॥

यस्तो रचना गरेको छ ।

दितिपुत्र (हिरण्याक्ष-हिरण्यकशिपु) को संहार गरे ॥ ७ ॥ जसले बलिलाई बाँधे, जसले सहस्रबाहु (कार्तवीर्य) लाई मारे, उनै प्रभुले पृथ्वीको भारहरण गर्न अवतार लिएको छ ॥ ८ ॥ हे नाथ ! काल, कर्म, जीव जसका हातमा छन् (जसका अधीन छन्) उनैसँग विरोध नगर्नुहोस् ॥ ९ ॥

दोहा–रामहि सौंपि जानकी नाइ कमल पद माथ ।
सुत कहुँ राज समर्पि बन जाइ भजिअ रघुनाथ ॥७॥

हे नाथ ! रघुनाथजीका चरणकमलमा माथ राखेर सीता सुम्पिदिनुहोस्, छोरालाई राज्य सुम्पेर वनमा गईकन रघुनाथजीको भजन गर्नुहोस् ॥ ७ ॥

चौ०–नाथ दीनदयाल रघुराई ❀ बाघौ सन्मुख गए न खाई ॥१॥
चाहिअ करन सो सब करि बीते ❀ तुम्ह सुर असुर चराचर जीते ॥२॥

हे नाथ ! रघुनाथजी दीनदयाल हुनुहुन्छ, बाघ पनि सोझो भएर सामुन्ने जाँदा खाँदैन ॥ १ ॥ जो गर्नुपर्ने (पुरुषार्थ) गरिसक्नुभयो, हजूरले देव-दैत्य, चराचर जगत् सबै जित्नुभयो ॥ २ ॥

संत कहहिं असि नीति दसानन ❀ चौथेंपन जाइहि नृप कानन ॥३॥
तासु भजनु कीजिअ तहँ भर्ता ❀ जो करता पालक संहर्ता ॥४॥

हे नाथ ! दशानन ! सज्जनहरू "वृद्धावस्थामा राजाले जंगल जानुपर्दछ" यस्तो नीतिपूर्ण वचन भन्दछन् ॥ ३ ॥ हे भर्ता ! जो जगत्का कर्ता छन्, पालक छन्, संहर्ता (संहार गर्ने) छन्, उनैको भजन गर्नुहोस् ॥ ४ ॥

सोइ रघुबीर प्रनत अनुरागी ❀ भजहुँ नाथ ममता सब त्यागी ॥५॥
मुनिबर जतनु करहिं जेहि लागी ❀ भूप राजु तजि होहिं बिरागी ॥६॥
सोइ कोसलाधीस रघुराया ❀ आएउ करन तोहि पर दाया ॥७॥
जौं पिअ मानहु मोर सिखावन ❀ सुजसु होइ तिहुँ पुर अति पावन ॥८॥

राम उनै हुन्, ती शरणागत उपर प्रेम गर्दछन्, हे नाथ ! माया मोह छाडेर उनैको भजन गर्नुहोस् ॥ ५ ॥ जसका निंति (जसलाई भेट्टाउन) मुनीश्वरहरू यत्न गर्दछन्, राजाहरू राज्य छाडेर विरक्त हुन्छन् ॥ ६ ॥ उनै परमेश्वर कोशलाधिपति रघुनाथजीका रूपले हजूरका उपर दया गर्न आएका हुन् ॥ ७ ॥ हे प्रिय ! मेरो प्रार्थना मञ्जूर गर्नुभयोभने तीनै लोकमा अत्यन्त पवित्र कीर्ति फैलिने छ" ॥ ८ ॥

दोहा–अस कहि नयन नीर भरि गहि पद कंपित गात ।
नाथ भजहुँ नाथहि अचल होइ अहिवात ॥८॥

यसो भनेर, आँखाभरी आँसु पारेर थर्थर काँप्तै रावणका पाउमा परेर मन्दोदरीले "हे नाथ ! रामका चरणको सेवा गर्नुहोस् मेरो अहिवात (अभिभाँत = सौभाग्य) अचल रहोस्" यसो भनिन् ॥ ८ ॥

चौ०–तब रावन मयसुता उठाई ❀ कहइ लाग खल निज प्रभुताई ॥१॥
सुनु तैं प्रिया बृथा भय माना ❀ जग जोधा को मोहि समाना ॥२॥

अनि रावणले मन्दोदरीलाई उठायो। त्यो दुष्ट आफ्नै प्रभावको वर्णन गर्न लाग्यो ॥ १ ॥ "हे प्रिये ! तिमी सुन। तिमी व्यर्थै डर मान्दछ्यौ। जगत्मा मसमानको योद्धा को छ? ॥ २ ॥

बरुन कुबेर पवन जम काला ❀ भुजबल जितेउँ सकल दिगपाला ॥३॥
देव दनुज नर सब बस मोरें ❀ कवन हेतु उपजा भय तोरें ॥४॥

वरुण कुवेर वायु यम काल इत्यादि सकल दिक्पालललाई भुजबलले जितें ॥ ३ ॥ देवता दानव, मनुष्य, सबै मेरा वशमा छन्, के कारण तिमीलाई भय पैदा भयो ?" ॥ ४ ॥

नाना बिधि तेहि कहेसि बुझाई ❀ सभा बहोरि बैठ सो जाई ॥५॥
मंदोदरीं हृदय अस जाना ❀ कालबस्य उपजा अभिमाना ॥६॥

मन्दोदरीलाई नाना प्रकारसँग बुझाएर भन्यो, अनि त्यो सभामा गएर बस्यो ॥ ५ ॥ मन्दोदरीले मनमा—"कालको वश परेर अभिमान उठेको हो" यो कुरा जानिन् ॥ ६ ॥

सभाँ आइ मंत्रिन्ह तेहि बूझा ❀ करब कवन बिधि रिपु सैं जूझा ॥७॥
कहहिं सचिव सुनु निसिचरनाहा ❀ बार बार प्रभु पूछहु काहा ॥८॥
कहहु कवन भय करिअ बिचारा ❀ नर कपि भालु अहार हमारा ॥९॥

सभामा आएर रावणले—"शत्रुसँग कुन प्रकारले युद्ध गर्ने हो" भनेर मंत्रीहरूसँग सोध्यो ॥ ७ ॥ मन्त्रीहरूले भने कि—"हे राक्षसाधिपते ! सुनिबक्सियोस्, प्रभु वारंवार के सोध्नुहुन्छ ? ॥ ८ ॥ बताउनुहोस् कुन भय आइलाग्यो र विचार (मन्त्रणा) गर्नुपर्‍यो ? मानिस, वानर-भालू ता हाम्रा आहारै हुन्" ॥ ९ ॥

दोहा–सब के बचन श्रवन सुनि कह प्रहस्त कर जोरि।
नीतिबिरोध न करिअ प्रभु मंत्रिन्ह मति अति थोरि ॥९॥

सबैका वचनलाई कानले सुनेर प्रहस्त (रावणपुत्र) हात जोरीकन भन्न लाग्यो "हे प्रभु ! मन्त्रीहरूको बुद्धि अत्यन्त कम रहेछ, नीतिविरुद्ध काम नगरिबक्सियोस् ॥ ९ ॥

चौ०–कहहिं सचिव सब ठकुरसोहाती ❀ नाथ न पूर आव एहि भाँती ॥१॥
बारिधि नाघि एकु कपि आवा ❀ तासु चरित मन महुँ सबु गावा ॥२॥

सबै मन्त्रीहरू ठकुरसोहाती (मालिकलाई मात्रै मनपर्ने कुरा) भन्दछन्, हे नाथ ! यस्ता तवरले काम पार लाग्नेछैन ॥ १ ॥ एउटा वानर समुद्र नाघेर आएथ्यो, त्यसको चरित्र मनमा सबै गाउँदैछन् ॥ २ ॥

क्षुधा न रही तुम्हहि तब काहू ❀ जारत नगरु न कस धरि खाहू ॥३॥
सुनत नीक आगें दुखु पावा ❀ सचिवन अस मत प्रभुहि सुनावा ॥४॥

(हे मन्त्रीवरहो !) त्यस वेलामा तिमीहरू कसैलाई पनि भोक थिएन कि ? (अग्निमान्द्यको व्यथा लागेको थियो कि कसो हो ?) लंका जलाउँदाखेरि त्यसलाई समातेर किन

खाएनौ ? ॥ ३ ॥ हे नाथ ! मन्त्रीहरूले सुन्दाखेरि निको लाग्ने पछिपरन्तु दुःख दिलाउने मत (राय) प्रभुलाई सुनाए ॥ ४ ॥

जेहि बारीस बँधाएउ हेला ❀ उतरेउ सेन समेत सुबेला ॥५॥
सो भनु मनुज खाब हम भाई ❀ बचन कहहिं सब गाल फुलाई ॥६॥

जसले हेपेर समुद्रलाई बँधायो, सैन्यसहित भएर जो सुबेलपर्वतसम्म आइपुग्यो ॥ ५ ॥ मानौं त्यो मानिस हो रे ! त्यसलाई हामी खाइदिन्छौं रे बाः ! यी सबै भाइहरू गाला उकासेर कुर गर्छन् (त्यत्तिकै हो) ॥ ६ ॥

तात बचन मम सुनु अति आदर ❀ जनि मन गुनहु मोहि करि कादर ॥७॥
प्रिय बानी जे सुनहिं जे कहहीं ❀ ऐसे नरनिकाय जग अहहीं ॥८॥

पिताजी ! मेरो वचन आदरका साथ सुन्नुहोस् मलाई कातर हो भनेर मनमा नसंझनुहोला ॥ ७ ॥ जो मीठो बोली बोल्दछन् , त्यस्ता मानिस संसारमा बथानका बथान छन् ॥ ८ ॥ (क)

बचन परमहित सुनत कठोरे ❀ सुनहिं जे कहहिं ते नर प्रभु थोरे ॥९॥
प्रथम बसीठ पठउ सुनु नीती ❀ सीता देइ करहु पुनि प्रीती ॥१०॥

हे प्रभु ! सुन्दाखेरि कठोर भएका, परिणाममा परम हित गर्ने वचनलाई जो सुन्दछन् जो भन्दछन् त्यस्ता मानिस थोरै छन् ॥ ९ ॥ नीति सुन्नुहोस् , पहिले दूत पठाउनुहोस् अनि सीता सुम्पेर रामसँग प्रीति गर्नुहोस् ॥ १० ॥

दोहा–नारि पाइ फिरि जाहिं जौं तौ न बढ़ाइअ रारि ।
नाहि त सन्मुख समरमहि तात करिअ हठि मारि ॥१०॥

यदि स्त्री पाएर राम फर्केभने (भैगो) झगरा नबढाउनुहोस् , हे पिताजी ! होइनभने समरैमा (युद्धैमा) सन्मुख भएर बलात्कारका साथ मारपीट गर्नुहोस् ॥ १० ॥

चौ०–येह मत जौ मानहुँ प्रभु मोरा ❀ उभय प्रकार सुजसु जग तोरा ॥१॥
सुत सन कह दसकंठ रिसाई ❀ असि मति सठ केहिं तोहि सिखाई ॥२॥
अब ही तें उर संसय होई ❀ बेनुमूल सुत भएहु घमोई ॥३॥

हे प्रभु ! यदि यो मेरो मत मान्नुभयोभने संसारमा हजूरको दुवै तरहले सुयश हुनेछ” ॥ १ ॥ (यो वचन सुनेर) रावण रिसाएर छोरा (प्रहस्त) लाई भन्नलाग्यो–‘ए बदमाश ! तँलाई यस्तो बुद्धि कसले सिकायो ? ॥ २ ॥ ऐहेदेखि मनमा सन्देह भयो (यतिञ्ज्याल,

---

(क) सुलभाः पुरुषा राजन् सततं प्रियवादिनः ।
अप्रियस्य च पथ्यस्य वक्ता श्रोता च दुर्लभः ॥ (महाभारत)

अर्थात्–महाराज ! हरहमेशा मीठा वचन बोल्ने मानिस सुलभ छन्, (जति भने पनि पाइन्छन्) नमीठा र हितकारी वचन बोल्ने मानिस पनि दुर्लभ छन्, त्यस्ता वचन सुन्ने मानिस पनि दुर्लभ छन् (विरलै पाइन्छन्) ।

छोरा हो भनेर ढुक्क थिएँ) तँ छोरा ता बाँसका फेदमा पैदा भएको घमोइ (घुन) पो भइछस् ॥ ३ ॥ (क)

सुनि पितुगिरा परुष अति घोरा ❀ चला भवन कहि बचन कठोरा ॥४॥
हितमत तोहि न लागत कैसें ❀ काल बिबस कहुँ भेषज जैसें ॥५॥

बाबुको अति कठोर रूखो वचन सुन्दा "जस्तै कालले विवश पारेका व्यक्तिलाई औषधि मनपर्दैन, त्यस्तै हजूरलाई हित भएको संमति लागेन (मनपरेन)" यस्तो कठोर वचन बोलेर प्रहस्त घर गयो ॥ ४ ॥ ५ ॥

संध्या समय जानि दससीसा ❀ भवन चलेउ निरखत भुज बीसा ॥६॥
लंका सिखर उपर आगारा ❀ अति बिचित्र तहँ होइ अखारा ॥७॥
बैठ जाइ तेहि मंदिर रावन ❀ लागे किंनर गुनगन गावन ॥८॥
बाजहिं ताल पखाउज बीना ❀ नृत्य करहिं अपछरा प्रबीना ॥९॥

साँझको समय जानेर रावण आफ्ना बीस भुजा हेर्दै महलतर्फ गयो ॥ ६ ॥ त्यसको महल लंकाका शिखरमा थियो, त्यहाँ अद्भुत नाच-तमाशा हुँदै रहन्थे ॥ ७ ॥ रावण त्यही महलमा गएर बस्यो, किन्नरहरू गुणगणको गान गर्नलागे ॥ ८ ॥ ताल, पखावज, बीन बज्न लागे, सिपालु सिपालु अप्सरा नृत्य गर्न लागे ॥ ९ ॥

दोहा–सुनासीर सत सरिस सो संतत करइ बिलास ।
परम प्रबल रिपु सीस पर तदपि न कछु मन त्रास ॥११॥

त्यो रावण सय इन्द्रको जति भोगविलास हमेशा गर्दथ्यो । परम प्रबल (अतिशय बलिष्ठ) शत्रु शिरमा चढ़ेको थियो, तैपनि त्यसका मनमा त्रास कत्ति थिएन ॥ ११ ॥

[सुवेलशैलवृत्तांत]

चौ०–इहाँ सुबेल सैल रघुबीरा ❀ उतरे सेन सहित अति भीरा ॥१॥
सिखर एक उतंग अति देखी ❀ परम रम्य सम सुभ्र बिसेषी ॥२॥
तहँ तरु किसलय सुमन सुहाए ❀ लछिमन रचि निज हाथ डसाए ॥३॥
ता पर रुचिर मृदुल मृगछाला ❀ तेहि आसन आसीन कृपाला ॥४॥

यतातिर रामजी सेनासहित भएर सुवेल पर्वतमा उत्रनु (पुग्नु) भयो, त्यहाँ भीड़ खूब भयो ॥ १ ॥ अति अग्लो एउटा समथर सफा राम्रो टाकुरो देखेर त्यहीं लक्ष्मणजीले

(क) "बाँसका फेदमा झाँगिएर बाँसका थानलाई बिगार्ने घाँस (झारपात) लाई पनि घमोई भन्दछन्" भनी कसैले व्याख्यान गरेको छ । "घमोई भन्ने बाँसको रोग हो, त्यो रोग लागेपछि बाँसका फेदमा धेरै साना अंकुर (टुसा) निस्कन्छन् , तिनले गर्दा बाँसका तामा पह्राउन छाड्दछन् बाँसको थान उजडेर जान्छ" भनी कोही भन्दछन् ।

राम्रा राम्रा पालुवा र फूल बिछ्याउनुभयो ॥ २ ॥ ३ ॥ त्यसमाथि राम्रो नरम मृगचर्म बिछ्याउनुभयो, करुणानिधान रामजी त्यसै आसनमा राज भयो ॥ ४ ॥

प्रभु कृत सीस कपीस उछंगा ❀ बाम दहिन दिसि चाप निषंगा ॥५॥
दुहुँ कर कमल सुधारत बाना ❀ कह लंकेस मंत्र लगि काना ॥६॥
बड़भागी अंगद हनुमाना ❀ चरन कमल चापत बिधि नाना ॥७॥
प्रभु पाछे लछिमनु बीरासन ❀ कटि निषंग कर बान सरासन ॥८॥

प्रभुजीले (कोल्टो पल्टेर) सुग्रीवका काखामा शिर राख्नुभयो, बायाँपट्टि धनु, दाहिनेपट्टि ठोक्रो राखेको थियो ॥ ५ ॥ कमलसमान कोमल भएका दुवै हातले बाण सम्याउन लाग्नुभएको थियो, लङ्कापति विभीषण कानै नेर मन्त्रणा (सल्लाह) का कुरा गरिरहेका थिए ॥ ६ ॥ महाभाग्यवान् अङ्गद र हनुमान अनेक प्रकारले चरणकमल (पाउ) दांबिरहेका थिए ॥ ७ ॥ प्रभुजीका पछिल्तिर ठोक्रो भिरेका हातमा धनु र बाण लिएका लक्ष्मणजी वीरासन गरेर राज भएको थियो ॥ ८ ॥

दोहा—एहि बिधि करुनासील गुन धाम रामु आसीन ।
धन्य ते नर एहि ध्यान जे रहत सदा लय लीन ॥१२॥
पूरुब दिसा बिलोकि प्रभु देखा उदित मयंक ।
कहत सबहि देखहु ससिहि मृगपति सरिस असंक ॥१३॥

यस प्रकारले करुणा, शील, गुण यिनका भवनस्वरूप रामजी राज भएको थियो । जो मानिस यस्ता तरहका यो ध्यानमा लवलीन भएर सदासर्वदा रहन्छन् ती मानिस धन्य हुन् ॥ १२ ॥ प्रभुजीले पूर्वदिंशामा चन्द्रमा उदाएको देख्नुभयो, अनि सबैलाई भन्नुभयो "चन्द्रमालाई हेर, यी सिंहजस्ता निःशङ्क छन्—॥ १३ ॥

चौ०—पूरुब दिसि गिरि गुहा निवासी ❀ परम प्रताप तेज बल रासी ॥१॥
मत्त नाग तम कुंभ बिदारी ❀ ससि केसरी गगन बन चारी ॥२॥

पूर्वतिरका उदयाचल पर्वतको गुफामा बस्ने, प्रताप, तेज, बल यिनका ठूला समूहस्वरूप भएका, अन्धकाररूपी मत्ता हात्तीको गण्डस्थल (टाउको) फोर्ने, चन्द्रमारूपी सिंह आकाशरूपी वनमा विहार गर्न (टलहिन) लागे ॥ १ ॥ २ ॥

बिथुरे नभ मुकुताहल तारा ❀ निसि सुंदरी केर सिंगारा ॥३॥
कह प्रभु ससि महुँ मेचकताई ❀ कहहु काह निज निज मति भाई ॥४॥

रात्रिरूपी सुन्दरी स्त्रीका श्रृंगार (गहनाका सर्जाम) भएका ताराररूपी गजमोती आकाशरूपी वनमा छरिएका छन्" ॥ ३ ॥ यति भनेर प्रभुजीले "चन्द्रमामा यो कालोपना क्या हो ?, आफ्ना आफ्ना बुद्धिमा सुझेको कुरा भन" भन्नुभयो ॥ ४ ॥

कह सुग्रीव सुनहु रघुराई ❀ ससि महुँ प्रगट भूमि कै झाई ॥५॥
मारेउ राहु ससिहि कह कोई ❀ उर महँ परी स्यामता सोई ॥६॥

सुग्रीवले "हे रघुनाथ ! चन्द्रमामा पृथ्वीको छाया प्रकट भएको (परेको) हो" भने ॥ ५ ॥ कसैले "राहुले चन्द्रमालाई छातीमा फहराएको थियो, त्यसै घाउको कालो ठेला परेको हो" भने ॥ ६ ॥

कोउ कह जब बिधि रतिमुख कीन्हा ❀ सारभाग ससि कर हरि लीन्हा ॥७॥
छिद्र सो प्रगट इंदु उर माहीं ❀ तेहि मग देखिअ नभपरिछाहीं ॥८॥

कसैले—"विधाताले जब रति (कामपत्नी) को मुख बनाउन लाग्नुभयो, त्यस वेलामा चन्द्रमाको सारभाग (माझको असल शोभापूर्ण हिस्सा) झिकेर (कपेर) लिनुभयो, ॥ ७ ॥ चन्द्रमाका माझमा त्यो (कपेको) छिद्र स्पष्ट देखिन्छ । त्यही छिद्रद्वारा कालो आकाशको छाया देखिएको हो" भने ॥ ८ ॥

प्रभु कह गरल बंधु ससि केरा ❀ अति प्रिय निज उर दीन्ह बसेरा ॥९॥
बिषसंजुत करनिकर पसारी ❀ जारत बिरहवंत नरनारी ॥१०॥

प्रभुजीले—"चन्द्रमा कालकूट विषका सहोदर भाई हुन, तिनले अत्यन्त प्यारो भएको त्यो विषरूपी भाईलाई आफ्ना हृदयमा स्थान दिएका छन्, ॥ ९ ॥ ती चन्द्रमा विषको लसपस भएका किरण फैलाएर विरही नरनारीहरूलाई जलाउँछन्" भन्नुभयो ॥ १० ॥

दोहा–कह हनुमंत सुनहु प्रभु ससि तुम्हार प्रिय दास ।
तव मूरति बिधु उर बसति सोइ स्यामता अभास ॥१४॥
पवनतनय के बचन सुनि बिहसे रामु सुजान ।
दछिन दिसि अवलोकि पुनि बोले कृपानिधान ॥१५॥

हनूमान्जीले—"प्रभु ! सुनिबक्सियोस्, चन्द्रमा हजूरका प्यारा सेवक (भक्त) हुन्, हजूरको मूर्ति तिनका हृदयमा रहन्छ, त्यसैको कालोपना भासमान (प्रकाशमान) भएको हो" भने ॥ १४ ॥ पवनकुमारको वचन सुनेर परम चतुर रघुनाथजी हाँस्नुभयो, अनि करुणानिधान वहाँले दक्षिण दिशातिर हेर्नुभयो र बोल्नुभयो—॥ १५ ॥

चौ०–देखु बिभीषन दछिन आसा ❀ घनघमंड दामिनीबिलासा ॥१॥
मधुर मधुर गरजै घन घोरा ❀ होइ बृष्टि जनु उपल कठोरा ॥२॥

"हे विभीषण ! दक्षिण दिशातिर हेर, बादल उठिरहेका, बिजुली चंकिरहेका छन्, ॥ १ ॥ मेघ सुस्त सुस्त र साह्रै साह्रै गर्जिरहेका छन्, असिनाको कडा वृष्टि हुने हो कि ?" ॥ २ ॥

कहत बिभीषनु सुनहु कृपाला ❀ होइ न तड़ित न बारिदमाला ॥३॥
लंका सिखर उपर आगारा ❀ तहँ दसकंधर देख अखारा ॥४॥

विभीषणले विन्ति गरे—"हे कृपाल ! सुनिबक्सियोस् , न यो बिजुली हो, न यो मेघ हो ॥ ३ ॥ लंकाका शिखरमा राम्रो महल छ, त्यहाँ रावण अखाड़ा (नाचतमाशा) हेर्न लागेका छन् ॥ ४ ॥

छत्र मेघडंबर सिर धारी ❀ सोइ जनु जलदघटा अति कारी ॥५॥
मंदोदरी श्रवन ताटंका ❀ सोइ प्रभु जनु दामिनीदमंका ॥६॥

ती बादलका आकारको छत्र शिरमा ओढ्दछन्, त्यही छत्र अत्यन्त कालो बादलको घटाजस्तो हो, ॥ ५ ॥ मन्दोदरीका कानको ताटङ्क (गहना) जो छ, बिजुली चंकेको जस्तो हो ॥ ६ ॥

बाजहिं ताल मृदंग अनूपा ❀ सोइ रव मधुर सुनहु सुरभूपा ॥७॥
प्रभु मुसुकान समुझि अभिमाना ❀ चाप चढ़ाइ बान संधाना ॥८॥

अनौठा किसिमले ताल र मृदङ्ग बजिरहेका छन्, हे देवाधिपति ! प्रभु ! त्यही सरस मधुर आवाज हजूरले सुन्नुभइरहेको छ" ॥ ७ ॥ प्रभुजी रावणको अभिमान बुझेर हाँस्नुभयो । वहाँले धनु चढ़ाएर बाण जोर्नुभयो ॥ ८ ॥

दोहा—छत्र मुकुट ताटंक तब हते एकहीं बान ।
सब कें देखत महि परे मरमु न कोऊ जान ॥१६॥
अस कौतुक करि रामसर प्रबिसेउ आइ निषंग ।
रावनसभा ससंक सब देखि महा रसभंग ॥१७॥

अनि प्रभुजीले एउटा बाण हान्नुभएथ्यो, रावणको छत्र-मुकुट, मन्दोदरीको ताटंक, सबैले देख्तादेख्तै जमीनमा गिरे । त्यो मर्म कसैले जानेन (के कारणले गिरे, त्यो कसैले थाहा पाएन) ॥ १६ ॥ यस्तो तमाशा गरेर त्यो रामजीको बाण आएर ठोक्रामा पस्यो । यस्तो ठूलो रंगमा भङ्ग भएको देखेर रावणको सभा सशंक भयो (झस्क्यो) ॥ १७ ॥

चौ०—कंप न भूमि न मरुत बिसेषा ❀ अस्त्र सस्त्र कछु नयन न देखा ॥१॥
सोचहिं सब निज हृदय मझारी ❀ असगुन भएउ भयंकर भारी ॥२॥

सबै जना आफ्ना आफ्ना मनमा "भूकंप भएको छैन, ज्यादा बतास चलेको छैन, आँखाले अस्त्रशस्त्र केही देखिएन, भारी अपशकुन भयो" यस्तो सोचविचार गर्न लागे ॥ १ ॥ २ ॥

दसमुख देखि सभा भय पाई ❀ बिहसि बचन कह जुगुति बनाई ॥३॥
सिरौ गिरें संतत सुभ जाही ❀ मुकुट परें कस असगुन ताही ॥४॥

रावणले सकल सभा डराएको देख्यो, अनि जुक्ति कमाएर हाँसीकन त्यसले भन्यो— "जसलाई शिरै गिर्दाखेरि पनि हरहमेशा कल्याणै छ, त्यसलाई मुकुट गिर्दाखेरि केको अपशकुन ?—॥ ३ ॥ ४ ॥

सयन करहु निज निज गृह जाई ❀ गवने भवन सकल सिर नाई ॥५॥
मंदोदरी सोच उर बसेऊ ❀ जब तें श्रवनपूर महि खसेऊ ॥६॥

जाओ आफ्ना आफ्ना घर गएर सयन गर (सुत)" । (यो वचन सुनेर) सबैजना शिर झुकाएर घर गए ॥ ५ ॥ जैलेदेखि कर्णपूर (ताटङ्क) जमीनमा खसेथ्यो, त्यहाँदेखि मन्दोदरीका मनमा सुर्ताले वास गस्यो ॥ ६ ॥

[मन्दोदरीले गरेको प्रबोध]

सजल नयन कह जुग कर जोरी ❀ सुनहु प्रानपति बिनती मोरी ॥७॥
कंत रामबिरोध परिहरहू ❀ जानि मनुज जनि मन हठ धरहू ॥८॥

आँखाभरी आँसु पारेर हात जोरीकन मन्दोदरीले विन्ति गरिन्—“हे प्राणेश्वर ! मेरो विन्ति सुनिबक्सियोस् , ॥ ७ ॥ हे कान्त ! (हे प्रिय !) रामजीसँग विरोध छाड़िदिनुहोस् , उनलाई मनुष्य ठानेर मनमा हठ नलिनुहोस् ॥ ८ ॥

दोहा–बिस्वरूप रघुबंसमनि करहु बचन बिस्वासु ।
लोककल्पना बेद कर अंग अंग प्रति जासु ॥१८॥

रघुवंशमणि रामजी विश्वरूप (विराट् ब्रह्माण्डरूप) हुनुहुन्छ, मेरा वचनमा विश्वास गर्नुहोस् । जसका प्रत्येक अङ्गअङ्गमा लोक र लोकपालको कल्पना वेदले गर्दछ (ती विश्वरूप नभए के हुन् त ?) ॥ १८ ॥

चौ०–पद पाताल सीस अजधामा ❀ अपर लोक अँग अँग बिश्रामा ॥१॥
भृकुटिबिलास भयंकर काला ❀ नयन दिवाकर कच घनमाला ॥२॥
जासु घ्रान अस्विनीकुमारा ❀ निसि अरु दिवस निमेष अपारा ॥३॥
श्रवन दिसा दस बेद बखानी ❀ मारुत स्वास निगम निज बानी ॥४॥
अधर लोभ जम दसन कराला ❀ माया हास बाहु दिगपाला ॥५॥
आनन अनल अम्बुपति जीहा ❀ उतपति पालन प्रलय समीहा ॥६॥
रोमराजि अष्टादस भारा ❀ अस्थि सैल सरिता नसजारा ॥७॥
उदर उदधि अधगो जातना ❀ जगमय प्रभु का बहु कल्पना ॥८॥

जसको चरण पाताल हो, जसको शिर ब्रह्मलोक हो, जसका अङ्गअङ्गमा अरूअरू लोक रहेका छन् ॥ १ ॥ जसका भृकुटिको कुटिलपना भयङ्कर काल हो, जसको नेत्र सूर्य हो, जसका केश मेघमण्डल हुन् ॥ २ ॥ जसका नासिकाद्वार अश्विनीकुमार हुन् , जसको अद्भुत निमेष रात्रि र दिन हो ॥ ३ ॥ जसका कान दश दिशा हुन् भनेर वेदले बखानेको छ, जसको श्वास वायु हो, जसकी वाणी वेद हो ॥ ४ ॥ जसको ओठ लोभ हो, जसका भयंकर दाह्रा यमराज हुन् , जसको हँसाइ माया हो, जसका बाहु दिक्पाल हुन् ॥ ५ ॥ जसको मुख अग्नि हो, जसको जिह्वा वरुण हो, जसको चेष्टा सृष्टि-स्थिति-प्रलय हो ॥ ६ ॥ जसका रउँका परम्परा अठार प्रकारका वनस्पति हुन् , जसका हड्डी पर्वत हुन् , जसका नसाका जाल नदीहरू हुन् ॥ ७ ॥ जसको पेट समुद्र हो, जसको गुदद्वार नरक हो, तिनै जगन्मय (विश्वरूप) प्रभुका अनेक अनेक कल्पना (रचना) छन् ॥ ८ ॥

दोहा–अहंकार सिव बुद्धि अज मन ससि चित्त महान ।
मनुज बास सचराचर रूप राम भगवान ॥१९॥

अस बिचारि सुनु प्रानपति प्रभु सन बयरु बिहाइ ।
प्रीति करहु रघुबीरपद मम अहिवात न जाइ ॥२०॥

वहाँको अहंकार शंकर-स्वरूप हो, वहाँकी बुद्धि ब्रह्मा-स्वरूप हुन्, वहाँको मन चन्द्रमारूपी हो, वहाँको चित्त महत्तत्व (अव्याकृतबुद्धि) हो, उनै मनुष्य प्रभृतिका निवास (आधार) भएका र चराचरमय भएका भगवान् रामजी हुन् ॥ १९ ॥ हे प्राणेश्वर ! सुन्नुहोस यो विचार गरेर प्रभु रघुवीरसंग वैरभाव छाडीकन वहाँका पाउमा प्रेमभाव गर्नुहोस्, मेरो अहिवात (अभिभाँत = सौभाग्य) नजाओस्" ॥ २० ॥

चौ०—बिहसा नारिबचन सुनि काना ❀ अहो मोहमहिमा बलवाना ॥१॥
नारिसुभाउ सत्य कबि कहहीं ❀ अवगुन आठ सदा उर रहहीं ॥२॥

स्त्रीको वचन कानले सुनेर रावण हाँस्यो, (अनि भन्न लाग्यो) "ओहो ! मोहको महिमा साह्रै बलवान् छ ! ॥ १ ॥ कविहरूले स्त्रीको स्वभाव ठीक ठीक वर्णन गरेका छन्, स्त्रीका हृदयमा आठ दुर्गुण सदासर्वदा रहिरहन्छन् ॥ २ ॥

साहस अनृत चपलता माया ❀ भय अबिबेक असौच अदाया ॥३॥
रिपु कर रूप सकल तैं गावा ❀ अति बिसाल भय मोहि सुनावा ॥४॥

साहस (हित अहितको विचार नराखेर गरिने काम), अनृत (झूटो भाषण), चपलता (चञ्चलपन), माया (कपट), भय (डर), अविवेक (छ्यान नगर्नु), अशौच (भित्र-बाहिर फोहोरी रहनु) अदया (निष्ठुरता) यी आठ स्त्रीका दुर्गुण हुन्छन् ॥ ३ ॥ तिमीले शत्रुको त्यस्तो रूप बयान गर्‍यौ, मलाई साह्रै ठूलो डरको कुरा सुनायौ ॥ ४ ॥

सो सबु प्रिया सहज बस मोरें ❀ समुझि परा प्रसाद अब तोरें ॥५॥
जानिउँ प्रिया तोरि चतुराई ❀ एहि बिधि कहेहु मोरि प्रभुताई ॥६॥

(चराचर जगत् मेरा वशमा भएपछि) त्यही जगत्स्वरूपी तिम्रा ती ईश्वर मेरा वश भैगए नि, प्यारी ! तिम्रा मेहरवानीले ऐले यो कुरा मैले बुझें ॥ ५ ॥ प्यारी ! तिम्रो बठ्याइँ मैले बुझें, यसै बहानाले (मलाई डर देखाउने निहुँले) मेरो प्रभाव वर्णन गरिरहेकी छौ ॥ ६ ॥

तव बतकही गूढ़ मृगलोचनि ❀ समुझत सुखद सुनत भयमोचनि ॥७॥
मंदोदरि मन महुँ अस ठयउ ❀ पिअहि कालबस मतिभ्रम भयऊ ॥८॥

हे मृगलोचनि ! तिम्रा कुरा गूढ़ (गहिरा) छन्, ती कुरा सुन्दैमा भय छुटाउने, बुझ्दा आनन्द दिने छन्" ॥ ७ ॥ (रावणका यस्ता वचन सुनेर) मन्दोदरीले मनै मनमा "पतिलाई कालले वश पारेछ, बुद्धिको भ्रम त्यसैले भएको हो" यस्तो ठानिन् ॥ ८ ॥

दोहा—बहु बिधि जल्पसि सकल निसि प्रात भए दसकंध ।
सहज असंक लंकपति सभा गएउ मद अंध ॥२१॥

रातभर अनेक प्रकारले अण्डबण्ड बक्यो, बिहान भएपछि स्वभावैले निर्भय भएको मदान्ध रावण सभामा गयो ॥ २१ ॥

सोरठा–फूलइ फरइ न बेत जदपि सुधा बरषहिं जलद।
मूरुखहृदय न चेत जौं गुर मिलहिं बिरंचि सत ॥३॥

यद्यपि मेघले (पानी ता के) अमृतै वर्षाओस् न तथापि बेत फुल्दा पनि फुल्दैन, फल्दा पनि फल्दैन। ब्रह्माजस्तो गुरु पाए पनि मूर्खका हृदयमा चेत (ज्ञान) आउँदैन ॥ ३ ॥ (क)

[अङ्गदप्रेषण]

चौ०–इहाँ प्रात जागे रघुराई ❀ पूछा मत सब सचिव बोलाई ॥१॥
कहहु बेगि का करिअ उपाई ❀ जामवंत कह पद सिरु नाई ॥२॥

यतातिर प्रातःकाल भएपछि रघुनाथजी जागा हुनुभयो, सबै मन्त्रीहरूलाई बोलाएर "अब चाँडै बताऊ के उपाय गर्ने हो ?" भनी सबैको मत सोध्नुभयो। जाम्बवान्ले वहाँका पाउमा शिर राखेर विन्ति गरे ॥ १ ॥ २ ॥

सुनु सर्बज्ञ सकल गुनरासी ❀ सत्यसंध प्रभु सब उर बासी ॥३॥
मंत्र कहौं निज मति अनुसारा ❀ दूत पठाइअ बालिकुमारा ॥४॥

"हे सर्वज्ञ ! हे सकलगुणराशे ! हे सत्यप्रतिज्ञ ! हे सर्वहृदयान्तर्यामिन् ! हे प्रभो ! आफ्ना बुद्धिअनुसार मन्त्रणा विन्ति गर्दछु, सुनिबक्सियोस्, बालिकुमार (अंगद) लाई दूत पठाइ–बक्सिएजाओस्" ॥ ३ ॥ ४ ॥

नीक मन्त्र सब कें मन माना ❀ अंगद सन कह कृपानिधाना ॥५॥
बालितनय बुधि बल गुन धामा ❀ लंका जाहु तात मम कामा ॥६॥
बहुत बुझाई तुम्हहि का कहउँ ❀ परम चतुर मैं जानत अहऊँ ॥७॥
काजु हमार तासु हित होई ❀ रिपु सन करेहु बतकही सोई ॥८॥

जाम्बवान्को मन्त्रणा सबैका मनलाई बेश लाग्यो। कृपानिधान रामजीले अंगदलाई आज्ञा गर्नुभयो—"हे बलनिवास ! हे बुद्धिगुणनिवास ! हे बालिनन्दन ! बाबु तिमी मेरा कामले लंका जाऊ ॥ ५ ॥ ६ ॥ तिमीलाई बुझाएर धेरै के भनौं ? म तिमीलाई परम चतुर जानिरहेको छु ॥ ७ ॥ जसबाट मेरो काम र त्यसको (रावणको) हित हुन्छ, त्यही कुरा त्यो बैरीसँग गरे ॥ ८ ॥

सोरठा–प्रभु अज्ञा धरि सीस चरन बंदि अंगद उठेउ।
सोइ गुनसागर ईस राम कृपा जा पर करहु ॥४॥

(क) कसै कसैले बेत शब्दलाई वियत् शब्दको अपभ्रंश मानेर "जातिसुकै पानी परे पनि आकाशमा फल-फूल हुँदैन" यस्तो अर्थ गरेका छन्। वेत (वृक्ष) को फल-फूल हुन्छ भन्ने ख्यालले त्यो अर्थ गरेको हो धेरैले पूर्वोक्त अर्थ गरेका छन्। योग्यायोग्यको विचार बुद्धिमान् प्रकृतिवेत्ता महाशय हरूका अधीनमा छ।

स्वयंसिद्ध सब काज नाथ मोहि आदरु दिएउ ।
अस बिचारि जुवराज तन पुलकित हरषित हिएउ ॥५॥

प्रभुजीको आज्ञालाई शिरमा राखी उठे र वहाँका चरणको वन्दना गरीकन अंगदले विन्ति गरे—“ हे राम ! जसका उपर कृपा गरिबक्सिन्छ, त्यही व्यक्ति गुणसागर हो” ॥ ४ ॥ (यति विन्ति चढाएर) “प्रभुजीका सबै काम स्वयं सिद्ध छन्, मलाई (काम सुम्पेर) आदर बक्सिएको हो” यस्तो विचार गरेर अंगद मनमा हर्षित भए, उनको शरीर रोमाञ्चित भयो ॥ ५ ॥

चौ०–बंदि चरन उर धरि प्रभुताई ❀ अंगद चलेउ सबहि सिरु नाई ॥१॥
प्रभुप्रताप उर सहज असंका ❀ रनबाँकुरा बालिसुत बंका ॥२॥

प्रभुका चरणको वन्दना गरेर वहाँको प्रभुत्वलाई मनमा राखेर, सबैलाई शिर झुकाईकन अंगद हिंडे ॥ १ ॥ ती बालिपुत्र प्रभुको प्रतापलाई हृदयमा राखेको हुनाले निःशंक भएका, युद्धमा विकट पराक्रम गर्ने, बलिष्ठ थिए ॥ २ ॥

पुर पैठत रावन कर बेटा ❀ खेलत रहा सो होइ गइ भेटा ॥३॥
बातहि बात करष बढ़ि आई ❀ जुगल अतुलबल पुनि तरुनाई ॥४॥

रावणको एउटा छोरो खेल्न लागेको थियो, अंगदले लंकाप्रवेश गर्नेबित्तिकै त्यससंग भेट भयो ॥ ३ ॥ कुरा कुरैमा रिस बढेर आयो, दुवै जना अद्वितीय बलवान् थिए, दुवै जना जवान थिए ॥ ४ ॥

तेहि अंगद कहुँ लात उठाई ❀ गहि पद पटकेउ भूमि भवाई ॥५॥
निसिचरनिकर देखि भट भारी ❀ जहँ तहँ चले न सकहिं पुकारी ॥६॥

त्यसले अंगदलाई लात उठायो, अंगदले खुट्टा समातेर घुमाई घुमाईकन जमीनमा पछारिदिए ॥ ५ ॥ राक्षसहरूका बथान ठूलो जोद्धा देखेर जताततै भागे, तिनीहरूले (सातै गएको हुनाले कसैलाई) पुकार्न सकेनन् ॥ ६ ॥

एक एक सन मरमु न कहहीं ❀ समुझि तासु बध चुप करि रहहीं ॥७॥
भएउ कोलाहलु नगर मझारी ❀ आवा कपि लंका जेहि जारी ॥८॥

एउटा व्यक्ति अर्कासँग त्यो मर्म (रावणपुत्रवध) बताउँदैनथ्यो, त्यसको बध भएको जानीजानीकन सबै चूपचाप रहन्थे ॥ ७ ॥ नगरभरी “जसले लंका जलाएथ्यो उही जङ्गी वानर आयो” यस्तो कोलाहल मच्चियो ॥ ८ ॥

अब धौं कहा करहि करतारा ❀ अति सभीत सब करहिं बिचारा ॥९॥
बिनु पूछें मगु देहिं देखाई ❀ जेहि बिलोक सोइ जाइ सुखाई ॥१०॥

“अब ईश्वरले के गर्ने हो ?” यही विचार अत्यन्त भयभीत भएका सबैले गर्न लागे ॥ ९ ॥ विनापूछताछ (अङ्गदले नसोद्धैमा) बाटो देखाइदिन लागे, अंगद जसलाई (पुलुक्क) हेर्दथे, त्यो व्यक्ति खँग्रङ्ग सुक्तथ्यो ॥ १० ॥

दोहा–गएउ सभा दरबार तब सुमिरि रामपद कंज ।
सिंघठवनि इत उत चितव धीर बीर बलपुंज ॥२२॥

रामजीका चरणकमलको स्मरण गरेर दरबारको सभा-द्वारमा पुगे, अनि धीर वीर बलवान् अंगद सिंहका ढाँचाले यता र उति हेर्न लागे ॥ २२ ॥

चौ०–तुरत निसाचर एक पठावा ❀ समाचार रावनहि जनावा ॥१॥
सुनत बिहसि बोला दससीसा ❀ आनहु बोलि कहाँ कर कीसा ॥२॥

तिनले एउटा राक्षसलाई तुरन्तै पठाएर आफू आएको समाचार रावणलाई जनाए ॥ १ ॥ सुन्नेबित्तिकै रावणले हाँसेर "बोलाएर ले, कहाँको बानर हो ?" भन्यो ॥ २ ॥

आएसु पाइ दूत बहु धाए ❀ कपिकुंजरहि बोलि लै आए ॥३॥
अंगद दीख दसानन बैसा ❀ सहित प्रान कज्जल गिरि जैसा ॥४॥

आज्ञा पाएपछि धेरै दूत दौडे, कपिकुंजर (वानरवर्गमा हात्तीसमान भएका अंगद) लाई बोलाएर ल्याए ॥ ३ ॥ अंगदले बसिरहेको रावणलाई प्राणसहित भएको गाजलको पहाड-जस्तो देखे ॥ ४ ॥

भुजा बिटप सिर शृंग समाना ❀ रोमावली लता जनु नाना ॥५॥
मुख नासिका नयन अरु काना ❀ गिरि कंदरा खोह अनुमाना ॥६॥

(त्यो गाजलको पहाडजस्तो रावणका) हातहरू वृक्षजस्ता, टाउका टाकुराजस्ता, रउँ लहराजस्ता भान पर्दथे ॥ ५ ॥ मुख, नाक, आँखा, कान गुफा, कन्दरा, खोल्सासमान थिए ॥ ६ ॥

गएउ सभाँ मन नेकु न मुरा ❀ बालितनय अतिबल बाँकुरा ॥७॥
उठे सभासद कपि कहुँ देखी ❀ रावन उर भा क्रोध बिसेषी ॥८॥

बालिपुत्र अंगद बलिष्ठ र लायक (बाँका) थिए, सभामा जाँदा पनि तिनको मन कत्ति पनि हच्केन ॥ ७ ॥ अंगदलाई देखेर सभासदहरू (जुर्मुराउँदै) उठे, रावणका मनमा क्रोध खूब उठ्यो (उ ता किन उठ्थ्यो र ?) ॥ ८ ॥

दोहा–जथा मत्त गजजूथ महुँ पंचानन चलि जाइ ।
रामप्रतापु सुमिरि मन बैठ सभा सिरु नाइ ॥२३॥

जसरी सिंह मत्ताएका हात्तीका बथानमा जान्छ (त्यसै गरी) अंगद गएका थिए । रामजीको प्रतापलाई मनमा संझेर वहाँलाई (मनैले) प्रणाम गरीकन सभामा बसे ॥ २३ ॥

[अङ्गदरावणसंवाद]

चौ०–कह दसकंठ कवन तैं बंदर ❀ मैं रघुबीरदूत दसकंधर ॥१॥
मम जनकहि तोहि रही मिताई ❀ तव हित कारन आएउँ भाई ॥२॥

रावणले सोध्यो ए बन्दर ! तँ को होस् ? (अंगदले भने) "हे दशकन्धर ! म रामजीको दूत हुँ ॥ १ ॥ भाईजी ! मेरा बाबुको र तपाईंको मित्रता थियो, तपाईंको हित गर्न मन लाग्यो र त्यसै कारणले आएको हुँ ॥ २ ॥

उत्तम कुल पुलस्ति कर नाती ❀ सिव बिरंचि पूजेहु बहु भाँती ॥३॥
बर पाएहु कीन्हेहु सब काजा ❀ जीतेहु लोकपाल सब राजा ॥४॥

तपाईं उत्तमकुलका हुनुहुन्छ, तपाईं पुलस्त्यका नाति, अनेक भाँतिले तपाईंले ब्रह्माजी र शिवजीको पूजा गर्नुभएको छ ॥ ३ ॥ वर पाउनुभयो, सबै कार्य सिद्ध गर्नुभयो । लोकपालहरूलाई र राजाहरूलाई समेत जित्नुभयो ॥ ४ ॥

नृप अभिमान मोहबस किंबा ❀ हरि आनेउ सीता जगदंबा ॥५॥
अब सुभ कहा सुनहु तुम्ह मोरा ❀ सब अपराध छमिहिं प्रभु तोरा ॥६॥

राजा हुँ भन्ने अभिमानले अथवा अज्ञानवशले जगज्जननी सीताजीलाई हरेर ल्याउनुभएको छ ॥ ५ ॥ अब तपाईं मेरा शुभवचन सुन्नुहोस्, प्रभुजी तपाईंका सबै अपराध माफ गर्नुहुनेछ ॥ ६ ॥

दसन गहहु तृन कंठ कुठारी ❀ परिजन सहित संग निज नारी ॥७॥
सादर जनकसुता करि आगे ❀ एहि बिधि चलहु सकल भय त्यागे ॥८॥

दुईतिरका दाँतले घाँस च्याप्नुहोस्, गलामा कुठार (बंचरो) झुण्ड्याउनुहोस्, परिवारसहित आफ्नी स्त्रीलाई साथमा लिनुहोस् ॥ ७ ॥ आदरका साथ जानकीजीलाई अघिलाउनुहोस्, यस प्रकारले सकल भय छाडेर हिंडनुहोस् ॥ ८ ॥

दोहा–प्रनतपाल रघुबंसमनि त्राहि त्राहि अब मोहि ।
आरत गिरा सुनत प्रभु अभय करैगो तोहि ॥२४॥

(अनि) "हे शरणागतरक्षक ! हे रघुकुलशिरोमणे ! अब मलाई रक्षा गर्नुहोस् रक्षा गर्नुहोस्" यसो भन्नुहोस् । यस्ता आर्तवचन (दुःखपुकार) सुन्नेबित्तिकै प्रभुजी तपाईंलाई अभय दिनुहुनेछ" ॥ २४ ॥

चौ०–रे कपिपोत बोलु संभारी ❀ मूढ़ न जानेहि मोहि सुरारी ॥१॥
कहु निज नाम जनक कर भाई ❀ केहि नातें मानिएँ मिताई ॥२॥

(रावणले भन्यो) "अरे ! वानरका बच्चा ! मुख सह्मालेर बोल्दैनस् । मूर्ख ! तँ मलाई देवताको दुश्मन जान्दैनस् ? ॥ १ ॥ भाई ! आफ्नो र आफ्ना बाबुको नाम बता । केको साहिनाले मित्रता मानेको छस्" ॥ २ ॥

अंगद नाम बालि कर बेटा ❀ ता सों कबहुँ भई ही भेटा ॥३॥
अंगदबचन सुनत सकुचाना ❀ रहा बालि बानर मैं जाना ॥४॥

(अंगदले भने) "मेरो नाम अंगद हो, म बालिको छोरो हुँ, वहाँसंग यहाँको कहिल्यै भेट भएको थियो कि थिएन ?" ॥ ३ ॥ अंगदका वचन सुन्दा रावण संकुचित भयो

(चुसुक्क पर्‍यो) (अनि भन्नलाग्यो) “म जान्दछु, बालि नाम भएको यौटा वानर थियो ॥ ४ ॥

अंगद तहीं बालि कर बालक ❀ उपजेहु बंस अनल कुलघालक ॥५॥
गर्भ न गएउ ब्यर्थ तुम्ह जाएहु ❀ निज मुख तापसदूत कहाएहु ॥६॥

ए अंगद ! बालिको छोरो तैं होस् ?, वंशाग्नि-कुलाङ्गार जन्मिछस् ॥ ५ ॥ गर्भैमा किन मरिनस् ? तँ व्यर्थै जन्मिस्, आफ्नै मुखले तपस्वीको दूत कहलाइस् ॥ ६ ॥

अब कहु कुसल बालि कहँ अहई ❀ बिहसि बचन तब अंगद कहई ॥७॥
दिन दस गए बालि पहिं जाई ❀ बूझेहु कुसल सखा उर लाई ॥८॥

बालि अब कहाँ छन् ?, कुशल छ ?, बता न। “अनि अङ्गदले हाँसेर भने ॥ ७ ॥” दश दिन बितेपछि तिमी बालिका समीप गएर मित्र बालिलाई आलिङ्गन गरीकन कुशलसमाचार आफैं सोधे ॥ ८ ॥

रामबिरोध कुसल जसि होई ❀ सो सब तोहि सुनाइहि सोई ॥९॥
सुनु सठ भेद होइ मन ता कें ❀ श्रीरघुबीर हृदय नहि जा कें ॥१०॥

रामजीसँग विरोध गर्दा जुन किसिमको कुशल हुन्छ, त्यो सबै कुरा तिमीलाई उनै सुनाउनेछन् ॥ ९ ॥ हे शंठ ! जसका हृदयमा श्रीरघुवीर रहनुभएको छैन, त्यसैका हृदयमा भेद (विरोध) रहन्छ ॥ १० ॥

दोहा–हम कुलघालक सत्य तुम्ह कुलपालक दससीस ।
अंधौ बधिर न अस कहहिं नयन कान तव बीस ॥२५॥

म कुलाङ्गार (कुलनाशक) रहेछु, तिमी कुलपालक रहेछौ। हे दशकण्ठ। यस्ता-कुरा त अन्धा र बहिराहरू पनि गर्नेछैनन्, तिम्रा ता बीस आँखा बीस कान छन् (के देख्यौ ? के सुन्यौ ? र यसो भन्दछौ, तिनै आँखा तिनै कानलाई आफ्ना चरित्रतर्फ पठाऊ) ॥ २५ ॥

चौ०–सिव बिरंचि सुन मुनि समुदाई ❀ चाहत जासु चरनसेवकाई ॥१॥
तासु दूत होइ हम कुल बोरा ❀ अइसिहु मति उर बिहर न तोरा ॥२॥

शंकरजी, ब्रह्माजी, देवता, मुनिका समुदाय जसका चरणको सेवा गर्न चाहन्छन्, ॥ १ ॥ मैले उनको दूत भएर कुलको अधोगति (अवनति) गरें ? यस्तो मति हुँदा पनि तिम्रो मुटु कलेजा फाट्तैन (आश्चर्यै हो)” ॥ २ ॥

सुनि कठोर बानी कपि केरी ❀ कहत दसानन नयन तरेरी ॥३॥
खल तव कठिन बचन सब सहऊँ ❀ नीति धर्म मैं जानत अहऊँ ॥४॥

अंगदका यस्ता कठोर वचन सुन्दा रावण आँखा तरेर बोल्न लाग्यो—“दुष्ट ! तेरा कठोर कठोर वचन सब सहिरहेको छु, म नीति र धर्म (दूतलाई मार्न हुँदैन भन्ने नीतिवचन र धर्मशास्त्रवचन) जानिरहेको छु” ॥ ३ ॥ ४ ॥

कह कपि धर्मसीलता तोरी ❀ हमहुँ सुनी कृत परतिय चोरी ॥५॥
देखी नयन दूतरखवारी ❀ बूड़ि न मरहु धर्म ब्रत धारी ॥६॥

अंगदले भने (क्याबात !) तिम्रो धर्मशीलता मैले सुनेको छ, परस्त्रीको चोरी गऱ्यौ (यही न रहेछ तिम्रो धर्म) ॥ ५ ॥ दूतरक्षा पनि आँखाले देखें (बघैंचा ध्वस्त पार्दा, छोरो मार्दा, लंका जम्मै जलाउँदा पनि दूतलाई केही गरेनौ) धर्मको नियम धारण गर्ने तिमी डुबेर किन मर्दैनौ ? (निर्लज्ज भएर मुख देखाउनुभन्दा ता डुबेर मर्नै असल थियो) ॥ ६ ॥

कान नाक बिनु भगिनि निहारी ❀ क्षमा कीन्हि तुम्ह धर्म बिचारी ॥७॥
धर्मसीलता तव जग जागी ❀ पावा दरसु महूँ बड़भागी ॥८॥

नाक र कान नभएकी बहिनीलाई देख्ता पनि तपाईंले धर्मको विचार गरेर क्षमा गर्नुभयो ॥ ७ ॥ तपाईंको धर्मशीलता संसारभरमा जाग्रत छ, तपाईंको दर्शन पाएँ, म पनि महाभाग्यवान् रहेछु'' ॥ ८ ॥

दोहा—जनि जल्पसि जड़ जंतु कपि सठ बिलोकु मम बाहु ।
लोकपाल बल बिपुल ससि ग्रसन हेतु जिमि राहु ॥२६॥
पुनि नभसर मम कर निकर कमलन्हि पर करि बास ।
सोभत भएउ मराल इव संभु सहित कैलास ॥२७॥

(रावणले भन्यो)—“ए जडजन्तु ! वानर ! बडबड नगर । ए शंठ ! लोकपालहरूको बलरूपी चन्द्रमालाई ग्रास गर्नाका निमित्त राहुस्वरूप भएका मेरा बाहु हेर् न ॥ २६ ॥ अनि आकाशरूपी सरोवरमा रहेका मेरा २० हातरूपी कमलवनमा वास गर्दा (रहँदा) शंकरजीसहित भएको कैलाशपर्वत हाँसजस्तै सुशोभित भएको थियो (बुझिस् ?) ॥ २७ ॥

चौ०—तुम्हरे कटक माझ सुनु अंगद ❀ मोसन भिरिहि कवन जोधा बद ॥१॥
तव प्रभु नारिबिरह बलहीना ❀ अनुज तासु दुख दुखी मलीना ॥२॥

अङ्गद ! सुन्, तिमीहरूका फौजमध्येमा कुन जोद्धा मसँग भिड्ला भन् त ? ॥ १ ॥ तेरो मालिक स्त्रीका विरहले दुर्बल भएको होला, उसका दुःखले उसको भाई दुःखी मलिन भएको होला ॥ २ ॥

तुम्ह सुग्रीव कूलद्रुम दोऊ ❀ अनुज हमार भीरु अति सोऊ ॥३॥
जामवंत मंत्री अति बूढ़ा ❀ सो कि होइ अब समरारूढ़ा ॥४॥

तँ र सुग्रीव दुवैजना नदीका किनाराका वृक्षसमान छौ, (बाढ़ी नआउञ्ज्याल अडेका छौ, युद्धको बाढी आएपछि दुवै हुत्तिनेछौ) मेरो भाई विभीषण छन ता छ, त्यो पनि अति कातर छ ॥ ३ ॥ जाम्बवान् मन्त्री अत्यन्त बूढ़ो छ, त्यो अब युद्धमा के खडा होला ॥ ४ ॥

सिलिपकर्म जानहिं नल नीला ❀ है कपि एक महा बलसीला ॥५॥
आवा प्रथम नगरु जेहि जारा ❀ सुनि हसि बोलेउ बालिकुमारा ॥६॥

नल र नील शिल्पकर्म (कारीगरी) जान्दछन् (त्यत्तिकै हो) । हुँ ! एउटा महाबलवान् वानर छ, ॥ ५ ॥ जसले यहाँ आएर नगर जलाएथ्यो”—यत्ति सुन्दैमा बालिकुमार हाँसेर बोले ॥ ६ ॥

सत्य बचन कहु निसिचरनाहा ❀ साचेहु कीस कीन्ह पुरदाहा ॥७॥
रावननगरु अल्प कपि दहई ❀ को अस झूठ सुनै को कहई ॥८॥

"हे राक्षसनाथ ! साँचो कुरा गर्नुहोस् , त्यो वानरले लंका जलाएको साँच्चै हो त ?, ॥ ७ ॥ "रावणजस्ताको नगरलाई अदना वानरले जलायो" यस्तो झूटो कुरा को सुन्ला ? को भन्ला ? ॥ ८ ॥

जो अति सुभट सराहेहु रावन ❀ सो सुग्रीव केर लघु धावन ॥९॥
चलै बहुत सो बीर न होई ❀ पठवा खबरि लेन हम सोई ॥१०॥

हे रावण ! जसलाई बलवान् योद्धा भनेर सह्रायौ, त्यो ता सुग्रीवको हल्का हलकारा हो ॥ ९ ॥ जो धेरै हिंड्न सक्तछ, त्यो वीर हुन सक्तैन (धेरै र चाँडो हिंड्दैमा वीर भन्ने नाम पाइँदैन) हामीहरूले सीताको खबर लिन त्यसलाई पठाएको हो ॥ १० ॥

दोहा–अब जानेउ पुर दहेउ कपि बिनु प्रभु आएसु पाइ ।
फिरि न गएउ सुग्रीव पहिं तेहि भय रहा लुकाइ ॥२८॥
सत्य कहहि दसकंठ सब मोहि न सुनि कछु कोह ।
कोउ न हमारें कटक अस तो सन लरत जो सोह ॥२९॥

भर्खर मैले थाहा पाएँ, मालिकको आज्ञा नपाईकन त्यो वानरले लंका जलाएको रहेछ, तब पो फर्केर सुग्रीवको समीपमा गएन, त्यसै डरले लुकिरहेको छ ॥ २८ ॥ हे दशकण्ठ ! सबै कुरा साँचो भन्यौ, त्यो सुन्दा मलाई रिस कत्ति पनि छैन, तिमीसँग लड्दा सुहाउने यस्तो सकस हाम्रा फौजमा कोही छैन ॥ २९ ॥

प्रीति बिरोध समान सन करिअ नीति असि आहि ।
जौं मृगपति बध मेड़कन्हि भल कि कहै कोउ ताहि ॥३०॥
जद्यपि लघुता राम कहुँ तोहि बधें बड़ दोष ।
तदपि कठिन दसकंठ सुनु क्षत्रजाति कर रोष ॥३१॥
हसि बोलेउ दसमौलि तब कपि कर बड़ गुन एक ।
जो प्रतिपालै तासु हित करै उपाय अनेक ॥३२॥

नीति यस्तो छ कि प्रीति र विरोध आफूसमानका व्यक्तिसँग गर्नुपर्दछ, सिंहले भेडालाई मार्न लाग्योभने त्यसलाई कोही भलो भन्ला ? ॥ ३० ॥ यद्यपि तिमीलाई मार्दाखेरि रामजीलाई लघुता (हल्कापन) र दोषसमेत हुन्छ, तथापि हे दशकंठ ! क्षत्रिय जातिको रीस त नजाती हुन्छ है" ॥ ३१ ॥ अनि रावण हाँसेर बोल्यो "वानरको यौटा गुण ठूलो हुन्छ, जसले त्यसलाई पाल्दछ, त्यसको त्यो अनेक उपायले हित गर्दछ ॥ ३२ ॥

चौ०–धन्य कीस जो निज प्रभु काजा ❀ जहँ तहँ नाचै परिहरि लाजा ॥१॥

नाचि कूदि करि लोग रिझाई ❀ पति हित करै धर्मनिपुनाई ॥२॥

मालिकका निमित्त लाज छाडेर जो जहाँ तहाँ नाच्तछ, त्यो वानरलाई धन्यवाद छ ॥ १ ॥ नाच कूद गरेर दुनियाँ रिझाईकन पालक स्वामीका निमित्त वानर धर्म पनि गर्दछ बठ्याइँ पनि गर्दछ (धन्य हो !) ॥ २ ॥

अंगद स्वामिभक्त तव जाती ❀ प्रभुगुन कस न कहसि एहि भाँती ॥३॥
मैं गुनगाहक परम सुजाना ❀ तव कटु रटनि करौं नहि काना ॥४॥

हे अंगद ! तेरो जातै स्वामिभक्त हो, तँ यसरी स्वामीका गुण किन गाओइनस् ? ॥ ३ ॥ म परम गुणग्राही र समुझदार हुनाले तेरा कटुवचनमा कानै दिन्नँ" ॥ ४ ॥

कह कपि तव गुनगाहकताई ❀ सत्य पवनसुत मोहि सुनाई ॥५॥
बन बिधंसि सुत बधि पुरु जारा ❀ तदपि न तेहिं कछु कृत अपकारा ॥६॥

अंगदले भने—"तिम्रो गुणग्राहकपन हनूमान्ले मलाई सुनाएको पनि थियो, ॥ ५ ॥ साँचो हो (तिमी गुणग्राही छौ) हनूमानले बगैंचाको विध्वंस पारे, छोरा मारे, राजधानी जलाए, तैपनि तिमीले अपकार कत्ति गरेनौ, (तिमीभन्दा ठूलो गुणग्राही को होला ?) ॥ ६ ॥

सोइ बिचारि तव प्रकृति सुहाई ❀ दसकंधर मैं कीन्हि ढिठाई ॥७॥
देखेउँ आइ जो कछु कपि भाषा ❀ तुम्हरे लाज न दोष न माखा ॥८॥

हे दशकन्धर ! तिम्रो त्यही सुंदर स्वभाव विचार गरेर मैले केही धृष्टता गरेको हुँ, ॥ ७ ॥ हनूमान्ले जे भनेथे त्यो कुरा आएर देखें, तिमीलाई लाज पनि रहेन छ, रीसराग पनि रहेनछ, (बडा सहनशील रहेछौ)" ॥ ८ ॥

दोहा—बक्र उक्ति धनु बचन सर हृदय दहेउ रिपु कीस ।
प्रतिउत्तर सड़सिन्ह मनहुँ काढ़त भट दससीस ॥३३॥

वक्रोक्ति (छेडछाडको उक्ति) रूपी धनु र वचनरूपी बाणद्वारा अंगदले वैरी रावणको कलेजा छेडे, मानौं बहादुर भएको रावण प्रत्युत्तर (जवाफ) रूपी सणासीले ती गडेका वचनबाणलाई (पक्रीपक्रीकन) निकाल्न लाग्यो ॥ ३३ ॥

चौ०—जौ असि मति पितु खाएहु कीसा ❀ कहि अस बचन हसा दससीसा ॥१॥
पितहि खाइ खातेउँ पुनि तोही ❀ अबहीं समुझि परा कछु मोही ॥२॥

(रावणले भन्यो) "यस्तै बुद्धि रहेछ र पो तैंले बाबुलाई खाइछस्" यो वचन बोलेर रावण हाँस्यो ॥ १ ॥ (अंगदले भने) बाबुलाई खाएपछि मीतबाबुलाई पनि खाने थिएँ, अहिल्यै मलाई एउटा केही कुरा याद आयो ॥ २ ॥

बालि बिमल जस भाजनु जानि ❀ हतौं न तोहि अधम अभिमानी ॥३॥
कहु रावन रावन जग केते ❀ मैं निज श्रवन सुने सुनु जेते ॥४॥

हे नीच ! अभिमानी ! तिमीलाई बालिका उज्ज्वल कीर्तिको पात्र जानेर, (बालिको कीर्तिलाई सुरक्षित गरेर चिरस्थायी गराउने कीर्ति-स्तम्भजस्ता तिमी नै छौ भन्ने जानेर) म

खान्न (मार्दिन) ॥ ३ ॥ हे रावण ! संसारमा कतिओटा रावण छन् ? भनन । मैले आफ्ना कानले जतिओटा सुनेको छु, तिनलाई सुन ॥ ४ ॥

बलिहि जितन एकु गएउ पताला ❀ राखेउ बाँधि सिसुन्ह हयसाला ॥५॥
खेलहिं बालक मारहिं जाई ❀ दया लागि बलि दीन्ह छोड़ाई ॥६॥

एउटा रावण बलिलाई जित्न पाताल गएको थियो, केटाकेटीहरूले बाँधेर तबेलामा राखिदिए ॥ ५ ॥ केटीकेटीहरू गएर खेल्दथे (जिस्क्याउँथे) त्यसलाई पिट्तथे, माया लागेछ र बलिले त्यसलाई छोड़ाइदिए ॥ ६ ॥

एकु बहोरि सहसभुज देखा ❀ धाइ धरा जिमि जंतु बिसेषा ॥७॥
कौतुक लागि भवन लै आवा ❀ सो पुलस्ति मुनि जाइ छोड़ावा ॥८॥

फेरि एउटा रावणलाई सहस्रबाहु (कातवीर्य) ले देखे, अनौठा जन्तुजस्तो ठानेर तिनले त्यसलाई लगारेर पकडे ॥ ७ ॥ तमाशाका निमित्त घरमा ल्याए, त्यसलाई पुलस्त्यमुनिले स्वयं (आफैं) गएर छोडाए ॥ ८ ॥

दोहा—एकु कहत मोहि सकुच अति रहा बालि कीं काँख ।
तिन्ह महुँ रावन तैं कवन सत्य बदहि तजि माख ॥३४॥

एउटा रावणको कुरा गर्दा पनि मलाई अत्यन्त संकोच लाग्दछ, त्यो रावण बालिका काखीमा (च्यापिएर धेरै कालसम्म) रहेको थियो, तिनीहरू तीनमध्ये तिमी कुनचाहिने होऊ ? रिस छाडेर साँचो भन" ॥ ३४ ॥

चौ०—सुनु सठ सोइ रावनु बलसीला ❀ हरगिरि जान जासु भुजलीला ॥१॥
जान उमापति जासु सुराई ❀ पूजेउँ जेहि सिर सुमन चढ़ाई ॥२॥

(रावणले भन्यो) "हे शठ ! जसका भुजको लीला (खेलवाड़) लाई कैलासपर्वत जान्दछ, म तेही बलवान् रावण हुँ, ॥ १ ॥ जसलाई मैले शिररूपी फूल चढ़ाएर पूजें, तिनै पार्वतीपति शंकर मेरो शूरतालाई जान्दछन् ॥ २ ॥

सिर सरोज निज करन्हि उतारी ❀ पूजेउँ अमित बार त्रिपुरारि ॥३॥
भुजबिक्रम जानहिं दिगपाला ❀ सठ अजहूँ जिन्ह के उर साला ॥४॥

आफ्नै हातले आफ्ना शिररूपी कमल उतारेर कैयौं पटक शंकरको पूजा गरें ॥ ३ ॥ हे शठ ! जसका हृदयमा अद्यावधि म सुइरो भएर गडेको छु, तिनै दिक्पालहरू मेरो पराक्रम जान्दछन् ॥ ४ ॥

जानहिं दिग्गज उरकठिनाई ❀ जब जब भिरौं जाइ बरिआई ॥५॥
जिन्ह के दसन कराल न फूटे ❀ उर लागत मूलक इव टूटे ॥६॥

दिग्गजहरू मेरा छातीको कडापनलाई जान्दछन्, जैले जैले गएर म जबर्दस्तीसँग भिडें, जसका डरलाग्दा दाँत कहिल्यै टुटेका थिएनन्, तिनै दाँत मेरा छातीमा लाग्नेबित्तिकै मूलाझैं (पुटपुट) भाँचिए ॥ ५ ॥ ६ ॥

जासु चलत डोलति इमि धरनी ❀ चढ़त मत्त गज जिमि लघु तरनी ॥७॥
सोइ रावनु जगबिदित प्रतापी ❀ सुनेहि न श्रवन अलीकप्रलापी ॥८॥

मत्ता हात्ती चढ्दाखेरि सानो नाउ जसरी दोलायमान हुन्छ, त्यसै गरी जो हिंड्दा यी धर्ती डगमगाउँछिन्, ॥ ७ ॥ जगत्प्रख्यात भएको प्रतापी त्यही रावणलाई तैंले कानले सुनेको थिएन ? ए फटाहा ! (भन्न) ॥ ८ ॥

दोहा–तेहि रावन कहँ लघु कहसि नर कर करसि बखान ।
रे कपि बर्बर खर्ब खल अब जाना तव ज्ञान ॥३५॥

त्यही रावणलाई सानो भन्दछस्, मानिसको बखान गर्दछस्, अरे ! बकवादी ! नीच ! दुष्ट ! तेरो ज्ञान अब जानें" ॥ ३५ ॥

चौ०–सुनि अंगदु सकोप कह बानी ❀ बोलु सँभारि अधम अभिमानी ॥१॥
सहसबाहु भुज गहन अपारा ❀ दहन अनल सम जासु कुठारा ॥२॥
जासु परसु सागर खर धारा ❀ बूड़े नृप अगनित बहु बारा ॥३॥
तासु गर्ब जेहि देखत भागा ❀ सो नर क्यों दससीस अभागा ॥४॥

यो वचन सुनेर अङ्गद क्रोधपूर्ण भएर बोले, "हे अभिमानी ! अधम ! मुख सह्मालेर बोल् ॥ १ ॥ सहस्रबाहु (कार्तवीर्य) को अपार भुजारूपी वनलाई डढाउनाका निमित्त जसको कुठार (बंचरो) अग्नितुल्य थियो (अर्थात् जसले सहस्रबाहुका हज्जारै बाहुलाई कुठारले काटे) ॥ २ ॥ जसका कुठारको तीक्ष्ण धारारूपी सागरमा अगणित राजाहरू अनेक पटक डुबे (अर्थात् जसले समस्त राजाहरूको एउटै कुठारद्वारा संहार गरे) ॥ ३ ॥ त्यस्ता सकस (परशुराम) को घमंड जसलाई देख्ताखेरि भाग्यो, हे अभागी ! रावण ! त्यो सकस मानिस होइन के ? ॥ ४ ॥

रामु मनुज कस रे सठ बंगा ❀ धन्वी कामु नदी पुनि गंगा ॥५॥
पसु सुरधेनु कल्पतरु रूखा ❀ अन्न दान अरु रस पीयूषा ॥६॥
बैनतेय खग अहि सहसानन ❀ चिंतामनि पुनि उपल दसानन ॥७॥
सुनु मतिमंद लोक बैकुंठा ❀ लाभु कि रघुपतिभगति अकुंठा ॥८॥

हे कुटिल ! हे दुष्ट ! रामजी (केवल) मनुष्य कसरी हुन् ?, के कामदेव (केवल) धनुर्धारी हुन् ?, अनि के गङ्गाजी (केवल) नदी हुन् ?, ॥ ५ ॥ के कामधेनु (केवल) पशु हुन् ?, के कल्पवृक्ष (केवल) वृक्ष हुन् । के अन्नदान (केवल) दान हो ?, के अमृत (केवल) रस (झोल) हो ? ॥ ६ ॥ के गरुड़ (केवल) पक्षी हुन् ?, के हज्जार फणा भएका शेष (केवल) सर्प हुन् ?, हे दशमुख ! के चिन्तामणि (केवल) पत्थर हो ? ॥ ७ ॥ सुन् बेवकूफ ! के वैकुण्ठ पनि (केवल) लोक हो ?, के रघुनाथजीमा अखण्ड भक्ति लाग्नु पनि (केवल) लाभ हो ? ॥ ८ ॥

दोहा–सेन सहित तव मान मथि बन उजारि पुर जारि ।
कस रे सठ हनुमान कपि गएउ जो तव सुत मारि ॥३६॥

सेनासहित तेरो अभिमानलाई मथेर (चकनाचूर पारेर) बगैंचा उजारेर, तेरो छोरो मारेर, लङ्का जलाएर जो गयो, ए दुष्ट ! त्यो हनूमान् कसरी [केवल] वानर हो ? ।। ३६ ।।

चौ०–सुनु रावन परिहरि चतुराई ❀ भजसि न कृपासिंधु रघुराई ।।१।।
जौं खल भएसि राम कर द्रोही ❀ ब्रह्म रुद्र सक राखि न तोही ।।२।।

हे रावण ! बठ्याइँ छाड़ेर सुन् । करुणासागर रघुनाथजीलाई किन भज्दैनस् ? ।। १ ।। हे दुष्ट ! रामद्रोही भइस्‌भने तेरो रक्षा गर्न ब्रह्माजी र शंकरजी पनि सक्तैनन् ।। २ ।।

मूढ़ बृथा जनि मारसि गाला ❀ रामबयर अस होइहि हाला ।।३।।
तव सिरनिकर कपिन्ह कें आगें ❀ परिहहिं धरनि रामसर लागें ।।४।।

हे मूढ ! व्यर्थै फूर्ति नहाँक् । रामजीसँग वैरभाव भयोभने यस्तो हाल हुनेछ, (सुन्) ।। ३ ।। तेरा शिरका समूह रामजीका बाण लागेर वानरहरूका अगाडि धर्तीमा गिर्नेछन् ।। ४ ।।

ते तव सिर कंदुक सम नाना ❀ खेलिहहिं भालु कीस चौगाना ।।५।।
जबहिं समर कोपिहि रघुनायक ❀ छुटिहहिं अति कराल बहु सायक ।।६।।

वानरहरू र भालुहरू तिनै तेरा शिरलाई भकुण्डाझैं पारेर मैदानमा खेल्नेछन् ।। ५ ।। जब रामजी युद्धमा क्रुद्ध हुनुहुनेछ, त्यस वेलामा जब अत्यन्त भयङ्कर धेरै बाण छुट्नेछन् ।। ६ ।।

तब कि चलिहि अस गाल तुम्हारा ❀ अस बिचारि भजु राम उदारा ।।७।।
सुनत बचन रावनु परजरा ❀ जरत महानल जनु घृतु परा ।।८।।

अनि पनि तेरो गाला यसै गरी चल्लान् (यसै गरी बकवाद गर्लास् ?) यो विचार गरेर उदारचित्त भएका रामजीलाई भज्" ।। ७ ।। यो वचन सुन्दा बलिरहेका आगामा घिउ परे जस्तै भएर रावण प्रज्वलित भयो ।। ८ ।।

दोहा–कुंभकरन अस बंधु मम सुत प्रसिद्ध सक्रारि ।
मोर पराक्रम नहि सुनेहि जितेउँ चराचर झारि ।।३७।।

(अनि भन्न लाग्यो) "ए दुष्ट ! कुम्भकर्णजस्तो मेरो भाई छ, छोरो इन्द्रलाई जित्ने भनेर प्रख्यात छ, तैंले मेरो पराक्रम सुनेको छैनस् ? (सुन्) जम्मै चराचर जगत्‌लाई जितेको छु, ।। ३७ ।।

चौ०–सठ साखामृग जोरि सहाई ❀ बाँधा सिंधु इहै प्रभुताई ।।१।।
नाघहिं खग अनेक बारीसा ❀ सूर न होहिं ते सुनु जड़ कीसा ।।२।।

स्वाँठ वानर ! वानरहरूको सहायता जोरजाम पारेर समुद्र बाँध्यो, तेरा प्रभुको प्रभुता यत्तिकै न हो ? ।। १ ।। मूर्ख ! वानर ! अनेक पक्षीहरू समुद्र नाघ्दछन्, सुन् ती शूर कहलाउँदैनन् ।। २ ।।

मम भुज सागर बल जल पूरा ❀ जहँ बूड़े बहु सुर नर सूरा ।।३।।
बीस पयोधि अगाध अपारा ❀ को अस बीर जो पाइहि पारा ।।४।।

बलरूपी जलले परिपूर्ण भएका मेरा भुजारूपी बीस समुद्र छन्, जुन भुजा समुद्रमा

शूरवीर भएका धेरै देवता र मनुष्य डुबिसके ॥ ३ ॥ ती बीस समुद्र अगाध छन्, अपार छन्, जो तिनको पार पाउन सक्ला, त्यस्तो वीर को छ ? (एउटै समुद्र तर्दा यत्रो घमण्ड ?) ॥ ४ ॥

दिगपालन्ह मैं नीरु भरावा ❀ भूप सुजसु खल मोहि सुनावा ॥५॥
जौं पै समर सुभट तव नाथा ❀ पुनि पुनि कहसि जासु गुनगाथा ॥६॥
तौ बसीठ पठवत केहि काजा ❀ रिपु सन प्रीति करत नहि लाजा ॥७॥
हरगिरि मथन निरखु मम बाहू ❀ पुनि सठ कपि निज प्रभुहि सराहू ॥८॥

मैले दिक्पालहरूलाई पानी भराएको छु (कमाराहरूलाई झैं काममा जोतेको छु), तँ दुष्ट ! मानिसको सुयश मलाई सुनाउँछस्, ॥ ५ ॥ त्यो तेरो मालिक लडाइँमा जोद्धा छभने त्यसले के कामका निमित्त दूत पठाउँथ्यो ? दुश्मनसँग प्रीति गर्दा (मिलन खोज्दा) लाजै लागेन ? ॥ ६ ॥ ७ ॥ ए स्वाँठ ! वानर ! पैले कैलासपर्वतलाई मथन गर्ने मेरा प्रचण्ड भुजदण्ड हेर्, अनि आफ्ना मालिकको तारीफ गर् ॥ ८ ॥

दोहा–सूर कवन रावन सरिस स्वकर काटि जेहि सीस ।
हुने अनल अति हरष बहु बार साखि गौरीस ॥३८॥

जसले आफ्ना हातले आफ्ना शिर काट्यो र हर्षित भैकन कई एकपटक अग्निमा हवन गऱ्यो, यस कुरामा शंकर साक्षी छँदैछन्, त्यो रावणजस्तो शूर को छ ? ॥ ३८ ॥

चौ०–जरत बिलोकेउँ जबहि कपाला ❀ बिधि के लिखे अंक निज भाला ॥१॥
नर कें कर आपन बध बाची ❀ हसेउँ जानि बिधिगिरा असाची ॥२॥

जब मैले विधाताले लेखेका कर्मरेखाले युक्त भएका ललाटसमेतका आफ्ना खप्पर (होमाग्निमा) जल्नलागेका देखें ॥ १ ॥ अनि मानिसका हातबाट आफ्नो बध हुने वेहोरा बाँचें, विधाताको वचनलाई असत्य ठहराएर म हाँसे ॥ २ ॥

सोउ मन समुझि त्रास नहि मोरें ❀ लिखा बिरंचि जरठ मति भोरें ॥३॥
आन बीर बल सठ मम आगें ❀ पुनि पुनि कहसि लाज पति त्यागें ॥४॥

त्यस कुरालाई मनले सँझदा पनि मलाई डर लाग्दैन, बूढा हुनाले भ्रष्टबुद्धि भएका विधाताले लेखेका हुनन् (भन्ने संझेको छु) ॥ ३ ॥ ए स्वाँठ ! त्यस्ता मेरा अगाडि लाज र मर्यादा छाडेर अरू वीरका बलको वारंवार बखान गर्दछस् ?" ॥ ४ ॥

कह अंगद सलज्ज जग माहीं ❀ रावन तोहि समान कोउ नाहीं ॥५॥
लाजवंत तव सहज सुभाऊ ❀ निज मुख निज गुन कहसि न काऊ ॥६॥

अङ्गदले भने—"हे रावण ! संसारमा तँसमानको लज्जावाला कोही छैन ॥ ५ ॥ तेरो जन्मसिद्ध स्वभावै लज्जालु छ, आफ्ना मुखले आफ्ना गुणको बखान कहिल्यै गर्दैनस् (लाज हुने कुरा तँ किन गर्दथिस् ?) ॥ ५ ॥ ६ ॥

सिर अरु सैल कथा चित रही ❀ ता तें बार बीस तैं कही ॥७॥
सो भुजबल राखेहु उर घाली ❀ जीतेहु सहसबाहु बलि बाली ॥८॥

फगत आफ्ना शिरको र कैलासपर्वतको कथा मनमा गडेको थियो, त्यसैले त्यो कथा तैंले बीसफेर भनेको हो, (हो कि ?) ॥ ७ ॥ जेले सहस्रबाहु (कार्तवीर्य), बलि, बालि यिनलाई जितेको थिइस्, त्यो भुजबल ता मनैमा हालेर राखेको छस् (मुखले भन्दै भन्दैनस्) ॥ ८ ॥

सुनु मतिमंद देहि अब पूरा ❀ काटें सीस कि होइअ सूरा ॥९॥
इंद्रजालि कहुँ कहिअ न बीरा ❀ काटै निज कर सकल सरीरा ॥१०॥

ए मन्दमते ! सुन्, शिर काट्तैमा के कोही वीर शूर कहलाउँछ ? दे पूरा जबाब ॥ ९ ॥ बाजीगरहरू (चटक गर्नेहरू) आफ्ना हातले सकल शरीर काटे पनि वीर कहलाउँदैनन् ॥ १० ॥

दोहा–जरहिं पतंग मोहबस भार बहहिं खरबृंद ।
ते नहि सूर कहावहिं समुझि देखु मतिमंद ॥३९॥

मोहवश भएर पतंग (पुतली) जल्दाछन्, गधाका बथान भारी बोक्ताछन्, ती शूरवीर कहलाउँदैनन् । हे मन्द बुद्धे ! संझेर (भित्रका आँखाले) हेर ॥ ३९ ॥

चौ०–अब जनि बतबढ़ाव खल करही ❀ सुनु मम बचन मान परिहरही ॥१॥
दसमुख मैं न बसीठीं आएउँ ❀ अस बिचारी रघुबीर पठाएउँ ॥२॥

हे दुष्ट ! अब, बतबढ़ाव (कुराको बढ़ाबढ़ी) नगर । अभिमान छाडेर मेरा वचन सुन् ॥ १ ॥ हे रावण ! म दूतका तरीकाले आएको होइन, रघुनाथजीले यस्तो विचार गरेर मलाई पठाएको हो कि—॥ २ ॥

बार बार अस कहइ कृपाला ❀ नहि गजारिजसु बधें सृकाला ॥३॥
मन महुँ समुझि बचन प्रभु केरे ❀ सहेउँ कठोर बचन सठ तेरे ॥४॥

दयालु रामजीले वारंवार यसो भन्नुभएको थियो कि श्याललाई मार्दा सिंहलाई यश हुँदैन, ॥ ३ ॥ हे शठ ! प्रभुका यिनै वचन मनमा संझेर तेरा कठोर वचन सहें ॥ ४ ॥

नाहि त करि मुखभंजन तोरा ❀ लै जातेउँ सीतहि बरजोरा ॥५॥
जानेउँ तव बलु अधम सुरारी ❀ सूनें हरि आनिहि परनारी ॥६॥

नत्रभने तेरा मुख फोरेर जबर्दस्तीका साथ सीताजीलाई लैजाने थिएँ ॥ ५ ॥ हे नीच ! हे देवशत्रो ! तेरो बल मैले जानेको छु, शून्य सन्नाटामा परस्त्रीलाई हरेर ल्याइस् ॥ ६ ॥

तैं निसिचरपति गर्ब बहूता ❀ मैं रघुपतिसेवक कर दूता ॥७॥
जौ न राम अपमानहि डरउँ ❀ तोहि देखत अस कौतुक करऊँ ॥८॥

तँ राक्षसहरूको राजा होस्, त्यसैले तँलाई घमंड खूब छ, म रामजीको सेवक (सुग्रीव) को दूत हूँ ॥ ७ ॥ रामजीका अपमानदेखि नडराउँदो हुँ ता तेरा देखादेखीमा (अगाड़ि) यो तमाशा गर्ने थिएँ कि—॥ ८ ॥

दोहा–तोहि पटकि महि सेन हति चौपट करि तव गाउँ ।
मंदोदरी समेत सठ जनकसुतहि लै जाउँ ॥४०॥

हे शंठ ! तँलाई धर्तीमा पछारेर, तेरा सैन्यलाई मारेर, तेरा गाउँ (लङ्कापुरी) लाई चौपट (चकनाचूर) गरेर मन्दोदरीसमेत सीताजीलाई लैजाने थिएँ ॥ ४० ॥

चौ०–जौ अस करौं तदपि न बड़ाई ❀ मुएहि बधें नहि कछु मनसाई ॥१॥
कौल कामबस कृपन बिमूढ़ा ❀ अति द्ररिद्र अजसी अति बूढ़ा ॥२॥
सदा रोगबस संतत क्रोधी ❀ बिष्नुबिमुख श्रुति संत बिरोधी ॥३॥
तनुपोषक निंदक अघखानी ❀ जीवत सव सम चौदह प्रानी ॥४॥

यदि यसो गरिहालौंभने पनि यसमा मेरो बड़ाइ (महत्त्व) हुँदैन, मरेकालाई मार्दा केही पुरुषार्थ हुँदैन ॥ १ ॥ कौल (जँड्याहा = रक्सीबाज), कामी (स्त्री लम्पट), कृपण, (कंजूस), पटमूर्ख, अति कङ्गाल, बदनाम भएको, अति वृद्ध ॥ २ ॥ सदा सर्वदा रोगी, निरन्तर क्रोधी, विष्णुविमुख, श्रुति (वेद) सज्जनविरोधी ॥ ३ ॥ स्वशरीर मात्र पोषक, परनिन्दातत्पर, अनेक पापकारी, यी चौध (१४) प्राणी जीवन्मृत (जीउँदै मरेका) हुन् ॥ ४ ॥

अस बिचारि खल बधौं न तोही ❀ अब जनि रिस उपजावसि मोही ॥५॥
सुनि सकोप कह निसिचरनाथा ❀ अधर दसन दसि मीजत हाथा ॥६॥

हे दुष्ट ! यस्तो विचार गरेर तँलाई मार्दिन, अब तँ मेरो क्रोध पैदा नगरेस् (मलाई रिस नउठाएस्)" ॥ ५ ॥ यो वचन सुनेर रावण ओठ टोक्दै, हात माड्दै, क्रोधले चूर भएर बोल्न लाग्यो—॥ ६ ॥

रे कपि अधम ! मरन अब चहसी ❀ छोटें बदन बात बड़ि कहसी ॥७॥
कटु जल्पसि जड़ कपि बल जा कें ❀ बल प्रताप बुधि तेज न ता कें ॥८॥

"अरे वानर ! अब मर्न खोजिस्, छोटा मुखले बड़ाबड़ा बात बक्न लागिस् ॥ ७ ॥ हे जड़ ! बन्दर ! जसका बलले तँ कड़ा कड़ा बात बोल्दछस्, त्यसको ता बल प्रताप, बुद्धि, तेज केही छैन (तेरो के कुरा ?) ॥ ८ ॥

दोहा–अगुन अमान जानि तेहि दीन्ह पिता बनबास ।
सो दुखु अरु जुवतीबिरहु पुनि निसि दिनु मम त्रास ॥४१॥
जिन्ह के बल कर गर्व तोहि अैसे मनुज अनेक ।
खाहिं निसाचर दिवस निसि मूढ़ समझु तजि टेक ॥४२॥

त्यसलाई निर्गुण, निर्मान, विचार गरेर बाबुले वनवास दियो, फेरि त्यो स्त्रीविरहले दुःखित छ, त्यसमाथि त्यसलाई रातदिन मेरो त्रास छ ॥ ४१ ॥ जसका बलको तँलाई यस्तो अभिमान छ, यस्ता यस्ता अनेक मानिसलाई (हाम्रा) राक्षसहरू रातदिन खाइरहेका छन् । बेवकूफ ! यो कुरा हठ छाडेर बुझ्" ॥ ४२ ॥

चौ०–जब तेहि कीन्हि राम कै निंदा ❀ क्रोधवंत अति भएउ कपिंदा ॥१॥
हरि हर निंदा सुनै जो काना ❀ होइ पाप गोघात समाना ॥२॥

जब त्यसले रामको निन्दा गर्‍यो, अनि वानरेन्द्र (अङ्गद) अत्यन्त क्रुद्ध भए ॥ १ ॥ कानले हरि र हरको निन्दा सुन्योभने गोवध गरे जस्तो पाप लाग्दछ ॥ २ ॥

कटकटान कपिकुंजर भारी ❀ दुहुँ भुजदंड तमकि महि मारी ॥३॥
डोलत धरनि सभासद खसे ❀ चले भाजि भय मारुत ग्रसे ॥४॥

कपिकुञ्जर (हात्तीसमानका बानर अङ्गद) ले दाँत खूब किटकिटाए, तमक (जोश) गरेर आफ्ना दुवै भुजदण्डलाई जमीनमा पट्के ॥ ३ ॥ पृथ्वीमण्डल डगमगाउन लाग्यो, सभासद हरू (बसेका बस्यै) पछारिए, अनि भयरूपी हुरीले ग्रास गरेका तिनीहरू भागे (ह्रुत्तिए) ॥ ४ ॥

गिरत दसानन उठेउ सँभारी ❀ भूतल परे मुकुट षट चारी ॥५॥
कछु तेहि लै निज सिरन्हि सँवारे ❀ कछु अंगद प्रभु पास पवारे ॥६॥

रावण पछारिंदा पछारिंदै सह्मालिएर उठ्यो, त्यसका दशौओटा मुकुट जमीनमा गिरे ॥ ५ ॥ केही मुकुट उठाएर त्यसले आफ्ना शिरमा राख्यो, केही मुकुट अङ्गदजीले रामजीका तरफ फ्याँकिदिए ॥ ६ ॥

आवत मुकुट देखि कपि भागे ❀ दिनहीं लूक परन बिधि लागे ॥७॥
की रावन करि कोपु चलाए ❀ कुलिस चारि आवत अति धाए ॥८॥

मुकुट आउनलागेको टाढैबाट देखेर वानरहरू "हे विधाता ! दिउँसै लूक (तारा) गिर्न लागे, कि रावणले क्रोध गरेर चलाएका चारओटा वज्र खूब दौडेर आउन लागेका हुन्" (भन्दै भागे) ॥ ७ ॥ ८ ॥

कह प्रभु हसि जनि हृदय डेराहू ❀ लूक न असनि केतु नहि राहू ॥९॥
ए किरीट दसकंधर केरे ❀ आवत बालितनय के प्रेरे ॥१०॥

रामजीले हांसेर—"नडराऊ, लूक (तारा) पनि होइनन्, वज्र पनि होइनन्, राहु-केतु केही होइनन् ॥ ९ ॥ यी बालिकुमारले फ्याँकेका दशकण्ठका किरीट आइरहेछन्" यस्तो आज्ञा भयो ॥ १० ॥

दोहा–कूदि गहे कर पवनसुत आनि धरे प्रभु पास ।
कौतुक देखहिं भालु कपि दिनकर सरिस प्रकास ॥४३॥

हनूमान्‌जीले कुदेर तिनलाई समाते, ल्याएर प्रभुजीका समीपमा राखे। भालू र बानर तमाशा हेर्न लागे; ती मुकुटको प्रकाश (तेज) सूर्यको जस्तो थियो ॥ ४३ ॥

चौ०–उहाँ कहत दसकंध रिसाई ❀ धरि मारहु कपि भागि न जाई ॥१॥
एहि बिधि बेगि सुभट सब धावहु ❀ खाहु भालु कपि जहँ तहँ पावहु ॥२॥

उतातिर (लंकामा) रावण रिसाएर भन्न लाग्यो—"यो बानरलाई समात र मार,

भागेर नजाओस् ॥ १ ॥ यस्तै तरहले सबै योद्धाहरू दौड र जहाँ जहाँ पाउँछौ भालू र बानर लाई खाऊ ॥ २ ॥

मर्कटहीन करहु महि जाई ❀ जिअत धरहु तापस द्वौ भाई ॥३॥
पुनि सकोप बोलेउ जुवराजा ❀ गाल बजावत तोहि न लाजा ॥४॥

जम्मै पृथ्वीमण्डल मर्कटहीन (बानररहित) पार, दुई भाई तपस्वीलाई जीउँदै गिरफ्तार गर" ॥ ३ ॥ फेरि अङ्गद क्रुद्ध भएर बोले—"गाल बजाउँदा (बकवाद गर्दा) तँलाई लाज लाग्दैन ? ॥ ४ ॥

मरु गर काटि निलज कुलघाती ❀ बल बिलोकि बिहरति नहि छाती ॥५॥
रे त्रियचोर कुमारगगामी ❀ खल मलरासि मंदमति कामी ॥६॥
सन्यपात जल्पसि दुर्बादा ❀ भएसि कालबस खल मनुजादा ॥७॥
या को फलु पावहिगो आगें ❀ बानर भालु चपेटन्हि लागें ॥८॥

हे निर्लज्ज ! हे कुलघाती ! गला काटेर आफै मर। आफ्नो बल देख्ता तेरो छाती फाट्तैन ॥ ५ ॥ ए परस्त्रीचोर ! ए कुमार्गगामी ! ए खल ! ए मन्दबुद्धि ! ए कामी ! ॥ ६ ॥ तँलाई सन्निपात भयो र प्रलाप गर्न लागिस् ? हे दुष्ट ! राक्षस ! कालको अधीन भइस् ॥ ७ ॥ यो बदमाशीको फल पछि वानर र भालूका थप्पड़ लागेपछि पाउनेछस् ॥ ८ ॥

राम मनुज बोलत असि बानी ❀ गिरहिं न तव रसना अभिमानी ॥९॥
गिरिहहिं रसना संसय नाहीं ❀ सिरन्हि समेत समर महि माहीं ॥१०॥

हे अभिमानी ! "राम मनुष्य हुन्" यस्ती वाणी बोल्दाखेरि तेरो जिब्रो गिर्दैन ? ॥ ९ ॥ युद्धभूमिमा शिरसहित भएर त्यो जिब्रो गिर्नेछ; सन्देह छैन ॥ १० ॥

सोरठा–सो नर क्यों दसकंध बालि बध्यो जेहि एक सर ।
बीसहु लोचन अंध धिग तव जन्म कुजाति जड़ ॥६॥
तव सोनित की प्यास तृषित रामसायक निकर ।
तजौं तोहि तेहि त्रास कटु जल्पक निसिचर अधम ॥७॥

हे दशकन्धर ? जसले एउटै बाणले बालिलाई मारे, ती के मानिस हुन् ? हे कुजात ! हे जड़ ! हे बीसआखें अन्धा ! तेरा जन्मलाई धिक्कार छ ॥ ६ ॥ रामजीका बाणका समूह तेरा रगतका प्यासले प्यासा छन्, हे कटुवादिन् ! राक्षसाधम ! त्यसै डरले म तँलाई छाड़िदिन्छु, (रामजीका बाणले पिउन आँटेको तेरो रगत मैले जमीनलाई पिलाउन हुँदैन, रामजीका बाणदेखि म डराउँछु, तँदेखि डराएको होइन) ॥ ७ ॥

चौ०–मैं तव दसन तोरिबे लायक ❀ आएसु मोहि न दीन्ह रघुनायक ॥१॥
असि रिस होति दसौ मुख तोरौं ❀ लंका गहि समुद्र महुँ बोरौं ॥२॥

म तेरा वंगारा झार्नालाई लायक छु, तर रघुनाथजीले मलाई आज्ञा दिनुभएको

छैन, ॥ १ ॥ यस्तो रिस उठेको छ कि–"तेरा दशैओटा मुख फोरूँ, लङ्कालाई समातेर समुद्रमा बोरूँ (डुबाऊँ) (भन्ने झोक चल्दछ) ॥ २ ॥

गूलरिफल समान तव लंका ❀ बसहु मध्य तुम्ह जंतु असंका ॥३॥
मैं बानर फल खात न बारा ❀ आएसु दीन्ह न राम उदारा ॥४॥

तेरो लङ्का गुल्लर (डुम्री) को फलजस्तो हो, त्यसैका माझमा बसेका तिमीहरू डुम्रीफलका भुसुनातुल्य छौ, ॥ ३ ॥ म वानर हुँ, फल खान बेर लाग्दैन, (एकै बुजामा लङ्कालाई खतम गर्ने थिएँ) तर उदारचित्त भएका प्रभुजीले आज्ञा दिनुभएको छैन" ॥ ४ ॥

जुगुति सुनत रावन मुसुकाई ❀ मूढ सिखिहि कहँ बहुत झुठाई ॥५॥
बालि न कबहुँ गाल अस मारा ❀ मिलि तपसिन्ह तैं भएसि लबारा ॥६॥

अंगदको यो युक्ति सुन्दा रावण हाँसेर बोल्न लाग्यो "ए मूढ़ ! तैंले यतिको झूटो बोल्न कहाँ सिकिस् ? ॥ ५ ॥ तेरो बाबु बालिले ता कहिल्यै पनि यस्तो दंग हाँकेको थिएन, तपस्वीहरूको हिमचिमले तँ लबारपाँडे भइछस् ॥ ६ ॥

साँचेहुँ मैं लबार भुजबीहा ❀ जौ न उपारिउँ तव दस जीहा ॥७॥
रामप्रतापु सुमिरि कपि कोपा ❀ सभा माझ पन करि पद रोपा ॥८॥

अंगदले भने ए बीसहाते राक्षस !—"यदि तेरा दशैओटा जिभ्रा उखेल्न सकिनभने ता म साँच्चै लबारपाँडे नै हुँ" ॥ ७ ॥ अंगदले रामजीको अद्भुत प्रतापलाई संझेर सभाका माझमा पण (होड) गरेर पाउ टेके (जमाए) (अनि बोल्न लागे) ॥ ८ ॥

जौ मम चरन सकसि सठ टारी ❀ फिरहिं रामु सीता मैं हारी ॥९॥
सुनहु सुभट सब कह दससीसा ❀ पद गहि धरनि पछारहु कीसा ॥१०॥

"हे दुष्ट ! यदि मेरो यो पाउ हटाउन सकिस्भने, रामजी फर्कनुहोला, मैले सीता लाई हारें, (लौ तेरो पाइन हेरूँ त)" ॥ ९ ॥ रावणले भन्यो—"ए वीरहो ! सुन ! खुट्टामा समातेर यो वानरलाई पछार" ॥ १० ॥

इन्द्रजीत आदिक बलवाना ❀ हरषि उठे जहँ तहँ भट नाना ॥११॥
झपटहिं करि बल बिपुल उपाई ❀ पद न टरै बैठहिं सिरु नाई ॥१२॥

इन्द्रजित आदि गरेका नाना प्रकारका बलवान् राक्षसहरू हर्षित भएर जताततै उठे, ॥ ११ ॥ तिनीहरूले जोर लगाए, अनेक उपाय गरे, झट्का दिए, तर अंगदको पाउ चलेन, तिनीहरू शिर निहुराएर बसे ॥ १२ ॥

पुनि उठि झपटहिं सुर आराती ❀ टरै न कीसचरन एहिं भाती ॥१३॥
पुरुष कुजोगी जिमि उरगारी ❀ मोह बिटप नहि सकहिं उपारी ॥१४॥

देवशत्रु (राक्षस) हरू पटक पटक गरेर झम्टन्थे, (काकभुशुण्डी भन्दछन्) हे गरुडजी ! वानर (अंगद) को पाउ, जसरी कच्चा योगीले मोहरूपी वृक्षलाई उखेल्न सक्तैन, त्यसै गरी (उखेलिनु ता परै रहोस्) (रउँभर पनि खस्केन) ॥ १३ ॥ १४ ॥

दोहा–कोटिन्ह मेघनाद सम सुभट उठे हरषाइ ।
झपटहिं टरै न कपिचरन पुनि बैठहिं सिर नाइ ॥४४॥
भूमि न छाड़त कपिचरन देखत रिपुमद भाग ।
कोटि बिघ्न तें संत कर मन जिमि नीति न त्याग ॥४५॥

मेघनादजस्तै करोडौं ठूला ठूला वीर हर्षित भएर उठे, तिनले झम्टे (धकाधुकी = तानातानी गरे) वानरको पयर हल्लेन, अनि तिनीहरू शिर झुकाएर बसे ॥ ४४ ॥ जस्तै कोटि विघ्न पर्दा पनि सज्जनका मनले नीति छाड्दैन, त्यस्तै अंगदका पाउले (राक्षसहरूले अनेक यत्न गर्दा पनि) ठाउँ छाडेन, त्यो देखेर शत्रु (रावण) को अभिमान भाग्यो ॥ ४५ ॥

चौ०–कपिबलु देखि सकल हिय हारे ❀ उठा आपु जुबराज पचारे ॥१॥
गहत चरन कह बालिकुमारा ❀ मम पद गहें न तोर उबारा ॥२॥

अंगद वानरको बल देखेर सबैले मनमा हरेस खाए। अनि युवराज (अंगद) लाई पच्कारेर (ललकारेर = पर्खी भनेर) रावण आफैं उठ्यो ॥ १ ॥ पाउ समात्न लागेका बेलामा बालिकुमार (अंगद) ले "मेरो पाउ समातेर उद्धार हुँदैन ॥ २ ॥

गहसि न रामचरन सठ जाई ❀ सुनत फिरा मन अति सकुचाई ॥३॥
भएउ तेजहत श्री सब गई ❀ मध्य दिवस जिमि ससि सोहई ॥४॥

हे शठ ! (अज्ञ) गएर रामजीका चरण समात्तैनस्" भने। त्यो वचन सुन्नाका साथ रावण खूब खुम्चिएर फर्क्यो ॥ ३ ॥ त्यो हततेज (तेज मरेको = निस्तेज) भयो, त्यसको सकल शोभा हरायो, मध्याह्नमा चन्द्रमा जस्ता शोभित हुन्छन् (त्यस्तै भयो) ॥ ४ ॥

सिंघासन बैठेउ सिर नाई ❀ मानहु संपति सकल गवाई ॥५॥
जगदातमा प्रानपति रामा ❀ तासु बिमुख किमि लह बिश्रामा ॥६॥

मानौ सकल संपत्ति गुमाएछ कि ? (भन्ने भान हुने गरी) शिर झुकाएर सिंहासनमा बस्यो ॥ ५ ॥ (हे गरुडजी !) रामजी जगत्का आत्मा र प्राणका स्वामी हुनुहुन्छ। वहाँसंग विमुख भएपछि कसैले पनि शान्ति कसरी पाउँछ ? ॥ ६ ॥

उमा राम की भृकुटि बिलासा ❀ होइ बिस्व पुनि पावै नासा ॥७॥
तृन तें कुलिस कुलिस तृन करई ❀ तासु दूत पन कहु किमि टरई ॥८॥

हे पार्वती ! रामजीका विलासले (आँखीभौंका इशाराले) संसार पैदा हुन्छ, फेरि नष्ट हुन्छ ॥ ७ ॥ रामजी तृणलाई वज्र, वज्रलाई तृण पार्नुहुन्छ, वहाँका दूतको प्रण कसरी टर्न सक्तछ ? ॥ ८ ॥

पुनि कपि कही नीति बिधि नाना ❀ मान न ताहि कालु निअराना ॥९॥
रिपुमद मथि प्रभु सुजसु सुनायो ❀ यह कहि चल्यो बालि नृप जायो ॥१०॥

फेरि अंगदले नाना प्रकारका नीति बताए, त्यसले मानेन, काल त्यसका नगीचै आए-

को थियो ॥ ९ ॥ शत्रुका घमण्डलाई ध्वस्त पारेर प्रभुजीको सुयश सुनाए। अनि वानरराज बालिका छोराले यो कुरा गरेर हिंडे ॥ १० ॥ (के भने ?)

हतौं न खेत खेलाइ खेलाई ❀ तोहि अबहि का करौं बड़ाई ॥११॥
प्रथमहिं तासु तनय कपि मारा ❀ सो सुनि रावनु भएउ दुखारा ॥१२॥
जातुधान अंगदपन देखी ❀ भयब्याकुल सब भए बिसेषी ॥१३॥

"तँलाई युद्ध क्षेत्रमा खेलाईकन मार्ने नै छ, अहिल्यै के (आफ्नो) तारीफ गरूँ" ॥ ११ ॥ अंगदले पहिल्यै रावणका छोरालाई (नगरप्रवेशका साइतमा) मारेका थिए। त्यो खबर बल्ल रावणले सुन्यो र दुःखित भयो ॥ १२ ॥ अंगदको बल देखेर सबै राक्षस ज्यादै नै व्याकुल भए ॥ १३ ॥

दोहा—रिपुबल धरषि हरषि कपि बालितनय बलपुंज।
सजल नयन तन पुलक अति गहे रामपद कंज ॥४६॥
साँझ जानि दसमौलि तब भवन गयेउ बिलखाइ।
मंदोदरी रावनहि बहुरि कहा समुझाइ ॥४७॥

शत्रुको बललाई कुल्चिमिल्ची पारेर हर्षित भईकन बलका समूहरूप भएका बालिकुमारले नेत्रमा अश्रुपूर्ण, शरीरमा रोमाञ्चित, भएर रामजीका चरणकमल समाते ॥ ४६ ॥ (उतातिर) अनि रावण साँझ परेको जानेर बिलखबन्द (जिल्ल) भएर महलमा गयो, मन्दोदरीले त्यो राक्षसलाई फेरि संझाएर भन्न लागिन् ॥ ४७ ॥

[मंदोदरीले फेरि गरेको प्रबोध]

चौ०—कंत समुझि मन तजहु कुमतिही ❀ सोह न समर तुम्हहि रघुपतिही ॥१॥
रामानुज लघु रेख खचाई ❀ सोउ नहि नाघेहु असि मनुसाई ॥२॥

हे कान्त! (हे प्रिय!) मनमा संझेर कुमतिलाई छाड्नुहोस्, तपाईंमा र रघुनाथजीमा युद्ध सुहाउँदैन ॥ १ ॥ रामजीका भाईले सानो रेखा खिचेको थियो, त्यो पनि नाघ्न सक्नुभएन (तपाईंको) पौरुष यस्तै न हो ॥ २ ॥

पिय तुम्ह ताहि जितब संग्रामा ❀ जा के दूत केर यह कामा ॥३॥
कौतुक सिंधु नाघि तव लंका ❀ आएउ कपिकेहरी असंका ॥४॥

हे प्रिय! जसका दूतको ता यस्तो काम छ, तपाईं उनलाई जित्नुहोला ? ॥ ३ ॥ खेलवाडैले समुद्रलाई नाघेर एउटा कपिकेसरी (सिंहजस्तो वानर हनूमान्) निःशंक भएर तपाईंको लंकामा आयो ॥ ४ ॥

रखवारे हति बिपिन उजारा ❀ देखत तोहि अक्ष तेहि मारा ॥५॥
जारि सकल पुर कीन्हेसि छारा ❀ कहाँ रहा बल गर्ब तुम्हारा ॥६॥

रखवालाहरूलाई मारेर बघैंचा उजार्‍यो, तपाईंले देख्तादेख्तैमा त्यसले अक्षकुमारलाई मार्‍यो ॥ ५ ॥ सारा नगर जलाएर खरानी पार्‍यो, त्यस वेलामा तपाईंको बल र घमण्ड कहाँ थियो ॥ ६ ॥

अब पति मृषा गाल जनि मारहु ❀ मोर कहा कछु हृदय बिचारहु ॥७॥
पति रघुपतिहि नृपति जनि मानहु ❀ अग जग नाथ अतुलबल जानहु ॥८॥

हे स्वामिन् ! अब व्यर्थै गाला नमार्नुहोस् (दङ नहाँक्नुहोस्) मैले भनेका कुरा मनमा अलिकति विचार गर्नुहोस् ॥ ७ ॥ हे स्वामिन् ! रघुपतिलाई (केवल) नरपति (राजा) नठान्नुहोस् , वहाँलाई अतुल बल भएका चराचर जगत्का पति जान्नुहोस् ॥ ८ ॥

बानप्रताप जान मारीचा ❀ तासु कहा नहि मानेहि नीचा ॥९॥
जनकसभा अगनित महिपाला ❀ रहे तुम्हौं बल अतुल बिसाला ॥१०॥

वहाँका बाणको प्रताप मारीचलाई थाहा थियो, नीच बुद्धि गरेर उसले भनेको मान्नुभएन ॥ ९ ॥ जनक राजाका सभामा खूब बलवान् भएका ठूला ठूला राजा थिए, तपाईं पनि हुनुहुन्थ्यो ॥ १० ॥

भंजि धनुष जानकी बिआही ❀ तब संग्राम जितेहु किन ताही ॥११॥
सुरपतिसुत जानै बल थोरा ❀ राखा जिअत आँखि गहि फोरा ॥१२॥
सूपनखा कै गति तुम्ह देखी ❀ तदपि हृदय नहि लाज बिसेषी ॥१३॥

रामजीले धनु तोडेर जानकीलाई विवाह गरे, त्यस वेलामा युद्धमा तिनलाई किन जित्नुभएन ? ॥ ११ ॥ रामजीको बल अलिकति इन्द्रको छोरो (जयन्तकाग) जान्दछ, त्यसलाई रामले जीउँदै ता राखे, तर आँखो फोरेर लिए ॥ १२ ॥ शूर्पणखाको गति तपाईंले देखिहाल्नुभयो, तैपनि हृदयमा विशेष (बडै) लाज छैन ॥ १३ ॥

दोहा—बधि बिराध खर दूषनहि लीला हत्यो कबंध ।
बालि एक सर मार्‍यो तेहि जानहु दसकंध ॥४८॥

विराध, खर-दूषणलाई मारेर सहजैमा कबन्धलाई पनि मारे । बलिलाई एउटै बाणले मारे, हे स्वामी ! तिनलाई चिन्नुहोस् ॥ ४८ ॥

चौ०-जेहि जलनाथु बँधाएउ हेला ❀ उतरे प्रभु दल सहित सुबेला ॥१॥
कारुनीक दिनकर कुल केतू ❀ दूत पठाएउ तव हित हेतु ॥२॥

जसले समुद्रलाई खेल गरे जस्तै गरेर बाँधे, जो प्रभु दलबलसहित भएर सुबेल पर्वतमा उत्रेका (आएका) छन् ॥ १ ॥ ती दिनकरकुलकेतु (सूर्यवंशका झण्डा) दयालु रामजीले तपाईंको हितका निमित्त दूत पठाए ॥ २ ॥

सभा माझ जेहि तव बल मथा ❀ करिबरूथ महु मृगपति जथा ॥३॥
अंगद हनुमत अनुचर जा के ❀ रनबाँकुरे बीर अति बाँके ॥४॥

हात्तीका बथानमा सिंहले झैं सभाका माझमा त्यसले तपाईंको बल मथ्यो (तोड्यो) ॥ ३ ॥ युद्धमा बडा बाँका (लायक) भएका हनुमान् र अङ्गद जसका सेवक छन् ॥ ४ ॥

तेहि कहुँ पिअ पुनि पुनि नर कहहू ❀ मुधा मान ममता मद कहहू ॥५॥
अहह कंत कृत रामबिरोधा ❀ काल बिबस मन उपज न बोधा ॥६॥

हे स्वामिन् ! तपाईं उनैलाई वारंवार मनुष्य भन्नुहुन्छ, व्यर्थैको अभिमान, ममता, मद धारण गरिरहनुभएको छ ॥ ५ ॥ स्वामिन् ! अहह ! (अफसोस छ) रामसँग विरोध गर्नुभयो, कालको अधीन हुँदा मनमा ज्ञान उब्जेन ॥ ६ ॥

कालु दंड गहि काहु न मारा ❀ हरै धर्म बल बुद्धि बिचारा ॥७॥
निकट कालु जेहि आवत साईं ❀ तेहि भ्रम होइ तुम्हारिहि नाईं ॥८॥

कालले डण्डा लिएर कसैलाई मार्दैन, (मार्न आँट्योभने) धर्म, बल, बुद्धि, विचार हरेर लिन्छ ॥ ७ ॥ हे स्वामी ! जसका नगीचमा काल आउँछ, त्यसलाईं तपाईंकै जस्तो भ्रम हुन्छ ॥ ८ ॥

दोहा–दुइ सुत मारेउ दहेउ पुर अजहुँ पूर पिय देहु ।
कृपासिंधु रघुनाथ भजि नाथ बिमल जसु लेहु ॥४९॥

हे प्रियतम ! वानरद्वारा दुई छोरा मार्नुभयो, नगर जलाउनुभयो, अझ पनि ढाढस (धैर्य) दिनुहुन्छ । हे नाथ ! करुणासागर रघुनाथजीलाई भजेर निर्मल यश लिनुहोस्" ॥ ४९ ॥

चौ०–नारिबचन सुनि बिसिख समाना ❀ सभा गएउ उठि होत बिहाना ॥१॥
बैठ जाइ सिंघासन फूली ❀ अति अभिमान त्रास सब भूली ॥२॥

स्त्रीका बाणसमान वचन सुनेर बिहान भएपछि रावण उठ्यो र सभामा गयो ॥ १ ॥ अत्यन्त अभिमानले फूलेर (मस्त भएर) सबै डर बिर्सीकन गएर सिंहासनमा बस्यो ॥ २ ॥

इहाँ राम अंगदहि बोलावा ❀ आइ चरन पंकज सिरु नावा ॥३॥
अति आदर समीप बैठारी ❀ बोले बिहसि कृपाल खरारी ॥४॥

यतातिर रामजीले अंगदलाई बोलाउनुभयो, तिनले आएर वहाँका चरणकमलमा शिर राखे ॥ ३ ॥ दयालु रामचन्द्रले अत्यन्त आदरले नगीचमा बसाउनुभयो, अनि हाँसेर आज्ञा गर्नुभयो ॥ ४ ॥

बालितनय कौतुक अति मोही ❀ तात सत्य कहु पूछउँ तोही ॥५॥
रावनु जातुधान कुल टीका ❀ भुजबल अतुल जासु जग लीका ॥६॥
तासु मुकुट तुम्ह चारि चलाए ❀ कहहु तात कवनी बिधि पाए ॥७॥

"हे बालिनन्दन ! मलाई अत्यन्त कौतुक (उत्सुकपना) लाग्यो, तिमीलाई सोद्धछु, बाबु ! साँचो भन ॥ ५ ॥ जसको बल अद्वितीयका श्रेणीमा छ, त्यो रावण राक्षसकुलको तिलक हो ॥ ६ ॥ त्यसका चारमुकुट तिमीले (यसतर्फ) चलायौ (पठायौ), बाबु ! तिमीले कुन प्रकारले पायौ भन ?" ॥ ७ ॥

सुनु सर्बज्ञ प्रनत सुखकारी ❀ मुकुट न होहिं भूपगुन चारी ॥८॥

साम दान अरु दंड बिभेदा ❀ नृप उर बसहिं नाथ कह बेदा ॥९॥
नीति धर्म के चरन सुहाए ❀ अस जिअ जानि नाथ पहिं आए ॥१०॥

(अंगदले विन्ति गरे) "हे सर्वज्ञ ! हे शरणागतसुखदायक ! ती मुकुट होइनन् ती राजाका चार गुण हुन् ॥ ८ ॥ हे नाथ ! साम-दान-दण्ड-भेद, यी चार राजाका हृदयमा बस्तछन् भनी वेद भन्दछन् ॥ ९ ॥ यो कुरा मनमा जानेर नीतिधर्मका चार चरण (साम-दान-दण्ड-भेद) प्रभुका समीप आएका हुन् ॥ १० ॥

दोहा–धर्महीन प्रभुपद बिमुख काल बिबस दससीस ।
आए गुन तजि रावनहि सुनहु कोसलाधीस ॥५०॥
परम चतुरता श्रवन सुनि बिहसे रामु उदार ।
समाचार पुनि सब कहे गढ़ के बालिकुमार ॥५१॥

हे अयोध्याधीश ! सुनिबक्सियोस् । रावण धर्महीन, प्रभुका पाउदेखि विमुख, कालको अधीन भयो । ती पूर्वोक्त चार गुण रावणलाई छाडेर आए" ॥ ५० ॥

अंगदको ठूलो चातुर्य कानले सुन्दा उदारचित्त रामजी हाँस्नुभयो, अनि बालिकुमारले लंकागढको सबै समाचार विन्ति गरे ॥ ५१ ॥

[युद्धको आरम्भ]

चौ०–रिपु के समाचार जब पाए ❀ राम सचिव सब निकट बोलाए ॥१॥
लंका बाँके चारि दुआरा ❀ केहि बिधि लागिअ करहु बिचारा ॥२॥

रामजीले जब शत्रुको समाचार पाउनुभयो, अनि सबै मन्त्रीहरूलाई समीप बोलाउनुभयो ॥ १ ॥ (अनि सोध्नुभयो) "लंकाका चार द्वार मजबूत छन्, कुन विधिले लाग्ने हो ? (भिड्ने हो) विचार गर ॥ २ ॥

तब कपीस रिछेस बिभीषन ❀ सुमिरि हृदय दिनकर कुल भूषन ॥३॥
करि बिचार तिन्ह मंत्र दृढ़ावा ❀ चारि अनी कपिकटकु बनावा ॥४॥

अनि सुग्रीव, जाम्बवान् विभीषण यी तीन जनाले हृदयमा सूर्यकुलालंकार रामजीलाई संझेर विचार (छलफल) गरीकन मन्त्र (राय) लाई दृढ गरे, अनि जम्मा फौजको चार फौज बनाए ॥ ३ ॥ ४ ॥

जथाजोगु सेनापति कीन्हे ❀ जूथप सकल बोलि तब लीन्हे ॥५॥
प्रभुप्रतापु कहि सब समुझाए ❀ सुनि कपि सिंघनाद करि धाए ॥६॥

यथायोग्य (४ भाग फौजलाई हिफाजत गर्न सक्ने) सेनापति खटाए, अनि सबै यूथपतिहरूलाई (डफ्फा डफ्फा सरदारहरूलाई) बोलाए ॥ ५ ॥ सबैलाई प्रभुजीको प्रताप वर्णन गरेर (युद्धमा गर्नुपर्ने कर्तव्य) संझाए । त्यो सुनेपछि वानरहरू सिंहनाद गरेर दौडे ॥ ६ ॥

हरषित रामचरन सिर नावहिं ❀ गहि गिरि सिखर बीर सब धावहिं ॥७॥
गर्जहिं तर्जहिं भालु कपीसा ❀ जय रघुबीर कोसलाधीसा ॥८॥

सबै वीरहरू हर्षित भएर रामजीका पाउमा शिर राख्तथे, अनि पर्वतको शिखर लिएर दौडन्थे ॥ ७ ॥ "जय रघुवीर, जय कोशलाधीश" भनेर भालू र वानर गर्जन्थे, तर्जना (तर्साउने चेष्टा) गर्दथे ॥ ८ ॥

जानत परम दुर्ग अति लंका ❀ प्रभुप्रताप कपि चले असंका ॥९॥
घटाटोप करि चहुँ दिसि घेरी ❀ मुखहिं निसान बजावहिं भेरी ॥१०॥

लङ्का अत्यन्त दुर्गम छ भनी जान्दाजान्दै पनि ती वानरवीरहरू प्रभुको प्रतापले निःशङ्क भैकन दौडे ॥ ९ ॥ घटाटोप गरेर (वर्षारम्भका बादलको चाल गरेर) चारैतिर घेरे । तिनीहरू मुखैले डङ्का र भेरी बाजा बजाउन लागे ॥ १० ॥

दोहा–जयति राम भ्राता सहित जय कपीस सुग्रीव ।
गर्जहिं केहरिनाद कपि भालु महा बल सींव ॥५२॥

ठूलो बलका सीमा भएका वानर र भालुहरू "भाईसहित रामजीको जय होस् वानरपति सुग्रीवको जय होस्" भन्दै सिंह गर्जेझैं गर्जन्थे ॥ ५२ ॥

चौ०–लंका भएउ कोलाहलु भारी ❀ सुना दसानन अति अहँकारी ॥१॥
देखहु बनरन्ह केरि ढिठाई ❀ बिहसि निसाचरसेन बोलाई ॥२॥

लङ्कामा ठूलो कोलाहल मच्चियो । अत्यन्त अहङ्कारी रावणले सुन्यो ॥ १ ॥ अनि "हेर हेर वानरको बन्दरघुर्की" भनेर राक्षसको फौजलाई बोलायो ॥ २ ॥

आए कीस काल के प्रेरे ❀ क्षुधावंत सब निसिचर मेरे ॥३॥
अस कहि अट्टहास सठ कीन्हा ❀ गृह बैठें अहार बिधि दीन्हा ॥४॥

"कालले प्रेरणा गरेका (कालले घेरेका) वानरहरू आए, मेरा राक्षसहरू भोकाएका छन् ॥ ३ ॥ घरैमा बस्ता पनि दैवले आहारा दियो" यसो भनेर शठ रावणले अट्टहास (प्रचंड हँसाइ) गऱ्यो ॥ ४ ॥

सुभट सकल चारिहु दिसि जाहू ❀ धरि धरि भालु कीस सब खाहू ॥५॥
उमा रावनहि अस अभिमाना ❀ जिमि टिट्टिभ खग सूत उताना ॥६॥

(फेरि त्यसले) "हे वीरहो !' चारै दिशातिर जाऊ, पकडी पकडीकन भालू वानर जम्मै खाऊ" भन्यो ॥ ५ ॥ (शङ्करजी भन्नुहुन्छ) हे पार्वती ! जस्तै हुटिट्याउँ नाउँ भएको चरो उत्तानु परेर (खुट्टा ठाडा पारेर) सुत्तछ (सगर थाम्छु भन्ने अभिमान गर्दछ) रावणको अभिमान त्यस्तै हो ॥ ६ ॥

चले निसाचर आएसु माँगी ❀ गहि कर भिंडिपाल बर साँगी ॥७॥
तोमर मुद्गर परिघ प्रचंडा ❀ सूल कृपान परसु गिरिखंडा ॥८॥

राक्षसहरू आज्ञा मागेर हातमा भिन्दिपाल, भाला, तोमर, मुद्गर, परिघ, प्रचण्ड त्रिशूल, खड्ग, फर्सा, पर्वतका टुक्रा लिईकन हिंडे ॥ ७ ॥ ८ ॥

जिमि अरुनोपल निकर निहारी ❀ धावहिं सठ खग माँस अहारी ॥९॥
चोंच भंग दुख तिन्हहि न सूझा ❀ तिमि धाए मनुजाद अबूझा ॥१०॥

जस्तै रातारात ढुङ्गाका थुप्रालाई देखेर मांसाहारी बदमाश पक्षीहरू दौडन्छन् ॥ ९ ॥ चुच्चो भाँचिदाको दुःख तिनलाई सुझ्दैन त्यस्तै भएर अबुझ राक्षसहरू दौडे ॥ १० ॥

दोहा–नानायुध सर चाप धर जातुधान बलबीर ।
कोटकगूरन्हि चढ़ि गए कोटि कोटि रनधीर ॥५३॥

युद्धमा धीर भएका, बलले वीर भएका करोडौं राक्षस धनु-बाण र नाना प्रकारका शस्त्रअस्त्र धारण गरेर किल्लाका कँगूरा कँगूरामा चढे ॥ ५३ ॥

चौ०–कोटकगूरन्हि सोहहिं कैसे ❀ मेरु के सृंगनि जनु घन बैसे ॥१॥
बाजहिं ढोल निसान जुझाऊ ❀ सुनि धुनि होहि भटन्ह मन चाऊ ॥२॥

किल्लाका कँगूरामा चढेका राक्षसहरू सुमेरुपर्वतका टाकुरामा चढेका मेघ जसरी शोभायमान हुन्छन् त्यसै गरी शोभायमान भए ॥ १ ॥ ढोल र युद्धका डंका बज्न लागे, त्यो ध्वनि सुन्दा वीरहरूका मनमा उत्साह बढ्‌दथ्यो ॥ २ ॥

बाजहिं भेरि नफीरि अपारा ❀ सुनि कादर उर जाहिं दरारा ॥३॥
देखेन्हि जाइ कपिन्ह के ठट्टा ❀ अति बिसाल तनु भालु सुभट्टा ॥४॥

नफीरी बाजा र भेरी बाजा खूब बज्यो, त्यो सुन्दा कातरका मनमा दरारा (चिरा) पर्दथे ॥ ३ ॥ वानरहरूको ठट्टा हेर्नै नसकिने थियो । भालूहरू ठूला ठूला शरीर भएका महायोद्धा थिए ॥ ४ ॥

धावहिं गनहिं न अवघट घाटा ❀ पर्बत फोरि करहिं गहि बाटा ॥५॥
कटकटाहिं कोटिन्ह भट गर्जहिं ❀ दसन ओठ काटहिं अति तर्जहिं ॥६॥

तिनीहरू दौडन्थे, खाल्डा-खुल्डी, बाटो-अबाटो केही गन्दैनथे, (बाटो पाएननभने) पर्वत फोरेर बाटो बनाउँथे ॥ ५ ॥ करोड़ौं वीर दाँत कट्‌कटाउँथे, गर्जन्थे, दाँतले ओठ टोक्थे, तर्साउने चेष्टा खूब गर्दथे ॥ ६ ॥

उत रावन इत राम दोहाई ❀ जयति जयति जय परी लराई ॥७॥
निसिचर सिखरसमूह ढहावहिं ❀ कूदि धरहिं कपि फेरि चलावहिं ॥८॥

उतातिर रावणको, यतातिर रामजीको पुकार गरेर जयति जयति जय जय भन्दै लडाइँ परयो ॥ ७ ॥ राक्षसहरू पर्वत शिखरले हान्दथे, वानरहरू कूदेर (त्यही) शिखर समात्तथे र फेरि (राक्षसतर्फ) हान्दथे ॥ ८ ॥

छन्द–धरि कुधरखंड प्रचंड मर्कट भालु गढ़ पर डारहिं ।
झपटहिं चरन गहि पटकि महि भजि चलत बहुरि पचारहीं ॥

अति तरल तरुन प्रताप तर्पहिं तमकि गढ़ चढ़ि चढ़ि गए ।
कपि भालु चढ़ि मंदिरन्ह जहँ तहँ रामजसु गावत भए ॥१॥

प्रचण्ड वानर र भालूहरू पर्वतका टुक्रा लिई लिईकन किल्लाका उपर फ्याँक्तथे, राक्षसहरूका खुट्टा समातेर भईंमा पछार्दथे। भागेर हिंड्न लाग्दा ललकार्थे (हाँक दिन्थे)। जवान जवान चञ्चल प्रतापी वानरहरू तर्साउँदै उफ्रेर धमाधम किल्लामा चढे। वानर भालूहरू घरघरमा यत्रतत्र चढेर रामजीको यश गाउन लागे ॥ १ ॥

दोहा—एकु एक निसिचर गहि पुनि कपि चले पराइ ।
ऊपर आपु हेठ भट गिरहिं धरनि पर आइ ॥५४॥

वानरहरू एउटा एउटा राक्षसलाई समात्तै भाग्दै गर्न लागे। राक्षसलाई समातेर आफू माथि राक्षस तल पर्ने गरी किल्लाबाट भईमा खँगारिएर आउँथे ॥ ५४ ॥

चौ०—रामप्रताप प्रबल कपिजूथा ❀ मर्दहिं निसिचर सुभट बरूथा ॥१॥
चढ़े दुर्ग पुनि जहँ तहँ बानर ❀ जय रघुबीर प्रताप दिवाकर ॥२॥

रामजीका प्रतापले अत्यन्त बलवान् भएका वानरका बथान राक्षससमूहका फौजलाई मर्दन गर्न लागे ॥ १ ॥ वानर फेरि किल्लामा जहाँतहाँ चढ्दथे, रामजीका प्रतापरूपी सूर्यको जय होस् भन्दथे ॥ २ ॥

चले निसाचरनिकर पराई ❀ प्रबल पवन जिमि घनसमुदाई ॥३॥
हाहाकार भएउ पुर भारी ❀ रोवहिं बालक आतुर नारी ॥४॥

जोरदार हावा चलेमा मेघ भागेजस्तै राक्षसका समूह भागेर गए ॥ ३ ॥ नगरमा ठूलो हाहाकार भयो, दुःखित भएका स्त्रीवर्ग रुन लागे ॥ ४ ॥

सब मिलि देहिं रावनहि गारी ❀ राजु करत एहि मृत्यु हकारी ॥५॥
निज दल बिचल सुनी तेहि काना ❀ फेरि सुभट लंकेस रिसाना ॥६॥

सबैजना एकत्र भएर "यसले राज्य गर्दाखेरि मृत्युलाई बोलायो" भनेर रावणलाई गाली दिन लागे ॥ ५ ॥ रावणले जब आफ्नो फौज विचलित भएको सुन्यो तब त्यो क्रुद्ध भयो ॥ ६ ॥

जो रनबिमुख फिरा मैं जाना ❀ सो मैं हतब कराल कृपाना ॥७॥
सर्बसु खाइ भोग करि नाना ❀ समरभूमि भये दुर्लभ प्राना ॥८॥

(त्यसले भन्यो) "म जसलाई युद्धबाट विमुख भएको (भागेको) जानुँला, म त्यसलाई भयानक खड्गले मार्नेछु ॥ ७ ॥ मेरो सर्वस्व खाएर नाना प्रकारका भोग (ऐश) गरे, ऐले युद्धभूमिमा प्राण दुर्लभ भए !" ॥ ८ ॥

उग्र बचन सुनि सकल डेराने ❀ चले क्रोध करि सुभट लजाने ॥९॥
सन्मुख मरन बीर कै सोभा ❀ तब तिन्ह तजा प्रान कर लोभा ॥१०॥

रावणका उग्र वचन सुनेर सबै डराए, वीरहरू लज्जित भएर क्रोध गरीकन फेरि फर्के ॥ ९ ॥ वीरहरूलाई सन्मुखमा मर्नैमा शोभा छ (यो विचार गरेर) तिनीहरूले लोभ छाडेर युद्धमा प्राण छाडे ॥ १० ॥

दोहा–बहु आयुध धर सुभट सब भिरहिं पचारि पचारि ।
ब्याकुल किये भालु कपि परिघ त्रिसूलन्हि मारि ॥५५॥

अनेक हतियार धारण गरेर राक्षसवीरहरू ललकारी ललकारीकन भिड्दथे, परिघ त्रिशूलका प्रहारले वानर र भालूलाई व्याकुल पारे ॥ ५५ ॥

चौ०–भय आतुर कपि भागन लागे ❀ जद्यपि उमा जीतिहहिं आगे ॥१॥
कोउ कह कहँ अंगद हनुमंता ❀ कहँ नल नील दुबिद बलवंता ॥२॥

हे पार्वती ! भयले आकुल भएका वानरहरू, यद्यपि पछि जित्नेछन्, तथापि ऐले भागे ॥ १ ॥ तिनीहरूमध्ये कोही "अङ्गद र हनूमान् कहाँ छन् ?" भन्न लागे, कोही "बलवान् नल नील द्विविद कहाँ छन्" भन्न लागे ॥ २ ॥

निज दल बिकल सुना हनुमाना ❀ पछिम द्वार रहा बलवाना ॥३॥
मेघनादु तहँ करै लराई ❀ टूट न द्वार परम कठिनाई ॥४॥

बलवान् हनूमान् पश्चिम ढोकामा थिए, तिनले आफ्नो दल विकल भएको सुने ॥ ३ ॥ त्यहाँ मेघनाद युद्ध गरिरहेको थियो, त्यो द्वार टुट्तैनथ्यो (सर हुँदैनथ्यो) बडो मुश्किल परेको थियो ॥ ४ ॥

पवनतनय मन भा अति क्रोधा ❀ गर्जेउ प्रबल काल सम जोधा ॥५॥
कूदि लंक गढ़ ऊपर आवा ❀ गहि गिरि मेघनाद कहुँ धावा ॥६॥

हनूमान्जीका मनमा अत्यन्त क्रोध उठ्यो, कालतुल्य जबर्दस्त भएका ती योद्धा (हनूमान्) गर्जे, अनि कूदेर लङ्काका किल्लाका उपर चढेर पहाड लिएर मेघनादतिर दौडे ॥ ५ ॥ ६ ॥

भंजेउ रथ सारथी निपाता ❀ ताहि हृदय महुँ मारेसि लाता ॥७॥
दूसरें सूत बिकल तेहि जाना ❀ स्यंदन घालि तुरत गृह आना ॥८॥

तिनले मेघनादको रथ तोडे, सारथिलाई गिराए, मेघनादलाई छातीमा लात्तले बजाए ॥ ७ ॥ अर्को सारथिले मेघनादलाई मूर्च्छा परेको जानेर अर्को रथमा राखीकन तुरुन्त घर ल्यायो ॥ ८ ॥

दोहा–अंगद सुना पवनसुत गढ़ पर गएउ अकेल ।
रनबाँकुरा बालिसुत तरकि चढ़ेउ कपि खेल ॥५६॥

युद्धमा जबर्दस्त वीर भएका अङ्गदले हनूमान् एकलै किल्लामा गएका छन् भन्ने खबर सुने, अनि ती (अङ्गद) अनायासैले उफ्रीकन किल्लामा चढे ॥ ५६ ॥

चौ०–जुद्ध बिरुद्ध क्रुद्ध द्वौ बानर ❀ रामप्रतापु सुमिरि उर अंतर ॥१॥
रावनभवन चढ़े द्वौ धाई ❀ करहिं कोसलाधीसदोहाई ॥२॥

युद्धमा रावणको विरुद्ध भएर क्रुद्ध भएका दुवै वानर हृदयमा रामका प्रतापको स्मरण गरेर रावणका महलमा चढ़े, अनि दुवै भाईले अयोध्याधिपति रामको दोहाई गर्न लागे ॥ १ ॥ २ ॥

कलस सहित गहि भवनु ढहावा ❀ देखि निसाचरपति भय पावा ॥३॥
नारिबृंद कर पीटहिं छाती ❀ अब दुइ कपि आए उतपाती ॥४॥

ती दुवैले कलससहित समातेर महललाई हल्लाइदिए यो देखेर रावण डरायो ॥ ३ ॥ स्त्रीवर्गहरू छाती पिट्तथे, "अब उत्पाती दुई वानर आए" भन्दथे ॥ ४ ॥

कपि लीला कर तिन्हहि डेरावहिं ❀ रामचंद्र कर सुजसु सुनावहिं ॥५॥
पुनि कर गहि कंचन के खंभा ❀ कहेन्हि करिअ उतपात अरंभा ॥६॥

दुवै वानर वानरी चेष्टा गरेर तिनीहरूलाई तर्साउँथे, रामजीको सुयश सुनाउँथे ॥ ५ ॥ फेरि हातले सुवर्णको थाम समातेर तिनीहरूले अब उत्पात गर्न थालौं ? भने ॥ ६ ॥

कूदि परे रिपुकटक मझारी ❀ लागे मर्दइ भुजबल भारी ॥७॥
काहुहि लात चपेटन्हि केहू ❀ भजहु न रामहि सो फल लेहू ॥८॥

तिनीहरू शत्रुका फौजको माझमा कूदे, आफ्ना ठूलो भुजबलले राक्षसलाई मर्दन गर्न लागे ॥ ७ ॥ "रामलाई भज्दैनौ, त्यसको फल लेऊ" भन्दै कसैलाई लातले कसैलाई थप्पड़ले पिट्न लागे ॥ ८ ॥

दोहा–एक एक सों मर्दहिं तोरि चलावहिं मुंड ।
रावन आगें परहिं ते जनु फूटहिं दधिकुंड ॥५७॥

एउटासँग अर्कालाई जुधाएर (ठक्कर खुवाएर) शिर तोड्दथे र ती शिर (टाउका) फ्याँक्तथे । ती शिर रावणका अगाडि खस्तथे र दहिका हाँडीझैं फुट्तथे ॥ ५७ ॥

चौ०–महा महा मुखिआ जे पावहिं ❀ ते पद गहि प्रभु पास चलावहिं ॥१॥
कहइ बिभीषनु तिन्ह के नामा ❀ देहिं रामु तिन्हहू निज धामा ॥२॥

ठूला ठूला सरदार राक्षसमध्ये जसलाई भेट्टाउँथे, तिनीहरूका खुट्टा समातेर रामजीका तर्फ फ्याँक्तथे ॥ १ ॥ विभीषण तिनका नाम बताउँथे, रामजी तिनलाई पनि आफ्नो धाम (वैकुण्ठ) बक्सनुहुन्थ्यो ॥ २ ॥

खल मनुजाद द्विजामिष भोगी ❀ पावहिं गति जो जाचत जोगी ॥३॥
उमा रामु मृदुचित करुनाकर ❀ बयरभाव सुमिरत मोहि निसिचर ॥४॥
देहिं परमगति सो जिअ जानी ❀ अस कृपाल को कहहु भवानी ॥५॥

योगीहरू जुन गति माग्दछन्, ब्राह्मणमांसाहारी दुष्ट राक्षसहरूले त्यही गति पाए ॥ ३ ॥ हे पार्वती ! कोमलचित्तवाला करुणानिधान रामजी "राक्षसहरू वैरभावले मेरो

स्मरण गर्दछन्" यस्तो ख्याल मनमा राखेर त्यो परमगति बक्सनुहुन्थ्यो । हे पार्वती ! बताऊ यस्ता दयालु को छन् ? ॥ ४ ॥ ५ ॥

अस प्रभु सुनि न भजहिं भ्रम त्यागी ❀ नर मतिमंद ते परम अभागी ॥६॥
अंगद अरु हनुमंत प्रबेसा ❀ कीन्ह दुर्ग अस कह अवधेसा ॥७॥
लंका द्वौ कपि सोहहिं कैसे ❀ मथहिं सिंधु दुइ मंदर जैसे ॥८॥

प्रभुजी यस्ता हुनुहुन्छ भनेर सुनेपछि पनि भ्रान्ति छाडेर जो भज्दैनन्, ती मानिस मन्दबुद्धि र परम अभागी हुन् ॥ ६ ॥ अयोध्याधिपति रामजीले "अङ्गद र हनुमान्ले लंकामा प्रवेश गरेछन (उनैले हुत्त्याएका यी राक्षस हुन्)" यो वचन बोल्नुभयो ॥ ७ ॥ लङ्कामा ती दुई वानर कसरी शोभायमान भएभने, दोटा मन्दराचल पर्वत समुद्रलाई मथ्न लाग्दा जसरी शोभायमान हुन्छन् (त्यसै गरी) ॥ ८ ॥

दोहा–भुजबल रिपुदल दलमलि देखि दिवस कर अंत ।
कूदे जुगल बिगतश्रम आए जहँ भगवंत ॥५८॥

आफ्ना भुजबलले शत्रुका दललाई दलीमलीकन दिन समाप्त भएको (साँझ परेको) देखेर ती दुई वानर जहाँ भगवान् राज भएको थियो, विनापरिश्रम त्यहीं कूदे ॥ ५८ ॥

चौ०–प्रभुपद कमल सीस तिन्ह नाए ❀ देखि सुभट रघुपतिमन भाए ॥१॥
राम कृपा करि जुगल निहारे ❀ भए बिगतश्रम परम सुखारे ॥२॥

तिनीहरूले प्रभुजीका चरणकमलमा शिर झुकाए, महायोद्धाहरूलाई देखेर प्रभुजी मनमा प्रसन्न हुनुभयो ॥ १ ॥ उहाँले कृपा गरेर दुवै नजरले नजर भयो, त्यसले गर्दा तिनीहरू थकाइले रहित भएका सुखी भए ॥ २ ॥

गए जानि अंगद हनुमाना ❀ फिरे भालु मर्कट भट नाना ॥३॥
जातुधान प्रदोषबल पाई ❀ धाए करि दससीसदोहाई ॥४॥
निसिचर अनी देखि कपि फिरे ❀ जहँ तहँ कटकटाइ भट भिरे ॥५॥

अङ्गद र हनूमान् फर्केको थाहा पाएर भालूयोद्धा र वानरयोद्धा फर्के ॥ ३ ॥ राक्षसहरू सन्ध्याकालको बल पाएर रावणको दुहाई बोल्दै दौडे ॥ ४ ॥ राक्षसको सेना देखेर वानरहरू फेरि फर्के, सबै वीर जहाँतहाँ दाँत कटकटाएर भिडे ॥ ५ ॥

द्वौ बल प्रबल पचारि पचारी ❀ लरत सुभट नहि मानहिं हारी ॥६॥
महाबीर निसिचर सब कारे ❀ नाना बरन बलीमुख भारे ॥७॥
सबल जुगल दल समबल जोधा ❀ बिबिध प्रकार भिरत करि क्रोधा ॥८॥

खूब ललकारी ललकारीकन दुवै दलका बलवान् योद्धाहरू लड्न लागे, मनमा हार मान्दैनथे ॥ ६ ॥ वीर राक्षसहरू अत्यन्त काला थिए, जङ्गी जङ्गी वानरहरू नाना वर्णका थिए, दुवै दलका समानबल भएका योद्धाहरू क्रोध गरेर अनेक प्रकारसँग भिडे ॥ ७ ॥ ८ ॥

प्राबिट सरद पयोद घनेरे ❀ लरत मनहु मारुत के प्रेरे ॥९॥
अनिप अकंपन अरु अतिकाया ❀ बिचलत सेन कीन्ह इन्ह माया ॥१०॥
भएउ निमिष महँ अति अँधिआरा ❀ बृष्टि होइ रुधिरोपल छारा ॥११॥

मानौं हावाले प्रेरणा गरेका वर्षाकालका र शरत्कालका धेरै मेघ लड्न लागेका हुन् कि ? (यस्तो भान पर्दथ्यो) ॥ ९ ॥ अकम्पन, अतिकाय नाम भएका सेनापतिले आफ्नो दल विचलित भएको देखेर यी (पछि देखाइने) माया गरे ॥ १० ॥ (कस्तो भने) एकछिनमा खूब अँध्यारो भयो, रगत पत्थर खरानीको वृष्टि हुन लाग्यो ॥ ११ ॥

दोहा–देखि निबिड़ तम दसहु दिसि कपिदल भएउ खभार ।
एकहि एकु न देखइ जहँ तहँ करहिं पुकार ॥५९॥

दशै दिशामा गाढ अन्धकार देख्ता बानरका दलमा हल्लखल्ल पर्‍यो, एउटाले एउटालाई देख्तैनथ्यो, जहाँतहाँ पुकार मच्चियो ॥ ५९ ॥

चौ०–सकल मरमु रघुनायक जाना ❀ लिए बोलि अंगद हनुमाना ॥१॥
समाचार सब कहि समुझाए ❀ सुनत कोपि कपिकुंजर धाए ॥२॥

रघुनाथजीले सबै मर्म बुझ्नुभयो, अङ्गद र हनूमान्‌लाई बोलाउनुभयो ॥ १ ॥ उहाँले सबै वृत्तान्त भनेर बुझाउनुभयो, सुन्नाका साथ कपिकुञ्जर (हात्तीसमान वानर = अङ्गद हनूमान्) क्रुद्ध भएर दौडे ॥ २ ॥

पुनि कृपाल हसि चाप चढ़ावा ❀ पावकसायक सपदि चलावा ॥३॥
भएउ प्रकास कतहुँ तम नाहीं ❀ ज्ञान उदय जिमि संसय जाहीं ॥४॥

अनि दयालु रघुनाथजीले हाँसेर धनु चढाउनुभयो र झट्ट आग्नेयास्त्र चलाउनुभयो, ॥ ३ ॥ ज्ञानको उदय भएपछि जसरी सन्देह रहँदैन, त्यसै गरी (आग्नेयास्त्रको प्रयोग भए पछि) उज्यालो भयो, अन्धकार कतै रहेन ॥ ४ ॥

भालु बलीमुख पाइ प्रकासा ❀ धाए हरषि बिगत श्रम त्रासा ॥५॥
हनूमान अंगद रन गाजे ❀ हाक सुनत रजनीचर भाजे ॥६॥

उज्यालो पाउँदा थकाइले र त्रासले रहित भएका वानर र भालूहरू क्रुद्ध भएर दौडे ॥ ५ ॥ हनूमानू र अङ्गद युद्धमा गर्जन लागे, तिनको हाँक सुन्दैमा राक्षसहरू भागे ॥ ६ ॥

भागत भट पटकहिं धरि धरनी ❀ करहिं भालु कपि अद्‌भुत करनी ॥७॥
गहि पद डारहिं सागर माहीं ❀ मकर उरग झष धरि धरि खाहीं ॥८॥

भाग्दा भाग्दैका राक्षसलाई समातेर जमीनमा पछारे, भालू र वानरले अद्भुत कर्म गर्न लागे ॥ ७ ॥ तिनीहरू राक्षसलाई खुट्टामा समातेर समुद्रमा हुत्त्याइदिन्थे, ग्राह सर्प माछाहरू टप्प टप्प समाती समाती खान्थे ॥ ८ ॥

दोहा–कछु घायल कछु रन परे कछु गढ़ चले पराइ ।
गर्जहिं मर्कट भालु भट रिपु दल बल बिचलाइ ॥६०॥

केही घाइते भए, केही लडाइँमा परे (मरे), केही भागेर किल्लातर्फ गए । शत्रुको दललाई विचलित पारेर भालू र वानर गर्जन लागे ॥ ६० ॥

चौ०–निसा जानि कपि चारिउ अनी ❀ आए जहाँ कोसलाधनी ॥१॥
राम कृपा करि चितवा सबही ❀ भए बिगतश्रम बानर तबही ॥२॥

रात भएको संझेर वानरका चार भाग लाएका जम्मै फौज जहाँ अयोध्यापति रामजी राज भएको थियो उहीं आए ॥ १ ॥ रामजीले जब कृपा गरेर नजर भयो, तब उत्निखेरै ती वानरहरू श्रमरहित भैगए ॥ २ ॥

उहाँ दसानन सचिव हकारे ❀ सब सन कहेसि सुभट जे मारे ॥३॥
आधा कटकु कपिन्ह संघारा ❀ कहहु बेगि का करिअ बिचारा ॥४॥

उतातिर रावणले मन्त्रीहरूलाई बोलायो, त्यसले तिनीहरूलाई जो जो वीरहरू मारिएका थिए त्यो वृत्तान्त बतायो ॥ ३ ॥ "वानरहरूले आधा फौजको संहार गरिसके, विचार गरेर भन, अब झटपट के गर्ने हो ?" (भनी सोध्यो) ॥ ४ ॥

[माल्यवान्‌ले गरेको उपदेश]

माल्यवंत अति जरठ निसाचर ❀ रावन मातु पिता मंत्रीवर ॥५॥
बोला बचन नीति अति पावन ❀ सुनहु तात कछु मोर सिखावन ॥६॥

माल्यवान् नाम भएको एउटा बूढो राक्षस थियो, त्यो रावणकी आमाको बाबु (रावणको मातामह) हो, त्यो (रावणैको) प्रधान मन्त्री पनि थियो ॥ ५ ॥ त्यसले नीतिको अत्यन्त पवित्र वचन बोल्यो—"बाबु ! मेरो केही शिक्षा सुन ॥ ६ ॥

जब तें तुम्ह सीता हरि आनी ❀ असगुन होहिं न जाहिं बखानी ॥७॥
बेद पुरान जासु जसु गायो ❀ रामबिमुख काहुँ न सुखु पायो ॥८॥

जैल्हे तिमीले सीतालाई हरेर ल्यायौ, उहिलेदेखि अपशकुन हुन लागेका छन् , बयानै गर्न सकिदैन ॥ ७ ॥ जसको यश वेद र पुराणले गाएको छ, त्यस्ता रामजीदेखि विमुख हुने कसैले पनि सुख पाएका छैनन् ॥ ८ ॥

दोहा–हिरन्याक्ष भ्राता सहित मधु कैटभ बलवान ।
जेहि मारे सोइ अवतरेउ कृपासिंधु भगवान ॥६१॥
कालरूप खल बन दहन गुनागार घनबोध ।
सिव बिरंचि जेहि सेवहिं ता सों कवन बिरोध ॥६२॥

बलवान् भएको भाईसहित हिरण्याक्षलाई र मधु कैटभलाई जसले मारेको हो, उनै करुणासागर भगवान्‌ले अवतार लिएको छ ॥ ६१ ॥ जो कालस्वरूप छन्, जो खलवनदहन (दुष्टरूपी वनका अग्निरूप) छन्, जो गुणका घर, पूर्णबोध छन्, जसको सेवा शंकरजी र ब्रह्मा गर्दछन्, तिनसंग केको विरोध ? ॥ ६२ ॥

चौ०-परिहरि बयरु देहु बैदेही ❀ भजहु कृपानिधि परम सनेही ॥१॥
ता के बचन बानसम लागे ❀ करिआ मुख करि जाहि अभागे ॥२॥

वैरभाव छाडेर सीता देउ, करुणानिधान परम प्रेमवान् रामजीलाई भज" ॥ १ ॥ त्यो माल्यवान्का यी वचन रावणलाई बाणसमान बिझे, (त्यसले भन्यो) "अभागी ! कालो मुख लाएर जाइजा ॥ २ ॥

बूढ़ भएसि न त मरतेउँ तोही ❀ अब जनि बदन देखावसि मोही ॥३॥
तेहि अपने मन अस अनुमाना ❀ बध्यो चहत एहि कृपानिधाना ॥४॥

बूढो भइस्, नत्र तँलाई मारिहाल्ने थिएँ, अब मलाई मुख नदेखाएस्" ॥ ३ ॥ (रावणको यस्तो वचन सुनेर) त्यसले आफ्ना मनमा—"अब यसलाई कृपानिधान रामजीले मार्न आँट्नुभएछ" यस्तो अनुमान गर्‍यो ॥ ४ ॥

सो उठि गएउ कहत दुर्बादा ❀ तब सकोप बोलेउ घननादा ॥५॥
कौतुक प्रात देखिअहु मोरा ❀ करिहौं बहुत कहौं का थोरा ॥६॥

त्यो दुर्वचन बोल्दै (भुतभुताउँदै) उठेर गयो, अनि क्रुद्ध भएर मेघनाद बोल्यो ॥ ५ ॥ "मेरो करामात भोलि बिहान देख्नुहोला, म बहुत कुछ गर्नेछु, अहिले अलिकति के बोलूं ?" ॥ ६ ॥

सुनि सुतबचन भरोसा आवा ❀ प्रीति समेत अंक बैठावा ॥७॥
करत बिचार भएउ भिनुसारा ❀ लागे कपि पुनि चहूँ दुआरा ॥८॥

छोराको वचन सुन्दा रावणलाई भरोसा आयो, प्रेमसहित भएर त्यसलाई काखमा बसायो ॥ ७ ॥ सोच-विचार गर्दागर्दै उज्यालो भयो, वानरहरू चारै द्वारमा डटे ॥ ८ ॥

[मेघनादको युद्ध]

कोपि कपिन्ह दुर्घट गढ़ु घेरा ❀ नगर कोलाहलु भएउ घनेरा ॥९॥
बिबिधायुध धरि निसिचर धाए ❀ गढ़ तें पर्बतसिखर ढहाए ॥१०॥

क्रुद्ध भएका वानरले दुर्घट (अप्ठ्यारो) किल्ला घेरे, शहरमा भारी कोलाहल भयो ॥ ९ ॥ अनेक प्रकारका शस्त्र लिएर राक्षसहरू दौड़े, तिनीहरूले किल्लाबाट पहाडका शिखर ढल्काए (लडाए) ॥ १० ॥

छन्द–ढाहे महीधरसिखर कोटिन्ह बिबिध बिधि गोला चले ।
घहरात जिमि पबिपात गर्जत जनु प्रलय के बादले ॥
मर्कट बिकट भट जुटत कटत न लटत तन जर्जर भए ।
गहि सैल तेइ गढ़ पर चलावहिं जहँ सो तहँ निसिचर हए ॥२॥

पहाडका शिखर ढल्काए, अनेक प्रकारसँग करोडौं गोला चले, जसरी प्रलयकालका बादल गर्जंदा वज्र गिर्दा जमीन थर्कन्छ (त्यस्तै हाल भयो)। विकट (विकराल) भएका

वानरहरू भिडिन्थे, शरीर जर्जर भए पनि ती लड्दै रहन्थे, त्यो शरीर काटिदैनथ्यो, त्यही पहाड लिएर किल्लातर्फ जहाँ चलाउँथे, तहाँ राक्षस मर्दथे ॥ २ ॥

दो०–मेघनाद सुनि श्रवन अस गढ़ु पुनि छेका आइ ।
उतर्‍यो बीरु दुर्ग तें सन्मुख चल्यो बजाइ ॥६३॥

मेघनादले "आएर वानरहरूले किल्ला घेरे" यस्तो समाचार जब कानले सुन्यो, अनि त्यो किल्लामाथिबाट उत्रेर बाजा बजाउँदै वानरका संमुख हिंड्यो ॥ ६३ ॥

चौ०–कहँ कोसलाधीस द्वौ भ्राता ❀ धन्वी सकल लोक बिख्याता ॥१॥
कहँ नल नील दुबिद सुग्रीवा ❀ अंगद हनूमंत बलसीवा ॥२॥

(मेघनाद भन्न लाग्यो) "धनुर्धारी भनेर जगत्मा प्रख्यात भएका अयोध्यापति दुई भाई कता छन् ? ॥ १ ॥ बलका सीमा भएका नल नील द्विविद सुग्रीव अङ्गद हनूमान कता छन् ? ॥ २ ॥

कहाँ बिभीषनु भ्राताद्रोही ❀ आजु सठहि हठि मारौं ओही ॥३॥
अस कहि कठिन बान संधाने ❀ अतिसय क्रोध श्रवन लगि ताने ॥४॥

भ्रातृद्रोही विभीषण कता छ ?, आज म त्यो शठलाई हठले (जबर्दस्तीले) मार्दछु" ॥ ३ ॥ यसो भनेर त्यसले भयंकर बाण धनुमा लगायो, खूब झोक्किएर कानसम्म तान्यो ॥ ४ ॥

सरसमूह सो छाड़ै लागा ❀ जनु सपक्ष धावहिं बहु नागा ॥५॥
जहँ तहँ परत देखिअहि बानर ❀ सन्मुख होइ न सके तेहि अवसर ॥६॥

मानौं पखेटा भएका धेरै नाग दौडन लागेका हुन् कि ? (भन्ने भान पर्ने गरी) त्यो मेघनाद बाणका समूह छाड्न लाग्यो ॥ ५ ॥ जताततै पछारिएका वानर देखिन लागे, त्यस वेलामा त्यसका सन्मुख हुन कसैले सकेन ॥ ६ ॥

जहँ तहँ भागि चले कपि रीछा ❀ बिसरी सबहि जुद्ध कै ईछा ॥७॥
सो कपि भालु न रन महु देखा ❀ कीन्हेसि जेहि न प्रान अवसेषा ॥८॥

वानर भालू जताततै भागे, लडाइँको इच्छा सबैले बिर्से ॥ ७ ॥ जसलाई मेघनादले प्राणमात्र शेष रहेको पारेको थिएन त्यस्तो वानर भालू युद्धभूमिमा देखिदै देखिएन ॥ ८ ॥

दो०–दस दस सर सब मारेसि परे भूमि कपि बीर ।
सिंघनाद करि गर्जा मेघनाद बलधीर ॥६४॥

दश-दश बाण सबैलाई हान्यो, सबै वीर वानर जमीनमा गिरे । अनि बलले धीर भएको मेघनाद सिंहनाद गर्न लाग्यो ॥ ६४ ॥

चौ०–देखि पवनसुत कटकु बिहाला ❀ क्रोधवंत जनु धाएउ काला ॥१॥
महा सैल एक तुरत उपारा ❀ अति रिस मेघनाद पर डारा ॥२॥

फौजको त्यो बेहाल देख्ता हनूमान्‌जी क्रुद्ध भएर कालजस्ता भईकन दौडे ॥ १ ॥ अत्यन्त रिसाएर तिनले एउटा पहाड झोकका साथ उखेलेर मेघनादमाथि गिराए ॥ २ ॥

आवत देखि गएउ नभ सोई ❀ रथ सारथी तुरग सब खोई ॥३॥
बार बार पचार हनुमाना ❀ निकट न आव मरमु सो जाना ॥४॥

पहाड आउन लागेको देख्यो र रथ, सारथि, घोडा सब छाडेर त्यो मेघनाद आकाशमा गयो ॥ ३ ॥ हनूमान् बराबर ललकार्थे, त्यो नगीचै आउँदैनथ्यो, ललकार्नाको मर्म त्यसले जानेको थियो ॥ ४ ॥

रघुपति निकट गएउ घननादा ❀ नाना भाँति कहेसि दुर्बादा ॥५॥
अस्त्र सस्त्र आयुध सब डारे ❀ कौतुकहीं प्रभु काटि निवारे ॥६॥

मेघनाद रघुनाथजीका समीप गयो, नाना प्रकारका दुर्वचन बोल्न लाग्यो ॥ ५ ॥ त्यसले नाना प्रकारका शस्त्र अस्त्ररूप हतियारले प्रहार गर्‍यो, प्रभुजीले खेलवाडको तवरले काटेर गिराउनुभयो ॥ ६ ॥

देखि प्रताप मूढ़ खिसिआना ❀ करैं लाग माया बिधि नाना ॥७॥
जिमि कोउ करै गरुड़ सैं खेला ❀ डरपावै गहि स्वल्प सपेला ॥८॥

रघुनाथजीको प्रभाव देखेर त्यो मूढ़ जंगियो, नाना प्रकारका माया गर्न लाग्यो ॥ ७ ॥ सानो सर्प समातेर कसैले गरुडलाई तर्साउने खेलवाड गरे जस्तो (काम भयो किनभने) ॥ ८ ॥

दोहा–जासु प्रबल माया बिबस सिव बिरंचि बड़ छोट ।
ताहि देखावै निसिचर निज माया मतिखोट ॥६५॥

शंकरजी, ब्रह्माजीलगायत छोटा बडा जसकी बलवती मायाका वशमा छन् , खोटो बुद्धि भएको मेघनाद उनै मायापतिलाई आफ्नो (तुच्छ) माया देखाउन लाग्यो ॥ ६५ ॥

चौ०–नभ चढ़ि बरष बिपुल अंगारा ❀ महि तें प्रगट होहिं जलधारा ॥१॥
नाना भाँति पिसाच पिसाची ❀ मारु काटु धुनि बोलहिं नाची ॥२॥

आकाशमा चढेर प्रशस्त आगाका फिलिङ्गा वर्षाउँथ्यो, भूतलबाट जलको धारा प्रकट हुन्थे ॥ १ ॥ नाना प्रकारका पिशाचिनीहरू नाचीनाचीकन मार, काट, यस्तै ध्वनि निकाल्न लागे ॥ २ ॥

बिष्ठा पूय रुधिर कच हाड़ा ❀ बरषै कबहुँ उपल बहु छाड़ा ॥३॥
बरषि धूरि कीन्हेसि अँधिआरा ❀ सूझ न आपन हाथु पसारा ॥४॥

कहिले विष्ठा, पीप, रगत, रौं, हाड बर्सन्थे कहिले पत्थर खूब गिराउँथ्यो ॥ ३ ॥ धूलो वर्षाएर अँध्यारो पार्‍यो, पसारेको (तेर्स्याएको) आफ्नै हात देखिंदैनथ्यो ॥ ४ ॥

कपि अकुलाने माया देखें ❀ सब कर मरनु बना एहि लेखें ॥५॥
कौतुक देखि रामु मुसुकाने ❀ भए सभीत सकल कपि जाने ॥६॥

माया देखेर वानर व्याकुल भए, "सबैको मरण हुन लाग्यो" यस्तै ठहराउन लागे ॥ ५ ॥ यो तमाशा देखेर सबै वानर भयभीत भए भनी जान्नुभयो र रामजी मन्द मन्द हाँस्नुभयो ॥ ६ ॥

एक बान काटी सब माया ❀ जिमि दिनकर हर तिमिरनिकाया ।।७।।
कृपादृष्टि कपि भालु बिलोके ❀ भए प्रबल रन रहहिं न रोके ।।८।।

जसरी सूर्यनारायण अन्धकारको समूहलाई हर्दछन्, त्यसै गरी रामजीले एउटैबाणले त्यसको सबै माया काट्नुभयो (हर्नुभयो) ॥ ७ ॥ अनि प्रभुजीले कृपाकटाक्षले वानर र भालूलाई हेर्नुभयो, ती बलवान् भए, युद्धमा रोक्ता पनि नरोकिने (तंसिने) भए ॥ ८ ॥

दोहा–आएसु मागि राम पहिं अंगदादि कपि साथ ।
लछिमनु चले क्रुद्ध होइ बान सरासन हाथ ।।६६।।

प्रभुजीसँग आज्ञा मारेर अङ्गद प्रभृति बानरलाई साथ लगाएर लक्ष्मणजी हातमा धनुबाण लिएर अत्यन्त क्रुद्ध भईकन हिंडनुभयो ॥ ६६ ॥

चौ०–क्षतज नयन उर बाहु बिसाला ❀ हिमगिरिनिभ तनु कछु एक लाला ।।१।।
इहाँ दसानन सुभट पठाए ❀ नाना अस्त्र सस्त्र गहि धाए ।।२।।

उहाँका नजर रगतजस्ता लाल थिए, उहाँका बाहु र वक्षस्थल (छाती) विशाल थिए, शरीर हिमालयपर्वतजस्तो गोरो र अलिकति लाल थियो ॥ १ ॥ यतातिर रावणले वीर वीर योद्धाहरू पठायो, तिनीहरू नाना प्रकारका अस्त्र शस्त्र लिएर दौडे ॥ २ ॥

भूधर नख बिटपायुध धारी ❀ धाए कपि जय राम पुकारी ।।३।।
भिरे सकल जोरिहि सन जोरी ❀ इत उत जय इछा नहि थोरी ।।४।।

पर्वत, नङ्ग्रा, वृक्षरूपी हतियार धारण गर्ने वानरहरू पनि "रामकी जय" यस्तो ध्वनि गर्दै दौडे ॥ ३ ॥ सबैजना जोडीसँग जोडिएर भिडे, यता पनि उता पनि विजयको इच्छा थोरै ता थिएन (खूब थियो) ॥ ४ ॥

मुठिकन्ह लातन्ह दातन्ह काटहिं ❀ कपि जयसील मारि पुनि डाटहिं ।।५।।
मारु मारु धरु धरु धरु मारू ❀ सीस तोरि गहि भुजा उपारू ।।६।।
असि रव पूरी रही नव खंडा ❀ धावहिं जहँ तहँ रुंड प्रचंडा ।।७।।
देखहिं कौतुक नभ सुरबृंदा ❀ कबहुँक बिसमय कबहुँ अनंदा ।।८।।

वानरहरू, मुक्कीले लात्तले ठोक्तथे, दाँतले टोक्तथे जितबाजीमा शौकीन भएका वानरहरू, राक्षसलाई पिटेपछि पनि फेरि डाँट्तथे (हप्काउँथे) ॥ ५ ॥ "मार् मार् पक्डी पक्डी मार, टाउको फोरेर, हात समातेर उखेल्" ॥ ६ ॥ यस्तै आवाज आकाशमण्डलमा फैलिएको थियो, जताततै प्रचण्ड रुण्ड (मुर्कट्टा) दौडिरहेका थिए ॥ ७ ॥ आकाशबाट देवताका समूह यो कौतुक (दृश्य) हेरिरहेको थिए, तिनलाई कैले हर्ष, कैले विषाद हुन्थ्यो ॥ ८ ॥

दोहा–रुधिर गाड़ भरि भरि जम्यो ऊपर धूरि उड़ाइ ।
जनु अँगाररासिन्ह पर मृतकधूम रह्यो छाइ ।।६७।।

खाल्डा खाल्डामा भरी भरी रगत जम्यो, त्यसमाथि उडेको धूलो अडियो, चिताका आगाका थुप्रामाथि धूँवा रङमगिए जस्तो भयो ॥ ६७ ॥

चौ०–घायल बीर बिराजहिं कैसे ❀ कुसुमित किंसुक के तरु जैसे ॥१॥
लछिमन मेघनाद द्वौ जोधा ❀ भिरहिं परसपर करि अति क्रोधा ॥२॥

फुलेका पलासका वृक्ष कस्ता हुन्छन्? घायल भएका वीरहरू त्यस्तै शोभायमान भए ॥ १ ॥ लक्ष्मणजी र मेघनाद दुवै जोधाहरू खूब क्रोध गरेर परस्पर भिडे ॥ २ ॥

एकहि एक सकै नहि जीती ❀ निसिचर छल बल करै अनीती ॥३॥
क्रोधवंत तब भएउ अनंता ❀ भंजेउ रथु सारथी तुरंता ॥४॥

एउटा अर्कालाई जित्न सक्तैनथ्यो, राक्षस (मेघनाद) छल बल अन्याय गर्दथ्यो ॥ ३ ॥ अनि शेषावतार लक्ष्मणजी क्रुद्ध हुनुभयो र तुरन्तै उहाँले त्यसको रथ र सारथिलाई ध्वस्त पार्नुभयो ॥ ४ ॥

नाना बिधि प्रहार कर सेषा ❀ राक्षस भएउ प्रान अवसेषा ॥५॥
रावनसुत निज मन अनुमाना ❀ संकट भएउ हरिहि मम प्राना ॥६॥

शेषस्वरूप लक्ष्मणजीले नाना प्रकारको प्रहार गर्नुभयो, त्यो राक्षस प्राणमात्रावशेष भयो (मार्नु मात्रै बाँकी रह्यो) ॥ ५ ॥ रावणको छोराले मनमा "बड़ो संकष्ट पऱ्यो, मेरो प्राण हर्नै लाग्यो" यस्तो अनुमान (तर्क) गऱ्यो ॥ ६ ॥

[लक्ष्मणमूर्च्छा]

बीरघातिनी छाड़िसि साँगी ❀ तेजपुंज लछिमन उर लागी ॥७॥
मुरुछा भई सक्ति कें लागें ❀ तब चलि गएउ निकट भय त्यागें ॥८॥

अनि त्यसले वीरघातिनी (वीरलाई नमारी नछोड्ने) शक्ति (बर्छी) छाड्यो तेजःपुञ्ज (जाज्वल्यमान तेजःस्वरूप भएकी) त्यो शक्ति लक्ष्मणजीका छातीमा लागी ॥ ७ ॥ शक्ति लाग्नाले लक्ष्मणलाई मूर्छा भयो, अनि मेघनाद भय छाडेर (निर्भय भएर) लक्ष्मणजीका नगीच गयो ॥ ८ ॥

दोहा–मेघनाद सम कोटि सत जोधा रहे उठाइ ।
जगदाधार सेष किमि उठइ चले खिसिआइ ॥६८॥

मेघनाद र मेघनादजस्ता करोडौं वीर लक्ष्मणजीलाई उठाउन (उचाल्न) लागे। जगत्का आधार (ब्रह्माण्डधारी अत्यन्त गह्रौं) शेष (लक्ष्मणजी) किन उठ्नुहुन्थ्यो? तिनीहरू (उठाउन तंसिएका राक्षसहरू) लज्जित भएर (खिस्रिक्क परेर) हिंडे ॥ ६८ ॥

चौ०–सुनु गिरिजा क्रोधानल जासू ❀ जारै भुवन चारि दस आसू ॥१॥
सक संग्राम जीति को ताही ❀ सेवहिं सुर नर अग जग जाही ॥२॥

हे पार्वती! सुन, जसको क्रोधाग्नि चौधै भुवनलाई झट्टै जलाउँछ ॥ १ ॥ देवता, मनुष्य, चर-अचर जसको सेवा गर्दछन्, तिनलाई संग्राममा जित्न को सक्तछ? ॥ २ ॥

यह कौतूहल जानै सोई ❀ जा पर कृपा राम कै होई ॥३॥
संध्या भइ फिरि द्वौ बाहनी ❀ लगे सँभारन निज निज अनी ॥४॥

जसका उपर रामजीको कृपा हुन्छ, त्यही सकस यो कौतूहल (लक्ष्मणलाई उठाउन नसकेको तमाशा) जान्दछ बुझ्दछ ॥ ३ ॥ साँझ पऱ्यो दुवैतर्फका फौज फिरे आफ्ना आफ्ना दलको उचित संभार गर्न लागे ॥ ४ ॥

ब्यापक ब्रह्म अजित भुवनेस्वर ❀ लछिमनु कहाँ बूझ करुनाकर ॥५॥
तब लगि लै आएउ हनुमाना ❀ अनुज देखि प्रभु अति दुखु माना ॥६॥

व्यापक, अजित, ब्रह्मस्वरूप, करुणानिधान रामजी "लक्ष्मण कहाँ ?" भनी सोध्न लाग्नुभएको थियो ॥ ५ ॥ त्यतिखेरै हनुमानजीले लक्ष्मणजीलाई बोकेर ल्याए। भाईलाई देखेर प्रभुजीले अत्यन्त दुःख मान्नुभयो ॥ ६ ॥

जामवंत कह बैद सुषेना ❀ लंका रहइ को पठई लेना ॥७॥
धरि लघु रूप गएउ हनुमंता ❀ आनेउ भवन समेत तुरंता ॥८॥

जाम्बवान्ले—"सुषेण नाम भएका वैद्य लंकामा रहन्छन् , तिनलाई ल्याउन कसैलाई पठाउनुपर्दछ" भनी विन्ति गरे ॥ ७ ॥ सानो रूप धारण गरेर हनुमान्जी गए, तुरन्तै घरै समेतको सुषेणलाई ल्याए ॥ ८ ॥

दोहा—रामपदारबिंद सिरु नाएउ आइ सुषेन।
कहा नाम गिरि औषधि जाहु पवनसुत लेन ॥६९॥

सुषेणले आएर रघुनाथजीका चरणकमलमा शिर राखे, अनि औषधिको नाम र औषधि हुने पर्वतको पता बताएर "हनूमान् ! औषधि लिन जाउ" भने ॥ ६९ ॥

चौ०—रामचरन सरसिज उर राखी ❀ चला प्रभंजनसुत बल भाषी ॥१॥
उहाँ दूत एक मरमु जनावा ❀ रावनु कालनेमि गृह आवा ॥२॥

वायुपुत्र हनूमान्जी रामजीका चरणकमललाई मनमा राखेर आफ्नो बल बताएर (त्यो औषधि ल्याउने सानो कामलाई म के मान्थें ? इत्यादि रूपले फूर्ति देखाएर) हिंडे ॥ १ ॥ उतातिर एउटा दूत (जासूस) ले यो रहस्य जाहेर गऱ्यो, रावण कालनेमिका घर आयो ॥ २ ॥

दसमुख कहा मरमु तेहि सुना ❀ पुनि पुनि कालनेमि सिरु धुना ॥३॥
देखत तुम्हहि नगरु जेहि जारा ❀ तासु पंथ को रोकन पारा ॥४॥

रावणले आफ्नो मर्म बतायो, त्यसले सुन्यो, अनि कालनेमिले वारंवार शिर हल्लायो (नामंजूरीको सूचना दियो) ॥ ३ ॥ (अनि कालनेमिले भन्यो) "तपाईंले देख्ता देख्तैमा जसले नगर जलायो, त्यसको बाटो रोक्न सक्ने कुन सकस होला ? ॥ ४ ॥

भजु रघुपति करु हित आपना ❀ छाड़हु नाथ बृथा जलपना ॥५॥
नीलकंज तनु सुंदर स्यामा ❀ हृदय राखु लोचनाभिरामा ॥६॥

हे स्वामी ! रघुनाथजीको भजन गरेर आफ्नो हित गर्नुहोस् , यो व्यर्थको कुरा छाडिदिनुहोस्) ॥ ५ ॥ नीलकमलजस्तो सुन्दर श्याम शरीर भएका, लोचनाभिराम (नेत्रलाई आनन्द दिने) रामलाई हृदयमा राख्नुहोस् ॥ ६ ॥

अहंकार ममता मद त्यागू ❀ महामोह निसि सूतत जागू ॥७॥
कालब्याल कर भक्षक जोई ❀ सपनेहु समर कि जीतिअ सोई ॥८॥

अहङ्कार र ममतालाई त्याग गर्नुहोस्, महामोहरूपी रात्रिमा सुत्नुभएको छ, अब जाग्नुहोस् ॥ ७ ॥ जो सकल कालरूपी सर्पको भक्षक छ (कालको काल छ) त्यही सकस के सपनामा पनि जित्न सकिन्छ र” ? ॥ ८ ॥

दोहा—सुनि दसकंठ रिसान अति तेहि मन कीन्ह बिचार ।
रामदूत कर मरौं बरु यह खल रत मलभार ॥७०॥

यो वचन सुनेर रावण खूब रिसायो । त्यो कालनेमिले मनमा “बरु रामजीको दूतका हातबाटै मरौं यो दुष्ट पापको बोझ उठाउनैमा तत्पर छ (बिताइहाल्छ कि ? के बेर ?) यस्तो बिचार गर्‍यो ॥ ७० ॥

चौ०—अस कहि चला रचिसि मग माया ❀ सर मंदिर बर बाग बनाया ॥१॥
मारुतसुत देखा सुभ आश्रम ❀ मुनिहि बूझि जल पिअउँ जाइ श्रम ॥२॥

(मनै मनमा) यसो भनेर त्यो हिंड्यो, बाटैमा त्यसले मायाको प्रयोग गरेर तलाउ मन्दिर बन बघैंचा बनायो ॥ १ ॥ वायुपुत्र हनूमान्‌ले राम्रो आश्रम देखे, अनि “मुनिसँग सोधेर जल पिऊँ, थकाइ ता जाओस्” यस्तो विचार गरे ॥ २ ॥

राक्षस कपटबेष तहँ सोहा ❀ मायापति दूतहि चह मोहा ॥३॥
जाइ पवनसुत नाएउ माथा ❀ लाग सो कहैं राम गुन गाथा ॥४॥

कालनेमि राक्षस कपटले मुनिवेश लिएर शोभायमान भयो, मायापतिका दूतलाई मायाले मोहित गर्न चाहन्थ्यो ॥ ३ ॥ हनूमान्‌ले गएर प्रणाम गरे, त्यो रामजीका गुणको बखान गर्न लाग्यो ॥ ४ ॥ (त्यसले भन्यो)

होत महा रन रावन रामहि ❀ जितिहहिं रामु न संसय या महि ॥५॥
इहाँ भएँ मैं देखौं भाई ❀ ज्ञानदृष्टि बलु मोहि अधिकाई ॥६॥

“रावणको र रामजीको महायुद्ध भइरहेको छ, रामजी नै जित्नहुनेछ, यसमा सन्देह छैन ॥ ५ ॥ भाई ! यहाँ भए पनि म (उहाँका कुरा) देखिरहेको छु, मलाई ज्ञानदृष्टिको बल निकै छ” ॥ ६ ॥

मागा जल तेहि दीन्ह कमंडल ❀ कह कपि नहि अघाउँ थोरें जल ॥७॥
सर मज्जनु करि आतुर आवहु ❀ दिक्ष्या देउँ ज्ञान जेहि पावहु ॥८॥

अनि हनूमान्‌जीले जल मागे, त्यसले कमण्डलु दियो । “अघाउन्न पानी थोरै भयो” भनी हनूमान्‌ले भने ॥ ७ ॥ कालनेमिले “तलाउमा गएर नुहाएर पनि आऊ म दीक्षा दिन्छु, जसमा तिमी ज्ञान पाउला” भन्यो ॥ ८ ॥

दोहा–सर पैठत कपिपद गहा मकरीं तब अकुलान ।
मारी सो धरि दिब्य तनु चली गगन चढ़ि छान ॥७१॥

तलाउमा पस्ताखेरि मकरी (ग्राहकी पोथी) ले हनूमान्‌को पाउ टोकी, अनि हनूमान्‌ले आकुल भएर लात हाने, दिव्य शरीर धारण गरेर विमानमा चढीकन त्यो जान लागी ॥ ७१ ॥

चौ०–कपि तब दरस भइउँ निहपापा ❀ मिटा तात मुनिबर कर श्रापा ॥१॥
मुनि न होइ यह निसिचर घोरा ❀ मानहु बचन सत्य कपि मोरा ॥२॥

'हे हनूमान्! म तपाईंका दर्शनले निष्पाप भएँ, हे तात! मुनीश्वरको शाप (सराप) मेटियो (क) ॥ १ ॥ यो मुनि होइन, यो भयानक राक्षस हो, हे हनूमान! मेरो वचनलाई साँचो मान्नुहोला" ॥ २ ॥

अस कहि गई अपछरा जबहीं ❀ निसिचर निकट गएउ कपि तबहीं ॥३॥
कह कपि मुनि गुरदछिना लेहू ❀ पाछें हमहि मंत्र तुम्ह देहू ॥४॥

यसो भनेर जब अप्सरा गई, अनि तुरन्तै हनूमान्‌जी राक्षसका समीप गए ॥ ३ ॥ अनि हनूमानले "हे मुनि! पहिले गुरुभेटी ता लिनुहोस् पछिबाट मलाई मन्त्र दिनुहोला भने ॥ ४ ॥

सिर लंगूर लपेटि पछारा ❀ निज तनु प्रगटेसि मरतीं बारा ॥५॥
राम राम कहि छाड़ेसि प्राना ❀ सुनि मन हरषि चलेउ हनुमाना ॥६॥

हनूमान्‌जीले पुच्छरले त्यसको टाउको बेह्रेर जमीनमा पछारे, मर्ने वेलामा त्यसले आफ्नो खास रूप प्रकट गऱ्यो ॥ ५ ॥ राम राम भन्दै प्राण छाड्यो, त्यो सुनेर हनूमान् हर्षित भईकन हिंडे ॥ ६ ॥

देखा सैल न औषध चीन्हा ❀ सहसा कपि उपारि गिरि लीन्हा ॥७॥
गहि गिरि निसि नभ धावत भएऊ ❀ अवधपुरी ऊपर कपि गएऊ ॥८॥

हनूमान्‌ले पर्वत ता देखे औषधि चिह्नेनन्, तिनले झट्टै पहाडै उखेलेर हातमा लिए, पहाड बोकेर रात्रिका समयमा आकाशमार्गले ती दौडे, (दौड्दा दौड्दै) ती अयोध्यानगरीका माथि पुगे ॥ ७ ॥ ८ ॥

दोहा–देखा भरत बिसाल अति निसिचर मन अनुमानि ।
बिनु फर सायक मारेउ चाप श्रवन लगि तानि ॥७२॥

भरतजीले अति ठूलो चीज देख्नुभयो, मनमा राक्षसको अनुमान गरेर कानसम्म धनुको ताँदो तानेर विनाफलको (फाल नभएको) बाण हान्नुभयो ॥ ७२ ॥

चौ०–परेउ मुरुछि महि लागत सायक ❀ सुमिरत राम राम रघुनायक ॥१॥
सुनि प्रिय बचन भरतु तब धाए ❀ कपि समीप अति आतुर आए ॥२॥

(क) दुर्वासाका शापले एउटा गन्धर्व कालनेमि राक्षस भएको छ, म अप्सरा मकरी भएकी थिएँ ।

हनूमान्जी वाण लाग्नाका साथ राम राम रघुनाथ भन्दै मूर्छा परेर जमीनमा गिरे ॥ १ ॥ त्यो प्रिय वचन सुनेर भरतजी उठेर दौडनुभयो, अत्यन्त व्याकुल भएर हनूमान्जीका नजीक आइपुग्नुभयो ॥ २ ॥

बिकल बिलोकि कीस उर लावा ❀ जागत नहि बहु भाँति जगावा ॥३॥
मुख मलीन मन भए दुखारी ❀ कहत बचन भरि लोचन बारी ॥४॥

हनूमान्जीलाई विकल देखेर उहाँले छातीमा लाउनुभयो, अनेक तरहले जगाउँदा पनि हनूमान् जागेनन् ॥ ३ ॥ भरतजीको मुख मलिन भयो, उहाँको मन दुःखी भयो, आँखाभरी आँसु आए, उहाँ बोल्नुभयो ॥ ४ ॥

जेहि बिधि रामबिमुख मोहि कीन्हा ❀ तेहिं पुनि यह दारुन दुखु दीन्हा ॥५॥
जौं मोरें मन बच अरु काया ❀ प्रीति रामपद कमल अमाया ॥६॥

"जुन विधाताले मलाई रामजीदेखि विमुख पार्‍यो, उसैले फेरि यो कठोर दुःख दियो ॥ ५ ॥ यदि विनाछल-कपट मेरो मन वचन कर्मले रामजीका चरणमा प्रीति रहेछभने ॥ ६ ॥

तौ कपि होउ बिगत श्रम सूला ❀ जौ मो पर रघुपति अनुकूला ॥७॥
सुनत बचन उठि बैठ कपीसा ❀ कहि जय जयति कोसलाधीसा ॥८॥

मेराउपर रघुनाथजी अनुकूल हुनुहुँदोरहेछभने, हे वानर ! श्रमरहित, पीडारहित होइजाऊ" ॥ ७ ॥ यो वचन सुन्नाका साथ हनूमान्जी "अयोध्यापतिको जय होस्" भन्दै उठेर बसे ॥ ८ ॥

सोरठा–लीन्ह कपिहि उर लाइ पुलकित तनु लोचन सजल ।
प्रीति न हृदय समाइ सुमिरि राम रघुकुलतिलक ॥८॥

भरतजीले शरीरमा रोमाञ्चित, नेत्रमा अश्रुपूर्ण भएर तिनलाई छातीमा लगाउनुभयो, रघुकुलतिलक रामजीलाई संझदा उहाँका हृदयमा प्रेम अटाएन ॥ ८ ॥

चौ०–तात कुसल कहु सुखनिधान की ❀ सहित अनुज अरु मातु जानकी ॥१॥
कपि सब चरित समास बखाने ❀ भए दुखी मन महुँ पछिताने ॥२॥

(भरतजीले भन्नुभयो)—"हे तात ! भाईले र माता जानकीजीले सहित भएका सुखनिधान रामजीको क्षेमकुशल बताऊ" ॥ १ ॥ हनूमान्जीले सबै वृत्तांत संक्षेपमा बयान गरे । भरतजी दुःखित हुनुभयो, उहाँले मनमा पछिताउनुभयो ॥ २ ॥

अहह दैव मैं कत जग जाएउँ ❀ प्रभु कें एकहु काज न आएउँ ॥३॥
जानि कुअवसरु मन धरि धीरा ❀ पुनि कपि सन बोले बलबीरा ॥४॥

"अहह ! (अफसोस) हे विधाता ! म संसारमा किन जन्में ? प्रभुजीको एउटा काममा पनि आइनँ (काम लागिनँ)" ॥ ३ ॥ कुसमय जानेर मनमा धैर्य धरीकन बलवान् धैर्यधारी भरतजी फेरि हनूमान्सँग बोल्नुभयो ॥ ४ ॥

तात गहरु होइहि तोहि जाता ❀ काजु नसाइहि होत प्रभाता ॥५॥
चढ़ु मम सायक सैल समेता ❀ पठवउँ तोहि जहँ कृपानिकेता ॥६॥

"हे तात ! तिमीलाई जान बेर लाग्ला, उज्यालो भइहाल्योभने काम नष्ट हुनेछ ॥ ५ ॥ पर्वतसमेत मेरा बाणमा चढ़, तिमीलाई जहाँ करुणाभवन रामजी हुनुहुन्छ उहीं पुऱ्याइदिन्छु" ॥ ६ ॥

सुनि कपि मन उपजा अभिमाना ❀ मोरें भार चलिहि किमि बाना ॥७॥
रामप्रभाव बिचारि बहोरी ❀ बंदि चरन कपि कह कर जोरी ॥८॥

यो कुरा सुनेर हनूमानजीका मनमा "मेरा बोझाले बाण कसरी चल्ला" यस्तो अभिमान पैदा भयो ॥ ७ ॥ फेरि रामजीको प्रताप विचार गरेर भरतजीका चरणको वन्दना गरेर दुई हात जोरीकन हनूमान्जीले भने ॥ ८ ॥

तब प्रताप उर राखि गोसाईं ! ❀ जैहौं रामबान की नाईं ॥९॥
भरत हरषि तब आएसु दएऊ ❀ पद सिर नाइ चलत कपि भएऊ ॥१०॥

"हे स्वामी ! तपाईंको प्रतापलाई हृदयमा राखेर रामजीको बाणजस्तै (वेगले) जानेछु" ॥ ९ ॥ भरतजीले हर्षित भएर आज्ञा दिनुभयो, पाउमा वन्दना गरेर हनूमान्जी हिंडे ॥ १० ॥

दोहा–भरत बाहुबल सील गुन प्रभुपद प्रीति अपार ।
मन महु जात सराहत पुनि पुनि पवनकुमार ॥७३॥

पवनकुमार (हनूमान्जी) भरतजीको बाहुबल, शीलस्वभाव, गुण रामजीका चरणमा अपार प्रेम, यिनको मनै मनमा वारंवार सह्रनी गर्दै जाँदा भए ॥ ७३ ॥

[रामविलाप]

चौ०–उहाँ रामु लछिमनहि निहारी ❀ बोले बचन मनुज अनुसारी ॥१॥
अर्ध राति गइ कपि नहि आएउ ❀ राम उठाइ अनुज उर लाएउ ॥२॥

उतातिर मनुष्यको अनुसरण गर्ने (मनुष्यलीला गर्ने) रामजी लक्ष्मणजीलाई (मूर्छित) देखेर वचन बोल्न लाग्नुभयो ॥ १ ॥ "आधा रात बितिसक्यो, हनूमान् आएनन् ," यति भनेर रामजीले लक्ष्मणजीलाई उठाएर छातीमा लाउनुभयो ॥ २ ॥

सकहु न दुखित देखि मोहि काऊ ❀ बंधु सदा तव मृदुल सुभाऊ ॥३॥
मम हित लागि तजेहु पितु माता ❀ सहेउ बिपिन हिम आतप बाता ॥४॥

(अनि विलाप गर्न लाग्नुभयो) "भाई ! तिमी मलाई दुःखित भएको देख्न सक्तैनथ्यौ, तिम्रो स्वभाव कोमल थियो ॥ ३ ॥ मेरो हितका निमित्त बाबु-आमा छाड्यौ, जङ्गलमा हिउँ-घाम-वतास सह्यौ ॥ ४ ॥

सो अनुरागु कहाँ अब भाई ❀ उठहु न सुनि मम बच बिकलाई ॥५॥
जौ जनतेउँ बन बंधुबिछोहू ❀ पिताबचन मनतेउँ नहि ओहू ॥६॥

हे भाई ! त्यो प्रेम अब कहाँ गयो, मेरो व्याकुल वचन सुन्दा पनि तिमी उठ्तैनौ ॥ ५ ॥ भाईको वियोग हुनेछ भनी जान्दोहुँ ता म पिताजीको त्यो वचनलाई मान्नेथिइनँ ॥ ६ ॥

सुत बित नारि भवन परिवारा ❀ होहिं जाहिं जग बारहि बारा ॥७॥
अस बिचारि जिय जागहु ताता ❀ मिलै न जगत सहोदर भ्राता ॥८॥

बाबु ! संसारमा छोरा, दौलत, स्त्री, घर, परिवारहरू वारंवार हुन्छन् पनि जान्छन् पनि ॥ ७ ॥ तर संसारमा सहोदर भाई पाइँदैन, मनमा यो विचार गरेर जागा होऊ ॥ ८ ॥

जथा पंख बिनु खग अति दीना ❀ मनि बिनु फनि करिबर करहीना ॥९॥
अस मम जिवन बंधु बिनु तोही ❀ जौ जड़ दैव जिआवै मोही ॥१०॥

प्वाँखविनाको पक्षी जत्तिको दुःखित हुन्छ, मणिविनाको नाग र सूँडविनाको गजराज जत्तिको दुःखी हुन्छ ॥ ९ ॥ यदि जड दैवले मलाई बचाइराख्योभने भाई ! तिमी नहुँदा मेरो जिन्दगी त्यत्तिकै दुःखित हुनेछ ॥ १० ॥

जैहौं अवध कवन मुहु लाई ❀ नारि हेतु प्रिय भाइ गवाई ॥११॥
बरु अपजसु सहतेउँ जग माहीं ❀ नारिहानि बिसेष क्षति नाहीं ॥१२॥

स्वास्नीका निंतिमा प्यारो भाई गुमाएपछि कुन मुख लिएर अयोध्या जाउँला ? ॥ ११ ॥ बरु दुनियाँमा अपजस सहनेथिएँ, स्वास्नीका अभावले विशेष क्षति (हानि) थिएन ॥ १२ ॥

अब अपलोकु सोकु सुत तोरा ❀ सहिहि निठुर कठोर उर मोरा ॥१३॥
निज जननी के एक कुमारा ❀ तात तासु तुम्ह प्राण अधारा ॥१४॥

बाबु ! अब ता लोकापवाद र तिम्रो शोक दुवै कुरालाई मेरा कठोर हृदयले सहनुपर्खो ॥ १३ ॥ बाबु ! तिमी आफ्नी आमाका एकमात्र पुत्र थियौ, तिनका प्राणका आधार तिमी एउटा थियौ ॥ १४ ॥ (क)

सौंपेसि मोहि तुम्हहि गहि पानी ❀ सब बिधि सुखद परमहित जानी ॥१५॥
उतरु काह दैहौं तेहि जाई ❀ उठि किन मोहि सिखावहु भाई ॥१६॥

माता सुमित्राले मलाई सब तरहबाट शुभचिन्तक र सुखदायक जानेर तिम्रो हात समातेर मलाई सुम्पेको हो, ॥ १५ ॥ म गएर उहाँलाई के उत्तर दिउँला ? ए भाई ! उठेर मलाई किन सिकाउँदैनौ ?" ॥ १६ ॥

(क) सुमित्रा महारानीका लक्ष्मण र शत्रुघ्न २ पुत्र हुन्। रामजीले शोकको प्रलाप गर्दा यस्तो बोल्नुभएको हो। कसैले एक शब्दको मुख्य अर्थ गरेर सङ्गति देखाएका छन्। शोकाधिक्य बुझाउने हुनाले प्रथम अर्थ ठीक छ।

बहु बिधि सोचत सोच बिमोचन ❀ स्रवत सलिल राजिवदल लोचन ॥१७॥
उमा एक अखंड रघुराई ❀ नरगति भगतकृपाल देखाई ॥१८॥

(शिवजी भन्नुहुन्छ) हे पार्वती ! एक अखंडस्वरूप भक्तवत्सल रघुनाथजी मनुष्यहरूको गति (चलन) देखाएर आफू शोकविमोचन हुनुहुन्थ्यो तापनि अनेक प्रकारले शोक गर्न लाग्नुभयो । वहाँका कमलका दलजस्तो नजरबाट पानी (शोकाश्रु) चुहिरहेको थियो । (यो रामजीको मनुष्य लीला हो, बुझ्यौ ?) ॥ १७ ॥ १८ ॥

सोरठा–प्रभुप्रलाप सुनि कान बिकल भए बानरनिकर ।
आइ गएउ हनुमान जिमि करुना महु बीररस ॥९॥

प्रभुजीको विलाप कानले सुन्दा वानरका समूह व्याकुल भए, त्यसै बेलामा करुणारसमा वीररस आएझैं हनूमान्‌जी आइपुगे ॥ ९ ॥

चौ०–हरषि राम भेटेउ हनुमाना ❀ अति कृतग्य प्रभु परम सुजाना ॥१॥
तुरत बैद तब कीन्हि उपाई ❀ उठि बैठे लछिमनु हरषाई ॥२॥

अत्यन्त कृतज्ञ परम बुद्धिमान् प्रभुजीले उठेर हर्षका साथ हनूमान्‌जीसँग भेट गर्नुभयो ॥ १ ॥ वैद्य सुषेणले तुरन्तै उपाय गरे, लक्ष्मणजी उठेर हर्षित भईकन बस्नुभयो ॥ २ ॥

हृदय लाइ भेटेउ प्रभु भ्राता ❀ हरषे सकल भालु कपि ब्राता ॥३॥
कपि पुनि बैद तहाँ पहुचावा ❀ जेहि बिधि तबहि ताहि लै आवा ॥४॥

प्रभुजीले भाईलाई हृदयमा लगाइबक्सनुभयो, वानर र भालूका सकल फौज हर्षित भए ॥ ३ ॥ हनूमान्‌ले वैद्य सुषेणलाई अघि जसरी ल्याएका थिए उसै गरी उहीं पुऱ्याइदिए ॥ ४ ॥

[कुम्भकर्णवध]

यह वृत्तांत दसानन सुनेऊ ❀ अति बिषाद पुनि पुनि सिर धुनेऊ ॥५॥
ब्याकुल कुंभकरन पहि आवा ❀ बिबिध जतन करि ताहि जगावा ॥६॥

यो वृत्तान्त जब रावणले सुन्यो, अत्यन्त खेदले वारंवार शिर हल्लायो ॥ ५ ॥ व्याकुल भएर त्यो कुम्भकर्णका समीप आयो, बडो प्रयत्न गरेर त्यसलाई जगाउँदो भयो ॥ ६ ॥

जागा निसिचरु देखिअ कैसा ❀ मानहु कालु देह धरि बैसा ॥७॥
कुंभकरन बूझा कहु भाई ! ❀ काहें तव मुख रहे सुखाई ॥८॥

विउँझेको कुंभकर्ण राक्षस कस्तो देखिन्थ्योभने शरीर धारण गरेको कालै जस्तो (देखिन्थ्यो) ॥ ७ ॥ कुम्भकर्णले "भन्नुहोस् दाज्यू ! तपाईंको मुख किन सुकिरहेको छ ?" भनी सोध्यो ॥ ८ ॥

कथा कही सब तेहि अभिमानी ❀ जेहि प्रकार सीता हरि आनी ॥९॥
तात कपिन्ह सब निसिचर मारे ❀ महा महा जोधा संघारे ॥१०॥

अभिमानी रावणले सबै वृत्तान्त त्यसलाई बतायो, जुन प्रकारले सीतालाई हरेर

ल्याएको हो (त्यो पनि बतायो) ॥ ९ ॥ (अनि भन्यो) "बाबु ! वानरहरूले सब राक्षस मारिसके, ठूलाठूला जोद्धाहरूको पनि संहार गरे ॥ १० ॥

दुर्मुख सुररिपु मनुज अहारी ❀ भट अतिकाय अकंपन भारी ॥११॥
अपर महोदर आदिक बीरा ❀ परे समरमहि सब रनधीरा ॥१२॥

देवताहरूका वैरी भएका, मनुष्यको आहार गर्ने, दुर्मुख अतिकाय अकम्पन महोदर आदि गरेका युद्धमा धीर रहने ठूला ठूला जोद्धाहरू युद्धमा मरेर जमीनमा गिरे" ॥ ११ ॥ १२ ॥

दोहा–सुनि दसकंधर बचन तब कुंभकरनु बिलखान ।
जगदंबा हरि आनि अब सठु चाहत कल्यान ॥७४॥

रावणको वचन सुनेर कुम्भकर्ण पक्क पऱ्यो, (अनि भन्न लाग्यो) "हे मूर्ख ! जगदम्बा जानकीजीलाई हरेर ल्याएपछि पनि कल्याण चाहन्छौ ? ॥ ७४ ॥

चौ०–भल न कीन्ह तैं निसिचरनाहा ❀ अब मोहि आइ जगाएहि काहा ॥१॥
अजहूँ तात त्यागि अभिमाना ❀ भजहु राम होइहि कल्याना ॥२॥

हे राक्षसनाथ ! तिमीले भलो काम गरेनौ, अब आएर मलाई किन जगायौ ॥ १ ॥ हे तात ! अझ पनि अभिमान छाडेर रामजीलाई भज, कल्याण हुनेछ ॥ २ ॥

हैं दससीस मनुज रघुनायक ❀ जा कें हनूमान से पायक ॥३॥
अहह बंधु तैं कीन्हि खोटाई ❀ प्रथमहि मोहि न सुनाएहि आई ॥४॥

हे दशवदन ! हनुमान्‌जस्ता ता जसका सेवक छन् ती रघुनाथ मनुष्य हुन् ? ॥ ३ ॥ हाय ! दाज्यू ! तिमीले खोटापन (दुष्टता) गऱ्यौ, पहिल्यै आएर मलाई सुनाएनौ ॥ ४ ॥

कीन्हेहु प्रभु बिरोध तेहि देव क ❀ सिव बिरंचि सुर जा के सेवक ॥५॥
नारद मुनि मोहि ज्ञान जो कहा ❀ कहतेउँ तोहि समय निर्बहा ॥६॥

शंकर ब्रह्मा आदि गरेका देवता जसका सेवक छन्, तिनै देवता (रामजी) को तिमीले विरोध गऱ्यौ ॥ ५ ॥ नारदमुनिले मलाई जो ज्ञान बताएको थियो, तिमीलाई त्यही ज्ञान बताउने थिएँ अब ता बखत गुज्र्यो ॥ ६ ॥

अब भरि अंक भेंटु मोहि भाई ❀ लोचन सुफल करौं मैं जाई ॥७॥
स्याम गात सरसीरुह लोचन ❀ देखौं जाइ ताप त्रय मोचन ॥८॥

अब मलाई काख भरी लिएर भेट, म गएर आफ्ना नेत्रलाई सफल गरौं ॥ ७ ॥ गएर तीन तापलाई छुटाउने, कमलका दलजस्ता नेत्र हुने श्यामशरीर भएका रामजीलाई हेरौं" ॥ ८ ॥

दोहा–राम रूप गुन सुमिरत मगन भएउ छन एक ।
रावन मागेउ कोटि घटँ मद अरु महिष अनेक ॥७५॥

कुम्भकर्ण एकछिन रामजीको रूप गुण संझेर प्रेमले मनमा मग्न (आनन्दमा डुबेको) भयो, अनि रावणले मदिराका करोडौं घडा र अनेक महिष (राँगा) मगायो ॥ ७५ ॥

चौ०-महिष खाइ करि मदिरा पाना ❀ गर्जा बज्राघात समाना ॥१॥
कुंभकरन दुर्मद रनरंगा ❀ चला दुर्ग तजि सेन न संगा ॥२॥

राँगा खाएर मदिरा पिएर कुम्भकर्ण वज्राघातजस्तै (वज्र पर्दा चट्केझैं) गर्ज्यो ॥ १ ॥ युद्धभूमिरूपी अखाडामा घमण्डी भएको कुम्भकर्ण किल्ला छाडेर हिंड्यो, साथमा सेना पनि लिएन ॥ २ ॥

देखि बिभीषनु आगें आएउ ❀ परेउ चरन निज नाम सुनाएउ ॥३॥
अनुज उठाइ हृदय तेहि लायो ❀ रघुपतिभक्त जानि मन भायो ॥४॥

त्यसलाई देखेर विभीषण अगाडि आए, त्यसका पाउमा परेर आफ्नो नाम सुनाए ॥ ३ ॥ त्यसले भाई विभीषणलाई छातीमा लगायो, रघुनाथको भक्त भनी जान्यो र त्यसलाई विभीषण प्रिय लागे ॥ ४ ॥ (विभीषणले भने)

तात लात रावन मोहि मारा ❀ कहत परम हित मंत्र बिचारा ॥५॥
तेहि गलानि रघुपति पहि आएउँ ❀ देखि दीन प्रभु के मन भाएउँ ॥६॥

"हे तात ! मन्त्रणाको विचार गर्ने वेलामा मैले परम हित कुरा गर्दा रावणले मलाई लात मारे ॥ ५ ॥ त्यसै दिग्दारीले रघुनाथजीका समीप आएँ, दुःखी देख्ता प्रभुको मनपरें" ॥ ६ ॥

सुनु सुत भयेउ कालबस रावनु ❀ सो कि मान अब परम सिखावनु ॥७॥
धन्य धन्य तैं धन्य बिभीषन ❀ भएहु तात निसिचर कुल भूषन ॥८॥
बंधु बंस तैं कीन्ह उजागर ❀ भजेहु राम सोभा सुख सागर ॥९॥

(कुम्भकर्णले भन्यो) "हे वत्स ! सुन, रावण कालका वश भए, ती अब उत्तम शिक्षा किन मान्दथे ? ॥ ७ ॥ हे विभीषण ! तिमी धन्य धन्य धन्य छौ, बाबु ! तिमी राक्षस कुलका भूषण भयौ ॥ ८ ॥ भाई ! तिमीले वंशलाई उज्यालो पार्‍यौ, शोभा र सुखका सागर भएका रामजीलाई भज्यौ ॥ ९ ॥

दोहा-बचन कर्म मन कपट तजि भजेहु राम रनधीर ।
जाहु न निज पर सूझ मोहि भएउँ कालबस बीर ॥७६॥

हे रणधीर ! हे वीर ! कपट छाडेर मनसा कर्मणा वाचा रामजीलाई भजे है । तिमी जाऊ, मलाई ऐल्हे आफ्नो हो कि पराइ हो केही सुझ्दैन, कालको वश भैसकेको छु" ॥ ७६ ॥

चो०-बंधुबचन सुनि चला बिभीषन ❀ आएउ जहँ त्रैलोकबिभूषन ॥१॥
नाथ भूधराकार सरीरा ❀ कुंभकरन आवत रनधीरा ॥२॥

दाज्यूको वचन सुनेर विभीषण फर्के, जहाँ त्रैलोक्यभूषण रामजी राज भएको थियो त्यहीं आए ॥ १ ॥ (तिनले) "हे नाथ ! पर्वताकार शरीर भएका, युद्धमा धीर रहने कुम्भकर्ण आइरहेका छन्" (भनी विन्ति गरे) ॥ २ ॥

एतना कपिन्ह सुना जब काना ❀ किलिकिलाइ धाए बलवाना ॥३॥

लिए उपारि बिटप अरु भूधर ❀ कटकटाइ डारहिं ता ऊपर ॥४॥

वानरहरूले जब कानले यति सुने, बलवान् तिनीहरू किलकिल शब्द गर्दै दौडे ॥ ३ ॥ वृक्ष र पर्वत उखेलेर लिंदै कुम्भकर्णका उपर गिराउँदै गर्न लागे ॥ ४ ॥

कोटि कोटि गिरि सिखर प्रहारा ❀ करहिं भालु कपि एक एक बारा ॥५॥
मुर्‍यो न मनु तनु टर्‍यो न टार्‍यो ❀ जिमि गज अर्कफलनि को मार्‍यो ॥६॥

भालू र वानरहरू एकएक पटकमा (सबै मिलेर) करोडौं पर्वतशिखरले प्रहार गर्न लागे ॥ ५ ॥ आँकका फलले कुटिएका हात्तीका झैं, कुम्भकर्णको मन मोड़िँदैनथ्यो (यताउति जाँदैनथ्यो = युद्धाभिमुखै थियो) त्यसको शरीर पनि कति हटाउँदा पनि हट्तैनथ्यो ॥ ६ ॥

तब मारुतसुत मुठिका हन्यो ❀ पर्‍यो धरनि ब्याकुल सिर धुन्यो ॥७॥
पुनि उठि तेहि मारेउ हनुमंता ❀ घुर्मित भूतल परेउ तुरंता ॥८॥

अनि हनूमान्‌जीले मुक्काले हाने, त्यो ढुनमुनाउँदै जमीनमा गिरेर टाउको नचाउन लाग्यो ॥ ७ ॥ अनि त्यसले उठेर हनूमान्‌लाई मुक्काले हान्यो, हनूमान् फन्न घुमेर जमीनमा पछारिए ॥ ८ ॥

पुनि नल नीलहि अवनि पछारेसि ❀ जहँ तहँ पटकि पटकि भट डारेसि ॥९॥
चली बलीमुखसेन पराई ❀ अति भय त्रसित न कोउ समुहाई ॥१०॥

अनि नल-नीललाई पनि त्यसै गरी जमीनमा पछार्‍यो। अरू जोद्धाहरूलाई पनि जतातत्तै पछार्दै मार्दै गर्न लाग्यो ॥ ९ ॥ वानरको सैन्य भागेर गयो, अत्यन्त भयभीत हुनाले कोही पनि सन्मुख भएन ॥ १० ॥

दोहा–अंगदादि कपि मुरुछित करि समेत सुग्रीव ।
काँख दाबि कपिराज कहुँ चला अमित बल सीव ॥७७॥

अतुल बलको सीमा भएको कुम्भकर्ण सुग्रीवसमेत अंगद आदि वानरवीरहरूलाई मूर्छित पारेर सुग्रीवलाई काखी च्यापेर हिंड्यो ॥ ७७ ॥

चौ० उमा करत रघुपति नरलीला ❀ खेल गरुड़ जिमि अहिगन मीला ॥१॥
भृकुटिभंग जो कालहि खाई ❀ ताहि कि सोहै ऐसि लराई ॥२॥

(शंकरजी भन्नुहुन्छ) "हे पार्वती ! जसरी गरुड़ सर्पका समूहसंग मिलेर खेलवाड गर्दछ, रघुनाथजी पनि त्यस्तै लीला गर्न लाग्नुभएको हो ॥ १ ॥ जसको भ्रूभंग (आँखीभौंको टेढोपना) काललाई खाइदिन्छ, उस्ता उहाँलाई यस्ता लडाइँले शोभा दिन्थ्यो र ? ॥ २ ॥

जगपावनि कीरति बिस्तरिहहिं ❀ गाइ गाइ भवनिधि नर तरिहहिं ॥३॥
मुरुछा गइ मारुतसुत जागा ❀ सुग्रीवहि तब खोजन लागा ॥४॥

"मानिसहरू जगत्पवित्र गर्ने कीर्ति फैलाउनन्, त्यो कीर्ति गाईगाईकन संसार-सागर

तर्लान्” (यही अभिप्रायले लीला गर्नुभएको हो) ॥ ३ ॥ मूर्छा हट्यो, हनूमान्‌जी बिउँझे, अनि सुग्रीवलाई खोज्न लागे ॥ ४ ॥

सुग्रीवहु कै मुरुछा बीती ❀ निबुकि गएउ तेहि मृतक प्रतीती ॥५॥
काटेसि दसन नासिका काना ❀ गर्जि अकास चलेउ तेहि जाना ॥६॥

सुग्रीवको पनि मूर्छा गयो, अनि ती मरेछ भन्ने त्यसलाई पत्यार पारेर उम्के, ॥ ५ ॥ (उम्कदाखेरि) त्यसको नाक र कान दाँतले टोकेर उखेले, अनि गर्जेर आकाशतिर उफ्रे, अनि बल्ल (नाक-कान काटिएको) कुम्भकर्णले थाहा पायो ॥ ६ ॥

गहेउ चरन गहि भूमि पछारा ❀ अति लाघव उठि पुनि तेहि मारा ॥७॥
पुनि आएउ प्रभु पहि बलवाना ❀ जयति जयति जय कृपानिधाना ॥८॥

त्यसले खुट्टामा समातेर सुग्रीवलाई भुईंमा पछार्‍यो, फुर्तीका साथ उठेर सुग्रीवले त्यसलाई मुक्काले पिटे, ॥ ७ ॥ अनि बलवान् सुग्रीव रामजीका समीप आएर “कृपानिधानको जय जय जय” भन्न लागे ॥ ८ ॥

नाक कान काटे जिय जानी ❀ फिरा क्रोध करि भै मन ग्लानी ॥९॥
सहज भीम पुनि बिनु श्रुति नासा ❀ देखत कपिदल उपजी त्रासा ॥१०॥

नाक-कान काटिएको जानेर त्यो मनमा क्रोध र ग्लानि गरेर फर्क्यो ॥ ९ ॥ त्यो स्वभावैले डरलाग्दो थियो, त्यसमाथि भर्खर नाक कान काटिएको, त्यसलाई देख्नाका साथ बानरका दलमा त्रास पैदा भयो ॥ १० ॥ (तैपनि)

दोहा–जय जय जय रघुबंसमनि धाए कपि दै हूह ।
एकहि बार तासु पर छाड़ेन्हि गिरि तरु जूह ॥७८॥

बानरहरू “रघुवंशमणि रामजीको जय होस् जय होस् जय होस्” भन्दै हूहू गर्दै दौडे, एकै साथ सबैले त्यसका उपर पर्वत शिखर र वृक्षका समूह गिराए ॥ ७८ ॥

चौ०–कुंभकरन रनरंग बिरुद्धा ❀ सन्मुख चला काल जनु क्रुद्धा ॥१॥
कोटि कोटि कपि धरि धरि खाई ❀ जनु टीड़ी गिरिगुहाँ समाई ॥२॥

युद्धका रङ्ग (नशा) ले क्रुद्ध भएको कुम्भकर्ण क्रुद्ध भएको काल हो कि भन्ने भान पर्ने गरी सन्मुख आयो ॥ १ ॥ करोडौं बानरलाई पकडी-पकडीकन खान लाग्यो । (त्यति का वानर) पहाडको गुफामा सलह अटाएझैं (कुम्भकर्णका मुखमा) अटाए ॥ २ ॥

कोटिन्ह गहि सरीर सन मर्दा ❀ कोटिन्ह मीजि मिलव महि गर्दा ॥३॥
मुख नासा श्रवनन्हि कीं बाटा ❀ निसरि पराहिं भालु कपि ठाटा ॥४॥

करोडौं बानरलाई समातेर शरीरले थिच्यो, करोडौं बानरलाई हातले मारेर भुईंका धूळामा मिलाइदियो ॥ ३ ॥ त्यसले मुखमा हालेका भालू र बानर नाक र कानको बाटो गरेर निस्केर भाग्थे र खडा हुन्थे ॥ ४ ॥

रनमद मत्त निसाचर दर्पा ❀ बिस्व ग्रसिहि जनु एहिं बिधि अर्पा ॥५॥

मुरे सुभट सब फिरहिं न फेरें ❀ सूझ न नयन सुनहिं नहि टेरें ॥६॥

युद्धमा मदमत्त भएका कुम्भकर्णको घमण्डले मानौं सकल संसारलाई ग्रासको अर्पण गर्ने संकल्प गेरेको छ कि ? (भन्ने भान गराउँथ्थो) ॥ ५ ॥ भागेका योद्धाहरू फर्काउँदा फर्केनन् न आँखाले केही देख्तथे, न बोलाउँदा कानले सुन्दथे ॥ ६ ॥

कुंभकरन कपिफौज बिडारी ❀ सुनि धाई रजनीचरधारी ॥७॥
देखी राम बिकल कटकाई ❀ रिपु अनीक नाना बिधि आई ॥८॥

कुम्भकर्णले वानरको फौज छितिरबितिर पारेको खबर सुनेर राक्षसको फौज धारो लागेर दौड्यो ॥ ७ ॥ रामजीले आफ्नो फौज व्याकुल भएको र शत्रुको सैन्य नाना तरहले आउन लागेको देख्नुभयो ॥ ८ ॥

दोहा–सुनु सौमित्र कपीस तुम्ह सकल सँभारेहु सेन ।
मैं देखौं खल बल दलहि बोले राजिवनयन ॥७९॥

अनि कमलजस्ता नेत्र भएका रामजीले—“हे लक्ष्मण ! सुन, तिमी सकल सैन्यलाई सह्याले, म दुष्ट राक्षसको दल र बल हेरौं है ?” भन्नुभयो ॥ ७९ ॥

चौ०–कर सारंग साजि कटि भाथा ❀ अरि दल दलन चले रघुनाथा ॥१॥
प्रथम कीन्हि प्रभु धनुषटँकोरा ❀ रिपुदल बधिर भएउ सुनि सोरा ॥२॥

अरिदलदलन (शत्रुको फौजको ध्वंस गर्ने) रघुनाथजी कटिभागमा ठोक्रो बाहुमा धनु सज्जित पारेर हिंड्नुभयो ॥ १ ॥ उहाँले पहिले धनुको टंकार गर्नुभयो, त्यो आवाज सुनेर शत्रुको दल बहिरो भयो ॥ २ ॥

सत्यसंध छाड़े सर लक्षा ❀ कालसर्प जनु चले सपक्षा ॥३॥
जहँ तहँ चले बिपुल नाराचा ❀ लगे कटन भट बिकट पिसाचा ॥४॥

सत्यसंध (साँचो प्रतिज्ञा गर्ने) रामजीले लाख बाण हान्नुभयो, ती बाण प्वाँख भएका काला सर्प जस्तै चले ॥ ३ ॥ जहाँ तहाँ असंख्य बाण चले, भयंकर भयंकर वीर राक्षस पिशाचहरू काटिन लागे ॥ ४ ॥

कटहिं चरन उर सिर भुजदंडा ❀ बहुतक बीर होहिं सत खंडा ॥५॥
घुमिं घुमिं घायल महि परहीं ❀ उठि संभारि सुभट पुनि लरहीं ॥६॥

तिनका खुट्टा, तिघ्रा, शिर, भुजदण्ड काटिन लागे, धेरै जसो वीरहरू ता सयसय टुक्रा हुन्थे ॥ ५ ॥ घायल मात्रै भएका वीरहरू घुमीघुमीकन जमीनमा पछारिन्थे, झट्ट उठेर सह्यालिईकन फेरि लड्न लाग्दथे ॥ ६ ॥

लागत बान जलद जिमि गाजहिं ❀ बहुतक देखि कठिन सर भाजहिं ॥७॥
रुंड प्रचंड मुंड बिनु धावहिं ❀ धरु धरु मारु मारु धुनि गावहिं ॥८॥

वाण लाग्दाखेरि तिनीहरू बादल झैं गर्जन्थे, धेरैजसो ता कडा बाण देख्नाका

साथ भाग्दथे ॥ ७ ॥ विनामुण्डका रुण्ड (मुर्कट्टा) हरू दौडन्थे, पक्र पक्र मार, मार, यस्तै आवाज गर्दथे ॥ ८ ॥

दोहा–छन महु प्रभु के सायकन्हि काटे बिकट पिसाच ।
पुनि रघुबीर निषंग महु प्रबिसे सब नाराच ॥८०॥

प्रभुजीका बाणले क्षणभरमा भयानक पिशाच (राक्षस) हरूलाई काटे, अनि सबै ती बाण आएर प्रभु रघुवीरका ठोक्रामा पसे ॥ ८० ॥

चौ०–कुंभकरन मन दीख बिचारी ❀ हति छन माझ निसाचरधारी ॥१॥
भा अति क्रुद्ध महा बलबीरा ❀ कियो मृगनायकनाद गभीरा ॥२॥

कुम्भकर्णले मनमा विचार गरेर "रामले क्षणभरमा राक्षसका फौजलाई काटिसके" यो कुरा देख्यो ॥ १ ॥ अनि त्यो भयानक बलवान् वीर (कुम्भकर्ण) ले क्रुद्ध भएर गंभीर सिंहनाद गर्‍यो ॥ २ ॥

कोपि महीधर लेइ उपारी ❀ डारै जहँ मर्कट भट भारी ॥३॥
आवत देखि सैल प्रभु भारे ❀ सरन्हि काटि रज सम करि डारे ॥४॥

क्रोधपूर्ण भएर त्यो पर्वतलाई उखेल्दै जहाँ जहाँ ठूला ठूला वानरवीर छन् त्यहाँ त्यहाँ हान्दै गर्न लाग्यो ॥ ३ ॥ प्रभुजीले ठूला ठूला पर्वत आफ्नो फौजतर्फ आउन लागेको देखेर बाणले तिनलाई काटीकन धूलासमान पार्नुभयो ॥ ४ ॥

पुनि धनु तानि कोपि रघुनायक ❀ छाड़े अति कराल बहु सायक ॥५॥
तन महु प्रबिसि निसरि सर जाहीं ❀ जिमि दामिनि घन माझ समाहीं ॥६॥

फेरि रघुनाथजीले क्रुद्ध भएर धनु तान्नुभयो र अत्यन्त भयंकर भएका धेरै बाण छाड्नुभयो ॥ ५ ॥ जसरी मेघका माझमा बिजुली पस्तछ र निस्कन्छ त्यसै गरी त्यसका शरीरमा बाण पस्तै (छेडेर) निस्कँदै गर्न लागे ॥ ६ ॥

सोनित स्रवत सोह तनु कारे ❀ जनु कज्जल गिरि गेरु पनारे ॥७॥
बिकल बिलोकि भालु कपि धाए ❀ बिहसा जबहिं निकट कपि आए ॥८॥

त्यसका काला शरीरमा बग्नलागेका रगतका धारा गाजलका पर्वतमा बग्न लागेका गेरुका पनाला (धारा) झैं शोभित हुन्थे ॥ ७ ॥ त्यसलाई व्याकुल भएको देखेर भालू र वानर दौडे, ती योद्धाहरू जब नगीच आइपुगे, अनि त्यो (विकराल आवाजले) हाँस्यो ॥ ८ ॥

दोहा–महानाद करि गर्जा कोटि कोटि गहि कीस ।
महि पटकै गजराज इव सपथ करै दससीस ॥८१॥

त्यो गर्जदै अत्यन्त वेगले दौड्यो, करोडौं वानरलाई समातेर हात्तीले जस्तै त्यसले तिनलाई भुईंमा पछार्‍यो, रावणको शपथ गर्‍यो (रावणकी दुहाई भन्यो) ॥ ८१ ॥

चौ०–भागे भालु बलीमुख जूथा ❀ बृकु बिलोकि जिमि मेषबरूथा ॥१॥
चले भागि कपि भालु भवानी ❀ बिकल पुकारत आरतबानी ॥२॥

जसरी ब्वाँसालाई देख्ता भेडाका बथान भाग्दछन् त्यसै गरी भालू र वानरका बथान भागे ॥ १ ॥ (शंकरजी भन्नुहुन्छ) हे पार्वती ! भालू र वानरहरू व्याकुल भएर आर्तनाद (दुःखको चिल्लाहट) गर्दै भागेर गए ॥ २ ॥

यह निसिचर दुकाल सम अहई ❀ कपिकुल देस परन अब चहई ॥३॥
कृपा बारिधर राम खरारी ❀ पाहि पाहि प्रनतारति हारी ॥४॥

"हे शरणागतपीडाहारी ! हे खरारि ! यो राक्षस दुर्भिक्ष (अनिकाल) जस्तो छ, वानरकुलरूपी देशमा यो (अनिकाल) पर्न लाग्यो (वानरलाई सिध्याउन लाग्यो) ॥ ३ ॥ हे राम ! कृपारूपी मेघद्वारा (यसबाट हामीहरूलाई) बचाइबक्सनुहोस् बचाइबक्सनुहोस् ॥ ४ ॥

सकरुन बचन सुनत भगवाना ❀ चले सुधारि सरासन बाना ॥५॥
राम सेन निज पाछे घाली ❀ चले सकोप महा बलसाली ॥६॥

"दीनताले युक्त भएका यस्ता वचन सुन्दा भगवान् रामजी धनु र बाण सज्जित गरेर हिंडिहाल्नुभयो ॥ ५ ॥ महाबलवान् र क्रुद्ध भएका रामजीले आफ्ना सेनालाई पछि पारेर (सेना नलिईकन) हिंड्नुभयो ॥ ६ ॥

खैंचि धनुष सर सत संधाने ❀ छूटे तीर सरीर समाने ॥७॥
लागत सर धावा रिस भरा ❀ कुधर डगमगत डोलति धरा ॥८॥

धनु तानेर सय बाण जोर्नुभयो, छुटेका बाण त्यसका शरीरमा समाए (भित्रै लुके) ॥ ७ ॥ बाण लाग्दा क्रुद्ध भएको त्यो दौड्यो, पर्वत डगमगाउन लागे, पृथ्वीमण्डल पनि डगमगायो ॥ ८ ॥

लीन्ह एक तेहिं सैल उपाटी ❀ रघुकुलतिलक भुजा सोइ काटी ॥९॥
धावा बाम बाहु गिरि धारी ❀ प्रभु सोउ भुजा काटि महि पारी ॥१०॥

त्यसले यौटा पर्वत उखेलेर लियो, रघुकुलतिलक रामजीले पर्वतसमेतको हात काटिदिनुभयो ॥ ९ ॥ अनि बायाँ हातमा पर्वत लिएर त्यो दौड्यो, प्रभुजीले त्यो हात पनि काटेर जमीनमा गिराइदिनुभयो ॥ १० ॥

काटें भुजा सोह खल कैसा ❀ पक्षहीन मंदर गिरि जैसा ॥११॥
उग्र बिलोकनि प्रभुहि बिलोका ❀ ग्रसन चहत मानहु त्रैलोका ॥१२॥

पखेटा काटेको मन्दर पर्वत जसरी शोभित हुन्छ, हात काटिएको त्यो दुष्ट पनि त्यसै गरी शोभित भयो ॥ ११ ॥ त्यसले मानौं त्रैलोक्यैलाई ग्रास गर्न चाहन्छ कि ? भन्ने भान पर्ने गरी प्रभुजीलाई गुर्राएर हेर्‍यो ॥ १२ ॥

दोहा–करि चिक्कार घोर अति धावा बदनु पसारि ।
गगन सिद्ध सुर त्रासित हा हा हेति पुकारि ॥८२॥

अनि घोर चित्कार (चिच्याहट) गरेर मुख बाईकन खूब दौड्यो । आकाशमा सिद्धगण र देवगण डराए, हा ! हा ! हा ! भनेर चिच्याउन लागे ॥ ८२ ॥

चौ०-सभय देव करुनानिधि जानेउ ❁ श्रवन प्रजंत सरासनु तानेउ ॥१॥
बिसिखनिकर निसिचरमुख भरेऊ ❁ तदपि महाबल भूमि न परेऊ ॥२॥

करुणानिधान रामजीले देवताहरू डराएको जान्नुभयो र धनुलाई कानसम्म तान्नुभयो ॥ १ ॥ बाणसमूहले त्यो राक्षसको मुख भरिदिनुभयो, तैपनि महाबलवान् त्यो जमीनमा गिरेन ॥ २ ॥

सरन्हि भरा मुख सन्मुख धावा ❁ कालत्रोन सजीव जनु आवा ॥३॥
तब प्रभु कोपि तीव्र सर लीन्हा ❁ धर तें भिन्न तासु सिरु कीन्हा ॥४॥

बाणै बाणले मुख भरिएको त्यो कुम्भकर्ण कालको चैतन्यवाला ठोक्रो आएजस्तै प्रभुजीका सन्मुख आयो ॥ ३ ॥ अनि प्रभुजीले क्रुद्ध भएर एउटा कडा बाण लिनुभयो, त्यसको शिरलाई धडदेखि छुट्टा (अलग) पार्नुभयो ॥ ४ ॥

सो सिरु परेउ दसानन आगें ❁ बिकल भएउ जिमि फनि मनि त्यागें ॥५॥
धरनि धसै धर धाव प्रचंडा ❁ तब प्रभु काटि कीन्ह दुइ खंडा ॥६॥

त्यो शिर रावणका अगाडि गिर्न पुग्यो, मणिलाई त्याग्दा (छाड्दा) फणी (नाग) जस्तो व्याकुल हुन्छ, रावण त्यस्तै व्याकुल भयो ॥ ५ ॥ कुम्भकर्णको प्रचण्ड धड दौड्दाखेरि पृथ्वी धसिन (भासिन) लागिन्, प्रभुजीले त्यसलाई काटेर दुई टुक्रा गरिदिनुभयो ॥ ६ ॥

परे भूमि जिमि नभ तें भूधर ❁ हेठ दाबि कपि भालु निसाचर ॥७॥
तासु तेज प्रभुबदन समाना ❁ सुर मुनि सबहिं अचंभौ माना ॥८॥
सुर दुंदुभी बजावहिं हरषहिं ❁ अस्तुति करहिं सुमन बहु बरषहिं ॥९॥

वानर, भालु, राक्षसहरूलाई आफ्ना तलतिर पारेर थिच्तै आकाशबाट दुई पहाड गिरेझैं ती दुई टुक्रा जमीनमा गिरे ॥ ७ ॥

त्यसको तेज (जीवज्योति) प्रभुजीका वदनमा पस्यो, देवता, मुनि सबैले आश्चर्य माने ॥ ८ ॥ देवताहरू आकाशमा दुन्दुभि बजाउन लागे, हर्षित भएर स्तुति गर्दै फूल वर्षाउन लागे ॥ ९ ॥

करि बिनती सुर सकल सिधाए ❁ तेहीं समय देवरिषि आए ॥१०॥
गगनोपरि हरि गुन गन गाए ❁ रुचिर बीररस प्रभुमन भाए ॥११॥
बेगि हतहु खल कहि मुनि गए ❁ रामु समरमहि सोहत भए ॥१२॥

विन्ति गरेर सबै देवताहरू गए, त्यसै समयमा देवर्षि (नारद) आए ॥ १० ॥ तिनले आकाशमाथि रहेर प्रभुजीका वीररसले राम्रो भएको गुणगणको गाना गरे, त्यो गाना प्रभुजीलाई पनि मनपर्‍यो ॥ ११ ॥ दुष्टहरूलाई चाँडै मारिबक्सनुहोस् भनी प्रार्थना गरेर नारदमुनि गए, रामजी युद्धभूमिमा सुशोभित हुनुभयो ॥ १२ ॥

छन्द-संग्रामभूमि बिराज रघुपति अतुलबल कोसलधनी ।
श्रमबिंदु मुख राजीव लोचन अरुन तन सोनितकनी ॥

भुज जुगल फेरत सर सरासन भालु कपि चहुँ दिसि बने ।
कह दास तुलसी कहि न सक छबि सेष जेहि आनन घने ॥३॥

अतुल बल भएका अयोध्याधीश रघुनाथजी युद्धभूमिमा शोभायमान हुनुभयो, कमलका दलजस्ता नजर हुने उहाँका मुहारमा पसीनाका बूँद थिए, उहाँको श्याम-सुन्दर शरीरमा रगतका छिटा परेका थिए । दुई बाहुले बाण र धनु घुमाउन लाग्नुभएको थियो, चारैतर्फ भालू र वानरले घेरेका थिए (तुलसीदास भन्दछन्) त्यो शोभाको वर्णन, जसका मुख धेरै (हजार) छन् ती शेष पनि गर्न सक्तैनन् ॥ ३ ॥

दोहा–निसिचर अधम मलाकर ताहि दीन्ह निज धाम ।
गिरिजा ते नर मंदमति जे न भजहिं श्रीराम ॥८३॥

त्यो राक्षसाधम (कुम्भकर्ण) पापको घर थियो, त्यसलाई पनि आफ्नो धाम (वैकुण्ठ) बक्सनुभयो । हे पार्वती ! जो श्रीरामजीलाई भज्दैनन्, ती मानिस मन्दबुद्धि (मूर्ख) हुन् ॥ ८३ ॥

चौ०–दिन के अंत फिरीं द्वौ अनी ❀ समर भई सुभटन्ह श्रम घनी ॥१॥
रामकृपा कपिदल बल बाढ़ा ❀ जिमि तृन पाइ लाग अति डाढ़ा ॥२॥

दिनका आखिरमा दुवैतर्फका फौज फर्के, युद्धमा वीर योद्धाहरूलाई खूब थकाइ लागेको थियो ॥ १ ॥ रामजीका कृपाले तृण (सुकेको झार) पाएर आगो बढेझैं वानरका दलमा बल खूब बढ्यो ॥ २ ॥

छीजहिं निसिचर दिनु अरु राती ❀ निज मुख कहे सुकृत जेहि भाँती ॥३॥
बहु बिलाप दसकंधर करई ❀ बंधुसीस पुनि पुनि उर धरई ॥४॥

जसरी आफ्ना मुखले बखान गर्दा आफ्नो पुण्य क्षीण हुँदै जान्छ, त्यसै गरी राक्षसहरू रातदिन क्षीण हुँदै गए ॥ ३ ॥ रावण वारंवार कुम्भकर्णको शिरलाई छातीमा राख्तथ्यो धेरै विलाप गर्दथ्यो ॥ ४ ॥

रोवहिं नारि हृदय हति पानी ❀ तासु तेज बल बिपुल बखानी ॥५॥
मेघनाद तेहि अवसर आयेउ ❀ कहि बहु कथा पिता समुझायेउ ॥६॥

स्त्रीहरू हातले छाती पिटीपिटीकन कुम्भकर्णको ठूलो तेज र बलको बखान गर्दै रुन लागे, ॥ ५ ॥ त्यसै वेलामा मेघनाद आयो, धेरै कुराकहानी गरेर पिता (रावण) लाई बुझायो ॥ ६ ॥

देखेहु कालि मोरि मनुसाई ❀ अबहि बहुत का करौं बड़ाई ॥७॥
इष्टदेव सैं बल रथ पाएउँ ❀ सो बलु तात न तोहि देखाएउँ ॥८॥

भोलि मेरो पुरुषार्थ देख्नुहोला, ऐलहे आफ्नो धेरै तारीफ के गरूँ ॥ ७ ॥ इष्टदेवबाट मैले वरदान र रथ पाएको छु, पिताजी ! त्यो बल मैले तपाईंलाई देखाएकै छैन ॥ ८ ॥

[मेघनादवध]

एहि बिधि जल्पत भएउ बिहाना ❀ चहुँ दुआर लागे कपि नाना ॥९॥
इत कपि भालु काल सम बीरा ❀ उत रचनीचर अति रनधीरा ॥१०॥
लरहिं सुभट निज निज जय हेतू ❀ बरनि न जाइ समर खगकेतू ॥११॥

यस्ता प्रकारले कुरा गर्दागर्दै बिहान भयो, वानरहरू चारैद्वारमा भिडे ॥ ९ ॥ यतातिर भालू र वानर कालजस्तै वीर थिए, उतातिर पनि राक्षसहरू युद्धधीर थिए ॥ १० ॥ (काकभुशुण्डी भन्दछन्) हे गरुडजी ! महायोद्धाहरू आफ्नो आफ्नो जयका निमित्त लड्दथे, त्यो लड़ाइँको वर्णन गर्न सकिदैन ॥ ११ ॥

दोहा–मेघनाद मायामय रथ चढ़ि गएउ अकास ।
गर्जेउ अट्टहास करि भइ कपिकटकहि त्रास ॥८४॥

मेघनाद मायाले बनेको रथमा चढेर आकाशमा गयो र अट्टहास गर्न लाग्यो वानरका फौजमा त्रास फैलियो ॥ ८४ ॥

चौ०–सक्ति सूल तरवारि कृपाना ❀ अस्त्र सस्त्र कुलिसायुध नाना ॥१॥
डारै परसु परिघ पाषाना ❀ लागेउ बृष्टि करैं बहु बाना ॥२॥

त्यो शक्ति, त्रिशूल, तरवार, खुँडा, वज्र इत्यादि अरू अस्त्रशस्त्र, फर्सा, परिघ, पाषाण, यिनको अनेक प्रकारसँग वृष्टि गर्न लाग्यो ॥ १ ॥ २ ॥

दस दिसि रहे बान नभ छाई ❀ मानहु मघा मेघ झरि लाई ॥३॥
धरु धरु मारु सुनिअ धुनि काना ❀ जो मारै तेहि कोउ न जाना ॥४॥

मानौं मघाका मेघले झरी लाएको हो कि ? (भन्ने भान पर्ने गरी) दशै दिशामा आकाशमा बाण छाइए ॥ ३ ॥ कानले पकडी-पकडी, मार-मार, यस्तो आवाज सुनिन्थ्यो, तर जसले मार्दथ्यो त्यसलाई कसैले पनि (यहाँ छ उहाँ छ भनी) जान्दैनथ्यो ॥ ४ ॥

गहि गिरि तरु अकास कपि धावहिं ❀ देखहिं तेहि न दुखित फिरि आवहिं ॥५॥
अवघट घाट बाट गिरि कंदर ❀ मायाबल कीन्हेसि सरपंजर ॥६॥

पर्वत र वृक्ष लिएर वानरहरू आकाशतर्फ दौडन्थे, त्यसलाई देख्तैनथे र दुःखित भईकन फर्केर आउँथे ॥ ५ ॥ (मेघनादले) बाटो-अबाटो, खाल्डा-खुल्डी, पर्वत-गुफा सबै ठाउँमा मायाका बलले बाणको पिंजरा बनायो, (बाणले सर्वत्र घेर्‍यो) ॥ ६ ॥

जाहिं कहाँ ब्याकुल भए बंदर ❀ सुरपतिबंदि परे जनु मंदर ॥७॥
मारुतसुत अंगद नल नीला ❀ कीन्हेसि बिकल सकल बलसीला ॥८॥

वानरहरू व्याकुल भए, कहाँ जाऊन् ? इन्द्रका कैदखानामा परेका अनेक मन्दर पर्वतजस्ता भए ॥ ७ ॥ अति बलिष्ठ भएको त्यसले वायुपुत्र (हनूमान्जी), अंगद, नल नील इत्यादि सकल वीरलाई विकल (व्याकुल) पार्‍यो ॥ ८ ॥

पुनि लछिमन सुग्रीव बिभीषन ❀ सरन्हि मारि कीन्हेसि जर्जरतन ॥९॥
पुनि रघुपति सैं जूझैं लागा ❀ सर छाड़ै होइ लागहिं नागा ॥१०॥
ब्यालपास बस भए खरारी ❀ स्वबस अनंत एक अबिकारी ॥११॥
नट इव कपटचरित कर नाना ❀ सदा स्वतंत्र रामु भगवाना ॥१२॥
रनसोभा लगि प्रभुहि बधायो ❀ नागपास देवन्ह भय पायो ॥१३॥

अनि लक्ष्मण, सुग्रीव, विभीषण यिनीहरूलाई पनि बाण हानेर तिनको शरीर जर्जर (छियाछिया) पाऱ्यो ॥ ९ ॥ अनि रघुनाथजीसँग युद्ध गर्न लाग्यो, बाण छाड्थ्यो, ती बाण नाग भएर लाग्न जान्थे ॥ १० ॥ स्वाधीन रहेका, अनन्त (नाशरहित = अन्तरहित) भएका, अखण्ड र अविकारी भएका प्रभुजी नाशपाशका वशमा पर्नुभयो ॥ ११ ॥ रामजी सदा स्वतन्त्र रहने र सर्वैश्वर्यपूर्ण हुनुहुन्छ तापनि नटको जस्तो कपटवेष धारण गरेर अनेक लीला गर्नुहुन्छ ॥ १२ ॥ युद्धको शोभा देखाउनाका निमित्त प्रभुजी नागपाशमा बाँधिनुभयो, त्यो अवस्था देखेर देवताहरू डराए ॥ १३ ॥

दोहा—खगपति जाकर नामु जपि मुनि काटहिं भवपास ।
सो कि बंध तर आवै ब्यापक बिस्वनिवास ॥८५॥

(काकभुशुण्डी भन्दछन्) हे गरुड़जी ! मुनिहरू जसको नाम जपेर संसारपाशलाई काट्तछन्, उनै व्यापक, विश्वनिवास, प्रभु बन्धनका फन्दामा पर्नुहुन्थ्यो र ? ॥ ८५ ॥

चौ०—चरित राम के सगुन भवानी ❀ तर्कि न जाहिं बुद्धिबल बानी ॥१॥
अस बिचारि जे तज्ञ बिरागी ❀ रामहि भजहिं तर्क सब त्यागी ॥२॥

(शंकरजी भन्नुहुन्छ) हे भवानी ! (निर्गुणको के कुरा) सगुण रामजीका चरित्र पनि बुद्धिका बलले तर्क गर्न सकिदैनन् ॥ १ ॥ यो विचार गरेर जो तत्त्व जान्ने र वैराग्ययुक्त छन्, तिनीहरू सबै तर्क छाडेर रामजीलाई भज्दछन् ॥ २ ॥

ब्याकुल कटकु कीन्ह घननादा ❀ पुनि भा प्रगट कहै दुर्बादा ॥३॥
जामवंत कह खल रहु ठाढ़ा ❀ सुनि करि ताहि क्रोध अति बाढ़ा ॥४॥

मेघनादले फौजलाई व्याकुल पाऱ्यो, अनि त्यो प्रकट भएर दुर्वचन बोल्न लाग्यो— ॥ ३ ॥ जाम्बवान्ले "दुष्ट ! खडा ता हो" भने, त्यो सुनेर त्यसलाई अत्यन्त क्रोध बढ्यो ॥ ४ ॥ (त्यो भन्न लाग्यो)—

बूढ़ जानि सठ छाड़ेउँ तोही ❀ लागेसि अधम पचारैं मोही ॥५॥
अस कहि तरल त्रिसूल चलायो ❀ जामवंत कर गहि सोइ धायो ॥६॥

"बदमाश ! तँलाई बूढो ठानेर मैले छाडिदिएको थिएँ, अधम ! मैलाई ललकार्न लागिस् ?" ॥ ५ ॥ यति भनेर त्यसले भयंकर त्रिशूल चलायो, जाम्बवान्ले त्यही त्रिशूल (बीचैमा) पक्डे, अनि मेघनादैतिर दौडे ॥ ६ ॥

मारेसि मेघनाद कै छाती ❀ परा भूमि घुर्मित सुरघाती ॥७॥

पुनि रिसान गहि चरन फिरायो ❀ महि पछारि निज बल देखरायो ॥८॥

मेघनादका छातीमा त्यही त्रिशूलले हाने, देवघाती (देवता मार्ने) त्यो मेघनाद ढुनमुनिदै धर्तीमा पछारियो ॥ ७ ॥ जाम्बवान्‌ले रिसाएर फेरि त्यसका खुट्टामा समातेर घुमाईकन भुइँमा पछारेर आफ्नो ताकत देखाए ॥ ८ ॥

बरप्रसाद सो मरै न मारा ❀ तब गहि पद लंका पर डारा ॥९॥
इहाँ देवरिषि गरुड़ पठायो ❀ राम समीप सपदि सो आयो ॥१०॥

वरदानका प्रभावले त्यसरी मार्दा पनि त्यो मरेन, जाम्बवान्‌ले खुट्टामा समातेर लङ्कातर्फ मिल्काइदिए ॥ ९ ॥ यतातिर नारदमुनिले गरुड़जीलाई पठाए, ती रामजीका समीपमा झट्टै आए ॥ १० ॥

दोहा—खगपति सब धरि खाए मायानाग बरूथ ।
माया बिगत भए सब हरषे बानरजूथ ॥८६॥
गहि गिरि पादप उपल नख धाए कीस रिसाइ ।
चले तमीचर बिकलतर गढ़ पर चढ़े पराइ ॥८७॥

गरुडजीले एकक्षणमा सर्पका बथानलाई खाए । रामजी मायाबाट तुरन्तै छुट्नुभयो बानरका बथान हर्षित भए ॥ ८६ ॥ अनि वानरहरू रिसाएर पर्वत, वृक्ष, पत्थर, नङ्ग्रा लिएर दौडे । राक्षसहरू व्याकुल भएर भागीकन किल्लामा चढ्न पुगे ॥ ८७ ॥

चौ०—मेघनाद कै मुरुछा जागी ❀ पितहि बिलोकि लाज अति लागी ॥१॥
तुरत गएउ गिरिबर कंदरा ❀ करौं अजय मख अस मन धरा ॥२॥

मेघनादको मूर्छा छुट्यो, बाबुलाई देख्ता त्यसलाई अत्यन्त लाज लाग्यो ॥ १ ॥ त्यो तुरन्त पर्वतका कन्दरामा गयो, त्यसले "अजय—यज्ञ गर्छु" यस्तो संकल्प मनमा राख्यो ॥ २ ॥

सो सुधि पाइ बिभीषन कहई ❀ सुनु प्रभु समाचार अस अहई ॥३॥
मेघनाद मख करै अपावन ❀ खल मायावी देवसतावन ॥४॥

त्यो खबर विभीषणले पाएर विन्ति गर्न लागे—"प्रभु ! समाचार यस्तो छ कि—अपवित्र, दुष्ट, मायावी, देवशत्रु मेघनाद यज्ञ गर्न लागेको छ ॥ ३ ॥ ४ ॥

जौं प्रभु सिद्ध होइँ सो पाइहि ❀ नाथ बेगि पुनि जीति न जाइहि ॥५॥
सुनि रघुपति अतिसय सुखु माना ❀ बोले अंगदादि कपि नाना ॥६॥

त्यो यज्ञ सिद्ध हुन सक्योभने, हे नाथ ! हतपती जित्न नसकिने हुन्छ" ॥ ५ ॥ यो विन्ति सुनेर रघुनाथजीले अत्यन्त आनन्द मान्नुभयो, अङ्गद आदि गरेका अनेक वानरलाई बोलाउनुभयो ॥ ६ ॥ (अनि अह्राउनुभयो)

लछिमन संग जाहु सब भाई ❀ करहु बिधंस जग्य कर जाई ॥७॥
मारेहु तेहि बल बुद्धि उपाई ❀ जेहि छीजै निसिचर सुनु भाई ॥८॥

तुम्ह लछिमन मारेहु रन ओही ❀ देखि समय सुर दुख अति मोही ॥९॥

"भाईहो ! तिमीहरू लक्ष्मणसँग जाऊ । गएर यज्ञको विध्वंस गर ॥ ७ ॥ सुन भाईहो ! जसमा त्यो राक्षस क्षीण होस्, तदनुसारको बल बुद्धि उपाय गरेर त्यसलाई मारे ॥ ८ ॥ भाई ! लक्ष्मण ! त्यसलाई युद्धमा तिमी मारे, देवताहरू डराएको देख्ता मलाई अत्यन्त दुःख लाग्यो ॥ ९ ॥

जामवंत सुग्रीव बिभीषन ❀ सेन समेत रहेउ तीनिउ जन ॥१०॥
जब रघुबीर दीन्हि अनुसासन ❀ कटि निषंग कसि साजि सरासन ॥११॥
प्रभुप्रताप उर धरि रनधीरा ❀ बोले घन इव गिरा गभीरा ॥१२॥

जाम्ववान्, सुग्रीव, विभीषण यी तीनै जना सेनासहित रहून्" ॥ १० ॥ रघुनाथजीले जब यस्तो हुकुम बक्सनुभयो, अनि युद्धमा धीर भएका लक्ष्मणजीले पृष्ठभागमा ठोक्रो भिर्नुभयो धनु ठीक गर्नुभयो ॥ ११ ॥ रामजीको प्रताप हृदयमा राख्नुभयो र मेघ गर्जे झैं गम्भीर वचन बोल्नुभयो ॥ १२ ॥

जौं तेहि आजु बधे बिनु आवउँ ❀ तौ रघुपतिसेवक न कहावउँ ॥१३॥
जौं सत संकर करहिं सहाई ❀ तदपि हतौं रघुबीरदोहाई ॥१४॥

"यदि आज म त्यसलाई नमारीकन आएँभने रामजीको सेवक नकहलाऊँ ॥ १३ ॥ शयओटा शंकरले सहायता गरुन्, तैपनि त्यसलाई मारौंला, रघुनाथजीको शपथ छ ॥ १४ ॥

दोहा–रघुपतिचरन नाइ सिरु चलेउ तुरंत अनंत ।
अंगद नील मयंद नल संग सुभट हनुमंत ॥८८॥

शेषस्वरूप लक्ष्मणजी रामजीका चरणकमलको वन्दना गरेर तुरन्त हिंड्नुभयो । साथमा अङ्गद, नील, मैन्द, नल, हनूमान् इत्यादि कट्टर योद्धा थिए ॥८८ ॥

चौ०–जाइ कपिन्ह सो देखा बैसा ❀ आहुति देत रुधिरु अरु भैंसा ॥१॥
कीन्ह कपिन्ह सब जग्य बिधंसा ❀ जब न उठै तब करहिं प्रसंसा ॥२॥

बानरहरूले गएर त्यसलाई रगत र राँगाको आहुति दिंदै बसेको देखे ॥ १ ॥ वानरहरुले जम्मै यज्ञको विध्वंस गरे । जब उठेन अनि त्यसको प्रशंसा गर्न लागे (कस्तो कट्टर रहेछ भनी तारीफ गरे) ॥ २ ॥

तदपि न उठै धरेन्हि कच जाई ❀ लातन्हि हति हति चले पराई ॥३॥
लै त्रिशूल धावा कपि भागे ❀ आए जहँ रामानुज आगे ॥४॥

तैपनि उठेन, अनि गएर टुपी समाते, लात हान्दै भाग्दै गर्न लागे ॥ ३ ॥ अनि त्यो त्रिशूल लिएर दौड्यो, वानर भागे, जहाँ लक्ष्मण अगाडि खडा हुनुहुन्थ्यो उहाँ पुगे ॥ ४ ॥

आवा परम क्रोध कर मारा ❀ गर्ज घोर रव बारहि बारा ॥५॥
कोपि मरुतसुत अंगद धाए ❀ हति त्रिसूल उर धरनि गिराए ॥६॥

अत्यन्त क्रोधले अन्ध भएको मेघनाद आयो, वारंवार घोर गर्जना गर्न लाग्यो ॥ ५ ॥

क्रुद्ध भएर हनूमान्‌जी र वीर अंगद आए, त्यसले तिनका छातीमा त्रिशूलको प्रहार गर्‍यो र तिनलाई जमीनमा गिरायो ॥ ६ ॥

प्रभु कहुँ छाड़ेसि सूल प्रचंडा ❀ सर हति कृत अनंत जुग खंडा ॥७॥
उठि बहोरि मारुति जुवराजा ❀ हतहिं कोपि तेहि घाउ न बाजा ॥८॥

अनि त्यसले प्रभु लक्ष्मणका उपर प्रचंड त्रिशूल छाड्यो, लक्ष्मणजीले बाण हानेर दुई टुक्रा पारिदिनुभयो ॥ ७ ॥ फेरि हनूमान् अंगद उठेर क्रुद्ध भईकन त्यसलाई पिट्न लागे, त्यसलाई घाउसाउ केही लागेन ॥ ८ ॥

फिरे बीर रिपु मरै न मारा ❀ तब धावा करि घोर चिकारा ॥९॥
आवत देखि क्रुद्ध जनु काला ❀ लछिमन छाड़े बिसिख कराला ॥१०॥

शत्रु मार्दा पनि मर्दैन भनेर ती दुई वीर फर्के। अनि त्यो भयानक चिल्लाहट गर्दै दौडन लाग्यो ॥ ९ ॥ क्रुद्ध भएको कालजस्तो भएर आउन लागेको त्यसलाई देखेर लक्ष्मणजीले भयंकर बाण छाड्नुभयो ॥ १० ॥

देखिसि आवत पबि सम बाना ❀ तुरत भएउ खल अंतरधाना ॥११॥
बिबिध बेष धरि करै लराई ❀ कबहुँक प्रगट कबहुँ दुरि जाई ॥१२॥

वज्रसमानको बाण आउन लागेको देखेर त्यो दुष्ट झट्ट अन्तर्धान भयो ॥ ११ ॥ अनेक अनेक वेष धारण गरेर लडाइँ गर्थ्यो, कैले प्रकट हुन्थ्यो, कैले छिप्तथ्यो ॥ १२ ॥

देखि अजय रिपु डरपे कीसा ❀ परम क्रुद्ध तब भएउ अहीसा ॥१३॥
एहि पापहि मैं बहुत खेलावा ❀ अब बध उचित कपिन्ह भय पावा ॥१४॥

शत्रुलाई अजय्य (जित्न नसकिने) देखेर वानरहरू डराए, अनि लक्ष्मणजी अत्यन्त क्रुद्ध हुनुभयो ॥ १३ ॥ यो पापीलाई मैले धेरै खेलाएँ, अब मार्नु मनासीब छ, वानरहरू डराए" यस्तो विचार गर्नुभयो ॥ १४ ॥

सुमिरि कोसलाधीसप्रतापा ❀ सरसंधान कीन्ह करि दापा ॥१५॥
छाड़ा बान माझ उर लागा ❀ मरतीं बार कपटु सबु त्यागा ॥१६॥

श्रीरामजीको प्रताप संझेर, लक्ष्मणजीले जोशका साथ धनुमा बाण जोरेर छाड्नुभयो, छातीका माझैमा लाग्यो, मर्ने वेलामा त्यसले सबै कपट छाड्यो ॥ १५ ॥ १६ ॥

दोहा–रामानुज कहँ रामु कहँ अस कहि छाड़ेसि प्रान ।
धन्य धन्य तव जननी कह अंगद हनुमान ॥८९॥

"रामको भाई कहाँ छ ? राम कहाँ छ ? यसो भन्दै त्यसले प्राण छाड्यो । अंगदले र हनूमान्‌ले "हे इन्द्रजित् ! तिम्री मातालाई धन्यवाद छ" (जसको कोखाबाट तिमीजस्ता प्रतापी र सद्गति पाउने छोरा जन्मे) भने ॥ ८९ ॥

चौ०–बिनु प्रयास हनुमान उठायो ❀ लंकाद्वार राखि पुनि आयो ॥१॥
तासु मरन सुनि सुर गंधर्बा ❀ चढ़ि बिमान आए नभ सर्बा ॥२॥

हनूमान्‌जीले विनाप्रयास (सजिलैसंग) त्यसलाई उठाएर लंकाका द्वारमा राखेर आए ॥ १ ॥ त्यसको मरण सुनेर देव-गन्धर्वहरू सबै विमान चढेर अकाशमा आए ॥ २ ॥

बरषि सुमन दुंदभीं बजावहिं ❀ श्रीरघुनाथ बिमल जसु गावहिं ॥३॥
जय अनंत जय जगदाधारा ❀ तुम्ह प्रभु सब देवन्हि निस्तारा ॥४॥

तिनीहरू फूल बर्षाएर दुन्दुभि उजाउँथे, श्री रघुनाथजीको निर्मल यश गाउँथे ॥ ३॥ हे अनन्त ! हे जगदाधार ! शेष ! हजूरको जय होस् , हे प्रभु ! सबै देवताको हजूरले उद्धार गर्नुभयो ॥ ४ ॥

अस्तुति करि सुर सिद्ध सिधाए ❀ लछिमनु कृपासिंधु पहि आए ॥५॥
सुतबध सुना दसानन जबही ❀ मुरुछित भएउ परेउ महि तबही ॥६॥

यस्तो स्तुति गरेर देवताहरू र सिद्धहरू गए, लक्ष्मणजी करुणासागर रामजीका समीप आउनुभयो ॥ ५ ॥ जब रावणले पुत्रवध सुन्यो, उत्तिखेरै मूर्छित भएर जमीनमा गिऱ्यो ॥ ६ ॥

[रामरावण युद्ध]

मंदोदरी रुदनु कर भारी ❀ उर ताड़न बहु भाँति पुकारी ॥७॥
नगर लोग सब ब्याकुल सोचा ❀ सकल कहहिं दसकंधरु पोचा ॥८॥

मन्दोदरी खूब रोइन् , छाती पिट्‌तै अनेक प्रकारको विलाप गर्न लागिन् ॥ ७ ॥ नगर निवासीहरू सबै व्याकुल भई अपसोस गर्न लागे, सबैजना रावणलाई अधम भन्दथे ॥ ८ ॥

दोहा–तब दसकंठ बिबिध बिधि समुझाईं सब नारि ।
नस्वर रूप जगत सब देखहु हृदय बिचारि ॥९०॥

अनि रावणले सबै स्त्रीवर्गलाई "यो सबै संसार क्षणभंगुर छ, सबैजना हृदयमा विचार गरेर यो कुरा देख" इत्यादि नाना प्रकारले संझायो ॥ ९० ॥

चौ०–तिन्हहिं ग्यानु उपदेसा रावन ❀ आपुनु मंद कथा सुभ पावन ॥१॥
पर उपदेस कुसल बहुतेरे ❀ जे आचरहिं ते नर न घनेरे ॥२॥

रावणले तिनीहरूलाई ज्ञानको उपदेश गऱ्यो, तर त्यसलाई आफ्ना निंति अशुभ कुरा शुभ लाग्दथे ॥ १ ॥ अर्कालाई उपदेश गर्न धेरै जना सिपालु हुन्छन् , जो तदनुसार आचरण गर्दछन् त्यस्ता मानिस ता धेरै हुँदैनन् ॥ २ ॥

निसा सिरानि भएउ भिनुसारा ❀ लगे भालु कपि चारिहुँ द्वारा ॥३॥
सुभट बोलाइ दसानन बोला ❀ रन सन्मुख जाकर मन डोला ॥४॥
सो अबहीं बरु जाउ पराई ❀ संजुगबिमुख भएँ न भलाई ॥५॥
निज भुज बल मैं बयरु बढ़ावा ❀ देहौं उतरु जो रिपु चढ़ि आवा ॥६॥

रात सकियो, प्रातःकाल भयो, भालु र वानरहरू चारै ढोकामा आएर डटे ॥ ३ ॥

वीर वीर राक्षसहरूलाई बोलाएर रावणले भन्यो, "युद्धको सम्मुख गएपछि जसको मन डगमगाउँछ ॥ ४ ॥ त्यो ऐल्यै बरु भागेर जाओस् , लडाइँमा विमुख हुनाले भलाइ छैन ॥ ५ ॥ मैले आफ्नै भुजबलले वैरभाव बढाएको हुँ, शत्रु चढेर आए त्यसको उत्तर मै दिउँला ॥ ६ ॥

अस कहि मरुतबेग रथु साजा ❀ बाजे सकल जुझाऊ बाजा ॥७॥
चले बीर सब अतुलित बली ❀ जनु कज्जल कै आँधी चली ॥८॥
असगुन अमित होहिं तेहि काला ❀ गनै न भुजबल गर्ब बिसाला ॥९॥

यसो भनेर वायुसमानको वेगवान् रथ तयार गरायो, युद्धका सकल बाजा बज्न लागे ॥ ७ ॥ अतुल बल भएका वीरहरू रवाना भए, मानौं गाजलका पहाडै पहाडको आँधी (हुरी) चलेको हो कि ? (यस्तो भान पर्दथ्यो) ॥ ८ ॥ त्यस वेलामा अनेक अपशकुन हुन्थे, आफ्ना भुजबलको ठूलो घमण्डी रावण तिनलाई टेर्दैनथ्यो ॥ ९ ॥

छन्द–अति गर्व गनइ न सगुन असगुन स्रवहिं आयुध हाथ तें ।
भट गिरत रथ तें बाजि गज चिक्करत भाजहिं साथ तें ॥
गोमाय गीध कराल खर रव स्वान रोवहिं अति घने ।
जनु कालदूत उलूक बोलहिं बचन परम भयावने ॥४॥

अत्यन्त घमण्ड हुनाले त्यो रावण शुभ-शकुन अशुभ-शकुन केही गन्दैथ्यो । हातबाट हतियार खस्तथे, योद्धाहरू रथबाट लोट्तथे, घोडा हात्ती चिच्याउँदै साथ छोडेर भाग्दथे, स्याल-गिद्ध गधा विकृत शब्द गरेर कराउँथे, कुकुर खूब रुन्थे, मानौं कालका दूत हुन् कि भने जस्ता लाटाकोसेरा (भुल्का) हरू अत्यन्त भयानक बोली बोल्दथे ॥ ४ ॥

दोहा–ताहि कि संपति सगुन सुभ सपनेहु मन बिश्राम ।
भूत द्रोह रत मोहबस रामबिमुख रतिकाम ॥९१॥

जो सकस मोहवश भएर प्राणिद्रोहमा तत्पर तत्पर रहन्छ, रामदेखि विमुख भएर काम (विषयभोग) मा आसक्त हुन्छ, के त्यसलाई पनि संपत्ति हुन्छ र ? शुभशकुन हुन्छन् र ?, मनको शान्ति सपनामा पनि हुन्छ र ॥ ९१ ॥

चौ०–चलेउ निसाचरकटकु अपारा ❀ चतुरंगिनी अनी बहु धारा ॥१॥
बिबिध भाँति बाहन रथ जाना ❀ बिपुल बरन पताक ध्वज नाना ॥२॥

राक्षसहरूको अपार फौज रवाना भयो, चतुरंगिणी (हाती, घोडा, रथ, प्यादा यी चारै चीज भएकी) सेना अनेक चालले चल्न लागी ॥ १ ॥ अनेक प्रकारका वाहन, रथ, सवारी हरू र अनेक रंगका ध्वजा-पताका थिए ॥ २ ॥

चले मत्त गज जूथ घनेरे ❀ प्राबिट जलज मरुत जनु प्रेरे ॥३॥
बरन बरन बिरदैतनिकाया ❀ समरसूर जानहिं बहु माया ॥४॥

हावाले प्रेरणा गरेका वर्षा ऋतुका बादलका घटाजस्ता मत्ता हात्तीका धेरै झुण्ड रवाना

भए ॥ ३ ॥ अनेक अनेक वर्ण भएका, युद्धमा शूर भएका, धेरै माया जान्ने दैत्यका समूह पनि रवाना भए ॥ ४ ॥

अति बिचित्र बाहिनी बिराजी ❀ बीर बसंत सेन जनु साजी ॥५॥
चलत कटकु दिगसिंधुर डगहीं ❀ क्षुभित पयोधि कुधर डगमगहीं ॥६॥
उठी रेनु रबि गएउ छपाई ❀ मरुत थकित बसुधा अकुलाई ॥७॥
पनव निसान घोर रव बाजहिं ❀ प्रलय समय के घन जनु गाजहिं ॥८॥

अति विचित्र भएकी राक्षससेना मानौं वीररूपी वसन्तले सजाएकी हो कि ? (भन्ने भान पर्ने गरी) सुशोभित भई ॥ ५ ॥ त्यो फौज चल्दा दिग्गजहरू डगमगाए, समुद्र क्षुब्ध (खलबलिएका) भए, पर्वत डगमग गर्नलागे ॥ ६ ॥

धूलो उड्यो, सूर्य छोपिए, वायु रोकिए, पृथ्वी व्याकुल भइन् ॥ ७ ॥ महाप्रलयका मेघ गर्जेका हुन् कि ? (भन्ने भान पर्ने गरी) ढोल र डंका भयानक आवाज गरेर बज्न लागे ॥ ८ ॥

भेरि नफीरि बाज सहनाई ❀ मारू राग सुभट सुखदाई ॥९॥
केहरिनाद बीर सब करहीं ❀ निज निज बल पौरुष उच्चरहीं ॥१०॥

नगारा नफीरी, सहनाई, इत्यादि बाजा ठूला वीरलाई आनन्द दिने मारू रागमा बज्न लागे ॥ ९ ॥ सबै वीर सिंहनाद गर्दै आफ्नो आफ्नो बल र पौरुष बखान्न लागे ॥ १० ॥

कहै दशानन सुनहुँ सुभट्टा ❀ मर्दहु भालु कपिन्ह के ठट्टा ॥११॥
हौं मारिहौं भूप द्वौ भाई ❀ अस कहि सन्मुख फौज रेंगाई ॥१२॥
यह सुधि सकल कपिन्ह जब पाई ❀ धाए करि रघुबीरदोहाई ॥१३॥

रावणले भन्यो—“हे बलवान् वीरहो ! सुन, भालु र वानरका झुण्ड (बथान) लाई रगड ॥ ११ ॥ म दुई भाई राजा (राम लक्ष्मण) लाई मार्दछु” यसो भनेर सेनालाई रावणले अगाडि चलायो ॥ १२ ॥ यो खबर वानरले जब पाए, रघुनाथजीकी दुहाई भन्दै दौडे ॥ १३ ॥

छन्द—धाए बिसाल कराल मर्कट भालु काल समान ते ।
मानहु सपक्ष उड़ाहिं भूधरबृंद नाना बान ते ॥
नख दसन सैल महाद्रुमायुध सबल संक न मानहीं ।
जय राम रावन मत्त गज मृगराज सुजसु बखानहीं ॥५॥

ठूला ठूला भयङ्कर कालसमान ती भालू र वानर दौडे, मानौं पखेटासहित भएका र नाना प्रकारको बाना (भेष) भएका पहाडका समूह हुन् कि ? (भन्ने भान हुन्थ्यो) नंग्रा दाँत, पर्वत महावृक्षरूपी हतियार भएका बलवान् तिनीहरू शङ्का मान्दैनथे (निःशंक थिए) । “रावणरूपी मत्ता हात्तीका हकमा सिंहस्वरूप भएका रामजीको जय होस्” भन्थे र रामजीका सुयशको बखान गर्दथे ॥ ५ ॥

दोहा—दुहुँ दिसि जय जयकार करि निज निज जोरी जानि ।
भिरे बीर इत रामहि उत रावनहि बखानि ॥९२॥

दुवैतर्फका वीरहरू जयजयकार गरेर, आफ्ना आफ्ना जोडी जानेर, यता रामजीको, उता रावणको बखान गर्दै भिडे ॥ ९२ ॥

चौ०-रावनु रथी बिरथ रघुबीरा ❀ देखि बिभीषनु भयउ अधीरा ॥१॥
अधिक प्रीति मन भा संदेहा ❀ बंदि चरन कह सहित सनेहा ॥२॥

रावण रथमा थियो, रघुनाथजी रथरहित हुनुहुन्थ्यो, देखेर विभीषण कातरिए ॥ १ ॥ प्रीति अधिक हुनाले तिनका मनमा सन्देह भयो, रामजीका चरणको वन्दना गरेर प्रेमसहित वचन बोले—॥ २ ॥

नाथ न रथु नहि तन पद त्राना ❀ केहि बिधि जितब बीर बलवाना ॥३॥
सुनहु सखा कह कृपानिधाना ❀ जेहि जय होइ सो स्यंदनु आना ॥४॥

"हे नाथ ! हजूरको न रथ छ, न पाउमा जुत्ता छ, यो बलवान् वीर रावणलाई कुन प्रकारले जितिबक्सिन्छ" ॥ ३ ॥ कृपानिधान रामजीले आज्ञा गर्नुभयो—"हे मित्र ! सुन, जसबाट जय हुन्छ, त्यो रथ अर्कै छ ॥ ४ ॥

सौरज धीरज तेहि रथ चाका ❀ सत्य सील दृढ़ ध्वजा पताका ॥५॥
बल बिबेक दम परहित घोरे ❀ क्षमा कृपा समता रजु जोरे ॥६॥
ईसभजनु सारथी सुजाना ❀ बिरति चर्म संतोष कृपाना ॥७॥
दान परसु बुधि सक्ति प्रचंडा ❀ बर बिज्ञान कठिन कोदंडा ॥८॥
अमल अचल मन त्रोन समाना ❀ सम जम नियम सिलीमुख नाना ॥९॥
कवच अभेद बिप्र गुर पूजा ❀ एहि सम बिजय उपाय न दूजा ॥१०॥
सखा धर्ममय अस रथ जाकें ❀ जीतन कहुँ न कतहुँ रिपु ताकें ॥११॥

शौर्य र धैर्य त्यो रथका पांग्रा छन्, दृढ सत्य ध्वजा हो, दृढ़ शील पताका हो। ॥ ५ ॥ बल, विवेक, दम, परहित यी ४ घोडा हुन्, ती क्षमा, कृपा, समता यी तीनरूपी डोरीले बाँधिएका छन् ॥ ६ ॥ ईश्वरभजन बुद्धिमान् सारथि हो, वैराग्य ढाल हो, सन्तोष खड्ग हो ॥ ७ ॥ दान परशु (फर्सा) हो, बुद्धि प्रचंड शक्ति हो, दृढ़ ज्ञान मजबूत धनु हो ॥ ८ ॥ संयम र नियम नाना प्रकारका बाण हुन्, निर्मल स्थिर मन ठोक्रो हो ॥ ९ ॥ ब्राह्मणका चरणको पूजा अभेद्य कवच हो, योबराबर विजयको अर्को उपाय छैन ॥ १० ॥ हे मित्र ! जसका पासमा यो धर्मरूपी रथ रहन्छ, त्यसका जित्नुपर्ने वैरी कतै रहँदैनन् (विजय स्वतःसिद्ध हुन्छ, रथ मात्रै तैयार गरे पुग्दछ) ॥ ११ ॥ (क)

(क) धर्मरथको यो रूपक अत्यन्त राम्रो र अत्यन्त हितकारी छ। यसको विचार खूब गर्‌यो-भने, तदनुसार चल्योभने, मानिस त्रैलोक्य-विजयी हुन सक्तछ। सके सबै नसके यथाशक्ति यसमा लेखिए-अनुसारको आचरण हुन गयोभने पनि प्रत्येक मानिसको जन्म सफल हुन जान्छ। यी ७ चौपाईको साधारण अर्थ माथि टीकामा देखाइएको छ, यिनको विस्तारपूर्वकको अर्थ गरौंभने एउटा अर्को ठूलो ग्रन्थ तयार हुन्छ, तसर्थ यिनको पूरा तात्पर्य बुझ्नाको इच्छा हुने सज्जनले योग्य विद्वान्‌को सहवास गर्नुपर्दछ।

दोहा–महा अजय संसार रिपु जीति सकै सो बीर ।
जाकें अस रथ होइ दृढ़ सुनहु सखा मतिधीर ॥९३॥

धीरबुद्धे ! हे मित्र ! जसका समीपमा यो दृढ़ रथ रहन्छ, त्यो वीर महा-अजय (अत्यन्त दुर्जय) भएको संसाररूपी शत्रुलाई जित्न सक्तछ ॥ ९३ ॥

दोहा–सुनि प्रभु बचन बिभीषन हरषि गहे पद कंज ।
एहि मिस मोहि उपदेसहु राम कृपा सुख पुंज ॥९४॥
उत पचार दसकंधर इत अंगद हनुमान ।
लरत निसाचर भालु कपि करि निज निज प्रभु आन॥९५॥

प्रभुजीका यी वचन सुनेर विभीषणले हर्षित भईकन :प्रभुजीका पास समाते, अनि तिनले “करुणा र सुखका समूहस्वरूप भएका हजूरले यही बहानाले मलाई उपदेश बक्सनुभयो” भनी विन्ति गरे ॥ ९४ ॥ उतातिर रावण ललकारिरहेको थिमो, यतातिर अङ्गद र हनुमान् यी दुई योद्धा लडिरहेका (युद्ध गर्न लागेका) थिए, राक्षस वानर भालूहरू आफ्ना आफ्ना मालिकको दुहाई दिन्थे ॥ ९५ ॥

चौ०–सुर ब्रह्मादि सिद्ध मुनि नाना ❀ देखत रन नभ चढ़े बिमाना ॥१॥
हमहू उमा रहे तेहि संगा ❀ देखत रामचरित रनरंगा ॥२॥

ब्रह्मादि देवता, सिद्ध, अनेक मुनिहरू विमान चढेर आकाशमा आए, ॥ १ ॥ पार्वती ! म पनि तिनीहरू सँगै रामजीका रणका दङ्गलको चरित्र हेरिरहेको थिएँ ॥ २ ॥

सुभट समररस दुहुँ दिसि माते ❀ कपि जयसील राम बल ता तें ॥३॥
एक एक सन भिरहिं पचारहिं ❀ एकन्ह एक मर्दि महि पारहिं ॥४॥

दुवैतर्फका वीर योद्धाहरू युद्धका रसले मत्त भएका थिए। रामजीका बलको नाताले वानरहरू जयशील (विजयी) थिए ॥ ३ ॥ एकसँग एक ललकार्थे र भिड्‌दथे । (द्वन्द्व-युद्ध गर्दथे) एटाले एउटालाई समातेर जमीनमा पछार्दथ्यो ॥ ४ ॥

मारहिं काटहिं धरहिं पछारहिं ❀ सीस तोरि सीसन्ह सन मारहिं ॥५॥
उदर बिदारहिं भुजा उपारहिं ❀ गहि पद अवनि पटकि भट डारहिं ॥६॥

वीरहरू मार्दथे, काट्‌तथे, पछार्दथे शिर तोड़ेर तिनै शिरले अर्कालाई हान्दथे ॥ ५ ॥ पेट फोर्दथे, हात उखेल्दथे, खुट्टा समातेर भुईंमा पछार्थे ॥ ६ ॥

निसिचर भट महि गाड़हिं भालू ❀ ऊपर ढारि देहिं बहु बालू ॥७॥
बीर बलीमुख जुद्ध बिरुद्धे ❀ देखिअत बिपुल काल जनु क्रुद्धे ॥८॥

भालूहरू राक्षसवीरहरूलाई जमीनमा गाड्‌दथे र तिनका उपर बालू (बालुवा) हालिदिन्थे ॥ ७ ॥ वीर वानरहरू युद्धमा खूब विरुद्ध भएका (भिडेका) थिए। तिनीहरू क्रुद्ध भएको कालजस्तै देखिन्थे ॥ ८ ॥

छन्द–क्रुद्धे कृतांत समान कपि तन स्रवन सोनित राजहीं ।
मर्दहिं निसाचरकटकु भट बलवंत घन जिमि गाजहीं ॥
मारहिं चपेटन्हि डाटि दातेन्ह काटि लातन्ह मीजहीं ।
चिक्करहिं मर्कट भालु छल बल करहिं जेहि खल छीजहीं ॥६॥

वानरहरू यमराजसमान क्रुद्ध भएका थिए, तिनका शरीरबाट रगत बगिरहेको थियो, ती शोभायमान थिए, बलवान् तिनीहरू राक्षसका फौजका वीरहरूलाई मर्दन गर्दथे र मेघजस्तै गर्जन्थे, डाँटेर चपेटा (थप्पड) ले हान्दथे, दाँतले टोकेर लातले कुल्चन्थे, भालू र वानर चीत्कार गर्दथे, तिनीहरू जसले दुष्ट राक्षस क्षीण हुन्थे त्यस्तो छलबल गर्दथे ॥ ६ ॥

छन्द–धरि गाल फारहिं उर बिदारहिं गल अँतावरि मेलहीं ।
प्रह्लादपति जनु बिबिध तनु धरि समर अंगद खेलहीं ॥
धरु मारु काटु पछारु घोर गिरा गगन महि भरि रही ।
जय राम जो तृन तें कुलिस कर कुलिस तें कर तृन सही ॥७॥

वानरहरू राक्षसहरूलाई समातेर गाला च्यात्तथे, छाती चिर्दथे र तिनका आन्द्रा आफ्ना गलामा लाउँथे, धेरै मूर्ति लिने नृसिंह हुन् कि ? (भन्ने भान पार्दै) युद्धभूमिमा खेल्दथे समात, मार, काट, पछार, यस्तै घोर वचन र "जो तृणबाट वज्र, वज्रबाट तृण पार्न अवश्यमेव सक्तछन् उनै रामजीको जय होस्" यस्ता वचन आकाश र पृथ्वीमा फैलिएका थिए ॥ ७ ॥

दोहा–निज दल बिचलत देखेसि बीसभुजा दसचाप ।
रथ चढ़ि चलेउ दसानन फिरहु फिरहु करि दाप ॥९६॥

अनि आफ्ना फौजलाई विचलित भएको देखेर बीस हातमध्ये (दश हातमा) दशोटा धनु लिईकन रथमा चढेर तिमीहरू फर्क फर्क भन्दै घमण्ड गरीकन रावण हिंड्यो ॥ ९६ ॥

चौ०–धाएउ परम क्रुद्ध दसकंधर ❀ सन्मुख चले हूह दै बंदर ॥१॥
गहि कर पादप उपल पहारा ❀ डारेन्हि ता पर एकहि बारा ॥२॥

अत्यन्त क्रुद्ध भएको रावण दौड्यो, वानरहरू हूहू गर्दै त्यसका सन्मुख आए ॥ १ ॥ हातमा वृक्ष, पत्थर, पहाड लिएर त्यसका ऊपर एकैचोटि गिराउने गरे ॥ २ ॥

लागहिं सैल बज्र तनू तासू ❀ खंड खंड होइ फूटहिं आसू ॥३॥
चला न अचल रहा रथ रोपी ❀ रनदुर्मद रावनु अति कोपी ॥४॥

त्यसका वज्रसमान शरीरमा पत्थर पहाडहरू लाग्दथे र खण्ड खण्ड भएर तुरन्तै फुट्तथे ॥ ३ ॥ युद्धमा बडो घमण्ड गर्ने (रणदुर्मद) भएको रावण क्रुद्ध भएर रथ अड्याईकन अचल रह्यो, हटेन ॥ ४ ॥

इत उत झपटि दपटि कपि जोधा ❀ मर्दइँ लाग भएउ अति क्रोधा ॥५॥
चले पराइ भालु कपि नाना ❀ त्राहि त्राहि अंगद हनुमाना ॥६॥

वानर-योद्धाहरूलाई यता र उता झंटेर दपटेर मर्दन गर्न लाग्यो, त्यो अत्यन्त क्रुद्ध थियो ॥ ५ ॥ अनेक भालू र वानरहरू हे अंगद ! हे हनूमान ! बचाऊ बचाऊ भन्दै भागे ॥ ६ ॥

पाहि पाहि रघुबीर गोसाईं ❀ यह खल खाइ काल कीं नाईं ॥७॥
तेहि देखे कपि सकल पराने ❀ दसहु चाप सायक संधाने ॥८॥

"हे स्वामी ! हे रघुवीर ! रक्षा गरिबक्सनुहोस् रक्षा गरिबक्सनुहोस्, यो दुष्ट कालसमान भएर हामीलाई खान लागिरहेछ" भन्न लागे ॥ ७ ॥ त्यसलाई देखेर सबै वानर भागे, त्यसले दशै ओटा धनुमा बाणसन्धान गर्‍यो ॥ ८ ॥

छन्द–संधानि धनु सरनिकर छाड़ेसि उरग जिमि उड़ि लागहीं ।
रहे पूरि सर धरनी गगन दिसि बिदिसि कहँ कपि भागहीं ॥
भयो अति कोलाहलु बिकल कपिदल भालु बोलहिं आतुरे ।
रघुबीर करुनासिंधु आरतबंधु जनरक्षक हरे ॥८॥

दशै ओटा धनुमा बाण सन्धान गरेर धेरै बाण छाड्यो, ती बाण उड्दथे र सर्पजस्ता लाग्दथे, ती बाण पृथिवी, आकाश, दिशा-विदिशामा भरिए, वानर कहाँ भागून् ? अत्यन्त कोलाहल भयो, बानरको दल व्याकुल भएर आत्तिईकन "हे रघुवीर ! हे करुणासागर ! हे दीनबन्धो ! हे भक्तरक्षक ! हे हरे !" भनी राम पुकान लागे ॥ ८ ॥

दोहा–निज दल बिकल देखि कटि कसि निषंग धनु हाथ ।
लछिमनु चले क्रुद्ध होइ नाइ रामपद माथ ॥९७॥

आफ्नो फौजलाई व्याकुल भएको देखेर लक्ष्मणजी क्रुद्ध हुनुभयो र पृष्ठभागमा ठोक्रो भिरेर हातमा धनु लिएर रामजीका चरणमा माथ राखेर हिंड्नुभयो ॥ ९७ ॥

चौ०–रे खल का मारसि कपि भालू ❀ मोहि बिलोकु तोर मैं कालू ॥१॥
खोजत रहेउँ तोहि सुतघाती ❀ आजु निपाति जुड़ावौं छाती ॥२॥

(लक्ष्मणजीले भन्नुभयो) "ए दुष्ट ! वानर-भालूलाई के मार्छस् ?, मलाई हेर, म तेरो काल हुँ" ॥ १ ॥ (रावणले भन्यो) "मेरा पुत्रलाई मार्ने ! हे दुष्ट ! म तँलाई खोजिरहेको थिए, तँलाई मारेर छाती ठण्डा पार्दछु" ॥ २ ॥

अस कहि छाड़ेसि बान प्रचंडा ❀ लछिमन किए सकल सत खंडा ॥३॥
कोटिन्ह आयुध रावन डारे ❀ तिलप्रवान करि काटि निवारे ॥४॥

यसो भनेर प्रचंड बाण छाड्यो, लक्ष्मणजीले सबै बाणका सयसय टुक्रा पारिदिनुभयो, ॥ ३ ॥ रावणले करोडौं हतियार चलायो, लक्ष्मणजीले तिल-तिल प्रमाणले काटेर गिराउनुभयो ॥ ४ ॥

पुनि निज बानन्ह कीन्ह प्रहारा ❀ स्यंदनु भंजि सारथी मारा ॥५॥
सत सत सर मारे दस भाला ❀ गिरिसृंगन्ह जनु प्रबिसहिं ब्याला ॥६॥

अनि आफूले बाण प्रहार गर्नुभयो र त्यसको रथ तोड्नुभयो, सारथिलाई मार्नुभयो, ॥ ५ ॥ त्यसका दशै ओटा ललाट (निधार) मा सयसय बाण गाड्नुभयो, पहाडका टाकुरामा सर्प पस्न लागेजस्तो (देखियो) ॥ ६ ॥

पुनि सत सर मारा उर माहीं ❀ परेउ धरनितल सुधि कछु नाहीं ॥७॥
उठा प्रबल पुनि मुरुछा जागी ❀ छाड़िसि ब्रह्म दीन्हि जो साँगी ॥८॥

फेरि सय बाण छातीमा हान्नुभयो, जमीनमा पछारियो, सुद्धि-बुद्धि रहेन (मूर्छा पर्‍यो) ॥ ७ ॥ फेरि मूर्छाबाट बिउँझेर जबर्दस्त रावणले, ब्रह्माजीले जुन शक्ति (बर्छा) दिनुभएको थियो, त्यही शक्ति छाड्यो ॥ ८ ॥

छन्द–सो ब्रह्मदत्त प्रचंड सक्ति अनंत उर लागी सही ।
पर्‍यो बीरु बिकल उठाव दसमुख अतुलबल महिमा रही ॥
ब्रह्मांड भुवन बिराज जा कें एक सिर जिमि रजकनी ।
तेहि चह उठावन मूढ़ रावन जान नहि त्रिभुवनधनी ॥९॥

ब्रह्माजीले दिएको त्यो प्रचण्डशक्ति लक्ष्मणजीका छातीमा बडो जोरले बज्यो, वीर लक्ष्मणजी मूर्छा परेर पछारिनुभयो, रावण उहाँलाई उठाउन लाग्यो, परन्तु लक्ष्मणजीमा अतुल बलको महिमा थियो । जसको एउटा शिरमा चौध लोकसहित भएको यो ब्रह्माण्ड धूलाको एउटा कणाजत्तिकै भएर रहेको छ, उनैलाई मूढ रावण उठाउन खोज्दथ्यो, त्रिभुवनका स्वामी भनेर जान्दैनथ्यो ॥ ९ ॥

दोहा–देखि पवनसुत धाएउ बोला बचन कठोर ।
आवत कपिहि हन्यो तेहिं मुष्टिप्रहार प्रघोर ॥९८॥

त्यो देखेर कठोर वचन बोल्दै हनूमान्जी दौडे, आउँदा-आउँदै रावणले तिनको छातीमा घोर मुक्काको प्रहार गर्‍यो ॥ ९८ ॥

चौ०–जानु टेकि कपि भूमि न गिरा ❀ उठा सँभारि बहुत रिस भरा ॥१॥
मुठिका एक ताहि कपि मारा ❀ परेउ सैल जनु बज्रप्रहारा ॥२॥

हनूमान्ले घुँडा टेके, तर पछारिन ता पछारिएनन्, सह्मालिएर रिसले चुर्दिै उठे ॥ १ ॥ तिनले एक मुक्का रावणलाई लगाए, त्यो वज्रप्रहारले पर्वत लडेझैं लड्यो ॥ २ ॥

मुरुछा गै बहोरि सो जागा ❀ कपिबलु बिपुल सराहन लागा ॥३॥
धिग धिग मम पौरुष धिग मोही ❀ जौं तैं जिअत उठेसि सुरद्रोही ॥४॥

फेरि मूर्छा गएपछि त्यो जाग्यो र हनूमान्का बलको तारीफ गर्न लाग्यो, ॥ ३ ॥

(हनूमान्‌ले) "मेरा पुरुषार्थलाई वारंवार धिक्कार छ ! मलाई धिक्कार ! किनभने देवद्रोही तँ उठिस्" (भने) ॥ ४ ॥

अस कहि लछिमन कहुँ कपि ल्यायो ❀ देखि दसानन बिसमय पायो ॥५॥
कह रघुबीर समुझु जिय भ्राता ❀ तुम्ह कृतांतभक्षक सुरत्राता ॥६॥

यसो भनेर हनूमान्‌जीले लक्ष्मणजीलाई उठाएर लगे, त्यो देखेर रावण छक्क पर्‍यो ॥ ५ ॥ रामजीले मूर्छा परेका लक्ष्मणजीलाई "भाई ! तिमी आफूलाई मनले संझ, तिमी मृत्युभक्षक र देवरक्षक पो होऊ" भन्नुभयो ॥ ६ ॥

सुनत बचन उठि बैठ कृपाला ❀ गई गगन सो सक्ति कराला ॥७॥
पुनि कोदंड बान गहि धाए ❀ रिपु सन्मुख अति आतुर आए ॥८॥

त्यो वचन सुन्नाका साथ कृपालु लक्ष्मणजी उठेर बस्नुभयो, त्यो भयङ्कर शक्ति आकाशतिर गई ॥ ७ ॥ अनि लक्ष्मणजी धनुबाण लिएर अत्यन्त चाँडो शत्रुका सन्मुख आउनुभयो ॥ ८ ॥

छन्द—आतुर बहोरि बिभंजि स्यंदनु सूत हति ब्याकुल कियो ।
गिर्‍यो धरनि दसकंधर बिकलतर बान सत बेध्यो हियो ॥
सारथी दूसर घालि रथ तेहि तुरत लंका लैगयो ।
रघुबीरबंधु प्रतापपुंज बहोरि प्रभुचरनन्हि नयो ॥१०॥

उहाँले फूर्तिका साथ रथ तोडेर सारथिलाई मारेर रावणलाई व्याकुल पार्नुभयो, त्यो जमीनमा गिर्‍यो, त्यसका छातीमा लक्ष्मणजीले सय बाण हान्नुभयो, त्यो मूर्छा पर्‍यो, अर्को सारथिले अर्को रथमा राखेर त्यसलाई लङ्का लग्यो । अनि प्रतापका समूहरूप श्रीरामजीका भाई लक्ष्मणजीले गएर रामजीका पाउमा प्रणाम गर्नुभयो ॥ १० ॥

दोहा—उहाँ दसानन जागि करि करैं लाग कछु जग्य ।
रामबिरोधी बिजय चह सठ हठबस अति अग्य ॥९९॥

उतातिर रावण मूर्छाबाट बिउँझ्यो, कुनै यज्ञ गर्न लाग्यो, त्यो मूर्ख (शठ) हठको अत्यन्त वश भएर रघुनाथजीदेखि विमुख भएर पनि जय चाहन्थ्यो ॥ ९९ ॥

चौ०—इहाँ बिभीषन सब सुधि पाई ❀ सपदि जाइ रघुपतिहि सुनाई ॥१॥
नाथ करै रावनु एक जागा ❀ सिद्ध भएँ नहि मरिहि अभागा ॥२॥

यतातिर विभीषणले सबै खबर पाए, झट्ट गएर रघुनाथजीलाई सुनाए (तिनले विन्ति गरे कि) हे नाथ ! रावण एउटा यज्ञ गर्न लागेको छ, त्यो अभागी यज्ञ सिद्ध भयोभने मर्नेछैन ॥ १ ॥ २ ॥

पठवहु नाथ बेगि भट बंदर ❀ करहिं बिधंस आव दसकंधर ॥३॥
प्रात होत प्रभु सुभट पठाए ❀ हनुमदादि अंगद सब धाए ॥४॥

हे देव ! चाडै नै वीर वानरहरूलाई पठाइबक्सियोस्, तिनीहरू यज्ञको विध्वंस गरून् र रावण आओस्'' ॥ ३ ॥ रघुनाथजीले प्रातःकाल हुनेबित्तिकै अङ्गद र हनूमान् आदि गरेका वीर वानरलाई पठाउनुभयो, सबै दौडे ॥ ४ ॥

कौतुक कूदि चढ़े कपि लंका ❀ पैठे रावनभवन असंका ॥५॥
जग्य करत जबही सो देखा ❀ सकल कपिन्ह भा क्रोध बिसेषा ॥६॥

वानरहरू खेलवाडैले (अनायासैले) कुदेर लंकामा चढ़े, निःशङ्क भएर रावणका महलमा पसे ॥ ५ ॥ जब तिनीहरूले त्यसलाई यज्ञ गर्न लागेको देखे, अनि तिनीहरू सबैलाई खूब रिस उठ्यो ॥ ६ ॥

रन तें निलज भाजि गृह आवा ❀ इहाँ आइ बकध्यानु लगावा ॥७॥
अस कहि अंगद मारा लाता ❀ चितव न सठ स्वारथ मनु राता ॥८॥

“ए निर्लज्ज ! (बेशरम) युद्धबाट भागेर घर आइस्, यहाँ आएर तैंले बकध्यान (बकुल्लाको जस्तो ध्यान) लगाइस् (गर्न थालिस्)'' ॥ ७ ॥ यसो भनेर अङ्गदले लात हाने, त्यो शठले हेर्दैं हेरेन, त्यसको मन स्वार्थमा लम्पट भएको थियो ॥ ८ ॥

छन्द—नहि चितव जब करि कोप कपि गहि दसन लातन्ह मारहीं ।
धरि केस नारि निकारि बाहेर तेतिदीन पुकारहीं ॥
तब उठेउ क्रुद्ध कृतांतसम गहि चरन बानर डारई ।
एहि बीच कपिन्ह बिधंस कृत मख देखि मन महुँ हारई ॥११॥

जब त्यसले हेर्दैं हेरेन, अनि वानरहरू झन् रिसाएर त्यसलाई दाँतले समातेर (टोकेर) लातले भकुर्न लागे । चुल्ठामा समातेर त्यसका स्त्रीहरूलाई बाहिर निकालेर ल्याए, तिनीहरू अत्यन्त दीन भएर रावणलाई पुकार्न लागे । अनि क्रुद्ध भएको यमराजजस्तो रावण उठ्यो र खुट्टा समातेर वानरलाई पछार्न लाग्यो, त्यसै बीचमा विध्वंस गरेको यज्ञ देख्यो, त्यसले मनमा हार खायो ॥ ११ ॥

दोहा—जज्ञ बिधंसि कुसल कपि आए रघुपति पास ।
चलेउ निसाचर क्रुद्ध होइ त्यागि जिवन कै आस ॥१००॥

यज्ञको विध्वंस गरेर वानरहरू रघुनाथजीका समीप आए, लंकेश्वर राक्षस रावण क्रुद्ध भएर बाँच्ने आशा छाडीकन (युद्धका निमित्त) हिंड्यो ॥ १०० ॥

चौ०—चलत होहिं अति असुभ भयंकर ❀ बैठहिं गीध उडाइ सिरन्ह पर ॥१॥
भएउ कालबस काहु न माना ❀ कहेसि बजावहु जुद्धनिसाना ॥२॥

त्यो हिंड्दा अत्यन्त भयंकर अपशकुन हुन लागे, गिद्धहरू उडीउडीकन (चक्कर दिएर) त्यसका सबै शिरका उपर बस्न लागे, ॥ १ ॥ त्यो कालको वश भइरहेको थियो, त्यसले कुनै अपशकुनको पनि परवाह मानेन “बजाओ युद्धको डंका'' भन्यो ॥ २ ॥

चली तमीचर अनी अपारा ❀ बहु गज रथ पदाति असवारा ॥३॥
प्रभु सन्मुख धाए खल कैसें ❀ सलभसमूह अनल कहुँ जैसें ॥४॥

राक्षसको अपार फौज चल्यो (रवाना भयो), त्यसमा हात्ती, रथ, प्यादा, सवारहरू धेरै थिए ॥ ३ ॥ जसरी शलभ (सलह) का समूह आगातिर हुम्मिन्छन्, ती दुष्टहरू त्यसै गरी रामजीका सन्मुख गए ॥ ४ ॥

इहाँ देवतन्ह अस्तुति कीन्ही ❀ दारुन बिपति हमहि येहि दीन्ही ॥५॥
अब जनि राम खेलावहु एही ❀ अतिसय दुखित होति बैदेही ॥६॥

यतातिर देवताहरूले रामजीसँग "यसले हामीलाई कडा दुःख दिएको छ, अब यसलाई नखेलाइबक्सियोस् । हे राम ! सीताजी अत्यन्त दुःखित भइरहनुभएको छ" भनी विन्ति गरे ॥ ५ ॥ ६ ॥

देवबचन सुनि प्रभु मुसुकाना ❀ उठि रघुबीर सुधारे बाना ॥७॥
जटाजूट दृढ़ बाँधे माथें ❀ सोहहिं सुमन बीच बिच गाथें ॥८॥
अरुन नयन बारिद तनु स्यामा ❀ अखिल लोक लोचनाभिरामा ॥९॥
कटितट परिकर कस्यो निषंगा ❀ कर कोदंड कठिन सारंगा ॥१०॥

देवताको वचन सुनेर प्रभुजीले मन्दहास्य गर्नुभयो, उहाँले उठेर बाण ठीकठाक पार्नुभयो ॥ ७ ॥ शिरमा बलियो गरी जटाजूट कस्नुभयो, बीचबीचमा घुसारेका फूल शोभायमान हुन लागे ॥ ८ ॥ वहाँका लाललाल नजर र मेघजस्तो श्याम शरीर संपूर्ण संसारका नेत्रलाई प्रसन्न पार्ने थिए ॥ ९ ॥ कम्मरमा पटुका र ठोक्रो कस्नुभयो बाहुमा कठोर शार्ङ्गधनु लिइबक्सियो ॥ १० ॥

छन्द–सारंग कर सुंदर निषंग सिलीमुखाकर कटि कस्यो ।
भुजदंड पीन मनोहरायत उर धरासुरपद लस्यो ॥
कह दास तुलसी जबहि प्रभु सर चाप कर फेरन लगे ।
ब्रह्मांड दिग्गज कमठ अहि महि सिंधु भूधर डगमगे ॥१२॥

उहाँले हातमा सुन्दर शार्ङ्गधनु लिइबक्सियो, कटिभागमा बाणको खानि ठोक्रो कसिबक्सियो, उहाँका भुजदण्ड मोटा, मनोहर, लामा थिए, उहाँको वक्षस्थल भृगुमहर्षिका चरणचिह्नले सुशोभित थियो (तुलसीदास भन्दछन्) जब प्रभुजीले धनुबाण घुमाउन लागिबक्सियो, त्यस वेलामा ब्रह्माण्ड, दिग्गज, कूर्म, शेषनाग, पृथ्वी, समुद्र, पर्वत, सबै डगमगाउन लागे ॥ १२ ॥

दोहा–सोभा देषि हरषि सुर बरषहिं सुमन अपार ।
जय जय जय करुनानिधि छबि बल गुन आगार ॥१०१॥

त्यो शोभा देखेर हर्षित भएका देवताहरू फूलको अपार वर्षा गर्न लागे । "हे राम !

गुण, ज्ञान, बल यिनका घरस्वरूप भएका, पृथ्वीको भार हरण गर्ने हजूरको जय होस् जय होस्” भन्न लागे ॥ १०१ ॥

चौ०–एहीं बीच निसाचर अनी ❀ कसमसात आई अति घनी ॥१॥
देखि चले सन्मुख कपिभट्टा ❀ प्रलयकाल के जनु घनघट्टा ॥२॥

यसै बीचमा ठेलमठेल भएर हस्याङफस्याङ गर्दै राक्षसको फौज आइपुग्यो ॥ १ ॥ त्यो देखेर प्रलयकालका मेघजस्ता वानरका योद्धाहरू संमुख हिंडे ॥ २ ॥

बहु कृपान तरवारि चमंकहिं ❀ जनु दह दिसि दामिनी दमंकहिं ॥३॥
गज रथ तुरग चिकार कठोरा ❀ गर्जहिं मनहुँ बलाहक घोरा ॥४॥

दशै दिशामा बिजुली चंकेझैं तरवार खुँडा चंकन लागे, मानौं मेघ प्रचंड गर्जन लागेका हुन् कि ? (भन्ने भान पन गरी) हात्ती रथ घोडाको ठूलो चीत्कार हुन लाग्यो ॥ ३ ॥ ४ ॥

कपि लंगूर बिपुल नभ छाए ❀ मनहुँ इंद्रधनु उए सुहाए ॥५॥
उठै धूरि मानहु जलधारा ❀ बान बुंद भै वृष्टि अपारा ॥६॥

सुन्दर इन्द्र धनु (इन्द्राणी) परेका हुन् कि भनेजस्ता अनेकानेक वानरका पुच्छर आकाशमा छाइए ॥ ५ ॥ पानीको निरवच्छिन्न धारा हो कि भन्ने भान पर्ने गरी आकाशमा धूलो फैलियो । बाणरूपी बूँद भएको अपार वृष्टि हुन लाग्यो ॥ ६ ॥

दुहुँ दिसि पर्वत करहिं प्रहारा ❀ बज्रपात जनु बारहिं बारा ॥७॥
रघुपति कोपि बानझरि लाई ❀ घायल भइ निसिचरसमुदाई ॥८॥

दुवैतर्फबाट पर्वतले हानाहान हुनलाग्यो, (पर्वत पर्वतको ठक्कर लाग्दा) वारंवार वज्रपात भएजस्तो हुन्थ्यो । रघुनाथजीले क्रुद्ध भएर बाणको झरी लाइदिनुभयो, सारा राक्षस घायल भए ॥ ७ ॥ ८ ॥

लागत बान बीर चिक्करहीं ❀ घुर्मि घुर्मि जहँ तहँ महि परहीं ॥९॥
स्रवहिं सैल जनु निर्झर भारी ❀ सोनितसरि कादर भयकारी ॥१०॥

बाण लाग्दा वीरहरू चीत्कार गर्दथे (चिच्याउँथे) घुमीघुमीकन यत्रतत्र पछारिन्थे ॥ ९ ॥ कातरहरूका भयदायक (सातो लिने) रगतका खोला पहाडबाट छहरा बगेझैं बग्न लागे ॥ १० ॥

छन्द–कादर भयंकर रुधिरसरिता चली परम अपावनी ।
दोउ कूल दल रथ रेत चक्र अबर्त्त बहति भयावनी ॥
जलजंतु गज पदचर तुरग खर बिबिध बाहन को गने ।
सर सक्ति तोमर सर्प चाप तरंग चर्म कमठ घने ॥१३॥

कातरहरूकी भयदायिनी भएकी परम अपवित्र रुधिरनदी बग्न लागी, त्यसका दुईतिर दुई दल (वानरदल र राक्षसदल) थिए (बीचमा रुधिरनदी बग्दथी) । त्यसका

रेत (बालुकामय उच्च प्रदेश) रथ थिए, त्यसका आवर्त (भुमरी) रथका पाङ्ग्रा थिए, भयानक त्यो नदी बगिरहन्थी, त्यो नदीका जलजन्तु मरेका हात्ती, प्यादा, घोड़ा, गधा, इत्यादि सवारी नै थिए, तिनको गिन्ती गर्न को सक्छ, त्यो नदीका सर्प बाण, शक्ति, तोमर यिनै थिए, त्यसका तरङ्ग धनु थिए, त्यसका धेरै कछुवा ढाल थिए ।। १३ ।।

दोहा—बीर परहिं जनु तीरतरु मज्जा बहु बह फेन ।
कादर देखि डरहिं तहँ सुभटन्ह कें मन चेन ।।१०२।।

वीरहरू तीरका वृक्षझैं त्यसैमा ढल्दथे, मरेका प्राणीको मज्जा (गिदी) रूपी फींज खूब बगिरहेको थियो, कातरहरू त्यसलाई देख्ता डराउँथे, वीर शूर योद्धाहरूका मनमा चैन (आनन्द) हुन्थ्यो ।। १०२ ।।

चौ०—मज्जहिं भूत पिसाच बेताला ❀ प्रमथ महा झोटिंग कराला ।।१।।
काक कंक लै भुजा उड़ाहीं ❀ एक तें छीनि एक लै खाहीं ।।२।।

त्यो नदीमा भूत, पिशाच, वेताल, प्रमथ ठूला ठूला भयानक झोटिङ्ग (रुद्रगणविशेष) गोता लगाइरहेका थिए, ।। १ ।। काग, कंक आदि गरेका पक्षीहरू काटिएको हात लिएर उड्दथे, एउटासँग खोसेर अर्को खान लाग्दथ्यो ।। २ ।।

एक कहहिं ऐसिउ सौंघाई ❀ सठहु तुम्हार दरिद्रु न जाई ।।३।।
कहरत भट घायल तट गिरे ❀ जहँ तहँ मनहु अर्धजल परे ।।४।।

एउटा—"यस्तो सहकाल परेमा पनि हे स्वाँठहो ! तिमीहरूको दारिद्र्य गएन नि !" भन्दथ्यो ।। ३ ।। जहाँ तहाँ तीरमा पछारिएका घायल वीरहरू अर्धजल परेका हुन् कि भनेजस्तो गरी कनेर कराइरहेका थिए ।। ४ ।।

खैंचहिं गीध आँत तट भएँ ❀ जनु बनसी खेलत चित दएँ ।।५।।
बहु भट बहहिं चढ़े खग जाहीं ❀ जनु नावरि खेलहिं सरि माहीं ।।६।।

पाखामा बसेर नदीका मुर्दाको आन्द्रा तान्न लागेका गिद्धहरू मानौं चित्त लाएर (एकाग्र भएर) बनशी खेल्न (माछाको शिकार खेल्न) लागेका हुन् कि ? भन्ने भान पार्दथे, ।। ५ ।। धेरै योद्धाहरू बगिरहेका थिए, तिनमा चढेर पक्षीहरू नदीमा नावरी (नाउ चढेर गरिने खेल) गर्न लागेका हुन् कि ? (भन्ने भान पार्दथे) ।। ६ ।।

जोगिनि भरि भरि खप्पर संचहिं ❀ भूत पिसाच बधूँ नभ नंचहिं ।।७।।
भट कपाल करताल बजावहिं ❀ चामुंडा नाना बिधि गावहिं ।।८।।

जोगिनीहरू खप्परमा भरीभरीकन रगतको संचय गर्नलागेका थिए, आकाशमा भूतिनी, पिशाचिनीहरू नाच्न लागेका थिए ।। ७ ।। चामुण्डाहरू जोद्धाहरूका खप्परको करताल बजाउँथे, नाना प्रकारले गाउँथे ।। ८ ।।

जंबुकनिकर कटकट कट्टहिं ❀ खाहिं हुआहिं अघाहिं दबट्टहिं ।।९।।
कोटिन्ह रुंड मुंड बिनु चल्लहिं ❀ सीस परे महि जय जय बोल्लहिं ।।१०।।

स्यालका बथान मुर्दालाई कटक्क कटक्क गरेर दाँतले काट्तथे, खान्थे, अनि हूँआ हूँआ गरी कराउँथे, अघाउँथे तापनि (अर्कालाई) डाँट्तथे ॥ ९ ॥ करोड़ौं रुण्ड विनामुण्ड हिंडिरहेका थिए, जमीनमा गिरेका मुण्ड जयजय बोल्दथे ॥ १० ॥

छन्द–बोलहिं जो जय जय मुंड रुंड प्रचंड सिर बिनु धावहीं ।
खप्परिन्ह खग्ग अलुझि जुझहिं सुभट भटन्ह ढहावहीं ॥
निसिचर बरूथ बिमर्दि गरजहिं भालु कपि दर्पित भए ।
संग्राम अंगनि सुभट सोवहिं रामसर निकरन्हि हए ॥१४॥

मुण्ड जय जय बोल्दथे, प्रचंड रुंड विनामुण्ड दौडन्थे, पक्षीहरू खप्परमा अल्झेका थिए (परस्पर) जुद्धथे, बलवान् योद्धाहरू योद्धाहरूलाई काटी काटी ढलाउँथे, घमण्डी भएका भालू र वानर राक्षसहरूका बथानको मर्दन गरेर गर्जन गर्दथे, रामजीका बाणवृष्टिले मारिएका ठूला ठूला राक्षसयोद्धाहरू संग्रामभूमिमा (पसारिएका) थिए ॥ १४ ॥

दोहा–रावण हृदय बिचारा भा निसिचरसंघार ।
मैं अकेल कपि भालु बहु माया करउँ अपार ॥१०३॥

रावणले मनमा "राक्षसहरूको संहार भैसक्यो, म एकलो रहें, वानर-भालू धेरै छन्, अब अपार माया गरौं" यस्तो विचार गऱ्यो ॥ १०३ ॥

चौ०–देवन्ह प्रभुहि पयादें देखा ❀ उपजा उर अति छोभ बिसेषा ॥१॥
सुरपति निज रथु तुरत पठावा ❀ हरष सहित मातलि लै आवा ॥२॥

देवताहरूले प्रभुजीलाई पैदल देखे, उनका मनमा बडो क्षोभ (खुलदुली) पैदा भयो ॥ १ ॥ इन्द्रले तुरन्तै आफ्नो रथ पठाए, मातलि सारथि हर्षयुक्त भएर त्यो रथ लिईकन आए ॥ २ ॥

तेजपुंज रथ दिब्य अनूपा ❀ हरषि चढ़े कोसलपुरभूपा ॥३॥
चंचल तुरग मनोहर चारी ❀ अजर अमर मन सम गतिकारी ॥४॥

त्यो रथ तेजःपुञ्जमय (तेजले झलमल्ल भएको) दिव्य (अलौकिक) अनुपम थियो ॥ ३ ॥ अयोध्याधिराज रामजी हाँसेर त्यसमा चढ़्नुभयो । त्यसका चार घोडा अजर अमर, मनबराबर दौड्ने र चट्पटे, मनोहर थिए ॥ ४ ॥

रथारूढ़ रघुनाथहि देखी ❀ धाए कपि बलु पाइ बिसेषी ॥५॥
सही न जाइ कपिन्ह कै मारी ❀ तब रावन माया बिस्तारी ॥६॥

रघुनाथजीलाई रथमा चढेको देखेर वानरहरू विशेष बल पाएर दौडे, ॥ ५ ॥ जब वानरको मार (पिटाई) खपिनसक्नुभयो, अनि रावणले माया फैलायो ॥ ६ ॥

सो माया रघुबीरहि बाँची ❀ सब काहू मानी करि साँची ॥७॥
देखी कपिन्ह निसाचर अनी ❀ बहु अंगद लछिमन कपिधनी ॥८॥

त्यो मायालाई एउटा रामजीबाहेक सबैले साँचो ठाने ॥ ७ ॥ वानरहरूले राक्षसका फौज देखे, धेरै अंगद, धेरै लक्ष्मण, धेरै सुग्रीव पनि देखे ॥ ८ ॥

छन्द–बहु बालिसुत लछिमन कपीस बिलोकि मर्कट अपडरे ।
जनु चित्रलिखित समेत लछिमन जहँ सो तहँ चितवहिं खरे ॥
निज सेन चकित बिलोकि हसि सर चाप सजि कोसलधनी ।
माया हरी हरि निमिष महुँ हरषी सकल मर्कट अनी ॥१५॥

अंगद, लक्ष्मण, सुग्रीव धेरै देख्ता वानरहरू भयभीत भए । लक्ष्मणजी पनि तस्वीरमा लेखेजस्ता (निश्चल) भई जहाँको तहाँ खडाको खडै रहेर हेर्न लाग्नुभयो, श्रीहरि अयोध्यापति रामजीले आफ्नो फौज भयभीत भएको देखेर धनुबाण ठीक गरीकन एक निमेषमा त्यो माया हर्नुभयो, अनि सकल वानर हर्षित भए ॥ १५ ॥

दोहा–बहुरि रामु सब तन चितइ बोले बचन गभीर ।
द्वंद्वजुद्ध देखहु सकल श्रमित भए अति बीर ॥१०४॥

अनि रामजीले सबै वानर-भालूतिर हेरेर “हे वीरहो ! तिमीहरू सबै थकित भयौ, अब द्वन्द्वयुद्ध (अकेला-अकेलीको लड़ाइँ) हेर” यो गंभीर वचन बोल्नुभयो ॥ १०४ ॥

चौ०–अस कहि रथु रघुनाथ चलावा ❀ बिप्रचरन पंकज सिरु नावा ॥१॥
तब लंकेस क्रोध उर छावा ❀ गर्जत तर्जत सन्मुख धावा ॥२॥

यस्तो बोलेर रामजीले रथ चलाउन लाउनुभयो, ब्राह्मणको चरणकमल संझेर प्रणाम गर्नुभयो ॥ १ ॥ अनि हृदयमा क्रोधले परिपूर्ण भएको रावण गर्जदै ललकादैं रामजीका सन्मुख दौड्यो ॥ २ ॥

जीतेहु जे भट संजुग माहीं ❀ सुनु तापस मैं तिन्ह सम नाहीं ॥३॥
रावन नाम जगत जसु जाना ❀ लोकप जा कें बंदीखाना ॥४॥

(रावण भन्न लाग्यो) “ए तपस्वी ! सुन् , तैंले लडाइँमा जुन जुन वीरलाई जितिस् म तिनीहरूजस्तो होइन ॥ ३ ॥ मेरो नाम रावण हो, मेरो यश जगतले जानेको छ । जसका कैदखानामा लोकपाल पडिरहेका छन् ॥ ४ ॥

खर दूषन कबंध तुम्ह मारा ❀ बधेहु ब्याध इव बालि बिचारा ॥५॥
निसिचरनिकर सुभट संघारेहु ❀ कुंभकरण घननादहि मारेहु ॥६॥
आजु बयरु सब लेउँ निबाही ❀ जौ रन भूप भाजि नहि जाही ॥७॥
आजु करौं खलु काल हवालें ❀ परेहु कठिन रावन कें पालें ॥८॥

तैंले खरदूषण कबन्धलाई मारिस् , बिचरा बालिलाई पनि व्याधाजस्तो भएर मारिस् ॥ ५ ॥ राक्षसका फौजको र ठूला ठूला वीरको पनि संहार गरिस् , कुम्भकर्ण र मेघनादलाई पनि मारिस् ॥ ६ ॥ आज म त्यो सबै बैरभावको निर्वाह (वैरसाधना = बदला) लिन्छु । राजा !

यदि युद्धबाट भागेर गइनस् भने आज तँलाई अवश्यमेव कालको हवाला (सुपुर्द गर्दछु, भयानक रावणको फेला परिस् ॥ ७ ॥ ८ ॥

सुनि दुर्बचन कालबस जाना ❀ बिहसि बचन कह कृपानिधाना ॥९॥
सत्य सत्य सब तव प्रभुताई ❀ जल्पसि जनि देखाउ मनुसाई ॥१०॥

रावणका दुर्वचन सुनेर करुणानिधान रामजीले त्यसलाई कालवश भएको जान्नुभयो र हाँसीकन "तेरो प्रभुत्व साँचो हो, व्यर्थ बकवाद नगर, पौरुष देखा" भन्नुभयो ॥ ९ ॥ १० ॥

छन्द–जनि जल्पना करि सुजसु नासहि नीति सुनहि करहि क्षमा ।
संसार महुँ पूरुष त्रिबिध पाटल रसाल पनस समा ॥
एक सुमनप्रद एक सुमन फल एक फलइ केवल लागहीं ।
एक कहहिं कहहिं करहिं अपर एक करहिं कहत न बागहीं ॥१६॥

(रामजीले भन्नुभयो) व्यर्थको बकवाद गरेर आफ्ना सुयशलाई बरबाद नपार् । (एकछिन) क्षमा गरेर (रिसलाई पन्साएर) नीतिका कुरा सुन् । संसारमा गुलाबजस्ता, आँपजस्ता, कटहरजस्ता, तीन थरी पुरुष हुन्छन् , क्रमैले एक थरी फूल मात्रै दिन्छन् , एक थरी फूल र फल दिन्छन् , एक थरीमा फल मात्र लाग्दछन् , अर्थात् एक थरी (पुरुष) बोल्दछन् मात्रै, एक थरी बोल्दछन् पनि गर्दछन् पनि, एक थरी गर्दछन् मात्रै वचनले भन्दैनन्" ॥ १६ ॥ (क)

दोहा–रामबचन सुनि बिहसा मोहि सिखावत ज्ञान ।
बयरु करत नहि तब डरे अब लागे प्रिय प्रान ॥१०५॥

रामजीका वचन सुनेर रावणले हाँसीकन "मलाई ज्ञान सिकाउँछस् ?, वैरभाव गर्दा अघि डराइनस् ऐले प्राण प्यारा लागे ? (हो कि ?) भन्यो ॥ १०५ ॥

चौ०–कहि दुर्बचन क्रुद्ध दसकंधर ❀ कुलिस समान लाग छाड़ैं सर ॥१॥
नानाकार सिलीमुख धाए ❀ दिसि अरु बिदिसि गगन महि छाए॥२॥

यस्तो दुर्वचन बोलेर क्रुद्ध भएको रावण वज्रसमान बाण छाड्न लाग्यो ॥ १ ॥ नाना प्रकारका बाण दौडे, दिशा-विदिशा, आकाश-पृथ्वी सर्वत्र व्याप्त भए ॥ २ ॥

(क) केवल बोलीले अरूलाई खुशी पार्ने (दङ हाँकेर दङ्ग पार्ने) काम बिलकुल नगर्ने मानिस बास्नाले सबैलाई खुशी पार्ने फल नफल्ने गुलाबजस्ता हुन् ।

बोलीले पनि, कामले पनि अरूलाई खुशी पार्ने मानिस, फूलले पनि, फलले पनि सबैलाई खुशी पार्ने आँपजस्ता हुन् ।

बिलकुल बोल्दै नबोलेर (चूपचाप) काम सिद्ध पारेर अरूलाई खुशी पार्ने मानिस फुल्दै नफुलेर फलले दुनियाँलाई खुशी पार्ने कटहरजस्ता हुन् ।

कटहरजस्ता मानिस उत्तम श्रेणीका, आँपजस्ता मध्यमश्रेणीका, गुलाबजस्ता मानिस अधम श्रेणीका कहिन्छन् ।

पावकसर छाड़ेउ रघुबीरा ❀ छन महुँ जरे निसाचरतीरा ॥३॥
छाड़िसि तीब्र सक्ति खिसिआई ❀ बानसंग प्रभु फेरि चलाई ॥४॥

रघुनाथजीले अग्निबाण छाड्नुभयो, एकक्षणमा राक्षसका बाण जले ॥ ३ ॥ अनि त्यसले झोक्किएर शक्ति (बर्छी) छाड्यो, प्रभुजीले आफूले हानेका बाणसँगै त्यसलाई फर्काइदिनुभयो ॥ ४ ॥

कोटिन्ह चक्र त्रिसूल पबारइ ❀ बिनु प्रयास प्रभु काटि निवारइ ॥५॥
निफल होहिं रावनसर कैसें ❀ खल के सकल मनोरथ जैसें ॥६॥

त्यसले करोड़ौं चक्र र त्रिशूल छाड्यो, प्रभुजीले विनाप्रयास काटेर गिराइदिनुभयो ॥ ५ ॥ दुर्जनका सकल मनोरथ जसरी निष्फल हुन्छन, रावणका बाण त्यसै गरी निष्फल भए ॥ ६ ॥

तब सत बान सारथी मारेसि ❀ परेउ भूमि जय राम पुकारेसि ॥७॥
राम कृपा करि सूत उठावा ❀ तब प्रभु परम क्रोध कहुँ पावा ॥८॥

अनि त्यसले सारथि (मातलि) लाई सय बाणले हान्यो, त्यो जय राम भन्दै जमीनमा गिर्‍यो ॥ ७ ॥ रामजीले कृपा गरेर सारथिलाई उठाउनुभयो, अनि प्रभुजीलाई अत्यन्त रिस उठ्यो ॥ ८ ॥

छन्द–भयो क्रुद्ध जुद्ध बिरुद्ध रघुपतित्रोन सायक कसमसे ।
कोदंडधुनि अति चंड सुनि मनुजाद सब मारुत ग्रसे ॥
मन्दोदरी उर कंप कंपति कमठ भू भूधर त्रसे ।
चिक्करहिं दिग्गज दसन गहि महि देखि कौतुक सुर हसे ॥१७॥

क्रुद्ध भएका प्रभुजी युद्धमा विरुद्ध (एकछिन अडिएका) हुनुभयो, ठोक्राका बाण (आफै) छटपटाउन लागे, रघुनाथजीका धनुको अत्यन्त प्रचण्ड टङ्कार सुनेर सबै राक्षस वातग्रस्त (लकुवा लागेर हलचल गर्न नसक्ने जस्ता) भए। मन्दोदरीको छाती ढुकढुक गर्न लाग्यो र ती थर्थर काप्न लागिन्, पृथ्वीधारण गर्ने कछुवा, पृथ्वी, पर्वत डराए। दिग्गजहरू दाँतले पृथ्वी अड्याएर चीत्कार गर्नलागे, यो तमाशा देखेर देवताहरू हाँसे ॥ १७ ॥

दोहा–तानेउ चाप श्रवन लगि छाड़े बिसिख कराल ।
राम मारगन गन चले लहलहात जनु ब्याल ॥१०६॥

रामजीले कानसम्म धनुको ताँदो तानेर भयङ्कर बाण छाड्नुभयो। रामजीका बाणका परम्परा सर्पजस्तै सलसलाएर चले ॥ १०६ ॥

चौ०–चले बान सपक्ष जनु उरगा ❀ प्रथमहि हत्यो सारथी तुरगा ॥१॥
रथ बिभंजि हति केतु पताका ❀ गर्जा अति अंतरबल थाका ॥२॥

बाणका समूह प्वाँख भएका सर्पजस्तै चल्नलागे, रामजीले पहिल्यै त्यसका सारथी र घोडा मारिदिनुभयो, ॥ १ ॥ रथ तोडेर ध्वजा पताका काटिदिनुभयो, रावण खूब गर्ज्यो, तर त्यसको मनोबल थाकेको थियो ॥ २ ॥

तुरत आन रथ चढ़ि खिसिआना ❀ अस्त्र सस्त्र छाड़ेसि बिधि नाना ॥३॥
निफल होहिं सब उद्यम ता के ❀ जिमि परद्रोह निरत मनसा के ॥४॥

अनि त्यो तुरन्तै अर्को रथमा चढेर क्रुद्ध भईकन नाना प्रकारका शस्त्र अस्त्र छाड्न लाग्यो ॥ ३ ॥ त्यसका सबै उद्योग परद्रोहमा लागिरहने व्यक्तिका मनसाय (मनोरथ) जस्तै निष्फल हुन लागे ॥ ४ ॥

तब रावन दस सूल चलावा ❀ बाजि चारि महि मारि गिरावा ॥५॥
तुरग उठाइ कोपि रघुनायक ❀ खैंचि सरासन छाड़े सायक ॥६॥

अनि रावणले दशोटा त्रिशूल चलायो, रामजीका चार घोडालाई हानेर जमीनमा गिरायो ॥ ५ ॥ रामजीले क्रुद्ध भएर तिनलाई उठाईकन धनु तानेर बाण छाड्नुभयो ॥ ६ ॥

रावनसिर सरोजबन चारी ❀ चलि रघुबीर सिलीमुख धारी ॥७॥
दस दस बान भाल दस मारे ❀ निसरि गए चले रुधिरपनारे ॥८॥

रघुनाथजीका शिलीमुख (बाणरूपी भुँमरा) का परम्परा रावणका शिररूपी कमलवनमा संचरण गर्न (घुमफिर गर्न) हिंडे ॥ ७ ॥ दशोटा ललाटमा दश दश बाण हान्नुभयो, रगतका धारा निस्केर बग्न लागे ॥ ८ ॥

स्रवत रुधिर धाएउ बलवाना ❀ प्रभु पुनि कृत धनु सर संधाना ॥९॥
तीस तीर रघुबीर पबारे ❀ भुजन्हि समेत सीस महि पारे ॥१०॥

बलवान् रावण रगत चुहुँदैमा दौड्यो, प्रभुजीले धनुमा बाण फेरि जोर्नुभयो ॥ ९ ॥ रघुवीरले तीस बाण छाड्नुभयो, रावणका २० भुजासहित १० शिर जमीनमा गिराउनुभयो ॥ १० ॥

काटतहीं पुनि भए नवीने ❀ राम बहोरि भुजा सिर छीने ॥११॥
प्रभु बहु बार बाहु सिर हए ❀ कटत झटिति पुनि नूतन भए ॥१२॥

काट्नेवित्तिकै फेरि नयाँ (हात-शिर) भए । रामजीले फेरि काट्नुभयो ॥ ११ ॥ फेरि काट्नेवित्तिकै झट्ट नयाँ पैदा भए, प्रभुजीले धेरै पटक बाहु र शिर काटनुभयो ॥ १२ ॥

पुनि पुनि प्रभु काटत भुज बीसा ❀ अति कौतुकी कोसलाधीसा ॥१३॥
रहे छाइ नभ सिर अरु बाहू ❀ मानहु अमित केतु अरु राहू ॥१४॥

अत्यन्त लहडी रामजी वारंवार बीस भुजा काट्न लाग्नुभयो, काटिएर आकाशमा अडेका वेलाका रावणका शिर र बाहु मानौं अनेक केतु र राहु हुन् कि ? (भन्ने भान पार्न लागे) ॥ १३ ॥ १४ ॥

छन्द–जनु राहु केतु अनेक नभ पथ स्रवन सोनित धावहीं ।
रघुबीरतीर प्रचंड लागहिं भूमि गिरन न पावहीं ॥
एक एक सर सिरनिकर छेदे नभ उड़त इमि सोहहीं ।
जनु कोपि दिनकर कर निकर जहँ तहँ बिधुंतुद पोहहीं ॥१८॥

मानौं आकाशमार्गमा अनेक केतु र राहु रगत चुहाउँदै दौडेका हुन् कि ? (यस्तो तर्क हुने भयो) रघुवीरका प्रचंड बाण (बराबर) लाग्दथे र ती जमीनमा खस्न पाँउदैनथे एउटा एउटा बाणले धेरै शिर छेडेर (तिनलाई झुंड्याईकन) उडदा मानौं सूर्यका किरण समूह क्रुद्ध भएर राहुहरूलाई आफूमा उन्न लागिरहेका हुन् कि (यस्तो तर्क हुन्थ्यो) ॥ १८ ॥

दोहा–जिमि जिमि प्रभु हर तासु सिर तिमि तिमि होहिं अपार ।
सेवत बिषय बिबर्ध जिमि नित नित नूतन मार ॥१०७॥

जसरी विषयका सेवाले नित्य नित्य नयाँ भएर काम (भोगेच्छा) बढ्दछ, त्यसो गरी प्रभुजी ज्यौं ज्यौं त्यसका सिर काट्नुहुन्थ्यो, त्यौं त्यौं असंख्य हुन्थे ॥ १०७ ॥

चौ०–दसमुख देखि सिरन्ह कै बाढ़ी ❀ बिसरा मरन भई रिस गाढ़ी ॥१॥
गर्जेउ मूढ़ महा अभिमानी ❀ धाएउ दसउ सरासन तानी ॥२॥

शिरको वृद्धि देखेर रावणले मरण बिर्स्यो त्यसलाई गाढ (अत्यन्त) क्रोध आयो, महाअभिमानी त्यो मूर्ख दशओटा धनु तानेर दौड्यो ॥ १ ॥ २ ॥

समरभूमि दसकंधर कोप्यो ❀ बरषि बान रघुपतिरथ तोप्यो ॥३॥
दण्ड एक रथ देखि न परेऊ ❀ जनु निहार महु दिनकर दुरेऊ ॥४॥

युद्धभूमिमा रावण क्रुद्ध भयो, बाण वर्षाएर रघुनाथजीको रथ ढाकिदियो ॥ ३ ॥ एक घडीसम्म रघुनाथर्जाको रथ देखापरेन, कुइरामा (हुस्सूमा) सूर्य छिपेजस्तै भयो ॥ ४ ॥

हाहाकार सुरन्ह जब कीन्हा ❀ तब प्रभु कोपि कारमुक लीन्हा ॥५॥
सर निवारि रिपु के सिर काटे ❀ ते दिसि बिदिसि गगन महि पाटे ॥६॥

जब देवताहरूले हाहाकार गरे, अनि प्रभुजीले क्रुद्ध भएर धनु उठाउनुभयो, बाणले रावणका बाणलाई काटेर शिरसमेत काट्नुभयो, तिनीहरूले (काटिएका बाण र टाउकाले) दिशा-विदिशा, आकाश जमीन ढाके ॥ ५ ॥ ६ ॥

काटे सिर नभमारग धावहिं ❀ जय जय धुनि करि भय उपजावहिं ॥७।
कहँ लछिमन हनुमान कपीसा ❀ कहँ रघुबीर कोसलाधीसा ॥८॥

काटिएका शिर आकाशमार्गमा दौडन्थे, जय जयको ध्वनि गरेर भय पैदा गराउँथे "लक्ष्मण, हनूमान्, सुग्रीव कता छन् ?, अयोध्यापति राम कहाँ छ ?" भन्दथे ॥ ७ ॥ ८ ॥

छन्द–कहँ रामु कहि सिरनिकर धाए देखि मर्कट भजि चले।
संधानि धनु रघुबंसमनि हसि सरन्हि सिर बेधे भले॥
सिरमालिका गहि कालिका गहि बृंद बृंदन्हि बहु मिलीं।
करि रुधिरसरि मज्जनु मनहु संग्राम बट पूजन चलीं॥१९॥

राम कता छन्? भन्दै शिर दौडेको देखेर वानरहरू भागेर गए, रघुवंशमणि रामजीले हाँसेर धनु तानेर ती शिरलाई बाणमा उन्न लाग्नुभयो, कालिकादेवीका बथानका बथान एकत्र भएर ती बाणमा उनेका मुण्डमाला लिईलिईकन रुधिरनदीमा स्नान गरेर संग्रामरूपी वटवृक्षको पूजा गर्न हिंडे कि? (भन्ने भान पर्ने गरी बाणमा उनिएका मुण्डमाला युद्धभूमिमा खस्न लागे) ॥ १९ ॥

दोहा–पुनि दसकंठ क्रुद्ध होइ छाड़ी सक्ति प्रचंड।
चली बिभीषन सन्मुख मनहु काल कर दंड॥१०८॥

फेरि रावणले अतिक्रुद्ध भएर प्रचंड शक्ति (बर्छी) छाड्यो, त्यो बर्छी मानौं काल-दण्ड हो कि? भनेजस्तो गरी विभीषणका साम्ने आई ॥ १०८ ॥

चौ०–आवत देखि सक्ति अति घोरा ❀ प्रनतारतिभंजन बिरदु सँभारा॥१॥
तुरत बिभीषनु पाछें मेला ❀ सन्मुख राम सहेउ सोइ सेला॥२॥

त्यो शक्ति (बर्छी) आउन लागेको देखेर रामजीले "प्रणतार्तिहर" "(शरणागत पीडानिवारक)" यस्तो आफ्नो विरुद (प्रशस्ति) लाई सह्माल्नुभयो (कायम राख्नुभयो) ॥ १ ॥ झटपट विभीषणलाई आफ्ना पछिल्तिर पारेर रामजीले त्यो शक्ति (बर्छी) लाई सन्मुख भएर सहनुभयो (थाप्नुभयो) ॥ २ ॥

लागि सक्ति मुरुछा कछु भई ❀ प्रभु कृत खेलु सुरन्ह बिकलई॥३॥
देखि बिभीषनु प्रभु श्रम पायो ❀ गहि कर गदा क्रुद्ध होइ धायो॥४॥

शक्ति लाग्दा रामजीलाई अलिकति मूर्छा भयो, प्रभुजीले खेलवाड गर्नुभएको थियो, देवताहरूलाई व्याकुलता भयो ॥ ३ ॥ विभीषणले प्रभुजीले क्लेश पाएको देखे, अनि झोक्किएर हातमा गदा लिईकन दौडे ॥ ४ ॥

रे कुभाग्य सठ मंद कुबुद्धे ❀ तैं सुर नर मुनि नाग बिरुद्धे॥५॥
सादर सिव कहुँ सीस चढ़ाए ❀ एक एक के कोटिन्ह पाए॥६॥

(विभीषणले रावणलाई भने—) "ए हतभाग्य! ए बदमाश! ए नीच! ए कुबुद्धि! तैंले शिवजीलाई आदरका साथ शिर चढाइस्, एक एक सिरका कोटि कोटि शिर पाइस् ॥ ५ ॥ ६ ॥

तेहि कारन खल अब लगि बाँच्यो ❀ अब तव कालु सीस पर नाच्यो॥७॥
रामबिमुख सठ चह संपदा ❀ अस कहि हनेसि माझ उर गदा॥८॥

त्यसै कारणले तँ ऐलेसम्म बाँचिस्, अब तेरा शिरका उपर काल नाच्न लाग्यो ॥ ७ ॥ स्वाँठ ! रामदेखि विमुख भएर पनि संपत्ति चाहन्छस् ?” यति भनेर विभीषणले त्यसका छातीका माझमा गदाको प्रहार गरे ॥ ८ ॥

छन्द–उर माझ गदाप्रहार घोर कठोर लागत महि पर्‍यो ।
दसबदन सोनित स्रवत पुनि संभारि धायो रिस भर्‍यो ॥
द्वौ भिरे अतिबल मल्लजुद्ध बिरुद्ध एकु एकहि हने ।
रघुबीरबल दर्पित बिभीषनु घालि नहि ता कहुँ गने ॥२०॥

घोर शब्द गर्दै आएको गदाको कडा चोट छातीमा लाग्नेबित्तिकै रावण जमीनमा गिर्‍यो । दशैंओटा मुखबाट रगत बग्न लाग्यो । त्यो फेरि सह्मालिएर क्रोधपूर्ण भईकन दौड्यो, अत्यन्त बलवान् भएका ती दुईजन मल्लयुद्धमा (कुस्ताकुस्ती-मुक्कामुक्कीमा) भिडेर परस्पर पिटन लागे, रघुनाथजीका बलले मस्त भएका विभीषण त्यो रावणलाई घलुवामा पनि गन्दैनथे । (फोसा जत्तिको पनि मान्दैनथे) ॥ २० ॥

दोहा–उमा बिभीषनु रावनहि सन्मुख चितव कि काउ ।
सो अब भिरत काल ज्यों श्रीरघुबीर प्रभाउ ॥१०९॥

हे पार्वती ! के ती विभीषण रावणको सन्मुख कहिल्यै हेर्न सक्ने हुन् र ? श्रीरामजीका प्रभावले आज ती कालसमान भएर लड्न भिड्न लागे ॥ १०९ ॥

चौ०–देखा श्रमित बिभीषनु भारी ❀ धाएउ हनूमान गिरि धारी ॥१॥
रथ तुरंग सारथी निपाता ❀ हृदय माझ तेहि मारेसि लाता ॥२॥

विभीषणलाई खूब थाकेको थाहा पाएर हनूमान्जी पहाड लिएर दौडे ॥ १ ॥ रथ, घोडा, सारथिलाई गिराए, छातीका माझमा लातले ठोके ॥ २ ॥

ठाढ़ रहा अति कंपित गाता ❀ गएउ बिभीषनु जहँ जनत्राता ॥३॥
पुनि रावन कपि हतेउ पचारी ❀ चलेउ गगन कपि पूँछ पसारी ॥४॥

शरीर अत्यन्त काँप्न लाग्यो तापनि त्यो रावण खडै रह्यो (पछारिएन) । विभीषण जहाँ भक्तरक्षक रघुनाथजी हुनुहुन्थ्यो उतैतिर गए ॥ ३ ॥ रावणले हनूमान्जीलाई ललकारेर पिट्यो, ती पुच्छर लम्याएर आकाशतिर उडे ॥ ४ ॥

गहिसि पूँछ कपि सहित उड़ाना ❀ पुनि फिरि भिरेउ प्रबल हनुमाना ॥५॥
लरत अकास जुगल सम जोधा ❀ एकहि एकु हनत करि क्रोधा ॥६॥

रावणले पुच्छर समात्यो, त्यो हनूमान्समेत उड्यो, अनि बलवान् हनूमान् फर्केर भिडे ॥ ५ ॥ ती दुई योद्धा बराबरीले लड्न लागे, क्रुद्ध भएर एउटाले आर्कालाई पिट्तथ्यो ॥ ६ ॥

सोहहिं नभ छल बल बहु करहीं ❀ कज्जल गिरि सुमेरु जनु लरहीं ॥७॥

बुधिबल निसिचर परै न पार्‍यो ❀ तब मारुतसुत प्रभु संभार्‍यो ॥८॥

ती दुईजना आकाशमा धेरै दाउपेच गर्दथे, मानौं गाजलको पर्वत र सुमेरुपर्वत लड्न लागेका हुन् कि (भन्ने भान पार्ने गरी) शोभित भएका थिए ॥ ७ ॥ बुद्धि र बलले पछार्न खोज्दा त्यो राक्षस पछारिएन, अनि हनूमान्‌जीले श्रीरामजीलाई संझे ॥ ८ ॥

छन्द–सँभारि श्रीरघुबीर धीर पचारि कपि रावनु हन्यो ।
महि परत पुनि उठि लरत देवन्ह जुगल कहुँ जय जय भन्यो ॥
हनुमंत संकट देखि मर्कट भालु क्रोधातुर चले ।
रनमत्त रावन सकल सुभट प्रचंड भुजबल दल ले ॥२१॥

श्रीरघुवीरलाई संझेर धीर भईकन हनूमान्‌जीले रावणलाई ललकारेर पिटे, दुवैजना जमीनमा पछारिंदै उठ्तै लड्नलागे । देवताहरूले दुवैलाई जय जय भने । हनूमान्‌जीलाई संकष्ट परेको देखेर भालु-वानर क्रुद्ध भईकन दौडे, युद्धमा मत्त भएको रावणले ती सबै वीरलाई प्रचंड भुजदंडका बलले थिलथिलो पार्‍यो ॥ २१ ॥

दोहा–तब रघुबीर पचारे धाए कीस प्रचंड ।
कपिदल प्रबल देखि तेहिं कीन्ह प्रगट पाखंड ॥११०॥

रामजीले ललकार्नुभयो, अनि सबै प्रचंड वीर वानर दौडे, रावणले प्रचंड भएको त्यो वानरको दललाई देख्यो र माया प्रकट गर्‍यो ॥ ११० ॥

चौ०–अंतर्धान भएउ छन एका ❀ पुनि प्रगटे खल रूप अनेका ॥१॥
रघुपतिकटक भालु कपि जेते ❀ जहँ तहँ प्रगट दसानन तेते ॥२॥

एकछिन त्यो अन्तर्धान (अदृश्य) भयो, उहाँपछि त्यो दुष्ट अनेक रूपले प्रकट भयो ॥ १ ॥ रघुनाथजीका फौजमा भालु र वानर जति थिए जहाँ तहाँ उत्ति रावण प्रकट भए ॥ २ ॥

देखे कपिन्ह अमित दससीसा ❀ भागे भालु बिकल भट कीसा ॥३॥
भागे बानर धरहिं न धीरा ❀ त्राहि त्राहि लछिमन रघुबीरा ॥४॥

वानरहरूले असंख्य रावण देखे, भालु भागे, वानर व्याकुल भए ॥ ३ ॥ वानरले पनि धैर्य धारण गरेनन्, हे लक्ष्मण ! हे रघुवीर !” भन्दै भागे ॥ ४ ॥

दह दिसि धावहिं कोटिन्ह रावन ❀ गर्जहिं घोर कठोर भयावन ॥५॥
डरे सकल सुर चले पराई ❀ जय कै आस तजहु अब भाई ॥६॥

दशै दिशामा करोडौं भयङ्कर रावण कडा डरलाग्दो गरी गर्जन्थे ॥ ५ ॥ देवता पनि डराए, “भाईहो ! अब जयको आशा छोड” ॥ ६ ॥

सब सुर जिते एक दसकंधर ❀ अब बहु भए तकहु गिरिकंदर ॥७॥
रहे बिरंचि संभु मुनि ज्ञानी ❀ जिन्ह जिन्ह प्रभुमहिमा कछु जानी ॥८॥

एउटा रावणले ता सबै देवतालाई जितेको थियो, अब ता धेरै रावण भए, अब पर्वतका गुफा कन्दरा (लुक्नलाई) ताक" भन्दै भागे ॥ ७ ॥ जसले प्रभुजीको महिमा केही जानेको थियो, ती ब्रह्मा, शंकर, ज्ञानीहरू रहे (भागेनन्) ॥ ८ ॥

छन्द–जाना प्रताप ते रहे निर्भय कपिन्ह रिपु माने फुरे ।
चले बिचलि मर्कट भालु सकल कृपाल पाहि भयातुरे ॥
हनुमंत अंगद नील नल अतिबल लरत रनबाँकुरे ।
मर्दहिं दसानन कोटि कोटिन्ह कपट भू भट अंकुरे ॥२२॥

जो प्रभुको प्रताप जान्दथे, ती निर्भय भएर खडा रहे, वानरहरूले दुश्मन रावणहरूलाई साँचै ठानेका थिए, भयले व्याकुल भएर "हे दयालु ! हे राम ! बचाउनुहोस्" यस्तो पुकार गर्दै तिनीहरू भागे । अत्यन्त बलवान् युद्धमा कट्टर भएका हनूमान्, अङ्गद, नील, नल यिनीहरू लडिरहेका थिए, तिनीहरू कपट (माया) रूपी जमीनमा अंकुरजस्तै उब्जेका करोडौं रावणलाई पकडी पक्डीकन माड्दथे ॥ २२ ॥

दोहा–सुर बानर देखे बिकल हस्यो कोसलाधीस ।
सजि सारंग एक सर हते सकल दससीस ॥१११॥

देवताहरू र वानरहरूलाई व्याकुल देखेर अयोध्याधीश (रामजी) हाँस्नुभयो, धनुमा एउटा बाण चढाएर त्यसैले सकल रावणलाई मार्नुभयो ॥ १११ ॥

चौ०–प्रभु छन महुँ माया सब काटी ❀ जिमी रबि उएँ जाहिं तम फाटीं ॥१॥
रावनु एकु देखि सुर हरषे ❀ फिरे सुमन बहु प्रभु पर बरषे ॥२॥

प्रभुजीले एक क्षणमा सबै माया काट्नुभयो, जस्तै सूर्य उदाएपछि अन्धकार फाटेर जान्छ (त्यस्तै भयो) ॥ १ ॥ एउटा रावण देखिन लागेपछि देवता हर्षित भए । ती फर्के, तिनले प्रभुजीका उपर खूब फूल वर्षाए ॥ २ ॥

भुज उठाइ रघुपति कपि फेरे ❀ फिरे एक एकन्ह तब टेरे ॥३॥
प्रभुबलु पाइ भालु कपि धाए ❀ तरल तमकि संजुगमहि आए ॥४॥

प्रभुजीले भुजा उठाएर (बाहुली ठाडो पारेर) सबै बानरलाई फर्काउनुभयो, परस्पर बोलाउँदै तिनीहरू फर्के ॥ ३ ॥ प्रभुजीको बल पाएर भालू र वानर दौडे, फूर्तिका साथ उफ्रँदै युद्धभूमिमा आए ॥ ४ ॥

अस्तुति करत देव तेहिं देखे ❀ भएउँ एक मैं इन्ह के लेखे ॥५॥
सठहु सदा तुम्ह मोर मरायल ❀ अस कहि कोपि गगनपथ धायल ॥६॥

रावणले देवताहरूलाई रामजीको स्तुति गर्न लागेका देख्यो, (त्यसले मनमा) "यिनका समुझमा फेरि एउटाको एउटै भएछु" (यस्तो विचार गऱ्यो) ॥ ५ ॥ (अनि भन्न

लाग्यो) "हे बदमाशहो ! तिमीहरू सर्वदा मैलै पिटिएका होऊ" यसो भनेर क्रुद्ध भईकन आकाशमार्गतर्फ दौड्यो ॥ ६ ॥

हाहाकार करत सुर भागे ❀ खलहु जाहु कहँ मोरें आगे ॥७॥
देखि बिकल सुर अंगदु धायो ❀ कूदि चरन गहि भूमि गिरायो ॥८॥

देवताहरू हाहाकार गर्दै भागे, रावणले "बदमाशहो ! मसँग भागेर कहाँ जाउला ?" (भन्यो) ॥ ७ ॥ देवताहरूलाई व्याकुल देखेर अङ्गद दौडे, कुदेर रावणका खुट्टा समातीकन भुईंमा खसाले ॥ ८ ॥

छन्द—गहि भूमि पार्‍यो लातं मार्‍यो बालिसुत प्रभु पहि गयो ।
संभारि उठि दसकंठ घोर कठोर रव गर्जत भयो ॥
करि दाप चाप चढ़ाइ दस संधानि सर बहु बरषई ।
किए सकल भट घायल भयाकुल देखि निज बल हरषई ॥२३॥

अङ्गदले त्यसलाई समातेर जमीनमा पछारे, अनि लातले हाने, (त्यति गरेर) ती रामजीका समीप गए । रावण सह्मालिएर उठ्यो, अनि अति कट्टर भएको त्यसले भयंकर सिंहनाद गर्‍यो । घमंडका साथ दशैंओटा धनुमा बाण जोर्दै वर्षाउँदै गर्न लाग्यो, त्यसले सकल वीरलाई घायल र व्याकुल पार्‍यो, आफ्नो बल देखेर आफैं दङ्ग पर्‍यो ॥ २३ ॥

दोहा—तब रघुपति रावन के सीस भुजा सर चाप ।
काटे बहुत बढ़े पुनि जिमि तीरथ कर पाप ॥११२॥

अनि रघुनाथजीले रावणका शिर, हात, धनु, बाण सबै काट्नुभयो, तर काटिएका थिए तापनि तिनीहरू तीर्थमा गरेका पापजस्तै फेरि बढे ॥ ११२ ॥

चौ०—सिर भुज बाढ़ि देखि रिपु केरी ❀ भालु कपिन्ह रिस भई घनेरी ॥१॥
मरत न मूढ़ कटेहुँ भुज सीसा ❀ धाए कोपि भालु भट कीसा ॥२॥

शत्रुका शिर र भुजा बढेको देख्ता भालु वानरहरूलाई खूब रिस उठ्यो ॥ १ ॥ "यो मूढ हात-टाउका काटिंदा पनि मर्दैन ए !" भन्दै जङ्गिएर भालु वानर दौडे ॥ २ ॥

बालितनय मारुति नल नीला ❀ दुबिद कपीस पनस बलसीला ॥३॥
बिटप महीधर करहिं प्रहारा ❀ सोइ गिरि तरु गहि कपिन्ह सो मारा ॥४॥

अङ्गद, हनूमान् , नल, नील, द्विविद, सुग्रीव, पनस, इत्यादि बलवान् वानरहरू वृक्षले र पर्वतले प्रहार गर्न लागे, तिनै वृक्ष तिनै पर्वत समातेर रावण उनै वानरहरूलाई हान्न लाग्यो ॥ ३ ॥ ४ ॥

एक नखन्हि रिपुवपुष बिदारी ❀ भागि चलहिं एक लातन्ह मारी ॥५॥
तब नल नील सिरन्हि चढ़ि गए ❀ नखन्हि लिलार बिदारत भए ॥६॥

कोही वानर त्यो वैरीका शरीरलाई नंग्राले फहराउन लागे, कोही लात मारेर भाग्ने भए, अनि नल र नील त्यसका टाउकामा चढे, नंग्राले त्यसका निधार फार्न लागे ॥ ५ ॥ ६ ॥

रुधिर देखि बिषाद उर भारी ❀ तिन्हहि धरन कहुँ भुजा पसारी ॥७॥
गहे न जाहिं करन्हि पर फिरहीं ❀ जनु जुग मधुप कमलबन चरहीं ॥८॥

रावणले रगत बगेको देखेर मनमा घोर दिक्क हुँदै तिनलाई समात्न हात पसार्‍यो ॥ ७ ॥ तिनीहरू पक्डिएनन् मानौं दोटा भँवरा कमलका वनमा घुम्न लागेका हुन् कि ? (भन्ने भान पार्दै) हात हातमा घुम्न लागे ॥ ८ ॥

कोपि कूदि द्वौ धरेसि बहोरी ❀ महि पटकत भजे भुजा मरोरी ॥९॥
पुनि सकोप दस धनु कर लीन्हें ❀ सरन्हि मारि घायल कपि कीन्हे ॥१०॥

अनि झोक्किएर उफ्रीकन रावणले तिनलाई समात्यो, जमीनमा पछार्न लाग्दा तिनले त्यसका हात निमोठिदिए, अनि ती भागे ॥ ९ ॥ रावणले क्रुद्ध भएर दशोटा धनु हातमा लियो, बाण हानेर वानरहरूलाई घायल पार्‍यो ॥ १० ॥

हनुमदादि मुरुछित करि बंदर ❀ पाइ प्रदोष हरष दसकंधर ॥११॥
मुरुछित देखि सकल कपि बीरा ❀ जामवंत धाएउ रनधीरा ॥१२॥

हनूमान प्रभृति वानरहरूलाई मूर्छित पार्‍यो, साँझको वेला पाउँदा रावण हर्षित भयो ॥ ११ ॥ सकल वानर वीरलाई मूर्छित देखेर युद्धमा धीर भएका जाम्बवान् दौडे ॥ १२ ॥

संग भालु भूधर तरु धारी ❀ मारन लगे पचारि पचारी ॥१३॥
भएउ क्रुद्ध रावनु बलवाना ❀ गहि पद महि पटकै भट नाना ॥१४॥
देखि भालुपति निज दल घाता ❀ कोपि माझ उर मारेसि लाता ॥१५॥

तिनका साथमा पर्वतजस्तो शरीर भएका (जङ्गी जङ्गी) भालू थिए, तिनीहरू ललकारी ललकारीकन रावणलाई पिट्टा दिन लागे ॥ १३ ॥ बलवान् रावण क्रुद्ध भएर अनेक भालूवीरलाई खुट्टामा समातेर जमीनमा पछार्न लाग्यो ॥ १४ ॥

भालूपति (जाम्बवान्) ले आफ्ना दलको घात (नाश) देखेर क्रुद्ध भईकन रावणका छातीमा माझमा लातले ठोके ॥ १५ ॥

छन्द—उर लात घात प्रचंड लागत बिकल रथ तें महि परा ।
गहें भालु बीसहुँ कर मनहुँ कमलन्हि बसे निसि मधुकरा ॥
मुरुछित बिलोकि बहोरि पद हति भालुपति प्रभु पहिं गयो ।
निसि जानि स्यंदन घालि तेहि तब सूत जतनु करत भयो ॥२४॥

छातीमा लातको प्रचण्ड चोट पर्दा त्यो व्याकुल भएर रथबाट जमीनमा पछारियो, पछारिंदा पनि त्यसले बीसै हातमा राती कमलसमूहमा बसेका भँवराजस्ता भालू लिएकै थियो

अनि जाम्बवान् त्यसलाई मूर्छित देखेपछि पनि एक लात ठोकेर प्रभुजीका समीप गए, रात परेको जानेर सारथिले त्यसलाई रथमा हाल्यो र बिउँझाउने यत्न गर्न लाग्यो ॥ २४ ॥

दोहा–मुरुछा बिगत भालु कपि सब आए प्रभु पास ।
निसिचर सकल रावनहि घेरि रहे अति त्रास ॥११३॥

उतातिर मूर्छा हटेपछि भालु र वानरहरू प्रभुजीका समीप आए । राक्षसहरू अत्यन्त डराएर रावणलाई घेरेर खड़ा रहे ॥ ११३ ॥

चौ०–तेहीं निसि सीता पहिं जाई ❀ त्रिजटा कहि सब कथा सुनाई ॥१॥
सिर भुज बाढ़ि सुनत रिपु केरी ❀ सीता उर भई त्रास घनेरी ॥२॥

त्यसै रातमा सीताजीका समीप गएर त्रिजटाले सबै वृत्तान्त सुनाई ॥ १ ॥ शत्रुका शिर भुजा बढेको सुन्दा सीताजीलाई अत्यन्त डर लाग्यो ॥ २ ॥

मुख मलीन उपजी मन चिंता ❀ त्रिजटा सन बोलीं तब सीता ॥३॥
होइहि काह कहसि किन माता ❀ केहि बिधि मरिहि बिस्व दुखदाता ॥४॥

उहाँको मुख मलिन भयो, मनमा चिन्ता पर्‍यो, अनि त्रिजटासँग बोल्नुभयो ॥ ३ ॥ "आमा ! किन भन्दिनौ ?, के हुने हो ?, संसारलाई दुःख दिने (रावण) कुन प्रकारले मर्ला ॥ ४ ॥

रघुपतिसर सिर कटेहुँ न मरई ❀ बिधि बिपरीत चरित सब करई ॥५॥
मोर अभाग्य जिआवत ओही ❀ जेहि हौं हरिपद कमल बिछोही ॥६॥

रघुनाथजीले शिर काट्ता पनि त्यो मर्दैन, विपरीत भएका हाम्रा दैवले यो सब चरित्र गरेको हो ॥ ५ ॥ जुन अभाग्यले म प्रभुजीका चरणकमलदेखि छुट्टै रहेकी छु, त्यही मेरो अभाग्यले त्यसलाई बचाइरहेको ॥ ६ ॥

जेहिं कृत कपट कनक मृग झूठा ❀ अजहुँ सो दैव मोहि पर रूठा ॥७॥
जेहिं बिधि मोहि दुख दुसह सहाए ❀ लछिमन कहुँ कटु बचन कहाए ॥८॥
रघुपतिबिरह सबिष सर भारी ❀ तकि तकि मार बार बहु मारी ॥९॥
ऐसेहु दुख जो राख मम प्राना ❀ सोइ बिधि ताहि जिआव न आना ॥१०॥

जुन दैवले कपटले झूटो सुवर्णको हरिण बनायो, त्यो दैव अझसम्म मेराउपर रिसाएकै छ ॥ ७ ॥ जुन दैवले लक्ष्मणजीलाई मेरा मुखबाट दुर्वचन बोलायो र मलाई दुःसह दुःख भोगायो ॥ ८ ॥ मलाई ताकी-ताकीकन कामदेवले रघुनाथजीको विरहरूपी विषालु बाण बराबर वर्षाइरहेको छ ॥ ९ ॥ यस्ता दुःखमा पनि जसले मेरा प्राणलाई बचाइराखेको छ, त्यही दैवले रावणलाई बचाएको हो, अर्कोले होइन ॥ १० ॥

बहु बिधि कर बिलाप जानकी ❀ करि करि सुरति कृपानिधान की ॥११॥
कह त्रिजटा सुनु राजकुमारी ❀ उर सर लागत मरै सुरारी ॥१२॥
प्रभु ता तें उर हतै न तेही ❀ एहि कें हृदय बसति बैदेही ॥१३॥

यस्ता प्रकारले करुणानिधान रामजीको स्मरण गरीगरीकन सीताजी विलाप गर्न लाग्नुभयो ॥ ११ ॥ त्रिजटाले भनी—“हे राजकुमारी ! सुन, छातीमा बाण लागेदेखि त्यो देवशत्रु (रावण) मर्नेथियो, ॥ १२ ॥ यसका हृदयमा सीता बसेकी छन् भनेर रामजी त्यसका हृदयमा बाण हान्नुहुन्न ॥ १३ ॥

छन्द–एहि कें हृदय बस जानकी जानकी उर मम बास है ।
मम उदर भुवन अनेक लागत बान सब कर नास है ॥
सुनि बचन हरष बिषाद मन अति देखि पुनि त्रिजटाँ कहा ।
अब मरिहि रिपु एहि बिधि सुनहि सुंदरि तजहि संसय महा ॥२५॥

“यसका हृदयमा जानकी रहेकी छन्, जानकीका हृदयमा मेरो वास छ, मेरा पेटमा अनेक ब्रह्माण्ड रहेका छन्, यसका हृदय (छाती) मा बाण लाग्योभने सबैको सर्वनाश हुन्छ” (यस्तो विचार गरेर रामजीले त्यसका हृदयमा बाण नहानेको हो)। त्रिजटाको यो वचन सुन्दा सीताजीका मनमा हर्ष र विषाद भयो। त्रिजटाले “हे सुन्दरी ! ठूलो सन्देह छाड, अब शत्रु यस प्रकारले मर्नेछ, सुन ॥ २५ ॥

दोहा–काटत सिर होइहि बिकल छुटि जाइहि तव ध्यान ।
तब रावनहिं हृदय महुँ मरिहहिं रामु सुजान ॥११४॥

अब शिर काट्ताखेरि रावण व्याकुल हुनेछ र तिम्रो ध्यान छुट्नेछ, अनि (रावणका हृदयमा तिमी नभएको मौका पाएर) बुद्धिमान् रामजी रावणका हृदयमा बाण हान्नुहुनेछ” ॥ ११४ ॥

चौ०–अस कहि बहुत भाँति समुझाई ❀ पुनि त्रिजटा निज भवन सिधाई ॥१॥
रामसुभाउ सुमिरि बैदेही ❀ उपजी बिरहब्यथा अति तेही ॥२॥

यसो भनेर अनेक प्रकारसँग संझाई अनि त्रिजटा आफ्ना घर गई ॥ १ ॥ सीताजीले रामजीको स्वभाव संझनुभयो, उहाँलाई हृदयमा अत्यन्त पीडा पैदा भयो ॥ २ ॥

निसिहि ससिहि निंदति बहु भाती ❀ जुग सम भई सिराति न राती ॥३॥
करति बिलाप मनहि मन भारी ❀ रामबिरह जानकी दुखारी ॥४॥

रात्रिमा पनि अनेक प्रकारले चन्द्रमाको निन्दा गर्नुहुन्थ्यो, “हाय ! यो रात्रि युगसमान भई, बित्तै-बित्तिन” भन्नुहुन्थ्यो ॥ ३ ॥ रामजीका विरहले दुःखित भएकी सीताजी मनै मनमा भारी विलाप गर्नुहुन्थ्यो ॥ ४ ॥

जब अति भयउ बिरह उरदाहू ❀ फरकेउ बाम नयन अरु बाहू ॥५॥
सगुन बिचारि धरी मन धीरा ❀ अब मिलिहहिं कृपाल रघुबीरा ॥६॥

जब उहाँका हृदयमा विरहको ज्वाला अति भयो, अनि उहाँको बायाँ नजर र बाहु फर्फराउन लाग्यो ॥ ५ ॥ उहाँले शुभशकुनको विचार गर्नुभयो र “अब दयालु रघुनाथजी भेटिनुहुन्छ” भनी संझेर धैर्य लिनुभयो ॥ ६ ॥

इहाँ अर्ध निसि रावनु जागा ❀ निज सारथि सन खीझन लागा ॥७॥
सठ रणभूमि छड़ाइसि मोही ❀ धिग धिग अधम मंदमति तोही ॥८॥

यतातिर रात आधा भएपछि रावण जाग्यो, आफ्ना सारथिसँग हे शठ ! मलाई युद्धभूमिबाट हटाइस् , हे अधम ! हे बेवकूफ ! तँलाई धिक्कार ! छ, भनी रिसाउन लाग्यो ॥ ७ ॥ ८ ॥

तेहिं पद गहि बहु बिधि समुझावा ❀ भोरु भएँ रथ चढ़ि पुनि धावा ॥९॥
सुनि आगवनु दसानन केरा ❀ कपिदल खरभर भएउ घनेरा ॥१०॥
जहँ तहँ भूधर बिटप उपारी ❀ धाए कटकटाइ भट भारी ॥११॥

त्यसले पाउ समातेर धेरै संझायो, बिहान भएपछि फेरि रावण रथ चढेर दौड्यो ॥ ९ ॥ रावणको आगमन सुनेर वानरका दलमा खूब खलबल पऱ्यो ॥ १० ॥ ठूला ठूला योद्धाहरू जहाँतहाँ पहाड वृक्ष उखेलेर दाँत कटकटाउँदै दौडे ॥ ११ ॥

छन्द—धाए जो मर्कट बिकट भालु कराल कर भूधर धरा ।
अति कोप करहिं प्रहार मारत भजि चले रजनीचरा ॥
बिचलाइ दल बलवंत कीसन्ह घेरि पुनि रावनु लियो ।
चहुँ दिसि चपेटन्हि मारि नखन्हि बिदारि तनु ब्याकुल कियो॥२६॥

हातमा पर्वत लिएका विकराल भालू र भयंकर वानर दौडे, तिनीहरूले जब खूब क्रुद्ध भई प्रहार गर्नलागे मार्न लागे तब राक्षसहरू भागे। फौजलाई विचलित पारेर (भगाएर) बलवान् वानरले रावणलाई चारैतर्फबाट घेरे, थप्पड मारेर, दाँतले त्यसको शरीर फहराएर त्यसलाई व्याकुल गरे ॥ २६ ॥

दोहा—देखि महा मर्कट प्रबल रावन कीन्ह बिचार ।
अंतरहित होइ निमिष महुँ कृत मायाबिस्तार ॥११५॥

वानरहरूलाई महाजबर्दस्त देखेर रावणले विचार गऱ्यो, अन्तर्धान (अदृश्य) भएर एकछिनपछि माया फैलायो ॥ ११५ ॥

छन्द—जब कीन्ह तेहिं पाषंड । भए प्रगट जंतु प्रचंड ।
बेताल भूत पिसाच । कर धरें धनु नाराच ॥२७॥
जोगिनि गहें करवाल । एक हाथ मनुजकपाल ।
करि सद्य सोनित पान । नाचहिं करहिं बहु गान॥२८॥

जब त्यसले पाखण्ड (माया) गऱ्यो, अनि प्रचण्ड प्रचण्ड जन्तु प्रकट भए। बेताल, भूत, पिशाच हातमा धनु-बाण लिएका प्रकट भए॥ २७ ॥ धेरै जोगिनीहरू एक हातमा खप्पर लिएका छँदा ताजा ताजा रगत पिएर नाच्न गाउन लागे ॥ २८ ॥

धरु मारु बोलहिं घोर । रहि पूरि धुनि चहुँ ओर ।
मुख बाइ धावहिं खान । तब लगे कीस परान ॥२९॥
जहँ जाहिं मर्कट भागि । तहँ बरत देखहिं आगि ।
भए बिकल बानर भालू । पुनि लाग बरषैं बालु ॥३०॥

तिनीहरू भयानक स्वरले "समात, मार" भन्दथे, त्यो आवाज चारैतिर फैलिन्थ्यो । तिनीहरू मुख बाएर खान जाइलागे, अनि वानरहरू भाग्न लागे ॥ २९ ॥ वानरहरू भागेर जहाँ जान्थे, त्यहाँ आगो वर्षन लागेको देख्तथे, भालू र वानर व्याकुल भए, फेरि बालुवै बालुवा वर्षन लाग्यो ॥ ३० ॥

जहँ तहँ थकित करि कीस । गर्जेउ बहुरि दससीस ।
लछिमन कपीस समेत । भए सकल बीर अचेत ॥३१॥
हा राम हा रघुनाथ । कहि सुभट मीजहिं हाथ ।
एहिं बिधि सकल बल तोरि । तेहिं कीन्ह कपट बहोरी ॥३२॥

यस्ता तरहले जहाँतहाँ वानरलाई रावणले थकित पार्‍यो, अनि त्यो गर्जन लाग्यो । लक्ष्मणजी सुग्रीवसमेत सकल वीरहरू अचेत भए ॥ ३१ ॥ हा राम ! हा रघुनाथ ! भन्दै वीरहरू हात माड्न लागे, यस्ता प्रकारले सबैको बल तोडिसकेपछि त्यसले फेरि अर्को माया रच्यो ॥ ३२ ॥

प्रगटेसि बिपुल हनुमान । धाए गहें पाषान ।
तिन्ह रामु घेरे जाइ । चहुँ दिसि बरूथ बनाइ ॥३३॥
मारहु धरहु जनि जाइ । कटकटहिं पूँछ उठाइ ।
दह दिशि लँगूर बिराज । तेहि मध्य कोसलराज ॥३४॥

त्यसले धेरै हनूमान् प्रकट गर्‍यो, तिनीहरू पत्थर लिएर दौडे, तिनीहरूले आफ्नो डफ्फा बनाएर चारैतिरबाट रामजीलाई घेरे ॥ ३३ ॥ पुच्छर उचालेर दाँत कटकटाएर "मार, पक्ड, जान नपाओस्" भन्न लागे, दसै दिशामा वानरका पुच्छरै पुच्छर देखिए रामजी तिनका माझमा हुनुहुन्थ्यो ॥ ३४ ॥

छन्द–तेहि मध्य कोसलराज सुंदर स्याम तन सोभा लही ।
जनु इन्द्रधनुष अनेक की बर बारि तुंग तमालही ॥
प्रभु देखि हरष बिषाद उर सुर बदत जय जय जय करी ।
रघुबीर एकहि तीर कोपि निमेष महु माया हरी ॥३५॥

तिनका माझमा अयोध्याधिपति रामजीको सुन्दर श्याम शरीर शोभा पाइरहेको थियो, मानौं अग्लो तमाल वृक्षका वरिपरि इन्द्रधनु (इन्द्राणी) को बार (घेरा) लागेको हो कि ? (यस्तो भान हुन्थ्यो) । प्रभुजीलाई त्यस्तो देखेर देवताहरूका हृदयमा हर्ष र विषाद हुन्थ्यो, तिनीहरू जय जय जय भन्दथे, प्रभुजीले रिसाएर बाण प्रहार गरीकन एक निमेषमा त्यो माया हर्नुभयो ॥ ३५ ॥

छन्द–माया बिगत कपि भालु हरषे बिटप गिरि गहि सब फिरे ।
सरनिकर छाड़े राम रावन बाहु सिर पुनि महि गिरे ॥
श्रीराम रावन समर चरित अनेक कल्प जो गावहीं ।
सत सेष सारद निगम कबि तेउ तदपि पार न पावहीं ॥३६॥

माया गएपछि भालू-वानर हर्षित भएर वृक्ष-पर्वत लिईलिईकन सबै फर्के । रामजीले बाणका धारा छाड्नुभयो, रावणका हात शिर फेरि जमीनमा गिरे । श्रीरामजीको र रावणको युद्ध भएको चरित्रलाई सयजना शेष, सयजना शारदा, सयओटा वेद, सयओटा कवि यिनले अनेक कल्पकालसम्म गाऊन् तथापि पार पाउनेछैनन् ॥ ३६ ॥

दोहा–ता के गुन गन कछु कहे जड़मति तुलसीदास ।
जिमि निज बल अनुरूप तें माछी उड़ै अकास ॥११६॥

जसरी भुसुनाहरू पनि आफ्नो आफ्नो पौरुषअनुसार आकाशमा उड्दछन्, त्यसै गरी जडमति तुलसीदासले उहाँका केही केही गुणगण बखानेको हो ॥ ११६ ॥

[रावणवध]

दोहा–काटे सिर भुज बार बहु मरत न भट लंकेस ।
प्रभु क्रीड़त सुर सिद्ध मुनि ब्याकुल देखि कलेस ॥११७॥

शिर भुजा काट्ता पनि वीर रावण मर्दैनथ्यो, प्रभुजी खेलवाड गरिरहनुभएको थियो, उहाँको क्लेश देखेर मुनि, सिद्ध, देवताहरू व्याकुल थिए ॥ ११७ ॥

चौ०–काटत बढ़हिं सीससमुदाई ❀ जिमि प्रतिलाभ लोभ अधिकाई ॥१॥
मरै न रिपु स्रम भएउ बिसेषा ❀ राम बिभीषन तन तब देखा ॥२॥

काट्ता पनि शिरको समुदाय लाभैपछि लोभ बढेझैं बढ्दथ्यो ॥ १ ॥ शत्रु मरेन, परिश्रम निक्कै भयो, अनि रघुनाथजीले विभीषणतर्फ हेर्नुभयो ॥ २ ॥

उमा कालु मर जाकी ईछा ❀ सो प्रभु कर जन प्रीति परीछा ॥३॥
सुनु सर्बज्ञ चराचरनायक ❀ प्रनतपाल सुर मुनि सुखदायक ॥४॥

(शंकरजी भन्नुहुन्छ) हे पार्वती ! जसका इच्छाले काल मर्दछ, उनै प्रभु सेवकका प्रीतिको परीक्षा गर्न लाग्नुभएको हो ॥ ३ ॥ (विभीषणले विन्ति गरे)—"हे सर्वज्ञ ! हे चराचर नायक ! हे प्रणतपाल ! हे सुरमुनिसुखदायक ! सुनिबक्सियोस् ॥ ४ ॥

नाभिकुंड पियूष बस या कें ❀ नाथ जिअत रावनु बल ता कें ॥५॥
सुनत बिभीषनबचन कृपाला ❀ हरषि गहे कर बान कराला ॥६॥

यसका नाभिकुण्डमा अमृत रहेको छ, हे नाथ ! त्यसैका बलले यो बाँचिरहेको हो" ॥ ५ ॥ विभीषणका वचन सुन्दा दयालु रामजी हर्षित हुनुभयो, उहाँले भयानक बाण हातमा लिनुभयो ॥ ६ ॥

असुभ होन लागे तब नाना ❀ रोवहिं खर सृकाल बहु स्वाना ॥७॥
बोलहिं खग जग आरति हेतू ❀ प्रगट भए नभ जहँ तहँ केतू ॥८॥

अनि अनेक प्रकारका अपशकुन हुनलागे, स्याल, गदहा, कुकुर खूब रुन लागे ॥ ७ ॥ जगत्को पीडा सूचना गर्ने स्वरले पक्षीहरू बोल्नलागे । आकाशमा जहाँतहाँ धूमकेतु प्रकट भए ॥ ८ ॥

दस दिसि दाह होन अति लागा ❀ भएउ परब बिनु रबि उपरागा ॥९॥
मंदोदरि उर कंपति भारी ❀ प्रतिमा स्रवहिं नयनमग बारी ॥१०॥

दशै दिशामा दिग्दाह हुन लाग्यो, विनापर्व (औंसीबाहेकको दिनमा) पनि सूर्यग्रहण लाग्यो ॥ ९ ॥ मन्दोदरीका छातीमा भारी कम्प हुन लाग्यो, देवताहरूका प्रतिमा (मूर्ति) हरू आँखाबाट पानी चुहाउन लागे ॥ १० ॥

छन्द–प्रतिमा रुदहिं पबिपात नभ अति बात बह डोलति मही ।
बरषहिं बलाहक रुधिरु कच रज असुभ अति सक को कही ॥
उतपात अमित बिलोकि नभ सुर बिकल बोलहिं जय जये ।
सुर सभय जानि कृपाल रघुपति चाप सर जोरत भये ॥३७॥

देवप्रतिमा पानी चुहाउन लागे, आकाशबाट वज्र गिर्न लागे, प्रचण्ड आँधी चले, पृथ्वी खूब हल्लन लागिन्, मेघहरू रगत, रौं, धूलो वर्षाउन लागे, अत्यन्त अशुभ शकुन भए, को वर्णन गर्न सक्तछ । अनन्त उत्पात देखेर व्याकुल भएका देवताहरू आकाशमा आएर जय-जय पुकार्न लागे । देवता डराएको जानेर करुणासागर रघुनाथजीले आफ्ना धनुमा बाण जोर्नुभयो ॥ ३७ ॥

दोहा–खैंचि सरासन स्रवन लगि छाड़े सर एकतीस ।
रघुनायकसायक चले मानहुँ कालफनीस ॥११८॥

कानसम्म धनुको ताँदो खिचेर एकतीस बाण छाड्नुभयो । मानौं कालसर्प हुन् कि ? (भन्ने भान पर्ने गरी) रघुनाथजीका बाण चले ॥ ११८ ॥

चौ०–सायक एक नाभिसर सोखा ❀ अपर लगे सिर भुज करि रोषा ॥१॥
लै सिर बाहु चले नाराचा ❀ सिर भुज हीन रुंड महि नाचा ॥२॥

एउटा बाणले नाभिको अमृतकुण्ड सुकायो, अरू बाण क्रुद्ध भएर शिरमा र बाहुमा लागे ॥ १ ॥ शिर र बाहुलाई लिएर बाण उडे, शिर र बाहु नभएको रुण्ड जमीनमा नाच्न लाग्यो ॥ २ ॥

धरनि धसै धर धाव प्रचंडा ❀ तब सर हति प्रभु कृत दुइ खंडा ॥३॥
गर्जेउ मरत घोर रव भारी ❀ कहाँ रामु रन हतौं पचारी ॥४॥

प्रचण्ड धड धड्कँदा धर्ती धसिन लागिन् । अनि प्रभुजीले बाण हानेर धड्को दुई टुक्रा पारिदिनुभयो ॥ ३ ॥ मर्दा पनि त्यसले घनघोर आवाज गरेर "कहाँ छ राम ? ललकारेर युद्धमा मारिदिन्छु" भनी गर्ज्यो ॥ ४ ॥

डोली भूमि गिरत दसकंधर ❀ क्षुभित सिंधु सरि दिग्गज भूधर ॥५॥
धरनि परेउ द्वौ खंड बढ़ाई ❀ चापि भालु मर्कट समुदाई ॥६॥

रावण गिर्दाखेरि पृथ्वी कम्पायमान भइन्, समुद्र, नदी, दिग्गज, पर्वत यिनीहरू विचलित भए ॥ ५ ॥ भालू र वानरका समुदायलाई थिच्ने गरी त्यसका शरीरका दुई टुक्रा जमीनमा गिरे ॥ ६ ॥

मंदोदरि आगें भुज सीसा ❀ धरि सर चले जहाँ जगदीसा ॥७॥
प्रबिसे सब निषंग महुँ जाई ❀ देखि सुरन्ह दुंदुभी बजाई ॥८॥

शिर र भुजालाई मन्दोदरीका अगाडि राखिदिएर जम्मै बाण जहाँ रघुनाथ उहीं आएर ठोक्रामा गएर पसे । त्यो देखेर देवताले दुन्दुभी बजाए ॥ ७ ॥ ८ ॥

तासु तेजु समान प्रभु आनन ❀ हरषे देखि संभु चतुरानन ॥९॥
जय जय धुनि पूरी ब्रह्मंडा ❀ जय रघुबीर प्रबल भुजदंडा ॥१०॥
बरषहिं सुमन देव मुनि बृंदा ❀ जय कृपाल जय जयति मुकुंदा ॥११॥

त्यसको तेज (जीवज्योति) प्रभुजीका मुहारमा पस्यो, त्यो देखेर शंकरजी ब्रह्माजी हर्षित हुनुभयो ॥ ९ ॥ ब्रह्माण्डभरमा जयजयकारको ध्वनि भरियो । "प्रचण्ड भुजदण्ड हुने रघुवीरको जय होस्, दयालुको जय होस्, मुकुन्दको जय होस् जय होस्" भन्दै देवता र मुनिका समूह पुष्पवृष्टि गर्न लागे ॥ १० ॥ ११ ॥

छन्द—जय कृपाकंद मुकुंद द्वंदहरन सरन सुखप्रद प्रभो ।
खलदल बिदारन परम कारन कारुनीक सदा बिभो ॥
सुर सिद्ध मुनि गन्धर्व हरषे बाज दुंदुभि गहगही ।
संग्राम अंगन राम अंग अनंग बहु सोभा लही ॥३८॥

हे कृपानिधान ! हे मुकुन्द ! हे द्वन्द्वहरण ! हे शरणागतसुखदायक ! हे प्रभो ! हजूरको जय होस् । हे खलदलविदारण ! हे परमकारण ! हे सदाव्यापक ! हजूरको जय होस् । यसो भन्दै देवता, सिद्ध, मुनि, गन्धर्व हर्षित भए । घनाघन दुन्दुभी बाजा बज्न लागे । संग्रामभूमिमा राज भएका प्रभुजीका अङ्ग (शरीर) ले अनेकानेक अनङ्ग (कामदेव)को शोभा पायो ॥ ३८ ॥

सिर जटा मुकुट प्रसून बिच बिच अति मनोहर राजहीं ।
जनु नील गिरि पर तड़ितपटल समेत उड़गुन भ्राजहीं ॥
भुजदंड सर कोदंड फेरत रुधिरकन तन अति बने ।
जनु रायमुनीं तमाल पर बैठीं बिपुल सुख आपने ॥३९॥

उहाँका शिरमा जटामुकुट थियो, त्यसका बीचबीचमा (घुसारेका) मनोहर पुष्प शोभायमान थिए। मानौं नीलपर्वतका शिखरमा बिजुलीका समूहले सहित भएका तारागण शोभायमान भइरहेका हुन् कि (यस्तो भान हुन्थ्यो)। दुई भुजदण्डले बाण र धनु घुमाइरहनुभएको थियो, उहाँका गाथमा रगतका छिटा अत्यन्त बनेका (सुहाएका) थिए, मानौं तमाल वृक्षका उपर धेरै राजमुनियापक्षी आफ्नो आनन्दले (निश्चल भईकन) बसिरहेका हुन् कि? (यस्तो भान पर्दथ्यो) ॥ ३९ ॥

दोहा—कृपादृष्टि करि बृष्टि प्रभु अभय किए सुरबृंद ।
भालु कीस सब हरषे जय सुखधाम मुकुंद ॥११९॥

प्रभुज्यूले कृपादृष्टि गरेर (कृपापूर्वक हेरेर) देवताको समुदायलाई अभय गर्नुभयो, भालु, वानर सबै हर्षित भएर "हे सुखधाम! हे मुकुन्द! हजूरको जय जय होस्" भन्न लागे ॥ ११९ ॥

चौ०—पतिसिर देखत मंदोदरी ❁ मुरुछित बिकल धरनि खसि परी ॥१॥
जुवतिबृंद रोवत उठि धाईं ❁ तेहि उठाइ रावन पहिं आईं ॥२॥

पतिका शिर देख्नेबित्तिकै व्याकुल भएकी मन्दोदरी मूर्छित भएर जमीनमा पछारिइन्, स्त्रीवर्गहरू रुँदै उठेर दौडे, तिनलाई उठाएर रावणका समीप ल्याए ॥ १ ॥ २ ॥

पतिगति देखि ते करहिं पुकारा ❁ छूटे कच नहि बपुष सँभारा ॥३॥
उर ताड़ना करहिं बिधि नाना ❁ रोवत करहिं प्रताप बखाना ॥४॥

पतिको गति देखेर तिनीहरू चिल्लाउन लागे, तिनका केश फुकेका थिए, शरीरको सह्मार थिएन (बेपर्दा भएको पनि होश थिएन) ॥ ३ ॥ नाना प्रकारले छाती पिट्तथे, रावणका प्रतापको कीर्तन गर्दै रुन्थे ॥ ४ ॥

तव बल नाथ डोल नित धरनी ❁ तेजहीन पावक ससि तरनी ॥५॥
सेष कमठ सहि सकहिं न भारा ❁ सो तनु भूमि परेउ भरि छारा ॥६॥

हे नाथ! हजूरका बलले पृथ्वी सधैं कम्पायमान थिइन्, अग्नि-चन्द्र-सूर्य निस्तेज थिए ॥ ५ ॥ जुन शरीरको भारलाई शेष र कच्छप पनि धारण गर्न सक्तैनथे, हाय! हाय! आज उही शरीर धूलाले धुस्रोफुस्रो भएर जमीनमा पडिरहेको छ! ॥ ६ ॥

बरुन कुबेर सुरेस समीरा ❁ रन सन्मुख धर काहुँ न धीरा ॥७॥
भुजबल जितेहु काल जम साईं ❁ आजु परेहु अनाथ कीं नाईं ॥८॥

वरुण, कुवेर, इन्द्र, वायु यिनीहरू कुनैले पनि हजूरका सामुन्ने युद्धमा धैर्य धारण गर्न सक्तैनथे, हे स्वामी ! भुजबलले काललाई पनि जित्नुभएको थियो, आज अनाथजस्तो भएर जमीनमा पड़िरहनुभएको छ ! ॥ ७ ॥ ८ ॥

जगतबिदित तुम्हारि प्रभुताई ❀ सुत परिजन बल बरनि न जाई ॥९॥
रामबिमुख अस हालु तुम्हारा ❀ रहा न कोउ कुल रोवनिहारा ॥१०॥

हजूरको प्रभुत्व जगत्प्रख्यात थियो, हजूरका छोराको र नोकरहरूको बल पनि वर्णन गर्न सकिदैनथ्यो ॥ ९ ॥ रामजीसँग विमुख हुँदा आज हजूरको यो हाल भयो, कुलमा रोइदिने पनि कोही बाँकी रहेन ॥ १० ॥

तव बस बिधिप्रपंच सब नाथा ❀ सभय दिसिप नित नावहिं माथा ॥११॥
अब तव सिर भुज जंबुक खाहीं ❀ रामबिमुख यह अनुचित नाहीं ॥१२॥
काल बिबस पति कहा न माना ❀ अग जग नाथु मनुज करि जाना ॥१३॥

हे नाथ ! ब्रह्माजीको सार प्रपञ्च (सृष्टि) हजूरका वशमा थियो, दिक्पालहरू भयभीत भएर सधैं शिर झुकाउँथे ॥ ११ ॥ ऐल्हे हजूरको शरीरलाई स्यालहरू खान लागे, रामजीको विरुद्ध भएपछि यो कुरा बेमनासीब होइन ॥ १२ ॥ हे स्वामी ! कालको वश परेर भनेको मान्नुभएन, चराचर जगत्का स्वामीलाई मनुष्य भनेर जान्नुभयो—॥ १३ ॥

छन्द—जानेउ मनुज करि दनुज कानन दहन पावक हरि स्वयं ।
जेहि नमत सिव ब्रह्मादि सुर पिअ भजेहु नहि करुनामयं ॥
आजन्म तें परद्रोह रत पापौघ मय तव तनु अयं ।
तुम्हहूँ दियो निज धाम राम नमामि ब्रह्म निरामयं ॥४०॥

हे प्यारे ! जसलाई शिव, ब्रह्मा आदि गरेका देवताहरू नमस्कार गर्दछन् , राक्षसरूपी जङ्गलको दाह गर्नलाई अग्निस्वरूप भएका, खास तिनै हरिलाई मनुष्य ठान्नुभयो, दयामय भएका तिनलाई भज्नुभएन । हजूरको यो शरीर जन्मैदेखि परद्रोहमा तत्पर भएको र पापको समूहरूप थियो, तथापि हजूरलाई पनि जसले आफ्नो धाम (वैकुण्ठ) दिनुभयो, उनै निरामय (निर्विकार) ब्रह्मरूप भएका रामजीलाई नमस्कार गर्दछु ॥ ४० ॥

दोहा—अहह नाथ रघुनाथसम कृपासिंधु नहि आन ।
जोगिबृंद दुर्लभ गति तोहि दीन्हि भगवान ॥१२०॥

हाय ! हाय ! हे नाथ ! हजूरलाई पनि जसले योगीहरूले हमेशा नपाइने परमगति दिनुभयो, त्यस्ता भगवान् रामजीबाहेक अर्को करुणासागर कोही छैन ? ॥ १२० ॥

चौ०—मंदोदरीबचन सुनि काना ❀ सुर मुनि सिद्ध सबन्हि सुखु माना ॥१॥
अज महेस नारद सनकादी ❀ जे मुनिबर परमारथबादी ॥२॥

मन्दोदरीका वचन कानले सुन्दा देवता, मुनि, सिद्ध सबैले आनन्द माने ॥ १ ॥ ब्रह्माजी, शंकरजी, नारद, सनकादि इत्यादि र परमार्थ तत्व जान्ने जो मुनीश्वर छन्—॥ २ ॥

भरि लोचन रघुपतिहि निहारी ❀ प्रेममगन सब भए सुखारी ॥३॥
रुदनु करत देखी सब नारी ❀ गएउ बिभीषनु मन दुख भारी ॥४॥

ती सबै रघुनाथजीलाई आँखाभरी हेरेर प्रेममा मग्न भईकन सुखी भए ॥ ३ ॥ सबै स्त्रीहरूलाई रुन लागेका देखेर विभीषणका मनमा पनि भारी दुःख भयो ॥ ४ ॥

बंधुदसा बिलोकि दुख कीन्हा ❀ तब प्रभु अनुजहि आएसु दीन्हा ॥५॥
लछिमन तेहि बहु बिधि समुझायो ❀ बहुरि बिभीषनु प्रभु पहि आयो ॥६॥

दाज्यूको त्यो दशा देखेर विभीषणले दुःख माने, रामजीले भाई (लक्ष्मणजी) लाई आज्ञा दिनुभयो ॥ ५ ॥ लक्ष्मणजीले गएर तिनलाई धेरै तरहले संझाउनुभयो, अनि विभीषण प्रभुजीका समीप आए ॥ ६ ॥

कृपादृष्टि प्रभु ताहि बिलोका ❀ करहु क्रिया परिहरि सब सोका ॥७॥
कीन्हि क्रिया प्रभु आएसु मानी ❀ बिधिवत देस काल जिय जानी ॥८॥

प्रभुजीले तिनलाई कृपादृष्टिले हेर्नुभयो, "सबै शोक छाडेर क्रिया गर" भनी अह्राउनुभयो ॥ ७ ॥ तिनले प्रभुको आज्ञा मानेर मनमा देशकालको विचार गरीकन विधिपूर्वक दाहादि क्रिया गरे ॥ ८ ॥

दोहा—मंदोदरी आदि सब देइ तिलांजलि ताहि ।
भवन गईं रघुपति गुन गन बरनत मन माहि ॥१२१॥

मन्दोदरीलगायत सबै स्त्रीहरू रावणलाई तिलाञ्जलि दिईकन मनमा रामजीका गुणगणको वर्णन गर्दै महलतर्फ गए ॥ १२१ ॥

चौ०—आइ बिभीषनु पुनि सिरु नायो ❀ कृपासिंधु तब अनुज बोलायो ॥१॥
तुम्ह कपीस अंगद नल नीला ❀ जामवंत मारुति नयसीला ॥२॥
सब मिलि जाहु बिभीषनसाथा ❀ सारेहु तिलकु कहेउ रघुनाथा ॥३॥

विभीषणले आएर फेरि शिर झुकाए, करुणासागर रघुनाथजीले भाई लक्ष्मणजीलाई बोलाउनुभयो ॥ १ ॥ "भाई ! तिमी, सुग्रीव, अंगद, नल, नील, जाम्बवान्, नीतिनिपुण हनूमान्—॥ २ ॥ सबै मिलेर विभीषणका साथ जाऊ र विभीषणको राजतिलक विधिपूर्वक गर" भनी उहाँले अह्राउनुभयो ॥ ३ ॥

पिताबचन मैं नगर न आवौं ❀ आपु सरिस कपि अनुज पठावौं ॥४॥
तुरत चले कपि सुनि प्रभुबचना ❀ कीन्ही जाइ तिलक कै रचना ॥५॥
सादर सिंघासन बैठारी ❀ तिलकु सारि अस्तुति अनुसारी ॥६॥

"पिताजीका वचनअनुसार म नगरभित्र आउन्न, आफूसमानका भाई र मित्रका

परिवारसमेत पठाएको छु" ॥ ४ ॥ (भन्नुभयो) प्रभुजीका वचन सुनेर वानरहरू तुरन्त हिंडे । गएर राजतिलकको विधिविधानको तयारी गरे ॥ ५ ॥ आदरका साथ विभीषणलाई सिंहासनमा राखे, तिलक गरे, अनि उनको स्तुति गरे ॥ ६ ॥

जोरि पानी सबहीं सिर नाए ❀ सहित बिभीषन प्रभु पहि आए ॥७॥
तब रघुबीर बोलि कपि लीन्हे ❀ कहि प्रिय बचन सुखी सब कीन्हे ॥८॥

सबैले हात जोरेर शिर झुकाए, अनि विभीषणसमेत सबैजना प्रभुजीका समीप आए ॥ ७ ॥ अनि प्रभुजीले वानरहरूलाई बोलाउनुभयो, प्रियवचन बोलेर सबैलाई आनन्दित गर्नुभयो ॥ ८ ॥

छन्द–किए सुखी कहि बानी सुधा सम बल तुम्हारें रिपु हयो ।
पायो बिभीषन राजु तिहुँ पुर जसु तुम्हारो नित नयो ॥
मोहि सहित सुभ कीरति तुम्हारी परम प्रीति जो गाइहैं ।
संसार सिंधु अपार पार प्रयास बिनु नर पाइहैं ॥४१॥

अमृतसमान वचन बोलेर सबैलाई आनन्दित गर्नुभयो—"भाइहो ! तिमीहरूकै बलले शत्रु मारियो, विभीषणले राज्य पाए, तिमीहरूको यश तीनै लोकमा नित्य नयाँ भएर रह्यो, मैले सहित भएका तिमीहरूको (मेरो र तिमीहरूको) कीर्ति र तिमीहरूको परमप्रीति जो जो गाउनन्, ती मानिसहरू विनापरिश्रम अपार भएका संसार-सागरको पार पाउनेछन् ॥ ४१ ॥

दोहा–बारहि बार बिलोकि मुख नहि अघाहिं कपिपुंज ।
सुनत राम के बचन मृदु गहहिं सकल पदकंज ॥१२२॥

वानरका समूह वारंवार प्रभुजीको मुहार हेर्दा पनि अघाउँदैनथे, उहाँको कोमल वचन सुनेर सबैले चरणकमल समाते ॥ १२२ ॥

चौ०–पुनि प्रभु बोलि लिएउ हनुमाना ❀ लंका जाहु कहेउ भगवाना ॥१॥
समाचार जानकिहि सुनावहु ❀ तासु कुसल लै तुम्ह चलि आवहु ॥२॥

अनि प्रभुजीले हनूमान्जीलाई बोलाउनुभयो, र "हे हनूमन् ! तिमी लंका जाऊ, जानकीलाई समाचार सुनाएर तिनको कुशलसमाचार लिएर फेरि आऊ" भनी अह्राउनुभयो ॥ १ ॥ २ ॥

तब हनुमंत नगर महुँ आए ❀ सुनि निसिचरी निसाचर धाए ॥३॥
बहु प्रकार तिन्ह पूजा कीन्ही ❀ जनकसुता देखाइ पुनि दीन्ही ॥४॥

अनि हनूमानजी लंका-नगरीमा आए, खबर सुनेर राक्षसहरू र राक्षसीहरू दौडे, तिनीहरूले हनूमान्को धेरै प्रकारले सत्कार गरे, अनि जानकीजीलाई देखाइदिए ॥ ३ ॥ ४ ॥

दूरिहि तें प्रनामु कपि कीन्हा ❀ रघुपतिदूत जानकी चीन्हा ॥५॥
कहहु तात प्रभु कृपानिकेता ❀ कुसल अनुज कपि सेन समेता ॥६॥

टाढैबाट तिनले प्रणाम गरे। जानकीजीले रघुनाथजीका दूतलाई चिन्नुभयो ॥ ५ ॥ (अनि सोध्नुभयो) "बाबु ! हनूमन् ! करुणानिधान प्रभुजी भाई र वानरवर्गसहित कुशल हुनुहुन्छ ? भन" ॥ ६ ॥

सब बिधि कुसल कोसलाधीसा ❀ मातु समर जीत्यो दससीसा ॥७॥
अबिचल राजु बिभीषन पायो ❀ सुनि कपिबचन हरष उर छायो ॥८॥

(हनूमान्जीले विन्ति गरे) "हे माता ! अयोध्याधिराज प्रभुजी सब तरहबाट कुशल हुनुहुन्छ, उहाँले युद्धमा रावणलाई जित्नुभयो, विभीषणले अकण्टक राज्य पाए।" हनुमान्जीका यी वचन सुन्दा सीताजीका हृदयमा हर्ष भरियो ॥ ७ ॥ ८ ॥

छन्द–अति हरष मन तन पुलक लोचन सजल कह पुनि पुनि रमा।
का देउँ तोहि त्रैलोक महुँ कपि किमपि नहि बानी समा॥
सुनु मातु मैं पायो अखिल जग राजु आजु न संसयं।
रन जीति रिपुदल बंधु जुत पस्यामि राममनामयं ॥४२॥

महालक्ष्मी जानकीजीका मनमा अत्यन्त हर्ष भयो, उहाँको शरीर रोमाञ्चित भयो, नेत्र अश्रुपूर्ण भए, उहाँले भन्नुभयो कि–"हे हनुमन् ! तिमीलाई के दिउँ ? त्रैलोक्यमा वचनसमान (उत्तम) केही पनि छैन" हनूमान्जीले विन्ति गरे—"माता ! सुनिबक्सियोस्, युद्धमा शत्रुको दललाई जितेर भाईसहित निर्विकार भईकन राज भएका रामजीलाई देख्न पाएँ, आज मैले सकल जगत्को साम्राज्य पाएँ, यसमा सन्देह छैन। (अब मलाई के चाहिन्छ र ?)" ॥ ४२ ॥

दोहा–सुनु सुत सदगुन सकल तव हृदय बसहुँ हनुमंत।
सानुकूल कोसलपति रहहुँ समेत अनंत ॥१२३॥

सीताजीले—"बाबु ! पुत्र ! हनूमन् ! सकल सद्‌गुण तिम्रा हृदयमा बसून्, लक्ष्मणसमेत रघुनाथजी तिम्राउपर सदा सर्वदा अनुकूल रहून्" ॥ १२३ ॥ (भन्नुभयो)

चौ०–अब सोइ जतनु करहु तुम्ह ताता ❀ देखौं नयन स्याम मृदु गाता ॥१॥
तब हनुमान राम पहि जाई ❀ जनकसुता कै कुसल सुनाई ॥२॥

(फेरि सीताजीले)—"बाबु ! अब तिमी त्यही यत्न गर, जसमा म आँखाले प्रभुजीको श्याम कोमल शरीर देख्न पाउँ" (भन्नुभयो) ॥ १ ॥ अनि हनुमान्जीले रामजीका समीप आएर जनकनन्दिनीको क्षेमकुशल सुनाए ॥ २ ॥

सुनि संदेसु भानुकुलभूषन ❀ बोलि लिए जुबराज बिभीषन ॥३॥
मारुतसुत कें संग सिधावहु ❀ सादर जनकसुतहि लै आवहु ॥४॥

सीताजीको सन्देश सुनेपछि सूर्यकुलालंकार प्रभुजीले युवराज अंगद र लंकाधिराज

विभीषणलाई बोलाउनुभयो र "हनूमान्‌का साथमा तिमीहरू जाऊ, आदरसाथ सीतालाई लिएर आऊ" भनी अह्राउनुभयो ॥ ३ ॥ ४ ॥

तुरतहि सकल गए जहँ सीता ❀ सेवहिं सब निसिचरीं बिनीता ॥५॥
बेगि बिभीषन तिन्हहि सिखायो ❀ तिन्ह बहु बिधि मज्जनु करवायो ॥६॥

सबैजना जहाँ सीताजी हुनुहुन्थ्यो उहाँ पुगे, सबै राक्षसीहरू नम्रताका साथ सीताजीको सेवा गरिरहेका थिए—॥ ५ ॥ विभीषणले झट्ट तिनीहरूलाई अह्राए, तिनीहरूले आदरका साथ सीताजीलाई स्नान गराए ॥ ६ ॥

बहु प्रकार भूषन पहिराए ❀ सिबिका रुचिर साजि पुनि लाए ॥७॥
ता पर हरषि चढ़ी बैदेही ❀ सुमिरि राम सुखधाम सनेही ॥८॥

अनेक प्रकारका गहना पहिराए । अनि सजिसजाउ पारेको राम्रो म्याना ल्याए ॥ ७ ॥ सीताजी सुखभवन-प्रेमी-रामजीलाई संझेर हर्षका साथ त्यसमा चढ्नुभयो ॥ ८ ॥

बेतपानि रक्षक चहुँ पासा ❀ चले सकल मन परम हुलासा ॥९॥
देखन भालु कीस सब आए ❀ रक्षक कोपि निवारन धाए ॥१०॥

हातमा बेतको छडी लिएका सकल सिपाहीहरू मनमा अत्यन्त हर्षित भईकन म्यानाका चौतर्फ हिंडे ॥ ९ ॥ भालू र वानर सबै हेर्न आए, सिपाहीहरू तिनलाई हटाउन रिसाएर दौडे ॥ १० ॥

कह रघुबीर कहा मम मानहु ❀ सीतहि सखा पयादें आनहु ॥११॥
देखहुँ कपि जननी कीं नाईं ❀ बिहसि कहा रघुनाथ गोसाईं ॥१२॥

अनि प्रभु रामजीले हाँसेर "हे मित्र ! मैले भनेको मान, सीतालाई पैदल ल्याऊ, सबैजना आमालाई हेरेझैं हेरून्" यो आज्ञा गर्नुभयो ॥ ११ ॥ १२ ॥

सुनि प्रभुबचन भालु कपि हरषे ❀ नभ तें सुरन्ह सुमन बहु बरषे ॥१३॥
सीता प्रथम अनल महु राखी ❀ प्रगट कीन्हि चह अंतर साखी ॥१४॥

प्रभुजीको वचन सुनेर वानर र भालू हर्षित भए, देवताहरूले आकाशबाट फूल खूब वर्षाए ॥ १३ ॥ अन्तर्यामी प्रभुजीले अघि अग्निमा राखेकी सीताजीलाई प्रकट गर्न आँट्नुभयो ॥ १४ ॥

दोहा–तेहि कारन करुनानिधि कहे कछुक दुर्बाद ।
सुनत जातुधानी सब लागीं करैं बिषाद ॥१२४॥

त्यसै कारणले करुणानिवास प्रभुजीले केही दुर्वचन बोल्नुभयो । ती वचन सुन्दा सबै राक्षसीहरू मनमा विषाद (खेद) गर्न लागे ॥ १२४ ॥

चौ०–प्रभु के बचन सीस धरि सीता ❀ बोलीं मन क्रम बचन पुनीता ॥१॥
लछिमन होहु धरम के नेगी ❀ पावक प्रगट करहु तुम्ह बेगी ॥२॥

मन-वचन-कर्मले पवित्र भएकी सीताजीले प्रभुजीका वचनलाई शिरउपर गरेर "हे लक्ष्मणजी ! धर्मका नेगी (धर्मभोगी) हुनुहोस्, तपाईं चाँडै अग्नि प्रकट गरिदिनुहोस्" भन्नुभयो ॥ १ ॥ २ ॥

सुनि लछिमन सीता कै बानी ❀ बिरह बिबेक धर्मनुति सानी ॥३॥
लोचन सजल जोरि कर दोऊ ❀ प्रभु सन कछु कहि सकत न ओऊ ॥४॥

लक्ष्मणजीले विरह, विवेक, धर्म, नम्रताले मिलेका सीताजीका वचन सुन्नुभयो, ॥ ३ ॥ उहाँका नजर जलपूर्ण भए, दुई हात जोर्नुभयो, तर उहाँले प्रभुजीसंग केही बोल्न सक्नुभएन ॥ ४ ॥

देखि रामरुख लछिमनु धाए ❀ पावक प्रगटि काठ बहु लाए ॥५॥
पावक प्रबल देखि बैदेही ❀ हृदय हरष नहि भय कछु तेही ॥६॥

रामजीको आशय देखेपछि लक्ष्मणजी दौडनुभयो, आगो तयार गरेर धेरै लकडी (काठ) ल्याउनुभयो । सीताजीले प्रज्ज्वलित भएको आगो देख्नुभयो, उहाँका हृदयमा हर्ष भयो, उहाँलाई डर कत्ति थिएन ॥ ५ ॥ ६ ॥

जौं मन बच क्रम मम उर माहीं ❀ तजि रघुबीर आन गति नाहीं ॥७॥
तौ कृसानु सब कै गति जाना ❀ मो कहुँ होउ श्रिखंड समाना ॥८॥

(सीताजीले अग्निलाई प्रार्थना गर्नुभयो) "यदि मनसा-कर्मणा-वाचा मेरा हृदयमा रघुवीरबाहेक अर्को आधार छैनभने हे अग्निनारायण ! तपाईं सर्वसाक्षी हुनुहुन्छ, मेरा हकमा श्रीखण्डचन्दनसमान (शीतल) हुनुहोला" ॥ ७ ॥ ८ ॥

छन्द–श्रीखंड सम पावक प्रबेसु कियो सुमिरि प्रभु मैथिली ।
जय कोसलेस महेसबंदित चरन रति अति निर्मली ॥
प्रतिबिंब अरु लौकिक कलंक प्रचंड पावक महुँ जरे ।
प्रभुचरित काहुँ न लखे नभ सुर सिद्ध मुनि देखहिं खरे ॥४३॥

अग्नि श्रीखंडसमान (शीतल) भए, जनकनन्दिनीले रघुनाथजीको स्मरण गरेर अग्निमा प्रवेश गर्नुभयो, शंकरजीले वन्दना गरेका अयोध्याधिपति रामजीका चरणमा लागेकी अत्यन्त निर्मल प्रीतिको जय होस् (धन्य प्रीति !) सीताजीको प्रतिबिम्ब (छायामूर्ति), र लौकिक कलंक, यी दुवै कुरा प्रचंड अग्निमा जले, प्रभुको यो चरित्र कसैले लख्न (चिह्न) सकेन । देवता, सिद्ध, मुनिहरू आकाशमा खडा रहेर हेरिरहेका थिए ॥ ४३ ॥

तब अनल भूसुररूप कर गहि सत्य सिय श्रुतिबिदित जो ।
जिमि छीरसागर इंदिरा रामहि समर्पी आनि सो ॥
सो राम बाम बिभाग राजति रुचिर अति सोभा भली ।
नव नील नीरज निकट मानहु कनकपंकज की कली ॥४४॥

अग्निनारायणले ब्राह्मणको रूप लिएर जो सीता श्रुतिप्रसिद्ध (सनातनी आद्याशक्ति) हुनुहुन्थ्यो उहाँलाई ल्याएर (प्रकट गराएर) क्षीरसागरले विष्णु भगवान्‌लाई लक्ष्मी अर्पण गरेझैं रामजीलाई अर्पण गरे। उहाँ (सत्यसीता) रामजीका तर्फ गएर सुशोभित हुनुभयो, त्यस बखतको शोभा अति राम्रो अति असल थियो, मानौं नयाँ नीलकमलका नगीचैमा सुनौला कमलको कोपिला रहेको हो कि ? (भन्ने भान पर्दथ्यो) ॥ ४४ ॥

दोहा–बरषहिं सुमन हरषि सुर बाजहिं गगन निसान।
गावहिं किंनर सुरबधू नाचहिं चढ़ी बिमान ॥१२५॥
जनकसुता समेत प्रभु सोभा अमित अपार।
देखि भालु कपि हरषे जय रघुपति सुखसार ॥१२६॥

देवताहरू हर्षित भएर फूल वर्षाउन लागे, आकाशमा दुन्दुभि बज्न लागे, विमान चढेर किन्नर गाउन लागे, अप्सराहरू नाच्न लागे ॥ १२५ ॥ श्रीजानकीजी साथ रहेका वेलामा प्रभुजीको शोभा अपार भयो, त्यो शोभा हेर्न लागेका भालू र वानरहरू हर्षित भएर "सुखका सारस्वरूप भएका रघुनाथजीको जय होस्" भन्न लागे ॥ १२६ ॥

चौ०–तब रघुपति अनुसासन पाई ❀ मातलि चलेउ चरन सिरु नाई ॥१॥
आए देव सदा स्वारथी ❀ बचन कहहिं जनु परमारथी ॥२॥

अनि रघुनाथजीको आज्ञा पाएपछि उहाँका पाउमा दण्डवत् प्रणाम गरेर मातलि हिंडे ॥ १ ॥ अनि सदा-सर्वदा स्वार्थी (मतलबी) भएका देवता आए, तिनीहरूले मानौं परमार्थी नै रहेछन् कि भन्ने भान पार्ने वचन बोले ॥ २ ॥

दीनबंधु दयाल रघुराया ❀ देव कीन्हि देवन्ह पर दाया ॥३॥
बिस्वद्रोह रत यह खल कामी ❀ निज अघ गएउ कुमारगगामी ॥४॥

"हे दीनबन्धो ! हे दयालो ! हे रघुनाथ ! हजूरले देवताका उपर दया गरिबक्सनुभयो ॥ ३ ॥ संसारद्रोही, दुष्ट, कामी, कुमार्गगामी, रावण आफ्नै पापले नष्ट भयो ॥ ४ ॥

तुम्ह समरूप ब्रह्म अबिनासी ❀ सदा एकरस सहज उदासी ॥५॥
अकल अगुन अज अनघ अनामय ❀ अजित अमोघसक्ति करुनामय ॥६॥

हजूर समरूप, अविनाशी, एकरस, स्वभावैले तटस्थ, अखण्ड, निर्गुण, जन्मरहित, पापरहित, निर्विकार, अजित, अमोघशक्ति, करुणामय, ब्रह्मस्वरूप होइबक्सिन्छ ॥ ५ ॥ ६ ॥

मीन कमठ सूकर नरहरी ❀ बामन परसुराम बपुँ धरी ॥७॥
जब जब नाथ सुरन्ह दुखु पायो ❀ नाना तन धरि तुम्हइँ नसायो ॥८॥

मत्स्य, कच्छप, वराह, नृसिंह, वामन, परशुरामको रूप हजूरले धारण गर्नुभयो ॥ ७ ॥ हे नाथ ! जैले हामी देववर्गले दुःख पाउछौं, उहिले-उहिले हजूरले नाना रूप धारण गरेर ती दुःख नष्ट पार्नुभएको छ ॥ ८ ॥

रावन पापमूल सुरद्रोही ❀ काम लोभ मद रत अति कोही ॥९॥
सोऊ कृपाल तव धाम सिधावा ❀ यह हमरें मन बिसमय आवा ॥१०॥

रावण पापको मूलकारण, देवताको द्रोही, कामलम्पट, लोभी, मदमत्त, अति क्रोधी थियो, हे दयाल ! त्यो पनि हजूरको धाम (वैकुण्ठ) गयो, यो देख्ता हाम्रा मनमा आश्चर्य लागेको छ ॥ ९ ॥ १० ॥

हम देवता परम अधिकारी ❀ स्वारथरत प्रभुभगति बिसारी ॥११॥
भवप्रवाह संतत हम परे ❀ अब प्रभु पाहि सरन अनुसरे ॥१२॥

हामी देवताहरू पूर्ण अधिकारवाला भएर पनि हजूरको भक्ति बिर्सेर स्वार्थलम्पट भएका छौं, हामीहरू संसारसागरको प्रवाहमा निरवच्छिन्न पर्‍यौं । हे प्रभो ! अब शरण आयौं, रक्षा गरिबक्सनुहोस् ॥ ११ ॥ १२ ॥

दोहा–करि बिनति सुर सिद्ध सब रहे जहँ तहँ कर जोरि ।
अतिसय प्रेम सरोज भव अस्तुति करत बहोरि ॥१२७॥

यस्तो बिन्ति गरेर देवता सिद्धहरू हात जोरीकन जहाँतहाँ खडा भए, अनि अत्यन्त प्रेमवश भएर ब्रह्माजी स्तुति गर्न लाग्नुभयो ॥ १२७ ॥

[तोटकच्छन्द]

छन्द–जय राम सदा सुख धाम हरे । रघुनायक सायक चाप धरे ।
भव बारन दारन सिंह प्रभो । गुनसागर नागर नाथ बिभो ॥४५॥

हे सुखनिवास ! हे हरे ! हे रघुनाथ ! हे धनुर्बाणधर ! हे राम ! हजूरको सदासर्वदा जय होस् । संसाररूपी हात्तीको विदारन गर्नामा सिंहस्वरूप भएका ! हे प्रभो ! हे गुणसागर ! हे परमचतुर ! हे नाथ ! हे समर्थ ! हजूरको सदा जय होस् ॥ ४५ ॥

तन काम अनेक अनूप छबी । गुन गावत सिद्ध मुनींद्र कबी ।
जसु पावन रावन नाग महा । खगनाथ जथा करि कोप गहा ॥४६॥

प्रभो ! हजूरका शरीरमा अनेक कामदेवको अतुल शोभा विराजमान छ, सिद्ध-मुनीश्वर कविहरू हजूरका गुन गाउँछन् । हजूरको यश परम पवित्र छ, हजूरले क्रोध गरेर ठूलो नागजस्तो रावणलाई गरुडजस्तो भएर गाँजिबक्सियो ॥ ४६ ॥

जनरंजन भंजन सोक भयं । गतक्रोध सदा प्रभु बोधमयं ।
अवतार उदार अपार गुनं । महिभार बिभंजन ज्ञानघनं ॥४७॥

हजूर भक्तजनहरूको रञ्जन (प्रसन्नता) गरिबक्सिन्छ । शोक र भयको भञ्जन (नाश) गरिबक्सिन्छ । हजूर निष्क्रोध, र सदा ज्ञानमय होइबक्सिन्छ । हजूरका अवतार उदार (महत्त्वपूर्ण) अपार गुण भएका पृथ्वीको भार हरण गर्ने, ज्ञानपूर्ण छन् ॥ ४७ ॥

छन्द–अज ब्यापकमेकमनादि सदा। करुनाकर राम नमामि मुदा।
रघुबंसबिभूषन दूषनहा। कृत भूप बिभीषनु दीनु रहा ॥४८॥

हजूर जन्मरहित भएर व्यापक होइबक्सिन्छ, एक (द्वितीयरहित) अनादि (उत्पत्तिवर्जित) होइबक्सिन्छ, हे करुणानिधान ! हे राम ! प्रसन्नताका साथ हजूरलाई प्रणाम गर्दछु । हे रघुवंशभूषण ! हजूरले दूषणलाई मारिबक्सियो, जो दुःखी थियो त्यो विभीषणलाई राजा गराइबक्सियो ॥ ४८ ॥

गुन ग्यान निधान अमान अजं। नित राम नमामि बिभुं बिरजं।
भुजदंड प्रचंड प्रताप बलं। खलबृंद निकंद महाकुसलं ॥४९॥

गुण र ज्ञानका खानि भएका प्रमाणरहित (अपरिच्छिन्न) भएका, अज (जन्मरहित) भएका, व्यापक र रजोगुणरहित भएका हजूरलाई नमस्कार गर्दछु । हजूरका भुजदण्डको प्रताप र बल प्रचण्ड छ, हजूर दुष्टहरूका समूहको नाश गर्नामा महाकुशल होइबक्सिन्छ ॥ ४९ ॥

बिनु कारन दीनदयाल हितं। छबिधाम नमामि रमासहितं।
भवतारन कारन काज परं। मनसंभव दारुन दोष हरं ॥५०॥
सर चाप मनोहर त्रोन धरं। जलजारुन लोचन भूपबरं।
सुखमंदिर सुंदर श्रीरमनं। मद मार मुधा ममता समनं ॥५१॥

हे भगवन् ! हजूर विनाकारण दीनजनका उपर करुणा गरेर हित गरिबक्सिन्छ, हे छबिधाम ! (शोभानिधान !) महालक्ष्मी (सीता) सहित भएका हजूरलाई नमस्कार गर्दछु । संसारलाई भवसागरबाट पार पुऱ्याउने कामकाजैमा तत्पर भएका, मनमा पैदा हुने कामक्रोधादि ठूला दोष हरण गर्ने हजूरलाई नमस्कार गर्दछु ॥ ५० ॥ मनोहर धनु-बाण र ठोक्रो धारण गर्ने, लाल कमलजस्ता सुन्दर नजर भएका, महाराजाधिराजको स्वरूपमा रहेका, सुखका निवासभवन भएका, लक्ष्मीजीलाई आनन्दित गराउने सुन्दर भएका, मद (घमंड), कामदेव, असत्य, ममता इत्यादि दोषलाई शान्त गर्ने हजूरलाई नमस्कार गर्दछु ॥ ५१ ॥

अनबद्य अखंड न गोचर गो। सब रूप सदा सब होइ न सो।
इत बेद बदंति न दंत कथा। रबि आतप भिन्नमभिन्न जथा ॥५२॥
कृतकृत्य बिभो सब बानर ए। निरखंति तवानन सादर जे।
धिग जीवन देवसरीर हरे। तव भक्ति बिना भव भूरि परे ॥५३॥

भगवन् ! हजूर निर्दोष, अखण्ड, वचनका अगोचर होइबक्सिन्छ, सदासर्वदा सर्वस्वरूप भएर पनि त्यो सबै होइबक्सिन्न, यो कुरा वेदले वर्णन गरेको छ, दन्तकथा (निर्मूल किस्सा) होइन । जस्तै सूर्यनारायण घामदेखि पृथक् (भिन्न) पनि हुन् अभिन्न (घामैस्वरूप)

पनि हुन् (त्यस्तै हजूर सर्ववस्तुस्वरूप पनि, सर्ववस्तुभिन्न पनि होइबक्सिन्छ) ॥ ५२ ॥ हे प्रभो ! यी सबै वानर (हजूरको सेवा गर्न पाएर) कृतकृत्य भए। यिनीहरू प्रेमका साथ हजूरको मुहार हेरिरहेका छन्। हे हरे ! देवताको शरीर भए तापनि हामीलाई धिक्कार छ। हजूरको भक्ति नहुनाले संसारमा भूलिरहेका छौं ॥ ५३ ॥

छन्द—अब दीनदयाल दया करिए। मति मोरि बिभेदकरी हरिए।
जेहि तें बिपरीत क्रिया करिए। दुख सो सुखु मानि सुखी चरिए॥५४॥

हे दीनदयाल ! दया गरिबक्सनुहोस्, जसका प्रेरणाले विपरीत कर्म गरिरहिएको छ, दुःखलाई नै सुख संझेर निर्धक्क भईकन त्यसैमा लागिएको छ, भेदभावना खडा गरिदिने त्यो भ्रान्तिपूर्ण भएकी बुद्धिलाई हरिबक्सनुहोस् ॥ ५४ ॥

खलखंडन मंडन रम्य छमा। पद पंकज सेवित संभु उमा।
नृपनायक दे बरदानमिदं। चरनांबुज प्रेमु सदा सुभदं॥५५॥

हे भगवन् ! हजूर दुष्टहरूको खण्डन (नाश) गर्ने, पृथ्वीमण्डलका रमणीय मण्डन (गहनारूप) होइबक्सिन्छ। हजूरको चरणकमल शंकर र पार्वतीले समेत सेवा गरिएको छ। हे महाराजहरूका महाराज ! हजूरका चरणकमलमा सर्वदा कल्याणकारी प्रेम लागोस्, यही वरदान मलाई बक्सनुहोस् ॥ ५५ ॥

दोहा—बिनय कीन्हि चतुरानन प्रेम पुलकि अति गात।
सोभासिंधु बिलोकत लोचन नहीं अघात॥१२८॥

ब्रह्माजीले यस्ता अनेक प्रकारसँग शरीरमा रोमाञ्चित भईकन स्तुति गर्नुभयो, वहाँका नजर रामजीको मुहार हेर्दा अघाउँदैनथे ॥ १२८ ॥

चौ०—तेहि अवसर दसरथु तहँ आए ❀ तनय बिलोकि नयन जल छाए॥१॥
अनुज सहित प्रभु बंदन कीन्हा ❀ आसिर्बाद पिता तब दीन्हा॥२॥

त्यसै बेलामा महाराज दशरथ त्यहाँ आए, छोरालाई देख्ता उनका नेत्रमा जल भरियो ॥ १ ॥ भाईसहित प्रभुजीले उनको वन्दना गर्नुभयो, अनि पिता दशरथले आशीर्वाद दिए ॥ २ ॥

तात सकल तव पुन्य प्रभाऊ ❀ जीत्यो अजय निसाचरराऊ॥३॥
सुनि सुतबचन प्रीति अति बाढ़ी ❀ नयन सलिल रोमावलि ठाढ़ी॥४॥

(रामजीले भन्नुभयो) "हे पिताजी ! यो सब हजूरका पुण्यको प्रताप हो। अजय्य भएको राक्षसराज (रावण) लाई जितें" ॥ ३ ॥ पुत्रका यी वचन सुनेर दशरथका हृदयमा प्रेम उर्लेर आयो, नेत्रमा जल भरियो, शरीरमा रोमाञ्च खडा भए ॥ ४ ॥

रघुपति प्रथम प्रेमु अनुमाना ❀ चितै पितहि दीन्हेउ दृढ़ ग्याना॥५॥
ता तें उमा मोक्ष नहि पायो ❀ दसरथ भेदभगति मनु लायो॥६॥

रघुनाथजीले अधिका प्रेमको अनुमान (स्मरण) गर्नुभयो, पिताजीलाई कृपादृष्टिले हेर्दैमा दृढ़ ज्ञान दिनुभयो ॥ ५ ॥ हे पार्वती ! दशरथले भेदभक्ति (सेव्य र सेवक मानेर गरिने भक्ति) मा मन लाएका थिए, त्यसै कारणले तिनले मोक्ष पाएनन् ॥ ६ ॥

सगुनोपासक मोक्ष न लेहीं ❀ तिन्ह कहुँ रामु भगति निज देहीं ॥७॥
बार बार करि प्रभुहि प्रनामा ❀ दसरथ हरषि गए सुरधामा ॥८॥

सगुण ब्रह्मको उपासना गर्ने भक्तहरू (दिए पनि) मुक्ति लिंदैनन्, रामजी तिनलाई आफ्नो भक्ति दिनुहुन्छ ॥ ७ ॥ दशरथ वारंवार प्रभुजीलाई प्रणाम गरेर हर्षित भईकन देवलोक गए ॥ ८ ॥

दोहा–अनुज जानकी सहित प्रभु कुसल कोसलाधीस ।
सोभा देखि हरषि मन अस्तुति कर सुर ईस ॥१२९॥

भाई लक्ष्मणजी र जानकीजीले सहित भएका प्रभु अयोध्याधिनाथको शोभा देखेर अति हर्षित भएका देवराज (इन्द्र) स्तुति गर्न लागे ॥ १२९ ॥

छन्द–जय राम सोभाधाम । दायक प्रनत बिश्राम ।
धृत त्रोन बर सर चाप । भुजदंड प्रबल प्रताप ॥५६॥
जय दूषनारि खरारि । मर्दन निसाचरधारि ।
यह दुष्ट मारेउ नाथ । भए देव सकल सनाथ ॥५७॥

शोभाका घर, शरणागतलाई विश्राम दिने, हे राम ! हजूरको जय जय होस् । ठोक्रो धनु बाण धारण गर्ने, भुजदण्डको प्रताप प्रचण्ड भएका हजूरको जय होस् ॥ ५६ ॥ दूषण राक्षसका शत्रु, खर राक्षसका शत्रु, राक्षससैन्यको मर्दन गर्ने हजूरको जय होस् , हे नाथ ! हजूरले यो दुष्टलाई मार्नुभयो, सकल देवताहरू सनाथ भए ॥ ५७ ॥

जय हरन धरनीभार । महिमा उदार अपार ।
जय रावनारि कृपाल । किए जातुधान बिहाल ॥५८॥
लंकेस अति बल गर्ब । किए बस्य सुर गंधर्ब ।
मुनि सिद्ध नर खग नाग । हठि पंथ सब कें लाग ॥५९॥

उदार अपार महिमा भएका, पृथ्वीको भार हरण गर्ने हजूरको जय होस् । राक्षसगणको ध्वंस गर्ने, रावणका घातक, दयापूर्ण भएका हजूरको जय होस् ॥ ५८ ॥ रावण अत्यन्त अभिमानी, अत्यन्त बलवान् थियो, त्यसले देवता र गन्धर्वलाई वश पारेको थियो, मुनि, सिद्ध, मनुष्य, पक्षी, नाग यी सबैका पछिपछि बलात्कारले लागेको (यिनलाई पछ्याईकन हैरान पार्न लागेको) थियो ॥ ५९ ॥

छन्द–परद्रोह रत अति दुष्ट । पायो सो फलु पापिष्ट ।
अब सुनहु दीनदयाल । राजीवनयन बिसाल ॥६०॥
मोहि रहा अति अभिमान । नहि कोउ मोहि समान ।
अब देखि प्रभुपद कंज । गत मान प्रद दुखपुंज ॥६१॥

त्यो परद्रोहमा तत्पर थियो, अति दुष्ट थियो, त्यो पापिष्ठले उचित फल (वध) पायो । हे दीनदयाल ! हे कमलदलविशालनयन ! अब मेरो प्रार्थना सुनिबक्सियोस् ॥ ६० ॥ मसमान कोही छैन भन्ने मलाई ठूलो अभिमान थियो, ऐह्ले प्रभुका चरणकमलको दर्शन पाउँदा, दुःख-परम्परा दिने त्यो अभिमान हऱ्यो ॥ ६१ ॥

कोउ ब्रह्म निर्गुन ध्याव । अब्यक्त जेहि श्रुति गाव ।
मोहि भाव कोसलभूप । श्रीरामु सगुनसरूप ॥६२॥
बैदेहि अनुज समेत । मम हृदय करहु निकेत ।
मोहि जानिएँ निज दास । दे भक्ति रमानिवास ॥६३॥

जसलाई वेदहरू पनि अव्यक्त (थाहा नपाइने) भनेर गाउँछन्, त्यस्तो निर्गुण ब्रह्मलाई कुनै महात्मा (ध्यान गर्छन्भने) ध्यान गरून्, हे अयोध्याधिराज ! मलाई ता हजूरको सगुणस्वरूप यहां श्रीराममूर्ति मनपर्दछ ॥ ६२ ॥ प्रभु ! सीताजीले सहित भईकन मेरा हृदयमा निवास गर्नुहोस्, आफ्नो दास जानिबक्सियोस्, हे लक्ष्मीनिवास ! मलाई भक्ति बक्सनुहोस ॥ ६३ ॥

दे भक्ति रमानिवास त्रासहरन सरन सुखदायकं ।
सुखधाम राम नमामि काम अनेक छबि रघुनायकं ॥
सुरबृंद रंजन द्वंदभंजन मनुजतनु अतुलित बलं ।
ब्रह्मादि संकर सेब्य राम नमामि करुनाकोमलं ॥६४॥

हे लक्ष्मीनिवास ! हे त्रासनाशक ! हे शरणागतसुखदायक ! मलाई भक्ति बक्सनुहोस्, हे सुखधाम ! हे राम ! हे रघुनाथ ! अनेक कामदेवको शोभा हुने हजूरलाई नमस्कार गर्दछु । हे राम ! देवताका समुदायलाई आनन्दित गर्ने, द्वन्द्व (हर्ष-विषाद, सुख-दुःख, मान-अपमान, राग-द्वेष इत्यादि) हरण गर्ने, मनुष्य-मूर्ति, अतुलबल भएका, ब्रह्मा र शंकरले समेत सेवा गर्नुपर्ने करुणाले कोमलचित्त भएका हजूरलाई नमस्कार गर्दछु ॥ ६४ ॥

दोहा–अब करि कृपा बिलोकि मोहिं आएसु देहु कृपाल ।
काह करौं सुनि प्रिय बचन बोले दीनदयाल ॥१३०॥

हे दीनदयाल ! अब कृपादृष्टिले मलाई हेरेर आज्ञा बक्सनुहोस्, म के गरौं ?" यस्ता प्रिय वचन सुनेर दीनदयाल रामजीले आज्ञा गर्नुभयो ॥ १३० ॥

चौ०–सुनु सुरपति कपि भालु हमारे ❀ परे भूमि निसिचरन्हि जे मारे ॥१॥
मम हित लागि तजे इन्ह प्राना ❀ सकल जिआउ सुरेस सुजाना ॥२॥

हे देवराज ! सुन, जसलाई राक्षसले मारेका थिए, ती मेरा भालू र वानर जमीनमा परिरहेका छन्, ॥ १ ॥ हे बुद्धिमन् ! इन्द्र ! यिनले मेरा निमित्त प्राण छाडेका छन्, यी सबैलाई बचाइदेऊ ॥ २ ॥

सुनु खगपति प्रभु कै येह बानी ❀ अति अगाध जानहिं मुनि ज्ञानी ॥३॥
प्रभु सक त्रिभुवन मारि जिआई ❀ केवल सक्रहि दीन्हि बड़ाई ॥४॥

(काकभुशुण्डी भन्दछन्) हे गरुडजी ! सुन्नुहोस्, प्रभुजीको अति गंभीर यो वचनलाई ज्ञानी मुनिहरू मात्र जान्दछन् (बुझ्दछन्) ॥ ३ ॥ (के भने ?) प्रभुजी त्रैलोक्यलाई मार्न र जिलाउन सक्नुहुन्छ, केवल इन्द्रलाई इज्जत दिएको हो ॥ ४ ॥

सुधा बरषि कपि भालु जिआए ❀ हरषि उठे सब प्रभु पहिं आए ॥५॥
सुधावृष्टि भै दुहुँ दल ऊपर ❀ जिए भालु कपि नहि रजनीचर ॥६॥

इन्द्रले अमृत वर्षाएर भालू र वानरलाई जीवित गराए, तिनीहरू हर्षित भएर उठीकन प्रभुजीका समीप आए ॥ ५ ॥ अमृतवृष्टि ता (युद्धभूमिमा पडिरहेका) दुवै दलका उपर भएको हो, तर भालू र वानर जीवित भए, राक्षस जीवित भएनन् ॥ ६ ॥

रामाकार भए तिन्ह के मन ❀ गए ब्रह्मपद तजि सरीर रन ॥७॥
सुर अंसिक सब कपि अरु रीछा ❀ जिए सकल रघुपति कीं ईछा ॥८॥

ती राक्षसका मन रामाकार (रामरूप) भएका थिए, तिनीहरू युद्धमा शरीर छाडेर ब्रह्मपदमा पुगे (त्यसैले जीवित भएनन्) ॥ ७ ॥ वानर र भालूहरू देवताका अंशले (रामजीको सेवाका निमित्त) पैदा भएका हुन्, अतएव रामजीका इच्छाले तिनीहरू जीवित भए ॥ ८ ॥

राम सरिस को दीनहितकारी ❀ कीन्हे मुक्त निसाचर झारी ॥९॥
खल मलधाम कामरत रावन ❀ गति पाई जो मुनिबर पाव न ॥१०॥

रामजीजस्ता दीनजनहितकारी को छ ?, जसले जम्मै राक्षसहरूलाई मुक्त गरायो ॥ ९ ॥ दुष्ट पापपूर्ण कामलम्पट रावणले जुन गति पायो, त्यो गति मुनीश्वरहरू पनि पाउँदैनन् ॥ १० ॥

दोहा–सुमन बरषि सब सुर चले चढ़ि चढ़ि रुचिर बिमान ।
देखि सुअवसरु प्रभु पहि आएउ संभु सुजान ॥१३१॥
परम प्रीति कर जोरि जुग नलिन नयन भरि बारि ।
पुलकित तनु गदगद गिरा बिनय करत त्रिपुरारि ॥१३२॥

देवताहरू सुन्दर विमानमा चढीचढीकन फूल वर्षाएर गए। अनि असल मौका देखेर शंकरजी रामर्जाका समीप आउनुभयो ॥ १३१ ॥ अत्यन्त प्रेमले हाथ जोरीकन नेत्र-कमललाई जलपूर्ण गराएर, शरीरलाई रोमाञ्चित पारेर, त्रिपुरारि (शंकरजी) गद्गद वचनले स्तुति गर्न लाग्नुभयो ॥ १३२ ॥

छन्द—मामाभिरक्षय रघुकुलनायक। धृत बर चाप रुचिर कर सायक।
मोह महा घनपटल प्रभंजन। संयम बिपिन अनल सुररंजन ॥६५॥

हे रघुकुलनायक! हातमा श्रेष्ठ धनु र सुन्दर बाण धारण गर्ने हजूर मेरो रक्षा गर्नुहोस्। मोहरूपी बादलका घटा (समूह) का हकमा हुरीस्वरूप भएका, सन्देहरूपी-जङ्गलका हकमा डढेलास्वरूप भएका, देववर्गलाई आनन्दित गर्ने-॥ ६५ ॥

अगुन सगुन गुनमंदिर सुंदर। भ्रम तम प्रबल प्रताप दिवाकर।
काम क्रोध मद गज पंचानन। बसहु निरंतर जनमन कानन ॥६६॥

सगुण र निर्गुण स्वरूप भएका, गुगका भवनस्वरूप भएका, अत्यन्त सुन्दर, भ्रान्तिरूपी अन्धकारको हकमा प्रबल प्रतापवान् सूर्यस्वरूप भएका, काम-क्रोधरूपी मत्ता हात्तीका हकमा सिंहरूप भएका हजूर भक्तका मनरूपी वनमा निरन्तर रहनुहोस्॥ ६६ ॥

बिषय मनोरथ पुंज कंजबन। प्रबल तुषार उदार पारमन।
भव बारिधि मंदर परमं दर। बारय तारय संसृति दुस्तर ॥६७॥

हजूर विषयतृष्णारूपी कमलवनका समूहका हकमा अति जबर्दस्त तुषारोस्वरूप होइबक्सिन्छ। हजूर संसार-समुद्रको मथन गर्नलाई मन्दराचलस्वरूप होइबक्सिन्छ (हजूर-रूपी मन्दराचलले संसाररूपी सागरको मन्थन गर्दा, मोक्षरूपी अमृत निस्कन्छ)। हे भगवन्! मेरो भयानक भयलाई हटाउनुहोस्, दुस्तर भएका संसारसागरबाट पार पुऱ्याइदिनुहोस्॥ ६७॥

स्याम गात राजीव बिलोचन। दीनबंधु प्रनतारति मोचन।
अनुज जानकी सहित निरंतर। बसहु राम नृप मम उर अंतर।
मुनिरंजन महिमंडल मंडन। तुलसीदास प्रभु त्रास बिखंडन॥६८॥

हे राम! शरीर श्याम भएका, नजर कमलजस्ता भएका, दीनजनका बन्धुस्वरूप, शरणागतका पीडा हर्ने, हजूर भाई लक्ष्मगजी र सीताजीले सहित भएर मेरा अन्तकरणमा नित्य निवास गर्नुहोस्। हजूर मुनिजनका आनन्ददाता, पृथ्वीमण्डलका अलङ्कारस्वरूप, तुलमीदासका स्वामी, त्रासको विनास गर्ने होइबक्मिन्छ ॥ ६८ ॥

दोहा—नाथ जबहि कोसलपुरीं होइहि तिलकु तुम्हार।
कृपासिंधु मैं आउब देखन चरित उदार ॥१३३॥

हे नाथ ! अयोध्यामा जैले हजूरको राज्याभिषेक होला, हे करुणासागर ! त्यस वेलामा पनि हजूरको उदार लीला हेर्न म आउनेछु ॥ १३३ ॥

चौ०–करि बिनती जब संभु सिधाए ❀ तब प्रभु निकट बिभीषनु आए ॥१॥
नाइ चरन सिरु कह मृदु बानी ❀ बिनय सुनहु प्रभु सारँगपानी ॥२॥

स्तुति गरिसकेर जब शंकरजी जानुभयो, अनि विभीषण प्रभुजीका समीप आए ॥ १ ॥ तिनले शिर झुकाएर कमल वचन बोले,—"हे शार्ङ्गपाणे ! (शार्ङ्ग नामक धनु हातमा लिने = अर्थात् हे विष्णो !) हे राम ! मेरो विन्ति सुनिबक्सियोस् ॥ २ ॥

सकुल सदल प्रभु रावन मारयो ❀ पावन जसु त्रिभुवन बिस्तारयो ॥३॥
दीन मलीन हीन मति जाती ❀ मो पर कृपा कीन्हि बहु भाती ॥४॥

प्रभु ! हजूरले कुलसहित दलबलसहित रावणलाई मारिबक्सियो र संसारमा पवित्र यश फैलाइबक्सियो ॥ ३ ॥ बुद्धिहीन, जातिहीन, मलिन, दीन मेराउपर अनेक प्रकारसँग करुणा गरिबक्सियो ॥ ४ ॥

अब जनगृह पुनीत प्रभु कीजे ❀ मज्जनु करिअ समरश्रम छीजे ॥५॥
देखि कोस मंदिर संपदा ❀ देहु कृपाल कपिन्ह कहुँ मुदा ॥६॥

प्रभु ! अब सेवकको घरलाई पवित्र पारिबक्सियोस् , स्नान गरिबक्सियोस् । जसमा युद्धको परिश्रम घटोस् ॥ ५ ॥ हे कृपाल ! ढुकुटी, महल, श्रीसम्पत्ति नजर भएर यी वानरहरूलाई खुशीका साथ (बकस) बक्सियोस् ॥ ६ ॥

सब बिधि नाथ मोहि अपनाइअ ❀ पुनि मोहि सहित अवधपुर जाइअ ॥७॥
सुनत बचन मृदु दीनदयाला ❀ सजल भए द्वौ नयन बिसाला ॥८॥

हे नाथ ! मलाई सब तरहबाट आफ्नो अन्तरङ्ग (आपस्त) पारिबक्सियोस् । अनि मसँगसँगै अयोध्या पाल्नुहोस्" ॥ ७ ॥ यस्ता कोमल वचन सुन्दा दीनदयाल प्रभुजी विशाल भएका दुवै नजरमा अश्रुपूर्ण हुनुभयो ॥ ८ ॥

दोहा–तोर कोस गृह मोर सब सत्य बचन सुनु भ्रात ।
भरत दसा सुमिरत मोहि निमिष कल्पसम जात ॥१३४॥
तापस बेष गात कृस जपत निरंतर मोहि ।
देखौं बेगि सो जतनु करु सखा निहोरौं तोहि ॥१३५॥
बीते अवधि जाउँ जौं जिअत न पावौं बीर ।
सुमिरत अनुजप्रीति प्रभु पुनि पुनि पुलक सरीर ॥१३६॥
करेहु कल्प भरि राजु तुम्ह मोहि सुमिरेहु मन माहिं ।
पुनि मम धाम पाइहहु जहाँ संत सब जाहिं ॥१३७॥

(अनि आज्ञा गर्नुभयो) "भाई ! तिम्रो ढुकुटी महल सब मेरै न हो, सत्य वचन सुन, भरतको अवस्था संझदा मलाई एक निमेष पनि कल्पसमान भएर बित्तछ ॥ १३४ ॥ तपस्वीका वेषमा छन्, शरीर दुब्लो छ, निरन्तर मलाई जपिरहेका छन्, तिनलाई चाँडै देखौं, त्यो बन्दोबस्त गर हे मित्र ! म तिमीलाइ प्रार्थना गर्दछु ॥ १३५ ॥ अवधि (म्याद) बितिसकेपछि गएँभने वीर भरतलाई जीउँदै पाउनेछैन–" यति बोल्दैमा भरतको प्रेम संझेर प्रभुजी वारंवार शरीरमा रोमाञ्चित हुनुभयो ॥ १३६ ॥ (अनि फेरि उहाँले आज्ञा गर्नुभयो—) "हे विभीषण ! तिमी कल्पकालसम्म राज्यशासन गरे, मनमा मलाई संझे, अनि जहाँ सन्तहरू जान्छन् त्यही मेरो धाम (बैकुण्ठ) गए" ॥ १३७ ॥

चौ०–सुनत बिभीषन बचन राम के ❀ हरषि गहे पद कृपाधाम के ॥१॥
बानर भालु सकल हरषाने ❀ गहि प्रभुपद गुन बिमल बखाने ॥२॥

रामजीका वचन सुन्दा विभीषण हर्षित भए तिनले करुणानिवास रामजीका पाउ समाते ॥ १ ॥ भालू र वानर सबै हर्षित भए, तिनले पनि पाउ समातेर प्रभुजीका निर्मल गुणको प्रशंसा गरे ॥ २ ॥

बहुरि बिभीषनु भवन सिधायो ❀ मनिगन बसन बिमान भरायो ॥३॥
लै पुष्पक प्रभु आगें राखा ❀ हसि करि कृपासिंधु तब भाषा ॥४॥

अनि विभीषणले फेरि घर गएर मणिसमूह र वस्त्रले पुष्पक विमानलाई भरिभराउ पारे ॥ ३ ॥ त्यो विमान ल्याएर प्रभुजीका अगाडि राखे, करुणासागर प्रभुजीले हाँसेर बोल्नुभयो—॥ ४ ॥

चढ़ि बिमान सुनु सखा बिभीषन ❀ गगन जाइ बरषहु पट भूषन ॥५॥
नभ पर जाइ बिभीषन तबही ❀ बरषि दिए मनि अंबर सबही ॥६॥

"हे मित्र ! विभीषण ! सुन, तिमी विमान चढेर आकाशमा जाऊ र वस्त्र-गहना वर्षाउ (गिराऊ)" ॥ ५ ॥ उल्लिखेरै विभीषणले आकाशमा गएर सबै वस्त्र-गहना वर्षाइदिए ॥ ६ ॥

जोइ जोइ मन भावै सोइ लेहीं ❀ मनि मुख मेलि डारि कपि देहीं ॥७॥
हसे रामु श्री अनुज समेता ❀ परम कौतुकी कृपानिकेता ॥८॥

वानरहरू जुन कुरो मनपर्दथ्यो त्यही कुरा लिन लागे, मणिलाई मुखमा हालेर थुक्न लागे ॥ ७ ॥ परम लहडी करुणानिधान रामजी भाईसहित हाँस्नुभयो ॥ ८ ॥

दोहा–मुनि जेहि ध्यान न पावहिं नेति नेति कह बेद ।
कृपासिंधु सोइ कपिन्ह सन करत अनेक बिनोद ॥१३८॥
उमा जोग जप दान तप नाना मख ब्रत नेम ।
रामु कृपा नहि करहिं तसि जसि निष्केवल प्रेम ॥१३९॥

मुनिहरू जसलाई ध्यानमा पनि फेला पार्दैनन्, वेदहरू (खोज्दा खोज्दा पत्ता लाउन नसकेर माया प्रपञ्चको अपोह गरेर) नेति नेति भनिरहेका छन्, उनै करुणासागर प्रभु वानर

हरूसँग खेलवाड गर्न लाग्नुभयो (धन्य करुणा !) ॥ १३८ ॥ हे पार्वती ! अनेक प्रकारका योग, जप दान, नाना तरहका व्रत-यज्ञ-नियम गर्दा पनि रामजी त्यत्तिको कृपा गर्नुहुन्न, जत्तिको कृपा विशुद्ध प्रेम गर्दा गर्नुहुन्छ ॥ १३९ ॥

चौ०–भालु कपिन्ह पट भूषन पाए ❁ पहिरि पहिरि रघुपति पहि आए ॥१॥
नाना जिनस देखि सब कीसा ❁ पुनि पुनि हसत कोसलाधीसा ॥२॥

भालू र वानरले वस्त्र भूषण पाए, पहिरीकन रामजीका समीप आए ॥ १ ॥ अनेक अनेक ढाँचाका वानरलाई देखेर अयोध्याधीश रामजी वारंवार हाँस्नुहुन्थ्यो ॥ २ ॥

चितै सबन्ह पर कीन्ही दाया ❁ बोले मृदुल बचन रघुराया ॥३॥
तुम्हरें बल मैं रावनु मार्‍यो ❁ तिलकु बिभीषन कहुँ पुनि सार्‍यो ॥४॥

रामजीले सबैका उपर कृपादृष्टि बक्सनुभयो, अनि उहाँले कोमल वचन बोल्नुभयो ॥ ३ ॥ "भाईहो ! तिमीहरूकै बलले मैले रावणलाई मारें, अनि विभीषणलाई राजतिलक दिएँ ॥ ४ ॥

निज निज गृह अब तुम्ह सब जाहू ❁ सुमिरेहु मोहि डरपहु जनि काहू ॥५॥
सुनत बचन प्रेमाकुल बानर ❁ जोरि पानि बोले सब सादर ॥६॥

अब तिमीहरू आफ्ना आफ्ना घर जाओ। मलाई संझदै गरे, कसैदेखि नडराए ॥ ५ ॥ त्यो वचन सुनेर प्रेमले व्याकुल भएका वानरहरूले हात जोरेर आदरका साथ बोले— ॥ ६ ॥

प्रभु जोइ कहहु तुम्हहि सब सोहा ❁ हमरे होत बचन सुनि मोहा ॥७॥
दीन जानि कपि किए सनाथा ❁ तुम्ह त्रैलोक ईस रघुनाथा ॥८॥

"प्रभु ! हजूर जो कुछ आज्ञा हुन्छ, त्यो हजूरलाई भने सुहाउँछ, हामीलाई ता त्यो वचन सुन्दा मोह हुन्छ ॥ ७ ॥ हे राम ! हामीलाई दीन-दुःखी बानर जानेर सनाथ गर्नुभयो, हे रघुनाथ ! हजूर ता त्रैलोक्यनाथ ! ॥ ८ ॥

सुनि प्रभुबचन लाज हम मरहीं ❁ मसक कहूँ खगपतिहित करहीं ॥९॥
देखि रामरुख बानर रीछा ❁ प्रेममगन नहि गृह कै ईछा ॥१०॥

प्रभुका वचन सुन्दा हामीहरू लाजले मर्दछौं, कहीं भुसुनाहरू पनि गरुडजीको हित गर्न सक्तछन् ?" ॥ ९ ॥ (यति भन्दाभन्दै) रामजीको चेहरा देखेर भालू वानरहरू प्रेम समुद्रमा डुबे, घरको इच्छा रहेन ॥ १० ॥

दोहा–प्रभुप्रेरित कपि भालु सब रामरूप उर राखि ।
हरष बिषाद सहित चले बिनय बिबिध बिधि भाषि ॥१४०॥
कपिपति नील रीछपति अंगद नल हनुमान ।
सहित बिभीषन अपर जे जूथप कपि बलवान ॥१४१॥

कहि न सकहिं कछु प्रेमबस भरि भरि लोचन बारि ।
सन्मुख चितवहिं राम तन नयन निमेष निवारि ॥१४२॥

प्रभुजीका प्रेरणाले सबै भालु र वानरहरू उहाँको रूपलाई हृदयमा राखेर धेरै बिन्तीभाउ गरी हर्षविषादसहित भएर हिंडे ॥ १४० ॥ जाम्बवान्, सुग्रीव, अङ्गद, हनूमान् इत्यादि बलवान् यूथपति (सर्दार) हरू र विभीषणसमेत प्रेमवश भएर केही बोल्न सक्तैनथे, फ़गत आँखाभरीभरी पानी गरेर निमेष (चिम्लनु) नगरीकन रामजीका सन्मुख हेरिरहेका थिए ॥ १४१ ॥ १४२ ॥

चौ०–अतिसय प्रीति देखि रघुराई ❀ लीन्हे सकल बिमान चढ़ाई ॥१॥
मन महुँ बिप्रचरन सिरू नायो ❀ उत्तर दिसिहि बिमानु चलायो ॥२॥

रघुनाथजीले तिनको अतिशय प्रेम देखेर ती सबैलाई विमानमा चढाउनुभयो ॥ १ ॥ मनै मनले ब्राह्मणका चरणमा प्रणाम गरेर विमानलाई उत्तरदिशातर्फ चलाउनुभयो ॥ २ ॥

चलत बिमानु कोलाहलु होई ❀ जय रघुबीर कहै सबु कोई ॥३॥
सिंघासनु अति उच्च मनोहर ❀ श्री समेत प्रभु बैठे ता पर ॥४॥
राजत रामु सहित भामिनी ❀ मेरुसृंग जनु घनु दामिनी ॥५॥

विमान चल्दा कोलाहल भयो । सबैले "रघुवीरको जय" भने ॥ ३ ॥ विमानमा अग्लो राम्रो सिंहासन थियो, प्रभुजी सीतासहित त्यसैमा राज भयो ॥ ४ ॥ सीतासहित हुनुभएका रामजी सुमेरुका शिखरको बिजुलीसहित मेघजस्तै शोभायमान हुनुभयो ॥ ५ ॥

रुचिर बिमानु चलेउ अति आतुर ❀ कीन्ही सुमनबृष्टि हरषे सुर ॥६॥
परम सुखद चलि त्रिबिध बयारी ❀ सागर सर सरि निर्मल बारी ॥७॥
सगुन होहि सुंदर चहुँ पासा ❀ मन प्रसन्न निर्मल नभ आसा ॥८॥

सुन्दर विमान खूब छिटो हिंड्यो, हर्षित भएका देवताले पुष्पवृष्टि गरे ॥ ६ ॥ अत्यन्त सुखदायक तीन प्रकारको (सुगन्ध-शीतल-मन्द) हावा चल्यो, समुद्र, तलाउ, नदीहरूका जल निर्मल भए ॥ ७ ॥ चारैतर्फ शुभशकुन हुन लागे, सबैको मन प्रसन्न भयो, दिशाहरू र आकाश निर्मल भए ॥ ८ ॥

कह रघुबीर देखु रन सीता ❀ लछिमन इहाँ हत्यो इँद्रजीता ॥९॥
हनूमान अंगद के मारे ❀ रनमहि परे निसाचर भारे ॥१०॥
कुम्भकरन रावन द्वौ भाई ❀ इहाँ हते सुर मुनि दुखदाई ॥११॥

रामजीले आज्ञा गर्नुभयो—"सीता ! युद्धभूमि हेर । यहाँ लक्ष्मणले मेघनादलाई मारे ॥ ९ ॥ हेर, हनूमान् र अङ्गदले मारेका ठूला ठूला वीर राक्षसहरू जमीनमा पडिरहेका छन् ॥ १० ॥ यहाँ देवता र मुनिलाई दुःख दिने रावण र कुम्भकर्ण दुवै भाई मारिए ॥ ११ ॥

दोहा–इहाँ सेतु बाँध्यो अरु थापेउँ सिव सुखधाम ।
सीता सहित कृपानिधि संभुहि कीन्ह प्रनाम ॥१४३॥

जहँ जहँ कृपासिंधु बन कीन्ह बास बिश्राम ।
सकल देखाए जानकिहि कहे सबन्हि के नाम ॥१४४॥

यहाँ कल्याणनिवास शिवजीको स्थापना गरें, अनि पुल बँधाएँ भनेर कृपाभवन रामजीले सीतासहित भैकन (सपत्नीक भएर) शिवजी (रामेश्वर) लाई प्रणाम गर्नुभयो ॥ १४३ ॥

करुणासागर रामजीले अघि वनमा जहाँ जहाँ निवास र विश्राम गर्नुभएको थियो, ती सबै स्थानको नाम बताईकन सीताजीलाई देखाउनुभयो ॥ १४४ ॥

चौ०–तुरत बिमानु तहाँ चलि आवा ❀ दंडक बन जहँ परम सुहावा ॥१॥
कुंभजादि मुनिनायक नाना ❀ गए रामु सब कें अस्थाना ॥२॥

जहाँ परम सुन्दर दण्डकारण्य थियो, विमान त्यहीं झट्ट आइपुग्यो ॥ १ ॥ रामजी अगस्त्य आदि गरेका सबै अनेक मुनीश्वरका स्थान स्थानमा जानुभयो ॥ २ ॥

सकल रिषिन्ह सन पाइ असीसा ❀ चित्रकूट आए जगदीसा ॥३॥
तहँ करि मुनिन्ह केर संतोषा ❀ चला बिमानु तहाँ तें चोखा ॥४॥

सबै ऋषीश्वरहरूबाट आशिष पाएर जगत्स्वामी रामजी चित्रकूट आइपुग्नुभयो ॥ ३ ॥ त्यहाँ सबै मुनीश्वरहरूलाई संतुष्ट पार्नुभयो, त्यहाँबाट विमान ठूलो वेगले चल्यो ॥ ४ ॥

बहुरि राम जानकिहि देखाई ❀ जमुना कलिमल हरनि सोहाई ॥५॥
पुनि देखी सुरसरी पुनीता ❀ राम कहा प्रनाम करु सीता ॥६॥

अनि रामजीले जानकीजीलाई कलिकल्मषनाशिनी सुंदर यमुनानदी देखाउनुभयो ॥ ५ ॥ अनि उहाँले पवित्र गङ्गाजी देख्नुभयो र सीताजीलाई "सीता ! गंगाजीलाई प्रणाम गर" ॥ ६ ॥

तीरथपति पुनि देखु प्रयागा ❀ निरखत जन्म कोटि अघ भागा ॥७॥
देखु परम पावनि पुनि बेनी ❀ हरनि सोक हरिलोक निसेनी ॥८॥
पुनि देखु अवधपुरी अति पावनि ❀ त्रिबिध ताप भवरोग नसावनि ॥९॥

तीर्थराज प्रयागको दर्शन गर, यिनको दर्शन गर्नाका साथ कोटिजन्मको पाप नष्ट हुन्छ ॥ ७ ॥ परम पवित्र त्रिवेणीको दर्शन गर, यी त्रिवेणी शोकहारिणी र हरिलोक निःश्रेणी (वैकुण्ठ जाने सिंढीस्वरूप) हुन ॥ ८ ॥ अनि त्रिविध ताप (आध्यात्मिक-आधिभौतिक-आधिदैविक संताप) लाई हरण गर्ने संसाररूपी रोगलाई नष्ट पार्ने अयोध्यापुरीलाई हेर" (भन्नुभयो) ॥ ९ ॥

दोहा–तब रघुनंदन सिय सहित अवधहिं कीन्ह प्रनामु ।
सजल नयन तन पुलकित पुनि पुनि हरषित रामु ॥१४५॥
पुनि प्रभु आइ त्रिबेनी हरषित मज्जनु कीन्ह ।
कपिन्ह सहित बिप्रन्ह कहुँ दान बिबिध बिधि दीन्ह ॥१४६॥

६१–क

अनि रघुनन्दनजीले सीतासहित भईकन अयोध्यालाई प्रणाम गर्नुभयो । रामजी वारंवार हर्षित भएर नेत्रमा अश्रुपूर्ण शरीरमा रोमाञ्चित हुनुभयो ॥ १४५ ॥ रामजी फेरि त्रिवेणीमा आउनुभयो र हर्षित भईकन स्नान गर्नुभयो । वानरवर्गका साथ रहेर ब्राह्मणवर्गलाई अनेक विधिविधानले दान दिनुभयो ॥ १४६ ॥

चौ०–प्रभु हनुमंतहि कहा बुझाई ❀ धरि बटुरूप अवधपुर जाई ॥१॥
भरतहि कुसल हमारि सुनाएहु ❀ समाचार लै तुम्ह चलि आएहु ॥२॥

प्रभुजीले संझाईबुझाईकन हनूमान्‌जीलाई आज्ञा दिनुभयो, "हे हनूमन्! तिमी ब्रह्मचारीको वेष धारण गरेर अयोध्या जाऊ र भरतलाई हाम्रो कुशलसमाचार सुनाऊ, अनि उनको कुशलसमाचार लिएर यहाँ आऊ" ॥ १ ॥ २ ॥

तुरत पवनसुत गवनत भएऊ ❀ तब प्रभु भरद्वाज पहि गएऊ ॥३॥
नाना बिधि मुनि पूजा कीन्ही ❀ अस्तुति करि पुनि आसिष दीन्ही ॥४॥

हनूमान्‌जी तुरुन्तै अयोध्यातर्फ गए, अनि प्रभुजी भरद्वाज मुनिका समीप पाल्नुभयो ॥ ३ ॥ भरद्वाज मुनिले प्रभुजीको अनेक प्रकारले सत्कार गरे, अनि आशिष दिए ॥ ४ ॥

मुनिपद बंदि जुगल कर जोरी ❀ चढ़ि बिमान प्रभु चले बहोरी ॥५॥
इहाँ निषाद सुना प्रभु आए ❀ नाव नाव कहँ लोग बुलाए ॥६॥

अनि प्रभुजी भरद्वाज मुनिको वन्दना गरेर विमान चढीकन रवाना हुनुभयो ॥ ५ ॥ यता निषाद (गुह) ले प्रभुजी पाल्नुभएको खबर सुने, "नाउ ल्याओ" भनी माझीहरूलाई बोलाए ॥ ६ ॥

सुरसरि नाघि जान तब आयो ❀ उतरेउ तट प्रभु आएसु पायो ॥७॥
तब सीता पूजी सुरसरी ❀ बहु प्रकार पुनि चरनन्हि परी ॥८॥

विमान जब गंगापार पुग्यो, अनि प्रभुजीको आज्ञा पाएर त्यो (विमान) गंगाजीका तीरमा उत्र्यो ॥ ७ ॥ अनि सीताजीले अनेक प्रकारसँग गंगाजीको पूजा गर्नुभयो र गंगाजीलाई दण्डवत् गर्नुभयो ॥ ८ ॥

दीन्हि असीस हरषि मन गंगा ❀ सुन्दरि तव अहिवात अभंगा ॥९॥
सुनत गुहा धाएउ प्रेमाकुल ❀ आएउ निकट परम सुख संकुल ॥१०॥

गंगाजी हर्षित हुनुभयो, उहाँले मनै मनमा "हे सुन्दरी तिम्रो अहिवात (अभिभाँत = सौभाग्य) अखण्ड रहोस्" यस्तो आशिष दिनुभयो । रामजीको खबर पाउनाका साथ प्रेमले व्याकुल भएका गुहजी परमानन्दले हडबडाउँदै उहाँका समीप आइपुगे ॥ ९ ॥ १० ॥

प्रभुहि सहित बिलोकि बैदेही ❀ परेऊ अवनि तनसुधि नहि तेही ॥११॥
प्रीति परम बिलोकि रघुराई ❀ हरषि उठाइ लियो उर लाई ॥१२॥

प्रभुजीलाई सीतासहित देखेर प्रेमले पागल भएका गुहजी जमीनमा लोटपोट गर्न लागे, शरीरको शुद्धिबुद्धि तिनलाई थिएन ॥ ११ ॥ परम प्रेम देखेर रघुनाथजीले हर्षित भईकन तिनलाई हृदयमा लगाउनुभयो (प्रेमालिङ्गन बक्सनुभयो) ॥ १२ ॥

छन्द–लियो हृदय लाइ कृपानिधान सुजानराय रमापती ।
बैठारि परम समीप बूझी कुसल सो कर बीनती ॥
अब कुसल पद पंकज बिलोकि बिरंचि संकर सेव्य जे ।
सुखधाम पूरनकाल राम नमामि राम नमामि ते ॥६९॥

बुद्धिमान्का राजा (सर्वोपरि बुद्धिमान्) महालक्ष्मीपति करुणानिधान भगवान् रामचन्द्रजीले गुहलाई हृदयमा लगाइबक्सियो । नगीचै राखेर कुशलप्रश्न गर्नुभयो । तिनले विन्ति गरे कि—"जुन चरणकमल ब्रह्माजी र शंकरजीका पनि सेवनीय छन्, तिनै हजूरका चरणकमलको दर्शन पाउँदा मलाई ऐलहे कुशल छ । हे सुखधाम ! हे पूर्णकाम ! हे राम ! हजूरलाई नमस्कार गर्छु, हे राम ! हजूरलाई नमस्कार गर्दछु" ॥ ६९ ॥

सब भाँति अधम निषाद सो हरि भरत ज्यों उर लाइयो ।
मतिमंद तुलसीदास सो प्रभु मोहबस बिसराइयो ॥
यह रावनारिचरित्र पावन रामपद रतिप्रद सदा ।
कामादि हर बिज्ञानकर सुर सिद्ध मुनि गावहिं मुदा ॥७०॥

सब तरहबाट अधम भएका ती निषादलाई प्रभुजीले भरतजीजस्तै गरेर हृदयमा लाइबक्सियो । (तुलसीदास आफैंलाई भन्दछन्) हे मन्दबुद्धि ! तुलसीदास ! तैंले उनै-प्रभुजीलाई मोहवश भएर बिर्सिस् नि ! रावणारि (रामजी) को, उहाँका चरणमा प्रेमभक्ति लाइदिने, कामक्रोधादिलाई हरण गर्ने, ज्ञानलाई उत्पन्न गर्ने यो पवित्र चरित्रलाई देवता, सिद्ध, मुनिहरू खुशीका साथ गाउँदछन् ॥ ७० ॥

दोहा–समरबिजय रघुबीर के चरित जे सुनहिं सुजान ।
बिजय बिबेक बिभूति नित तिन्हहि देहिं भगवान ॥१४७॥
यह कलिकाल मलायतन मन करि देखु बिचार ।
श्रीरघुनाथनाम तजि नाहिन आन अधार ॥१४८॥

जो बुद्धिमान् रघुवीरको समरविजयचरित्र (रावणवधवृत्तान्त) सुन्दछन्, तिनलाई भगवान् रामचन्द्रजी विजय, विवेक, ऐश्वर्य नित्य बक्सनुहुन्छ ॥ १४७ ॥ हे मन ! यो कलिकाल पापको घर हो । यो कुरा विचार गरी हेर् । श्रीरघुनाथजीको नामबाहेक अर्को आधार केही छैन ॥ १४८ ॥

* * * *

इति श्रीरामचरितमानसे सकलकलिकलुषविध्वंसने विमलविज्ञानसंपादनोनाम
षष्ठः सोपानः समाप्तः
शुभं भूयात्

।। श्रीः ।।

अथ

श्रीमद्गोस्वामितुलसीदासनिर्मितं रामायणम्

तत्रेदम्

उत्तरकाण्डम्

प्रारभ्यते

[स्रग्धरा छन्द]

केकीकंठाभनीलं उरवरविलसद्विप्रपादाब्जचिह्नं
शोभाढ्यं पीतवस्त्रं सरसिजनयनं सर्वदा सुप्रसन्नम् ।
पाणौ नाराचचापं कपिनिकरयुतं बन्धुना सेव्यमानं
नौमीड्यं जानकीशं रघुवरमनिशं पुष्पकारूढरामम् ।।१।।

[रथोद्धता छन्द २]

कोशलेंद्रपदकंजमंजुलौ कोमलावजमहेशवंदितौ ।
जानकीकरसरोजलालितौ चिंतकस्य मनभृंगसंगिनौ ।।२।।
कुंदइंदुदरगौरसुंदरं अंबिकापतिमभीष्टसिद्धिदम् ।
कारुणीककलकंजलोचनं नौमि शंकरमनंगमोचनम् ।।३।।

मयूरीका कण्ठको जस्तो नीलवर्ण भएका, सुन्दर छातीमा ब्राह्मणका चरणकमलका चिह्न (भृगुलांछन) ले सुशोभित भएका, शोभाले परिपूर्ण भएका, पीताम्बर पहिरेका, कमलजस्ता नेत्र भएका, सदासर्वदा प्रसन्नवदन रहेका, २ बाहुमा धनु र बाण लिएका, वानरसमूहले युक्त भएका, भाई लक्ष्मणले सेवा गरिएका, पुष्पक विमानमा चढेका, जानकीका प्राणनाथ भएका, रघुका कुलमा पनि सर्वश्रेष्ठ भएका, जगद्वन्दनीय भएका, रामचन्द्रजीलाई नमस्कार गर्दछु ।। १ ।।

ब्रह्माजी र शंकरले समेत वन्दना गरिएका, जानकीजीका करकमलले लालना गरिएका (प्रेमले सुमसुम्याइएका), ध्यान गर्ने (भक्त) का मनरूपी भ्रमरले संयुक्तभएका, सुन्दर भएका, कोशल (अयोध्या) का अधिपति श्रीरामजीका चरणकमललाई (नमस्कार गर्दछु ।। २ ।।

कुन्दपुष्प, चन्द्रमा, शंखजस्ता गोरा र राम्रा, जगज्जननी गिरिजाका पति भएका, इष्ट सिद्धि दिने, दयावान्, कमलजस्ता सुन्दर नेत्र भएका, कामदेवका झंझटबाट बचाउने (निष्काम पारेर मुक्ति दिने) श्रीशंकरजीलाई नमस्कार गर्दछु ॥ ३ ॥

[भरतमिलाप]

दोहा–रहा एक दिन अवधि कर अति आरत पुर लोग ।
जहँ तहँ सोचहिं नारि नर कृसतन रामबियोग ॥१॥
सगुन होहिं सुंदर सकल मन प्रसन्न सब केर ।
प्रभु आगवन जनाव जनु नगर रम्य चहुँ फेर ॥२॥

चौध वर्षका अवधिको एक दिन बाँकी रह्यो, नगरनिवासीहरू अति दुःखित थिए। यत्रतत्र रामजीका विरहले शरीर कृश भएका नरनारीहरू सोच (फिक्री) गरिरहेका थिए ॥ १ ॥ (त्यसै वेलामा) सबै तरहका सुन्दर शकुन हुनलागे, सबैका मन (अकारण) प्रसन्न भए। अयोध्यानगर चारैतर्फ रम्य (रमाइलो) भयो, मानौं त्यसले प्रभुजीको आगमन (अवाई) जनायो ॥ २ ॥

दोहा–कौसल्यादि मातु सब मन अनंद अस होइ ।
आए प्रभु श्री अनुज जुत कहन चहत अब कोइ ॥३॥
भरत नयन भुज दछिन फरकत बारहि बार ।
जानि सगुन मन हरष अति लागे करैं बिचार ॥४॥

कौसल्या आदि गरेका सबै माताहरूका मनमा कोही आएर प्रभु रामचन्द्र सीता र भाईले सहित भैकन आउनुभयो भन्न लाग्यो कि भने जस्तो मानेर विलक्षण आनन्द भयो ॥ ३ ॥ भरतजीका दाहिने आँखा भुजा वारंवार फर्फराउन लागे। शुभसूचक शकुन जानेर मनमा अत्यन्त हर्षित भैकन भरतजी विचार गर्न लाग्नुभयो ॥ ४ ॥

चौ०–रहेउ एकु दिनु अवधि अधारा ❀ समुझत मन दुख भएउ अपारा ॥१॥
कारन कवन नाथु नहि आएउ ❀ जानि कुटिल किधों मोहि बिसराएउ ॥२॥

अब चौध वर्षका अवधिको बाँकी रहेको एक दिन प्राणको आधार छ, यो कुरा संझेर वहाँका मनमा अपार दुःख भयो ॥ १ ॥ के कारण हो ? प्रभुजी आउनुभएन, शायद मलाई कुटिल संझेर बिसर्नुभयो कि ? ॥ २ ॥

अहह धन्य लछिमनु बड़भागी ❀ राम पदारबिंद अनुरागी ॥३॥
कपटी कुटिल मोहि प्रभु चीन्हा ❀ ता तें नाथ संग नहिं लीन्हा ॥४॥

ओहो ! लक्ष्मणजी धन्य रहेछन्, बडा भाग्यमानी रहेछन् , (किनभने) रामचन्द्रजीका चरणारविन्दमा सच्चा प्रेमी तिनै रहेछन् ॥ ३ ॥ मलाई ता प्रभुजीले कपटी र कुटिल भनेर चिन्हुभएछ कि क्या हो, यसैले साथमा लिनुभएन ॥ ४ ॥

जौ करनी समुझै प्रभु मोरी ❀ नहि निस्तार कलप सत कोरी ॥५॥
जन अवगुन प्रभु मान न काऊ ❀ दीनबंधु अति मृदुल सुभाऊ ॥६॥

मेरा कर्मलाई प्रभुले संझनुभयोभने शय करोड कल्पसम्ममा पनि मेरो निस्तार (उद्धार) छैन ॥ ५ ॥ (तर) प्रभुजी भक्तका दुर्गुणलाई मान्नुहुन्न (वास्ता राख्नुहुन्न) प्रभुजी दीनबंधु, र कोमल स्वभाव भएका हुनुहुन्छ ॥ ६ ॥

मोरें जिय भरोस दृढ़ सोई ❀ मिलिहहिं रामु सगुन सुभ होई ॥७॥
बीते अवधि रहहिं जौं प्राना ❀ अधम कवन जग मोहि समाना ॥८॥

मेरा मनमा ता त्यही दृढ विश्वास छ, रामजी पाल्नुहुन्छ, शुभशकुन भइरहेका छन् ॥ ७ ॥ अवधि बितेपछि पनि मेरा प्राण रहेभने ता संसारमा मजस्तो अधम को होला ? ॥ ८ ॥

दोहा—रामबिरह सागर महुँ भरत मगनमन होत।
बिप्ररूप धरि पवनसुत आइ गएउ जनु पोत ॥५॥
बैठे देखि कुसासन जटामुकुट कृसगात।
राम राम रघुपति जपत स्रवत नयन जलजात ॥६॥

रामजीको विरहरूपी सागरमा भरतजीको मन डुबिरहेको थियो, उब्लिखेरै जहाज जस्तो भएर ब्राह्मण वेशधारी पवनकुमार (हनूमान्जी) आइपुगे ॥ ५ ॥

हनूमान्जीले कुशासनमा बसेका, जटामुकुट धारण गरेका, शरीर दुब्लो भएका, कमलका दलजस्ता नेत्रबाट प्रेम (आँसु) चुहाउँदै "राम ! राम ! रघुनाथ !" जपिरहेका भरतजीलाई देखे ॥ ६ ॥

चौ०—देखत हनूमान अति हरषेउ ❀ पुलक गात लोचन जलु बरषेउ ॥१॥
मन महुँ बहुत भाँति सुख मानी ❀ बोलेउ श्रवन सुधा सम बानी ॥२॥

हनूमान्जी वहाँलाई देख्ता अत्यन्त हर्षित भए, उनका शरीरमा रोमाञ्च भयो, नेत्रबाट जल वर्षन लाग्यो, ॥ १ ॥ मनमा अत्यन्त आनन्द मानेर हनूमान्जीले सुन्दाखेरि अमृतसमान मीठो लाग्ने वचन बोले ॥ २ ॥

जासु बिरह सोचहु दिनु राती ❀ रटहु निरंतर गुन गन पाँती ॥३॥
रघुकुलतिलक सो जन सुखदाता ❀ आएउ कुसल देव मुनि त्राता ॥४॥

जसका विरहमा हजूर रातदिन चिन्ताग्रस्त हुनुभएको छ, जसका गुणगणका परम्परालाई निरन्तर रटिरहनुभएको छ, ॥ ३ ॥ उहाँ सुजन-सुखदाता, देवमुनि-त्राता रघुकुलतिलक रामजी कुशलमंगलपूर्वक पाल्नुभयो ॥ ४ ॥

रिपु रन जीति सुजसु सुर गावत ❀ सीता अनुज सहित पुर आवत ॥५॥
सुनत बचन बिसरे सब दूखा ❀ तृषावंत जिमि पाव पियूषा ॥६॥

प्रभुजी युद्धमा शत्रुलाई जितेर सीताजी र भाईले सहित भैकन यसतर्फ आइरहनुभएको छ, देवताहरू सुयश गाइरहेका छन्" ॥ ५ ॥ यस्ता वचन सुन्दा भरतजीका सबै दुःख बिर्सिए, प्यासले व्याकुल भएका मानिसले अमृत पाएजस्तो भयो ॥ ६ ॥

को तुम्ह तात कहाँ तें आए ❀ मोहि परम प्रिय बचन सुनाए ॥७॥
मारुतसुत मैं कपि हनुमाना ❀ नाम मोर सुनु कृपानिधाना ॥८॥

(भरतजीले सोध्नुभयो) "हे तात तिमी को होउ ? कहाँबाट आएका होऊ ? मलाई परमप्रिय वचन सुनायौ ॥ ७ ॥ (हनूमान्‌जीले भने) "म वायुको पुत्र वानर हुँ, हे कृपानिधान ! मेरो नाम सुन्नुहोस्, मेरो नाम हनूमान् हो ॥ ८ ॥

दीनबंधु रघुपति कर किंकर ❀ सुनत भरत भेटेउ उठि सादर ॥९॥
मिलत प्रेमु नहि हृदय समाता ❀ नयन स्रवत जल पुलकित गाता ॥१०॥

म दीनबन्धु रघुनाथजीको किंकर (चाकर) हुँ" । यो वचन सुन्नाका साथ भरतजीले आदरका साथ (जुर्मुराउँदै) उठेर हनूमान्‌लाई गला जोरेर आलिंगन गर्नुभयो ॥ ९ ॥ त्यसरी भेट गर्दा भरतजीका हृदयमा प्रेम अटाएन, नेत्रबाट पानी झर्न लाग्यो, शरीर रोमांचित भयो ॥ १० ॥ (भरतजीले भन्नुभयो)

कपि तव दरस सकल दुख बीते ❀ मिले आजु मोहि रामु पिरीते ॥११॥
बार बार बूझी कुसलाता ❀ तो कहुँ देउँ काह सुनु भ्राता ॥१२॥

हे कपिराज ! तिम्रा दर्शनले मेरा सबै दुःख समाप्त भए, आज मलाई प्यारा रामजी मिल्नुभयो ॥ ११ ॥ यति भनेर भरतजीले वारंवार कुशल सोध्नुभयो । "भाई ! सुन, तिमीलाई के दिउँ ? (के चाहन्छौ ? र) ॥ १२ ॥

एहि संदेस सरिस जग माहीं ❀ करि बिचार देखेउँ कछु नाहीं ॥१३॥
नाहिन तात उरिन मैं तोही ❀ अब प्रभुचरित सुनावहु मोही ॥१४॥

यो सन्देश (समाचार) बराबरको चीज संसारमा केही छैन, मैले विचार गरेर हेरें ॥ १३ ॥ हे तात ! म तिम्रो उऋण (ऋण तिरिसक्ने) हुन सक्तिन, अब मलाई प्रभुजीको चरित्र सुनाऊ ॥ १४ ॥

तब हनुमंत नाइ पद माथा ❀ कहे सकल रघुपति गुन गाथा ॥१५॥
कहु कपि कबहुँ कृपाल गोसाईं ❀ सुमिरहिं मोहि दास कीं नाईं ॥१६॥

अनि हनूमान्‌जीले भरतजीका पाउमा शिर राखेर (ढोगेर) रघुनाथजीका गुणका सबै कथा सुनाए ॥ १५ ॥ (फेरि भरतजीले सोध्नुभयो) हे हनूमान् ! भन, दीनदयाल रघुनाथजी कहिलेकाहीं दासलाई संझेझैं मलाई पनि संझनुहुन्थ्यो कि ? ॥ १६ ॥

छन्द—निज दास ज्यों रघुबंसभूषन कबहुँ मम सुमिरन कर्‍यो ।
सुनि भरतबचन बिनीत अति कपि पुलकि तन चरनन्हि पर्‍यो ॥

रघुबीर निज मुख जासु गुन गन कहत अग जग नाथ जो।
काहे न होइ बिनीत परम पुनीत सदगुनसिंधु सो ॥१॥

"रघुकुलभूषण रामचन्द्रजीले कहिलेकाहीं आफ्ना दासको जस्तो मेरो पनि स्मरण गर्नुहुन्थ्यो कि ?"। भरतको यस्तो अत्यन्त विनयपूर्ण भएको वचन सुन्दा हनूमान्जी शरीरमा रोमाञ्चित भएर भरतजीका पाउ परे। (अनि तिनले विचार गरे) "चराचर जगत्का स्वामी रघुनाथजी आफ्ना मुखले जसका गुणगणको वर्णन गर्नुहुन्थ्यो, ती भरतजी सद्गुणका समुद्र र परम नम्र किन हुनुहुँदैनथ्यो ? ॥ १ ॥

दोहा–राम प्रानप्रिय नाथ तुम्ह सत्य बचन मम तात।
पुनि पुनि मिलत भरत सुनि हरष न हृदय समात ॥७॥

(हनुमान्जीले भने) "हे तात ! हे नाथ ! हजूर रामजीका प्राणसमान प्यारा हुनुहुँदोरहेछ, हे तात ! मेरी वचन सत्य हो।" यो वचन सुन्दा भरतजी वारंवार हनूमान्लाई आलिङ्गन गर्न लाग्नुभयो, वहाँको हृदयमा हर्ष अटाएन ॥ ७ ॥

सोरठा–भरतचरन सिरु नाइ तुरत गएउ कपि राम पहिं।
कहीं कुसल सब जाइ हरषि चलेउ प्रभु जान चढ़ि ॥१॥

हनूमान्जी भरतजीका चरणमा शिर राखेर (प्रणाम गरेर) तुरुन्तै रामजीका समीप गए, गएर सबै कुशलसमाचार बताए, अनि रघुनाथजी हर्षित भएर विमान चढीकन रवाना हुनुभयो ॥ १ ॥ (उतातिर)

चौ०–हरषि भरत कोसलपुर आए ❀ समाचार सब गुरहि सुनाए ॥१॥
पुनि मंदिर महुँ बात जनाई ❀ आवत नगर कुसल रघुराई ॥२॥

भरतजी हर्षित भएर नन्दिग्रामबाट अयोध्या आउनुभयो, गुरु वशिष्ठजीलाई सबै वृत्तान्त सुनाउनुभयो ॥ १ ॥ अनि राजमहलमा "कुशलमङ्गलपूर्वक रामजी अयोध्यामा आउँदै हुनुहुन्छ" भन्ने शुभसमाचारको सूचना दिनुभयो ॥ २ ॥

सुनत सकल जननी उठि धाईं ❀ कहि प्रभु कुसल भरत समुझाईं ॥३॥
समाचार पुरबासिन्ह पाए ❀ नर अरु नारि हरषि सब धाए ॥४॥

त्यो खबर सुन्नाका साथ रघुनाथजीका सबै माताजीहरू जुर्मुराउँदै उठेर दौडे, भरतजीले सबै वृत्तान्त भनेर सबैलाई संझाउनुभयो ॥ ३ ॥ सबै नगरनिवासीहरूले खबर पाए, नरनारी सबैजना हर्षित भएर दौडे ॥ ४ ॥

दधि दुर्बा रोचन फल फूला ❀ नव तुलसीदल मंगलमूला ॥५॥
भरि भरि हेमथार भामिनी ❀ गावत चलीं सिंधुरगामिनी ॥६॥

हस्तिनीको जस्तो हिंडाइ भएका सौभाग्यवती स्त्रीहरू सुवर्णका थालभरीभरी दही,

दूबो, रोरी, फल, फूल, र सकल कल्याणको मूल कारण भएको तुलसीदल लिएर गाउँदै हिंडे ॥ ५ ॥ ६ ॥

जो जैसें तैसेहिं उठि धावहिं ❀ बाल बृद्ध कहुँ संग न लावहिं ॥७॥
एक एकन्ह कहुँ बूझहिं भाई ❀ तुम्ह देखे दयाल रघुराई ॥८॥

जो जुन अवस्थामा थिए (जे गर्नलागेका थिए) त्यसै उठेर दौडनलागे (थालेको काम चटक्क छाडेर हिंडे), कोही पनि बूढा र बालकलाई आफूसित लैजाँदैनथ्यो ॥ ७ ॥ एउटा एउटा मानिस अर्काअर्कासँग "भाईसाहेब ! तपाईंले दीनदयाल रघुनाथजीलाई देख्नुभयो कि ?" भनी सोद्धथ्यो ॥ ८ ॥

अवधपुरी प्रभु आवत जानी ❀ भई सकल सोभा कै खानी ॥९॥
भइ सरऊ अति निर्मल नीरा ❀ बहै सुहावन त्रिबिध समीरा ॥१०॥

प्रभुजी पाल्नुहुनलागेको जानेर अयोध्यानगरी सकल शोभाकी खानि (निधि) भइन् ॥ ९ ॥ सरयूनदी निर्मलनीरा (निर्मल पानीले युक्त भएकी) भइन्, तीन प्रकारको (मन्द-सुगन्ध-शीतल) मनोहर हावा चल्नलाग्यो ॥ १० ॥

दोहा–हरषित गुर परिजन अनुज भूसुरबृंद समेत ।
चले भरत अति प्रेम मन सन्मुख कृपानिकेत ॥८॥
बहुतक चढ़ीं अटारिन्ह निरखहिं गगन बिमान ।
देखि मधुर स्वर हरषित करहिं सुमंगल गान ॥९॥

गुरु वशिष्ठ, सकल परिवार, भाई, ब्राह्मणवर्ग, यिनले सहित भएर भरतजी मनमा अत्यन्त प्रेम लिएर करुणानिवास रामजीका सन्मुखतर्फ जानुभयो ॥ ८ ॥

धेरै स्त्रीहरू अटाली (कौसी) मा चढेर आकाशमा विमान हेर्नलागे। विमान देखेपछि हर्षित भएर मधुर (मीठो) स्वरले मङ्गलगान गर्नलागे ॥ ९ ॥

दोहा–राकाससि रघुपति पुर सिंधु देखि हरषान ।
बढ़ेउ कोलाहल करत जनु नारि तरंग समान ॥१०॥

रामचन्द्रजी पूर्णिमाका चन्द्रमाजस्ता हुनुहुन्थ्यो, अयोध्यानगर समुद्रसमान थियो, त्यो वहाँलाई देखेर हर्षितभयो र कोलाहल गर्दै बढ्यो, स्त्रीहरू तरङ्गसमान भए (यता र उति दौडधूप गर्नलागे) ॥ १० ॥

चौ०–इहाँ भानुकुल कमल दिवाकर ❀ कपिन्ह देखावत नगरु मनोहर ॥१॥
सुनु कपीस अंगद लंकेसा ❀ पावन पुरी रुचिर येह देसा ॥२॥

यतातिर सूर्यकुलरूपी कमलको प्रफुल्लता गर्नलाई सूर्यस्वरूप भएका (दिनकरकुल-कमलदिवाकर) रामचन्द्रजी वानरहरूलाई मनोहर अयोध्यानगर देखाउन लाग्नुभयो,

(वहाँले भन्नुभयो) "मित्र ! कपिराज ! अङ्गद ! विभीषण ! सुन, यो पवित्र नगरी हो, यो सुन्दर देश हो ॥ १ ॥ २ ॥

जद्यपि सबु बैकुंठ बखाना ❀ बेद पुरान बिदित जगु जाना ॥३॥
अवध सरिस प्रिय मोहि न सोऊ ❀ यह प्रसंग जानैं कोउ कोऊ ॥४॥

यद्यपि सबैजना वैकुण्ठको बयान गर्दछन्, त्यो वेद र पुराणमा प्रख्यात पनि छ, जगत्‌ले जानेको पनि छ, तैपनि त्यो वैकुण्ठ अयोध्याजत्तिको मेरो प्यारो छैन, यो कुरा कोही कोही मात्र जान्दछन् ॥ ३ ॥ ४ ॥ (क)

जन्मभूमि मम पुरी सुहावनि ❀ उत्तर दिसि बह सरऊ पावनि ॥५॥
जा मज्जन तें बिनहिं प्रयासा ❀ मम समीप नर पावहिं बासा ॥६॥

यो सुन्दर नगरी मेरी जन्मभूमि हो, यसका उत्तरतर्फ पवित्र सरयूनदी बहिरहेकी छन्, जसमा स्नान गर्नाले मानिस बिनापरिश्रम मेरा समीपमा बस्न पाउँछन् ॥ ५ ॥ ६ ॥

अति प्रिय मोहि इहाँ के बासी ❀ मम धामदा पुरी सुखरासी ॥७॥
हरषे सब कपि सुनि प्रभुबानी ❀ धन्य अवध जो राम बखानी ॥८॥

यहाँका वासिन्दाहरू मेरा अत्यन्त प्यारा छन्, सुखको समूहरूप भएकी यो नगरी मेरो धाम (वैकुण्ठ) दिने हो" ॥ ७ ॥ प्रभुजीको यो वचन सुनेर सबै बानरहरू हर्षित भए "जसलाई खास रामचन्द्रजीले वर्णन गर्नुभयो, त्यो नगरी धन्य हो" भन्नलागे ॥ ८ ॥

दोहा–आवत देखि लोग सब कृपासिंधु भगवान ।
नगर निकट प्रभु प्रेरेउ उतरेउ भूमि बिमान ॥११॥
उतरि कहेउ प्रभु पुष्पकहि तुम्ह कुबेर पहि जाहु ।
प्रेरित राम चलेउ सो हरष बिरह अति ताहु ॥१२॥

सबै नगरनिवासीहरूलाई आउन लागेका देखेर करुणासागर भगवान् प्रभु रामचन्द्रजीले प्रेरणा गर्नुभयो र अयोध्याका समीपका जमीनमा पुष्पकविमान उत्र्यो (वर्ल्यो) ॥ ११ ॥

(क) पद्मपुराणमा

"मन्वन्तरसहस्रेषु काशीवासेन यत्फलम् ।
तत्फलं समवाप्नोति सरयू दर्शने कृते ॥ १ ॥
अयोध्या च परं ब्रह्म सरयूः सगुणः पुमान् ।
तन्निवासी जगन्नाथः सत्यं सत्यं वदामि ते ॥ २ ॥
चिन्तामणिमयी नित्या चतुर्विंशतियोजना ।
परितो भात्ययोध्यायाः भूमिः सच्चिन्मयी मृदुः ॥ ६ ॥

इत्यादि रूपले अयोध्याको माहात्म्य विस्तारका साथ वर्णन गरिएको छ । अयोध्यादि गरेका मुक्तिदायक सप्तपुरीमा पहिला लम्बर अयोध्याको छ ।

वलर प्रभुले पुष्पक विमानलाई "तिमी कुबेरका समीप जाऊ" भन्नुभयो, रामले प्रेरणा गरिएको त्यो विमान रवाना भयो, त्यसलाई हर्ष पनि थियो, विरहको विषाद पनि थियो ॥ १२ ॥

चौ०–आए भरत संग सब लोगा ❀ कृसतन श्रीरघुबीरबियोगा ॥१॥
बामदेव बसिष्ठ मुनिनायक ❀ देखे प्रभु महि धरि धनु सायक ॥२॥
धाइ धरे गुरचरन सरोरुह ❀ अनुज सहित अति पुलक तनोरुह ॥३॥
भेटि कुसल बूझी मुनिराया ❀ हमरे कुसल तुम्हारिहिं दाया ॥४॥

भरतजीका साथमा सबजना आए, सबैजना श्रीरघुवरका वियोगले कृशशरीर थिए ॥ १ ॥ वामदेव वशिष्ठ आदि गरेका मुनीश्वरलाई देखेर प्रभुजीले धनुर्बाण पृथ्वीमा राखीकन ॥ २ ॥ शरीरमा रोमाञ्चित भएर भाईसहित दौडेर गुरुको चरणकमल समात्नुभयो, मुनिराज वशिष्ठजीले प्रेमालिङ्गन गरेर कुशलप्रश्न गर्नुभयो । प्रभुजीले "तपाईंकै दयाले मेरो कुशल छ" भन्नुभयो ॥ ३ ॥ ४ ॥

सकल द्विजन्ह मिलि नाएउ माथा ❀ धर्मधुरंधर रघुकुलनाथा ॥५॥
गहे भरत पुनि प्रभुपद पंकज ❀ नमत जिन्हहिं सुर मुनि संकर अज ॥६॥
परे भूमि नहिं उठत उठाए ❀ बर करि कृपासिंधु उर लाए ॥७॥
स्यामल गात रोम भए ठाढ़े ❀ नव राजीव नयन जल बाढ़े ॥८॥

धर्मधुरन्धर रघुकुलनाथ रामचन्द्रजीले सबै ब्राह्मणसँग भेट गर्नुभयो, सबैलाई प्रणाम गर्नुभयो ॥ ५ ॥ जसलाई देवता, मुनि, शंकरजी, ब्रह्माजी टाढैबाट नमस्कार गर्दछन्, प्रभुजीका तिनै चरणकमललाई भरतजीले समात्नुभयो ॥ ६ ॥

भरतजी पृथ्वीमा लंपसार पर्नुभयो, उठाउँदा पनि उठ्नुभएन, बल्लबल्ल उठाएर रामचन्द्रजीले वहाँलाई आलिङ्गन गर्नुभयो ॥ ७ ॥ रामजीका श्यामशरीरमा रोम खडा भए, ताजा कमलका दलजस्ता नजरमा जलको बाढी आयो ॥ ८ ॥

छन्द–राजीव लोचन स्रवत जल तन ललित पुलकावलि बनी ।
अति प्रेम हृदय लगाइ अनुजहि मिले प्रभु त्रिभुवनधनी ॥
प्रभु मिलत अनुजहि सोह मो पहिं जाति नहि उपमा कही ।
जनु प्रेम अरु सिंगार तनु धरि मिले बर परमा लही ॥२॥

त्रैलोक्यका नाथ (स्वामी) भएका प्रभु रघुनाथजीले, कमलतुल्य नेत्रबाट प्रेमजल वर्षाउँदै, सुन्दर शरीरमा रोमाञ्चपरम्परा उठाउँदै अत्यन्त प्रेमका साथ हृदय (छाती) मा लगाएर भाईसँग मिल्नु (भेटनु) भयो । प्रभुजी भरतजीसँग मिल्दाखेरि जसरी शोभायमान हुनुभयो, मबाट त्यसका उपमा बताउन नसकिने भयो । मानौं प्रेमरसले र शृङ्गाररसले शरीर धारण गरेर परस्पर मिल्दाखेरि परम शोभा पाएको हो कि ? (यस्तो भान पर्दथ्यो) ॥ २ ॥

बूझत कृपानिधि कुसल भरतहि बचनु बेगि न आवई ।
सुनु सिवा सो सुख बचन मन तें भिन्न जान जो पावई ॥
अब कुसल कोसलनाथ आरत जानि जन दरसनु दियो।
बूड़त बिरह बारीस कृपानिधान मोहि कर गहि लियो ॥३॥

करुणानिधि रामचन्द्रजी कुशलप्रश्न गर्नुहुन्थ्यो, भरतजीका मुखबाट झट्ट उत्तरको वचन निस्कँदैनथ्यो । पार्वती ! सुन, त्यो सुख मन र वचनदेखि भिन्न (टाढा रहेको = अचिन्तनीय-अनिर्वचनीय) छ, जसले त्यो सुख पायो त्यसैले त्यो सुख जान्दछ । (भरतजीले विन्ति गर्नुभयो) प्रभु ! अयोध्याधिपते ! अब ता कुशल छ, सेवकलाई दुःखित भएको जानेर दर्शन बक्सनुभयो, हे करुणानिधान ! विरहसमुद्रमा डुब्न लागेको मलाई हात समातेर उतार्नुभयो ॥ ३ ॥

दोहा–पुनि प्रभु हरषि सत्रुहन भेटे हृदय लगाइ ।
लछिमनु भरतु मिले तब परम प्रेम दोउ भाइ ॥१३॥

अनि प्रभुजीले हर्षित भएर हृदयमा लगाईकन शत्रुघ्नसंग भेट गर्नुभयो । अनि लक्ष्मणजी र भरतजी दुवै भाईले परम प्रेमपूर्ण भेट गर्नुभयो ॥ १३ ॥

चौ०–भरतानुज लछिमनु पुनि भेटे ❀ दुसह बिरहसंभव दुख मेटे ॥१॥
सीताचरन भरत सिरु नावा ❀ अनुज समेत परम सुख पावा ॥२॥

अनि लक्ष्मणजी र शत्रुघ्नजीले भेट गर्नुभयो, विरहबाट उठेको दुःसह दुःख मेटियो ॥ १ ॥ भाई शत्रुघ्नले सहित भएका भरतजीले सीताजीका पाउमा माथ राख्नुभयो र अत्यन्त आनन्द मान्नुभयो ॥ २ ॥

प्रभु बिलोकि हरषे पुरबासी ❀ जनित बियोग बिपति सब नासी ॥३॥
प्रेमातुर सब लोग निहारी ❀ कौतुक कीन्ह कृपाल खरारी ॥४॥

प्रभुजीलाई देखेर नगरनिवासीहरू हर्षित भए, वियोगबाट पैदा भएका सबै आपत्ति नष्ट भए ॥ ३ ॥ सबैलाई प्रेमले व्याकुल भएका देखेर दीनदयाल खरारि (रामजी) ले कौतुक (लहड) गर्नुभयो ॥ ४ ॥ (के भने)

अमित रूप प्रगटे तेहिं काला ❀ जथाजोग मिले सबहि कृपाला ॥५॥
कृपादृष्टि रघुबीर बिलोकी ❀ किए सकल नर नारि बिसोकी ॥६॥

त्यस वेलामा दीनदयाल रामचन्द्रजी असंख्य रूपले प्रकट हुनुभयो र सबैसंग एकैचोटि यथायोग्य भेट गर्नुभयो ॥ ५ ॥ वहाँले सबै नरनारीहरूलाई कृपाकटाक्षले हेरेर शोकरहित पार्नुभयो ॥ ६ ॥

छन महुँ सबहि मिले भगवाना ❀ उमा मरमु येह काहुँ न जाना ॥७॥

एहि बिधि सबहि सुखी करि रामा ❀ आगे चले सील गुन धामा ॥८॥
कौसल्यादि मातु सब धाईं ❀ निरखि बछ जनु धेनु लवाईं ॥९॥

भगवान् रामचन्द्रजीले एकछिनमा सबैसंग भेट गरिसक्नुभयो। हे पार्वती! यो मर्म कसैले जानेन॥ ७॥ यस प्रकारले शीलनिवास, गुणनिवास रामजी सबैलाई आनन्दित गराएर अघि लाग्नुभयो॥ ८॥ कौशल्या आदि गरेका माताजीहरू बाछो देखेर दौडने लैना गाईजस्तै दौडे॥ ९॥

छन्द–जनु धेनु बालक बछ तजि गृह चरन बन परबस गईं।
दिन अंत पुर रुख स्रवत थन हुंकार करि धावत भईं॥
अति प्रेम प्रभु सब मातु भेटीं बचन मृदु बहु बिधि कहे।
गइ बिषम बिपति बियोगभव तिन्ह हरष सुख अगनित लहे॥४॥

जसरी सानासाना बाछालाई घर (गोठ) मा छाडेर परवश (पराधीन) भएका गाईहरू वनमा चर्न जान्छन् तापनि साँझ भएपछि घरतिर फर्केर कल्चौंडाबाट दूध चुहाउँदै हुंकार गर्दै दौडेर आउँछन्, त्यसै गरी आएका सबै माताजीहरूसंग प्रभुजीले भेट गर्नुभयो, अनेक तरहले कोमल वचन बोल्नुभयो। तिनीहरूको विरहबाट पैदा भएको दुःसह विपत्ति नष्ट भयो, तिनीहरूले अत्यन्त आनन्द पाए॥ ४॥

दोहा–भेटेउ तनय सुमित्राँ रामचरन रति जानि।
रामहि मिलत कैकई हृदय बहुत सकुचानि॥१४॥

सुमित्रा महारानीले लक्ष्मणजीलाई रामचन्द्रजीका चरणमा अनुरक्त भएको जानेर वहाँसंग सहर्ष भेट गर्नुभयो। रामजीसँग भेट गर्दाखेरि कैकेयी महारानीले संकोच मान्नुभयो॥ १४॥

लछिमनु सब मातन्ह मिलि हरषे आसिष पाइ।
कैकइ कहुँ पुनि पुनि मिले मन कर छोभ न जाइ॥१५॥

लक्ष्मणजीले सबै माताहरूसंग भेट गर्नुभयो। आशिष पाएर वहाँ हर्षित हुनुभयो। वहाँले कैकेयीसंग वारंवार भेट गर्नुभयो, वहाँका मनको चञ्चलता हट्तैनथ्यो (जसका बदौलत १४ वर्षसम्म रामचन्द्रजीको अखण्ड सेवा आफ्नु पेवाजस्तो भयो, त्यस्ती माता कैकेयीसंग अरूसरह एकपटक मात्रै भेट कसरी गर्नु? भन्ने खुलदुली लागेर वारंवार भेट गर्नुभयो)॥ १५॥

चौ०–सासुन्ह सबन्हि मिली बैदेही ❀ चरनन्हि लागि हरष अति तेही॥१॥
देहिं असीस बूझि कुसलाता ❀ होउ अचल तुम्हार अहिवाता॥२॥

सीताजीले सबै सासूहरूसंग भेट गर्नुभयो, वहाँहरूको पाउमा पर्दा वहाँलाई अत्यन्त

हर्ष लाग्यो । कुशलप्रश्न गरेपछि सासूहरू "तिम्रो अहिवात (सौभाग्य) अचल रहोस्" भनी आशीर्वाद दिन्थे ॥ १ ॥ २ ॥

सब रघुपतिमुख कमल बिलोकहिं ❀ मंगल जानि नयनजल रोकहिं ॥३॥
कनकथार आरती उतारहिं ❀ बार बार प्रभुगात निहारहिं ॥४॥

सबैजना रघुनाथजीको कमलजस्तो मुहार हेर्दथे, मंगलको समय जानेर आँसुलाई रोकिरहेका थिए ॥ ३ ॥ सुवर्णका थलियाले प्रभुजीको आरती उतार्दै वारंवार प्रभुको गाथ हेर्दै गर्नलागे ॥ ४ ॥

नाना भाँति निछावरि करहीं ❀ परमानंद हरष उर भरहीं ॥५॥
कौसल्या पुनि पुनि रघुबीरहि ❀ चितवति कृपासिंधु रनधीरहि ॥६॥

अनेक प्रकारका न्यौछावर (प्रीतिदान) गर्दथे, हृदयमा परमानन्द र हर्ष भरिभराउ गर्दथे ॥ ५ ॥ कौशल्या महारानी करुणासागर रणधीर (युद्धमा धैर्यधारी) रामजीलाई वारंवार हेर्नुहुन्थ्यो ॥ ६ ॥

हृदय बिचारति बारहि बारा ❀ कवन भाँति लंकापति मारा ॥७॥
अति सुकुमार जुगल मेरे बारे ❀ निसिचर सुभट महाबल भारे ॥८॥

वारंवार मनमा विचार गर्नुहुन्थ्यो "लंकापति रावणलाई कसरी मारेको होला ? ॥ ७ ॥ मेरा दुवै बच्चा अति सुकुमार, राक्षसहरू भने महाबली महायोद्धा, भारी कट्टर ॥ ८ ॥

दोहा–लछिमन अरु सीता सहित प्रभुहि बिलोकति मात ।
परमानंद मगन मन पुनि पुनि पुलकित गात ॥१६॥

लक्ष्मणजी र सीताजीले सहित भएका प्रभुजीलाई हेर्दाखेरि माताजीहरूको मन परमानन्दमा डुब्दथ्यो, वारंवार शरीरमा रोमाञ्च हुन्थ्यो ॥ १६ ॥

चौ०–लंकापति कपीस नल नीला ❀ जामवंत अंगद सुभसीला ॥१॥
हनुमदादि सब बानर बीरा ❀ धरे मनोहर मनुजसरीरा ॥२॥

लंकापति (विभीषण), वानराधिराज (सुग्रीव), नल, नील, जाम्बवान्, इत्यादि गरेका मनोहर शीलस्वभाव हुने सबै वानरहरूले सुन्दर मनुष्यशरीर धारण गरेका थिए ॥ १ ॥ २ ॥

भरत सनेहु सील ब्रत नेमा ❀ सादर सब बरनहिं अति प्रेमा ॥३॥
देखि नगरबासिन्ह कै रीती ❀ सकल सराहहिं प्रभुपद प्रीती ॥४॥

तिनीहरू सबै भरतजीका शील, स्वभाव, व्रत, नियमको आदरका साथ अत्यन्त प्रेमले वर्णन गर्दथे ॥ ३ ॥ नगरनिवासीहरूको रीति देखेर रामचन्द्रजीका चरणमा लागेको प्रीतिलाई सह्राउँथे ॥ ४ ॥

पुनि रघुपति सब सखा बोलाए ❀ मुनिपद लागन कुसल सिखाए ॥५॥
गुर बसिष्ठ कुलपूज्य हमारे ❀ इन्ह की कृपा दनुज रन मारे ॥६॥

अनि रघुनाथजीले आफ्ना सहायवर्गलाई बोलाउनुभयो र गुरु वशिष्ठजीका पाउमा पर भनेर सिकाउनुभयो र "यहाँ मेरा कुलपूज्य गुरु वशिष्ठजी हुनुहुन्छ, यहाँका कृपाले मैले युद्धमा राक्षसहरूलाई मारेको हुँ" (भनी चिह्नाउनुभयो) ॥ ५ ॥ ६ ॥

ए सब सखा सुनहुँ मुनि मेरे ❁ भए समर सागर कहुँ बेरे ॥७॥
मम हित लागि जन्म इन्ह हारे ❁ भरतहु तें मोहि अधिक पिआरे ॥८॥
सुनि प्रभुबचन मगन सब भए ❁ निमिष निमिष उपजत सुख नए ॥९॥

(अनि वशिष्ठजीलाई भन्नुभयो कि) "हे मुनीश्वर ! सुन्नुहोस्, यी सबै मेरा मित्र हुन्, यिनीहरू युद्धरूपी समुद्रमा जहाज भए (यिनका मेहर्वानीले म युद्धसागरको पार पुगें) ॥ ७ ॥ यिनीहरूले मेरो हितका निमित्त आफ्नो ज्यान अर्पण गरे, यिनीहरू भरतभन्दा पनि मेरा अधिक प्यारा छन्" ॥ ८ ॥ प्रभुजीका यी वचन सुनेर सबैजना आनन्दमग्न भए । यस्ता तरहले निमेष निमेषमा (पलपलमा) नयाँ नयाँ आनन्द हुन लागे ॥ ९ ॥

दोहा–कौसल्या के चरनन्हि पुनि तिन्ह नाएउ माथ ।
आसिष दीन्हि हरषि तुम्ह प्रिय मम जिमि रघुनाथ ॥१७॥
सुमनबृष्टि नभ संकुल भवन चले सुखकंद ।
चढ़ी अटारिन्ह देखहिं नगर नारि बर बृंद ॥१८॥

तिनीहरूले कौशल्या महारानीका पाउमा माथ राखे, वहाँले हर्षित भएर आशिष दिनुभयो, "तिमीहरू सबैजना रघुनाथजत्तिकै मेरा प्यारा भयौ" भन्नुभयो ॥ १७ ॥ आकाश ढाकिने गरी पुष्पवृष्टि भयो, सुखका मूलकारण भगवान् रामचन्द्रजी राजमहलतर्फ पाल्नुभयो । नगरका नरनारीहरू बथानका बथान भएर अटारीमा चढी चढी हेर्न लागेका थिए ॥ १८ ॥

चौ०–कंचन कलस बिचित्र सँवारे ❁ सबहिं धरे सजि निज निज द्वारे ॥१॥
बंदनवार पताका केतू ❁ सबन्हि बनाए मंगलहेतू ॥२॥

सबैले आफ्ना आफ्ना ढोकामा विचित्र गरी सिंगारेका सुवर्णका कलश सजिसजाउ पारेर राखेका थिए ॥ १ ॥ मङ्गलका निमित्त सबैले तोरण, पताका, ध्वजा, झण्डा बनाएका थिए ॥ २ ॥

बीथीं सकल सुगंध सिचाई ❁ गजमनि रचि बहु चौक पुराई ॥३॥
नाना भाँति सुमंगल साजे ❁ हरषि नगर निसान बहु बाजे ॥४॥

सबै मार्ग (गल्ली-सडक) सुगन्ध जलले सेचन गरिएका थिए, गजमोतीले सजेर धेरै चौतारा पुरिएका (बनाइएका) थिए ॥ ३ ॥ नाना प्रकारका मङ्गलपदार्थ सजाइएका थिए, आनन्दित भएका अयोध्या नगरीमा हर्षका साथ अनेकानेक डङ्काबाजा बजिरहेका थिए ॥ ४ ॥

जहँ तहँ नारि निछावरि करहीं ❁ देहिं असीस हरष उर भरहीं ॥५॥
कंचनथार आरती नाना ❁ जुवती सजें करहिं सुभ गाना ॥६॥

करहिं आरती आरतिहर कें ❀ रघुकुल कमल बिपिन दिनकर कें ॥७॥
पुर सोभा संपति कल्याना ❀ निगम सेष सारदा बखाना ॥८॥
तेउ येह चरित देखि ठगि रहहीं ❀ उमा तासु गुन नर किमि कहहीं ॥९॥

स्त्रीहरू जतातत्तै न्यौछावर (प्रीतिदान) गरिरहेका थिए, आशीर्वाद दिन्थे र तिनीहरू हृदयमा हर्षपूर्ण हुन्थे ॥ ५ ॥ सुवर्णका थलियामा नाना प्रकारका आरती सजाएर युवतीहरू मङ्गलगान गर्दथे र ॥ ६ ॥ रघुकुलकमलवनदिवाकर (रघुका कुलरूपी कमलवनको विकास गर्नलाई सूर्यरूप भएका) आर्तिहर (पीडा हरण गर्ने) भएका रामचन्द्रजीको आरति गर्दथे ॥ ७ ॥ त्यो नगरको शोभा, संपति, कल्याणलाई वेद, शेष, शारदाले बयान गरेको छ, ॥ ८ ॥ तर तिनीहरू पनि यस बखतको यो चरित्र देख्ता ठगिएर रहन्थे (बयान गर्न सक्तैनथे)। पार्वती ! त्यही नगरीका गुणको बयान मनुष्य कसरी गर्ला ? ॥ ९ ॥

दोहा–नारि कुमुदिनी अवध सर रघुपतिबिरह दिनेस।
अस्त भएँ बिगसत भईं निरखि रामु राकेस ॥१९॥
होहिं सगुन सुभ बिबिध बिधि बाजहिं नाक निसान।
पुर नर नारि सनाथ करि भवन चले भगवान ॥२०॥

स्त्रीहरू कुमुदिनी (चन्द्रकमलका लहरा) थिए, अयोध्या सरोवर (ताल) थियो, रघुनाथजीको विरह सूर्य थियो, त्यो सूर्य ऐल्यै अस्तायो, रामचन्द्ररूपी पूर्णचन्द्र उदाएको देख्ता स्त्री-कुमुदिनीहरू प्रफुल्ल भए ॥ १९ ॥ (क) अनेक प्रकारका शुभ शकुन हुनलागे, आकाशमा दुन्दुभिबाजा बज्न लागे। यस्ता प्रकारसँग प्रभुजीले नगरका नरनारीहरूलाई सनाथ गर्नुभयो र राजमहलभित्र पाल्नुभयो ॥ २० ॥

चौ०–प्रभु जानी कैकई लजानी ❀ प्रथम तासु गृह गए भवानी ॥१॥
ताहि प्रबोधि बहुत सुख दीन्हा ❀ पुनि निज भवन गवनु हरि कीन्हा ॥२॥

कैकेयी महारानी लज्जित हुनुभएको जानेर प्रभुजी सबभन्दा पहिले वहाँकै खोपीमा पाल्नुभयो, पार्वती ! (बुझिनो के ? त्यसको कारण) वहाँलाई बुझाएर अत्यन्त आनन्द दिनुभयो, उहाँपछि प्रभु रघुनाथजीले आफ्ना भवनमा प्रवेश गर्नुभयो ॥ १ ॥ २ ॥

[रामराज्याभिषेक]

कृपासिंधु जब मन्दिर गए ❀ पुर नर नारि सुखी सब भए ॥३॥
गुर बसिष्ठ द्विज लिए बोलाई ❀ आजु सुघरी सुदिनु सुभदाई ॥४॥

(क) रात्रिमा फुल्ने कमललाई कुमुदिनी भन्दछन्, सूर्य नअस्ताउञ्ज्याल त्यो मलिन रहन्छ फुल्दैन, सूर्य अस्ताएर चन्द्रमा उदाएपछि त्यो ढकमक्क भएर फुल्दछ। अयोध्यारूपी तलाउका स्त्रीवर्गरूपी कुमुदिनीहरू रामविरहरूपी सूर्य अस्ताएपछि रामचन्द्ररूपी चन्द्रमाको दर्शन पाएर आनन्दले प्रफुल्ल भए।

सब द्विज देहु हरषि अनुसासन ❀ रामचंद्र बैठहिं सिंघासन ॥५॥

उहाँपछि करुणासागर रघुनाथजी जब आफ्ना खोपीमा पुग्नुभयो, नगरका भवनका नरनारीहरू सबै आनन्दित भए ॥ ३ ॥ गुरु वशिष्ठजीले ब्राह्मणहरूलाई बोलाएर—"आज कल्याणकारी असल दिन असल साइत छ, ॥ ४ ॥ हे ब्राह्मणहो ! सबैजना हर्षित भएर उर्दी दिन लगाऊ, जसमा रामचन्द्र सिंहासनमा राज हुनुहोओस्" ॥ ५ ॥

मुनि बसिष्ठ के बचन सुहाए ❀ सुनत सकल बिप्रन्ह अति भाए ॥६॥
कहहिं बचन मृदु बिप्र अनेका ❀ जग अभिराम राम अभिषेका ॥७॥
अब मुनिबर बिलम्बु नहिं कीजे ❀ महाराज कहुँ तिलकु करीजे ॥८॥

वशिष्ठजीका यस्ता सुन्दर वचन सुन्दा सबै ब्राह्मणलाई त्यो कुरा खूब मन पर्‍यो ॥ ६ ॥ अनेक ब्राह्मणहरू मधुर वचन बोल्न लागे—"रामजीको राज्याभिषेक सारा संसारलाई रमाइलो छ ॥ ७ ॥ हे मुनीश्वर ! अब विलम्ब नगर्नुहोस् (श्रेयांसि बहुविघ्नानि भन्ने कुरा जाहेरै छ) महाराज रामचन्द्रजीलाई राजतिलक गर्नुहोस् ॥ ८ ॥

दोहा—तब मुनि कहेउ सुमंत्र सन सुनत चलेउ सिरु नाइ ।
रथ अनेक बहु बाजि गज तुरत सँवारे जाइ ॥२१॥
जहँ तहँ धावन पठै पुनि मंगल द्रब्य मगाइ ।
हरष समेत बसिष्ठपद पुनि सिरु नाएउ आइ ॥२२॥

अनि वशिष्ठ मुनिले सुमन्त्रलाई अह्राउनुभयो, सुन्नाका साथ प्रणाम गरेर ती गए । तिनले गएर अनेकानेक रथ, अनेकानेक घोड़ा, अनेकानेक हात्तीलाई तुरन्तै ठीकठाक गरे ॥ २१ ॥ तिनले हलकाराहरूलाई यत्र तत्र पठाएर मंगल द्रव्य झिकाए । अनि सहर्ष आएर वशिष्ठजीका पाउमा माथ राखे ॥ २२ ॥

चौ०—अवधपुरी अति रुचिर बनाई ❀ देवन्ह सुमनबृष्टि झरि लाई ॥१॥
राम कहा सेवकन्ह बोलाई ❀ प्रथम सखन्ह अन्हवावहु जाई ॥२॥

अयोध्या नगरीलाई अत्यन्त राम्री पारे, देवताहरूले पुष्पवृष्टिको झरी पारे ॥ १ ॥ रामजीले सेवकहरूलाई बोलाएर "गएर मेरा मित्रवर्गलाई स्नान गराऊ" भन्नुभयो ॥ २ ॥

सुनत बचन जहँ तहँ जन धाए ❀ सुग्रीवादि तुरत अन्हवाए ॥३॥
पुनि करुनानिधि भरतु हकारे ❀ निज कर राम जटा निरुआरे ॥४॥

सेवकहरू आज्ञा सुन्नाका साथ यत्र तत्र दौडे, सुग्रीव विभीषण प्रभृति सबैलाई स्नान गराए ॥ ३ ॥ अनि करुणानिधान रामजीले भरतजीलाई बोलाउनुभयो र आफ्ना हीतले भरतजीको जटाको लट्टा फुकाउनुभयो ॥ ४ ॥

अन्हवाए प्रभु तीनिउँ भाई ❀ भगतबछल कृपाल रघुराई ॥५॥
भरतभाग्य प्रभुकोमलताई ❀ सेष कोटि सत सकहिं न गाई ॥६॥

कृपालु भक्तवत्सल रघुनाथजीले तीनै भाईलाई स्नान गराउनुभयो ॥ ५ ॥ भरतजीको भाग्य र रघुनाथजीको कोमलतालाई सयकरोड शेषनागले पनि बयान गर्न सक्तैनन् ॥ ६ ॥

पुनि निज जटा राम बिबराए ❀ गुर अनुसासन मागि नहाए ॥७॥
करि मज्जनु प्रभु भूषन साजे ❀ अंग अनंग कोटि छबि छाजे ॥८॥

अनि रामचन्द्रजीले आफ्ना जटा सफा गर्नुभयो, गुरुसँग आज्ञा मागेर स्नान गर्नुभयो ॥ ७ ॥ स्नान गरिसकेर वस्त्र-भूषण (गहना) पहिरनुभयो । वहाँका शरीरमा कोटि कामदेवको शोभा व्याप्त भयो ॥ ८ ॥

दोहा–सासुन्ह सादर जानकिहि मज्जनु तुरत कराइ ।
दिब्य बसन बर भूषन अँग अँग सजे बनाइ ॥२३॥
राम बाम दिसि सोभति रमारूप गुनखानि ।
देखि मातु सब हरषीं जन्म सुफल निज जानि ॥२४॥

सासूहरूले तुरन्तै आदरका साथ जानकीजीलाई स्नान गराए । अनि अंगअंगलाई दिव्य वस्त्र दिव्य गहनाले सुशोभित पारे ॥ २३ ॥ रामजीका बायाँपट्टि महालक्ष्मीस्वरूपिणी गुणनिधान सीताजी विराजमान हुनुभयो, त्यो देख्न पाउँदा सबै माताजीहरू आफ्नो जन्मलाई सफल ठानेर हर्षित भए ॥ २४ ॥

दोहा–सुनु खगेस तेहिं अवसर ब्रह्मा सिव मुनिबृंद ।
चढ़ि बिमान आए सब सुर देखन सुखकंद ॥२५॥

हे गरुडजी ! सुन, त्यस वेलामा ब्रह्माजी, शंकरजी, मुनिवर्गहरू विमान चढेर आनन्दकन्द रघुनन्दनको दर्शन गर्न आए ॥ २५ ॥

चौ०–प्रभु बिलोकि मुनिमनु अनुरागा ❀ तुरत दिब्य सिंघासनु मागा ॥१॥
रबि सम तेज सो बरनि न जाई ❀ बैठे राम्रु द्विजन्ह सिरु नाई ॥२॥

प्रभुजीलाई देख्ता वशिष्ठमुनिको मन अनुरक्त भयो, तुरन्तै दिव्य सिंहासन मगाए । ॥ १ ॥ त्यो सिंहासन सूर्यजस्तै तेजिलो थियो, वर्णन गर्न सकिदैन । ब्राह्मणहरूलाई प्रणाम गरेर रामजी त्यसमा राज हुनुभयो ॥ २ ॥

जनकसुता समेत रघुराई ❀ पेखि प्रहरषे मुनिसमुदाई ॥३॥
बेदमंत्र तब द्विजन्ह उचारे ❀ नभ सुर मुनि जय जयति पुकारे ॥४॥

सिंहासनमा विराजमान भएका सीतासहित रघुनाथजीलाई देखेर मुनिवर्ग खूब हर्षित भए ॥ ३ ॥ अनि ब्राह्मणहरूले वैदिक मन्त्र पढे, आकाशमा देवताहरूले र देवर्षिहरूले जयजय ध्वनि गरे ॥ ४ ॥

प्रथम तिलक बसिष्ठ मुनि कीन्हा ❀ पुनि सब बिप्रन्ह आएसु दीन्हा ॥५॥
सुत बिलोकि हरषीं महतारीं ❀ बार बार आरतीं उतारीं ॥६॥

पहिले वशिष्ठ मुनीश्वरले तिलक गरे (टीका चढाए) अनि अरू ब्राह्मणहरूलाई आज्ञा दिए, (तिनीहरूले पनि तिलक गरे) ॥ ५ ॥ पुत्रलाई देखेर माताजीहरू हर्षित भए, वारंवार आरती उतार्न (नीराजन गर्न) लागे ॥ ६ ॥

बिप्रन्ह दान बिबिध बिधि दीन्हे ❀ जाचक सकल अजाचक कीन्हे ॥७॥
सिंघासन पर त्रिभुवनसाईं ❀ देखि सुरन्ह दुंदुभीं बजाईं ॥८॥

ब्राह्मणहरूलाई अनेक प्रकारका दान दिइए, सकल याचक (माग्ने) हरू अयाचक (कहिल्यै नमाग्ने = धनाढ्य) गरिए ॥ ७ ॥ त्रिभुवनस्वामी (रामजी) लाई सिंहासनमा विराजमान भएको देखेर देवताहरूले दुन्दुभि बजाए ॥ ८ ॥

छन्द–नभ दुंदुभीं बाजहिं बिपुल गंधर्ब किंनर गावहीं ।
नाचहिं अपछराबृंद परमानंद सुर मुनि पावहीं ॥
भरतादि अनुज बिभीषनांगद हनुमदादि समेत ते ।
गहे छत्र चामर ब्यजन धनु असि चर्म सक्ति बिराजते ॥५॥
श्री सहित दिनकर बंस भूषन काम बहु छबि सोहई ।
नव अंबुधर बर गात अंबर पीत मुनिमन मोहई ॥
मुकुटांगदादि बिचित्र भूषन अंग अंगन्हि प्रति सजे ।
अंभोज नयन बिसाल उर भुज धन्य नर निरखंति जे ॥६॥

आकाशमा धेरै दुन्दुभि बजिरहेका थिए, गन्धर्व र किन्नरहरू गाइरहेका थिए, अप्सराहरू नाचिरहेका थिए, देवता र मुनिहरू परमआनन्द पाइरहेका थिए। भरत, लक्ष्मण, शत्रुघ्न, विभीषण, अङ्गद, हनूमान् इत्यादि छत्र, चँवर, पंखा धनु, तरवार, ढाल, शक्ति (बर्छा) लिएर शोभायमान थिए ॥ ५ ॥

सीताजीले सहित भएका दिनकरवंशभूषण (सूर्यकुलका गहना) रामचन्द्रजीका शरीरमा अनेक कामदेवको शोभा छाइएको थियो। नयाँ मेघजस्तो श्यामवर्ण भएको साथमा रहेको पीताम्बरले मुनिहरूका मनलाई पनि मोहित पार्दथ्यो। अंगअंगमा, मुकुट, बाजु, आदि गरेका चित्रविचित्र गहना सजिएका थिए। वहाँका कमलजस्ता नजर, विशाल वक्षस्थल, जानुसम्म (घुँडासम्म) पुग्ने विशाल बाहु, जसले जसले देख्यो, त्यसलाई धन्यवाद छ (भाग्यवान् त्यही हो) ॥ ६ ॥

दोहा–वह सोभा समाज सुख कहत न बनै खगेस ।
बरनैं सारद सेष श्रुति सो रस जान महेस ॥२६॥

त्यो शोभा, त्यो समाज, त्यो आनन्दको वर्णन गर्न सकिंदैन। हे गरुडजी! शारदा, शेष, वेदले पनि वर्णन ता गर्दछन्, तर त्यसका रसलाई ता शंकरजी नै जान्नुहुन्छ ॥ २६ ॥

दोहा–भिन्न भिन्न अस्तुति करि गए सुर निज निज धाम ।
बंदीबेष धरि बेद तब आए जहँ श्रीराम ॥२७॥
प्रभु सर्बग्य कीन्ह अति आदर कृपानिधान ।
लखेउ न काहूँ मरमु कछु लगे करन गुनगान ॥२८॥

देवताहरू बेग्लै बेग्लै स्तुति गरेर आफ्ना आफ्ना धाममा गए । अनि वेदहरू बन्दीहरूको वेषधारण गरेर रामजी जहाँ राजभएको थियो, त्यहाँ आइपुगे ॥ २७ ॥

सर्वज्ञ करुणानिधान प्रभुजीले खूब आदर गर्नुभयो, यो मर्म कसैले पनि अलिकति पनि लख गर्न (ताड्न) सकेन । तिनीहरू (बन्दीरूपधारी वेदहरू) गुणगान गर्न लागे ॥ २८ ॥

[सामवेदले गरेको रामस्तुति]

छन्द–जय सगुन निर्गुन रूप रूप अनूप भूपसिरोमने ।
दसकंधरादि प्रचंड निसिचर प्रबल खल भुजबल हने ॥
अवतार नर संसारभार बिभंजि दारुन दुख दहे ।
जय प्रनतपाल दयाल प्रभु संजुक्त सक्ति नमामहे ॥७॥

हे अनुपम ! (उपमारहित !) हे राजशिरोमणे ! हे राम ! हजूरको जय होस् । हजूर सगुणरूप होइबक्सिन्छ (अर्थात् धर्मको ग्लानि, अधर्मको उत्थान भएका समयमा मायालाई स्वीकार गरेर अनेक रूप लिईकन धर्मको रक्षा, अधर्मको दमन गरिबक्सिन्छ) । हजूर निर्गुण पनि होइबक्सिन्छ (अर्थात् मायाले खडा गरेको प्रपञ्चलाई मायाले संहार गराएर आफू सत् चित्-आनन्दरूपले रहिबक्सिन्छ) । प्रभो ! हजूरले रावण आदि गरेका प्रचंड राक्षसहरूलाई र अरूअरू बलवान् दुष्टहरूलाई आफ्ना भुजबलले मारिबक्सियो । मनुष्यको अवतार लिएर संसारको भारलाई नष्ट पारीकन संसारका कठोर कष्टलाई जलाइबक्सनुभयो । हे प्रणतपाल ! (भक्तजनरक्षक !) हजूरको जय होस् । हे दीनदयाल ! प्रभो ! आफ्नी शक्तिस्वरूपिणी सीताजीले संयुक्त भएका हजूरलाई नमस्कार गर्दछौं ॥ ७ ॥

---

(१) यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत ! ।
अभ्युत्थानमधर्मस्य तदाऽऽत्मानं सृजाम्यहम् ॥
परित्राणाय साधूनां विनाशाय च दुष्कृताम् ।
धर्मसंस्थापनार्थाय संभवामि युगेयुगे ॥ (श्रीमद्भगवद्गीता)

धर्मको जैले जैले ग्लानि (ह्रास हुन्छ, अधर्मको चारैतर्फ उत्थान (उन्नति) हुन्छ त्यस वेलामा म आफूलाई उत्पन्न गर्दछु (अवतार लिन्छु) । सज्जनको रक्षा, पापीको ध्वंस, धर्मको स्थापना गर्नाका निमित्त म युगयुगमा उत्पन्न हुन्छु ।

[यजुर्वेदले गरेको रामस्तुति]

छन्द—तव विषम माया बस सुरासुर नाग नर अग जग हरे ।
भव पंथ भ्रमत श्रमित दिवस निसि काल कर्म गुनन्हि भरे ॥
जे नाथ करि करुना बिलोके त्रिविध दुख ते निर्बहे ।
भव खेद छेदन दक्ष हम कहुँ रक्ष राम नमामहे ॥८॥

हे हरे ! हजूरकी विषम (बलवती) मायाका वशमा देवता, दैत्य, नाग, मनुष्य, चर अचर सबै जगत् रहेको छ । काल र कर्मका गुणले भरिभराउ भएको त्यो जगत् संसारमार्गमा रातदिन घुम्दाघुम्दा थकित भएको छ । हे नाथ ! जसलाई हजूर कृपाकटाक्षले हेर्नुहुन्छ, तिनीहरूले मायाबाट पैदा हुने आध्यात्मिक आधिदैविक आधिभौतिक यी तीन प्रकारका तापबाट छुटकारा पाएका छन् (हजूरको कृपाकटाक्ष नपाउनेहरू त्रिविध तापले जलिरहेका छन्) । हे भवखेदछेदनदक्ष ! हे संसार दुःखदलनकुशल ! हे राम ! हामीहरूको रक्षा गर्नुहोस्, हामीहरू हजूरलाई नमस्कार गर्दछौं ॥ ८ ॥

[अथर्ववेदले गरेको रामस्तुति]

जे ज्ञान मान बिमत्त तव भवहरनि भगति न आदरी ।
ते पाइ सुरदुर्लभ पदादपि परत हम देखत हरी ॥
बिस्वास करि सब आस परिहरि दास तव जे होइ रहे ।
जपि नाम तव बिनु श्रम तरहिं भवनाथ सो समरामहे ॥९॥

हे हरे ! ज्ञानका अभिमानले खूब मत्त (पागल) भएर जो मानिस संसारबन्धहारिणी भएकी हजूरकी भक्तिको आदर गर्दैनन्, तिनीहरू देवदुर्लभ भएका उच्च उच्च पद पाएर पनि त्यताबाट पछारिन्छन्, त्यो कुरा हामीले देखेका छौं ॥ (क) ॥ हजूरको भरोसामा

(क) "केवल ज्ञानमार्गैं कल्याणकारी छ, ज्ञान नभै मुक्ति पाइँदैन भनी वेदले समेत भनेको छ" भनेर भक्तिमार्गको वास्ता नराखीकन यथाकथंचित् ठूलो प्रयास गरेर अनुभवशून्य भएको शास्त्रीय ज्ञान हासिल गर्दैमा मुक्त भयौं भनिठान्ने शठहरू उच्च दर्जामा पुगेपछि पनि एकदम पछारिन्छन् । भगवद्भजनमा प्रेम गर्दैमा भगवान्सँग स्वस्वामीभावको नाता पर्न गएका, अतएव भगवान्ले हिफाजत गरिएका भक्तजनहरू निर्भय भएर भयङ्कर भएका मृत्युहरूका टाउकामा टेक्न सक्ने हुन्छन्—

येऽन्येऽरविन्दाक्ष ! विमुक्तमानिनस्त्वय्यस्तभावादविशुद्धबुद्धयः ।
आरुह्य कृच्छ्रेण परं पदं ततः पतन्त्यधोऽनादृतयुष्मदङ्घ्रयः ॥
तथा न ते माधव ! तावकाः क्वचिद् भ्रश्यन्ति मार्गात्त्वयि बद्धसौहृदाः
त्वयाऽभिगुप्ता विचरन्ति निर्भया विनायकानीकपमूर्धसु प्रभो ! ॥ (श्रीमद्भागवत. स्क. १०)

रहेर सबै तृष्णालाई परित्याग गरीकन जो हजूरका दास (अनन्यभक्त) भइरहेका छन्, तिनीहरू फगत हजूरको नाम जप्ताजप्तै विनापरिश्रम संसारसागर तर्दछन् । हे नाथ ! उनै (अनन्य भक्तलाई नामकीर्तन मात्रले संसारसागरको पार पुऱ्याउने) हजूरलाई स्मरण गर्दछौं ॥ ९ ॥

छन्द—जे चरन सिव अज पूज्य रज सुभ परसि मुनिपतिनी तरी ।
नखनिर्गता मुनिबंदिता त्रैलोकपावनि सुरसरी ॥
ध्वज कुलिस अंकुस कंज जुत बन फिरत कंटक किन लहे ।
पद कंज द्वंद मुकुंद राम रमेस नित्य भजामहे ॥१०॥

शंकरजी र ब्रह्माजीका पनि पूजनीय भएका जुन चरणका कल्याणकारी धूलाको स्पर्श पाउँदा मुनिपत्नी (अहल्या) तरिन्, जुन चरणका अंगुष्ठको नङबाट पैदा भएकी गंगाजी त्रैलोक्यलाई पवित्र पार्ने र मुनिवर्गले समेत वन्दना गरिने भइन्, जुन चरण ध्वजा, वज्र, अंकुश, कमल इत्यादि चिह्नका रेखाले युक्त भएका र जङ्गलमा पैदल घुम्नाले काँढा बिझेर ठेला परेका छन्, हे मुकुन्द ! (हे मुक्तिदायक !) हे रमेश ! (हे लक्ष्मीवल्लभ !) हे राम ! तिनै चरणकमलयुगलको हामी नित्य सेवा गर्दछौं ॥ १० ॥

[ऋग्वेदले गरेको रामस्तुति]

अव्यक्तमूलमनादि तरु त्वच चारि निगमागम भने ।
षट कंध साखा पंच बीस अनेक पर्न सुमन घने ॥
फल जुगल बिधि कटु मधुर बेलि अकेलि जेहि आस्रित रहे ।
पल्लवत फुल्लत नवल नित संसार बिटप नमामहे ॥११॥

अव्यक्त (माया) रूपी फेद भएको, आदिरहित भएको, अंडज, स्वेदज, उद्भिज्ज, जरायुज यी ४ प्रकारका बोक्राले युक्त छ भनेर हामी वेदहरूले र शास्त्रले वर्णन गरिएको, पृथिवी, जल, तेज, वायु, आकाश, मन यी ६ स्कन्ध (काप) भएको, पञ्चतत्वका* ५ प्रकृतिरूपी २५ शाखा भएको शुभ र अशुभकर्मरूपी अनन्त पात भएको, वासनारूपी धेरै फूल भएको, सुखरूपी मधुर फल र दुःखरूपी पीरो (आँसु चुहाइदिने) फलले युक्त भएको, अविद्यारूपी एउटै लहराले जेलिएको, (पुण्य पापरूपी २ बीज भएको,) वासनारूपी फूल र कर्मरूपी फलले सदा

---

* पञ्चतत्त्वका ५ प्रकृति—

(१) आकाशका—काम, क्रोध, लोभ, मद, मान—यी ५ प्रकृति हुन् ।

(२) वायुका—उत्क्षेपण (उचाल्नु), अपक्षेपण (वहाल्नु), खुंच्याउनु, पसार्नु, हिंड्नु—यी ५ प्रकृति हुन् ।

(३) तेजका—क्षुधा, कान्ति, निद्रा, अलस्य, जृंभा—यी ५ प्रकृति हुन् ।

(४) जलका—वीर्य, पित्त, पसीना, रक्त, राल—यी ५ प्रकृति हुन् ।

(५) पृथ्वीका—हाड, मासु, छाला, नसा, रउँ—यी ५ प्रकृति हुन् ।

सर्वदा संयुक्त भएको, हरहमेशा नयाँ रहने, यस्तो संसाररूपी जो वृक्ष छ, तत्स्वरूप भएका हजूरलाई नमस्कार गर्दछौं ॥ ११ ॥ (क)

छन्द–जे ब्रह्म अजमद्वैतमनुभवगम्य मनपर ध्यावहीं ।
ते कहहुँ जानहुँ नाथ हम तव सगुनजसु नित गावहीं ॥
करुनायतन प्रभु सदगुनाकर देव येह बर मागहीं ।
मन बचन कर्म बिकार तजि तव चरन हम अनुरागहीं ॥१२॥

"ब्रह्म जन्मरहित (अज) छ, त्यो अद्वैत (द्वितीयरहित एकमात्र) छ, त्यो अनुभवमात्रले गम्य (जानिने) छ, त्यो मनदेखि पर (मनको अगोचर) छ" भनेर जो ध्यान गर्दछन्, हे नाथ ! तिनीहरू नै (निर्गुण ब्रह्मलाई) जानून्, तिनीहरू नै उपदेश पनि गरून् (निर्गुण ब्रह्मको) निरूपण गर्न हामी ता सक्तैनौं, लाचार छौं) । सगुण ब्रह्मको यश नित्य गाउँछौं (त्यसमा भने हाम्रो पहुँच पुगेको छ) । हे करुणानिवास ! हे सद्गुणाकर ! (सद्गुणले परिपूर्ण भएका ! = सगुण !) हे रघुनाथ ! "हामीहरू मन, वचन, कर्मका 'विकारलाई छाडेर हजूरका चरणमा अनुरक्त हुन पाऊँ" यही वर माग्दछौं (राज्याभिषेकका महोत्सवमा यति कुरा हामीलाई बक्सियोस् ।" ॥ १२ ॥

दोहा–सब कें देखत बेदन्ह बिनती कीन्हि उदार ।
अंतरधान भए पुनि गए ब्रह्म आगार ॥२९॥
बैनतेय सुनु संभु तब आए जहँ रघुबीर ।
बिनय करत गदगद गिरा पूरित पुलक सरीर ॥३०॥

सबैले देख्तादेख्तै वेदहरूले यस्तो उदार (महत्त्वपूर्ण) स्तुति गरे, अनि तिनीहरू अन्तर्धान भएर ब्रह्मलोक गए ॥ २९ ॥

(क) यो संसारवृक्षको रूपक "ऊर्ध्वमूलमधः शाखम्" इत्यादि रूपले गीतामा र "उर्ध्वमूलो ह्यवाक्शाखः" इत्यादि रूपले कठोपनिषत्मा पनि देखाइएको छ, त्यसको विस्तार भाष्यमा खोलिएको छ ।

(१) मनका विकार (दोष) ३ प्रकारका हुन्छन् । परद्रव्याभिलाषा १, परानिष्टचिन्तन २, दुराग्रह, ३ । वचनका विकार ४ प्रकारका छन्, कठोरवचन १, असत्यवचन २, पैशुन्य (चुक्ली) ३, असंबद्ध-भाषण ४ । कर्म (शरीर) का विकार ३ छन्, अदत्तादान १ (अर्काले नदिएको कुरा लिनु १) जथाभावी हिंसा गर्नु २, परस्त्रीगमन ३ । मानसिक वाचनिक दैहिक पाप यिनै १० हुन् ।

परद्रव्येष्वभिध्यानं परानिष्टानुचिन्तनम् ।
वितथाभिनिवेशश्च मानसं त्रिविधं स्मृतम् ॥
पारुष्यमनृतं चैव पैशुन्यं चापि सर्वशः ॥
असंबद्धप्रलापश्च वाङ्मयं स्याच्चतुर्विधम् ॥
अदत्तानामुपादानं हिंसा चैवाऽविधानतः ॥
परदारोपसेवा च कायिकं त्रिविधं स्मृतम् ॥ (स्कन्द० पु.)

हे गरुडजी ! सुन, अनि शंकरजी जहाँ रघुनाथजी हुनुहुन्थ्यो वहाँ आउनुभयो शरीरमा रोमाञ्चपूर्ण भएर गद्गद वचनले स्तुति गर्न लाग्नुभयो ॥ ३० ॥

[शंकरकृतरामस्तुति, तोटकछन्द १०]

छन्द—जय राम रमारमनं समनं । भवताप भयाकुल पाहि जनं ।
अवधेस सुरेस रमेस बिभो । सरनागत मागत पाहि प्रभो ॥१३॥
दससीस बिनासन बीसभुजा । कृत दूरि महा महि भूरि रुजा ॥
रजनीचरबृंद पतंग रहे । सर पावक तेज प्रचंड दहे ॥१४॥

हे रमारमण ! (हे लक्ष्मीवल्लभ !) हे भवतापशमन ! (हे संसारतापहारक !) हे राम ! हजूरको जय होस्, भयले आकुल भएका सेवकको रक्षा गरिबक्सियोस् । हे अयोध्याधिराज ! हे देवाधिराज ! हे लक्ष्मीपते ! हे व्यापक ! हे प्रभो ! म शरण आउन चाहन्छु, मेरो रक्षा गरिबक्सनुहोस् ॥ १३ ॥ हे दशशीर्षविनाशन ! (हे रावणप्राणहर !) हे विंशतिभुजदशवदनध्वंसकर ! हे राम ! हजूरले पृथ्वीको ठूलो रोगलाई दूर गरिबक्सिनुभयो । हे भगवन् ! राक्षसका समूहरूपी जो पतङ्ग (सलह = फस्यांग्रा) थिए, तिनीहरू हजूरका बाणाग्निको प्रचंड ज्वालामा डढे ॥ १४ ॥

महिमंडल मंडन चारुतरं । धृत सायक चाप निषंग बरं ।
मद मोह महा ममता रजनी । तमपुंज दिवाकर तेज अनी ॥१५॥
मनजात किरात निपात किए । मृग लोग कुभोग सरेन हिए ।
हति नाथ अनाथन्हि पाहि हरे । बिषया बन पावर भूलि परे ॥१६॥

हे राम ! हजूर पृथ्वीमण्डलका सुन्दर गहना होइबक्सिन्छ, हजूरले धनु-बाण-ठोक्रो धारण गर्नुभएको छ । मद (घमंड) महामोह (अविद्या) ममता यी ३ स्वरूप भएकी रात्रिको अन्धकार हरण गर्नलाई हजूर तेजःपुञ्जज्वाला सूर्य होइबक्सिन्छ ॥ १५ ॥ हृदयमा भोगविलासरूपी बाण हानेर कामदेवरूपी किरात (व्याधा) मनुष्यरूपी हरिणहरूको ध्वंस गरिरहेको छ, ती पामर (मूर्ख) हरू विषयरूपी जङ्गलमा अलमलिएका छन् । हे हरे ! त्यो कामकिरातलाई मारेर अनाथको रक्षा गरिबक्सनुहोस् ॥ १६ ॥

बहु रोग बियोगन्हि लोग हए । भवदंघ्रि निरादर के फल ए ।
भवसिंधु अगाध परे नर ते । पद पंकज प्रेमु न जे करते ॥१७॥
अति दीन मलीन दुखी नितहीं । जिन्ह कें पद पंकज प्रीति नहीं ।
अवलंब भवंत कथा जिन्ह कें । प्रिय संत अनंत सदा तिन्ह कें॥१८॥

धेरै जना रोग र वियोगले मारिएका छन्, यो हजूरका चरणको अनादर गर्नाको फल

हो (चरणको आदर गरेको भए रोगले र वियोगले मर्नुपर्दैनथ्यो), जो हजूरका चरणकमलमा प्रेम गर्दैनन्, तिनीहरू अगाध भएको भवसागरमा पडिरहेका छन् ॥ १७ ॥ हजूरका चरणकमलमा जसको प्रेम छैन, ती सदासर्वदा अत्यन्त दीन (दिक्दार) निन्याउरा र दुःखी रहन्छन् । जसलाई भगवान् हजूरका कथाको अवलम्ब (आधार) छ, तिनीहरूलाई सदासर्वदा साधु-सन्तहरू अत्यन्त प्यारा लाग्दछन् ॥ १८ ॥

छन्द—नहि राग न लोभ न मान सदा । तिन्ह कें सम बैभव वा बिपदा ।
एहि तें तव सेवक होत मुदा । मुनि त्यागत जोग भरोस सदा ॥१९॥
करि प्रेमु निरंतर नेमु लिएँ । पदपंकज सेवत सुद्ध हिएँ ।
सम मानि निरादर आदरहीं । सब संत सुखी बिचरंति महीं ॥२०॥

ती कथाको आधारमा रहने भक्तहरूलाई राग (विषयाभिलाषा) हुँदैन, लोभ पनि हुँदैन, अभिमान पनि हुँदैन, घमण्ड पनि हुँदैन । तिनीहरूलाई संपत्ति अथवा विपत्ति समान हुन्छ । यसै कारणले मुनिहरू खुशीसाथ सदासर्वदा हजूरका सेवक (भक्तिमार्गको अवलम्बन गर्ने भक्त) हुन्छन् र योगाभ्यासको भरोसा छाड्दछन् ॥ १९ ॥ तिनीहरू निरंतर नियमका साथ शुद्ध हृदयले प्रेम गरेर हजूरका चरणकमलको सेवा गर्दछन्, आदर र अनादरलाई तुल्य ठानेर सब तरहबाट सुखी भईकन पृथ्वीतलमा विचरण गर्दछन् ॥ २० ॥

मुनि मानस पंकज भृंग भजे । रघुबीर महा रनधीर अजे ।
तव नाम जपामि नमामि हरी । भवरोग महागद मान अरी ॥२१॥
गुनसील कृपा परमायतनं । प्रनमामि निरंतर श्रीरमनं ।
रघुनंद निकंदय द्वंदघनं । महिपाल बिलोकय दीनजनं ॥२२॥

मुनिहरूका कमलतुल्य भएको हृदयमा भ्रमरतुल्य भएर रहने, महायुद्धमा धैर्यवान् रहने, अजेय भएका रघुवीरको भजन गर्दछु । हे हरे ! हजूरलाई नमस्कार गर्दछु र संसारका मद-मान प्रभृति भयानक रोगशत्रु (नाशकारी) भएका हजूरका नाम जपिरहन्छु ॥ २१ ॥

गुण, शील, करुणा यिनको निवासभवन भएका, महालक्ष्मीका प्राणवल्लभ भएका हजूरलाई म निरन्तर नमस्कार गर्दछु । हे रघुनंदन ! घना भएका (बाक्ला = निरन्तर रहने) द्वन्द्वहरूलाई (शीत-उष्ण, मान-अपमान, हर्ष-विषाद, सुख-दुःख, इत्यादिलाई) ध्वस्त पारिदिनुहोस्, (हजूर अनन्त कोटि ब्रह्मांडका पालक भएर पनि लीलाका निमित्त ऐले भूमिपाल (राजा) भएको हुनुहुन्छ) महाराज ! दीनजनका उपर करुणाकटाक्ष बक्सनुहोस् ॥ २२ ॥

दोहा—बार बार बर मागौं हरषि देहु श्रीरंग ।
पद सरोज अनपायनी भगति सदा सतसंग ॥३१॥
बरनि उमापति रामगुन हरषि गए कैलास ।
तब प्रभु कपिन्ह देवाये सब बिधि सुखप्रद बास ॥३२॥

हे श्रीरंग ! (हे रमारञ्जन ! कतै पनि नरमाउने (चंचला) लक्ष्मीलाई रमाइदिने श्रीनिवास !) म वारंवार वर माग्दछु, प्रसन्न भएर बक्सनुहोस् । हजूरका चरणकमलमा अनपायिनी (निश्चल) भक्ति रहोस्, सदासर्वदा सत्संग मिलोस् (यति भए मलाई पुग्दछ) । ॥ ३१ ॥ यस्ता प्रकारसंग पार्वतीपति शंकरजीले रामजीका गुणको वर्णन गर्नुभयो र हर्षित भैकन कैलास जानुभयो । अनि प्रभु रघुनाथजीले वानरवीरहरूलाई सर्वसुखदायक वास दिलाउनुभयो ॥ ३२ ॥

चौ०–सुनु खगपति येह कथा पावनी ❀ त्रिबिध ताप भव भय दावनी ॥१॥
महाराज कर सुभ अभिषेका ❀ सुनत लहहिं नर बिरति बिबेका ॥२॥

हे गरुड ! जो तीनै ताप र संसारका सबै भयलाई दमन गर्दछ त्यो पवित्र कथा सुन ॥ १ ॥ महाराज रामचन्द्रजीको शुभ राज्याभिषेक वृत्तान्त सुन्दाखेरि मनुष्यहरू विषयमा वैराग्य र विवेक पाउँदछन् ॥ २ ॥

जे सकाम नर सुनहिं जे गावहिं ❀ सुख संपति नाना बिधि पावहिं ॥३॥
सुरदुर्लभ सुख करि जग माहीं ❀ अंतकाल रघुपतिपुर जाहीं ॥४॥

जो मनुष्य कामना (मनोरथ) सहित भएर यो रामराज्याभिषेककथालाई सुन्दछन् अथवा गाउँछन् तिनीहरू नाना प्रकारको सुख र संपत्ति पाउँछन् , ॥ ३ ॥ संसारमा देवताका दुर्लभ भएका सुखको भोग गरेर आखिरमा रघुनाथजीको धाम (वैकुण्ठ) मा जान्छन् ॥ ४ ॥

सुनहिं बिमुक्त बिरत अरु बिषई ❀ लहहिं भगति गति संपति नई ॥५॥
खगपति रामकथा मैं बरनी ❀ स्वमति बिलास त्रास दुख हरनी ॥६॥

यो कथालाई जीवन्मुक्त भैसकेका महात्माहरू वैराग्ययुक्त भएका मुमुक्षुहरू, र विषय लंपट भएका संसारीहरू, सुन्दछन्भने यथाक्रम तिनीहरू भक्ति १, सद्गति २, नवीन संपत्ति ३, पाउँछन् ॥ ५ ॥ हे गरुड़जी ! मैले आफ्ना बुद्धिअनुसार भय र दुःखको हरण गर्ने रामकथाको वणन गरें ॥ ६ ॥

बिरति बिबेक भगति दृढ़ करनी ❀ मोह नदी कहुँ सुंदर तरनी ॥७॥
नित नव मंगल कोसलपुरीं ❀ हरषित रहहिं लोग सब कुरीं ॥८॥

यो रामकथा वैराग्य, विवेक, भक्ति यिनलाई दृढ़ (मजबूत) गर्दछ, मोहरूपी नदीका हकमा यो सुन्दर नाउ हो (यो रामकथारूपी नाउको आश्रय गरेपछि मोहनदीले हुत्याउन सक्तिन, पार पुगिन्छ) ॥ ७ ॥ अयोध्यानगरीमा नित्य नयाँ नयाँ उत्सव भइरहेका थिए, सबैजना सबै कुराबाट हर्षित थिए ॥ ८ ॥

नित नइ प्रीति रामपद पंकज ❀ सब कें जिन्हहिं नमत सिव मुनि अज ॥९॥
मंगन बहु प्रकार पहिराए ❀ द्विजन्ह दान नाना बिधि पाए ॥१०॥

जुन चरणलाई शंकरजी, मुनिवर्ग, ब्रह्माजी नमस्कार गर्नुहुन्छ, रामचन्द्रजीका तिनै चरणकमलमा अयोध्यानिवासी सबैजनाको नित्य नयाँ प्रेम लागेको थियो ॥ ९ ॥ मगन्ताहरूले धेरै प्रकारको वस्त्र र ब्राह्मणहरूले धेरै प्रकारका दान पाए ॥ १० ॥

दोहा–ब्रह्मानंद मगन कपि सब के प्रभुपद प्रीति ।
जात न जाने दिवस तिन्ह गए मास षट बीति ॥३३॥

वानरवर्ग ब्रह्मानन्दमा डुबेका थिए, सबैका हृदयमा रघुनाथजीका चरणको प्रेम थियो । तिनीहरूले दिन बितेको थाहा पाएनन्, ६ महीना बितिसके ॥ ३३ ॥

चौ०–बिसरे गृह सपनेहु सुधि नाहीं ❀ जिमि परद्रोह संतमन माहीं ॥१॥

तिनीहरूले घरद्वार ता बिर्सिहाले, जसरी सज्जनका मनमा परद्रोहको ख्याल सपनामा पनि रहँदैन, त्यसै गरी तिनका मनमा घरद्वारको ख्याल सपनामा पनि रहेन ॥ १ ॥

[वानरवीरको बिदाइ]

तब रघुपति सब सखा बोलाए ❀ आइ सबन्हि सादर सिर नाए ॥२॥
परम प्रीति समीप बैठारे ❀ भगत सुखद मृदु बचन उचारे ॥३॥
तुम्ह अति कीन्हि मोरि सेवकाई ❀ मुख पर केहिं बिधि करौं बड़ाई ॥४॥

अनि रघुनाथजीले आफ्ना मित्र (वानरवर्ग) लाई बोलाउनुभयो, सबैले हाजिर भएर प्रणाम गरे ॥ २ ॥ भक्तसुखदाता रामचन्द्रजीले अत्यन्त प्रेमका साथ तिनीहरूलाई नर्गाचै बसाउनुभयो र मधुर वचन बोल्नुभयो ॥ ३ ॥ तिमीहरूले मेरो ठूलो सेवा गर्‍यौ, तिम्रा अगाडि तिम्रो प्रशंसा कसरी गरौं ? ॥ ४ ॥

ता तें तुम्ह मोहि अति प्रिय लागे ❀ मम हित लागि भवन सुख त्यागे ॥५॥
अनुज राज संपति बैदेही ❀ देह गेह परिवार सनेही ॥६॥

मेरा हितका निमित्त तिमीहरूले घरद्वार-सुख सबै छाड्यौ, त्यसै हुनाले तिमीहरू मलाई अत्यन्त प्यारा लाग्यौ ॥ ५ ॥ मेरा भाई, राज्य, सपत्ति, सीता, शरीर, घर, परिवार, प्रेमी ॥ ६ ॥

सब मम प्रिय नहिं तुम्हहिं समाना ❀ मृषा न कहौं मोर येह बाना ॥७॥
सब के प्रिय सेवक येह नीती ❀ मोरें अधिक दास पर प्रीती ॥८॥

यी सबै तिमीहरू जत्तिका प्यारा छैनन्, मैले मिथ्या भनेको होइन, मेरो यही बानी छ ॥ ७ ॥ सेवकहरू सबैका प्यारा हुन्छन्, यो मनासीब पनि हो, तर मेरो ता सेवकका उपरको प्रेम अत्यन्त अधिक रहन्छ ॥ ८ ॥

दोहा–अब गृहँ जाहु सखा सब भजेहु मोहि दृढ़ नेम ।
सदा सर्बगत सर्बहित जानि करेहु अति प्रेम ॥३४॥

हे दोस्तहो ! अब घर जाऊ । दृढ़ नियम गरेर मलाई भज्नू, मलाई सदासर्वदा सर्व हित जानेर अत्यन्त प्रेम गर्नु ॥ ३४ ॥

चौ०–सुनि प्रभुबचन मगन सब भए ❀ को हम कहाँ बिसरि तन गए ॥१॥
एकटक रहे जोरि कर आगे ❀ सकहिं न कहि कछु अति अनुरागे ॥२॥

प्रभुजीका वचन सुनेर सबैजना प्रेममा मग्न भए। म को हुँ ? यो कुराको ता के कुरा तिनले आफ्नो शरीरसम्म पनि बिर्से ॥ १ ॥ हात जोरेर एकटक भईकन अगाडि खड़ा भए, अनुराग (प्रेम) को अधिकताले केही पनि बोल्न सकेनन् ॥ २ ॥

परम प्रेमु तिन्ह कर प्रभु देखा ❀ कहा बिबिध बिधि ग्यान बिसेषा ॥३॥
प्रभु सन्मुख कछु कहै न पारहिं ❀ पुनि पुनि चरन सरोज निहारहिं ॥४॥

प्रभुजीले तिनीहरूको परम प्रेम देख्नुभयो र अनेक प्रकारसँग ज्ञानको विशेष (तत्त्व) बताउनुभयो ॥ ३ ॥ तिनीहरू प्रभुका अगाडि केही बोल्न नसक्ने भएर वारंवार प्रभुका चरण-कमल हेर्नलागे ॥ ४ ॥

तब प्रभु भूषन बसन मगाए ❀ नाना रंग अनूप सुहाए ॥५॥
सुग्रीवहि प्रथमहिं पहिराए ❀ बसन भरत निज हाथ बनाए ॥६॥

अनि प्रभुजीले नाना रङ्गका अनुपम सुन्दर वस्त्र र भूषण मगाउनुभयो ॥ ५ ॥ पहिले भरतजीले आफ्ना हातले कायदासाथ सुग्रीवलाई वस्त्र र भूषण पहिराउनुभयो ॥ ६ ॥

प्रभुप्रेरित लछिमन पहिराये ❀ लंकापति रघुपतिमन भाये ॥७॥
अंगद बैठ रहा नहि डोला ❀ प्रीति देखि प्रभु ताहि न बोला ॥८॥

प्रभुजीको प्रेरणा पाएर लक्ष्मणजीले लंकापति (विभीषण) लाई वस्त्र-भूषण पहिराउनुभयो, त्यो पहिरन रामजीलाई पनि मन पर्‍यो ॥ ७ ॥ अङ्गद बसिरहे, हल्लँदा पनि हल्लेनन्, प्रभुजीले तिनको प्रीति देख्नुभयो र तिनलाई बोलाउनुभएन ॥ ८ ॥

दोहा—जामवंत नीलादि सब पहिराए रघुनाथ।
हिय धरि रामरूप सब चले नाइ पद माथ ॥३५॥

रघुनाथजीले जाम्बवान्, नील, नल, इत्यादिलाई वस्त्र-भूषण पहिराउनुभयो; तिनीहरू सबै प्रभुजीका पाउमा माथ राखेर वहाँको रूपलाई हृदयमा लिएर बिदा भए ॥ ३५ ॥

दोहा—तब अंगद उठि नाइ सिरु सजल नयन कर जोरि।
अति बिनीत बोलेउ बचन मनहु प्रेमरस बोरि ॥३६॥

अनि अङ्गद उठीकन प्रणाम गरेर हात जोरीकन नेत्र अश्रुपूर्ण गराएर प्रेमरसमा डुबाएका जस्ता नम्र वचन बोल्नलागे ॥ ३६ ॥

चौ०—सुनु सर्बग्य कृपा सुख सिंधो ❀ दीन दयाकर आरतबंधो ॥१॥
मरतीं बार नाथ मोहि बाली ❀ गयउ तुम्हारेहिं कोंछें घाली ॥२॥
असरनसरन बिरदु संभारी ❀ मोहि जनि तजहु भगत हितकारी ॥३॥
मोरें तुम्ह प्रभु गुर पितु माता ❀ जाउँ कहाँ तजि पद जलजाता ॥४॥

हे सर्वज्ञ ! हे करुणासागर ! हे आनन्दसमुद्र ! हे दीनदयाल ! हे आर्तबन्धो ! मेरो

विन्ति सुनिबक्सियोस् ॥ १ ॥ "हे नाथ ! मर्ने वेलामा मेरा पिता बालिले मलाई हजूरैका पीछामा राखेर जानुभएको हो ॥ २ ॥ आफ्नो "अशरणशरण" यस्तो विरुदावलीलाई सुरक्षित राखेर मलाई नछाडिबक्सियोस् । हजूर भक्तजनहितकारी होइबक्सिन्छ ॥ ३ ॥ प्रभु ! मेरा ता मालिक गुरु, पिता, माता, सबै हजूरै होइबक्सिन्छ, हजूरको चरणकमललाई छाडेर म कहाँ जाऊँ ॥ ४ ॥

तुम्हइँ बिचारि कहहु नरनाहा ❀ प्रभु तजि भवन काजु मम काहा ॥५॥
बालक ज्ञान बुद्धि बल हीना ❀ राखहु सरन नाथ जन दीना ॥६॥
नीचि टहल गृह कै सब करिहौं ❀ पद पंकज बिलोकि भव तरिहौं ॥७॥
अस कहि चरन परेउ प्रभु पाही ❀ अब जनि नाथ कहहु गृह जाही ॥८॥

प्रभु ! हजूरै विचार गरिबक्सनुहोस् , र आज्ञा गर्नुहोस् , महाराज ! प्रभुलाई छाडेर घरमा मेरो के काम छ ? र म जाऊँ ॥ ५ ॥ बालक छु, ज्ञानहीन, बुद्धिहीन, बलहीन छु, दीन-दुःखी सेवक जानेर शरणमा (पीछामा) राखिबक्सियोस ॥ ६ ॥ प्रभु ! हजूरका भवनमा रहेर परिआएका सानातिना टहल गरुँला, प्रभुका चरणकमलको दर्शन गरी गरीकन भवसागर तरुँला" ॥ ७ ॥ यति विन्ति गरेर अंगद पाउमा घोप्टिएर "प्रभु ! रक्षा गरिबक्सियोस् , हे नाथ ! अब घर जा भन्ने आज्ञा नगरिबक्सियोस् " भन्नलागे ॥ ८ ॥

दोहा—अंगदबचन बिनीत सुनि रघुपति करुनासीव ।
प्रभु उठाइ उर लाएउ सजल नयन राजीव ॥३७॥
निज उर माल बसन मनि बालितनय पहिराइ ।
बिदा कीन्ह भगवान तब बहु प्रकार समुझाइ ॥३८॥

करुणाका सीमा (परमावधि) स्वरूप भएका रघुनाथजीले अंगदका यस्ता नम्र वचन सुन्नुभयो र नेत्रकमललाई अश्रुपूर्ण पारेर तिनलाई उठाएर वक्षस्थलमा लाउनुभयो (प्रेमालिङ्गन बक्सनुभयो) ॥ ३७ ॥ अनि आफूले पहिरिराखेका हार-मणि-वस्त्र बालिपुत्र अंगदलाई पहिराउनुभयो । अनेक प्रकारले संझाई-बुझाईकन भगवान्ले अंगदलाई बिदा गर्नुभयो ॥ ३८ ॥

चौ०—भरत अनुज सौमित्रि समेता ❀ पठवन चले भगत कृत चेता ॥१॥
अंगदहृदय प्रेमु नहि थोरा ❀ फिरि फिरि चितव राम की ओरा ॥२॥

भक्तले गरेका सेवामा ख्याल राख्ने रामचन्द्रजी भाईसहित लक्ष्मणले सहित भईकन (चारै भाई भएर) तिनीहरूलाई पुऱ्याउन (अलिकति टाढा) जानुभयो ॥ १ ॥ अंगदको हृदयमा अत्यन्त प्रेम थियो, ती फर्की फर्कीकन रामजीका तर्फ हेर्दथे ॥ २ ॥

बार बार कर दंड प्रनामा ❀ मन अस रहन कहहिं मोहि रामा ॥३॥
राम बिलोकनि बोलनि चलनी ❀ सुमिरि सुमिरि सोचत हसि मिलनी ॥४॥

बारंबार दण्डवत्प्रणाम गर्दथे, तिनका मनमा रामचन्द्रजी मलाई बस्न भन्नुहुन्छ

कि भन्ने आशा लागिरहेको थियो ॥ ३ ॥ ती सबैजना रामजीको हेराइ, बोलाइ, चालचलन हँसाइ, मेल-मिलाप, संझी-संझीकन त्यसैको सोच (संझना) गरिरहेका थिए ॥ ४ ॥

प्रभुरुख देखि बिनय बहु भाषी ❀ चलेउ हृदय पद पंकज राखी ॥५॥
अति आदर सब कपि पहुँचाए ❀ भाइन्ह सहित राम फिरि आए ॥६॥

प्रभुको आशय देखेर तिनीहरू धेरै विनय-वचनले विन्ति गरीकन प्रभुजीको चरणकमललाई आफ्ना हृदयकमलमा राखेर हिंडे ॥ ५ ॥ रामजीले आदरका साथ सबै बानरवीरहरूलाई पुऱ्याउनुभयो र भाईसहित फर्केर आउनुभयो ॥ ६ ॥

तब सुग्रीव चरन गहि नाना ❀ भाँति बिनय कीन्ही हनुमाना ॥७॥
दिन दस करि रघुपति पद सेवा ❀ पुनि तव चरन देखिहौं देवा ॥८॥

अनि हनुमान्‌जीले सुग्रीवका पाउ समातेर अनेक तरहको विन्ति गरे ॥ ७ ॥ "राजन् ! म दशदिन रामचन्द्रजीका चरणको चाकरी गरेर तपाईंका चरणको दर्शन गर्नेछु" (त्यति बिदा पाऊँ) ॥ ८ ॥

पुन्यपुंज तुम्ह पवनकुमारा ❀ सेवहु जाइ कृपा आगारा ॥९॥
अस कहि कपि सब चले तुरंता ❀ अंगद कहै सुनहु हनुमंता ॥१०॥

(सुग्रीवले भने)—"हे पवनकुमार ! तिमी पुण्यका पुञ्जस्वरूप छौ, गएर करुणाभवन भगवान् रामचन्द्रको सेवा गर" ॥ ९ ॥ यति भनेपछि सबै वानर तुरन्तै हिंडे । अंगदले भने, हनूमन् ! सुन ॥ १० ॥

दोहा—कहेउ दंडवत प्रभु सैं तुम्हहिं कहौं कर जोरि ।
बार बार रघुनायकहि सुरति कराएहु मोरि ॥३९॥

म तिमीलाई हाथ जोरेर भन्दछु "प्रभुजीका हजूरमा मेरो दण्डवत् विन्ति गरिदिए, रघुनाथजीलाई वारंवार मेरो संझना गराए" ॥ ३९ ॥

दोहा—अस कहि चलेउ बालिसुत फिरि आएउ हनुमंत ।
तासु प्रीति प्रभु सन कही मगन भए भगवंत ॥४०॥

यसो भनेर बालिपुत्र अंगद हिंडे, हनूमान् फर्केर आए । तिनले प्रभुजीका हजूरमा अंगदका प्रेमको बयान गरे, भगवान् रघुनाथजी प्रसन्न हुनुभयो ॥ ४० ॥

दोहा—कुलिसहु चाहि कठोर अति कोमल कुसुमहु चाहि ।
चित्त खगेस राम कर समुझि परै कहु काहि ॥४१॥

हे गरुड ! रामजीको [1]'चित्त वज्रभन्दा पनि कडा छ, फूलभन्दा पनि कोमल छ, यस्तो

---

(१) रघुनाथका चित्तको यस्तो प्रकृतिलाई संझेर कविकुल शिरोमणि भवभूतिले —

त्यो चित्त कसका समुझमा आउँछ ? (त्यस्तो चित्तलाई कसले चिन्दछ ?) भन ॥ ४१ ॥

चौ०–पुनि कृपाल लियो बोलि निषादा ❀ दीन्हे भूषन बसन प्रसादा ॥१॥
जाहु भवन मम सुमिरन करेहू ❀ मम क्रम बचन धर्म अनुसरेहू ॥२॥
तुम्ह मम सखा भरत सम भ्राता ❀ सदा रहेहु पुर आवत जाता ॥३॥
बचन सुनत उपजा सुख भारी ❀ परेउ चरन भरि लोचन बारी ॥४॥

अनि दीनदयाल प्रभुजीले निषादराज गुहलाई बोलाउनुभयो, र वस्त्र-भूषणको प्रसाद बक्सनुभयो ॥ १ ॥ (अनि आज्ञा गर्नुभयो)—“तिमी पनि घर जाऊ, मेरो स्मरण बराबर गर्दै रहे, मनसा कर्मणा वाचा धर्मलाई [१]पछ्याए ॥ २ ॥ तिमी मेरा मित्र र भाई भरतसमान प्रेमपात्र छौ, हरहमेशा अयोध्यामा आवत-जावत गर्दै गरे” ॥ ३ ॥ यो वचन सुन्दा गुहलाई ठूलो आनन्द पैदा भयो नेत्रभरी पानी भरियो, पाउमा परे ॥ ४ ॥

चरन नलिन उर धरि गृह आवा ❀ प्रभुसुभाउ परिजनन्हि सुनावा ॥५॥
रघुपतिचरित देखि पुरबासी ❀ पुनि पुनि कहहिं धन्य सुखरासी ॥६॥

रामचन्द्रजीका चरणकमललाई हृदयमा राखेर गुहजी घर आए, तिनले आफ्ना जहानलाई र इष्टमित्रलाई रामजीको स्वभाव सुनाए ॥ ५ ॥ अयोध्यानगर निवासीहरू रघुनाथजीको चरित्र देखेर सुखका समूहस्वरूप भएका रामजी धन्यधन्य हुनुहुन्छ भन्नलागे ॥ ६ ॥

[रामको सौराज्य]

राम राज बैठे त्रैलोका ❀ हरषित भए गए सब सोका ॥७॥
बयरु न कर काहू सन कोई ❀ रामप्रताप बिषमता खोई ॥८॥

रामजी राजगद्दीमा राज भएपछि तीनै लोक आनन्दित भए, सबै शोक हटे ॥ ७ ॥ कोही पनि कसैसँग वैरभाव गर्दैनथ्यो, रामजीका प्रतापले विषमभाव (शत्रुता) नष्ट भयो ॥ ८ ॥

दोहा–बरनाश्रम निज निज धरम निरत बेदपथ लोग ।
चलहि सदा पावहि सुख नहि भय सोक न रोग ॥४२॥

ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र यी ४ वर्ण र ब्रह्मचारी, गृहस्थ, वानप्रस्थ, संन्यासी यी ४ आश्रम आफ्ना आफ्ना धर्ममा तत्पर थिए । सबैजना वेद मार्गमा चलेका थिए । तिनीहरू सदा सर्वदा सुख पाइरहेका थिए । न डर थियो, न रोग थियो ॥ ४२ ॥

“वज्रादपि कठोराणि मृदूनि कुसुमादपि ।
लोकोत्तराणां चेतांसि को हि विज्ञातुमर्हति ॥” [उत्तररामचरित]
यस्तो उद्‌गार निकालेका छन् ।

(१) प्रेमका साथ पछ्याइयोभने मित्रतुल्य भएर सनातनधर्मले मुलाहिजा राख्तछ ।
सुहृदिव दिवसे दिवसे प्रणयस्य वशे स्थितो महतः ।
अनुरुन्धेऽनुसरन्तं सन्तं सन्तं सनातनो धर्मः ॥ [सूक्तिसंग्रह]

चौ०–दैहिक दैविक भौतिक तापा ❀ रामराज नहि काहुहि ब्यापा ॥१॥
सब नर करहि परसपर प्रीती ❀ चलहि स्वधर्म निरत श्रुतिरीती ॥२॥

रामजीले राज्य गर्दा देहमा कफ, पित्त,वातका प्रकोपले हुने ज्वर, अतिसार इत्यादि रोगका ताप; दैवप्रकोपले हुने वज्रपात, भूकम्प इत्यादिबाट भएका ताप; प्राणीका उपद्रवबाट (व्याघ्र-सर्पहरूका उपद्रवबाट) हुने तापले पनि कसैलाई व्याप्त गरेन ॥ १ ॥ सबैजना परस्पर प्रीति गर्दथे, वेदोक्त रीतिमा तत्पर भएर स्वधर्ममा चल्दथे ॥ २ ॥

चारिहुँ चरन धर्म जग माहीं ❀ पूरि रहा सपनेहुँ अघ नाहीं ॥३॥
रामभगति रत नर अरु नारी ❀ सकल परमगति के अधिकारी ॥४॥

चारै पाउले (सत्य, दया, दम, दान यिनले) युक्त भएर संसारमा परिपूर्ण धर्म रहेको थियो, सपनामा पनि कसैले पाप गर्दैनथ्यो ॥ ३ ॥ नरनारी सबैजना रामभक्तिमा तत्पर थिए, सबैजना मुक्तिपदका अधिकारी (लायक) थिए ॥ ४ ॥

अल्प मृत्यु नहि कवनिउँ पीरा ❀ सब सुंदर सब बिरुज सरीरा ॥५॥
नहिं दरिद्र कोउ दुखी न दीना ❀ नहि कोउ अबुध न लक्षनहीना ॥६॥

अकालमृत्यु र कुनै प्रकारको पीरपिराऊ थिएन, सबै सुन्दर (हृष्टपुष्ट) थिए, सबैको शरीर नीरोग थियो ॥ ५ ॥ दीन दुःखी दरिद्र कोही थिएन । मूर्ख कोही थिएन, लक्षणहीन (अलच्छिनी) कोही थिएन ॥ ६ ॥

सब निर्दंभ धर्मरत घृनी ❀ नर अरु नारि चतुर सब गुनी ॥७॥
सब गुनग्य पंडित सब ग्यानी ❀ सब कृतग्य नहिं कपट सयानी ॥८॥

सबैजना दम्भरहित (नकली धर्म नगर्ने) सत्यधर्ममा तत्पर भएका, दयालु थिए, नरनारी सबैजना चलाक र गुणी थिए ॥ ७ ॥ सबै गुणज्ञ (गुणको तारतम्य जान्ने) विवेकी ज्ञानी थिए, सबै कृतज्ञ (उपकार संझेर तदनुसार प्रत्युपकार गर्ने) थिए, कपटको चातुर्य कहीं थिएन ॥ ८ ॥

दोहा–रामराज नभगेस सुनु सचराचर जग माहिं ।
काल कर्म सुभाव गुन कृत दुख काहुहि नाहिं ॥४३॥

हे गरुडजी ! सुन, रामराज्यका समयमा चराचर जगतमा कसैलाई पनि काल, कर्म, स्वभाव, गुणबाट पैदा भएको दुःख थिएन ॥ ४३ ॥

चौ०–भूमि सप्त सागर मेखला ❀ एक भूप रघुपति कोसला ॥१॥
भुवन अनेक रोम प्रति जासू ❀ येह प्रभुता कछु बहुत न तासू ॥२॥

सात समुद्ररूपी मेखला (कर्दनी = कम्मर पेटी) लाएकी पृथिवीका मण्डलमा एउटै राजा (सम्राट्) भएका रामजी अयोध्यामा राज हुन्थ्यो ॥ १ ॥ जसका रोमरोममा अनेक

ब्रह्माण्ड रहेका छन्, उस्ता उनै परमेश्वर रघुनाथजीका हकमा यो प्रभुता केही ठूलो कुरा होइन ॥ २ ॥ (क)

सो महिमा समुझत प्रभु केरी ❀ येह बरनत हीनता घनेरी ॥३॥
सो महिमा खगेस जिन्ह जानी ❀ फिरि एहिं चरित तिन्हहुँ रति मानी ॥४॥

प्रभुजीको त्यो वास्तविक महिमा संझदाखेरि ("रामजी सप्तसागरमेखला पृथिवीका एउटै अधिपति थिए") यसो भन्नु ता पूर्ण हीनता देखाउनु हो, तथापि हे पक्षिराज ! त्यो प्रभुको वास्तव महिमा जसले जानेका छन्, तिनीहरूले समेत यसै चरित्रमा (अखण्ड-भूमण्डलको साम्राज्य गर्नुरूपी) खूब प्रीति मानेका छन् ॥ ३ ॥ ४ ॥

सोउ जाने कर फल येह लीला ❀ कहहिं महामुनिबर दमसीला ॥५॥
रामराज कर सुख संपदा ❀ बरनि न सकइ फनीस सारदा ॥६॥

यो रामलीलामा प्रेम लाग्नु नै त्यो वास्तविक महिमा जान्नाको फल हो, यो कुरा दान्त (मनोनिग्रहवाला) महामुनीश्वरहरू भन्दछन् ॥ ५ ॥ शेष र शारदा पनि रामराज्यका सुखको र संपत्तिको वर्णन गर्न सक्तैनन् ॥ ६ ॥

सब उदार सब पर उपकारी ❀ बिप्रचरन सेवक नर नारी ॥७॥
एकनारी ब्रत रत सब झारी ❀ ते मन बच क्रम पति हितकारी ॥८॥

सबै नरनारीहरू उदार (दिलदार), सबै परोपकारी, सबै ब्राह्मणचरणसेवक थिए ॥ ७ ॥ जम्मै पुरुषहरू एकनारी व्रतमा आनन्द मान्दथे, जम्मै स्त्रीहरू मनसा-कर्मणा-वाचा पति-सेवा गर्दथे ॥ ८ ॥

दोहा–दंड जतिन्ह कर भेद जहँ नर्तक नृत्य समाज ।
जीतहु मनहिं सुनिअ अस रामचंद्र कें राज ॥४४॥

रामचन्द्रले राज्य गर्दाखेरि "दण्ड" भन्ने पदार्थ संन्यासीका हातमा मात्रै थियो (सबै प्रजा कायदासाथ चल्दथे, तिनलाई दण्ड (सजाय) दिनुपर्दैनथ्यो, सबै माण्डलिक राजाहरू यथोचित रहेका थिए, तिनीसँग दण्ड (युद्ध) गर्नुपर्दैनथ्यो, सबै साम र दानले वश थिए। अर्थात् दण्ड भन्ने कुरा छँदै थिएन, दण्ड छ कि ? छैन त ? भनेर राम्रै गरी निरूपण गर्ने लागेका पक्षमा त्रिदण्डी संन्यासीहरूका हातमा दण्ड (बाँसको लठ्ठी) देखिन्थ्यो, बस, त्यत्तिकै हो) "भेद" भन्ने पदार्थ नाच्ने मानिसका समाजमा मात्रै थियो (कसैका उपर भेद

(क) ईश्वरको महत्त्व अनिर्वचनीय छ, वहाँका लीलामूर्तिका रोमरोममा (आँखीझ्यालबाट पसेका सूर्यप्रकाशमा देखिने धूलाका अणु झैं) अगणित ब्रह्माण्ड नाचिरहेका छन्। वहाँको वर्णन सातबित्ते (३॥ हात लमाइवाला) मानिस के गर्ला ?

क्वाऽहं तमोमहदहंखचराग्निवार्भू-
संवेष्टिताण्डघटसप्तवितरितकायः ।
क्वेदृग्विधाविगणिताण्डपराणुचर्या
वाताध्वरोमविवरस्य च ते महित्वम् ॥ [श्रीमद्भागवत स्क० १०]

नीतिको (फूट गराएर कलह पैदा गराउने नीतिको) प्रयोग गर्नुपर्दैनथ्यो, सबै काइदामा चलेका थिए, भेद कहीं थिएन नाच्ताखेरि भेद (ताल र सुरको फरक) हुन्थ्यो, बस, त्यत्तिकै हो । जित्नुपर्ने वस्तु फगत एउटा मन थियो (झगडा-तगडा कहीं नहुँदा फलानालाई जित्नुपर्दछ भन्ने कुरै थिएन), हँ ! मनलाई जित्नुपर्दछ (जितेन्द्रिय हुनुपर्दछ) भन्ने कुरा घरघरमा सुनिन्थे ॥ ४४ ॥

चौ०–फूलहिं फरहिं सदा तरु कानन ❀ रहहिं एक सँग गज पंचानन ॥१॥
खग मृग सहज बयरु बिसराई ❀ सबन्हि परसपर प्रीति बढ़ाई ॥२॥

वनमा समेत वृक्षहरू सदा फुलिरहन्थे फलिरहन्थे, हात्ती र सिंह एकसाथ रहन्थे ॥ १ ॥ स्वाभाविक वैरभाव बिर्सेर पक्षी र मृगहरूले परस्परमा प्रीति बढाएका थिए ॥ २ ॥

कूजहिं खग मृग नाना बृंदा ❀ अभय चरहिं बन करहिं अनंदा ॥३॥
सीतल सुरभि पवन बह मंदा ❀ गुंजत अलि लै चलि मकरंदा ॥४॥

नाना प्रकारका पक्षीगण मधुर बोली बोल्दथे, हरिणहरू बथानका बथान भएर निर्भय भैकन वनमा चर्दथे, आनन्दका साथ रहन्थे ॥ ३ ॥ शीतल र सुगन्ध हावा मन्दमन्द चल्दथ्यो, भ्रमरहरू पुष्परस लिंदै मधुर गुञ्जन गर्दै रहन्थे ॥ ४ ॥

लता बिटप मागे मधु चवहीं ❀ मन भावतो धेनु पय स्रवहीं ॥५॥
ससिसंपन्न सदा रह धरनी ❀ त्रेता भै कृतजुग कै करनी ॥६॥

लता र वृक्षहरू माग्दाखेरि मह चुहाउँथे, गाईहरू चाहिए जति दूध दिन्थे ॥ ५ ॥ धर्तीमाता हरहमेशा बालीनालीले सुशोभित थिइन्, त्रेतायुगमा पनि सत्ययुगको चलन चल्यो ॥ ६ ॥

प्रगटी गिरिन्ह बिबिध मनिखानी ❀ जगदातमा भूप जग जानी ॥७॥
सरिता सकल बहहिं बर बारी ❀ सीतल अमल स्वाद सुखकारी ॥८॥

जगत्का आत्मा (परमेश्वर) जगत्का राजा हुनुभएको छ भनी जानेर पर्वतहरूले नाना प्रकारका रत्नका खानि प्रकट गरेका थिए ॥ ७ ॥ सबै नदीहरू शीतल, निर्मल, स्वादिष्ठ, सुखदायक उत्तम जल बहाउँथे ॥ ८ ॥

सागर निज मरजादा रहहीं ❀ डारहिं रत्न तटन्हि नर लहहीं ॥९॥
सरसिजसंकुल सकल तड़ागा ❀ अति प्रसन्न दस दिसा बिभागा ॥१०॥

समुद्र आफ्ना मर्यादामा रहन्थे, तिनीहरू रत्नहरूलाई पाखा लाइदिन्थे, मानिसहरू (रत्न) पाउँथे ॥ ९ ॥ सब तलाउ कमल-वनले पूर्ण थिए, दशै दिशाका हरएक हिस्सा अत्यन्त प्रसन्न थिए ॥ १० ॥

दोहा–बिधु महि पूर मयूखन्हि रबि तप जेतनेहिं काज ।
मागें बारिद देहिं जल रामचंद्र कें राज ॥४५॥

चन्द्रमा आफ्ना अमृतमय किरणले पृथ्वीलाई भरिदिन्थे, सूर्यनारायण जत्तिको चाहिन्छ उत्तिकै तप्तथे । रामचन्द्रजीका राज्यकालमा मेघहरू मागेका वेलामा पानी दिन्थे ॥ ४५ ॥

चौ०–कोटिन्ह बाजिमेध प्रभु कीन्हे ❀ दान अनेक द्विजन्ह कहुँ दीन्हे ॥१॥
श्रुतिपथ पालक धर्मधुरंधर ❀ गुनातीत अरु भोग पुरंदर ॥२॥

प्रभुजीले करोडौं अश्वमेध गर्नुभयो, ब्राह्मणहरूलाई अनेक दान दिनुभयो ॥ १ ॥ रामचन्द्रजी वैदिक मार्गका रक्षक, धर्मधुरन्धर, गुणातीत (सत्व, रज, तम यिनदेखिन फरक रहेका) र भोगविलास गर्नामा पनि इन्द्रसमान हुनुहुन्थ्यो ॥ २ ॥ (क)

पति अनुकूल सदाँ रह सीता ❀ सोभाखानि सुसील बिनीता ॥३॥
जानति कृपासिंधु प्रभुताई ❀ सेवति चरन कमल मनु लाई ॥४॥

शोभा (सौन्दर्य) की खातिर सुशीला भएकी सीताजी सदासर्वदा नम्रताका साथ स्वामी रामजीकी अनुकूल चारिणी (आशयानुसारिणी) हुनुहुन्थ्यो ॥ ३ ॥ सीताजी करुणासागर रघुनाथजीको प्रभुत्त्व (सामर्थ्य) जान्नुहुन्थ्यो, उहाँ मनलाएर वहाँका चरणकमलको सेबा गर्नुहुन्थ्यो ॥ ४ ॥

जद्यपि गृह सेवक सेवकिनी ❀ बिपुल सकल सेवाँ बिधि गुनी ॥५॥
जिन कर गृहपरिचरजा करई ❀ रामचंद्र आयस अनुसरई ॥६॥

यद्यपि सब तरहका सेवा गर्नामा सिपालु भएका अनेकानेक दासी र दासहरू मौजूद थिए, तथापि घरको कामकाज र पतिको सेवा सीताजी आफैं गर्नुहुन्थ्यो। रामजीका आज्ञाको सदा अनुसरण गर्नुहुन्थ्यो ॥ ५ ॥ ६ ॥

जेहिं बिधि कृपासिंधु सुख मानइ ❀ सोइ कर श्री सेवाबिधि जानइ ॥७॥
कौसल्यादि सासु गृह माहीं ❀ सेवइ सबन्हि मान मद नाहीं ॥८॥
उमा रमा ब्रह्मादि बंदिता ❀ जगदंबा संततमनिंदिता ॥९॥

करुणासागर रघुनाथजी जसो गर्नाले सुख मान्नुहुन्थ्यो (राजी हुनुहुन्थ्यो) सीताजी त्यसै गर्नुहुन्थ्यो, श्रीस्वरूपिणी श्रीमती सीताजी सेवाका सबै तरीका जान्नुहुन्थ्यो ॥ ७ ॥ घरमा रहेका कौशल्या आदि गरेका सासूहरू जति थिए, ती सबैको सेवाटहल गर्नुहुन्थ्यो, वहाँलाई सौन्दर्य-सौकुमार्यको अभिमान थिएन, त्रैलोक्यमाननीय श्रीरामजीकी प्रियतमा हुँ भन्ने घमण्ड पनि थिएन ॥ ८ ॥ सीताजी पार्वती, लक्ष्मी, ब्रह्मादि देवताले वन्दना गरिएकी जगज्जननी र अनिन्दिता (निर्दोष = कुनै खोट नभएकी) होइबक्सिन्थ्यो ॥ ९ ॥

दोहा–जासु कृपाकटाक्ष सुर चाहत चितव न सोइ।
रामपदारबिंद रति करति सुभावहि खोइ ॥४६॥

जसका कृपाकटाक्षलाई देवताहरू चाहन्छन्, परन्तु जो ती देवताका उपर दृष्टि नै

(क) स्रक्चन्दनवनितादि पदार्थका गुणातीत आत्मवेत्ताहरूद्वारा अनुगृहीत (उपभुक्त) गराउने अदृश्यका प्रभावले गुणातीतहरू पनि भोगविलास गर्दछन्, तर कर्तृत्वाभिमान नहुनाले निर्लेप रहन्छन्,

आदृता हि विषयैकतानता ज्ञानधौतमनसं न लिम्पति।

(कवितार्किकचूडामणि श्रीहर्ष)

दिन्नन्, त्यस्ती तिनै महालक्ष्मीस्वरूपिणी सीताजी आफ्नो चांचल्य स्वभावलाई छाडेर रामचन्द्रजीका चरणारविन्दको सेवा गर्नामा प्रीति गर्नुहुन्थ्यो (सेवा गर्न पाउँदा खुशी हुनुहुन्थ्यो) ॥ ४६ ॥

चौ०-सेवहिं सानुकूल सब भाई ❀ रामचरन रति अति अधिकाई ॥१॥
प्रभुमुख कमल बिलोकत रहहीं ❀ कबहुँ कृपाल हमहिं कछु कहहीं ॥२॥

भाइहरू सबैजना सानुकूल रहेर रामजीको सेवा गर्नुहुन्थ्यो, वहाँहरूलाई रामजीका चरणमा अत्यन्त प्रीति थियो ॥ १ ॥ वहाँहरू कैले के आज्ञा गर्नुहुन्छ भनेर रामजीको मुहार हेरिरहनुहुन्थ्यो ॥ २ ॥

राम्रु करहिं भ्रातन्ह पर प्रीती ❀ नाना भाँति सिखावहिं नीती ॥३॥
हरषित रहहिं नगर के लोगा ❀ करहिं सकल सुरदुर्लभ भोगा ॥४॥

रामजी पनि भाइहरूका उपर प्रीति गर्नुहुन्थ्यो, अनेक प्रकारका नीति सिकाउनुहुन्थ्यो ॥ ३ ॥ नगरनिवासीहरू हरहमेशा हर्षित रहन्थे, सबैजना देवताहरूले पनि नपाउने सुखको भोग गर्दथे ॥ ४ ॥

अहनिसि बिधिहि मनावत रहहीं ❀ श्रीरघुबीरचरन रति चहहीं ॥५॥
दुइ सुत सुंदर सीता जाए ❀ लव कुस बेद पुरानहि गाए ॥६॥

अहोरात्र विधातालाई मनाउँथे (प्रार्थना गर्दथे) रघुनाथजीका चरणमा प्रेम चाहन्थे ॥ ५ ॥ सीताजीले वेद र पुराणले प्रशंसा गरिएका लव र कुश नाउँ भएका सुन्दर दुई पुत्र पैदा गर्नुभयो ॥ ६ ॥

द्वौ बिजई बिनई गुनमंदिर ❀ हरिप्रतिबिंब मनहुँ अति सुंदर ॥७॥
दुइ दुइ सुत सब भ्रातन्ह केरे ❀ भए रूप गुन सील घनेरे ॥८॥

विजयी विनयी गुणभवन भएका ती दुवैजना मानौं रामजीका प्रतिबिम्ब (छाया) हुन् कि ? भनेजस्ता अति सुन्दर थिए ॥ ७ ॥ सबै भाईका बडा सुन्दर, गुणी, शीलवान् दुई दुई पुत्र पैदा भए ॥ ८ ॥ (क)

दोहा-ज्ञान गिरा गोतीत अज माया मन गुन पार ।
सोइ सच्चिदानंद घन कर नरचरित उदार ॥ ॥४७॥

जो ज्ञान, वाणी, इन्द्रियका अगोचर, जन्मरहित, माया मन-गुणका पर रहने, सत्-चित् आनन्दमय हुनुहुन्छ, उनै प्रभु उदार (श्रेष्ठ) मनुष्यलीला गर्नुहुन्थ्यो ॥ ४७ ॥

चौ०-प्रातकाल सरऊ करि मज्जन ❀ बैठहिं सभा संग द्विज सज्जन ॥१॥
बेद पुरान बसिष्ठ बखानहिं ❀ सुनहिं राम्रु जद्यपि सब जानहिं ॥२॥

(क) भरतजीका पुष्कल र तक्षक, लक्ष्मणजीका अंगद र चित्रकेतु, शत्रुघ्नजीका श्रुतसेन र सुबाहु पुत्र भए ।

बिहान सबेरै सरयूमा स्नान गरेर रामजी ब्राह्मण र सज्जनहरूका साथमा सभामा राजहुन्थ्यो ॥ १ ॥ वशिष्ठजी वेदपुराणको व्याख्यान गर्दथे, यद्यपि रामजी स्वयं सब जान्नुहुन्थ्यो, तथापि सुन्नुहुन्थ्यो ॥ २ ॥

अनुजन्ह संजुत भोजनु करहीं ❀ देखि सकल जननी सुख भरहीं ॥३॥
भरत शत्रुहन दूनौं भाई ❀ सहित पवनसुत उपबन जाई ॥४॥

भाईहरूले संयुक्त भएर भोजन गर्नुहुन्थ्यो, वहाँहरूलाई देखेर सबै जननीहरू आनन्दपूर्ण हुनुहुन्थ्यो ॥ ३ ॥ भरतजी र शत्रुघ्नजी दुवै भाई वायुपुत्र हनूमान्जीलाई साथ लिएर बगैँचामा गईकन ॥ ४ ॥

बूझहिं बैठि राम गुन गाहा ❀ कह हनुमान सुमति अवगाहा ॥५॥
सुनत बिमल गुन अति सुख पावहिं ❀ बहुरि बहुरि करि बिनय कहावहिं ॥६॥

बसेर हनूमान्जीसँग रामजीका गुणको कथा सोध्नुहुन्थ्यो, हनूमान्जी आफ्नी सद्बुद्धिलाई कथामा डुबाएर (तन्मय भएर) बताउँथे ॥ ५ ॥ रामजीका निर्मल भएका गुणगणको कथा सुन्दा वहाँहरू अति आनन्दित हुनुहुन्थ्यो र विनय गरीकन वारंवार त्यो कथा भनाउनुहुन्थ्यो (भरतजीले विनय गर्दा हनूमान्जी उनै कथालाई दोहोर्‍याई तेहर्‍याई भन्दथे) ॥ ६ ॥

सब के गृह गृह होहिं पुराना ❀ रामचरित पावन बिधि नाना ॥७॥
नर अरु नारि राम गुन गानहिं ❀ करहिं दिवस निसि जात न जानहिं ॥८॥

सबैका घरघरमा नाना प्रकारका विधिविधानका साथ पवित्र रामचरित्रको पुराण हुन्थ्यो ॥ ७ ॥ नरनारीहरू रामजीको गुणगान गर्दथे, दिन र रात बितेको थाहा पाउँदैनथे ॥ ८ ॥

दोहा–अवधपुरी बासिन्ह कर सुख संपदा समाज ।
सहस सेष नहिं कहि सकहिं जहँ नृप राम बिराज ॥४८॥

जहाँ रामजी राजा भएर विराजमान हुनुभएको थियो, त्यो अयोध्यापुरीमा रहने मानिसका सुख-संपत्तिका सामग्रीको हज्जार शेषले पनि वर्णन गर्न सक्तैनन् ॥ ४८ ॥

चौ०–नारदादि सनकादि मुनीसा ❀ दरसन लागि कोसलाधीसा ॥१॥
दिन प्रति सकल अयोध्या आवहिं ❀ देखि नगरु बिराग बिसरावहिं ॥२॥

नारद आदि गरेका र सनक आदि गरेका (सनक, सनन्दन, सनातन, सनत्कुमार) मुनिहरू अयोध्याधिपति रामजीका दर्शनका निमित्त दिन दिनै आउँथे, अयोध्यानगरीलाई देखेर वैराग्य बिर्सन्थे (अयोध्याका सौन्दर्यले मोहित हुन्थे) ॥ १ ॥ २ ॥

जातरूप मनि रचित अटारीं ❀ नाना रंग रुचिर गच ढारीं ॥३॥
पुर चहुँ पास कोट अति सुंदर ❀ रचे कगूरा रंग रंग बर ॥४॥
नवग्रह निकर अनीक बनाई ❀ जनु घेरी अमरावति आई ॥५॥

महि बहु रंग रचित गच काँचा ❀ जो बिलोकि मुनिबर मन नाचा ॥६॥

सुवर्ण र मणि सजाएका अटालीमा नाना रङ्ग गरेर गच सुन्दर बनाएको थियो, ॥ ३ ॥ शहरका चारैतर्फ पर्खाल र त्यसमा ठाउँ ठाउँमा रङ्गरङ्गका सुंदर कंगूरा बनाएका थिए ॥ ४ ॥ (त्यो देख्ता)

नवग्रहका समूहले आफ्नो सेना बनाएर मानौं अमरावतीपुरीलाई घेरेको हो कि ? (भन्ने भान पर्दथ्यो) ॥ ५ ॥

जमीनमा अनेक रंगका काँचले गच (फर्स) रचेको थियो, जसलाई देख्ताखेरि मुनीश्वरहरूको मन पनि चञ्चल हुन्थ्यो ॥ ६ ॥

धवल धाम ऊपर नभ चुंबत ❀ कलस मनहु रबि ससि दुति निंदत ॥७॥
बहु मनिरचित झरोखा भ्राजहिं ❀ गृह गृह प्रति मनिदीप बिराजहिं ॥८॥

माथिमाथि पुगेका सेता सेता घर आकाशलाई चुम्बन गर्दथे, तिनमा बनाएका कलशाहरू मानौं सूर्यचन्द्रलाई निन्दा गर्छन् कि ? (भन्ने भान पर्ने उज्याला थिए) ॥ ७ ॥ अनेक प्रकारका मणिले बनाएका आँखीझ्याल शोभायमान थिए, घरघरमा मणिदीप देदीप्यमान थिए ॥ ८ ॥

छन्द—मनिदीप राजहिं भवन भ्राजहिं देहरी बिद्रुम रचीं ।
मनिखंभ भीति बिरंचि बिरची कनक मनि मरकत खचीं ॥
सुंदर मनोहर मंदिरायत अजिर रुचिर फटिक रचे ।
प्रति द्वार द्वार कपाट पुरट बनाइ बहु बज्रन्हि खचे ॥२३॥

घरघरमा मणिदीप देदीप्यमान थिए, देहली (दहिलाको ठेला) मूगाले बनाएका हुनाले सुशोभित थिए, खम्भा (थाम) मणिका थिए। मानौं ब्रह्माजीले नै रचेका हुन् कि भन्ने जस्ता मरकतमणि (पन्ना) ले खचित भएका (जडिएका) सुवर्णका भित्ता थिए। भवनलाई सुहाउने लामा लामा आँगन (पटाङ्गिनी) राम्रा फटिकले बनाएका खूब राम्रा मनोहर थिए। प्रत्येक ढोकामा हीराजडाउ भएका सुवर्णका द्वार (पल्ला) थिए ॥ २३ ॥

दोहा—चारु चित्रसाला गृह प्रति रचि लिखे बनाइ ।
रामचरित जे निरखत मुनिमन लेहिं चोराइ ॥४९॥

प्रत्येक घरमा लेखेर तयार गरेका रामजीका चरित्रवाला चित्र (तस्वीर) ले राम्रा भएका चित्रशाला (तस्वीरघर) थिए, जसलाई देख्ता मुनिको मन पनि चोरिन्थ्यो (हरिन्थ्यो) ॥ ४९ ॥

चौ०—सुमनबाटिका सबहिं लगाईं ❀ बिबिध भाँति करि जतन बनाईं ॥१॥
लता ललित बहु जाति सुहाईं ❀ फूलहिं सदा बसंत कि नाईं ॥२॥

सबैले अनेक प्रकारसंग कोशिशका साथ तयार गरेका फूलवारी लगाएका थिए, ॥ १ ॥ त्यहाँ वसन्त ऋतुमा झैं अनेक जातका राम्रा राम्रा लता सदासर्वदा शोभायमान थिए ॥ २ ॥

गुंजत मधुकर मुखर मनोहर ❀ मारुत त्रिबिध सदा बह सुंदर ॥३॥
नाना खग बालकन्हि जिआए ❀ बोलत मधुर उड़ात सुजाए ॥४॥

मुखाले भ्रमरहरू गुञ्जन गर्दथे। तीन प्रकारको (मन्द, सुगन्ध, शीतल) हावा सधैं राम्रो गरी चलिरहन्थ्यो ॥ ३ ॥ बालकहरूले पालेका नाना प्रकारका पक्षी मीठो मीठो बोल्दथे, उड्दाखेरि राम्रा देखिन्थे ॥ ४ ॥

मोर हंस सारस पारावत ❀ भवनन्हि पर सोभा अति पावत ॥५॥
जहँ तहँ निरखहिं निज परिछाहीं ❀ बहु बिधि कूजहिं नृत्य कराहीं ॥६॥

मजुर, हाँस, सारस, परेवाहरू घरघरका माथिमाथि अत्यन्त शोभायमान हुन्थे ॥ ५ ॥ तिनीहरू (जडाऊ जमीनमा) जताततै आफ्नो प्रतिबिम्ब देख्तथे र अनेक प्रकारसंग बोल्दथे, किसिम किसिमले नाच्तथे ॥ ६ ॥

सुक सारिका पढ़ावहिं बालक ❀ कहहु राम रघुपति जनपालक ॥७॥
राजदुआर सकल बिधि चारू ❀ बीथीं चौहट रुचिर बजारू ॥८॥

केटाकटीहरू सुगा-मैनालाई पढो बेटू "राम, रघुपति, जनपालक" भनेर पढाउँथे ॥ ७ ॥ राजद्वार सब तरहबाट राम्रो थियो, गल्ली, सडक, चौबाटा, बजार राम्रा थिए ॥ ८ ॥

छन्द–बाजारु चारु न बनइ बरनत बस्तु बिनु गथ पाइए ।
जहँ भूप रमानिवास तहँ की संपदा किमि गाइए ॥
बैठे बजाज सराफ बनिक अनेक मनहु कुबेर ते ।
सब सुखी सब सच्चरित सुंदर नारि नर सिसु जरठ जे ॥२४॥

बजार राम्रा राम्रा थिए, तिनको वर्णन गर्न सकिदैन । 'विनामूल्य पनि सबै वस्तु पाइन्थ्यो (किन्न मनलागेको कुरा दुनियाले उत्निखेरै मोल नतिरीकन पनि ल्याउँथे, ईमानदारीका प्रभावले दुकानदारहरू दिन्थे, पछिबाट मूल्य लिन्थे, त्यो, ईमानदारीको व्यवहारले व्यापारको पूर्ण उन्नति थियो, दुनियाँलाई पनि सुविस्ता थियो)। जहाँ खास श्रीनिवास भगवान् रामचन्द्र राजा भएर राज भएको थियो, त्यहाँका संपत्तिको वर्णन कसरी गर्ने ? मानौं कुबेर हुन् कि ? भनेजस्ता बजाज (महाजन) सराफी, बनियाँहरू सबै बसिरहेका हुन्थे । नर, नारी, बाल, वृद्ध जति थिए ती सबै सुखी, सबै सच्चरित्र, सुन्दर थिए ॥ २४ ॥

दोहा–उत्तर दिसि सरजू बह निर्मल जल गंभीर ।
बाँधे घाट मनोहर स्वल्प पंक नहिं तीर ॥५०॥

---

(१) "विनामूल्य सबै वस्तु पाइन्थ्यो" यसको सोझो अर्थ गर्दा बजारको बजारपनामा व्याघात पर्दछ, त्यस्तो व्यवहारै चल्न सक्तैन" भन्ने विचारले (यस्तो) कोष्ठकमा त्यसको तात्पर्य लेखेको हो, सबै टीकाकारले यथाश्रुत अर्थ गरेका छन् , यसमा उचित अनुचित विचार गर्नु विचारवान्को कर्तव्य हो ।

अयोध्याका उत्तरपट्टि सरयू बहिरहेकी छन्, तिनमा निर्मल गहिरो जल थियो। राम्रा राम्रा घाट बनेका थिए, पाखामा हिलो अलिकति पनि हुँदैनथ्यो ॥ ५० ॥

चौ०–दूरि फराक रुचिर सो घाटा ❀ जहँ जल पिअहिं बाजि गज ठाटा ॥१॥
पनिघट परम मनोहर नाना ❀ तहाँ न पुरुष करहिं अस्नाना ॥२॥

कुनै घाट शहरबाट टाढ़ा टाढ़ा पनि थिए, ती राम्रा र फराक थिए, जहाँ घोडाका र हात्तीका बथान पानी पिउँथे ॥ १ ॥ अति मनोहर र धेरै पानीघाट थिए, त्यहाँ लोग्ने मानिस स्नान गर्दैनथे ॥ २ ॥

राजघाट सब बिधि सुंदर बर ❀ मज्जहि तहाँ बरन चारिउ नर ॥३॥
तीर तीर देवन्ह के मंदिर ❀ चहुँ दिसि जिन्ह कीं उपबन सुंदर ॥४॥

सब तरहबाट राम्रो उत्तम राजघाट थियो, त्यहाँ चारै वर्णका मानिस स्नान गर्दथे ॥ ३ ॥ सरयूका तीरतीरमा देवमन्दिर थिए, तिनका चारैतर्फ सुन्दर सुन्दर बघैंचा थिए ॥ ४ ॥

कहुँ कहुँ सरिता तीर उदासी ❀ बसहिं ज्ञानरत मुनि संन्यासी ॥५॥
तीर तीर तुलसिका सुहाई ❀ बृंद बृंद बहु मुनिन्ह लगाई ॥६॥

नदीका किनारामा कहीं कहीं वैरागीहरू, मुनिहरू, संन्यासीहरू रहन्थे, ती सबैजना ज्ञानप्राप्तिमा तत्पर भएका थिए ॥ ५ ॥ मुनिहरूले किनारा किनारामा खायल खायल छुट्ट्याएर सुन्दर तुलसी लगाएका थिए ॥ ६ ॥

पुरसोभा कछु बरनि न जाई ❀ बाहेर नगर परम रुचिराई ॥७॥
देखत पुरी अखिल अघ भागा ❀ बन उपबन बापिका तड़ागा ॥८॥

नगरका शोभाको वर्णन गर्न सकिदैन, नगरका बाहिरपट्टि पनि शोभा खूब थियो ॥ ७ ॥ वन, बघैंचा, बावली, तलाउ, अयोध्यानगरी, यिनको दर्शन गर्दा सबै पाप भाग्दथे ॥ ८ ॥

छन्द–बापी तड़ाग अनूप कूप मनोहरायत सोहहीं।
सोपान सुंदर नीर निर्मल देखि सुर मुनि मोहहीं॥
बहु रंग कंज अनेक खग कूजहिं मधुप गुंजारहीं।
आराम रम्य पिकादि खग रव जनु पथिक हंकारहीं ॥२५॥

उपमा नभएका (अद्वितीय राम्रा) बावली, तलाउ, कूवा, (इनार) हरू मनोहर र विशाल विशाल हुनाले शोभायमान थिए। राम्रा राम्रा सिंढी र निर्मल निर्मल जल देख्ताखेरि देवता र मुनिहरू पनि मोहित हुन्थे। कमल अनेक वर्णका थिए, अनेक प्रकारका पक्षी बोलिरहन्थे, भ्रमर गुञ्जन गरिरहन्थे। मानौं सुन्दर भएका बघैंचा कोइली प्रभृति पक्षीका आवाजले पथिकहरूलाई बोलाइरहेका हुन् कि ? (भन्ने भान पर्दथ्यो) ॥ २५ ॥

दोहा–रमानाथ जहँ राजा सो पुर बरनि कि जाइ।
अनिमादिक सुख संपदा रहीं अवध सब छाइ ॥५१॥

जहाँ महालक्ष्मीपति भगवान् रामचन्द्र राजा भएर राज हुनुभएको थियो, त्यो नगरको वर्णन कसरी गर्न सकिन्छ ? । अयोध्यामा अणिमा लघिमा प्रभृति आठ[1] सिद्धि र सुख-संपत्ति छाइरहेका थिए ॥ ५१ ॥

चौ०–जहँ तहँ नर रघुपति गुन गावहिं ❀ बैठि परसपर इहै सिखावहिं ॥१॥
भजहु प्रनत प्रतिपालक रामहि ❀ सोभा सील रूप गुन धामहि ॥२॥

जहाँतहाँ मानिसहरू बसेर रामजीका गुणको गान गर्दथे, "प्रणतप्रतिपाल (शरणागतरक्षक) शोभानिवास, शीलनिवास, रूपनिवास गुणनिवास भएका रामजीको भजन गर" भनेर परस्पर उपदेश गर्दथे ॥ १ ॥ २ ॥

जलज बिलोचन स्यामल गातहि ❀ पलक नयन इव सेवकत्रातहि ॥३॥
धृत सर रुचिर चाप तूनीरहि ❀ संत कंजबन रबि रनधीरहि ॥४॥
काल कराल ब्याल खगराजहि ❀ नमत राम अकाम ममता जहि ॥५॥

"कमलजस्ता नयन हुने, श्याम शरीर भएका, नेत्रलाई पलकले बचाएझैं सेवकलाई बचाउने, धनु-बाण-ठोक्रो धारण गर्ने, सज्जनवर्गरूपी कमलवनको प्रफुल्लता गर्नामा सूर्य भएका, युद्धमा धीर रहने, कालरूपी भयानक सर्पका त्रासको नाश गर्नामा गरुडरूप भएका, रामजीलाई निष्काम भएर ममता छाडीकन नमस्कार गर" (भनी परस्पर उपदेश गर्दथे) ॥ ३ ॥ ॥ ४ ॥ ५ ॥

लोभ मोह मृगजूथ किरातहि ❀ मनसिज करि हरिजन सुखदातहि ॥६॥
संसय सोक निबिड़ तम भानुहि ❀ दनुज गहन घन दहन कृसानुहि ॥७॥
जनकसुता समेत रघुबीरहि ❀ कस न भजहु भंजन भवभीरहि ॥८॥

लोभ र मोहरूपी हरिणका बथानको ध्वंस गर्नलाई किरात (शिकारी) भएका, कामदेवरूपी हात्तीको नाश गर्नालाई सिंहरूपी भएका, भक्तजनलाई सुख दिने भएका, (रामजीलाई भज) ॥ ६ ॥ सन्देह र शोकरूपी गाढ अन्धकारको नाश गर्नालाई सूर्यरूप भएका, दैत्य-दानव-राक्षसरूपी घना जङ्गलको दाह गर्नालाई दावानल (डढेलो) स्वरूप भएका (रामजीलाई भज) ॥ ७ ॥ संसारको दुःखभञ्जन गर्ने भएका, जनकनन्दिनीले सहित भएका रघुनाथजीलाई किन भज्दैनौ ? (भनी परस्पर उपदेश गर्दथे) ॥ ८ ॥

बहु बासना मसक हिमरासिहि ❀ सदा एकरस अज अबिनासिहि ॥९॥
मुनिरंजन भंजन महिभारहि ❀ तुलसिदास के प्रभुहि उदारहि ॥१०॥

अनेक प्रकारका वासनारूपी मशक (मच्छड = लामखुट्टे) को ध्वंस गर्नाका निमित्त हिमराशि (तुषाराको थुप्रो) स्वरूप भएका, सदासर्वदा एकरस रहने (विकारवर्जित),

---

(१) जुन सिद्धिले अति सानो हुन सकिन्छ त्यो सिद्धिलाई अणिमा भन्दछन् । हलुको हुन सकिने सिद्धिलाई लघिमा, गह्रौं हुन सकिने सिद्धिलाई गरिमा, ठूलो हुन सकिने सिद्धिलाई प्रथिमा, आँटेको ठाउँमा पुग्न सकिनेलाई प्राप्ति, आँटेको कुरा पुऱ्याउनेलाई प्राकाम्य, प्रभुत्व गर्न (हुकूम चलाउन) सकिनेलाई ईशित्व, वश पार्न सक्ने सिद्धिलाई वशित्व भन्दछन् । अष्टसिद्धि यिनै हुन् ।

जन्मवर्जित, अविनाशी भएका, मुनिजनरञ्जन पृथ्वीभारभञ्जन भएका, [१]तुलसीदासका (तुलसी-सेवक वैष्णवका) ठूला (सर्वोपरि) स्वामी भएका रामजीलाई भज (भनी परस्पर उपदेश गर्दथे) ॥ ९ ॥ १० ॥

दोहा–एहि बिधि नगर नारि नर करहिं राम गुन गान ।
सानुकूल सब पर रहहिं संतत कृपानिधान ॥५२॥

यस्ता प्रकारले नगरका नरनारीहरू रामजीको गुणगान गर्दथे । करुणानिधान रामजी सबैका उपर सदासर्वदा अनुकूल रहनुहुन्थ्यो ॥ ५२ ॥

चौ०–जब तें रामप्रताप खगेसा ❀ उदित भएउ अति प्रबल दिनेसा ॥१॥
पूरि प्रकास रहेउ तिहुँ लोका ❀ बहुतेन्ह सुख बहुतेन्ह मन सोका ॥२॥

हे गरुड ! जैलेदेखि रामजीको अत्यन्त बलवान् भएको प्रतापरूपी सूर्य उदायो, त्यस वेलादेखि तीनै लोकलाई पूर्ण गरेर प्रकाश रह्यो, धेरैलाई सुख, धेरैलाई मनमा शोक पनि भयो ॥ १ ॥ २ ॥

जिन्हहिं सोक ते कहौं बखानी ❀ प्रथम अबिद्या निसा नसानी ॥३॥
अघ उलूक जहँ तहाँ लुकाने ❀ काम क्रोध कैरव सकुचाने ॥४॥

जसलाई शोक भयो, त्यो कुरा विस्तारपूर्वक भन्दछु (सुन्नुहोस्) । सबभन्दा पहिले अविद्यारूपी रात्रि नष्ट भई (त्यसलाई कत्रो कष्ट पर्‍यो होला ?) ॥ ३ ॥ पापरूपी लाटाकोसेरा जहाँतहां लुके (तिनलाई पनि आपत्ति नै पर्‍यो) कामक्रोधरूपी चन्द्रकमल (अँध्यारामा फुल्ने कमल) खुंचिए (तिनको पनि दुर्दशा भयो) ॥ ४ ॥

बिबिध कर्म गुन काल सुभाऊ ❀ ए चकोर सुख लहहिं न काऊ ॥५॥
मत्सर मान मोह मद चोरा ❀ इन्ह कर हुनर न कवनिहुँ ओरा ॥६॥

अनेक प्रकारका कर्म, सत्वादि गुण, काल, स्वभाव यी ४ प्रकारका वस्तुरूपी चकोर-मध्ये कुनै चकोरले पनि सुख, (क) ॥ ५ ॥ मत्सर (डाह), मान (अभिमान), मोह (अज्ञान),

---

(१) यहाँ तुलसीदास कविको बोध व्यङ्ग्यरूपले हुन्छ ।

(क) श्रीरामजीको प्रतापरूपी सूर्य उदाउँदा चकोरले तुल्य भएका (मोहरूपी रात्रिमा जीवरूपी चन्द्रमाका किरणलाई चुस्ने) कर्म, गुण, काल स्वभावरूपी चकोरले सुख पाएनन् । मायाप्रपञ्चस्वरूप भएका कर्म, गुण, काल, स्वभावहरू मायान्धकारहारी रावणारि भगवान् रामचन्द्रजीका समीपमा कैले सुख पाउँथे ? हटे ।

"काल, दैव, कर्म, जीव, स्वभाव, द्रव्य, शरीर, प्राण, अइंकार, इन्द्रिय, स्थूल, सूक्ष्म, भूत यिनीहरूको बीजांकुरन्यायले अनादिकालदेखि चलिआएको यो संसारप्रवाह हजूरकी मायाको प्रपञ्च हो । भगवन् ! काल, दैव, कर्म प्रभृति मायाप्रपंच हजूरमा छैन, हजूर यिनका निषेधरूप (अपोहरूप) होइबक्सिन्छ, त्यस्ता (मायाप्रपंचपरवर्ती) हजूरलाई भज्दछु" भनी बाणासुरसंग्राममा माहेश्वर ज्वरले श्रीकृष्ण भगवान्को स्तुति गरेको छ । यहाँ काल, कर्म, गुण, स्वभाव यी ४ वस्तुले पूर्वोक्त मायाप्रपंच सबै लिनुपर्दछ ।

कालो दैवं कर्म जीवः स्वभावो द्रव्यं क्षेत्रं प्राण आत्मा विकारः ।
तत्संघातो बीजरोहप्रवाहस्त्वन्मायैषा तन्निषेधं प्रपद्ये ॥ (श्रीमद्भा० १०।६३)

गद (घमंड), यी चार वस्तुरूपी चोरहरूको हुनर (बल) कुनै तर्फबाट पनि चलेन (यी चोरहरूको कतै पनि केही सीप लागेन) ॥ ६ ॥

धरम तड़ाग ज्ञान बिज्ञाना ❀ ए पंकज बिकसे बिधि नाना ॥७॥
सुख सन्तोष बिराग बिबेका ❀ बिगत सोक ए कोक अनेका ॥८॥

धर्मरूपी तलाउमा ज्ञान र विज्ञानरूपी (शास्त्रीय ज्ञान र अनुभवरूपी) कमल अनेक प्रकारले फूले ॥ ७ ॥ सुख-संपत्ति, विरति-विवेकरूपी चक्रवाक र चक्रवाकीहरू शोकरहित भए (सुख र संपत्तिको संगम भयो, विरति र विवेकको संगम भयो) ॥ ८ ॥ (क)

दोहा—येह प्रताप रबि जा कें उर जब करै प्रकास ।
पछिले बाढहिं प्रथम जें कहे ते पावहिं नास ॥५३॥

यो रामप्रतापरूपी सूर्य जसका हृदयमा जैले प्रकाश (उज्यालो) गर्दछ, त्यस बेलामा पछिबाट बताइएका ज्ञान-विज्ञान प्रभृति बढ्दछन्, अघिबाट जो बताइएका छन् तिनीहरू (अविद्यारात्रि पापउल्लूकहरू) नाश पाउँछन् (नष्ट हुन्छन्) ॥ ५३ ॥

[उपवनदर्शन]

चौ०—भ्रातन्ह सहित रामु एक बारा ❀ संग परम प्रिय पवनकुमारा ॥१॥
सुंदर उपबन देखन गए ❀ सब तरु कुसुमित पल्लव नए ॥२॥

एकफेर भाईहरूले सहित भईकन, रामजी परम प्रिय हनूमान्जीलाई साथ लिएर सुन्दर उपवन (बगैंचा) हेर्न जानुभयो, सबै वृक्ष नवपल्लवले युक्त भएका (पह्लाएका) र फुलेका थिए ॥ १ ॥ २ ॥

जानि समय सनकादिक आए ❀ तेजपुंज गुन सील सुहाए ॥३॥
ब्रह्मानंद सदा लयलीना ❀ देखत बालक बहुकालीना ॥४॥

मौका जानेर तेजःपुञ्जवाला, गुण र शीलले सुशोभित भएका सनक, सनन्दन, सनातन, सनत्कुमार नाम भएका (ब्रह्माजीका मानसपुत्र) मुनिहरू आए ॥ ३ ॥ तिनीहरू ब्रह्मानन्दमा तल्लीन भएका, देख्ताखेरि बालक (५ । ६ वर्षका जस्ता) तर धेरै प्राचीन थिए ॥ ४ ॥

रूप धरें जनु चारिउ बेदा ❀ समदरसी मुनि बिगत बिभेदा ॥५॥
आसा बसन ब्यसन येह तिन्हहीं ❀ रघुपतिचरित होहिं तहँ सुनहीं ॥६॥

ती मुनिहरू समदृष्टि भएका, भेदभावना हटेका हुनाले मूर्तिमान् चार वेदजस्ता

(क) सुख र संपत्ति, विरति र विवेकको दाम्पत्यभाव व्यङ्ग्य गराएर चक्रवाकदम्पतित्वको आरोप गर्नुपरेको हुनाले यहाँ संतोष शब्दले सन्तोषको कारण सम्पत्ति बुझ्नुपर्दछ । कार्यकारणको अभेद सर्वसंमत छँदैछ । विराग शब्दबाट विरक्तिको बोध गरेर यथाकथंचित् विवेकसँग दाम्पत्यभाव मिलाउनुपर्दछ ।

थिए ॥ ५ ॥ तिनीहरू दिगम्बर (नङ्गा) थिए । जहाँ जहाँ रघुनाथजीको चरित्रको कीर्तन हुन्थ्यो त्यहाँ गएर तिनीहरू सुन्दथे, तिनीहरूलाई यस्तै लत लागेको थियो ॥ ६ ॥

तहाँ रहे सनकादि भवानी ❀ जहँ घटसंभव मुनिबर ज्ञानी ॥७॥
रामकथा मुनि बहु बिधि बरनी ❀ ज्ञानजोनि पावक जिमि अरनी ॥८॥

हे पार्वती ! तिनीहरू जहाँ ज्ञानी अगस्त्यमुनि थिए, अघि त्यही (अगस्त्याश्रममा) रहेका थिए ॥ ७ ॥ मुनिवर अगस्त्यजीले अग्निको उत्पत्ति गराउने अरणीजस्ती ज्ञानको उत्पत्ति गराउने रामकथाको वर्णन गरे (त्यो सुनेर तिनीहरू ऐले यहाँ आएका हुन्) ॥ ८ ॥ (क)

दोहा—देखि राम मुनि आवत हरषि दंडवत कीन्ह ।
स्वागत पूछि पीत पट प्रभु बैठन कहुँ दीन्ह ॥५४॥

रामजीले आउन लागेका यी मुनिहरूलाई देखेर दण्डवत्प्रणाम गर्नुभयो । स्वागत गरेर (तपाईंहरूको आगमन बडो असल लाग्यो भनेर) कुशलप्रश्न गर्नुभयो र उनीहरूलाई बस्नाका निमित्त आफूले ओढेको पीताम्बर बिछ्याइदिनुभयो ॥ ५४ ॥

चौ०—कीन्ह दंडवत तीनिहुँ भाईं ❀ सहित पवनसुत सुख अधिकाईं ॥१॥
मुनि रघुपतिछबि अतुल बिलोकी ❀ भये मगन मन सके न रोकी ॥२॥

पवनपुत्र हनुमानजीले सहित तीनै भाईले दण्डवत् गर्नुभयो, सबैलाई बडो आनन्द लाग्यो ॥ १ ॥ ती मुनिहरू रघुनाथजीको अतुल छबि देखेर आनन्दमग्न भए, तिनले मन रोक्न सकेनन् (विह्वल भए) ॥ २ ॥

स्यामल गात सरोरुह लोचन ❀ सुंदरतामंदिर भवमोचन ॥३॥
एकटक रहे निमेष न लावहिं ❀ प्रभु कर जोरे सीस नवावहिं ॥४॥

श्यामशरीर भएका, कमलजस्ता नेत्र भएका, सौन्दर्य निवास र संसारबंधनको मोचन गर्ने भएका, प्रभुजीलाई देखेर तिनीहरू आँखा चिम्लन छाडीकन एकटक गरेर हेर्नलागे, प्रभुजी हात जोरेर शिर झुकाइरहनुभएको थियो ॥ ३ ॥ ४ ॥

तिन्ह कै दशा देखि रघुबीरा ❀ स्रवत नयन जल पुलक सरीरा ॥५॥
कर गहि प्रभु मुनिबर बैठारे ❀ परम मनोहर बचन उचारे ॥६॥

रघुवीरले तिनीहरूको आँखाबाट अश्रुधारा बगिरहेको शरीरभरी रोमांच उठिरहेको अवस्था देख्नुभयो र हात समातीकन तिनीहरूलाई बसाउनुभयो, अनि परम मनोहर वचन बोल्नुभयो ॥ ५ ॥ ६ ॥

आजु धन्य मैं सुनहु मुनीसा ❀ तुम्हरें दरस जाहि अघ खीसा ॥७॥
बड़े भाग पाइअ सतसंगा ❀ बिनहिं प्रयास होइ भवभंगा ॥८॥

(क) मन्थन गरेर अग्नि उत्पन्न गर्ने काष्ठको यन्त्रलाई अरणि भन्दछन् ।

हे मुनीश्वरहो ! आज म धन्य भएँ, सुन्नुहोस् , तपाईंहरूका दर्शनले पाप नष्ट हुन्छन् ॥ ७ ॥ ठूलो भाग्यले मात्रै सत्संगका प्रभावले विनाप्रयास संसारका कष्ट नष्ट हुन्छन् ॥ ८ ॥

दोहा–संत पंथ अवबर्ग कर कामी भव कर पंथ ।
कहहिं संत कबि कोबिद श्रुति पुरान सब ग्रंथ ॥५५॥

"साधुसन्तहरू मोक्षका मार्ग हुन् (मुक्तिका द्वार हुन्), कामी (स्त्रीलम्पट) हरू संसारका (बन्धनका) मार्ग हुन्" भनी साधु-सन्त, कवि, पण्डित, वेद, पुराण, सद्ग्रन्थ सबैले भनेको छ" ॥ ५५ ॥ (क)

चौ०–सुनि प्रभुबचन हरषि मुनि चारी ❀ पुलकितँ तन अस्तुति अनुसारी ॥१॥
जय भगवंत अनंत अनामय ❀ अनघ अनेक एक करुनामय ॥२॥

प्रभुजीका यी वचन सुन्दा चारैजना मुनिहरू हर्षित भएर शरीरमा रोमांचित भईकन स्तुति गर्नलागे ॥ १ ॥ 'हे भगवन् ! हजूर अनन्त (अन्तरहित), अनामय (रोग-रहित) अनघ (पापरहित), अनेकरूप, एकरूप र करुणामय होइबक्सिन्छ, हजूरको जय होस् ॥ २ ॥

जय निर्गुन जय जय गुनसागर ❀ सुखमंदिर सुंदर अति नागर ॥३॥
जय इंदिरारमन जय भूधर ❀ अनुपम अज अनादि सोभाकर ॥४॥

हे निर्गुण ! हजूरको जय होस् , हे गुणसागर ! हजूरको जय जय होस् . हे सुखमंदिर ! हे अतिचतुर ! हजूरको जय होस् ॥ ३ ॥ हे लक्ष्मीरमण ! हजूरको जय होस् , हे पृथिवीधर ! हजूरको जय होस् , हे जन्मरहित ! हे आदिरहित ! हे शोभानिधे ! हजूरको जय होस् ॥ ४ ॥

ज्ञाननिधान अमान मानप्रद ❀ पावन सुजसु पुरान बेद बद ॥५॥
तज्ञ कृतज्ञ अज्ञताभंजन ❀ नाम अनेक अनाम निरंजन ॥६॥

हे ज्ञाननिधान ! हे मानवर्जित ! हे मानदायक ! हे पवित्र ! हे राम ! हजूरको सुयश वेद र पुराणले वर्णन गरिएको छ ॥ ५ ॥ हजूर तत्त्ववेत्ता कृतज्ञ होइबक्सिन्छ, हजूर मूर्खताको नाशकारी होइबक्सिन्छ, हजूरका नाम अनेक छन्, हजूरको नामै छैन, हजूर निरञ्जन (निर्लेप) होइबक्सिन्छ ॥ ६ ॥

सर्ब सर्बगत सर्ब उरालय ❀ बससि सदा हम कहुँ परिपालय ॥७॥
द्वंद बिपति भवफंद बिभंजय ❀ हृदि बसि राम काम मद गंजय ॥८॥

(क) "महत्सेवां द्वारमाहुर्विमुक्तेस्तमोद्वारं योषितां सङ्गिसङ्गम्" । (भाग० स्क० ५)
"मुक्तिः सत्सङ्गतः प्राप्या स्त्रैणसङ्गादधोगतिः" (भाग० मञ्जरी, ल्क०)

"संसार ! तव निस्तारपदवी न दवीयसी ।
अन्तरा दुस्तरा न स्युर्यदि रे ! मदिरेक्षणाः" (भर्तृहरि)

प्रभु ! हजूर सर्वस्वरूप, सर्वव्यापी, सर्वान्तर्यामी भएर रहिबक्सिएको छ, सदासर्वदा हाम्रो रक्षा गरिबक्सियोस् ॥ ७ ॥ शीत-उष्ण, सुख-दुःख, मान-अपमान, इत्यादि द्वन्द्वबाट हुने आपत्तिलाई र भयका फन्दालाई तोडिदिनुहोस् , हे राम ! हाम्रा हृदयमा बसेर कामको मदलाई नष्ट पारिदिनुहोस् ॥ ८ ॥

दोहा—परमानंद कृपायतन मन परिपूरन काम ।
प्रेमभगति अनपायनी देहु हमहिं श्रीराम ॥५६॥

हे परमानन्द ! हे करुणाभवन ! हे मनःकामनापरिपूरक ! हे राम ! हामीहरूलाई अनपायिनी (अचल) प्रेमभक्ति बक्सनुहोस् ॥ ५६ ॥

चौ०—देहु भगति रघुपति अति पावनि ❀ त्रिबिध ताप भवदाप नसावनि ॥१॥
प्रनत कामधुक धेनु कलपतरु ❀ होइ प्रसन्न दीजे प्रभु येह बरु ॥२॥

हे रघुनाथ ! तीन[1] प्रकारका तापलाई र संसारका दर्प (घमंड) लाई नष्ट पार्ने अत्यन्त पवित्र भक्ति बक्सनुहोस् ॥ १ ॥ शरणागत भएका व्यक्तिको कामना पूर्ण गर्नालाई कामधेनु र कल्पवृक्षस्वरूप भएका हे राम ! हे प्रभु ! प्रसन्न भएर यही वरदान बक्सनुहोस् ॥ २ ॥

भवबारिधि कुंभज रघुनायक ❀ सेवक सुलभ सकल सुखदायक ॥३॥
मनसंभव दारुन दुख दारय ❀ दीनबंधु समता बिस्तारय ॥४॥

संसाररूपी समुद्र सुकाउनामा अगस्त्य मुनिस्वरूप भएका ! हे रघुनाथ ! हे सेवकसुलभ ! हे सकलसुखदायक ! हे राम ! मनबाट पैदा हुने कठोर दुःखलाई छिन्नभिन्न पारिदिनुहोस्, हे दीनबन्धो ! समदृष्टिलाई फैलाइदिनुहोस् ॥ ३ ॥ ४ ॥

आस त्रास इरिषादि निवारक ❀ बिनय बिबेक बिरति बिस्तारक ॥५॥
भूप मौलि मनि मंडन धरनी ❀ देहि भगति संसृति सरि तरनी ॥६॥

त्रास (डर), आस (तृष्णा), ईर्ष्या (रीस) लाई निवारण गर्ने भएका ! हे राम ! विनय (नम्रभाव), विवेक (ज्ञान), विरति (वैराग्य) यिनको विस्तार गर्ने भएका ! हे राम ! राजाहरूका मुकुटमणिस्वरूप भएका ! पृथिवीमण्डलका भूषणस्वरूप भएका !, संसारनदीका नौकास्वरूप भएका ! हे राम ! हामीलाई भक्ति दिनुहोस् ॥ ५ ॥ ६ ॥

मुनिमन मानस हंस निरंतर ❀ चरन कमल बंदित अज संकर ॥७॥

---

(१) अध्यात्मिक, आधिदैविक, आधिभौतिक नाम भएका तीन प्रकारका ताप (दुःख) ले सारा संसार संतप्त छ, संसारका यावत् ताप (दुःख) यिनै ३ मा अन्तर्गत हुन्छन् । अन्तरोपाय (भित्रका उपायले (औषधपान सद्विचार प्रभृतिले) साध्य हुने ज्वर, कास, अतीसार प्रभृति शारीरिक तापलाई र काम, क्रोध, लोभ प्रभृति मानसिक तापलाई आध्यात्मिक ताप (दुःख) भन्दछन् । देववर्ग (यक्ष, राक्षस, भूत, प्रेत, गन्धर्व, ग्रह प्रभृति) का आवेशबाट र कोपबाट पैदा हुने ताप (दुःख) लाई (उन्माद-अपस्मार प्रभृति) र अतिवृष्टि अनावृष्टि प्रभृतिलाई आधिदैविक ताप भन्दछन् । मनुष्य, पक्षी, पशु प्रभृति प्राणीबाट हुने तापलाई आधिभौतिक ताप भन्दन्छन् ।

रघुकुल केतु सेतु श्रुतिरक्षक ❀ काल करम सुभाव गुन भक्षक ॥८॥
तारन तरन हरन सब दूषन ❀ तुलसिदास प्रभु त्रिभुवनभूषन ॥९॥

मुनिहरूका मनरूपी मानससरोवरमा हंसस्वरूप भएर निरन्तर रहेका ! ब्रह्माशंकर प्रभृतिले चरणकमलमा वन्दना गरिएका !, रघुकुलका झंडास्वरूप भएका !, वेदमर्यादाका रक्षक भएका; काल, कर्म, स्वभाव, गुण यिनका भक्षक भएका ! हे राम ! हजूर तारन (अर्कालाई तार्ने) तरन (स्वयं तरिरहेका = बन्धनवर्जित) होइबक्सिन्छ, सर्वदुःखहरण र त्रैलोक्यभूषण भईकन तुलसीदासका (वैष्णवका) प्रभु (स्वामी) होइबक्सिन्छ" ॥ ७ ॥ ८ ॥ ९ ॥

दोहा—बार बार अस्तुति करि प्रेम सहित सिरु नाइ ।
ब्रह्मभवन सनकादि गे अति अभीष्ट बर पाइ ॥५७॥

वारंवार यस्ता प्रकारको स्तुति गरेर प्रेमका साथ प्रभुजीका पाउमा माथ राखीकन अति इष्ट वरदान पाएपछि सनकादि मुनिहरू ब्रह्मलोकतर्फ गए ॥ ५७ ॥

चौ०—सनकादिक बिधिलोक सिधाए ❀ भ्रातन्ह रामचरन सिर नाए ॥१॥
पूछत प्रभुहि सकल सकुचाहीं ❀ चितवहिं सब मारुतसुत पाहीं ॥२॥

सनकादि मुनि ब्रह्मलोक गएपछि भाईहरूले रामचन्द्रजीका पाउमा माथ राख्नुभयो ॥ १ ॥ सबैजना प्रभुसँग सोध्नलाई संकोच मान्नुहुन्थ्यो, सबैजना हनूमान्जीतर्फ हेर्न लाग्नुभयो ॥ २ ॥

सुनी चहहिं प्रभुमुख कै बानी ❀ जो सुनि होइ सकल भ्रम हानी ॥३॥
अंतरजामी प्रभु सब जाना ❀ बूझत कहहु काह हनुमाना ॥४॥

जुन वाणी सुन्दा सकल भ्रान्तिको नाश हुन्छ, प्रभुजीका मुखारविन्दकी त्यो वाणी सुन्न चाहनुहुन्थ्यो ॥ ३ ॥ अन्तर्यामी प्रभु रामजीले सब कुरा जान्नुभयो र "हनूमन् ! क्या हो ?" भनेर सोध्नुभयो ॥ ४ ॥

जोरि पानि कह तब हनुमंता ❀ सुनहु दीनदयाल भगवंता ॥५॥
नाथ भरत कछु पूछन चहहीं ❀ प्रस्न करत मन सकुचत अहहीं ॥६॥

हनूमान्जीले हात जोरेर "हे दीनदयाल ! भगवान् ! सुनिबक्सियोस्, ॥ ५ ॥ हे नाथ ! भरतजी केही सोध्न चाहनुहुन्छ, प्रश्न गर्दा (सोद्धा) मनमा संकुचित पनि हुनुहुन्छ" ॥ ६ ॥ (रामजीले आज्ञा गर्नुभयो)

तुम्ह जानहु कपि मोर सुभाऊ ❀ भरतहि मोहि न कछु दुराऊ ॥७॥
सुनि प्रभुबचन भरत गहे चरना ❀ सुनहु नाथ प्रनतारतिहरना ॥८॥

"हे हनूमन् ! तिमी मेरो स्वभाव जान्दछौ, भरतजीमा र मसा केही छिपावट (अप्रकाश्य कुरा) छैन" ॥ ७ ॥ प्रभुजीको यस्तो वचन सुनेर भरतजीले वहाँका पाउ समात्नुभयो र विन्ति गर्नुभयो "हे शरणागतक्लेशहरण ! प्रभु ! सुनिबक्सियोस् ॥ ८ ॥

दोहा–नाथ न मोहि संदेह कछु सपनेहु सोक न मोह ।
केवल कृपा तुम्हारिहि कृपानंद संदोह ॥५८॥

हे नाथ ! मलाई केही सन्देह छैन, शोक र मोह सपनामा पनि छैन । हे कृपासमूहमूर्ते ! हे आनन्दमूर्ते ! यो सब हजूरको कृपा हो ॥ ५८ ॥

चौ०–करौं कृपानिधि एक ढिठाई ❀ मैं सेवक तुम्ह जन सुखदाई ॥१॥
संतन्ह कै महिमा रघुराई ❀ बहु बिधि बेद पुरानन्हि गाई ॥२॥

हे कृपानिधान ! एउटा धृष्टता (बेअदबी) गर्दछु, म सेवक हुँ, हजूर सेवक सुखदायी होइबक्सिन्छ ॥ १ ॥ हे रघुनाथ ! वेद र पुराणहरूमा धेरै प्रकारले साधुसन्तहरूको महिमा वर्णन गरिएको छ ॥ २ ॥

श्रीमुख तुम्ह पुनि कीन्हि बड़ाई ❀ तिन्ह पर प्रभुहि प्रीति अधिकाई ॥३॥
सुना चहौं प्रभु तिन्ह कर लक्षन ❀ कृपासिंधु गुन ज्ञान बिचक्षन ॥४॥

हजूरले पनि आफ्ना श्रीमुखले तिनको प्रशंसा गरिबक्सियो, ती साधुसन्तका उपर हजूरको प्रेम पनि बढ्तै छ, ॥ ३ ॥ प्रभु ! म तिनीहरूको लक्षण सुन्न चाहन्छु, हजूर करुणासागर र गुणप्रवीण ज्ञानप्रवीण होइबक्सिन्छ (जो आज्ञा) ॥ ४ ॥

संत असंत भेद बिलगाई ❀ प्रनतपाल मोहि कहहु बुझाई ॥५॥
संतन्ह के लक्षन सुनु भ्राता ❀ अगनित श्रुति पुरान बिख्याता ॥६॥

हे प्रणतपाल ! सन्त र असन्तको भेद छुट्ट्याएर मलाई बुझाईकन आज्ञाहोस्" ॥ ५ ॥ (भरतजीको यो प्रार्थना सुनेर रामजीले आज्ञा गर्नुभयो) "भाई ! सन्तका लक्षण अनन्त छन्, वेद र पुराणमा प्रख्यात भएका केही लक्षण सुन ॥ ६ ॥

[सन्तका र असन्तका लक्षण]

संत असंतन्हि कै असि करनी ❀ जिमि कुठार चंदन आचरनी ॥७॥
काटै परसु मलय सुनु भाई ❀ निज गुन देइ सुगंध बसाई ॥८॥

भाई ! जस्तै कुठार (बञ्चरो) र चन्दनको आचरण फरक फरक छ, त्यस्तै सन्त र असन्तको आचरण फरक हुन्छ ॥ ७ ॥ भाई ! म त्यो बताउँछु, सुन । कुठार (बञ्चरो) चन्दनलाई काट्तछ, चन्दनचाहिने आफ्ना सुगन्धरूपी गुणले त्यसलाई सुवासित गरिदिन्छ (आफूलाई काट्नेको पनि उपकार गर्दछ) ॥ ८ ॥

दोहा–ता तें सुर सीसन्ह चढ़त जगबल्लभ श्रीखंड ।
अनल दाहि पीटत घनन्हि परसु बदनु येह दंड ॥५९॥

त्यसै हुनाले श्रीखण्डचन्दन संसारभरको प्यारो भएर देवताहरूका शिरमा चढन पाउँछ । त्यो कुठारका मुखलाई आगामा पोलेर घनले पिट्तछन् (कुण्ठित भएर (कुँढिएर)

पनि अर्कालाई जिनतिन काटिरहने, सड़े भएमा सबैलाई छपाछप पार्ने त्यो दुष्ट कुठारको लायक भएको) यो दंड हो ॥ ५९ ॥ (क)

चौ०–बिषय अलंपट सील गुनाकर ❀ परदुख दुख सुख सुख देखें पर ॥१॥
सम अभूतरिपु बिमद बिरागी ❀ लोभामरष हरष भय त्यागी ॥२॥

भाई ! भरत ! सन्तहरू विषयमा लम्पट हुँदैनन्, शील र गुणका खानि हुन्छन्, पराइका दुःखमा दुःखी, पराइका सुखमा सुखी रहन्छन्, ॥ १ ॥ सर्वत्र समदृष्टि रहन्छन्, अजातशत्रु (शत्रुभाव कसैसँग नगर्ने) घमण्ड नगर्ने, संसारमा विरक्त रहने, लोभ, रीस, हर्ष, भयलाई छाडेका हुन्छन् ॥ २ ॥

कोमलचित दीनन्ह पर दाया ❀ मन बच क्रम मम भगति अमाया ॥३॥
सबहि मानप्रद आपु अमानी ❀ भरत प्रान सम मम ते प्रानी ॥४॥

सन्तहरू कोमलचित्त भएका, दीनदयाल र निष्कपट भईकन मनसा-कर्मणा-वाचा मेरो भक्ति गर्ने हुन्छन् ॥ ३ ॥ तिनीहरू आफू अमानी (अभिमान नगर्ने र मान नखोज्ने) हुन्छन्, अर्कालाई मान (सत्कार) दिन्छन्, भाई भरत ! त्यस्ता प्राणी मेरा प्राणसमान प्यारा छन् ॥ ४ ॥ (ख)

बिगत काम मम नाम परायन ❀ सांति बिरति बिनती मुदितायन ॥५॥
सीतलता सरलता मइत्री ❀ द्विजपद प्रीति धर्मजनयित्री ॥६॥

जो कामनारहित भएर मेरो नामकीर्तनमा तत्पर रहन्छन्, शान्ति, वैराग्य, नम्रता, प्रसन्नता यिनका निवास-भवन भएका र शीतलता, सरलता, प्राणीमैत्री यिनले युक्त भएका हुन्छन्, तिनीहरूलाई परमधर्म (आत्मज्ञान) पैदा गराउने ब्राह्मणचरण-प्रीति लागेको हुन्छ ॥ ५ ॥ ६ ॥

ये सब लक्षन बसहिं जासु उर ❀ जानेहु तात संत संतत फुर ॥७॥

(क) "आफ्नै छेदन गर्न लागेको कठोर कुठार (बंचरो) लाई पनि सुगन्धित पारिदिने हुनाले घोटेर छियाछिया पारेको चन्दनलाई पनि देवताहरूले आफ्ना शिरमा राख्तछन् । (यो त्यसका गुण को फल हो) राम्रै गरी कुँडिएर पनि यथाकथंचित् त्यो चन्दनवृक्षलाई काटिरहन लागेका कुठारको "आगामा तताएर धेरै बेरसम्म घनले पिट्नु" (यो त्यसका दोषको मनासीब दण्ड हो)

सुगन्धतां नीतवतः स्वकीय-च्छिदाप्रसक्तं कठिनं कुठारम् ।
कणीकृतस्याऽपि निघृष्य देवैः स्थितिः कृता शीर्षणि चन्दनस्य ॥
सुकुण्ठितस्याऽपि कथं चिदेतं शनैःशनैश्छिन्दत एव तस्य ।
युक्तश्च वह्नौ परितापितस्य घनाभिघातः सुचिराय दण्डः ॥ २ ॥ (सूक्ति०)

(ख) सच्चा हरिभक्तले अभिमान गर्न हुँदैन, आफ्नो सन्मानको दरकार राख्नुहुँदैन, चराचर-जगत्मा ईश्वरको व्यापकता संझेर सर्वत्र सबै वस्तुलाई आदर गर्नुपर्दछ, आफूलाई तृणभन्दा पनि हलुको संझनुपर्दछ, वृक्षभन्दा पनि सहनशील हुनुपर्दछ ।

"तृणादपि सुनीचेन तरोरपि सहिष्णुना ।
अमानिना मानदेन सेवनीयः सदा हरिः"

सम दम नियम नीति नहि डोलहिं ❀ परुष बचन कबहूँ नहि बोलहिं ॥८॥

बाबु ! भरत ! यी बताएका लक्षण जसका हृदयमा स्थिर भएर रहेका हुन्छन्, तिनीहरूलाई तिमी हरहमेशा साँचा सन्त जान ॥ ७ ॥ [१]शम, [२]दम, [३]नियम [४]नीतिबाट जो विचलित हुँदैनन्, कैल्यै पनि कठोर वचन बोल्दैनन् ॥ ८ ॥

दोहा–निन्दा अस्तुति उभय सम ममता मम पद कंज ।
ते सज्जन मम प्रान प्रिय गुनमंदिर सुखपुंज ॥६०॥

जो निन्दा र स्तुति दुवैलाई तुल्य संझन्छन्, मेरा चरणकमलमा मात्रै ममता (मेरो भन्ने बुद्धि) गर्दछन् (अरू कुनै पदार्थलाई मेरो भनेर संझदैनन्) सकल गुणगणका भवन भएका, सुखका समूहरूप ती सज्जनहरू मेरा प्राणसमान प्यारा छन् ॥ ६० ॥

चौ०–सुनहु असंतन्ह केर सुभाऊ ❀ भूलेहुँ संगति करिय न काऊ ॥१॥
तिन्ह कर संग सदा दुखदाई ❀ जिमि कपिलहि घालै हरहाई ॥२॥

अब असन्तको स्वभाव सुन । झुक्किएर पनि कहिल्यै तिनको संगति नगरे है ? ॥ १ ॥ तिनको संगति सदासर्वदा दुःखदायी छ, जसरी हरहाई (चोरेर बाली खाने बानी लागेकी गाई) ले सीधासादा कपिला गाईलाई बिताउँछे (त्यसै गरी असन्तले सन्तलाई बिताउँछन् अर्थात् चोरेर बालीनाली खाने बानी लागेकी चोर्नी गाईको संगति गरेर सीधासादा कपिला गाई कसैको बाली खान संगसगै गइन्भने, बाली-नालीका धनीको गन्ध मात्रै पाउँदा चोर्नी गाई भागिहाल्छिन्, कपिला गाई पिटाइमा पर्दछिन्, असन्तको संगति गर्ने सन्तको त्यही गति हुन्छ) ॥ २ ॥

खलन्ह हृदय अति ताप बिसेषी ❀ जरहिं सदा परसंपति देखी ॥३॥

---

(१) श्रवण, कीर्तन प्रभृति साधनदेखि अतिरिक्त (भिन्न) भएका विषयबाट मनलाई हटाउनुलाई शम भन्दछन् ।

"शमस्तावच्छ्रवणादिव्यतिरिक्तविषयेभ्यो मनसो निग्रहः" [वेदान्तसार]

(२) श्रवण, कीर्तन प्रभृति साधनदेखि भिन्न भएका विषयबाट चक्षु-श्रोत्र प्रभृति बाह्य इन्द्रियलाई हटाउनुलाई दम भन्दछन् ।

"दमो बाह्येन्द्रियाणां तद्व्यतिरिक्तविषयेभ्यो निवर्तनम्" [वेदान्तसार]

(३) "शौच, सन्तोष, तप, स्वाध्याय, ईश्वरप्रणिधान यी ५ नियम कहिन्छन् ।" "शौच (मृत्तिका-जल प्रभृतिले शरीर शुद्ध पार्नु, काम-क्रोध प्रभृति छाडेर मनलाई निर्मल पार्नु) ले आफ्नै शरीरमा पनि घृणा (घिन) लाग्ने हुन्छ र अरूको संसर्ग नगर्ने उत्तम प्रकृति बस्न आउँछ । सन्तोषले उत्तमोत्तम सुख हासिल हुन्छ । तपले इन्द्रिय-मन-शरीर शुद्ध हुन्छन् । स्वाध्यायले इष्टदेवताको दर्शन हुन्छ । ईश्वरप्रणिधान (चिन्तन) ले समाधिसिद्ध हुन्छ," भनी योगशास्त्रमा लेखिएको छ ।

"शौच, सन्तोष, तपः, स्वाध्यायेश्वरप्रणिधानानि नियमाः, शौचात् स्वाङ्गजुगुप्सा परैरसंसर्गः, सन्तोषादनुत्तमसुखलाभः, कायेन्द्रियसिद्धिरशुद्धिक्षयात्तपसः, स्वाध्यायादिष्टदेवतासंप्रयोगः । समाधिसिद्धिरीश्वरप्रणिधानात्" [पातञ्जलदर्शन]

(४) यहाँ नीति भनेर वर्णाश्रम-धर्मपरिपालन लिइन्छ ।

जहँ तहँ निंदा सुनहिं पराई ❀ हरषहिं मनहु परी निधि पाई ॥४॥

खल (दुष्ट) हरूका हृदयमा अरूको भन्दा ताप (गर्माहट) बढ्ता हुन्छ, तिनीहरू पराईको संपत्ति देखेका वेलामा जल्दछन् , तिनको यो चलन हमेशा रहन्छ ॥ ३ ॥ तिनीहरू कतै अर्काको निन्दा सुन्न पाएभने, मानौं नयाँ खानि पाएछन् कि ? (भन्ने भान पर्ने गरी) हर्षित हुन्छन् ॥ ४ ॥

काम क्रोध मद लोभ परायन ❀ निर्दय कपटी कुटिल मलायन ॥५॥
बयरु अकारन सब काहू सों ❀ जो कर हित अनहित ताहू सों ॥६॥

तिनीहरू काम, क्रोध, लोभ, मदमा लंपट भएका र निष्ठुर, कपटी, कुटिल, कालो दिल भएका हुन्छन् ॥ ५ ॥ विनाकारण सबैसँग वैरभाव गर्दछन् , जसले तिनको उपकार गरेको छ, तिनका उपर पनि तिनीहरू दुश्मनी गर्दछन् ॥ ६ ॥ (क)

झूठेइ लेना झूठेइ देना ❀ झूठेइ भोजन झूठै चबेना ॥७॥
बोलहिं मधुर बचन जिमि मोरा ❀ खाइ महा अहि हृदय कठोरा ॥८॥

तिनीहरूको लेनदेन, खुवाइ-पियाइ सबै कुरा झूटै झूटा हुन्छन् । (कुनै कुरा विश्वसनीय हुँदैनन्) ॥ ७ ॥ तिनीहरू मयूरको जस्तो मीठो बोली बोल्दछन् , तिनको हृदय साह्रै कडा हुन्छ, ठूला-ठूला सर्पलाई खाइदिन्छन् ॥ ८ ॥

दोहा—परद्रोही परदार रत परधन पर अपबाद ।
ते नर पावर पापमय देह धरे मनुजाद ॥६१॥

तिनीहरू परद्रोही, परस्त्री-लम्पट, परधन-लुब्ध, परनिन्दा-तत्पर हुन्छन् । पापपुञ्ज-स्वरूप भएका ती (भ्रष्ट) पामर मनुष्यहरू मनुष्यै होइनन् , मनुष्यको रूप लिएका राक्षस हुन् ॥ ६१ ॥ (१)

(क) सर्पलाई दूध पिलाउन्ज्याल त्यो चूप लाग्दछ, पछिबाट दूध पिलाउने सकसलाई सर्वप्रथम डस्तछ ।

> कृतमपि महोपकारं पय इव पीत्वा निराशङ्कः ।
> प्रत्युत हन्तुं यतते काकोदरसोदरः खलो जगति ॥

(१) कुनै कविले वनमध्यमा भेट्टिएका यौटा दुष्ट मनुष्य र साधारण कुनै मनुष्यको संवाद लेखेर परद्रोहको नमूना देखाएको छ । जस्तै—

साधारण मनुष्यले सोध्यो—		भलेआदमी ! तिमी को होऊ हँ ?
दुष्ट मनुष्यले भन्यो—		म खलाधिराज हुँ ।
सा० म०	,,	यो घोर जङ्गलमा किन बसिरहेका छौ ?
दु० म०	,,	बाघ आदि गरेका खूनी जानवरले खाइदेलान् कि भन्ने आशाले बसिरहेको छु ।
सा० म०	,,	तिमीले यस्तो मुश्किल काम किन गर्न आँट्यौ ?
दु० म०	,,	मेरा शरीरको मासु खाएपछि ती बाघहरू मानिसका मासुमा पल्कून् र मेरा दुश्मन भएका यावत् मानिसलाई मारून् भन्नाका निमित्त (यो काम गर्न आँटेको छु) ।

चौ०–लोभइ ओढ़न लोभइ डासन ❀ सिस्नोदरपर जमपुरत्रास न ॥१॥
काहू कै जौ सुनहिं बड़ाई ❀ स्वास लेहिं जनु जूड़ी आई ॥२॥

तिनको ओढना (सिरक-दोलाईं प्रभृति) पनि लोभै हुन्छ, बिछ्याउना पनि लोभै हुन्छ (लोभले गर्दा भइँमा नांगै सुत्न कबूल गर्दछन् पैसा खर्च गर्ने होइनन्) तिनीहरू लिङ्ग र पेटको अधीन हुन तत्पर रहन्छन् , तिनलाई यमपुरीको डरै हुँदैन ॥ १ ॥ यदि कदाचित् कसैको प्रशंसा (तारीफ) सुनेभने तिनीहरूलाई कामजरो आउनलागेजस्तो हुन्छ र लामा लामा (ताता ताता) सास फेर्न लाग्दछन् (स्वाँस्वाँ हुन्छ) ॥ २ ॥

---

(२) अर्को कविले मासुको पोको झुण्ड्याएर आउनलागेको एउटा बाबाजी र कुनै अर्को भलाद्मीको संवादद्वारा भ्रष्टाचारको नमूना देखाएको छ जस्तै—

भलाद्मीले	सोध्यो—	बाबाजी ! मासु पनि खान्छौ ?
बाबाजीले	भन्यो—	के गर्नु ? बा ! मासु निस्तै छ, मदिरा छैन ।
भला०	,,	तिमीलाई मदिरा पनि मनपर्न लाग्यो ?
बाबा०	,,	मनपर्न लाग्यो ओहो ! के भन्नुपर्छ, तर एक्लै होइन है, रण्डीसँग बसेर पिउन पाए मात्रै ।
भला०	,,	रण्डीहरू द्रव्यमा राजी हुन्छन् तिमी द्रव्य कुन उपायले दिन्छौ र ?
बाबा०	,,	बाबु ! कि जूवाले कि चोरीले द्रव्य पाइन्छ नि !
भला०	,,	ओहो ! तिमी ता गजबका रहेछौ, जूवा, चोरी, नशेबाजी, रण्डीबाजी चारै थोक, होइन के ?
बाबा०	,,	बाबु ! भ्रष्ट भैहालेपछि के बाँकी राख्ने हो त ! के गर्ने हो त !

(३) अर्को कुनै कविले यौटा थाङ्ने भिक्षुक र अर्को कुनै भलाद्मीको संवादद्वारा कलियुगी भिक्षुकको फोटो खिचेको छ, जस्तै—

भलाद्मीले सोध्यो (भन्यो)		भिक्षुकजी ! तिम्रो कन्था ता साह्रै खुकुलो रहेछ ।
भिक्षुकले	भन्यो	यो कन्था होइन बा ! माछा मार्ने जाल हो ।
भला०	,,	माछा पनि खान्छौ ?
भिक्षु०	,,	मदिरालाई सितन चाहिन्छ नि, खालि माछा ता खान्न ।
भला०	,,	मदिरा पनि पिउँछौ ?
भिक्षु०	;;	एक्लै पिउँदिन, वेश्याका साथमा रहेर मात्रै पिउँछु ।
भला०	,,	वेश्यागमन पनि गर्दछौ ?
भिक्षु०	,,	शत्रुका टाउकामा टेकेर (सबै शत्रुको मेख मारेर) वेश्यागमन गर्छु ।
भला०	,,	तिम्रा पनि शत्रु छन् त ?
भिक्षु०	,,	जसजसको भित्ता फोरेको छु, ती शत्रु ता भए नि !
भला०	,,	ओहो ! तिमी चोर पनि भएका छौ त ?
भिक्षु०	,,	जूवा खेल्नाका निंति (खानपीन ता मागेर पुग्थ्यो) ।
भला०	,,	तिमीमा ता जम्मै दुर्व्यसन थुप्रिएका रहेछन् हो कि ?
भिक्षु०	;;	बाबु ! नष्ट भएपछि केही विचार हुँदैन ।

जब काहू कै देखहिं बिपती ❀ खुसी भए मानहुँ जगनृपती ॥३॥
स्वारथरत परिवारबिरोधी ❀ लंपट काम लोभ अति क्रोधी ॥४॥

जब कसैको विपत्ति देख्तछन् त्यस वेलामा ता तिनीहरू संसारभरका चक्रवर्ती राजा भएछन् कि ? भन्ने भान पर्ने गरी आनन्दित हुन्छन् ॥ ३ ॥ तिनीहरू स्वार्थतत्पर (मतलबी) र परिवारसँग विरोध गर्ने, कामलम्पट, अति लोभी र अति क्रोधी हुन्छन् ॥ ४ ॥

मातु पिता गुर बिप्र न मानहिं ❀ आपु गए अरु घालहिं आनहिं ॥५॥
करहिं मोहबस द्रोह परावा ❀ संतसंग हरिकथा न भावा ॥६॥

तिनीहरू आमा, बाबु, गुरु, ब्राह्मणलाई मान्दैनन् , आफू पनि नष्ट हुन्छन् , अर्कालाई पनि नष्ट पार्छन् (र "स्वयं नष्टः परान् नाशयति" भन्ने उखानलाई सत्य गराउँछन्) ॥ ५ ॥ मोहवश भएर परचक्रीसँग विरोध गर्दछन् , तिनीहरूलाई न सत्संग मनपर्दछ, न हरिकथा मनपर्दछ ॥ ६ ॥

अवगुनसिंधु मंदमति कामी ❀ बेदबिदूषक परधन स्वामी ॥७॥
बिप्रद्रोह सुरद्रोह बिसेषा ❀ दंभ कपट जिय धरें सुबेषा ॥८॥

तिनीहरू दुर्गुणका समुद्र, दुर्बुद्धि, कामलम्पट, वेदद्रोही, भएर पराईका धनको मालिक बन्दछन् ॥ ७ ॥ विशेष गरीकन तिनीहरू ब्राह्मणद्रोही, देवद्रोही हुन्छन् , बाहिर भले—आदमी को वेष रहन्छ, तिनका हृदयमा दम्भ र कपट टमाटम भरिएको हुन्छ ॥ ८ ॥

दोहा—ऐसे अधम मनुज खल कृतजुग त्रेताँ नाहिं ।
द्वापर कछुक बृंद बहु होइहहिं कलिजुग माहिं ॥६२॥

यस्ता अधम दुष्ट मनुष्य सत्ययुगमा थिएनन् , त्रेतायुगमा पनि छैनन् , द्वापरमा अलिअलि हुनेछन् , कलियुगमा भने बथानका बथान धेरै हुनेछन् ॥ ६२ ॥

---

(१) कस्त्वं भद्र ! खलेश्वरोऽहमिह किं घोरे वने स्थीयते,
शार्दूलादिभिरेव हिंस्रपशुभिः खाद्योऽहमित्याशया ।
कस्मात् कष्टमिदं त्वया व्यवसितं, मद्देहमांसाशिन;
प्रत्युत्पन्ननृमांसभक्षणधियस्ते घ्नन्तु सर्वान् जनान् ॥

(२) भिक्षो ! मांसनिषेवणं प्रकुरुषे, किं तेन मद्यं विना,
मद्यं चापि तव प्रियं, प्रियमहो ! वाराङ्गनाभिः सह ।
वेश्या द्रव्यरुचिःकुतस्तव धनं द्यूतेन चौर्येण वा,
चौर्य-द्यूतपरिग्रहोऽपि भवतो, भ्रष्टस्य कान्या गतिः ? ॥

(३) भिक्षो ! कन्या श्लथा ते न हि शफरिबधे जालमश्नासि मत्स्याँ-
स्ते वै मद्योपदंशाः पिबसि मधु समं वेश्यया यासि वेश्याम् ।
दत्त्वाङ्घ्रि मूर्ध्न्यरीणां किमु तव रिपवो भित्तिभेत्ताऽसि येषां
चौरोऽसि द्यूतहेतोस्त्वयि सकलमिदं नास्ति नष्टे विचारः ॥

[यिनका अर्थ अघिल्ला टिप्पणी हुन्]

चौ०–परिहत सरिस धर्म नहिं भाई ❀ परपीड़ा सम नहिं अधमाई ॥१॥
निर्नय सकल पुरान बेद कर ❀ कहेउँ तात जानहिं कोबिद नर ॥२॥

भाई ! भरत ! परोपकार बराबरको पुण्य केही छैन, परपीडासमानका अर्को अधमता (पाप) केही छैन ॥ १ ॥ मैले सकल पुराण र वेदको निर्णय तिमीलाई बताएँ, यो कुरा विद्वान्हरू जान्दछन् ॥ २ ॥

नर सरीर धरि जे परपीरा ❀ करहिं ते सहहिं महा भवभीरा ॥३॥
करहिं मोहबस नर अघ नाना ❀ स्वारथरत परलोक नसाना ॥४॥

नरशरीर धारण गरेर पनि जो पर-पीडा गर्दछन्, तिनीहरू संसारका ठूला-ठूला आपत्ति भोग्दछन् ॥ ३ ॥ मोहवश भएर स्वार्थतत्पर (मतलबी) हुनाले नाना प्रकारका पाप गर्दछन्, तर त्यो स्वार्थभन्दा परम स्वार्थ भएको परलोक बिग्रन्छ, (त्यसको होशै राख्तैनन्) ॥ ४ ॥

कालरूप तिन्ह कहुँ मैं भ्राता ❀ सुभ अरु असुभ करम फल दाता ॥५॥
अस बिचारि जे परम सयाने ❀ भजहि मोहि संसृति दुख जाने ॥६॥

भाई ! भरत ! म कालस्वरूप रहेर तिनका शुभाशुभकर्मको फल दिन्छु ॥ ५ ॥ यो विचार गरेर जो खूब चतुर छन् तिनीहरू संसारको दुःख जानेर मेरो भजन गर्दछन् ॥ ६ ॥

त्यागहिं कर्म सुभासुभ दायक ❀ भजहि मोहि सुर नर मुनि नायक ॥७॥
संत असंतन्ह के गुन भाषे ❀ ते न परहिं भव जिन्ह लखि राखे ॥८॥

शुभाशुभफल (सुखदुःख) दिने [१]शुभ शुभ कर्म सबै छाडेर (कर्मका कर्तृत्वाभिमान

---

(१) कर्मको सर्वथा परित्याग गर्नं भनेको होइन, "जहाँसंम शरीर, स्त्री, पुत्र, दौलत, प्रभृतिमा आत्मबुद्धि रहन्छ, त्यहाँसम्म विधि र निषेधको ताबेदारीमा रहनुपर्दछ, वेदान्तवाक्यबाट र अनुभवबाट प्रपञ्चको मिश्यात्व र एकब्रह्ममात्रको सत्यता सिद्ध भएपछि कर्म छाडे हुन्छ" यो आशय रघुनाथजीले रामगीतामा प्रकाश गर्नुभएको छ ।

"यावच्छरीरादिषु माययाऽऽत्मधीस्तावद्विधेयो विधिवादकर्मणाम् ।
नेनीतिवाक्यैरखिलं निषिध्य तज्ज्ञात्वा परात्मानमथ त्यजेत्क्रियाः" ॥ [रामगीता]

"देवऋण, ऋषिऋण, पितृऋण, केही तिर्नुपर्दैन, ईश्वरको शरण परे सबै कुरा पूर्ण हुन्छ" भनी कर्मको परित्याग गर्नु मूर्खता हो । जुन वचनको भरोसामा रहेर दुनियाँले कर्तव्यकर्म गर्न छाड्ने इरादा गर्दछ, त्यसै वचनमा "ईश्वरको शरण पर्दाखेरि भेद (द्वैतदृष्टि) छुटेको छभने देवऋण-पितृऋण केही तिर्नुपर्दैन, होइन सर्वत्र भेदभाव छ, सुख-दुःख बेग्लै बेग्लै भान हुन्छन्भने वर्णाश्रमको कर्म गर्नैपर्दछ" भनेको छ, शास्त्रलाई प्रमाण मानेका खण्डमा केही कुरा लिने केही कुरा नलिने गर्नुहुँदैन ।

देवर्षिभूतात्मनृणां पितृणां न किङ्करो नायमृणी च राजन् ! ।
सर्वात्मना यः शरणं शरण्यं गतो मुकुन्दं परिहृत्य कर्तम् ॥ [श्रीमद्भाग ११]

कर्तं (भेदं) परिहृत्य मुकुन्दं शरणं गतश्चेद्देवादीनामृणी किङ्करश्च न भवति, सति तु कर्ते (भेदे) सर्वेषामृणी देवादीनां किङ्करश्च [टीका]

र फलाकांक्षा नराखेर) देवता, मनुष्य, मुनीश्वरहरू मलाई भज्दछन् ॥ ७ ॥ सन्त र असन्तका गुण मैले बताएँ, जसले गुणलाई ठमाउँछन् , तिनीहरू संसारका दुःखमा पर्दैनन् ॥ ८ ॥

दोहा–सुनहु तात माया कृत गुन अरु दोष अनेक ।
गुन यह उभय न देखिअहिं देखिअ सो अबिबेक ॥६३॥

बाबु ! भरत ! सुन, अनेकानेक दोष र अनेकानेक गुण मायाले रचेका हुन् , (वास्तवमा सत्य होइनन् कल्पित हुन्) गुण र दोषलाई नदेख्नु नै सच्चा गुण (ज्ञान) हो, गुणदोषलाई अलग-अलग देख्नु अविवेक (अज्ञान = दोष) हो ॥ ६३ ॥ (क)

चौ०–श्रीमुख बचन सुनत सब भाई ❀ हरषे प्रेम्रु न हृदय समाई ॥१॥
करहिं बिनय अति बारहि बारा ❀ हनूमानहिय हरष अपारा ॥२॥

श्रीरामजीका श्रीमुख (मुखारविन्द) का वचन सुन्दा सबै भाईहरू हर्षित हुनुभयो। वहाँहरूका हृदयमा प्रेम नअटाउने भयो ॥ १ ॥ वहाँहरू वारंवार अत्यन्त विनयवचन बोल्न लाग्नुभयो, हनूमान्‌जीका हृदयमा पनि अपार हर्ष भयो ॥ २ ॥

पुनि रघुपति निज मंदिर गए ❀ एहिं बिधि चरित करत नित नए ॥३॥
बार बार नारद मुनि आवहिं ❀ चरित पुनीत राम के गावहिं ॥४॥

अनि रघुनाथजी आफ्ना महलमा पाल्नुभयो, यस्ता तरहले नित्य नयाँ नयाँ चरित्र गर्नुहुन्थ्यो ॥ ३ ॥ नारदमुनि वारंवार आउँथे, रामजीको पवित्र चरित्र गाउँथे ॥ ४ ॥

नित नव चरित देखि मुनि जाहीं ❀ ब्रह्मलोक सब कथा कहाहीं ॥५॥
सुनि बिरंचि अतिसय सुख मानहिं ❀ पुनि पुनि तात करहु गुनगानहिं ॥६॥

नयाँ नयाँ चरित्र हेरेर नारदमुनि ब्रह्मलोक जान्थे र वहाँ सबै वृत्तान्त बताउँथे ॥ ५ ॥ त्यो सुन्दा ब्रह्माजी अत्यन्त आनन्द मान्नुहुन्थ्यो, “बाबु ! नारद ! रामजीका गुणको गान गरन” भनी वारंवार भन्नुहुन्थ्यो ॥ ६ ॥

सनकादिक नारदहि सराहहिं ❀ जद्यपि ब्रह्म निरत मुनि आहहिं ॥७॥
सुनि गुनगान समाधि बिसारी ❀ सादर सुनहि परम अधिकारी ॥८॥

यद्यपि सनकादि मुनिहरू ब्रह्मनिष्ठ थिए तथापि तिनीहरू समाधि बिर्सेर आदरका साथ परम अधिकारी (गुणगान सुन्नामा पूर्णअधिकारवाला) भएर रामजीको गुणगान सुन्दथे र नारदमुनिलाई सह्राउँथे ॥ ७ ॥ ८ ॥

दोहा–जीवनमुक्त ब्रह्मपर चरित सुनहिं तजि ध्यान ।
जे हरिकथा न करहिं रति तिन्ह के हिय पाषान ॥६४॥

(क) मायाले खडा गरेका संसारका गुण-दोष व्यवहारमा भिन्न भिन्न भए पनि परमार्थ पक्षमा गुण र दोष अलग अलग देख्नु नै दोष (अज्ञान) हो, दुईबाट अलग्ग रहनु नै गुण हो ।

“गुण-दोषदृशिर्दोषो गुणस्तूभयवर्जितः” [भा० ११।१९]

जीवन्मुक्त भैसकेका ब्रह्मनिष्ठ भएका महात्माहरू ध्यान र समाधिलाई छाडेर जुन हरिकथालाई सुन्दछन्, त्यही हरिकथामा अरूहरू जो प्रीति गर्दैनन्, तिनको हृदय पत्थरै हो ॥ ६४ ॥

[प्रजालाई रामजीको उपदेश]

चौ०-एक बार रघुनाथ बोलाए ❀ गुर द्विज पुरबासी सब आए ॥१॥
बैठे सदसि अनुज मुनि सज्जन ❀ बोले बचन भगत भय भंजन ॥२॥

एकफेर रामजीले बोलाउनुभयो र गुरु वशिष्ठ, ब्राह्मणवर्ग, नगरनिवासीहरू सबै आए ॥ १ ॥ सभामा भाईहरू मुनिहरू सज्जनहरू बसेकै थिए, भक्तजनभयभञ्जन भगवान् रामचन्द्रले आज्ञा गर्नुभयो—॥ २ ॥

सुनहु सकल पुरजन मम बानी ❀ कहौं न कछु ममता उर आनी ॥३॥
नहि अनीति नहि कछु प्रभुताई ❀ सुनहु करहु जौ तुम्हहिं सोहाई ॥४॥

हे नगरनिवासीहो ! सबैजना सुन, म हृदयमा ममता लिएर बोल्नलागेको होइन, ॥ ३ ॥ अन्याय पनि छैन, प्रभुत्व पनि केही छैन, सुन र तिमीहरूलाई जे मनपर्दछ गर ॥ ४ ॥

सोई सेवक प्रियतम मम सोई ❀ मम अनुसासन मानै जोई ॥५॥
जौ अनीति कछु भाषौं भाई ❀ तौ मोहि बरजहु भय बिसराई ॥६॥

जो मेरो आज्ञा मान्दछ, मेरो सेवक त्यही हो, मेरो परम प्यारो पनि त्यही हो ॥ ५ ॥ भाईहो ! यदि मैले केही अन्याय बोलेंभने, भय बिर्सेर (निर्भय भएर) मलाई रोकिदिए (यो कुरा ठीक होइन भनी स्पष्ट भने, डराउनुपर्दैन) ॥ ६ ॥

बड़ें भाग मानुषतनु पावा ❀ सुरदुर्लभ सब ग्रंथन्हि गावा ॥७॥
साधनधाम मोक्ष कर द्वारा ❀ पाइ न जेहि परलोक सँवारा ॥८॥

(हेर !) ठूलो भाग्यले मनुष्यशरीर पाइन्छ, यो शरीर देवताहरूलाई पनि दुर्लभ छ भनी सबै शास्त्रले भनेको छ ॥ ७ ॥ सबै साधनको घर र मोक्षको द्वार भएको यो नरशरीर पाएर जसले परलोक सपारेन ॥ ८ ॥

दोहा-सो परत्र दुख पावइ सिरु धुनि धुनि पछिताइ ।
कालहि कर्महि ईस्वरहि मिथ्या दोष लगाइ ॥६५॥

त्यो मानिस परत्र दुःख पाउँछ र ठाउको हल्लाई-हल्लाई पछिताउन लाग्दछ । काललाई कर्मलाई ईश्वरलाई मिथ्या दोष लाउँछ ॥ ६५ ॥

चौ०-एहि तन कर फल बिषय न भाई ❀ स्वरगौ स्वल्प अंत दुखदाई ॥१॥
नरतनु पाइ बिषय मनु देहीं ❀ पलटि सुधा ते सठ बिष लेहीं ॥२॥

भाई हो ! यो शरीरलाभको फल विषयभोग होइन, (स्वर्गलाभ फल हो भनौला नि, त्यो पनि होइन, किनभने-) स्वर्गसुख अल्प छ, (स्वर्गमा सबैजना ठूलो सुख पाइरहेका हुँदै-

नन् सानो सुख पाउनेले ठूलो सुखवालालाई देख्ता यहाँको जस्तै डाह ईर्ष्या उठ्तछ) स्वर्ग आखिरमा दुःखदायी छ (पुण्य क्षीण भएपछि स्वर्गबाट निकालिनुपर्दछ, त्यस वेलामा महान् दुःख हुन्छ) ॥ १ ॥ जो नरशरीर पाएर विषयपट्टि मन दिन्छन्, ती स्वाँठहरू अमृत दिएर विष साट्तछन् ॥ २ ॥

ताहि कबहुँ भल कहै न कोई ❀ गुंजा ग्रहै परसमनि खोई ॥३॥
आकर चारि लक्ष चौरासी ❀ जोनि भ्रमत येह जिव अबिनासी ॥४॥

जो पारस मणिलाई गुमाएर गुञ्जा (रातीगेडी) लिन्छ, त्यसलाई कसैले कहिल्यै पनि भलो भन्दैन ॥ ३ ॥ जरायुज, अण्डज, स्वेदज, उद्भिज्ज, यी ४ योनिमा चौरासी लाख तरहले जीव घुमिरहन्छ, तर त्यो जीव अविनाशी छ ॥ ४ ॥

फिरत सदा माया कर प्रेरा ❀ काल कर्म सुभाव गुन घेरा ॥५॥
कबहुँक करि करुना नरदेही ❀ देत ईस बिनु हेतु सनेही ॥६॥

मायाका प्रेरणाले काल-कर्म-स्वभाव-गुण यिनले घेरिएर सदा घुमिरहन्छ, ॥ ५ ॥ अकारण स्नेही (विनाकारण प्रेम गर्ने) ईश्वरले कुनै बखतमा (कदाचित्) त्यो जीवलाई दया गरेर मनुष्यशरीर दिनुहुन्छ ॥ ६ ॥

नरतनु भवबारिधि कहुँ बेरो ❀ सन्मुख मरुत अनुग्रह मेरो ॥७॥
करनधार सदगुर दृढ़ नावा ❀ दुर्लभ साजु सुलभ करि पावा ॥८॥

मनुष्यशरीर संसारसागरको जहाज हो, मेरो अनुग्रह अनुकूल (जता जानुपर्छ उतैतिर धक्याउने) हावा हो, ॥ ७ ॥ त्यो मजबूत मनुष्यशरीररूपी जहाजका माझी सद्गुरु हुन्, यो सबै सर्जाम दुर्लभ हो तापनि सुलभ भएर पाइएको छ ॥ ८ ॥

दोहा—जो न तरै भवसागर नर समाज अस पाइ ।
सो कृतनिंदक मंदमति आतमहन गति जाइ ॥६६॥

यस्तो सर्जाम पाएर पनि जो मानिस भवसागर तर्दैन, त्यो कृतघ्न मन्दबुद्धि भएको मानिस आत्महत्य गर्नेको गति पाउँछ ॥ ६६ ॥ (क)

(क) आत्मा अजर अमर छ, त्यसको हत्या (मारण) वास्तवमा हुँदैन, शुद्ध सत्-चित्-आनन्दमय आत्मालाई नचिह्नेर जडशरीरमा आत्मबुद्धि गरीकन म दुब्लाएँ, मोटाएँ, कानू भएँ, खोरण्डो भएँ इत्यादि संझनु नै आत्महत्या हो, त्यस्तो आत्महत्या गर्ने मानिस यही संसाररूपी गाढान्धकारमय असूर्य-लोकमा पर्दछ, यताबाट कहिल्यै उम्कदैन । त्यस्तो मानिस ईश्वरले गरेको उपकार (नरशरीर प्राप्ति, सद्गुरु-प्राप्ति, ईश्वरानुग्रहप्राप्ति) लाई व्यर्थ पार्दछ र कृतघ्न मन्दबुद्धि कहलाउँछ । यही कुरा श्रीकृष्णले उद्धवसँग भन्नुभएको छ—

नृदेहमाद्यं सुलभं सुदुर्लभं प्लवं सुकल्पं गुरुकर्णधारम् ।
मयाऽनुकूलेन नमस्वतेरितं पुमान् भवाब्धिं न तरेत् स आत्महा ॥ [भाग० स्क० ११]

त्यो नरशरीररूपी जहाजलाई तूफानबाट बचाएर पारि पुऱ्याउन सक्ने सकसको तलाश गरेर माझी नियुक्त गर्नुपर्दछ, जस्तोतस्तो माझी पर्न गयोभने काम बन्दैन, जहाजको धनी र माझी दुवै डुब्दछन् ।

चौ०–जौ परलोक इहाँ सुख चहहू ❀ सुनि मम बचन हृदय दृढ़ गहहू ॥१॥
सुलभ सुखद मारग येह भाई ❀ भक्ति मोरि पुरान श्रुति गाई ॥२॥

यदि परलोकमा र यो लोकमा सुख चाहन्छौभने, मेरो वचन सुनेर त्यसलाई हृदयमा दृढ गराएर राख (नबिर्स) ॥ १ ॥ भाई ! मेरा भक्तिको मार्ग सुलभ र सुखदायक छ, यो मार्ग लाई वेदले र पुरागले प्रशंसा गरेको छ ॥ २ ॥

ज्ञान अगम प्रत्यूह अनेका ❀ साधन कठिन न मन कहुँ टेका ॥३॥
करत कष्ट बहु पावै कोऊ ❀ भक्तिहीन प्रिय मोहि न सोऊ ॥४॥

(ऋते ज्ञानान्नमुक्तिः, ज्ञानादेव तु कैवल्यं, इत्यादि वचनको आधारमा रहेर ज्ञानलाई नै मुक्तिको कारण मान्नु बेमनासीब होइन, तर)

ज्ञान बडो अगम छ, त्यो सिद्ध गर्नलाग्दा अनेक विघ्न पर्दछन्, त्यसका साधना कठिन छन्, मनले टेक्ने ठाउँ कहीं पाइँदैन ॥ ३ ॥ धेरै जनाले कोशिश गर्दछन्, कसै कसैले मात्र पाउँछ। भाईहो ! त्यसरी कष्ट गरेर पाइहालियोभने पनि त्यो ज्ञान भक्तिहीन भएको हुनाले मलाई मनपर्दैन ॥ ४ ॥

भक्ति स्वतंत्र सकल सुख खानी ❀ बिनु सतसंग न पावहिं प्रानी ॥५॥
पुन्यपुंज बिनु मिलहिं न संता ❀ सतसंगति संसृति कर अंता ॥६॥

भक्ति स्वतंत्र छ (ज्ञानको[1] अपेक्षा रहँदैन) भक्ति सकल सुखकी खानि छ (ज्ञानमार्गमा झैं यसमा दुःख पाउनुपर्दैन, उत्तरोत्तर मजै मजा पाइन्छ) । यो भक्ति सत्सङ्गविना प्राणीले पाउँदैन ॥ ५ ॥ सन्तहरू पुण्यराशिविना पाइँदैनन् । सत्सङ्ग भन्ने चीज संसारको समाप्ति (इतिश्री) हो ॥ ६ ॥

पुन्य एक जग महुँ नहि दूजा ❀ मन क्रम बचन बिप्र पद पूजा ॥७॥
सानुकूल तेहि पर मुनि देवा ❀ जो तजि कपटु करै द्विजसेवा ॥८॥

संसारमा पुण्य एउटै छ दोस्रो छैन, त्यो क्या होभने मनसा-कर्मणा-वाचा ब्राह्मणचरणको पूजा हो ॥ ७ ॥ जो मानिस कपट छाडेर ब्राह्मणसेवा गर्दछन्, तिनका उपर मुनिहरू र देवताहरू अनुकूल रहन्छन् ॥ ८ ॥

दोहा–औरौ एक गुपुत मत सबहि कहौं कर जोरि ।
संकरभजन बिना नर भगति न पावै मोरि ॥६७॥

एउटा अर्को मेरो गुप्त (रहस्य) मत छ, हात जोरेर सबैलाई भन्दछु, (क्या हो भने ?) शंकरजीको भजन नगरीकन मेरो भक्ति पाइँदैन (मैले हात जोरेको छु, यो कुरामा हेका राख) ॥ ६७ ॥

---

(१) भक्ति पूर्ण भएका खण्डमा ज्ञान अवश्यमेव आउँछ, त्यही ज्ञानद्वारा मुक्ति पनि मिल्न सक्तछ, तर सच्चा भक्तिमान्हरू भक्तिमाताका काखमा बस्न पाउँदा आनन्द मान्दछन् मुक्तिदासीको वास्ता राख्तैनन् । तथापि कहिल्यै खोजी होला कि भन्ने आशाले मुक्तिदासी सधैं हाजिर रहन्छे ।

चौ०—कहहु भगतिपथ कवन प्रयासा ❀ जोग न मख जप तप उपवासा ॥१॥
सरल सुभाव न मन कुटिलाई ❀ जथालाभ संतोष सदाई ॥२॥

लौ भन ? भक्तिमार्गमा के परिश्रम (कठिनता) छ ? भक्तिमार्ग सिद्ध गर्नलाई योगाभ्यास, यज्ञ-याग, जप-तप, व्रत-उपवास चाहिंदैन ॥ १ ॥ फगत स्वभाव सरल चाहिन्छ, मनको कुटिलपनालाई हटाउनुपर्छ, सदासर्वदा यदृच्छालाभसंतुष्ट (जो पाइन्छ त्यसैमा राजी) हुनुपर्छ ॥ २ ॥

मोर दास कहाइ नर आसा ❀ करै त कहहु कहाँ बिस्वासा ॥३॥
बहुत कहौं का कथा बढ़ाई ❀ एहि आचरन बस्य मैं भाई ॥४॥

मेरो दास (सेवक) कहलाएर अर्काको आस गर्दछभने मेरो विश्वास नगर्ने त्यसको के विश्वास ? लौ भन ? ॥ ३ ॥ कुरा बढाएर धेरै के भनौं ? भाईहो ! यो (अब बताइने) आचरण भयोभने म वश्य (अधीन) हुन्छु ॥ ४ ॥ (के भने ?)

बैर न बिग्रह आस न त्रासा ❀ सुखमय ताहि सदा सब आसा ॥५॥
अनारंभ अनिकेत अमानी ❀ अनघ अरोष दक्ष बिज्ञानी ॥६॥
प्रीति सदा सज्जनसंसर्गा ❀ तृन सम बिषय स्वर्ग अपबर्गा ॥७॥
भगतिपक्ष हठ नहि सठताई ❀ दुष्ट तर्क सब दूरि बहाई ॥८॥

कसैसँग वैरभाव पनि गर्दैन, झगडा पनि गर्दैन, कसैको आस पनि गर्दैन, कसैदेखि त्रास पनि गर्दैनभने त्यसका दशौ दिशा आनन्दमय छन् ॥ ५ ॥ (क) ॥ अनारंभ (परिश्राट् पर्ने काम नथाल्ने), अनिकेत (घरको ममता नगर्ने), अमानी (मानसन्मानको खायस नगर्ने), पापरहित (अकर्तव्य नगर्ने), क्रोधरहित भएको, दक्ष (आलस्यरहित), विज्ञानी (शास्त्र ज्ञानले युक्त भएको)—भएर जो रहन्छ, त्यो र ॥ ६ ॥

जसलाई सत्संगमा प्रीति छ, विषयहरू तृणसमान तुच्छ छन्, स्वर्ग र मोक्षलाई पनि जो तृणसमान संझन्छ, ॥ ७ ॥ भक्तिपक्षमा हठ पनि गर्दैन (सांप्रदायिक झगडा गर्दैन) दुष्टता गर्दैन, सबै कुतर्कलाई टाढा बगाइदिन्छ (वेदशास्त्रले भनेका कुरामा खराब तर्कवितर्क गरेर मार्गबाट भ्रष्ट हुँदैन) ॥ ८ ॥

दोहा—मम गुन ग्राम नाम रत गत ममता मद मोह ।
ता कर सुख सोइ जानै परानंद संदोह ॥६८॥

जो, मेरा गुणगण र नाममा तत्पर रहन्छ (गुणगान-नामकीर्तन गर्दछ) ममता र मोहलाई छाड्दछ, त्यो मानिसको आनन्द त्यही जान्दछ, त्यो मानिस परमानंदसंदोह (पूर्णानन्दसमूहरूप) हुन्छ ॥ ६८ ॥

चौ०—सुनत सुधा सम बचन राम के ❀ गहे सबन्हि पद कृपाधाम के ॥१॥
जननि जनक गुर बंधु हमारे ❀ कृपानिधान प्रान तें प्यारे ॥२॥

(क) अकिञ्चनस्य दान्तस्य शान्तस्य समचेतसः ।
मया संतुष्टमनसः सर्वाः सुखमया दिशः (श्रीमद्भाग० ११।१४।१३)

यस्ता अमृतसमान रामजीका वचन सुन्दा सबैले करुणासागर वहाँका पाउ समाते ॥ १ ॥ (अनि भन्नलागे) हाम्रा आमा-बाबु, गुरु, दाज्यू-भाई र प्राणभन्दा प्यारा एकमात्र कृपानिधान प्रभु होइबक्सिन्छ ॥ २ ॥

तनु धनु धाम राम हितकारी ❀ सब बिधि तुम्ह प्रनतारति हारी ॥३॥
असि सिख तुम्ह बिनु देइ न कोऊ ❀ मातु पिता स्वारथरत ओऊ ॥४॥

हे राम ! हजूर हाम्रा शरीरको धनको घरको हितकारी र सब तरहबाट शरणागत दुःखहारी होइबक्सिन्छ ॥ ३ ॥ यस्तो उपदेश हजूरबाहेक अरूले दिन सक्तैन, मातापिता जो छन् ती पनि स्वार्थतत्पर छन् ॥ ४ ॥

हेतु रहित जग जुग उपकारी ❀ तुम्ह तुम्हार सेवक असुरारी ॥५॥
स्वारथमीत सकल जग माहीं ❀ सपनेहुँ प्रभु परमारथ नाहीं ॥६॥

हे असुरारि ! विनाकारण संसारको उपकार गर्ने संसारमा एउटा हजूर, अर्का हजूरका भक्त, यी २ दुई मात्र छन् ॥ ५ ॥ जगत्मा सबैजना मतलबी मित्र छन् , तिनमा परमार्थ (परार्थ) सपनामा पनि रहँदैन, (स्वार्थैले भरिएका छन्) ॥ ६ ॥

सब के बचन प्रेमरस साने ❀ सुनि रघुनाथ हृदय हरषाने ॥७॥
निज गृह गए सुआएसु पाई ❀ बरनत प्रभुबतकही सुहाई ॥८॥

यस्ता प्रेमरसले भिजेका सबैका वचन सुनेर रघुनाथजी मनमा हर्षित हुनुभयो ॥ ७ ॥ तिनीहरू प्रभुजीको प्रेमपूर्वकको आज्ञा पाएर वहाँका मनोहर वार्तालापको बयान गर्दै आफ्ना-आफ्ना घर गए ॥ ८ ॥

दोहा–उमा अवधबासी नर नारि कृतारथरूप ।
ब्रह्म सच्चिदानंद घन रघुनायक जहँ भूप ॥६९॥

हे पार्वती ! जहाँ सच्चिदानंदमय ब्रह्मरूप रघुनाथजी राजा भएर राजभएको थियो, त्यो अयोध्याका वासिन्दा नर-नारीहरू कृतार्थरूप (कृतकृत्य भएका) थिए (यसमा के आश्चर्य ?) ॥ ६९ ॥

[वशिष्ठरामसंवाद]

चौ०–एक बार बसिष्ठ मुनि आए ❀ जहाँ रामु सुखधाम सुहाए ॥१॥
अति आदरु रघुनायक कीन्हा ❀ पद पखारि चरनोदक लीन्हा ॥२॥

एकदिन जहाँ सुखभवन सुंदर रामजी राजभएको थियो, त्यहाँ वशिष्ठ मुनि आए ॥ १ ॥ रघुनाथजीले उनको खूब आदर गर्नुभयो, पाउ पखालेर चरणोदक लिनुभयो ॥ २ ॥

राम सुनहु मुनि कह कर जोरी ❀ कृपासिंधु बिनती कछु मोरी ॥३॥
देखि देखि आचरन तुम्हारा ❀ होत मोह मम हृदय अपारा ॥४॥

मुनिले हात जोरेर विन्ति गरे—हे दयासागर ! मेरो केही विन्ति सुनिबक्सियोस् ॥ ३ ॥ हजूरको आचरण देख्तादेख्ता मेरा हृदयमा अपार मोह भएको छ ॥ ४ ॥

महिमा अमित बेद नहि जाना ❀ मैं केहि भाँति कहौं भगवाना ॥५॥
उपरोहिती कर्म अति मंदा ❀ बेद पुरान सुमृति कर निंदा ॥६॥

हे भगवान् ! हजूरको अगणित महिमालाई वेद पनि जान्दैनन्, म कसरी बयान गरौं ? ॥ ५ ॥ पुरोहित्याइँको काम अत्यन्त नीच काम हो, त्यसलाई वेद, पुराण, धर्मशास्त्रले निन्दा गरेका छन् ॥ ६ ॥

जब न लेउँ मैं तब बिधि मोही ❀ कहा लाभु आगे सुत तोही ॥७॥
परमातमा ब्रह्म नररूपा ❀ होइहि रघुकुल भूषन भूपा ॥८॥

जब मैले त्यो काम लिइनँ (लिन गाह्रो मानें) त्यस बेलामा ब्रह्माजीले मलाई भन्नुभयो—"पुत्र ! तिमीलाई पछि फाइदा हुनेछ, ॥ ७ ॥ परमात्मा ब्रह्म नरशरीर धारण गरेर रघुकुलका गहनास्वरूप भएका राजा हुनुहुनेछ" ॥ ८ ॥

दोहा—तब मैं हृदय बिचारा जोग जग्य ब्रत दान ।
जा कहुँ करिअ सो पैहौं धर्म न येहि सम आन ॥७०॥

अनि मैले मनमा विचार गरें कि—योगाभ्यास, यज्ञ-याग, व्रत-दान जसका निमित्त (जसलाई भेट्टाउन) गरिन्छन्, त्यही वस्तु (ब्रह्म) म पाउने भएँ, ऐह्ले मेरा हकमा त्यो पुरोहित्याइँबराबरको अर्को धर्म केही छैन ॥ ७० ॥

चौ०—जप तप नियम जोग निज धर्मा ❀ श्रुतिसंभव नाना सुभ कर्मा ॥१॥
ज्ञान दया दम तीरथ मज्जन ❀ जहँ लगि धर्म कहत श्रुति सज्जन ॥२॥

जप-तप-नियम, योगाभ्यास, वर्णधर्म, आश्रमधर्म, श्रुतिले बताएका नाना प्रकारका शुभ कर्म, ज्ञान, दया, दम, तीर्थस्नान, इत्यादि गरेका जति धर्म श्रुति स्मृतिले बताएका छन्, तिनको र ॥ १ ॥ २ ॥

आगम निगम पुरान अनेका ❀ पढ़ें सुनें कर फल प्रभु एका ॥३॥
तव पद पंकज प्रीति निरंतर ❀ सब साधन कर येह फल सुंदर ॥४॥

अनेक वेद, अनेक पुराण पढ्ना-सुन्नाको एउटै फल हजूरको प्राप्ति हो (माथि बताएका सबै शुभकर्म हजूरलाई पाएपछि मात्र सफल हुन्छन्) ॥ ३ ॥ यम-नियम आदि गरेका सबै साधनको उत्तम फल हजूरका चरणकमलमा निरवच्छिन्न प्रीति लाग्नु हो ॥ ४ ॥

छूटै मल कि मलहि कें धोयें ❀ घृत कि पाव कोउ बारि बिलोयें ॥५॥
प्रेमभगति जल बिनु रघुराई ❀ अभिअंतर मल कबहुँ न जाई ॥६॥

मैलाले धोएर मैला जान्छ र ? पानी पगालेर कसैले घिउ पाउँछ र ? ॥ ५ ॥ हे राम ! प्रेम र भक्तिरूपी जल नभैकन अन्तःकरणको मल कहिल्यै छुट्तैन ॥ ६ ॥

सोइ सर्बज्ञ तज्ञ सोई पंडित ❀ सोइ गुनगृह बिज्ञान अखंडित ॥७॥

दक्ष सकल लक्षनजुत सोई ❀ जा कें पद सरोज रति होई ॥८॥

हे राम ! त्यही सर्वज्ञ हो, त्यही ब्रह्मज्ञानी हो, त्यही पण्डित हो, त्यही गुणनिवास (गुणी) हो, त्यही अखण्डविज्ञान (पूर्णज्ञानी) हो, ॥ ७ ॥ त्यही सिपालु, त्यही सुलक्षण हो, जसको प्रीति हजूरका चरणकमलमा छ ॥ ८ ॥

दोहा–नाथ एक बर मागौं राम कृपा करि देहु ।
जन्म जन्म प्रभुपद कमल कबहुँ घटै जनि नेहु ॥७१॥

हे नाथ ! हे राम ! एउटा वर माग्दछु, कृपा गरेर बक्सनुहोस् । जन्मजन्मान्तरमा हजूरका चरणकमलमा मेरो प्रेम कहिल्यै पनि नघटोस्" ॥ ७१ ॥

चौ०–अस कहि मुनि बसिष्ठ गृह आए ❀ कृपासिंधु कें मन अति भाए ॥१॥
हनूमान भरतादिक भ्राता ❀ संग लिए सेवक सुखदाता ॥२॥

यसो भनेर वशिष्ठमुनि घर गए ! करुणासागर रामजीलाई ती मुनि अत्यन्त मनपरे ॥ १ ॥ अनि सेवकसुखदाता दयालु रामचन्द्रजीले भरत प्रभृति सबै भाईलाई र हनूमान्‌लाई साथमा लिएर– ॥ २ ॥

पुनि कृपाल पुर बाहेर गए ❀ गज रथ तुरग मगावत भए ॥३॥
देखि कृपा करि सकल सराहे ❀ दिए उचित जिन्ह जिन्ह जेइ चाहे ॥४॥

शहर बाहिर पाल्नुभयो र रथ, हात्ती, घोडा तुरन्तै झिकाउनुभयो ॥ ३ ॥ सबैलाई हेर्नुभयो, अनि दया गरेर सबैलाई सह्राउनुभयो । उहाँपछि जसले जे जे कुरा चाहन्थे तिनीहरूलाई उचित गरीकन त्यही त्यही कुरा दिनुभयो ॥ ४ ॥

हरन सकल श्रम प्रभु श्रम पाई ❀ गए जहाँ सीनल अबराई ॥५॥
भरत दीन्ह निज बसन डसाई ❀ बैठे प्रभु सेवहिं सब भाई ॥६॥

सकल श्रमहरण (सबै थकाइ हर्ने) प्रभुजीलाई थकाइ लाग्यो र जहाँ शीतल आम्रवाटिका (आँपको बगैँचा) थियो उहीं जानुभयो ॥ ५ ॥ भरतजीले आफ्ना पछेउरा ओछ्याइदिनुभयो, प्रभुजी राजभयो, सबै भाईहरू सेवा गर्न लागे ॥ ६ ॥

मारुतसुत तब मारुत करई ❀ पुलक बपुष लोचन जल भरई ॥७॥
हनूमान समान बड़भागी ❀ नहिं कोउ रामचरन अनुरागी ॥८॥
गिरिजा जासु प्रीति सेवकाई ❀ बार बार प्रभु निज मुख गाई ॥९॥

वायुपुत्र हनूमान्‌जी हावा दिन लागे, तिनका शरीरमा रोमाञ्च, र नेत्रमा जल भरियो ॥ ७ ॥ हनूमान् जत्तिको रामचरणअनुरागी भाग्यवान् पुरुष कोही भएन ॥ ८ ॥ हे पार्वती ! जसको प्रीति र सेवालाई खास प्रभुजीले आफ्ना मुखारविन्दले बयान गर्नुहुन्थ्यो (त्यस्ता ती जत्तिको भाग्यवान् को हुन्थ्यो ?) ॥ ९ ॥

दोहा–तेहि अवसर मुनि नारद आए करतल बीन ।
गावन लागे राम कल कीरति सदा नवीन ॥७२॥

त्यसै मौकामा हातमा वीणा लिएका नारदमुनि आइपुगे, ती आएर नित्य नयाँ रहने (कहिल्यै पनि नवैलाउने) रामकीर्तिलाई मधुर स्वरले गाउन लागे ॥ ७२ ॥

चौ०–मामवलोकय पंकजलोचन ❀ कृपाबिलोकनि सोकबिमोचन ॥१॥
नील तामरस स्याम कामअरि ❀ हृदय कंज मकरंद मधुप हरि ॥२॥

हे कमलनयन ! हे शोकमोचन ! कृपाकटाक्षले मलाई हेर्नुहवोस् ॥ १ ॥ हे नीलकमल-श्यामल ! हे कामारिहृदयकमलमकरन्दभ्रमर ! (कामशत्रु शंकरजीका हृदयरूपी कमलको प्रेम-रूपी रसपान गर्ने भ्रमर !) हे हरे ! ॥ २ ॥

जातुधान बरूथ बल भंजन ❀ मुनि सज्जन रंजन अघगंजन ॥३॥
भूसुर ससि नव बृंद बलाहक ❀ असरनसरन दीन जन गाहक ॥४॥

हे राक्षससैन्यबलभञ्जन ! हे मुनि-सज्जन-रञ्जन ! हे पापनाशन ! ॥ ३ ॥ हे ब्राह्मणसस्य-नवीनमेघपटल (ब्राह्मणवर्गरूपी बाली-नालीको जीवन गराउनालाई नयाँ मेघमण्डल !) हे अशरण-शरण ! हे दीनजनानुग्राहक ॥ ४ ॥

भुजबल बिपुल भार महि खंडित ❀ खर दूषन बिराध बध पण्डित ॥५॥
रावनारि सुखरूप भूपबर ❀ जय दसरथकुल कुमुद सुधाकर ॥६॥

हे विपुलभुजबलखण्डितमहीभार ! (ठूलो भुजबलले भूभारलाई हरण गर्ने !) हे खर-दूषण-विराधवधपण्डित ! ॥ ५ ॥ हे रावणारे ! हे सुखमूर्ते ! हे महाराज ! हे दशरथकुलकुमुद-सुधाकर ! (दशरथको कुलरूपी चन्द्रकमलको प्रफुल्लता गर्ने चन्द्रमा !) हजूरको जय होस् ॥ ६ ॥

सुजसु पुरान बिदित निगमागम ❀ गावत सुर मुनि संत समागम ॥७॥
कारुनीक व्यलीक मदखंडन ❀ सब बिधि कुसल कोसलामंडन ॥८॥
कलिमल मथन नाम ममताहन ❀ तुलसिदास प्रभु पाहि प्रनत जन ॥९॥

भगवान् ! हजूरको सुयश बेद-शास्त्र-पुराणमा प्रसिद्ध छ, देवता, मुनि, साधुसन्तहरू एकत्र भएर त्यो सुयश गाउँछन् ॥ ७ ॥ हजूर करुणासागर भएर लोकपीडा गर्ने दुष्टहरूको घमण्ड तोड्नालाई सब तरहबाट निपुण होइबक्सिन्छ ॥ ८ ॥ हे अयोध्याभूषण ! हे कलिमलमथन ! भगवान् ! हजूरको नाम ममतालाई नष्ट गर्दछ । हे प्रभो ! शरणागत भक्तको रक्षा गरिबक्सियोस् ॥ ९ ॥

दोहा–प्रेम सहित मुनि नारद बरनि राम गुन ग्राम ।
सोभासिंधु हृदय धरि गए जहाँ बिधिधाम ॥७३॥

नारदमुनि प्रेमका साथ रामजीका गुणको गान गरेर वहाँको शोभासमुद्रस्वरूप भएको रूपलाई हृदयमा राखेर ब्रह्मलोक गए ॥ ७३ ॥

[मानसको उपसंहार]

चौ०-गिरिजा सुनहु बिसद येह कथा ❀ मैं सब कही मोरि मति जथा ॥१॥
रामचरित सत कोटि अपारा ❀ श्रुति सारदा न बरनैं पारा ॥२॥

हे पार्वती ! सुन, निर्मल भएको यो कथा मेरी बुद्धि जस्ती छ तदनुसार (यथामति) मैले वर्णन गरें ॥ १ ॥ रामजीको चरित्र शयकरोड श्लोकको अपार छ, वेद र सरस्वतीले वर्णन गर्न लागे पनि पार पाउँदैनन् ॥ २ ॥

रामु अनंत अनंत गुनानी ❀ जन्म कर्म अनंत नामानी ॥३॥
जलसीकर महिरज गनि जाहीं ❀ रघुपति चरित न बरनि सिराहीं ॥४॥

रामजी अनन्त (अन्त पाइन नसकिने) हुनुहुन्छ, वहाँका गुणगण पनि अनन्त (अगणित) छन् । वहाँका जन्म-कर्म-नाम अनन्त छन् ॥ ३ ॥ यावत् जलका कण (थोपा) र यावत् पृथिवीका धूलाका कण गन्न सकिएलान्, रघुपतिका चरित्र वर्णन गरेर सकिदैनन् ॥ ४ ॥

बिमल कथा हरिपद दायनी ❀ भगति होइ सुनि अनपायनी ॥५॥
उमा कहेउँ सब कथा सुहाई ❀ जो भुसुंडि खगपतिहि सुनाई ॥६॥

हे पार्वती ! निर्मल यो कथा हरिपद (वैकुण्ठ) दायिनी छ, यो सुन्दा अनपायिनी (निश्चल) भक्ति प्रकट हुन्छे ॥ ५ ॥ पार्वती ! काकभुशुण्डीले गरुडलाई जो सुनाएथे त्यो सबै कथा भनिसकें ॥ ६ ॥

कछुक राम गुन कहेउँ बखानी ❀ अब का कहौं सो कहहु भवानी ॥७॥
सुनि सुभ कथा उमा हरषानी ❀ बोलीं अति बिनीत मृदु बानी ॥८॥
धन्य धन्य मैं धन्य पुरारी ❀ सुनेउँ रामगुन भव भय हारी ॥९॥

मैले अलिकति रामजीका गुणको वर्णन गरें, पार्वती ! अब के भनौं ! त्यो भन" ॥ ७ ॥ यो शुभकथा सुनेर पार्वती हर्षित हुनुभयो र वहाँले अत्यन्त नम्र मधुर वचन बोल्नुभयो ॥ ८ ॥ "हे त्रिपुरारे ! भगवन् ! म धन्य धन्य धन्य रहिछु, संसारको भयलाई हरण गर्ने रामगुण-वर्णन सुनें ॥ ९ ॥

दोहा-तुम्हरीं कृपा कृपाल मैं अब कृतकृत्य न मोह ।
जानेउँ रामप्रताप प्रभु चिदानंद संदोह ॥७४॥

हे कृपालु ! हजूरको कृपाले अब म कृतकृत्य भएँ, मोह छुट्यो । चैतन्य र आनन्दका समुदाय (समष्टि) स्वरूप भएका प्रभु रामजीको प्रताप जानें ॥ ७४ ॥

दोहा-नाथ तवानन ससि स्रवत कथा सुधा रघुबीर ।
श्रवन पुटन्हि मन पान करि नहिं अघात मतिधीर ॥७५॥

हे धीरबुद्धे ! हे नाथ ! हजूरको मुहाररूपी चन्द्रमण्डलबाट चुहुन लागेको रामकथा

रूपी अमृतलाई मेरा मनले कर्णपुटद्वारा (कानरूपी पात्रद्वारा) पान गर्‍यो, तथापि अघाएको छैन ॥ ७५ ॥

चौ०—रामचरित जे सुनत अघाहीं ❀ रस बिसेष जाना तिन्ह नाहीं ॥१॥
जीवनमुक्त महामुनि जेऊ ❀ हरिगुन सुनहिं निरन्तर तेऊ ॥२॥

जो व्यक्ति रामचरित्र सुन्दा अघाउँछन् (भो भन्छन्) तिनीहरूले रसको विशेष (खूबी) जानेनन् ॥ १ ॥ जो जो जीवन्मुक्त भएका महामुनिहरू छन्, तिनीहरू पुनि निरन्तर रामचरित्र सुन्दछन् (ब्रह्मास्वादभन्दा रामकथास्वाद अधिक रहेछ र न तिनीहरू त्यसो गर्छन्, बिचरा अज्ञानी संसारीहरू रामचरित्रको स्वादविशेषलाई के जानून् ?) ॥ २ ॥

भवसागर चह पार जो पावा ❀ रामकथा ता कहुँ दृढ़ नावा ॥३॥
बिषइन्ह कहँ पुनि हरि गुन ग्रामा ❀ श्रवन सुखद अरु मन अभिरामा ॥४॥

जो व्यक्ति भवसागरको पार पुग्न चाहन्छ, त्यसका निमित्त रामकथा बलियो जहाज हो ॥ ३ ॥ भवसागरको पार पुग्न नचाहने विषयीहरूलाई पनि रामजीका गुणगणको वर्णन कानलाई आनन्द दिने र मनलाई रमाइलो छ ॥ ४ ॥

श्रवनवंत अस को जग माहीं ❀ जाहि न रघुपतिचरित सोहाहीं ॥५॥
ते जड़ जीव निजातम घाती ❀ जिन्हहिं न रघुपतिकथा सोहाती ॥६॥

जसलाई रघुपतिको चरित्र मनपरोइन, त्यस्तो मानिस कान भएको ता को होला ? (कान फुटेकालाई भने मनपरोइन) ॥ ५ ॥ जसलाई रघुपतिको कथा मनपर्दैन, ती जडजीवहरू आत्मघाती हुन् ॥ ६ ॥

हरिचरित्रमानस तुम्ह गावा ❀ सुनि मैं नाथ अमित सुख पावा ॥७॥
तुम्ह जो कहा येह कथा सुहाई ❀ काकभुसुंडि गरुर प्रति गाई ॥८॥

हे नाथ ! हजूरले रामचरितमानस गाउनु (वर्णन गर्नु) भयो, त्यो सुन्दा मैले अतुल आनन्द पाएँ ॥ ७ ॥ हजूरले यो सुन्दरकथा काकभुशुण्डीले गरुडलाई सुनाएको हो जो भन्नुभयो ॥ ८ ॥ (त्यो कुरामा)

दोहा—बिरति ज्ञान बिज्ञान दृढ़ रामचरित अनि नेह ।
बायसतन रघुपतिभगति मोहि परम संदेह ॥७६॥

कागको चोला (देह) भएका काकभुशुण्डीलाई वैराग्य, ज्ञान, विज्ञान (शास्त्रज्ञान) रामचरित्रमा अत्यन्त दृढ़ प्रेम, रघुनाथजीको भक्ति भएबाबत मलाई ठूलो सन्देह लाग्यो ॥ ७६ ॥

चौ०—नरसहस्र महुँ सुनहुँ पुरारी ❀ कोउ एक होइ धर्म ब्रत धारी ॥१॥
धर्मसील कोटिक महुँ कोई ❀ बिषयबिमुख बिरागरत होई ॥२॥

हे पुरारे ! सुनिबक्सियोस्, हजारौं मनुष्यमध्ये एउटा कोही धर्मव्रतधारी (नियमपूर्वक धर्म गर्ने) हुन्छ ॥ १ ॥ कोटि धर्मव्रतधारीमध्ये एउटा कोही विषयदेखि विमुख भएको विरक्त (वैरागी) हुन्छ ॥ २ ॥

कोटि बिरक्त मध्य श्रुति कहई ❀ सम्यक ज्ञान सकृत कोउ लहई ॥३॥
ज्ञानवंत कोटिक महुँ कोऊ ❀ जीवनमुक्त सकृत जग सोऊ ॥४॥

वेद भन्दछन् कि करोड विरक्तमध्ये एउटा कोही पूर्णज्ञान पाउँछ, ॥ ३ ॥ कोटि ज्ञानीमध्ये संसारमा एउटा कोही जीवन्मुक्त[१] हुन्छ ॥ ४ ॥

तिन्ह सहस्र महुँ सब सुख खानी ❀ दुर्लभ ब्रह्मलीन बिज्ञानी ॥५॥
धर्मसील बिरक्त अरु ज्ञानी ❀ जीवनमुक्त ब्रह्मपर प्रानी ॥६॥
सब तें सो दुर्लभ सुरराया ❀ रामभगति रत गत मद माया ॥७॥
सो हरिभगति काग किमि पाई ❀ बिस्वनाथ मोहि कहहु बुझाई ॥८॥

हजार जीवन्मुक्तमध्ये एउटा कोही सर्वानन्दपूर्ण, सर्वज्ञानमय, ब्रह्मनिष्ठ हुन्छ ॥ ५ ॥ हे देवदेव ! धर्मव्रतधारी, विरक्त, ज्ञानी, जीवन्मुक्त, ब्रह्मनिष्ठ, यी सबै प्राणीभन्दा त्यो प्राणी दुर्लभ छ, जो निष्कपट भावले रामजीका भक्तिमा तत्पर रहन्छ ॥ ६ ॥ ७ ॥ त्यस्तो दुर्लभ हरिभक्ति कागले कसरी पाए ? हे विश्वनाथ ! मलाई बुझाएर बताउनुहोस् ॥ ८ ॥

दोहा–रामपरायन ज्ञानरत गुनागार मतिधीर ।
नाथ कहहु केहि कारन पाएउ काकसरीर ॥७७॥

हे नाथ ! रामपरायण (रामसेवातत्पर), ज्ञानरत (ज्ञानयुक्त), गुणागार (गुणका घर) र धीरबुद्धि भएका तिनले के कारणले काकशरीर पाए ॥ ७७ ॥

चौ०–येह प्रभुचरित पवित्र सुहावा ❀ कहहु कृपाल काक कहँ पावा ॥१॥
तुम्हँ केहिं भाँति सुना मदनारी ❀ कहहु मोहि अति कौतुक भारी ॥२॥

हे दयालो ! हे मदनदमन ! प्रभु रघुनाथजीको यो पवित्र चरित्र ती कागले कहाँबाट पाए ? ॥ १ ॥ हजूरले कुन प्रकारसँग सुनिबक्सियो, मलाई अत्यन्त कौतुक (रहर) लाग्यो, बताइबक्सियोस् ॥ २ ॥

गरुड़ महाज्ञानी गुनरासी ❀ हरिसेवक अति निकट निवासी ॥३॥
तेहि केहि हेतु काग सन जाई ❀ सुनी कथा मुनिनिकर बिहाई ॥४॥

गरुडजी पनि महाज्ञानी र गुणका राशि (समूहरूप) हुनाले विष्णुभगवान्का पार्श्ववर्ती सेवक भएका हुन् ॥ ३ ॥ तिनले मुनिवर्गलाई छाडेर (मुनिवर्गसँग नगएर) कागसँग गएर कथा किन सुने ? ॥ ४ ॥

---

(१) "हजारौं मनुष्यमध्ये कोही एउटा मनुष्य मुक्तिका निमित्त प्रयत्न गर्दछ, प्रयत्न गर्ने र सिद्ध भैसकेका हज्जारौंमध्ये कोही एउटा मात्र मलाई ठीक ठीक जान्दछ" भनी कृष्णभगवान्ले अर्जुनलाई भन्नुभएको छ—

"मनुष्याणां सहस्रेषु कश्चिद्यतति सिद्धये ।
यततामपि सिद्धानां कश्चिन्मां वेत्ति तत्त्वतः ॥"

कहहु कवन बिधि भा संबादा ❀ द्वौ हरिभगत काग उरगादा ॥५॥
गौरिगिरा सुनि सरल सुहाई ❀ बोले सिव सादर सुख पाई ॥६॥

विष्णुभगवान्का भक्त भएका काकभुशुण्डी र गरुड दुईजनाको संवाद कुन प्रकारले भयो ! बताइबक्सनुहोस्" ॥ ५ ॥ यस्ता प्रकारका सरल र सुन्दर भएका पार्वतीका वचन सुन्दा शङ्करजी आनन्दित भएर आदरसाथ बोल्नुभयो ॥ ६ ॥

धन्य सती पावनि मति तोरी ❀ रघुपतिचरन प्रीति नहि थोरी ॥७॥
सुनहु परम पुनीत इतिहासा ❀ जो सुनि सकल सोक भ्रम नासा ॥८॥
उपजै रामचरन बिस्वासा ❀ भवनिधि तर नर बिनहि प्रयासा ॥९॥

"हे पार्वती ! तिमी धन्य छौ, तिम्री बुद्धि पवित्र छ, रघुनाथजीका चरणमा तिम्रो प्रीति कम छैन ॥ ७ ॥ जो सुन्दा सकल शोक र भ्रान्तिको नाश हुन्छ, रामजीका चरणमा विश्वास हुन्छ र मानिस विनाप्रयास संसारसागर तर्दछ, त्यो परम पवित्र इतिहास सुन ॥ ८ ॥ ९ ॥

दोहा–ऐसिअ प्रस्न बिहंगपति कीन्हि काग सन जाइ ।
सो सब सादर कहिहौं सुनहु उमा मन लाइ ॥७८॥

हे पार्वती ! यस्तै प्रश्न गरुडजीले काकभुशुण्डीका समीप गएर गरेथे, आदरका साथ त्यो सबै म भन्दछु, चित्त लगाएर सुन ॥ ७८ ॥

चौ०–मैं जिमि कथा सुनि भवमोचनि ❀ सो प्रसंग सुनु सुमुखि सुलोचनि ॥१॥
प्रथम दक्षगृहं तव अवतारा ❀ सती नाम तब रहा तुम्हारा ॥२॥

मैले संसार बन्धनलाई फुकाइदिने यो रामकथा जसरी सुने, हे सुमुखी ! सुनयने ! त्यो प्रसंग सुन—॥ १ ॥ पहिले तिम्रो अवतार दक्षप्रजापतिका घरमा भएको हो, त्यस वेलामा तिम्रो नाम सती रहेको थियो ॥ २ ॥

दक्षजग्य तव भा अपमाना ❀ तुम्ह अति क्रोध तजे तब प्राना ॥३॥
मम अनुचरन्ह कीन्ह मखभंगा ❀ जानहु तुम्ह सो सकल प्रसंगा ॥४॥

जब दक्षका यज्ञमा अपमान भयो अनि तिमीले अत्यन्त क्रुद्ध भैकन प्राण छाड्यौ ॥ ३ ॥ मेरा गणहरूले यज्ञको विध्वंस गरे, त्यो सबै प्रसङ्ग तिमी जान्दछ्यौ ॥ ४ ॥

तब अति सोच भएउ मन मोरे ❀ दुखी भयउँ बियोग प्रिय तोरे ॥५॥
सुंदर बन गिरि सरित तड़ागा ❀ कौतुक देखत फिरौं बिरागा ॥६॥

अनि मेरा मनमा साह्रै नै अफसोस लाग्यो, हे प्रिये ! तिम्रो वियोगले म दुःखी भएँ ॥ ५ ॥ विरक्त भएर राम्रा राम्रा वन, पर्वत, नदी, तलाउहरूको दृश्य हेर्दै हेर्दै फिरन्ता भएँ ॥ ६ ॥

गिरि सुमेरु उत्तर दिसि दूरी ❀ नील सैल एक सुंदर भूरी ॥७॥
तासु कनकमय सिखर सुहाए ❀ चारि चारु मोरें मन भाए ॥८॥

उत्तर दिशामा सुमेरु पर्वतभन्दा धेरै टाढा एउटा अत्यन्त राम्रो नीलपर्वत छ ॥ ७ ॥

त्यसका अनेक शिखरमध्ये चार शिखर (टाकुरा) सुवर्णमय सुन्दर थिए, मलाई ती शिखर मनपरे ॥ ८ ॥

तिन्ह पर एक एक बिटप बिसाला ❀ बट पीपर पाकरी रसाला ॥९॥
सैलोपरि सर सुंदर सोहा ❀ मनिसोपान देखि मन मोहा ॥१०॥

ती शिखरमा ठूला ठूला बर, पीपल, पाखर, आँप यी चारजातका एकोटा वृक्ष थिए ॥ ९ ॥ तिनै शिखरमा सुन्दर मणिका सिढ़ी भएका तलाउ पनि थिए, त्यो देख्ता मेरो मन मोहित भयो ॥ १० ॥

दोहा—सीतल अमल मधुर जल जलज बिपुल बहुरंग ।
कूजत कलरव हंसगन गुंजत मंजुल भृंग ॥७९॥

जल निर्मल मीठो र ठंडा थियो, अनेक रङ्गका कमल धेरै थिए, हाँसका बथान मीठो स्वरले बोलिरहेका, भ्रमरहरू राम्रो गुञ्जन (आवाज) गरिरहेका थिए ॥ ७९ ॥

चौ०—तेहि गिरि रुचिर बसै खग सोई ❀ तासु नास कल्पांत न होई ॥१॥
मायाकृत गुन दोष अनेका ❀ मोह मनोज आदि अबिबेका ॥२॥
रहे ब्यापि समस्त जग माहीं ❀ तेहि गिरि निकट कबहुँ नहिं जाहीं ॥३॥
तहँ बसि हरिहि भजै जिमि कागा ❀ सो सुनु उमा सहित अनुरागा ॥४॥

त्यही सुन्दर पर्वतमा ती पक्षी (काकभुशुण्डी) को निवास थियो। त्यो पर्वतको नाश प्रलयकालमा पनि हुँदैनथ्यो ॥ १ ॥ मायाबाट उत्पन्न भएका गुण, दोष, मोह, काम-क्रोध इत्यादि अविवेकरूपी वस्तुले सारा संसारलाई व्याप्त गरिरहेका छन्, ती मायाकृत सकल विकार त्यो पर्वतका नगीचमा कहिल्यै पनि आउँदैनन् ॥ २ ॥ ३ ॥ त्यहीं बसेर ती काकभुशुण्डी जुनप्रकारले हरिभजन गर्दथे, हे पार्वती ! त्यो कुरा प्रेमसहित भैकन तिमी सुन ॥ ४ ॥

पीपर तरु तर ध्यान सो धरई ❀ जाप जग्य पाकरि तर करई ॥५॥
आँबछाह कर मानसपूजा ❀ तजि हरि भजनु काजु नहि दूजा ॥६॥
बर तर कह हरिकथा प्रसंगा ❀ आवहिं सुनै अनेक बिहंगा ॥७॥

(पहिला प्रहरमा सत्ययुगमा गर्नुपर्ने धर्मको अनुसार) ती पक्षी पिप्पलवृक्षका छायामा बसेर ध्यान गर्दथे। दोस्रा प्रहरमा त्रेतायुगको धर्मानुसार) पाखरवृक्षका छायामा बसेर जपरूपी यज्ञ गर्दथे ॥ ५ ॥ (तेस्रा प्रहरमा द्वापरको धर्मानुसार) आँपका वृक्षको छायामा बसेर मानसिक पूजा गर्दथे, त्यहाँ हरिभजनबाहेक दोस्रो काम हुँदैनथ्यो ॥ ६ ॥ (चौथा प्रहरमा कलिधर्मको अनुसार) वटवृक्षका छायामा बसेर हरिकथाको चर्चा (प्रसङ्ग) गर्दथे, हरिकथा सुन्नाका निमित्त अनेक पक्षी आउँथे सुन्दथे ॥ ७ ॥ (क)

(क) सत्ययुगमा ध्यान, त्रेतामा यज्ञ, द्वापरमा पूजा, कलिमा हरिकीर्तन प्रधान छ ।
कृते यद्ध्यायतो विष्णुं त्रेतायां यजतो मखैः ।
द्वापरे परिचर्यायां कलौ तत् हरिकीर्तनात् ॥ (भागवत)

रामचरित बिचित्र बिधि नाना ❀ प्रेम सहित कर सादर गाना ॥८॥
सुनहिं सकल मति बिमल मराला ❀ बसहिं निरंतर जे तेहिं ताला ॥९॥
जब मैं जाइ सो कौतुक देखा ❀ उर उपजा आनन्द बिसेषा ॥१०॥

ती काकभुशुण्डी प्रेमपूर्ण भएर आदरका साथ नाना प्रकारले रामचरित्रको गान गर्दथे ॥ ८ ॥ त्यो तलाउमा निरन्तर रहने जो निर्मल बुद्धि भएका हंस थिए ती सबै त्यो गान सुन्दथे ॥ ९ ॥ जब मैले गएर त्यो तमाशा देखें, मेरा मनमा खूब आनन्द पैदा भयो ॥ १० ॥

[काकभुशुण्डी-गरुड़संवाद]

दोहा–तब कछु काल मरालतनु धरि तहँ कीन्ह निवास ।
सादर सुनि रघुपतिगुन पुनि आएउँ कैलास ॥८०॥

पार्वती ! अनि मैले हाँसको रूप धारण गरेर केही कालसम्म त्यहीं निवास गरें, आदरका साथ रघुनाथजीका गुणको वर्णन सुनेर फेरि कैलास आएँ ॥ ८० ॥

चौ०–गिरिजा कहिउँ सो सब इतिहासा ❀ मैं जेहिं समय गएउँ खग पासा ॥१॥
अब सो कथा सुनहु जेहिं हेतू ❀ गएउ काग पहिं खगकुलकेतू ॥२॥

हे गिरिकुमारी ! म जुन समयमा काकभुशुण्डीका समीप गएको हुँ, त्यो सब इतिहास बताएँ, ॥ १ ॥ अब जुन कारणले पक्षिकुलका प्रधान गरुडजी कागका समीप गएका हुन् त्यो कथा सुन ॥ २ ॥

जब रघुनाथ कीन्हि रनक्रीड़ा ❀ समुझत चरित होति मोहि ब्रीड़ा ॥३॥
इंद्रजीतकर आपु बँधायो ❀ तब नारद मुनि गरुड़ पठायो ॥४॥

जब रघुनाथजीले युद्धलीला गर्नुभयो'''। त्यो चरित्र संझदाखेरि मलाई लाज लाग्दछ ॥ ३ ॥ इन्द्रजितका हातबाट आफू (नागपाशले) बाँधिनुभयो, अनि नारदमुनिले गरुड पठाए ॥ ४ ॥

बंधन काटि गयो उरगादा ❀ उपजा हृदय प्रचंड बिषादा ॥५॥
प्रभुबंधन समुझत बहु भाती ❀ करत बिचार उरग आराती ॥६॥

गरुड नागपाशको बन्धन काटेर गए, तिनका हृदयमा प्रचंड विषाद (खेद) पैदा भयो ॥ ५ ॥ सर्पवैरी गरुड प्रभुजीको नागपाशबन्धनलाई (सत्य) संझेर अनेक प्रकारले विचार गर्न लागे ॥ ६ ॥

ब्यापक ब्रह्म बिरज बागीसा ❀ माया मोह पार परमीसा ॥७॥
सो अवतरा सुनेउँ जग माहीं ❀ देखेउँ सो प्रभाव कछु नाहीं ॥८॥

"सर्व व्यापक, सबभन्दा खूब ठूला, मायाले रहित भएका, वाणीका मालिक, मायाबाट पैदा हुने मोहदेखि फरक रहेका परमेश्वरले भूमितलमा अवतार लिएको कुरा ता मैले सुनेको हो, तर त्यो प्रभाव केही देखिनँ ॥ ७ ॥ ८ ॥

दोहा–भवबंधन तें छूटहिं नर जपि जा कर नाम ।
खर्ब निसाचर बाँधेउ नागपास सोइ राम ॥८१॥

जसको नाम जप्दा मानिस संसारबन्धनबाट छुट्छन् उनै रामलाई तुच्छ राक्षसले नागपाशले बाँध्यो ? ॥ ८१ ॥

चौ०–नाना भाँति मनहिं समुझावा ❀ प्रगट न ग्यान हृदय भ्रम छावा ॥१॥
खेदखिन्न मन तर्क बढ़ाई ❀ भएउ मोहबस तुम्हरिहि नाई ॥२॥

गरुडले नाना प्रकारसँग मनलाई बुझाए, तैपनि ज्ञान प्रकट भएन, हृदयलाई भ्रान्तिले ढाक्यो, ॥ १ ॥ मनमा तर्क बढाउँदा बढाउँदा ती विषादले खिन्न भएर तिमीजस्तै मोहवश भए ॥ २ ॥

ब्याकुल गएउ देवरिषि पाहीं ❀ कहेसि जो संसय निज मन माहीं ॥३॥
सुनि नारदहि लागि अति दाया ❀ सुनु खग प्रबल राम कै माया ॥४॥

व्याकुल भएपछि गरुडजी नारद मुनिका समीप पुगे, मनमा जो संशय थियो त्यो तिनलाई बताए ॥ ३ ॥ त्यो सुनेर नारदलाई अत्यन्त दया लाग्यो, (र तिनले भने) “हे पक्षिराज ! सुन, रामजीकी माया अति बलवती छ, ॥ ४ ॥

जो ग्यानिन्ह कर चित अपहरई ❀ बरिआई बिमोह मन करई ॥५॥
जेहिं बहु बार नचावा मोही ❀ सोइ ब्यापी बिहंगपति तोही ॥६॥

जो माया ज्ञानीहरूका चित्तलाई पनि बलात्कारले खिचेर मोहलाई दिन्छे (चित्तलाई मोहाधीन पार्दछे) ॥ ५ ॥ (क) जसले मलाई धेरै फेर नचाई, हे पक्षिराज ! त्यही महामायाले तिमीलाई पनि छोपिछ ॥ ६ ॥

महामोह उपजा उर तोरें ❀ मिटिहि न बेगि कहें खग मोरें ॥७॥
चतुरानन पहिं जाहु खगेसा ❀ सोइ करेहु जो देहिं निदेसा ॥८॥

पक्षिराज ! तिम्रा हृदयमा महामोह उत्पन्न भयो, मैले भन्दा त्यो मोह झट्ट मेटिनेछैन ॥ ७ ॥ हे पक्षिराज ! तिमी ब्रह्माजीका समीप जाऊ, वहाँले जे आज्ञा दिनुहुन्छ, त्यही अनुसार गर” ॥ ८ ॥

दोहा–अस कहि चले देवरिषि करत राम गुन गान ।
हरिमाया बल बरनत पुनि पुनि परम सुजान ॥८२॥

यसो भनेर रामजीका गुणको गान र वारंवार वैष्णवी महामायाका बलको वर्णन गर्दै परमज्ञानी देवर्षि नारद हिंडे ॥ ८२ ॥

(क) ज्ञानिनामपि चेतांसि देवी भगवती हि सा ।
बलादाकृष्य मोहाय महामाया प्रयच्छति ॥ (मार्कण्डेय०)

चौ०-तब खगपति बिरंचि पहिं गएऊ ❀ निज संदेह सुनावत भएऊ ॥१॥
सुनि बिरंचि रामहि सिरु नावा ❀ समुझि प्रताप प्रेम उर छावा ॥२॥

अनि पक्षिराज गरुडजीले ब्रह्माजीका समीप गएर आफ्नो सन्देह सुनाए ॥ १ ॥ त्यो सुनेपछि ब्रह्माजीले रामजीलाई मानसिक प्रणाम गर्नुभयो, वहाँको प्रताप संझेर ब्रह्माजीका हृदयमा प्रेम बढेर आयो ॥ २ ॥

मन महुँ करै बिचार बिधाता ❀ मायाबस कबि कोबिद ज्ञाता ॥३॥
हरिमाया कर अमित प्रभावा ❀ बिपुल बार जेहि मोहि नचावा ॥४॥

ब्रह्माजीले मनमा विचार गर्नुभयो "कवि, पण्डित, ज्ञानी सबै मायावश छन् ॥ ३ ॥ वैष्णवी मायाको प्रभाव अतुल छ, जसले मलाई धेरै फेर नचाई ॥ ४ ॥

अग जग मय जग मम उपराजा ❀ नहि आचरज मोह खगराजा ॥५॥
तब बोले बिधि गिरा सुहाई ❀ जान महेस रामप्रभुताई ॥६॥

यो चराचर जगत् मैले उत्पन्न गरेको हो, (मलाई ता मोह भयोभने) पक्षिराज गरुडलाई मोह हुनु आश्चर्य छैन" ॥ ५ ॥ (यति विचार गरेर) ब्रह्माजीले मनोहर वचन बोल्नुभयो, "गरुड ! रामजीको प्रभावलाई शंकरजी जान्नुहुन्छ ॥ ६ ॥

बैनतेय संकर पहिं जाहू ❀ तात अनत पूछहु जनि काहू ॥७॥
तहँ होइहि तव संसय हानी ❀ चलेउ बिहंग सुनत बिधिबानी ॥८॥

हे वैनतेय ! (विनतापुत्र ! गरुड !) शंकरजीका समीप जाऊ, बाबु ! यो कुरा अन्यत्र कसैसँग नसोधे ॥ ७ ॥ त्यहाँ तिम्रो संशय नष्ट हुनेछ ।" यस्तो ब्रह्माजीको वचन सुनेर गरुडजी तुरन्त हिंडे ॥ ८ ॥

दोहा-परमातुर बिहंगपति आएउ तब मोहि पास ।
जात रहेउँ कुबेरगृह रहिहु उमा कैलास ॥८३॥

पार्वती ! तब अत्यन्त व्याकुल भएका गरुडजी मेरा समीप आइपुगे, त्यस वेलामा म कुबेरका घर जान लागेको थिएँ, तिमी कैलासैमा थियौ ॥ ८३ ॥

चौ०-तेहि मम पद सादर सिरु नावा ❀ पुनि आपन संदेह सुनावा ॥१॥
सुनि ता करि बिनीत मृदु बानी ❀ प्रेम सहित मैं कहेउँ भवानी ॥२॥

तिनले मेरा पाउमा शिर राखे, अनि आफ्नो सन्देह सुनाए ॥ १ ॥ पार्वती ! तिनको नम्र वचन सुनेर मैले प्रेमसहित भएर भनें ॥ २ ॥

मिलेहु गरुर मारग महुँ मोही ❀ कवन भाँति समुझावौं तोही ॥३॥
तबहि होइ सब संसय भंगा ❀ जब बहु काल करिअ सतसंगा ॥४॥

"गरुडजी ! बाटामा मसँग भेट गर्‍यौ, तिमीलाई म कसरी संझाऊँ ॥ ३ ॥ जब धेरै कालसम्म सत्सङ्ग गरिन्छ तब पो सबै संशयको नाश हुन्छ ॥ ४ ॥

सुनिअ तहाँ हरिकथा सुहाई ❀ नाना भाँति मुनिन्ह जो गाई ॥५॥
जेहि महुँ आदि मध्य अवसाना ❀ प्रभु प्रतिपाद्य रामु भगवाना ॥६॥

जो हरिकथा मुनिहरूले नाना प्रकारसँग गाइन्छ, त्यो सुन्दर हरिकथा त्यहीं गएर सुन्नुपर्दछ ॥ ५ ॥ जुन हरिकथामा पहिले (प्रारम्भमा) माझमा र अन्त्यमा प्रतिपादन गरिने (बताइने मुख्य विषय) भगवान् प्रभु रामचन्द्र हुनुहुन्छ ॥ ६ ॥

नित हरिकथा होति जहँ भाई ❀ पठवौं तहाँ सुनहु तुम्ह जाई ॥७॥
जाइहि सुनत सकल संदेहा ❀ रामचरन होइहि अति नेहा ॥८॥

भाई गरुड ! जहाँ नित्य हरिकथा हुन्छ, म तिमीलाई त्यहीं पठाउँछु, गएर तिमी सुन ॥ ७ ॥ गएर सुन्नेबित्तिकै सकल सन्देह दूर हुनेछन्, रामजीका चरणमा प्रेम खूब हुनेछ ॥ ८ ॥

दोहा–बिनु सतसंग न हरिकथा तेहि बिनु मोह न भाग ।
मोह गए बिनु रामपद होइ न दृढ़ अनुराग ॥८४॥

विनासत्सङ्ग हरिकथा पाइँदैन, विनाहरिकथा मोह भाग्दैन, मोह नगईकन रामचन्द्रजीका चरणमा दृढ़ प्रेम लाग्दैन ॥ ८४ ॥

चौ०–मिलहि न रघुपति बिनु अनुरागा ❀ किएँ जोग जप ज्ञान बिरागा ॥१॥
उत्तर दिसि सुंदर गिरि नीला ❀ तहँ रह काकभुसुंडि सुसीला ॥२॥

योगाभ्यास, जप, ज्ञान, वैराग्य भए पनि विना दृढ़ प्रेम रघुनाथजी भेट्टिनुहुन्न ॥ १ ॥ उत्तर दिशामा सुन्दर नीलगिरि छ, त्यहाँ असल स्वभाव भएका काकभुशुण्डी रहन्छन् ॥ २ ॥

रामभगति पथ परम प्रबीना ❀ ज्ञानी गुनगृह बहुकालीना ॥३॥
रामकथा सो कहै निरंतर ❀ सादर सुनहिं बिबिध बिहंगबर ॥४॥

ती रामजीका भक्तिका विषयमा अतिचतुर र ज्ञानवान् , गुणी, वृद्ध छन् ॥ ३ ॥ ती निरन्तर रामजीको कथा भन्दछन् , अनेक अनेक उत्तम पक्षीहरू आदरका साथ सुन्दछन् ॥ ४ ॥

जाइ सुनहुँ तहँ हरिगुन भूरी ❀ होइहि मोहजनित दुख दूरी ॥५॥
मैं जब तेहि सब कहा बुझाई ❀ चलेउ हरषि मम पद सिरु नाई ॥६॥

त्यहाँ गएर रामजीका अनन्त गुण सुन, मोहले पैदा गरेको दुःख दूर हुनेछ" ॥ ५ ॥ यति भनेर मैले जब तिनलाई सबै कुरा बुझाएँ अनि ती (गरुड) मेरा पाउमा वन्दना गरेर हिंडे ॥ ६ ॥

ता तें उमा न मैं समुझावा ❀ रघुपति कृपा मरमु मैं पावा ॥७॥
होइहि कीन्ह कबहुँ अभिमाना ❀ सो खोवै चह कृपानिधाना ॥८॥

हे पार्वती ! मैले तिनलाई संझाइन, (किनभने) रामजीका कृपाले तिनको मर्म

मैले बुझें ॥ ७ ॥ तिनले कैलेकाहीं अभिमान गरेका होलान्, करुणासागर भगवान् त्यो अभिमान छुटाउन चाहनुहुन्छ" (मैले यो बुझें) ॥ ८ ॥

कछु तेहि तें पुनि मैं नहि राखा ❁ समुझै खग खग ही कै भाषा ॥९॥
प्रभुमाया बलवंत भवानी ❁ जाहि न मोह कवन अस ज्ञानी ॥१०॥

तिनलाई मैले आफ्ना समीपमा राखिनँ, त्यसमा अलिकति कारण क्या हो भने "पक्षीको बोली पक्षी नै बुझ्दछ" (यत्तिकै हो) ॥ ९ ॥ पार्वती ! प्रभुजीकी माया अति बलवती छ, जसलाई त्यसले मोहित पारेको छैन, त्यस्तो ज्ञानी को छ ? ॥ १० ॥

दोहा–ज्ञानी भगतसिरोमनि त्रिभुवनपति कर जान ।
ताहि मोह माया नर पावर करहिं गुमान ॥८५॥
सिव बिरंचि कहुँ मोहै को है बपुरा आन ।
अस जिय जानि भजहिं मुनि मायापति भगवान ॥८६॥

जो ज्ञानी थिए, भक्तशिरोमणि थिए, त्रिभुवनपति भगवान् विष्णुका वाहन थिए, तिनलाई पनि महामायाले मोहित पारी, पामर (बेवकूफ) मानिस व्यर्थै घमण्ड गर्दछन् ॥ ८५ ॥

शिव भनाउँदो म र ब्रह्माजीलाई समेत मायाले मोहित पारिन्, अर्को बौरा (बिचरा) को होला ? यो कुरा मनले जानेर मुनिहरू तिनै महामायाका पति भएका विष्णु भगवान्लाई भज्दछन् ॥ ८६ ॥ (क)

चौ०–गएउ गरुड़ जहँ बसै भुसुंडी ❁ मति अकुंठ हरि भगति अखंडी ॥१॥
देखि सैल प्रसन्न मन भएउ ❁ माया मोह सोच सब गएऊ ॥२॥

अकुण्ठित बुद्धि भएका (सबै विषयमा बुद्धि पुग्ने सर्वज्ञ) अखण्डित हरिभक्ति गर्ने काकभुशुण्डी जहाँ बसेका थिए, गरुडजी त्यहीं गए ॥ १ ॥ नीलगिरि पर्वत देख्तैमा तिनको मन प्रसन्न भयो, माया-मोह, शोक-सुर्ता सबै हट्यो ॥ २ ॥

बृद्ध बृद्ध बिहंग तहँ आए ❁ सुनै राम के चरित सुहाए ॥३॥
करि तड़ाग मज्जनु जल पाना ❁ बट तर गएउ हृदय हरषाना ॥४॥

गरुडजी त्यो तलाउमा स्नान र जलपान गरेर वटवृक्षका छायामा पुगे, तिनको मन हर्षित भयो ॥ ३ ॥ त्यहाँ वृद्ध वृद्ध पक्षीहरू रामजीका सुन्दर चरित्र सुन्न आएका थिए ॥ ४ ॥

कथा अरंभ करैं सोइ चाहा ❁ तेहीं समय गएउ खगनाहा ॥५॥
आवत देखि सकल खगराजा ❁ हरषेउ बायस सहित समाजा ॥६॥

काकभुशुण्डी कथाको प्रारम्भ गर्न लागेका मात्रै थिए, त्यसै वेलामा पक्षिराज

(क) "जगन्मोहिनी मेरी त्रिगुणमयी माया अति बलवती छ, जो मायापति मेरा यथोक्त शरणागत छन् तिनीहरू त्यो मायाबाट बच्तछन् (अरूहरूलाई छाड्दैन)" भनी भगवान्ले अर्जुनलाई भन्नुभएको छ ।
"दैवी ह्येषा गुणमयी मम माया दुरत्यया । मामेव ये प्रपद्यन्ते मायामेतां तरन्ति ते" [गीता]

गरुडजी पुगे ॥ ५ ॥ सकल पक्षीगणका राजा गरुडजी आउन लागेको देखेर काकभुशुण्डीसहित सबै पक्षीसमाज हर्षित भयो ॥ ६ ॥

अति आदरु खगपति कर कीन्हा ❀ स्वागत पूछि सुआसन दीन्हा ॥७॥
करि पूजा समेत अनुरागा ❀ मधुर बचन तब बोलेउ कागा ॥८॥

पक्षीपति गरुडको खूब आदर गरे, स्वागत-कुशल-प्रश्न गरेर उत्तम आसन दिए ॥ ७ ॥ प्रेमसहित सत्कार गरीकन काकभुशुण्डीले मधुर वचन बोले ॥ ८ ॥

दोहा–नाथ कृतारथ भएउँ मैं तव दरसन खगराज ।
आएसु देहु सो करौं अब प्रभु आएहु केहि काज ॥८७॥
सदा कृतारथरूप तुम्ह कह मृदु बचन खगेस ।
जेहि कै अस्तुति सादर निज मुख कीन्हि महेस ॥८८॥

"हे नाथ ! हे पक्षिराज ! तपाईंका दर्शनले कृतार्थ भएँ, अब तपाईं जे आज्ञा दिनुहुन्छ त्यो गर्दछु, हे प्रभु ! के कामले आउनुभएको हो ?" ॥ ८७ ॥

पक्षिराज गरुडले कोमल वचन बोले, "तपाईं सदासर्वदा कृतार्थै हुनुहुन्छ, जसको स्तुति आदरका साथ शंकरजीले आफ्ना मुखले गर्नुभयो । (त्यस्ता तपाईं ऐले कृतार्थ हुनुभएको होइन, सदासर्वदा कृतार्थै हुनुहुन्छ) ॥ ८८ ॥

चौ०–सुनहुँ तात जेहिं कारज आएउँ ❀ सो सब भएउ दरस तव पाएउँ ॥१॥
देखि परम पावन तव आश्रम ❀ गएउ मोह संसय नाना भ्रम ॥२॥

हे तात ! सुन्नुहोस् , म जुन कारणले आएको हुँ त्यो काम सिद्ध भयो, तपाईंको दर्शन पाइहालें ॥ १ ॥ तपाईंको पवित्र आश्रम देख्तैमा मेरो मोह सन्देह नाना प्रकारको भ्रम नष्ट भयो ॥ २ ॥

अब श्रीरामकथा अति पावनि ❀ सदा सुखद दुखपूग नसावनि ॥३॥
सादर तात सुनावहु मोही ❀ बार बार बिनवौं प्रभु तोही ॥४॥

हे प्रभु ! अब अत्यन्त पवित्र भएकी, सर्वदा सुखदायिनी दुःखपुञ्जनाशिनी रामकथा मलाई सुनाइदिनुहोस् । हे तात ! म आदरका साथ तपाईंसँग विन्ति गर्दछु ॥ ३ ॥ ४ ॥

सुनत गरुर कै गिरा बिनीता ❀ सरल सप्रेम सुखद सुपुनीता ॥५॥
भएउ तासु मन परम उछाहा ❀ लाग कहै रघुपति गुन गाहा ॥६॥

गरुडजीका सरल प्रेमसहित सुखदायक अति पवित्र वचन सुनेर काकभुशुण्डीका मनमा ठूलो उत्साह भयो, रघुपति-राघवको गुणकथा बताउनलागे ॥ ५ ॥ ६ ॥

प्रथमहि अति अनुराग भवानी ❀ रामचरितसर कहेसि बखानी ॥७॥
पुनि नारद कर मोह अपारा ❀ कहेसि बहुरि रावन अवतारा ॥८॥
प्रभु अवतार कथा पुनि गाई ❀ तब सिसुचरित कहेसि मन लाई ॥९॥

हे पार्वती ! तिनले पहिले अत्यन्त प्रेमका साथ रामचरित्रको र मानससरोवरको रूपक (एकता) विस्तारपूर्वक वर्णन गरे ॥ ७ ॥ अनि नारदमुनिको अपार मोह्को वर्णन गरे। फेरि रावणका जन्मको कारण वर्णन गरे ॥ ८ ॥ अनि प्रभु रामजीका अवतारको कथा निरूपण गरे। अनि खूब चित्त लगाएर प्रभुको बाललीलाको वर्णन गरे ॥ ९ ॥

दोहा–बालचरित कहि बिबिध बिधि मन महुँ परम उछाह ।
रिषि आगवनु कहेसि पुनि श्रीरघुबीर बिबाह ॥८९॥

मनमा ठूलो उत्साह लिएर प्रभुको अनेक तरहका बाललीलाको वर्णन गरेर तिनले विश्वामित्र मुनिका आगमनको कथा सुनाए, अनि रघुवीरका विवाह्को वर्णन गरे ॥ ८९ ॥

चौ०–बहुरि राम अभिषेक प्रसंगा ❀ पुनि नृपबचन राजरस भंगा ॥१॥
पुरबासिन्ह कर बिरह बिषादा ❀ कहेसि राम लछिमन संबादा ॥२॥

अनि रामजीका राज्याभिषेकको प्रस्ताव, उहाँपछि राजा दशरथका यौवराज्य प्रदानको वचन, तदनन्दर राज्याभिषेकको रस भङ्ग ॥ १ ॥ उहाँपछि नगरनिवासीहरूको विरह्विषाद, त्यसपछि रामलक्ष्मणसंवाद (बताए) ॥ २ ॥

बिपिनगवनु केवट अनुरागा ❀ सुरसरि उतरि निवास प्रयागा ॥३॥
बालमीकि प्रभु मिलब बखाना ❀ चित्रकूट जिमि बसे भगवाना ॥४॥

अनि रामजीको वनगमन, गुह्को प्रेम, गङ्गा-तरण, प्रयाग-निवास, ॥ ३ ॥ वाल्मीकि-प्रभुमिलन र चित्रकूटमा भगवान् जसरी राजभयो त्यो कथा वर्णन गरे ॥ ४ ॥

सचिवागमनु नगर नृपमरना ❀ भरतागमनु प्रेम बहु बरना ॥५॥
करि नृपक्रिया संग पुरबासी ❀ भरतु गए जहँ प्रभु सुखरासी ॥६॥

अनि सुमन्त्र सारथिको नगरमा प्रत्यागमन (फर्कनु), राजको मरण, भरतको आगमन, तिनको प्रेम खूब वर्णन गरे ॥ ५ ॥ अनि राजाको क्रियाकर्म गरेर नगरनिवासीहरूका साथ सुखसमूहरूप प्रभुजी जहाँ हुनुहुन्थ्यो तहाँ भरतजी गएको (कथा वर्णन गरे) ॥ ६ ॥

पुनि रघुपति बहु बिधि समुझाए ❀ लै पादुका अवधपुर आए ॥७॥
भरतरहनि सुरपतिसुत करनी ❀ प्रभु अरु अत्रि भेट पुनि बरनी ॥८॥

फेरि प्रभुजीले धेरै तरहले संझाएको, पादुका (खराऊ) लिएर भरतजी अयोध्या फर्केको, ॥ ७ ॥ भरतको आचरण, इन्द्रका छोरा जयन्तको कर्तव्य (बदमाशी), अनि प्रभुजी र अत्रिमुनिको भेटघाट (यिनको वर्णन गरे) ॥ ८ ॥ (अनि)

दोहा–कहि बिराधबध जेहि बिधि देह तजी सरभंग ।
बरनि सुतीछनप्रीति पुनि प्रभु अगस्ति सन संग ॥९०॥

विराधराक्षसको जसरी बध भयो त्यो वृत्तान्त, शरभङ्ग ऋषिले जुन प्रकारसँग शरीर छाडे त्यो वृत्तान्त, सुतीक्ष्ण मुनिको प्रेम, प्रभुको र अगस्त्य मुनिको सत्सङ्ग, यिनको वर्णन गरे ॥ ९० ॥

चौ०–कहि दंडक बन पावनताई ❀ गीधमइत्री पुनि तेहि गाई ॥१॥
पुनि प्रभु पंचबटी कृत बासा ❀ भंजी सकल मुनिन्ह कै त्रासा ॥२॥

अनि दण्डकारण्यको पवित्रता, गृध्र (जटायु) सँगको मित्रता ॥ १ ॥ अनि प्रभुले गरेको पञ्चवटीको निवास, सकल मुनिको त्रासभञ्जन (राक्षसवधप्रतिज्ञा), यिनको वर्णन गरे ॥ २ ॥

पुनि लछिमन उपदेस अनूपा ❀ सूपनखा जिमि कीन्हि कुरूपा ॥३॥
खर दूषन बध बहुरि बखाना ❀ जिमि सबु मरमु दसानन जाना ॥४॥

अनि लक्ष्मणजीलाई अनुपम उपदेश, शूर्पणखालाई जसरी विरूप गर्नुभयो त्यो वृत्तान्त ॥ ३ ॥ अनि खरदूषणवध, जसरी रावणले त्यो सबै मर्म जान्यो (त्यो कुरा वर्णन गरे) ॥ ४ ॥

दसकंधर मारीच बतकही ❀ जेहि बिधि भई सो सब तेहिं कही ॥५॥
पुनि मायासीता कर हरना ❀ श्रीरघुबीरबिरह कछु बरना ॥६॥

अनि रावण र मारीचको वार्तालाप जसरी भयो त्यो सबै वृत्तान्त भुशुण्डीजीले भने ॥ ५ ॥ अनि मायासीताको हरण र रघुनाथजीको विरहव्याकुलताको केही वर्णन गरे ॥ ६ ॥

पुनि प्रभु गीधक्रिया जिमि कीन्ही ❀ बधि कबंध सबरिहि गति दीन्ही ॥७॥
बहुरि बिरह बरनत रघुबीरा ❀ जेहि बिधि गए सरोवर तीरा ॥८॥

अनि प्रभुजीले गृध्रराज जटायुको दाहक्रिया जसरी गर्नुभयो त्यो वृत्तान्त, कबन्धलाई मारेर शबरीलाई जसरी सद्‌गति दिनुभयो त्यो वृत्तान्त, ॥ ७ ॥ फेरि रघुवीरले जसरी विरहको वर्णन गर्नुभयो त्यो वृत्तान्त, जुन प्रकारले पम्पासरोवरको तीरमा पुग्नुभयो (त्यो वृत्तान्त वर्णन गरे) ॥ ८ ॥

दोहा–प्रभु नारद संबाद कहि मारुतिमिलन प्रसंग ।
पुनि सुग्रीवमिताई बालिप्रान कर भंग ॥९१॥
कपिहि तिलक करि प्रभु कृत सैल प्रबरषन बास ।
बरनन बरषा सरद कर रामरोष कपित्रास ॥९२॥

उहाँपछि प्रभुको र नारदको संवाद, हनूमान्‌सँग भेटघाट, सुग्रीवसँग मितेरी, बालिको प्राणनाश, यिनको वर्णन गरे ॥ ९१ ॥

अनि प्रभुजीले जसरी सुग्रीवको राज्याभिषेक गराएर प्रवर्षण पर्वतमा निवास गरिबक्सियो त्यो वृत्तान्त, प्रभुले गरेको वर्षा र शरद्‌ऋतुको वर्णन, प्रभुजीको क्रोध, वानरहरूको डर, यिनको वर्णन गरे ॥ ९२ ॥

चौ०–जेहि बिधि कपिपति कीस पठाए ❀ सीता खोजन सकल सिधाए ॥१॥
बिबरप्रवेस कीन्ह जेहि भाँती ❀ कपिन्ह बहोरि मिला संपाती ॥२॥

अनि वानरपति सुग्रीवले जसरी बानरगणलाई पठाए त्यो वृत्तान्त, जसरी वानर-

हरू सीताजीलाई खोज्दै हिंडे त्यो वृत्तान्त, ॥ १ ॥ जसरी वानरहरूले गुहाप्रवेश गरे त्यो वृत्तान्त र फेरि संपातिलाई जसरी वानरसमूहले भेटे (त्यो वृत्तान्तको वर्णन गरे) ॥ २ ॥

सुनि सब कथा समीरकुमारा ❀ नाघत भयेउ पयोधि अपारा ॥३॥
लंका कपि प्रबेस जिमि कीन्हा ❀ पुनि सीतहि धीरजु जिमि दीन्हा ॥४॥

अनि जसरी वायुपुत्रले सबै वृत्तान्त सुनेर अपार सागरलाई नाघे, त्यो वृत्तान्त ॥ ३ ॥ र तिनले जसरी लंकामा प्रवेश गरे, अनि जसरी जानकीजीलाई धैर्य दिए (त्यो वृत्तान्तको वर्णन गरे) ॥ ४ ॥

बन उजारि रावनहि प्रबोधी ❀ पुर दहि नाघेउ बहुरि पयोधी ॥५॥
आये कपि सब जहँ रघुराई ❀ बैदेही कै कुसल सुनाई ॥६॥

अनि हनूमान्ले जसरी वन उजार पारे, जसरी रावणलाई बुझाए, जसरी लङ्का डढाएर फेरि सागर नाघे त्यो वृत्तान्त ॥ ५ ॥ र सबै वानर जम्मा भएर रघुनाथजीका समीप जसरी आए, हनूमान्ले सीताजीको कुशल-समाचार जसरी सुनाए (त्यो वृत्तान्त वर्णन गरे) ॥ ६ ॥

सेन समेत जथा रघुबीरा ❀ उतरे जाइ बारिनिधि तीरा ॥७॥
मिला बिभीषनु जेहि बिधि आई ❀ सागरनिग्रह कथा सुनाई ॥८॥

अनि जसरी रघुनाथजी सेनासहित भएर समुद्रका तीरमा पुग्नुभयो ॥ ७ ॥ जुन प्रकारले आएर विभीषणले रामजीको दर्शन गरे, त्यो वृत्तान्त र समुद्रलाई कायम पारेको वृत्तान्त सुनाए ॥ ८ ॥

दोहा—सेतु बाँधि कपिसेन जिमि उतरी सागर पार ।
गएउ बसीठीं बीरबर जेहि बिधि बालिकुमार ॥९३॥
निसिचर कीस लराई बरनिसि बिबिध प्रकार ।
कुंभकरन घननाद कर बल पौरुष संघार ॥९४॥

अनि समुद्रमा सेतुबन्धन गरेर वानरसेना जसरी पारि पुग्यो, जसरी श्रेष्ठ वीर भएका बालिपुत्र अङ्गद दूतकर्म गर्न (दौत्य गर्न) गए, (त्यो वृत्तान्त सुनाए) ॥ ९३ ॥

अनि राक्षसरूको र वानरहरूको नाना प्रकारका लडाइँको वर्णन गरे। अनि कुम्भकर्णको र मेघनादको बल र पौरुष (पराक्रम) को संहार भएको (वृत्तान्त सुनाए) ॥ ९४ ॥

चौ०—निसिचरनिकर मरन बिधि नाना ❀ रघुपति रावन समर बखाना ॥१॥
रावनबध मंदोदरिसोका ❀ राजु बिभीषन देब असोका ॥२॥

अनि अनेक प्रकारसँग राक्षसहरू मरेका र रामजी र रावणको युद्ध भएको वृत्तान्त वर्णन गरे ॥ १ ॥ अनि रावणबध, मन्दोदरीविलाप, विभीषणराज्याभिषेक, देवताको शोकनाश (थिनको वर्णन गरे) ॥ २ ॥

सीता रघुपति मिलन बहोरी ❀ सुरन्ह कीन्हि अस्तुति कर जोरी ॥३॥

६६

पुनि पुष्पक चढ़ि कपिन्ह समेता ❀ अवध चले प्रभु कृपानिकेता ॥४॥

अनि सीतारामिलन र हात जोरेर देवताहरूले गरेको रामस्तुति, ॥ ३ ॥ वानर-सहित भैकन पुष्पक चढेर करुणासागर रामचन्द्रजीको अयोध्यातर्फ यात्रा, (यिनको वर्णन गरे) ॥ ४ ॥

जेहिं बिधि रामु नगर निज आए ❀ बायस बिसद चरित सब गाए ॥५॥
कहेसि बहोरि राम अभिषेका ❀ पुरबरनन नृपनीति अनेका ॥६॥

अनि रामचन्द्रजी जसरी आफ्ना नगरमा पाल्नुभयो, त्यो सबै वृत्तान्त र निर्मल चरित्रको भुशुण्डीले वर्णन गरे ॥ ५ ॥ फेरि तिनले रामराज्याभिषेक, नगरपरिस्थिति, अनेक राजनीति, वर्णन गरे ॥ ६ ॥

कथा समस्त भुसुंडि बखानी ❀ जो मैं तुम्ह सन कही भवानी ॥७॥
सुनि सब रामकथा खगनाहा ❀ कहत बचन मन परम उछाहा ॥८॥

हे पार्वती ! तिमीसँग मैले जो कथा वर्णन गरेको हुँ, त्यो सबै कथा काकभुशुण्डीले भनेको हो, ॥ ७ ॥ रामजीको सबै कथा सुनेपछि पक्षिराज गरुड़ मनमा उत्साहयुक्त भएर भन्न लागे ॥ ८ ॥

सोरठा—गएउ मोर संदेह सुनेउँ सकल रघुपतिचरित ।
भएउ रामपद नेह तव प्रसाद बायसतिलक ॥२॥
मोहि भएउ अति मोह प्रभुबंधन रन महुँ निरखि ।
चिदानंद संदोह रामु बिकल कारन कवन ॥३॥

"हे काककुलतिलक ! मेरो सन्देह नष्ट भयो, रघुपतिको सकल चरित्र सुनें । रामजीका चरणमा प्रेम लाग्यो, यो सबै तपाईंको अनुग्रह हो ॥ २ ॥

युद्धमा प्रभुजीलाई नागपाशले बन्धन भएको देख्ता "चैतन्य आनन्दका समूहस्वरूप रामजी कुन कारणले व्याकुल भएर अचेतन दुःखी हुनुभयो" भन्ने ठूलो सन्देह मलाई लागेको थियो ॥ ३ ॥

चौ०—देखि चरित अति नर अनुसारी ❀ भएउ हृदय मम संसय भारी ॥१॥
सोइ भ्रम अब हित करि मैं जाना ❀ कीन्ह अनुग्रह कृपानिधाना ॥२॥

मामूली मानिसका अनुसारको चरित्र देख्ता मेरा हृदयमा ठूलो सन्देह भएको हो ॥ १ ॥ त्यो सन्देहलाई मैले हितकारी बुझें, करुणानिधान रामजीले अनुग्रह गर्नुभएको रहेछ ॥ २ ॥

जो अति आतप ब्याकुल होई ❀ तरुछाया सुख जानै सोई ॥३॥
जौं नहि होत मोह अति मोही ❀ मिलतेउँ तात कवन बिधि तोही ॥४॥

जो व्यक्ति घामले अत्यन्त व्याकुल हुन्छ, त्यही व्यक्ति वृक्षका छायाका आनन्दलाई जान्दछ ॥ ३ ॥ हे तात ! यदि मलाई मोह नहुँदोहो ता तपाईंसँग म भेट किन गर्दो हुँ ? ॥ ४ ॥

सुनतेउँ किमि हरिकथा सुहाई ❀ अति बिचित्र बहु बिधि तुम्ह गाई ।।५।।
निगमागम पुरान मत एहा ❀ कहहिं सिद्ध मुनि नहि संदेहा ।।६।।

तपाईंले वर्णन गरेको अति विचित्र सुंदर हरिकथा कसरी सुन्दोहुँ, ।। ५ ।। वेद शास्त्र, पुराणको मत यही हो, मुनिहरू र सिद्धहरू पनि यसै भन्दछन् यसमा सन्देह छैन ।। ६ ।।

संत बिसुद्ध मिलहिं परि तेही ❀ चितवहिं राम्रु कृपा करि जेही ।।७।।
रामकृपा तव दरसनु भएऊ ❀ तव प्रसाद मम संसय गएऊ ।।८।।

जसका उपर रामजी कृपा गरेर दृष्टि दिनुहुन्छ, त्यसैले सच्चा साधु-संत भेट्टाउँछ ।। ७ ।। रामजीका कृपाले तपाईंको दर्शन भयो, तपाईंका कृपाले मेरो सबै सन्देह गयो ।। ८ ।।

दोहा—सुनि बिहंगपति बानी सहित बिनय अनुराग ।
पुलकगात लोचन सजल मन हरषेउ अति काग ।।९५।।

विनय र प्रेमले सहित भएको गरुडजीको वचन सुन्दा काकभुशुण्डी मनमा अत्यन्त हर्षित भए । तिनका नेत्र अश्रुपूर्ण, शरीर रोमाञ्चपूर्ण भयो ।। ९५ ।।

दोहा—श्रोता सुमति सुसील सुचि कथारसिक हरिदास ।
पाइ उमा अति गोप्यमपि सज्जन करहिं प्रकास ।।९६।।

हे पार्वती ! सच्चा सज्जनहरू बुद्धिमान्, सुशील, शुद्धचित्त, हरिकथारसिक, हरिभक्त भएको श्रोता पाएभने अत्यन्त गोप्य भएको कुरालाई पनि प्रकाश गरिदिन्छन् (बताइदिन्छन्) ।। ९६ ।।

चौ०—बोलेउ कागभुसुंडि बहोरी ❀ नभगनाथ पर प्रीति न थोरी ।।१।।
सब बिधि नाथ पूज्य तुम्ह मेरे ❀ कृपापात्र रघुनायक केरे ।।२।।

गरुडजीका उपर अत्यन्त प्रीति गरेर काकभुशुण्डीले फेरि भने—।। १ ।। "हे नाथ ! रघुनाथजीका दयापात्र तपाईं सब तरहबाट मेरा पूज्य हुनुहुन्छ ।। २ ।।

तुम्हहि न संसय मोह न माया ❀ मो पर नाथ कीन्हि तुम्ह दाया ।।३।।
पठै मोह मिस खगपति तोही ❀ रघुपति दीन्हि बड़ाई मोही ।।४।।

तपाईलाई न मोह थियो, न माया । हे नाथ ! फगत मेराउपर तपाईले दया गर्नुभएको हो ।। ३ ।। हे पक्षीराज ! रघुनाथजीले मोहको बहानाले तपाईंलाई पठाउनुभयो र मलाई प्रतिष्ठा (इज्जत) दिनुभयो ।। ४ ।।

तुम्ह निज मोह कहा खगसाईं ❀ सो नहि कछु आचरज गोसाईं ।।५।।
नारद भव बिरंचि सनकादी ❀ जे मुनिनायक आतमबादी ।।६।।

हे पक्षिपते ! तपाईंले आफ्नो मोह बताउनुभयो (मलाई मोह भयो र यहाँ आएँ भन्नुभयो) त्यो कुरामा पनि केही आश्चर्य छैन (मोह हुनु संभव पनि छ) ।। ५ ।। नारद-

शंकरजी, ब्रह्माजी, सनकादि मुनि इत्यादि गरेका मुनीश्वर र आत्मज्ञानोपदेशक कहलाएका जो जो छन्—॥ ६ ॥

मोह न अन्ध कीन्ह केहि केही ❀ को जग काम नचाव न जेहि ॥७॥
तृष्ना केहि न कीन्ह बौरहा ❀ केहि कर हृदय क्रोध नहि दहा ॥८॥

तिनीहरूमध्ये कुन कुनलाई मोहले अन्ध पारेको छैन ? । जसलाई कामदेवले नचाएको छैन जगत्मा त्यस्तो को छ ? ॥ ७ ॥ तृष्णाले कसलाई बौलाहा पारेको छैन ? । क्रोधले कसको हृदयलाई डढाएको छैन ? ॥ ८ ॥

दोहा–ज्ञानी तापस सूर कबि कोबिद गुन आगार ।
केहि कै लोभ बिडंबना कीन्हि न एहि संसार ॥९७॥

यो संसारमा ज्ञानी, तपस्वी, शूरवीर, कवि, पण्डित, गुणीमध्ये कुनचाहिनेलाई लोभले विडम्बना गरेको छैन (लोभले फजिहत गरेको छैन) ॥ ९७ ॥

दोहा–श्रीमद बक्र न कीन्ह केहि प्रभुता बधिर न काहि ।
मृगलोचनि लोचन सर को अस लाग न जाहि ॥९८॥

लक्ष्मीका मदले कसलाई [1]कुटिल पारेको छैन ?, प्रभुताले कसलाई [2]बहिरो पारेको छैन ?, जसलाई मृगनयनीहरूका नयनरूपी बाणले [3]घाइते पारेको छैन, यस्तो त्यो को छ ?॥९८॥

चौ०–गुन कृत सन्यपात नहि केही ❀ कोउ न मान मद तजेउ निबेही ॥१॥

---

(१) अरू नशा नशेबाजलाई पागल पार्दछन् , आफू पागल हुँदैनन् । लक्ष्मीको नशा ता अरूलाई पनि पागल पार्छ आफू पनि पागल हुन्छ, किनभने, आफ्ना संबन्धी (नशेबाज लक्ष्मीवान्) हरूलाई लक्ष्मीमदले शक्र (इन्द्र) बनाउन आँटेकोमा आफ्ना पागलपनाले तिनलाई शक्र पार्नु ता कता हो कता वक्र (कुटिल) पो पार्‍यो ।

मदयन्ति न माद्यन्ति विश्रुता इतरे मदाः ॥
श्रीमदस्तु स्वयं माद्यन्मदयत्यपरानपि ॥ १ ॥
शक्रीचिकीर्षुर्यदयं महिम्ना स्वेन भूयसा ॥
वक्रीचकार सकलान् स्वयुजः सरलान् सतः ॥ २ ॥ (सूक्ति०)

(२) ठूलो प्रभुताले प्रभुका कानका दुई प्वाल ता रोकिदिन्छ, त्यसले आश्रितहरूको मनोरथलाई रोक्नामा के आश्चर्य ?

निरुणद्धि कर्णविवरद्वयं प्रभोर्भूयसी प्रभुता ।
किं चित्रमाश्रितानां मनोरथान् सा रुणद्धीति ॥ १ ॥ (सूक्ति०)

(३) हाय ! खड्ग-बाणहरूका चोटलाई बर्दास्त गर्ने वीरहरू स्त्रीजनका नेत्रका छेउका चोटले खतम भए नि ।

सहन्त : खड्गबाणादिप्रहारान् दुःसहानपि ।
स्त्रीदृगन्तप्रहारेण हन्त ! वीरा निपातिताः ॥ (सूक्ति०)

जौबन ज्वर केहि नहि बलकावा ❀ ममता केहि कर जसु न नसावा ॥२॥

गुणले गरेकी सन्निपात रोग कसलाई भएन ? (ठूलो गुणी भएपछि [१]मनपरी बोलेर मनपरी गरेर सन्निपातरोग भएजस्तो को भएन ?) । मान र मदले नछेडीकन त्यसै कसलाई छाड्यो ? ॥ १ ॥ यौवन-ज्वरले कसलाई रन्काएन ? ममताले कसको यश नष्ट पारेन ? ॥ २ ॥

मछर काहि कलंक न लावा ❀ काहि न सोक समीर डोलावा ॥३॥
चिंता सापिनि काहि न खाया ❀ को जग जाहि न ब्यापी माया ॥४॥

मात्सर्य (अर्काको भलो भएकामा डाह) ले कसलाई कलङ्क लाएन ?, शोकरूपी हुरीले कसलाई हल्लाएन ? ॥ ३ ॥ चिन्तारूपी सर्पिणीले कसलाई डसिन ?, यो संसारमा मायाले कसलाई छोपिन ॥ ४ ॥

कीट मनोरथ दारु सरीरा ❀ जेहि न लाग घुन को अस धीरा ॥५॥
सुत बित लोक ईषना तीनी ❀ केहि कै मति इन्ह कृत न मलीनी ॥६॥

जसका शरीररूपी लकड़ीमा मनोरथरूपी घुणकीट (घुन) लागेको छैन, त्यस्तो धीर (खपुवा) को छ ? सबैको शरीर मनोरथ गर्दागर्द मकाएर जान्छ, कुनै शरीर खप्तैन, मनोरथरूपी घुन लागेपछि के खपोस् ?, मनोरथ नगर्ने (निःस्पृह) को शरीर अल्ली खप्तछ, त्यागी ऋषिमुनिहरू त्यसैले चिरंजीवी भएका हुन्) ॥ ५ ॥ पुत्रैषणा (पुत्रको खायस), वित्तैषणा (धनको खायस), लोकैषणा (सद्गति र यो लोकको खायस)—यी तीन एषणाले कसको बुद्धिलाई मलिन गराएको छैन ? (यिनै तीन एषणाले गर्दा सबैकी बुद्धि निन्याउरी भएकी छ) ॥ ६ ॥

यह सब माया कर परिवारा ❀ प्रबल अमित को बरनै पारा ॥७॥
सिव चतुरानन जाहि डेराहीं ❀ अपर जीव केहि लेखे माहीं ॥८॥

यी सब कुरा मायाको परिवार (प्रपञ्च) बलवान र अनन्त अपार छ, यसको पार को बताउन सक्तछ ? ॥ ७ ॥ शिवजी र ब्रह्माजी जसदेखि डराउँछन् अरू जीव कुन गिन्तीमा छन् ? ॥ ८ ॥

दोहा—ब्यापि रहेउ संसार महु मायाकटक प्रचंड ।
सेनापति कामादि भट दंभ कपट पाषंड ॥९९॥
सो दासी रघुबीर कै समुझें मिथ्या सोपि ।
छूट न रामकृपाबिनु नाथ कहौं पद रोपि ॥१००॥

संसारमा माया महारानीको प्रचंड कटक (फौज) व्याप्त भइ रहेको छ, त्यसका सेना

---

(१) धेरै गुणभएका मानि सन्निपातरोगीजस्ता भएर लोकलज्जा छाडीकन मनपरी प्रलाप गर्न लाग्दछन् । त्यो रोगबाट मानिस बच्तैन ।

हापयति लोकलज्जामखिलां स्वैरं प्रलापयति ।
गुणगणजसन्निपातो वत ! नातो मुच्यते मनुजः ॥ (सूक्तिसंग्रह)

६६–क

पति काम, क्रोध, लोभ, यी तीन छन्, त्यो फौजका योद्धाहरू दंभ, कपट, पाखंड इत्यादि अनेक छन् ॥ ९९ ॥

ती महामाया रघुनाथजीकी दासी हुन्, यद्यपि बुझ्दाखेरि ती सत्य होइनन्, मिथ्या हुन्, तथापि रामजीको कृपा नभैकन ती छुट्टिनन्, हे नाथ ! यो कुरा म प्रतिज्ञापूर्वक भन्दछु ॥ १०० ॥ (क)

चौ०–जो माया सब जगहि नचावा ❀ जासु चरित लखि काहुँ न पावा ॥१॥
सोइ प्रभु भ्रूबिलास खगराजा ❀ नाच नटी इव सहित समाजा ॥२॥

हे पक्षिराज ! जो माया सबै जगत्लाई नचाउँछे, जसको चरित्र कसैले पनि बुझ्न पाएको छैन, त्यही माया प्रभुजीको भ्रूविलासले (आँखीभौंका इशाराले) नटीजस्ती भएर परिवारसहित नाच्तछे (प्रभुजीले जस्तो इशारा गर्नुहुन्छ, तदनुसार चल्दछे) ॥ १ ॥ २ ॥

सोइ सच्चिदानंद घन रामा ❀ अज बिज्ञानरूप बलधामा ॥३॥
ब्यापक ब्यापि अखंड अनंता ❀ अखिल अमोघ सक्ति भगवंता ॥४॥

रामजी सच्चिदानन्दघन, जन्मरहित, विज्ञानरूप, शक्तिशाली, ॥ ३ ॥ व्यापक, व्याप्य, अखंड अनन्त, अखिलरूप, अमोघशक्ति भगवान् ॥ ४ ॥

अगुन अदभ्र गिरा गोतीता ❀ सबदरसी अनबद्य अजीता ॥५॥
निर्मल निराकार निर्मोहा ❀ नित्य निरंजन सुखसंदोहा ॥६॥

निर्गुण, पूर्ण, अनिर्वचनीय, अचिन्तनीय, सर्वदर्शी, निर्दोष, अजित, ॥ ५ ॥ निर्मल, निराकार निर्मोह, नित्य, निरंजन, सुखसमूहरूप ॥ ६ ॥

प्रकृतिपार प्रभु सब उर बासी ❀ ब्रह्म निरीह बिरज अबिनासी ॥७॥
इहाँ मोह कर कारन नाहीं ❀ रबि सन्मुख तम कबहुँ कि जाहीं ॥८॥

मायापरवर्ती, सर्वसामर्थ्यवान्, सर्वान्तर्यामी, निःस्पृह, निष्क्रिय, अविनाशी ॥ ७ ॥ निर्विकार होइबक्सिन्छ । वहाँका हकमा मोहको कारणै छैन, सूर्यको अगाडि अन्धकार कहीं रहला ? ॥ ८ ॥

(क) हुँदै नभएको वस्तु भासमान हुनालाई माया भन्दछन्, यसको यथार्थ तत्व बुझ्नलाई सद्गुरुको शरण लिनुपर्छ, रामजीको कृपाले यो मायाबाट पार पुगिन्छ ।

दैवी ह्येषा गुणमयी मम माया दुरत्यया ।
मामेव ये प्रपद्यन्ते मायामेतां तरन्ति ते ॥ [भगवद्गीता]
भ्रातर्यदीदं परिदृश्यते जगन्मायैव सर्वं परिहृत्य चेतसा ।
मद्भावताभावितशुद्धमानसः सुखी भवाऽऽनन्दमयो निरामयः ॥ [रामगीता]

यो मायापाशले बाँधिएर सबै जीव पशु भएका छन्, यो पाश छुटाउन मन भएका पशु (जीव) ले पशुपति (ईश्वर) को शरण पर्नुपर्दछ, पशुले पशुको पाश छुटाउन सक्तैन, मालिकसंग जानुपर्दछ ।

पाशो यदि मोक्तव्यः पशुपतिरेवोपसर्तव्यः ॥
न खलु व्यतिमुच्यन्ते पशवः पाशेन सन्नद्धाः ॥ [अप्पयदीक्षित]

दोहा–भगत हेतु भगवान प्रभु राम धरेउ तनु भूप ।
किए चरित पावन परम प्राकृत नर अनुरूप ॥१०१॥
जथा अनेक बेष धरि नृत्य करै नट कोइ ।
सोइ सोइ भाव देखावै आपुनु होइ न सोइ ॥१०२॥

उनै प्रभुले भक्तरक्षाका निमित्त राजा रामको रूप लिनुभएको हो, प्राकृत (मामूली) मानिसको जस्तो पवित्र चरित्र गर्नुभएको हो ॥ १०१ ॥ जसरी कोही नट अनेक वेश धारण गरेर नृत्य गर्दछ (नाच्तछ) जस्तो जस्तो वेष लिन्छ त्यही त्यहीअनुसारको हावभाव देखाउँछ, वास्तवमा त्यो नट त्यो होइन (रूप मात्र भिन्न हो, रूप लिने ता उही एउटा मात्र हो) ॥ १०२ ॥

चौ०–असि रघुपतिलीला उरगारी ❀ दनुज बिमोहनि जन सुखकारी ॥१॥
जे मतिमलिन बिषयबस कामी ❀ प्रभु पर मोह धरहि इमि स्वामी ॥२॥

हे गरुडजी ! भगवान्‌को लीला यस्तै छ, त्यो लीला दैत्य राक्षसहरूलाई मोहित पार्ने र भक्तजनलाई आनन्द दिने छ ॥ १ ॥ हे स्वामी ! जो मलिनबुद्धि, विषयलम्पट, कामी छन्, तिनीहरू प्रभुका उपर यसरी मोहको आरोपण गर्दछन् ॥ २ ॥

नयनदोष जा कहुँ जब होई ❀ पीत बरन ससि कहुँ कह सोई ॥३॥
जब जेहि दिसिभ्रम होइ खगेसा ❀ सो कह पछिम उएउ दिनेसा ॥४॥

जब जो कोहीलाई नेत्रदोष (आँखाको कामलारोग) हुन्छ, तब त्यो व्यक्ति चन्द्रमालाई पीतवर्ण (पहेंला) भन्दछ ॥ ३ ॥ जब जसलाई दिशाभ्रम हुन्छ, तब त्यो पश्चिममा सूर्य उदाए भन्दछ ॥ ४ ॥

नौकारूढ़ चलत जग देखा ❀ अचल मोहबस आपुहि लेखा ॥५॥
बालक भ्रमहिं न भ्रमहिं गृहादी ❀ कहहिं परस्पर मिथ्याबादी ॥६॥

चलती नाउमा चढेको मानिम मोहवश भएर पाखाका चीजबीजलाई हिंड्न लागेको र आफूलाई स्थिर रहेको देख्तछ ॥ ५ ॥ हाराबारा हाराबारा तोरी फुल्यो, भन्दै फनफनी घुम्न लागेका केटाकेटीहरू रिगँटा लाग्दछ र घर घुमेको देख्तछन् तर (तिनै घुमेका हुन्छन्, घर घुमेका हुँदैनन् तापनि आपुसमा घर घुम्यो भन्दछन्) मिथ्यावादीहरू पनि आफू मोहवश भएका हुनाले रामजीलाई मोहवश भएको ठान्दछन् ॥ ६ ॥

हरिबिषइक अस मोह बिहंगा ❀ सपनेहुँ नहि अज्ञानप्रसंगा ॥७॥
मायाबस मतिमंद अभागी ❀ हृदय जमनिका बहु बिधि लागी ॥८॥
ते सठ हठबस संसय करहीं ❀ निज अज्ञान राम पर धरहीं ॥९॥

हे पक्षिराज ! भगवान्‌का विषयमा पनि यस्तै मोह हो (कल्पित मोह हो, सत्य मोह छैन) भगवान्‌मा अज्ञान (मोह)को प्रसंग (सम्बन्ध) सपनामा पनि हुन सक्तैन (प्रकाशमय सूर्यमा अप्रकाशमय अन्धकारको झैं ज्ञानमय भगवान्‌मा अज्ञानमय मोहको स्थिति हुँदैन) ॥ ७ ॥

जो मायावश हुनाले मन्दबुद्धि र अभागी भएका छन्, जसका हृदयमा अज्ञानका अनेक तरहका पर्दा (आवरण) लागेका छन् ॥ ८ ॥ ती स्वाँठहरू हठ गरेर यस्तो संशय गर्दछन्; आफ्नु अज्ञान रामजीका उपर (आरोप गर्दछन्) राख्तछन् ॥ ९ ॥

दोहा–काम क्रोध मद लोभ रत गृहासक्त दुखरूप ।
ते किमि जानहिं रघुपतिहि मूढ़ परे तम कूप ॥१०३॥

जो काम, क्रोध, मद, लोभमा आसक्त छन्, घरमा आसक्त भएर दुःखमय भएका छन् अन्धकूपमा (अँध्यारो ईनारजस्तो अज्ञानमा) परेका ती मूढ़हरू रामजीलाई कसरी जान्दछन् ॥ १०३ ॥

दोहा–निर्गुनरूप सुलभ अति सगुन न जानहि कोई ।
सुगम अगम नाना चरित सुनि मुनिमन भ्रम होई ॥१०४॥

बरु निर्गुण रूप अति सुलभ छ (एक रूपले रहने हुनाले निर्गुण ब्रह्मको ज्ञान हुन सक्तछ) तर सगुण रूपलाई कोही जान्दैन (किनभने) नाना प्रकारका सुगम र अगम भएका चरित्र सुन्दाखेरि मुनिहरूका मनमा पनि भ्रम पर्नजान्छ ॥ १०४ ॥ (क)

चौ०–सुनु खगेस रघुपतिप्रभुताई ❀ कहौं जथामति कथा सुहाई ॥१॥
जेहि बिधि मोह भएउ प्रभु मोही ❀ सोउ सब कथा सुनावउँ तोही ॥२॥

हे गरुडजी ! अब रघुनाथजीको प्रभाव सुन्नुहोस् यथाबुद्धि सुन्दर कथा भन्दछु ॥ १ ॥ जुन प्रकारले मलाई मोह भएथ्यो त्यो सबै वृतान्त तपाईंलाई सुनाउँछु ॥ २ ॥

राम कृपा भाजन तुम्ह ताता ❀ हरि गुनप्रीति मोहि सुखदाता ॥३॥
ता तें नहि कछु तुम्हहि दुरावौं ❀ परम रहस्य मनोहर गावौं ॥४॥

हे तात ! तपाईं रामजीका कृपापात्र हुनुहुन्छ, भगवान्‌का गुणमा तपाईंको प्रीति छ, मलाई आनन्द दिनुभएको छ, ॥ ३ ॥ तसर्थ तपाईंसँग म केही कुरा छिपाउन्न, परम मनोहर रहस्यको वर्णन गर्दछु ॥ ४ ॥

(क) "साधनसंपत्तिले अन्तःकरण निर्मल भएका महात्माहरू निर्विकार, स्वयंप्रकाश अखण्ड ज्ञानरूप स्वयंवेद्य भएका निर्गुण ब्रह्मको ज्ञान हासिल गर्न सक्तछन्, लीलाविहारका निमित्त सगुणरूप लिएर अवतार लिने ब्रह्मको यथार्थज्ञान ता पृथ्वीका धूलाका परमाणुको, ब्रह्माण्डभरिका हिमकणाको र आकाशका ग्रह नक्षत्र तारामण्डलको ठीक ठीक गिन्ती गर्न सक्ने सकसलाई पनि हुन सक्तैन, अर्थात् निर्गुण ब्रह्मभन्दा सगुण ब्रह्म अगम्य छ" भनी ब्रह्माजीले श्रीकृष्णभगवान्‌को स्तुति गर्दा भन्नुभएको छ—

तथापि भूमन् ! महिमाऽगुणस्व ते विबोद्धुमर्हत्यगलान्तरात्मभिः ।
अविक्रियास्वानुभवादरूपतो ह्यनन्यबोध्यात्मतया न चान्यथा ॥
गुणात्मनस्तेऽपि गुणान् विमातुं हितावतीर्णस्य क ईशिरेऽस्य ।
कालेन यैर्वा विमिताः खुकल्पैर्भूपांसवः खे मिहिका द्युभासः ॥

(श्रीमद्भागवत १०।१४।६-७)

सुनहु राम कर सहज सुभाऊ ❀ जन अभिमान न राखहिं काऊ ॥५॥
संसृतिमूल सूलप्रद नाना ❀ सकल सोक दायक अभिमाना ॥६॥

रामजीको स्वाभाविक स्वभाव सुन्नुहोस्, वहाँ कुनै जनसँग अभिमान राख्नुहुन्न (गर्नुहुन्न) ॥ ५ ॥ अभिमान संसारको मूलकारण हो, अभिमान नाना प्रकारका दुःख दिन्छ, अभिमान सहज शोकदायक छ ॥ ६ ॥

ता तें करहिं कृपानिधि दूरी ❀ सेवक पर ममता अति भूरी ॥७॥
जिमि सिसुतन ब्रन होइ गोसाईं ❀ मातु चिराव कठिन की नाईं ॥८॥

त्यसो हुनाले करुणासागर रामजी अभिमानलाई दूर गर्नुहुन्छ, सेवकहरूका उपर वहाँको ठूलो ममता रहन्छ, (सेवकलाई अत्यन्त आफ्नो ठान्नुहुन्छ) ॥ ७ ॥ हे स्वामी ! जसरी बच्चाका शरीरमा घाउखटिरा हुन्छ र निष्ठुरजस्ती भएर आमाले त्यो घाउ-खटिरा चिराउँदछे ॥ ८ ॥

दोहा–जदपि प्रथम दुख पावै रोवै बाल अधीर ।
ब्याधिनास हित जननि गनइ न सो सिसुपीर ॥१०५॥
तिमि रघुपति निज दास कर हरहिं मान हित लागि ।
तुलसीदास ऐसे प्रभुहि कस न भजसि भ्रम त्यागि ॥१०६॥

यद्यपि बालक पैले (चीरफार गर्दा) दुःख पाउँछ अधीर भएर (कातिरएर) रुन्छ । तथापि व्रणरोगको (घाउ खटिराको) नाश गर्नाका निमित्त बच्चाको त्यो पीडालाई आमाले केही मान्दिन (प्रत्युत मनमनमा अब निको हुन्छ भनेर खुशी हुन्छे) ॥ १०५ ॥ त्यसै गरी आफ्ना भक्तको हितका निमित्त रघुनाथजी अभिमानलाई हरण गरिदिनुहुन्छ । (तुलसीदास भन्दछन्) यस्ता प्रभुजीलाई भ्रान्ति छाडेर किन भज्दैनौ ? ॥ १०६ ॥

चौ०–रामकृपा आपनि जड़ताई ❀ कहौं खगेस सुनहुँ मन लाई ॥१॥
जब जब राम मनुजतनु धरहीं ❀ भक्त हेतु लीला बहु करहीं ॥२॥
तब तब अवधपुरी मैं जाऊँ ❀ बालचरित बिलोकि हरषाऊँ ॥३॥

हे पक्षिराज ! रामजीका कृपाको र आफ्नो मूर्खताको वर्णन गर्दछु, चित्त दिएर सुन्नुहोस् ॥ १ ॥ रामजी जैले जैले मनुष्यशरीर धारण गर्नुहुन्छ र भक्तहरूका निमित्त अनेक लीला गर्नुहुन्छ ॥ २ ॥ उहिले उहिले म अयोध्यापुरी जान्छु र वहाँको बालचरित्र हेरेर हर्षित हुन्छु ॥ ३ ॥

जन्म महोत्सव देखौं जाई ❀ बरस पाँच तहँ रहऊँ लोभाई ॥४॥
इष्टदेव मम बालक रामा ❀ सोभा बपुष कोटि सत कामा ॥५॥
निज प्रभु बदन निहारि निहारी ❀ लोचन सुफल करौं उरगारी ॥६॥
लघु बायस बपु धरि हरिसंगा ❀ देखौं बालचरित बहुरंगा ॥७॥

वहाँ गएर रामजीको जन्ममहोत्सव हेर्दछु, बाललीला हेर्नलाई लुब्ध भएर पाँच वर्ष त्यहीं बस्छु ॥ ४ ॥ बालमूर्ति राम मेरा इष्टदेव, वहाँका शरीरमा शयकरोड कामदेवको शोभा रहन्छ ॥ ५ ॥ हे गरुडजी ! आफ्ना प्रभुको वदन हेरी हेरीकन नेत्रलाई सफल गर्दछु ॥ ६ ॥ कागैको सानो रूप लिएर वहाँसँगसँगै रहेर अनेक तरहको बाललीला हेर्दछु ॥ ७ ॥

दोहा–लरिकाईं जहँ जहँ फिरहिं तहँ तहँ संग उड़ाउँ ।
जूठनि परइ अजिर महुँ सो उठाइ करि खाउँ ॥१०७॥
एक बारँ अति सैसवँ चरित किए रघुबीर ।
सुमिरत प्रभु लीला सोइ पुलकित भएउ सरीर ॥१०८॥

बालस्वभावले रामजी जताजता हिंड्नु-फिर्नुहुन्छ, त्यतै-त्यतैतिर सँगसँगै उडेर जान्छु, आँगनतिर वहाँको पूरा-पात छरिएको हुन्छ, त्यही उठाएर खान्छु ॥ १०७ ॥ आहा ! एकफेर प्रभुजीले खूब बालचरित्र गर्नुभयो (यति भनेर काकभुशुण्डीले त्यो बालचरित्र संझे) प्रभुको त्यो लीला संझदाखेरि तिनको शरीर रोमाञ्चित भयो ॥ १०८ ॥

चौ०–कहै भुसुंडि सुनहु खगनायक ❀ रामचरित सेवक सुखदायक ॥१॥
नृप मंदिर सुंदर सब भाँती ❀ खचित कनक मनि नाना जाती ॥२॥

अनि फेरि काकभुशुण्डी भन्नलागे—“पक्षिराज ! भक्तजनसुखदायक भएको रामचरित्र सुन्नुहोस् ॥ १ ॥ महाराज दशरथको महल नाना प्रकारका मणिले खचित भएको सुवर्णमय र सुन्दर छ ॥ २ ॥

बरनि न जाइ रुचिर अगनाई ❀ जहँ खेलहिं नित चारिउ भाई ॥३॥
बालबिनोद करत रघुराई ❀ बिचरत अजिर जननि सुखदाई ॥४॥

सुंदर आँगन (पटाङ्गिनी) को वर्णन गर्न सकिंदैन, जहाँ प्रभुजी चारभाई भएर खेल्नुहुन्छ (त्यसको वर्णन कसरी गर्ने ?) ॥ ३ ॥ आँगनमा बाललीला गर्दै विचरण गर्न लागेका वेलामा वहाँले माताजीहरूलाई अति आनन्दित पार्नुहुन्थ्यो ॥ ४ ॥

मरकत मृदुल कलेवर स्यामा ❀ अंग अंग प्रति छबि बहु कामा ॥५॥
नव राजीव अरुन मृदु चरना ❀ पदज रुचिर नख ससिदुति हरना ॥६॥

पन्नाको वर्ण भएको कोमल शरीरको अङ्गप्रत्यङ्गमा अनेकानेक कामदेवको शोभा थियो ॥ ५ ॥ कोमल पाउ नयाँ (ताजा) रक्तकमलजस्ता लाल थिए, वहाँका पाउमा सुन्दर नङ चन्द्रमाका किरणलाई मात गर्दथे (जित्तथे) ॥ ६ ॥

ललित अंक कुलिसादिक चारी ❀ नूपुर चारु मधुर रव कारी ॥७॥
चारु पुरट मनि रचित बनाई ❀ कटि किंकिनि कल मुखरसुहाई ॥८॥

पैतालामा वज्र, अंकुश, ध्वजा, कमलका ४ चार रेखा (चिह्न) स्पष्ट थिए । वहाँले पैह्रेको पाउजेब मीठो आवाज गर्दथ्यो ॥ ७ ॥ मणि जडिएको सुवर्णको सुन्दर कन्धनी कटिभागमा मीठो आवाजले बज्दथ्यो ॥ ८ ॥

दोहा–रेखा त्रय सुंदर उदर नाभि रुचिर गंभीर ।
उर आयत भ्राजत बिबिध बाल बिभूषन चीर ॥१०९॥

वहाँका पेटमा त्रिवली सुन्दर थियो, नाभि राम्रो र गहिरो, छाती विशाल र बालकले लाउने अनेक प्रकारका गहनाले र वस्त्रले सुशोभित थियो ॥ १०९ ॥

चौ०–अरुन पानि नख करज मनोहर ❀ बाहु बिसाल बिभूषन सुंदर ॥१॥
कंध बालकेहरि दर ग्रीवा ❀ चारु चिबुक आनन छबिसीवा ॥२॥

हत्केला लाल, बाहुलीका नङ सुन्दर, गहनाले सुशोभित भएका बाहु लामा थिए ॥ १ ॥ वहाँको गर्दन सिंहका बच्चाको जस्तो, घाँटी तीन रेखा परेको शंखजस्तो, चिउँडो राम्रो, मुहार शोभाको सीमा थियो ॥ २ ॥

कलबल बचन अधर अरुनारे ❀ दुइ दुइ दसन बिसद बर बारे ॥३॥
ललित कपोल मनोहर नासा ❀ सकल सुखद ससिकर सम हासा ॥४॥

बोली तोते, ओठ लाल थिए । तल-माथि सेता सेता राम्रा राम्रा सानासाना दुई दुई दाँत थिए ॥ ३ ॥ गाला राम्रा थिए, नाक मनोहर थियो, हँसाइ चन्द्रमाको किरणजस्तो र सकल सुखदायक थियो ॥ ४ ॥

नीलकंज लोचन भवमोचन ❀ भ्राजत भाल तिलक गोरोचन ॥५॥
बिकट भृकुटि सम श्रवन सुहाए ❀ कुंचित कच मेचक छबि छाए ॥६॥

संसारभयमोचन भएका वहाँका लोचन (नेत्र) नीलकमलजस्ता थिए । ललाटमा गोरोचनको टीका सुशोभित थियो ॥ ५ ॥ आँखीभौं टेढा, कान दुवै समान र सुन्दर थिए । केश काला घुँगुरिएका शोभापूर्ण थिए ॥ ६ ॥

पीत झीनि झगुली तन सोही ❀ किलकनि चितवनि भावति मोही ॥७॥
रूपरासि नृप अजिर बिहारी ❀ नाचहिं निज प्रतिबिंब निहारी ॥८॥

शरीरमा पहेंलो मसीनो अँगर्खा सुशोभित थियो, वहाँको हँसाइ र हेराइले मेरो मनलाई हरण गर्दथ्यो ॥ ७ ॥ रूपका राशि भएका प्रभुजी महाराज दशरथजीका आँगनमा खेल्नुहुन्थ्यो र आफ्नो प्रतिबिम्ब देखेर नाच्नुहुन्थ्यो ॥ ८ ॥ (क)

(क) श्रीरामजीको यही अवस्था संझने कुनै अधम भृत्यले पनि स्वभावोक्ति अलङ्कारका प्रसङ्गमा भनेको छ —

(१) मेघैजस्ता श्याम आफू उज्याला, चक्र्वाला केश चिल्ला र काला ।
किंचित् किंचित् हास्यले खुम्चिँदामा, झन् देखिन्छन् पुष्ट लौ ! गोल गाला ॥
(२) बाजू-बाला पाखुरा-पाणिमा छन् , छम्छम् गर्ने किङ्किणी श्रोणिमा छन् ।
उस्तै सुन्दर पाउजेब् पाउमा छन् , ग्रीवामा छन् हार कण्ठा र माला ॥
(३) जस्मा लज्जद्दार दौर्भाग्यहारी, कज्जल्वाला त्यो नजर्पर्नेजाला ।
पक्का त्यों ता सत्यलोकाधिपत्य, पाएभन्दा मोजमा पर्ने जाला ॥

मो सन कहहिं बिबिध बिधि क्रीड़ा ❀ बरनत चरित होति मोहि ब्रीड़ा ॥९॥
किलकत मोहि धरन जब धावहिं ❀ चलौं भागि तब पूप देखावहिं ॥१०॥

गरुडजी ! म कागसँग अनेक प्रकारका खेलवाड गर्नुहुन्थ्यो। तिनको वर्णन गर्दा मलाई लाज लाग्दछ ॥ ९ ॥ मलाई समात्न जब हाँस्तै दौडनुहुन्थ्यो, अनि म भाग्दथें, वहाँ पूआ देखाउनुहुन्थ्यो ॥ १० ॥

दोहा—आवत निकट हसहिं प्रभु भाजत रुदनु कराहिं।
जाउँ समीप गहन पद फिरि फिरि चितै पराहिं ॥११०॥
प्राकृत सिसु इव लीला देखि भएउ मोहि मोह।
कवन चरित्र करत प्रभु चिदानंद संदोह ॥१११॥

म नगीच आउँदा प्रभु हाँस्न लाग्नुहुन्थ्यो, म भागिदिन्थे अनि रुनुहुन्थ्यो। पाउ छुन भनेर नगीचै म पुग्दथे, फर्कीफर्की पछिपछि हेर्दै हेद प्रभुजी भाग्नुहुन्थ्यो ॥ ११० ॥ साधारण बालकको जस्तो लीला देखेर मलाई "चैतन्य र आनन्दले पूर्ण भएका प्रभुजीले के चरित्र गरेको होला ?" यस्तो मोह भयो ॥ १११ ॥

चौ०—एतना मन आवत खगराया ❀ रघुपतिप्रेरित ब्यापी माया ॥१॥
सो माया न दुखद मोहि काहीं ❀ आन जीव इव संसृति नाहीं ॥२॥

हे पक्षिराज ! मनमा यत्ति कुरा ल्याउनेबित्तिकै रघुनाथजीले प्रेरणा गरिएकी मायाले मलाई छोपिहाली ॥ १ ॥ त्यो मायाले मलाई किञ्चिन्मात्र पनि दुःख दिइन, अरू जीवलाई झैं मलाई संसारको बन्धन पनि परेन ॥ २ ॥

नाथ इहाँ कछु कारन आना ❀ सुनहु सो सावधान हरिजाना ॥३॥
ज्ञान अखंड एक सीताबर ❀ मायाबस्य जीब सचराचर ॥४॥

हे नाथ ! यहाँ अर्कै केही कारण छ, हे विष्णुवाहन ! सावधान भएर त्यो कुरा सुन्नुहोस् ॥ ३ ॥ सीतापति रामजी अखण्ड ज्ञानरूप एक हुनुहुन्छ, अरू चराचर जीवहरू मायाधीन छन् ॥ ४॥

जौं सब के रह ज्ञान एकरस ❀ ईश्वर जीवहि भेद कहहु कस ॥५॥
मायाबस्य जीव अभिमानी ❀ ईसबस्य माया गुनखानी ॥६॥

यदि सबै जीवहरू पनि अखण्डज्ञान एकरस रहून् ता ईश्वर र जीवको भेद (फरक)

---

(४) काख्खैमा ल्यूँ प्रेमले पुल्पुल्याउँ, साख्खै पारौं प्रेम गर्ने तुल्याउँ।
यस्तै यस्ता मन्सुबा उठ्न लागे, लाग्दालाग्दै ती हजूर् झट्ट भागे ॥
(५) फर्कीफर्की हेर्दछन् खिस्स गर्दै, सानूसानू जानु टेकी दगुर्छन्।
कौसल्याका बालको चाल कस्तो, हेर्दै हर्छन् चित्त फर्काउँदैनन् ॥
[राघवालङ्कार]

कसरी हुन्थ्यो ?, तपाईं नै भन्नुहोस्न ॥ ५ ॥ जीव मायाधीन हुनाले अभिमानी हुन्छ, ईश्वर मायाधीन छैन, किन्तु त्रिगुणमयी माया नै ईश्वराधीन छ (फरक यत्ति हो) ॥ ६ ॥

परबस जीव स्वबस भगवंता ❀ जीव अनेक एक श्रीकंता ॥७॥
मुधा भेद जद्यपि कृत मायाँ ❀ बिनु हरि जाइ न कोटि उपायाँ ॥८॥

जीव परतन्त्र छ, ईश्वर स्वतन्त्र छ । जीव अनन्त छन्, ईश्वर एक छन् ॥ ७ ॥ ईश्वर र जीवको भेद मायाका उपाधिले भएको हो, माया मिथ्या हुनाले त्यो भेद पनि मिथ्या हो, तथापि त्यो भेद विनाहरिका कृपाले करोड़ौं उपाय गरे पनि हट्तैन ॥ ८ ॥

दोहा—रामचंद्र के भजन बिनु जो चह पद निर्बान ।
ज्ञानवंत अपि सो नर पसु बिनु पूछ बिषान ॥११२॥
राकापति षोड़स उअहिं तारागन समुदाइ ।
सकल गिरिन्ह दव लाइअ बिनु रबि राति न जाइ ॥११३॥

रामजीको भजनविना जो निर्वाणपद (मुक्ति) चाहन्छ, ज्ञानवान् भए पनि त्यो मानिस सीङ र पुच्छर नभएको (बदसूरत) पशु हो (सीङ र पुच्छर भइदिएका खण्डमा खूबसूरत पशु हुन्थ्यो, के गर्नु ? दैवले ठग्यो) ॥ ११२ ॥ सोह्र कलाले युक्त भएका चन्द्रमा र सबै ग्रह-नक्षत्रमण्डल-ताराहरू एकैचोटि उदाऊन्, सारा पर्वतका जङ्गलमा डढेलो लगाइयोस् तापनि विनासूर्य रात्रि जाँदैन (सूर्य नभैकन संसार उज्यालो हुँदैन) ॥ ११३ ॥

चौ०—ऐसेहिं बिनु हरिभजन खगेसा ❀ मिटै न जीवन्ह केर कलेसा ॥१॥
हरिसेवकहि न ब्याप अबिद्या ❀ प्रभु प्रेरित ब्यापै तेहि बिद्या ॥२॥

हे पक्षिराज ! यस्तै प्रकारले भगवान्को भजनविना जीवनहरूको क्लेश मेटिँदैन ॥ १ ॥ हरिभक्तहरूलाई अविद्याले ढाक्तैन, तिनलाई प्रभुले प्रेरणा गरेकी विद्याले ढाक्तछे ॥ २ ॥

ता तें नास न होइ दास कर ❀ भेदभगति बाढ़ै बिहंगबर ॥३॥
भ्रम तें चकित राम मोहि देखा ❀ बिहसे सो सुनु चरित बिसेषा ॥४॥

हे पक्षिवर ! यसै कारणले दास (भक्त) को नाश हुँदैन भेदभक्ति (सेव्यसेवक भएर उठेकी भक्ति) बढ़्दै जान्छे ॥ ३ ॥ अँ ! अनि रामजीले मलाई जब भ्रान्तिले छक्क परेको देख्नुभयो, वहाँ हाँस्नुभयो, अनि विशेष कुरा के भयो त्यो सुन्नुहोस् ॥ ४ ॥

तेहि कौतुक कर मरमु न काहूँ ❀ जाना अनुज न मातु पिताहूँ ॥५॥
जानुपानि धाए मोहि धरना ❀ स्यामल गात अरुन कर चरना ॥६॥

त्यो कौतुक (तमाशा) को मर्म प्रभुजीका भाई माता-पिता कसैले जानेनन् ॥ ५ ॥ शरीर श्याम हात-पाउ लाल हुने बाल-प्रभु मलाई समात्न घुँडा र हात टेक्तै टेक्तै दौडनुभयो ॥ ६ ॥

तब मैं भागि चलेउँ उरगारी ❀ राम गहन कहुँ भुजा पसारी ॥७॥
जिमि जिमी दूरि उड़ाउँ अकासा ❀ तहँ हरिभुज देखौं निज पासा ॥८॥

हे गरुडजी ! अनि म भागेर दौड़ें, रामजीले मलाई पक्डन बाहु पसार्नुभयो ॥ ७ ॥ म आकाशमा जतिजति उड्दथें त्यहीं आफ्ना नगीचमा प्रभुजीको बाहु देख्तथें ॥ ८ ॥

दोहा—ब्रह्मलोक लगि गएउँ मैं चितएउँ पाछ उड़ात ।
जुग अंगुल कर बीच सब रामभुजहि मोहि तात ॥११४॥
सप्तावरन भेदि करि जहाँ लगें गति मोरि ।
गएउँ तहाँ प्रभु भुज निरखि ब्याकुल भएउँ बहोरि ॥११५॥

(बाबा !) म पछिल्तिर हेर्दै हेर्दै उडेर ब्रह्मलोकसम्म गएँ, मेरा र रामजीका बाहुको अन्तर (दूरी) जम्मा दुई अंगुलै थियो ॥ ११४ ॥ सातोटा[1] आवरणको भेदन गरेर (सातपत्रे ब्रह्माण्डलाई छेडेर) जहाँसम्म मेरो पहुँच थियो त्यहाँसम्म गएँ, त्यहाँ पनि प्रभुजीको बाहु देखें, अनि ता खूब ब्याकुल भएँ ॥ ११५ ॥

चौ०—मूदेउँ नयन त्रसित जब भएउँ ❀ पुनि चितवत कोसलपुर गएउँ ॥१॥
मोहि बिलोकि राम मुसुकाहीं ❀ बिहसत तुरत गएउँ मुख माहीं ॥२॥

जब डराएर आँखा चिम्लन्छु र हेर्छु ता आफूलाई अयोध्यापुरीमै पुगेको देख्तछु ए ! ॥ १ ॥ मलाई देखेर रामजी हाँस्न लाग्नुभयो, वहाँले हाँस्ताखेरि म तुरन्तै वहाँका मुखमा पस्न गएँ ॥ २ ॥

उदर माझ सुनु अंडजराया ❀ देखेउँ बहु ब्रह्मांडनिकाया ॥३॥
अति बिचित्र तहँ लोक अनेका ❀ रचना अधिक एक तें एका ॥४॥

हे पक्षिराज ! सुन्नुहोस्, वहाँका पेटमा 'अनेकानेक ब्रह्माण्डपिण्डका समूह देखें ॥ ३ ॥ त्यहाँ प्रत्येक ब्रह्माण्डमा चित्रविचित्र अनेक लोक थिए, तिनको रचना एकभन्दा एक अनौठा थियो ॥ ४ ॥

कोटिन्ह चतुरान गौरीसा ❀ अगनित उड़गन रबि रजनीसा ॥५॥
अगनित लोकपाल जम काला ❀ अगनित भूधर भूमि बिसाला ॥६॥

करोड़ौं ब्रह्मा, करोड़ौं शंकर, बेगिन्ती नक्षत्रगण, असंख्य सूर्य र चन्द्र, ॥ ५ ॥ अगणित लोकपाल, अनन्त यमराज र कालपुरुष, बेगिन्ती पर्वत र विशाल पृथ्वीतल ॥ ६ ॥

---

(१) ब्रह्माण्डका मध्यमा चौतर्फ पचास करोड़ योजन प्रमाण मोटाइ भएको पहेंलो पृथ्वीमण्डलको आवरण छ । उहाँपछि पाँचसय करोड़ योजन प्रमाण भएको सेतो जलमण्डलको आवरण छ २ । उहाँपछि पाँचहजार करोड़ योजन प्रमाण मोटाइ भएको जाज्वल्यमान रक्तवर्ण अग्निमण्डलको आवरण छ ३ । उहाँपछि पचासहजार करोड़ योजन प्रमाण मोटाइ भएको हरियो वायुमण्डलको आवरण छ ४ । उहाँपचि पाँचलाख करोड़ योजन प्रमाण मोटाइ भएको अन्धकारमय (कालो नीलो) आकाशमण्डलको आवरण छ ५ । वहाँपछि पचासलाख करोड़ योजन प्रमाण मोटाइ भएको सेतो-कालो-पहेंलो (मिश्रित) अहङ्कारतत्त्वको आवरण छ । उहाँपछि पाँचसयलाख करोड़ योजन प्रमाणको फैलावट भएको, श्वेत-कृष्ण-पीत-रक्त-हरित कपिश-चित्र यी सातै वर्ण भएको महत्तत्त्वको आवरण छ ७ । प्रत्येक ब्रह्माण्डमा यत्ति ७ आवरण हुन्छन् , यस्ता ब्रह्माण्डपिण्ड अनन्तकोटि छन् ! ।

सागर सरि सर बिपिन अपारा ❀ नाना भाँति सृष्टिबिस्तारा ॥७॥
सुर मुनि सिद्ध नाग नर किंनर ❀ चारि प्रकार जीव सचराचर ॥८॥

असंख्य समुद्र, नदी, तलाउ, ठूला ठूला वन इत्यादि नाना प्रकारको सृष्टिरचना देखें ॥ ७ ॥ देवता, मुनि, सिद्ध, नाग, मनुष्य, चर, अचर (स्थावर-जङ्गम), उद्भिज्ज (जमीनमा उम्रने), जरायुज (सालनालसहित पैदा हुने), स्वेदज (पसीना र बाफबाट पैदा हुने), अण्डज (फुलबाट जन्मने) यी ४ जातका प्राणी देखें ॥ ८ ॥

दोहा–जो नहि देखा नहि सुना जो मनहू न समाइ ।
सो सब अद्भुत देखेउँ बरनि कवनि बिधि जाइ ॥११६॥
एक एक ब्रह्मांड महुँ रहौं बरष सत एक ।
एहि बिधि देखत फिरौं मैं अंडकटाह अनेक ॥११७॥

जुन कुरा सुनेको थिइनँ, देखेको थिइनँ, जुन कुरो मनमा पनि अटाउँदैनथ्यो (मनले चिताउन सकिदैनथ्यो) त्यो त्यो सब अद्भुत देखें, कुन प्रकारले वर्णन गरौं ॥ ११६ ॥ एक-एक ब्रह्माण्डमा सयसय वर्ष रहें, यस प्रकारले म अनेक ब्रह्माण्ड हेर्दै घुमें ॥ ११७ ॥

चौ०–लोक लोक प्रति भिन्न बिधाता ❀ भिन्न बिष्नु सिव मनु दिसित्राता ॥१॥
नर गन्धर्ब भूत बेताला ❀ किंनर निसिचर पसु खग ब्याला ॥२॥
देव दनुज गन नाना जाती ❀ सकल जीव तहँ आनहि भाती ॥३॥
महि सरि सागर सर गिरि नाना ❀ सब प्रपञ्च तहँ आनहि आना ॥४॥

ब्रह्माण्डब्रह्माण्डपीछे बेग्लै बेग्लै ब्रह्मा, बेग्लै बेग्लै विष्णु, बेग्लै बेग्लै शंकर, बेग्लै बेग्लै मनु, बेग्लै बेग्लै दिग्पाल देखें ॥ १ ॥ मनुष्य, गन्धर्व, भूत, वेताल, किन्नर, राक्षस, पशु-पक्षी, सर्प, ॥ २ ॥ देवता, दानव, नाना जातका सकल जीव, यिनीहरू ती ब्रह्माण्डमा अर्कै अर्कै किसिमका थिए ॥ ३ ॥ पृथ्वी, नदी, तलाउ अनेक पर्वत, इत्यादि सबै प्रपञ्च त्यहाँ अर्कै अर्का थिए ॥ ४ ॥

अंडकोस प्रति प्रति निज रूपा ❀ देखेउँ जिनस अनेक अनूपा ॥५॥
अवधपुरी प्रति भुअन निनारी ❀ सरजू भिन्न भिन्न नर नारी ॥६॥
दसरथ कौसल्या सुनु ताता ❀ बिबिध रूप भरतादिक भ्राता ॥७॥
प्रतिब्रह्मांड राम अवतारा ❀ देखौं बालबिनोद उदारा ॥८॥

प्रत्येक ब्रह्माण्डमा आफ्नो रूप पनि (आफूलाई पनि) देखें, अनेक प्रकारका अनौठा अनौठा चीजबीज देखें ॥ ५ ॥ प्रत्येक ब्रह्माण्डमा अयोध्या बेग्लै बेग्लै, सरयूनदी बेग्लै बेग्लै, नर नारीहरू बेग्लै बेग्लै देखें ॥ ६ ॥ हे तात ! सुन्नुहोस् , दसरथ, कौसल्या, भरत आदि गरेका भाई यिनीहरूलाई बेग्लै बेग्लै किसिमका देखें ॥ ७ ॥ प्रत्येक ब्रह्माण्डमा रामावतार र रामजीका अपार बाल-लीला पनि देखें ॥ ८ ॥

दोहा–भिन्न भिन्न सबु दीख मैं अति बिचित्र हरिजान ।
अगनित भुअन फिरेउँ प्रभु रामु न देखेउँ आन ॥११८॥
सोइ सिसुपन सोइ सोभा सोइ कृपाल रघुबीर ।
भुवन भुवन देखत फिरौं प्रेरित मोह समीर ॥११९॥

हे हरिवाहन ! मैले सबै पदार्थ बेग्लै बेग्लै र विचित्र विचित्र देखें । अनगिन्ती ब्रह्माण्डमा घुमें, मैले रामजीलाई अर्को रूपका देखिनँ (सर्वत्र उस्तै देखें, बेग्लै देखिनँ) ॥ ११८ ॥ रघुनाथजीको बालकपना उही, शोभा उही, दयालुता उही थियो मोहरूपी हुरीले हुत्याउँदा ब्रह्माण्डका ब्रह्माण्ड हेर्दै घुमें ॥ ११९ ॥

चौ०–भ्रमत मोहि ब्रह्मांड अनेका ❀ बीते मनहु कलप सत एका ॥१॥
फिरत फिरत निज आश्रम आएउँ ❀ तहँ पुनि रहि कछु काल गवाएउँ ॥२॥

मैले अनेक ब्रह्माण्डमा घुम्दाखेरि अन्दाजी एकसये कल्प ता बिते होलान् ॥ १ ॥ घुम्दाघुम्दा आफ्ना आश्रममा आइपुगें, फेरि त्यहाँ बसेर केही काल बिताएँ ॥ २ ॥

निज प्रभु जन्म अवध सुनि पाएउँ ❀ निर्भर प्रेम हरषि उठि धाएउँ ॥३॥
देखौं जन्म महोत्सव जाई ❀ जेहि बिधि प्रथम कहा मैं गाई ॥४॥

आफ्ना प्रभुको अयोध्यामा जन्म भएको खबर सुन्न पाएर पूर्ण प्रेमले हर्षित भैकन उठेर दौड़ें, ॥ ३ ॥ आएर जुन प्रकारको अघि मैले वर्णन गरें, त्यस्तो प्रभुको जन्ममहोत्सव देखें ॥ ४ ॥

राम उदर देखेउँ जग नाना ❀ देखत बनइ न जाइ बखाना ॥५॥
तहँ पुनि देखेउँ राम सुजाना ❀ मायापति कृपाल भगवाना ॥६॥

हे गरुड ! मैले रामजीका पेटमा नाना प्रकारका ब्रह्माण्ड जो देखें तिनको वर्णन गईसकिन्न, देख्नै लायक थिए ॥ ५ ॥ फेरि यहाँ आउँदा मायापति दीनदयाल सुचतुर भगवान्लाई देखें ॥ ६ ॥

करौं बिचार बहोरि बहोरी ❀ मोह कलिल ब्यापित मति मोरी ॥७॥
उभय घरी मह मैं सब देखा ❀ भएउँ भ्रमित मन मोह बिसेषा ॥८॥

म वारंवार विचार गर्न लागें, मेरी बुद्धि मोहले व्याप्त थिई ॥७॥ दुई घरीको टाइममा मैले यो सबै कार्वाई (अनेक ब्रह्माण्डभ्रमण) देखें, खूब थाकें, मनमा झन् मोह भयो ॥ ८ ॥

दोहा–देखि कृपाल बिकल मोहि बिहसे तब रघुबीर ।
बिहसतही मुख बाहेर आएउँ सुनु मतिधीर ॥१२०॥
सोइ लरिकाई मो सन करन लगे पुनि राम ।
कोटि भाँति समुझावौं मनु न लहै बिश्राम ॥१२१॥

अनि मलाई व्याकुल भएको देखेर दयानिधान रघुनाथजी हाँस्नुभयो। धीरबुद्धि ! गरुडजी ! सुन्नुहोस् तमासा, प्रभुजी हाँस्ता ता म मुखबाट बाहिर पो निस्कें ए ! ।। १२० ।। अनि रामजी मसँग उही बालकपना (खेलवाड) गर्न लाग्नुभयो, मनलाई करोडौं तरहले बुझाउथें, त्यसले विश्राम पाएन ।। १२१ ।।

चौ०–देखि चरित यह सो प्रभुताई ❀ समुझत देहदसा बिसराई ।।१।।
धरनि परेउँ मुख आव न बाता ❀ त्राहि त्राहि आरत जन त्राता ।।२।।

यस्तो चरित्र, त्यस्तो प्रभुत्त्व (प्रभाव) संझदा शरीरको सुद्धि रहेन बिर्सियो ।। १ ।। जमीनमा पसारिएँ, मुखबाट आवाज आएन, (मनै मनले) “हे आर्तजनत्राता ! (पीडितजनपालक !) भगवन् ! त्राहि त्राहि” (भन्नलागें) ।। २ ।।

प्रेमाकुल प्रभु मोहि बिलोकी ❀ निज माया प्रभुता तब रोकी ।।३।।
कर सरोज प्रभु मम सिर धरेऊ ❀ दीनदयाल सकल दुख हरेऊ ।।४।।

प्रभुजीले मलाई प्रेमले व्याकुल भएको देख्नुभयो र आफ्नी मायाको प्रभुत्वलाई रोकिदिनुभयो ।। ३ ।। दीनदयाल प्रभुले मेरा शिरमा आफ्नो करकमल (हात) राख्नुभयो मेरो सबै दुःख हर्नुभयो ।। ४ ।।

कीन्ह राम मोहि बिगत बिमोहा ❀ सेवक सुखद कृपासंदोहा ।।५।।
प्रभुता प्रथम बिचारि बिचारी ❀ मन मह होइ हरष अति भारी ।।६।।

भक्तसुखदायक करुणापुञ्ज भगवान्ले मलाई मोहरहित पार्नुभयो ।। ५ ।। वहाँका अधिको प्रभुता संझदा-संझदा मनमा अत्यन्त ठूलो हर्ष भयो ।। ६ ।।

भगतबछलता प्रभु कै देखी ❀ उपजी मम उर प्रीति बिसेषी ।।७।।
सजल नयन पुलकित कर जोरी ❀ कीन्हिउँ बहु बिधि बिनय बहोरी ।।८।।

प्रभुको भक्तवात्सल्य (भक्तस्नेह) देख्ता मेरा मनमा झन् प्रीति बढ्यो ।। ७ ।। अनि नेत्रमा अश्रुपूर्ण, शरीरमा रोमाञ्चित भएर अनेक प्रकारले स्तुति गरें ।। ८ ।।

दोहा–सुनि सप्रेम मम बानी देखि दीन निज दास ।
वचन सुखद गंभीर मृदु बोले रमानिवास ।।१२२।।
काकभुसुंडी मागु बर अति प्रसन्न मोहि जानि ।
अनिमादिक सिधि अपर रिधि मोक्ष सकल सुख खानि ।।१२३।।

प्रेमसहित भएका मेरा वचन सुन्नुभयो, आफ्ना सेवकलाई दीन देख्नुभयो र लक्ष्मीनिवास रामजीले सुखदायक गंभीर वचन बोल्नुभयो ।। १२२ ।। काकभुशुण्डी ! मलाई अत्यन्तप्रसन्न भएको जानेर वर माग। अणिमा-लघिमा आदि अष्टसिद्धि, ऋद्धि, सकल सुखको निधिरूप मोक्ष ।। १२३ ।।

६७

चौ०–ज्ञान बिबेक बिरति बिज्ञाना ❀ मुनिदुर्लभ गुन जे जग जाना ॥१॥
आजु देउँ सब संसय नाहीं ❀ मागु जो तोहि भाव मन माहीं ॥२॥

जसलाई जगत् जान्दछ, त्यस्ता, भक्ति, ज्ञान, विवेक, वैराग्य, विज्ञान आदि गरेका मुनिहरूलाई पनि दुर्लभ भएका सद्‌गुण, जति छन् ती सबै म आज दिन चाहन्छु, सन्देह छैन, तिमीलाई जे मनपर्दछ माग" ॥ १ ॥ २ ॥

सुनि प्रभुबचन अधिक अनुरागेउँ ❀ मन अनुमान करन तब लागेउँ ॥३॥
प्रभु कह देन सकल सुख सही ❀ भगति आपनी देन न कही ॥४॥

प्रभुका यस्ता वचन सुनेर ज्यादै नै अनुरक्त (रद्द) भएर मनमा तर्क गर्नलागें ॥ ३ ॥ "प्रभुजीले अरू सकल सुख दिन्छु भन्नुभयो ता सही, परन्तु आफ्नो भक्ति दिन्छु भन्नुभएन (कस्तो छट्‌टु ?) ॥ ४ ॥

भगतिहीन गुन सब सुख ऐसे ❀ लवन बिना बहु व्यंजन जैसे ॥५॥
भजनहीन सुख कवने काजा ❀ अस बिचारि बोलेउँ खगराजा ॥६॥

भक्तिरहित भएका अरू गुण र सुख कस्ता हुन्छन्‌भने नून नभएका (अलीना) तिहुन तर्कारी-अचारजस्ता ॥ ५ ॥ भक्तिरहित भएको सुख के कामको हुन्छ ? (बेकामैको हुन्छ)" हे गरुडजी ! यस्तो विचार गरेर बोलें ॥ ६ ॥

जौं प्रभु होइ प्रसन्न बर देहू ❀ मो पर करहु कृपा अरु नेहू ॥७॥
मन भावत बर मागौं स्वामी ❀ तुम्ह उदार उर अंतरजामी ॥८॥

"हे प्रभु ! यदि प्रसन्न भएर वर बक्सनुहुन्छ, यदि मेराउपर कृपा र स्नेह छभने मनचिन्तित वर माग्दछु, हे स्वामी ! हजूर उदार र हृदयका अन्तर्यामी होइबक्सिन्छ ॥ ७ ॥ ८ ॥

दोहा–अबिरल भगति बिसुद्धि तव श्रुति पुरान जो गाव ।
जेहि खोजत जोगीस मुनि प्रभुप्रसाद कोउ पाव ॥१२४॥
भगतकलपतरु प्रनतहित कृपासिंधु सुखधाम ।
सोइ निज भगति मोहि प्रभु देहु दया करि राम ॥१२५॥

जो वेद र पुराणले प्रशंसा गरिएकी, हजूरकी अनवच्छिन्न शुद्ध-भक्ति छ, योगीश्वरहरू र मुनिहरू जसलाई खोज्दछन् , तिनीहरूमध्ये प्रभुका अनुग्रहले कोही कोही जसलाई पाउँदछन् ॥ १२४ ॥ हे भक्तकल्पवृक्ष ! हे शरणागतहित ! हे करुणासागर ! हे सुखनिवास ! हे राम ! दया गरेर मलाई त्यही आफ्नी भक्ति बक्सनुहोस्" ॥ १२५ ॥ (यसरी प्रार्थना गरें)

चौ०–एवमस्तु कहि रघुकुलनायक ❀ बोले बचन परम सुखदायक ॥१॥
सुनु बायस तैं सहज सयाना ❀ काहे न मागसि अस बरदाना ॥२॥

हे गरुडजी ! रघुनाथजीले "एवमस्तु" ("तथास्तु") भन्नुभयो र परम सुखदायक

वचन बोल्नुभयो ॥ १ ॥ “सुन् काकभुशुण्डी ! तँ खूब बाठो रहिछस्, यस्तो वरदान पाए किन माग्दैनथिस् ? ॥ २ ॥

सब सुख खानि भगति तैं मागी ❀ नहि जग कोउ तोहि सम बड़भागी ॥३॥
जो मुनि कोटि जतन नहि लहहीं ❀ जे जप जोग अनल तन दहहीं ॥४॥

सबै सुखको खानि (निधि) स्वरूप भएकी भक्ति तैंले मागिस्, तँजस्तो ठूलो भाग्यवान् संसारमा कोही छैन ॥ ३ ॥ जत-तप-योगरूपी अग्निले देहलाई जलाएर पनि कोटि कोटि यत्न गरेर पनि जुन चीजलाई मुनिहरू पाउँदैनन् ॥ ४ ॥

रीझेउँ देखि तोरि चतुराई ❀ मागेहु भगति मोहि अति भाई ॥५॥
सुनु बिहंग प्रसाद अब मोरे ❀ सब सुभ गुन बसिहहिं उर तोरे ॥६॥
भगति ज्ञान बिज्ञान बिरागा ❀ जोग चरित्र रहस्य बिभागा ॥७॥
जानब तैं सब ही कर भेदा ❀ मम प्रसाद नहि साधन खेदा ॥८॥

तैंले ता मन परेकी त्यही भक्ति मागिस्, हो कि ? तेरो बठ्याइँ देखेर खुशी भएँ, ॥५॥ हे पक्षी ! सुन्, अब मेरा अनुग्रहले तेरा हृदयमा सम्पूर्ण शुभ गुण रहनेछन् ॥ ६ ॥ भक्ति, ज्ञान, विज्ञान, वैराग्य, योग, मेरा चरित्रका भिन्न-भिन्न रहस्य, सबैको भेद तँ जान्नेछस्, मेरा अनुग्रहले तँलाई साधनाको दुःख गर्नुपर्नेछैन ॥ ७ ॥ ८ ॥

दोहा—मायासंभव भ्रम सब अब न ब्यापिहहिं तोहि ।
जानेसु ब्रह्म अनादि अज अगुन गुनाकर मोहि ॥१२६॥
मोहि भगत प्रिय संतत अस बिचारि सुनु काग ।
काय बचन मन मम पद करेसु अचल अनुराग ॥१२७॥

अब तँलाई मायाबाट पैदा हुने कुनै भ्रमले पनि छोप्नेछैन अनादि जन्मरहित, निर्गुण गुणपूर्ण, ब्रह्म मलाई जानेस् ॥ १२६ ॥ हे काकभुशुण्डी ! सुन्, मलाई सज्जन भक्त प्यारा छन्, यो विचार गरेर मेरा चरणमा मनसा-कर्मणा-वाचा अचल प्रेम गरेस् है ! ॥ १२७ ॥

चौ०—अब सुनु परम बिमल मम बानी ❀ सत्य सुगम निगमादि बखानी ॥१॥
निज सिद्धांत सुनावौं तोही ❀ सुनि मन धरु सब तजि भजु मोही ॥२॥

अब सत्य-सुगम, वेदशास्त्रले वर्णन गरिएका, परम निर्मल मेरा वचन सुन् ॥ १ ॥ आफ्नो सिद्धान्त तँलाई सुनाउँछु, सुनेर मनमा राखेस्, सबै छाडेर मेरो वचन सुन् ॥ २ ॥

मम मायासंभव संसारा ❀ जीव चराचर बिबिध प्रकारा ॥३॥
सब मम प्रिय सब मम उपजाए ❀ सब तें अधिक मनुज मोहि भाए ॥४॥

यो सबै संसार मेरो मायाबाट पैदा भएको हो, त्यसो हुनाले अनेक प्रकारका चराचर जीव सबै मेरा प्यारा छन्, सबै मैले पैदा गरेका न हुन् ?, तर सबभन्दा बढता मलाई मनुष्य मनपर्दछन् ॥ ३ ॥ ४ ॥

तिन्ह महँ द्विज द्विज महँ श्रुतिधारी ❀ तिन्ह महुँ निगमधर्म अनुसारी ॥५॥
तिन्ह महँ प्रिय बिरक्त पुनि ग्यानी ❀ ग्यानिहु तें अति प्रिय बिग्यानी ॥६॥

मनुष्यमा पनि ब्राह्मण, ब्राह्मणमा वेदवेत्ता, वेदवेत्तामा वैदिकधर्मकारी, तिनमा विरक्त, तिनमा ज्ञानी, तिनमा विज्ञानी (आत्मज्ञानी) मलाई अत्यन्त मनपर्दछन् ॥ ५ ॥ ६ ॥

तिन्ह तें पुनि मोहि प्रिय निज दासा ❀ जेहि गति मोरि न दूसरि आसा ॥७॥
पुनि पुनि सत्य कहौं तोहि पाहीं ❀ मोहि सेवक सम प्रिय कोउ नाहीं ॥८॥

तीभन्दा पनि मेरा भक्त अधिक प्यारा छन् , जसको आधार मेरो छ, अर्को आशा छैन (ती परमप्रिय किन नहुन्) ॥ ७ ॥ हे काकभुशुण्डी ! तिमीसँग वारंवार सत्य कुरा भन्दछु कि भक्तजत्तिको प्यारो वस्तु मेरो केही छैन ॥ ८ ॥ (क)

भगतिहीन बिरंचि किन होई ❀ सब जीवहु सम प्रिय मोहि सोई ॥९॥
भगतिवंत अति नीचौ प्रानी ❀ मोहि प्रानप्रिय असि मम बानी ॥१०॥

भक्तिहीन छभने ब्रह्मा नै होस्न, त्यो पनि मलाई सर्वसाधारण प्यारो छ (त्यसको विशेषताले म प्रसन्न छैन, मलाई भक्ति नै चाहिन्छ) ॥ ९ ॥ भक्तिमान् छभने अति नीच पनि मेरो प्राणसमान प्यारो छ मेरो यस्तै स्वभाव छ ॥ १० ॥

दोहा–सुचि सुसील सेवक सुमति प्रिय कहु काहि न लाग ।
श्रुति पुरान कह नीति असि सावधान सुनु काग ॥१२८॥

शुद्ध, सुशील सद्बुद्धि भएको सेवक कसलाई मनपर्दैन ? लौ भन, वेद र पुराण पनि यसै भन्दछन् , नीति (मुनासीब) पनि यही हो ॥ १२८ ॥

चौ०–एक पिता के बिपुल कुमारा ❀ होहिं पृथक गुन सील अचारा ॥१॥
कोउ पंडित कोउ तापस ग्याता ❀ कोउ धनवंत सूर कोउ दाता ॥२॥

एउटा बाबुका बेग्लै गुण, शील, आचार भएका धेरै छोरा हुन्छन् ॥ १ ॥ तिनीहरूमध्ये कोही पण्डित, कोही तपस्वी, कोही ज्ञानी, कोही धनी, कोही शूर, कोही दानी ॥ २ ॥

कोउ सर्बग्य धर्मरत कोई ❀ सब पर पितहि प्रीति सम होई ॥३॥
कोउ पितुभगत बचन मन कर्मा ❀ सपनेहु जान न दूसर धर्मा ॥४॥

कोही सर्वज्ञ, कोही धार्मिक हुन्छन् , सबैका उपर बाबुको प्रेम तुल्य रहन्छ ॥ ३ ॥ कोही मनसा-कर्मणा-वाचा बाबुको भक्त हुन्छ, सपनामा पनि (पितृसेवाबाहेक) अर्को धर्म जान्दैन ॥ ४ ॥

(क) "जुन भक्तलाई म सर्वोपरि प्यारो छु, मलाई पनि त्यो भक्त सर्वोपरि प्यारो छ । ब्रह्माजी, शंकर, संकर्षण, लक्ष्मी, मेरो मूर्ति (शरीर) पनि मलाई उत्तिको प्यारो छैन, उद्धवजी ! (अनन्यभक्त) हुनाले तपाईं जत्तिको प्यारो हुनुहुन्छ" भनी उद्धवजीलाई श्रीकृष्णभगवान्ले भन्नुभएको छ ।

"न तथा मे प्रियतम आत्मयोनिर्न शङ्करः ।
न च संकर्षणो न श्रीर्नैवात्मा च यथा भवान्" ॥ [श्रीमद्भाग० ११]

सो सुत प्रिय पितु प्रान समाना ❀ जद्यपि सो सब भाँति अयाना ॥५॥
एहि बिधि जीव चराचर जेते ❀ त्रिजग देव नर असुर समेते ॥६॥

त्यहीचाहिने छोरो यद्यपि ज्ञानवान् छैन तापनि बाबुको प्राणसमान प्यारो हुन्छ ॥ ५ ॥ यस्तै प्रकारले तीन लोकमा देवता, मनुष्य, दैत्यलगायत जति चराचर जीव छन् ॥ ६ ॥

अखिल बिस्व यह मोर उपाया ❀ सब पर मोहि बराबरि दाया ॥७॥
तिन्ह मह जो परिहरि मद माया ❀ भजइ मोहि मन बच अरु काया ॥८॥

तीसमेतको यो समस्त संसार मैले उत्पन्न गरेको हो, सबैका उपर मेरो बराबर दया छ ॥ ७ ॥ तिनीहरूमध्ये जो अभिमान र कपट छाडेर मन-वचन-कर्मले मलाई भज्दछ ॥ ८ ॥

दोहा—पुरुष नपुंसक नारि वा जीव चराचर कोइ ।
सर्बभाव भज कपट तजि मोहि परम प्रिय सोइ ॥१२९॥

त्यो मानिस पुरुष होस् या नपुंसक होस् , या स्त्री होस् या चराचर जोसुकै होस् , जो कपटभाव छाडेर मलाई भज्दछ त्यही मेरो परम प्यारो हुन्छ ॥ १२९ ॥

सोरठा—सत्य कहौं खग तोहि सुचि सेवक मम प्रानप्रिय ।
अस बिचारि भजु मोहि परिहरि आस भरोस सब ॥४॥

हे पक्षी ! म तिमीलाई साँचो भन्दछु, शुद्ध भक्त मेरो प्राणसमान प्रिय हुन्छ । यस्तो विचार गरेर अर्काको आस र त्रास छाडीकन मलाई भज ॥ ४ ॥

चौ०—कबहूँ काल न ब्यापिहि तोही ❀ सुमिरेसु भजेसु निरंतर मोही ॥१॥
प्रभुबचनामृत सुनि न अघाऊँ ❀ तनु पुलकित मन अति हरषाऊँ ॥२॥

तिमीलाई कहिल्यै पनि कालले व्याप्त गर्ने (मार्ने) छैन, मेरा स्वरूपको निरन्तर स्मरण गर" ॥ १ ॥ यस्ता प्रभुजीका वचन सुनेर म अघाइन, शरीर रोमाञ्चित भयो, मनमा अत्यन्त हर्षित भएँ ॥ २ ॥

सो सुख जानै मनु अरु काना ❀ नहि रसना पहिं जाइ बखाना ॥३॥
प्रभु सोभा सुख जानहिं नयना ❀ कहि किमि सकहिं तिन्हहिं नहिं बयना ॥४॥

त्यो (त्यस बेलाको) सुख मनले र कानले जानेका छन् , जिभ्राबाट त्यसको बयान हुन सक्तैन ॥ ३ ॥ (किनभने त्यसले देखेको छैन) आँखाले प्रभुको शोभा देख्ताखेरिको आनन्द जान्न ता जानेका छन्, तिनीहरू त्यो शोभाको वर्णन गर्न कसरी सक्तछन् ? ती आँखाको वचनशक्ति छैन (जाने पनि भन्न सक्तैनन्) ॥ ४ ॥

बहु बिधि मोहि प्रबोधि सुख देई ❀ लगे करन सिसुकौतुक तेई ॥५॥
सजल नयन कछु मुख करि रूखा ❀ चितै मातु लागी अति भूखा ॥६॥

प्रभुजी मलाई अनेक तरहले संझाई-बुझाई आनन्दित पारेर बाललीला गर्न लाग्नुभयो ॥ ५ ॥ गहभरी आँसु पारेर मुख केही रूखाजस्तो गरेर भोक लागेजस्तो गरी माताजीतर्फ हेर्न लाग्नुभयो ॥ ६ ॥

देखि मातु आतुर उठि धाई ❀ कहि मृदु बचन लिए उर लाई ॥७॥
गोद राखि कराव पयपाना ❀ रघुपतिचरित ललित कर गाना ॥८॥

माता कौशल्याले देख्नुभयो र हत्तपत्त उठेर दौड्नुभयो, मीठो वचन बोलेर प्रभुजी लाई अंगालो हाल्नुभयो ॥ ७ ॥ र काखमा राखीकन रघुनाथचरित्र गाउँदै दूध पियाउनुभयो ॥ ८ ॥

सोरठा–जेहि सुख लागि पुरारि असुभ बेष कृत सिव सुखद ।
अवधपुरी नर नारि तेहि सुख महु संतत मगन ॥५॥
सोई सुखलवलेस जिन्ह बारक सपनेहु लहेउ ।
तेहि नहिं गनहिं खगेस ब्रह्मसुखहि सज्जन सुमति ॥६॥

जुन सुखका लागि मङ्गलदायक शंकरजीले अमंगल वेष गर्नुभयो, त्यही सुखमा अयोध्यानिवासी नरनारीहरू सधैं डुबेका थिए (रामजीको दर्शन सधैं पाउँथे) ॥ ५ ॥ हे सुमति ! गरुडजी ! जो त्यो सुखको लवलेश (सानो हिस्सा) सपनामा पनि एकचोटि पाउँछन् , ती सज्जनहरू ब्रह्मानन्दलाई पनि पसमबराबर संझदैनन ॥ ६ ॥

चौ०–मैं पुनि अवध रहेउँ कछु काला ❀ देखेउँ बालबिनोद रसाला ॥१॥
रामप्रसाद भगति बर पायेउँ ❀ प्रभुपद बंदि निजाश्रम आयेउँ ॥२॥

म केही काल अयोध्यामा रहें, मीठो बालचरित्र हेरें ॥ १ ॥ रामजीका अनुग्रहले भक्ति वर पाएँ, प्रभुजीलाई वन्दना गरेर आफ्नु आश्रममा आएँ ॥ २ ॥

तब तें मोहि न ब्यापी माया ❀ जब तें रघुनायक अपनाया ॥३॥
यह सब गुप्त चरित मैं गावा ❀ हरिमाया जिमि मोहि नचावा ॥४॥

गरुडजी ! जहिलेदेखि प्रभुजीले मलाई आत्मीय (आफ्नो) बनाउनुभयो, वहाँउप्रान्त मायाले मलाई ढाकेकी छैन ॥ ३ ॥ वैष्णवी मायाले मलाई जसरी नचाएको हो, त्यो गुप्तचरित्र मैले वर्णन गरें ॥ ४ ॥

निज अनुभव अब कहौं खगेसा ❀ बिनु हरिभजन न जाहिं कलेसा ॥५॥
रामकृपा बिनु सुनु खगराई ❀ जानि न जाइ रामप्रभुताई ॥६॥

हे पक्षिराज ! सुन्नुहोस्, अब आफ्नो अनुभव बताउँछु, विनाहरिभजन दुःख जाँदैन ॥ ५ ॥ विनारामकृपा रामजीको प्रभुता जान्न सकिदैन ॥ ६ ॥

जाने बिनु न होइ परतीती ❀ बिनु परतीति होइ नहिं प्रीती ॥७॥
प्रीति बिना नहिं भगति दृढ़ाई ❀ जिमि खगपति जल कै चिकनाई ॥८॥

नजानीकन प्रतीति (विश्वास) हुँदैन, विनाप्रतीति रामचन्द्रमा प्रीति पनि हुँदैन ॥ ७ ॥ विनाप्रीति भक्तिको मजबूती हुँदैन, हे पक्षिराज ! जस्तै पानीको चिप्लोपना छ (त्यस्तै प्रीतिविनाको भक्ति छ, पानी सुक्यो कि चिप्लोपना हरायो, प्रीति उठ्यो कि भक्ति उड्यो हुन जान्छ) ॥ ८ ॥

सोरठा–बिनु गुर होइ कि ग्यान ग्यान कि होइ बिराग बिनु ।
गावहिं बेद पुरान सुख कि लहिअ हरिभगति बिनु ॥७॥
कोउ बिश्राम कि पाव तात सहज संतोष बिनु ।
चलै कि जल बिनु नाव कोटि जतन पचि पचि मरिअ ॥८॥

विनागुरु कहीं ज्ञान हुन सक्तछ ? वैराग्यविना ज्ञान कहीं हुन सक्तछ ? वेद-पुराण वर्णन गर्दछन् कि, विना हरिभक्ति के कोही सुख पाउँछन् ? ॥ ७ ॥ बाबा ! विनास्वाभाविक सन्तोष के कोही विश्राम पाउँदछ ? कोटि कोटि कोशिश गरेर हत्ते हत्ते हालेर मरे पनि विनापानी जमीनमा नाउ चल्दछ र ? ॥ ८ ॥

चौ०–बिनु संतोष काम न नसाहीं ❀ काम अछत सुख सपनेहु नाहीं ॥१॥
रामभजन बिनु मिटहिं कि कामा ❀ थलबिहीन तरु कबहुँ कि जामा ॥२॥

विनासन्तोष कामनाको नाश हुँदैन, कामना छँदा छँदै सुख सपनामा पनि हुँदैन ॥ १ ॥ विनारामभजन कामना मेटिन्छ र ? विनाजमीन के कहिल्यै वृक्ष जम्दछ (उम्रन्छ) र ? ॥ २ ॥

बिनु बिग्यान कि समता आवै ❀ कोउ अवकास कि नभ बिनु पावै ॥३॥
श्रद्धा बिना धर्म नहि होई ❀ बिनु महि गंध कि पावै कोई ॥४॥

विनाविज्ञान (शास्त्रबोध) समता आउँछ र ? विनाआकाश के कोही अवकाश (स्थान) पाउँछ र ? ॥ ३ ॥ विनाश्रद्धा धर्म हुँदैन, विनापृथ्वी के कोही गन्ध पाउँछ र ? ॥ ४ ॥

बिनु तप तेज कि कर बिस्तारा ❀ जल बिनु रस कि होइ संसारा ॥५॥
सील कि मिल बिनु बुधसेवकाई ❀ जिमि बिनु तेज न रूप गोसाँई ॥६॥

विनातपस्या के तेजको विस्तार (प्रकाश) हुन्छ र ? के संसारमा विनाजल रस रहन सक्तछ र ? ॥ ५ ॥ विनापण्डितसेवा के शीलस्वभाव पाइन्छ र ? हे स्वामी ! जसरी विनातेज रूप रहँदैन (त्यसै गरी विनापण्डितसेवा शील पाइँदैन) ॥ ६ ॥

निज सुख बिनु मन होइ कि थीरा ❀ परस कि होइ बिहीन समीरा ॥७॥
कवनिउ सिद्धि कि बिनु बिस्वासा ❀ बिनु हरिभजन न भव भय नासा ॥८॥

विनाआत्मसुख के मन स्थिर हुन्छ र ? विनावायु के स्पर्श हुन्छ र ? ॥ ७ ॥ विनाविश्वास के कुनै सिद्धि हुन्छ र ? विनाहरिभजन संसार-भयको नाश हुँदैन ॥ ८ ॥

दोहा–बिनु बिस्वास भगति नहिं तेहि बिनु द्रवहिं न रामु ।
रामकृपा बिनु सपनेहु जीव न लह बिश्रामु ॥१३०॥

विनाविश्वास भक्ति हुँदैन, विनाभक्ति रामजी पग्लनुहुन्न (दयार्द्र हुनुहुन्न) विनारामकृपा सपनामा पनि जीवले विश्राम (आरामी) पाउँदैन ॥ १३० ॥

सोरठा–अस बिचारि मतिधीर तजि कुतर्क संसय सकल।
भजहु राम रघुबीर करुनाकर सुंदर सुखद ॥९॥

हे धीरबुद्धि ! गरुड ! यस्तो विचार गरीकन कुतर्क र संशयलाई निःशेष छाडेर करुणानिधान सुन्दर सुखदायक रघुवीर रामजीलाई भज्नुहोस् ॥ ९ ॥

चौ०–निज मति सरिस नाथ मैं गाई ❀ प्रभु प्रताप महिमा खगराई ॥१॥
कहेउँ न कछु करि जुगुति बिसेषी ❀ यह सब मैं निज नयनन्हि देखी ॥२॥

हे नाथ ! हे पक्षिराज ! आफ्ना बुद्धिअनुसार मैले प्रभुका प्रतापको महिमा वर्णन गरें, ॥ १ ॥ विशेष युक्ति गरेर (आफ्नो कुरा जोरेर) केही भनेको छैन, यो सब कुरा मैले आफ्ना आँखाले देखेको हुँ ॥ २ ॥

महिमा नाम रूप गुन गाथा ❀ सकल अमित अनंत रघुनाथा ॥३॥
निज निज मति मुनि हरिगुन गावहिं ❀ निगम सेष सिव पार न पावहिं ॥४॥

रामजीका महिमा, नाम, रूप, गुणकथा, सबै कुरा अतुल अनन्त छन् ॥ ३ ॥ मुनिहरू आफ्ना आफ्ना बुद्धिअनुसार हरिका गुण गाउँछन् , वास्तवमा वेद, शेष, शंकर पनि गुणको पार पाउँदैनन् ॥ ४ ॥

तुम्हहि आदि खग मसक प्रजंता ❀ नभ उड़ाहिं नहि पावहिं अंता ॥५॥
तिमि रघुपतिमहिमा अवगाहा ❀ तात कबहुँ कोउ पाव कि थाहा ॥६॥

गरुडजी ! तपाईंलगायत भुसुनासम्मका पक्षी आकाशमा उड्छन् , आकाशको अन्त कसैले पाउँदैनन् ॥ ५ ॥ त्यस्तै रघुनाथजीको महिमा अथाह अनन्त छ, बाबा ! कहिल्यै कोही अन्त पाउँछ र ? ॥ ६ ॥

रामु काम सत कोटि सुभगतन ❀ दुर्गा कोटि अमित अरिमर्दन ॥७॥
सक्र कोटि सत सरिस बिलासा ❀ नभ सत कोटि अमित अवकासा ॥८॥

रामजी सयकरोड कामको समष्टिजस्ता सुन्दर मूर्ति हुनुहुन्छ। अनन्तकोटि दुर्गाको समष्टिजस्ता शत्रुनाशक हुनुहुन्छ ॥ ७ ॥ शयकरोड इन्द्रको समष्टिजस्ता विलासी (भोगी) हुनुहुन्छ। अनन्तकोटि आकाशको समष्टिजस्ता अवकाशरूप (फराकिला) हुनुहुन्छ ॥ ८ ॥

दोहा–मरुत कोटि सत बिपुल बल रबि सत कोटि प्रकास।
ससि सत कोटि सुसीतल समन सकल भवत्रास ॥१३१॥
काल कोटि सत सरिस अति दुस्तर दुर्ग दुरंत।
धूमकेतु सत कोटि सम दुराधरष भगवंत ॥१३२॥

शयकरोड वायुतत्वको समष्टिजत्तिकै प्रबल हुनुहुन्छ। शयकरोड सूर्यको समष्टिजत्तिकै प्रकाशवान् हुनुहुन्छ। शयकरोड चन्द्रमाको समष्टिजत्तिकै शीतल र संसारतापशान्ति गर्ने हुनु-

हुन्छ ॥ १३१ ॥ शयकरोड कालको समष्टिजस्तै दुस्तर (पार नपाइने) दुर्गम (नभेट्टाइने) दुरन्त (अन्त पाउन नसकिने) हुनुहुन्छ। भगवान् रामजी शयकरोड अग्निको समष्टि जस्तै दुराधर्ष (हेप्न नसकिने) हुनुहुन्छ ॥ १३२ ॥

चौ०–प्रभु अगाध सतकोटि पताला ❀ समन कोटि सत सरिस कराला ॥१॥
तीरथ अमित कोटि सम पावन ❀ नाम अखिल अघपूग नसावन ॥२॥

प्रभुजी सयकरोड पातालको समष्टिजत्तिकै गहिरो हुनुहुन्छ, शयकरोड यमराजको समष्टिजत्तिकै डरलाग्दा हुनुहुन्छ ॥ १ ॥ रामजीको नाम शयकरोड तीर्थको समष्टिजत्तिकै पवित्र र सर्वपापहारी छ ॥ २ ॥

हिम गिरि कोटि अचल रघुबीरा ❀ सिंधु कोटि सत सम गंभीरा ॥३॥
कामधेनु सम कोटि समाना ❀ सकल काम दायक भगवाना ॥४॥

रघुनाथजी करोड हिमालयपर्वतको समष्टिजत्तिकै अचल हुनुहुन्छ। शयकरोड समुद्रको समष्टिजत्तिकै गंभीर हुनुहुन्छ ॥ ३ ॥ भगवान् रामजी सयकरोड कामधेनुको समष्टिजत्तिकै सकल कामनापूरक हुनुहुन्छ ॥ ४ ॥

सारद कोटि अमित चतुराई ❀ बिधि सत कोटि सृष्टिनिपुनाई ॥५॥
बिष्नु कोटि सम पालनकर्ता ❀ रुद्र कोटि सत सम संहर्ता ॥६॥

रामजीको चातुर्य अनन्तकोटि सरस्वतीका समष्टिको जस्तो छ, वहाँको निपुणता (सिपालुपना) सयकरोड ब्रह्माका समष्टिको जत्तिकै छ ॥ ५ ॥ रामजी सयकरोड विष्णुको समष्टिजस्तै पालनकर्ता हुनुहुन्छ, शयकरोड रुद्रको समष्टिजत्तिकै संहारकर्ता हुनुहुन्छ ॥ ६ ॥

धनद कोटि सत सम धनवाना ❀ माया कोटि प्रपंचनिधाना ॥७॥
भारधरन सत कोटि अहीसा ❀ निरवधि निरुपम प्रभु जगदीसा ॥८॥

रामजी शयकरोड कुबेरको समष्टिजतिकै संपत्तिमान् हुनुहुन्छ, करोड मायाको समष्टिजत्तिकै मायावी (प्रपंच निपुण) हुनुहुन्छ ॥ ७ ॥ शयकरोड शेषको समष्टिजस्तै भार धारण-समर्थ हुनुहुन्छ। वहाँ निःसीम अनुपम प्रभुत्ववाला र समस्त ब्रह्मांडपति हुनुहुन्छ ॥ ८ ॥

छन्द–निरुपम न उपमा आन राम समान रामु निगम कहे।
जिमि कोटि सत खद्योत सम रबि कहत अति लघुता लहे ॥
एहि भाँति निज निज मति बिलास मुनीस हरिहि बखानहीं।
प्रभु भावगाहक अति कृपाल सप्रेम सुनि सुख मानहीं ॥२६॥

“रामजी निरुपम हुनुहुन्छ, अर्को उपमा छैन, रामजीजस्ता रामजी नै हुनुहुन्छ” भनी वेदले भनेको छ। जसरी “सूर्यनारायण करोडौं जूनकीरीजस्ता छन्” भन्दा सूर्यको स्तुति हुँदैन कि वहाँले अत्यन्त अपमान पाउनुहुन्छ, त्यस्तै प्रकारले मुनीश्वरहरू आफ्ना आफ्ना बुद्धिका दौडअनुसार प्रभुको बखान गर्दछन् (त्यो अनुचित भए पनि) भक्तिग्राही अतिदयालु भगवान् त्यो बखान सुन्नुहुन्छ र आनन्द मान्नुहुन्छ ॥ २६ ॥

दोहा–रामु अमित गुनसागर थाह कि पावै कोई।
संतन्ह सन जस किछु सुनेउँ तुम्हहि सुनायेउँ सोइ ॥१३३॥

रामजी अपार गुणका समुद्र हुनुहुन्छ, वहाँको अन्त (थाह) कोही पाउन सक्दछ र ?, साधुसन्तहरूबाट जो कुछ सुनेको छुँ, मैले तपाईंलाई त्यही सुनाएँ ॥ १३३ ॥

सोरठा–भावबस्य भगवान सुखनिधान करुनाभवन।
तजि ममता मद मान भजिअ सदा सीतारवन ॥१०॥

सुखनिधान करुणाभवन भगवान् रामजी भावभक्तिका अधीन रहनुहुन्छ। पक्षिराज ! ममता मद मानलाई छाडेर उनै सीतपति रामजीलाई भज्नुहोस् ॥ १० ॥

चौ०–सुनि भुसुंडि के बचन सुहाए ❀ हरषित खगपति पंख फुलाए ॥१॥
नयन नीर मन अति हरषाना ❀ श्रीरघुपतिप्रताप उर आना ॥२॥

काकभुशुण्डीका सुन्दर वचन सुनेर पक्षिराज गरुडजी हर्षित भए, उनले प्वाँख फुलाए ॥ १ ॥ उनका नेत्रमा प्रेमाश्रु भरियो, मनमा अत्यन्त हर्ष भयो, रामजीको प्रभावलाई उनले हृदयमा ल्याए (स्थिर गरे) ॥ २ ॥

पाछिल मोह समुझि पछिताना ❀ ब्रह्म अनादि मनुज करि माना ॥३॥
पुनि पुनि कागचरन सिरु नावा ❀ जानि राम सम प्रेम बढ़ावा ॥४॥

अघिको मोह संझेर "अनादि ब्रह्मलाई मान्छे भनिठाने" तिनले पछितो माने ॥३॥ वारंवार काकभुशुण्डीका पाउमा माथ राखे, उनलाई रामजीसमान जानेर खूब प्रेम गरे ॥ ४ ॥

गुर बिनु भवनिधि तरै न कोई ❀ जौं बिरंचि संकर सम कोई ॥५॥
संसय सर्प ग्रसेउ मोहि ताता ❀ दुखद लहरी कुतर्क बहु ब्राता ॥६॥

(अनि गरुडजी भन्न लागे) "ब्रह्मा र शंकरको समान छभने पनि विनागुरु कोही पनि संसारसागर तर्न सक्तैन ॥ ५ ॥ हे तात ! मलाई संशयरूपी सर्पले डसेको थियो, दुःखदायक कुतर्करूपी अनेकानेक लहरी (विषप्रवाहका झोक) आइरहेका थिए ॥ ६ ॥

तव सरूप गारुड़ि रघुनायक ❀ मोहि जिआएउ जन सुखदायक ॥७॥
तव प्रसाद मम मोह नसाना ❀ रामरहस्य अनूपम जाना ॥८॥

भक्तजन सुखदायक रघुनाथजीले तपाईंरूपी गारुडीद्वारा (विषविद्याको प्रयोग गर्ने गुणीद्वारा) मलाई बचाइबक्सनुभयो ॥ ७ ॥ तपाईंका अनुग्रहले मेरो मोह नष्ट भयो, अनुपम रामरहस्य मैले जानें ॥ ८ ॥

दोहा–ताहि प्रसंसि बिबिध बिधि सीस नाइ कर जोरि।
बचन बिनीत सप्रेम मृदु बोलेउ गरुड़ बहोरि ॥१३४॥

प्रभु अपने अबिबेक तें पूछौं स्वामी तोहि ।
कृपासिंधु सादर कहहु जानि दास निज मोहि ॥१३५॥

अनेक प्रकारले तिनको प्रशंसा गरेर शिर झुकाईकन हात जोरेर गरुडजीले फेरि प्रेमका साथ नम्र र कोमल वचन बोले ॥ १३४ ॥ हे प्रभु ! हे स्वामी ! आफ्नो अज्ञानले तपाईं-संग फेरि सोद्धछु, हे कृपासागर ! मलाई आफ्नो दास जानेर आदरपूर्वक प्रश्नको उत्तर दिनुहोस् ॥ १३५ ॥

चौ०–तुम्ह सर्बग्य तग्य तमपारा ❀ सुमति सुसील सरल आचारा ॥१॥
ग्यान बिरति बिग्यान निवासा ❀ रघुनायक के तुम्ह प्रिय दासा ॥२॥

तपाईं सर्वज्ञ, तत्वज्ञ, मायान्धकारदेखि पर रहेका, सद्‌बुद्धि, सदाचारी, ज्ञान वैराग्य-विज्ञानका निवासस्वरूप रामजीका प्रिय भक्त हुनुहुन्छ ॥ १ ॥ २ ॥

कारन कवन देह यह पाई ❀ तात सकल मोहि कहहु बुझाई ॥३॥
रामचरितसर सुंदर स्वामी ❀ पायेहु कहाँ कहहु नभगामी ॥४॥

हे तात ! के कारणले यो शरीर पाउनुभयो, मलाई सबै बुझाएर भन्नुहोस् ॥ ३ ॥ हे पक्षीवर ! हे स्वामी ! सुन्दर रामचरितमानस कहाँ पाउनुभयो ? भन्नुहोस् ॥ ४ ॥

नाथ सुना मैं अस सिव पाहीं ❀ महाप्रलयेहुँ नास तव नाहीं ॥५॥
मुधा बचन नहि ईस्वर कहई ❀ सोउ मोरे मन संसय अहई ॥६॥

हे नाथ ! मैले महाप्रलयमा पनि तपाईंको नाश हुँदैन भन्ने कुरा शिवजीबाट सुनें, शिवजी असत्य वचन बोल्नुहुन्न, त्यसो हुनाले मेरा मनमा सन्देह छ—॥ ५ ॥ ६ ॥

अग जग जीव नाग नर देवा ❀ नाथ सकल जगु कालकलेवा ॥७॥
अंडकटाह अमित लयकारी ❀ कालु सदा दुरतिक्रम भारी ॥८॥

हे नाथ ! नाग नर देवता आदि गरेको स्थावरजंगम सबै संसार कालको कलेवा (भोज्य) रूप छ ॥ ७ ॥ अनन्त ब्रह्माण्डको कालले अन्त गर्दछ, काल अत्यन्त दुरतिक्रम (अलङ्घनीय) छ ॥ ८ ॥

सोरठा–तुम्हहि न ब्यापत काल अति कराल कारन कवन ।
मोहि सो कहहु कृपाल ग्यानप्रभाव कि जोगबल ॥११॥

अत्यन्त कराल (भयङ्कर) भएको सर्वव्यापी कालले तपाईंलाई के कारणले व्याप्त गरेन ? । हे दयाल ! मलाई त्यो बताउनुहोस् (त्यसको कारण) योगबल हो कि ? ज्ञानबल हो ? ॥ ११ ॥

दोहा–प्रभु तव आश्रम आएँ मोर मोह भ्रम भाग ।
कारन कवन सो नाथ सब कहहु सहित अनुराग ॥१३६॥

प्रभु ! तपाईंका आश्रममा म आएँ, मेरो मोह र भ्रम भागिहाल्यो । हे नाथ ! त्यसमा कारण क्या हो ? प्रेमसहित सबै बताउनुहोस् ॥ १३६ ॥

[काकभुशुण्डीको पूर्ववृत्तान्त]

चौ०–गरुड़गिरा सुनि हरषेउ कागा ❀ बोलेउ उमा सहित अनुरागा ॥१॥
धन्य धन्य तव मति उरगारी ❀ प्रस्न तुम्हारि मोहि अति प्यारी ॥२॥

गरुडजीको वचन सुनेर काकभुशुण्डी आनन्दित भए । हे पार्वती ! प्रेमसहित ती बोल्न लागे ॥ १ ॥ "हे सर्पशत्रु ! गरुड ! तपाईंको बुद्धिलाई वारंवार धन्यवाद छ । तपाईंको प्रश्न मलाई अत्यन्त प्यारो लाग्यो ॥ २ ॥

सुनि तव प्रस्न सप्रेम सुहाई ❀ बहुत जनम कै सुधि मोहि आई ॥३॥
सब निज कथा कहौं मैं गाई ❀ तात सुनहु सादर मन लाई ॥४॥

तपाईंको सुंदर प्रश्न सुन्दा मलाई अनेक जन्मको स्मरण भयो ॥ ३ ॥ अब म आफ्नो सारा कथा वर्णन गर्दछु, बाबु ! चित्त लगाएर आदरका साथ सुन्नुहोस् ॥ ४ ॥

जप तप मख सम दम ब्रत दाना ❀ बिरति बिबेक जोग बिग्याना ॥५॥
सब कर फल रघुपतिपद प्रेमा ❀ तेहि बिनु काउ न पावै छेमा ॥६॥

जप, तप, व्रत, यज्ञ, शम, दम, दान, वैराग्य, विवेक, योगाभ्यास, ज्ञान, इत्यादि सबै साधनको फल रामप्रेम हो, विनारामप्रेम कोही पनि कल्याण पाउँदैन ॥ ५ ॥ ६ ॥

एहि तन रामभगति मैं पाई ❀ ता तें मोहि ममता अधिकाई ॥७॥
जेहि तें कछु निज स्वारथ होई ❀ तेहि पर ममता कर सब कोई ॥८॥

यही काकशरीरले मैले भक्ति पाएँ, त्यसो हुनाले यही काकशरीरमा मेरो ममता ज्यादा छ ॥ ७ ॥ जसबाट आफ्नो केही स्वार्थ (मतलब) हुन्छ (सिद्ध हुन्छ) त्यसैका उपर सबैको ममता रहन्छ ॥ ८ ॥

सोरठा–पन्नगारि असि नीति श्रुतिसंमत सज्जन कहहि ।
अति नीचहु सन प्रीति करिअ जानि निज परम हित ॥१२॥
पाट कीट तें होइ तेहि तें पाटंबर रुचिर ।
कृमि पालै सबु कोइ परम अपावन प्रान सम ॥१३॥

हे सर्पशत्रु ! नीति पनि यस्तै छ, वेदको संमति पनि यस्तै छ, सज्जनहरू पनि यसै भन्छन् कि "आफ्नो परम हित गर्ने जानेपछि अत्यन्त नीचसँग प्रीति गर्नुपर्दछ" ॥ १२ ॥ कीराबाट रेशम पैदा हुन्छ, रेशमबाट राम्रा राम्रा रेशमी वस्त्र तयार हुन्छन्, (आफ्नो स्वार्थसिद्ध गर्नाका निमित्त) सबैजना अत्यन्त अपवित्र कीरालाई पनि प्राणसमान गरेर पाल्दछन् ॥ १३ ॥

चौ०–स्वारथ साच जीव कहुँ एहा ❀ मन क्रम बचन रामपद नेहा ॥१॥
सोइ पावन सोइ सुभग सरीरा ❀ जो तनु पाइ भजिअ रघुबीरा ॥२॥

मन-वचन-कर्मले रामजीका चरणमा प्रेम गर्नु नै सबैको साँचो स्वार्थ हो, ॥ १ ॥ जुन शरीर पाउँदा रघुनाथजीलाई भज्न पाइन्छ त्यही शरीर पवित्र हो, त्यही शरीर भाग्यवान् हो ॥ २ ॥

रामबिमुख लहि बिधिसम देही ❀ कबि कोबिद न प्रसंसहिं तेही ॥३॥
रामभगति एहि तन उर जामी ❀ ता तें मोहि परम प्रिय स्वामी ॥४॥

रामजीदेखि विमुख भएर ब्रह्माजीको जस्तो शरीर पाए पनि त्यो शरीरलाई कविहरू र विद्वान्हरू प्रशंसा गर्दैनन् ॥ ३ ॥ यही काकशरीरमा मेरा मनमा राममक्ति जमी (दृढ भई), हे स्वामी ! त्यसै हुनाले यो शरीर मेरो परमप्रिय छ ॥ ४ ॥

तजौं न तनु निज इछा मरना ❀ तन बिनु बेद भजनु नहि बरना ॥५॥
प्रथम मोह मोहि बहुत बिगोवा ❀ रामबिमुख सुख कबहुँ न सोवा ॥६॥

विनाशरीर भजन गर्नु भनेर वेदले पनि भन्न सक्तैनन्, म इच्छामरण (आँटेका वेलामा मर्न पाउने) छु तापनि यो आत्मीय शरीर छाड्दिन ॥ ५ ॥ अघि मलाई मोहले हैरान पार्‍यो, रामजीदेखि विमुख भएको थिएँ र कहिल्यै पनि आनन्दसँग सुत्न पाइन (अरू थोकको के कुरा ?) ॥ ६ ॥

नाना जन्म कर्म पुनि नाना ❀ किए जोग जप तप मख दाना ॥७॥
कवन जोनि जनमेउँ जहँ नाहीं ❀ मैं खगेस भ्रमि भ्रमि जग माहीं ॥८॥

नाना प्रकारका जन्म, नाना प्रकारका कर्म भए, योग, जप, यज्ञ, तप, दान गरें ॥ ७ ॥ हे पक्षिराज ! संसारमा घुम्दाघुम्दा जुन योनि (जुनि) मा म जन्मिनहुँ, त्यो जुनि कुन होला र ? ॥ ८ ॥

देखेउँ करि सब करम गुसाईं ❀ सुखी न भएउँ अबहि की नाईं ॥९॥
सुधि मोहि नाथ जन्म बहु केरी ❀ सिवप्रसाद मति मोह न घेरी ॥१०॥

हे स्वामी ! मैले सबै कर्म गरि-हेरें, ऐलेका पालाको जस्तो सुखी कहिल्यै भइनँ, ॥ ९ ॥ हे नाथ ! शंकरजीका अनुग्रहले मेरी बुद्धिलाई मोहले घेरेको थिएन र धेरै जन्मको स्मरण मलाई छ ॥ १० ॥

दोहा–प्रथम जन्म के चरित अब कहौं सुनहु बिहगेस ।
सुनि प्रभुपद रति उपजै जा तें मिटहिं कलेस ॥१३७॥
पूरुब कल्प एक प्रभु जुग कलिजुग मलमूल ।
नर अरु नारि अधर्मरत सकल निगमप्रतिकूल ॥१३८॥

हे पक्षिराज ! अब म मेरा प्रथम जन्मको वृत्तान्त भन्दछु सुन्नुहोस्, यो वृत्तान्त सुन्दा रामजीका चरणमा प्रेम पैदा हुनेछ, दुःख मेटी जानेछन् ॥ १३७ ॥ प्रभु ! अघि एउटा कल्पमा पाप-

को मूलकारण कलियुग लागिरहेको थियो, सबै स्त्री-पुरुष अधर्ममा तत्पर र वेदविरोधी थिए ।। १३८ ।।

चौ०–तेहि कलिजुग कोसलपुर जाई ❀ जन्मत भएउँ सूद्रतनु पाई ।।१।।
सिवसेवक मन क्रम अरु बानी ❀ आन देव निंदक अभिमानी ।।२।।

तेही कलियुगमा अयोध्यानगरीमा पुगेर शूद्रको चोला (देह) पाएर म जन्में ।। १ ।। म मनसा कर्मणा वाचा शिवजीको सेवा गर्ने, देवताको निन्दा गर्ने, अभिमानी थिएँ ।। २ ।।

धन मद मत्त परम बाचाला ❀ उग्र बुद्धि उर दंभ बिसाला ।।३।।
जदपि रहेउँ रघुपतिरजधानी ❀ तदपि न कछु महिमा तब जानी ।।४।।

म धनमदले मत्त भएको, बडो बकवादी, उग्र-बुद्धि, हृदयमा खूब दंभ भएको थिएँ ।। ३ ।। यद्यपि म रघुनाथजीकी राजधानी अयोध्यामा रहें, तथापि त्यस वेलामा मैले रघुनाथजीको महिमा कत्ति पनि जानिनँ ।। ४ ।।

अब जाना मैं अवधप्रभावा ❀ निगमागम पुरान अस गावा ।।५।।
कवनेहुँ जन्म अवध बस जोई ❀ रामपरायन सो परि होई ।।६।।

ऐले पो मैले अयोध्याको प्रभाव जानें, वेद र शास्त्रले और पुराणले यसो भनेकाछन् कि "जो व्यक्ति कुनै जन्ममा अयोध्यापुरीमा बस्तछ, त्यो अवश्य रामपरायण (रामप्रेमी) हुन्छ" ।। ५ ।। ६ ।।

अवधप्रभाव जान तब प्रानी ❀ जब उर बसहिं राम धनुपानी ।।७।।
सो कलिकाल कठिन उरगारी ❀ पापपरायन सब नर नारी ।।८।।

धनुर्बाणधारी रावणप्राणहारी रामजी हृदयमा जब बस्नुहुन्छ, त्यसै अवस्थामा मात्र प्राणीले अयोध्याको प्रभाव जान्दछ ।। ७ ।। हे सर्पशत्रु ! त्यो कलिकाल कठोर थियो, सबै नरनारीहरू पाप-तत्पर थिए ।। ८ ।।

[कलिधर्मवर्णन]

दोहा–कलिमल ग्रसे धर्म सब लुप्त भए सदग्रंथ ।
दंभिन्ह निज मति कल्पि करि प्रगट किए बहु पंथ ।।१३९।।
भए लोग सब मोहबस लोभ ग्रसे सुभ कर्म ।
सुनु हरिजान ज्ञाननिधि कहौं कछुक कलिधर्म ।।१४०।।

कलियुगका पापले सबै धर्मलाई ग्रास गरे । सद्ग्रन्थ लुप्त भए । दंभीहरूले आफ्ना बुद्धिले कल्पना गरेर अनेक प्रकारका पन्थ (संप्रदाय) प्रकट गरे ।। १३९ ।। सबैजना मोहवश भए । लोभले सत्कर्मको ग्रास गऱ्यो । हे विष्णुवाहन ! हे ज्ञाननिधे ! गरुड ! कलियुगका केही धर्म (आचार) भन्दछु, सुन्नुहोस् ।। १४० ।।

चौ०–बरनधर्म नहि आश्रम चारी ❀ श्रुतिबिरोध रत सब नर नारी ॥१॥
द्विज श्रुतिबेचक भूप प्रजासन ❀ कोउ नहि मान निगम अनुसासन ॥२॥

चार वर्ण र चारै आश्रमका धर्म रहेनन्, सबै नरनारीहरू वेदविरोधमा तत्पर भए ॥ १ ॥ ब्राह्मणहरू वेदविक्रय गर्न (पैसा लिएर वेद पढाउन) लागे। राजाहरू प्रजालाई खाने (पीडा दिने) भए। वेदको आज्ञालाई कोही पनि नमान्ने भए ॥ २ ॥

मारग सोइ जा कहुँ जोइ भावा ❀ पंडित सोइ जो गाल बजावा ॥३॥
मिथ्यारंभ दंभरत जोई ❀ ता कहुँ संत कहै सब कोई ॥४॥

जो जसलाई मनपर्‍यो मार्ग (बाटो) त्यही हुनगयो। जो गाल बजाउन (दङ हाँक्न) सक्तछ, पण्डित त्यही ठहरियो ॥ ३ ॥ जो नचाहिने काम गर्दछ, जो दम्भ गर्दछ, त्यसैलाई सबैजना साधुसन्त भन्न लागे ॥ ४ ॥

सोइ सयान जो परधन हारी ❀ जो कर दंभ सो बड़ आचारी ॥५॥
जो कह झूठ मसखरी जाना ❀ कलिजुग सोइ गुनवंत बखाना ॥६॥

जो पराईको धन हर्न सक्तछ, सिपालु त्यही ठहरियो। जो दम्भ (देखावटी धर्म) गर्दथ्यो त्यो बडो सदाचारी गनिन्थ्यो ॥ ५ ॥ जो झूटो बोल्न र ठट्टा गर्न जान्दथ्यो, कलियुगमा त्यही व्यक्ति गुणी भनेर बखान गरिन्थ्यो ॥ ६ ॥

निराचार जो श्रुतिपथ त्यागी ❀ कलिजुग सोइ ज्ञानी सो बिरागी ॥७॥
जा के नख अरु जटा बिसाला ❀ सोई तापस प्रसिद्ध कलिकाला ॥८॥

वेदमार्गलाई छाडेर जो अनाचारी हुन्थ्यो, कलिमा त्यही व्यक्ति ज्ञानी र वैरागी कहलाउँथ्यो ॥ ७ ॥ जसका नंग्रा र जटा लामालामा हुन्थे, कलिकालमा त्यही सकस तपस्वी भनेर प्रसिद्ध हुन्थ्यो ॥ ८ ॥

दोहा–असुभ बेष भूषन धरें भक्षाभक्ष जे खाहिं।
तेइ जोगी तेइ सिद्ध नर पूज्य ते कलिजुग माहिं ॥१४१॥

अमङ्गल वेष धारण गरेर भक्ष्याभक्ष्यको विचार नराखीकन जो जथाभावी खान्थ्यो, कलियुगमा त्यही सकस सिद्ध योगी, भनेर संसारमा पूज्य हुन्थ्यो ॥ १४१ ॥

सोरठा–जे अपकारी चार तिन्ह कर गौरव मान्य तेइ।
मन क्रम बचन लबार तेइ बकता कलिकाल महुँ ॥१४॥

जो परापकारी र जासूस छ, त्यसैको मान-मर्यादा गौरव खूब हुन्थ्यो। कलिकालमा जो मनसा-कर्मणा-वाचा लबार छन् तिनीहरू नै बोलक्कड़ (सभ्य) गनिन्थे ॥ १४ ॥

चौ०–नारि बिबस नर सकल गोसाईं ❀ नाचहिं नट मर्कट की नाईं ॥१॥
सूद्र द्विजन्ह उपदेसहिं ज्ञाना ❀ मेलि जनेऊ लेहिं कुदाना ॥२॥

सब नर काम लोभ रत क्रोधी ❀ देव बिप्र श्रुति संत बिरोधी ॥३॥
गुनमंदिर सुंदर पति त्यागी ❀ भजहिं नारि परपुरुष अभागी ॥४॥

हे स्वामी ! सकल पुरुषहरू स्त्रीका वश रहन्थे, नटुवाले नचाउने बानरझैं (स्त्रीका इशारामा) नाच्तथे ॥ १ ॥ शूद्रहरू ब्राह्मणहरूलाई ज्ञानको उपदेश गर्दथे, जनै भिरेर खराब खराब (उग्र उग्र) दान पनि लिन्थे ॥ २ ॥ यावत् पुरुषहरू कामी, क्रोधी, लोभी, देवविरोधी, ब्राह्मणविरोधी, वेदविरोधी, सन्तविरोधी थिए ॥ ३ ॥ अभागिनी स्त्रीहरू गुणगणपूर्ण भएको सुन्दर पतिलाई छाडेर परपुरुषको सेवा गर्दथे ॥ ४ ॥

सौभागिनी बिभूषनहीना ❀ बिधवन्ह के सिंगार नवीना ॥५॥
गुर सिख बधिर अंध कर लेखा ❀ एक न सुनै एक नहि देखा ॥६॥

सधवा स्त्रीहरू गहना-गुरिया, सिंगार-पटार पाउँदैनथे, विधवाहरू नयाँ नयाँ शृङ्गार गर्दथे ॥ ५ ॥ गुरु र शिष्यको यथाक्रम अन्धो र बहिरोमा गिन्ती गरे हुन्थ्यो, एउटा (गुरु-भनाउँदो अधिकार अनधिकार केही) देख्तैनथ्यो (त्यसलाई अन्धामा गिन्ती गर्न नहुने होइन) एउटा (शिष्य-भनाउँदो गुरुले भनेका कुरा) सुन्दैनथ्यो (त्यसलाई बहिरमा गिन्ती गरे पनि उचितै ठहरिन्छ) ॥ ६ ॥

हरै सिष्यधन सोक न हरई ❀ सो गुर घोर नरक महु परई ॥७॥
मातु पिता बालकन्हि बोलावहिं ❀ उदर भरै सोइ धर्म सिखावहिं ॥८॥

गुरु भएर जो मानिस शिष्यको धन मात्रै हर्दछ, शोक हर्न सक्तैन, त्यो गुरु घोर नरकमा पर्दछ ॥ ७ ॥ आमा-बाबु बालकहरूलाई बोलाउँथे र जेले पेट भरिन्छ, त्यही कर्मलाई धर्म हो भनेर सिकाउँथे ॥ ८ ॥

दोहा—ब्रह्मज्ञान बिनु नारि नर कहहिं न दूसरि बात ।
कौड़ी लागि लोभबस करहिं बिप्र गुर घात ॥१४२॥
बादहिं सूद्र द्विजन्ह सन हम तुम्ह तें कछु घाटि ।
जानै ब्रह्म सो बिप्रबर आँखि देखावहिं डाटि ॥१४३॥

स्त्री र पुरुषहरू ब्रह्मज्ञानका कुराबाहेक अरू कुरा नगर्ने भए (मुखको वेदान्त खूब चल्यो) । कौडी-कौडीका निमित्त मोहवश भएर तिनै वेदान्तीहरू ब्रह्महत्या गर्नलागे ॥ १४२ ॥ "हामी तिमीभन्दा के घटी छौं, ब्रह्म जान्ने पो ब्राह्मण हुन्छ" भनी डाटेर शूद्रहरू ब्राह्मणलाई आँखा तर्नलागे ॥ १४३ ॥

चौ०—परत्रिय लंपट कपट सयाने ❀ मोह द्रोह ममता लपटाने ॥१॥
तेइ अभेदबादी ज्ञानी नर ❀ देखा मैं चरित्र कलजुग कर ॥२॥

हे गरुडजी ! मानिसहरू परस्त्रीमा लंपट भएका, कपटमा सिपालु भएका, मोह, द्रोह, ममताले वेष्टित भएका देखिए ॥ १ ॥ तिनै मानिस अभेदवादी भएर (सबै एकै हो, फरक केही छैन, सर्वं ब्रह्ममयं जगत् , यस्तो बोल्ने मात्रै, वास्तवमा भेददृष्टिले कलुषित भएका भएर पनि) ज्ञानी कहलाएका थिए । मैले कलियुगको यो चरित्र देखें ॥ २ ॥

आपु गए अरु तिन्हहूँ घालहिं ❀ जो कहुँ सतमारग प्रतिपालहिं ॥३॥
कल्प कल्प भरि एक एक नरका ❀ परहिं जे दूषहिं श्रुति करि तरका ॥४॥

आफू ता नष्ट भए भए, जो कोही कहीं सत्मार्गको पालन गर्दथे त्यसलाई पनि नष्ट पार्दछन् ("स्वयं नष्टः परान्नाशयति" यो उखानलाई चरितार्थ गर्दछन्) ॥ ३ ॥ ती तर्क (कुकल्पना) गरेर वेद्को दूषण (दोषारोपण) गर्दछन्, तिनीहरू एकएक कल्पसम्म एकएक नर्कमा पर्दछन् ॥ ४ ॥

जे बरनाधम तेलि कुम्हारा ❀ स्वपच किरात कोल कलवारा ॥५॥
नारि मुई गृहसंपति नासी ❀ मूड़ मुड़ाइ होहिं संन्यासी ॥६॥

जो जो अधमवर्णका तेली, कुह्माले, चण्डाल (पोडे), किरात, कोल, कलवार, इत्यादि छन्, तिनीहरू स्वास्नी मरी, संपत्ति नष्ट भयोभने मूड मुडाएर संन्यासी हुन्थे ॥ ५ ॥ ६ ॥

ते बिप्रन्ह सन आपु पुजावहिं ❀ उभय लोक निज हाथ नसावहिं ॥७॥
बिप्र निरक्षर लोलुप कामी ❀ निराचार सठ बृषली स्वामी ॥८॥

तिनीहरू ब्राह्मणहरूबाट आफू पुजाउँथे (ब्राह्मण पुज्ने, आफू पुजिने हुन्थे) र आफ्नै हातले यो लोक परलोक दुवै नष्ट पारिरहेका थिए ॥ ७ ॥ ब्राह्मणहरू निरक्षर (पटमूर्ख) लोभी, कामी, दुराचारी, स्वाँठ शूद्री (द्रा) पति थिए ॥ ८ ॥

सूद्र करहिं जप तप ब्रत नाना ❀ बैठि बरासन कहहिं पुराना ॥९॥
सब नर कल्पित करहिं अचारा ❀ जाइ न बरनि अनीति अपारा ॥१०॥

शूद्रहरू नाना प्रकारको जप-तप-व्रत गर्दथे, ऊँचो आसनमा बसेर पुराण भन्दथे ॥ ९ ॥ सबै मानिस मनपरी आचरण गर्दथे, वर्णन गर्नै सकिदैन, अपार अन्याय भइरहेको थियो ॥ १० ॥

दोहा–भए बरनसंकर कलि भिन्न सेतु सब लोग ।
करहिं पाप पावहिं दुख भय रुज सोक बियोग ॥१४४॥
श्रुतिसंमत हरिभक्ति पथ संजुत बिरति बिबेक ।
तेहिं न चलहिं नर मोहबस कल्पहिं पंथ अनेक ॥१४५॥

सबैजना भिन्नसेतु (मर्यादा तोड्ने) र वर्णशङ्कर (ठिमाहा भए)। पाप गर्दथे, भय-रोग, शोक, वियोग दुःख पाउँथे ॥ १४४ ॥ मोहवश भएका ती मूर्खहरू वैराग्य-विवेकले युक्त भएको वेदविहित हरिभक्तिको मार्गमा चल्दैनथे, अनेक मार्ग आफैं कल्पना गर्दथे ॥ १४५ ॥

[तोटक छन्द]

छन्द-बहु दाम सँवारहिं धाम जती। बिषया हरि लीन्हि रही बिरती ॥
तपसी धनवंत दरिद्र गृही। कलिकौतुक तात न जात कही ॥२७॥

यति (संन्यासी) हरू धेरै दौलत लगाएर महल सजाउँथे, विषयमा तल्लीन रहन्थे, वैराग्य तिनमा थिएन । तपस्वी-भनाउँदाहरू धनी थिए, गृहस्थ गरीब थिए, बाबा ! कलिको तमासा वर्णन गर्न सकिदैन ॥ २७ ॥

छन्द-कुलवंति निकारहिं नारि सती । गृह आनहिं चेरि निबेरि गती ।
सुत मानहिं मातु पिता तब लों । अबलानन दीख नहीं जब लों ॥२८॥

कुलवन्ती (घरानियाँ) पतिव्रता स्त्रीलाई निकालिदिन्थे, टहलुई (चाकर्नी) लाई फुल्याई-फकाई घर राख्तथे । जहाँसम्म स्वास्नीको मुख देख्तैनथे त्यहींसम्म छोराहरू आमा-बाबुलाई मान्दथे [आफू जामाता (जुवाइँ) भएपछि आमालाई "ज़ा, माता !" भन्दथे आफू सजाय (जायासहित = स्वास्नीको धनी) भएपछि पितालाई सजाय दिन्थे = हैरान पार्दथे] ॥ २८ ॥

ससुरारि पिआरि लगी जब तें । रिपुरूप कुटुंब भए तब तें ।
नृप पापपरायन धर्म नहीं । करि दंड बिडंब प्रजा नितहीं ॥२९॥

जबदेखि ससुराली प्यारो लाग्न लाग्दथ्यो, त्यहाँदेखि उप्रान्त आफ्ना कुल—कुटुम्ब शत्रुस्वरूप हुन्थे । राजाहरू पाप-तत्पर थिए, धर्म थिएन, प्रजाहरूलाई दण्डै दण्ड दिएर सधैं आजित पार्दथे ॥ २९ ॥

धनवंत कुलीन मलीन अपी । द्विजचिह्न जनेउ उघार तपी ।
नहि मान पुरान न बेदहि जो । हरिसेवक संत सही कलि सो ॥३०॥

जस्तोसुकै मलिन भए पनि धनवान् छभने कुलीन (खानदानी = घरानियाँ) कहलाउँथ्यो, बाहुनको चिह्न जनैको डोरो मात्रै थियो, तपस्वीहरूको चिह्न नंगापना थियो । जो देव र पुराणलाई मान्दैनथ्यो, त्यो कलियुगमा त्यही व्यक्ति सच्चा हरिभक्त कहलाउँथ्यो ॥ ३० ॥

कबिबृंद उदार गुनी न सुनी । गुनदूषक ब्रात न कोपि गुनी ।
कलि बारहिं बार दुकाल परे । बिनु अन्न दुखी सब लोग मरे ॥३१॥

दुनियाँमा उदार (परगुणग्राही) र गुणी भएको कविवर्ग थिएन (जति कवि कहलाउँथे ती सबै गुणद्रोही र कविगुणरहित थिए), अर्काका गुणमा खोट लाउनेहरू बथानका बथान थिए, सच्चा गुणी कोही थिएन । त्यो कलिमा वारंवार अनिकाल परेको थियो, विना-अन्न दुःखित भएका प्रजाहरू खानै नपाएर मर्दथे ॥ ३१ ॥

दोहा–सुनु खगेस कलि कपट हठ दंभ द्वेष पाषंड ।
मान मोह मारादि मद ब्यापि रहे ब्रह्मंड ॥१४६॥
तमस धर्म करहिं सब जप तप मख ब्रत दान ।
देव न बरषै धरनि बए न जामहिं धान ॥१४७॥

हे पक्षिराज गरुडजी ! सुन्नुहोस् , कलियुगमा कपट, हठ, दम्भ, द्वेष, पाखण्ड, मान, मोह, काम, क्रोध, मद, मात्सर्य, इत्यादि दोषले ब्रह्माण्ड व्याप्त गर्दछन् ॥ १४६ ॥ सबैजना जप, तप, यज्ञ, व्रत, दान, इत्यादि धर्म गरुन् तापनि (सात्त्विक-जपादि गर्दैनन्) ॥ (क) ॥ तामस भएको जपादि धर्म गर्दछन् । वृष्टिका देवता (पर्जन्य) पृथ्वीमा वर्षा गर्दैनन् , छरेका रोपेका अन्नबीज यथेष्ट सप्रँदैनन् ॥ १४७ ॥

[तोटक छंद]

छन्द–अबला कच भूषन भूरि क्षुधा । धनहीन दुखी ममता बहुधा ।
सुख चाहहिं मूढ़ न धर्मरता । मति थोरि कठोरि न कोमलता ॥ ३२ ॥

स्त्रीहरू धनहीन, दुःखी, क्षुधा खूब भएका र केशलाई नै गहना पार्ने (नाना प्रकारका फेशनले केश सिंगार्ने) हुन्छन् , तैपनि ममता खूब गर्दछन् , मूर्खहरू सुख भने खोज्दछन् , धर्ममा तत्पर हुँदैनन् , बुद्धि थोरै हुन्छ, तर कठोर हुन्छ त्यसमा कोमलता रहँदैन ॥ ३२ ॥

नर पीड़ित रोग न भोग कहीं । अभिमान बिरोध अकारनहीं ।
लघु जीवन संबत पंचदसा । कलपांत न नास गुमानु असा ॥ ३३ ॥

मनुष्यहरू रोगले पीडित हुन्छन् , भोग (सुख) कहीं पाउँदैनन् । विनाकारण अभिमान र विरोध गर्दछन् । जिन्दगी दश-पाँच वर्षको हुन्छ तापनि कल्पान्तमा पनि नष्ट हवोइन भनेजस्तो गुमान (घमंड) हुन्छ ॥ ३३ ॥

कलिकाल बिहाल किए मनुजा । नहि मानत क्वौ अनुजा तनुजा ।
नहि तोष बिचार न सीतलता । सब जाति कुजाति भए मँगता ॥ ३४ ॥

कलिकालले मानिसलाई बेहाल (बेखबर) पार्दछ, बहिनी न छोरी कसैले केही मान्दैन । दोषको विचारै रहँदैन । शान्ति पनि रहँदैन । जात कुजात सबै मगन्ता हुन्छन् ॥ ३४ ॥

(क) (१) परपीडाका निमित्त मुर्ख्याइँको ढिपीका साथ शारीरिक कष्ट उठाएर गरेका जपतप तामस हुन् ।

(२) विधिहीन, मन्त्रहीन, दक्षिणाहीन, श्रद्धाहीन गराएर गरिएका यज्ञ (धर्मकर्म) तामस हुन् ।

(३) कुदेशमा, कुकालमा, कुपात्रमा, विनासत्कार, विनाश्रद्धा गरिने दान प्रभृति कर्म तामस हुन् ।

मूढग्राहेणात्मनो यत् पीडया क्रियते तपः ।
परस्योत्सादनार्थं वा तत्तामसमुदाहृतम् ॥ १९ ॥
विधिहीनमसृष्टान्नं मन्त्रहीनमदक्षिणम् ।
श्रद्धाविरहितं यज्ञं तामसं परिचक्षते ॥ १३ ॥
अदेशकाले यद्दानमपात्रेभ्यश्च दीयते ।
असत्कृतमवज्ञातं तत्तामसमुदाहृतम् ॥ २२ ॥ (भगवद्गीता. अ१७)

इरिषा परुषाक्षर लोलुपता । भरि पूरि रही समता बिगता ।
सब लोग बियोग बिसोक हए । बरनाश्रम धर्म अचार गए ॥३५॥

ईर्ष्या, कठोरवचन, लालचीपना भरिपूर रहन्छ, समता बिलकुल हट्तछ । सबैजना वियोगका प्रबल शोकले मृतप्राय रहन्छन्, वर्णाश्रमधर्मका आचारसमेत लुप्त हुन्छन् ॥ ३५ ॥

दम दान दया नहि जानपनी । जड़ता परबंचनताति घनी ।
तनुपोषक नारि नरा सगरे । परनिंदक जे जग मो बगरे ॥३६॥

दम, दान, दया, समुझदारी कुनै चीज रत्तीभर पनि रहँदैन, (जता हेर्‍यो उतै) मूर्खता र वञ्चकता परिपूर्ण रहन्छ । सारा नर नारीहरू तनुपोषक (आफ्नै आफ्नै शरीर पोस्ने) हुन्छन् । परनिन्दा गर्ने जो छन् तिनीहरू खूब फैलिन्छन् (बढ्दछन्) ॥ ३६ ॥

दोहा–सुनु ब्यालारि काल कलि मल अवगुन आगार ।
गुनौ बहुत कलिजुग कर बिनु प्रयास निस्तार ॥१४८॥
कृतजुग त्रेता द्वापर पूजा मख अरु जोग ।
जो गति होइ सो कलि हरि नाम तें पावहिं लोग ॥१४९॥

हे सर्पशत्रु ! गरुडजी ! सुन्नुहोस् , यो भयंकर कवियुग पाप र दुर्गुणको घर हो । कलियुगका गुण पनि धेरै छन्, विनापरिश्रम संसारसागर तर्न पाइन्छ ॥ १४८ ॥ सत्य, त्रेता, द्वापरमा पूजा यज्ञ योगाभ्यासले मानिस जुन गति पाउँछन्, कलिमा त्यही गति नामकीर्तनले पाउँछन् ॥ १४९ ॥

चौ०–कृतजुग सब जोगी बिज्ञानी ❀ करि हरिध्यान तरहिं भव प्रानी ॥१॥
त्रेता बिबिध जग्य नर करहीं ❀ प्रभुहि समर्पि कर्म भव तरहीं ॥२॥

सत्ययुगमा सबै प्राणी योगी र ज्ञानी भएर हरिको ध्यान गरेर संसारसागर तर्दछन् ॥ १ ॥ त्रेतामा मानिस नाना प्रकारका यज्ञयाग गर्दछन्, त्यो कर्मलाई गरेर संसारसागर तर्दछन् ॥ २ ॥

द्वापर करि रघुपति पद पूजा ❀ नर भव तरहिं उपाउ न दूजा ॥३॥
कलिजुग केवल हरि गुन गाहा ❀ गावत नर पावहिं भवथाहा ॥४॥
कलिजुग जोग न जज्ञ न ज्ञाना ❀ एक अधार राम गुन गाना ॥५॥
सब भरोस तजि जो भज रामहि ❀ प्रेम समेत गाव गुनग्रामहि ॥६॥

द्वापरमा रघुनाथजीका चरणको सेवा पूजा गरेर मानिस तर्दछन्, अर्को उपाय छैन ॥ ३ ॥ कलियुगमा केवल हरिका गुणको गान (कीर्तन) गरेर अगाध भवसागरलाई थाहपाउँछन् (तर्दछन्) ॥ ४ ॥

कलियुगमा योग-यज्ञ-ज्ञान यी योग्य छैनन् (त्यो कर्म गर्नलायक मानिस नहुनाले त्यताबाट सिद्धि छैन) फगत रामजीका[1] गुणको कीर्तनमात्र आधार छ ॥ ५ ॥ सबैको भरोसा छाडेर जो रामको भजन गर्दछन्, प्रेमसहित भएर वहाँका गुणगणको गान गर्दछन् ॥ ६ ॥

सोइ भव तर कछु संसय नाहीं ❀ नामप्रताप प्रगट कलि माहीं ॥७॥
कलि कर एक पुनीत प्रतापा ❀ मानस पुन्य होहिं नहि पापा ॥८॥

तिनीहरू मात्रै भवसागर तर्दछन्, यसमा सन्देह छैन। कलियुगमा नामको प्रताप प्रकट छ ॥ ७ ॥ फेरि कलिको एउटा प्रभाव पवित्र छ (केभने) मनले गरेको पुण्य पनि साँच्चै (शरीरैले गरेजस्तो) हुन्छ, मनले[2] गरेको पाप हुँदैन, अर्थात् शरीरले पाप गर्‍योभने मात्रै पाप लाग्दछ ॥ ८ ॥

दोहा—कलिजुग सम जुग आन नहि जौ नर कर बिस्वास।
गाइ राम गुन गन बिमल भव तर बिनहि प्रयास ॥१५०॥
प्रगट चारि पद धर्म के कलि महुँ एक प्रधान।
जेन केन बिधि दीन्हे दान करै कल्यान ॥१५१॥

यदि मनुष्य विश्वास गरोस् ता कलियुगजस्तो असल[3] अर्को युग छैन, (किनभने) रामजीका निर्मल गुणगणको गान गर्दैमा विनापरिश्रम मानिस संसारसागर तर्दछ ॥ १५० ॥

---

(१) रामेतिवर्णद्वयमादरेण सदा जपन् मुक्तिमुपैति जन्तुः।
कलौ युगे कल्मषदूषितानामन्यत्र धर्मे खलु नाधिकारः ॥

श्रीकृष्णकीर्तनादेव देववर्गसमीहितम्।
हितं लभ्येत भविना विना यत्नशतैरपि ॥

श्रीरामकीर्तन र श्रीकृष्णकीर्तन
भिन्न ठान्नु भारी भूल हो।

(२) राजा परीक्षित्‌ले कलिलाई नमारेको यही गुण देखेर हो। कलियुगमा मानसिक पुण्यको फल चाँडै पाइन्छ, मानसिक पाप लाग्दैन, खास शरीरले गरेको पाप लाग्दछ। कलिको अर्को पनि एउटा ठूलो गुण छ, के भने ? ब्रह्महत्या, सुरापान, सुवर्णस्तेय, गुरुतल्पगमन—यी ४ पाप गर्नेको संसर्गले पनि चोखो मानिस पञ्चम महापातकी हुँदैन, अरू युगमा संसर्गी पनि उत्तिकै पापभागी हुन्छ, "कलौ कर्तैव लिप्यते" [स्मृति॰]

(३) कलियुग दोषपूर्ण भए पनि त्यसको एउटा साह्रै ठूलो गुण छ, परमेश्वरको कीर्तन मात्रले मुक्ति पाइन्छ, कष्टसाध्य साधनको कलिमा साधन पनि हुन सक्तैन, जरूरत पनि छैन।

कलेर्दोषनिधे राजन्नस्तिह्येको महान् गुणः।
कीर्तनादेव कृष्णस्य मुक्तसंगः परं व्रजेत् ॥

सत्ययुगमा ध्यान, त्रेतामा यज्ञ, द्वापरमा पूजा, कलिमा कीर्तन मुख्य छ।

कृते यद्धायतो विष्णुं त्रेतायां यजतो मखैः।
द्वापरे परिचर्यायां कलौ तद्धरिकीर्तनात् ॥ [श्री. भा. १२।५१।५२]

धर्मका सत्य, दया, दम, दान—यी चार पाउमध्ये यौटा पाउ कलियुगमा मुख्य प्रकट छ, येनकेन प्रकारेण दान गर्‍योभने त्यो दानले पनि कल्याण गर्दछ ॥ १५१ ॥

चौ०–नित जुगधर्म होहिं सब केरे ❀ हृदय राममाया के प्रेरे ॥१॥
सुद्ध सत्व समता बिज्ञाना ❀ कृतप्रभाव प्रसन्न मन जाना ॥२॥

रामजीकी मायाका प्रेरणाले (सत्व, रज, तम—यी तीन गुणका हेरफेरले) सबैका हृदयमा सबै युग, तिनका धर्म बराबर रहिरहन्छन् ॥ १ ॥ शुद्ध सत्व, समता, ज्ञान, मनको प्रसन्नता भयोभने सत्ययुगको प्रभाव हो (त्यस्तो भएमा ऐले सत्ययुग छ भनी जान्नुपर्दछ) ॥ २ ॥

सत्व बहुत रज कछु रतिकर्मा ❀ सब बिधि सुख त्रेता कर धर्मा ॥३॥
बहु रज स्वल्प सत्व कछु तामस ❀ द्वापरधर्म हरष भय मानस ॥४॥

सत्वगुण धेरै, रजोगुण अलिकति, कर्म गर्नामा प्रीति लाग्नु, सबै प्रकारले सुख मान्नु, यति कुरा भयोभने त्रेताको धर्म हो (त्यस्तो भएमा त्रेतायुग जान्नु) ॥ ३ ॥ रजोगुण धेरै, सत्वगुण र तमोगुण अलिअलि, मनमा हर्ष र भय भयोभने द्वापरको धर्म हो ॥ ४ ॥

तामस बहुत रजोगुन थोरा ❀ कलिप्रभाव बिरोध चहुँ ओरा ॥५॥
बुध जुगधर्म जानि मन माहीं ❀ तजि अधर्म रति धर्म कराहीं ॥६॥

तमोगुण धेरै, रजोगुण थोरै, जताततै झगड़ा-तगडा, यस्तो भयोभने कलिको स्वभाव हो भनी जान्नु ॥ ५ ॥ यस्ता प्रकारले समुझदारहरू युगधर्म मनको अधीनमा छ भन्ने जानेर जैलेसुकै पनि अधर्ममा प्रीति छाडेर धर्ममा प्रीति गर्दछन् (सदासर्वदा तिनीहरूलाई सत्ययुगै छ) ॥ ६ ॥ (क)

सत्ययुगमा तपस्या, त्रेतामा ज्ञान, द्वापरमा यज्ञ, कलिमा दान सर्वोपरि पुण्यकर्म हो ।

तपः परं कृतयुगे त्रेतायां ज्ञानमुच्यते ।
द्वापरे यज्ञमेवाहुर्दानमेकं कलौ युगे ॥

(क १) मन, बुद्धि, इन्द्रिय असल हालतमा रहेर ज्ञानमा र तपस्यामा रुचि लाग्योभने सत्ययुग भयो । नाना प्रकारका काम्यकर्ममा मन दौडन लाग्यो, तदनुसार काम हुन लागेभने त्रेतायुग भयो । लोभ, असन्तोष, मान, दंभ, मत्सर, सन्देह, यिनको वृद्धि भयोभने द्वापरयुग भयो । कपट, मिथ्याभाषण, तन्द्रा, निद्रा, हिंसा, विषाद, शोक, मोह, भय, दैन्य भयोभने कलियुग लाग्यो भनी जान्नुपर्दछ ।

(क २) वृत्तिको अदलबदल गर्ने सामर्थ्य ईश्वरले मनुष्यलाई दिएको छ, लोभले पिट्टा दिएको वेलामा अलिकति विचार गरिदियोभने मनुष्यलाई संतोष वृत्ति आउँछ र लोभवृत्ति दब्दछ, त्यस्तै अरू-अरू असद्वृत्ति उठेमा विचारपूर्वक ती वृत्तिका विरोधी भएका सद्वृत्तिलाई जागरित पार्नुपर्दछ । त्यति भएपछि आस्ते २ सबै गुण जितिन्छन्, निर्गुण (मुक्त) हुन सजिलो हुन्छ ।

प्रभवन्ति यदासत्वे मनोबुद्धीन्द्रियाणि च ।
तदा कृतयुगं विद्याज्ज्ञाने तपसि यद्रुचिः ॥ १ ॥
यदा कर्मसु काम्येषु भक्तिर्भवति देहिनाम् ।
तदा त्रेता रजोवृत्तिरिति जानीहि बुद्धिमन् ! ॥ २ ॥

कालधर्म नहिं ब्यापहिं ताही ❀ रघुपतिचरन प्रीति रति जाही ॥७॥
नट कृत बिकट कपट खगराया ❀ नटसेवकहि न ब्यापै माया ॥८॥

रघुनाथजीका चरणमा जसको खूब प्रेम लागेको छ, त्यसलाई कालधर्मले व्याप्त गर्न सक्तैन ॥ ७ ॥ हे पक्षिराज ! नट (इन्द्रजाली) ले गरेको भयंकर कपट (इन्द्रजाल) ले नटका सेवकलाई (इन्द्रजालीका नोकरचाकरलाई) व्याप्त गर्दैन (भय गर्दैन) ॥ ८ ॥

दोहा–हरिमाया कृत दोष गुन बिनु हरिभजन न जाहिं ।
भजिअ राम तजि काम सब अस बिचारि मन माहिं ॥१५२॥
तेहि कलिकाल बरष बहु बसेउँ अवध बिहगेस ।
परेउ दुकाल बिपतिबस तब मैं गएउँ बिदेस ॥१५३॥

हरिकी मायाबाट उत्पन्न हुने गुण र दोष विनाहरिभजन हट्तैनन्, मनमा यो विचार गरेर सबै काम छाडेर पनि रामजीको भजन गर्नुपर्दछ ॥ १५२ ॥ हे पक्षिराज ! त्यो कलियुगमा धेरै वर्षसम्म म अयोध्यामा बसें । अनि अनिकाल पर्‍यो र विपत्तिवश भएर विदेश लागें ॥ १५३ ॥

चौ०–गएउँ उजेनी सुनु उरगारी ❀ दीन मलीन दरिद्र दुखारी ॥१॥
गएँ काल कछु संपति पाई ❀ तहँ पुनि करौं संभुसेवकाई ॥२॥

हे गरुडजी ! सुन्नुहोस्, म उज्जैनदेश पुगें । दीन, मलिन, दरिद्र, दुःखी थिएँ ॥ १ ॥ केही दिन बितेपछि केही संपत्ति कमाएँ र उहीं शंकरजीको सेवा गर्न लागें ॥ २ ॥

बिप्र एक बैदिक सिवपूजा ❀ करै सदा तेहि काजु न दूजा ॥३॥
परम साधु परमारथबिंदक ❀ संभु उपासक नहि हरिनिंदक ॥४॥

एउटा ब्राह्मण त्यहाँ वैदिक विधिले शंकरजीको सदा पूजा गर्दथे, तिनको अर्कों कामै थिएन ॥ ३ ॥ ती बडा परोपकारी र परमार्थ जानेका थिए, शंकरजीको पूजा गर्दथे हरिनिन्दक (विष्णुद्वेषी) थिएनन् ॥ ४ ॥

तेहि सेवौं मैं कपट समेता ❀ द्विज दयाल अति नीतिनिकेता ॥५॥
बाहिज नम्र देखि मोहि साईं ❀ बिप्र पढ़ाव पुत्र की नाईं ॥६॥

यदा लोभस्त्वसन्तोषो मानो दम्भोऽथ मत्सरः ।
कर्मणां चापि काम्यानां द्वापरं तद्रजस्तमः ॥ ३ ॥
यदा मायाऽनृतं तन्द्रा निद्रा हिंसा विषादनम् ।
शोको मोहो भयं दैन्यं स कलिस्तामसः स्मृतः ॥ ४ ॥ [श्री. भा०. १२]
विपक्षबाधने प्रतिपक्षभावनम् [यो. सू.]
परिचिन्वन् गुणान् वृत्त्या वृत्तिरोधाद्गुणान् जयन् ।
क्रमान्नैर्गुण्यमायाति रीतिरेषा श्रुतीरिता ॥ [भागवतमञ्जरी]

कपटयुक्त (कपटी) भएर म तिनको सेवा गर्नलागें, ब्राह्मणदेवता दयालु र नीतिमान् थिए ॥ ५ ॥ हे प्रभु ! बाहिर नम्र भएको (भित्रको कपटी) मलाई देखेर ती ब्राह्मण मलाई छोरैजस्तो गरेर पढाउन लागे ॥ ६ ॥

संभुमंत्र मोहि द्विजबर दीन्हा ❀ सुभ उपदेस बिबिध बिधि कीन्हा ॥७॥
जपौं मंत्र सिवमंदिर जाई ❀ हृदय दंभ अहमिति अधिकाई ॥८॥

ती ब्राह्मणवरले मलाई शंकरजीको मन्त्र दिए, अनेक प्रकारको उपदेश पनि गरे ॥ ७ ॥ शंकरजीको मन्दिरमा गएर मन्त्र जप्तथें, मनमा दंभ र अहङ्कार खूब थियो ॥ ८ ॥

दोहा–मैं खल मलसंकुल मति नीच जाति बस मोह ।
हरिजन द्विज देखें जरौं करौं बिष्नु कर द्रोह ॥१५४॥

म दुष्ट पापपूर्ण बुद्धि भएको, नीच जातिको, मोहवश भएको, हुनाले वैष्णव र ब्राह्मणलाई देख्ता रीसले जल्दथें, विष्णुभगवान्को द्रोह गर्दथें ॥ १५४ ॥

सोरठा–गुर नित मोहि प्रबोध दुखित देखि आचरन मम ।
मोहि उपजै अति क्रोध दंभिहि नीति कि भावई ॥१५॥

गुरु सधैं मलाई संझाउनुहुन्थ्यो, मेरो आचरण देख्ता वहाँ दुःखित हुनुहुन्थ्यो । मलाई अत्यन्त क्रोध पैदा भयो, दम्भी मानिसलाई नीति मनपर्थ्यो र ? ॥ १५ ॥

चौ०–एक बार गुर लीन्ह बोलाई ❀ मोहि नीति बहु भाँति सिखाई ॥१॥
सिवसेवा कर सुत फल सोई ❀ अबिरल भगति रामपद होई ॥२॥

एकफेर गुरुले मलाई बोलाईकन नाना प्रकारको नीति सिकाउनुभयो ॥ १ ॥ (भन्नुभयो कि) "बाबु ! रामजीका चरणमा अविच्छिन्न भक्ति लाग्नु नै शिवसेवाको फल हो ॥ २ ॥

रामहि भजहिं तात सिव धाता ❀ नर पावर कै केतिक बाता ॥३॥
जासु चरन अज सिव अनुरागी ❀ तासु द्रोह सुख चहसि अभागी ॥४॥

बाबु ! शंकरजी र ब्रह्माजी पनि रामजीको भजन गर्नुहुन्छ, पामर मानिसको के कुरा ? ॥ ३ ॥ जसका चरणमा ब्रह्माजी र शंकरजी प्रेमी हुनुहुन्छ, तँ अभागी उनै विष्णु भगवान् रामजीको द्रोह गरेर सुख खोज्दछस्" ॥ ४ ॥ (यो उपदेश के सुनेथें)

हर कहुँ हरिसेवक गुर कहेऊ ❀ सुनि खगनाथ हृदय मम दहेऊ ॥५॥
अधम जाति मैं बिद्या पाएँ ❀ भएउँ जथा अहि दूध पिआएँ ॥६॥

हे गरुडजी ! गुरुले शंकरजीलाई विष्णुका सेवक भनेको सुन्दा मेरो हृदयमा आगो बल्यो ॥ ५ ॥ अधमजातिको म विद्या पाउँदा दूध पिलाएको सर्पजस्तै भएको थिएँ ॥ ६ ॥

मानी कुटिल कुभाग्य कुजाती ❀ गुर कर द्रोह करौं दिनु राती ॥७॥
अति दयाल गुर स्वल्प न क्रोधा ❀ पुनि पुनि मोहि सिखाव सुबोधा ॥८॥

अभिमानी, कुटिल, कुभाग्य, कुजात म दिनरात गुरुको द्रोह गर्न लागें ॥ ७ ॥ गुरु अत्यन्त दयालु हुनुहुन्थ्यो, क्रोध अलिकति पनि थिएन, वारंवार मलाई असल ज्ञान उपदेश गर्नुहुन्थ्यो ॥ ८ ॥

जेहि तें नीच बड़ाई पावा ❀ सो प्रथमहि हति ताहि नसावा ॥९॥
धूम अनलसंभव सुनु भाई ❀ तेहि बुझाव घनपदवी पाई ॥१०॥

नीच व्यक्ति जसबाट इज्जत पाउँछ, सर्वप्रथम त्यसैलाई बिताउने कोशिश र हठ गर्दछ ॥ ९ ॥ भाई ! सुन्नुहोस्, धूवाँ आगाबाट पैदा हुन्छ, त्यही धूवाँ मेघ भन्ने पदवी पाएपछि आगालाई निभाउँछ ॥ १० ॥

रज मग परी निरादर रहई ❀ सब कर पदप्रहार नित सहई ॥११॥
मरुत उड़ाव प्रथम तेहि भरई ❀ पुनि नृप नयन किरीटन्हि परई ॥१२॥

धूलो बाटामा विनाआदर पडिरहन्छ, सबैका लातका प्रहार नित्य सहन्छ ॥ ११ ॥ हावाले त्यसलाई उठाइदिन्छ, त्यो धूलाले पहिले त्यही हावालाई धूलै धूलोमय (मलिन) पारेर बिगारिदिन्छ, अनि राजा महाराजाहरूको मुकुटमा र मानिसका आँखामा पर्न जान्छ ॥ १२ ॥

सुनु खगपति अस समुझि प्रसंगा ❀ बुध नहिं करहिं अधम कर संगा ॥१३॥
कबि कोबिद गावहिं असि नीती ❀ खल सन कलह न भल नहि प्रीती ॥१४॥

हे पक्षिराज ! सुन्नुहोस्, यस्तो प्रसंग संझेर बुद्धिमान्हरू अधम नीचहरूको संगै गर्दैनन् ॥ १३ ॥ दुष्टहरूसंग झगडा पनि बेस छैन, प्रेम पनि बेस छैन भनी कविहरू र विद्वान्हरू नीतिको उपदेश गर्दछन् ॥ १४ ॥

उदासीन नित रहिअ गोसाईं ❀ खल परिहरिअ स्वान की नाईं ॥१५॥
मैं खल हृदय कपट कुटिलाई ❀ गुर हित कहै न मोहि सोहाई ॥१६॥

हे प्रभु ! ती दुष्टहरूसंग सदा उदासीन (तटस्थ) रहनुपर्दछ, दुष्टहरूलाई कुकुरलाई जस्तै अलग्ग राख्नुपर्दछ ॥ १५ ॥ अँ ! म त्यस्तो दुष्ट थिए, मेरा हृदयमा कपट कुटिलपना भरिएको थियो, गुरु हित कुरा बताउनुहुन्थ्यो, तर मलाई मनपर्दैनथ्यो ॥ १६ ॥

दोहा—एक बार हरमंदिर जपत रहेउँ सिवनाम ।
गुर आएउ अभिमान तें उठि नहि कीन्ह प्रनाम ॥१५५॥
सो दयाल नहि कहेउ कछु उर न रोषलवलेस ।
अति अघ गुर अपमानता सहि नहि सके महेस ॥१५६॥

एकदिन शिवालयमा शिवजीको नाम जप गर्न लागेको थिएँ, गुरु आउनुभयो, अभिमानले गर्दा मैले उठेर प्रणाम गरिनँ ॥ १५५ ॥ गुरु दयालु हुनुहुन्थ्यो, केही भन्नुभएन, वहाँका मनमा रीसको लवलेस पनि थिएन। परन्तु गुरुको अपमान ठूलो पाप हो, शंकरजीले त्यो पापलाई सहन सक्नुभएन ॥ १५६ ॥

चौ०–मंदिर माझ भई नभबानी ❀ रे हतभाग्य अज्ञ अभिमानी ॥१॥
जद्यपि तव गुर के नहि क्रोधा ❀ अति कृपाल चित सम्यकबोधा ॥२॥

मन्दिरका माझबाट आकाशवाणी भयो—"ए हतभाग्य ! ए मूर्ख ! ए अभिमानी ! ॥ १ ॥ यद्यपि तेरा गुरुलाई रीस छैन, ती दयालु छन् , तिनका हृदयमा राम्रो ज्ञान छ ॥ २ ॥

तदपि श्राप सठ देहौं तोही ❀ नीतिबिरोध सुहाइ न मोही ॥३॥
जौ नहि दंड करौं खल तोरा ❀ भ्रष्ट होइ श्रुतिमारग मोरा ॥४॥

तथापि दुष्ट ! म तँलाई सराप दिन्छु, नीतिको विरोध मलाई मनपर्दैन ॥ ३ ॥ ए बदमाश ! यदि तेरो दण्ड गरिनँभने मेरो वेदमार्ग भ्रष्ट हुन्छ ॥ ४ ॥

जे सठ गुर सन इरिषा करहीं ❀ रौरव नरक कोटि जुग परहीं ॥५॥
त्रिजगजोनि पुनि धरहिं सरीरा ❀ अयुत जन्म भरि पावहिं पीरा ॥६॥

जो खाँठ गुरुसंग ईर्ष्या (रीस) गर्दछन् , तिनीहरू कोटियुगपर्यन्त रौरव नरकमा पर्दछन् ॥ ५ ॥ दशहजारफेर तिर्यक्योनि (पशु-पक्षी) को शरीर धारण गर्छन् र पीडा पाउँछन् ॥ ६ ॥

बैठि रहेसि अजगर इव पापी ❀ सर्प होहि खल मल मति व्यापी ॥७॥
महाबिटप कोटर महु जाई ❀ रहु अधमाधम अधगति पाई ॥८॥

पापी ! गुरु आउँदा पनि अजगरजस्तो भएर बसिरहिस् , तेरो बुद्धिलाई पापले ढाकेको छ, दुष्ट ! सर्प भएस् । हे अधमाधम ! अधोगति (सर्पयोनि) पाएर ठूलो वृक्षको टोडकामा रहेस् ॥ ७ ॥ ८ ॥

दोहा–हाहाकार कीन्ह गुर दारुन सुनि सिवश्राप ।
कंपित मोहि बिलोकि अति उर उपजा परिताप ॥१५७॥
करि दंडवत सप्रेम द्विज सिव सन्मुख कर जोरि ।
बिनय करत गदगद स्वर समुझि घोर गति मोरि ॥१५८॥

शंकरजीको कठोर सराप सुनेर गुरुले हाहाकार गर्नुभयो । मलाई थरथर काँप्न लागेको देखेर वहाँका हृदयमा अत्यन्त सन्ताप पर्‍यो ॥ १५७ ॥ मेरो घोर गति भएको बुझेर गुरुले प्रेमका साथ दण्डवत् गरेर दुई हात जोरीकन शंकरजीका सन्मुखमा गद्गद वचनले स्तुति गर्न लाग्नुभयो ॥ १५८ ॥

[भुजङ्गप्रयात छन्द]

छन्द-नमामीशमीशान निर्वाणरूपम् । विभुं व्यापकं ब्रह्म वेदस्वरूपम्॥
निजं निर्गुणं निर्विकल्पं निरीहं । चिदाकाशमाकाशवासं भजेऽहम्॥३७॥

"हे ईशान ! (सर्वशक्तिपूर्ण !) हे मोक्षरूप ! हे सर्वव्यापक ! हे ब्रह्मस्वरूप ! हे वेदस्वरूप ! हे ईश्वर ! हजूरलाई म नमस्कार गर्दछु । आत्मस्वरूप, निर्गुण, निर्विकल्प, निरीह (इच्छारहित सर्वैश्वर्यपूर्ण) चैतन्यरूप, आकाशरूप, आकाशनिवासी हजूरलाई म भज्दछु।। ३७ ।।

निराकारमोंकारमूलं तुरीयम् । गिराज्ञानगोतीतमीशं गिरीशम् ।।
करालं महाकालकालं कृपालम् । गुणागारसंसारपारं नतोऽहम् ।।३८।।

निराकार, ओंकारका मूलकारण, जाग्रत्-स्वप्न-सुषुप्ति-यी ३ अवस्थादेखि पल्लो अवस्थामा प्रकाशमान हुने हुनाले तुरीय (चतुर्थ) भएका, वचन-ज्ञान-इन्द्रियले नभेट्टाइने, पूर्ण ऐश्वर्यवान् , कैलासपर्वताधिपति, भयानक, महाकालका पनि काल (संहार गर्ने), दयालु, गुणसमूहका निवासभवन, संसारसागर तारिदिने हजूरलाई नमस्कार गर्दछु ।। ३८ ।।

तुषाराद्रिसंकाशगौरं गभीरम् । मनोभूतकोटिप्रभाश्रीशरीरम् ।।
स्फुरन्मौलिकल्लोलिनीचारुगंगा । लसद्भाल बालेंदु कंठे भुजंगा ।।३९।।

हिमालयपर्वतजस्तो गोरो शरीर भएका, गम्भीर शरीरमा कोटि कामदेवको शोभा भरिएका, देदीप्यमान भएका शिरमा गङ्गाजीका राम्रा तरंगले युक्त भएका, ललाटमा बालचन्द्रमाले सुशोभित भएका, गलामा सर्पले युक्त भएका ।। ३९ ।।

चलत्कुंडलं भ्रूसुनेत्रं विशालम् । प्रसन्नाननं नीलकंठं दयालम् ।।
मृगाधीशचर्मांबरं मुंडमालम् । प्रियं शंकरं सर्वनाथं भजामि ।।४०।।

चञ्चल कुण्डलले युक्त भएका, तेजिला र विशाल नेत्र भएका, प्रसन्नवदन भएका नीलो घाँटी भएका, दयालु, व्याघ्रचर्मरूपी वस्त्र पहिरेका, मुण्डमाला लाएका, सबैका प्यारा, सबैका कल्याणकारी, सबैका मालिक भएका हजूरलाई नमस्कार गर्दछु ।। ४० ।।

प्रचंडं प्रकृष्टं प्रगल्भं परेशम् । अखंडं अजं भानुकोटिप्रकाशम् ।।
त्रयः शूलनिर्मूलनं शूलपाणिम् । भजेऽहं भवानीपतिं भावगम्यम् ।।४१।।

प्रचंड (उग्ररूप), प्रकृष्ट (सर्वश्रेष्ठ), प्रगल्भ (धृष्ट), परेश (परमेश्वर), अखंड जन्मरहित, सूर्यकोटितुल्य तेजस्वी, अध्यात्मिक आधिभौतिक आधिदैविक ताप हरण गर्ने, हातमा त्रिशूल लिएका, प्रेमले पाइने, पार्वतीपति हजूरलाई म भज्दछु ।। ४१ ।।

कलातीत कल्याण कल्पांतकारी । सदा सज्जनानंददाता पुरारी ।।
चिदानंदसंदोह मोहापहारी । प्रसीद प्रसीद प्रभो मन्मथारी ।।४२।।

हे कलातीत ! (हे पूर्णरूप !) हे कल्याणमूर्ते ! हे संहारकारक ! हे सदासज्जनानन्ददायक ! हे त्रिपुरशत्रो ! हे चिदानन्दसन्दोह ! हे मोहापहारिन् ! हे कामदाहक ! हे प्रभो ! प्रसन्न हुनुहोस् , प्रसन्न हुनुहोस ।। ४२ ।।

न यावद् उमानाथपादारविंदम् । भजंतीह लोके परे वा नराणाम्॥
न तावत्सुखं शांतिसंतापनाशम् । प्रसीद प्रभो सर्वभूताधिवासम् ॥४३॥

हे पार्वतीपते ! जहाँसम्म हजूरका चरणकमलको भजन मानिस गर्दैनन्, त्यहाँसम्म तिनलाई सुख-शान्ति सन्तापनाश हुँदैन, संपूर्ण प्राणीका आधारस्वरूप भएका हे प्रभो ! प्रसन्न हुनुहोस् ॥ ४३ ॥

न जानामि योगं जपं नैव पूजाम् । नतोऽहं सदा सर्वदा शंभु तुभ्यम्॥
जराजन्मदुःखौघतातप्यमानम् । प्रभो पाहि आपन्नमामीश शंभो ॥४४॥

भगवन् ! योगाभ्यास जप केही जान्दिनँ, पूजा बिलकुल जान्दिनँ । हे शम्भो ! सदा सर्वदा हजूरलाई नमस्कार गर्दछु ॥ हे ईश्वर ! हे प्रभो ! जरा (बुढ्याइँ) र जन्मनाका दुःखले अत्यन्त संतप्त भएको आपद्ग्रस्त मलाई बचाउनुहोस्" ॥ ४४ ॥

रुद्राष्टकमिदं प्रोक्तं विप्रेण हरतोषये ।
ये पठंति नरा भक्त्या तेषां शंभुः प्रसीदति॥४५॥

शंकरजीका प्रीतिका निमित्त ब्राह्मणले गरेको रुद्राष्टकस्तुति जो पाठ गर्दछन्, तिनका उपर शंकरजी प्रसन्न हुनुहुन्छ ॥ ४५ ॥

दोहा–सुनि बिनती सर्बज्ञ सिव देखि बिप्र अनुराग ।
पुनि मंदिर नभबानी भई द्विजबर बर मागु ॥१५९॥

सर्वज्ञ सर्वव्यापी शंकरजीले ब्राह्मणको विन्ति सुन्नुभयो, ब्राह्मणको प्रेम पनि देख्नुभयो, मन्दिरमा "हे ब्राह्मणश्रेष्ठ ! अब वर माग" यस्तो आकाशवाणी भयो॥ १५९ ॥

जौं प्रसन्न प्रभु मो पर नाथ दीन पर नेहु ।
निज पद भगति देइ प्रभु पुनि दूसर बर देहु ॥१६०॥

(ब्राह्मणले विन्ति गरे) "हे प्रभो ! यदि हजूर मेराउपर प्रसन्न हुनुहुन्छभने हे नाथ ! मेराउपर स्नेह छभने, हजूरका चरणकमलमा दृढ भक्ति दिनुहोस्, फेरि दोस्रो वर पनि दिनुहोस् (यही वरदान माग्दछु) ॥ १६० ॥

तव माया बस जीव जड़ संतत फिरै भुलान ।
तेहि पर क्रोध न करिअ प्रभु कृपासिंधु भगवान ॥१६१॥

हे भगवन् ! हे दयासागर ! हे प्रभु ! हजूरकी मायाका वशमा परेर जडजीवहरू भुलेर भट्किरहेका छन्, तिनका उपर क्रोध नगरिबक्सियोस् ॥ १६१ ॥

दोहा–संकर दीनदयाल अब एहि पर होहु कृपाल ।
श्राप अनुग्रह होइ जेहि नाथ थोरेहीं काल ॥१६२॥

हे दीनदयाल ! हे शंकर ! अब यसका उपर दयालु होइबक्सनुहोस् , हे कृपाल ! हे नाथ ! जसमा थोरै समयमा यसको शापानुग्रह (शापबाट उद्धार) होस् ॥ १६२ ॥

चौ०–एहि कर होइ परम कल्याना ❀ सोइ करहु अब कृपानिधाना ॥१॥
बिप्रगिरा सुनि पर हित सानी ❀ एवमस्तु इति भै नभबानी ॥२॥

हे करुणानिधान ! अब यसको परम कल्याण जेले हुन्छ, त्यही काम गरिबक्सनुहोस्" ॥ १ ॥ परहितले पूर्ण भएको ब्राह्मणको वचन सुन्नाका साथ "एवमस्तु-तथास्तु" यस्तो आकाशवाणी भयो ॥ २ ॥ (फेरि आवाज आयो)

जदपि कीन्ह एहि दारुन पापा ❀ मैं पुनि दीन्हि क्रोध करि श्रापा ॥३॥
तदपि तुम्हारि साधुता देखी ❀ करिहौं एहि पर कृपा बिसेषी ॥४॥

"यद्यपि यसले कडा पाप गरेको हो अनि मैले पनि क्रोध गरेर शाप दिएको हुँ, ॥३॥ तथापि तिम्रो सौजन्य देखेर यसका उपर विशेष कृपा गर्दछु ॥ ४ ॥

क्षमासील जे पर उपकारी ❀ ते द्विज मोहि प्रिय जथा खरारी ॥५॥
मोर श्राप द्विज ब्यर्थ न जाइहि ❀ जन्म सहस्र अवसि यह पाइहि ॥६॥

क्षमाशील (सहिष्णु) र परोपकारी जो ब्राह्मण छन् , ती रामचन्द्रजत्तिकै मेरा प्यारा छन् ॥ ५ ॥ मेरो शाप व्यर्थ जाँदैन, यो हजार जन्म अवश्य पाउनेछ ॥ ६ ॥

जन्मत मरत दुसह दुख होई ❀ एहि स्वल्पौ नहि ब्यापिहि सोई ॥७॥
कवनेउ जन्म मिटिहि नहि ज्ञाना ❀ सुनहि सूद्र मम बचन प्रवाना ॥८॥

जन्मँदा र मर्दा दुःसह दुःख हुन्छ, त्यो दुःखले यसलाई अलिकति पनि व्याप्त गर्नेछैन ॥ ७ ॥ कुनै जन्ममा पनि ज्ञान नष्ट हुनेछैन" । "ए शूद्र ! मेरा सत्यवचन सुन्–॥ ८ ॥

रघुपतिपुरी जन्म तव भयेऊ ❀ पुनि तैं मम सेवा मनु दयेऊ ॥९॥
पुरीप्रभाव अनुग्रह मोरें ❀ रामभगति उपजिहि उर तोरें ॥१०॥

तेरो जन्म अयोध्यापुरीमा भएको हो, फेरि तैंले मेरो सेवामा मन दिएको हो ॥ ९ ॥ अयोध्यापुरीको प्रभावले र मेरा अनुग्रहले तेरा हृदयमा रामभक्ति पैदा हुनेछ ॥ १० ॥

सुनु मम बचन सत्य अति भाई ❀ हरितोषन ब्रत द्विजसेवकाई ॥११॥
अब जनि करहि बिप्रअपमाना ❀ जानेसु संत अनंत समाना ॥१२॥

मेरो अत्यन्त सत्य हृदयप्रिय वचन सुन्, ब्राह्मणको सेवा नै विष्णु भगवान्लाई प्रसन्न पार्ने व्रत हो ॥ ११ ॥ अब ब्राह्मणको अपमान नगरेस् , सन्तहरूलाई अनन्त (विष्णु भगवान्) समान जानेस ॥ १२ ॥

इंद्रकुलिस मम सूल बिसाला ❀ कालदंड हरिचक्र कराला ॥१३॥
जो इन्ह कर मारा नहि मरई ❀ बिप्रदोह पावक सो जरई ॥१४॥

जो सकस इन्द्रको वज्र, मेरो जङ्गी त्रिशूल, यमराजको कालदण्ड, विष्णु भगवान्‌को भयङ्कर सुदर्शन चक्रले प्रहार गर्दा पनि मर्दैन, त्यो सकस ब्राह्मणको द्रोहरूपी अग्निमा भस्म हुन्छ ॥ १३ ॥ १४ ॥

अस बिबेक राखेहु मन माहीं ❀ तुम्ह कहँ जगदुर्लभ कछु नाहीं ॥१५॥
औरौ एक आसिषा मोरी ❀ अप्रतिहति गति होइहि तोरी ॥१६॥

यो विवेक मनमा राखेस्, तँलाई संसारमा दुर्लभ केही हुनेछैन ॥ १५ ॥ एउटा मेरो तँलाई आशिष छ, तेरो गति अप्रतिहत हुनेछ (जहाँ चितायो, उहीं पुग्न सक्नेछस्) ॥ १६ ॥

दोहा–सुनि सिवबचन हरषि गुर एवमस्तु इति भाषि।
मोहि प्रबोधि गयेउ गृह संभुचरन उर राखि ॥१६३॥
प्रेरित काल बिंधिगिरी जाइ भएउँ मैं ब्याल।
पुनि प्रयास बिनु सो तनु तजेउँ गएँ कछु काल ॥१६४॥

शिवजीका यस्ता वचन सुनेर गुरुले हर्षित भईकन "एवमस्तु" (यस्तै होस्) भन्नुभयो र शंकरजीका चरणमा माथ राखेर मलाई बुझाईकन घर जानुभयो ॥ १६३ ॥

कालका प्रेरणाले विन्ध्याचलमा पुग्न गएर सर्प भएँ, केही काल बितेपछि विनापरिश्रम त्यो सर्पको चोला छाड़ें ॥ १६४ ॥

जोइ तनु धरौं तजौं पुनि अनायास हरिजान।
जिमि नूतन पट पहिरै नर परिहरै पुरान ॥१६५॥

हे हरिवाहन ! जसरी मानिस विनादुःख लाइराखेका पुराना लुगा फेरेर नयाँ लुगा लाउँछ, त्यसै गरीकन विनादुःख जुन शरीर धारण गरिएको हुन्थ्यो त्यसलाई छाड्थें ॥ १६५ ॥

सिव राखी श्रुतिनीति अरु मैं नहि पावा क्लेस।
एहि बिधि धरेउँ बिबिध तनु ज्ञान न गयेउ खगेस ॥१६६॥

शङ्करजीले वेदको मर्यादा सुरक्षित गर्नुभयो, मैले पनि दुःख पाइनँ। यस्तै प्रकारले अनेक प्रकारका शरीर धारण गरें, हे गरुड़जी ! ज्ञान गएन ! ॥ १६६ ॥

चौ०–त्रिजग देव नर जो तनु धरऊँ ❀ तहँ तहँ रामभजन अनुसरऊँ ॥१॥
एक सूल मोहि बिसर न काऊ ❀ गुर कर कोमल सील सुभाऊ ॥२॥

तीन लोकमा तिर्यग्योनि (पशु-पक्षी) देवता-मनुष्य जुन जुन शरीर धारण गर्थें, त्यो त्यो शरीरमा रामभजन गर्दथें ॥ १ ॥ एउटा शूल (मनको पीर) कहिल्यै नबिर्सिने थियो, (के भने ?) गुरुको कोमल शील स्वभाव ॥ २ ॥

चरम देह द्विज कै मैं पाई ❀ सुरदुर्लभ पुरान श्रुति गाई ॥३॥
खेलौं तहूँ बालकन्ह मीला ❀ करौं सकल रघुनायकलीला ॥४॥

पछिबाट देवतालाई पनि दुर्लभ भएको, वेद-पुराणले प्रशंसा गरिएको ब्राह्मणको चोला मैले पाएँ ॥ ३ ॥ त्यो अवस्थामा ब्राह्मण-बालकहरूसँग संमिलित हुन्थें र खेल्दथें (खेलमा पनि) रघुनाथजीका सकल लीला गर्दथें ॥ ४ ॥

प्रौढ़ भएँ मोहि पिता पढ़ावा ❀ समुझौं सुनौं गुनौं नहि भावा ॥५॥
मन तें सकल बासना भागी ❀ केवल रामचरन लय लागी ॥६॥

प्रौढ (ठूलो) भएपछि पिताजीले मलाई पढ़ाउनुभयो, सुन्दथें, बुझ्दथें, मनमा गुन्दथें, तर मनपर्दैनथ्यो ॥ ५ ॥ मनबाट सबै वासना भागे, फगत रामजीका चरणमा प्रीति लाग्यो ॥ ६ ॥

कहु खगेस अस कवन अभागी ❀ खरी सेव सुरधेनुहि त्यागी ॥७॥
प्रेममगन मोहि कछु न सोहाई ❀ हारेउ पिता पढ़ाइ पढ़ाई ॥८॥

हे पक्षिपते ! भन्नुहोस्न, कुन यस्तो अभागी होला र कामधेनुलाई छाडेर गदहीको सेवा गर्ला ? ॥ ७ ॥ म रामप्रेममा मग्न थिएँ, मलाई केही मनपरेन, पढाउँदा पढाउँदा पिताजीले हार खानुभयो ॥ ८ ॥

भए कालबस जब पितु माता ❀ मैं बन गएउँ भजन जनत्राता ॥९॥
जहँ जहँ बिपिन मुनीस्वर पावौं ❀ आश्रम जाइ जाइ सिरु नावौं ॥१०॥

जब पिताजी र माताजी कालवश, (मृत) हुनुभयो, अनि म भक्तरक्षक हरिको भजन गर्न वन गएँ ॥ ९ ॥ वनमा जहाँ-जहाँ मुनीश्वरहरूलाई भेट्टाउँथे, उहीं-उहीं आश्रममा गएर प्रणाम गर्दथें ॥ १० ॥

बूझौं तिन्हहि राम गुन गाहा ❀ कहहिं सुनौं हरषित खगनाहा ॥११॥
सुनत फिरौं हरिगुन अनुबादा ❀ अब्याहत गति संभुप्रसादा ॥१२॥

तिनीहरूसँग रामजीका गुणगणको कथा सोद्धथें । हे पक्षिराज ! उनीहरू बताउँथे, म हर्षित भएर सुन्दथें ॥ ११ ॥ यस प्रकारसँग शङ्करजीका अनुग्रहले अव्याहतगति (स्वच्छन्द सर्वत्र गति) भएको म हरिको गुणानुवाद सुन्दै फिर्नलागें ॥ १२ ॥

छूटी त्रिबिध ईषना गाढ़ी ❀ एक लालसा उर अति बाढ़ी ॥१३॥
रामचरन बारिज जब देखौं ❀ तब निज जन्म सुफल करि लेखौं ॥१४॥

मजबूत भएका तीन एषणा (पुत्रैषणा, वित्तैषणा लोकैषणा) छुटे ॥ १३ ॥ "जब रामजीका चरणकमल देख्न पाउँला अनि आफ्ना जन्मलाई सफल संझौंला" यस्तो एउटा लालसा हृदयमा बढ्यो ॥ १४ ॥

जेहि पूछौं सोइ मुनि अस कहई ❀ ईस्वर सर्बभूतमय अहई ॥१५॥
निर्गुनमत नहि मोहि सुहाई ❀ सगुन ब्रह्म रति उर अधिकाई ॥१६॥

जुन मुनिसँग सोध्थें ती "ईश्वर सर्वभूतमय सर्वरूप छन्" यसै भन्दथे, ।। १५ ।। यस्तो निर्गुणमत मलाई मनपरेन, मेरा हृदयमा सगुणब्रह्ममा अधिक प्रेम थियो ।। १६ ।।

दोहा–गुर के बचन सुरति करि रामचरन मनु लाग ।
रघुपतिजस गावत फिरौं छन छन नव अनुराग ।।१६७।।
मेरुसिखर बटु छाया मुनि लोमस आसीन ।
देखि चरन सिरु नाएउँ बचन कहेउँ अति दीन ।।१६८।।
सुनि मम बचन बिनीत मृदु मुनि कृपाल खगराज ।
मोहि सादर पूछत भए द्विज आयेहु केहि काज ।।१६९।।
तब मैं कहा कृपानिधि तुम्ह सर्बज्ञ सुजान ।
सगुन ब्रह्म अवराधन मोहि कहहु भगवान ।।१७०।।

गुरुका वचनको स्मरण गरेर मेरो मन रामजीका चरणकमलमा लाग्यो । रघुपति रामजीका यशको कीर्तन गर्दै घुम्न लागें, प्रतिक्षणमा प्रेम नयाँ नयाँ जस्तो भयो ।। १६७ ।। सुमेरुपर्वतका शिखरमा वटवृक्षका छायामा लोमश ऋषि बस्नुभएको देखें र उहाँका पाउमा शिर राखेर अत्यन्त दीनवचन बोलें ।। १६८ ।। गरुडजी ! मेरा अत्यन्त नम्र कोमल वचन सुनेपछि दयालु लोमश मुनिले आदरसाथ मलाई "ब्रह्मन् ! के कामले आयौ ?" भनी सोध्नुभयो ।। १६९ ।। अनि मैले "हे करुणानिधान ! तपाईं सर्वज्ञ बुद्धिमान् हुनुहुन्छ, हे भगवन् ! मलाई सगुण ब्रह्मको आराधना (सेवा) का विषयमा उपदेश गर्नुहोस्" भनें ।। १७० ।।

चौ०–तब मुनीस रघुपति गुन गाथा ❀ कहे कछुक सादर खगनाथा ।।१।।
ब्रह्मज्ञान रत मुनि बिज्ञानी ❀ मोहि परम अधिकारी जानी ।।२।।

हे पक्षिनाथ ! अनि मुनीश्वर लोमशजीले आदरका साथ रघुनाथजीका गुणगाथा केही भन्नुभयो ।। १ ।। उहाँ ज्ञानी हुनुहुन्थ्यो, उहाँलाई ब्रह्मज्ञानैमा अधिक प्रीति थियो र मलाई पूर्ण अधिकारी (लायक) जानेर—।। २ ।।

लागे करन ब्रह्म उपदेसा ❀ अज अद्वैत अगुन हृदयेसा ।।३।।
अकल अनीह अनाम अरूपा ❀ अनुभवगम्य अखंड अनूपा ।।४।।
मन गोतीत अमल अबिनासी ❀ निर्बिकार निरवधि सुखरासी ।।५।।
सो तैं ताहि तोहि नहि भेदा ❀ बारि बीचि इव गावहिं बेदा ।।६।।

ब्रह्मको उपदेश गर्न लाग्नुभयो—"ब्रह्म अज (जन्मरहित), अद्वैत (द्वितीयरहित एकमात्र), सत्व-रज-तमरहित, अन्तर्यामी, पूर्ण, इच्छारहित, नामरहित, रूपरहित, अनुभव मात्र-गम्य, अखण्ड, अतुल ।। ३ ।। ४ ।।

मनको इन्द्रियको अगोचर, निर्मल, अविनाशी, निर्विकार, अनन्तसुखसमूहरूप छन्

॥ ५ ॥ ती तिमी नै होऊ (तत् त्वम् असि), तिनको र तिम्रो भेद (पृथग्भाव) छैन । जलको र तरङ्गको जस्तो ब्रह्म र जीवको अभेद वेदले निरूपण गरेको छ” ॥ ६ ॥

बिबिध भाँति मोहि मुनि समुझावा ❀ निर्गुनमत मम हृदय न आवा ॥७॥
पुनि मैं कहेउँ नाइ पद सीसा ❀ सगुन उपासन कहहु मुनीसा ॥८॥

इत्यादि अनेक प्रकारसँग लोमशमुनिले मलाई बुझाउनुभयो, निर्गुण ब्रह्मको मत मेरा हृदयमा आएन (जमेन) ॥ ७ ॥ फेरि मैले प्रणाम गरेर प्रार्थना गरें “हे मुनीश्वर ! सगुण ब्रह्मको उपासना बताउनुहोस ॥ ८ ॥

रामभगति जल मम मन मीना ❀ किमि बिलगाइ मुनीस प्रबीना ॥९॥
सो उपदेस कहहु करि दाया ❀ निज नयनन्हि देखौं रघुराया ॥१०॥

रामभक्ति जल हो, मेरो मन माछा हो, हे निपुण ! मुनीश्वर ! त्यो कसरी अलग्ग रहला ? ॥ ९ ॥ कृपापूर्वक त्यो उपदेश गर्नुहोस् कि जुन उपदेशले रामजीलाई आफ्ना यिनै आँखाले देख्नपाउँ ॥ १० ॥

भरि लोचन बिलोकि अवधेसा ❀ तब सुनिहौं निर्गुन उपदेसा ॥११॥
मुनि पुनि कहि हरिकथा अनूपा ❀ खंडि सगुनमत अगुन निरूपा ॥१२॥

अयोध्याधीशलाई आँखाभरि देखौं, अनि निर्गुण ब्रह्मको उपदेश सुनौंला ॥ ११ ॥ (मेरो यस्तो प्रार्थना सुनेर) लोमश मुनिले फेरि अनुपम हरिगुणकथा सुनाउनुभयो र आखिरमा सगुण ब्रह्मको मतलाई खण्डन गरेर निर्गुण ब्रह्मको निरूपण गर्नुभयो ॥ १२ ॥

तब मैं निर्गुनमत करि दूरी ❀ सगुन निरूपौं करि हठ भूरी ॥१३॥
उत्तर प्रतिउत्तर मैं कीन्हा ❀ मुनितन भए क्रोध के चीन्हा ॥१४॥

अनि मैले निर्गुणब्रह्मको बुद्धि (समुझ) लाई टाढा पन्छाएर खूब आग्रह गरेर सगुणब्रह्मको निरूपण गरें ॥ १३ ॥ मैले उत्तर प्रत्युत्तर गरें, त्यसैले मुनीश्वर लोमशका शरीरमा क्रोधका चिह्न (नेत्ररक्तता, भ्रूकुटिकुटिलता इत्यादि) पैदा भए ॥ १४ ॥

सुनु प्रभु बहुत अवज्ञा किये ❀ उपज क्रोध ज्ञानिन्ह के हिये ॥१५॥
अति संघरषन जौ कर कोई ❀ अनल प्रगट चंदन तें होई ॥१६॥

गरुडजी ! प्रभु ! सुन्नुहोस्, धेरै अपमान गरेपछि ज्ञानीहरूका हृदयमा पनि क्रोध पैदा हुन्छ, ॥ १५ ॥ यदि कसैले चन्दन-काष्ठलाई ज्यादै नै संघर्षण गर्‍यो (बेसरी रगड्यो) भने त्यताबाट पनि आगो प्रकट हुन्छ ॥ १६ ॥

दोहा—बारंबार सकोप मुनि करै निरूपन ज्ञान ।
मैं अपने मन बैठ तब करौं बिबिध अनुमान ॥१७१॥
क्रोध कि द्वैतबुद्धि बिनु द्वैत कि बिनु अज्ञान ।
मायाबस परिछिन्न जड़ जीव कि ईस समान ॥१७२॥

६९

मुनीश्वर वारंवार झर्किएर ज्ञानको निरूपण गर्नुहुन्थ्यो, म भने बसीबसीकन आफ्ना मनमा नाना प्रकारका तर्क गर्न लाग्दथें ।। १७१ ।। विनाद्वैतबुद्धि क्रोध कसरी हुनसक्तछ ? (रिसाउने सकस अद्वैतभावको पराकाष्ठा भएको ज्ञानमा कसरी पुग्दछ ? र ज्ञानी हुनसक्तछ) विनाअज्ञान द्वैतभाव कसरी हुन्छ ? (द्वैत जहाँ देखियो त्यहाँ अज्ञान अवश्य रहेछ) मायाका अधीनमा रहने, परिच्छिन्न (इयत्तावाला) जड (चैतन्यवर्जित = अज्ञानयुक्त) भएको जीव मायारहित अपरिच्छिन्न चेतन भएका ब्रह्मको समान कसरी हुनसक्तछ ? ।। १७२ ।।

चौ०–कबहुँ कि दुख सब कर हित ताके ❀ तेहि कि दरिद्र परसमनि जाके ।।१।।
परद्रोही कि होहिं निसंका ❀ कामी पुनि कि रहहिं अकलंका ।।२।।

सबैको हित ताक्यो (हित गर्न खोज्यो) भने कहिल्यै दुःख होला ? (ब्रह्मरूप मानिएको जीवले सबैको हितकामना गरे पनि सबैको हित भएको देखिदैन, "सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः" भन्दैछौं, तर सबै सुखी पनि छैनन्, सबै निरोगी पनि छैनन्, एतावता असत्यसंकल्प भएका जीवको र वेदशास्त्रले सत्यसंकल्प भनेर बखानिएका ब्रह्मको एकता कसरी होला ए ?) जसका अधीनमा पारसमणि छ, के त्यसलाई दारिद्र्य होला र ? (सर्वशक्तिमान् ब्रह्मको एकरूप भएको जीव शक्तिरहित हुनुपर्दैनथ्यो) ।। १ ।। परद्रोही व्यक्ति के निःशंक हुन सक्तछ ? (जीव निःशंक रहन सक्तैन, परद्रोह गरेपछि त्यसलाई अनेक शंका लागिरहन्छन्, त्यो जीव ब्रह्मै भए ता ब्रह्मजस्तै निःशंक हुनुपर्दथ्यो) फेरि कामलम्पट (कामी) भएको जीव के अकलङ्क (बेदाग) रहन सक्तछ ? (कामी-जीव दागी नै रहन्छ, त्यो जीव ब्रह्मै भए ता ब्रह्मजस्तै अकलङ्क (बेदाग) हुनुपर्दथ्यो) ।। २ ।।

बंस कि रह द्विज अनहित कीन्हे ❀ कर्म कि होहिं स्वरूपहि चीन्हे ।।३।।
काहू सुमति कि खलसँग जामी ❀ सुभ गति पाव कि परत्रियगामी ।।४।।

ब्राह्मणको अपकार गरेपछि के वंश रहन्छ र ? (ब्राह्मणको अपकार गर्ने जीव व्यक्ति निर्वंश हुन्छ, त्यो जीव ब्रह्मै भएका पक्षमा त्यसको त्यो दुर्दशा हुनुपर्दैनथ्यो।) के स्वरूप चिह्नेपछि पनि कर्म हुन्छ र ? (जीव ता कर्म गरिरहन्छ, त्यो जीव निष्क्रिय (कर्मरहित) ब्रह्म कसरी होला ? स्वरूप चिह्ने ब्रह्म र त्यो एउटै न हो ?) ।। ३ ।। के दुष्टको संगति गर्दा कसैलाई सद्बुद्धि जम्न (स्थिर हुन) सक्तछ र ? (दुष्टको संगति गर्ने जीव दुर्मति नै हुन्छ, त्यो जीव ब्रह्मरूपै भए दुर्बुद्धि हुनुपर्दैनथ्यो) । के परस्त्रीगमन गर्ने जीव सद्गति पाउँछ र ? (परस्त्रीगमन गर्ने जीवले सद्गति पाउँदैन, दुर्गति नै पाउँछ, त्यो जीव ब्रह्मरूप भएदेखि दुर्गति पाउनुपर्दैनथ्यो) ।। ४ ।।

भव कि परहिं परमातमबिंदक ❀ सुखी कि होहिं कबहुँ हरिनिंदक ।।५।।
राजु कि रहै नीति बिनु जाने ❀ अघ कि रहहिं चरित बखाने ।।६।।

के परमात्मा चिह्ने जीव संसारसागरमा पर्दछन् र ? (परमात्मा चिह्ने जीव मुक्त हुन्छन्, संसारसागरमा पर्दैनन्, नचिह्ने जीव संसारसागरमा पर्छन यो कुरा इदमित्थ भएपछि परमात्मा (ब्रह्म) स्वरूप जीव संसारसागरमा कसरी पर्लो त ? पर्ने ता परिरहेको छ) के हरिनिन्दा गर्ने जीव कहिल्यै सुखी हुन्छन् र ? (हुँदैनन्, ईश्वरको निन्दा गर्ने जीव दुःखी नै रहन्छन्, ती जीव ब्रह्मरूप भए ता तिनले सदा सुखी हुनुपर्दथ्यो) ।। ५ ।। के नीति नजानीकन

राज्य रहन्छ र ? (नीति नजान्ने राजा नाम भएका जीवको राज्य रहँदैन, त्यो जीव ब्रह्मरूप भएदेखि त्यसले ब्रह्माण्डको अखंड साम्राज्य गर्नुपर्दथ्यो, त्यसको सानो राज्य पनि रहँदैन) । के हरिचरित्रको वर्णन गरेपछि पनि जीवको पाप रहन्छ र ? (हरिचरित्रको कीर्तन नगरुन्ज्याल पाप थुप्रिरहन्छ, त्यो जीव ब्रह्मरूप भएदेखि ता त्यसलाई पाप लाग्नुपर्दैनथ्यो) ॥ ६ ॥

पावन जस कि पुन्य बिनु होई ❀ बिनु अघ अजस कि पावै कोई ॥७॥
लाभु कि किछु हरिभगति समाना ❀ जेहि गावहि श्रुति संत पुराना ॥८॥

के विनापुण्य पवित्र-यश पाइन्छ र ? (पाइँदैन, "पुण्यैर्यशो लभ्यते" पुण्य गरे मात्रै जीवले सुयश पाउँछ, पाप गऱ्योभने दुर्यश पाउँछ, त्यो जीव ब्रह्मरूप होभने त्यसले दुर्यश किन पायो ?, त्यो जीव ब्रह्मजस्तै पुण्यश्लोक हुनुपर्ने हो) । के विनापाप कोही दुर्यश पाउँछ र ? (पाप नगर्ने जीवले ता दुर्यश पाउँदैन, पाप गर्नेले ता दुर्यश पाउँछ कि ? त्यो जीव ब्रह्मरूप भए ता निर्लेप रहनुपर्दथ्यो) ॥ ७ ॥ (त्यसो हुनाले) हरिभक्तिसमान अर्को केही लाभ छ र ? (छैन अर्को लाभ, हरिभक्तिलाभै सच्चा लाभ हो, निर्गुणब्रह्मविद्याको लाभलाई लाभ कसरी भन्नु ?) जुन हरिभक्तिलाई वेद सन्त पुराणहरूले वर्णन गरेको छ (त्यसको लाभ पो लाभ हो) ॥ ८ ॥

हानि कि जग एहि सम किछु भाई ❀ भजिअ न रामहि नरतनु पाई ॥९॥
अघ कि पिसुनता सम कछु आना ❀ धर्म कि दया सरिस हरिजाना ॥१०॥

मनुष्यशरीर पाएर पनि रामजीलाई भजिएनभने, के संसारमा यो बराबरको हानि केही छ र ? (रामजीलाई भजिएन भने ठूलो हानि मात्र होइन कि ठूलो भूल, ठूलो मूर्खता, ठूलो दुर्गति पनि हुन्छ) ॥ ९ ॥ (क) हे हरिवाहन ! गरुड़ ! के पिशुनता (जासूसी) बराबर अर्को पाप केही छ र ? (जासूसीबराबरको अर्को पाप के हुन्थ्यो ? छैन, पक्का छैन) (ख) के दयातुल्य अर्को धर्म छ र ? (छैन, सबै धर्मको मुकुटमणि दयाधर्म हो) ॥ १० ॥

एहि बिधि अमिति जुगति मन गुनऊँ ❀ मुनि उपदेस न सादर सुनऊँ ॥११॥
पुनि पुनि सगुनपक्ष मैं रोपा ❀ तब मुनि बोलेउ बचन सकोपा ॥१२॥

यस्ता प्रकारले मनमा अनेक युक्ति (निर्गुणब्रह्मको र जीवको एकता मानेका पक्षमा आइलाग्ने विरोध) गुन्दथें र मुनीश्वर लोमशका वचनलाई आदरसहित सुन्दैनथें ॥ ११ ॥ मैले वारंवार सगुणब्रह्मकै पक्षलाई दृढ गर्नलागें, अनि झोक्किएर मुनीश्वरले क्रोधसहित वचन बोल्नुभयो ॥ १२ ॥

(क) सा हानिस्तन्महच्छिद्रं तन्मौर्ख्यं सा च दुर्गतिः ।
जातेन मनुजेनापि नापि चेद्भक्तिरीश्वरे ॥ [सूक्ति०]

(ख) यो पिशुनता (छुल्याइँ) मा सबैभन्दा ठूलो पाप लाग्ने हुनाले पिशुन (छुल्याहा) लाई महात्माहरूले कुकुरको पुच्छरजस्तो मानेका छन् ।

वक्रतां बिभ्रतो यस्य गुह्यमेव प्रकाशते ।
कथं स न समानः स्यात् पुच्छेन पिशुनः शुनः ॥

आफ्ना कुटिलता (टेढोपना) ले गुह्य (रहस्य = गोप्यअङ्ग) खुला पार्ने छुल्याहा मानिस कुकुरको पुच्छ समान किन हुँदैनथ्यो ?

मूढ़ परम सिख देउँ न मानसि ❀ उत्तर प्रतिउत्तर बहु आनसि ॥१३॥
सत्य बचन बिस्वास न करही ❀ बायस इव सब ही तें डरही ॥१४॥

"ए मूर्ख ! उत्तम शिक्षा दिइरहेको छु, तँ मान्दैनस् , धेरै उत्तर-प्रत्युत्तर ल्याउँछस् , ॥ १३ ॥ साँचा वचनमा विश्वास गर्दैनस् , कागजस्तो भएर सबै कुराबाट झस्कन्छस् ॥ १४ ॥

सठ स्वपच्छ तव हृदय बिसाला ❀ सपदि होहि पच्छी चंडाला ॥१५॥
लीन्ह श्राप मैं सीस चढ़ाई ❀ नहि कछु भय न दीनता आई ॥१६॥

दुष्ट ! तेरा मनमा आफ्नै पक्ष (मत) ठूलो छ, जा झट्टै पक्षिचाण्डाल (काग) होइ जा" ॥ १५ ॥ (यो सराप लोमशले दिनुभयो) मैले मुनिको त्यो सरापलाई शिरउपर गरें, मलाई न डर लाग्यो, न दुःख लाग्यो ॥ १६ ॥

दोहा–तुरत भयेउँ मैं काग तब पुनि मुनिपद सिरु नाइ ।
सुमिरि राम रघुबंसमनि हरषित चलेउँ उड़ाइ ॥१७३॥
उमा जे रामचरन रत बिगत काम मद क्रोध ।
निज प्रभुमय देखहिं जगत केहि सन करहिं बिरोध ॥१७४॥

म उत्तिखेरै काग भएँ, लोमशमुनिका पाउमा वारंवार शिरसा प्रणाम गरेर रघुवंशमणि भगवान् रामचन्द्रलाई संझेर हर्षित भईकन उडेर गएँ ॥ १७३ ॥ (शंकरजी आज्ञा गर्नुहुन्छ कि) "हे पार्वती ! जो महात्मा रामजीका चरणमा अनुरक्त भएर निष्काम, निर्मद, निष्क्रोध भईकन संसारलाई राममय देख्ने भैसकेका छन् , तिनीहरू कोसित बैरभाव गर्दछन् र ? संसारै प्रभुमय देखेपछि दुश्मनी गर्ने खण्ड पर्दै पर्दैन) ॥ १७४ ॥

चौ०–सुनु खगेस नहि कछु रिषिदूषन ❀ उरप्रेरक रघुबंसबिभूषन ॥१॥
कृपासिंधु मुनिमति करि भोरी ❀ लीन्ही प्रेमपरिछा मोरी ॥२॥

(अनि काकभुशुण्डी भन्न लागे) हे पक्षिराज ? सुन्नुहोस् , यसमा ऋषि लोमशको केही दोष छैन, रघुकुलभूषण रामजी हृदयका[1] प्रेरक (प्रेरणा गर्ने) होइबक्सिन्छ ॥ १ ॥ करुणासागर उहाँले नै मेरी बुद्धिलाई भुलाएर मेरा प्रेमको परीक्षा लिनुभएको हो ॥ २ ॥

मन बच क्रम मोहि निज जन जाना ❀ मुनिमति पुनि फेरी भगवाना ॥३॥
रिषि मम सहनसीलता देखी ❀ रामचरन बिस्वास बिसेषी ॥४॥

मलाई मनसा-कर्मणा-वाचा आफ्नो (सच्चा) सेवक जान्नुभयो र फेरि भगवान्ले लोमश मुनिकी बुद्धिलाई बदलिदिनुभयो ॥ ३ ॥ लोमश मुनिले मेरो सहनशीलता र रामजीका चरणमा विशेष विश्वास देख्नुभयो ॥ ४ ॥

---

(१) ईश्वरः सर्वभूतानां हृद्देशेऽर्जुन ! तिष्ठति ।
भ्रामयन् सर्वभूतानि यन्त्रारूढानि मायया ॥ (गीता) अर्थ स्पष्ट छ ।

अति बिसमय पुनि पुनि पछिताई ❀ सादर मुनि मोहि लीन्ह बोलाई ।।५।।
मम परितोष बिबिध बिधि कीन्हा ❀ हरषित राममंत्र दीन्हा ।।६।।

अनि उहाँ वारंवार आश्चर्यका साथ पछिताउन लाग्नुभयो र मलाई आदरका साथ बोलाउनुभयो (म आएँ) ।। ५ ।। अनेक प्रकारसंग सन्तुष्ट गर्नुभयो र हर्षित भैकन मलाई रामजीको मन्त्र दिनुभयो (सुनाउनुभयो) ।। ६ ।।

बालकरूप राम कर ध्याना ❀ कहेउ मोहि मुनि कृपानिधाना ।।७।।
सुंदर सुखद मोहि अति भावा ❀ सो प्रथमहि मैं तुम्हहि सुनावा ।।८।।

कृपानिधान लोमश मुनिले मलाई बालरूप रामजीको ध्यान पनि बताउनुभयो, ।। ७ ।। ध्यान राम्रो आनन्ददायक थियो मलाई मनपर्‍यो । गरुडजी ! जुन ध्यान पहिले तपाईंलाई मैले सुनाएँ (त्यो ध्यान त्यही हो) ।। ८ ।।

मुनि मोहि कछुक काल तहँ राखा ❀ रामचरितमानस तब भाषा ।।९।।
सादर मोहि यह कथा सुनाई ❀ पुनि बोले मुनि गिरा सुहाई ।।१०।।

मुनीश्वरले मलाई केही कालसम्म उहीं राख्नुभयो र रामचरितमानस सबै बताउनुभयो ।। ९ ।। आदरसाथ मलाई त्यो कथा सुनाईसकेपछि उहाँले मधुर वचन बोल्नुभयो ।। १० ।।

रामचरितसर गुप्त सुहावा ❀ संभुप्रसाद तात मैं पावा ।।११।।
तोहि निज भगत राम कर जानी ❀ ता तें मैं सब कहेउँ बखानी ।।१२।।

"हे तात ! यो सुन्दर गुप्त रहेको रामचरितमानस शंकरजीका अनुग्रहले मैले पाएको हुँ, ।। ११ ।। तिमीलाई रामजीका आत्मीय भक्त जानेर सबै विस्तारपूर्वक वर्णन गरें ।। १२ ।।

रामभगति जिन्ह के उर नाहीं ❀ कबहुँ न तात कहिअ तिन्ह पाहीं ।।१३।।
मुनि मोहि बिबिध भाँति समुझावा ❀ मैं सप्रेम मुनिपद सिरु नावा ।।१४।।

जसका हृदयमा रामभक्ति छैन, तिनका समीपमा यो रामचरितमानस कहिल्यै नभने" ।। १३ ।। इत्यादि अनेक प्रकारसंग लोमश मुनीश्वरले मलाई संझाउनुभयो । मैले प्रेमका साथ उहाँका पाउमा सिर राखें ।। १४ ।।

निज कर कमल परसि मम सीसा ❀ हरषित आसिष दीन्ह मुनीसा ।।१५।।
रामभगति अबिरल उर तोरे ❀ बसिहि सदा प्रसाद अब मोरे ।।१६।।

आफ्ना हातले मेरो शिर सुमसुम्याउनुभयो र मुनीश्वरले हर्षित भईकन आशिष दिनुभयो- ।। १५ ।। "अब मेरा अनुग्रहले सदासर्वदा तिम्रा हृदयमा अविच्छिन्न रामभक्ति रहोस् ।। १६ ।।

दोहा—सदा रामप्रिय होब तुम्ह सुभ गुन भवन अमान ।
कामरूप इछामरन ज्ञान बिराग निधान ।।१७५।।

जेहि आश्रम तुम्ह बसब पुनि सुमिरत श्रीभगवंत ।
ब्यापिहि तहँ न अबिद्या जोजन एक प्रजंत ॥१७६॥

तिमी रामजीका सधैं प्यारा भए । तिमी सद्‌गुणका भवन भए । इच्छारूपी र इच्छामरण भए । ज्ञान र वैराग्यका निधि (खानि) भए ॥ १७५ ॥ अनि तिमी श्रीराम भगवान्‌लाई स्मरण गर्दै जुन आश्रममा बसौला त्यहाँ एक योजना (चार कोससम्म) अविद्याले ढाक्नेछैन ॥ १७६ ॥

चौ०–काल कर्म गुन दोष सुभाऊ ❀ कछु दुख तुम्हहि न ब्यापिहि काऊ ॥१॥
रामरहस्य ललित बिधि नाना ❀ गुप्त प्रगट इतिहास पुराना ॥२॥
बिनु श्रम तुम्ह जानब सब सोऊ ❀ नित नव नेह रामपद होऊ ॥३॥
जो इछा करिहहु मन माहीं ❀ हरिप्रसाद कछु दुर्लभ नाहीं ॥४॥

मायाबाट पैदा हुने काल, कर्म, गुण, दोष, स्वभाव यिनका कुनै दुःखले तिमीलाई व्याप्त गर्नेछैन ॥ १ ॥ रामजीका मनोहर नाना प्रकारका लीलाका रहस्य र गुप्त अथवा प्रगट भएका इतिहास पुराणहरू जो छन्–॥ २ ॥

ती सबै कुरा विनापरिश्रम तिमी जान्नेछौ । रामजीका पाउमा नित्य नयाँ प्रेम लागोस् ॥ ३ ॥ मनमा जे इच्छा गरौला, श्रीरामजीका प्रसादले केही दुर्लभ हुनेछैन” ॥ ४ ॥

सुनि मुनि आसिष सुनु मतिधीरा ❀ ब्रह्मगिरा भइ गगन गँभीरा ॥५॥
एवमस्तु तव बच मुनि ज्ञानी ❀ यह मम भगत कर्म मन बानी ॥६॥

हे धीरबुद्धे ! गरुड ! मुनीश्वर लोमशजीको यस्तो आशीर्वादवचन सुन्नेबित्तिकै आकाशमा गंभीर ध्वनिले ब्रह्मवाणी (आकाशवाणी) भयो कि—“हे ज्ञानी ! हे मुनीश्वर ! तिम्रो वचनअनुसार त्यसै हुनेछ, कर्मणा-मनसा-वाचा यी मेरा भक्त हुन्” ॥ ५ ॥ ६ ॥

सुनि नभगिरा हरष मोहि भएऊ ❀ प्रेम मगन सब संसय गएऊ ॥७॥
करि बिनती मुनि आयसु पाई ❀ पदसरोज पुनि पुनि सिरु नाई ॥८॥
हरष सहित एहि आश्रम आएउँ ❀ प्रभुप्रसाद दुर्लभ बर पाएउँ ॥९॥
इहाँ बसत मोहि सुनु खगईसा ❀ बीते कलप सात अरु बीसा ॥१०॥

आकाशवाणी सुन्दा मलाई हर्ष लाग्यो, म प्रेमसागरमा डुबें, सबै सन्देह दूर भए ॥ ७ ॥ विन्ति गरेर मुनीश्वरको आज्ञा पाएपछि उहाँका चरणकमलमा वारंवार शिर राखें र— ॥ ८ ॥

हर्षसहित भैकन यो नीलगिरिको आश्रममा आएँ, प्रभुजीका प्रसादले दुर्लभ वर पाएँ ॥ ९ ॥ गरुडजी ! सुन्नुहोस् , यहाँ बस्ताबस्तै सत्ताईस कल्प बितिसके ॥ १० ॥

करौं सदा रघुपति गुन गाना ❀ सादर सुनहिं बिहंग सुजाना ॥११॥
जब जब अवधपुरी रघुबीरा ❀ धरहिं भगतहित मनुजसरीरा ॥१२॥

हरहमेशा रघुनाथजीको गुणगान गर्दछु, बुद्धिमान् पक्षीहरू आदरसाथ सुन्दछन् ॥ ११ ॥ भक्तजनका कल्याणका निमित्त प्रभुजी जैले जैले अयोध्यानगरीमा मनुष्यशरीर धारण गर्नुहुन्छ (दशरथनन्दनको अवतार लिनुहुन्छ)— ॥ १२ ॥

तब तब जाइ रामपुर रहऊँ ❀ सिसुलीला बिलोकि सुख लहऊँ ॥१३॥
पुनि उर राखि राम सिसुरूपा ❀ निज आश्रम आवौं खगभूपा ॥१४॥

त्यसै त्यसै वेलामा अयोध्या जान्छु र उहीं बस्छु, भगवान्‌को बाललीला हेरेर आनन्दित हुन्छु ॥ १३ ॥ हे पक्षिराज ! अनि उहाँको बालरूप हृदयमा राखेर आफ्ना आश्रममा आउँछु ॥ १४ ॥

कथा सकल मैं तुम्हहि सुनाई ❀ कागदेह जेहि कारन पाई ॥१५॥
कहिउँ तात सब प्रस्न तुम्हारी ❀ रामभगति महिमा अति भारी ॥१६॥

गरुडजी ! मैले जुन कारणले कागको शरीर पाएको हुँ, त्यो सबै कथा तपाईंलाई सुनाएँ ॥ १५ ॥ हे तात ! तपाईंका सबै प्रश्नको उत्तर दिएँ, रामजीका भक्तिको महिमा अत्यन्त ठूलो छ ॥ १६ ॥

दोहा–ता तें यह तन मोहि प्रिय भएउ रामपद नेह ।
निज प्रभु दरसन पाएउँ गए सकल संदेह ॥१७७॥
भगतिपक्ष हठ करि रहेउँ दीन्हि महारिषि श्राप ।
मुनिदुर्लभ बर पाएउँ देखहु भजनप्रताप ॥१७८॥

जसका द्वारा रामजीका चरणकमलमा प्रेम लाग्न गयो, आफ्ना प्रभुजीको दर्शन पाएँ, सकल सन्देह दूर भए, त्यो यो काकशरीर त्यसै कारणले मेरो प्यारो छ ॥ १७७ ॥ केवल भक्तिमार्गको पक्षमा हठ गरिरहेको थिएँ (ज्ञानमार्गलाई ठीक ठान्दिनथें,) लोमश महामुनिले सराप दिनुभयो, हेर्नुहोस् है गरुडजी ! भजनको प्रताप कस्तो रहेछ ? (उनै सराप दिने सकसबाट उम्किखेरै) मुनिहरूले पनि सहसा नपाइने (अति दुर्लभ) वर पाएँ ॥ १७८ ॥

[सतपञ्च-चौपाई]

राम––रहस्य

(१)

चौ०–जे असि भगति जानि परिहरहीं ❀ केवल ज्ञान हेतु श्रम करहीं ॥
ते जड़ कामधेनु गृह त्यागी ❀ खोजत आकु फिरहिं पय लागी ॥१॥

“जो व्यक्ति यस्ती (अद्भुत प्रभाववती) भक्तिलाई जानी बुझीकन छाडिदिन्छन्, फगत

ज्ञानका मिमित्त परिश्रम गर्दछन् ती मूर्खहरू घरमा रहेकी कामधेनुलाई छाडेर दूधका निमित्त आँक खोज्दै यता र उति हिंडछन् ॥ १ ॥ (क)

सुनु खगेस हरिभगति बिहाई ❀ जे सुख चाहहिं आन उपाई ॥
ते सठ महासिंधु बिनु तरनी ❀ पैरि पार चाहहिं जड़ करनी ॥२॥

हे पक्षिराज ! सुन्नुहोस् , जो व्यक्ति हरिभक्तिलाई छाडेर अरू उपायले सुख चाहन्छन् ती स्वाँठहरू आफ्नो जाड्यको कामले (मुर्ख्याइँले) विनानाउ (जहाज) पौडेर महासागरको पार जान चाहन्छन् ॥ २ ॥ (ख)

सुनि भुसुंडी के बचन भवानी ❀ बोलेउ गरुड हरषि मृदु बानी ॥
तव प्रसाद प्रभु मम उर माहीं ❀ संसय सोक मोह भ्रम नाहीं ॥३॥

हे पार्वती ! काकभुशुण्डीका यी वचन सुनेर गरुडले हर्षित भईकन कोमल वचन बोले, "हे प्रभु ! तपाईंका अनुग्रहले मेरा हृदयमा सन्देह, शोक, मोह, भ्रान्ति केही छैन ॥ ३ ॥

(क) भक्तिमार्गबाट सुगमताका साथ यथेष्ट फल र मुक्तिसमेत पाइने कुरा श्रुति-स्मृति, पुराण-इतिहास सर्वत्र प्रसिद्ध छन् , त्यो जानी-बुझीकन पनि वर्णाश्रम धर्माचरणलाई झंझट मानेर अथवा अरू कुनै कारणले भक्तिमार्गलाई छाडेर (उपासनाकाण्डलाई नाघेर) एकदम ज्ञानकाण्डमा चढ्न खोज्ने मानिस घरमा सुलभ भएकी कामधेनु (चिन्तित फलदायिनी गौमाता) लाई छाडेर फगत दूधका निमित्त आँकको तलाश गर्दै यता र उति भट्कने मानिस-जस्तो मूर्ख हो । मुक्तिको कारण भएको ज्ञान भक्तिबाट पाइँदैन र ? दुस्साध्य दुर्गम ज्ञानमार्गमा हामफाल्नुपर्दछ ? भक्तिको वास्ता नराखेर यथाकथंचित् ज्ञानमार्गको उच्च दर्जामा पुगिहालेभने पनि अकस्मात् भक्तिनिरपेक्ष भएका मुमुक्षुहरू उच्च दर्जाबाट च्युत भएर नीचातिनीच दर्जामा पछारिन पुग्दछन् , भक्तिमार्गावलम्बी सज्जनहरू इष्टदेवका कृपादृष्टिले सुरक्षित भएर यथेष्ट फल र मुक्ति समेत पाउँदछन् । कामधेनु गाईबाट सिद्ध हुँदैन र आँकका वृक्षलाई दूधका निमित्त तलाश गर्नुपर्दछ ? आँकको दूधबाट रोगनिवारणादि फलसिद्धि गर्ने कुनै औषधि बनाउँदा ज्यादै नै जोखिम पर्दछ, त्यही काम कामधेनुका दूधबाट विनाजोखिम सिद्ध हुन आउँछ, यस्तो वस्तुस्थिति थाहा पाएपछि पनि खतरामा पर्न जानेलाई हतभाग्य भन्नुपर्दछ ।

(ख) (१) "शुद्धसत्वमूर्ति भगवान् विष्णुमा चित्त लगाएर उहाँका चरणकमलरूपी जहाजले संसारसागरलाई बुद्धिमान् भक्तजनहरू गोष्पद (गाईका खुरले पारेका खाल्डाको पानी) गर्दछन् , (गोष्पद नाघेझैं अनायासैले संसारसागर नाघ्दछन् , मुक्त हुन्छन्)

(२) भक्तिमार्गको अवलम्बन नगर्ने, अन्तःकरण मलिन भएका, केवल थोरबहुत जानेका ज्ञानकाण्डका तत्वमसि प्रभृति वाक्यका आधारमा मुक्त भयौं भन्ठान्ने शण्ठहरू, बुद्धिका घमण्डले यथाकथंचित् उच्च श्रेणीका ज्ञानीको दर्जामा पुगिहालेभने पनि अकस्मात् पछारिन्छन् र नीचातिनीच दर्जामा पुग्न जान्छन् ।

(३) ईश्वरमा प्रेमभक्ति गर्ने सज्जनहरू ईश्वरका कृपादृष्टिले सुरक्षित रहन्छन्, मृत्युको टाउकामा टेक्ने सामर्थ्य पाउँदा निर्भयताका साथ जीवन्मुक्त भएर इच्छानुसार विहार गर्ने हुन्छन्, भनी भागवतमा पनि भनेको छ ।

त्वय्यम्बुजाक्षाऽखिलसत्वधाम्नि समाधिनावेशितचेतसैके ।
त्वत्पादपोतेन महत्कृतेन कुर्वन्ति गोवत्सपदं भवाब्धिम् ॥१॥

सुनेउँ पुनीत राम गुन ग्रामा ❀ तुम्हरी कृपा लहेउँ बिश्रामा ॥
एक बात प्रभु पूछौं तोही ❀ कहहु बुझाइ कृपानिधि मोही ॥४॥

हे प्रभु ! मैले रामजीका पवित्र गुणगण सुनें, तपाईंका कृपाले विश्राम (शान्ति) पाएँ । हे करुणानिधान ! तपाईंसंग एउटा कुरा सोद्धछु, मलाई बुझाएर बताउनुहोस् ॥ ४ ॥

कहहिं संत मुनि बेद पुराना ❀ नहि कछु दुर्लभ ज्ञान समाना ॥
सोइ मुनि तुम्ह सन कहेउ गुसाईं ❀ नहि आदरेहु भगति की नाईं ॥५॥

सन्त-मुनि, वेद-पुराणहरू "ज्ञानबराबरको दुर्लभ चीज केही छैन" भन्दछन् । हे प्रभु ! लोमश मुनिले तपाईंलाई त्यही ज्ञानको उपदेश गर्नुभएथ्यो, तपाईंले भक्तिको जति आदर त्यसको गर्नुभएन ॥ ५ ॥

ज्ञानहि भगतिहि अंतरु केता ❀ सकल कहहु प्रभु कृपानिकेता ॥
सुनि उरगारिबचन सुख माना ❀ सादर बोलेउ काग सुजाना ॥६॥

ज्ञानमा[1] र भक्तिमा[2] कति अन्तर (फरक) छ ? हे करुणानिवास ! प्रभु ! सबै बताउनुहोस् । सर्पवैरी गरुडजीका वचन सुनेर बुद्धिमान् काकभुशुण्डीले आनन्द माने, अनि आदरसहित बोले ॥ ६ ॥

येन्येऽरविन्दाक्ष ! विमुक्तमानिनस्त्वय्यस्तभावादविशुद्धबुद्धयः ।
आरुह्य कृच्छ्रेण परं पदं ततः पतन्त्यधोऽनादृतयुष्मदङ्घ्रयः ॥२॥
तथा न ते माधव ! तावकाः क्वचिद्भ्रश्यन्ति मार्गात्त्वयि बद्ध सौहृदाः ।
त्वयाऽभिगुप्ता विचरन्ति निर्भया विनायकानीकपमूर्धसु प्रभो ! ॥३॥
[श्रीमद्भागवत १०।२।३०।३२।३३]

(१) "समरूप भएको शान्त सच्चिदानन्दमय ब्रह्म म हुँ, असत्स्वरूप भएका देह-इन्द्रिय-मनःस्वरूप म होइन । निर्विकार, निराकार, निर्दोष, अविनाशी म हुँ; विकारी, आकारवान्, दोषपूर्ण, विनाशी, देहादि म होइन । निरामय, निराभास (स्वयंप्रकाश), निर्विकल्प, व्यापक म हुँ, रोगी, परप्रकाश्य, सविकल्प, परिछिन्न देहादि म होइन । निर्गुण, निष्क्रिय, नित्य, नित्यमुक्त, अच्युत म हुँ; गुणयुक्त, क्रियावान्, अनित्य, बद्ध, च्युतदेहादि म होइन । निर्मल, निश्चल, अनन्त, शुद्ध, अजर, अमर म हुँ; मलिन चञ्चल, अन्तवान्, अशुद्ध, जीर्ण हुने, मर्ने देहादि म होइन" यस्ता प्रकारको अनुभवलाई ज्ञान भन्दछन् ।

(२) ईश्वरमा पूर्ण अनुराग हुनालाई भक्ति भन्दछन्, भक्ति पाएपछि पाउनुपर्ने कुरा कुनै बाँकी रहदैन ।

ब्रह्मैवाहं समः शान्तः सच्चिदानन्दलक्षणः । नाहं देहाद्यसद्रूपो ज्ञानमित्युच्यते बुधैः ॥
निर्विकारो निराकारो निरवद्योऽहमव्ययः । नाहं देहाद्यसद्रूपो ज्ञानमित्युच्यते बुधैः ॥
निरामयो निराभासो निर्विकल्पोऽहमाततः । नाहं देहाद्यसद्रूपो ज्ञानमित्युच्यते बुधैः ॥
निर्गुणो निष्क्रियो नित्यो नित्यमुक्तोऽहमच्युतः । नाहं देहाद्यसद्रूपो ज्ञानमित्युच्यते बुधैः ॥
निर्मलो निश्चलोऽनन्तः शुद्धोऽहमजरोऽमरः । नाहं देहाद्यसद्रूपो ज्ञानमित्युच्यते बुधैः ॥१॥

यस्ता प्रकारको अनुभवरूप ज्ञान भयोभने परम पापी प्राणी पनि सबै पापबाट पार भएर मुक्त हुन्छ । यो ज्ञानरूपी अग्नि जाज्वल्यमान भयोभने शुभाशुभ सबै कर्मलाई भस्मीभूत पार्दछ । ज्ञान जत्तिको पवित्र वस्तु संसारमा केही छैन ।

भगतिहि ज्ञानहि नहि कछु भेदा ❀ उभय हरहिं भवसंभव खेदा ॥
नाथ मुनीस कहहिं कछु अंतर ❀ सावधान सोउ सुनु बिहंगबर ॥७॥

'भक्तिमा र ज्ञानमा केही फरक' छैन, दुवैले संसारबाट पैदा भएका दुःखलाई हर्दछन् हे नाथ ! हे पक्षिवर ! मुनीश्वरहरू केही फरक बताउँछन्, त्यो सावधान भएर (चित्त एकाग्र गरेर) सुन्नुहोस् ॥ ७ ॥

ज्ञान बिराग जोग बिज्ञाना ❀ ए सब पुरुष सुनहु हरिजाना ॥
पुरुष प्रताप प्रबल सब भाती ❀ अबला अबल सहज जड़ जाती ॥८॥

हे हरिवाहन ! सुन्नुहोस् , ज्ञान वैराग्य योग विज्ञान यी सबै पुरुषजातीय हुन् । पुरुषको प्रभाव सब तरहबाट प्रबल (बलवान्) हुन्छ । अबला (स्त्री) हरू दुर्बल र जड़ जातीय (मुर्ख्याइँ ज्यादा हुने जातका) हुन्छन् ॥ ८ ॥

दोहा–पुरुषु त्यागि सक नारिहि जो बिरक्त मतिधीर ।
न तु कामी बिषयाबस बिमुख जो पद रघुबीर ॥१७९॥

जो विरक्त धीरबुद्धि भएका पुरुष छन् तिनीहरू स्त्रीलाई त्याग्न सक्तछन्, रघुनाथजीका चरणदेखि विमुख भएका, विषयलंपट भएका, कामी पुरुष ता स्त्रीलाई त्याग्न सक्तैनन् ॥ १७९ ॥

सोरठा–सोउ मुनि ज्ञाननिधान मृगनयनी बिधुमुख निरखि ।
बिबस होइ हरिजान नारि बिष्नुमाया प्रगट ॥१६॥

तिनै ज्ञाननिधान (ज्ञानपूर्ण) मुनिहरू पनि हरिणनयनी चन्द्रवदनी स्त्रीलाई देख्ता व्याकुल हुन्छन्, हे हरिवाहन ! संसारमा स्त्रीरूपले नै विष्णुमाया प्रकट भएकी छ ॥ १६ ॥ (क)

अपि चेदसि पापेभ्यः सर्वेभ्यः पापकृत्तम । सर्वं ज्ञानप्लवेनैव वृजिनं संतरिष्यसि ॥
यथैधांसि समिद्धोऽग्निर्भस्मसात्कुरुतेऽर्जुन ! । ज्ञानाग्निः सर्वकर्माणि भस्मसात् कुरुते तथा ॥
न हि ज्ञानेन सदृशं पवित्रमिह विद्यते । [भगवद्गीता ४।३६।३७।३८]
सा परानुरक्तिरीश्वरे [शाण्डिल्यसूत्र]
भक्तिं लब्धवतः साधो ! किमन्यदवशिष्यते ।
पीत्वा पीयूषममृतं पातव्यं नावशिष्यते ॥२॥ [श्रीमद्भागवत]

(१) भक्ति र ज्ञानमा स्वरूपले भेद छ तापनि फलभेद छैन, परमात्मामा परम अनुराग हुनालाई भक्ति, परमात्माको इदमित्थ स्वरूप चिन्हालाई ज्ञान भन्दछन्, दुवैले संसारदुखलाई हटाउँछन् ।

(क) "केवल वायु, जल, सुकेका पातको आहार गर्ने (तपस्वी) भएका विश्वामित्र पराशर आदि गरेका महात्माहरू पनि स्त्रीको मनोहर मुख देखेर मोहित भए । दूध, घिउ, दहि प्रभृति पौष्टिक पदार्थले सहित भएका मार्सी चामलको भात खाने मानिस जितेन्द्रिय भएभने (स्त्रीमा मोहित भएनन्भने) विन्याचलपर्वत पनि समुद्रका जलमा उत्रनेछ (डुब्नेछैन)" भनी कुनै कवीश्वरले पनि स्त्रीजातिका मोहकताको वर्णन गरेको छ ।

इहाँ न पक्षपात कछु राखौं ❀ बेद पुरान संत मत भाषौं ॥
मोह न नारि नारि के रूपा ❀ पन्नगारि यह रीति अनूपा ॥१॥

यो कुरामा म पक्षपात राख्तिनँ (आफूले भनेको कुरा मात्रै ठीक हो भन्ने ढिपी गर्दिनँ) वेद पुराण सन्तहरूको अनुभव बताउँछु स्त्रीका रूप (सौन्दर्य) मा स्त्री मोहित हुन्न। गरुडजी ! यो नीति अनौठै छ ॥ १ ॥ (क)

माया भगति सुनहु तुम्ह दोऊ ❀ नारिबर्ग जानै सब कोऊ ॥
पुनि रघुबीरहिं भगति पिआरी ❀ माया खलु नर्त्तकी बिचारी ॥२॥

हे प्रभु ! सुन्नुहोस् , माया र भक्ति यी दुई स्त्रीजातीय हुन्, यो कुरा सबै जान्द छन् (स्त्रीवर्गमध्येकी) भक्ति रघुनाथजीकी प्यारी छन्, बिचरी माया ता खालि नर्तकी (मनोरञ्जन गर्ने नटी) हुन् ॥ २ ॥

भगतिहि सानुकूल रघुराया ❀ ता तें तेहि डरपति अति माया ॥
रामभगति निरुपम निरुपाधी ❀ बसै जासु उर सदा अबाधी ॥३॥
तेहि बिलोकि माया सकुचाई ❀ करि न सकै कछु निज प्रभुताई ॥
अस बिचारि जे मुनि बिज्ञानी ❀ जाचहिं भगति सकल सुख खानी ॥४॥

रघुनाथजी भक्तिका अनुकूल रहनुहुन्छ, (भक्तिपक्षमा रहनुहुन्छ) त्यसो हुनाले भक्तिदेखि माया अत्यन्त डराउँछिन् (मालिकका मनपरेका व्यक्तिदेखि साधारण सेवकले डराउनै पर्छ) ।

जसका हृदयमा उपमारहित भएकी, निरुपाधि कारणनिरपेक्ष (फलको इच्छारूप उपाधिले रहित भएकी) भक्ति अबाधित भएर (कुनै विघ्नले पनि विचलित नभएर) बस्तछिन् ॥ ३ ॥ त्यो व्यक्तिलाई देख्ता माया संकुचित हुन्छिन् , आफ्नो प्रभुत्त्व (प्रभाव) केही पनि गर्न सक्तिनन् ॥ यस्तो विचार गरेर ज्ञानवान् भएका मुनिहरू पनि सकल सुखले पूर्ण भएकी (सकल सौख्यदायिनी) भक्ति माग्दछन् ॥ ४ ॥

विश्वामित्रपराशरप्रभृतयो वाताम्बुपर्णाशना
स्तेऽपि स्त्रीमुखपंकजं सुललितं दृष्ट्वैव मोहं गताः ।
शाल्यन्नं सघृतं पयोदधियुतं ये भुञ्जते मानवा–
स्तेषामिन्द्रियनिग्रहो यदि भवेद् विंध्यस्तरेत्सागरे ॥

(क) भोक्ता (भोग गर्ने) को र भोग्य (भोग गरिने) को परस्पर आकर्षण-शक्तिले स्त्री-पुरुषको संसर्ग गराउँछ, भोग्य स्त्रीको सौन्दर्यले भोक्ता पुरुषलाई मात्र मोहित गर्दछ, स्त्रीलाई मोहित गर्दैन, अर्थात् मोहिनी मायास्वरूपा स्त्रीले मोहिनी मायास्वरूपा स्त्रीलाई मोहित गर्दिन, सजातीयलाई कसैले पनि पीडित गर्दैन । संसारमा देशकालअनुसार नीति (नियम) बदलिंदै रहन्छन् , परन्तु यो नियम कहिल्यै बदलिंदैन । पुरुषवर्ग प्रवल भए पनि स्त्रीवर्ग अवल भए पनि खास मोहको कारण भएको अँश हुनाले स्त्रीवर्गले पुरुषवर्गलाई मोहित पार्दछ यो सिद्धान्त अटल (निश्चल) छ ।

दोहा–यह रहस्य रघुनाथ कर बेगि न जानै कोइ ।
जो जानै रघुपतिकृपा सपनेहु मोह न होइ ॥१८०॥
औरौ ज्ञान भगति कर भेद सुनहु सुप्रबीन ।
जो सुनि होइ रामपद प्रीति सदा अबिछिन ॥१८१॥

रघुनाथजीको यो रहस्य हतपती कोही जान्दैन । जान्योभने रघुनाथजीका कृपाले सपनामा पनि मोह हुँदैन ॥ १८० ॥ हे परम चतुर ! गरुडजी ! जुन कुरा सुन्नाले रामजीका चरणमा अनवच्छिन्न प्रेम हुन्छ, त्यो ज्ञान र भक्तिको भेद (फरक) पनि सुन्नुहोस् ॥ १८१ ॥

[ज्ञान–दीपक]

(२)

चौ०–सुनहु तात यह अकथ कहानी ❀ समुझत बनै न जाइ बखानी ॥
ईस्वर अंस जीव अबिनासी ❀ चेतन अमल सहज सुखरासी ॥१॥

हे तात ! जो भन्न पनि सकिँदैन, बुझ्न पनि सकिँदैन, त्यो अकथनीय कहानी (किस्सा) सुन्नुहोस् । यो जीव ईश्वरको अंश हो, यो अविनाशी छ, चेतन छ, निर्मल छ, सहजानन्द पूर्ण छ ॥ १ ॥ (क)

सो मायाबस भयेउ गुसाईं ❀ बँध्यो कीर मर्कट की नाईं ॥
जड़ चेतनहि ग्रन्थि परि गई ❀ जदपि मृषा छूटत कठिनई ॥२॥

हे प्रभु ! यो जीव मायाको वश भयो र सुगा र वानर झैं बाँधियो ॥ (ख) ॥ जड

(क) "मेरै अंश जीव भन्ने नामले प्रख्यात भएको छ, त्यो सनातन अविनाशी छ" भनी कृष्णभगवान्ले अर्जुनलाई भन्नुभएको छ ।

"ममैवांशो जीवलोके जीवभूतः सनातनः" [भगवद्गीता]

(ख) फनफनी घुम्ने गरी बाँसको ढुंग्रालाई डोरीहरूका आधारमा तेर्स्याएर टाँगिदिन्छन् । अनि वरिपरि दाना छरिदिन्छन् । सुगा आएर बाँसको ढुङ्ग्रामा बस्नाका साथ ढुंग्रो घुम्दछ र सुगा झुण्डिन्छ, उत्तानो परेर झुण्डिएको सुगाले तुरन्तै ढुंग्रो छाडेका खण्डमा बच्न सक्तछ, परन्तु मोहवश भएर घबडाएको सुगा बाँसको ढुंग्रो छाड्दैन, चिच्याउँदा चिच्याउँदै शिकारीको फेला पर्दछ, अर्थात् सुगा आफ्नै बुद्धिदोषले बन्धनमा पर्दछ । सानु मुख भएको ठूलो भाँडाभित्र खानेकुरो राखेर वानरले देख्ने गरी राखिदिन्छन् , वानर आएर त्यो भाँडामा हात पसालेर खानेकुरा मुठ्याउँछ, मुठी बाँध्ने वानर सजिलैसँग पक्डिन्छ, खानेकुरा छाडेर मुटी फुकाएको खण्डमा त्यो भाग्न सक्तथ्यो, मोहवश भएर भाँडाको घाँडामा परेको मुठी नफुकाउँदा आफ्ना बुद्धिदोषले बाँधिन्छ । जीव पनि चेतन छ तापनि मायाप्रपंचमा अहंकारसमेतको ममता गर्नाले मात्र बन्धनमा परेको हो, अहंकार ममता छाड्योभने ब्रह्मरूप छँदै छ ।

व्यवहार सबै विचारदा ममता शत्रु रहेछ यो बुझें ।
ममता न गरेर चित्तमा समता गर्नु असल् छ यो बुझें ॥ [दत्तचर्या]

(माया) र चेतन (जीव) को 'गाँठो पर्‍यो, यद्यपि यो गाँठो साँचो होइन तैपनि फुकाउन कठिन छ ॥ २ ॥

तब तें जीव भयेउ संसारी ❀ छूट न ग्रंथि न होइ सुखारी ॥
श्रुति पुरान बहु कहेउ उपाई ❀ छूट न अधिक अधिक अरुझाई ॥३॥

त्यो गाँठो परेपछि जीव संसारी भयो, त्यो गाँठो फुक्दैन र त्यो सुखी हुँदैन । वेद र पुराणले धेरै उपाय बताए, त्यो गाँठो फुक्दैन, झन् बढ्ता अल्झन्छ ॥ ३ ॥

जीवहृदय तम मोह बिसेषी ❀ ग्रन्थि छूट किमि परै न देखी ॥
अस संजोग ईस जब करई ❀ तबहु कदाचित सो निरुअरई ॥४॥

जीवका हृदयमा अन्धकार ज्यादा छ, गाँठो कसरी फुकोस् ? देखिदै देखिदैन । ईश्वरले जब यस्तो (अब बताइने) संयोग पारिदेला, तब कदाचित् त्यो गाँठो फुके फुक्ला ॥ ४ ॥

अध्यासरूपी ग्रन्थि (गाँठो) फुकाउँदा चाहिने सर्जाम

सात्विक श्रद्धा धेनु सुहाई ❀ जौ हरिकृपा हृदय बस आई ॥
जप तप ब्रत जम नियम अपारा ❀ जे श्रुति कह सुभ धर्म अचारा ॥५॥
तेइ तृन हरित चरै जब गाई ❀ भाव बछ सिसु पाइ पेन्हाई ॥

यदि परमेश्वरका कृपाले सात्त्विकी श्रद्धारूपी लैनी गाई हृदयरूपी गोठमा आएर बसोस् , वेदले वर्णन गरिएका जप, तप, व्रत, यम-नियम, इत्यादि असल असल कल्याणकारी जो जो धर्म र आचार छन् ॥ ५ ॥ तिनै रूपी हरियो घाँसमा जब त्यो श्रद्धारूपी गाई चरोस् , अनि भाव (भर्खर पैदा भएको ईश्वरप्रेम) रूपी साना बाछालाई पाएर (भेट्टाएर) त्यो श्रद्धारूपी गाई पग्रोस्—। (क)

---

(१) जीवको र मायाको तादात्म्य (एकरूपता) गराउने भ्रमज्ञान =(अध्यास) गाँठो हो । जडमा (शरीरादिमा) चैतन्यको र चैतन्यमा (जीवमा) जडत्त्व (अज्ञान) को अध्यास हुनाले जीवलाई बन्धन हुन्छ । तद्भिन्नमा तद्बुद्धि हुनलाई अध्यास भन्दछन् , सर्पस्वरूप नभएको रज्जुमा (डोरीमा) सर्प हो भन्ने भ्रमलाई अध्यास भन्नुपर्दछ, मायासम्बन्धित जडत्त्वादि धर्म जीवमा अध्यास गरिन्छन् र जीव अज्ञानी हुनजान्छ, अध्यासरूपी गाँठो फुकेपछि जीव आफ्नो असली स्वरूप (ब्रह्मभाव) मा रहन जान्छ । भ्रम हटेपछि रज्जुको सर्पभाव हट्तछ, असली (सच्चा) रज्जुभाव कायम हुन्छ ।

"अतस्मिँस्तद्बुद्धिरध्यासः" [शाङ्करभाष्य]

"यदन्यदन्यत्र विभाव्यते भ्रमादध्यास इत्याहुरमुं विपश्चितः ।
असर्पभूतेऽहिविभावनं यथा रज्ज्वादिके तद्वदपीश्वरे जगत्" [रामगीता]

जीवो मदंशः सोऽध्यासाद् गुणचित्तात्मतां गतः । अध्यासदूरीकरणात्स्वं रूपं प्रतिपद्यते । [भा. म.]

(क) जप-तप आदि गरेका पुण्यकर्मरूपी हरिया घाँसले पुष्ट भएकी सात्त्विक श्रद्धारूपिणी गाईबाट ईश्वरप्रेमरूपी (भावरूपी) बाछो पैदा हुन्छ, त्यो बाछो पाएर ती गाई पग्रन्छिन् (परमधर्म-प्राणिदयारूपी दूध दिन लाग्दछिन्) ।

श्रद्धा; सात्त्विकी-राजसी-तामसी यी ३ प्रकारकी छ, आफ्ना-आफ्ना प्रकृतिअनुसारकी श्रद्धा सबैलाई हुन्छे, तर सात्त्विकी-श्रद्धा परमेश्वरका कृपाले मात्र पाइन्छे । यो श्रद्धा कामधेनु हो, यो श्रद्धा सांसारिक

नोइ निबृत्ति पात्र बिस्वासा ❀ निर्मल मन अहीर निज दामा ॥६॥
परमधर्ममय पय दुहि भाई ❀ अवटै अनल अकाम बनाई ॥
तोष मारुत तब छमा जुड़ावै ❀ धृति सम जावनु देइ जमावै ॥७॥

वृत्ति (चित्तवृत्ति) लाई नोइनि (दुहुँदाखेरि गाईको खुट्टा बाँध्ने डोरी) बनाओस् (क) विश्वासलाई गबुवा बनाओस् , ॥ (ख) निर्मल मनलाई आफ्नो दास अहीर (ग्वाला) बनाओस् ॥ ६ ॥ (ग) हे भाई ! अनि परमधर्म (अहिंसा) रूप दूध दुहेर अकामता (निःस्पृहता) रूपी आगामा त्यो परमधर्मरूपी दूधलाई खूब तताओस् (घ) ।

अनि क्षमारूपी पङ्खाको सन्तोषरूपी हावाले त्यो अहिंसाधर्मरूपी दूधलाई चिसो पारोस् । (ङ) अनि धैर्यरूपी जोरन् ठिक पारेर हालोस् र त्यो दूध जमाओस् ॥ ७ ॥ (च)

मामूली विषयको ता के कुरा ? अति दुर्लभ भुक्तिरूपी दूध पनि दिन्छे, तर यसलाई जप-तप प्रभृतिरूपी असल असल घाँस (आहारा) दिनुपर्दछ, अनि मात्र यो गाईले भाव (ईश्वरप्रेम) रूपी बाछो पैदा गर्छे (भक्ति भाव उत्पन्न गर्छे) र परमधर्मरूपी दूध दिनालाई लायक हुन्छे, आहारा पाइनभने बाँच्तै-बाँच्तिन, के बिआउली ?, के दूध देली ? तसर्थ यसलाई आहारा दिन नभुल्नू ।

(क) श्रद्धारूपी गाईलाई चित्तवृत्तिरूपी नोनी (खुट्टा बाँध्ने डोरी) ले बाँधेर निश्चल पारेपछि परमधर्म (अहिंसा) रूपी दूध निर्विघ्न पाइन्छ, गाई चट्पटाइन् (श्रद्धा विचलित भई) भने पूरा दूध मिल्दैन, अलिकति मिलेको पनि पोखिन्छ ।

अश्रद्धया हुतं दत्तं तपस्तप्तं कृतं च यत् ।
असदित्युच्यते पार्थ ! न च तत्प्रेत्य नो इह ॥ [भगवद्गीता]

(ख) विश्वासरूपी दृढ (नचुहुने) गबुवा लिएर मनरूपी नोकर भएको अहीरले निर्मल भईकन श्रद्धारूपी गाई दुहुनुपर्दछ । जस्तोतस्तो गबुवा भयोभने दूध चुहुने संभव हुन्छ ।

(ग) नोकर नभएका (स्वच्छन्द) मनको केही भरोसा हुँदैन, मन नोकर भएको छभने मात्र काइदासाथ दुहुन्छ, मनरूपी नोकर फोहोरी (राजसी-तामसी) छभने त्यसले दुहेको दूध स्वच्छ हुँदैन, मनरूपी दोग्धा (दुहुने सकस) अहीर (ग्वाला) हुनुपर्दछ, ग्वालाहरूले दुहुँदा गाई नभड्कने हुन्छ, अरू अनाडीहरूले दुहुँदा गाई भड्कने संभव हुन्छ । तसर्थ मनलाई श्रद्धारूपी गाईको खूब सेवा गर्न लगाएर (श्रद्धासंयुक्त पारेर) ग्वाला बनाउनुपर्दछ ।

(घ) निःस्पृहता (अकामता) रूपी आगामा परमधर्मरूप (अहिंसारूप) दूध तताएपछि त्यो दूध गाढा हुन्छ (अर्थात् फलको इच्छा नराखेर गरेको अहिंसाव्रत सार्वभौम महाव्रत बन्दछ) ।

(ङ) अकामतारूपी अग्निले तताएको अहिंसाव्रतरूपी दूधमा कामको अंश नष्ट भएपछि पनि क्रोधको अलिकति अंश रहेको हुन्छ, त्यसलाई क्षमा (सहिष्णुता) रूपी पङ्खाको संतोषरूपी हावाले ठण्डा पार्नुपर्दछ, (अर्थात् क्रोधले रहित गर्नुपर्दछ) ।

(च) बाक्लो ठण्डा भएपछि अहिंसाव्रतरूपी दूधमा धैर्यरूपी जोरन ठीकठीक गरेर हाल्नुपर्दछ, (अर्थात् नहडबडाईकन अहिंसाव्रतरूपी दूधलाई जमाउनुपर्दछ, जोरन (धैर्य) बढ्ता भयोभने (सुस्ती भयोभने) अहिंसाव्रतरूपी दूध फाट्तछ, जोरन (धैर्य) कम भयोभने दूध जम्नालाई विलम्ब हुन्छ, तसर्थ उचित गरीकन धैर्यको जोरन दिएर अहिंसाव्रतरूपी दूध जमाउनुपर्दछ) । अर्थात् यहाँसम्मका रूपकबाट "श्रद्धा, जप-तपद्वारा ईश्वरप्रेम हासिल गरेपछि अहिंसा (प्राणिदया) निष्कामता, संतोष, धैर्य यी गुण सिद्ध हुन आउँछन् । त्यो अहिंसाव्रत दृढ हुनजान्छ" यति कुरा सिद्ध भए ।

मुदिता मथै बिचार मथानी ❀ दम अधार रजु सत्य सुबानी ॥
तब मथि काढ़ि लेइ नवनीता ❀ बिमल बिराग सुभग सुपुनीता ॥८॥

अनि परमधर्मरूपी दूध जमेर बनेको मुदिता (अर्कोले गरेको पुण्यमा आनन्द मान्ने स्वभावरूपी दहिलाई विचाररूपी मधानीले दम (इन्द्रियनिग्रह) रूपी ठेकीमा सत्यप्रियवचनरूपी डोरी लाएर मथोस् र मथिसकेपछि निर्मल वैराग्यरूपी राम्रो पवित्र मक्खन उतारोस् ॥ ८ ॥ (क)

दोहा–जोग अगिनि करि प्रगट तब कर्म सुभासुभ लाइ ।
बुद्धि सिरावै ज्ञान घृत ममता मल जरि जाइ ॥१८२॥
तब बिज्ञानरूपिनी बुद्धि बिसद घृत पाइ ।
चित्त दिया भरि धरै दृढ़ समता दिअटि बनाइ ॥१८३॥
तीनि अवस्था तीनि गुन तेहि कपास तें काढ़ि ।
तूल तुरीय सँवारि पुनि बाती करै सुगाढ़ि ॥१८४॥

उहाँपछि[१] योगरूपी अग्नि प्रकट गरेर शुभाशुभ कर्मरूपी दाउरा लाओस्, बुद्धिरूपिणी गृहिणीलाई लगाएर वैराग्यरूपी मखनलाई पगाल्न लगाओस् , ममतारूपी मल (कसर) जलेपछि खारिएको ज्ञानरूपी घिउलाई बुद्धिरूपिणी गृहिणीले सेलाउन देओस् ॥ १८२ ॥ अनि विज्ञानरूपिणी बुद्धि सफा घिउ पाएपछि त्यसलाई चित्तरूपी दियामा भरेर ममतारूपी पान-

---

(क) अहिंसा (प्राणिदया) दृढ भएपछि मुदिता-(अर्काको सुख देख्ता आनन्द मान्ने प्रकृति) रूपी दहि तयार हुन्छ, (अर्थात् प्राणिदया नै आनन्दरूप हुनआउँछ) अनि शास्त्र–गुरुवचनरूपी डोरीले युक्त भएका वस्तुविचाररूपी मधानीले इन्द्रिनिग्रहरूपी ठेकीमा मुदितारूपी दहिलाई मथ्नुपर्दछ (अर्थात् वेद–वेदान्त–गुरुवचनको अवलम्बन गरेर संसारका स्वरूपको विचार गरीकन इन्द्रियलाई वशीभूत पारेर मुदितारूपी दहि मथेर त्यसमा व्याप्त रहँदा पनि अस्पष्ट भएको सारस्वरूप वैराग्यरूपी मखन उतार्नुपर्दछ । (अर्थात् सांसारिक र पारलौकिक यावत् विषयमा तृष्णा नराखेर वितृष्ण (पूर्ण वैराग्यवान्) हुनुपर्दछ) ।

दृष्टानुश्रविकविषयवितृष्णस्य वशीकारसंज्ञा वैराग्यम् [पातञ्जलदर्शन]

ऐहलौकिक (यो लोकमा हुने) र पारलौकिक (परलोक = स्वर्ग–वैकुण्ठ प्रभृतिमा हुने) विषय (भोग्यवस्तु) पाइएका वेलामा पनि त्यसका भोगको इच्छा नगर्नुलाई वैराग्य भन्दछन् । विषयभोग गर्न नपाएर नाकका चालले खुम्चिनालाई वैराग्य भन्दैनन् । पूर्वोक्त वैराग्य नै वैराग्य हो, त्यो वैराग्य मुदिता (परसुखदर्शनप्रसन्नता) मा रहन्छ, त्यो मुदिता प्राणिदयाका आधारमा रहन्छ, प्राणिदया सात्त्विक श्रद्धाबाट पैदा हुन्छ, पूर्णश्रद्धा नहुनेले वैराग्य पाउँदैन ।

(१) अनि वैराग्य र अभ्यासले तयार भैसकेर प्रकट भएको चित्तवृत्तिनिरोधरूपी अग्निलाई शुभाशुभकर्मरूपी दाउराले प्रज्वलित गराउनुपर्दछ, (प्रारब्धकर्मबाहेक संचित कर्म र आगामी कर्म जलाएर वृत्तिनिरोधरूपी अग्निलाई देदीप्यमान पार्नुपर्दछ) । अनि वैराग्यरूपी मखनमा रहेको ममतारूपी शेष मललाई जलाउने गरी बुद्धिरूपी गृहिणीद्वारा वैराग्यरूपी मखन खारेर महावाक्य (तत्वमसि-

समा बलियो गरी राखोस् ॥ १८३ ॥ त्यो (शरीररूपी) कपासबाट जाग्रत्-स्वप्न-सुषुप्ति यी ३ अवस्थाका कारण भएका सत्त्व-रज-तम यी ३ गुणरूपी बीज निकाल्नु र तुरीय अवस्थारूपी बलियो बत्ती हिफाजत साथ बनाउनु ॥ १८४ ॥

सोरठा—एहि बिधि लेसै दीप तेजरासि बिज्ञानमय।
जातहिं जासु समीप जरहिं मदादिक सलभ सब ॥१७॥

यस प्रकारले तुरीयअवस्थारूपी बत्तीका डोरामा विज्ञान (अनुभव) रूपी तेज (ज्योति) सल्काउनु र ज्ञान (निरुपाधिचैतन्य) रूपी बत्ती बल्दछ। त्यसका नगीच जानेबित्तिकै मद आदि सबै पतङ्ग (फत्यांग्रा-पुतली प्रभृति) जल्दछन् ॥ १७ ॥

चौ०—सोहमस्मि इति बृत्ति अखंडा ❀ दीपसिखा सोइ परम प्रचंडा ॥
आतम अनुभव सुख सुप्रकासा ❀ तब भवमूल भेद भ्रम नासा ॥१॥

"सः, अहम्, अस्मि, [त्यो ('ब्रह्म') म, हुँ] यस्तो अखण्डवृत्ति जो हो, त्यो ज्ञानदीपको प्रचण्ड शिखा (ज्वाला) हो। अनि आत्माका अनुभवको सुख प्रकाशमान हुन्छ र संसारको मूलकारण भएको भेद भ्रान्ति नष्ट हुन्छ ॥ १ ॥

प्रबल अबिद्या कर परिवारा ❀ मोह आदि तम मिटै अपारा ॥
तब सोइ बुद्धि पाइ उजिआरा ❀ उर गृह बैठि ग्रंथि निरुआरा ॥२॥

अविद्याका बलवान् परिवार जो मोह-मद प्रभृति छन्, तिनै रूपी अन्धकार नष्ट हुन्छ। अनि उही बुद्धिले उज्यालो पाउँछे र हृदयरूपी कोठामा बसेर गाँठो फुकाउँछे ॥ २ ॥

(क)

छोरन ग्रंथि पाव जौ सोई ❀ तौ यह जीव कृतारथ होई ॥
छोरत ग्रंथि जानि खगराया ❀ बिघ्न अनेक करै तब माया ॥३॥

प्रभृति वेदान्तवाक्य) बाट पैदा हुने परोक्षज्ञानरूपी शुद्ध घिउ तयार गर्नुपर्दछ। त्यो परोक्षज्ञानरूपी घिउलाई चित्तरूपी दियामा समतारूपी पानसमाथि निश्चल राख्नुपर्दछ (अर्थात् वेदान्त महावाक्यका श्रवणबाट भएका शब्दज्ञानलाई सर्वत्र ब्रह्मका व्यापकताका भावनाको आधार गरेर चित्तमा राख्नुपर्दछ) अनि पछि जाग्रत् स्वप्न सुषुप्ति यी ३ अवस्थामा प्रधानतया रहने सत्व रज तम यी ३ गुणरूपी बीज (बीयाँ ज्यापू) मिल्काएर तुरीय अवस्थारूपी (तीनै अवस्थामा साक्षिभावले रहने चैतन्यरूपी) बत्ती (सूत्र) मा विज्ञान (अनुभवज्ञान) रूपी ज्योति सल्काउनु र ज्ञान (निरुपाधि चैतन्य) रूपी बत्ती बल्दछ।

(क) काम-क्रोध-लोभ-मोह-मद-मात्सर्य, इत्यादि अविद्याका परिवार (जहान) हुन्, यिनीहरू नै ज्ञानज्योति नजागुञ्ज्याल अन्धकारस्वरूप छन्, स्वयं-प्रकाश आत्मालाई यही अन्धकारले ढाकेको हुन्छ। ज्ञानज्योति जागेपछि अभावस्वरूप (असत्) अन्धकार रहँदैन।

ज्ञानज्योति जागेपछि विवेकवती बुद्धिले अध्यासरूपी (अज्ञानरूपी) ग्रन्थिलाई फुकाउँछे (अर्थात् जड-मायाप्रपञ्चदेखि भिन्नै रहेको शुद्ध चैतन्यरूप म हुँ भन्ने वास्तव बोध गराउँछे)।

भिद्यते हृदयग्रन्थिश्छिद्यन्ते सर्वसंशयाः।
क्षीयन्ते चास्य कर्माणि दृष्ट एवात्मनीश्वरे ॥

हे पक्षिराज ! यदि कसैले त्यो गाँठो फुकाउन पायोभने त्यो कृतार्थ हुन्छ । त्यो गाँठो फुकाउन लागेको थाहा पाइन्भने मायाले अनेक विघ्न गर्दछिन् ॥ ३ ॥

रिद्धि सिद्धि प्रेरै बहु भाई ❀ बुद्धिहि लोभ देखावहिं आई ॥
कल बल छल करि जाहिं समीपा ❀ अंचलबात बुझावहिं दीपा ॥४॥

तिनले ऋद्धिसिद्धिलाई र अरूअरूलाई पनि पठाउँछिन्, तिनीहरू आएर बुद्धिलाई लोभ देखाउँछन्, कल-बल-छल गरेर पनि नगीचै आइपुग्छिन् र पछेउराका छेउले ज्ञानदीप निभाइदिन्छिन् ॥ ४ ॥ (क)

होइ बुद्धि जौ परम सयानी ❀ तिन्ह तन चितव न अनहित जानी ॥
जौ तेहि बिघ्न बुद्धि नहि बाधी ❀ तौ बहोरि सुन करहिं उपाधी ॥५॥

बुद्धि खूब होशियार रहिछभने तिनीहरूलाई अहित जानेर त्यतापट्टि हेर्दै हेर्दिन यदि ती विघ्नले बुद्धिलाई बाधित (नष्ट) गर्न सकेनन्भने अनि देवताहरू उपाधि (उधूम) गर्नलाग्छन् ॥ ५ ॥ (ख)

(क) मायाका प्रेरणाले अष्टसिद्धिहरू आएर नाना प्रकारको प्रलोभन गर्न लाग्दछन्, विचलित भएनभने दासीजस्तै भएर सिद्धिहरू सेवा गर्न थाल्दछन्, सेवा गर्दागर्दै, निहुँपिउँले यता र उति नखरागर्दागर्दै हिंड्ने रूप-यौवनवती स्त्रीले पछ्यौराका छेउले बत्ती निभाइदिएर पुरुषलाई मोहित (आसक्त) पारेझैं त्यत्रो मिहिनेतले बालेको ज्ञानरूपी दीपलाई निभाइदिन्छन् र पुरुष (जीव) लाई विषयमा आसक्त पार्दछन् । त्यस वेलामा बुद्धि होशियार रहिछभने त्यसका मद्दतले जीवलाई "भयानक भएको संसाररूपी भुङ्ग्रामा पाकिरहेका जन्म-मरणको अन्धकारमा चक्कर लगाइरहेका मैले बल्लबल्ल यो क्लेशको नाश गर्ने योगरूपी दीप जगाएको हुँ, तृष्णाका जन्मभूमिस्वरूप भएका विषयरूपी वायु योग (ज्ञान) दीपका शत्रु (निभाउने) हुन्, अब उज्यालो पाउने भैसकेको म विषयमृगतृष्णाले वारंवार ठगिएर चेत भएपछि पनि अन्धकारमा रहेर संसारको भुङ्ग्रामा आफूलाई दाउरा केको पारौंला ? स्वप्नतुल्य भएका, मूर्खहरूले हत्ते हाल्नुपर्ने, विषयवर्गलाई स्वस्ति छ (नमस्कार छ, म तपाईंहरूलाई चाहन्न, पाल्नुहोस्") यस्तो विचार आउँछ र प्रलोभनबाट बच्तछ ।

"घोरेषु संसाराङ्गारेषु पच्यमानेन मया जननमरणान्धकारे विपरिवर्तमानेन कथंचिदासादितः क्लेशतिमिरविनाशो योगप्रदीपः, तस्य चैते तृष्णायोनयो विषयवायवः प्रतिपक्षाः, स खल्वहं लब्धालोकः कथमनया विषयमृगतृष्णया वञ्चितस्तस्तैरेव पुनः प्रदीप्तस्य संसाराग्नेरात्मानमिन्धनीकुर्याम् इति स्वस्ति वः स्वप्नोपमेभ्यः कृपणजनप्रार्थनीयेभ्यो विषयेभ्यः" [योग. व्या. भा.]

(ख) होम-हवन, आजा-पूजाबाट संमानित भइरहेका देवताहरूलाई जीवले ज्ञान पाएर मुक्त हुने कुरा मनपर्दैन, अतएव अज्ञानीहरू देवताका प्यारा हुन्छन् र शास्त्रले मूर्खलाई "देवानां प्रियः" यस्तो नाम दिएको छ ।

"ज्ञानरूपी पूर्णचन्द्रलाई मोहरूपी राहुले ग्रास गरेर निस्तेज पारेका वेलामा स्नान-दान, यजनपूजन आदि कर्म गर्नुपर्दछ, त्यो ग्रहणपर्व सकिएपछि केही गर्नुपर्दैन अर्थात् पूर्ण ज्ञान भएपछि कर्म गरेर देवताको चाकरी गर्नुपर्दैन, ज्ञान नहुञ्ज्याल गर्नैपर्छ" भनी उपनिषद्मा लेखिएको छ ।

बोधचन्द्रमसि पूर्णविग्रहे मोहराहुमुषितात्मतेजसि ।
स्नानदानयजनादिका क्रिया मोचनावधि बुधैर्विधीयते ॥ [वराहोपनिषत्]

इन्द्रीद्वार झरोखा नाना ❀ तहँ तहँ सुर बैठे करि थाना ।
आवत देखहिं बिषय बयारी ❀ ते हठि देहिं कपाट उघारी ॥६॥

इन्द्रियद्वाररूपी नाना प्रकारका झ्याल छन्, झ्यालझ्यालमा अड्डा जमाएर (अडिएर देवताहरू) बसिरहेका हुन्छन्, तिनीहरू विषयरूपी हुरी आउन लागेको देख्तछन् र जबर्दस्तीका साथ (हत्तरपत्त) झ्यालका द्वार खोलिदिन्छन् ॥ ६ ॥ (क)

जब सो प्रभंजन उर गृह जाई ❀ तबहि दीप बिज्ञान बुझाई ।
ग्रंथि न छूटि मिटा सो प्रकासा ❀ बुद्धि बिकल भई बिषय बतासा ॥७॥

जब त्यो हुरी हृदयकोठाभित्र पुग्दछ, तुरन्तै त्यो विज्ञान-दीप निभिहाल्छ । गाँठो पनि फुकेन, उज्यालो पनि हरायो, विषयरूपी हुरीले बुद्धि गृहिणी आकुल-व्याकुल भई, (फेरि बत्ती कसले बालोस् ? झ्यामझुम्म भएको भयै भयो) ॥ ७ ॥

इन्द्रिन्ह सुरन्ह न ज्ञान सोहाई ❀ बिषयभोग पर प्रीति सदाई ।
बिषय समीर बुद्धि कृत भोरी ❀ तेहि बिधि दीप को बार बहोरी ॥८॥

इन्द्रियका हाकिम भएका देवतालाई ज्ञान मनपर्दैन, सदासर्वदा विषयभोगैका उपर प्रेम रहन्छ (आफ्ना आफ्ना मातहतको स्थानलाई गुलजारै राख्न खोज्दछन्) बुद्धिभने विषयरूपी हुरीले अक्कलगुम भइगई, फेरि त्यत्रो परिश्राट् गरेर बत्ती को बालोस् ? ॥ ८ ॥

दोहा—तब फिरि जीव बिबिध बिधि पावै संसृति क्लेस ।
हरिमाया अति दुस्तर तरि न जाइ बिहगेस ॥१८५॥
कहत कठिन समुझत कठिन साधत कठिन बिबेक ।
होइ घुनाक्षर न्याय जौं पुनि प्रत्यूह अनेक ॥१८६॥

अनि जीव अनेक प्रकारका सांसारिक दुःख पाउँछ, हे पक्षिराज ! ईश्वरकी माया

(क) शरीररूपी घरका इन्द्रियरूपी झ्यालढोका १० छन्, एक-एक झ्याल-ढोकामा एकएक देवताको निवास छ, ज्ञानदीप बलेको तिनलाई मनपर्दैन, विषयरूपी हुरी आउँदा ज्ञानदीप निभाउन खोज्ने देवताहरूले मौका बेस पाएर इन्द्रियद्वार खुला गरिदिन्छिन् (संयम गरेर बन्द गराएका इन्द्रियद्वार पनि विषय-बतास चल्दा खुला हुन्छन्)।

१० इन्द्रियद्वार र तिनमा रहने देवता—

इन्द्रिय	देवता	इन्द्रिय	देवता
श्रोत्र = कान	दिक्	वाक् = वचन	अग्नि
त्वक् = छाला	वायु	पाणि = हात	इन्द्र
चक्षु = आँखा	सूर्य	पाद = पाउ	विष्णु
रसन = जिभ्रो	वरुण	पायु = गुद	मृत्यु
घ्राण = नाक	अश्विनीकुमार	उपस्थ = भग-लिङ्ग	प्रजापति

अति दुस्तर छ, त्यसको पार पुग्न सकिदैन ॥ १८५ ॥ ज्ञान भनेको पदार्थ भन्नैलाई पनि (उपदेश गर्नलाई पनि) कठिन (असजिलो) छ । (कसैले यथाकथंचित् भनिहाल्योभने पनि) बुझ्नलाई कठिन छ । (बुझिहाल्योभने पनि) त्यसको साधन कठिन छ । घुणाक्षर[1]-न्यायले साधन भयोभने पनि फेरि अनेक विघ्न पर्दछन् ॥ १८६ ॥

चौ०–ज्ञानपंथ कृपान कै धारा ❀ परत खगेस होइ नहि बारा ।
जौ निर्बिघ्न पंथ निर्बहई ❀ सो कैवल्य परमपद लहई ॥१॥
अति दुर्लभ कैवल्य परमपद ❀ संत पुरान निगम आगम बद ।

ज्ञानमार्ग तरवारको धार हो, त्यसमा पर्नेबित्तिकै (छटक्क हुन) बेर लाग्दैन, यदि निर्विघ्नतापूर्वक कोही सकस त्यो मार्ग तय गर्दछ (हिंडिसक्तछ) भने त्यसले कैवल्यपद (मोक्ष) पाउँछ ॥ १ ॥ कैवल्यपद (मोक्ष) अत्यन्त दुर्लभ छ भनी सन्त-वेद-पुराणहरू भन्दछन् ॥ (क) ॥

[भक्ति-चिन्तामणि]

राम भजत सोइ मुक्ति गोसाईं ❀ अनइछित आवै बरिआईं ॥२॥
जिमि थल बिनु जल रहि न सकाई ❀ कोटि भाँति कोउ करइ उपाई ।
तथा मोक्षसुख सुनु खगराई ❀ रहि न सकै हरिभगति बिहाई ॥३॥

हे स्वामी ! रामजीको भजन गर्दा त्यही दुर्लभ मुक्ति (मोक्ष) इच्छा नगरे पनि जबर्दस्तीले आउँछे, (न आ भन्दा पनि मान्दिन) ॥ २ ॥ जस्तै करोडौं प्रकारको उपाय गरे पनि विनास्थल (आधार नभैकन) जल रहँदैन, हे पक्षिराज ! सुन्नुहोस्, त्यस्तै विनाहरिभक्ति मोक्ष (मुक्ति) सुख रहँदैन ॥ ३ ॥

अस बिचारि हरिभगत सयाने ❀ मुक्ति निरादर भगति लुभाने ।
भगति करत बिनु जतन प्रयासा ❀ संसृतिमूल अबिद्या नासा ॥४॥

यस्तो विचार गरेर बाठा हरिभक्तहरू मुक्तिको वास्ता नराखेर (ज्ञानमार्गको

---

[1] (१) काठमा घुन लाग्दछ, त्यसले कोपरेको ठाउँमा अनेक प्रकारका रेखा (धर्का) पर्दछन्, ती धर्कामा अक्षर पनि बन्दछन्, घुनले अक्षर बनाउँछु भनेर अक्षर बनाएका होइनन्, अज्ञानैले पनि कदाचित् बनेका हुन्, यस्ता अक्षरलाई घुणाक्षर भन्दछन् । काठकोरेले झैं जीवले साधना गर्दै रह्योभने कदाचित् ज्ञान हुन पनि सक्तथ्यो, तर साधना गर्दै रहन पाउँदैन, अनेक विघ्न परिआउँछन् ।

(क) "उठ बिउँझ, श्रेष्ठ ज्ञानीसँग सत्सङ्ग गरेर बुझ, दुर्गम त्यो ज्ञानमार्ग छुराको तीक्ष्ण धार-जस्तै जोखिम छ (बिताइदेला, होशियार भएर हिंड) भनी त्यसका ज्ञाताहरू भन्दछन्" भनी कठोपनिषद्मा लेखेको छ ।

उत्तिष्ठत जाग्रत प्राप्य वरान् निबोधत ।
क्षुरस्य धारा निशिता दुरत्यया दुर्गं पथस्तत्कवयो वदन्ति ॥

झञ्झटपट्टि नलागेर) भक्तिमार्गमा लुब्ध भएका हुन् । भक्ति गर्नाले विनायत्न विनापरिश्रम संसारको मूलकारण भएकी अविद्याको नाश हुन्छ ॥ ४ ॥

भोजन करिअ तृप्ति हित लागी ❀ जिमि सो असन पचवै जठरागी ।
असि हरिभगति सुगम सुखदाई ❀ को अस मूढ न जाहि सोहाई ॥५॥

जस्तै तृप्ति र हितका निमित्त (अघाउनलाई र शरीर बचाउनलाई) भोजन गरिन्छ त्यो भोजन जठराग्निले पचाइदिन्छ (अघाउँदाको आनन्द भोजन गर्नेले पाउँछ, शरीर बचाउने काम (रक्त मांस मेद मज्जा इत्यादि बनाउने काम) खास भोजन गर्नेले गर्नुपर्दैन, जठराग्निले गरिदिन्छ) त्यस्तै हरिभक्ति सुन्दैमा आनन्ददायिनी छ, जसलाई त्यो भक्ति मनपरोइन, त्यस्तो मूढ़ को होला ? (अर्थात् जस्तै खान थालेपछि गाँसैपीछे आनन्द पनि पाइन्छ, हित (शरीररक्षा) पनि आफूले गर्नुपर्दैन, फगत खाइदियोभने जठराग्निले जो गर्नुपर्ने काम गरेर शरीर-रक्षा गरिदिन्छ) त्यस्तै भक्ति गर्न थालेपछि पलपलमा आनन्द पनि पाइन्छ, हित (मुक्तिलाभ) का निमित्त बेग्लै परिश्रम आफूले गर्नुपर्दैन, मुक्तिलाई चाहिनुपर्ने वैराग्य, ज्ञान, प्रभृति सर्जाम शरणागतिरूप भक्ति (शरण पर्नुरूप क्रिया) ले नै तयार पारिदिन्छ (मुक्ति पनि पाइन्छ, यस्ती प्रतिक्षण सुखदायिनी परिणाममुक्तिकारिणी भक्ति पनि जसलाई मनपर्दैन त्यो व्यक्ति मूढ़ हो, मूढ़हरूलाई हिताहितको ज्ञान हुँदैन, के गर्नु ? लाचारी छ) ॥ ५ ॥

दोहा—सेवक सेब्य भाव बिनु भव न तरिअ उरगारि ।
भजहु रामपद पंकज अस सिद्धांत बिचारि ॥१८७॥
जो चेतन कहँ जड़ करै जड़हि करै चैतन्य ।
अस समर्थ रघुनायकहि भजहिं जीव ते धन्य ॥१८८॥

हे सर्पशत्रु ! सेव्यसेवकभाव नभैकन (आफू सेवक, हरि सेव्य, नपारीकन) संसार सागर तर्न सकिंदैन, यस्तो सिद्धान्त विचार गरेर रामजीका चरणकमलको भजन गर्नुहोस् ॥ (क) ॥ १८७ ॥ जुन प्रभु चेतनलाई जड, जडलाई चेतन गर्न सक्नुहुन्छ, उस्ता सर्वशक्तिमान् रघुनाथजीलाई जो भज्दछन् तिनीहरू धन्य हुन् (तिनलाई धन्यवाद छ) ॥ १८८ ॥

चौ०—कहेउँ ज्ञानसिद्धांत बुझाई ❀ सुनहु भगति मनि कै प्रभुताई ।
रामभगति चिंतामनि सुंदर ❀ बसै गरुड़ जा के उर अंतर ॥१॥

(क) "ब्रह्मको र जीवको वास्तव अभेद भाव (एकता) हासिल गर्नालाई सेव्यसेवकभाव गर्नुपर्दछ," भन्ने आशयले ज्ञाननिष्ठाका पराकाष्ठामा पुगेका शङ्करले "हे नाथ ! हजूरको र मेरो अभेद भए पनि, म हजूरको हुँ, हजूर मेरा होइबक्सिन्न, (म, स्व सेवक हुँ, स्वामी होइन, हजूर स्वामी होइबक्सिन्छ ! स्व होइन) समुद्र र तरङ्गको अभेदभाव साँचै हो तापनि "समुद्रको तरङ्ग" यस्तो व्यवहार ठीक छ, "तरङ्गको समुद्र" यस्तो व्यवहार गलत ठहरिन्छ" भनी षट्पदीस्तोत्रमा भनेको छ ।

सत्यपि भेदापगमे नाथ ! तवाहं न मामकीनस्त्वम् ।
सामुद्रो हि तरङ्गः क्वचन समुद्रो न तारङ्गः ॥

मैले ज्ञानको सिद्धान्त बुझाएर भनें भक्तिमणिको प्रभाव सुन्नुहोस्। हे गरुड ! उसका हृदयका बीचमा सुन्दर रामभक्तिरूपी चिन्तामणि (चिताएको वस्तु दिने सर्वोत्तम रत्न) रहन्छ–॥ १॥

परम प्रकास रूप दिन राती ❀ नहि कछु चहिअ दिआ घृत बाती ।
मोह दरिद्र निकट नहि आवा ❀ लोभ बात नहि ताहि बुझावा ॥२॥

त्यो व्यक्ति रातदिन परम प्रकाश (ठूलो उज्यालो) स्वरूप हुन्छ । दियो, घिउ, बत्ती केही चाहिंदैन, त्यो चिन्तामणिका नगीचमा मोहरूपी दारिद्र्य आउँदैन । लोभरूपी हावाले त्यसलाई निभाउँदैन ॥ २ ॥

प्रबल अबिद्या तम मिटि जाई ❀ हारहिं सकल सलभ समुदाई ।
खल कामादि निकट नहि जाहीं ❀ बसै भगति जा के उर माहीं ॥३॥

बलवान् भएको अविद्यारूपी अन्धकार मेटिन्छ (हट्छ) । मद-मान-मात्सर्य प्रभृति रूपी सलभ (पतङ्ग) का बथान हार खान्छन् (तिनले निभाउन सक्तैनन्) यो भक्तिचिन्तामणि जसका हृदयमा रहन्छ, त्यसका नगीचमा काम क्रोध प्रभृतिरूपी दुष्टहरू जाँदैनन् (यो महामणिको प्रभाव अद्भुत छ, अरू-अरू मणि[1] हृदयमा (छातीमा) राख्ता (लाउँदा) चोर-डाँकूहरू आएर मणिवालालाई पिटेर मणि लैजान्छन्, यो महामणिलाई हृदयमा राख्ता कुनै डाँकू, कुनै चोर, नगीच पर्न सक्तैनन्, मणि लैजानाको ता कुरै छैन) ॥ ३ ॥

गरल सुधा सम अरि हित होई ❀ तेहि मनि बिनु सुख पाव न कोई ।
ब्यापहिं मानस रोग न भारी ❀ जिन्ह के बस सब जीव दुखारी ॥४॥

यो महामणि धारण गर्नाले विष पनि अमृतसमान हुन्छ (नपत्याए प्रह्लादसँग सोध्नुहोस्) शत्रु पनि मित्र हुन्छ (बाघ भालूहरूका बथान भएका ठाउँमा बस्ने ऋषिमुनिहरूसँग सोधे पनि हुन्छ) विना त्यो मणि कसैले सुख पाउँदैन (यस कुरामा सारा संसार साक्षी छ) जसका फेला परेर सबै जीव दुःखी हुन्छन्, ती ठूला ठूला मानसरोग (मनका रोग) ले यो चिन्तामणिवालालाई व्याप्त गर्न सक्तैनन् (उत्तम उत्तम अरू मणि पनि साधारण रोग हटाउँछन्, यो महामणिले ठूला ठूला मनोव्याधि हटाउँछ, शारीरक व्याधिभन्दा मानसिक व्याधि दुःसाध्य हुन्छन्) ॥ ४ ॥

रामभगति मनि उर बस जा कें ❀ दुखलवलेस न सपनेहु ता कें ।
चतुरसिरोमनि तेइ जग माहीं ❀ जे मनि लागि सुजतन कराहीं ॥५॥

जसका हृदयमा रामभक्तिरूपी चिन्तामणि रहन्छ, त्यसलाई सपनामा पनि दुःखको लवलेश पनि हुँदैन, यो मणि पाउनाका निमित्त जसले राम्रो यत्न गर्दछ, संसारमा त्यो व्यक्ति चतुरचूडामणि हो ॥ ५ ॥

---

[1] "मणि धारण गर्नाले (लाउनाले) पाप (रोगका कारण भएका प्राक्तन दुष्कर्म) अलच्छिन नष्ट हुन्छन्, इत्यादि धेरै फल आयुर्वेदमा लेखिएका छन् ।'.....धारणात्तच्च पापलक्ष्मीविनाशनम् (राजवल्लभ)
धन्यं मङ्गल्यमायुष्यं श्रीमद्व्यसनसूदनम् । हर्षं काम्यमोजस्यं रत्नाभरणधारणम् (चरक)

सो मनि जदपि प्रगट जग अहई ❀ रामकृपा बिनु नहि कोऊ लहई ।
सुगम उपाय पाइबे केरे ❀ नर हतभाग्य देहिं भटभेरे ॥६॥

यद्यपि त्यो भक्तिचिन्तामणि संसारमा प्रकट छ, तथापि विनारामकृपा त्यसलाई कोही पाउँदैन, पाउने उपाय पनि सुगम छ, तर हतभाग्य भएका मानिस त्यसलाई लत्याएर हुत्याइदिन्छन् ॥ ६ ॥

पावन पर्बत बेद पुराना ❀ रामकथा रुचिराकर नाना ।
मर्मी सज्जन सुमति कुदारी ❀ ज्ञान बिराग नयन उरगारी ॥७॥

वेद र पुराण पवित्र पर्वत हुन्, ती पर्वतमा रामकथारूपी अनेक तरहका राम्रा राम्रा खानि छन्, हे गरुडजी ! ती खानिको भेद जान्ने सज्जन हुन् , सद्बुद्धि कोदालो हो, ज्ञान र वैराग्य दुई आँखा हुन् ॥ ७ ॥

भाव सहित खोजै जो प्रानी ❀ पाव भगति मनि सब सुख खानी ।
मोरे मन प्रभु अस बिस्वासा ❀ राम तें अधिक राम कर दासा ॥८॥

जो प्राणी प्रेमसहित भएर खोज्दछ, त्यो सबै सुखको खानि भएको (सर्वानन्दपूर्ण) भक्तिचिन्तामणिलाई फेला पार्दछ । हे प्रभु ! मेरा मनना ता "रामजीभन्दा रामजीका भक्त ठूला हुन्" यस्तो विश्वास छ ॥ ८ ॥

राम सिंधु घन सज्जन धीरा ❀ चंदनतरु हरि संत समीरा ।
सब कर फल हरिभगति सुहाई ❀ सो बिनु संत न काहूँ पाई ॥९॥
अस बिचारि जोइ कर सतसंगा ❀ राम भगति तेहि सुलभ बिहंगा ॥१०॥

रामजी समुद्र, धीरबुद्धि भएका सज्जन मेघ हुन्, (रामसमुद्रबाट भक्तिजल लिएर सज्जनमेघ सर्वत्र वृष्टि गर्दछन्) । रामजी चन्दनवृक्ष, सज्जनहरू बतास हुन् (राम-चन्दन-वृक्षको भक्ति-सौगन्धलाई सज्जन-वायुले चारैतिर पुऱ्याउँछन्) सबैको जन्मनाको फल सुन्दर भक्ति हो, विनासत्सङ्ग कसैले त्यो पाउँदैन ॥ ९ ॥ हे पक्षिराज ! यस्तो विचार गरेर जो सत्सङ्ग गर्दछन् तिनलाई भक्ति-चिन्तामणि सुलभ हुन्छ ॥ १० ॥

दोहा–ब्रह्म पयोनिधि मंदर ज्ञान संत सुर आहिं ।
कथा सुधा मथि काढ़हिं भगति मधुरता जाहिं ॥१८९॥
बिरति चर्म असि ज्ञान मद लोभ मोह रिपु मारि ।
जय पाइअ सो हरि भगति देखु खगेस बिचारि ॥१९०॥

ब्रह्म (परमात्मा) समुद्र हो, ज्ञान मन्दराचल हो, सज्जनहरू देवता हुन् , तिनीहरू मन्थन गरेर जसमा भक्तिको माधुर्य (मीठोपना) भएको कथारूपी अमृत निकाल्दछन् (झिक्तछन्) ॥ १८९ ॥ त्यो हरिभक्तिरूपिणी वीरनारी वैराग्यरूपी ढाल र ज्ञानरूपी खड्ग लिएर, मद, मोह,

लोभ, इत्यादि अनेकानेक शत्रुलाई मारेर विजय पाउँदछे। हे पक्षिराज ! यो कुरा विचार गरेर भित्रका नेत्रले हेर्नुहोस्" ॥ १९० ॥

[सप्तप्रश्न]

(४)

चौ०–पुनि सप्रेम बोलेउ खगराऊ ❀ जो कृपाल मोहि ऊपर भाऊ।
नाथ मोहि निज सेवक जानी ❀ सप्त प्रश्न मम कहहु बखानी ॥१॥

प्रेमका साथ गरुडजीले फेरि भने, "हे दयाल ! हे नाथ ! मेराउपर यदि प्रेम छभने मलाई आफ्नो सेवक जानेर मेरा सात प्रश्नको विस्तारपूर्वक उत्तर दिनुहोस् ॥ १ ॥

प्रथमहि कहहु नाथ मतिधीरा ❀ सब तें दुर्लभ कवन सरीरा।
बड़ दुख कवन कवन सुख भारी ❀ सोउ संक्षेपहि कहहु बिचारी ॥२॥
संत असंत मरम तुम्ह जानहु ❀ तिन्ह कर सहज सुभाव बखानहु।
कवन पुन्य श्रुति बिदित बिसाला ❀ कहहु कवन अघ परम कराला ॥३॥
मानसरोग कहहु समुझाई ❀ तुम्ह सर्बज्ञ कृपा अधिकाई।

हे धीरबुद्धे ! हे नाथ ! पहिले यो बताउनुहोस् कि, सबभन्दा दुर्लभ शरीर कुन हो ? (१) सबभन्दा ठूलो दुःख कुन हो ? (२) सबभन्दा ठूलो सुख कुन हो ? (३) त्यो कुरापनि विचार गरीकन संक्षेपले बताउनुहोस् ॥ २ ॥ सज्जन र दुर्जनको मर्म तपाईं जान्नुहुन्छ, तिनका स्वाभाविक स्वभावको वर्णन गर्नुहोस् (४) वेदमा प्रख्यात भएको ठूलो धर्म कुन हो ? (५) वेदमा प्रख्यात भएको ठूलो पाप कुन हो ? (६) ॥ ३ ॥ तपाईं सर्वज्ञ र अधिक दयालु हुनुहुन्छ, मानस-रोग कुन हुन् ? बुझाएर बताउनुहोस्" (७)

तात सुनहु सादर अति प्रीती ❀ मैं संक्षेप कहौं यह नीती ॥४॥
नरतन सम नहि कवनिउ देही ❀ जीव चराचर जाचत जेही।

(काकभुशुण्डीले भने कि) "हे तात ! आनन्दपूर्वक सुन्नुहोस, म अत्यन्त प्रेमका साथ यो नीति संक्षेपले बताउँछु ॥ ४ ॥ जसलाई चराचर जीवले माग्दछन्, त्यो मनुष्य-शरीरबराबरको अर्को शरीर छैन।

नरक स्वर्ग अपवर्ग निसेनी ❀ ज्ञान बिराग भगति सुभ देनी ॥५॥
सो तनु धरि हरि भजहिं न जे नर ❀ होहिं बिषयरत मद मंदतर।
काँचु किरिच बदले ते लेहीं ❀ कर तें डारि परसमनि देहीं ॥६॥

मनुष्यशरीर स्वर्ग, नरक मोक्षको सिंढी (भऱ्याङ) हो, ज्ञान, वैराग्य, भक्तिसुख, यी पदार्थ दिने हो ॥ ॥ ५ ॥ त्यो शरीर धारण गरेर पनि जो विषय-लंपट भएर मूर्ख-महामूर्ख हुन्छन्, हरिलाई भज्दैनन्भने तिनीहरू मानौं हात परेको स्पर्शमणिलाई (छुँदैमा फलामलाई सुन पारिदिने मणिलाई) हातले मिल्काइदिन्छन् र त्यसका बदलामा काँचका टुक्रा लिन्छन् ॥ ६ ॥ (प्रथम प्रश्नको उत्तर यही हो)

नहि दरिद्र सम दुख जग माहीं ❀ संतमिलन सम सुख कहुँ नाहीं ।
पर उपकार बचन मन काया ❀ संत सहज सुभाउ खगराया ॥७॥

संसारमा दारिद्र्य[1] (गरीबी) बराबरको दुःख छैन, (द्वितीय प्रश्नको उत्तर यही हो) सज्जन-समागमबराबरको सुख कतै छैन (तृतीय प्रश्नको उत्तर यही हो) कायेन-मनसा-वाचा परोपकार गर्नु नै सज्जनको जन्मसिद्ध स्वभाव हो ॥ ७ ॥

संत सहहिं दुख परहित लागी ❀ परदुख हेतु असंत अभागी ।
भूरजतरु सम संत कृपाला ❀ परहित निति सह बिपति बिसाला ॥८॥

सज्जनहरू आर्काको हितका निमित्त दुःख सहन्छन् , अभागी दुर्जनहरू अर्काको दुःखका निमित्त दुःख सहन्छन् (आफूले दुःख पाएर पनि अर्कालाई दुःख दिन राजी रहन्छन्) सज्जनहरू दयालु हुनाले भूर्जवृक्ष- (भुजापातको रूख) जस्तै भएर अर्काको हितका निमित्त ठूला ठूला आपत्ति सहन्छन् ॥ ८ ॥

सन इव खल परबंधन करई ❀ खाल कढ़ाइ बिपति सहि मरई ।
खल बिनु स्वारथ पर अपकारी ❀ अहि मूषक इव सुनु उरगारी ॥९॥
परसंपदा बिनासि नसाहीं ❀ जिमि ससि हति हिम उपल बिलाहीं ।
दुष्टहृदय जग आरति हेतू ❀ जथा प्रसिद्ध अधम ग्रह केतू ॥१०॥

दुर्जनहरू सनपाटजस्ता भएर आफ्नो छाला काढेर पनि अर्काको बन्धन गर्दछन् , आफू पनि विपत्ति सहेर मर्दछन् । हे सर्पशत्रु ! सुन्नुहोस् , दुर्जनहरू विनास्वार्थ अर्काको अपकार गर्नाले सर्प र मूसाजस्ता हुन्छन् ॥ ९ ॥ (क)

जसरी असिना बालीनाली बरबाद पारेर आफू पनि बिलाउँछन् , त्यसै गरी दुर्जनहरू पनि अर्काको संपत्ति नष्ट पार्दा पार्दै (आफू तनहा भएर) नष्ट हुन्छन् । जस्तै अधमग्रह धूमकेतु (पुच्छ्रेतारा) को उदय जगत्पीडाको कारण छ, त्यस्तै दुर्जनको उदय (उन्नति) जगत्पीडाको कारण हुन्छ ॥ १० ॥

संत उदय संतत सुखकारी ❀ बिस्व सुखद जिमि इंदु तमारी ।
परमधर्म श्रुतिबिदित अहिंसा ❀ परनिंदा सम अघ न गरीसा ॥११॥

---

(१) व्यवहारी अवस्थामा दारिद्र्यबराबरको दुःख केही छैन, ठीक हो । वास्तवमा धन नभएको (कङ्गाल) दरिद्र होइन, जसको तृष्णा ठूलो छ दरिद्र त्यही हो, दुःखी पनि त्यही हो, मन संतुष्ट छभने को धनी ? को कङ्गाल ? (जसलाई धनी भन्दछौं, त्यही कंगाल हो, जसलाई कंगाल भन्दछौं त्यो धनी हो) ।

स तु भवतु दरिद्रो यस्य तृष्णा विशाला
मनसि तु परितुष्टे कोऽर्थवान् ? को दरिद्रः ? (भर्तृहरि)

(क) सर्पले कसैलाई टोकेको आफ्नो पेट भर्नलाई होइन, फगत आफ्नो दुर्जनता देखाएर परप्राणहरण गरेको हो । मूसाले लत्ता-कपड़ा, पुस्तक पत्र काटेको केवल दुर्जनता गरेको हो, त्यसले त्यसको स्वार्थ केही सिद्ध हुँदैन ।

जस्तै सूर्यको र चन्द्रको उदय संसारसुखदायक छ, त्यस्तै सज्जनको उदय सदा सुखदायक छ (चतुर्थ प्रश्नको उत्तर यो हो) वेदमा प्रख्यात भएको परम धर्म अहिंसा हो । परनिन्दाबराबर गरिष्ठ (ठूलो) पाप केही छैन ॥ ११ ॥ (यो पञ्चम प्रश्नको उत्तर हो)

हरि गुर निंदक दादुर होई ❀ जन्म सहस्र पाव तन सोई ।
द्विजनिंदक बहु नरक भोग करि ❀ जग जन्मै बायससरीर धरि ॥१२॥

हरिको र गुरुको निन्दा गर्ने अधम भ्यागुतो हुन्छ, हज्जार जन्म त्यही चोला पाउँछ । ब्राह्मणको निन्दा गर्ने नरक भोग गर्दछ र कागको चोला लिएर संसारमा जन्मन्छ ॥ १२ ॥

सुर श्रुति निंदक जे अभिमानी ❀ रौरव नरक परहिं ते प्रानी ।
होहिं उलूक संत निंदा रत ❀ मोह निसा प्रिय ज्ञान भानु गत ॥१३॥
सब कै निंदा जे जड़ करहीं ❀ ते चमगादुर होइ अवतरहीं ।

जो अभिमानी भएर देवताको र वेदको निन्दा गर्दछन्, ती प्राणी रौरव नरकमा पर्दछन् । साधु-सन्त सज्जनहरूको निन्दा गर्नामा तत्पर हुनेहरू उल्लू (लाटोकोसेरा) हुन्छन्, किनभने तिनीहरूलाई ज्ञानरूपी सूर्य नभएकी मोहरूपी रात्रि मनपर्दछे ॥ १३ ॥ जो मूर्ख सबैको निन्दा गर्दछन् तिनीहरू चमेरा भएर अवतार लिन्छन् (जन्मन्छन्) । (षष्ठ प्रश्नको उत्तर यो हो)

[मानसरोग]

सुनहु तात अब मानस रोगा ❀ जिन्ह तें दुख पावहिं सब लोगा ।
मोह सकल व्याधिन्ह कर मूला ❀ तिन्ह तें पुनि उपजहिं बहु सूला ॥१४॥
काम बात कफ लोभ अपारा ❀ क्रोध पित्त नित छाती जारा ।
प्रीति करहिं जौ तीनिउ भाई ❀ उपजै सन्यपात दुखदाई ॥१५॥

हे तात ! अब जसबाट सबैले दुःख पाइरहेका छन्, ती मानसरोगको वृत्तान्त सुन्नुहोस् ॥ सबै रोगको मूल कारण मोह (अविवेक) हो, त्यतैबाट अनेक रोग उत्पन्न हुन्छन् ॥ १४ ॥ (क) काम वात[१] हो, लोभ अपार (खूब बढ़ेको) कफ हो, क्रोध पित्त हो त्यसले

(क) शारीरिक यावत् रोगको मूलकारण (निदान) मलप्रकोप (बात, पित्त, कफको वैषम्य = घटबढ़) हो, मानसिक यावत् रोगको मूलकारण (निदान) मोह (अज्ञान) हो ।

सर्वेषामेव रोगाणां निदानं कुपिता मलाः । (माधवनिदान)

यावत् शारीरिक रोगको मुख्य औषध निदानवर्जन (रोगका कारणको दूरीकरण) हो, "मुख्यं हि भेषजं प्राहुर्निदानपरिवर्जनम्" । मानसरोगको मुख्य औषध, मोह--दूरीकरण (मोहत्याग = ज्ञानसंपादन) हो ।

(१) लोभ र क्रोध कफ र पित्त हुन् , कफ लस्सादार चिप्लो हुन्छ, लोभको स्वभाव पनि टाँसिदिने चिप्लो हुन्छ । पित्त तेजिलो जलाउने (पोल्ने) हुन्छ, क्रोध पनि तेजिलो सर्वांग रन्काउने हुन्छ । यी २ पङ्गु (स्वयं हिंडन नसक्ने) छन् , काम (इच्छा) नपुगेका ठाउँका हकमा लोभ पनि हुँदैन, इच्छा (काम) भएको विषयका हकमा लोभ हुन्छ, त्यो विषयको प्राप्ति भएनभने क्रोध हुन्छ, अतएव

सधैं छाती पोलिरहन्छ ॥ १५ ॥ यदि तीनै भाईले प्रीति गरेभने (वात, कफ, पित्तको अनुचित सम्मेलन भयोभने) दुःखदायी [2]सन्निपात हुन्छ ॥

विषय मनोरथ दुर्गम नाना ❀ ते सब सूल नाम को जाना ।
ममता दादु कण्डु इरषाई ❀ हरष विषाद गरह बहुताई ॥१६॥

दुर्लभ भएका नाना प्रकारका विषयका जो जो मनोरथ छन्, तिनै [3]शूलरोग हुन्, तिनको नाम को जान्दछ ? ॥ १६ ॥ ममता [4]दाद हो, ईर्ष्या [5]कण्डू (खुजली) हो, हर्ष र विषाद अनेक [6]ग्रह (यक्ष राक्षस पिशाचादिको आवेश = लगान) हुन् ।

परसुख देखि जरनि सोइ छई ❀ कुष्ट दुष्टता मन कुटिलई ॥१७॥
अहंकार अति दुखद डमरुआ ❀ दंभ कपट मद मान नेहरुआ ।
तृष्ना उदरबृद्धि अति भारी ❀ त्रिबिध इषना तरुन तिजारी ॥१८॥
जुग बिधि ज्वर मत्सर अबिबेका ❀ कहुँ लगि कहौं कुरोग अनेका ॥१९॥

आर्काको सुख देख्ता पैदा हुने संताप[7] क्षयरोग हो । दुष्टता गर्न (पराईको बिगार गर्न)

लोभ र क्रोधरूपी कफ र पित्तलाई संचालित गर्ने (चलाउने) हुनाले काम (इच्छा = खायस) वात (वायु) हो (अर्थात् जहाँ इच्छा पुग्छ, लोभ र क्रोध पनि वायुले हुत्याइएका मेघजस्तै भएर त्यहीं पुग्दछन्) ।

पित्तं पंगु कफः पंगुः पङ्गवो मलधातवः ।
वायुना यत्र नीयन्ते तत्र गच्छन्ति मेघवत् ॥ (वैद्य)

(२) वात पित्त कफको वैषम्य भयोभने सन्निपात हुन्छ, प्रायः त्यो असाध्य हुन्छ ।

(३) शारीरक शूलरोगमा अरूको भन्दा वातैको प्राबल्य हुन्छ, मानसिक शूलरोगमा (मनोरथ रूपी शूलरोगमा) काम (इच्छा) रूपी वातको प्राबल्य छ, मनोरथ अनन्त हुनाले तद्रूपी शूल अनन्त प्रकारका छन्, ती प्रकारका नाम सबै जान्न सकिदैनन्, अर्थात् विषयको कामना (इच्छा) गरेर नाना प्रकारका मनोरथ हुन जाँदा तिनको सिद्धि नभएबाबत मनमा जुन जुन दर्द हुन्छन्, ती सबै मानसिक शूल हुन् ।

सर्वेष्वेतेषु शूलेषु प्रायेण पवनः प्रभुः । (माधवनिदान)

(४) दाद-रोग कन्याउञ्ज्याल आनन्द दिने, पछिबाट साह्रै दुःख दिने हुन्छ । ममता (विषयका उपर मेरो भनेर लाएको नाता) पनि आफूले विषयलाई सुमसुम्याउन पाउञ्ज्याल आनन्दै दिन्छ, विषयको वियोग भएपछि त्यो ममता टट्टाउन लाग्दछ । त्यसो हुनाले ममता दाद हो । (ममतारूपी दाद कुनै विषयलाई अवलम्बन गरेर (मण्डलाकार) केही दिन रहन्छ ।

(५) अर्काको उत्कर्ष देखेको वेलामा हुने मनको दाहलाई ईर्ष्या भन्दछन्, त्यो कण्डू (बिमिरा-उठेर चिलाउने क्षणिक (अस्थायी) रोग) हो, अर्काको उन्नति देख्ता उठेको यो रोग, अवनति देख्न-पाउँदा हराउँछ ।

(६) हर्ष र विषादले मनमा विकार गर्दछ र प्राणी अकस्मात् हाँस्न रुन लाग्दछ । यक्ष राक्षस, पिशाचादिको आवेशमा पनि त्यही अवस्था हुन्छ, त्यसो हुनाले हर्ष र विषाद ग्रह (आवेश) हुन् ।

(७) अर्काको सुख (धर्मार्जनको १, अर्थार्जनको २, भोगार्जनको ३, मोक्षार्जनको ४, आनन्द) देखेर पैदा हुने संतापलाई क्षयरोगै भन्नुपर्दछ, संसारमा एकभन्दा एक धर्मात्मा १, धनाढ्य २, भोगी ३, ज्ञानी ४, मौजूदै छन्, तिनलाई देखेर संताप हुन लाग्योभने त्यो सन्ताप कहिल्यै पनि नछुट्ने र क्षीण गराउने हुनाले क्षयरोगै हो । क्षयरोग पनि चार प्रकारका कारणबाट (अयथाबलारम्भ १) बलमिच्याइँको-

मनमा पैदा भएको कुटिलता (कपट) [8]कुष्ठरोग हो ॥ १७ ॥ अहङ्कार दुखदायक [9]गलगण्ड-रोग हो । दंभ (बनावटीधर्माचरण), कपट (मनमा एक कुरा, मुखमा एक कुरा), मद (धन प्रभृतिबाट हुने उद्धतपना), अभिमान (घमंड) यी ४ को मिश्रण [10]नहरुवा रोग हो । अत्यन्त ठूलो तृष्णा [11]उदररोग हो । तीन प्रकारको एषणा (खायस) तरुण तीजरो[12] हो ॥१८॥ मात्सर्य (अर्काको भलो नचाहनु) र अविवेक (छ्यान नहुनु) यी दुई प्रकारका ज्वर[13] हुन् । यस्ता कुरोग अनेक छन् कहाँतक बताऊँ ॥ १९ ॥

दोहा—एक ब्याधि बस नर मरहिं ए असाधि बहु ब्याधि ।
पीड़हिं संतत जीव कहँ सो किमी लहइ समाधि ॥१९१॥
नेम धर्म आचार तप ज्ञान जज्ञ जप दान ।
भेषज पुनि कोटिन्ह नहि रोग जाहिं हरिजान ॥१९२॥

एउटा रोगले फेला पाख्योभने मानिस मर्दछन्, लागिरहने यी रोग ता धेरै पनि

काम १ । मलमूत्रादिको वेग रोक्नु २ । रसरक्तादि अथवा शुक्र, मज्जा, मेद प्रभृतिको ह्रास ३ । विषय भोजन ४—यी ४ प्रकारका कारणबाट) पैदा हुन्छ, त्यसले क्षीण गराउँछ, त्यो असाध्य हो, त्यो रोग सरुवा हो, होशियारी गर्नुपर्दछ, यो रोग प्रतिदिन बढ्दै गएको छ ।

अयथाबलमारम्भं वेगसन्धारणं क्षयम् ।
यक्ष्मणः कारणं विद्यात् चतुर्थं विषमाशनम् ॥ (सुश्रुतसंहिता)

(८) दुष्टता (परापकार) का निमित्त हुने मनको कुटिलता (कपटभाव) कुष्ठरोग हो, यो रोगको पूर्ण संप्राप्ति (व्यक्तता = स्पष्टता) भएपछि प्राणीको दुर्नाम चल्दछ, त्यसलाई कसैले पनि समीपमा राख्न चाहँदैन, समीपमा त्यो रह्योभने अरू पनि कुष्ठी हुन जान्छन्, यो रोग अत्यन्त दुःखदायक हुनाले महारोग कहिन्छ ।

(९) अहङ्कारका तासीरले घोक्रो फुल्दछ, अतएव यो अहंकार गलगण्डरोग (गलामा अण्डकोश को आकारले मांसपिण्ड बढ्ने रोग) हो । गलगण्डरोग भएको व्यक्तिलाई समाजले हेलाँ गर्दछ, अहङ्कारीलाई पनि समाजले हेलाँ गर्छ ।

(१०) दम्भ, कपट, गद, अभिमान यी ४ को मिश्रण नहरुआ (ढोडनसामा दोषको संचय हुन जाँदा लामा लामा अनेक रंगका कृमिको उत्पत्ति भएर खुट्टामा घाउ हुने रोग) हो । यो रोग लागेपछि सत्सङ्ग गर्न जानलाई खुट्टा चल्दैनन् ।

(११) बढेको तृष्णा उदररोग (पेट मात्र बढ्दै जाने हातखुट्टा सुक्तै जाने जलोदरादिरोग) हो । तृष्णा हुने व्यक्तिका अरू अंग घट्तै गए पनि तृष्णा बढ्दै जान्छ ।

(१२) पुत्रैषणा वित्तैषणा लोकैषणा यी ३ एषणा (खायस) को समुदाय तीजरो (एकदिन-को अन्तर गरेर आउने, थरथर कमाउने, पछिबाट दाह छट्पटी गराउने जरो) हो ।

(१३) ज्वर (जरो) देह र इन्द्रियलाई समेत संतप्त पार्दछ, ज्वरका माहेश्वरज्वर र वैष्णवज्वर यी २ भेद छन्, भुंग्रे जरो पहिल्यैदेखि रन्केर आउँछ त्यो माहेश्वरज्वर हो, यहाँ अर्काको भलो देख्नेबित्तिकै चढ्ने मात्सर्य माहेश्वर ज्वर हो, ज्ञानको गर्माहट नहुँदा जडता (शीत) लिएर आईकन पछिबाट दाह छट्पटी गराउने अविवेक वैष्णवज्वर हो, यी २ ज्वरका भेद धेरै छन् ।

छन्, असाध्य पनि छन्। जीवलाई हरहमेशा यिनले पीडा दिइरहेका छन्, त्यो जीव शान्ति कसरी पाओस् ? ॥ १९१ ॥ हे गरुडजी ! नियम, धर्म, आचार, तप, ज्ञान, यज्ञ, जप, दान, इत्यादि करोडौं औषधि छन् तापनि रोग हट्तैनन् ॥ १९२ ॥

चौ०–एहि बिधि सकल जीव जग रोगी ❀ सोक हरष भय प्रीति बियोगी ।
मानसरोग कछुक मैं गाए ❀ हहिं सब के लखि बिरलेन्ह पाए ॥१॥

यस प्रकारले शोक, हर्ष, भय, प्रीति, वियोग इत्यादिले सकल जीव संसारमा रोगी छन्, मैले अलिकति मानसरोगको वर्णन गरें, यी रोग सबैलाई लागिरहेका छन्, तर यिनलाई विरलाकोटि (करोडौंमा एकाध कुनै) ले मात्रै लख्न (चिन्ह) पाएका छन् ॥ १ ॥

जाने तें छीजहिं कछु पापी ❀ नास न पावहिं जन परितापी ।
बिषय कुपथ पाइ अंकुरे ❀ मुनिहु हृदय का नर बापुरे ॥२॥

यी पापी रोग जानिएभने अलिकति क्षीण हुन्छन् (घट्छन्), जनपरितापी (लोकपीडा गर्ने स्वभाव भएका) यी निःशेष नष्ट ता हुँदैनन्। विषयरूपी कुपथ्य पाएभने मुनिहरूका हृदयमा पनि अंकुरित हुन्छन् (पह्लाउँछन्) अरू मनुष्य क्या हुन् र ? (तिनका हृदयमा पलाउन के मान्थे ?) ॥ २ ॥

रामकृपा नासहिं सब रोगा ❀ जौं इहि भाँति बनै संजोगा ।
सदगुर बैद बचन बिस्वासा ❀ संजम यह न बिषय कै आसा ॥३॥
रघुपतिभगति सजीवन मूरी ❀ अनूपान श्रद्धा मति पूरी ।
एहि बिधि भलेही रोग नसाहीं ❀ नाहि त जतन कोटि नहि जाहीं ॥४॥

रामजीका कृपाले यदि यस प्रकारको संयोग पर्न गयोभने ता सबै रोग नष्ट पनि हुन्छन्, (कस्तो संयोग भने ?) सद्गुरुरूपी वैद्यका वचनमा विश्वास रहोस्, विषयको आशा नगर्नुरूपी संयम (परहेज) रहोस्– ॥ ३ ॥

रघुनाथजीकी भक्तिरूपी संजीवनी बूटी पाइयोस्, अति सुन्दर श्रद्धारूपी अनुपान होस्, ॥ यस प्रकारले भने सब रोग सुविस्तै साथ नष्ट होलान्, होइनभने कोटि यत्नले पनि यी हट्ने होइनन् ॥ ४ ॥

जानिअ तब मन बिरुज गोसाँई ❀ जब उर बल बिराग अधिकाई ।
सुमति क्षुधा बाढ़ै नित नई ❀ बिषय आस दुर्बलता गई ॥५॥
बिमल ज्ञान जल जब सो नहाई ❀ तब रह रामभगति उर छाई ।
सिव अज सुक सनकादिक नारद ❀ जे मुनि ब्रह्म बिचार बिसारद ॥६॥

हे गोस्वामी ! जब हृदयमा वैराग्यरूपी बल बढ्दै आउँछ, तब मन नीरोग भयो भनी जान्नुपर्दछ। नित्य नयाँ भएर (आजभन्दा भोलि) सुबुद्धिरूपी क्षुधा बढ्दछ (भोक जाग्दछ) विषयाशारूपी दुर्बलता (कंजोरी) जान्छ ॥ ५ ॥

अनि त्यो (मन) निर्मल ज्ञानरूपी जलले जब नुहाउला (रोगस्नान गर्ला) अनि

त्यो मनमा रामभक्ति व्याप्त भएर रहली । शंकरजी, ब्रह्मा, शुक, सनकादिमुनि, नारद इत्यादि गरेका ब्रह्मविचारमा प्रवीण भएका जो जो मुनीश्वर छन् ॥ ६ ॥

सब कर मत खगनायक एहा ❀ करिअ रामपद पंकज नेहा ।
श्रुति पुरान सब ग्रंथ कहाहीं ❀ रघुपतिभगति बिना सुख नाहीं ॥७॥

ती सबैको "रामजीका चरणकमलमा प्रेम गर्नुपर्छ" यही मत छ । गरुडजी ! वेद पुराण आदि गरेका सबै सद्ग्रन्थ पनि "विनारघुपतिभक्ति सुख हुँदैन" भन्दछन् ॥ ७ ॥

कमठपीठ जामहिं बरु बारा ❀ बंध्यासुत बरु काहुहि मारा ।
फूलहिं नभ बरु बहु बिधि फूला ❀ जीव न लह सुख हरिप्रतिकूला ॥८॥
तृषा जाइ बरु मृगजल पाना ❀ बरु जामहिं सससीस बिषाना ।
अंधकारु बरु रबिहि नसावै ❀ रामबिमुख न जीव सुख पावै ॥९॥
हिम तें अनल प्रगट बरु होई ❀ बिमुख राम सुख पाव न कोई ॥१०॥

बरु कछुवाका पिठिउँमा केही गरेर रौं जम्ला (उम्रला), बरु वन्ध्यापुत्रले कसैलाई मार्ला, बरु आकाशमा अनेक प्रकारका फूल फुल्लान्, परन्तु हरिदेखि विमुख भएका जीवले (कुनै उपायबाट पनि) सुख पाउन सक्तैन ॥ ८ ॥ बरु मृगतृष्णाको जलपान गर्नाले तृषा जाला, बरु खरायोका टाउकामा श्रृङ्ग (सीङ) उम्रला, बरु अन्धकारले सूर्यको नाश गर्ला, परन्तु रामजीदेखि विमुख भएका व्यक्तिले (केही गरे पनि) सुख पाउँदैन ॥ ९ ॥ बरु हिउँबाट (कुनै उपायले) आगो प्रकट होला, परन्तु रामजीदेखि विमुख भएका कुनै जीवले (केही गरे पनि) सुख पाउँदैन ॥ १० ॥

दोहा–बारि मथे घृत होइ बरु सिकता तें बरु तेल ।
बिनु हरिभजन न भव तरिअ यह सिद्धांत अपेल ॥१९३॥
मसकहि करै बिरंचि प्रभु अजहि मसक तें हीन ।
अस बिचारि तजि संसय रामहि भजहिं प्रबीन ॥१९४॥

बरु पानी मथ्दा घिउ होला, बरु बालुवाबाट तेल निस्कला, विनाहरिभजन संसार-सागर तर्न सकिंदैन, यो सिद्धान्त अटल छ ॥ १९३ ॥ "प्रभुजी भुसुनालाई ब्रह्मा, ब्रह्मालाई भुसुनाभन्दा पनि सानो गर्न सक्नुहुन्छ" यस्तो विचार गरेर सन्देह छाडीकन बुद्धिमान्हरू रामजीलाई भज्दछन् ॥ १९४ ॥

[नगस्वरूपिणी छन्द]

छन्द–विनिश्चितं वदामि ते न अन्यथा वचांसि मे ।
हरिं नरा भजन्ति येऽतिदुस्तरं तरन्ति ते ॥४६॥

हे गरुडजी ! म तपाईंलाई निश्चित (सिद्धांत सिद्ध कुरा) भन्दछु, मेरा वचन मिथ्या छैनन् । जो मानिस हरिलाई भज्दछन् , ती दुस्तर संसारसागरलाई तर्दछन् ॥ ४६ ॥

[गरुडभुशुंडी-संवादको उपसंहार]

चौ०-कहेउँ नाथ हरिचरित अनूपा ❀ ब्यास समास स्वमति अनुरूपा ।
श्रुतिसिद्धांत इहै उरगारी ❀ राम भजिअ सब काज बिसारी ॥१॥

हे नाथ ! अनुपम हरिचरित्र आफ्ना बुद्धिको अनुसार संक्षेपले र (कतै) विस्तारले बताएँ । हे गरुडजी ! "सबै काम बिर्सेर रामजीको भजन गर्नुपर्छ" वेदको सिद्धान्त यही हो ॥ १ ॥

प्रभु रघुपति तजि सेइअ काही ❀ मोहि से सठ पर ममता जाही ।
तुम्ह बिज्ञानरूप नहि मोहा ❀ नाथ कीन्ह मो पर अति छोहा ॥२॥

मजस्ता दुष्टका उपर पनि जसको ममता (आफ्नो हो भन्ने ख्याल) छ, त्यस्ता (करुणामहासागर) प्रभुलाई छाडेर कसको सेवा गर्ने हो ? हे नाथ ! तपाईं ज्ञानरूप हुनुहुन्छ, तपाईंलाई मोह छैन, मेराउपर ठूलो अनुग्रह गर्नुभयो ॥ २ ॥

पूछिहु रामकथा अति पावनि ❀ सुक सनकादि संभु मन भावनि ।
सतसंगति दुर्लभ संसारा ❀ निमिष दंड भरि एकौ बारा ॥३॥
देखु गरुड़ निज हृदय बिचारी ❀ मैं रघुबीरभजन अधिकारी ।
सकुनाधम सब भाँति अपावन ❀ प्रभु मोहि कीन्ह बिदित जगपावन ॥४॥

शुक सनकादि मुनि शंकरहरूका मनलाई परमप्रिय भएकी, अति पवित्र रामजीकी कथा सोध्नुभयो, एक निमेषकालसम्म भए पनि, एक घडी सम्म भए पनि, एकैपटक मात्र भए पनि संसारमा सत्संग दुर्लभ छ ॥ ३ ॥

हे गरुडजी ! आफ्ना हृदयमा विचार गरी हेर्नुहोस्न, म रघुनाथजीको भजनमा लायक थिएँ र ? सब तरहबाट अपवित्र अधम पक्षी हुँ, प्रभुजीले मलाई जगत्पवित्र र जगत्प्रख्यात पार्नुभयो ॥ ४ ॥

दोहा-आजु धन्य मैं धन्य अति जद्यपि सब बिधि हीन ।
निज जन जानि राम मोहि संतसमागम दीन ॥१९५॥
नाथ जथामति भाषेउँ राखेउँ नहि कछु गोइ ।
चरित सिंधु रघुनायक थाह कि पावै कोइ ॥१९६॥

यद्यपि म सब तरहले अति हीन (अधम) थिएँ, तथापि आज धन्यधन्य छु, रामजीले मलाई आफ्नो सेवक जानेर (तपाईंजस्ता) सज्जनको समागम दिनुभयो ॥ १९५ ॥ हे नाथ ! मैले आफ्ना बुद्धिअनुसार (सोधेको कुरा) बताएँ, कत्ति पनि गुप्त राखिनँ । रघुनाथ-

जीका आचरणरूपी सागरको के कसैले थाह (अन्त) पाउँछ र ?" ॥ १९६ ॥ (शंकरजी भन्नुहुन्छ)

चौ०–सुमिरि राम के गुनगन नाना ❀ पुनि पुनि हरष भुसुंडि सुजाना ।
महिमा निगम नेति करि गाई ❀ अतुलित बल प्रताप प्रभुताई ॥१॥

(हे पार्वती !) रामजीका अनेक प्रकार गुणगणलाई संझेर बुद्धिमान् काकभुशुण्डी वारंवार हर्षित भए (अनि फेरि भन्नलागे), जसको महिमालाई वेदले नेति नेति भनेर गाएको छ, जसको बल प्रताप प्रभुत्व अतुलित (सादृश्यरहित) छ ॥ १ ॥

सिव अज पूज्य चरन रघुराई ❀ मो पर कृपा परम मृदुलाई ।
अस सुभाउ कहुँ सुनउँ न देखौं ❀ केहि खगेस रघुपति सम लेखौं ॥२॥

जसका चरण शिवजीले र ब्रह्माजीले पूजा गरिएका छन्, उस्ता रघुनाथजीले मेरा उपर कृपा गर्नु (क्या होभने) उहाँको परम कोमलता (अति दयार्द्रता) हो। यस्तो स्वभाव ता कहीं सुनेको पनि देखेको पनि थिएन, हे गरुडजी ! रघुनाथजीबराबर कसलाई गनौं ॥ २ ॥

साधक सिद्ध बिमुक्त उदासी ❀ कबि कोबिद कृतज्ञ संन्यासी ।
जोगी सूर सुतापस ज्ञानी ❀ धर्मनिरत पंडित बिज्ञानी ॥३॥
तरहिं न बिनु सेए मम स्वामी ❀ राम नमामि नमामि नमामी ।
सरन गए मो से अघरासी ❀ होहिं सुद्ध नमामि अबिनासी ॥४॥

साधक, सिद्ध, मुक्त, उदासी (वैरागी), कवि, पण्डित, निजाचार संपन्न संन्यासी, योगी, शूर, तपस्वी, ज्ञानी, धर्मात्मा, विवेकी, शास्त्री, इत्यादि सबैजना मेरा मालिक (रामजी) को सेवा नगरीकन तर्दैनन् । हे राम ! (हजूरलाई) नमस्कार, नमस्कार, नमस्कार गर्दछु। शरण परेका मजस्ता पापराशिरूप अधम पनि शुद्ध हुन्छन्, (हे राम !) उस्ता अविनाशी हजूरलाई नमस्कार गर्दछु ॥ ३ ॥ ४ ॥

दोहा–जासु नाम भव भेषज हरन घोर त्रय सूल ।
सो कृपालु मोहि तोहि पर सदा रहौ अनुकूल ॥१९७॥
सुनि भुसुंडि के बचन सुभ देखि रामपद नेह ।
बोलेउ प्रेमसहित गिरा गरुड़ बिगत संदेह ॥१९८॥

तीन प्रकारका सन्तापरूपी दर्दलाई हरण गर्ने जसको नाम संसारको औषधिरूप छ, हे गरुडजी ! उनै दीनदयाल प्रभुजी तपाईंका र मेराउपर सदा सर्वदा अनुकूल रहून्" ॥ १९७ ॥ यस्ता काकभुशुण्डीका वचन सुनेर, रामजीका चरणमा तिनको प्रेम देखेर प्रेमपूर्ण र निःसन्देह भएका गरुडजी भन्नलागे ॥ १९८ ॥

चौ०—मैं कृतकृत्य भयउँ तव बानी ❀ सुनि रघुबीरभगति रस सानी।
रामचरन नूतन रति भई ❀ मायाजनित बिपति सब गई ॥१॥
मोहजलधि बोहित तुम्ह भए ❀ मो कहँ नाथ बिबिध सुख दए।
मो पहिं होइ न प्रतिउपकारा ❀ बंदौं तव पद बारहिं बारा ॥२॥

हे नाथ ! रघुनाथजीका भक्तिरसले मिश्रित भएका तपाईंका वचनले म कृतकृत्य भएँ, रामजीका चरणमा बढ्ता प्रेम लाग्यो, मायाबाट पैदा भएका सबै विपत्ति नष्ट भए ॥ १ ॥

हे नाथ ! तपाईं मोहसागरका जहाज भइदिनुभयो, मलाई अनेक प्रकारको सुख दिनुभयो, मबाट (यो उपकारको) प्रत्युपकार हुन सक्तैन, वारंवार तपाईंका चरणको वन्दना गर्दछु ॥ २ ॥

पूरनकाम राम अनुरागी ❀ तुम्ह सम तात न कोउ बड़भागी।
संत बिटप सरिता गिरि धरनी ❀ परहित हेतु सबन्ह कै करनी ॥३॥

हे तात ! रामजीमा अनुराग (प्रेम) गर्ने तपाईं पूर्णकाम (सिद्धमनोरथ) हुनुहुन्छ, तपाईंजस्तो महाभाग्यवान् कोही छैन, सज्जन, वृक्ष, नदी, पर्वत, पृथ्वी, यी सबैको कर्तव्य (काम) परहितैका निमित्त हुन्छ ॥ ३ ॥

संतहृदय नवनीत समाना ❀ कहा कबिन्ह परि कहै न जाना।
निज परिताप द्रवै नवनीता ❀ परदुख द्रवहिं संत सुपुनीता ॥४॥

कविहरूले सज्जनहरूका हृदयलाई नौनी जस्तो भने, परन्तु तिनले त्यसो भन्न जानेनन्, (किनभने) नौनी आफूले सन्ताप पायोभने पग्लन्छ, पवित्र सज्जनहरू अर्काको दुःख (सन्ताप) ले पग्लछन् ॥ ४ ॥ (क)

जीवन जन्म सुफल मम भएऊ ❀ तव प्रसाद संसय सब गएऊ।
जानेहु सदा मोहि निज किंकर ❀ पुनि पुनि उमा कहइ बिहंगबर ॥५॥

मेरो जन्म र मेरो जिन्दगी सफल भयो, तपाईंका अनुग्रहले सबै सन्देह हर्‍यो, मलाई सदा सर्वदा आफ्नो सेवक संझनुहोला" हे पार्वती ! गरुडजीले वारंवार यसो भने ॥ ५ ॥

[इति गरुड-भुसुण्डी-संवाद]

(क) "सज्जनहरू आफ्ना अपूर्व (अनौठा) कोमलतारूपी गुणले नौनीलाई जित्तछन्" यो कुरा स्पष्टै छ, (कसरी भने) नौनी आफूलाई एकछिन ताप (गर्माहट) पर्‍योभने गलिहाल्छ (अड्न सक्तैन)। सज्जनहरू आफ्ना तापले गल्दैनन्, अर्कालाई ताप परेको देखेपछि आफू गल्न लाग्दछन् (आफ्ना तापले नगल्ने, अरूका तापले गल्ने, यस्तो अनौठा कोमलपना सज्जनहरूमा रहन्छ। ती सज्जन त्यो कोमलताले नौनीलाई स्पष्टै जित्तछन्)।

परेषु तप्तेषु निरीक्षितेष्वपि स्वयं द्रवन्तः स्पृहणीयमार्दवाः।
द्रुतं स्वतापात् क्षणिकात् कलम्बुटं स्फुटं जयन्त्येव गुणेन साधवः ॥ [सूक्तिसं०]

दोहा–तासु चरन सिर नाइ करि प्रेम सहित मतिधीर ।
गएउ गरुड़ बैकुंठ तब हृदय राखि रघुबीर ॥१९९॥
गिरिजा संतसमागम सम न लाभ कछु आन ।
बिनु हरिकृपा न होइ सो गावहि बेद पुरान ॥२००॥

धीरबुद्धि भएका गरुडजी प्रेमसहित भएर काकभुशुण्डीका पाउमा शिर राखेर (प्रणाम गरेर) हृदयमा रघुनाथजीलाई राखीकन वैकुण्ठ गए ॥ १९९ ॥ हे पार्वती ! सज्जनसमागम जस्तो अर्को लाभ केही छैन । त्यो (सज्जनसमागम) विनाहरिकृपाले हुन सक्तैन भनी वेद र पुराणहरू भन्दछन् ॥ २०० ॥

चौ०–कहेउँ परम पुनीत इतिहासा ❀ सुनत श्रवन छूटहिं भवपासा ।
प्रनतकल्पतरु करुनापुंजा ❀ उपजै प्रीति राम पद कंजा ॥१॥
मन क्रम बचन जनित अघ जाई ❀ सुनहिं जे कथा श्रवन मन लाई ।

मैले परम पवित्र इतिहास (कथा) बताएँ । यसलाई कानले सुन्नेबित्तिकै संसारबन्धन छुट्तछ, भक्तजनका कल्पवृक्ष, करुणाका समूहस्वरूप भएका रामजीका चरणकमलमा प्रीति पैदा हुन्छ ॥ १ ॥ कानलाई र मनलाई लाईकन (एकाग्रतापूर्वक) जो यो कथा सुन्दछन्, तिनका कायिक वाचनिक मानसिक सबै पाप छुट्तछन् ।

तीर्थाटन साधनसमुदाई ❀ जोग बिराग ज्ञाननिपुनाई ॥२॥
नाना कर्म धर्म ब्रत दाना ❀ संजम दम जप तप मख नाना ।
भूतदया द्विज गुर सेवकाई ❀ बिद्या बिनय बिबेक बड़ाई ॥३॥
जहँ लगि साधन बेद बखानी ❀ सब कर फल हरिभगति भवानी ।
सो रघुनाथभगति श्रुति गाई ❀ रामकृपा काहूँ एक पाई ॥४॥

तीर्थयात्रा प्रभृति साधन समूह, योगाभ्यास, वैराग्य, ज्ञाननैपुण्य, अनेक प्रकारका धर्मकर्म, व्रत, दान, संयम, दम, जप, तप, अनेक यज्ञ, प्राणिदया, ब्राह्मणसेवा, गुरुसेवा, विद्या, विनय, पूर्णविवेक, इत्यादि जतिसम्म वेदले साधन बताएका छन्, ती सबैको फल हरिभक्ति नै हो, हे पार्वती ! वेदले वर्णन गरिएकी त्यो भक्तिलाई रामजीका कृपाले कोही कोही एकाध मात्रै पाउँछन् ॥ २ ॥ ३ ॥ ४ ॥

दोहा–मुनिदुर्लभ हरिभगति नर पावहिं बिनहि प्रयास ।
जे यह कथा निरंतर सुनहिं मानि बिस्वास ॥२०१॥

जो मानिस विश्वास मानेर निरन्तर (बेनागा) यो कथा सुन्दछन्, तिनीहरू विनापरिश्रम मुनिदुर्लभ हरिभक्ति पाउँछन् ॥ २०१ ॥

चौ०–सोइ सर्बज्ञ सोई गुनज्ञाता ❀ सोइ महिमंडित पंडित दाता ।

धर्मपरायन सोइ कुलत्राता ❀ रामचरन जा कर मन राता ॥१॥
नीतिनिपुन सोइ परमसियाना ❀ श्रुतिसिद्धांत नीक तेहिं जाना ।
सोइ कबि कोबिद सोइ रनधीरा ❀ जो छल छाडि भजै रघुबीरा ॥२॥

जसको मन रामजीका चरणमा अनुरक्त भएको छ, त्यही व्यक्ति सर्वज्ञ हो, त्यही व्यक्ति पृथ्वीको गहना हो, त्यही गुणज्ञ हो, त्यही पण्डित हो, त्यही दाता हो, धर्मपरायण पनि त्यही हो, कुलपालक पनि त्यही हो ॥ १ ॥ त्यही व्यक्ति नीतिनिपुण हो, त्यही परम चतुर हो, वेदको सिद्धान्तलाई त्यसैले ठीकठीक जान्यो, जो छल छाडेर रघुनाथजीलाई भज्दछ, त्यही कवि हो, त्यही बहादुर हो ॥ २ ॥

धन्य देस सो जहँ सुरसरी ❀ धन्य नारि पतिब्रत अनुसरी ।
धन्य सो भूपु नीति जो करई ❀ धन्य सो द्विज निज धर्म न टरई ॥३॥
सो धन धन्य प्रथम गति जाकी ❀ धन्य पुन्यरत मति सोइ पाकी ।
धन्य घरी सोइ जब सतसंगा ❀ धन्य जन्म द्विजभगति अभंगा ॥४॥

जहाँ भागीरथी गङ्गा हुनुहुन्छ, त्यो देश धन्य हो । पातिव्रत्य-धर्मको पालन गर्ने नारी धन्य हो । जो न्याय गर्दछ त्यो राजा धन्य हो । जो स्वधर्मबाट डग्दैन त्यो ब्राह्मण धन्य हो । जसको गति [१]प्रथम (दान) छ, त्यो धन धन्य हो । जो परिपक्व भएर धर्मतत्पर भएकी छ त्यही बुद्धि धन्य हो । जैले सतसंग हुन्छ त्यही घडी (काल) धन्य हो । जुन जन्ममा ब्राह्मणभक्ति अखण्ड हुन्छ, त्यही जन्म धन्य हो ॥ ३ ॥ ४ ॥

दोहा–सो कुल धन्य उमा सुनु जगतपूज्य सुपुनीत ।
श्रीरघुबीरपरायन जेहि नर उपज बिनीत ॥२०२॥

पार्वती ! सुन । जसमा नम्र, रामभक्तिपरायण, पवित्र, जगत्पूज्य, मनुष्य पैदा हुन्छ, त्यही खानदान धन्य हो ॥ २०२ ॥

चौ०–मति अनुरूप कथा मैं भाषी ❀ जद्यपि प्रथम गुप्त करि राखी ।
तव मन प्रीति देखि अधिकाई ❀ तब मैं रघुपतिकथा सुनाई ॥१॥

मैले बुद्धिअनुसार रामकथा भनें, यद्यपि पहिले गुप्त गरेर राखेको थिएँ, तथापि तिम्रा मनका प्रीतिको अधिकता देखेर मैले रामजीको कथा सुनाएको हो ॥ १ ॥

यह न कहिअ सठही हठसीलहि ❀ जो मन लाइ न सुन हरिलीलहि ।
कहिअ न लोभिहि क्रोधिहि कामिहि ❀ जो न भजइ सचराचर स्वामिहि ॥२॥

---

(१) धनका दान, भोग, नाश—यी ३ गति (परिणाम) हुन्छन् । धन पाएपछि जसले दान भोग गर्दैन, त्यसका धनको गति (नतीजा) तेस्रो (नाश) नै हुन्छ । प्रथमगतिवाला धन धन्य हो ।

[१]दानं भोगो[२] [३]नाशस्तिस्रो गतयो भवन्ति वित्तस्य ।
यो न ददाति न भुङ्क्ते, तस्य तृतीया गतिर्भवति ॥

पार्वती! दुष्ट र हठशील (ढिपीवाला-दुराग्रही) लाई यो (कथा) नभने। जो मन लाएर हरिलीला सुन्दैन त्यसलाई पनि नभने, लोभी, क्रोधी, कामीलाई नभने, जो चराचर जगत्पति रामजीलाई भज्दैन त्यसलाई पनि नभने है ॥ २ ॥

द्विजद्रोहिहि न सुनाइअ कबहूँ ❀ सुरपति सरिस होइ नृप जबहूँ ।
रामकथा के तेइ अधिकारी ❀ जिन्ह के सतसंगति अति प्यारी ॥३॥
गुरपद प्रीति नीतिरत जेई ❀ द्विजसेवक अधिकारी तेई ।
ता कहँ यह बिसेषि सुखदाई ❀ जाहि प्रानप्रिय श्रीरघुराई ॥४॥

ब्राह्मणद्रोहीलाई कहिल्यै पनि नसुनाए, त्यो ब्राह्मणद्रोही चाहे इन्द्रसमान राजै नहोस् तथापि (नसुनाए) जसलाई सजनको सङ्गम प्यारो छ, रामकथाका अधिकारी तिनै हुन् ॥ ३ ॥

जसलाई गुरुचरणमा प्रेम छ, जो नतितत्पर (न्यायनिष्ठ) छन्, जो ब्राह्मणसेवी छन्, रामकथाका अधिकारी तिनै हुन्। जसलाई श्रीरघुनाथजी प्राणसमान प्रिय लाग्नुहुन्छ, त्यस्तालाई यो रामकथा ज्यादै नै सुखदायक छ ॥ ४ ॥

दोहा—रामचरन रति जो चहे अथवा पद निर्बान ।
भाव सहित सो यहि कथा करौ श्रवन पुट पान ॥२०३॥

जो रामजीका चरणमा प्रेम चाहन्छ, अथवा निर्वाणपद (मुक्ति) चाहन्छ, त्यो व्यक्ति प्रेम र आदरका साथ यो कथालाई श्रवणपुटले (कानरूपी दुनाले) पान गरोस् ॥ २०३ ॥

चौ०—रामकथा गिरिजा मैं बरनी ❀ कलिमल समनि मनोमल हरनी ।
संसृति रोग सजीवन मूरी ❀ रामकथा गावहिं श्रुति सूरी ॥१॥
एहि मह रुचिर सप्त सोपाना ❀ रघुपतिभगति केर पंथाना ।
अति हरिकृपा जाहि पर होई ❀ पाउ देइ एहि मारग सोई ॥२॥

हे पार्वती! कलिका पापलाई नाश गर्ने, मनका कामक्रोधादि मललाई नष्ट गर्ने रामकथा मैले वर्णन गरें। "यो कथा संसाररोगले ग्रस्त पारेकालाई संजीवनीबूटी हो" भनीकन वेदका विद्वान् (वेदवेत्ता) हरू रामभक्तिको वर्णन गर्दछन् ॥ १ ॥

यसमा रामभक्तिका मार्गरूप (रामभक्ति भएका स्थानमा जाने बाटोस्वरूप) राम्रा राम्रा सात सिंढी छन् (सातैओटा सिंढी चढ्योभने भक्तिदेवी भेट्टिन्छिन्, त्यतिलाई के मुश्किल छ र? (तर) परमेश्वरको कृपा जसका उपर हुन्छ, त्यही सकस मात्रै यी सिंढीमा पाइला राख्तछ ॥ २ ॥

मनकामना सिद्धि नर पावा ❀ जे यह कथा कपट तजि गावा ।
कहहिं सुनहिं अनुमोदन करहीं ❀ ते गोपद इव भवनिधि तरहीं ॥३॥
सुनि सुभ कथा हृदय अति भाई ❀ गिरिजा बोली गिरा सोहाइ ।
नाथकृपा मम गत संदेहा ❀ रामचरन उपजेउ नव नेहा ॥४॥

जो व्यक्ति कपट छाडेर यो कथाको पाठ गर्दछ, त्यसले सकल मनोरथ सिद्धि पाउँछ। जो मानिस भन्दछन् सुन्दछन् मंजूर गर्दछन्, तिनीहरू संसारसागरलाई गोष्पदजस्तै (गाईका पाइलाले परेका खाल्डाभरीको पानी जस्तै) गरेर तर्दछन् ॥ ३ ॥

यो शुभकथा सुन्दा पार्वतीका मनलाई अति प्रिय लाग्यो। अनि उहाँले सुन्दर वाणी बोल्नुभयो—"हे नाथ ! हजूरका कृपाले मेरो सन्देह गयो। रामचरणमा प्रेमको उदय भयो" ॥ ४ ॥

दोहा–मैं कृतकृत्य भइउँ अब तव प्रसाद बिस्वेस।
उपजी रामभगति दृढ़ बीते सकल कलेस ॥२०४॥

हे विश्वनाथ ! हजूरका अनुग्रहले म कृतकृत्य भएँ। रामजीमा दृढ भक्ति उत्पन्न भई, मेरा सकल क्लेश सिद्धिए ॥ २०४ ॥

(इति उमा-शंकर-संवाद)

चौ०–यह सुभ संभु उमा संबादा ❀ सुखसंपादन समन बिषादा।
भवभंजन गंजन संदेहा ❀ जनरंजन सज्जनप्रिय एहा ॥१॥

यो कल्याणमूर्ति शंकरजीको र पार्वतीको संवादले आनन्द पैदा गर्दछ, खेदलाई नष्ट पार्दछ। यो संवाद संसारलाई तोड्ने, सन्देहलाई दूर गर्ने, भक्तजनलाई आह्लाद दिने, सज्जनलाई मनपर्ने छ ॥ १ ॥

राम उपासक जे जग माहीं ❀ यहि सम प्रिय तिन्ह के कछु नाहीं।
रघुपतिकृपा जथामति गावा ❀ मैं यह पावन चरित सुहावा ॥२॥

संसारमा जो रामजीका उपासक (उपासना गर्ने भक्त) छन्, तिनलाई योबराबर प्यारो चीज केही छैन। रघुनाथजीका कृपाले मैले यो सुन्दर पवित्र रामचरित्र यथाबुद्धि वर्णन गरें ॥ २ ॥

(इति भरद्वाज-याज्ञवल्क्य-संवाद)

एहि कलिकाल न साधन दूजा ❀ जोग जग्य जप तप ब्रत पूजा।
रामहि सुमिरिअ गाइअ रामहि ❀ संतत सुनिअ राम गुन ग्रामहि ॥३॥
जासु पतितपावन बड़ बाना ❀ गावहिं कबि श्रुति संत पुराना।
ताहि भजहि मन तजि कुटिलाई ❀ राम भजे गति केहिं नहि पाई ॥४॥

यो कलिकालमा योग, यज्ञ, जप, तप, व्रत, पूजा इत्यादि दोस्रो साधन केही हुँदैन, रामजीलाई नै सम्झनुपर्दछ, रामजीलाई नै गाउनुपर्दछ, निरन्तर रामजीका गुणगणको वर्णन सुन्नुपर्दछ ॥ ३ ॥

पतितहरूलाई पवित्र पार्नु नै जसको ठूलो बानी छ भनेर कवि वेद पुराणहरू वर्णन

गर्दछन्, हे मन ! कुटिलपनालाई छाडेर उनै रामजीलाई भज्। रामजीलाई भजेर सद्गति कसले पाएको छैन ?॥ ४॥

छन्द—पाई न केहिं गति पतितपावन राम भजि सुनु सठ मना ।
गनिका अजामिल व्याध गीध गजादि खल तारे घना ॥
आभीर जवन किरात खस स्वपचादि अति अघरूप जे ।
कहि नाम बारक तेऽपि पावन होहिं राम नमामि ते ॥४७॥

पतितपावन रामजीलाई भजेर कसले सद्गति पाएको छैन ?, ए ! बदमाश ! मन ! सुन्, पिंगला[१] वेश्या, अजामिल[२] बाहुन, व्याधा[३], गिद्ध[४], हात्ती[५] इत्यादि अनेक दुष्टलाई रामजीले तार्नुभएको छ, आभीर, यवन किरात, खस, चाण्डाल इत्यादि जो जो पापमूर्ति छन् ती पनि एकपटक नामोच्चारण गर्नाले पवित्र हुन्छन्[६]......। हे राम ! हजूरलाई नमस्कार गर्दछु ॥ ४७॥

रघुबंसभूषन चरित यह नर कहहिं सुनहिं जे गावहीं ।
कलिमल मनोमल धोइ बिनु श्रम रामधाम सिधावहीं ॥
सत पंच चौपाई मनोहर जानि जो नर उर धरे ।
दारुन अबिद्या पंचजनित बिकार श्रीरघुबर हरे ॥४८॥

यो रघुवंशभूषण रामजीको चरित्र (रामायण) लाई जो भन्दछन्, जो सुन्दछन्, जो गाउँदछन्, तिनीहरू विनापरिश्रम कलिकालका पापलाई र मनका रागद्वेषादि मललाई धोएर रामजीका धाममा पुग्दछन्। जो मनुष्य पाँचहजार एकसय[७] चौपाईलाई मनोहर जानेर

---

(१) नाठाहरूलाई आधारातसम्म कुर्दा कुर्दा निराश भएकी पिंगला वेश्याले बाँकी आधारात हरिभजन गरी र त्यो पनि तरी।

(२) अजामिल नाम भएको दुराचारी बाहुन मर्न लागेको वेलामा शूद्राबाट जन्मेको नारायणनामक आफ्नो छोरालाई बोलाउँदा तर्‍यो।

(३) जरा नाम भएको व्याधा मृगका भ्रान्तिले कृष्णभगवान्का पाउमा बाणप्रहार गर्दा तर्‍यो।

(४) जटायु नाम भएको गिद्ध मर्ने वेलामा रामजीको दर्शन पाएर तर्‍यो।

(५) मदान्ध भएको गजेन्द्र ग्राहले ग्रास गरेका वेलामा कमलको फूल टिपेर हरिलाई अर्पण गर्दैमा तर्‍यो।

(६) आभीर, यवन, किरात, हूण, प्रभृति अधमजाति पनि सत्संग पाएर हरिको नामोच्चारण गर्दा तर्दछन्, तरेका छन्, तर्नेछन् भनी भागवतमा लेखिएको छ—

किरातहूणान्ध्रपुलिन्दपुल्कसा आभीरकंका यवनाः खसादयः ।
येऽन्ये च पापा यदुपाश्रयाश्रयाः शुध्यन्ति तस्मै प्रभविष्णवे नमः ॥ [स्कन्ध २ । अ. ४]

(७) "रामचरितमानस (यो रामायण) मा लगभग चौपाईको संख्या पाँचहजार एकसय छ। ती जम्मै चौपाईलाई हृदयमा धारण गर्नाले अविद्या, अस्मिता, राग, द्वेष, अभिनिवेश—यी ५ बाट पैदा

हृदयमा धारण गर्दछन्, तिनका अविद्यादि पांच वस्तुले पैदा गरेका विकारलाई श्रीरघुनाथजीले हरिदिनुहुन्छ ॥ ४८ ॥

सुंदर सुजान कृपानिधान अनाथ पर कर प्रीति जो ।
सो एक राम अकामहित निर्बानप्रद सम आन को ॥
जाकी कृपा लवलेस तें मतिमंद तुलसीदासहूँ ।
पायो परम बिश्रामु राम समान प्रभु नाही कहूँ ॥४९॥

जो सुन्दर बुद्धिमान् कृपानिधान र अनाथका उपर प्रीति गर्नेहोस्, त्यस्ता ता निष्काम भएकालाई निर्वाणप्रद (मोक्ष) दिने एउटा रामजी हुनुहुन्छ, अर्को उहाँजस्तो को छ र ! जसका कृपाका लवलेशले मन्दबुद्धि तुलसीदासले पनि विश्राम पायो (संसाररूपी जीर्ण झाडीमा भट्कँदा थकित भएको तुलसीदासले आरामी पायो, भट्कने झञ्झट सदा सर्वदाका निमित्त हर्‍यो) श्रीरामजीजस्ता प्रभु कहीं छैनन् ॥ ४९ ॥

दोहा–मो सम दीन न दीनहित तुम्ह समान रघुबीर ।
अस बिचारि रघुबंसमनि हरहु बिषम भवभीर ॥२०५॥
कामिहि नारि पिआरि जिमि लोभिहि प्रिय जिमि दाम ।
तिमि रघुनाथ निरंतर प्रिय लागहु मोहि राम ॥२०६॥

हे रघुवीर ! मजस्तो दीन दुःखी कोही छैन, हजूरजस्तो दीनहितकारी कोही छैन । हे रघुवंशमणि ! यस्तो विचार गरेर कठोर भएको संसार-भयलाई हरण गर्नुहोस् ॥ २०५ ॥

जस्तै कामीहरूलाई स्त्री प्यारी हुन्छे, जस्तै लोभीलाई दाम (दौलत) प्यारो हुन्छ, हे रघुनाथ ! हे राम ! त्यस्तै मलाई निरन्तर हजूर प्यारो लागिदिनुहोस् ॥ २०६ ॥

श्लोक–यत्पूर्वं प्रभुणा कृतं सुकविना श्रीशम्भुना दुर्गमं ।
श्रीमद्रामपदाब्जभक्तिमनिशं प्राप्त्यै तु रामायणम् ।
मत्वा तद्रघुनाथनामनिरतं स्वान्तस्तमःशान्तये
भाषाबद्धमिदं चकार तुलसीदासस्तथा मानसम् ॥१॥

सर्वसामर्थ्यवान् र विविध कल्पनाकुशल (कवि) भएका शङ्करजीले जो रामायण बनाउनुभएको हो, त्यो रामायणलाई दुर्गम (दुर्बोध = कठिन) जानेर, निरन्तर श्रीरामचन्द्रजी

हुने क्लेशलाई रघुनाथजीले नष्ट पारिदिनुहुन्छ" यस्तो व्याख्यान धेरैले गरेका छन् । कसै कसैले "४ पाउ-भएको छन्द चौपाई कहलाउँछ, रामचरितमानसका उत्तरकाण्डका–काकभुशुण्डी गरुड-संवादका अन्तिम एकसय पाँच (१०५) चौपाई मात्रै हृदयमा धारण गर्नाले पूर्वोक्त फल हुन्छ" यस्तो ब्याख्यान गरेका छन् । यी २ व्याख्यानबाहेक अरूअरू व्याख्यान जबर्दस्तीले गरिएका हुन् ।

को चरणकमलमा भक्ति लागिरहोस् भन्नाका निमित्त र आफ्ना अन्तःकरणको अन्धकार हटाउनाका निमित्त रघुनाथजीको नामकीर्तनमा तत्पर भएको त्यही रामायणलाई तुलसीदासले तदनुसारैको भाषामा रचना गरेको यो मानस रामायण बनाएँ ॥ १ ॥

पुण्यं पापहरं सदा शिवकरं विज्ञानभक्तिप्रदं
मायामोहमलापहं सुविमलं प्रेमांबुपूरं शुभं ।
श्रीमद्रामचरित्रमानसमिदं भक्त्यावगाहंति ये
ते संसारपतंगघोरकिरणैर्दह्यंति नो मानवाः ॥२॥

यो पवित्र पापहारी कल्याणकारी ज्ञान भक्तिदायक माया-मोहरूप पापहारक निर्मल प्रेमजलपूर्ण र उत्तम भएको रामचरितमानसमा भक्तिपूर्वक जो गोता लाउँछन् (डुबेर सुन्ने, हेर्ने गर्दछन्) ती मानिस संसाररूपी प्रचण्ड सूर्यका किरणले दग्ध हुँदैनन् ॥ २ ॥

इति सज्जनताजनार्दनं गुणवश्यं वरिवस्यता सता ।
निरमीयत भावबोधिनी खलु टीका कुलचन्द्रशर्मणा ॥१॥

टीकाकारको वक्तव्य

अभय भइ अशुद्ध ग्रन्थ राखें अगाडी
रसिक ! सुजन ! यौटा शुद्ध छ ब्रह्म तेही ।
ग्रहण गर गुणैको दोषको ख्याल छाडी
त्रिगुणमय जगत्मा छैन निर्दोष केही ॥ १ ॥
अनुचित किन बोलें ? यो भयो भारि भूलै
प्रबलतर सबैको ज्ञानधारा बहन्छ ।
प्रकृति बलवती छ प्रेरणा यो फजूलै
किन गरूँ ? अब जस्ता चित्त राजी रहन्छ ॥ २ ॥

* * *

इति भावबोधिनीसमलङ्कृते श्रीरामचरितमानसे सकलकलिकलुषविध्वंसने
अविरलभक्तिसंपादनो नाम सप्तमः सोपानः ।
शुभं भूयात् । मङ्गलं भूयात् ।
। श्रीरस्तु ।

श्रीरामायणजीको आरती

आरति श्रीरामायनजीकी ❀ कीरतिकलित ललित सियपीकी । [टे०]
गावत ब्रह्मादिक मुनि नारद ❀ बालमीक विज्ञान विसारद ।।
सुकसनकादि सेष अरु सारद ❀ बरनि पवनसुत कीरति नीकी ।।१।।
गावत वेदपुरान अष्ट दस ❀ छओ सास्त्र सब ग्रंथनको रस ।
मुनिजन धन सन्तनको सरवस ❀ सारअंस सम्मत सबही की ।।२।।
गावत सन्तत सम्भु भवानी ❀ अरु घटसंभव मुनि विज्यानी ।
व्यास आदि कबिवर्ज बखानी ❀ कागभुसुंडि गरुड के हीकी ।।३।।
कलिमल हरनि विषयरस फीकी ❀ सुभग सिंगार मुक्ति जुवती की ।
दलन रोगभव मूरि अमीकी ❀ तात मात सब बिधि तुलसी की ।।४।।

श्रीरामको आरती

जगमग जगमग जोति जगी है । रामआरती होन लगी है । [टे०] कंचनभवन रतनसिंघासन । दासन डाँसे झिलमिल डासन ।। तापर राजत जगत प्रकासन । देखत छबि मति प्रेम पगी ।। रामआरती होन लगी है ।।१।। महँकत धूप बरत महतावी । झलकत कुण्डल रविछबिदाबी ।। अङ्गअङ्ग सुंदरता फावी । आनंदकी सरिता उमगी है ।। रामआरती होन लगी है ।।२।। घंटा घडी मृदङ्ग बजावत । नूपुर पगधरि नाचत गावत ।। पूरत संखहि चवँर डोलावत । सुनतहि दूरि बलाय भगी है ।। रामआरती होन लगी है ।।३।। रूप देखि जननी हरषतु हैं । अचुरिनदेव सुमन बरषतु हैं ।। करि दंडवत चरन परसतु हैं । सुमति रामके रङ्गरगी है ।। रामआरती होन लगी है ।।४।।

सीतारामको अर्को आरती

नख-सिख छबिधरकी । आरती करिये सियवरकी [टे०] लाल पीतअम्बर अति साजें । मुखनिरखत सादर ससि लाजैं ।। तिलकचिलक भालनपर राजैं कुंकुम-केसरकी-आरती करिये सियवरकी ।।१।। सीसफूल झलकत हैं । चन्द्रहार मोती हलकतु है ।। करकंकनकी छबि झलकतु है । जगमग दिनकरकी-आरती करिये सियवरकी ।।२।। मृदुतर वनमे अधिक ललाई । हासबिलास न कछु कहि जाई ।। चितवनकी गति अति सुखदायी । मनही मन फरकी-आरती करिये सियवरकी ।।३।। सिंघासन पर चवँर ढरतु है । साज बजत जैजै उचरतु है ।। सादर अस्तुति देव करतु है । लोटरनि अनुचरकी-आरती करिये सियवरकी ।।४।।

संकटमोचनाष्टक

बाल समय रवि भच्छ कियो तब तीनिहुँ लोक भयो अँधियारो ।
तेहिते त्रास भई सबको अतिसंकट काहुते जात न टारो ।
देवन आनि करी बिनती तव छाँडि दियो रवि कष्ट निवारो ।
को नहिं जानत है जगमें यह संकटमोचन नाम तिहारो ॥१॥
बालिके त्रास कपीस बसै तहँ जात महाप्रभु पन्थ निवारो ।
चौंकि महामुनि शाप दियो दिसि चारि फिरे न सुपास विचारो ।
कै द्विजरूप लवाय महाप्रभु सो तुम दासको शोक निवारो ।
को नहिं जानत है जगमें यह संकटमोचन नाम तिहारो ॥२॥
अङ्गद के संग कीश अनेक गए सिय खोज कपीश पुकारो ।
जीवतना बचिहौ हमसों जु विना सुधिलै इतको पगु धारो ।
हारि थके तट सिन्धु सबै तब लै सियकी सुधि प्राण उबारो ।
को नहिं जानत है जगमें यह संकटमोचन नाम तिहारो ॥३॥
रावण त्रास दई सियको तब रक्षक ह्वै करि सोक निवारो ।
ताहि समय हनुमान महाप्रभु जाइ सबै रजनीचर मारो ।
मागत सीय अशोक सों आगि दौ दै प्रभु मुद्रिका शोक निवारो ।
को नहिं जानत है जगमें यह संकटमोचन नाम तिहारो ॥४॥
रावण जुद्ध अचानक कीन्ह सुनागके फाँस सबै सिर डारो ।
श्रीरघुवीर समेत सबै दल मोह भयो तब संकट भारो ।
आनि खगेसहिंको हनुमान सो बन्धन काटिकै फाँस निवारो ।
को नहिं जानत है जगमै यह संकटमोचन नाम तिहारो ॥५॥
बाण लगे उर लक्ष्मणके प्रभु प्राण तजो सुतरावण मारो ।
लै गृह वैद्य सुषेण समेत सुखी गिरिद्रोण सो वीर उधारो ।
आनि सजीवनि हाथ दई तब लक्ष्मणके तुम प्राण उबारो ।
को नहिं जानत है जगमें यह संकटमोचन नाम तिहारो ॥६॥
बन्धु समेत जबै अहिरावण लै रघुनाथ पताल सिधारो ।
देबिहि पूजि भली विधिसों बलि देन दोऊ जन मन्त्र विचारो ।
जाय सहाय भयो तबहीं महिरावण सेन समेत सँहारो ।
को नहिं जानत है जगमें यह संकटमोचन नाम तिहारो ॥७॥
काज कियो बड़लोगनके तुम वीर महाप्रभु देखि विचारो ।
कौन सो संकट मोहिं गरीबको सो तुम सों नहिं जात है टारो ।
बेगि हरौ हनुमान महाप्रभु जो कछु संकट होय हमारो ।
को नहिं जानत है जगमें यह संकटमोचन नाम तिहारो ॥८॥

॥ इति श्रीतुलसीदासकृत संकटमोचनाष्टक ॥

श्री

गोस्वामि तुलसीदास

कृत

रामशलाकाप्रश्न

सु	प्र	उ	वि	हो	मु	ग	व	सु	नु	वि	ध	धि	इ	द
र	रु	फ	सि	सि	रैं	वस	है	मं	ल	न	ल	य	न	अं
सुज	सो	ग	सु	कु	म	स	ग	त	न	ई	ल	धा	वे	नो
त्य	र	न	कु	जो	म	रि	र	र	अ	की	हो	सं	रा	य
पु	सु	थ	सी	जे	इ	ग	म	सं	क	रे	हो	स	स	नि
त	र	त	र	स	इ	ह	व	व	प	चि	स	य	स	तु
म	का	ा	र	र	मा	मि	मी	ह्मा	ा	जा	हू	हीं	ा	जू
ता	रा	रे	री	हृ	का	फ	खा	जि	ई	र	रा	पू	द	ल
नि	को	मि	गो	न	म	ज	य	ने	मनि	क	ज	प	स	ल
हि	रा	म	स	रि	ग	द	न	ष	म	खि	जि	मनि	त	जं
सिं	मु	न	न	कौ	मि	ज	र	ग	धु	ख	सु	का	स	र
गु	क	म	अ	ध	नि	म	ल	ा	न	व	ती	न	रि	भ
ना	पु	व	अ	ढा	र	ल	का	ए	तु	र	न	नु	घ	थ
सि	हृ	सु	ह्म	रा	र	स	हि	र	त	न	ष	ा	जा	ा
	सा	ा	ला	धी	ा	रि	ज	हू	हीं	खा	जू	ई	रा	रे

प्रश्न-गर्ने रीति

प्रश्नकर्ताले आफ्ना हृदयमा श्रीरामजीको श्रद्धा-विश्वासपूर्वक ध्यानगर्नु अनी माथी-लेखिएका-कुनै-कोष्ठ (कोठा) मा औंला राख्नु तेसैकोष्ठको त्यो-अक्षर छुट्टा कुनै-कागज-अथवा-स्लेटमा लेख्नु, त्योकोष्ठ-समेत

दशौं-कोष्ठको अक्षर पनी लेख्नु, त्यहाँ-देखी दशौं-दशौं-कोष्ठको अक्षर लेख्तै-जाँदा आरंभ-कोष्ठ-सम्ममा १चौपाई तयार हुन्छ, कोष्ठमा (ा) यस्तो मात्रा-मात्र आयो भने चौपाईका वीचमा त्यसको गणना नगर्नु, त्यो-मात्रा दशौंपर्न-आयो-भने नवौं अक्षर ह्रस्व-भये-पनि दीर्घ लेख्नु । अनी त्यो-चौपाईका अर्थको अनुसार आफ्ना-प्रश्नको उत्तर वुझ्नु । जस्तै-कसैले प्रथमकोष्ठको अक्षर (सु) मा औंला राख्यो-भने दशौं-अक्षर जम्मा गरी लेख्ता पूर्वोक्तप्रकारले—

सुनु सिय सत्य असीस हमारी, पूजहि मन कामना तुम्हारी । यो चौपाई बन्यो । यस्को अर्थका अनुसार "प्रश्न उत्तम हो । कार्य सिद्ध हुनेछ" यस्तो उत्तर बुझ्नुपर्दछ ।

द्वितीयकोष्ठको-अक्षर (प्र) मा औंला राख्यो भने दशौंदशौं अक्षर जम्मा-गर्दा–

प्रविसि नगर कीजै सब काजा, हृदय राखि कोसलपुर राजा । यो चौपाई बन्यो । यस्को अर्थका अनुसार"प्रश्न वेस हो । अयोध्याधीश-श्रीरामजीलाई हृदयमा राखेर काम गर । फल सिद्ध हुनेछ" यस्तो उत्तर बुझ्नुपर्दछ ।

तृतीयकोष्ठको-अक्षर (उ) मा औंला राखेर दशौंदशौं अक्षर जम्मा-गर्दा—

उघरे अन्त नहोइ निबाहू, कालनेमि जिमि रावण राहू ॥ यो चौपाई वन्यो । यस्का अर्थको अनुसार "प्रश्न असल होइन । छुट्टक सिद्ध गर्न आँटेको काम प्रकट होला र तिम्रो भलो हुनेछैन" यस्तो उत्तर बुझ्नु पर्दछ ।

चतुर्थकोष्ठको अक्षर (वि) मा औंला राखेर दशौंदशौं अक्षर जम्मा गर्दा—

विधिवस सुजन कुसंगति परहीं, फणिमणिसम निजगुण अनुसरहीं । यो चौपाई वन्यो । यस्को भावार्थको अनुसार "कुसंग छाड । सत्सङ्ग गर । कार्य सिद्ध हुन मुश्किल छ" यस्तो उत्तर बुझ्नुपर्छ ।

पञ्चमकोष्ठको-अक्षर (हो) मा औंला राखेर दशौंदशौं अक्षर जम्मा गर्दा

होइहै सोइ जो राम रचि राखा, को करि तरक बढावहिं शाखा । यो चौपरई बन्यो यसवाट "कार्य सिद्ध हुनालाई सन्देहै छ, श्रीरामजीको भरोसा राखेर काम गर" यस्तो उत्तर बुझ्नुपर्दछ ।

षष्ठकोष्ठ-(मु) अक्षरमा औंला राखेर दशौंदशौं अक्षर जम्मा गर्दा–

मुदमंदलमय संतसमाजू, जिमि जगजङ्गम तीरथ राजू । यो चोपाई बन्यो । "प्रश्न उत्तम हो। कार्य सिद्ध होला" यस्तो उत्तर बुझ्नुपर्छ ।

सप्तमकोष्ठको अक्षर (ग) मा औंला राखेर दशौंदशौंअक्षर जम्मा गर्दा–

गरल सुधा रिपु करय मिताई, गोपद सिन्धु अनल सितलाई । यो चोपाई वन्यो । "प्रश्न उत्तम हो, ठुलो कार्य सिद्ध हुनेछ" यो उत्तर बुझ्नुपर्दछ ।

अष्टमकोष्ठको अक्षर (व) मा औंला राखेर दशौंदशौं-अक्षर जम्मा गर्दा–

वरुन कुबेर सुरेस समीरा, रनसनमुख घरि काह नधीरा । यो चौपाई बन्यो । यसवाट कार्य सिद्ध हुन कठिन छ" यो उत्तर बुझ्नु पर्दछ ।

नवमकोष्ठको-अक्षर (सु) मा औंला राखेर दशौंदशौं अक्षर जम्मा-गर्दा–

सुफल मनोरथ होहुँ तुम्हारे, रामलषन सुनि भए सुखारे । यो-चौपाई बन्यो । यसवाठ "प्रश्न अति उत्तम हो, फल सिद्ध हुनामा विलम्ब छैन" यो उत्तर बुझ्नुपर्दछ ।

यस्ताप्रकारले आफ्ना मनले चिताएका प्रश्नको उचित उत्तर प्रायः मिल्न आउँछ ।

◆

बजरङ्गबाण प्रारम्भः

दोहा-निश्चय प्रीति प्रतीतिते विनय करै सनमान।
त्यहिकर कारज सकल सिधि तुरत करै हनुमान ॥

चौपाई—जय हनुमन्त सन्त हितकारी * सुनिलीजै प्रभु अर्ज हमारी ॥ १ ॥
जनके काज विलम्ब न कीजै * आतुर दौरि महा सुख दीजै ॥ २ ॥
जैसे कूदि सिन्धु बहिपारा * सुरसाके हनि मुष्टिक मारा ॥ ३ ॥
आगे जाई लङ्किनी रोका * मारेउ लात गई सुरलोका ॥ ४ ॥
जाइ विभीषण को सुख दीन्हा * सीता निरखि परम पद लीह्ना ॥ ५ ॥
वाग उजारि सिन्धुमहँ बोरा * अति आतुर यम कातरि तोरा ॥ ६ ॥
अक्षयकुमारहि मारि पछारा * लूम लपेटि लङ्का जारा ॥ ७ ॥
लाहसमान लङ्ग जरि गयउ * जयजयधुनि सुरपुरमहँ भयऊ ॥ ८ ॥
अब विलम्बक्यहिकारणस्वामी * कृपा करहु उर अन्तर यामी ॥ ९ ॥
जय लक्ष्मण प्राणके दाता * आतुर ह्वै दुख करहु निपाता ॥१०॥
जयगिरिधरजयजयसुखसागर * सुर समूह समरथ भट नागर ॥११॥
हनु हनु हनु हनुमन्त हठीला * यहिकै मारु वज्रकर कीला ॥१२॥
गदा वज्रसम यहिकै मारौ * महाराज प्रभु दास उबारौ ॥१३॥
ॐकार हुंकार मधावो * वज्रगदा हनु विलँब न लावो ॥१४॥
ॐ ह्रीं ह्रीं ह्रीं हनुमन्त कपीसा * ॐ हूँ हूँहूँ हनु परि सीसा ॥१५॥
सत्य होहु हरि सत्य पाइकै * रामदूत धरु मारु धाइकै ॥१६॥
जय हनुमन्त अनन्त अगाधा * दुखपावत जन क्यहि अपराधा ॥१७॥
पूजा जपतप नेम अचारा * नहि जानत हौं दास तुम्हारा ॥१८॥
वन उपवन गिरि गृह के माहीं * तुह्मरे बल हम डरपत नाहीं ॥१९॥
पायँ परौं कर जोरि मनावौं * अपने काज लागि गुण गावौं ॥२०॥
जय अञ्जनी कुमार अनन्ता * संकर सुवन वीर हनुमन्ता ॥२१॥
वदन कराल काल कुलघालक * रामसहाय दास प्रतिपालक ॥२२॥
भूत प्रेत पिशाच निशाचर * अग्या वैताल काल मारी मर ॥२३॥
इन्है मारु त्वहिंशपथ रामकी * राखु लाज मर्याद नामकी ॥२४॥
जनकसुता हरिदास कहावौ * ताकी शपथ विलम्ब न लावौ ॥२५॥
जयजयजय धुनि होत अकासा * सुमिरत होत दुसह दुख नासा ॥२६॥
शरण शरण कर जोरि मनावौं * यहिऔसर अवक्यहि गोहरावौं ॥२७॥
उठुउठु चलु त्वहिं राम दुहाई * पायँ परौं कर जोरि मनाई ॥२८॥
चँचँचँ चलु चपल चलन्ता * हनु हनु हनु हनु हनु हनुमन्ता ॥२९॥
हँहँहँ हाँक देत कपि चञ्चल * सँसँ सहमि पराने खल दल ॥३०॥
अपने जनको क्यों न उबारो * सुमिरत होत अनन्द हमारो ॥३१॥

यह बजरङ्गबाण जो जपै * ताको भूत प्रेत सब कँपै ॥३२॥
पाठ करै बजरङ्ग बाणकी * हनुमत रक्षा करै प्राणकी ॥३३॥
यह बजरङ्गबाण ज्यहि मारै * ताहि कहौ अब कौन उवारै ॥३४॥

दोहा—प्रेम प्रीति धरि कपि भजै, सदा धरै उरध्यान ।
त्यहिकर कारज सकल सिधि, किहे रहै हनुमान ॥

* पद *

पवनतनय यश जात नगायो जिन मिलाय रघुनाथ सुकण्ठहि कपिकुल राज करायो ॥ १ ॥ आप उलंघि सिन्धु कौतुकमैं दै मुद्री सिय सोक नसायो, वाग उजारि मारि निसिचरगण जारि लङ्कगढ भस्म करायो ॥ २ ॥ धीरज दै सिय लौटि रामपहिं कुशल भाषि जल नाथ बँधायो, रिपुहि जीति दै राज विभीषण लै सियसाथ नाथ ढिग आयो ॥ ३ ॥ बहुप्रकार सनमानि राम ज्यहि निजमुख ऋणी कहायो, तासु सुजस भगवन्त कहै किमि ज्यहि भरिअङ्ग राम उर लायो ॥ ४ ॥

◆

साहित्यमणि-विद्याभूषण-साहित्याचार्य

पं० कुलचन्द्र गौतमजीले बनाएका

पुस्तक-हरू

प्रकाशित

१ पुरुषार्थ कल्पवल्ली
२ शोकमहोर्मि
३ अमरकोश संक्षिप्त टिप्पणी
४ दत्तचर्या
५ गौरीशंकर गुटिका
६ भागवत-मंजरी
७ कृष्णकर्णाभरणकाव्य
८ स्वयंवैद्य
९ अलंकारचन्द्रोदय
१० गंगागौरव
११ प्रपञ्च चर्चा
१२ रामायण वन्दना
१३ प्रेमपञ्चपञ्चाशिका

अप्रकाशित

१ अमरकोशको स्वयंबोधिनी टीका
२ शब्दकोश
३ योगकौमुदी
४ वैद्यवल्लभ
५ आदर्शरूपावली
६ हरिवरिवस्या

११४२
Acc. ९९९२

श्रीराम-दरबार


B. K. Mitra
GEETA PRESS

द्विः शरं नाभिसन्धत्ते द्विः स्थापयति नाश्रितान् ।
द्विर्ददाति न चार्थिभ्यो रामो द्विर्नाभिभाषते ॥